अङ्ग्रेजी नेपाली
साझा संक्षिप्त शब्दकोश

नरेन्द्रमणि आचार्य दीक्षित

साझा प्रकाशन

पूर्ण आरक्षित

अङ्ग्रेजी नेपाली
साझा संक्षिप्त शब्दकोश

NEPAL

१५०६

सम्पादनकर्ता :

नरेन्द्रमणि आचार्य दीक्षित

साझा प्रकाशन
नेपाल

ANGREJI NEPALI SAJHA SANKSHIPTA SHABDAKOSHA

प्रकाशक :
● साझा प्रकाशन,
काठमाडौं, नेपाल ।
संस्करण पहिलो : २२०० प्रति
२०३३ वि० सं०

मुद्रक :
शिवशङ्कर प्रसाद
दीपक प्रेस,
एस० १७/२७२ नदेसर,
वाराणसी कैन्ट ।

मूल्य : रु० ५०/-

समर्पण

तयार गर्दा अति ठूलो मेहनत लागेको यो प्रिय पुस्तक काम लाग्ने निस्केमा आफ्नू परिश्रम खेर नगएको भन्ने संझी आनन्द मानी यसलाई सबै नेपाली भाषा प्रेमी र व्यवहार गर्ने सबैमा समेत सविनय समर्पण गर्दछु ।

नरेन्द्रगिरि आचार्य दीक्षित

Dic.52

अंग्रेजी शब्दको नेपालीमा रूपान्तर मात्र नभई तिनका पर्याय नेपालीमा सक्कभर बढ़ी संख्यामा दिन खोजिएकोबाट यसको मौलिकता छुट्टिन्छ । शुद्ध नेपाली शब्दकै प्रयोगतर्फ उत्साहित गर्ने दृष्टिकोणबाट नेपालीमा रूपान्तर गर्ने काममा मिल्दा शब्द छान्ने सुविधा मात्र प्राप्त हुने होइन कि शुद्ध नेपाली शब्दकै चलन-चल्ती बढाएर भाषाको निजत्व कायम राख्ने प्रयास पनि यसको मुख्य रहेको छ । मतभेदका सामान्य स्थिति जहाँ पनि, जहिले पनि रहन सक्ने हुनाले त्यस्ता कुरापट्टि भन्दा यसको मूल उद्देश्य र शब्दान्तरतिर ध्यान जानु बढिया होला । जतिसुकै पूर्णता र उपयोगिताको चर्चा गरौं पछि फेरि अपर्याप्तताको बिझाइ शुरू भइहाल्छ । मतभेद र अपर्याप्ति यस्ता अनुभूतिहरू कुनै उपलब्धिपछि मात्र बोध हुने हुँदा यसले एक पाइला अघि टेकेको भन्न मिल्ने होइन ।

आखिरमा प्रकाशनको जिम्मा हामीलाई सुम्पनुभएकोमा गौरव मानेका छौं र साझा प्रकाशन नरेन्द्रमणि आचार्य दीक्षितज्यूमा आभारसहित धन्यवाद अर्पण गर्दछ ।

११ जेठ '०३२

साझा प्रकाशन,

भूमिका

(१) यो पुस्तक मेरो चालीस वर्षभन्दा बढीको अभिलाषा र मेहनतको फल हो ।

(२) गत शताब्दिको अन्ततिर अर्थात् १९८१ सालमा कलकत्ताको आफ्नू लामू बाह्रवर्षे पठन पाठन सकी घर आएपछि नेपाली भाषामा आफ्नू हात बिलकुल नचल्ने देख्दा यो ता ठीक भएन भनिठानेर नेपाली सिक्ने व्यग्र उत्कण्ठाले मैले सर्वप्रथम अंग्रेजीबाट नेपालीमा उल्था गर्ने काम थालें । यसै कामको फलस्वरूप त्यस समयको नेपाली भाषा प्रकाशिनी समितिले संकलन गर्न लगाएको "युरोपीय साहित्यको नमूना" तयार भई प्रकाशित भयो । सोभन्दा केही अघि दार्जीलिङ्गका मेरा मित्र श्री पारसमणि प्रधानको अनुरोधमा मैले हल एण्ड स्टेभेन्सको स्कूल ज्यामितिको प्रथम भाग पनि नेपालीमा तयार गरेको थिएँ, जुन कलकत्ताको म्याकमिलन कम्पनीले छापी प्रकाश गरे । यसै वेलादेखि ममा नेपाली लेख्ने केही अभ्यास हुन थाल्यो ।

(३) सो उल्था गर्ने कामको सिलसिलामा र खास गरी म केटौली अवस्थादेखि नै विदेशमा बस्न गएकोले नेपाली भाषासंग थोरै चिनजान र नेपाली ठेट लवजहरू पूरै नजान्ने, भएको र छापिएका अंग्रेजी-हिन्दी, अंग्रेजी-संस्कृत र विरलै देखापर्ने अंग्रेजी-नेपाली शब्दकोशहरू सबैमा पर्यायवाची शब्दहरूको ज्यादै कमी हुनाले भाव प्रकाशनमा ठूलो बाधा र कठिनाइ पर्न जाँदा मैले देखे जाने सुने पढेसम्मका नेपाली शब्द संग्रह गर्न थालें । लामू र फुर्सत कम दिने तर कदर वा प्रशंसा भने बिलकुल नदारत सरकारी सेवाको प्रायः चालीस वर्षको अति लामू म्यादमा यस काममा उत्तिको उन्नति हुन नसके तापनि मौका मौकामा तदर्थ आवश्यकताको पूर्तिको लागि सानातिना शब्द सूचीहरू तयार गरिने नै गर्थें । सरकारी सेवाबाट मुक्त गरिएपछि मनमा राखिछोड़ेका दुइ अतिजरूरी काम जोड़तोड़का साथ शुरू गरें । तिन मध्ये एक छोराको काम २०३२ साल पौषमा खतम गरें । यो अंग्रेजी-नेपाली कोशको तर्जुमाको सिलसिलामा थप शब्द संगालो र खास गरी शुरू शुरूमा संस्कृत र पछि पछि ठेट नेपाली शब्दहरू टिपी तिनका अंग्रेजी रूपान्तर खोजी मिलाउने र सजाउने काम चल्यो । नेपालीका हात परेसम्मका सम्पूर्ण पुस्तक पत्र पत्रिका छापाहरूबाट पनि ठेट नेपाली शब्द ली तिनलाई पनि ठीक ठीक ठाउँमा टिपिराख्ने क्रम पनि चल्यो । यो कामै यस्तो थियो कि जिन्दगीभर गरे पनि नसकिने देखें र मैले २०२४ मार्गदेखि कोशको रूपमा लेख्ने काम थालें ।

(४) मूल अंग्रेजी पुस्तक मैले कलकत्तामा छात्र जीवनमा परिचय पाएको र आफ्नू भनी तुरन्त सकार गरेको Concise Oxford Dictionary लाई नै ली त्यसैलाई मेरो पुस्तकको आधार बनाएँ । यो काम थालनी गर्नासाथ मलाई प्रेरणा र उत्साह मेरा स्नेही सर्व श्री डा० हेमाङ्ग आचार्य दीक्षित र देवेन्द्रराज उपाध्यायबाट प्राप्त भएकोले अझै पनि ती संझनाहरू बड़ा आनन्ददायी छन् । डा० हेमाङ्ग भर्खरै बिलायतबाट डाक्टरी पास गरी घर आई एकदम नेपाली साहित्य सरोवरमा डुबकी लगाई नयाँ प्रकारका प्रकाशनले साहित्य संसारमा हलचल मच्चाउन लागेका थिए र अझै पनि साहित्य सेवामा बडो रुचि राख्दछन् । मेरो शब्दकोश तुरन्त प्रकाश गर्नुपर्ने हुनाले सो सकभर चाँडो तयार होओस् भनी मलाई उक्साउने हेमाङ्ग र सो कोशको रूप देख्नासाथ हामी प्रकाश गराउनेछौं भन्ने आश्वासन साझा प्रकाशनको त्यस समयका अध्यक्ष कमलमणि आचार्य दीक्षित र महाप्रबन्धक क्षेत्रप्रताप अधिकारीबाट प्राप्त हुँदा पनि मैले कोश लेख्ने काम तुरन्त थालेको हुँ ।

अंग्रेजी शब्दको नेपालीमा रूपान्तर मात्र नभई तिनका पर्याय नेपालीमा सक्भर बढ़ी संख्यामा दिन खोजिएकोबाट यसको मौलिकता छुट्टिन्छ । शुद्ध नेपाली शब्दकै प्रयोगतर्फ उत्साहित गर्ने दृष्टिकोणबाट नेपालीमा रूपान्तर गर्ने काममा मिल्दा शब्द छान्ने सुविधा मात्र प्राप्त हुने होइन कि शुद्ध नेपाली शब्दकै चलन-चल्ती बढाएर भाषाको निजत्व कायम राख्ने प्रयास पनि यसको मुख्य रहेको छ । मतभेदका सामान्य स्थिति जहाँ पनि, जहिले पनि रहन सक्ने हुनाले त्यस्ता कुरापट्टि भन्दा यसको मूल उद्देश्य र शब्दान्तरतिर ध्यान जानु बढिया होला । जतिसुकै पूर्णता र उपयोगिताको चर्चा गरौं पछि फेरि अपर्याप्तताको बिझाइ शुरू भइहाल्छ । मतभेद र अपर्याप्ति यस्ता अनुभूतिहरू कुनै उपलब्धिपछि मात्र बोध हुने हुँदा यसले एक पाइला अघि टेकेको भन्न मिल्ने होइन ।

आखिरमा प्रकाशनको जिम्मा हामीलाई सुम्पनुभएकोमा गौरव मानेका छौं र साझा प्रकाशन नरेन्द्रमणि आचार्य दीक्षितज्यूमा आभारसहित धन्यवाद अर्पण गर्दछ ।

११ जेठ '०३२

● साझा प्रकाशन,

भूमिका

(१) यो पुस्तक मेरो चालीस वर्षभन्दा बढीको अभिलाषा र मेहनतको फल हो ।

(२) गत शताब्दिको अन्ततिर अर्थात् १९८१ सालमा कलकत्ताको आफ्नू लामू बाह्रवर्षे पठन पाठन सकी घर आएपछि नेपाली भाषामा आफ्नू हात बिलकुल नचल्ने देख्दा यो ता ठीक भएन भनिठानेर नेपाली सिक्ने व्यग्र उत्कण्ठाले मैले सर्वप्रथम अंग्रेजीबाट नेपालीमा उल्था गर्ने काम थालें । यसै कामको फलस्वरूप त्यस समयको **नेपाली भाषा प्रकाशिनी समितिले** संकलन गर्न लगाएको **"युरोपीय साहित्यको नमूना"** तयार भई प्रकाशित भयो । सोभन्दा केही अघि दार्जीलिङ्गका मेरा मित्र श्री पारसमणि प्रधानको अनुरोधमा मैले हल एण्ड स्टेभेन्सको स्कूल ज्यामितिको प्रथम भाग पनि नेपालीमा तयार गरेको थिएँ, जुन कलकत्ताको **म्याकमिलन कम्पनी**ले छापी प्रकाश गरे । यसै वेलादेखि ममा नेपाली लेख्ने केही अभ्यास हुन थाल्यो ।

(३) सो उल्था गर्ने कामको सिलसिलामा र खास गरी म केटौली अवस्थादेखि नै विदेशमा बस्न गएकोले नेपाली भाषासंग थोरै चिनजान र नेपाली ठेट लवजहरू पूरै नजान्ने, भएको र छापिएका अंग्रेजी-हिन्दी, अंग्रेजी-संस्कृत र विरलै देखापर्ने अंग्रेजी-नेपाली शब्दकोशहरू सबैमा पर्यायवाची शब्दहरूको ज्यादै कमी हुनाले भाव प्रकाशनमा ठूलो बाधा र कठिनाइ पर्न जाँदा मैले देखे जाने सुने पढेसम्मका नेपाली शब्द संग्रह गर्न थालें । लामू र फुर्सत कम दिने तर कदर वा प्रशंसा भने बिलकुल नदारत सरकारी सेवाको प्रायः चालीस वर्षको अति लामू म्यादमा यस काममा उत्तिको उन्नति हुन नसके तापनि मौका मौकामा तदर्थ आवश्यकताको पूर्तिको लागि सानातिना शब्द सूचीहरू तयार गरिने नै गथ्यैं । सरकारी सेवाबाट मुक्त गरिएपछि मनमा राखिछोड़ेका दुइ अतिजरूरी काम जोड़तोड़का साथ शुरू गरें । तिन मध्ये एक छोराको काम २०३२ साल पौषमा खतम गरें । यो अंग्रेजी-नेपाली कोशको तर्जुमाको सिलसिलामा थप शब्द संगालो र खास गरी शुरू शुरूमा संस्कृत र पछि पछि ठेट नेपाली शब्दहरू टिपी तिनका अंग्रेजी रूपान्तर खोजी मिलाउने र सजाउने काम चल्यो । नेपालीका हात परेसम्मका सम्पूर्ण पुस्तक पत्र पत्रिका छापाहरूबाट पनि ठेट नेपाली शब्द ली तिनलाई पनि ठीक ठीक ठाउँमा टिपिराख्ने क्रम पनि चल्यो । यो कामै यस्तो थियो कि जिन्दगीभर गरे पनि नसकिने देखें र मैले २०२४ मार्गदेखि कोशको रूपमा लेख्ने काम थालें ।

(४) मूल अंग्रेजी पुस्तक मैले कलकत्तामा छात्र जीवनमा परिचय पाएको र आफ्नू भनी तुरन्त सकार गरेको Concise Oxford Dictionary लाई नै ली त्यसैलाई मेरो पुस्तकको आधार बनाएँ । यो काम थालनी गर्नासाथ मलाई प्रेरणा र उत्साह मेरा स्नेही सर्व श्री डा० हेमाङ्ग आचार्य दीक्षित र देवेन्द्रराज उपाध्यायबाट प्राप्त भएकोले अझै पनि ती संझनाहरू बड़ा आनन्ददायी छन् । डा० हेमाङ्ग भर्खरै बिलायतबाट डाक्टरी पास गरी घर आई एकदम नेपाली साहित्य सरोवरमा डुबकी लगाई नयाँ प्रकारका प्रकाशनले साहित्य संसारमा हलचल मच्चाउन लागेका थिए र अझै पनि साहित्य सेवामा बडो रुचि राख्दछन् । मेरो शब्दकोश तुरन्त प्रकाश गर्नुपर्ने हुनाले सो सकभर चाँडो तयार होओस् भनी मलाई उक्साउने हेमाङ्ग र सो कोशको रूप देख्नासाथ हामी प्रकाश गराउनेछौं भन्ने आश्वासन **साझा प्रकाशन**को त्यस समयका अध्यक्ष कमलमणि आचार्य दीक्षित र महाप्रबन्धक क्षेत्रप्रताप अधिकारीबाट प्राप्त हुँदा पनि मैले कोश लेख्ने काम तुरन्त थालेको हुँ ।

(५) यो शब्दकोशको संकलनको मुख्य उद्देश्य के हो भने अंग्रेजी वा अन्य विदेशी भाषाबाट उल्था गर्दा अथवा आफ्नै स्वतंत्र लेख लेख्दा पनि मातृभाषामा शब्दको कमी अथवा मेरो आफ्नू ज्ञानको कमी यी दुईमध्ये जुन-सुकै कारणले होस् मैले आफ्नू मनाइ लिखितमा प्रकाश गर्न जुन कठिनाइको अनुभव गरें त्यसमा मै समान अरू लेखक-हरूलाई केही सहायता होस् भन्ने हो । तसर्थ अंग्रेजी शब्दको अर्थ दिदा मैले जाने, पढे, देखे, सुनेसम्मका शब्द जम्बा गरी ती सबैलाई हाल्ने कोशिश गरेको छु । मेरो मतलब अंग्रेजी शब्दको अर्थ नेपालीमा सकभर अनुवाद मात्र नगरेर तिनको पर्याय नेपालीमा दिने, र आफूले जाने वा खोजेर पत्ता लगाएसम्म प्रत्येक अंग्रेजी शब्दको सकभर बढी संख्यामा पर्याय या निकट अर्थका शब्द हाम्रा लेखकहरूका सामने राखिदिनु हो, जसबाट उनले आफूलाई मिल्दो शब्द छान्न सकून् । यही अर्थमा यो पुस्तक देशवासी र भाषाको अध्ययन गर्ने वा प्रयोग गर्न चाहने विदेशीहरूलाई पनि उपयोगी होला भन्ने आशा गरेको छु ।

(६) यसले गर्दा कुनै कुनै शब्दार्थ संख्यामा बाहुल्य जस्तो पनि देखिन जाला । पाएसम्म शब्द दिइएकोबाट अन्वेषकले ती अर्थमध्ये प्रसंग र व्यवहार, अथवा शब्दको वैयाकरणीय वर्गको विचार गरी आफूलाई चाहिएको मिल्ने अर्थ छान्नुपर्दछ । कुनै कुनै शब्द अनौठा, भद्दा वा अमिल्दो लाग्न जाने पनि होलान्, त्यस्तोमा अर्थ हुने वा नहुने यही नै कसी हुनुपर्दछ, फेरि त्यस्ता शब्द नौला र अघि नदेखिएकाले भद्दा लागे तापनि आवश्यक विशेष वैज्ञानिक, तकनिकी वा भाववचन स्पष्ट पार्ने प्रसंगमा प्रयोजन पूरा गर्न सक्ने हुन् होइनन् यही नै हाम्रो विचार हुनुपर्दछ । अंग्रेजी भाषा पनि अन्य भाषासरह अनेक स्रोतबाट निर्माण भई आफ्नू अचेलको रूपमा छ । ती सबमा सबभन्दा महत्वपूर्ण स्रोत प्राचीन ग्रीक र ल्याटिन भाषाहरू छन् । कुनै नयाँ प्रयोजनको लागि शब्द चाहिएमा पंडितहरूले तिनै ग्रीक र ल्याटिन भाषा भण्डारबाट व्युत्पत्तिद्वारा शब्द निर्माण गरी काम चलाउँदछन् । तसर्थ त्यस्ता नयाँ शब्दहरूको रूपान्तर गर्दा मैले पनि तिनको व्युत्पत्ति हेरी सोही अर्थसंग मिल्ने नयाँ शब्दको सृजना गर्न खोजेको छु जस्तो कि Staphylococcus वा Brake को अर्थ हेरेमा थाहा हुनेछ । यसमा मेरो बिनयपूर्वकको सुझाउ यो छ कि हाम्रो भाषाको अहिलेको अविकसित र कोही कोही विचाररहित व्यक्तिहरूले अप्रयोजनको ठेट नेपाली छँदा छँदै पनि पंडिते बोली चलाउन खोजेर क्लिष्टता र अव्यवस्था फैलाउन खोजेको यस समयमा सकभर शुद्ध शब्द भण्डार बढाउने कोशिश गर्नु भाषाप्रेमी हामी सबैको जिम्मेवारी र कर्तव्य हुन आउँदछ । हाल नयाँ प्रयोजनको लागि नयाँ शब्द नखोजी कामै चल्न सक्दैन तसर्थ शुरूशुरूमा कुनै शब्द काटकुट वा श्रुतिकटु हुन जान्छ भने पनि अभ्यासले तिनलाई मिलाउँदै लैजाने गर्दछ । तर यदि समयमा सोभन्दा बढी उपयुक्त र राम्रो शब्द निस्क्यो भने सो आफैं क्रमशः बिलाएर जान्छ पनि ।

(७) कुनै-कुनै हाम्रो भाषामा चलेको तर अंग्रेजीमा त्यसको पर्यायवाची शब्द नभएको मात्र होइन कि त्यो भावना नै अंग्रेजी समाज र भाषामा नरहेको, जस्तो कि (खानाको) जूठो, पुरा, चुकानी, दहिबारा, गिजल्नु, हनवेर्नु, लोप्पा इत्यादि शब्दहरूले पनि कोशमा ठाउँ पाउन् भन्ने हेतुले तिनलाई पनि सबभन्दा नजीक अर्थको अंग्रेजी शब्द-मनि स्थान दिइएको छ ।

(८) वैयाकरणीय शाब्दिक वर्ग (जस्तो नाम, क्रिया, इत्यादि) मा कुनै शब्दको अर्थ लेखिएपछि सोही-बाट अर्को वर्ग (जस्तो क्रिया, विशेषण, इत्यादि) मा पनि सोही प्रकारको अर्थ हुने भए कहीं दोहऱ्याएर अर्थ दिइएको छ, कहीं ठाउँ बचाउनाको लागि दिइएको छैन । साथै विभिन्न वर्गको अर्थ लेख्दा एउटामा अर्थ लेखिएबाट अर्को वर्गको पनि अर्थ निस्कने भएमा त्यस्तोलाई छोडी सकभर अरू अर्थ मात्र दिइएको पनि छ ।

(९) शब्दहरूको विभिन्न वैयाकरणीय वर्गको अर्थ लेख्दा एक वर्गसँग अर्को वर्गको अर्थ छुट्याउनलाई अर्धविराम (सेमिकोलोन) ';' यो विराम चिह्न हालिएको छ । एकै वर्गको मानेमा पनि प्रसंग छुट्ट्याउनाको लागि पनि ';' को व्यवहार गरिएको छ । स्वल्पविराम ',' (कमा) को व्यवहार चलनबमोजिम प्रशस्त मात्रामा गरिएको छ ।

(१०) अंग्रेजी शब्दहरूको उच्चारण संक्षिप्त अक्सफर्ड डिक्शनरीका सिद्धान्तहरूबमोजिम देखाउने प्रयत्न गरिएको छ । यो काम उस्तो सफल हुन नसक्ने र पुस्तकको आकार पनि बढ्न जानेछ भनी पहिले नगर्ने भन्ने विचार गरिएकोमा श्री कमलमणि आचार्य दीक्षितबाट सो पनि सकभर परोस् भन्ने आग्रह गरिएकोले सो पनि पछि थपिएको छ ।

(११) अंग्रेजीबाहेक केही अन्य भाषाबाट आएका अंग्रेजीमा बेस गरी चलेका केही शब्दहरू पनि हाम्रो कोशमा समावेश गरिएका छन् ।

(१२) हाम्रो भाषाको व्याकरण आधिकारिक रूपमा बन्न लागेको छ भन्ने जुन कुरा सुनिन लागेको छ सो बड़ो आशा जगाउने कुरा हो । सो काममा लाग्नुभएका विद्वानहरूले सब प्रकारको हठ र पूर्वाग्रह पन्साएर सम्पूर्ण देशवासीहरूले चलन चलतीअनुसारको सो नयाँ बन्ने व्याकरण हर्ष र एकमतले स्वीकार गरिने सर्वमान्य ग्रन्थ बन्न सकोस् यही सबै नेपालीको इच्छा र प्रार्थना होला । सो व्याकरण बन्ने यो समयमा लेखकको एक सुझाउ नम्रतापूर्वक विचारार्थ पेश गर्न मन लागेको छ । हामी सबैको राय र आग्रह सम्पूर्ण नेपालीले मातृभाषा सकभर शुद्धतासँग लेख्न सकुन् भन्ने भएकोले गाह्रो पार्न जाने हर प्रकारको नियम नरहनु नै बेश होला । तसर्थ व र ब को चलनमा चिर्ने ब केवल संस्कृतमा चिरिने शब्दमा मात्र चिर्ने र अरू सबै नचिरेको व लेख्ने गरेमा सिकारु प्रौढ दुवै प्रकारका लेखकलाई मदद हुने र अशुद्ध प्रयोग कम हुने हुनाले सो प्रस्तावउपर विचार होओस् भन्ने मेरो जिकिर छ ।

(१३) यस कोशमा चलन गरिएका छोट्करी संकेतहरूको सूची पृष्ठ १० देखि दिइएको छ ।

(१४) यो कामको एक विशेषता यो छ कि सम्वत् १९८४ देखि एक प्रकारले थालिएको यो उद्गम बल्ल-बल्ल अब एक बिसौनीमा पुग्न आँटेको छ । शब्द टिप्ने जम्बा गर्ने काम प्रायः निरन्तर चलिरह्यो । लेख्ने काम २०२४ सालमा थालनी भई २०२८ सालमा सकिए तापनि थप हाल्ने काम २०३१ सालसम्म चलिरहेकै थियो । वाराणसीमा छपाइको काम देखरेख गर्ने भाइजी श्री सागरमणि आचार्य दीक्षितले परिश्रमसाथ ती थपहरू ठाउँ-ठाउँमा हाल्ने र छपाइको पनि निरीक्षण गर्ने काम बहुतै राम्रोसँग गरिदिएको हो । साझा प्रकाशनले यो पुस्तकको छपाइको जिम्बा लिनासाथ मेरो अनुरोधमा प्रेसको लागि पाण्डुलिपि तयार गर्नालाई मेरो लेखाइको साफी सार्ने काममा आफ्ना कर्मचारी खटाई २०२६ सालदेखि प्रायः तीन वर्षसम्म साफी लेखियो । साफी रुजु गर्ने काम मैले २०२८ सालभरि र मुख्य मार्ग पौष महीनामा सिध्याई सोही साल फाल्गुनमा साझा प्रकाशनको प्रबन्धबाट मैले वाराणसी गई पांडुलिपि सागरमणिजीमार्फ़त प्रेसलाई बुझाएँ ।

अन्त्यमा, यसरी तयार गरिएको यो पुस्तकमा सकभर शुद्धता र सम्पूर्णताको खोजी र कोशिश गरिएको हो तापनि सो पूरा गरेर मात्र छाप्ने भन्ने जिद्दी गरेको भए पुस्तक छापिने नै थिएन । तसर्थ यो पुस्तक जे जस्तो छ सहृदय देशवासीहरू र अन्य भद्रगणले यसलाई सकारी काममा लगाउनुभई अपुग वा अशुद्ध भएको ठाउँमा लेखकको विनीत क्षमा याचना स्वीकार गर्नुभई इच्छा भएमा लेखकलाई जनाउ दिने कृपा गर्नुभएमा भविष्य संस्करणमा सच्याइएला ।

"शान्ति निकेतन",
ब्लक नं० २४/३९ जोरपिपल,
गैह्रीधारा, काठमाण्डू ।
२०३२।३।२६

नरेन्द्रमणि आचार्य दीक्षित

अंग्रेजी-नेपाली साझा संक्षिप्त शब्दकोशमा प्रयोग गरिएका छोटकरीरूपको सूची

अक्सफर्ड	Oxford	अक्स०
अक्षरश:	literally	अक्ष०
अध्यात्मवाद	spiritualism, metaphysics	अध्या०
अनन्य संबद्ध	absolute	अनन्य०
अन्त प्रत्यय	suffix	अन्त०
अन्तरराष्ट्रिय	international	अन्तर०, अन्ता०
अपभाषा	slang	अप०
अफ्रिका	Africa	अफ्रि०
अमरिका	America, U. S.	अम०
अयोग्य	improper	अयो०
अर्थशास्त्र	economics	अर्थ०
अर्थात्	or	अ०
अर्वाचीन	modern	अर्वा०
अलंकार	rhetoric, figure of speech	अलं०
अव्यय		अव्य०
अशिष्ट	vulgar, rustic	ग्रा०
अश्लील	obscene	अश्ली०
असभ्य	not in polite use	अस०
अस्ट्रेलिया	Australia	अस्ट्रे०
आत्मविद्या	metaphysics	आत्म०
आज्ञापक	imperative	आज्ञा०
आर्ष	archaic	आ०
आलंकारिक	rhetoric	अलं०
इटालियन	Italian	इटा०
इतिहास	history	इति०
इत्यादि	etc.	इ०, इत्या०
उच्चारण	pronunciation	उच्चा०
उड्डयन	aviation aeronautics	उड्ड०
उत्तर	north	उत्तर०
उत्तरस्थ	suffix	उत्तर०
उत्तरीय	northern	उत्तर०
उत्पत्तिशास्त्र	genetics	उत्पत्ति०
उदाहरण,–णार्थ	e. g.	उदा०
उद्यान	garden (ing)	उद्या०
उपसर्ग	preposition, prefix	उ०, उप०
एकवचन	singular	ए० व०
ऐजन	ditto	ऐ०
ऐतिहासिक	historic(al)	ऐति०
ऐनकानून	law	का०, ऐन०
औषधी	pharma(cy) ceutical	औ०
कथा	mythology	कथा०
कर्तृवाच्य	active voice	कर्तृ०
कर्मकर्तृ०	reflexive	कर्मकर्तृ०
कर्मवाच्य	passive voice	कर्म०
कला	art	कला०
कलात्मक	artistic	कला०
कवि	poet	कवि०
कविता	poetical	कवि०
कहिलेकाहीं	occasionally	क० काँ०
कानून, ऐन	law	का०, ऐन०
काव्य रचना	prosody	काव्य०, छन्द०
किमियागिरी	alchemy	किमिया०
कीट विज्ञान	entomology	की० वि०, कीट०
कीलाबन्दी	fortification	गढ०
कूटनीति	diplomacy	कूट०
केटाकेटी, बालक	childish, nursing	के०
क्यानडा	Canada	क्यान०
क्रिकेट	cricket	क्रिके०
कृदन्त	patticiple	कृ०
क्रिया	verb	क्रि०
क्रियाविशेषण	adverb	क्रि० वि०
क्रिस्तान धर्म	eccl.	क्रि० धर्म०
खनिज	mineral	खनि०
खनिज विद्या	mineralogy	खनि० वि०
खानी	mining	खानी०
खास गरी	especially, specially	खा० ग०
खुकुलोसंग	loosely	खु०
खेलकूद	sports	खेल०
गढबन्दी	fortification	गढ०
गणित	arithmetic	गणि०
गणितशास्त्र	mathematics	गणि०
गाली गलौज	vituperation, abuse	गाली०
ग्रामीण	vulgar, rude	ग्रा०
ग्रीक	Greek	ग्री०
चलचित्र	cinema (tograph)	चल०, सिनेमा०
चाक्षुष	optical	चा०
चित्रकला	painting	चि०, चित्र०
छन्द	prosody	छन्द०
छपाइ मुद्रण	printing	छ०, मुद्रण०
छैन		छै०
छोट्करी	abbreviation	छो०, छो० क०
जनकथा, लोककथा	folklore, legend	जन०

जर्मन भाषा	German	जर्मं०
जसबाट	whence	ज० बा०
जस्तो कि	e. g.	ज० कि०
जाति विद्या	ethnology	जाति०
जीवाणु शास्त्र	bacterialogy	जीवाणु०
ज्यामिति	geometry	ज्यामि०
ज्यौतिष	astronomy	ज्यौ०
ठट्यौली	humour	ठ०, ठट्टा०
तत्वज्ञान	metaphysics	तत्व०
तर्कशास्त्र	logic	तर्क०
तलयुद्ध	boxing	तल०. मुक्का०
तसवीर	photography	त०
तोतेवोली	nursery	तो०
त्रिकोणमिति	trigonometry	त्रिकोण०
दर्शन	philosophy	द०, दर्श०
दाँज्नु	compare	दाँ०
दिल्लगी	jocular	ठ०
दूर दर्शन	television	दूरदर्शन
दूर लेख	telegram	दूर लेख
दूर वचन	telephone	दूर वचन
धर्म	theology	धर्म
धार्मिक	theological, eccl.	धर्म०
धेरैजसो	commonly	धे० ज०, प्राय:
ध्वनिशास्त्र	phonetics	ध्वनि०
नकारात्मक	negative	नका०
नाटकीय	theatrical	नाटक, नाच०
नाम	noun	ना०
नाविक	nautical	नौ०
निर्देशन	direction	निर्दे०
निष्ठा	past participle	निष्ठा०
नीतिशास्त्र	ethics	नीति०
न्यूनपद	elliptical	न्यून०
पक्षिविद्या	ornithology	पक्षि०
पत्रकारिता, पत्रकार	journalism (ist)	पत्र०
पशुविज्ञान	zoology	पशु०
पश्चिम	west	प०
पसल, पसले	shop,-keeper	पस०
पसले बोली	shop	पस०
पाठशाला	school	पाठ०
पाठशाले अपशब्द	schoolboy slang	पाठ० अप०
पाण्डित्यपूर्ण	pedantic	पां०
पुरातत्व शास्त्र	archaeology	पुरा०
पुस्तक	book	पुस्त०

पुस्तकविद्या	bibliography	पुस्त०
प्यारो, प्रिय	beloved, dear	प्रि०
प्रसूति	obstretrics	प्रसू०
प्रहरी	police	प्रह०
प्राकृत	dialect	प्रा०
प्राकृतभाषा	dialect	प्रा० भा०
प्राचीन	ancient	प्राची०
प्राचीनइतिहास	ancient history	प्राची० इ०
प्राणीविज्ञान	biology	प्रा० वि०
प्रादेशिक	dialect	प्रादे०
प्रायश:	often	प्राय०
प्राविधिक	technical	प्रावि०
प्रिय	dear	प्रि०
प्रेतवाद	spiritualism	अध्या०
फूटवल	foot ball	फूट०
फोटो	photography etc.	फोटो०
फोहर	not in polite use	फोहर
फ्रेञ्च	French	फ्रे०
बजारबोली	shop	बजा०
बढाएर	exaggerated	बढा०
बढाएको	exaggerated	बढा०
बराबर	equal	=
बहुवचन	plural number	ब० व०
बहुधा	often,usually	बहु०, सा०
बाइवल	Bible	बाइ०
बालक	childish	के०
बाहेक	except	वाहे
विरलै	rare	विर०
बीजगणित	algebra	बीज०
बेठीक	improper	अयो०
बेतार	wireless	रेडिओ०
वोलचाली भाषा	colloquial	बो० चा०
ब्याङ्कपद्धति	banking	व्याङ्क०
ब्रिटिश	British	व्रि०
भवन निर्माणकला	architecture	भव०, भवन०
भविष्य	future	भ०
भारत, भारतीय	India,-an	भार०
भाषा	language	भा०
भूगोल	geography	भू०
भूतकाल	past tense	भू० का०
भूतत्वविद्या	geology	भूतत्व०
भूल	error	भूल०
भैषज्य	medicine, medical	भै०, भैष०
भौगोलिक	geography (–ical)	भू०

भौतिक शास्त्र	physics	भौ० शा०
मणिभशास्त्र	crystallography	मणिभ०
मनोविज्ञान	psychology	मनो०
मानवजातिशास्त्र	anthropology	मानव०
मिति छैन	no date, undated	मि० छै०
मुक्काबाजी	boxing	मुक्का०
मुख्यतः	chiefly	मु०, मुख्य०
मुद्रण	printing	मुद्र०, छ०
मोहनिद्रा	hypnotism	मोह०
मौसिमशास्त्र	meteorology	मौसिम
मृदु भाषा	euphenism	मृदु०
यंत्र, यंत्रविद्या, यंत्रकार, यांत्रिक	mechanics	यंत्र०
यौगिक	compound, combination	यौ०
यौगिक रूप	compound	यौ० रू०
रस	moisture	रस०
रसायन	chem(istry)	र०
रसायनशास्त्र	chemistry	र० शा०
राजनीति, राजनैतिक	political	राज०
राजनैतिक अर्थशास्त्र	political economy	राज० अर्थ०
रेडिओ	radio	रेडिओ०
रोग निदानशास्त्र	diagnosis, pathology	रो० नि०
रोमन	Roman	रो०, रोम०
रोमन क्याथलिज्म	Roman Catholic(-ism)	रो० क्या०
लुप्त	obsolute	लु०
लोककथा	mythology, fable, legend	जन०
लोकव्यवहार	popular usage	लो०, लोक०
ल्याटिन	Latin	ल्या०
वनस्पति	vegetable	व०, वन०
वनस्पति शास्त्र	botany	व०, वन०
वंशावली	heraldry	वंश०
वाक्य	phrase, sentences	वाक्य०
वाच्य	attributive, predieate	वाच्य०
वाणिज्य	trade, eommerce	व्यापा०
वायुयान	aircraft	वायु०
वायुविद्या	meteorology	वायु० वि०
वास्तु विद्या	engineering	वा० वि०, यं० वि०
विज्ञान	science	वि०
वित्तीय	financial	वित्त०
विद्या	education	वि०
विद्यालय	institute	वि०
विद्यालय अपभाषा	college slang	वि० अप०
विद्युत शक्ति	electricity	विद्युत०

विपरीत	opposed	विप०
विशेष	special	विशेष०
विशेषण	adjective	वि०
विशेषतः, खास गरी	specially	खा० ग०
विश्वविद्यालय	university	वि० वि०
विस्मयादिबोधक	exclamatory	वि० बो०
व्यङ्ग	irony, ironical	व्यङ्ग०
व्याकरण	grammar	व्या०, व्याक०
व्यापार, व्यापारक वाणिज्य	trade commerce	व्यापा०
शब्द शास्त्र	philology	शब्द०
शरीर क्रिया विज्ञान	physiology	श० क्रि० वि०
शरीर विज्ञान	anatomy	श० वि०
शल्य चिकित्सा	surgery	शल्य०
शाब्दिक	verbal	शाब्दि०, शा०
शास्त्र	science, knowledge	शा०
शिथिलतासंग	loosely	शि०
सट्टावाजार	stock exchange	सट्टा०
समान	equal	=
सर्वनाम	pronoun	स० ना०
संक्रमण	transfer	संक्र०
संगीत	music	संगी०
संयुक्त रूप	compound	संयु०
संयोजक	conjunction	सं०
संसद	parliament	संस०
संसदीय	parliamentary	संस०
साधारण	ordinary, general	सा०
साधारणतया	ordinarily	सा०
सामान्यतः	usually	सामान्य०
सामूहिक	collechioely	सामू०
साहित्य, साहित्यिक	literature literary	साहि०
सिकर्मी (काम)	carpentry	सिकर्मी०
सिनेमा (टोग्राफ)	cinematograph	सिनेमा०, चल०
सेना, सैनिक	military	सेना०
स्कटिश	Scottish, Scot	स्क०
स्रेस्ता	book keeping	स्रेस्ता०
स्त्रीलिंग	feminine gender	स्त्री०
स्थपति, स्थापत्यकला	engineering, architecture	भवन०, स्थापत्य०
स्वरशास्त्र	phonetics	ध्वनि०
हस्तलिखित	mss	ह० लि०
हेलां (सूचक)	contemptuous	हे०
होच्याउने गरी	derogatory	होच्या०

A

A (ए) वि. (व. व. As, A's, Aes). एउटा, एक, कुनै, कोही ।

aba, abaya (अबे'य्) ना. अरवहरूले लगाउने धोक्रो जस्तो वाहिरी लुगा (अरवी) ।

aback (अब्याक्) क्रि. वि., एकाएक, अचानक, चौंकेर, पक्क; to be taken—पक्क पर्नु ।

abacus (अ्या'ब्याकस्) (ब. व.—ci, उच्चा—साई) ना. अंकगणक ।

Abaddon (अब्या'डन्) ना. नरक, शैतान, (हीब्रू) ।

abaft (अवाफ्ट्') क्रि. वि. र उ. ना. जहाजको पछिल्लो आधामा; पछाडिपट्टि ।

abandon (अब्या'ण्डन्) क्रि. र ना. अफाल्नु, फ्याँक्नु, मिल्काउनु, त्याग्नु, छाड्नु, परित्याग गर्नु, हात झिक्नु, (बच्चा) फाल्नु; ना. बेपर्वाह, बेवास्ता; उत्सर्ग, आत्म-समर्पण, त्याग,—ed वि. त्यक्त परित्यक्त ।

abase (अवेस्') क्रि. पाउ पर्नु, होच्याउनु, नीचो देखाउनु, मान घटाउनु,—अनादर ग;र्नु—ment ना. अनादर, मानहानि, लाज मर्नु ।

abash (अब्याश्') क्रि. शर्माउनु, लाज पार्नु, लजाउनु, लज्जित पार्नु ।

abate (अवेट्') क्रि. न्यून गर्नु, गिराउनु, घटाउनु, मत्थरिनु, साम्य हुनु, समन गर्नु, कम गर्नु;—d वि. समथर, मत्थर; —ment ना. न्यूनीकरण, हीनता,कमी ।

abattoir (आवाट्वा'र्) ना. कसाईखाना, बगरे पसल (फ्रे०) ।

abbot (अ्या'बॅट्) ना. महन्त, मठाधीश, मठी ।

abbrevia/te (अब्री'भिएट्) क्रि. संक्षिप्त गर्नु, घटाउनु, कम गर्नु, थोरै पार्नु; वि. छोटो, छोटकरी;—tion ना. संक्षेप, छोटकरी ।

ABC (एविसि) ना. वर्णमाला, रेलवे टाइमटेबुल, समय सारिणी, सारिणी, श्रीगणेश, प्रारम्भ ।

abdica/te (अ्याब्'डिकेट्) क्रि. त्याग्नु;—tion ना. मुकुट त्याग,गद्दी त्याग, त्याग ।

abdo/men (अ्याब्डो'मिन्) ना. पेट, भुँडी, उदर, आन्द्रा-भुँडी;—minal वि. पेटको, उदरीय;—minous वि. भुँडे, मोटो ।

abduct (अब्डक्ट्') क्रि. हर्नु, भगाउनु;—ion ना. अपहरण;—or ना. अपहारक, अपहर्त्ता ।

abeam (अबीम्') क्रि. वि. जहाज वा वायुयानको लमाइको लम्बमा ।

aberra/te (अब'रेट्) क्रि. पथभ्रष्ट हुनु;—nt, वि. भट्केको;—tion (अ्याबरे'श्न्) ना. अपरेण, भ्रम, कुमार्ग, भूल, विकार, विकृति ।

abet (अबेट्') क्रि. (-tt-) उचाल्नु, उक्साउनु, ताउ दिनु;—ter, tor ना. मतियार ।

ab extra (अ्याब् एक्स्'ट्रा) क्रि. वि. बाहिरबाट (ल्या.)।

abeyance (अबे'यान्स्) ना. मुलतवी, थाती ।

abhor (अभॅअ्र') क्रि. (–rr–) घिनाउनु, हेलाँ गर्नु; —rence ना. जुगुप्सा, घिन, घृणा, द्वेष, हेलाँ,—rent वि. घृणित, घिनलाग्दो ।

abidance (अबाइ'ड्यान्स्) ना. चालू रहनु; निवास; स्थायित्व, (नियम इ०) भित्र रहनु, पालन ।

abid/e (अबाइड्') क्रि. (भू० र नि० abode, क० का.—d) रहनु, साथ दिनु;—ing वि. स्थायी;—ingly क्रि. वि. स्थिरतासँग ।

abigail (अ्या'बिगेल्) ना. सखी, सहेली, सुसारे, चाकर ।

ability (अबि'लिटि) ना. ल्याकत, खूपी, ताइँ, योग्यता, कुशलता, प्रवीणता, बुद्धि ।

ab initio (अ्याब् इनिशि'यो) क्रि. वि. थालनीदेखि, प्रारम्भदेखि, शुरूदेखि (ल्या.) ।

abiogenesis (अ्या'बियोजे'निसिस्) ना. स्वजनन ।

abject (अ्याब्'जेक्ट्) वि. लुते, पतित, नीच, अधम, गिरेको;—ion,—ness ना. नीचता, दुर्गति;—ly क्रि. वि. दाँत झिच्याएर ।

abjur/e (अब्जुर') क्रि. छाड्नु, त्याग्नु;—ation, ना. त्याग ।

ablactat/e (अ्याब्ल्याक्टे'ट्) क्रि. छातीको दूध छुटाउनु;—ion, ना. दूधको छूट ।

ablation (अ्याब्'लेश्न्) ना. (खा ग. शल्य-चिकित्सामा) शरीरको कुनै भागको अपनयन, हटाउनु ।

ablative (अ्याब्'लेटिभ्) वि. र ना. पंचमी विभक्ति ।

ablaut (अ्याब'लाउट्) ना. इण्डो युरोपीय भाषाहरूमा रूपान्तरमा हुने स्वर विभिन्नता ।

ablaze (अब्लेज्') क्रि. वि. बलेको, प्रज्ज्वलित, उत्तेजित, तातेको, रुकारुक ।

able (ए'ब्ल्) वि. सक्षम, समर्थ, योग्य, काविल, निपुण, चतुर, सक्ने, शक्त; to be—क्रि. भ्याउनु, सक्नु ।

—able (अब्ल्') उ. योग्य, सक्ने ।

ablution (अब्लू'श्न्) (सा. ब. व.) ना. स्नान, शौचकर्म, स्नपन, सुखारी ।

ably (ए'ब्लि) क्रि. वि. राम्रोसँग, योग्यताले, प्रवीणतासँग ।

abne/gate (अ्याब्'निगेट्) क्रि. छोड्नु (केही कुरा, वानी), त्याग गर्नु;—gation, (अ्याब्निगे'श्न्) ना. त्याग, उत्सर्ग, कुनै सिद्धान्तको प्रत्याख्यान ।

abnormal (अव्न'अर्'मल्) वि. असामान्य, रीतिविरुद्ध, अनौठा; —ly क्रि. वि. अनियमित ढाँचासँग;—ity ना. प्रतिकूलता, अनियमितता, असमान्यता, विकृति, विलक्षणता, विश्रृंखलता ।

aboard (अवोर्ड्') क्रि. वि. र उ. जहाजमा, सवारीमा (रेल इ०) ।

abode (अवो'ड्) ना. निवास, वतन, आवास, वासस्थान, घर, डेरा, निलयन ।

aboli/sh (अवॅ'लिश्) क्रि. वन्द गर्नु, खारिज गर्नु, उठाउनु, हटाउनु;—tion ना. लोप, विलयन, खारिज, वातिल, वदर, उन्मूलन ।

A—bomb (ए'वॅम्) ना. अणुवम ।

abomina/te (अवॅ'मिनेट्) क्रि. घिन गर्नु, घृणा गर्नु, हेलाँ गर्नु, नरुचाउनु;—tion ना. घृणा, द्वेष;—ble वि. गर्हित, घृणित, घिनलाग्दो ।

aboriginal (ज्यावॅरि'जिनल्) वि. मूल, प्राचीन, पुरातन, पहिलेको ।

aborigines (ज्यावॅरि'जिनीज़्) ना. आदिवासी, आदिम निवासी, मूल निवासी ।

abort (अवॅअर्ट्') क्रि. गर्भपात हुनु, गराउनु; तुहुनु, तुहाउनु;—ion ना. तुहेत्रो, तुहाइ, गर्भस्राव;—ive वि. तुहेको, तुहाउने, असफल ।

aboulia, abulia (अवाउ'लिया, अव्यु'लिया) ना. मनशक्तिको ह्रास (मानसिक रोग) ।

abound (अवाउण्ड') क्रि. उम्लिनु, भरपूर हुनु;—ing वि. अतिशय, धेरै, अति, परवेली, प्रचुर ।

about (अवाउट्') क्रि. वि. र उ. वारे, जति, जत्ति, झण्डै, आँटेको, पख, तिर, लगभग, अन्दाजी, अन्दाजन; bring about गराउनु, put about अलमलिनु।

about—sledge (अवाउट्'स्लेज्) ना. कामीहरूले चलन गर्ने ज्यादै ठूलो हतौडी ।

above (अवॅभ्') क्रि. वि. र उ. उँभो, माथि, उपरोक्त; be—one's self चुइँकिनु, पुइँकिनु, मात्तिनु, वढ्ता हुनु, नेटो काट्नु, ठाउँ छोड्नु;—board क्रि. वि. र उ. नछोपीकन, खुलासँग, देखिने गरी ।

ab ovo (ज्याव् ओं'भो) क्रि. वि. शुरुदेखि (उच्चाट लाग्ने गरी वर्णन गर्नु), (ल्या.) ।

abracadabra (ज्याव्रकडया'व्र) ना. ज्यादू, अगडम वगडम ।

abra/de (अव्रेड्') क्रि. खुर्कनु, दरफराउनु, चोट पार्नु (छाला इ.), जोरसँग रगडेर;—sion ना. दरफर, चोट ।

abreast (अव्रेस्ट') क्रि. वि. सँगसँगै, वरावर, अघिपछि नगरी, काँधमा काँध मिलाएर ।

abridge (अव्रिज्') क्रि. छोट्याउनु, संक्षिप्त गर्नु, संक्षेप गर्नु, सार झिक्नु;—ment ना. (समय, मेहनत) संक्षेपण, लघ्वीकरण ।

abroad (अव्रॉड्') क्रि. वि. वाहिरफेरा, विदेशमा, परदेशमा ।

abroga/te (ज्या'व्रोगेट्) क्रि. रद्द गर्नु, खारिज गर्नु, हटाउनु, तोड्नु;—tion ना. खारिजी ।

abrupt (अव्रप्ट्') वि. अकस्मात्, अचानक, एक्कासि, हडवडे, तत्पर;—ly क्रि. वि. एकदमसँग ।

abscess (ज्याव्'सेस्) ना. (व. व.—es) फोडा, वाउ, फुन्सी, खटिरा ।

abscond (अव्स्कॉण्ड्') क्रि. फरार हुनु, दव्नु, लुक्नु, छिप्नु, चम्पत हुनु, भाग्नु;—er ना. भगुवा, फरार ।

absen/ce (ज्याव्'सेन्स्) ना. अनुपस्थिति, गैरहाजिरी, अभाव; वि. गैल, अनुपस्थित, वेहोशी, नामेट, अप्रस्तुत;—tee ना. अनुपस्थित, गैरहाजिर, गैल;—absent-minded वि. विसुद्धीको, अन्यमनस्क, शून्यचित्त, वेहोशी, असुद्धी, हुस्सू, होसल्याङ, विर्सने सुद्धीको, विर्सांहा, विंसराहा ।

absolu/te (ज्याव्' सल्यु(लू) ट्) वि. परम, निरपेक्ष, नितान्त, केवल, शुद्ध, अनियंत्रित, पूर्ण, अनन्य संवद्ध;—tion ना. क्षमा, मुक्ति, मोचन, पापमोचन;—tely क्रि. वि. नितान्त, ज्यादै, विलकुल, एकदम ।

absolve (ज्याव्सॅल्भ्'—ज़ल्भ्') क्रि. छोड्नु, माफी गर्नु, मुक्त गर्नु;—d वि. धर्मफराक ।

absorb (अव्सॅअर्व्') क्रि. सोस्नु, समावेश गर्नु;—ed वि. मग्न, तल्लीन, दत्तचित्त, निमग्न;—ency ना. शोषणक्षमता; —ent शोषणक्षम, शोषक; absorption ना. खपत, समावेश, शोषण ।

abstain (अव्स्टेन्') क्रि. छोड्नु, त्याग गर्नु, वार्नु, वंचित रहनु, फरक रहनु ।

abstemious (अव्स्टि'मिअस्) वि. संयमी, फारो गर्ने, कम गर्ने (खा. ग. खानपीनमा) ।

abstention (अव्स्टेन्'श्न्) ना. संयम, निवृत्ति, त्याग, उपवास, लंघन ।

abstinence (ज्याव्'स्टिनेन्स्) ना. त्याग, संयम, निवृत्ति, वारना, छोडाइ, न्यसन ।

abstract (ज्याव्स्'ट्र्याक्ट्) वि. ना. र क्रि. (अव्स्'ट्र्याक्ट्) केवल, कल्पित, मानसिक, भावात्मक; ना. आदर्श, भाववाचक, तत्व, सारांश; क्रि. झिक्नु, हटाउनु, चोर्नु;—ed वि. टोल्हाएको;—ion ना. तन्द्रा ।

abstruse (अव्स्ट्रूस्') वि. गहन, क्लिष्ट, जटिल, गूढ, अव्यक्त, लुकेको ।

absurd (अव्स'अर्ड्) क्रि. वि. हावा !, फजूल, वाहियात, निरर्थक, हास्यप्रद, रङ्ग न ढङ्ग, तातो छारो, अनर्गल;—ity ना. मूर्ख्याइँ, मूर्खता, आनर्थक्य, असंगति ।

abundan/ce (अवन्'डयान्स्) ना. प्रचुरता, प्राचुर्य, परवेली, मनग्य;—ant वि. भरपूर, पगीत्ता, पवितो, पौल, पवल, भूरि, प्रचुर, मनग्य, वाखल्याङ्ग पाखल्याङ्ग, अधिक, आधिक्य ।

abus/e (अव्युस्') ना. र क्रि. गालीगलौज, दुरुपयोग, गाली-गोफ्ता, निन्दा, गाली, दुर्वचन, तथानाम, दुर्व्यवहार; क्रि.

(अव्युज़्) छारष्ट गर्नु;—er **ना.** निन्दक;—ive **वि.** चोथाले, मुखाले, दुर्वाची, कुवाची ।

abut (अवट्') **क्रि.** (–tt–) जोरिनु, जुट्नु, निस्कनु;—tal,—ment **ना.** प्रतिक्रिया स्थान ।

abysm (अविज़्म्') **ना.** पाताल, खाडल, गड्ढा;—al **वि.** अथाह ।

abyss (अविस्') **ना.** प्राथमिक शून्य, गहर, पाताल, विनापिंधको गुफा, गहिरो कन्दरा, गहिराइ ।

acacia (अके'शा) **ना.** लज्जालु, ववूल, गूँद वा खोटो निस्कने रूखको जात ।

academ/y (एक्या'डमि) **ना.** (ऐति०) उद्यान (प्लेटोले शिष्यहरूलाई टहल्दै पढाउने), विद्वत् परिषद्, प्रज्ञा प्रतिष्ठान;—ic **वि.** शैक्षिक, विद्यासम्बन्धी, प्राज्ञ;—ical **वि.** शास्त्रीय;—ic council प्राज्ञ परिषद् ।

accede (अक्सीड्') **क्रि.** मन्जूर गर्नु, मान्नु, संलग्न हुनु, संमिलित हुनु, मिल्नु, प्रवेश गर्नु, सहमत हुनु; पदारूढ हुनु (खा ग. सिंहासनमा) ।

accelera/te (अक्से' लरेट्) **क्रि.** गतिवर्धन गर्नु, वेग वढाउनु, चाल वढाउनु;—tion, **ना.** गतिवर्धन, वेगवृद्धि;—tor **ना.** गतिवर्धक ।

accent (ज्याक्'सेण्ट्) **ना. क्रि.** र **वि.** धक्का, जोर; **क्रि.** जोर लाउनु, जोर गर्नु;—ed **वि.** स्वरित;—uate **क्रि.** स्वरित गर्नु, जोर गर्नु, जोड दिनु ।

accept (अक्सेप्ट्') **क्रि.** सकार्नु, लिनु, कायम गर्नु, स्वीकार गर्नु, मन्जूर गर्नु, ग्रहण गर्नु, वरण गर्नु, स्याहार्नु, सम्हाल्नु, चप्काउनु, उडाउनु, खानु (कुरा);–able **वि.** ग्राह्य, स्वीकार्य, प्रतिग्राह्य, उपादेय;—ability **ना.** उपादेयता;–ance **ना.** मान्यता, स्वीकृति, मन्जूरनामा, मंजूरी;—or **ना.** स्वीकारक ।

access (ज्याक्'सिस्) **ना.** पहुँच, प्रवेश, हेर्ने अधिकार, वढती;—ible **वि.** पहुँच पुग्ने, प्रवेश्य ।

accession (अक्से'श्न्) **ना.** पदप्राप्ति, थमौती, वढती, राज्यारोहण; संलग्नमा, प्रवेश ।

accessory (ज्याक्से'सरि) **ना.** र **वि.** मतियार, पुरःसंगी, सहायक, मिलेमतो, अतिरिक्त, मद्दती, मदतगार;—after the fact अनुषंगी ।

accident (ज्याक्'सिडेण्ट्) **ना.** भवितव्य, दुर्घटना, संयोग, आकस्मिक घटना, काण्ड;—al **वि.** अकस्मात्, आकस्मिक, अचानक, नैमित्तिक;—ally **क्रि. वि.** संयोगवश ।

accla/im (अ'क्लेम्) **क्रि.** जयजयकार गर्नु, जयघोष गर्नु;—mation **ना.** जयजयकार, जयघोष, जयध्वनि ।

acclimatize,—ise (अक्लाइ'मटाइज्) **क्रि.** वानी पार्नु, वानी पर्नु, मिल्नु, हावापानीमा मिल्नु ।

acclivity (अक्ली'भिटि) **ना.** उकालो, चढ़ाइ ।

accolade (ज्याकोलेड्' वा—लाड्') **ना.** नाइटहूड जस्तो मान प्रदान गर्दा राजावाट गरिने चेष्टा (ज. कि आलिङ्गन, चुम्वन अथवा तरवारको चौडापट्टिले काँधमा छुनु) ।

accommodat/e (अकॅ'मोडेट्) **क्रि.** मिलाउनु, राख्नु;—ing **वि.** मिलनसार;—ion **ना.** मिलाप, डेरा ।

accompan/y (अकम्'पनि) **क्रि.** साथ लाग्नु, साथ दिनु;—iment **ना.** साथ, उपकरण, संगति, सहायक;—ist **ना.** वादक, साजमा साथ दिने ।

accomplice (अकॅम्'प्लिस्) **ना.** साथी, मतियार, मिलेमतो, मददगार, मद्दती ।

accomplish (अकॅम्'प्लिश्) **क्रि.** पार लगाउनु, पूर्ण गर्नु, साध्य गर्नु, सम्पादन गर्नु, सिध्याउनु, सुइँक्याउनु, पटाउनु, पूरा गर्नु, तामेल गर्नु, निपटाउनु;—ed **वि.** संपन्न, निपुण ।

accord (अकअर्ड्') **ना.** मिलान, मिल्ती, समझौता, सम्मति; ठ्याक; **क्रि.** मिल्नु, दिनु;—ance **ना.** समानता, अनुरूपता; in—with वमोजिम, अनुसार;—ing,—ingly **क्रि. वि.** अनुसार, माफिकको, तदनुसार, वमोजिम, मिल्दो, अनुकूल;—ing to… शान्ति, अनुसार ।

accost (अकॅस्ट्') **क्रि.** कुरा थाल्नु, संबोधन गर्नु, वोल्नु, संभाषण गर्नु, प्रार्थना गर्नु ।

accouch/ement (अकूश्'मॉं) **ना.** जायाजन्म, पैदा;—eur, (अकू'शअर्) **ना.** सूँडैनी, (फ्रे.) ।

account (अकाउण्ट्') **ना.** स्रेस्ता, हिसाव किताव, ब्यौरा, लेखा, कन्था, उल्लेख, वर्णन, वृत्तान्त, भन्ने, भनाइ,वखान, वयान, विवरण, पेश्की; **क्रि.** मिंन्हा दिनु, हिसाव गर्नु, गणना गर्नु, कारण वताउनु, स्पष्टीकरण दिनु;—s स्याहास्रेस्ता;—able **वि.** जवाफदेही;—ant **ना.** लेखापालक, स्रेस्तादार,'रकमी, लेखपाल;—book स्रेस्ताको किताव, स्याहा, वही खाता, annual statement of—ढपोट; *on—of* वापत; circumstantial—वेली विस्तार ।

accoutrement (अकू'ट्र्मेण्ट्) **ना.** तानामाना; military—कंकट, कंकटक ।

accredit (अक्रे'डिट्) **क्रि.** प्रमाणित गर्नु, अधिकार दिनु, परिचय-पत्र दिनु;—ion **ना.** परिचयकरण ।

accrue (अक्रू') **क्रि.** वढ्नु, नाफा हुनु, लाभदायक हुनु ।

accumulat/e (अक्यू'म्यूलेट्) **क्रि.** जोर्नु, सँगाल्नु, सञ्चय गर्नु, एकट्ठा गर्नु, वृद्धि गर्नु, थुपार्नु, साँच्नु;—ed **क्रि.** राशिकृत;—or **ना.** संचायिक, संचक, संचयी;—ion **ना.** राशि, जगेर्ना, थुप्रो, संचय ।

accura/cy (ज्या'क्यूरेसि) **ना.** शुद्धता, सत्यता, यथार्थता;—te **वि.** अचूक, ठीकठीक, शुद्ध, यथार्थ;—tely **क्रि. वि.** यथार्थतः, शुद्धसंग, ठीकसँग ।

accus/e (अक्यूज़्') **क्रि.** दोष लगाउनु, वात लगाउनु, अपराधी वनाउनु;—ation **ना.** अपराध, दोष, इलजाम, आरोप, अभियोग, दोषारोपण;—ative **वि.** द्वितीया विभक्ति;—ed **वि.** कारणी, मुलजिम, दोषी, अभियुक्त, अपराधी;—er **ना.** वादी ।

accustom (अकस्'टम्) **क्रि.** वानी लगाउनु, अभ्यास गराउनु;—ed **वि.** अभ्यस्त, परिचित, प्रचलित ।

ace (एस्) **ना.** एका, एक नम्बर (निपुण व्यक्ति), राँको परिमाण ।

acerbity (असअ्र्'विटि) **ना.** कटुता, तीक्ष्णता, चर्को स्वर ।

acetic (असि'टिक्) **वि.** सिरका ᳚ँ अमिलो, सिरकाको अमिलो, असेटिक ।

acetylene (असे'टिलीन्) **ना.** एसिटिलीन, उज्यालो ज्वालासँग वल्ने रंगहीन ग्यास ।

ache (एक्) **ना.** र **क्रि.** पीडा, दुख्नु, वेदना, कँडा;— **क्रि.** दुख्नु, पीडा हुनु, डहनु, भवाउनु, (bones) कर्कराउनु, करकर खानु ।

achieve (अचीभ्') **क्रि.** सफल हुनु, पूरा गर्नु, प्राप्त गर्नु, समाप्त गर्नु, साध्य गर्नु;—**ment, ना.** ठूलो काम, उपलब्धि, निष्पत्ति, वहादुरी, माथ, वाजी (माथ), कुदरत ।

achromatic (्याक्रोम्या'टिक्) **वि.** निरङ्ग, सेतो ।

acid (्या'सिड्) **ना.** अमिलो, अम्ल, खट्टा, चूक, च्वाँठ, खटरस, तेजाव; (अप०) L. S. D. नामको विषात्मक मादक-द्रव्य;—*rock* (अप०) हिपी संगीत;—**ification ना.** अम्लीकरण;—**ify क्रि.** अम्लिक गर्नु, अमिल्याउनु;—**imeter ना.** अम्लमापक;—**ity ना.** अम्लत्व, अम्लपित्त;—test चरम परीक्षा, अग्निपरीक्षा;—**ulated वि.** अम्लीकृत ।

acknowledge (अक्नॅ'लिज्) **क्रि.** मान्नु, स्वीकार गर्नु, पहुँच दिनु, रसीद दिनु, मञ्जूर गर्नु, सकार्नु, सकार गर्नु;—**ment ना.** स्वीकृति, पहुँच, रसीद, मञ्जूरी, सकार ।

acme (्याक्'मि) **ना.** शिखर, टुप्पो, चुली ।

acne (्याक्'नि) **ना.** डंडीफोर, व्रण ।

acorn (ए'कअ्र्न्) **ना.** ओकवृक्षको गेडा ।

acotyledon (अकॅटिली'डन्) **ना.** व्यूको खास पोको नहुने विरुवा ।

acoust/ic (अकाउस्'टिक्) **वि.** शाब्दिक, श्रवणसम्वन्धी; —**ics ना.** ध्वनिशास्त्र, शब्द विज्ञान; स्वर-व्यञ्जना ।

acquaint (अक्वेण्ट्') **क्रि.** चिन्हाउनु, परिचय गराउनु; —**ance ना.** चिन्हारी, परिचिति, परिचय, चिनजान, चिनापर्ची, जान-पहिचान, हिमचिम, चिन्हारू।

acquiesc/e (्याक्विएस्') **क्रि.** मान्नु, मञ्जूर गर्नु, स्वीकार गर्नु, सहमत हुनु, खानु ;—**ence ना.** सहमति, स्वीकृति, मञ्जूरी ।

acquire (अक्वाइर्') **क्रि.** आर्जन गर्नु, पाउनु, हात पार्नु, टिप्नु, वैठ्याउनु, हत्याउनु, दाव्नु, चाप्नु ,हाँप्नु, कुम्ल्याउनु, प्राप्त गर्नु, लिनु;—**ment ना.** आर्जन, प्राप्ति, विद्या, कला ।

acquisition (्याक्विजि'शन्) **ना.** प्राप्ति,लाभ, उपार्जन ।

acquit (अक्विट्') **क्रि.** (–tt–) सफाइ लिनु, पाउनु; निर्दोष मान्नु, छुटकारा पाउनु, रिहाइ दिनु;—**tal ना.** छुटकारा, मुक्ति, विमोचन, रिहाइ;—**tance ना.** चुक्ति, मोचन, उक्रिम, ऋणमुक्ति ।

acrid (्या'क्रिड्) **वि.** टर्रो, तीक्ष्ण, चर्को, पोल्ने ।

acrimony (्या'क्रिमनि) **ना.** कटुता तीक्ष्णता ।

acrobat (्या'क्रोब्याट्) **ना.** पहलवान, कसरतिया, कलायन, सूत्रायण ।

across (अक्रॅस्') **क्रि. वि.** र **उ.** वार, पार, वारपार, अघि ।

act (्याक्ट्) **ना.** र **क्रि.** काम, कर्म, क्रिया, ऐन, कानून, कार्य, अङ्क; **क्रि.** काम गर्नु, कार्य गर्नु; अभिनय गर्नु, पार लाउनु; कायम मुकायम गर्नु;—of *god* दैवी पर्नु;—**ing ना.** अभिनय, अभिनय कला; **वि.** कार्यकारी, स्थानापन्न, अस्थायी, कायममुकायम;—**ion ना.**, कार्य, कामकाज, गतिविवि;—**ive वि.** क्रियाशील, जाँगरी, कर्मठ, सयत्न, उद्यमी, निरालस, सक्रिय, जहडी; **be—ive** लागिमेर्ली गर्नु;—**ivity ना.** कर्म, व्यवसाय, उद्योग, कार्य-कलाप, व्यस्तता, विगविगी, उद्यम, गतिविधि;—**or ना.** खेलाडी, पात्र, अभिनय गर्ने, अभिनेता, नट;—**ress ना.** अभिनेत्री, नटी ।

actual (्याक्'च्युअल् , ्याक्'ट्यु अल्) **वि.** वास्तविक, खुद, यथार्थ, निश्चित, परल, पर्ता, साउँ;—**ity ना.** वास्तविकता, (ब. व.) वर्तमान परिस्थिति;—**ly क्रि. वि.** वस्तुतः, यथार्थमा, साँच्ची नै ।

actuate (्याक्'च्यूएट् , –ट्यू–) **क्रि.** क्रियाशील गराउनु, गति दिनु ।

acumen (अक्यू'मेन्) **ना.** विदग्धता, समझदारी, मति-सूक्ष्मता, तेज ।

acute (आक्युट्') **वि.** चर्को, कडा, न्यून, तीव्र, उत्कट, जीर्ण, चडका;—**angle** न्यूनकोण ।

adage (्या'डेज्) **ना.** सूत्र, कहावत, उखान,आहान ।

Adam's apple (्याडम्स् ्या'प्ल्) **ना.** रुद्र घण्टी ।

adamant (्या'डमण्ट्) **ना.** कडा वस्तु, वज्र, हीरा; **वि.** कठोर, अचल;—**ine वि.** अभेद्य, कडा, अति कठोर ।

adapt (अड्याप्ट्') **क्रि.** मिलाउनु, व्यवस्था गर्नु, अनुकूल पार्नु;—**er ना.** एडयाप्टर, संयोजक;—**ation ना.** संयोजन ।

add (्याड्) **क्रि.** जोड्नु, खाप्नु, थप्नु, वढाउनु, खापिनु;—**ition ना.** योग, संयोग, जोड, सयोजन, थपथाप, (फिटिएपछि खाद्य सामग्रीमा हाल्ने सरजाम) दाउन;—**itional वि.** अतिरिक्त, अपर, थप, वक्खू , फाजिल, थपुवा ।

addendum (अडेन्'डम्) **ना.** (व.व.—da) थप, उपक्रमणिका ।

adder (्या'डर्) **ना.** विखालु सर्प, कालो साँप ।

addict (अडिक्ट्') **क्रि.** र **ना.** लत लाग्नु, वानी लाग्नु; **ना.** अम्मली, व्यसनी, भँगडची, गँजडी, अफीमची, खुरन्धारे;—**ed वि.** अम्मली, लग्गू , लम्पट, आसक्त, प्रवृत्त;—**ion ना.** अम्मल, लत, धीत, लगनी, व्यसन, कुलत, कुव्यसन, कुवानी ।

address (अड्रेस्') **ना.** र **क्रि.** प्रवचन, पत्ता, थातथलो,

वतन, व्याख्यान, ठेगाना, सीप, नैपुण्य, दक्षता, पटुता, चतुन्याइँ, शिरनामा, चातुर्य्य; **क्रि.** सम्बोधन गर्नु, लक्ष्य गर्नु;—**ee** **ना.** ठेगानावाला, पत्र पाउने ।

adduce (अेड्यूस्') **क्रि.** पाउने प्रमाणको रूपमा पेश गर्नु, पेश गर्नु ।

adept (अडेप्ट्') **वि.** प्रवीण, निपुण, सिपालु, जानिफकार, विज्ञ, जान्ने, खपिंस ।

adequ/ate (ब्या'डिक्वेट्)) **वि.** प्रशस्त, काफी, पुग्ने, कुस्त, उपयुक्त, पर्याप्त, उचित, मनग्य, यथोचित, पुगिसरी आएको;—**acy** **ना.**, पर्याप्तता, पुगिसरी ।

adher/e (अड्हिय्र्) **क्रि.** गाँसिनु, टाँसिनु, लेसिनु, जोरिनु, लुट्पुटिनु, लुट्पुट गर्नु;—**ence** **ना.** भक्ति, टँसाइ;—**ent** **ना.** अनुचर, सेवक, अनुगामी, पृष्ठपोषक, साथी ।

adhes/ion (अड्ही'ऱ्झन्) **ना.** आसक्ति, संसक्ति, स्वीकृति, समर्थन;—**ive** **वि.** टाँस्ने, टाँसिने, लिचडो, थिङ्न्याहा, संलग्नशील, लिप्सिएको; **ना.** टाँस्ने, संसक्ति ।

ad hoc (ब्याड् हॅक्) (ल्या.) तदर्थ, एतदर्थ, पटके ।

adieu (अड्यु') (ब. व.—**x.**—**s.** उच्चा. अ'ड्यूज़्') **ना.** बिदा ।

Ad infinitum (ब्याड् इन्फिनाइ'टम्) असीमित, अनन्तसम्मन्, (ल्या.) ।

adjac/ent (अड्जे'सेण्ट्) **वि.** नजीकको, जोरिएको, संलग्न, समीपवर्ती, निकटवर्ती ।

adjective (ब्याड्'जिक्टिभ्) **ना.** विशेषण ।

adjoin (अड्ज्वॉयन्') **क्रि.** जोर्नु, जोरिनु, मिल्नु, संयुक्त हुनु;—**ing** **वि.** आसन्न, पार्श्ववर्ती, जोरिएको ।

adjourn (अजर्न्') **क्रि.** स्थगित गर्नु, मुल्तवी राख्नु, टार्नु, विलम्व गर्नु;—**ment** **ना.** स्थगन ।

adjudic/ate (अजु'डिकेट्) **क्रि.** पुर्पक्ष गर्नु ।

ad junct (ब्याड्'जङ्क्ट्) **वि.** जुटेको, जोरिएको, विशेषण; **ना.** (औषधिको) अनुपान ।

adjust (अड्जस्ट्') **क्रि.** समायोजन गर्नु, ठ्याक खानु, मिलाउनु, (हिसाव), छिमल्नु, फछर्याउनु, फर्स्याउनु;—**able** **वि.** समायोज्य, व्यवस्थाप्य;—**ment** **ना.** व्यवस्था, समायोजन, समाधान, मिलान, फारख ।

adjut/ant (ब्या'जुटण्ट्) **ना.** (सेनामा) कार्य, कार्य प्रवन्ध;—**general** **ना.** कार्यरथी; **asst.—general** सह-संगठन तथा संचालनाधिकृत ।

adminis/ter (अड्मि'निस्टर्) **क्रि.** प्रशासन गर्नु, (औषधि) प्रयोग गर्नु, प्रवन्ध गर्नु;—**tration** **ना.** राज्य व्यवस्था, राज्य प्रणाली, प्रशासन, शासन पद्धति, राज्य प्रबन्ध;—**trative** **वि.** प्रशासकीय, प्रशासनिक;—**trator** **ना.** प्रशासक, योजक ।

admir/e (अड्मायर्') **क्रि.** आदर गर्नु, सम्मान गर्नु, प्रशंसा गर्नु;—**able** **वि.** प्रशंसनीय, उपादेय, श्लाघ्य, आदरणीय;—**ation** **ना.** श्लाघा, श्रद्धा, आदर, सम्मान;—**er** **ना.** प्रेमी, प्रशंसक ।

ad/mit(अड्मिट्) **क्रि.** (–tt–) भर्ना गर्नु, मान्नु, सकार गर्नु, सावित हुनु; कायल हुनु;—**mission** **ना.** मन्जूरी, स्वीकृति,पहुँच, प्रवेश, साविती;—**missible** **वि.** ग्राह्य, स्वीकार्य, मात्र हुने, उपादेय, भर्नायोग्य;—**mittance** **ना.** प्रवेशाज्ञा ।

admix (अड्मिक्स्') **क्रि.** मिलाउनु;—**ture** **ना.** मिसामिस, संमिश्रण, अवमिश्रण ।

admoni/sh (अड्मॅ'निश्) **क्रि.** नसीहत दिनु, दपेटा दिनु, पेटका कीरा मार्नु;—**shment**,—**tion** **ना.** चेताउर्ना, नसीहत ।

ad nauseam (ब्याड् नॉ'सिअ्याम्) **क्रि. वि.** वाक लाग्ने गरी, थकाउने गरी (ल्या.) ।

ado (अडू') **ना.** झमेला, झ्याउलो, हल्ला, गोलमाल, कष्ट ।

adobe (अडो'व्) **ना.** र **वि.** काँचो, घामले पाकेको, ईंट ।

adolesc/ence (ब्याडले'सेन्स्) **ना.** यौवन, युवावस्था, वैंस, गधा:पच्चिसी;—**ent** **ना.** गैलपठ्ठो, युवक, युवा ।

adopt (अडॅप्ट्) **क्रि.** लिनु, गोद लिनु, ग्रहण गर्नु, आश्रय लिनु, स्वीकार गर्नु, धर्मपुत्र गर्नु, दत्तक पुत्र गराउनु;—**ion** **ना.** ग्रहण, दत्तक ग्रहण;—**ive** **वि.** ग्राही ।

ador/e (अडोअ्र्') **क्रि.** पूजा गर्नु, आराधना गर्नु, प्रेमी आदर गर्नु, उपासना गर्नु, अर्चना गर्नु, भक्ति गर्नु;—**able** **वि.** पूजनीय, पूज्य, प्रशस्य;—**ation** **ना.** प्रशंसन, पूजन, चिन्तन, ध्यान ।

adorn (अडॅअ्र्न्') **क्रि.** सिंगार गर्नु, सजाउनु, रिटाउनु, सिंगार्नु, ठाँट्नु, ठाँटिनु;—**ment** **ना.** सिंगार पटार, शृङ्गार, वेशभूषा, सजावट, तलाश, ठाँट ।

adrift (अड्रिफ्ट्') **क्रि. वि.** डाँवाडोल, वगेको (पानीमा), भटकेको; (अलं०) नवुझेको, अस्पष्ट ।

adroit (अड्रॉयट्') **वि.** निपुण, सयानु, दक्ष, चतुर, सिपालु, कार्यकुशल, प्रवीण;—**ness** **ना.** निपुणता, नैपुण्य, दक्षता, चातुर्य ।

adscititious (ब्याड्सिटि'शस्) **वि.** वाहिरवाट लिइएको, वाह्य, पूरक ।

adsorb (अड्सअ्र्व्') **क्रि.** (ठोसको) आकर्पण गर्नु, (वायु, ग्यास वा तरलको अणु), आफ्नो तहमा तान्नु ।

adul/ation (ब्याड्युले'श्न्) **ना.** मिथ्या प्रशंसा, चापलूसी, चाटूक्ति, खुशामद, अनुनय, मोलाहिजा;—**atory** **वि.** श्लाघ्य, प्रशंसनीय, चापलूस, खुशामदी ।

adult (अडल्ट्') **ना.** र **वि.** युवा, वयस्क, उमेर पुगेको, वालिग, लाठे, समर्थ, लक्कड, लक्कड ज्वान ।

adulter/ate (अडल्'टरेट्) **क्रि.** मिसाउनु, दूपित गर्नु;—**ation** **ना.** मिसावट, मिसकट, मिलावट, अपमिश्रण;—**ant** **ना.** अपमिश्रक ।

adulter/y (अडल्'टरि) **ना.** व्यभिचार, करणी, जारी, पारदार्य, परस्त्री, (पुरुप) गमन; **commit—** **क्रि.** पोइल जानु; करणी गर्नु, लिनु;—**er** **ना.** जार, नाठो, यार, गुप्त

aglow (अग्लो') **क्रि. वि.** टल्कने, चम्कने ।

agnate (ऍयाग्'नेट्) **ना.** र **वि.** सगोत्री, सगोत्र ।

agnostic (अग्नॅस्'टिक्) **वि.** निरीश्वरवादी, नास्तिक, अनीश्वरवादी ।

ago (अगो') **वि.** र **क्रि.** अघि, वितेको, पहिले ।

agog (अगोग्') **वि.** र **क्रि. वि.** सरसराएको, तरखराएको, उम्रिवस्ने, सत्तिएको, तम्सिएको, आशायुक्त, आतुर, अघिसर्ने ।

agonic (अगॅ'निक्) **वि.** शून्यदिक्पाती ।

agonis/e (ऍया'गनाइज़्) **क्रि.** दारुण दुःख दिनु, कष्ट भोग्नु; —ing **वि.** अति दुःखदायी, कष्टकर, मार्मिक, मर्माहत, मर्मान्तक, क्लेशकर ।

agony (ऍया'गनि) **ना.** यातना, पीडा, कष्ट, वेदना, औडाहा ।

agrarian (अग्रे'य्रियन्) **वि.** भूमिसम्वन्धी, कृषकीय, भौमिक, आवादी जग्गावारे ।

agree (अग्री') **क्रि.** सकार गर्नु, मंजूर गर्नु, कवूल गर्नु, मान्नु, सहमत हुनु, सम्मत हुनु, समान हुनु, अनुकूल हुनु, खानु (कुरा);—able **वि.** अनुकूल, खुशीलाग्ने, रमाइलो, रुचिकर, मान्य, आनन्दकर;—ment **ना.** स्वीकृति, मंजूरी, मन्जूरनामा, मेल, मिलान, मिलाप, मिलेमतो, मत, सहमति , कवुलियत, सदर, अंगीकार, सन्धि, जाफता, समझौता, मिलापत्र, पट्टा, सम्मति, करारनामा, मुख मिल्नु; deed of agreement सकारनामा, मन्जूरनामा, समझौता ।

agricultur/e (ऍया'ग्रिकल्चर्) **ना.** खेतीवारी, कृषि, खेतीपाती;—al **वि.** कार्षिक, कृषकीय, खेतीपातीको;—ist **ना.** किसान, खेती गर्ने, मोही, खेतीवाल, माटीकोरे, कृषक ।

ague (ए'ग्यु) **ना.** कम्पज्वर, कामज्वरो ।

ah (आ'!) **वि. बो.** अहो, आहा, ऐया !

ahead (अहेड्') **क्रि. वि.** अगाडि, सामुन्ने, सम्मुख ।

aid (एड) **ना.** सहायता, मद्दत, सघाउ; **क्रि.** सघाउनु, मद्दत गर्नु ।

aide (एड्) **ना.** (फ्रे०) पार्श्व (पछि हेर्नू)

aide de camp (एड्'ड कँ) (फ्रे०) **ना.** (ब. व. aides-de-camp (उच्चा०) एड्'ड कँज्) पार्श्ववर्ती, स्वकीय सहायक ।

aide memoire (ऐड्' मेम्वार्) (फ्रे०) **ना.** स्मरणपत्र, याददास्त (पुस्तक, लेख, खा. ग. कूटनैतिक प्रसङ्गमा) ।

ail (एल्) **क्रि.** दुख्नु, पीडा हुनु, विमारी हुनु ।

aim (एम्) **ना.** र **क्रि.** अभीष्ट, उद्देश्य, लक्ष्य, वत, सूर, वूझ, विचार, ताक, मनसाय, निशान, अठोट अन्जाम, लख, जपना, ध्याउन्ना; **क्रि.** ताक्नु, सोझ्याउनु, दाग्नु, ध्याउनु, लक्ष्य गर्नु;—less **वि.** अल्लारे, निरुद्देश्य, लक्ष्यहीन ।

air (एअर्) **ना.** र **क्रि.** वायुमण्डल, हावा, वायु, पवन, समीर, वतास, आकाशमार्ग, हावभाव, राग, तान, सुर, **क्रि.** हावामा राख्नु, प्रकाश गर्नु, ठसमस्स हुनु;—arm **ना.** वायुवाहिनी;—base वायु शिविर;—bath वायुउष्मक;—battle आकाशयुद्ध;—borne **वि.** अकास्सिएको;—brake **ना.** वायु थामक,—carrier विमानवाहक;—chamber वायुकोष्ठ; —communication वायु यातायात;—conditioned **वि.** शीतताप नियन्त्रित वायु, वातानुकूलित;—ing ताप नियन्त्रण;—craft **ना.** वायुयान, विमान;—crash वायु दुर्घटना;—crew वायु कर्मी;—cushion वायु तोषक;—defence वायुप्रतिरक्षा;—engine वायुयन्त्र;—graph वायु लेख;—hole अपवरक;—hostess स्वागतिका, वायु परिचारिका;—ing हावाखोरी;—line यात्रीवाहक, यात्रीयान, विमानसेवा;—liner यात्रीयान, यात्रीवाहक, विमान;—mail हवाइडाक;—man हावावाज, वायुचालक;—navigation विमान परिचालन;—operation वायुकार्य, वायुकाज;—plane विमान;—pocket वायु भुमरी;—port विमानघाट, विमानस्थल;—raid हवाइ हमला;——shelter हवाइ आश्रय;—route वायुमार्ग;—ship हवाइजहाज;—strip विमान अवतरण-पथ;—tight वायु रोधक, वायुअभेद्य;—transport वायुपरिवहन; airs **ना.** सेखी, घमण्ड;—ways वायुमार्ग, वायुपथ; airy (ए'यरि) **वि.** हावादार ।

ajar (अजाअर्') **क्रि. वि.** कन्याइँ परेको ।

akin (अकिन्) **क्रि. वि.** साइनो पर्ने, कुटुम्वी ।

alacrity (अल्या'क्रिटि) **ना.** तत्परता, उत्साह, फूर्ति, औत्सुक्य, क्षिप्रता, शीघ्रत्व ।

alarm (अलाअर्म्') **ना.** र **क्रि.** लडाइँको आह्वान, भय, खतराको संकेत, डर, जागरन (घडी); **क्रि.** तर्सनु, तर्साउनु, विच्काउनु;—ist, **ना.** डरछेरुवा भयोत्पादक, त्रास फैलाउने ।

albeit (ऑल्वी'इट्) सं. यद्यपि, परन्तु, तर, तापनि ।

album (ऍयाल्'वम्) **ना.** एलवम, चित्रावली, चित्र-संग्रह; stamp—टिकट संग्रह, टिकटावली ।

album/en (ऍयाल्'न्युमिन्) **ना.** अण्डाको सेतो, फुलको सेतो, अण्डश्वेत, एलब्यूमेन;—inoid **वि.** एलब्यूमीय ।

alchemist (ऍयाल्'केमिस्ट्) **ना.** किमियागर ।

alchemy (ऍयाल्'केमि) **ना.** किमियागिरी, गूढ रासायनिक विद्या ।

alcohol (ऍयाल्' कहॅल्) **ना.** सुरासार, मद्यसार, सन्धिज, आसव;—ic **वि.** जँडयाहा;—ism जँडयाही; non— ic **वि.** अमद ।

alcove (ऍयाल्'कोभ्) **ना.** खोपा ।

alert (अलअर्ट्') **ना., वि.** र **क्रि.** चेतावनी, टाठो, चङ्ख, जागरूक, खग्गड, विउँझो, सजग, सतर्क, चनाखो, सशंकित; **क्रि.** जागा गराउनु, जागरूक गराउनु, चौकन्ना गराउनु;—ness **ना.** सूर ।

algebr/a (ऍयॉल्'जिब्रा) **ना.** वीजगणित;—aic **क्रि.** वीजीय; —ist **ना.** वीजगणितज्ञ ।

alias (ए'लियस्) **ना.** (ब. व.—es). र **क्रि. वि.** उपनाम, वोलाउने नाम, कल्पित नाम, अन्य अवस्थामा, भन्ने, उर्फ, भनाउँदो, तथाकथित, कहलिएको; **क्रि.** उपनाम अन्य नाम दिनु, लिनु ।

alibi (ऍया'लिवाइ) **ना.** र **क्रि. वि.** अन्यत्र; निहुँ; अन्यत्र थिएँ भन्ने दावी, अन्यस्थानवर्तीत्व, अन्यत्रोपस्थिति ।

alien (ए'लियन्) ना. र वि. विदेशी, परदेशी, विरानो, उनाउ, मुगलानिया, मधिशे, अन्यदेशीय, परचक्री ।

aliena/te (ए'लियनेट्) क्रि. नामसारी गर्नु, स्वामित्व फेर्नु, विरानो हुनु, वेमेल हुनु; वेग्लाउनु, स्वत्व हस्तान्तरण, अन्य संक्रामण;—tion ना. वेमेल, वेमिल्ती, विभेद, विच्छेद, वैमनस्य, तोड्याम (ङ), नामसारी, दाखिल खारिज ।

alienist (ए'लियनिस्ट्) ना. मानसिक रोग चिकित्सक, मन चिकित्सक ।

alight (अलाइट्') क्रि. र क्रि. वि. वर्लिनु, उत्रिनु, तल आउनु, भूइँमा आउनु; वि. जलेको, वलेको, सल्केको ।

align (अलाइन्') क्रि. लाइनमा राख्नु, सोझो राख्नु;—ed वि. संलग्न;—ment ना. समरेखीकरण, संलग्नता ।

alike (अलाइक्) वि. र क्रि. वि. सदृश, तुल्य, उस्तै, एकै, वरावर, एक समान ।

aliment (ऄ्या'लिमेण्ट्) ना. खाद्य, खाना, सहारा, मानसिक पथ्य, आहार;—ary, वि. पुष्टिकर, ताकत दिने;—ary canal पाचननली, अन्ननली, खाद्यनली, पोपिका ।

alimony (ऄ्या'लिमनि) ना. स्त्रीलाई दिइने माना पाथी (छुट्टिएकी वा पारपाचुके भएकी स्वास्नीलाई निर्वाहको लागि धे ज. ऐनले दिइने भत्ता), भृति, निर्वाह-व्यय ।

aliquot (ऄ्या'लिक्वॅट्) ना. र वि. अशेष (भाजक)

alive (अलाइभ्') क्रि. वि. जीवित, जीउँदो, सजीव, सचेत; come—टठमराउनु, टाठो हुनु ।

alkal/i (ऄ्याल्'कलि) ना. (व. व.—s,—es) क्षार;—ine वि. क्षारीय;—loid ना. क्षारोद, उपक्षार ।

all (ऑल्) वि. सवै, समस्त, सकल, सम्पूर्ण, कुल, तमाम, भएभरको, लगायत, लगाउ, हरतरह, यावत्, हर किसिम, पूरा;—destroying वि. सर्वसंहारी;—in—सर्वेसर्वा, सर्वश्रेष्ठ, सर्वस्व;—knowing सर्वज्ञ;—powerful सर्वशक्तिमान; be—square फच्चिनु, सुल्टिनु, अऋण हुनु ।

allay (अले') क्रि. समाधान गर्नु, शान्त गर्नु, शमन गर्नु, हलुको गर्नु ।

alleg/e (अलेज्') क्रि. अभियोग लगाउनु, आरोप लगाउनु;—ation ना. अभिकथन, आरोप, अभियोग, शङ्काभियोग, इल्जाम, वात, अत्तो, फरेव, फत्तुर;—ed वि. तथाकथित ।

allegiance (अलि'ज्यान्स्) ना. निष्ठा, राजभक्ति, भक्ति, वफादारी ।

allegor/y (ऄ्या'लेगरि) ना. रूपक, दृष्टान्त, नीतिकथा;—ic (–गॉ–) वि. लाक्षणिक ।

allegro (ऄ्याले'ग्रो) (इ०) वि. र क्रि. वि. प्रसन्न, आनन्द, हर्ष, हर्षले ।

allergy (ऄ्या'लअर्जि) ना. (भैप०) उही चीजले फेरि खोप्दा वा उपचार गर्दा हुने परिवर्तित प्रतिक्रिया; कुनै विशेष खाना, पराग, कीराको टोकाइ, इ० क्रियाको शीघ्र हुने प्रतिक्रियात्मक ग्राह्यता ।

allevia/te (अली'भिएट्) क्रि. कम गराउनु, शमन गराउनु;—tion ना. शमन, छुटकारा ।

alley (ऄ्या'ले) ना. (व. व.—s), गल्ली, वीथि, गोरेटो ।

alliance (अला'यन्स्) ना. मित्रता, मेल, सम्वन्ध, नाता, सख्य, मैत्री ।

alligator (ऄ्या'लिगेटर) ना. ग्राह, गोही, गोधा, गोहोरा ।

alliteration (अलिटरे'श्न्) ना. अनुप्रास, (खा. ग. शब्दहरूको प्रथमाक्षरमा) ।

alloca/te (ऄ्या'लकेट्) वाँड्नु, भाग लगाउनु;—tion, ना. वाँडफाँट, दरवन्दी, विभाजन, निर्दिष्टि, पजनी ।

al (l) odi/um (अलो'डियम्) ना. निजी भोग, नैज्य, (जमीनको);—al वि. निजी ।

allopath/y (ऄ्यालॅ'प्याथि) ना. डाक्टरी विद्या;—ic वि. डाक्टरी ।

allot (अलॅट्') क्रि. (–tt–) ठेक्नु, वाँड्नु, निकासा दिनु, पार्नु, छुट्ट्याउनु, तोक्नु, दायर गर्नु;—ment ना. वाँडफाँड, आवंटन, निर्धारण, निर्दिष्टि, खटनी, दरवन्दी, (कसैको) जोत, खेती,—tee नियतभागी; आवंट्य ।

allotrop/e (ऄ्यालॅ'ट्रपि) ना. रूपान्तर;—y ना. भौतिक तत्वको कुनै परिवर्तन नभईकन भौतिक गुणमा विभिन्नता वा रूपान्तर ।

allow (अलाउ') क्रि. दिनु, आज्ञा दिनु, अथवा भन्नु, मान्नु;—ance ना. इजाजत, उपेक्षा, दरवन्दी, भत्ता, अधिदेय, अनुदान, अनुमोदन, खान्गी ।

alloy (अलॅय'वा ऄ्या'लॅय) क्रि. मिश्र धातु; ना. मिसाउनु, मिश्रित गर्नु ।

allu/de (अलुड्' वा अल्युड्') क्रि. संकेत गर्नु, इशारा गर्नु, लक्ष्य गर्नु;—sion ना. संकेत, इशारा, सूचना, इंगित, उद्देश्य, लक्ष्य;—sive वि. इंगीय, सांकेतिक ।

allur/e (अल्योअर्) क्रि. प्रलोभन गर्नु, पल्काउनु, पल्कनु, आकर्षण गर्नु, ललचाउनु, लहसाउनु, लहसिनु;—ing छन्द, मोहक ।

alluvial (ऄ्यालु'(ल्यू)भियल्) वि. पुलिनमय, जलोढ, पूरानीत ।

ally (अलाइ' वा ऄ्या'लाइ) ना. मित्र, साथी, प्राकृतमित्र, पक्ष्य; सहाय ।

almanac—ack (ऑल्'मन्याक्) ना. पात्रो, पञ्चांग ।

almighty (ऑल्माइ'टि) वि. र क्रि. वि. सर्वशक्तिमान, खा. ग. ईश्वर; god—,the A.—(अप.) ठूलो, अति वृहत्; क्रि. वि. अति ।

almond (आ'मण्ड्) ना. वदाम ।

almost (ऑल्'मोस्ट्) क्रि. वि. झण्डै, प्रायः करीव, लगभग, अलिजसो, आधोवुदो, पुगनपुग; अल्पशः, किञ्चित्, थोर वहुत ।

alms (आम्ज़्) ना. (ए. व.) भिक्षा, भीख, सदावर्त, दान ।

aloe (ऄ्या'लो) ना. ठाडो काँडाको फूल र तीतो रस हुने जातको रूख, सहा; (व. व.) सोको रसवाट वन्ने विरेचक ।

aloft (अलॅफ्ट्, अलॉफ्ट्') क्रि. वि. माथि, माथितिरि, मास्तिर, उपर ।

alone (अलोन्') **वि.** एकलैं, एकलो, एकान्त, ठिङ्गो, एकाकी, एक्लस्रुकल ।

along (अलॅङ्') **क्रि. वि.** र **उ.** सँगसँगै; साथ-साथ, बराबर ।

aloof (अलूफ्') **क्रि. वि.** टाढा, एकलै, छुट्टै;—less **ना.** विरक्ति, वैराग्य; stand—**क्रि.** पन्छिनु, पन्सिनु, अलग हुनु ।

aloud (अलाउड्') **क्रि. वि.** सारो, कराएर, तीखो स्वरले ।

alp (ज्यॉल्प्) **ना.** हिमाल;—ine **वि.** हिमाली ।

alphabet (ज्याल्'फबिट् **ना.** वर्णमाला, अक्षर, वाह्रखरी;—cal **वि.** (ज्याल्फाबे'टिकल्) अक्षरीय;—order अकारादि क्रम ।

already (ऑल्रे'डि) **क्रि. वि.** अहिल्यै, अहिले नै, अघिबाट ।

also (ऑल्'सो) **क्रि. वि.** र **सं.** अपितु, समेत, पनि, अरू ।

altar (ऑल्'टर्) **ना.** वेदी, मंडप ।

alter (ऑल्'टर्) **क्रि.** वदल्नु, फेर्नु, फेरफार गर्नु, हेरफेर गर्नु, परिवर्तन गर्नु, फरक पार्नु;—ation **ना.** अदल-वदल, वदली, मरम्मत, हेरफेर, घुमाइ, फेरफार, फेरवदल, परिवर्तन ।

altercation (ज्याल्टर्के'श्न् वा ऑल्टरके'शन्) **ना.** कलह, कचिंगल, भनाभन, होहल्ला, गलवद्दी, कल्याङ्ग मल्याङ्ग ।

alter—ego (ज्याल्'टर्—ए'गो) (ल्या.) **ना.** आर्को आफू, घनिष्ठ मित्र ।

alternat/e (ऑल्टर्ने'ट्) **वि.** र **क्रि.** एकान्तर, एकान्तारिक, पर्याय, एक एक बिराएर, पाली पालीले, एकान्तर क्रमले (हुनु, गर्नु);—ive **ना.** र **वि.** विकल्प, अथवा, सट्टा, साटो, पक्षान्तर, वैकल्पिक, धर, चारा;—or **ना.** प्रत्यावर्तक;—ion **ना.** हेरफेर, विपर्यय, परिवर्तन ।

alternating (ऑल्टर्ने'टिङ्ग्) **वि.** विराउने;—current प्रत्यावर्तक प्रवाह (प्र. प्र.) ।

although (ऑल्दो') **सं.** यद्यपि, यदि, तापनि, हुनता ।

altimeter (ज्याल्टि'मेटर्) **ना.** उचाइमापक ।

altitude (ज्याल्'टिच्यूड्) **ना.** उचाइ, अग्लाइ, अग्लोपन, उच्चत्व, उत्सेध ।

altogether (ऑल्टुगे'दर्) **क्रि. वि.** सर्वथा, पूर्णरूपले ।

altruism (ज्याल्'ट्रुइज्म्) **ना.** परार्थवाद, परोपकार, विना स्वार्थको अर्काको हित ।

alum (ज्या'लम्) **ना.** फटकिरी ।

aluminium (ज्याल्युमि'नियम्) **ना.** एलुमिनियम् धातु ।

alumnus (अलम्'नस्) **ना.** (व. व.—i; स्त्री.—a व. व.—ae) विद्यार्थी ।

alveolus (ज्याल्भी'अलस्) **ना.** वायु प्रकोष्ठ, दाँतको जरा, सानू खाडल, चाकाको कोप ।

always (ऑल्'वेज़—विज़्) **क्रि. वि.** सदा, सर्वदा, सदैव, सधैं, एकतारै, हरहमेशा, सदाकाल, रोजिन्दा, हमेशा, तारन्तार, निरन्तर, हरवखत ।

am (ज्याम्) **क्रि.** छु, हुँ ।

amain (अमेन्') **क्रि. वि.** बलपूर्वक, वेगसहित ।

amalgam (अम्याल्'गम्) **ना.** पारदमिश्रण;—ate **क्रि.** सम्मिश्रण गर्नु, एकत्र गर्नु, जोड्नु;—ation **ना.** सम्मिश्रण ।

amarant (h) (ज्या'मर्याण्ट् (न्थ्)) **ना.** मखमली फूल, glove—पनि ।

amaryllis (ज्यामरि'लिस्) **ना.** ध्वाङ्ग फूल ।

amass (अम्यास्') **क्रि.** एकट्ठा गर्नु, कमाउनु, संग्रह गर्नु;—riches, wealth लखेस्वर लाग्नु ।

amateur (ज्या'मट्यु अर्) **ना.** र **वि.** सिकुवा, सिकारू, कोरकाली, अनाडी, सोखिया, सोखीन, अवैतनिक खेलाडी, अपेशावाला, मखण्डी, पाखे;—ish **वि.** विढंग ।

amative (ज्या'मटिभ्) **वि.** प्रेमशील, कामलोलुप, कामी ।

amatory (ज्या'मटरि) **वि.** प्रेम उत्पन्न गर्ने, प्रेम देखाउने, कामी ।

amaze (अमेज़्') **क्रि.** छक्क पर्नु, रनभुल्ल हुनु, जिल्लिनु, आश्चर्यचकित हुनु;—ment **ना.** तीन छक, उद्रेक, महाश्चर्य, विस्मय;—ing **वि.** विस्मयकारी, अद्भुत, अचम्मको, वाफरेवाफ ।

Amazon (ज्या'मज़न्) **ना.** वीरांगना ।

ambassador (ज्याम्ब्या'सडर्) **ना.** राजदूत, प्रतिनिधि;—ial **वि.** दौतीय, दौत्य सम्बन्धी, दूतसम्बन्धी ।

amber (ज्या'म्बर्) **ना.** र **वि.** तृणमणि, पहेंलो रंगको शिलाभव खोटो; **वि.** हलका पहेंलो रंगको (सडकमा चल्न तयार रहनाको लागि रातो (अड) र हरियो (जाऊ) को वीचमा देखिने वत्ती) ।

ambient (ज्याम्'विएण्ट्) **वि.** व्यापक, परिवेष्टक ।

ambigu/ity (ज्याम्विग्यु'इटि) **ना.** वक्रोक्ति, संशय, सन्देहार्थ, द्व्यर्थ;—ous **वि.** सन्दिग्धार्थ, संशयात्मक, सन्देहात्मक, वीचाहा, अस्पष्ट, सन्दिग्ध, द्व्यर्थक ।

ambi/tion (ज्याम्वि'श्न्) **ना.** महात्वाकांक्षा, अभिलाषा, आकांक्षा, लालसा, मनसुवा;—tious **वि.** सस्पृह, महत्वाकांक्षी, साकांक्ष ।

amble (ज्याम्'ब्ल्) **क्रि.** ढल्कनु ।

ambrosia (ज्याम्ब्रो'ज़िय वा ज्याम्ब्रोज़्यि) **ना.** अमृत, सुधा, कीलाल;—l **वि.** अमृतमय, ईश्वरीय ।

ambulance (ज्याम्'ब्युलन्स्) **ना.** आतुर सवारी, सेना को पछि लाग्ने चल्ती अस्पताल, बिरामी वा घाइते व्यक्तिहरूलाई ओसार्ने सवारी, रुग्णवाहक, रोगीवाहक, परिवार-गाडी;—corps **ना.** आहतोपचारी दल ।

ambulatory (ज्याम्'ब्युलेटरि) **वि.** चल्तीफिर्ती, डुलफिर गर्ने, विचरणशील ।

ambuscade (ज्याम्वस्केड्') **ना.** छापा, ढुकाइ ।

ambush (ज्याम्'बुश्) **ना.** र **क्रि.** छापा, हमला; **क्रि.** ढुक्नु, कुर्नु ।

ameliorat/e (अमी'लिअरेट्) **क्रि.** सुधार्नु, कम गर्नु, उन्नति गर्नु;—ion **ना.** समुन्नति, सुवर्धन ।

amen (एमेन्', आमेन्') **क्रि. वि.** भवतु, एवमस्तु, तथास्तु ।

amenable (अमी'नेब्ल्) **वि.** आज्ञाकारी, वशवर्त्ती, कानूनी जवाफदेही, वचनीय ।

amend (अमेण्ड्') **क्रि.** सच्याउनु, सप्रनु, सुधार्नु, संशोधन गर्नु, दोष शोधन गर्नु, सपार्नु;—atory **वि.** संशोधनात्मक;—ment **ना.** संशोधन, सपार, सुधार, सच्यान;—s **ना.** प्रायश्चित्त, प्रमार्जन, सपार, सुधार, बदला, क्षतिपूरण ।

amende honorable (आमाँड् अॅनॅराब्ल्) **ना.** आम क्षमायाचना र निष्कृति, (फ्रे०) ।

amenity (अमे (मी)'निटि) **ना.** सुविधा, रम्यता ।

amethyst (अ्या'मेथिस्ट्) **ना.** नीलमणि ।

amiable (ए'मिएब्ल्) **वि.** सुशील, प्रियदर्शन, सुजन, स्नेही, मिजासी, सुबान, नम्र ।

amicable (अ्या'मिकेब्ल्) **वि.** मित्रवत्, स्नेहशील, सोहार्द;—relations सल्तनत ।

amid,—st (अमिड्',—स्ट्') **उ.** बीचमा, माझमा ।

amiss (अमिस्') **वि.** र **क्रि. वि.** दोषयुक्त, अनुचित, अयोग्य ।

amity (अ्या'मिटि) **ना.** मैत्री, मित्रभाव, दोस्ती ।

ammeter (अ्याम्'मेटर्) **ना.** एम्पियरमापक, विद्युत प्रवाह-शक्तिमापक ।

ammo (अ्याम्'मो) **ना.** (अप०) खजाना, गोलीगट्ठा ।

ammonal (आम्'मनल्) **ना.** एमोनिया लवण र एलुमिनियमबाट बनेको जोडदार विस्फोटक, एमोनल ।

ammonia (अमो'निय) **ना.** एमोनिया;—c **वि.** र **ना.** एमोनियायी; salt—कडा सेतो एमोनियाको गन्धयुक्त लवण;—ted **वि.** एमोनियासित संयुक्त गरिएको, एमोनियाइएको ।

ammunition (अ्याम्युनि'श्न्) **ना.** खजाना, गट्ठा, गोलीगट्ठा, हातहतियार, अस्त्रशस्त्र, खरखजाना, युद्धोपकरण, युद्ध सामग्री ।

amnesia (अ्याम्नी'सिय) **ना.** स्मृतिभ्रंश, स्मृतिनाश, स्मृतिरोध, स्मृतिविभ्रम, मस्तिष्कविकार ।

amnesty (अ्याम्'नेस्टि) **ना.** आममाफी, सर्वक्षमा ।

amoeba (अमि'ब) **ना.** एककक्षीय जीव, एककोषीय जीव ।

among—st (अमङ्—स्ट') **उ.** बीचमा, माझमा, अभ्यन्तरमा, मद्धे ।

amorous (अ्या'मरस्) **वि.** कामुक, सकाम, कामी, कामातुर; —gestures नखरा, हावभाव ।

amorphous (अमॅअ्र्'फस्) **वि.** अमणिभ, आकारहीन, पिण्डाकार ।

amount (अमाउण्ट्') **ना.** र **क्रि.** परिमाण, धन, रकम, जोड, उपचय; **क्रि.** कुल हुनु, परिमाण हुनु ।

amour (अमुर') **ना.** प्रेम, न्याय-विरुद्ध प्रेम, सल्काइ ।

ampere (अ्या'म्पियर्,—म्पेयर्) **ना.** एम्पियर, विद्युत प्रवाहको एकांकी ।

ampersand (अ्याम्पर्स्याण्ड्') **ना.** "and" को छोटकरी रूप "&" को नाम ।

amphibia (अ्याम्फि'बिय) **ना.** (ब. व.) थल र जल दुवैमा रहने (प्राणी); —n **वि.** त्यस्तो प्राणी, उभयस्थली, स्थलजलचर, उभयचर ।

amphitheatre (अ्या'म्फिथीयेटर्) **ना.** रङ्गभूमि, रङ्गशाला ।

ample (अ्याम्'प्ल्) **वि.** (-er,-est) यथेष्ट, पर्याप्त, प्रचुर, बहुल, प्रशस्त;—ify **क्रि.**, विस्तारसहित वर्णन गर्नु, लम्ब्याउनु, परिवर्धित गर्नु;—itude **ना.** विस्तार, वृद्धि, कप विस्तार, दोलन विस्तार ।

ampoule (अ्या'म्पुल्) **ना.** इन्जेक्शन राख्ने सानो काँचको शीशी, एम्पूल ।

amputate (अ्या'म्प्युटेट्) **क्रि.** छेदन गर्नु, विच्छेदन गर्नु, कर्तन गर्नु, डुँड्याउनु, बिहिकिनु ।

amuck, amok (अमक्'अमॅक्') **वि.** र **क्रि. वि.** सन्केको; to run—मात्तिनु, सन्कनु, मात चढ्नु, उन्मत्त हुनु ।

amulet (अ्या'म्युलेट्) **ना.** बूटी, जन्तर ।

amuse (अम्युज़्') **क्रि.** विनोद गर्नु, रमाउनु, रमाइलो गर्नु, मनोरन्जन गर्नु, मन बहलाउनु;—ment, **ना.** आमोद-प्रमोद, विनोद, मनोरन्जन, खेलवाड, मोजमज्जा, मनरत्योली ।

anabolism (अन्या'बॅलिज्म्) **ना.** सृजनात्मक क्रिया ।

anachronism (अन्या'क्रनिज्म्) **ना.** कालगणनादोष, कालनिर्देश प्रमाद, कालदोष, काल विपर्यय ।

anemi/a (अनी'मिय) **ना.** रक्तअल्पता, रक्तहीनता,—c **ना.** शरीरको श्वेतता, पहेंलो ।

anaesthe/sia (अ्यानीस्थी'सिय) **ना.** संवेदना नाश;—tic **ना.** संवेदनानाशक, चेतनानाशक ।

anagram (अ्या'नग्र्याम्) **ना.** अक्षरको स्थानान्तरद्वारा बनेको नयाँ शब्द; भिन्न, पुनः, लेख ।

analgesia (अ्यान्याल्जी'सिय) **ना.** व्यथाहीनता, पीडाहीनता; —c **वि.** पीडाहर, व्यथानाशक ।

analog/ue (अ्या'नलॅग्) **ना.** सदृश, समानान्तर, शब्द वा वस्तु;—ous, **वि.** सदृश, समानान्तर ।

analog/y (अन्या'लजि) **ना.** सादृश्य, समानता, एकरूपता, समधर्मिता, उपमा;—ic **वि.** सदृश, समान, तुल्य;—ous **वि.** समधर्मी ।

analys/e (अ्या'नलाइज़्) **क्रि.** विश्लेषण गर्नु, सूक्ष्म परीक्षा गर्नु, खण्ड गर्नु;—is (अन्या'लिसिस्) **ना.** विश्लेषण, परीक्षा, खण्ड;—t **ना.** विश्लेषक, विश्लेषणकर्ता ।

analytical (अ्यानलि'टिकल्) **वि.** वैश्लेषिक, विश्लेषणात्मक ।

anarchy (अ्या'नअ्र्कि) **ना.** अराजकता, अशासन, राजविप्लव;—ist **ना.** अराजकता प्रतिपादक, आतंकवादी, अराजक ।

anathema (अन्या'थिम) **ना.** अभिशाप, आक्रोश ।

anatom/y (अन्या'टमि) **ना.** शरीररचना विज्ञान;—ize **क्रि.**, काटकूट गर्नु, विच्छेदन गर्नु;—ist **ना.** विच्छेदक, काटकूट गर्ने ।

ancest/or (श्यान्'सेस्टर्) **ना.** पूर्वज, पुर्खा;—ral **वि.** पैत्र, पैत्रिक, पुखौंली;— ry **ना.** वंशपरम्परा, पुर्ख्यौंली, कुल ।

anchor (श्याङ्'कर्) **ना.** लङ्गर; विश्वास गर्ने ठाउँ ।

anchorite—ret (श्याङ्'कराइट,—रेट्) **ना.** यति, संन्यासी, योगी, तपस्वी, तापस, मुनि, आश्रमी ।

ancient (एन्'शण्ट्) **वि.** प्राचीन, पुरातन, भूत, जीर्ण, पुरानो ।

ancillary (श्यान्सि'लरि वा श्यान्'सिलरि) **वि.** अधीन, वशमा, मातहतको ।

and (अण्ड्, (जोर.) श्याण्ड्') **सं.** र, औ, अरू, तथा, समेत, अनि ।

anecdot/e (श्या'नेक्डोट्) **ना.** कथा, उपाख्यान, आख्यायिका;—al **वि.** कथात्मक ।

anemometer (अनेमॅ'मिटर) **ना.** वायु (वेग) मापक, अगंन वाजामा रहेको वतास देखाउने यन्त्र ।

aneroid (श्या'नरॅ यड्) **ना.** निर्द्रव वायुचापमापक ।

aneurysm—ism (श्या'न्योरिज्म्) **ना.** धमनीको विकृत सूज; अस्वाभाविक सूज ।

anew (अन्यु') **क्रि. वि.** शुरूदेखि, नयाँ, पुनः, फेरि ।

angel (ए'न्जल्) **ना.** देवदूत, स्वर्गदूत; प्रियतमा, प्रेयशी;—ic **वि.** दिव्य, अमानुष ।

anger (श्याङ्'गर्) **ना.** र **क्रि.** क्षोभ, रीस, चिढ्याइ, चिढ, क्रोध, कोप, रोक; **क्रि.** रीस उठाउनु ।

angina (श्यान्'जाइना) **ना.** कंठपाक;—pectoris हृद्रोगमा केही मेहनत गर्दा हुने छातीको ऐंठन, खु० हृद्पीडा ।

angle (श्याङ्'गल्) **ना.** कुना, कोण; **क्रि.** वल्छीले माछा मार्नु; —r **वि.** माछा मार्ने; मछुवा; angular **वि.** कोणीय, कोणविशिष्ट, कुने, कुना परेको ।

angry (श्याङ्'ग्रि) **वि.** रिसाएको, क्रुद्ध, कुपित, जागेको, रोकिएको, आगो भएको, भुतुक भएको ।

anguish (श्याङ्'विग्श्) **ना.** वह, मर्म, विरह, वेदना ।

anhydride (श्यान्हाइ'ड्राइड्) **ना.** निरूदक ।

anhydrous (श्यान्हाइ'ड्रस्) **वि.** अनार्द्र ।

animadversion (श्यानिमड्भअर्'श्न्) **ना.** समालोचना, निन्दा, गुणदोष निरूपण ।

animal (श्या'निमल्) **ना.** र **वि.** जन्तु, जनावर, जीव; पशु; प्राणिज, जान्तव, माल-ताल; वस्तु; **वि.** प्राणिज;—husbandry **ना.** पशुपालन;—ity **ना.** पाशविक प्रवृत्ति ।

animat/e (श्या'निमेट्) **क्रि.** जीवित गराउनु, सचेत गराउनु, अनुप्राणित गर्नु;—ion **ना.** जीवसंचारण, प्रोत्साहन, प्रफुल्लता, उल्लास, फूर्ति, चेतना, उत्साह;—ed **वि.** टाठो, तिक्खर सजीव; फुर्तिलो ।

animosity (श्यानिमॅ'सिटि) **ना.** ईर्ष्या, वैर, द्वेष, घृणा, शत्रुता ।

animus (श्या'निमस्) **ना.** (व. व. छैन) द्वेष, विरोध ।

anion (श्या'नायन्) **ना.** विद्युत् विच्छेदन हुँदा धन द्वारमा उत्पादित हुने विद्युत् ऋणताप; ऋणाणु ।

ankle (श्याङ्'क्ल्) **ना.** गोलीगाँठो, गुल्फ, घुट्, घुटिका; —t **ना.** पाउजेब; नूपुर; घुँगुरा, मञ्जिर, पैरा, नेवर ।

annals (श्या'नल्ज्) **ना.** (ब. व.) इतिहास, वंशावली ।

anneal (अनील्') **क्रि.** मृदु गर्नु, नरमाउनु, नरम गराउनु; —ing **ना.** मृदुकरण ।

annex (अनेक्स्') **क्रि.** जोड्नु, संयुक्त गर्नु, संयोजन गर्नु, (जितेको प्रदेश) गाभ्नु ।

annexe (श्या'नेक्स) **ना.** थप, जोड (खा० ग० भवनमा), परिशिष्ट (लेखको) ।

annexure (श्यानेक्स्यूर') **ना.** तायदाती, नत्थी, सामेली ।

annihilat/e (अनाइ'इलेट्) **क्रि.** ध्वस्त पार्नु, भुस्कुट पार्नु, सफाचट पार्नु साफ गर्नु, उछित्तो पार्नु, इतिश्री पार्नु, ध्वंस गर्नु, विनाश गर्नु;—ion **ना.** प्रलय, विप्रलय, विनाश, उन्मूलन, संहार, विध्वंस, सफाचट ।

anniversary (श्यानिभअर्'सरि) **ना.** वार्षिकी, जयन्ती ।

annotate (श्या'नटेट्) **क्रि.**, व्याख्या गर्नु, टीका गर्नु, टिप्पणी गर्नु ।

announce (अनाउन्स्) **क्रि.** प्रकट गर्नु, प्रकाशित गर्नु, घोषणा गर्नु;—ment **ना.** विज्ञप्ति, विज्ञापन, घोषणा;—er घोषक, उद्घोषक ।

annoy (अनॉय') **क्रि.** कष्ट दिनु, दुःख दिनु, झिझो गर्नु, झोक उठाउनु;—ance **ना.** झिझो, पीर, टण्टा ।

annual (श्या'न्युअल्) **वि.** सालवसाली, सालिन्दा, साली, सम्वत्सरी, वर्सेनि, वर्ख्यौंली ।

annuity (अन्यु'इटि) **ना.** जीउनी, वर्खासन, भत्ता ।

annul (अनल्') **क्रि.** (-ll-) रद्दी गर्नु, खारिज गर्नु, वातिल गर्नु, धुलाउनु, वदर गर्नु;—ment **ना.** खारेजी, वदर ।

annular (श्या'न्युलर्) **वि.** कुण्डलाकार, वलयाकार ।

anode (श्या'नोड्) **ना.** धन द्वार ।

anodyne (श्या'नडाइन्) **ना.** र **वि.** पीडाहर, वेदनानाशक ।

anoint (अन्वॉयण्ट्') **क्रि.** मालिश गर्नु, लगाउनु, अभिषेक गर्नु ।

anomal/y (अनॅ'मलि) **ना.** अव्यवस्था;—ous **वि.** वेरीत, अमिल्दो ।

anon (अनॅन्') **क्रि. वि.** तुरुन्त, चाँडै, अहिले नै ।

anon (छो०क०), **anonymous** (अनॅन्, अन'निमस्) **वि.** अनाम, नामरहित, गुमनाम ।

another (अन'दर्) **सं. ना.** र **वि.** अर्को, अन्य, दोस्रो ।

answer (आन्' सर्) **ना.** र **क्रि.** जवाव, उत्तर; **क्रि.** जवाफ दिनु, उत्तर दिनु ।

ant (श्याण्ट्) **ना.** कमिला, पिपीलिका;—hill वल्मीक, कूलक, पिपिलिकोत्कर ।

antagoni/sm (श्यान्ट्या'गनिज्म्) **ना.** विरोध, वैर, शत्रुता, दुश्मनी, द्रोह, तोड्याम;—st **वि.** प्रतिकूलता, प्रतिपक्षी, प्रतिद्वन्द्वी, प्रतियोगी, प्रतिस्पर्धी, विरोधी ।

antarctic (श्याण्टाअर्'क्टिक्) **वि.** दक्षिणी, द. ध्रुवको ।

ante (अ्या'ण्टे) उ. पूर्व;—natal जन्मपूर्व;—nuptial विवाहपूर्व;—prandial भोजनपूर्व ।

antecedent (अ्याण्टेसी'डेण्ट्) ना. पूर्वपद ।

antechamber (अ्यान्'टेचेम्बर्) ना. मटान, ड्यौढी, चोटा, उपशाला ।

antedate (अ्यान्'टिडेट्) ना. र क्रि. पूर्वमिति ।

antediluvian (अ्याण्टिडिलु'भियन्) वि. अति पुराण, प्रलय पूर्व ।

antelope (अ्यान्'टिलोप्) ना. हरिण, मृग ।

antemeridian (अ्या'ण्टि मेरि'डिएन्) ना. पूर्व मध्याह्न (पू. म.), (ल्या.) ।

antenna (अ्यान्टे'न) ना. (ब. व.—ae) स्पर्शेन्द्रिय, स्पर्शश्रृङ्ग ।

anterior (अ्याण्टि'यिरअर्) वि. पहिलेको, पूर्वको ।

anteroom (अ्या'ण्टि–रूम्) ना. मटान, चोटा, डबली ।

anthelmintic (अ्यान्थिल्मिन्'टिक्) ना. र वि. जूका खसाल्ने, कृमिहर, कृमिघ्न ।

anthem (अ्यान्'थम्) ना. स्तुतिगीत, प्रार्थना, भजन ।

antholog/y–(अ्यान्थॅ'लजि) ना. साहित्यिक संकलन, भंडार;—ist संकलनकर्त्ता ।

anthrax (अ्यान्'थ्र्याक्स्) ना. द्रोही, अनिष्टकारक, फोडा; प्लीहज्वर (भेडा र गाइवस्तुको), सोबाट सरेर बनेको द्रोही फोडा ।

anti (अ्याण्टि) उ. प्रति—;—aircraft प्रतिवायुयान;—body प्रतिवस्तु;—Christ यीशूरिपु;—climax प्रतिउत्कर्ष;—clockwise वामावर्त;—dote मारण, प्रतिविष, प्रतियोग;—podes प्रतिलोम;—pyretic ज्वरान्तक;—septic रक्षोघ्न;—social समाजविरोधी;—toxin प्रतिअन्तर्विष;—type प्रतिमुखी ।

antibiotic (अ्यान्टिबायॅ'टिक्) वि. र ना. प्रतिजीवी, जीवित देही वा अवयवहरूलाई नष्ट वा हानि गराउने सामर्थ्य भएको; ना. प्रतिजीवी (वस्तु, औषधि) ।

antic (अ्यान्'टिक्) वि. विलक्षण, अद्भुत, अचम्मको; ना. भद्दा मुद्रा (धे. ज. ब. व.); (आ०) मसकरा ।

anticipat/e (अ्याण्टि'सिपेट्) क्रि. अघि जान्नु, अन्दाज गर्नु;—ion ना. पूर्वज्ञान, अन्दाज, पूर्वास्वादन, लख, अटकल;—ory वि. अनुमानित, अगाडिको ।

anticlimax (अ्यान्'टिक्लाइम्याक्स्) ना. प्रत्युत्कर्ष, प्रभाव घटाउने विवरणको थप; प्राथमिक उकालोसँग दाँजिने ओह्रालो ।

antidote (अ्यान्'टिडोट्) ना. प्रतिविष, मारण; (अलं०) खराब कुराको मारण वा प्रतिक्रिया गर्ने वस्तु ।

antigen (अ्यान्'टिजिन्) ना. प्रतिवस्तुको उत्पादनलाई बढावा दिनालाई रक्त प्रवाहमा प्रवेश गराइने वस्तु, प्रतिजनक ।

antimony (अ्यान्'टिमनि) ना. स्रोतोंजन, यामुन, सौवीर ।

antipathy (अ्याण्टि 'प्याथि) ना. घृणा, द्वन्द्वभाव, वैर, द्वेष ।

antiquar/y (अ्या'न्टिक्वेरि) ना. प्राक्कालीन विषय पंडित;—ian वि. प्राक्कालीन, प्राक्तन, पौराणिक ।

antiquity (अ्याण्टि'क्विटि) ना. पूर्वकाल, प्राक्काल, प्राचीन रीतिथिति ।

antithesis (अ्याण्टि'थेसिस्) ना. (ब. व.—theses) अर्थ वैपरीत्य, विरुद्ध अलंकार ।

antler (अ्याण्ट्'लर्) ना. सींग ।

anus (ए'नस्) ना. गुदद्वार, उपस्थ, गुद, हगनप्वाल, (अश्ली०) चाक, कण्डो, गाँड ।

anvil (अ्यान्'भिल्) ना. अचानो ।

anxi/ety (अ्याङ्ज़ाय'टि) ना. चिन्ता, पीर, ताप, फिक्री, व्यग्रता, आकुलता, सुर्ता, उद्विग्नता, सन्ताप, दर्द;—ous वि. विह्वल, दुर्मन, चिंताग्रस्त, व्याकुल, चिंतित, व्यग्र ।

any (ए'नि) सं. र वि. कुनै, कौनै, कोही, जुनसुकै;—how जसरी पनि, येनकेन, जथाभावी, जिनतिन, ध्यान्द्राङ धुन्द्रुङ;—one जोसुकै, जो कोही, जुन;—thing जेसुकै; scarcely—thing भुटोभाङ;—way खैर ।

aorta (एओअ्र्'टा) ना. महाधमनी ।

apace (अपेस्') क्रि. वि. चाँडो, छिटो छिटो ।

apart (अपाअ्र्ट्') क्रि. वि. पृथक्, अलग, छुट्टा; set—पन्छाउनु, अलग राख्नु ।

apartment (अपाअ्र्ट्'मेण्ट्) ना. कोठा, कमरा, कक्षा; inner—s अंतःपुर ।

apath/y (अ्या'पथि) ना. उदासीनता, औदासीन्य, विरक्ति;—etic वि. निरुत्साह, उदासीन, विरक्त ।

ape (एप्) ना. वानर, कपि;—like हनुमन्ते; apish वि. नकल गर्ने ।

aperient (अपे'यिरएण्ट् वा अपे'रिएण्ट्) ना. र वि. मृदुविरेचक ।

aperture (अ्या'पस्च्यूर् ,—चर्) ना. छिद्र, प्वाल, सुराख, छेद ।

apex (ए'पेक्स्) ना. (ब. व.—ices, exes) टुप्पो, शीर्ष, चुली ।

aphe/sis (अ्या'फेसिस्) ना. शब्दको शुरूमा रहेको विना झोक्काको स्वरको क्रमिक ह्रास;—tic वि. स्वरह्रासित ।

aphoris/m (अ्या'फरिज्म्) ना. वचन, उखान;—tic वि. सूत्र जस्तो ।

aphrodisiac (अ्याफ्रडि'ज़िअ्याक्) ना. र वि. कामवर्धन, कामोद्दीपक ।

api/ary (ए'पिअरि) ना. मौरी पाल्ने भाँडो, गोला;—culture मधुपालन, मौरीपालन ।

apiece (अपीस्') क्रि. वि. एकेक गरी, बेग्ला बेग्लै ।

apologia (अ्यापलो'जिअ) ना. लेखकको आचरण वा मतको लिखित समर्थन, तरफदारी ।

apolg/y (अपॅ'लजि) ना. क्षमायाचना, स्वदोष स्वीकार;—etic वि. व्यपदेश ।

apophthegm (अ्या'पफ्थेम्) ना. सूत्र, वचन, नीति वचन ।

apoplexy (अ्या'प्लेक्सि) ना. मूर्छा, पक्षवात ।

apostate (अपॅस्'टेट्) **ना.** र **वि.** स्वधर्मत्यागी स्वपक्षत्यागी, झुट्टा, विधर्मी, स्वधर्मत्याग, धर्म परिवर्तन ।

a posteriori (ए पॅस्टेरि'अ्राइ) **क्रि. वि.** हेतुतः ।

apos/tle ना. (अपॅ'सल्) **ना.** (ए. ब.) ईश्वरदूत खा. ग. क्राइस्टले धर्म प्रचार गर्न खटाएका बाह्जना दूतहरू;—tolic **वि.** ईश्वरदूतीय ।

apostrophe (अपॅस्'ट्रफि) **ना.** सम्बोधन, अक्षर छुटेको चिह्न ।

apothecary (अपॅ'थिकरि) **ना.** ओखती पसले, पंसारी ।

apotheosis (अपॅथिओ'सिस्) **ना.** (ब. ब.—oses) देवत्व प्रदान, देवत्वप्राप्ति, सुरभूयं ।

appal (अपॉल्) **क्रि.** (–ll–) तर्साउनु, डराउनु, व्याकुल गर्नु;—ling **वि.** उद्विग्नतापूर्ण, तर्साउने ।

apparat/us (अ्यापरे'टस्) **ना.** (ब. ब.—u ses) यंत्र, उपकरण ।

apparel (अप्या'रल्) **क्रि.** (–ll–) लुगाफाटो, पोशाक, परिधान ।

apparent (अपे'यरन्ट्,—प्या'रन्ट्) **वि.** स्पष्ट, व्यक्त, प्रत्यक्ष, देखिने, देखौवा, कृत्रिम, बनावटी;—ly **क्रि. वि.** देख्ताखेरि, मानो; heir— उत्तराधिकारी, युवराज, युवराजाधिराज ।

apparition (अ्यापरि'श्न्) **ना.** प्रेत, भूत, छाया, आभास, पिशाच ।

appeal (अपील्') **ना.** र **क्रि.** कराउनु, पुनर्विचार, प्रार्थना, दुहाइ; आह्वान गर्नु; अपील गर्नु, पुनर्प्रतिवेदन गर्नु; —ing **वि.** घतलाग्दो;—appellant **ना.** अपील गर्ने, पुनर्प्रतिवेदक, पुनरावेदक;—appellate **वि.** अपीलीय, अपील सुन्ने ।

appear (अपियर्') **क्रि.** देखिनु, देखा पर्नु, उपस्थित हुनु, प्रादुर्भाव हुनु, आविर्भाव हुनु;—ance **ना.** छाँट, ढाँचा, छाँटकाँट;—appearance in court तारीख ।

appease (अपीज़्') **क्रि.** फुल्याउनु, शान्त गर्नु, साम्य गर्नु, मन्सनु, मन्छनु;—ment **ना.** तुष्टि, लोलोपोतो, प्रसादन, अनुनय ।

appellation (अ्यापले'श्न्) **ना.** नाम, पदवी, विशिष्ट नाम ।

append (अपेण्ड्') **क्रि.** जोड्नु, झुण्ड्याउनु, लगाउनु;—age **ना.** जोडेको, उपकरण, गाँस, थप, जोरन, उपजन ।

appendi/x (अपेन्'डिक्स्) **ना.** (ब. ब.—ices—ixes) आन्त्रपुच्छ, लतकम्पू, परिशिष्ट, सूची;—citis **ना.** आन्त्रपुच्छको सूज ।

appertain (अ्यापर्टेन्') **क्रि.** सम्बन्ध हुनु, अन्तर्गत हुनु ।

appetite (अ्या'पेटाइट्) **ना.** भोक, अभिलाषा, इच्छा, रुचि, क्षुधा ।

appetize (अ्या'पेटाइज़्) **क्रि.** भोक लगाउनु;—r **ना.** भोक लगाउने, क्षुधाकर ।

applau/d (अ्याप्लॉड्') **क्रि.** ताली बजाउनु, प्रशंसा गर्नु; —se **ना.** प्रशंसा, श्लाघा, स्तुति, करतलध्वनि ।

apple (अ्या'प्ल्) **ना.** स्याउ;—of discord झगडाको ब्यू;—of the eye जिउचिण्डी, प्यारो वस्तु, upset—cart मुराद बिगारिदिनु;—pie bed खुट्टा फिजार्न नहुने गरी तन्ना कसेको;—sauce (अप०) फजूल, विनामतलबको तारीफ ।

appliance (अप्ला'यन्स्) **ना.** उपकरण, सामग्री, उपाय ।

appl/y (अप्लाइ') **क्रि.** दरखास्त गर्नु, आवेदन गर्नु, लागू हुनु, सप्रयोजन गर्नु, सन्निवेशन गर्नु, प्रयोग गर्नु, हाल्नु, लाउनु, लेप्नु, थोपर्नु, लग्गू हुनु;—icable **वि.** सप्रयोज्य, लागू हुने, अनुकूल, सम्बद्ध;—icant **ना.** प्रार्थी, अर्थी;—ication **ना.** अर्जी, आवेदन, दरखास्त, प्रयुक्ति, प्रयोग, लगाइ, शीलन, लगन, विन्तिपत्र, प्रार्थनापत्र, सप्रयोग, मनोनियोग, चित्तासक्ति; —ied **वि.** प्रयोगात्मक, व्यावहारिक ।

appoint (अप्वायण्ट्') **क्रि.** मुकर्रर गर्नु, तोक्नु, ठेक्नु, नियुक्त गर्नु, निर्धारित गर्नु, खटाउनु;—ment **ना.** नियुक्ति, आज्ञा, नियम, पद, अधिकार ।

apportion (अपोअ्र्'श्न्) **क्रि.** बाँड्नु, विभाजन गर्नु;—ment **ना.** संविभाजन, विनियोजन ।

apposite (अ्या'पज़िट्) **वि.** योग्य, उचित, ठीक, मिल्दो, सुहाउँदो ।

apprais/e (अप्रेज़्') **क्रि.** लेखा जोखा गर्नु, दाम लगाउनु, मूल्य निरूपण गर्नु;—-al **ना.** मूल्यांकन ।

apprecia/te (अप्री'शिएट्) **क्रि.** कदर गर्नु, मान्नु, मोल बढ्नु,;—ble **वि.** अवगम्य, अनुपेक्षणीय;—tion **ना.** अधिमूल्यन, रसास्वादन, गुणग्रहण ।

apprehen/d (अ्याप्रेहेण्ड्') **क्रि.** फेला पर्नु, पकडिनु, बुझ्नु, भास्नु;—sion **ना.** ग्रहण, आसेध, हेक्का, अनुमान, तर्क, भीति, आशंका;—sive **वि.** सशंकित, त्राहि भएको ।

apprentice (अप्रेन्'टिस्) **ना.** सिकारू, शिष्य;—ship **ना.** सेवाकाल, शिष्यत्वकाल ।

apprise (अप्राइज़्') **क्रि.** बताउनु, सूचना दिनु ।

approach (अप्रोच्) **ना.** र **क्रि.** उपस्थिति, प्रवेश; **क्रि.** नजीक आउनु, निकटवर्ती हुनु ।

approbation (अ्याप्रबे'श्न्) **ना.** स्वीकृति, मन्जूरी ।

appropriate (अप्रो'प्रिएट्) **क्रि.** र **वि.** आफ्नो गराउनु, लुकाएर लिनु, हडप्नु, हत्याउनु, उडाउनु, पच पार्नु, भूस पार्नु; **वि.** उपयुक्त, चाहिने, उचित, समुचित;—ion **ना.** विनियोजन; —to जुरेको ।

approv/al (अप्रु'भल्) **ना.** स्वीकृति, सम्मति, मंजूरी, सहमति, अनुमोदन, इजाजत; on—जाकेट;—e, **क्रि.** अनुमोदन गर्नु,मंजूरी दिनु, वचन दिनु;—er **ना.** सरकारी साक्षी, पोलाहा।

approxima/te (अप्रॅ'क्सिमेट्) **वि.** र **क्रि.** अन्दाजी, मोटामोटी, अन्जाम, सन्निकट, प्रायः, समान, लगभग; **क्रि.** नजीकै ल्याउनु, झण्डै बराबर गर्नु;—tely **क्रि. वि.** मोटामोटीसंग;—tion **ना.** सन्निकटीकरण, अन्दाज, अनुमान ।

appurtenance (अपअ्र्'टेन्यान्स्) **ना.** संपत्ति, उपकरण, सामग्री ।

apricot (ए'प्रिकॅट्) **ना.** खुर्पानी ।

apriori (एप्रिओ'अ्राइ) फलतः ।

apron (ए'प्रन्) **ना.** पोल्टा, सेपको, कटिप्रच्छद, नीवि, धूलो ढाक्ने ।

apropos (अ्याप्रपो') **क्रि. वि.** ठाउँमा, अनुरूप, अनुसार, मिल्दो, सम्बन्धमा, वारे ।

apt (अ्याप्ट्) **वि.** उचित, योग्य, तत्पर, युक्त;—itude **ना.** ढंग, कौशल, सीप, पात्रता, रुझाव, अभिरुचि ।

aqualung (अ्या'क्वलङ्) **ना.** डुबुल्की लगाउने चलायमान उपकरण, जसबाट तैराकलाई सास फेर्न चाहिने जति हावा उपलब्ध हुन्छ; पानीफोक्सो; जलक्लोम ।

aquarium (अक्वे'य्रियम्) **ना.** (व. व.—iums, ia) कृत्रिम पोखरी ।

aquatic (अक्व्या'टिक्) **वि.** जलचर;—animal उदकचर, जलजन्तु ।

aqueduct (अ्या'क्वेडक्ट्) **ना.** कुलेसो, परीवाह; नहर, जलमार्ग; ढल ।

aqueous (ए'क्विअस्) **वि.** जलीय, तरल, पानीको ।

aquiline (अ्या'क्विलिन्) **वि.** चीलको, चुच्चे, अंकुशे (खा. ग. नाक) शुकनासिका, सुगाचुच्चे ।

arable (अ्या'रेब्ल्) **वि.** कृषियोग्य ।

arbiter (आअ्र्'बिटर्) **ना.** मध्यस्थ, पञ्च, निर्णायक ।

arbitrary (आअ्र्'बिट्ररि) **वि.** स्वेच्छाचारी, जथाभावी, मनपरी, मनोमानी, अनियत, मनपर्दो, भाँड-भैलो; जगड्वाल ।

arbitrat/e (आअ्र्'बिट्रेट्) **क्रि.** मध्यस्थ गर्नु, पंचायत गर्नु;—ion **ना.** मध्यस्थ;—or **ना.** मध्यस्थता, पंचफैसला ।

arbor (आअ्र्'बर्) **ना.** कुंज, लतागृह ।

arc (आअ्र्क) **ना.** चाप, वृत्त खण्ड ।

arcade (आअ्र्केड') **ना.** आच्छादित पथ, मार्ग, ढाकेको बाटो ।

arch (आअ्र्च्) **ना.** र **वि.** गुम्बज, मुख्य, धूर्त, जिस्क्याउने, प्रधान; **वि.** ठट्टामा गंभीर, सरल जिस्क्याहा; —ly **क्रि. वि.** हिल्लिएर, छिल्लिएर ।

archaeology (आअ्र्किऑ' लजि) **ना.** पुरातत्व शास्त्र ।

archaic (आअ्र्के'इक्) **वि.** प्राचीन, पुरानो, आर्ष ।

archer (आअ्र्'चर्) **ना.** धनुर्धारी, धनुर्धर, तीरन्दाज, धन्वी ।

archetype (आअ्र्'किटाइप्) **ना.** मूलरूप, आदर्श, नमूना ।

archipelago (आअ्र्किपे'लगो) **ना.** (व. व.—s) द्वीप पुञ्ज, द्वीपसमूह ।

architect (आअ्र्'किटेक्ट्) **ना.** स्थापित निर्माता;—ure **ना.** भवन निर्माण कला, विद्या, स्थापत्यकला, वास्तुकर्म ।

architrave (आअ्र'किट्रेभ्) **ना.** झ्यालढोकाको चारैतिरका भागहरू, चौकोस; गुम्बजको बाहिरपट्टिको उठेको घेरा; थामको शिरमा रहने मुख्य सत्तरी ।

archive (आअ्र्'काइभ्) **ना.** (व. व.—s उच्चारण काइभ्ज्) अभिलेख, अभिलेखालय, ग्रन्थरक्षागार ।

arctic (आअ्र्क्'टिक्) उत्तर, उदीचीन ।

ard/ent (आअ्र्'डण्ट्) **वि.** उत्तप्त, उत्साही, उत्सुक, व्यग्र, उत्कट, आतुर, उम्रिवसेको, तम्सेको, सर्सराएको;—our **ना.** कौतूहल, वैंस, उत्साह;—ous **वि.** दुष्कर, कठिन, परिश्रान्त, दुःसाध्य, साध्य, यत्नसाध्य;—arduous undertaking धामा ।

are (आअ्र्) **क्रि.** छन्, हुन्छन्, रहन्छन्, बस्छन् ।

area (ए'र्येअ) **ना.** इलाका, क्षेत्र, काँट, भेक, भेग, प्रान्त, प्रदेश ।

areca (अ्या'रेका) **ना.** सुपारीको बोट;—nut **ना.** सुपारी ।

arena (अरी'ना) **ना.** (व. व.—s) रंगभूमि, अखडा, रंगशाला ।

argent (आअ्र्'जण्ट्) **वि.** चाँदी, रजत, रौप्यी ।

argu/e (आअ्र्'ग्यु) **क्रि.** विवाद गर्नु, छलफल गर्नु, बहस गर्नु, कुरा काट्नु, पैरवी गर्नु;—ment **ना.** तर्क, युक्ति, भनाइ, शास्त्रार्थ, विवाद, बुँदा;—mentative **वि.** विवादास्पद ।

arid (अ्या'रिड्) **वि.** सुकेको, शुष्क, निस्तो, विरसिलो, मरुभूमि ।

aright (अराइट्') **क्रि. वि.** ठीकसँग, उचित काइदाले;—to put one's self—साँचिलो हुनु ।

arise (अराइज़्') **क्रि.** (arose, arisen) उठ्नु, उदाउनु, उत्थान हुनु, अभ्युदय हुनु, प्रादुर्भाव हुनु ।

aristocra/cy (अ्यारिस्टॅ'क्रसि) **ना.** कुलीन समुदाय, विशिष्ट समुदाय, सामन्तीहरू;—t **ना.** सामन्ती, बडार्थी, प्रतिष्ठायुक्त पुरुष ।

arithmetic (अरिथ्'मेटिक्) **ना.** र **वि.** गणित, हिसाब, समानान्तर, समान्तर ।

arm (आअ्र्म्) **ना.** पाखुरा, प्रवाहु, हात, हतियार, शस्त्र, बाहु, भुजा;—in—**ना.** हातेमालो;—pit **ना.** बगल, खुकुनी, खकालो, खार्पा, भुजकोटर, बाहुमूल, काखी;—ed **वि.** हतियारले लेस, सशस्त्र;—ed forces सशस्त्र सेना, सेना, वाहिनी, सशस्त्र बल;—let **ना.** केयूर, अंगद, बाजुबन्द, बाजु,—ed police station जंगी कोतवाली; coat of—s **ना.** निशानाछाप;—fore—प्रवाहु, हात, पाखुरा; open—s अनुराग ।

armada (आअ्र्मे'ड) **ना.** बृहन्नौसेना, युद्धपोतहरूको समूह ।

armament (आअ्र्'ममेन्ट्) **ना.** शक्ति, बल, युद्धोपकरण, हात-हतियार, शस्त्र, अस्त्र-शस्त्र ।

armature (आअ्र्'मेट्यूर्) **ना.** प्रयोजक ।

armistice (आअ्र्'मिस्टिस्) **ना.** युद्धविराम, युद्धावसान ।

armour (आअर'मर्) **ना.** कवच, कञ्चुक, रक्षा, रक्षक, तनुत्राण, बख्तर;—y **ना.** शस्त्रशाला, गठ्ठावर, सीलखाना;—ed **वि.** कंचुकित;—plate, रक्षापाता, रक्षापातो ।

army (आअ्र्'मि) **ना.** सेना, सैन्य, फौज, पल्टन, अनीकिनी, वाहिनी;—group महासेना, महाचमू ।

aroma (अरो'मा) **ना.** (व. व.—as) बास, सुवास, सुगन्ध;—tic **वि.** सुरभित ।

apostate (अपॅस्'टेट्) **ना.** र **वि.** स्वधर्मत्यागी स्वपक्षत्यागी, रुट्टा, विधर्मी, स्वधर्मत्याग, धर्म परिवर्तन ।

a posteriori (ए पॅस्टेरि'अ्राइ) **क्रि. वि.** हेतुतः ।

apos/tle ना. (अपॅ'सल्) **ना.** (ए. ब.) ईश्वरदूत खा. ग. क्राइस्टले धर्म प्रचार गर्न खटाएका बाह्रजना दूतहरू;—tolic **वि.** ईश्वरदूतीय ।

apostrophe (अपॅस्'ट्रफि) **ना.** सम्बोधन, अक्षर छुटेको चिह्न ।

apothecary (अपॅ'थिकरि) **ना.** ओखती पसले, पंसारी ।

apotheosis (अपॅथिओ'सिस्) **ना.** (ब. व.—oses) देवत्व प्रदान, देवत्वप्राप्ति, सुरभूयं ।

appal (अपॉल्) **क्रि.** (–ll–) तर्साउनु, डराउनु, व्याकुल गर्नु;—ling **वि.** उद्विग्नतापूर्ण, तर्साउने ।

apparat/us (अ्यापरे'टस्) **ना.** (ब. व.—u ses) यंत्र, उपकरण ।

apparel (अप्या'रल्) **क्रि.** (–ll–) लुगाफाटो, पोशाक, परिधान ।

apparent (अपे'यरन्ट्,—प्या'रन्ट्) **वि.** स्पष्ट, व्यक्त, प्रत्यक्ष, देखिने, देखौवा, कृत्रिम, बनावटी;—ly **क्रि. वि.** देख्ताखेरि, मानो; heir— उत्तराधिकारी, युवराज, युवराजाधिराज ।

apparition (अ्यापरि'इन्) **ना.** प्रेत, भूत, छाया, आभास, पिशाच ।

appeal (अपील्') **ना.** र **क्रि.** कराउनु, पुनर्विचार, प्रार्थना, दुहाइ; आह्वान गर्नु; अपील गर्नु, पुनर्प्रतिवेदन गर्नु;—ing **वि.** घतलाग्दो;—appellant **ना.** अपील गर्ने, पुनर्प्रतिवेदक, पुनरावेदक;—appellate **वि.** अपीलीय, अपील सुन्ने ।

appear (अपिअर्') **क्रि.** देखिनु, देखा पर्नु, उपस्थित हुनु, प्रादुर्भाव हुनु, आविर्भाव हुनु;—ance **ना.** छाँट, ढाँचा, छाँट-काँट;—appearance in court तारीख ।

appease (अपीज़्') **क्रि.** फुल्याउनु, शान्त गर्नु, साम्य गर्नु, मन्सनु, मन्छनु;—ment **ना.** तुष्टि, लोलोपोतो, प्रसादन, अनुनय ।

appellation (अ्यापले'इन्) **ना.** नाम, पदवी, विशिष्ट नाम ।

append (अपेण्ड्') **क्रि.** जोड्नु, झुण्ड्याउनु, लगाउनु;—age **ना.** जोडेको, उपकरण, गाँस, थप, जोरन, उपजन ।

appendi/x (अपेन्'डिक्स्) **ना.** (ब. व.—ices—ixes) आन्त्रपुच्छ, लतकम्पू, परिशिष्ट, सूची;—citis **ना.** आन्त्रपुच्छको सूज ।

appertain (अ्यापर्टेन्') **क्रि.** सम्बन्ध हुनु, अन्तर्गत हुनु ।

appetite (अ्या'पेटाइट्) **ना.** भोक, अभिलाषा, इच्छा, रुचि, क्षुधा ।

appetize (अ्या'पेटाइज़्) **क्रि.** भोक लगाउनु;—r **ना.** भोक लगाउने, क्षुधाकर ।

applau/d (अ्याप्लॉड्') **क्रि.** ताली बजाउनु, प्रशंसा गर्नु;—se **ना.** प्रशंसा, श्लाघा, स्तुति, करतलध्वनि ।

apple (अ्या'प्ल्) **ना.** स्याउ;—of discord झगडाको ब्यू;—of the eye जिउचिण्डी, प्यारो वस्तु, upset—cart मुराद बिगारिदिनु;—pie bed खुट्टा फिजार्न नहुने गरी तन्ना कसेको;—sauce (अप०) फजूल, विनामतलबको तारीफ ।

appliance (अप्ला'यन्स्) **ना.** उपकरण, सामग्री, उपाय ।

appl/y (अप्लाइ') **क्रि.** दरखास्त गर्नु, आवेदन गर्नु, लागू हुनु, सप्रयोजन गर्नु, सन्निवेशन गर्नु, प्रयोग गर्नु, हाल्नु, लाउनु, लेप्नु, थोपर्नु, लग्गू हुनु;—icable **वि.** सप्रयोज्य, लागू हुने, अनुकूल, सम्बद्ध;—icant **ना.** प्रार्थी, अर्थी;—ication **ना.** अर्जी, आवेदन, दरखास्त, प्रयुक्ति, प्रयोग, लगाइ, शीलन, लगन, विन्तिपत्र, प्रार्थनापत्र, सप्रयोग, मनोनियोग, चित्तासक्ति;—ied **वि.** प्रयोगात्मक, व्यावहारिक ।

appoint (अप्वायण्ट्') **क्रि.** मुकर्रर गर्नु, तोक्नु, ठेक्नु, नियुक्त गर्नु, निर्धारित गर्नु, खटाउनु;—ment **ना.** नियुक्ति, आज्ञा, नियम, पद, अधिकार ।

apportion (अपोअ्र्'श्न्) **क्रि.** बाँड्नु, विभाजन गर्नु;—ment **ना.** संविभाजन, विनियोजन ।

apposite (अ्या'पज़िट्) **वि.** योग्य, उचित, ठीक, मिल्दो, सुहाउँदो ।

apprais/e (अप्रेज़्') **क्रि.** लेखा जोखा गर्नु, दाम लगाउनु, मूल्य निरूपण गर्नु;—al **ना.** मूल्यांकन ।

apprecia/te (अप्री'शिएट्) **क्रि.** कदर गर्नु, मान्नु, मोल बढ्नु,;—ble **वि.** अवगम्य, अनुपेक्षणीय;—tion **ना.** अधिमूल्यन, रसास्वादन, गुणग्रहण ।

apprehen/d (अ्याप्रेहेण्ड्') **क्रि.** फेला पर्नु, पकडिनु, बुझ्नु, भाप्नु;—sion **ना.** ग्रहण, आसेध, ठेक्का, अनुमान, तर्क, भीति, आशंका;—sive **वि.** सशंकित, त्राहि भएको ।

apprentice (अप्रेन्'टिस्) **ना.** सिकारु, शिष्य;—ship **ना.** सेवाकाल, शिष्यत्वकाल ।

apprise (अप्राइज़्') **क्रि.** बताउनु, सूचना दिनु ।

approach (अप्रोच्) **ना.** र **क्रि.** उपस्थिति, प्रवेश; **क्रि.** नजीक आउनु, निकटवर्ती हुनु ।

approbation (अ्याप्रबे'श्न्) **ना.** स्वीकृति, मञ्जूरी ।

appropriate (अप्रो'प्रिएट्) **क्रि.** र **वि.** आफ्नो गराउनु, लुकाएर लिनु, हडप्नु, हत्याउनु, उडाउनु, पच पार्नु, भूस पार्नु; **वि.** उपयुक्त, चाहिने, उचित, समुचित;—ion **ना.** विनियोजन;—to जुरेको ।

approv/al (अप्रु'भल्) **ना.** स्वीकृति, सम्मति, मंजूरी, सहमति, अनुमोदन, इजाजत; on—जाकेट;—e, **क्रि.** अनुमोदन गर्नु,मंजूरी दिनु, वचन दिनु;—er **ना.** सरकारी साक्षी, पोलाहा ।

approxima/te (अप्रॅ'क्सिमेट्) **वि.** र **क्रि.** अन्दाजी, मोटामोटी, अन्जाम, सन्निकट, प्रायः, समान, लगभग; **क्रि.** नजीकै ल्याउनु, झण्डै बराबर गर्नु;—tely **क्रि. वि.** मोटामोटीसंग;—tion **ना.** सन्निकटीकरण, अन्दाज, अनुमान ।

appurtenance (अपअ्र्'टेन्यान्स्) **ना.** संपत्ति, उपकरण, सामग्री ।

apricot (ए'प्रिकॅट्) **ना.** खुर्पानी ।

apriori (एप्रिओ'अ्राइ) फलतः ।

apron (ए'प्रन्) **ना.** पोल्टा, सेपको, कटिप्रच्छद, नीवि, धूलो ढाक्ने ।

apropos (अ्याप्रपो') **क्रि. वि.** ठाउँमा, अनुरूप, अनुसार, मिल्दो, सम्वन्धमा, वारे ।

apt (अ्याप्ट्) **वि.** उचित, योग्य, तत्पर, युक्त;—itude **ना.** ढंग, कौशल, सीप, पात्रता, रुकाव, अभिरुचि ।

aqualung (अ्या'क्वलङ्) **ना.** डुवुल्की लगाउने चलायमान उपकरण, जसवाट तैराकलाई सास फेर्न चाहिने जति हावा उपलब्ध हुन्छ; पानीफोक्सो; जलक्लोम ।

aquarium (अक्वे'रियम्) **ना.** (व. व.—iums, ia) कृत्रिम पोखरी ।

aquatic (अक्व्या'टिक्) **वि.** जलचर;—animal उदकचर, जलजन्तु ।

aqueduct (अ्या'क्वेडक्ट्) **ना.** कुलेसो, परीवाह; नहर, जलमार्ग; ढल ।

aqueous (ए'क्विअस्) **वि.** जलीय, तरल, पानीको ।

aquiline (अ्या'क्विलिन्) **वि.** चीलको, चुच्चे, अंकुशे (खा. ग. नाक) शुकनासिका, सुगाचुच्चे ।

arable (अ्या'रेब्ल्) **वि.** कृषियोग्य ।

arbiter (आअ्र्'विटर्) **ना.** मध्यस्थ, पञ्च, निर्णायक ।

arbitrary (आअ्र्'विट्ररि) **वि.** स्वेच्छाचारी, जथाभावी, मनपरी, मनोमानी, अनियत, मनपर्दो, भाँड-भैलो; जगड्वाल ।

arbitrat/e (आअ्र्'विट्रेट्) **क्रि.** मध्यस्थ गर्नु, पंचायत गर्नु;—ion **ना.** मध्यस्थ;—or **ना.** मध्यस्थता, पंचफैसला ।

arbor (आअ्र्'वर्) **ना.** कुंज, लतागृह ।

arc (आअ्र्क) **ना.** चाप, वृत्त खण्ड ।

arcade (आअ्र्केड') **ना.** आच्छादित पथ, मार्ग, ढाकेको वाटो ।

arch (आअ्र्च्) **ना.** र **वि.** गुम्वज, मुख्य, धूर्त, जिस्क्याउने, प्रधान; **वि.** ठट्टामा गंभीर, सरल जिस्क्याहा; —ly **क्रि. वि.** हिल्लिएर, छिल्लिएर ।

archaeology (आअ्र्किऑ' लजि) **ना.** पुरातत्व शास्त्र ।

archaic (आअ्र्के'इक्) **वि.** प्राचीन, पुरानो, आर्ष ।

archer (आअ्र्'चर्) **ना.** धनुर्धारी, धनुर्धर, तीरन्दाज, धन्वी ।

archetype (आअ्र्'किटाइप्) **ना.** मूलरूप, आदर्श, नमूना ।

archipelago (आअ्र्किपे'लगो) **ना.** (व. व.—s) द्वीप पुञ्ज, द्वीपसमूह ।

architect (आअ्र्'किटेक्ट्) **ना.** स्थापित निर्माता;—ure **ना.** भवन निर्माण कला, विद्या, स्थापत्यकला, वास्तुकर्म ।

architrave (आअ्र'किट्रेभ्) **ना.** झ्यालढोकाको चारैतिरका भागहरू, चौकोस; गुम्वजको वाहिरपट्टिको उठेको घेरा; थामको शिरमा रहने मुख्य सत्तरी ।

archive (आअ्र्'काइभ्) **ना.** (व. व.—s उच्चारण काइम्ज्) अभिलेख, अभिलेखालय, ग्रन्थरक्षागार ।

arctic (आअ्र्क्'टिक्) उत्तर, उदीचीन ।

ard/ent (आअ्र्'डण्ट्) **वि.** उत्तप्त, उत्साही, उत्सुक, व्यग्र, उत्कट, आतुर, उम्रिवसेको, तम्सेको, सर्सराएको;—our **ना.** कौतूहल, वैंस, उत्साह;—ous **वि.** दुष्कर, कठिन, परिश्राट, दुःसाध्य, साध्य, यत्नसाध्य;—arduous undertaking धामा ।

are (आअ्र्) **क्रि.** छन्, हुन्छन्, रहन्छन्, वस्छन् ।

area (ए'रिअ) **ना.** इलाका, क्षेत्र, काँट, मेक, मेग, प्रान्त, प्रदेश ।

areca (अ्या'रेका) **ना.** सुपारीको वोट;—nut **ना.** सुपारी ।

arena (अरी'ना) **ना.** (व. व.—s) रंगभूमि, अखडा, रंगशाला ।

argent (आअ्र्'जण्ट्) **वि.** चाँदी, रजत, रौप्यी ।

argu/e (आअ्र्'ग्यु) **क्रि.** विवाद गर्नु, छलफल गर्नु, वहस गर्नु, कुरा काट्नु, पैरवी गर्नु;—ment **ना.** तर्क, युक्ति, भनाइ, शास्त्रार्थ, विवाद, बुँदा;—mentative **वि.** विवादास्पद ।

arid (अ्या'रिड्) **वि.** सुकेको, शुष्क, निस्तो, विरसिलो, मरुभूमि ।

aright (अराइट्') **क्रि. वि.** ठीकसँग, उचित काइदाले;—to put one's self—साँचिलो हुनु ।

arise (अराइज़्') **क्रि.** (arose, arisen) उठ्नु, उदाउनु, उत्थान हुनु, अभ्युदय हुनु, प्रादुर्भाव हुनु ।

aristocra/cy (अ्यारिस्टॅ'क्रसि) **ना.** कुलीन समुदाय, विशिष्ट समुदाय, सामन्तीहरू;—t **ना.** सामन्ती, वडाज्ञी, प्रतिष्ठायुक्त पुरुष ।

arithmetic (अरिथ्'मेटिक्) **ना.** र **वि.** गणित, हिसाव, समानान्तर, समान्तर ।

arm (आअ्र्म्) **ना.** पाखुरा, प्रवाहु, हात, हतियार, शस्त्र, वाहु, भुजा;—in—**ना.** हातेमालो;—pit **ना.** वगल, खुकुनी, खकालो, खार्पा, भुजकोटर, वाहुमूल, काखी;—ed **वि.** हतियारले लेस, सशस्त्र ;—ed forces सशस्त्र सेना, सेना, वाहिनी, सशस्त्र वल;—let **ना.** केयूर, अंगद, वाजुवन्द, वाजु,—ed police station जंगी कोतवाली; coat of—s **ना.** निशानाछाप;—fore—प्रवाहु, हात, पाखुरा; open—s अनुराग ।

armada (आअ्र्मे'ड) **ना.** वृहन्नौसेना, युद्धपोतहरूको समूह ।

armament (आअ्र्'ममेन्ट्) **ना.** शक्ति, वल, युद्धोपकरण, हात-हतियार, शस्त्र, अस्त्र-शस्त्र ।

armature (आअ्र्'मेट्यूर्) **ना.** प्रयोजक ।

armistice (आअ्र्'मिस्टिस्) **ना.** युद्धविराम, युद्धावसान ।

armour (आअर'मर्) **ना.** कवच, कन्चुक, रक्षा, रक्षक, तनुत्राण, वख्तर;—y **ना.** शस्त्रशाला, गठ्ठाघर, सीलखाना;—ed **वि.** कंचुकित;—plate, रक्षापाता, रक्षापातो ।

army (आअ्र्'मि) **ना.** सेना, सैन्य, फौज, पल्टन, अनीकिनी, वाहिनी;—group महासेना, महाचमू ।

aroma (अरो'मा) **ना.** (व. व.—as) वास, सुवास, सुगन्ध;—tic **वि.** सुरभित ।

around (अराउण्ड्') **क्रि. वि.** चारैतिर, नजीकै, प्रायः, लगभग ।

arouse (अराउज़्') **क्रि.** जगाउनु, उठाउनु, उत्तेजित गराउनु, उक्साउनु ।

arraign (अरेन्') **क्रि.** दोष लगाउनु, अभियोग लगाउनु;—ment **ना.** अभियोग, वात ।

arrange (अरेन्ज्') **क्रि.** मिलाउनु, वन्दोवस्त गर्नु, तह लाउनु, आयोजन गर्नु, जुराउनु, स्याहार्नु, सरियाउनु, समेट्नु, सजाउनु, थान्को लाउनु;—ment **ना.** सलतनत, बरवन्दोवस्त, इन्तजाम, विन्यास, विरचन, रचना, परिपाठी, चाँजोपाँजो, तहबह, ठीकठाक, च्याङ्गच्याङ्ग, व्यवस्था, तयारी, थान्कोमान्को ।

arrant (‍ॲ्या'रण्ट्) **वि.** अति दुष्ट, निकृष्ट ।

array (अरे') **ना.** विन्यास, रचना, साज, सजधज ।

arrear (अरीयर्') **ना.** बक्यौता, बाँकी, अवशिष्ट; (ब. व.) बाँकी ऋण, काम बाँकी; पछिपर्नु, खा. ग. दामचुक्तिमा;—s बाँकी बक्यौता ।

arrest (अरेस्ट्') **ना.** र **क्रि.** गिरफ्तारी, थुना, रोक, रोकथाम, पक्राउ, धर पकड; **क्रि.**, पक्रनु, समात्नु, वन्धन, पक्राउ; writ for—वारण्ट, पक्राउपुर्जा ।

arriv/e (अराइभ्') **क्रि.** पुग्नु, आइपुग्नु, आगमन हुनु;—al, **ना.** आगमन, पहुँच, उपस्थिति ।

arrogan/ce (ॲ्या'रग्यान्स्) **ना.** शेखी, आव, रोब, घमण्डी, अहंकार, हठ, उद्दण्डता, गर्व, तुजुक, तमक, शेखी;—t **वि.** टिमुरिएको, शेखीवाज ।

arrogation (ॲ्या'रगेश्न्) **ना.** अन्याय ग्रहण, करकापले लिनु, जवरदस्ती लिनु ।

arrow (ॲ्या'रो) **ना.** वाण, शर, तीर, काँड, इषु ।

arsenal (आर्' सनल्) **ना.** आयुधागार, शस्त्रगृह, गठ्ठा घर ।

arsenic (आॲर्'सनिक) **ना.** संखिया, फेनाश्मन ।

arson (आॲर्'सन्) **ना.** आगो लगाउनु, गृहदहनापराध, गृहदाह ।

art (आॲर्ट्') **ना.** र **क्रि.** कला, शिल्प, कौशल, कारीगरी, चतुऱ्याइँ; निपुणता; **क्रि.** छस् ;—ful **वि.** लुच्चो, चतुर, धूर्त;—gallery **ना.** जालिनी, वीथिका;—less **वि.** अनिपुण, भद्दा, प्राकृतिक, सरल, साँचो, छलरहित;—ist **ना.** शिल्पी, कलाकार, कारीगर, कालिगड, चित्रकार, आफ्नो पेशालाई ललित कला बनाउने व्यक्ति जस्तै—in words साहित्यकार;—istic कलात्मक, कलानिपुण;—istry **ना.** कारीगरी, कलाप्रवीणता, कलात्मक;—isan **ना.** कारीगरी, शिल्पी, हस्त कला शिल्पी ।

artesian (**well**) (आर्टी'जन्) (वेल) **ना.** नलकूप, नलकूवा ।

artery (आर्'टरि) **ना.** धमनी, रक्तवाहिनी;—ial **वि.** धमन्य, धमनीको —ioles **ना.** साना धमनी ।

arthropod (आर्'थ्रोपॅड्) **ना.** जोर्नी भएको शरीर र अवयव भएको पशुजातको सदस्य, सन्धियुक्त, सन्धिविशिष्ट ।

article (आ'र्टिक्ल) **ना.** वस्तु, चीज, थोक, दफा, धारा, अनुच्छेद, अधिकरण, विषय, सामग्री; वर्णनात्मक विशेषण "the" ।

articulat/e (आर्टि'क्यूलेट्) **वि.** र **क्रि.** स्पष्ट, व्यक्त, जोरिएको, संयुक्त गर्नु, स्पष्ट उच्चारण गर्नु;—ion **ना.** सन्धि, जोनी जोर्ने तरीका; उच्चारण; व्यंजन ।

artifice (आॲर्'टिफिस्) **ना.** उपाय, साधन, तरकीब, छल, जुक्ति, चलाखी, सीप;—r **ना.** कलाकार, शिल्पी, कारीगर, निर्माता, आविष्कारक ।

artificial (आॲर्टिफि'इल्) **वि.** कला उत्पादित, शिल्पनिर्मित, कल्पित, कृत्रिम, रचुवा, बनावटी, देखावटी, असत्य, अवास्तविक, नकली;—flowers कागज कपड़ा इ. को कृत्रिम फूल;—ice कारखानामा बनाएको हिउँ, बरफ;—horizon **ना.** वायुयानको क्षितिजसँगको सम्वन्ध देखाउने यन्त्र;—respiration **ना.** हस्तक्रिया वा यान्त्रिक उपायद्वारा गराइने सासफेराइ, कृत्रिम निःश्वास ।

artillery (आॲर्टि'लरि) **ना.** तोपसमूह,तोपखाना ।

artiste (आॲर्टीस्ट') **ना.** गितारू, नर्तक इ. कलाकार, पेशेवार गायक ।

arty (आॲर्'टि) **वि.** (बो. चा.) धाकसहित, कलात्मक, (व्यक्ति) कलाकारको नकल गर्ने;—and crafty (ठ. सा. साज सामान बारे) कार्म वा सुविस्ताभन्दा भडक बढ़ता भएको ।

arum (ए'रम्) **ना.** एक पत्रे विरुवाको जात ।

—ary (—अरि) **वि.** र **ना.** बनाउने अन्त प्रत्यय ।

as (ॲ्याज़्, अज़्) **सं. वि.** र **क्रि. वि.** सरी, जस्तो, तथा, जब, समान, प्रकारले;—if जस्तो, मानुँ;—soon—बित्तिकै;—well तथा;—follows तपसीलबमोजिम, तल, लेखिएबमोजिम ।

asafoetida (ॲ्यासफी'टिडा) **ना.** हिंग ।

asbestos (ॲ्याज़्बेस्'टॅस) **ना.** एजबेस्टस, अदाह्य वस्तु ।

ascend (असेण्ड्') **क्रि.** उक्लनु, चढ्नु, सर्कनु, माथि जानु;—ancy,–ency **ना.** चकचकी, प्रावल्य, जोर;—ent, ant **वि.** प्रधान, प्रवल, उत्तम, बोलवाला; ascent **ना.** आरोह उकालो, उद्गम, चढ़ाइ ।

ascertain (ॲ्यासर्टेन्') **क्रि.** निधो गर्नु, ठमाउनु, पत्ता लाउनु; निश्चय गर्नु, निरूपण गर्नु, निक्योंल्नु ।

ascetic (असे'टिक्) **ना.** जोगी, साधु, तपस्वी, ऋषि, संन्यासी, वैरागी ।

ascribe (अस्क्राइब्) **क्रि.** निक्षेप गर्नु, आरोप गर्नु ।

asdic (ॲ्याज़्'डिक्) **ना.** पनडुब्बीको सान्निध्य पत्ता लाउने यंत्र;—sonar.

aseptic (असेप्'टिक्) **वि.** नपाक्ने, सफा ।

ash (ॲ्याश्) **ना.** (सा. ब. व.) खरानी;—tray **ना.** खरानीदान, खरानीकिस्ती ।

ashamed (अशे'म्ड्) **वि.** लज्जित, संकुचित, लज्जमान शर्मिन्दा ।

ashen (ॲ्या'शन्) **वि.** धुस्रो, पहेंलो ।

Asian, Asiatic (ए'शन् एशिय'टिक्) **वि.** एशियाली, एशियाइ ।

aside (असाइड्') **क्रि. वि.** अलग्गै, एकापट्टि; (नाटकमा) स्वतः, मनमनै, उपांशु, जनांतिक; to put—**क्रि.** पाखा लाउनु, पञ्छिनु, लाखापाखा लाग्नु, पन्छाउनु ।

asinine (अ्या'सिनाइन्) **वि.** गधाको, मूर्खको ।

ask (आस्क्) **क्रि.** सोध्नु, माग्नु, प्रार्थना गर्नु, याचना गर्नु, —for झिकाउनु, मगाउनु ।

askance (अस्क्यान्स्') **क्रि. वि.** टेढो हेराइ, तिर्छे नजरले ।

askew (अस्क्यु') **क्रि. वि.** बांगो, टेढोमेढो, बांगोटिंगो ।

aslant (अस्लान्ट्') **क्रि. वि.** टेडो, बांगो ।

asleep (अस्लीप्') **क्रि. वि.** निद्रित, निदाएको, सुतेको, सुकला ।

asp (अ्यास्प्) **ना.** सर्प ।

aspect (अ्यास्'पेक्ट्) **ना.** रूख, भाव, रूप, आकार, आकृति, दृष्टिकोण, पक्ष ।

asperity (अ्यास्पे'रिटि) **ना.** तीव्रता, कर्कशता, कटुता, चटकेर ।

asperse (अस्पअ्र्स्) **क्रि.** निन्दा गर्नु, कलंक लगाउनु, आक्षेप गर्नु, बात लाउनु; छर्कनु ।

aspersion (अस्पअ्र्'श्न्) **ना.** फरेब, अत्तो, निन्दा, कलंक ।

asphalt (अ्यास्'फ्याल्ट्) **ना.** एसफाल्ट ।

asphyxia (अ्यास्फि'क्सिय) **ना.** श्वासावरोध, निसास्सिनु ।

aspirant (अस्पाइ'रन्ट् वा अ्या'स्पिरन्ट्) **ना.** उम्मेदवार, आकांक्षी, अभिलाषी, आशामुखी ।

aspir/ate (अ्यास्'पिरेट्) **क्रि.** र **ना.** श्वाससहित बोल्नु; **ना.** 'ह' व्यञ्जनको शब्दसहित बोल्नु; 'ह' को ध्वनि; **वि.** 'ह' सँग मिलेको;—ation श्वास, लिप्सा, इच्छा, ध्याउन्ना;—ator वायुसूचक;—e **क्रि.** इच्छा गर्नु, आकांक्षा गर्नु, स्पृहा गर्नु, उत्साह गर्नु ।

aspirin (अ्यास्'पिरिन्) **ना.** एस्पिरिन; पीडाहर, ज्वरघ्न ।

ass (अ्यास् , आस्) **ना.** गधा, रासभ, मूर्ख ।

assail (असेल्') **क्रि.** आक्रमण गर्नु, जाइलाग्नु, जोरजुलूम गर्नु, झ्याँक्नु;—ant **ना.** हमलावर, जाइलाग्ने, आइलाग्ने, जोरजुलूम गर्ने ।

assassin (अस्या'सिन्) **ना.** खूनी, हत्यारा, घातक, हन्ता, ज्यानमारा ।

assassin/ate (अस्या'सिनेट) **क्रि.** हत्या गर्नु, धोखाले मार्नु;—ation **ना.** हत्या;—ator **ना.** हत्यारा, हन्ता ।

assault (असॉल्ट्') **ना.** र **क्रि.** कूटपीट, हानथान, धावा, आक्रमण, अभिक्रमण; **क्रि.** आइलाग्नु, जाइलाग्नु, मिस्नु, भिड्नु, हमला बोल्नु, हात हाल्नु ।

assay (असे') **ना.** र **क्रि.** जाँच, पारख, विश्लेषण (धातुहरूको)—er **ना.** परीक्षक, पारखी ।

assemblage (असेम्'ब्लेज्) **ना.** जमात, भेला, गण, मण्डली, संघ ।

assembl/e (असेम्'बल्) **क्रि.** जुट्नु, जोर्नु, जोरजार गर्नु, भेला हुनु, एकट्ठा हुनु, शामेल हुनु, समवेत हुनु;—y **ना.** भेला, जमघट, कचहरी, समूह, सामेली, सभा, समुदाय, समाज, मण्डली, महाधिवेशन ।

assent (असेन्ट्) **ना.** र **क्रि.** स्वीकृति, सम्मति, अनुमति; **क्रि.** मान्नु, खानु (कुरा);—ation **ना.** जो हुकूम, हाँ जी हाँ, दास्य सम्मति ।

assert (असअ्र्ट्') **क्रि.** ठोक्नु, भन्नु;—ion **ना.** दृढ निश्चय, वचन, प्रतिज्ञा,—ive **वि.** हुकुमी, चर्को ।

assess (असेस्') **क्रि.** कर निर्धारित गर्नु, निरूपण गर्नु;—ment **ना.** कर निर्धारण, मूल्य निर्धारण;—or **ना.** करग्राही, कर निर्धारक ।

asset (अ्या'सेट्) **ना.** (ब. व.—s) सम्पत्ति, माल, गुण; (ब. व.) धनमाल, जेथा, संपत्ति, चल अचल धन ।

asseverat/e (असे'भरेट्) **क्रि.** ठोकुवा गरी भन्नु, होड लगाउनु, ठोक्नु;—ion दृढोक्ति, ठोकुवा बोली वा बयान ।

assidu/ity (अ्यासिड्यु'इटि) **ना.** व्यवसाय, तन्देही, लगनशीलता, लगनधुन, अध्यवसाय, धामा, उद्यम, तत्परता, उद्योग, परिश्रम;—ous **वि.** एकलग, लग्गू, लगनशील,—ously **क्रि. वि.** दनादन, धमाधम, तन्देहीसाथ ।

assign (असाइन्') **क्रि.** निर्दिष्ट गर्नु, निरूपण गर्नु, सुम्पनु, खटन पटन गर्नु, नियोजन गर्नु, विनियोजन गर्नु, खटिनु, ठेक्नु, तोक्नु;—ation **ना.** अभिसार;—ment **ना.** काम, खटन, कल्पन, समर्पण, ओहदा, नामसारी, लिखत ।

assimilat/e (असि'मिलेट्) **क्रि.** एकीकरण गर्नु, एक पार्नु, पचाउनु;—ion **ना.** पाचन, समीकरण ।

assist (असिस्ट्') **क्रि.** सघाउनु, गुहारी दिनु, सहायता गर्नु, मदद गर्नु;—ance **ना.** सहारा, गुहार, खिदमत;—ant **ना.** तहरीर, सहायक ।

assize (असाइज़्') **ना.** न्यायालय, अदालत, कचहरी ।

associ/ate (असो'शिएट्) **ना.** र **क्रि.** साथी,संगी, सहयोगी, **क्रि.** भिल्नु, साथ दिनु, लहसिनु, संग गर्नु, संलग्न हुनु; **वि.** सहायक, सहयोगी;—ation **ना.** संसर्ग, सम्पर्क, संलग्नता, संघ, संघटन, उत्संग, संकलन (नियम), संस्था, मण्डली, सभा, लसपस, समाज, समागम, संयोग, संग, लगाव ।

assonance (अ्या'सन्यान्स्) **ना.** स्वरको एक समानता ।

assort/ed (असअ्र्टे'ड्) **वि.** वर्णानुसार मिलाएको;—ment **ना.** एकै वा धेरै किसिमका मालको समूह ।

assuage (अस्वेज्') **क्रि.** शान्त गर्नु, समन गर्नु, कम गर्नु ।

assum/e (अस्यूम्') **क्रि.** कल्पना गर्नु, अनुमान गर्नु, धारणा गर्नु, बहाल गर्नु;—ption **ना.** अञ्जाम, अनुमान, ग्रहण, धारण, कल्पना; (गणित) प्रतिज्ञा, प्रमेय ।

assur/e (अश्योर्) **क्रि.** निश्चय गराउनु, प्रतीत गराउनु, बीमा गर्नु, आधार दिलाउनु;—ance **ना.** आश्वासन, ठोकान, निश्चय, विश्वास, ढाढस;—ed **वि.** निश्चित, ढुक;—edly **क्रि. वि.** निश्चयसँग ।

asterisk (अ्यास्'टरिस्क्) **ना.** तारका ।

astern (अस्टर्न्') **क्रि. वि.** पछिल्तिर, पछिबाट ।

asteroid (अ्यास्'टेरॉयड्) **ना.** क्षुद्रग्रह ।

asthma (‌ॲ्या'ज्मा) **ना.** दम, स्वाँ स्वाँ, श्वास रोग, धर्म्की; —tic **वि.** दमाहा ।

astigmati/sm (‌ॲ्यास्टिग्'मटिज्म्) **ना.** असमदृष्टि दोष, वैषम्य, दृष्टिवैषम्य;—c **वि.** वैषम्ययुक्त ।

astir (अस्टअर्') **क्रि. वि.** चलमलाएको ।

astonish (अस्टॅ'निश्) **क्रि.** विस्मित गर्नु, चकित गर्नु, छक्क पार्नु;—ment **ना.** आश्चर्य, अचम्म, ताजुप, to be—ed **क्रि.** गश खानु ।

astound (अस्टाउण्ड्) **क्रि.** विस्मित गर्नु; व्याकुल गर्नु, हडबडाइदिनु ।

astral (‌ॲ्यास्'ट्रल्) **वि.** ताराको, तारासम्बन्धी ।

astray (अस्ट्रे') **क्रि. वि.** रूमल्लिएको, रल्लिएको, भटकेको, बरालिएको, अलमलिएको, बहकिएको, बाटो हराएको ।

astride (अस्ट्राइड्') **क्रि. वि.** खुट्टा फट्याएर ।

astringent (अस्ट्रिन्'जण्ट्) **वि.** विरूक्षण, स्तंभक, टर्रो ।

astrolog/y (अस्ट्रॉ'लजि) **ना.** फलित ज्योतिष;—er **ना.** ज्योतिष, दैवज्ञ, गणक, जैसी ।

astronaut (‌ॲ्यास्ट्रोनॉट्) **ना.** अन्तरिक्षयात्री ।

astronom/y (अस्ट्रॉ'नमि) **ना.** नक्षत्रविद्या, खगोलविद्या, ज्यौतिष शास्त्र;—er **ना.** ज्योतिषी;—ical **वि.** बृहत् ।

astute (अस्ट्यूट्') **वि.** चतुर, छट्टू, चलाक, दक्ष, खपीस ।

asunder (असन्'डर्) **क्रि. वि.** बेग्लै, छुट्टै, छुट्टिएको ।

asylum (असाइ'लम्) **ना.** आश्रय, शरण; lunatic—**ना.** पागलखाना ।

asymmetr/y (असि'मेट्रि) **ना.** असममिति;—ic **वि.** असममित ।

at (‌ॲ्याट् वा अट्) **उ.** मा, माथि, बाट ।

atelie/r (‌ॲ्याटॅ'लिए) **(फ्रे०)** **ना.** तस्वीरको पसल, कार्यालय ।

atheism (ए'थिइज्म्) **ना.** नास्तिकता, निरीश्वरवाद ।

athirst (अथअर्स्ट्') **वि.** प्यासो, तिर्खाएको ।

athlet/e (‌ॲ्याथ्'लीट्) **ना.** खेलाड़ी, पहलमान, कसरतिया; —ic **वि.** बलियो, पुष्ट;—ics **ना.** कसरत, खेल, वैजयिकी ।

athwart (अथ्वअर्ट्') **उ.** वारपार, पार, एक छेउबाट अर्को छेउ, टाँड परेको ।

atlas (‌ॲ्याट्'लस्) **ना.** नक्शा, म्यापको पुस्तक, भूचित्रावली ।

at last (‌ॲ्याट् लास्ट्) **क्रि. वि.** बल्ल; बल्लतल्ल, कर्नाकुथी, सकिनसकी ।

atmospher/e (‌ॲ्याट्'मस्फियर्) **ना.** वायुमंडल, वायु, आकाश, वातावरण, दिगदिगन्तर;—ic **वि.** वायुमण्डलीय;—ics **ना.** वायुमण्डलमा वैद्युतिक विघ्नबाधाले गर्दा बेतारको ग्रहणमा ससाघात वा संघट्ट ।

atoll (अटॅल्' वा ‌ॲ्यॉ'टल्) **ना.** सिर्पाको टापू ।

atom (‌ॲ्या'टम्) **ना.** परमाणु;—ic **वि.** परमाणविक;—izer **ना.** पातलो झिको फ्याक्ने पचका ।

atone (अटोन्') **क्रि.** प्रायश्चित्त गर्नु, शमन गर्नु;—ment **ना.** निष्कृति, प्रमार्जन ।

atroci/ous (अट्रो'शस्) **वि.** घोर, वीभत्स, अति दुष्ट;—ty **ना.** अत्याचार, घोर क्रूरता ।

atrophy (‌ॲ्या'ट्रफि) **ना.** क्षय, बेचलतीले ह्रास ।

attach (अट्याच्') **क्रि.** नत्थी गर्नु, सँगै रहनु, रोक्का गर्नु, जायजात गर्नु;—ment **ना.** अनुरक्ति, अनुराग, आसक्ति, स्नेह, जायजात, रोकावट ।

attache (अट्या'शे) **ना.** सहचारी, पार्श्ववर्ती ।

attache case (अट्या'शे केस्) **ना.** हाते ब्याग, सानो ब्याग ।

attack (अट्याक्') **ना. र क्रि.** हमला, आक्रमण, धावा; **क्रि.** छापा मार्नु, जाइलाग्नु, आइलाग्नु, खनिनु, ग्रास गर्नु, हमला बोल्नु, हान्नु, सेक्नु, हिक्नु;—ed **वि.** आक्रान्त ।

attain (अटेन्') **क्रि.** प्राप्त गर्नु, पाउनु, भेट्टाउनु, भेट्नु (रहर);—ment **ना.** प्राप्ति, विद्या, कला, योग्यता ।

attainder (अटेन्'डर्) **ना.** ज्यान सर्वस्व ।

attempt (अटेम्प्ट्') **क्रि. र ना.** आँट्नु, उद्योग गर्नु, प्रयत्न गर्नु, प्रयास गर्नु; **ना.** किस्मत, चोटि, पटक, झमट, जम्को, प्रयत्न, (का०) आशय;—ed **वि.** (का०) आशय ।

attend (अटेण्ड्') **क्रि.** ध्यान दिनु, टहल गर्नु, नोकरी बजाउनु, साथ दिनु, सेवा गर्नु;—ance **ना.** सामेल, हाजिरी, उपस्थिति, रोहबर, सुश्रूषा, सेवा टहल, सुसुर्को, चाकरी, खिदमत, पाउरखवारी, परिचर्या;—ant **ना.** चाकरीदार, तावेदार, सेवक, चाकर, नोकर, ददा, अनुचर, चालक ।

attenti/on (अटेन्'शन्) **ना.** ध्यान, गौर, हिफाजत, सावधानी, तदारूख; at attention तन्केर (सैनिक);—ve **वि. र क्रि. वि.** नियालेर, गड़ेर, विनीत, सचेत ।

attenuate (अटे'न्युएट्) **क्रि.** क्षीण गर्नु, दुर्बल गर्नु, टाक्सिनु;—d **वि.** कृश, पातलो, सूक्ष्मीकृत ।

attest (अटेस्ट्') **क्रि.** शपथ लिनु, लिखतमा साक्षी बस्नु, साछी बक्नु;—ation **ना.** गवाही, साछी, साक्षीकरण ।

attic (‌ॲ्या'टिक्) **ना.** बुइँगल ।

attire (अटाइर्') **ना. र क्रि.** पोशाक, आवरण, लुगा, छटा; **क्रि.** पहिराउनु, सजाउनु ।

attitud/e (‌ॲ्या'टिट्यूड्) **ना.** भाव, रूख, ढंग, अवस्था;—inize **क्रि.** स्वाँग पार्नु, ढोंग गर्नु, ढाँचा पार्नु ।

attorney (अटअर्'नि) **ना.** वकील, वारिस, सट्टा, प्रतिनिधि; power of—**ना.** वारिसपत्र, वारिसनामा, अख्तियारनामा;—general **ना.** महान्यायाधिवक्ता ।

attract (अट्र्याक्ट्') **क्रि.** आकर्षण गर्नु, तान्नु, खिच्नु, प्रलोभित गर्नु, लहसाउनु; to be—ed लहसिनु;—ion **ना.** डोर, प्रलोभन, लोभ;—ive **वि.** मनतान्ने, मनोहर, आकर्षक ।

attribut/e (‌ॲ्याट्रि'ब्युट्) **ना. र क्रि.**, गुण धर्म, उपाधि; **क्रि.** आरोप गर्नु, सुम्पनु;—ive **वि.** वाच्य, विशेषण;—able to बदौलतले ।

attrition (अट्रि'शन्) **ना.** घर्षण, पेषण, क्षय ।

attune (अट्यूनू') क्रि. लय मिलाउनु, एक तालमा राख्नु ।

auburn (आ'वर्न्) ना. खैरो, पिंगल; पिंगश ।

auction (ऑक्'शन्) ना. लीलाम, घटावट, वढावढ, डाँक ।

audaci/ous (ऑडे'शस्) वि. प्रगल्भ, दुस्साहसी, धृष्ट, निर्भय;—ty, ना. साहस, ढिट्याइँ, धृष्टता ।

audible (ऑ'डिब्ल्) वि., स्फुट, श्रवणक्षम, श्राव्य, सुनिने, कर्णगोचर, टडकालै ।

audience (ऑ'डिएन्स्) ना. दर्शन-भेट, दर्शन, मुलाकात, सुनाइ, सुनवाइ, भेंट, दर्शकवृन्द ।

audiometer (ऑडिऑ'मेटर्) ना. श्रवणशक्तिमापक ।

audio visual (आ'डियो भि'जुअल्) वि. श्रव्य दृश्य ।

audit (ऑ'डिट्) ना. र क्रि. लेखा परीक्षण, लेख जाँच ।

audition (ऑडि'शन्) ना. श्रवण शक्ति, सुन्नु, गायन, परीक्षा, वाक् परीक्षा ।

auditor (ऑ'डिटर्) ना. श्रोता, लेखापरीक्षक;—y वि. श्रवण या कर्णसम्बन्धी ।

auditorium (ऑडिटो'रियम्) ना. श्रोतृवृन्द, श्रोतागण, दर्शकसमूह, सभामण्डप ।

au fait (ओ फे') क्रि. वि. भेउ पाएको, थाहा पाउने, जान्ने, ज्ञाता ।

auger (ऑगर्) ना. वर्मा ।

aught (आॅट्) ना. र क्रि. वि. केही, किंचित् ।

augment (ऑग्'मेण्ट्) क्रि. वृद्धि गर्नु, वढाउनु;—ation (ऑग्मेण्टे'शन्) ना. विवर्धन, विवृद्धि ।

augur (ऑ'गर्) ना. र क्रि. घती, गमी, लक्षणज्ञ, शकुन, दैवज्ञ; क्रि. शकुन विचार गर्नु, भविष्य वोल्नु;—y ना. शकुन, निमित्त ज्ञान ।

august (ऑगस्ट्') ना. र क्रि. अगस्ट, महनीय, महामहिम, प्रतापी, पूजनीय ।

aunt (आण्ट्) ना. काकी, माइज्यू, फुपू ।

aural (ऑ'रल्) वि. श्रावण, श्रौत, कानसम्वन्धी ।

au revoir (ओ रभ्वाअर्) क्रि. वि. (विदा) फेरि भेट नहुन्जेल ।

auricle (ऑ'रिक्ल्) ना. ग्राहककोष्ठ (मुटुको) ।

aurora (ऑरो'अरा) ना. अरुणोदय, झिसमिस ।

aurora—borealis (ऑरो'अरा-वोअिरिए'लिस्) ना. सुमेरु ज्योति;—australis कुमेरुज्योति ।

auscultation (ऑस्कल्टे'शन्) ना. मुटु, फोक्सो इ० को चाल सुन्ने काम, श्रवण ।

auspices (ऑस्'पिसेज्) ना. तत्त्वावधान, मातहत, सम्पर्क, संसर्ग, अधीनता, संवन्ध ।

auspicious (ऑस्पि'शस्) वि. शुभ, असल शकुनको, लच्छिनको, स्वपक्षको, लाभदायक;—moment ना. शुभ मुहूर्त्त, साइत, लगन, जोग ।

auster/e (ऑस्टियर्') वि. उग्र, कठोर, साधारण;—ity ना. तपस, तपस्या, तपश्चर्या ।

austral (ऑस्'ट्रल्) वि. दक्षिणी, दक्षिणको ।

authentic (ऑथेन्'टिक्) वि. साँचो, विश्वसनीय, ठीक, प्रामाणिक;—ation ना. प्रमाणीकरण;—ity ना. प्रामाण्य, सत्यता, सप्रमाणता ।

author (ऑ'थर्) ना. ग्रन्थकार, लेखक, स्रष्टा, प्रवर्तक, जनक;—ship ना. ग्रन्थकारी ।

authority (ऑथॅ'रिटि) ना. कर्तृत्व, प्राभवत्य, प्रमाण, शासन, प्रभुत्व, अधिकार, अख्तियार, सत्ता, अलका, हैकम, रोव, मातहत, तैनाथ, हालीमुहाली, तालुक, खटन, दैया;—ative वि. आधिकारिक;–ize,–ise क्रि. अधिकार प्रदान गर्नु, निकासा गर्नु, अधिकृत गर्नु;—ised वि. आधिकारिक, अख्तियार दिएको, अधिकृत;—zation ना. अधिकारपत्र, अधिकार प्रदान ।

auto— (ऑटो—) उ. स्व—, आत्म— ।

autobiography (ऑटोवायॅ'ग्रफि) ना. आत्मचरित्र, आत्मकथा ।

autocar (ऑ'टोकाअर्) ना. स्वचालित रथ ।

autocracy (ऑटॅ'क्रेसि) ना. तानाशाही, अनियंत्रित राज्य ।

autograph (ऑ'टोग्राफ्) ना. हस्ताक्षर ।

automatic (ऑटोम्या'टिक्) वि. स्वचालित, स्वयंप्रेरित, चेतनारहित;—ally क्रि. वि. स्वतः, स्वयमेव ।

automation (आटोमे'शन्) ना. स्वचालीकरण, स्वचालन ।

automaton (ऑटॅ'मटन्) ना. (व. व.—a,—ons) स्वयंचलद् यंत्र, स्वचालित यंत्र, गति दिने लुकाइएको वा गुप्त शक्तिसहितको यंत्र; विना बुद्धि वा ज्ञान, अथवा इच्छारहित चेष्टा गर्ने जीवित प्राणी ।

automobile (अटोमोवील्') ना. (फ्रे.) मोटर, मोटरकार, मोटर गाड़ी ।

autonom/y (ऑटॅ'नमि) ना. स्वराज्य, स्वयं शासनाधिकार, स्वयं शासन;—ous वि. स्वशासित ।

autopsy (ऑटॅप्'सि) ना. शवपरीक्षा, लाशजाँच ।

autumn (ऑ'टम्) ना. शरद् ऋतु ।

auxiliary ऑक्जि'लियरि) वि. सहायक, सहकारी, मददगार ।

avail (अभेल्') क्रि. काममा लगाउनु, काम लिनु; be of no—केही नलाग्नु;—able वि. उपलब्ध, पाइने, पाइन सक्ने, प्राप्य;—ability ना. पाइनु, लभ्यता ।

avalanche (अ्या'भलाँश्) ना. पैहो, गण्डशैल ।

avaric/e (अ्या'भरिस्) ना. लोभ, लालसा, कृपणत्व, कार्पण्य;—ious वि. लोभी, धनलुब्ध, फिरण्टोकी ।

avenge (अभेन्ज्') क्रि. वदला लिनु, प्रतिशोध गर्नु, दण्ड दिनु ।

avenue (अ्या'भेन्यू) ना. तरूपंक्ति, वृक्षश्रेणी ।

aver (अभअर्') क्रि. (—rr—) भन्नु, जोरसँग भन्नु ।

average (अ्या'भरेज्) ना. र वि. सरदर, सालाखाला, औसत, मध्यमान, साधारण, सामान्य ।

avers/e (अभअर्स्') वि. प्रतिकूल, विपरीत, पराङ्मुख;—ion ना. घृणा, विराग, द्वेष ।

avert (अभअर्ट्') क्रि. टर्नु, टार्नु ।

aviary (ए'भिअरि) ना. पक्षीशाला, चिड़ियाखाना ।

aviation (एभिए'श्न्) ना. उड्डयन, आकाशगमन ।

aviator (एभिए'टर्) ना. आकाशगामी ।

avid (ऋया'भिड्) वि. लालची, उत्सुक;—ity ना. अतिस्पृहा ।

avocation (ऋयाभके'श्न्) ना. पेशा, वृत्ति, उद्यम, व्यापार, काम ।

avoid, (अभॉयड्') क्रि. छल्नु, टार्नु, त्याग्नु;—ance ना. त्याग, वर्जन, परिहार ।

avouch (अभाउच्') क्रि. कबूल गर्नु, भन्नु, जोरसाथ भन्नु ।

avow (अभाउ') क्रि. कायल हुनु, कबूल गर्नु, स्वीकार गर्नु;—al ना. स्वीकृति, कबूल ।

await (अवे़ट्') क्रि. पर्खनु, प्रतीक्षा गर्नु ।

awake (अवे़क्') वि. र क्रि. उठ्नु, ब्युँतिनु, ब्युँझनु, जागा हुनु; वि. सचेत, जागृत ।

awaken (अवे़'क्न्) क्रि. ब्युँझाउनु, ब्युँताउनु, जगाउनु, उठाउनु;—ing ना. जागरण, जागृति ।

award (अवअर्ड्') ना. पुरस्कार, इनाम, बकस ।

aware (अवे़अर्') वि. सचेत, सावधान, टाठो, होश;—ness ना. होश, ज्ञान, खबर, हेक्का; be—चाल पाउनु ।

away (अवे़') क्रि. वि. बो. टाढा, दूर, अनुपस्थित; वि. जा ! भाग् !

awe (ऑ) ना. धक, अदब, संकोच, त्रास;—struck वि. भयत्रस्त, धकाएको;—ful, वि. धुनधान, अग्घोर, घोर, उग्र, उत्पात ।

awhile (अवा़इल्') क्रि. वि. एक छिन, एक छिनलाई ।

awkward (आंक्'व़र्ड्) क्रि. भद्दा, गाह्रो, कठिन, छन्द न बन्द, ढ्याम्रे, ढब्बू, ढोसो, भ्यात्ले, भ्याङ्लाङ्गे ।

awl (ऑल्) ना. आरा, (सार्कीको) सियो ।

awning (ऑ'निङ्) ना. चँदुवा, वितान, वितानक ।

awry (अराइ') वि. अस्तव्यस्त, दोठ्याङ, वुल्व ।

axe,ax (ऋयाक्स्) ना. र क्रि. बंचरो, परशु, फर्सा, कुठार; क्रि. वंच रोले काट्नु, (अलं०) खारिज गर्नु ।

axilla (ऋया'क्सिला) ना. काखी;—ry वि. काखीसम्बन्धी ।

axiom (ऋया'क्सिअम्) ना. स्वयंसिद्ध ।

axi/s (ऋया'क्सिस्) ना. (ब. व. axes) अक्ष;—al वि. अक्षीय ।

axle (ऋया'क्स्ल्) ना. धुरी ।

ay (आइ) वि. बो. र ना. (ब. व.—ayes) हो; ना. सकारात्मक जवाफ, (ब. व.) पक्षमा मत दिनेहरू ।

aye (ए) क्रि. वि. सधैँ, सर्वदा, हो, राजी; ना. राजीपक्ष (ब. व. मा) ।

azimuth (ऋया'ज़िमथ्) ना. दिगंश ।

azure (ऋया' झर्, ऋयाझ्योर) वि. नीलो, आकाशे रंग ।

B

babble (ब्या'ब्ल्) क्रि. र ना. प्रलाप गर्नु, वक्नु, वकवाद;—er ना. फतफते, फतुरो, कुरौटे; लबारपँडे;—ing ना. रङ्ग न ढङ्गको कुरा ।

babe (बेब्) ना. शिशु, बालख ।

baboon (बबुन्') ना. लङ्गूर, बाँदर ।

baby (बे' बि) ना. बालक, शिशु, बच्चा;—hood ना. शैशवावस्था बाल्यावस्था ।

Bacchanal (ब्या'कनल्) ना. र वि.—जँड्याहा, शराबी; bacchante (बक्यान्'टि) ना. पूजारिन, मद्य पिउने ।

baccy (ब्या'कि) ना. tobacco को छो. रू., तमाखु, सुर्ती ।

bachelor (ब्या'चलर्) ना. अविवाहित व्यक्ति, कुमार, क्वाँरो, अदार; स्नातक ।

bacillus (बसि'लस्) ना. (ब. व.—li) रोगजन्तु, कीटाणु, जीवाणु;—ary वि. रोगजन्तुविषयक, कीटाणुबाट ।

back (ब्याक्) ना., वि., क्रि. वि. र क्रि. आङ, पीठ, पिठ्यूँ, पृष्ठ; पश्चाद् भाग, पछिको, पछिल्तिर, उप्रान्त, अनन्तर; पछाडिपट्टि, पहिलेको स्थिति; समर्थन गर्नु, अनुमोदन गर्नु, बाजी थाप्नु (घोडदौडमा), पछि हट्नु वा चलाउनु, हट्नु,—er ना. समर्थक, च्याँखे, बाजीथाप्ने (घोडदौडमा);—ing ना. पूठ, आधार, समर्थन:—of the hand, हर्थुंगो, करपृष्ठ;—door ना. जस्केलो ।

backbite (ब्याक्' बाइट्) क्रि. चुकली, निन्दोचर्चो;—r वि. कुरौटे, घुसघुसे ।

backbone (ब्याक्' बोन्) ना. पृष्ठवंश; मेरुदण्ड, डँडाल्नो ।

back-formation (ब्याक्'-फर्मेशन) ना. पृष्ठ रचना अनुमानित तद्धित शब्दको आधारमा गरिएको शब्द रचना, ज. कि. laze (lazy बाट) enthuse (enthusiasm बाट)

background (ब्याक्'ग्राउण्ड्) ना. पश्चाद्भूमिं, पृष्ठभूमि ।

back lash (ब्याक् ल्याश्') ना. (अप०) राजनैतिक प्रतिक्रिया ।

backslide (ब्याक् स्लाइड्') क्रि. भ्रष्ट हुनु, पतित हुनु ।

backward (ब्याक्'व़र्ड्) क्रि. वि. पछि परेको, पछाडि रहेको;—s पछिल्तिर, उल्टो ।

backyard (ब्याक्' यार्ड्) ना. करेसो ।

bacon (बे'कन्) ना. सुंगूरको मासु ।

bacteri/a (ब्याक्टी'रिया) ना., जीवाणु, कीटाणु, रोगजन्तु;—ology ना. कीटाणुशास्त्र;—ological वि. कीटाणुविषयक ।

bad (ब्याड्) वि. (worse, worst) खराब, नजाती, अगतिलो, खोटो, बेहाल, ननिको;—blood ना. रीस;—luck ना. दिन दशा, दिच्छुक, दुर्भाग्य; go—सड्नु, दूषित हुनु, उल्किनु, बरालिनु, बिग्रनु ।

badge (ब्याज्) ना. बिल्ला, परिचायक चिह्न, लक्षण ।

badger (ब्या'जर्) **ना.** खैरो भुत्ला भएको रात्रिचर सानू भालू किसिमको जन्तु ।

badminton (ब्याड्'मिण्टन्) **ना.** ब्याडमिन्टन ।

baffl/e (ब्या'फल्) **क्रि.** हराउनु, नसक्ने पार्नु, छक्क पार्नु, व्यग्र गराउनु;—**ing** **विं.** अलमल्ल पार्ने ।

bag (ब्याग्) **ना.** र **क्रि.** (—gg—) झोला, ब्याग, थैलो; **क्रि.** शिकार मार्नु, लाभ गर्नु ।

bagpipes (ब्याग्'पाइप्स्) **ना.** थैले वाजा ।

bagatelle (ब्यागटेल्') **ना.** जावो, तुच्छ, सानु कुरा, नाटिकुटी, निधोचर्चो, यसोतसो ।

baggage (ब्या'गेज्) **ना.** भारी, गुण्टा भारी, लाद, झिटी, पोकापन्तरा ।

bail (बे³ल्) **ना.** जमानी, जमानीपत्र, जमानत, धनजमानी; (क्रिकेट) वियो; **क्रि.** जमानीमा छोड्नु;—**personal** हाजिर जमानी ।

bailiff (बे'लिफ्) **ना.** सिपाही ।

bailment (बे'ल्मेन्ट) **ना.** नासो ।

bait (बे³ट्) **ना.** आहारा, बल्सीं, बल्छी; **क्रि.** लोभ्याउनु, बल्छीमा आहारा राख्नु ।

bake (बे³क्) **क्रि.** पकाउनु, ओथाउनु, गुम्साउनु, भर्स्याउनु, खरो पार्नु;—**ry** **ना.** आपाक; **half-baked** **वि.** अधकल्चो ।

balance (ब्या'लन्स्) **ना.** र **क्रि.** तराजु, तुला, संतुलन, बाँकी, मौजदात, बक्यौता, निचोड; **क्रि.** तौलनु, बराबर गर्नु;—**sheet** **ना.** स्थिति विवरण, वासलात;—**ed** **वि.** सन्तुलित;—**wheel** **ना.** सन्तुलन चक्का (घडीको)

balcony (ब्याल्'कनि) **ना.** बलकोनी, बरण्डा ।

bald (बॉल्ड्) **वि.** मुडुलो, खुइलेको, तालुखुइले, चरिनंगन, खुइरो, खल्वाट, मुण्डा, मुडुवा, अकेश, विकेश; **go—** **क्रि.** खुइलिनु, कुइलिनु, खुल्किनु, खोइरिनु, खुत्तिनु;—**ness** **ना.** रोमघ्न ।

balderdash (बॉल्'डर्ड्याश्) **ना.** र **वि.** **बो.** अण्टसण्ट, प्रलाप, वाहियात ! फजूल, हावा !

bale (बे³ल्) **ना.** गठरी, भारी, पसै, विटा, मुट्ठरी, दुःख, बोझा;—**ful** **वि.** अफाप, अशकुन ।

balk, baulk (बाल्क् , बॅल्क्) **ना.** र **क्रि.** बाधा, अडकाउ; **क्रि.** हिस्स पार्नु, निराश पार्नु, नपाउनु, बोक्रिनु, अडकाउनु ।

ball (बॉल्) **ना.** भकुण्डो, बल, गेंद, गोली, नाचको प्रकार; (अश्ली०) गुला, डल्लो, पोका;—**bearings** **ना.** धूराधार, (घर्षण बचाउनालाई साना गेडाहरू धूरामा हाल्ने);—**room** **ना.** नाचघर, नाचको कोठा;—**room dancing** **ना.** सामाजिक नाच ।

ballad (ब्या'लड्) **ना.** सवाइ ।

ballast (ब्या'लस्ट्) **ना.** बोझ ।

ballet (ब्या'ले) **ना.** गीति काव्य, नृत्य काव्य, गीतिं नाटक ।

balloon (बलून्') **ना.** र **क्रि.** ब्याम्पो, गुब्बारा, ब्यालून; **क्रि.** फुल्नु, उक्सिनु ।

ballot (ब्या'लट्) **ना.** गुटिका, मत, गुप्तमत, मतपत्र; **क्रि.** मत दिनु;—**box** **ना.** मतपेटी;—**paper** **ना.** मतपत्र ।

balm (बाम्) **ना.** लेप, तापहर, शान्तिदायक;—**y** **वि.** सुगन्धित, मगमगाकार ।

balsam (बॉल्'सम्) **ना.** विलेपन; तिउरी फूल, सज, राल, खोटो;—**ic** **वि.** स्निग्ध, पीडाहर ।

balustrade (ब्यालस्'ट्रेड्) **ना.** लघुस्तंभ पंक्ति (सिंढीको)।

bamboo (ब्याम्बू') **ना.** (ब. व.—oos) बाँस, वंश;—**sugar** **ना.** वंशलोचन ।

bamboozle (ब्याम्बू'जल्) **क्रि.** ठग्नु, छकाउनु, धोखा दिनु।

ban (ब्यान्) **ना.** र **क्रि.** निषेध, रोक, प्रतिरोध; **क्रि.** रोक्नु, बन्द गर्नु, निषेध गर्नु ।

banal (ब्या (बे)'नल्) **वि.** अति व्यावहारिक, सामान्य, अति परिचित, तुच्छ;—**ity** **ना.** थेको ।

banana (बना'ना) **ना.** केरा, कदली ।

band (ब्याण्ड्) **ना.** र **क्रि.** पट्टी, पेटी, दल, समुदाय; केशबन्धन, रिबन; **क्रि.** टोली बनाउनु, दलबन्दी गर्नु;—**age** **ना.** ब्याण्डेज, पट्टी, बन्धन, प्लोत;—**width** (विद्युत इ०) आवर्तनहरूको क्षेत्र ।

bandit (ब्यान्'डिट्) **ना.** (ब. व. its,-itti) चोर, डाँकू ।

bandy (ब्यान्'डि) **क्रि.** फालाफाल गर्नु, साटफेर गर्नु;—**legged** **वि.** फाट्टिएको खुट्टा भएको, प्रगतजानु, विरलजानुक;—**words** भनाभन गर्नु ।

bane (बे³न्) **ना.** विष, क्षय, क्षयकरण ।

bang (ब्याङ्) **ना.** र **क्रि.** ढ्याम्म, अलख; **क्रि.** बजार्नु, अलख काट्नु ।

bangle (ब्याङ्'गल्) **ना.** चुरा, चुडी, बाँही, कनकन, कङ्कण ।

banish (ब्या'निश्) **क्रि.** डाँडो कटाउनु, निकाल्नु;—**ment** **ना.** निर्वासन, डाँडोकटाइ ।

banister (ब्या'निस्टर्) (खा. ग. ब. व.) **ना.** (सा. ब. व.) कोटाल ।

banjo (ब्यान्'जो) **ना.** (ब. व.—os,-oes) ब्यान्जो ।

bank (ब्याङ्क्) **ना.** र **क्रि.** ब्याङ्क, धनागार, कोष, पटल, पटेर, तेजारथ, आली, धूर, बारी, पारी, पाखा, तट, तीर, उदकान्त, डील, किनारा; **क्रि.** जम्मा गर्नु, आली बनाउनु;—**er** **ना.** महाजन, सेठ, साहू ।

bankrupt (ब्याङ्क्'रप्ट्) **वि.** दिवालिया, टाट उल्टेको, निर्धन ।

banner (ब्या'नर्) **ना.** ध्वजा, झण्डा, पताका, तोरण, झण्डी ।

banquet (ब्याङ्'क्वेट्) **ना.** रात्रिभोज, नैमंत्रणक ।

bantam (ब्यान्'टम्) **ना.** भाले, बडो जोधा हुने सानू जातको कुखुरा;—**weight** (मुक्का०) फिस्टोभार ।

banter (ब्यान्'टर) **क्रि.** उपहास गर्नु, हँस्सी उडाउनु, छिल्लिनु; **ना.** खिसी ।

bap/tize (ब्याप्टाइज्) **क्रि.** चोपल्नु, गाड्नु, चोभल्नु, चुर्लुम्म पार्नु;—**tism** **ना.** नामकरण, न्वारन ।

bar (बार्) **ना.** र **क्रि.** गजवार, तगारो, छेका, बार, आग्लो, छड, लाठा, रोक, लव सुम्लो (चुंबक); साँप्ला; वकील वर्ग, कानूनवेत्ताहरूको संस्था; **क्रि.** अग्लाउनु, छेक्नु, रोक्नु, पस्न नदिनु; time—red **वि.** कालातीत; efficiency—दक्षता रोक ।

barb (बार्ब्) **ना.** डुसो, (प्वाँखको), मसिना डुसा, (वाणको) सानू घुमेको काँढा, काँढा, खील;—ed wire, काँढे तार ।

barbarian (बार्बे'रियन्) **ना.** र **वि.** जंगली, असभ्य, गँवार गाउँले, हूण, क्रूर, अशिष्ट ।

barber (बाअ्र्'बर) **ना.** नाउ, हजाम,नापित, क्षौरकर; (स्त्री०) नैनी, नङ्िनी, नापिती ।

barbery (बाअ्र्'बरि') **ना.** चुत्रो ।

bard (बाअ्र्ड्) **ना.** कवि, भाट ।

bare (बेअर्) **वि.** र **क्रि.** खुला, बुच्चो, रिक्त, निर्भूषण, नाङ्गो, अरक्षित; **क्रि.** प्रकट गर्नु, खोल्नु, थाप्नु;—ly **क्रि. वि.** केवल, मात्र, मात्तै, रुण्डै, मुश्किलले ।

bargain (बाअ्र्'गिन्) **ना.** र **क्रि.** क्रय-विक्रय, सौदा; **क्रि.** मोल गर्नु, नाफा गर्नु, मोल घटाउनु ।

barge (बाअ्र्ज्) **ना.** र **क्रि.** ठूलो ख्याउने डुङ्गा; **क्रि.** बलसँग पस्नु, ननिम्त्याई पस्नु ।

bark (बाअ्र्क्) **ना.** र **क्रि.** बोक्रा, छिलका, वल्कल, भुकाइ, घुकाइ; **क्रि.** उक्काउनु, दर्फ्याउनु, घुक्नु, भुक्नु, च्याँठ्िनु, रुङङ्गिनु, कुलिनु ।

barley (बाअ्र्'लि) **ना.** (ब. व.—s) जौ ।

barmy (बाअ्र्'मि) **ना.** र **वि.** रुकड, सन्काहा; फेन भएको ।

barn (बाअ्र्न्) **ना.** खलो ।

barometer (बरॅ'मेटर्) **ना.** वायुचापमापक ।

baroque (बरो'क्') **वि.** लहडी, विलक्षण (कला) ।

barrack (ब्या'रक्) **ना.** ब्यारेक, सैनिक निवास ।

barrage (ब्या'राज्) **ना.** बाँध; गोलाको लगातार प्रक्षेपद्वारा आक्रमणको अवरोध (सैनिक) ।

barrel (ब्या'रल्) **ना.** पीपा, नली ।

barren (ब्या'रन्) **वि.** (—est) उजाड़, परती, अहल्य, बाँझो, फोकट, थारो, अपूती, वन्ध्या, वहिला;—cow, बैला गाई ।

barricade (ब्यारिकेड्') **ना.** रोक, थाम, छेक, प्राकार, प्राचीर, अवरोध ।

barrier (ब्या'रियर्) **ना.** तगारो, छेका, आड ।

barrister (ब्या'रिस्टर्) ना. वकील, ब्यारिस्टर ।

barrow (ब्या'रो) **ना.** ठेलागाडी ।

barter (बाअ्र्'टर्) **ना.** र **क्रि.** विनिमय, साटफेर, परिक्रय, नैमेय, सट्टा; साट्नु ।

base (बेइस्) **ना. वि.** र **क्रि.** पिंध, तल, आधार, भस्म, (र. शा.) अम्लसँग मिलेर लवण बनाउने मूल वस्तु; **वि.** नीच, हीन, अधम, कृत्रिम; **क्रि.** आधार मान्नु, आधार गर्नु, अड्नु;—of operations (सेना.) रसद, पानी इ० रहने शहर, वा सैनिक क्षेत्र, कारवाईको आधार;—basic **वि.** सास्मिक, आधारभूत, मौलिक;—les **वि.** निराधार, आधारहीन;—ment **ना.** छिंडी ।

bashful (ब्याश्'फुल्) **वि.** लजिलो, विनयी, सलज्ज, नम्र ।

basil (ब्या'जिल्) **ना.** तुलसी ।

basin (बे'सिन्) **ना.** बाटा, आरी, भाँडो, भिउँट, फोसी, कहतारो; तडाग, जलाशय;—wash—प्रक्षालनाधार ।

basis (बे'सिस्) **ना.** (ब. व.—bases) आधार, जग ।

bask (बास्क्) **क्रि.** घाम ताप्नु, पहार लाग्नु ।

basket (बास्'केट्) **ना.** टोकरो, पेटारो, डालो, डाली, सोली, डोको, थुन्चे, थुन्से, खर्पन, कोक्रो, ढक्की, छैंटी, ढेली ।

bass (बेस्) **ना.** र **वि.** धोक्रो, खरज, नीचो, धीमा ।

bass-relief (बेस्-रिलिफ्) **ना.** कम गहिराइको खुदाइ इ० ।

bastard (ब्यास्'टर्ड्) **ना.** ठिमाहा, कुजात, वर्णसङ्कर, रुडकेलो, सी क्लास, पैतृमत्य, मठ्याहा ।

bat (ब्याट्) **ना.** चमेरो, ब्याट (खेलमा);—man **ना.** परिचर, नोकर;—sman **ना.** ब्याट लिने ।

batch (ब्याच्) **ना.** डफ्फा, बथान, टोली ।

bate (बेट्) **क्रि.** घटाउनु, कम गर्नु, कम हुनु, घट्नु;—d **वि.** स्तम्भित ।

bath (बाथ्) **ना.** र **वि.** स्नानागार, नुहाउने कोठा, स्नपन, स्नान; **वि.** उष्मक;—e (बेद) **क्रि.** नुहाउनु ।

bathos (बे'थॅस्) **ना.** नीचता, उतराइ ।

baton (ब्या'टन् वा ब्याटों) **ना.** डण्डिका, यष्टि, दण्ड, छडी, सानो डंडा (खा. ग. सैनिक जवान वा प्रहरीले लिएर हिंड्ने) ।

battalion (बट्या'लियन्) **ना.** गण, सैन्य, सेना ।

batter (ब्या'टर) **क्रि.** र **ना.** धक्का लगाएर फोर्नु, तोड्नु; मुछेको डल्लो, पीठो इ०, लेदो, थिग्रिनी, डढ्यौलो ।

battery (ब्या'टरि) **ना.** पीटपाट, चुटचाट, मारपीट, तोपको समूह, विद्युत्कोषश्रेणी ।

battle (ब्या'ट्ल्) **ना.** र **क्रि.** लडाइँ, युद्ध, कुचुद्दे, संग्राम; **क्रि.** लडाइँ गर्नु, जुध्नु, लड्नु,—array **ना.** व्यूह;—ship **ना.** जंगी जहाज, युद्धपोत; order of—व्यूह ।

bauble (बॉ'ब्ल्) **ना.** खेलौना, तुच्छ वस्तु, अल्प मूल्यको वस्तु ।

baulk (बॅल्क्) **क्रि.** रुक्नु, हिच्कनु, डल्ल्याउनु, ङिच्याउनु, हिस्स्याउनु, बोक्र्याउनु, खिस्रिक पार्नु, खिस्स पार्नु, निराश पार्नु, भुस्स्याउनु ।

bawd (बॉड्) **ना.** कुटनी;—y **ना.** अश्लील; talk—y इतरिनु, उखल्नु, लाजभाँड बोल्नु;—ry **ना.** लाजभाँड, अश्लीलता, फोहर ।

bawdy (बॉ'डि) **वि.** अश्लील, फोहर, गन्दा;—house **ना.** वेश्यागृह, कोठी ।

bawl (बॉल्) **क्रि.** कराउनु, कराएर रुनु ।

bay (बे) **ना. वि.** र **क्रि.** खाड़ी, कुमेद (घोड़ा), घुकाइ, (भित्तामा) पोको (स्याल); **क्रि.** घुक्नु, भुक्नु ।

bayberry (बे'बेरि) **ना.** काफल ।

bayonet (बे'यनिट्) **ना.** किरीच ।

bazar (वजाउर्') **ना.** नाका, मेला, जमघट ।

be (वी, बि) **क्रि.** हुनु, रहनु ।

beach (वीच्) **ना.** किनारा, तट ।

beacon (वी'कन्) **ना.** आकाशदीप, चिह्न, पथप्रदर्शक, मार्गदर्शक प्रकाश ।

bead (वीड्) **ना.** दाना; **क्रि.** दाना उन्नु;—**s ना.** जपमाला ।

beak (वीक्) **ना.** चुच्चो ।

beaker (वी'कर्) **ना.** वीकर, गिलास ।

beam (वीम्) **ना.** र **क्रि.** अंशु, किरणपुंज, तुलादण्ड, सत्तरी, हरिस; **क्रि.** मुस्काउनु, उज्यालो मुख लाउनु, प्रकाश फ्याँक्नु ।

bean (वीन्) **ना.** सिमी;—feast चाकरको भोज;—fed **वि.** पुष्ट, उत्तेजित;—broad—s **ना.** वकुल्ला सिमी; string—s **ना.** तने वोडी ।

bear (वेअ्र्) **ना.** र **क्रि.** भालू, आड,अडेस; **क्रि.** खप्नु, झेल्नु, वेहोर्नु, खेप्नु, धान्नु, सहनु, भुक्तनु, खामस गर्नु, भोग्नु, वहन गर्नु थाम्नु; राख्नु, लाग्नु, वोक्नु, पाउनु (वच्चा);—ing **ना.** ढंग, ढाँचा, व्यवहार, आधार; ball—धूराधार; cross—छडके वहन ।

beard (वियर्ड्) **ना.** र **क्रि.** दाढी, खातापाता, अन्नको वाल; **क्रि.** हिक्नु, ललकार्नु ।

bearer (वे'अरर्) **ना.** वेरा, वोक्ने, भरिया, पत्रवाहक, वहन ।

beast (वीस्ट्) **ना.** पशु, जनावर, जानवर, पाशविक व्यक्ति;—ly **वि.** पाशविक, पशुवत्;—ial **वि.** पाशविक ।

beat (वीट्) **ना.** र **क्रि.** धुकधुकी, वोल, (ढोलको), गश्ती, स्पन्दन, (प्रहरीको) गश्तीको सीमा; आघात, प्रहार, ताडना; **क्रि.** पिट्नु, चडकाउनु, ठोक्नु, ठटाउनु, कुट्नु, चुट्नु, फड्कनु (कपास इ०) गोद्नु, फडकनु, फोड्नु, हिर्काउनु, हान्नु, प्रहार गर्नु, वजाउनु;—down मोल घटाउनु; —into pulp थिलथिलो पार्नु;—the drum झ्याली पिट्नु, ढ्यांग्रो ठटाउनु;—er **ना.** शिकारी, शिकार लखेट्ने, पिटना;—en **ना.** र **वि.** हरुवा, पराजित;—ing **ना.** चुटाइ, कुटाइ, पिटाइ, झ्याम्टो; dead—(थकाइले) लोथ्नु, लखतरान ।

beatif/y (विअ्या'टिफाइ) **क्रि.** परमानन्द दिने;—ic **वि.** मोक्षप्रद;—ude **ना.** परमगति, निर्वाण, मोक्ष ।

beatle, beatnik (वी'ट्ल्,वीट्'निक) **ना.** वीट्ल, वीटनिक, विरोधी युवक ।

beau (वो) **ना.** (व. व.—x) ग़ुण्डो, पठ्ठो, प्रेमी, राम्रो;—ideal आदर्श सौन्दर्य;—monde सभ्य समाज (फ्रे.) ।

beaut/y (ब्यु'टिं) **ना.** सौन्दर्य, लावण्य, रूप, मनोहरता, रमणीयता, सिरी, वहार, लालित्य, सूरत;—eous **वि.** सुन्दर, कान्त, शोभन;—ify **क्रि.** राम्रो वनाउनु, विभूषित गर्नु, अलंकृत गर्नु;—iful **वि.** सुन्दर, रमणीय, राम्रो, शोभन, अनुहार परेको ।

beazel (वी'ज़ल्) **ना.** (अप.) आइमाई, स्त्री, स्वास्नी ।

becalm (बिकाम्') **क्रि.** हावा वन्द हुनु, शान्त हुनु, शमन हुनु ।

because (विकॅज्,—कॉज्) **क्रि. वि.** र **सं०** किनकि, यसकारणले ।

beck (वेक्) **ना.** इशारा, संकेत ।

beckon (वे'कन्) **क्रि.** इशाराले वोलाउनु, कुतकुत्याउनु ।

become (विकम्') **क्रि.** हुनु, वन्नु, सुहाउनु;—ing **वि.** सुहाउने ।

bed (वेड्) **ना.** विछ्यौना, ओछ्यान, खाट, वगर, (नदीको) मध्य, रयपथ, हारा, ब्याड, वेयाड, डयाङ्ग; गुण्टा; (नदीको) वक्षण;—chamber शयनागार;—clothes शय्योपस्करा;—fellow पति या स्त्री;—light रात्रिप्रकाश;—time सुत्ने समय, सुत्ने वेला;—sheet तन्ना शयनास्तरण, उत्तरच्छद;—stead पलङ्ग, खाट;—wetting छुल्क्याउनु ।

bedaub (विडाव्') **क्रि.** रंग गर्नु, पोत्नु ।

bedazzle (विडया'ज्ल्) **क्रि.** तिरमिर हुनु ।

bedding (वे'डिङ्) **ना.** विछ्यौना, ओछ्यान, गुण्टा; शय्योपकरण, शयन सामग्री ।

bedeck (विडेक्') **क्रि.** सजाउनु, सिंगार्नु ।

bedevil (विडे'भिल्) **क्रि.** (—ll—,—l—) हडवडाउनु, पछि लाग्नु, जाइलाग्नु;—ment भूतग्रस्त हुनु ।

bedew (विड्यु') **क्रि.** भिजाउनु, ओसिनु, ओसाउनु, चिसाउनु ।

bedlam (वेड्'लम्) **ना.** गोलमालको ठाउँ, पागलखाना ।

bedridden (वेड्'रिड्न्) **वि.** थला परेको । to be—**क्रि.** थला पर्नु, ओछ्यान पर्नु ।

bedstead (बेड्'स्टेड्) **ना.** खाट, चारपाई, सेज, शयन, पर्यंक ।

bee (वी) **ना.** मौरी, माहुरी, माउरी;—hive **ना.** मौरीको चाका, पोलो;—wax **ना.** मैन;—queen **ना.** रानी ।

beef (वीफ्) **ना.** (व. व.—ves) गाईको मासु;—y **वि.** मोटो, हृष्टपुष्ट ।

beer (विय्र्) **ना.** वियर, पेय, जाँड ।

beestings (वी'स्टिङ्ज्) **ना.** विगौती ।

beet (बीट्) **ना.** चुकन्दर ।

beetle (वीट्ल्') **ना.** गोब्रे कीरा, पिंगकपिसा, मुद्गर ।

befall (विफॉल्') **क्रि.** घट्नु, हुनु, वित्नु ।

befit (विफिट्') **क्रि.** (- tt -) जुर्नु, योग्य हुनु, सुहाउनु, मिल्नु;—ting **वि.** उचित, योग्य ।

befool (विफूल्') **क्रि.** वेवकूफ पार्नु, छकाउनु, उल्ल्याउनु ।

before (विफोअ्र्') **क्रि. वि.** र **उ.** समक्ष, सामु , अघि, अगाडि, पहिले, पूर्वकालमा ।

befoul (विफाउल्') **क्रि.** फोहोर पार्नु, गन्दा पार्नु ।

befuddle (विफ'ड्ल्) **क्रि.** लठारिनु, लाटिनु ।

beg (वेग्) **क्रि.** (- gg -) माग्नु, फोने, विन्ती गर्नु, प्रार्थना गर्नु, मान्नु, थाप्नु (हात) ।

beget (विगेट्') **क्रि.** (- tt -, - got, - gotten) उत्पन्न गर्नु, पाउनु ।

beggar (बे'गर्) **ना.** र **क्रि.** माग्ने, फकीर, मगन्ते, याचक, भिक्षुक, भिखारी, भिखमंगा, अकिंचन; **क्रि.** कंगाल बनाउनु, चूप लगाउनु;—y **ना.** दरिद्रता;—ly **वि.** अति, थोरै, नीच ।

begin (बिगिन्') **क्रि.** थाल्नु, लाग्नु, उठान गर्नु, शुरू गर्नु, आरम्भ गर्नु;—ner **ना.** सिकारू;—ning **ना.** शुरूआत, प्रारम्भ, थालनी, उठान, शुरू, आदि, उहिले ।

beguile (बिगाइल्') **क्रि.** छल्नु, ठग्नु, बहकाउनु, फुसलाउनु ।

behalf (बहाफ्', बिहाफ्') **ना.** पक्ष, निमित्त, भाखा, प्रसंग, पक्ष ।

behav/e (बिहेभ्') **क्रि.** व्यवहार गर्नु, आचरण गर्नु, काइदा संग चल्नु; **well—ed** सदाचारी;—iour **ना.** आचरण, व्यवहार, वर्ताव, बेओस्था, चालचलन, आचार, चाला, चाल, चालढाल, चालामाला, सदाचार, ढाँचाकाँचा, चेष्टा, बेहोराइ, सलूक, काइदा ।

behead (बिहेड्') **क्रि.** शिरच्छेद गर्नु, काट्नु ।

behest बिहेस्ट्') **ना.** आज्ञा, आदेश, उर्दी, हुकूम ।

behind (बिहाइण्ड्', बहाइण्ड्') **ना. क्रि. वि.** र **उ.** पिछ्यूँ, पुट्ठा, आङ; पछाडि, पछिल्तिर ।

behold (बिहोल्ड्' । **क्रि.** (beheld) देख्नु ।

beholden (बिहोल्'डन्) **वि.** कृतज्ञ, उपकृत ।

behove (बिहोभ्') **क्रि.**, सुहाउनु, शोभा हुनु, योग्य हुनु ।

being (बी'इङ्) **ना.** अस्तित्व प्रकृति, जन्तु, जीव, आत्मा, ब्रह्म ।

belabour (बिले'बर्) **क्रि.** ठटाउनु, पिट्नु, भकुर्नु, चुट्नु ।

belated (बिले'टेड्) **वि.** अबेर भएको, ढीलो ।

belch (बेल्च्) **ना.** र **क्रि.** डकार, डकार्नु ।

beldam (e) (बेल्' ड्याम्—डेम्) **ना.** बूढी, बोक्सी ।

beleaguer (बिली'गर्) **क्रि.** घेर्नु, घेरामा हाल्नु ।

belfry (बेल्'फ्रि) **ना.** बुर्जा, घण्टाघर ।

belie (बिलाइ') **क्रि.** (—lying) झूटो बनाउनु, असत्य पार्नु ।

belie/ve (बिलीभ्') **क्रि.** पत्याउनु, खानु (कुरा), प्रतीत गर्नु; make believe मिखामखंक;—f **ना.** आस्था, प्रतीत, भर, पत्यार, भरोसा, विश्वास ।

belike (बिलाइक') **क्रि. वि.** कदाचित्, केही गरी ।

belittle (बिलि'ट्ल्) **क्रि.** हेला गर्नु, हेप्नु, सानु तुल्याउनु, तुच्छ्याउनु, होच्याउनु, चुत्थाउनु ।

bell (बेल्) **ना.** घंट, घंटा, घाँडो, घण्टी ।

belle (बेल्) **ना.** सुन्दरी, राम्री ।

bellicose (बे'लिकोस्) **वि.** लडाकू, युयुत्सु, रणोत्सुक, सुरिएको ।

belligeren/t (बेलि'जरेण्ट्) **वि.** युद्धरत, योधनशील, लडाकू;—cy **ना.** युद्धस्थिति ।

bellow (बे'लो) **ना.** र **क्रि.** गर्जन, चीत्कार ।

bellows (बे' लोज्) **ना.** खलाँती, धौंकनी ।

belly (बे'लि) **ना.** पेट, उदर, कोखा, भुँडी ।

belong (बिलॅङ्') **क्रि.** राख्नु, हुनु, (स्वामित्वको अर्थमा); —ings **ना.** सम्पत्ति, जेथा ।

beloved (बिलभ्ड् वा बिलभेड्) **वि.** अतिप्रिय, इष्ट, प्यारो ।

below (बिलो') **क्रि. वि.** र **उ.** उँधो, तल, मन्तिर, नीचो

belt (बेल्ट्) **ना.** पेटी, पटुका, कम्मरबन्द;—ing **ना.** पट्टा, लोतो ।

bemuse (बिम्यूज़्') **क्रि.** किंकर्तव्यविमूढ हुनु;—d **वि.** भर्माएको ।

bench (बेञ्च्) **ना.** बेञ्च, फलक, फलैंचा, न्यायासन, धर्मासन, टाँड ।

bend (बेण्ड्) **ना.** र **क्रि.** मोड, घुमाउरो; **क्रि.** झुक्नु, मोडिनु, निहुऱ्याउनु, निहुरिनु, नुहनु, झोलिनु, लोत्रिनु, लत्रिनु, लुत्रिनु, लच्कनु, मन्टाउनु ।

beneath (बिनीथ्') **क्रि. वि.** र **उ.**, तल, मनि, मन्तिर, मुन्तिर, तल्लो ।

benedict/ion (बेनिडिक्'श्न्) **ना.** आशीष, आशीर्वाद, आसिक;—ory मांगलिक ।

benefact/ion (बेनिफ्याक्'श्न्) **ना.** दान, दक्षिणा;—or **ना.** उपकारक, दानी;—ial **वि.** लाभकारक, उपयोगी, कल्याणकारक, फाप ।

benefic/ence (बेने'फिसन्स्) **ना.** उपकार, हित, कृपा;—ent **वि.** परोपकारी, दानी;—ial **वि.** लाभकारक, उपयोगी, कल्याणकारक, फाप;—iary **ना.** हितग्राही, उपकारग्राहक, लाभग्राही, कृपाग्राहक; प्रतिग्रही, हकदार, दैयादार अंशियार ।

benefit (बे'निफिट्) **ना.** र **क्रि.** उपकार, हित, फाइदा, लाभ, सुविधा, गनिमत;—ted **वि.** लाभान्वित ।

benevolen/ce (बिने'भलेन्स्) **ना.** सदिच्छा, दया, नेकी, परोपकारिता;—t **वि.** दयालु, हितैषी ।

benign (बिनाइन्') **वि.** सदय, दयालु, नम्र, कृपालु, शुभ, सुखप्रद, अहानिकर;—ant **वि.** दयालु, प्रेमपर, ममतायुक्त, अनिष्टभयरहित ।

benison (बे'निज़न्) **ना.** मंगल, आशीर्वाद ।

bent (बेन्ट्) **ना.** र **वि.** झुकाव, प्रवृत्ति; **वि.** झुकेको, तेर्सो, कुप्रुक ।

benthos (बेन्'थॅस्) **ना.** समुद्रको पिंधमा पाइने उद्भिद् र जन्तु दुवै प्रकारका जीव ।

benumb (बिनम्') **क्रि.** रन्थनिनु, अररिनु, अतालिनु, अल्तलिनु ।

benzene (बेन्' ज़ीन्) **ना.** बेन्जीन ।

bequeath (बिक्वीद्') **क्रि.** मर्दा इच्छापत्रबाट दिनु; bequest **ना.** रिक्थ, रिक्थ प्रदान, इच्छापत्र ।

bereavement (बिरीभ्'मेण्ट्) **ना.** बिछोड, वियोग, विरह ।

berry (बे'रि) **ना.** गुली, गुटिका, ऐंसेलु, काफल, चुत्रो ।

berth (बअ्र्थ्) **ना.** र **क्रि.** बस्ने र सुत्ने ठाउँ, बाँध्ने ठाउँ; **क्रि.** जहाजलाई बाँध्नु ।

beryl (बे'रिल्) **ना.** वैदूर्यमणि ।

beseech (बिसीच्') **क्रि.** (—sought) विन्ती गर्नु, प्रार्थना गर्नु ।

beset (बिसेट्') **क्रि.** (-tting, भू० का०-set) घेर्नु, आकुल पार्नु, ओइरिनु ।

beside (बिसाइड्') **उ.** सँगै, बाहेक, सिवाय, नगीच, नजीक, साथमा, बाहिर, अलावा, अतिरिक्त;—s बाहेक, सिवाय;—one's self भुतुक्क हुनु, मुसुरिनु, सातोपुत्लो उडेको ।

besiege (बिसीज्') **क्रि.** घेरा हाल्नु, घेर्नु ।

besmear (बिस्मियर्') **क्रि.** पोत्नु, अपवाद गर्नु ।

besmirch (बिस्मअर्च्') **क्रि.** मैलो पार्नु, फोहोर पार्नु ।

bespeak (बिस्पीक्') **क्रि.** आडर दिनु, अघिदेखि भन्नु, छेक्नु (लुगा) ।

bespoke (बिस्पो'क्) **वि.** र **ना.** आडरले बनाउने, काम गर्ने; तैयारी माल बेचुवाको विपरीत; **ना.** डोला, मंगेतर, विवाहको लागि खोजी ल्याइएकी केटी ।

best (बेस्ट्) **वि.** उत्तम, असल, श्रेष्ठ, भरमग्दूर, सर्वोत्तम ।

bestial (बेस्'टियल्) **वि.** पाशविक, पशुतुल्य ।

bestir (बिस्टअर्') **क्रि.** (- rr -) सकपकाउनु, चलमल गर्नु, चल्नु ।

bestow (बेस्टो') **क्रि.** दिनु, प्रदान गर्नु;—al **ना.** दान ।

bestride (बिस्ट्राइड्') **क्रि.** (भू० का०—ode;—idden, —id,—ode). खुट्टा फटाएर चढ्नु, बस्नु ।

bet (बेट्) **ना.** र **क्रि.** (bet,—ted). बाजी, होड, पण, दाउ, ठोकाबाजी, ठिनी; **क्रि.** होड लगाउनु, थाप्नु, च्याँखे थाप्नु, बाजी थाप्नु, जूवा खेल्नु ।

betel (बी'ट्ल्) **ना.** पान;—nut **ना.** सुपारी;—seller **ना.** पानवाला, तमोली, ताम्बूलिक, पान बरही ।

bethink (बिथिङ्क्') **क्रि.** (—thought). संझनु, याद गर्नु, सोच्नु ।

betide (बिटाइड्') **क्रि.** आइलाग्नु, हुनु, घट्नु ।

betimes (बिटाइम्ज़्') **क्रि. वि.** समसाँझै, सबेरै ।

betray (बिट्रे') **क्रि.** धोखा दिनु, विश्वासघात गर्नु;—al **ना.** विश्वासघात, दगा, धोखा;—er **ना.** धोखाबाज ।

betroth (बिट्रोद्') **क्रि.** स्वयंवर गर्नु;—al **ना.** वाग्दान; —ed वाग्दान भएको, मंगेतर, डोला ।

better (बे'टर्) **वि. ना.** र **क्रि.** उच्चतर, श्रेयस्कर, निको; —ment **ना.** उन्नति, तरक्की, बढोती, बेहत्तरी; सुधार,—s **ना.** (ब. व.) ठूला बडा, जेठा; जुवाडी, थाप्ने; **क्रि.** सपार्नु, उन्नत पार्नु, उन्नति गर्नु ।

between (बिट्वीन्') **क्रि. वि.** र **उ.** माझ, बीच, मध्य, अन्तर, दोसाँधमा ।

betwixt (बिट्विक्स्ट्') **क्रि. वि.** र **उ.** माझमा, बीचमा ।

bevel (बे'भल्) **क्रि.** (—ll—) **क्रि.** र **ना.** कुना मार्नु; **ना.** कुना मार्ने हतियार ।

beverage (बे'भरेज्) **ना.** पेय, पानक, पानीय, पेय वस्तु ।

bevy (बे'भि) **ना.** बगाल, झुण्ड, समुदाय ।

bewail (बि'वेल्') **क्रि.** विलाप गर्नु, रुनु, शोक गर्नु ।

beware (बिवेयर्') **क्रि.** र **वि. बो.** सावधान हुनु, सचेत हुनु; **वि. बो.** बिनाबी ।

bewilder (बिविल्'डर्) **क्रि.** विमूढ हुनु, हडबडाउनु, जिल्ल पार्नु, आकुल गराउनु;—ed **वि.** संभ्रान्त; व्याहत;—ment **ना.** संभ्रम, संमोह; (निष्ठा०) भर्माएको ।

bewitch (बिविच्') **क्रि.** मुग्ध पार्नु, जादू हाल्नु, मोहमा पार्नु, वशमा पार्नु;—ing **वि.** मोह गर्ने, लोभ्याउने ।

beyond (बियॅन्ड्') **क्रि. वि.** र **उ.** पारी, पर, टाढा, बाहिर, बढी ।

bi— (बाइ—) द्वि—

bias— (बा'यस्) **ना.** पनपक्ष, पक्षपात ।

biaxial (बाइअ्या'क्सियल्) **वि.** युगलाक्ष ।

bib (बिब्) **ना.** राले ।

bibliograph/y (बिब्लिॲ'ग्राफि) **ना.** पुस्तक विद्या, पुस्तक-सूची;—er **ना.** पुस्तकको विवरणलेखक ।

bibliom/ania (बिब्लिअमे'निया) **ना.** पुस्तक संग्रह गर्ने रोग, धून, उन्माद;—phile **ना.** पुस्तक प्रेमी ।

bicentenary (बाइसेन्'टिनरि वा बाइसेन्टी'नरी) **ना.** द्विशत वार्षिकी ।

biceps (बाइ'सेप्स्) **ना.** (ब. व.—es) दुई शिरे पेशी ।

bicker (बि'कर्) **क्रि.** मुख लाग्नु, कलह गर्नु;—ing **ना.** कलह, विवाद ।

bicycle (बाइ'सिक्ल्, बाइ'साइक्ल्) **ना.** र **वि.** साइकल, दुई पांग्रे ।

bid (बिड्) **ना.** र **क्रि.** (भू. का. bad, bade, bid; bidden, bid) बोल, डाँक; **क्रि.** आज्ञा दिनु, अह्राउनु, डाँक बोल्नु;—ing **ना.** आज्ञा, आडर ।

bide (बाइड्) **क्रि.** पर्खनु, प्रतीक्षा गर्नु;—one's time मौका पर्खनु, हेर्नु ।

bier (बियर्) **ना.** अर्थी, शवयान ।

bifurcate (बाइ'फर्केट्) **क्रि.** दुई फ्याक पार्नु ।

big (बिग्) **वि.** ठूलो, बडो, बडेमान, ऐमान, खम्मीर, पेट बोकेकी, महान; look—गजक्क पर्नु, गमक्क पर्नु, फुल्नु ।

bigamy (बि'गमि) **ना.** दुई स्वास्नी लिनु ।

bight (बाइट्) **ना.** खाडी, आखात ।

bigot (बि'गट्) **ना.** र **वि.** हठधर्मी, स्वमतावलम्वी ।

bijou (बी'झू) **ना.** (ब. व.—oux उच्चा०—ऊ) आभूषण, गहना (ससानो) ।

bike (बाइक्) **ना.**—bicycle को छो० क० ।

bila/teral (बाइल्या'टरल्) **वि.** द्विपक्षीय, दुईतिरको ।

bil/e (बाइल्) **ना.** पित्त, मायु;—iary **वि.** पित्तको;—ious पित्त बढेको, मायुमय, पैत्तिक;—iousness **ना.** पैत्तिकता ।

bilge (बिल्ज्) **ना.** फजूल कुरा, वाहियात, रद्दी ।

bilk (बिल्क्) **क्रि.** ठग्नु, छल्नु, पैसा नतिर्नु ।

bill (बिल्) **ना.** पुर्जा, पुर्जो, हुण्डा, बिल, चुच्चो, लेख, हिसाब, विधेयक, बीजक;—of exchange हुण्डा, हुण्डी;—of lading ढुवानी विवरण ।

billet (बि'लेट्) **ना.** डेरा, काम, ठेगाना, स्थिति, पचकर ।

billiard (बिल्' यर्ड्ज्) **ना.** (ब. व. —s) बिलियड, बिलेट ।

billingsgate (बि'लिङ्ज्गेट्) **ना.** चर्को गाली, फोहोर बोली ।

billow (बि'लो) **ना.** र **क्रि.** लहर, तरंग;—of smoke रूमलो ।

billy-goat (बि'लि-गोट्) **ना.** बोको, बाखो ।

bimetallic (बाइमेट्या'लिक्) **वि.** द्विधातुक ।

bimonthly (बाइमन्थ्'लि) **वि.** द्वैमासिक ।

bin (बिन्) **ना.** भाँडो, भकारी ।

binary (बाइ'नरि) **वि.** द्विआंगिक, द्व्यंगिक ।

bind (बाइण्ड्) **क्रि.** (bound) बाँध्नु, मस्काउनु, डुर्याउनु, पाता कस्नु, चौखुन्याउनु, गोर्खेलौरी कस्नु, मोहोर्नु, जिल्द हाल्नु; —ing **ना.** र **वि.** जिल्द, गाता, पोस्ती, जिल्ला; संयोजक ।

bing/e (बिञ्) **ना.** रक्सी पार्टी;—o **ना.** जूवा खेल ।

binocular (बिनॅ'क्यूलर्) **ना.** द्विनेत्री दूरबीन ।

binomial (बाइनो'मियल्) **वि.** द्विपद ।

biochemistry (बायके'मिस्ट्रि) **ना.** प्राणीरसायनशास्त्र; —ist प्राणीरसज्ञ ।

biograph/y (बाय'ग्राफि) **ना.** जीवन चरित्र, जन्मवृत्तान्त, जीवन वृत्तान्त, जीवनी;—er, जीवनी लेखक ।

biology (बियॅ'लजि) **ना.** जीव विद्या, प्राणी विद्या ।

biped (बाइ'पेड्) **ना.** दुइखुट्टे, द्विपदी ।

birch (बअर्च्) **ना.** भोजपत्र; **क्रि.** पिट्नु, ठोक्नु ।

bird (बअर्ड्) **ना.** चरा, चरी, चिडिया, पन्छी, पक्षी, चराचुरूङ्गी;—'s eye view **ना.** विहंगम दृष्टि;—line (चरा समात्न रूखको हाँगामा पोत्ने) खोटो;—song **ना.** बास्नु, कुक्नु, कलरव, कूजन ।

birth (बअर्थ्) **ना.** जन्म, पैदा, सूतक, उत्पत्ति, कुलघरान;—day जन्म दिन, जन्मोत्सव;—day honours जन्मोत्सवका खिलत, उपाधि; —mark **ना.** कोठी ।

biscuit (बिस्'किट्) **ना.** बिसकुट ।

bisect (बाइसेक्ट्') **क्रि.** आधा पार्नु, समद्विभाग गर्नु, द्विभाग गर्नु;—ion **ना.** द्विभाजन;—or **ना.** अर्द्धक ।

bisexual (बाइसे'क्स्युअल्) **वि.** द्वियोनियुक्त ।

bishop (बिशप्') क्रिस्तानी पादरीको प्रमुख;—'s weed **ना.** ज्वानु ।

bismuth (बिज्'मथ्) **ना.** चपल, बिसमथ !

bison (बाइ'सन्) **ना.** अर्ना ।

bit (बिट्) **ना.** र **क्रि.** (-tt-) खण्ड, टुक्रा, बर्मा, खलीन, बाग, लगाम, काँडा, सिन्को, जात, गाँस; **क्रि.** लगाम हाल्नु, टोक्यो !

bitch (बिच्) **ना.** कुकुर्नी, शूनि, स्यालनी, ब्वाँसिनी, (होच्याएर) छेपी स्त्री; son of—स्यामाटोक्ने ।

bit/e (बाइट्) **क्रि.** (भू. का. bit, bitten र bit पनि) टोक्नु, चिल्नु, बल्सी हाल्नु, डस्नु, दुख्नु; **ना.** टोकाइ, टोकेको, खत;—ing **वि.** तीखो छेड्ने ।

bitter (बि'टर) **वि.** तीतो, टर्रो, पीरो, तिच्छर, तीक्ष्ण, मर्मभेदी, कटु;—ly **क्रि. वि.** कराएर (रुनु);—gourd **ना.** करेला ।

bitum/en (बिट्युमेन्) **ना.** धातुज, बिटुमेन;—inous **वि.** बिटुमेनी ।

bivalve (बाइ'भ्याल्भ्) **ना.** द्विकपाटीय, मोती, शंबूक ।

bivouac (बि'भुअ्याक्) **ना.** र **क्रि.** विनापालको सैनिक डेरा, सेनावास, कटक ।

bi-weekly (बाइ वी'क्लि) **वि.** पाक्षिक ।

bi zarre (बिजाअर्') **वि.** लहडी, गजबको, विलक्षण ।

blab (ब्ल्याब्) **क्रि.** (-bb-) विनाविचार बोल्नु, गुह्य खोलिदिनु, छाद्नु ।

black (ब्ल्याक्) **वि.** र **क्रि.** कालो, करियाका, अँध्यारो, कालाम्य, कालोनीलो;—en **क्रि.** कालो पार्नु;—out **क्रि.** निभाउनु, छेक्नु, अदृश्य गराउनु, नदेखिने गराउनु, रोक्का गर्नु; **ना.** बाहिर खा. ग. आकाशबाट उज्यालो नदेखिने गराउने काम, छोपछाप, कालोगराइ ।

black/-guard (ब्ल्याक्-गार्ड्) **ना.** दुराचारी, बदमाश;—leg **ना.** हड़ताल तोड्ने; blacking कालो रोगन;—mail कालो घूस, अपराध लुकाउन दिइने घूस ।

bladder (ब्ल्या'डर्) **ना.** मूत्राशय, हावा भरेको ब्याग, ब्ल्याडर, बस्ती, थैलो ।

blade (ब्लेड्) **ना.** अंकुर, धार, त्यान्द्रो, तना, धानचमर, टुसो, सुना ।

blame (ब्लेम्) **ना.** र **क्रि.** निन्दा, कलंक, दोष, खोट ।

blanch (ब्लान्च्) **क्रि.** सेतो हुनु, पहेंलो हुनु, तर्सनु, कालोनीलो हुनु ।

bland (ब्ल्याण्ड्) **वि.** मृदु, नम्र, कोमल, नरम, स्निग्ध.।

blandish (ब्ल्यान्'डिश्) **ना.** चाटूक्ति, प्रलोभन, खुशामद, मोलाहिजा ।

blank (ब्ल्याङ्क्) **ना.** र **वि.** एकान्त, शून्यता, रिक्तता; **वि.** खाली, यमकहीन, अनुप्रासरहित, अत्यन्त सेतो, लेखाशून्य (पत्र), रित्तो, सादा ।

blanket (ब्ल्या'ङ्केट्) **ना.** कम्बल, काम्लो, पाखी, मण्डी ।

blare (ब्लेयर्) **ना.** र **क्रि.** नाद, ढ्वाँग फुक्नु ।

blarney (ब्लाअर्'नि) **ना.** फकाउने वा छल्ने (ठग्ने) कुरा वा वचन ।

blase (ब्ला'जे) (फ्रे.) **वि.** भुक्त वैराग्य, सुखबाट थकित, अघाएको ।

blasphem/e (ब्ल्यास्फीम्') **क्रि.** ईश्वरनिन्दा, पापवचन; —ous **वि.** निन्दक, पाखण्डी ।

blast (ब्लास्ट्) **ना.** र **क्रि.** झोका, वेग वायु; विस्फोटक द्रव्यको परिणाम, विनाश गर्नु, ध्वंस पार्नु, उडाइदिनु, सुकाइदिनु;—furnace **ना.** वातभट्टी ।

blatant (ब्ले'ट्याण्ट्) **वि.** हुल्लड, हुल्लडबाज, जर्कट्टो ।

blaze (ब्ले'ज़्) ना. र क्रि. दीप्ति, ज्वाला, प्रकाश, चमक; क्रि. बाल्नु, सल्किनु, आगो हुनु, दनदनाउनु, राँकिनु, हुरहुराउनु, दन्कनु, रन्कनु ।

blazon (ब्ले'ज़न्) क्रि. घोषणा गर्नु, फैलाउनु, प्रसार गर्नु ।

bleach (ब्लीच्) क्रि. विरंजित गर्नु, सफा गर्नु, धुनु ।

bleak (ब्लीक्) वि. निरानन्द, असुभग, रूखा, जाडो, खुला ।

bleed (ब्लीड्) क्रि. (bled) रगत आउनु;—ing ना. रक्तस्राव ।

blemish (ब्ले'मिश्) ना. र क्रि. दोष, खोट, बदी, ऐब, अवगुण, धब्बा, कलंक, कसर ।

blench (ब्लेन्च्) क्रि. चाँकनु, हच्कनु, आँखा चिम्लनु ।

blend (ब्लेन्ड्) ना. र क्रि. (—ed वा blent) मिसावट, मिसकट, मिलान, मिसाउनु ।

bless (ब्लेस्) क्रि. (भू. का. ed वा blest पनि) आशीर्वाद दिनु, आसिक गर्नु;—ed वि. सुखी;—ness ना. परमानन्द; —ing ना. आसिक, आशिष, आशीर्वाद ।

blight (ब्लाइट्) ना. र क्रि. ढुसी, क्षय, नाश;—er (अप०) स्वाँठ, लाठे ।

blind (ब्लाइण्ड्) ना., क्रि. र वि. अन्धो, निस्पट्ट, नेत्रहीन; ना. झिलमिल, अज्ञानी, मोह, छल; क्रि. आँखा फोर्नु, अन्धो पार्नु;—man's buff लुकामारी;—fold आँखामा पट्टी बाँध्नु ।

blink (ब्लिङ्क्) क्रि. झिमझिम गर्नु;—ers ना. ढकनी ।

bliss (ब्लिस्) ना. परमसुख, मोक्ष ।

blister (ब्लिस्'टर्) ना. फोका, फोको, फोड़ा, घाउ; क्रि. पोल्नु, फोका उठ्नु, घाउ हुनु, उक्किनु; water—पानी फोका ।

blithe (ब्लाइद्) वि. हँसमुख, हृष्ट, प्रफुल्ल ।

blitzkrieg (ब्लिट्स्'क्रीग्) ना. विजुली लडाइँ ।

blizzard (ब्लि'ज़र्ड्) ना. सिरेटो ।

bloat (ब्लोट्) क्रि. फुल्नु, सुन्निनु, ढाडिनु;—ed वि. सूज उठेको, ढड्डू ।

block (ब्लॉक्) ना. र क्रि. ढिका, अचानो, थुँगनी, ठोकनी, अचानु, बध्यशिला, गुटको, ठेडी, बुजो, काष्ठिका; छपाइ साँचो; क्रि. रोक्नु, टाल्नु, बुज्जिनु, बन्द गर्नु;—ade ना. र क्रि. अवरोध, रोकावट, घेरा खा. ग० सामुद्रिक;—ade runner (ब्लाके'ड रनर)ना. घेरा तोड्ने जहाज वा कप्तान;—head ना. स्वाँठ, लम्फू, बुद्धू, बेकूफ, मूढ, दुर्बुद्धि;—maker साँचोकार ।

blond, blonde (ब्लण्ड्) वि. गोरो, धवला, गोरी, सेती, कुइरी ।

blood (ब्लड्) ना. वि. र क्रि. रगत, रक्ती, खून, रुधिर; वि. हाडनाता; क्रि. रगत झिक्नु; fresh—छुरो रगत; half —सौतिनी, सौतेनी; noble—कुलीन;—clot घन शोणित; —shed रक्तपात, खून खराबी;—vessel रक्तवाहिनी, रक्त कोशिका;—y खूनी, रगतपच्छे, रक्ताम्य, लोहूलुहान;—relation नसनाता, हाडनाता ।

bloom (ब्लूम्) ना. र क्रि. कोपिला, कली, पूर्णता; क्रि. खिल्नु;—ing विकसित हुन लागेको ।

bloomer (ब्लू'मर्) ना. ठूलो भूल ।

blossom (ब्लॅ'सम्) ना. र क्रि. फूल, कोपिला, थुँगो, मुजुरा; क्रि. फक्रनु, फग्रनु ।

blot (ब्लॅट्) ना. र क्रि. (—tt—) टाटो, धब्बा, कलंक; क्रि. सोस्नु, कलंक लगाउनु, लतपतिनु, धब्बा लगाउनु, उछित्तो पार्नु;—ting paper ना. सोस्ता, शोषणी;—ter ना. सोस्ता ।

blotch (ब्लॅच्) ना. टाटो, व्रण, चाया ।

blouse (ब्लाउज़्) ना. ब्लाउज, चोलो, चोली, कुर्ता, कूर्पासक, ज्याकेट ।

blow (ब्लो) ना. र क्रि. (blew; blewn) प्रहार, वार, दनक, आघात, ठक्कर, धक्का, मुक्की; हातपात, हानथाप; क्रि. फुक्नु, बजाउनु, फुल्नु, निभाउनु, साम्य पार्नु, चल्नु;—pipe ना. फुकनी; —n वि. फुलेको, खैराते ।

blubber (ब्ल'बर्) ना. र क्रि. माछाको बोसो, तिमिमेद; क्रि. कराएर रुनु ।

bludgeon (ब्ल'ज्न्) ना. लाठो ।

blue (ब्ल्यू) ना. वि. र क्रि. नीलो, नीरङ्गी, आसमानी; क्रि. निल्याउनु;—blood उच्च कुल;—funk त्रास, आतस;—jacket नाविक;—print नाप नक्शा;—stocking विदुषी ।

bluff (ब्लफ्) वि., क्रि. र ना. खुला, स्पष्ट, हँसिलो, छल; क्रि. फाइँफुट्टी लाउनु, छल्नु, (ताशमा) गाल्नु; ना. फाइँफुट्टी, धाक; call (one's)—पाँड्या दीर्वाइ हेर्नु ।

blunder (ब्लन्'डर्) ना. र क्रि. भूल, प्रमाद, भ्रम ।

blunt (ब्लन्ट्) वि. र क्रि. मुत्ले, मन्द, सफा, डोलो, बोधो, मुत्ते, मूढे, धारभरुवा, धाररहित, भद्दा, मन्द, स्पष्टवक्ता, निट्ठा; क्रि. धार मार्नु, बुज्जिनु, कुँडिनु (धार) ।

blur (ब्लअ्र्) ना. र क्रि. (—rr—) अस्फुट टाटो, अस्पष्ट धब्बा ।

blurb (ब्लअ्ब्) ना. श्लाघा, प्रशंसा (प्रकाशकले पुस्तकको विज्ञापनमा) ।

blurt (ब्लअ्र्ट्) क्रि. झ्वाट्ट बोल्नु, छाद्नु ।

blush (ब्लश्) ना. र क्रि. लज्जावनत; क्रि. (मुख) रातो पार्नु ।

bluster (ब्लस्'टर्) ना. र क्रि., शेखी, हल्ला, कलह, आत्मश्लाघा, पर;—er ना. पिण्डीशूर, शेखीबाज ।

boa (बो'आ) ना. अजिङ्गर ।

boar (बोअ्र्) ना. बनेल, बँदेल, वराह; male—बाँर; female—भुनी ।

board (बोअ्र्ड्) ना. गाता, पटरी, फल्याक, तखता, पाटी, मण्डल, भोजन, खाना, आहार;—s, पोस्ती, जिल्ला ।

boarding (बोअ्र्'डिङ्) ना. बस्ने र खाने ठाउँ;—and lodging, ना. वास र माम, वासगाँस ।

boast (बोस्ट्) ना. र क्रि. फाइँफुट्टी, फाइँफुइँ, धाक, शेखी, धक्कु; क्रि. गुड्डी हाँक्नु, शेखी गर्नु; —er ना. पाँडे ।

boat (बोट्) ना. र क्रि. नाउ, नौका, डुङ्गा, तरणी;—man नाविक, मल्लाह, माझी ।

bob (बॅब्) **ना.** र **क्रि.** (—bb—) लटकन, जूरो; **क्रि.** कत्रनु, (रौं) छोटो पारेर काट्नु, तल माथि गर्नु;—**bish** फूर्तिसाथ, स्वस्थ, आनन्दी ।

bobbin (बॅ'बिन्) **ना.** गट्टा ।

bobby (बॅ'बि) **ना.** प्रहरी ।

bode (बोड्) **क्रि.** भविष्य कहनु, शकुन भन्नु ।

bodice (बॅडिस्) **ना.** चोली, चोलक, कँचुली, कंचोलो, कचूल, कन्चुक ।

body (बॅ'डि) **ना.** र **क्रि.** अंग, जीउ, तन, गाथ, काय, वस्तु, देह, वदन, पिण्ड, अङ्गप्रत्यङ्ग, हर, शरीर, लाश, फौज, डफ्फा, दल, गण, वर्ग, समुदाय; निकाय; पेटबोली, पेट, संघात, भैं; **क्रि.** शरीर लिनु;—**guard** आसन्न परिचालक, अंगरक्षक, आठपहरिया, पार्श्ववर्ती (रक्षक) —**wall** प्राकार;—**ily** **वि.** साकार, शारीरिक,—**snatcher** मुर्दा चिर्नालाई चिहानबाट गाडेको लाश झिक्ने ।

bog, (बॅग्) **ना.** पाँक, दलदल, सीम, भास, थलथले ।

bogy, bogey (बो'गि, बोंगी) **ना.** (ब. व.—ies,-eys). हाऊ, भूत, ख्याक, गुजी, बुजी ।

bogus (बो'गस्) **ना.** र **वि.** नकली, झूटो, बनावटी ।

boil (बॅयल्) **ना.** र **क्रि.** पानीफोका, भल्को, फुँडुल्को, खटिरा, फोको, व्रण, पिटको, फोडा; **क्रि.** उसिन्नु, बफाउनु, उम्लिनु;—**over** भकभक उम्लनु;—**ing point** क्वथनाङ्क;—**er** **ना.** (इञ्जिनको) पानी उमाल्ने, पिठर, उखा, स्याली, फोसी ।

boisterous (बॅयस्'टरस्) **वि.** उत्ताउलो, हुल्लडबाज, साँढा, चपरचण्डे, उत्कट, अचाड्डू, बढता ।

bold (बोल्ड्) **वि.** साहसी, सफा, मोटो, शूरो, आँटी;—**ness** **ना.** ह्याउ, हिकमत, सफाइ ।

bolster (बोल्'स्टर्) **ना.** र **क्रि.** बालिस्ट; **क्रि.** सहारा दिनु, अडाउनु ।

bolt (बोल्ट्) **ना.** र **क्रि.** छेरकनी, आग्लो; **क्रि.** अग्लाउनु; भाग्नु ।

bolus (बो'लस्) **ना.** ठूलो चक्की, निस्तनी ।

bomb (बॅम्) **ना.** र **क्रि.** बम;—**ard** **क्रि.** बमबारी गर्नु ।

bombast (बम्'बस्ट्) **ना.** ढ्वांग्रे, अतिशयोक्ति, शब्दाडम्बर, दर्पवचन;—**ic** **वि.** बढे चढेको, दर्पध्मान, पंडिते, गाह्रो शब्दले भरिएको ।

bonafides (बो'ना फाइ'डीज्) **क्रि. वि.** सुनियतले, शुद्ध हृदयले, विश्वासमा, वास्तवमा, वतुततः; to show—साँचिलो हुनु ।

bond (बॅन्ड्) **ना.** र **क्रि.** बन्धन, तमसुक, ऋणपत्र, करारनामा, कबूलियत, बन्धपत्र, (भन्सार) सरकारी गोदाम; **क्रि.** (भन्सार) भन्सार लाग्ने माल सरकारी गोदाममा राख्नु; **in**—आयात गर्नेले भन्सार नबुझाएसम्म सरकारी गोदाममा रहेको;—**age** **ना.** दासत्व, बन्धन; out of—s बेइलाका;—**sman**, दास, कमारो ।

bone (बोन्) **ना.** हाड, हड्डी, अस्थि ।

bonfire (बॅन्'फायर्) **ना.** घूर, जयसूचक आगो, धुनी ।

bonnet (बॅ'नेट्) **ना.** बिर्को, ढकना, झापन, टोपी ।

bonny (बॅ'नि) **वि.** हृष्टपुष्ट, थम्मरथुम्मर, सुललित ।

bonus (बो'नस्) **ना.** भत्ता, पारितोषिक, अनुदान, लाभक, अधिलाभांश, वृद्धि लाभांश ।

book (बुक्) **ना.** र **क्रि.** पुस्तक, किताब, पोथी, सर्ग ग्रन्थ; **क्रि.** यात्राको टिकट किन्नु; लेखोट गर्नु, दर्ता गर्नु; सार्वजनिक खेल, मनोरञ्जनमा स्थान सुरक्षित राख्नु; व्यक्तिलाई कुनै अभियोगमा थुनामा राख्नु; bring to—उत्तरदायी गर्नु; without—स्मरणबाट;—**keeping** **ना.** स्रेस्ता प्रणाली, हिंसाब किताब, स्रेस्ता, लेखा, स्याहा;—**let** **ना.** पुस्तिका;—**post** बुक पोस्ट;—**seller, stall** पुस्तक-विक्रेता, पुस्तक पसल;—**ing** **क्रि.** टिकट किंन्नु, बेच्नु;—**clerk** बेच्ने;—**office** टिकट घर ।

boom (बूम्) **ना.** र **क्रि.** नदी या समुद्रको मुखको छेका; बाँध; ढ्वाङ्ग आवाज (ठूलो घण्टाको) ।

boon (बून्) **ना.** र **वि.** वर, उपहार, प्रसाद; **वि.** उदार, दयालु, खुशमिजास, उघाउनी ।

boor (बुअर्) **ना.** गँवार, असभ्य, भद्दा, मखण्डी, ग्राम्य ।

boost (बूस्ट्) **ना.** र **क्रि.** विभववर्धक; **क्रि.** हुत्याउनु, उठाउनु ।

boot (बूट्) **ना.** र **क्रि.** पादरथी, बूट जुत्ता; **क्रि.** लात हान्नु;—**less** **वि.** वृथा, अकार्थ (

booth (बूथ्, बूद्) **ना.** अस्थायी आश्रय, दुकान, पसल, हेट, टहरो, मतदान स्थल ।

booty (बू'टि) **ना.** लूटको माल, लुण्ठन ।

booze (बूज़्) **क्रि.** र **ना.** पिउनु, जँडयाहा बन्नु; **ना.** जाँड, जाँड खाने पार्टी ।

borax (बो'र्याक्स्) **ना.** सोहाग, धातुवल्लभ, टगर ।

border (बॉअर्'डर्) **ना.** र **क्रि.** सीमाना, दोसाँध, किनारा; **क्रि.** किनारामा हुनु, किनारा बनाउनु ।

bore (बोअर्) **ना.** र **क्रि.** रन्ध्र, नाल; नदीमा ठूलो तरङ्ग; **क्रि.** उच्चाट लाग्नु, उराठ लाग्नु, टट्टाउनु, पट्टाइ लाग्नु, झर्को मान्नु, न्यास्रो लाग्नु, औताउनु, टट्टिनु;—**dom** **ना.** उच्चाट, चिच्याट;—**r** **ना.** छेदक ।

born (बॅअर्न्) **वि.** जन्मेको ।

borne (बोअर्न्) **वि.** ल्याएको, सहेको, बेहोरेको ।

borow (बॅ'रो) **क्रि.** सापट लिनु, ऋण काढ्नु, उधार लिनु ।

bosh (बॅश्) **ना.** र **वि.** **बो.** (अप०) वाहियात कुरा, नचाहिने कुरा, फजूल ।

bosom (बु'ज़म्) **ना.** छाती, हृदय, स्तन, कुच, पयोधर, थून, चित्त, मन, भित्री कुरा, वक्ष, वक्षस्थल ।

boss (बॅस्) **ना.** र **क्रि.** हाकिम, मालिक, गुरुघण्टाल, सर्वेसर्वा; गट्टा, डल्लो; **क्रि.** (over) रोब जमाउनु, हैकम चलाउनु ।

botany (बॉ'टनि) **ना.** वनस्पति विज्ञान ।

botch (बॅच्) भद्दा (मरम्मत) काम ।

both (बोथ्) **सं.**, **ना.**, **वि.** र **क्रि.** **वि.** उभय, दुवै, बराबर ;

bother (बॅ'दर्) **ना.** र **क्रि.** टंटा, उलझन, कचकच, झन्झट झ्याउलो, घाँडो;—ation **ना.** टण्टा, घाँडो, जन्जाल, झ्याउलो, लण्ठा ।

bottle (बॅ'टल्) **ना.** र **क्रि.** शीशी, बोतल, कल्ली (घाँस परालको);—brush, कल्की फूलको रूख;—**neck,** अडकाउ; साँघुरोपन;—gourd **ना.** लौका ।

bottom (बॅ'टम्) **ना.** र **क्रि. वि.** पिंध, आधार, पुट्ठा, आसन; तल्लो, निचो;—less **वि.** अथाह अतल, अगाध; get to the—**क्रि.** भण्डाफोर गर्नु, धुनपत्ता गरी खोज्नु ।

boudoir (बू'ड्वाअर्) **ना.** बैठक ।

bougainvillaea (बू'गन्भिली'या) **ना.** कागतफूल ।

bough (बाउ) **ना.** हाँगा, शाखा ।

boulder (बोल्'डर) **ना.** ढुङ्गा ।

bounce (बाउन्स्) **ना.** र **क्रि.** उफ्र्याइ, उछिट्टयाइ; फूर्ति, शेखी; **क्रि.** उफ्रनु, उफार्नु ।

bound (बाउण्ड्) **ना. वि.** र **क्रि.** सीमा, किनारा, कुदाइ; **वि.** जान लागेको; **क्रि.** उफ्रनु, कुद्नु (निष्ठा०);—hand and foot जखडबन्द ।

boundary (बाउन्'डरि) **ना.** दोसाँध, चौहद्दी, मर्यादा, सिमाना, साँध, सीमा, हद, किला; out of bouds बेइलाका ।

bounder (बाउन्'डर्) **ना.** (अप०) मस्त वा चिच्च्याउने असभ्य व्यक्ति, बेहुदा ।

bount/y (बाउन्'टि) **ना.** दान, उपहार, बक्स, पारितोषिक;—eous उदार;—iful दानी, कृपालु, दानशील ।

bouquet (बुके') **ना.** गुच्छा, थुँगो, झुप्पो, गत्थो ।

bourgeois (बुर्ज्वा') **ना.** मध्यस्तरीय मानिस, मझौला खालको मान्छे, मध्यमवर्ग;—ie **ना.** (बुर्झ्वाजि') मध्यमवर्ग (सामूहिक अर्थमा) ।

bourn (बुर्न्) **ना.** खोलो, सीमा ।

bourse (बुर्स्) **ना.** दामकामको केन्द्र (फ्रे.) ।

bout (बाउट्) **ना.** पालो झोक्का, वार, पिउने जमघट, संपीति, पटक ।

boutique (बूटी'क्) **ना.** पसल, दुकान (फ्रे.) ।

bow (बो)) **ना.** र **क्रि.** धनु, डण्डी, गज, वन्दना, ढोग; **क्रि.** (उच्चा० बाउ) झुक्नु, निहुरिनु, ढोगदिनु, नुहुनु;—legged **वि.** बाँखुरे;—string **ना.** ताँदो ।

bowel (बॅ'एल्) **ना.** आन्द्रा, आन्द्रा भुँडी;—s **ना.** आँत ।

bower (बा'वर्) **ना.** कुञ्ज, लतागृह, लताभवन, वनस्थली;—y **वि.** छायादार ।

bowl (बोल्) **ना.** र **क्रि.** कटौरा, प्याला, बट्टुको, डबका, खोरो, आरी; **क्रि.** (बल) फ्याँक्नु;—beggar's फाउनेको ताउलो;—er **ना.** फ्याँक्ने, बोलर, प्रासक ।

box (बॅक्स्) **ना.** र **क्रि.** कन्तुर, बाकस, बट्टा, पेटी, सन्दूस, (चालकको) आसन, डब्बा, पेटारी, सम्पुट, सन्दुकी, पंचपाला, रास; **क्रि.** (कान) निमोठ्नु, जर्काउनु, राख्नु, मुक्का खेल्नु;—office **ना.** टिकटघर; witness—**ना.** कठघरा;—ing मुक्काबाजी, तलयुद्ध;—gloves **ना.** मुक्का खेलमा लाउने गद्दादार पञ्जा;—er **ना.** पाणिघात;—ing day बक्स दिने दिन ।

boy (बॅय्) **ना.** लडको, ठिटो, कुमार;—hood ठिटौली, कौमार, ठिट्याइँ, लडकपन, ठिट्यौली;—ish ठिटे;—friend **ना.** यार, नाठो, लुठो ।

boycott (बॅय्'कट्) **क्रि.** र **ना.** हटक गर्नु, बहिष्कार गर्नु; **ना.** हटक, वहिष्कार ।

brac/e (ब्रेस्) **ना.** र **क्रि.** जोड़ा, युग्मक; चर्मबन्ध, चुकुल, (सिकर्मीको) वर्मा; **क्रि.** कस्नु, कस्सिनु, कम्मर कस्नु;—ing **वि.** फूर्तिदायक, बलवर्धक ।

bracelet (ब्रेस'लिट्) **ना.** बाजू ।

bracken (ब्या'कन्) **ना.** झापात, ढड्डी ।

bracket (ब्या'केट्) **ना.** दिवारगिरी, आँट, ठेउको, कोष्ठक (लघु, धनु, गुरु), नागदन्त, अर्धचन्द्रद्वय ।

brackish (ब्या'किश्) **वि.** नुनिलो, क्षार ।

bract (ब्याक्ट्) **ना.** फूलको पत्र गुच्छको तलको एकमात्र पात वा कत्ला ।

brag (ब्याग्) **क्रि.** गुड्डी हॉक्नु, फाइँफुट्टी लाउनु;—gart **ना.** पिंडीशूर, दम्भी, धक्कुबाज, गोष्ठे पंडित—gart's pluck पाँडेको दीर्व्याइँ ।

braggadocio (ब्यागडो'शिओ) **ना.** धाक, धक्कुबाज ।

braid (ब्रेड्) **ना.** चुल्ठो, पेटी, रिबन, वेणी, कबरी; **क्रि.** चुल्ठो बाट्नु ।

braille, B–(ब्रेल्) **ना.** अन्ध लिपी ।

brain (ब्रेन्) **ना.** र **क्रि.** मस्तिष्क, दिमाग, मथिङ्गल, गिदी, मिजाज, अक्कल, मगज; **क्रि.** टाउको फोर्नु;—drain मस्तिष्क निर्गम;——s अक्कल;— s trust विशेषज्ञ समूह, दक्ष समूह;—washing मस्तिष्क प्रक्षालन, अर्काको (खा. ग० बालक वा युवा) वा आफ्नू कब्जाको व्यक्तिलाई आफूले चाहे झैं सोच्न लगाउने प्रयत्न;—wave अचानक प्रेरणा, झल्को ।

braise (ब्रेज़्) **क्रि.** तल माथि दुवैतिर आगो राखी सेक्नु ।

brake (ब्रेक्) **ना.** र **क्रि.** झाडी, ब्रेक, थामुक, गतिरोधक; **क्रि.** थाम्नु, पांग्रा रोक्नु ।

bran (ब्यान्) **ना.** भूसा, चोकर ।

branch (ब्राञ्च्) **ना.** र **क्रि.** शाखा, हांगा, डाली, अङ्ग, फाँट;—out हाँगा हाल्नु ।

brand (ब्याण्ड्) **ना.** र **क्रि.** अघुल्टो, डाम, ठूँडो, तरवार, किसिम; **क्रि.** डाम्नु, डामल गर्नु, दामल, खोपाइ ।

brandish (ब्यान्'डिश्) **क्रि.** घुमाउनु, ठड्याउनु, उज्याउनु ।

brash (ब्याश्) **वि.** उज्जण्ड, निर्लज्ज, ठाडो, अविसरुवा, जण्ड, टिमुरिएको ।

brass (ब्रास्) **ना.** पित्तल, पितले बाजा, दाम, उच्छृङ्खलता;—hat उच्च दर्जाको सैनिक अफिसर;—tacks वास्तविक विवरण ।

brasserie (ब्या'सरि) **ना.** भट्टी, पिउने ठाउँ ।

brassiere (ब्र्या'सियेयर्) **ना.** भित्री चोलो, स्त्रीको स्तन थाम्ने सानू चोलो, कचूल, कंचुक, थंचोलो ।

brat (ब्र्याट्) **ना.** (सा० हेलाँ) बच्चो, शिशु, बाल, बट्ठ ।

bravado (ब्रभा'डो) **ना.** (ब. व.-oes, os) गुड्डी, डिंग, शेखी, फूर्ति, धक्कू ।

brave (ब्रेभ्) **वि.** र **क्रि.** बहादुर, सुरो, पराक्रमी, पुरुषार्थी, पौरुखी, मुड्ड भएको, वीर;—ry **ना.** ह्याउ, पराक्रम, साहस, बहादुरी, वीरता; **क्रि.** शेखी गर्नु, जाइलाग्नु, शेखी खोज्नु ।

bravo (ब्रा'भो) **वि. बो.** क्यावात ! धन्य ! स्यावास, ओहो ! वाह !

brawl (ब्रॉल्) **ना.** र **क्रि.** कलह, रडाको, गलफद्दी, झगडा संग्रालो, डाँको, कल्याङमल्याङ; कटाछे; **क्रि.** मुखलाग्नु, बाझ्नु ।

brawn (ब्रॉन्) **ना.** मांसपेशी;—y **वि.** भुसतिग्रे ।

bray (ब्रे) **ना.** र **क्रि.** खरनाद, **क्रि.** रेंग्नु, कुट्नु (खलमा)

brazen (ब्रेज़न्) **वि.** पितले, पैत्तल, बेशर्मी, निर्लज्ज, भाँड, लाज नभएको, नकच्चरो, ठाडो, निर्दली, नकटो, थेत्तरो, बरालिएको ।

brazier (ब्रे'झर्) **ना.** मकल, अटल, बोर्सी ।

breach (ब्रीच्) **ना.** झगडा, भङ्ग, छिद्र, भेद, छेदन, खलल, फाटो;पश्चाद्भाग, नितम्ब, पुठ्ठा;—of the peace शान्तिभङ्ग; —of promise विवाहको प्रतिज्ञाभङ्ग;—of trustt न्यासभङ्ग; धोखाबाजी; make a—फुट्नु, फाटो पार्नु, फोर्नु ।

bread (ब्रेड्) **ना.** पाउरोटी, रोटी, बाबर; daily—रोटी;—basket पेट;—winner मालिक, पालक ।

breadth (ब्रेड्थ्) **ना.** चौडाइ, मोटाइ, फासला, गज, फाँद, . उदारता, सहिष्णुता ।

break (ब्रेक्) **ना.** र **क्रि.** भङ्ग, भंजन, अवरोध; **क्रि.** भाँच्नु तोड्नु, टुट्नु, फोर्नु, फोड्नु, चुँड्नु, विच्छेद गर्नु, मिच्नु, उल्लंघन गर्नु;—down **ना.** देहाय, फाँटवारी, कच्चावार, विवरण; धपेडी; **क्रि.** तोड्नु;—up टुक्राउनु;—fast **ना.** र **क्रि.** जलखाइ, नास्ता, चमेना, पनपियाइ, कल्यवर्न, केलाउ; **क्रि.** सो गर्नु;—through **क्रि.** छिचोल्नु; **ना.** वेध; (अक्ष० वा अलं०) प्रवेश ।

breakage (ब्रे'केज्) **ना.** टुटफुट ।

breakdown (ब्रेक्'डाउन्) **ना.** भङ्ग, बन्द, अवरोध, देहाय, फाँटवारी, विवरण, धपेडी ।

breaker (ब्रे'कर्) **ना.** ठूलो समुद्री तरङ्ग ।

breakneck (ब्रेक्'नेक्) **वि.** अन्नाधुन्न ।

breast (ब्रेस्ट्) **ना.** र **क्रि.** वक्षस्थल, छाती, कुच, थून, स्तन, दुदु, छाकुलो, खोकिला, अन्तस्करण; **क्रि.** सामना गर्नु ।

breath (ब्रेथ्) **ना.** दम, धुकधुकी, श्वास, सास, हावा; out of —स्याँ स्याँ, हस्याङ फस्याङ, हाँफाइँ;—e **क्रि.** सास फेर्नु, उच्चारण गर्नु;—one's last **क्रि.** प्राणपखेरू उड्नु , मर्नु ।

breech (ब्रीच्) **ना.** (ब. व.—es, उच्चा० ब्रिचिज़्') पश्चाद्भाग, नितम्ब, पुठ्ठा, नाल, कुन्दा;—es **ना.** ब्रिचिस, सुरुवाल ।

breed (ब्रीड्) **ना.** र **क्रि.** (bred) वंश, कुल, जाति, नस्ल; **क्रि.** पाल्नु, पोस्नु, बढाउनु, संवर्द्धन गर्नु;—er **ना.** गोठपाल;—ing **ना.** पालन, शिक्षण, सभ्यता, सोमत ।

breez/e (ब्रीज़्) **ना.** समीर, सिरेटो, स्याँठ, हुरी, बतास, बयार; land—e धरा समीर; sea—e सिन्धु समीर;—y **वि.** बतासिलो, फुर्तिलो, मजाको ।

Bren, bren-gun (ब्रेन्, ब्रेन-गन्) **ना.** ब्रेन गन ।

brevet (ब्रे'भेट्) **ना.** सम्मानार्थ, नाममात्रको, दर्जा, स्थिति ।

brevity (ब्रे'भिटि) **ना.** छोटोपन, संक्षेप, लाघव, बुद्धिलाघव ।

brew (ब्रु) **क्रि.** र **ना.** जाँड रक्सी बनाउनु;—ery **ना.** जाँड भट्टी ।

bribe (ब्राइब्) **ना.** र **क्रि.** घूस, रिश्वत, उत्कोच; **क्रि.** घूस दिनु, ख्वाउनु ।

brick (ब्रिक्) **ना.** र **क्रि.** ईंट; like a hundred of—s, किच्ने बोझ वा बलले; **क्रि.** ईंट लाउनु; drop a—अविवेकपूर्ण वा नासमझको कुरा गर्नु;—bat **ना.**पत्थर,झटारो;—dust, सुर्की, सुर्खी;—field,—kiln **ना.** भट्टी, अवाल;—layer, **ना.** डकर्मी ।

bride (ब्राइड्) **ना.** दुलही, डोला, ब्याउली, स्वास्नी, स्त्री; —al वैवाहिक, दुलहीको ।

bride-groom (ब्राइड्'ग्रुम्) **ना.** दुलहा, वर, केटो, ब्याउलो ।

bridge (ब्रिज्) **ना.** र **क्रि.** पुल, साँगु, सेतु, ब्रीज (ताश); **क्रि.** पुल बाँध्नु, जोर्नु ।

bridle (ब्राइ'ड्ल्) **ना.** लगाम, रोकावट, अंकुश ।

brief (ब्रीफ्) **वि.** छोटो, संक्षेप, छोटकरी ।

brigad/e (ब्रिगेड्') **ना.** वाहिनी;—ier-general **ना.** सहायक रथी ।

brigand (ब्रि'गण्ड्) **ना,** डाँकू, लुटेरा ।

bright (ब्राइट्) **वि.** दीप्त, शुभ्र, तेजस्वी, चम्कने, चहकिलो, चडका, चर्को, दीप्तिमय, प्रकाशमान, तेज, बुद्धियुक्त, चलाक, बाठो, झलमल्ल;—en **क्रि.** उजिल्याउनु, टल्काउनु;—ness, **ना.** चमक, टलक ।

brillian/t (ब्रि'ल्यन्ट्) **वि.** देदीप्यमान, चडका, झल्ल, झकाझक, जगमग, झिलिमिली, भव्य, भडकिलो, चमकदार; —ce **ना.** चमक, भडक, पानी, कान्ति, प्रभा;—tine **ना.** केशमलम ।

brim (ब्रिम्) **ना.** बिंट, किनारा, साँध, मुख; full to the —टनाटन, खचाखच, अटेसमटेस, ठसाठस, खाँदाखाँद ।

brimstone (ब्रिम्'स्टोन्) **ना.** (प्राकृतिक) गन्धक ।

brine (ब्राइन्) **ना.** समुद्रोदक, खारा पानी ।

bring (ब्रिङ्) **क्रि.** (**brought**). ल्याउनु;—out निकाल्नु;—up हुर्काउनु, लालन पालन गर्नु;—forward अघिको जम्मा सार्नु; **brought forward** अघिको जम्मा सारेको ।

brink (ब्रिङ्क्) **ना.** छेउ, किनारा, डील, साँध, तट ।

brisk (ब्रिस्क्) **वि.** चपल, टाठो, छिटो, चाँडो, तीव्र, चर्को, तेज, फूर्तिवाल, चुलबुले, चटपटे;—ly **क्रि. वि.** धमाधम, सटासट ।

brisket (ब्रिस्'केट्) **ना.** ह्याकुलो ।

bristle (ब्रि'स्ल्) **ना.** र **क्रि.** छोटो कडा रौं (अथवा अन्य वस्तु), जगर, जटा; **क्रि.** रौं ठाडो पार्नु ।

brittle (ब्रि'ट्ल्) वि. निफर, नाजुक, भङ्गुर, टुट्ने;—ness **ना.** भंगुरता ।

broach (ब्रोच्) **क्रि.** (कुरा) छेड्नु, शुरू गर्नु; (पीपामा) प्वाल पार्नु (जाँड झिक्न) ।

broad (ब्रॉड्) वि. र **ना.** चौडा, फराकिलो, विस्तृत, फुकेको; —beans **ना.** बकुल्ला सिमी; (अप०) स्त्री, रण्डी ।

broadcast (ब्रॉड्'कास्ट्) **ना.** र **क्रि.** प्रसारण; **क्रि.** प्रसार गर्नु, (ब्यू) छर्नु;—er, प्रसारक;—ing station प्रसार केन्द्र ।

brocade (ब्रकेड्') **ना.** किनखाब ।

broccoli (ब्रॅ'कलि) **ना.** हरियो फूलकोबी ।

brochure (ब्रॅशुर्') **ना.** (सिएको) पर्चा, पुस्तिका ।

broil (ब्रॉइल्) **ना.** झगडा, तकरार, होहल्ला; **क्रि.** पोल्नु, सेक्नु ।

brokenly (ब्रो'कन्लि) **क्रि. वि.** रुकी रुकीकन, झटकासँग ।

broker (ब्रो'कर्) **ना.** दलाल;—age **ना.** दलाली, दस्तूर, कमीशन ।

bronchitis (ब्रॅङ्काइ'टिस्) **ना.** उपनलीको जालोको सूज, वायुनलीशोथ; bronchi **ना.** वायुनली, उपनली ।

bronze (ब्रॅन्ज़्) **ना.** काँसो, फुल, कसौट, ढलौट, ढलौटे रङ्ग ।

brooch (ब्रोच्) **ना.** बुरूच ।

brood (ब्रुड्) **ना.** र **क्रि.** चल्ला, बच्चा, केटाकेटी, हूल; **क्रि.** कुर्नु, झोक्र्याउनु;—y **वि.** निन्याउरो, झ्याउरो ।

brook (ब्रुक्) **ना.** र **क्रि.** खोला; **क्रि.** सहनु, वेसाउनु ।

broom (ब्रुम्) **ना.** झाडी, कुचो, झाड़ू, बढार्ने ।

broth (ब्रॅथ्, ब्रॅाथ्) **ना.** सुरूवा ।

brothel (ब्रॅ'थल्) **ना.** वेश्याघर, कोठी, वेश्याकोठी;—keeper **ना.** कत्थक, पीठमर्द ।

brother (ब्र'दर्) **ना.** (ब. व.—s र brethren पनि). दाजु, भाइ;—liness भाइचारा;— -in-law जेठाजु, देवर, साला, बहिनी ज्वाइँ, भिनाजु, जेठान ।

brouhaha (ब्रु'हाहा) **ना.** हल्ला, गोलमाल, कल्याङमल्याङ (फ्रे.) ।

brow (ब्राउ) **ना.** कंचट, कनपारो, कनसिरी, चाँदो, पुर्पुरो, निधार, ललाट, तालु, भाल; knit the—भ्रुकुटी चढाउनु;—beat **क्रि.** दबाउनु, हेप्नु ।

brown (ब्राउन्) **वि.** र **क्रि.** कैलो, गोला, गेरूवा, पिंगल, कपिल, कपिश; **क्रि.** खरिनु, खैरो गर्नु;—study **ना.** अन्यमनस्कता, गम, गौड ।

browse (ब्राउज़्) **क्रि.** चर्नु, सररर पढ्नु ।

bruise (ब्रुज़्) **ना.** र **क्रि.** चोट, थिलथिलो, नीलडाम, नील, डाम, चोटपटक; **क्रि.** प्रहार गर्नु, आघात गर्नु, खोस्र्याउनु, पाछ्नु, दरफन्याउनु, कोर्नु ।

bruit (ब्रुट्) **ना.** र **क्रि.** हल्ला, जनापवाद, वार्ता; **क्रि.** हल्ला चलाउनु ।

brunch (ब्रञ्च्) **ना.** चमेना र दिवाभोजको साटो एकै भोजन, ब्रञ्च [br (eakfast)+(l) unch जोरेर] ।

brunette (ब्रुनेट्') **ना.** कृष्णा, साँवली, श्यामा ।

brunt (ब्रण्ट्) **ना.** धक्का, जोर, प्रहार, आघात, रणधुरा ।

brush (ब्रश्) **ना.** र **क्रि.** वर्तिका, शुलिका, थाँक्रो, कूची, बुरुस, कुचिका, भिडन्त; **क्रि.** बुरुस लाउनु, सफा गर्नु; paint —**ना.** तूलिका;—up **क्रि.** तयार पार्नु, दोहोऱ्याउनु;—wood **ना.** पोथ्रा ।

brusque (ब्रस्क्, ब्रुस्क्) **वि.** झर्केको, च्याँठिएको, जर्केको, निट्ठा, ठुक्राउने ।

brussels sprouts (ब्र'सल्ज़् स्प्राउट्स्) **ना.** चश्मा बन्दाकोबी ।

brutal (ब्रु'टल्) **वि.** पाशविक, बर्बर, जङ्गली, क्रूर, निर्दय, नृशंस, मूढे (बल) ।

brute (ब्रुट्) **ना.** पशु, जनावर;—force **ना.** मूढे बल, मूढपेल्याइ, जबर्दस्त्याइँ ।

bubble (ब'ब्ल्) **ना.** र **क्रि.** फोको, पानीफोको, क्षणभंगुर; **क्रि.** फोको उठ्नु, उम्लिनु ।

bubonic (ब्यूबॉ'निक्) **वि.** गिल्टीको ।

buck (बक्) **ना.** र **क्रि.** हरिण, सांभर; **क्रि.** (खुट्टा जोरेर) उफ्रनु;—up **क्रि.** हतपत गर्नु, फूर्ति झिक्नु; pass the— सार्नु (काम), टार्नु, विङ्गा लाउनु, हिल्ला लाउनु, टाउकोमा हाल्नु ।

bucket (ब'केट्) **ना.** बाल्टी, डोल ।

buckle (ब'क्ल्) **ना.** र **क्रि.** खिप, बगलस ।

buckram (बक्'रम्) **ना.** बकरम ।

bucolic (ब्यूकॅ'लिक्) **वि.** ग्रामीण, गाउँले ।

bud (बड्) **ना.** र **क्रि.** कोपिला, कली, मुकुल, पालुवा, मुजुरा; **क्रि.** उम्रनु, आँकुरिनु ।

budge (बज्) **क्रि.** डग्नु, सर्नु, डेग चल्नु ।

budget (ब'जेट्) **ना.** र **क्रि.** आय व्यय, आय व्ययक, अनुमानित आय व्यय, बजेट; **क्रि.** ठेक्नु ।

buff (बफ्) **ना.** पहेंलो मखमली छाला; मानिसको छाला; in —नाङ्गो ।

buffalo (ब'फलो) **ना.** (ब. व.—oes भैंसी, भैंसो, रांगो, अर्ना, ,पाडो, थोरे, ठेटनो, थारो ।

buffer (ब'फर्) **ना.** आघातभंजक;—state मध्यवर्ती राष्ट्र।

buffet (ब'फेट्) **ना.** र **क्रि.** छेउको टेबुल; घुस्सा, चपेटा, चपत, थप्पड; **क्रि.** (तैरँदा) हान्नु, चुट्नु, पिट्नु, ठटाउनु, भकुर्नु;—dinner बुफे, (टेबुलमा सजाएर राखेको खानाबाट झिकेर खाने खाना ।

buffoon (बफुन्') **ना.** विदूषक, भाँड, जोकर;—ery **ना.** हास्य, भाँडभैलो, परिहास, ठट्टा ।

bug (बग्) **ना.** उडुस, कीरा;—bear,–aboo **ना.** भूत, हाउ, गोती, गुजी, बुजी ।

bugle (ब्यु'ग्ल्) **ना.** बिगुल ।

build (बिल्ड्) **ना.** र **क्रि.** जीउडाल, गठन, बनोट, बनावट; **क्रि.** बनाउनु, निर्माग गर्नु, रचना गर्नु;—ing **ना.** घर, भवन, निर्माण; built in भित्री, स्वचालित; built up area आवादी जग्गा, बस्ती, सोप ।

bulb (वल्ब्) **ना.** गाण्टो, कन्द, डल्लो, चिम, गुलुप, चिमनी, ढकनी, कन्दाकृति; wet, dry—(thermometer) चिसो, सुखा, डल्लो (नापमापक) ।

bulge (बल्ज्) **ना.** र **क्रि.** सूज, पोको; **क्रि.** सुनिनु, गानिनु ।

bulk (बल्क) **ना.** थोक, परिमाण, स्थूलता, मात्रा, तौल, आयतन;—y **वि.** बृहत्, स्थूल ।

bull (बुल्) **ना.** साँढे ,गोपति, बैल, बसाहा;—calf बाछो;—in a china shop होक्काँ गर्ने ।

bullet (बु'लेट्) **ना.** गोली;—proof **वि.** अभेद्य ।

bulletin (बु'लेटिन्) **ना.** आधिकारिक वक्तव्य (घटना, समाचार वा बिरामीको अवस्था बारे), मुखपत्र, पत्रिका, समाचार संग्रह ।

bullion (बुल्'यन्) **ना.** सुन चाँदी ।

bullock (बु'लक्) **ना.** गोरू, बैल, बयल, डिंगो, बहर, वृषभ ।

bully (बु'लि) **ना.** **वि.** र **क्रि.** पिंडीशूर, निर्दो तर्साउने, हुल्याहा, (निर्दोलाई) थिचोमिचो गर्ने; **वि.** उत्तम, एक नम्बर; **क्रि.** सताउनु, हैरान पार्नु । ब्याँक्नु ङ्याक्नु ।

bulwark (बुल्'वर्क्) **ना.** रक्षा, आधार, शरण, प्राकार ।

bum (बम्) **ना.** र **क्रि.** पुट्ठा, चाक; फिरन्ता, मगन्ते; **क्रि.** माग्नु ।

bump (बम्प्) **ना.** र **क्रि.** गाँठो, डल्लो; फुँडुल्को, ठक्कर; **क्रि.** थचिनु, थचार्नु, धमक्नु,—er **ना.** (धक्काको जोर घटाउने) कमानी, (पेयको) गिलास; **वि.** अति प्रचुर, घना ।

bumpkin (बम्प्'किन्) **ना.** गँवार, पाखे, लाटे ।

bumptious (बम्प्'शस्) **वि.** अधिबढ्ने, घमण्डी, शेखी, । ठसमस ।

bun (बन्) **ना.** (मीठो) रोटी, जुरो ।

bunch (बन्च्) **ना.** र **क्रि.** झुत्तो, झुण्ड, झुप्पा, गुच्छा; **क्रि.** थुप्रिनु, झुम्मिनु ।

bundle (बन्'डल्) **ना.** र **क्रि.** पोको, पन्तरो, गठरी, पुलो (घाँस), गुच्छो, गुजुल्टो, अँगालो, बिटो, ठेला, क्याँठ, कुम्लो, सुट्टरो, पुंज, गट्ठा, झुम्टा, कल्ली; **क्रि.** पोको पार्नु, पोक्याउनु ।

bungle (ब'ङ्गल्) **क्रि.** बिगार्नु, भद्दासँग काम गर्नु;—r **ना.** मखण्डी, कोरकाली ।

bunion (बन्'यन्) **ना.** कुचाँया ।

bunk (बङ्क्) **ना.** र **क्रि.** सुत्ने पटरी; फजूल (कुरा); **क्रि.** बेपत्ता हुनु;—um **ना.** फजूल ।

bunting (बन्'टिङ्) **ना.** तोरण, झण्डा ।

buoy (बॉय्) **ना.** र **क्रि.** उत्प्लावन, आलम्बन, (उत्रने) चिह्न;—ancy, **ना.** प्लवनशीलता, नम्यता, पुनर्लाभकर शक्ति (आत्माको, मोल, इ. को पनि) ।

burden (बअर्'डन्) **ना.** र **क्रि.** भार, बोझा, अभिभारा, घाँडो, ढाकर, लाद, गहुकाइँ ; **क्रि.** बोकाउनु, लाद्नु, दल्नु, लदाउनु, भारी हाल्नु;—some **वि.** असजिलो, कष्टकारक, गहुङ्गो ।

bureau (ब्युरो) **ना.** (बिसार्ने भएको) टेबुल, आधार, लेखनाधार; दफ्तर, अड्डा; आलय, विभाग;—cracy कर्मचारी शासन;—crat **ना.** शासक, प्रशासनाध्यक्ष ।

burette (ब्युरेट्') **ना.** ब्युरेट, तरल नाप्ने अंकित ऐनाको ट्यूबनली ।

burglar (बअर्'ग्लर्) **ना.** चोर, सेनमारा, सेंधकाट्टवा;—y **ना.** सेंध, चोरी ।

burlesque (बअर्लेस्क्') **ना.** र **वि.** नकली (ठट्टाको अभिप्रायले), ठट्यौले नकल, परिहास, भाँड, प्रहसन, हास्य-व्यंग ।

burly (बअर्'लि) **वि.** हट्टाकट्टा, मोटो, स्थूलकाय ।

burn (बअर्न्) **ना.** र **क्रि.** (–t–) सानु खोला; टाटो, डाम; **क्रि.** बाल्नु, पोल्नु, जलाउनु, भभाउनु, भतभताउनु, डहनु, चहऱ्याउनु, टट्टाउनु, सल्काउनु, पिल्साउनु, रन्कनु;—er **ना.** ज्वालक;—ing **वि.** उत्तेजक, डाहा, दाह, जलन, तीव्र, टण्टलापुर —out (आगो) पच्नु, निम्नु ।

burnish (बअर्'निश्) **क्रि.** टल्काउनु , पालिश गर्नु ।

burrow (ब'रो) **ना.** र **क्रि.** प्वाल, दूलो ।

burst (बअर्स्ट्) **ना.** र **क्रि.** झोक्का, भडाका (अप०) वृद्धि; **क्रि.** फुट्नु, पड्किनु, दग्नु ।

bur/y (बे'रि) **क्रि.** (भू. का.—buried) धस्नु, धसिनु, गाड्नु, दफनाउनु;—ial **ना.** गाड्ने;—ing-ground कब्रिस्तान ।

bus (बस्) **ना.** (ब. व.—es). बस, यात्रीयान

bush (बुश्) **ना.** झाड़ी;—y **वि.** घना, झाडिलो ।

business (बिज्'निस्) **ना.** काम, लेनदेन, धन्धा, व्यवसाय, बन्दव्यापार, कारबार, कारोबार, कामकाज, कामकुरो, कामधन्धा, व्यापार; अलमल, झमेला, झयउलो;—like **वि.** व्यावहारिक, काइदाको ।

bust (बस्ट्) **ना.** वक्षस्थल, उर्ध्वकाय ।

bustle (ब'स्ल्) **ना.** र **क्रि.** व्यग्रता, कोलाहल, चटारो, रुमलो; **क्रि.** चलमलाउनु, चटारिनु, भविच्छिन्न पार्नु ।

busy (बि'ज़ि) **वि.** र **क्रि.** व्यस्त, बेफुर्सती, काममा लागेको, काजू, व्यग्र, लगनशील;—ness अलमल, तहसनहस, हस्याङ फस्याङ, रुमलो, लछारो, झमेला, झोंज, झमार; to be—लागि मेलो गर्नु; **क्रि.** लाग्नु, तरखर गर्नु ।

but (बट्) उ० तर, परन्तु, अपितु, किन्तु ।

butcher (बु'चर्) **ना.** र **क्रि.** खड्गी, बगरे, अजाजीवी, बधिक, कसाही; **क्रि.** कतल गर्नु, छप्काउनु ’

butler (बट्'लर्) **ना.** मुख्य नोकर, बैठके ।

butt (बट्) **ना.** र **क्रि.** कुन्दा, पीपा, ठट्टाको पात्र; **क्रि.** सींगले हान्नु;—in उर्तासनु ।

butter (ब'टर्) **ना.** र **क्रि.** नौनी, मखन; अतिशय चाटूक्ति,

चेऱ्याइँ, लोलोपोतो; **क्रि.** नौनी लाउनु, बनाउनु;—wouldn't melt in one's mouth साँचिलो (हुनु)।

butterfly (ब'टर्फ्लाइ) **ना.** पुतली, पुत्लो, पतङ्ग ।

buttery (ब'टरि) **ना.** महाविद्यालयहरूमा पाउरोटी, जाँड, नौनी इ. राख्ने ठाउँ, भण्डार;—hatch सो मालहरू दिने आधा खापा भएको ढोका ।

buttock (ब'टक्) **ना.** फिला, पुट्ठा, (अश्लील० कण्ढो), चाक, पींध, चूतड, नितम्ब, श्रोणी ।

button (ब'टन) **ना.** र **क्रि.** टाँक, गट्टा, घुंडी, बटन; **क्रि.** टाँक लाउनु ।

buttress (ब'ट्रेस्) **ना.** र **क्रि.** आधार, टेवा, अडान ।

buxom (ब'क्सम्) **वि.** हृष्ट, प्रफुल्ल, मोटाताजा, सम्पुष्ट, थसुल्लो ।

buy (बाइ) **ना.** र **क्रि.** (भू. का. bought) खरीद; **क्रि.** किन्नु, खरीद गर्नु, बेसाउनु, मोल्नु ।

buzz (बज़्) **क्रि.** भुनभुनाउनु, भनभनाउनु, भन्किनु, झिँ्रुलिनु; **ना.** गंजक ।

buzzard (ब'ज़र्ड्) **ना.** गिद्ध; (मान्छेलाई गालीको शब्द) लोभी, दुष्ट।

by (बाइ, बि) **उ.** ले, सँग, साथ; **वि.** दोस्रो, अप्रधान, उप;—run **ना.** उपरन;—product उपोत्पादन ।

bye (बाइ) **ना.** र **वि. बो.** बाइ (क्रिकेट रनको प्रकार); **वि. बो.** बिदाइ; उप ।

by-election (बाइ-इलेक्'श्न्) **ना.** उपचुनाउ, उपनिर्वाचन।

bygone (बाइ'गॅन्) **वि.** बितेको, गएको ।

by-law (बाइ'लॉ) **ना.** उपनियम ।

byname (बाई नेम्) **ना.** कुख्याति ।

by pass (बाइ'-पास्) **ना.** छेकारो, छेडो ।

by path (बाइ'पाथ्) **ना.** गोरेटो, गोडारी ।

byproduct (बाइ-प्रॅडक्ट्) **ना.** उपफल, आनुसंगिक उत्पादन, सह उत्पादन ।

byre (बाइर्) **ना.** गोठ, कटेरो, गोशाला ।

byroad (बाइ-रोड्) **ना.** गली ।

bystander (बाइ स्टण्डर्) **ना.** दर्शक ।

byword (बाइ'वअर्ड्) **ना.** नामूद ।

C

cab (क्याब्) **ना.** बग्गी, ट्याक्सी, घर, कोठा ।

cabal (कब्याल्) **ना.** गुप्ती षडयंत्र, (खा. ग. राजनैतिक) ।

cabaret (क्या'बरे) **ना.** तमाशा, नाच (खा. ग. भोजनालय, होटेलहरूमा) ।

cabbage (क्या'बेज्) **ना.** बन्दाकोबी, बन्दा ।

cabin (क्या'बिन्) **ना.** छाप्रो, कुटी; कोठा (जहाजमा), खोपी ।

cabinet (क्या'बिनिट्) **ना.** दराज; मंत्रिमंडल ।

cable (के'ब्ल्) **ना.** डोरी, रस्सी, समुद्री तार, केबल ।

cache (क्याश्) **ना.** लुकाउने ठाउँ या लुकाएको माल (धन, गहना, गोलीगट्ठा) ।

cachinnate (क्या'किनेट्) **क्रि.** खित्का छोडेर हाँस्नु, अट्टहास गर्नु ।

cackle (क्या'क्ल्) **क्रि.** कुर्नु (कुखुरा, हाँसले); **ना.** खित्का ।

cacophony (कॅक'फ'नि) **ना.** दुःशब्द ।

cactus (क्याक्'टस्) **ना.** सिउँडी, सीऊ, क्याचुक ।

cad (क्याड्) **ना.** नीच, असभ्य ।

cadastral (कड्यास्' ट्रल्) **वि.** कित्ता (नापी) ।

cadaverous (कड्या'भरस्) **वि.** शवतुल्य, लाशसरी;—cadaver **ना.** लाश, शव, सिनु ।

cadence (के'डन्स) **ना.** स्वरावरोह, स्वर, ताल, ध्वनि ।

cadet (क्याडेट्') **ना.** अनुज, सैनिक, विद्यार्थी, प्रशिक्षार्थी ।

cadre (का'ड्र्) **ना.** रचना, योजना एकांकको स्थायी संगठन, दर्ज्यानी, काडर, पदको निश्चित संख्या ।

caecum (सी'कम्) **ना.** (ब. व.—ca) बन्द आन्द्रा, (ठूलो आन्द्राको प्रथम भाग); एक छेउ बन्द भएको नली ।

caesar (सी'ज़र्) **ना.** सीजर, निरंकुश शासक;—'s wife पातिव्रत्य बारे शंका नउठ्ने स्त्री ।

caesura (सिज्यु'अर) **ना.** पाठछेद ।

cafe (क्या'फे) **ना.** काफी घर, भोजनालय, कफोशाला, (फ्रे.) ।

cafetaria (क्याफेटे'रिय) **ना.** चमेनाघर ।

cage (केज्) **ना.** पिंजडा, कैद, स्यालखान, खोर ।

cagey (के'जि) **वि.** सशंकित, चलाक, असजिलो ।

cain (केन्) **ना.** भ्रातृहत्यारा; raise—**क्रि.** हुल्लड मच्चाउनु ।

cairn (केयर्न्) **ना.** (ढुङ्गाको) स्मारक, चिहान ।

cajole (कजोल्') **क्रि.** ललाउनु, फकाउनु, फुक्र्याउनु, फुस्ल्याउनु, फ़ल्याउनु, छल्नु;—ry **ना.** खुशामद, अनुनय ।

cake (के'क्) **ना.** र **क्रि.** रोटी, मिठाइ; पूलिका, पूपिका, पूपाली; बडा; have your—and eat it too लड्डू पनि पेडा पनि; चिची पनि पापा पनि ।

calamity (कल्या'मिटि) **ना.** आपत्ति, आपद, विपत्ति, आपदविपद, छुटछाट, बित्यास ।

calcareous, ious (क्याल् के'य्रे (य्रि) अस्) **वि.** चूनदार, चुनिलो, शार्करीय, चूर्णमय ।

calcification (क्याल्'सिफिके'श्न्) **ना.** चूनीकरण ।

calcination (क्याल्'सिने'श्न्) **ना.** भस्मीकरण; calcine **क्रि.** खरानी पार्नु, बाल्नु ।

calculate (क्याल्'क्युलेट्) **क्रि.** हिसाब गर्नु, गणना गर्नु, गन्नु;—ed **वि.** स्वार्थी, जानी जानी;—or **ना.** गणना गर्ने यन्त्र, गणक ।

calculus (क्याल्'क्युलस्) **ना.** ब. व.—li, (गणितमा धे ज.

—es;) मूत्रकृच्छ, कलन; differential—चलनकलन; integral—चलराशि कलन ।

calefacient (क्यालेफे'शण्ट्) **वि.** उष्मक ।

calendar (क्या'लेण्डर्) **ना.** पात्रो, पंचाङ्ग, समय तालिका ।

calendula (क्यालेन्‌डय्'ूला) **ना.** असर्फीफल ।

calenture (क्या'लेन्टयोर) **ना.** प्रलाप, मूर्छा ।

calf (काफ्) **ना.** (व. व.—ves). बाछो, वसाहा, बाछी, पाडो, पिंडौला ।

calibrate (क्या'लिब्रे'ट्) **क्रि.** भित्री व्यास निकाल्नु, अंकण गर्ने अघि नलीमापकको अनियमितता पत्ता लाउनु ।

calibre,—ber (क्या'लिवर्) **ना.** भित्री व्यास (बन्दूक वा नलीको), चरित्रको गाम्भीर्य, स्थिति; काबिलियत, खाल, टक्कर ।

calk (कॉक्) **क्रि.** (जुत्तामा) कीला ठोक्नु ।

call (कॉल्) **ना. र क्रि.** बोलाहट, आह्वान, आवाहन, चिच्याहट, बोल, डाँक, पुकार; **क्रि.** बोलाउनु, झिकाउनु, कौलास्नु, पुकार्नु, संज्ञा दिनु, कहनु, हकार्नु, हपार्नु, भेट्नु, तलब गर्नु; called भनाउँदो, कथित, तथाकथित, कहिएको, कहलिएको;—bell कलघंटी;—for **क्रि.** झिकाउनु, तलब गर्नु; to be—ed कहनु ।

calligraphy (कलि'ग्रफि) **ना.** लिपि, हस्तलिपि, लेखाइ ।

calling (कॉलिङ्) **ना.** जीविका, पेशा, काम ।

callisthenic (क्यालिस्थे'निक्) **वि.** बल र सौन्दर्य साथसाथै ल्याउने;—s **ना.** शरीर बल सौन्दर्य कला ।

callous (क्या'लस्) **वि.** कडा, सारो, निर्मोही, निर्मम, असंज्ञ, संज्ञाशून्य, निर्दयी, मर्म नबुझ्ने; callosity **ना.** कठोरता, कडापन, ठेला, त्वग् दृढता, काठिन्य, किण ।

callow (क्या'लो) **वि.** प्वाँख नउम्रेको, पक्षहीन, अनुभवहीन, कोरा ।

callus (क्या'लस्) **ना.** (छालामा) गाँठो, ठेला ।

calm (काम्) **वि.** ठण्डा, साम्य, शान्त, स्थिर, बेहडबडी, विना हावाको;—ness **ना.** शान्ति, अक्षोभ, विश्राम ।

calomel (क्या'लमेल्) **ना.** रसकपूर ।

calorescence (क्यालरे'सेन्स्) **ना.** ताप-रश्मिको प्रकाश रश्मिमा परिवर्तन ।

calori/e (क्या'लरि) **ना.** क्यालरी, तापको एकांक;—c ताप;—meter **ना.** तापमापक ।

calumniat/e (कलम्'निएट्) **क्रि.** बदनाम गर्नु, निन्दा गर्नु, कलंक लाउनु;—ion **ना.** कलंक, आक्षेप ।

calumny (क्या'लम्नि) **ना.** बदखोर, बदी, अपगाल, बदनाम; आक्षेप, पैशुन, निन्दा, कलंक, मिथ्याभियोग, उतार्नि ।

calve (काभ्) **क्रि.** ब्याउनु, बाछो पाउनु ।

calx (क्याल्क्स्) **ना.** (व. व.—calces) भस्म, शेष, धातु भस्म ।

calyx (क्या'लिक्स्) **ना.** कोपिलाको बाहिरी तह बनाउने पत्रको गुच्छा ।

camaraderie (क्यामराडरी') **ना.** साथीभाव, सख्यभाव ।

camel (क्या'मल्) **ना.** ऊँट;—hair उष्ट्रलोम ।

cameo (क्या'मिओ) **ना.** (व. व.—s) पत्थरमा कुँदेको दृश्य, सानु दृश्य ।

camera (क्या'मरा) **ना.** क्यामेरा, तस्वीरयंत्र, छवियंत्र; in—गुप्तसँग, कोठाभित्र, कोठे;—man, **ना.** छविकार, क्यामेरावाला ।

camouflage (क्या'मुफ्लाझ्) **ना. र क्रि.** (छल्नाको उद्देश्यले) भेष बदल्नु (लडाइँमा तोप, जहाज, सिपाही इ० को) ।

camp (क्याम्प्) **ना. र क्रि.** गिर्दा, चौगिर्दा, क्याम्प, उपनिवेश, कटक, डेरा, शिविर, वास; **क्रि.** वास बस्नु;—fire धुनी ।

campaign (क्याम्पेन्') **ना. र क्रि.** कटक, अभियान; **क्रि.** लडाइँ गर्नु ।

camphor (क्याम्'फर्) **ना.** कपूर ।

campus (क्याम्'पस्) **ना.** शिक्षण संस्थाको जमीन, चौगिर्दा ।

can (क्यान्) **ना. र क्रि.** भाँडो, टिन, सिंगमांग; **क्रि.** सक्नु; as far as one—सकुञ्जेल, यथाशक्य ।

canal (कन्याल्') **ना.** कुलो, क्यारी, पैन, नहर, नल, कुलेसो, पनालो, खोल्सो, खाँद ।

canard (कनाअर्ड्',क्या'नअर्ड्) **ना.** हल्ला, अपवाद ।

canary (कने'अरि) **ना.** क्यानरी ।

cancel (क्यान्'सल्) **क्रि.** (-ll-) खारिज गर्नु, रद्दी गर्नु, बदर गर्नु, बातिल गर्नु, काट्नु, धुलाउनु, मेट्नु;—lation **ना.** रद्द, खारिजी, बन्द, बदर, बातिल ।

cancer (क्यान्'सर्) **ना.** कर्कट राशि, क्यान्सर, कर्कटी (घातक रोग) जो आफू रहेको भाग खान्छ र हटाइएमा फर्कन्छ; (अलं०) खराबी, दुष्टता, (आलस्य, घूस, इ०) जो त्यस्तै गर्छन् ।

candid (क्यान्'डिड्) **वि.** सोझो, सरल, निष्कपट, खरो ।

candidate (क्यान्'डिडेट्) **ना.** उम्मेदवार, प्रार्थी, आवेदक, याचक, अर्थी ।

candle (क्यान्'डल्) **ना.** मैनबत्ती;—power बत्तीबल;—stick सामदान, मैनबत्तीदान ।

candour (क्यान्'डर्) **ना.** निष्कपटता, खरापन, निष्कापट्य ।

candy (क्यान्'डि) **ना.** मिस्री, गुलियो, मिठाइ, पिपलमेंट, पुष्टकारी ।

candytuft (क्यान्'डिटफ्ट) **ना.** मोतियाफूल ।

cane (केन्) **ना.** वेंत, बाँस, सिर्कना, कंची;—sugar मिस्री, चीनी ।

canine (के (क्या) नाइन्') **वि.** कुकुर जस्तो, कुक्कुरीय ।

canister (क्या'निस्टर्) **ना.** कनिस्टर, टिन ।

canker (क्याङ्'कर्) **ना.** मुखको रोग, कलंक, विष ।

cannibal (क्या'निबल्) **ना.** मान्छे खाने, मनुष्यभक्षी, स्वजातिभक्षी, क्रव्याद, क्रव्याशी;—ism क्रव्याशित्व ।

cannon (क्या'नन्) **ना.** तोप;—ball तोपगोला;—ade गोलाबारी ।

canny (क्या'नि) **वि.** चलाक, चतुर, निपुण, मितव्ययी ।

canoe (कनू') **ना.** डुङ्गा ।

canon (क्या'नन्) **ना.** क्रिस्तानी पादरीको दर्जा, धार्मिक आदेश, व्यवस्था, ग्रन्थसूची;—ical धार्मिक;—ical hours प्रार्थना, विवाह विधि, इ० को लागि तोकिएको अवधि ८ बजे बिहानदेखि

३ बजे दिउँसोसम्म ।

canopy (क्या'नपि) **ना.** चँदुवा, झल्लर, चाँदनी, वितान, वितानक ।

cant (क्याण्ट्) **ना.** र **क्रि.** तेर्सो छेउ, पाल्सी कुरा, अपभाषा, माग्ने बोली; कुनै जात पेशा वा सम्प्रदायमा प्रचलित बोली; **क्रि.** पल्टिनु, ढल्कनु ।

cantaloup (क्यान्'टलूप्) **ना.** तरबूजा ।

cantankerous (क्याण्ट्याङ्'करस्) **वि.** दुराग्रही, उरण्ट्याउलो, झगडे, निहुँखोजाहा, झगडालु, ओन्याहा, अचाड्‌ ।

cantata (क्याण्टा'टा) **ना.** (संगी०) समूहगान; प्रदर्शित नहुने गीति काव्य ।

canteen (क्याण्टीन्') **ना.** क्याण्टिन, भोजनालय, चमेनाघर ।

canter (क्यान्'टर) **ना.** र **क्रि.** कदम (घोडाको चाल) ।

canto (क्यान्'टो) **ना.** (व. व.—os) सर्ग, अध्याय ।

canton (क्याण्टन्') **ना.** प्रदेश, (स्विट्झर्ल्याण्डको) राज्य ।

cantonment (क्याण्टन्'मेण्ट्) **ना.** छाउनी, डेरा, खेमा, सेनावास, शिविर ।

canvas (क्यान्'भस्) **ना.** टाट, चित्रपट, वीथिका, किरमिच ।

canvass (क्यान्'भस्) **क्रि.** छलफल गर्नु, मत माग्नु, प्रार्थना गर्नु; **ना.** अभियाचन, याचना ।

caoutchouc(काउ'चूक्) **ना.** कुचुक ।

cap (क्याप्) **ना.** र **क्रि.** टोपी, शिरपोश, विर्को, ढकना ।

capability (केपवि'लिटि) **ना.** क्षमता, ताइँ, खूपी, हुती, सामर्थ्य, योग्यता, शक्ति ।

capable (केपेब्ल्) **वि.** लायक, समर्थ, सक्षम, ताकतदार, खूबीवाल, शक्तिमान, शक्त, कार्यक्षम ।

capacious (कपे'शस्) **वि.** विशाल, अटाउने, ठूलो, विपुल ।

capacity (कप्या'सिटि) **ना.** खूपी, ताइँ, हैसियत, वर्गत, सामर्थ्य, क्षमता, शक्ति, समावेशन, धारणाशक्ति, विस्तार, परिमाण, हविंगत ।

cap-a-pie (क्यापपी') **क्रि. वि.** सर्वांग, नख-शिखान्त, खुट्टादेखि टाउकोसम्म ।

caparison (कप्या'रिसन्) (प्रायः व. व.) **ना.** साज ।

cape (केप्) **ना.** अंतरीप, केप, वाहुला नभएको लुगामाथि लाउने बक्खू जस्तो पोशाकको प्रकार ।

caper (के'पर्) **क्रि.** उफ्रनु, बुर्द्रुक उफ्रनु ।

capillar/y (कपि'लरि) **ना.** र **वि.** केशनली, केशिका; **वि.** केशोपम, सूक्ष्म;—ity attraction **ना.** केशाकर्षण ।

capital (क्या'पिटल्) **ना.** र **वि.** (खम्बाको) शिर, सिरा; राजधानी; प्रधान वस्तु; पूँजी, धनराशि; सदर, कोट, केन्द्र; —ist पूँजीपति, साहू, महाजन ।

capitation (क्यापिटे'शन्) **ना.** प्रतिव्यक्ति; जनही (कर लगाउने प्रथा वा व्यवस्था) ।

capitulate (क्यापि'ट्यु लेट्) **क्रि.** समर्पण गर्नु, त्वं शरण हुनु, वशमा जानु, कायल हुनु ।

caprice (क्याप्रीस्') **ना.** लहड, चपलता;—ious **वि.** मनपर्दो, मनपरी, जथाभावी, उटपट्याङ्ग, कामचारी, चपल, स्वैर ।

capricorn (क्या'प्रिकअर्न्) **ना.** मकरराशि ।

capsicum (क्याप्'सिकम) **ना.** खुर्सानी, भिंडे खुर्सानी ।

capsize (क्याप्साइज्') **क्रि.** उल्टनु, पल्टिनु ।

capsule (क्याप्'स्यूल्) **ना.** कोष, कूपी ।

captain (क्याप्'टिन्) **ना.** कप्तान, सहसेनानी, नायक, नेता ।

caption (क्याप्'शन्) **ना.** शीर्षक, वर्णन ।

captious (क्याप्'शस्) **वि.** छिद्रान्वेषी, दोष खोज्ने, वितंडापूर्ण ।

captivate (क्याप्'टिभेट्) **क्रि.** मोह पार्ने, लोभ्याउने, हृदय हर्ने ।

captive (क्याप्'टिभ्) **ना.** कैदी; बन्दी, थुनुवा ।

captor (क्याप्'टर्) **ना.** समात्ने, पक्डने, बन्दी गर्ने, बन्दीकर्ता ।

capture (क्याप्'चर्) **ना.** र **क्रि.** गिरफ्तारी, पक्राउ, लङ्घन; **क्रि.** समात्नु, पक्डनु ।

car (काअर्) **ना.** रथ, कार, गाडी ।

carafe (क्याराफ्') **ना.** (काँचको) सुराही, झारी ।

carapace (क्या'रपेस्) **ना.** कछुवा र अन्य शंखवासीको वाहिरी आच्छादन, हाड ।

carat (क्या'रट्) **ना.** क्यारट ।

caravan (क्या'रभ्यान्) **ना.** यात्रीसमूह, संघ ।

carbohydrate (काअर्बोहाइ'ड्रेट्) **ना.** कार्बोहाइड्रेट ।

carbon (काअर्'बन्) **ना.** कार्बन, अंगार;—ise कार्बनीकरण; —dioxide कार्बनिक वायु;—paper अंगारपत्र, नकल सार्ने पत्र ।

carbuncle (काअर्'बङ्क्ल्) **ना.** जहरवाथ, विस्फोट ।

carburettor (काअर्ब्यूरे'टर्) **ना.** कारबरेटर, दाहक ।

carcase (काअर्'कस्) **ना.** सिनु, सिनो, लाश, मुर्दा, शव, गोंड ।

card (काअर्ड्) **ना.** र **क्रि.** ताश, पत्ती, चक्की; **क्रि.** कोँग्यो लाउनु, (कपास इ.) धुन्नु;—board **ना.** गत्ता, गाता ।

cardamom (काअर्'डमम्) **ना.** अलैंची ।

cardiac (काअर्'डिअ्याक्) **वि.** र **ना.** मुटुको, हार्दिक; **ना.** उत्तेजक (औषधि) ।

cardigan (काअर्'डिगन्) **ना.** वाहुला भए (नभए) को बुनेको ऊनी चोलो, स्वेटर ।

cardinal (काअर्'डिनल्) **वि.** र **ना.** आधारभूत, मुख्य; **ना.** पादरीविशेष ।

care (केयर्) **ना.** र **क्रि.** जतन, हिफाजत, हेरचाह, सावधानी, याद, होशियारी, परहेज, वास्ता, परवाह, संभार, परिचर्या, स्याहार, सुसार, चासो, ध्यान, जिम्बा, पथपरहेज, राखी, रेखदेख; **क्रि.** टेर्नु;—free **वि.** निःशङ्क, निर्धक;—ful **वि.** सतर्क, तदारूख, सावधान, जागरूक;—less **वि.** निस्फिक्र, ढुक्क, वेवास्ता, प्रमत्त, होस्त्याङ, झारातिरूवा, निर्धक, हुस्सु;—lessness **ना.** हेलचेक्र्याइँ, नीच मार्नु;—taker **ना.** कुरुवा, रखवार, पाले ।

career (करीअर्') **ना.** वेग, जीवनचर्या, जीवयात्रा ।

caress (करेस्') **क्रि.** र **ना.** प्यारो गर्नु, सुमसुम्याउनु, आलिंगन गर्नु ।

caret (क्या'रेट्) **ना.** काकपाद, लेख्दा छुटेको थप्दा तल लेख्ने

चिह्न, (ʌ) थप ।

caretaker (केय्र्'टेकर्) **ना.** रखवार, पाले, कुहुवा, रेखदेख गर्ने ।

cargo (काअ्र्'गो) **ना.** (ब. व.—es) पोतभार ।

caricature (क्यारिकच्यु्र्') **ना.** र **क्रि.** व्यंग्य चित्र; **क्रि.** हँसी उडाउनु ।

carminative (काअ्र्'मिनेटिभ्) **वि.** र **ना.** वायु शमन गर्ने (औषधि) ।

carmine (काअ्र्'मिन्) **ना.** गाढा रातो रंग ।

carnage (काअ्र्'नेज्) **ना.** मारकाट, हत्याकाण्ड, संहार ।

carnal (काअ्र्'नल्) **वि.** कायिक, शारीरिक, विषय;—intercourse, मैथुन, संभोग;—ity **ना.** कामुकता ।

carnival (काअ्र्'निभल्) **ना.** तुमुलोत्सव ।

carnivorous (काअ्र्नि'भोरस्) **वि.** मांसाहारी ।

carol (क्या'रल्) **ना.** गीत, स्तोत्र, घौसी रे ।

carousal (क्यारू'ज़ल्') **ना.** पानोत्सव ।

carouse (कराउज़्') **क्रि.** पानोत्सव गर्नु, बेसरी पिउनु ।

carp (काअ्र्प्) **ना.** र **क्रि.** माछा (को प्रकार); **क्रि.** छिद्र खोज्नु, दोष लगाउनु ।

carpenter (काअ्र्'पण्टर्) **ना.** सिकर्मी, तक्षी, काष्ठकार, चनारो, काठकर्मी ।

carpet (काअ्र्'पेट्) **ना.** कार्पेट, सुकुल, गुन्द्री, लम्पट;—knight सुकुल गुण्डा ।

carriage (क्या'रिज्) **ना.** वाहन, यान, रथ, गाडी; ढुवानी, भाडा, किराया; ढाँचा, व्यवहार।

carrion (क्या'रियन्) **ना.** र. **वि.** सडेको मासु, सिनू, फोहोर, मैला; **वि.** सडेको, घीनलाग्दो ।

carrot (क्या'रट्) **ना.** गाजर ।

carry (क्या'रि) **क्रि.** वहन गर्नु, भिर्नु, खेप्नु, बोक्नु, ओसार्नु, हात लाउनु; गाभिन हुनु, (tales) गद्का खेल्नु;—into effect कार्यान्वित गर्नु; carrier **ना.** भरिया, कुल्ली, धारक, वाहक, ढोइया, ढोने; रोगवाहक, संवाहक;—forward सार्नु, लैजानु, (गन्दा) हातलाग्नु;—over सार्नु;—tales चुक्ली लाउनु ।

cart (काअ्र्ट्) **ना.** गाडा, शकट ।

cartilage (काअ्र्'टिलज्) **ना.** कुर्कुरे हाड, तरुण अस्थि ।

cartography (काअ्र्टॅ'ग्रफि) **ना.** नक्शा खिच्ने;—er **ना.** नक्शाकार ।

carton (काअ्र्'टन्) **ना.** कागतको बाकस ।

cartoon (काअ्र्टून्) **ना.** व्यंग्यचित्र ।

cartridge (काअ्र्'ट्रिज्) **ना.** कार्तूस, गोली ।

carve (काअ्र्भ्) **क्रि.** (भू. का.—ed) काट्नु, (भोजन गर्दा) भाग लाउनु, कुँद्नु;—r **ना.** तक्षक, कारू ;—ing उत्कीर्णन, टुक्रा काट्नु ।

caryatid (क्यारिअ्या'टिड्) **ना.** नारीको रूपमा खम्बा ।

cascade (क्यास्केड्) **ना.** झरना, वलिन्द्र धारा ।

case (केस्) **ना.** मुद्दा, मामिला, हालत, अवस्था, खण्ड, पक्ष, विषय, स्थिति, कुरा, मिसिल; पेटी, बट्टा, बाकस, सन्दूक, खोल;—hardened भुक्तमान ।

casein (के'सेइन्) **ना.** केसीन, दूधको तत्व, छेना ।

casement (केस्'मेण्ट, केज्'मेण्ट्) **ना.** झ्याल ।

cash (क्याश्) **ना.** (ब. व. हुँदैन) र **क्रि.** नगद, तहवील, रोकड, रकम; **क्रि.** भजाउनु; साट्नु;—crop नगदबाली;—register नगदवही; **क्रि.** खारिज गर्नु, नोकरी बाट बर्खास्त गर्नु;—ier **ना.** खजाञ्ची, तहवीलदार;—memo नगद रसीद गर्नु ।

cashmere (क्याश्'मिय्र्) **ना.** कश्मीरा ।

casino (कसी'नो) **ना.** (ब. व.—os) सार्वजनिक संगीत, नृत्य वा द्यूत क्रीडाको स्थान, जूवाको अड्डा ।

cask (कास्क्) **ना.** पीपा, पुङ ।

casket (कास्'किट्) **ना.** मञ्जूषा, कन्तुर, पेटारी ।

cassette (क्यासेट्') **ना.** टेप रेकर्डर, फिता लेखक ।

cast (कास्ट्) **ना.** दाउ, फुलो, थासा, आकृति; **क्रि.** फ्यॉक्नु, ढाल्नु, ढोल्नु, थासा;—iron ढलुवा फलाम;—ing ढलान;—vote निर्णायक मत;—off **वि.** जडाउरी, फ्याँकेको, निकालेको ।

caste (कास्ट्) **ना.** जात, जातभात, कुल, जाति, वर्ण, खानदानी ।

castigate (क्यास्'टिगेट्) **क्रि.** ताडना गर्नु, फट्कार्नु, भर्त्सना गर्नु, पचकार्नु, पेटका कीरा मार्नु ।

castle (का'स्ल, क्या'स्ल्) **ना.** किल्ला, कोटघर, गढ, दुर्ग; हात्ती (बुद्धिचालमा);—s in the air आकाशको फल ।

castor (का'स्टर्) **ना.** मसलादान, (**ब. व.**) तेल इ० खाने ठाउँमा राख्ने भाँडो;—sugar, दानादार चीनी; टेबिल, मेच, इ. का खुट्टामा जडिएका साना चूलमा घुम्ने (घुम्ने) पाङ्ग्रा ।

castrat/e (क्यास्ट्रेट्') **क्रि.** आख्ता बनाउनु, खसी पार्नु, सुमर्नु;—ion, **ना.** सुमराइ, अण्डाकर्षण ।

casual (क्या'ज़ुअल्,—ज़्युअल्) **वि.** आकस्मिक, अनैकान्त, भैपरी आउने, झारातिरु वा, अपर्झट, नैमित्तिक ।

casualty (क्याज़ुअल्टि,—ज्युअल्टि) **ना.** चोटपटक, हताहत; संगति समापत्ति।

casuist (क्या'ज़ु इस्ट्,—ज़्यु—) **ना.** विचारक, अपलापी, वक्रोक्तिवादी।

casus belli (के'सस् बे'लाइ) **ना.** लडाइँको कारण ।

cat (क्याट्) **ना.** बिरालो, कर्कशा स्त्री ।

cataclysm (क्या'टक्लिज्म्) **ना.** घोरंबाट, प्रलय, उत्पात ।

catacomb (क्या'टकोम्) **ना.** (भूइँमन्तिरको) सामूहिक चिहान-घर ।

catafalque (क्या'टफ्याल्क्) **ना.** अर्थी ।

catalepsy (क्या'टलेप्सि) **ना.** अपस्मार ।

catalogue (क्या'टलॅग्) **ना.** सूचीपत्र, फिरिस्त, तालिका ।

catalysis (कट्या'लिसिस्) **ना.** आफू नबदली अरू वस्तुमा परिवर्तन गराउने वस्तुको प्रभाव; उत्प्रेरण;—lyst **ना.** उत्प्रेरक।

catamite (क्या'टमाइट्) **ना.** पुरुष मेहीको लाडला ।

catapult (क्या'टपल्ट्) **ना.** गुलेली, घुयेंत्रो ।

cataract (क्या'टऱ्याक्ट्) **ना.** झर्ना; मोतियाबिन्दु ।

catarrh (कटाअर्') **ना.** श्लेष्म, कफ ।

catastrophe (कट्यास्'ट्रफि) **ना.** उत्पात, जुलुम, नानास्थान, बिल्लबाठ, बित्यास, भँडखारो, परिणाम (नाटकको) ।

catch (क्याच्) **क्रि.** (—caught). र **ना.** समाउनु, समात्नु, पक्डनु;—ing, संक्रामक, (**ना.**) चुकुल, ग्राहक, अप्ठ्यारो, (बल) समात्याइँ ;—ment area **ना.** शिर इलाका;—word, थेको;—catchy **वि.** मनोहारी ।

catechism (क्या'टेकिज्म्) **ना.** प्रश्नोत्तरद्वारा (खा. ग. ईसाई धार्मिक) शिक्षा ।

catechu (क्या'टेचु) **ना.** खयर, कत्था ।

categor/y (क्या'टेगरि) **ना.** श्रेणी, वर्ण, प्रकार, पद, कल्पना; —ical **वि.** नियत,स्पष्ट, सुव्यक्त ।

cater (के'टर्) **क्रि.** भोजनको व्यवस्था गर्नु, दिलबहलाउको प्रवन्ध गर्नु;—er **ना.** भोजन प्रवन्धक ।

caterpillar (क्या'टर्पिलर्) **ना.** (पुतलीको) कीरा, झुसिल्कीरो, लाम्रेकीरो, खन्चुवा, अन्तरहित जोर्नी भएको इस्पातको पाता जसलाई टयाङ्क, ट्र्याक्टर, इत्यादिको पहियाले चलाउँछन् ।

caterwaul (क्या'टर्वॉल्) **क्रि.** बिरालोको आवाज निकाल्नु, बिरालो झैं लड्नु ।

catgut (क्याट्'गट्) **ना.** तंत्री, तन्तु, सुकेको आन्द्रा (भेडा, घोडा, गधाको, बिरालोको होइन) ।

cathar/sis (कथाअर्'सिस्) **ना.** शुद्धीकरण;—tic **ना.** जुलाब, रेचक ।

catherine-wheel (क्याथरीन्-ह्वील्) **ना.** डण्डीदार चक्का वा झ्याल, अग्निचक्र (आतसबाजी); लडीबुडी ।

catheter (क्या'थेटर्) **ना.** मूत्राशयमा हाल्ने नली, सलाई ।

cathode (क्या'थोड्) **ना.** ऋणद्वार ।

catholic (क्या'थलिक्) **वि.** सार्वलौकिक, सहिष्णु, उदार; —ity **ना.** उदारता, सहिष्णुता ।

cation (क्याट्'आइअॅन्) **ना.** ऋणाणु ।

cattish, catty (क्या'टिश् , क्या'टि) **वि.** बिरालो जस्तो खा. ग. द्वेषपूर्ण, ईर्ष्या लिने ।

cattle (क्या'ट्ल्) **ना.** गाईवस्तु, वस्तुभाउ, मालताल, गाईगोरू, चौपाया, क्षुद्र व्यक्ति ।

caucus (कॉ'कस्) **ना.** (राजनीतिक) गूट ।

caudillo (काउडिल्'यो) **ना.** (ब. व.—s) नेता (स्पेनिश भाषाभाषी देशमा) ।

caudle (कॉ'ड्ल्) **ना.** काढा ।

caul (कॉल्) **ना.** शिरोवेष्ठन, अंत्रावेष्ठन, गर्भावेष्ठन, जालो ।

cauldron, cal—(कॉल्'ड्रन्, क्याल्'ड्रन्) **ना.** फोसी, खडकौलो, खँड़कुलो, झाँगा ।

cauliflower (कॉ'लिफ्लावर्) **ना.** काउली, फूलकोबी ।

caulk (कॉक्) **क्रि.** टाल्नु ।

causal (कॉ'ज़ल्) **वि.** हैतुक ।

causality (कॉज़्या'लिटि) **ना.** कारणतत्व, हैतुकत्व ।

causation (कॉज़े'श्न्) **ना.** कारणत्व, हैतुकत्व, हेतुता ।

causative (कॉ'ज़टिभ्) **वि.** उत्पादक, फलोत्पादक ।

cause (कॉज़्) **ना.** र **क्रि.** कारण, बापत, परिबन्द, जरिया, बेहोरा, पक्ष; हेतु, निदान, उत्पादक; **क्रि.** पार्नु, माग्नु, तलब गर्नु, गराउनु;—of action मुद्दाको कारण;—and effect कार्यकारण; show—कैफियत तलब गर्नु;—to disappear लोप पारिदिनु;—ed by. जरियाबाट;—to grow उमार्नु;—less, अकारण, सितिमिति, अयोग्य ।

causerie (कोज़री') **ना.** (**ब.** व.—s) अनौपचारिक वा बोलचाली शैलीको लेख वा प्रवचन (फ्रे०) ।

causeway (कॉ'ज़्वे) **ना.** उँचो बाटो (पानी अथवा हिलामाथि) ।

caustic (कॉस्'टिक्) **वि.** र. **ना.** दाहक, ख्याउने, काट्ने ।

cauterize,—ise (कॉ'टराइज़्) **क्रि.** दाहक वा तातो फलामले डाम्नु, पोल्नु ।

cautery (कॉ'टरि) **ना.** दहन, वा डामन गर्ने धातुको औजार ।

caution (कॉ'श्न्) **ना.** सावधानी, होश, चेतावनी;–money जमानत; cautious **वि.** सचेत, होशियार, जागृत, जागा, चंख, बिउँझो ।

cavalcade (क्याभल्केड्') **ना.** घोडचढीहरूको समूह ।

cavalier (क्याभलिअर्') **ना.** घोडचढी, सवार, दोरङ्गा, अश्वारोही, रिसल्ला, भलाद्मी, (स्त्रीको) संगी (पुरुष) ।

cavalry (क्या'भल्रि) **ना.** तुरंगबल, अश्वारोही महादल, रिसल्ला ।

cave (केभ्) **ना.** गुफा, ओडार, खोपी, कन्दरा;—man बर्बर, जंगली ।

cave (केभ्) **क्रि.** धसिनु, कुच्चिनु ।

caveat (के (क्या)'भअ्याट्) **ना.** चेतावनी, शर्त, प्रतिबन्ध ।

cavern (क्या'भअर्न्) **ना.** कन्दरा, गुफा, भैमर्न्तिर, कोटर, गुहा, ओडार;—ous दावा लागेको, ओडार परेको, सारङ्गी आकारको ।

cavil (क्या'भिल्) **क्रि.** (–ll--) निहुँ खोज्नु, निरर्थक आपत्ति झिक्नु, अडङ्गा लगाउनु ।

cavity (क्या'भिटि) **ना.** घर, प्वाल, छिद्र, गर्त, कोटर, कुहर ।

caw (कॉ) **ना.** र **क्रि.** कागको बोली, काँ काँ ।

cayenne (केएन्') **ना.** पिरो खुर्सानी ।

cease (सीस्) **क्रि.** र **ना.** थाम्नु, थामिनु, रहनु, बन्द हुनु, अन्त हुनु; **ना.** विराम;—fire विराम, युद्धविराम;—less लगातार, निरन्तर;—lessly (लेस्लि) **क्रि. वि.** तारन्तार ।

cedar (सी'डर्) **ना.** देवदारु ।

cede (सीड्) **क्रि.** सुम्पनु, दिनु, स्वीकार गर्नु, त्याग्नु (जमीन) ।

ceiling (सी'लिङ्) **ना.** सिलिङ्ग, छाना, हद, अधिकतम, हदबन्दी, भित्री छत, छत ।

celebrate (से'लेब्रे'ट्) **क्रि.** (उत्सव) मनाउनु, अनुष्ठान गर्नु, प्रख्यात गराउनु; प्रशंसा गर्नु, (गीत, पुस्तक, इ०मा) तारीफ गर्नु ।

celebrity (सेले'ब्रिटि) **ना.** कीर्ति, ख्याति, प्रसिद्धि ।

celerity (सिले'रिटि) **ना.** वेग, तीव्रता, छिटयाइँ ।

celery (से'लरि) **ना.** बोक्रा छोडाइएको डाँठबाट सलाद बनाइने

विरुवा, सेलरी ।

celestial (सेलेस्'टियल्) **वि.** आकाशीय, दिव्य, अमर्त्य, उत्कृष्ट, परम, व्योम;—sphere खगोल,—empire चीन; (ठ०)—चीनिया ।

celibacy (से'लिबसि) **ना.** कुवाँरो जीवन, अविवाहित अवस्था ।

cell (सेल्) **ना.** कोष, कक्ष, सेल, जीवकोष, खण्ड, खाना ।

cellar (से'लर्) **ना.** भैंमन्तिरको कोठा, भैंबैठक ।

cellophane (से'लफेन्) **ना.** सेलोफेन (बेर्ने पारदर्शक कागत) ।

cellular (से'ल्युलर्) **वि.** सेल निर्मित, जालीदार, सानु कोठा या खण्ड भएको, कोषीय, रन्ध्रपूर्ण ।

celluloid (से'ल्युलॅयड्) **ना.** नम्य पदार्थ, सेलुलयड । (वो. चा. र चलन) सोबाट बन्ने अनेक वस्तु र अचेल खा० ग० कृत्रिम कपडा बनाउँदा प्रयोग हुने वस्तु ; सेंलुलोज ।

cellulose (से'ल्यूलोज्) **ना.** र **वि.** (र. शा०) विरुवाहरूको बनोटको ठोस भागमा रहने वस्तु; **वि.** कोपमय ।

cement (सिमेण्ट्) **ना.** र **क्रि.** सिमेण्ट, मट्टी, सिमण्टी; **क्रि.** जोर्नु, जमाउनु ।

cemetry (सि'मेट्रि) **ना.** कब्रस्तान, चिहान ।

cenotaph (से'नटाफ्) **ना.** स्मारक, चैत्य ।

censer (सेन्'सर्) **ना.** धुपौरो ।

censor (सेन्'सर्) **ना.** सेन्सर, जाँचक ।

censorius (सेन्सअ्रि'यस्) **वि.** निन्दो चर्चो गर्ने, दोप खोज्ने ।

censur/e (सेन्'शर्) **ना.** र **क्रि.** प्रतिकूल फैसला, वचन, निन्दा, भर्त्सना, गाली, बेमञ्जूरी; **क्रि.** खोट लाउनु, निन्दा गर्नु, नसीहत दिनु.—able वचनीय ।

census (सेन्'सस्) **ना.** लोकगणना, जनगणना ।

cent (सेण्ट्) **ना.** per— सैकडा, सयौं भाग; पैसा, सानु सिक्का ।

centenarian (सेन्टेने'रियन्) **ना.** शतायुष ।

centenary (सेन्टी'नरि) **वि.** र **ना.** शतक, शतवार्षिकी ।

centennial (सेन्टे'निअल्) **वि.** शताब्द ।

centigrade (सेन्'टिग्रेड्) **ना.** सेन्टीग्रेड, शतांश, तापमान ।

centime (सांटीम्') **ना.** (फ्रान्सिसी र स्विस) सिक्का (फ्रे०)

centipede (सेन्'टिपीड्) **ना.** कनसुतलो, कनखजुरो, खजुरो, शतपदी ।

cento (सेन्'टो) **ना.** (ब. व.—os) टालटुल, धेरै ग्रन्थकारका कृतिको संकलन ।

centre (सेन्'टर्) **ना.** र **क्रि.** बीच, मध्य, केन्द्र, सदर; **क्रि.** केन्द्रित गर्नु, जम्बा गर्नु;—थोर्नु, बीचमा जम्बा गर्नु (शिकार, बाघ इ०)—round घुराउनु; central मध्यगत, मध्यवर्ती; central heating **ना.** तपन, केन्द्र तपन, घर न्यानो पार्ने उपकरण;—alize केन्द्रित गर्नु ।

centri/fugal (सेण्ट्रि'फ्युगल्) **वि.** केन्द्रापसारी;—petal **वि.** केन्द्राभिसारी ।

centuple (सेन्'ट्युपल्) **वि.** सय गुना ।

centurion (सेन्ट्यु'रिअन्) **ना.** योधशताधीश ।

century(सेन्'च्युरि) **ना.** (कुनै वस्तुको) सय गोटा, शतक (खा. ग. क्रिकेटमा १०० रन); सयवर्ष, शतवार्षिकी ।

ceramic-k (सिऱ्या'मिक्) **ना.** माटाको कला, मृत्तिका कला ।

cereal (सि'अिरअल्) **वि.** र **ना.** खाद्यान्न, गहूं मकै इत्यादिबाट तयार गरेको खाद्य वस्तु ।

cerebellum (सेरिबे'लम्) **ना.** लघु मस्तिष्क ।

cerebral (से'रिब्रल्) **वि.** मस्तिष्कको, मगज लाग्ने ।

cerebrum (से'रिब्रम्) **ना.** बृहत् मस्तिष्क ।

ceremon/y (सेरिम'नि) **ना.** समारोह, विधि, संस्कार, आचार, व्यवहार;—ial **वि.** र **ना.** वैधिक, नैयमिक, व्यावहारिक;—ious **वि.** अनुनयी, नम्र, रीतिपालक ।

cerise (सरीज्') **वि.** र **ना.** हलका रातो ।

cert (सअ्र्ट्) **ना.** पक्का ।

certain (सअ्र्'टन्—टिन्) **वि.** पक्का, ठोकुवा, अवश्यम्भावी, स्थिर, निःसन्देह, निधो, निस्तुक, निस्से, खतोखात;—ty ठोक्कान, निश्चय, पक्कापक्की, इदमित्थ, यकीन, नैश्चित्य ।

certi/fy (सअ्र्'टिफाइ) **क्रि.** प्रमाणित गर्नु;—ficate **ना.** प्रमाणपत्र, मानपत्र, प्रशंसापत्र;—fication, **ना.** प्रमाणन, प्रमाणीकरण ।

certiorari (सअ्र्शिअरा'अिर्) **ना.** मिसिलपेशीको आदेश (उच्चबाट निम्न अदालतलाई), उत्प्रेषण ।

certitude (सअ्र्'टिट्युड्) **ना.** विश्वास, दृढ़ निश्चय, पक्का, इदमित्थ, निधो ।

cerulean (सिरू'लेअन्) **वि.** गाढा नीलो ।

cerumen (सिरू'मेन्) **ना.** कानेगुजी ।

cervical सअ्र्भिक्'ल्) **वि.** घाँटीको ।

cervics (सेअ्र्'भिक्स्) **ना.** पाठेघरको मुख ।

cess (सेस्) **ना.** महसूल, शुल्क ।

cessation (सेसे'शन्) **ना.** अन्त, विराम ।

cesssion (से'शन्) **ना.** (राष्ट्रले) प्रदेशको हस्तान्तरण, त्याग ।

cesspit, cesspool (सेस्'पिट्, सेस्'पूल्) **ना.** मलमूत्रको थुप्रो, नारु, मोरी ।

chafe (चेफ्) **क्रि.** मालिश गर्नु, दल्नु, खोस्रिनु, दर्फन्याउनु; झोकिनु, इख्याउनु; डल्ल्याउनु, रगड्नु, बिझ्नु ।

chaff (चाफ्) **ना.** र **क्रि.** भूसा, चोकर, छिलका, ढुटो, तुष, पोगटा, च्याँख्ला, खोस्टा; **क्रि.** ठट्टा गर्नु, गिज्याउनु, जिस्क्याउनु ।

chafing-dish (चे'फिङ्-डिश्) **ना.** बोसीं, मकल ।

chagrin (शग्रीन्') **ना.** र **क्रि.** निराशा र क्लेश, लाज, तीव्र निराशा, **क्रि.** आब तोड्नु ।

chain (चेन्) **ना.** र **क्रि.** सिक्री, साङ्लो साँकल, ठिंगुरो, शृंखला, जंजीर; गलफन्दी; **क्रि.** बाँध्नु, सिक्री लाउनु;—man **ना.** जञ्जीरदार ।

chair (चेअ्र्) **ना.** र **क्रि.** मेच, कुर्सी, संवेश, आसन; **क्रि.** आसनमा राख्नु;—man आसनपति, आसनाधीश, अध्यक्ष ।

chaise (शेज्) **ना.** एक्का वा जोडी बग्गीको प्रकार ।

chalet (श्या'ले) **ना.** कुटी, छाप्रो ।

chalk (चॉक्) **ना.** खरी, चक ।

challenge (च्या'लेञ्) **ना.** र **क्रि.** शेखी, जोरी, हुंकार,

समराह्वान, ललकार, चुनौती; **क्रि.** जोरी खोज्नु, हिक्नु ।

chalybeate (कलि'विएट्) **वि.** फलामले अतिमिक्त भएको, फलामे ।

chamber (चेम्'वर्) **ना.** खोपी, कक्ष, कोष्ठ, कमरा ,स्थल;—maid कोठामोचे;—pot कोपरा ।

chameleon (कमी'लिअन्) **ना.** छेपारो, गिरगिट, शयानक; बदलिरहने मानिस ।

chamois (श्याम्'वा) **ना.** साँबर, श्यामय ।

champ (च्याम्प्) **क्रि.** चपाउनु (सोरसंग) ।

champagne (श्याम्पेन्') **ना.** श्याम्पेन, मद्यविशेष ।

champerty (च्याम्'पर्टि) **ना.** मुद्दा परेका सम्पत्तिको अंश पाउने आशाले झगडा बोकेको अपराध ।

champion (च्याम्'पिअन्) **ना.** र **क्रि.** पहलवान, रक्षक, विजेता, मण्डली;—ship मण्डलाधीश, मण्डल ।

chan/ce (चान्स्) **ना.** र **वि.** दाउ, मौका, संभाव्यता, भवितव्य, कलिकाल, संजोग, संयोग, काकताली घटना, झम्का;—cy **वि.** अनिश्चित्य, खतरासहित ।

chancellery (चान्'सलरि) **ना.** चान्सेलरको पदवी, ओहदा, कार्यालय; chancellor कुलपति (वि. वि. को), कानूनी अहलकार, उच्चवर्गको अधिकारी ।

chancery (चान्'सरि) **ना.** राजदूतावासको कार्यालय ।

chandelier (श्यान्डलियर्') **ना.** झाड, झाडफानस ।

chandler (चन्ड्'लर्) **ना.** मोदी ।

change (चेञ्ज्) **ना.** र **क्रि.** अदल-बदल, परिवर्तन, विकार, ठीक परिमाण (खा. ग. बारूद इ. को); सटही, रेचकी, हेरफेर; **क्रि.** बदलिनु, फेर्नु, साट्नु, भजाउनु, परिणत गर्नु;—able अस्थिर, चंचल;—ling साटेको सन्तान; small—**ना.** रेचकी, खुद्रा; तुच्छ कुरा ।

channel (च्या'नल्) **ना.** र **क्रि.** (--ll--) कुलो, परीवाह, नाला, जलनिर्गम, कुल्या, जलसंयोजक, स्रोत, ढल, नाल ।

chant (चाण्ट्) **ना.** र **क्रि.** मंत्र, भजन, श्लोक; **क्रि.** लयसंग भन्नु, पाठ गर्नु, फलाक्नु ।

chanticleer (चान्'टिक्लिअर्) **ना.** (पालेको) भाले कुखुरा ।

chaos (के'ॲस्) **ना.** शून्य, आद्यशून्य, लथालिंग, भताभुंग, अस्तव्यस्तता, छिरलो,पसारो, यत्रतत्र, गण्डगोल, भद्रगोल, गंजागोल ।

chap (च्याप्) **ना.** र **क्रि.** (–pp–) मानिस, ज्वान; मुख, बङ्गारो; **क्रि.** फुट्नु, कलेटी पर्नु;—fallen **वि.** निन्याउरो, उदास, खिन्न, झाउरे ।

chapel (च्या'पल्) **ना.** पूजाकोठा ।

chaperon (श्या'परोन्) **ना.** साथी (स्त्रीको) ।

chaplet (च्याप्'लेट्) **ना.** माला ।

chapman (च्याप्'म्यान्) **ना.** (ब. व.—men) फेरीवाला ।

chapter (च्याप्'टर्) **ना.** अध्याय, महल, खण्ड, सभा;—and verse उद्धरणको (संख्यासहित) ठीक संकेत ।

char (चाअर्) **ना.** घरको काम, धन्धा,—woman ज्यालामा घरको काम सगाउने स्त्री, झी, दाई; (**क्रि.**) डढ्नु, डढाउनु ।

char—a—bancs (शा'रावाँ, ङ्) **ना.** शालेबम (फ्रे०) ।

character (क्या'रक्टर्) **ना.** स्वभाव, बानी, चालचलन, चरित्र, रूप, चिह्न, सुवान, लक्षण, प्रकार, पात्र, अक्षर, टाँका ।

characteristic (क्यारक्टरिस्'टिक्) **ना.** लक्षण, लक्षक, विशिष्ट गुण ।

characterise (क्या'रक्टराइज्) **क्रि.** स्वभाव वर्णन गर्नु ।

charade (शराड्') **ना.** गाउँ खाने कथा प्रकारको पहेली ।

charcoal (चाअर्'कोल्) **ना.** गोल, कोइला ।

charge (चाअर्ज्) **ना.** र **क्रि.** शक्ति, तालुक, हैकम, कमान, होक्काँ, विंगा, इल्लत, कलंक, आरोप, बात, इलजाम, अत्तो; अपटी, कसूर (बातलाग्नु), अपवाद, रकम, खर्च, बल, तोड; जोर; भाडा, आवेश, बुझबुझारथ, हालिमुहाली, दस्तूर, विस्फोटक, विद्युत्शक्ति; **क्रि.** आक्रमण गर्नु, अभियोग लगाउनु, दोषारोपण गर्नु, रकम लगाउनु, आविष्ठ गर्नु, विद्युन्मय गर्नु, उठाउनु, हिक्नु, जिम्मा खटाउनु, जिम्मा लगाउनु, तिरो लगाउनु, दाम लिनु, चढाउनु, (मोल) कस्नु;—sheet अभियोग पत्र; hand over—सुम्पनु; list to hand over—अकर्ण; take—बुझ्नु, जिम्मा लिनु, सम्हाल्नु, बहाल गर्नु, हाल साविक गर्नु; in—जिम्मेवार; खटी जिम्मा जाने; false—**ना.** अत्तो, फत्तुर, फरेब ।

charge' d affaires शा'र्जे डाफेयर) **ना.** (ब. व. ges उच्चा० उही) का. मु.राजदूत, कार्यदूत, कूटनैतिक व्यक्ति;—ad int स्थायी कूटनैतिक नियोगको मुख्य;—ad hoc राजदूतको अनुपस्थितिमा अस्थायी त्यस्तो मुख्य ।

chariot (च्या'रिअट्) **ना.** रथ, शानदार सवारी ।

charisma (क्या'रिज्मा) **ना.** ईश्वरीय दान, व्यक्तिगत आकर्षण, लोकप्रियता, मनोहारिता; ज. कि राजनैतिक नेताको;—atic **वि.** मनोहारी, आकर्षक ।

charity (च्या'रिटि) **ना.** दान, भिक्षा दान, सदावर्त, दातव्य, उदारता, अनुकम्पा, दयार्द्रता;—able उदार, धर्मादा ।

charwari (शाअ्रिभा'अ्रि) **ना.** होहल्ला ।

charlatan (शाअर्'लटन्) **ना.** छली, नक्ली पण्डित;—ism **ना.** छलछाम, ठगी, धूर्त्याइँ ।

charm (चाअर्म्) **ना.** र **क्रि.** हिसी, बान्कीं, मन्त्र, टुना, कवच, जन्तर; **क्रि.** मोहित गर्नु, आकृष्ट गर्नु, मंत्रनु;—ing **वि.** सुन्दर, मनोहर, रम्य, रमणीय, चारु, रमाइलो, हृदयहारी, प्रामोदिक ।

chart (चाअर्ट्) **ना.** नक्शा, चित्र, रेखाचित्र, चित्रपट, पट, सारिर्णा पट, विवरणपट, तालिका रेखा ।

charter (चाअर्'टर्) **ना.** राजपत्र, बडापत्र, शासनपत्र, पञ्जिल;—ed accountant, पत्रित लेखपाल; **क्रि.** बड़ा पत्र प्रदान गर्नु, (जहाज वायुयान, सवारी, इ०) भाडामा लिनु दिनु (सामूहिक तौरले) ।

charwoman (चाअर्'वुमन्) **ना.** मैचा, झी, दाई ।

chary (चे'अ्रि) **वि.** चंख, होशियार, सावधान ।

chase (चेज्,चेस्) **ना.** र **क्रि.** लखेटाइ, शिकार; **क्रि.** लगार्नु, खेद्नु, धपाउनु, भगाउनु, लखेट्नु ।

chasm (क्या'ज्म्) **ना.** फाटो, दरार, भ्वाङ ।

chassis (श्या'सी, च्यासिस्) **ना.** आकार, आकृति, च्यासिस ।

chaste (चेस्ट्) **वि.** पतिव्रता, शुद्ध, पवित्र, आडम्बरशून्य, अनलंकृत ।

chasten (चे'स्न्) **क्रि.** शोध्नु, खार्नु, उन्नत गर्नु,. दबाउनु, दण्ड दिनु ।

chastise (च्यास्टाइज़्') **क्रि.** दण्ड गर्नु, सजायँ गर्नु, पिट्नु, तहलाउनु ।

chastity (च्यास्'टिटि) **ना.** पातिव्रत्य, सरलता ।

chat (च्याट्) **क्रि.** (--tt--) गफ गर्नु, वात मार्नु ।

chatelaine (श्या'टलेन्) **ना.** घरकी मालिक्नी ।

chattel (च्या'टल्) **ना.** चलसंपत्ति, हाँडाचिण्डा, जेथा (अचल बाहेक) ।

chatter (च्या'टर्) **क्रि.** फतफत, वकवक गर्नु, च्याँ-च्याँ गर्नु, (दाँत) कटकटाउनु;—box **ना.** फतफते, गफ्फी;—er **ना.** कुरौटे, कुराउटे, फतुरो

chatty (च्या'टि) **ना.** वतुवा ।

chauffeur (शो'फर्) **ना.** (मोटर) चालक, ड्राइभर ।

chauvinism (शो'भिनिज्म्) **ना.** लडाकु, देशप्रेम, शेखी, भिडन्ते मिजास, जोदाहा बानी ।

cheap (चीप्) **वि.** सस्तो, खैराते, सुपथ, सुलभ, सामान्य, विनामूल्यको, सहलिया, किफायती; dirt—ज्यादै सस्तो ।

cheapen (ची'पन्) **क्रि.** मोल गर्नु, होच्याउनु ।

cheat (चीट्) **ना.** र **क्रि.** ठग, छल, लपरचोट्टा, धूर्त, धाँधली, धोखा, फकौरो, लुच्चो, धुतुवा, धुताहा ठमार, लवार; **क्रि.** धुत्नु, जिप्टचाउनु;—ing **ना.** ठगी, छल ।

check (चेक्) **वि. बो, ना.** र **क्रि.** श ! (बुद्धिचाल), रोक, किस्त; बाधा, अडको, जाँच, निरीक्षण, रुजु, भिडान, ठक्कर, चेक, छडके, निग्रह, चारखाने (कपडा); **क्रि.** जाँच्नु, रुजु गर्नु, रोक्नु, अँठ्याउनु, अचेट्नु, दाँज्नु, भिडाउनु;—er **ना.** रुजुकार, रुजु गर्ने, जाँचकी;—post चौकी;—mate **ना.** (बुद्धिचाल) माथ, बाजीमाथ ।

cheek (चीक्) **ना.** गाला, धृष्टता, लाडेबोली, आत्मविश्वास, तुजुक;—bone गालेहाड;—by jowl नजीकै, संगसंगै ।

cheer (चियर्) **ना.** र **क्रि.** भाव, भोजन, प्रोत्साहनको बोली; **क्रि.** उत्तेजना, हर्ष, प्रेरणा दिनु;—ful फुरुङ्ग, प्रफुल्ल, प्रसन्न; —less उदास; खिन्न;—ly, मोजसँग, फूर्तिसाथ; three—s कराएर, प्रोत्साहन वा प्रशंसा जनाउने क्रिया ।

chees/e (चीज़्) **ना.** र **क्रि.** चीज, पनीर, छुर्पी, **क्रि.** थाम ! बन्द गर !;—sy चीजको स्वाद ।

chef (शेफ्) **ना.** खानसामा, अडैनी, भान्से, रसोइया (फ्रे०) ।

chef-d'oeuvre (शेडेअर्'भ्र) **ना.** (ब. व. chefs— उच्चा० उही) उत्कृष्ट कृति (फ्रे०) ।

chemical (के'मिकल्) **वि.** रासायनिक; **ना.** द्रव्य ।

chemist (के'मिस्ट्) **ना.** रसायनशास्त्री, रसायनविद्, औषधि पसल ।

chemistry (के'मिस्ट्रि) **ना.** रसायनशास्त्र; organic— कार्बन, कार्बनीय, रसायन; inagornic—अकार्बन,—नीय रसायन ।

chemotherapy (केमथे'रपि) **ना.** रसायन चिकित्सा ।

cheque, check (चेक्) **ना.** चेक, पुर्जा; blank—सादा चेक; crossed—क्रस चेक;—book चेक वही किताव ।

chequer, cheker (चे'कर्) **क्रि.** एकान्तर रंगले छुट्ट्याएर वर्ग बनाउनु, छुट्ट्याउनु, चारखाने पार्नु, फरक पार्नु ।

cherish (चे'रिश्) **क्रि.** पोस्नु, पाल्नु, कदर गर्नु, न्यानू पारेर राख्नु ।

cherry (चे'रि) **ना.** पैयूँ ।

cherub (चे'रब्) **ना.** (ब. व.—s,—im) **ना.** देवपुरुष, गन्धर्व ।

chess (चेस्) **ना.** बुद्धिचाल ।

chest (चेस्ट्) **ना.** सन्दूक; कोखा, छाती, वक्ष, बृहति, उरस्थल, करङ्ग, करास्फोट ।

chestnut (चेस्'नट्) **ना.** रूखविशेष र त्यसको फल, कट्ुसको प्रकार, वासी कथा, गाढा खैरो रंग ।

cheval-glass (शेभ्याल्'ग्लास्) **ना.** ठाडो आडमा अडाएको लामो ऐना ।

chevalier (शेभलिए') **ना.** अश्वारोही, विभिन्न पदवी वा दर्जासूचक शब्द् खा. ग. फ्रान्सको;—of industry; ठग, साहसकारी ।

chevron (शेभ्'रन्) **ना.** पाटो, धर्सो, सेनामा दर्जा जनाउने वाहुमा लगाइने चिह्न ।

chew (चू) **क्रि.** चपाउनु, मर्काउनु, चाब्नु, टोक्नु;—ing gum, चपाइरहनुपर्ने वस्तु;—the cud, उग्राउनु, विचारमग्न हुनु ।

chiaroscuro (कियारस्कू'रो) **ना.** र **वि.** चित्रकलामा धूप छायाको खेल; प्रकृतिमा धूप छाया; साहित्यमा अन्तरको प्रयोग ।

chic (शिक्) **ना.** र **वि.** सीप, दक्षता, ठाँट; उत्कृष्टताको छाप, हिसी; **वि.** काइदासाथ, ठाँटसँग, चिट्ट परेको, हिंसी परेको, शोभन, सुवेषा, छैला, छन्द परेको (पहिरन) ।

chicanery (शिके'नरि) **ना.** वाक्छल, कानूनी ठगाइ, झूटो बोलेर छकाउनु ।

chick (चिक्) **ना.** चल्लो, बचरो ।

chicken (चि'किन्) **ना.** कुखुरा;—pox **ना.** ठेउला, मसूरिका ।

chide (चाइड्) **क्रि.** (भू. का. chid, निष्ठा chidden वा chid) उज्रूर गर्नु, हप्काउनु, गाली गर्नु ।

chief (चीफ्) **ना.** मुख्य, महापाल, मुखिया, मुख्य व्यक्ति, मुखसारी, ठालू, थकाली, कारणी, प्रथम, प्रमुख;—tain, सैनिक नेता ।

chiffon (शिफों') **ना.** शिफन ।

chignon (शि'नियन्) **ना.** जूरो ।

chilblain (चिल्'ब्लेन्) **ना.** पुचाया, शीत लाग्नु ।

child (चाइल्ड्) **ना.** (ब. व.—children). बालक, बच्चा, वालख;—bed सुत्केरी;—hood शैशवकाल, बालिमन्;—ish, बालिश, लाडे; —ishness; **ना.** बालिश्य;—less, **वि.**

अपुतो, निःसन्तान; get with—पेट बोकाउनु, दुम्स्याउनु; —prodigy बाल बुज्रुग।

chill (चिल्) **ना.** ठंडा, शीत, जाडो लाग्नु, उत्साहहीनता;—breeze सिरेटो।

chilli (चि'लि) **ना.** खुर्सानी।

chilly (चि'लि) **वि.** ठण्डा, जाडो, टाढाको भावको।

chime (चाइम्) **ना.** र **क्रि.** सुर मिलाएका घण्टीहरूको समूह, लय, सुर; **क्रि.** बज्नु, लयसाथ बज्नु।

chimer/a,-aera (किमे'य्रा) **ना.** सिंहको टाउको, खसीको जीउ सर्पको पुच्छर हुने अद्भुत राक्षस, गुजी, गोती;—ical **वि.** काल्पनिक, भयंकर, मनकल्पित।

chimney (चिम्'नि) **ना.** चिमनी, चिम, धूवाँकस।

chimpanzee (चिम्प्यान्ज़ी') **ना.** चिम्पान्जी, बाँदर।

chin (चिन्) **ना.** चिउँडो, चिबुक।

chine (चाइन्) **ना.** ढाकुलो, डँडाल्नु।

chink (चिङ्क्) **ना.** प्वाल, खोल्सा, चियाउने छिद्र, (हेलाँ) चीनियाँ।

chintz (चिन्ट्स्) **ना.** छिट।

chip (चिप्) **ना.** पचकर, छ्याकन, रोडा, गिर्खा, टुक्रा, चाना, टूँडो।

chiropodist (काय्रॅ'पडिस्ट्) **ना.** चरणवैद्य, खुट्टाको देखरेख गर्ने;—*p*ody, **ना.** पादोपचार।

chirp (चअ्र्प्) **क्रि.** र **ना.** (चराचुरुङ्गीको) च्याँ;—ing **ना.** रूत, विराव;—y **वि.** ऊल्लसित, प्रफुल्लवदन, कुञ्जित।

chirrup चि'रप्) **क्रि.** र **ना.** बालकलाई बोलाउने ध्वनि।

chisel (चि'ज़ल्) **ना.** र **क्रि.** रामो; ठग्नु, म्हास्नु, अन्याय व्यवहार गर्नु।

chit (चिट्) **ना.** बालक, ठिटी; टिप्पणी, पत्र।

chitchat (चिट्'च्याट्) **ना.** गफसफ, बातचीत, कुराकानी।

chival/ry (शि'भ्याल्रि) **ना.** सुवीर्य, पुरुपार्थ, सुविक्रम, शौर्यगुण;—rous, **वि.** वीर, पौरुषी, धामवत्, सुविक्रान्त।

chloral (क्लोअ्र'ल्) **ना.** सुपुप्तिजनक र चेतनानाशक औपधि।

chloride (क्लो'राइड्) **ना.** क्लोरीनको यौगिक।

chlorinate (क्लो'अ्रिनेट्) **क्रि.** क्लोरीनले व्याप्त गर्नु।

chlorine (क्लो'अ्रीन्) **ना.** साह्रै कडा महक भएको अधातु वायव तत्व।

chlorodyne (क्लो'अ्रडाइन्) **ना.** लाग्ने र दर्दनाशक विशिष्ट औषधि।

chloroform (क्लो'अ्र्फअ्र्म्) **ना.** क्लोरोफर्म, चेतनानाशक औषधि।

chloromycetin (क्लोअ्रमाइ'सेटिंन्) **ना.** एण्टिबायटिक (प्रतिजीवी) औषधि, क्लोरोमाइसेटिन।

chlorophyll (क्लो'अ्रफिल्) **ना.** विरुवाको हरियो रंग दिने वस्तु, क्लोरोफिल।

chock-full (चॅक्-फुल्) **वि.** भरपूर, परिपूर्ण, टनाटन, टम्म, अटाइनसक्नु।

chocolate (चॅ'कलेट्) **ना.** चकलेट, यसको गाढा खैरो रंग।

choice (च्वॉयस्) **ना.** र **वि.** छनाइ, छानवीन, रोजा, उत्तम, रोजी, चयन; give—रोजाउनु।

choir (क्वाय्र्) **ना.** गायक मण्डली।

choke (चोक्) **क्रि.** र **ना.** सर्कनु, निसास्सिनु, अतालिनु, गलो लाग्नु, निमठ्नु, किक्क्लिक; चोक;गलो; गल्छेडो।

choler (कॅ'लर्) **ना.** पित्त; रीस;—ic रिसाहा।

cholera (कॅ'लेरा) **ना.** हैजा, छेराउटी, झाडाबान्ता, विशूचिका, उँधौली।

choose (चूज़्) **क्रि.** (chose, chosen) छान्नु, चुन्नु, रोज्नु, केलाउनु, वरण गर्नु; chosen **वि.** छानिएको, इप्सित, नियुक्त।

chop (चॅप) **क्रि.** (–pp–) र **ना.** टुक्र्याउनु, थुङ्नु, काट्नु; **ना.** मासुको बाक्लो चौटा;—py (पानी) हल्लेको;—per, खुकुरीको प्रकारको मासु काट्ने ठूलो धार भएको भाँडो, गँडास, च्याप्सा, कटारी।

chord (कअ्र्ड्) **ना.** संघात, तन्तु, चाप, जीवा।

chore (चोअ्र्) **ना.** (ब. व.) धन्धा, बुहार्तन।

choreograph (कॅ'रिअग्राफ्) **ना.** ब्याले नाचको रचनाकार।

chortle (चअ्र्'टल्) **क्रि.** खित्का (छाड्नु)।

chorus (को'रस्) **ना.** गायक मंडली, समूह-गान।

chose jugei (शोज़ ज़ु'ज़े) **ना.** (ठेगान भइसकेको हुनाले बढता बहस गर्न) फजूल कुरा (फ्रे०)।

chouse (चाउज्) **क्रि.** ठग्नु।

christen (क्रि'स्न्) **क्रि.** क्रिस्तान बनाउनु, नामकरण गर्नु।

christian (क्रिस्'टियन्) **ना.** क्रिस्तान, ईसाई।

christmas (क्रिस्'मस्)**ना.** क्रिसमस, क्रिस्तानको बडा दिन।

chromatic (क्रम्या'टिक्) **वि.** उज्यालो रंगबाट, को, ले (उत्पन्न)।

chrome (क्रोम्) **ना.** सीसाको यौगिकबाट बनाइने पहेंलो रङ्ग।

chromium (क्रो'मियम्) **ना.** क्रोमियम, धातव तत्व।

chromolithograph (क्रोमलि'थग्राफ्) **ना.** पत्थरबाट उत्पादन हुने रंगीन चित्र।

chromosome (क्रो'मसोम्) **ना.** सेल (कोप) विभाजन हुने अघि जीवाणु केन्द्रको क्रोमाटिन परिवर्तित हुने कुनै एक डंडा या धागो।

chronic (क्रॅ'निक्) **वि.** जीर्ण, दीर्घ, पुरानु, थाङ्ने, उकुज, उगुज, उपल्चे, सैन।

chronicle (क्रॅ'निक्ल्) **ना.** र **क्रि.** पुर्ख्यौली, पुस्तावली, इतिवृत्त, वंशावली, इतिहास, वृत्तान्त, घटनाहरूको क्रमिक लेखोट वा वर्णन।

chronograph (क्रॅ'नोग्राफ्) **ना.** समय अत्यन्त शुद्धतासँग नाप्ने यंत्र; स्टप वाच, स्थिर घड़ी।

chronology (क्रनॅ'लजि) **ना.** तिथि निर्णय गर्ने विद्या, कालक्रम;—ical, मितिक्रमानुसार;—ist कालक्रमज्ञ।

chrysalis—id (क्रि'सलिस्—ड्) **ना.** (ब. व.—ises—ids, chrysalides) तितली; प्राथमिक अथवा मध्यावस्था।

chrysanthemum (क्राइस्यान्'थिमम्) गोदावरी फूल।

chubby (च'बि) **वि.** बाटुलोमुखे, मोटो-घाटो, थ्याम्पे, खाइहाल्दो, भरिला गाला भएको ।

chuck (चक्) **ना. क्रि.** र **वि. बो.** प्रेमको बोली; वास्नु (कुखुरा), गर्दन्याउनु, धक्याउनु, मण्ड्याउनु, फ्याँक्नु, निकाल्नु; कुखुराको बोलीको नकल, घोडालाई बोल्ने बोली ।

chuckle (च'क्ल्) **क्रि.** र **ना.** दबेर हाँस्नु, बन्द मुखले हाँस्नु, खुशी देखाउनु ।

chug (चग्) **क्रि.** र **ना.** विस्तारै चलेको यन्त्रको आवाज ।

chum (चम्) **क्रि.** (–mm–) र **ना.** सँगै बस्नु, आत्मीय हुनु; **ना.** परिचित मित्र, दोस्त, सँगी ।

chump (चम्प्) **ना.** काठको छोटो टुक्रा; डँडाल्नुको मासु; बेकूफ, मूर्ख ।

chunk (चङ्क्) **ना.** (पाउरोटी, चीज, काठ, इ० बाट) काटेको बाक्लो टुक्रा, चोइटा, चौटा ।

church (चर्च्) **ना.** गिर्जाघर;—yard (चर्च्'यार्ड्) **ना.** कब्रिस्तान, श्मसान ।

churl (चअ्र्ल्) **ना.** तल्लो जातको व्यक्ति, किसान, अभद्र, डाँगो, किरनटोके;—ish **वि.** अविनीत, असभ्य,दुःशील, ग्राम्य ।

churn (चअ्र्न्) **क्रि.** र **ना.** मन्थन गर्नु, मथ्नु, मथिनु; हुँडल्नु, घोल्नु, घालघुल गर्नु, रयाल्नु; **ना.** मधानी, मदानी, मन्थनी, हुँडुलो, हुँडल्याइँ, घोलाइ, मन्थन, घारघुर;—ing विलोडन, मन्थन; **क्रि.** मथ्नु ।

chute (शूट्) **ना.** वेगसँग खस्ने झरना, जलप्रपात, प्रपात; चिप्लेटी, चिप्ली ।

chyle (काइल्) **ना.** अन्न रस (काइम) अम्ल लेदोउपर पित्त र प्यानक्रियासले गरेको प्रतिक्रियाबाट बनेको सेतो झोल ।

chyme (काइम्) **ना.** पेटका अम्लहरूले खाद्य वस्तुलाई बनाएको अम्ल लेदोको नाम ।

cicada (सिके'डा), **cicala** (सिका'ला), **cigala** (सिगा'ला) **ना.** झ्याउँकीरी, पारदर्शक पखेटा भएको खुट्टा दलेर आवाज निकाल्ने कीरो ।

cicatrice —ix (सि'काट्रिस्—क्स्) **ना.** (ब. व.—ices) खत, डाम, खाटो, पाप्रो ।

cicerone (चिचरो'नि) **ना.** (ब. व.—oni) पथप्रदर्शक, गुरु ।

cider (साइ'डर्) **ना.** स्याउबाट बनेको मद्य ।

ci-devant (सिडभाँ') **वि.** र **क्रि. वि.** भूतपूर्व, अघिको (फ्रे.) ।

cigar (सिगाअ्र्') **ना.** सिगार ।

cigarette (सिगरेट्') **ना.** चुरोट, सिगरेट, सुल्फा ।

cilia (सि'लिआ) **ना.** (ब. व.) परेला, पात वा कीरामा रहने त्यस्तै रौँको प्रकार ।

Cimmerian (सिमे'रियन्) **वि.** बाक्लो, अँध्यारो (अन्धकार, राति, इ०) ।

cinchona (सिङ्को'ना) **ना.** चिरैता, चिराइतो ।

cincture (सिङ्क्'ट्चूर्) **ना.** र **क्रि.** पेटी, कम्मरपेटी, किनारा, मेखला ।

cinder (सिन्'डर्) **ना.** खरानी, भुङ्ग्रो;—s खङ्गार ।

Cinderella (सिन्डरे'ला) **ना.** कदर नभएको सौन्दर्य अथवा गुण रहेको व्यक्ति ।

cine (सि'नि) cinema को छो. क. संयोजक रूप, जस्तो, —camera, सिने क्यामेरा;—film, सिने फिल्म,– projector, सिने प्रोजेक्टर, चलचित्र दर्शक ।

cinema (सि'नेमा) **ना.** सिनेमा वा चलचित्र प्रदर्शन गर्ने रंगमंच, नाचघर, चित्रघर, चलचित्रघर ।

cinematograph (सिनेम्या'टग्राफ्) **ना.** र **क्रि.** चलचित्र उत्पन्न गर्ने यंत्र वा उपकरण ।

cinerary (सि'नररि) **वि.** भस्मको, खा. ग.—urn, (दाहबाट आएको) भस्म राख्ने भाँडो ।

Cingalese (सिङ्गलीज्') **वि.** सिंहली; Sinhalese.

cinnabar (सि'नाबाअ्र्) **ना.** र **वि.** रक्त हिंगुल, सिंगरीप, सिन्दूर ।

cinnamon (सि'नामन्) **ना.** र **वि.** दालचीनी; **वि.** खैरो पहेंलो रंग ।

cinque (सिङ्क्) **ना.** पंजा ।

cipher (साइ'फर्) **ना.** र **क्रि.** शून्यको अंक (०), महत्वरहित व्यक्ति; गुप्त लेख, संकेत लेख; नामका प्रथमाक्षरको मनोग्राम; **क्रि.** हिसाब गर्नु, गुप्त लेखमा लेख्नु ।

circa, circiter (सअ्र्का, सअ्र्'सिटर्) **ना.** यो.—तिर (मितिसहित) ।

circe (सअ्र्'सि) **ना.** बोक्सी, जादूगर्नी ।

circle (सअ्र्'क्ल्) **ना.** र **क्रि.** वृत्त, चक्र, घेरा, मण्डल; **क्रि.** घेर्नु, रिंङ्नु, प्रदक्षिणा गर्नु ।

circlet (सअ्र्क्'लिट्) **ना.** सानु वृत्त, पगरी, मुकुट ।

circs (सअ्र्क्स्) **ना.** (ब. व.) circumstances को बोलचाली छो. क. परिस्थिति ।

circuit (सअ्र्'किट्) **ना.** फेरो, कुण्डली, चक्कर, क्षेत्र, विद्युत् प्रवाहको बाटो; short—विद्युत् प्रवाहको रोकावट, क्षुद्र कुण्डलित ।

circuitious (सर्क्यू'इटस्) **वि.** घुमाउरो, अतिदीर्घ ।

circular (सअ्र्'क्यूलर्) **ना.** र **वि.** परिपत्र, विज्ञापन, सूचना; परिक्रमिक, वृत्ताकार, वृत्तीय, वर्तुल, वाटुलो, गोलाकार, चाक्रिक ।

circulat/e (सअ्र्'क्यूलेट्) **क्रि.** घुम्नु (शरीरमा रगत, नलमा पानी, टेबुलमा रक्सी, पाठकहरूमा पत्र, अखबार इ०), घुमाउनु, प्रचार गर्नु;—ion **ना.** प्रसारण, प्रचार, चलनचल्ती, चल्तीफिर्ती;—ion of blood रुधिराभिसरण, रक्तवहन, रक्तपरिभ्रमण, रक्तसंचार ।

circumambient (सअ्र्कम्अ्याम्'बिएण्ट्) **वि.** चारैतिरको ।

circumambula/te (सअ्र्कम्अ्याम्'ब्यूलेट्) **क्रि.** घुम्नु, डुल्नु, परिक्रमा गर्नु, (विषयलाई) रिंग्नु;—tion **ना.** प्रदक्षिणा, घुमाइ, चक्कर, फन्को, फेरो, रिंगाइ, परिक्रमा ।

circumcise (सअ्र्'कम्साइज्) **क्रि.** लिङ्गको अग्रभागको त्वचा काटेर झिक्नु (यहूदी र मुसलमानी विधि) ।

circumference (सर्कम्'फरेन्स्) **ना.** परिधि, निधि, मण्डल, गिर्द, गिर्दा, घेरा, फेरो, चौतर्फी, चौघेरा, चतुःशाल,

चौगिर्द ।

circumflex (सअ्र्'कम्फ्लेक्स्) वि. घुमेको ।

circumfluent (सअ्र्कम्'फ्लुएन्ट्) वि. घुमेर बग्ने, घेर्ने ।

circumlocution (सअ्र्कम्लोक्यू'श्न्) ना. वाक्यविस्तार, लम्बेचौडे; अतिशयोक्ति, छल्ने कुरा ।

circumnavigate (सअ्र्कम्न्या'भिगेट्) क्रि. (पृथ्वी) परिक्रमा गर्नु ।

circumscribe (सअ्र्'कम्स्क्राइब्) क्रि. बाहिर रेखा तान्नु, सीमांकन गर्नु, रोक्नु, निबद्ध गर्नु ।

circumspect (सअ्र्'कम्स्पेक्ट्) वि. सावधान, चंख, होशियार, पूर्वापर विंचार गर्ने, अप्रमत्त;—ion ना. अवधान, सोच-विचार, पूर्वापर विचार, सावधानता, अप्रमाद, समीक्षा ।

circumstance (सअ्र्'कम्स्टयान्स्) ना. (ब. व.) परिस्थिति, परिवन्द, गतिविधि, दशा, अवस्था, स्थिति, वस्तुस्थिति ।

circumstantial (सअ्र्कम्स्टयान्'श्ल्) वि. ब्योरेवार, अप्रत्यक्ष ।

circumvent (सअ्र्कम्'भेण्ट्) क्रि. जालमा पार्नु, जित्नु, ठग्नु, छल्नु ।

circus (सअ्र्'कस्) ना. सरकस, खेल, कसरत, जादूको रंगमंच, क्रीडारंग ।

cirrus (सि'रस्) ना. (ब. व.—ri) केशको गुच्छा वा ऊनको रूपको बादल ।

cis (सिस्) उ. स. यतापट्टिको ।

cissy—si (सि'सि) ना. स्वास्नी जस्तो पुरुष; स्वास्नीमान्छे ।

cistern (सिस्'टर्न्) ना. जलाशय, टंकी ।

cit (सिट्) ना. नागरिक (citizen को छो. रू.); हेलॉ-सूचक ।

citadel (सि'टडेल्) ना. दुर्ग, किल्ला, अन्तिम आश्रय ।

cite (साइट) क्रि. समन गर्नु, उद्धरण गर्नु, उल्लेख गर्नु; citation ना. उद्धरण, दृष्टान्त, प्रमाण, वृत्तान्त ।

citizen (सि'टिज़न्) ना. नागरिक, सरहदिया, नगरजन, सदरिया, पुरवासी, नागर ।

citric (सि'ट्रिक्) वि. कागतीको अम्ल ।

citron (सि'ट्रन्) ना. कागती, अमिलो, निबुआ ।

citrus (सि'ट्रस्) ना. ज्यामीर ।

city (सि'टि) ना. नगर, शहर, पुरी ।

civet (सि'भिट्) ना. वनबिरालो ।

civic (सि'भिक्) वि. नागरिक;—s, नागरिक शास्त्र ।

civ (v) ies (सि'भिज़्) ना. (ब. व.) आफूखुशी (नागरिक, निजामती) लुगा ।

civil (सि'भिल्) वि. देवानी, निजामती, जानपद; सभ्य, सुशील, शिष्टाचारी, सोपचार;—ian ना. सशस्त्र सैन्यबाहिर, निजामती;—ity ना. सोमत, नम्रता ।

civilize (सि'भिलाइज़्) क्रि बर्बरताबाट उठाउनु, सिकाउनु, उन्नत गर्नु, सभ्य बनाउनु;—ation ना. सभ्यता, आचार शिष्टता, —d वि. सोमतिलो, सभ्य ।

clack (क्ल्याक्) ना. र. क्रि. पटपट आवाज, धेरै जनाको बोली ।

claim (क्लेम्) ना. र क्रि. दावा, दावी, हक, दैया, सत्ता, रकम, पेवा, बाँड्रो, अधिकार, पावना, (खानी) तोकिएको जमीन;—jumper (खानी०) अर्काको जमीन हड्पने व्यक्ति;—ant ना. प्रार्थी, हकदार, दावा गर्ने, दैयादार, दावीवाला ।

clairvoyance (क्लेयर्भ'यान्स्) ना. दूरदर्शिता, स्पष्टदर्शिता, टाढाको वा अदृश्य घटना मनको बलले देख्नु;—t. त्यस्तो गर्न सक्ने व्यक्ति, स्पष्टदर्शी, दूरदर्शी ।

clamant (क्ले'म्याण्ट्) वि. जिद्दीवाल, हुल्लड, जरूरी ।

clamber (क्ल्याम्'बर) क्रि. चढ्नु, घस्रेर उक्लनु (हातखुट्टा दुवै लाएर कठिनतासँग) ।

clammy (क्ल्या'मि) वि. चिसो, खा ग. ठण्डा र चिप्लो (हात, खाना, वस्तु इ०) ।

clamour (क्ल्या'मर्) ना. र क्रि. हल्ला, जनरव, महारव, घोष, हल्लागुल्ला, हल्लाखल्ला, उत्क्रोश, खल्याङमल्याङ ।

clamp (क्ल्याम्प्) ना. र क्रि. कीलक, पेच, समात्ने; क्रि. कस्नु, बाँध्नु ।

clan (क्ल्यान्) ना. खलक, वंश, जात, कुल, गोत, औलाद, बिंढालो, गोत्र ।

clandestine (क्ल्यान्डेस्'टिन) वि. सुट्ट, सुटुक, आँखा छलेर, छलेर, गुप्त ।

clang (क्ल्याङ्ग) ना. र क्रि. टन टन, ट्याङ्ग ।

clangour (क्ल्या'ङ्गर) ना. आवाजको लहर, तुमुल रव, शस्त्रघोप ।

clank (क्ल्याङ्क) ना. र क्रि. गहौं वस्तु (सिक्री इत्यादि) घिसारेको शब्द ।

clap (क्ल्याप्) ना. र क्रि. थपडी, ताल, ताली, करताल, चट्याङ्ग, मेघ-गर्जन, चड्कनु; (अप०) भिरिङ्गी ।

clapper (क्ल्या'पर्) ना. रालो (घण्टको), (चरा धपाउने) छिनछिन ।

claptrap (क्ल्याप्' ट्र्याप्) ना. (समर्थन पाउनाको लागि प्रयोग गरिएको) भाषा, भावना; देखावटी बोली ।

claque, claqueur (क्लाक्, क्लाकर्') ना. भरौटे प्रशंसक दल (फ्रे०) ।

claret (क्ल्या'रेट्) ना. मद्यविशेष ।

clarify (क्ल्या'रिफाइ) क्रि., स्पष्ट गर्नु, स्पष्टीकरण गर्नु, संशोधन गर्नु, खार्नु, खुलाउनु, खोल्नु, जनाउनु ।

clarinet—onet (क्ल्यारिनेट्') ना. वेणु, वंशी ।

clarion (क्ल्या'रिअन्) ना. तूर्य, तुरी;—call, शंखध्वनि ।

clarity (क्ल्या'रिटि) ना. स्वच्छता, स्पष्टता, सफाइ ।

clash (क्ल्याश्) ना. र क्रि. टक्कर, भिडन्त, लडाइँ, खलबल, विवाद, नामन्जूरी; वि. बाज्नु, बाझिनु, भिड्नु ।

clasp (क्लास्प्) ना. र क्रि. अन्तराप, करूवा, बकलस, पञ्जा; क्रि. अंगाल्नु, अँठ्याउनु ।

class (क्लास्) ना. र क्रि. किसिम, श्रेणी, वर्ग, समूह, कक्षा; वर्गीय; क्रि. श्रेणीबद्ध गर्नु ।

classic (क्ल्या'सिक्) वि. प्रथम श्रेणीको, उत्कृष्ट, उत्तम,

प्राचीन ग्रन्थकारको स्तरको लेखक, कलाकार, उत्तम, प्राचीन, ग्रीक अथवा रोमन लेखक, आर्ष ।

classical (क्ल्या'सिकल्) **वि.** शास्त्रीय, आर्ष, उत्कृष्ट;—ism आर्षवाद, वादी, शास्त्रवाद ।

classify (क्ल्या'सिफाइ) **क्रि.** वर्गीकरण गर्नु, श्रेणी विभाजन गर्नु ।

classy (क्ला'सि) **वि.** श्रेष्ठ ।

clatter (क्ल्या'टर्) **ना.** र **क्रि.** भाँडा जुधेको शब्द; ख्यान्द्रयाङ्ग ।

clause (क्लज्) **ना.** वाक्य, धारा, दफा, नियम; sub— उपधारा, उपदफा ।

claustrophobia (क्लॉस्ट्रफो'विया) **ना.** बन्द स्थानको अस्वस्थ डर ।

clavicle (क्ल्या'भिक्ल्) **ना.** काँधको हाड, हँसुली; स्कन्धदेश, चिरु ।

claw (क्लॉ) **ना.** र **क्रि.** पंजा, नङ्ग, नङ्ग्रा; **क्रि.** चिथर्नु, च्यात्नु ।

clay (क्ले) **ना.** माटो; दुमट माटो ।

clean (क्लीन्) **वि.** र **क्रि.** सफा, स्पष्ट, सुग्घर, सफा सिनित्त, सफाचट, सुकिलो; पूरासँग;—er, **ना.** मार्जक,—liness, सरलता, सफाइ, चोखोनितो, सरसफाइ, स्वच्छता, निष्ठाकाष्ठा;—ly, सफासँग; सधैं सफा, सफाइमा प्रवृत्त; **क्रि.** सफा गर्नु, मार्नु, लोटाउनु, लिप्नु;—up सत्र पर्नु, पुष्ट हुनु;—sweep, **ना.** सफाचट, निमन्याट्ठ ।

cleanse (क्लेन्ज्) **क्रि.** सफा पार्नु, शुद्ध गर्नु, पवित्र गर्नु, खार्नु, खारिनु ।

clear (क्लियर्) **वि.** र **क्रि.** सङ्लो, सफा, साफ, सुग्घर, चोखो, स्पष्ट, प्रष्ट, खुलासा, टडकालै, टटकालो, छर्लङ्ग; **क्रि.** खुलाउनु, सफा गर्नु, फाँड्नु, फछ्र्योट गर्नु, उघ्रनु, उघारो हुनु;—from debt अऋणी गर्नु, उर्क्रीम गर्नु, फच्चिनु, फच्याउनु ।

clearance (क्लियर्'यान्स्) **ना.** फ़छ्र्योट, फारख, सफाइ, राफसाफ, फट्टा, छोडपुर्जी, (यंत्रमा) अंशको चाललाई पुग्ने ठाउँ, फारक ।

clearing (क्लिय'रिङ्) **ना.** जंगलमा आवादीको लागि फाँडिएको जग्गा; मुक्तानी, रफासफा, चुक्ति;—house, चुक्ति स्थल, व्याङ्क ।

cleat (क्लीट्) **ना.** क्लीट ।

cleavage (क्ली'भेज्) **ना.** विदलन, फाटो, फूट ।

cleave (क्लीभ्) **क्रि.** (clove वा cleft; cloven वा cleft), चिर्नु, छप्काउनु, फाट्नु, टुक्रिनु, टाँस्सिनु, जोडिनु ।

cleaver (क्ली'भर्) **ना.** भेदक, चुपी, गँडासो ।

cleft (क्लेफ्ट) **ना.** धाँजा, धरार, फाटो, काप, कापो, स्कन्ध ।

clematis (क्ले'मटिस्) **ना.** वकुलपुष्प ।

clemency (क्ले'मेन्सि) **ना.** मौसिम वा स्वभावको नम्रता, दया, क्षमाशीलता ।

clench (क्लेञ्च्) **क्रि.** कस्नु (दाँत, मुट्ठी); (कीलोको टुप्पो) बंग्याएर ठोक्नु ।

clergy (क्लअर्'जि) **ना.** पादरीसमूह ।

cleric (क्ले'रिक्) **ना.** पादरी, पुरेत, पुरोहित, याजक, कर्मकाण्डी, आचाय ।

clerk (क्लाअर्क्) पादरी, कार्य-सहायक, कारिन्दा, पंडित, लेखपाल; senior—मुखिया; junior—बहीदार ।

clever (क्ले'भर्) **वि.** बाठो, अविजाला, चतुर, छट्टू, खग्गु, विज्ञ, कुशल, चलाक, सिपालु, बित्पाते, जहडी, धावडान, टाठोबाठो;—ness **ना.** वठ्याइँ, विठ्याइँ, चातुरी, छक्कापञ्जा ।

clew (क्लू) **ना.** धागोको गोली ।

cliche (क्लि'शे) **ना.** अति व्यवहारित साहित्यिक वाक्य, सहलिया बोली, थेको ।

click (क्लिक्) **ना.** र **क्रि.** क्याट्ट; **क्रि.** आफ्नो लक्ष्य भेट्टाउनु, सहमत हुनु ।

client (क्लाइ'एण्ट्) **ना.** ऋगडिया, ग्राहक, मुवक्किल ।

clientele (क्लाइ' एन्टील्) **ना.** कसैको अनुयायी, अनुगामीहरू, ग्राहकगण, समर्थकहरू ।

cliff (क्लिफ्) **ना.** ठाडो भीर खा० ग० समुद्रतटमा ।

climacteric (क्लाइम्याक्टे'रिक्) **वि.** र **ना.** संक्रमण गराउने, संक्रामक; ४५ देखि ६० वर्षको उमेरमा जीवनशक्ति घट्दै जाने अवधिमा हुने; जीवनका संक्रामक अवधिहरू—७का गुणक जस्तो—grand—६३ यौं वर्ष ।

climate (क्लाइ'मेट्) **ना.** मौसिम, आवहवा, हावापानी, समुदाय वा जमानाको प्रवृत्ति अथवा भाव ।

climax (क्लाइ'म्याक्स्) **ना.** बढ्दो परिमाण, त्यसरी सजाइएको विचार वा वाक्य श्रेणी, उत्कर्ष, पराकाष्टा, चुली, चरम सीमा ।

climb (क्लाइम्) **क्रि.** उक्लनु, चढ्नु, उत्रनु, ऋर्नु, सर्कनु, उँभो लाग्नु, उकालो लाग्नु ।

clime (क्लाइम्) **ना.** प्रदेश, क्षेत्र, जलवायु ।

clinch (क्लिञ्च्) **क्रि.** clench; दोब्र्याउनु (कीला, इ०); कस्नु (दाँत, मुट्ठी, इ०); समात्नु, (मुक्कावाज) नजीकै आउनु, हात बाँध्नु, ठम्याउनु ।

clincher (क्लिन्'चर्) **ना.** विवाद टुंग्याउने युक्ति ।

cling (क्लिङ्) **क्रि.** (clung), टाँसिनु, अंकमाल गर्नु, नछोड्नु, लुटपुटिनु, लुटपुट गर्नु, थेचरो हुनु, लोस्सिनु ।

clinic (क्लि'निक्) **ना.** अस्पतालमा रोगशय्यानजीक हुने भैषज्य वा शल्य शिक्षा; चिकित्सकको निजी रोगशाला वा रोगी जाँच्ने जाँचघर, उपचार-गृह, उपचार कोष्ठ, परीक्षा कोठा, दवाखाना;—al, **वि.** रोगशय्याको, बारे;—thermometer डिग्री, रोगीको तापमान हेर्ने काँचको उपकरण, तापमापक ।

clink (क्लिङ्क्) **क्रि.** र **ना.** (ऐना टक्राउँदाको) छोटो बज्ने शब्द गर्नु; **ना.** जेल, खोर, वेस ।

clinker (क्लि'ङ्कर्) **ना.** अतिकडा पहेंलो डच ईंट, बढ्ता पोलिएर पाकेको ईंट, पोल्दा गलेर जुटेका ईंटको डल्लो, धातुमल ।

clio (क्लाइ'ओ) **ना.** इतिहासकी देवी ।

clip (क्लिप्) **ना.** र **क्रि.** (-pp-) शिरफूल, च्यापा, क्लिप; **क्रि.** कत्रनु, काट्नु;—er कपाल काट्ने कल, वंचक—ping **ना.**

अखवारबाट झिकेको टुक्रा ।

clique (क्लीक्) **ना.** सानु सीमित दल, गूट, समूह, गुइयाँ ।

clitoris (क्लि (क्लाइ)'टरिस्) **ना.** योनि अंकुर, योनि लिंग, भगांकुर ।

cloaca (क्लए'का) **ना.** (व. व.–ae) रछान, नाली, मोरी ।

cloak (क्लोक्) **ना.** र **क्रि.** खुकुलो, लुगामाथि लाउने, आच्छादन, विना वाहुलाको, लुगा, कंचुक, प्रावार; निहुँ, कपटवेश, व्याज; **क्रि.** लुकाउनु;—and dagger गुप्तीमारा ।

clock (क्लॅक्) **ना.** घडी; put the—back पछिल्लो युगमा फर्कनु;—wise दक्षिणावर्त, घडीसरह; counter—wise वामावर्त, घडी उल्टो ।

clod (क्लॅड्) **ना.** माटाको डल्लो, चपरी, डेलो, चाको, चोंइली; **क्रि.** चोइलिनु ।

clog (क्लग्) **ना.** र **क्रि.** वस्तुको गोडामा हिंडाइ रोक्न लटकाइएको काठको डल्लो; खकण्डो, वाधा, अवरोध; **क्रि.** वस्तुलाई थुन्नु, वाधा पुर्‍याउनु, थुनिनु (नल इ०) ।

cloister (क्लॅयस्'टर्) **ना.** र **क्रि.** मठ; तरू मार्ग; **क्रि.** थुन्नु ।

close (क्लोज़्) **वि.**, **क्रि.** र **ना.** नजीक, वर, साँखुल्ले, साथ; **क्रि.** वन्द गर्नु, चिम्लिनु, समाप्त गर्नु; **वि.** वन्द, गुम्सिएको, गुप्त, घना, अवसान;—ed पिहित,—together हुम्मिएको, टाँसिएको; वन्द जग्गा, पाठशालाको खेल्ने जग्गा; closing **ना.** विराम, अन्त, समाप्ति, वन्द; closing daily दैनिक अन्त; half yearly, yearly closing अर्ध वार्षिक, वार्षिक विराम, सालतमाम ।

closet (क्लॅ'ज़ेट्) **ना.** सानू वा गुप्त कोठा, कोठरी, दराज; —play पढिने, खेलिने (नाटक) होइन; **वि.** सैद्धान्तिक, व्यावहारिक होइन—strategist ।

closure (क्लो'ज़र्) **ना.** वन्द भएको अवस्था, वन्दगराइ, वेष्टन ।

clot (क्लॅट्) **ना.** र **क्रि.** थेग्लो, पिंड, गुटिका, रक्तसंहति, घनशोणित (रगत) जम्नु, **क्रि.**—ted **वि.** जमेको ।

cloth (क्लॅथ्) **ना.** कपडा, वस्त्र, टालो ।

clothe (क्लोद्) **क्रि.** पहिराउनु, लुगा लाइदिनु;—ing लुगा ।

clothes (क्लोद्ज़्) **ना.** लुगाफाटो, वस्त्र, पहिरन, परिधान, पोशाक, कपडा, लत्ता, चीर, पट ।

clothier (क्लो'दिअर्) **ना.** कपडा वनाउने, कपडा व्यापारी, पटकार, लुगा वनाउने र वेच्ने ।

cloud (क्लाउड्) **ना.** र **क्रि.** रूँद, वादल, मेघ, जलवाह, घटा; **क्रि.** ढाक्नु, रूँदिनु, धुम्मिनु, वदली हुनु, अँध्यारो हुनु, उदास हुनु;—ed **वि.** धुँधला, वदली;—less स्वच्छ, विनावादलको, **वि.** मेघाच्छन्न, रूँदिलो, धुम्मिएको, मेघकल्प ।

clout (क्लाउट्) **ना.** र **क्रि.** टालो, कपडा; **क्रि.** थप्पड दिनु, दनक दिनु ।

clove (क्लोभ्) **ना.** ल्वाङ, लवंग ।

clover (क्लो'भर्) **ना.** तीनपाते घाँस ।

clown (क्लाउन्) **ना.** पाखे, देहाती, मसखरा, ठट्टावाज, असभ्य, ग्राम्य;—ish **वि.** अशिष्ट, ग्रामीण, पाखे ।

cloy (क्लॅय्) **क्रि.** अघाउनु, तृप्ति हुनु ।

club (क्लव्) **ना.** र **क्रि.** गदा, लट्ठी, लाठो, मेलक, संवलन, संवनन, मण्डल, गोष्ठी, अड्डा, क्लव, सभा; **क्रि.** पिट्नु, डण्डाले हान्नु; मिल्नु, साझा हुनु;—foot स्थूल चरण, जन्मै देखि विकृत गोडा ।

cluck (क्लक्) **क्रि.** र **ना.** (कुखुरा) वास्नु ।

clue (क्लू) **ना.** दसी, चिह्न, (कथाको) सुर, सुराक, पत्ता, प्रमाण ।

clump (क्लम्प्) **ना.** कुंज, गुच्छा ।

clumsy (क्लम्'ज़ि) **वि.** .भद्दा, अदक्ष, अचतुर, वोधो, होल्यांङ्गे, वेछाँटको, ढोसो, कोरकाली, हिसिमरू ।

cluster (क्लस्'टर्) **ना.** पुंज, झाल, गुच्छा, गुजुल्टो, झ्याम्टा, झुप्पा, लर्कन, लर्को, वगाल; **क्रि.** गुजमुट्ट हुनु, झुम्मिनु, झुत्तिनु, झुत्ति खेल्नु, झुप्पिनु, झ्याम्मिनु ।

clutch (क्लच्) **क्रि.** र **ना.** वलले समात्नु, च्याप्नु, जोरसँग पक्डनु; **ना.** समात्ने, क्लंच; जकडवन्दी, चंगुल ।

clutter (क्ल'टर्) **क्रि.** (हल्लासाथ) यताउति दौडनु; **ना.** अस्तव्यस्तता, वेमेलको थुप्रो, कसिंगर ।

co (को) **उ.** सह;—education सहशिक्षा;—pilot सहचालक ।

coach (कोच्) **ना.** र **क्रि.** राजकीय सवारी, रेलको डव्वा, वस (लामो यात्राको), निजी मास्टर, खेल-शिक्षक; drive—and six through act नाकाम पारिदिनु;—box चालकको आसन; —built काठको देह (वडी) वनाएको;—man सवार ।

coadjutor (कोअ्याड्'जुटर् वा कोअ्याजू'टर्) **ना.** सहायक, नायव ।

coagulat/e (कोअ्या'ग्यूलेट्) **क्रि.** जन्नु, तरलवाट घन पदार्थ वन्नु, स्कन्धित हुनु; —ed **वि.** श्यान; —ion **ना.** स्कंधन, स्कंधीकरण, संहति ।

coal (कोल्) **ना.** कोइला;—tar अलकत्रा ।

coales/ce (कोअलेस्') **क्रि.** जोडिनु, मिल्नु, एकै हुनु, जडिनु, जुट्नु; —cence **ना.** संयोग, योग ।

coalition (कोअलि'श्न्) **ना.** संयोग, सन्धि, मिलन, मिलजुल भएको । ।

coarse (कोअर्स्) **वि.** खस्रो, दर्खराउँदो, मोटो, अपरिष्कृत, रूखो, फोस्रो, भद्दा, अशिष्ट, असभ्य, अनणु ।

coast (कोस्ट्) **ना.** र **क्रि.** किनारा, तट, समुद्र तट; **क्रि.** किनाराबाट जहाज चलाउनु, भिरालोमा पाउदान नचाली साइकल ओह्राल्नु;—al **वि.** तटवर्ती, तटीय ।

coat (कोट्) **ना.** कोट, तह, पशुको रौं, रंगको माथिल्लो तह;—ing **ना.** कोटको कपडा, तह, मोलम्मा;—of arms निशाना छाप ।

coax (कोक्स्) **क्रि.** फकाउनु, फुस्लाउनु; वहलाउनु, धुत्नु, छल्नु, निहोरा गर्नु, खुशामद गर्नु ।

coaxial (कोअ्या'क्सिअल्) **वि.** समाक्षीय ।

cob (कब्) **ना.** टट्टू; (मकैको) घोगा; भाले हाँस ।

cobalt (को'वॉल्ट) **ना.** सोभिता, कोवल्ट, धातव तत्व ।

cobble (कॅ'ब्ल्) **क्रि** र **ना.** वाटुलो पत्थरले छाप्नु, भद्दासँग मरम्मत गर्नु, खा. ग. जुत्ता; **ना.** पानीले वाटुलो पारेको ढुङ्गा; —r **ना.** सार्की, मोची, चर्मकार ।

cobra (को'ब्रा) **ना.** गोमन, गहुमन साँप ।

cobweb (कॅब्'वे़ब्) **ना.** माकुराको जालो ।

coca (को'का) **ना.** कोका, कोकापत्री ।

coca-cola (को'का-को'ला) **ना.** कोकाकोला, मद्यसार नपरेको हावादार पेयवस्तु ।

cocaine (कोकेन्') **ना.** कोकेन ।

cochineal (कॅ'चिनिअल्) **ना.** (मेक्सिकोमा) सुकाएको कीरावाट बन्ने गाडा रातो रंग ।

cochlea (कॅक्'लिया) **ना.** भित्री कानको घुमाउरो प्वाल ।

cock (कॅक्) **ना.** कुखुरा, भाले; **क्रि.** फूर्तिसाथ खडा हुनु, ठाडो हुनु; (बन्दूकको) कक;—a snook लोप्पा खुवाउनु; नाकमाथि औंला फिजाएको ठाडो हात राखी अपमानको संकेत गर्नु;—a-doodle-doo कुखुरी काँ;—comb **ना.** सिउर; वाँयाफूल ।

cockade(ककेड्') **ना.** (टोप, टोपीमा लाउने) व्याज, बुट्टा ।

Cockaigne (ककेन्) **ना.** आलस्य र सौखको काल्पनिक देश, लण्डन ।

cockatoo (कॅकटू') **ना.** काकातुवा ।

cockatrice(कॅ'केट्रिस्) **ना.** (श्वासले मार्ने) काल्पनिक जन्तु ।

cock chafer (कॅक्'चेफ़र्) **ना.** भ्यार्र गरेर उड्ने ठूलो खैरो गोब्रे कीरो ।

cocker (कॅ'कार्) **क्रि.** र **ना.** पुलपुल्याउनु; **ना.** ठीक, ककर स्पेनियल कुकुरको जात ।

cockerel (कॅ'करल्) **ना.** जवान कुखुरो, चल्लो, ऋगडिया युवा ।

cock-eyed (कॅक्'-आइड्) **वि.** डेढो ।

cockle (कॅ'कल्) **ना.** र **क्रि.** सिपी, त्यसको मासु, सानू नगहिरो डुंगा; **क्रि.** उक्सिनु, दोब्रिनु, चाउरी पर्नु ।

cockney (कॅ'कनि) **ना.** र **वि.** लण्डनको वासिन्दा ।

cockpit (कक्'पिट्) **ना.** अखाडा, रंगभूमि, विमानमा चालकहरूका निन्तिको स्थान ।

cockroach (कॅक्'रोच्) **ना.** साँग्लो ।

cock-sure (कक्-श्योअर्') **वि.** अवश्यम्भावी, गर्नै अटिको, आत्मविश्वासी, घमण्डी, ठाउँ छोड्ने ।

cocktail (कक्'टेल) **ना.** र **वि.** पुच्छर छोट्याएको (घोडा), विभिन्न मादक वस्तु हाली बनाएको पेय ।

cocky, cocksy, coxy (कॅ'कि, कॅ'क्सि) **वि.** घमण्डी, नकटो, फुर्केको, टिमुरिएको ।

cocoa (को'को) **ना.** कोको, पेय ।

coconut (को'कोनट्) **ना.** नरिवल; (अप०) टाउको ।

cocoon (कोकून्) **ना.** र **क्रि.** रेशमको कोवा; कीट कोप; **क्रि.** (आफैलाई) बेर्नु, लपेट्नु ।

cocotte (कॅकॅट्') **ना.** प्यारिसको सभ्य समाजको सदस्य, सभ्य वेश्या ।

cod (कॅड्) **ना.** र **क्रि.** माछाविशेष,—liver oil, (कड् लि'भर ऑयल्) औषधिको रूपमा प्रयोग हुने माछाको तेल; **क्रि.** ठग्नु, छल्नु ।

coddle (कॅ'ड्ल्) **क्रि.** मदौरो ऊँ व्यवहार गर्नु, जाडो र थकाइवाट रक्षा गर्नु, ख्वाउनु ।

code (कोड्) **ना.** विधान, संहिता, मुलुकी ऐन, नियमावली, कुनै समाज वा वर्गको नैतिक सिद्धान्त, खा. ग. सम्मानको नियम; सैनिक संकेतको पद्धति; अक्षर वा अंक वा शब्दपुञ्ज जसलाई छो. क. र गुप्तीको लागि तारमा व्यवहार गरिन्छ; **क्रि.** पाल्सी कुरा; सन्देशलाई गुप्ती (कोड) शब्दमा हाल्नु ।

codeine (को'डीन्) **ना.** अफीमको क्षारोद जो कृत्रिम निद्रा पार्न व्यवहार गरिन्छ ।

codex (कॅ (को)'डेक्स्) **ना.** (व. व.—codices) (ल्या.) प्राचीन ग्रन्थका हस्तलिखित पाठहरू ।

codger (कॅ'जर) **ना.** विचित्रको बूढो व्यक्ति, मानिस, लाठे ।

codicil (कॅ'डिसिल्) **ना.** इच्छापत्र (विल, वसियतनामा) मा थपघट गर्ने वा खारेज गर्ने पछि लेखिएको दफा ।

co-ed (को'-एड्) **ना.** सहपाठी, सहशिक्षालयमा पढ़ने लडकी वा महिला ।

co-education (को-एड्यूके'श्न्) **ना.** सहशिक्षा, वालकवालिकाहरूको एकसाथको पढाइ ।

coefficient (कोएफि'शण्ट्) **ना.** गुणक ।

coelacanth (सी'लक्यान्थ्) **ना.** खोक्रो पृष्ठवंश भएको माछाको प्रकार ।

coeliac (सी'लिअ्याक्) **वि.** पेटको, भुँडीको ।

coequal (कोई'क्वल्) **वि.** र **ना.** वरावर, समान ।

coerc/e (कोअर्स्') **क्रि.** नत्थ्याउनु, नाकका चालले, नाक चुमेर; वलजफ्ती गर्नु; —ion, **ना.** निग्रह, जोरजुलूम ।

coeval (कोई'भल्) **वि.** र **ना.** समान अवधिको (व्यक्ति), समवयस्क, समान युगमा भएको ।

coexist (कोइक्ज़िस्ट्') **क्रि.** सहजीवन;—tence, सह अस्तित्व ।

coextensive (कोइक्सटेन्'सिभ्) **वि.** एकै स्थान वा समयमा फैलिएको ।

coffee (कॅ'फि) **ना.** कफी ।

coffer (क'फर्) **ना.** सन्दूक, खा. ग. मूल्यवान वस्तुहरू राख्नलाई, कोप, रकम ।

coffin (कॅ'फिन्) **ना.** लाश राख्ने वा गाड्ने वाकस, कफन, शवाधार, शववाकस ।

cog (कॅग्) **ना.** दाँत (पांग्राको);—wheel, **ना.** दाँति पांग्रा ।

cogen/t (को'जेण्ट्) **वि.** युक्तिमत् , युक्तियुक्त, जोरदार, पत्यार पार्ने, मनासीव, नाजवाफ;—cy, **ना.** प्रभाव, युक्ति, प्रवलता ।

cogit/ate (कॅ'जिटेट्) **क्रि.** विचार गर्नु, ध्यान गर्नु, उपाय सोच्नु, घोरिनु, गम्नु, गुन्नु, गौड गर्नु, गम खानु;—tation, **ना.** मनन, गम, गौर, घोराइ, तर्कना, जोखना, विचार, घोत्ल्याइँ ।

cognac (कॅन्'याक्) **ना.** फ्रेन्च ब्याण्डी ।

cognate (कॅग्'नेट्) **वि.** र **ना.** एउटै पुरुखावाट उत्पन्न भए-

को, उत्पत्ति, स्वभाव अथवा गुणमा मिल्दोजुल्दो, साइनो पर्ने, उही भाषीय परिवारको ।

cognition (कॅग्नि'श्न्) **ना.** भास, ज्ञान, दृष्टि अथवा सृष्टिको कर्म वा गुण (भाव र इच्छाको प्रतिकूल) ।

cognizable (कॅ'निज़ेब्ल्) **वि.** देखिने, चिन्हिने, अदालतको परिधिभित्रको, ज्ञेय, बोध्य, अनुसन्ध्येय ।

cognizance (कॅग्'निज़न्स् वा कॅ'निज़न्स्) **ना.** भास, ज्ञान, थाहा, होश, हेक्का, दृष्टिको क्षेत्रभित्र; have—of अभिज्ञ, न्यायसँग जान्नु; take—of अनुसन्धा,कारवाई गर्नु, विनादेखरेख नछोड्नु; fall within, be beyond one's—यस्ता विषयको बारेमा जोसँग कसैको परवाह छ, छैन ।

cognizant (कॅ'निज़ण्ट्) **वि.** जान्ने, अभिज्ञ ।

cognomen (कग्नो'मेन्) **ना.** बोलाउने वा उपनाम ।

cognoscente (कॅन्यशेन्'टि) **ना.** (ब. व.—ti) पारखी, जानिफकार, जानकार, जान्ने ।

cohabit (कह्या'बिट्) **क्रि.** सँगै बस्नु;—ation **ना.** सहवास, बसउठ, बसाउठी ।

coheir (कोएय़र्) **ना.** पुरुष वा स्त्री सह-उत्तराधिकारी ।

cohere (कहियर्') **क्रि.** सँगै रहनु, मिलेर रहनु, युक्तिसंगत हुनु ।

coherent (क'हियरेण्ट्) **वि.** युक्तिसंगत, सजिलोसँग बुझिने, सुसंगित, खँदिलो ।

cohesi/on (कही'ज़्न्) **ना.** सँगै रहनु, अणुहरूसँगै राख्ने बल; मिलेर रहने प्रवृत्ति, संशक्ति;—ve **वि.** सांशक्तिक ।

cohort (को'होअर्ट्) **ना.** (रोम) फौजको भाग ।

coif (कॅयफ्) **ना.** शिरको माथि पछि र छेउ छोप्ने टोपी, मजेत्रो, नातो ।

coiffeur (क्वा'फर्) **ना.** कपाल बनाउने ।

coiffure (क्वा'फ्योअर्) **ना.** कपाल कोर्ने तरीका, तलास, कपालको काइदा ।

coign (कइन्) **ना.**—of vantage, राम्रो दृश्य देखिने स्थान, सुविधाको स्थान ।

coil (कॅयल्) **ना.** गुच्छा, गुँडुलो, गुँडुल्को, मंडल, वेष्ठन, व्यावर्तन, गुँड; तुमुल, व्यस्तता; mortal—नश्वर देह; **क्रि.** गुँडुलिनु, गुँडुल्किनु, बाटुलिनु, बेर्नु, गुँडुल्कनु, बाट्नु, बटार्नु ।

coin (कॅयन्) **ना.** र **क्रि.** सिक्का, रेजकी, टक, मुद्रा, जुरो; **क्रि.** टक मार्नु, कल्पना गर्नु, बनाउनु;—er **ना.** झुट्टा सिक्का, खोटो टक बनाउने ।

coinage (कॅय'नेज्) **ना.** टक, मुद्रा ।

coincide (कोइन्साइड्') **क्रि.** सन्निपतित हुनु, ढाक्नु;—nce **ना.** काकताली;—nt **वि.** सन्निपाती ।

coir (कॅयर्) **ना.** नरिवलको जटा ।

coition (कोइ'श्न्)**ना.** मैथुन क्रिया, रति, रतबन्ध, रतिक्रिया, सुरत, संभोग, रतिक्रीडा, स्त्री प्रसङ्ग, (स्त्री) गमन, करणी ।

coke (कोक्) **ना.** पत्थर कोइलाको प्रकार ।

col (कॅल्) **ना.** पर्वत शृंखलामा विच्छेद ।

cold (कोल्ड्) **वि.** र **ना.** ठंडा, शीतल, जाडो, चिसो, शीत, शीताङ्ग, रुघा, ओस, हिउँद;—breeze **ना.** सिरेटो;—hearted ठण्डा दिलको;—war **ना.** शीतयुद्ध;—wave **ना.** शीत लहरी ।

cole (कोल्) (old king) **ना.** सिमसिम राजा ।

colic (कॅ'लिक्) **ना.** शूल, पक्तिशूल, सोला, बह, मुडखाने, पेट दुख्नु; have— सुलिनु, शूल हुनु ।

colitis (कलाइ'टिस्) **ना.** कोलन (ठूलो आन्द्रा) को भित्ताको सूज ।

collabora/te (कल्या'बोरेट्) **क्रि.** साहित्यिक या कलात्मक कृतिमा साथ दिनु, शत्रुसँग धोखासहित सहयोग गर्नु;—tor **ना.** सहायक, सहकारी, सहयोगी ।

collage (कॅलाज़्) **ना.** भावपूर्ण कलाको रूप जसमा तसवीर, कागत, सलाईको काठ इ. चित्रमाथि राखिन्छन् र टाँसिन्छन् ।

collapse (कल्याप्स्') **ना.** र **क्रि.** लड्नु, अचानक खुम्चिनु, स्नायुको वा शारीरिक बलको ह्रासबाट असक्त हुनु; मानसिक शक्ति गुमाउनु; **ना.** साहस र शक्तिको ह्रास ।

collapsible, able (कल्याप्'सिब्ल्,-एब्ल्) **वि.** चाहिएमा भाँच्न सकिने गरी बनेको, भाँचिने, पट्याउन हुने, भाँच्न हुने, दोब्रिने ।

collar (कॅ'लर्) **ना.** र **क्रि.** कलर, घाँटीको पेटी, कठालो; गला; **क्रि.** घाँटी समाउनु, पक्डनु, हत्याउनु, भेट्टाउनु;—bone **ना.** खकालो; (—ette) (कॅलरेट') **ना.** स्त्रीको लुगामा लेस, मुत्ला, इ० को कठालो ।

collate (कलेट्') **क्रि.** सूक्ष्मसँग दाँज्नु (ग्रन्थका पाठहरू) ।

collateral (कल्या'टरल्) **वि.** र **ना.** सँगसँगको, सहगामी, समानान्तर, सँगसँगै आउने, समपक्ष, सपिंड, एकै पुरखाको ।

collation (कले'श्न्) **ना.** हलका भोजन, जलपान ।

colleague (कॅ'लीग्) **ना.** साथी, एकै ओहदा सम्हाल्ने एक दुई वा बढी व्यक्तिहरू, व्यापारमा सहयोगी वा अंशियार, मतियार ।

collect (कलेक्ट्) **क्रि.** र **ना.** जोर्नु, जोरजाम गर्नु, जम्वा गर्नु, सँगेल्नु, संगेट्नु, सँगाल्नु, साँच्नु, जुटाउनु, भेला हुनु, जुट्नु, झूत खेल्नु, झुत्तिनु, ओइरिनु, गर्खिनु, उठाउनु, असूल गर्नु, बटुल्नु, धुम्मिनु, रुमलिनु; **ना.** संग्रह,—ed **वि.** शान्त, दृढ; **वि.** (टेलीफोन तार इ० मा) बोलाइएको वा सम्बोधित व्यक्तिले महसूल तिर्ने प्रबन्ध ।

collecti/on (कलेक्'श्न्) **ना.** सँगालो, संचय, संचिति, संकलन, असूल, उठती, तहसील, संग्रह, समूह;—ve सामूहिक रूपले ।

collector (कलेक्टर्) **ना.** कलेक्टर, उच्च अधिकारीविशेष, समाहर्त्ता, जिल्लाधीश ।

colle/ge (कॅ'लिज्) **ना.** महाविद्यालय, कलेज;—giate महाविद्यालयसम्बन्धी, विद्यालयीय ।

collide (कलाइड्) **क्रि.** ठक्कर लाग्नु, विरोध गर्नु, टकराउनु, जुध्नु, ठोकिनु ।

collie (कॅ'लि) **ना.** (स्कटल्याण्डको) भेडा गोठको कुकुर ।

collier (कॅ'लिअर्) **ना.** कोइलाखानीको मजदूर, कोइला जहाज ।

collinear (कलि'निअर्) **वि.** एकै रेखामा ।

collision (कलि'ज़्न्) **ना.** ठक्कर, घम्सा, संघात, विरोध,

मूठभेड ।

collodion (कलो'डिअन्) **ना.** कोलोडियन ।

colloid (कॅ'लॅयड्) **ना.** अमगिभ रासायनिक तत्व ।

colloquial (कलो'किअल्) **वि.** बोलचाली, मौखिक, साधारण बोलचालको, औपचारिक अथवा उन्नत भाषामा प्रयोग नहुने ।

colloquy (कॅ'लकि) **ना.** कुराकानी ।

collusion (कलु'ज़्‌न्) **ना.** अयोग्य गुप्त मतो, मेल, खा. ग. मुद्दामा प्रत्यक्ष प्रतिद्वन्द्वीहरूको, मिलेमतो ।

collyrium (कलि'रिअम्) **ना.** (ब. व.–ia) अंजन, गाजल ।

collywobbles (कॅ'लिव़्बिल्ज़्) **ना.** पेट कराउनु ।

colocasia (कलोके'सिया) **ना.** पिंडालू ।

colon (को'लन्) **ना.** ठूलो आन्द्राको धेरैजसो भाग, विराम चिह्न (:) ।

colonel (कअ्र्'नल्) **ना.** कर्णेल; महासेनानी;—lieutenant प्रमुख सेनानी ।

colonnade (कॅलनेड्') **ना.** समानान्तर स्तम्भपंक्ति, खम्बाको लहर ।

colon/y (कॅ'लनि) **ना.** बस्ती, उपनिवेश, टोल; —ial **ना.** प्रवासी;—ist **ना.** बसाइँ सर्ने;—ize **क्रि.** उपनिवेश स्थापना गर्नु ।

colophon (कॅ'लफन्) **ना.** पुराना ग्रन्थमा बुट्टादार अन्त चित्र ।

coloratura (कॅलराट'र) **ना.** मौखिक संगीतमा चम्किला स्थानहरू ।

coloss/al (कलॅ'सल्) **वि.** बृहत्, स्थूलकाय, बडेमान, अजङ्गको; —us **ना.** बृहत् प्रतिमा ।

colosseum, coliseum (कलसी'अम्, कलिसी'अम्) **ना.** प्राचीन रोमको बृहत् रंगशाला ।

colour (क'लर्) **ना.** र **क्रि.** रूप, रङ्ग, वर्ण; **क्रि.** रंगाउनु, झिम्नु;—s **ना.** निशान;—ific **वि.** रंग उत्पादन गर्ने, गाढा रंगीन; colorimeter **ना.** रङ्गमापक; complimentary—पूरक वर्ण; primary—मौलिक रंग; true—s स्वरूप;—bar रंगभेद;—blind रंग अन्धो, वर्णान्ध;—ed **वि.** रंगीन, रंगीत, रंगदार, रङ्गा, रञ्जित, विशेष गरी (अगोरा) काला पुरुष;—ing **ना.** रंगको काइदा ।

colt (कोल्ट्) **ना.** घोडाको बच्चा, टट्टू, बछेडा, अनाडी, पिस्तोल ।

column (कॅ'लम्) **ना.** खम्बा, स्तम्भ, महल, खाना, फौजको पंक्ति, (काठको) निदाल ।

coma (को'मा) **ना.** अस्वाभाविक लामू निद्रा, मूर्छा, बेहोशी, आलस्य;—tose **वि.** बेहोश, निस्लोट, इन्तु न चिन्तु ।

comb (कोम्) **ना.** र **क्रि.** कांग्यो, काइँयो, कँगनी; **क्रि.** कोर्नु,बाट्नु, तलास्नु ।

combat (कॅम्'ब्याट्) **ना.** र **क्रि.** लडाइँ, युद्ध; संग्राम, समर; —ant **ना.** र **वि.** लड्ने, लडाकू, लडाका;—ive **वि.** लडाकू ।

combin/e (कम्बाइन्') **क्रि.** र **ना.** मिल्नु, मिसिनु,धुरिउठ्नु, खप्टिनु; **ना.** (व्यापार) संगठन, जनसमूह;—ation **ना.** संयोग, संमिलन. एकीभवन, एउटा ।

combusti/on (कम्ब'श्चन्) **ना.** दहन ज्वलन, बल्नु, दाह;—ble, **वि.** दाह्य, दहनशील, बल्ने ।

come (कम्) **क्रि.** (came, come) आउनु, पाल्नु, पाउ कष्ट गर्नु, निस्कनु, अनभरिनु, आइलाग्नु, सवारी हुनु;—close **क्रि.** पेसिनु, ऱ्याम्मिनु, लहसिनु;—forward उतर्सिनु;—ing **वि.** आउँदो, उठदो, आगामी, भविष्य, भावी;—off उक्सनु, सफल हुनु ।

comedian (कमी'डिअन्) **ना.** संयोगान्त नाटक लेख्ने या अभिनय गर्ने ।

come/dy (कॅ'मिडि) **ना.** भाँड, हास्यनाटक, प्रहसन, संयोगान्त नाटक;—dian, **ना.** वैहासिक;—dist त्यस्तो नाटकको लेखक ।

comel/y (कम्'लि) **वि.** रम्य, राम्रो;—iness **ना.** सिरी, छवि, कान्ति, सुहाइ ।

comestible (कमेस्'टिब्ल्) **वि.** (धे. ज. ब. व.) खाने चीज, खाने कुरा ।

comet (कॅ'मिट्) **ना.** उल्का, केतु, धूमकेतु, पुच्छ्रे तारो ।

comfit (कम्'फिट्) **ना.** मिठाई, पिंपी ।

comfort (कम्'फर्ट्) **ना.** र **क्रि.** चैन, ढाढस, साधार, संचो, ढुक्क, दिलासा, आडभरोस, सुखचैन, सुखसुविधा, पुगिसरी, सुविस्ता; **क्रि.** सान्त्वना दिनु, फुल्याउनु;—er **ना.** गलेबन्द, मण्टो, पछ्यौरा, चद्दर, दुपट्टा ।

comfy (कम्'फि) **वि.** सुविस्ता. गुट्टमुट्ट, (बोलचाली) ।

comic (कॅ'मिक्) **वि.** र **ना.** हाँसो उठ्ने, ठट्यौली, मजाको, हाँसकर, हासजनक, हास्योत्पादक; परिहास, प्रहसन ।

cominform (कॅ'मिन्‌फअ्र्म्) **ना.** अन्तरराष्ट्रिय साम्यवादी संस्था ।

coming (क'मिङ्) **क्रि. वि.** आउने, हुने, होनहार ।

comity (कॅ'मिटि) **ना.** नम्रता, शिष्टाचार;—of nations, राष्ट्रहरूको परस्परको ऐन कानून व्यवहारको मैत्रीपूर्ण स्वीकृति, देशदेशावर ।

comma (कॅ'म) **ना.** अल्प विरामचिह्न, कमा, पादविराम (,) ।

command (कमाण्ड्') **ना.** र **क्रि.** आज्ञा, समादेश, हुकूम, वचन, शासन, तैनाथ, उर्दी, आदेश, प्रभुत्व, आधिपत्य, कमान; **क्रि.** चर्चनु;—ment **ना.** आज्ञा, आदेश, उपदेश ।

commandant (कॅमाण्डचाण्ट्') **ना.** कुम्मेदाँ, अधिकारी, खा. ग. कुनै सैनिक संस्था वा किल्लाको, समादेशक ।

commandeer (कॅमाण्डिअ्र्') **क्रि.** मानिस जबर्जस्ती भर्ना गर्नु, माल सामान रोक्नु, (सैनिक प्रयोजनका लागि) ।

commander (कमान्'डर्) **ना.** सैनिक उच्चाधिकारी, समादेशक, पति;—in chief परम सेनाधिपति, प्रधान सेनापति: महासेन, बलाध्यक्ष ।

commanding (कमान्'डिङ्) **वि.** समादेशक, उर्दी गर्ने; —general उपातिरथी ।

commando (कमान्'डो) **ना.** कठिन र खतरनाक आक्रमण कामका निमित्त विशेष तालीम गरिएको सैनिक ।

commemorat/e (कमे'मोरेट) **क्रि.** स्मरणार्थ उत्सव मना-

उनु;—ion ना. स्मरणोत्सव ।

commence (कमेन्स्') क्रि. प्रारम्भ गर्नु, उठान गर्नु, शुरू गर्नु, थाल्नु;—ment ना. थालनी, शुरूआत, प्रारम्भ, सूत्रपात, उठान ।

commend (कमेण्ड्') क्रि. प्रशंसा गर्नु, तारीफ गर्नु, सुम्पनु;—ation ना. श्लाघा, प्रशंसा, स्तुति, तारीफ ।

commensurate (कमेन्'शरेट्) वि. अनुरूप, सदृश, निमित्त, सम, तुल्य ।

comment (कॅ'मेण्ट्) ना. र क्रि. टीका, व्याख्या, चर्चा, समालोचना, टिप्पणी; क्रि. टीका लेख्नु, चर्चा गर्नु ।

commentary (कॅ'मेण्टरि) ना. भाष्य, व्याख्या, लेख; विवरण, विवृत्ति, टिप्पणी, टीका; कुनै ग्रन्थ वा घटना वा कार्यउपर गरिएको धारावाहिक टीका ।

commentator (कॅ'मिन्टेटर्) ना. भाष्यकार, टीकाकार, समारोह, खेलकूद इ० को प्रत्यक्ष वर्णन गर्ने दर्शक ।

commerce (कॅ'मअ्र्स्) ना. व्यापार, वाणिज्य; समागम खा. ग. यौनिक ।

comminute (कॅ'मिन्यूट्) क्रि. सानु टुक्रा पार्नु, फोर्नु (जमीन) ।

commiserate (कमि'ज़रेट्) क्रि. दया गर्नु, सहानुभूति गर्नु, अफसोस गर्नु ।

commissariat (कॅमिसे'य्रिअट्) ना. विभाग ।

commission (कमि'श्न्) ना. र क्रि. आयोग, नियोग, डोर, दस्तूर, कमीशन, ध्यूखानी, आज्ञापत्र; पत्र; आचरण, करण, क्रि. अधिकार दिनु, अह्राउनु;—ed वि. पत्रित; non—ed अपत्रित;—er ना. आयुक्त; inquiry— ना. डोर, दौडाहा;—aire ना. वर्दीवाला ढोके इ०; evidence on—वन्द सवाल ।

commit (कमिट्) क्रि. (—tt—) बुझाउनु, गर्नु (खा. ग. अपराध, खराब कुरा), आभारित गर्नु, चलान गर्नु (मुद्दाको निम्ति), पक्ष लिनु, (केही कुरोमा) आफूलाई संलग्न गराउनु;—ment ना. करारनामा, दायित्व, अनुमानित व्यय ।

committee (कमि'टि) ना. समिति ।

commodious (कमो'डिअस्) वि. फराकिलो, ठूलो, फैलावदार ।

commodity (कमॅ'डिटि) ना. माल, सामान, वस्तु, चीज, सामग्री ।

common (कॅ'मन्) वि. सार्व, अदना, साझा, सादा, समान, उभयनिष्ट, लरतरो, चानचुन, मामुली, समभागी, खैराते;—sense ना. समझ, सूझबुझ;—law मुलुकी ऐन;—difference(गणि०) चय; ना. चौर, ऐलानी जग्गा;—ly क्रि. वि. सामान्यतः;—s ना. लोक, प्रजा;—market ना. साझा मण्डी;—weal ना. जनहित;—wealth साझा राष्ट्र ।

commonalty (कॅम'नाल्टि) ना. सामान्य जनता, प्रजा ।

commoner (कॅ'मनर्) ना. सामान्य व्यक्ति, साधारण प्रजा ।

commonplace (कॅ'मन्प्लेस्) ना. र वि. सामान्य, साधारण, अमौलिक, सदा व्यवहारित, सहलिया, लरतरो ।

commonwealth (कॅ'मन्वेल्थ्) ना. राष्ट्रमण्डल, गणतन्त्र, प्रजातन्त्र ।

commotion (कमो'श्न्) ना. होहल्ला, गोलमाल, दौडादौड, वलवा, कलह, तकरार, हूलदंगा, हूल हुज्जत, गलवद्दी, कूटपीट, हलचल ।

communal (कॅम्यू'नल्) वि. साम्प्रदायिक, जातिगत ।

commun/e (कॅ'म्यून्) ना. र क्रि. (कम्यून'); फ्रान्सको क्षेत्रीय विभाग; क्रि. संभाषण गर्नु; मंत्रणा गर्नु;—ion ना. सम्भाषण, संवाद, संसर्ग ।

communic/ate (कम्यू'निकेट्) क्रि. खवर दिनु, वताउनु, लेखिपठाउनु, सन्देश दिनु, लेखापढी गर्नु;—ation (कॅम्यूनि'केश्न्) ना. संवाद, संचार ।

communique (कम्यूनिके') ना. विज्ञप्ति, वक्तव्य (फ्रे.) ।

communi/sm (कॅम्यू'निज्म्) ना. साम्यवाद;—ze, क्रि. साझा सम्पत्ति वनाउनु ।

community (कम्यू'निटि) ना. समाज, समुदाय, स्वभावको ऐक्य, सामूहिक प्रभुत्व, वर्ग सम्प्रदाय, गोष्ठी; वि. वर्गीय, साम्प्रदायिक ।

commut/e (कम्यूट्') क्रि. कम गर्नु, घटाउनु, साटफेर गर्नु; कामलाई शहर जान आउनलाई सार्वजनिक मौसिमी टिकट व्यवहार गर्नु; कडा दण्डको साटो कम कडा दण्ड ठेक्नु; एक प्रकारको तिरो आर्को किसिमसंग साट्नु;—er वा—ator ना. (कम्यू'टेटर्) त्यसरी यात्रा गर्ने व्यक्ति; विद्युत प्रवाहको बाटो फेर्ने उपकरण ।

compact (कॅम्'प्याक्ट्) ना. समझौता, मन्जूरी, मिलोमतो; सानू (पाउडर हाल्ने) वट्टा; वि. (कम्प्याक्ट्') जोरेर राखिएको, कसिएको, निर्दय; (शैली) व्यूढ, जूट, एकजूट, घना, सघन, क्रि. (कम्प्याक्ट्') गाढा पार्नु, टाँसेर जोर्नु ।

companion (कम्प्या'नियन्) ना. साथी, संगी, दौंतरी, मीत, जोडा, सहेली, सहचरी, सखी;—ate marriage सुविस्ताको विवाह;—ship संगत;—way सिंढी (जहाजमा) ।

company (कम्'पनि) ना. समुत्थान, संस्थान, गूट, गुल्म, दल, संगति, संगत, समाज, कम्पू, कोठी, कम्पनी ।

compar/e (कम्पेअर्') क्रि. तौलनु, भेट्टाउनु, तुलना गर्नु, दाँज्नु;—able वि. तुलनायोग्य, दाँजिने;—ative वि. सापेक्ष, तुलनात्मक;—ision ना. तुलना, सादृश्य, दाँजो, दँजाइ ।

compartment (कम्पाअ्र्ट्'मेण्ट्) ना. डब्बा ।

compass (कम्'पस्) ना. र क्रि. दिक्सूचक, कम्पास, परिधि, सीमा, विस्तार; क्रि. परिक्रमा गर्नु, घेर्नु, बुझ्नु, सिध्याउनु;—es ना. परकार, करकाँटा, परकाल ।

compassion (कम्प्या'श्न्) ना. टिठ, अनुकम्पा, कृपा, दया, माया;—ate टिठालु, सदय, सानुकम्प ।

compatible (कम्प्या'टिब्ल्)वि. मिल्ने, मिलानको, अनुरूप ।

compatriot (कम्प्या'ट्रिअट्) ना. देशवासी ।

compel (कम्पेल्') क्रि. (—ll—) वाध्य गराउनु, नत्थ्याउनु, मण्टयाउनु, करेप्नु, चुइँक्याउनु, कर गर्नु, जोर गर्नु;—ling वि. ज़ोरदार ।

compendious (कम्पेन्'डिअस्) **वि.** संक्षिप्त, छोटकरी ।

compendium (कम्पेन्'डिअम्) **ना.** (व. व.—ums,a) सार, संक्षेप ।

compensat/e (कॅम्'पिन्सेट्) **क्रि.** भराउनु, भर्ना गर्नु; —ion **ना.** क्षतिपूर्ति, भर्ना, अनुक्रोश, प्रतिकार, भरिभराउ;—ing हानिपूरक ।

compere (कॅम्'पेअ्र्) **ना.** र **क्रि.** क्यावारे नाच वा प्रसारणको संगठन कर्ता ।

compet/e (कम्पीट्) **क्रि.** स्पर्धा गर्नु, लड्नु, टेक गर्नु, टिरीं गर्नु, टिरिंनु, टक्कर लिनु, प्रतियोगिता गर्नु, जोरी खोज्नु, जोडतोड गर्नु, हानथाप गर्नु, तँछाड मछाड गर्नु;—ition **ना.** होड, होडबाजी, प्रतियोगिता;—itive **वि.** प्रतियोगितात्मक;—itor **ना.** जोरीपारी, प्रतियोगी ।

competence (कॅम्'पिटेन्स) **ना.** योग्यता, दक्षता, सामर्थ्य, गुण, काबिलियत; ग्रासाच्छादन, माम काम, वास गाँस ।

competent (कॅम्'पिटेन्ट) **वि.** काबिल, दक्ष, उचित, योग्य ।

compil/e (कम्पाइल्') **क्रि.** संकलन गर्नु, संग्रह गर्नु, ग्रन्थ बनाउनु;—ation **ना.** संग्रह, संकलन, ग्रन्थ ।

complacent (कम्प्ले'सेन्ट) **वि.** शान्त, आत्मतुष्ट, निवृत्त ।

complain (कम्प्लेन्') **क्रि.** उजूर गर्नु, फिराद गर्नु, गनथन, गनगन; —t **ना.** गुनासो, उजुरी, उजूर वाजुर, फिराद, अर्जी, पोल उजूर, पोल, गथेसो ।

complaisance (कम्'प्लिज़ेन्स्) **ना.** आदर, आभार, शिष्टाचार, भलमन्सियत ।

complement (कॅम्'प्लिमेण्ट्) **ना.** पूरक, समपूरक, कोटि ।

complete (कम्प्लीट्') **वि.** र **क्रि.** सम्पूर्ण, पूर्ण, पूरा, अंग पुगेको; **क्रि.** तामेल गर्नु; पुर्‍याउनु, अन्त गर्नु, सिध्याउनु, पूरा गर्नु, टुंग्याउनु, निखार्नु, निखिनु, बेमाख पार्नु, पटाउनु,—ion **ना.** टुंगो, सम्पादन, तामेली, सांग्य, सांगे, सम्पन्न, समाप्ति, तमामी, निष्पत्ति, तय, इतिश्री;—ly **क्रि. वि.** निमन्याट्ठै, सिनित्त, पूर्णतया ।

complex (कॅम्'प्लेक्स्) **वि.** र **ना.** जटिल, संकीर्ण, विषम, संयुक्त, मिश्रित, रचना, विषम स्थिति, समूह; **ना.** शृंखला, संकुल; —ity **ना.** विषमता, पेचिलोपना ।

complexion (कम्प्ले'क्शन्) **ना.** रंग, वर्ण, आकार, रोगन, रूप; मुखराग ।

complian/ce (कम्प्ला'यन्स्) **ना.** अनुवृत्ति, संमति, आज्ञापालन; in—with अनुसार; compliant, **वि.** मान्ने, वशंवद ।

complicat/e (कॅम्'प्लिकेट्) **क्रि.** जटिल पार्नु, संकीर्ण बनाउनु, कठिन बनाउनु, गाह्रो बनाउनु;—ed **वि.** रूमलिएको, गाह्रो, जटिल, असजिलो;—ion **ना.** माखेसाँग्लो; अडबड, उलझन, परिभ्राट, अल्झो ।

complicity (कम्प्लि'सिटि) **ना.** खराब कुरामा मिलोमतो ।

compliment (कॅम्प्लिमेण्ट्') **ना.** र **क्रि.** विनयपूर्वक प्रशंसा, अभिनन्दन, नमस्कार; सराहना गर्नु;—ary **वि.** प्रशंसात्मक, स्तुतिमय, राम्रो ।

comply (कम्प्लाइ') **क्रि.** आज्ञानुसार गर्नु, आज्ञा पालन गर्नु; खानु (कुरा) ।

component (कम्पो'नेण्ट्) **ना.** अवयव, अंग, भाग ।

comport (कम्पोअ्र्ट्') **क्रि.** आचार, व्यवहार, चेष्टा ।

compose (कम्पोज़्') **क्रि.** विन्यास, योजना, निर्माण, सम्हाल्नु, रचना गर्नु, कथ्नु, टाइप राख्नु, कलात्मक सजावट गर्नु, सजाउनु, शान्त हुनु;—d **वि.** सम्हालिएको, शान्त;—r **ना.** रचयिता, रचनाकार, (खा. ग. संगीत); composition **ना.** काव्य क्रिया, रचना, विन्यास, स्वभाव, बनोट, निर्माण, गठन, संयोजन, संगठन, वस्तु, मंजूरी (झगडा अन्त गर्न) बढी रकम वा अन्य दायित्वको साटो दाम तिर्ने मंजूरी ।

composite (कॅम्'पजाइट्) **वि.** (विभिन्न भागबाट) बनेको, मिश्र, संयुक्त ।

compositor (कम्पो'ज़िटर्) **ना.** अक्षर-विन्यासक; योजक, रचयिता, कम्पोजिटर ।

compost (कॅम्'पोस्ट्) **ना.** मल, खाद ।

composure (कम्पो'झ़र्) **ना.** असंमोह, शान्ति, शान्तभाव, स्थैर्य, शम, अक्षोभ, अनुद्वेग ।

compound (क'म्पाउण्ड्) **ना.**, **वि.** र **क्रि.** यौगिक मिसौट, मिलावट; जोडिएको, मिश्रण; चौगिर्दा, हाता; **वि.** मिश्रित, मिसिएको; एकभन्दा बढी; चक्रवृद्धि; **क्रि.** (कम्पाउण्ड्') जोड्नु, मिलाउनु, सन्धान गर्नु (औषधि), मिल्नु, शान्त गर्नु, सम्झौता गर्नु;—er **ना.** मिलाउने, मात्रा र भाग मिलाउने (खा. ग. औषधिको) मिलाउने, कम्पाउण्डर, औषधयोगविद् ।

comprehen/d (कम्प्रिहेण्ड्') **क्रि.** भास्नु, सम्झनु, बुझ्नु;—sion **ना.** ग्रहण, बोध, बुद्धि;—sive **वि.** व्यापक ।

compress (कम्'प्रेस्) **ना.** र **क्रि.** धमनी दवाउनालाई अस्तर, कपडपट्टी, सूजको लागि चिसो सेकपट्टी; **क्रि.** दबाउनु, थिच्नु, खाँद्नु, संक्षेप गर्नु;—ible **वि.** संपीड्य, संकोचक्षम, खँदिलो;—ion **ना.** संकोचन, संघट्टन;—or संपीडक; cold— **ना.** पानीपट्टी ।

comprise (कम्प्राइज़्') **क्रि.** समावेश गर्नु, धारण गर्नु ।

compromise (कम्'प्रमाइज़्) **ना.** र **क्रि.** मिलापत्र, समझौता; **क्रि.** मिलापत्र गर्नु, आफ्नू कारवाहीद्वारा आफूउपर शंका उठाउनु ।

compul/sion (कम्पल्'श्‍न) **ना.** करकाप, जोरजुल्म, अक्कर, जबर्जस्ती, करबल;—sive **वि.** जोर लाउने, करको, करबलको, हठी, धच्याड्ने;—sory **वि.** अनिवार्य, जबर्जस्ती;—sory bet, stake ठिनी ।

compunction (कम्पङ्क्'श्न्) **ना.** पछुतो, मनमा कुरकुर लाग्नु, संशय, अनिच्छा, माया, रहम ।

compurgation (कॅम्पअ्र्गे'श्न्) **ना.** दोषारोपबाट छुटकारा, अभियोगबाट छूट, खा. ग. (ऐति.) शपथबाट मुद्दा र रिहाइ ।

comput/e (कम्प्यूट्') **क्रि.** गन्नु, हिसाब गर्नु;—ation **ना.** गणन;—er गणक, वैद्युतिक गणक ।

comrade (कम्'रिड्) **ना.** साथी, भाइ, साथीभाइ, दौंतरी, मीत ।

con (कन्) **क्रि., उ. र ना.** पढ्नु, घोक्नु, ध्यानपूर्वक अध्ययन गर्नु, ठग्नु, छल्नु; **उ. र ना.** परपक्ष, विपक्ष, विराजी;—ning **ना.** घोकाइ ।

concaten/ate (कङ्क्या'टिनेट्) **क्रि.** जोड्नु, शृङ्खलावद्ध गर्नु;—ation **ना.** तारतम्य, परिपञ्च, परिपाटी, चाँजोपाँजो, ग्याङ्गथ्याङ्ग, सिलसिला ।

concave (कॅन्'केभ्) **वि.** नतोदर, मध्यनिम्न ।

conceal (कन्सील') दवाउनु, लुकाउनु, छिपाउनु;—ment **ना.** दपोट ।

concede (कन्सीड्') **क्रि.** मान्नु, स्वीकार गर्नु, दिनु ।

conceit (कन्सीट्') **ना.** अहंकार, घमण्ड, शेखी, भावनात्मक विचार, अमिल्दो तुलना, शाब्दिक चटक;—ed **वि.** फुर्केको, घमण्डी, मक्ख ।

conceive (कन्सीभ्') **क्रि.** गर्भ धारण गर्नु, पेट बोक्नु, कल्पना गर्नु, विचार गर्नु, गढ्नु, चिताउनु ।

concentrat/e (कॅन्'सन्ट्रेट्) **क्रि.** केन्द्रीभूत गर्नु, ध्यानमग्न हुनु, गाढा गर्नु;—ed **वि.** गहन; गाढा;—ion **ना.** एकाग्रता, तल्लीनता; समाहरण, जमघट ।

concentric (कन्सेन्'ट्रिक्) **वि.** एककेन्द्रक ।

concept (कॅन्'सेप्ट्) **ना.** विचार, कल्पना, भावना;—ion गर्भ, भ्रूण, गाभ, जातक, गर्भाधान, विचार, धारणा, भावना ।

concern (कन्सअ्र्न्') **ना. र क्रि.** वास्ता, चासो, खाँचो, सम्वन्ध, पीर, संपर्क, सरोकार, मतलव, कारवार, संस्था; **क्रि.** सरिक हुनु, लगाउ हुनु;—ed **वि.** सम्बन्धित, सरोकारवाला, चिन्तित ।

concert (कॅन्'सर्ट्) **ना. र क्रि.** मिलोमतो, जलसा, मेल, ताल, संगीत; **क्रि.** बन्दोवस्त गर्नु ।

concession (कन्से'श्न्) **ना.** छूट, सुविधा, रियायत ।

conch (कॅङ्क्) **ना.** शंख ।

conchy (कॅन्'शि) **ना.** विवेकले (युद्धको) विरोधी; (conscientious objector को छो. क., हेलाँसूचक) ।

concierge (काँ'सिएअ्र्ज़्) **ना.** ढोके, द्वारपाल, दौवारिक, दरबान (फ्रे.) ।

conciliat/e (कन्सि'लिएट्) **क्रि.** रिझाउनु, प्रसन्न गराउनु, शान्त गर्नु;—ion; **ना.** अनुरञ्जन, रीझ ।

concise (कन्साइज्') **वि.** छोटकरी, संक्षेप, —ness **ना.** बुद्धिलाघव ।

conclave (कॅन्'क्लेभ्) **ना.** पोपलाई छान्ने कार्डिनलहरूको सभा, गुप्त सभा ।

conclu/de (कन्क्लुड्') **क्रि.** अन्त गर्नु, अनुमान गर्नु, बन्दोवस्त गर्नु;—sive **वि.** अन्त गर्ने;—sion **ना.** टुङ्गो, निष्कर्ष, ठहर, निर्णय, परिणाम, पर्यवसान, बैठान ।

concoct (कङ्कॅक्ट्') **क्रि.** वनाउनु, जुराउनु, कपोल कल्पना गर्नु;—ion **ना.** मिश्र पेय, औषधि ।

concomitant (कन्कॅ'मिट्याण्ट्) **वि.** सहवर्ती, सहचारी ।

concord (कॅन्'कअ्र्ड्) **ना.** ऐक्य, अविसंवाद, समन्वय, मेलमिलाप, सहमति, मंजूरी; सन्धि, ठ्याक;—ance **ना.** शब्दकोष (कुनै ग्रन्थको) स्वरसाम्य ।

concourse (कन्'कोअ्र्स्) **ना.** भीड, वस्तुहरूको सम्मेलन, जमघट, घुइँचो, समागम, जमात ।

concret/e (कॅन्'क्रीट्) **वि. र ना.** ठोस, खँदिलो, मूर्त, स्थूल, अन्वित, इन्द्रियगोचर; **ना.** कंक्रीट;—ion **ना.** संयोग, ठोस, डल्लो, (खा. ग.)शरीरमा वन्नेको विकृत डल्लो, पत्थर; (भूतत्व०) ठोस धूलोवाट वनेको थुप्रो ।

concubine (कॅन्'क्यूवाइन्) **ना.** रखौटी, ल्याइते, भित्रेनी ।

concupiscence (कङ्क्यू'पिसेन्स्) **ना.** कामुकता ।

concur (कङ्कअ्र्') **क्रि.** एकै पटक हुनु; सहमत हुनु;—rence **ना.** सहमति, मञ्जूरी;—rent **वि.** एकीभूत, एक बिन्दुगामी ।

concussion (कङ्क'श्न्) **ना.** धक्का, (ठूलो मारले) चोट ।

condemn (कण्डेम्') **क्रि.** दोषी ठहराउनु, निन्दा गर्नु, विरुद्ध फैसला दिनु, ज्यान सजाय दिनु ।

condens/e (कण्डेन्स्') **क्रि.** द्रवित गर्नु, बाक्लो पार्नु, छो. क. पार्नु;—ation **ना.** द्रवीभवन, सघनता, घनीकरण, सहनन, —er **ना.** विजुलीको शक्ति जोगाएर राख्ने उपकरण, संचिति ।

condescend (कॅण्डिसेण्ड्') **क्रि.** निगाह गर्नु, बक्सनु, वडप्पन त्याग्नु ।

condign (कण्डाइन्') **वि.** उपयुक्त, सख्त ।

condiment (कॅन्'डिमेण्ट्) **ना.** अचार, अमिलो पिरो, साँधनी, चटनी, सित्तन ।

condition (कण्डि'श्न्) **ना. र क्रि.** अवस्था, शर्तनामा, शर्त, गति, गतिविधि, हाल, नियम; निर्णायक, परिवन्ध, दशा; **क्रि.** मान्नु, जाँच्नु (माल सामान) ।

condol/e (कण्डोल्') **क्रि.** समवेदना प्रकाश गर्नु;—ence **ना.** विचार, सहानुभूति ।

condominium (कॅण्डमि'निअम्) **ना.** कुनै राज्यको प्रशासन दुई अथवा वढी राष्ट्रको जिम्मामा रहनु, संयुक्त प्रशासन ।

condon/e (कण्डोन्') **क्रि.** क्षमा गर्नु, आँखा चिम्लनु, ढाकछोप गर्नु;—ation **ना.** माफी, छूट ।

conduce (कन्डयूस्') **क्रि.** लैजानु, प्रवृत्त गराउनु ।

conduct (कॅन्'डक्ट्) **ना. र क्रि.** चाल चलन, आचार, आचार व्यवहार, नीयत, आचरण, वेहोर, ढाँचाकाँचा, चाल, चाला, चालामाला; **क्रि.** पैरवी गर्नु, संचालन गर्नु, परिचालन गर्नु, चलाउनु, लैजाउनु; improper—वेकाइदा, बात लाग्ने काम; —or **ना.** परिचालक, (विद्युत) संवाहक ।

conduct/ion (कन्डक्'श्न्) **ना.** संवाहन, चालन;—ivity **ना.** चालकता ।

conductor (कन्डक्'टर्) **ना.** चालक, नेता, (वस, ट्रामको) कन्डक्टर; bad—कुचालक; good—सुचालक, lightning—बिजुली चालक, विद्युत् चालक, संवाहक ।

conduit (कन्'डिट्) **ना.** कुलो, ढल, ढूँड, नाल ।

cone (कोन्) **ना.** शंकु, टुप्पो भएको आकृति ।

confabul/ate (कन्फ्या'ब्युलेट्) **क्रि.** कुरा, बातचीत गर्नु, —ation **ना.** गुफ्तगू, सल्लाह, सरसल्लाह, मथलारम्भ ।

confection (कन्फेक्'शन्) **ना.** मिसाउनु, संयोजन, खा. ग. मिठाई; —er **ना.** हलुवाई, मिठाईवाला;—ery, मिठाई, गुलियो, पुष्टकारी, पापा, मिष्टान्न ।

confeder/acy (कन्फे'डरेसि) **ना.** षडयन्त्र, संगठन;—ate **ना.** सहयोगी, साथी, दोस्त, मतियार ।

confer (कॅनफअर्') **क्रि.** (—rr—) दिनु, प्रदान गर्नु, परामर्श गर्नु;—ence **ना.** सभा, सम्मेलन, महाधिवेशन ।

confess (कन्फेस्') **क्रि.** स्वीकार गर्नु, सकार गर्नु, सकार्नु, लाचार हुनु, मान्नु, कायल हुनु;—ion **ना.** कायलनामा, साविती, जमानबन्दी, करारनामा, स्वीकारोक्ति, साविती, बयान, मञ्जूरीनामा, ख्यापन;—or **ना.** ख्यापक साविती, सकारनामा ।

confidant (कॅन्फिडयाण्ट्') **ना.** विश्वासपात्र, विश्वासी, विश्वस्त, मतियार, गुय्याँ, संगातीं ।

confident (कॅन्'फिडेण्ट) **ना.** विश्वासी, साखुल्ले ।

confid/e (कॅन्फाइड्') **क्रि.** पत्याउनु, विश्वास गर्नु;—ence **ना.** हिम्मत, पत्यार, भर, भरोसा, आस्था, प्रतीत, ह्याउ, मनपेट ।

confidential (कॅन्फिडेन्'शल्) **वि.** गोप्य, गुप्त, अप्रकाश्य, खास, विश्वासी ।

configuration (कन्फिग्युरे'शन्) **ना.** विन्यास ।

confine (कॅन्'फाइन्) **क्रि.** थुन्नु, जाक्नु समेट्नु, कोच्नु, थच्चाउनु, थामिनु; **ना.** (धे. ज. ब. व.) सीमा, सीमा क्षेत्र (खा. ग. अलं० दुइ विचारधाराहरूमा)—ment **ना.** थुना, कारावास, छेकथुन, बन्धन, खोर ।

confirm (कन्फअर्म्') **क्रि.** सदर गर्नु, दृढ गर्नु, प्रमाणित गर्नु, थाम्नु, कायम गर्नु;—ation **ना.** कायम, पुष्टि, थमौति, सदर, फारख ।

confisca/te (कॅन्'फिस्केट्) **क्रि.** जफ्त गर्नु, खोस्नु, भूस गर्नु, जफत गर्नु, जायजात गर्नु, हर्नु, सर्वस्व गर्नु, समापहरण गर्नु ।—tion **ना.** सर्वस्व; share—tion अंश सर्वस्व ।

conflagration (कॅन्फ्लग्रे'शन्) **ना.** प्रज्वलन, प्रचण्डाग्नि ।

conflict (कॅन्'फ्लिक्ट्) **ना.** र **क्रि.** (कन्फ्लिक्ट्') भिडन्त, द्वन्द्व, विरोध, झगडा, संघर्ष; **क्रि.** बाझिनु ।

confluence (कॅन्'फ्लुएन्स्) **ना.** दोभान, संगम, जमघट, संभेद ।

conform (कन्फॅअर्म्') **क्रि.** अनुरूप बनाउनु, समान बनाउनु, अनुविधायी हुनु;—ation **ना.** विन्यास, रचना, मिलान ।

confound (कन्फाउण्ड्') **क्रि.** हराउनु, ध्वस्त पार्नु, अकमक पार्नु, आकुल पार्नु;—ed पर्याकुल ।

confrere (कँ'फ्रेयर्) **ना.** (पेशा, संस्थाको) सहयोगी, साथी ।

confront (कन्फ्रण्ट्') **क्रि.** मुख पर्नु, सम्मुख पर्नु, अभिमुख हुनु; अघि उभिनु, खडा हुनु;—ation **ना.** भिडन्त, भिडान, मुठभेड, सामना, मुकाबिला ।

confus/e (कन्फ्युज्') **क्रि.** अलमल पार्नु, गोलमाल पार्नु, अस्तव्यस्त पार्नु;—ed भर्माएको, पर्याकुल, मोहित, संभ्रान्त, आकुल; रंगमगिएको;—ion **ना.** गोलमाल, कल्याङ-मल्याङ, छिरलो, पसारो, यत्रतत्र, खजमज, गण्डगोल, अन्योल, भ्रम, लठिबज्र ।

confute (कन्फ्युट्') **क्रि.** झूटो सावित गर्नु, गल्ती सिद्ध गर्नु ।

conge (कँजे') **ना.** बिदाइ ।

congeal (कन्जील्') **क्रि.** जम्नु, ठोस बन्नु ।

congenial (कन्जी'निअल्) **क्रि.** सहानुभौतिक, समान, मिलनसार ।

congenital (कन्जे'निटल्) **वि.** जन्मजात, जन्मसिद्ध, जन्मैदेखिको ।

congest (कन्जेस्ट्') **क्रि.** ज्यादा जम्मा हुनु, जम्नु;—ed **वि.** गजमौरो;—ion **ना.** रगत जम्नु, जम्मा हुनु, रक्तावष्टम्भ, रक्तसंचय, उपचय; अतिबाहुल्य ।

conglomeration (कन्ग्लॅमरे'शन्) **ना.** डल्लो, पिंड ।

congratulate (कन्ग्र्या'ट्यूलेट्) **क्रि.** बधाइ दिनु, गर्नु, अभिनन्दन गर्नु ।

congregat/e (कन्'ग्रिगेट्) **क्रि.** जम्मा हुनु, झुम्मिनु, धुम्मिनु, झूत खेल्नु;—ion **ना.** धार्मिक मण्डली ।

congress (कन्'ग्रेस्) **ना.** जमघट, सभा, सम्मेलन, राजनैतिक संगठन, महाधिवेशन ।

congruent (कन्'ग्रुएण्ट्) **वि.** सर्वांगसम, मिल्दो, अनुरूप ।

conic (कॅनिक्) **वि.** शंकुरूप, शांकव, शंक्वाकार ।

conjecture (कन्जेक्'चर्) **ना.** अन्जाम, अन्दाज, खा० ग० ग्रन्थको पाठमा, प्रस्तावित पाठ ।

conjoint (कन्ज्वायण्ट्') **वि.** संयुक्त, जुटेको ।

conjugal (कन्'जुगल्) **वि.** वैवाहिक ।

conjugate (कन्'जुगेट्) **क्रि.**, **वि.** र **ना.** धातुरूप चलाउनु; **वि.** यौनिक संयोग; जुटेको ।

conjunction (कन्जङ्'शन्) **ना.** मिलन, संयोग, संयोजक, निपात, संगति ।

conjunctive (कन्जङ्'टिभ्) **वि.** संयोजक ।

conjure (कन्ज्योर्') **क्रि.** हार्दिक अनुरोध गर्नु, भूतप्रेतलाई बोलाउनु, जादू गर्नु;—r **ना.** जादूगर; —ing देखत भूली ।

conk (कङ्क्) **क्रि.** अड्नु (यंत्र, कल, इ०);—out चल्दा चल्दै थामिनु, ठप्प हुनु ।

connect (कनेक्ट्') **क्रि.** जोर्नु, मिलाउनु, गाँस्नु, संयोजन गर्नु, संबद्ध गर्नु;—ed **वि.** सरोकारवाला, संबद्ध, अन्तर्गत; connexion,—ion **ना.** सरोकार, सिलसिला, सम्बन्ध, लगाउ, मतलब, जोड, जोर्नी, जोडाइ, कुलघरान;—ing संयोजक;—ive **वि.** संयोजक; in connexion with सिलसिलामा, प्रसङ्गवार, अनुक्रम ।

conniv/e (कनाइभ्') **क्रि.** सहमत हुनु, मतियार हुनु, आँखा चिम्लनु (विरोध गर्नुपर्ने कुरोलाई);—ance मिलोमतो, सहमति ।

connoisseur (कॅनसअर्') **ना.** जानिफकार, सयानू, पारखी, कदरदान, विवेचक, घागडान ।

connot/e (कनोट्) **क्रि.** (शब्दको) अर्थवाहेक अन्य भाव जनाउनु—ation **ना.** भाव ।

connubial (कन्यू'बिअल्) **वि.** वैवाहिक, पुरुष स्त्रीको ।

conquer (कन्'कर्) **क्रि.** जित्नु, वलपूर्वक विजय गर्नु, प्राप्त गर्नु, दवाउनु;—or विजेता ।

conquest (कन्' क्विस्ट्) **ना.** विजय, जीत ।

consanguinity (कॅन्स्याङ्‌ग्वि'निटि) **ना.** हाडनाता ।

conscien/ce (कॅन्'शेन्स्) **ना.** चित्त, सद्विचार, सद्विवेक, ब्रह्म, अन्तरात्मा, अन्तस्करण, ईमान धर्म;—tious **वि.** शुद्धमति, सद्विवेकी, न्यायपरायण ।

conscious (कन्'शस्) **वि.** सचेत, होशमा;—ness **ना.** होश, सूर, चेतना, ज्ञान, इन्तुचिन्तु, अन्तर्ज्ञान ।

conscri/be (कन्स्क्राइव्') **क्रि.** वलपूर्वक सेनामा भर्ना गर्नु;—pt **ना.** जवर्जस्ती भर्ना गरिएको सिपाही; **वि.** लिखितनाम (व्यक्ति) ।

consecrat/e (कन्'सिक्रेट्) **क्रि.** प्रतिष्ठा गर्नु; —ed **वि.** दीक्षित;—ion **ना.** दीक्षा, प्रतिष्ठा, प्राण प्रतिष्ठा ।

consecutive (कन्से'क्युटिभ्) **वि.** क्रमागत, यथाक्रम ।

consensus (कन्सेन्'सस्) **ना.** मतैक्य, सम्मति, भिन्न अवयवहरूले उद्देश्य प्राप्तिका लागि मिली काम गरेको ।

consent (कन्सेण्ट्') **क्रि.** र **ना.** मान्नु, खानु (कुरा), सहमत हुनु, स्वीकार गर्नु; **ना.** सम्मति, स्वीकृति ।

consequen/ce (कन्'सिक्वेन्स्) **ना.** फल, परिणाम, तासीर;—t, **वि.** फलस्वरूप, परपद;—tly **क्रि. वि.** फलतः, हेतुले ।

conser/vation (कॅन्सर्भे'श्न्) **ना.** संरक्षण, अविनाशिता, ध्रौव्य;—vancy **ना.** मलवाहन ।

conservative (कन्सअर्'भेटिभ्) **वि.** रूढीवादी, परम्परानुयायी, स्थितिपालक, सनातनी, नवविद्वेषी ।

conser/ve (कन्सअर्भ्) **क्रि.** र **ना.** (धे. ज. व. व.) नोक्सानवाट वचाउनु, सँगाल्नु, साँच्नु, रक्षा गर्नु; अचार, मुरब्बा, मिठाई;—vator **ना.** संरक्षक, महापाल ।

consider (कन्सि'डर्) **क्रि.** विचार गर्नु, सम्झनु, मान्नु, ठहराउनु, ठान्नु;—ate **वि.** विचारशील, विवेकी, विचारवान;—ation **ना.** खातिर, लेहाज, खयाल, विवेक, वास्ता, दयामाया;—able **वि.** निकै, ज्यादै, महत्वपूर्ण, ठूलो ।

consign (कन्साइन्') **क्रि.** अर्पण गर्नु, सुम्पनु, पठाउनु, चलान गर्नु;—ee **ना.** पाउने;—ment **ना.** खेप; चलानी ।

consist (कन्सिस्ट्') **क्रि.** रहनु, हुनु, (मिलेर) वन्नु;—ence **ना.** स्थिरता, दृढता, घनता, सान्द्रता—ancy **ना.** आनुरूप्य, संगति, अचपलता;—ent, **वि.** अविरुद्ध योग्य, अनुरूप, संवादी ।

consol/e (कन्'सोल्) **क्रि.** र **ना.** फुल्याउनु, सम्झाउनु, बुझाउनु, सान्त्वना दिनु; **ना.** भित्तामा टाँग्ने ब्याकेट;—ation **ना.** सान्त्वना, सन्तोष, ढुक ।

consolidat/e (कन्से'लिडेट्) **क्रि.** ठोस वनाउनु, जम्मा गर्नु, समष्टिरूप दिनु;—ed funds सञ्चित कोष, सर्वरकम;—list गोस्वारा सूची, समष्टि रूपको ।

consonance (कॅन्'सन्यान्स्) **ना.** अविरोध, आनुरुप्य, अनुरोध, मिलान ।

consonant (कॅन्'सन्याण्ट्) **ना.** र **वि.** संवादी स्वर, व्यन्जनसँग मिलेर पद वनाउने; **वि.** मिलानको, अनुरूप ।

consort (कन्'सअर्ट्) **ना.** पति वा पत्नी (खा. ग. राजा रानी), वेकत, खसम, पटवन्धा (महारानी) ।

conspectus (कन्स्पेक्'टस्) **ना.** विहंगम दृष्टि, सिंहावलोकन ।

conspicuous कन्स्पि'क्युअस्) **वि.** व्यक्त, प्रत्यक्ष, सुस्पष्ट ।

conspiracy (कन्स्पि'रेसि) **ना.** षड्यन्त्र, जाळझेल, जालसाजी ।

conspire (कन्स्पाय्‌र्) **क्रि.** षडयंत्र रच्नु, मिलोमत गर्नु ।

consta/ble (कन्'स्टेब्ल्) **ना.** प्रहरी, पुलीस, सिपाही;—bulary **ना.** प्रहरीदल ।

constant (कन्'स्टयाण्ट्) **वि.** र **ना.** स्थिर, अचल, स्थायी, शाश्वत, नियत, नित्य; **ना.** चेतनांक, निर्देशांक, रसायनांक, स्थिरांक ।

constellation (कन्स्टले'श्न्) **ना.** तारासमूह, राशि नक्षत्र ।

costernation (कन्'स्टर्नेश्न्) **ना.** व्याकुलता, हडवडी, संभ्रम, त्रास, तहलका ।

constipat/e (कन्'स्टिपेट्) **क्रि.** (पेट) कस्नु, गोटा पर्नु;—ion **ना.** गोटा, कब्जियत, कोष्ठवद्धता ।

constituen/t (कन्स्टि'ट्यु एण्ट्) **वि.** अंगभूत, घटक, अवयव, घटकावयव;—cy **ना.** प्रतिनिधि छान्ने मतदाता समूह, मतदान क्षेत्र, चुनाव क्षेत्र;—assembly **ना.** विधानसभा ।

constitute (कन्'स्टिट्यु ट्) **क्रि.** गठन, निर्माण, कायम गर्नु; मिलेर बनाउनु ।

constitution (कन्स्टिटयु'श्न्) **ना.** विधान, रचना, संविधान; स्वभाव, प्रकृतिस्वभाव, मिजास;—al **वि.** र **ना.** वैधानिक; **ना.** हिंडाइ, टहल्नु (स्वास्थ्यको लागि) ।

constrain (कन्स्ट्रेन्') **क्रि.** रोक्नु, तह लाउनु, समेट्नु, सम्हाल्नु, नत्थ्याउनु, कर लाउनु, जोर लाउनु ।

constrain/t (कन्स्ट्रेण्ट') **ना.** रोकटोक, कर, थुना, रोकावट, संकोच, अकर;—ed **वि.** नियंत्रित, करवलले, थिचोमिचोमा परेको ।

constrict (कन्स्ट्रिक्ट्') **क्रि.** खुम्चिनु, दवाउनु, थिच्नु ।

construct (कन्स्ट्रक्ट्') **क्रि.** रचना गर्नु, निर्माण गर्नु;—ion **ना.** रचना, बनावट;—ive **वि.** रचनात्मक ।

construe (कन्स्ट्रु') **क्रि.** अर्थ गर्नु, अर्थ लाउनु, व्याख्यान गर्नु, पदार्थ (पदको अर्थ) भन्नु ।

consul (क'न्सल्) **ना.** वाणिज्य दूत;—general **ना.** महावाणिज्य दूत;—ar **वि.** दौतिक;—ate दूतावास ।

consult (कन्सल्ट्') **क्रि.** सल्लाह गर्नु, खोज्नु, हेर्नु, परामर्श लिनु, समाचार वा सल्लाह (पुस्तकवाट) झिक्नु, मन्त्रनु, मंत्रणा गर्नु, एकान्त गर्नु;—ant **ना.** परामर्शको निम्ति वोलाइने विशेषज्ञ चिकित्सक, विमर्शदायी, सल्लाहकार;—ation **ना.** परामर्श, सर-सल्लाह, विचारविमर्श, समीक्षा, पर्यालोचन, मंत्रणा, अवेक्षण, मतलव ।

consume (कन्स्युम्') **क्रि.** खर्च गर्नु, मासिनु, सकिनु, मास्नु, उपभोग गर्नु, धोत्नु, वल्नु, खपत गर्नु, बुत्याउनु;—d **वि.**

भुक्त, सिनित्त;—r **ना.** उपभोक्ता;—goods **ना.** उपभोग्य वस्तु ।

consummat/e (कन्स्यु'मेट्) **वि.** र **क्रि.** पूर्ण, आदर्श; **क्रि.** पूरा गर्नु, संपादन गर्नु (खा. ग. विवाह, मैथुनद्वारा);—ion **ना.** सम्पादन, तामेली, उद्देश्य, आदर्श, उत्कृष्ट वस्तु ।

consump/tion (कन्सम्प्'श्न्) **ना.** खपत, खलास, नाश, खेर, खिइनु, दुब्लाउने रोग, सुकेनास, क्षय;—tive **वि.** क्षय रोगी ।

contact (कन्'ट्याक्ट्) **ना.** र **क्रि.** स्पर्श, सम्पर्क, छुवाइ, छूतछात, संसर्ग, लाटलुट, लसपस ।

contagi/on (कन्टे'ज्न्) **ना.** महामारी, सरौटो, स्पर्शसंचार; ous **वि.** सर्ने, सरुवा, स्पर्शसंचारी, स्पर्शजन्य, सरौटे, संसर्गज ।

contain (कन्टेन्') **क्रि.** राख्नु, धारण गर्नु, थाम्नु, अटाउनु, खाम्नु, पैठनु, समावेश गर्नु, रोक्नु;—er, भाँडो, ग्रहणक ।

contaminat/e (कन्ट्या'मिनेट्) **क्रि.** दूषित गर्नु, फोहोर पार्नु, मैलो पार्नु;—ion **ना.** दूषण, लसपस ।

contemn (कन्टेम्) **क्रि.** सा. हेलाँ गर्नु, बेवास्ता गर्नु, छिः छिः दूर दूर गर्नु ।

contemplate (कन्'टम्प्लेट्) **क्रि.** गौडसाथ हेर्नु, मनले हेर्नु, अनुमान गर्नु, इरादा गर्नु, ध्यान गर्नु ।

contemporary (कन्टेम्'पोररि) **वि.** समकालीन, दौंतरी, समवयस्क, सवया, उमेर मिल्दो, समान वय ।

contempt (कन्टेम्प्ट्') **ना.** र **क्रि.** हेलाँ, खिसी, उपेक्षा, अनादर, पराभव, अवहेलना, लाञ्छना, तिरस्कार, हेलचेक्र्याइँ, अवज्ञा, हेय;—ible, **वि.** हेलायोग्य, निकृष्ट, घिनलाग्दो;—uous **वि.** तिरस्कारपूर्ण, बढेको ।

contend (कन्टेण्ड्') **क्रि.** लड्नु , जुध्नु ।

content (कॅन्टेण्ट्') **ना.**, **वि.** र **क्रि.** रहेको, विषयसूची, प्रकरण, परिमाण, संतोष, डुक, शब्दशक्ति; **वि.** सन्तोषी, साँखु, खुशी; well—खुशी, सन्तुष्ट;—s, **ना.** बेहोरा, पेटबोली, (भित्र रहेको, माल ।

conten/tion (कन्टेन्'श्न्) **ना.** झगडा, विवाद, प्रतिस्पर्धा, विवादोक्ति;—tious **वि.** झगडालु ।

contest (कॅन्'टेस्ट्) **ना.** (उच्चा० कॅ'ण्टेस्ट्) विवाद, द्वन्द्व, प्रतिस्पर्धा (मैत्रीपूर्ण); **क्रि.** (उच्चा० कॅण्टेस्ट्') छलफल गर्नु, अस्वीकार गर्नु, लड्नु ।

context (कॅन्'टेक्स्ट्) **ना.** सिलसिला, सन्दर्भ, लगाउ, प्रकरण, प्रसंग, अन्तर्गत ।

contigu/ity (कॅन्टिग्यु'इटि) **ना.** संलग्नता, नैरंतर्य;—ous **वि.** संलग्न, जोरिएको, नजीकै, पल्लो ।

continent (कॅन्'टिनेण्ट्) **ना.** र **वि.** महाद्वीप, प्रदेश, जलथल; **वि.** संयमी, जितेन्द्रिय, अति नभएको ।

contingen/t (कन्टिन्'जेण्ट्) **वि.** अनिश्चित, आकस्मिक, संदिग्ध, अपरझट, परिआउने, संभाव्य;—cy अनिश्चितता, आकस्मिकता, भैपरिआउने खण्डखाद; **ना.** (फौजको) टोली, दल, डफ्फा, (अलं०) कुनै वर्गको डफ्फा, हूल, दल ।

continu/e (कन्टि'न्यु) **क्रि.** चलिरहनु, चालु राख्नु, चलाउनु, जारी राख्नु, नरोक्नु, नथाम्नु, कायम राख्नु;—al **वि.** एकोत्तर, एक लग, लगातार, अविरल, अनवरत, तारैतार, बराबर, वारंवार;—ance **ना.** स्थिरता, थमौती;—ation **ना.** क्रम, विस्तार, सिलसिला;—ing **वि.** अविरत;—ity **ना.** नित्यता, सातत्य, नैरन्तर्य;—ous **वि.** अविच्छिन्न, अछिन्न, अटूट, निरन्तर, अनवरत, अविरत, धारावाहिक, अविरल, एकोतारै, एकनास;—ously **क्रि. वि.** एकनास, तारन्तार; लगातार ।

continuum (कण्टि'न्यूअम्) **ना.** सग्लो, नटुटेको, तन्तु वा ठोस वा स्रोत;—of सँग, चेतना, घटनाको स्रोत; spacetime—स्थान र समयको सायुज्यको कल्पना जसको स्रोतमा जीवीहरूको अस्तित्व रहेको कल्पना गरिन्छ ।

contort (कन्टॅट्) **क्रि.** मडारिनु, वंग्याउनु, बटार्नु, विकृत गर्नु ।

contortion (कन्टअ्र्'श्न्) **ना.** ऐठन, मरोड;—ist **ना.** शरीरलाई अचम्मसँग मोड्न, भाँच्न, बटार्न जान्ने; व्यायामी, ऐंठनबाज ।

contour (कॅन्'टुर्) **ना.** आकार, रूपरेखा, रूपरेखाको कलात्मक गुण; परिधि, परिणाह; समुद्रकिनार, पर्वतमाला, इ० को रूपरेखा ।

contra (कॅन्'ट्र) **उ.** अ—(विपरीतको अर्थमा), विरुद्ध, विपरीत, उल्टो;—direction दिक्शूल ।

contraband (कॅन्'ट्रब्याण्ड्) **वि.** निषिद्ध, प्रतिषिद्ध, लुकुवा निकासी पैठारी ।

contracept/ion (कॅन्ट्रसेप्'श्न) **ना.** गर्भावरोध;—ive गर्भावरोधी ।

contract (कन्'ट्र्याक्ट्) **ना.** र **क्रि.** ठेक, ठेक्का, रकम, कबुलियत, भाखापत्र, पट्टा, सट्टा, वाक्दान; **क्रि.** संकुचित हुनु, च्याप्टिनु, सेप्रिनु, कठांग्रिनु, स्याप्प बस्नु, खुम्चिनु, ठेक्का लिनु, कबूल गर्नु;—ion **ना.** संकोच, संकोचन, संकुचन;—or **ना.** ठेकदार; amount of—ठेक ।

contradict (कॅन्ट्रडिक्ट्') **क्रि.** कुरा काट्नु, खंडन गर्नु;—ory **ना.** र **वि.** परस्परविरोधी, अमिल्दो ।

contraption (कन्ट्र्याप्'श्न्) अनौठो यंत्र, कामचलाउ उपाय, उपकरण ।

contrar/y (कॅन्'ट्ररि) **वि.**, **क्रि. वि.** र **ना.** विपरीत, विरुद्ध, अपसव्य, उल्टो, बिगठिएको, प्रतिकूल, प्रतीप; विरुद्धसँग; वैपरीत्य, प्रतिकूलता, विपरीत;—iety **ना.** वैपरीत्य, प्रतिकूलता, विपर्यय, विपर्यास ।

contrast (कन्'ट्रास्ट्र) **ना.** र **क्रि.** दाँजो, भेद, अन्तर; **क्रि.** दाँज्नु, फरक देखाउनु ।

contraven/e (कॅन्ट्रभीन्') **क्रि.** काट्नु, तोड्नु, व्याघात गर्नु;—tion **ना.** व्याघात, निषेध, प्रतिबन्ध, प्रतिरोध ।

contretemps (कँ'ट्रटाँ) **ना.** बेमजा, दुर्घटना, अडको, तलमाथि, भडखारो, भ्वाङ्ग, भङ्दालो (फ्रे.) ।

contribut/e (कन्ट्रि'ब्युट्) **क्रि.** दिनु, तिनु; ग्राहक बन्नु, (साहित्यिक लेख) प्राप्त गराउनु;—ion **ना.** चन्दा, दान, देन, अनुदान, अवदान, योगदान, दाय, दत्त;—or **ना.** अंशदाता;—ory **वि.** प्रवन्धक, पोषक ।

contrit/e (कॅन्ट्राइट्) **वि.** पछुताएको, (कुकर्मले) पश्चात्ताप मानेको;—ion **ना.** अनुताप ।

contri/ve (कन्ट्राइभ्') **क्रि.** योजना गर्नु, बनाउनु, पटाउनु, उपाय झिक्नु, जुराउनु;—vance **ना.** प्रयुक्ति, साधन, उपाय ।

control (कन्ट्रोल्') **ना.** र **क्रि.** कमान, खटन, तावे, राइँदाइँ, प्रभाव, ताकत, शक्ति, नियन्त्रण, अधीन, कावू, कब्जा, चङ्गुल रोकावट, वश, हात, अंकुश; **क्रि.** बन्देज गर्नु, कब्जा गर्नु, सम्हाल्नु, साम्य पार्नु, समेट्नु, तावेमा राख्नु, तह लाउनु, नियन्त्रित गर्नु, कज्याउनु, अँठ्याउनु, हालिमुहाली गर्नु;—ler, **ना.** नियंत्रक ।

controvers/y (कॅन्'ट्रभअ्रसि) **ना.** विवाद, झगडा;—ial **वि.** विवादास्पद; without—y निःसन्देह, निर्विवाद ।

contum/acious (कॅन्टयुम'शस्) **वि.** अटेरी, दुर्विनीत, हेपाहा, वेअदव, ठेड;—ely **ना.** अवज्ञा, हेलाँ, अपमान ।

contuse (कन्ट्युज्') **क्रि.** नीलडाम पार्नु;—ion **ना.** नीलडाम, टुटुल्को ।

conundrum (कनन्'ड्रम्) **ना.** कठिन प्रश्न, प्रहेलिका ।

convalesce (कॅन्भलेस्') **क्रि.** तंग्रिनु, संचो हुनु, स्वास्थ्यलाभ गर्नु;—nce **ना.** स्वास्थ्यलाभ, अपशमन, निरामय;—nt **वि.** निरुज, निरामय ।

convection (कन्भेक्'श्न) **ना.** वाहन ।

conven/e (कन्भीन्') **क्रि.** संयोजन गर्नु;—or **ना.** संयोजक, आयोजक ।

convenien/ce (कन्भी'निएन्स्) **ना.** सुविस्ता, सुविधा, अवसर, अनुकूलता, उपयुक्तता; चर्पी;—t **वि.** सुविधाको, सुविस्ताको, पाएक ।

convention (कन्भेन्'श्न्) **ना.** रूढी, परम्परा, रीतिथिति, आचार, विधि, चलन, लौकिक रीति, प्रथा, लोकोत्तर, साविक, रिवाज, सम्मेलन;—al **वि.** परम्परागत, चल्तीको, (हतियार वारे) अणु होइन, सामान्य ।

converge (कन्भअ्र्ज्') **क्रि.** जम्मा हुनु, ओइरिनु, झुराउनु, संसृत हुनु;—nce **ना.** संसृति, संसरण ।

conversant (कॅन्'भर्सण्ट्) **वि.** राम्ररी परिचित, जान्ने, वाकिफ ।

conversation (कॅन्भर्से'श्न्) **ना.** कुराकानी, वार्तालाप, वातचीत;—ble **वि.** कुराकानीमा रमाइलो;—al **वि.** वार्तालापमा वेस, मन पराउने, बारेको, वातचीतको ।

conversazione (कॅन्भर्स्याट्सिओ'नि) **ना.** (व. व. —nes,—ni) वौद्धिक वा कलात्मक संस्थाले गरेको साँझको समारोह ।

converse (कन्भअ्र्स') **क्रि.**, **ना.** र **वि.** कुरा गर्नु; **ना.** समागम, वार्तालाप; **वि.** उल्टो, विलोम, विपरीत, उल्टोपाल्टो;—ly **क्रि. वि.** विलोमतः ।

convert (कन्भअ्ट्') **क्रि.** र **ना.** बदलिनु, धर्म परिवर्तन गर्नु, धर्मपट्टि ढल्कनु; **ना.** स्वधर्मत्यागी, धर्म बदल्ने;—to (one's) own use निजी काममा लगाउनु ।

convertible (कन्भअ्र्'टिब्ल्) **वि.** परिवर्तन हुने प्रकारको, समान अर्थको, (मोटर) एक ढाँचावाट आर्कोमा परिवर्तित हुने प्रकारको ।

convex (कॅन्'भेक्स्) **वि.** उन्नतोदर, मध्योन्नत ।

convey (कन्भे') **क्रि.** जनाउनु, ओसार्नु, पुऱ्याउनु, लैजानु;—ance **ना.** सवारी, वाहन, हस्तान्तर पत्र, दानपत्र, नामसारी ।

convict (कन्भिक्ट्) **ना.** र **क्रि.** कैदी, अभियुक्त, कसूरवाला, कसूरदार; **क्रि.** अपराधी बनाउनु, दण्ड दिनु, अपराधी सावित गर्नु;—ed **वि.** (अपराधी) ठहरेको, दण्ड पाएको ।

conviction (कन्भिक्'श्न) **ना.** तत्वाभियोग, दोष निरूपण, दृढ निश्चय, गाढा विश्वास ।

convince (कन्'भिन्स्) **क्रि.** पत्यार पार्नु ।

convivial (कन्भि'भिअल्) **वि.** औत्सविक, मौजी ।

convocation (कॅन्भके'श्न्) **ना.** वोलाहट, आह्वान, दीक्षान्तिका, दीक्षान्त समारोह ।

convoke (कन्भोक्') **क्रि.** आह्वान गर्नु, भेला गराउनु ।

convolut/e (कॅन्'भलुट्) **वि.** र **ना.** (वन, वा) (-व.) गाँसिएको, गुँडुल्केको; **ना.** गुँडुल्को;—ed बटारिएको;—ion **ना.** गुँडुल्को, बटार, पत्र, मोड ।

convoy (कन्भ्वॉय्') **क्रि.** र **ना.** रक्षा गर्दै लैजानु; रक्षा, एकसँग जाने जहाजी वेडा ।

convul/se (कन्भल्स्') **क्रि.** वेगसँग हल्लिनु, कम्प हुनु;—sion **ना.** कंप, जोरदार होहल्ला, आक्षेपक;—sive **वि.** विक्षेपी, गद्गद, आक्षेपकर ।

coo, (कू) **क्रि.**र **ना.** घुर्नु (परेवा) परेवाको वोली, परेवा ढुकुर वोल्नु, कुर्लनु ।

cook (कुक्) **ना.** र **क्रि.** भान्छे, अढै, खानसामा, मसाल्ची, पाचक, सूपकार, रसोइया; **क्रि.** पकाउनु, पाक्नु;—ed **वि.** पकुवा (मासु, इ०);—er **ना.** कुकर, पकाउने भाँडो;—ery **ना.** सूपकर्म, पाकविद्या, पाकशास्त्र ।

cool (कूल्) **वि.** र **क्रि.** शीतल, ठण्डा, शीत, चिसो, शीतलीकरण; **क्रि.** ठण्डाउनु, सेलाउनु, चिसो पार्नु, चिसिनु, हम्कनु, ठण्डा हुनु;—one's heels डरिलनु;—ness **ना.** ठण्डा, ठण्डा मिजास, अव्यग्रता, विरक्ति, शीतलता, शैत्य ।

cooler (कूलर्) **ना.** ठण्डा पार्ने भाँडो, झ्यालखानको कोठा ।

coop (कूप्) **वि.** र **क्रि.** कोक्रा, जाल; **क्रि.** थुन्नु, बन्द गर्नु; co—op सहयोगी संस्था ।

cooperat/e (कोऑ'परेट्) **क्रि.** सहयोग गर्नु;-ion **ना.** योगदान, सहयोग ।

coopt (कोऑप्ट्) **क्रि.** (सदस्यहरूको मतद्वारा संस्थामा लिएको नयाँ सदस्य) संयोजन, शरीक गराउनु ।

coordinate (को-अर्'डिनेट्) **क्रि.** र **ना.** संयोजन गर्नु, एकसूत्री गर्नु; **ना.** नियामक, एकसूत्रीकरण, संयोजन;—tor समन्वयकर्ता ।

cop (कॅप्) **ना.** र **क्रि.** (-pp-) प्रहरी; **क्रि.** पक्डिनु, सजाय पाउनु; **ना.** गिरफ्तारी ।

coparcenary (कोपअ्र्'सिनरी) **ना.** अंशियार, हकवाला, दैयादार ।

cope (कोप्) **क्रि.** बराबरीसँग भिड्नु ।

co-pilot (को पाइ'लट्) **ना.** सहचालक ।

coping (को'पिङ्) **ना.** गारोको तेर्सो टाउको ।

copious (को'पिअस्) **वि.** बलिन्द्र, प्रचुर, बहुल, बरबरी, विपुल;—ness **ना.** बाहुल्य, प्राचुर्य, विपुलता ।

copper (कॅ'पर्) **ना.** तामा, ताम्र, नेपाळ ।

coppice (कॅ'पिस्) **ना.** सानू कुञ्ज ।

copra (कॅ'प्र) **ना.** नरिवल (को सुकेको गुदी) ।

copulat/e (कॅ'प्युलेट्) **क्रि.** जोर्नु, (यौनिक) जोर्नु;–ion, **ना.** मैथुन, वैयाकरणीय संयोग ।

copy (कॅ'पि) **ना.** र **क्रि.** सरोट, उतार, साफी, नकल, प्रतिलेख, प्रतिलिपि, मूल; **क्रि.** नकल सार्नु, सार्नु, प्रतिलिपि सार्नु, नकल गर्नु, देखासिकी गर्नु;—ist **ना.** लेखनदास, सार्ने लेखक, अनुकारी, शब्दचोर, नकलची ।

copyright (कॅ'पिराइट्) **ना.** अधिकार (कलात्मक वस्तुको), सर्वाधिकार, मुद्रणस्वामित्व, कलास्वामित्व ।

coquet/te (ककेट्') **ना.** र **क्रि.** विलासिनी, कामिनी, नखरमाउली, पातरनी, छाले,छयल्ले, बयलपाते, उत्ताउली, उखरमाउली, नकटी; **क्रि.** हाउभाउ लाउनु;—ry **ना.** कामिनीको चाला, आकर्षक सौन्दर्य (कलाको), छाडन, हावभाव, हाउभाउ, कटाक्ष, चाला, छाँटा, ताल;—tish, हाउभाउ गर्ने, उखरमाउली ।

coral (कॅ'रल्) **ना.** सिपी ।

cord (कअ्र्ड्) **ना.** डोरी, रस्सी, त्यान्द्रो, सूत्र, रज्जु ।

cordial (कअ्र्'डिअल्) **वि.** हृदयलाई उत्तेजित गर्ने, हार्दिक, मैत्रीपूर्ण; (**ना.**) बलवर्धक पेय, टनिक, ताकत दिने ओखती या पेय, बाजीकरण पेय ।

cordite (कअ्र्'डीट्) **ना.** धूवाँरहित विस्फोटक ।

cordon (कअ्र्'डन्) **ना.** सैनिक चौकीको क्रम, प्रहरी, सैनिकको लाम वा घेरा ।

core (को'र्) **ना.** चुरो, चमु, गर्भ, बीयाँ, कोयो, अन्तरंग ।

coriander (कॅरिअ्यान्'डर्) **ना.** धनियाँ ।

cork (कअ्र्क्) **ना.** र **क्रि.** काग, बिर्को, पिधान; **क्रि.** काग लगाउनु, बिर्को बन्द गर्नु;—age **ना.** कागशुल्क ।

corn (कअ्र्न्) **ना.** अनाज, मकै, ठेला, मूसो, दाना, गल्ला, धान्य;—cob मकैको घोगो ।

cornea (कअ्र्'निआ) **ना.** कनिनिका, शुक्लमण्डल ।

cornelian (कॅर्नि'लियन्) **ना.** मुगा ।

corner (कअ्र्'नर्) **ना.** कुनो, सूर, चोसो, चोसे (कोठा), कोप्चो, टोडको; कोटर, कुना-काप्चा, अन्तरकुन्तर, कठिन अवस्था;—of the eye कनखी, कोश, अपांग; **क्रि.** व्यापारमा कुनै वस्तुउपर कब्जा गर्नु ।

cornflower (कॅर्न'फ्लावर) **ना.** माली फूल ।

cornice (कॅअ्र्'निस्) **ना.** कार्निस ।

cornucopia (काअ्र्न्युको'पिआ) **ना.** (ब. व.—as), बाहुल्यको सीङ, (कामधेनु), द्रौपदीको ताउलो ।

corolla (करॅ'ला) **ना.** फूलको भित्री खोल बनाउने पातको गुच्छा ।

corollary (करॅ'लरि) **ना.** उपसिद्धान्त, अनुमान ।

corona (करो'ना) **ना.** (ब. व.—ae) तेजोमण्डल ।

coronal (कॅ'रनल्) **ना.** मुकुट, किरीट, ताज ।

coronary (कॅ'रनरि) **वि.** (श. वि.) मुकुट झैँ घेर्ने, मुकुट झैँ;—arteries मुटुलाइ रगत दिने धमनीहरू, मुकुटधमनी ।

coronation (कॅरने'इन्) **ना.** राज्याभिषेक ।

coroner (कॅ'रनर्) **ना.** अपमृत्युकारण निरूपक ।

coronet (कॅ'रनेट्) **ना.** मुकुट, किरीट, माला ।

corporal (कअ्र्'परल्) **ना.** र **क्रि.** शारीरिक, दैहिक ।

corporate (कअ्र्'परेट्) **वि.** संगठित ।

corporation (कअ्र्परे'इन्) **ना.** निगम, समाज ।

corporeal (कअ्र्प'अ्रिअल्) **वि.** दैहिक, भौतिक, वपुष्मत् ।

corps (कोअ्र्) **ना.** चमू, पल्टन;—de ballet नृत्य समुदाय;—diplomatique राजदूतसमुदाय ।

corpse (कॅअ्र्प्स्) **ना.** लाश, शव, मुर्दा ।

corpulen/t (कअ्र्'प्युलेण्ट्) **वि.** भूँडे, स्थूल, मोटो, थसुल्लो, थसुल्ली;—ce **ना.** स्थूलता, मोटोपन ।

corpus (कअ्र्'पस्) **ना.** (ब. व.—pora) लेख, लेखसमूह; (श० वि०) देहमा कुनै खास अवयवको रचना;—juris ऐन, मुल्की ऐन;—delicti अपराध, अपराधको देह वा प्रमाण ।

corpuscle (कअ्र्'पस्क ल्) **ना.** रक्ताणु, रक्तकण, कणिका ।

correct (करेक्ट्') **ना.**, **वि.** र **क्रि.** सत्य, ठीक, उचित, दुरुस्त, सही, यथार्थ, शुद्ध; **क्रि.** सच्याउनु, सजाय गर्नु, सुधार्नु ।

correction (करेक्'इन्) **ना.** शोधन, सुधार, दण्ड, सच्याइ ।

correctitude (करेक्'टिटयूड्) **ना.** शुद्ध आचरण ।

correlate (कॅ'रेलेट्) **क्रि.** समन्वय गर्नु ।

correspond (कॅरेस्पॅण्ड्') **क्रि.** अनुरूप हुनु, सदृश हुनु, ठ्याक खानु, संगत हुनु, जुर्नु; पत्रव्यवहार गर्नु;—ence **ना.** सांगत्य, मिलान, पत्राचार, चिट्ठीपत्र, लेखापढी;—ing संगत;—ent **ना.** नियोगी, प्रतिनिधि, संवाददाता;—ency **ना.** संपर्क ।

corridor (कॅ'रिडअ्र्) **ना.** बरण्डा, मटान, (घरभित्रको) पारण;—train बरण्डा रेल ।

corigendum (कॅरिजेन्'डम्) **ना.** (ब. व.—da). शुद्ध गर्नुपर्ने कुरा (खा. ग. पुस्तकमा गल्ती छपाइ), शुद्धिपत्र ।

corrigible (कॅ'रिजिब्ल्) **वि.** सच्याउन सकिने, आज्ञाकारी ।

corroborat/e (करॅ'बरेट्) **क्रि.** समर्थन गर्नु, पुष्ट गर्नु;—ion, **ना.** प्रमाण, दृढीकरण ।

corrode (करोड्') **क्रि.** खिइनु, क्षय, हुनु; खानु;—sion **ना.** क्षादन; —sive **वि.** नाशक, तीव्र, प्रखर क्षादक ।

corrugate (कॅ'रूगेट्) **क्रि.** चाउरी पार्नु, खुम्चाउनु, करकराउनु, कप्नु;—d **वि.** संकुचित, करकट;—d Sheet करकटपाता, जस्तापाता ।

corrupt (करप्ट्') **वि.** र **क्रि.** सडेको, बिग्रेको; घूस्याहा, भ्रष्ट, गल्तीले दूषित; **क्रि.** बराल्नु, दूषित गर्नु, घूस ख्वाउनु;—ed **वि.** बराला, बरालिएको;—ion, सडन, भ्रष्टाचार, दूषण, धाँधली, दुष्टता, अपभ्रंश, पाठदोष;—practices **ना.** धाँधली, भ्रष्टाचार ।

corset (कॅ'सेंट्) **ना.** काठ, हाड इ० ले बलियो र अरट्ठ पारेको धागोले कसेर लाउने महिलाको भित्री चोली, चोली, कर्सेट, कुर्पासक, कन्चुक ।

cortege (कॅअ्र्‌टेऴ्') **ना.** अर्थी, मलामीको ताँती ।

cortex (कॅअ्र्'टेक्स्) **ना.** (ब. व.—tices). बाहिरी सतह (मस्तिष्कको) ।

cortisone (कॅअ्र्'टिसोन्) **ना.** उपरी मिर्गौलाले उत्पन्न गर्ने हर्मनहरूमध्ये एक, कर्टिसोन ।

coruscate (कॅ'रस्केट्) **क्रि.** टल्कनु, ऱल्कनु, चम्कनु ।

corvee (कअ्र्‌भे') **ना.** (सामन्ती) बेठ, बेगारी ।

coryza (कराइ' ज़ा) **ना.** सर्दी, रुघा ।

cose (कोज़्) **क्रि.** आराम गर्नु;—y **वि.** आराम, गुटमुट्ट, न्यानो ।

cosine (को'साइन्) **ना.** कोटिज्या, ज्या ।

cosmetic (कॅज़्मे'टिक्) **वि.** र **ना.** कांतिवर्द्धक; केश, त्वचा र वर्ण सुन्दर तुल्याउने वस्तु, अंगराग ।

cosmo/s (कज़्'मॅस्) **ना.** विश्व, जगत्, विश्वब्रह्माण्ड, विचार-पद्धति, अनुभवको सार; चमेरोफूल;—cosmic **वि.** ब्राह्म, ब्राह्म्य;—cosmic rays जगत् किरण;—gony सृष्टिको सिद्धान्त;—graphy जगत् वर्णन;—polis **ना.** विश्वनगर, अराष्ट्रिय शहर;—politan **वि.** विश्वका सम्पूर्ण भागको राष्ट्रिय सीमाबाट मुक्त भएको व्यक्ति, सर्वत्रवासी, विश्वस्थायी;—polite विश्व, नागरिक ।

cosset (कॉ'सेट्) **ना.** पालेको पाठो; **क्रि.** पुलपुल्याउनु, प्यारो गर्नु ।

cost (कॉस्ट्,कॅस्ट्) **ना.** दाम, परिव्यय, खर्च, लागत; **क्रि.** मोल लाग्नु;—of living बेसाहा;—ly **वि.** मूल्यवान् खर्चिलो, दामी, किम्मती, महँगो ।

costal (कॅस्'टल्) **वि.** करङ्गको ।

coster (**monger**) (कॅस्'टर् (मङ्गर्)) **ना.** सडकमा टोकरीबाट फलफूल इ० बेच्ने, फेरीवाला ।

costive (कॅस्'टिभ्) **वि.** कोष्टबद्ध, कसिएको ।

costume (कॅस'टयुम्) **ना.** पोशाक, पहिरन;—jewellery श्रृङ्गारको लागि पहिरिने नकली गहना;—piece **ना.** तत्कालीन पोशाक लाएर गरिने अभिनय; costumier **ना.** दर्जी ।

cosy (को'जि) **वि.** न्यानू, गम्म; पोशाक बनाउने; चँदुवा भएको दुईजनाको कुनाको बस्ने ठाउँ, आसन ।

cot (कॅट्) **ना.** सानू खाट, शिशु दोला ।

cotangent (कोटयान्'जेण्ट्) **ना.** कोटिस्पर्श रेखा ।

cote (को'ट्) **ना.** गुँड़ (खा. ग. चरा, जस्तो कुखुरा, परेवा इ० को) ।

coterie (को'टरि) **ना.** खास स्वार्थले संगठित भएका व्यक्तिहरूको समूह, चक्र, गूट, गुइयाँ ।

cottage (कॅ'टेज्) **ना.** कटेरो, कुटीर, ऱ्होपडी , कुटी ।

cotton (कॅ'टन) **ना.** र **क्रि.** कपास;—cloth खाँड़ी, खद्दर; —yarn सूत, धागो; **क्रि.** मंजूर गर्नु, मिल्नु, दोस्तीभाव गर्नु ।

couch (काउच्) **ना.** र **क्रि.** विछयौना, पलंग, कवच, आसंद; —**क्रि.** लेट्नु, पल्टनु; (यवपानीयकरण) उम्रिनालाई अन्न भैंमा फिंजाउनु; मोतियाविन्दु झिक्नु; (विचार) शब्दमा प्रकाश गर्नु; (अर्थ, इ०)शब्द प्राचुर्यले छेक्नु; (पशु) खोरमा पस्नु, सुत्नु; ढुकेर बास्नु; (भाला) हान्नालाई नुहाउनु;—grass लामू घाँसको किसिम ।

Coueism (कु'एइज्म) **ना.** कुएवाद, आशावादी प्रकारको नियमित आत्मसूचन ।

cough (कॅफ्) **ना.** खोकी; **क्रि.** खोक्नु, खकार्नु ।

council (काउन्'सिल्) **ना.** सभा, परिषद्, सल्लाह;—lor परामर्शदाता, भारादार, सदस्य ।

counsel (काउन्'सल्) **ना.** सर-सल्लाह, सल्लाह, परामर्श; **क्रि.** सल्लाह लिनु दिनु;—lor सल्लाहकार, परामर्शदाता, सामवायिक, वकील, अधिवक्ता ।

count (काउन्ट) **क्रि.** र **ना.** गन्नु; गणना, थानगन्ती, गिनती, अंक, सम्मानसूचक पदवी;—ed **वि.** गनिएको, गिनती भएको;—less **वि.** अनगिन्ती, बेगिन्ती ।

countenance (काउन्'टेन्यान्स्) **ना.** र **क्रि.** सूरत, नूर बानगी, बाना, आकृति, अनुहार, मुख; **क्रि.** निकासा दिनु, प्रोत्साहन दिनु ।

counter (काउन्'टर्) **ना.** र **क्रि.** (खेलमा) गोटी, (पसलको) तखता, फल्याक, आड, फलक; **क्रि.** विरोध गर्नु, कुरा काट्नु; **वि.** र **क्रि. वि.** उल्टोपट्टि, विरोधी, विमुख, सामने; गणक;—clerk फलक कारिन्दा, गणक ।

counter (काउन्'टर्) **उ.** प्रति, प्रतिकूल ।

counteract (काउन्टर्भ्याक्ट्') **क्रि.** विपरीत कार्यले रोक्नु, हराउनु; **ना.** प्रतिकार्य, प्रतिक्रिया ।

counterattack (काउन्'टरअटयाक्) **ना.** प्रतिआक्रमण, हमला; **क्रि.** जाइलाग्नु, प्रतिहन् ।

counterbalance (काउन्'टर्ब्यालन्स्) **ना.** तौललाई सन्तुलन गर्ने वजन, समतोलक, तुल्यभार ।

counterblast (काउन्'टर्ब्लास्ट्) **ना.** कोही कुराको विरुद्ध जोरदार वक्तव्य ।

countercharge (काउन्'टर्चाअर्ज्) **ना.** प्रत्यभियोग, प्रत्यभिस्कन्दन ।

counter-clockwise (काउण्टर्-क्लॅक्'वाइज़्) **क्रि. वि.** वामावर्त ।

counter-espionage (काउन्'टर्एस्पियोनाऴ्) **ना.** प्रतिजासूसी, शत्रुको जासूसमाथि जासूसी, प्रतिचार ।

counterfeit (काउन्'टर्फिट्—फीट्) **वि.** नकली, नचल्ने, खोटो टक, दोपट, कीर्ते ।

counterfoil (काउन्'टर्फॅयल्) **ना.** रसीद इ० को अधकट्टी, दोहोरी ।

countermand (काउन्टर्माण्ड्') **क्रि.** र **ना.** आदेश फिर्ता लिनु, विपरीत आदेशबाट फिर्ता बोलाउनु, आडर रद्द गर्नु; **ना.** अघिल्लो आदेशलाई खारिज गर्ने आदेश ।

counterpane (काउन्'टर्पिन्—पेन्) **ना.** (विछौनाको) तन्ना ।

counterpart (काउन्'टर्पाअर्ट्) **ना.** प्रतिरूप, प्रतिमूर्ति,

जोडा ।

counterpoise (काउन्'टरप्व्यायज्) **क्रि.** समतुलन गर्नु; **ना.** समतोलन ।

countersign (काउन्'टर्साइन्) **क्रि. र ना.** (सही गरेको कागतमा) पुच्छे्र सही गर्नु, थप सही गर्नु; **ना.** प्यारोल, पास ।

countersignature (काउन्'टरसिग्'नट्युर्) **ना.** पुच्छ्र सही ।

counterstroke (काउन्'टरस्ट्रोक) **ना.** जवाबी मार, प्रतिघात, प्रत्याघात ।

counter-weight (काउ'न्टर-वेट्) **ना.** समतोलक भार, वजन; तुल्यभार ।

counting-house (काउन्'टङ्-हाउस्) **ना.** हिसाब घर, गद्दी, कार्यालय ।

counting (काउन्'टिङ्) **ना.** गन्ती, गिन्ती;—of days दिन गिन्ती ।

countless (काउन्ट्लेस्) **वि.** अनगिन्ती, गनिनसक्नु, अगण्य ।

countr/y (कन्'ट्रि) **ना.** देश, मुलुक, रियासत;—ified **वि.** पाखे, ग्रामीण ।

county (काउन्'टि) **ना.** विलायतको प्रदेश ।

coup (कू) **ना.** स्मरणीय या सफल चाल, बाजीमाथ, वल या गैरकानूनी काइदाबाट शासनमा परिवर्तन, तख्ताको पलट;—de grace बाजीमाथ, मार, अन्तिम मार ।

coupe (कू'पे) **ना.** बन्द गाडी, बन्द बग्गी ।

couple (क'प्ल्) **ना. र क्रि.** जोडा, दुई, युग्म, युग्मक, दम्पति, युगल; **क्रि.** बाँध्नु, जोर्नु, जोल्टिनु, जोड्नु, विवाह गर्नु, अनुयोजन गर्नु;—ing **ना.** अनुयोजन, अनुयोग, जोल्टाइ ।

couplet (कप्'लेट्) **ना.** श्लोक ।

coupon (कू'पन्) **ना.** छुट्ट्याउन हुने टिकट, कूपन, अधकट्टी ।

courage (क'रेज्) **ना.** साहस, ह्याउ, ताउ, वीरता, आँट, हिम्मत, हिक्मत, सूर, ऊक, नीच, जाँगर, उत्साह;—ous **वि.** साहसी, हिम्मती, आँटिलो, उत्साही ।

courier (कु'रिए) **ना.** दूत, वाहक, हल्कारो ।

course (कोअ्र्स्) **ना. र क्रि.** स्रोत, पाठ्य-क्रम, क्रम, सिलसिला गति, माग, चाँजो; **क्रि.** बग्नु, लखेट्नु (शिकार) ।

court (कोअ्र्ट्) **ना. र क्रि.** अदालत, न्यायालय, इजलास, कचहरी, चोक, आँगन, चाकरी, दरबार; **क्रि.** प्रणय गर्नु;, फकाउनु, प्रेम गर्नु, आमन्त्रण गर्नु;—fees बक्स्यौनी;—cards एक्कादेखि गुलामसम्म दरबारिया चक्की (ताश);—martial सैनिक अदालत;—of law अदालत राजकुल ।

courteous (कोअ्र्'टिअस्) **वि.** नम्र, शिष्टाचारयुक्त, विनययुक्त ।

courtesan (कअ्र्टिज्यान') **ना.** वेश्या ।

courtesy (कोअ्र्'टेसि,कअ्र्'—) **ना.** सौजन्यता, शिष्टाचार, नम्रता, उपचार ।

courtier (कोअ्र्'टिअ्र्) **ना.** दरबारी, दरबारिया, राजसेवक, भित्रिया ।

courtly (कोअ्र्ट्'लि) **वि.** काइदा जान्ने, सभ्य, आचरणमा उन्नत; दब्बू, चापलूस ।

courtship (कोअ्र्ट्'शिप्) **ना.** प्रणय ।

courtyard (कोअ्र्ट्'याअ्र्ड्) **ना.** चोक, आँगन, मझेरी ।

cousin (क'ज़न्) **ना.** दाजुभाइ, दिदीबहिनी (काका, मामा का संतान) ।

couture (कु'टयोर्) **ना.** लुगासिलाइ ।

covenant (क'भेन्याण्ट्)**ना.** समझौता, वचन, पण, समय, नियम ।

cover (क'भर्) **ना. र क्रि.** खोल, अम्हर, आवरण; जिल्ला; ढकना, बिर्को, पोष्टि; **क्रि.** ढाक्नु; छाउनु, मोहोर्नु, छोप्नु, ओढ्नु, खाप्नु —ing **ना.** आवरण, ओढ्ने, छोपन ।

coverlet (क'भर्लेट्) **ना.** ओढ्ने, चादर, दोलाई, घुर ।

covert (क'भर्ट) **वि. र ना.** छिपाएको, लुकेको; आश्रय ।

covet (क'भेट्) **क्रि.** लोभ गर्नु;—ous **वि.** लोभी ।

cow (काउ) **ना.** (ब. व.—s) गाई, गौ, धेनू;—boy गोठालो, ग्वाल, गोप;—herd गोठालो; **क्रि.** तर्साउनु, धमकी दिनु, दब्नु;—peas मकैबोडी; crowder-peas तनेबोडी ।

coward (कॉ'वर्ड) **ना.** डरछेरुवा, डरपोक, लाछी, नामर्द, काथर, कातर, कायर, सुसुपाल ।

cower (कॉ'वर्) **क्रि.** लत्रनु, दब्किनु, निहुरिनु (डरले), दच्कनु, तर्सनु, भड्कनु ।

cowl (काउल्) **ना.** घुम्टो (जोगीको) ।

cow-pox (काउ-पॅक्स्) **ना.** विफर, शीतला, माई ।

coxcomb (कॅक्स्'कोम्) **ना.** घमण्डी गुण्डा;—ry **ना.** गुण्डापन, फूर्ति ।

coy (कॉय) **वि.** लजालु, मितभाषी, नम्र ।

cozen (क'ज़न्) **क्रि.** ठग्नु, छल्नु, कपट व्यवहार गर्नु;—age **ना.** प्रतारणा, मोह, छल, ठगी ।

crab (क्याब्) **ना.** गँगटो, कर्कट, केँकडा;—bed **वि.** उरण्ठ्याउलो ।

crack (क्याक्) **ना. र क्रि.** ठूलो आवाज, चट्याङ्ग, कक्याक, दरार, फाटो; **क्रि.** धसिनु, पड्कनु, फुट्नु, फाट्नु, धस्कनु;—ed **वि.** दोपट, कर्कश, (बो. चा.) (निष्ठा.) मगज सन्केको, पागल;—er **ना.** पटाका, बिस्कुट ।

crackle (क्या'क्ल्) **क्रि.** कडकिनु, पड्किनु, भाँच्नु ।

cracksman (क्याक्स्'म्यान्) **ना.** चोर, सेनकट्टुवा ।

—cracy (क्यासि,'क्रेसी) आगम, संयोग,—'तंत्र', "राज्यको" अथमा; demo—प्रजातन्त्र; pluto—धनतन्त्र ।

cradle (क्रे'ड्ल्) **ना. र क्रि.** (बच्चाको) डोको, खाट, पालना, झूला, आधार (जहाज बनाउँदा) ।

craft (क्राफ्ट्) **ना.** बुद्धि, सीप, चातुर्य, छल, कला, व्यापार; यान;—sman कर्ता, कलाकार, कारीगर ।

crafty (क्राफ्'टि) **वि.** धूर्त, लुच्चो, कपटी ।

crag (क्याग्) **ना.** ठाडो वा विषम पत्थर;—gy **वि.** शैल, पत्थरिलो ।

cram (क्याम्) **क्रि.** घोक्नु, कण्ठ गर्नु, कोच्नु, भर्नु, रट्नु ।

cramp (क्याम्प्) **ना.** र **क्रि.** ऐंच, ऐंठ, वाउँठन, ऐंठन, कँडा; **क्रि.** वाउँडिनु, फर्कनु, कचमच हुनु, साँगुरो हुनु, जकडिनु, अरट्ठिनु;—ed **वि.** घोके, साँगुरो, अपुग (ठाउँ)।

crane (क्रेन्) **ना.** सारस; गह्रौं माल उचाल्ने यन्त्र, क्रेन, उत्तोलक ।

crani/um (क्रे'नियम्) **ना.** (ब. व.—ia,—iums) मस्तिष्क कोष्ठ;—al कार्पर ।

crank (क्याङ्क्) **ना.** र **क्रि.** लहडी, वक्र मार्ग, क्याङ्क मोड (लम्बको आकारमा मोडिएको धूरको भाग जसले पारस्परिक चाललाई वृत्ताकार चालमा बदल्छ);—shaft **ना.** मोडडण्डा ।

cranky (क्याङ्'कि) **वि.** लहडी, पागल ।

cranny (क्या'नि) **ना.** छिद्र, प्वाल, दरार ।

crape (क्रेप्) **ना.** जूठो बार्ने (कालो, रेशम इ०) कपडाको पोशाक ।

crapulent (क्या'प्युलेण्ट्) **वि.** जँडयाइबाट उत्पन्न हुने रोग, नतीजा, भएको ।

crash (क्याश्) **ना.** धडाका, जोरसँग खस्नु वा टक्राउनु, मुण्टिनु, मण्टाभर पर्नु, गिर्नु, विनाश, व्यापारिक प्रतिष्ठाको ह्रास; **क्रि.** खस्नु, टक्राउनु, टुक्रा टुक्रा हुनु, धडाम्म ।

crass (क्यास्) **वि.** बाक्लो, गाढा, स्थूल, घन ।

crate (क्रेट्) **ना.** फुट्ने माल लिएर हिंड्ने वेंतको टोकरी इ० माल प्याक गर्ने बाकस, कोक्रो, गञ्ज, पिंजडा, पञ्जर ।

crater (क्रे'टर्) **ना.** ज्वालामुखी पर्वतको मुख ।

cravat (क्रभ्याट्') **ना.** गलेबन्द, नेकटाइ, सुर्केनी ।

crave (क्रेभ्) **क्रि.** माग्नु, प्रार्थना गर्नु, रहर गर्नु, हौसिनु ।

craven (क्रे'भन्) **ना.** कायर, कातर, पुङ्माङ, डरछेरुवा, भीरु ।

craving (क्रे'भिङ्) **ना.** धोको, रहर, तलतल, धीत ।

crawl (क्रॉल्) **क्रि.** वामे सर्नु, घस्रनु, मन्द गतिले हिंड्नु ।

crayon (क्रे'यन्) **ना.** रङ्गीन खरी, तूलिका ।

craze (क्रेज्) **ना.** र **क्रि.** पागल विचार, बौलट्टी, उन्माद, सनक; **क्रि.** बौलाहा पार्नु;—d. **वि.** सातोपुत्लो उडेको, हंसले ठाउँ छोडेको, सन्केको ।

crazy (क्रे'जि) **वि.** हल्लिने, असद्दे, जर्जर, उन्मत्त, पागल, सन्काहा, हावा बिग्रेको, हावा खुस्केको ।

creak (क्रीक्) **ना.** र **क्रि.** मच्याक; कराउनु ।

cream (क्रीम्) **ना.**, **क्रि.** र **वि.** दूधको चिल्लो, तर, क्रीम, (कुनै वस्तुको) उत्तम भाग या अवयव; **क्रि.** तर लाग्नु, तर (वेश वस्तु) झिक्नु, क्रीम लाउनु (मुख इ० मा); **वि.** हलका पहेंलो रंग; cold—(अंगराग०) नरम पार्ने मुखको मलम ।

crease (क्रीज्) **ना.** र **क्रि.** भाँज, मोड, दाग, डाम, डोर; **क्रि.** खुंच्याउनु ।

creat/e (क्रिएट्') **क्रि.** सृष्टि गर्नु, रचना गर्नु, सिर्जना गर्नु, रच्नु, बनाउनु ।

creati/on (क्रिए'शन्) **ना.** सृष्टि, रचना, सिर्जना, कृति, स्फुरण; —ve **वि.** सृजनात्मक ।

creator (क्रिए'टर्) **ना.** स्रष्टा, उत्पादक, रचयिता, ब्रह्मा ।

creature (क्री'चर्) **ना.** जन्तु, प्राणी, जीव, जीव-जन्तु, जनावर, जीवात, चेतना, देही;—comforts गुलछर्रा, चैन, आराम ।

creche (क्रेश्) **ना.** शिशुहरूको लागि सार्वजनिक बालगृह ।

credence (क्री'डेन्स्) **ना.** पत्यार, विश्वास, प्रमाण; letter of—परिचयपत्र ।

credential (क्रेडेन्'शल्) **ना.** परिचयपत्र, पत्यारपत्र, प्रमाणपत्र ।

credi/ble (क्रे'डिब्ल्) **वि.** प्रतीत पर्ने, पत्यारयोग्य, विश्वसनीय, प्रामाणिक, सप्रमाण;—bility **ना.** प्रामाण्य ।

credit (क्रे'डिट्) **ना.** र **क्रि.** आमदानी, उधारो; दनाइ, प्रतिष्ठा, प्रतीत, भरोसा, श्रेय, जमा, कलन, आकलन ,संकलन; **क्रि.** प्रतीत गर्नु, कुरा खानु, पत्याउनु; on—फोकटमा, उधारो; letter of—प्रतीतपत्र, आकलनपत्र ।

creditor (क्रे'डिटर्) **ना.** धनी, साहू, महाजन, ऋणदाता ।

credulity (क्रिड्यु'लिटि) **ना.** सहज पत्यार, ज्यादा विश्वास ।

creed (क्रीड्) **ना.** धर्म, सम्प्रदाय ।

creek (क्रीक्) **ना.** खात, सानु खाडी ।

creep (क्रीप्) **क्रि.** (crept) सर्नु, वामे सर्नु, घिस्रिनु, घस्रनु, विसर्पण गर्नु;—er, **ना.** लता, लहरा, बेली, वल्ली, उरंग; —y **वि.** जुरुङ्ग पार्ने ।

cremat/e (क्रेमेट्') **क्रि.** पोल्नु, दाह गर्नु;—ion दाह;—orium, **ना.** दाह भवन, दाहगृह ।

crepe (क्रेप्) **ना.** क्रेप, क्रेप रेशम;—rubber, टिकाउ रबड ।

crepitate (क्रे'पिटेट्) **क्रि.** करकर आवाज गर्नु ।

crescendo (क्रेशेन्'डो) **क्रि. वि.** बढाउँदै, चरम; **ना.** पराकाष्ठा ।

crescent (क्रे'शेण्ट्) **ना.** खुर्पे, अर्धचन्द्र ।

cress (क्रेस्) **ना.** water—चंसूर ।

crest (क्रेस्ट्) **ना.** शिखर, चुली, पशु पक्षीको शिरमा रहने जुरो, कल्की, सिउर, चूडा, तरंगशीर्ष, वंश वा व्यक्ति चिह्न;—fallen लुत्रुक्क परेको ।

cretin (क्री'टिन्) **ना.** पहाडमा पाइने विरूप लाटो, गोल्डयाङ्रो;—ism **ना.** पहाड़ी ग्वाङ्रे रोग;—ous **वि.** ग्वाङ्रे, गोल्डयांग्रे ।

cretonne (क्रे'टॅन्) **ना.** छिंट, प्रिण्ट (कपड़ा) ।

crevasse (क्रेभ्यास्') **ना.** गड्ढा, खाडल (हिउँमा) ।

crevisce (के'भिस्) **ना.** रन्ध्र, छिद्र, प्वाल, खोल्सो, झोर ।

crew (क्रू) **ना.** जहाजी टोली, नाविक, पोतवाह, नाविक समूह, कर्मी, कामदार, काम गर्ने; डफ्फा, दल, पंक्ति ।

crib (क्रिब्) **ना.** नाद, झोपडी, शिशुदोला, (साहित्यिक) चोरी, विद्यार्थीको 'नोट'; **क्रि.** थुन्नु, कोक्रामा कोच्नु, चोर्नु, अन्यायसँग नकल सार्नु ।

crick (क्रिक्) **ना.** ऐठन ।

cricket (क्रिकेट्) **ना.** झ्याउँकीरी, क्रिकेट खेल, झिंङ्गि !

cri de coeur (क्रि'ड कअ्र्) **ना.** हार्दिक अनुरोध, उजूर वा विरोध, उद्गार ।

crier (क्रीयर) **ना.** कट्टवाल ।

crime (क्राइम्) **ना.** अपराध, खत, तक्सीर, कसूर; scene of—सरजमीन ।

criminal (क्रि'मिनल्) **ना.** अपराधी, दोषी, कसूरदार, अपराद्ध, कृतापराध, फौजदारी;—law दण्डविधान;—connexion—crimcon करणी;—intimidation, अपराधिक डर, त्रास;—force अपराधिक वल;—intelligence Department (C. I. D.) अपराध समाचार विभाग (अ. स. वि);—Investigation Department अपराध अन्वेषण विभाग ।

criminology (क्रिमिनॅ'लजि) **ना.** अपराधशास्त्र, अपराध विज्ञान ।

crimson (क्रिन्'ज़न्) **वि.** गाढा रातो, शोण, लोहित, सिम्रिक ।

cringe (क्रिन्ज्) **क्रि.** र **ना.** हात जोर्नु, लत्रनु, नुहुनु, दब्नु, दब्बू हुनु; **ना.** अष्टांगपात, लम्पसार ।

crinkle (क्रिङ्'क्ल्) **क्रि.** निमठ्नु, चाउरी पार्नु ।

cripple (क्रि'प्ल्) **ना.** र **क्रि.** लङ्गडो; **क्रि.** लङ्गडो पार्नु, अंगभंग गर्नु, बिगार्नु, लङ्गडाउनु, कुत्रिनु, कुँजिनु;—d **वि.** अपंग, पंगु ।

crisis (क्राइ'सिस्) **ना.** (व. व.—crises) संकट, खडको, संग्रालो, क्रय विक्रय, मर्मान्तिक अवस्था, भडकारो, परिवर्तन विन्दु, खतराको समय, चूडान्त; चर्को अवस्था ।

crisp (क्रिस्प्) **वि., ना.** र **क्रि.** खरो, खरङ्खार, भङ्गुर; तारेको आलुको चाना; **क्रि.** घुम्राउनु (केश) ।

criterion (क्राइटिय्'रिअन्) **ना.** (व. व.—ia) सिद्धान्त, आदर्श, लक्षण, पहिचान ।

critic (क्रि'टिक्) **ना.** दोषदर्षी, समालोचक;—al, चरम, नाजुक, आलोचनायुक्त ।

criticism (क्रि'टिसिज्म्) **ना.** समालोचना, गुण दोष विवेचना, आलोचना, कुरा काट्नु; captious—वितण्डा ।

critique (क्रि'टिक्) **ना.** समालोचनाको कला, समालोचनात्मक निबन्ध ।

croak (क्रोक्) **ना.** र **क्रि.** काग र भ्यागुतोको आवाज, काँ काँ इ० ।

croaker (क्रो'कर्) **ना.** अपशकुनवक्ता ।

crock (क्रॅक्) **ना.** र **क्रि.** माटाको हाँडी वा बाटा इ०, नालायक, गरीब वा बेकामिएको व्यक्ति; तोड्नु अथवा टुटेको (पशु) ।

crockery (क्रॅ'करि) **ना.** माटाका भाँडाहरू (चा कफी कप, प्लेट, रिकाबी इ०) ।

crocodile (क्रॅ'कडाइल्) **ना.** ग्राह, गोही, मकर, मगर;—tears पाखंडी आँसु, कपटी आँसु ।

Croesus (क्री'सस्) **ना.** कुबेर, धनिक ।

crone (क्रोन) **ना.** सुकेकी बूढी, बोक्सी, बूढिया, जरतिका, वृद्धा, खुत्रे, खल्लर, जरठा ।

crony (क्रो'नि) **ना.** आत्मीय बन्धु, लंगोटिया यार, दिली दोस्त, साखुल्ले, दौंतरी ।

crook (क्रुक्) **ना.** र **क्रि.** बिंड भएको लाठो, घुमावट, मोड, (अप.) चोर, ठग । **क्रि.** दोब्र्याउनु, मोड्नु ।

crooked (क्रु'केड्) **वि.** वक्र, बाङ्गो, टेढो, कुटिल, जाली, कुप्रेको, बाउँठो, विङ्गट्याहा ।

croon (क्रून्) **क्रि.** गुनगुनाउनु;—er, **ना.** भावुक गीत सुस्तरी गाउने गायक ।

crop (क्रॅप्) **ना.** र **क्रि.** (–pp–) (चराको) घाँटी, (चाबुकको) बिंड; बाली, अनाज, अन्न; **क्रि.** काट्नु, केश कतर्नु, कत्रनु, कतर्नु ।

cross (क्रॅस्) **ना., क्रि.** र **वि.** ठाडो र तेर्सो काठ भएको शूली प्रकार, स्वस्तिक, ईसाई धर्मको चिह्न, क्रूश, परीक्षा, दुःख; **क्रि.** टाँड पर्नु, टाँड पारेर राख्नु; तर्नु, केर्नु, काट्नु, पुल्नु, पार गर्नु; पाखा लाग्नु, प्रतिकूल गराउनु; **वि.** उरण्ठ्याउलो, अप्ठ्यारो, गाह्रो, अनुप्रस्थ;—ed, **वि.** टाँड परेको, काटेको;—ed cheque, रेखांकित, प्रतिबन्धित पुर्जा; **उ.** प्रति;—examination, बन्द सवाल, जिरह, केरकार, केराइ, खेरखार; re—examination ततिम्बा;—ing कटान, दोबाटो, चौमुहान, डबली;—reference, प्रतिसंकेत;—road, दोबाटो, चौबाटो;—section, अनुप्रस्थ परिच्छेद, तेर्सो चाना;—way करेसो;—wise स्वस्तिकासूत्र ।

crossword (क्रस्'वअ्र्ड्) **ना.** स्वस्तिक शब्द, प्रहेलिका विशेष ।

crotch (क्रॅच्) **ना.** फ्याक, फट्टा, काप, खा. ग. मनुष्य शरीरको ।

crotchet (क्रॅचेट्) **ना.** संगीत लेखन संकेत; लहड, मनलागी, सनक, कामचार, मनलहरी ।

crouch (क्राउच्) **क्रि.** (डरले दबेर वा लुकेर) निहुरिनु, झुक्नु, कुक्रुक्क, पर्नु, दच्कनु, तर्सनु ।

croup (क्रूप्) **ना.** पुट्ठा; घाँटीको रोग (शिशुहरूको) ।

croupier (क्रू'पिए) **ना.** जूवा खेल्ने स्थानमा खालको दाम तान्ने, खाले ।

crow (क्रो) **ना.** ढोले कौवा, काग; **क्रि.** (कागको काँ काँ) कराउनु, कुखुरा बास्नु, बालकको अस्पष्ट शब्द गर्नु, खुशीसँग कराउनु, खुशी प्रकट गर्नु, काखी बजाउनु; eat—अपमान सहनु;—bar **ना.** लोहाको डण्डा, गजबार, खन्ती, खनित्र ।

crowd (क्राउड्) **ना.** र **क्रि.** भीड, लस्कर, लूँडो, घचाघच, घचारो, जमात, बथान, घुइँचो, घुइरो, ओइरो, हूल, हूलमूल, हुल्ला, समूह, झुण्ड, जत्था; **क्रि.** छापिनु, झ्याम्मिनु, झुम्मिनु, ठठ लाग्नु, ओइरो लाग्नु, झर्नु (शिकार);—ed **वि.** गजमौरा, छ्यापछ्याप्ती, कचमच ।

crown (क्राउन्) **ना.** मुकुट, राजमुकुट, श्रीपेच, शिर, ताली, थाप्लो; **क्रि.** मुकुट पहिर्याउनु; गद्दीनसीन गराउनु;—prince **ना.** युवराज; मुकुट कपाल (महिलाको तलास) ।

crucial (क्रू'शल्) **वि.** निर्णायक, गाँठी, चरम ।

crucible (क्रूसिब्ल्) **ना.** भूषा, कुल्हिया, घडिया ।

crucifix (क्रू'सिफिक्स्) **ना.** ईसाईको क्रस;—ion **ना.** क्राइस्टलाई क्रूसमा चढाएको, क्रुशीकरण ।

crucify (क्रू'सिफाइ) **क्रि.** क्रूसमा टाँगेर मार्नु, शरीर र मनमा क्लेश गराउनु, वेइज्जत गराउनु ।

crude (क्रूड्) **वि.** कोरा, कच्चा, अपरिपक्व, असिद्ध, असभ्य, अपरिष्कृत, असंस्कृत ।

cruel (क्रू'एल्) **वि.** क्रूर, निर्दयी, घातुक, वेरहम, निर्माया, निर्मम, उग्र, नृशंस, कठोर;—ty **ना.** सासना, कठोरता, क्रौर्य, वेरहमी, निर्दयता, क्रूरता ।

cruise (क्रूज्) **क्रि.** र **ना.** जहाजको खोजीमा यताउति (सानू जहाज) चल्नु; **ना.** त्यस्तो सफर ।

cruiser (क्रू'ज़र्) **ना.** जंगी जहाज, (वढी वेग र हलुका हतियार रहने) ।

crumb (क्रम्) **ना.** र **क्रि.** (रोटीको) सानू टुक्रा, खण्ड; **क्रि.** टुक्रा पार्नु, टुक्रयाउनु ।

crumble (क्रम्'ब्ल्) **क्रि.** टुट्नु, टुक्रा हुनु, चूर्ण हुनु ।

crummy (क्र'मि) **वि.** (अप०) खराव, वेकाइदाको, नराम्रो, वाहियात ।

crumple (क्रम्'प्ल्) **क्रि.** कच्याककुचुक पार्नु ।

crunch (क्रन्च्) **क्रि.** कन्याङ कन्याङ गरेर चपाउनु, धूलो पार्नु (जुत्ताले); **ना.** (खाँदा) कन्यामकन्यामको शब्द ।

crupper (क्र'पर्) **ना.** (घोडाको साजको) दुमची, दुमसी ।

crusade (क्रुसेड्') **ना.** ईसाई धर्मको अभियान, सार्वजनिक खरावीको विरुद्धमा आक्रमणकारी चाल ।

crush (क्रश्) **क्रि.** र **ना.** किच्नु, मिच्नु, पेल्नु, ढाड सेक्नु, दल्नु, कुल्चनु; भीड, हूलमूल, लूँडो, लस्कर, घुइँचो भएको सामाजिक समारोह;—room नाचघरमा भेला हुने कोठा ।

crust (क्रस्ट्) **ना.** वाह्यपटल, कवच, कोया, पाप्रो;—y **वि.** पाप्रो जस्तो, कडा, अचाड्ड, कचिङ्गले, रिसाहा, अशिष्टतायुक्त, छोटो ।

Crusta cea (क्रस्टे'श) **ना.** वाहिरी हाड हुने पानी जीव, जस्तो कि ठोठरी, कछुवा ।

crutch (क्रच्) **ना.** लाठो, टेवा, सहारा ।

crux (क्रक्स्) **ना.** कठिन विपय, भ्रान्ति, गाँठी कुरा ।

cry (क्राइ) **क्रि.** (cried) र **ना.** कराउनु, रुनु, विक्रीको लागि वोल्नु; **ना.** वोली, रोदन, तेज वा चर्को उच्चारण, थेगो, हल्ला;—baby पिन्चे, रुन्चो ।

crying (क्राइ'इङ्) **वि.** ध्यानको लागि आकर्पण गर्ने, ज्वलन्त ।

crypt (क्रिप्ट्) **ना.** जमीनमन्तिरको कोठा, तहखाना, चिहान, गुहागृह, भुँवैठक, अधोकक्ष ।

cryptic (क्रिप्'टिक्) **वि.** गुप्त, रहस्यमय ।

cryptogam (क्रिप्'टोग्याम्) **ना.** फूल नफुल्ने विरुवा;–ous **वि.** फूलरहित ।

cryptograph (क्रिप्'टग्राफ्) **ना.** गुप्त संकेतमा लेखिएको कुरा, कोड ।

cryptology (क्रि'प्टॅलजि) **ना.** पाल्सीकुरा ।

crystal (क्रिस्'टल्) **ना.** मणिभ, फट्टिक, स्फटिक, विल्लौर, सितमणि;—lography **ना.** मणिभशास्त्र ।

crystalline (क्रिस्'टलिन्) **वि.** मणिभीय, स्फटिक;—ise **क्रि.** मणिभ वनाउनु;—ization **ना.** मणिभीकरण ।

ctenoid (टी'नॅयड्) **वि.** र **ना.** काइँयो जस्तो (कत्ला वा दाँत भएको) माछा ।

cub (कव्) **ना.** छाउरो, डमरू, पाठो ।

cubby—hole (क'वि—होल्) **ना.** न्यानू ठाउँ ।

cub/e (क्युव्) **ना.** वर्गहरूले घेरेको ठोस, घन, त्रिघात,—ic **वि.** घनाकार, त्रिघातीय ।

cubicle (क्यु'विक्ल्) **ना.** (पाठशाला इ० मा) सानू छुट्टै शयनकक्ष ।

cubi/sm (क्यु'विज्म्) **ना.** ज्यामितीय ढाँचाका आकारमा र खा. ग. घनको प्रयोगद्वारा प्रस्तुत गरिने कलाको किसिम, घनत्व, घनवाद;—st **ना.** घनवादी, घन चित्रकार ।

cubit (क्यु'विट्) **ना.** हात, आधा गज ।

cuckold (क'कल्ड्) **ना.** जारिणीपति, कुलटापति, कुलटाको पोइ, साधु ।

cuckoo (कू'कु) **ना.** र **क्रि.** कोइली कोकिल;—clock चराको वोलीले घण्टा वज्ने घडी, सनकी, पागल;—spit कुनै कुनै कीराले आतमरक्षाको लागि निकाल्ने ऱ्याल्ल वस्तु, कीटफेन, राल; **वि.** सन्काहा, पागल, मगज विग्रेको ।

cucumber (क्यु'कम्वर्) **ना.** काँक्रो, खीरा ।

cud (कड्) **ना.** पागुर, चर्व्य; chew the—घोरिनु, उग्राउनु, पागुर लिनु ।

cuddle (क'डल्) **क्रि.** अँगालो हाल्नु, प्यारो गर्नु, टाँसिएर सुत्नु, घुस्रिनु, लुटपुट गर्नु ।

cudgel (क'जेल्) **ना.** र **क्रि.** (–ll–) लौरो, लाठो, डण्डा; —(ones) brains माथापच्चिसी गर्नु ।

cue (क्यू) **ना.** टुपी, चुल्ठो, विलियर्ड खेल्ने लाठो, (नाचमा एक पात्रले वोल्ने भाषणको अन्तिम शब्द त्यसपछि वोल्ने पात्रलाई) संकेत, उचित कारवाही ।

cuff (कफ्) **ना.** र **क्रि.** मोहता; **क्रि.** थप्पड दिनु ।

cuisine (क्विज़ीन्') **ना.** भान्साको वन्दोवस्त, पाकपद्धति, पकाउने विधि ।

cul-de-sac (कु'ड्साक्) **ना.** निकास नभएको सडक, वाटो, एकमुखे नली (फ्रे.) ।

culinary (क्यू'लिनरि) **वि.** भान्सामा वा पाककलासम्वन्धी ।

cull (कल्) **क्रि.** टिप्नु, छान्नु ।

cully (क'लि) **ना.** मूर्ख, ठगिने, साथी, दोस्त ।

culmin/ate (कल्'मिनेट्) **क्रि.** चुलिनु, टुप्पोमा पुग्नु; —ation **ना.** पराकाष्ठा, चुली ।

culpable (कल्'पेब्ल्) **वि.** अपराधी, सदोप, सापराध, दण्डनीय; —homicide सदोष ज्यानमारा;—negligence कसुरदार लापर्वाही ।

culprit (कल्'प्रिट्) **ना.** अपराधी, दोपी, गुनाहदार, कसुरवाल,

खतुकी, वापती, कसूरदार, कर्तव्यवाला ।

cult (कल्ट्) ना. सम्प्रदाय, धार्मिक सम्प्रदाय ।

cultivat/e (कल्'टिभेट्) क्रि. आवाद गर्नु, खेती गर्नु; - or किसान, मोही ।

culture (कल्'चर्) ना. संस्कृति, कृषि, संवर्धन ।

culvert (कल्'भर्ट्) ना. जलप्रवाह, सानु पुल, पुलिका, साँगु, कल्भर्ट ।

cum (कम्) ना. यो. सह, साथ ।

cumber (कम्'वर्) क्रि. अडकाउ गर्नु, वोझ गराउनु, वाधा दिनु;—some वि. अच्छन्दको, भद्दा, कष्टकर ।

cumbrous (कम्'ब्रस्) वि. कष्टकर, क्लेशप्रद, गतनपत, ढोसो, भद्दा, स्याङ्ख्वा ।

cumin seed (क'मिन् सीड्) ना. जीरा ।

cumulate (क्यु'म्युलेट्) वि. र क्रि. थुप्रेको, खुसी; क्रि. थुपार्नु, खप्टनु ।

cumulative (क्यु'म्युलेटिभ्) वि. खप्टेको, उत्तरोत्तर ।

cunning (क'निङ्) वि. र ना. धूर्त, चलाक, वाठो, लुच्चो, खग्गु, छली, खपिस, घावडान, छक्कापञ्जा ।

cunt (कण्ट्) ना. (अश्ली०) पूती, भग, योनि, ढिङ्ग ।

cup (कप्) ना. र क्रि. कप, कचौरा, कटौरा; क्रि. रगत झिक्नु ।

cupboard (क'वर्ड्) ना. आलमारी, दराज, कोष्ठ ।

Cupid (क्यु'पिड्) ना. काम, कन्दर्प, अनङ्ग, मदन ।

cupidity (क्युपि'डिटि) ना. लोभ, लाभको लालसा ।

cupola (क्यु'पोला) ना. गुम्बज ।

cur (कअर्) ना. कुकुर, भुस्याहा कुकुर ।

curative (क्यो'रेटिभ्) वि. र ना. साध्य, रोगहर, व्याधिशमक, निको पार्ने, आरोग्यजनक ।

curator (क्युरे'टर्) ना. भारवाहक, जिम्मावाल, सञ्चालक, संग्रहालयको अध्यक्ष ।

curb (कअर्व्) ना. र क्रि. लगाम, रोकावट; क्रि. लगाम खिच्नु, रोक्नु, फज्याउनु ।

curd (कअर्ड्) ना. दही;—s ना. चुकानी, दहीवारा ।

curdle (कअर्'डल्) क्रि. जम्नु, छोक्रिनु, फाट्नु ।

cure (क्योर्) ना. र क्रि. औषधि, स्वास्थ्यलाभ, उपचार, निराकरण; क्रि. निको पार्नु, संचित गर्नु, (खाद्यवस्तु, खा. ग. मासु, फलफूल, इ० रहने गरी सुकाएर तथा नून हालेर राख्नु; —d वि. सद्दे; curable वि. साध्य, शमनीय ।

curette (क्युरेट्) ना. र क्रि. शल्य चिकित्साको सानू खुर्कने औजार; क्रि. त्यसले खुर्कनु ।

curfew (कअर्'फ्यु) ना. समय वा संकेत जससन्दा पछि घरबाहिर निस्कन मनाही हुन्छ, कर्फ्यू, प्रतिवन्ध, रोक्का ।

curio (क्यु'रिओ) ना. (व. व.–os) पुरानो कलाकृति ।

curio/us (क्यु'रिअस्) वि. जिज्ञासु, सकौतुक, विलक्षण, अचम्मको;—sity ना. कुतूहल, कुतकुती, बुभुत्सा, जिज्ञासा ।

curl (कअर्ल्) ना. र क्रि. घुँघरो, चक्कर, अलक; क्रि. घुँगुरिनु, घुम्रिनु;—y वि. घुँघरवाला, घुँग्रिएको, घुम्रेको ।

curmudgeon (कअर्म'ज्न्) ना. रिसाहा वा कृपणी, कन्जूस ।

currant (क'न्याण्ट्) ना. दाख, किसमिस, मनक्का ।

currency (क'रेन्सि) ना. मुद्रा, प्रचलन, अवस्थिति, चल्तीफिर्ती, चलनचल्ती, जारी; कायमी, वहाल; hard, soft— स्थिर, अस्थिर मुद्रा;—note नोट ।

current (क'रेण्ट्) ना. र वि. धारा, प्रवाह, जंघार, बहाव, धार, वहाल, चालू, चल्ती, प्रचलित, जारी, कायमी, वहाल, वर्तमान, चलेको; alternating—प्रत्यावर्तक प्रवाह (प्र० प०); direct—सोझो प्रवाह, प्रत्यक्ष प्रवाह (सो०प्र०); to be—चल्नु, चल्तीमा रहनु ।

curriculum (करि'क्युलम्) ना. (व०व०—a) पाठ्यक्रम, अध्ययनक्रम ।

curry (क'रि) ना. र क्रि. तरकारी, सितन, तिहुन, मसला; क्रि. मल्नु;—favour कृपा पाउने प्रयत्न गर्नु, खुशी पार्नु, साँचिलो हुनु ।

curse (कअर्स्) ना. र क्रि. सराप; क्रि. सराप्नु, गाली गर्नु, खरावी चिताउनु, शाप दिनु, सताउनु ।

cursory (कअर्'सरि) वि. हतपते, हतारसाथ, सर्र ।

curt (कअर्ट्) वि. (अशिष्टतापूर्ण) छोटकरी, कसिएको, संक्षेप, ह्रस्व, रूखा, फोस्रो ।

curtail (कअर्टेल्) क्रि. छोट्याउनु, संक्षेप पार्नु, अवच्छेदन गर्नु ।

curtain (कअर्'टन्) ना. झूल, पर्दा, यवनिका, कनात, भीत, पट्टल, छेकावार;—lecture स्त्रीले लोग्नेलाई टोकसो गरेको ।

curtsy (कअर्ट'सि) क्रि. र ना. घुँडा बंग्याएर निहुरिएर अभिवादन (स्त्रीले) ।

curvature (कअर्'भटयूर्) ना. वक्रता, आनति, बाङ्गोपन ।

curve (कअर्भ्) ना. र क्रि. वक्र, आकुञ्चन, अंचन; क्रि. घुम्नु, मोडिनु, बांगिनु;—d वि. वक्र, जिह्म ।

curvet (कअर्भेट्) क्रि. (-tt-,-t-) र ना. (घोडाको) कुदाइ, उफ्राइ ।

curvilinear (कअर्भिलि'नियर) वि. वक्ररेखात्मक, वक्रीय ।

cusec (क्यु'सेक्) ना. cubic foot per second को छोटकरी, क्युसेक ।

cushion (कु'श्न) ना. र क्रि. गद्दी, तकिया, चकला, चकडी, लम्पट, उपधान, विलियर्ड टेबुलमा लचिला भित्री छेउ; क्रि. बचाउनु, दवाउनु, तकिया राख्नु ।

cusp (कस्प्) ना. चुच्चो, शिखर, टुप्पो, शीर्ष ।

cuspidor (कस्'पिडोअर्) ना. पीकदानी, थूकदानी ।

cussedness (क'सिड्निस्) ना. बांगोपन, अप्ट्यारोपन, बाउँठेपन, बिंगट्याही ।

custard (कस्'टर्ड्) ना. दूध र अण्डा (पकाएको), वा तरल पस्केको;—apple सरीफा ।

custodian (कस्टो'डियन्) ना. अभिभावक, रक्षक, पाले, संरक्षक, पृष्ठरक्षक ।

custody (कस्'टडि) ना. जिम्मा, हेरचाह, थुना, हिरासत; transit in—अड्डासारा ।

custom (कस्'टम्) ना. चलन, रीति, दस्तूर, आचारविचार, परम्परा, थिति, रीतिथिति, थितिविती, बानी, रिवाज;—s ना. भन्सार, चुङ्गी, अवकारी, जगात ।

customary (कस्'टमरी) वि. साविक, व्यावहारिक, प्रचलित, लौकिक ।

customer (कस्'टमर्) ना. गाहक, ग्राहक ।

cut (कट्) ना. र क्रि. आघात, छेदन, कर्तन, कटौती; क्रि. चिर्नु, चिरा पार्नु; काट्नु;—off छप्काउनु;—up कुड्क्याउनु;—out ना. वियोजक;—throat ना. खूनी;—ter ना. कर्त्तक, वाँको, टाँगरा;—short—छेकारो;—ting ना. रेल, बाटो, इ० को लागि अग्लो जमीनको कटाइ; press—ting अखबार, छापा, इ० बाट, काटेर राख्नालाई झिकेको समाचार, इ० को टुक्रा ।

cutaneous (क्युटे'निअस्) वि. छालाको, चर्मसम्बन्धी ।

cute (क्यूट्) वि. चलाक, बाठो, चतुर, आकर्षक, जहडी ।

cuticle (क्यु'टिक्ल्) ना. बाह्यत्वच, बाह्यचर्म ।

cutlass (कट्'लस्) ना. खड्ग, कृपाण ।

cutler (कट्'लर्) ना. चक्कू र त्यस प्रकारको औजार बनाउने, बेपारी ।

cutlery (कट्'लरि) ना. चक्कू, काँटा, चमचा, स्याँगी इ०को बेपार, सो माल सामान ।

cutlet (कट्'लिट्) ना. पकाएको मासुको प्रकार ।

cuttle (क'ट्ल्) ना. (सा०)—fish सिपीवाल समुद्री जन्तु जो लखेटेमा बचाउको लागि कालो झोल फ्याँक्दछ ।

cwm (कूम्) ना. coomb, पहाडको छेउको उपत्यका, खाल्डो ।

cycle (साइ'कल्) ना. बराबर भइरहने घटना, घटना क्रम, चक्र, दुइ पांग्रे सवारी, साइकल, बाइस्कल; क्रि. साइकल, चढ्नु; cyclist ना. साइकलवाज ।

cyclic—ical (साइ'क्लिक्, क्लिकल्) वि. क्रममा भइरहने, चक्रवत् ।

cyclone (साइ'क्लोन्) ना. तूफान, भुँवरी, आँधी ।

cyclop(a)edia (साइक्लपी'डिया) ना. विश्वकोष ।

cyclostyle (साइ'क्लस्टाइल्) ना. र क्रि. धेरै नक्कल छाप्ने उपकरण ।

cyclotron (साइ'क्लट्रॅन्) ना. विद्युन्मय अणुहरूको विद्युत-चुम्बकले गतिवृद्धि गराउने यन्त्र ।

cygnet (सिग्'नेट्) ना. बच्चा राजहंस ।

cylinder (सि'लिण्डर्) ना. गोल, वर्तुल, वेलना, नली, ढुंग्रो; cylindrical वि. वर्तुल, वेलनाकार, गोलाकार ।

cymbal (सिम्'बल्) ना. झाँझ, झल्लरी ।

cynic (सि'निक्) ना. सुखको निन्दा गर्ने दार्शनिक, निन्दाशील व्यक्ति, वक्र पुरुष ।

cynical (सि'निकल्) वि. अशिष्ट, दुष्ट, वक्र, निन्दाशील, कुटिलतायुक्त, असलमा विश्वास नगर्ने, ठट्टा गर्ने ।

cynosure (सि (साइ)'नस्योअर्) ना. प्रशंसा वा आकर्षणको केन्द्र, ध्रुव, ज्योतिरथ ।

cyst (सिस्ट्) ना. खोक्रो अवयव, मूत्राशय, थैलो, कोष ।

D

dab (ड्याब्) क्रि. र ना. ट्याम्प विस्तारै हान्नु, ठुङ्नु, थिच्नु; ना. लब्बाघात ।

dabble (ड्या'ब्ल्) क्रि. (ठाउँ ठाउँमा) भिजाउनु, हात हाल्नु ।

dachshund (डाक्स्'-हुण्ट्) ना. छोटो खुट्टा हुने जातको कुकुर ।

dad (ड्याड्) ना. बुवा, बाबु, पिता ।

daffodil (ड्या'फडिल्) ना. गुनकेसरी फूल ।

daft (डाफ्ट्) वि. मूर्ख, परवाह नगर्ने, जंगली, सन्काहा ।

dagger (ड्या'गर्) ना. खुँडा, छुरा, कटार, कटारी; look, speak—कडासँग हेर्नु, बोल्नु (धोच्नालाई) ।

dahlia (डे'लिया) ना. लाहुरेफूल ।

daily (डे'लि) वि. र क्रि. वि. रोजिन्दा, दिनहुँ, प्रतिदिन ।

dainty (डेन्'टि) ना. र वि. स्वादिष्ट गाँस, मिठाई; वि. रोजा, स्वादिष्ट, स्वादु, रुचिर, सुरस, कोमल, ललित, मृदु, कोमलाङ्गी, सुकुमारी ।

dairy (डे'यरि) ना. दुग्धशाला;—maid गोपिनी, ग्वालिनी, गोपकन्या ।

dais (डेस्) ना. मंच, चौतरा, उच्चासन ।

daisy (डे'ज़ि) ना. गुलबहार, फूलको प्रकार ।

dale (डेल्) ना. घाटी, उपत्यका ।

dally (ड्या'लि) क्रि. विलास गर्नु, क्रीडा गर्नु, इतरिनु, मनोरञ्जन गर्नु, दिल बहलाउनु, अल्सी गर्नु, विलम्ब गर्नु; व्यर्थ समय, अवसर गुमाउनु;—liance ना. केनती ।

dam (ड्याम्) ना. र क्रि. बाँध, जलावग; माउ; (क्रि.) बाँध्नु, रोक्नु ।

damage (ड्या'मेज्) ना. र क्रि. खति, हानि, नुक्सान, नोक्सानी, क्षति; क्रि. हानि गर्नु, बिगार्नु, दोष लगाउनु, नास्नु;—d वि. क्षतिग्रस्त ।

dame (डेम्) ना. महिला ।

dammit (ड्या'मिट्) वि. बो. हत्तेरी !

damn (ड्याम्) क्रि. र ना. निन्दा गर्नु, नसिहत दिनु, गाली गर्नु, सराप दिनु; ना. सराप, सिन्को;—able वि. निन्दनीय, घृणास्पद, रिस उठाउने;—atory निन्दाकारक;—ation ना. नरकदण्ड, नरक यातना ।

damp (ड्याम्प्) ना., वि. र क्रि. दरसुफो, आर्द्र, वाष्प, शीत, चिसो, गिलो, ओद; क्रि. भिजाउनु, चिसो पार्नु, अलनु ।

damper (ड्याम्'पर्) ना. हतोत्साह पार्ने व्यक्ति वा वस्तु;

कागत, टिकट भिजाउने साधन ।

damsel (ड्याम्'ज़ल्) **ना.** मैयाँ, ठिटी, महिला ।

dance (डान्स्) **ना. र क्रि.** ताण्डव, लास्य, नृत्त, नाच, नृत्य; **क्रि.** उफ्रनु, नाच्नु;—r **ना.** नर्तक, नर्तकी, नचुवा, नट, नाट्यपात्र ।

dandle (ड्यान्'ड्ल्) **क्रि.** काखमा राख्नु, नचाउनु (बालकलाई) ।

dandruff (ड्यान्'ड्रफ्) **ना.** चाया ।

dandy (ड्यान्'डि) **ना.** गुण्डो, झिल्के, तिल्के, ठाँटी, तलासी, नक्कले, भडकवाल, स्वाँगी ।

danger (डेन्'जर्) **ना.** खतरा, संकट, आपद, खडको, जोखिम, नाश शंका;—ous **वि.** खतरनाक, जोखिमी ।

dangle (ड्यां'ङ्गल) **क्रि.** झुण्डिनु, लटकिनु, ललचाउनु, हल्लाइराख्नु, झुलाउनु ।

dank (ड्याङ्क्) **वि.** चिसो, ओद, भिजेको, (चिसो) उमार्ने ।

danseuse (डाँस्ज़्) **ना.** नर्तकी, नटुवी, नटी, मारूनी ।

dapper (ड्या'पर्) **वि.** छरितो, साफ सुथरा, छरिछाँटको, छमकट्ट ।

dapple (ड्या'प्ल्) **क्रि. र ना.** थोप्ला रंग गर्नु, रंगविरंगको पार्नु; **ना.** चितकवरा, थोप्लादार, टाटेपाटे, झालेमाले ।

dare (डेय़र्) **क्रि.** साहस गर्नु, आँट्नु, आँक्नु, सुरिनु, ललकार्नु; daring **वि. र ना.** सूरो, आँटी, साहसी, हिकमती, धृष्ट, प्रगल्भ; **ना.** आँट, हिकमत, ह्याउ ।

dark (डाअ्र्क्) **वि.** अँध्यारो, गाढा, गुप्त, अशिक्षित, साँवलो, गहूँगोरो, धुम्म, निस्पट्ट;—en **क्रि.** अँध्यारो पार्नु;—le **क्रि.** लुक्नु, छिप्नु;–ling **क्रि. वि.** अँध्यारोमा;—room तिमिर कोठा ।

darky (डाअ्र्'कि) **ना.** निग्रो, हब्सी ।

darling (डाअ्र्'लिङ्) प्यारो, अतिप्रिय, प्रिये ।

darn (डाअ्र्न्) **क्रि.** रफ्फु गर्नु, सिउनु ।

dart (डाअ्र्ट्) **ना. र क्रि.** प्रासक, शंकु, वाग; **क्रि.** वेगसाथ जानु, अस्त्र फ्याँक्नु ।

dash (ड्याश्) **क्रि. र ना.** टुक्रा पार्नु, हुत्तिनु, हुहुराउनु, हिस्स्याउनु, फ्याँक्नु, टक्कर लाग्नु; **ना.** छिटो, घसीट, योजक, ड्याश, धर्को, दनाक, जाँगर, फुर्ती, तुजुग, ठस्सा, रवाफ, उत्सुकता, जेहन, गन्ध, चिम्टी, लेश ।

dastard (ड्यास्'टर्ड्) **ना.** कायर, कातर, लुकेर उपद्रव वा अन्याय गर्ने ।

data (डेटा) **ना.** **datum** (डे'टम्) को व.व. तथ्याङ्क, निर्दिष्ट ।

date (डेट्) **ना. र क्रि.** खजूर, छोहरा; तारीख, मिति, समय, काल; **क्रि.** मिति लेख्नु, घटनाको मिति तोक्नु, भेट, समागमको समय मिलाउनु खा. ग. प्रणय गर्ने जोडाको;—less अनन्त, प्राचीन;—palm खजूर, छोहरा; appointed—तारीख; out of—वेकायम, वेचल्ती, पुरानू ।

dative (डे'टिभ्) **वि.** सम्प्रदानकारक, चतुर्थी विभक्ति ।

datum (डे'टम्) **ना.** (व. व.—ta) निर्दिष्ट, स्वीकृत अनुमान, तथ्याङ्क ।

daub (डॉब्) **क्रि. र ना.** लिउन लाउनु, रंग लाउनु, पोत्नु, धब्बा लाउनु; **ना.** टाटो ।

daughter (डॉ'टर्) **ना.** छोरी, दुहिता, पुत्री;—(who stays with parents after marriage) दोलाजी ।

daunt (डॉण्ट्) **क्रि.** निरुत्साह गर्नु, तर्साउनु;—less निडर, उत्साही, आँटी, अध्यवसायी ।

davenport (ड्या'भन्पोअ्र्ट्) **ना.** ड्रावर (घिसार्ने) र कब्जा लगाएको लेख्ने तख्तासमेत भएको टेबुल ।

dawdle (डॉ'ड्ल्) **क्रि.** अल्सी गर्नु, समय खेर फाल्नु; लाडिनु, वरालिनु ।

dawn (डॉन्) **ना.** प्रत्यूष, प्रभात, फजीर, वेहान, मिरमिरे, झिसमिस, रिमरिम ।

day (डे) **ना.** दिन, रोज;—book रोजनामचा वही; counting of days by—दिन गन्तीले;—break रिमरिम, झिसमिस,—light घाम, उज्यालो, विभावरी ।

daze (डेज़्) **क्रि. र ना.** रन्थनिनु, रिंगटा लाग्नु, लट्ठ पर्नु, पक्क पर्नु, अलमल्ल पर्नु; **ना.** तन्द्रा;—d विलखवन्द, पक्क; to be in a—पक्क पर्नु ।

dazzl/e (ड्या'ज़्ल्) **क्रि.** चकाचौंध गर्नु, तिरमिर्‍याउनु;—ing उत्प्रभ;—ement तिरमिर; to be—ed गश खानु ।

D-day (डि–डे) **ना.** दोस्रो विश्व युद्धमा वृट्न अमेरिकाले फ्रान्समा हमला गरेको दिन ।

dead (डेड्) **वि.** मृत, मरेको;–beat क्षिप्रस्तम्भी, (थकाइले) लस्त, लोथ्नु, लखतरान;—drunk परीक्षीव, निस्लोट;—slow विलकुल मन्द गति;—stop ठप्प, अचल ।

deaden (डे'डन्) **क्रि.** जीवनशक्तिको ह्रास हुनु, चेतना नरहनु ।

deadlock (डेड्'लॅक्) **ना.** गतिरोध, अवरोध, अडकाउ, अलपत्र ।

deadly (डेड्'लि) **वि. र क्रि. वि.** घातक, मारक, जोखिमी, अशाम्य, मृत्युसमान, मरणान्त, तीव्र; मरेको समान, अति ।

deadpan (डेड्'प्यान्) **ना. र वि.** भावरहित अनुहार, ट्वाल्लेमुख, सीधासादा मुख; **वि.** वुज्रु पचाएको ।

deaf (डेफ्) **वि.** वहिरो, वधिर;—en **क्रि.** वहिरो पार्नु, वैन्हिनु ।

deal (डील्) **ना. र क्रि.** (–t– उच्चा० डेल्ट्) थोक, थुप्रो, ठूलो, बाँड, टिम्वा, प्रशस्त; **क्रि.** वर्ताव गर्नु, बाँड्नु, सँग गर्नु; fair—स्वरत्र, स्वरत्र बाँड; great—निक्कै; raw—अन्याय; square—न्याय, राम्रो व्यवहार;—er **ना.** बेपारी;—ing **ना.** लेनदेन, कारवार ।

dean (डीन्) **ना.** (विश्वविद्यालयको विभागको) प्रमुख, मुरुब्बी, ठालू, थकाली, प्रमुख, रैथाने; doyen जेठो (राजदूत समुदायको सदस्य) ।

dear (डियर्) **वि.** प्यारो, प्रिय, साख, वहुमूल्य, महार्घ, महँगो, मोलदार, दामी, किमती;—me ! oh—! विस्मयको उच्चारण, आमै ! बाबै !

dearth (डअ्र्थ्) **ना.** अल्पता, तङ्गी, अल्पता (खाद्यको), थोरै ।

death (डेथ्) **ना.** मृत्यु, देहान्त, प्राणत्याग, मरण, परलोक, जानु, बित्नु, नाश, लीलासंवरण, निमित्त;—blow मरणाघात; —'s door मरणासन्न;—'s head खप्पर, खोपडी; sentence of—मृत्युदण्ड, प्राणदण्ड ।

deb (डेब्) **ना.** सयानी युवती (समाजमा प्रवेश गर्ने समयकी), प्रवेशिका ।

debacle (डेबा'क्ल्) **ना.** दौडादौड, होहल्ला, कच्चा धान, (सरकारको) भङ्ग या अधः पतन ।

debar (डिबाअ्र्) **क्रि.** (हक वा अधिकारबाट) बहिष्कार गर्नु, रोक्नु, प्रवेश निषेध गर्नु ।

debase (डिबेस्) **क्रि.** मूल्य, गुण वा स्वभाव घटाउनु, (मुद्रा) मिसावट गर्नु; पात्तिनु, चुत्थ्याउनु ।

debate (डिबेट्') **क्रि.** र **ना.** बहस गर्नु, विवाद, प्रयास गर्नु, लड्नु, घोरिनु, विचार गर्नु; **ना.** विवाद, बहस, छलफल;—able सन्देहयुक्त, विवादास्पद ।

debauch (डिबाँज़्) **क्रि.** र **ना.** (पुण्य वा नैतिकताबाट) गिराउनु, च्युत गर्नु, बिगार्नु (स्त्रीलाई); **ना.** असंयम;—ee **ना.** कामी, कामासक्त, लम्पट, दुराचारी;—ery **ना.** व्यसन, रंडीबाजी ।

debenture (डिबेन्'ट्यूर-चर) **ना.** दीर्घकालीन ऋणपत्र, तमसुक, डिबेञ्चर, (ब्याङ्क) संस्थाऋण ।

debilit/y (डेबि'लिटि) **ना.** शिथिलता, ग्लानि, कमजोरी;—ate **क्रि.** दुर्बल बनाउनु;—tated **वि.** क्षीण, दुर्बल;—ation **ना.** नाताकती, नाजोरी, कमजोरी, दौर्बल्य ।

debit (डे'बिट्) **ना.** र **क्रि.** खर्च, विकलन; **क्रि.** खर्च लेख्नु ।

debonair (डेबनेयर्') **वि.** मजाको, रमाइलो, मिजासिलो, हँसमुख, संकोच नमान्ने ।

debouch (डिबाउश्; बुश्) **क्रि.** (जंगल, पहाडबाट) खुला मैदानमा उत्रनु या निस्कनु ।

debris (डे'ब्रि) **ना.** कूडाकर्कट, भग्नावशेष, टूटफूट ।

debt (डेट्) **ना.** ऋण;—of nature मृत्यु; out of—उऋीम, अऋणी;—or, ना ऋणी, असामी, रकमी, बाँकीवाला ।

debunk (डिबङ्क्) **क्रि.** (व्यक्ति, सुनाम, संस्था, सम्प्रदाय इ० बाट) तथ्यहीन भावना हटाउनु, उच्चासनबाट (नाउँ चलेकोलाई) बराल्नु ।

debus (डिबस्) **क्रि.** मोटर सवारीबाट यात्री, असबाब उतार्नु ।

debut (डे'ब्यु) **ना.** (समाज, रंगमंचमा) प्रथम आविर्भाव ।

debutante (डे'बुटाँट्') **ना.** प्रथम आविर्भाव गर्ने पुरुष वा स्त्री, समाजमा प्रथम प्रवेश गर्ने लडकी, प्रवेशिका ।

decade (डे'केड्) **ना.** दशक ।

decaden/ce (डे'कडेन्स्) **ना.** क्षय, अवनति;—t, **वि.** र **ना.** अस्पष्टता, विकारलाई प्रश्रय दिने कलाकार ।

decagon (डे'क्यागन्) **ना.** दशभुज ।

decalogue (डे'कलॅग्) **ना.** दशाज्ञा (ईसाईहरूको) ।

decamp (डिक्याम्प्) **क्रि.** बास उठ्नु, चल्ती, भाग्नु, बेपत्ता हुनु, कुलेलम ठोक्नु ।

decant (डिक्याण्ट्) **क्रि.** थेग्रो नहल्लाई खन्याउनु, निथार्नु, निखार्नु ।

decanter (डिक्यान्'टर्) **ना.** काँचको सुराही, बोतल ।

decapitate (डिक्या'पिटेट्) **क्रि.** शिरोच्छेदन गर्नु, काट्नु, टाउको काट्नु ।

decarbonize (डीकाअ्र्'बनाइज्) **क्रि.** अकार्बनिक गराउनु ।

decay (डिके') **ना.** र **क्रि.** क्षय, ह्रास, जीर्णता, अपचय; **क्रि.** मकाउनु, सड्नु, गल्नु, घर्कनु;—ed **वि.** सडे-गलेको, मकाएको, उत्सन्न;—ed corpse सिनो ।

decease (डिसीज़्') **ना.** र **क्रि.** मृत्यु; मरण; **क्रि.** मर्नु;—d मरुवा, मर्ने, मृत ।

decedent (डिसि'डेण्ट्) **ना.** मरुवा, मर्ने, मोरो, मृत ।

deceit (डिसीट्') **ना.** छल, छलछाम, कपट, धोका, असत्ती; —ful **वि.** भूरिभाय ।

deceiv/e (डिसीभ्') **क्रि.** छल्नु, छकाउनु, झुकाउनु, झुक्याउनु, ठग्नु;—er **ना.** छली, ठग ।

decelerate (डीसे'लरेट्) **क्रि.** वेग घटाउनु, बिस्तारै गर्नु ।

decen/cy (डी'सेन्सि) **ना.** शिष्टता, योग्यता, सदाचार, अश्लील शब्द वा चेष्टा वा शरीरको अयोग्य ढाँचासँगको नङ्गापनको परित्याग, इज्जत;—t **वि.** विनीत, योग्य, उचित ।

decenn/ary (डिसे'नरि) **वि.** र **ना.** दश वर्षे;—ium **ना.** दश वर्षको अवधि ।

decentralize (डीसेन्'ट्रलाइज़्) **क्रि.** विकेन्द्रीकरण, अकेन्द्रीकरण गर्नु ।

deception (डिसेप्'श्न्) **ना.** ठगाइ, ठगिनु, छल, छलछाम, झूट, माया, धोखा, विडम्बना ।

decide (डिसाइड्) **क्रि.** तय गर्नु, निधो गर्नु, छिन्नु, फैसला गर्नु, खे गर्नु, टुंग्याउनु, टुङ्गो लाउनु, ठम्याउनु, निक्योँल्नु, किनारा लगाउनु, ठहऱ्याउनु, इदमित्थ गर्नु;—d **वि.** ख, निश्चय, निःसन्देह, इदमित्थ ।

deciduous (डिसि'ड्यूअस्) **वि.** झर्ने (पात, दाँत, सींग इ.) ।

decillion (डेसि'लियन्) **ना.** दश लाखको सयौं घात, अर्थात् १ पछि ६० शून्य हुने संख्या ।

decimal (डे'सिमल्) **वि.** र **ना.** दशाँध अथवा दश, दशांशिक, दशमलव ।

decimate (डे'सिमेट्) **क्रि.** दशौं भाग अथवा धेरै अनुपातमा नाश गर्नु (रोग अथवा दुर्घटना वा युद्धले) भक्कान पार्नु; सोःयाम पार्नु ।

decipher (डिसाइ'फर्) **क्रि.** (संकेत गुप्तबाट) साधारण लेखमा बदलिनु, कुंजीले गुप्त लेखको अर्थ झिक्नु ।

decis/ion (डिसि'झ़न्) **ना.** निक्योँल, छिनछान, छिनफान, निपटारा, किनारा, टुङ्गो, आदेश, फैसला, तोक, इन्साफ, निकासा, ठहर, निधो, टुंगो, इदमित्थ, दृढता;—ive निर्णायक ।

deck (डेक्) **ना.** र **क्रि.** जहाजको तला, डेक, ताशको पूरा

पत्ती, ठेली; **क्रि.** सिंगार्नु, अलंकृत गर्नु, सजाउनु ।

declaim (डिक्लेम्) **क्रि.** फलाक्नु, गड्कनु, आलंकारिक भाषामा बोल्नु, उत्तेजनायुक्त बोल्नु, भट्टयाउनु, भटभटाउनु ।

declamation (डेक्लमे'शन्) **ना.** उन्नत वा आलंकारिक भाषण, भावपूर्ण भाषण, भाका, लय, फलाकन ।

declar/e (डिक्लेयर्') **क्रि.** घोषणा गर्नु, ऐलान गर्नु, गम्भीरतापूर्वक भन्नु, छेड्नु, भन्सार लाग्ने सामान बताउनु, (खेलमा) आफूसित भएको ताश भन्नु, रंग बोल्नु, क्रिकेटमा (पाली) इनिङ्स् सकिएको घोषणा गर्नु;—ation **ना.** घोषणा, प्रकाशन ।

declasse (डेक्ल्या'से) **वि.** जात गएको, आफ्नु स्थान गुमाएको ।

declension (डेक्लेन्'शन्) **ना.** सोझोबाट लच्केको, क्षय, बिगार, शब्दरूप चलाउनु ।

declination (डेक्लिने'शन्) **ना.** तलतिएको झुकाव, दिक्पात ।

decline (डिक्लाइन्) **क्रि.** र **ना.** खस्कनु, उँधो लाग्नु, घहरिनु, बर्कनु, तल झुक्नु, निहुरिनु, झुक्नु, झर्नु, हट्नु, नाईं-नास्ति गर्नु, अस्वीकार गर्नु; **ना.** निपात, बलबुता घट्तै जानु, क्षय रोग, दाम घट्नु, आखिरी अवस्था ।

declivity (डेक्लि'भिटि) **ना.** ओरालो ।

declutch (डिक्लच्') **क्रि.** क्लच छुटाउनु, समात्ने छुटाउनु ।

decoction (डिकॅक्'शन्) **ना.** क्वाथ, काढा ।

decode (डिकोड्') **क्रि.** (गुप्तबाट) साधारण बोलीमा सार्नु ।

decollete (डेकॅ'लेट्) **ना.** कठालो तल पारी बनाएको (खा. ग. स्त्रीको) लुगा, गर्दन देखिने, खुला ।

decolorize (डिक'लराइज्) **क्रि.** रंग हटाउनु, रंगहीन गराउनु, रंग उडाउनु ।

decompos/e (डीकम्पोज्') **क्रि.** विच्छिन्न गर्नु, तत्वहरू छुट्ट्याउनु, विश्लेषण गर्नु, सड्नु;—ition **ना.** विच्छेदन, पृथक्करण ।

decontaminate (डीकन्ट्या'मिनेट्) **क्रि.** दोष, दूषण हटाउनु (लुगा, ठाउँमा रेडियो सक्रियता वा विषालु ग्यासद्वारा भएको दूषण) ।

decontrol (डीकण्ट्रोल्') **क्रि.** (-ll-) र **ना.** नियन्त्रण झिक्नु ।

decor (डेकॉअर्') **ना.** कोठा वा रंगमंचको सजावट ।

decorat/e (डे'करेट्) **क्रि.** सजाउनु, रिझाउनु, रिटाउनु, सिंगार्नु, ठाँटिनु, तलासिनु, अलंकृत गर्नु;—ion **ना.** छटा, सजावट, विभूषण, अलंकार ।

decorous (डिकअरस्) **वि.** आचारसँग विरोध नहुने, शिष्ट, प्रतिष्ठायुक्त, मर्यादाशील ।

decorum (डिको'अरम्) **ना.** मर्यादा, औचित्य, आचार व्यवहार, सदाचार ।

decoy (डिकॅय्') **ना.** र **क्रि.** अरू चरालाई फँसाउने तालीम गरेका चरा, माया चरा, कैतव चरा, ठगको साथी; **क्रि.** लोभ्याउनु, जालमा पार्नु ।

decrease (डिक्रीज्') **क्रि.** र **ना.** घट्नु, कम हुनु; **ना.** कमी, शमन, समथर ।

decree (डिक्री') **ना.** र **क्रि.** आदेश, आज्ञप्ति, आज्ञा, फैसला, (फलबाट देखिने) इच्छा; **क्रि.** आदेशले आज्ञा दिनु ।

decrement (डे'क्रिमेण्ट्) **ना.** जर्ती, अपचय, (चलन अथवा खेर गएबाट) हानि ।

decrepit (डिक्रे'पिट्) **वि.** कुप्रेको, दुब्लाएको (बुढ्याइँले) ।

decry (डिक्राइ') **क्रि.** होच्याउनु, निन्दा गर्नु ।

dedicate (डे'डिकेट्) **क्रि.** समर्पण, अर्पण गर्नु, अर्पनु, चढाउनु ।

deduc/e (डिड्यूस्') **क्रि.** अनुमान गर्नु, तर्कद्वारा निकाल्नु;—tion **ना.** उद्देशक, प्रश्न ।

deduct (डिडक्ट्') **क्रि.** कटाउनु, घटाउनु;—ion **ना.** कटौती, कट्टी, कट्टा, घटमट, कटनीमटनी ।

deed (डीड्) **ना.** कर्म, काम, वीरतायुक्त कर्म, कागत, न्हेडिक हडिक, तमसूक पत्र, भाखापत्र;—of gift बकसपत्र, पञ्जिल;—of separation बण्डापत्र; deeds **ना.** करनी ।

deem (डीम्) **क्रि.** गुन्नु, ठान्नु, संझनु ।

deemster (डीम्'स्टर्) **ना.** म्यान द्वीपका दुई न्यायाधीशमध्ये एक ।

deep (डीप्) **वि.** गहिरो, गाढा, अगाध, निम्न;—ly गडेर; the—**ना.** समुद्र;—en **क्रि.** गहिर्‍याउनु, गहिरिनु ।

deer (डियर्) **ना.** मृग, मिर्ग, हरिण; hog— **ना.** लघुना; male—झाँक; female—मुडुली ।

deface (डिफेस्') **क्रि.** रूप बिगार्नु, नराम्रो पार्नु, बदनाम गराउनु, नबुझिने पार्नु, केर्नु ।

de facto (डि फ्या'क्टो) **वि.** र **क्रि. वि.** यथार्थतः, वास्तवमा, हकले होओस् (de jure) वा नहोओस् (de facto) ।

defalcation (डीफल्के'शन्) **ना.** हिनामिना, मसौट, न्यूनता ।

defam/e (डिफेम्') **क्रि.** बदनाम गर्नु, उतार्नो गर्नु, गुणापवाद गर्नु;—ation **ना.** बदख्वाइ, उतार्नो, बदनाम, बकवास ।

default (डिफॉल्ट्') **ना.** र **क्रि.** खाँचो, अभाव, अनुपस्थिति, व्यतिक्रमण; **क्रि.** म्यादमा दाम नबुझाउनु, उपस्थित नहुनु, मुद्दाको पैरवी नगर्नु; in—of नभएमा, अभावमा ।

defeasance (डिफी'जन्स्) **ना.** खारिजी, लोप, रद्द ।

defeat (डिफीट्') **क्रि.** र **ना.** हराउनु, परास्त गर्नु, भग्न संकल्प गराउनु, फेलो खुवाउनु, लुते कान लाउनु, निराशा हुनु; **ना.** हरल, हार, पराजय, पल्टावाजी, बरबादी;—ism **ना.** पराजयलाई स्वीकार गर्ने मनोभावना, हीनता; acknowledge—**क्रि.** हार हुनु, हार मान्नु, लुतेकान लाउनु ।

defecate (डे(डी)'फिकेट्) **क्रि.** मलत्याग, शोधन, निर्मल गराउनु, विष्टा त्याग्नु; (ग्रा०) हग्नु ।

defect (डिफेक्ट्') **ना.** र **क्रि.** विकार, दोष, बर्दा, ऐब, प्रतिप्रस्थान, गडबडी, त्रुटि, अवगुण; **क्रि.** कर्तव्य त्याग्नु, फुट्नु, छोड्नु, प्रतिप्रस्थान गर्नु;—ive **वि.** दोषयुक्त, न्यून;—ion त्याग, आफ्नू गूटको त्याग, प्रतिप्रस्थान;—or फुट्टुवा, त्यागी ।

defence (डिफेन्स्') **ना.** रक्षा, बचाउ, प्रतिरक्षा, प्रतिवादी,

खोलुवा, समर्थन ।

defend (डिफेण्ड्') **क्रि.** बचाउनु, रच्चा गर्नु, रोक्नु, हटाउनु, प्रतिवादी दिनु वा उसको तर्फबाट वहस गर्नु, ओड गर्नु ।

defendant (डिफेन्'ड्याण्ट्) **ना.** प्रतिवादी, प्रार्थी ।

defensible (डिफेन्'सिब्ल्) **वि.** सहजैसंग रक्षा गर्न सकिने ।

defensive (डिफेन्'सिभ्) **वि.** निवारक, आत्मरत्तक, (आक्रामक होइन), प्रतिरत्तात्मक ।

defer (डेफअ्र्') विलम्ब, स्थगन गर्नु, पछि सार्नु ।

defer/ence (डे'फरेन्स) **ना.** मान्यजनको सम्मान, आज्ञापालन अदब आदर, प्रश्रय, सत्कार;—entially **क्रि. वि.** अदब साथ, भर्माएर ।

defiance (डेफा'यन्स्) **ना.** अवज्ञा, हुंकार, अटेरीपना, अवगणना ।

defiant (डेफा'यण्ट्) **वि.** उद्धत, सदर्प, सावज्ञ, अटेरी, असिल्दो, सन्क्याहा, ठाडो ।

deficiency (डेफि'शन्सि) **ना.** न्यूनता, नपुग, कमी, अभाव, अपूर्णता ।

deficit (डे (डि)'फिसिट) **ना.** घाटा, अपुग, नपुग, कमी; —financing न्यून अर्थ व्यवस्था ।

defile (डिफाइल्') **ना.** र **क्रि.** संकट मार्ग, लामको हिडाइ; **क्रि.** दूषित गर्नु, छोड्नु, अपवित्र गर्नु, बिट्ुलो पार्नु ।

define (डिफाइन्') **क्रि.** परिभाषा गर्नु, सीमा स्थिर गर्नु, आकार स्पष्टसंग देखाउनु, व्याख्या गर्नु, लक्षण बताउनु ।

definit/e (डे'फिनिट्) **वि.** खसोखास, ठोकुवा, नियत, निश्चित, निर्दिष्ट, निस्तुक;—ion **ना.** परिभाषा, स्फुटता;—eness **ना.** ठोकान, इदमित्थ ।

definitive (डिफि'निटिभ्) **वि.** निर्णायक, विना शर्तको, अन्तिम, नियत, स्थिर, इदमित्थ, आवश्यक ।

deflate (डिफ्लेट्') **क्रि.** (केही वस्तुमा भरिएको) हावा छोड्नु, मुद्रास्फीति रोक्नु, महत्व घटाउनु ।

deflect (डिफ्लेक्ट्) **क्रि.** निहुन्याउनु, बंग्याउनु;—ion, deflexion **ना.** विमार्ग गमन, विक्षेप, विचलन ।

deflower (डिफ्ला'वर्) **क्रि.** क्षतयोनि गराउनु, हर्नु, बलात्कार गर्नु, नाश गर्नु, फूल टिप्नु र चुँड्नु ।

defluent (डी'फ्लुएण्ट्) **वि.** तल बग्ने (भाग) ।

deform (डिफअ्र्म्') **क्रि.** नराम्रो पार्नु, रूप बिगार्नु, विरूप गर्नु;—ity **ना.** कुरूपता, विकृति;—ation विरूपता, कुरूपता ।

defraud (डिफ्रॉड्) **क्रि.** ठग्नु, पच पार्नु, भूस पार्नु, कपट गरी हर्नु, धोका दिनु, धुत्नु ।

defray (डिफ्रे') **क्रि.** चुक्ता गर्नु, अदाय गर्नु ।

deft (डेफ्ट्) **वि.** दक्ष, चतुर, कुशल, सिपालु ।

defunct (डिफङ्क्ट्') **वि.** मृत, मरेको, जीउँदो नभएको ।

defy (डिफाइ') **क्रि.** ललकार्नु, लड्नालाई हुंकार गर्नु, खुला विरोध गर्नु, घुक्र्याउनु, नमान्नु, पार गर्न नसकिने बाधा खडा हुन् ।

degage (डेगा'जे) (स्त्री—ee) **वि.** सजिलो, आरामीसहित, खिचातानी नभएको ।

degenerat/e (डिजे'नरेट्) **ना.**, **वि.** र **क्रि.** गिरेको व्यक्ति वा जीव; **वि.** जातिको गुणबाट गिरेको, अघिको श्रेष्ठत्व खोएको, अपकृष्ट भएको, नष्ट धर्म भएको; बिग्रेको, उल्केको; **क्रि.** बिग्रनु, उल्किनु, सड्नु;—ion **ना.** अपकर्ष ।

degrad/e (डिग्रेड्') **क्रि.** तल्लो दर्जामा खसाल्नु, लघुकरण गर्नु, अवमानना गर्नु, मास्नु;—ed **वि.** तुच्छ, पुङमाङ;—ation **ना.** अपकर्ष ।

degree (डिग्री') पद, श्रेणा, दर्जा, स्थान, पदवी, उपाधि, परियया; आज्ञप्ति, प्रमाणपत्र, प्रमाणिका; कित्ता, मात्र, कोटि, घात, अंश; highest—अतिशय, in some—किञ्चित्; by—s क्रमशः, विस्तारै; third—प्रहरी इ. द्वारा उत्पीडनसहित कडा र दीर्घ जाँच पडताल ।

degression (डिग्रे'श्न्) **ना.** झर्नु (खा.ग. करको दरमा) ।

dehortative (डिहोअ्र्'टेटिभ्) **वि.** रोक्ने किसिमको, निवारक, निषेधक ।

dehumanize (डिह्यू'मनाइज़्) **क्रि.** अमानवीय गराउनु ।

dehydrat/e (डीहाइ'ड्रेट्) **क्रि.** विजल गर्नु, जल (वा यसका तत्व) झिक्नु;—ion **ना.** विजलन ।

deicer (डि-आइ'सर्) **ना.** वायुयानका पखेटामा हिउँ जम्न नदिनाको लागि प्रयोग गरिने उपकरण, सोही प्रयोजनको लागि बनेको यांत्रिक या वैद्युतिक साधन ।

deify (डी'इफाइ) **क्रि.** देवत्व प्रदान गर्नु, देवता मान्नु, ईश्वर सायुज्य हुनु ।

deign (डे'न्) **क्रि.** उचित ठान्नु, निगाहसाथ मंजूर गर्नु ।

deigratia (डि'आइग्रा'शिया) **क्रि. वि.** ईश्वरानुग्रहले ।

deism, deist (डि'इज्म्,-'इस्ट्) **ना.** आविर्भाव वा प्रकाश बाहेक ईश्वरको अस्तित्वमा विश्वास, प्राकृतिक धर्मावलम्बी ।

deity (डी'इटी) **ना.** ईश्वरीय स्थिति गुण वा स्वभाव, देवता, ईश्वर, मष्टो ।

deject (डिजेक्ट्') **क्रि.** निरुत्साहित हुनु, उत्साहहीन गर्नु, दिक्क मान्नु, विषाद मान्नु, धैर्य हराउनु, खिन्न हुनु;—ed **वि.** खिन्न, फुंग, झ्याउरो, विरक्त, उदास, निन्याउरो, झोक्र्याएको;—ion **ना.** खिन्नता, दिग्दारी ।

dejeuner (डे'झ्ने) **ना.** जलपान, दिवाभोज ।

dejure (डिजू'री) **वि.** र **क्रि. वि.** हकले, अधिकारयुक्त ।

delay (डिले') **क्रि.** र **ना.** विलम्ब गर्नु, पछि सार्नु, बियाँल्नु, धिङ्न्याइ गर्नु, ढिलाउनु, जुम्सिनु, ब्याँलो गर्नु, बेर गर्नु; **ना.** आलटाल, अबेर, टालमटोल, ब्याँलो, वेला, ढीला, रोक्नु, रोकावट, बियाँलो, सुस्ती, ढिल्याइ;—ing **ना.** धिङ्न्याइ, आलटाल ।

delectable (डेलेक्'टेब्ल्) **वि,** आनन्दकारक, रमाइलो, मजाको ।

dele/gate (डे'लेगेट्) **ना.** र **क्रि.** प्रतिनिधि, सदस्य; **क्रि.** नियोजन गर्नु, प्रत्यायोजन गर्नु, खटाउनु, नियुक्त गर्नु;—gated **वि.** नियोजित;—gation प्रतिनिधि नियुक्ति, प्रत्यायोजन, मंडल प्रत्यर्पण; **क्रि.** ठम्याउनु, सुम्पनु;—gacy प्रतिनिधित्व ।

delete (डेलीट्') **क्रि.** मेट्नु, केर्नु, लगत काट्नु, छाडिदिनु ।

deleterious (डेली'टेञ्रिअस्) **वि.** विनाशक, घातक, हिंस्रक, बिगार पार्ने, अफाप ।

deliberate (डेलि बरेट्) **क्रि.** र **वि.** गम्नु, गम खानु, घोरिनु, सोच्नु; **वि.** इच्छाले विचारयुक्त, सहसा होइन, ठेगान गर्नामा ढीलो, धीर, सावधान, विस्तारै, जानीजानी;—ly **क्रि. वि.** जानाजान, विचार गरी ।

delibera/tion (डेलिबरे'श्न्) **ना.** विचार, विमर्श, सोच-विचार, विवेचना;—tive विचारशील, विमर्शी ।

delica/cy (डे'लिकेसि) **ना.** मृदुता, स्वादुता, नम्रता, मिठाई, मीठो खानेकुरा, संकोच;—te **वि.** नाजुक, सूक्ष्मग्राही, सुकुमार, कोमल, निफर, पेलव, सुकुमारी, कोमलांगी, अप्ठ्यारो, फूलथुङ्गा ।

delicatessen (डेलिकटे'सेन्) **ना.** (व.व.) स्वादिष्ट वस्तु वा अचार इ० वेच्ने पसल, भोजनागार ।

delicious (डेलि'शस्) **वि.** स्वादु, मधुर, मीठो, स्वादिष्ट ।

delight (डिलाइट्) **ना.** र **क्रि.** हर्ष, अति आनन्द, सुख; **क्रि.** आनन्दमग्न हुनु, रिझाउनु, खुशी पार्नु;—ful **वि.** प्रमोदक ।

delimitate (डिलि'मिटेट्) **क्रि.** सीमा वा क्षेत्रीय विस्तार स्थिर गर्नु ।

delinquen/cy (डेलिन्'क्वेन्सि) **ना.** दोप, अपराध;—t **ना.** पापी, अपराधी, दोषी ।

deliquesce (डिलिक्वेस्') **क्रि.** तरल बन्नु, प्रस्वेद हुनु;—nce विलयन ।

deli/rium (डेलि'रियम्) **ना.** भ्रम, प्रलाप, चैतन्यनाश, मूर्छा;—rious **वि.** भ्रान्तचित्त, वर्वराउने;—tremens प्रलापको विशेषरूप, ज्यादा मद्यपान गर्नेहरूलाई हुने डरलाग्दो मोह ।

deliver (डेलि'भर्) **क्रि.** बचाउनु, रक्षा गर्नु, दाखिल गर्नु, जन्म दिनु (बालक, बच्चा), पाउनु, बुझाउनु, (फैसला) बोल्नु, वचन निभाउनु;—ance **ना.** उद्धार;—a blow हात हाल्नु;—er पारक ।

delivery (डेलि'भरि) **ना.** जायाजन्म, (डाँक) बाँडफाँड, हस्तान्तरण, फ्याँकाइ (बल), बोल्ने शैली, निकास, बुझाउने काम, अर्पण, प्रदान ।

dell (डेल्) **ना.** रूख भएको सानू गड्ढा वा खाडल, खाल्डो ।

delta (डेल्'टा) **ना.** ग्रीक अक्षर डेल्टा, (नदीको मुखमा रहेको) त्रिकोण भूमि, मुहानभूमि ।

deltoid (डेल्'टॅयड्) **वि.** र **ना.** त्रिकोण, काँधको हात उचाल्ने त्रिकोण पेशी ।

delude (डेलुड्,–ल्यूड्) **क्रि.** बहकाउनु, छल्नु, ठग्नु ।

deluge (डे'ल्यूज्) **ना.** र **क्रि.** प्रलय, जहानक, आत्यन्तिक प्रलय, घनघोर वर्षा, जलाम्मे, जलामय, कल्पान्त, बोलीको भेल, बाढी; **क्रि.** बाढी आउनु ।

delu/sion (डेलू'झन्,–ल्यू'–) **ना.** मोह, भ्रम, माया, इन्द्रजाल, मतिभ्रम, व्यञ्जना;—sive **वि.** छकाउने ।

delve (डेल्भ्) **क्रि.** र **ना.** खन्नु, खोइरो खन्नु, खोतल्नु, खोदल्नु, अनुसन्धान गर्नु, खोज्नु; **ना.** नीचो, खाडल ।

demagnetize, ise (डिम्याग्'नेटाइज़्) **क्रि.** अचुम्बक गराउनु ।

demagogue (डे'मगॅग्) **ना.** लोकप्रिय वक्ता, नेता, आन्दोलनकारी, गुरु ।

demand (डिमाण्ड्') **ना.** र **क्रि.** अधिकारयुक्त माग, माग, अनुरोध, चाह, बोलवाला; **क्रि.** माग्नु, तलब गर्नु; on—मागमा, माग भएमा ।

demarcation (डिमाअ्र्के'श्न्) **ना.** सीमाङ्कन, रेखाङ्कन ।

demarche (डेमार्श्') **ना.** राजनैतिक पाइला या कारवाही ।

dematerialize (डीमिटे'रियलाइज़्) **क्रि.** अभौतिक, आध्यात्मिक बन्नु ।

demean (डिमीन्') **क्रि.** व्यवहार गर्नु, चल्नु, आचरण गर्नु ।

demeanour (डिमी'नर्) **ना.** चेष्टा, आचरण, वाह्य व्यवहार ।

dement (डिमेण्ट्') **क्रि.** बौलाहा पार्नु, सनक चढाइदिनु;—ed **वि.** सन्केको, सन्काहा, विक्षिप्त, सातो गएको, इन्तु न चिन्तु ।

dementi (डेमाँ'टि) **ना.** हल्ला इ० को आधिकारिक खण्डन ।

dementia (डिमेन्'श) **ना.** मनको कमजोरी देखापर्ने सिल्लीपन ।

demerit (डिमे'रिट्) **ना.** अवगुण, दोष, बदी ।

demesne (डेमीन्,–मे–) **ना.** राजाको जमीन, राष्ट्रिय क्षेत्र, जिमीदारी, जमीन ।

demi (डे'मि) **उ.**—अर्ध ।

demilitarize (डीमि'लिटराइज़्) **क्रि.** असैनिक गराउनु, सैनिक व्यवस्था हटाउनु ।

demi monde (डे'मि माँड्) **ना.** समाजको छेउछाउमा रहेका अनिश्चित चरित्र र स्थितिका स्वास्नीमानिसहरू ।

demi-rep (डे'मि-उरेप्) **ना.** पातिव्रत्य–पर शंका भएकी स्त्री ।

demise (डिमाइज़्) **क्रि.** र **ना.** वसियत गरी जग्गा जमीन दिनु; **ना.** मृत्यु, अवसान, मराइ, मरण ।

demission (डिमि'श्न्) **ना.** राजीनामा, त्याग, मुकुटत्याग ।

demit (डिमिट्') **क्रि.** (-tt-) पद छोड्नु ।

demobilize (डिमो'बिलाइज़्) **क्रि.** सैन्य भंग गर्नु, चलायमान स्थिति तोड्नु ।

democracy (डिमॅ'क्रसि) **ना.** प्रजातंत्र; the—राजनैतिक अधिकारबाट वंचित समूह ।

demode (डेमो'डे) **वि.** बेचल्ती, चलनबाहिर ।

demography (डिमॅ'ग्रफि) **ना.** आवश्यक तथ्याङ्क (जसले समुदायहरूको स्थिति प्रदर्शन गर्छ) ।

demo/lish (डिमॅ'लिश्) **क्रि.** भत्काउनु, मालिमेट गर्नु, पाताल पार्नु, ध्वस्त पार्नु, पाताल पारेर भत्काउनु, तोड्नु;—lition ध्वंस, उन्मूलन, पाताल ।

demon (डी'मन्) **ना.** दानव, दैत्य, राक्षस, भूत;—iac पैशाचिक ।

demonatrtes (डे'मन्स्ट्रेट्) **क्रि.** प्रदर्शन गर्नु, वर्णन व्याख्या गर्नु, सत्यता प्रमणित गर्नु;—ion **ना.** साधन, उपपत्ति,

प्रदर्शन ।

demonstrator (डे'मन्स्ट्रेटर्) **ना.** प्रदर्शक, प्रदर्शनकारी ।

demoralize (डिमॅ'रलाइज़्) **क्रि.** भ्रष्ट गराउनु, आचार भ्रष्ट गराउनु, अनुशासन भङ्ग गर्नु ।

demot/e (डिमोट्') **क्रि.** तल्लो पदवी वा दर्जामा ओह्राल्नु, —ion **ना.** पदावनति ।

demur (डिमअर्') **क्रि.** (-rr-) वाधा देखाउनु विरोध गर्नु, नाइँनास्ती गर्नु, गह्रुकाउनु ।

demure (डिम्योर्') **वि.** शान्त, गंभीर स्वाँग पार्ने, लाज मान्ने, मिथ्या लाज देखाउने, मक्ख ।

demurrage (डेम'रेज्) **ना.** हर्जाना, डेमरेज, रोकावट, वियाँलो; (जहाज, रेल, इ० ले उठाउने) ढिल्याइँको हर्जाना ।

den (डेन्) **ना.** खोर, खंडहर, गुफा; (पुरुष, खा. ग. घरको मालिकको) निजी कोठा, बैठक ।

denationalize (डिन्या'शनलाइज़्) **क्रि.** राष्ट्रको स्वभाव वदलिनु, अस्वाभाविक वनाउनु, नागरिकता झिक्नु ।

denature (डिने'चर्) **क्रि.** स्वभाव वा सारभूत गुण वदल्नु (खा. ग. मिसावटले गर्दा चिया र रक्सीको) ।

dengue (डेङ्'गे) **ना.** जोर्नी दुख्ने, सरुवा, निस्कने ज्वरको प्रकार ।

denial (डिना'यल्) **ना.** खण्डन, इनकारी, धिङ्न्याइ ।

denigrate (डी'निग्रेट्) **क्रि.** कालो वनाउनु, वदनाम गर्नु, उतार्नी गर्नु, होच्याउनु ।

denim (डे'निम्) **ना.** वरसादी, वाहिरी लुगा इ० वनाउने प्रकारको कपड़ा ।

denizen (डे'निज़न्) **ना.** वासिन्दा, दखलवाल, सीमित अधिकार दिइएको विदेशी, स्वीकार गरिएको विदेशी जनावर, शब्द या विरुवा ।

denominat/e (डिनॅ'मिनेट्) **क्रि.** नाम दिनु, भन्नु, वर्णन गर्नु;—ion **ना.** नाम, ओहदा, संख्या, तौल, दाम इ० को एकांकको श्रेणी, धार्मिक संप्रदाय, दर ।

denominator (डिनॅ'मिनेटर्) **ना.** अंश लेख्दा धर्को मन्तिर लेखिने संख्या, हर ।

denote (डिनोट्') **क्रि.** जनाउनु, खोल्नु, वताउनु ।

denouement (डेनु'माँ) **ना.** कथा, नाटकको योजना, उलझन, परिणाम इ० को सुलझन ।

denounce (डिनाउन्स्') **क्रि.** खुलासँग वदख्वाइ गर्नु, अनिष्ट, अमंगलको भविष्यवाणी गर्नु, पोल्नु, युद्धविराम, सन्धिको अन्त भएको सूचना गर्नु, निन्दा गर्नु ।

de nouveau, de novo (ड नूभो', डि नो'भो) **क्रि. वि.** शुरूदेखि, पुनः ।

dense (डेन्स्) **वि.** वाक्लो, गाढा, घना, अनकण्टार, सघन; density **ना.** घनत्व, मूर्ख्याइँ, नैविडय ।

dent (डेण्ट्) **ना.** र **क्रि.** खाडल; **क्रि.** कुच्चिनु, थेप्चिनु, कच्याककुचुक हुनु ।

dental (डेन्'टल्) **वि.** दन्त्य, दाँतको;—floss दाँतबाट लेग्रो झिक्ने धागो ।

dentifrice (डेन'टिफ्रिस्) **ना.** मञ्जन ।

dentist (डेन्'टिस्ट्) **ना.** दाँतसाज, दंत चिकित्सक, दन्तिस, दन्तकार;—ry **ना.** दाँतसाजी ।

dentition (डेन्टि'श्न्) **ना.** दंतोद्भव ।

denture (डेन्'टयूर्) **ना.** दाँत (खा. ग. नकली) ।

denude (डिन्यूड्') **क्रि.** नांगो पार्नु, खोल उतार्नु, बुच्चाउनु, नङ्ग्याउनु, बुङ्ग्याउनु ।

denunciation (डिनन्सिए'श्न्) **ना.** वदनाम, भर्त्सना, निन्दा, अन्त भएको सूचना ।

deny (डिनाइ') **क्रि.** नकार्नु, अस्वीकार गर्नु, नामंजूर गर्नु, इनकार गर्नु, नाइँनास्ति गर्नु, संयम गर्नु, घरमा छैनन् भनी नभेट्नु; denial **ना.** इन्कारी, धिङ्न्याइ ।

deodorize (डीओ'डराइज़्) **क्रि.** गन्ध हटाउनु, गन्धहीन गर्नु ।

deo volente (डी'ओ भलेन्'टे) **क्रि. वि.** ईश्वरेच्छाले, यदि रोकिएन भने ।

depart (डिपाअर्ट्') **क्रि.** गमन गर्नु, प्रस्थान गर्नु, जानु, हिंड्नु, मर्नु, उल्लंघन गर्नु;—ed **वि.** वितेको, गुज्रेको, मरेको, मृत;—ure **ना.** प्रस्थान, विदाइ, प्रयाण ।

department (डिपाअर्ट्'मेण्ट्) **ना.** विभाग, फाँट;—store सव प्रकारको सामान वेच्ने ठूलो पसल, विभागीय पसल; forest —काठमहल;—al **वि.** विभागीय;—head तालुकवाला ।

depend (डिपेण्ड्') **क्रि.** झुण्ड्याउनु, निर्भर गर्नु, भर गर्नु, आड लिनु, फैसलाको लागि पर्खनु;—able **वि.** भरपर्दो;—ence भर, आस्था, अवलम्बन, आश्रय ।

dependant, ent (डिपेन्'ड्याण्ट्,–डेण्ट्) **ना.** आश्रित, परतन्त्र, पराधीन; (व. व.) जञ्जाल, लालावाला ।

depict (डेपिक्ट्') **क्रि.** रेखाचित्र अथवा रंगले देखाउनु, वर्णन गर्नु ।

depilat/e (डे'पिले'ट्) **क्रि.** रौं हटाउनु, खुइलिनु, खुइल्याउनु; —ory **वि.** र **ना.** रौं उडाउने, रोम, लोमनाशक ।

deplet/e (डेप्लीट्') **क्रि.** सिध्याउनु, खाली गराउनु, रित्तो गराउनु, रित्त्याउनु;—ion **ना.** अवक्षय, रित्तीकरण ।

deplo/re (डिप्लोअर्') **क्रि.** विलाप गर्नु, अफसोस गर्नु, (नैतिक भावनामा आघात पर्ने कामले) आघात पार्नु;—rable **वि.** शोचनीय, अफसोस मान्नुपर्ने ।

deploy (डेप्लॅय्) **क्रि.** सेनालाई फैलाउनु, काममा ल्याउनु ।

depolarize (डीपो'लराइज़्) **क्रि.** ध्रुव अनाच्छादन गर्नु, अध्रुवी पार्नु ।

deponent (डेपो'नेण्ट्) **ना.** लिखित गवाही गर्ने साक्षी ।

depopulat/e (डिपॅ'प्यूलेट्) **क्रि.** जनसंख्या घटाउनु;—ion **ना.** निर्जनीकरण ।

deport (डिपोअर्ट्') **क्रि.** चल्नु, निकाल्नु, देश निकाला गर्नु ।

deportment (डिपोअर्ट्'मेण्ट्) **ना.** व्यवहार, ढाँचा, आचरण ।

depos/e (डिपोज़्') **क्रि.** र **ना.** अपदस्थ गर्नु (खा. ग.

राजालाई) गवाही दिनु, बक्नु, बकाउनु—ition **ना.** साक्षी, साछी, बन्दसवाल, बकपत्र; पदच्युति ।

deposit (डेपॅ'ज़िट्) **क्रि.** र **ना.** निक्षिप्त हुनु, जम्बा गर्नु, थुपार्नु, राख्नु; **ना.** बन्धक, जम्बा, पेशगी, निक्षेप, किट्ट, धरौटी, सुद्दत, बैना, नासो;—or **ना.** जम्मा गर्ने, ग्राहक:—ory भंडार, संग्रह-स्थान ।

depot (डे'पो) **ना.** भंडार, स्थान, आलय, मुकाम, खाना ।

deprav/e (डिप्रेभ्') **क्रि.** खराब बनाउनु, बिग्रिनु, बिगार्नु, बहकाउनु;—ed **वि.** भाँड, बहकिएको;—ity **ना.** दौरात्म्य, दौर्जन्य, दुष्ट्याइँ ।

deprecate (डे'प्रिकेट्) **क्रि.** विरुद्ध अनुरोध गर्नु, विरुद्ध इच्छा वा बेमञ्जूरी प्रकट गर्नु, हियाउनु ।

depreciat/e (डिप्री'शिएट्) **क्रि.** मोल घट्नु, किम्मत घट्नु, क्रयशक्ति (दामको) घट्नु, ह्राउनु, तुच्छ्याउनु, होच्याउनु, तुच्छ पार्नु;—ion **ना.** अवक्षयण, ह्रास, घाटा, क्षति, निन्दा, मूल्यापकर्ष ।

depre/dation (डेप्रेडे'इन्) **ना.** अपहरण, लूटमार, लूट, ध्वंसन;—date **क्रि.** भक्षण गर्नु ।

depress (डिप्रेस्') **क्रि.** खिन्न पार्नु, नीचो पार्नु, अवनत, अवनमन गर्नु, खसाल्नु, गिराउनु;—ion **ना.** विषाद, खिन्नता, अवनमन, अवनति, अवनतांश, खोपिल्टा, खाडल, नीचो भूइँ ।

depriv/e (डिप्राइभ्') **क्रि.** हर्नु, खोस्नु, वंचित गर्नु, मोस्नु, मुस्स्याउनु, अपहरण गर्नु;—ation **ना.** च्युति, अपहरण, हानि; to be—d बोक्रिनु ।

de profundis (डि प्रफन्'डिस्) **ना.** र **क्रि. वि.** दुःखको वेगबाट (बोली) ।

depth (डेप्थ्) **ना.** गहिरोपन, गहिराइ, पींध, अगाधता, गंभीरता, क्लिष्टता, बुद्धि, प्रौडता, गाढापन, गहिरो पानी ।

depurate (डे'प्यूरेट्) **क्रि.** शुद्धिकरण गर्नु ।

deput/e (डेप्यूट्') **क्रि.** खटाउनु, (साटोलाई) सुम्पनु, काममा पठाउनु, (साटो) नियुक्त गर्नु;—ed मनोनीत, नियोजित;—ation **ना.** काज, प्रतिनिधि मण्डल, डोर ।

deput/ize (डे'प्यूटाइज़्) **क्रि.** (अर्काको साटो) काम गर्नु;—y **ना.** र **वि.** उप, नायब, सहायक, तहरीर ।

derail (डिरेल्') **क्रि.** लाइन, पटरीबाट रेल उत्रनु ।

derange (डिरेन्ज्') **क्रि.** गोलमाल गर्नु, बौर हुनु, गडबड गर्नु, अव्यवस्था गर्नु; अस्तव्यस्त गर्नु;—d **वि.** विक्षिप्त;—ment **ना.** अविन्यास, मतिभ्रम, उन्माद ।

deration (डीर्‍या'इन्) **क्रि.** (खाद्य इ०) सीधा व्यवस्थाबाट छुटाउनु ।

de regle (ड रे'ग्ल्) **वि.** ठीक, उचित, परम्परागत ।

derelict (डे'रिलिक्ट्) **वि.** र **ना.** त्यक्त, विना स्वामीको, परित्यक्त, बहिष्कृत;—ion **ना.** त्याग, उत्सर्ग, उपेक्षा, त्रुटि, नीच मार्नु ।

derequisition (डिरेक्विज़ि'इन्) **क्रि.** अधिग्रहण, छुटाउनु ।

deri/de (डेराइड्') **क्रि.** खिसी, गिल्ला गर्नु, ठट्टा गर्नु, हँसी गर्नु;—sion **ना.** उपहास;—sory ताना मार्ने ।

de riguer (ड रिगेयर्') **वि.** शिष्टाचारबाट आवश्यक, चाहिने ।

deriv/e (डिराइभ्) **क्रि.** पाउनु, उत्पत्ति बताउनु;—ation **ना.** उत्पत्ति, प्रसूत, अवकल;—ative व्युत्पन्न, तद्धित, साधित-शब्द;—d **वि.** व्युत्पन्न ।

derm (डअ्र्म्) **ना.** त्वचा, छाला, भित्रीचर्म, चर्म ।

derogat/e (डे'रगेट्) **क्रि.** घटाउनु, हटाउनु, न्यून हुनु, अप्रतिष्ठा गर्नु;—ory **वि.** अकीर्तिकर, लाघवकारी, होच्याउने ।

derrick (डे'रिक्) **ना.** भारी उठाउने यन्त्र, तेलको खानीमाथि राख्ने यन्त्र ।

derring-do (डे'रिङ्-डु) **ना.** उद्दण्ड, साहस, हुति, बर्कत, मजाल, पिताम, तरान ।

derv (डअ्र्भ्) **ना.** भारी सवारीहरूमा चलन गर्ने इन्धन तेल ।

descant (डेस्क्याण्ट्) **ना.** र **क्रि.** संगीत, राग, गीत; **क्रि.** सविस्तार कुरा गर्नु, खुला दिलले भन्नु (खा. ग. तारीफमा) ।

descend (डिसेण्ड्') **क्रि.** ओर्लिनु, उत्रनु, झर्नु, तेर्सिनु, अधिबाट पछि, ठूलोबाट सानूतिर आउनु, सहसा आक्रमण गर्नु, उत्पन्न हुनु, वंशक्रमले आउनु, (पिता पुर्खाबाट) प्राप्त हुनु ।

descendant (डिसेन्'ड्याण्ट्) **ना.** वंशज, सन्तान, सन्तति ।

descending (डिसेन्'डिङ्) **वि.** अवरोही;—order अवरोहीक्रम ।

descent (डिसेण्ट्') **ना.** उतार, उत्राउ, कुल, घराना, घरान; ओरालो, अवरोह, उत्पत्ति, पिंढी; सहसाको सामुद्रिक आक्रमण ।

describe (डेस्क्राइब्') **क्रि.** वर्णन गर्नु, चिह्न लाउनु, खिच्नु, (खा. ग. ज्यामितिमा) रेखामा चल्नु ।

descrip/tion (डेस्क्रिप'इन्) **ना.** बयान, वर्णन, विवरण, वृत्तान्त, बखान, हुलिया, परिचय, परिभाषा, किसिम, वर्ग;—tive **वि.** वर्णनात्मक ।

descry (डेस्क्राइ') **क्रि.** देख्नु, दृष्टिगोचर हुनु ।

desecrate (डे'सिक्रेट्) **क्रि.** पवित्रता हटाउनु, अपवित्र गराउनु, अत्याचार, अशुद्ध गराउनु (धार्मिक स्थल) ।

desert (डे'ज़अ्र्ट्) **ना.** मरुभूमि, बलौटो, बालुवा प्रदेश; योग्यता, पात्रत्व; **क्रि.** (डेजअ्र्ट्') त्याग्नु, छोड्नु, जानु, भाग्नु;—ed **वि.** त्यक्त, अलपत्र;—s योग्यता, फल;—ion, **ना.** परित्याग,त्याग; receive one's—फल पाउनु, मेख मार्नु, मेख मर्नु ।

deserv/e (डेज़अ्र्भ्') **क्रि.** योग्य हुनु, हकदार हुनु;—ing **वि.** योग्य ।

deshabille (डेज़ाबी'ये) **ना.** र **वि.** भित्री लुगा, भित्री लुगा लगाएको ।

dessicat/e (डे'सिकेट्) **क्रि.** सुकाउनु, सुकाई धूलो पार्नु, शुष्क पार्नु;—ed **वि.** निस्तो, सुकेको, रसहीन;—or **ना.** शोषक, शुष्ककारक ।

desiderate (डिसि'डरेट्) **क्रि.** हौसिनु ।

desiderat/um (डेसिडरे'टम्) **ना.** (ब.व.–ta) आवश्यक वस्तु, वाञ्छित वस्तु;—e **क्रि.** हौसिनु ।

design (डिजाइन्) **ना.** र **क्रि.** परिकल्पना, योजना, बुट्टा, खाल, वानगी, रूपांकन, अंकन, नक्शा, मनसुवा, मतलब, कुचेष्टा; **क्रि.** योजना गर्नु, जुराउनु, उद्देश्य गर्नु;—ing **वि.** छली, कपटी, धूर्त।

designate (डे'जिग्नेट्) **क्रि.** र **वि.** नियुक्त गर्नु, तोक्नु, नामजद गर्नु, मनोनयन गर्नु, खुट्याउनु; **वि.** भावी, प्रस्तावित;—ion **ना.** संज्ञा, नाम, ओहदा, उपाधि, दर्जा, पगरी।

desir/e (डिजाय्र्') **क्रि.** र **ना.** कल्पनु, इच्छा गर्नु, हौसिनु, चाहनु; **ना.** इच्छा, मतलब, मुनासीव, मनसाय, खोजी, मनोयोग, लिप्सा, मंसुवा, लख, सौख, सूर, मुराद, चाहना, कामना, धोको, लालसा, चाह, रहर, धीत, ध्याउन्ना, लाक, खाहिस, आकांक्षा, अभिलाषा, मनोरथ, मनपेट, मनसाय;—able **वि.** काम्य, वाञ्छनीय, स्पृहणीय, शोभनीय, रहरलाग्दो;—ability काम्यता, वाञ्छनीयता, इष्ट;—ous **वि.** इच्छुक, चाह गर्ने, प्रलुब्ध, औताहा, लालायित।

desist (डेजिस्ट्-सिस्ट्) थामिनु, रोकिनु।

desk (डेस्क्) **ना.** तखता, खटिया, डेस्क।

desolat/e (डे'सलेट्) **वि.** र **क्रि.** शून्य, एकलो, उजाड़, भत्केको, पर्तो, निर्जन, दुःखी; **क्रि.** निर्जन गर्नु, ध्वंस गर्नु, दुःखी गराउनु;—ion **ना.** दारुण यंत्रणा, शून्यता।

despair (डेस्पेय्र्') **ना.** र **क्रि.** नैराश्य, हरेस; **क्रि.** निराश हुनु, हताश हुनु।

despatch, dispatch (डेस्प्याच्') **क्रि.** र **ना.** चलान गर्नु, पठाउनु; **ना.** शीघ्रता, तुरून्त, तदारूख, दनाक, प्रेषण;—er **ना.** प्रेषक।

desperado (डेस्परा'डो-रे'डो) **ना.** अपराधसमेत विना विचारको काम गर्न तयार मनुष्य, पातकी, हुल्याहा, हुल्लडवाज, गुण्डा।

desperate (डेस्'परेट्) **वि.** उद्दण्ड, मर्ता, हिंसात्मक, निर्भय, आर्त।

despi/se (डेस्पाइज्') **क्रि.** हेलाँ गर्नु, तुच्छ ठान्नु;—cable **वि.** हेय, पुङ्माङ, अधम, निन्द्य।

despite (डेस्पाइट्') **ना.** र **उ.** अत्याचार, दुराचार, अवज्ञा, द्वेष, अभिमान; **उ.** तापनि, भए पनि।

despoil (डेस्पॉयल्) **क्रि.** लुट्नु, पच पार्नु, भूस पार्नु, हर्नु, अपहरण गर्नु;—ation **ना.** अपहरण, लूट, सर्वस्व।

despond (डेस्पॉण्ड्') **क्रि.** हरेस खानु, आशा त्याग्नु, खिन्न हुनु;—ency **ना.** दिक्दारी, नैराश्य;—ent **वि.** म्लान, उद्विग्न, विषादयुक्त।

despot (डेस्'पट्) **ना.** प्रजापीडक, अनियन्त्रित शासक;—ic **वि.** जथाभावी, मनपर्दो, मनपरी, जवर्जस्ती, मनमौजी, अन्नाधुन्न, अचाक्ली, अन्धेर।

desquamate (डेस्'क्वमेट्) **क्रि.** कत्ला उक्किनु।

dessert (डेज़र्ट्') **ना.** भोजनको अन्तमा खाइने मिठाई, फलफूल।

destination (डेस्टिने'श्न्) **ना.** इष्ट, निर्दिष्ट स्थान, गन्तव्यस्थान, लक्ष्य, जाने ठाउँ, ठेगान, बिसौनी, थान्को।

destin/e (डेस्'टिन्) **क्रि.** नियुक्त गर्नु, लगाउनु, पूर्व निर्दिष्ट हुनु;—y **ना.** दैव, भाग्य, भवितव्यता, प्रारब्ध, अदृष्ट।

destitut/e (डेस्'टिट्यूट्) **ना.** हरिकङ्गाल, कङ्गाल, निर्धन, अकिंचन, निराश्रय, दरिद्र, हीन;—ion **ना.** राहित्य, दारिद्र्य।

destroy (डेस्ट्राय') **क्रि.** नाश गर्नु, ध्वंस गर्नु, नास्नु, मालिमेट पार्नु, धुल्याउनु, चौपट गर्नु, बिगार्नु, मुस्कुट पार्नु, उछित्तो पार्नु, सखाप पार्नु, ध्वस्त पार्नु, सडाउनु, धुल्याउनु (कागत पत्र);—er **ना.** ध्वंसक, भङ्ग रभाउले;—ed **वि.** ध्वस्त, सखाप।

destructi/on (डेस्ट्रक्'श्न्) **ना.** संहार, भताभुङ्ग, छारस्ट, छारपुस्ट, विध्वंस;—ble **वि.** नश्वर, भंगुर;—ve **वि.** विच्छेदक, विनाशकारी, क्षयकर, घातक, क्षयात्मक, सर्वसंहारी, विघ्नकारी, अरचनात्मक।

desuetude (डेस्'विट्यूड्) **ना.** विरति, विश्रान्ति, विराम।

desultory (डे'सल्टरि) **वि.** असम्बद्ध, अनियमित, अस्थिर, चंचल, अप्रासंगिक।

detach (डिट्याच्') **क्रि.** वियुक्त गर्नु, विरक्तिनु, छुट्ट्याउनु, काट्नु;—ed **वि.** अनासक्त;—ment **ना.** अनासक्ति, कर्मत्याग, विरक्ति, निस्पृहता, वैराग्य, टोली।

detail (डी'टेल्) **ना.**, **वि.** र **क्रि.** विवरण, चाँजो-पाँजो, वेलिविस्तार, वेहोरा, परिपाठ, कच्चावारी, फाँटवारी, खुलस्त, खोलेर, दफा, सविस्तार, बुट्टा, उर्दीपुर्जी; टोली; (**क्रि.**) विवरण दिनु, वर्णन गर्नु; खटाउनु;—ed **वि.** ब्यौरेवार;—s **ना.** विस्तृत विवरण, खुला बयान, फाँटवारी, तायदाती, वेहोरा, फाँट।

det/ain (डिटेन्') **क्रि.** थुन्नु, रोक्नु, थाम्नु, पर्खाउनु, कुर्चा ख्वाउनु, डल्ल्याउनु, कुहाउनु;—enu **ना.** थुनुवा;—ention **ना.** थुनुवा, नजरवन्द, रोक, धरपकड, थुना।

detect (डिटेक्ट्') **क्रि.** सुराक लाउनु, पत्ता लाउनु, पहिचान गर्नु;—ive **ना.** चेवा, चर, जासूस, खुफिया, गुप्तचर।

detente (डेटाँ'ट्) **ना.** (राष्ट्रहरूका वीचको) तानातानी हलका भएको स्थिति।

deter (डिटर्) **क्रि.** रोक्नु, निरूत्साहित गर्नु;—rent **वि.** विरोधक, रोक्ने।

detergent (डिटर्'जेण्ट्) **वि.** र **ना.** शोधक, परिमार्जक, विसंक्रामक।

deteriorat/e (डेटे'रियरेट्) **क्रि.** बिग्रनु, विकृत हुनु, घर्कनु, ह्रास हुनु;—ion **ना.** क्षय, विकार, विकृति।

determin/e (डिटर्'मिन्) **क्रि.** ठेक्नु, कमर कस्नु, ताड्नु, सुरिनु, मसक्क आँट्नु, खुट्याउनु, ठम्याउनु, निधो गर्नु, निर्णय गर्नु, निक्र्योल्नु, ठहराउनु, ठेगान लाउनु, खुट्टिनु, अठोट गर्नु, निरूपण गर्नु, निर्धारण गर्नु;—ant **वि.** निरूपक, निर्णायक, सारिणिक;—ate **वि.** सीमित, स्पष्ट;—ation **ना.** समोठ, दृढाग्रह, निश्चय, संकल्प, अठोट;—ed **वि.** कटिबद्ध, तल्लीन, कसिएर, निर्धारित।

detest (डिटेस्ट्') **क्रि.** घिनाउनु, तिरस्कार गर्नु;—ation घृणा, जुगुप्सा।

dethrone (डिथ्रोन्') **क्रि.** अपदस्थ गर्नु; राज्यच्युत गर्नु।

detonat/e (डे'टनेट्) **क्रि.** पड्काउनु, विस्फुटित गर्नु;—

ion विस्फोट ध्वनि;—or **ना.** विस्फोटक ।

detour (डिटुर्') **ना.** घुमाउरो बाटो, अतिक्रम; विचलन ।

detract (डेट्र्याक्ट्) **क्रि.** झिक्नु, (यश) घटाउनु;—ion **ना.** अपकर्ष, लव्वीकरण, बदनाम, उतानों, बदख्वाइ ।

detriment (डे'ट्रिमेएट्) **ना.** हानि, नोक्सान ।

detrition (डेट्रि'श्न्) **ना.** खिइनु, खियाइ ।

de trop (ड ट्रो') **वि.** उलझन, अस्वागत, नचाहिएको ।

deuce (ड्युस्) **ना.** दुवा, (टेनिसमा) दुवै पक्षको ४० अंक; दशा, उपद्रव, राक्षस ।

deuterium (ड्युटे'यिरम्) **ना.** हाइड्रोजेन वायुको समस्थानीय, जसको गुरुत्व सामान्य हाइड्रोजेनको भन्दा प्रायः दुगुना हुन्छ ।

devalue (डीभ्या'ल्यु) **क्रि.** मोल घटाउनु, अवमूल्यन गर्नु ।

devastat/e (डे'भस्टेट्) **क्रि.** ध्वंस पार्नु, ध्वस्त पार्नु, नाश पार्नु, उजार पार्नु;—ion **ना.** सत्यानाश, सखाप, चौपट, तबाह, उजार ।

develop (डेभे'लप्) **क्रि.** विकास गर्नु, प्रस्फुटित, विस्तार, सम्वर्धन गर्नु, बढाउनु, उन्नति गर्नु, व्यक्त गर्नु फस्टाउनु, मौलाउनु, (फो) धुनु;—er **ना.** व्यक्तकारक, विकासक;—ed **वि.** पुष्ट, हृष्टपुष्ट ।

deviat/e (डे'भिएट्) **क्रि.** फर्कनु, मोडिनु, बाङ्गिनु, प्रसंग छोड्नु;—ion मोड, झुकाव, घुमाइ, फेरो, च्यवन, च्युति, विकार, परोक्ष ।

device (डिभाइस्) **ना.** तरकीब, साधन, उपाय, साज, उपकरण, लक्षण, चिह्न, अंक ।

devil (डे'भिल्) **ना.** शैतान, पिशाच, भूत; **क्रि.** वकील वा ग्रन्थकारको सहायक हुनु ।

devious (डी'भिअस्) **वि.** टाढाको, एकलो, सुनसान, घुमाउरो, कुटिल, अनियमित, दोषपूर्ण, छक्का पंजा, परोक्ष ।

devise (डिभाइज्') **क्रि.** योजना गर्नु, सोच्नु, परिकल्पना गर्नु, तरकीब गर्नु ।

devitalize (डीभाइ'टलाइज्) **क्रि.** प्राणशून्य अथवा क्षीण, जीर्ण बनाउनु ।

devoid (डिभॉयड्') **वि.** रहित, विना, हीन, खाली ।

devoir (डिभ्वाअर्') **ना.** कर्तव्य, (आफ्नू) सर्वोत्तम, सद्भावपूर्ण शिष्टाचार ।

devol/ve (डेभॅल्भ्') **क्रि.** निक्षेप गर्नु, सुम्पनु;—ution **ना.** निक्षेपण, समर्पण, संक्रामण ।

devot/e (डिभोट्') **क्रि.** लगाउनु;—ed **वि.** अनुरक्त, आसक्त;—ee **ना.** भक्त, तिथ्यारु;—ion **ना.** आस्था, भक्ति, अनुराग, धर्मनिष्ठा, आसक्ति ।

devour (डिभावर्') **क्रि.** निल्नु, उडाउनु, हामपाति गर्नु, हसुर्नु, खानु, चप्काउनु, हडप गर्नु, हड्पनु, खतम गर्नु, (कान वा आँखाले) लिनु (पुस्तक, कथा इ०);—er **ना.** भक्षक ।

devout (डिभाउट्) **वि.** धार्मिक, धर्मपरायण, आस्तिक, पुण्यात्मा ।

dew (ड्यु) **ना.** ओस, शीत;—y **वि.** तुषारमय;—point ओसांक, ओसबिन्दु ।

dewlap (ड्यु'ल्याप्) **ना.** माल ।

dexter (डेक्स्'टर्) **वि.** दाहिने;—ity **ना.** हस्तकौशल, हस्तलाघव, दक्षता, निपुणता, प्रावीण्य, दाहिने हात चलाउने ।

dextrous (डेक्स्'ट्रस्) **वि.** कुशल, हातको सफाइ भएको, सयानु, दक्ष, निपुण, पटु ।

diabetes (डायबी' टिज्) **ना.** डायबेटिज, मधुमेह, बहुमूत्र ।

diablerie (डिआ'ब्लऋिर) **ना.** शैतानको काम, जादू, लागू, बेहदको प्रमत्तता ।

diabolical (डायबॅ'लिकल्) **वि.** शैतानको जस्तो, सम्बन्धको, अति क्रूर, पिशाचतुल्य ।

diachronic (डायक्रॅनिक्) **वि.** ऐतिहासिक अध्ययन (खा. ग. भाषाशास्त्रको) ।

diadem (डा'यडेम्) **ना.** मुकुट, राजमुकुट, श्रीपेच ।

diagnos/e (डायग्नोज्') **क्रि.** खुट्टयाउनु, रोग चिन्नु, निरूपण गर्नु;—is **ना.** निदान, निरूपण;—tic **वि.** निदानात्मक;—ed **वि.** खुट्टिएको ।

diagonal (डाअ्या'गनल्) **ना.** विकर्ण, तेर्सो, छड्के, छेकारो ।

diagram (डाय'ग्र्याम्) **ना.** मर्मचित्र, रेखाचित्र, आकृति ।

dial (डा'यल्) **ना.** र **क्रि.** अनुहार, मुख; **क्रि.** (टेलीफोन) नम्बर बोलाउनु ।

dialect (डा'यलेक्ट्) **ना.** प्राकृत भाषा, (प्रान्तीय, क्षेत्रीय) भाषा, बोली ।

dialectic (डा'यलेक्'टिक्) **ना.** (ब. व.) हेतु विद्या, तर्क, न्याय ।

dialogue (डा'यलॅग्) **ना.** संलाप, सम्वाद, कुराकानी, बातचीत, सम्भाषण ।

diamet/er (डाअ्या'मिटर्) **ना.** व्यास;—**rical** **वि.** ठीक, पूर्ण विपरीतता भएको ।

diamond (डा'यमण्ड्) **ना.** हीरा, चम्किलो बिन्दु; **वि.** हीरक ।

Diana (डाअ्या'ना) **ना.** स्त्री घोडचढी, शिकारी स्त्री, अविवाहित रहने मनसाय भएकी स्त्री ।

diapason (डायपे'ज़्न्) **ना.** स्वराष्टक, स्वरग्राम ।

diaper (डा'यपर्) **ना.** थाङ्ना ।

diaphanous (डाअ्या'फनस्) **वि.** स्वच्छ, पारदर्शक, (जीउ) देखिने, छर्लङ्ग ।

diaphoretic (डायफरे'टिक्) **ना.** स्वेदजनक, पसीना काढ्ने ।

diaphragm (डा'यफ्र्याम्) **ना.** छिद्रपट, तनुपट, उदरपेशी, पृथक्करणपट; iris—**ना.** तारापट ।

diarchy (डा'यर्कि) **ना.** द्वैधशासन ।

diarrhoea (डायरी'आ) **ना.** अतिसार, छेरौटी, पखाला, पातलो दिसा, छेर, झाडा, टिर्रो ।

diary (डा'यरि) **ना.** दिन पत्रिका, दैनिक विवरण, रोजनामचा, दैनिकी, दैनन्दिनी ।

diastole (डायस्'टोलि) **ना.** फुक्ने क्रिया, वितति, हृदय

विस्तरण ।

diathermy (डा'याथअर्मि) **ना.** शरीरमा ताप उत्पन्न गर्ने गरी विद्युत प्रवाह लगाउनु ।

diathesis (डाअ्या'थेसिस्) **ना.** (ब. ब.—eses) प्रवृत्ति, बानी, स्वभाव ।

diatribe (डा'यट्राइब्) **ना.** तीव्र आलोचना, कडा निन्दा वाक्य, भर्त्सना ।

dibber (डि'बर्) **ना.** खन्ती (सानू), खोंसनी, फाली ।

dibble (डि'ब्ल्) **ना.** घोप्ने, खोंसनी, फाली ।

dice (डाइस्) **ना.** र **क्रि.** पासा, पास; **क्रि.** पासा खेल्नु, जूवा खेल्नु ।

dichotomy (डिकॅ'टमि) **ना.** द्विविभाजन ।

dichromatic (डाइक्रम्या'टिक्) **वि.** द्विरंगा ।

dicker (डि'कर्) **क्रि.** सट्टा किनबेच, मोल गर्नु ।

dickey (डि'कि) **ना.** गधा, (कमीजको) नकली छाती, राले, एप्रन, सवारको आसन ।

dictaphone (डिक्'टाफोन्) **ना.** बोली टिप्ने (पछि टाइप गर्नालाई ग्रन्थकारले बोलेको टिप्ने यंत्र) ।

dictate (डिक्'टेट्) **क्रि.** लेखाउनु, (अधिकारिक) आज्ञा दिनु, आदेश गर्नु ।

dictator (डिक्टे'टर्) **ना.** तानाशाह, निरंकुश शासक ।

diction (डिक्'शन्) **ना.** शब्द र वाक्यको व्यवहार, वाक्सरणी, शब्दको ढाँचा ।

dictionary (डिक्शनरि) **ना.** कोष, अभिधान, शब्दकोष, वर्णको क्रमसँग शब्दहरूको सजावट गरी कुनै विषयको व्याख्या ।

dictum (डिक्'टम्) **ना.** (ब. ब.—a,-ums) उच्चारण, वाक्य ।

didactic (डाइडयाक्'टिक्) **वि.** शैक्षिक, अध्यापकीय, निन्दो चर्चो गर्ने, अर्कालाई उपदेश मात्र गरिरहने ।

die (डाइ) **ना.** (ब. ब. dice,—s) र **क्रि.** पासा, टाँचा, साँचो; **क्रि.** मर्नु, स्वर्ग, परलोक हुनु, सिद्धिनु, सुइँकिनु, थाक्नु, खुस्किनु, मुक्त हुनु, लोप हुनु, बित्नु, जानु, खतम हुनु, खस्नु; —out (आगो) पच्नु, (रोग, महामारी) हट्नु, साम्य हुनु; —outright ठहरै पर्नु;—stamping टाँचा मार्नु ।

dielectric (डाइइलेक्'ट्रिक्) **ना.** वैद्युतांगण ।

diesel (डी'ज़ल्) **ना.** तेलयंत्रको किसिम, त्यसमा प्रयोग हुने इन्धन तेल ।

diet (डाएट्) **ना.** पथ्य, पथ, खाना, खुराक; सभा;—ary **वि.** खानाको;—etics पथ्यशास्त्र ।

differ (डि'फर्) **क्रि.** फरक हुनु, (राय) बाझ्नु, भिन्न हुनु;—ence **ना.** पार्थक्य, फरक, अंतर, भेद, भेदभाव, विभिन्नता;—ential **वि.** चलन, अवकल, डेबन्सल;—entiate **क्रि.** अवकलन गर्नु ।

difficult (डि'फिकल्ट्) **वि.** गाह्रो, बाउँठो, टेडो, कठिन, अप्ठ्यारो, मुश्किल, असजिलो, विषम, दुर्गम, दुष्कर ।

difficulty (डि'फिकल्टि) **ना.** कठिनाइ, संकष्ट, मर्म, दोठ्याङ्ग, अडबड, असमंजस, अलपत्र, टण्टा, बखेडा, रुच्याउलो, घाँडो, फसाद, फजिति, कहर, सकस, मर्का, खिचोला, हाहाकार, अडकाउ, विघ्न, संकट, बाधा, परिभ्राट; with—बल्लबल्ल, गाह्रोसंग ।

diffidence (डि'फिडेन्स्) **ना.** संशय, ज्यादा विनम्रता, लाज ।

diffract (डिफ्रयाक्ट्') **क्रि.** विवर्तित गर्नु;—ion **ना.** विवर्तन ।

diffus/e (डिफ्यूस्') **वि.** र **क्रि.** विस्तीर्ण, खुकुलो; **क्रि.** फैलाउनु, प्रसार गर्नु, विस्तार गर्नु, व्याप्त हुनु;—ion **ना.** व्यापन ।

dig (डिग्) **क्रि.** (dug,-gg-) र **ना.** खन्नु, खोस्रिनु, चास्नु, अनुसन्धान गर्नु, पैठ लिनु; **ना.** छेड, घोच ।

digest (डाइ'जेस्ट्) **क्रि.** र **ना.** पचाउनु, पच्नु, पाक हुनु, सहनु, घोरिनु, वर्गीकरण गर्नु; **ना.** निबन्धिका, सारांश;—er पाचक;—ible सुपाच्य;—ive process, system पाचन प्रणाली ।

digger (डि'गर्) **ना.** खन्ने, खनक खोदक; gold—**ना.** लोभी, धनीसंग विवाह गर्न खोज्ने स्त्री ।

digit (डि'जिट्) **ना.** अंक, औंला वा बूढी औंला, अंगुल;—igrade **वि.** र **ना.** पैतालाले भूईं नछोई औंलाको भरले हिंड्ने (पशु) ।

dignify (डिग्'निफाइ) **क्रि.** योग्य बनाउनु, संमान प्रदान गर्नु, रवाफिलो बनाउनु ।

dignitary (डिग्'निटरि) **ना.** उच्च पदको कर्मचारी, प्रतिष्ठित व्यक्ति ।

dignity (डिग्'निटि) **ना.** योग्यता, श्रेष्ठत्व, प्रतिष्ठा, इज्जत, आबरू, सम्मान, खिताब, पदवी, हुर्मत, ओहदा, मर्यादा, मान, गरिमा ।

digraph (ड्राय'ग्र्याफ्) **ना.** एक ध्वनि जनाउने दुई अक्षरको संयोग ।

digress (डाइग्रेस् वा डिग्रेस्') **क्रि.** भटकिनु, प्रसंगबाहिर बोल्नु वा लेख्नु ।

dike,dyke (डाइक्) **ना.** खाडल, माटाको बाँध, बाँध, अवरोध, रोकावट ।

dilapidat/e (डिल्या'पिडेट्) **क्रि.** भत्किनु, जीर्ण हुनु;—ion क्षय, जीर्णता;—ed **वि.** गए गुज्रेको, गए बितेको, थोत्रो, जीर्ण ।

dila/te (डाइलेट्') **क्रि.** फस्याउनु, फैलाउनु, फुल्नु, फुलाउनु, ठूलो पार्नु, चर्चा गर्नु;—tation **ना.** प्रसार, विस्तार, फैलाव ।

dilator/y (डि'लटरि) **वि.** सुस्त, टालमटोल, आलेटाले, अलगर्जी, दीर्घसूत्री, ढीलो;—iness **ना.** सुस्ती, धीमा, विलम्ब, आले-टाले, ढिल्याइ ।

dilemma (डिले'मा) **ना.** द्विविधा, बित्यास, विकल्प ।

dilettante (डिलेट्यान्'टे) **ना.** (ब.ब.–ti) र **वि.** कलाप्रेमी, सिकुवा; टपरटुइँया, नगढ्ने ।

diligen/ce (डि'लिजेन्स) **ना.** तन्देही, अध्यवसाय, प्रयत्नशीलता,लाग, लगन, परिश्रम;—t **वि.** लग्गू, लगनशील ।

dill (डिल्) **ना.** सूँप;—water (भै०) सूँपपानी ।

dilly-dally (डि'लि–ड्यालि) **क्रि.** हिचकिचाउनु, छुनुमुनु गर्नु, हाँ-ना गर्नु ।

diluent (डि'लु(ल्यु)एण्ट्) **वि.** र **ना.** पातलो पार्ने, तनुकारक ।

dilut/e (डाइ'(डि)ल्यूट्) **क्रि.** पातलाउनु, तनु गर्नु, पातलो गर्नु;—ion **ना.** तनुकरण, तरलीकरण ।

dim (डिम्) **वि.** र **क्रि.** धमिलो, अस्पष्ट, निस्तेज, मन्द; **क्रि.** घटाउनु, कम तेजिलो गराउनु, धमिल्याउनु ।

dime (डाइम्) **ना.** सिक्का;—novel सस्तो जासूसी कथा ।

dimension (डिमेन्'शन्) **ना.** आयाम, परिमाण; three—s लम्बाइ, चौडाइ, मोटाइ; four—al चतुर्धा विस्तृत; three—al त्रिधा विस्तृत; two—al द्विधा विस्तृत ।

dimin/ish (डिमि'निश्) **क्रि.** घटाउनु, थोरै पार्नु, न्यून गर्नु;—ution **ना.** क्षय, न्यूनीकरण, न्यूनयन, कम;—utive **वि.** अति सानू, क्षुद्र, लघु, स्वल्प, स्वल्पाकृति ।

dimorphous (डाइमअ्र्'फस्) **वि.** द्विरूपता ।

dimple (डिम्'प्ल्) **ना.** र **क्रि.** (हाँस्दा वा सधैं) गालाको सानू खाडल, खोपिल्टो, पानीमा तरङ्ग उठेको, भैंमा सानू खाडल ।

din (डिन्) **ना.** र **क्रि.** (-nn-) होहल्ला, कोलाहल; **क्रि.** कचकच गर्नु, हल्लाले कान फोर्नु, कोकोलो गर्नु, कानमा कोच्नु ।

dine (डाइन्) **क्रि.** भोजन गर्नु, (रातीको) खाना खानु, ख्वाउनु;—diner खाने, रेलमा भोजन डिब्बा ।

ding-dong (डिङ्'–डङ्') **क्रि. वि.** र **ना.** आलोपालोसँग; **ना.** घण्टीको आवाज ।

dingle (डिङ्'गल्) **ना.** कुंज ।

dingy (डिन्'जि) **वि.** मैलो, धूलैधूलो, फुस्रो रंग भएको ।

dinky (डिङ्'कि) **वि.** राम्रो, सफा, सुग्घर ।

dinner (डि'नर्) **ना.** (दिन वा रातको) मुख्य भोजन, भोज, रात्रीभोज, जाफत, भतेर, खाना, जिमनार, आहार ।

dinosaur (डाइनो'सॉअ्र्) **ना.** लुप्त अजंगको घस्रने जन्तु ।

dint (डिण्ट्) **ना.** र **क्रि.** आघात, मार; by—of बलजफती या बलपूर्वक; **क्रि.** सानू खाडल पार्नु ।

dip (डिप्) **क्रि.** (-pp-) र **ना.** चोप्नु, रंगाउनु, नीचो गर्नु (झण्डा इ०), डुब्की लगाउनु, तलतिर तर्सिनु, झर्नु, खोजिनिती गर्नु, सर्र हेर्नु; **ना.** डुबुल्की, समुद्रमा स्नान;—per **ना.** खसाल्ने ।

diphtheria (डिफ्थे'रिआ) **ना.** डिफथिरिया रोग (घाँटीको), स्यागुते रोग ।

diphthong (डिफ्'थॅङ्) **ना.** दुइ स्वरको सन्धि ।

diploma (डिप्लो'मा) **ना.** (ब. व.—s) राजकीय कागत, आधिकारिक लेख, बडापत्र, प्रमाणपत्र, डिप्लोमा, निस्सा ।

diploma/cy (डिप्लो'मसि) **ना.** कूटनीति, राजनीति, साम, दक्षता;—t,—tist **ना.** कूटनीतिज्ञ, राजनीतिज्ञ;—tic **वि.** दौतिक, कूटनीतिक, सामकुशल;—tic corps राजदूत समुदाय ।

dipsomania (डिप्समे'निया) **ना.** मद्यसारको लागि अस्वस्थ्य धीत ।

dire (डाइर्) **वि.** भयानक, दारुण, घोर, उग्र, तीव्र ।

direct (डिरेक्ट्') **वि.** र **क्रि.** सोझो, सोझासोझी, सोझरी, सरल, स्पष्ट, प्रत्यक्ष, समक्ष, ऋजु, अनुक्रम, ठाडो; **क्रि.** संचालन गर्नु, उर्दी दिनु, निर्देशन दिनु, निर्देश, गर्नु, निशाना गर्नु, ताक्नु;—ly **क्रि. वि.** सोझो, अनुक्रमतः;—current सोझो प्रवाह (सो. प्र.) ।

direct/ion (डिरेक्'शन्) **ना.** संचालन; निर्देश, निर्देशन, अहाउ, आदेश; दिशा;—ive **ना.** आदेश ।

director (डिरेक्'टर्) **ना.** निर्देशक, संचालक;—y (डि—, डाइरे'क्टरि) **ना.** नियमवही, मानिस, पेशा, पसल, अस्पताल, टेलीफोन संख्या, इ० को पुस्तक सूची, निर्देशिनी;—ate **ना.** निर्देशनालय ।

directrix (डिरेक्'ट्रिक्स्) **ना.** (ब.व.—ices) नियता ।

dirge (डअ्र्ज्) **ना.** शोकगीत, विलाप ।

dirigible (डि'रिजिब्ल्) **वि.** र **ना.** (चाहेको दिशामा लैजान सकिने) ब्यालून वा आकाशे (वायु) जहाज ।

dirt (डअ्र्ट्) **ना.** धूलो, मैलो, फोहर, कसिंगर, माटो, बेकाम;—cheap ज्यादै सस्तो;—fling अपमान हुने कुरा, निन्दा गर्नु;—track दौडको मार्ग निदर्शन गर्ने चिन्ह लाएको मार्ग ।

dirty (डअ्र्'टि) **क्रि.** र **वि.** मैलो, फोहोर, विट्ठलो (पार्नु); **वि.** फोहोरी, निर्घिनी, बेसुग्घरी, गद्दर, भसार ।

disability (डिसेबि'लिटि) **ना.** न्यायिक अयोग्यता, अभाव, हीनता, अशक्ति, अंगभंग, मर्का, न्यूनता ।

disable (डिसे (ज़े)'ब्ल्) **क्रि.** असमर्थ बनाउनु, अंगभंग गर्नु ।

disabuse (डिसेब्यूज्') **क्रि.** भ्रम हटाउनु, धोखा खोल्नु, भ्रान्ति हटाउनु ।

disaccord (डिसेकअ्र्ड्') **ना.** बेमञ्जूरी, असहमति ।

disadvantage (डिस्अ्याड्भान्'टेज्) **ना.** अपकारक, असुविधा, मर्का, हानि, अनिष्ट;—ous **वि.** मर्कासहित, अफापको ।

disaffect/ed (डिस्एफेक्'टिड्) **वि.** विरक्त, उदासीन, असंतुष्ट, राजद्रोही, भक्तिहीन;—ion असन्तोष, बगावत; allay—ion पेटको कीरा मार्नु, साम्य पार्नु ।

disaffirm (डिस्अ्याफअ्र्म्') **क्रि.** इन्कार गर्नु, प्रत्याख्यान गर्नु, प्रत्यावर्तन गर्नु ।

disagree (डिस्एग्री') **क्रि.** बेमञ्जूर हुनु, नमान्नु, रुहमत नहुनु, नामञ्जूर गर्नु, नमिल्नु, बेफाइदा गर्नु, बाझिनु ।

disagreeable (डिस्एग्रि'अब्ल्) **वि.** अप्रिय, नमीठो, अरुचिकर, नरमाइलो ।

disallow (डिस्अलाउ') **क्रि.** निषेध गर्नु, रोक्नु ।

disappear (डिस्अ्यापियर्') **क्रि.** अंतर्ध्यान हुनु, बिलाउनु, अलोप हुनु, लोप हुनु, अस्त हुनु, विलीन हुनु, गायब हुनु, अदृश्य हुनु, अल्पिनु;—ance **ना.** लोप, अवसान ।

disappoint (डिस्अ्याप्वायण्ट्') **क्रि.** निराश पार्नु, हिस्याउनु, हिस्स पार्नु, डल्याउनु, खिस्स पार्नु, आशा झूटो पार्नु;—to be—ed झिंच्चिनु, झिच्च पर्नु, बोक्रिनु, हिस्स पर्नु, हिस्सिनु ।

disappro/ve (डिस्अप्रूभ्') **क्रि.** निन्दा गर्नु, असम्मति

जनाउनु;—bation **ना.** विमति, बेमञ्जूरी;—val **ना.** असंगति, विमति, बेमञ्जूरी ।

disarm (डिज़ाअ्रम्') **क्रि.** निरस्त्र गर्नु, हतियार खोस्नु, सैनिक संगठन घटाउनु, हानि गराउने सामर्थ्य घटाउनु, शत्रुता वा शंका हटाउनु;—ament **ना.** निरस्त्रीकरण, निःशस्त्रीकरण ।

disarrange (डिस्अ्यारेञ्ज्') **क्रि.** उलटपालट गर्नु, गडबडाउनु, क्रम भंग गर्नु ।

disarray (डिस्अ्यारे') **क्रि.** र **ना.** गोलमाल गर्नु, छ्यान्नव्यान्न पार्नु, अस्तव्यस्त गर्नु; **ना.** छिरलो, लथालिंग, पसारो, बैरोपैरो, खजमज ।

disaster (डिजास्'टर्) **ना.** उत्पात, बरबादी, विपत्ति, उपद्रव, उपद्रो, दुर्भाग्य, घरंघाट, नानास्थान, विल्लबाठ, वित्यास, दुर्घटना ।

disband (डिस्ब्याण्ड्') **क्रि.** तोड्नु, भंग गर्नु ।

disbelie/ve (डिस्बिलीभ्') **क्रि.** अविश्वास गर्नु, नपत्याउनु; —f **ना.** अनपत्यार, अविश्वास ।

disburse (डिस्बअ्रस्') **क्रि.** व्यय गर्नु, बेहोर्नु, खर्च गर्नु, दाम दिनु, बाँड्नु भुक्तानी दिनु, वितरण गर्नु;—ment **ना.** बाँड्नु, विभाजन, व्यय, बँडाइ ।

disc, disk (डिस्क्) **ना.** मंडल, चक्का; ढकना, विर्को ।

discard (डिस्काअ्रड') **क्रि.** र **ना.** फ्याँक्नु, त्याग्नु, हटाउनु; —ed **वि.** विप्रलब्धा ।

discern (डिसअ्रन्',—ज़अ्रन्') **क्रि.** देख्नु, विवेचना गर्नु, स्पष्टसँग देख्नु, बुझ्नु;—ment विवेक, बुद्धि, प्रज्ञान ।

discharge (डिस्चाअ्रज्') **क्रि.** चुकाउनु, भार हटाउनु, (बन्दूक इ०) हान्नु, बिजुली झिक्नु, रित्तिनु, बर्खास्त गर्नु; **ना.** पडकाइ, संपादन, छुटकारा, मुक्ति, बर्खासी, विसर्ग, स्राव, निर्वाहन, छोडपत्र, स्खलन;—r **ना.** विसर्जक ।

disciple (डिसाइ'प्ल्) **ना.** शिष्य, चेला, छात्र, विद्यार्थी, अनुगामी ।

disciplin/e (डि'सिप्लिन्) **ना.** र **क्रि.** अनुशासन, अदब, सैनिक तालीम, (छात्र, सैनिक, कैदीहरू इ०मा रहने) व्यवस्था, नियम; **क्रि.** काबूमा ल्याउनु, अनुशासन गर्नु, आज्ञापालनको तालीम दिनु, तह लगाउनु;—ary **वि.** अनुशासनात्मक;—arian **ना.** अदबमा राख्ने ।

disclaim (डिस्क्लेम्') **क्रि.** हक छोड्नु, दावी छोड्नु, नामंजूर गर्नु, अस्वीकार गर्नु ।

disclos/e (डिस्क्लोज़्') **क्रि.** प्रकट गर्नु, खोल्नु, भेद खोल्नु, प्रकाश गर्नु;—ure **ना.** प्रकाशन, भण्डाफोर ।

discolour (डिस्क'लर्) **क्रि.** विरंगा गर्नु, टाटो पार्नु, धब्बा लगाउनु ।

discomfit (डिस्कम्'फिट्) **क्रि.** युद्धमा पराजित गर्नु, लडाइँमा हराउनु, भक्कान हुनु, प्रतिपयन गर्नु, अडकाउ गर्नु, पेटका कीरा मार्नु, मेख मार्नु;—ure **ना.** पराजय, पराभव ।

discomfort (डिस्कम्'फर्ट्) **ना.** र **क्रि.** असुविधा, असजिलो, सन्धि-सर्पन, कहर, दहसत, बेचैनी, **क्रि.** हिस्स पार्नु ।

discommode (डिस्कमोड्') **क्रि.** असजिलो पार्नु, असुविधा गराउनु ।

discomposure (डिस्कम्पो'ज़र्) **ना.** बेचैनी, दहसत, उद्विग्नता ।

disconcert (डिस्कन्सअ्रट्') **क्रि.** विफल गराउनु, हडबडाइदिनु, जिल्ल पार्नु, पेटका कीरा मार्नु, रन्ज गराउनु;—ed **वि.** व्याहत, अप्रस्तुत, धरमराएको, जिल्ल ।

disconne/ct (डिस्कनेक्ट्') **क्रि.** विच्छेद गर्नु, जोड छुटाउनु;—disconnexion असम्बद्धता ।

disconsolate (डिस्कॅन्'सलेट्) **वि.** अनाथ, सान्त्वनारहित, दुःखी, निराश ।

discontent (डिस्कन्टेण्ट्') **ना.** असन्तोष, नाराजी, बेचैनी, दिग्दारी, अप्रसन्नता, खिन्नता ।

discontinu/e (डिस्कन्टि'न्यू) **क्रि.** थाम्नु, रोक्नु, विच्छिन्न गर्नु, समाप्त गर्नु;—ity **ना.** विरतता, विच्छेद,—ous **वि.** विरत, विच्छिन्न;—ance **ना.** विश्रान्ति ।

discord (डिस्'कअ्रड्) **ना.** बेमेल, बेमिल्ती, विरोध, विभेद, वैमनस्य, कलह, भेद;—ant **वि.** असंगत, विस्वर, बेसुरो ।

discotheque (डिस्कोटे'क्) **ना.** संगीत पसल, संगीतको चक्काको पसल, मिलन स्थान ।

discount (डिस्काउण्ट्') **ना.** र **क्रि.** छूट, बट्टा, ब्यूखानी, कटनी; **क्रि.** बट्टा काट्नु, छूट दिनु ।

discountenance (डिस्काउन्'टिन्यान्स्) **क्रि.** समर्थन नगर्नु, निरुत्साह गर्नु, मन नपरेको देखाउनु ।

discourage (डिस्क'रेज्) **क्रि.** निरुत्साहित गर्नु, उत्साह भंग गरिदिनु ।

discourse (डिस्'कोअ्रस्) **ना.** र **क्रि.** बातचीत, कुराकानी, संवाद, संलाप, प्रवचन ।

discourteous (डिस्कअ्र्'टिअस्) **वि.** अभद्र, अशिष्ट, असभ्य, दुःशील, असोमतिलो, कोर्काली, काँठे, बेअदबी ।

discover (डिस्कॅ'भर्) **क्रि.** पत्ता लाउनु, पाउनु, खोल्नु, पहिल्याउनु, फेला पार्नु, भेट्टाउनु, चाल पाउनु, आविष्कार गर्नु, बरामद गर्नु;—er आविष्कारक;—y **ना.** आविष्कार, बरामद, भण्डाफोर ।

discredit (डिस्क्रे'डिट्) **ना.** र **क्रि.** बदनाम, अपयश, सन्देह; **क्रि.** नपत्याउनु, बदनाम गराउनु ।

discreditable (डिस्क्रे'डिटेब्ल्) **वि.** लाजलाग्दो, अकीर्तिकर ।

discreet (डिस्क्रीट्') विचारशील, सावधान, विवेकशील ।

discrepancy (डिस्क्रे'प्यान्सि) **ना.** फरक, असंगति, विरोध ।

discrete (डिस्'क्रीट्) **वि.** विभिन्न, विशिष्ट, भावात्मक (मूर्त होइन) ।

discretion (डिस्क्रे'श्न्) **ना.** विवेक, खुशी, बुद्धि, विवेचना, सद्विचार, सदसन्निर्णय, तजवीज ।

discriminat/e (डिस्क्रि'मिनेट्) **क्रि.** विवेचन;—ing **वि.** विवेचक, पारखी, विवेकी ।

discursive (डिस्कअ्र्'सिभ्) **वि.** नाना विषय, असंगतिपूर्ण,

तार्किक ।

discus (डिस्'कस्) **ना.** चक्र ।

discuss (डिस्कस्')**क्रि.** छलफल, चर्चा, विवाद गर्नु;—ion **ना.** बहस, वादानुवाद, वादविवाद ।

disdain (डिस्डेन्') **ना.** र **क्रि.** हेला, अवज्ञा, तिरस्कार;—ful **वि.** ठसमस, गजक, गमक परेको ।

disease (डिजीज्') **ना.** रोग, विमारी, व्यथा, बेथा, व्याधि, अस्वस्थता, आतुर अवस्था;—d **वि.** रोगी, आतुर, विकृत ।

disembark (डिस्इम्बाअ्र्क्') **क्रि.** (जहाजबाट) उत्रनु, जमीनतिर जानु;—ation **ना.** अवरोहण ।

disembody (डिस्इम्बॅ'डि) **क्रि.** मूर्तरूपबाट मुक्त हुनु ।

disembowel (डिस्एम्बाँ'वेल्) **क्रि.** (-ll-) आन्द्रा-झिक्नु ।

disenchant (डिस्इन्चाण्ट्') **क्रि.** जादू छुटाउनु, मोह हटाउनु ।

disengage (डिस्इङ्गेज्')**क्रि.** छुट्टिनु, निवृत्त हुनु, मुक्त हुनु, छोड्नु, छुटाउनु;—ment **ना.** सम्पर्क विच्छेद ।

disentangle (डिस्इन्टऱ्या'ङ्गल्) **क्रि.** सुल्झाउनु, फुकाउनु, झिक्नु, छुटाउनु, सँगाल्नु ।

disfavour (डिस्फे'भर्) **ना.** र **क्रि.** अप्रीति, अकृपा; **क्रि.** कुसाख हुनु, मन नपर्नु ।

disfigure (डिस्फि'गर्) **क्रि.** कुरूप पार्नु, विरूप गर्नु, सौन्दर्य बिगार्नु ।

disfranchise (डिस्फ्रयान् चाइज्) **क्रि.** नागरिक अधिकार खोस्नु, प्रतिनिधि छान्ने अधिकार झिक्नु ।

disgorge (डिस्गॅअ्र्ज़्') **क्रि.** वान्त गर्नु, फर्काउनु, हुलुक गर्नु ।

disgrace (डिस्ग्रेस्') **ना.** र **क्रि.** बेइज्जत, अपमान, मानभङ्ग, दोष; **क्रि.** कृपाबाट हटाउनु, ओहदाबाट खसाल्नु;—d भग्नमान ।

disgruntled (डिस्ग्रन्'ट्ल्ड्) **वि.** असन्तुष्ट, ठस्केको, झोकी ।

disguise (डिस्गाइज़्) **ना.** र **क्रि.** भेष, कपटवेश, छद्मवेश, **क्रि.** भेष बदल्नु, लुकाउनु, ढाक्नु ।

disgust (डिस्गस्ट्') **ना.** र **क्रि.** घृणा, जुगुप्सा, घीन, वाक, मुक्तवैराग्य, वीभत्स;—ing घिनलाग्दो ।

dish (डिश्) **ना.** र **क्रि.** थाली, रिकावी, परिकार, व्यञ्जन, पात्र, भाजन, भाँडो, थाल, खाना; **क्रि.** पस्किनु, थालमा हाल्नु ।

dishabille (डिसबील्') **ना.** बेवास्तासँग लुगा लाएको, भित्री लुगा लगाएको ।

disharmony (डिस्हाअ्र्'मनि) **ना.** लयभंग, बेसुरापन, बेमेल ।

dishearten (डिस्हाअ्र्'ट्न्) **क्रि.** निरुत्साहित गर्नु, मन-मारिदिनु, उत्साह भंग गर्नु ।

dishevelled (डिसे'भल्ड्) **वि.** झिंग्रिङ्ग परेको, कपाल फुंग उडेको ।

dishonest (डिजॅ'नेस्ट्) **वि.** बेईमान, धोखेबाज, नादान, कपटी, कुटिल, छली, खोटो, असत्ति, बदनियत;—y **ना.** बदी, बेइमानी, बदनियती ।

dishonour (डिज्अॅ'नर्) **ना.** र **क्रि.** अपयश, अपमान वा लाजको स्थिति, बेइज्जती; **क्रि.** चेक नमान्नु, अवज्ञा, अस्वीकार गर्नु ।

disillusion (डिस्इलु'ज़न्) **ना.** र **क्रि.** मोह वा भ्रमबाट छुटकारा ।

disinclination (डिस्इन्क्लिने'श्न्) **ना.** अस्पृहा, विरक्ति, अनिच्छा ।

disinfect (डिस्इन्फेक्ट्') **वि.** विसंक्रमण गर्नु;—ant **ना.** विसंक्रामक ।

disingenuous (डिस्इन्जे'न्यूअस्) **वि.** असरल, कपटी ।

disintegrate (डिस्इन्'टिग्रेट्) **क्रि.** टुट्नु, खण्ड खण्ड हुनु, वियोजन हुनु ।

disinterested (डिस्इन्'टरेस्टेड्) **वि.** निःस्वार्थी, उदासीन, पक्षपातरहित, निस्पृह, बेवास्ता गर्ने ।

disjoin (डिस्ज्वायन्) **क्रि.** संयोग टुटाउनु, अलग गर्नु, विच्छेद गर्नु, फुक्लनु;—ted **वि.** असम्बद्ध, अलगिएको, फुक्लेको ।

disjunction (डिस्जङ्क्'श्न्) **ना.** वियोग, विभेद ।

dislilke (डिस्लाइक्') **ना.** र **क्रि.** अरुचि, दिगमिग, विराग, घीन; **क्रि.** मन नपराउनु, कुसाख लाग्नु, अमन, ननिको मान्नु ।

dislocate (डिस्'लोकेट्) **क्रि.** फुस्किनु, फुक्लिनु, छुट्टिनु;—ion **ना.** संधिभंग, विसन्धान ।

dislodge (डिस्लॅज्') **क्रि.** हटाउनु, उखेल्नु, फुकाल्नु ।

disloyal (डिस्लॅ'यल्) **वि.** राजद्रोही, भक्तिहीन, बेवफादार ।

dismal (डिज़्'मल्) **वि.** निदाउरो, रुन्चे, शोकयुक्त, विषाद-पूर्ण, अँध्यारमुखे ।

dismantle (डिस्म्यान्'ट्ल्) **क्रि.** अनावरण गर्नु, फुकाल्नु, भत्काउनु, खोल्नु, ओदारिनु ।

dismay (डिस्मे') **ना.** र **क्रि.** त्रास, भय, उद्वेग, हरेस ।

dismember (डिस्मेम्'बर्) **क्रि.** (काटी) टुक्रा टुक्रा गर्नु, तोड्नु, बाँड्नु ।

dismiss (डिस्मिस्') **क्रि.** खोस्नु, निकाल्नु, खारिज गर्नु, अपदस्थ गर्नु, बोक्न्याउनु;—al **ना.** निष्कासन, खारेजी, खोसिनु, बर्खासी, पदच्युति; one who is—ed खोसुवा; to be—खुत्तिनु, खोसिनु ।

dismount (डिस्माउण्ट्) **क्रि.** वर्लनु, उत्रनु ।

disobe/y (डिज़बे') **क्रि.** अटेर गर्नु, टेरपुच्छर नलाउनु, आज्ञा नमान्नु;—dience,—dient अटेरी, हेपाहा, जर्कटो, अजीर, हिमाइते, ठेड, बेअदब ।

disoblige (डिस्अब्लाइज्') **क्रि.** इच्छा वा सुविधाको वास्ता नगर्नु; अप्रिय, अननुकूल आचरण गर्नु ।

disorder (डिस्अॅर्'डर्) **ना.** होहल्ला, जत्रतत्र, लथालिंग, बोर, लठिबज्र, छिरलो, धुनधान, अव्यवस्था, विसञ्चो;—ly **वि.** उच्छृङ्खल, उपद्रवी; in—हालावाला ।

disorganize (डिस्अर्'गनाइज़्) **क्रि.** अव्यवस्थित गर्नु,

भताभुंग पार्नु, गडबड पार्नु ।

disown (डिस्ओन्') **क्रि.** प्रत्याख्यान गर्नु, नामञ्जूर गर्नु, स्वीकार नगर्नु ।

disparage (डिस्प्या'रेज्) **क्रि.** होच्याउनु, निन्दा गर्नु;—ment **ना.** अवज्ञा, तिरस्कार अवमानना ।

disparate (डिस्'परेट्) **वि.** फरक, असम, विभिन्न, विषम ।

disparity (डिस्प्या'रिटि) **ना.** वैषम्य, भेद, असमानता ।

dispassionate (डिस्प्या'शनेट्) **वि.** वीतराग, उदासीन, शान्त ।

dispatch (डिस्प्याच्') **ना.** र **क्रि.** ज्यान मार्नु, शीघ्रता, तत्परता, दनाक; लिखित सन्देश, राजकीय लेखापढी; **क्रि.** चलान गर्नु, चलाउनु; पठाउनु, ज्यान लिनु, मार्नु, हडबडसँग खानु ।

dispel (डिस्पेल्') **क्रि.** हटाउनु, दूर गर्नु ।

dispensary (डिस्पेन्'सरि) **ना.** दवाखाना, औषधालय ।

dispens/e (डिस्पेन्स्') **क्रि.** बाँड्नु, दिनु, मिलाउनु, बनाउनु (औषधि), छूट दिनु, अनावश्यक गराइदिनु;—ation **ना.** छूट, व्यवस्था भंगानुज्ञा, आज्ञा ।

dispers/e (डिस्पअर्स्')**क्रि.** छितरिनु, तितर बितर गर्नु, भंग गर्नु;—ion **ना.** आकीर्णन, व्यस्तता;—ive **वि.** छर्ने, छितराउने ।

dispirit (डिस्पि'रिट्) **क्रि.** उत्साहहीन गराउनु;—ed **वि.** निदाउरो, खिन्न, झ्याउरे, झोक्राएको ।

displace (डिस्प्लेस्') **क्रि.** स्थानापन्न हुनु, स्थानान्तरित गर्नु;—d person विस्थापित व्यक्ति;—ment (of water) **ना.** जलापनयन, स्थानान्तर ।

displant (डिस्प्लाण्ट्') **क्रि.** उखेल्नु, विलंघन गर्नु, अतिक्रम गर्नु, हटाउनु, पन्छाउनु ।

display (डिस्प्ले') **क्रि.** र **ना.** देखाउनु; **ना.** अभिव्यञ्जन, प्रदर्शन, भडक, बहार ।

displea/se (डिस्प्लीज़्') **क्रि.** नाखुश पार्नु, अप्रसन्न गराउनु;—sure **ना.** नाखुशी, मन नपरेको, नाराज़ी, बेचैनी, खेद, अपसन्द, बेपसन्द ।

disport (डिस्पोअर्ट्') **क्रि.** खेल्नु, लहड गर्नु, रमाइलो गर्नु ।

dispo/se (डिस्पोज़्') **क्रि.** टुंग्याउनु, सिध्याउनु, छिनु, फछ्र्याउनु, उठाउनु, बेच्नु, किनारा लगाउनु, सद्गति गर्नु (लाश), सेलाउनु;—sal **ना.** तह, टुंगो, किनारा, पजनी, बिक्री, संचालन, वितरण ।

disposition (डिस्पज़ि'श्न्) **ना.** मिजास, आनीबानी, सुबान, नियत, विरचन, अवयव, भाव, भाउ, चाँजो, न्याङ्ठ्याङ ।

dispossess (डिस्पज़ेस्') **क्रि.** खोस्नु, छिन्नु, भूत मन्छाउनु, रुठ्नु ।

disprove (डिस्प्रुभ्') **क्रि.** अप्रमाणित गर्नु ।

dispu/te (डिस्प्यूट्') **ना.** र **क्रि.** तकरार, झगडा, वादविवाद; **क्रि.** शंका उठाउनु, विरोध गर्नु;—tant **ना.** तर्की, विवादी ।

disqualify (डिस्क्वॅ'लिफाइ) **क्रि.** अयोग्य गराउनु, नाकाबिल गराउनु ।

disquiet (डिस्क्वायट्') **ना.** र **क्रि.** अशान्ति, छटपट, क्षोभ, खुलदुली, पिरोलो, बेचैनी ।

disquisition (डिस्क्विज़ि'श्न्) **ना.** विवेचन ।

disregard (डिसरिगाअर्ड्') **क्रि.** र **ना.** हेप्नु; **ना.** बेवास्ता, अनास्था, उपेक्षा, हेलचेक्र्याइँ ।

disreput/able (डिस्रे'प्यूटेब्ल्) **वि.** निन्द्य, गर्हित, कलंकी, खराब;—e अपयश, बेइज्जत ।

disrespect (डिस्रिस्पेक्ट्') **ना.** बेअदबी, अवज्ञा, अनादर ।

disrupt (डिसरप्ट्') **क्रि.** भंग गर्नु, तोडफोड गर्नु, बिगार्नु ।

dissect (डिस्सेक्ट्') **क्रि.** चिर्नु, चिरफार गर्नु, काट्नु;—ion **ना.** कटाइ, चिरफार, अङ्गच्छेद ।

dissemble (डिसेम्'ब्ल्) **क्रि.** छद्मवेशी, कपटी हुनु; लुकाउनु, छिपाउनु ।

disseminate (डिस्से'मिनेट्) **क्रि.** फिंजाउनु, फैलाउनु ।

dissension (डिसेन्'श्न्) **ना.** कलह, विवाद, दगलफसल, तकरार, बाझाबाझ, कचिंगल, भनाबैरी ।

dissent (डिसेण्ट्') **ना.** र **क्रि.** विमति; **क्रि.** राय बझाउनु, फटाउनु, नमान्नु, नाइँनास्ती गर्नु ।

dissentient (डिसेन्शिएण्ट्,-शण्ट्) **वि.** र **ना.** ठस्केको; ठस्काहा, विमत, भिन्नमत, असंवादी ।

dissertation (डिसअर्टे'श्न्) **ना.** विवेचना, वार्ता ।

dissident (डि'सिडेण्ट्) **वि.** र **ना.** भिन्नमत, विमत, असंतुष्ट, नमान्ने ठस्केको, ठस्काहा ।

dissimulate (डिस्सिम्युलेट्) छल्नु, पाखण्डीपन गर्नु ।

dissipate (डि'सिपेट्) **क्रि.** छर्नु, क्षय हुनु वा गर्नु, खर्च गर्नु, अनाचारमा लय हुनु, हुरेल्नु, विकीरण गर्नु, क्षीण गराउनु ।

dissociate (डिसो'शिएट्) **क्रि.** संग छोड्नु, छुट्टिनु, पन्सिनु, पन्छनु ।

dissolu/te (डि'सल्युट्) **वि.** व्यसनी, कामुक, दुराचारी, भोगासक्त;—tion **ना.** विघटन, विच्छेद, विलयन, अवसान ।

dissolve (डिज़ॉल्भ्') **क्रि.** पगाल्नु, विलीन हुनु, रयाल्नु, तोड्नु, भंग गर्नु, फोर्नु, घोल्नु, हुँडल्नु ।

dissonance (डि'सन्यान्स्) **ना.** असंगति, बेसुरापन, अभिल्दोपन ।

dissuade (डिसुएड्') **क्रि.** रोक्नु, निषेध गर्नु, सम्झाउनु ।

distan/ce (डिस्'ट्यान्स्) **ना.** दूरी, दूरता, फरक, फासला, अन्तर;—t **वि.** अनात्मीय, कुसाख, टाढाको, दूरस्थ ।

distaste (डिस्टेस्ट्') **ना.** बेस्वाद, घीन, अमन, औछानी ।

distemper (डिस्टेम्'पर्) **ना.** र **क्रि.** व्यथा, क्लेश, ताप; अण्डपीत इत्यादिमा रंग बनाई वज्र इ० मा चित्र लेख्ने वा रंग लाउने काइदा, टेम्परा चित्रकला; **क्रि.** त्यसरी रंग लाउनु वा चित्र लेख्नु ।

disten/d (डिस्टेण्ड्) **क्रि.** फुलाउनु, फैलाउनु, फुन्याउनु;—sion **ना.** सूज, फुल्नु, प्रसार ।

distich (डिस्'टिक्) **ना.** श्लोक, युग्मक ।

distil (डिस्टिल्) **क्रि.** सार, अर्क झिक्नु, थोपा थोपा पारी

झिक्नु, तप्क्याउनु, स्रवित हुनु, गर्नु;—late **ना.** स्रव;—lation **ना.** आसव, आसवन, स्रावण, स्रवण, सन्धान, सन्धिका; —lery **ना.** भट्टी ।

distinct (डिस्टिङ्क्ट्') **वि.** पृथक् , छुट्टै, व्यक्तिगत, टड्कालै; —ion **ना.** भेद, पारंगत, प्रतिष्ठा, गौरव;—ive **वि.** खास, विशेष, निजी, छुट्टा ।

distingue (डिस्त्याँ'गे) **वि.** रवाफिलो, श्रेष्ठ ।

distinguish (डिस्टिङ्'ग्विश्) **क्रि.** छुट्ट्याउनु, भेद गर्नु, लक्षण विचार गर्नु;—ed **वि.** विशिष्ट, विख्यात, प्रसिद्ध ।

distort (डिस्टअर्ट्') **क्रि.** वंग्याउनु, टेढो पार्नु, विकृत गर्नु; —ion **ना.** वंग्याइ, मथलारम्भ ।

distract (डिस्ट्र्याक्ट्') **क्रि.** अलमलाउनु, आकुल पार्नु, ध्यान खिच्नु, विथोल्नु;—ion अलमल, दिलवहलाउ ।

distrain (डिस्ट्रेन') **क्रि.** (जेथा) रोक्का गर्नु;—t **ना.** रोक्का, हटक ।

distrait (डिस्ट्रे') **वि.** अन्यमनस्क, ध्यान नदिने ।

distraught (डिस्ट्रॉट्') **वि.** विक्षिप्त, मोहित, व्यग्र, मूढ, आकुल, भ्रान्त ।

distress (डिस्ट्रेस्') **ना.** र **क्रि.** आकुलता, क्लेश, कष्ट, अभाव, पीडा, विचल्ली, गाइजात्रा, मर्म, मर्का, सकस, हाहाकार, संकष्ट, विजोग, नानास्थान ।

distribut/e (डिस्ट्रि'ब्यूट्) **क्रि.** बाँड्नु, विभाजन गर्नु, वितरण गर्नु;—ed **वि.** वितरित;—ion **ना.** वितरण, विकलन; —or **ना.** वितरक ।

district (डिस्'ट्रिक्ट्) **ना.** जिल्ला, मोफस्सल ।

distrust (डिस्ट्रस्ट') **ना.** अविश्वास, आशंका ।

disturb (डिस्टअर्ब्') **क्रि.** विथोल्नु, खजमजाउनु, खलवल गर्नु, खोदल्नु, कोट्याउनु, खोसेल्नु, खलबल्याउनु;—ance **ना.** बखेडा, क्षोभ, बेचैनी, गोलमाल, विप्लव, खलवल, गडबड, गडबडी; —ed **वि.** विचलित, हैरान, व्याकुल, व्यग्र;—er **ना.** विथोल्याहा; to be—ed (in mind) भुटभुटिनु ।

disunion (डिस्यू'नियन्) **ना.** वियोग, फूट, वेमेल ।

disuse (डिस्यूज़्') **ना.** र **क्रि.** विलोप, लोप, अव्यवहार, बेकायम, विराम; **क्रि.** चलन नगर्नु ।

ditch (डिच्) **ना.** खाडल, गढ्ढा, गर्त, खाल्डो, खाल्टो, डाँडाँरो, खोपिल्टो ।

dither (डि'दर) **क्रि.** काम्नु, हल्लिनु, हिचकिचाउनु ।

ditto (डि'टो) **वि.** र **ना.** ऐजन, उही; छो. क. do-ऐ० ।

ditty (डि'टि) **ना.** गीत, सरल लोकगीत ।

diuretic (डाइयूरे'टिक्) **वि.** र **ना.** मूत्रल, मूत्रवर्धक, पिशाव खोल्ने ।

diurnal (डायअर्'नल्) **वि.** दिनको, दैनिक ।

divagate (डाइ'भगेट्) **क्रि.** बाटो छोड्नु, हराउनु, विमार्ग जानु ।

divan (डिम्यान्') **ना.** (भित्तामा जोरिएको) लामू आसन, कवच ।

dive (डाइभ्) **ना.** गोता; **क्रि.** डुवकी लाउनु, डुबुल्की मार्नु, गोता खानु, गोता लाउनु; लामू चक्का गरी ओर्ह्लनु (वायुयान) चक्रावतरण (गर्नु);—r **ना.** गोताखोर;—ing bell **ना.** अवगाहन कोष्ठ ।

diverg/e (डाइभअर्ज्') **क्रि.** छुट्टिनु, फाट्नु, अपसृत हुनु, रल्लिनु, भौंतारिनु;—ence **ना.** विकार, विकेन्द्रित, अपसरण;—ent **वि.** केन्द्रविचल, केन्द्रवाट चारैतिर फैलिने, विभिन्न, फरक ।

divers (डाइ'भर्ज़्) **वि.** (आ० वा० ठ०) अनेक, विविध, नाना प्रकारका;—ification **ना.** विविधिकरण ।

divers/e (डाइभअर्स्') **वि.** भिन्न, नानारूप, विभिन्न, नानाविध, अन्य, परिवर्तनशील;—ion **ना.** मोड, घुमती, विनोद, खेलवहाड, विभ्रम, आक्षेपण;—ity **ना.** पृथकत्व, असादृश्य, वैषम्य, अनेकता ।

diversi/fy (डाइभअर्'सिफाइ) **क्रि.** नानाविध बनाउनु, फेर्नु, बदल्नु, रंगाविरंगको पार्नु, बहुरंगी पार्नु;—fication **ना.** विविधत्व ।

divert (डाइभअर्ट्') **क्रि.** (दिल) वहलाउनु, फर्काउनु, बाटो वदल्नु ।

divertissement (डिभर्टिस्'माँ) **ना.** लामू नाटकीय खेलका अङ्कान्तरमा नाच इ० ।

divest (डाइभेस्ट्') **क्रि.** फुकाल्नु, झिक्नु, अनावरण गर्नु, खोस्नु, हर्नु, नङ्ग्याउनु ।

divide (डिभाइड्') **क्रि.** भाग गर्नु, बाँड्नु, अंशवंडा गर्नु; **ना.** (पानीको) पृथक्करण हुने रेखा ।

dividend (डि'भिडेण्ड्) **ना.** (व्यापार इ.) लाभांश, भाज्य; divisor **ना.** भाजक, बाँडचुँड ।

divin/e (डिभाइन्') **वि.** र **क्रि.** दैवी, ईश्वरीय; **क्रि.** भविष्य देख्नु, भन्नु, शकुन झिक्नु, पत्तुर्नु;—ation **ना.** भविष्यसूचन, शकुन परीक्षण;—ing **ना.** भविष्यसूचन ।

divinity (डिभि'निटि) **ना.** दैवत्व, दिव्यता ।

divisi/ble (डिभिजिब्ल्) **वि.** विभाज्य, विच्छेद्य, विभेद्य;—bility **ना.** विभाज्यत्व ।

division (डिभि'ऱ्ज़न्) **ना.** भाग, विभाजन, शाखा, बण्डा, बाँडफाँड, अञ्चल, फाँट, पृतना, सेनाको अंश, वाहिनी, बाँडचुँड, खण्ड, विभाग ।

divorce (डिभोअर्स्') **ना.** र **क्रि.** विवाह-विच्छेद, पारपाचुके; **क्रि.** छोड्नु, अस्वीकार गर्नु, विवाहविच्छेद गर्नु ।

divulge (डिभल्ज़्') **क्रि.** खोल्नु, प्रकाश गर्नु, भण्डाफोर गर्नु, पोल गर्नु, पोल्नु, मनपेट दिनु फुस्काउनु, झोस्नु ।

dizzy (डि'ज़ि) **वि.** रिंगटा लागेको; dizziness **ना.** कहाली, रिंगटा, भाउन्ना; become—रन्थनिनु ।

do (डु) **क्रि.** र **ना.** गर्नु, लछार्नु, ठगी, छल; do. (ditto को छो.क.) ऐजन, ऐ०; (व्यङ्ग हे०) लछार्नु ।

docile (डो'साइल्) **वि.** पाल्तू, वश्य, विनयी, मान्ने, नरम ।

dock (डॅक्) **क्रि.** र **ना.** छोट्याउनु (रौं—मानिस, पशु इ.); **ना.** पुट्ठा, नौकागार, नावाश्रय, कठघर ।

docket (डॅ'किट्) **ना.** सूची, फिरिस्त ।

doctor (डॅक्'टर्) **ना.** चिकित्सक, डाक्टर, पण्डित, विद्वान ।

doctrinaire (डॅक्ट्रिनेयर्' **ना. र वि.** हठी, सैद्धान्तिक ।

doctrinal (डॅक्'ट्रिनल्) **वि.** सांप्रदायिक, सैद्धान्तिक;—doctrine **ना.** मत, सिद्धान्त ।

document (डॅ'क्यूमेण्ट्)**ना.** लेख, लेख्य, कागतपत्र, मिसिल, कागजात, दस्तावेज, लिखत;—ary **वि.** लिखित, लेख्यप्रमाण; (**ना.**) छोटो व्याख्यात्मक वर्णनसहितको;—ary credit प्रतीतपत्र; विभिन्न विषयको फिल्म, वर्णन चित्र, वृत्तचित्र;—ation **ना.** लेख्यपत्रीकरण ।

dodder (डॅ'डर्) **क्रि.** काम्नु, थरथर गर्नु ।

dodge (डॅज्) **क्रि.** र **ना.** छल्नु, लुक्नु; **ना.** चलाकी, वाजीमाथ ।

doe (डो) **ना.** मृगी ।

doff (डॅफ्) **क्रि.** फुकाल्नु, उतार्नु ।

dog (डॅग्) **ना.** र **क्रि.** कुकुर; **क्रि.** लखेट्नु, पछि लाग्नु;—ged **वि.** हठी, अजीर, नछोड्ने, साग्रह;—gedly **क्रि. वि.** लस्त हुने गरी, नछोडी;—days अत्युष्ण काल; mad—अलर्क; hunting—विश्वकद्रु; go to the—s विनाश हुनु ।

dogma (डॅग्'मा) (व. व.—s) **ना.** मत, तत्व, नियम;—tic **वि.** स्वमताभिमानी, दृढनिश्चयी ।

dole (डोल्) **ना.** र **क्रि.** भाग्य, प्रारब्ध, दान, अनुदान, दुःख, क्लेश, विलाप; **क्रि.** (थोरै थोरै) दिनु, टमार्नु;—ful **वि.** उद्विग्न, विह्वल, विपादयुक्त, वेमज्जा, वेमजाको ।

doll (डॅल्) **ना.** पुतली, गुडिया, प्रतिमा ।

dolphin (डॅल्'फिन्) **ना.** सोंस ।

dolt (डोल्ट्) **ना.** स्वाँठ, लठेप्रो, वज्रठिंगो, हलम्बू, भुच्चुक, लठुवा, सण्ठ, सण्डदास, भुच्चड ।

domain (डोमेन्') **ना.** प्रदेश, पेवा, वाँ्झो, प्रभुत्व ।

dome (डोम्) **ना.** गुम्वज, भवन, दरवार ।

domestic (डमेस्'टिक्) **वि.** र **ना.** घरेलु, वरपाला, घरैया, ग्राम्य; (व. व.) नोकर, चाकर;—ate **क्रि.** सुमर्नु, रत्याउनु, पाल्तू वनाउनु;—ity **ना.** गार्हस्थ ।

domicile (डॅ'मिसिल्,—साइल्) **ना.** वतन, निवास, प्रवास ।

domina/te (डॅ'मिनेट्) **क्रि.** कज्याउनु, चर्चनु, दवाउनु;—tion **ना.** प्रभुत्व, शासन, अधिपत्य, चङ्गुल, तावे;—nce **ना.** हैकम, चकचकी, प्राधान्य;—nt **वि.** प्रवल, श्रेष्ठ, वरीयस्, प्रधान, प्रवल ।

domineer (डॅमिनियर्') **क्रि.** हेप्नु, मात्तिनु, ङ्याक्नु, दवाउनु;—ing **वि.** उद्धत, दवाउने, हुकुमी, हैकम चलाउन खोज्ने ।

dominion (डोमी'नियन्) **ना.** प्रभुत्व, आधिपत्य, राज्य, प्रदेश ।

don (डॅन्) **क्रि.** र **ना.** लाउनु, पहिरनु; **ना.** स्पेनको पदवी, दर्जा ।

donat/e (डोनेट्') **क्रि.** दान दिनु, चन्दा दिनु;—ion **ना.** दान, चन्दा, उपहार, वितरण, अनुदान, दत्त ।

donkey (डॅङ्'कि) (व. व.—s) **ना.** गधा, रासभ ।

donor (डो'नर्) **ना.** दाता, दानी ।

doodle (डु'डल्) **क्रि.** र **ना.** (आलस्यसंग) कोर्नु, खिच्नु; **ना.** त्यसरी कोरेको अक्षर वा चित्र, लठुवा;—bug **ना.** (वो. चा.) उड्ने वम ।

doom (डूम्) **ना.** र **क्रि.** ऐन, अदृष्ट, दुर्भाग्य; **क्रि.** दण्ड दिनु, नाश गराउनु ।

door (डोअ्र्) **ना.** ढोका, फाटक, दैलो, चपट;—keeper **ना.** ढोके, द्वारपाल, दौवारिक, प्रतिहारी ।

dope (डोप्) **ना.** र **क्रि.** समाचार, लागू; **क्रि.** लागू खुवाउनु ।

dormant (डॅअ्र्'म्याण्ट्) **वि.** निष्क्रिय, शिथिल, निद्रित, सुप्त ।

dormitory (डॅअ्र्'मिटरि) **ना.** शयनकक्ष, शयनागार, (धेरै जना) सुत्ने कोठा ।

dorsal (डॅअ्र्'सल्) **वि.** पिठ्यूँको, पृष्ठको ।

dosage (डो'सेज्) **ना.** मात्रा, अनुपान, खुराक; dose **ना.** र **क्रि.** प्रमाण, क्रिया भाग, भाग, छाक, खुराक; **क्रि.** खुवाउनु, मिसाउनु ।

doss (डॅस्) (सा. ए. व.) **ना.** र **क्रि.** साधारण वासमा राखेको विछ्यौना; **क्रि.** त्यस्तोमा सुत्नु ।

dossier (डॅ'सिए) **ना.** कागजात (खा. ग. कुनै व्यक्ति वारे गुप्त रिपोर्टको मिसिल) ।

dot (डॅट्) **ना.** थोप्लो, दाइजो; on the—ठीक समयमा ।

dotard (डो'टर्ड्) **ना.** जरा वैक्लव्य, वुद्धि क्षीण भएको वूढो मानिस ।

dote (डोट्) **क्रि.** सिल्ली, सन्काहा, अथवा मोहित हुनु;—age वूढ्याइँले गर्दा अल्प वुद्धि, मतिक्षीणता ।

dotty (डॅ'टि) **वि.** थोप्ले, फाटफाट, खरखराउने, लाटो ।

douane (डू'आन्) **ना.** (विलायतवाहिरको) भन्सार अड्डा ।

double (ड'ब्ल्) **वि.** र **क्रि. वि.** दोहोरो, दोवर, युग्मक, द्वय, दोहोरो, द्विगुण, दुगुना, दुना, डव्वल, दुईटा, दुईवटा; दोब्ब्याउनु, घुम्नु, डवल्याउनु, खप्टनु, खाप्नु;—lock दोहोरो ताल्चा, दुई साँचो;—take **ना.** दोहोरो हेराइ, दोहोरो विचार (वो. चा.) ।

double entendre (ब्लड़े आँटाँ'ड्र्) **ना.** दुई अर्थ लाग्ने वाक्य (एउटा सा. अश्लील) ।

doublet (डव्'लिट्) **ना.** भोटो, द्विग, दोहोरो ।

doubt (डाउट्) **ना.** र **क्रि.** शंका, खडको, सन्देह, अन्योल, दोधार, चिसो, आशंका, द्विविधा, संशय;—ing **वि.** सशंकित;--ful **वि.** शंकास्पद, सन्देहजनक ।

douche (डुश्) **ना.** धारा ।

dough (डो) **ना.** फ्याप्लो, फ्यात्तल, फाँडो-मुछेको, पीठो, खम्भीर, डल्लो, मस्यौटो ।

doughty (डाउ'टि) **वि.** पराक्रमी, वीर, शूर ।

dour (डुर्) **वि.** दुर्दम, कठिन, कडा ।

douse (डाउस्) **क्रि.** (बत्ती) निभाउनु, भिजाउनु ।

dove (डभ्) **ना.** ढुक्कुर, तामेढुक्कुर, शान्तिदूत, शान्तिको प्रतीक; ring—**ना.** तामेढुक्कुर ।

dowager (डा'वेजर) **ना.** मुसम्मात, (मृत पतिबाट दर्जा वा संपत्ति पाएकी) विधवा ।

dowdy (डाउ'डि) **वि.** विरूपिणी, दुर्वसना ।

dower (डा'वर्) **ना.** स्त्रीधन, पेवा, दाइजो, सीप, प्राकृतिक दान ।

down (डाउन्) **ना.** र **उ.**, **क्रि.**, र **क्रि. वि.** चउर, ऊन, झुस, पशम, भुवा, भुत्ला, कोमल रौं; तल, उँधो, मनि, मन्तिर, तल्लो, लडेको; **क्रि.** लडाउनु, पछार्नु;—y **वि.** झुसे ।

downcast (डाउन्'कास्ट्) **वि.** शोकाएको, निदाउरो, उदास, नतमस्तक, झ्याउरो, कुँडिएको ।

downfall (डाउन्'फॉल्) **ना.** पतन, अध: पतन, अधोगति ।

downhill (डाउन्हिल्) **ना.**, **वि.** र **क्रि. वि.** अधोगामी, वरालो ।

downpour (डाउन्'पोअर्) **ना.** मुसलधार पानी ।

downright (डाउन्'राइट्) **वि.** र **क्रि. वि.** सादा, स्पष्ट, निश्चित, एकदम ।

downstairs (डाउन्स्टेयर्स्') **क्रि. वि.** तल, तलतिर ।

downtrodden (डाउन्'ट्रॉड्न्) **वि.** दलित, दवाएको, थिचिएको ।

downward (डाउन्'वार्ड्) **वि.** र **क्रि. वि.** तल, नीचो, पछिको ।

downy (डाउ'नि) **वि.** भुवादार ।

dowry (डाउ'रि) **ना.** दाइजो, पेवा, स्त्रीधन ।

dowsing (डाउ'जिङ्) **ना.** (भैंमनिको) पानी खोज्ने क्रिया ।

doyen (डोयँ) **ना.** वरिष्ट, ज्येष्ठ (राजदूत), थकाली, रैथाने, जेठो, ठालु, मुरुब्बी ।

doze (डोज्) **क्रि.** र **ना.** भुसुल्टिनु, उङ्नु, झुल्नु, उँघ्नु, झकाउनु, उग्नु; **ना.** छोटो निद्रा, उङ, झपक, झक, तन्द्रा ।

dozen (ड'जन्) **ना.** (ब. व.—) बाह्रवटा, दर्जन ।

drab (ड्र्याब्) **ना.** र **वि.** मैली स्वास्नी, कुलटा; **वि.** हलुका खैरो, उच्चाटलाग्दो, उच्चाट ।

draft (ड्राफ्ट्) **ना.** र **क्रि.** टोली, हुण्डी, तर्जुमा, सर्को, मसौदा, खेस्रा; **क्रि.** भर्ना गर्नु, मसौदा गर्नु;—sman **ना.** उद्रेखक, नक्शाकार ।

drag (ड्र्याग्) **क्रि.** र **ना.** तान्नु, विस्स्याउनु, घिच्याउनु, घिसार्नु, लछार-पछार पार्नु, लछार्नु, अप्रासंगिक कुरा उठाउनु; **ना.** जोर, बाधा ।

draggle (ड्र्या'ग्ल्) **क्रि.** भिजेर लत्री मैलो हुनु ।

dragon (ड्र्या'गन्) **ना.** उड्ने नाग, अजिङ्गर, कल्पित लामू जीव;—fly पानीचितुवा ।

dragoon (ड्रगून्') **ना.** र **क्रि.** घोड्चढी सिपाही, जंगी पुरुष; **क्रि.** सताउनु, तर्साउनु ।

drain (ड्रेन्) **ना.** र **क्रि.** नाल, डूँड, ढल, रछ्यान, परीवाह, जलनिर्गम, मोरी; **क्रि.** बहाउनु, निथार्नु, तहरिनु, तर्कनु, निखार्नु, निख्रिनु;—age **ना.** नाल;—er **ना.** शोधनी ।

dram (ड्राम) **ना.** ड्राम, तौल, सानू घुट्को (मद्यको) ।

drama (ड्रा'मा) **ना.** नाटक, दृश्यकाव्य, प्रदर्शन, खेल, नाच;—tic **वि.** नाटकीय ।

drape (ड्रेप्) **ना.** र **क्रि.** पर्दा; **क्रि.** ढाक्नु, टाँग्नु, सिंगार्नु (कपडाले), लुगा मिलाउनु ।

draper (ड्रे'पर्) **ना.** कपडा पसले;—y **ना.** वस्त्र व्यवहार, पट ।

drastic (ड्र्यास्'टिक्) **वि.** अमोघ, बलवत्, तीव्र, (भैष०) कडा विरेचक;—ally **क्रि. वि.** ताछेको, बिलकुल, साफसँग ।

drat (ड्र्याट्) नाश होस् ! मरोस् ! (स्वास्नी सरापको बोली) ।

draught (ड्राफ्ट्) **ना.** तान्नु, घुट्को, (हावाको) चल्नु, (ब. व.) २४ चक्कीले बोर्डमा खेल्ने खेल; (से०) डफ्फा, टोली; —sman **ना.** लेखक, चित्रकार, उद्रेखक ।

draw (ड्रॉ) **क्रि.** र **ना.** तान्नु, खिच्नु, झिक्नु, काट्नु; **ना.** तनाउ, खिचातानी, आकर्षण, बराबरी;—ing **ना.** रेखाचित्र । —up (लगत) कस्नु ।

drawback (ड्रॉ'ब्याक्) **ना.** असुविधा, बाधा, पीर, मर्का, क्रयविक्रय ।

drawee (ड्रावि') **ना.** महाजन, जसको नाममा हुण्डी काटिन्छ; खिचिने ।

drawer (ड्रॉ'अर्) **ना.** घर्रा, ड्रावर, काट्ने, खिच्ने, दिने ।

drawing (ड्रॉ'इङ्) **ना.** चित्रकला, नक्शाकागत, चित्र, रेखाचित्र, आलेख कला;—board **ना.** आलेखपट्ट ।

drawing-room (ड्रॉ'इङ्-रूम्) **ना.** बैठक, बस्नेकोठा ।

drawl (ड्रॉल्) **ना.** र **क्रि.** लेग्रो, लेब्रो; **क्रि.** सुस्त बोल्नु, लेग्रो तान्नु ।

draw-well (ड्रॉ'वेल्) **ना.** इनार (डोरी बाल्टीसमेतको) ।

dray (ड्रे) **ना.** (घोडाले तान्ने) गाडा ।

dread (ड्रेड्) **ना.**, **क्रि.** र **वि.** त्रास, भय, आशंका; **क्रि.** तर्सनु, भयभीत हुनु, डराउनु, दुद्राइ हुनु; **वि.** डरलाग्दो, भयंकर, त्रस्त;—ful **वि.** र **वि. बो.** बाफ रे बाफ ।

dream (ड्रीम्) **ना.** र **क्रि.** सपना, स्वप्न, वासना, आकांक्षा; —y **वि.** स्वप्नवत्, भावपूर्ण, अस्पष्ट, तुवाँले ।

dreary (ड्रेअ'रि) **वि.** निर्जन, शून्य, उदास, उराठलाग्दो, लोलिएको, लोलाएको, न्यास्रो ।

dredge (ड्रेज्) **ना.** र **क्रि.** (नदी, समुद्रबाट) माटो उठाउने यंत्र; **क्रि.** सोहोर्नु, नाली, इ० बाट माटो झिक्नु ।

dreg (ड्रेग्) **ना.** (सा. ब. व.) थेग्रो, छोक्रा, लेग्रो, बेमैदा, काति, कट, छुकुनी, बचत, उभार, निथार, निथारपथार ।

drench (ड्रेन्च्) **क्रि.** (पशुलाई) झोल औषधि खुवाउनु, भिज्नु, ओतप्रोत हुनु, झ्वाँक्नु;—ed **वि.** निश्रुक्क, लथपथ ।

dress (ड्रेस्) **ना.** र **क्रि.** लुगा, पोशाक, कपडा, वेशभूषा, पहिरन, परिधान; **क्रि.** ठाँट्नु, तलास्नु; पहिराउनु, पकाउनु ।

dresser (ड्रेसर्) **ना.** (भान्सा घरमा रहने) घिसार्नेसहितको भित्ते टेबुल, (अस्पतालको) कर्मचारी, ड्रेसर, उपचारक, प्रसाधक ।

dressing (ड्रे'सिङ्) **ना.** गाली, नसिहत, मल, ब्याण्डेज, मलम (घाउको), अन्न संस्कार, पाकसिद्धि, उपनाह ।

dressy (ड्रे'सि) **वि.** (छरितो) लुगा मन पराउने, लाउने ।

dribble (ड्रिब्ल्) **क्रि.** र **ना.** निश्रनु, निखनु, टहकिनु, तुक्र्याउनु, चुहाउनु, चुहुनु (राल), (लात्ते भकुण्डो) परस्परलाई दिएर अघि बढ्नु, **ना.** राल, न्याल, थूक ।

drib(b)let (ड्रिब्'लेट्) **ना.** थोरै, थोरै दाम; by—s बिन्दु क्रमले, थोपा थोपा गरी ।

drift (ड्रिफ्ट्) **ना.** र **क्रि.** वेग, भाव, तात्पर्य, हिमसंपात; **क्रि.** बग्नु, बगाउनु, थुप्रिनु, बाटो छोड्नु, अलमलिनु ।

drill (ड्रिल्) **ना.** र **क्रि.** अनुशासन, तालीम, अभ्यास, वर्मा, वेधिनी, खस्रो कपडाको प्रकार; **क्रि.** अभ्यास गराउनु, गर्नु, (सेना) कवायत खेल्नु ।

drink (ड्रिङ्क्) **क्रि.** र **ना.** पिउनु, घोक्नु; **ना.** कलकल, पेय, जाँड, शर्वत;—able **वि.** पेय, पिइने;—er **ना.** पियक्कड, मधुप; —ing vessel कौशिका ।

drip (ड्रिप्) **क्रि.** र **ना.** थोपा थोपा चुहुनु, तर्कनु, टप्कनु, तप्कनु; **ना.** थोप्ला, पटल प्रान्त, वलिक, निध्र;—ing **ना.** क्षरण, श्रवण, निस्पद, (पकाउने) बोसो, थिग्रिनी, डढ्यौलो ।

drive (ड्राइभ्) **क्रि.** र **ना.** निकाल्नु, धपाउनु, लगार्नु, खेद्नु, लखेट्नु, दल्नु, दपेट्नु, खहेर्नु, घोक्रयाउनु, जोत्नु, हाँक्नु; **ना.** हावाखोरी, विहार, पटांगिनी, (बग्गी हिंड्ने) बाटो, जेहन; फूर्ति, जाँगर, उत्सुकता, प्रेरणा, प्रभाव, ह्याउ, आँट ।

drivel (ड्रि'भल्) **क्रि.** (-ll-) र **ना.** राल चुहाउनु; **ना.** राल, फजूल कुरा, बकवाद, बडबड, प्रलाप, नचाहिने, नचाहिंदो, कुरा ।

driver (ड्राइ'भर्) **ना.** चालक, सवार, हाँक्ने ।

driving (ड्राइ'भिङ्) **ना.** प्रेरणा; **वि.** बल दिने, प्रेरणात्मक ।

drizzle (ड्रि'ज़ल्) **ना.** र **क्रि.** सिमसिम ।

droll (ड्रोल्) **वि.** हाँसोउठ्दो, अचम्मको, विचित्र;—ery **ना.** ठट्टाबाजी ।

drome (ड्रोम्) **ना.** aerodrome को छो०क०, हवाइघाट, विमानघाट ।

dromedary (ड्रॅ'मिडरि) **ना.** ऊँटको जात ।

drone (ड्रोन्) **ना.** र **क्रि.** (भाले) रानो, माहुरी, अल्सी व्यक्ति, निरुद्योगी; **क्रि.** भुनभुनाउनु ।

droop (ड्रुप्) **क्रि.** वैलाउनु, लत्रनु, सुक्नु झोक्रयाउनु, कुँडिनु, निस्तिनु, मुर्झाउनु;—ing **वि.** म्लान, क्लान्त ।

drop (ड्रॅप्) **ना.** र **क्रि.** थोप्लो, थोपो, पतन, छिटा, छिर्को; **क्रि.** खसाल्नु, थोपा खस्नु, छोड्नु, बन्द गर्नु, लडाउनु, तुरुक्क चुहाउनु, गिराउनु, झार्नु;—out (अप०) उमेर नपुगी विद्यालय छोड्ने व्यक्ति, प्रचलित आदर्श र आचरण त्याग्ने व्यक्ति ।

droppings (ड्रॅ'पिङ्ज़्) **ना.** (ब. व.) थोपा-थोपा गरी खस्ने वा खसेको (मैन), चरा वा पशुको विष्टा, लिंड, सुली, गोबर, वकौंला, लिंदी, गुहू, गू ।

drop—scene (ड्रॅप्'सीन्) **ना.** अन्तिम पर्दा ।

dropsy (ड्रॅप्'सि) **ना.** जलोदर, सूजको अवस्था ।

dross (ड्रॅस्) **ना.** धातुमल, कीट, मिसावट, फोहर, मैला ।

drought (ड्राउट्) **ना.** सुखा, खडेरी, अनावृष्टि, खरेरी ।

drove (ड्रोभ्) **ना.** बथान, झुण्ड, भीड, जनसमूह ।

drown (ड्राउन्) **क्रि.** डुब्नु, डुबाउनु, कम गराउनु, जित्नु ।

drows/e (ड्राउज्) **क्रि.** लोलाउनु, उम्नु, बिताउनु; **ना.** अर्धनिद्रावस्था;—y **वि.** उम्ने, निस्लोट, लट्ठिएको, इन्तु न चिन्तु, लोलाएको, लोलिएको;—iness **ना.** तन्द्रा ।

drub (ड्रब्) **क्रि.** लट्ठीले पिट्नु;—bing **ना.** पिटाइ ।

drudge (ड्रज्) **ना.** र **क्रि.** हीन नोकर, व्राती, अविरतायासी, दास;—ry **ना.** झम्मार, झोंज, झमेला, कनिकुथी गरेको काम, घाँडो, झर्को, परिभ्राट, अरुचिपूर्ण काममा मेहनत; **क्रि.** खट्नु ।

drug (ड्रग्) **ना.** र **क्रि.** औषधि, ओखती, लागू, जडीबूटी; **क्रि.** लट्ठिनु, लट्ठ्याउनु;—taker अम्मली, व्यसनी, गँजडी, अफीमची;—ged **वि.** नशा लागेको, मात लागेको, लट्ठेको ।

drugget (ड्र'गिट्) **ना.** खस्रो सतरंजा वा टेबुलपोश ।

druggist (ड्र'गिस्ट्) **ना.** भेषजकार ।

drum (ड्रम्) **ना.** र **क्रि.** ढोल, ढ्याङ्ग्रो, डफ, ट्यांको, डुग्गी, झ्याली, कर्णपट, नगारा, नौबत, भेरी, डङ्का, दमाहा, तबला, पीपा, पुङ, डडम; **क्रि.** पिट्नु, घोकाउनु;—mer **ना.** मादले, ढोलके, तबलची, पखावजी;—stick टुप्पोमा डल्लो भएको तबला ठोक्ने काठ, गजा; पकाएको कुखुरा इ० को खुट्टाको तल्लो जोर्नी ।

drunk (ड्रङ्क्) **ना.** जँड्याहा, मत्त, मस्त, टन्न, पियक्कड, मद्यप, क्षीव; dead—परीक्षीव, निस्लोट ।

dry (ड्राइ) **वि.** र **क्रि.** सुखा, सुकेको, बुर्बुरे (दूध नदिने), ठाँठ, विरसिलो, वकेर्नु, ओभानो, फुको, बुदुल्टो, बुगुल्टो, बुर्बुरे, शुष्क, निस्तो;—ice सुकुवा हिउँ, ओभानू वरफ, ठोस रूपमा कार्वनिक वायु; **क्रि.** सुक्नु, ओबाउनु, सुकाउनु;—land पाखो, टार (wet land ढल जग्गा);—up चूप लाग्नु, रोकिनु, सुक्नु, मसाङ्गिनु;—partially (clothes) अखिनु ।

Dryasdust (ड्राइ'ऍयाज्डस्ट) **ना.** अरसिक, पुरातत्ववेत्ता वा इतिहासकार ।

dual (ड्यू'अल्) **वि.** दोहोरो, द्विक;—ity **ना.** द्वैत;—ism **ना.** द्वैत;—ist **ना.** द्वैतवादी ।

dub (डब्) **क्रि.** लिप्नु, पोत्नु, ध्वनिमार्गमा आर्को रेकर्डिङ्ग गर्नु, इ० ।

dubiety (ड्युबाइ(इ)टि) **ना.** संशय, सन्देह, दोधार, दोमन, धरमर, अन्योल, धुकचुक, चिसो (पस्नु), शंका, सुभा, झस्का, खटका ।

dubious (ड्यू'बिअस्) **वि.** अस्पष्ट, धमिलो, अविश्वसनीय, शंकास्पद, अनपत्यारको, हिचकिचाउने, सन्दिग्ध ।

Duce (डु'चे) **ना.** प्रमुख, नेता (इटा०) ।

duck (डक्) **ना.** र **क्रि.** हाँस, जलेवा, पानीहाँस, प्रिय, चखेवा, काकाकुल, (क्रिकेटमा) शून्य; डुबकी; **क्रि.** डुब्नु, छल्नु ।

duct (डक्ट्) **ना.** नल, प्रणाली, नली;—less **वि.** अप्रणाली ।

ductile (डक्'टाइल्) **वि.** तन्य, विनेय, तानिने, नम्य ।

dud (डड्) **ना.** र **वि.** लुगा, चिथडा, मुरकुटो, मूरत; **वि.** नकली, बेकम्मा, व्यर्थ, अनाहक ।

dudgeon (ड'जन्) **ना.** ठुस्सिनु, ठुस्स ।

due (ड्यू) **वि.**, **क्रि. वि.** र **ना.** देय, परिशोध्य, योग्य, उचित, बदौलतले, काइदासँग; **ना.** तिरोतारो, तिरो, भुक्तान, ऋण; —date म्याद, देयमिति ।

duel (ड्यू'इल्) **ना.** द्वन्द्वयुद्ध ।

duenna (ड्यूए'ना) **ना.** (साथी) बूढी ।

duet (ड्यूएट्') **ना.** युगलगान, युग्मक ।

duffer (ड'फर्) **ना.** बेकामको माल धेरै मोलमा बेच्न खोज्ने, फेरीवाला, नकल, बेकम्मा वा बेकूफ, कोरकाली ।

dug (डग्) **ना.** लाम्टा ।

dug-out (डग्'-आउट्) **ना.** रूख खोक्रो पारी बनाएको डुंगा, भुँमन्तिर बनाएको आश्रय स्थल (खा. ग. लडाइँको मैदानमा), (अप.) फेरि काममा डाकिएको अवकाशप्राप्त सैनिक अधिकारी ।

dulcet (डल्'सिट्) **वि.** मीठो, आनन्दकर (खा. ग. ध्वनि) ।

dulcify (डल्'सिफाइ) **क्रि.** मीठो बनाउनु, नरम बनाउनु ।

dull (डल्) **वि.** मन्द, नीरस, मूढ, जड, पंगु, अरसिलो, अरसिक;—ard लठुवा, ग्वांग्रे ।

duly (ड्यू'लि) **क्रि. वि.** ठीकसँग, योग्य रीतिले ।

dumb (डम्) **वि.** मूक, मौन, लाटो, ग्वाँगे, गूँगो, हरिलट्ठक, बेकूफ, लठरा, निमुखा, अबोला, ग्वाँजे;—show **ना.** भाउ लाउने खेल, मौन खेल, हाउभाउ ।

dumbfound (डम्फाउण्ड्') **क्रि.** अक्कलगुम, अक्कनवक्क गराउनु, झिच्च्याउनु, झिस्साउनु, हिस्स्याउनु, बोक्र्याउनु, भुसिनु; to be—ed **क्रि.** गश खानु ।

dummy (ड'मि) **ना.** र **वि.** (ताश) कल्पित खेलाडी, देखौवा (व्यक्ति), नकली, धोखेबाज, धोखा ।

dump (डम्प्) **क्रि.** र **ना.** (फोहर मैला) थुप्राउनु, खाँद्नु, विदेशमा माल सस्तो मोलमा बेच्न पठाउनु; **ना.** थुप्रो, मलखाल्डो ।

dumps (डम्प्स्) **ना.** (ब. व.) विषाद, ग्लानि, चिन्ताग्रस्त; in the—झोक्राएको, झ्याउरो, म्लान ।

dumpy (डम्'पि) छोटो, पुड्के, पुड्को र मोटो, ग्याण्टे, गाण्टे ।

dun (डन्) **वि.**, **ना.** र **क्रि.** धुस्रो खैरो, साँवलो, कालो; **क्रि.** मुज्याउनु, हड्याउनु, धड्नु, सिकिस्त गर्नु, ढड्नु; **ना.** साहू, प्यादा, धर्ना ।

dunce (डन्स्) **ना.** पढ्न नआउने, स्थूल बुद्धि, हरिलट्ठक, पटमूर्ख, लठेप्रो, स्वाँठ, लण्ठ, लट्ठक, शण्ठ, हलम्बू ।

dunderhead (डन्'डरहेड्) **ना.** पटमूर्ख, लठेप्रो, गोबर-गणेश, लठवज्र ।

dune (ड्यून्) **ना.** बालुवाको थुप्रो, सिकतामय, बालुकानिचय ।

dung (डङ्) **ना.** गोबर, लिदी, पशुको विष्टा;—hill **ना.** खोल्मा, गाउँमा फोहोरको थुप्रो, घुर्न्यान, रछ्यान ।

dungeon (डन्'जन्) **ना.** बन्धनागार, अन्धकूप, कारागृह ।

dunno (ड'नो) **क्रि.** कुन्नि, जान्दिन ।

duo (ड्यू'ओ) द्वय (दुई कलाकारको खेलमा) ।

duodecimo (ड्यूओडे'सिमो) **ना.** (सा. 12 mo) कागतको द्वादशांश पृष्ठ भएको पुस्तक, क्षुद्र ।

duodenum (ड्यूअडी'नम्) **ना.** पक्वाशय ।

duologue (ड्यू'अलॅग्) **ना.** दुई जनाको कुराकानी, द्विवार्ता, दुई पात्रको खेल ।

dupe (ड्यूप्) **ना.** र **क्रि.** लाटो (छलिने व्यक्ति); **क्रि.** ठग्नु, छल्नु ।

duplex (ड्यू'प्लेक्स्) **वि.** दुई तत्वको, दोहोरो ।

duplicate (ड्यूप्लिकेट्) **वि.**, **ना.** र **क्रि.** नकल, सादृश्य; **वि.** दोबर, दोहोरी, दोहोरो; **क्रि.** दोहऱ्याउनु, दोबर गर्नु;—or **ना.** नकल यंत्र ।

duplicity (ड्यूप्लि'सिटि) **ना.** कपट, छल, धोखाबाजी ।

durab/le (ड्यो'अरेब्ल्) **वि.** स्थायी, टिकाउ, अक्षय;—ility **ना.** स्थायित्व ।

duramater (ड्यो'रामे'टर्) **ना.** गिदीको र डँडाल्नूको चाम्रो बाहिरी जालो ।

durance (ड्यो'रन्स्) **ना.** कैद, बन्धन ।

duration (ड्योरे'श्न्) **ना.** अवधि, भाखा, म्याद ।

duress (ड्यो'अ्रेस्) **ना.** करबल, करकाप, जोरजुलुम; under —नाक चुमेर, नत्थिएर ।

during (ड्यो'अ्रिङ्) **उ.** पर्यन्त, यावत्, सम्म;—the pleasure प्रसादपर्यन्त ।

dusk (डस्क्) साँझ, झमक्क, मिरमिर, गोधूली;–y **वि.** साँवलो, श्याम, कृष्ण, श्यामल, गहुँगोरो, श्याव ।

dust (डस्ट्) **ना.** र **क्रि.** कसिंगर, धूलो, छारो, बुकुनी, रज, सूक्ष्म चूर्ण; **क्रि.** टकटक्याउनु, झार्नु, धूलो छर्नु;—er **ना.** धूलो पुछ्ने, साफी, रुमाल, पिच्छका;—y **वि.** धुलाम्मे ।

dut/y (ड्यू'टि) **ना.** धर्म, कर्तव्य, कामकाज, कृत्य, रूजु, अभिभारा, महसूल, भन्सार, रकम, दस्तूर, कर, कर्तव्यावधि; —eous,—iful **वि.** कर्तव्यपरायण, आज्ञाकारी;—iable **वि.** भन्सार लाग्ने ।

dwarf (ड्वार्फ) **ना.** र **क्रि.** पुड्के, बाउन्ने, बामपुड्के, ग्याँचे, ग्वाँचे, दिनगांटे, गाण्टे;—ism **ना.** पुड्क्याइँ; **क्रि.** टाक्सिनु, नबढ्नु, पुडको हुनु ।

dwell (ड्वेल्) **क्रि.** (dwelt) ध्यान स्थिर राख्नु, सविस्तार बोल्नु, लेख्नु, बसोवास गर्नु, वास गर्नु;—ing **ना.** घर, निवास, वतन ।

dwindle (ड्विन्'ड्ल्) **क्रि.** घट्नु, कम हुनु, सानो हुनु, ट्याक्सिनु ।

dye (डाइ) **ना.** र **क्रि.** रंग; **क्रि.** रंगाउनु, रंगमगिनु;—r **ना.** छिपा; hair—कलप ।

dying (डाइ'इङ्) **ना.** र **वि.** मर्ने बेलाको, मर्ता, मरन्च्याँसे, लोप हुन लागेको ।

dynamic (डाइन्या'मिक्) **वि.** गतिशील, गत्यात्मक;—s **ना.** गतिविज्ञान ।

dynamite (डाइ'नमाइट्) **ना.** डाइनामाइट, विस्फोटक ।

dynamo (डाइ'नमो) **ना.** (ब. व.—os) डाइनामो, यांत्रिक शक्तिलाई वैद्युतिक शक्तिमा बदल्ने यन्त्र, अतिशक्तिमान व्यक्ति, चलतापुर्जा ।

dynast (डाइ'नस्ट, डि'नस्ट्) **ना.** शासक, राजपुत्र;—y **ना.** राजकुल ।

dysentry (डि'सेण्टरि) **ना.** आउँ, रगतमासी, अतिसार ।

dyspep/sia (डिस्पेप्'सिया) **ना.** अजीर्ण;—tic **ना.** अजीर्ण रोगी ।

dyspnoea (डिस्नी'या) **ना.** दम ।

dysuria (डिस्यू'ऽरिया) **ना.** कठिन मूत्रपात, मूत्रकृच्छ ।

E

each (ईच्) **वि.** प्रत्येक, हरेक, हर; to—पिच्छे, शान्ति ।

eager (ई'गर्) **वि.** व्यग्र, उत्सुक, मुस्तैद, इच्छुक, औताहा, उत्कट, जमजमाएको, लालायित;—ness **ना.** आग्रह, औताइ, आतुरी, व्यग्रता, उत्कण्ठित ।

eagle (ई'ग्ल्) **ना.** चील ।

ear (इयर्) **ना.** कान, कर्ण, श्रुतिवाला;—ache कानको शूल;—drum कर्णपट;—prick कनकर्नो; hang one's–s लुते कान लाउनु;—top टप, ढुंग्री, कर्णफूल,—ring यारिङ्ग, लुर्कन, कुण्डल ।

early (अऽर्लि) **वि.** सबेरै, चाँडै, एकाबिह्रान ।

earmark (इयर्'मार्क्) **क्रि.** छुट्ट्याउनु, पर सार्नु, पन्छाउनु ।

earn (अऽर्न्) **क्रि.** कमाउनु, प्राप्त गर्नु, ल्याउनु, आर्जनु, आर्जन गर्नु, पकाउनु;—ed **वि.** स्वयमार्जित, स्वार्जित;—ing **ना.** र **वि.** कमाइ, कमाउने, आयस्ता, उठती ।

earnest (अऽर्'नेस्ट) **वि.** र **ना.** उद्युक्त, उत्सुक, तत्पर, एकाग्रचित्त, उद्योगी; **ना.** बैना, पूर्वरूप;—money न्हेडिक, हडिक, पेश्की, बैना, सत्यंकार, सत्याकृति ।

earth (अऽर्थ्) **ना.** र **क्रि.** पृथ्वी, भैं, भूमि, माटो, मृत्तिका धरती, कच्ची (काम), (विद्युत) पृथ्वी संपर्क; **क्रि.** भैं जोर्नु, माटोले ढाक्नु, (शिकार) निकाल्नु;—worm **ना.** गँडयौंलो—en **वि.** माटाको, मटिलो, चारा, मृण्मय, मार्तिक;—enware **ना.** हाँडा चिंडा, माटोभाँडो, मृद्‌भाण्ड, कौलालक, मार्तिक;—ly **वि.** पार्थिव, सांसारिक, ऐहिक, भौतिक ।

earthquake (अऽर्थ्'क्वेक्) **ना.** भूकम्प, भैंचालो, भूचाल ।

earthy (अऽर्'थि) **वि.** पार्थिव, माटाको, अति भौतिक, मटिलो ।

earwig (इयर्'विग्) **ना.** कनसुत्लो, खजुरो, कनखजुरो ।

ease (ईज़्) **ना.** र **क्रि.** आराम, क्षेम, छुटकारा, चैन, निराँव, स्वस्थता, सुगमता, संचो, होलो, बहार, सौख, विश्राम; **क्रि.** चोर्नु, फुकाउनु, वेग घटाउनु, बोझ हलुका पार्नु;—ful **वि.** सुविस्ताको, आरामीसाथ, अल्सी;—ment **ना.** बाटोको हक, बोझ वा पीडाबाट छुटकारा, हाइसंचो ।

easel (ई'ज़ल्) **ना.** चित्राधार, चित्रफलक ।

east (ईस्ट्) **क्रि. वि.**, **ना.** र **क्रि.** पूर्व, पूर्वतिर, संसारको पूर्वभाग, प्राची;—erly **वि.** पूर्व दिशामा, पूर्वबाट;—ern **वि.** र **ना.** पूर्व, प्राच्य ।

easy (ई'ज़ि) **वि.** सजिलो, होलो, सुलभ, सरल, सुगम, सुकर, आसान, सहज;—chair आरामी मेच;—going सुस्त, आरामी चाहने;—ily **क्रि. वि.** सितिमिति, अनायास; take it—खामस खानु ।

eat (ईट्) **क्रि.** (भू. का.—ate, eat उच्चा. एट् ; निष्ठा० eaten ईटन्) खानु, धिच्नु, खिइनु;—s **ना.** खानेकुरा;—ing house **ना.** भोजनालय ।

eau (ओ) **ना.** पानी ।

eaves (ईभ्ज़्) **ना.** (ब. व.) ओरियानी, बलीक, बलेनी, बलेसी;—dropper लुकेर कुरा सुन्ने, गूढवर्चस् ।

ebb (एब्) **ना.** भाटा, क्षय ।

ebonite (ए'बोनाइट्) **ना.** = vulcanite कडा रबड, भल्कानाइट ।

ebony (ए'बनि) **ना.** कडा कालो काठ ।

ebriety (ईब्रा'यटि) **ना.** जँडयाइ, मद, मत्तता ।

ebulli/ent (इब'लिएण्ट्) **वि.** उम्लेको, फुर्तिलो, मात्तिएको;—tion **ना.** उत्सेचन, क्वथन ।

eccentric (एक्सेन्'ट्रिक्) **वि.** र **ना.** विषम, विलक्षण, मनमोजी, रुक्कड, सन्क्याहा; **ना.** सामान्येतर, उत्केन्द्र, विकेन्द्र ।

echelon (ए'शलन्) **ना.** सोपानी ।

echo (ए'को) **ना.** (ब.·व.–es) र **क्रि.** हाँकमारा, प्रतिशब्द, घनक, प्रतिध्वनि; **क्रि.** घन्कनु, गुँज्नु, रन्कनु ।

eclair (एक्'लेयर्) **ना.** सानू अर्धचन्द्राकार रोटी ।

eclaircissement (एक्लेयर्सिस्'माँ) **ना.** स्पष्टीकरण, व्याख्या ।

eclat (एक्ला') **ना.** स्मरणीय सफलता, गौरव, ख्याति, शान, रवाफ ।

eclectic (एक्लेक्'टिक्) **वि.** र **ना.** सबसँग लिने, छान्ने ।

eclipse (एक्लिप्स्) **ना.** र **क्रि.** ग्रहण, अँध्यारो, ग्रास; **क्रि.** ज़ित्नु, ढाक्नु, अँध्यारो पार्नु ।

ecliptic (एक्लिप्'टिक्) **वि.** र **ना.** ग्रहणको; **ना.** सूर्यको (देखिने) अवास्तव कक्षा ।

eclogue (एक्'लॅग्) **ना.** छोटो कविता (खा. ग. ग्रामीण विषयमा) ।

econom/ic (ए (इ) कनॅ'मिक्) **वि.** र **ना.** अर्थशास्त्रको, लाभकर, किफायती, बचत गर्ने, आर्थिक;—ical **वि.** मितव्ययी, कमखर्ची, संचयशील;—ics **ना.** अर्थशास्त्र ;—ist **ना.** अर्थशास्त्री ।

econom/y (इकॅ'नमि) **ना.** आर्थिक परिस्थिति, मित-

व्ययिता, किफायत, फारो, बचाउ, अर्थव्यवस्था, व्यवस्था, संगठन; —ize **क्रि.** फारो गर्नु, सँगाल्नु, जोगाउनु, जगेर्ना गर्नु ।

ecsta/cy (एक्'स्टासि) **ना.** हर्षोन्माद, संमोह, उन्माद, परमानन्द;—tic **वि.** मोहक, लवलीन, तन्मय ।

eczema (एक्'ज़िमा) **ना.** दाद, चर्मरोग ।

eddy (ए'डि) **ना.** र **क्रि.** भुँवरी, भमरी, जलावर्त ।

Eden (ई'ड्न्) **ना.** आदम र ईभको वासस्थान, सुखमय निवास, परमानन्दको स्थिति ।

edge (एज्) **ना.** धार, सूर, छेउ, छेउछाउ, ढिक, डील, तट, कोर, शान, पानी, पाइन, बीट, सप्को, किनार; **क्रि.** सर्नु, घस्कनु; teeth on—दंतहर्श, दाँत कुँडिनु, खिन्याउनु ।

edging (ए'जिङ्) **ना.** किराना, झल्लर, पठ्ठा, जरीलेस, मोहोर्जा, मुग्जी, संजाप, सेप्टा ।

edgy (ए'जि) **वि.** धारिलो, झोकी, क्षुब्ध, उत्तेजित, सन्तप्त ।

edible (ए' डिब्ल्) **वि.** खाद्य, भोज्य, भक्ष्य, खान हुने, प्राशनीय ।

edict (ई'डिक्ट्) **ना.** आधिकारिक घोषणा, इस्तिहार ।

edifice (ए'डिफिस्) **ना.** भवन, महल ।

edify (ए'डिफाइ) **क्रि.** आध्यात्मिक सुधार गर्नु, उन्नत, गराउनु, अवगत गराउनु, ज्ञानवृद्धि गराउनु;—ication **ना.** उत्कर्ष, ज्ञान प्राप्ति, उपदेश, शिक्षण;—ying **वि.** उपदेशक, ज्ञानवर्धक ।

edit (ए'डिट्) **क्रि.** सम्पादन गर्नु, संस्करण तयार गर्नु;—ion **ना.** संस्करण ।

editor (ए'डिटर्) **ना.** सम्पादक, समाचार-पत्र संचालक;—ial **वि.** र **ना.** अग्रलेख, सम्पादकीय ।

educat/e (ए'ड्यु'के'ट्) **क्रि.** अध्यापन गर्नु, पढाउनु, शिक्षा दिनु;—ion **ना.** अध्यापन, शिक्षा-दीक्षा, अध्ययन;—ional **वि.** शैक्षिक, शिक्षण;—ionist **ना.** शिक्षाविद् ।

educe (एड्यूस्) **क्रि.** विकास गर्नु, निकाल्नु, अनुमान गर्नु ।

eel (ईल्) **ना.** वाम माछा ।

eerie (इ'यरि) **वि.** अनौठा, विलक्षण, डरलाग्ने, पैशाचिक ।

efface (ए'फेस्') **क्रि.** मेटाउनु, नामेट पार्नु, लोप गराउनु ।

effect (एफेक्ट्') **ना.** र **क्रि.** फल, असर, परिणाम, घत, निदान, प्रभाव, तासीर, सम्पत्ति, जेथा; **क्रि.** संपादन गर्नु, गराउनु, कार्यान्वित गर्नु ।

effective (एफेक्'टिभ्) **वि.** र **ना.** फलोत्पादक, सेवायोग्य, जसिलो, प्रभावकारी, कार्यसाधक, निष्पादक; **ना.** सेनाको भाग; be—लाग्नु, काम लाग्नु ।

effectu/al (एफेक्'ट्युअल्) **वि.** फलवत्, कार्यसाधक;—ate **क्रि.** गर्नु, सम्पादन गर्नु, पूरा गर्नु ।

effeminate (एफे'मिनेट्) **वि.** स्त्रीस्वभाव, स्वास्नीमानिस जस्तो, नारीवत्, ऐयाशी, स्त्रैण, क्लीवता ।

efferves/cent (एफर्भे'सेण्ट्) **वि.** पाक्ने, उम्लने, फेनोद्गम, बुदबुदाउने, फोका उठ्ने.—ce **ना.** उत्सेचन, फेनोद्गम हुनु ।

effete (एफीट्') **वि.** जीर्ण, क्षीण, दुर्बल ।

efficacy (ए'फिकेसि) **ना.** प्रभाव, क्षमता, कौशल ।

efficacious (एफिके'शस्) **वि.** फलोत्पादक, अमोघ, प्रभावशील, जहडी ।

efficien/t (एफि'शेण्ट्) **वि.** दक्ष, कार्यदक्ष, सिपालु, कार्यकुशल, साधक;—cy **ना.** दक्षता;—cy bar दक्षता रोक ।

effigy (ए'फिजि) **ना.** तस्वीर, मूर्ति ।

effloresce (एफ्लोरिस्') **क्रि.** पुष्पित हुनु, प्रस्फुटित हुनु ।

effluence (ए'फ्लुएन्स) **ना.** धारा, प्रवाह ।

effluvium (एफ्लु'भियम्) **ना.** फोक्सो अथवा घ्राणेन्द्रिय-उपर प्रभाव पार्ने निष्कासन ।

efflux (ए'फ्लक्स्) **ना.** प्रस्रव, अभिस्यन्दन, निस्राव ।

effort (ए'फर्ट) **ना.** र **क्रि.** प्रयत्न, आयास, कोशिश, उद्यम, चेष्टा, पौरुष, धामा, झोंज ।

effrontery (एफ्रन्'टरि) **ना.** निर्लज्जत्व, उच्छृङ्खलता, धृष्टता, प्रागल्भ्य ।

effulgent (एफल्'जेण्ट्) **वि.** दीप्तिमान, तैजसी, उज्ज्वल, बल्दो, उज्यालो ।

effusion (एफ्यू'ज़न्) **ना.** स्राव, अवपातन ।

effusive (एफ्यू'सिभ्) **वि.** देखौवा, प्रचुर, अधिक, उत्साही ।

egalitarian (एग्यालिटे'यरियन्) **वि.** र **ना.** समानतावादी ।

egg (एग्) **ना.** र **क्रि.** अण्डा, फुल, डिम्बा; **क्रि.** उक्साउनु, उचाल्नु, ताउ दिनु—plant भण्टा;—head **ना.** (अप०) अति विद्वान् व्यक्ति, पण्डित; nest—**ना.** जगेर्ना ।

ego (ए'गो) **ना.** जीवात्मा;—ism,—tism **ना.** अहमत्याइँ, मपाइँ, आत्मत्व, अहंकार, ममता, मैमत्ता, गर्व ।

egregious (एग्रि'जस्) **वि.** ज्यादै, बढे चढेको, सबलाई जित्ने, जिल्ल पार्ने, अत्यन्त ।

egress (ई'ग्रेस्) **ना.** निष्कासन, निकास, निस्कनु, निर्गम, गौड ।

eight (एइट्) **वि.** आठ;—een **वि.** अठार;—y **वि.** अस्सी ।

either (आइ'दर्,ई'दर्) **वि.** र **स. ना.** या, दुईमा एक, दुवै ।

ejaculat/e (एज्या'क्युलेट्) **क्रि.** एकाएक भन्नु, बक्नु, बम्कनु, सिर्का छोड्नु, उद्गार गर्नु;—ion **ना.** स्खलन ।

eject (इजेक्ट्') **क्रि.** निकाल्नु, निखार्नु, निकास्नु, बेदखली गर्नु;—ment **ना.** बेदखली ।

eke (ईक्) **क्रि. वि.** र **क्रि.** पनि; **क्रि.** धान्नु, निर्वाह गर्नु, सँगाल्नु, गुजारा गर्नु;—out a livelihood गुजारा गर्नु, जीविका गर्नु ।

elaborate (एल्या'बरेट्) **क्रि.** र **वि.** परिश्रमले उत्पन्न गर्नु, परिपाठ लाउनु, सविस्तार योजना गर्नु, उत्पादन गर्नु; **वि.** राम्ररी बनेको, सविस्तार वा सावधानीसाथ गरिएको, यत्नशील, ठाँटको, भडकिलो, विस्तृत ।

elan (ए'लाँ) **ना.** फूर्ति, तुजुक, जोश, शान, रवाफ ।

elapse (एल्याप्स्') **क्रि.** बित्नु, व्यतीत हुनु ।

elastic (एल्यास्'टिक्) **वि.** र **ना.** तन्कने, नम्य, स्थितिस्थापक, स्थापक; **ना.** तन्कने डोरी या धागो या कपडा;—ity **ना.** स्थितिस्थापकत्व, स्थितिस्थापकता ।

elate (इलेट्') **क्रि.** प्रेरणा दिनु, उत्साह दिनु, गर्वित गराउनु;

—d **वि.** दङ्गदास ।

elbow (एल्'बो) **ना.** र **क्रि.** कुहुनो, कुहुनु, कुहिनो; **क्रि.** कुहिनाउनु, घच्याड्नु, धक्याउनु ।

elder (एल्'डर्) **वि.** र **ना.** जेठो, वृद्ध, जेठोबाठो, बूढोपाको, बुज्रुक, बुज्रुक्कड, अधवैंसे, गुरुघण्टाल;—ly **वि.** अधवैंसे, प्रौढ, बूढो;—statesman बुज्रुक, परिपक्व राजनीतिज्ञ ।

elect (इलेक्ट्') **वि.** र **क्रि.** छानिएको, नियुक्त; **क्रि.** छान्नु, वरण गर्नु, निर्वाचन गर्नु;—ion **ना.** निर्वाचन, चुनाव;—ioneer **क्रि.** निर्वाचनको तरखर गर्नु;—ive छानिने, निर्वाचित हुने;—or **ना.** मतदाता;—orate मतदाताको समूह ।

electri/city (इ (ए) लेक्ट्रि'सिटि) **ना.** विद्युत्, दामिनी, छटा, बिजुली; electric **वि.** वैद्युत;—cal विद्युत्सम्बन्धी, वैद्युतिक;—fy **क्रि.** विद्युन्मय गर्नु, आविष्ट गर्नु, तर्साउनु, चौकन्ना गर्नु, रूसङ्ग पार्नु ।

electro (एलेक्ट्रॅ) **प्र.** वैद्युत;—cution (—क्‍यू'श्‌न्) **ना.** विद्युन्मरण (दण्ड);—lysis (-लिसिस्) विद्युत्द्वारा विच्छेद;—te **ना.** विद्युत् विच्छेद्य;—motive (एलेक्ट्रोमो'टिभ्) **वि.** विद्युत् उत्पादक, वैद्युत प्रेरक, वैद्युत् चालक;—plate (—प्लेट्) **ना.** र **क्रि.** विद्युत्द्वारा रौप्य गराउनु;—therapy (-थे'रपि) **ना.** विद्युत् चिकित्सा ।

electrode (एलेक्'ट्रोड्) विद्युत्द्वार ।

electrolier (एलेक्ट्रलियर्') **ना.** विद्युत् झाड ।

electron (एलेक्'ट्रॅन्) **ना.** ऋणात्मक अभाज्य विद्युत् एकांक, विद्युत्कण;—ic **वि.** विद्युत्कणीय; **सा. ना.** (ब. व.)—हरूको, शून्यमा, उदा. रेडियो भाल्भ, एक्सरे नलीमा, व्यवहारको अध्ययन गर्ने भौतिक शास्त्रको शाखा ।

elleemosynary (एलिइमॅ'सि(ज़ि)नरि) **वि.** दानमा निर्भर गर्ने, दातव्य, मुफ्त, विना पैसाको ।

elegan/t (ए'लिग्याण्ट्) **वि.** ललित, सुन्दर, सुहाउने;—ce **ना.** शब्दसौष्टव, लालित्य, चारुता ।

elegy (ए'लिजि) **ना.** विलापगीत, शोकगीत ।

element (ए'लिमेण्ट्) **ना.** तत्व, मूल, वस्तु, अवयव; निवास, वायुमण्डल; बिजुलीको हीटरको अवयव; ज्ञानको प्रारम्भ ।

elementary (एलिमेन्'टरि) **वि.** प्रारम्भिक, सजिलो, तात्विक ।

elephant (ए'लिफ्याण्ट्) **ना.** हस्ति, गज, दँतार, ढोई, करिणी, हस्तिनी, हात्ती, हाथी;—iasis **ना.** थामखुट्टे, पादशोथ, फिलपाउ;—ine **वि.** भद्दा, सम्हालिनसक्ने;—cub **ना.** छावा, कलभ; male—मत्ता; female—ढोई ।

elevat/e (ए'लिभेट्) **क्रि.** उचाल्नु, उठाउनु;—ion **ना.** उन्नतांश, उँचाइ; उन्नति, चकचकी, चहकमहक ।

elevator (ए'लिभेटर्) **ना.** उत्तोलक, लिफ्ट ।

eleven (इले'भन्) **ना.** एघार ।

elf (एल्फ्) **ना.** (ब.व.–eleves) अप्राकृतिक, (सानू) जीव, परी, प्रेत, पिशाच ।

elicit (एलि'सिट्) **क्रि.** झिक्नु, निकाल्नु ।

eli/de (एलाइड्') **क्रि.** स्वरलोप गर्नु;—sion **ना.** स्वरलोप ।

eligible (ए'लिजिब्ल्) **वि.** ग्राह्य, पात्र, छान्न योग्य, योग्यता पुगेको ।

eliminate (एलि'मिनेट्) **क्रि.** लुप्त गर्नु, नामेट गर्नु, हटाउनु, लोप गराउनु, हराउनु ।

elite (एलीट्') **ना.** विशिष्ट, सर्वोत्तम, सर्वश्रेष्ठ, गण्यमान्य ।

elixir (इलि'क्सर्) **ना.** महौषधि, रामबाण, रसायन ।

ellip/se (एलिप्स्') **ना.** दीर्घवृत्त, अण्डवृत्त;—tical **वि.** अंडवृत्ताकार, न्यूनपद ।

ellipsis (एलिप्'सिस्) **ना.** (ब.व.–pses) **ना.** न्यूनपद ।

elocution (एलोक्यू'श्‌न्) **ना.** वाक्शक्ति, वाक्पटुता, वाक्रीति ।

elongation (ईलॅङ्गे'श्‌न्) **ना.** दीर्घीकरण, दैर्घ्यप्रसार, लम्ब्याउनु ।

elope (एलोप्') **क्रि.** भाग्नु, पोइल जानु;—ment **ना.** चोरिका विवाह, स्वयंवर ।

eloquen/ce (ए'लक्वेन्स्) **ना.** वाक्पटुता, परिपाठ, वाग्मिता;—t **वि.** बोलक्कड, वाक्पटु, वाग्मी ।

else (एल्स्) **क्रि. वि.** अन्यथा, नत्र;—where **वि.** अन्त, अन्यत्र ।

elucidat/e (एलु'सिडेट्) **क्रि.** व्याख्या गर्नु, प्रकाश पार्नु, स्पष्ट गर्नु, अर्थ्याउनु, माने लाउनु;—ion **ना.** व्याख्या, स्पष्टीकरण ।

elu/de (एलुड्,—ल्यूड्) **क्रि.** छल्नु, भाग्नु;—sive **वि.** छली, देखा नपर्ने, निर्गमपर ।

Elysee (एलीज़ें') **ना.** फ्रेञ्च राष्ट्रपतिको औपचारिक निवास, एलिजे ।

Elysium (एलि'ज़ियम्) **ना.** स्वर्ग, स्वर्गलोक, महानन्दको स्थान ।

emaciat/e (एम्या'शिएट्) **क्रि.** दुब्लो बनाउनु, टाक्सिनु, सुक्नु, दाउरिनु, क्षीण हुनु;—ion **ना.** उत्पत्ति, उद्भव, उद्गम;—ed क्षाम, दाम्रिएको, दाउरिएको, टाक्सिएको, सुकेको ।

emanat/e (ए'मनेट्) **क्रि.** उत्पन्न हुनु, निःसृत हुनु;—ion **ना.** उत्पत्ति, उद्भव, उद्गम ।

emancipat/e (एम्यान्'सिपेट्) **क्रि.** मुक्त गर्नु, अमलेख गर्नु;—ion **ना.** मोचन, मुक्ति ।

emasculate (एम्यास्'क्यूलेट्) **क्रि.** छोडाउनु, आख्ता गर्नु, नपुंसक बनाउनु, वृषणच्छेद गर्नु, स्त्रीसमान हुनु ।

embalm (एम्बाम्') **क्रि.** (शव) सड्नबाट बचाउनु; विस्मृतिबाट जोगाउनु; सुवासित गराउनु ।

embankment (एम्ब्याङ्क्'मेण्ट्) **ना.** सेतुबंध, मृत्तिकाचय ।

embargo (इम्बाअर्'गो) **ना.** (ब. व.)—es निषेध, अवरोध, रोक्का, निषेधाज्ञा ।

embark (एम्बाअर्क्') **क्रि.** जहाज चढ्नु, सवार हुनु, आरोहण गर्नु;—ation **ना.** आरोहण, पोतारोहण ।

embarras de choix de richesse (आँबारा' ड श्वा'–ड रीशेस्') **ना.** प्राचुर्य, ज्यादापन ।

embarrass (एम्ब्या'रास्) क्रि. आकुल गर्नु, व्यग्र गराउनु, भुटभुटिनु, संभ्रान्त हुनु, धकाउनु;—ment ना. संकोच, लाज, अप्ठ्यारो, लाज मर्नु, असजिलो;—ing वि. बाउँटे, टेढो, उल्टो, असजिलो, संकोच पार्ने ।

embassy (एम्'ब्यासि) ना. दूतावास, राजदूतावास, राजदूतको कामकाज, आयोग, दौत्य ।

embed (एम्बेड्') क्रि. गाड्नु;—ded वि. निहित, निविष्ट ।

embellish (एम्बे'लिश्) क्रि. सिंगार्नु, सजाउनु, अलंकृत गर्नु;—ment ना. परिपंच ।

ember (एम्'बर्) ना. (धे. ज. ब. व.) अंगार, भुंग्रो ।

embeggle (एम्बे'ज़्ल्) क्रि. मास्नु, मार्नु, हडप्नु, पचपार्नु, हिनामिना गर्नु भूस पार्नु;—ment ना. मसोट ।

embitter (एम्बि'टर्) क्रि. तीतो पार्नु, प्रकोप गराउनु, झोक्याउनु, रिस उठाउनु, टर्रिनु, चिढिनु ।

emblem (एम्'ब्लेम्) ना. लक्षण, चिह्न, प्रतीक ।

embo/dy (एम्बॅ'डि) क्रि. मूर्तमान गराउनु, देहवत् गराउनु, शरीर दिनु, मूर्तरूप दिनु;—diment मूर्तत्व, मूर्तित्व ।

embolden (एम्बोल्'डन्) क्रि. सुन्याउनु, प्रोत्साहन दिनु, मत्याउनु, माद चढाउनु, उभाड्नु, शिर चढाउनु ।

embonpoint (आँवँप्वाँ) ना. जीउ लाग्नु, मोटोघाटो (खा. ग. स्त्री जातिको, उपहासार्थ) ।

emboss (एम्बॅस्') क्रि. (उठेको) बुट्टा काट्नु ।

embrace (एम्ब्रेस्') ना. र क्रि. अँगालो हाल्नु, अँगाल्नु, आलिङ्गन गर्नु, स्वीकार गर्नु, गाँज्नु, च्याप्नु; ना. अँगालो, फेरो, हातेमालो, वाँहजोरी, अंकमाल, आलिंगन ।

embrocation (एम्ब्रके'श्न्) ना. मर्दन, लेपन ।

embroider (एम्ब्रॉय'डर्) क्रि. (कपड़ामा) बुट्टा भर्नु;—y ना. सूचीकर्म, बुट्टा, पट्टा, जरीलेस, बुनाइ ।

embroil (इम्ब्रॉयल्') क्रि. भिडाउनु, गोलमाल पार्नु ।

embryo (एम्'ब्रियो) ना. (ब. व.—os) गर्भ, भ्रूण; in— गर्भाच्छन्न, अपरिपक्व ।

emend (एमेण्ड्') क्रि. सच्याउनु, संशोधन गर्नु, सच्चिनु, शुद्ध गरिनु, सुद्धिनु ।

emerald (ए'मरल्ड्) ना. पन्ना ।

emerge (एमअ्र्ज़्') क्रि. निस्कनु (पानी वा तरलबाट);—nce ना. निर्गमन, प्रादुर्भाव;—ncy ना. खंड खाद्य, संक्रमट, भैपरिआउने, अपरझट, संकट, आपत, गाह्रो सांग्रो, साह्रो गाह्रो, तात्कालिक क्रिया ।

emery (ए'म्रि) ना. कुरून;—paper ना. एमरी कागत ।

emetic (एमे'टिक्) ना. र वि. वान्त गराउने (औषधि), वमन, वमनकारक ।

emigrat/e (ए'मिग्रेट्) क्रि. बसाइँ सर्नु;—ion ना. स्वदेश त्याग ।

emigre (ए'मिग्रे) ना. प्रवासी ।

eminen/ce (ए'मिनेन्स्) ना. अग्लो स्थान, उँचाइ, श्रेष्ठपना;—t वि. प्रख्यात, श्रेष्ठ ।

emissary (ए'मिसरि) ना. दूत, जासूस, भेदिया, गुप्तचर ।

emission (एमि'श्न्) ना. प्रस्कन्दन, वीर्यपतन, निष्कासन; emit क्रि. अस्कन्दन गर्नु, निकाल्नु ।

emollient (इमॅ'लिएण्ट्) वि. र ना. नरम पार्ने; ना. बिलेपन ।

emolument (इमॅ'ल्यूमेण्ट्) ना. मेहनताना, पारिश्रमिक, उपलब्धि, प्राप्ति, तलब, तनखा ।

emotion (इमो'श्न्) ना. भाव, चित्तविकार, राग, आवेग, चित्तक्षोभ, भावना;—al वि. भावविशिष्ट, भावुक ।

empanel (एम्प्या'नल्) क्रि. (–ll–) भर्ना गर्नु (खा. ग. जुरीमा) ।

emperor (एम्'परर्) ना. सम्राट, अधिराज, चक्रवर्ती, बादशाह, राजेश्वर ।

empha/sis (एम्'फसिस्) ना. जोर, जोड, बल, महत्व;—tic वि. जोरदार, सार्थ ।

emphysema (एम्फिसी'मा) ना. सूज, फोक्सोका वायु पुंजमा सूज ।

empire (एम्'पायर्) ना. साम्राज्य, आधिपत्य, राष्ट्र, बादशाही ।

empiric (एम्पि'रिक्) वि. र ना. प्रयोगात्मक, प्रयोगसिद्ध, प्रयोगाधारित; ना. प्रयोगवादी, मिथ्या पण्डित ।

employ (एम्प्लॉय') क्रि. नियुक्त गर्नु, सुमर्नु, प्रयुक्त गर्नु, काम लगाउनु, बहाल गर्नु;—ee ना. कर्मचारी, जागीरे, तलबदार कर्मकार, अहलकार, कामदार, कामदार कारिन्दा;—ed वि. बहाल, जागीर;—er योजक, प्रवर्तक;—ment रोजगार, पेशा, नोकरी ।

emporium (एम्पो'ऋियम्) ना. बजार, मण्डी, कोठी ।

empower (एम्पा'व़र्) क्रि. अख्तियार दिनु, अधिकार दिनु, शक्ति दिनु ।

empty (एम्प्'टि) वि., ना. र क्रि. फुक्लो, खोक्रो, खाली, शून्य, रित्तो; क्रि. रित्तिनु, खलास हुनु, सकिनु, खन्तिनु, पोखिनु, निखनु, घोप्ट्याउनु, निखार्नु, टकटकिनु, खोक्रिनु;—threat बन्दरघुर्की, फोस्रो धाक ।

empyrean (एम्पिरी'यन्) वि. र ना. उत्तम स्वर्ग, तेजोलोक, वैकुण्ठ; वि. दृश्य आकाशको ।

emulat/e (ए'म्यूलेट्) क्रि. स्पर्धा गर्नु, जित्न खोज्नु, उद्योगसँग नकल गर्नु;—ion ना. स्पर्धा, विजिगीषा;—emulous वि. प्रतिस्पर्धी, जयेच्छु, विजिगीषु ।

emulsi/on (एमल्'श्न्) ना. पयस्य;—fy क्रि. पयस्य बनाउनु ।

enable (इने'ब्ल्) क्रि. समर्थ बनाउनु, व्यवस्था गर्नु ।

enactment (एन्याक्टमेण्ट्) ना. ऐन, नियम बनाउनु, व्यवस्थागर्नु; अदल ।

enamel (इन्या'मेल्) ना. एनामेल; (दाँतको) दन्तवल्क ।

enamour (इन्या'मर्) क्रि. प्रेम जगाउनु, आसक्ति जगाउनु, खुशी पार्नु, मोह गर्नु, लहसाउनु, रत्तिनु, फस्नु ।

en bloc (आँ ब्लॅक्) **क्रि. वि.** पूरापूर, जम्बै, समूहमा ।

encampment (एन्क्याम्प्'मेण्ट्) **ना.** डेरा, वास, क्याम्प, वस्ती ।

encase, in-(एन्केस्',इन्-) **क्रि.** खोल हाल्नु, बट्टामा राख्नु ।

encash (एन्क्याश्') **क्रि.** नगद गराउनु, साट्नु (चेक इ.) ।

enceinte (आँसेँट्') **वि.** गर्भवती, पेट बोकेकी, गाभिन ।

encephalic (एन्सेफ्या'लिक्) **वि.** मस्तिष्कको ।

enchain (एन्चेन्') **क्रि.** (सिक्रीले) बाँध्नु, थुन्नु, (ध्यान) रोक्नु, जकड्नु ।

enchant (एन्चाण्ट्') **क्रि.** जादू गर्नु, मोह पार्नु, प्रसन्न पार्नु;—**ment ना.** इन्द्रजाल, टुना, प्रवञ्चना, माया;—ing **वि.** प्रामोदिक, मोह गर्ने, मोहक ।

encircle (एन्सर्‌'क्ल्) **क्रि.** घेर्नु;—ment **ना.** घेराव,घेरा ।

en clair (अँ क्लेयर्) (वाक्य) साधारण भाषामा (कोडमा होइन) (तार, सरकारी लेखापढी इ०) ।

enclave (एन्क्लेभ्') **ना.** विदेशी भूमि परिवेष्टित जग्गा, क्षेत्र ।

enclos/e, in-(एन्क्लोज्',इन्—) **क्रि.** घेर्नु, नत्थी गर्नु, सामेल गर्नु, ञुत्तिखेल्नु, खाम्नु;—ure **ना.** घेरा, हाता, खामिएको, सामेलो, नत्था, परिवेश प्राकार,'प्राचीर, साल ।

encomi/ast (एन्को'मिअ्यास्ट्) **ना.** चापलूस, प्रशंसक;—um **ना.** श्लाघा, अति प्रशंसा, भूरिभूरि प्रशंसा ।

encompass (एन्क'म्पास्) **क्रि.** घेर्नु (खा. ग. शत्रुतापूर्ण वा मैत्रीपूर्ण इरादाले), परिवेष्ठन गर्नु, धारण गर्नु, ञुत्ति खेल्नु ।

encore (अँकोर) **वि. बो., ना.** र **क्रि.** फेरि, फेरि पनि, थप, एक पटक अरू; **क्रि.** दोहऱ्याउनु; **ना.** कलाकारलाई मंचमा बोलाहट ।

encounter (इन्काउन्'टर्) **क्रि.** र **ना.** लड्नु, भिडिनु; **ना.** भेट, विरोधमा भेट, भिडन्त, जंकाभेट, मुलाकात ।

encouple (एन्कंप्ल्') **क्रि.** जोल्याउनु, जोल्टिनु ।

encourage (एन्क'रेज्) **क्रि.** प्रोत्साहन दिनु, उचाल्नु, उक्साउनु, उभाड्नु, प्रश्रय दिनु, पुठ दिनु, ढाढस, हौसला, ताउ दिनु, सुन्याउनु;—ment ढाढस, ताउ, प्रोत्साहन, प्रश्रय ।

encroach (एन्क्रोच्') **क्रि.** अतिक्रमण गर्नु, अन्याय्य प्रवेश गर्नु, ढाम्नु, चाप्नु, ओगट्नु, हाँप्नु, आँच लगाउनु ।

encrust, in, (एन्क्रस्ट्'-इन-) **क्रि.** पाप्रा लाग्नु, तर लाग्नु;—ation **ना.** काई, पाप्रा ।

encumb/er (एन्कम्'बर्) **क्रि.** अडकाउ गर्नु, भारग्रस्त गर्नु;—rance **ना.** अलमल, झन्झट, टण्टा, भार ।

encyclop (a) edia (एन्साइक्लपी'डिया) **ना.** (ब.व.-ias) विश्वकोश ।

end (एण्ड्) **ना.** र **क्रि.** अन्त, तय, निमित्त, इतिश्री, छेउ, अभीष्ट, उद्देश्य, मुराद, खतमी, तमामी, पर्यवसान, बैठान, खत्तम, खलास, पुछार, समाप्ति, टुंगो; **क्रि.** सिध्याउनु, सकिनु, शेष गर्नु; to no—व्यर्थ ।

end (एण्ड) **ना.** र **क्रि.** gain one's—दुनो सोझ्याउनु, to no—व्यर्थ ।

endanger (एन्डेन्'जर्) **क्रि.** खतरामा पार्नु, संकटमा पार्नु ।

endear (एन्डियर्') **क्रि.** प्यारो, प्रिय गराउनु ।

endeavour (एन्डे'भर्) **ना.** र **क्रि.** प्रयत्न, उद्यम, प्रयास, उद्योग ।

endemic (एन्डे'मिक्) **वि.** र **ना.** स्थानिक (व्याधि, रोग) ।

endless (एण्ड्'लेस्) **वि.** अनन्त, अपार, अशेष, अनवरत, निरवधि ।

endocrine (एन्'डक्राइन्) **ना.** अन्तःस्राव ।

endorse (एन्डोअ्र्स्') **क्रि.** दरपीठ गर्नु, समर्थन, अनुमोदन गर्नु, अंकित गर्नु, पृष्ठाङ्कन गर्नु, सही गर्नु;—ment **ना.** दरपीठ ।

endow (एन्डाउ') **क्रि.** दान गर्नु;—ment दान, दातव्य, गुठी ।

endue (एन्ड्यू', इन्-) **क्रि.** पहिराउनु, लाइदिनु, युक्त गराउनु ।

endur/e (एन्ड्योअ्र्') **क्रि.** सहनु, वेसाउनु, थेग्नु, भुक्तनु, बरदास्त गर्नु, खामस खानु;—ance **ना.** सहिष्णुता, सहनशीलता ।

endways (एण्ड'वेज्) **क्रि. वि.** अन्त दर्शकपट्टि, अथवा माथितिर, या छेउमा, छेउछेउ जोरेर ।

enema (ए'निमा, इनी'मा) **ना.** गुदा मार्गबाट तरल वस्तु हाल्नु, सो गर्ने उपकरण, डूश दिनु ।

ene/my (ए'निमि) **ना.** दुश्मन, द्वेषी, द्रोही, शत्रु, सपत्न, प्रतिपक्षी, वैरी;—mity **ना.** शत्रुता, द्वेष, तोयमोय, वैरत्व, दुश्मनी, वैरभाव ।

ener/gy (ए'नर्जि) **ना.** तेज, जाँगर, उमंग, स्फूर्ति, तुजुक, हौसला, जेहन, तदारूखता, जोश, निच, झक, ढर्रा, किस्मती, कुदरती, उद्योगी, बल, क्रियाशील, सयत्न, कार्यतत्पर, सटरपटर;—getic **वि.** जाँगरिलो, मुस्तैद, सचेष्ट, तेजिलो, तेज, जोडतोड सँग; energetically **क्रि. वि.** पटापट;—gize **क्रि.** तात्नु, तताउनु, चलाउनु;—food शक्तिउत्पादक भोजन ।

enerva/te (ए'नर्भेट्) **वि.** र **क्रि.** वीर्यमा, बलमा कम; **क्रि.** कमजोर तुल्याउनु;—tion **ना.** ग्लानि, कमजोरी ।

en famille (आँफमी'ए) **क्रि. वि.** घरमा, परिवारको माझमा ।

enfant terrible (आँफाँ टेरीब्ल्') **ना.** अप्ठ्यारो प्रश्न गर्ने, जे देख्यो सुन्यो सोही भन्ने, बालक, असजिलो पार्ने व्यक्ति ।

en fete (अँ फेट्) **क्रि वि.** उत्सवको लुगा, तयारीको साथ ।

enfold (एन्फोल्ड्') **क्रि.** बेर्नु, अँगाल्नु, दोब्ब्याउनु, च्याप्नु ।

enforce (एन्फोअ्र्स्') **क्रि.** लागू, गर्नु, चालु गर्नु, कायम गर्नु, सबल गर्नु, दृढ गर्नु;—ment **ना.** प्रचलन ।

enfranchise (एन्फ्न्यान्'चाइज्) **क्रि.** छुटकारा दिनु, छोड्नु, नागरिक हक दिनु, चुनावमा भाग लिन दिनु ।

engag/e (एङ्गेज्') **क्रि.** वचन दिनु, राख्नु, नोकरी दिनु, भाडामा लिनु, भर्ना हुनु, सुमर्नु, लाग्नु, जकडिनु, जोडिनु, हाल्नु, नियुक्त हुनु, भिड्नु;—ing **वि.** मनोहर, आकर्षक;—ement **ना.** करार, चुक्ति, काम, वचन, नियुक्ति, कार्यावधि; विवाह-घोष, वाग्निश्चय, विवाह प्रस्ताव ।

engine (एन्'जिन्) **ना.** यंत्र, इन्जिन, उपकरण, उपाय ।

engineer (एन्जिनिय्र्) **ना.** र **क्रि.** स्थपति, अभियन्ता, इन्जिनीयर, यन्त्रकार, यन्त्रकारी; **क्रि.** रचना गर्नु, संचालन गर्नु व्यवस्था गर्नु, गराउनु, प्रबन्ध गर्नु, उपाय सोच्नु;—ing **ना.** स्थापत्य कला, कालिगडी विद्या, शिल्पशास्त्र, यंत्रकारी ।

English (इङ्'ग्लिश्) **ना.**, **वि.** र **क्रि.** अंग्रेजी; **वि.** बेलाइती; **क्रि.** अंग्रेजीमा उल्था गर्नु ।

engrav/e (एन्ग्रेभ्') **क्रि.** खोद्नु, लेख्नु, कुँद्नु, खोप्नु, काट्नु, छाप लाउनु (स्मृतिमा), चित्रांकन गर्नु;—er **ना.** मुद्राकार;—ing **ना.** उत्कीर्णन, चित्रांकन ।

engross (एन्ग्रोस्') **क्रि.** तल्लीन हुनु, गराउनु;—ed **वि.** दत्तचित्त, रद्द, तल्लीन ।

engulf (एन्ग'ल्फ्) **क्रि.** ग्रास गर्नु ।

enhance (एन्हा(ह्या)न्स्') **क्रि.** बढाउनु, वृद्धि गर्नु ।

enigma (एनिग्'मा) **ना.** प्रहेलिका, रहस्य, गहन वस्तु ।

enjoin (एन्जॅयन्') **क्रि.** आदेश दिनु, आज्ञा दिनु ।

enjoy (एन्जॅय') **क्रि.** भोग गर्नु, आनन्द लिनु, चैन गर्नु;—ment **ना.** उपभोग, आनन्द ।

enkindle (एन्किन्'ड्ल) **क्रि.** बाल्नु, उत्तेजित गर्नु, सल्काउनु ।

enlarge (एन्लाअ्र्ज्') **क्रि.** ठूलो पार्नु, बढाउनु, विस्तृत गराउनु;—ना. बृहतीकरण ।

enlighten (एन्लाइट'न्) **क्रि.** बताउनु, सिकाउनु, खोल्नु, उपदेश दिनु;—ment **ना.** ज्ञानोद्दीपन, बुद्धि ।

enlist (एन्लिस्ट्') **क्रि.** (सेनामा) भर्ती गर्नु, सहयोग, समर्थन प्राप्त गर्नु ।

enliven (एन्लाइ'भ्न्) **क्रि.** उत्साहित गर्नु, अनुप्राणित गर्नु, जीवित गराउनु; उज्यालो पार्नु ।

en masse (अँ मास्) **क्रि. वि.** समूहमा, सबैले ।

enmesh (एन्मेश्') **क्रि.** जालमा पर्नु, जकडिनु, जकडबन्द हुनु ।

enmity (एन्'मिटि) **ना.** शत्रुता, दुश्मनी, वैर ।

ennui (आँ'नुइ) **ना.** पट्टाइ, उच्चाट, ग्लानि, क्लान्ति, उराठ, नियास्रोपन, वैराग ।

enormity (एनॅअ्र्'मिटि) **ना.** घोरता, दारुणता, घोर अपराध, अचाक्ली, बढता, औधीपन ।

enormous (एनॅअ्र्'मस्) **वि.** बडेमान, विशाल, विराट्, अपरिमित, महाप्रमाण ।

enough (एनफ्') **वि.**, **ना.** र **क्रि. वि.** काफी, पर्याप्त, निकै, प्रशस्त, पुग्ने, पूरा, पूर्ण; have—कायल हुनु, चेत बाबा काशी हुनु ।

en passant (आँ पा'साँ) **क्रि. वि.** कुरै कुरामा, प्रसङ्गवश ।

en pension (अँ पाँसियोँ) **क्रि. वि.** बहाल तिरेर (बस्नु) ।

en prise (अँ प्रीज़्) वाक्य—(बुद्धिचालमा) मर्ने स्थितिमा ।

enquire, enquiry (एन्क्वायर, एन्क्वायिर) **ना.** र **क्रि.** inquire, inquiry हेर्नू ।

enrage (एन्रेज्') **क्रि.** चिढाउनु, रीस उठाउनु, क्रोधित गर्नु, हुनु ।

en rapport (आँ रापोर्ट्) **क्रि. वि.** सम्पर्कमा, ठ्याक भएको ।

enrich (एन्रिच') **क्रि.** धनवान बनाउनु, धनी बनाउनु ।

enrol (एन्रोल्') **क्रि.** (-ll-) नाम दर्ता गर्नु, समावेश गर्नु, टिप्नु ।

en route (आँ रूट्) **क्रि. वि.** बाटामा, (ठाउँको) बाटामा ।

ensconce (एन्स्कॅन्स') **क्रि.** लुक्नु, दब्नु ।

ensemble (आँसाँब्ल्') **ना.** सामान्य दृष्टि, साधारण प्रभाव ।

ensign (एन्'साइन्) **ना.** चिह्न, ब्याज, निशान ।

ensilage (एन्'साइलेज्) **ना.** र **क्रि.** हरियो फसल साइलो वा खाडलमा नसुकाई राख्ने, त्यसरी राखिएको भूसा; **क्रि.** हरियो फसल साइलो वा खाडलमा राख्नु ।

enslave (एन्स्लेभ्') **क्रि.** (व्यक्तिलाई) दास बनाउनु, मास्नु;—r **ना.** दास बनाउने, मोहक ।

ensnare (एन्स्नेय्र्') **क्रि.** जालमा पार्नु, पासोमा पार्नु, फँसाउनु ।

ensue (एन्स्यू') **क्रि.** पछि हुनु, परिणाम हुनु ।

ensure (एन्शूअ्र्'–श्योर) **क्रि.** पक्का गर्नु, निश्चय गर्नु ।

entangle (एन्ट्याङ्'ग्ल्) **क्रि.** मुछ्नु, फँसाउनु, लिप्टिनु, जेलिनु, लठारिनु, गाँसिनु;—ment **ना.** माखेसाँग्लो, लसपस, रुन्रुट, टण्टा ।

entente (आँ'टाँट्) **ना.** राष्ट्रहरूका बीचको मैत्रीपूर्ण सम-झौता, मित्रभाव, सलतनत ।

enter (एन्'टर्) **क्रि.** चढाउनु, पस्नु, घुस्नु, पसाल्नु, घुसेड्नु, घुसाउनु, पैठाउनु, भित्रिनु, छिर्नु, घुस्रनु, कस्नु, प्रवेश गर्नु, दर्नु, खुलाउनु, जनाउनु, दर्ता, गर्नु, लगत कस्नु;—service जागीर खानु;—upon बहाल गर्नु, पदग्रहण गर्नु ।

enteric (एन्टे'रिक्) **वि.** अन्त्रसम्बन्धी, आन्द्राको ।

enterpris/e (एन्'टर्प्राइज़्)**ना.** उद्यम, दुष्कर कर्म, अभियान;—ing **वि.** साहसी, उद्योगी ।

entertain (एन्टर्टेन्') **क्रि.** खातिर गर्नु, मनोरंजन गर्नु, अतिथिको रूपमा ग्रहण गर्नु;—ment **ना.** मनोरञ्जन, रमिता, मनरत्यौली, आमोद प्रमोद, दिलबहलाउ, बहार, बहाड ।

enthral (l) (एन्थ्रॉल्') **क्रि.** (-ll-) मोह पार्नु, मोहनी लाउनु, दस बनाउनु, वशीभूत गराउनु ।

enthrone (एन्थ्रोन्') **क्रि.** सिंहासनारूढ गराउनु, सिंहासनमा राख्नु ।

enthus/e (एन्थ्यूज़्') **क्रि.** उत्साह देखाउनु भावुक चाल-बाजी गर्नु, उत्सिनु, उत्साहित हुनु ;—iasm **ना.** उत्साह, व्यग्रता ।

entice (एन्टाइस्') **क्रि.** पल्काउनु, ललाउनु, फकाउनु, लोभ्याउनु, लहसाउनु, फुस्ल्याउनु, फसाउनु, मनाउनु ।

entire (इन्टाय्र्') **वि.** र **ना.** पूरा, पूर्ण, समूचा, नछुटेको, राइरत्ती, समस्त, भएभरको, संपूर्ण;—ly **क्रि. वि.** पूर्णरूपले, पूर्णतया ।

entirety (एन्टाय्र्'टि) **ना.** सम्पूर्णता ।

entitle (एन्टाइ'ट्ल्) **क्रि.** नाम दिनु, उपाधि दिनु;—d **वि.** नाम भएको, हक भएको ।

entity (एन्'टिटि) **ना.** अस्तित्व, वास्तविक वस्तु ।

entomology (एन्टमॅलजि) **ना.** कीटविज्ञान;—logist

कीटशास्त्री, कीटवैज्ञानिक ।

entourage (आँटुरा'ऱ्ज़्) **ना.** दलबल, अनुमान, साहनवाहन, लावा लश्कर, लर्को, अनुचर, सहगामी ।

entrails (एन्'ट्रेल्ज़्) **ना.** (ब. व.) पचाउनी, भिःयाँस, आन्द्रा-भुँडी ।

entran/ce (एन्'ट्रयान्स) **ना.** र **क्रि.** प्रवेश, प्रवेश द्वार, ढोका, प्रवेशको हक, शुल्क; **क्रि.** मोह पार्नु, पेल्नु, मुग्ध पार्नु; —ced **वि.** तन्मय, मोहित;—cing **वि.** हृदयहारी ।

entrant (एन्'ट्र्याण्ट्) **ना.** प्रवेशक, आगन्तुक ।

entrap (ऐन्ट्र्याप्) **क्रि.** जालमा पार्नु, फसाउनु, छल्नु, छकाउनु, ऊक्याउनु ।

entreat (इन्ट्रीट्') **क्रि.** अनुरोध गर्नु, विन्ती गर्नु;—y **ना.** विन्ती, अनुरोध, प्रार्थना अनुनय, हातपाउ ।

entrechat (आँ'ट्रशाँ) **ना.** नृत्यमा नर्तकले भुँवाट उफ्रेर कुर्कुच्चा बजारेको ।

entree (आँट्रे') **ना.** प्रवेशको हक, अधिकार, भोजनको सामग्रीविशेष ।

entrench (एन्ट्रेञ्च्') **क्रि.** सुरुङ्गले (सहर, फौज, चौकी, इ०) घेर्नु; (विर०) प्रवेश गर्नु, पस्नु ।

entrepreneur (आँट्रप्रनअ्र्') **ना.** (व्यापारिक मंस्थाको मुख्य) परिचालक, संचालक, मुख्य, प्रवर्तक, व्यवस्थापक, प्रतिपादक ।

entresol (आँ'ट्रसोल्) **ना.** भुँतला र एक तलाको बीचको होचो तला ।

entrust (एन्ट्रस्ट्') **क्रि.** सुम्पनु, पत्याउनु ।

entry (एन्'ट्रि) **ना.** र **क्रि.** प्रवेश, जनोट, टिपोट, प्रविष्टि, दर्ता; **क्रि.** चढाउनु, दर्नु;—unlawful—or exit नकबजनी ।

entwine (एन्ट्वाइन्') **क्रि.** बेरिनु, बाट्नु ।

enumerate (ऐन्यू'मरेट्) **क्रि.** गन्नु, गिन्ती गर्नु, दफा खोल्नु, वर्णन गर्नु ।

enunciate (इनन्'शिएट्) **क्रि.** स्पष्टसँग प्रकाश गर्नु, घोषणा गर्नु, उच्चारण गर्नु (शब्द);—tion **ना.** प्रतिज्ञा ।

envelop (इन्भे'लप्) **क्रि.** बेर्नु, (दुश्मनलाई) घेर्नु, रंगमंगिनु ।

envelope (एन्'भलोप्, ॲन्'–) **ना.** खाम, ढकना, लिफाफा ।

environ (इन्भाय्'रन्) **क्रि.** घेर्नु, चारैतिर रहनु;—ment **ना.** पर्यावरण, वातावरण, परिसर, सेरोफेरो;—s **ना.** शहरवरिपरिको जग्गा, छेउछाउ, काँठ ।

envisage (इन्भि'सेज़्) **क्रि.** मुख हेर्नु, सामना गर्नु, (कुनै विशेष स्थितिको) बिचार गर्नु, गौड गर्नु ।

envoy (एन्'भॅय्) **ना.** दूत, प्रतिनिधि (खा० ग० राजदूत —एम्ब्यासेडरभन्दा कम दर्जा को); (आ०) ग्रन्थकारको समाप्तिका वचन (खा० ग० छोटो श्लोक); envoi पनि ।

envy (एन्'भि) **ना.** र **क्रि.** ईर्ष्या, असूया, दाह, ईख, द्वेष, डाह, पेट पोल्नु;—iable **वि.** स्पृहणीय;—ious **वि.** आहिसे, डाहाडे ।

enzyme (एन्'ज़ाइम्) **ना.** (जीवित कोषहरूद्वारा उत्पादन हुने) स्राव ।

epaulet (**te**) (ए'पॉलेट्) **ना.** स्कन्धाभरण ।

ephemeral (एफे'मरल्) **वि.** क्षणभङ्गुर, क्षणिक, अस्थायी ।

epic (ए'पिक्) **ना.** महाकाव्य ।

epicure (ए'पिक्योअ्र्) **ना.** उदरपरायण, भोजनचञ्चु, विषयाशक्त, जिब्रुल्ले, चखुवा ।

epidemic (एपिडे'मिक्) **वि.** र **ना.** व्यापक, सर्वग, महामारी, देसाँद, देशाम, सरौटो, सरुवा, विगविगि ।

epidermis (एपिडअ्र्'मिस्) **ना.** बाह्य त्वच, बाह्य चर्म, बाहिरी छाला ।

epiglottis (एपिग्लॅ'टिस्) **ना.** उपजिह्वा ।

epigram (ए'पिग्र्याम्) **ना.** सारपूर्ण वाक्य, सारगर्भित वाक्य, छोटो ठट्याउलो कविता ।

epigraph (ए'पिग्राफ्) **ना.** ढुङ्गा वा मुद्रामा खोदेको कुरा ।

epilepsy (ए'पिलेप्सि) **ना.** छारे रोग, अपस्मार, मूर्च्छा, मृगी ।

epilogue (ए'पिलॅग्) **ना.** उपसंहार, ग्रन्थको अन्त; (अलं०) पर्यवसान, बैठान ।

episode (ए'पिसोड्) **ना.** प्रसङ्ग, घटना, उपाख्यान, कथा, आख्यान, चरित्र ।

epistle (एपि'स्ल्) **ना.** पत्र, लेख, चिट्ठी ।

epistolary (एपिस्'टलरि) **वि.** लेखापढीको ।

epitaph (ए'पिटाफ्) **ना.** चिहानमा खोदिने शब्दहरू, मरुवाको प्रशंसा ।

epitheli/um (एपिथी'लिअम्) **ना.** बाह्य चर्म, छाला;—al **वि.** आच्छादक ।

epithet (ए'पिथेट्) **ना.** उपाधि, गुण या लक्षण बोध गराउने विशेषण, महत्वपूर्ण संज्ञा ।

epitome (एपि'टम्) **ना.** सार, सारांश, छोटकरी, संक्षेप ।

epoch (ए'पॅक्) **ना.** युग, जमाना, काल ।

equable (इ'क्वेब्ल) **वि.** समान, समचित्त, अविचलित, जितेन्द्रिय, सुचित्त ।

equal (इ'क्वल्) **वि.** र **ना.** बराबर, सम, समान, तुल्य, बराबरी, समानता;—ity **ना.** बराबरी, समानता ।

equal/ize (इ'क्वलाइज़्) **क्रि.** बराबर गर्नु, समीकरण, फच्छ्याउनु, फच्छे पार्नु, फर्स्याउनु, (खेल) बराबर गोल गर्नु;—ly **क्रि. वि.** बराबर ।

equanimity (इ (ए) क्वनि'मिटि) **ना.** समचित्तता, समभाव, शम, क्षमा, अक्रोध ।

equate (इक्वेट्') **क्रि.** समीकरण गर्नु;—ion **ना.** समीकरण, साम्य; simple—सरल समीकरण, अज्ञात परिमाणको दोस्रो घात नभएको;—quadratic—वर्ग समीकरण ।

equator (इक्वे'टर्) **ना.** भूमध्यरेखा, निरक्ष ।

equerry (एक्वे'रि) **ना.** अश्वपाल, सवार ।

equestrian (एक्वेस्'ट्रिअन्) **वि.** घोडसवारीको; **ना.** सवार, घोडचढी ।

equidistant (इक्विडिस्'ट्याण्ट) **वि.** समदूरस्थ ।

equilateral (इक्विल्या'टरल्) **वि.** समभुजीय ।

equilibrium (इक्विलि'ब्रियम्) **ना.** साम्य, तुल्यभारता, समतोलन ।

equinox (इ(ए)'क्विनॅक्स्) **ना.** विषुव, विषुवत्;—noctial **वि.** विषुवीय ।

equip (एक्विप्') **क्रि.** सजाउनु, सजिनु, लेस हुनु;—ment **ना.** सरसामान, उपकरण, मालताल, साज;—page साज, सर सामान, सामग्री, सामान, लावालस्कर ।

equipoise (ए'क्विपॅयज़्) **ना.** र **क्रि.** तुल्यभारता, साम्य; क्रि. सन्तुलन गर्नु ।

equitable (ए'क्विटेब्ल्) **वि.** न्याय्य, न्यायी, उचित, न्यायपरायण, समदर्शी ।

equity (ए'क्विटि) **ना.** न्याय, धर्म, न्याय्यता, अपक्षपात ।

equivalen/t (इक्वि'भ्यालेण्ट्) **वि.** तुल्य, तुल्यांक, बराबर, समतुल्य;—ce **ना.** बराबरी ।

equivocal (इक्वि'भोक्ल्) **वि.** द्व्यर्थ, संदिग्धार्थ, अनिश्चित, सन्देहयुक्त ।

equivoc/ate (इक्वि'भोकेट्) **क्रि.** वाक्छल गर्नु, ढाँट्नु, वक्रवचन गर्नु;—ation वक्रोक्ति, वाक्छल ।

equivoque (इ(ए)'क्विभोक्) **ना.** कूटोक्ति, वक्रोक्ति ।

era (एय्रा') **ना.** काल, युग, जमाना ।

eradicate (एऱ्या'डिकेट्) **क्रि.** उन्मूलन गर्नु, उखेल्नु, निर्मूल गर्नु ।

erase (इरेज़्') **क्रि.** मेट्नु, नामेट पार्नु, लोप गर्नु;—r **ना.** मेट्ने रबड; erasure **ना.** व्यामर्श, लोप, केरमेट ।

ere (एय़र्) **उ.** र **सं.** अघि ।

erect (एरेक्ट्') **वि.** र **क्रि.** ठाडो, सोझो, लंब रूप; **क्रि.** खडा गर्नु, रचना गर्नु, बनाउनु;—ible **वि.** ठाडो गराउने;—ion **ना.** उन्नमन, उच्छ्रय ।

ermine (अर्'मिन्) **ना.** न्याउरी जातिको पशु, जसको मुत्ला गर्मीमा कैलो र जाडोमा सेतो हुन्छ, ऐ० को मुत्ला (बडो चीज हुन्छ, खा. ग. न्यायाधीश र सामन्तहरूको पोशाकमा) ।

ero/de (एरोड्') **क्रि.** खानु, खियाउनु, मास्नु;—sion **ना.** भूक्षय ।

Ero/s (इ'अरॅस्) **ना.** (ग्रीसका) कामदेव;—tic **वि.** कामुक;—ticism **ना.** मैथुनको उत्कट इच्छा वा उत्तेजना ।

err (अर्) **क्रि.** भुल्नु, भूल गर्नु, गल्ती गर्नु, विराउनु, चुक्नु, झुकिनु;—ing **वि.** प्रमत्त, भुल्ने ।

errand (ए'न्याण्ड) **ना.** सन्देश, काम, मतलब ।

erratic (एऱ्या'टिक्) **वि.** अनिश्चित, अव्यवस्थित, उटपट्याङ्ग ।

errat/um (एरैं'टम्) **ना.** (ब. व.—ta) (लेखाइ या छपाइमा) अशुद्धि, गल्ती;—a **ना.** शुद्धिपत्र ।

erroneous (एरों'नियस्) **वि.** अशुद्ध, भ्रमपूर्ण, भ्रान्तिमूलक ।

error (ए'रर्) **ना.** गल्ती, चूक, झुक्यान, गफलत, त्रुटि, दोष, भूल;—and omission भूलचूक, तलमाथि, उँचनीच ।

ersatz (एर्सा्ट्स्') **ना.** र **वि.** साटो, सट्टा (ज.) ।

eructat/e (एरक्टे'ट्) **क्रि.** डकार्नु;—ion **ना.** डकार, ज्हिस्नु ।

erudite (ए'रूडाइट्) **वि.** पंडित, व्युत्पन्न, विद्वान ।

erupt (एरप्ट्') **क्रि.** निस्कनु, काट्नु (दाँत गिजाबाट), (ज्वालामुखी) फुट्नु, उब्र्नु;—ive **वि.** स्फोटित, उद्गारित ।

eruption (एरप्'शन्) **ना.** स्फोटन, नि:सरण, दद्रु, निर्गम, उछ्केको; पानीफोका; उद्गार ।

erysipelas (एरिसि'पिलस्) **ना.** उदर्द, (मुख रातो हुने गरी आउने) ज्वरको प्रकार, दद्रु ।

escalade (एस्कलेड्') **ना.** भऱ्याङ्ग हालेर (लडाइँमा) भित्ता उक्लनु, दुर्लङ्घन ।

escala/te (एस्क्याले'ट्) **क्रि.** बढाउनु, चर्काउनु;—tion **ना.** फैलावट, विस्तार, बढौती ।

escalator (एस्'कलेटर्) **ना.** (मानिसहरूलाई तलमाथि लैजाने) चल्ने सिंढी ।

escapade (एस्कपेड्') **ना.** थुना या रोकावटबाट फुत्किनु, उपद्रव, उत्पात ।

escape (एस्केप्') **क्रि.** र **ना.** उम्कनु, फ़ुत्किनु, जोगिनु, सुइँकिनु, धर पाउनु, कुर्कुच्चा ठोक्नु, बुर्कुसी मार्नु, भाग्नु; **ना.** पलायन, निस्तार, त्राण, भगाइ ।

escapement (इस्केप्'मेण्ट्) **ना.** विमोचक, मुहान; (घडी) शासक (यंत्र); नियैता ।

escheat (इस्चिट्') **ना.** अपुताली जेथा राजा वा जिमीदारमा जाने क्रिया ।

eschew (एस्चू') **क्रि.** छोड्नु, त्याग गर्नु, वर्जन गर्नु, परिहार गर्नु ।

escort (एस्कअर्ट्) **ना.** र **क्रि.** अनुचर, रक्षा पुरुष, साथी, गारद, पाउ रखवारी ।

escritoire (एस्'क्रिट्वार्) **ना.** (लेख्ने सामान राख्ने) घिसार्नेसहितको टेबुल ।

esculent (एस्'क्यूलेण्ट्) **वि.** खाद्य, भोज्य, भोजनीय ।

escutcheon (एस्क'चन्) **ना.** कुलचिह्नसहित ढाल ।

esoteric (एस्टे'रिक्) **वि.** (दार्शनिक सिद्धान्तहरू, इ० को) दीक्षा लिनेहरूका लागि मात्र, दीक्षित, गोप्य, अज्ञात, दुर्ज्ञेय ।

espalier (एस्प्या'लिअर्) **ना.** जाफ्री, वाफ्री, थाँक्रो ।

especial (एस्पे'इल्) **वि.** विशेष, उत्तम, विलक्षण, विशिष्ट, मुख्यतया एक कुरामा लागू हुने ।

Esperanto (एस्पऱ्यान्'टो) **ना.** कृत्रिम भाषा, एस्पेऱ्याण्टो ।

espial (एस्पायल्) **ना.** गुप्तचर वृत्ति, हेराइ, गूढावेक्षण ।

espieglerie (एस्पिए'ग्लरि) **ना.** छिचरोपन, जिस्कने ।

espionage (एस्पिओनाझ़्) **ना.** चार, गुप्तचर, गूढावेक्षण ।

esplanade (एस्प्लनेड्') **ना.** (सार्वजनिक हावाखोरीका निम्तिको) चौर, समतल ।

espousal (एस्पाउज़्ल्) **ना.** पाणिग्रहण, विवाह;—e **क्रि.** विहा गर्नु ।

espresso (एस्प्रे'सो) कफी दबावमा बनाउने उपकरण, यस्तो साधन रहेको कफी घर ।

esprit (एस्प्रि') **ना.** फूर्ति, रस, वाक्चतुरता ।

espy (एस्पाइ') **क्रि.** टाढाबाट देख्नु ।

esquire (एस्क्वायर्') **ना.** भलाद्मीको उपाधि ।

essay (ए'से) **ना.** र **क्रि.** निवन्ध, लेख, रचना, प्रवन्ध, आरम्भ, उद्योग; **क्रि.** उद्योग गर्नु, प्रयत्न गर्नु, परीक्षा गर्नु ।

essence (ए'सेन्स्) **ना.** सार, सत्त, सत्व, निचोर, अत्तर, गुदी, चुरो, सारांश, खम्मीर ।

essential (एसेन्'श्ल्) **वि.** आवश्यक, जरूरी, सारभूत, उपयोगी, सारतत्व;—oil वाष्पशील तैल ।

establish (एस्ट्या'ब्लिश्) **क्रि.** कायम गर्नु, स्थापना गर्नु, प्रतिष्ठा गर्नु, खडा गर्नु;—ed **वि.** कायमी, स्थापित;—ment **ना.** संस्थान, प्रतिष्ठान, गठन, स्थापना, दरवन्दी, संस्थापन, नोकर-चाकर, संगठन ।

Estaminet (एस्ट्या'मिने) **ना.** क्याफे अथवा बारसहितको कुटीर ।

estate (इस्टेट्') **ना.** अदल, बेख, जग्गा जमीन, सम्पत्ति, धनमाल, जेथा, श्री-सम्पत्ति, तालुकदारी, जिमीदारी;—agents घर जग्गा खरीद बिक्री र भाडाको बन्दोवस्त गर्ने कम्पनी ।

esteem (एस्टीम्') **ना.** र **क्रि.** आदर, अर्चना, श्रद्धा, सम्मान, मान्यता; **क्रि.** मान्नु, पुज्नु, आदर गर्नु, गन्नु ।

estimate (एस्'टिमेट्) **ना.** र **क्रि.** लगत, अठोट, अञ्जाम, घत, अन्दाज, अनुमान, धारणा; **क्रि.** मूल्य निर्धारण गर्नु, अडकल गर्नु, अठोट्नु, लगत कस्नु; without—वेलगत ।

estimation (एस्टिमे'श्न्) **ना.** गणना, मान, धारणा, आदर ।

estrange (एस्ट्रेञ्ज्') **क्रि.** पराई गराउनु;—d **वि.** विरक्त, निवृत्त, (स्नेह) बिगाठिएको, परचक्री भएको;—ment अपराग, दूरीभाव, फूट, विभेद, गडबडी, बेमेल, वेमिल्ती ।

estuary (एस्'ट्यु अरि) **ना.** नदीमुख, पुटभेद ।

et cetera (एट् से'टेरा) **वाक्य** र **ना.** (ब.व.—as) इत्यादि, प्रभृति, सदर बदर ।

etch (एच्) **क्रि.** खोद्नु;—ing **ना.** खोदेको साँचो वा पातोबाट सारेको तस्वीर ।

eternal (इटअर्'नल्) **वि.** नित्य, शाश्वत, अनन्त, सनातन; the—triangle सनातन त्रिकोण, दुइ स्त्री एक पुरुष वा त्यसको उल्टो दुइ पुरुष एक स्त्रीको परिस्थिति ।

eternity (इटअर्'निटि) **ना.** नित्यता, अनन्तता, अनन्तकाल ।

either (ई'थर्) **ना.** ईथर, आकाश, (अन्तरिक्षमा रहेको कल्पित) तेजोवह तरल; भुवस्, भुवर्; विभु ।

ethereal (ईथे'रिअल्) **वि.** आकाशीय, वैहायस, तैजस ।

ethic (ए'थिक्) **वि.** र **ना.** नैतिक र—al **वि.** (खा. ग. स्वाम्यधीनवस्तुहरू) केवल भैषज्य पत्र-पत्रिकामा विज्ञापित हुने, जनसाधारणलाई होइन;—s **ना.** नीतिशास्त्र ।

ethn/ic (एथ्'निक्) **वि.** जातिविषयक, जातिसम्बन्धी;—ology **ना.** जातिशास्त्र ।

ethos (ई'थॅस्) **ना.** संप्रदाय, जाति अथवा पद्धतिको लक्षण ।

etiquette (एटिकेट') **ना.** काइदा, आचार, शिष्टाचार, सामाजिक शिष्टाचार, राजसभाको आचार ।

et seq (एट् सेक्) **वाक्य** र पछि आउने (शब्द, पृष्ठ इ०) ।

etymology (एटिमॅ'लजि) **ना.** व्युत्पत्ति, निर्वचन, शब्द साधन; व्याकरण प्रक्रिया ।

eugenic (यु'जेनिक्) **वि.** सन्ततिको;—s **ना.** सन्ततिशास्त्र ।

eulogy (यु'लॅजि) **ना.** स्तुति, प्रशंसा, स्तव, श्लाघा ।

eunuch (यु'नक्) **ना.** छिन्न मुष्क, नपुंसक, हिंजडा, क्लीव, पण्ढ, खसी, आख्ता ।

euphemism (यु'फेमिज़्म्) **ना.** मंगल भाषा, मृदुता, मृदु भाषा । (नराम्रोलाई राम्रो पार्ने प्रयोग गरिने) ।

euphony (यु'फनि) **ना.** मधुर ध्वनि, मीठो सुर, उच्चारणको सुगमताको लागि शाब्दिक अपभ्रंश ।

euphoria (यु'फोभ्रिआ) **ना.** सञ्चो, आरामीको भावना, हाइसंचो, चुरीफुरी ।

euphuism (यु'फ्युइज्म्) **ना.** नाटीकुटी, अति कृत्रिम ढाँचाको बोल्ने वा लेख्ने भाषा वा शैली ।

eureka (यूरी'का) **वि. बो.** र **ना.** पाएँ ! पत्ता लाएँ !

European (योअ्रो'पियन्) **वि.** र **ना.** योरोपीय ।

Eustachian (tube) (युस्टे'कियन् ट्युब्) **वि.** कर्ण कण्ठ (नली) ।

euthanasia (युथने'ज़ि(ति)या) **ना.** मृदु र सजिलो मरण, आनन्दी मरण ।

evacua/te (एभ्या'क्यूएट्) **क्रि.** खाली गर्नु, फेर्नु, हट्नु, मल त्याग गर्नु; evacuee **ना.** शरणार्थी, विस्थापित;—tion **ना.** विरेचन, शून्यकरण ।

evade (इभेड्) **क्रि.** छल्नु, टाल्नु, टार्नु, लटपटाउनु, ठग्नु;—sion छल, बंग्याइ, वाक्छल, कपटवचन ।

evaluate (इभ्या'ल्यूएट्) **क्रि.** मूल्यांकन गर्नु, पारख गर्नु, विगो कस्नु ।

evanescent (एभने'सेण्ट्) **वि.** चाँडै अलप हुने, क्षणभंगुर, अतिक्षुद्र ।

evaporate (एभ्या' परेट्) **क्रि.** उड्नु, सुक्नु, वाफ बन्नु;—tion **ना.** वाष्पीभवन ।

eve (ईभ्) **ना.** प्रथम स्त्री, स्त्री, महिला, स्वास्नीमानिस; साँझ ।

even (ई'भन्) **वि., क्रि. वि.** र **ना.** फच्या, जोर, बराबर, सरोवर, समतल, सम, तुल्य, पर्यन्त, एकनास; **क्रि. वि.** यद्यपि; **ना.** संध्या, सायंकाल; **क्रि.** बराबर गर्नु, सम्म पार्नु ।

evening (ई'भ्निङ्) **ना.** सन्ध्या, सायंकाल, साँझ, बेलुका; झमक्क, प्रदोष काल ।

event (इभेण्ट्') **ना.** वारदात, घटना, हुनुहुनामी, परिणाम;—ual **वि.** अंतिम, अंत्य, अवशेष, अन्तमा ।

eventua/lity (इभेन्ट्यु अ्या'लिटि) **ना.** संभावना;—te **क्रि.** घट्नु, हुनु ।

ever (ए'भर्) **क्रि. वि.** सधैँ, सदा सर्वदा, सदैव, हमेशा, हर हमेशा, निरन्तर ।

evergreen (एभर्'ग्रीन) **ना.** हरियाली, बर्खे बिरुवा ।

everlasting (एभर्लास्'टिङ्) **वि.** र **ना.** अमर, नित्य, अनन्त ।

every (ए'भ्रि) **वि.** प्रत्येक, हरेक, हर, भएभरको, तमाम, पीच्छे;—where **क्रि. वि.** यत्रतत्र, जहाँतहीं ।

evict (इभिक्ट्') **क्रि.** निकाल्नु, हटाउनु, वेदखल गर्नु ।

eviden/ce (ए'भिडेन्स्) **ना.** प्रमाण, निस्सा, साक्षी, गवाही, साछी, ग्वाही, सरजमीन; evidence by commission बन्दसवाल;—tial **वि.** कायमी, साविती ।

evident (ए'भिडेण्ट्) **वि.** स्पष्ट, प्रत्यक्ष ।

evil (ई'भ्ल्-'भिल्) **वि., ना.** र **क्रि. वि.** खराव, पापी, असत्ते; **ना.** अनिष्ट, पाप, हानि; **क्रि. वि.** कुरीतिसँग;—doer **ना.** कुकर्मा;—eye कुदृष्टि, आँखा लाग्नु, आँखा लाउनु ।

evince (एभिन्स्) **क्रि.** देखाउनु, व्यक्त गर्नु ।

eviscerate (एभि'सरेट्) **क्रि.** आन्द्रा भुँडी झिक्नु ।

evoke (इभोक्') **क्रि.** जगाउनु, वोलाउनु, आह्वान गर्नु ।

evolution (एभलू'श्न्) **ना.** विकास, विस्तार, उद्भेद, क्रमिक उन्नति, परिणाम ।

evolve (इॅभल्भ्') **क्रि.** उन्नति हुनु, विकास, विस्तार हुनु ।

ewe (यू) **ना.** भेडी ।

ewer (इ'वर्) **ना.** गाग्री, माटाको गाग्रो, घैंटो ।

ex (एक्स्) **उ.** वाट, पूर्व, आघिको, साविकवाला ।

exacerbate (एक्स्या'सर्बेट्) **क्रि.** चर्किनु, झोक्याउनु, चाप्नु ।

exact (एग्ज्याक्ट्') **वि., ना.** र **क्रि.** यथार्थ, ठीक, हूबहू, दुरुस्त, खुद, ज्यूँकात्यूँ, काटीकुटी, भनेजस्तो;(—ion **ना.** वलादादान); **क्रि.** उपर गर्नु, करेप्नु, वलले उठाउनु, करकापले उपर गर्नु, जरूरी हुनु, चीखुन्याउनु, चुइँक्याउनु, कज्याउनु, दल्नु;—itude **ना.** याथार्थ्य ।

exaggera/te (एग्ज्या'जरेट्) **क्रि.** वढाउनु, वढेचढे गरी भन्नु, अत्युक्ति गर्नु;—tion **ना.** अतिशयोक्ति, अत्युक्ति ।

exalt (एग्जॉल्ट्') **क्रि.** उठाउनु, उचाल्नु, उन्नत गराउनु;—ation **ना.** उत्कर्ष, उन्नति, उच्चपदारोपण; मथलारम्भ विभोर, आत्मविभोर;—ed **वि.** उन्नत, उत्कृष्ट, परम, फुर्केको, फुर्फुर गर्ने ।

examine (एग्ज्यामिन्') **क्रि.** जाँच्नु, हेर्नु, परीक्षा गर्नु, विचार गर्नु;—ation (exam.) **ना.** छानवीन, जाँच, जाँच पडताल, परीक्षा, विचार, पारख, जिरह; cross—**ना.** जिरह;—r **ना.** परीक्षक, निर्णायक, जाँचकी ।

example (एग्जाम्'प्ल्) **ना.** उदाहरण, मिसाल, दृष्टान्त, नमूना, चेतावनी, नजीर ।

exaspera/te (एग्ज्यास्'परेट्) **क्रि.** जंग्याउनु, भड्काउनु;—tion **ना.** क्रोधोद्दीपन, झोक ।

ex cathedra (एक्स् क्याथे'ड्रे) **क्रि. वि.** आधिकारिक तौरबाट ।

excavate (एक्स्'क्याभेट्) **क्रि.** उत्खनन गर्नु, खन्नु, माटो काट्नु, भस्काउनु, ओदार्नु;—tor **ना.** उत्खनक ।

exceed (एक्सीड्') **क्रि.** उछिन्नु, वढ्नु, नाघ्नु, गुजार्नु, कमाल गर्नु;—ing **वि.** विछट्ट, वढी;—ingly **क्रि. वि.** अति, अत्यन्त, अतितरां, अतितमां, बेसरी ।

excel (एक्सेल्') **क्रि.** (-ll-) जित्नु, सर्वोच्च हुनु, श्रेष्ठ हुनु;—lence **ना.** श्रेष्ठता, श्रैष्ठ्य, प्राशस्त्य, योग्यता, महत्व, गरिमा;—lent **वि.** उपादेय, उत्कृष्ट, रोजा, खासा, वेश, उत्तम, जम्यो! गतिलो;—lency **ना.** (उपाधि) महामहिम ।

except (एक्सेप्ट्') **क्रि., उ.** र **स.** बाहेक गर्नु, छाड्नु, बहिष्कार गर्नु; बाहेक, विना, नभएमा, वेगर, सिवा, अलावा ।

exception (एक्सेप्'श्न्) **ना.** अपवाद, वर्जन;—al **वि.** असाधारण, असामान्य, विशेष ।

excerpt (एक्'सर्प्ट वा–सॅर्प्ट्) **ना.** उद्धरण ।

excess (एक्सेस्') **ना.** (धे. ज. व. व.) हद्द, पवितो, अपार, चर्को, वेहिसाव, अचाक्ली, ज्यादती, धुनधान, भाँडभैलो, प्रचुर, बेफुङ्ग;—es अन्नाधुन्न;—ive **वि.** अतिरिक्त, अनर्थ, अत्यधिक, चूक, प्रचुर, भविच्छिन्न, उछित्तो, विसासय, घोर, अन्नाधुन्न, चर्को, अचाक्ली, अविजालो, उत्पात, अति, औधी, ज्यादा, बढता, घन घोर, उखुम ।

exchange (एक्स्चेञ्ज्') **ना.** सटनी, साटोपाटो, सटही, मुद्रा, सिक्का, साटफेर, वदला, विनिमय, लेनदेन, आदान प्रदान, सट्टा, साटो; telephone—**ना.** संयोगालय ।

exchequer (एक्स्चे'कर्) **ना.** राजधनागार, राजस्वकोष, ढुकुटी, कौसी तोसाखाना ।

exci/se (:एक्साइज्') **ना.** र **क्रि.** अन्तःशुल्क, राजस्व, आवकारी; **क्रि.** काट्नु;—sion **ना.** कटौती ।

excit/e (एक्साइट्') **क्रि.** उत्तेजना दिनु, आवेगमा आउनु, चिढाउनु, जगमगाउनु, कुतकुत्याउनु, उपजाउनु;—able **वि.** उत्तेजनीय;—ation **ना.** उत्तेजन;—ant **ना.** उत्तेजक;—ement **ना.** उत्तेजना, रिमिझिमी, रुमलो;—ing **वि.** उत्तेजक ।

exclaim (एक्स्क्लेम्') **क्रि.** कराउनु, पुकार्नु, उद्गार गर्नु, घोषणा गर्नु ।

exclamation (एक्स्क्लमे'श्न्) **ना.** उत्क्रोश, उद्गार; mark of—**ना.** विस्मयादिवोधक विराम चिह्न ।

exclu/de (एक्स्क्लूड्') **क्रि.** वाद गर्नु, वञ्चित गर्नु, वातील गर्नु, उछिट्याउनु, वहिष्कार गर्नु;—sion **ना.** वाद, अपवर्जन;—sive **वि.** व्यावर्तक, निषेधक, निवारक, वहिष्कारक, एकमात्र ।

excoriate (एक्स्कॅ'रिएट्) **क्रि.** दरफन्याउनु, ताछ्नु, खुल्कनु ।

excrement (एक्स्'क्रिमेण्ट्) **ना.** विष्टा, मल ।

excrescence (एक्स्क्रे'सेन्स्) **ना.** गण्ड, मूसा, मांसपिंड, विस्फोट, सोफ ।

excreta (एक्स्क्री'टा) **ना.** (व. व.) मलमूत्र ।

excret/e (एक्स्क्रीट्') **क्रि.** उत्सृजन गर्नु, मलोत्सर्ग;—ion **ना.** विण्मूत्र, विष्टा, शकृत, गुहू, मूत, उत्सर्ग, उत्सर्जन;—ory **वि.** उत्सृजक; उत्सर्गी ।

excruciate (एक्स्क्रू'शिएट्) **क्रि.** अत्यन्त पीडा दिनु, अररिनु, अरल्लिनु, पीडा विह्वल हुनु, असह्य पीडित हुनु, रिंगवाटा खवाउनु ।

exculpate (एक्स्'कल्पेट्) **क्रि.** सफाइ दिनु, दोषशोधन,

दोषमोचन गर्नु ।

excursion (एक्स्कअर्'शन्) **ना.** यात्रा, घुम्नु, रमाइलो सफर, कटक, हमला, विहार ।

excuse (एक्स्क्यूज़्') **क्रि.** र **ना.** क्षमा गर्नु, माफी दिनु, वातील गर्नु, छुटकारा दिनु; **ना.** क्षमा प्रार्थना, निहुँ, फरेब, सफाइ, विंगो, अत्तो ।

execrable (ए'क्सेक्रेब्ल्) **वि.** गर्ह्य, अति नीच, बडो खराब ।

execu/te (एक्से'क्यूट्) **क्रि.** गर्नु, संपादन गर्नु, कागत गरी सहीछाप गर्नु, लिखित खडा गर्नु; ज्यान मार्नु, ज्यान सजाय दिनु; —tion **ना.** प्राणदंड, संपादन, करण, निष्पत्ति, कार्यान्वयन;—tive **वि.** र **ना.** कार्यकारिणी, कार्यक्षम, विधायक, कार्यपालक, कार्यपालिका;—tor **ना.** उत्तरसाधक, मृतलेखाधिकारी ।

exemplar (एग्ज़ेम्'प्लर्) **ना.** नमूना, आदर्श, समान;—y **वि.** अनुकरणीय, प्रतिरूपक, चेतावनीसमान, उदाहरणात्मक ।

exemplify (एग्ज़ेम्'प्लिफाइ) **क्रि.** उदाहरणले स्पष्ट गर्नु ।

exempt (एग्जेम्प्ट्') **क्रि.** र **ना.** छूट दिनु, छूट पाउने व्यक्ति; —ion **ना.** छूट, मिन्हा, माफी ।

exequatur (एक्सेके'टर्) **ना.** (विदेशी सरकारबाट प्राप्त कुनै देशको वाणिज्य दूतको) स्वीकृति ।

exequies (ए'क्सेक्विज़्) **ना.** अंत्येष्टि, काज क्रिया, क्रिया ।

exercise (ए'क्ससाइज़्) **ना.** र **क्रि.** प्रयोग, अभ्यास, व्यवसाय, चेष्टा, उद्योग, रचना, कसरत, व्यायाम, कवायत; **क्रि.** कसरत गर्नु, खेलाउनु ।

exert (एग्ज़अर्ट्') **क्रि.** प्रयोग गर्नु, काममा ल्याउनु, बल लगाउनु, मरिमेट्नु;—ion **ना.** दौडधूप, पौरुष, चेष्टा ।

exeunt (एक्सि'अण्ट्) **क्रि.** (नाटक) निस्कन्छन्;—omnes सबै निस्कन्छन् ।

exfoliate (एक्स्फो'लिएट्) **क्रि.** कत्ला झर्नु ।

ex gratia (एक्स् ग्रे'शिया) **वाक्य.** कृपा, मेहर्वानीको कामको रूपमा ।

exhalation (एक्सले'श्न्) **ना.** निर्गमन, वाफ, निःश्वास, कुहिरो; exhale **क्रि.** सास फेर्नु, उड्नु, वाफ हुनु ।

exhaust (एग्जॉस्ट्') **क्रि.** र **ना.** रित्याउनु, सिद्ध्याउनु, रित्तो पार्नु, शून्य गर्नु, सिद्धिनु, सकिनु, खलास पार्नु, निमिस्यान्न पार्नु, निखार्नु, लेस्नु काढ्नु, लस्त पार्नु, पित्त झिक्नु; **ना.** निकास, फ्याँक्ने, निर्गम द्वार, मुख;—ed **वि.** थकित; लस्त, आलसतालस, निमन्याठ्ठ, सिनित्त, क्षीण;—ion **ना.** थकाइ, लखतरान, क्षीणीकरण, धपेडी;—ive **वि.** पूर्ण, अक्षय ।

exhibit (एग्ज़ि'बिट्) **ना.** र **क्रि.** पेशी प्रमाण, व्यञ्जन, प्रदर्शन; **क्रि.** देखाउनु, प्रदर्शन गर्नु;—ion **ना.** प्रदर्शन, प्रदर्शनी, छात्रवृत्ति ।

exhibitionism (एक्सिबि'शिनज़्म) **ना.** प्रदर्शन अथवा बढे चढेको आचरणको प्रवृत्ति, शारीरिक प्रदर्शन गर्ने वा जीउ देखाउने विकृत मानसिक स्थिति ।

exhilarate (एग्ज़ि'लरेट्) **क्रि.** अति आनन्दित गराउनु, प्रमुदित गर्नु ।

exhort (इग्ज़अर्ट') **क्रि.** उपदेश दिनु, आग्रहसाथ सम्झाउनु, आग्रह गर्नु, पक्ष गर्नु;—ative,—atory **वि.** प्रबोधक, उपदेशक ।

exhume (एक्सह्यूम्') **क्रि.** (मुर्दा चिहानबाट) खनेर झिक्नु ।

exigence (ए'क्सिजेन्स्) **ना.** अत्यन्त जरूरत, अपरिहार्य, अत्यावश्यक;—y **ना.** अलमल, झमेला, अल्झो, बाधा ।

exiguous (एक्सि'ग्यूअस्) **वि.** थोरै, सानू ।

exile (एक्'जाइल्) **ना.** र **क्रि.** (दण्डरूपमा देशबाट) निष्कासन, डाँडोकटाइ, निर्वासन, देशनिकाला, लामू अनुपस्थिति (स्वदेश बाट), प्रवासी; **क्रि.** डाँडो कटाउनु ।

exist (एग्ज़िस्ट्') **क्रि.** हुनु, रहनु, विद्यमान हुनु, बाँच्नु;—ence **ना.** अस्तित्व, सत्ता, सत्व;—ing **वि.** वर्तमान, प्रचलित; —ent **वि.** वास्तविक, विद्यमान, प्रचलित ।

exit (ए'क्सिट्) **ना.** र **क्रि.** प्रस्थान, मृत्यु, निर्गमन, त्यसो गर्नाको स्वातन्त्र्य, गमन, गौंड, निर्गमद्वार, बाटो, निकास; **क्रि.** निस्कन्छ, जान्छ; hinder—, गौंड छेक्नु ।

ex-libris (एक्स्-लाइ'ब्रिस्) **ना.** पुस्तकपट, (धनीको नाम, कुल चिह्न वा मोनोग्राम, इ० सहितको) ।

exodus (ए'क्सडस्) **ना.** प्रस्थान, निर्गमन (खा.ग. समूहको) ।

ex officio (एक्स अफिशिओ) **क्रि. वि.** र **वि.** पदेन ।

exonerate (एग्ज़ॉ'नरेट्) **क्रि.** सफाइ दिनु, छुट्टी दिनु, रिहाइ दिनु ।

exorbitant (एग्ज़अर्'बिट्याण्ट्) **वि.** चर्को, ज्यादा, अमित, उत्पात, अचाक्ली, बढता, अति, औंधी, ज्यादा ।

exorcise,-ize (ए'क्सॉअर्साइज्) **क्रि.** मन्सिनु, झार्नु, मन्छनु; exorcism **ना.** टुनामुना ।

exordium (एक्सॉअर्'डियम्) **ना.** (ब. व.–iums,–ia) (पुस्तकको) भूमिका, प्रस्तावना, उपोद्घात ।

exotic (एग्ज़ॉ'टिक्) **वि.** बाहिरको, विदेशको, अचम्मको, अनौठा ।

expand (एक्स्प्याण्ड्') **क्रि.** बढ्नु, फैलिनु, फुक्नु, फुल्नु, प्रसारित हुनु, विस्तृत हुनु ।

expans/e (एक्स्प्यान्स्') **ना.** विस्तार, मैदान, विस्तीर्ण क्षेत्र, बढाव;—ion **ना.** बढाव, विस्तार, विस्तृति ।

expansive (एक्स्प्यान्'सिभ्) **वि.** फैलिन सक्ने, विस्तीर्ण, समावेश गर्ने, प्रचुर, देखावटी, व्यापक, प्रसारी, विस्तारी, प्रसारक, विस्तारक ।

ex parte (एक्स् पार्टि') **क्रि. वि.** र **वि.** एकपक्षीय, एकतर्फी ।

expatiate (एक्स्पे'शिएट्) **क्रि.** ठूलो विस्तारमा बोल्नु, लेख्नु ।

expatriate (एक्स्प्या(पे)'ट्रिएट्) **क्रि. वि.** र **ना.** देश निकाला गर्नु; **ना.** निष्कासित (व्यक्ति) ।

expect (एक्स्पेक्ट्') **क्रि.** आशा गर्नु, अनुमान गर्नु, मुख ताक्नु, प्रतीक्षा गर्नु, चिताउनु;—ancy **ना.** आशा, धना, पर्खाइ; —of life आयुराशा;—ant **वि.** आशा गर्ने, आशामुखी, भावी;—ation **ना.** आशा, भावना, अपेक्षा;—ed **वि.** अपेक्षित ।

expectora/te (एक्स्पेक्'टरेट्) **क्रि.** थुक्नु, कफ काढ्नु;—

nt **ना.** कफ झार्ने औषधि ।

expedient (एक्स्पी'डिएण्ट्) **वि.** लाभकर, सुविधाप्रद, मिल्ने, (ठीकभन्दा) समयोचित, सभ्य पर्ने ।

expedi/te (एक्स्'पिडाइट्) **क्रि.** ताकिता गर्नु, चाँडो गराउनु;—ious **वि.** शीघ्र, दनाकसँग, चाँडो, पटापट, छिटो, छिटो हुने, धडाधड, धमाधम;—tion **ना.** अभियान, धामा, धावा, कटक, सैनिक यात्रा, (कुनै विशेष काममा) यात्रा, सामुद्रिक यात्रा, तत्परता, शीघ्रता, ताकिता, तदारूख ।

expel (एक्स्पेल्') **क्रि.** (–ll–) निखार्नु, निकाल्नु, उछिट्याउनु, बहिष्कार गर्नु;—expulsion **ना.** निष्कासन, प्रयापन, च्यावन ।

expend (एक्स्पेण्ड्') **क्रि.** खर्च गर्नु, मास्नु, सिद्धयाउनु;—iture **ना.** खर्च;—able **वि.** अस्थायी खर्च हुने; Heads of expense **ना.** आवर्जे ।

expen/se (एक्स्पेन्स्') **ना.** (व.व.) खर्च, मोल, मोलभर्ना, भर्ना;—sive **वि.** महँगो, मूल्यवान्, खर्चिलो ।

experience (एक्सपि'यिरिएन्स्) **क्रि.** र **ना.** अनुभूति, अनुभव, अनुभोग, चेत, वाकिफी, वास्तविक निरीक्षण वा व्यावहारिक ज्ञान, अभ्यास;—d **वि.** अनुभवी, खलिखाएको ।

experiment (एक्स्पे'रिमेण्ट्) **ना.** र **क्रि.** प्रयोग, परीक्षा, अनुभव; **क्रि.** प्रयोग गर्नु, जाँच्नु;—al **वि.** प्रयोगात्मक ।

expert (एक्स्'पअर्ट्) **ना.** विशेषज्ञ, सिपालु, जान्ने, जानिफकार, पारखी, खपीस, दक्ष, निपुण, विज्ञ, पोख्त, घागडान, विचक्षण, प्रवीण ।

expertise (एक्स्पअर्टीज़्') **ना.** दक्षराय, सीप वा ज्ञान, जानकारी, विशेष ज्ञान ।

expia/te (एक्स्'पिएट्) **क्रि.** शोध्नु, प्रायश्चित्त गर्नु;—tion **ना.** शोधन, प्रायश्चित्त ।

expiration (एक्स्पिरे'श्न्) **ना.** निःश्वास, अन्त; expire **क्रि.** निःश्वास फेर्नु, मर्नु, अन्त हुनु, गुज्रनु, खारिज हुनु ।

expiry (एक्स्पा'यिरि) **ना.** अन्त ।

expla/in (एक्स्प्लेन्') **क्रि.** बताउनु, व्याख्या गर्नु;—nation **ना.** व्याख्या, कैफियत, स्पष्टीकरण ।

explanatory (एक्स्प्ल्या'नेटरि) **वि.** द्योतक, प्रकाशक ।

expletive (एक्स्'प्लिटिभ् वा इक्सप्ली'टिभ्) **वि.** र **ना.** भर्ने पूरा गर्ने; **ना.** कुरा, शब्द, किरिया, थेगो वा विना अर्थको बोली ।

explicate (एक्स्'प्लिकेट्) **क्रि.** (विचारको) विस्तार, विकास, गर्नु, व्याख्या गर्नु ।

explicit (एक्सप्लि'सिट्) **वि.** व्यक्त, स्पष्ट, विस्तारसहित भनिएको ।

explode (एक्स्प्लोड्') **क्रि.** फुट्नु, पड्किनु, विस्फुटित हुनु, झुट्टा साबीत गर्नु, खोलिदिनु, दग्नु ।

exploit (एक्स्'प्लॅयट्) **ना.** र **क्रि.** महान् कार्य, पराक्रम, कुदरत; **क्रि.** काममा ल्याउनु, फाइदा उठाउनु, (स्वार्थको लागि) काम लिनु, शोषण गर्नु;—ation **ना.** शोषण;—ed **वि.** शोषित, सर्वहारा, दलित ।

explor/e (एक्स्प्लोअर्') **क्रि.** अन्वेषण गर्नु, अनुसन्धान गर्नु, खोज्नु;—ation **ना.** खोज, खोजी, खोजपत्ता, अन्वेषण, जिज्ञासा;—er **ना.** अन्वेषक, खोजकर्ता ।

explosi/on (एक्स्प्लो'ज़्न्) **ना.** झोक, विस्फोटन, धडाका;—ve **वि.** र **ना.** विस्फोटक ।

exponent (एक्स्पो'नेण्ट्) **ना.** प्रवर्तक, प्रकाशक, द्योतक, घाताङ्क ।

export (एक्स्पोअर्ट्') **क्रि.** र **ना.** निकासी गर्नु, निर्यात गर्नु; **ना.** निकासी, निर्यात ।

expose (एक्स्पोज़्') **क्रि.** र **ना.** (व्यक्ति, वस्तु, मौसिमबाट) अरक्षित गराउनु, आपत्तिमा पर्ने गराउनु, खोल्नु, देखाउनु, (फो०) उज्यालोमा देखाउनु; अनाच्छादन, गर्नु, प्रभावमा पार्नु, उघार्नु, खुला गर्नु, (देखिने गरी बिक्रीको लागि) राख्नु; (नराम्रो कुरा) खोलिदिनु; (बच्चा) फाल्नु; **ना.** तथ्यको प्रकाशन ।

exposi/tion (एक्सपज़ि'श्न्) **ना.** व्याख्या, वर्णन, टीका, (मालको) प्रदर्शनी;—tor **ना.** वृत्तिकार, प्रदर्शक ।

expostula/te (एक्स्पॅस्'ट्यूलेट्) **क्रि.** नरमीसँग सम्झाउनु, उजूर गर्नु;—tion **ना.** प्रबोध वचन, प्रत्यादेश ।

exposure (एक्स्'पोझ़र्) **ना.** प्रदर्शन, खुल्नु, (मौसिमलाई) खुला हुनु, (तस्वीर खिच्दा) प्रकाशमा देखाउनु; त्यसको अवधि, उद्घाटन, अनाच्छादित, अनावृत, अवस्था; (फोटो०); विवृति, प्रदर्शन, पर्दाफाश ।

expound (एक्स्पाउण्ड्') **क्रि.** विस्तारसहित वर्णन गर्नु, बताउनु, व्याख्या गर्नु, अर्थ गर्नु ।

express (एक्स्प्रे'स्) **वि.**, **क्रि. वि.** र **ना.** ठीक, व्यक्त, द्रुतगामी रेल;—delivery **ना.** जरूरी बुझाउ, विशेष हुलाकीद्वारा बाँड्ने ।

express (एक्स्प्रेस्') **क्रि.** प्रष्ट गर्नु, व्यक्त गर्नु, प्रकट गर्नु, प्रकाश गर्नु, निचर्नु, निकाल्नु;—ion **ना.** वाक्य, वाक्यांश, आकृति, व्यंजक, अभिव्यक्ति;—ive **वि.** अर्थपूर्ण, सार्थ, खोल्ने, बताउने;—iveness **ना.** सार्थता, अर्थपूर्णता ।

expropriate (एक्स्प्रो'प्रिएट्) **क्रि.** जफत गर्नु, जायदाद गर्नु, खोस्नु ।

expulsion (एक्स्प'ल्श्न्) **ना.** प्रयापन, निष्कासन, च्यावन, निकाला ।

expunge (एक्स्पन्ज्') **क्रि.** मेट्नु, काट्नु, हटाउनु ।

expurgate (एक्स्'परगेट्) **क्रि.** (आपत्तिजनक कुरा झिकेर) शुद्ध गर्नु, सफा पार्नु ।

exquisite (एक्स्'क्विज़िट्) **वि.** र **ना.** उत्कट, अत्युत्तम, उत्कृष्ट, सुन्दर, तीव्र; **ना.** गुण्डो, झिल्के, बेसुवा, वेशाभिमानी, नक्कले ।

extant (एक्स्टयाण्ट्') **वि**, अझै वर्तमान ।

extempore (एक्स्टेम्'पोरि) **क्रि. वि.** र **वि.** (तुरुन्तै, विना तयारी) बोलेको वा लेखेको, विना टिपोट ।

extemporize (एक्स्टेम्'पराइज़्) **क्रि.** तुरुन्त रचना गर्नु, उत्पन्न गराउनु, त्यसै गरी बोल्नु, भाषण गर्नु ।

extend (एक्स्टेण्ड्') **क्रि.** फैलाउनु, फिंजाउनु, पसार्नु, लम्काउनु, लम्ब्याउनु, प्रदान गर्नु ।

extensile (एक्स्टेन्'सिल्) **वि.** तन्य, प्रलम्ब्य ।

exten/sion (एक्स्टेन्'श्न्) **ना.** वित्तान, वितति, लम्बन, विस्तार, थप, फैलावट;—sive **वि.** विस्तीर्ण, प्रचुर, विसासय, व्यापक ।

extent (एक्स्टेण्ट्') **ना.** विस्तार, हद, विशालता, क्षेत्र ।

extenuate (एक्स्टे'न्यूएट्) **क्रि.** घटाउनु ।

exterior (एक्स्टे'रिअर्) **वि.** बाह्य, बाहिरी, बाहिरी आकृति ।

exterminat/e (एक्स्टअर्'मिनेट्) **क्रि.** उन्मूल गर्नु, नामेट गर्नु, मास्नु;—ion **ना.** व्युच्छिति ।

external (एक्स्टअर्'नल्) **वि.** बाह्य, वैदेशिक, विदेशी, बाहिरी ।

externment (एक्स्टर्न'मेण्ट्) **ना.** बहिष्प्रेषण, हद ।

extinct (एक्सटिङ्क्ट्') **वि.** बिलाएको, लुप्त, क्षीण, शान्त, निवृत्त, मासिएको, मेटिएको;—ion **ना.** नाश, विध्वंस, नामेट ।

extinguish (एक्स्टिङ्'ग्विश्) **वि.** ओझाउनु, बुताउनु, निभाउनु, मार्नु, मेट्नु, नाश पार्नु, मन्द पार्नु, जित्नु; fire—er **ना.** आगो निभाउने (उपकरण) ।

extirpate (एक्स्'टअर्पेट्) **क्रि.** उन्मूल पार्नु, नाश पार्नु, व्यपरोपण गर्नु, विध्वंस पार्नु ।

extol (एक्स्टॅल्') **क्रि.** प्रशंसा गर्नु, जोरदार तारीफ गर्नु ।

extor/t (एक्स्टॅअर्ट्') **क्रि.** धुत्नु, झार्नु, करकापसँग लिनु, उठाउनु;—tion **ना.** अपहरण, बलादादान, करकापसँग लिनु; —tionate **वि.** धुताहा, कडासँग उपर गर्ने, चुस्ने, चुसाहा ।

extra (एक्स्'ट्रा) **वि.**, **क्रि. वि.** र **ना.** थप, ठूलो, ज्यादा, अतिरिक्त, वख्खु, उल्फत, अपरझट ।

extra– (एक्स्'ट्रा–) **उप.** बाह्य, अति–, अ–, फाजिल ।

extract (एक्स्ट्र्याक्ट्') **क्रि.** र **ना.** उद्धरण, निष्कर्षण, सार, तत्व, सारांश; **क्रि.** झिक्नु, फुकाल्नु, उखेल्नु, काढ्नु, निकाल्नु ।

extraction (एक्स्ट्र्याक्'श्न्) **ना.** कुल, वंश, उद्धरण, व्यपरोपण ।

extradite (एक्स्'ट्रडाइट्) **क्रि.** सुम्पनु, बुझ्नु;—ion **ना.** सुपुर्दगी, सुम्पाइ, जिम्मा ।

extraneous (एक्स्ट्रे'नियस्) **वि.** विदेशी मूलको, वैदेशिक, अप्रासङ्गिक ।

extraordinary (एक्स्ट्रॅअर्'डिनरि) **वि.** र **ना.** असाधारण, अतिरिक्त, अद्भुत, अचम्मको, बडेमान, विछट्ट ।

extrasensory perception वाक्य इन्द्रिय. बाह्य ज्ञान ।

extraterritorial (एक्स्ट्राटेरिट'अ्रियल्) **वि.** आफू बस्ने क्षेत्रको मातहतभन्दा बाहिर, स्वतन्त्र;—ity **ना.** स्वातन्त्र्य ।

extravagan/ce (एक्स्ट्र्या'भ्यागेन्स्) **ना.** फजूल खर्च, अमित व्यय, व्ययशीलता;—t **वि.** अनर्गल, अमित, खर्चिलो; फजूल खर्च ।

extravaganza (इक्स्ट्र्याभग्यान्'ट्सा) **ना.** विलक्षण रचना (साहित्यिक, सङ्गीत, नाटकीय), भाषा वा आचरण ।

extravagate (एक्स्ट्र्या'भगेट्) **क्रि.** बाटो भुल्नु, घुम्नु, मर्यादा अतिक्रम गर्नु ।

extravasate (एक्स्ट्र्या'भसेट्) **क्रि.** निचर्नु, बग्नु, रक्त निर्गम हुनु ।

extrem/e (एक्स्ट्रीम्') **वि.** उग्र, घनघोर, विछट्ट, विघ्न, अत्यन्त, अतिशय, कट्टर, चरम, सुदूर, छेउ, सिरा, टुप्पो, अविजाला, पराकाष्ठा, अचाक्ली, फरक;—ist **ना.** कट्टरपन्थी, उग्रवादी ।

extremity (एक्स्ट्रे'मिटि) **ना.** अंगको छेउ, हातखुट्टा, उपान्त, छोर, सिरा; संकष्ट, कडा कारवाई ।

extrica/te (एक्स्'ट्रिकेट) **क्रि.** झिक्नु, बचाउनु, उद्धार गर्नु;—tion **ना.** त्राण, विमोजन, निस्तार, रक्षा, मुक्ति ।

extrovert (एक्स्'ट्रभेअर्ट्) **ना.** र **वि.** प्राकृत, बाह्य चिन्तना नगर्ने, मनमोजी, बाह्य ।

extrude (एक्स्ट्रूड्') **क्रि.** काढ्नु, धकेल्नु, घचेट्नु ।

exuber/ant (एग्ज्यू'बर्‍याण्ट्) **वि.** फुरफुरे, चञ्चल, मात्तिएको, नखरमाउलो;—ance **ना.** प्राचुर्य, समृद्धि, उपचय; आधिक्य, फुरफुर ।

exud/e (एग्ज्यूड्') **क्रि.** चुहुनु, निस्कनु, थोपा थोपा निस्कनु; —ation **ना.** स्वेदस्राव, चुवन, चोप, निर्यास ।

exult (एग्जल्ट्') **क्रि.** उल्लसित हुनु;—ation **ना.** उल्लास, फूर्ति, चुरिफुरी ।

eye (आइ) **ना.** र **क्रि.** आँखा, नजर, नयन, नेत्र, लोचन, नानी, प्वाल; **क्रि.** हेर्नु, दृष्टि दिनु;—ball नेत्रकोष;—lash नेत्ररोम, परेला;—lid **ना.** पटल, पलक, नयनच्छद, मिखापुसा; —black **ना.** गाजल, कज्जल, अञ्चन, सुर्मा;—piece **ना.** चक्षुपात्र;—hole **ना.** छिद्र, प्वाल:—witness **ना.** प्रत्यक्षदर्शी, देखी जान्ने ।

eyelet (आइ'लिट्) **ना.** सानू प्वाल, छिद्र ।

F

fabian (फे'बियन्) **वि.** ढीलो, ढील्याइँ र सावधानीसाथ काम गर्ने तरीका ।

fable (फे'ब्ल्) **ना.** र **क्रि.** कथा, पुराण, लोककथा, नीति कथा; नाटकको योजना; **क्रि.** कुरा बनाउनु, झूटो बोल्नु ।

fabric (फ्या'ब्रिक्) **ना.** बनेको माल, भवन, घर, रूपरेखा, रचना, कपडा, बनावट, तन्तु, वस्त्र ।

fabric/ate (फ्या'ब्रिकेट्) **क्रि.** रचना गर्नु, निर्माण गर्नु, कथ्नु, गढ्नु, बनाउनु; किर्ते गर्नु, खडा गर्नु, मनगढन्त गर्नु, उब्जाउनु, फरेब लाउनु, फत्तुर लाउनु, लबार हुनु;—ation **ना.** अत्तो, फरेब, फत्तुर ।

fabulist (फ्या'ब्यूलिस्ट्) **ना.** कथालेखक, झुट्टा ।

fabulous (फ्या'ब्यूलस्) **वि.** पौराणिक, प्रख्यात; अनैतिहासिक,

अविश्वसनीय, फजूल, बढे चढेको, कल्पनातीत, पत्याइ नसक्नु ।

facade (फसाड्') **ना.** हर्म्यमुख, (घरको) अगाडि, मोहडा ।

face (फेस्) **ना.** र **क्रि.** मोहडा, मुहार, चोसो, वदन, थुतुनु, चेहरा, फलक, अनुहार, अगाडि, मुखाकृति; **क्रि.** मुखपर्नु, सामना गर्नु; loss of—तेजोवध;—to—मुखिन्जेल, सोझा-सोझै, आमने सामने, हाका-हाकी;—value मुखमूल्य ।

facet (फ्या' सेट्) **ना.** एकपक्षी, कण, मुख (धेरै मुख भएको वस्तुको, उदा० हीरा) ।

facetiae (फसी'शिई) **ना.** चुटकीला, ठट्टा, रमाइला कुरा, हास्यरस (इ० का पुस्तकको सूची) ।

facetious (फसी'शस्) **वि.** ठट्यौली, विनोदी, सरस, हास्योत्पादक ।

facial (फे'श्ल्) **वि.** र **ना.** मुखको, मौखिक;—angle नाकदेखि कान र निधार जोरी बनेको त्रिकोण; **ना.** मुखको मालिश ।

facile (फ्या'सिल्—साइल्) **वि.** सजिलो, तयार, छिटो, नरम मिजासको, नम्र, लचकदार, दब्ने ।

facilitate (फसि'लिटेट्) **क्रि.** सजिलो बनाउनु, अगाडि लैजानु, सुगम पार्नु ।

facility (फ्या'सिलिटि) **ना.** सहुलियत, सुगमता, सुविधा ।

facing (फे'सिङ्) **ना.** लिउन, वज्र, भित्तामा माथिल्लो तहमा जडिने (वस्तु उदा० ढुङ्गा); गुण, योग्यता ।

facsimile (फ्याक्सि'मिलि) **ना.** र **क्रि.** प्रतिलिपि हूबहू, दुरुस्त, दुरुस्तको नकल; **क्रि.** दुरुस्त नकल झिक्नु ।

fact (फ्याक्ट्) **ना.** तथ्य, घटना, कार्य; in fact वस्तुतः ।

faction (फ्याक्'शन्) **ना.** गूट, दल, गूटबन्दी ।

factitious (फ्याक्टि'शस्) **वि.** योजनासाथ तयार गरिएको, अप्राकृतिक, कृत्रिम, जानी जानी तर्जुमा गरिएको ।

factor (फ्याक्'टर्) **ना.** गुणन खण्ड, फलोत्पादक कारण, भाज्य; प्रतिनिधि, आढतिया, गुमस्ता;—ize **क्रि.** गुणन खण्ड गर्नु ।

factorial (फ्याक्ट'रिअल्) **ना.** र **वि.** क्रम गुणित ।

factory (फ्याक्'टरि) **ना.** कारखाना, निर्माणशाला, शिल्पशाला, कार्यालय, ज्यासल ।

factotum (फ्याक्टो'टम्) **ना.** सर्व कर्मकर, गोस्वारा काम गर्ने, परिआएको गर्ने, सबै काम गर्ने नोकर, म्यानेजर, व्यवस्थापक ।

factual (फ्याक्'ट्यूअल्) **वि.** वास्तविक, खसोखास ।

faculty (फ्या'कल्टि) **ना.** सीप, कार्यक्षमता, सामर्थ्य, कला वा विज्ञानको विभाग (खा. ग. विश्वविद्यालयमा) संकाय; शक्ति, गण, समाज ।

fad (फ्याड्) **ना.** धून, लहड, बौलट्टी;—dy **वि.** लहडी, सनकी, सनक्याहा, अपठ्यारो, नाटीकुटी गर्ने ।

fade (फेड्) **क्रि.** वैलाउनु, विलाउनु, मुर्झाउनु, खुइलिनु, हराउनु, धमिलो हुनु, उड्नु, लोप हुनु;—d **वि.** वैलाएको, निन्याउरो;—out (सिनेमामा) तस्वीर वा बोली धमिलो हुँदै बन्द हुनु; विलोप, अन्तर्ध्यान ।

faeces (फी'सीज्) **ना.** थेग्रो, मलमूत्र ।

fag (फ्याग्) **क्रि.** र **ना.** कष्टसाथ मेहनत, (साना बालकको सेवा) लिनु; **ना.** पट्टाइ लाग्ने काम, थकाइ, तल्लो कक्षाको (काम गर्ने) केटो, चुरोट;—end रद्दी शेष, पुछार ।

faggot (फ्या'गट्) **ना.** दाउराको मुठो ।

Fahrenheit (फा'रेन्हाइट्) **वि.** फारेनहाइट (डिग्री) ।

faience (फा'यॉंस्) **ना.** बुट्टा भरेको माटोको भाँडो ।

fail (फेल्) **ना.** विराउनु, अवरोध, असफलता; **क्रि.** विफल हुनु, चुक्नु, सिलटिमुर खानु, बिराउनु, विस्तुर खानु, दोह्याङ खानु, वाङ खानु;—ing दोष, त्रुटि;—ure **ना.** असफलता, चूक, भडखारो; accept—ure लुतेकान लाउनु ।

fain (फेन्) **वि.** र **क्रि. वि.** परिस्थितिवश स्वेच्छाले, अन्य उपाय नभएकोले, सानन्द ।

faineant (फे'नेआँ) **वि.** अल्छी, निष्क्रिय, अधिकारी वा कर्मचारी ।

faint (फेण्ट्) **वि.** र **क्रि.** लीन, फिक्का, मूर्च्छा, मृगी, अशक्त, शिथिल, म्लान, क्लान्त; **क्रि.** मुर्छाउनु, हिच्कनु;—ly **क्रि. वि.** विस्तारै, धीमासँग ।

fair (फेयर्) **ना.**, **वि.**, **क्रि.** र **क्रि. वि.** मेलापात, मेला, जात्रा, तमाशा, जमघट, नाका, हाट, बजार; **वि.** राम्रो, गोरो, धवल, प्रचुर, सफा, बेश, सुपथ, स्वरत्र; **क्रि.** सार्नु, साफी लेख्नु; **क्रि. वि.** राम्ररी, शिष्टतासँग, नियमबमोजिम;—ly **क्रि. वि.** राम्ररी, न्यायसँग;—means स्वरत्र, सफासँग ।

fairing (फे'यरिङ्) **ना.** (मेलामा किनेको) कोसेली ।

fairy (फे'यरि) **ना.** परी, अप्सरा ।

fait accompli (फेट् आकाँ'प्लि) **ना.** भइसकेको कुरा (अरू बहस अप्रयोजनको गराउने) ।

faith (फेथ्) **ना.** धर्म, विश्वास, ईमान, निष्ठा, आस्था; bad—गद्दारी, कुनियत; good—शुद्ध हृदयले, असल नियतले, ईमान धर्मले ।

faithful (फेथ्'फुल्) **वि.** सच्चा, साँचो, ईमानदार, राजभक्त, पक्का;—less **वि.** बेईमान, असत्ति, असति; deal—ly with साँचोसंग बर्तनु, साँचो कुरा भन्नु; promise—ly जोरसँग;—ness **ना.** स्वरत्र, ईमानदारी ।

fake (फे'क्) **ना.** र **क्रि.** नकल, बनावटी माल, जालसाजी, कीर्ते; **क्रि.** नकली माल बनाउनु, छल्ने काम गर्नु ।

falchion (फॉल'चन्) **ना.** खुँडा ।

falcon (फॉ'कन्, फॉल्'कन्) **ना.** श्येन, बाज;—er **ना.** बाजबाज;—ry **ना.** बाज पाल्ने, श्येनपालन ।

fall (फॉल्) **ना.** बल्डयाङ्ग, स्वात्र्याम, खसाइ, पतन, च्युति, हेमन्त, उत्राव;—out झगडा, रेडियम सक्रिय धूलो, रेडिओधर्मिता कणपतन ।

fall (फॉल्) **क्रि.** उत्रनु, खस्नु, ढल्नु, गिर्नु, सोतर्नु, सोतरिनु, विग्रनु, घर्कनु, पतित हुनु, सत्य डगाउनु, झर्नु, चुक्नु, पछारिनु, लोट्नु, खसाल्नु;—back पछाउनु, पछौटे हुनु;—foul of बिंगठिनु;—ill लड्नु, थला पर्नु;—in with खानु (कुरा), मिल्नु;—at the feet छाँद हाल्नु;—into rage झोकिनु;—out **क्रि.** बिंगठिनु, झगडा गर्नु, बेमेल हुनु;—short नपुग्नु;

—en वि. गिरेको, बिग्रेको, गएको (मरेको)।

fallacious (फले'शस्) वि. भ्रमजनक, भ्रान्तिपूर्ण;—fallacy ना. हेत्वाभास, मिथ्याहेतु ।

fallible (फ्या'लिब्ल्) वि. पतनशील, दोष गर्न सक्ने, दोषयुक्त हुन सक्ने ।

fallopian (tubes) (फलो'पियन्) वि. अण्डवाहिनी नली, डिम्बवाहिनी नली ।

fallow (फ्या'लो) वि. पर्ती ।

false (फॉल्स्) वि. र क्रि. वि. झूटो, झुट्टा, असत्य, मिथ्या, अन्तो, झूटमूठ, नकली, खोटो, देखावटी, बनावटी, तथ्यहीन;—charge ना. फरेब ।

falsehood (फॉल्स्'हुड्) ना. असत्यता, झूट, अवास्तविक कुरा ।

falsi/fy (फॉल्'सिफाइ) क्रि. (लेख) बदल्नु, अदलबदल गर्नु, गल्ती कुरा गर्नु, बिगार्नु, निराशा गराउनु;—fication ना. मिथ्याकरण ।

falter (फॉल्'टर्) क्रि. लरखरिनु, लरबरिनु, हिचकिचाउनु, लत्रनु, डराउनु ।

fame (फेम्) ना. यश, कीर्ति, हल्ला, सुनाम, नेकनामी, नेकी, नाम, प्रसिद्धि; ill--अपयश, बदनाम, अकीर्ति; house of ill—वेश्यागृह ।

familial (फमि'लियल्) वि. पारिवारिक, परिवारको (सदस्यको) बारे, उसमा हुने, उसको लक्षण, इ० ।

familiarity (फमिलिअ्या'रिटि) ना. हिमचिम, आत्मीयता, मेलजोल; familiar वि. परिचित, चिनेको; familiarize क्रि. परिचित गराउनु ।

fami/ly (फ्या'मिलि) ना. वंश, औलाद, हाड, गोत, बिन्द्रालो, परिवार, नाता, जहान, कुल, घरान, खानदान, खलक, जाति, कुटुम्ब, सन्तति, स्वास्नी, बालबच्चा; joint—ना. सगोल, एका घर;—lial वि. पारिवारिक, जहानिया ।

famine (फ्या'मिन्) ना. दुर्भिक्ष्य, अकाल, अनिकाल, भूखमरी, सुक्खा ।

famish (फ्या'मिश्) क्रि. टमार्नु;—ed वि. क्षुधार्त, बुभुक्षित, चङ्थिल्याएको; to be—ed (पेटमा) कुल्ला बासेको ।

famous (फे'मस्) वि. प्रसिद्ध, नाउँ चलेको, यशस्वी, कीर्तिमत्, प्रख्यात, नामी, नामुद ।

fan (फ्यान्) ना. र क्रि. पंखा, चमर, चँवर, चामर; (कोही खेल वा कलाकारको) सौखिन, अनुयायी; क्रि. हम्कनु, पंखा गर्नु, उत्तेजित गर्नु, बढाउनु ।

fanatic (फन्या'टिक्) ना. र वि. उन्मत्त, भ्रान्तबुद्धि, धर्मोन्मादी ।

fancier (फ्यान्'सियर्) ना. बाज (पाल्ने, सौखिन)।

fan/cy (फ्यान्'सि) ना., वि. र क्रि. वासना, भावना, कल्पना, मति, इच्छा, लहड; आलंकारिक, छद्मवेषी (खेलमा); वि. आलंकारिक सिलाइ बुनाइ, लहडी, काल्पनिक; क्रि. मन पराउनु, लहसिनु, रहराउनु, रहर मान्नु, पाल्नु, (आफूलाई) श्रेष्ठ मान्नु, अनुमान गर्नु;—ciful वि. लहडी, भावनात्मक;—cy-dress ना. आफूखुशी लुगा, खा० ग० नचिन्हिने गरी मुख वा अन्य अंग लुकाउने, वा कोही अन्य व्यक्तिको नकल गर्ने ।

fanfare (फ्यान्'फेय्र्) ना. बिगुल, तूर्य इ. को खा. ग. सैनिक बोली, धून ।

fanfaronade (फ्यान्फ्यारनेड्') ना. घमण्डी कुरा, गुड्डी हँकाइ ।

fang (फ्याङ्) ना. दंष्ट्रा, बंगारो, टोक्ने दाँत ।

fantasia (फ्याण्टे'जिअ) ना. संगीत रचना (जसमा आकार कल्पनाको अधीन रहेको हुन्छ)।

fantast, ph—(फ्यान्'टचास्ट्) ना. द्रष्टा, स्वप्नदर्शी;—ic वि. असंगत, विलक्षण, लहडी, सनकी, उटपटयाङ्ग ।

fantasy (फ्यान्'टसि) ना. कल्पना-शक्ति, चित्र रचना-शक्ति; मानसिक चित्र, विलक्षण बुट्टा; प्रेत, गोर्ती, भूत, बुजी ।

far (फाअ्र्) वि. टाढा, दूर; अतीत;—fetched (अलंकारको) अमिल्दो, परिश्रमसाथ खोजिएको, कानेर उत्पन्न गराइएको ।

faraway (फार् अवे') वि. सुदूर, अति दूर; प्राचीन ।

far/ce (फाअ्र्स्) ना. प्रहसन;—cical वि. हास्योत्पादक, उपहास्य, फजूल ।

fare (फेय्र्) ना. र क्रि. भाडा, किराया; आहार, भोजन; जात्रु; क्रि. सफर गर्नु, जानु, हुनु, वास पाउनु ।

farewell (फेय्र्वेल्') वि. बो. र ना. विदा; ना. विदाइ ।

farm (फाअ्र्म्) ना. र क्रि. खेत, खलिहान, खलो;—hand ना. खेताला, जन;—yard ना. खलिहान, खलो; क्रि. खेती गर्नु, आवाद गर्नु ।

farmer (फाअ्र्'मर्) ना. किसान, खेतीवाल, मोही, तलसिङ ।

farrago (फरा'गो) ना. मिश्रण, मिसमास, शालिहोत्र ।

farrier (फ्या'रिअर्) ना. नालबन्दी, सलहोत्री ।

farrow (फ्या'रो) ना. सुँगूरको बेत ।

fart (फाअ्र्ट्) क्रि. (अश्लील) पाद्नु; ना. पाद ।

far/ther (फाअ्र्दर) वि. दूरतर, अतिरिक्त; farthest वि. दूरतम ।

farthing (फाअ्र्'दिङ्) ना. हुनासम्म थोरै, विलायतको सबभन्दा सानु मुद्रा, फुट्टी, चुनदाम, कानाकौडी ।

fascinat/e (फ्या'सिनेट्) क्रि. मोह गर्नु, वश गर्नु;—ing वि. मोह पार्ने, आकर्षक, छन्द ।

fascism (फ्या'शि(सि)ज्म्) ना. फ्यासिज्म, इटलीको एक समयको सत्तारूढ दलको सिद्धान्त ।

fashion (फ्या'श्न्) ना. र क्रि. रीति, ढाँचा, ढंग, शैली, परिपाटी, प्रकार, विधि, भूषा प्रकार, लोकाचार, रिवाज, चलन; **—able** वि. फ्यान्सी, छैला, बाँका, चल्तीको, सुकुलगुण्डा, लौकिक; out of—वि. वेढङ्ग, बेचल्ती ।

fast (फास्ट्) क्रि., ना. र वि. (er,est) उपवास बस्नु, उपास्नु, टमारिनु; ना. उपवास, व्रत, नियम, अनुष्ठान, अनशन, अनाहार, लंघन; वि. गाढा, पक्का, कसिएको, लोच्छार ।

fasten (फा'स्न्) **क्रि.** बाँध्नु, कस्नु;—ing **ना.** बँधनी ।

fastidious (फ्यास्टि'डियस्) **वि.** सोपियाना, सावमानी, ललित, छिर्चिगुटे, दुस्तोपणीय, दुराराध्य, अवमानी, उपेक्षक ।

fat (फ्याट्) **वि., क्रि.** र **ना.** मोटो, स्थूल, प्रचुर, भुण्टे, मुँडे, लाद्रे, ढाडी, थसुल्लो, ढब्बू, ढड्डू, ढ्वाँक, पोटिलो; **क्रि.** मोटो पार्नु, मोटाउनु; अथुलाउनु, तिघ्रा हाल्नु; **ना.** बोसो, वसा, चिल्लो, मेद, चर्वी ।

fatal (फे'टल्) **वि.** प्राणहर, मृत्युजनक, प्राणनाशक, नियत, अपरिहार्य, उपद्रवी, घातक, सांघातिक ।

fatal/ism (फे'टलिज्म्) **ना.** भाग्यवाद, दैवपरता;—ist **ना.** भाग्यवादी;—ity **ना.** भवितव्यता ।

fate (फेट्) **ना.** भाग्य, होनहार, लेखा, विधाता, पुर्पुरो, प्रारब्ध, अदृष्ट; (ब्याङ्क) अवस्था, नतीजा;—of the bill पुर्जाको नतीजा;—ful **वि.** लालाटिक, महत्वपूर्ण, निर्णायक ।

father (फा'दर्) **ना.** र **क्रि.** बाबु, पिता, बूढो, जनक; **क्रि.** पाउनु, जन्म दिनु, पालना गर्नु, आयोजना गर्नु ।

fathom (फ्या'दम्) **ना.** र **क्रि.** छ फीटको नाप (सामुद्रिक); **क्रि.** तह नाप्नु, पत्ता लाउनु, बुझ्नु ।

fatigue (फेटीग्') **ना.** र **क्रि.** धपेडी, क्लान्ति, थकाइ, लठारो, आलसतालस, ग्लानि; **क्रि.** टट्टाउनु, हायल कायल पार्नु, थकाउनु, लस्त हुनु, लेस्नु काढ्नु, पित्त झिक्नु, श्रान्त हुनु, गल्नु ।

fatten (फ्या'ट्न्) **क्रि.** मोटो पार्नु, मोटाउनु, सुइँठिनु, सुइँठाउनु, अथुलाउनु, मलिलो पार्नु (जमीन), पोस्नु, पोस्याउनु ।

fatty (फ्या'टि) **वि.** चिल्लो, बोसिलो ।

fatuous (फ्या'ट्यूअस्) **वि.** गँवार, सिल्ली, लाटो ।

faucet (फॉ'सेट्) **ना.** धारो; vent—धारो, पीपा, इ० मा प्वाल पार्ने खोक्रो वर्मा ।

faugh (फॉ) **वि. बो.** हावा ! वाहियात ! हत्तेरी ! छ्या ! धत्तेरी ।

fault (फॉल्ट्) **ना.** र **क्रि.** दोष, बदी, खोट, खत, चूक, गल्ती, कसूर, गफलत, विराम, बिजाइँ, कलंक; त्रुटि, गडबडी; **क्रि.** खोट्याउनु, दोष दिनु, चुक्नु;—finder छिद्रान्वेपक, निन्दक, नाटीकुटी गर्ने; find—हप्काउनु, डाँट्नु, झाँट्नु, ब्याँक्नु;—y **वि.** प्रामादिक, गल्ती, दोपल ।

faun (फॉन्) **ना.** सींग पुच्छर भएको ग्रामीण देव ।

fauna (फॉ'ना) **ना.** (ब. व.' ae—as) कुनै प्रदेश वा युगका जन्तु ।

faux pas (फो पा) **ना.** गल्ती (खा. ग. स्वास्नीमानिसको आचरणमा शंका गराउने प्रकारको), आचार विरुद्ध काम, बेबुद्धिको कुरा वा काम ।

favour (फे'भर्) **ना.** र **क्रि.** कृपा, निगाह, साख, पक्ष, पक्षपात; **क्रि.** सोझिनु, अनुकूल हुनु;—ed **वि.** मन परेको, अनुकूल; प्यारो;—able **वि.** उपयुक्त, राम्रो, सपरीत, सव्य, सप्ठेरो, सर्दो, अनुकूल ।

favouri/te (फे'भरिट्) **ना.** कृपापात्र, प्यारो;—tism **ना.** कृपावाद, पक्षानुग्रह ।

fawn (फॉन्) **ना.** र **क्रि.** मृगको बच्चा, मृगशावक; **क्रि.** पुच्छर हल्लाउनु, प्यारो गर्नु, स्तुति गर्नु, बढाइ गर्नु ।

fay (फे) **ना.** परी ।

fealty (फी'यल्टि) **ना.** अनुराग, भक्ति, निष्ठा, प्रभुभक्ति ।

fear (फियर्) **ना.** र **क्रि.** डर, त्रास, भय, झसक, दहसत, डरभर, आशंका; **क्रि.** डराउनु, तर्सनु;—less **वि.** बेधडक, निर्धक्क, निर्भय, निःशंक, निश्चिन्त, निडर, निर्भीक, मुड्ढ नभएको;—or favour डर भर;—ful विकराल, डरलाग्दो, भयानक, त्राहिं भएको, डरपोक ।

fearsome (फियर्'सम्) **वि.** विकराल, भयंकर, डरलाग्दो, भयानक ।

feasi/ble (फी'ज़िब्ल्) **वि.** साध्य, कृत्य, संभव, शक्य, सुविधाजनक, संभाज्य, हुने, करणीय;—bility **ना.** संभाव्य ।

feast (फीस्ट्) **ना.** र **क्रि.** भोज, जयन्ती, उत्सव, इन्द्रिय या मनको सुख; **क्रि.** भोज खानु ।

feat (फीट्) **ना.** कमाल, स्मरणीय कार्य, वीर कर्म, करतूत, कुदरत ।

feather (फे'दर्) **ना.** र **क्रि.** प्वाँख, भुत्ला, पक्ष; **क्रि.** भुत्ला भर्नु, (धन) सोहोर्नु, कमाउनु, लखेस्वर लाग्नु;—weight (मुक्का०) पंखभार ।

feature (फी'चर्) (खा.ग.व.व.) **ना.** र **क्रि.** रूप, आकृति, आकार, लक्षण, रूपक;—film धेरै रीलको चलचित्र; **क्रि.** स्पष्ट भएर खडा हुनु, मुख्य लक्षण देखाउनु, सिनेमामा देखाउनु, विशेष महत्व दिनु ।

febrifuge (फे'ब्रिफ्यूज्) **ना.** ज्वरघ्न, जरो घटाउने औषधि, ठण्डा पेय, ज्वर प्रतिकार, ज्वरांकुश ।

febrile (फी'ब्रिल्) **वि.** ज्वरको, जरो आएको ।

fecit, fecerunt (फी'सिट्, फीसे'अ्रण्ट्) **क्रि.**—ले बनाएको, रचना गरेको ।

feckless (फेक्'लेस्) **वि.** शिथिल, व्यर्थ, बेकामको, बेसुद्धीको ।

feculent (फे'क्यूलेण्ट्) **वि.** कलुष, धमिलो, सडेको, गन्दा ।

fecund (फी'कण्ड्) **वि.** बहुप्रज, उर्वर;—ity **ना.** उर्वरता ।

fed (फेड्) **क्रि.** fed up मुक्तमान, विरक्त, वाक्क, कायल, दोहोलो, आजित, टट्टाएको, झर्को, बाज आएको ।

fede/ral (फे'डरल्) **वि.** संघीय;—rate **क्रि.** संघटित हुनु, गर्नु;—ration **ना.** संघ, संगठन ।

fee (फी) **ना.** र **क्रि.** रकम, तिरो, दस्तूर, शुल्क, फीस, तलबाना, बक्यौनी, जिताउरी; **क्रि.** सो दिनु ।

feeble (फी'ब्ल्) **वि.** कमजोर, दुर्बल, निर्दो, मन्द, ग्लानि, असक्त, क्षीण ।

feed (फीड्) **क्रि.** (fed) र **ना.** ख्वाउनु, तृप्त गराउनु, सघाउनु; **ना.** खाना, दाना, चारा, चाहारा, आहार, भूसा, दानापानी, घाँस;—er **ना.** खाने, पोषक ।

feel (फील्) **क्रि.** (felt) लाग्नु, ठान्नु, सम्झिनु, भनिठान्नु, गुन्नु, ठहराउनु, मान्नु, देख्नु, बुझ्नु, अनुभव गर्नु, थाहा पाउनु, ठम्याउनु, टटोल्नु, छाम्नु, सुमसुम्याउनु, छुनु, स्पर्श

गर्नु, छामछुम गर्नु;—er **ना.** छाम्ने, इशारा, सुझाव, प्रस्ताव; —ing भाव, भावना, चेतना, स्पर्श, सहानुभौतिकता, मर्मज्ञान ।

feign (फे'न्) **क्रि.** स्वाँग पार्नु, भान पार्नु, निहुँ झिक्नु, छल्नु, छल्ने काम गर्नु;—ed **वि.** बनावटी, कृत्रिम, अजमायसी, रचुवा, नकली, पचाउनु;—ignorance बूझ पचाउनु ।

feint (फेण्ट्) **ना.** र **वि.** झूटो, नकली, आक्रमण (प्रतिद्वन्द्वीलाई छल्नालाई) **वि.** र **क्रि. वि.** फिका, खा.ग.—lines, —ruled मा ।

fel (d) spar (फेल् (ड्)' स्पाअर्) **ना.** खनिज द्रव्य ।

felici/ty (फेलि'सिटि) **ना.** सुख, परम सुख, परमानन्द, आशीर्वाद, वाक्पटुता;—tate **क्रि.** बधाइ दिनु;—tious **वि.** योग्य, सुहाउँदो, समझदार, जसिलो ।

feline (फी'लाइन्) **वि.** मार्जारीय, वैडाली, बिरालोको ।

fell (फेल्) **ना.**, **वि.** र **क्रि.** (रौंसहितको) छाला, जगल्टा, पहाड; (**वि.**) डरलाग्दो, भयंकर; **क्रि.** हान्नु, लडाउनु, फाँड्नु, ढाल्नु; fall को भू. का. ।

fellow (फे'लो) **ना.** साथी, दौंतरी, नकल, जोड़ा, (महाविद्यालयको) सदस्य, विद्वत् सदस्य, मानिस, ठिटो, सह;—ship **ना.** संसर्ग, संगत, मैत्री, छात्रवृत्ति, विद्वद्वृत्ति ।

felon (फे'लन्) **ना.** अपराधी;—ious **वि.** आततायी, दुराचारी ।

felony (फे'लनि) **ना.** कसूर, खत, अपराध ।

felt (फेल्ट्) **ना.** जमठ; **क्रि.** feel को भू. का. ।

female, (फी'मेल्) **वि.** र **ना.** पोथी, स्त्री, छाउरी ।

femini/ne (फे'मिनिन्) **वि.** स्त्रैण, स्त्रीसदृश;—nity **ना.** स्त्रीत्व;—sm **ना.** स्त्री हकको पक्षपात ।

fen (फेन्) **ना.** पङ्कभूमि, दलदल, धाप ।

fence (फेन्स्) **ना.** र **क्रि.** कटेरो, बार, प्रावृति, दसी राख्ने मानिस; (तरवारले) खेल्नु, लड्नु, छेक्नु, रक्षा गर्नु, घेर्नु;—er **ना.** असियोधा;—ing **ना.** असियुद्ध, शस्त्रविद्या, बार, छेक; sit on the—बार, छेकामाथि बस्नु, मौका हेर्नु, अवसरवादी हुनु ।

fend (फेण्ड्) **क्रि.** रोक्नु, हटाउनु, धपाउनु, पाल्नु, पोस्नु; —er **ना.** आतसखानको साज ।

fennel (फे'नल्) **ना.** सोंपको साग ।

fenugreek (फे'न्यूग्रीक्) **ना.** मेथी ।

ferment (फर्मेण्ट्') **क्रि.** र **ना.** खमीर उठ्नु, उत्कण्ठित हुनु, औताउनु, रूखिनु, किण्वीकरण गर्नु, फेनाउनु; **ना.** खमीर, फेगन, किण्वीकरण ।

fern (फअर्न्) **ना.** बहुपत्रक (बिरुवा) ।

fero/city (फेरॅ'सिटि) **ना.** रौद्रता, क्रूरता;—cious **वि.** जाइलाग्ने, हिंस्रक, भयंकर, मारात्मक, दारुण ।

ferret (फे'रेट्) **ना.** र **क्रि.** न्याउरी मूसोको प्रकार, खोज्ने, जासूस; **क्रि.** शिकार गर्नु, लखेट्नु, खोज्नु, धुनपत्ता गर्नु ।

ferrule (फे'रूल्) **ना.** मुन्द्री, लौह-रक्षिणी, खुट्टा ।

ferry (फे'रि) **ना.** र **क्रि.** (नदी पार गर्ने) डुंगा, घाट, ठाउँ, जङ्घार; **क्रि.** (नदी, नहर इ.) डुंगाबाट पार गर्नु;—men **ना.** घटवार ।

ferti/le (फअर्'टाइल्,-टिल्) **वि.** उर्वरा;—lity **ना.** उर्वराशक्ति;—lization **ना.** निषेचन, निषेक, जम्नु;—lizer **ना.** मल, खाद ।

fervent (फअर्'भेण्ट्) **वि.** व्यग्र, उत्तप्त, ज्वलन्त, तीव्र; fervour **ना.** ज्वलन, ताप, जोड, उत्साह, व्यग्रता ।

fervid (फअर्'भिड) **वि.** व्यग्र, उत्तप्त, तीव्र ।

festal (फेस्'टल्) **वि.** उत्सवको, बिदा मनाउने, मजाको ।

fester (फेस्'टर्) **क्रि.** र **ना.** (घाउ) पाक्नु, रोकिनु, सड्नु; **ना.** त्यस्तो अवस्था ।

festiv/al (फेस्'टिभल्) **वि.** उत्सव, चाडबाड, मेलापात, पर्व, मोजमज्जा;—e **वि.** रमाइलो, मजाको;—ity **ना.** मोज, खुशियाली, उत्सव ।

festoon (फेस्टून्') **ना.** र **क्रि.** माला; **क्रि.** माला लाउनु, तोरण टाँग्नु ।

fetch (फेच्) **क्रि.** र **ना.** ल्याउनु, तान्नु, (मोल) पाउनु, भाव उठाउनु, खुशी पार्नु; **ना.** छल, चटक;—ing **वि.** राम्रो, मोहक ।

fete (फेट्) **ना.** उत्सव, मेला, त्यौहार, मेलापात, रमाइलो उपलक्ष ।

fetid, foe—(फे'टिड्,फी'टिड्) **वि.** गन्हाउने ।

fetish,—ch (e) (फे'टिश्) **ना.** जन्तर, मन्तर, जंत्र ।

fetor (फी'टर्) **ना.** राँको, दुर्गन्ध, खार ।

fetter (फे'टर्) **ना.** र **क्रि.** बेडी, नेल, बन्धन, थुना, बाधा, अवरोध; **क्रि.** नेल हाल्नु ।

fettle (फे'ट्ल्) **ना.** अवस्था, थिति, मानसिक अवस्था ।

feud (फ्युड्) **ना.** र **क्रि**, (सधैंको) दुश्मनी, शत्रुता, (खा. कुल वा जातिका सदस्यहरूमा); **क्रि.** लड्नु, आवात पुऱ्याउनु ।

feuda/l (फ्यु'डल्) **वि.** सामन्ती;—tory **वि.** सामन्त ।

feu de joie (फ ड ज्वाह्') **ना.** बढाइँ, तोपको सलामी वा बढाइँ ।

fever (फी'भर्) **ना.** ज्वर, जरो, तपनी, खुलदुली, खलबल; —ish **वि.** ज्वरांश, ज्वरित, उत्तेजित, छटपटे, चञ्चल, चटपटे ।

few (फ्यु) **वि.** र **ना.** थोरै, अल्प, कतिपय, परिमित, थोरैजसो, थोरबहुत, अलिजस्तो;—ness **ना.** अल्पता ।

fey (फे) **वि.** मरणासन्न, विक्षिप्त ।

fiacre (फी'आक्र्) **ना.** चार पांग्रे बग्गी ।

fiancé-eé (फिआँसे) **ना.** वाक्दान गरिएको व्यक्ति, भावी दुलही वा दुलहो, वचन दिएको, डोला, वाग्दान गरिएको (स्त्री) ।

fiasco (फिअ्यास्'को) **ना.** (ब. व.–os) अनिष्पत्ति, असिद्धि, केहीनकेही, ठूलो असफलता, गतिरोध, व्यर्थ, बालुवामा पानी, सखाप, ध्वस्त ।

fiat (फि'अट्) **ना.** र **क्रि.** अधिकरण, आज्ञा, आदेश ।

fib (फिब्) **ना.** र **क्रि.** ढाँट्नु, झूट ।

fib/re (फाइ'बर्) **ना.** तन्तु, सूत्र, धर्सा, केस्रा, त्यान्द्रा, रेशा; —rous **वि.** सौत्री, सौत्रिक ।

fibula (फि'ब्यूला) **ना.** (ब. व.-ae-as) नलीहाड, प्राची; (आ.) बुरुच, बाजू, बकलस, करुवा ।

fickle (फि'क्ल्) **वि.** चञ्चल, चपल, चटपटे, अस्थिर, अधीर ।

fic/tion (फिक्'श्न्) **ना.** बनावटी, कल्पना, कथा, स्वीकृत झूट;—tious **वि.** कपोलकल्पित, बनावटी, झूटो, कृत्रिम ।

fiddle (फि'ड्ल्) **ना.** र **क्रि.** सारङ्गी; **क्रि.** सारङ्गी बजाउनु;—r **ना.** गाइने;—sticks ! **वि. बो.** वाहियात, फजूल ! विनासित्तीको कुरा; लछारपाटो ।

fidelity (फिडे'लिटि) **ना.** ईमानदारी, भक्ति, अनुराग, प्रभुनिष्ठा, सतीत्व ।

fidget (फि'जेट्) **क्रि.** र **ना.** चटपटाउनु, अस्पटाउनु, फटफटाउनु, सकसक गर्नु, छुकछुक गर्नु, चल्नु, छरपटाउनु, उतर्सनु, चल मलाउनु; **ना.** सकसक, चटपट;—y **वि.** चनमते, चुलबुले, चलुवा, झोंकी, अस्थिर, चञ्चल ।

fidibus (फि'डिबस्) **ना.** सल्को, (चुरोट, बत्ती सल्काउने कागतको बेरेको टुक्रो) ।

fiduciary (फाइडयु'शरि) **वि.** र **ना.** गुठीको, धरौटी राखेको, गुठियार ।

fidus Achates (फाइ'डस् अके'टीज़्) **ना.** अनुरक्त, अनुगामी, सेवक, मित्र ।

fie (फाइ) **वि. बो.** छि:, हत्तेरी ! धिक्कार;—upon लाज लाग्ने, शरमलाग्दो ।

field (फील्ड्) **ना.** र **क्रि.** खेत, मैदान, (खनिज पदार्थ रहेको) जमीन, लडाईंको मैदान, रणक्षेत्र, खेल मैदान, कार्य क्षेत्र; **क्रि.** खेल (क्रिकेट) मा खेलाडी हुनु, खेलाडी प्रस्तुत गर्नु;—marshal **ना.** अतिरथी;—man क्षेत्रकर्मी;—sman (क्रिकेट) ब्याट नहान्नेपट्टि, मैदान पक्ष ।

fiend (फिएण्ड्) **ना.** शैतान, पिशाच, दानव, शत्रु, द्वेषी ।

fierce (फियर्स्) **वि.** जंगी, जोरदार, डरलाग्दो, उत्तम, व्यग्र ।

fiery (फाय'रि) **वि.** बल्दो, ज्वलन्त, अग्निमय, प्रज्वलित, झगडिया, तेज, बल्ने ।

fifteen (फिफ्टीन्') **वि.** र **ना.** पन्ध्र ।

fifth (फिफ्थ्) **वि.** पाँचौं, पञ्चम;—column देशद्रोही, शत्रुसँग मिल्ने ।

fifty (फिफ्'टि) **वि.** र **ना.** पचास ।

fig (फिग्) **ना.** अञ्जीर, बेकामको माल, लुगा; (गाली०) कण्डेसिती ।

fight (फाइट्) **ना.** र **क्रि.** लडाइँ, द्वन्द्व, कटक, समर, विग्रह; **क्रि.** जुध्नु, लड्नु, जाइलाग्नु, (मुद्दा) पैरवी गर्नु;—ing **ना.** भिडन्त ।

figment (फिग्'मेण्ट्) **ना.** बनावटी कुरा, अवास्तविक वा कल्पित वस्तु ।

figur/e (फि'गर्) **क्रि.** र **ना.** रेखाचित्र वा चित्रित गर्नु, कल्पना गर्नु, हिसाब गर्नु; **ना.** आकार, चित्र, बान्की, अनुहार, स्वरूप, रूप, आकृति;—ation मूर्तिमत् गर्नु;—ative **वि.** लाक्षणिक, सालंकार ।

figurine (फिग्युरीन्') **ना.** सानू मूर्ति, पुतली ।

filament (फि'लमेण्ट्) **ना.** केशर, सूत्र, तन्तु, मसिनु तार, त्यान्द्रो ।

filch (फिल्च्) **क्रि.** चोर्नु, काढ्नु, भेट्टाउनु, लामो हात पार्नु, पच पार्नु, भूस पार्नु ।

file (फाइल्) **ना.** र **क्रि.** रेत, धन, रेती, पंजिका, फाइल, मिसिल, लहर, सूची, स्रेस्ता, फाँटवारी, पर्चा; **क्रि.** दायर गर्नु, रेत्नु, सम्म पार्नु, फाइल गर्नु, कुँद्नु, रेट्नु; Indian—**ना.** छुचुन्द्रे लहर; filing **ना.** रेतन;—d **वि.** दायरी ।

filial (फि'लिअल्) **वि.** पुत्रानुरूप, पुत्रयोग्य ।

filibuster (फि'लिबस्टर्) **ना.** र **क्रि.** विधानसभाहरूमा अवरोध गर्ने व्यक्ति, (खा०ग. लामू व्यक्तव्य गरेर) ।

filigree, fila- (फि'लिग्री) **ना.** जरीको काम ।

fill (फिल्) **क्रि.** र **ना.** भर्नु, पुर्नु; सोलिनु, झूसी हुनु, चुचुरिनु रूमलिनु, व्याप्त हुनु, पूर्ति गर्नु; **ना.** पेटभर, भरपेट, अघाउने गरी, पूरा;—ed **वि.** ओतप्रोत ।

fillet (फि'लिट्) **ना.** फित्ता, रिबन, पट्ट, बन्ध, चोलंडुक ।

fillip (फि'लिप्) **ना.** र **क्रि.** चुटकी, प्ररोचन, प्रेरणा;—**क्रि.** ट्याप्प हान्नु, चुटकी हान्नु ।

filly (फि'लि) **ना.** घोडी, घोडीको बछेडी ।

film (फिल्म्) **ना.** र **क्रि.** चित्रपट, छविपट, पटल, पर्दा, तर, तस्वीर, झिल्ली, बादल (आँखाको), चलचित्र खिच्ने फिल्म, जाली, जालो;—star तारका, स्टार ।

filter (फिल्'टर्) **ना.** र **क्रि.** चाल्नी, नि:स्यन्दक; **क्रि.** नि:स्यन्दन गर्नु, छान्नु;—paper नि:स्यन्दन पत्र ।

filth (फिल्थ्) **ना.** गन्दगी, मैला, अश्लीलता, फोहोर;—y**वि.** गन्दा, फोहर, अश्लील ।

filtrate (फिल्'ट्रेट) **ना.** निस्यन्द, नि:स्यन्दन, छनाइ ।

fin (फिन्) **ना.** पक्ष, बाज, पर, पखेटा ।

final (फाइ'नल्) **वि.** अंतिम, आखिरी, अपरिवर्तनीय, इदमित्थ, नबदल्ने;—ly **क्रि. वि.** अंततः, अन्तमा ।

finale (फि'नाले) **ना.** (नाटक, संगीतको) अंत ।

finality (फाइन्या'लिटि) **ना.** अंतिम काम, अवस्था वा वचन ।

finan/ce (फि (-फाइ-) न्यान्स्) **ना.** र **क्रि.** अर्थ, वित्त, राजस्व, मूलधन; **क्रि.** आर्थिक सहायता गर्नु;—cial आर्थिक, वित्तीय;—cial transaction दामकाम;—cier **ना.** अर्थशास्त्रविद्, पूँजीपति ।

finch (फिन्च्) सानू जातको चरा, फिस्टो; rose—**ना.** लालचरा।

find (फाइण्ड्) **क्रि.** (found) र **ना.** पाउनु, भेट्टाउनु, मिल्नु, पत्ता लाउनु, खोज्नु, ठहराउनु, ठहर गर्नु, चाल पाउनु, पहिल्याउनु, बरामद गर्नु; **ना.** पत्ता;—ing **ना.** ठहर;—out ताड्नु, पत्ता लगाउनु, भेद पाउनु, खुट्याउनु ।

fine (फाइन्) **ना.**, **वि.**, **क्रि.** र **क्रि. वि.** अंत, जरिमाना, बिगो, अर्मल, डाँड, दण्ड, राम्रो मौसम; **वि.** मिहिन, मसिनो, परिष्कृत, मैदा, सुकुमारी, राम्रो, सिपालु; **क्रि. वि.** सफा गराउनु, मसिनो पार्नु, डाँड्नु, जरिमाना गर्नु;—drawn **वि.** पातलो,

सूक्ष्म, मसिनो ।

finery (फाइ'नरि) **ना.** भडक, आडम्बर, अलंकार, आभरण, छरितोपना ।

finesse (फिनेस्') **ना.** र **क्रि.** कौशल, चलाकी, (ताशमा) सानू चक्कीले बाजी लिने प्रयत्न ।

finger (फिङ्गर्) **ना.** र **क्रि.** औंला, स्पर्श; (**क्रि.**) छुनु, बिस्तारै वजाउनु, घूस लिनु, चोर्नु, छामछुम गर्नु;—print **ना.** औंठा, औंठा छाप, ल्यापचे;—stall अंगुलित्राण, शस्त ।

finic/al (**वि.**) नाटीकुटी गर्ने, उपेक्षक, सावमान, फूलथुँगा;—king,—ky **वि.** नाटीकुटी गर्ने, छिचिंगुटे ।

finis (फि'निस्) **ना.** (ब.व. छैन) (पुस्तकको अंतमा) अन्त, कुनै कुराको अन्त ।

finish (फि'निश्) **क्रि.** र **ना.** अन्त गर्नु, सिध्याउनु, तय गर्नु, समाप्त गर्नु, मार्नु, बुत्याउनु, तुर्नु, खतम पार्नु, भ्याउनु, बिताउनु, मिति पुन्याउनु, निमिटयान्न पार्नु, टुंग्याउनु, निपटाउनु, रित्याउनु, बुताउनु, वेमाख गर्नु, परिष्कार गर्नु, निखार्नु, सकिनु, इतिश्री गर्नु, टुंगिनु; **ना.** अन्त, समाप्ति, खलास, तमाम, आखिरी अवस्था, सिनित्त, परिष्कृति;—ed **वि.** गए गुज्रेको, खलास;—er **ना.** परिष्कारक ।

finite (फाइ'नाइट्) **वि.** सीमित, परिमित, नियत ।

fir (फअ्र्) **ना.** देवदारू ।

fire (फायर्) **ना.** र **क्रि.** आगो, अग्नि, धुनि, धूर, भुंग्रालो, डढेलो, भुंग्रो, आगलागी;—arm अग्न्यास्त्र, बन्दूक;—brand **ना.** अघुल्टो, झगडा गराउने;—fly **ना.** जूनकीरी, खद्योत;—brick अग्निजित ईंट;—wood जर्ना, दाउरा;—work (s) आतसवाजी, (अलं०) धूमधाम; wood—,camp—धुनी; catch—सल्कनु; firing **ना.** हनाइ, पडकाइ, दहन ।

firm (फअ्र्म्) **ना.** र **वि.** कोठी, व्यापारिक संगठन, कम्पनी; **वि.** दृढ, स्थिर, दरिलो, अचल, पक्का, ठोस ।

firmament (फअ्र्'ममेण्ट्) **ना.** आकाश, नभमण्डल, व्योम, अन्तरीक्ष, खगोल ।

first (फअ्र्स्ट्) **वि.** पहिलो, अग्रगण्य, श्रेष्ठ, मुख्य, उत्तम, अब्वल, राम;—hand देखिजानेको, नयाँ;—rate श्रेष्ठ, खासा, सर्वोत्तम, अब्वल, उम्दा ।

firstling (फअ्र्स्ट्'लिङ्) **ना.** (धे.ज.ब.व.) (कुनै वस्तुको) पहिला, (फलफूल, सन्तान) ।

firth (फअ्र्थ्) **ना.** समुद्रबंक ।

fiscal (फिस्'कल्) **वि.** र **ना.** राजस्वसम्बन्धी, आर्थिक, वित्तीय ।

fish (फिश्) **ना.** (प्राय० ब.व.) र **क्रि.** माछा, मीन, मत्स्य; **क्रि.** माछा मार्नु;—erman **ना.** मल्लाह, धीवर, केवट, माझी;—y **ना.** माछाले भरपूर, सन्देहजनक ।

fissile (फि'सिल्) **वि.** भिदुर, चिरिने, फट्टिने ।

fission (फि'श्न्) **ना.** विच्छेदन, छेद, अणुको विच्छेदन ।

fissure (फि'शर्) **ना.** र **क्रि.** खोल्सो, दरार, छिद्र, रन्ध्र, गर्त; **क्रि.** चिरिनु, फाट्नु, चिरो, खोल्सा, झोर पर्नु ।

fist (फिस्ट्) **ना.** मुडकी, मुक्का, मुट्ठी, हात; **क्रि.** मुडक्याउनु, पिट्नु;—ful **वि.** गजर, मुठीभरी ।

fistic (फिस्'टिक्) **वि.** मुक्काबाजीको;—cuffs **ना.** मुक्काबाजी, भिडन्त, हातपात, मारमुग्री, मुक्का, घुस्सा, ढुस्सा, मुड्की ।

fistula (फिस्'ट्यूला, फिस्'चुला) **ना.** लामू नल जस्तो र साँगुरो मुख भएको घाउ, भगन्दर ।

fit (फिट्) **ना.**, **वि.** र **क्रि.** (–tt–) मूर्च्छा, अतालिनु, अचानकको अवस्था, ठीक नाप; **वि.** लायक, सुहाउँदो; छन्द परेको, नियोज्य; **क्रि.** ठीक हुनु, जुर्नु, खुल्नु, मिलाउनु, ठिक्क हुनु, सुहाउनु, जड्नु; to think—चाहेमा, मुनासीब ठहराएमा;—ting **ना.** जडान, स्थापन, विन्यास, उपकरण, साजसामान, (लुगाको) पहिरन, good—छाँट परेको; ill—ting **वि.** छन्दनबन्द, छन्द नपरेको, बेच्छन्दको;—ness **ना.** स्वस्थता, नैतिक योग्यता, सदाचार;—ter **ना.** जड्ने, कारीगर ।

five (फाइभ्) **वि.** र **ना.** पाँच;—year plan पंचवर्षीय योजना ।

fix (फिक्स्) **ना.** र **क्रि.** द्विविधा, कठिन परिस्थिति, बित्यास, फसाद, अन्योल, टण्टा, अल्झो, झन्झट, झमेला; **क्रि.** जड्नु, बसाल्नु, बैठाउनु, कायल हुनु, मुकर्रर गर्नु, कायम हुनु, ठोक्नु, ठेक्नु, डट्नु, तोक्नु, किट्नु, किटान गर्नु;—ation **ना.** निग्रहण, भ्रम, स्थिरीकरण;—ative **ना.** टाँस्ने, जोड्ने;—ed **वि.** इदमित्थ, नियत, स्थिर, अडिग, अचल, ठेकिएको, हचुवा (मोल) कुतौ;—ed deposit मुद्दती हिसाब;—ity **ना.** स्थिरता, स्थायित्व, चिरस्थायित्व, ध्रौव्य;—ture **ना.** जडान, अचल, (खेल इ० को) प्रबन्ध ।

fizzy (फि'जि) **क्रि.** र **ना.** पाक्नु, फिंज उठ्नु; **ना.** श्याम्पेन ।

fizzle (फि'ज़्ल्) **क्रि.** शब्दसाथ पाक्नु, फिंज उठ्नु;—out **क्रि.** त्यसै मरेर जानु, बैलाउनु, ख्वास्याङ्ग ख्वास्याङ्ग हुनु ।

flabbergast (फ्ल्या'बर्गास्ट्) **क्रि.** होशहवास गुम गर्नु, हुनु; to be—ed गश खानु, खंग्रङ्ग पर्नु ।

flabby (फ्ल्या'बि) **वि.** शिथिल, झुण्डिएको, लट्कने, बिना स्नायुको, कमजोर, झोलिएको ।

flaccid (फ्ल्याक्'सिड्) **वि.** चाउरी परेको, झोलिएको, वाल्ल परेको, शक्तिहीन ।

flag (फ्ल्याग्) **ना.** र **क्रि.** (-gg-) झण्डा, पताका, केतु, ध्वजा; **क्रि.** झण्डा खडा गर्नु, झण्डाद्वारा समाचार पठाउनु, लत्रनु, झुक्नु, इशारा गर्नु, मन्द हुनु;—gy **वि.** झण्डे, झण्डाधारी, झण्डावाल, पताकी, ध्वजी ।

flagellate (फ्ल्या'ग(-ज-)लेट्) **क्रि.** पिट्नु, कोडा ठोक्नु ।

flagitious (फ्लजि'शस्) **वि.** घोर, दारूण, महापापी, अति दुष्ट ।

flagon (फ्ल्या'गन्) **ना.** पुटग्रीव, (खाने टेबिलमा) रक्सी राख्ने भाँडो, सुराही ।

flagrant (फ्लेग्'रण्ट्) **वि.** ज्वलन्त, प्रख्यात, स्पष्ट, दुर्नाम हुने ।

flail (फ्लेल्) **ना.** मुशल ।

flair (फ्लेयर्) **ना.** सीप, खूपी, सहजज्ञान ।

flake (फ्लेक्) **ना.** हिमकण, भुसा, च्याँख्ला, तह ।

flam (फ्ल्याम्) **ना.** गप, झुट्टा कुरा, ठगी, छल ।

flambeau (फ्ल्याम्बो') **ना.** (ब.व.–s वा x, उच्चा० ज़्) मैनबत्ती (ठूलो) ।

flam/e (फ्लेम्) **ना.** र **क्रि.** लपट, लप्को, ज्वाला, मुस्लो, राँको, प्रेमी; **क्रि.** रन्किनु, जल्नु;—ing **वि.** तातो, जल्ने ।

flank (फ्ल्याङ्क्) **ना.** कोखा, (घर पहाडको) पाखो, (सेनाको) दाहिने वा देब्रे भाग, वक्षण ।

flannel (फ्ल्या'नल्) **ना.** फलाटीन, भित्री लुगा ।

flap (फ्ल्याप्) **क्रि.** र **ना.** च्याप्टो कुराले हान्नु, झींगा धपाउनु; **ना.** हलका प्याट्ट; खापा, ढीका, (बो.चा.) उत्तेजनाको अवस्था ।

flapdoodle (फ्लाप्डू'ड्ल्) **ना.** फजूल कुरा, गप, वाहियात ।

flapper (फ्ल्या'पर्) **ना.** झींगा मार्ने च्याप्टो औजार; (अप०) ठिटी, हात, (ध्यान आकर्षित गर्ने) घोचो ।

flare (फ्लेअर्) **क्रि.** र **ना.** उक्सनु, (घटबढ गरेर) बल्नु; **ना.** उज्यालो, मताप, मसाल, उज्यालोको सिग्नल, कंपित ज्वाला;—up **ना.** अचानकको झडङ्ग-,छोटो प्रदर्शन वा लडाइँ; **क्रि.** च्याँट्ठिनु ।

flash (फ्ल्याश्) **ना.** र **क्रि.** स्फुरण, झलक, क्षणद्युति, झिलिक, चमक, झल्को;—y झिल्के ।

flask (फ्लास्क्) **ना.** कुप्पी, फ्ल्यास्क, काँचपत्र ।

flat (फ्ल्याट्) **ना.**, **वि.**, **क्रि.** र **क्रि. वि.** तला, (एकै तलाको निवास) फ्ल्याट, खंड; **वि.** च्याप्टो, फिंजिएको, कोमल, न्यास्रो, नरमाइलो, फिस्स, सोतर, भक्कान, सोत्र्याम, लम्पसार, एकसमान, फिका; **क्रि.** थला बस्नु;—ness चेप्टयाइँ, च्याप्टोपन;—ten चेप्टयाउनु, चेप्टिनु, चाक्लिनु, नेप्टिनु, रनथनाउनु;—nosed नेप्टो, च्याप्टो, थ्याप्चो;—iron **ना.** इस्त्री ।

flatter (फ्ल्या'टर्) **क्रि.** चिप्लो घस्नु, फुलाउनु, फुक्र्याउनु, बडाइ गर्नु;—y **ना.** परिपाठ, लोलोपोतो, चोचोमोचो, चेप्प्याइँ, चोसोमोसो, पुलस्त्याइँ, चाटूक्ति, खुशामद;—er **ना.** चाटुकार, खुशामदी, फकौरो, चेप्रे, चेपारे, लोलोपोते;—ing प्रशंसक, स्तुतिकर ।

flatulen/ce (फ्ल्या'ट्यूलेन्स्) **ना.** (पेटको) वायु;—t **वि.** वायुपूर्ण, वातुल ।

flatus (फ्ले'टस्) **ना.** पेटको वायु । (असभ्य०) पाद, पाध ।

flaunt (फ्लॉण्ट्) **क्रि.** (घमण्डले) देखाउनु, अकडिनु, डट्नु, जम्नु, फुलेल हुनु, भडक गर्नु;—ing **वि.** उद्धत गति ।

flavour (फ्ले'भर्) **ना.** र **क्रि.** बास्ना र स्वाद, आस्वाद; **क्रि.** मसला हाल्नु;—ing **ना.** मसला ।

flaw (फ्लॉ) **ना.** चिरिएको, छिद्र, रन्ध्र, दोष, अवगुण ।

flax (फ्ल्याक्स्) **ना.** क्षमा, आलसको झार;—en **वि.** पहेंलो र खैरो मिसिएको रंग ।

flay (फ्ले) **क्रि.** छाला टाँग्नु, छाला काढ्नु, कडा समालोचना गर्नु, लुट्नु, छाला खुत्लिनु, ताछ्नु, खुत्ल्याउनु ।

flea (फ्ली) **ना.** उपियाँ, उपियुँ ।

fleck (फ्लेक्) **ना.** र **क्रि.** कोठी, मख्या, रंग वा उज्यालोको टुक्रा, कण, धूलो, धब्बा, दाग ।

fledge (फ्लेज्) **क्रि.** प्वाँख या पखेटा लाग्नु, पखेटा हाल्नु, प्वाँख वा भुत्ला लाग्नु ।

fledgling (फ्ले'ज्लिङ्) बच्चा चरो, अनुभव नभएको व्यक्ति ।

flee (फ्ली) **क्रि.** (fled) भाग्नु, भागेर बच्नु, अलिपनु, थामिनु, बित्नु, छोड्नु, त्याग्नु ।

fleece (फ्लीस्) **ना.** र **क्रि.** भुत्ला, छाला, खस्रो अथवा बाक्लो या ऊनी घुँघुरिएको कपाल; **क्रि.** कत्रनु, ठग्नु, धुत्नु ।

fleer (फिलअर्) **क्रि.** गिज्याएर वा अटेरी गरेर हाँस्नु, गिल्ला गर्नु, ताना मार्नु, ठट्टा गर्नु ।

fleet (फ्लीट्) **ना.**, **वि.** र **क्रि.** नौसेना, जहाजको समूह, (एकै मालिकका) मोटर, टयाक्सीहरू; **वि.** छिटो, चपल; **क्रि.** चिप्लनु, अलपनु, क्षणभंगुर हुनु, चाँडो बित्नु, उड्नु ।

flesh (फ्लेश्) **ना.** र **क्रि.** मासु, शरीर, जीउ, मज्जा; (ब्यू, कोयो बाहेक फलको) गुदी; मोटोपन, इन्द्रिय लिप्सा; **क्रि.** रगतको स्वादले) उत्तेजित गर्नु, सफलताले उत्तेजना गर्नु, पहिलो पटक (तरवार इ० ले) काट्नु;—y **वि.** मोटो, टुन्न परेको, बिना हाडको, गुदीदार, मासु जस्तो, भरिलो ।

flex (फ्लेक्स्) **क्रि.** र **ना.** निहुराउनु, भाँच्नु (अंग, पेशीहरू) निमठ्नु; **ना.** लचकदार तार, फ्लेक्स ।

flexi/ble (फ्ले'क्सिब्ल्) **वि.** नमनशील, लच्किने, लचकदार, नरम, मुलायम, दब्ने, बांगिने, तन्किने, परिवर्तनशील;—bility **वि.** लचक;—on **ना.** नमन, खुम्चावट ।

flibbertigibbet (फ्लि'बर्टिगि'बेट्) **ना.** फटाहा, गफी, गफास्टक ।

flick (फ्लिक्) **ना.** र **क्रि.** प्याट्ट, झटका, धक्का, चुडकी, अंगुलध्वनि, चुटकी (अप. ब. व.) सिनेमा फिल्म, चलचित्र; **क्रि.** प्याट्ट हान्नु, आघात ।

flicker (फ्लिकर) **क्रि.** काम्नु, हल्लिनु, चलायमान हुनु, यताउति चल्नु (बत्ती, आगो) चंचलतासँग बल्नु; धपधप गर्नु, धिपधिप गर्नु, पिलपिल गर्नु;—ing **वि.** टिमटिम ।

flight (फ्लाइट्) **ना.** उडान, (कीरा, चराको) सामूहिक स्थानान्तर गमन; खुडकिलो, (उड्ने) दूरी, पलायन, निर्गम;—in circles परिडीन ।

flighty (फ्लाइ'टि) **वि.** लहडी, क्षणिक प्रवृत्तिको, लाटो, सन्क्याहा, चुलबुले, चनमते ।

flim-flam (फ्लिम्'फ्ल्याम्) **ना.** क्षुद्रता, फजूल, पाखण्डयाइँ, छल, गप ।

flimsy (फ्लिम्'ज़ि) **वि.** असार, फल्गु, निर्बलियो, क्षीण, सारहीन, निफ्फर, बेमाथवर ।

flinch (फ्लिञ्च्) **क्रि.** पछि हट्नु, विमुख हुनु, हच्कनु, कात्रिनु, मुख बिगार्नु (दुखेर) ।

fling (फ्लिङ्) **क्रि.** (flung) र **ना.** फ्याँक्नु, हिर्काउनु, क्षेपण, फिंजाउनु, करनी हान्नु, पठाउनु; **ना.** प्रक्षेप, हनाइ, छेडखान, करनी ।

flint (फ्लिण्ट्) **ना.** पत्थर, ढुंगा, चकमक, अग्नि प्रस्तर ।

flip (फ्लिप्) **ना.** र **क्रि.** आघात, प्रहार, चुटकी, फुल (अण्डा) परेको खाद्य वस्तु; **क्रि.** चुट्की हान्नु, झटका दिनु, हान्नु ।

flippant (फ्लि'पण्ट्) **वि.** प्रगल्भ, वाचाल, गाम्भीर्यमा कम, ठूलो कुरोलाई चपलताले हेर्ने, बेअदबी ।

flippancy (फ्लि'प्यान्सि) **ना.** प्रगल्भता, वाक्चापल्य, बेअदबी, चापल्य, चपलता ।

flipper (फ्लि'पर्) **ना.** पौडने, तैरने, सँग (जस्तो कछुवा या पेन्गिवनको) ।

flipperty-flopperty (फ्लि'पर्टि-फ्लॅ'पर्टि) **वि.** खुकुलो, झुण्डेको ।

flirt (फ्लअर्ट्) **ना.** र **क्रि.** झटका, प्रगल्भा, पातर्नी, नकटा, नकटी, नक्कली, नाठी, विलासिनी, उ (न) खरमाउली; **क्रि.** झटका हान्नु, छिटोछिटो चलाउनु, प्रेम गरेको जस्तो गर्नु;—ation **ना.** लीला, विलास, प्रेमलीला, छाडन, लीलाभिनय ।

flit (फ्लिट्) **क्रि.** (–tt–) र **ना.** स्थानान्तरण गर्नु, जानु, छटकनु, प्रस्थान गर्नु, वास सर्नु, वित्नु, उड्नु; **ना.** छोटो-छोटो उडान, वाससराइ ।

flitch (फ्लिच्) **ना.** वनेल, सुँगुरको कोखाको मासु (नून लाएको) ।

flivver (फ्लि'भर्) (ए० व०) **ना.** (सस्तो र कम दर्जाको) मोटर गाडी ।

float (फ्लोट्) **ना.** र **क्रि.** प्लव, तरी, तरण, उत्रने (वस्तु); **क्रि.** उत्रनु, तैरनु, तहरिनु, चालु गर्नु, थाम्नु, पत्ताउनु । (व्यापा०) (ऋण, स्वीकृति इ०) पैंचो, सापटको रूपमा रहनु, चालु रहनु; म्याद, पक्वावस्था पर्खनु ।

flaccu/le (फ्लॅ'क्क्यूल्) **ना.** ऊन, कपासको भुवा;—lent **वि.** भुवादार, सघन ।

flock (फ्लॅक्) **ना.** र **क्रि.** (कपास, ऊनको) राश, समूह, बथान, बगाल; **क्रि.** झुम्मिनु, जम्मा हुनु, झुत्ति खेल्नु ।

flog (फ्लग्) **क्रि.** (–gg–) बेत, कोर्रा ठोक्नु; ठोकेर पढाउनु, अगाडि बढाउनु ।

flood (फ्लड्) **ना.** र **क्रि.** भेल, भल, बाढी, भक्कानु, भङ्गालो, दाहार, प्लवन, ओघ, प्रवाह, प्रलय, जंघार; **क्रि.** उर्लनु, जलमग्न हुनु, विप्लव, रेलिनु;—ed **वि.** प्लवित;—gate बाढ ढोका, जल निर्गम;—lighting प्लवनदीप ।

floor (फ्लोअर्) **ना.** र **क्रि.** तला; **क्रि.** लडाउनु, पछार्नु, भक्कान पार्नु, हराउनु, किंकर्तव्यविमूढ गराउनु; ground—**ना.** भैं, भैंतला;—cloth **ना.** सतरञ्ज;—show **ना.** रंगमञ्चमा नभई कोठामा हुने प्रदर्शन ।

flop (फ्लप्) **क्रि.**, **ना.** र **क्रि. वि.** हल्लिनु, नराम्रोसँग हिंड्नु, ह्वात्त बस्नु, असफल हुनु, बिग्रनु; **ना.** असफलता, व्यर्थता, बालुवामा पानी ।

flora (फ्लो'अरा) (ब. व.—ae—as) **ना.** (कुनै क्षेत्र वा युगको) वनस्पति;—l **वि.** फूलको, कौसुम, पौष्प ।

florescence (फ्लरे'सेन्स्) **ना.** फुल्ने समय, फुल्ने अवस्था ।

floriculture (फ्ल'अरिकल्चर्) **ना.** फूलको खेती, पुष्पपालन ।

florid (फ्लॅ'रिड्) **वि.** अलंकृत, उज्ज्वल, रक्तवर्ण, सालंकार (भाषा), देखावटी, रवाफिलो ।

florist (फ्लो'रिस्ट, फ्लॅ–) **ना.** माली, फूलको व्यापारी ।

floss (फ्लॅस्) **ना.** (रेशमको कोया बेर्ने) खस्रो रेशमीय वस्तु;—silk सस्तो रेशम ।

flotation (फ्लोटे'शन्) **ना.** उप्लवन, स्थापना, चालु गर्नु ।

flotilla (फ्लटि'ल) **ना.** (जहाजको) बेडा, समूह, लघु नौ-समूह ।

flotsam (फ्लट्'सम्) **ना.** (समुद्रमा) तैरिरहेको वस्तु ।

flounce (फ्लाउन्स्) **क्रि.** र **ना.** झडकेर जानु, हल्लिदै हिंड्नु; **ना.** झटका, झोक्का; (लुगामा) किनारामा बुट्टा हालेको ।

flounder (फ्लाउन्'डर्) **क्रि.** (हिलो, पानीमा) कठिनसँग चल्नु, तैरिनु, गल्ती गर्नु, मुश्किलसँग काम गर्नु ।

flour (फ्लावर्) **ना.** पीठो, मैदा, सूजी, अपुँगो, आँटा, पिष्ट, चूर्ण ।

flourish (फ्ल'रिश्) **क्रि.** र **ना.** फुल्नु-फल्नु, मौलाउनु, फाप्नु, फलिफाप हुनु, भलो हुनु, सब्लाउनु, फस्टाउनु, गुलजार हुनु, उन्नति गर्नु, रवाफ गर्नु; **ना.** समृद्धि, वीर्य, अक्षरको अलंकार, दस्तखतमनिको रेखा, डिगो, बाजाबाट सामूहिक ध्वनि ।

flout (फ्लाउट्) **क्रि.** गिज्याउनु, अपमान गर्नु, हेलाँ देखाउनु, अवज्ञा गर्नु, अटेरी गर्नु ।

flow (फ्लो) **क्रि.** र **ना.** उर्लिनु, बग्नु, बहनु, उर्लनु, घुम्नु, मूल फुट्नु; **ना.** प्रवाह, भल, धारा, छहरा, स्रोत;—ing **वि.** नरुकेको, सुगम;—n **वि.** फुलेको, सूज उठेको, उडेको ।

flower (फ्लावर्) **ना.** र **क्रि.** फूल, पुष्प, कुसुम, अलंकार, सार, थुंगो, श्रेष्ठ भाग; **क्रि.** फुल्नु, फक्रनु, बुट्टा भर्नु (कपडामा);—arrangement **ना.** पुष्पास्तरण;—girl **ना.** मालिनी;—pot **ना.** गमला;—show **ना.** पुष्प प्रदर्शनी ।

flowery (फ्लावरि) **वि.** कुसुमित, पौष्प, पुष्पित, फूलैफूल भएको, सालंकार, मीठो (बोली))

fluctua/te (फ्लक्'टयूएट्) **क्रि.** विलुलित हुनु (लहर झैं) उत्तोलित हुनु उक्लनु झर्नु, अस्थायी हुनु, हिचकिचाउनु;—tion, **ना.** घटबढ, विलोलन, दोलायमान ।

flu (फ्लू) **ना.** (इन्फ्लुएन्जा रोगको बोलचाली छो. क.) फ्लू ।

flue (फ्लू) **ना.** कपासको भुवा, धूवाँ जाने बाटो (चिम्नीमा), धूवाँकस ।

fluen/cy (फ्लु'एन्सि) **ना.** शब्दसौकर्य, वाग्विभव, पटुता, अनति-विलंबिता;—t **वि.** वाक्पटु, धारावाही, सहज ।

fluff (फ्लफ्) **ना.** र **क्रि.** भुवा, नरम रौं, पशमीनाको भुवा, नरम भुत्ला; bit of—(ए० व०) **ना.** ठिटी, स्त्री; गाला वा च्यूँडोमा उम्रने नरम रौं, बोके दाह्री; **क्रि.** (नाटक) खेलमा आपनो भूमिका विर्सनु ।

fluid (फ्लु'इड्) **ना.** द्रव, तरल, रस, सजिलोसँग चल्ने, अदृढ, अस्थायी अवस्था ।

fluke (फ्लूक्) ना. र क्रि. (खेलमा) अजानमा राम्रो मार वा हिर्काइ, गर्नु, निशानमा लाग्नु, हान्नु; ना. त्यस्तो हनाइ ।

flummery (फ्ल'मरि) ना. रित्तो शिष्टाचार, चापलूसी, फासफुस, अण्टसण्ट ।

flummox (फ्ल'मक्स्) (ए० व०) क्रि. व्याकुल गराउनु, विमूढ गराउनु, अप्रस्तुत गर्नु ।

flunke/y (फ्लङ्'कि) (ब. व.—s) ना. पोशाक लाउने नोकर, द्वारपाल, चाटुकार, घमण्डी ।

fluorescence (फ्लूअरे'सेन्स्) ना. प्रतिदीप्ति ।

flurry (फ्ल'रि) ना. र क्रि. (हावाको) झोका, हावापानी, तहल्का, होहल्ला, दौडादौड, हुर्हुर, व्यग्रता, संभ्रम, रूमलो, हतार, चटारो; क्रि. जुर्मुर्याउनु, वित्तु: to be—ried हतारिनु, वित्तु, संभ्रान्त हुनु ।

flush (फ्लश्) ना., क्रि. र वि. वथान, धारा बाहुल्य, भावनाको झोक, विजयोल्लास, चुरिफुरी, फूर्ति, रक्तता, (ताशमा) एकै रंगको पत्तीसमूह; क्रि. फुट्नु, उड्नु, नयाँ जरा हाल्नु, गर्वित हुनु, औताउनु, हडवडाउनु, तुलबुल्याउनु, बेचैन गराउनु, (लुकेको ठाउँबाट) निकाल्नु; सम्म पार्नु, सम्याउनु, पानी छोडेर पखाल्नु (नाल, इ.), रगत चढ्नु, मुख रातो हुनु (घमण्ड, लाज, रिस, इ. ले), लाल हुनु; वि. अरुणित, लोहित, धनसंपन्न, समृद्ध; लाल ।

fluster (फ्लस्'टर्) क्रि. र ना. पेयले खलवलिएको पार्नु, हतपताइदिनु, अत्याइदिनु; ना. आतस, हतार ।

flute (फ्लूट्) ना. बाँसुरी, वंशी, मुरली ।

flutter (फ्ल'टर्) क्रि. पखेटा बजार्नु, पखेटा चलाउनु;—ing वि. कम्पमान; ना. जूवामा सानु दाउ ।

flux (फ्लक्स्) ना. प्रवाह, द्रावक, स्राव, स्रोत, आतञ्चन, परिवर्तनको अनुक्रम;—ion ना. प्रवाह, वहाउ ।

fly (फ्लाइ) ना. र क्रि. माखो, झींगा; क्रि. उड्नु, उछिट्टिनु, बतासिनु;—er, flier ना. उड्ने, महत्वाकांक्षी व्यक्ति;—leaf ना. मलपृष्ट;—weight (मुक्का०) निम्नभार;—wheel ना. भारी पांग्रा, गतिपालक चक्र;—a kite झटारो हान्नु ।

foal (फ़ोल्) ना. टट्टू, अश्वशावक ।

foam (फोम्) ना. फिंज, गाज, फेन;—y वि. फेनिल, फेनी, फिंजिलो, नरम ।

fob (फॅब्) ना. र क्रि. (-bb-) (सानु) खल्ती; क्रि. ठग्नु, फकुर्याउनु, (नकली माल) भिडाउनु ।

foc/us (फो'कस्) ना. (ब. व.—ci) र क्रि. नाभि, केन्द्र; क्रि. केन्द्रित गर्नु, संग्रह गर्नु, स्पष्ट गर्नु, एकत्र गर्नु;—al वि. नाभीय ।

fodder (फॅ'डर्) ना. चारा, भूसा, दानापानी ।

foe (फो) ना. शत्रु, दुश्मन, रिपु, वैरी, प्रतिद्वन्द्वी ।

foetus (फी'टस्) ना. भ्रूण, गर्भ, पिण्ड ।

fog (फॅग्) ना. र क्रि. (-gg-) कुइरो, हुस्सु, तुवाँलो, धमिलोपन, नीहार, अँध्यारो; क्रि. धमिल्याउनु, धुम्मिनु, रूमलिनु, खलवल्याउनु;—gy वि. धूमल, कुहावृत ।

fogy, fogey (फो'गि) ना. पुरानो विचारको बूढो ।

foible (फॉय'ब्ल्) ना. छिद्र, दोष, अवगुण, त्रुटि, कमजोरी ।

foil (फॉयल्) ना. र क्रि. तपक, पत्री ,जडान, दाँजो, ठुप्पोमा) धार नभएको तरवार; लखेटिएको शिकारको बाटो; क्रि. हराउनु, परास्त गर्नु, हताश गर्नु, हरिया दाँत पार्नु, हिस्स पार्नु, शिकारमा अघि हिंडेको बाटोमा दोहरो हिंडी गन्ध अलमल्याइदिनु ।

foist (फॉयस्ट्) क्रि. (लुकीचोरी) घुसाउनु, (छलेर) भिडाउनु ।

fold (फोल्ड्) ना., क्रि. र वि. (बाखाको) खोर, गोष्ठी; मोड, मुजा, डोरा, बन्द, फर्दा, डाम; क्रि. मोड्नु, पट्याउनु, सम्याउनु, आलिङ्गन गर्नु, जोर्नु; वि. गुना, गुणा;—er ना. दोब्ब्याएको परिपत्र, सूचना, पोष्टि ।

foliage (फो'लिएज्) ना. पल्लव, हाँगाबिंगा, पात-पतिंगर ।

foliate (फो'लिएट्) वि. र क्रि. पर्णावृत, सदल, पातसहित; क्रि. पत्रको संख्या हाल्नु (पृष्ठको होइन) ।

folio (फो'लिओ) (ब. व.—os) पुस्तक पत्र, (एक पटक दोब्ब्याएको) ताउ, सो नापको पुस्तक, पाना ।

folk (फोक्) ना. जाति, जन, लोक, जनसमूह, दुनिया;—lore लोकपरम्परा, जनश्रुति;—sy वि. मिलनसार, हेलमेल गर्ने;—song ना. लोकगीत, रसिया; common—अदना रैती ।

follicle (फ'लिक्ल्) ना. स्यानु स्यून, प्रस्वेव, (रौंको जरा उम्रने) कोष ।

follow (फॅ'लो) क्रि. पछि लाग्नु, पछि पर्नु, पछ्याउनु, अमल गर्नु, फल निकाल्नु, अनुगामी हुनु, लखेट्नु;—er ना. अनुगामी, ताबेदार, टहलुवा, अनुचर, साहन वाहन, अनुयायी, सहचर, सेवक, परिजन, पछिलग्गु, पीछावाल;—ing ʼना. तपसील, समर्थकहरू, लस्कर, लर्को, देहाय, निम्न, सदरवदर;—up ना. र क्रि. अनुगम ।

folly (फॅ'लि) ना. मूर्खता, जाड्य, मूढता, अज्ञानता, कुबुद्धि, निर्बुद्धि, खर्चिलो बेकम्मा रचना (रचयिताको नाम गरी मूर्खता भनिने) ज. कि. Bhimsen's—

foment (फमेण्ट्) क्रि. सेक्नु, न्यानु पार्नु, पाल्नु, पोस्नु, उक्साउनु;—ation ना. सेक, सेकताप, सेकाइ, तपन ।

fond (फॅण्ड्) वि. ज्यादा विश्वासी वा आशा गर्ने, अनुरक्त, आसक्त, प्रेमी ।

fondle (फॅन्'ड्ल्) क्रि. सुमसुम्याउनु, अँगालो हाल्नु, सुसुल्को खेलाउनु, मुसार्नु, हात फेर्नु ।

fons et origo (फॅन्स् एट् ऑरि'गो) (ल्या०) (वाक्य) सूत्र र मूल ।

font (फण्ट्) ना. (पवित्र) जलभाण्ड ।

food (फूड्) ना. भोज्य, बेसाहा, आहार, खाना, खाद्यान्न, खाद्य, भोजन, खुराक, सिधा, भोजनी, खानेकुरा;—stuff, ना. खाद्यवस्तु ।

fool (फूल्) ना., वि. र क्रि. मूर्ख, स्वाँठ, बेसमझ, नासमझ, अपढ, उल्लूको पट्ठा, पागल, बेकूफ; क्रि. मूर्ख बन्नु, लाडिनु, ठग्नु, छल्नु;—ery विडम्बना, व्यामोह;—ish वि. नासमझ, पंगु, बेकूफ, बेसमझ ।

foolhardy (फूल्'हाअ्रडि) वि. प्रमत्तवीर, अति साहसी,

प्रमत्त, प्रगल्भ, उज्जड, अहमत्याइँ लागेको ।

foot (फुट्) **ना.** र **क्रि.** खुट्टा, गोडा, पाउ, पग, मूल; **क्रि.** हिंड्नु, पाइला चाल्नु, जोड्नु (हिसाब), तिर्नु;—ball **ना.** लात्ते भकुण्डो;—hills **ना.** भाँवर;—steps **ना.** पाइला;—lights **ना.** रंगमञ्चको बत्ती पंक्ति;—note **ना.** पाद टिप्पणी;—passenger पदयात्री;—path **ना.** गोरेटो, गोहारी;—print **ना.** पदचिन्ह, पादांक, पादमुद्रा, पाइला—slogger **ना.** पदिक, पत्ति, पदाति, पैदल, सिपाही;—stool **ना.** पाउदान;—wear **ना.** उपानत्, जुत्ता, पाउपोश ।

foozle (फू'ज्ल्) (अप० खा. ग. गॅल्फ खेलमा) **क्रि.** र **ना.** विगार्नु, नराम्रोसँग गर्नु, (हिर्काइ); **ना.** भद्दा असफलता ।

fop (फॅप्) **ना.** नक्कले, गुण्डा, चुलबुले, छैला, बाँका; **वि.** ठाँटी, दम्भी;—pery **ना.** गुण्डयाइँ, वेषाभिमान ।

for (फॲर्, फॅर्, फर्) उ. र **सं**. लाई, लेखा, निमित्त, निम्ति, वापत, किनभने, कारणले, रूपमा, खातिर, निमित्त, हेतु, लेखा;—necessary action आवश्यक कार्यार्थ ।

forage (फॅरेज्) **क्रि.** र **ना.** रसद, भूसा, चारा इ० जम्मा गर्नु; ध्वंस गर्नु; खोजतलास गर्नु; **ना.** भूसा, चारा (वस्तुको) ।

forasmuchas (फॅर्ॲयाज़्मच्'ॲयाज़्) **सं.** किनभने, यस कारणले कि ।

foray (फॅ'रे) **ना.** र **क्रि.** धावा, जाइलाग्नु, आक्रमण; **क्रि.** धावा बोल्नु ।

forbear (फर्बेयर्) **ना.** र **क्रि.** (—bore,–borne). पिता पुर्खा; **क्रि.** क्षमा गर्नु, रोकिनु, सहनु;—ing **वि.** सहनशील ।

forbid (फर्बिड्') **क्रि.** (-bad वा-bade;-bidden) निषेध गर्नु, रोक्नु, मनाही गर्नु, प्रत्याख्यान गर्नु;—ding **वि.** घृणावह, डरलाग्दो ।

force (फोॲर्स्) **ना.** र **क्रि.** बल, शक्ति, सामर्थ्य, बलजफती, करकाप, प्रभाव, बलात्कार, सेना, वाहिनी; **क्रि.** कोचार्नु, मण्टाउनु, जोर लगाउनु, बाध्य गराउनु, जित्नु, पक्डिनु, जोर गर्नु, उत्पन्न गर्नु, कोच्नु;—ful **वि.** जोरदार; forced **वि.** बाध्य, जबर्जस्ती, चुइँक्याएको, करसित; forcible **वि.** जोरदार, प्रबल, सप्रभाव; by—बलजफ्तीसँग, मारसुंग्रीले; in—कायम, लागू, चालु, प्रचलित, चल्तीमा रहेको ।

force majeure (फोॲर्स् माझॲर्') **ना.** अप्रतिहार्य करकाप, दवाव, युद्ध, हड़ताल; दैवी घटना, जसले गर्दा ठेक्का पूरा नगरे पनि हुन्छ; बलमिच्याइँ, जबर्दस्ती, जोरजुलूम, मारसुंग्री ।

forceps (फॅॲर्'सेप्स्) (ए. व. र ब. व.) **ना.** सँडासी, चिमटा ।

ford (फोॲर्ड्) **ना.** र **क्रि.** घाट, हेलिएर नदी तर्ने ठाउँ; **क्रि.** तर्नु, हेल्नु ।

fordo (फर्डू') **क्रि.** मार्नु, नाश गर्नु, ध्वंस गर्नु;—ne **वि.** लस्त, थकित ।

fore (फोॲर्) **वि.**, **ना.**, उ. र **क्रि. वि.** अगाडि, अग्र; जहाज को अग्रभाग, सामने; सामने ! (गल्फमा बल हान्नुअघिको चेतावनी) ।

forearm (फोॲर्'आॲर्म्) **ना.** बाहु, प्रबाहु, हात, पाखुरा ।

forbo/de (फरबोड्') **क्रि.** भविष्य बोल्नु, शकुन देखाउनु, सूचन गर्नु (खा. ग. अनिष्ट);—ding **ना.** अनिष्टसूचन, अनिष्ट ज्ञान ।

forecast (फोॲर्कास्ट्) **ना.** र **क्रि.** (forecast वा-‑ed). लगत, अनुमान, अग्रसूचन (पहिले गरिएको), (मौसिमको) अनुमान; **क्रि.** लक्ष गर्नु, लख गर्नु, अठोट गर्नु ।

foreclose (फोॲर्क्लोज्) **क्रि.** रोक्नु, मनाही गर्नु, भोगबाट वञ्चित गर्नु, बन्धकी निखन्न नदिनु ।

forecourt (फोॲर्'कोॲर्ट्) **ना.** चोक ।

forefather (फोॲर्'फादर्) **ना.** (ब. व.) पुरखा, पितृ, बाबु बराजु, बापदादा ।

forefinger (फोॲर्'फिङ्गर्) **ना.** चोरऔंला ।

forefoot (फोॲर्'फुट्) **ना.** (पशुको) अगाडिको खुट्टा ।

forefront (फोॲर्'फ्रण्ट्) **ना.** एकदम अगाडि, सामने ।

forego (फोॲर्गो') **क्रि.** (–went–gone) त्याग्नु, छोड्नु, अगाडि हुनु;—ne conclusion अग्रिम निर्णय:—ing **वि.** अग्रगामी ।

foreground (फोॲर्' ग्राउण्ड्) **ना.** अगाडिको जमीन ।

forehead (फॅ'रेड्) **ना.** निधार, कञ्चट, पुर्पुरो, ब्रह्माण्ड, कन्सिरी, ललाट, भाल ।

foreign (फॅ'रिन्) **वि.** विरानो, विदेशी, पारदेश्य, पारदेशिक, बाहिरी, आर्काको, असमान;—er **ना.** विदेशी, परदेशी, पारदेशिक, मदिसे, विजातीय, मुगलानिया, देशी, विरानो, विजाति;—country **ना.** देशावर, परदेश ।

forejudge (फोॲर्जज्') **क्रि.** पूर्व निर्णय गर्नु ।

foreknow (फोॲर्नो') **क्रि.** पूर्वज्ञान हुनु, अघिबाट जान्नु ।

foreleg (फोॲर्'लेग्) **ना.** (पशुको) अगाडिको खुट्टा ।

forelock (फोॲर्'लॅक्) **ना.** अलख, बुलबुल ।

foreman (फोॲर्'म्यान्) **ना.** नाइके, अग्रणी, मेठ ।

foremost (फोॲर्'मोअस्ट्) **वि.** र **क्रि. वि.** प्रधान, सर्वश्रेष्ठ, सर्वप्रथम; **क्रि. वि.** पहिला, धुरन्धर ।

forenoon (फोॲर्'नून्) **ना.** पूर्व मध्याह्न ।

forensic (फरेन्'सिक्) **वि.** अदालती;—medicine भैषज कानून ।

fore-run (फोॲर् रन्') **क्रि.** (–ran,–run) अगाडि जानु, अग्रगामी हुनु;—ner **ना.** अगुवा, अग्रगामी, भतकरु ।

foresee (फोॲर्सी') **क्रि.** (–saw,–seen) भविष्य देख्नु, पहिले देख्नु; foreshadow **क्रि.** पूर्व सूचना गर्नु, पूर्वाभास गर्नु; foresight; **ना.** दूरदर्शिता, पूर्वज्ञान ।

forest (फॅ'रेस्ट्) **ना.** वन, घारी, कानन, जंगल;—er **ना.** वनपाले, वनरक्षक, वनवासी; (dense–) कालाबञ्जर, अनकण्टार;—ry **ना.** वन विद्या;—fire **ना.** डढेलो, डढ्यौलो ।

forestall (फोॲर्स्टॉल्') **क्रि.** उछिन्नु, अनुमान गर्नु, (मोल बढ्ने आशाले) माल पहिले नै किन्नु ।

foretaste (फोर्टेअस्ट्') **ना.** र **क्रि.** पूर्व अनुभव, पूर्व स्वाद; पूर्वाभास ।

foretell (फोअ्र्टेल्') क्रि. (--told) भविष्य कहनु, भविष्य भन्नु; पतुर्नु ।

forethought (फोअ्र्'थॉट्) ना, पूर्व विचार, दूरदृष्टि ।

foretime (फोअ्र्'टाइम्) ना. पुरातन काल, पूर्वकाल ।

forewarn (फोअ्र्वार्न') क्रि. पूर्व सूचना, पूर्व चेतावनी, पूर्व प्रबोधन, पूर्वाभास, साइनु सपनु ।

foreword (फोअ्र्'वअ्र्ड्) ना. प्राक्कथन, भूमिका, प्रस्तावना ।

forfeit (फॅअ्र्'फिट्) ना., वि. र क्रि. दण्ड, जरिवाना, जफ्ती; क्रि. गुमाउनु, जफत गर्नु;—er ना. जफ्ती ।

forfend (फअ्र्फेण्ड्') क्रि. जोगाउनु, हटाउनु, बचाउनु ।

forgather (फअ्र्ग्या'दर्) क्रि. भेला हुनु, जम्मा हुनु, सामेल हुनु, सहवास गर्नु, कुराकानी गर्नु ।

forge (फोअ्र्ज्) ना. र क्रि. ज्यासल, (कामीको) अग्निकुण्ड; क्रि. किर्ते गर्नु, नक्कल गर्नु, गढ्नु, पिट्नु, अगाडि बढ्नु;—ry ना. किर्ते, नकल, फरेब, दुर्लेख्य, जालसाजी ।

forget (फर्गेट्) क्रि. (-got,--gotten र पद्यमा--got;-tt) बिर्सनु, भुल्नु, असुद्दी हुनु, लापर्वाही गर्नु;—ful वि. असुद्दीको, होस्ल्याङ्ग, असुद्दी, स्मृतिलोप, बिरसाहा, बिसराहा, हुस्सू, विस्मरणशील;—fullness विस्मृति ।

forgiv/e (फर्गिभ्') क्रि. (—gave,-given) क्षमा गर्नु, माफ गर्नु;—ing वि. क्षमी, सहनशील, सहिष्णु, सरल, सुधो ।

forgo (फर्गो') क्रि. (-went,-gone) त्याग्नु, छाड्नु, छोड्नु ।

fork (फॅअ्र्क्) ना. र क्रि. काँटा, शूल; क्रि. दुई चुच्चे हुनु, हाँगा हाल्नु, छुट्टिनु;—ed वि. द्विशिख, द्व्यग्र ।

forlorn (फर्लॅअ्र्न्') वि. अनाथ, अनाश्रित, अलपत्र, अशरण, निराधार, निराश्रय, वियोगी, विरही, आसे राँड ।

form (फॅअ्र्म्) ना. र क्रि. रूप, आकार, आकृति, चलन, आचरण, आकृतिपत्र, फारम; क्रि. बनाउनु, रचना गर्नु;—part of क्रि. सामेल रहनु;—less वि. कुरूप, निराकार ।

formal (फॅअ्र्'मल्) वि. विधिवत्, औपचारिक, नियमनिष्ठ;—ity ना. औपचारिकता, शिष्टाचार, आचार, व्यवहार, रीत; observe usual—ities रीत पुऱ्याउनु;—ities completed अंग पुगेको ।

format (फॅअ्र्'म्याट्) ना. पुस्तकको आकार र नापो, ढाँचा।

forma/tion (फॅमें'शन्) ना. रचना, बनोट, उत्पादन, बनावट;—tive वि. निर्मायक, बन्ने, बनाउने ।

former (फॅअ्र्'मर्) वि. अघिको, पौर्विक, भूतपूर्व, साबिक, साविकवाला, पहिलो, अघिल्लो, अघौटे, वल्लो, अगुवा ।

formidable (फॅअ्र्'मिडेब्ल्) वि. डराउनुपर्ने, विरोध गर्न नसकिने, दारुण, भीषण, जण्ड ।

formula (फॅअ्र्'म्यूला) ना. (ब. व.-ae,-as) सूत्र, लक्ष वा रायको विभिन्नता मिलाउने (कूटनैतिक) सिद्धान्त;—ry ना. सूत्र संग्रह ।

formula/te (फॅअ्र्'म्यूलेट्) क्रि. सूत्ररूपमा प्रकट गर्नु, सूत्रित गर्नु;—tion ना. सूत्रण, तर्जुमा गर्नु, तयार पार्नु ।

fornica/tion (फोअ्र्निके'शन्) ना. व्यभिचार, मैथुन;—te क्रि. रण्डीबाजी गर्नु, करणी लिनु, करणी गर्नु;—ter ना. रण्डीबाज, जार ।

forsake (फॅरसे'क्) क्रि. (-sook,-saken) त्याग्नु, छाड्नु;—the world क्रि. संन्यास लिनु ।

forsooth (फॅर्सूथ्) क्रि. वि. साँचै, निःसन्देह, खाँचो लागिरहेछ ।

forspent (फॅरस्पेण्ट्') वि. (आ०) आलसतालस परेको, लस्त, लोथ्नु ।

forswear (फर्स्वेयर्') क्रि. (-swore,-sworn) भाकल गर्नु, किरिया हालेर छाड्नु, त्याग्नु;—oneself मिथ्या किरिया हाल्नु, भाकल तोड्नु ।

fort (फोअ्र्ट्) ना. गढ, किल्ला, दुर्ग ।

forte (फअ्र्ट्) ना. (कसैको) खूबी, बलियो गुण, विशिष्टता;—(संगी) (उच्चा० फअ्र्टि) चर्कोसँग ।

forth (फोअ्र्थ्) क्रि. वि. र उ. अगाडि, बाहिर; so on and so— इत्यादि ।

forthcoming (फोअ्र्थ्क'मिङ्) वि. आगामी, तयार ।

forthright (फोअ्र्थ्राइट्') क्रि. वि. सोझो, तुरून्त, सीधा, हक्की, अभीरु, स्पष्टवक्ता, नडग्ने, निर्णायक, दक्ष, भित्ता पुऱ्याउने ।

forthwith (फोअ्र्थ्विद्') क्रि. वि. तुरून्त, ढीला नगरी ।

fortification (फॅअ्र्टिफिके'शन्) ना. किल्लाबन्दी;—fortify क्रि. बलियो गराउनु, दृढ गराउनु, किल्लाबन्दी गर्नु ।

fortitude (फअ्र्'टिट्यूड्) ना. सहिष्णुता, धीरता ।

fortnight (फोअ्र्ट्'नाइट्) ना. पन्ध्र रोजा, पक्ष, पाखो;—ly क्रि. वि. पाक्षिक ।

fortress (फोअ्र्'ट्रेस्) ना. गढ, किल्ला, दुर्ग ।

fortuitious (फअ्र्ट्यू'इटस्) वि. आकस्मिक, भैपरिआउने ।

fortuity (फॅअ्र्ट्यू'इटि) ना. भवितव्य, आकस्मिकता, कलिकाल ।

fortun/e (फअ्र्'चुन,-ट्यून्) ना. र क्रि. भाग्य, नसीब, प्रारब्ध, कर्म, सौभाग्य, धन, तकदीर, भावी, सम्पत्ति, दैव विधि;—ate वि. भाग्यशाली, महाभाग, भाग्यमानी;—e teller ना. जैसी, ज्योतिषी, घर्ती, लक्षणज्ञ;—make a —e धन कमाउनु, लखेश्वर लाग्नु ।

forty (फअ्र्'टि) वि. चालीस ।

forum (फो'अ्र्म्) ना. सभास्थल, भेटघाट गर्ने स्थल, राय प्रकाश गर्ने साधन ।

forward (फॅअ्र्'वड्) वि., ना. र क्रि. अगाडि, ढीटो, पुक्खल, निर्धक, धृष्ट, अघिसरा, उत्तर्सिने, अग्रसर, विकास हुन लागेको, तयार, व्यग्र, तम्सेको, अति प्रौढ, प्रगल्भ; ना. लात्ते भकुण्डो खेलमा अगाडि खेल्ने खेलाडी; क्रि. पेश गर्नु, चलान गर्नु, पठाउनु, प्रगति गराउनु, बढाउनु, प्रेषित गर्नु;—ing note ना. चलानी, चलानी पुर्जी ।

fosse (फॅस्) ना. गड्ढा, हाता, नहर, खाल्डो, खाडल ।

fossil (फॅसिल्) वि. र ना. खनेर झिकेको, पुरिएको; ना.

उत्खात द्रव्य, पुरानो, उन्नति हुन नसक्ने, शिलाभव ।

foster (फॅस्'टर्) **ना.** र **क्रि.** हुर्काउनु, पाल्नु, पोस्नु;—child पोष्य पुत्र;—father धर्मपिता;—brother दूध-भाइ, धातृ पुत्र;—mother **ना.** धाई, धाई आमा ।

foul (फाउल्) **वि., ना., क्रि.** रं **क्रि. वि.** घृणित, गन्धपूर्ण, मैलो, बिटुलो, बन्द भएको; **ना.** धक्का; **क्रि.** मुछिनु, फोहोर पार्नु, मैलो हुनु;—means **ना.** कर्तव्य, कैफियत, कपट, झेल, जालझेल ।

found (फाउण्ड्) **क्रि.** पायो; स्थापना गर्नु, भर गर्नु;—ed **वि.** आधारित, भर गर्ने;—ation **ना.** आधार, जग, संस्थापन; without— **वि.** निराधार; —ation stone आधारशिला ।

founder (फाउन्'डर्) **क्रि.** र **ना.** लड्नु, गिर्नु, (पानी भरिएर) डुब्नु; **ना.** स्थापक ।

foundling (फाउण्ड्'लिङ्) **ना.** (फ्याँकेको) बालक, बाबु आमा थाहा नभएको शिशु, बालख ।

fount (फॅण्ट) **ना.** मूल, स्रोत, झरना ।

fountain (फाउन्'टेन्) **ना.** फोहरा, छाँगा, झरना, (नदीको) मूल, पनेरो, स्रोत;—head **ना.** मूल स्रोत, प्राथमिक स्रोत, मुहान ।

four (फोअर्) **वि.** र **ना.** चार, चौका; on all fours वाभे सरेर;—some **वि. ना.** चार जना;—fold चौगुना, चतुर्गुण, चौबर;—teen चौध ।

fourth (फोअर्थ्) **वि.** चाहार, चौथो, चतुर्थ;—ly **क्रि. वि.** चौथो ।

fowl (फाउल्) **ना.** र **क्रि.** चरा, चराको मासु, (भोजनको रूपमा), कुखुरो; wild—, red jungle—लुइँचे; **क्रि.** समाउनु, मार्नु;—er **ना.** व्याधा ।

fox (फॅक्स्) **ना.** र **क्रि.** जम्बूक, गीदड़, स्याल, फ्याउरो;—terrier **ना.** कुकुरको जात;—trot **ना.** नाचको प्रकार; **क्रि.** चलाकी गर्नु, छल्नु;—y धूर्त ।

foyer (फ्वा'ए) **ना.** (नाचघर इ० मा) मध्यमान्तर इ० मा बस्ने ठूलो कोठा ।

fracas (फ्र्या'का) **ना.** होहल्ला, कोलाहल, दङ्गा, मारपीट ।

fraction (फ्र्याक्'श्न्) **ना.** भिन्न, अंश, भाग;—al **वि.** आंशिक ।

fractious (फ्र्याक्'शस्) **वि.** झगडिया, रुन्चे ।

fracture (फ्र्याक्'चर्) **ना.** र **क्रि.** भंग, विदारण, विभेद; **क्रि.** भाँच्चिनु, टुट्नु, फोर्नु ।

fragil/e (फ्र्या'जाइल्) **वि.** भंगुर, भिदुर, भंगशील, निफ्फर, निर्धो, फुट्ने, टुट्ने;—ity **ना.** क्षयिता, भंगुरता ।

fragment (फ्र्याग्'मेण्ट्) **ना.** टुक्रा, भाग, छुट्टो अंश, खण्ड;—ary **वि.** आंशिक;—ation bomb **ना.** विस्फोट हुँदा टुक्रा हुने ।

fragran/t (फ्रे'ग्रण्ट्) **वि.** मगमग गर्ने, सुरभित, खुशबूदार, सुवासित;—ce **ना.** सौरभ, बास्ना, सुगन्ध, पराग, खुशबू, महक, परिमल, सुरभि, सुवास ।

frail (फ्रे'ल्) **वि.** नाजुक, निर्बल, निफर, निर्धो, लुरे, नासिने;—ty **ना.** दौर्बल्य, कमजोरी, दोष ।

frame (फ्रे'म्) **क्रि.** र **ना.** रचना गर्नु, गढ्नु, फ्रेम हाल्नु, (अप०) झुट्टा बात लाउनु; **ना.** आकार, रूपरेखा, घेरा, आकृति, रचना, पींध, साँचो, वृत्ति, ढाँचा, बनोट;—work **ना.** आवरण, उपस्तम्भ, गात्र, आवेष्टन, चौकस, वान्की, कंकाल, अस्थिपञ्जर, पींध ।

franc (फ्र्याङ्क्) **ना.** फ्रान्स, बेल्जम र स्विट्शरल्याण्डको सिक्का ।

franchise (फ्र्यान्'चाइज्) **ना.** नागरिकताको अधिकार, मतदाताको अधिकार, विशेषाधिकार ।

franc tireur (फ्राँ टिरेअर्') **ना.** (ब.व.–cs–rs) लुकुवा योद्धा, छिपेर लड्ने (सा० असैनिक) लडाकु ।

frank (फ्र्याङ्क्) **वि.** र **क्रि.** उदार, निष्कपट, पुक्खल, फरासिलो, स्पष्टवक्ता; खुलस्त, साँचो, विना महसूल (चिट्ठी इ०) चलाउने विशेषाधिकार ।

Frankenstein (फ्र्याङ्'केन्स्टाइन्) **ना.** फ्र्यांकेन्स्टाइन, स्रष्टालाई नाश पार्ने राक्षस, भस्मासुर ।

frankincense (फ्र्याङ्'किन्सेन्स्) **ना.** धूप ।

frantic (फ्र्यान्'टिक्) **वि.** व्याकुल, आकुल, उन्मत्त, उच्छृङ्खल ।

fratern/al (फ्रेटअर्'नल्) **वि.** भ्रात्रीय, भाइचारा, भ्रातानुरूप;—ity **ना.** भ्रातृत्व, समाज, बिरादरी, भ्रातृभाव;—ize **क्रि.** (भाइ भाइ जस्तो) सहवास गर्नु (खा. ग. भू० पू० दुश्मन सँग) ।

fratricide (फ्र्या'ट्रिसाइड्) **ना.** भ्रातृघात, (—क) ।

frau (फ्राउ) **ना.** (जर्मनीमा विवाहिता स्त्रीको उपाधि) फ्राउ, श्रीमती ।

fraud (फ्रॉड्) **ना.** झेल, कपट, छल, छलछाम; जालझेल, जालसाजी, प्रतार, प्रतारणा;—ulent **वि.** जालसाजी, जाली, कपटी, कापटिक, छाद्मिकी, असत्ती, मायिक ।

fraught (फ्रॉट्) **वि.** भरिएको, भरपूर;—with को खतरासहित ।

fraulein (फ्राय'लाइन्) **ना.** (जर्मनीमा) अविवाहिता महिला, फ्रायलाइन, कुमारी ।

fray (फ्रे) **ना.** र **क्रि.** मारपीट, होहल्ला कुटामारी; **क्रि.** खिइनु; दलाइ, चलन, इ. ले खिइनु; धागो निस्कनु ।

freak (फ्रीक्) **ना.** लहड, उटपटयाङ्ग, तरङ्ग, चापल्य, खेलवाड, वीभत्सता; राक्षस, विलक्षण जीव ।

freckle (फ्रे'क्ल्) **ना.** र **क्रि.** चाया, मुखच्छाया, पोतो, (घामले) डढेको छाला; **वि.** टाटा परेको, चाया परेको ।

free (फ्री) **वि.** (freer, freest) र **क्रि.** (—d) स्वतन्त्र, अनासक्त, आजाद, आफूखुशी, छाडा, फुका, मनमोजी, स्वेच्छाचारी, निरङ्कुश, अवश, मगनी, स्वच्छन्द, मुक्त, सित्तैं, फोकट, खुकुलो, **क्रि.** मुक्त हुनु, छुट्नु, फुका हुनु, फुइनु;—hold **ना.** बेख बिर्ता;—wheel खुकुलो चक्का;—love **ना.** स्वतन्त्र प्रेम (विवाहसँग सम्बन्ध नहुने);—thinker नास्तिक;—

hand खाली हातले;—spoken स्पष्टवक्ता;—handed उदार;—play स्वतन्त्र चाल, आफूखुशी, मनपरी;—way अवढ वाटो;—will स्वतन्त्र इच्छा; मनोमान, खुशीराजी;—delivery मुफ्त सुम्पाइ (हुलाक, पुलिन्दा, चिठ्ठी इ०) ।

freebooter (फ्री'बूटर्) **ना.** डाँकू, लुटेरा ।

freedom (फ्री'डम्) **ना.** स्वतन्त्रता, आजादी, स्वातन्त्र्य ।

freeze (फ्रीज़्) **क्रि. र ना.** हिमीकरण गर्नु, जम्नु, काट्ठिनु, कठयांग्रिनु, काठिनु, कक्रिनु, कक्रक्क पर्नु, गंग्रिनु; **ना.** तुसारोको याम या अवस्था; तलव, मोलको स्थायित्व;—ing **वि.** सारै जाडो, कठांग्रिने, ठण्डा, टाढाको (भाव);—ing point हिमविन्दु ।

freight (फ्रेट्) **ना. र क्रि.** माल ढुवानीको (जहाजी) भाडा, (पानीमार्गवाट माल) ढुवानी, भारी, वोझ, लाद;—to pay (व्यापा०) ढुवानी तिर्ने;—paid ढुवानी चुक्ति;—age **ना.** जहाजको भाडा, ढुवानीको खर्च, जहाज भाडा लिनु, लाद;—er **ना.** माल ढुवानी गर्ने जहाज ।

French (फ्रेञ्च्) **वि.** फ्रान्सिसी, फ्रान्सेली, फ्रान्स देशको वासिन्दा, वोली;—ify **क्रि.** फ्रेन्चीकरण ।

frenzy (फ्रेन्'ज़ि) **ना.** प्रलाप, रन्को, आवेश, उन्माद; frenzied **वि.** उन्मत्त, क्रोधाविष्ट, जण्ड ।

frequen/cy (फ्रि'क्वेन्सि) **ना.** नित्यता, वहुतायत, आवृत्ति, (भौ. **वि.**) आवर्तनको क्रम (दोलन, इ० को); (नाडी) मिनिटमा हुने संख्या;—t **वि.** र **क्रि.** अनवरत, एकोतारै, वहुशः, छिटोछिटो, वरावर जानु, तारन्तार;—tly **क्रि. वि.** तारैतार; वहुधा, चुमुरचुमुर, एकोतारै, लगातार ।

fresco (फ्रेस्'को) **ना.** (व. व,--os--oes) (भित्ताको) चित्र-भित्ति चित्र ।

fresh (फ्रेश्) **वि.** ताजा, साजा, आलो, नयाँ, अलवण, प्रगल्भ; (अप०) धृष्ट, उत्ताउलो;—en **क्रि.** ताजा गराउनु;—water अलिनु पानी, मीठो पानी;—ness **ना.** नवता, नूतनता, अम्लानता, तेज, ताजापन, सरसत्व, अलवणता, नवरक्तवर्ण ।

fresher, freshman (फ्रे'शर्, फ्रेश्'म्यान्) **ना.** (महाविद्यालयमा नयाँ भर्ना भएको) प्रथम वर्षीय विद्यार्थी ।

fret (फ्रेट्) **ना. र क्रि.** खोदेको काम र वुट्टा, शोक, झर्को, ठुस्स; **क्रि.** पिरिनु, झर्किनु, अडिन्चे लाग्नु, रुन्चे हुनु, पिरोल्नु ।

friable (फ्राइ'एब्ल्) **वि.** खरो, सजिलोसँग धूलो हुने, झुरमुरिने ।

friction (फ्रिक्'शन्) **ना.** घर्षण, रगड, संघर्ष, घिसिनु, लगडीझगडी ।

Friday (फ्राइ'डि) **ना.** शुक्रवार ।

friend (फ्रेण्ड्) **ना.** मित्र, मित, साथी, दोस्त, सोल्टी, इष्ट, वन्धु;—ly **वि.** हितैषी, साँचिलो, सहृदय, स्निग्ध;—ly match प्रीति खेल, मिलनसार ।

friendship (फ्रेण्ड्'शिप्) **ना.** मेल, मेलमिलाप, मित्ती, मैत्री, सद्भाव, मित्रता, दोस्ती ।

frieze (फ्रिज़्) **ना.** स्थूलपट्ट, वराशि ।

frig, fri (d) ge (फ्रिज्) **ना.** refrigerator को छोटकरी, फ्रीज, हिमकारक ।

frigate (फ्रि'गेट्) **ना.** लडाकु जहाजको प्रकार ।

fright (फ्राइट्) **ना. र क्रि.** अत्याहट, आतस, त्रास, डर, भय; **क्रि.** तर्साउनु, डराइदिनु, सातो लिनु;—ful **वि.** भयङ्कर, डरलाग्दो ।

frighten (फ्राइ'टन्) **क्रि.** तर्साउनु, सातो लिनु, भयभीत गराउनु, थर्काउनु, थर्कमान हुनु, त्रसित गराउनु;—ed **वि.** त्रस्त, आत्तिएको, तर्सेको, बिच्केको;—ing **वि.** भीतंकर ।

frigid (फ्रि'जिड्) **वि.** ठण्डा, चिसो, निःस्वाद, हैम, सुषिम, तुहिन, जड, औपचारिक, उदासीन;—ity **ना.** शीतावस्था, वेवास्ता, विराग ।

frill (फ्रिल्) **ना.** झल्लर, फित्ता ।

fringe (फ्रिन्ज्) **ना. र क्रि.** छेउ, किनारा, झल्लर, अलख; —benefits **ना.** तलव भत्ता वाहेक अरू सुविधा ।

frippery (फ्रि'परि) **ना.** आडम्वर, भडक, भडकिलो पोशाक, क्रीडनक ।

frisk (फ्रिस्क्) **क्रि. र ना.** खेल्नु, उत्ताउलो भएर हिंड्नु, नाच्नु, आङ खोल्नु; **ना.** खेलवाड ।

fritter (फ्रिटर्) **क्रि.** चाना काट्नु, (पैसा) हुरेल्नु ।

frivol (फ्रि'भल्) **क्रि.** (-ll-)अल्छी हुनु, खेर फाल्नु (पैसा, समय);—ity **ना.** मस्करी, छिल्ल्याइँ, ठट्टा, लाघव;—ous **वि.** तुच्छ, व्यर्थ, चपल, फजूल ।

friz (z) (फ्रिज़्) **क्रि.** घुम्र्याउनु, घुँघुरवाला वनाउनु;—le **क्रि.** सानु सानु घुँघुर पार्नु ।

fro (फ्रो) **क्रि. वि.** पछि (केवल to and—'अघिपछि' मा) ।

frock (फ्रॅक्) **ना.** घाँघर, झवला, फ्रॅक ।

frog (फ्रॅग्) **ना.** भ्यागुतो, भेक, पाहा, व्याङ, मंडूक;—man **ना.** (पानीमन्तिर दुश्मनको जहाज विरुद्ध उपकरणले सजिएको) भ्यागुतो मान्छे; stuffed—गजक्क परेको ।

frolic (फ्र'लिक्) **ना.** खेलवाड, क्रीडा, विहार, रमिता;—some **वि.** खेलवाडी, सहलिएको, उटपट्याङ्ग, रमाइलो ।

from (फ्रम्) उ०—बाट, ले, कारणले ।

frond (फ्रण्ड्) **ना.** बहुपत्रक ।

front (फ्रण्ट्) **ना., वि. र क्रि.** सामु, मुखिन्जेल, सम्मुख, समक्ष, मोर्चा, रोहवर, (देखौवा) मुखडा, मोहोडा, अगाडि, अग्रभाग, मुख, सामने, अघि;—door मूलढोका;—page **ना.** मुखपृष्ठ, अग्रभाग (अखवारको), महत्वपूर्ण स्थान; **क्रि.** सामना गर्नु, विरोध गर्नु, खडा हुनु ।

frontage (फ्रन्'टेज्) **ना.** अग्रभाग, मुख, (सडकको) मुखमा, भवनको अगाडि; in—अग्र, अग्रतः ।

frontal (फ्रन्'टल्) **ना. र वि.** हर्म्यमुख, अगाडि; **वि.** निधारको, कन्चटको, अगाडिको ।

frontier (फ्रॅन्'टिअर्) **ना.** सीमाना ।

frontispiece (फ्रन्'टिस्पीस्) **ना. र क्रि.** गृहमुख, गृहाग्रभाग, मुखचित्र, मुखप्रतिमा ।

frost (फ्रॉस्ट्, फ्रॅस्ट्) ना. र क्रि. तुसारो, तुषार, पाला, तुहिन, हिम, ठाँटो; क्रि. तुसारोले खानु, चीनी इ०को तर लाउनु, (ऐना) कोर्नु, घोट्नु;—y वि. हिमवत् ।

froth (फ्रॅथ्'फ्रॉथ्) ना. र क्रि. फिंज; क्रि. फिंज उठ्नु, फिंज फाढ्नु ।

frou-frou (फ्रूफ्रू) ना. (लुगाको) स्यार्र स्यार्र (आवाज) ।

froward (फ्रो'वर्ड्) वि. उच्छृंखल, दुर्दान्त, अटेरी, झगडिया ।

frown (फ्राउन्) ना. र क्रि. भ्रूभङ्ग, भ्रुकुटी, भ्रृकुटि; क्रि. आँखा तर्नु ।

frowzy (फ्राउ'ज़ि) वि. ढुसी गन्हाउने, बिखरेको, मैलो लुगा लगाएको, मैलो ।

fr uctify (फ्रक्'टिफाइ) क्रि. फल्नु, सफल गर्नु, पूर्ण गराउनु ।

frugal (फ्रु'गल्) वि. किफायती, अल्पव्ययी, कृपणी;—ity ना. जगेर्ना, संचिता, किफायत ।

fruit (फ्रूट्) ना. फल, फलफूल, कन्दमूल, परिणाम, नतीजा; —ful वि. उत्पादक, उर्वर, फलदायक, फलीभूत, सार्थक, उपजाउ, सफल;—ion ना. भोग, भुक्ति, चरितार्थ, उपलब्धि, प्राप्ति;—less, निष्फल, व्यर्थ, खोस्याङ्ग खोस्याङ्ग, विनासित्तिको ।

frump (फ्रम्प्) ना. (वितेको ढाँचाको लुगा लाउने) बूढी ।

frustrat/e (फ्रस्'ट्रेट्) क्रि. विफल गराउनु, निराश गराउनु, हराउनु, हतोत्साह गराउनु;—ed वि. भग्नोत्साह, अकृतार्थ;—ion ना. पराजय, भग्नाशा, हताश ।

fry (फ्राइ) ना. र क्रि. माछाका बच्चा, (धेरै बच्चा पार्ने अरू जन्तुका) बच्चाहरू, केटाकेटी, तुच्छ चीज, चानचुन; क्रि. भुट्नु, तार्नु;—ing pan ताप्के, कराई;—ied वि. भुट्वा, तरुवा, तारेको; fried rice भुजा, फरुई, खट्टे ।

fuck (फक्) क्रि. (अश्ली०) रतिक्रिया गर्नु, चिक्नु, चोद्नु, सुताउनु, संभोग गर्नु ।

fuddle (फ'ड्ल्) क्रि. मात लाग्नु, लट्ठ पार्नु (पेयद्वारा);—d वि. भर्माएको, गोलमलिएको, लट्ठिएको, मात लागेको ।

fudge (फज्) वि. बो. र ना. बकबक ! फजूल ! वाहियात ! ना.; पुष्टकारी, बर्फी ।

Fuehrer, Fuh (फ्युअर'र्) (ज०) ना. नेता, नायक (हिटलरको उपाधि ।

fuel (फ्यु'इल्) ना. र क्रि. इन्धन, उन्मत्त गराउने कुनै चीज; क्रि. दाउरा हाल्नु, दाउरा ल्याउनु ।

fug (फग्) ना. (गुम्सेको कोठाको) गन्ध, भुवा, धूलो ।

fugacious (फ्युगे'शस्) वि. अस्थिर, क्षणिक, समाउन वा राख्न नसकिने ।

fugitive (फ्यु'जिटिभ्) ना. भगुवा, फरार, पायापार, पलायक, भग्गड, कच्चा ।

fugue (फ्युग्) ना. संगीतको रचनाको प्रकार, विस्मृति ।

fulcrum (फल्'क्रम्) ना. (ब. व–ra) आलम्ब, सहारा ।

fulfil (फुल्फिल्') क्रि. तामेल गर्नु, पूरा गर्नु, चरितार्थ गर्नु, समाप्त गर्नु, पालना गर्नु;—ment ना. सिद्धि, समाप्ति, साफल्य, सुपरिणाम, परिपालन ।

fuliginous (फ्युलि'जिनस्) वि. ध्वाँसे, कालो ।

full (फुल्) वि. र क्रि. वि. भरी, पूर्ण, भरपूर, भएभर, तल्लीन, प्रशस्त, समग्र, टम्म, ओतप्रोत, मय, यथेष्ट, गाढा, स्थूल; fulness ना. पूर्णता ।

fulminate (फ'ल्मिनेट) क्रि. विद्युत् झैं चम्कनु, पड्कनु, विस्फोट हुनु, कड़ा शब्द बोल्नु, फुट्नु ।

fulsome (फुल्'सम्) वि. अति, बढता, घीनलाग्दो, ज्यादा, विरस ।

fumble (फम्'ब्ल्) क्रि. (हात) लटपटाउनु, छामछाम-छुमछुम गर्नु, ठम्याउनु, टटोल्नु ।

fume (फ्यूम्) ना. र क्रि. राँको, वाफ, मात, धूम, उत्तेजना; क्रोध; क्रि. धूप दिनु, सन्किनु, सनसनाउनु, रन्कनु, रासायनिक धूम दिनु, राँको छोड्नु ।

fumiga/te (फ्यू'मिगेट्) क्रि. धूम दिनु, (धूवाँले) विसंक्रमण गर्नु, सुवासित गराउनु, धूपाउनु;—tion ना. धूपन ।

fun (फन्) ना. मोज, रमाइलो, क्रीडा, खेल, खेलवाड, ठट्टा, मोजमज्जा, ठट्यौली;—ny वि. हाँसो उठ्तो, मजाको, रमाइलो ।

function (फ'ङ्क्शन्) ना. र क्रि. समारोह, कृत्य, काम, अधिकार, कारवाई, कार्य, कर्म, फल, चेष्टा, गुण; क्रि. गर्नु, चल्नु;—al वि. ऐन्द्रिक ।

fund (फण्ड्) ना. कोष, निधि, रकम, स्रोत; क्रि. कोषमा हाल्नु, पैंचालाई स्थायी ब्याज दिने ऋणमा परिणत गर्नु ।

fundament (फन्'डामेण्ट्) ना. पुट्ठा, फिला ।

fundamental (फण्डामेन्'टल्) वि. र ना. सारभूत, मौलिक, आधार; सिद्धान्त, नियम, वस्तु, जो कुनै पद्धतिको आधार हुन्छ ।

funeral (फ्यु'नरल्) वि. अन्त्येष्टि, अन्त्य क्रिया, काज-क्रिया, क्रिया, सद्गत, किरिया;—pyre ना. चिता—rite ना. दाह, दफन, पिण्डपानी ।

funereal (फ्यूने'य्रेअल्) वि. अन्त्य-क्रिया सुहाउँदो, अँध्यारो, उदासी, दुःखी ।

fungicide (फ'न्जिसाइड्) ना. च्याउ मार्ने ।

fungus (फ'ङ्गस्) ना. (ब. व.–i) च्याउ, ढुसी, गोमयज, सालेय; मिशी ।

funicular (फ्युनि'क्यूलर्) वि. डोरीको, रोपवे ।

funk (फङ्क्) क्रि. र ना. पछि हट्नु, छल्नु, कायरता देखाउनु, दुर्द्दाइ हुनु, कात्रिनु, डराउनु; ना. भीरुता, डर, त्रास, आतस; blue—ना. दुर्द्दाइ, कोहोलो ।

funnel (फ'नेल्) ना. ढुकी, कीप, सोली, नाली ।

funny (फ'नि) वि. हाँसोउठ्ने, मजाको, रमाइलो ।

fur (फअर्) ना. भुत्ला, भुवा, पशुलोम ।

furbish (फअर्'विश्) क्रि. खिया हटाउनु, टल्काउनु, नयाँ पार्नु, जियाउनु ।

furious (फ्यू'रियस्) वि. चूर, झोकी, झोकिएको प्रचण्ड, कोपाकुल ।

furl (फअर्ल्) क्रि. बेर्नु, लपेट्नु, बन्द गर्नु ।

furlong (फअ्र्'लॅङ) **ना.** दूरताको नाप, फर्लाङ्ग, माइलको आठौं भाग ।

furlough (फअ्र्'लो) **ना.** बिदा (खा. ग. सिपाहीको) ।

furnace (फअ्र्'निस्) **ना.** आगो, खँलाती, उध्मान, अग्निकुण्ड, धुमधुमती, भुङ्ग्रो, अंतिका ।

furnish (फअ्र्'निश्) **क्रि.** प्राप्त गर्नु, सजाउनु, दिनु, उपलब्ध गराउनु, सुम्पनु ।

furniture (फअ्र्'निचर्) **ना.** (काठको) साज सामान, मेच टेबुल, साजबाज, फर्निचर, सामान, असबाब, उपस्कर, सज्जा ।

furore (फ्यूरो'अ्रे) **ना.** उत्साहपूर्ण सम्मान, राग, शोक, तहलका ।

furrier (फ'रिअर्) **ना.** भुत्लाको व्यापारी ।

furrow (फ'रो) **ना.** र **क्रि.** सीता, हलरेखा, सिराउर, सियो; **क्रि.** कोत्रिनु, धर्कों पर्नु ।

further (फअ्र्'दर) **क्रि. वि.** र **क्रि.** पर, अगाडि, अरू, बढ्ता; **क्रि.** मदत गर्नु, बढाउनु ।

furtive (फअ्र्'टिभ्) **वि.** लुकीचोरीसँग, लुकाएर, चोर जस्तो ।

fury (फ्यू'रि) **ना.** उन्मत्तता, उग्रता, रोष, प्रबलता, चण्डी, रिसाही स्त्री ।

fus/e (फ्यूज़्) **क्रि.** र **ना.** पग्लनु, गल्नु, जोडिनु; **ना.** (सजिलोसित पग्लिने तारको) फ्यूज, (विस्फोट गराउने) फ्यूज;—ible **वि.** द्राव्य, विलयनीय;—ion विलय, संमिश्रण, द्रवण, गालन ।

fuselage (फ्यू'जेलाज्) **ना.** वायुयानको बाह्य रचना ।

fusillade (फ्यूजिलेड्') **ना.** (गोलाबारीद्वारा) आक्रमण, ध्वंस (धेरै मानिसको नाश) ।

fuss (फस्) **ना.** कचिंगल, चुलबुल, सगसग, रगरग, खलबल, चटारो, तुमुल, व्यस्तता; सुसुल्को; **क्रि.** तुलबुलाउनु, (सानुकुरामा) व्यस्त हुनु, पिर्नु, पिरोल्नु;—y **वि.** नाटीकुटी गर्ने, सगसगे ।

fustian (फस्'टियन्) **ना.** र **वि.** मोटो सूती कपड़ा, ढ्वाङ्ग्रे बोलाइ वा लेखाइ; **वि.** ढ्वाङ्ग्रे, नकली, आडम्बरी ।

fustigate (फस्'टिगेट्) **क्रि.** लाठोले हान्नु ।

fusty (फ'स्टि) **वि.** (बन्द कोठाको जस्तो) गन्ध, गुम्सेको, ढुसीको गन्धयुक्त, पुरानू ढाँचाको ।

futile (फ्यु'टाइल्) **वि.** व्यर्थ, अकार्थ, निरर्थक, तुच्छ, चपल, अनाहक, नचाहिंदो ।

futur/e (फ्यु'चर्) **ना.** भविष्य, आइन्दा, पछि, पछि परन्तु, उत्तर;—ist **ना.** भविष्यको सिद्धान्तवादी;—ity **ना.** भविष्यकाल;—e life परत्र ।

fuzz (फज़्) **ना.** भुवा;—y **वि.** त्रिथडा भएको, भुवा भएको, अस्पष्ट, घुँघुरेको ।

fye (फाइ) **वि. बो.** fie, छि !

fylfot (फिल्'फट्) **ना.** स्वस्तिक ।

G

gab (ग्याब्) **ना.** बाल्नु, बकबक, फजूल कुरा; gift of the—बोल्ने खूबी, बोलक्कडपना ।

gabardine (ग्या'बर्डीन्) **ना.** ग्याबर्डीन, ऊनी भित्री भएको रेशमी या सूती कपड़ा ।

gabble (ग्या'ब्ल्) **क्रि.** चाँडो बोल्नु, अस्पष्टसँग छिटो कुरा गर्नु; **ना.** अस्पष्ट छिटो बोली, कचकच;—r **ना.** बोलक्कड, बकनफूस, लबारपंडि; बकबके, फतरो, बतुरो ।

gabion (गे'बिअन्) **ना.** डोल ।

gable (गेब्ल्) **ना.** गृहशिखर, धुरी ।

gaby (गे'बि) **ना.** स्वाँठ ।

gad (ग्या'ड्) **क्रि., ना.** र **वि. बो.** डुल्नु, घुम्नु, चहार्नु, भटकिनु; **ना.** आश्चर्य वा जोरको उच्चारण, by gad ! begad !

gad-fly (ग्याड्'-फ्लाइ) **ना.** डाँस, गोमक्षिका ।

gaffe (ग्याफ) **ना.** भूल, नसोचेर गरेको काम वा कुरा, गल्ती काम ।

gaffer (ग्या'फर्) **ना,** बूढाखाडा, गँवार व्यक्ति ।

gag (ग्याग्) **ना.** र **क्रि.** बुजो, मुखरोध, बुँदा, बोली, थेको (—गो), (नाटकमा) पात्रले थपेको कुरा, संगीत नाटकमा ठट्यौली; **क्रि.** बुजो लाउनु, बोल्न नदिनु ।

gaga (ग्या'गा, गाँ'गा) (अप०) **वि.** बूढौती लागेको, लाटो, पागल ।

gage (गे'ज्) **क्रि.** र **ना.** पण राख्नु, बन्धक राख्नु; **ना.** बीडा, बन्धक, पण, थाती ।

gaggle (ग्याग्ल्) **ना.** र **क्रि.** हाँसको बथान, हाँसको बोली ।

gaiety (गेइटि) **ना.** (साधारणतः ब.व.) आनन्द, आमोद-प्रमोद, तपासी, रमाइलो, पुष्ट, रमिता, मोज, मजा ।

gain (गे'न्) **ना.** र **क्रि.** लाभ, नाफा, उपलब्धि, प्रगति, उन्नति; **क्रि.** पाउनु, बल्झाउनु,—को पुष्ट हुनु, हासिल गर्नु; नाफा गर्नु, जित्नु, भेट्टाउनु;—one's end दूनो सोऱ्याउनु;—(improperly) हत्याउनु;—ful **वि.** लाभकारी ।

gainsay (गेन्से') **क्रि.** नामंजूर गर्नु, होइन भन्नु, अस्वीकार गर्नु, कुरा काट्नु, प्रत्याख्यान गर्नु ।

gait (गेट्) **ना.** हिंडाइ, गति ।

gaiter (गे'टर्) **ना.** पट्टी ।

gala (गे'ला, गाॅ'ला) **ना.** र **क्रि.** उत्सव, मेला, पर्व ।

galactic (गॉल्याक्'टिक्) **वि.** (ज्यौ.) आकाशगङ्गाको ।

galaxy (ग्या'लक्सि) **ना.** आकाशगङ्गा, स्वर्गङ्गा, (सौंदर्य, गुण, कला, इ० को) उज्ज्वल समूह ।

gale (गेल्) **ना.** हुरी, बतास, आँधी, मृदु हावा ।

gall (गॉल्) **ना.** पित्त, तीतो वस्तु, कलविख, रूक्षता, विद्वेष;—bladder **ना.** पित्ताशय;—stone पत्थर, पत्थरी ।

gall (गॉल्) **ना.** र **क्रि.** दुख्ने सूज, फोडा, जलन; **क्रि.** दलेर दरफन्याउनु, चिढाउनु, हैरान पार्नु, नीचो देखाउनु ।

gallant (ग्या'लण्ट्) **वि.** र **ना.** भडकिलो, रवाफिलो राम्रो

लुगा लाएको, ठूलो, छिचरो; **ना.** प्रेमी, स्त्रैण, स्त्रीसंगी, बैम्विक, कामुक, जार, पररमण; **वि.** पौरखी, शूरो ।

gallantry (ग्या'ल्याण्ट्रि) **ना.** स्त्रीकाम, स्त्रीप्रियता, स्त्र्युपासना; पौरख, उदारता, शूरोपन, बहादुरी ।

gallery (ग्या'लरि) **ना.** (दुइपट्टि खुला छतदार) हिंड्ने ठाउँ, बरण्डा, पोटी, (नाचघरमा) माथिल्लो हेर्ने ठाउँ, कलाशाला ।

galley (ग्या'लि) **ना.** (ब.व.–s) नाउ, (छापाखाना) टाइप सज्ने किस्ती, छापा किस्ती ।

Gallic (ग्या'लिक्) **वि.** फ्रेन्च, फ्रान्सको ।

gallimaufry (ग्यालिमाँ'फ्रि) **ना.** विजातीय संमिश्रण, सङ्कर, छ्यासमिस, सद्मी, मसमिण्डी ।

Gallio (ग्या'लिओ) **ना.** व्यक्ति, अधिकारी, जो आफ्नू क्षेत्रभन्दा बाहिर हस्तक्षेप गर्न चाहन्न, ग्यालियो ।

gallipot (ग्या'लिपॅट्) **ना.** टल्काएको औषधि, मलम इ० राख्ने माटाको भाँडो, वट्टा ।

gallivant (ग्यालिभ्याण्ट्') **क्रि.** (बेकाममा) भौंतारिनु, डुल्नु, घुम्नु, इतरिनु, उल्किनु, नकच्चरिनु ।

gallon (ग्या'लन्) **ना.** ग्यालन, तरलको नाप ।

gallop (ग्या'लप्) **क्रि.** र **ना.** पैंया जानु; चाँडचाँडो पढ्नु, बोल्नु, पाठ गर्नु; **ना.** पैयाँ ।

gallows (ग्या'लोज्) **ना.** फाँसी;—bird झुण्ड्याउने योग्य मान्छे;—ripe **वि.** झुण्ड्याउन योग्य ।

gallup poll (ग्या'लप् पोल्) **ना.** आम मतदानको संभाव्य अनुमान, सानू मतदानद्वारा, ग्यालप पोल ।

galore (ग्यालोर्') **क्रि.**, **वि.** र **ना.** प्रचुर मात्रामा, प्रशस्त, मनग्य ।

galosh, gol—(गलोश्'गोल-) **ना.** रबडको बाहिरी जुत्ता, जुत्ताबाहिर लाउने जुत्ता ।

galumph (गलम्फ्') **क्रि.** (जितको उल्लासमा) रवाफसँग हिंड्नु ।

galvani/sm (ग्याल्'भनिज्म) **ना.** प्राथमिक विद्युतकोषबाट उत्पन्न विजुली, भैषज प्रयोगको लागि विद्युतको प्रयोग;—c **वि.** विद्युतद्वारा; galvanize **क्रि.** विजुलीले उत्तेजित गराउनु, विजुलीले धातुको मोलम्मा लगाउनु, फलामलाई खियाबाट जोगाउनलाई विना विजुली जस्ताको मोलम्मा लाउनु;—galvanized sheets **ना.** जस्ता पाता;—galvanometer **ना.** प्रवाहमापक ।

gambit (ग्याम्'बिट्) **ना.** (बुद्धिचालमा) प्रारम्भिक चाल; (कुनै काममा) प्रारम्भिक चाल, पाइला ।

gamb/le (ग्याम्'ब्ल्) **क्रि.** जूवा खेल्नु, च्याँखे थाप्नु, बाजी थाप्नु;—ler **ना.** जुवाडी, च्याँखे, जुवारे;—ling **ना.** जूवा, बाह्रमासे ।

gamboge (ग्याम्बूज़) **वि.** पहेंलो, पीत ।

gambol (ग्याम्'बोल) **ना.** र **क्रि.** उफ्रनु, कुद्नु, **ना.** क्रीडा, नाच, खेल ।

gam/e (गेम्) **ना.**, **क्रि.** र **वि.** ठट्टा, खेल, आमोद, क्रीडा, शिकार, चलाकी; **क्रि.** जूवा खेल्नु; **वि.** जखमी, अंगभंग भएको, फूर्तिवाल;—ing **वि.** जूवाको;—play the—e नियमको पालनासहित खेल, कामकाज गर्नु ।

gamesome (गेम्'सम्) **वि.** फुर्तिलो, खेलवाडी ।

gamete (ग्यामीट्') **ना.** (प्रा.वि.) यौनिक जीवनरस, जो अर्कोसंग जुटेपछि प्रजनन हुन्छ ।

gamin (गा'माँ) **ना.** बाटे लडको, बेवारिसी टिटो ।

gamma (ग्या'मा) **ना.** ग्रीकमा तेस्रो अक्षर, तेस्रो दर्जाको, गणितमा ३ र c (ग) को बदला चलन गरिने; गामा किरण ।

gammer (ग्या'मर्) **ना.** (ग्राम्य) बूढी आमा ।

gammon (ग्या'मन्) **ना.** र **क्रि.** सुंगूरको सपेटो, छल, फजूल; **क्रि.** ठग्नु, छल्नु, मनासीवसंग भन्नु ।

gamp (ग्याम्प्) **ना.** छाता, खा. ग. ठूलो, पुरानो ।

gamut (ग्या'मट्) **ना.** सप्तक, संपूर्ण ।

gamy (गे'मि) शिकारले परिपूर्ण ।

gander (ग्यान्'डर) **ना.** हाँसको भाले, भाले हाँस ।

gang (ग्याङ्) **ना.** र **क्रि.** (अपराध गर्ने) दल, झुण्ड; **क्रि.** दल बाँध्नु, साथ दिनु ।

gangling (ग्याङ्'लिङ्) **वि.** खुकुलोसँग बनेको, पछि परेको, छरिएको ।

ganglion (ग्याङ्'लियन्) **ना.** नाडीग्रन्थि, शिरास्फोट ।

gangrene (ग्याङ्'रीन्) **ना.** मांसपाक, कोथ ।

gangster (ग्याङ्'स्टर) **ना.** गुण्डा, हिंसाकारी दलको सदस्य ।

gangway (ग्याङ्'वे) **ना.** (दुवैतिर आसन, कोठा भएको ठाउँको) बीचको बाटो, बीच बाटो ।

gannet (ग्या'नेट्) **ना.** समुद्री चराको जात, झुण्ड बाँधिर बस्ने जात ।

gaol (jail) (जे'ल्) **ना.** र **क्रि.** जेल, कारागार, झ्यालखान, कैद; gaoler, jaile (o) r **ना.** बन्दिपाल ।

gap (ग्याप्) **ना.** छिद्र, भंग, भेद, प्वाल, खाली ।

gap/e (गेप्) **क्रि.** मुख आँ गर्नु, हावा बाउनु, मुख बाउनु, वाल्ल पर्नु, टोलाउनु, हाइ गर्नु;—ing **वि.** ब्वाङ्ब्वाङ्ती ।

garage (ग्या'रेज् गरॉझ्') **ना.** र **क्रि.** मोटरखाना, ग्याराज, मोटरघर;—**क्रि.** मोटर राख्नु ।

garb (गार्ब्) **ना.** र **क्रि.** भेष, रूप, पोशाक; **क्रि.** लाउनु, पहिराउनु ।

garbage (गार्'बेज्) **ना.** फोहर, मैला ।

garble (गार्'ब्ल्) **क्रि.** असल छान्नु, (अन्यायी या दोषपूर्ण) छनार गर्नु, कुरा बिगारेर भन्नु, लटपट गर्नु ।

garcon (गार्'सों) **ना.** बेयरा, होटेलबॉय, केटो ।

garden (गार्'डन्) **ना.** र **क्रि.** बगैंचा, बाग, उपवन, फूलबारी, उद्यान, बारी; **क्रि.** बारीको काम गर्नु;—er **ना.** बगैंचे; kitchen—करेसा बारी, भित्री बारी, शाकिनी, तरकारी बारी ।

gargle (गार्'ग्ल्) **क्रि.** र **ना.** गण्डूष, कुलकुल गर्नु, कुल्ला गर्नु; **ना.** सो गर्ने झोल ।

gargoyle (गार्'गॉइल्) **ना.** (छाना—धाराबाट पानी बग्ने)

मानिस वा पशुको शिर, अचम्मको (नराम्रो) मानिस ।

garish (गे'ऽरिश्) वि. चर्को, देखौवा, भडकिलो, ज्यादा सिंगारिएको, उत्ताउलो ।

garland (गार्'ल्याण्ड्) ना. र क्रि. माला, गजरा, पुष्पमाला, (विजेताको) पुरस्कार; क्रि. माला पहिऱ्याउनु ।

garlic (गार्'लिक्) ना. लसुन ।

garment (गार् मेण्ट्) ना. लुगा, (कपडाको) खोल ।

garner (गाऽर्'नर्) ना. र क्रि. भण्डार, बेहरी, भकारी; क्रि. राख्नु, सँगाल्नु ।

garnet (गार्'नेट्) ना. याकूत ।

garn/ish (गार्'निश्) क्रि. र ना. सिंगार्नु, सजाउनु, बुट्टा भर्नु; ना. (खाने ठाउँ) सिंगार्ने वस्तु;—iture ना. उपकरण, सामान, अलङ्कार, खाने कुरा, भाँडा, सिंगार्ने वस्तु ।

garret (ग्या'रेट्) ना. बुङ्गेल, बुइँगल ।

garrison (ग्या'रिसन्) ना. र क्रि. सहर, गढमा तैनाथ फौज; क्रि. फौज तैनाथ गर्नु ।

garotte (ग्या'रॅट्') ना. घाँटी थिचेर मार्ने दण्ड; क्रि. (बाटो हिंड्नेलाई मारेर) रहजनी गर्नु ।

garrulity (ग्यारू'लिटि) ना. वकवास, फतर-फतर, फतफत ।

garrulous (ग्या'रूलस्) वि. बोलक्कड; वकवके, कुराउटे ।

garter (गाऽर्'टर्) ना. र क्रि. (मोजा अडयाउन खुट्टामा लाउने) फित्ता ।

gas (ग्यास्) ना. (ब.व.–gases) र क्रि. (–ss–) वायु, वायुरूप द्रव्य, ग्यास;—eous वि. वायवीय, वायुरूप; क्रि. निरर्थक बकवाद वा घमण्डी कुरा गर्नु ।

gasconade (ग्यास्कनेड्') ना. गुड्डीहँकाइ ।

gash (ग्याश्) ना. र क्रि. लामू घाउ (काटेको), दीर्घच्छेद; क्रि. त्यस्तो गरी घाउ पार्नु ।

gasolene,-ine (ग्या'सलीन) ना. पेट्रल, ग्यास ।

gasometer (ग्यासॅ'मीटर) ना. ग्यास जम्मा गर्ने भाँडो, ग्यासमापक ।

gasp (गास्प्) क्रि. र ना. धकाउनु, हाँफ्नु, धम्कनु, दम लिनु; ना. उच्छ्वास, कष्ट श्वास, दम;—ing वि. प्याकप्याकती;—er (धेरैजसो ए.व.) ना. (सस्तो) चुरोट ।

gasteropod (ग्या'स्टरॅपॅड्) ना. जठरपाद, शम्बूक ।

gastric (ग्यास्'ट्रिक्) वि. पेटको, आमाशयी, जाठर ।

gastro/nomy (ग्यास्ट्रॅ'नमि) ना. भोजनको शास्त्र र कला;—nome ना. पाकविद्यामा प्रवीण;—logy ना. पाकशास्त्र ।

gat (ग्याट्) (अप०) ना. बन्दूक, पिस्तोल ।

gate (गेट्) ना. द्वार, ढोका, फाटक;—keeper ना. द्वारपाल, दौवारिक, ढोके ।

gather (ग्या'दर्) क्रि. जम्मा पार्नु, बटुल्नु, एकत्र गर्नु, कुन्ल्याउनु, सँगट्नु, सामेल हुनु, सुठार्नु, घुटमुटयाउनु, सोहोर्नु, सम्ट्याउनु, धुम्मिनु, एक गट्ठा हुनु, सँगेल्नु, जोर्नु, ख्याम्मिनु, एकोहोरिनु, झुम्मिनु, गखिनु, ठठ लाग्नु, मेला हुनु, झूत खेल्नु, गुजमुट्ट पर्नु;—ing ना. मेला, जमात, जमघट, सामेल, कचहरी;—s ना. लुगाको बुसार्ने भाग;—ed वि. समवेत, एकत्रित ।

gauche (गोश्) वि. विचारशून्य, भद्दा, हिसी नपरेको, छन्द न वन्द;—rie (गोशरी') ना. भद्दा चाला, भद्दा काम ।

gaud (गॅड्) ना. भडकदार चीज, खेलौना, देखौवा गहना, चानचुने माल, रमिता, आडम्बरपूर्ण समारोह;—y वि. भद्दासँग देखौवा, भडकदार; ना. महाविद्यालयको जयन्ती समारोह ।

gauge (गेज्) ना. र क्रि. नाप, प्रमाण, परिमाण, रेलको लाइनको चौडाइ, मापन, प्रमापक, मापक; क्रि. नाप्नु, अन्दाज गर्नु, ठम्याउनु ।

Gauleiter (गाउ'लाइटर) ना. नाट्शी जिल्ला नेता (जर्मनीमा)।

gaunt (गॉण्ट्) वि. दुब्लो र सुकेको, विकट र उराठ ।

gauntlet (गॉण्ट्'लिट्) ना. कवचको पंजा, (मोटर) हाँक्ने लामू पंजा ।

gauze (गॅज़्) ना. पातलो पारदर्शक कपडा, जालो, रेशम, तारको वस्त्र, ख्याङ्ग्प्वाल वस्त्र, पातलो तुवाँलो ।

gavel (ग्या'भेल्) ना. (सभापति, लिलामवाला, न्यायाधीशको) मुंग्रो ।

gawk (गॉक्) ना. भद्दा वा लजिलो मान्छे;—y वि. भद्दा, नराम्रो, लजिलो ।

gay (गे) वि. खुशदिल, मौजी, आनन्दी, प्रहृष्ट, प्रफुल्ल, विलासी, कामुक, देखौवा, राम्रो लुगा लाएको, भडकिलो ।

gaze (गेज़्) क्रि. र ना. आँखा तर्नु, एकटक लगाएर हेर्नु, ठट लागेर हेर्नु, निरीक्षण गर्नु; ना. एकाग्र हेराइ ।

gazelle (गज़ेल्') ना. साना राम्रा मधुर आँखावाला हरिणको प्रकार ।

gazett/e (गज़ेट्') ना. सरकारी पत्र, राजपत्र;—ed राजपत्राङ्कित, राजपत्रित ।

gazetteer (गजिटीअर्') ना. भौगोलिक शब्दकोष, देशदेशावरको बयान ।

gazogene. **gas**—(ग्या'जोजीन्) ना. वायु-प्रवाहित जल बनाउने यन्त्र ।

gear (गियर्) ना. र क्रि. साज, चक्रक, सज्जा, उपकरण, आवरण; क्रि. (सवारी पशु) कस्नु, साज हाल्नु; out of—वि. विलग्न, असम्बद्ध ।

geezer (गी'ज़र्) (अप०) ना. बूढा, बूढी ।

gehenna (गेहे'ना) ना. नरक ।

geiger counter (गाइ'गर् काउन्टर्) ना. अणु सक्रियता पत्ता लाउने नलीदार उपकरण, गाइगर काउण्टर ।

geisha (गे'शा) ना. जापानी नर्तकी ।

geist (गाइस्ट्) ना. धीशक्ति र सूक्ष्म चैतन्य, मानसिक उत्साहको सामर्थ्य र प्रवृत्ति ।

gel (जेल्) क्रि. अर्ध ठोस द्रावण बनाउनु, जम्नु ।

gelatene (जे'लटीन्) ना. सरेस, जेलाटीन ।

gelatin (जे'लटिन्) ना. ठण्डाद्वारा घनीकरण, ठोस बनाउनु ।

geld (गेल्ड्) क्रि. आख्ता गर्नु, नपुंसक बनाउनु;—ing ना.

आख्ता, छिन्नमुष्क।

gelid (जे'लिड्) **वि.** (हिउँ जस्तो) चिसो, ठण्डा।

gelignite (जे'लिग्नाइट्) **ना.** विस्फोटक, जेलिग्नाइट।

gem (जेम्) **ना.** पत्थर, रत्न, मणि, वहुमूल्य वस्तु, श्रेष्ठ चीज; —my **वि.** मणिमय, रत्नखचित।

Gemini (जे'मिनाइ) **ना.** मिथुन राशि।

gemm/ate (जे'मेट्) **क्रि.** कोपिला भएको; कोपिलाद्वारा प्रजनन गर्ने;—ation **ना.** कोपिला हाल्ने क्रिया वा काइदा, कोपिलाद्वारा प्रजनन।

gendarme (ज़ोँडाम्) **ना.** (व. व.–s) सिपाही, प्रहरी, पुलीस;—rie, **ना.** प्रहरी दल।

gender (जे'न्डर्) **ना.** र **क्रि.** लिङ्ग; **क्रि.** उत्पन्न गर्नु; en—पनि।

gene (जीन्) **ना.** तीतत्व वा भाज्यमध्ये एक जुनमध्ये प्रत्येक कीटाणु कोषमा वावु र आमावाट पृथक्-पृथक् एक एक प्राप्त भएको हुन्छ; जीन।

genealog/y (जीनीअ'लॅजि) **ना.** वंशावली, वंशक्रम, वंश परम्परा;—ical वंशक्रमिक;—ical tree **ना.** वंशक्रम देखाउने रूखको चित्र;—ist **ना.** वंशचिन्तक।

general (जे'न्‌र्‌ल्) **वि.** र **ना.** साधारण, सामान्य, आम, व्यापक, गोस्वारा, सदर, विस्तृत, वडा, महा; **ना.** रथी, जर्नेल, योद्धा; brigadier— सहायक रथी; lieutenant—रथी; major—उपरथी;—ship **ना.** सैनापत्य, रणकौशल, युद्ध-नैपुण्य, वलविन्यास-कौशल।

generalissimo (जेनरलि'सि'मो) **ना.** (ब.व.–s) सर्वोच्च सेनापति, सेनाका सव अंगको सर्वोच्च अफिसर।

generality (जेनऱ्या'लिटि) **ना.** सामान्यता, अस्पष्टता, सिद्धान्त, कानून, वक्तव्य, वहुमत।

generalization (जेनर'लाइजे'श्न्) **ना.** अनुगम, व्याप्ति, (विशिष्टवाट) सामान्य नियम झिक्नु, अस्पष्ट वक्तव्य, व्याप्तीकरण; generalize **क्रि.** सामान्य व्यवहारमा ल्याउनु, सामान्य रूपमा भन्नु।

generally (जे'नरलि) **क्रि. वि.** सामान्यतः, साधारणतः, वरावर, प्रायशः।

generalship (जे'न्‌र्‌ल्‌शिप) **ना.** सैनापत्य, सैनिक सीप, दक्ष संचालन, चतुऱ्याइँ, कूटनीति।

genera/te (जे'नरेट्) **क्रि.** उत्पन्न गर्नु, पैदा गर्नु, विकास गर्नु;—tion **ना.** उत्पादन, जनन, पुस्ता, वंश;—tive **वि.** उत्पादक;—tor **ना.** जनक, उत्पादक।

generic (जेने'रिक्) **वि.** जातिगत, साधारण, वर्गीय, व्यापक।

genero/us (जे'नरस्) **वि.** उदार, दानी, देवैया, दाता, छातीदार, सहृदय, महाशय, खुला हात, उच्च विचारवाला, महामनस;—sity **ना.** औदार्य, उदारता।

genesis (जे'नेसिस्) **ना.** उत्पत्ति, मूल, सृष्टि।

genetic (जेने'टिक्) **वि.** उत्पत्तिवारे;—s (व. व.) उत्पत्ति शास्त्र, (परम्परा, परिणमन, प्रजनन इ० को अध्ययन)।

genial (जी'निअल्) **वि.** जीवद, जनक, नरम, न्यानू, प्रसन्नचित्त, रमाउने, मिजासिलो, मिलनसार;—ity **ना.** उल्लास, प्रसाद, रम्यता।

genie (जी'नि) **ना.** (धे. ज. व. व genii) भूत, प्रेत, राक्षस (कथाको)।

genital (जे'निटल्) (व. व.) **वि.** जननसम्बन्धी, जननेन्द्रिय, उपस्थ, योनि, शिश्न;—s नलफल, जननेन्द्रिय।

genitive (जे'निटिभ्) **ना.** षष्ठी विभक्ति।

genius (जी'निअस्) **ना.** (व. व.–iuses;—ii) व्यक्ति, स्थान वा संस्थाको आराध्य देवता, सुदैव, राक्षस, पिशाच, राष्ट्र वा युगको प्रचलित राय, भावना वा रुचि, स्वभाव, प्राकृतिक योग्यता, ल्याकत, धीशक्ति, अपूर्व बुद्धि, त्यस्तो सामर्थ्य भएको व्यक्ति; प्रतिभा, प्रतिभ।

genocide (जे'नसाइड्) **ना.** जातिहत्या, कतल, जनहत्या, लोकहत्या, कत्तल।

genre (जाँर) **ना.** किसिम, ढाँचा।

genro (जे'न्रो) **ना.** (व. व.) प्रौढ राजनीतिज्ञ, निपुण राजशास्त्री।

gent (जेण्ट्) **ना.** (अभद्र) भलाद्मी।

gent/eel (जेण्टील्') **वि.** विनीत, सभ्य, कुलीन, समाजमा (उच्च स्तरको) चाला, ढाँचावाल, चारु;—ility **ना.** सौजन्य, दाक्षिण्य, साधुता।

gentian (जे'न्'श्न्,—शियन्) **ना.** किरात।

gentile (जेन्'टाइल्) **वि.** र **ना.** राष्ट्र वा जातिको; अन्य धर्मावलम्बी।

gentle (जेन्'ट्‌ल्) **वि.** विनीत, सौम्य, नम्र, भद्र, मृदु, सुकुमार, शान्त, कलकलाउँदो; (वंश०) हतियार चलाउने अधिकार प्राप्त धनी, इज्जतदार (दाँजनु०)—and simple धनी गरीव, हतियार लिन पाउने र गरीव।

gentleman (जेन्'टल्म्यान्) **ना.** भलाद्मी, भद्रपुरुष, महोदय, महाशय, महानुभाव, सुजन;—ly **वि.** आर्य, सभ्य, सुशील;—liness **ना.** भलमनसियत।

gently (जेन्'ट्लि) **क्रि. वि.** शान्त भावले, संयमसँग, विस्तारै, मृदुतासँग, दयासँग, प्यारसँग।

gentry (जेन्'ट्रि) **ना.** ठूला वड़ा, कुलीन वर्ग, जनता, भलाद्मी, वडो, भद्रपुरुष।

genuflect (जे'न्यूफ्लेक्ट्) **क्रि.** घुँडा टेक्नु (खा. ग. प्रार्थना गर्दा)।

genuine (जे'न्यूइन्) **वि.** सकल, साँचो, सद्दे, अकृत्रिम, निष्कपट, सत्य, असली, चोखो, यथार्थ, साँच्चिको।

genus (जी'नस्) **ना.** (व. व . genera) जात, जाति, गण, वर्ग।

geograph/y (जिअॅ'ग्रफि) **ना.** भूगोल, भूविद्या, भूगोल विद्या —er **ना.** भौगोलिक, भूगोलवेत्ता; —ic, cal **वि.** भौगोलिक।

geolo/gy (जिअॅ'लजि) **ना.** भूतत्वविद्या, भूगर्भशास्त्र;—

gist **ना.** भूतत्वविद्, भूगर्भशास्त्री, भूवैज्ञानिक;—gical भूतात्विक, भूगर्भशास्त्री ।

geometr/y (जिऑ'मेट्रि) **ना.** ज्यामिति, क्षेत्रगणित, रेखा गणित;—ic **वि.** ज्यामितीय;—ic mean चयोगुण;—ical progression **ना.** गुणोत्तर श्रेणी ।

geophagy (जिऑ'फेगि) **ना.** मृत्तिकाभक्षण, माटो खानु ।

geophysics (जीओफि'जिक्स्) **ना.** भूभौतिक शास्त्र ।

geopolitics (जीओपॅ'लिटिक्स्) **ना.** भौगोलिक राजनीति (कुनै देशको भौगोलिक स्थितिले निर्णय गरेको राजनीति) ।

georgette (जॅरजेट्') **ना.** जर्जेट, पातलो रेशम किसिम ।

Georgian (जॅर्'जियन्) **वि.** प्रथम चार र पछिका पंचम षष्ट जर्ज राजाहरूका पालाको, जर्जियन, जर्जीय ।

geriatrics (जेरिऎ्या'ट्रिक्स्) **ना.** (ब. व.) वृद्धत्व र त्यस अवस्थाको रोगशास्त्र, वार्धक्य भैषज; geriatric **वि.** वार्धक्य भैषजीय ।

germ (जर्म्) **ना.** र **क्रि.** अंकुर, बीज, मूल, कीटाणु; **क्रि.** जम्नु ।

german (ज'र्मन्) **वि.** पूरा साइनोले; केवल cousin-—, brother-—मा ।

German (ज'र्मन्) **वि.** जर्मनीको वासिन्दा, जर्मन ।

germane (जर्मेन्') **वि.** प्रासंगिक, सुहाउने; german को रूपान्तर, सनाभि ।

germicide (ज'र्मिसाइड्) **ना.** कीटनाशक, कीटाणुनाशक, कीरा मार्ने ।

germina/te (ज'र्मिनेट्) **क्रि.** उम्रनु, जम्नु, अंकुराउनु, टुसाउनु, पल्हाउनु, जरा टेक्नु, जरो हाल्नु, उत्पन्न हुनु;—tion **ना.** अंकुरण;—l **वि.** कीटको, प्रारम्भिक अवस्थाको ।

geronto/cracy (जेरॅन्टॅ'क्र्यासि, जे–) **ना.** वृद्ध राज्य, बूढाहरुको राज्य;—logy **ना.** वृद्धत्वशास्त्र ।

gerrymander (गेरिम्या'न्डर्) अशुद्ध; jerry—(जेरिम्या'ण्डर) **क्रि.** निर्वाचनमा बेकाइदा गरी कुनै दलको अननुपातिक प्रावल्य बढाउनु ।

gerund (जे'रण्ड्) **ना.** अंग्रेजी भाषामा ing मा अन्त हुने क्रियापदविशेष र उसको स्वभाव ।

Gestapo (गेस्टॉ'पो) **ना.** जर्मन गुप्ती पुलीस (नाट्शी कालमा) ।

gestation (जेस्टे'श्न्) **ना.** गर्भधारण, (भारी ज्यू, गाभिन भएकी, दुई ज्यू, पेट बोकेकी) ।

gesticula/te (जेस्टि'क्यूलेट्) **क्रि.** हावभाव गर्नु;—tion अभिनय, नृत्य, चेष्टा, अंग चेष्टा, स्वाङ, छाँट, नखरा, छालेपन ।

gesture (जे'स्चर्) **ना.** र **क्रि.** इंगित, इशारा, हावभाव, भावभंगी, भाउ, चेष्टा; **क्रि.** हावभाव गर्नु, नक्कलञ्क्काल, मुद्रा ।

get (गेट्) **क्रि.** पाउनु, मिल्नु, भेट्टाउनु;—away **ना.** पलायन;—up **क्रि.** जुरुक्क उठ्नु;—up **ना.** वेशभूषा ।

gewgaw (ग्यू'गॉ) **ना.** खत्र्याङ मत्र्याङ ।

gey (गे) **क्रि. वि.** असाध्य, ज्यादा ।

geyser (गे'ज़र, गाइज़र्) **ना.** बीचबीचमा तातो पानी फ्याँक्ने मूल, पानी तताउने यन्त्र, गीजर ।

ghastly (गास्ट्'लि, ग्या–) **वि.** भयावह, भयानक, भयङ्कर, डरलाग्दो, आपत्तिजनक, मरेको समान, पहेंलो ।

gherkin (गेर्'किन्) **ना.** सानू कलिलो काँक्रो (अचार पार्ने), चिचिलो ।

ghetto (गे'टो) **ना.** (ब.व.–s) (कुनै शहरमा) यहूदीहरूको टोला ।

ghost (गोस्ट्) **ना.** भूत, प्रेत, ख्याक, बुजी, गुजी, हाउ, (आर्काको निमित्त ज्यालामा पुस्तक लेख्ने) गुप्त लेखक;—ly **वि.** प्रेततुल्य, पारमार्थिक;—ridden **वि.** भूत लागेको ।

ghoul (गूल्) **ना.** (मुर्दा खाने) प्रेत, वेताल, बोक्सी ।

giant (जा'यण्ट्) **ना.** र **वि.** राक्षस, दैत्य, दानव, राकस, अग्लो मानिस; **वि.** अति ठूलो, बृहत्, बडेमाको;—ism **ना.** राक्षस्याइँ ।

gib (गिब्, जिब्) **ना.** (काठ या धातुको) पचकर ।

gibber (गि'बर्, जि–) **क्रि.** बाँदर जस्तो छिटो र नबुझिने गरी बोल्नु, फताफत गर्नु, प्रलाप ।

gibberish (गि'बरिश्) **ना.** अनर्थक ध्वनि, अर्थ नभएको बोली, अशुद्ध बोली, प्रलाप ।

gibbet (जि'बेट्) **ना.** फाँसी ।

gibbon (गि'बन्) **ना.** लंगूर, (लामू हाते बाँदर) ।

gibbous (गि'बस्) **वि.** उन्नतोदर, बिंबाकार ।

gibe, jibe (गाइब्, जाइब्) **ना.** र **क्रि.** खिसी, ठट्टा; **क्रि.** जिस्क्याउनु, चिढाउनु ।

gid/dy (गि'डि) **वि.** रिंगटा लागेको, विभ्रान्त, मत्त, मात्तिएको, चपल;—diness **ना.** रिंगटा, घूर्णी, चक्कर, कहाली, भाउन्न ।

gift (गिफ्ट्) **ना.** र **क्रि.** कोसेली, दान, उपहार, भेट, बक्सीस, कर कोसेली, सौगात, दत्त, समर्पण, उघाउनी, जीउनी, बकस, दत्ति, प्रसाद ।

gig (गिग्) **ना.** एक्का, बग्गी, टमटम ।

gigantic (जाइग्यान्'टिक्) **वि.** राक्षसी, बडेमान, बृहत्, स्थूलकाय, खम्मीर, जखमले, विराट, धम्मरधूस ।

giggle (गि'ग्ल्) **क्रि.** र **ना.** (स्वाङ पारेर) हाँस्नु, अभद्र ढाँचासँग हाँस्नु (खा.ग. पट्ठीले), त्यस्तो हाँसो ।

gigmanity (गिग्म्या'निटि) **ना.** समृद्धिशाली, मूढ मध्यवर्गीय श्रेणी, कल्पनारहित भलाद्मीहरू, कलाविहीन व्यक्तिको समूह ।

gigolo (गि'गोलो) **ना.** (ब.व.–s) पेशावर मर्द नाच्ने साथी ।

gild (गिल्ड्) **क्रि.** सुन चढाउनु, सुनको मोलम्मा गर्नु, अर्जाप्नु, पाइन चढाउनु, हाल्नु ।

gill (गिल्) **ना.** (सा. ब.व.) (माछाको) श्वासेन्द्रिय, अधोगण्ड (कानपछि र च्यूँडोको मासु), कन्दरा, कनफूरा ।

gilt (गिल्ट्) **वि.** जलप लगाएको, जलप दिएको, तपक, सुवर्णित; cloth— पुस्तकको कपडाको जिल्दमा सुनौला अक्षर खोदिएको;—edged, (ऋणपत्र, शेयर बारे) लोकप्रिय, भर भएको, सबैले रुचाउने ।

gimcrack (जिम्'क्र्याक्) **ना.** र **वि.** खश्र्याक-खुत्रुक, सानुतिनु माल, सस्तो सिंगार वा सजावट; **वि.** देखावटी, रेद्दी, बेकामको ।

gimlet (गिम्'लिट्) **ना.** वर्मा (काठको बीँड भएको), वेधनिका ।

gimmick (गि'मिक्) **ना.** (ए.व.) चटक, चटकिलो, साधन, ध्यान वा प्रचार आकर्षण गर्नालाई गरिएको उपाय ।

gin (जिन्) **ना.** पासो, जाल, फन्दा, जिन (जाँड) ।

ginger (जिन्'जर्) **ना.**, **वि.** र **क्रि.** अदुवा, सुठो; फूर्ति, जाँगर; **वि.** हलका, रातो पहेंलो रंग; **क्रि.** अदुवाको बास्ना हाल्नु; dry—सूठो;—lily केवडा फूल ।

gingerade (जिन्जरेड्') **ना.** जिन्जर बियर ।

gingerly (जि'न्जर्ली) **क्रि. वि.** अति सावधानीसाथ, सुस्तरी ।

gipsy, gy—(जिप्'सि) **ना.** फिरन्ता जातिको प्रकार, जिप्सी जाति, साँवली स्त्री ।

giraffe (जिराफ्,– र्याफ्) **ना.** जिराफ़ ।

girandole (जि'रण्डोल्) **ना.** (आतसबाजी) चक्का, चर्खा ।

gird (गर्ड्) **क्रि.** भिर्नु, ठट्टा गर्नु, जिस्क्याउनु, कम्मर कस्नु, सत्तिनु, तम्सिनु, कस्सिनु, हौसिनु, हिम्मत ठोक्नु, फुर्किनु ।

girder (गर्'डर्) **ना.** सत्तरी, धरन ।

girdle (गर्'ड्ल्) **ना.** र **क्रि.** पेटी, मेखला, कम्मरपेटी, कटि, इँजार, कटिबन्धिनी; **क्रि.** बेर्नु, लाउनु, परिक्रमा गर्नु ।

girl (गर्ल्) **ना.** लडकी, ठिटी, छोट्टी, तरुनी, छोरी, कन्या, कुमारी, बालिका, बाला, चाकर, नोकर्नी;—ish **वि.** कन्यानुरूप, बालीय;—friend प्रेमिका ।

gist (जिस्ट्) **ना.** वास्तविक कुरा, बुँदा, तात्पर्य, सार, बेहोरा ।

give (गिभ्) **क्रि.** दिनु, सुम्पनु, अनभन्याउनु, टक्र्याउनु, प्रदान गर्नु, दब्नु, अन्माउनु, (गवाही) बक्नु;—n **वि.** निर्धारित, निर्दिष्ट, दिइएको;—r **ना.** दाता, त्यागी, दानशील;—away **क्रि.** र **ना.** पोल खोल्नु, पर्दाफास गर्नु; **ना.** पत्ता, सुराक, प्रमाण ।

gizzard (गि'जार्ड) **ना.** चरा र कोही कोही माछाको दोस्रो पेट; sticks in the— (वाक्य) मन पर्दैन, असह्य हुन्छ ।

glabrous (ग्ले'ब्रस) **वि.** रौं या भुवा नभएको, नरम र चिप्लो छाला भएको ।

glace (ग्ला'स्) **वि.** नरम, पालिशदार, टल्कने (कपडा, छाला), हिउँमा चिसाएको (फलफूल) ।

glacial (ग्लेशल्, ग्लेइल् वा, ग्ल्यासियल्) **वि.** हिउँको, हैम ।

glacier (ग्ल्या'सियर्) **ना.** हिमानी, हिमसंहति, हिमनदी ।

glad (ग्ल्याड्) **वि.** र **क्रि.** प्रसन्न, दङ्ग, खुशी, राजू, प्रमुदित, फुर्केको, फुर्फुरे, उल्लसित, उज्यालो, राम्रो; the—eye तिर्छी नजर;—rags (ए. व.) राम्रो लुगा; gladden **क्रि.** खुशी पार्नु, दङ्ग्याउनु, दङ्ग पार्नु, रिझाउनु ।

glade (ग्लेड्) **ना.** वनपथ, तरूमार्ग, कुंज, वनस्थली ।

gladiator (ग्ल्या'डिएटर्) **ना.** असिक्रीडक, तरवारबाज, तरवारले लड्ने; (राजनैतिक इ.) विजेता, (वाद-विवादमा) ।

Gladstone (ग्ल्याड्'स्टोन्) **ना.**—bag हलका ब्याग;—claret सस्तो क्ल्यारेट ।

glair (ग्लेयर्) **ना.** अण्डाको सेतो भाग, त्यसबाट बनेको टाँस्ने वस्तु, त्यस्तै बाक्लो वस्तु ।

glamo/ur (ग्ल्या'मर्) **ना.** र **क्रि.** जादू, टूना, लावण्य, मोह, **क्रि.** मोह पार्नु;—rize **क्रि.** मोहनी रूप दिनु;—rous **वि.** शोभनीय ।

glanc/e (ग्लान्स्) **ना.** र **क्रि.** दृष्टिपात, कटाक्ष, तेर्सो हनाइ, चमक, टलक; **क्रि.** हेर्नु, तेर्सो हान्नु, छिटो सर्नु;—ing **वि.** कर्के, तेर्सो;—ing blow करनी ।

gland (ग्ल्याण्ड्) **ना.** गाँठो, डल्लो, ग्रन्थि, पिण्ड;—ular **वि.** ग्रन्थियुक्त ।

glans (ग्ल्यान्स्) **ना.** शिश्नको टुप्पो, लिङ्गको टुप्पो ।

glare (ग्लेयर्) **ना.** र **क्रि.** टक, टलक, प्रखर तेज, दीप्ति, उग्र दृष्टि, क्रोध दृष्टि; **क्रि.** (आँखा) तर्नु, टल्कनु ।

glass (ग्लास्) **ना.** र **क्रि.** ऐना, काँच, शीशा, गिलास, दर्पण; **क्रि.** प्रतिबिंब पार्नु;—y **वि.** (आँखा) टलकहीन, (पानी) चम्कने, स्फटिक ।

glaze (ग्लेज्) **क्रि.** र **ना.** ऐना हाल्नु (झ्याल ढोकामा), (माटाको भाँडा) टल्काउनु, (आँखामा) जालो लाग्नु; **ना.** टलक, जालो लागेको ।

gleam (ग्लीम्) **ना.** र **क्रि.** टलक, चमक, आभास ।

glean (ग्लीन्) **क्रि.** सिला खोज्नु, लोर्नु, खोजेर झिक्नु, छान्नु, बटुल्नु ।

glee (ग्ली) **ना.** (त्रय वा बढीको) गीत, आनन्द, रमिता;—singing भट्ट्याउनु ।

glen (ग्लेन्) **ना.** कन्दरा, उपत्यका ।

glib (ग्लिब्) **वि.** चिप्लो, चिक्कण, वाक्चपल, पटपटे, फत्तुरे ।

glide (ग्लाइड्) **क्रि.** बग्नु, सुल्किनु, सलल बग्नु, बगेर उड्नु, चिप्लनु, (विना यंत्र) उड्नु, घर्कनु, बित्नु;—r **ना.** (विना यंत्रको) वायुयान, सल्ले, घर्कन ।

glimmer (ग्लि'मर्) **क्रि.** टिमटिम बल्नु, झुल्कनु, टलपल गर्नु;—ing **वि.** मन्द प्रकाश, टलक, झुल्को ।

glimpse (ग्लिम्प्स्) **ना.** र **क्रि.** झल्को, झलक, झझल्को ।

glint (ग्लिन्ट्) **क्रि.** र **ना.** चम्किनु, टल्किनु, झल्किनु ।

glisten (ग्लि'स्न्) **क्रि.** (छिन छिनमा) चम्कनु ।

glitter (ग्लि'टर्) **क्रि.** र **ना.** टल्किनु, चम्कनु; **ना.** टलक, चमक, झलक, टल्ल ।

gloaming (ग्लो'मिङ्) **ना.** साँझ, सन्ध्या ।

gloat (ग्लोट्) **क्रि.** (लोभिएर वा द्वेषले वा कामुक भएर, 'लौ खाइस्' भन्ने भावले) निहाल्नु, हेर्नु ।

glob/e (ग्लोब्) **ना.** र **क्रि.** गोला, गोल, पृथ्वी, मंडल, भ-

मंडल; आँखा;—al वि. संसारभरको, विश्वव्यापी;—ular वि. मण्डलाकार, गोलाकार ।

globule (ग्लो'ब्यूल्) ना. थोपा, बिन्दु, गोली, गुटिका ।

gloom (ग्लूम्) ना. र क्रि. अन्धकार, तमस, तिमिर, विषाद, छाया;—y वि. मलिन, म्लान, खिन्न ।

glorify (ग्लो'रिफाइ) क्रि. कीर्तिमत बनाउनु, राम्रो बनाउनु, (सामान्य कुरामा) सौन्दर्य हाल्नु ।

glory (ग्लो'रि) ना. र क्रि. कीर्ति, यश, घमण्ड गर्ने विषय, विशेष गुण, प्रताप, श्री; क्रि. उल्लास, आनन्द मान्नु, गर्व लिनु ।

glorious (ग्लो'रियस्) वि. यशस्वी, कीर्तिमत्, तेजस्वी, महान्, उत्कृष्ट ।

gloss (ग्लॅस्) ना. र क्रि. टलक, नकली रूप, बाह्य सौन्दर्य, शब्दसूची, टीका, टिपोट; क्रि. टल्काउनु, राम्रो रूप दिनु, ढाकछोप गर्नु ।

glossary (ग्लॅ'सरि) ना. शब्द संग्रह, सूची, निघण्टु ।

glottis (ग्लॅ'टिस्) ना. उपजिह्वा, घाँटी ।

glove (ग्लभ्) ना. पञ्जा ।

glow (ग्लो) ना. र क्रि. झलक, तेज, आभास; क्रि. (तातेर) टल्कनु, चम्कनु;—ing वि. ज्वलन्त, उज्ज्वल, उत्तप्त, फुरुङ्ग;—lamp (बिजुलीले तातेर सेतो भई बल्ने) बत्ती;—worm ना. जूनकीरी ।

glower (ग्लावर्) क्रि. आँखा तर्नु, रिसाएर हेर्नु, भ्रूभङ्ग गरेर हेर्नु ।

glucose (ग्लू'कोज्) ना. ग्लूकोज ।

glue (ग्लू) ना. र क्रि. सरेस, टाँस्ने; क्रि. टाँस्नु ।

glum (ग्लम्) वि. ठुस्सिएको, चूपचाप, रिसाएको ।

glut (ग्लट्) क्रि. (– tt –) र ना. टम्म भर्नु, अघाउनु, कोच्नु, अपचसित खानु, डम्मिनु; ना. उछित्तो, अतितृप्ति, अति बाहुल्य, प्राचुर्य, अतिरेक, असरल्ल ।

gluten (ग्लू'टिन्) ना. संलग्नशील वस्तु ।

glutinous (ग्लु'टिनस्) वि. श्यान, संलग्नशील, बाक्लो स्राव, लेसाइलो, लस्सादार, मस्याइलो ।

glutton (ग्ल'टन्) ना. खन्चुवा, पेट्टुवा, औदरिक, पेटू, खाइदेउ, उदरम्भरी ।

glycerine (ग्लि'सरिन्) ना. ग्लिसरीन, गिलसिरीन ।

G—man (जी—म्यान्) (अप०) ना. संघीय (अमेरिकन) अपराध जाँचबूझ गर्ने व्यक्ति ।

gnarled (नार्ल्ड्) वि. ग्रन्थिल, डल्लै डल्ला भएको, बांगिएको, खस्रो ।

gnash (न्याश्) क्रि. दाँत पिस्नु, कटकटाउनु, दन्तघर्षण गर्नु ।

gnat (न्याट्) ना. भुसुनो ।

gnaw (नॉ) क्रि. टोक्नु, (करकर) खानु ।

gnome (नो'मी) ना. उखान, कहावत, बखान; (उच्चा० नोम्) भूत, पिशाच, बाउन्ने, पुड्के ।

gnu (न्यू) ना. मृग (हटेनटट्भाषा) ।

go (गो) क्रि. (went, gone गॉन्, गॅन्; द्वि. पु., ए. व. goest गोएस्ट्; उत्तम पु. goes गोज् (आ०) goeth गोएथ्,) र ना. जानु, बाटो लाग्नु, हिंड्नु, प्रस्थान गर्नु, यात्रा गर्नु, बग्नु, चल्नु, दुट्नु;—after धाउनु, दौडनु;—away पुच्छर केलाउनु;—between लमी;—out निभ्नु, बुन्नु, ऋयाप्प हुनु; ना. (ब. व. goes) जवाइ, फूर्ति, जाँगर, साहस, उत्साह, कोशिश, अप्ठ्यारो; going वि. र ना. चालु, (ब. व.) चाला, जवाइ, व्यवहार;—ahead वि. चल्ता पुर्जा, जाँगरिलो; let it—जान देऊ, खैर ।

goad (गोड्) ना. र क्रि. अंकुश; पीडा दिने वस्तु; क्रि. अघि बढाउनु, घच्याड्नु, उत्तेजित गराउनु ।

goal (गोल्) ना. (दौडको अंत हुने) स्थान, लक्ष, अंत स्थान;—keeper गोलरक्षक;—line गोलरेखा ।

goatee (गोटी') ना. च्यूँडोको गुच्छा, बोके दाह्री ।

gob (गॅब्) ना. चिप्लो वस्तुको डल्लो, थूक, सिंगान ।

gobble (गॅ'ब्ल्) क्रि. गुतार्नु, हसुर्नु, ढाडिनु, घिच्नु, निल्नु, चप्पन गर्नु, लबस्याउनु, हाबुड हाबुड गरेर खानु, सप्प्याक सुप्रुक गरेर खानु; टर्की चराको जस्तो बोली झिक्नु; झोकले बोल्दा अस्पष्टसित बोल्नु ।

gobbledegook (गॅब्ल्ड्गूक्) ना. दाम्भिक अड्डाखानाको बोली (टर्की चराले बोलेको जस्तो बेअर्थको बकबक) ।

goblet (गॅ'ब्लेट्) ना. श्यामशाही ।

go-between (गो–बिट्वीन्') ना. लमी, दलाल, कुट्टनी, दूती, दूतिका ।

gobemouche (गॅब्'मूश्) ना. (ब. व.–s) विश्वासी कुरा ओसार्ने, जे सुन्यो उही पत्याएर प्रचार गर्ने ।

goblet (गॅब्'लेट्) ना. बींड नभएको पिउने भाँडो ।

goblin (गॅब्'लिन्) ना. वेताल, ख्याक ।

god (गॅड्) ना. देव, देवता, सुर, प्रिय पुरुष, (नाचघर) ग्यालरीमा बस्नेहरू;—send ना. सौभाग्य, गुलछर्रा;—speed सफलताको कामना (यात्रामा);—dess ना. देवी;—head ना. दैवत्व;—less वि. नास्तिक;—like दिव्य, देवतुल्य;—ly वि. धार्मिक, भक्तियुक्त, पुण्यात्मा ।

go-getter (गो'–गे'टर्) ना. गरिछोड्ने, चलता पुर्जा ।

goggle (गॅ'ग्ल्) क्रि., वि. र ना. (आँखा) लोलाउनु, तेर्सो नजरले हेर्नु, बाहिर निस्केको (आँखा);—s ना. (ब. व.) कालो चश्मा ।

goitre (गाय'टर्) ना. गाँड, गलगण्ड, कण्ठमाला, गण्डमाला, गलफुलो ।

gold (गोल्ड्) ना. सुन, सुवर्ण, स्वर्ण, असर्फी, सुनको मुद्रा;—digger ना. धुताहा स्त्री;—foil ना. तपक;—smith ना. बाँडा, स्वर्णकार, कलाद;—en वि. बसन्ती, पीत, पिङ्गल, सुनौला, सुवर्णमय; golden-mouthed वि. वाक्पटु; golden mean ठीक, बीचको; golden anniversary ना. सुवर्ण जयन्ती;—tester ना. सुन जाँचकी ।

golf (गॅल्फ्'–गॉफ् पनि) ना. गल्फको खेल ।

goliath (गलि'अथ्) **ना.** महामानव, स्थूलकाय ।

golliwog (गॅ'लिवॅग्) **ना.** कालो भुत्ले पुतली, विचित्रको व्यक्ति ।

golly (गॅ'लि) **वि. बो.** निग्रोहरूले God बिगारेर भन्ने थेको ।

goluptious (गलप्'शस्) **वि.** रसिलो, मीठो, मजाको ।

gondol/a (गॅन्'डोला) **ना.** (भेनिस शहरमा नहरमा चल्ने) डुङ्गा;—ier **ना.** सो चालक, नाविक ।

gone (गॉन्, गॅन्) **वि.** गएको, बितेको, सडे गलेको, नैराश्यपूर्ण ।

gong (गॅङ्) **ना.** घण्टी ।

gonorrhoea (गॅनरी'आ) **ना.** धातु रोग, धातुमेह, मधुमेह, सूजाक ।

good (गुड) **वि.** (better, best), असल, भलो, गतिलो, बढिया, नेक, खासा, उम्दा, जाति, ज्ञानी, निको, गुन, उपकार, श्लाघ्य; make—हर्जाना तिर्नु;—breeding शिष्टाचार, विनय;—faith असल नियत, सदिच्छा;—fellow धर्मात्मा, मिलनसार;—fellowship मिजास;—for nothing अगतिलो, वेकम्मा, काम न काज, फटाहा;—luck छुक, भाग्य;—will सल्तनत, सदिच्छा, सद्भाव, भलमनसियत;—will delegation शिष्ट मण्डल;—temper मिजास;—sense बुद्धि;—humour खुशदिल, मिजास, सुबान;—humoured मिजासिलो,—s **ना.** असबाब, मालताल, झिटी;—goods and chattels तडी तुम्बडी;—times सहकाल ।

good-bye (गुड्-बाय्') **वि. बो.** र **ना.** बिदा ! बिदाइ ।

goodly (गुड्'लि) **वि.** राम्रो, असल, ठूलो, (ठ०) श्रेष्ठ ।

goodness (गुड्'नेस्) **ना.** धर्म, उत्तमता, उदारता, लोकोपकारिता;—gracious आश्चर्य या क्रोधको वचन ।

goods (गुड्स्) **ना.** असबाब, मालमत्ता, खरखजाना, चीज, वस्तु, माल, सामान; consumer goods, उपभोग्य वस्तु;—stolen—दसी, दसी माल;—and chattels हाँडाचिण्डा, लट्टीपट्टी, श्री सम्पत्ति, तडीतुम्बडी ।

goodwill (गुड्विल्') **ना.** सदिच्छा, ख्याति, प्रतिष्ठा ।

goody (गु'डि) **ना.** र **वि.** तल्लो श्रेणीकी बूढी, बूढी आमा; मिठाई, लेमचूस;—goody **वि.** स्वाँगी, नैतिक विचारको स्वाँग भएको ।

goof (गूफ्) **ना.** बेवकूफ, ग्वाङ्गे ।

goose (गूज्) (ब. व. geese, उच्चा·गीज्) **ना.** हाँस, पानीहाँस, लाटो;—flesh रौं ठाडो हुनु ।

goral (गो'अरल्) **ना.** घोरल ।

Gordian (गो'डियन्) **वि.**—knot कठिन गाँठो, कठिन समस्या ।

gore (गोर्) **ना.** र **क्रि.** रगत, जमेको रगत; **क्रि.** (सींगले) घोप्नु, हान्नु;—y **वि.** रक्ताम्य ।

gorge (गॉअर्ज्) **ना.** र **क्रि.** दरार, खोंच, धाँजा; भित्री घाँटी; निलेको वस्तु; **क्रि.** लोभिएर खानु, पेट भर्नु, फुल्नु, किक्लिक्क हुनु, ढाडिनु, हसुर्नु, कोच्चिनु, अटेसमटेस हुनु, लतार्नु; cast the—घिनले उल्टनु;—rises at घिन मान्नु, वाक्क लाग्नु, जिंग्रिंग हुनु ।

gorgeous (गॉर्'जस्) **वि.** रंग-विरंगको, धूनधानको, भडकिलो, भव्य, शोभन, तेजस्वी ।

gorilla (गोरि'ला) **ना.** गोरिल्ला ।

gormandize-ise (गो'र्मण्डाइज्) **क्रि.** राम्रो खानु, पेटपूजा गर्नु, सपासप खानु, हसुर्नु, लतार्नु, ढाडिनु, विच्नु ।

gosh (गॅश्) **वि. बो.** by gosh ! (God को साटो) थेको, जोरदार गराउनाको लागि भनिने शब्द ।

gosling (गॅज्'लिङ्) **ना.** हाँसको बच्चो ।

gospel (गॅस'पल्) **ना.** धार्मिक शुभ समाचार, विश्वसनीय कुरा, साँचो कुरा ।

gossamer (गॅ'समर्) **ना.** र **वि.** माकुरोको जालो, त्यस्तै मिहिन धर्सो, त्यान्द्रो; **वि.** हलका र क्षीण ।

gossip (गॅ'सिप्) **ना.** र **क्रि.** चिहारी भएको व्यक्ति, मित्र, जल्पक, छुल्याहा, बकबके, लबारपाँडे, कुराउटे, कुरा ओसार्ने, कुराको पोका, बसी बियाँलो, कुरौटे; **क्रि.** फतफत गर्नु, गफ चुट्नु, गफ गर्नु, कुरा गर्नु; **ना.** बातचीत, विनोद वार्ता, गन्थन, गथेसो ।

got (गॅट्) **क्रि.** पायो; (get को भू. का.);—up **वि.** बनावटी, नकली ।

Goth (गॅथ्) **ना.** जङ्गली व्यक्ति;—ic बर्बर, असभ्य, अज्ञानी, कलाविरोधी, टुप्पे गुम्वज मुख्य लक्षण भएको वास्तुकला ।

gouge (गाउज्, गूज्) **ना.** र **क्रि.** खनित्रो, डाडु जस्तो राम्रो; **क्रि.** त्यस्तोले काट्नु, आँखा झिकिदिनु ।

goulash (गू'लाश्) **ना.** मासु र तरकारीको मसलादार मिसमास ।

gourd (गोअर्ड्, गूअर्ड्) **ना.** लौका, कमण्डलु; bitter—करेला; snake—चिचिण्डो ।

gourmand (गूर्'मण्ड्, गू'र्माँ) **ना.** खन्चुवा, पेटुवा, जिब्रुल्ले ।

gourmet (गुर्'मे) **ना.** रक्सी जाँडको जानिफकार ।

gout (गाउट्) **ना.** वातरोग;—y **वि.** वतुवा, वातरोगी ।

govern (गॅ'भर्न्) **क्रि.** सम्हाल्नु, नियमित गर्नु, शासन गर्नु;—ance **ना.** शासन, राज्यव्यवस्था;—ess **ना.** गुरुमा, धामा, धराल्नी ।

government (गॅ'भर्न्'मेन्ट्) **ना.** शासन, राजसत्ता, सरकार ।

governor (गॅ'भर्नर्) **ना.** पाल, पालक, नियंत्रक, राज्यपाल, परिपालक, नियन्ता, प्रशास्ता ।

gown (गाउन्) **ना.** र **क्रि.** फरिया, लहँगा, चोंगा, गाउन, फ्रक ।

grab (ग्र्याब्) **क्रि.** (-bb-) लुछ्नु, खोस्नु, थुत्नु, गमक्यांउनु, समात्नु, सोहोर्नु, पकडिनु, हत्याउनु, लुँड्याउनु, सँगेट्नु, कुसुर्न्याउनु, कुम्ल्याउनु; **ना.** झमटा ।

grace (ग्रेस्) **ना.** र **क्रि.** प्रसाद, अनुग्रह, हिसी, शोभा, कृपा, मेहरबानी; **क्रि.** सिंगार्नु, शोभा दिनु, प्रतिष्ठा बढाउनु;—ful **वि.** अभिराम, डोल परेको;—less **वि.** लज्जाहीन, दुर्वृत्त,

निर्लज्ज; gracious **वि.** प्रसन्न, कृपालु, दयाशील, अनुकूल ।

gradate (ग्रडेट्) **क्रि.** विस्तारै (रङ्ग परिमाणमा) फरक, उतार चढाव ल्याउनु, गराउनु ।

gradation (ग्रडे'श्न्) **ना.** (सा.व.व.) (विकास वा परिवर्तनको) क्रम; दर्जा, गाढता इ० मा स्थानको श्रेणी ।

grade (ग्रेड्) **ना. र क्रि.** दर्जा, दक्षता, गुण, मूल्य इ० मा श्रेणी, चढाउ, उतार; **क्रि.** श्रेणीवद्ध गर्नु, क्रम स्थापना गर्नु ।

gradient (ग्रे'डिअन्ट्) **ना.** क्षितिजवाट आनति, उकालो ओह्रालो, उत्राउ चढाउ, प्रवणता ।

gradual (ग्र्याड्यू अल्) **वि.** क्रमिक, आनुक्रमिक ।

gradua/te (ग्र्याड्यू एट्) **ना. र क्रि.** स्नातक; **क्रि.** चिह्नाङ्कन गर्नु, अंकित गर्नु;—tion **ना.** अंशाङ्कन, अंशाङ्क ।

graffito (ग्रफी'टो) **ना.** (ब.व.–ti उ.–टी.) भित्ता इ०मा कोरेको चित्र, लेख (खा.ग. प्राचीन भित्तामा) ।

graft (ग्राफ्ट) **ना. र क्रि.** कलम; घूस, रिश्वत; जीवित तन्तु सार्ने; भ्रष्टाचार; **क्रि.** कलम सार्नु, जीवित तन्तु सार्नु, स्युरिनु ।

grain (ग्रेन्) **ना. र क्रि.** अनाज, धान्य, अन्न, सिता, कण, गल्ला, कनिका, दंसो, दाना, दानादार बनोट; विन्यास, चिरा, पत्र (अलं०), स्वभाव, मिजास, प्रवृत्ति; against the—, मनसायको विरुद्ध;—leather भुत्ला भएकोपट्टि बनाएको छाला; **क्रि.** दाना बनाउनु ।

gram (ग्र्याम्) **ना.** चना बूँट, ग्राम (तौल) ।

grammar (ग्र्या'मर्) **ना.** व्याकरण, शब्दशास्त्र;—ian **ना.** वैयाकरण; grammatical वैयाकरणीय ।

gramophone (ग्र्या'मफोन्) **ना.** ग्रामोफोन, फोनु वाजा ।

grampus (ग्र्याम्'पस्) **ना.** (मुखबाट पानी फ्याँक्ने) समुद्री माछाको प्रकार, जोरसँग सास फेर्ने मानिस, स्वाँ स्वाँ गर्ने मानिस ।

granary (ग्र्या'नरि) **ना.** भकारी, वेहरी, उपजाउ प्रदेश, कोठार, धनसार, भंडार कोठा, ढेर, डहर ।

grand (ग्र्याण्ड्) **वि.** महान, बृहत, गुरु, अग्र, विशिष्ट, भव्य, ठूलो, सन्तोषजनक; साइनोमा अघि पछिको पुस्ता जनाउने; **उ.** grand father,–mother,–mamma,–papa,–son,–daughter,–son in law इ०;—air रवाफ;—stand (दर्शकहरूको) मुख्य मञ्च, हजार रुपियाँ, डालर, पाउण्ड ।

grandame (ग्र्यान्'डयाम्) **ना.** आकी आमा, जीमा, पशुको आमाकी आमा, पुरुखा (स्त्री) बूढी ।

grandad (ग्र्यान्'डयाड्) **ना.** आको वा, जीवा (बालकको बोलीमा) ।

grandeur (ग्र्यान्'डयोर) **ना.** महत्व, महिमा, शान, रौनक, रोब, धाक, रवाफ, लज्जत ।

Grand Guignol (ग्राँ गिन्यॅल्') **ना.** बडो सनसनाहटपूर्ण नाटकीय अभिनय ।

grandiloquen/t (ग्र्याण्डि'लक्वन्ट्) **वि.** ओजस्वी, भाषामा दम्भपूर्ण, दाम्भिक;—ce **ना.** दर्पवाक्य, अतिशयोक्ति ।

grandiose (ग्र्यान्'डियोस्) **वि.** दाम्भिक, दम्भपूर्ण, ठूलो हुनुपर्ने ।

graniferous (ग्र्यानी'फेरस्) **वि.** अन्नोत्पादक, बीजोत्पादक ।

granite (ग्र्या'निट्) **ना.** (कडा) पत्थर ।

granivorous (ग्र्यानि'भरस्) **वि.** शस्यभक्षक, अन्न खाने ।

granny (ग्र्या'नि) **ना.** (आत्मीय, स्नेहालु वा होच्याउने) मातामही, आक्को आमा ।

granolithic (ग्र्यानली'थिक्) **ना.** कंक्रीटको किसिम ।

grant (ग्रान्ट्) **ना. र क्रि.** सनद, मिन्हा, निकासा, अनुदान, रकम, बकस, उपहार; **क्रि.** मंजूर गर्नु, दिनु, बक्स दिनु, निकासा दिनु ।

granul/ar (ग्र्या'न्यूलर्) **वि.** बीजाकार, बीजमय, कणमय, दानादार;—e **ना.** सानू दाना, कण, बुर्बुर ।

granulation (ग्र्या'न्यूलेश्न्) **ना.** पोथर्की, दाना ।

grape (ग्रेप्) **ना.** अंगूर, दाख, द्राक्षा, द्राक्षाफल;—vine द्राक्षालता, दाखलहरो, हल्ला, (झुट्टा) समाचार, घुइरो ।

graph (ग्र्याफ् वा ग्राफ्) **ना. र क्रि.** सारणी, लेख चित्र, लाक्षणिक चित्र, (तथ्यांकित वक्तव्यमा) वक्र; **क्रि.** सारणीमा विन्दु गर्नु वा चित्रित गर्नु ।

graphic (ग्र्या'फिक्) **वि.** चित्र, रेखाचित्र, खोदाइ, कटाइ इ० कलाको, स्पष्ट, सजीव (वर्णन), रेखाचित्रात्मक, रेखात्मक, आलेख्य, लेखाचित्रीय ।

graphically (ग्र्या'फिकलि) **क्रि. वि.** तस्वीरमा झैं, सजीव ढाँचासँग, लिखितमा, चित्रले ।

graphite (ग्र्या'फाइट्) **ना.** कालो सीसा, ग्र्याफाइट ।

grapnel (ग्र्याप्'नल्) **ना.** डोल, क्षुद्र लंगर ।

grapple (ग्र्या'प्ल्) **क्रि.** हात हात समात्नु, कुश्ती लड्नु, समात्नु, वाहुयुद्ध गर्नु ।

grasp (ग्रास्प्) **ना. र क्रि.** मुठी, धरण, झमठ, चंगुल; **क्रि.** सम्याउनु, मुठार्नु, मुठ्याउनु, पक्रनु, गाँज्नु, गमक्याउनु, लिनु, सम्झिनु;—ing हत्याउने, लोभी ।

grass (ग्रास्) **ना. र क्रि.** घाँस, तृण, (अप०) गाँजा; **क्रि.** घस्याउनु, घाँसले ढाक्नु, चपरी काट्नु र राख्नु;—y **वि.** हरियो, घँस्याहा;—hopper **ना.** भुँडीफोर, फँटयाङ्ग्रो, फतिङ्गो ।

grat/e (ग्रे'ट्) **ना. र क्रि.** लोहजाल, चुल्ली; **क्रि.** घर्षण गर्नु, घसेर धूलो पार्नु, वाधा पुऱ्याउनु, (दाँत) किटकिटाउनु, कर्कश शब्द झिक्नु, कराउनु (जुत्ता, ढोका इ०), कोर्नु (कोर्‍याँसोमा), खुर्कनु, मस्काउनु;—er,–ing **ना.** कोर्‍याँसो; **वि.** विझ्ने, मोड्ने या भाँच्न हुने झ्याल ढोकाको आड, कठवार, काठको छेका ।

grateful (ग्रेट्'फुल) **वि.** आभारी, कृतज्ञ, कृतार्थ, स्वीकार गर्ने योग्य, सान्त्वनापूर्ण, ताजा गराउने ।

grati/fy (ग्र्या'टिफाइ) **क्रि.** मेहनताना, शुल्क, फी, दिनु, घूस दिनु, खुशी पार्नु, सन्तुष्ट पार्नु, आभारी पार्नु;—fication, **ना.** पारितोषिक, परितुष्टि, घूस, रिश्वत, अनुतोषण, तृप्ति, फुर्फुर ।

gratis (ग्रे'टिस्) **क्रि. वि. र वि.** मगनी, सितिमिति, फ्वाँक, मुफ्त, निर्मूल्य, सित्तैं, फोकटमा, बक्खु, फोसामा, फाउ, लावा-

दुवा, खैरात ।

gratitude (ग्र्या'टिट्यु ड्) **ना.** कृतज्ञता, आभार, धन्यवाद ।

gratuitous (ग्र्याटि्व'टस्) **वि.** मुफ्त, खैरात, सित्तैं, विना कारणको ।

gratuity (ग्रटि्व'इटि) **ना.** अनुदान, उपदान, बकस, उपहार ।

gratuitous (ग्रटि्व'टस्) **वि.** मुफ्त, खैरात, सित्तै ।

gravamen (ग्रभे'मेन) **ना.** (ब.व.–mina बेचल्ती) उजूर, मर्का; सार, निकृष्टतम माग (अपराधको) ।

grave (ग्रेभ्) **ना., वि.** र **क्रि.** चिहान, समाधि, कब्र; **वि.** गुरु , भारी, जहडी, विचारणीय, कडा, असाध्य, गम्भीर, सिकिस्त, सादा; **क्रि.** खन्नु, गाड्नु । (भू. का.–n,–d)

gravel (ग्र्या'भल्) **ना.** र **क्रि.** (–ll–) कङ्कड; **क्रि.** कङ्कड बिछ्याउनु ।

graver (ग्रे'भर्) **ना.** खोदाइ गर्ने ज्यावल, खोद्ने ज्यावल ।

gravid (ग्र्या'भिड्) **वि.** दोजिया, गाभिन, गर्भधारिणी, गर्भवती ।

gravitate (ग्र्या'भिटेट्) **क्रि.** आकर्षित हुनु, विस्तारै तानिनु, (प्रभावको केन्द्रतिर विस्तारै) खिंचिनु वा ऋर्नु ।

gravity (ग्र्या'भिटि) **ना.** गुरुत्वाकर्षण, आकर्षण, गुरुत्व, गम्भीरता; specific—**ना.** विशिष्ट घनत्व ।

gravy (ग्रे'भि) **ना.** रस, झोल, लेदो ।

gray (ग्रे) **वि.** खैरो, भूरा, विभूति रंग ।

graz/e (ग्रेज्) **क्रि.** चर्नु, चराउनु, खोस्रिनु, खोस्याउनु, धाँर्नु, दर्फन्याउनु;—ing land चहुर, चौर, चरन ।

grease (ग्रीज्) **ना.** र **क्रि.** चिल्लो, बोसो, चिप्लो वस्तु, चर्बी; **क्रि.** उपांजन गर्नु, चिल्लो पार्नु, घूस ख्वाउनु ।

greasy (ग्री'जि) **वि.** चिल्लो, चिप्लो, हिलो लागेको, स्निग्ध, चिप्लेटो, चापुल्लो ।

great (ग्रेट्) **वि.** बडा, विशाल, महा, महान्, बृहत्, अपार, ठूलो, असामान्य, प्रख्यात;—ness, **ना.** रवाफ, धाक, महानता, श्रेष्ठता, बडाइ, बडप्पन;—ly **क्रि. वि.** बेसरी, बिछट्ट ।

greed (ग्रीड्) **ना.** लोभ, लुब्धता;—y **वि.** लोभी, लम्पट, लुब्ध, लोलुप, लालची, लट्टू , चिच्चा ।

green (ग्रीन्) **वि.** हरियो, सुगी,अभिनव, जँधारी, धानी, गैल (पट्ठो);—horn **ना.** पट्ठो, सिकारु. गँवार, अनाडी;—house **ना.** बिरुवाघर;—room **ना.** नाचघरमा पात्रहरू बस्ने कोठा;—stuff, greens सागसब्जी, हरियो परियो;—ery **ना.** सागपात ।

Greenwich (ग्रि'निज्) **ना.** विलायतको एक प्रमुख वेधशाला जसको स्थानबाट ग्रीनिच समय गणना हुन्छ ।

greet (ग्रीट्) **क्रि.** भेट्नु, अभिनन्दन गर्नु, बोलाउनु, वन्दना गर्नु, सलाम गर्नु, सम्बोधन गर्नु;—ing **ना.** वन्दना, ढोग, पाउलागी, सलाम, जदौ, वन्दगी ।

gregarious (ग्रेगे'रिअस्) **वि.** यूथचारी, संघचारी, बथानमा बस्ने ।

gremlin (ग्रेम्'लिन्) **ना.** दुर्घटना गराउने कथित उपद्रवी प्रेत, भूत, ग्रेमलिन ।

grenade (ग्रेनेड्) **ना.** हातगोला ।

grenadier (ग्रेनेडियर्) **ना.** फौजी जवानको किसिम ।

grey, gray (ग्रे) **वि.** भूरा, खरानी रङ्ग, खैरो, कैलो, खाकी, सुर्तीरंगे, सिलेवा, धुस्रो, मिरमिरे, फुलेको, सेतो प्राचीन;—beard अधवैंसे, बूढो पाको;—hound **ना.** शिकारी कुकुरको जात ।

grid (ग्रिड्) **ना.** डण्डी, जाल, (विद्युत् तारको गुच्छा, (विद्युत्) शक्ति रहने उपकरण, बहुदण्डी ।

griddle (ग्रि'ड्ल्) **ना.** तावा ।

gridiron (ग्रि'ड्आयरन्) **ना.** अंगीठी, झीर, मासु पोल्ने बहुदण्डी, (रंगमञ्चमा) पर्दा सार्ने खसाल्ने ढाँचा ।

grief (ग्रीफ्) **ना.** शोक, दिग्दारी, धन्दा, सुर्ता, व्यथा, विषाद, खेद, अपशोच; come to— दुर्घटनाग्रस्त हुनु ।

grievance (ग्री'भन्स्) **ना.** (यथार्थ या काल्पनिक) उजूर, सन्धि-सर्पन, मर्का, गुनासो, गथेसो, दुःख-दर्द, पीर-मर्का, पीर-वाधा, पीरपिराउ ।

grieve (ग्रीभ्) **क्रि.** दुःख मान्नु, सुर्ताउनु, शोकाउनु, दिक्क मान्नु, शोक गर्नु, चित्त दुखाउनु;—d **वि.** दिक्क ।

grievous (ग्री'भस्) **वि.** पीडा दिने, पीडावह, क्लेशप्रद, शोचनीय, हानिकारक, अक्षम्य, निन्दनीय;—hurt अंगभंग, कडा घा चोट ।

griffin (ग्रि'फिन्) **ना.** (पौराणिक, काल्पनिक) पक्षीसिंह, सिंहचील, (चीलको टाउको सिंहको शरीर भएको पशु) ।

grig (ग्रिग्) **ना.** झ्याउँकीरी वा भुँडीफोर, फटयाङ्ग्राको जात ।

grill (ग्रिल्) **क्रि.** र **ना.** सेक्नु, पिल्साउनु, पोल्नु, कडा जिरह गर्नु; **ना.** पोलेको (मासु, खाना), भुटुवा, सेकुवा, बहुदण्डी, अंगीठी ।

grille, grill (ग्रिल्) **ना.** आँखे झ्याल, सो ढाँचाको पर्दा, छेकबार ।

grim (ग्रिम्) **वि.** (–mm–) मापाको, कडा, उग्र, दारुण, घोर, रौद्र, विकट, नहाँस्ने ।

grimace (ग्रिमेस्') **ना.** र **क्रि.** वक्रमुख; **क्रि.** मुख बिगार्नु, मुख भङ्ग गर्नु, दाँत ङिच्याउनु ।

grimalkin (ग्रिमॉल्'किन्,–म्याल्–) **ना.** बूढीबिराली, रिसाही बूढी ।

grim/e (ग्राइम्) **ना.** ध्वाँसो, मैल, हिलो, (केही कुरा वा छालाभित्र पसेको) मैल;—y **वि.** ध्वाँसे, हिले ।

grin (ग्रिन्) **ना.** र **क्रि.** दाह्राङिच्याइ, **क्रि.** दाँत देखाउनु, हाँस्नु, पीडाले दाँत देखाउनु, लाटो हाँसो हाँस्नु ।

grind (ग्राइण्ड्) **क्रि.** (ground, ground) पिन्नु, पिस्नु, दल्नु, दन्तघर्षण गर्नु, दाँत किट्नु, धूलो पीठो पार्नु; धार लाउनु; (ऐना, हीरा) घोट्नु;—stone **ना.** चक्ला, चक्का, धार लाउने ढुङ्गा, घट्टको चाका, पेषण यंत्र;—ing पेषण, चूर्णीकरण ।

gringo (ग्रि'ङ्गो) **ना.** परदेशी (खा. ग. अमरिकन) ।

grip (ग्रिप्) **ना. र क्रि.** पकड, ग्रह; **क्रि.** कसेर समात्नु, समात्नु, पक्डिनु ।

gripe (ग्राइप्) **क्रि. र ना.** समात्नु, पक्डनु; **ना.** शूल, वीँड ।

grippe (ग्रिप्) **ना.** इन्फ्लुएञ्जा ज्वर, फ्लू ।

grisette (ग्रिजेट्) **ना.** (फ्रान्समा) काम गर्ने लडकी, ठिटी, कर्मी स्त्री ।

grisly (ग्रिज़'लि) **वि.** कराल वदन, घोराकृति, विकराल ।

grist (ग्रिस्ट्) **ना.** (पिन्ने) अनाज, सूत या डोरीको मोटाइ ।

gristle (ग्रिस्ल्) **ना.** कुर्कुरे हाड ।

grit (ग्रिट्) **ना. र क्रि.** (–tt–) किरकिरी, धूलो, कणा, गिर्खा; सहनशीलता, साहस, रुक, नीच, सत्व;–ty **वि.** किरकिरी लाग्ने; **क्रि.** किर्र ध्वनिसाथ चल्नु, उत्पादन गर्नु, दाँत कस्नु ।

grizzled (ग्रि'जल्ड्) **वि.** फुलेको, सेतो ।

grizzly (ग्रिज्'लि) **वि. र ना.** खैरो, खैरो रौं भएको; **ना.** भीषण भालू ।

groan (ग्रोन्) **क्रि. र ना.** कन्नु, (भार) वहनु खा.ग.;—ing under नुहेको ।

groat (ग्रोट्) **ना.** सानू सिक्का, तुच्छ वस्तु, दाम ।

grocer (ग्रो'सर) **ना.** किराना पसले, दाल चामल पसले;—y, **ना.** किराना पसल, लटकेना, परचून, रसद , सामल ।

grog (ग्रॅग) **ना.** रक्सी र पानीको पेय;—gy **वि.** लर्खराएको, मात लागेको, जँड्याहा, पियक्कड ।

groin (ग्रायन्) **ना.** काप ।

groom (ग्रूम्) **ना. र क्रि.** सईस, दुलाहा; **क्रि.** (घोडा) मल्नु, चाकरी गर्नु ।

groove (ग्रूभ्) **ना. र क्रि.** खोंच, खोल्सा, नली, प्रणाली; **क्रि.** कप्नु, खोंचे पार्नु ।

grope (ग्रोप्) **क्रि.** छाम्नु , ठम्याउनु, छामछुम गर्नु ।

gross (ग्रोस) **ना. र वि.** वाह्र दर्जन, १४४ ओटा; **वि.** स्थूल, वृहत्, घोर, कुल, मलिन, भद्दा, फोहर, घिनलाग्दो, घना ।

grotesque (ग्रोटेस्क्') **ना. र वि.** विकृत रूप वा बुट्टा, विलक्षण, अमिल्दो हुनाले हाँसो उठ्ने ।

grotto (ग्रॅ'टो) **ना.** (व.व.–es,–s) कुञ्ज, राम्रो गुफा, कन्दरा ।

grouch (ग्राउच्) **क्रि. र ना.** फतफताउनु; **ना.** असन्तुष्ट पुरुष, ठुस्सिएको अवस्था, उजूर ।

ground (ग्राउण्ड्) **ना. र क्रि.** जमीन, माटो, भूइँ, भूमि; अभिप्राय, कारण; अखाडा, जिर्मा, भैं, क्षिति, जग, आधार; high —**ना.** टाँडी; low—**ना.** गल; **क्रि.** (ग्राउण्ड्) आधार गराउनु, स्थापना गर्नु, राम्ररी बोध गराइदिनु, पृथ्वीसँग सम्बन्ध गराउनु, भैं जोर्नु;—floor भैंतला;—land lord जग्गाधनी;—level भू समतल;—plan रूपरेखा;—rent जमीनको भाडा;—speed जमीनको वेग (वायुयानको);—staff उडान नगर्ने विमानघाटका कर्मचारी;—work आधार;—glass घर्षित ऐना;—water पाताले पानी; **ना.** (व. व.) हाता, कम्पाउण्ड ।

groundsel (ग्राउण्ड्'सेल्) **ना.** संघार, देहली ।

group (ग्रूप्) **ना. र क्रि.** वर्ग, डफ्फा, दल, गण, कम्पू, समूह, हेर, टोली, पुञ्ज, समुदाय, बथान; **क्रि.** दल बाँध्नु, जुट्नु;—photograph बथाने तसवीर ।

grouse (ग्राउस्) (व. व. grouse) **ना. र क्रि.** विलायती चराको किसिम, ग्राउस; **ना.** फतफत, बाधा, उजूर, गथेसो; **क्रि.** फतफताउनु ।

grove (ग्रोभ्) **ना.** कुञ्ज, उपवन, वृक्षवाटिका ।

grovel (ग्रॅ'भेल्) **क्रि.** लडिबुडी खेल्नु, खुट्टा पर्नु;—ling **वि.** नीच, अधम, तुच्छ, हीन ।

grow (ग्रो) **क्रि.** उम्रनु. बढ्नु, सप्रनु, हुर्किनु, फस्टाउनु, हलक्क बढ्नु, मौलाउनु, उमार्नु;—n up **ना.** हुर्केको, लाठे, बढेको, लक्कड, लक्कड ज्वान;—ing **वि.** वढालु ।

growl (ग्राउल्) **क्रि.** रुर्कनु, हुङ्कार गर्नु, घुर्कनु, रिसाएर बोल्नु;—er **ना.** चार पांग्रे बग्गी ।

growth (ग्रोथ्) **ना.** वृद्धि, वर्धन, उपचय, सम्वर्धन, विस्तार, अभिवृद्धि ।

grub (ग्रब्) **ना. र क्रि.** कीरा, (चरा इ० को) आहारा; लेखनदास; सण्ठदास; खाना, भोजन; **क्रि.** खन्नु, कोतर्नु, जरा झिक्नु, खोज्नु, ख्वाउनु;—by **वि.** कीरा परेको, मैलो, हिले ।

grudg/e (ग्रज्) **क्रि. र ना.** दिन अनिच्छुक हुनु, रीस गर्नु, डाह गर्नु; **ना.** मात्सर्य, ईर्ष्या, ईबी, ईख, अदावत, लाग;—ing अनिच्छुक, ईखालु ।

gruel (ग्रू'एल्) **ना. र क्रि.** (– ll –) खोले, फाँडो, कुँडो, माड; **क्रि.** घुर्नु, जिरह गर्नु ।

gruesome (ग्रू'सम्) **वि.** भीषण, भयङ्कर, खेदकर ।

gruff (ग्रफ्) **वि.** कर्कश, नबोल्ने, अभद्र, धोक्रो, साह्रो डाँको गर्ने, रूक्ष, कठोर ।

grumble (ग्र'म्ब्ल्) **क्रि. र ना.** असन्तोष देखाउनु, फतफताउनु; **ना.** अस्पष्ट उजूरको आवाज, फतफत, गथेसो ।

grumpy, grumpish (ग्रम्'पि, ग्रम्'पिश्) **वि.** रिसाहा, ठुस्सिएको, रूक्ष, रूठेको ।

Grundyism (ग्रन्'डिइज्म्) **ना.** स्वाँग, स्वाँगी आचरण (खा. ग. स्त्रीजातिको) ।

grunt (ग्रण्ट्) **क्रि. र ना.** (सुङ्गुरको बोली) डकार्नु; **ना.** डकार ।

guarantee (ग्यारन्टी') **ना. र क्रि.** निश्चय, निश्चिति, जमानत, प्रत्यय, प्रतिभू, विश्वास, बन्धक; **क्रि.** जिम्मा लिनु, प्रमाणित गर्नु, जमानी वस्तु ।

guaranty (ग्या'रन्टि) **ना.** जमानतदारी, जमानत दिने व्यक्ति, लिखित वा अन्य जमानत ।

guard (गार्ड्) **ना. र क्रि.** रक्षा, चौकी, रखवारी, पाले, कुरुवा, चपोट, गारद, पहरा, रक्षक, बचाउ; **क्रि.** कुर्नु, रक्षा गर्नु, रखवारी गर्नु, रुङ्नु, पहरा दिनु, बचाउनु, रोक्नु, रखवारी गर्नु;—house चौकी, गारद, सैनिक जेल;—of honour सम्मान गारद ।

guardian (गार'डिअन्) **ना.** संरक्षक, ददा, धरालो, रक्षक,

अभिभावक, रक्षा शिक्षा गर्ने, वारिसवाला, पालक, पाल;—deity,–spirit लोकपाल, दिक्पाल;—ship **ना.** पालक पद ।

guava (ग्वा'भा) **ना.** अम्वा, अमरूद, वेलौती ।

gubernatorial (ग्यूवर्नटो'रिअल) **वि.** पालकको, पालक वारे ।

gudgeon (ग'जन्) **ना.** सानू माछाको प्रकार, पोटिया; अति पत्याउने व्यक्ति, धूर ।

guerdon (गर'डन्) **ना.** इनाम, वकस, पारितोपिक ।

Guernsey (गन्''ज़ि) **ना.** गञ्जी, गर्नसीगाइ ।

guer (r) illa (गेरि'ला) **ना.** र **वि.** लुकेर लड्ने टोली, आक्रामक शत्रुको विरुद्ध लड्ने लुकेको असैनिक योद्धा, गेरालिया ।

guess (गेस्) **ना.** र **क्रि.** अन्जाम, अन्दाज, अडकल, लख, भेग; **क्रि.** अडकल काट्नु, गर्नु, अडकल्नु, अन्दाज गर्नु, अठोट्नु, अनसार काट्नु, अनुमान गर्नु, विचार गर्नु;—work **ना.** अडकल ।

guest (गेस्ट्) **ना.** पाहुना, अतिथि, अभ्यागत, आगन्तुक, निम्तारू;—chamber पाहुनाकोठा ।

guffaw (गफॉ') **ना.** र **क्रि.** चडको अभद्र हाँसो, खित्का; **क्रि.** त्यसरी हाँस्नु ।

guichet (गी'शे) **ना.** डण्डी, खापाको तल्लो भाग (काटेको ढोका, झ्यालमा), टिकट झ्याल ।

guide (गाइड) **ना.** र **क्रि.** अगुवा, अगौटे, अग्रगामी, मार्गी, मार्गदर्शी, पथप्रदर्शक, संलाहकार, चाल नियंत्रित गर्ने डण्डा, चिह्न; **क्रि.** डोराउनु, वाटो देखाउनु, मार्गदर्शक हुनु;—book **ना.** समाचार पुस्तिका, अगुवा पुस्तक;—d missile नियंत्रित प्रक्षेपास्त्र ।

guild (गिल्ड्) **ना.** वणिक् समाज, समाज, निगम, गठी ।

guile (गाइल्) **ना.** छलकपट, माया, जाल;—ful **वि.** पेचिलो;—less **वि.** निष्कपट, विना छल, साँचिलो ।

guillotine (गि'लोटीन्) **ना.** र **क्रि.** शिरच्छेदन यन्त्र ।

guilt (गिल्ट्) **ना.** अपराध, दोप, पाप, चूक, जुर्म;—less निर्दोष, निश्छल, वेगुनाह, गोप्राणी;—y दोपी, गुनाहगार, वात लागेको, कसूरदार, कृतापराध ।

guinea (गि'नि) **ना.** गिन्नी, विलायती सुनको मुद्रा ।

guise (गाइज़्) **ना.** पोशाक, भेप, लिवास, रूप ।

guitar (गिटार्') **ना.** गितार, वीन, वीणा, सारंगी, गाइने वाजा ।

gulf (गल्फ्) **ना.** आखात, खादी, पुटभेद, खाडल, भीर, भुमरी ।

gull (गल्) **ना.** र **क्रि.** जलकुक्कुट, मूर्ख, ठगिने व्यक्ति; **क्रि.** छल्नु, ठग्नु;—ible **वि.** ठगिने, सोझो ।

gullet (ग'लेट्) **ना.** गला, घाँटी ।

gully (ग'लि) **ना.** (पानीले काटेको) कन्दरा, खोल्चा, मोरी, रछ्यान, नाल ।

gulp (गल्प्) **क्रि.** र **ना.** (हडवड, लोभले वा गाह्रोसँग) निल्नु, बुकाउनु, फाँको मार्नु, तन्काउनु, धोक्नु, घिच्नु; **ना.** घुटको, गाँस ।

gum (गम्) **ना.** र **क्रि.** दनासो, गिजा, दन्तमांस, दन्तमूल, दन्तवल्क; दाँते घर, वंगाराघर, चिप्रा; खोटो, गूँद, चोप; (व.व.) रवडका वूट; **क्रि.** गूँद लाउनु, दह्रो पार्नु ।

gumption (गम्प्'श्न्) **ना.** चातुर्य, बुद्धि, व्यावहारिक ज्ञान, नेतृत्व, उम्तिने, अघि सर्ने, हुति, ताउ, पानी ।

gun (गन्) **ना.** वन्दूक, तोप; खोटो, चोव, पचका;—cotton अम्ल कपास (विस्फोटक);—fire **ना.** गोली, तोप;—men **ना.** डाँकू;—powder **ना.** वारूद ।

gunner (ग'नर्) **ना.** तोपको सैनिक;—y **ना.** तोपको अभ्यास ।

gunny (ग'नि) **ना.** टाट;—bag **ना.** टाटको वोरा ।

gurgitation (गर्गिटे'श्न्) **ना.** घर्घर रव, गुदगुद शब्द ।

gurgle (ग'र्ग्ल्) **क्रि.** (शीशीवाट खन्याउँदाको जस्तो) आवाज निकाल्नु, गलगल गर्नु, खोलो कराउनु, सुसाउनु ।

gush (गश्) **क्रि.** र **ना.** वेगसँग निस्कनु, वग्नु, पानी वग्नु, स्वाँगी भावुकतासँग वोल्नु, आचरण गर्नु, मस्कनु; **ना.** जलप्रपात, निष्पत्ति;—er स्वाँगी भावुक, नखिर्ची आफै वग्ने तेलखानी ।

gust (गस्ट्) **ना.** झोक्का, चंडवात; स्वाद, रुचि, उमङ्ग;—ful **वि.** वातुल, वातमय;—y **वि.** वातुल, वतासे ।

gustation (गस्टे'श्न्) **ना.** चखाइ, रसास्वादन ।

gusto (गस्'टो) **ना.** विशेप आस्वाद, अभिरुचि, उत्साह ।

gut (गट्) **ना.** र **क्रि.** (-tt-) आन्द्रा भुँडी (खा.ग. पशुको), लादी; (व.व.) भुँडी, पानी, हुति, ताउ; (साजको डोरी वनाउने) अँतडी, आन्द्रा, भुँडी झिक्नु; having—s दानादार, पानीगर ।

gutter (ग'टर्) **ना.** (पानी वग्ने) कुलो, रछ्यान, ढल, जलमार्ग; **क्रि.** वग्नु, कुलो पार्नु ।

guttural (ग'ट्रल्) **वि.** कण्ठ्य, घाँटीको ।

guy (गाइ) **ना.** र **क्रि.** डोरी, रस्सी, भद्दा वा विलक्षण लुगा लाएको व्यक्ति, मानिस, लाठे; **क्रि.** मूर्तिमा प्रदर्शित गर्नु, ठट्टा गर्नु ।

guzzle (गज्ल्) **क्रि.** खानु, लतार्नु, पिउनु; खानमा पैसा सक्नु;—guzzling **ना.** उदरम्भरी, खाइदेउ, खाइवा, खञ्चुवा ।

gym (जिम्) **ना.**—nasium (जिम्ने'जियम्) **ना.** (व.व.–ums,—a) अखाडा, कसरत गर्ने कोठा, व्यायामशाला, ठाउँ-को छोटकरी ।

gymkhana (जिंका'ना) **ना.** अखाडा, कसरत, खेल गर्ने ठाउँ ।

gymnast (जिम्'न्यास्ट्) **ना.** कसरतमा वाकिफ, पहलवा(मा)न;—ic **वि.** कसरतको, व्यायामसम्वन्धी, पहलवा(मा)नी ।

gymnosophist (जिम्न'सफिस्ट्) **ना.** नङ्गा वावा ।

gynaecology (गि–, जिने कलॅजि; गाइ—, जाइ–) **ना.** स्त्रीरोग शास्त्र ।

gyp (जिप्) **क्रि.** (अप०) पिट्नु, ठोक्नु, कुट्नु, ठग्नु ।

gypsum (जिप्'सम्) **ना.** खड़ी मिट्टी, खडिया माटो ।

gypsy, jipsy (जिप्सि) ना. फिरन्ता जाति, जिप्सी ।

gyra/te (जाइ'रेट्) क्रि. घुम्नु, चक्कर खानु, कावा खानु;—tion ना. घूर्णन, चक्कर ।

gyroscope (जाइ'रस्कोप्) ना. घूर्णस्थापक ।

H

ha (हा) वि० बो०—हा, अहो !

habeas corpus (हे'बेऽयास् कॅऽर'पस्) ना. बन्दी प्रत्यक्षीकरण, बन्दीलाई हाजिर गराउने अदालती आदेश ।

haberdasher (ह्या'वरड्याशर्) ना. लुगा फाटो, सानातिना पहिरन विक्रेता, तयारी लुगा वेच्ने ।

habile (ह्या'विल्) वि. चतुर, दक्ष ।

habiliment (हवि'लिमेन्ट्) (व.व.) ना. पहिरन, उर्दी पोशाक, उपकरण, लुगा ।

habilit/ate (ह्यावि'लिटेट्) क्रि. वसाउनु, पदको योग्य वन्नु;—ation ना. वास ।

habit (ह्या'विट्) ना. अभ्यास, आनीवानी, वानी, स्वभाव, रिवाज, आदत, लत, लगनी, व्यसन, वेहोर, टेव, सुवानी, अम्मल, अमल, लुगा, पोशाक खा.ग. riding—घोडा चढ्दा लाउने स्त्रीको पोशाक;—ual वि. वानी परेको, वरावर, नियमित, पटके ।

habita/ble (ह्या'विटेब्ल्) वि. वासयोग्य, वस्न हुने, वस्न लायक;—nt ना. वासी, निवासी ।

habitat (ह्या'विट्याट्) ना. प्राकृतिक वासस्थान (पशु वा वनस्पतिको);—ion ना. वसाइ, वासस्थान, बसोवास, वस्ती, रासोवासो ।

habituate (हवि'ट्यूएट्) क्रि. अभ्यस्त हुनु, वानी गर्नु, वरावर गर्नु, थेत्तरो हुनु ।

habitude (ह्या'विट्यूड्) ना (शारीरिक वा मानसिक) वनोट, स्वभाव, चलन, प्रवृत्ति ।

habitue (ह्यविट्यूए') ना. वासिन्दा, सधैँ आउने आगन्तुक, अम्मली, लग्गू ।

hacienda (ह्यासिएन्'डा) ना. जमीन, खेती, कारखाना (स्पेनिश)।

hack (ह्याक्) ना. र क्रि. (भाडाको) घोडा, घोट्टिने (व्यक्ति), (भरौटे, भाडामा) लेख्ने; क्रि. काट्नु, झिमल्नु; a—ing cough ना. सुखा खोकी;—saw ना. (फलाम काट्ने) करौंती;—writer ना. हीन (भरौटे) लेखक ।

hackle (ह्या'कल्) ना. फलामे काँग्यो, कुखुरा इ० चराका घाँटीको लामू प्वाँख; with his—up रौं, भुत्ला ठाडो पारेर (लड्न तयार)।

hackney (ह्याक्'नी) ना. (साधारण चढ्ने) घोडा, घोट्टिने व्यक्ति;—carriage ना. भाडे वग्गी;—ed वि. सामान्य, जीर्ण, वहुप्रयुक्त, अति व्यवहृत, खैराते, सहलिया, उच्चाट लाग्ने ।

Hades (हे'डीज्) ना. पाताल, पाताल लोक ।

haecceity (हेक्सि'इटि) ना. एतदता, इदतता, व्यक्तित्व, आतमत्व, अस्तित्व ।

haematic (हीम्या'टिक्) रक्तव ।

haematuria (हीम्याट्यो'य्रिया) ना. रक्तप्रमेह ।

haemoptysis (हीमॅप्'टाइसिस्) ना. रक्तछर्दि ।

haemorrhage (हे'मरिज्) ना. रक्तस्राव ।

haft (हाफ्ट्) ना. र क्रि. वींड, मूठ, मुष्टि; क्रि. वींड हाल्नु ।

hag (ह्याग्) ना. वूढी, वोक्सी, स्त्रीप्रेत;—ridden वि. वोक्सी लागेको ।

haggard (ह्या'गर्ड्) वि. र ना. रूक्ष, उग्र दर्शन, सुकेको, दुब्लो पातलो, वाजको किसिम, (नपालेको) वाज ।

haggle (ह्या'ग्ल्) क्रि. र ना. वाझ्नु, झगडा गर्नु, मोलतोल गर्नु ।

ha ha (हा हा) वि. बो. हाँसोको नकल ।

ha-ha (हा'हा) ना. वगैंचा घेर्ने खाडल परेको हाता, वार ।

hail (हेल्) ना. र क्रि. असिना, पत्थर, ओला; शराप, प्रश्नको वर्षा;—storm आँधी र असिना; प्रश्न, गालीको वौछार ।

hail (हे'ल्) वि. बो. र क्रि. अभिनन्दन, स्वागत; क्रि. अभिनन्दन गर्नु, नमस्कार गर्नु, हकार्नु, वोलाउनु; within=—सुन्ने ठाउँमा ।

hair (हेयर्) ना. झाँक्रो, जगल्टो, जटा, अलख, जुल्फी, रौं, केश, कपाल, वाल;—band केशवन्धन;—s breadth ना. निकट;—-do ना. केशरचना, केशकर्म, कपालको तलाश, शेखरक;—-dresser ना. केश कोर्ने, काट्ने, केशकर्मी;—dye ना. कलप;—ed वि. केस्रा परेको;—splitting वि. अति सूक्ष्म, वखेडा, नाटीकुटी;—-spring ना. वाल-कमानी;—less वि. अकेश, अलोम, केशहीन;—y वि. लोमश, लोममय, भुत्ले ।

halation (हले'इन्) ना. (प्रकाशको) प्रसारण (खा.ग. तस्वीर खिच्ने ऐनामा)।

halberd (ह्याल्'वर्ड्) ना. संयुक्त वञ्चरो र भाला ।

halcyon (ह्याल्'सियन्) ना. र वि. कल्पित चरो जसले समुद्रमा गुँड लाउँछ; वि. शान्त, अक्षुब्ध, निरुद्वेग ।

hale (हेल्) वि. र क्रि. वलियो, पुष्ट, हट्टाकट्टा; क्रि. तान्नु, घिच्च्याउनु, लछार्नु;—and hearty सारसाउँदो, सरसौंदो ।

half (हाफ्) ना., वि. र क्रि. वि. आधा, अधिया, अधकल्चो, अद्धा, अधूरो, अर्ध, फ्याँक, वटैया, अधेरी, सौतेनी;—bred वि. दोगला, मठ्याहा;—hearted वि. आस्थारहित, अमनले, टोपलेर;—witted वि. लाटो;—caste ना. खस, खवासे;—done वि. दगल्चो, अधूरो, अधकल्चो ।

halitosis (ह्यालिटो'सिस्) ना. गन्धमय श्वास, गन्हाउने मुख, सास गन्हाउने ।

hall (हॉल्) ना. वैठक, मजेरी, दलान, मण्डप, प्रासाद;—

liberty **ना.** आफूखुशी ठाउँ;—·mark **ना.** बाँडाको चिन्ह ।

hallelujah,—luiah (ह्यालि'लुयोह, ह्यालि'लुइया) **ना.** भजन, ईश्वर स्तुतिको गीत ।

hallo, halloa (हलो') **वि. बो., ना.** र **क्रि.** आश्चर्य प्रकाश गर्ने बोली, सद्भावको अभिनन्दन, हलोको बोली, ओ ! ।

halloo (हलू') **वि. बो.** र **ना.** (कुकुरलाई) लहै !; **ना.** हलू ! (बोली) ।

hallow (ह्या'लो) **क्रि.** शुद्ध तुल्याउनु, पवित्र पार्नु, लखेट्नु (हल्ला सहित);—ed वि. पूज्य ।

hallucination (हलूसिने'शन्) **ना.** मतिविभ्रम, माया, मोह, इन्द्रजाल; hallucinate **क्रि.** मोह पार्नु, छकाउनु ।

halo (हे'लो) **ना.** (ब.व.–es) र **क्रि.** परिवेप, तेजमण्डल, प्रभामण्डल, दीप्तिमाला, द्युति ।

halt (हॉल्ट्) **ना., क्रि.** र **वि.** मुकाम, वास, विसौनी; **क्रि.** अड्नु, लरखराउनु, लङ्गडाउनु, (वस्तु) खर्काउनु; **ना.** लुला-लङ्गडा, लूलो, अपङ्ग, पंगु ।

halter (हॉल्'टर्) **ना.** पगहा, डोरी, दाम्लो (मानिसलाई झुण्ड्याउने) पासो ।

halve (हाभ्) **क्रि.** आधा पार्नु, आधा बाँड्नु ।

ham (ह्याम्) **ना.** पुट्ठा, सपेटो, (सुँगुरको धुवाँएको) सपेटो, अनाडी (नाटकीय) अभिनेता ।

hamadryad (ह्यामड्राइ'अ्याड्) **ना.** तरूदेवी, विपालु सर्प ।

hamlet (ह्याम्'लेट्) **ना.** गाउँ, झुप्रो, कटेरो, खोप्रा, पाग्री ।

hammam (हमाम्', ह'मम्) **ना.** स्नानागार ।

hammer (ह्या'मर्) **ना.** र **क्रि.** हतौडी, घन, मुङ्ग्रो, मुद्गल, (बन्दूकको) घोडा, मुद्गर, मारतोल ।

hammock (ह्या'मक्) **ना.** दोला, झोलुङ्गो, प्रेंख, डोला, हिन्डोला, डोली ।

hamper (ह्याम्'पर्) **ना.** र **क्रि.** पेटारी, टोकरी, डाली, डेली; **क्रि.** बाधा दिनु, अडकाउ गर्नु, रोक्नु, डल्ल्याउनु ।

hamstring (ह्याम्'स्ट्रिङ्) **ना.** र **क्रि.** (–inged वा–ung) मन्दिर शिरा; **क्रि.** सो काटिदिनु; (अलं०) खोरण्डो पारिदिनु, डँडाल्नु सेक्नु ।

hand (ह्याण्ड्) **ना.** र **क्रि.** हात, अधिकार, जिम्बा, हतौडी (उपाय), क्रिया, पाणिग्रहण; (अक्षर) टाँका; (ब.व) मजदूरहरू, सियो (घडीको), (ताश) हात; by—हस्तेवारी, मार्फत; at—नजीक; bear a—भाग लिनु;—in—हातेमालो, हात समातेर; —-bag हाते ब्याग;—-bell घण्टी;—·bill **ना.** पर्चा;— cuff हतकडी;—picked छानिएको;—-writing **ना.** हस्ताक्षर; set—टाँका (अक्षरको); **क्रि.** मदद गर्नु, सघाउनु, दिनु;—out प्रेसलाई दिइने समाचार;—over सुम्पनु, अर्पनु, अन्म न्याउनु, बुझाउनु, हिल्ला लाउनु;—ful (ब.व.–s) मुट्ठी, गजर, अंजुली;—less, **वि.** डुँडे;—maid,–maiden **ना.** कोठामोचे, चेरी;—-mill **ना.** जाँतो;—-note तमसुक ।

handicap (ह्यान्'डिक्याप्) **ना.** र **क्रि.** (–pp–) प्रतियोगितामा सबै खेलाडी वा घोडाहरूलाई समान अवसर दिलाउनाको लागि गरिएको उपाय, ज० कि, बढी वजन वा अरू शर्त पूरा गर्नुपर्ने; **क्रि.** सो गर्नु; **ना.** (अलं०) बाधा, अवरोध ।

handicraft (ह्यान्'डिक्राफ्ट्) **ना.** हस्तकला, हस्तशिल्प, हस्तकलामा प्रवीणता;—smen हस्तकलामा निपुण ।

handiwork (ह्यान्'डिवर्क) **ना.** हातले वा व्यक्तिको माध्यम-द्वारा गरिएको काम वा बनाइएको माल ।

handkerchief (ह्याङ्'कर्चिफ) **ना.** पाकेट रुमाल, रुमाल ।

handl/e (ह्यान्'ड्ल) **ना.** र **क्रि.** बीँड, मूठ, परियत; **क्रि.** अनौ चलाउनु, गिजोल्नु, हात हाल्नु, हातले छुनु, समात्नु;—ing चलन, चलाउनु ।

handsel (ह्यान्'सल्) **ना.** नयाँ वर्षको सौगात, बकस; **क्रि.** नयाँ काम थाल्दा भेट, वैना, पेस्की, पूर्वरूप ।

handsome (ह्यान्'सम्) **वि.** राम्रो, रूपवान्, कान्तिमत्, चारु, शोभन ।

handy (ह्यान्'डि) **वि.** नजीक, सजिलो, करदक्ष;—y man कामको मान्छे, सबै परिआउने काम गर्ने ।

hang (ह्याङ्) **क्रि.** (hung तल लेखिएको बाहेक) र **ना.** झुण्डिनु, टाँग्नु, लर्कनु, झोलिनु, झुण्डाउनु, (विभिन्न उ० सँग) हल्लिनु, अनिच्छुक हुनु;—heavy समय कट्न गाह्रो हुनु;—together प्रासंगिक हुनु, सहवास गर्नु; लर्कन, ढाँचा;—man पोडे, जल्लाद, वधिक;—dog **वि.** घोसे मुण्टो, लुत्रुक्क, लुरुक्क, अँध्यारमुखे; get the—of (बुझ्नु), मेसो;—it खाँचैसित्ति, जेसुकै होस्;—ing committee **ना.** प्रदर्शनीमा कुन तस्वीर राख्ने सो छुट्ट्याउने समिति; keep — ing झुलाउनु, झुण्ड्याउनु, हल्लाउनु ।

hangar (ह्याङ्ग'र्) **ना.** वायुयान राख्ने घर ।

hanger (ह्या'ङर्) **ना.** hanger on पिट्ठू ।

hank (ह्याङ्क्) **ना.** डोरीको मूठो ।

hanker (ह्याङ्कर्) **क्रि.** धीत लाग्नु, चाहनु , थक्क थक्क गर्नु, चुकचुकाउनु;—ing **ना.** धीत, तलतल, तिर्सना, ध्याउन्ना ।

hanky-panky (ह्या'ङ्कि प्या'ङ्कि) **ना.** गोलमाल, वेकाइदा, छल ।

hansom (cab) (ह्यान्'सम्) **ना.** दुई पांग्रे वग्गी ।

hap (ह्याप्) **ना.** र **क्रि.** (–pp–) भाग्य, मौका, दैवयोग; हुनु;—less **वि.** भाग्यहीन, अभागी;—ly **क्रि. वि.** भाग्यले, शायद ।

haphazard (ह्याप्ह्या'जर्ड) **ना., वि.** र **क्रि. वि.** जथाभावी, अल्लारे, लट्याङपट्याङ, लटरपटर, झारानिरुवा, दैवाधीन ।

happen (ह्या'पन्) **क्रि.** संयोग हुनु, हुनु, घट्नु, आइपर्नु, परिआउनु, आइलाग्नु, चरितार्थ हुनु;—ing **ना.** घटना, संजोग।

happy (ह्या'पि) **वि.** सुखी, दङ्गदास, हुइपा, भाग्यमानी, आनन्दी, हृष्ट, प्रमुदित, योग्य, राम्रो;—go-lucky **वि.** मनमोजी, अल्लारे ।

hara-kiri (हारा-कि'रि) **ना.** (आन्द्राभुँडी आफैले काटेर झिकी जापानी किसिमको आत्महत्या ।

harangue (हऱ्याङ्') **ना.** र **क्रि.** (सभामा) भाषण,

चर्को वा जोरदार वक्तृता (गर्नु); **क्रि.** झाड्नु ।

harass (ह्या'रस्) **क्रि.** हैरान गर्नु, सताउनु, पिरोल्नु, पिण्ड नछोड्नु, दिक्क गराउनु, कछेट्नु, पछेटा लाग्नु, दपेटा दिनु;—ment **ना.** हण्डर, फजिती, पिण्ड, पिण्डोग, रिंगावाटा, हैरानी, झर्को, झयाउलो, कायल, दोहोलो, हालावाला ।

harbinger (हा'बिन्जर्) **ना.** र **क्रि.** भत्करु, अगुवा, पेशगी; **क्रि.** आगमनको सूचना गर्नु ।

harbour (हार्'वर्) **ना.** र **क्रि.** बन्दरगाह, नौकाश्रय, आश्रय; **क्रि.** शरण दिनु, आश्रय दिनु ।

hard (हाड्ˎ) **वि.**, **ना.** र **क्रि. वि.** कड़ा, कठिन, कठोर, दृढ़, घन, सख्त, स्थिर; **ना.** भरमग्दूर, धौ धौ;—and fast कड़ा;—bitten **वि.** चाम्रो;—currency स्थिर मुद्रा;—liner उग्रवादी;—lat (अप०) राजनैतिक प्रतिक्रियावादी;—headed **वि.** व्यावहारिक, भावुक होइन;—up **वि.** बेपैसाको; **ना.** तङ्गी;—water फिँज नउठ्ने ।

harden (हार्'ड्न्) **क्रि.** साह्रो पार्नु, दह्रो पार्नु, कड़ा बनाउनु, कठोरीकरण, छिपिनु; (पानी) फिँज नउठ्ने बनाउनु; निर्मम बनाउनु, हुनु;—ed बरालिएको, थेत्तरिएको ।

hardihood (हार्'डिहुड्) **ना.** शौर्य, धृष्टता ।

hardship (हार्ड'शिप्) **ना.** भुटो, वुहार्तन, कहर, संधिसर्पन, फजिती ।

hardy (हार्'डि) **वि.** वहादुर, वलियो, अड्ने, कठिनकाय, दृढशरीर, वज्रदेह ।

hare (हेय्र्) **ना.** खरायो, शशक;—brained **वि.** जोशिलो, अदम्य, दुर्दान्त;—lip **ना.** चिरिएको ओठ ।

harem (ह्या'रम्) **ना.** अन्तःपुर, स्त्रीगृह, शुद्धान्त, जनानाखाना ।

hark (हाक्ˎ) **क्रि.** सुन्नु, (प्रसङ्गतिर) फर्कनु ।

harlequin (हार्'लेक्विन्) **ना.** वहुरूपिया ।

harlot (हार्'लट्) **ना.** र **क्रि.** वेश्या, रण्डी ।

harm (हाअर्म्) **ना.** र **क्रि.** हानि, नुकसान, चोट, विगार, अपकार, अवनति, घरङ्घाट, अफाप, खड्गो, कुभलो; **क्रि.** नास्नु, बिगार्नु, नुकसान गर्नु, अपकार गर्नु; खुल्क्याउनु, नाप्नु, लछार्नु;—less **वि.** अहानिकर, गोप्राणी, निमुखा;—ful **वि.** हानिकारक, अनिष्टकर, कुभलो, अफाप ।

harmonic (हाअर्म'निक्) **वि.** अति सम्वादी, लयालो ।

harmonica (हाअर्'मनिका) **ना.** (संगीतको) साज, मुखे अर्गन ।

harmonious (हाअर्मो' निअस्) **वि.** अनुरूप, मिल्दो, सुरिलो, सम्मत, एकलय, एकताल, समस्वर, सदृश, अनुगुण, अनुरूप ।

harmonium (हाअर्मो'नियम्) **ना.** हार्मोनियम बाजा ।

harmon/y (हाअर्म'नि) **ना.** सुस्वरता, सम्मति, अनुरूपता, सुर, मेलमिलाप, ठ्याक, सलतनत;—ize **क्रि.** मिलाउनु, सुरहाल्नु;—ist **ना.** संगीतज्ञ, रचनाकार ।

harness (हा'र्नेस्) **ना.** र **क्रि.** साज, काठी, दैनिक कामकाज, आभरण; **क्रि.** कस्नु, काममा ल्याउनु ।

harp (हाअर्प्) **ना.** र **क्रि.** वीणा, वीन, सारंगी; **क्रि.** (वाजा) वजाउनु, (उही कुरा उच्चाट लाग्ने गरी) दोहोर्‍याउनु ।

harpsichord (हाअर्प्'सिकॅर्ड्) **ना.** पर्दादार वाद्ययंत्र, जसको तार प्वाँख वा छालाको औंलापोशले हानेर संगीत झिकिन्छ ।

harpoon (हाअर्पून्') **ना.** र **क्रि.** तिमीवेधनी, माछाभाला; **क्रि.** (त्यसले) हान्नु ।

harpy (हा'अर्पि) **ना.** कल्पित जीव, स्त्रीको मुख र जीउ तथा चराको पखेटा र नङ्ग्रा भएको अपहरणशील स्त्रीजाति; अपहरणशील व्यक्ति, अतिलुब्ध व्यक्ति, अतिलुब्ध पुरुष ।

harridan (ह्या'रिडन्) **ना.** सुकेकी बूढ़ी, कर्कशा स्त्री, बोक्सी ।

harrow (ह्या'रो) **ना.** र **क्रि.** डल्ला फोर्ने फलामे उपकरण, हेंगा, डल्लेठो, लिंडुको; under the—(वाक्य) आपतमा ।

harry (ह्या'रि) **क्रि.** विध्वंस पार्नु, नाश पार्नु, विगार्नु, लुट्नु, पिर्नु, हैरान पार्नु, पछेटा लाग्नु, धुंचक्कर गर्नु, दरफन्याउनु, घाउ पार्नु, (अलं०) भावनामा धक्का दिनु ।

harsh (हार्श्) **वि.** कड़ा, कठोर, कर्कश, खस्रो, निठुर, मर्म नबुझ्ने, अविजाला, चर्को, धोक्रो, सख्त;—ness **ना.** कडिकडाउ, कड़ाइ;—in speech मुखजोड़;—ly एँचेर ।

hart (हार्ट्) **ना.** मृग, हरिण ।

harum-scarum (हे'य्रम्-स्के'य्रम्) **ना.** उपद्र्याहा, प्रमत्त (व्यक्ति)।

harvest (हा'र्भेस्ट) **ना.** र **क्रि.** फसल, वाली, वालीनाली; **क्रि.** वाली भित्र्याउनु;—er **ना.** कटनिहार ।

has-been (ह्याज्'वीन्) **ना.** भूतपूर्व, व्यक्ति, चीज जसले कुनै विशिष्ट गुण गुमाएको छ ।

hash (ह्याश्) **ना.** मिसमास, सानू चौटा पारेको मासु, पुरानु कुरालाई नयाँ रूपमा पेश गरेको, छ्यासमिस ।

hasp (हास्प्) **ना.** अन्तराप ।

hast/e (हेस्ट्) **ना.** र **क्रि.** हतार, चित्तो, जल्दवाजी, हड़बड़, चटारो, आतुरी, शीघ्रता;—en (हेस्न्) **क्रि.** ताकिता लाउनु, चाँडो गर्नु, हतारिनु, हुरिंनु, हुर्दुराउनु;—y **वि.** हतारे, व्यग्र, अधीर, हतपते, विना विचारे, झोक्की;—ily **क्रि. वि.** हत्तरपत्त ।

hat (ह्याट्) **ना.** टोप, टोपी;—trick एकै खेलाड़ीले लगालग तीन पटक गोल गर्नु, विकेट लिनु, जित्नु इ०; bad—**ना.** अनैतिक वा बेईमान व्यक्ति ।

hatch (ह्याच्) **ना.** र **क्रि.** (काटेको ढोकाको खापाको) तल्लो भाग;—way (जहाजमा) डेकको तल जाने ढोका; **क्रि.** कोरल्नु, बच्चा काढ्नु, अण्डावाट निस्कनु, (षड़यन्त्र) रच्नु, ओथारो वस्नु।

hatchet (ह्या'चेट्) **ना.** बञ्चरो; bury the—शत्रुता वन्द गर्नु, दुश्मनी अन्त गर्नु ।

hate (हेट्) **ना.** र **क्रि.** घृणा, घीन, द्रोह, विद्वेष;—ful **वि.** जघन्य, निर्घिनी, फोहोरी, गर्ह्य, वाक्कलाग्दो, कुत्सित, गर्हित ।

hatred (हे'ट्रेड्) **ना.** द्वेप, दुश्मनी, शत्रुता, लाञ्छना ।

haught/y (हॉ'टि) **वि.** घमण्डी, टिमुरिएको, मत्त, मात्तिएको, ठसमस, मानी, दर्प;—iness **ना.** दम्भ, तुजुक, तमक ।

haul (हॉल्) **क्रि.** र **ना.** तान्नु, विच्च्याउनु, विसार्नु, ढोनु, खिच्नु; **ना.** आकर्प, तनाइ;—age **ना.** ढुवानी; make a—बरामद गर्नु, पत्ता लाउनु ।

haunch (हॉञ्च्, हान्च्) **ना.** ह्याकुल्लो ।

haunt (हॉण्ट्) **क्रि.** र **ना.** (वराबर) आइरहनु, भेट गरिरहनु, पछेटा लाग्नु, खहेरनु; **ना.** आश्रय, अखाड़ा, अड्डा।

hautboy (हो'वॅय्) **ना.** सहनाई वाजा ।

haute ecole (ओट्'एकोल्) **ना.** घोड़ावाजी, राग जमाउनु, घोड़ा चढ़ाइमा गाह्रो किसिमको कमाल कार्य ।

hauteur (ओटेय़र्') **ना.** दम्भपूर्ण आचरण, घमण्डी चाला ।

have (ह्याभ् वा ह'भ्) **क्रि.** र **ना.** हुनु, राख्नु, (व. व.) धनी ।

haven (हे'भन्) **ना.** शरण, आश्रय, वन्दरगाह ।

haversack (ह्या'भर्स्याक्) **ना.** (सैनिक) कुम्लो ।

havoc (ह्या'भक्) **ना.** र **क्रि.** विनाश, विध्वंस, संहार, उत्पात; **क्रि.** सखाप पार्नु, ध्वस्त पार्नु ।

haw-haw (हॉ'-हॉ) **वि.** चर्को हाँसो, हा हा !

hawk (हॉक्) **ना.** र **क्रि.** वाज, जुर्रा, साहीं, जमलकाठो, लूटेरा, अपहारी, कलहप्रिय; **क्रि.** वाजले शिकार खेल्नु ।

hawker (हॉ'कर्) **ना.** फेरिवाला, डुलुवा ।

hay (हे) **ना.** सुकेको घाँस, पराल ।

hazard (ह्या'जर्ड) **ना.** र **क्रि.** दाउ, खतरा; **क्रि.** थाप्नु, दाउ थाप्नु, जूवा खेल्नु;—ous **वि.** खतरापूर्ण ।

haze (हेज़्) **ना.** तुवाँलो, कुइरो, धून, धूमिका, कुहेडिका, तिरिमिरि, धूलीपटल ।

hazel (हे'ज़्ल्) **ना.** र **वि.** रूख वा विरुवाको किसिम; **वि.** रातो खैरो वा हरियो खैरो (खा.ग.) आँखा ।

hazy (हे'ज़ि) **वि.** अस्पष्ट, धुवाँलो, धमिलो ।

H-bomb (एच्'-बॅम्) **ना.** उद्जन वम, हाइड्रोजेन वम ।

he (ही) स. **ना.** उ, उनी, यि, यिनी, त्यो, तिनी, उहाँ, तहाँ, मौसूफ, त्यै त्यही, सोही, निजै ।

head (हेड्) **ना.** र **क्रि.** टाउको, शिर, माथ, कपाल, मुण्टो, थाप्लो, सिरान, मुहान, उत्सेध, बुद्धि, नाइके, शीर्पस्थ, शीर्पक, मुख्य, हाकिम, प्रमुख; (अप०) नशाखोर;—less **ना.** मुरकट्टा;—of expenditure आवर्ज्ये;—of state राष्ट्राध्यक्ष;—of department तैनाथवाला, तालुकवाला;—quarters मुकाम, सदर मुकाम, प्रधान कार्यालय;—on collision जुध्नु, टाउकोले हान्नु; **क्रि.** प्रथम हुनु, जित्नु ।

headache (हेड्'एक्) **ना.** कपाल दुख्नु, शिरदर्द ।

head-dress (हेड्'ड्रेस्) **ना.** टोपी, शिरपोश ।

heading (हे'डिङ्) **ना.** शीर्पक, शिर, डिको, शिरवेहोरा, महल ।

headlong (हेड्'लॅङ्) **क्रि. वि.** र **वि.** टाउकोले, हतारसँग, हुर्रिएर ।

headman (हेड्'म्यान्) **ना.** थरी, मुखिया, जिम्मावाल, जिमिदार, अमाली, प्रधान पंच, पट्टवारी ।

headmaster,—mistress (हेड्'मास्टर,-–मिस्'ट्रेस्) **ना.** प्रधानाध्यापक, प्रधानाध्यापिका ।

headmost हेड्'मोस्ट्) **वि.** सर्वाग्र, अगाडि ।

headsman (हेड्स्'म्यान्) **ना.** घातक, वधाधिकृत, जल्लाद, वधक ।

headstrong (हेड्'स्ट्रॅङ्) **वि.** हठी, जबर्जस्त, जर्कटो, जफती ।

headway (हेड्'वे) **ना.** प्रगति ।

heady (हे'डि) **वि.** उत्ताउलो, टाउके, लाग्ने, उजड्ड, उद्दण्ड, उजण्ड, तीव्र ।

heal (हील्) **क्रि.** निको हुनु, पार्नु, रोग मुक्त गराउनु;—ing चिकित्सा, प्रतिकार, रोगहर, रोहण ।

health (हेल्थ्) **ना.** स्वास्थ्य, सन्चो, आरोग्य, तन्दुरुस्ती, लाघव, कुशल; (सम्मानको लागि) पिउनु;—y वहाल, निरोगी, तगडा, तन्दुरुस्त;—ful **वि.** स्वस्थ, व्याधिरहित, स्वास्थ्यकर; ill— **ना.** विसंचो ।

heap (हीप्) **ना.** र **क्रि.** खात, ठेली, पसारो, तंगी, थासो, थुप्रो, उरुङ्ग, ढेर, डंगुर, टाल, ढेडी, रास; **क्रि.** थोप्नु, थुप्र्याउनु, चुलिनु, थुपार्नु, रस्याउनु, थुप्रो लाउनु;—ed **वि.** रुसी ।

hear (हियर्) **क्रि.** सुन्नु, ध्यान दिनु, सुनवाइ गर्नु, भेट दिनु;—ing **ना.** पुर्पक्ष, तारीख, सुनवाइ, श्रवण ।

hearken (हार्'कन्) **क्रि.** सुन्नु, ध्यानसाथ सुन्नु ।

hearsay (हियर्'से) **ना.** सुनेको कुरा, हल्ला, जनश्रुति, सुनिजानेको, द्वारान्तरवाट सुनेको ।

hearse (हेयर्स्) **ना.** (लाश लैजाने) वाहन, खट)

heart (हाअर्ट्) **ना.** मुट्ठ, आँत, अन्तरंग, हृदय, छाती, मन, आत्मा, घट, ढाढस, हौसला, पानवुट्टे; भावनाको स्थान; sweet—, dear—**ना.** प्रेमी; by—**वि.** कण्ठस्थ;—ache **ना.** मानसिक कष्ट;—break भक्कानु फुट्नु, मर्मभेद;—beat **ना.** ढुकढुकी, धुकधुकी;—land **ना.** हृदयभूमि, मुट्ठ भाग;—less**वि.** बेदर्दी, निर्मम;—y **वि.** सहृदय, निर्मल, दिलेर;—ily **क्रि. वि.** दिलोज्यानले;—rending **वि.** मर्मभेदी, हृदय-विदारक; have one's—in one's mouth, मन भरंग हुनु ।

hearten (हाअर्'टन) **क्रि.** उत्साहित गर्नु, खुशी पार्नु ।

hearth (हाअर्थ्) **ना.** अघेना, अगेना, अंतिका, चूल्हो ।

heat (हीट्) **ना.** र **क्रि.** ताप, राप, आँच, राँको, दाह, जलन, उष्णता, गर्मी, तप्तावस्था, पिरो, क्रोध; latent—आन्तरिक ताप; prickly—घमौरा; specific—विशिष्ट ताप; **क्रि.** तताउनु, तातो पार्नु, गुम्सनु, कन्सिरी तात्नु, च्याँट्ठिनु;—er **ना.** तापक;—rash **ना.** घमौरा ।

heath (हीथ्) **ना.** वनभूमि, मैदान, ऐलानी जग्गा, चौर ।

heathen (ही'द्न्) **ना.** विधर्मी, पाखे, अवुद्धिपूर्ण व्यक्ति ।

heather (हे'दर्) **ना.** बूटा ।

heave (हीभ्) **क्रि.** र **ना.** (बोझा) उचाल्नु, कन्नु, निःश्वास फेर्नु, डोरीले उठाउनु, उर्लनु, हान्नु (छाती) ।

heaven (हे'भन्) **ना.** स्वर्ग, अकास, (खा.ग. व.व.) मा, वैकुण्ठ, पराकाष्ठा, परमेश्वर ।

heavy (हे'भि) **वि.** गहुङ्गो, गहुँ, भारी, गठिलो, गहकिलो, बोझिलो, उलार, कुस्त, स्थूल, गाढा, बाक्लो, घमासान, भद्दा, विषादपूर्ण;—hearted **वि.** दुःखी;—water स्थूल पानी;—weather **ना.** बखेडा, निहुँ;—weight (मुक्का०) गुरुभार;—equippment **ना.** लाद;—load सांग्रे भारी ।

Hebr/ew (ही'ब्रू) **ना.** र **वि.** यहूदी, यहूदीको;—aic **वि.**;—aism **ना.** यहूदीपना, यहूदीत्व;—aist **ना.** हिब्रू वेत्ता ।

hecatomb (हे'कटम्,—टूम्) **ना.** सार्वजनिक यज्ञ ।

heck (हेक्) **वि. बो.** HELL (नरक) को साटो प्रयोग गरिने थेको, उदा० What the—!

hectare (हेक्'टेयर्) **ना.** (नापी) १०० एयरको क्षेत्र ।

hectic (हेक्'टिक्) **वि.**—fever क्षयको जरो, तातो छाला र रातो रातो गालासहित; उत्तेजित, दुर्दान्त, कामी ।

hector (हेक्'टर्) **ना.** र **क्रि.** पिंडीशूर, शेखीबाज, हुल्याहा; **क्रि.** डाँट्नु, कड्किनु, दबाएर बोल्नु ।

hedge (हेज्) **ना.** झ्याम्टो, बार, टाटी, झ्याङ, झाडी, घेरा, घारी; **क्रि.** घारी लाउनु, नहार्ने गरी थाप्नु, दायित्व स्वीकार गर्नु, दायित्व नसकार्ने गरी बीचमा बस्नु, बोल्नु, झुत्ति खेल्नु ।

hedge hog (हेज्' हॅग्) **ना.** शल्य ।

hedoni/sm (हे'डनिज्म्) **ना.** आनन्दको सिद्धान्त, सुखवाद;—c **वि.** सुखपर, सुखको ।

heed (हीड्) **क्रि.** र **ना.** वास्ता गर्नु, ध्यान दिनु, सुन्नु; **ना.** ध्यान, याद, वास्ता, मनोयोग, सावधानी;—less **वि.** असावधान, हुस्सू, निस्फिक्री ।

hee-haw (ही'-हॉ) **ना.** गधाको बोली, चर्को हाँसो ।

heel (हील्) **ना.** र **क्रि.** कुर्कुच्चा, हीन व्यक्ति;—tap **ना.** गिलासमा रहेको आखिरी घुटको; **क्रि.** कुर्कुच्चाले भुँ छुनु, जुत्तामा कुर्कुच्चा हाल्नु, (जहाज) ढल्कनु; cool one's—डुल्लिनु, कुर्चा खानु, कुर्नु; down at— गए गुज्रेको; head over—s उभिण्डो, उभिण्डिनु; show a clean pair of—s सुइँकुच्चा ठोक्नु, कुलेलम ठोक्नु; take to—s सुइँकुच्चा ठोक्नु ।

hefty (हेफ्'टि) **वि.** भुसतिघ्रे, बलिष्ठ, बलियो, पुष्ट ।

hegemon/y (हेगे'-, हेजे'मनि) **ना.** नेतृत्व, खा.ग. संघमा कुनै एक राष्ट्रको, श्रेष्ठता, नायकत्व, चकचकी, आधिपत्य;—ic **वि.** श्रेष्ठ, सर्वोच्च, शासक ।

heifer (हे'फर्) **ना.** बाछी, नब्याएकी गाई ।

heigh (हे) **वि. बो.** ऐय्या ! अँ ? के रे ? अहो !

height (हाइट्) उचाइ, अग्लोपन, शिर, टुप्पो; at its—सबभन्दा अग्लो स्थितिमा, चुलिएको;—en **क्रि.** अग्ल्याउनु ।

heinous (हे'नस्) **वि.** घोर, दारुण, अक्षम्य, घृणित ।

heir (एयर्) **ना.** हकदार, हकवाला, दैयादार, अंशियार, रिक्थभागी, रिक्थहारी, उत्तराधिकारी;—loom **ना.** पुस्तैनी सम्पत्ति; without—बेवारिसी, अपुताली;—apparent उत्तराधिकारी युवराज, युवराजाधिराज;—presumptive अनुमानित उत्तराधिकारी जसको रिक्थ हक अरू नजीकको रिस्तेदारको जन्मभएमा मात्र अन्त हुन्छ ।

helical (हे'लिकल्) **वि.** घुमाउरो, चक्राकार ।

Helicon (हेलि'कन्) **ना.** (ग्रीस) बियोशिआको पर्वत, साहित्य देवीहरूको निवास; (अलं०) साहित्यिक अवभासको केन्द्र, स्थान, स्रोत ।

helicopter (हे'लिकॉप्टर्) **ना.** हेलिकप्टर, सोझो उठ्ने ओर्लने वायुयान ।

helio (हे'लियो) **उ.**-सूर्य;—graph **ना.** सूर्य-संकेत, प्रकाश संकेत ।

heliosis (हेलिओ'सिस्) **ना.** लू लाग्नु, सूर्यको तापले हान्नु ।

helium (ही'लिअम्) **ना.** हिलियम (वायु) तत्त्व ।

helix (हे'लिक्स्) **ना.** (ब. व.–ices) सपिल, उदा० शीशीको बिर्को झिक्ने कर्क स्क्रू या घड़ीको कमानी ।

hell (हेल्) **ना.** नरक, नरककुण्ड, रौरव नरक, पाताल, यमलोक, रसातल, अधोलोक; धेरै;—of a noise;—cat रिसाही बूढी;—for leather वेगसँग;—hound शैतान;—ish **वि.** नारकीय; what the—के वास्ता, के खाँचो ।

hellebore (हे'लिबोर) **ना.** पागलपनमा प्रयोग हुने धेरै किसिमका बिरुवाको साझा नाम ।

helm (हेल्म्) **ना.** पतवार, कर्ण, शिरस्त्राण ।

helmet (हेल्'मिट्) **ना.** शिरस्त्राण ।

helminth (हेल्'मिन्थ्) **ना.** जूका, खा. ग. पेटको ।

helot (हे'लट्) **ना.** प्राचीन युगको कमाराको किसिम, करिया, कमारो ।

help (हेल्प्) **क्रि.**, **ना.** र **वि. बो.** (भू. का.—ed) मद्दत गर्नु, सहायता गर्नु, सघाउनु, पस्कनु, रोक्नु, सघाइ लाग्नु; **ना.** मदद, सहायता सघाउ, उपकार; नोकर; उपाय, शरण, गति; **वि. बो.** लौन ! गुहार ! लौन नि ! —ful **वि.** कामलाग्ने, उपयोगी;—ing थप;—less **वि.** असहाय, अनाथ, निःसहाय, वफरा;—mate **ना.** साथी, सँगी ।

helter-skelter (हेल्'टर्-स्केल्'टर्) **क्रि. वि.**, **वि.** र **ना.**—हड़बड़मा, गड़बड़ीमा, यत्रतत्र ।

Helvetian (हेल्भि'शन्) **वि.** स्विट्शर्ल्याण्डको; Helvetia **ना.** स्विट्शर्ल्याण्ड ।

hem (हेम्) **ना.** र **क्रि.** सपको, ओंटा, मौजी, छेउ, काछ, किनारा, सञाप, अञ्चल, आँचल; **क्रि.** औंटार्नु, घेर्नु, थुन्नु ।

hemi—(हेमि-) **उ.**-अर्ध;—crania **ना.** सूर्यकपाली, अर्धकपाली;—plegia **ना.** पक्षपात, लकवा ।

hemisphere (हे'मिस्फीयर्) **ना.** गोलार्ध ।

hemistich (हे'मिस्टिक्) **ना.** आधा श्लोक ।

hemlock (हेम्'लॅक्) **ना.** विषालु वनस्पतिको किसिम ।

hemp (हेम्प्) **ना.** पाट, पटुवा, भाँग;—en **वि.** पाटको ।

hem-stitch (हेम्'-स्टिच्) **ना.** राम्रो बूट्टादार सिलाइ ।

hen (हेन्') **ना.** कुखुरी;—hearted **वि.** डरपोक, डरछेरुवा;—party महिला मात्रको जमात;—pecked **वि.** जोइटिङ्रे, स्त्रीलम्पट, स्त्रीवश, दयिताधीन, स्वास्नीको तावामा रहने; hennery **ना.** कुखुराको खोर;—coop **ना.** खोर ।

hence (हेन्स्) **क्रि. वि.** सुतरां, अतः, तसर्थ, एतदर्थ, यसर्थ, त्यसबाट;—forth,—forward अबदेखि, आइन्दा, अब उपरान्त ।

henchman (हेञ्च'म्यान्) **ना.** पिट्टू ।

hendeca (हेन्'डेका) **उ.**–एघार, एघारौं ।

hendiadys (हेण्डा'यडिस्) **ना.** जटिल विचारलाई ले जोड़िएको दुई नामबाट प्रकट गर्ने अलङ्कार ।

henna (हे'ना) **ना.** मेहदी, माउर, त्यूरी ।

hep (हेप्) **वि.** थाहा भएको, बुझेको, जान्ने, (खा. ग. लुकाएका कुराहरू) ।

hepatic (हेप्या'टिक्) **वि.** यकृतसम्बन्धी, कलेजोको, जिगरको ।

hepta—(हेप्'टा—) **उ.**—सप्त—;—d **ना.** सप्त, सातको समूह ।

her (हर्) **स. ना.** उनको, उनलाई ।

herald (हे'रल्ड्) **ना.** र **क्रि.** दूत, घोषक, अग्रदूत, सन्देशवाहक; **क्रि.** आगमन घोषणा गर्नु, ल्याउनु;—ry **ना.** वंशावली, वंशावली ज्ञान, वंश्य विद्या;—ic **वि.** वंश्य ।

herb (हर्ब्) **ना.** जड़ीवूटी, जड़ी, हरियो मसला, विरुवा;—aceous सालभरि फुल्ने बिरुवाको;—age **ना.** जड़ीबूटी;—al **ना.** जड़ीवूटीको पुस्तक;—alist जड़ीबूटी जान्ने, जड़ीवूटी विक्रेता;—arium **ना.** जड़ीबूटीको संग्रहशाला ।

Hercule/s (हर्'क्यूलीज़्) **ना.** वीर, भीमसेन;—an **वि.** कठिन, कठोर, वलिष्ठ, भूभारत पर्ने ।

herd (हअर्ड्) **ना.** र **क्रि.** बथान, झुण्ड, गोठ, बगाल, भारेभुरे, डफ्फा, समूह; the—instinct यूथचारी सहजज्ञान;—book कुल, वंश-वही;—sman गोठालो ।

here (हियर्) **क्रि. वि.** र **ना.** यहाँ, यस संसार, जीवनमा; **ना.** यो ठाउँ;—abouts यतैतिर;—after भविष्यमा;—at यसपछि;—by यसले;—under तल;—upon यसपछि;—with यसैसाथ;—and there जहाँतहाँ, यत्रतत्र ।

hereafter (हियर्आफ्'टर) **ना.** परत्र, भविष्यमा ।

heredita/ry (हेरे'डिटरि) **वि.** कुलक्रमागत, परम्परागत, वंशभोज्य;—ment **ना.** दाय, रिक्थाधिकार ।

heredity (हेरे'डिटि) **ना.** वंशपरम्पराप्राप्त गुण, कुलगुण, पैतृकता ।

here/sy (हे'रेसि) **ना.** नास्तिकता, विधर्म, पाखण्डमार्ग;—tic **ना.** परधर्मावलम्बी, स्वधर्मभ्रष्ट;—tical **वि.** धर्मविरुद्ध ।

heritage (हे'रिटेज्) **ना.** दाय, रिक्थ, पैतृक द्रव्याधिकार, बपौती ।

heritor (हे'रिटर) **ना.** उत्तराधिकारी, अंशियार, हकदार ।

hermaphrodite (हेयर्म्या'फ्रोडाइट्) **ना.** स्त्री पुरुष लक्षणान्वित, स्त्री पुरुष दुवै हुने, हिजड़ा, क्लीव ।

hermetic (हेयर्मे'टिक) **वि.** रासायनिक, रसायनज;—seal **ना.** द्रवणमुद्रा;—ally sealed द्रवणमुद्रित ।

hermit (ह'र्मिट्) **ना.** यति, भिक्षुक, गोसाइँ, तपस्वी, जोगी, साधु;—age **ना.** आश्रम, अखाड़ा. कुटी ।

hernia (ह'र्निया) **ना.** अंत्रभ्रंस, अंत्रवृद्धि ।

hero (हेयर्'ओ) **ना.** (ब. व.—es) वीर, योद्धा, शूर, नायक, अभिनेता;—worshipper वीरपूजक;—ic **वि.** विक्रान्त;—ism **ना.** शूरता, वीरता, बहादुरी ।

heroin (हे—,हिरोइन्) **ना.** लागू द्रव्य, मर्फियाबाट बन्ने लागू द्रव्य ।

heroine (हे'अ्रोइन्) **ना.** नायिका, वीराङ्गना, अभिनेत्री ।

heron (हे'रन्) **ना.** बकुल्लो, सारस ।

herpes (हेयर्'पीज़्) **ना.** लूतो, दाद ।

Herr (हेयर्) **ना.** (ब. व. Herren) (जर्मनीमा) श्री, पुरुषको आदरार्थी सम्बोधन ।

herring (हे'रिङ्) **ना.** माछाको प्रकार; draw a red—ध्यान हटाउन अरू कुरा छेड़्नु, अलमल्याउनु; red—कुरा बंग्याउने वा टार्ने साधन ।

Hertzian (हेयर्ट्'सियन्) **वि.**—waves **ना.** हेयर्टसियन् लहर (विद्युत्को) ।

hesita/te (हे'जिटेट्) **क्रि.** हच्किनु, अकमकाउनु, काँधिनु, गह्रुकाउनु, अनकनाउनु, छुनुमुनु गर्नु, दोल्नु;—nt **वि.** धुकचुक गर्ने;—tion **ना.** हिचकिचाहट, धुकचुक, वितर्क, संशय ।

hessian (हे'शन्) **ना.** सन या पाट ।

hest (हेस्ट्) **ना.** आज्ञा, उर्दी, हुकूम ।

het (हेट) (भू. का.) तातेको;—up **वि.** उत्तेजित ।

hetaerism (हेटे'यर्इज्म्) hetairism **ना.** बहुपतिका, बहुभर्तृका ।

hetero—(हे'टेयर्ओ-) **उ.** अन्य—, अपर—;—dox **वि.** भिन्न धर्मी, विधर्मी ।

heterogene/ous (हेटरोजी'नस्) **वि.** बेमेलको, भिन्न, विजातीय, भिन्न जातीय, विषमांशी, विषमांगी;—ity **ना.** विषमावयवता, विषमांशिता ।

heterogenesis (हेटरोजे'निसिस्) **ना.** भिन्न जातीय बाबुआमाबाट जन्म, खा. ग. जड़बाट स्वतः प्रजनन ।

heuristic (ह्युरिस्'टिक्) **वि.** अन्वेषक;—method **ना.** शिक्षण पद्धति जसमा छात्रले आफै खोज तलाश गरी पत्ता लगाउँछ ।

hew (ह्यु) **क्रि.** (भू. का.–n वा–ed) काट्नु, छेद्नु, छिमल्नु;—er काट्ने; hewers of wood **ना.** जोत्तिने (नोकर) ।

hexa (हेक्सा) **उ.** षष्ट;—meter **ना.** षट्पदी श्लोक, चरण ।

hey (हे) **वि. बो.** हर्ष आश्चर्य या प्रश्न जनाउने बोली; हे, हैँ, अहा !

hey-day (हे' डे) **ना.** पूर्णता, (उ० यौवन, वीर्य, समृद्धि इ०

को), खाँडो जागेको अवस्था, चुरिफुरी ।

hi (हाई) **वि. बो.**—हे, हेर ।

hiatus (हाइए'टस्) **ना.** (ब. व.—es) टूट, भङ्ग; अन्तर, विच्छेद ।

hibernat/e (हाइ'बर्नेट्) **क्रि.** (जाड़ो) सुतेर बिताउनु, सुप्तावस्थामा रहनु;—ion **ना.** सुपुप्तावस्था ।

Hibernian (हाइब'र्नियन्) **वि.** आयर्ल्याण्डनिवासी, आइरिश ।

hibiscus (हाइबिस्'कस्, हि—) **ना.** जावापुष्प ।

hiccup (हि'कप्) **ना.** र **क्रि.** हिक्क, बाडुली, बाडुल्की, किक-किक; **क्रि.** हिक्नु ।

hic jacet (हिक् जे'सेट्) **ना.** चिहानमा लेख्ने वाक्य ।

hidalgo (हिड्या'ल्गो) **ना.** (ब. व.–s) स्पेनको भलाद्मी वा सामन्ती ।

hid/e (हाइड्) **ना.** र **क्रि.** (hid, hidden) छाला, चर्सा, चमड़ा; **क्रि.** दबाउनु, लुकाउनु, छिप्नु, लुक्नु, छेक्नु, दब्नु;—and seek **ना.** तेल, तेलकासा, लुकामारी;—den **वि.** छेकिएको;—bound **वि.** संकीर्ण विचारको; hiding **ना.** दपोट; कोर्रा, बेत (ठोकेको) ।

hideous (हि'डियस्) **वि.** भयावह, घीनलाग्दो, विरूपक ।

hie (हाइ) **क्रि.** चाँडै जानु, आउनु, बाटो तताउनु ।

hiero—(हाय्रो—) **उ.** पवित्र, शुद्ध;—glyph **ना.** चित्रलिपि; गुप्त संकेत;—glyphic लाक्षणिक ।

hi–fi (हाइ-फाइ') **(ना.)** high fidelity को छो. क., उत्तम विश्वास्यत्व खा. ग. रेडियोको नबिग्रेको आवाजलाई जनाउने बोली ।

higgle (हि'ग्ल्) **क्रि.** शर्त, पदको बारे झगड़ा गर्नु, मोलतोल गर्नु ।

higgledy–piggledy (हि'गल्डि–पि'गल्डि) **क्रि. वि.** अस्तव्यस्तपूर्ण, अलपत्रसँग ।

high (हाई) **वि.** उँभो, उँचा, सर्वोच्च, उत्कृष्ट, उन्नत, श्रेष्ठ, मुख्य, घरानिया, कुलीन;—command **ना.** सर्वोच्च नायकहरू;—court मुख्य न्यायालय;—falutin(g) **वि.** दम्भपूर्ण;—flown **वि.** अतिशय दम्भपूर्ण;—handed **वि.** जबर्जस्त, ज्यादती;—jinks **ना.** चमक दमक;—light **ना.** गाढा रुचिको मुहूर्त्त वा विवरण;—minded **वि.** उदार, उदात्त, उच्च नैतिकतापूर्ण;—pitch **वि.** खिरिलो;—power **वि.** अतिवर्धक;—spirited **वि.** उल्लासपूर्ण, उत्साहपूर्ण, साहसी;—ranking **वि.** विशिष्ट;—sounding **वि.** ओजस्वी, मुखरित, उच्च;—street **ना.** प्रतोली;—strung **वि.** उत्तेजना वा भावुकतापूर्ण;—treason **ना.** राजद्रोह;—water **ना.** उच्च तरंग;—way दोबाटो, डोबाटो, राजपथ, मूलबाटो, राजमार्ग, बाटोबाटो;—way robbery **ना.** रहजनी ।

hiejack (हाइ'ज्याक्) **क्रि.** जबर्जस्ती लैजानु, लुट्नु (उदा० वायुयानलाई ठेगानाभन्दा अन्तै);—er **ना.** त्यसरी लैजाने लुटाहा; गैरकानूनी भट्टीवालासँगबाट फाइदा उठाउने ।

hike (हाइक्) **ना.** र **क्रि.** (कसरत वा मजाको लागि) मफसलमा लामो पैदल सफर; **क्रि.** पैदल यात्रा गर्नु; hitch—**क्रि.** बाटोमा सवारीमा चढाउने प्रार्थना गर्दै पैदल र सवारीमा यात्रा गर्नु ।

hilar/ious (हिले'अ्रियस्) **वि.** सोल्लास, प्रमोदपूर्ण;—ity **ना.** कौतुक, रमाइलो, मजा ।

hill (हिल्) **ना.** पहाड़, थुम्को, पर्वत, अचल, डाँडा, गिरि;—ock **ना.** ढिस्को, ढिकुरो, थुम्को;—y plot **ना.** करेसो;—side पाखो, डाँडा ।

hilt (हिल्ट्) **ना.** बींड, मूठ, मुष्टि; prove up to the—भित्ता पुऱ्याएर भन्नु, पूरा प्रमाण पुऱ्याउनु ।

hilum (हाइ'लम्) **ना.** (वन० ब० व०—la) बीउ त्यसको कोसामा जोरिएको बिन्दु ।

him (हिम्) **स. ना.** उसलाई ।

hind (हाइण्ड्) **ना.** र **वि.** जना, खेताला, ग्रामीण, स्वाँठ, मृगी;—**वि.** पछि, पछाड़ि ।

hind/er (हिन्'डर्) **क्रि.** छेक्नु, अड़काउनु, रोक्नु, बाधा गर्नु;—exit गौंड़ छेक्नु ।

hindmost (हाइण्ड'मोस्ट्) **वि.** सबभन्दा पछि; सबभन्दा टाढ़ा ।

hindrance (हिन्'ड्र्यान्स) **ना.** बखेड़ा, टण्टा, भाँजी, खिचोला, बिथोला, अल्झो, मर्का, क्रय-विक्रय, रोक, छेक, अड़काउ, बाधा, अवरोध, घाँड़ो, बन्धेज, तगारो, रोकावट, प्रतिबन्ध, रोकटोक, परिभ्राट, रोड़ा; without hit or—सरासर ।

hind-sight (हाइण्ड्'साइट्) **ना.** बन्दूकको पछिल्तिरको निशान गर्ने ठाउँ; पाछे बुद्धि ।

hinge (हिञ्) **ना.** र **क्रि.** कब्जा, चूल, केन्द्रीय सिद्धान्त (जसमाथि सबै निर्भर छ); **क्रि.** कब्जा जड्नु;—joint **ना.** चूलदार जोर्नी ।

hinny (हि'नि) **ना.** खच्चर, गधी र घोड़ाको बच्चा ।

hint (हिण्ट्) **ना.** र **क्रि.** सुइँको, इशारा, आभास, सूचना, झझल्को, संकेत; अञ्जाम, अन्दाज; **क्रि.** झल्काउनु, इशारा गर्नु, सूचना दिनु ।

hinterland (हि'ण्टर्ल्याण्ड्) **ना.** (ज.) पृष्ठभूमि, नदीको किनार वा समुद्रतट पछाड़िको जमीन ।

hip (हिंप्) **ना.** र **क्रि.** कटि, नितम्ब, चाक, विषाद, बेमजा; (अप०) **वि.** जान्ने, बुझ्ने का; **क्रि.** खिन्न गराउनु;—bone **ना.** नितम्ब अस्थि ।

hippie (हि'पि) **ना.** पश्चिमी स्वेच्छाचारी, परिभ्रमिण, यथेच्छ विहारी, खा० ग० गाँजा खाने, कपाल रौं नङ पाल्ने, ननुहाउने, शरीरको सफाइ नगर्ने, आफ्नो आचार चलन सबै त्याग गर्ने व्यक्ति ।

hippo (हिपो') **ना.** (ब. व.—s)—potamus को छो. क. करियादस, पानीघोडा ।

hire (हायर्) **ना.** र **क्रि.** ज्याला, बन, तलबाना, किराया, भारा, भाड़ा, बक्स; **क्रि.** भाड़ामा राख्नु; दिनु, लिनु;—d **वि.** भरौटे;—

purchase system **ना.** भाड़ा, क्रयपद्धति।

hireling (हाय्र'लिङ्) **ना.** भरौटे, ज्यालादारी, पैसाको लागि निंन्दनीय कर्म गर्ने।

hirsute (हिय्र्'स्यूट्) **वि.** रुँयापुल्ले, लोमश।

his (हिज़्) **स. ना.** उसको, उनको, उहाँको, तिनको, त्यसको।

hiss (हिस्) **क्रि. र ना.** फुत्कार गर्नु, सित्कार गर्नु, स्वाँ स्वाँ गर्नु; **ना.** फुत्कार, सित्कार, स्वाँ।

hist (हिस्ट्) **वि. वो.** चुप। आ!

histo—(हिस्टो–) उ० तन्तु, जालो;—logy जीवित तन्तुशास्त्र।

histor/y (हि'स्टरि) **ना.** इतिहास, इतिवृत्त, पुर्ख्यौंली, प्रभातशास्त्र, पूर्ववृत्तान्त, वंशावली, उपाख्यान, पुराण;—ian **ना.** इतिहासकार;—ic **वि.** ऐतिहासिक;—icity **ना.** वास्तविकता;—historiographer वंशावली-लेखक।

histrionic (हिस्ट्रिऑ'निक्) **वि. र ना.** अभिनय वा अभिनेताको, बारेमा; (ब. व.) नाटकीय अभिनय।

hit (हिट्) **क्रि. र ना.** (hit) हान्नु, मार्नु, ताडना गर्नु; **ना.** मार, हनाइ, ठट्टा, भाग्य, सफल प्रयत्न।

hitch (हिच्) **क्रि. र ना.** झटकार्नु, सार्नु, झटकारेर उचाल्नु, सुक्यौंलोले बाँध्नु; **ना.** झटक, खनखाँचो, धक्का, अवरोध, अडको पडको, बाधा, अडकाउ, भ्वाङ्ग, भडखारो;—hike **क्रि.** सवारीमा ठाउँ मागी मागी यात्रा गर्नु।

hither (हि'दर) **क्रि. वि. र वि.** यता, नजीकै, हेना, हेदा;—& thither यताउति, यत्रतत्र, हेनाहेदा;—to अहिलेसम्म।

Hitlerism (हिंट्'लरिज्म्) हिटलरशाही।

hive (हाइभ्) **ना. र क्रि.** माहुरीको गोला, छाता, गोला, समूह; **क्रि.** माहुरीलाई गोलामा राख्नु।

h'm (ह्म्) हँ! हूँ!।

ho (हो) **वि. बो.** अहो! हो! उदा. heigh! what –! westward —!

hoar (होअ्र्) **ना.** बुढ्याइँले सेतो फुलेको, खैरो;—frost **ना.** तुसारो।

hoard (होअ्र्ड्) **ना. र क्रि.** भण्डार, थुप्रो, (जोगाएर राखेको) धन, खजाना, संचय; **क्रि.** थुपार्नु, लुकाउनु, जम्मा गर्नु, थुप्न्याउनु;—ing **ना.** ठाडो फल्याक, छेकबार, (जसमा पर्चा इ० टाँसिन्छन्)।

hoarse (होअ्र्स्) **वि.** धोक्रो, धोत्रो, रूक्ष, कर्कश;—ness स्वरभङ्ग, धोक्रो स्वर, धोत्रो स्वर।

hoary (होअ्रि) **वि.** सेतो, फुलेको (उमेरले), पूज्य।

hoax (होअ्क्स्) **ना. र क्रि.** छल, ठट्टा, ठट्यौली; **क्रि.** त्यसरी छकाउनु।

hobble (हॅ'ब्ल्) **क्रि.** लङ्गडाउनु, लरखराउनु (काम वा बोल्नामा) घोड़ा नभागोस् भनी खुट्टा बाँधिदिनु।

hobbledehoy (हॅ'बल्डिहॅय) (**hobbad—, hobbed—**) **ना.** भद्दा लड़को, केटौली र सयानुको बीचको भद्दा लड़को, ठिटो, लाठे।

hobby (हॅ'बि) **ना.** पेशावाहेक रुचिको काम, लहड, रुचि, अभिरुचि, सौख;—horse खेलौनाको घोड़ा।

hobgoblin (हॅब्'गॅब्लिन्) **ना.** उपद्रवी प्रेत, भूत, तर्साउने चीज, ख्याक, वेताल।

hobnail (हॅब्'नेल्) **ना.** (जुत्तामा टोक्ने) भारी कीला।

hob-nob (हॅब्-नॅब्) **क्रि.** (–bb–) साथसाथ पिउनु, सहवास गर्नु।

hobo (होबो') **ना.** (ब. व.–s) घुमन्ते, फिरन्ता, मगन्ते।

Hobson's choice (हॅब्सन्स चॉयस्) **ना.** विनाविकल्पको छनाइ, एकै चीजमा लेऊछाड़को छनाइ।

hockey (हॅ'की) **ना.** हकी खेल।

hocus (हो'कस्) **क्रि.** (–ss–) **र ना.** ठग्नु, छल्नु, लठ्याउनु; **ना.** लागू।

hocus-pocus (हो'कस्-पो'कस्) **ना. र क्रि.** (–ss–) ठगी, छल, (चटकमा) सूत्र, फेरीवालाको सूत्र; **क्रि.** चटक गर्नु, छल गर्नु।

hodometer (हॅडॅ'मिटर) od—, **ना.** (सवारीले हिंडेको) दूरीमापक।

hoe (हो) **ना. र क्रि.** (व० का०–-ing) कुटो; **क्रि.** खन्नु, कोढ्नु।

hog (हॅग्) **ना. र क्रि.** सुङ्गुर, च्वाँचे; असभ्य, लोभी वा फोहोरी व्यक्ति; **क्रि.** एकोहोरो चलन गर्नु, अरूलाई असजिलो पारी बाटो चलन गर्नु।

hogshead (हॅग्ज़्'हेड्) **ना.** ठूलो पीपा।

hoick (हॉयक्) **क्रि.** (वायुयान) अचानक माथितिर लैजानु।

hoi polloi (ऑय-पो'लॉय) **ना.** जनता, समूह, भीड़।

hoist (हॉयस्ट्) **क्रि. र ना.** उठाउनु, खा० ग० झण्डा, साजद्वारा उचाल्नु; **ना.** उत्तोलन;—with his own petard, आफ्नो हतियार आफैंमाथि आइलागेको।

hoity-toity (हॉय्टि-टॉय्टि) **ना., वि. र वि. बो.** होहल्ला; **वि.** मजाको, दम्भी, दुःशील; **वि. बो.** आश्चर्य र विरोध जनाउने बोली।

hokum (हो'कम्) **ना.** नाटकीय कथा वा अभिनय, अशिक्षितलाई मन पर्ने प्रकारको रद्दी फिल्म कथा।

hold (होल्ड्) **क्रि. र ना.** (भू० का० held;—en) समात्नु, पक्डनु, थाम्नु, थुन्नु, राख्नु, मनाउनु, मान्नु, रोक्नु; **ना.** जहाजमा सामान राख्ने तख्ता, ढेक, मन्तिरको ठाउँ, धरन, पकड़, मुट्ठी; आलम्वन, अवलम्वन;—aloof अलग बस्नु;—back पछि हट्नु, थाम्नु; अवरोध, बाधा;—down रहनु, राख्नु;—up रोकावट, लूट;—all माल हाल्ने ब्याग, इ०; मुठी;—er **ना.** धारक, पदमा आसीन रहने; पगरी;—ing **ना.** जग्गा, कमोत, किपट, सोहानी; कम्पनीको शेयर, स्टक, इ०।

hole (होल्) **ना. र क्रि.** दुलो, भ्वाङ; धाँदो, प्वाल, छिद्र, अप्ठ्यारो स्थिति; गर्त, ओडार, सुराक; हेट; अमिल्दो round peg in square—;—& corner गुप्त, आँखा छल्ने; **क्रि.** प्वाल पार्नु; make a— in धेरै खर्च गर्नु।

holiday (हॅ'लिडि वा–डे) **ना.** बिदा, छुट्टी; आकाज,

तातील ।

hollow (हॉ'लो) **वि.**, **ना.**, **क्रि. वि.** र **क्रि.** खोक्रो, धोत्रो, खात, अन्तः शून्य; **क्रि.** खोक्रो पार्नु, धोत्रिनु, खोक्रिनु, खन्नु;—of the hand पसर, अँजुली ।

hollyhock (हॅ'लिहॅक्) **ना.** फूल किसिम, हलिहक ।

Hollywood (हॅ'लिवुड्) **ना.** र **वि.** (अमेरिकन) सिनेमा, सिनेमा केन्द्र; **वि.** हलिवुडको ढाँचाको ।

holo (हॅ'ल) **उ॰** पूर्ण—,—graph **ना.** लेख्नेको स्वहस्तलिखित कागत ।

holocaust (हॅ'ल कॉस्ट्) **ना.** (वलिको) पूर्णाहुति, पूर्ण वलिदान, विध्वंस, होम ।

holster (हो'ल्स्टर्) **ना.** (पिस्तोलको) छाले खोल, ब्याग ।

holy (हो'लि) **वि.** पवित्र, शुद्ध ।

homage (हॅ'मेज्) **ना.** प्रभुशक्ति, अभिवन्दन, सेवाञ्जलि, श्रद्धाञ्जलि, सेवा, आसक्ति ।

hombre (अॅम्'ब्रे) **ना.** मानिस, मान्छे ।

home (होम्) **ना.**, **वि.**, **क्रि. वि.** र **क्रि.** घर, निवास, स्वदेश, वतन, वासस्थान, वसाइ, घरायस; **वि.** घरको, आफ्नू घर वा स्वदेश;— -born **वि.** निवासी;— -coming गृह प्रवेश;— -guard नागरिक सेना;— -keeping घर नछोड्ने;— -made घरको; H—Rule स्वशासन;— -sickness घरको सम्झना;— -work पाठ; **क्रि.** घर जानु ।

homely (हो'म्लि) **वि.** सादा, सादासित, प्राथमिक, असंस्कृत, भडक नगर्ने, नराम्रो ।

Homer (हो'मर्) **ना.** महाकवि होमर;—ic **वि.** होमरीय ।

homespun (हो'म्स्पन्) **वि.** र **ना.** घरेलु, घरेलु कपड़ा, सादा, सीधासादा, खेस (खस्रो कपड़ा) ।

homestead (हो'म्स्टेड्) **ना.** घर र टहराहरू, घर-द्वार, धुरी ।

homicid/e (हॅ'मिसाइड्) **ना.** नरहत्या, घातक, हत्यारो, साइँधुवा, खून, ज्यानमारा;—al **वि.** नरघाती ।

homily (हॅ'मिलि) **ना.** उपदेश, धर्मवाक्य ।

homing (हो'मिङ्) **वि.** घर जाने, (परेवाको) टाढावाट घर आउने, दौड़ गर्ने;—device **ना.** प्रक्षेपास्त्र फर्काउने साज ।

homo—(हो'मो—) **ना.** मनुष्य;—sapiens **ना.** चेतन मनुष्य, अर्वाचीन मनुष्य जाति ।

homoeopathy (होमिओ'प्याथि) **ना.** होमिओप्याथी चिकित्सा शास्त्र;—path **ना.** होमिओप्याथ प्रणालीको चिकित्सक ।

homogene/ous (होमोजी'नियस्) **वि.** सवर्ण, समघाती, समांसी, समावयव, सरोबर, एकछत्त, एकाम्मे, समानजातीय;—ity **ना.** सवर्ण, एकजातित्व, समान भावयुक्तता ।

homograph (हॅ'मग्राफ्) **ना.** एकै स्पेलिङ्ग (लेख्ने तरीका) तर भिन्न अर्थ भएको शब्द ।

homolog/ous (हमॅ'लगस्) **वि.** तुल्य परिमाण, समस्थिति, अनुरूप;—ue **ना.** अनुरूप वस्तु ।

homonym (हॅ'मनिम्) **ना.** एकै रूप तर भिन्न अर्थ भएको शब्द, भिन्नार्थ शब्द;—ous **वि.** भिन्नार्थ ।

homosexual (हॅमसे'क्स्यूअल्) **वि.** आफ्नै जस्तो लिङ्ग या योनिसँग यौनिक सम्बन्ध गर्ने प्रवृत्ति भएको, समयोनि मैथुन गर्ने;—ity **ना.** समयोनि सम्पर्क, (अश्ली॰) गाँड मार्ने ।

homy (हो'मि) **वि.** घरको, घर जस्तो ।

hone (होन्) **ना.** र **क्रि.** सान दिने ढुंगा; **क्रि.** धार लाउनु, सान दिनु ।

honest (अॅ'नेस्ट्) **वि.** ईमानदार, शुचि, सरल, निष्कपट, सोझो, सीधा, नेक, सच्चा, स्वरत्र, अकुटिल;—y **ना.** नेकी, सत्यता, ईमान, ईमानदारी, स्वरत्र, धर्म, in—truth खसोखास ।

honey (ह'नी) **ना.** (व. व.-s). मह, मधु, मधुरता; प्रेयसी;—comb **ना.** चाका, छाता, मधुकोश ।

honeymoon (हॅ'निमून्) **ना.** (नवविवाहित जोडीले विताउने) आनन्दमास ।

honk (हॅङ्क्) **ना.** र **क्रि.** (सवारीको) घण्टी, ध्वनि, हर्न, **क्रि.** सो वजाउनु ।

honky (हॅ'ङ्कि) **ना.** (अम॰ अप॰) हेँला) गोरा, उग्रजातिभेदवादी ।

honorarium (हॅनरे'रियम् वा अॅ—) **ना.** (व. व.—ums, —a) मेहनताना, शुल्क, दक्षिणा ।

honorary (अॅ'नररि) **वि.** मानार्थ, सम्मानको खातिर प्रदान गरिएको, अवैतनिक, वेतलवी, प्रतिष्ठार्थ, मानद, ढाक्रे ।

honorific (अॅनरि'फिक्) **वि.** सम्मानपूर्ण, मानद, आदरार्थी ।

honoris causa (हॅन'रिस् कॉ'जा) **क्रि. वि.** वाक्यं—, आदरार्थ, श्लाघ्य ।

honour (अॅ'नर्) **ना.** र **क्रि.** इज्जत, खातिर, सम्मान, आदर; **क्रि.** सम्मान, इज्जत गर्नु, (हुण्डा) सकार गर्नु; your—, his—अत्र, तत्र, भवान्;—able सम्माननीय, उन्नत, ऋजु, आदरणीय, सम्मान्य, अर्चनीय;—s खिल्लत;—s (वि. वि.) प्रतिष्ठा, प्रतिष्ठित (पाठ्यक्रम) ।

hood (हुड्) **ना.** र **क्रि.** झापन; (सर्पको) फणा; घुम्टो, मजेत्रो; (मोटर इ. को) ढकना; **क्रि.** ढकनाले छोप्नु;—man—blind **ना.** कानेकाने पिच्चा ।

—hood (—हुड्) **उ॰** नाम वनाउँदा जोड्ने वाक्यांश ।

hoodlum (हूड्'लम्) **ना.** (वाटे) गुण्डा, ठिटो हुल्याहा, उपद्रवी ।

hoodoo (हू'डू) **ना.** र **क्रि.** अपशकुन, अभाग्य, खरावी; **क्रि.** अभागी गराउनु ।

hoodwink (हुड्'विंक्) **क्रि.** ठग्नु, छल्नु, झुक्क्याउनु, फुसल्याउनु, आँखामा पट्टल बाँध्नु, धुत्नु, करनी हान्नु ।

hooey (हू'ए) **ना.** फजूल, वाहियात, व्यर्थ, वेअर्थ ।

hoof (हूफ्) **ना** (व. व.—fs, ves). टाप, खुर ।

hook (हुक्) **ना.** र **क्रि.** अङ्कुश, हुक, बल्सी; **क्रि.** समात्नु, खिच्नु, जोड्नु, हातेमालो गर्नु;—, line, & sinker पूर्णतया; by—or by crook असल खराव जसरी भए पनि;—ed कुटिल;—worm **ना.** अंकुशे कृमि, जूका ।

hookey,—ky (हु'की,—कि) **ना.** play—भाग्नु (पढ्नवाट), blind—ताशको खेल ।

hooligan (हू'लिगन्) **ना.** हुल्लडवाज, गुण्डा ।

hoop (हूप्) **ना.** र **क्रि.** चक्र, चपका, (गुडाउने) चाका; 'हु' शब्दले कराउनु; (लहरे खोकीमा) घाँटीमा हुने शब्द गर्नु ।

hoosegow (हूस्'गाओ (अप०) झ्यालखान, थुना ।

hoot (हूट्) **क्रि.** विरोधको शब्द गर्नु, दूर दूर गर्नु, छिः गर्नु, धिक्कार्नु; वेअर्थको शब्द, घुत्कार्नु (उल्लूको वोली), टूहू गर्नु ।

hooter (हू'टर्) **ना.** भोपों, विद्युत् वा बाफले लामू आवाज गर्ने यन्त्र, काम थाल्ने वा छोड्ने संकेतको शब्द ।

hoover (हू'भर) **ना.** रिक्तशोषक (यन्त्रविशेष); सांसेर धूलो खिच्ने यंत्र ।

hop (हॅप्) **ना.** र **क्रि.** कुदाइ (एक खुट्टाको), (एक खुट्टे) छलांग; वल्गित; (उडानमा) एक पटकको उड़ान; **क्रि.** कुद्नु, जानु; cloud—ping (वायुयानले) लुक्नको निम्ति बादलभित्र पस्नु; hedge, wave,—ping जमीन, पानीमाथि नीचा उड्नु;—-o'—my—thumb बाउन्ने, पुडके;—, skip and jump कसरतको खेल ।

hope (होप्) **ना.** र **क्रि.** आशा, आस, धीत, प्राप्ति इच्छा, धोको, विश्वास, संभावना, ढाढस, आशा-केन्द्र; **क्रि.** आशा गर्नु; —ful **वि.** आशामुखी, आशावह, आशंसु, आशान्वित, आशाजनक; young—ful (ठट्टामा) होनहार ठिटो;—less हताश, आशाहीन, निराश; forlorn—आशापाश, मृगतृष्णा ।

hopper (ह'पर्) **ना.** उल्टो शंकु, जसबाट अनाज गिर्छ (घट्टमा); थुम्से, सोली, ढ्वाङ्ग ।

horary (हो'ररि) **वि.** घण्टाको, घड़ीको; घण्टा घण्टामा हुने ।

horde (होअ्र्ड्) **ना.** दल, डफ्फा ।

horizon (हराइ'जन्) **ना.** क्षितिज, चक्षुपथ, दिक्‌चक्र; on the— (वाक्य) हुन आँटेको वा देखापर्न लागेको;—tal **वि.** भुँमा, क्षैतिज ।

hormone (हअ्र्'मोन्) **ना.** रगतमा मिसिएर अवयवहरूलाई कार्यमा उत्तेजना गर्ने भिन्न आन्तरिक स्राव, उत्तेजक, हर्मन ।

horn (हॅअ्र्न्) **ना.** र **क्रि.** सींग, भोंपू; draw in horns, पछि हट्नु; shoe—वगलस, जुत्ता लाउने;—bill **ना.** धनेस (चरा);—book वर्णमाला;— -mad बिलकुल बौलाहा;— rimmed सींगको चश्मा लाउने; **क्रि.** सांग हाल्नु, भित्र पस्नु; —ed **वि.** सिंगे, सिंगौरे, शृङ्गी ।

hornet (हअ्र्'नेट्) **ना.** अरिंगाल, वारुलो ।

horny (हअ्र्'नि) **वि.** सींग जस्तो साहो, ठेला परेको ।

horolog/e (हॅ'रलॅग्) **ना.** (टाँग्ने) घडी, (घडीको) मुख, घडी;—y **ना.** समयमापन या घडी बनाउने विद्या ।

horoscope (हॅ'ररकोप्) **ना.** जन्मपत्री, चिह्ना, टिप्पन, कुण्डली ।

horrent (हॅ'रन्ट्) **वि.** रौं ठाडो भएको, पुलकित ।

horrible (हॅ'रिब्ल्) **वि.** उत्तेजक, भय गराउने, भयावह, आघात पार्ने, अति, अप्रिय, वीभत्स ।

horrid (हॅ'रिड्) **वि.** भयङ्कर, डरलाग्दो, खस्रो, रौं ठाडो भएको ।

horrify (हॅ'रिफाइ) **क्रि.** तर्साउनु, भयभीत गराउनु, आघात पार्नु, नैतिक आघात पार्नु ।

horripilation (हॅरिपिले'श्न) **ना.** रोमाञ्च, रौं ठाडो हुनु (जाडो, डर, रीस इ० ले), त्वचाङ्कुर, त्वचपुष्प ।

horror (हॅ'रर्) **ना.** त्रास, कम्पन, अति घृणा;— -struck or— -stricken, **वि.** भयभीत, त्रस्त ।

hors (ऑर्) **क्रि. वि.** र **उ.** वाहिर, **उ.**—concours (ऑर् काँकूर्') पुरस्कारको लागि प्रतिस्पर्धा नगर्ने;—de combat (ऑर् ड क'म्बा) अशक्त, घाइते भएर लडाइँबाट अलग;—d'oeubre (ऑर्'डब्) (ब. व.–सा.–s) खानाअघि वा पछिको थप खाद्य, स्वादन ।

hors/e (हॅर्स्) **ना.** घोडा, अश्व;—laugh ठाडो, चर्को हाँसो, ठट्टा;—man **ना.** सवार, घोडचढी;— -marines कल्पित सेना;—play **ना.** उज्जण्ड ठट्टा;—power अश्वशक्ति; —sense **ना.** सहज ज्ञान, विवेक;—shoe **ना.** नाल;—whip **ना.** चाबुक;—y **वि.** घोडे; tell it to the—marines (अविश्वाससूचक) लछारपाटो ! नापियो !

hortative (हॅर्'टेटिभ्) **वि.** प्रबोधक, उपदेशक ।

horticultur/e (हॅर्'टिकल्चर्) **ना.** वागवानी, उद्यान विद्या, फलोद्यान;—ist **ना.** फलोद्यान विशेषज्ञ ।

hosanna (होज्या'ना) **ना.** जयध्वनि ।

hose (होज़्) **ना.** (ब. व.) र **क्रि.**, लामू मोजा, (विरुवामा पानी हाल्ने, आगो निभाउने) लामु लचकदार नली; half- — मोजा ।

hosier (हो'ऴर्) **ना.** मोजा इ० पसले ।

hospice (हॅस्'पिस्) **ना.** धर्मशाला, सरायखाना ।

hospitable (हॅस्'पिटेब्ल्) **वि.** आतिथ्यपूर्ण, आतिथेय, सत्कारशील ।

hospital (हॅस्'पिटल्) **ना.** आरोग्यशाला, अस्पताल भवन, चिकित्सालय, रुग्णालय;—ize **क्रि.** अस्पताल भर्ना गर्नु;—ization **ना.** अस्पताल भर्ना;—ism **ना.** अस्पताल पद्धतिका अशुद्धिहरू ।

hospitality (हॅस्पिट्या'लिटि) **ना.** आतिथ्य, अतिथि सत्कार, खातिर, खातिरदारी, मेजमानी, मेजमानगी, खातिरजामा, मान, आदर सत्कार, शिष्टाचार ।

host (होस्ट्) **ना.** गण, समूह, फौज, भीड, लूँडो, गृही, घरधनी, गृहपति, घरपटी, भट्टीवाल; reckon without (one's)—विरोध, अडकाउ, इ० भुल्नु ।

hostage (हॅस्'टेज्) **ना.** शरीर बन्धक, करिया ।

hostel (हॅस्'टेल्) **ना.** सराय, धर्मशाला, विद्यार्थी गृह, विद्यार्थी निवास, निवास ।

hostelry (हॅस्'टल्रि) **ना.** सराय, धर्मशाला ।

hostess (होस्टेस्, हॅस्टिस्) **ना.** घरपटिनी, घरबेटी, गृहिणी;

air—वायुयान परिचारिका ।

hostil/e (हॅस्'टाइल्) **वि.** विपक्ष, विरुद्ध, सपत्न, विपरीत, विंगठिएको, विद्वेषी, शत्रुवत्;—ity **ना.** वैमनस्य, शत्रुता, दुश्मनी, वैरभाव, विंगठिएको ।

hostler (अस्'लर्) **ना.** अश्वपालक, सवार, सईस, चिरुवादार।

hot (हॅट्) **वि.** र **क्रि.** (-tt-) तातो, गरम, उष्ण, चर्को, पिरो, अखानु, नयाँ निष्कासित, अति (—favourite) प्रिय; —air गुड्डी;—bed **ना.** दुराचारलाई प्रश्रय दिने स्थान;—blooded जोशिलो;—brained उत्तेजनापूर्ण;—dog बोसे आन्द्रो, पाउरोटीमा स्याण्ड्विच बनाएको खाना;—head गरम मिजासको;—water अपमान, बेइज्जत; तताउनु ।

hotch-potch (हॅच्'पॅच्) **ना.** मिसमास, रंडाखाल, लठीवज्र, चिहिलबिहिल, पसारो, छिरलो, मसमिण्डी ।

hotel (होटेल्) **ना.** होटेल, भोजनालय;—ier (ओटें'लिए) होटेलमालिक ।

hound (हाउण्ड्) **ना.** र **क्रि.** शिकारी कुकुर; **क्रि.** लखेट्नु, टिक्न नदिनु ।

hour (आवर्) **ना.** घण्टा, छोटो अवधि;—ly **वि.** र **क्रि. वि.** घण्टा घण्टामा हुने, अविरल, तारन्तार ।

houri (हू'रि, हाउ'रि) **ना.** परी, अप्सरा, अति सुन्दरी स्त्री, दिव्याङ्गना ।

hous/e (हाउस्) **ना.** (ब. व. उच्चा० -जिज) र **क्रि.** घर, कोठी, सदन, आलय, गृह, वेश्म, वेशक, भवन, संस्थान, संस्था दर्शक समूह, अभिनय, कुल; open—खुला घर;— -agent; घर बेच्ने, भाडा दिने,— -breaker चोर, सेन काट्ने;— -breaking नकबजनी;— -keeping गृह संचालन, गृहसम्भार, गृहस्थी;— -keeperभण्डारे;— -warming गृहप्रवेश समारोह;—work घरधन्धा; **क्रि.** (उच्चा० हाउज़्) घरमा राख्नु, वास दिनु;—ing **ना.** निवास निर्माण;—hold जहान, बासिन्दा, गृहस्थी;—word परिचित कहावत वा नाम ।

householder (हाउस्'होल्डर्) **ना.** गृही, गृहपति, गृहस्थ, मालिक;—wife **ना.** गृहिणी;—y **ना.** गृहस्थी, घरकाज ।

Houyhnhnm (हि'निम्) **ना.** हिनिम, मानिसको स्वभाव भएको घोड़ा, (गलिभर्स ट्राभेल्सको पात्र)।

hovel (हॅभेल् वा ह—) **ना.** खुला टहरो, टहरो, दुर्गतिको निवास, पर्णशाला, पर्णकुटी ।

hover (हॅ'भर् वा हुभ'र्) **क्रि.** प्रतिगत हुनु, आकाशमा झुण्डिनु, एकै ठाउँमा अडिरहनु; हल्लिनु, अल्लारिनु;— -craft सोझै उड्ने र एकै ठाउँमा अडिरहने वायुयान ।

how (हाउ) **क्रि. वि.** र **ना.** कसरी, कसोरी, जसरी;—beit तापनि;—ever कसै, कसै गरे पनि, तापनि;—soever कसै; तरीका (the-of it).

howitzer (हा'विट्ज़र्) **ना.** तोपको किसिम ।

howl (हाउल्) **क्रि.** र **ना.** (पशुको) लामू विपादयुक्त बोली गर्नु; रुन्चे चीत्कार गर्नु, रुनु, चीत्कार गर्नु, कराउनु; **ना.** ठट्टा वा पीड़ाको डाँको; रुवाइको डाँको ।

howler (हाउ'लर्) **ना.** प्रत्यक्ष भूल, ठूलो भूल (खा. ग. विद्यार्थीले उत्तरमा दिएको) ।

hoyden (हॉय'डेन्) **ना.** उत्ताउली केटी, लोग्ने मान्छेको पोशाक, चाला गर्ने ठिटी ।

hub (हब्) **ना.** नाभि, धूर, केन्द्र-बिन्दु, लाग्ने; hubby, hub, husband को छो. क. पनि ।

hubble-bubble (ह'ब्ल्-बब्ल्) **ना.** हुक्का, गुड्गुडी, सोते, टुर्रो ।

hubbub (ह'बब्) **ना.** हल्ला, गोलमाल, हूल, दंगा, कोकोलो, कोलाहल, रडाको, तहलका, तुलकलाम ।

hubris (ह्यू'ब्रिस्) **ना.** उद्धत गर्व वा सुरक्षा; अति घमण्ड (ले नाशतर्फ लैजाने) ।

huckle (ह'क्ल्) **ना.** कम्मर, पुट्ठा ।

huckster (हॅक्'स्टर्) **ना.** र **क्रि.** फेरीवाला, धनलुब्ध; **क्रि.** मोल गर्नु, सानुतिनु बेपार चलाउनु ।

huddle (ह'डल्) **क्रि.** र **ना.** थुप्रिनु, गुजमुज्ज हुनु, हडबड गर्नु, टाँस्सिनु, घुस्रनु; **ना.** थुप्रो, ढेर, हडबड, एकगट्ठा ।

hue (ह्यू) **ना.** रंग, रोगन, मिसावटबाट बनेको रंग;—and cry अपराधीलाई लखेट्दा भएको हल्ला ।

huff (हफ्) **क्रि.** र **ना.** झोक्किनु, हप्काउनु, गाली गर्नु; **ना.** शेखी, ठुस्स (पर्नु) ।

hug (हग्) **क्रि.** (-gg-) र **ना.** स्नेहले च्याप्नु, अँगालो हाल्नु, (भालूले) च्याप्नु, (आफ्नु विचारमा) अडिरहनु; **ना.** आलिंगन, आश्लेष, अँगालो ।

huge (ह्यूज्) **वि.** बडेमान, बृहत्काय, बुलन्द, धम्मरधूस, जखमले;—ly **क्रि. वि.** धेरै, अत्यन्त; hugeous **वि.** (ठट्टा) जखमले ।

hugger-mugger (ह'गर्-म'गर्) **ना.**, **वि.**, **क्रि. वि.** र **क्रि.** गुप्ती, रहस्य, अस्तव्यस्तता; **वि.** गोप्य; **क्रि. वि.** लुकाएर; **क्रि.** दबाउनु, लुकाउनु ।

huh (ह) **वि. बो.** ह ! बडो !

hula (hula-hula) (हुला-हुला) **ना.** हवाई टापूको स्त्री नृत्य ।

hulk (हल्क्) **ना.** (साज झिकिएको) जहाजको खोस्टा; ठूलो व्यक्ति वा थुप्रो;—ing **वि.** बडेमान, भद्दा;—y **वि.** भ्याङ्ख्वा, थसुल्ले ।

hull (हल्) **ना.** र **क्रि.** (फल, केराउकोसा इ० को) बोक्रा, खोल; जहाज, वायुयान-को आकार; स्थूल भाग; **क्रि.** छोडाउनु, तोपले हान्नु ।

hullabaloo (हलबलू') **ना.** होहल्ला, कोलाहल, खलबल, तुलकलाम ।

hullo, hulloa (हलो) **वि. बो.** बोलाउने, डाक्ने, आश्चर्य जनाउने, टेलिफोनमा जवाफ गर्ने, इ० बोली ।

hum (हम्) **क्रि.** (-mm-), **ना.** र **वि. बो.** गुनगुनाउनु; **ना.** गुनगुनाहट, छल, जाल; **वि. बो.** अविश्वास, बेमंजूरी, अनिच्छासूचक बोली ।

human (ह्यू'मन) **वि.** र **ना.** मानवीय, मानुप, पौरुपेय; **ना.** मनुवा;—ist **ना.** मानव स्वभाव वा मानवीय व्यापारको अध्ययन गर्ने;— ·kind **ना.** मानवजाति, मनुष्यजाति;—ly **क्रि. वि.** मानवरीतिले, मानव उपायले, मानवभावसँग ।

humane (ह्यूमेन्') **वि.** दयालु, कृपालु, दयार्द्र, करुणाशील ।

humanism (ह्यू'म्यानिज़्म्) **ना.** मानव हितको भक्ति, मानवजाति वा मानवीय स्वार्थसँग सम्वन्धित पद्धति ।

humanitarian (ह्यूम्यानिटे'रियन्) **ना.** र **वि.** मानव धर्मावलम्वी, दयालु परोपकारी ।

humanity (ह्यूम्या'निटि) **ना.** मनुष्य स्वभाव; मनुष्यजाति, दयालुता, परोपकारिता, (व. व.) मनुष्य गुणहरू, विद्वत्ता, ज्ञानदाक्षिण्य, खा. ग. आर्ष भाषाहरूको अध्ययन ।

humanize (ह्यू'मनाइज़्) **क्रि.** मानव वनाउनु, दयालु वनाउनु, मानव सदृश वनाउनु; उ.—d milk मानवीय दूध जस्तो वनाइएको ।

humble (ह'म्वल्) **वि.** र **क्रि.** विनीत, नम्र, निरहङ्कार, क्षुद्र, दीन; **क्रि.** नीचा देखाउनु, घमण्ड तोड्नु, आव तोड्नु, पानी झार्नु शेखी झार्नु ।

humbug (हम्'वग्) **ना.** र **क्रि.** (-gg-) छल, नकल, झूटो, प्रतारणा, वंचना, फजूल ! छली; **क्रि.** ठग्नु, छल्नु ।

humdinger (हम्डिङ्ग'र) **ना.** वेश, असल (व्यक्ति वा चीज), करामात ।

humdrum (हम्'ड्रम्) **वि.** र **ना.** विरस, जड, मन्द, साधारण; **क्रि.** (-mm-) विरसिलो ढाँचासँग चल्नु ।

humerus (ह्यु'मरस्) **ना.** प्रगण्ड ।

humid (ह्यू'मिड्) **वि.** आर्द्र, चिसो, भिजेको, अवोद, तर;—ity **ना.** आर्द्रता, सरसता, क्लेद, तेम ।

humili/ate (ह्यूमि'लिएट्) **क्रि.** नीचा देखाउनु, अपमान गर्नु, घमण्ड तोड्नु, आव तोड्नु, मान भंग गर्नु;—ation **ना.** मानभंग, अपमान; accept—ation लुतेकान लाउनु;—ty **ना.** विनय, नम्रता, दीनता, नैभृत्य ।

humor/ist (ह्यू'मरिस्ट्) **ना.** ठट्टावाज, रसिक;—ous **वि.** ठट्टावाज, ठट्यौलो, हास्यकर, विनोदपूर्ण, नर्मवत्, हास्यपूर्ण, कौतुकपूर्ण ।

humour (ह्यू'मर् वा यू'मर्) **ना.** र **क्रि.** मनको भाव, मनोवृत्ति, रस, हास्यता, वैदग्ध्य, नर्म, सारस्य, कौतुक, विकार, तरल, द्रव, त्रिदोप; **क्रि.** खुशी गराउनु, हल्याउनु, खुशामद गर्नु, पुलपुल्याउनु aqueous—जालीयरस, vitreous—सान्द्ररस;—some **वि.** चपल, चिडचिडा; good—फोक्सो फुलेको, खुशी, मिजास ।

hump (हम्प्) **ना.** र **क्रि.** कुब्जा, (व. व.) झोक्राउनु; **क्रि.** डल्लो पर्नु, चिढाउनु, तेजोवध गर्नु, निन्याउरो पार्नु;—backed **वि.** कुब्जो, कूँजो, खञ्ज, खँजाहा ।

humph (हम्फ्) **वि. बो.** (अनपत्यारको वोली) उँह !

humpty-dumpty (ह'म्प्टि-ड'म्प्टि) **ना.** पुडके, भकुण्डे, वाउन्ने, डल्ले ।

Hun (हन्) **ना.** हूण, वर्वर जाति, (लडाइँ कालमा) जर्मन जातिको हेलाँको नाम ।

hunch (हन्च्) **क्रि.** र **ना.** वाहिर दोब्रिनु, वांगिनु; **ना.** डल्लो, आशंका, पूर्व ज्ञान, सहज ज्ञान;—back (ed) कुब्जा, कूँजो ।

hundred (हन्'ड्रेड्) **ना.** र **वि.** सय ।

hunger (ह'ङ्गर्) **ना.** र **क्रि.** छुद्दे, भोक, भोजनेच्छा, क्षुधा; **क्रि.** भोकाउनु, पेटमा कुल्ला वास्नु; – ·march **ना.** (आफ्नू दीन अवस्था देखाउनाको लागि) भोक यात्रा;— ·strike **ना.** अनशन, भोक हडताल; hungry **वि.** भोको ।

hunk (हङ्क) **ना.** चौटा, टुक्रा, भद्दा चौटा, पूर्व ज्ञान ।

hunkers (ह'ङ्कर्स्) **ना.** (व. व.) पुट्ठा; on one's—टुक्रुक्क, (फोहोर) हगासनमा ।

hunks (हङ्क्स्) **ना.** कृपणी, कन्जूस ।

hunky-dory (हङ्कि-डो'रि) **वि.** वेश, उत्तम ।

hunt (हण्ट्) **क्रि.** र **ना.** शिकार खेल्नु, लखेट्नु, खोज्नु; **ना.** मृगया, शिकार;—er,—sman **ना.** शिकारी, व्याधा ।

hurdle (ह'र्ड्ल्) **ना.** र **क्रि.** वाधा, अवरोध, छेका, वार, काष्ठावरण; **क्रि.** छेका लाउनु;—er **ना.** छेका दौड दौडने ।

hurdy-gurdy (ह'र्डि-ग'र्डि) **ना.** वाद्यको किसिम ।

hurl (हर्ल्) **क्रि.** फ्याँक्नु, हुत्याउनु ।

hurly-burly (ह'र्लि-ब'र्लि) **ना.** होहल्ला, कोलाहल, दौडादौड, लठीवज्र, तुमुल, तुलकलाम ।

hurrah (हुरा'), **hurray** (हुरे') **वि. बो., ना.** र **क्रि.** वाह ! वाह !! जय ! स्यावाश ! नाद ।

hurricane (ह'रिकेन्) **ना.** हुरी, महावात, आंधी-वेहरी ।

hurry (ह'रि) **ना.** र **क्रि.** हतार, आतुरी, अतास, हडवड, हतपत, कुदाकुद, भित्तो, व्यग्रता, वेग; **क्रि.** हतारिनु, हतपताउनु, आतुरी लाग्नु; to be in a—वित्नु, हतपतिनु ।

hurt (हर्ट्) **ना.** र **क्रि.** चोट, घाचोट, घाउ, पीडा, आघात, अपकार, व्यथा; **क्रि.** कुडिनु, चोट लाग्नु, दुःख पार्नु, दिख्नु ।

hurtle (ह'र्ट्ल्) **क्रि.** र **ना.** धडाम्म खस्नु, खस्नु, टक्काराउनु; **ना.** धडाका, ढ्याम्म !

husband (हज़्'वन्ड्) **ना.** र **क्रि.** पति, स्वामी, पोइ, लोग्ने, भर्ता, नाथ, भाले, खसम; **क्रि.** सँगाल्नु, किफायत गर्नु;—man **ना.** किसान, खेतीवाल;—ry **ना.** खेती, किसानी, किफायत, व्यवस्था, जगेर्ना;—'s tea टँगरो र चिसो ।

hush (हश्) **ना.** र **क्रि.** स्तब्धता, मौन, शांति;—-money **ना.** (पोल नखुल्नालाई दिइने) घूस; **क्रि.** चूप लगाउनु, शान्त गर्नु, फुल्याउनु; **वि.** गुप्त राख्ने, अति गोपनीय ।

husk (हस्क्) **ना.** च्याँख्ला, खोस्टो, बोक्रा, चोकर, वेकामको खोल; **क्रि.** कुट्नु, दल्नु, छोडाउनु ।

husky (ह'स्कि) **वि.** र **ना.** सतुप, रूक्ष, कर्कश, बोक्रो, शुष्क, चाम्रो, वलियो, पुष्ट; **ना.** एस्किमो कुकुर ।

hussy,-zzy (ह'जि) **ना.** वन्धकी, नखरमाउली, नकच्चरी, सुखाले, वरू्ुइ, चोथाले ।

hustings (ह'स्टिङ्ज़्) ना. चुनावको मंच, निर्वाचन कार्यक्रम ।

hustle (ह'स्ल्) क्रि. र ना. घिच्च्याउनु, चटारिनु, धच्च्याउनु, धक्का दिनु, हतार गर्नु; ना. हतार, आतुर, चटारो ।

hut (हट्) ना. कुटी, कुटीर, झुपडी, झुप्रो, छाप्रो, कटेरो, खोप्रो, पर्णशाला ।

hutch (हच्) ना. (खरायो राख्ने) खोर, वाकस ।

huzza (हुज़ा') वि. बो., क्रि. र ना. उल्लास, खुशीको बोली, जय ! हर्षनाद, वाहवाह, जयघोष, जयनाद ।

hyaline (हा'यलीन्) वि. काँचमय ।

hybrid (हाइ'ब्रिड्) ना. र वि. संकरजात, खमाज, मिश्रज, मिसौट, वर्णसंकर;—ism ना. मिश्रजनन;—ize क्रि. मिश्रजनन गर्नु, मिसाउनु, मिस्नु ।

hydrangea (हाइड्र्या'न्जा) हंसराज फूल ।

hydrant (हाइ'ड्रन्ट्) ना. कल, (सडकमा रहेको) धारा ।

hydrat/e (हाइ' ड्रेट्) क्रि. जल संयोजन गर्नु;—ion ना. जलसंयोजन; dehydration ना. जलवियोजन ।

hydraulic (हाइड्रॉ'लिक्) वि. र ना. जलप्रेरित, जलवाही;—s ना. चलज्जल विज्ञान;— -main ना. प्रधान जल ।

hydro—(हाइ'ड्रो—) उ.–जल,—elecric वि. जलविद्युत;—pathy ना. जलोपचार, जलचिकित्सा;—meter द्रवघनत्वमापक ।

hydrogen (हाइ'ड्रजेन्) ना. उद्जन, जलजन;—bomb ना. उद्जन बम ।

hydrophobia (हाइड्रोफो'बिया) ना. जलत्रास, (कुकुरको) बौलाहापन, बौलाहा रोग ।

hydrostatics (हाइड्रोस्टया'टिक्स्) ना. द्रवस्थिति विज्ञान ।

hydrous (हाइ'ड्रस्) वि. जलमय, जलपूर्ण ।

hyena (हाइ'ईना) ना. हुँडार (जातको जंगली पशु) ।

hygiene (हाइ'जीन्) ना. स्वास्थ्यविज्ञान, आरोग्य-शास्त्र, स्वास्थ्य नियम, चोखीनिती, सफा सुग्घर ।

hymn (हिम्) ना. भजन, स्तोत्र, स्तुतिगीत;— -book ना. भजनमाला ।

hyper—(हाइपर्—) उ. अति— ।

hyperbol/a (हाइप'बोला) अति परवलय;—ic वि. अति परवलीय ।

hyperbole (हाइपर्'बोलि) ना. अत्युक्ति, अतिशयोक्ति ।

hyper critical (हाइपर्क्रि'टिकल्) ना. अति (सूक्ष्म) छिद्रान्वेषी, (सानू सानू कुरामा) निहुँ खोज्ने, कडा समालोचक ।

hypertension (हाइपर्टे'न्शन्) ना. अति वढता रक्तचाप, अधिक रक्तचाप ।

hypertrophy (हाइपर्'ट्रफि) ना. अति पुष्टिद्वारा अवयवको वृद्धि ।

hyphen (हाइ'फेन्) ना. योजक, संयोग चिन्ह, संघट्ट, संकेत "—";—ate क्रि. जोड्नु, "—" ले ।

hypno—(हिप्नो'–) उ. निद्रा;—logy ना. निद्राशास्त्र ।

hypno/sis (हिप्नो'सिस्) ना. मोहनिद्रा, कृत्रिम निद्रा;—tic वि. सुषुप्तिजनक, निद्राकारक, मोह गराउने;–tism ना. मोहावस्था, मोहनिद्रा;—tist ना. मोहनिद्राकारक ।

hypo –(हाइ'पो—) उ. न्यून—; hypo (फोटो) हाइपो ।

hypochondria (हाइपोकॅ'न्ड्रिया) ना. विकृत विषाद (कि कारणरहित किंवा अनावश्यक स्वास्थ्यसंवन्धी चिन्ताद्वारा) रोगशंका;—c ना. त्यस्तो व्यक्ति, रोगशंकित ।

hypocrisy (हिपॅ'क्रिसि) ना. दम्भ, मिथ्या धर्म, कपट धर्म, लोकाचार, चेप्र्याइँ, विडम्बना, आडम्बर ।

hypocrit/e (हि'पक्रिट्) ना. दाम्भिक, स्वाँगी, लोकाचारे, कपटी, धर्मध्वजी, ध्वजिक, छद्मवेशी, पाखण्डी, धज्जीवाल, आडम्बरी, वकुल्लाभगत;—ical वि. चेपारे ।

hypodermic (हाइपोड'र्मिक्) वि. अन्तर्त्वचा, त्वचान्तर्गत;—needle त्वचान्तर्गत सियो ।

hypotension (हाइपोटेन्'श्न्) ना. न्यून रक्तचाप ।

hypotenuse (हाइपो'टेन्यूज़्) ना. कर्ण ।

hypothec (हाइ'पोथेक्) ना. कानूनी सुरक्षा;—ate क्रि. वन्धक राख्नु, पण गर्नु;—ation ना. रखाइ, राख्नु, दृष्टिवन्धक ।

hypothe/sis (हाइपो'थेसिस्) ना. (व.व.–theses) प्रतिज्ञा, अनुमान, कल्पना;—size क्रि. अनुमान गर्नु;—tic वि. काल्पनिक ।

hysteria (हिस्टे'रिआ) ना. उन्माद, विकृत उत्तेजना ।

hys teric (हिस्टे'रिक्), **hysterical** (हिस्टे'रिकल्) वि. उन्मादयुक्त, विकृतभावनायुक्त, (व. व.) मूर्छा ।

hystero—(हिस्टेरो—) उ. गर्भ–;—logy ना. गर्भविज्ञान;—tomy ना. गर्भच्छेदन ।

I

I, i (आइ) स.ना. (व.व. Is, I's) म, अहम् ।

ibidem (इबाइ'डेम्) (छो.क. ibid) क्रि. वि. उही पुस्तक, अध्याय, पृष्ठ, इ०मा; ऐजन, ऐ. ।

ibis (आइ'बिस्) ना. साँवरी चरा ।

ice (आइस्) ना. र क्रि. बरफ, ठाँटो, हिउँ; क्रि. जम्नु, हिउँले छोप्नु, (पागले मिठाई) छोप्नु; break the— शुरू गर्नु; dry--सुखा हिउँ; thin— खतरनाक अवस्था;—box रेफ्रिजरेटर;—cream आइसक्रीम;—berg ना. (समुद्रमा उत्रने) हिउँको थुप्रो, हिमशिला; भावरहित व्यक्ति ।

ichor (आइ'कॅर्) ना. दैवीय रक्त, अमृत, रस ।

icicle (आइ'सिक्ल्) **ना.** (पानीको थोपा थोपा जमेर वनेको) लामो चुच्चे हिउँ ।

icing (आइ'सिङ्) **ना.** केक, मिठाईमा माथि राखिने चीनी, पागको पाप्रा; वायुयानमा जम्ने हिउँ ।

icon (आइ'कॅन्) **ना.** मूर्ति, प्रतिमा;—oclast **ना.** मूर्तिभञ्जक, भंगरभाउले ।

icy (आइ'सि) **वि.** वरफिलो, अति ठण्डा ।

idea (आइ'डिया) **ना.** भाव, कल्पना, तर्कना, जोखना, विचार, धारणा, धत, हेक्का, भान, प्रतीति, सूर, सूझ, अत्तोपत्तो, समझ, अकल, गम, तर्क, चिन्तन ।

ideal (आइ'डियल्) **वि.** आदर्श, मानसिक, काल्पनिक;—ism **ना.** आदर्शवाद ।

idee fixe (इडे'फीक्स) **ना.** सनक, धून, ध्याउन्ना, रटना, जोरदार (नछुट्ने) भावना, एक विषयासक्ति ।

idem (इडेम्) **ना.** र **क्रि. वि.** (छो. क. id.) उही ग्रन्थकारमा; उही शब्द; ऐजन ।

identic (आइडे'न्टिक्) **वि.** उही;—note (कूटनैतिक) विभिन्न राष्ट्रलाई पठाइने एकै वेहोराको लेख;—al **वि.** उही, समान, सर्वथा सम, अनन्य, हूवहू ।

identif/y (आइडे'न्टिफाइ) **क्रि.** चिन्नु, ठम्याउनु, सनाखत गर्नु;—ication **ना.** सनाखत, पहिचान ।

identity (आइडे'न्टिटि) **ना.** व्यक्तित्व, तादात्म्य, एकात्म, हुलिया, परिचय ।

ideology (इडिओ'लॅजि) **ना.** विचारविज्ञान, काल्पनिक अन्वेषण, विचारधारा ।

id est (इड् एस्ट्) छो. क. i. e.—अर्थात् ।

idiocy (इ'डिअसि) **ना.** मूढता, जाड्य ।

idiom (इ'डिअम्) **ना.** वाक् पद्धति, वाग्व्यवहार;—atic **वि.** ठेठ, वोलचाली, अमिश्रित, चोखो ।

idiosyncrasy (इडिओसिन्'क्रेसि) **ना.** देह स्वभाव, लहड, सनक, बौलट्टी ।

idiot (इ'डिअट्) **ना.** लट्ठक, हरिलट्ठक, सण्ठ, वज्रठिंगे, लठरो, हलम्वू, स्वाँठ, लम्फू, लाभ्रे, लाफे, वेसमझ, नासमझ, बुद्धू, अर्ध सिल्ली, मूढ, जड, भुच्चड;—ic **वि.** जड, मूढ ।

idle (आइ'ड्ल्) **वि.** र **क्रि.** अल्छी, लोते, अलस, फाँकट, वेजाँगरी, सूम, अलमस्ती, अलपत्र, निरुद्योगी, निष्प्रयोजन, लोसो; **क्रि.** अल्छी गर्नु, लोसिनु, अलसाउनु, लर्खरिनु, निद्राउनु, निंच मार्नु;—talk **ना.** गफ, फोस्रो, फोकट कुरा;—ness **ना.** आलस्य, अनुद्योगित्व ।

Ido (ई'डो) **ना.** ईडो, कृत्रिम भापा ।

idol (आइ'डल्) **ना.** मूर्ति, प्रतिमा, आराध्य देवता, मष्टो, ज्यूचिंडी;—ater **ना.** मूर्तिपूजक;—ize **क्रि.** पूजा गर्नु, आराधना गर्नु, अति प्यारो गर्नु ।

idyll (आइ'डिल्) **ना.** पद्य वा गद्यमा कुनै चित्रमय, मनोरम घटना वा दृश्यको वर्णन (खा.ग. ग्राम्य जीवनमा) ।

if (इफ्) **उ.** यदि, शायद, केही गरी, कसै, कदाचित् ।

igloo (इ'ग्लू) **ना.** एस्किमो जातिको हिउँले वनेको गुम्वजदार घर, इग्लू ।

igneous (इ'ग्नियस्) **वि.** आग्नेय, अग्निमत, ज्वालामुखी हेतु वा कर्तृत्ववाट वनेको ।

ignis fatuus (इग्'निस् फ्याट्यूअस्) **ना.** राँके भूत, भ्रमपूर्ण आशा वा लाभ ।

igni/te (इग्नाइ'ट्) **क्रि.** सल्काउनु, जलाउनु, वाल्नु;—tion **ना.** इन्धन;—temperature **ना.** ज्वलनांक ।

ignoble (इग्नो'ब्ल्) **वि.** अकुलीन, नीच, जँरे, छुसी, हीन, लज्जाकर ।

ignominy (इ'ग्नमिनि) **ना.** वेइज्जत, कलंक, अपमान, तिरस्कार ।

ignoramus (इग्नरे'मस्) **ना.** (व.व.–es) अज्ञ, अज्ञानी, मूर्ख ।

ignoran/ce (इ'ग्नरेन्स्) **ना.** अज्ञान, अविद्या;—t **वि.** अज्ञानी, अवोध, निर्बुद्धि, अबूझ, नजान्ने, अपढ, लाटो-सुधो ।

ignore (इग्नोअर्) **क्रि.** अवज्ञा, उपेक्षा गर्नु, नगन्नु, अवहेलन गर्नु, हेप्नु, नटेर्नु, भाउ नराख्नु, वास्ता नगर्नु, वेवास्ता गर्नु, हेलाँ गर्नु ।

iguana (इग्वा'ना) **ना.** ठूलो वन छेपारो (अमरिकाको) ।

iliac (इ'लिअ्याक्) **वि.** आन्त्रिक, ढाडको;—artery सो धमनी;—passion अवरोधको कारणले भएको पीडा ।

Iliad (इ'लियड्) **ना.** (ग्रीसको) इलियड महाकाव्य ।

ilium (इ'लिअम्) **ना.** (व.व.–ia) कटिको हाड ।

ilk (इल्क्) **वि.** उही, उही कुल, वंश ।

ill (इल्) **वि.**, **ना.** र **क्रि. वि.** रोगी, सिकिस्त, आतुर, विरामी, अस्वस्थ; **ना.** अपकार, विगार, वैगुन, द्रोह, कुभलो, अभलो, अमंगल; **क्रि. वि.** नराम्रोसँग;—advised कुसल्लाह पाएको, अपरीक्षित;—affected द्रोहवुद्धि, अहितैषी;—bred दुःशील;—breeding अविनय, दुर्वृत्ति;—conditioned दुर्गत, दुःस्थित;—dressed दुर्वास, कुप्रावृत;—fame अयश, अपकीर्ति, अकीर्ति;—fated अभागी;—favoured कुरूप;—fitted अयोग्य;—fitting विछन्द, छन्द न वन्दको;—gotten अन्यायोपार्जित;—grounded अमूलक;—judged अविचारित, अनालोचित;—judging अविवेकी, निर्विवेक;—luck अलच्छिन, दुर्भाग्य;—nature वक्रभाव, दुष्टयाइँ;—ness व्यथा, वेथा;—omened अनिष्टसूचक;—sounding कटु, विस्वर;—tempered कलहप्रिय, दुःशील;—timed अकालिक, अनवसर, वेमौकाको;—treat अपकार गर्नु, पीडा दिनु, दुर्व्यवहार गर्नु;—will द्वेष, रिस, डाह, द्रोह, वैमनस्य; bringer of ill-luck अलच्छिना; to be—थला पर्नु, थलिनु, रोगाउनु, विरामी, हुनु, ओछ्यान पर्नु, पथरा पर्नु ।

illa/tion (इले'इन्) **ना.** तर्क, अनुमान;—tive **वि.** आनुमानिक ।

illegal (इलली'गल्) **वि.** गैरकानूनी, वेजाता, अवैध, अन्याय्य;—ity **ना.** अव्यवस्था, अन्याय्यता ।

illegible (इल्लें'जिब्ल्) **वि.** अस्पष्टाक्षर, अस्पष्ट, पढ्न नसकिने ।

illegitima/te (इल्लेजि'टिमेट्) **वि.** अयोग्य, न्यायविरुद्ध, जारजात, ठम्याहा, वर्णसंकर, मठ्याहा, रूटकेलो, खोटो, ठिमाहा; —cy **ना.** वैजात्य, अनौरसत्व ।

illiberal (इल् लि'वरल्) **वि.** अनुदार, कृपण, अदानशील ।

illicit (इल् लि'सिट्) **वि.** गैरकानूनी, अवैध, घोषित, निषिद्ध, रोका भएको, न्यायविरुद्ध ।

illimitable (इल्लि'मिटेब्ल्) **वि.** असीम, अनन्त, निरवधि, वेहद ।

illiterate (इल्लि'टरेट्) **वि.** निरक्षर, अशिक्षित, अपढ, अपठित, निस्पट्ट ।

illness (इल्'नेस्) **ना.** रोग, विमारी, वेथा, व्याधि ।

illogical (इल्लॅ'जिकल्) **वि.** अतार्किक, अयुक्तिसिद्ध;—conclusion **ना.** अपसिद्धान्त ।

illumina/te (इलू'मिनेट्) **क्रि.** उज्यालो पार्नु, प्रदीप्त गर्नु;—tion **ना.** प्रदीप्ति, उज्ज्वलन, उद्भासन, वत्ती वाल्नु, दीपमाला ।

illumine (इलू (ल्यू) मिन्) **क्रि.** उज्यालो पार्नु, प्रवुद्ध, हुनु, चम्काउनु, टल्काउनु, प्रदीपन गर्नु ।

illu/sion (इलू'जन्) **ना.** माया, भ्रम, इन्द्रजाल, छल, चटक;—ist **ना.** चटकवाज;—sive **वि.** अलीक, ऐन्द्रजालिक; मोहमय;—sory **वि.** मायिक ।

illustra/te (इ'लस्ट्रेट्) **क्रि.** स्पष्ट गर्नु, व्याख्या गर्नु, उदाहरणले स्पष्ट गर्नु, चित्र इ० ले स्पष्ट गर्नु, वताउनु, चित्रित गर्नु, (पुस्तक इ० मा) चित्र हाल्नु;—tion **ना.** उदाहरण, चित्र, तस्वीर, उपमा ।

illustrative (इलस्'ट्रेटिभ्) **वि.** प्रकाशक, दृष्टांतिक ।

illustrator (इ'लस्ट्रेटर्) **ना.** चित्री, चित्रलेखक, चित्रशिल्पी ।

illustrious (इलस्'ट्रियस्) **वि.** प्रख्यात, प्रसिद्ध, विशिष्ट, महत्वपूर्ण, उत्कृष्ट ।

image (इ'मेज्) **ना.** र **क्रि.** मूर्ति, छाया, प्रतिमा, आकार, विम्व, प्रतिरूप; **क्रि.** प्रतिविम्वित गर्नु, चित्रित गर्नु, कल्पना गर्नु, वर्णन गर्नु ।

imagery (इ'मिजरि) **ना.** मूर्ति, प्रतिमाहरू, चित्रपूर्ण व्याख्या, भावना ।

imagin/e (इम्या'जिन्) **क्रि.** कल्पना गर्नु, विचार गर्नु, चिताउनु, अनुमान गर्नु, मान्नु, मगजमा लिनु;—ary **वि.** मनचिन्ते, कल्पित, मनगढन्त, कपोलकल्पित, प्रतिभासिक;—ation **ना.** भावना, कल्पना, वासना, संकल्प;—ative **वि.** कल्पनाशील, कल्पक, विभावक ।

imagist (इ'मेजिस्ट्) **ना.** मूर्तिवादी (अर्वाचीन कविगोष्ठी) ।

imbalance (इम्ब्या'लेन्स) **ना.** असमतोलन, अतुल्यता, असमान भारता ।

imbecil/e (इम्बे'सील्,—साइल्) **ना.** र **क्रि.** अल्पमति, क्षीणवल, होस्ल्याइँ, पागल, मूढ, लाटो;—ity **ना.** नासमझी, मूर्खता ।

imbibe (इम्वाइव्') **क्रि.** पिउनु, सास फेर्नु, तन्क्याउनु, धोक्नु, सोस्नु ।

imbricate (ईम्'ब्रिकेट्) **क्रि.** तहमा राख्नु (उ० माछाको कत्ला, छानाको टाइल) ।

imbroglio (इम्ब्रो'ल्यो) **ना.** (व. व. –s) थुप्रो, भडखारो, खलवल, कचिंगल, संग्राली, जटिल परिस्थिति, भुंग्रालो, तुलकलाम ।

imbue (इम्व्यू') **क्रि.** रंगाउनु, प्रेरणा दिनु, भरिनु, परिपूर्ण गर्नु;—d **वि.** ओतप्रोत ।

imbrue (इम्ब्रू) **क्रि.** टाटो पर्नु, लाग्नु, रँगाउनु (तरवार, हात, इ० रगतले) ।

imita/te (इ'मिटेट्) **क्रि.** देखासिकी, नकल गर्नु, पार लाउनु, अनुकरण गर्नु;—tive **वि.** अनुकरणशील;—tion **ना.** विडंबना; लहैलहै, नकल, अनुकरण, servile—tion भेडियाधसान ।

immaculate (इम्या'क्यूलेट्) **वि.** शुद्ध, पवित्र, वेदाग, निर्दोष (खा. ग.—conception शुद्ध गर्भधारण) ।

immanent (इ'मनेन्ट्) **वि.** अन्तर्भव. अन्तरस्थ, भित्री ।

immateral (इम्मटे'रियल) **वि.** अमूर्त, निरवयव, अशरीरी, निष्प्रयोजनको, निरर्थक ।

immature (इम्मट्यूर') **वि.** काँचो, अपरिपक्व, असिद्ध, अप्राप्तकाल, असम्पूर्णकाल ।

immeasurable (इम्मे'झरेब्ल्) **वि.** अमेय, अमित, अपरिमित, अपरिमाण ।

immediacy (इमी'डिएसी) **ना.** तत्क्षणता, तत्कालता;—sense of—तदारुखता ।

immediate (इमी'डिएट्) **वि.** सँगै, जोडिएको, सोझो, नजीकको, निकटतम, तुरून्त गर्नुपर्ने, तत्क्षणात्, तत्काल;—ly **क्रि. वि.** तुरून्त, यसै वखत, उसै वखत, मात्र, साथ, उत्निखेर, लगत्तै, फौरन, तत्क्षण ।

immemorial (इम्मेमो'रियल्) **वि.** अस्मार्त, अति प्राचीन, स्मरणातिक्रान्त;—time परापूर्व ।

immens/e (इमेन्स्') **वि.** वृहत्काय, वडेमान, महत्, वृहत्, —ity **ना.** अपरिमाणत्व, अनन्तता, अनन्तत्व, अमितता ।

immers/e (इमर्स्) **क्रि.** डुव्नु, डुवाउनु, गाड्नु, चोपल्नु, ओतप्रोत हुनु;—ed **वि.** तल्लीन, चुर्लुम्म;—ion **ना.** निमज्जन ।

immi/grate (इ'मिग्रेट्) **क्रि.** (वाहिरवाट) देशमा वसाइँ सर्नु, वास गर्न आउनु;—grant **ना.** आगन्तुक, आउने व्यक्ति;—gration **ना.** अध्यागमन ।

imminent (इ'मिनेन्ट्) **वि.** आसन्न, निकटवर्ती, हुन आँटेको (खा. ग. विपत) ।

immiscible (इम्मि'सिब्ल्) **वि.** अमिश्रणीय ।

immitigable (इम्मि'टिगेब्ल्) **वि.** टार्न नसकिने, मृदु गर्न नसकिने ।

immixture (इम्मिक्स्'चर्) ना. मिश्रण, मुछिएको हुनु ।

immobi/le (इम्मो'विल्) वि. हल न चल, अचल, स्थिर, निश्चल, अखट्ट, अडिग, स्थावर;—lity ना. नैश्चल्य, डेग नचल्नु ।

immobilize (इम्मो'विलाइज्) क्रि. स्थिर गराउनु, (सवारी, सेना) सार्न नसक्ने गराउनु, (दाम) चल्तीवाट हटाउनु ।

immoderate (इम्मॅ'डरेट्) वि. अति, अतिशय, ज्यादा, अचाक्ली, असाध्य;—ly क्रि. वि. वेफूङ्म्मँग ।

immodest (इम्मॅ'डेस्ट्) वि. निर्लज्ज, अश्लील, अग्रसर, ढीठ, लज्जाशून्य, लज्जाहीन ।

immolate (इ'मलेट्) क्रि. वलिदान गर्नु, छप्काउनु ।

immoral (इम्मॅ'रल्) वि. अनैतिक, व्यभिचारी, व्यसनी ;—ity ना. दुराचार, अधर्म, दुश्चरित्र, अनाचार ।

immortal (इमॅ'र्टल्) वि. अजम्मरी, चिरञ्जीवी, अजरामर, अमर, मृत्युरहित, अविनाशी;—ity ना. अमरत्व, नित्यता, आनंत्य;—ize क्रि. अमर वनाउनु, अमरीकरण;—ly क्रि. वि. अनन्तसम्म; (वो. चा.) अति, ज्यादै ।

immortelle (इमॅर्टेल्') ना. मखमली फूल; कागत जस्तो नवैलाउने, सुकेपछि पनि रंग र आकार जस्ताको तस्तै रहने फूलको प्रकार ।

immovable (इम्मू'भेब्ल्) वि. अचल, अटल, स्थिर, दृढ, अडिग, टक्कर खाएको ।

immu/ne (इम्यून्') वि. र क्रि. मुक्त, रक्षित, सुरक्षित, थेत्तरो; क्रि. (विष, संक्रामक रोग, इ० वाट) रक्षित रहनु, गराउनु; —nity ना. राहित्य छुटकारा, सुरक्षा, रोग चमता शक्ति; —nise (immunize) को रोगक्षमताशक्ति दिनु, सुरक्षा प्रदान गर्नु ।

immure (इम्योर्') क्रि. र वि. । थुन्नु, वन्द गर्नु, कारावासमा थुन्नु, जेल हाल्नु, जाक्नु ।

immutable (इम्म्यू'टेब्ल्) वि. अव्यय, निर्विकार, नित्य ।

imp (इम्प्) ना. शैतानपुत्र, पिशाच, भूत, प्रेत ।

impact (इम्'प्याक्ट्) ना. र क्रि. संघात, ठक्कर, समाघात; क्रि. दवाउनु, जड्नु ।

impair (इम्पेय्र्') क्रि. विगार्नु, कमजोर पार्नु;—ment ना. विगार, ह्रास, अपचय, भडखारो ।

impale (इम्पेल्') क्रि. शूली चढाउनु, घोच्नु, गोप्नु, घोप्नु, झिर्नु, सुइन्याउनु, सिउरनु ।

impalpable (इम्प्याल्'पेब्ल्) वि. अस्पृश्य, इन्द्रियगोचर, अग्राह्य ।

impart (इम्पार्ट्') क्रि. भाग दिनु, दिनु (समाचार इ०) ।

impartial (इम्पा'र्शल्) वि. निष्पक्ष, उदासीन, सम, सर्वसम;—ity ना. अपक्षपात, समता । ।

impartible (इम्पा'टिब्ल्') वि. (जेथाको) अंश नलाग्ने, भाग नलाग्ने, अवण्डा ।

impassable (इम्पा'सेब्ल्) वि. अगम्य, दुस्तर, वारपार गर्न नसकिने ।

impasse (ऑपास्') ना. वन्द सडक, निरुपाय अवस्था, कठिन समस्या ।

impassible (इम्प्या'सिब्ल्) वि. अचेतन, भावनाविना, दुःखपर ।

impassion (इम्प्या'शन्) क्रि. इन्द्रियहरू उत्तेजित गराउनु, जोश चढाउनु ।

impassive (इम्प्या' सिभ्) वि. भावरहित, विना भावनाको, अचेत, शान्त, मनोविकारविना ।

impatient (इम्पे'शण्ट्) वि. व्यग्र, सोत्कण्ठ, हतपते, हडवडे, अधीर ।

impeach (इम्पीच्') क्रि. राजद्रोहको अभियोग लगाउनु, वात लाउनु, दोष लाउनु, होच्याउनु;—ment ना. अभियोग, राजद्रोहको अभियोग र कारवाई ।

impeccable (इम्पे'केब्ल्) वि. अपाप, निर्दोष ।

impecunious (इम्पेक्यू'नियस्) वि. दरिद्र, अकिंचन, निर्धन, विना पैसा ।

impede (इम्पीड्') क्रि. छेक्नु, रोक्नु, निरोध गर्नु, सेल्नु, फिसोल्नु, अल्लार्नु, अलमल्याउनु ।

impedi/ment (इम्पे'डिमेण्ट्) ना. अवरोध, अल्झो, झमेला, अलमल, रूमलो, वाधा, भकभक; (व. व. ल्या०—a पनि) गुण्टा भारी (खा. ग. फौजको);—tive विघ्नकारी ।

impel (इम्पेल्') क्रि. (-ll-), घचेट्नु, गर्दन्याउनु, घोक्र्याउनु, प्रेरित हुनु, तातो लाउनु, हाँक्नु, डोराउनु, ठोस्नु;—lent वि. प्रचोदक, प्रेरक ।

impend (इम्पेण्ड्') क्रि. लट्कनु, झुण्डिनु, (खतरासँग) झुण्डिनु, आसन्न हुनु;—ing वि. आसन्न, आगामी ।

impenetra/ble (इम्पे'नेट्रेब्ल्) वि. अभेद्य, अच्छेद्य, अप्रवेश्य, गहन, छिचोल्न नसकिने, दुर्गम;—te क्रि. धस्सिनु, गहिरोसँग घुस्नु ।

impeniten/t (इम्पे'निटेण्ट्) वि. अननुतापी, पश्चात्तापहीन, खेदहीन;—ce ना. अननुताप, अखेद ।

imperative (इम्पे'रेटिभ्) वि. आज्ञापक, अनिवार्य, जरूरी, अनतिक्रमणीय, आवश्यक ।

imperator (इम्परे'टर) ना. सम्राट्, सेनानायक ।

imperceptible (इम्पर्से'प्टिब्ल्) वि. अव्यक्त, अगोचर, अगम्य, सूक्ष्म, अति थोरै, क्रमिक ।

imperfect (इम्प'र्फेक्ट्) वि. अपूर्ण, दोषयुक्त;—ion ना. दोष, न्यूनता, कलङ्क, त्रुटि ।

imperforate (इम्पर्'फोरेट्) वि. नीरंध्र, अच्छिद्र ।

imperial (इम्पे'रियअल्) वि. साम्राज्यको, सम्राटको;—ism ना. साम्राज्यवाद;—ist ना. साम्राज्यवादी, सम्राट्को अनुचर ।

imperil (इम्पे'रिल्) क्रि. (-ll-) खतरामा पार्नु, संकटमा पार्नु, जोखिममा पार्नु ।

imperious (इम्पे'रियअस्) वि. दर्पी, उद्धत, अहंकारी, उद्दण्ड, हुकुमी, जरूरी, आज्ञापक ।

imperishable (इम्पे'रिशेब्ल्) वि. अविनाशी, अक्षय ।

imperium (इम्पे'रियअम्) ना. अनियंत्रित शक्ति, साम्राज्य ।

impermanent (इम्पअ्र्'मनेण्ट्) **वि.** अस्थायी, क्षणभङ्गुर ।

impermeable (इम्पेअ्र्'मिएब्ल्) **वि.** अनतिवेध्य, अप्रवेश्य, अभेद्य ।

impermissible (इम्पर्मि'सिब्ल्) **वि.** आज्ञा पाउन नसकिने, अग्राह्य ।

impersonal (इम्प'र्सनल्) **वि.** अकर्तृक, अकर्तृवाच्य, भाववाच्य, अनात्मीय ।

impersonate (इम्प'र्सनेट्) **क्रि.** अरूको रूप लिनु, भेष वदल्नु, नकल गर्नु ।

impertinen/t (इम्पअ्र्'टिनेण्ट्) **वि.** अप्रासङ्गिक, धृष्ट, परचर्चाशील, अटेरी, मुखाले, उत्तरदायक, चोथाले, ठर्रो, मुखजोड़, वढ़ता, वढ़ेको;—ce **ना.** प्रागल्भ्य, अविनय, अशिष्टता ।

imperturbable (इम्पर्टर्'वेब्ल्) **वि.** अक्षोभ्य, समवृत्त, समवुद्धि, शान्त ।

impervious (इम्पर्'भियस्) **वि.** दुर्भेद्य, अभेद्य, अच्छेद्य ।

impetigo (इम्पेटाइ'गो) **ना.** चर्मरोग, छालाको फोडासहित संक्रामक रोग, इम्पेटाइगो ।

impetuous (इम्पे'ट्यूअस्) **वि.** जोशिलो, उग्र, प्रवल, वेगवान, तीक्ष्ण, सन्क्याहा, चण्ड;—ity **ना.** वेग, जोश ।

impetus (इम्'पेटस्) **ना.** (व. व.–es) प्रेरणा, गतिशक्ति, संवेग, जोड़ ।

impiety (इम्पाइ'एटि) **ना.** अधर्म, पाप ।

impinge (इम्पिन्ज्') **क्रि.** संघात, ठोकिनु, टक्कर लाग्नु ।

impious (इम्'पिअस्) **वि.** अधार्मिक अधर्म्य, पापी, दुष्ट, असाधु ।

impish (इम्'पिश्) **वि.** भूत झैं, वेताल झैं, ठट्टावाज, जिस्क्याहा ।

implacable (इम्प्ल्याकेब्ल्) **वि.** अशाम्य, अतोषणीय, अप्रसाद्य, नफुलिने ।

implant (इम्प्लाण्ट्') **क्रि.** रोप्नु, घुसाउनु ।

implement (इम्'प्लिमेन्ट्) **ना.** र **क्रि.** साधन, सामग्री, उपकरण, साज, औजार, यन्त्र; कार्यान्वय; **क्रि.** पूरा गर्नु, भर्नु, थप्नु, चरितार्थ गर्नु ।

implicat/e (इम्'प्लिकेट्) **क्रि.** मुछ्नु, वोर्नु, सामेल हुनु, सरीक गराउनु, हात हुनु, छूत हुनु, सरोवर गर्नु;—ion **ना.** सम्वन्ध, संसर्ग, सूचना, व्यञ्जन, संकेत ।

implicit (इम्प्लि'सिट्) **वि.** अस्पष्ट, सूचित, अव्यक्त;—ly **क्रि.** वि. असंशयपूर्ण ।

implore (इम्प्लोअ्र्') **क्रि.** आग्रहसाथ प्रार्थना गर्नु, विन्ति गर्नु ।

impl/y (इम्प्लाइ') **क्रि.** सूचना गर्नु, व्यञ्जना गर्नु, अप्रत्यक्ष रूपले भन्नु, मतलव, वक्रोक्ति गर्नु;—ied वि. गर्भित ।

impolite (इ'म्पोलाइट्) **वि.** (-est) अशिष्ट, असभ्य, ग्राम्य, दुःशील ।

impolitic (इम्पॅ'लिटिक्) **वि.** अनीतिज्ञ, अनुपयुक्त ।

imponderable (इम्पॅन्'डरेब्ल्) **वि.** अगुरु, लघु, निर्भार, अनुमान गर्न नसकिने, भारहीन ।

import (इम्पोअ्र्ट्') **ना.** र **क्रि.** पैठारी, आयात; अर्थ, मतलव, महत्व; **क्रि.** प्रकट गर्नु, मतलव गर्नु ।

importan/ce (इम्पोअ्र्'टयान्स्) **ना.** महत्व, गिन्ती, प्रतिष्ठा, आत्मीय गौरव, दम्भ, (खा० ग० आत्म महत्व) धाक रवाफ, रोव, धाक;—t **वि.** गहकिलो, खँदिलो, महत्वपूर्ण, ठूलो, प्रभावशाली ।

importun/ate (इम्पअ्र्'ट्यूनेट्) **वि.** अतियाचक, लिचडो, घिङ्न्याहा, घिडघिडो, आग्रही, मरिमेटाहा, हत्तेहाला;—ity **ना.** झिझो, अति प्रार्थना, पीर-पिराउ; **क्रि.** पिरोल्नु, हत्तेहाल्नु, पिर्नु, धुनचक्कर गर्नु, झिझ्याउनु, घिरी काट्नु, किचकिच गर्नु ।

impos/e (इम्पोज़्') **क्रि.** निक्षेप, आरोप गर्नु, लाउनु, लगाउनु, ठग्नु, भिडाउनु, प्रभाव पार्नु, झुक्याउनु;—ing **वि.** प्रभावशाली, रोवदार;—iton **ना.** कर, शुल्क, तिरो, छल, वढ़ी ।

impossible (इम्पॅ'सिब्ल्) **वि.** असम्भव, कठिन, असाध्य, असुविधाजनक, असह्य, दारुण, दुराचारी, अचाक्ली ।

impost (इम्'पोस्ट्) **ना.** अन्तःशुल्क ।

impost/or (इम्पॅस्'टर्) **ना.** वञ्चक, प्रतारक, धर्मध्वजी, ठग, छली, छद्मवेशी;–ure **ना.** छल, ठगी, पाखण्ड, विडम्वना ।

impoten/t (इम्प'टेण्ट्) **वि.** शक्तिहीन, असहाय, खिएको, (वुढयाइँ र कमजोरीले) दुर्वल (भएको), नपुंसक, क्लीव;—cy **ना.** नपुंसकत्व ।

impound (इम्पाउण्ड्') **क्रि.** (वस्तु) काञ्जी हाउसमा थुन्नु, थुन्नु, रोक्का गर्नु, जफत गर्नु ।

impoverish (इम्पॅ'भरिश्) **क्रि.** निर्धन वनाउनु, कंगाल गराउनु, क्षीण वनाउनु, अखर्च्याउनु ।

impracticable (इम्प्र्या'क्टिकेब्ल्) **वि.** असाध्य, अशक्य, अव्यावहारिक, दुष्कर ।

imprecat/e (इम्'प्रिकेट्) **क्रि.** अभिशाप गर्नु, सराप दिनु, सराप्नु, गाली गर्नु;—ion **ना.** शराप, शाप ।

impregnable (इम्प्रेग्'नेब्ल्) **वि.** अजय्य, अलंघ्य, दुर्जय, दुराक्रम्य, अगम्य ।

impregnat/e (इम्प्रेग्'नेट्) **क्रि.** गर्भधारण गराउनु, पेट वोकाउनु, भर्नु, प्रेरणा दिनु, अतिसिक्त पार्नु;—ion **ना.** प्रजन, प्रजनन ।

impresario (इम्प्रेसा'रिओ) **ना.** (व.व.–s) आयोजक (खा.ग. मनोरञ्जनका साधन, संगीत नाटक इ० को) ।

impress (इ'म्प्रेस्) **ना.** र **क्रि.** छाप, मुद्रा, चिन्ह; **क्रि.** धाक लाउनु, उतार्नु, छाप लाउनु, प्रभाव पार्नु, जोर लाउनु, फौजमा करले भर्ना गर्नु;—ible **वि.** अंक्य, अंकनीय ।

impression (इम्प्रे'शन्) **ना.** छाप, चित्त संस्कार, अनुभव, प्रभाव, झझल्को, भान, भावना, अंकन ।

impressionable (इम्प्रे'शन्एब्ल्) **वि.** सहजै प्रभाव पर्ने, प्रभावग्राही, छाप लिने, छाप पर्ने ।

impressionism (इम्प्रे'शन्इज्म्) **ना.** (कलाशैली) विव-

रणपट्टि ध्यान नदिई सामान्य भाव प्रकट गर्ने रीति, प्रभाववाद ।

impressive (इम्प्रे'सिभ्) वि. प्रभावशाली, हृदयहारी, हृदयग्राही, चित्ताकर्षी ।

imprimis (इम्प्राइ'मिस्) क्रि. वि. पहिले, प्रथमतः ।

imprint (इ'म्प्रिण्ट्) ना. र क्रि. छाप, चिन्ह, मुद्रा ।

imprison (इम्प्रि'ज़्न्) क्रि. कैद हाल्नु, जेल हाल्नु, थुन्नु, जाक्नु, कारावास हाल्नु;—ment ना. बन्धन, पकडाइ ।

improbab/le (इम्प्रॅ'बेब्ल्) वि. अघटनीय, हुन नसक्ने, —ility ना. असंगति, अनुपत्ति ।

improbity (इम्प्रॅ'बिटि) ना. बेईमानी, दुष्टता, असति ।

impromptu (इम्प्रॅम्प्'ट्यू) क्रि. वि., ना. र वि. एकाएक, पूर्वचिन्तनविना, सरासर, विनाटिपोटको ।

improper (इम्प्रॅ'पर्) वि. बेठीक, गल्ती, अश्लील, नराम्रो, बेहिसाब, विषम, अनुचित, नचाहिंदो, नालायक, बेमनासीब, बेकाइदा ।

impropriety (इम्प्रोप्राइ'टि) ना. अनौचित्य, दुश्चरित, मर्यादातिक्रम, बेजाफ्ता, बेकाइदा, धाँधली, भाँडभैलो ।

improvable (इम्प्रू'भेब्ल्) वि. उन्नतिशील ।

improve (इम्प्रूभ्') क्रि. सपार्नु, सुध्रनु, सप्रनु, फेरिनु, तर लाउनु, फाइदा हुनु, उन्नति गर्नु;—ment ना. वृद्धि, उत्कर्ष, समुन्नति, आधिक्य, तरक्की, बेहत्तरी, सुधार, बढती, बढौती;—d वि. उन्नत ।

improvident (इम्प्रॅ'भिडेन्ट्) वि. अदूरदर्शी, अविवेकी, अमितव्ययी, फजूलखर्ची, असावधान ।

improvisator(e) (इम्प्रॅ'भिजेटर्, इम्प्रोभिजाटो'रे) सरासर संगीत बजाउने (विना पूर्वरचना), वादक ।

improvise (इम्प्रॅभाइज्' वा इम्'प्रभाइज़्) क्रि. विना पूर्वचिंतन (कविता, संगीत) रचना गर्ने, पाठ गर्ने; (त्यसरी) प्रस्तुत गर्नु, पेश गर्नु, टार्नु ।

impruden/t (इम्प्रू'डेण्ट्) वि. अविवेकी, निर्विवेकी, अबुद्धिपूर्ण, असावधान, अविज्ञ;—ce ना. अविचार, अविमर्श ।

impu/dent (इम्'प्यूडेण्ट्) वि. निर्लज्ज, धृष्ट, प्रगल्भ;—dicity ना. निर्लज्जता, अश्लीलता, लज्जाहीनता ।

impugn (इम्प्यून्') क्रि. प्रत्याख्यान गर्नु, विरोध गर्नु, निराकरण गर्नु ।

impuls/e (इम्'पल्स्) ना. संवेग, प्रेरणा, प्रचोदन, कारण, निमित्त;—ion ना. आघात, प्रक्षेप, घच्याड;—ive वि. आवेगशील, प्रवर्तक, धक्क्याउने, ख्वाट्ट गरिहाल्ने ।

impunity (इम्प्यू'निटि) ना. दण्डाभाव, दण्डमुक्ति, अक्षति, (विना) अपकार ।

impur/e (इम्'प्यूअर्) वि. मैलो, फोहोर, अशुद्धि, व्यभिचारी, बिटुलो, असति, दूषित, मिश्रित, मिसौटे;—ity ना. विकार, दोष, कालुष्य ।

imput/e (इम्प्यूट्) क्रि. दोष लगाउनु, कलङ्क लगाउनु;—ation ना. दोषारोप, आरोप, परिवाद, बिंगो, अत्तो, फरेब, अपटी ।

in (इन्) उ., क्रि. वि. र ना. उ–मा, भित्र, भित्री, अन्तर, अभ्यन्तर ।

inability (इनेबि'लिटि) ना. असामर्थ्य, अशक्ति, दौर्बल्य ।

inaccessible (इन्याक्से'सिब्ल्) वि. अगम्य, अगम, असमुपगम्य, अनकण्टार, दुर्गम, अगच ।

inaccurate (इन्‌अ्या'क्यूरेट्) अतथ्य, बेठीक ।

inacti/on (इन्‌अ्याक्'शन्) ना. अकाज, निष्क्रियता, ढीलोपन, जडता;—ve वि. निष्क्रिय, अलस, निरुद्यम ।

inadaptability (इन्‌अडयाप्टेबि'लिटि) ना. अमिल्दो, असंयोजनीय ।

inadequate (इन्‌अ्या'डिक्वेट्) वि. अपुग्दो, नपुग, अपर्याप्त, चानचुन, थोरै ।

inadhesive (इन्‌अड्ही'सिभ्) वि. नटाँसिने ।

inadmissible (इन्‌अड्मि'सिब्ल्) वि. अग्राह्य, (प्रमाण) नलाग्ने, अमान्य ।

inadverten/t (इन्‌अड्भेअर्'टेण्ट्) वि. असावधान, लापर्वाह, अजानमा;—ce,–cy ना. प्रमाद, भूल, अजान ।

inadvisable (इन्‌अड्भाइ'जेब्ल्) वि. अनुचित, अयोग्य ।

inalienable (इन्‌ऐलि'अनेब्ल्) वि. अविच्छेद्य, अपरिहार्य, छुट्न, झिक्न नसकिने ।

inalterable (इन्‌अॅल्'टरेब्ल्) वि. अपरिवर्तनीय, बदलिन नसकिने ।

inamorato,—ta (इन्यामरा'टो,–टा) ना. प्रेमी, प्रेयसी ।

inane (इनेन्') वि. शून्य, खाली, रित्तो, निःसार; the–e ना. शून्य, अन्तरिक्ष, आकाश;—ity रिक्तता, शून्य ।

inanimate (इन्या'निमेट्) वि. निर्जीव, अचेतन, प्राणहीन ।

inanition (इननि'श्न्) ना. रिक्तता (खा. ग. खाद्याभावले) ।

inappeasable (इन्‌अपी'जेब्ल्) वि. अतोष्य, तुष्ट नहुने ।

inapplicable (इन्‌अ्या'प्लिकेब्ल्) वि. नलाग्ने, अनुपयोज्य, लगाउन नसकिने ।

inapposite (इन्‌अ्या'पोजिट्) वि. असंगत, अमिल्दो, अप्रासंगिक ।

inappreciable (इन्‌अप्री'शेब्ल्) वि. अव्यक्त, नगण्य, अगण्य, अत्यल्प, क्षुद्र ।

inapprehensible (इन्‌अ्याप्रिहेन्'सिब्ल्) वि. अगम्य, इन्द्रियपर ।

inapprehensive (इन्‌अ्याप्रिहेन्'सिभ्) वि. निःशंक, विनाडर ।

inappropriate (इन्‌अप्रो'प्रिएट्) वि. अमिल्दो, बेमेलको, असंगत ।

inapt (इन्‌अ्याप्ट्') वि. अचतुर, असिपालु, नजान्ने, अयोग्य ।

inarticulate (इन्‌आर्टि'क्यूलेट्) वि. जोर्नी नभएको, अस्पष्ट, बेअर्थको, लाटो, बोल्न नसक्ने ।

inartificial (इन्‌आर्टिफि'शल्) वि. सहज, कलाकौशलमा कम, स्वाभाविक ।

inartistic (इन्आर्टिस्'टिक्) **वि.** कला सिद्धान्तको अननुकूल, असिपालु ।

inasmuch (इन्अज़्मच्) **क्रि. वि.** यसकारणले कि, यस्मात्, किनभने ।

inatten/tion (इन्अटेन्'श्न्) **ना.** अमनोयोग, अपेक्षा, अनादर;—tive **वि.** हुस्सू, असावधान ।

inaudible (इन्ऑ'डिब्ल्) **वि.** अश्राव्य, अकर्णगोचर, नसुनिने ।

inaugural (इन्ऑ'ग्यूरल्) **वि.** प्रतिष्ठापनीय, उद्घाटनसम्बन्धी ।

inaugurate (इन्ऑ'ग्यूरेट्) **क्रि.** (व्यक्तिलाई) पदमा आसीन गराउनु, उद्घाटन गर्नु, प्रतिष्ठापन गर्नु ।

inauspicious (इन्ऑस्पि'शस्) **वि.** अशुभ, अलच्छिनी, अफाप ।

inborn (इन्'बॅर्न्) **वि.** सहज, स्वभावज, नैसर्गिक, स्वाभाविक ।

inbre/d (इन्'ब्रेड्) **वि.** आन्तरिक, भित्री, स्वाभाविक, आफ्नै कुलमा जनित;—eding **ना.** नजीकको साइनोवालाबाट जनन (खा.ग. पशुहरूको) ।

incalculable (इन्क्याल्'क्यूलेब्ल्) **वि.** अगण्य, संख्यातीत, अमित ।

incandescent (इन्क्यान्डे'सण्ट्) **वि.** प्रज्वलित, उत्तप्त, अत्युष्ण, तापोज्ज्वल, तापदीप्त, रन्केको ।

incantation (इन्क्यान्टे'श्न्) **ना.** मंत्र, जादू, टूना, झारफूक ।

incapable (इन्के'पेब्ल्) **वि.** अयोग्य, अशक्त, नालायक, नादान ।

incapacitate (इन्कप्या'सिटेट्) **क्रि.** नालायक गराउनु, अयोग्य तुल्याउनु ।

incapacity (इन्कप्या'सिटी) **ना.** असामर्थ्य, (कानूनी) अयोग्यता ।

incarcera/te (इन्कार'सरेट्) **क्रि.** कैद गर्नु, थुन्नु;—tion **ना.** थुना, कारावास ।

incarnate (इन्काअ्र्'नेट्) **वि. र क्रि.** मूर्त, मूर्तिमत्, देहवत्, शरीरमा, (गुणको) दैहिक रूप; **क्रि.** मूर्तिमान गर्नु, देह दिनु; वास्तविक गराउनु; (गुण इ० को) मूर्तरूप बन्नु ।

incarnation (इन्कार्ने'श्न्) **ना.** अवतार, जुनि, चोला, अवतरण, औतार ।

incautious (इन्कॉ'शस्) **वि.** असावधान ।

incendiary (इन्सेन्'डिअरि) **वि. र ना.** गृहदाहक, उत्तेजक, भडकाउने;—bomb आगो लगाउने प्रकारको बम; **ना.** गृहदाह, आगो सल्काउने ।

incense (इन्'सेन्स्) **ना. र क्रि.** धूप, धूपन, प्रशंसा, चाटूक्ति; **क्रि.** धूप हाल्नु, झोक्काउनु, रिस उठाउनु ।

incensory (इन्'सेन्सरि) **ना.** धुपौरो ।

incentive (इन्सेन्'टिभ्) **वि. र ना.** उत्तेजक, उत्तेजनाको प्रवृत्ति भएको; **ना.** उत्तेजना, प्रेरणा, प्रोत्साहन, हेतु, उद्बोधन ।

inception (इन्सेप्'श्न्) **ना.** प्रारम्भ, शुरूआत, थाल्नी, सूत्रपांत ।

inceptive (इन्सेप्'टिभ्) **वि. र ना.** प्रारम्भ, प्राथमिक ।

incertitude (इन्सअ्र्'टिट्यूड्) **ना.** शंका, अनिर्णय, अनिश्चितता ।

incessant (इन्से'स्याण्ट्) **वि.** लगातार, अविरल, सतत, अनवरत, अविच्छिन्न ।

incest (इन्'सेस्ट्) **वि.** हाडनाता करणी, अगम्यागमन;—uous **वि.** अगम्यगामी, व्यभिचारी ।

inch (इञ्च) **ना. र क्रि.** नापको परिमाण, डेग, इञ्च; **क्रि.** थोरै थोरै बढ्नु; move an—डेग चल्नु ।

in charge (इन् चार्ज्) **वाक्य.** जिम्मावाला, कार्यवाहक ।

inchoate (इन्को'एट्) **वि. र क्रि.** भर्खर शुरू भएको, उपक्रान्त, अचिर प्रारम्भित; **क्रि.** शुरू गर्नु, सृजना गर्नु ।

incidence (इन्'सिडेन्स्) **ना.** आपतन, आयतन, संयोग, आघात ।

incident (इन्'सिडेण्ट्) **ना. र वि.** घटना, वारदात, आपतित;—al **वि.** अप्रधान, आकस्मिक, प्रासंगिक, कादाचित्क, कादाचित्की, अपरूट, भैपरिआउने;—charges भैपरिआउने, मसलन्द;—ally **क्रि. वि.** सोही प्रसंगमा ।

incinerat/e (इन्सि'नरेट्) **क्रि.** भस्म गर्नु, पोल्नु, खरानी बनाउनु;—or (लाश) पोल्ने (खा.ग. विजुलीको चिता), दाहक ।

incipient (इन्सि'पिएण्ट्) **वि.** प्रारम्भिक, शुरूको अवस्थामा, उपक्रान्त ।

incis/e (इन्साइज्') **क्रि.** काट्नु, छेदन गर्नु, खोद्नु;—ion **ना.** छेद, कर्तन, क्षत;—ive **वि.** काट्ने, छेड्ने, तीखो, तीक्ष्ण, धारिलो;—or **ना.** टोक्ने दाँत ।

incite (इन्साइट्') **क्रि.** उचाल्नु, पूठ दिनु, उक्साउनु, उकेरा लाउनु, सन्काउनु, ताउ दिनु;—ment **ना.** उत्तेजना, लहैलहै, पूठ ।

incivility (इन्सिभि'लिटि) **ना.** असभ्यता, अशिष्टता, ढीठ ।

inclement (इन्क्ले'मेण्ट्) **वि.** (मौसिम) कडा (खा.ग. जाडो या आँधीको), प्रचण्ड ।

inclination (इन्क्लिने'श्न्) **ना.** प्रवृत्ति, इच्छा, आनति, पतनशीलता ।

incline (इन्'क्लाइन्) **क्रि. र ना.** निहुराउनु, प्रवृत्त गर्नु, नुहुनु, रिझ्नु, झ्याम्मिनु, रत्तिनु, लहसिनु, पट्टि लाग्नु; **ना.** उकालो; ओह्रालो;—d **वि.** आनत ।

includ/e (इन्क्लूड्') **क्रि.** गाभ्नु, गाँज्नु, समेट्नु, समावेश गर्नु, खाप्नु, खाम्नु, शामेल रहनु, अन्तर्गत गर्नु;—ed **वि.** बीचको समाविष्ट;—ing लगायत ।

inclusi/on (इन्क्लू'ज़्न्) **ना.** समावेश, लगायत, गाभ्नु;—ve **वि.** व्यापक, परिग्राही, लगायत ।

incognito (इन्कॅग्'निटो) **वि. र ना.** (छो०; incog.) छद्मभेषमा, नाम लुकाएर, प्रच्छन्न, गुप्तरूपले ।

incognizable (इन्कॉग्'निजेब्ल्,–कनिज़ेब्ल्) **वि.** इन्द्रिय वा बुद्धिले ठम्याउन नसकिने, इन्द्रियपर, अगम्य ।

incogni/zant (इन्कग्'निज़ण्ट्) वि. अनभिज्ञ, अज्ञ;—zance **ना.** अप्रतिपत्ति ।

incoheren/t (इन्कोहिय्रे'ण्ट्) **वि.** असंगत, असंवद्ध, वेमेलको, नवुझिने;—ce **ना.** प्रलाप ।

incohesive (इन्कोही'सिभ्) **वि.** असंयुक्त ।

incombustible (इन्कम्वस्'टिब्ल्) **वि.** अदाह्य ।

income (इन्'कम्) **ना.** आमद, उपति, आयस्ता, आगता, प्राप्ति, उठती, आमदनी, आय, आगम, अर्थप्राप्ति;—-tax **ना.** आयकर ।

incoming (इन्'कमिङ्) **ना.** र **वि.** प्रवेश, आगमन; **वि.** उत्तर, आगामी, आउने ।

incommensurable (इन्कमेन्'शरेब्ल्) **वि.** असमान, असम परिमाण, अनियमित, अपर्याप्त ।

incommensurate (इन्कमेन्'शरेट्) अतुल्य, अपर्याप्त ।

incommode (इन्कमोड्') **क्रि.** तकलीफ दिनु, असुविधा गराउनु, चिढाउनु, वाधा दिनु ।

incommodious (इन्कमो'डिअस्) **वि.** असुविधाजनक, अनुपयुक्त, असल वास नहुने ।

incommunicable (इन्कम्यू'निकेब्ल्) **वि.** अकथ्य, अकथनीय ।

incommunicado (इन्कम्यूनिका'डो) **वि.** संचार साधन विना; (कैदीको) एकान्त कारावासमा, नजरवन्द ।

incommunicative (इन्कम्यू'निकेटिभ्) **वि.** नवोल्ने, मूक, मितभाषी ।

incompact (इन्कम्प्याक्ट्') **वि.** नकसिएको, खुकुलो ।

incomparable (इन्कम्'पेअ्रेब्ल्) **वि.** बेजोड, रोजा, अतुल, अनुपम ।

incompatib/le (इन्कम्प्या'टिब्ल्) **वि.** अननुरूप, उल्टो स्वभावको, विषम, प्रतिकूल;—ility **ना.** विषमता ।

incompeten/t (इन्कॅम्'पिटेण्ट्) **वि.** नालायक, योग्यता नपुग्ने, डाँगडुङ्गे, अक्षम;—ce **ना.** नालायकी, अयोग्यता ।

incomplete (इन्कम्प्लीट्') **वि.** अपूर्ण, अपुग, नपुग, अपूरो, अधूरो, असमाप्त, असमस्त ।

incomprehensible (इन्कम्प्रिहेन्'सिब्ल्) **वि.** नवुझिने, अज्ञेय, अगम्य, वोधातीत, इन्द्रियातीत, दुर्वोध्य ।

incompressib/le (इन्कम्प्रे'सिब्ल्) **वि.** असंपीडय;—ility **ना.** असंपीडयता ।

incomputable (इन्कम्प्यू'टेब्ल्) **वि.** गणना गर्न नसकिने।

inconceivable (इन्कन्सी'भेब्ल्) **वि.** विचार गर्न नसकिने, कल्पनातीत, वहुतै अद्भुत ।

inconclusive (इन्कन्क्लू'सिभ्) **वि.** अनिर्णायक, अधूरो ।

incondite (इन्कॅन्'डाइट्) **वि.** (साहित्यको) राम्रो रचना नभएको, भद्दा, असंस्कृत, अपरिष्कृत ।

inconformity (इन्कन्फअ्र्'मिटि) **ना.** विभिन्नता, असमानता ।

incongru/ous (इन्कॅ'ङ्ग्रुअस्) **वि.** असंगत, वेमेलको;—ity **ना.** अमेल, असंगति ।

inconsecutive (इन्कन्से'क्यूटिभ्) वि. अलगातार, क्रम नभएको ।

inconsequent (इन्कॅन्'सेक्वेण्ट्) वि. असंगत, स्वभावले नआउने, असंवद्ध, असंलग्न ।

inconsiderable (इन्कन्सी'डरेब्ल्) **वि.** नगण्य, क्षुद्र, थोरै, गन्नु नपर्ने, विचार नगरे पनि हुने, तुच्छ, फाउनेको ताउलो, वेगिन्तीको ।

inconsiderate (इन्कन्सी'डरेट्) **वि.** अविचारी, अविवेकी, विचारशून्य, असावधान, हतपते ।

inconsistent (इन्कन्सिस्'टेण्ट्) **वि.** असंगत, परस्पर विरोधी, विरुद्ध, असंवद्ध, वेमेल, वेसुरा, वाझिने ।

inconsolable (इन्कन्सो'लेब्ल्) **वि.** फुल्याउन नसकिने, शोकाकुल, असान्त्वनशील ।

inconsonant (इन्कॅन्'सन्याण्ट्) **वि.** असंगत, वेमेल, वेसुरा, वेताल ।

inconstant (इन्कॅन्'स्ट्याण्ट्) **वि.** चंचल, अस्थिर, चलचित्त ।

inconsumable (इन्कन्स्यू'मेब्ल्) **वि.** खपत नहुने, अदाह्य ।

incontestable (इन्कण्टेस्'टेब्ल्) **वि.** निर्विवाद, अप्रत्याख्येय, अकाट्य ।

incontinen/t (इन्कॅन्'टिनेण्ट्) **वि.** असंयत, अजितेन्द्रिय, आत्मसंयम नभएको (खा.ग. यौनिक प्रवृत्तिमा), रोक्न नसक्ने उ० मूत्र, वोली;—ce **ना.** असंयम, व्यभिचार, लांपट्य;—tly **क्रि. वि.** तुरुन्त, तत्काल ।

incontrovertible (इन्कॅन्ट्रभअ्र्'टिब्ल्) **वि.** अकाट्य, निर्विवाद, भित्ता पुऱ्याउने ।

inconvenien/ce (इन्कन्भी'निएन्स्) **ना.** असुविधा, दुःखावह, रुथाउलो, हैरानी, गाइजात्रा, अनुपयोग, वाधा, सन्धिसर्पन—t **क्रि. वि.** अनुपयुक्त, क्लेशकर ।

inconvertible (इन्कन्भअ्र्' टिब्ल्) **वि.** अपरिवर्तनीय, अपरिवर्तनशील (खा. ग. मुद्रा) ।

inconvincible (इन्कन्भिन्'सिब्ल्) **वि.** प्रतीत नपर्ने, नपत्याउने ।

incoordination (इन्कोअ्र्डिने'शन्) **ना.** असंयोजन ।

incorporat/e (इन्कॅअ्र्'परेट्) **क्रि.** र **वि.** समावेश गर्नु, मिलाउनु, रूपाइत गर्नु, संयोजित हुनु (संस्था वा निगममा), कानूनी कारोवारको कोठी वा संस्था वनाउनु, कोठी वनाउनु; **वि.** कोठी गराइएको, संयोजित, समाविष्ट;—ion **ना.** संगठन ।

incorporeal (इन्कॅअ्रप'भ्रिल्) **वि.** अकाय, विदेह, अशरीरी, ऐहिक अस्तित्व नभएको ।

incorrect (इन्करेक्ट्') **वि.** वेठीक, अशुद्ध, गल्ती, असव्य, प्रामादिक, भूल ।

incorrigible (इन्कॅ'रिजिब्ल्) **वि.** असाध्य, अशोध्य, तह

लाइन नसकिने, दुर्वृत्त, दुष्ट ।

incorruptible (इन्करप्'टिब्ल्) वि. अच्चय, अदूष्य, अनाश्य, भ्रष्ट गर्न नसकिने, घूस नखाने, ईमानदार ।

increas/e (इन्क्रीज्') क्रि. र ना. वढ्नु, अधिक हुनु, संग्रालिनु, ठूलो हुनु, फैलाउनु; ना. वृद्धि, संवर्धन, विस्तार, आधिक्य, उन्नतिं;—ing उत्तरोत्तर ।

incredible (इन्क्रे'डिब्ल्) वि. अविश्वसनीय, अविश्वास्य, प्रत्ययातीत, पत्याइनसक्नु, अनपत्यारको ।

incredul/ous (इन्क्रे'ड्यूलस्) वि. अश्रद्धालु, शंकाशील, नपत्याउने, अविश्वासी;—ity ना. अपत्यार, अविश्वास ।

increment (इन्'क्रिमेण्ट्) ना. वृद्धि, उपचय, थप, अभिवृद्धि ।

incriminate (इन्क्रि'मिनेट्) क्रि. अभियोग लगाउनु, वात लगाउनु ।

incrustation (इन्क्रस्टे'शन्) ना. पाप्रा, वाह्य पटल, वहिरावेष्ठन; जमेको स्वभाव, कत्ला, पाप्रो, लाप्रो, उचेरा ।

incubat/e (इन्'क्यूवेट्) क्रि. (फुल) कुर्नु, कोरल्नु;—ion ना. कोरल्नु, संक्रान्ति, संक्रमणकाल (कीटाणुको, जुन सकिएपछि रोगको लक्षण देखापर्छ); artifical incubation कृत्रिम कोरलाइ (तातोले);—or फुल कोरल्ने, वा चाँडो पैदा भएका वच्चाहरूको हेरचाह गर्ने यन्त्र, इनक्यूवेटर ।

incubus (इन्'क्यूवस्) ना. (व. व.–bi–buses) (सुतेकाहरूलाई लाग्ने) डाइन, वोक्सी, दुःस्वप्न, दुःस्वप्न ऱ्हैं पीड़ा दिने वस्तु ।

inculcat/e (इन्'कल्केट्) क्रि. (वानी) वसाल्नु, (वारंवार आग्रह गरेर तथ्य, वानी, विचार) वसाल्नु (चित्तमा, व्यक्तिमा);—ion ना. वसालाइ; फरेव, अत्तो, अपटी ।

inculpate (इन्'कल्पेट्) क्रि. अभियोग लगाउनु, दोष लगाउनु, मुछ्नु ।

incumbent (इन्कम्'वेण्ट्) ना. र वि. वृत्तिभोगी, अधिकृत, हालवाला, अवलम्वी; वि. आवश्यक, रहने, दवाव गर्ने ।

incunabula (इन्क्यून्याब्यू'ला) ना. (व.व.) प्राथमिक अवस्थाहरू; प्राचीनकालमा छापिएका पुस्तकहरू ।

iucur (इन्कर्') क्रि. उठाउनु, वेहोर्नु, लाग्नु, लगाउनु, भाजन वन्नु, भोगी वन्नु (खतरा, दोष, दण्ड इ० को);—red वि. वेहोरेको, सहेको ।

incurable (इन्क्यो'अरेब्ल्) वि. असाध्य, निरुपाय, अप्रतिकार्य, टार्न नसकिने ।

incurious (इन्क्यू'रिअस्) वि. अनुत्सुक, अजिज्ञासु, अकुतूहली ।

incursion (इन्कर्'शन्) ना. आक्रमण, चढ़ाइ, अभिग्रह ।

indebted (इन्डे'टेड्) वि. ऋणी, ऋणग्रस्त, अनुगृहीत, उपकृत ।

indecent (इन्डी'सेण्ट्) वि. अविनीत, अश्लील, शिष्टाचार विरुद्ध, लाजभाँड ।

indecipherable (इन्डिसाइ'फरेब्ल्) वि. अस्पष्ट, पढ्न नसकिने, नछुट्टयाइने ।

indecisi/on (इन्डिसी'ऱ्ज़न्) ना. अनिर्णय, वेठेगान, सन्देह;—ve वि. संदिग्ध, अनिर्णायक, अनिश्चयी ।

indecomposable (इन्डिकम्पो'जेब्ल्) वि. अविभाज्य, अविश्लेष्य, अपृथक्करणीय ।

indecorous (इन्डे(डी)'करस्) वि. अयोग्य, वेठीक, अशिष्ट, दुःशील ।

indecorum (इन्डिको'रम्) ना. मर्यादाहीनता, वेरीति, अयोग्य काम ।

indeed (इन्डीड्') क्रि. वि. यथार्थमा, साँच्ची नै, वास्तवमा, सचमुचमा ।

indefatigable (इन्डिफ्या'टिगेब्ल्) वि. अक्लान्त, अश्रान्त, अनिर्विण्ण, नथाक्ने, अविरल, कर्मठ ।

indefeasible (इन्डिफी'जिब्ल्) वि. अलोपनीय, अविनाश्य, हटाइनसक्ने ।

indefectible (इन्डिफेक्'टिब्ल्) वि. निर्दोष, फेलो नख्वाउने, नछोड्ने, अक्षय ।

indefensible (इन्डिफेन्'सिब्ल्) वि. अरक्षणीय, अप्रतिपादनीय, असमर्थनीय ।

indefinable (इन्डिफाइ'नेब्ल्) वि. अवर्णनीय, परिच्छेदातीत, वयान गर्न नसकिने, अपरिभाष्य ।

indefinite (इन्डे'फिनिट्) वि. अनिश्चित, अस्पष्ट, असीम, अनियत, अलक्षित ।

indelible (इन्डे'लिब्ल्) वि. नउड्ने, अनाश्य, अलोप्य ।

indelicate (इन्डे'लिकेट्) वि. अविनीत, असभ्य, अयुक्त, भद्दा, विवेकहीन, अश्लील, फोहोरी ।

indemnify (इन्डेम्'निफाइ) क्रि. (हानि, अनिष्टवाट) सुरक्षित पार्नु, चतिपूर्ति गर्नु, धर्ना दिनु, नुकसानको भर्ना दिनु ।

indemnity (इन्डेम्'निटि) ना. क्षतिपूर्ति, अभयपत्र, (युद्धोपरान्त) विजेताले पराजित शत्रुसँग लिइने रकम;—bond हर्जाना वन्धपत्र ।

indemonstrable (इन्डिमॅन्'स्ट्रेब्ल्) वि. प्रमाणित नगर्न सकिने (खा. ग. प्राथमिक सत्यहरू) ।

indent (इन्डेण्ट्') क्रि. र ना. दाँती वनाउनु, (कागतपत्र) नागवेली पारेर काट्नु, उपलब्ध गर्ने माल सामानको फिरिस्त वनाउनु; ना. लगत, फिरिस्त;—ure ना. प्रतिज्ञापत्र;—ation ना. भंग, भंगुरीकण ।

independen/ce (इन्डिपेन्'डेन्स्) ना. स्वाधीनता, स्वातन्त्र्य;—t वि. स्वायत्त, स्वच्छन्द, स्वतन्त्र, आत्म-निर्भर, स्वावलम्वी ।

indescribable (इन्डेस्क्राइ'वेब्ल्) वि. अवर्णनीय, अकथ्य, वताइन नसक्ने, अकव ।

indestructible (इन्डेस्ट्रक्'टिब्ल्) वि. अनाश्य, अक्षय्य, अविनाशी ।

indeterminable (इन्डिटर्'मिनेब्ल्) वि. अपरिमेय, पत्ता नलाग्ने ।

indeterminate (इन्डिटर्'मिनेट्) **वि.** असीमित, अस्पष्ट, सन्दिग्ध, अपरिमित;—sentence अनिश्चित दण्ड,—vowel अस्पष्ट स्वर ।

indeterminism (इन्डिटर्'मिनिज्म्) **ना.** मानवीय क्रिया केवल स्वार्थ या मतलबबाट उत्पन्न भएको हुन्न भन्ने सिद्धान्त ।

index (इन्'डेक्स्) **ना.** (ब. व. es, indices) सूचीपत्र, ज्ञापिका, सूची, अनुक्रमणिका, अकारादि क्रमको सूची (खा. ग. पुस्तकको अन्तमा विषय, नाम इ० को); चोरिऔंला; निर्देशक सिद्धान्त;—number कुनै मितिको मूल्यलाई १०० मानेर आर्को कुनै समयमा मूल्यको स्थिति निर्धारण गर्ने अङ्क, सूचक अङ्क, घाताङ्क ।

India (इन्'डिया) **ना.** भारत, हिन्दुस्तान,—paper नरम किसिमको;—rubber रबड ।

Indian (इन्'डियन्) **वि.** हिन्दुस्तानी, भारतीय, भारतमा बसेको अंग्रेज; Red—अमेरिकाको आदिम निवासी;—club गदा, मुग्दल;—corn मकै;—file छुचुन्द्रे लहर, एकएक गरी हिंड्ने; India (n) ink कालो मसी;—summer हेमन्तको आखिरीमा (अमेरिकामा) आउने सुखा मौसिम ।

indicat/e (इन्'डिकेट्) **क्रि.** र **ना.** देखाउनु, जनाउनु, प्रदर्शन गर्नु, दर्शाउनु, प्रकट गर्नु; **ना.** (भारतीय राजनीति) कंग्रेस दुइ फ्याक हुँदा खड़ा भएको एक फ्याकको ठ० नाम;—ive **वि.** सूचक, व्यंजक, द्योतक;—or सूचक, संकेतक;—ion **ना.** सुइँको, सूचना, दिग्दर्शन, इशारा ।

indict (इन्डाइट्) **क्रि.** अभियोग लगाउनु, बात लगाउनु;—able **वि.** अभियोग लाग्ने, बात लाग्ने;—ment **ना.** अभियोग, बात, कसूर, अभियोगपत्र ।

indifferen/ce (इन्डि'फरेन्स्) **ना.** बेवास्ता, औदासीन्य, नैरपेक्ष्य, विरक्ति, अस्पृहा, हेलचेक्र्याइँ; **वि.** निरपेक्ष, लोसो, तटस्थ,नीच मार्ने;—t **वि.** नीचमारा, निरपेक्ष, विरत, निःशङ्क, उदासीन, न असल न खराब; very—बडो कमसल, तटस्थ ।

indifferentism (इन्डि'फरेण्टिज्म्) **ना.** औदासीन्य (खा.ग. धर्मसम्बन्धी विषयमा ।)

indigene (इन्'डिजीन्) **ना.** वासिन्दा ।

indigenous (इन्डि'जेनस्) **वि.** स्वदेशीय, स्वदेशोत्पन्न, आफ्नै देशको ।

indigen/t (इन्'डिजेण्ट्) **वि.** दरिद्र, दीन, गरीब, निर्धन, अकिंचन, कङ्गाल, हरिकङ्गाल;—ce **ना.** कार्पण्य, तबाही, दैन्य ।

indigested (इन्डिजेस्'टेड्) **वि.** रूपरहित, आकाररहित, अचिन्तित, नसोचेको; नपचेको (पेटमा) ।

indigesti/ble (इन्डिजेस्'टिब्ल्) **वि.** दुष्पाच्य, नपच्ने;—on (–श्‌न्) **ना.** क्षोभ, कोप, क्रोध; अपच ।

indignity (इन्डिग्'निटि) **ना.** अपमान, तेजोवध, अनुचित व्यवहार, हेलाँ, बेइज्जत ।

indigo (इन्'डिगो) **ना.** (ब.व.–s) र **वि.** नीर; **वि.** नीलो ।

indirect (इन्डिरेक्ट्') **वि.** अप्रत्यक्ष, द्वारान्तर, असरल, परोक्ष, अनृजु, वक्र, वक्रिमन, कुटिल;—speech **ना.** परोक्ष वार्ता;—ly **क्रि. वि.** अप्रत्यक्ष रूपले, घुमाउरो तवरले ।

indirection (इन्डिरेक्'श्‌न्) **ना.** घुमाउरो उपाय ।

indiscernible (इन्डिस्अर्'निब्ल्) **वि.** र **ना.** नछुट्टिने, अदृष्टिगोचर ।

indiscerptible (इन्डिस्‌अ'र्प्टिब्ल्) **वि.** अंश वियोजनद्वारा अविनाशी ।

indiscipline (इन्डि'सिप्लिन्) **ना.** अननुशासन, बेअदबी, आनुशासन, उच्छृङ्खलता ।

indiscreet (इन्डिस्क्रीट्') **वि.** अविवेचक, विवेकहीन, विना विचारको; indiscretion **ना.** अविवेकी काम, अबुद्धि, अनाचार ।

indiscriminate (इन्डिस्क्रि'मिनेट्) **वि.** संमिश्रित, संकुल, अपृथक्कृत, जथाभावी ।

indispensable (इन्डिस्पेन्'सिब्ल्) **वि.** अपरित्यज्य, अपरिहार्य, नभै नहुने, अनिवार्य ।

indispos/e (इन्डिस्पोज्') **क्रि.** अयोग्य बनाउनु, विमुख बनाउनु, स्वास्थ्य बिगार्नु;—ition **ना.** अस्वस्थता, अनिच्छा, बिमारी, बिसंचो, व्याधि;—ed, to be, थलिनु, ओछ्यान पर्नु, रोगाउनु;—ed **वि.** अस्वस्थ, सुस्वी, थलिएको ।

indisputable (इन्डिस्'प्यूटेब्ल्) **वि.** निर्विवाद, अकाट्य ।

indissoluble (इन्डिस्'सल्यूब्ल्) **वि.** स्थिर, स्थायी, अटूट, नटुट्ने, भङ्ग हुन नसक्ने ।

indistinct (इन्डिस्टिंक्ट्') **वि.** अस्पष्ट, धुइरो धुइरो, अस्फुट, अस्तव्यस्त ।

indistinctive (इन्डिस्टिंक्'टिभ्) **वि.** अभिन्न, अव्यतिरिक्त ।

indistinguishable (इन्डिस्टिं'ङ्ग्विशेब्ल्) **वि.** नछुट्टिने, नचिन्हिने, अपरिच्छेद्य, अविज्ञेय ।

indite (इन्डाइट्) **क्रि.** लेख्नु, रचना गर्नु; (ठट्टा) चिट्ठी लेख्नु ।

indivertible (इन्डिभ्अर्'टिब्ल्) **वि.** फर्काउन नसकिने, मोड्न नसकिने ।

individual (इन्डिभि'ड्यूअल्) **ना.** र **वि.** व्यक्ति, विशिष्ट, विशेष स्वभाव; **वि.** वैयक्तिक, व्यक्तिगत, जीउ;—ly **वि.** जनही ।

individualism (इन्डिभि'ड्यूअलिज्म्) **ना.** ममत्व, स्वार्थपर—भाव वा आचरण, व्यक्तिको स्वतन्त्र कर्मको सिद्धान्त ।

individuality (इन्डिभिड्यूअ्या'लिटि) **ना.** व्यक्तित्व, आत्मत्व, पार्थक्य ।

indivisible (इन्डिभि'ज़िब्ल्) **वि.** अभाज्य, अविभाज्य, भाग गर्न नसकिने ।

indocile (इन्डो (न्डॅ)'साइ (सि)ल्) **ना.** अवश्य, अवशग, दुर्दम ।

indoctrinate (इन्डॅक्'ट्रिनेट्) **क्रि.** सिकाउनु, पढाउनु, (कुनै सिद्धान्त) पढाउनु, घुसाउनु ।

indolent (इन्'ड(–डो–)लेण्ट्) **वि.** अल्छी, अलमस्त, निष्फिक्री, तन्द्रालु, मन्द, निरुद्यम;—ce **ना.** आलस्य, निराव, मोज, आराम ।

indomitable (इन्डॅ'मिटेब्ल्) **वि.** अदम्य, दुर्दान्त, दुर्जय, नदब्ने ।

indoor (इन्'डोअर्) **वि.** घरभित्र, भित्र;—games **ना.** घरभित्र खेलिने खेल, (उदा० बुद्धिचाल, क्यारम);—relief **ना.** अनाथालयभित्रको सहायता ।

indubitable (इन्ड्यू'बिटेब्ल्) **वि.** असंदिग्ध, निःसन्देह ।

induce (इन्ड्यूस्') **क्रि.** मनाउनु, ललाउनु, फकाउनु, गराइनु;—ment **ना.** प्रलोभन, आकर्षण ।

induct (इन्डक्ट्) **क्रि.** भोगमा प्रवेश गराइनु, स्थापित गराइनु, चलन गर्न पाउने हुनु ।

inducti/on (इन्डक्'श्न्) **ना.** अनुमान, प्रतिष्ठापन, उपपादन; (विद्युत, चुम्बक) सान्निध्यबाट वैद्युत वा चुम्बकीय अवस्थाको अस्तित्व;—coil **ना.** प्रत्यक्ष प्रवाह (सो प्र०) लाई प्रत्यावर्तक प्रवाह (प्र०प्र०) मा बदल्ने प्रतिष्ठापन गुच्छा; inductance **ना.** प्रतिष्ठापन क्षमता;—ve **वि.** आनुमानिक ।

indulge (इन्डल्ज्') **क्रि.** अनुग्रह गर्नु, खुशी पार्नु, तुष्ट गर्नु, छोडिदिनु, आफूखुशी गर्नु, छाडा गर्नु, मत्याउनु, (बेसरी) खानु, पिउनु;—nce **ना.** आसक्ति, लग्गूपना, अप्रतिरोध, तोषण, लालन, अनुग्रह, प्रसाद;—nt **वि.** अनुग्रहशील, सदय, अनुग्राही, अनुकूल ।

indurat/e (इन्'ड्यूरेट्) **क्रि.** साह्रो हुनु, पार्नु, ठेला पर्नु;—ion ठेला ।

industr/y (इन्'डस्ट्रि) **ना.** उद्योग, मेहनत, परिश्रम, व्यवसाय, उद्यम, उद्योग-धन्धा;—ial **वि.** औद्योगिक;—ious **वि.** मेहनती, परिश्रमी ।

indwell (इन्ड्वेल्') **क्रि.** (indwelt). निवास गर्नु, स्थान लिनु, स्थायी रूपले रहनु ।

inebri/ate (इनी'ब्रिएट्) **क्रि.** र **वि.** मात लाग्नु, लट्ठ्याउनु; **वि.** लट्ठिएको, जँडयाहा;—ety (ब्राइटि) **ना.** पिउने बानी;—ated **वि.** टन्न ।

inedible (इन्'एडिब्ल्) **वि.** अखाद्य, अनाद्य ।

ineffable (इन्'एफेब्ल्) **वि.** अनुच्चारणीय, अकथनीय, अवर्णनीय, शब्दको लागि बडो उन्नत ।

ineffaceable (इन्इफे'सब्ल्) **वि.** उडाइन नसकिने, अलोपनीय ।

ineffective (इन्इफेक्'टिभ्) **वि.** निष्प्रभाव, प्रभावहीन, (व्यक्ति) नालायक; कलात्मक प्रभाव नहुने ।

ineffectual (इन्एफेक्'ट्यूअल्) **वि.** प्रभावहीन, निस्तेज, निष्प्रभाव, विफल, निष्फल, निरर्थक ।

inefficacious (इन्एफिके'शस्) **वि.** निष्फल, विफल, असमर्थ, अप्रबल ।

inefficien/t (इन्इफि'शन्ट्) **वि.** अक्षम, नालायक, बेसुद्दीको, अनुपयुक्त, अदक्ष;—cy **ना.** अदक्षता ।

inelastic (इन्एल्यास्'टिक्) **वि.** दृढ, स्थिति स्थापकत्वहीन, अलचिलो, नलचिलो ।

inelegant (इन्ए'लेग्याण्ट) **वि.** अशोभन, असंस्कृत, अललित, लावण्यरहित ।

ineligible (इन्ए'लिजिब्ल्) **वि.** अपात्र, अयोग्य, अग्राह्य, अयुक्त ।

ineluctable (इन्इलक्'टेब्ल्) **वि.** भाग्न नसकिने, अपरिहार्य ।

inept (इनेप्ट्') **वि.** नसुहाउने, ठाउँबाहिर, डाङ्डुङ्गे, फजूल, बेकूफ;—itude **ना.** मूर्खता, नालायकी ।

inequality (इन्एक्वॅ'लिटि) **ना.** असमता, भिन्नता, वैषम्य; असादृश्य, असाम्यता ।

inequit/able (इन्ए'क्विटेब्ल्) **वि.** अन्याय, अन्यायपूर्ण, बेइन्साफी;—y **ना.** अस्वच्छता, अन्याय ।

ineradicable (इन्एन्या'डिकेब्ल्) **वि.** नउखेलिने, अनुन्मूल्य, नहट्ने ।

inert (इनअर्ट्') **वि.** निश्चेष्ट, जड, अचल, गतिहीन, निष्क्रिय, लोसे, मन्द, अल्छी ।

inertia (इनअर्'शिया) **ना.** निश्चलता, जाडय, जडत्व, कर्मविमुखता, आलस्य ।

inescapable (इनएस्के'पेब्ल्) **वि.** अपलायनीय, भाग्न नसकिने, उम्कन नसकिने ।

inessential (इन्एसेन्'श्ल्) **वि.** असारभूत, अनावश्यक ।

inestimable (इन्एस्'टिमेब्ल्) **वि.** अमूल्य, अत्युत्कृष्ट ।

inevita/ble (इन्ए'भिटेब्ल्) **वि.** अनिवार्य, अपरिहार्य, अवश्यम्भावी, विश्वास पार्ने;—bility **ना.** भावित्व ।

inexact (इन्एग्ज्याक्ट्') **वि.** बेठीक;—itude **ना.** अयथार्थता, अशुद्धता ।

inexcusable (इन्एक्स्क्यू'ज़ेब्ल्) **वि.** अक्षम्य ।

inexecutable (इन्एग्ज़े'क्यूटेब्ल्) **वि.** असम्पाद्य, गरिन नसक्ने ।

inexhaustible (इन्एग्जॉस्'टिब्ल्) **वि.** अक्षय, अव्यय, अनन्त ।

inexorable (इन्ए'क्सरेब्ल्) **वि.** निष्ठुर, निर्दय, अनम्य, क्रूर, कठिन हृदय ।

inexpedient (इन्एक्सपी'डिअण्ट) **वि.** समयानुचित, अमिल्दो, अनुचित ।

inexpensive (इन्एक्स्पेन्'सिभ्) **वि.** अखर्चिलो, सस्तो ।

inexperience (इन्एक्स्पी'रिअन्स्) **ना.** अननुभव, अपक्वबुद्धि, कोरापन, अनभिज्ञता ।

inexpert (इन्एक्सपअर्ट्) **वि.** अनिपुण, अदक्ष, अपढ, अकुशल, नजान्ने ।

inexpiable (इन्एक्स्'पिएब्ल्) **वि.** प्रायश्चित्त हुन नसक्ने, अशाम्य ।

inexplicable (इन्एक्स्'प्लिकेब्ल्) **वि.** अबोध्य, दुर्बोध, व्याख्या हुन नसक्ने, बताउन नसकिने ।

inexplicit (इन्एक्स्प्लि'सिट्) **वि.** अस्पष्ट, सफासँग प्रकट नगरिएको, नखुलेको ।

inexpressible (इन्एक्स्प्रे'सिब्ल्) **वि.** अकथ्य, शब्दमा प्रकट नहुने, अस्फुट ।

inexpressive (इन्एक्स्प्रे'सिभ्) **वि.** अव्यंजक, असूचक, अद्योतक, नवताउने ।

inextensible (इन्एक्स्टेन्'सिब्ल्) **वि.** नतातिने, नलम्बिने, अतन्य ।

inextinguishable (इन्एक्स्टिं'ङ्विग्शेब्ल्) **वि.** ननिभ्ने, अशाम्य ।

inextricable (इन्एक्स्'ट्रिकेब्ल्) **वि.** अनुद्धार्य, नफुक्ने, हल नहुने ।

infallible (इन्फ्या लिब्ल्) **वि.** अमोघ, अभ्रान्त, अचूक;—remedy रामवाण ।

infam/ous (इन्'फमस्) **वि.** कुख्यात, घृणित;—y **ना.** कुख्याति, अपयश, कुत्सा, बदख्वाइ, बदी, अकीर्ति, अपवाद, लाञ्छना, दुर्नामी ।

infan/cy (इन्'फ्यान्सि) **ना.** शैशव, वाल्यकाल, विकासको शुरूको अवस्था;—t **ना.** र **वि.** वाल, शिशु ।

infanta (इन्फ्यान्'टा) **ना.** राजपुत्री, राजकुमारी (स्पेन, पोर्टुगलकी) ।

infanticide (इन्फ्यान्'टिसाइड्) **ना.** वालहत्या ।

infantile (इन्'फन्टाइल्) **वि.** वाल्य, शैशवमा;—paralysis वाल्य पक्षवात ।

infantilism (इन्फ्यान्'टिलिज्म्) **ना.** (भैष०) शारीरिक वा मानसिक रूपले अविकसित अवस्था, वाल्यता, वालिश्य, शैशवतां ।

infantry (इन्'फ्यान्ट्रि) **ना.** पैदल फौज, पदाति सेना;—man **ना.** सिपाही, पदिक, पदाति ।

infatuate (इन्फ्या'टयूएट्) **क्रि.** मोह गर्नु, अति मुर्ख्याइँ या प्रेमले प्रभाव पार्नु, बुद्धि नष्ट गर्नु ।

infect (इन्फेक्ट्') **क्रि.** सर्नु, सार्नु, (संक्रामक रोग) सार्नु; रंगाउनु, भर्नु (राय, विचार);—ed **वि.** आक्रान्त ।

infection (इन्फेक्'शन्) **ना.** सरुवा रोग, संक्रामक रोग, शोथ, नैतिक संक्रमण; उदाहरण, सहानुभूति इ० को विस्तार ।

infectious (इन्फेक्'शस्) **वि.** संक्रामक, सरुवा, सरौटे ।

infelicitious (इन्फेलि'सिटस्) **वि.** असुखी, निरानन्दी, कष्टकारक, दुःखी ।

infer (इन्फअ्र्') **क्रि.** (-rr-) अनुमान गर्नु, ञिक्नु, तर्क गर्नु।

inferen/ce (इन्'फरेन्स्) **ना.** अनुमान, तर्क;—tial **वि.** तार्किक ।

inferior (इन्फे'रिअर्) **वि.** र **ना.** तल्लो, नीचो, गौण, निकृष्ट, कमसल, नजाती, घटिया, कान्छो, दव, दब्बू, अधो, तैनाथ, न्यून, हीन; **ना.** अवर, कान्छा;—ity **ना.** अल्पता, न्यूनता;—ity complex हीनताभाव, दब्बू मिजास ।

infernal (इन्फ्अ्र्'नल्) **वि.** पैशाचिक, नारकीय, घृणित, सम्भ्रान्त;—machine **ना.** नारकीय यन्त्र ।

inferno (इन्फेअ्र्'नो) **ना.** (ब. व.–s) नरक, भयावह दृश्य वा स्थान, भुंग्रालो ।

infertile (इन्फअ्र्'टिल्) **वि.** उजाड, बाँझो, अनुपजाउ ।

infest (इन्फेस्ट्) **क्रि.** (कीरा, जुम्रा, उडुस) पर्नु, सल्कनु, सर्नु, ऋुम्मिनु, स्याउँ स्याउँ हुनु, थुप्रिनु, जुट्नु;—ed **वि.** जुष्ट ।

infidel (इन्'फिड्ल्) **ना.** र **वि.** नास्तिक, पाखण्ड, अभक्त, अधर्मी;—ity (—फि्डेलिटि) **ना.** अभक्ति, वेवफादारी; conjugal—ity **ना.** व्यभिचार, विवाह समय भंग ।

infield (इन्'फील्ड्) **ना.** (घरको नजीकको) खेत, क्रिकेट खेलको शब्द ।

infighting (इन्'फाइ'टिङ्) **ना.** (मुक्का खेलमा हातको पसारभन्दा नजीकको) मुक्का खेल ।

infiltrat/e (इन्'फिल्ट्रेट्) **क्रि.** छानिएर जानु, पस्नु, निःस्पन्दनवाट भिजिनु; (सैनिक वा राजनैतिक) क्रमशः घुस्नु;—ion **ना.** त्यस्तो पसाइ, घुसाइ, अतिक्रमण;—or **ना.** अतिक्रमणकारी ।

infinite (इन्'फिनिट्) **वि.** र **ना.** अनन्त, अपरिमित, निःसीम; the I—ईश्वर; the i—अन्तरीक्ष, व्योम, आकाश ।

infinitesimal (इन्फिनिटे'सिमल्) **वि.** र **ना.** अति सूक्ष्म, अत्यल्प, अति सानु वा थोरै ।

infinitive (इन्फि'निटिभ्) **वि.** र **ना.** (क्रिया रूपको) सामान्य रूप (धातु रूप नचलाइएको उ० गर्नु, खानु) ।

infinity (इन्फि'निटि) **ना.** अनन्त, अनन्तता; असीम संख्या, जसको संकेत ∝ हुन्छ ।

infirm (इन्फअ्र्म्) **वि.** अशक्त, दुर्वल, कमजोर, गलेको, क्षीण;—ity **ना.** अशक्ति, कमजोरी ।

infirmary (इन्फअ्र्'मरि) **ना.** आतुरशाला, रुग्णालय ।

inflam/e (इन्फ्लेम्') **क्रि.** बाल्नु, राँकिनु, चूर हुनु, दन्काउनु, उत्तेजित गर्नु, तताउनु, बढाउनु, संग्रालिनु;—mable **वि.** दाह्य, उत्तेजित हुने; दीपनीय;—mation **ना.** सूज, जलन;—matory **वि.** तापक, दीपक, दाहक, उत्तेजक ।

inflat/e (इन्फ्लेट्) **क्रि.** फुल्नु, फुलाउनु, हावा भर्नु, हुप्प पार्नु, स्फीत हुनु;—ion **ना.** (मुद्रा) स्फिति ।

infle/ct (इन्फ्लेक्ट्') **क्रि.** दोब्रिनु, (भित्रपट्टि) मोडिनु, बाङ्गिनु;—ction, xion **ना.** विभक्ति ।

inflexible (इन्फ्ले'क्सिब्ल्) **वि.** नदोब्रिने, नमुड्ने, ननिहुरिने, अनम्य, कठोर, दृढ ।

inflict (इन्फ्लिक्ट्') **क्रि.** (दण्ड) दिनु, प्रयुक्त गर्नु, आरोपित गर्नु, लाउनु, लगाउनु;—ion **ना.** विधान, प्रवर्तन, कष्टदान, करण, बाँडो, बिल्लबाठ ।

inflorescence (इन्फ्लरे'सेन्स्) **ना.** फुल्नु ।

inflow (इन्'फ्लो) **ना.** बहाउ ।

influen/ce (इन्'फ्लुएन्स्) **ना.** र **क्रि.** प्रभाव, जोर, तासीर, लाग, दबदबा, दबाउ, चल्ती, बल, सामर्थ्य; **क्रि.** जोर लाउनु, फकाउनु, फुस्ल्याउनु, दबाउनु;—tial **वि.** गहकिलो, खँदिलो,

प्रभावशाली, जोरदार, प्रतिष्ठित, प्रभावकारी ।

influent (इन्'फ्लुएण्ट्) **वि.** र **ना.** भित्र वग्ने; **ना.** सहायक नदी ।

influential (इन्फ्लूएन्'श्ल्) **वि.** अतिप्रभाव भएको, जोर भएको ।

influenza (इन्फ्लुएन्'ज़ा) **ना.** कडा रुघा, सर्ने ज्वरको किसिम, रुघाको जरो ।

influx (इन्'फ्लक्स्) **ना.** आगम, प्रवाह, स्रोत ।

inform (इन्फॅअ्र्म्') **क्रि.** वताउनु, भन्नु, जनाउनु, स्रोस्नु, प्रेरणा दिनु, भर्नु; पोल्नु, अवगत गराउनु;—ation ना. समाचार, भनाइ, ज्ञान, खबर, पोल, मेलोमेसो, मेसो, भेउ, वाकिफी, जानकारी, हाल, जनाउ, हेक्का, अभियोग, वात, वृत्तान्त, तथ्य, थाह, निधो, जाहेरी, सूचना, ज्ञापन, मतलब, मनसाय;—ative **वि.** उपदेशप्रद, बोधक, सूचनाप्रद, जानकारी दिने, वताउने;—ed वि. जान्ने, शिक्षित, बुद्धिमान, विदित ।

informal (इन्फॅ'अ्र्मल्) **वि.** अनौपचारिक, अनैयमिक;—y **ना.** अनौपचारिकता, आत्मीयता ।

informer (इन्फॅ्'अ्र्मर्) **ना.** पोलाहा, मुसमुन्द्रे, जासूस, चेवा, जाहेरव ला ।

infra (इन्'फ्रा) **क्रि. वि.** र **उ.** तल, निम्न उ० (पुस्तकमा) vide-तल हेर्नु; निम्न—;—red वर्णपटमा रातोभन्दा परको अदृश्य किरण, उपरक्त, निम्नरक्त;—structure **ना.** रक्षा विधान ।

infraction (इन्फ्र्याक्'श्न्) **ना.** अतिक्रम, भङ्ग, लंघन, उल्लंघन ।

infra dig (इन्'फ्रा डिग्) **वि.** अशोभनीय, नसुहाउने, आफ्नो प्रतिष्ठाको बखिलाफ, तेजोवध (ल्या.) ।

infrequent (इनफ्री'क्वेण्ट्) **वि.** विरल, विरलाकोटी, कहिलेकाहीं ।

infringe (इन्फ्रिंज्') **क्रि.** तोड्नु, उल्लंघन गर्नु, मिच्नु, खंडन गर्नु, आँच लाउनु ।

infructuous (इन्फ्रक्'टयूअस्) **वि.** फलहीन, असफल ।

infundibular (इन्फण्डि'ब्यूलर्) **वि.** सोलीको आकारको, चुल्लिको आकारको ।

infuriate (इन्फ्यू'अ्रिएट्) **क्रि.** स्रोक्याउनु, रीस उठाउनु, कोपाकुल गराउनु, क्रुद्ध गराउनु ।

infus/e (इन्फ्यूज़्') **क्रि.** हाल्नु, भिजाउनु, डुवाउनु ढडयाउनु;—ion **ना.** प्रक्षेपण, सम्मिश्रण, ढडयाउनु, निषेक, क्वाथ, अर्क;—ible **वि.** अगलनीय, नगल्ने ।

infusoria (इन्फ्यूजो'अ्रिया) **ना.** (ब.व.) सडेको प्राणी वा वनस्पति वस्तुमा पाइने कीटाणु ।

ingathering (इन्'ग्याद्रिङ्) **ना.** फसल, शस्य संग्रह ।

ingenious (इन्जी'निअस्) **वि.** चतुर, रचनामा चतुर, प्रवीण, दच्च ।

ingenue (आँ'ज़ेनू) **ना.** सीधासाधा लडकी, सरल वालिका (खा.ग. नाटकीय अभिनयमा भूमिकाको रूपमा) ।

ingenuity (इन्जिन्यू'इटि) **ना.** रचनाचातुर्य, दक्षता, चलाकी, चातुरी ।

ingenuous (इन्जे'न्यूअस्) **वि.** सरल, खुला दिलको, स्पष्ट वक्ता, निर्दोष, अकपट ।

ingest (इन्जेस्ट्') **क्रि.** (खाना) पेटमा लैजानु;—ion **ना.** उदरपूर्ति ।

ingle (इ'ङ्गल्) **ना.** आतसखानको आगो;—-nook आतसखान (धूवाँ वाटो)को कुना ।

inglorious (इन्ग्लो'रिअस्) **वि.** लज्जाजनक, कलंककर, अविज्ञात, अपरिचित ।

in good faith (इन् गुड् फेथ्) **वाक्य**—असल नियतले, सदिच्छाले ।

ingot (इ'ङ्गट्) **ना.** सील, पाट, ईंट, (ढालेको धातुको टुकडा खा०ग० ईंटको आकारको) सुन चाँदी, (इस्पात) ।

ingrain (इन्'ग्रेन्) **वि.** अन्तर्वर्ती, स्वभावज, गाढ, गाढा रंग;—ed **वि.** गाढ, पूर्ण, गाडिएको ।

ingrate (इन्ग्रेट्') **वि.** र **ना.** वैगुनी, कृतघ्न, अकृतज्ञ ।

ingratiat/e (इन्ग्रे'शिएट्) **क्रि.** रिझाउनु, कृपापात्र बन्नु;—ing **वि.** साँचिलो ।

ingratitude (इन्ग्र्या'टिट्यूड्) **ना.** कृतघ्नता, वैगुन ।

ingravescent (इन्ग्रभे'सण्ट्) **वि.** (रोग) बढ्दै जाने, सारो हुँदै जाने ।

ingredient (इन्ग्री'डिअण्ट्) **ना.** अवयव, मरमसला, भाग, अंग, अंश, (मिसावटको अंग) ।

ingress (इन्'ग्रेस्) **ना.** प्रवेश, प्रवेशाधिकार ।

ingrowing (इन्'ग्रोइङ्) **वि.** भित्रपट्टि बढ्ने (खा०ग० नङ र रूखको हाँगा); अन्तर्वृद्धि हुने ।

inguinal (इ'ङ्ग्विनल्) **वि.** कापको ।

ingurgitate (इन्गर्'जिटेट्) **क्रि.** हसुर्नु, लोभले निल्नु, गाम्नु ।

inhabit (इन्ह्या'बिट्) **क्रि.** वास गर्नु, बस्नु, निवास गर्नु;—ant **ना.** निवासी, वासिन्दा; old—ant **ना.** रैथाने;—ancy **ना.** वासावधि, वास ।

inhal/e (इन्हेल्') **क्रि.** सास फेर्नु, धूवाँ निल्नु (चुरोट, तमाखु इ०) वास्ना लिनु, सुँघ्नु;—ation **ना.** श्वास, सास ।

inharmoni/c (इन्हार्म/निक्) **वि.** विस्वर, विसुरो, असंगत, कर्कश;—ous **वि.** विसुरो, कर्कश ।

inhere (इन्हियर्') **क्रि.** स्थित हुनु, रहनु (गुण, इ० वा पुरुष इ० मा);—nt **वि.** अन्तर्निहित, अन्तर्जात, अन्तर्वर्त्ती, निरूढ, अन्तर्भूत, जन्मजात ।

inherit (इन्हे'रिट्) **क्रि.** (बाबु बराज्यूबाट) पाउनु;—ed **वि.** क्रमागत, वंशागत, परम्परागत;—ance **ना.** रिक्थ, अपुताली, पेवा, बपौती, उत्तराधिकार, थाती, निहित ।

inhibit (इन्हि'बिट्) **क्रि.** निषेध गर्नु, रोक्नु, बाधा दिनु, रोकावट हाल्नु;—ed **वि.** निषिद्ध;—ion **ना.** प्रतिषेध, प्रत्याख्यान, प्रत्यादेश, संकोच ।

inhospitab/le (इन्हॅस्'पिटेब्ल्) वि. आतिथ्य विमुख, असत्कारशील, सत्कार द्वेषी;—ility ना. असत्कार ।

inhuman (इन्ह्यू'मन) वि. र क्रि. वि. क्रूर, निर्दयी, अमानवीय, अमानुषिक, बर्बर;—क्रि. वि. सामान्य मानुषी, ढाँचाको होइन ।

inhume (इन्ह्यूम्') क्रि. गाड्नु, दफनाउनु ।

inimical (इनि'मिक्ल्) वि. विरोधी, वैरी, विपक्षी, शत्रुवत्, बिंगठिएको ।

inimitable (इनि'मिटेब्ल्) वि. अनुपम, अद्वितीय, रोजा, अनुपमेय ।

iniquit/y (इनि'क्विटि) ना. अधर्म, दुष्टता, पाप, घोर अन्याय;—ious वि. दुष्ट, खल, पापी, अधर्मी ।

initial (इनि'शल्) वि. र क्रि. शुरूको, आरम्भिक, आद्य; (शब्द, नामको) प्रथम अक्षर खा०ग० व०व० मा०; नामाक्षर, सही गर्नु खा.ग. छो.क. मा ।

initiat/e (इनि'शिएट्) क्रि. र वि. उठान गर्नु, चालु गर्नु, शुरू गर्नु, प्रारम्भ गर्नु, मंत्रदान गर्नु, प्रवेश गराउनु; ना. शिष्य, प्रविष्ट (व्यक्ति);—ion मंत्रदान, प्रवेश, सूत्रपात, शुरूआत, दीक्षा ।

initiative (इनि'शिएटिभ्) ना. र वि. प्रथम पाइलो, चाल, नेतृत्व, नेतृत्व गर्ने, सीप, जेहन, प्रेरणा, प्रभावकारी आँट, ह्याउ, हौसला, फूर्ति, जाँगर, उत्सुकता; वि. प्रारम्भिक, उप्जाउने;—own—क्रि. उम्तिनु, अघिसर्नु ।

initio (इनि'शिओ) क्रि. वि. शुरूमा (खा.ग. पुस्तकको वृत्त इ० का बारेमा) ।

inject (इन्जेक्ट्) क्रि. हाल्नु, (प्वालभित्र) घुसाउनु उ० औषधि इ. त्वचंतर्गत सियोले;—ion ना. अंतःक्षेपण, सुई ।

injudicious (इनजुडि'शस्) वि. अबुद्धिपूर्ण, अविवेकी, विचारहीन ।

injunction (इन्जङ्क्'श्न्) ना. आज्ञा, आदेश, प्रमांगी, निपेधाज्ञा ।

injur/e (इन्'जर्) क्रि. चोट लाग्नु, लगाउनु, हानि, पीडा दिनु;—लछार्नु, नाप्नु, खुल्क्याउनु;—d वि. दुःखी, उजूरसहित, आहत, घाइते;—ious (–जुरियस्) वि. हानिकारक, अपमानजनक, निन्दाजनक;—y (इ'न्जरि) घा, खत, चोट, चोटपटक, जखम, हानि, पीडा, बिगार, खति, घाखत;—ed (इ'ञर्ड्) जखमी, घाइते, आहत ।

injustice (इनजस्'टिस्) ना. अन्याय, बेन्याय, अंधेर, जुलूम, अनीति, बेइन्साफ, बेनिसाफ, बेजाफ्ता ।

ink (इङ्क्) ना. र क्रि. स्याही, मसी, मसिनी; क्रि. मसी लाउनु, पोत्नु;—bottle;—pot मसिनी, मसिदानी;—er ना. मसी लाउने ।

inkling (इङ्क्'लिङ्) ना. संकेत, सूचना, भेउ, मेसो, ज्ञान, मेलोमेसो, इङ्गित, पत्तो, अत्तो, अत्तोपत्तो, शंका, ऱ्ह्रल्को, आभास, भान ।

inland (इन्'ल्याण्ड्) ना., वि. र क्रि. वि. भित्री क्षेत्र; वि. देशभित्रको, देशीय; समुद्र वा सीमानाभन्दा टाढा; क्रि. वि. भित्रपट्टि ।

in-law (इन्–लॉ) ना. वैवाहिक सम्बन्धद्वाराका साइनो लाग्नेहरू, ससुराली, इ० ।

inla/y (इन्ले') क्रि. (inlaid) जड्नु, तह समान राखी काठ इ० मा बुट्टा जड्नु;—id वि. सो गरिएको, जडान ।

inlet (इन्–लिट्) ना. द्वार, प्रवेश, पुट भेद, आउने ।

inmate (इन्'मेट्) ना. निवासी, वासिन्दा, घरमा बस्ने, संस्था, शरणार्थी गृह इ० को वासिन्दा ।

inmost (इन्'मोस्ट्) वि. अभ्यन्तरीय, गंभीरतम, अति आत्मीय ।

inn (इन्) ना. पथिकाश्रम, सराय, धर्मशाला, पानस्थान, मदिरागृह, मदभट्टी ।

innards (इ'नर्ड्ज्) ना. (ब. व.) आन्द्रा भुँडी, आँत ।

innate (इनेट्') वि. जन्मजात, स्वाभाविक, सहज, नैसर्गिक, अन्तर्निहित, निसर्गज ।

innavigable (इन्न्या'भिगेब्ल्) वि. अनौगम्य ।

inner (इ'नर्) वि. र ना. भित्री, आन्तरिक, भित्रिया, अन्तरस्थ, गुप्त, गोपनीय;—tube ना. भित्री नली; the—man भित्री मान्छे; ना. निशानामा बीचको लक्ष वरिपरिको क्षेत्र ।

innervate (इन्अर्'भेट्) क्रि. स्नायुयुक्त गराउनु, स्नायु प्रदान गर्नु ।

innings (इ'निङ्ज्) ना. (क्रिकेटको खेलमा) इनिङ्स्, पालो; पदावधि, प्रधानत्व (राजनैतिक दलको), इ० ।

innocent (इ'नोसेण्ट्) वि. र ना. निर्दोष, दोषरहित, निरपराध, निर्मल, बेगुनाह, बेकसूर, बेदाग, सादा, अकपट, अनपकारी; ना. लाटो मानिस, सीधासादा, निमुखा, गोप्राणी, साधु बिरालो, मुसमुन्द्रे ।

innocuous (इनॅ'क्यूअस्) वि. निरूपद्रव, शान्त, अनपकारी (खा० ग० सर्पको)

innominate (इन्नॅ'मिनेट्) वि. नामरहित, नामविना ।

innovate (इ'नभेट्) क्रि. नयाँ चाला झिक्नु, नयाँ चलन चलाउनु, अदल बदल गर्नु ।

innoxious (इंन्नॅ'क्शस्) वि. अनपकारी, निरूपद्रव, जाती, हानि नगर्ने ।

innuendo (इन्यूएन्'डो) ना. (ब. व.–es) भंगी, वक्रोक्ति, व्यंगोक्ति, छेड, छेडपेच ।

innumerable (इन्यू'मरेब्ल्) वि. अनगिन्ती, असंख्य ।

inoculat/e (इनॅ'क्यूलेट्) क्रि. खोप्नु, निवेश गर्नु;—ion ना. खोपाइ, टीका ।

inodorous (इन्ओ'डरस्) वि. निर्गन्ध, बास्नारहित ।

inoffensive (इन्अफेन्'सिभ्) वि. निमुखा, निरूपद्रवी, शान्त, सुधो, साधु, सरल, सहनशील, सहिष्णु, गोप्राणी, गाइप्राणी ।

inofficious (इन्अफि'शस्) वि. विना काम, ढाक्रे ।

inoperable (इन्ऑ'परेब्ल्) वि. शल्य कार्य हुन नसक्ने, अपरेशन नहुने ।

inoperative (इन्अ॑'परेटिभ) **वि.** अकार्यसाधक, खारीज भएको, चालू नभएको, अनिष्पन्न ।

inopportune (इन्अ॑'पर्टयू न्) **वि.** अक्षण, अनवसर, बेमौका, असमयोचित, कुयाम, कुवेला, असमयानुरूप;—ness **ना.** असमय, कुवेला ।

inordinate (इन्अ॑र्'डिनेट्) **वि.** अत्यन्त, अपरिमित, अतीव, क्षुब्ध, असंयमी, हुल्याहा, बेहिसाव, अचाक्ली, ज्यादा अति, उत्पात, औधी ।

inorganic (इनॅग्यॉ'निक्) **वि.** निर्जीव, अप्राणी, जड़, बाह्य;—chemistry अकारबनीय रसायन।

input (इन्पुट्) **ना.** अन्तः पत्ति ।

inquest (इन्क्वेस्ट्) **ना.** तथ्यको लागि कानूनी वा अदालती जाँच, अन्वेषण, लाश जाँच ।

inquietude (इन्क्वाइ'ट्यूड्) **ना.** उद्वेग, अशान्ति ।

inquire, en—(इन्क्वायर्') **क्रि.** बुझ्नु, खोटयाउनु, खोतल्नु, खोजतलाश गर्नु, समाचार माग्नु, सुध्याउनु, सोध्नु ।

inquiry (इन्क्वाय'रि) **ना.** सोधपूछ, पुछारी, पुछनी, सुध्याइ, सोधनी, अन्वेषण, पूछताछ, खोजतलाश, तहकीकात, जाँच, जाँचबूझ, जाँच पड़ताल, जिरह;—without—बूझ न सूझ ।

inquisiti/on (इन्क्विज़ि'श्न्) **ना.** खोज, तहकीकात, अन्वेषण;—ve **वि.** जिज्ञासु, कुतूहली, जान्न खोज्ने ।

inroad (इन्'रोड्) **ना.** आक्रमण, हमला, आइलाग्नु, जबर्जस्तीसँग पस्नु, दखल गर्नु, धावा ।

inrush (इन्'रश्) **ना.** घुस्नु, अवस्कन्दन ।

insalubrious (इन्सलू'ब्रियस्) **वि.** अस्वास्थ्यकर (मौसिम या स्थान) ।

insane (इन्सेन्') **वि.** पागल, विक्षिप्त, उन्मत्त, बौलाहा ।

insanitary (इन्स्या'निटरि) **वि.** गन्दा, फोहोर, रोगावह, अस्वास्थ्यकर ।

insatia/ble (इन्श'शिएब्ल्) **वि.** अतृप्त, नअघाउने, अतोषणीय, अतिलोभी;—te **वि.** नअघाउने, अतृप्त ।

inscribe (इन्स्क्राइब्') **वि.** लेख्नु, सूचीवद्ध गर्नु, (नाम) लेख्नु (सौगातको पुस्तकमा); भित्र खिच्नु, खोद्नु, कुँद्नु ।

inscription (इन्स्क्रिप्'श्न्) **ना.** लेख, शिलालेख, लेख्य, न्यस्ताक्षर ।

inscrutable (इन्स्क्रू'टेब्ल्) **वि.** अभेद्य, अतर्क्य, दुर्बोध, गूढ, बुझिनसक्नु ।

insect (इन्'सेक्ट्) **ना.** कीरा, कीट, कीरा फटयाङ्ग्रा;—powder **ना.** कीटनाशक;—icide **ना.** कीरा मार्ने, कीटनाशक ।

insecure (इन्सेक्यूर्') **वि.** असुरक्षित, अकुशल, भयान्वित, भयभीत, डरलाग्दो, अस्थिर ।

inseminat/e (इन्से'मिनेट्) **क्रि.** बीजारोपण गर्नु, केलाउनु, साह जानु, भर्नु, रोप्नु;—ion **ना.** बीजारोपण, खा०ग० artificial—कृत्रिम गर्भाधान ।

insensate (इन्सेन्'सेट्) **वि.** मूढ, निर्बुद्धि, हतज्ञान, अचेतन ।

insensibilty (इन्सेन्सिबि'लिटि) **ना.** अचेतनता, अचैतन्य, भावहीनता, दयाहीनता ।

insensibe (इन्सेन्'सिब्ल्) **वि.** अगोचर, चैतन्यहीन, मूर्च्छा परेको, निस्लोट, इन्तु न चिन्तु, विचेत, बेहोश, बेसुरो, भावनारहित, दयारहित, थेत्तरो ।

insensitive (इन्सेन्'सिटिभ्) **वि.** सुप्त इन्द्रिय, भावनारहित (इन्द्रियहरू वा मानसिक वा नैतिक विषयमा) थेत्तरो, (फोटोग्राफीमा) प्रकाशको प्रभावबाहिर ।

insentient (इन्सेन्'शिएण्ट्) **वि.** प्राणहीन, संज्ञाहीन ।

inseparable (इन्से'परेब्ल्) **वि.** अवियोज्य, अविभेद्य ।

insert (इन्सअर्ट्') **क्रि.** घुसाउनु, सिउरिनु, घुसार्नु, अल्झाउनु, अडकाउनु, हाल्नु, जड्नु, प्रवेश गराउनु, छाप्नु;—ion **ना.** निवेशन, प्रवेशन, मुद्रण ।

inset (वा—ted) (इन्'सेट्) **ना.** र **क्रि.** पुस्तकको थप पृष्ठ, ठूलो नक्शा, तसवीरमा हालेको सानू ऐ०; **क्रि.** त्यसरी हाल्नु ।

inshore (इन्'शोअर्') **क्रि. वि.** र **वि.** किनाराको नजीक ।

inside (इन्साइड्) **ना., वि.** र **क्रि. वि.** भित्री तह, (बाटो) भित्तातिरको, भित्री भाग, आन्द्रा-भुँडी, **वि.** भित्री; **क्रि. वि.** भित्रपट्टि;—turn—out **क्रि.** विगल्याटो पार्नु, उल्टाउनु;—information **ना.** भित्री खबर ।

insider (इन्साइ'डर्) **ना.** सदस्य (संस्थाको); (गूटको) सदस्य; गुह्य जान्ने; भित्रिया ।

insidious (इन्सि'डिअस्) **वि.** विश्वासघाती, धोखाबाज, कपटी, सव्याज, कापटिक ।

insight (इन्'साइट्) **ना.** परिज्ञान, अन्तर्दृष्टि, तीक्ष्णमति ।

insignia (इन्सिग्'निया) **ना.** (ब. व.) चिन्ह, व्याज, लक्षण, बिल्ला, तानामाना ।

insignificant (इन्सिग्नि'फिक्याण्ट्) **वि.** तुच्छ, जाबो, फासफुस, निरर्थक, चुत्थो, सानु, क्षुद्र, बेगिन्तिको, स्वल्प ।

insincer/e (इन्सिन्सीयर्') **वि.** असत्ती. कुटिल, कृत्रिम, चेपारे, मिथ्या;—ity **ना.** कपट, असरलता, पाखण्डता ।

insinuat|e (इन्सि'न्यूएट्) **क्रि.** प्रवेश गराउनु, पैठाउनु, घुसार्नु, पसाउनु, हुल्नु, बिस्तारै घुसाउनु, इशारा गर्नु, संकेत गर्नु;—ion **ना.** आक्षेप, कटाक्ष, वक्रोक्ति, छेड, पाँडे गाली, व्यंग्य;—ing लोलोपोतो गर्ने, मन तान्ने, परानुग्रह लिन सक्ने, साँचिलो ।

insipid (इन्सि'पिड्) **वि.** विस्वादु, अलिनो, नीरस, असार, निःसत्व, अरुचिकर, खल्लो, फिका, विरस ।

insist (इन्सिस्ट्') **क्रि.** पिर्नु, जोर गर्नु, आग्रह गर्नु, हठ गर्नु;—ence **ना.** जोर, जोड, हठ, आग्रह ।

insobriety (इन्सोब्राइ'इटि) **ना.** मत्तता, जँडयाही, पियक्कडपना ।

insolation (इन्सले'श्न्) **ना.** भानुपाक (रङ्ग, उडाउनालाई, अथवा उपचारको लागि) ।

insolence (इन्'सोलेन्स्) **ना.** मर्यादालङ्घन, बेमानिता,

अनादर ।

insolent (इन्'सोलेण्ट्) **वि.** वढेको, मुख लाग्ने, वेअदवी, मत्त, उद्धत, मुचण्डयाइ, अटेरी, अपमानजनक ।

insolub/le (इन्सॅ'ल्यूब्ल्) **वि.** अविलेय, अघलनशील, नपग्लिने;—**ility** **ना.** अविलेयता ।

insolvent (इन्सॅल्'भेण्ट्) **वि.** र **ना.** टाट उल्टेको; दिवाला निक्लेको, ऋण शोधनाक्षम, गतविभव ।

insomnia (इन्सॅम्'निया) **ना.** अनिद्रता, ·अस्वाप, (स्वभावज) अनिद्रा ।

insomuch (इन्सोमच्') **क्रि. वि.** यतिसम्म किं, यतिन्जेल किं ।

insouciant (आँसुसिअँ) **वि.** असावधान, बेवास्ता गर्ने, वेसरोकार, उदासीन, वेपरवाही ।

inspect (इन्स्पेक्ट्') **क्रि.** जाँच्नु, निरीक्षण गर्नु, आलोकन;—or **ना.** निरीक्षक, जाँचकी;—orate **ना.** निरीक्षकको कार्यालय, जाँचकीहरूको समूह, जिल्ला, निरीक्षणालय ।

inspiration (इन्स्पिरे'शन्) **ना.** स्फुरण, उच्छ्वास, प्राण; प्रेरणा, हेक्का, प्रवोधन, अवभास ।

inspirator (इन्'स्पिरेटर्) **ना.** हावा खिच्ने यन्त्र, हावासूचक ।

inspire (इन्स्पाय्र्') **क्रि.** सास लिंनु, सुँघ्नु, प्रेरित गर्नु, प्राण दिनु, भावना उब्जाउनु, सुइक्क उक्साउनु, प्रेरणा दिनु ।

inspirit (इन्स्पि'रिट्) **क्रि.** अनुप्राणित गर्नु, शुन्याउनु, उत्साहित गर्नु, चेतना दिनु;—ing **वि.** उत्साहप्रद, उत्तेजक ।

inspissate (इन्'स्पिसेट्) **क्रि.** गाढा पार्नु, वाक्लो पार्नु ।

inspite (इन्स्पाइट्)—of तापनि ।

instability (इन्स्टवि'लिटि) **ना.** अस्थायित्व, अस्थैर्य, चञ्चलता ।

install (इन्स्टॉल्') **क्रि.** स्थापना, स्थापित गर्नु; प्रतिष्ठा गर्नु, अधिकारारूढ, पदस्थ गर्नु, जड्नु;—ation **ना.** प्रतिष्ठापन ।

instalment (इन्स्टॉल्'मण्ट्) **ना.** किस्ता, भाग, अंश; by —s **क्रि. वि.** अंशांशतः, विभागशः, किस्तावन्दीले ।

instanc/e (इन्'स्टन्स्) **ना.** र **क्रि.** दृष्टान्त, उदाहरण, अनुरोध, क्रिया; **क्रि.** उद्धरण गर्नु, उल्लेख गर्नु;—y **ना.** जरूरत, तात्कालिक आवश्यकता ।

instant (इन्'स्टण्ट्) **वि.** र **ना.** आवश्यक, जरूरी, तात्कालिक, चालु महीनाको; **ना.** मुहूर्त्त, क्षण, पला, निमेष;—aneous **वि.** तत्क्षणिक, तात्कालिक, क्षणस्थायी;—er **क्रि. वि.** तुरून्त, क्षणमा, अहिल्यै;—ly **क्रि. वि.** तुरून्त ।

instead (इन्स्टेड्') **क्रि. वि.** साटोमा, सट्टामा ।

instep (इन्'स्टेप्) **ना.** पिचंडिका, पिंडी, माथिल्लो पैताला, सायंक ।

instigat/e (इन्'स्टिगेट्) **क्रि.** उभाड्नु, उचाल्नु, उत्तेजना गर्नु, उकेरा लाउनु, उक्साउनु;—ion **ना.** मतो, उत्तेजन, उस्कान, वहकाउ ।

instil (l) (इन्स्टिल्') **क्रि.** (–ll–) थोपाथोपा गरी हाल्नु, हाल्नु, विस्तारै घुसाउनु ।

instinct (इन्'स्टिङ्क्ट्) **ना.** र **वि.** सहज ज्ञान, अन्तःप्रेरणा, सहज बुद्धि, आन्तरिक प्रेरणा, चेतनारहित सीप, **वि.** उत्तेजित, उद्दीपित;—ive **वि.** सहजात, नैसर्गिक, सहज ।

institute (इ'न्स्टिट्यूट्) **ना.** र **क्रि.** (वैज्ञानिक वा अन्य उद्देश्यको विकासको लागि) संस्था, संगठन, संस्थान, विद्यालय, त्यसको भवन; संहिता, विधि, विधान; **क्रि.** दायर गर्नु, थाल्नु, नियुक्त गर्नु, खडा गर्नु, लाउनु (पूजा पाठ इ०) ।

institution (इन्स्टिट्यू'शन्) **ना.** स्थापन, संस्थान, व्यवस्था, सभा, विधि, चलन, प्रतिष्ठान, भवन;—alize **क्रि.** संस्थानी गर्नु;—alized **वि.** संस्थानीकृत;—alization **ना.** संस्थानीकरण ।

instruct (इन्स्ट्रक्ट्) **क्रि.** शिक्षा दिनु, सिकाउनु, वताउनु, आज्ञा दिनु, आदेश गर्नु, अह्राउनु;—ion **ना.** शिक्षा, उपदेश, आदेश;—ional **वि.** वोधक, उपदेशप्रद, शैक्षिक;—or **ना.** शिक्षक, गुरु, प्रशिक्षक, उपदेशक, प्रवोधक;—ive **वि.** उपदेशक, सिकाउने, शिक्षा दिने ।

instrument (इन'स्ट्रूमेण्ट्) **ना.** औजार, यन्त्र, उपकरण, ज्याभल, सरजाम, मिसिल, वन्धपत्र, साज, वाजा, वाद्य; औपचारिक खा० ग० कानूनी कागत; लिखित; हतियार, हतौड़ी, सामग्री; लेखपत्र;—al **वि.** वाद्य; हेतु, निमित्त;—ality **ना.** कारणत्व, कर्तृत्व;—ation **ना.** साजसँग संगीत मिलाउने क्रिया ।

insubordinate (इन्सवॅऽर्'डिनेट्) **वि.** अटेरी, अवश, अवशवर्ती, अननुशासित ।

insubstantial (इन्सब्स्टयान्'शल्) **वि.** अवास्तविक, निःसत्व, अभौतिक ।

insufferable (इन्स'फरेब्ल्) **वि.** असह्य, अति दम्भी, घमण्डी ।

insufficien/t (इन्सफि'शेण्ट्) **वि.** नपुग; अपुग, अपर्याप्त, न्यून, अल्प, अयथेष्ट;—cy **ना.** न्यूनता, अल्पत्व ।

insufflat/e (इन्'सफ्लेट्) **क्रि.** फुक्नु, हावा भर्नु;—or **ना.** फुल्लक (धूलो फुक्ने यन्त्र, औंठाको छाप देखिने गर्नालाई);—ion **ना.** फुक्नु, (झारफुकमा) फुक्नु ।

insular (इन्'स्यूलर्) **वि.** द्विपीय, जल परिवेष्ठित, टापूनिवासी जस्तो, संकीर्ण हृदय, अज्ञानी, अननुभवी ।

insulat/e (इन्'स्यूलेट्) **क्रि.** अलग्याउनु, पृथक् गर्नु, पृथग्न्यस्त गर्नु, टापू वनाउनु;—ion **ना.** पृथग्न्यासक, पृथक्कारक ।

insulin (इन्'स्यूलिन्) **ना.** इन्सुलिन, (डायवेटीज) वहुमूत्रको खास औषधि ।

insult (इन्'सल्ट्) **ना.** र (इन्सल्ट्') **क्रि.** अपमान, वेइज्जत, तिरस्कार, मानहानि; **क्रि.** लाञ्छना गर्नु, हियाउनु, अनादर गर्नु, हेला गर्नु ।

insuperable (इन्स्यू'परेब्ल्) **वि.** दुरतिक्रम्य, अलंघ्य, दुस्तर, अजेय ।

insupportable (इन्सपोऽर्'टेब्ल्) **वि.** असह्य, दुर्वह,

दु:सह, थाम्न नसकिने ।

insurance (इन्शू'रन्स् वा इन्श्यु'रन्स्) **ना.** बीमा, योगक्षेम, (यसको लागि दिइने) दाम, किस्ता ।

insure (इन्शूर') **क्रि.** बीमा गर्नु, हानि, नुकसान इ०को क्षतिपूर्तिको लागि) दाम पाउने प्रबन्ध गर्नु, पक्का गर्नु;—d **वि.** रक्षित, योगक्षेम गराउने, बीमावाला, (**ना.** पनि) ।

insurgent (इन्सर्'जेण्ट्) **वि. र ना.** सक्रिय विद्रोहमा खडा हुने, विद्रोही, जोरसँग घुस्ने (समुद्र इ०) ।

insurmountable (इन्सर्माउन्'टेब्ल्) **वि.** अलंघनीय, दुर्जय ।

insurrection (इन्सरेक्'शन्) **ना.** प्रजाक्षोभ, विप्लव, विद्रोह, प्रजा उठ्नु;—ist **ना.** विद्रोही, उठ्ने ।

insusceptible (इन्ससेप्'टिब्ल्) **वि.** अग्राहक, अक्षम ।

intact (इन्टयाक्ट्') **वि.** सग्लो, अखण्ड, कायम, जस्ताको तस्तो, साबुत ।

intake (इन्'टेक्) **ना.** ग्रहण, अन्तर्ग्रहण, प्रवेश मार्ग, लिइएको (व्यक्ति वा वस्तु) ।

intangible (इन्टयान्'जिब्ल्) **वि.** अस्पृश्य, स्पर्शागोचर ।

integ/er (इन्'टिजर्) **ना.** पूर्णाङ्क, अभिन्न, पूर्ण (वस्तु);—ral **वि.** पूर्ण, अनुकूल, पूर्ण गराउने, अविकल, समग्र ।

integrat/e (इन्'टेग्रेट्) **क्रि.** संगठित गर्नु, पूर्ण गराउनु;—ion **ना.** अनुकलन, संगठन, जोड ।

integrity (इन्टे'ग्रिटि) **ना.** पूर्णता, अवैकल्य, गतिलोपना, सच्चरित्रता, ईमानदारी, सन्यता, territorial—**ना.** अखण्डता, भौगोलिक अखण्डता, क्षेत्रीय अखण्डता ।

integument (इन्टे'ग्यूमेण्ट्) **ना.** छाला, चर्म, खोल, छिलका, खोस्टा इ० (आवरण) ।

intellect (इन्'टेलेक्ट्) **ना.** मति, बुद्धि, प्रज्ञा, प्रज्ञान, धी, चित्, मेधा, अक्कल;—ual **वि.** वौद्धिक, मानसिक, (ब. व.) बुद्धिमानहरू, पठितहरू ।

intelligence (इन्टे'लिजेन्स्) **ना.** बुद्धि; समझ, सुझ, सुझबुझ, सुद्धीबुद्धि, चेत, होश, सुद्धी, समझको चातुरी, युक्तिमत् व्यक्ति, खबर, समाचार;—test **ना.** बुद्धि परीक्षण;—quotient औसत समझको अनुपातमा कुनै व्यक्तिविशेषको बुद्धि देखाउने संख्या छो० क० I. Q.; I—Dept **ना.** गुप्त विभाग, Criminal—department अपराध समाचार विभाग, अ० स० वि०;—r **ना.** खबर ल्याउने, समाचारवाहक, गुप्तचर, जासूस ।

intellig/ent (इन्टे'लिजेण्ट्) **ना.** समझदार, चलाक, मनको छिटो, चतुर, निपुण, मेधावी, वौद्धिक;—ible **वि.** बुझिने, बुद्धिगम्य, सुबोध, सुव्यक्त, स्पष्ट, बोध्य, बोद्धव्य ।

intelligentsia (इन्टेलिजेण्ट्'सिया) **ना.** (देशको विचारशील भनिने) स्वाधीन विचारको (शिक्षित) समुदाय ।

intempera/te (इन्टेम्'परेट) **वि.** असंयत, असंयमी, अमितभोगी, अत्याहारी, अतिपायी, अति, प्रचण्ड, प्रवल, हिंसामा प्रवृत्त;—nce **ना.** असंयम, अति पान, अचाक्ली ।

intend (इन्टेण्ड्') **क्रि.** अभिप्राय, उद्देश्य, इच्छा गर्नु, मतलव हुनु;—ed **वि.** वाक्दान गरिएको वर, कन्या ।

intendment (इन्टेण्ड्'मेण्ट्) **ना.** (कानूनले निर्दिष्ट गरेको) ठीक अर्थ, शुद्ध मतलव ।

intens/e (इन्टेन्स्') **वि.** (-er, est) गाढ, आग्रहसाथ, तीव्र, तीक्ष्ण, कुनै गुण अति मात्रामा भएको, उखरमाउलो;—ity **ना.** तीव्रता, अत्यन्तता, गाढता, वाक्लोपना;—ify **क्रि.** वाक्लो, गाढा पार्नु ।

intensive (इन्टेन्'सिभ्) **वि.** प्रकर्षकर, वृद्धिकर, गाढा गर्ने, केन्द्रित ।

intent (इन्टेण्ट्') **ना. र वि.** अभिप्राय, लक्ष, नियत, मतलव;—to all—s and purposes **ना.** सारमा, यथार्थमा; **वि.** दृढ, कम्मर कसेको, मेहनतसाथ लागेको, तल्लीन ।

intention (इन्टेन्'शन्) **ना.** आशय, मुराद, मनसुबा, तजवीज, अभिप्राय, मतलव, नियत, मनसाय, लक्ष, इच्छा, तात्पर्य; घाउ निको हुने तरीका; first—जोरिएर; second—दाना बनेर;—al **वि.** ऐच्छिक, जानी जानी, मनसायसाथ ।

inter (इन्टअर्') **क्रि.** (-rr-) र **उ.**—गाड्नु, दफनाउनु; बीचमा, मध्य;—मद्धे, बीचमा, अंतर ।

interact (इन्'टर्‌ऍक्ट्) **ना. र क्रि.** (इन्टर्‌ऍक्ट') मध्यान्तर, विष्कंभक; **क्रि.** परस्परमा क्रिया गर्नु, प्रभाव पार्नु ।

interbreed (इन्टर्ब्रीड्') **क्रि.** भिन्न जातिका पशु मिसाउनु, जोडा लगाउनु ।

intercalary (इन्टर्'कलरि) **वि.** अधिक, थपिएको, निवेशित, मल;—month **ना.** अधिक मास, मलमास ।

interce/de (इन्टर्सीड्') **क्रि.** मध्यस्थाइँ गर्नु, थामपुर पार्नु, वारिस भई बोल्नु, पैरवी गर्नु, परा प्रार्थना गर्नु, बोल-विन्ति गर्नु;—ssion **ना.** मध्यस्थता, विन्तीभाउ, भनसुन, बोल विन्ती ।

intercept (इन्टर्सेप्ट्') **क्रि. र ना.** (इन्'टर्सेप्ट्) (बीचमा) समाउनु, रोक्नु, काट्नु, थाम्नु; **ना.** अन्त: खण्ड ।

interchang/e (इन्टर्चेञ्ज') **ना. र क्रि.** अदला-बदली, साटासाट, विनिमय, आदान-प्रदान;—able **वि.** परिवर्तनीय, साट्न हुने ।

intercom (इन्'टर्कॅम्) **ना.** (खा० ग० वायुयानभित्र) आन्तरिक संचार पद्धति ।

intercommunicate (इन्टर्कम्यू'निकेट्) **क्रि.** पारस्परिक वार्तालाप गर्नु, आपसमा जान आउन सक्नु ।

intercommunity (इन्टर्कम्यू'निटि) **ना.** अन्तर्समुदाय, अन्तर्समाज; साझा वस्तु भोग गर्ने ।

intercourse (इन्'टर्कोर्स्) **ना.** संगति, समागम, सम्पर्क, वार्तालाप, परिचय; sexual—**ना.** मैथुन, रतिक्रिया, रम्नु; social—**ना.** संसर्ग, व्यवहार ।

interdependence (इन्टर्डिपेन्'डेन्स्) **ना.** पारस्परिक भर, पारस्परिक निवन्धन ।

interdict (इन्टरडिक्ट्') **ना. र क्रि.** प्रत्याख्यान, निषेध;

क्रि. रोक्नु, वाधा दिनु, रोकावट हाल्नु ।

interest (इन्'टरिस्ट्) **ना.** र **क्रि.** स्वार्थ, हित, चाख, लाभ, हक, अधिकार, सरोकार, रुचि, कुतूहल, व्याज, सूद, गरज, मतलव, चासो, परवाह, दैया, वास्ता; **क्रि.** रुचि लिनु, रुचाउनु; vested—निहित स्वार्थ; compound—**ना.** चक्रवृद्धि व्याज; simple—सामान्य व्याज;—ed **वि.** अनुरक्त, चाख लिने, नाता-सम्वन्ध भएको, पक्षपाती;—ing **वि.** रुचिकर, चाखलाग्दो;—ing condition पेट वोकेको अवस्था ।

interfere (इन्टरफीयर्') **क्रि.** हस्तक्षेप गर्नु, हात हाल्नु, व्यतिक्रमण गर्नु;—nce **ना.** हस्तक्षेप, समाघात, संघट्ट, परकार्य चर्चा ।

interfuse (इन्टर्फ्यूज़्') **क्रि.** मिलाउनु, मिसाउनु, जोर्नु ।

interim (इन्'टरिम्) **ना.**, **वि.** र **क्रि. वि.** कालाभ्यन्तर, मध्यकाल; **वि.** अन्तरिम; **क्रि. वि.** वीचमा पर्ने ।

interior (इन्टी'रिअर) **वि.** र **ना.** भित्री, अन्तरस्थ, अन्तर्गत, अन्तर्मार्ग; **ना.** उदर, आत्मा, आँत, गृहमामला ।

interjacent (इन्टर्जे'सेण्ट्) **वि.** वीचमा रहेको ।

interject (इन्टर्जेक्ट्') फ्याँक्नु, वीचमा हाल्नु, कुरा काट्नु, वीचमा वोल्नु;—ion **ना.** अन्तःक्षेपण, उद्गार, विस्मयादिवोधक शब्द, निपात ।

interlace (इन्टर्ले'स्) **क्रि.** वाँध्नु, आँखे झ्याल पार्नु, मिलाउनु, टाँड पारेर राख्नु ।

interlard (इन्टरलाअर्ड') **क्रि.** मिस्नु (खा० ग० लेख्दा, वोल्दा विदेशी शब्द घुसाउनु) ।

interleaf (इ'न्टर्लीफ्) **ना.** (ब. व.–ves) थप पृष्ठ (सा० खाली) पुस्तकभित्र ।

interleave (इन्टर्लीभ्') **क्रि.** पुस्तकभित्र थप (खाली) पत्र हाल्नु ।

interline (इन्टर्लाइन्') **क्रि.** (कागतमा) पंक्तिमा शब्द थप्नु, यसरी (शब्द) थप्नु ।

interlinear (इन्टरलि'नियर्) **वि.** अन्तरपंक्तीय ।

interlock (इन्टर्लॅक्') **क्रि.** खप्टिनु, दाँत मिल्नु, समात्नु, च्याप्नु ।

interlocutor (इन्टर्लॅ'क्युटर्) **ना.** वार्ताकार, संभाषक, संवादक;—y **वि.** संवादरूप, संवादात्मक, वीचको ।

interloper (इन्'टर्लोपर्) **ना.** घुस्ने; अनधिकार प्रवेश गर्ने, आगन्तुक, लमी, अन्तर्गामी, घुसक्कड, वक्खु ।

interlude (इन्'टर्लूड्) **ना.** मध्यान्तर, विष्कंभक, मध्यवर्ती समय वा स्थान, घटना, रमाइलो कुरा ।

intermarr/iage (इन्टर्म्या'रिज्) **ना.** अन्तरजातीय विवाह;—y **क्रि.** अन्तरजातीय विवाह गर्नु ।

intermediary (इन्टर्मी'डियरि) **वि.** र **ना.** मध्यस्थ, वीचको; **ना.** पंच ।

intermediate (इन्टर्मी'डिएट्) **वि.** र **ना.** वीचमा आउने; वीचको, अवान्तर, अन्तरवर्ती, अन्तरमाध्यमिक ।

interment (इन्टअर्'मेण्ट्) **ना.** लाश गाडने, दफन ।

intermezzo (इन्टर्मेड्ज़ो) **ना.** (ब. व.—zi,—zoo) छोटो नाटकीय खेल, खा० ग० मध्यवर्ती अन्तरमा प्रदर्शित हुने ।

interminable (इन्टअर्'मिनेब्ल्) **वि.** अनर्गल, अनवरत, अनन्त, ज्यादा लामू ।

intermingle (इन्टर्मिङ्'ग्ल्) **क्रि.** मिसिनु, मिसाउनु ।

intermission (इन्टर्मि'श्न्) **ना.** विराम, विश्रान्ति, विच्छेद, निवृत्ति, रोक, अंतर; without—निरन्तर, अनवरत, अविरत, अविच्छेद ।

intermit (इन्टर्मिट्') **क्रि.** (–tt–) रोक्नु, थाम्नु, एक छिन वन्द गर्नु, निलम्वन गर्नु;—tent **वि.** सविराम, सविच्छेद, रोकी रोकी हुने; पौनः पुनिक;—tent **वि.** विराएर, विराई, रोकी रोकी ।

intermix (इन्टर्मिक्स्') **क्रि.** मिसाउनु ।

intern (इन्टअर्न्') **क्रि.** र **ना.** निर्दिष्ट स्थानमा वास गर्ने गराउनु, थुन्नु, रोक्का गर्नु; **ना.** उच्च भैषजीय विद्यार्थी तथा अस्पतालमा काम गर्ने व्यक्ति;—ment **ना.** क्षेत्रीय निरोध, हद, वन्देज, थुना, हटक, रोक्का, नजरवन्दी ।

internal (इन्टअर्'नल्) **वि.** भित्री, अन्तः, आंतरिक, अन्तर;—bisector **ना.** अन्तरर्द्धक;—combustion engine अन्तरदहन यंत्र ।

international (इन्टर्न्या'शनल्) **वि.** अंतरराष्ट्रिय, अंताराष्ट्रिय; अन्ताराष्ट्रिय (अलिम्पिक) खेलकूदमा भाग लिने खेलाडी; अन्ताराष्ट्रिय संगठन, खा० ग० प्रथम, द्वितीय, तृतीय, साम्यवादी संगठन;—law **ना**· जाब्ता ।

internationale' (इन्टर्नाशनाल्') **ना.** The—साम्य- (फ्रेञ्च भाषामा) वादी गीत ।

internationalist (इन्टर्न्या'शनलिस्ट्) **ना.** जाफता ज्ञाता, अंतरराष्ट्रिय व्यवहारको ज्ञाता, राष्ट्रहरूमा सद्भावनाको पक्षपाती ।

internationalize (इन्टर्न्याश'नलाइज़्) **क्रि.** अंताराष्ट्रिय वनाउनु, कुनै प्रदेशलाई विभिन्न राष्ट्रहरूको संयुक्त अधीनमा राख्नु ।

internecine (इन्टर्नी'साइन्) **वि.** परस्पर ध्वंसक, विध्वंसकारी, घातक; उ०—war परस्पर विध्वंसक लडाइँ ।

internuncial (इन्टर्नन्'श्ल्) **वि.** (स्नायुहरूको), जोर्ने, पद्धतिको विभिन्न भागसँग संपर्क गर्ने ।

internuncio (इन्टर्नन्'शिओ) **ना.** महापादरी (पोप) को राजदूत ।

interpellat/e (इन्टअर्'पेलेट्) **क्रि.** (खा० ग० फ्रान्सिसी संसद्मा) कार्य रोकी मंत्रीसँग स्पष्टीकरण माग्ने क्रिया;—ion **ना.** प्रश्न (संसदमा) ।

interplay (इन्'टर्प्ले) **ना.** अंतर क्रिया, पारस्परिक क्रिया ।

interpol (इ'न्टअर्पोल्) **ना.** पुलीस, अंतर प्रहरी (अंतरराष्ट्रिय पुलीस संगठन) ।

interpolat/e (इन्टअर्'पलेट्) **क्रि.** (पुस्तकमा) हाल्नु

(अघि लेखिएको, आधिकारिक, भन्ने भान पार्नालाई) थप्नु;—ion **ना.** क्षेपक, थप ।

interpos/e (इन्टर्पोज़्') **क्रि.** घुसाउनु, हाल्नु; हस्तक्षेप गर्दै राख्नु, भित्र पस्नु, विघ्न हाल्नु, व्यवधान गर्नु;—ition **ना.** विघ्न, हस्तक्षेप, रोकावट ।

interpret (इन्टअर्'प्रेट्) **क्रि.** व्याख्या गर्नु; अर्थ बताउनु, अर्थाउनु, बुझ्नु, बताउनु, संझ्नु, दोमासे हुनु;—er **ना.** दोमासे, दोभाषे;—ation **ना.** व्याख्या, विवेचन, अर्थ प्रकाशन ।

interregnum (इन्टरेग्'नम्) **ना.** (ब. ब.–na,-nums) राजा नभएको अवधि, एक राजाको राज्यकालको अन्त भई आर्को आरूढ नहुन्जेलको अवधि; मध्यान्तर, विराम ।

interrelation (ship) इन्टर्रेलेश्न् (शिप्) **ना.** र **वि.** पारस्परिक सम्बन्ध; अंतर सम्बन्ध ।

interrogat/e (इन्टे'रगेट्) **क्रि.** जिरह गर्नु, केर्नु, सवाल गर्नु, प्रश्न गर्नु;—ion जिरह, बन्दसवाल, जिज्ञासा, प्रश्न;—ion mark प्रश्न चिन्ह, विराम;—ive **वि.** प्रश्नात्मक, प्रश्न रूप;—ory **ना.** सोधनी, जिरह, प्रश्न, सवाल; **वि.** प्रश्नसूचक ।

interrupt (इन्टरप्ट्') **क्रि.** विथोल्नु, रोक्नु, विघ्न पुर्‍याउनु, उपरोध गर्नु, (कुरा) काट्नु;—er **ना.** उपरोधक;—ion **ना.** अवरोध, विघ्न, खंडखाद्य ।

intersect (इन्टर्सेक्ट्') **क्रि.** काट्नु, टाँड पर्नु;—ion **ना** कटान, छेदन, मुहान, छेदन विन्दु ।

intersperse (इन्टर्स्पअर्स्') **क्रि.** छर्नु, बीचवीचमा राख्नु, छिताराउनु, मिश्रण गराउनु ।

interstate (इ'न्टर्स्टेट्) **वि.** अन्तरराज्य, दुई वा वढी राज्यहरूमध्येको ।

interstellar (इ'न्टर्स्टेलर्) **वि.** तारामध्यवर्ती ।

intersti/ce (इन्टअर्स्'टिस् वा इन्'टर्—) **ना.** छिद्र, रन्ध्र, प्वाल, अंतर, अंतर कुन्तर, अंतराल;—tial **वि.** छिद्रित ।

intertwine (इन्टरट्वाइन्') **क्रि.** वेह्रिनु, लपेट्नु ।

interval (इन्'टर्भल्) **ना.** मध्यान्तर, अंतर, विराम, अंतरावधि, निष्पत्ति ।

interven/e (इन्टरभीन्') **क्रि.** आइपर्नु; बीचमा पर्नु;—ing **वि.** मध्यवर्ती, अंतरागत;—tion **ना.** मध्यस्थता, हस्तक्षेप ।

interview (इन्'टर्भ्यु) **ना.** र **क्रि.** अंतर्वार्ता, संगम, समागम ।

interweave (इन्टर्वीभ्') **क्रि.** जेलिनु;—woven **वि.** जेलिएको ।

intestate (इन्टेस्'टेट्) **वि.** विना विल, वसीहतनामा विना, अकृत मृत्यु लेख ।

intestin/e (इन्टेस्'टिन्) **ना.** र **वि.** आन्द्रा, आँत, आत्रो, ठूलो आन्द्रा, पाचन नली, लाद्रो, **वि.** आंतरिक, घरेलु;—al **वि.** नालीय ।

intima/te (इन्'टिमेट्) **वि.**, **ना.** र **क्रि.** घनिष्ठ, सन्निकट, आप्त, साखु, साखुल्य, नैज, स्वीय; **ना.** वस–उठ, हेलमेल, हेमचेम, हितचित्त, मेल; **क्रि.** जनाउनु, बताउनु, घोषणा गर्नु, संकेत गर्नु;—cy **ना.** मेल, वस–उठ, वसाउठी, सहवास हेमचेम, संगति, हितचित्त, व्यभिचार;—tion **ना.** समाचार, खवर, जनाउ ।

intimidat/e (इन्टि'मिडेट्) **क्रि.** तर्साउनु, धम्की दिनु, त्रास पार्नु;—ion **ना.** डर, त्रास ।

into (इन'टु) **उ०**—मा, भित्र, तिर, तर्फ, अन्तर ।

intolerable (इन्टॅ'लरेब्ल्) **वि.** असह्य, ज्यादा, अचाक्ली, अचकाली, कचाकु, अखानु ।

intoleran/t (इन्टॅ'लर्‍याण्ट्) **वि.** अमर्षण, असहनशील, सहन नसक्ने, अक्षमी;—ce **ना.** अक्षमा ।

intonation (इन्टने'श्न्) **ना.** सुर, लय, पाठ, स्वर संक्रम; intone **क्रि.** लयसाथ पाठ गर्नु, विशिष्ट स्वरसँग बोल्नु ।

intoxica/te (इन्टॅ'क्सिकेट्) **क्रि.** लट्ठ पार्नु, मदोन्मत्त गराउनु;—nt **वि.** लागु, मादक, मद्वन;—tion **ना.** मात, मद, माद, मादन, उन्माद, मत्तता;—ted **वि.** लट्ठ, झुम्म, परेको, मदहोशी, उन्मत्त, क्षीव;—ting **वि.** मादक ।

intra (इन्ट्रा) **उ.** आन्तरिक—, भित्री;—muscular अन्तरपेशीय;—venous अन्तरशिरीय ।

intractable (इन्ट्र्याक्'टेब्ल्) **वि.** जर्कटो, टेर-पुच्छर नलाउने, धिन्याहा, लिचडो, अजीर, सम्हालिनसक्नु, दुर्दम, दुशास्य ।

intransigent (इन्ट्र्यान्'सिजेण्ट्) **वि.** प्रतिनिविष्ट, निश्चल, खा०ग० राजनीतिमा, अशाम्य, असंधेय ।

intransitive (इन्ट्रान्'जिटिभ्) **वि.** अकर्मक ।

intrant (इन्'ट्र्याण्ट्) **ना.** प्रवेशक–विद्यालय वा सभामा ।

intrepid (इन्ट्रे'पिड्) **वि.** निर्भय, निडर, निःशंक, शूरवीर, सुरो;—ity **ना.** शौर्य, निर्भयत्व, पौरुष, हुति, बुता, ह्याउ, वर्कत ।

intrica/te (इन्'ट्रिकेट्) **वि.** जटिल, कुटिल, पेचिलो, गहन;—cy **ना.** वैषम्य, वक्रता, गूढता ।

intrigue (इन्ट्रीग्') **ना.** र **क्रि.** पेच, दाउपेच, जाल, कामचरित; **क्रि.** षडयन्त्र गर्नु, जाल गर्नु; प्रेम–नाट्य गर्नु;—r, intrig(u) ant **ना.** पेची, उपजापक, प्रेमी, पेचालु, झेली ।

intrinsic (इन्ट्रिन्'सिक्) **वि.** नैज, स्वीय, आंतरिक, यथार्थमा, स्वभावज, करनीहाना, अंतरस्थ, अंतर्निहित ।

introduc/e (इन्ट्रड्यूस्') **क्रि.** ल्याउनु, राख्नु, घुसार्नु, सिउरिनु, घुसाउनु, कायम गर्नु, प्रस्तुत गर्नु, परिचय गराउनु;—tion **ना.** प्रवेश, परिचयकरण, भूमिका, प्रस्तावना;—letter of—परिचय-पत्र;—tory **वि.** प्रवेशिका, परिचायक, आरम्भक, प्रारम्भिक, प्रास्ताविक ।

introspect (इन्ट्रॅस्पेक्ट्') **क्रि.** आफ्नै मन र भावना विचार गर्नु;—ion **ना.** अन्तर्दर्शन, अंतरावलोकन, अंतःप्रेक्षण ।

introvert (इन्ट्रोभअर्ट्) **वि.** र **क्रि.** चिन्ताशील, ध्यानावस्थित, आन्तरिक, चिन्ता गर्ने; उल्टाउनु ।

intru/de (इन्ट्रूड्') **क्रि.** पस्नु, घुस्नु, विनाअनुमति पस्नु; दखल गर्नु, ओगट्नु, हाँप्नु;—sion **ना.** अनाहूत प्रवेश, पसाइ ।

intuit (इन्'टयूइट्) **क्रि.** सहज ज्ञान प्राप्त गर्नु, चिच्छक्ति-

द्वारा ज्ञान उपलब्ध गर्नु;—ion **ना.** सहज ज्ञान, अन्तर्ज्ञान, हेक्का;—ive **वि.** सहजोपलब्ध, सहजज्ञ ।

intumescen|ce (इन्ट्यूमे'सेन्स्) **ना.** उत्सेध, सूज, शोथ;—t **वि.** सुनिएको ।

inunction (इनङ्क्'श्‌न्) **ना.** तेल-मर्दन, तेल लाउनु, मालिश ।

inundat/e (इ'नण्डेट्) **क्रि.** बाढी आउनु, पानीले ढाक्नु, आप्लावन हुनु, जलमग्न हुनु;—ion **ना.** आप्लावन, बाढी, दाहार ।

inure, en—(इन्यूअ्र्') **क्रि.** बानी लाउनु, अभ्यास हुनु, फलवत् हुनु;—d **वि.** बानी परेको, थेत्तरो, भुक्तमान ।

inutile (इन्यू'टाइल्) **वि.** बेकामको, व्यर्थ, निरर्थक ।

in vacuo (इन् भेकुओ) **क्रि. वि.** शून्यमा ।

invade (इन्भेड्') **क्रि.** चढाइ गर्नु, आक्रमण गर्नु, धावा बोल्नु;—invasion **ना.** आक्रमण, चढाइ, धावा ।

invaginate (इन्भ्या'जिनेट्) **क्रि.** योनिमा हाल्नु, खोलमा हाल्नु, (नलीको आकारको खोल) उल्टाउनु ।

invalid (इन्भ्या'लिड्', इन्भलीड्') **वि.** र **ना.** र **क्रि.** खारिज, अबल, नाकायम; **ना.** मधौरू, रोगी, बिरामी, मरीज; **क्रि.** ओछ्यान पर्नु, पर्नु, बिरामी हुनु;—ate **क्रि.** नाकायम, अबल, गराउनु (युक्ति, कागत इ०);—ity अबलता, (शारीरिक) अशक्यता, बेहक ।

invaluable (इन्भ्या'ल्यूएब्ल्) **वि.** अनमोल, मूल्यातीत, अति मूल्यवान ।

invariable (इन्भे'यरिएब्ल्) **वि.** अपरिवर्तनीय, निर्विकार, अपरिणम्य, अचल, स्थिर ।

invective (इन्भेक्'टिभ्) **ना.** आक्षेप, आक्षेपपूर्ण भाषण, निन्दायुक्त प्रवचन, कडा गाली ।

inveigh (इन्भे') **क्रि.** शब्दमा जोरदार विरोध गर्नु, निन्दा गर्नु ।

inveigle (इन्भी'ग्ल्,-भेग्ल्') **क्रि.** फुसलाउनु, खेलाउनु, बहकाउनु, मोह गर्नु, भोर्नु, रुझ्काउनु ।

invent (इन्भेण्ट्') **क्रि.** आविष्कार गर्नु, बनाउनु, उत्पन्न गराउनु, सृष्टि गर्नु, मनगढन्त गर्नु;—ion **ना.** कल्पना, आविष्कार, रचना;—or **ना.** स्रष्टा ।

inventory (इन्'भेण्टरि) **ना.** लगत, तायदाती, परिगणना, संख्यापत्र, सूचीपत्र, परिसंख्यिका ।

inveracity (इन्भेर्‍या'सिटि) **ना.** असत्य, मिथ्या, झूट ।

invers/e (इन्भअ्र्स्') **वि.** र **ना.** उल्टो, विलोम, उत्क्रम; **ना.** उत्क्रान्तः,—ly **क्रि. वि.** उत्क्रमतः, उत्क्रमसँग;—ion **ना.** उत्क्रमण, उल्टो, उल्टापन ।

invert (इन्भअ्र्ट्') **क्रि.** उल्टो पार्नु, उल्टाउनु;—ed **वि.** उल्टिएको, अधोमुखी, विलोम, उ०—comma उल्टिएको कमा, विराम चिन्ह ।

invertebrate (इन्भअ्र्'टिब्रेट्) **वि.** विना डँडाल्नुको, पृष्ठवंशहीन ।

invest (इन्भेस्ट्') **क्रि.** पहिराउनु, आच्छादित गर्नु, परिधान पहिराउनु, दर्जा, सम्मान प्रदर्शन गर्नु, घेरा हाल्नु; लगानी लाउनु;—or सो गर्ने, लगानीकर्ता;—iture **ना.** प्रतिष्ठापन, पदस्थापन;—ment **ना.** लगानी, प्रतिष्ठापन, परिधान, विनियोग, लहना, थैली ।

investigat/e (इन्भेस्'टिगेट्) **क्रि.** जाँच्नु, खोज तलास गर्नु;—ion **ना.** अन्वेषण, अनुसन्धान, छानबीन, तहकीकात, जाँच पडताल, तदारूख;—or **ना.** अन्वेषक;—ion on the spot मौका तहकीकात ।

invetera/te (इन्भे'टरेट्) **वि.** दीर्घ स्थापित, बद्धमूल, चिरकालिक, हठी;—cy **ना.** स्थिरता ।

invidious (इन्भि'डिअस्) **वि.** द्वेषजनक, ईर्ष्याकर, वैरत्वकारक ।

invigilat/e (इन्भि'जिलेट्) **क्रि.** (परीक्षामा) विद्यार्थीउपर नजर राख्नु;—ion निरीक्षण;—or **ना.** निरीक्षक ।

invigorat/e (इन्भि'गरेट्) **क्रि.** बलियो गर्नु, पुष्ट बनाउनु; —ing **वि.** तरावटी, ताकतदारी, वीर्यप्रद, तेजस्कर;—ion बलवर्धन ।

invincible (इन्भिन्'सिब्ल्) **वि.** अजेय, अदम्य ।

inviolab/le (इन्'भॉय्लेब्ल्) **वि.** अलंघ्य, अविच्छेद्य, अनतिक्रमणीय, अभेद्य;—ility **ना.** अलंघ्यता, अखण्डता ।

inviolate (इन्'भॉय्लेट्) **वि.** अभग्न, अलंघित, अक्षत, अखंडित ।

invisible (इन्भि'ज़िब्ल्) **वि.** अदेख, अदृश्य, अल्पेको, अंतर्धान भएको, परोक्ष, गायब, लुप्त, दर्शनातीत, क्षुद्र, अति सानू ।

invit/e (इन्भाइट्') **क्रि.** निम्त्याउनु, आमंत्रण गर्नु, बेसाउनु, डाक्नु, अनुरोध गर्नु;—ee **ना.** निम्तारू;—ation **ना.** आमंत्रण, निमंत्रण, हुङ्कार, निम्ता ।

invocation (इेन्भोके'श्‌न्) **ना.** आह्वान, आवाहन, प्रार्थना, स्तुति ।

invoice (इन्'भॉय्स्) **ना.** र **क्रि.** चलानी, बीजक, चलानीसूची, चलानीपुर्जी (खा. ग. ढुवानीको माध्यमद्वारा) मोल, संख्या परिमाण ढुवानी इ० लेखिएको चलानी; **क्रि.** सो चलानी लेख्नु ।

invoke (इन्भोक्') **क्रि.** आह्वान गर्नु, आवाहन गर्नु, स्तुति गर्नु, प्रार्थना गर्नु ।

involuntary (इन्भॅ'लण्टरि) **वि.** इच्छाविना, अकाम्य, अकाम, अनिच्छापूर्वक, अजानमा ।

involute (इन्'भलुट्) **वि.** जटिल, गहन, घुमेको, घुमाउरो, छेउ घुम्रिएको ।

involution (इन्भलु'श्‌न्) **ना.** आवेष्टन, आवरण, संकीर्णता, जटिलपना ।

involve (इेन्भॅल्भ्') **क्रि.** बेर्नु, घुम्नु, लठारिनु, घुमाउरो हुनु, मुछ्नु, फँसाउनु, समावेश गर्नु, सूचना गर्नु, सरीक गर्नु;—d **वि.** संलग्न, हात भएको, मुछिएको, जटिल, गहन, कठिन,

माखेसांग्लो;—ment आर्थिक संकट, जटिल विषय, कचमच, संलग्नता, टण्टा, झंझट।

invulnerable (इन्भल्'नरेब्ल्) **वि.** अभेद्य, क्षताक्षम, अवेध्य, चोट लाग्न नसक्ने।

inward (इन्'वर्ड्) **वि.** र **ना.** अन्तर्वर्ती, भित्री, भित्रपट्टि, मानसिक, आध्यात्मिक; (व. व.) घे. ज. inwards (इनर्ड्ज) आन्द्राभुँडी, आँत।

inwardly (इन्'वर्ड्लि) **क्रि. वि.** भित्रपट्टिबाट, मनमनै, मन वा आत्मामा।

inwardness (इन्'वर्ड्नेस्) **ना.** भित्री स्वभाव, गुण सार, अध्यात्म, तत्व।

iodine (आ'योडिन्) **ना.** आयोडीन, आइडिन।

iodoform (आइओ'डोफअर्म्) **ना.** आयडोफर्म।

ion (आइ'अन) **ना.** विद्युत्शक्ति रहेको अणुको अंश, आयन;—ization **ना.** आयनीकरण।

ionosphere (आयोनस्फियर्) **ना.** आयन मण्डल।

iota (आय'टा) **ना.** अणु, फुट्टी, सिन्को, कण, दंसो।

IOU (आई ओ यू') **ना.** तमसुक, भरपाई, रसीद; अंग्रेजीमा यी तीन अक्षर लेखी हस्ताक्षर गरेर ऋण सकार गर्छन्।

ipse dixit (इप्'सि डि'क्सिट्) **ना.** (उनैले भनेको), केवल आधिकारिक उक्तिमा भर गर्ने हठी वक्तव्य।

ipissima verba (इपि'स्सिमा भेर्य्'बा) **ना.** (व. व. उही) शब्दहरू, जस्ताको तस्तै।

ipso facto (इ'प्सो फ्या'क्टो) **क्रि. वि.** सोही कुराले, स्वतः।

irascible (ईन्या'सिब्ल्) **वि.** क्रोधशील, शीघ्रकोपी, रिसाहा, गरम मिजासको।

irate (आई रेट्') **वि.** रिसाएको, क्रोधी।

ire (आयर्) **ना.** क्रोध;—ful **वि.** क्रोधी, क्रोधज।

irenic/al (आइरी'निक्अल्) **वि.** शान्ति खोज्ने, शान्तिप्रिय।

iridescen/t (इरिडे'सेण्ट्) **वि.** इन्द्रधनुसदृश रङ्ग-विरङ्ग भएको; झालेमाले, रङ्ग-विरङ्गको;—ce **ना.** स्थानान्तरसँग रङ्ग बदल्ने, धूप छाया, टल्कने रंग-विरंगी चमक।

iridium (ईरि'डियम्) **ना.** प्ल्याटिनम सदृश सेतो धातु तत्व, इरिडियम।

iris (आइ'रिस्) **ना.** तारामंडल, (आँखाको) उपतारा;—diaphragm **ना.** तारापट।

irk (अर्क्) **क्रि.** विझाउनु, झ्ख्याउनु, खिल्नु, थकाउनु, पट्टाइ लगाउनु;—some **वि.** पट्टाइ लाग्ने, थकाउने।

iron (आ'यरन्) **ना.**, **वि.** र **क्रि.** फलाम, लोहा; इस्त्री; लोह; हतकडी; **वि.** फलामे कडा, ननुहुने, दयाहीन; **क्रि.** फलामले ढाक्नु, इस्त्री लाउनु, नेल हाल्नु; cast—ढालेको फलाम, ढलुवा;—age फलामे युग;—curtain फलामे छेका—lung फलामे फोक्सो;—rations फलामे खुराक;—monger **ना.** फलाम पसले, कौ।

ironi/c (आयरॅ'निक्) **वि.** व्यंगपूर्ण, व्याजपूर्ण;—st **ना.** व्यङ्गोक्ति गर्ने;—cally **क्रि. वि.** व्यंग्य तवरले।

irony (आय्र'नि) **ना.** व्यंगोक्ति, व्याजोक्ति, व्यंग्य, विडम्बना।

irradia/nt (इर्रे'डिएण्ट्) **वि.** दीप्तिमत्, उज्ज्वल;—tion **ना.** दीप्ति, प्रज्वलन, उद्योतर प्रभा, कान्ति।

irrational (इर्रे'शनल्) **वि.** युक्तिहीन, अतार्किक, बुद्धिहीन, अचेतन, अविवेकी, (गणि०) करणी।

irreclaimable (इर्रिक्ले'मेब्ल्) **वि.** सुधार नहुने, पुनर्लभ नहुने, पाप निवृत्ति नहुने, पुनरलभ्य।

irrecognizable (इर्रे'कग्नाइज़ेब्ल्) **वि.** चिन्न नसकिने।

irreconcilable (इर्रेकन्साइ'लेब्ल्) **वि.** र **ना.** अशाम्य शत्रुता गर्ने, असंगत; (राजनीतिमा) अशाम्य विरोधी।

irrecoverable (इर्रिक'भरेब्ल्) **वि.** पुनरलभ्य, असमाहार्य, पाइन नसकिने।

irredeemable (इर्रिडी'मेब्ल्) **वि.** अनुद्धरणीय, उद्धार हुन नसक्ने, निराशापूर्ण, अप्राप्य।

irredentist (इर्रिडेण्टि'स्ट्) **ना.** स्वभाषाभाषी सबै जनतालाई स्वदेशमा गाभ्ने राय भएको इटालीय, ग्रीक, पोल इ०।

irreducible (इर्रिड्यू'सिब्ल्) **वि.** न्यूनीकरण क्षम, अलघुकरणीय, सरल गराइन नसकिने।

irrefragable (इर्रेफ्रजेब्ल्) **वि.** (वक्तव्य, युक्ति, व्यक्ति) अकाटय, अखण्डय, प्रामाणिक।

irrefrangible (इर्रिफ्रयान्'जिब्ल्) **वि.** अक्षत, परावर्तन नहुने।

irrefutable (इर्रेफ्यू'टेब्ल्) **वि.** अकाटय, अखंडनीय, अप्रत्याख्येय।

irregular (इर्रे'ग्यूलर्) **वि.** अव्यवस्थित, अनियमित, वेरीत, बेडोल, विषम, बांगोटिंगो;—ity **ना.** अनियमितता, जथाभावी, वेरूल, बेथिति।

irrelative (इर्रे'लेटिभ्) **वि.** असंबद्ध, असंग, सम्बन्ध नभएको।

irrelevan/ce (इर्रे'लिभ्यान्स्) **ना.** असंगति;—t **वि.** अप्रस्तुत, वेसुरको, अप्रासंगिक, असंबद्ध, छेउ न टुप्पाको।

irreligion (इर्रिलि'ज्न्) **ना.** नास्तिकता, अभक्ति, अधर्म।

irremediable (इर्रेमी'डिएब्ल्) **वि.** अप्रतिकार्य, निरूपाय, उपायातीत।

irremissible (इर्रेमि'सिब्ल्) **वि.** अक्षम्य।

irremovable (इर्रिमू'भेब्ल्) **वि.** अपरिहार्य, स्थिर, अचल, हटाइन नसक्ने।

irreparable (इर्रे'परेब्ल्) **वि.** अप्रतिकार्य, असमाधेय।

irreplaceable (इर्रिप्ले'सेब्ल्) **वि.** पूर्ति नहुने।

irrepressible (इर्रिप्रेसिब्ल्) **वि.** रोक्न नसकिने, दुर्निवार।

irreproachable (इर्रिप्रो'चेब्ल्) **वि.** अनिन्द्य, अगर्ह्य।

irresistible (इर्रिजिस्'टिब्ल्) **वि.** अप्रतिकार्य, दुर्धर, विरोध गर्न नसकिने।

irresolut/e (इर्रे'जलुट्) वि. लोलमति, संशयात्मा;—ion ना. अस्थैर्य, चंचल वृत्ति ।

irresolvable (इर्रिजॅल्'भेब्ल्) वि. अविश्लेषणीय; अभेद्य, हल हुन नसक्ने ।

irrespective (इर्रिस्पेक्'टिभ्) वि. अनपेक्ष्य, अपेत्ता विना, वास्ता विना ।

irresponsib/le (इर्रिस्पॅन्'सिब्ल्) वि. अनुत्तरदायी, दायित्वहीन, फटाहा;—ility ना. भाँडभैलो ।

irresponsive (इर्रिस्पॅन्'सिभ्) वि. अनुत्तरदायी, असंवादी ।

irretrievable (इर्रिट्री'भेब्ल्) वि. असन्निवृत्त, अप्राप्य, पुनरलभ्य ।

irreverent (इर्रे'भरेण्ट्) वि. उपेक्षक, अनादरी, अवज्ञाकारी, तिरस्कारी ।

irreversible (इर्रिभअर्'सिब्ल्) वि. नउल्टाइने, अनुत्क्रमणीय ।

irrevocable (इर्रे'भोकेब्ल्) वि. अपरिवर्तनीय, अटल, अनन्यथाकरणीय ।

irrigat/e (इरि'गेट्) क्रि. सिन्च्नु, पाट्नु, (पानी) पटाउनु;—ion ना. सिञ्चन, बाँध पैन, पटाउ, जलप्लावन, सिंचाइ ।

irrita/te (इरि'टेट्) क्रि. झोक उठाउनु, जगाउनु, झर्काउनु, उत्तेजित गर्नु, कुपित गर्नु;—ncy कोप, झोक;—ble ना. रिसाहा, क्रोधी, झडङ्गे, जङ्गी, झोक्की, झक्की, मापाको, झक्कड;—nt वि. र ना. उद्दीपक, दाहक, उत्तापक, संतापक, कोपावह, झोक चलाउने, झर्काउने;—tion ना. झोक, कोप, उत्तेजना, झर्को;—biiity ना. उत्तेजनशीलता ।

irruption (इरप्'शन्) ना. आक्रमण, चढाइ, वेगसाथ घुसाइ, हिंसात्मक पसाइ, प्रवेश ।

is (इज्) क्रि. छ, हो ।

ischiatic,-dic (इस्किभ्याटिक्',-डिक्) वि. कटिको ।

Ishmael (इश्'मेएल्) ना. परित्यक्त, निष्कासित, पतित; समाजसँग जुध्ने ।

isinglass (आइ'जिङ्ग्लास्) ना. माछाबाट पाइने सेतो जेलाटिन प्रकारको वस्तु ।

Islam (इज्'लम् वा इस्लाम्) ना. इस्लाम, मुसलमानी धर्म ।

island (आइ'ल्याण्ड्) ना. र क्रि. टापू, द्वीप, अलग रहेको वस्तु ।

isle (आइल्) ना. (पद्यमा) टापू, द्वीप; (गद्यमा) नामसँग मात्र आउने, उ० I–of Wight, British I–s ।

islet (आइ'लेट्) ना. सानू टापू, अलग रहेको क्षेत्र या स्थान ।

ism (इ'ज़्म्) ना. वाद, कुनै सिद्धान्त वा चलन ।

iso–(आइसो—) उ०–सम–;—chromatic वि. एक, उही, रंगा;—metric (al) वि. सम परिमाणको ।

isolat/e (आइ'सलेट्) क्रि. अलग्याउनु, एकलास गराउनु, छुट्टै राख्नु, (विद्युत्) छुटाउनु, संसर्ग निषेध गर्नु;—d वि. अलग्ग, एकलास;—ion ना. पृथक्करण, असंग;—ion ward, hospital संक्रामक रोगीहरूको लागि;—ionism (राजनीति) अन्य देशको मामलामा नमुछिने, पृथकत्व;—ionist ना. सो नीतिको समर्थक, पृथकत्ववादी ।

isosceles (आइसॅ'सलीज्) वि. समद्विवाहु, समद्विभुज ।

isotherm (आइ'सथर्म) ना. समशीतोष्ण रेखा ।

isotope (आइ'सटोप्) ना. अणुको गुरुत्वबमोजिम तत्वको दुई वा बढी रूपमध्ये कुनै एक, समस्थानीय ।

Israel (इज़्'राएल्) ना. यहूदी जाति, सो नामको देश ।

issue (इ'स्यू) ना. र क्रि. प्रवाह, निर्गम, अन्त, सन्तान, फल, निर्णय, प्रश्न, विवाद, प्रकाशन, निष्कासन; क्रि. आउनु जानु, निस्कनु, उत्पन्न हुनु, प्रकाश हुनु, प्रचार गरिनु, चलन चल्तीमा आउनु;—less वि. निःसन्तान, अपूतो ।

isthmus (इस्थ्'मस् वा इस्'मस्) ना. (व.व.–uses) जमीनको लामू (घाँटी); संयोग भूमि, स्थलसंयोजक ।

it (इट्) स० ना. यो, यही, उही ।

italic (इटया'लिक्) वि. र ना. तेर्सो अक्षर, (व.व.) तेर्सो अक्षर (छुट्ट्याउनालाई उ० विदेशी शब्द) ।

italicize,–ise (इटया'लिसाइज्) क्रि. इटालिक्समा (तेर्सो अक्षरमा) छाप्नु ।

itch (इच्) ना. र क्रि. लुतो, पामा, दाद, सकसकी, कुतकुती; क्रि. चिलाउनु, कन्याउनु, कन्याइमाग्नु, चिलचिलाउनु ।

item (आइ'टेम्) ना. र क्रि. वि. दफा, गोटा, थान, अदत, फाँट, कलम, विषय, अर्थ, समाचारको विवरण; क्रि. वि. फेरि, त्यस्तै, सोही अनुसार, कलम ।

itemize (आइ'टेमाइज़्) क्रि. दफावार लेख्नु, दफा खोल्नु, फाँटवारी खोल्नु;—d वि. ब्यौरेवार ।

iterat/e (ई'टरेट्') क्रि. दोहऱ्याउनु, पुनरुक्ति गर्नु, वारंवार भन्नु, रट्नु, रटनी गर्नु;—ion ना. घोकाइ, वचन, पाठ, उक्ति, पौनः, पुन्य ।

itinera/nt (इटि'नऱ्याण्ट्) वि. फिरन्ता;—ry ना. बाटो, यात्रा पंजिका, यात्रा तालिका, मार्ग विवरण, पथ प्रदर्शक;—te क्रि. डुल्नु, फिर्नु, ठाउँ ठाउँ हिंड्नु ।

its (इट्स्) स० ना. यसको ।

itself (इट्सेल्फ्') स० ना० यो आफैं ।

iud (आईयूडि) ना. मध्यगर्भाशय तरकीब; छोराछोरी नहुने (स्त्रीहरूको) प्रयोग, लूप ।

ivory (आइ'भरि) ना. हस्तिहाड, हात्तिदाँत; black—ना. निग्रो (कमारा);—tower जीवनका कठिनाइहरूबाट आश्रय ।

ivy (आइ'भि) ना. तरूरोहिणी, वृक्षलता ।

ixion's wheel (इक्साय'न्स् व्हील्) ना. (इक्सियनलाई बाँधेको चक्का) अनन्त दण्ड; पापको अनन्त प्रायश्चित्त ।

izzard (इ'ज़र्ड) ना. (आ०) अक्षर Z, जेड् ।

J

Jab (ज्याब्) **क्रि.** (–bb–) र **ना.** घोच्नु; **ना.** घोचाइ;—bing **ना.** घोच ।

jabber (ज्या'बर्) **क्रि.** र **ना.** (वानर झैं) च्याँ च्याँ गर्नु, (नबुझिने गरी) चाँडो बोल्नु; **ना.** बकबक, निरर्थक बोली ।

jaborandi (ज्याब'र्‍यान्'डि) **ना.** ज्याबोर्‍याण्डी, बूटीविशेष ।

jacaranda (ज्याकर्‍यान्'डा) **ना.** साह्रो काठविशेष,अग्राख ।

jack (ज्याक्) **ना.** र **क्रि.** जन (John) को साधारण बोलचाली फरक; जोसुकै, मानिस, व्यक्ति; गुलाम (ताशमा), झण्डा;—tar **ना.** नाविक, मल्लाह;—ass गधा;—boot घुँडासम्म आउने बूट;—daw काग; Jack in office आत्म महत्व गर्ने कर्मचारी;—knife ठूलो चक्कू; Jack of all trades सबथोक अलि अलि जान्ने; **क्रि.** उठाउनु ।

jackal (ज्या'कॉल्) **ना.** स्याल, पिट्ठू ।

jackanapes (ज्या'कनेप्स्) **ना.** बाँदर, चोथाले ।

jacket (ज्या'केट्) **ना.** कोट, जाकेट, खोल, (पुस्तकको) बाहिरी खोल, आवरण, पशुको मुत्ला; dust one's—पिट्नु ।

jack-plane (ज्याक्'प्लेन्) **ना.** रण्डा ।

jack-pot (ज्याक्'पॅट्) **ना.** (पोकर र ताश जुवामा) जम्मा भएको बाजीको राशि; win the—सत्र पर्नु, जित्नु, मार्नु ।

Jacobean (ज्याकबी'यन्) **वि.** जेम्सको; गाढा रंगको (काठको सामान) ।

Jacobin (ज्या'कबिन्) **ना.** (फ्रान्समा) उग्र विप्लवकारी दलको सदस्य ।

jactitation (ज्याक्टिटे'शन्) **ना.** (का०) मिथ्यासँग लोग्ने वा स्वास्नी हुँ भन्ने दावी गर्ने अपराध; (भेष०) मधौरोको बिछ्यौनामा छटपट; अवयव वा तन्तुको फरफराहट ।

jade (जेड्) **ना.** र **क्रि.** टट्टू, टुटेको घोड़ा, (गालि) कुटिला स्त्री; सिंगिसन, हरियो नीलो वा सेतो कडा पत्थर; **क्रि.** थकाउनु, हैरान पार्नु ।

j'adoube (झाद्दूब्') **वाक्य**—(बुद्धिचालमा) चालभन्दा बाहेक गोटी छोइएमा भन्ने वाक्य = म मिलाउन लागेको हुँ ।

Jaeger (ये'गर्) **ना.** ऊनको किसिम ।

Jaffa (ज्या'फा) **ना.** सुन्तलाको किसिम ।

jag (ज्याग्) **ना.** र **क्रि.** (–gg–) टुप्पो, पिउने बार, पालि; **क्रि.** काट्नु, च्यात्नु, (दाँती पारेर), दाँती पार्नु;—ged **वि.** दन्तुर, भंगुर, ककचाकार ।

jaguar (ज्या'ग्वर्,-ग्युअर्) **ना.** (अमरिकाको) बिरालो किसिम ।

jail (जेल्') **ना.** र **क्रि.** झ्यालखान, कारागार, कैद, जेल; **क्रि.** थुन्नु, कैद गर्नु;—er **ना.** बन्दीपाल, बन्दीपाले, काराध्यक्ष, रक्षक ।

jalopy (जलॅपि) **ना.** थोत्रो मोटर गाड़ी ।

jalousie (झ्या'लुजी) **ना.** झिलमिल, खिड़की ।

jam (ज्याम्) **ना.** र **क्रि.** भीड, रोकावट, अप्ठ्यारो, भोज, मुरब्बा; **क्रि.** थिच्नु, रोकिनु, अड्किनु, निचर्नु, हुल्लिनु, अटेसमटेस हुनु, (रेडियो) नबुझिने गराइदिनु;—traffic यातायात टप्प, यातायातको रोकावट ।

jamb (ज्याम्) **ना.** (चौकोसको) ठाडो काठ, पाखा ।

jamboree (ज्याम्बरी') **ना.** जमघट, भोजभतेर, रमाइलो (बॉय् स्काउटहरूको) ।

jangle (ज्या'ङ्ग्ल्) **क्रि.** र **ना.** कर्कश शब्द गर्नु, घण्टी बजाउनु, चिच्याउनु, मुखलाग्नु, बाझ्नु; **ना.** हल्ला, झगडा ।

janitor (ज्या'निटर्) **ना.** ढोके, पाले ।

janizary,–nissary (ज्या'नि–या'निजरि) **ना.** तुर्की सिपाही, प्रजापीडनको व्यक्तिगत साधन ।

January (ज्या'न्यूअरि) **ना.** जनवरी, महीनाको नाम (छो० क० Jan.) ।

Jap (ज्याप्) **ना.** जापानी ।

japan (जप्यान्') **ना.** साह्रो वार्निस, कालो वार्निस; pay a-ese visit मढइ मार्नु, भेट्न आएर अतिबेर बस्नु, मढिया मार्नु ।

jape (जेप्) **क्रि.** र **ना.** ठट्टा, हँसी, मस्करी ।

japonic (जपॅ'निक्) **वि.** जापानी ।

jar (जाअर्) **ना.** र **क्रि.** धक्का, शब्द, खा० ग० कर्कश किसिमको, समाघात, कलह; माटाको भाँडो, घ्याम्पो, घल्चा, गाग्रो, घैंटो, हाँडी, शीशी, करुवा, कलश, आधा फक्ल्यांटो (ढोकाको), **क्रि.** घ्यार्र गर्नु, कर्कश शब्द गर्नु, कराउनु, ननिको लाग्नु, काम्नु, राय नमिल्नु, बाझ्नु ।

jardiniere (झार्डिनिएर्) **ना.** (प्रदर्शन या सजावटको लागि खा० ग० झ्यालमा) गमलामा फूल राख्नु ।

jargon (जाअर्'गन्) **ना.** नबुझिने शब्द, बकबक, बर्बर भाषा, बिगारेको भाषा, नबुझिने शब्दको प्रयोग; कुनै जात, पेशा वा संप्रदायको विशेष भाषा, लठेप्रो बोली;—ize **क्रि.** (भाषालाई) विकृत तुल्याउनु ।

jasmin(e) (jessamin) (ज्यास्'मिन्, जेसमिन्) **ना.** मल्लिका, माधवी, चमेली, मोतिया ।

jasper (जास्'पर्) **ना.** सूर्यकान्त ।

jaundice (जॉन्'डिस्) **ना.** र **क्रि.** कमलपित्त, पाण्डु रोग; पियरी, सो रोगले गर्दा विकृत दृष्टि;—d पाण्डुग्रस्त, कामलोपहत; **क्रि.** कमलपित्त हुनु, ईर्ष्या वा मात्सर्यले गर्दा मतिभ्रष्ट हुनु ।

jaunt (जॉण्ट्) **ना.** र **क्रि.** विहार, यात्रा, सैर; रमिताको लागि हिंड्नु;—y **वि.** फुर्तिलो, आत्म सन्तोष भएको ममत्वयुक्त, गम्केको ।

javelin (ज्या'भ्लिन्) **ना.** भाला, शूल, संकु, बर्छी, बर्छा, शक्ति ।

jaw (जॉ,) **ना.** र **क्रि.** बङ्गारो, च्यापु, (चिमटाको) दाँत; वाचालता; hold your—bone बङ्गारा;—boning अम० (अप०) राष्ट्रपतिसंग आत्मीयताको धाक लगाउनु बकबक नगर्नु

—breaker **ना.** उच्चारण गर्न कठिन शब्द; **क्रि.** उच्चाट लाग्ने गरी वोलिरहनु, उपदेश गरिरहनु ।

jay (जे) **ना.** रंग-विरंगको ज्यादा कराउने योरोपीय चरा, नीलकण्ठ; अटेरी वकवके;—walker डुलुवा, मौजी हिंडुवा, वेफिक्री पदयात्री; वाटो डुलुवा ।

jazz (ज्याज़्) **ना., वि.** र **क्रि.** (निग्रोमूलको) नृत्य र संगीत, मूर्च्छन, हल्ला, आफ्नै सुर तालको अर्वाचीन संगीत; **वि.** कर्कश, चर्को असभ्य या ठट्टा किसिमको;—band साजसमूह; **क्रि.** साज वाजा वजाउनु, गाउनु, नाच्नु ।

jealous (जे'लस्) **वि.** (अधिकार, हकको) संरक्षणमा व्यग्र, ईखालु, रीस गर्ने, प्रेमसंशयी, शंकाशील;—y **ना.** मात्सर्य, ईर्ष्या, ईख, परोत्कर्षद्वेष, शंकाशीलता, प्रेमशंका, डाह, रिस, ईख, असूया, पेटपोल्नु ।

jean (जेन्, जीन्) **ना.** जीन (कपडा) ।

jeep (जीप्) **ना.** नाना उपयोगको सानु हलका मोटर गाडी, जीप ।

jeer (जिअर्) **क्रि.** गिज्याउनु, जिस्क्याउनु, खिसी गर्नु, ठट्टा गर्नु ।

jehovah (जिहो'भा) **ना.** ईश्वरको नाम ।

jehu (जी'हू) **ना.** (ठ०) वेजोड सवार, चालक ।

jejune (जिजून्) **वि.** क्षीण, अल्प, जावो, थोरै, (जमीन) पर्ती, चित्त नबुझ्ने ।

Jekyll and Hyde (जे'किल् अ्याण्ड् हाइड्) **ना.** दुई उल्टा व्यक्तित्व भएको एउटै पुरुष ।

jelly (जे'लि) **ना.** जेली (छाला, हाडबाट पकाएर झिकिने) थलथले (जेलाटिन जस्तो वस्तु); फलको रसबाट त्यस्तै थलथले वस्तु, फल जेली fruit—;—fish थलथले माछा ।

jemimas (जिमाइ'माज़्) **ना.** (व. व.) ग्याँठवाल बूट, जुत्तामाथि लाउने वरसादी वाहिरी जुत्ता ।

jemmy (जे'मि) **ना.** (चोरले चलन गर्ने) चुच्चे फलामे डण्डी (ढुक्का गाँसेर वन्ने) ।

je ne sais quoi (·जनसेक्वा') **ना.** (म जान्दिनँ के) अवर्णनीय कुरा ।

jennet (जे'नेट्) **ना.** सानू घोडी ।

jenneting (जे'निटिङ्) **ना.** स्याउ किसिम ।

jenny (जे'नि) **ना.** रेलको इन्जिनको उठाउने (क्रेन); spinning-—कात्ने उपकरण, गधी; (बिलियर्डमा) हिर्काइको नाम ।

jeopard/y (जे'पर्डि) **ना.** खतरा, संशय, भय, डर,—ize **क्रि.** खतरामा पार्नु ।

jeremiad (जेरेमा'यड्) **ना.** विलाप, उदासी उजूर ।

Jeremiah (जेरिमा'या) **ना.** उदास पंडित वा भविष्यवक्ता, कालनिन्दक ।

Jericho (जे'रिको) **ना.** शहरको नाम; go to—जहन्नुममा जाऊ !

jerk (जअर्क्) **ना.** र **क्रि.** झटका, झोक्का, तान, क्षेप, क्षेपण, ऐठन; **क्रि.** वाउँडिनु, थुत्नु, घचेट्नु, वटार्नु, फ्याँक्नु, झोक्कासँग चल्नु;—y **वि.** फटफटाएको, भावुक, उद्विग्न ।

jerkin (जअर्'किन्) **ना.** आङमा टाँसिने खा० ग० छालाको जाकेट ।

jerry (जे'रि) **ना.** (वो. चा.) जर्मन सिपाही, जर्मन जाति; कोपरा;— ·builder **ना.** निफ्फर घर बनाएर वेच्ने;—built **वि.** त्यसरी बनेको घर; jerrican, jerry can पेट्रोलटिन ।

jerrymander, gerrymander (जेरिम्या'ण्डर्) **क्रि.** निर्वाचनमा बेकाइदा गर्नु मत प्राप्तिको लागि ।

jersey (जअर्'ज़ि) **ना.** (व. व.-s) जर्सी गाई, जर्सी गन्जी, स्वेटर किसिम ।

jest (जेस्ट्) **ना.** र **क्रि.** ठट्टा, उपहास, ख्याल, विनोद; **क्रि.** खिस्याउनु, ठट्टा गर्नु, बोल्नु, चल्नु, तुच्छतासँग;—er उपहासक विदूषक ।

Jesuit (जे'ज्यूइट्) **ना.** जेजुइट संप्रदायको पादरी, छद्मवेशी व्यक्ति, वाक्छली ।

jet (जेट्) **ना., वि.** र **क्रि.** वेलूर, कृष्ण प्रस्तर, जलोत्क्षेप, कालो पत्थर, छिर्का, सिर्का, धारो, मुस्लो, चुच्चो, पचका, टुटी, जेट (ग्यासको धाराले घच्याडेर अगाडि चल्ने) वायुयान, धारायान;— ·black **वि.** घन कृष्ण, अति कालो सिर्का छोड्नु;—liner **ना.** धारायान ।

jetsam (जेट्'सम्) **ना.** (जहाज खतरामा परेमा बोझ हलुङ्गो गर्नालाई पानीमा खसालेको जमीनमा आएको) माल सामान ।

jettison (जे'टिसन्) **क्रि.** जहाजबाट माल सामान फ्याँक्नु (बोझ हलुङ्गो पार्नालाई) ।

jetty (जे'टि) **ना.** र **वि.** सेतुबन्ध, घाट, जहाज चढ्ने ठाउँ; घन कृष्ण ।

jeune fille (ज़्ञन् फी'य) **ना.** केटी, कुमारी ।

Jew (जू) **ना.** यहूदी;— ·baiting **ना.** यहूदीलाई सताउनु ।

jewel (जू'वेल्) **ना.** र **क्रि.** गहना, मणि, रत्न, जडाउ गहना, बहुमूल्य वस्तु, प्रिय वस्तु, अलंकार;—ler (जू'वेलर्) **ना.** बाँडा, सुनार, जुहारी, जौहरी;—lery **ना.** जेवर, भूषण, अलंकार, आभरण, गहना, गहना गुरिया, जुहारात; Costume— **ना.** सस्तो किसिमको गहना; (घडी) मणि जडाउ गरेको ।

Jewry (जू'रि) **ना.** यहूदी जाति, यहूदी टोल (सहरमा) ।

jezail (जज़ाइल्) **ना.** लामू पठान वन्दूक ।

jezebel (जे'जेवेल्) **ना.** नकच्चरी वा पतित स्त्री, मुखमा पाउडर लाली लाउने स्त्री ।

jib (जिब्) **क्रि.** (घोडा) भडकिनु, (अगाडि नहिंडेर) छेउ वा पछि हिंड्नु ।

jibdoor (जिब्'डोअर्) **ना.** भित्तासँग जडिएको; भित्ताको रंगले नदेखिने गरी जडिएको ढोका ।

jiff (y) (जि'फि) **ना.** क्षण, मुहूर्त, पल; in a—एक पलामा ।

jig (जिग्) **ना.** नृत्यको प्रकार र त्यसको संगीत ।

jiggerd (जि'गर्ड्) **वि.** (वो. चा.) किरिया हाल्ने नरम थेको; I'm—गोलमाल भइरहेछु ।

jiggery-pokery (जि'गरि–पो'करि) **ना.** (बो. चा.) छल, धोखा, फजूल, जन्तरमन्तर ।

jihad (जिहाद्') **ना.** जिहाद, धर्म प्रचार गर्ने लडाइँ, कुनै सिद्धान्तको पक्ष वा विरोधमा अभियान ।

jilt (जिल्ट्) **ना.** र **क्रि.** चपला, प्रतारिका, प्रेमीलाई तिरस्कार गर्ने; **क्रि.** (प्रेमीलाई) त्याग्नु, छोड्नु, विवाह नामन्जूर गर्नु ।

Jim crow (जिम् क्रो) **ना.** हवसी; निग्रो;—car **ना.** अमरिकामा रेलमा हवसी चढ्ने डिब्बा ।

jim-jams (जिम्'ज्याम्स्') **ना.** (ब. व.) प्रलाप, चित्तभ्रम, त्रास ।

jingl/e (जि'ङ्गल्) **ना.** र **क्रि.** टनटन, रुनरुन, छनछन, (घण्टी वा सिक्रीको आवाज), अनुप्रास; **क्रि.** रुनरुन गर्नु, (लेखाइमा) अनुप्रास, उही अक्षरको धेरै प्रयोग भएको;—ing बज्ने ।

jingo (जि'ङ्गो) **वि. बो., ना.** र **वि.** (ब. व.–es); by—! (जोर लगाउने बोली); रणोत्सुक नीतिको समर्थक; भैंमाले फुर्तीबाज;—ism **ना.** शेखी, जोधाहा प्रवृत्ति ।

jink (जिङ्क्) **क्रि.** र **ना.** छल्नु, छल्ने ढाँचासँग चल्नु, छकाएर बच्नु, तोपबाट बच्नालाई वायुयान टेढोमेढो गरी चलाउनु; **ना.** छल; high—s **ना.** उत्ताउलो रमिता, चमक दमक ।

jinx (जिङ्क्स्) **ना.** (बो. चा.) अलच्छिना व्यक्ति वा चीज ।

jitter (जि'टर्) **क्रि.** र **ना.** डराउनु, डराएर काम गर्नु;—bug **ना.** उत्ताउलो संगीतसँग नाच्न मन पराउने व्यक्ति; डरछेरूवा; (ब. व.) अत्यन्त कम्पनशीलता, अधृति, ज्यादा डर, आतस; have the—s आत्तिनु ।

job (जॅब्) **ना.** र **क्रि.** (–bb–) काम, पेशा, जीविका, सानू काम, स्वार्थ; **क्रि.** काम गर्नु, अवधिको लागि भाडामा दिनु, काम गर्नु, स्वार्थलाभ गर्नु, भ्रष्ट तरीकासँग काम गर्नु; on the—सक्रिय; do (one's) job काम सक्नु, खतम पारिदिनु; bad—निरर्थक, व्यर्थ, काम;—lot नाफा गर्ने उद्देश्यले खरीद गरिएको माल;—work कामको ज्याला लिने गरी गरेको काम; odd—परिआउने काम; odd—man परिआउने काम गर्ने ।

Job (जोब्) **ना.** बाइबलको एक वृद्ध व्यक्ति; patience of—अत्यन्त धैर्य;—'s comforter छद्मवेशी मित्र, सम्झाउने निहुँले दुःख बढाइदिने ।

jobation (जोबे'श्न्) **ना.** नसीहत खा० ग० लामू ।

jobbery (जॅ'बरि) **ना.** भ्रष्टाचार ।

jock (जॅक्) **ना.** (अप०) बल कसरतपट्टि लागेको ठिटो; अबौद्धिक व्यक्ति ।

jockey (जॅ'कि) **ना.** र **क्रि.** (पेशावाल) घोडा चढ्ने, खा०ग० दौडमा, सवार; **क्रि.** ठग्नु, छल्नु;—for position फाइदाको स्थान लिनु ।

jocose (जकोस्') **वि.** खेलवाड गर्ने, ठट्याउलो, हँसाउने, विनोदपूर्ण ।

jocund (जोकण्ड्) **वि.** आनन्दी, प्रफुल्ल, उल्लसित रमाइलो ।

Joe (जो) **ना.** म, मलाई; not for—! चाहिन्न ! (अस्वीकारको अर्थ) ।

Joe miller (जो मि'लर्) **ना.** बासी ठट्टा, पुरानू मस्करी, सुनिसकिएको मजाक़ ।

jog (जॅग) **क्रि.** (–gg–) र **ना.** घचघच्याउनु, घोच्नु, कोट्याउनु, (संस्मृना) जगाउनु, तल माथि गर्नु, कष्टसाथ हिंड्नु, घिस्रिनु; **ना.** घचघच, धक्का, ढीलो हिंडाइ;—trot **ना.** उच्चाटलाग्दो यात्रा ।

jonny (जॅ'नि) **ना.** पट्ठो, व्यक्ति ।

joie de vivre (ज्वाअ ड भी'भ्र) जीवन सुख, जीवनको आनन्द, बाँच्नामा सुख ।

join (ज्वायन्) **क्रि.** र **ना.** जोर्नु, गाँस्नु, जोड्नु, मिल्नु, नारिनु, जुटाउनु, तुन्नु, भर्ना हुनु, शरीक हुनु, जोरिनु, संयोग गर्नु, संयुक्त गर्नु, विवाह गर्नु, प्रवेश गर्नु, मिल्नु, सदस्य बन्नु; **ना.** गाँस, नत्थी, संयोग बिन्दु वा रेखा, जोर्नी;—battle भिड्नु, लडाइँ थाल्नु;—hands हात समात्नु, आफ्नै वा अर्काको;—issue विवाद थाल्नु;—up (फौजमा) भर्ना हुनु;—together खनिनु, गाँस्नु ।

joiner (ज्वाय'नर्) **ना.** (सिकर्मीभन्दा हलका) काठको माल बनाउने कर्मी ।

joint (ज्वायण्ट्) **ना.** र **वि.** आँख्लो, सपेटो, सभास्थल सन्धि, जोर्नी; पर्व; संयुक्त, समवेत, एकाघर, सगोल; out of—गेडी खुस्केको, फुस्केको; put (one's) nose out of—हटाउनु, हराउनु, विफल पार्नु;—stock संयुक्त मूलधन भएको, उदा०—stock company संयुक्त मूलधनवाला कोठी;—heir अंशियार ।

joint (ज्वायण्ट्) **क्रि.** जोर्नीद्वारा जोड्नु; टिपकार गर्नु, सपेटो काट्नु, काठ, टिम्बा जोर्ने रण्डा लाउनु;—ed **वि.** संयुक्त, संयुत ।

jointer (ज्वायन्'टर्) **ना.** जोर्नीलाई तयार गर्न लाउने रण्डा, वज्रकर्मीको कर्नी, ज्यावल ।

jointress (ज्वायन्'ट्रेस्) **ना.** स्त्रीधन बेहोर्ने विधवा ।

jointure (ज्वाय'ञ्चर्,) **ना.** र **क्रि.** लोग्नेको मृत्युपछि स्त्रीले खाने संपत्ति; दाइजो; **क्रि.** त्यस्तो सम्पत्ति लेखिदिनु ।

joist (ज्वायस्ट्) **ना.** सत्तरी; दलिन, धरन ।

jok/e (जोक्) **ना.** र **क्रि.** ठट्टा, मजाक, हँस्यौली, हाँसो, ख्याल, उट्ठङ्या, खेलवाड, मस्करी, खेलाँची, उपहास, दिल्लगी;—er **ना.** ठट्यौलो, (ताशको) जोकर; लिखितमा हालेको यस्तो शर्त जसले कागतको कार्यान्वयनमा ठूलो प्रभाव पार्छ;—ingly **क्रि. वि.** ख्याल ख्याल ।

jokul, jokull (यो'कुल्, यअ्र्—) **ना.** आइसल्याण्ड टापूको हिम पर्वत, हिमालय ।

jollif/y (जॅ'लिफाइ) **क्रि.** रमाउनु, खा० ग० पिएर;—ication **ना.** रमिता, खुशीयाली, मोज ।

jollity (जॅ'लिटि) **ना.** उत्सव, रमिता, रमाइलो, मोज ।

jolly (जॅ'लि) **वि., क्रि. वि.** र **ना.** खुशी, उल्लसित, प्रहृष्ट,

अलिकति मदोन्मत्त, मजाको (धे.ज. ठट्टा, व्यङ्गमा); **क्रि. वि.** अति, अत्यन्त **उ.**—well वेस गरी;—along **क्रि.** फकाउनु, वनाउनु, चापलुसी गर्नु ।

jolt (जोल्ट्) **ना. र क्रि.** घचघची, धक्का; **क्रि.** घ्याँच घ्याँच परेर चल्नु, (आसनवाट) धक्का दिनु;—ing **ना.** (खराव वाटोमा) घ्याच घ्याच, जोल्टिङ्ग; घचघच ।

Jonah (जो'न) **ना.** (अलच्छिन ल्याउने डरले) वलि दिइने व्यक्ति ।

Jonathan (जॅ'नथन्) **ना.** Brother—अमरिका, अमरिकन जाति वा नागरिकको स्वरूप मानिएको, Brother— ।

jonquil (ज'ङ्क्विल्) **ना.** नरगिस फूल;—(colour) हलका पहेंलो ।

jordan (जॅअर्'डन्) **ना.** (अ०), कोपरा ।

joseph (जो'जेफ्) **ना.** (J–) ब्रह्मचारी पुरुष; स्त्रीको लामू कोट ।

josh (जॅश्) **ना. र क्रि.** खेलाँची, ठट्टा; मजाक; **क्रि.** छकाउनु, जिस्क्याउनु, ठट्टा गर्नु ।

joss (जॅस्) **ना.** चीनिया मूर्ति;—-house चीनिया मन्दिर;—stick **ना.** धूप ।

josser (जॅ'सर्) **ना.** (वो. चा.)—वेकूफ, लाटा ।

jostle (जॅ'स्ल्) **क्रि. र ना.** धक्का लाउनु, धकेल्नु, कुहिनाउनु, भिड्नु; **ना.** धक्का, घचेटाइ ।

jot (जॅट्) **ना. र क्रि.** सानू परिमाण, थोरै, सिन्को, दंसो, अल्प; **क्रि.** टिप्नु, हतपतसाथ लेख्नु ।

joule (जूल्) **ना.** विद्युत् प्रवाहले गरेको क्रियाको परिमाणवाचक शब्द, जूल ।

jounce (जाउन्स्) **क्रि.** ठक्कर लाग्नु, उफ्रनु, घ्याचघ्याच लाग्नु ।

journal (जअ्र्'नल्) **ना.** पंजिका, स्याहा, खाताहिसाव, आवार्ज्ये, दिनचर्या, रोजनामचा, पत्रिका, दैनिक पत्र, सामयिक पत्र, अरू पत्रपत्रिका ।

journalist (जअ्र्'नलिस्ट्) **ना.** पत्रकार, लेखक, सम्पादक ।

journalize (जअ्र्'नलाइज़्) **क्रि.** (हिसाव-किताव) स्याहा गर्नु, रोजनामचामा लेख्नु ।

journey (जअ्र्'नि) **ना. र क्रि.** प्रस्थान, यात्रा, भ्रमण, सफर, पर्यटन, गमन, वास; **क्रि.** हिंड्नु, यात्रा गर्नु, जानु;—man **ना.** हस्त कर्मकार, वैतनिक ।

joust (जूस्ट्) **क्रि.** घोडामाथिबाट भालाले लड्नु, (पुरानू चाल) ।

jove (जोभ्) **ना.** ग्रीक रोमन देवादिदेव, जुपिटरको नाम; by—**वि. वो.** खुशी, आश्चर्य प्रकट गर्ने बोली ।

jovial (जो'भियल्) **वि.** हँसिलो, हँसमुख, (पिएर) मौजी, खुशदिल ।

Jovian (जो'भियन्) **वि.** जोभसदृश, वृहस्पतिसमान, जैव ।

jowl (जाउल्) **ना.** च्यापु, घिच्रो ।

joy (जॉय्) **ना.** हर्ष, सुख, मोज, रमिता;—bells उत्सवमा वज्ने;—ride सुटुक्क वा अन्य वेलामा मोटर वा अन्य सवारीमा यात्रा, विहार, विनोद;—stick वायुयान वशमा राख्ने उत्तोलक वा तुला यन्त्र;—ous **वि.** सुखी ।

jubil/ate (जू'विलेट्) **क्रि.** जयघोष गर्नु, हर्ष प्रदर्शन गर्नु;—ation **ना.** जयघोष, हर्षध्वनि, चुरीफुरी, फुर्ती;—ant **वि.** दंग, दंगदास ।

jubilee (जु'विली) **ना.** जयन्ती; silver—रजत जयन्ती; golden—सुवर्ण जयन्ती; diamond—हीरक जयन्ती; उत्सवकाल, उल्लासपूर्ण हर्ष ।

Judaic (जूडे'इक्) यहूदीको ।

Judaize (जू'डेआइज़्) **क्रि.** यहूदी चाल चलन गर्नु, यहूदी वनाउनु ।

judas (जू'डस्) **ना.** (J—) क्राइस्टलाई पोल्ने शिष्य; कुख्यात पोलाहा, साइँधुवा, ढोकामा चियाउने प्वाल; J—colour (ed) रातो (दाढी); J—kiss धोखा दिने; J—tree **ना.** पातभन्दा अघि वैजयन्ती फूल फुल्ने ।

Judenhetze (यू'डेनूहेट्स) **ना.** यहूदीहरूउपर विधिवत् अत्याचार, (ज०) ।

judge (जज्) **ना. र क्रि.** न्यायाधीश, विचारी, निर्णायक, परीक्षक, जानिफकार, दक्ष; **क्रि.** फैसला दिनु, किनारा लाउनु, दण्ड तोक्नु, मुद्दा सुन्नु, राय गर्नु, अनुमान गर्नु, समालोचना गर्नु, नसीहत दिनु, मान्नु, न्याय गर्नु;—made law न्यायाधीशको फैसलावाट वनेको ऐन ।

judgement (जज्'मेण्ट्) **ना.** फैसला, बुद्धि, प्रज्ञान, छिनापत्र, निर्णयपत्र, आदेश, इन्साफ, न्याय, तजविजपत्र, विचार, जाहेरी फैसला, मत, समालोचना, प्रायश्चित्त;—seat न्यायासन, धर्मासन ।

judicature (जू'डिकेट्यूर्) **ना.** न्यायपालिका, न्यायाधीशको पदावधि, न्यायाधीश समूह, न्यायालय, अदालत ।

judicial (जूडि'शल्) **वि.** अदालती, फैसलासम्वन्धी, न्यायानुरूप, न्यायिक, न्यायाधीश सुहाउने, समालोचक, पक्षपातरहित;—murder कानूनी तर अन्यायको मृत्युदण्ड;—blindness दैवी सजाय, खा० ग० दण्डीय मोह;—proceedings अदालती कारवाही, तहकीकात, सुनवाइ ।

judiciary (जूडि'शरि) **ना.** न्यायाधीश समूह, न्यायपालिका ।

judicious (जूडि'शस्) **वि.** बुद्धिपूर्ण, प्रज्ञापूर्ण, पक्का उचित ।

judo (जू'डो) **ना.** जू जुत्सुको अचेलको नाम ।

jug (जग्) **ना. र क्रि.** (–gg–) जग, जलपात्र, सुराही, जेल, कैदखाना; **क्रि.** उसिन्नु (जगमा), कैद हाल्नु, (चराले) जगजग शब्द गर्नु ।

juggins (ज'गिन्ज़्) **ना.** मूर्ख, बेवकूफ, लाटो ।

juggle (ज'ग्ल्) **क्रि. र ना.** चटक देखाउनु, ठग्नु, छलवाट ल्याउनु, पाउनु, वदलिनु; **ना.** छल; चटक;—with छल्नु, कुरा लुकाउनु;—r **ना.** चटकवाला, जादूगर, छली, ठग ।

Jugoslav (यू'गोस्लाभ्) **वि. र ना.** युगोस्लाभिया देशको वासिन्दा ।

jugular (जू'ग्यूलर्) **वि. र ना.** गर्दन या घाँटीको, कंठस्थ,

कंठ्य; **ना.** कंठय, कंठस्थ (रगतको) नसा ।

jugulate (जू'ग्यूलेट्) मार्नु, खा० ग० कडा औषधिले रोगलाई रोक्नु, घटाउनु ।

juice (जूस्) **ना.** रस, झोल;—less**वि.** निस्तो, नीरस, रसहीन; **वि.** रसिलो, रसपूर्ण, (मौसिम) झरिलो, चिसो; (बो. चा.) रुचिकर, प्रचुर बुद्धिपूर्ण गुण भएको; (कलात्मक बो. चा.) बहुल रंगपूर्ण, हेर्दा भिजेको जस्तो देखिने ।

ju-ju (जू'जू) **ना.** जंत्र, जन्तर, यसले रोकेको (गर्न नहुने) कुरा ।

jube (जू'ब्) **ना.** कोही बिरुवाको काँचै खान हुने फल, जेलाटिनबाट बनेको लेमचूस; Indian—बयर ।

ju-jutsu; jiu-jitsu (जूजुत्सू') **ना.** जापानी किसिमको कुश्ती, अचेल जुडो ।

juke-box (जूक'-बॅक्स्) **ना.** आवश्यकीय सिक्का निर्दिष्ट प्वालमा हालेमा आफै ग्रामोफोन रेकर्ड बज्ने यंत्र, बाजा ।

julep (जू'लेप्) **ना.** सरबत, मीठो रस, ओखती ख्वाउने गुलियो रस, हिउँ हालेको मसलादार मादक पेय खा० ग० mint पुदीना रस ।

Julian (जू'लायन्) **वि.** Julius Caesar को;—calendar ३६५ दिनको वर्ष भएको पंचाङ्ग ।

julienne (झुलिएन्') **ना.** मासुको रसमा पकाएको तरकारी

July (जूलाइ') **ना.** जुलाई महीना ।

jumble (जम्'ब्ल्) **ना.** र **क्रि.** ढेर, थुप्रो, छिरलो, पसारो, लटपट, संमिश्रण, मिसावट; **क्रि.** भिडिनु, जम्बा हुनु, थुप्रो पार्नु;—sale **ना.** विभिन्न सस्तो माल बिक्री हुने मेला, बजार;—shop त्यस्तो पसल ।

jumbo (जम्'बो') **ना.** (ब. व.—s) बडेमान भद्दा व्यक्ति; प्रसिद्ध सफल मनुष्य; J—लण्डन चिडियाखानको प्रसिद्ध बडेमान हात्ती ।

jump (जम्प्) **क्रि.** र **ना.** कुद्नु, उफ्रनु, हामफाल्नु, फट्कनु, फालहाल्नु, डाँक्नु, उछल्नु, उठ्नु, मोल बढ्नु, आग्रहसाथ स्वीकार गर्नु, जाइलाग्नु, पटरीबाट ओर्लिनु (रेल); **ना.** छलाङ्ग, कुदाइ ।

jumper (जम्'पर्) **ना.** उफ्रने उ० उपियाँ, (स्त्रीको) जेसुकै माल (कपडा) को टाउको छिराउने कम्मर पुग्ने लुगा ।

junction (जङ्क्'श्न्) **ना.** संयोग, जोर्नी, बन्द, (कागतको) संगम, संयोजन, जंक्शन (रेलको) मेलायन ।

juncture (जङ्क्'चर्) **ना.** मिलन, भेट्ने स्थान, परिस्थिति खा. ग. at this—मा ।

June (जून्) **ना.** जून महीना ।

junior (जू'निअर्) **वि.** र **ना.** कान्छो, सानू, निम्न, नायब, कनिष्ठ, अवर;—ity **ना.** अवरपना ।

junk (जङ्क्) **ना.** र **क्रि.** खत्र्याङ मत्र्याङ, नचाहिने माल, कूडा करकट, (हे.) पुरानो चीज; डुङ्गा किसिम ।

junker (युङ्'कर्) **ना.** युवा रईस, प्रशाको कुलीन परिवारको सदस्य ।

junket (ज'ङ्केट्) **ना.** र **क्रि.** चीनी हालेको मही र दही, भोज भतेर; **क्रि.** भोज खानु, बनभात गर्नु, पिकनिक गर्नु ।

Juno (जू'नो) **ना.** (ब.व.–s) जुपिटरकी स्त्री, रवाफिली स्त्री ।

junta (जन्टा') **ना.** स्पेन या इटलीको विचारशील वा प्रशासकीय संगठन, गूट ।

junto (जन्'टो') **ना.** (ब. व.—s) गूट, गुइँया, राजनैतिक वा अन्य संस्था वा समूह ।

Jupiter (जू'पिटर्) **ना.** देवताको राजा (ग्रीस र रोमको);—pluvius वर्षा देवता; बृहस्पति ।

juridical (जुरि'डिकल्) **वि.** अदालती कारवाई, ऐन कानून को, कानूनी ।

jurisdiction (जुरिस्डिक्'शन्) **ना.** न्याय प्रशासन, अधिकार क्षेत्र, मातहती, इलाका, तालुक, मातहत, अख्तियारी;—extra—,out of—बेइलाका, इलाकाबाहिर ।

jurisprudence (जुरिस्प्रू'डेन्स्) **ना.** मानवीय विधान वा कानूनको विज्ञान वा दर्शन, स्मृतिशास्त्र, कानूनमा दक्षता ।

jurist (जु'रिस्ट्) **ना.** कानूनवेत्ता, स्मृतिज्ञ, कानूनी लेखक, कानूनको विद्यार्थी वा स्नातक ।

juror (जु'रर्) **ना.** जुरीको सदस्य, शपथ लिने व्यक्ति ।

jury (जु'रि) **ना.** सभ्या, जुरी, प्रमाणपुरुपगण, मुद्दाको पैरवीमा न्यायाधीशलाई मदद र फैसलामा सहयोग गर्ने १२ जनाको समूह, पञ्च ।

just (जस्ट्) **वि.** र **क्रि. वि.** ऋजु, यथार्थ, उचित, न्यायी, तथ्य हक, हकी, हकीकत, पक्षपातरहित, योग्य; **क्रि.वि.** ठीकसँग, भर्खर, तुरन्त, साँचै ।

justice (जस्'टिस्) **ना.** न्याय, इन्साफ, धर्म, नीति, सदाचार याथार्थ्य, अपक्षपात; न्यायाधीश, न्यायाध्यक्ष ।

justiciable (जस्टी'शिएब्ल्) **वि.** र **ना.** अदालती कारवाई हुन सक्ने; **ना.** आर्काको मातहतमा रहने व्यक्ति ।

justiciary (जस्टि'शियरि) **ना.** र **वि.** न्याय प्रशासन; **वि.** अदालती ।

justif/y (जस्'टिफाइ) **क्रि.** दोष प्रतिकार गर्नु, दोष मुक्त गर्नु; समर्थन गर्नु, योग्यता दर्शाउनु;—ication **ना.** सफाइ, दोषमुक्ति, समर्थन ।

jut (जट्) **ना.** र **क्रि.** (–tt–) टुप्पो, चुच्चो; **क्रि.** टुप्पो निस्कनु, चुच्चो हुनु ।

jute (जूट्) **ना.** सन, पाट ।

juvenescence (जूभने'सेन्स्) **ना.** तरुणता, बाल्यावस्थाबाट यौवनमा गमन, ठिटौली ।

juvenile (जू'भेनाइल्) **वि.** र **ना.** तरुण, अल्पवयस्क, युवावत्; **ना.** ठिटो ठिटी (ब.व.) केटाकेटीको लागि लेखिएका पुस्तक ।

juvenilia (जूभनि'लिया) **ना.** यौवन अवस्थामा, केटौलीमा, रचित ग्रन्थहरू ।

juxtapos/e (जक्स्टापोज्) **क्रि.** सँगै, साथसाथै राख्नु;—ition **ना.** सान्निध्य, हाराहारी, संनिधान, नैकट्य, संस्थिति ।

K

Kabaka (कवा'क) **ना.** युगाण्डाको राजा ।

kaiser (काइ'ज़र्) **ना.** वादशाह, सम्राट , जर्मन सम्राट ।

kakemono (क्याकेमो'नो) **ना.** जापानी भित्ते तस्वीर ।

kala-azar (काला-आजाअ्र्') **ना.** कालाजार, भीषण ज्वर ।

kale, kail (केल्) **ना.** वन्दाकोवी किसिम;—Scotch - एक प्रकारको वन्दा;—yard **ना.** तरकारी वारी;—yard school प्रान्तीय भाषामा स्कटल्याण्डको जीवन बयान गर्ने औपन्यासिकहरू ।

kaleidoscope (कलाइ'डस्कोप्) **ना.** सेरवीन, बहुरूप दर्शक, वराबर बदलिरहने उज्याला वस्तुहरूको समूह ।

kalmuck (क्याल्'मक्) **वि.** र **ना.** क्यासपियन सागरको छेउछाउमा वस्ने मंगोल जाति र भाषा ।

kamerad (क्यामराड्) **वि. बो.** जर्मन सिपाहीले आत्मसमर्पण गर्दा भन्ने बोली ।

kami (का'मि) **ना.** जापानी आदरार्थी शब्द, जापानीमा देउता, देव ।

kampong (क्याम्पॅङ्) **ना.** घेरेको जमीन, गाउँ (मलेया) ।

kanaka (क्या'नक) **ना.** दक्षिण समुद्रको टापू वासी (पलिनिशियन भाषा) ।

kangaroo (क्याङ्गरू') **ना.** कङ्गारू;—closure **ना.** समिति अध्यक्षले संशोधन प्रस्तावहरूमध्ये एक दुईलाई मात्र वहस गर्न राखेर अरू नदिने अवस्था ।

kaolin (का'ओलिन्) **ना.** सेतो माटो ।

kapok (के'पॅक्) **ना.** मिहीन कपास, तकियामा हाल्ने (मलेया) ।

kappa (क्या'प्पा) **ना.** ग्रीक अक्षर कप्पा—क ।

kaput (क्यापुट्') **वि.** (वो. चा.) खत्तम, नासिएको, टुटेको ।

katabolism (कटया'वलिज्म्) **ना.** प्राणी तन्तुको चूर्णन, विच्छेदन ।

kava (का'भ) **ना.** पलिनिशियाको बूटी (पिसाव खोल्ने); (स्थानीय) ।

kavass (कभ्यास्') **ना.** तुर्कीमा सशस्त्र प्रहरी, नोकर या सन्देशवाहक ।

kayak (काइ'क्) **ना.** डुङ्गा किसिम (एस्किमो) ।

keck (केक्) **क्रि.** वाक्क गर्नु, वान्ता गर्ने अघिको चेष्टा र शब्द गर्नु, खानपीनमा अमन गर्नु;—at खाना देख्दा वाक्क गर्नु ।

kedgeree (के'जरि) **ना.** खिचडी, (दाल चामल प्याज अण्डा इ० हालेर पकाएको), खिच्रो, जाउलो ।

keek (कीक्) **क्रि.** चियाउनु ।

keel (कील्) **ना.** र **क्रि.** नौतल; false—यथार्थ नौतललाई बचाउनलाई उसमाथि जडिएको; **क्रि.** नौतल माथि पारेर जहाजलाई घुमाउनु;—over उल्टनु, डुब्नु ।

keen (कीन्) **वि.** लाग्ने, लाग्ने धार, छेड्ने, तीव्र, प्रखर, व्यग्र, उत्सुक, सूक्ष्ममति, कट्ठ, तीखो;—-set **वि.** भोको, व्यग्र ।

keep (कीप्) **क्रि.** र **ना.** मान्नु, उत्सव मनाउनु, रक्षा गर्नु, राख्नु, सुमर्नु, थान्को लाउनु, थन्काउनु, रहनु, लुकाउनु, थुन्नु, (स्वास्नी) राख्नु; **ना.** गढ, सामल; for—s सधैंको लागि;—ing **ना.** जिम्वा; kept **ना.** रखौटी, ल्याइते ।

keeper (की'पर्) **ना.** रक्षक, जिम्वावाल, सुरक्षक, पागलको अनुचर; मुख्य औंठी अड्याउने आर्को औंठी; राख्ने, दार, पाल ।

keepsake (कीप्'सेक्) **ना.** चिनु, संम्झौटो, संम्झाउने विर्साउने, नासो, चिन्हु ।

keg (केग्) **ना.** सानू पीपा ।

kelpie,-py (केल्'पि) **ना.** घोडाको रूपको पानी-भूत, पण्डुवा, मान्छे डुवेकोमा मजा मान्ने ।

kemp (केम्प्) **ना.** ऊनमा रहेको खस्रो रौं ।

ken (केन्) **ना.** र **क्रि.** दृष्टि, गोचर, बुद्धि विषय; **क्रि.** जान्नु, चाल पाउनु ।

kennel (के'नल्) **ना.** र **क्रि.** श्वशाला, कुकुरशाला, कुत्ताखान, नाल, झुप्रो; **क्रि.** कुत्ताखानमा पस्नु, वस्नु ।

kepi (के'पि) **ना.** सैनिक टोपी, तेर्सो पीक (चुच्चो) भएको, फ्रान्स देशको ।

kerb, curb (कअ्र्ब्) **ना.** (सड़कको) पेटीको छेउको ढुङ्गा;—-stone (त्यस्तो) ढुङ्गा ।

kerchief (कअ्र्'चीफ्) **ना.** मजेत्रो, शिरमा हाल्ने कपडा, रुमाल ।

kerf (कअ्र्फ्) **ना.** काटेको प्वाल, खा. ग. करौंतीले, लडाएको रूखको काटेको छेउ ।

kermes (कअ्र्'मिज्) **ना.** एक प्रकारको पोथी पेट वोकेको कीरा जसको सुकेको शरीरवाट रातो रंग वन्दछ; सो रंग ।

kernel (कअ्र्'नल्) **ना.** गुदी, कोयो, बीज, वीर्यां, केन्द्र, जीवाणु केन्द्र ।

kerosene (के'रसीन्) **ना.** मट्टितेल, केरोसीन ।

kersey (कअ्र्'जि) **ना.** छोटो गजा (पनाह) को ऊनी कपडा किसिम;—mere कश्मिरा; (व.व.) ऐको चुस्ता ।

kestrel (के'स्ट्रेल) **ना.** सानू वाजको जात ।

ketch (केच्) **ना.** दुई मस्तूलवाला जहाज ।

ketchup (के'चप्) **ना.** च्याउ, टमाटर इ०को रसवाट वनेको (सस) व्यन्जन, लेदो ।

kettle (के'ट्ल्) **ना.** पानी तताउने टुटी र वींड भएको भाँडो, केटली;—-drum नगारा; fish—माछा पकाउने ताप्के; pretty—of fish अप्ठ्यारो परिस्थिति;—-holder तातो वींड समात्ने टालो ।

Kew Gardens (क्यु गार्डन्स्) **ना.** (व. व.) लण्डनको प्रख्यात वनस्पति उद्यान ।

key (की) **ना.** र **क्रि.** साँचो, कुञ्जी, पर्दा, हल, व्याख्या, स्पष्टीकरण, पचकेरो, होचो टापू वा सामुद्रिक चट्टान; (संगी०) स्वरसंयोग; **क्रि.** जडनु, सूर मिलाउनु, उत्तेजित गर्नु, सुरिनु; House of—s म्यान टापूको निर्वाचित विधान सभा; golden, silver—घूसको दाम;—word **ना.** हल गर्ने शब्द (गुप्त लेखको);—note **ना.** वादी सुर, मुख्य सुर;—board **ना.** पर्दा, पर्दाको तखता;—hole **ना.** साँचोको प्वाल (ताल्चामा);—-ring **ना.** रु त्तो;— stone गुम्बजको बीचको ईंट वा ढुङ्गा, मुख्य भाग, प्रधान उपकरण ।

khaki (का'कि) **वि.** र **ना.** भूलो रंगको, सो रंगको कपडा, सैनिक लुगाको रङ्ग ।

khi (काइ) **ना.** ग्रीक अक्षर—ख ।

kibbutz (कीबुट्स') **ना.** इजरायलदेशमा सामूहिक खेतीको केन्द्र ।

kibe (काइब्) **ना.** खा. ग. कुर्कुच्चामा फुटेर घाउ भएको कुचाया, पुचाया; tread on—s भावनालाई धक्का पुऱ्याउनु ।

kibitzer (कि'बिट्सर्) **ना.** छुस्के, विनासित्ति मल्लाह दिने, खेल्नेहरूको पछाडि बसेर ताश खेलेको हेर्ने, वक्खु, च्याँखे ।

kiblah (किब्'ला) **ना.** मुसलमानले नमाज पढदा फर्कने दिशा, मक्काको मसजिद ।

kibosh (कि बॅश्') **ना.** फजूल; वाहियात, निरर्थक कुरा; put the—on टाउकोमा हिर्काउनु, सिध्याउनु ।

kick (किक्) **ना.** र **क्रि.** लात, प्रक्षेप, लात्ती, ऐनाको शीशीको पिंधमा खाडल; **क्रि.** उछिट्याउनु, खाँद्नु, लफण्डयाउनु, लत्याउनु, लात हान्नु; अप्रसन्नता, नाखुशी देखाउनु, गोद्नु, लात हानेर अघि सार्नु, धपाउनु;—against the pricks आफ्नै नुकसान गराउनु;—the bucket मर्नु;—one's heels कुर्नु;—one upstairs इज्जत दिएर थन्क्याउनु;—off लात्तो भकुण्डो खेलको प्रारम्भ ।

kickshaw (किक्'शॉ) **ना.** मिसमास, नौलो भोजन, तुच्छ कुरा, सानू चीज ।

kid (किड्) **ना.** र **क्रि.** पाठो, पठयाङ्ग्रो, छागशाव, सो जनावरको छाला, वालक, शिशु, छल; **क्रि.** ब्याउनु (बाखी); छकाउनु, छल्नु;—glove **वि.** ज्यादा सुकुमारी, रोजिन्दाको काम नचाहने ।

kiddle (कि'ड्ल्) **ना.** (नदीमा) माछा मार्ने, बीचमा जाल जडिएको प्वाल भएको छेक, कप्टेरोले विनेको जाल ।

kidnap (किड्'न्याप्) **क्रि.** (बालक) चोर्नु, चोरी भगाउनु, लुकाउनु, (सयानो) हरसा गर्नु, अपहरण गर्नु, भगाउनु, सुइँक्याउनु;—ping **ना.** चोरी भगाइ ।

kidney (किड्'नी) **ना.** (व. व.—s) मिगौंला, वृक्क, गुर्द, स्वभाव, मिजास ।

Kikuyu (किकुऊ) **ना.** किकुयू, पूर्वी अफ्रिकाको जाति, भापा ।

kilderkin (किल्'डर्किन्) **ना.** पीपा ।

kill (किल्) **क्रि.** र **ना.** मार्नु, मार हान्नु, निभाउनु, सिध्याउनु, ठहरै पार्नु, खून गर्नु, नाश गर्नु; **ना.** (मारेको) शिकार;—er **ना.** खूनी;—with kindness घातक दया ;—joy **ना.** रमाइलोमा अँध्यारो पारिदिने व्यक्ति;—time **ना.** र **वि.** समय विताउने;—ed **वि.** हत, मर्ने ।

kiln (किल्न्, वा किल्) **ना.** पाकपुर्टि, भट्टा, चूह्लो, भट्टी, अवाल ।

kilo (की'लो) **ना.** (व. व.—s) kilometre, kilogram (परिणाम) को छो० रु०, किलो (मीटर); किलो (ग्राम) ।

kilt (किल्ट्) **ना.** र **क्रि.** घाँघर, स्कर्ट (खा० ग० स्कटल्याण्डका पहाडियाहरूको लुगा); **क्रि.** स्कर्ट कम्मरमा घुसार्नु, मुजो पार्नु ।

kilter (किल्'टर्) **ना.** ठीक, चालु;—out of—बिग्रेको, ठीकसँग नचल्ने ।

kimono (किमों'नो) **ना.** (व. व.–s) चौडा मोहोता भएको लामू खुकुलो जापानी लुगा, कम्मरमा पेटीले बाँध्ने, किमोनो (जा०) ।

kin (किन्) **ना.** आपस्त, वन्धुवान्धव, आफन्त, आत्मीय, बान्धव, इष्टमित्र, नाता गोता, साइनो पर्ने, वारिसवाला, हाड;—less **वि.** बेवारिसी; next of—**ना.** वारिस, हकदार, हकवाला;—sman नातेदार;—ship साइनो, रिस्ता ।

kincob (किन्'कॅव्) **ना.** किमखाब, किनखाप ।

kind (काइण्ड्) **ना.** र **वि.** किसिम, जाति, रूप, प्रकार, खाल, रकम, कित्ता, वर्ग, बाना, ढङ्ग, पारा, थरी, ढाँचा, तमास, जिन्सी; **वि.** कारुणिक, दयालु, कृपालु, माया गर्ने, जाती;—ness **ना.** दया, कृपा, मेहरबानी, जनि, सुर्ता, दयामाया ।

kindergarten (किंन्'डरगाअर्टन्) **ना.** विषय पाठद्वारा बालकहरूको मानसिक विकास गराउने खालको शिक्षालय, किण्डरगार्टेन, शिशुशाला ।

kindl/e (किन्'ड्ल्) **क्रि.** सल्काउनु, उक्साउनु, प्रेरणा दिनु, अनुप्राणित हुनु, उजिल्याउनु;—ing **ना.** (खा०ग०) छ्याकन, आगो सल्काउनालाई सानू काठ ।

kindly (काइण्ड्'लि) **वि.** दयालु, (मौम्सिम) नरम, मृदु ।

kindred (किन्'ड्रिड्) **ना.** र **वि.** साइनो, स्वभावको सादृश्य, आफन्तहरू, आप्तजन, बन्धुबान्धव, रिश्तेदारहरू, इष्टमित्र; नजीकको साइनो पर्ने, संबंधित, समान ।

kine (काइन्) **ना.** (ब. व.) गाईवस्तु ।

kinemetic (काइनेम्या'टिक्) **वि.** गति, (ब. ब.) गतिशास्त्र, गतिविज्ञान ।

kinetic (काइने'टिक्) **वि.** र **ना.** गतिको, गत्यात्मक;—energy गतिशक्ति ।

king (किङ्) **ना.** राजा, सर्वोत्तम वस्तु, महाजन;—'s evidence पोलाहा;—'s English उत्कृष्ट प्रचलित अंग्रेजी भापा;—'s highway राजपथ;—craft राजकाज;—dom **ना.** राज्य, अधिराज्य ।

kink (किंक्) **ना.** र **क्रि.** गाँठो, मानसिक विकार, लहड ।

kinsfolk (किन्स्'फोक्) **ना.** (व. व.) आफन्त, आपस्त, इष्ट-

मित्र, भाइवन्धु ।

kinship (किन्'शिप्) **ना.** साइनो, सम्वन्ध, नाता ।

kiosk (कियॅस्क्') **ना.** अखवार, चुरोट, चकलेट इ० वेच्ने छानादार सानू खुला घर, सार्वजनिक टेलिफोन राखेको सानू घर, कियस्क ।

kip (किप्) **ना.** र **क्रि.** सानू या वच्चा पशुको मुत्ला, (छालाको निम्ति); डेरा, विछौना; **क्रि.** सुत्नु ।

kipper (कि'पर्) **ना.** र **क्रि.** माछाको जात; **क्रि.** माछा वीचमा खोलेर काँढा झिकी, नून मसला लाएर वाम वा धूवाँमा सुकाउनु;—s **ना.** सो गरी तयार गरेको माछा ।

Kirghiz (कर्गीज़्') **ना.** र **वि.** क्यासपियना वस्ने मंगोल जातिको नाम र भाषा ।

kirk (कअ्र्क्) **ना.** गिरजाघर ।

kirtle (कअ्र्'ट्ल्) **ना.** (ऐ)—स्त्रीको गाउन वा वाहिरी पेटिकोट; पुरुषको जाकेट या कोट ।

kismet (किस्'मेट्) **ना.** किस्मत, भाग्य, प्रारब्ध ।

kiss (किस्) **ना.** र **क्रि.** म्वाइँ, चुम्वन; **क्रि.** म्वाइँ खानु, चुम्वन गर्नु, छुनु, टक्कर खानु;—ing kind स्नेही, माया गर्ने अवस्थामा;—passionately परिचुम्वन गर्नु ।

kit (किट्) **ना.** र **क्रि.** काठको ठूलो वाटा, (सैनिकको) झोलामा राख्ने साज, सारजाम; कुम्लो;—bag कुम्लो; **क्रि.** साज जम्मा गर्नु, साज हाल्नु ।

kit-cat (किट्'-क्याट्) **ना.** र **वि.**—(portrait) **ना.** शिर र कमरसम्म, तर हातसहितको तसवीर ।

kitchen (कि'चेन्) **ना.** भान्सा;—garden शाकिनी, तरकारीवारी, करेसावारी;—maid भान्साको काम गर्ने चाकर्नी;—physic असल र प्रशस्त खाना;—stuff भान्साको सारजाम, खा० ग० तरकारी;—er **ना.** (भान्सामा पकाउनाके) विजुली वा ग्यासको चूल्हो;—ette (किचेनेट्') **ना.** (फ्ल्याट) खंडमा सानू भान्सा र भंडार गर्ने कोठा ।

kite (काइट्) **ना.** चील, लुटेरा, ठग, चङ्गा; fly a—जनमत पत्ता लाउने उपाय गर्नु ।

kith (किथ्) **ना.** kith and kin **ना.** आफन्त, आप्तजन, वन्धु वान्धव, नातागोता, जाति विरादरी, कुल कुटुम्ब, स्वजन ।

kitsch (किट्श्) **ना.** व्यर्थको अभिमान, खा० ग० (नाटकीय) कलामा (ज०) ।

kitten (कि'ट्न्) **ना.** र **क्रि.** विरालोको वच्चा, ड्याउरो, नखरमाउली ठिटी; **क्रि.** (विरालोले) व्याउनु ।

kittle (कि'ट्ल्) **वि.** अप्ठ्यारो, व्यवहार गर्न असजिलो, खा० ग० kittle-cattle ।

kitty (कि'टि) **ना.** विरालोलाई वोलाउने प्यारो नाम, (जुवा, ताशको खेल) घप्पु, तीन कपाले, संयुक्त कोष ।

kiwi (की'वी) **ना.** चराविशेष (न्यूज़ील्याण्डको), हवाइ सेनाको नउड्ने जवान, न्यूज़ील्याण्ड़वासी ।

klaxon (क्ल्या'क्सन्) **ना.** विजुलीको चर्को मोटर ध्वनि, हर्न ।

kleptomania (क्लेप्टमे'निया) **ना.** चौर्य रोग, गरीवीले गर्दा चोर्नुपर्ने अवस्था नभए पनि नचोरी नसक्ने रोग ।

kn—(न्) यसरी शुरू हुने सवै शब्दमा k को उच्चारण हुन्न, अर्थात् k मौन रहन्छ ।

knack (न्याक्') **ना.** सीप, चतुन्याइँ, मेसो, चतुर उपाय, चटक; वोली वा काम गराइको वानी, ढाँचा ।

knacker (न्या'कर्) **ना.** वूढा वेकामका घोडा काटेर वेच्नालाई किन्ने; पुरानू घर, जहाज, इ० का मालको लागि किन्ने वेपारी ।

knag (न्याग्) काठको गाँठो, आँख्ला ।

knap (न्याप्) **ना.** र **क्रि.** उकालो, पहाडको चुचुरो, थुम्को; (वाटो, घर वनाउँदा) मुंग्रोले ढुङ्गा फोर्नु ।

knapsack (न्याप्'स्याक्) **ना.** (सैनिक वा यात्रीको) टाट या छालाको व्याग, कुम्लो (आङमा भिर्ने) ।

knar (नाअ्र्) **ना.** (रूखको धड, जरा वा हाँगाको जोर्नीमा) गाँठो, आँख्ला ।

knav/e (नेभ्) **ना.** वदमाश, शठ धूर्त; (ताश) गुलाम;—ish **वि.** असत्ति. धूर्त ।

knead (नीड्) **क्रि.** (पीठो, माटो) मुछ्नु, माड्नु, मिच्नु, मल्नु, खुँड्नु, डल्लो पार्नु, जोर्नु, उन्मर्दन, मालिश गर्नु; रूहुनु, सुर्कनु;—ing-trough **ना.** वाटा;—ing **ना.** मर्दन मालिश ।

knee (नी) घुँडा, जानु; on ones—s घुँडा टेकेको, पूजा वा आत्म-समर्पणमा;—s of the gods अनिश्चित;—cap **ना.** घुँडाको चक्का;—joint घुँडाको जोर्नी ।

kneel (नील्) **क्रि.** (knelt) घुँडा टेक्नु, (पूजा वा आदरमा) ।

knell (नेल्) **ना.** र **क्रि.** (मृत्युमा) विस्तारै वजेको घण्टीको ध्वनि, अमंगलसूचक घोषणा वा घटना; **क्रि.** अफसोसको ध्वनि निकाल्नु, दुःख भरिएको शब्द झिक्नु, अमंगल जनाउनु ।

knesset (नें'सेट्) **ना.** इजरायलको संसद्, नेसेट ।

knickerbocker (नि'कर्वॅकर्) **ना.** K—न्यू यर्क (सहर) निवासी, ब्रीचिसको प्रकार, घुँडासम्म आउने ब्रीचिस ।

knickers (नि'कर्स्) **ना.** (व. व.) निकरवॅकर, स्त्रीको (भित्री) कट्टू ।

knick-knack (nick-nack) (निक्'-न्याक्) **ना.** साज सामान, लुगा वा खानाको सुकुमारी वस्तु, गहना, खेलौना, क्रीडनक ।

knife (नाइफ्) **ना.** र **क्रि.** (व. व.-knives) चक्कू, कर्द, छुरा, करेंटो, स्याँगी, धार, गँडास; **क्रि.** छुराले काट्नु, रोप्नु ।

knight (नाइट्) **ना.** योद्धा, योधा, तुरगारोह, वीर, (विलायतमा) राजाले Sir उपाधि दिएर उन्नत गरिएको व्यक्ति;—errant **ना.** घुमन्ता वीर (नाइट);—age **ना.** नाइटहरूको समूह ।

knit (निट्) **क्रि.** (—ted वा knit) वुन्नु, (आँखीभौं) सोहर्नु, भृकुटि जोर्नु, सुसंहत हुनु, सघन, घना गराउनु, जोर्नु (विहे, समान विचारले), टुङ्ग्याउनु (विवाद इ०); well-frame पुष्ट शरीर;—ting **वि.** वुन्ने;—ing-needle वुन्ने

सियो।

knob (नॅव्) **ना.** र **क्रि.** (–bb–) डल्लो, गाँठो, गट्टा;—door ढोकाको डल्लो;—kerrie **ना.** डल्लोदार लट्ठी;—with—s on व्यङ्गपूर्ण वा जोरदार समर्थन जनाउने वाक्य; **क्रि.** डल्लो जड्नु, डल्लिनु;—ble **ना.** सानू डल्लो;—bed,—by **वि.** सपिंड, पिंडी, ग्रन्थिल, सगंड ।

knock (नक्) **क्रि.** र **ना.** घचघच्याउनु, ठोक्नु, हान्नु, पिट्नु, (मोटर) चल्न नसकेर, घचघच मात्र गर्नु, होच्याउनु, कडा समालोचना गर्नु, जोरदार प्रभाव पार्नु;—on the head मूर्छा पार्नु, मार्नु;—(one's) head against टाउको फोर्नु; **ना.** मार, धक्का, चोट, दनक;—kneed **वि.** वाङ्खुरे;—er **ना.** ढोका खटखटाउने प्रबन्ध ।

knoll (नोल्) **ना.** र **क्रि.** ढिस्को, थुम्को; **क्रि.** (घण्टी) वज्नु, घण्टा हान्नु, घण्टाले डाक्नु ।

knot (नॅट्) **ना.** र **क्रि.** (–tt–) गाँठो, सुक्यौली, सुर्कैनी, (लुगा, पोशाकमा) रिबनको गाँठो; जहाजको वेग, समुद्री माइल; कठिनाइ, समस्या, विवाह बंधन, डल्लो, आँख्लो, समूह (माने वा चीजको); **क्रि.** गाँठो पार्नु, आँखीभौं सिकोड्नु, जोर्नु, अलमल्याउनु;—ty **वि.** गाँठिलो, गाँठै गाँठा भएको, कठिन, जटिल ।

knot (नॅट्) **क्रि.** कोर्रा (ले हान्नु), कहिलेकाहीं घातक हुने गरी ।

know (नो') **क्रि.** (knew) र **ना.** जान्नु, चिन्नु, चाल पाउनु, परिचित हुनु, मालूम हुनु, थाहा हुनु, विज्ञ हुनु;—the ropes कुनै कामको परिवन्ध राम्ररी जान्नु;—all **ना.** सर्वज्ञ, (ठ०) जान्ने, बुज्रुग;—how **ना.** कसरी ज्ञान, तकनिकी दक्षता;—nothing **ना.** पटमूर्ख;—-nothingism नास्तिकवाद, अनीश्वरवाद; in the—जान्ने, विषयमा वाकिफ;—ing **वि.** जानिफकार जानकार, चलाक, धूर्त, ब्युँझै, (बो०चा०) जहडी, छरितो, चिट्ट परेको, हिसीदार;—ingly **क्रि. वि.** जानी जानीकन, जानेर, जानाजान, जानी बुझी;—n **वि.** ज्ञात ।

know-how (नोहाउ) **ना.** जानकारी, ज्ञान, सीप, ढङ्ग, इलम ।

knowledge (नॅ'लिज्) **ना.** र **क्रि.** ज्ञान, विद्या, हेक्का, इलम, भेउ, पत्ता, जानकारी, होश, अनुभव, बोध, पाण्डित्य;—able **वि.** बुद्धिमान, जान्ने, ज्ञानमय, समाचार राख्ने ।

knuckle (न'क्ल्) **ना.** र **क्रि.** अंगुलिपर्व, औंलाको जोर्नी; **क्रि.** जोर्नीले दल्नु, खोट्टा ख्वाउनु हान्नु; a rap on the—s लडकाहरूलाई सजाय, नसीहत, गाली; near the–s (बो०चा०) अश्लील;—duster **ना.** हान्दा औंला जोगाउने धातुको खोल;—down, under **क्रि.** हार मान्नु, दब्नु ।

knur (r) (नअर्) **ना.** (रूखमा) गाँठो, डल्लो, साह्रो डल्लो ।

knurl (नअर्ल्) **ना.** डल्लो, गाँठो (खा०ग० टाइपराइटरमा कागतमाथि सार्ने डल्लो), गण्ड, ग्रन्थि ।

knut (नट्) **ना.** युवक—nut—को ठट्यौली लेख्ने ढाँचा।

kobold (को'वॅल्ड) **ना.** (जर्मन कथा) भूत, ख्याक, (खानिको) भूत ।

kodak (को'डयाक्) **ना.** क्यामेराको किसिम, तसवीर खिच्नेको नाम ।

kohinoor (को'इनूर्) **ना.** कोहिनूर हीरा, सर्वोत्कृष्ट चीज।

kohl (कोल्) **ना.** गाजल ।

kohlrabi (कोल्रावि) **ना.** काउलीको प्रकार, ग्याँठ कोवी ।

kohlkhoz (कॅलकोज़्) **ना.** रूसी सामुदायिक खेत ।

komita (d)ji (कॅमिटया'जि) **ना.** पूर्वी योरपमा असैनिक फौजको सदस्य, एक प्रकारको मिलिशिया ।

kopec (k) (कोपेक्') **ना.** copeck रूसी मुद्रा, सिक्का ।

kosher (को'शर्) **वि.** र **ना.** ठीक, धर्मानुरूप (खाने कुरा, मासु इ०) (यहूदी) ।

kotow (कोटौ') **ना.** र **क्रि.** (चीनिया रीति) इज्जत गर्नालाई टाउकोले भैंमा छुने क्रिया; **क्रि.** त्यसो गर्नु ।

koumiss (कू'मिस्) **ना.** (घोडीको दूधबाट बनाएको) फेनाएको मादक रस ।

kourbash (कूर'ब्याश्) **ना.** छालाको कोर्रा (तुर्की)

krait (क्राइट्) **ना.** करेत सर्प ।

kraken (क्रा(के)'केन्) **ना.** कल्पित सामुद्रिक ख्याक, नर्वे देशमा देखापर्ने (नर्वेजियन) ।

kremlin (क्रे म्'लिन्) **ना.** (रूसी) मास्कोको गढ, सोभियट सरकारको मुख्य कार्यालय ।

kreutzer (क्रायट्'शर) **ना.** (जर्मनी र अस्ट्रियाको) सिक्का।

kriegspiel (क्रीग्'स्पील्) **ना.** युद्ध, क्रीडा (जसमा फौजको चिह्नरूप काठ, इ० का ढीका नक्शामाथि चालिन्छन् (जर्मन) ।

krone (क्रोन्) **ना.** डेनमार्क, नर्वे र स्वीडेनको रौप्य मुद्रा ।

krypton (क्रिप्टॅन्) **ना.** विरल जड ग्यास तत्त्व, क्रिप्टन ।

kudos (क्यूडॅस्) **ना.** (अप०)यश, कीर्ति, सुनाम ।

Ku-Klux-Klan (क्यू क्लक्स् क्ल्यान्') **ना.** निग्रो (हवशी) जाति र रोमन क्याथलिक विरोधी अमरिकाको गुप्त संगठन ।

kukri (कु'क्रि) **ना.** खुकुरी ।

kulak (कु'लक्) **ना.** समृद्ध रूसी किसान, जग्गाधनी ।

kultur (कुल्टुर्') **ना.** (जर्मन) सभ्यता, संस्कृति ।

kulturkampf (कुल्टुर्'काम्फ्) **ना.** जर्मनीमा राष्ट्र र पोपका बीचको संघर्ष, सांस्कृतिक विरोध ।

Kuomintang (कुओमिण्टयाङ्) **ना.** चीनको राष्ट्रिय राजनैतिक दल, हाल फर्मोसा टापूमा शासन गर्ने ।

Kurd (कुर्ड्) **ना.** र **वि.** कुर्डिस्तानको वासिन्दा ।

L

Laager (ला'गर्) **ना.** र **क्रि.** छाउनी, क्याम्प; **क्रि.** वास बस्नु, छाउनी हाल्नु;—beer वियरको किसिम ।

lab (ल्याब्) **ना.** (बो. चा, छो. क.) ल्याबोरेटरी—प्रयोगशाला ।

labarum (ल्या'बरम्) **ना.** लाक्षणिक झण्डा, सांकेतिक पताका, कन्स्टयान्टीन सम्राटको झण्डा ।

labefaction (ल्याबिफ्या'क्शन) **ना.** कंपन, दुर्बलता, अधः-

पतन ।

label (ले'बल्) ना. र क्रि. चिट्ठा, टिकट, चिन्ह, चिन्ह पत्र, बोधपत्र, मालधनीको नाम जनाउने पर्चा, टाँस्ने टिकट, छोटो वर्णन गर्ने नाम वा विवरण; क्रि. टिकट टाँस्नु, वर्गीकरण गर्नु, नामकरण गर्नु ।

labia (ले'बिया) ना. ओष्ठ, ओठ;—majora बाह्य ओष्ठ;—minora अन्तर ओष्ठ ।

labial (ले'बियल्) वि. ओठको, ओष्ठ्य ।

labile (ल्या'बिल्) वि. (विज्ञा०)—अस्थिर, अस्थायी, परिवर्तन वा विस्थापनतिर प्रवृत्त भएको ।

laboratory (ल्या'बॅरेटरि) ना. वेधशाला, प्रयोगशाला ।

labour (ले'बर्) ना. र क्रि. श्रम, परिश्रम, मेहनत, प्रयास, क्लेश, धौ, प्रसवक्रिया, बेथा, धामा;—Exchange काम दिलाउने सरकारी संस्था;—market मागबमोजिम कामको प्राप्ति; L—Party मजदूर दल; laborious मेहनती, परिश्रमी, कष्टसाध्य;—ed वि. कनिकुथी, बलसँग;—er ना. कर्मकर, लाठे, श्रमिक, मजदूर;—ite मजदूर दलको अनुयायी ।

labrador (ल्या'ब्राडअर्) ना.—dog कुकुरको जातिविशेष ।

labyrinth (ल्या'बिरिन्थ्) ना. जंजाल, इन्द्रजाल, मायाजाल, भुलभुलैया, गोरखधन्धा, पेचिलो परिस्थिति;—ine वि. पेचिलो, कठिन, जटिल ।

lac (ल्याक्) ना. लाहा, कीटजा; लाख ।

lace (लेस्) ना. र क्रि. फित्ता, सूत्रजाल, लेस; क्रि. फित्ता बाँध्नु, किनारा हाल्नु; (मद्यसार) हाल्नु (दूध इ० मा), पिट्नु, चुट्नु ।

lacerate (ल्या'सरेट्) क्रि. दरफराउनु, चिथर्नु, कोर्नु, पाछ्नु, चिरिनु, च्यातिनु (मासु,), पीडा दिनु, छाला दुखाउनु ।

laches (ल्या'चिज़्) ना. (ऐ०) कर्तव्य, संपादनमा ढीलाइ, सुस्ती, हक, दावी, गर्नमा ढीलाइ; दण्डनीय लापरवाही ।

lachryma/l (ल्या'क्रिमल्) वि. आँसुको;—canal, duct, gland, sac श० वि० आँसुको थैलो;—tion ना. अश्रुप्रवाह;—tory वि. अश्रुपात्र, अश्रुभाजन, आँसु गिराउने (—bomb ग्यासद्वारा आँसु बगाउने) lachrymose वि. रुन्चे, साश्रु, वाष्पाकुल ।

laciniate (लसि'निएट्)—ated (—एटेड्) वि. दाँत पारेर काटेको ।

lack (ल्याक्) ना. र क्रि. कमी, खाँचो, खट्टा, हर्जा, अभाव, न्यूनता; क्रि. नपुग्नु, कम हुनु, गर्ज पर्नु, खाँचो हुनु;—land जमीन नभएको;—lustre वि. निष्प्रभ, निस्तेज ।

lackadaisical (ल्याकेडे'जिकल्) वि. हरफन मौला, वैलाएको, स्वाँगी, अतिभावुक, मन्द, बेफुर्तिलो, हाइसंचो ।

lackey, lacquey (ल्या'कि) ना. (ब. व.–s) र क्रि. नोकर, बैठके, टहल गर्ने, वशवर्ती पुरुष, परजीवी; क्रि. टहल गर्नु, चाकरी गर्नु, पछिलग्गू हुनु ।

Laconian (लको'नियन्) वि. ल्याकोनिया (ग्रीसको प्रान्त) को वासिन्दा, स्पार्टन, अल्पभाषी ।

laconic (लकॅ'निक्) वि. संक्षिप्त, छोटकरी, सूत्रमय, विज्ञ, अल्पभाषी ।

laconicism (ल्या'कनिसिज्म्) ना. मितभाषण, लघूक्ति ।

lacquer, lacker (ल्या'कर्) ना. लाहा वार्निश, जलप, पानी ।

lacrosse (लाक्रॉस्'–क्रॅस्) ना. क्रसनामको लामू बीँड भएको हान्नेले खेल्ने हकी जस्तो खेलविशेष ।

lactati/on (ल्याक्टे'शन्) ना. दूध खाने चुस्ने; दूध दिने, दुग्धदान;—ve वि. लैनु ।

lacteal (ल्याक्'टिअल्) वि. दुग्धमय, दूधको ।

lactescence (ल्याक्टे'सेन्स्) ना. lactescent वि. दूधको जस्तो रंग (धमिलो), दूध जस्तो रस उत्पन्न गर्ने ।

lactic (ल्याक्'टिक्) वि. क्षीरिन, पायस, दूधको;—acid ना. अमिलिएको दूधमा बन्ने अम्ल पायस–अम्ल ।

lactiferous (ल्याक्टि'फेरस्) वि. दूध वा दूध जस्तो वस्तु दिने ।

lacto (ल्याक्'ट—) संयु० रूप ज० कि०—protein पायस प्रोटीन;—meter,—scope दूधको शुद्धता जाँच्ने उपकरण, दुग्धपरीक्षक ।

lactose (ल्याक्टोज्) ना. पायस शर्करा (चीनीभन्दा कम गुलियो हुन्छ) ।

lacuna (लक्यू'ना) ना. (ब. व.–ae–as) टूट, भङ्ग, कमी, अपुग भाग (ज० कि० प्राचीन ग्रन्थमा), खाल्डा, हाड़, तन्तुको प्वाल ।

lacustrine (लकस्'ट्रिन्) वि. पोखरीको, मा वास गर्ने वा मा उत्पन्न हुने ।

lad (ल्याड्) ना. लडको, ठिटो, युवक, सैस;—die ना.—को छो० क० वा प्यारो बोली ।

ladder (ल्या'डर्) ना. भऱ्याङ्ग, सिंढी, लिस्नु, (स्वास्नीमानिसको लामू) मोजामा सूत फुस्की धर्सो परेको, संसारमा बढ्ने वा उन्नति गर्ने साधन; kickdown—आफू बढ्दा सहायता गर्ने साथी वा पेशालाई लत्याउनु, त्याग्नु ।

lad/e (लेड्) क्रि. (भू. का.—n) (जहाजमा) माल लाद्नु, पोत भारको रूपमा माल (जहाजमा) चलान गर्नु; bill of—ing ना. जहाजधनीले जारी गरेको पोत भारको रसीद; ढुवानी विवरण ।

laden (ले'ड्न्) क्रि. load को निष्ठा—लादिएको, ग्रस्त ।

la-di-da (ला–डि–डा') वि. र ना. चाल चलन वा बोली उच्चारणमा अकडिने वा स्वाँग गर्ने बानी (भएको व्यक्ति) ।

ladle (ले'ड्ल्) ना. र क्रि. करछुली, थुर्पी, डाडु; क्रि. डाडुले खन्याउनु, हाल्नु, उघाउनु, उभाउनु ।

lady (ले'डि) ना. मालिकनी, स्वामिनी, प्रमदा, महिला, रखौटी, (बिलायतमा) कोही उच्च परिवारका महिलाहरूको आदरार्थी सम्बोधन; Ladies स्त्रीजातिको लागि राखिएको आम चर्पी इ०—of easy virtue व्यभिचारिणी स्त्री; l—Bountiful गाउँघरमा लक्ष्मीको भूमिका गर्ने स्त्री;—chair रोगी इ०

लाई ओसार्न दुई जनाले हात बाँधी बनाएको "पाल्की";—'s finger **ना.** ओक्रा, रामतोरिया;—'s maid कोठामोचे;—fy **क्रि.** महिला भन्नु वा बनाउनु;—fied उन्नत महिलाको ढाँचा भएकी;—like **वि.** महिला जस्तो, (पुरुष) नारीवत्;—ship **ना.** महिलाको आदरार्थी संबोधन ।

l (a) evo—(ली'भ-) (संयु॰ रूप) देब्रे, वामावर्ती, इ॰ ।

l (a)evulose (ली'भ्यूलोस्') **ना.** (र॰ शा॰) फल र महको शर्करा, वामावर्ती शर्करा ।

lag (ल्याग्) **क्रि.** (-gg-) **ना.** पछि पर्नु, पछाडिनु, छुट्नु, पकडिनु, थुन्नु, कारागारमा पठाउनु; **ना.** (भौ॰ शा॰) गति वा प्रवाहमा कमीको परिमाण, कैदी खा. ग. पुरानू कैदी, old—

lager (ला'गर्) **ना.** हलका जर्मन वा वोहेमियन वियर, जाँड ।

laggard (ल्या'गर्ड्) **ना.** मन्द, विलम्बी, पछि पर्ने, पछौंटे ।

lagoon (लगून्') **ना.** अनूप, कच्छ, समुद्रवाट वालुवाले छुट्टिएको नूनिलो पानीको फैलाव ।

laic (ले'इक्) **वि.** पादरीबाहेक, सामान्य गृहस्थी सम्वन्धी, लौकिक, ऐहिक ।

laid (लेड्) **वि.** सुताएको, स्वास्नी राखेको ।

lair (लेयर्) **ना.** (पशुको) शयन स्थान, जंगली जनावरको गुफा, वास ।

laird (लेअर्ड्) **ना.** स्कटल्याण्डको जमीन्दार, जग्गाधनी ।

Lais (ले'इस्) **ना.** निपुण अथवा रूपवती वेश्या (प्राचीन ग्रीसका त्यस्ता व्यक्तिवाट) ।

laissezaller (ले'सेअ्या'ले) **ना.** विना रोकटोकको स्वतंत्रता, रोकटोकको अभाव ।

laissez–faire (लेसे'फेयर्) **ना.** खा. ग. व्यापार वाणिज्यमा व्यक्तिगत कामकाजमा हस्तक्षेपवाट सरकारी निवृत्ति ।

laity (ले'इटि) **ना.** सामान्य गृहस्थ, जनवर्ग ।

lake (लेक्) **ना.** पोखरी, कुण्ड, ताल, दह, रह; (लाहावाट अघि अघि बन्ने) रंग ।

lallation (ल्याले'श्न्) **ना.** "र" को उच्चारण "ल" गर्ने ।

lam (ल्याम्) **क्रि.** वेतले जोरसँग पिट्नु, हान्नु ।

Lamarckian (लमाअ्र्'क्रिअन्) **वि.** र **ना.** विकासको सिद्धान्त प्रकाश गर्ने वैज्ञानिक लामार्कको अनुगामी वा चेला ।

lamasery (लमा'सरि) **ना.** लामाहरूको मठ ।

lamb (ल्याम्) **ना.** र **क्रि.** पाठो, पठरू, (त्यसको) मासु; L—क्राइस्ट; **क्रि.** ब्याउनु ।

lambaste (ल्याम्वेस्ट्') **क्रि.** चुट्नु, हान्नु, पिट्नु ।

lambda (ल्याम्व्'डा) **ना.** ग्रीक अक्षर ल ।

lambdacism (ल्याम्व्'डसिज्म्) **ना.** "र"को "ल" भनी उच्चारण ।

lambent (ल्याम्'वेण्ट्) **वि.** वेपमान, कंमपान, कुनै तहमा नवली कोमल प्रकाश पार्ने, कोमल प्रकाशयुक्त, मृदु चमक ।

lambeth (ल्याम्'वेथ्) **ना.** विलायतमा क्याण्टरवरीका आर्यविशपको दरवार ।

lame (लेम्') **वि.** लुलो, लङ्गडो, खोरण्डो, खञ्ज; पंगु, अपङ्ग, अपूर्ण, असन्तोषजनक, (छन्द) मात्रा नपुगेको;—duck **ना.** अंगभंग भएको व्यक्ति, दिवालिया ।

lame (लामे') **वि.** र **ना.** जरीको काम भएको (कपडा इ॰) ।

lamella (लमे'ला) **ना.** (व.व.–ae) पातलो पाता, पाप्रो, तह, जालो, इ॰ खा॰ ग॰ हाड वा पेशीको ।

lament (ल्यामेण्ट्') **क्रि.** र **ना.** विलाप गर्नु, कल्पनु; क्वाँ-क्वाँ गरेर रुनु, डाँको छोड्नु, कहाली कहाली रुनु; **ना.** शोक गीत, मरणगीत;—ed शोक गरिएको, मृत;—able **वि.** शोकपूर्ण, अफसोस लाग्ने, नहुनुपर्ने;—ation **ना.** विलाप, कोहोलो, कंकला शब्द, रुवावासी ।

lamia (ले'मिआ) **ना.** वोक्सी, केटाकेटीको रगत चुस्ने मनुष्य-रूपिणी राक्षसी ।

lamina (ल्या'मिना) **ना.** (व.व.–ae) lamella, पातलो पाता, पाप्रो, कत्ला, तह, जालो, इ॰ कवच ।

laminate (ल्या'मिनेट्) **क्रि.** (धातुलाई) पातलो पातामा पिट्नु, पत्र पत्रमा छुट्ट्याउनु, चिर्नु, धातुको पाताले छोप्नु, पत्र पत्र राखी निर्माण गर्नु, बनाउनु ।

Lammas (ल्या'मस्) **ना.** अगस्ट महीनाको १ तारीख, अघि वाली फसल भित्र्याएको उत्सव मनाउने दिन; later—नभएको दिन, कहिले नआउने दिन ।

lamp (ल्याम्प्) **क्रि.** र **ना.** टल्कनु, हेर्नु; **ना.** लम्फा, चिराग, वत्ती, दीप, पानस, ग्यासको उज्यालो, विजुलीको गुलुप; smell of the—रात्र्याध्ययन जनाउनु, परिश्रमी शैली; safety—खानिमा विस्फोटको डर हुन नदिने प्रकारको बत्ती; spirit—स्पिरिट वाल्ने बत्ती; (आलं॰)—सूर्य, चन्द्र, आध्यात्मिक वा वौद्धिक उज्यालोको मूल, आशा;—black ध्वाँसो, गाजल;—post सडकमा वत्ती टाँगेको काठ वा फलामको लट्ठा ।

lampion (ल्याम्'पिअन्) **ना.** (दीपावलीमा प्रयोग गरिने) तेल र वत्ती भएको रंगीन ऐनाको भाँडो ।

lampoon (ल्याम्'पून्) **ना.** र **क्रि.** कटु र तीक्ष्ण ठट्टा वा निन्दा भएको निन्दा लेख, (खा॰ग॰ पद्यमा) अवगीत; **क्रि.** सो लेख्नु ।

Lancastrian (ल्याङ्क्यास्'ट्रियन्) **वि.** विलायतको ल्याङ्काशायर प्रान्तको वासिन्दा; जन अफ गण्ट, ल्याङ्कास्टरका ड्यूकका अनुगामीहरू ।

lance (लान्स्) **ना.** र **क्रि.** भाला, शूल; **क्रि.** फ्याँक्नु, हिर्काउनु, लाग्ने चक्कूले काट्नु वा खोल्नु, छेड्नु;—r **ना.** घोडचढी सिपाही, भालावाज, रिंसल्ला; एक प्रकारको नाच र त्यसको संगीत ।

lancet (ला'न्सेट्) **ना.** दुवैतिर धार र धारिलो चुच्चो भएको काट्ने वा खोल्ने शल्य क्रियाको उपकरण, कर्द;—चुच्चे टाउको भएको साँगुरो गुंवज वा झ्याल ।

lancinating (ला'न्सिनेटिङ्) **वि.** (पीडा) तीक्ष्ण, हान्ने प्रकारको ।

land (ल्याण्ड्) **ना.** र **क्रि.** भैं, भू, जमीन, जग्गा, माटो, पृथ्वी, स्थल; **क्रि.** उत्रनु, ओर्लनु, पुग्नु, उतार्नु, जित्नु;—fall (समुद्री

यात्रामा) जमीन भेट्टाउनु;—holder तलसीङ, जग्गाधनी, मोही;—lord,—lady घरपटि घरपटिनी;—locked भूपरिवेष्ठित;—lubber समुद्र वा समुद्री जहाजको वारेमा नजान्ने लाठे, भैंलाठे;—mark सीमा चिन्ह;—mine जमीनमा राखिएको विस्फोटक पदार्थ;—owner जग्गावाल; dry—पाखा, टार; wet—ढल जग्गा;—tax तिरो ।

landau (ल्यान्'डो) **ना.** अघि पछि खोल्न हुने चार पांग्रे वग्गी ।

landaulette (ल्याण्डोलेट्') **ना.** अघिल्तिर खोल्न हुने वन्द गाडी ।

landed (ल्यान्'डेड्) **वि.** भूमिसंपन्न, जग्गा भएको; the—interest जग्गाधनी, जग्गावाल;—property खयाल, वेख, जग्गाजमीन, अचल जेथा ।

landing (ल्यान्'डिङ्) **ना.** उत्रने ठाउँ, तरण स्थान, मटान, चोटा, मजेरी ।

landlord (ल्याण्ड्'लॅव्र्ड्) **ना.** धनी, घरपटी ।

landlordism (ल्याण्ड्'लॅव्र्डिज्म्) **ना.** मोहीबाट तोकिएको कूत लिने जग्गाधनी हुने पद्धति ।

landocracy (ल्याण्डॅ'क्रेसि) (ठ.) जग्गाधनीहरू, सामन्तीहरू ।

landscape (ल्याण्ड्'स्केप् वा ल्यान्'स्केप्) **ना.** भूदृश्य, अन्तरदृश्य, नयनगोचर प्रदेश, त्यस्तो दृश्य प्रदर्शित गर्ने चित्र वा कला वस्तु;—gardener प्राकृतिक दृश्यको नकल गरी वगैंचाको रचना गर्ने;—painter त्यस्तो चित्र लेख्ने कलाकार ।

landslide (ल्याण्ड्'स्लाइड्) **ना.** पैरो; निर्वाचनमा अत्यधिक बहुमत ।

landslip (ल्याण्ड्'स्लिप्) **ना.** पैरो ।

lane (लेन्) **ना.** गल्ली, छेडो, गोरेटो, पंक्ति, पाटो; red—घाँटी, गला ।

lang syne (ल्याङ् साइन्) **क्रि. वि.** र **ना.** अघिको समय (मा) ।

language (ल्याङ्'ग्विज्) **ना.** भाषा, भाखा, भाका, कुरा, वाक्, बोली, वाणी, वाक्य; dead—सो व्यवहार नगरिने; न वोलिने; bad—गाली गलौज; strong—कडा बोली ।

languid (ल्याङ्'ग्विड्) **वि.** शिथिल, मन्द, खिन्न, उदास, म्लान, क्लान्त, विषण्ण ।

languish (ल्याङ्'ग्विश्) **क्रि.** कमजोर हुनु, दुर्वल हुनु, निरुत्साहित जीवन विताउनु, वैलाउनु, ढाँचा पार्नु, निस्तिनु ।

languor (ल्या'ङ्गर्) **ना.** कमजोरी, थकाइ, आलस्य, निश्चलता, जडत्व, ग्लानि ।

laniary (ल्या'निअरि) **वि.** र **ना.** चिथर्ने, कुक्कुरे (दाँत) ।

laniferous, lanigerous (ल्यानि'फेरस, ल्यानि'जेरस्) **वि.** ऊन उत्पन्न गर्ने ।

lank (ल्याङ्क्) **वि.** सुकेको, दुब्लो, अग्लो र दुब्लो, टिंगरो, ठिंगो, धीरी, (घाँस) लामू र लत्रंग परेको; (रौं) सोझो र गिरेको, नघुम्रिएको;—y **वि.** नराम्रोसँग अग्लो र दुब्लो ।

lanolin (ल्या'नलिन्) **ना.** भेडाको रौंमा रहने वसा पदार्थ, जो मलमको आधार हुन्छ ।

lantern (ल्यान्'टर्न्) **ना.** लालटिन, बत्ती; Chinese—कागतको पत्याउन हुने; dark—उज्यालो छोप्न हुने; hurricane—वतासले निभाउन नसक्ने; magic—पर्दामा तसवीरको छाया फ्याँक्ने ।

lanyard (ल्यान्'यार्ड्) **ना.** छोटो डोरी, तोपको डोरी, वाँटी या काँधमा वेह्री चक्कू इ० झुण्ड्याउने डोरी ।

Laodicean (लेओडिसी'अन्) **वि.** र **ना.** धर्म वा राजनीतिमा मन्द रुचि देखाउने (व्यक्ति) ।

lap (ल्याप्) **ना.** र **क्रि.** काख, गोद, सप्को, कानको लोतो, (दौडको) मैदानको चक्कर; **क्रि.** चाट्नु, वेर्नु, अँगालो हाल्नु;—dog सानू पालतु कुकुर ।

lapel (लपेल्') **ना.** छातीमाथि रहने कोटको दोब्न्याएको कठालो ।

lapicide (ल्या'पिसाइड्) **ना.** ढुङ्गा काट्ने, ढुङ्गामा अक्षर खोद्ने, काट्ने, कर्मी ।

lapidary (ल्या'पिडरि) **वि.** र **ना.** ढुङ्गाबारे, ढुङ्गामा खोदिएको; ढुङ्गामा खोदनालाई सुहाउने; ना. पत्थर वा ढुंगा काट्ने वा टल्काउने कर्मी, मणिकार ।

lapidate (ल्या'पिडेट्) **क्रि.** ढुंगाले हान्नु, त्यसरी मारिदिनु ।

lapidify (लपि'डिफाइ) **क्रि.** ढुंगा बनाइदिनु ।

lapis lazuli (ल्या'पिस् ल्या'ज्यूलाइ) **ना.** वैदूर्यमणि, नीलोपल ।

Lapp (ल्याप्) **ना.** र **वि.** उत्तरी स्क्याण्डिनेभियाको पुड्को जातिको व्यक्ति, तिनको भाषा; Lapland तिनको देश;—er त्यसको वासिन्दा ।

lappet (ल्या'पिट्) **ना.** सप्को, झुल्ने लुगा वा मासु, छाला इ०; (कानको) लोती ।

lapse (ल्याप्स्) **ना.** र **क्रि.** भ्रम, सानू गलती, गफलत, अतिक्रम, गिर्नु, अचलतीवाट हक वा अधिकारको अन्त, समयको गति; **क्रि.** गुज्रनु, म्याद नाघ्नु, कालातीत हुनु, गिर्नु, खारिज हुनु ।

lapsus (ल्याप्'सस्) ना. (व. व.—us) भूल चूक (खा. ग. in—linguae जिब्रोको (वोलचालमा),—calami कलमको ।

laputan (लप्यू'टन्) **वि.** र **ना.** ल्यापुटाको (वासिन्दा) **वि.** भावना कल्पित, असंभव, हास्यप्रद ।

lapwing (ल्याप्'विङ्) **ना.** टिट्टिभ ।

lar (लाअ्र्) **ना.** (व. व. lares) प्राचीन रोमनहरूको गृहदेवता, इष्टदेवता ।

larceny (लाअ्र्'सेनि **ना.** चोरी, चोरितकं ।

lard (ला'अ्र्ड्) **ना.** शूकरवसा, सुँगुरको भुँडीभित्र रहेको वोसो, खा. ग. त्यसलाई पकाउनलाई र औषधिमा व्यवहार गर्नको लागि खारेर शुद्ध गरेपछि ।

larder (लाअ्र्'डर्) **ना.** भण्डार, भँडार, खा०ग० (खाने)

मासु राख्ने ।

large (लाञ्र्ज्) **वि., क्रि. वि.** वडो, ठूलो, विशाल, बृहत् , स्थूल, उदार, महामना; at—मुक्त, स्वतंत्र, सविस्तार, संपूर्णको रूपमा, सवै;—ly **क्रि. वि.** ठूलो वा प्रवल हदसम्म, धेरैजसो ।

largesse (लाञ्र्'जेस्) **ना.** (आ०) उत्सवमा ठूला वडाले दिइने दाम वा अन्य वकस, उदार वा वहुल दान ।

lariat (ल्या'रिअट्) **ना.** (घोडा बाँध्ने) नाम्लो, डोरी, पगाहा ।

lark, laverock (लाञ्र्क् , ल्या'भरक्) **ना.** र **क्रि.** भारद्वाज चरा; ठट्टा, मजा, रमाइलो; **क्रि.** वौहट्टी गर्नु, ठट्यौली वोल्नु वा गर्नु ।

lark spur (लार्क'स्पर्) **ना.** भारद्वाजको खुट्टा जस्तो फूल हुने विरुवाको प्रकार ।

larrup (ल्या'रप्) **क्रि.** (वो.चा.) (बेतले) पिट्नु, चुट्नु ।

larum (ल्या'रम्) **ना.** (आ०) alarum हल्ला, होहल्ला, खतरा ।

larva (लाञ्र्'भ) **ना.** (व.व.–ae) कीटडींभ (अंडावाट निस्केपछिको कीराको पहिलो रूप) ।

laryngoscope (लरिङ्गस्कोप्) **ना.** कंठनाल वा स्वर यंत्र (घाँटी) भित्र हेर्ने उपकरण ।

laryngotomy (ल्यारिङ्गॅ'टोमि) **ना.** कण्ठनलीच्छेदन ।

laryn/x (ल्या'रिङ्क्स्) **ना.** कण्ठनली, स्वरयंत्र, वाचिक तन्तु रहने घाँटीको गर्त;—gitis (–जाइ–) **ना.** कंठनलीको सूज;—geal (–जि–) कंठनाली ।

Lascar (ल्यास्'कर्) **ना.** हिन्दुस्तानी मल्लाही मल्लाह, माझी ।

lascivious (लसि'भियस्) **वि.** कामुक, कामी, लम्पट, कामोद्दीपक ।

laser (ले'ज़र्) **ना.** दृग्शास्त्रसम्वन्धी (maser हेर्नू) ।

lash (ल्याश्) **क्रि.** र **ना.** अचानक हात, खुट्टा, पुच्छर, चलाउनु; हिर्काउनु, कोर्रा ठोक्नु, डोरीले वाँध्नु; **क्रि.** कोर्रा, कोर्राको लचकदार भाग; eye—**ना.** परेला ।

lass (ल्यास्) **ना.** ठिटी, लडकी, कन्या, कुमारी;—ie **ना.** (प्रि.) ठिटी, तरुनी, वाला ।

lassitude (ल्या'सिट्यूड्) **ना.** ग्लानि, थकाइ, चेष्टा वा रुचिको अनिच्छा ।

lasso (ल्या'सो, वा लसू') **ना.** (व. व.–s) **ना.** र **क्रि.** गाईवस्तुलाई समाउने काँचो छालाले वनेको डोरी; **क्रि.** त्यसले समात्नु ।

last (लास्ट्) **ना., वि., क्रि. वि.** र **क्रि.** (जुत्ता वनाउने) साँचो, आखिरी वस्तु वा व्यक्ति, उक्ति; दम, अड्ने शक्ति; **वि.** आखिरी, अन्तिम; **क्रि. वि.** सवै भन्दा पछिबाट; **क्रि.** थेग्नु, खप्नु, अड्नु, टिक्नु, दिगो हुनु, रहनु, पुग्नु, सँगालिनु;—ing **वि.** र **ना.** अड्ने, स्थायी, टिकाउ, दरो, दिगो, व्यापी; at—**क्रि. वि.** अन्तामा, वल्लवल्ल ।

latch (ल्याच्) **ना.** र **क्रि.** गजवार, छिस्किनी, कमानीदार ताल्चा;—key घरको वाहिरी ढोकाको साँचो ।

late (लेट्) **वि., ना.** र **क्रि. वि.** अवेला, वेर, अवेर, ढीलो, पुछार, विलम्व, भूतपूर्व, साविकवाला, मृत, हालैको;—fee (चिट्ठीमा) टाइमभन्दा पछि छोड्दा लाग्ने (वढी) महसूल;—ly **क्रि. वि.** हालमा, हालै;—r **वि.** भरे, पछि ।

latent (ले'टेण्ट्) **वि.** लुकेको, अप्रत्यच्च, लीन, अन्तर्निहित ।

lateral (ल्या'टरल्) **वि.** र **ना.** पार्श्विक, छेउपट्टि, पार्श्वीय; **ना.** छेउको भाग, अंग, वस्तु, खा.ग. अंकुर, हाँगा;—ly **क्रि. वि.** पार्श्वतः ।

laterite (ल्या'टराइट्) **ना.** (वाटो वनाउन प्रयोग हुने) रातो माटोको किसिम ।

latex (ले'टेक्स्) **ना.** (खा. ग. रवर विरुवाको) दुधिलो रस ।

lath (ला'थ्) **ना.** पातलो फल्याक, काठको पातलो र साँगुरो पाता, वत्ती; as thin as a—ज्यादै दुब्लो;—& plaster भित्ता, सिलिङ्ग वनाउने काठको पाता र ल्यून ।

lathe (लेद्) **ना.** खराज, चक्र, (कुम्हालेको) चक्का ।

lather (ल्या'दर्) **ना.** र **क्रि.** (सावुनको) फिंज, (घोडाको) वाक्लो पसीना, (अलं०) तुलतुलीको अवस्था; **क्रि.** (च्युँडोमा) फिंज पार्नु, फिंज उठाउनु, कुट्नु, पिंट्नु ।

Latin (ल्या'टिन्) **वि.** र **ना.** प्राचीन रोमनहरूको, प्राचीन रोमनहरूवाट उत्पन्न भएका र तिनको भाषावाट उत्पन्न भएका भाषा वोल्ने, ज. कि. फ्रान्स, स्पेन र पोर्टुगलका;—Quarter प्यारिसको शैक्षिक केन्द्र, ल्याटिन भाषा; thieves'—चोर इ. को पाल्सी कुरा; dog—अशुद्ध, अपभ्रंश भएको ।

Latine (लेटाइ'नी) **क्रि. वि.** ल्याटिनमा (ल्याटिन भाषामा उक्तिको अनुवाद (दिएर) ।

Latinity (ल्याटि'निटि) **ना.** (व्यक्तिको) ल्याटिन वोल्ने र लेख्ने शैली, ल्याटिन शैली वा व्याकरणको ढाँचा ।

latinize (se) (ल्या'टिनाइज्) **क्रि.** ल्याटिनमा रूपान्तर गर्नु, शब्द इ. लाई ल्याटिन रूप दिनु, ल्याटिनको रूप, वाक् व्यवहार, इ० प्रयोग गर्नु ।

latitude (ल्या'टिट्यूड्) **ना.** (ठ०) चौडाइ, ठाडो, औदार्य, संर्कार्णतावाट मुक्त, सहिष्णुता, (भू०) अक्षांश, अक्ष; (सा. व. व.) प्रदेश, मौसिम, तापमान इ. (ज्यो०) निक्षेप;—inarian **वि.** शिथिल, असंकीर्ण, उदार ।

latrine (ल्याट्रीन्') **ना.** चर्पी, पाइखाना ।

-latry (–लेट्रि) (अन्त.), पूजा ।

latten (ल्या'टन्) **ना.** तामा, जस्ता, सीसा र टिनवाट वनेको मिश्रण धातु; धातुका पाता ।

latter (ल्या'टर्) **वि.** पल्लो, पछौटे, पुछारको, पछिल्लो, पछिको, दोस्रो, अवधिको अन्ततिरको;—end मृत्यु;—day अर्वाचीन;—ly **क्रि. वि.** जीवनको वा कुनै अवधिको अन्ततिर; अचेल, हालसाल ।

Lattice (ल्या'टिस्) **ना.** आँखे झ्याल, जाल मार्ग, गवाक्ष जाल, वधूटशयन ।

Latvian (ल्याट्'भियन्) **वि.** ल्याटभियादेशको वासिन्दा र उसको भाषा ।

laud (लॉड्) **ना. र क्रि.** प्रशंसा, स्तुति; **क्रि.** सहनी गर्नु, सहाउनु, स्तुति गर्नु, कीर्तन गर्नु;—atory **वि.** प्रशंसक, स्तुतिमय;—able **वि.** श्लाघ्य, स्तुत्य, धन्य, तारीफलायक;—ation **ना.** स्तुति, प्रशंसा, श्लाघा ।

laudanum (लॅड्'नम्) **ना.** अफीम ।

laugh (लाफ्) **क्रि. र ना.** हाँस्नु; **ना.** हाँसो;—able **वि.** हाँसो उठने, हास्यास्पद, हँसाउने; no—ing matter गंभीर कुरो;—ing gas लठ्याउने नाइट्रस अक्साइड;—ing-stock दिल्लगी, ठट्टाको पात्र ।

laughter (लाफ्'टर्) **ना.** हाँसो, अट्टहास, खित्का; silent—उच्चघन ।

launch (लॉन्च्) **क्रि. र ना.** फ्याँक्नु, हिर्काउनु, छोड्नु, फुट्नु, (पैसा) फुँक्नु, (नाउ) पानीमा छोड्नु; **ना.** जहाजको डुंगा;—ing pad रकेट इ० छोड्ने स्थल; जहाज, डुंगा पानीमा छोडने क्रिया ।

laund/er (लॉण्डर्) **क्रि.** (लुगा) धुनु र पटयाउनु;—erette **ना.** लुगा धुने कल भएको संस्थान;—ress **ना.** लुगा धुने र पटयाउने स्त्री, धोबिनी ।

laundry (लॉन्'ड्रि) **ना.** लुगा धुने संस्थान, धोबीको पसल, घाट; धुन पठाउने लुगाको डंगुर ।

laureate (लॅ'रिएट्) **वि. र ना.** नारलको पातको मुकुट लाएको, कविको हैसियतले सम्मान पाउन योग्य; **ना.** राजकवि ।

laurel (लॉ'रेल्) **ना.** नारलको पात; reap, win—s ख्याति प्राप्त गर्नु; rest on one's—s अरू ख्यातिका निमित्त चेष्टा नगर्नु ।

lava (ला'भा) **ना.** आग्नेयोद्‌गार, ज्वालामुखी पर्वतबाट निस्कने आगो वा गलेर निस्कने वस्तु, सो वस्तु जमेर साह्रो भएको ज्वालामुखी मल ।

lavabo (लभे'वो) **ना.** (ब. व.—s) धार्मिक प्रक्रियाअगाडि हात धुने क्रिया, आचमन; (ब. व.) चर्पी ।

lavation (लभे'श्न्) **ना.** स्नान, प्रक्षालन ।

lavatory (ल्या'भेटरि) **ना.** (हात मुख धुने) बाटा, कोपरा; हात मुख धुने कोठा; चर्पी, शौचालय ।

lave (लेभ्') **क्रि.** स्नान, प्रक्षालन, (खोला इ०) बग्नु, पखाल्नु ।

lavement (लेभ्'मेण्ट्) **ना.** (भै०) वस्ति, डूस ।

lavender (ल्या'भेण्डर्) **ना. र क्रि.** सुवासित फूल र पात भएको एक विरुवा; lay up in—भविष्यको लागि जोगाएर राख्नु;—water सुवासित अंगरागको तरल साधन ।

lavish (ल्या'भिश्) **वि. र क्रि.** बहुप्रद, अति उदार, लेदामार, अमितव्ययी; **क्रि.** मुक्त हस्तले दिनु ।

law (लॉ) **ना. र वि. बो.** ऐन, निया, कानून, विधान, निसाफ, इन्साफ, नियम, ऐन जाफता, अमन चैन, स्मृति, आचार, धर्मशास्त्र, व्यवहार, विधि, सिद्धान्त; **वि. बो.** आमै ! अहो ! common—मुलुकी ऐन; international—जाफता; martial—जङ्गी ऐन;—suit मुद्दा, मामिला;—ful कानूनी, उचित, न्यायसङ्गत;—ful authority कानूनी अख्तियारी;—less अराजक, भाँडभैलो;—yer कानूनवेत्ता, कानूनी व्यवसायी, वकील, ऐन ज्ञाता;—giver नियामक, कानून निर्माता ।

lawks (लॉक्स्) **वि. बो.** आश्चर्य व्यक्त गर्ने शब्द—आमै ! अहो ! वाफ रे !

lawn (लॉन्) **ना.** नरम सुती कपड़ा; चउर, दूबोले ढाकेको चौर;—mower दूबो काट्ने कल;—sprinkler दूबोमा पानी छर्ने कल;—tennis चउरमा खेल्ने टेनिस खेल ।

lax (ल्याक्स्) **वि.** खुकुलो, शिथिल, खँदिलो होइन, सुषिर (विर०), अलसी, असावधान, हेलचेक्र्याइँ गर्ने, नरम, अस्पष्ट;—ity **ना.** फितुलोपन, खुकुलोपन ।

laxative (ल्या'क्सेटिभ्) **वि.** रेचक, दिसा लाउने ।

lay (ले) **ना., वि. र क्रि.** (laid) गाउनको लागि रचिएको छोटो गीत, पेशा, दिशा स्थान (कुनै देश इ० को); **वि.** सामान्य, गृहस्थी; **क्रि.** सुताउनु, बिसाउनु, मन्सनु, बिछ्याउनु, लडाउनु, राख्नु, पार्नु, पेश गर्नु;—down बुझाउनु, त्याग्नु;—low भक्वान पार्नु, सोत्र्याम पार्नु, पतन गराउनु, थला बसाल्नु;—man अनाडी, कोरकाली;—open खोल्नु;—waste ध्वंस गर्नु;—out **ना.** सजावट, अभिन्यास, संस्थापन;—by थन्काउनु; laid सुताएको, स्वास्नी राखेको ।

layer (ले'यर्) **ना.** पत्र, स्तर, तह, सरो, होरो. हरो, एकपत्र, केस्रा ।

layette (लेएट्') **ना.** (नवजात शिशुको लागि चाहिने) थाङ्ना, लुगा ।

lay figure (ले फिगर्) **ना.** जोर्नी भएको काठको मूर्ति जसमा चित्रकारले लुगा सजाएर हेर्छ; कसैले नपुछ्ने मानिस, उपन्यासमा अवास्तविक पात्र इ० ।

lay-off (ले'ऑफ्) **ना.** कर्मीलाई अस्थायी रूपमा खारिजीको अवधि, मन्द मौसिम ।

lazar (ल्या'जार्) **ना.** (आ०) गरीब र रोगी व्यक्ति; कोढी, lazarus माग्ने, गरीब, कोढी, कुष्ठी ।

laze (लेज्) **क्रि.** (बो. चा.) अल्छी मान्नु, अल्छी गरेर समय बिताउनु ।

lazy (ले'जि) **वि.** अल्छी, सुस्त, निचमारा, पाटे, लोसे, मन्द, जड, अलमस्ती, अनुद्योगी;—bones अल्छी व्यक्ति ।

'ld (छो०) I would चाहन्छु—को छो. क. ।

–le ,el (अन्त.) अन्त प्रत्यय–विभिन्नार्थमा ।

lea (ली) **ना.** (क.) खुला मैदान, चउर ।

lead (लीड्) **ना.** (लेड् र लीड्) र **क्रि.** (लीड्) सीसा, नेतृत्व, डोर, अगुवाइ, पुरस्सरण; (छ.) पंक्तिको बीचमा खाली ठाउँको लागि हाल्ने धातुको पातो; **क्रि.** सीसा हाल्नु, जड्नु; अगुवाइ गर्नु, पथ प्रदर्शन गर्नु, डोऱ्याउनु, बिताउनु, प्रथम स्थान लिनु, ताश (पहिले) खेल्नु; white—सफेता;—pencil पेन्सिल;—astray बराल्नु, भाँड्नु;—on उक्साउनु ।

leaden (ले'ड्न्) **वि.** सीसाको; sleep's—sceptre लठ्याउने शक्ति;—sword बेकामको;—limbs जड, गहुँगो ।

Leadenhall (ले'डन्हॉल्) **ना.** लण्डनको मासु र चराको व्यापार केन्द्र ।

leader (ली'डर्) **ना.** अगुवा, नेता, नायक, नाइके, अग्रलेख (अखबारमा), पथ-प्रदर्शक, अग्रगामी;—ette **ना.** सम्पादकीय पङ्क्तिको आर्को सानू सम्पादकीय, लघु अग्रलेख ।

leading (ली'डिङ्) **ना.** र **वि.** प्रथम; men of light &—योग्यताले प्राप्त प्रभावको;—business मुख्य अभिनेताले लिएको भूमिका;—rein डोऱ्याउने लगाम;—strings बालकहरूलाई हिँड्न सिकाउने (अघिको) डोरी; in—strings बाल्यावस्थामा;—article सम्पादकीय, राय व्यक्त गर्ने;—lady, —man नाटकमा मुख्य भूमिका गर्ने अभिनेता,—नेत्री;—question चाहेको जवाफ निम्त्याउने प्रश्न ।

leaf (लीफ्) **ना.** (ब.व.–leaves) पात, पाती, पत्ती, चक्की, पत्र, पत्कर, पल्ला, कपाट, फग्ल्याँटो, खापा, तपक; take a leaf out of (one's) book—बाट सिक्नु; turn over a new—सुधार गर्नु;—let सानू पात, नसिईं केवल दोब्ब्याएको पर्चा, पत्रिका; tobacco—लुँडी, पत्ता;—age **ना.** झारपात, पतिंगर ।

league (लीग्) **ना.** र **क्रि.** बाटोको दूरता, अन्दाजी तीन माइल; पारस्परिक सहायता र रक्षाको लागि स्थापना गरिएको संघ, संगठन; in-with मिलेर; L—football संघ स्थापना गरी सबै दलले एक अर्कोसँग खेली सर्वप्रथम हुने प्रतियोगिता; L—of Nations राष्ट्रसंघ, अचेल UNITED NATIONS **क्रि.** संयुक्त हुनु, जोडिनु; leaguer संघको सदस्य; लागर बियर (जाँड) ।

leak (लीक्) **ना.** र **क्रि.** क्षरण, चुवोट, चुहावट; **क्रि.** चुहुनु, खुल्नु;—age **ना.** क्षरण, चुवोट;—y **वि.** चुहिने, छिद्र खोल्ने, पिशाव चुहाउने ।

leal (लील्) **वि.** (स्क० साहि०) ईमानदार, वफादार ।

lean (लीन्) **वि.** र **क्रि.** दुब्लो, पातलो, क्षाम, थोरै, नअसल, अपुष्टिकर;—crops, diet थोरै, अपुग;—years अभावको; (मासु) बोसो नभएको; **क्रि.** अडेस लाग्नु, आड लिनु, ढेस्सिनु, बांगो हुनु, प्रवृत्त हुनु;—ing **ना.** प्रवृत्ति ।

leap (लीप्) **क्रि.** र **ना.** कुद्नु, फाँद्नु, उफ्रनु, हामफाल्नु, फालहाल्नु; **ना.** बुर्कुसी, प्लुति, उफ्रयाँइ, छलांग;—year फेब्रुअरिको २९ दिन हुने ४ वर्षमा एक पटक आउने वर्ष ।

learn (लऽर्न्) **क्रि.** सिक्नु, घोक्नु, सघाउनु, रफत गर्नु, ज्ञान प्राप्त गर्नु, कण्ठस्थ गर्नु, जान्नु, पत्ता लाउनु, (ठ०) सिकाउनु;—ed **वि.** पण्डित, विद्वान, गाढ विद्वान;—ing **ना.** ज्ञान, विद्या, वैदुष्य;—er **ना.** सिकारू, सिकुवा, कोरकाली ।

lease (लीस्) **ना.** र **क्रि.** पट्टा, ठेक्का, कबुलियत, कूत;—holder मोही, पट्टावाला; under—उपपट्टा ।

leash (लीश्) **ना.** (कुकुर बाँध्ने छालाको) डोरी, सिक्री ।

least (लीस्ट्) **वि.** अल्प, अल्पमत, सबभन्दा सानू वा थोरै, अत्यल्प, लघुतम ।

leastways (लीस्ट्'वेज्) **क्रि. वि.** कमसे कम, अथवा, इ० (ग्रा०) ।

leat (लीट्) **ना.** घट्टमा पानी लैजाने खुला कुलो ।

leather (ले'दर्) **ना.** छाला, परिष्कृत चर्म;—head मूर्ख; —neck मल्लाह, नाविक; patent—**ना.** टल्कने कालो छालाको किसिम; American—**ना.** मैनकपडा ।

leatheroid (ले'दरायड्) **ना.** सुती कागतलाई रासायनिक प्रक्रियाद्वारा काँचो छाला जस्तो गराइएको वस्तु ।

leave (लीभ्) **ना.** र **क्रि.** (left) आज्ञा, परमांगी, विदा, तातिल, छुट्टी; **क्रि.** छोड्नु, बाँकी रहनु, दिनु, राख्नु, धरौटी छोड्नु, जानु, बसाइँ सर्नु, त्याग्नु;—alone हस्तक्षेप नगर्नु; French—विना विदा काममा अनुपस्थित हुनु; leaving पूरा, जूठो, उच्छिष्ट;—taking विदावारी ।

(—) leaved (लीभ्ड्) **वि.** पत्ता, पत्र भएको ।

leaven (ले'भन्) **ना.** र **क्रि.** किण्व, जोरन, मध्यबीज, मण्ड; **क्रि.** फेनाउनु ।

lebensraum (ले'बन्स्राउम्) **ना.** जीवन क्षेत्र; जर्मन जातिले आफ्नू अस्तित्वलाई चाहिने भनी ठानेको क्षेत्र ।

leacher (ले'चर्) **ना.** व्यभिचारी, कामासक्त, रण्डीबाज;—ous **वि.** कामुक, कामातुर ।

lecture (लेक्'चर) **ना.** र **क्रि.** प्रवचन, उपदेश, भाषण, व्याख्यान, आध्यापन; **क्रि.** भर्त्सना गर्नु, नसीहत दिनु;—r **ना.** प्राध्यापक, प्रवाचक ।

ledge (ले'ज्) **ना.** कटक, चट्टानको तखता, पानीमन्तिरको चट्टान ।

ledger (ले'जर्) **ना.** बहिखाता, खाता, हिसाबबही, खेस्रा, रोजनामा, वही ।

lee (ली) **ना.** आश्रय, नजीकको वस्तुले दिएको आश्रय; हावाबाट सुरक्षितपट्टि ।

leech (लीच्) **ना.** (आ० क० ठ०) वैद्य, डाक्टर, भिषक्; जूका (रगत चुस्ने); (अलं०) लिचडो ।

leek (लीक्) लसुनको प्रकार ।

leer (लिअर्) **क्रि.** कटाक्ष गर्नु, चतुर, कामी वा द्वेषपूर्ण ढाँचाले कटाक्ष गर्नु;—y **वि.** धूर्त, जान्ने ।

lees (लीज्) **ना.** थेग्रो, (रक्सी जाँडको); सबभन्दा रद्दी भाग ।

leeward (ली'वर्ड वा, मु०नौ० ल्यू'अर्ड्) **वि.** र **क्रि. वि.** सुरक्षित, आश्रय भएको; **क्रि. वि.** पट्टि ।

left (लेफ्ट्) **वि.** र **ना.** बाँया, देब्रे, वाम, बांगो; **ना.** देब्रे हात, सेनाको वाम भाग; वामपन्थी (रा०), वामप्रकृति;—handed **वि.** देब्रे हातको, अस्पष्ट, द्व्यर्थ भएको;—ist **ना.** वामपन्थी, साम्यवादी ।

leg (लेग्) **ना.** र **क्रि.** गोडा, टाङ, खुट्टा, साँप्रो, साँप्लो, सपेटो, पैर, पयर, पद, चरण पैदल, हिँड्नु, खा. ग. leg it ।

legacy (ले'गसि) **ना.** वसियतले दिइएको दाम वा वस्तु, उत्तरदान, रिक्थ, अग्रगामीले हस्तान्तरित गरेको भौतिक वा अभौतिक वस्तु;—hunter उत्तरदानको लागि अरूको चाकरी गर्ने व्यक्ति ।

legal (ली'गल्) वि. न्याय्य, धर्म्य, कानूनी, ऐनको;—tender ऋणीले बुझाएको धनीले बुझ्नै पर्ने दाम;—ism ना. ऐन, वा सूत्रको उत्कर्ष, कानूनवाद लालफित्ता;—ity ना. न्याय्यता, धर्म्यता ।

legate (ले'गेट्) ना. र क्रि. पोपको प्रतिनिधि, धर्मदूत; वकील; क्रि. (मरेपछि) दिनु ।

legatee (लेगटी') ना. उत्तरदानको पात्र, मृतारक्थभागी, इच्छित व्यक्ति, सम्पत्ति पाउने व्यक्ति, रिक्थी ।

legation (लेगे'श्न्) ना. प्रतिनिधि पठाउनु, कूटनैतिक दूत तर उसका अनुचर, उसको आधिकारिक निवास स्थान, दूतावास ।

legend (ले'जेण्ड्) ना. पुराण, कथा, दन्तकथा, पूर्ववृत्त, उपाख्यान, लेख वा वाक्य खा. ग. सिक्का वा पदकमा; (छ.) तसवीर, चित्रको वर्णन;—ary वि. पौराणिक ।

legerdemain (ले'जर्डेमेन्) ना. हातको चटक, हातको सफाइ, इन्द्रजाल, माया, चटक, जाल, देखतभूली ।

legging (ले'गिङ्) ना. जंघारक्षण, (घुँडादेखि गोलीगाँठासम्म लाउने) खा. ग. छालाको खोल, गेटर ।

leggy (ले'गि) वि. लाम्खुट्टे (खा. ग. ठिटो, पोनी, छाउराको बारेमा) ।

leghorn (लेगअर्न्) ना. पालतु जातको कुखुरा ।

legible (ले'जिब्ल्) वि. सफा, पढ्न सकिने, सुव्यक्त, सुस्पष्ट ।

legion (ली'ज्न्) ना. प्राचीन रोमन सेनाको भाग; foreign —अर्वाचीन, खा.ग. फ्रेन्च सेनामा विदेशी भरौटे वा स्वयंसेवकको दल; असंख्य संख्या वा भीड; चमू, वाहिनी, सेना;—ary ना. त्यस्तो फौजको सैनिक ।

legislat/ion (लेजिस्ले'श्न्) ना. ऐन, अदल, ऐनको रचना र व्यवस्था; विधान, कानून;—ive वि. वैधानिक, व्यवस्थापक, विधिकारी, व्यवस्थापिका;—or ना. व्यवस्थापक विधान सभाको सदस्य;—e क्रि. ऐन बनाउनु ।

legislature (ले'जिस्लेट्यूर्) ना. राष्ट्रको व्यवस्थापिका वा विधान सभा ।

legist (ली'जिस्ट्) ना. ऐन-कानूनवेत्ता, न्यायशास्त्री ।

legitimate (लेजि'टिमेट्) वि. र क्रि. न्याय्य, धर्म्य, यथानियम, परम्परानुगत; the—drama गीतिकाव्य, प्रहसन इ० बाहेक योग्यता र गुण भएका नाटकहरू; आदेश, ऐन वा प्रमाणद्वारा न्याय्य या औरस बनाउनु, दोष प्रतिकार गर्नु, सफाइ दिनु ।

legitimism (लेजि'टिमिज़्म) ना. सम्राट वा हकवालाको पक्ष लिने काम, जसको दावा सोझो उत्पत्तिमा आधारित छ ।

legume, legumen (ले'ग्यूम्, लेग्यू'मेन्) ना. दाल जस्तो बिरुवाको फल, खाने भाग, कोसा, शमी, खाद्य मानिने तरकारी; leguminous वि. दाल जस्तो ।

lei (लेई',ले) ना. फूलको माला (हवाई टापूको) ।

leisure (ले'ज़र्) ना. फुर्सत, खति, आराम;—ly वि. र क्रि. वि. फुर्सतमा, विचारपूर्वक, विनाहडबडको, बिस्तारै ।

leit-motiv,-if (लाइट्'मोटीफ्') ना. संगी० उही व्यक्ति, परिस्थिति वा भावमा पूर्णतया सीमित रहेको रचना ।

leman (ले'मन्) ना. (आ०) प्रेमी, वल्लभ, जार या प्रेमिका ।

lemon (ले'मन्) ना. कागती, नीबू;—ade कागतीको शरबत; पहेंलो रंग, (अप०) नराम्री युवती;—drop लेमनचूस, पिपी;—squash कागतीको रस र सोडा वाटरको पेय;—squeezer कागतीको रस झिक्ने यन्त्र; (अप०) फुस्सा !

lemur (ली'मअर्) ना. बाँदर जस्तो पशुको किसिम ।

lend (लेण्ड्) क्रि. (lent) पैंचो दिनु, सापट दिनु, कर्जा दिनु, लगानी गर्नु;—ing पैंचो दिने, ज०कि०—library चंदा, भाडा तिरी किताब पढ्न घर लैजान पाइने ।

length (लेङ्थ) ना. लमाइ, अवधि, दूरी, (छन्द०) मात्रा; at—सविस्तार, सविवरण; at full—लमतन्न, लम्पसार;—en क्रि. लामू पार्नु, लाम्चिनु, लम्मिनु, वा हुनु; (मात्रा०) मात्रा दीर्घ बनाउनु;—y वि. लामू, उच्चाटलाग्दो ।

lenient (ली'निएण्ट्) वि. सौम्य, मृदु, कोमल, सदय, कृपालु, क्षमाशील ।

Leninism (ले'निनिज्म्) ना. लेनिनको नीति र आर्थिक सिद्धान्तहरू ।

lenitive (ले'निटिभ्) वि. शामल, शीतल पार्ने, प्रशमन गर्ने, स्निग्ध ।

lenity (ले'निटि) ना. दयालुता, (गरिएको) दया, कृपा ।

lens (लेन्ज़्) ना. (ब.व.–es) काँच, ऐना, वीक्ष ।

Lent (लेण्ट्) ना. क्रिस्तानहरूको तप र प्रायश्चित्तका ४० दिनको अवधि; चतुर्मासा; Lenten लेण्टको ।

lenticular (लेन्टी'क्यूलर्) वि. यव, मसूरोपम, आँखाको काँचको ।

lentil (लेन्'टिल्) ना. दाल सदृश बिरुवाको मसूरो जस्तो ब्यू; सो बिरुवा ।

lentitude (लेन्'टिट्यूड्) ना. मन्दता, सुस्ती, अल्छीपन ।

Leo (ली'ओ) ना. सिंह राशि ।

leonine (ली'अनाइन्) वि. सिंहको, सिंहरूपी ।

leopard (ले'पर्ड्) ना. चितुवा ।

leotard (ली'अटाअर्ड्) ना. कसरतवाला, पहलमान, ब्याले नर्तक इ० ले लाउने छोटो ज्यूमा टाँसिने लुगा ।

leper (ले'पर्) ना. कोढी; leprous वि. कोढ भएको, जस्तो ।

leporine (ले'पराइन्) वि. खरायो, चौग(घ)डा, जातिको ।

leprechaun (लेप्रेखॉन्') ना. भूत, प्रेत (आयरल्याण्डको) ।

leprosy (ले'प्रसि) ना. कुष्ट, कोढ, महारोग ।

lepto–(लेप्टो) सं. रूप. साँगुरो, सानू, पातलो ।

Lesbian (लेज़्'बियन्) वि. र ना. लेसबस (ग्रीक द्वीप)को,—vice ना. स्त्रीहरूको अप्राकृतिक यौनिक सम्बन्ध ।

lese-majeste (लेज़्म्या'ज़ेस्टे) ना. राजद्रोह ।

lesion (ली'ज्न्) ना. घाउ, चोट खा.ग. (रो. नि.) अवयव, अंगको रचना वा काममा विकृति ।

less (लेस्) वि., उ., ना. र क्रि. वि. कम, घटी, थोरै, हीन ।

—less (अन्त०) नभएको,—हीन ।

lessee (लेसी') **ना.** पट्टा, भाडामा (घर, थिएटर इ०) लिने किरायादार ।

lessen (ले'स्न्) **क्रि.** घटाउनु, कम गर्नु, न्यून गर्नु ।

lesser (ले'सर्) **वि.** अरूभन्दा सानू, कान्छो, **उ.** the L—Bear, the–evils of life ।

lesson (ले'स्न्) **ना.** र **क्रि.** पाठ, सिको, शिक्षा; घटना, उदाहरण, नसीहत वा सजाय जसले चेतावनी वा प्रोत्साहन दिन्छ; **क्रि.** नसीहत दिनु, अनुशासन गर्नु, गाली गर्नु; to have one's—चेतवावा काशी हुनु ।

lessor (ले'सॅअ्र्) **ना.** घर वा जग्गाधनी, जसले पट्टामा दिन्छ ।

lest (लेस्ट्) **सं.** अन्यथा, नत्रभने, कदाचित्, यसो नहोस् कि ।

let (लेट्) **क्रि.** (let). र **ना.** (आ.) रोक्नु, बाधा दिनु; **ना.** छेका, बाधा, रोकावट, रोकटोक, विघ्नबाधा; without—or hindrance सरासर, विना रोकटोक ।

let (लेट्) **क्रि.** र **ना.** दिनु, गराउनु, भाडामा दिनु;—alone छोडिदिनु, हस्तक्षेप नगर्नु;—down धोखा दिनु;—fall खसाल्नु;—fly हिर्काउनु;—go छोड्नु;—loose फुकाउनु;—off छोडिदिनु;—on गोप्य खोल्नु, कुरा खोल्नु;—slip फुकाइदिनु;—up **क्रि.** नरम हुनु;—up **ना.** विराम, न्यूनीकरण ।

—let (अन्त.) छो.क. र सानू जनाउने शब्द बनाउने **उ.** ज. कि streamlet ।

lethal (ली'थल्) **वि.** घातक, सांघातिक, मारात्मक, मृत्यु गराउने, मृत्युको लागि पर्याप्त अथवा मृत्यु गराउन प्रबन्ध गरिएको;—chamber पशुहरूलाई पीडा नदिई मार्ने ठाउँ, मानिसलाई विषाक्त वायु इ. द्वारा प्राणदण्ड दिने कक्ष ।

lethargy (ले'थर्जि) **ना.** विकृत निद्रा, अति दीर्घ र अप्राकृतिक निद्रा, जड, निश्चेष्ट, या उदासीन अवस्था, अभिरुचि र जाँगरको अभाव ।

Lethe (ली'थी) **ना.** अतीतको विस्मृत गराउने नरकको नदी (प्राचीन ग्रीक कथा)।

Lett (लेट्) **ना.** बाल्टिक प्रदेशमा बस्ने जाति ।

letter (लेटर्) **ना.** अक्षर; चिट्ठी; वक्तव्यको ठीक-ठीक पद; साहित्य, पुस्तकहरूसँग परिचय;—perfect नाटकीय अभिनयमा आफ्नू भूमिकामा पूरा तयार पात्र ।

lettuce (ले'टिस्) **ना.** चुकन्दर, सागको किसिम; जिरीको साग ।

leucocyte (लिउको'साइट्) **ना.** रगत, मेदस, इ. मा हुने श्वेत कीट ।

leucorrhea (लिउकोरि'आ) **ना.** श्वेतप्रदर ।

leukaemia (ल्युकी'मिआ) **ना.** (भै.) रगतमा श्वेत कीटाणुको संख्या धेरै बढ्न गएको रोग ।

lev (लेभ्) **ना.** (ब. व.—a), बुल्गेरियाको सिक्का ।

—levant (ले'भ्याण्ट्') **ना.** भूमध्यसागरको पूर्वी भाग, त्यहाँका द्वीप र देशहरू समावेश गरेर ।

levant (ले'भ्याण्ट्') **क्रि.** भाग्नु, बेपत्ता हुनु, खा. ग. जूवामा हारेको दाम नतिरीकन ।

levator (लेभे'टर्) **ना.** —muscle अंग, पेशी या अवयवलाई उचाल्ने पेशी ।

levee (ले'भि) **ना.** बिहान सबेरै आगन्तुकहरूलाई भेट्ने समय र रीति; सलाम; बाढीबाट बचाउने बाँध ।

level (लेभ्ल्) **ना.**, **क्रि.** र **वि.** समथर, तह, स्तर, सतह, खात, पत्र, चाङ्, सम, समतल, कक्षा; **क्रि.** खिप्नु, सम्याउनु, सम्म पार्नु, बराबर पार्नु, समेट्नु, एकनास पार्नु; **वि.** निमठो, निम्ठो ।

leveller (ले'भ्लर्) **ना.** सामाजिक विभिन्नता हटाउने सिद्धान्तवाला; बराबरीको पक्षपाती ।

lever (ली'भर्) **ना.** उत्तोलक; तुला यंत्र;—age **ना.** उत्तोलकता ।

leveret (ले'भरेट्) **ना.** खरायोको बच्चा (खा० ग० वर्ष दिनको)।

leviathan (लेभाइ'अथन्) **ना.** सामुद्रिक दैत्य, साह्रै ठूलो वस्तु; अति ताकत वा पौरुष भएको व्यक्ति ।

levigate (ले'भिगेट्) **क्रि.** मसिनो धूलो पार्नु, चिप्लो लेदो पार्नु ।

levin (ले'भिन्) **ना.** (क०) बिजुली (को चमक)।

levitat/e (ले'भिटेट्) **क्रि.** भुँईबाट उठ्नु र हावामा अड्नु (आत्मवादलाई लक्ष्य गरेर);—ion **ना.** हावामा अड्नु, स्तम्भन ।

levity (ले'भिटि) **ना.** हलुकापन, लघुता, चापल्य, चांचल्य, विचारको कमी, असामयिक ठट्टा, अस्थिरता, लोलता ।

levy (ले'भि) **ना.** र **क्रि.** कर, तिरोको उठती; **क्रि.** उठाउनु, लगाउनु, कानूनी कारवाई वा सम्पत्तिबाट (अङ्क) उठाउनु, करसाथ लिनु (—blackmail); (फौज) भर्ना गर्नु; मानिस, खर खजाना इ० जम्मा गर्नु, लडाइँ गर्नु; capital—राष्ट्रले देशको सबै वा कुनै अनुपातमा धन लिनु;—in mass सबै सक्ने व्यक्तिहरूको ।

lewd (ल्युड्) **वि.** नीच, बेकामको, व्यभिचारी, लम्पट, दुराचारी, अश्लील ।

Lewis gun (लू'इस् गन्) **ना.** हलका मेशीन गन ।

lewisite (लू'विसाइट्) **ना.** फोका उठाउने विषाक्त ग्यास (रासायनिक लडाइँमा प्रयोग हुने) ।

laxical (ले'क्सिकल्) **वि.** कुनै भाषाका शब्दहरूको बारे ।

lexicography (लेक्सिकॅ'ग्रफि) **ना.** शब्द कोषको निर्माण ।

lexicon (ले'क्सिकन्) **ना.** शब्दकोष, (खा. ग. ग्रीक इ. भाषाको), शब्द संग्रह, निघण्टु, अभिधान ।

lexigraphy (लेक्सि'ग्रफि) **ना.** लेखन पद्धति जसमा एक एक अक्षरले एक एक शब्द रचना गर्छ ।

lex talionis (लेक्स् ट्यालिओ'निस्) **ना.** बदलाको नियम, आँखाको साटो आँखा इ० (ल्या.)।

Leyden (लाई'डन्) **ना.** हल्याण्डको एक शहर;—jar बिजुलीको शक्ति राख्न सक्ने संचिति यन्त्र ।

li (ली) **ना.** चीनिया दूरता र तौलको परिमाण जनाउने शब्द (ची.) ।

liability (लायवि'लिटि) **ना.** दायित्व, शीलता, पात्रता; liable **वि.** दावी,—शील, योग्य, अधीन ।

liaison (लिए'जोँ) **ना.** पुरुष र स्त्रीको वीचमा अनुचित सम्वन्ध; सामान्यतः उच्चारण नहुने व्यञ्जनको फ्रेञ्च भाषामा उच्चारण; संपर्क, संसर्ग;—liaise (लिएज्') **क्रि.** त्यसरी संसर्ग स्थापना गर्नु वा राख्नु ।

liar (ला'यर्) **ना.** झुट्टा झूटो वोल्ने, मिथ्याभाषी, असत्य वक्ता, ढाँट, गफी, असत्ती; फत्तुरे, फरेवी, लवार, छली; लवारपाँडे ।

libation (लाइवे'शन्) **ना.** उदकदान, तर्पण, (ठ.) पिउनु (मादक वस्तु) ।

libel (लाइ'बल्) **ना.** र **क्रि.** (—ll) व्यक्तिको मानहानि गराउने प्रकाशित वक्तव्य, निन्दा, निन्दापत्र, त्यस्तो प्रकाशन; (लो.) असत्य तथा अपमानजनक वक्तव्य, अपमानकारक वस्तु; **क्रि.** रीस इवीले झुट्टा दोष लगाउनु, अपमानजनक वक्तव्य प्रकाश गर्नु; वदनाम गर्नु ।

liberal (लि'वरल्) **वि.** र **ना.** उदार, महानुभाव, वहुल, प्रचुर; ललित (कला); (रा०) विशेषाधिकारहरूको समाप्ति र प्रजातान्त्रिक सुधारको पक्ष गर्ने;—ity **ना.** औदार्य, दानशीलता, संकीर्णतावाट मुक्ति, मनको वडप्पन ।

liberat/e (लि'वरेट्) **क्रि.** मुक्त गर्नु, छोड्नु, स्वतन्त्र गर्नु;—ion **ना.** मुक्ति, मोचन, छुटकारा;—or **ना.** मुक्तक, मोक्षक, उद्धारक ।

libertarian (लिवर्टे'अरियन्) **ना.** र **वि.** स्वतन्त्र इच्छामा विश्वास गर्ने, स्वतन्त्रताको समर्थक ।

liberticide (लिबअर्'टिसाइड्) **ना.** स्वतन्त्रताको हत्या, वा हत्यारा ।

libertine (लि'वर्टिन्) **ना.** व्यसनी, काम विषयासक्त, भोगी, स्वेच्छाचारी ।

liberty (लि'वर्टि) **ना.** स्वाधीनता, स्वतन्त्रता, अयंत्रण, छूट, मुक्ति; civil—समुदायले वनाएको ऐनको सीमाभित्रको स्वतन्त्रता;—of conscience धर्म स्वातन्त्र्य; take liberties मर्यादाको अतिक्रमण ।

libidinous (लिबि'डिनस्) **वि.** कामी ।

libido (लिबाइ'डो) **ना.** (मनो०) भावानात्मक वासना जसले कुनै मानवीय खा. ग. यौनिक क्रियातिर प्रवृत्त गर्छ ।

libra (लाइ'ब्रा) **ना.** (ब. व.—ae) अंग्रेजी पाउण्ड, lb को तौल, पाउण्ड स्टर्लिङ्ग £. को सिक्का वा दाम; तुला राशि (ज्यो. *L*-(ल्या.) ।

library (लाई'ब्ररि) **ना.** पुस्तकालय, पुस्तकखाना, घरमा पुस्तक रहेको कोठा, व्यक्तिको पुस्तक संग्रह, कुनै प्रकाशकले समान रूप वा नापमा निकालेका पुस्तकहरूको श्रेणी; lending—जहाँवाट चन्दा तिरेर वा सित्तैं पुस्तक पढ्न लैजान पाइन्छ; reference—जहाँ गएर पुस्तक हेर्न पाइन्छ; free—public—जनताले विना शुल्क चलन गर्न पाउने; circulating—नाफाको लागि पुस्तक वाहिर जान दिने; walking—प्रगाढ विद्वता भएको व्यक्ति;—edition **ना.** असल छपाइ र नापको संस्करण;—Librarian ग्रन्थशालाध्यक्ष, पुस्तकालयाधिकृत, ग्रन्थाध्यक्ष, पुस्तकाध्यक्ष ।

librat/e (लाइब्रेट्') **क्रि.** हल्लनु, काम्नु, डोलायमान हुनु;—ion **ना.** हल्लनु, दोलन ।

libretto (लिब्रे'टो) **ना.** (ब. व.—ti) गीति काव्यको पुस्तक, अपेराको पुस्तक ।

Libyan (लि'बियन्) **वि.** लिबिया देशको वासिन्दा वा भाषा ।

lice (लाइस्) **ना.** louse जुम्राको ब. व. ।

licence (लाई'सेन्स्) **ना.** आज्ञा, परमाङ्गी, (विश्वविद्यालयको) प्रमाणपत्र, पट्टा, वहाली पुर्जी, चलनपुर्जी, फुकुवापुर्जी, आज्ञापत्र, अनुज्ञप्ति; अनियंत्रण, मर्यादातिक्रम, निरंकुशता; ग्रन्थकार, कविद्वारा व्याकरण, छन्द इ. को नियमको अवहेलना;—poetic—।

license (लाई'सेन्स्) **क्रि.** (व्यक्तिलाई काम गर्न) परमाङ्गी दिनु, आज्ञा दिनु, प्रमाणपत्र दिनु, पूर्ण स्वतन्त्रता दिनु, घर, भवन, कुनै प्रयोजनको लागि चलन गर्न दिनु, पुस्तक इ. प्रकाश गर्ने इजाजत दिनु, नाटकको अभिनयको लागि इजाजत दिनु;—e **ना.** त्यस्तो आज्ञापत्र पाउने व्यक्ति, ठेकदार;—r of plays, of the press उल्लिखित कला वस्तु, छापाखानाको प्रकाशन, प्रदर्शन वा कामको लागि प्रमाणपत्र जारी गर्ने अधिकृत ।

licentiate (लाइसेन्'शियट्) **ना.** विश्वविद्यालयको प्रमाणपत्र पाएको व्यक्ति (खा. ग. कुनै पेशाको लागि) ।

licentious (लाइसेन्'शस्) **वि.** अनियंत्रित, कामी, लम्पट, भोगी, परदाराभिलाषी ।

lichen (लाइ'केन्) **ना.** विरुवाविशेष, झ्याउ ।

lichi (लि'चि) **ना.** लिची ।

licit (लि'सिट्) **वि.** अनुचित होइन, ठीक ।

lick (लिक्) **क्रि.** चाट्नु;—into shape राम्रो वनाउनु;—the dust लड्नु; गिर्नु; हार्नु, परास्त गर्नु;—spittle चाकरीवाज, चाटूकार ।

lickerish, liquorish (लि'करिश्) **वि.** राम्रो र मीठो रुचाउने, लोभी, इच्छा गर्ने, कामी, व्यभिचारी ।

lid (लिड्) **ना.** विर्को, घपनी, ढकना; with the—off जस्ताको तस्तै, भयङ्करता नछोपी ।

Lido (ली'डो) **ना.** सार्वजनिक खुला तैरने पोखरी ।

lie (लाइ) **ना.** र **क्रि.** झूटो, असत्य; स्थिति, दिशा, स्थान; **क्रि.** ढाँट्नु, सुत्नु; लेट्नु, पल्टनु, ढल्कनु, पसारिनु, लड्नु, तेर्सिनु; white—सफेद झूट, परिस्थितिले वोल्न कर लगाएको; let sleepings dogs—विवादास्पद कुरा नउठाउनु;—in state मृत्युपछि दर्शनार्थ सजाएर राख्नु;—with यौनिक सम्वन्ध गर्नु;—in छोराछोरी पाउनु, सुत्केरी हुनु;—low दब्नु, लुक्नु ।

lied (लीड्) **ना.** जर्मन गीत वा कथानक कविता, सवाइ (ज.) ।

lief (लीफ्) **क्रि. वि.** खुशीसँग, इच्छाले ।

liege (लीज्) **ना.** मालिक, प्रभु, स्वामी, गरीबपरवर ।

lien (ली'एन्) **ना.** ऋण नचुकाइन्जेल धितोको उपर स्वामित्व कायम राख्ने हक, पदाधिकार ।

lieu (ल्यु) **ना.** साटोमा, सट्टामा, बापत; In—of को साटोमा ।

lieutenant (लेफ्टे'न्याण्ट्, नौ. लेट'न्याण्ट् लूट'न्याण्ट् ; छो. क. Lieut र संयुक्त Lt.)**ना.** नायब, सहायक, साटो, उपसेनानी, तैनातवाला;—general रथी; second—सहायक सेनानी ।

life (लाइफ्) **ना.** (ब. व,—lives) प्राण, जीवन, जीउ, जुनि, जिउँती, जिन्दगी, ज्युँता, ज्यूनी, बाँचुन्जेली, आयु, रहन सहन, शेष (सेख), चोला, जाँगर, चपलता, उल्लास, प्राणी, चेतना;—belt **ना.** पानीमा उतार्ने हलुका वस्तुको पेटी;—boat ठूलो जहाज दुर्घटनामा परेमा यात्रीहरूको ज्यान बचाउनाको निम्ति राखेको डुङ्गा;—blood अनुप्राणित गर्ने वस्तु;—expectancy आयुराशा;—preserver गह्रौं टाउको गराएको लट्ठी;—spring जीवन-स्रोत;—time जुनि, ज्युँता, सेख, ज्यूनी, आयु; जिन्दगी;—work जीवन कार्य ।

lifer (लाइ'फर्) **ना.** (अप.) जन्मकैदी; आजन्म कारावास ।

lift (लिफ्ट्) **क्रि.** र **ना.** उचाल्नु, बोक्नु, उठ्नु, चोर्नु (खा. ग. वस्तुभाउ), उकास्नु, उठाउनु (अर्काको लेख, समाचार इ.); **ना.** उठान, उन्नमन, उत्थापन; (सवारीमा) ठाउँ (माग्ने); air—माल सामान, सेना, हावा मार्गबाट लैजानु; **ना.** उत्थापक, (घरमा जडिने) उत्तोलक, लिफ्ट, वायुयानलाई उचाल्ने हावाको दवाव; (सवारीमा) (माग्ने) ठाउँ ।

ligament (लि'गामेण्ट्) **ना.** संधिबन्धन, अस्थिबन्धन ।

ligate (लाइगेट्') **क्रि.** (शल्य.) बाँध्नु (रगत बग्ने धमनी) ।

ligature (लि'गेचर) **ना.** र **क्रि.** बाँध्ने कुरा, धागो, रज्जु, बन्धन; जोर्ने कुरा ।

liger (लाइ'गर्) **ना.** सिंह र बाघको सन्तान; दुईफ्याँके शब्द li (on)+(ti) ger सिंब, (दाँ. बंगुर = ब (नेल)+(संगुर) ।

light (लाइट्) **ना. क्रि.** र **वि.** प्रकाश, आलोक, उज्यालो, तेज, कान्ति, निगाह, दृश्य, पानस; **क्रि.** बाल्नु, स्रोस्नु, (आगो) जोर्नु, सल्काउनु, बल्नु, उज्यालो पार्नु, बत्ती देखाउनु; **वि.** हलौं, लघु, हलका, होलो, तुच्छ, चपल, फिका; व्यभिचारिणी;—er **ना.** (चुरोट इ.) सल्काउने, दीपिका;—hearted **वि.** आनन्दी, चिन्तामुक्त;—headed **वि.** भ्रान्तचित्त;—house दीपगृह, प्रकाश स्तम्भ;—ness तपासी, सरसता;—woman **ना.** नाठी;—weight(मुक्का.) लघुभार;—heavy वा cruiser weight लघु गुरु वा पोतभार;—middle weight लघु मध्यम भार ।

lighten (लाइ'टन्) **क्रि.** हलुका पार्नु, बोझ घटाउनु, कम गराउनु, उज्यालो पार्नु, बिजुली (चट्यांग) निकास्नु ।

lightning (लाइट्'निङ्) **ना.** तडित्, चट्यांग, विद्युत्, चपला, क्षणद्युति; sheet—विस्तीर्ण क्षणद्युति; forked—विद्युल्लता;—rod वा—conductor **ना.** विद्युत् चालक ।

lightsome (लाइट्'सम्) **वि.** दीप्तिमत्, अभिराम, ललित, खुशदिल, चपल, रमाउने ।

ligneous (लिग्'निअस्) **वि.** काष्ठमय, दारुमय ।

lignite (लिग्'नाइट्) **ना.** (काठबाट उत्पन्न भएको) खैरो रंगको कोइला ।

like (लाइक्) **वि., क्रि.** र **ना.** माफिक, जस्तो, सरह, सम, मिलानको, तुल्य, सरी, माफिक, अनुरूप; **क्रि.** चाहनु, खायस गर्नु, रत्तिनु, मन पराउनु; **ना.** अनुरूप, बराबर, दुरुस्त ।

like (लाइक्) (अन्त.) अनुरूप, बराबरको ।

likeable (लाइ'केब्ल) **वि.** मन पर्ने, रुचिकर ।

likelihood (लाइक्'लिहूड्) **ना.** सम्भाव्यता, सम्भावना ।

likeyl (लाइक्'लि) **वि.** र **क्रि. वि.** सम्भव, हुन सक्ने, मिल्ने; संभवत: ।

liken (लाइ'कन्) **क्रि.** तुल्यता देखाउनु, दाँज्नु ।

likeness (लाइक्'नेस **ना.** तुल्यता, सादृश्य, रूप, प्रदर्शन, नकल, तसवीर, चित्र ।

likewise (लाइक्'वाइज़्) **क्रि. वि.** र सं. त्यसै गरी, अरू, तथा, तथैव ।

liking (लाई'किङ्) **ना.** रुचि, अभिरुचि, इच्छा, सौख, चाहना, रौस, रहर ।

lil-little को प्रा. रूप ।

lilac (लाइ'लक्) **ना.** र **वि.** लीलक; **वि.** हलका पहेंलो गुलाफी कलेजी रंगको ।

lillibullero (लिलिबे'ल'य्रो) **ना**, अघि बिलायतमा लोकप्रिय भएको गीतको थेको ।

Lilliputian (लिलिप्यू'शन्) **वि.** लिलीपुटको, साह्रै सानू, अल्पकाय (व्यक्ति वा वस्तु) ।

lilt (लिल्ट्) **क्रि.** र **ना.** लयसाथ गाउनु, लय;—ing **वि.** लयपूर्ण, सुरीलो ।

lily (लि'लि) **ना.** नलिनी; विशेष शुद्धता वा श्वेतताको व्यक्ति वा वस्तु;—livered पानी आन्द्रे ।

limb (लिम्) **ना.** अंग, अवयव, हाँगा ।

limber (लिम्'बर्) **वि.** र **क्रि.** नम्य, कोमल, चपल; **क्रि.** मृदु पार्नु, लचिलो पार्नु ।

limbo (लिम्'बो) **ना.** (ब. व.—s) नरक कुण्डको एक भाग, कैदखाना, थुना, हेलचेक्र्याइँ या विस्मृतिको अवस्था !

lime (लाइम्) जंबीर, लस्सा; निबुआ, काठी ज्यामीर; चून;—light कडा उज्यालो बत्ती;—stone चून, चूर्ण खण्ड; quick—चूर्णोपल, काँचो चून; slaked—पाको चून ।

limen (लि'मेन्) **ना.** (मनो.) कुनै उत्तजना वेद्य हुनेभन्दा उपल्लो सीमा, चेतना उत्पन्न गराउनालाई चाहिने न्यूनतम स्नायु उत्तेजना ।

limerick (लि'मरिक्) **ना.** पाँच पंक्ति रहने बेअर्थको सानू धे. ज. ठट्टापूर्ण कविता ।

limit (लि'मिट्) **ना.** र **क्रि.** सीमा, हद, हद्द, परिधि, बन्देज, मात्रा, साँध, साँधी, भित्तो, पराकाष्ठा, पारावार; superior, inferior—सबभन्दा अधिको वा आखिरी मिति, अधिकतम वा न्यूनतम अङ्क; is the—(अप.) असह्य कुरा; **क्रि.** सीमा बाँध्नु, रोक्नु, परिमित गर्नु;—ed monarchy वैधानिक राजत्व;—ation अदल, सीमाबंधन, हद, सीमित अवस्था, अशक्यता, बन्देज, अयोग्यता, हदम्याद, म्याद, रोक;—ed सीमित, ससीम;—ing सीमान्त चरम;—ed company सीमित संस्थान।

limn (लिम्) **क्रि.** (आ.) चित्र लेख्नु, दर्शाउनु, देखाउनु।

limnology (लिम्न''लजि) **ना.** ताल सरोवरहरूको भौतिक अस्तित्वको अध्ययन, ताल जीवनको अध्ययन।

limousine (लि'मुजीन्) **ना.** बन्द मोटर गाडी, लिमुजीन।

limp (लिम्प्) **क्रि., ना.** र **वि.** खोच्याउनु, लंगडाउनु, (बिग्रेको जहाज, वायुयान, मोटर) बिस्तारै कठिनाइसँग चल्नु; **ना.** लंगडो हिंडाइ; **वि.** मुलायम, लचिलो, गलेको, लोलाएको, सोतर, लूलो, झोलिएको।

limpet (लिम्'पेट्) **ना.** चट्टानमा टाँसिएर बस्ने कीरा, लम्पट, लिचडो, (खा.ग. जागीरमा अडिरहने) लोथे, थाङ्ने, थेचरो, थेत्तरो।

limpid (लिम्'पिड्) **वि.** स्वच्छ, विमल, प्रसन्न, खुला, सङ्लो, निर्मल।

linage (लाइ''नेज्) **ना.** (छपाइमा) पंक्तिको संख्या, सो हिसाबले दिइने पारिश्रमिक।

linchpin (लिञ्च्'पिन्) **ना.** धूर किल्ला, आणि।

linctus (लिङ्क्'टस्) **ना.** चाट्ने औषधि, आराम दिने खोकीको औषधि, अवलेह।

linden (लिन्'डेन्) **ना.** निबुआको रूख, ज्यामिरको रूख।

line (लाइन्) **ना.** र **क्रि.** पंक्ति, लुङ, लहर, रेखा, सूत्र, तन्तु, लकीर, हार, रुल, धर्को, चक्र, लाइन, क्रम, ढर्रा, खुपी, श्रेणी, दिशा, डोरी (खा.ग. नाविक), तार, धर्को, (यातायातका साधनको) श्रेणी वा पंक्ति; भूमध्यरेखा; **क्रि.** धर्को खिच्नु;—through काट्नु; पंक्तिमा राख्नु, मिलाउनु; भित्री हाल्नु, राख्नु (लुगामा); खल्ती; lining **ना.** भित्री।

lineage (लि'निएज्) **ना.** वंश, खानदान, कुल, वंश, परम्परा, पिंढी।

lineal (लि'निअल्) **वि.** कुलक्रमागत, वंश्य, वंशिक, (सोझो) पुरुखा वा सन्तति।

lineament (लि'नेअमेण्ट्) **ना.** (सा.ब.) अनुहार, खास व्यक्तिगत रूप वा आकृतिहरू।

linear (लि'निअर्) **वि.** एक घात, रेखात्मक, पंक्तिमय।

lineation (लिनिए'शन्) **ना.** रेखाहरूको खिचाइ, तिनले चिन्हु लगाउनु वा रेखाहरूको सजावट।

linen (लि'नेन्) **ना.** सुती कपडा, शाणपट, क्षौमपट, (सामू.) लुगा, कमीज, तन्ना, कपडा इ.;—-draper कपडा बेपारी।

liner (लाइ''नर्) **ना.** पानीजहाज, खा.ग. यात्री जहाज, जुन यात्री जहाजको श्रेणी मध्येको हो; hard—**ना.** उग्रवादी (राजनीतिमा)।

linesman (लाइन्ज्'म्यान्) **ना.** सैनिक, (खेल) निर्णायक, मध्यस्थलाई मदद गर्ने मैदानको छेउमा नियुक्त अधिकारी; डोरोवाल।

ling (लिङ्) **ना.** माछाको प्रकार, झारको प्रकार;—ling अन्त. सानु जनाउने वा होच्याउने प्रत्यय।

linger (लि'ङ्गर्) **क्रि.** अड्नु, थामिनु, विलम्ब गर्नु, जीर्ण हुनु, लुस्सिनु, झुंसिनु।

lingerie (लाँ'ऩ्ज़री) **ना.** सूती मालको भण्डार, स्त्री जातिका भित्री लुगाहरू।

lingo (लि'ङ्गो) **ना.** (ब.व,–es) **ना.** (हे.) विदेशी भाषा, कुनै खास विषय वा पेशा वा सम्प्रदायको बोली।

lingua franca (लिङ्'ग्वा फ्रयाङ्'का) **ना.** लेभ्याण्ट प्रदेशमा चल्ने इटालियन, फ्रेञ्च, ग्रीक, स्प्यानिश भाषाहरूको मिश्रित विभिन्न जातिहरूका बीचमा माध्यम हुन सक्ने भाषा।

lingu/al (लिङ्गवल्) **वि.** र **ना.** जिब्रोको, मूर्धन्य;—iform **वि.** जिह्वाकृति, जिह्वारूप।

linguist (लिङ्'ग्विस्ट्) **ना.** विदेशी भाषाहरू जान्ने व्यक्ति;—ic **वि.** भाषीय, भाषाको।

liniment (लि'निमेण्ट्) **ना.** मालिश, विलेपन।

lining (लाइ''निङ्ग्) **ना.** भित्री, नेफा, अस्तर।

link (लिङ्क्) **ना.** र **क्रि.** कडी, बन्धन, शृङ्खला, साँग्लो; राँको, मसाल; **क्रि.** जोर्नु, हात समात्नु, हात हात बाँध्नु, जोरिनु; हातेमालो गर्नु;—boy,—man राँको ली बाटो देखाउने ठिटा, मानिस;—ing (कृ.) संधि, जोरन;—ed हातेमालो गरेको।

links (लिङ्क्स्) **ना.** (ब.व.) समुद्र-किनारमा रहने बलौटे भूमि; त्यस्तो जमीन सदृश गल्फ खेल्ने मैदान।

linoleum (लिनो'लियम्) **ना.** (कोठामा ओछ्याउने बुट्टादार) टाट, लाइनो।

linotype (लाइ''नटाइप्) **ना.** मुद्रण यंत्रमा हातले टाइप सजाउने साटो यंत्रद्वारा शब्दको पंक्ति तयार गर्ने कल।

linseed (लिन्'सीड्) **ना.** आलस, तिसी, अतसी।

linsey-woolsey (लिन्'जी-वुल्'ज़ी) **ना.** कम दामको सस्तो ऊनको लुगा; (अलं.) अनौठा मिसावट, बेअर्थ, अण्टसण्ट।

lint (लिण्ट्) **ना.** घाउमा पट्टी बाँध्ने नरम कपडा।

lintel (लिन्'टल्) **ना.** संघार।

liny (लाइ''नि) **वि.** पंक्तियुक्त, रेखात्मक, चाउरी परेको।

lion (ला'यन्) **ना.** सिंह, शूरवीर, प्रख्यात व्यक्ति; British—राष्ट्रिय चिन्ह; L—सिंह राशि।

lionize (ला'यनाइज़्) **क्रि.** (स्थनको) दृश्यहरू हेर्नु, देखउनु; तिनलाई कोही आगन्तुकलाई देखाउनु; दृश्यस्थानहरू हेर्नु; (व्यक्ति)लाई प्रसिद्ध, ख्यातिप्राप्त झैं व्यवहार गर्नु, सिंह बनाउनु।

lip (लिप्) **ना.** र **क्रि.** (–pp–) ओठ, अधर (तल्लो), ओठे जवाफ, धृष्टता, मुखलगाइ; कचौरा, कप, घाउ, भाँडो, प्वाल इ.को छेउ; ओठे, हार्दिक होइन; **क्रि.** ओठले छुनु, गुनगुनाउनु; stiff upper—धैर्य वा हठ; curl—हेलाँ जनाउनालाई; hang on (one's) lips ध्यानसाथ सुन्नु;—language

(वहिरोको) ओठे वोली;—stick (अंगराग) ओठ रातो पार्ने ।

liquate (लिक्वेट्') **क्रि.** तरल वनाएर (धातुहरुलाई) अलग पार्नु वा शुद्ध पार्नु ।

liquef/y (ली'क्विफाइ) **क्रि.** (ठोस वा ग्यास) लाई तरल बनाउनु, वा तरल बन्नु;—action **ना.** द्रवीकरण; पग्लनु, पघ्रनु, रसाउनु, विद्रण, विद्रावण ।

liquescent (लिक्वे'सेण्ट्) **वि.** तरल हुने वा प्रवृत्ति भएको; पघ्रेको, रसाएको ।

liqueur (लिक्योअ्र्) **ना.** मद्य किसिम ।

liquid (ली'क्विड्) **ना.** तरल, विद्रुत, झोल, पन्यालो, तिहुन, रस, पानीय, स्वच्छ, अकर्कश, सफा, नरम (अक्षर, शब्द) अस्थायी, नगद गराउन सकिने;—assets चल सम्पति, चल जेथा ।

liquidat/e (ली'क्विडे'ट्) **क्रि.** तिर्नु, रफासफा गर्नु, निभाउनु, सिध्याउनु, मिति पुर्‍याउनु, मिति पुर्‍याइदिनु, विताउनु, मार्नु, निस्तार गर्नु, वन्द गर्नु, उठाउनु;—tion **ना.** संधान, अपाकरण, सफाइ, नामेट, वन्द; go into—tion दिवाला निक्लनु;—tor **ना.** समापक ।

liquor (ली'कर्) **ना.** र **क्रि.** रस, स्राव, सुरा, मद्य, मदिरा, जाँड रक्सी; **क्रि.** पिउनु;—ish **वि.** मद्य रुचाउने ।

liquorice (ली'करिस्) **ना.** जडीवूटीको प्रकार; जेठी मधु ।

lira (ली'रा) **ना.** (व.व.–lire) इटली र टर्कीको सिक्का ।

lisle thread (लाइल्थ्रे ड्) **ना.** बलियो, राम्ररी वटारिएको धागो ।

lisp (लिस्प्) **क्रि.** र **ना.** तोतेवोली वोल्नु, "स"को साटो 'त, थ, द' इ. भन्नु; **ना.** तोतेवोली, पानी वा पातले गरेको शब्द ।

lissom(e) (ली'सम्) **वि.** फुर्तिलो, कोमल, छरितो, नमनशील; मृदु, कुंचनीय ।

list (लिस्ट्) **ना.** र **क्रि.** (कपडाको) किनारा, अखाडा, नामावली, फिरिस्त, फाँटवारी, तपसील, देहाय, पंजिका, उपकर्ण, तायदात, तायदाती, सूची, तालिका, आलवन; **क्रि.** फिरिस्तमा लेख्नु, आड लाग्नु, वांगो भएर रहनु, सुन्नु ।

listen (ली'स्न्) **क्रि.** सुन्नु, ध्यानपूर्वक सुन्नु;—in आर्काको (टेलीफोन) कुरा सुन्नु, रेडियो सुन्नु-—ing-post शत्रुनजीकै उसको गतिविधि सुन्नालाई राखिएको चौकी; good–er रुचि र सहानुभूतिसँग सुन्ने, रेडियो प्रसारण सुन्ने, श्रोता ।

listerine (लिस्'टरिन्) **ना.** रक्षोघ्न वस्तु, लिस्टरीन ।

listless (लिस्ट्'लेस्) **वि.** अनुत्सुक, अनिच्छु, निरुद्योगी, लतरंग, निस्पृह, जडवत् ।

lit (लिट्) **वि.** झिलमिली परेको, तेजोमय;—up (अप०) लट्ठिएको (मद्य सेवनले) ।

litany (ली'टनि) **ना.** (**क्रि.** धर्म.) गिरजामा पादरी र श्रोताहरूको बीचमा सवाल जवाफ किसिमको विधि ।

litchi (लिची') **ना.** लिची ।

literacy (ली'टरेसि) **ना.** साक्षरता ।

literal (ली'टरल्) **वि.** र **ना.** अक्षरशः अक्षरमय, मूलार्थक, यथाशब्द, वास्तविक, गद्यात्मक, नीरस ।

literalize (ली'टरलाइज़्) **क्रि.** अलङ्कार अक्षरशः लिनु ।

literarum doctor (लिटरे'अ्रम् डॅ'क्टअ्र्) **ना.** विश्वविद्यालयको उपाधि, साहित्याचार्य; (ल्या०) ।

literary (ली'टररि) **वि.** साहित्यिक ।

literate (ली'टरेट्) **वि.** र **ना.** लेखपढ गर्न जान्ने, साहित्यसँग परिचय भएको (व्यक्ति) ।

literati (लिटरे'टाइ) **ना.** (वहु०); विद्वत्समाज, पण्डितवर्ग, बुद्धिजीवीहरू (

literatim (लिटरे'टिम्) **क्रि. वि.** अक्षर अक्षर गरी, अक्षरशः (ल्या.) ।

literature (लि'टरेचर्) **ना.** साहित्य, वाङ्मय, काव्य, कुनै विषयउपर लेखिएका पुस्तकहरू; (वो.चा.) छापिएका ग्रन्थ; light—हलका साहित्य ।

—lith (लिथ्) (अ. प्र.) पत्थर जनाउने; monolith (मॅनलिथ्), aerolith (ए'र्‍यरोलिथ्) ।

litharge (लि'थार्ज) **ना.** मुर्दाशङ्ख ।

lithe (लाइद्) **वि.** शिथिल, लचिलो, कोमल ।

lithic (ली'थिक्) **वि.** पत्थरको ।

lithium (ली'थियम्) **ना.** धातु तत्वको नाम, लिथियम ।

lithograph (ली'थोग्राफ्) **ना.** शिलालेख, ढुंगामा खोपेर छापेको चित्र वा छापा;—y **ना.** ढुंगामा लेख्ने वा खोप्ने कला ।

Lithuanian (लिथ्यूए'नियन्) **वि.** लिथुआनिया देशको भाषा वा वासिन्दा ।

litiga/te (लि'टिगेट्) **क्रि.** मुद्दा चलाउनु, वादी वा प्रतिवादी हुनु;—nt झगडिया, मुद्दावाल, वापती, वादी, प्रतिवादी, विवादी, कारणी;—tion **ना.** नालिश फिराद, झैझगडा, मुद्दामामिला ।

litigious (लिटि'जस्) **वि.** विवादपर, झगडालु, मुद्दा पर्न सक्ने, मुद्दावारे ।

litmus (लिट्'मस्) **ना.** झ्याउवाट पाइने नीलो रंग जुन अम्लले रातो र क्षारले फेरि नीलो गराइदिन्छ, लिटमस;—paper सो रंगले रंगाइएको अम्ल जाँच्ने कागत ।

litotes (लि'टटीज़्, लाइ'टटीज़्) **ना.** कुनै ठूलो कुरालाई व्यंगपूर्ण ढाँचाले सानु पारी अथवा कुनै कुरालाई उसको उल्टोको नकारात्मक रूपद्वारा वर्णन गर्ने अलंकार ।

litre (ली'टर्) **ना.** परिमाण जनाउने शब्द, लिटर ।

litter (लि'टर्) **ना.** र **क्रि.** पालकी, म्याना, डोली, वन्द गाडा, विरामी ओसार्ने कवचको ढाँचाको वेतको रचना; सोतर (पशुहरूको लागि), गोठ तवेलाको पराल र गोवर इ.; फोहर मैला, वेकामको ढेर, कागतपत्रको थुप्रो; एकै पटक जन्मेका पशुशावकहरू; **क्रि.** गाइवस्तुलाई सोतर फैलाइदिनु, मालताल यताउति फ्याँकी फोहोर पार्नु; छरेर छोडिदिनु; वच्चा पाउनु, ब्याउनु ।

litterateur (लिटराटअ्र्') **ना.** साहित्यिक पुरुष, लेखक, भाष्यकार, साहित्यकार (फ्रे.) ।

little (लि'ट्ल्) **वि.** (less, lesser least;) र **ना.** smaller, smallest पनि) अल्प, क्षुद्र, लघु, अलिकति, अलि-अलि, सानोतिनो, सानु, लेश, घटी, कमता, न्यून, किञ्चित्; चिट्ट परेको, गुतुसुने, थोरै; **ना.** थोरै, अलिकति; a—केही; in—छोटकरीमा, सानु परिमाणमा;—Mary **ना.** मुँडी ।

littoral (लि'टरल्) **वि.** र **ना.** (समुद्र) किनारको, मा (प्रदेश) ।

liturgy (लि'टर्जि) **ना.** क्रिस्तानी पूजन विधि ।

livable (लि'भेब्ल्) **वि.** घस्न लायक, वस्न हुने (घर इ.); (जीवनको) वाँच्नालाई निकों; मिजासी, सँगै वस्न सजिलो ।

live (लाइभ्') **वि.** (लिभ्) र **क्रि.** जीउँदो, वास्तविक, (प्रसारणको) घटना भएकै समयको, रेकर्ड गरेको होइन, शक्तिपूर्ण, महत्वको, वलेको, विद्युन्मय, (चट्टान) पृथ्वीवाट नछुट्टयाइएको;—stock **ना.** गाईवस्तु, माल-ज़ाल, जीवधन;—wire लाभ्रे, मुखसार, मुखतार, उपरिया टाठावाठा, (अलं०) अति जाँगरिलो पुरुष; **क्रि.** वाच्नु, वर्तनु, जीउनु, वास गर्नु, जीवनको ढाँचा मिलाउनु;—down खिइनु, विर्साउनु;—from hand to mouth हातमुख जोर्नु;—in clover सुख सयलमा जीवन यापन गर्नु;—in, out घरमा, वाहिर, वस्ने (नोकर इ.) ।

livelihood (लाइभ्'लिहूड्) **ना.** गुजारा, जीवनी, जिउनी, गुजरान, सावगास, खानादाना, माम, वृत्ति, परवरिश, रोजा, इलम, पेशा, धन्धा, जीवन यात्रा, जीविका, खायोजियो ।

livelong (लिभ्'लॅङ्) **वि.** (क., अलं.) पूर्ण अवधि (दीर्घताद्वारा उच्चाट वा खुशीको भावसहित) ।

livel/y (लाइभ्'लि) **वि.** जीउँदो, प्राकृतिक, जीवन सदृश, वास्तविक, फुर्तिलो, रुचिकर, फुरुङ्ग, परिस्फुट; (ठ.) उत्तेजक, खतरापूर्ण, कठिन;—iness **ना.** रमिता, चुरिफुरी, स्फूर्ति, तुजुक, चहकमहक, रिमझिम, उल्लास, उत्साह, प्रमोद, फऱ्याकफुरुक, झिलिमिली ।

liven (लाई'भ्न्) **क्रि.** उज्यालनु, प्रसन्न पार्नु, रिझाउनु ।

liver (लि'भर्) **ना.** कलेजो, यकृत्;—complaint कलेजोको रोग; hot—उत्तप्त स्वभाव, कामी; white or lily—कायरता, डरछेरुवापन; कुनै ढाँचासँग जीउने व्यक्ति ।

Liverpudlian (लिभर्पड्'लियन्) **वि.** र **ना.** विलायती शहर लिभंरपूलको वासिन्दा ।

livery (लि'भरि) **ना.** र **वि.** पोशाक, वेष (नोकरको), तवेला; **वि.** कलेजी, कलेजोको रूप वा रङ्गको ।

livid (लि'भिड्) **वि.** नीलो कालो रंगको, नीलडाम परेको, (वो० चा०) ज्यादै रिसाएको;—ity **ना.** नीलडाम ।

living (लि'भिङ्) **ना.** जीविका, परवरिश, वेसाहा, लालन पालन, रहन सहन, चर्चको जीविका; (पादरीको) क्षेत्र; good—**ना.** सौखी खाना; plain—and high thinking किफायती तथा बौद्धिक जिन्दगी;—room **ना.** कोठा;—space **ना.** जीवन क्षेत्र;—wage **ना.** जीवन वेहोर्न सकिने तलव, ज्याला;—death आशारहित वेदनाको अवस्था;—memory जीवित मानिसको संझना; **वि.** जीवित, समकालीन, वर्तमान, एकरूप, ठीका ।

livre (ली'भ्र) **ना.** फ्रान्सको पुरानू मुद्रा ।

lixiviate (लिक्सी'भिएट्) **क्रि.** (वस्तुलाई) पानीमा भिजाएर घुलनशील र अघुलनशील भागमा छुट्टयाउनु ।

lizard (लि'जर्ड्) **ना.** माउसुली, छेपारो, छिपकिलो ।

llama (ला'मा, ल्या'मा) **ना.** ऊँट जस्तो द० अमरिकाको जन्तु ।

llano (ला'नो, ल्यानो **ना.** (दक्षिण अमरिकामा) फाँट, मैदान ।

Lloyds (लॉय्ड्ज्) **ना.** जहाजी बीमा इ० काम गर्ने लण्डनको संगठन ।

lo (लो) **वि. बो.** (आ०) हेर ! लौ !

loach (लोच्) **ना.** (खान हुने) माछाको प्रकार ।

load (लोड्) **ना.** र **क्रि.** भारी, बोझ, ढाकर, खेप, दवाव; **क्रि.** लाद्नु, वोकाउनु, भर्नु, सीसाले गह्रौं पार्नु; क्यामेरामा फिल्म हाल्नु; मिसाउनु;—ed **वि.** भारग्रस्त, लुकेको मतलव भएको;—er **ना.** वन्दूक भर्ने नोकर, भार लाद्ने, वन्दूकको प्रकार;—stone **ना.** चुम्वक;—ing **ना.** लदाइ ।

loaf (लोफ्) **ना.** र **क्रि.** पाउरोटी; **क्रि.** अल्सी गर्नु, हल्लिनु, आलस्यमा समय विताउनु;—er **ना.** वाइफाले, हल्लन्तम्;—sugar चीनीको डल्लो, चौकोस वनाएको टुक्रा ।

loam (लोम्) **ना.** लिउन;—y **वि.** उपजाउ जमीन ।

loan (लोन्) **ना.** र **क्रि.** रिन, ऋण, सापट, पैंचो, वालगिरी, मगुवा, मगनी, कर्जी, उधार; **क्रि.** सापट, कर्जा दिनु;—deed कपाली तमसुक; on—वालगिरी ।

loath, loth (लोथ्) **वि.** अनिच्छुक, अनुत्सुक, पराङ्मुख, विमुख ।

loathe (लोद्) **क्रि.** घिनाउनु, हेलाँ गर्नु, अमन गर्नु ।

loathly (लोद्'लि) **वि.** (आ. र सा.) घिनलाग्दो, वीभत्स, कुत्सित ।

loathsome (लोथ्, अथवा लोद्'सम्) **वि.** वीभत्स, घृणास्पद; गर्ह्य, कुत्सित, घिनलाग्दो ।

lob (लब्) **क्रि.** (-bb-) र **ना.** भद्दा र सुस्तसँग हिंड्नु, दौड़नु; (वल) हान्नु वा फ्याँक्नु; (क्रिकेटमा) तलवाट आउने वल, (टेनिसमा) माथि आकाशवाट आउने वल ।

lobate (लो'बेट्) **वि.** (प्रा. इ.) लोता भएको ।

lobb/y (लॅ'वि) **ना.** र **क्रि.** डयौढी, मटान, ओसारा, प्रकोष्ट, विलायतको House of Commons मा सदस्यहरू र वाहिरियाहरूको भेट मुलाकात हुने मटान; विधान-सभाका सदस्यहरूलाई प्रभाव पार्न खोज्नु (भेट इ. ले), वरावर विधान-सभा भवनमा जानु;—ist **ना.** त्यसो गर्ने व्यक्ति ।

lobe (लोब्) **ना.** लोतो, खण्ड, भाग, लुर्कन, (खा० ग० कलेजो, फोक्सो वा मस्तिष्कको); lobar **वि.** लोताको ।

lobectomy (लोवेक्'टमि) **ना.** (भै०) लोता, खण्ड काटेर झिक्नु ।

lobster (लॅव्'स्टर्) **ना.** (खान हुने) समुद्री जीव, ठूलो चिङ्डी ।

lobule (ल'ब्यूल्) **ना.** सानू लोतो ।

lobworm (लॅब्'वर्म्) **ना.** माछा मार्दा बल्सीमा प्रयोग हुने गँड्यौलाको किसिम ।

local (लॅ'कल्) locale (लॅकाल्) **ना.** घटनास्थल, थलो, थान ।

local (लो'कल्) **वि.** र **ना.** स्थानीय, आंशिक; **ना.** कुनै टोलामा बस्ने वा काम गर्ने व्यक्ति, प्रदेशमा चल्ने रेल, (बो. चा.) स्थानीय भट्टी;—government स्थानीय प्रशासन ।

localism (लो'कलिज्म्) **ना.** कुनै स्थानमाथि स्नेह, विचारको सीमितता, स्थानीय वस्तु रुचाउनु, स्थानीय रीति ।

locality (लक्या'लिटि) **ना.** स्थान, इलाका, प्रदेश, स्थल, थलो; inhabited—**ना.** सोप, वस्ती ।

localiz/e,-ise (लो'कलाइज्-आइज्) **क्रि.** स्थान निर्देश गर्नु, केन्द्रित गर्नु, हुनु;—zation **ना.** स्थाननिर्देश ।

locat/e (लकेट्) **क्रि.** स्थानमा स्थापना गर्नु, (क०वा०) स्थित हुनु, थलो बताउनु, यथार्थ स्थल पत्ता लगाउनु;—ion **ना.** स्थान, थलो; खा०ग० कार्यालय (स्टुडियो) बाहिर जहाँ फिल्मको भाग खिचिन्छ ।

locative (लॅ'केटिभ्) **ना.** सप्तमी विभक्ति, अधिकरण ।

loch (लॅख्) **ना.** (स्कटल्याण्डमा) ताल, पोखरी, समुद्रको जमीनभित्र पसेको भाग ।

lock (लॅक्) **ना.** र **क्रि.** केश कलाप, चुल्ठो, खंकर, जुल्फी, जगल्टा, अलख, केश, पाश, कपाल; सूत या ऊनको डल्लो; ताल्चा; (बन्दूकको) घोडा; जलस्तंभनी, (स्थ०) स्तंभन कक्षा, दाउ, पेच; **क्रि.** लाउनु, बन्द गर्नु, ताल्चा मार्नु, घेर्नु, प्रवेश रोक्नु;—-jaw दाँत बाँध्ने रोग, धनुर्वात, धनुष्टंकार;—out (कारखानामा) तालाबन्दी;—smith मिस्त्री;—up बन्द गर्ने समय; हिरासत, थुना; double—दोहरो ताल्चा, दुई साँचो ।

locker (लॅकर्) **ना.** छुट्टाछुट्टै खण्ड भएको दराज जसमा जनताले आफ्नू माल राख्छन्, लॅकर् ।

locket (लॅ'केट्) **ना.** घाँटीमा लाउने सिक्रीमा जडिएको सानू बट्टा जसमा प्रिय व्यक्तिको चित्र, केश इ. राखिएको हुन्छ ।

loco—(लो'को) **ना.** चलनशील इन्जिन, (रेल) को इन्जिन, locomotive को छो.क.; विषालु कोसावाल विरुवा, जसबाट **वि.** (अ०) पागल, सन्केको ।

loco citato—**क्रि. वि.** (छो. loc cit वा l.c.) अवि उद्धृत गरिएको वाक्यमा ।

locomotion (लोकमो'श्न्) **ना.** एक स्थानबाट अर्को स्थानमा चल्ने (शक्ति), भ्रमण गर्ने तरीका वा भ्रमण, चाल ।

locomotive (लो'कमोटिभ्) **वि.** र **ना.** चलनशील; रेलको इन्जिन; गत्वर, गत्वरी ।

locomotor (लो'कमोटर्) **ना.** र **वि.** चलनशील व्यक्ति वा वस्तु, चालसम्बन्धी ।

locus (लो'कस्) **ना.** (ब.व.-ci) निधि, अच्च;—in quo घटनास्थल;—standi स्वीकृत स्थिति ।

locust (लो'कस्ट्) **ना.** सलह, शलभ, अनिकाले कीरो ।

locution (लक्यू'श्न्) **ना.** बोल्ने शैली, शैलीको दृष्टिबाट विचार गरिएको शब्द वा वाक्यांश ।

lode (लोड्) **ना.** जलमार्ग, कुलो, धातुरेखा;—star, load-star ध्रुवतारा जसको मद्दतले जहाज समुद्रमा चलाइन्छ; पथ-प्रदर्शक सिद्धांत, लखेटाइको लक्ष्य ।

lodge (लॅज्) **ना.** र **क्रि.** (नोकरहरू बस्ने) ठूलो दरबारको मूल ढोका इ. को सानू घर, कुटीर, सार्वजनिक संस्था, विद्यालय, इ. को मूल ढोकामा ढोके बस्ने घर; **क्रि.** वास दिनु, राख्नु, सुरक्षाको लागि (कसैसँग) राख्नु, अड्नु, (अर्काको घरमा) भाडा तिरेर वास गर्नु, अड्कनु;—er **ना.** त्यसरी वास बस्ने पाहुना, बहाली ।

lodging (लॅ'जिङ्) **ना.** (भाडा तिरी लिएको) वास, डेरा, निवास; common—house खा.ग. धेरै जना सुत्ने ठाउँ भएको भाडाको वास ।

lodgement (लॅज्'मेण्ट्) **ना.** प्रश्रय, शत्रुबाट जितेको स्थानमा अस्थायी सुरक्षाको प्रबन्ध, टिकान, निवास ।

loft (लॅफ्ट, लॉफ्ट्) **ना.** र **क्रि.** बुइँगल, तबेलामाथिको कोठा, परेवाको गुँड भएको खंबामाथिको घर, परेवाको बगाल, (गल्फ खेलमा) एक प्रकारको हान्ने डण्डा; **क्रि.** परेवा-घरमा परेवा राख्नु, गल्फ बल उचालेर तगारो उछिन्नु;—er त्यसरी बल उचाल्ने गल्फ डण्डा ।

lofty (लॉफ्'टि,लॅ—) **वि.** अति उँचो, उड्ने, घमण्डी, श्रेष्ठ, उन्नत, प्रसिद्ध, विभवयुक्त, उदात्त ।

log (लॅग्) **ना.** र **क्रि.** (-gg-) ठुटो, ठुँड़ो, ठेउको, मुढो, टिम्बा, लट्ठा, दर्तावही (खा.ग. जहाज, वायुयान इ०को); **क्रि.** टिम्बा चिर्नु, वहीमा दूरता इ० दर्ता गर्नु;—book **ना.** दर्तावही, रोजनामचा वही ।

log (लॅग्) **ना.** (छो.) logarithm को, लघु गुणक; common—s जसको आधार १० हुन्छ ।

loge (लोश़्) **ना.** नाचघरमा हेर्ने बक्स् इ. ।

loggerhead (लॅ'गर्हेड्) **ना.** लठेप्रो, स्वाँठ, मूर्ख; at—s with सँग झगडा परेको ।

loggia (लॅ'जिया) **ना.** (ब.व.-s वा loggie (लॅजिए); **ना.** दायाँ बायाँ खुला, छाना भएको मार्ग, आच्छादित मार्ग ।

logic (लॅजिक्) **ना.** तर्कशास्त्र, वैशेषिकशास्त्र, न्यायशास्त्र, युक्ति, बहसमा सीप, ठीक वा बेठीक युक्ति; बदल्ने शक्ति, जोर, विवाद;—ism **ना.** नैयायिक, तार्किक;—al **वि.** युक्तिसंगत, मुनासीब ।

—logist (लजिस्ट्) अ. प्र. ज्ञानी, शास्त्री, वेत्ताको अर्थमा ।

logistics (लजिस्'टिक्स्) **ना.** (ब.व.) सेना वा नौसेनाको चल्ती, मुकाम, इ.को प्रबंध; युद्धोद्यम ।

logogram (लॅगग्र्याम्) **ना.** संकेत लिपिमा शब्द वा अक्षर जनाउने चिह्न या संकेत ।

logograph (लॅ'गग्राफ्) **ना.** माथिबमोजिम, logotype ।

logographer (लगॅ'ग्राफर्) **ना.** प्राचीन ग्रीक इतिहासकार ।

logogriph (लॅ'गग्रिफ्) **ना.** अक्षर यताउति सारेर प्रस्तुत

गरिएको शब्द प्रहेलिका ।

logomachy (लगॅ'मकि) **ना.** (सा.) केवल शब्द बारेको विवाद, शाब्दिक विषयमाको झगडा ।

logos (लॅगॅस्) **ना.** (व.व. छैन) क्रिष्टीय त्रिमूर्तिमा दोस्रो पुरुष वा शब्द ।

logotype (लॅ'गटाइप्) **ना.** छपाइमा शब्द वा एकभन्दा धेरै अक्षर ढालेर एक टुक्रा पारेको ।

loin (ल्वायन्) **ना.** (व.व.) कटि, नितम्व, सपेटो, कम्मर; gird up one's—s कम्मर कस्नु; fruit of one's—s संतान, संतति, अंगज;—cloth लुङ्गी, कछाड, कौपिन ।

loiter (लॉय'टर्) **क्रि.** भौंतारिंनु, लरखराउनु, हल्लिनु, अडी अडी हिंड्नु, अल्सीसँग समय बिताउनु, लुस्सिनु ।

loll (लॅल्) **क्रि.** जिब्रो झिक्नु, ढलीमली गर्नु, अडेस लाग्नु, ढसमस्स हुनु ।

lollipop (लॅलिपॅप्) **ना.** (धे.ज. व.व.) गुलियो, लेमचूस, ललिपप ।

lollop (लॅ'लप्) **क्रि.** भद्दासँग चल्नु वा हिंड्नु, ह्वात्त भएर यताउति चल्नु ।

lolly (लॅ'लि) **ना.** (बो. चा.) ललिपप, (अप०) दाम ।

Lombard (लम्'वर्ड्, लॅम्'वर्ड्) **ना.** योरपको लोम्वार्डी प्रदेशको वासिन्दा;—street लण्डनको सराफीहरूको बस्ती भएको सडक ।

loment (लो'मेण्ट्) **ना.** (व०) पाकेपछि एक एक बीउ भएको खण्डमा विभक्त हुने कोसा ।

London (ल'ण्डन्) **वि.**—particular (बो.चा.) लण्डनमा खास पाइने प्रकारको कुहिरो;—pride एक किसिमको चट्टानमा उम्रिने बिरुवा;—smoke खस्रो खैरो रंग ।

lone (लोन्) वि. एकलो, साथीहीन, निर्जन, उजाड, एकान्त; एकलो मान्ने;—ly **वि.** एकलो, निर्जन, एकान्त, उजाड, न्यांस्रो, एकलास, सुनसान, कुसप, कुडोर, उराठ, शून्य;—some (लो'न्सम्) वि. एकलो, न्यास्रो ।

long (लङ्ग्) **वि.** (-er,-est) **ना.** र **क्रि.** लम्मा, लमतन्न, लम्पसार, लम्मे(म्बे)तान, लामू, दीर्घ, विस्तीर्ण, दूर, उच्चाट लाग्ने; अवधि; **क्रि.** चाहना गर्नु, इच्छा गर्नु, ध्याउन्ना लिनु;—ing **ना.** ध्याउन्ना;—face अँध्यारो मुख;—head बुद्धि वा दूरदर्शिता;—lasting अडिलो; of—standing दीर्घकालीन;—sight दूरदृष्टि;—jump लामू कुदाइ;—robe वकिली पोशाक; draw the—bow वढाएर वा गफ कुरा गर्नु;—cloth नैन किलाट;—term दीर्घकालीन;—nose लोप्पा;—winded बाहसत्ताईस कुरा ।

longanimity (लङ्गनि'मिटि) **ना.** (विर०) सहनशीलता, सहिष्णुता ।

longeron (लँज़रों) **ना.** वायुयानको बाह्य रचनाको तेर्सो भाग ।

longeval,—gae-(लॅञ्जिभल्-ञीमल्) दीर्घजीवी ।

longitud/e (लॅन्'जिस्यूड्) **ना.** लम्बाइ, रेखांश;—inal **वि.** तेर्सो, अनुदैर्घ्य ।

longshore (लॅङ्'शोअर्) **वि.** तटवर्ती, तटमा रहने, तटमा पाइने;—man **ना.** जहाजमा माल लाद्ने, तटमा माछा मार्ने इ. गर्ने व्यक्ति ।

longueur (लँगेयर्') **ना.** पुस्तक, फिल्म, वा नाच (खेल) मा उच्चाट लाग्ने वृत्तान्त ।

loo (लू) **ना.** ताशको खेलको प्रकार; राँके हावा, लू ।

looby (लू'वि) **ना.** बेकूफ, लठेप्रो ।

loofah (लू'फा) **ना.** नुहाउँदा जीउमा दल्ने नरम लूफा बिरुवाको डल्लो ।

look (लुक्) **क्रि.** र **ना.** हेर्नु, देखिनु, विचार गर्नु, मानसिक खोजी गर्नु; **ना.** दृष्टि, हेराइ, रूप, ढाँचा, छाँटकाँट, दाउ;—after हेर-विचार, स्याहार गर्नु, मुख ताक्नु;—er,—on **ना.** दर्शक;—ing glass **ना.** ऐना;—out **ना.** रखवारी, रखवारी गर्ने; अग्लो ठाउँ, चासो, वास्ता;—s **ना.** रूप, सौन्दर्य ।

loom (लूम्) **ना.** र **क्रि.** धागो कात्ने यंत्र; **क्रि.** अस्पष्टसँग देखिनु, ठूलो र डरलाग्दो रूपमा देखिनु, धुम्मिनु ।

loon (लून्) **ना.** (आ.) लठुवा, लाठे ।

loony (लू'नि) **ना.** र **वि.** (अप.) पागल, बौलाहा, खा. ग.—-bin पागलखाना ।

loop (लूप्) **ना.** र **क्रि.** गाँठो, सुर्क्यौंलो, फन्को, फेरो, फुर्का, चक्कर, पाश, फन्दा; (परिवार नियोजन गर्न) स्त्रीले धारण गर्ने सुर्क्यौंलो, लूप; **क्रि.** गाँठो पार्नु;—-line रेल या तारको लाइन जुन मुख्य लाइनबाट छुट्टिएर फेरि त्यससँग जोरिन जान्छ; यात्रीले केन्द्रापसारी रेलको माथिल्लो भागमा मण्टो तलतिर लाएर हिंड्ने मार्ग;—ing the—साइकल बाज वा हावाबाजको त्यही प्रकारको चाल ।

loop-hole (लूप्'होल्) **ना.** भित्तामा लामू ठाडो छिद्र (हेर्नालाई वा गोली हान्नालाई) या हावा र उज्यालोको प्रवेशलाई; नियम भंग गर्ने निहुँ, निकास ।

loose (लूस्) **वि.** र **क्रि.** हाल्र्याङ हाल्र्याङ, होलो, चानचुन, फुका (माटो), खुकुलो, फुकेको, फितलो, छाडा, फुका, स्वतंत्र, असंयुक्त, बेठीक, अस्पष्ट, व्यभिचारी, असती; **क्रि.** फुकाउनु, फुुहुनु, फुस्काउनु, फुस्कनु;—end, at a—end विना कुनै स्थिर काम वा पेशाको;—tongue बकबके;—build or make भद्दा बनावट;—-leaf छुट्टाछुट्टै झिक्न हुने पत्र भएको (खाता, वही), छुट्टापत्र; let—छाडा छोड्नु;—stools सुलसुले, टिर्री पखाला ।

loosen (लू'सन्) **क्रि.** फुकाउनु, फुस्काउनु, खुकुल्याउनु, (पेट—कोष्टबद्धताबाट; खोकी-सुखापनबाट), जिब्रो खुकुलो पार्नु ।

loot (लूट्) **ना.** र **क्रि.** लुटेको माल असबाब, लूट; **क्रि.** लुट्नु, (शहर इ.) लुट्नु ।

lop (लॅप्) **ना.** र **क्रि.** हाँगाबिंगा, सानू छाल; **क्रि.** छिमल्नु, टुप्पो काट्नु, झुण्डिनु, अल्सीसँग हिंड्नु;—ears लुते कान लाउनु, (पानी) सानू छाल भएर उलिनु;—pings **ना.** काटेको,

छिमलेको भाग ।

lop-sided (लॅप्साइ'डेड्) **वि.** बाङ्गे, एकापट्टिभन्दा आर्कोपट्टि तल भएको, असंतुलित ।

loquacious (लोके'शस्) **वि.** वाचाल, वोलक्कड, मुखर, च्याउँ च्वाउँ गर्ने, वकवके ।

loquat (लो'कॅट्) **ना.** लोकाट फल ।

loquitur (लॅ'किट्योर्) **क्रि.** भन्छ (वक्ताको नाम दिएर); नाटकमा वा पाठकलाई संकेत (ल्या.) ।

lord (लॅअ्र्ड्) **ना., वि. बो.** र **क्रि.** मालिक, प्रभु, नवाफ, नवाब, स्वामित, ईश्वर, सामन्ती, पति; **वि.बो.** आमै ! आमैं नि ! अहो ! हे ईश्वर ! राम राम !; **क्रि.** प्रभुत्व जमाउनु वा देखाउनु; —ly **वि.** घमण्डी, उच्च, हुकुमी, हेलाँपूर्ण, रवाफिलो; **क्रि.** हालिमुहाली गर्नु, राइँदाइँ गर्नु ।

lordosis (लअर्डो'सिस्) **ना.** (भै.) करङ्गअगाडि बाङ्गिएको आकार ।

Lord's (लअर्ड्ज़्) **ना.** लण्डनमा क्रिकेट खेल हुने प्रसिद्ध मैदान ।

lordship (लअ्र्ड्'शिप्) **ना.** प्रभुत्व, शासन, स्वामित्व ।

lore (लॅाअ्र्) **ना.** (आ.) सिद्धान्त, विद्वत्ता, ज्ञान, पाण्डित्य; कुनै विषयका रूढीहरू ।

lorgnette (लॉर्नियेट्') **ना.** लामू ह्याण्डल भएको सानू दूरबीन (खा.ग. नाचघरमा रंगमंचमा हेर्नालाई) ।

lorn (लॅअ्र्न्) **वि.** (क. र ठ.) एकलो, त्यक्त, दुःखी ।

lorry (लॅ'रि) **ना.** नीचा लामू गाडा, सामान ढुवाउने लामू मोटर गाडी, लहरी, ट्रक ।

lory (लॅ'अ्रि) **ना.** सुगा जस्तो चडका रंग भएको चराको किसिम ।

lose (लूज़्) **क्रि.** हराउनु, गुमाउनु, गुम्नु, छल्नु, हानि हुनु, नोक्सान हुनु, विताउनु, हार्नु, वेपत्ता हुनु, अल्पनु, लुप्त हुनु, सुलिनु; lost **वि.** हराएको, वेपत्ता, गायव ।

losel (लो'जल्) **ना.** (आ.) व्यभिचारी, कामुक, व्यसनी, उपद्रयाहा ।

loser (लू'ज़र्) **ना.** चुत्थो, हरुवा; good—हार्दा नरिसाउने, खिन्न नहुने ।

loss (लॉस्, लॅस्) **ना.** ढट्टा, खति, भूस, नाश, बित्यास, हानि, नोक्सान, नुकसान, घाटा, डथाक, सखाप, गुम्ने; all is—बरबाद भयो;—of face तेजोवध, मानहानि;—of hair केश प्रपात, रौं झर्नु; at a—पक्क, अकमक्क, विलखबन्द ।

lost (लस्ट) **वि.** र **क्रि.** हराएको, वेपत्ता, गायव; **क्रि.** lose को भू.का. र वि. ।

lot (लॅट्) **ना.** र **क्रि.** (–tt–) भाग्य, दैव, निसिप, थोक, दफा, भाग, दशा, कर, जग्गा, थुप्रो, निकै; (ब.व.) असंख्य; **क्रि.** जमीन भाग लाउनु, अलग गर्नु; bad—नामूद वा खराव व्यक्ति; the—जम्बै, पूरा ।

loth (लोथ्) loath हेर्नू ।

Lothario (लथे'रियो) **ना.** (ब. व.—s) व्यभिचारी, व्यसनी, कामुक ।

lotion (लो'शन्) **ना.** धावन, रस, झोल (घाउमा हाल्ने, चर्मरोगमा लाउने, सुखको रंग सफा पार्ने, इ०) ।

lottery (लॅ'टरि) **ना.** चिट्ठा, गोला, (अलं०) अन्दाजले पार नपाइने वस्तु ।

lotto (लॅ'टो) **ना.** भाग्यको खेल, चिट्ठा झैं गोला हालेर खेल्ने ।

lotus (लो'टस्) **ना.** कमल, पद्म, नलिनी;—eater आलस्य रुचाउने व्यक्ति;—land आलस्य र सुखभोग गर्ने प्रदेश ।

loud (लाउड्) **वि.** चर्को, तीव्र, भडकिलो ।

lough (लॅख्) **ना.** पोखरी, ताल, समुद्रको भाग ।

Louis (लू'इ) **ना.** (व. व. Louis उच्चा० लू'इज़्) फ्रान्सका अनेक राजा र मुद्राको नाम ।

lounge (लाउञ्ज्) **ना.** र **क्रि.** मटान, दुरूखी, बैठक, कवच, गहिरो मेच; **क्रि.** अल्सी गरेर हिंड्नु, टहल्नु, ढलीमली गर्नु, लेट्नु, अल्छी गर्नु;—lizard **ना.** नाचमा पेशावार नाच्ने साथी; —suit **ना.** लोग्ने मानिसको दिनको सामान्य पोशाक ।

lour, lower (ला'वर्) **क्रि.** भृकुटि चढ़ाउनु, आँखा तर्नु, रिसाएर वा ठुस्सिएर हेर्नु; (आकाश) अँध्यारो र डरलाग्दो हुनु, बादलले ढाकेको हुनु ।

louse (लाउस्) **ना.** (ब. व.—lice) जम्रा, जुम्रा;—egg लिखा, चकन्नो, चिल्लर; lousy (अप.) **वि.** घिनलाग्दो, मालामाल, पैसावाल ।

lout (लाउट्) **ना.** लठेप्रो, स्वाँठ, ग्वाँगे, लठुवा; शण्ठ ।

louver—vre (लू'भर्–भ्र्) **ना.** धूमरन्ध्र, धूमपथ, आतसखान ।

Louvre (लू'भ्र्) **ना.** प्यारिसको प्राचीन राजमहल, अचेल कला संग्रहालय ।

lovable (ल'भेब्ल्) **वि.** प्रेमयोग्य, मिजासिलो, स्नेहार्द्र, प्रिय ।

love (लभ्) **ना.** माया, पीरती, चाहना, मायापिरती, वासना, साख, रौस, मुहब्बत, मायापिर्ति, आसक, चाख, चाह, लगन, स्नेह, आसक्ति, अनुराग, प्रीति, भाव; (खेलमा) शून्य; fall in—सल्कनु, आसक्त हुनु; make—प्रेम गर्नु;—birds चखेवा चखेवी;—game हरुवाले एक पटक पनि नजितेको खेल;—affair आसक;—in (अप.) सामूहिक रतिक्रीडा समागम;—lock अलख;—lorn विरही;—match प्रेम-विवाह;—seat दुई जना मात्र बस्न हुने आसन;—sick विरही प्रेमी;—token चिन्ह ।

lov/e (लभ्) **क्रि.** प्यारो गर्नु, प्रेम गर्नु, सल्कनु, आसक गर्नु, फस्नु, मन पराउनु, रुचाउनु;—ed साख;—ing **वि.** प्यारो गर्ने ।

loveless (लभ्'लेस्) **वि.** विना प्रेमको, प्यारो नगर्ने, प्यारो नगरिने ।

love/ly (लभ्'लि) **वि.** र **ना.** अति सुन्दर, चौक्ष, रुच्य, लावण्यमय, कान्त, शोभन. सुभग, चारु, मनोरम, बाँला;—

liness **ना.** लावण्य, सौन्दर्य, रूप, वहार, हिसी ।

lover (ल'भर्) **ना.** (स्त्रीको) प्रेमी, कामुक, नाठो, जार, प्रशंसक, भक्त, यार, उपपति, गुप्ती पोइ ।

loving-kindness (ल'भिङ्-काइण्ड्नेस्) कृपा, दया, कारुण्य, वात्सल्य ।

low (लो) **वि., क्रि. वि.** र **क्रि.** नीचो, होचो, तल्लो, तल, निम्न, धीमा, कमीना, अधो, कम; **क्रि.** (गाईले) कराउनु, वाँ गर्नु;—dress घाँटी, कुम र छाती देखिने; in—water आर्थिक अभावमा; lay—हराउनु, पछार्नु; lay—निहुरिनु, कुरेर वस्नु;—brow (वो. चा.) ज्यादा बुद्धि वा संस्कृति नभएको व्यक्ति;—comedy प्रहसन;—down **ना.** सत्य विवरण, भित्री कुरा;—land **ना.** नीचा जमीन ।

lower (लो'अर्) **क्रि.** र **वि.** वराल्नु, ओहाल्नु, खसाल्नु, गिराउनु, होच्याउनु, दाग लगाउनु; धुम्मिनु, धुंधुमिनु; **वि.** तल्लो, अनुच्च, निम्न;—est **वि.** अधम; lowering **ना.** उतार, उतार्नी, अवरोह ।

lowl/y (लो'लि) **वि.** र **क्रि. वि.** भावना र चाल चलनमा नम्र, विनीत, निरहङ्कार;—iness **ना.** विनय, नम्रता ।

loyal (लॉ'यल्) **वि.** सच्चा, ईमानदार, राजभक्त, भक्त; अनुरक्त, वफादार, खैरख्वाह;—ist **ना.** राजभक्त—ty **ना.** खैरख्वाही, वफादारी, ईमानदारी, भक्ति, प्रभुभक्ति, निष्ठा ।

lozenge (लॅ'जेञ्ज्) **ना.** पिपी, लेमनचूस, (ताशको) ईंटको आकारको ढाल, ऐना इ. ।

£. S. d. (एल्'एस डी') **ना.** दाम, धन; L. S, Deism **ना.** (ठ.) धनपूजा ।

'lt छो. thou wilt को छो. रूपान्तर thou'lt को "lt"

lubber (ल'वर्) **ना.** वडेमान भद्दा वेकूफ मान्छे, लठुवा, भद्दा मल्लाह;—ly **वि.** थसुल्लो, थसुल्ली ।

lubricat/e (लु(ल्यु)'ब्रिक्रेट) **क्रि.** चिप्लो पार्नु, उपांजन गर्नु, तेलाउनु; कल, यंत्रको रगड चिल्लो लाएर घटाउनु; lubricant **वि.** स्निग्धकर;—ion **ना.** स्निग्धीकरण, उपांजन ।

lubrici/ty (लुब्री'सिटि) **ना.** चिप्लोपन, स्निग्धता, चिल्लोपन, विलासिता, लाम्पट्य;—ous कामुक, विलासी, व्यभिचारी ।

luce (लूस्, लस्) **ना.** माछाको किसिम ।

lucent (लू'सेण्ट्, ल्यूसिण्ट्) **वि.** उज्ज्वल, दीप्तिमान, स्वच्छ ।

lucerne (लूसअ्'र्न्', ल्यूसअ्'र्न्') **ना.** वस्तुलाई ख्वाउने घाँसको प्रकार ।

Lucianic (लुसिअ्या'निक्) **वि.** लुसियन (रोमन लेखक) को शैलीको, उट्ठ्याङ्ग्या, खिसीपूर्ण ।

lucid (लु'सिड्, ल्यु'सिड्) **वि.** उज्यालो; चिप्लो टल्कने सतह भएको; स्वच्छ, निर्मल, (सा. युक्ति, अथवा साहित्यिक शैलीको बारेमा);—interval पागलपनको बीचबीचमा होशको अवधि, दङ्गाको बीचमा शान्ति ।

Lucifer (लु'सिफर्, ल्यू-) **ना.** शुक्रतारा, शैतानको अर्को नाम; (कोरी वाल्ने) दियासलाई ।

lucifugoug (लुसि'फ्यूगस्, ल्यू-) **वि.** (प्रा. इ.) दिनको प्रकाश मन नपराउने ।

luck (लक्) **ना.** भाग्य, होनहार, खाँडो, नसीव; छुक, फाप, तकदीर, दैव, घत, पुर्पुरो, प्रारब्ध, अदृष्ट; bad, ill—विच्छुक, दुर्भाग्य, अभाग्य, अलच्छिन; be in—भाग्य जाग्नु;—ily **क्रि. वि.** भाग्यले, संयोगले, भाग्यवशात्;—y **वि.** छुकी, भाग्यवान, भाग्यमानी, शुभ; cut one's—(अप०) भाग्नु; वेपत्ता हुनु; good—सगुन, सुलक्षण, फाप, शुभ ।

lucrative (लु'क्रेटिभ्, ल्यू-) **वि.** लाभकर, नाफा हुने ।

lucre (लु'कर्, ल्यू-) **ना.** लाभ, आय, आमद वा नाफा; filthy—वेईमानीको पैसा, (ठ.) दाम, पैसा ।

Lucretia (लुक्री'शा) **ना.** पातिव्रत्यकी प्रतीक, जीवनभन्दा धर्म वढ्ता चाहने स्त्री ।

lucubra/te (लु'क्यूब्रेट्, ल्यू-) **क्रि.** विचार लेखद्वारा प्रकाश गर्नु, रात्र्याध्ययन, निशाभ्यास, प्रकाश गर्नु—tion **ना.** रात्र्याध्ययन, साहित्यिक कृति खा.ग. पांडित्यपूर्ण वा विस्तारयुक्त ।

luculent (लु'क्यूलेण्ट्,ल्यू-) **वि.** (विर०) निर्मल, स्पष्ट, स्वच्छ, पत्यार पार्ने ।

lud (लड्) **ना.** lord को रूपान्तर; my—हजुर, श्रीमान् ।

ludicrous (लु'डिक्रस्, ल्यू-) **वि.** फजूल, हास्य, हाँसोउठ्ने, असंगत, गिज्याउन लायक, गिज्याइमाग्ने ।

ludo (ल्यू'डो, लु'डो) **ना.** पाशा र गोटीसहित पाटीमा खेलिने एक प्रकारको (केटाकेटीको) खेल ।

lues (लू'ईज्) **ना.** भीषण रोग, प्लेग, सरुवा रोग, स्पर्श संचार;—Boswelliana जीवनी लेखकको विषयलाई बढाई-चढाई लेख्ने प्रवृत्ति; (—venerea पनि) उपदंश ।

Luftwaffe (लुफ्ट्'भाफ) **ना.** जर्मनीको हवाइ फौज (ज०) ।

lug (लग्.) **क्रि.** तान्नु, घिस्याउनु, विसार्नु, घिच्च्याउनु, (वलले) खिच्नु, असंगत ढाँचासँग (विषय) ल्याउनु, घच्याड्नु ।

luggage (ल'गेज्) **ना.** झिटीमिटी, सामान, मालताल, मालमत्ता, गुण्टाभारी, असबाव, पोका-पन्तरा ।

lugger (ल'गर्) **ना.** सानू जहाजको किसिम ।

lugubrious (लुग्यू'ब्रिअस्, ल्यू-) **वि.** उधार, अँध्यारो, दुःखी, कारुणिक ।

lukewarm (लुक्'वअ्र्म्, ल्यू-) **वि.** मनतातो, मन्दोष्ण, निरुत्साह, उदासीन ।

lull (लल्) **क्रि.** र **ना.** निद्रा पार्नु, सुताउनु, फुल्याउनु, छलले शङ्का हटाउनु, (कर्म०) शान्त गराउनु (समुद्र, आँधी इ०), शान्त हुनु, घट्नु; **ना.** शमन, विराम, विश्रान्ति ।

lullaby (ल'लवाइ) **ना.** वालकलाई निद्रा पार्ने गीत वा थेको ।

lumbago (लम्वे'गो) **ना.** (व.व.-s) कम्मरको वाथ ।

lumbar (लम्'वर्) **वि.** र **ना.** कम्मरको, कटिको ।

lumber (लम्'वर्) **क्रि.** र **ना.** भद्दासँग आवाज गर्दै मन्द गतिले हिँड्नु; छेक्नु, थुपार्नु, ठाउँ लिनु; टिम्वा चिर्नु; **ना.** भार, वेचलतीको साज सामान, टिम्वा;—ing **वि.** भ्याङ्ख्वा;—jack टिम्वा चिर्ने आरावाल;—mill चिर्ने ठाउँ;—room

वुइँगल, नचाहिने माल सामान राख्ने ठाउँ ।

luminary (लु'मिनरि, ल्यू–) **ना.** प्राकृतिक ज्योतिर्मय वस्तु (खा.ग. सूर्य या चन्द्र); बौद्धिक, नैतिक वा आध्यात्मिक प्रतिभा भएको व्यक्ति; प्रकाश र नेतृत्वयुक्त व्यक्ति; तारा, तारका, नक्षत्र ।

luminiferous (लुमिनि' फेरस्,–ल्यू) **वि.** प्रकाश उत्पन्न वा प्रसारण गर्ने; तेजोवाही ।

luminous (लु'मिनस्, ल्यु–) **वि.** अंशुमत्, भास्वत्, प्रकाशयुक्त, तेजोमय, तेजस्वी, दीप्तिमत्;—paint राति टल्कने किसिमको रंग;—luminity **ना.** दीप्ति ।

lumme (ल'मि) **वि. बो.** (ग्रा०) आश्चर्य वा जोड जनाउने उच्चारण ।

lump (लम्प्) **ना. र क्रि.** डल्लो, राश, थासो, ढेलो, पिण्ड, डुङ्डुल्को, गाण्टो, थुप्रो, स्थूलकाय भद्दा व्यक्ति; **क्रि.** डल्लिनु, राशि वनाउनु, थुप्रो पार्नु, सँगाल्नु, नाखुश हुनु, सहनु, डल्लाउनु, डल्लिनु; in the—मोठमा, थोकमा, हच्चुवा मोल;—sugar चीनीको चार चुच्चे टुक्रा पारेको;—sum थोक, एकमुष्ट, कुतौ मोल;—it **क्रि.** सहनु, वेहोर्नु;—er **ना.** जहाजमा माल लाद्ने ओहाल्ने कुल्ली, एकमुष्ट गर्ने, विस्तार नगर्ने व्यक्ति;—ing **वि.** (बो०चा०) ठूलो, प्रशस्त;—ish **वि.** गह्रौं र भद्दा, मूर्ख, अल्छी; —y **वि.** डल्लो परेको, डल्लै डल्लो भएको ।

lunacy (लु'नसि, ल्यू-) **ना.** उन्माद, बौलट्टी, पागलपन, चित्त विक्षेप, महामूर्खता ।

lunar (लु'नर्, ल्यू–) **वि. र ना.** चान्द्र, चन्द्रमाको;—distance सूर्य, ग्रह वा ताराबाट चन्द्रमाको दूरी;—month चान्द्रमास;—politics अव्यावहारिक प्रश्नहरू;—ian **ना.** चन्द्रलोकवासी, चन्द्रमा बारे जान्ने ज्योतिषी वा मल्लाह ।

lunate (लु'नेट्, ल्यू–) **वि.** अर्धचन्द्राकार ।

lunatic (लु'नटिक्, ल्यू–) **वि. र ना.** विक्षिप्त व्यक्ति, पागल, बौलाहा; (काम) अति मूर्खतापूर्ण, सनकी;—asylum पागलखाना, वातुलालय;—fringe राजनैतिक वा अन्य चेष्टाका लहडी वा कल्पनामय अनुगामीहरू ।

lunation (लुने'श्न्, ल्यू–) **ना.** औंसीको परेवादेखि सोही अर्को मितिसम्मको अवधि ।

lunch (लन्च्) **ना.** दिवाभोज, उपाहार ।

lune (लुन्, ल्यून्) **ना.** गोल वा समतलमा दुइ चापले घेरेको स्थान; अर्धचन्द्राकृति ।

lunette (लुनेट्',ल्यू–) **ना.** नतोदर छतमा उज्यालोको लागि गुम्बजदार प्वाल, गुम्बज वा छतमा अर्धचन्द्राकार वा अर्धवृत्ताकार स्थान जुन चित्रले सिंगारिएको हुन्छ; घडीको समतल ऐना; गिलोटीनमा घाँटीको प्वाल ।

lung (लङ्) फुसफुस, तिलक, क्लोमन; फोक्सो; good—s ठूलो स्वर; iron—कृत्रिम निःश्वास गराउने यंत्र;—s of (a city) खुला मैदान, खुला ठाउँ;—power बोलीको जोर ।

lunge (लन्ज्) **क्रि. र ना.** (तरवार खेल्दा) तरवारले घोच्नु, एक्कासिको अघिल्तिरको घोचाइ; कतैपट्टि जोरसँग हानिनु ।

lunisolar (लुनिसो'लर्, ल्यू–) **वि.** सूर्य चन्द्रको;—period ५३२ वर्षको;—year सूर्य चान्द्र वर्ष ।

lupine (लु'पाइन्, ल्यू–) **ना. र वि.** वस्तुभाउलाई ख्वाउने घाँसको प्रकार; **वि.** हुँडारको, हुँडारबारे ।

lupus (लु'पस्, ल्यू–) **ना.** छालाको खटिरा ।

lurch (लअ्र्च्) **ना. र क्रि.** हानि, नोक्सान, कठिनाइ; **क्रि.** एकापट्टि निहुरिनु, बाङ्गिनु, लरखराउनु; leave in the—(साथीलाई) अप्ठ्यारोमा छाड्नु; अलपत्र पार्नु; जिल्ल्याउनु ।

lurcher (लअ्र्'चर्) **ना.** सानू चोर, ठग, चर; कुकुरको जात ।

lure (ल्योर्) **ना. र क्रि.** बाजलाई फर्काउने उपकरण (छालामा बाँधिएको खाना रहेको प्वाँखको गुच्छा); छाडन, प्रलोभन, लालच, कामको आकर्षक गुण; **क्रि.** लोभ्याउनु, ललचाउनु ।

lurid (ल्यू'अ्रिड्) **वि.** पाण्डु, मलिन, आँखा तर्ने, घोर, अस्वाभाविक, भयानक, आँधीयुक्त; (व.) मैलो पहेंलो खैरो रंग ।

lurk (लअ्र्क्) लुकेर रहनु, नदेखिने हुनु, अप्रत्यक्ष हुनु; on the—चियो गर्नु;—ing place लुक्ने ठाउँ, गूढ स्थान ।

luscious (ल'शस्) **वि.** अति मधुर, सुस्वादु, मीठो, ज्यादा गुलियो, मन अघाउने; (भाषा वा साहित्यिक शैली) शब्द, अलंकार वा इन्द्रिय सुखमा अति प्रचुर ।

lush (लश्) **वि., ना. र क्रि.** लहलहाउँदो र रसिलो (बिरुवाहरू र खा०ग० घाँस); **ना.** पेय; **क्रि.** पिउनु, पियाउनु;—y **वि.** (अप०) जँडयाहा ।

lust (लस्ट्) **ना.** इन्द्रिय वासना, भोगासक्ति, मैथुनेच्छा; तीव्र लालसा, व्यग्रता;—ily **वि.** जोरसित;—y **वि.** हट्टाकट्टा ।

lustral (लस्'ट्रल्) **वि.** स्नानमा, स्नानको; पावन, शुद्धिकर ।

lustrate (लस्'ट्रेट्) **क्रि.** स्नानबाट शुद्धि, शोधन ।

lustr/e (लस्'टर्) **ना.** चमक, टलक, श्री, द्युति, कान्ति, शोभा; (झाडको) लर्कन; सूत र ऊन मिसिएको कपडाको किसिम; टल्कने ऊनी कपड़ा;—ous **वि.** सुप्रभ, उज्ज्वल, तेजस्वी, कलकलाउँदो, द्युतिमान ।

lustrum (लस्'ट्रम्) **ना.** (ब.व.–a,—ums) पाँच वर्षको अवधि ।

lusus naturae (ल्यू'सस् नट्युअ्री) **ना.** प्रकृतिको खेलवाड; अचम्म लाग्ने अस्वाभाविक प्राकृतिक उत्पादन (ल्या०) ।

lutanist (लु'टनिस्ट्, ल्यू–) **ना.** वीणा वा सारङ्गीवादक, गाइने ।

lute (लूट्,ल्यूट्) **ना.** वाद्य यंत्रको प्रकार, वीणा वा सारंगीसँग मिल्दछ ।

luteous (लू'टिअस्, ल्यू–) **वि.** (प्रा० इ०) गाढा सुन्तला रंगको पहेंलो ।

lutestring (लूट्'स्ट्रिङ्, ल्यू–) **ना.** चमकदार रेशमी कपडा ।

Lutetian (लूटी'शन्, ल्यू–) **वि.** प्यारिसको, प्यारिसको वासिन्दा ।

Lutheran (लु'थरन्, ल्यू–) **वि. र ना.** क्रिष्टीय सम्प्रदायविशेष (को) ।

luxate (ल'क्सेट्) क्रि. जोर्नी फुस्कनु ।

luxurian/t (लग्जू'ञ्रिअण्ट्) वि. (अच्च० र अलं०) लटरम्म, ढकमक्क, प्रचुर, झाँगिएको, लहलहाउँदो; (साहि० वा कलात्मक शैली) बढेचढेको, अति अलंकृत, बहुल, ढकमक्क ढडयान धाँस;—ce ना. घनत्व, बहार, बाहुल्य, प्राचुर्य ।

luxuriate (लग्जू'ञ्रिएट्) क्रि. मोज गर्नु, रमाउनु, आराम गर्नु, सोख गर्नु ।

luxurious (लग्जू'ञ्रिअस्) वि. सोखिन, सोख सयल गर्ने, आत्मतोषी, कामुक, सुविस्ता दिने ।

luxury (ल'क्शरि) ना. सोख, सयल, ऐश आराम, ऐशी, ऐयासी, विलासी, किमती खाना, लुगा, साज-सामानको चलन; मन पर्ने विषय, वान्छनीय वस्तु (तर नितान्त आवश्यक होइन); सोखिनपना, विषयसुख, सुखसाधन ।

lycanthropy (लाइक्यान्'थ्रूपि) ना. वोक्सीबाट हुँडारमा रूपान्तर, पागलपनको त्यो किसिम जसमा रोगीले आफूलाई कुनै पशु ठानी सोवमोजिम खुराक, बोली वद्लन्छ ।

lycee (ली'से) ना. फ्रान्सको माध्यमिक राजकीय विद्यालय (फ्रे०) ।

Lyceum (लाइसी'अम्) ना. एरिस्टटलले अध्यापन गर्ने एथेन्सको बगैंचा, साहित्यिक संस्था, वाचनालय, अध्यापन स्थान ।

lyddite (ली'डाइट्) ना. विस्फोटकको किसिम ।

Lydian (ली'डिअन) वि. प्राचीन लीडिया देशको भाषा, वासिन्दा, प्राचीन ग्रीक पद्धति जुन ऐयासी मानिएको छ ।

lye (लाइ) ना. वनस्पतिबाट आएको खरानी मिसाएर क्षार पारिएको पानी, धुने झोल, लेउ ।

lying (लाइ'इङ्) ना. र वि. सुत्ने ठाउँ;—in सुत्केरी हुनु;—in hospital प्रसूति गृह; झुट्टा, छली, ढाँट, रहेको, ज० कि low—land नीचा रहेको जमीन ।

lymph (लिम्फ्) ना. शुद्ध पानी; (श० क्रि०) रंगहीन क्षार रस जुन शरीरका अवयव वा तन्तुबाट निस्कन्छ, मेदस; घाउबाट वग्ने पानी; खोप्ने काममा विफरबाट झिकिएको बीउ;—atic वि. मेदस उत्पन्न गर्ने, ज० कि—cell लिम्फकोष; (व्यक्ति) पहेंलो, अल्छी ।

lyncean (लिन्सी'अन्) वि. तीखो आँखा भएको; वनविडालको जस्तो तीखो आँखा भएको ।

lynch (लिञ्च्) ना. र क्रि.—law आफै खडा भएको गैरकानूनी अदालत जसले कडा अपराध गर्ने बात लागेको व्यक्तिलाई तुरून्त आफै सजाय गर्छ; Judge L—सो सजाय सुनाउने काल्पनिक न्यायाधीश; क्रि. यसरी कसैलाई दण्ड दिनु ।

lynx (लिंक्स्) ना. बिरालो जातिको पशु, अति तीखो आँखाका निम्ति प्रसिद्ध हुन्छ ।

Lyra (ला'य्रा) ना. उत्तरीय नक्षत्र समूह ।

lyrate (लाय्रे'ट्) वि. वीणाकार ।

lyre (लाय्र्) ना. वीणा;—bird वीणाकार पुच्छर भएको आस्ट्रेलियाको चरो ।

lyric (ली'रिक्) वि. र ना. वैणिक, गाइने; (कविता) कविको भाव र विचार व्यंजन गर्ने सा० छोटो श्लोकबद्ध कविता; त्यस्तो कविता लेख्ने कवि; त्यस्तो काव्य ।

lyrical (ली'रिकल्) वि. वैणिक, गाइने, प्रकारको कवितासँग मिल्ने ।

lyricism (लि'रिसिज्म्) ना. वैणिक प्रकृति वा भाव; उच्च भावना ।

lysol (लाइ'सोल्) ना. कीटनाशकको प्रयोजनमा व्यवहृत हुने कार्वोलिक र तेललाई साबुन जस्तो झोल वनाइएको मिश्रण ।

M

ma (मा) ना. (ग्रा०) आमा, आमै, बूढी माउ ।

maam (माम्, म्याम्) ना. madam को छोटकरी, रानी वा मालिकनीको सम्वोधन ।

mac, mack (म्याक्) ना. mackintosh को छो०, वर्सादी ।

macabre (माका'व्र्) वि. dance—मृत्युनाच, विकट, रौद्र, भयानक, वीभत्स ।

macadam (मक्या'डम्) वि. र ना. सडक निर्माण गर्ने विधि, त्यसको सारजाम;—ize क्रि. त्यसरी सडक निर्माण गर्नु ।

macaroni (म्याकरो'नि) ना. गहूँको पीठो लामा लामा मसिना नली वनाएर खाद्यमा प्रयोग गर्ने वस्तु; (ऐति०) अठारौं शताब्दीको गुण्डो ।

macaronic (म्याकरॅ'निक्) वि. र ना. (व. व.) ल्याटिन मिश्रित ठट्टाको कविता वा श्लोक; मिश्रण ।

macaroon (म्याकरून्') ना. वदाम, अण्डा, चीनी इ० मिसाएर बनाएको केक वा बिस्कुट ।

macassar (मक्या'सर्) ना. केश तेलको प्रकार ।

macaw (मकॉ') ना. सुगाको प्रकार ।

mace (मेस्') ना. गदा, दण्ड (कोही कोही विधान सभा वा पदको चिह्न); मसलाको रूपमा जाइफलको वोक्रा ।

macedoine (म्या'सेड्वान्) ना. मिसमास, छ्यासमिस्त, तरकारी र फलफूलको मिसावट, भान्सेको सरजाम ।

macerate (म्या'सरेट्) क्रि. ढडयाउनु, गाल्नु, गलाउनु, भिजाउनु, उपवासद्वारा गल्नु ।

mach (माख्) ना. mach number कुनै वस्तुको वेगको सोही घेर्ने वातावरणमा आवाजको वेगसँगको अनुपात ।

machete (माचे'टे) ना. (matchet) औजार र हतियार दुवै प्रयोग हुने गह्रौं चौडा चुपी ।

Machiavelli (म्याकिआभे'लि) **ना.** राजनीतिमा दोधारे नीति गर्ने, कुटिल षड्यन्त्रकारी; चाणक्य; धूर्त राजनीतिज्ञ; कूटनीतिज्ञ ।

machinate (म्या'किनेट्) **क्रि.** षड्यन्त्र गर्नु, कपट योजना गर्नु, कुसंकल्प गर्नु ।

machine (मशीन्') **ना.** र **क्रि.** यन्त्र, मशीन, कलपुर्जा; विना विचार वा बुद्धि सधैँ एकनास कलले जस्तो काम गर्ने व्यक्ति; अँठ्याउने राजनैतिक संगठन; **क्रि.** कल चलाउनु; sewing, printing—सिउने, छाप्ने कल; bathing—(समुद्रमा) नुहाउँदा लुगा लाउन, फुकाल्न, पानीमा तानेर लैजाने बाकस जस्तो यन्त्र;—gun लगातार हान्ने प्रकारको बन्दूक, मेशिनगन ।

machinery (मशी'नरि) **ना.** कलपुर्जा, कल कारखाना, यन्त्र सामग्री; यन्त्रपुञ्ज, यन्त्र समुदाय; साहित्यिक कृतिमा वर्णन गरिने तरकीवहरू, अप्राकृतिक व्यक्ति वा घटना ।

machinist (मशी'निस्ट्) **ना.** कालिगड़, यंत्री ।

mackerel (म्या'करेल्) **ना.** माछाको प्रकार ।

mackintosh (म्या'किण्टॅश्) **ना.** वर्सादी ।

macro-(म्या'क्रो) संयु० रूप, वृहत्को अर्थमा;—cosm **ना.** विश्व ब्रह्माण्ड;—scopic **वि·** आँखाले देखिने ।

macron (म्या'क्रॅन्) **ना.** स्वरमाथि राखिने चिन्ह जसले सो दीर्घ हो भन्ने जनाउँछ ।

macula (म्या'क्यूला) **ना.** (व० व०—ae) सूर्यको धब्बा, कालो टाटो, खनिज धातुमा दाग, कोठी (छालामा) ।

mad (म्याड्) **वि.** र **क्रि.** (–dd–) विक्षिप्त, सिल्ली, सिल्लड, छँटाहा, हावादार, हावा खुस्केको, बौलाहा, उन्मत्त, वातुल, बहुला, पागल, हदको बेकूफ, झोक्किएको, उत्तेजित, मोहित; **क्रि.** बौलाहा पार्नु, बौलाउनु, रिस उठाउनु;—cap लहडी, पगलेट;—doctor पागलको औषधि गर्ने;—house पागलखाना, वातुलालय;—ding **वि.** उन्मादक, उत्तेजक, विथोल्ने ।

madam (म्या'डम्) **ना.** स्त्रीको आदरार्थी सम्बोधन, (मृदु०) कोठीकी मालिकनी, वेश्यागृह राख्ने ।

madame (मडाम्') **ना.** (व० व० mesdames) उच्चा० मेडाम्' madam को फ्रेञ्च रूपान्तर; M—Tussaud's लण्डनमा प्रसिद्ध व्यक्तिहरूको मैनको मूर्ति प्रदर्शन गर्नालाई राखेको संग्रहालय, खा. ग. त्यसमा रहेको रौद्रकोठा (जसमा घोर अपराधीहरूको मूर्ति राखेको छ) को संसर्गमा ।

madden (म्या'ड्न्) **क्रि.** पागल बनाउनु, हुनु ।

madder (म्या'डर्) **ना.** मंजिष्ठा, कालमेशी, पहेंलो रंगको फूल भएको लता, त्यसबाट आएको रंग ।

made (मेड्') **क्रि.** र **वि** make को भू० का०, निर्मित;—dish **ना.** अनेक थरी हालेको परिकार; a—man समृद्धिशाली पुरुष; well—बलिष्ट, बलियो;—up मनगढन्त, कल्पित, कपोल कल्पित ।

Madeira (मडि'यरा) **ना.** एटल्याण्टिक महासागरमा स्थित टापू, तहाँको रक्सीको प्रकार ।

mademoiselle (म्याडम्वाज़ेल्') **ना.** अविवाहिता फ्रेञ्च स्त्री, कुमारी, बाला ।

madonna (मडॅ'ना) **ना.** जीसस क्राइष्टकी माता (को तसवीर, प्रतिमा), कुमारी मेरी;—lily श्वेतकमल,—को तसवीरमा देखाएको जस्तो ।

madrigal (म्या'ड्रिगल्) **ना.** छोटो प्रेम गीत ।

maduro (माडू'रो) **वि.** (सिंगार बारे) सुवासित ।

Maecenas (मेसी'न्यास्) **ना.** साहित्य र साहित्यिकहरूका उदार रक्षक, आश्रयदाता ।

maelstrom (मेल्'स्ट्रॅम्) **ना.** (नर्वेको किनारको) भुँवरी ।

maenad (मे'नड्) **ना.** सुरा पिएर उत्तेजित हुने स्त्री; Bacchante ।

maestro (माएस्'ट्रो) **ना.** (व. व.—ri) प्रसिद्ध संगीत रचयिता, शिक्षक, वा सञ्चालक ।

Mae West (मे वेस्ट्) **ना.** (अप.) हावाबाजको रक्षा जाकेट ।

maffick (म्या'फिक्) **क्रि.** हल्लासाथ उत्सव मनाउनु, कराएर खुशी मनाउनु ।

mafia (माफी'आ) **ना.** सिसिली टापूमा ऐन विरुद्धको भावना, सोबाट उत्पन्न हुने अपराध, सो अपराध गर्ने व्यक्तिहरू ।

mag (म्याग्) **ना.** (अप. र छो. क.) आधा पेनी; म्यागनेटो, म्यागजीन (पत्र पत्रिका) ।

magazine (म्यागज़ीन्) **ना.** गट्ठाघर, हतियारको भण्डार, बारूदको भण्डार; पत्रपत्रिका;—gun जसमा आफैं नालमा जाने कारतूस रहेको हुन्छ ।

Magdalen,—lene (म्याग्'डलेन्–लीन्) **ना.** सुध्रेकी वेश्या ।

mage (मेज्) **ना.** (आ०) जादूगर, विद्वान् ।

magenta (मजेन्'टा) **ना.** र **वि.** चमकदार गाढा रातो रंग; **वि.** सो रंगले रंगिएको ।

maggot (म्या'गट्) **ना.** कीरा, कृमि, कीट ।

Magi (मे'जाइ) **ना.** (व. व.) जादूगर, टुना जान्ने; जान्नें;—an **वि.** र **ना.** तीन माजाइमाको एक ।

magic (म्या'जिक्) **ना.** टुना; जादू, माया, इन्द्रजाल, चटक, मायाजाल, मन्त्रतन्त्र, अचम्म; black, white, netural—भूतप्रेत, देवता वा प्रकृतिलाई आह्वान गर्ने;—lantern ठूलो पारेको तसवीर पर्दामा गिराउने; जादू लालटिन;—mirror भविष्य वा दूरको घटना हेर्नेलाई देखाउने ।

magician (मजि'शन्) **ना.** जादूगर, मायावी, सिद्ध, चटकी, बाजीगर, ऐन्द्रजालिक ।

Maginot line (म्या'जिनो लाइन्) **ना.** द्वितीय विश्वयुद्ध-अघिको कथित अजेय कीलाबन्दी (फ्रान्सको) ।

magisterial (म्याजिस्टे'अिरयल्) **वि.** न्यायाध्यत्तको, ले; अधिकारयुक्त, स्वेच्छाचारी, सप्रमाण ।

magistral (मजिस्'ट्रल्) **वि.** शिक्षकको, ज. किं. the—staff शिक्षकवर्ग; (औ०) औषधशास्त्रको नभई कुनै खास रोगीको लागि रचिएको औषधि ।

magistrate (म्या'जिस्ट्रेट्) **ना.** न्याय गर्ने निजामती अधिकारी, म्याजिस्ट्रेट; न्यायाधीश ।

magma (म्याग्'मा) **ना.** (ब.व.–ta,–s) खनिज र कार्बनिक कच्चा पदार्थ मिसिएको लेदो; पृथ्वीको ठोस पाप्रोमन्तिर रहेको भनिठानिएको तरल पत्र ।

Magna C(h)arta (म्याग्'नाकाञ्र्'टा) **ना.** बिलायतको व्यक्तिगत र राजनैतिक स्वतंत्रताको वडापत्र ।

magnalium (म्याग्ने'लियम्) **ना.** म्याग्नेशियम र एलुमिनियम मिसिएको हल्का बलियो धातु ।

magnanim/ous (म्याग्न्या'निमस्) **वि.** महात्मा, महामनस, छोटो विचारबाट मुक्त, महानुभाव;—ity **ना.** माहात्म्य, औदार्य, महानुभाव, मनस्विता ।

magnate (म्याग्'नेट्) **ना.** वडाभ्री, धनी वा प्रख्यात व्यक्ति।

magnesia (म्याग्नि'श) **ना.** म्याग्नेशियम धातुको क्षार ।

magnesium (म्याग्नी'सि(शि)यम्) **ना.** म्याग्नेशियम;—flare तिरिमिरी (चकाचौंध) पार्ने प्रकाश (म्याग्नेशियमको तार बाल्दा उत्पन्न हुन्छ) ।

magnet (म्याग्'नेट्) **ना.** चुम्बक; horse shoe—नालको रूपमा दोब्र्याइएको; magnetic **वि.** आकर्षक; magnetic mine **ना.** पानीमा विस्फोट हुने यन्त्र: magnetism **ना.** चुम्बन, आकर्षण शक्ति; animal magnetism मेस्मेरिजम्, (अलं०) आकर्षण, व्यक्तिगत हिसी; magnetize चुम्बक बनाउनु ।

magneto (म्याग्नि'टो) **ना.** (ब.व.–s) चुम्बकको प्रयोगबाट विद्युत् उत्पन्न गर्ने उपकरण ।

magnetron (म्याग्'नेट्रन्) **ना.** अति सातत्य आन्दोलन उत्पन्न गर्ने उपकरण (भौ०शा०) ।

magnific(al) (म्याग्नि'फिक्(कल्) **वि.** (आ०) उदात्त, विभूतिमत् ।

magnificat (म्याग्नि'फिक्याट्) **ना.** (क्रिस्तान धर्म) कुमारी मेरीको स्तोत्र ।

magnifi/cent (म्याग्नि'फिसेण्ट्) **वि.** भव्य, शोभमान, तेजस्वी;—cence **ना.** शान, रवाफ, रौनक, प्रताप, महिमा; धूमधाम, भडकिलो ।

magnifico (म्याग्नि'फिको) **ना.** (ब.व.–es) बडाभ्री, रईस, भेनिस शहरका वडाभ्री ।

magnif/y (म्याग्'निफाइ) **क्रि.** वढाउनु, अभिवर्धन गर्नु, (नाप) वढाउनु, (आ०) प्रशंसा गर्नु;—ing glass अभिवर्धक काँच, ठूलो पार्ने ऐना ।

magniloqu/ent (म्याग्नि'लक्वेण्ट्) **वि.** वचनमा उच्च, गुड्डी हाँक्ने;—ence **ना.** प्रौढ भाषण, गर्वोक्ति ।

magnitude (म्याग्'निट्यूड्) **ना.** परिमाण, राशि, महत्व, गुरुत्व, गरिमा, (ताराहरूको) दीप्ति क्रम ।

Magnolia (म्याग्नो'लिया) **ना.** थलकमलको फूल;—grandiflora **ना.** कनक चम्पा,—fuseata ।

magnum (म्याग्'नम्) **ना.** रक्सी राख्ने ठूलो शीशी ।

magnum opus (म्याग्नम् ओ'पस्) **ना.** बृहत् कृति (सा०)।

magpie (म्याग्'पाइ) **ना.** चुच्चे पुच्छर र सेतो कालो प्वाँख भएको योरपीय चरा, परेवाको जात, बकबके; निशानको सबभन्दा बाहिरीभन्दा भित्रको खण्डमा लागेको गोली ।

magus (मे'जस्) **ना.** (ब.व.–gi उच्चा० जाइ) पारसी पुरोहित खानदानको सदस्य; जादूगर, टुना गर्ने; शिशु क्राइस्टलाई कोसेली ल्याउने तीन पूर्वीय बुज्रुगहरूमद्धे एक ।

Magyar (मॅड्यार्) **ना.** र **वि.** हंगरीको वासिन्दा वा भाषा;—blouse **ना.** बाहुला पनि लुगासँगै काटेर बनाएको माथिल्लो लुगा, भोटो, (म्याग्'यार) ।

Mahdi (मा'डि) **ना.** मुसलमानहरूले आशा गरेको नेताको अवतार; धे.ज. सुडानका विद्रोहीहरूलाई दिइने ।

mah jong (मा जॅङ्) १४४ गोटीको ४ जनाले खेल्ने चीनिया खेल ।

mahlstick, maulstick (माल्स्टिक्, मॉल्स्टिक्) **ना.** चित्रकारले बायाँ हातमा लिने सानू लट्ठी ।

mahogany (महॅ'गनि) **ना.** साज सामान बनाउने रातो रातो अमरिकन काठको जात, महोगनी; खैरो रातो रङ्ग ।

Mahound (महुण्ड्') **ना.** (आ०, ठ०) महम्मद ।

maid (मेड्) **ना.** कन्या, केटी, कुमारी, नोकर्नी, दासी, कोठामोचे, सुसारे, चाकर्नी, सेविका, अनुचरी ।

maiden (मे'ड्न्) **ना.** कन्या, केटी, बाला, बालिका, कुमारी, अविवाहिता; (बिरुवा) ब्यूबाट उम्रेको; (सिपाही, तरवार) परीक्षा नभएको;—over क्रिकेटमा रन नभएको 'ओभर';—name विवाहअघिको;—assize मुद्दा नपरेको इजलास;—speech प्रथम भाषण (बिलायतको लोकसभामा);—hair बहुपत्रक बिरुवाको जात;—head कुमारित्व ।

maieutic (मेयू'टिक्) **वि.** सुँडेनीको, सोक्रेटीजले ज्यैं प्रश्नद्वारा तथ्य झिक्ने विधि, बौद्धिक सूँडेनीकर्म जनाउने ।

mail (मेल्) **ना.** र **क्रि.** कवच, तनुत्राण, डाँक थैलो, हुलाक थैलो, डाँक; **क्रि.** कवच लाउनु, छोड्नु, डाँकबाट चलान गर्नु; chain, plate, ring—कवचको प्रकार; the—डाँक;—train डाँक गाडी;—order डाँकबाट पठाएको (माल सामानको) आडर;—order firm त्यस्तो व्यापार गर्ने पसल ।

maim (मेम्) **क्रि.** र **ना.** अंगभंग गर्नु, लङ्गडो पार्नु; the—ed **वि.** हीनाङ्ग, खोरण्डो, अंगभंगा, लुला लङ्गडा; डुँडे, लुलो ।

main (मेन्) **ना.** र **वि.** मुख्यांश, मुख्य भाग, बल, कुखुराको लडाइँ, समुद्र; might and—सम्पूर्ण बल; Spanish—स्पेनको समुद्र; **वि.** मुख्य, पूरा;—stay मुख्य सहारा;—land टापू छोडेर जमीनको विस्तार;—spring मुख्य, बाल कमानी; mains **ना.** विद्युत् मूल, प्रमुख तार, मुख्य तार, मेन; water—जलमूल, मूलपानी नल ।

maintain (मेन्टेन्') **क्रि.** पालन-पोषण गर्नु, पाल्नु, राख्नु, स्याहार सम्भार गर्नु, अड्नु, प्रतिपादन गर्नु, समर्थन गर्नु; कायम राख्नु, चालु राख्नु ।

maintenance (मेन्'टेन्यान्स्) **ना.** परवरिश, अनुपोषण,

सम्भार, रोजी, निर्वाह, जतन, हेरचाह, रेखदेख, मानापाथी, अंश मानु, माना चामल ।

maisonette, maisonnette (मेज़्नेट्') ना. सानू घर, कुटी, छुट्टै भाडा दिएको घरको भाग (एकै तलामा हुनुपर्दैन)।

maitre d'hotel (मेट्र् डोटेल्') ना. दरवारको मुख्य कर्मचारी, होटेलको संचालक, व्यवस्थापक ।

maize (मेज़्) ना. मकै ।

majesty (म्या'जेस्टि) ना. गौरव, महिमा, राजप्रभा, राजश्री, सार्वभौमसत्ता; राजाको सम्बोधन; तेजमण्डलभित्र परमेश्वरको चित्रण, प्रदर्शन; लज्जत, रवाफ ।

Majlis (म्याज्लिस्') ना. ईरानको संसद, मजलिस् ।

majolica, maiolica (मयॅ'लिका) ना. अलंकारसहित टल्काएको इटलीको भाँडा, त्यसको अर्वाचीन नकल ।

major (मे'जर्) ना. र वि. सेनानी, वालिग व्यक्ति, पद वा प्रतिज्ञा, विद्यार्थीको खास विषय; वि. जेठो, समर्थ, वालिग, उमेर पुगेको, वरियस;—general उपरथी;—-domo ना. इटली र स्पेनका राज-प्रतिष्ठानका मुख्य कर्मचारी, खवासे ।

majority (मजॅ'रिटि) ना. वहुमत, अधिक संख्या, वालिग हुने आयु; the great—मृतहरू; absolute—अत्यधिक वहु संख्या, मताधिक्य ।

make (मेक्) क्रि. (made) र ना. बनाउनु, तुल्याउनु, खुलाउनु, रचना गर्नु, आर्जन गर्नु, कमाउनु, लाउनु, लडाइँ छेड्नु, सम्पन्न गर्नु, स्थापना गर्नु, जम्वा गर्नु वा हुनु, लिनु, जानु, उन्नति गराउनु; ना. वनोट, रचना;—believe ना. लोकाचार, स्वाँग;—do क्रि. टार्नु;—off क्रि. घस्कनु, सुइँकिनु;—shift ना. हतौड़ी;—up क्रि. र ना. सिंगार, ठाँट, पार्नु, सिंगार पटार, शृङ्गार, शृङ्गार विन्यास; क्रि. फुल पार्नु, उकास्नु; ठाँटिनु, तलासिनु, सज्नु ।

maker (मे'कर्) ना. रचनाकार, रचयिता, वनाउने, स्रष्टा, निर्माता ।

making (मे'किङ्) ना. (व. व.) नाफा, लाभ; आवश्यकीय गुण ।

mal (म्याल्) उ० कु–, खराव–, को अर्थमा ।

Malacca (मल्या'का) ना. मलेयामा एक शहर र प्रदेश;—cane वेतको प्रकार ।

malachite (म्या'लकाइट्) ना. तावाँको संमिश्र वस्तु, हरियो खनिज वस्तु ।

maladjustment (म्याल्अड्जस्ट्'मेण्ट्) ना. दोषयुक्त समायोजन, नराम्रो प्रशासन ।

maladroit (म्याल्'अड्रयट्) वि. भद्दा, अपट्ठ, अकुशल, मखण्डी, अल्लारे ।

malady (म्या'लडि) ना. विसञ्चो, विमारी, रोग, व्याधि ।

mala fide (मे'ला फाइ'डे) क्रि. वि. र वि. कपटी मनले, वचनेच्छासँग, वदनियत (ल्या०) ।

Malagasy (म्यालग्या'सि) ना. र वि. म्याडागास्कर टापूको नयाँ नाम, त्यहाँको वासिन्दा, भाषा ।

malaise (म्या'लेज़्) ना. विसञ्चो, खास रोग नदेखिई शरीरको असजिलोपन, असुविस्ता ।

malamute, male—(म्या'लम्युट्, म्या ल–) ना. एस्किमो प्रदेशको कुकुरको जात ।

malapert (म्या'लपअर्ट्) वि. र ना. (आ०) अविनीत, धृष्ट, अटेरी (व्यक्ति)।

malapropos (म्याल्याप्रपो') क्रि. वि., वि. र ना. असमय, बेटाइम, मा गरिएको वा भनिएको (कुरा) ।

malar (मे'लर्) ना. र वि. गालाको हाड ।

malaria (मले'रिया) ना. औलो, दुर्वात; सरौटे, मलेरिया ।

Malay (मले') वि. र ना. असन्तुष्ट, विद्रोही; विरोधी; बिगठिएको ।

mal de mer (म्याल् ड मेअर्') ना. सामुद्रिक बिसन्चो, समुद्र रोग ।

male (मेल्) वि. र ना. भाले, पुरुष, नर, लोग्ने छोरा, लोग्ने, डाँगो ।

malediction (म्यालेडिक्'शन्) ना. सराप, शाप ।

malefactor (म्या'लेफ्याक्टर्) ना. अपराधी, दुर्जन, पापी, कुकर्मी ।

malefic (मले'फिक्) वि. (जादू इ० वारे) हानिकारक, अपकारी, कुभलो ।

maleficent (मले'फिसेण्ट्) वि. नोक्सान पार्ने अपराधी, कुकर्मी ।

malevolen/t (मले'भलेण्ट्) वि. द्रोहमति, दुरात्मा, कुबुद्धि, दुर्वुद्धि, अपकारी, हानिकारक; कुभलो;—ce ना. तुस, वैमनस्य ।

malfeasance (म्याल्फी'ज्यान्स्) ना. अपराध, (खा० ग० आधिकारिक दुराचार); दुष्कर्म ।

malformation (म्याल्फअर्मे'श्न्) ना. विकृति, वैरूप्य ।

malic (मे'लिक्) वि. (र०) स्याउ वा अन्य फलबाट बनाइने अम्लको प्रकार ।

malice (म्या'लिस्) ना. डाह, लाग, अदावत, इबी, रीस, द्वेष, शत्रुभाव, रीस उठाउने ईच्छा, अपराध गर्ने इच्छा वा अभिप्राय;—prepense जानी जानी बिगार गर्ने इच्छा ।

malign (मलाइन्') वि. र क्रि. हानिकारक, (रोग) घातकी, कडा; द्रोही, उग्र; क्रि. वदनाम गर्नु, मिथ्या दोप लगाउनु, बदख्वाइ गर्नु, उतार्नी गर्नु ।

malign/ant (मलिग्'न्याण्ट्) वि. (रोग) कडा, कोपयुक्त, उग्र, घोर, मारात्मक, सर्ने; हानिकारक, द्रोही, अशुभ, अनिष्टकारक;—ity ना. द्वेष, शत्रुता; (रोग) उग्ररूप, कुपित;—ancy ना. उग्रता, विषमता, कोप, मारात्मकता ।

malinger (मलिङ्'गर्) क्रि. (सिपाही, नौसैनिक, नोकरहरूले) कामवाट छुट्टी पाउनालाई रोगको स्वाँग पार्नु, वा लम्व्याउनु ।

malism (मे'लिज्म्) ना. संसार खराव हो भन्ने सिद्धान्त ।

mall (मॉल्, म्याल्) ना. छहारीवाला टहल्ने ठाउँ; the M—लण्डनमा एक थलोको नाउँ ।

mallard (म्या'लड्) ना. पानी हाँस, हाँसको मासु ।

malleable (म्या'लिएब्ल्) वि. घनवर्धनीय, माड्न सकिने; (अलं०) नरम, मनाउन सकिने; नम्य ।

mallet (म्या'लेट्) ना. हतौडी, खा. ग. काठको मुंग्रो ।

malleus (म्या'लेअस्) ना. कानको हाड ।

mallow (म्या'लो) ना. जङ्गली झारको किसिम ।

malm (माम्) ना. नरम चक (खरी) जस्तो पत्थर वा चट्टान ।

malnutrition (म्याल्न्युट्रि'शन्) ना. अपर्याप्त खाना वा पोषण; विपोषण ।

malodorous (म्यालो'डरस्) वि. गन्धपूर्ण, दुर्गन्धी ।

malpractice (म्याल्प्र्याक्'टिस्) ना. कुकर्म, दुराचार, (का०) डाक्टरले रोगीलाई बेठीकसँग वा हेलचेक्र्याइँसँग औषधि गर्नु, (का०) कुनै पदमा रहँदा आफ्नू फाइदाको लागि गैरकानूनी कामगराइ; हरामविराम ।

malt (मॉल्ट्) ना. र क्रि. रक्सी वनाउन तयार गरिएको जौ या अन्य अन्न, यवपानीय वीज;—extract सोवाट झिकेको विरामीको पथ्य, सार;—liquor पकाएर होइन, फेणनबाट तयार गरिएको पेय;—worm (अलं०) जँडयाहा; क्रि. अन्नलाई सो कामको लागि तयार गर्नु; अन्नलाई उमार्नु, उम्रिने गर्नु; यवपानीय गराउनु ।

Malta (मॉ'ल्टा) ना. भूमध्यसागरस्थित एक टापू;—fever त्यहाँ हुने ज्वरको किसिम ।

Maltese (मॉल्टीज़्') वि. माल्टाको;—cat, dog विशेष प्रकारका त्यहाँ हुने ।

Malthusian (म्याल्थ्यु'ज़ियन्) वि. र ना. परिवार नियोजनको प्रस्ताव गर्ने अंग्रेज अर्थशास्त्रीको अनुगामी ।

maltose (मॉल्'टोस्) ना. यवशर्करोज ।

maltreat (म्याल्ट्रीट्') क्रि. कुव्यवहार गर्नु, दुःख दिनु ।

malversation (म्याल्भर्सै'श्न्) ना. विश्वासको पदमा रहेर भ्रष्टाचार, (सार्वजनिक रकमको) भ्रष्ट प्रशासन वा व्यय ।

mamba (म्याम्'बा) ना. अफ्रिकाको रूखमा वस्ने विषालु सर्प ।

mamelon (म्या'मलन्) ना. वाटुलो उच्च स्थान ।

mameluke (म्या'मेलुक्) ना. (ऐ०) इजिप्टमा सन् १२५४ मा शक्ति हत्याउने सैनिक जत्था; कमारो ।

mamilla (ममि'ला) ना. स्त्रीको स्तनको चुच्चो, चुच्चो परेको अवयव ।

mam (m) a (म'मा) ना. आमा (केटाकेटीको वोलीमा) ।

mamm/a (म्या'म) ना. (व. व.—ae) स्तनपायी जीवमा पोथीको दूध पैदा गर्ने अवयव, पुरुषको उस्तै अवयव; स्तन;—ry वि. स्तन्य; mammiferous वि. सस्तन ।

mammal (म्या'मल्) वि. स्तनपायी, पशु पक्षीहरूमा दूध खुवाउने जात ।

Mammalia (ममे'लिय) ना. (व. व.) वच्चालाई पोस्न स्तन हुने पशुको श्रेणी; स्तनपायी ।

mammaliferous (म्यामलि'फरस्) वि. (भूतत्व०) स्तनपायी अवशेष रहेको ।

mammee (म्यामी') ना. अमरीकन रूखको किसिम, ठूलो पहेंलो गुदी भएको फल हुने ।

mammon (म्या'मन्) ना. धन, पापरूपी धन, स्वार्थी धनिक जन, धनदेव, कुवेर, लक्ष्मी, सम्पद्, धन सम्पदा; the—of unrighteousness अपव्यय भएको धन वा पापको कमाइ ।

mammoth (म्या'मथ्) ना. र वि. लुप्त ठूलो जातको हात्ती; वि. वडेमान, अजङ्गको ।

mammy (म्या'मि) ना. केटाकेटीले आमा भनेको, गोरा वालककी काली धाई ।

man (म्यान्) ना. (व.व.–men) र क्रि. मनुष्य, नर, मान्छे, मनुवा, मानव, जना, जवान, पुरुष, सकस, मानव जाति, वालिग लोग्ने मानिस, लोग्ने, लोग्ने छोरा, नोकर, वैठके, सिपाही (व.व.), गोटी; क्रि. मानिस तैनाथ गर्नु, भर्ना गर्नु, भावना र साहस गर्नु;—alive ! (अधैर्यको सम्बोधन) ज्वान !;—of straw भूसको थैली;—of–war जङ्गी जहाज;—of the world अनुभवी, जान्ने, सहिष्णु मानिस;—Friday नोकर (पछि लागिरहने);—about town काम नभएको अल्सी सामाजिक व्यक्ति;—eater नरभक्षी, टोक्ने घोडा, मान्छे खाने वाघ;—handle हात हाल्नु, वलजफ्ती गर्नु;—hole सडकमा नालमा जाने प्वाल; the—in the street साधारण नागरिक;—servant नोकर;—slaughter भवितव्यले भएको नरहत्या, ज्यानमारा, कर्तव्यकारी ।

manacle (म्या'नक्ल्) ना. (सा. व.व.) र क्रि. हतकडी ।

manage (म्या'नेज्) क्रि. र ना. सम्हाल्नु, निर्वाह गर्नु, टार्नु, भ्याउनु, सद्यार्नु, धान्नु, चलाउनु, मतलव साध्य गर्नु, पटाउनु, हासिल गर्नु; ना. घोडाको तालीम, तालिमे घोडाको चाल, घोडा चढ्न सिकाउने तालीम केन्द्र;—able वि. वश्य, मान्ने, शासनीय;—ment ना. प्रवन्ध, संचालन; the management प्रवन्ध समिति;—r व्यवस्थापक, संचालक, प्रवन्धक; managing committee प्रवन्ध, संचालन, समिति ।

Manchester (म्यान्'चेस्टर्) ना.—goods कपडा;—School स्वतन्त्र व्यापारको पक्षपाती संगठन ।

mandamus (म्यान्डे'मस्) ना. माथिल्लो अदालतले मातहत इजलासलाई गरेको आदेश; परमादेश ।

mandarin (म्यान्'डरिन्) ना. चीनी पदाधिकारी, वडाझी; चीनको वोलिने भाषा; पुरानू विचारको राजनैतिक नेता; चीनिया लुगा लाएको पुतली; एक प्रकारको हाँस ।

mandarin,–ine (म्यान्'डरीन्) सुन्तलाको प्रकार ।

mandat/e (म्यान्'डेट्) ना. र क्रि. आदेश, आज्ञापत्र, हुकूम, वारिसपत्र; क्रि. आर्कालाई काम सुम्पनु (खा०ग० संयुक्त राष्ट्रसंघले स्वतन्त्रता उपभोग गर्न तयार नभएको प्रदेश शासन गर्ने अभिभारा कुनै राष्ट्रलाई सुम्पेको; (क०) आज्ञा; मतदाताहरूले संसदमा कुनै दललाई दिएको भनी मानिएको राजनैतिक अधिकार; प्रदेशलाई प्रशासनको लागि आदेशद्वारा

सुम्पनु;—ary ना. वारिस;—ory वि. आदेशक, अनिवार्य, आज्ञापक ।

mandible (म्यान्'डिब्ल्) ना. स्तनपायी र माछाहरूको बंगारो खा०ग० तल्लोचाहिँ; चराको चुच्चोको माथिल्लो वा तल्लो भाग; (कीरामा) माथिल्लो बंगारोको दुईमध्ये कुनै भाग ।

mandola,—ora (म्यान्डो'ला,–ओ'अ्रा) ना. वीणा वा सारङ्गीको प्रकार ।

mandolin(e) ना. वीणा प्रकारको जोडे तारवाला वाद्य यन्त्र, शारिकाले वजाउने ।

mandragora (म्यान्ड्र्या'गोरा) ना. तल आउने प्रकारको लागू वस्तु ।

mandrake (म्यान्'ड्रेक्) ना. विषालु विरुवा, यसको जरा मानिस जस्तो आकारको भनिठानिएको थियो र उखेल्दा चीत्कार गर्छ भन्ने किंवदन्ती थियो ।

mandrel,—il (म्यान्'ड्रल्,–ड्रिल्) ना. खराजको धूर, धातु वा अन्य वस्तु पिटिने वा बनाइने वाटुलो छड ।

mandrill (म्यान्'ड्रिल्) ना. ठूलो, डरलाग्दो र रीसाहा लङ्गूर किसिमको बाँदर ।

manducate (म्यान्'ड्युकेट्) क्रि. चपाउनु, खानु ।

mane (मेन्) ना. याल, केशर, सटा, जगर, जटा ।

manege,—ege (मनेज़्') ना. घोडा चढ्न सिक्ने ठाउँ, तालिमे घोडाको चाल, घोडाचढाइ ।

manes (मे'नीज़्) ना. (ब० व०) पितृ; वितेका व्यक्तिको सम्माननीय छाया, प्रेत ।

manful (म्यान्'फुल्) वि. वीर, दृढ़संकल्प ।

manganese (म्याङ्'गनीज़्) ना. म्याङ्गनीज तत्वधातु ।

mange (मेन्ज्) ना. भुत्ले जनावरको छालाको रोग; खोइरो, (बो. चा.) छालाको मैलो अवस्था ।

mangel (-wurzel), (म्या'ङ्गेल् वअ्र्ज़ेल्) man gold (-wurzel) ना. गाईवस्तुलाई ख्वाउने ठूलो किसिमको चुकन्दर ।

manger (म्यान्'जर्) ना. नाद, गाईवस्तुलाई ख्वाउने द्रोणी, बाकस; dog in the—आफू पनि नगर्ने अरूलाई पनि गर्न नदिने ।

mangle (म्याङ्'ग्ल्) ना. र क्रि. धोएको लुगा निचोर्ने दुई वा वढी नल जडेको यन्त्र; क्रि. लुगा निचोर्नु; मार, चोटले घाउ पार्नु, रूपहीन पार्ने जोरसँग काट्नु; (उद्धरण, पाठ इ०) नराम्रो गल्तीले विगार्नु, उच्चारण विगार्नु ।

mango (म्याङ्'गो) ना. (ब. व.—es) आँप, आम्र;—trick आँपको रूख फलाउने चटक;—blossom मुजुरो, चूत प्रसव;—sprout सहकार मन्जरी, आँपको मुजुरो ।

mangonel (म्याङ्'गनेल्) ना. ढुंगा इ० हान्ने सैनिक यन्त्र ।

mangosteen (म्या'ङ्गोस्टीन्) ना. म्याङ्गोस्टीन फल ।

mangrove (म्याङ्'ग्रोभ्) ना. औषधिमा प्रयोग हुने जडी-बूटी ।

mangy (म्यान्'जि) वि. लूते, मैलो, फोहोर ।

manhattan (म्यान्ह्या'टन्) ना. मद्यसारयुक्त पेयको प्रकार ।

manhood (म्यान्'हुड्) ना. मनुष्यत्व, पौरख, वीर्य, प्रौढता, साहस, देशवासी;—suffrage प्रौढ मतदान अधिकार ।

mania (मे'निआ) ना. उन्माद, सनक, झोक, बहुलट्टी; पागलपन, एक विषयासक्ति ।

maniac (मे'निअ्याक्) ना. र वि. उन्मत्त, वातुल, सन्काहा, पागल ।

manicure (म्या'निक्योअर्) ना. र क्रि. हात र नङको पेशेवर उपचार गर्ने; क्रि. त्यस्तो उपचार गर्नु ।

manifest (म्या'निफेस्ट्) ना., वि. र क्रि. भन्सारको लागि तयार गरिएको जहाजको लादको सूची; बीजक, ज्ञापन, वि. स्पष्ट, स्फुट, व्यक्त;—ation ना. व्यंजन, स्फुटीकरण, प्राकट्य, अभिव्यंजन, प्रादुर्भाव, आविर्भाव; क्रि. आँखा वा मनलाई स्पष्टसँग देखाउनु; सिद्ध गर्नु, प्रमाण पुऱ्याउनु; (गुण, भाव) प्रदर्शन गर्नु, (आफ्नू काम, चेष्टा, इ० बाट); (चीज) आफूलाई प्रकाश गर्नु, प्रकट गर्नु; ज़हाजको बीजकमा देखाउनु; (भूत, प्रेत) देखा पर्नु ।

manifesto (म्यानिफेस्'टो) ना. प्रकाशन, घोषणा, ज्ञापन ।

manifold (म्या'निफोल्ड्) वि. र ना. नानाविध, नाना प्रकार, बहुरूप;—writer नकल झिक्ने यन्त्र; (यन्त्र०) धेरै प्वाल भएको कोष्ठ वा नली ।

manikin (म्या'निकिन्) ना. सानू मान्छे, बाउन्ने; कलाकारको मूर्ति, शरीर रचना देखाउने पुतली, क्षुद्रनर ।

manilla (मनि'ला) ना. अफ्रिकी जातिहरूले सट्टामा चलन गर्ने धातुको बाजु ।

manipulat/e (मनि'प्युलेट्) क्रि. मिलाउनु, चलन गर्नु, निर्वाहित गर्नु, सीप वा चतुऱ्याइँसँग चलाउनु, (व्यक्तिलाई) चतुर, खा० ग० बेठीक प्रभावद्वारा आफ्नू काममा लगाउनु;—ion ना. निर्वाहण ।

manitou (म्या'निटु) ना. ख्याक ।

mankind (म्यान्काइण्ड्') ना. मनुष्य जाति, मान्छे, पुरुष ।

manlike (म्यान्'लाइक्) वि. मानवयोग्य, मानिसको असल वा खराब गुणले युक्त; (स्त्री) लोग्ने जस्तो ।

manly (म्यान्'लि) वि. मान्छेको गुण भएको, वीर, साहसी, (स्त्री) मानिस जस्तो; जमामर्द ।

manna (म्या'ना) ना. अमृत ।

mannequin (म्या'नेक्विन् वा किन्) ना. पोशाक पसले, सुजीकारहरूले आफूले तयार गरेको लुगा लाएर देखाउन राखेका व्यक्ति (खा० ग० स्त्रीहरू) ।

manner (म्या'नर्) ना. ढाँचा, तवर, पाठ, क्रम, पारा, तरीका, चाला, (ब० व०) चालचलन, परिपाटी, good—s सोमत, अदब; bad—s बेअदब, बेकाइदा; the grand—पुरानू काइदा; साहित्य वा कलामा कुनै शैली ।

mannered (म्या'नर्ड्) वि. Ill, well, rough—खराब, असल, भद्दा, अशिष्ट काइदा भएको; (शैली, कलाकार, लेखक)

वानी देखाउने ।

mannerism (म्या'नरिज्म्) **ना.** कला वा साहित्यमा कुनै स्वीय ढाँचाको चाहिनेभन्दा वढी रुचि देखाउने; वानी, ढाँचा; शैलीको छल; (खा० ग० अभिनेताको) भावभङ्गी वा वोलीको ज्यादा प्रयोग, थेगो ।

mannerly (म्या'नर्लि) **वि.** शिष्ट, काइदाको ।

mannish (म्या'निश्) **वि.** (स्त्रीको) पुरुष जस्तो; पुरुषको लक्षण भएको (स्त्रीको होइन) ।

manoeuvre (म्यान्यू'भ्र्,—न्यू'भर्) **ना.** र **क्रि.** लडाइँमा सेना वा जहाजको पूर्वयोजनावमोजिमको चाल, हतौडी, कपट प्रयोग, कौशल, युद्धमार्ग; **क्रि.** सेनाले चाल गर्नु, कौशल देखाउनु, चतुन्याइँले प्रतिद्वन्द्वीलाई विवश गर्नु, चतुन्याइँसँग चाल्नु; हतौडी, क्रिया; युद्धमार्ग ।

manometer (मानॅ'मिटर) **ना.** हावा, ग्यास, वा वाष्पहरूको दवाव जाँच्ने यन्त्र ।

manor (म्या'नर्) **ना.** जग्गा, जागीर, जिमीदारी; विर्ता ।

manque (माङ्'के) **वि.** (आफ्नू नामपछाडि लेखिने) हुनुपर्ने, तर छैन; ज० कि० a Napoleon manque नेपोलियन हुनुपर्ने, तर छैन ।

manse (म्यान्स्) **ना.** पादरीको निवास (स्कटल्याण्डमा खा० ग०) ।

mansion (म्यान्'शन्) **ना.** अट्टालिका, प्रासाद, भवन ।

mansuetude (म्यान्'स्विट्युड्) **ना.** नम्रता, भलमनसियत, मिलनसारिता ।

mantel (म्यान्'टेल्) **ना.** (अचेल धे. ज.—piece) आतसखानको माथि वा चारैतिर काठ वा संगमरमरको रचना ।

mant (e) let (म्यानट्'लेट्) **ना.** छोटो लुगा, तोपमा काम गर्नेहरूको रक्षाको लागि गोलीले नछेड्ने पर्दा ।

mantic (म्यान्'टिक्) **वि.** भविष्यवक्ताको ।

mantissa (म्यान्टि'सा) **ना.** लघु गणकको दाशमिक ।

mantle (म्यान्'ट्ल्) **ना.** र **क्रि.** वाहुला नभएको वाहिरी पोशाक (स्त्रीको); आवरण, प्रावार; तापदीप्त नलमा श्वेत प्रकाशको लागि जडिने हावादार खोल; **क्रि.** ढाक्नु, छोप्नु, ओढाउनु, तर लाग्नु, गाला रातो हुनु, मुख टल्कनु (लाज, रीस इ० ले) ।

manual (म्या'न्युअल्) **वि.** हातले, हस्त;—labour हस्तकार्य; सानु पुस्तक, पुस्तिका, लघु पुस्तक ।

manufactory (म्यान्युफ्याक्'टरि) **ना.** ज्यासल, कार्यालय, शिल्पशाला, कारखाना ।

manufacture (म्यान्युफ्याक्'चर्) **ना.** र **क्रि.** उत्पादन (हातले या यन्त्रले, ठूलो परिमाणमा), उद्योगको शाखा, (हें०) यान्त्रिक उत्पादन (साहित्य इ० को); **क्रि.** उत्पादन गर्नु, रच्नु, वनाउनु ।

manumit (म्यान्युमिट्') **क्रि.** (–tt–) अमलेख गर्नु (करिया), छोड्नु, स्वतन्त्रता दिनु ।

manure (म्यान्योर्') **ना.** र **क्रि.** मल, खाद; **क्रि.** मल हाल्नु, पटाउनु, मलजल हाल्नु ।

manuscript (म्या'न्युस्क्रिप्ट्) **वि.** र **ना.** (छो०क० Ms, व.व. Mss) हस्तलिखित (पुस्तक, कागत), हस्तलेख, मुद्रकलाई दिइने लेखकको प्रति ।

Manward (म्यान्'वर्ड्) **वि.** मनुष्यप्रति ।

Manx (म्यान्क्श्) **वि.** र **ना.** म्यान टापूको, जस्तो;—cat पुच्छरहीन जात;—man सो टापूको वासिन्दा; म्यान्क्स विरालो, भाषा वा जाति ।

many (मे'नि) **वि.** र **ना.** वहुसंख्यक, धेरैजसो, विधि, अनेक, वहु, नाना, कैयौं, अनेकौं, पवितो;—headed beast, monster जनता, भीड;—sided वहुपक्षीय ।

Maori (माओ'रि) **ना.** न्युजील्याण्ड टापूका आदिवासी, भाषा ।

map (म्याप्) **ना.** र **क्रि.** नक्शा, मानचित्र; **क्रि.** नक्शा गर्नु, मिलाउनु, प्रवन्ध गर्नु, नक्शामा हाल्नु ।

Maquis (माकी') **ना.** द्वितीय विश्वयुद्धमा फ्रांसमा देशप्रेमीहरूको गुप्त फौज ।

mar (माअ्र्) **क्रि.** (–rr–) विगार्नु, ध्वस्त पार्नु, नास्नु, कुरूप वनाउनु;—plot **ना.** सकसकले काम विगार्ने; make, mend or—सपार्नु विगार्नु ।

marasmus (मऱ्याज्'मस्) **ना.** शरीर सुक्नु, शरीरको क्षय ।

Marathon (म्या'रथन्) **ना.**—(race) अति लामू दौड; अति धेरै अड्ने शक्ति र दम चाहिने ।

maraud (मरॉड्') **क्रि.** लूटपीटको लागि आक्रमण गर्नु, चोर्न जानु, लुट्नु;—er **ना.** लुटाहा, चोर ।

marble (माअ्र्'ब्ल्) **ना.** र **क्रि.** संगमरमर, प्रस्तर, शिला, फट्टिक, गुच्चा; **क्रि.** संगमरमरको रंगमा रंगाउनु ।

marc (माअ्र्क्) **ना.** निचरेको फलको खोस्टा ।

marcel (माअ्र्सेल्') **ना.** र **क्रि.** (–ll–) केशको कृत्रिम घुँघराहट; **क्रि.** त्यसरी घुम्न्याउनु, लहर पार्नु ।

marcescent (माअ्र्से'सेण्ट्) **वि.** (विरुवावारे) वैलाउने, तर नझर्ने ।

March (माअ्र्च्) **ना.** मार्च महीना;—hare जोडा लाग्ने मौसिमको खरायो ।

march (माअ्र्च्) **ना.** (ऐति०) सीमाना, दशगजा, सेनाको चलती, मार्च, संयान, लामू थकाइ लाग्ने हिँडाइ, प्रगति, एक दिनको वाटो, कदम मिलाएर सेनाको चाल; **क्रि.** सीमाना जोरिनु, यात्रा गर्नु, कदम मिलाएर हिँड्नु, स्थिरतासँग हिँड्नु, सर्कनु;—past **ना.** फौजले सलामी मंचको अधिवाट मार्च गर्दै जानु, फौजी निरीक्षणमा ।

marchioness (मा'र्शनेस्) **ना.** marquis की स्त्री वा विधवा, विलायतको वडाज्ञीको दर्जा ।

marchpane, marzipan (माअ्र्च्'पेन्, माअ्र्' जिप्यान्) **ना.** वदाम, चीनी, कुटेर लेदो वनाई त्यसको केक ।

marconigram (माअ्र्को'निग्र्याम्) **ना.** (ऐति०) वेतारको सन्देश, आकाशवाणी (सन्देश) ।

mare (मे'य्रे) **ना.**—clausum कुनै देशको क्षेत्रीय समुद्र;—liberum खुला समुद्र ।

mare (मेय्र्) **ना.** घोडी; grey—is better horse स्त्रीले पतिलाई शासन गर्ने; shanks's—आफ्नै खुट्टा (हिँड्नालाई); —'s nest काल्पनिक आविष्कार, नभएको कुरा ।

Marechal Niel (माअ्र्शल् नील्) **ना.** गुलाफको लताको प्रकार ।

maremma (मरे'मा) **ना.** समुद्र किनारस्थित नीचा, अस्वास्थ्यकर, धापिलो जमीन ।

margarine (माअ्र्'गरिन्, माअ्र्'जरिन्,–रीन् पनि) **ना.** खाने तेल, बोसो, पानी, दूध इ० मिलाएर बनाएको वस्तु जो पकाउने चिल्लो वा मक्खन जस्तो गरी खान, पकाउनामा उपयोग हुन्छ; मार्गारीन, मार्जारीन ।

marge (माअ्र्ज्) **ना.** (क०) किनारा, छेउ; मार्जारीनको छो० रू० ।

margin (माअ्र्'जिन्) **ना.** र **क्रि.** छेउ, साँध, कभर, पुष्टी, उदकान्त, किनारा, फडके; **क्रि.** फडके हाल्नु, वा फडकेमा टीका लेख्नु, राख्नु;—al **वि.** फडकेको, मा, लेखिएको;—al witness फडकेको साछी; टीकासहितको; सीमा पुग्ला जस्तो;—alia **ना.** फडकेका टिपोट, टीकाहरू;—ate,—ated छेउ हाल्नु, हालेको, भएको ।

marguerite (माअ्र्'गरीट्) **ना.** फूलको प्रकार ।

mariage de convenance (मारिआ'ऱ्ज़ ड कँभ्नाँस्) **ना.** लाभको विचारले प्रवन्ध गरिएको विवाह ।

marigold (म्या'रिगोल्ड्) **ना.** सयपत्री फूल ।

marijuana,—huana (मारिह्वा'ना) **ना.** गाँजा, भाङ्को सुकाएको पात, जसबाट नशादार चुरोट बनाइन्छ ।

marimba (मरिम्'बा) **ना.** अफ्रिकी जलतरङ्गको किसिम ।

marinade (म्यारिनेड्') **ना.** रक्सी, सिरका, मसलाको चटनी; त्यसमा हालेको माछा, मासुको अचार ।

marine (मरीन्') **वि.** र **ना.** सामुद्रिक, जलीय, नाविक, **ना.** नौसैनिक, जहाजमा काम गर्ने सैनिक; देशको नौसेना, जहाजी सैनिक, जलथलको लडाइँको विशेषज्ञ, चाम्रो आक्रमणकारी सैनिक; tell that to the (horse)–s फजूल कुरा, हुन नसक्ने कुरा ।

mariner (म्या'रिनर्) **ना.** मल्लाह, नाविक, जहाजी; master—जहाजको कप्तान ।

marionette (म्यारिअनेट्') **ना.** कठपुतली ।

marish (म्या'रिश्) **वि.** र **ना.** (क०) धापिलो, दलदल ।

marital (म्या'रिट्ल्) **वि.** पतिको, वैवाहिक ।

maritime (म्या'रिटाइम्) **वि.** समुद्रनेर बस्ने, पाइने; सामुद्रिक, तटवर्ती, समुद्रतटवर्ती ।

marjoram (माअ्र्'जोरम्) **ना.** जंबीर, कठिंजर ।

mark (माअ्र्क्) **ना.** र **क्रि.** ताक, लक्ष्य, ध्येय, चिन्ह, लक्षण, निशाना, निस्सा, (निरक्षरले कोरेको) चिन्ह, (परीक्षामा प्राप्त गर्ने) अङ्क, दाग, खत, (खेलकूद) प्रस्थान विन्दु; जर्मनीको मुद्रा; **क्रि.** चिनु लाउनु, छाप लाउनु, पर सार्नु, लेख्नु (खेलमा पाएको अङ्क), सँगै जानु, ध्यानसाथ हेर्नु; of—प्रसिद्ध; easy—(अप०) सजिलोसँग ठगिने;—ed देखिने प्रकारको, चिनु लाएको;—time अगाडि नबढीकन हिँडेको चाल गर्नु;—up **ना.** पसलेले मालको मोलमा थपेको भाडा भरोट र नाफा;—ing ink लुगामा नाम लेख्ने नउड्ने मसी ।

marker (माअ्र्'कर्) **ना.** खेलको प्रगति राख्ने मानिस; विलियर्ड्स्मा खेलाडीको अङ्क लेख्ने मानिस; हवाइ हमलामा बम खसाल्ने वायुयानलाई ठाउँ देखाउने मताप; विपणी, पण्यविधि ।

market (माअ्र्'केट्) **ना.** र **क्रि.** बजार, मंडी, बेचबिखन गर्ने थलो, हाट; black—कालो बजार; Europeon Common M_ योरपीय साझा बजार; money-—शेयर बजार; Stock-—सरकारी ऋणपत्र इ०को बजार;—-day हाट लाग्ने दिन; **क्रि.** बेच-बिखन गर्नु, (हाट बजारमा वा अन्यत्र); —-place चोक, चोक बजार;—ing **ना.** खरीद, सुक्रीबिक्री; क्रय-विक्रय ।

marksman (माअ्र्क्स्'म्यान्) **ना.** (ब.ब.–men) निशानाबाज ।

mark Tapley (माअ्र्क् ट्याप्'ले) **ना.** अजेय खुशदिल व्यक्ति (डिकेन्सको उपन्यासमा पात्र) ।

marl (माअ्र्ल्) **ना.** कालिमाटी ।

Marlborough House (मॉ'ल्ब्र हाउस्) मार्लबरा भवन, लण्डनको एक राजप्रासाद ।

marmalade (माअ्र्'मलेड्) **ना.** सुन्तला या अन्य फलको मुरब्बा किसिमको खाद्य वस्तु, मार्मलेड ।

marmite (माअ्र्'माइट्) **ना.** भट्टीवालाको खमीरबाट झिकेको सार ।

marmoreal (माअ्र्मो'अ्रिअल्) **वि.** फट्टिकको, संगमरमरको, जस्तो ।

marmoset (माअ्र्'मसेट्) **ना.** बाक्लो पुच्छर भएको सानू जातको अमरिकी बाँदर ।

marmot (माअ्र्'मट्) **ना.** एक प्रकारको लखर्के ।

marocain (म्या'रकेन्) **ना.** रेशम वा अन्य वस्तुको कपडा ।

maroon (मरून्') **ना.**, **वि.** र **क्रि.** घनरक्त, खैरो रातो रंग; पटाका; डच गियाना र वेस्ट इण्डीजका हबशी जाति; **क्रि.** मानिसलाई सजायको खातिर शून्य टापू वा किनारमा एक्लै छाडिदिनु; अल्सीसँग यताउति गर्नु ।

marque (माअ्र्क्) **ना.** (ऐति०) जहाज हतियारले लेस गरी दुश्मनका व्यापारी जहाजलाई पकडाउ गर्ने आज्ञापत्र; त्यस्तो आज्ञा पाएको जहाज ।

marquee (माअ्र्की') **ना.** शामियाना, ठूलो पाल ।

marquetry,–terie (माअ्र्'किट्रि) **ना.** जडाउ काम ।

marquis (माअ्र्'क्विस्) **ना.** विलायतको बडाम्नीको दर्जा Duke र Earl को बीचमा ।

marquise (माअ्र्कीज़्') **ना.** विलायतको marchioness दर्जाकी महिला; धेरै मणि जडाउ औंठी ।

marquois (माअ्र्'क्वइज़्) **ना.** समान दूरीमा समानान्तर रेखा खिच्ने उपकरण ।

marram (म्या'रम्) **ना.** वालुवा जमाउने तटवर्ती घाँस ।

marriage (म्या'रिज्) **ना.** विवाह, दाम्पत्य, विहावारी, पाणिग्रहण; civil—धार्मिक विधिविनाको; companionate —जाया जन्ममाथि निरोध र पारपाचुकेको प्रवन्धसहितको;—articles दाइजो जेथा इ० को प्रवन्धको लागि;—bed वैवाहिक संसर्ग;—lincence विवाह गर्नाको आज्ञापत्र;—lines विवाहको प्रमाण;—market विवाह वजार, दुलहा-दुलहीको खोज;—settlement स्त्री र सन्तानलाई जेथा प्राप्त हुने कागतपत्र, बन्देज; (अलं.) आत्मीय संयोजन मिलन; (ताश) वादशाह र मीम एकै रंगको एकै हातमा पर्न जानु;—able **वि.** विवाहयोग्य ।

marrow (म्या'रो) **ना.** गुदी, (सुइहाडभित्रको) मासी, मज्जा, भित्रसम्म (to the—); फर्सीको किसिम; (प्रादे.) साथी, पतिपत्नी, जोडा, (कसैको) उही रूप ।

marr/y (म्या'रि) **क्रि.** र **वि. बो.** विवाह गर्नु, परिणय गर्नु; **वि.बो.** आश्चर्य, रोष इ० प्रकट गर्ने शब्द;—ied **वि.** विवाहित ।

Mars (माअ्र्ज्) **ना.** युद्धदेवता (रोमनहरूको); लडाइँ, मंगलग्रह ।

Marseillaise (माअ्रसलेज्') **ना.** फ्रांसको राष्ट्रिय गीत, धून ।

Marseilles (माअ्र्सेल्ज्) **ना.** दक्षिण फ्रांसको वन्दरगाह; मोटो सुती कपडाको प्रकार ।

marsh (माअ्र्श्) **ना.** धाप, दलदल, कच्छभूमि;—gas कार्वन र हाइड्रोजेन मिसिएको ग्यास ।

marshal (माअ्'र्शल्) **ना.** र **क्रि.** वलाध्यक्ष; field—अतिरथी; **क्रि.** योग्य रीतसँग मिलाउनु (भोजमा पाहुनाहरू; तथ्यहरू, सिपाहीहरू इ०); व्यक्तिलाई विधिपूर्वक लिएर जानु;—ling yard मालगाडीलाई मिलाउने रेलको स्टेशनको भाग ।

marshalsea (माअ्र्'शल्सी) **ना.** (ऐति.) विलायतको एक अदालत र कैदखाना ।

marsupial (माअ्र्स्यु'पिअल्) **वि.** र **ना.** (श. वि. र प्रा. वि.) थैलोको जस्तो उदा.—muscle थैलो पेशी; **ना.** वच्चालाई थैलोमा हालेर हिंडाउने स्तनपायी जन्तु; कोष्टवाहक ।

mart (माअ्र्ट्) **ना.** वजार, मण्डी, लिलामघर, व्यापार केन्द्र ।

martello (माअ्र्टे'लो) **ना.** (ऐति.. व.व.–s) सानू गोल किल्ला (खा.ग. शत्रुवर्गलाई रोक्न तटमा बन्ने) ।

martial (माअ्र्'श्ल्) **वि.** फौजी, जंगी, यौध, लडाकी, लडाकू वीर;—law जंगी ऐन, मंगल ग्रहको; court—सैनिक अदालत, जङ्गी अदालत ।

Martian (माअ्र्श्न्) **ना.** मंगल ग्रहको वासिन्दा; मांगलिक ।

martin (माअ्र्'टिन्) **ना.** गौंथली जातको चरा ।

martinet (माअ्र्टिनेट्) **ना.** कडा (खा.ग. सैनिक वा नौ सैनिक) अनुशासनकर्ता ।

martingale (माअ्र्'टिङ्गेल्) **ना.** घोडाको साज; डोरी (जहाजी); जुवामा अन्तमा वल्झाउने आशाले डवल्याउँदै थाप्ने पद्धति ।

martini (माअ्र्टी'नि) **ना.** मार्टिनी हेनरी राइफल; धेरै द्रव्य मिसाएर वनाइने मद्यको प्रकार ।

martlet (माअ्र्ट्'लेट्) **ना.** चराको प्रकार ।

martyr (माअ्र्'टर्) **ना.** शहीद, देहत्यागी, धर्मको लागि प्राण दिने;—dom **ना.** प्राणोत्सर्ग, यातना;—ize **क्रि.** शहीद वन्नु, वनाउनु;—y **ना.** शहीदस्थल, शहीदमन्दिर ।

marvel (माअ्र्'भल्) **ना.** र **क्रि.** कौतुक, आश्चर्य, चमत्कार, उदेकलाग्दो वस्तु; **क्रि.** अचम्म पर्नु, चकित हुनु;—lous **वि.** अद्भुत, अचम्मको, विचित्र ।

Marxian (माअ्र्क्'सिअन्) **Marxist** (माअ्र्क्'सिस्ट्) **ना.** जर्मन साम्यवादी कार्ल मार्क्सको अनुयायी ।

mascara (म्यास्कअ्र) **ना.** आँखाको परेला इ. रंगाउन लाउने वस्तु ।

mascons (म्यास्'कॅन्स्) mass Concentrations को छो. क. रूप, घनत्वका क्षेत्रहरू ।

mascot (म्यास्'कट्) **ना.** छुक ल्याउने वस्तु, व्यक्ति, शुभ वस्तु, छुक ।

masculine (मा'स्क्युलिन्) **वि.** र **ना.** पुल्लिङ्ग, लोग्ने, पौरुष, वीर्यवत्, (स्त्री) पुरुषको गुणवाली; **ना.** पुल्लिङ्ग, पुल्लिङ्ग शब्द ।

maser (मे'ज़र्) **ना.** अति सूक्ष्म लहरहरूलाई ठूलो पार्ने उपकरण, मेजर (दाँ. laser) ।

mash (म्याश्) **ना.** र **क्रि.** (गाई घोडालाई दिने उसिनेको) दाना, (पानीमा भिजाएर नरम वनाएको) गुदी, (अप.) किचेको उसिनेको आलु; अस्तव्यस्त मिसावट; **क्रि.** फेट्नु, फाउनु, पिन्नु, कुट्नु, गुदी वनाउनु, आलू किचेर डल्लो पार्नु;—(लु.) अर्को लिङ्गमा प्रेम जगाउनु; be—ed on आसक्त गरिनु; **ना.** आसक्त गरिने व्यक्ति;—er (लु.) स्वास्नीमानिस हरू मोह पाछु भनी शेखी गरी हिंड्ने गुण्डो ।

mashie (म्या'शि) **ना.** गल्फ खेलमा चलन गरिने वेल उफार्ने एक प्रकारको डंडी ।

mask (मास्क्) **ना.** र **क्रि.** मकुण्डो, छद्मसुख; रक्षाको लागि मुखमा लाइने मकुण्डो (तार, जालको); माटो वा मैनको वनेको व्यक्तिको अनुहार; छद्मवेश; **क्रि.** मुख ढाक्नु, शत्रुको दृष्टिवाट वचाउन तोप इ. लुकाउनु, छोप्नु, भाव लुकाउनु; death—मृत शरीरवाट (अनुहारको) मैनको आकार झिकेको;—ed ball मुख छोपेर नाच्ने उपलक्ष;—er **ना.** मास्क खेल वा मुख छोपेर नाच्ने समारोहमा भाग लिने व्यक्ति ।

masochism (म्या'ज़ोकिज्म्) **ना.** (खा.ग. यौनिक) विकृति जसमा दुःख भोग्नेले पीडा या अपमानबाट सुखको अनुभव पाउँदछ; sadism हेर्नू ।

mason (मे'सन्) **ना.** र **क्रि.** वास्तुकार, डकर्मी, वज्रकर्मी; **क्रि.** (वज्रले) वलियो पार्नु, टेवा दिनु, वनाउनु ।

masonry (मे'सन्रि) **ना.** डकर्मी इ. को काम, पत्थरको काम; पक्की (घर इ.) ।

masque (मास्क्) **ना.** आफूखुशी खेलाडीहरूले गरेको गीति काव्य नाटकाभिनय, शुरूमा विना बोलीको ।

masquerade (मास्करेड्') ना. र क्रि. मुख छोपेर नाच्ने समारोह, नकली तमाशा, झुट्टा जलसा, स्वाँग; क्रि. छद्मवेशमा देखापर्नु, नकली वेशभूषा पैह्रनु ।

mass (म्यास्) ना. र क्रि. ठोस, घन, पिण्ड, घनघटा, स्थूलता, गुरुत्व, क्रिस्तानी धार्मिक विधि; क्रि. जम्मा गर्नु, हुनु; धुम्मिनु, भेला हुनु ।

massacre (म्या'सकर्) ना. र क्रि. काटमार, कोतपर्व, संहार, कतल, कत्तल, कत्लेआम; क्रि. धेरैलाई एकै पटक मार्नु, कत्तल गर्नु, संहार गर्नु ।

massage (मा–म्यासाज़्') ना. र क्रि. मालिस, ऐंठन, मर्दन, उत्सादन, तेलारी; क्रि. माड्नु, दल्नु; oil—तेलाहारी ।

masseur, masseuse (म्यासअ्र्', म्यासज़्') ना. देहमा मिच्ने, दाब्ने, माड्ने पेशा भएको पुरुष, स्त्री ।

massif (म्या'सिफ्) ना. धेरै चुलीहरू भएको ठोस पर्वतमाला ।

massive (म्या'सिभ्) वि. भारी, बुलन्द, ठोस, खम्मीर, बृहत्, बृहदाकार, बडेमा, स्थूलाकार, प्रभावपूर्ण, प्रभावकारी, धम्मरधूस, धिसिमिसिधा ।

massy (म्या'सि) वि. ठोस, गह्रुँ ।

mast (मास्ट्) ना. (जहाजको) मस्तूल, कूपदण्ड; झण्डा, वेतारको एरियल, इ० उठाउने खम्बा; लट्ठा ।

master (मा'स्टर्) ना. र क्रि. मालिक, प्रभु, खसम, अन्नदाता, स्वामित, गुरु, स्वामी, हर्ताकर्ता, जहाजको कप्तान, आचार्य, सिपालु कारीगर, प्रसिद्ध कलाकार, श्रेष्ठ, रवाफिलो; घाघड़ान; क्रि. जित्नु, हराउनु, अधीनमा ल्याउनु, पूरा ज्ञान आर्जन गर्नु, औजार चलाउनामा निपुण हुनु, मालिक भएर नियंत्रण गर्नु;—key ना. धेरै ताल्चा खोल्ने साँचो, गुरु साँचो;—piece ना. कमाल, बाजीमाथ, करामात, कुदरत, उत्कृष्ट कृति;—plan गुरु योजना;—stroke चमत्कार, बाजीमाथ, करामात, कुदरत, अति चातुर्य वा सीपको काम;—ful वि. हठी हुकुमी;—ly गुरु लायक, चतुर;—ship ना. प्रभुत्व, अंकुश, नियन्त्रण, विद्यालयमा गुरुको ओहदा;—y ना. शासन, प्रभुत्व, माथिल्लो हात, अति चतुऱ्याइँ, सीप, कुदरत; post—घाघडान;—(of ship) पोतधारी ।

mastic (म्यास्'टिक्) ना. कुनै रूखबाट निस्कने गूँद वा खोटो, लस्सा, हलका पहेंलो रङ्ग ।

masticate (म्यास्'टिकेट्) क्रि. चपाउनु, दाँतले (खाना) चूर्ण पार्नु ।

masstiff (मा'स्टिफ्) ना. रखवारी गर्ने ठूलो जातको कुकुर ।

mastitis (म्यास्टाइ'टिस्) ना. स्त्रीको स्तनको सूज ।

mastodon (म्यास्'टोडॅन्) ना. हात्ती जस्तो ठूलो लुप्त पशु ।

mastoid (म्यास्'टॉयड्) वि. र ना. स्त्रीको स्तनको आकारको;—operation कानको शल्य चिकित्सा ।

masturbate (म्यास्'टर्बेट्) क्रि. आफ्नै जननेन्द्रियलाई उत्तेजित गराएर वीर्यपात गराउनु; हस्तमैथुन गर्नु ।

mat (म्याट्) ना. र क्रि. (–tt–) चटाइ, सुकुल, मान्द्रो, गुन्द्री, पाउदान; क्रि. चटाइ ओछ्याउनु, जगल्टिनु, लट्टिनु;—ted वि. धमिलो, जगल्टिएको, लट्टिएको;—hair जटा; door—ढोके मान्द्रो खुट्टा पुछ्ने; on the—(फौजी अप०) अप्ठ्यारोमा, नसीहत पाउन लागेको ।

mat, matt (म्याट्) वि. र क्रि. खस्रो, विना टलकको; ना. फ्रेम हालेको तस्वीरमा सुनौला घेरो; क्रि. ऐना धमिल्याउनु, घस्नु; टलक हराएर खस्रो पार्नु;—ted (hair) ना. जटा, वि. जेलिएको ।

matador (म्या'टडअ्र्) ना. साँढेसँगको जुधाइमा साँढे मार्न खटिएको व्यक्ति; कुनै प्रकारको खेलमा मुख्य ताश ।

match (म्याच्) ना. र क्रि. जोडा, प्रतिद्वन्द्वी, समान, प्रतियोगिता, खेल, वैवाहिक सम्बन्ध; मिलाउनु, जोडा सिद्ध हुनु, लडाउनु, जुधाउनु; make a—वैवाहिक सम्बन्ध मिलाउनु, जोड्नु;—maker ना. लमी;—play गल्फ खेलको स्थिति गन्ने तरीका;—point वढी एक प्वायण्ट जितेदेखि खेलमा जित हुने अवस्था;—less वि. बेजोडा ।

match (म्याच्) ना. सलाई, दियासलाई; safety—ना. खास तहमा कोरेमा मात्र सल्किने;—box दियासलाईको बट्टा;—wood सलाई बनाउन काम लाग्ने काठ; make—wood of किचकाच पार्नु, ध्वस्त पार्नु ।

matchet (म्या'चेट्) ना. अमरिकामा हतियार र औजार दुवै काम लाग्ने चौडा गह्रौं छुरा ।

mate (मेट्) ना. र क्रि. साथी, संगी, दोस्त, जोडामध्ये एक, विवाहमा योग्य संगी, व्यापारी जहाजमा दोस्रो अफिसर, सहायक, माथ; क्रि. जोड्नु, जोडा मिलाउनु, विहे गर्नु, जोडा मिलाउनु (चरा), सँगै वस्नु; (बुद्धिचालमा) माथ गर्नु ।

matelot (म्याट्'लो) ना. (नौ अप०) मल्लाह, नाविक ।

mater (मे'टर्) ना. (अप.) माता; dura—मस्तिष्क र सुषुम्ना नाडीलाई छोप्ने चाम्रो वस्तु; pia—मस्तिष्क र सुषुम्ना नाडी छोप्ने तीन जालोमध्ये कुनै एक;—familias परिवारकी आमा ।

material (मटे'रियल्) वि. र ना. भौतिक, स्थूल, जड, शारीरिक सुखसम्बन्धी, महत्त्वपूर्ण, मुख्य, आवश्यक; ना. विषय, सामग्री, सामान, द्रव्य, माल, सारजाम, चीजबीज, माल-सामान, वस्तु, वस्त्र, कपडा; raw—कोरा माल; writing—s लिपि सज्जा, लेखन साधनहरू;—ism लोकायत, अनात्मवाद;—ize क्रि. भौतिक बनाउनु; भूतप्रेत शारीरिक रूपमा आउने पार्नु; तथ्य बनाउनु;—ity ना. मूर्तत्व ।

materia medica (मटे'रिया मे'डिका) ना. औषधि उपचारमा प्रयोग हुने औषधिहरू ।

materiel (मटेरिएल्') ना. व्यापार सामग्री; प्राप्य साधनहरू (personnel को विपरीत) ।

maternal (मेटअ्र्'नल्) वि. मातृकी, आमाको;—uncle मामा ।

maternity (मेटअ्र्'निटि) ना. मातृत्व;—hospital सुत्केरी गराउने अस्पताल, प्रसूति गृह ।

mathematic/s (म्याथेम्या'टिक्स्) ना. (ब. व.) प्रायः

ए. व. मा प्रयोग गरिन्छ) गणित, गणितशास्त्र, विद्या; pure—स्थान र परिमाणको तात्त्विक विज्ञान; applied, mixed—भौतिक अनुसन्धानका अरू विषय उ. ज्यौतिषमा लगाइएको गणित शास्त्र;—al **वि.** गणितविषयक; (प्रमाण इ. बारे) दृढतासँग निश्चित;—ian **ना.** गणितज्ञ;—cally **क्रि. वि.** गणितानुसार ।

matin (म्या'टिन्) **ना.** (व. व.) क्रिस्तानी प्रातः उपासना; (कवि. ए. व. वा व. व.) चराचुरुङ्गीको प्रात:को कलरव ।

matinee (म्या'टिने) **ना.** अपराह्नको नाटकीय या संगीतको अभिनय ।

matriarch (मे'ट्रिआऽर्क्) **ना.** (सा. ठ.) patriarch कुलपतिको जोडामा बनाइएको शब्दले कुलको सबभन्दा श्रेष्ठा स्त्रीलाई बुझाउने;—y **ना.** परिवारको मुख्य स्त्री हुने सामाजिक संगठन ।

matricide (मे'ट्रिसाइड्) **ना.** मातृहत्यारा ।

matriculat/e (म्याट्रि'क्युलेट्) **क्रि.** विद्यार्थीलाई विश्वविद्यालयको अधिकार पाउने गरी भर्ना गर्नु; त्यसरी भर्ना गरिनु;—ion **ना.** विश्वविद्यालय प्रवेश ।

matrimony (म्या'ट्रिमनि) **ना.** पाणिग्रहण, परिणय, विवाह, विधि; ताश खेल, तुरुपको बादशाह मीमको संयोग ।

matrix (मे'ट्रिक्स्) **ना.** (व. व.—ices, उच्चा०इसीज्) गर्भाशय, कुनै वस्तुको विकास हुने ठाउँ, जन्तुको अवयवको निर्माणक भाग; मणि इ. रहेको चट्टान वा ढुंगा; (छपाइ) टाइप मिलाउने साँचो; (प्रा. वि.) कोषका बीचमा रहने वस्तु ।

matron (मे'ट्रन्) **ना.** आर्या, प्रौढा, गृहिणी; पाठशाला, आरोग्य भवन इ. की संचालिका ।

matt (म्याट्) (तसवीर खिच्ने) mat को अन्य रूप ।

matter (म्या'टर्) **ना.** र **क्रि.** द्रव्य, पीप; (तर्क.) प्रकरण, विषय; मामला, कुरा, चीज, वस्तु, तत्व, पदार्थ, जड पदार्थ; **क्रि.** सारको हुनु, महत्वको हुनु; माने हुनु, पीप बग्नु;—of fact तथ्य, वास्तव कुरा ।

matting (म्या'टिङ्) **ना.** सुकुल, टाट, चटाई, गुन्द्री, मान्द्रो ।

mattock (म्या'टक्) **ना.** खन्ती, पिक ।

mattoid (म्या'टॅयड्) **ना.** अन्यवस्थित मन भएको पुरुष, धीशक्ति र मूर्खताको मिश्रण ।

mattress (म्या'ट्रॅस्) **ना.** चारपाटे, चकडी, डसना, लम्पट, बिछौना, गद्दा, तोसक; spring—कमानीदार डसना ।

maturat/e (म्या'ट्युरेट्) **क्रि.** (भै.) (फोडा खटिरा इ.) पाक्नु;—ion **ना.** रोग गराउने चीज पाक्नु, खा. ग. मोतिया बिन्दुको यस्तो हुनु; फल पाक्नु, प्रौढ हुनु, विकास ।

matur/e (मट्युर्) **वि.** र **क्रि.** प्रौढ, परिपक्व, संपन्न; **क्रि.** पाक्नु, पूर्ण विकसित हुनु, (योजना इ.) तयार पार्नु; (हुण्डी) म्याद पुग्नु;—ity **ना.** प्रौढता, पक्वावस्था, बूढोपाको, सिद्धि;—(careful) deliberation परिपक्व विचार;—plans परिपक्व योजना ।

matutinal (मट्यूटाइ'नल्) **वि.** प्राभातिकी, प्रातःकालीन ।

maudlin (मॉड्'लिन्) **वि.** र **ना.** आमत्त, खा. ग. जँड्याहाको रुञ्चेपना; **ना.** फिका भावना ।

maugre (मॉ'गर्) उ. (आ.) तापनि ।

maul (मॉल्) **क्रि.** पिट्नु, नीलडाम पार्नु, असावधानीसाथ वा भद्दासँग हात लाउनु, चलाउनु; ध्वंसालोचना गर्नु ।

maunder (मॉ'ण्डर्) **क्रि.** अलमलिनु, विना उद्देश्यले यताउति लोस्सिनु; सपनामा झैं वा विना प्रसंग बोल्नु, कुरा गर्नु ।

Mauser (मॉव'ज़र्) **ना.** राइफल वा पिस्तोलको किसिम ।

mausoleum (मॉसोलि'यम्) **ना.** भव्य समाधि, चिहान, चैत्य ।

mauvais (मो'भे) **वि.** खराब;—sujet बदमाश;—quart d'heure छोटो, तर नरमाइलो अनुभव, भेटघाट, इ.;—e honte (गोभेज्'ऑण्ट) झूटो लाज, दु:खदायी संशय ।

mauve (मोभ्) **ना.** र **वि.** उज्यालो कलेजी रंग; **वि.** सो रंगको ।

maverick (म्या'भरिक्) **ना.** र **क्रि.** सानू बाछो; डुलुवा मालिकरहित व्यक्ति; **क्रि.** रल्लिनु ।

mavourneen (मभूर्'नीन्) **ना.** र **वि.** **बो.** मेरी प्यारी ।

maw (मॉ) मुँडी (मानिसको, ठट्टामा मात्र), खा. ग. उग्राउने जन्तुको पछिल्लो पेट ।

mawkish (मॉ'किश्) **वि.** फिका नमीठो गन्धको, फिका भावुकताको, नचाहिंदो वा स्वाँगपूर्ण भावुकताको ।

mawseed (मॉ'सीड्) **ना.** अफीमको ब्यू ।

maxilla (म्याक्सि'ला) **ना.** (व. व.—ae) बङ्गारो, खा. ग. जन्तुको माथिल्लो बङ्गारो ।

maxim (म्या'क्सिम्) **ना.** सूत्र, उक्ति, सिद्धान्त, व्यवहार रीति; एक प्रकारको स्वचालित बन्दूक ।

maximalist (म्या'क्सिमलिस्ट्) **ना.** पाएसम्म बढी लिन उत्सुक व्यक्ति, जसले समझौता स्वीकार गर्दैन ।

maximize (म्या'क्सिमाइज्) **क्रि.** सकेसम्म बढाउनु, चुलाउनु, (सिद्धान्त, मत, इ.) जोरसँग प्रचार गर्नु ।

maximum (म्या'क्सिमम्) **ना.** (व. व. प्राय:—ima) र **वि.** उच्चतम, उपल्लो, अधिकतम, परिमाण वा संख्या;—price उपल्लो मोल;—thermometer उपल्लो तापमान देखाउने तापमापक; **वि.** अधिकतम, सकभर धेरै ।

maximus (म्या'क्सिमस्) **वि.** (पाठशालाहरूमा) सोही नामको सबभन्दा जेठो ।

may (मे) **ना.** र **क्रि.** मे (May) महीना; **क्रि.** सक्नु, हुनु; कदाचित्;—day पहिला मे, मजदूर दिवस ।

Mayan (मा'यन्) **वि.** टोलटेक जातिले पराजित गर्नुअघि मेक्सिकोको माया जातिको संस्कृति ।

mayday (मे'डे) **ना.** अन्तरराष्ट्रिय रेडियो टेलिफोनबाट संकटको संकेत, जहाज र वायुयानहरूको लागि ।

mayhem (मे'हेम्) **ना.** (ऐति.) व्यक्तिलाई पूर्ण वा आंशिक रूपले घा-चोटद्वारा रक्षाहीन गराउने अपराध ।

mayonnaise (मेयनेज्') **ना.** अण्डा, तेल, क्रीम, भिनेगर इ० हालेर स्वादिलो बनाएको खाना ।

mayor (मेयर्) **ना.** नगरपाल;—alty **ना.** नगरपालको पद (को अवधि);—ess **ना.** नगरपालकी स्त्री, स्त्री नगरपाल; नगरपालको वैधिक कर्तव्य संपादन गर्ने महिला ।

mazard,—zz—(म्या'जड्') **ना.** (आ.) टाउको, मुख ।

mazarine (म्याज़रीन्') **ना.** र **वि.** गाढा उज्यालो नीलो (रंग) ।

Mazdaism (म्याज़्'डइज्म्) **ना.** जरास्थूरवाद ।

maze (मेज्) **ना.** र **क्रि.** भूलभूलैया, कुटिल मार्ग, गहन थुप्रो; **क्रि.** चक्करमा पर्नु, अलमल्ल पार्नु ।

mazuma (माज़्यू'मा) **ना.** (अप.) दाम, पैसा ।

mazurka (मज़र्'का) **ना.** फुर्तिलो पोल्याण्ड देशको नाच, त्यसको संगीत ।

McCarthyism (मकार्'थिइज्म्) **ना.** साम्यवादीहरूलाई पहिल्याउने र हटाउने नीति ।

me (मी, मि) स. **ना.** म, मलाई ।

mead (मीड्) **ना.** फेनाएको मह र पानीको मद्यसारसहितको पेय;—meadow को छो. क. ।

meadow (मे'डो) **ना.** चहुर, चौर, नदी-किनारको राम्ररी सिंचाइ भएको जमीन, भड्याङ ।

meagre (मी'गर्) **वि.** (पुरुष इ०) दुब्लो, पातलो, थोरै, गरीब, नपुग्ने, जाबो (ज०कि०–fare कम खाना); (विचार, साहित्यिक रचना इ०) पूर्णता नभएको ।

meal (मील्) **ना.** पीठो, सूजी, मैदा, खाना, खाने कुरो, आहार, जिमनार, ज्युनार, भान्सा, छाक, खाने समय, एक पटक दुहुँदा गाई इ० ले दिने दूध;—time सधैं खाना, खाने समय; छाक ।

mealie (मी'लि) **ना.** (द० एफ्रिका) मकै ।

mealy (मी'लि) **वि.** पीठो जस्तो वा रहेको; (उसिनेको आलु) सुखा र धूलो;—-mouthed **वि.** नरमसँग बोल्ने, कुरा दबाएर भन्ने ।

mean (मीन्) **ना.**, **वि.** र **क्रि.** मध्यमान; (ब.व.) उपाय, साधन; आर्थिक स्थिति, गच्छे, औकात; fair—स्वरत्र; **वि.** छुच्चो, लर्तरो, लूते, मध्यम, बीचको, चानचुन, जाबो, चुत्थो, जैरे, छुसी, तुच्छ, निर्घिणी, खाइखुइ, कमीना, खिच्चु, नीच, द्वेष गर्ने, गुप्तसँग लाज मानेको; **क्रि.** (भू.का.–t) मतलब गर्नु, इरादा गर्नु, लक्ष गर्नु,—ness **ना.** छुच्च्याइँ, कंजूसी, कार्पण्य; —s **ना.** गच्छे, औकात, गुजारा, सावगास;—time **क्रि. वि.** बीचमा, यस बीचमा;—while **क्रि वि.** त्यस बीचमा; अत्रान्तरे ।

meander (मिय्र्या'ण्डर्) **ना.** (ब.व.) र **क्रि.** नदीका अनेक मोडहरू; नागबेली पथ, घुमाउरो यात्रा; **क्रि.** नदी नागबेली परेर बग्नु; घुम्नु, डुल्नु;—ing **वि.** जिह्म गति ।

meaning (मी'निङ्) **ना.** र **वि.** माने, मतलब, आशय, तात्पर्य, मर्म; with—सार्थ;—less तातोछारो, बेमतलब ।

measles (मीज़ल्ज़्) **ना.** (ब.व.) दादुरा; German—केही नरम प्रकारको ।

measly (मिज़्'लि) **वि.** दादुराको, भएको; (अप.) तुच्छ, बेकामको ।

measure (मेझ़'र्) **ना.** र **क्रि.** नाप, परिमाण, नाप्ने फित्ता वा साधन, लय, नापो, माप, मापक, लेखाजोखा, मानदण्ड, कडी, सीमा, वैधानिक कानून; **क्रि.** नाप्नु, छेक्नु (लुगा हाल्नु), अन्दाज गर्नु, दिनु, प्रतियोगी बनाउनु (आफ्नू बल अर्कोसँग); in large—भुरीभुरी (प्रशंसा);—ment **ना.** नाप, परिमाण ।

measured (मेझ़'र्ड) **वि.** तालबद्ध. चालमा क्रमागत, ज. कि.—tread नियमित पाइला; (भाषा) सावधानीसँग तौलिएको (निष्ठा.) ।

meat (मीट्) **ना.** खाद्य वस्तुको रूपमा पशुको मांस, मासु, सि(शि)कार; butcher's—मासु(माछा र चरा बाहेक); green —घाँस, हरियो तरकारी; खाद्य वस्तु, मासु; dried—सुकुटी ।

meatus (मिए'टस्) **ना.** (ब.व.—us,–uses) शरीरमा रहेको स्रोत, कुलो, प्रणाली, नली, मूत्रद्वार ।

meaty (मि'टि) **वि.** मांसपूर्ण, मासु धेरै भएको, (अलं०) गुदीपूर्ण, ठोस, खँदिलो; मासु जस्तो ।

Mecca (मेका') **ना.** मक्का, महम्मदको जन्म स्थान, (अलं०) जान मन भएको ठाउँ, कुनै धर्म, नीति वा कामको उत्थान भएको थलो ।

meccano (मेका'नो) **ना.** बालकहरूको खेल्ने यंत्र, कलाका नमूना बनाइन सक्ने लघु अंशहरू ।

mechanic (मेक्या'निक्) **ना.** हस्तकलाकार, कार्मार, कालिगड, शिल्पी, मिस्त्री, कर्मी, कर्मकार, यन्त्रकार; (ब.व.) गणितको त्यो भाग जसमा गतिको अध्ययन हुन्छ, गतिविद्या, यन्त्रविद्या (पनि);—al **वि.** यांत्रिक, शिल्पिक, अप्रबोधयुक्त, स्वचालित, मौलिकता नभएको;—ian यंत्रकार, यंत्र रचनाकार ।

mechanism (मेक्या'निज्म्) **ना.** यन्त्रको रचना, यन्त्र रचना विधि, भागहरूको परस्परमा संयोजन, यन्त्रमा झैं परस्पर संयोजितसँगै चल्ने भागहरूको पद्धति (कला०) यांत्रिक संपादन, तरीका ।

mechanist (मेक्या'निस्ट्) **ना.** यन्त्रकार, कारीगर, कालिगड, शिल्पी ।

mechanize,-ise (मे'कनाइज़्,) **क्रि.** यांत्रिक रूप दिनु;—ation **ना.** (खा.ग.) घोडाले तान्ने साटो मोटर गाडीको चलन, घोडचढी फौजको साटो ट्याङ्क र कवचदार (बख्तरबन्द) गाडीको चलन, यंत्रीकरण ।

Mechlin (मेक्'लिन्) **ना.** (–lace पनि) बेलजियमको मेकलिन शहरमा बनेको सूत्र जाल, लेस ।

medal (मे'डल्) **ना.** पदक, तक्मा; the reverse of the —प्रश्नको अर्कोपट्टि, अर्को पक्ष;—ist **ना.** तक्मा पाउने, बनाउने, ज.कि. gold—।

medallion (मेड्या'लियन्) **ना.** ठूलो तक्मा, त्यस्तो रूप भएको वस्तु, ज.कि. तस्वीर, भित्तामा जड्ने पातो, पाटी ।

meddle (मे'ड्ल्) **क्रि.** (कुनै काममा) लागिरहनु, हात हाल्नु, हस्तक्षेप गर्नु;—some **वि.** अग्रसर, छुस्के ।

media (मी'डिआ) **ना.** धमनीको माझको तन्तु, (**व. व.**) साधनहरू, माध्यमहरू ।

mediaeval,-dieval (मेडिए'भल्) **वि.** मध्य युगको, वा नकल गर्ने ।

medial (मी'डिअल्) **वि.** र **ना.** माझमा रहेको, (गणित) त्रिभुजको कोणबाट पल्लो रेखाको माझमा खिचिएको रेखा, मध्यिका ।

mediate (मी'डिएट्) **वि.** र **क्रि.** व्यवहित, अन्तर्गत, मध्य स्थित; **क्रि.** बीचमा जोड्ने साधन हुनु, मध्यस्थ हुनु, फलोत्पादक माध्यम हुनु;—or **ना.** मध्यस्थ, क्राइस्ट ।

mediatize (मी'डिअटाइज्) **क्रि.** सानू राज्य, प्रदेशलाई अर्को राष्ट्रमा गाभ्नु, (भूतपूर्व राजाको उपाधि र केही सामान्य अधिकार मात्र रहन दिएर ।

medicable (मे'डिकेब्ल्) **वि.** उपचार हुन सक्ने ।

medicaid (मेडिके'ड्) **ना.** (अप.) मुफ्तको डाक्टरी उपचार।

medical (मे'डिकल्) **वि.** र **ना.** औषधीय, भैषज्य; औषधिको, शल्य चिकित्सा वा प्रसव उपचारको विपरीत, शल्य चिकित्सा नभई औधधिको आवश्यकता भएको;—certificate रोगको प्रमाणपत्र;—jurisprudence भिषक्ले जान्नुपर्ने कानूनी ज्ञान;—preparation औषधि ।

medicament (मेडि'कामेण्ट) **ना.** उपचारार्थ प्रयोग हुने वस्तु; औषधि ।

medicaster (मे'डिक्यास्टर्) **ना.** नकली भिषक् वा वैद्य, मिथ्या चिकित्सक ।

medica/te (मे'डिकेट्) **क्रि.** औधधि मूलो गर्नु, औषधि सेवन गर्नु; औषध वस्तुले अतिसिक्त पार्नु;—tion **ना.** औषध सेवन, ओखती पार्नु ।

medicinal (मेडि'सिनल्) **वि.** औषधीय, रोगमुक्त पार्ने गुण भएको ।

medicine (मेड्सन् वा'मे'डिसिन्) **ना.** र **क्रि.** औषधोपचार, भैषज्य, आयुर्वेद, वैद्यशास्त्र, वैद्यक, चिकित्सा, उपक्रम, उपचार; ओखती, औषधि, (जंगली र अपढहरूमा) मंत्र, टूना, जन्तर; take one's—अप्रिय कुरा सहनु;—man झाँक्री, जादूगर; —ball भित्र वस्तुको कोचेको छालाको भकुण्डो फ्याँक्ने समात्ने गरी कसरतको लागि व्यवहार गर्ने; **क्रि.** औषधि दिनु, निको पार्ने औषधि दिनु ।

medico (मे'डिको) **ना.** (व.व.) डाक्टर, भिषक्, चिकित्सक, वैद्य ।

mediocre (मी'डिओकर्) **वि.** मझौला, सामान्य, मध्यम ।

medita/te (मे'डिटेट्) **क्रि.** गम्नु, घोरिनु, चिंतन गर्नु, ध्यान गर्नु, सोच्नु, गुन्नु, अठोट गर्नु;—tion **ना.** मनन, चिंतन, ध्यान, तपस्या, समाधि, आत्मैकाग्रता, उपासना, व्रत, तान, एकाग्रता;—tive भावनाशील ।

mediterranean (मेडिट्रे'निअन्) **वि.** र **ना.** (जमीन) समुद्र तटबाट टाढा, (पानी) जमीनले घेरिएको; भूमध्य सागर ।

medium (मी'डिअम्) **ना.** र **वि.** मध्यम गुण, दर्जा; अनुपाम, अनुपान, माध्यम; झाँक्री; मध्यम;—bowler न चाँडो न ढीलो;—wave (रेडियो) १०० र ८०० मीटरभित्रको लहर दूरी भएको;—weight (मुक्का०) मध्यम भार ।

medley (मेड्'ले) **ना.** (व.व.-s), **वि.** र **क्रि.** बेमेलको मिसावट; मिसमास, मिस्कट, मिश्रित समूह; साहित्यिक संग्रह वा संकलन; **वि.** मिश्रित, मिसिएको, नाना वर्ण, बहुविध, विविध; **क्रि.** मिसाउनु ।

medulla (मिड'ला) **ना.** मज्जा, सुइहाड़, मेरुदण्डको हाड़;—oblongata मस्तिष्कको सबभन्दा पछिल्लो भाग, सुषुम्ना शीर्षक ।

medusa (मेड्यू'सा) **ना.** (व. व.-ae,—as) रौंको साटो शिरमा सर्प भएका तीन भीषण गर्गनहरूमध्ये एक (ग्रीक कथा) M— ।

meed (मीड्) **ना.** (कवि.) पुरस्कार, इनाम, आर्जन गरेको (प्रशंसा)को अंश ।

meek (मीक्) **वि.** विनीत, विनयी, सहिष्णु, सहनशील, आज्ञाकारी, दब्बू ।

meerschaum (मिअर्'शम्) **ना.** समुद्रमा पाइने म्याग्नेशियम रहेको एक प्रकारको द्रव्य, त्यसको (तमाखु हाली खाने पाइपको तमाखु हाल्ने) कटौरा जस्तो भाग ।

meet (मीट्) **ना.**, **क्रि.** र **वि.** जमघट, (शिकारी कुकुर, मानिस, साइकलबाजहरू, कसरतवालाहरू, इ.को); **क्रि.** जुट्नु, भेला हुनु, भेटिनु, (आँखा) जुध्नु; भेट्नु, लिन जानु, चिनजान गर्नु, सामना गर्नु, बेहोर्नु, टर्नु, टार्नु; **वि.** मिल्ने, ठीक, उचित;—so and so परिचय गराउने बोली;—the eye, ear देखिनु, सुनिनु;—the case पुग्नु;—with भेट्नु; it is—यो उचित हो कि··· ।

meeting (मी'टिङ्) **ना.** सभा, संगति, जलसा, बैठक, भेटघाट, भेला, जम्काभेट, जमघट, साक्षात्कार, द्वन्द्व युद्ध;—house प्रार्थना स्थल;—place सभास्थल ।

mega-(मे'गा-) बृहत्, ठूलोको अर्थमा उ.—lith ठूलो ढुङ्गा;—phone ढ्वाङ, टाढासम्म आवाज लैजाने साधन;—ton दश लाख टन;—watt हजार किलोवाट ।

megalo-(मे'ग्यालो-) ठूलोको अर्थमा उ.—mania **ना.** बडप्पनको पागल घमण्ड, अहमत्याइँ, मैमत्याइँ, ठूलो कुराको आग्रह;—saurus लुप्त भएको बडेमानको मांसाहारी छेपारो ।

megass(e) (मेग्यास्') **ना.** रस झिकिसकेपछि उखुको खोस्टा ।

megger (मे'गर्) **ना.** (विद्युत्.) पृथक्करण प्रतिरोध नाप्ने उपकरण ।

megilp (मिगिल्प्') **ना.** तेलको रंगको.माध्यम (सा.) आलसको तेल वा तारपिन ।

megohm (मे'गोम्) **ना.** (विद्युत.) प्रतिरोधको एकांकी, १० लाख ओहम् ।

megrim (मि'ग्रिम्) **ना.** कडासँग कपाल दुख्ने, खा.ग. एकापट्टि मात्र;—लहड, वासना, कल्पना; (व. व.) उदासी, नरमाइलो; (ब.व.) घोडाको रोगको किसिम ।

meiosis (माइओ'सिस्) **ना.** litotes (हेर्नू); ठूलोलाई सानू बनाएर वर्णन गर्ने अलंकार; (प्रा.वि.) कीटाणु कोषमा केन्द्रक परिवर्तनको अवस्था ।

melancholia (मेल्याङ्को'लिआ) **ना.** खिन्नता, खिन्नता र अनावश्यक डर लक्षण भएको मानसिक रोग ।

melanchol/y (मे'ल्याङ्कलि) **ना. र वि.** औदासिन्य (स्वभावैले अथवा मिजासले), वह. विषाद; **वि.** दुःखी, अँध्यारमुखे, निन्याउरो, अँध्यारो, दुःखजिलो;—ic **वि.** सदा विषादी, रुन्चे, उद्विग्न, उराठ लाग्ने ।

Melanesia (मेल्यानी'शा) **ना.** अष्ट्रेलियाको उ. पू. का द्वीपसमूह, काला, घुँघरवाला रौं भएका मानिस बस्छन् ।

melange (मे'लाँऱ्ज्) **ना.** संमिश्रण, मिसावट, मिसौट ।

melanism (मे'लनिज्म्) **ना.** छाला, रौं इ. मा कालो रंग असामान्य तौरले बढता हुन जाँदा हुने रंगको गाढापन ।

Melba (मेल्बा) **ना.**—toast पातलो खरो टोस्ट (पाउरोटीको चाना); Peche—आरू हालेको आइसक्रीमको प्रकार ।

meld (मेल्ड्) **क्रि.** मिसिनु, मिल्नु ।

melee (मे'ले) **ना.** भिडन्त, कुश्ताकुश्ती, हातहालाहाल, जोशिलो वाद-विवाद ।

meliorate (मी'लिअरेट्) **क्रि.** सुध्रनु, उन्नति हुनु ।

meliorism (मी'लिअरिज्म्) **ना.** मनुष्य प्रयत्नबाट संसार उन्नत गराइन सक्छ भन्ने सिद्धान्त ।

melliferous (मेलि'फेरस्) **वि.** मह दिने, उत्पन्न गर्ने ।

mellifluous (मेलि'फ्लुअस्) **वि.** (बोली, शब्द) मह जस्तै मीठो ।

mellow (मे'लो) **वि.** (-er,-est) (फलफूल) नरम, मीठो, र रसिलो; (मद्य) प्रौढ, परिपक्व; (माटो) उपजाऊ; (स्वभाव) उमेर र अनुभवद्वारा परिपक्व; (आवाज, रंग, प्रकाश) कठोरतारहित र पूर्ण; मिजासिलो, हँसिलो; केही अंशमा मद्य लागेको; **क्रि.** प्रौढ, परिपक्व बनाउनु, हुनु; पाक्नु ।

melodram/a (मेलोड्रा'मा) **ना.** सरगर्मीपूर्ण नाटकीय कृति जसको मुख्य आह्वान जोरदार भावनामा रहन्छ र अन्त सुखको इच्छा हुन्छ; त्यस्तो भाव उठाउने भाषा वा चालचलन; उपनाटक, संक्षोभ नाटक;—atic **वि.** संक्षोभ नाटकीय, उपनाटकीय ।

melod/y (मे'लडि) **ना.** स्वरमाधुर्य, शब्दको संगीतपूर्ण सजावट, तालैक्य, गला, भाका, लय, राग;—ic **वि.** सुरिलो, मधुर, सुखश्रव;—ious **वि.** मधुरताको, मधुरता, उत्पन्न गर्ने, श्रुतिमनोहर;—ist **ना.** गायक, संगीत रचयिता;—ize **क्रि.** मधुर बनाउनु, सुमधुर बनाउनु, लय हाल्नु ।

melon (मे'लन्) **ना.** तरबूजा; musk—खरबूजा ।

Melpomene (मेल्पॅ'मिनी) **ना.** वियोगान्त साहित्यकी अधिष्ठात्री देवी; (ग्रीक कथा) ।

melt (मेल्ट्) **क्रि.** (निष्ठा.—ed र, वि. molten) गल्नु, गाल्नु, पग्लनु; **ना.** पग्लेको धातु, एक पटकमा पग्लेको परिमाण; —away अलिपनु (यसरी); (बो.चा. व्यक्तिको) चौपट्ट गर्मी मान्नु; (खाना) it—s in the mouth मुखमा पग्लने नरम र मीठो; (बादल) पानी पार्ने; (व्यक्ति, मुड, भावनाहरू) दया वा स्नेहले नरम हुनु; नदेखने गरी अर्को रूपमा घट्नु;—ing mood रुन मन लाग्ने;—(शब्द) नरम र अकर्कश;—into down किम्मती भाँडा इ० बेच्न वा आर्को माल बनाउनालाई गाल्नु; go into the—ing pot (अलं०) परिवर्तित हुनु, विप्लवकारी परिवर्तन बेहोर्नु; (व्यक्ति, भावना) नरम गराउनु;—ing point द्रवण विन्दु ।

melton (मे'ल्टन्) **ना.** पुरुषको लुगाको कपडाको किसिम ।

member (मेम्'बर्) **ना.** अङ्ग अवयव, शरीरको भाग, खा.ग. हात, गोडा; unruly—जिब्रो; (अलं.)—of Christ क्रिस्तान; जटिल रचनाको अवयव वा भाग; संस्थाको सदस्य, सभासद; M.P. संसद सदस्य; सामाजिक;—ship **ना.** सभ्यपद, सदस्यता, सदस्य संख्या ।

membran/e (मेम्'ब्रे'न्) **ना.** जालो, झिल्ली, त्वचा;—aceous **वि.** झिल्लीदार ।

memento (मेमेन्'टो) **ना.** (ब. व.–es, –s) स्मारक, सम्झौटो, चिन्हु;—mori (संझ, तिमी मर्नेछौ) मरणको स्मारक वा चेतावनी ।

memoir (मेम्वाय्र्) **ना.** विवृति, वंशावली, इतिहास, आफ्नू ज्ञान वा विशेष सूत्रबाट लेखिएको इतिहास, घटना वृत्तान्त, आत्मकथा, जीवनी, विशेष अध्ययन गरिएको विद्वत्तापूर्ण विषयउपरको लेख ।

memorabilia (मे'मोरविलिआ) **ना.** (ब. व.) स्मरणीय विवरणहरू ।

memorable (मे'मरेब्ल्) **वि.** स्मर्तव्य, सुविख्यात, नबिर्सने, सम्झने ।

memorandum (मेमऱ्या'ण्डम्) **ना.** (ब.व.–da,—dums; छो. mem, memo.) पुर्जी, पर्चा, स्मृतिपत्र, स्मरणपत्र, ज्ञापन, टिप्पन, साधक, मुचुल्का, टिप्पणी, लेखोट, निवेदन पत्र, लेखौट, सहीविनाको अनौपचारिक चिट्ठी, ज्ञापनपत्र, ज्ञापन, याददास्त ।

memorial (मेमो'भ्रिअल्) **ना.** स्मारक, स्मरण चिन्ह, स्मारक विषय, लेखेटा, इतिहास, (सा. ब.व.) विभिन्न प्रकारका राजपत्रहरू, निवेदन इ० को आधारस्वरूप घटनाहरूको वृत्तान्त;—ize **क्रि.** स्मरणार्थ (केही) गर्नु, (व्यक्तिलाई) निवेदन गर्नु ।

memoria technica (ममो'भ्रिआ टेक्'निका) **ना.** स्मरण शक्तिलाई मदद गर्न व्यवहार गरिने पद्धति, साधन ।

memorize,(-ise) (मे'मराइज्) **क्रि.** लिखित गर्नु; मनन गर्नु, घोक्नु, कंठस्थ गर्नु ।

memory (मे'मरि) **ना.** स्मृति, संस्मरण, स्मरण, सुद्धी, चैत्त, स्मरणशक्ति, हेक्का, सम्झना, एलेक्ट्रानिक गणकमा समाचार सञ्चयको साधन; in—of सम्झनामा; मरणोपरान्तको स्मृति; स्मृतिले भ्याउने अवधि ।

mem-sahib (मेम्सा'इब्) **ना.** मीम, गोरी स्वास्नीमानिस ।

menace (मे'नेस्) **ना.** (साहि०) धम्की, घुर्की ।

menage (मे'नाश़्) **ना.** गृहस्थी, परिवार संचालन, गार्हस्थ संगठन;— a trois **ना.** लोग्ने, स्वास्नी र ती दुईमध्ये कुनै एकको प्रेमीसहितको परिवार ।

menagerie (मेन्या'जरि) **ना.** खोर इ० मा राखिएका जंगली जनावरहरूको संगालो, पशुपक्षी संग्रह ।

mend (मेण्ड्) **ना.** र **क्रि.** टालटुल, on the—फाइदा हुने अवस्थामा; **क्रि.** मर्मत गर्नु बनाउनु, सपार्नु, टालटुल गर्नु, सच्याउनु;—one's ways सुध्रनु; least said soonest—ed थोरै बोले हानि हुन्न;—fire आगोमा दाउरा थप्नु; पेन्सिल, बाँसको कलम, चाहे जस्तो गरी काट्नु; स्वास्थ्यलाभ गर्नु;—matters सपार्नु;—one's pace छिटो गर्नु;—or end सपार्नु वा अन्त गर्नु ।

mendaci/ous (मेण्डे'शस्) **वि.** झूटो, असत्य, ढाँटिको;—ty **ना.** झूट, असत्य, फरेब, अत्तो, बिंगो, फत्तूर ।

Mendelism (मेन्'डेलिज्म्) **ना.** कुल गुण वा पैत्रिकताको प्रमाणित सिद्धान्त ।

mendicant (मे'ण्डिक्याण्ट्) **वि.** र **ना.** भिक्षाटन, भीखमंगा, माग्ने, भेषधारी, असल, रमता, दशनाम.फकीर ।

menhir (मेन्'अर्) **ना.** (पुरा०) ठाडो, अग्लो, स्मारक पत्थर, योरप, अफ्रीका र एशामा पाइन्छ ।

menial (मी'निअल्) **वि.** र **ना.** दासेय, दास्य; नोकर, चाकर ।

meninx (मी'निङ्क्स्) **ना.** (सा. ब. व. meninges रूपमा) मस्तिष्क र डँडाल्नुलाई बेर्ने तीन झिल्ली (dura mater, arachnoid, pia mater) मध्ये कुनै ।

meniscus (मिनिस्'कस्) **ना.** (ब. व.—ci) एकापट्टि उन्नतोदर र आर्कोपट्टि नतोदर भएको काँच; (गणित) चन्द्राकार चित्र; (भौतिक शास्त्र) नलीमा रहेको तरलको घुमेको माथिल्लो तह ।

meno- (मे'नो) **ना.** ग्रीक शब्द men meno–महीनाको संयु. रूप;—pause अन्तिम रोकावट;—rrhagia अन्नाधुन्नको स्राव;—rrhoea सामान्य स्राव (रजको) ।

menology (मिनॅ'लजि) **ना.** पात्रो, पंचांग, खा.ग. सन्तहरूको जीवनीसहितको, ग्रीक गिरजाको ।

mens conscia recti (मेन्ज् कन्'शिआ रेक्'टि) (ल्याटिन वाक्य) निर्मल चित्त ।

menses (मेन्'सिज्) **ना.** (ब. व.) ऋतु, रज, नछुने, फूल, पुष्प, स्त्रीधर्म, मासिक धर्म, असर्द ।

Menshevik (मेन्शे'भिक्) **ना.** केही नरम विचारको रूसी समाजवादी दल ।

mens sana in corpore sano (मेन्ज् से' नाइन् कॅअ्र्'पोरे से'नो) (ल्याटिन वाक्य) स्वस्थ शरीरमा स्वस्थ मन ।

menstrua/l (मेन्'स्ट्रुअल्) **वि.** मासिक, नछुनेको;—te **क्रि.** रजस्वला हुनु, नछुने हुनु;—tion **ना.** रज असर्द ।

menstruum (मेन्'स्ट्रुअम्) **ना.** (ब. व.–rua) घोलक, द्रावक; (अक्ष० र अलं०) ।

mens/uration (मेन्स्युरे'शन्) **ना.** क्षेत्रमिति, नाप, परिमाप: (गणित) लमाइ, क्षेत्र, घनत्व निकाल्ने नियमहरू;—ural **वि.** नापको;—urable **वि.** नापिने योग्य, ठेकिएको सीमा भएको; (संगीत०) ठेकिएको लय भएको ।

mental (मेन्'टल्) **वि.** र **ना.** मानसिक, चैत्त, चैतसिक, चैत्तिक, मनको, मनले गर्ने ज० कि०—arithmetic मानसिक गणनाबाट गरिने; (बो० चा०) मानसिक रोगले उत्पीडित;—patient त्यस्तो रोगी;—reservation मानसिक सीमाबन्धन, बन्देज;—home, asylum उपचार गृह; **ना.** (बो. चा.) मानसिक व्याधि वा रोगी; च्यूँडाको ।

mentality (मेन्ट्या'लिटि) **ना.** मानसिक प्रवृत्ति, बौद्धिक क्षमता, (सामान्यत:) मन, स्वभाव, मिजास, मनोवृत्ति ।

mentation (मेन्टे'शन्) **ना.** मानसिक क्रिया; मनको अवस्था ।

menthol (मेन्'थॅल्) **ना.** मेन्थल, मुखमा हाल्दा चिसो लाग्ने कपूर सदृश वस्तु; शीतल पानी ।

mention (मेन्'शन्) **ना.** र **क्रि.** उल्लेख, कथन, वृत्तान्त, बखान, उच्चारण, किटान, जिकिर, चर्चा, **क्रि.** नाम गर्नु; जनाउनु जिकिर लिनु, किट्नु, उल्लेख गर्नु; above—ed उपर्युल्लिखित; honourable—प्रशंसनीय उल्लेख ।

mentor (मेन्'टअ्र्) **ना.** अनुभवी र विश्वासपात्र सल्लाहकार, गुरु, उपदेशक ।

menu (मे'न्यु) **ना.** खाद्य-सूची, परिकार, व्यञ्जन, भोजनको सामग्री सूची ।

mepacrine (मे'पक्रीन्) **ना.** गन्धहीन पहेंलो ओलो दबाउने औषधि ।

Mephistopheles (मेफिस्टॅ'फिलीज्) **ना.** शैतान, जर्मन कथामा फाउस्टले आफ्नू आत्मा बेचेको दैत्य; राक्षसी पुरुष ।

mephitis (मिफाइ'टिस्) **ना.** विषालु उत्पत्ति, खा. ग. पृथ्वीबाट; दुर्गन्धी वा विषाक्त बदबू; राँको, खार, महक, दुर्गन्ध, बदबू ।

mercantile (मेअ्र्' कण्टाइल्) **वि.** वाणिज्य, व्यापारको; द्रव्यको लोभी, मोल गर्ने मन पराउने;—theory.पैसा नै एकमात्र धन हो भन्ने;—marine व्यापारमा संलग्न जहाजहरू ।

mercenary (मेअ्र्'सिनरि) **वि.** र **ना.** केवल पैसा वा अन्य मजूरीको लागि काम गर्ने, भरौटे, ज्यालादार, द्रव्य पिशाच; **ना.** वैदेशिक सेवामा पैसाको लागि भर्ना हुने व्यक्ति, भरौटे, भाडादार ।

mercer (मेअ्र्'सर्) **ना.** कपडा पसले, खा. ग. रेशम र अरू महँगो कपडा व्यापारी ।

mercerize-ise (मेअ्र्'सराइज्) **क्रि.** सूती धागोलाई तनाइसाथ क्षारमा सेचन गरी टलक र बढी बल दिने प्रक्रिया ।

merchandise (मेअ्र्'चण्डाइज्) **ना.** व्यापारी माल, सामान, बेच्ने माल, विक्रेय, सौदा ।

merchant (मेअ्र्'चण्ट्) **ना.** महाजन, सेठ, धनी, साहू, साहूकार, कोठीवाल, मालदार, बनिया, सौदागर, व्यापारी, पसले, थोक व्यापारी;—prince धनी महाजन, साहू;—ship व्यापारी

जहाज;—man व्यापारको सामान लादिएको जहाज;···को वानी भएको (उदा० speed—गाडी तेजसंग दौडाउन मन पराउने ड्राइभर);—able **वि.** विक्रीयोग्य ।

merciful (मेअर्'सिफुल्) **वि.** दयावान्, दयालु, दया देखाउने; merciless **वि.** क्रूर, निष्ठुर, दयाहीन;—lessly **क्रि. वि.** निर्घातसँग ।

mercurial (मर्क्यु'रिअल्) **वि.** र **ना.** फुर्तिलो, हाजिरजवाबी, चपल; **ना.** पारो भएको, पारोको; M—बुध ग्रहको ।

mercury (मेअर्'क्युरि) **ना.** बुधग्रह; रोमन देवता; पारो, (अलं०) फूर्ति, चपलता ।

mercy (मेअर्'सि) **ना.** दया, करुणा, कृपा, जनि, अनुकंपा; —killing पीडा पर्नेको वेदना अन्त गर्नालाई गरिएको ।

mere (मिअ्र्) **ना.** र **वि.** पोखरी, ताल, झील; माओरी गदा; **वि.** खालि, मात्र, निराला, निरा, नितान्त ।

meretricious (मेरिट्रि'शस्) **वि.** वेश्याको, वेश्याको उपयुक्त, देखौवा शोभा वा आकर्षणयुक्त ।

merge (मअ्र्ज्) **क्रि.** विलीन हुनु, गाभ्नु, मिसिनु, डुब्नु, मिल्नु, मिलाउनु, निल्नु;—r **ना.** विलयन, सम्मिश्रण, गाभिनु ।

meridi/an (मेरि'डिअन्) **ना.** र **वि.** याम्योत्तर, खमध्य, रेखान्तर, मध्यान्ह, पराकाष्टा;—onal **वि.** दक्षिणवासी ।

meringue (मऱ्याङ्) **ना.** एक प्रकारको केक, मीठो रोटी ।

merino (मेरि'नो–) **ना.** (ब. व.—s) नरम रौं भएको भेडाको किसिम; त्यस्तो ऊन ।

merit (मे'रिट) **ना.** र **क्रि.** योग्यता, श्रेष्ठता, गुण, नेकी; (धे. ज. ब. व.) पात्रता, विशिष्टता, लायकी, काबिलियत; **क्रि.** (निष्ठा. merited) योग्य हुनु; the—s ऐनमा मुद्दाको आफ्नू ठीक बेठीक बुँदाहरू;—orious **वि.** योग्य, लायक, ल्याकतदार, खपीस;—rating नेकीवदी ।

mer/maid (मअर्'मेड्) **ना.** मत्स्यांगना, मत्स्य स्त्री, नाग कन्या;—man मत्स्य पुरुष ।

merry (मे'रि) **वि.** आनन्दी, प्रमुदित, अलिकति (नशाले) लट्ठिएको;—monarch बिलायतको राजा चार्ल्स द्वितीय; make—रमाइलो गर्नु, हाँसखेल गर्नु; make—over हँसी गर्नु, ठट्टा गर्नु;—andrew ठट्टावाज;—go—round रमाइलो चक्कर (मेला इ. मा);—making रमाइलो; merriment **ना.** रमाइलो, खुशीयाली, मोजमज्जा;—thought चराको घाँटी र छातीबीचको दुई हाँगे हाड ।

mesa (मे'सा) **ना.** चारैतिर ठाडो भीर भएको अग्लो ढुङ्गे चट्टान ।

mesalliance (मेज़ल्याँ'स्) **ना.** कुविवाह, अमिल्दो विवाह, तल्लो अवस्थाको व्यक्तिसँगको विवाह ।

mesdames, mesdemoiselles (मेडाम्',मेडम्वाजेल्') **ना.** madame, mademoiselle को ब. व. ।

meseems (मिसीम्ज़्') **क्रि.** (आ.) मलाई लाग्दछ कि...।

mesembrianthemum,—bry–(मेसेम्ब्रिअन्'थिमम्) **ना.** उज्यालो फूल भएको रसिलो विरुवाको किसिम ।

mesentery (मे'सेण्टरि) **ना.** अंत्रपेशी ।

mesh (मेश्) **ना.** जालरन्ध्र, जाल, फन्दा; (श. वि. ब. व.) आँखे झ्याल परेको रचना; (दाँती वा पांग्राको) जकडिएको, लागेको; **क्रि.** जालमा समाउनु ।

mesial (मी'जिअल्,मे'सिअल्) **वि.** मध्य भागको, वा तिर ।

mesmerism (मेज़्मरिज्म्) **ना.** सम्मोहन विद्या, सुषुप्तावस्था गराउने प्रक्रिया; त्यसको सिद्धान्त ।

mesne (मीन्) **ना.** मध्यवर्ती ।

meso–(मे'सो–) ग्री० मेसो मध्यको संयुक्त रूप ज० कि०—lithic, paleolithic र neolithic को बीचको प्रस्तरयुग; —tron **ना.** एलेक्ट्रनको भन्दा २०० गुना बढी गुरुत्व भएको धनात्मक वा ऋणात्मक कणिका ।

meson (मे'सॅन्) **ना.** (भौ० वि०) जगत् किरण र आणविक केन्द्रमा पाइने सारभूत कणिका जसको गुरुत्व प्रोटन र एलेक्ट्रनको बीचको हुन्छ ।

Mespot (मेस्'पट) **ना.** (अप०) मेसोपोटामिया (छो.क.) ।

mess (मॅस्) **ना.** र **क्रि.** झोल वा लेदोदार खानाको भाग, कुकुरलाई ख्वाउने झोल वा मिश्रित खाद्य, मिसमास, क्वाथ; रण्डाखाल, लठीवज्र, चिहिलविहिल;—of pottage सानू सुविधा जसको लागि ठूलो कुराको बलिदान गरिन्छ; अस्तव्यस्त वा मैलो परिस्थिति; खा. ग. सेनामा सँगै खाना खाने व्यक्तिहरूको समूह; सहभोज, पंक्तिभोज, सहभोजशाला;—jacket त्यस्तो खानामा लाउने ज्याकेट; make a—of भडखारो पार्नु, बिगार्नु; **क्रि.** विगार्नु, फोहोर पार्नु;—up चिहिलविहिल पार्नु, सँगै खाना खानु ।

message (मे'सेज्) **ना.** र **क्रि.** सन्देश, कलिया, सम्वाद, धार्मिक गुरुको वचन; **क्रि.** सन्देश पठाउनु ।

messenger (मे'सञ्जर्) **ना.** दूत, सन्देशवाहक, पत्रवाहक, भत्करु ।

Messiah (मेसा'या) **ना.** मुक्तिदाता, ईसामसीह, पीडित प्रजा वा जातिको मुक्तिदाता ।

Messianic (मेसिअ्या'निक्) **वि.** मुक्तिदाता, मसीह-मा विश्वास गर्ने वा आशा राख्ने प्रकारको ।

messieurs (मेसिअ्र्) **ना.** Monsieur को ब. व.; अंग्रेजी रूप messrs ।

messuage (मे'स्विज) **ना.** वासगृह, गृह-वाटिका, घरद्वार ।

mestizo (मेस्टी'ज़ो) **ना.** स्पेन वा पोर्चुगलको वर्णसङ्कर, खा. ग. अमरिकन आदिवासीको सन्तान ।

met (मेट्) **क्रि.** meet को भू. का., भेटयो ।

met (मेट्) **वि.** meteorological को छो.; वायुमण्डलीय ।

meta–(मेटा–) सह, सँग, जनाउने ग्रीकबाट आएको संयुक्त कारक ।

metabolism (मिटया'बलिज्म्) **ना.** परिवर्तन, जीवधारी वा पृथक् कोष्ठमा त्यो प्रक्रिया जसमा पौष्टिक पदार्थ जीवतत्वमा परिणत हुन्छ, (रचनात्मक परिवर्तन) या जीवन रस टुटेर सरल पदार्थमा परिणत हुन्छ (क्षयात्मक परिवर्तन), दहन, अन्तर्दहन ।

metacarpus (मेटाकअ्र्'पस्) **ना.** हत्केला ।

metage (मी'टेज्) **ना.** कोइला इ. को भारीको आधिकारिक वजन; त्यसको मन्सार ।

metagenesis (मेटाजे'नेसिस्) **ना.** यौनिक र अयौनिक प्रजननको फेराफेरी ।

metal (मे'टल्) **ना., क्रि.** (–ll–) र **वि.** धातु; base—नीच धातु; bell—ढलौट, Brittania—टिन र एण्टिमनिको मिसोट; gun—तामा र टिन वा जस्ताको मिसोट; heavy—दारुण प्रतिद्वन्द्वीहरू; road—रोडा, (ढुंगाका टुक्राहरू); white—सेतो रंगको (चाँदी जस्तो) धातुको मिसोट; yellow—पित्तल; noble—श्रेष्ठ धातु; रेलको पटरीमा वा सडकमा बिछ्याउने ढुङ्गाको टुक्रा;—lic **वि.** धातुको, धातुक, धातवीय, धातुप्रद;—currency सुन, चाँदी, तामा, निकेल इ. को मुद्रा;—lustre (धातुको) ढलक; metallic sound धातुको जस्तो आवाज ।

metallize (मे'टालाइज्) **क्रि.** धातुरूप दिनु, धातुको जलप लाउनु, मोलम्मा गर्नु, (रबड) भल्कनाइज (गन्धकीकरण) गर्नु ।

metallography (मेटलॅ'ग्रफि) **ना.** धातुको आंतरिक रचनाको विवरणसहितको विज्ञान ।

metallurg/y (मिट्या'लर्जि) **ना.** धातुशोधन, कोरा खनिजबाट धातु झिक्ने विद्या, धातुवाद;—ist **ना.** धातुज्ञ, धातु वैज्ञानिक ।

metamere (मे'टा मिअ्र्) **ना.** (पशु.) वस्तुको अनेक अनुरूप भागहरूमध्ये एक ।

metameric (मे'टामे'रिक) **वि.** (र. शा.) रचना र परमाणुक तौल एकै भए पनि विभिन्न रासायनिक गुण भएको ।

metamor/phosis (मे'टामअ्र्'फसिस्) **ना.** रूपान्तर, रूप परिवर्तन (प्राकृतिक विकासले अथवा जादूले); परिवर्तित रूप; स्वभाव, परिस्थिति, को परिवर्तन;—phose **क्रि.** वदलिनु, रूपान्तर हुनु, स्वभाव परिवर्तन हुनु ।

metaphor (मे'टाफर्) **ना.** रूपक, लक्षण, आरोप; mixed—s अमिल्दा रूपकहरूको मिश्रण ।

metaphrase (मे'टाफ्रेज्) **ना.** र **क्रि.** अक्षरशः अनुवाद; **क्रि.** आर्कै शब्दबाट प्रकाश गर्नु ।

metaphysic/s (मे'टाफि'जिक्स्) **ना.** (ब. व. तर प्रयोगमा प्राय: ए. व.) तत्वज्ञान, अध्यात्मवाद, दर्शन, अस्तित्व र ज्ञानको सैद्धान्तिक तत्वज्ञान, दर्शन; (लो.) भावात्मक वा गूढ वचन, निरा सिद्धान्त;—al **वि.** दार्शनिक; सामान्य भावात्मक तर्कमा आधारित; अति सूक्ष्म; अशरीरी, विदेही; अवास्तविक, काल्पनिक; (कुनै कविहरू) अति भावनात्मक विचार र कनेर उत्पन्न गराइएका प्रतिभाहरूले पूर्ण ।

metaplasm (मे'टाप्ल्याज़्म्) **ना.** जीवनरसको त्यो भाग जसमा निर्माणक पदार्थ रहन्छ; निर्माणक ।

metapolitics (मे'टापॅलिटिक्स्) **ना.** (ब. व.) भावात्मक राजनैतिक शास्त्र, धे. ज. हें. ।

metapsychics (मे'टासाइ'किक्स्) **ना.** (ब. व.) आध्यात्मिक अनुसन्धान ।

metastasis (मिट्यास्'टसिस्) **ना.** (ब. व.—ses, उच्चा. —सीज़्) शारीरिक कर्म, रोग इ. को एक भाग वा अवयवबाट आर्कोमा स्थानान्तरण; जीवधारीले पाचनक्रियामा रासायनिक यौगिकलाई अरूमा रूपान्तर गरेको ।

metatarsus (मेटाटाअ्र्'सस्) **ना.** खुट्टाका लामा हाड समूह ।

metathesis (मिट्या'थिसिस्) **ना.** (ब. व.—ses, उच्चा. —सीज्) (व्या.) शब्दमा अक्षर वा ध्वनिको स्थानान्तरण; (र. शा.) दुई परमाणुको बीचमा अणुहरूको साटफेर ।

metayage (मे'टयायाज़्) **ना.** फ्रान्सको (खेतीमा) बटैया प्रथा; metayer (मे'टेये) **ना.** बटैयादार ।

mete (मीट्) **ना.** र **क्रि.** सिमाना, सिमाना पत्थर वा खुँटा; **क्रि.** दिनु, बाँड्नु ।

metempiric (मेटेम्पि'रिक्,–स्) **ना.** अनुभवको क्षेत्रभन्दा बाहिरका वस्तुहरूको दर्शन; सो वेत्ता ।

metempsychosis (मेटेम्साइको'सिस्) **ना.** (ब. व.–es, उच्चा–ईज़्) पुनर्जन्म, पूर्वको या अन्य योनिमा ।

meteor (मी'टिअर्) **ना.** पुच्छरे तारा, बलेर खस्ने तारा, अन्तरिक्षबाट क्षितिजमा आउने कुनै वस्तु;—ic **वि.** वायुमण्डलको; वायुमण्डलको स्थितिमा निर्भर गर्ने, अति उज्ज्वल, अतिशीघ्र, उल्कोत्पन्न, उल्कोद्भव ।

meteorite (मी'टिअराइट्) **ना.** खसेको तारा, अन्तरिक्षबाट पृथ्वीमा खसेको पत्थर; उल्का; उल्का शिला ।

meteorology (मीटिअरॅ'लजि) **ना.** वायुमण्डलको गति र घटनाको अध्ययन; वायुविद्या; मौसिम शास्त्र ।

meter (मी'टर्) **ना.** मापक, नापक ।

methane (मे'थेन्) **ना.** (र०शा०) मिथेन, एक प्रकारको दाह्य ग्यास ।

metheglin (मिथे'ग्लिन्) **ना.** (ऐति.) एक प्रकारको मद्य ।

methinks (मिथिङ्क्स्') **क्रि.** (आ.) मलाई लाग्दछ कि··· ।

method (मे'थड्) **ना.** रीति, विधि, पद्धति, तरीका, काइदा, चाँजो, ढङ्ग, ठीक; नियमित बानी;—ical **वि.** काइदासाथको, व्यवस्थित;—ology **ना.** विधि शास्त्र ।

methodist (मे'थडिस्ट्) **ना.** क्रिस्तानी धार्मिक सम्प्रदाय; कट्टरपन्थी (हे०) ।

methodize (मे'थडाइज़्) **क्रि.** नियमबद्ध गराउनु, रीतपूर्वकको गराउनु ।

Methuselah (मेथु'जेला) **ना.** अति वृद्ध पुरुष; दीर्घजीवी व्यक्ति ।

methyl (मे'थिल्) **ना.** मद्यसारको किसिम, मेथिल मद्यसार;—ate **क्रि.** मद्यलाई मेथिल मद्यसारको मिश्रणद्वारा पिउन नहुने गराउनु;—d spirit त्यस्तो प्रक्रिया गरिएको गृहस्थीमा साधारण काममा आउने मद्यसार, स्पिरिट ।

meticulous (मेटि'क्यूलस्) **वि.** सामान्य कुरामा पनि अति

संकोची; (लो.) अति सावधान, सूक्ष्म ।

metier (मे'टियै) **ना.** आफ्नू व्यापार, पेशा वा खूबी ।

metis (मी'टिस्) **ना.** (खा. ग. क्यानडामा) गोरा र अमरिकन आदिवासीको सन्तान ।

Metonic (मेटॅ'निक्) **वि.** M—cycle १९ वर्षको अवधि जसमा चन्द्रमाको सम्पूर्ण कला र परिवर्तनहरू समाविष्ट हुन्छन् ।

metonymy (मेट्'।नमि) **ना.** अलङ्कार जसमा वस्तुको वा पदार्थको साटो त्यसको कुनै गुण उल्लिखित हुन्छ, ज.कि. 'राजा' को साटो 'मुकुट' ।

metr/e (मी'टर्) **ना.** छन्द; लमाइको एकांकी (मेट्रिक पद्धतिमा); metric मीटरको;—system मेट्रिक पद्धति, दशमलिक नाप पद्धति;—ical छन्दको, छन्दोवद्ध, पद्यात्मक ।

metrology (मेट्रॅ'लजि) **ना.** ढक तौल नापको विज्ञान वा पद्धतिं ।

metronome (मे'ट्रनोम्) **ना.** ताल देखाउने संगीतीय यन्त्र, तालमा पनि ।

metropoli/s (मेट्रॅ'पलिस) **ना.** देशको मुख्य शहर, सदर, राजधानी; क्रियाको केन्द्र;—tan **वि.** शहरको, मुख्य देश (उपनिवेशभन्दा पृथक्); सदरिया, शहरिया, शहरको वासिन्दा।

mettl/e (मे'ट्ल्) **ना.** स्वभाव वा मिजास, स्वाभाविक, उत्साह, तुजुक; be on (one's) —खूबी देखाउनु;—esome फुर्तींबाज ।

meum (मी'अम्) **ना.**—& tuum (ट्यू'अम्) (ल्या.) तेरो मेरो ।

mew (म्यू) **ना.** र **क्रि.** वाजको पिंजडा, विरालोको म्याउँम्याउँ; **क्रि.** वाजलाई थुन्नु, थुन्नु, म्याउँम्याउँ गर्नु;—s **ना.** चोकको चारैतिर रहने (पहिलेको) तबेला ।

mewl, mule (म्यूल्) **क्रि.** सुस्त सुस्त रुनु, विरालो ऊँ कराउनु; क्रन्दन गर्नु (बालक ऊँ) ।

mezzanine (मे'ज़नीन्) **ना.** दुई तलाको बीचको होचो तला, धे. ज. भुँ र एक तलाको वीचमा (थिएटर) मंचमनिको तला; मजेरी ।

mezzo (मे'ड्ज़ो) **क्रि. वि.** (संगी.) आधा, समर्याद ।

mezzotint (मे'ड्जोटिण्ट्) **ना.** र **क्रि.** चित्रांकनको तरीका; **क्रि.** खास तरीकाले चित्रांकन गर्नु ।

mi (मी) **ना.** (संगी.) तेस्रो स्वर 'ग' ।

miaow (मिआओ') **ना.** र **क्रि.** विरालोको शब्द; **क्रि.** सो गर्नु; म्याऊँ ।

miasma (माइअ्याज्'मा) **ना.** (व. व.—ata,—as) संक्रामक वा विषाक्त उद्भव, पूतिवाष्प ।

miaul (मिऑल्') **क्रि.** विरालोको शब्द निकाल्नु ।

mica (माइ'का) **ना.** अभ्रक, अबरख ।

Micawber (मिकॉ'बर्) **ना.** आशावादी निष्कर्मण्य, आसे, आशामुखी, ढुकुवा, ढुकन्ते, परमुखापेक्षी, मुखतकुवा; 'खुदा देतो छप्पर फारके दे' को अनुयायी ।

mice (माइस्) **ना.** **mouse** मूसो, छुचुन्द्रोको ब. व. ।

Michael (माइ'कल्) **ना.** देवदूतको नाम ।

mickle, muc-(मि'कल्) **वि.** र **ना.** (स्क.) धेरै, अति, ठूलो ।

micro-(माइ'क्रो-) लघु, सूक्ष्म, सानूको अर्थमा अघि लाग्ने प्रत्यय;—film सूक्ष्म फिल्म, अति सानू फिल्ममा फोटोग्राफीद्वारा चित्रण (पुस्तक इ. को);—lithic सानू सानू पत्थरद्वारा बनेको;—photograph अति सूक्ष्म तसवीर;—seism सानो भैंचालोको झोक्का;—wave १ देखि ५० सेंटिमीटर लमाइको लहर; (भौ. शा. मा) दश लाखको एक भाग—ampere, gramme इ.;—dot **ना.** एक थोप्लाको परिमाणमा घटाइएको फोटोग्राफ, तसवीर ।

microbe (माइ'क्रोव्) **ना.** कीटाणु, सूक्ष्म जीव; खा. ग. रोग उत्पन्न वा फेणन गर्ने ।

microcosm (माइ'क्रकॉज्म्) **ना.** विश्वको सारको रूपमा मनुष्य, त्यस्तो दृष्टि दिइएको कुनै समुदाय वा जटिल एकांक, सूक्ष्म रूपमा प्रदर्शन (कोही वस्तुको); सूक्ष्म जगत् ।

micron (माइ'क्रॅन्) **ना.** मीटरको दशलाखौं भाग ।

microphone (माइ'क्रफोन्) **ना.** साना साना ध्वनिलाई बढाउने यन्त्र; ध्वनिलहरलाई विद्युत शक्तिमा परिणत गरी तार वा बेतारबाट टाढा पठाई फेरि ध्वनि बनाउने यन्त्र, ज. कि. टेलिफोनको प्रेषक (ट्रान्समीटर) वा प्रसारणको बोल्ने भाँडो छो.क. mike ।

microscope (माइक्रॅ'स्कोप्) **ना.** सूक्ष्मदर्शन यन्त्र; माइक्रोस्कोप् ।

microscopic (माइक्रस्कॅ'पिक्) **वि.** माइक्रस्कोपको, अति सूक्ष्म, अति सानू, आँखाले मात्र नदेखिने ।

microscopy (माइक्रॅस्'कपि) **ना.** माइक्रस्कोपको चलन ।

micturition (मिक्ट्यु'रिशन्) **ना** मूत्रोत्सर्गेच्छा, चाँडो चाँडो (थोरै) पिशाब गर्ने इच्छा ।

mid (मिड्) **वि.** माझ, बीच, मध्य;—day **ना.** छकाल, मध्यदिन, मध्यान्ह;—night मध्यरात, निशीथ;—way आधावार;—wife सुँडेनी;—wifery प्रसूति, प्रसव ।

midden (मि'डेन्) **ना.** फोहोरको थुप्रो ।

middle (मि'ड्ल्) **वि.** मध्यम, माझ, बीच, मध्य, मझौला, माहिला;—age अधवैंस, मध्य उमेर;—aged प्रौढ, अधवैंसे, मध्यम वयस्क;—the M-Ages मध्ययुग;—class मध्यमवर्ग;—man फौबन्जार, लाउके, लमी, दलाल, उपरिया ।

middle (मि'ड्ल्) **क्रि.** लात्ते भकुण्डे (फूटबल) खेलमा भकुण्डो मैदानको बीचमा हान्नु वा ल्याउनु ।

middling (मिड्'लिङ्) **वि.,** र **क्रि.वि.** (व्यापार) मझौला, अनुत्तम; (बो.चा.) (स्वास्थ्यमा) वेसै, वेसैसँग ।

midge (मिज्) **ना.** भुसुनो, सानू व्यक्ति ।

midget (मि'जिट्) **ना.** अति सानू व्यक्ति, वाउन्ने (प्रदर्शन गरिने); सानू चीज ।

midi (मि'डि) **ना.** स्कटको लमाइ मझयौला, घुँडासम्म वा अलिकति माथि ।

midinette (मिडिनेट्') **ना.** प्यारिसमा पसलमा काम गर्ने ठिटी (खा. ग. कपडा पसलमा) ।

midland (मिड्'ल्याण्ड्) **ना.** देशको मध्य भाग, मध्य देश ।

midriff (मिड्'रिफ्) **ना.** उदरपेशी ।

midst (मिड्स्ट्) **ना., क्रि. वि. र उ०** बीचमा, माझमा, अवधिमा ।

midsummer (मिड्'समर्) **ना.** निदाघमध्य, कर्क संक्रान्ति काल ।

mid-term (मिड्'टअर्म्) **ना.** मध्यावधि ।

mien (मीन्) **ना.** (साहि०) आकृति, ढाँचा काँचा (व्यक्तिको), जसबाट भाव वा स्वभाव थाह हुन्छ ।

miff (मिफ्) **ना. र क्रि.** सानू झगडा, ठस्काइ; **क्रि.** झोकिनु, नाखुश पार्नु, (खेलमा) चाल विगार्नु, राम्ररी हान्न नसक्नु ।

might (माइट्) **ना. र क्रि.** शारीरिक वल, पौरुष, पराक्रम, सामर्थ्य, अति वल; may को भू. का.;—y विक्रान्त, जब्बर, वलिष्ट, अजोरी, दर्बिलो ।

mignon (मि'नूयँ) **वि.** सानू र सुकुमारी ।

mignonette (मिन्यनेट्') **ना.** वास्ना आउने फूलको किसिम, तिनको खैरो हरियो रंग; मसिनू जाली ।

migraine (मीग्रेन्') **ना.** एक पट्टे सारो कपालदुखाइ, megrim हेर्नू ।

migra/te (माइ'ग्रेट्, माइग्रेट्') **क्रि.** वसाइँ सर्नु, एक (देश, शहर, विद्यालय, घर) बाट आर्कोमा सर्नु; (चराचुरुङ्गी, माछा इ०) मौसिमअनुसार आउनु जानु;—tion **ना.** प्रगमन, निर्गमन, देशान्तर गमन;—tory **वि.** भ्रमणशील, पर्यटनशील ।

mikado (मिका'डो) **ना.** (ब. व.—s) जापानका सम्राट ।

mike (माइक्) **ना. र क्रि.** ध्वनि गाढ गर्ने यन्त्र, ध्वनि, माइक; **क्रि.** काममा ठग्नु, अल्सी गर्नु ।

mil (मिल्) **ना.** एक हजार; per—हजारमा हजार कडा, ज० कि० per cent सयमा, सयकडा; (औ०) मिलिलिटरको छो०; तारको व्यास नपाइको एकांक = १/१००० इन्च ।

milage (माइ'लेज्) **ना.** **mileage** को रूपान्तर ।

Milanese (मिलनीज्') **वि. र ना.** (ब. व. उही) मिलान शहरको वासिन्दा ।

milch (मिल्च्) **वि.** (गाईवस्तुको) दुहुनी, लगहर, दुधालु;—cow (अलं०) नाफाको सूत्र, जसबाट रुपियाँ सजिलोसँग दुहुन सकिन्छ; लैनू, बकेर्नु (recently calved, calved some time ago) ।

mild (माइल्ड्) **वि.** नरम, मृदु, कोमल, सौम्य, सुकुमार, शान्त, अतीव्र ।

mildew (मिल्'ड्यु) **ना. र क्रि.** ढुसी; **क्रि.** ढुसी लाग्नु, सड्नु ।

mile (माइल्) **ना.** लमाइको नाप; १७६० गज, आधा कोस; माइल लामू दौड; not a hundred—s from मा, या नजीकै (नकली जिल्याउने कुरा);—stone दूरता देखाउने बाटोको छेउमा गाडेको दूरतादर्शक ढुंगा ।

Milesian (मिली'श्न्) **वि. र ना.** आयरल्याण्डको (मानिस) ।

miliary (मि'लिअरि) **वि.** (रो० नि०) आकार वा नापमा बाजराको व्यू जस्तो, उदा०—gland, tubercle ।

milieu (मिल्य) **ना.** परिस्थिति, अवस्था, सामाजिक वातावरण, चारै तिरको स्थिति (फ्रे.) ।

militant (मि'लिट्याण्ट्) **वि.** लडाइँमा लागेको, जुध्न खोज्ने, जोधाहा, लडाकु; **ना.** उपद्रवमा लागेको, खा. ग. विद्यार्थी वा युवक; उज्जण्ड, हिंसावादी, धे० ज० ब० व० मा, जोधालु ।

militarism (मि'लिटरिज्म्) **ना.** पेशावर सिपाहीको प्रवृत्ति वा तुजुक; सैनिक उत्साह वा आदर्शको ज्यादा चलती ।

militarist (मि'लिटरिस्ट्) **ना.** सैनिक शास्त्रको छात्र, सैनिक विचारमा ज्यादा रंगमगिएको ।

military (मि'लिटरि) **वि. र ना.** सैनिकहरूको, ले गरेको, सुहाउँदो; जंगी, सैनिक;—band सैनिक वाद्य समूह;—chest फौजको खजाना;—fever टाइफायड; **ना.** सेना, फौज, दल; non—असैनिक ।

militate (मि'लिटेट्) **क्रि.** लडाइँमा भाग लिनु; (गवाही, तथ्य) विरुद्ध हुनु ।

militia (मिलि'शा) **ना.** सैनिक दल, खा० ग० नागरिक सेना, मिलिशिया;—man मिलिशियाको सदस्य ।

milk (मिल्क्) **ना. र क्रि.** दूध; **क्रि.** पधार्नु, दुहुनु;—for babes सजिलो सजिलो साहित्य, सिद्धान्त इ.;—and honey भोगको प्रचुर सामग्री;—of human kindness मानवोचित दया; spilt—उपायरहित हानि वा गल्ती;—and water निर्धो र फिका प्रवचन या भावना;—bar दूध र दूधको परिकार विक्री हुने पसल;—crust केटाकेटीमा उछ्रने रोग;—fever सुत्केरीहरूको;—leg सुत्केरीको खुट्टा सुनिएको;—maid गोठाल्नी वा दूध दुहुने स्त्री;—man ग्वाला, दूधवाला;—powder सुकाएको दूधको धूलो;—pudding खीर (साबुदानाको);—punch रक्सीमा दूध मिसाएको;—shake **ना.** दूधमा फुल फेटेको;—sop नामर्द, फूर्तिहीन ठिटो;—tooth पछि उखेलिने प्रथम दाँत;—y **वि.** दूध जस्तो, दूधेलो, दूध मिसिएको; फिकासँग मिलनसार; M—way आकाश घेर्ने अनगिन्ती ताराहरूको उज्यालो पेटी; mother's—दूध गुन (बुद्धि इ.) ।

mill (मिल्) **ना. र क्रि.** घट्ट, कोल, मिल, जाँतो, ढिकी, चकला, कुनै प्रकारको उत्पादन गर्ने कारखाना;—s of God grind slowly दण्ड धेरैजसो ढीलो हुन्छ; **क्रि.** पिन्नु, पिंध्नु, दल्नु ।

millen/nium (मिले'निअम्) **ना.** हजार वर्षको अवधि; त्यसमा विश्वास गर्ने (व्यक्ति); रामराज्य;—arian **वि. र ना.** हजार वर्षको; सोमा विश्वास गर्ने व्यक्ति;—ary **वि. र ना.** हजार वर्षको, त्यसमा विश्वास गर्ने ।

millepede, milli—(मि'लिपीड्) **ना.** हजार खुट्टे ।

miller (मि'लर्) **ना.** घट्टे, घट्टको मालिक ।

millesimal (मिले'सिमल्) **वि. र ना.** हजारौं भाग, हजारौं भाग समावेश गर्ने ।

millet (मि'लेट्) **ना.** वाजरा ।

milli-(मि लि–) उ० हजारौंको अर्थमा संयुक्त शब्दको उपसर्ग ।

milliard (मि'लियर्ड्) **ना.** हजार मिलियन (या दश लाख) अर्व ।

milliner (मि'लिनर्) **ना.** स्वास्नीमानिसका टोप लुगा इ. सिउने, वनाउने, धे. ज. दर्जिनी ।

million (मिल्'यन्) दश लाख, मिलियन; the—जनसंख्याका वहुजन ।

millionaire (मिल्यनेअर्') **ना.** लखपति, धनकुवेर ।

Mills bomb (मिल्ज़् वम्) **ना.** अण्डाकार हाते वम ।

milor (d) (मिलॅर् (ड्)' **ना.** धनी अंग्रेज वा बडाझी जनाउने, फ्रेन्च शब्द ।

Miltonic (मिल्टॅ'निक्) **वि.** (अंग्रेज महाकवि) मिल्टनको ढाँचाको ।

mime (माइम्) **ना.** र **क्रि.** (रो. र ग्री. पूर्वकाल) व्यङ्ग पूर्ण सरल प्रहसन; त्यसमा भाग लिने; मसखरा; **क्रि.** विना शब्द केवल हावभावले अभिनय गर्नु ।

mimeograph (मि'मिअग्राफ्) **ना.** र **क्रि.** स्टेनसिलवाट धेरै प्रति छाप्ने यन्त्र; **क्रि.** त्यसरी नकल झिक्नु ।

mimesis (माइमी'सिस्) **ना.** (प्रा. वि.) एक र आर्को जानवर वा प्राणहीन वस्तुसँगको वाह्य सादृश्य ।

mimetic (माइमे'टिक्) **वि.** नकल गर्ने, नकलसहित ।

mimic (मि'मिक्) **ना., वि.** र **क्रि.** आर्काको नकल गर्न जान्ने व्यक्ति, विदूषक, ठट्टावाज; **क्रि.** पार लाउनु, खिसी गर्नु;—ry ठट्ठा, नकल ।

miminy-piminy (मि'मिनि–पि'मिनि) **वि.**—अति उत्कृष्ट, नाटीकुटी गर्ने, अति सुकुमारी ।

mimosa (मिमो'सा (जा) **ना.** लज्जालु, नमस्कारी, (विरुवा), लज्जावती ।

mina (माइ'ना) **ना.** प्राचीन ग्रीसको दाम, तौलको एकांक ।

mina/cious (मिने'शस्) **वि.** धम्कीपूर्ण, त्रास गराउने;—city **ना.** धम्की, घुर्की ।

minar (मिनाअर्') **ना.** दीपगृह, दीप धरहरा ।

minaret (मि'नरेट्) **ना.** पातलो वुर्जा, खा.ग. मसजिदको ।

minatory (मि'नेटरि) **वि.** धम्कीपूर्ण, त्रास गराउने, तर्जक ।

minc/e (मिन्स्) **ना.** र **क्रि.** सानू केस्रा पारेर काटेको मासु; **क्रि.** थुङ्नु, थुङ्थुङ्याउनु, टुक्नु, गिँड्नु, कुड्क्याउनु, त्यसरी काट्नु, पिन्नु, मस्कनु;—meat मिन्सपाई (मासुको झोल परिकार) वनाउनलाई दाख, चीनी, स्याउ इ० हाल्नु; make—meat of खतम पारिदिनु (व्यक्ति, युक्ति, इ०);—matters निन्दा गर्दा नरम गर्नु, वचाएर कुरा गर्नु, स्वाँग पारेर तोते वोली वोल्नु, त्यसरी हिँड्नु;—ingly स्वाँग पारेर; मस्केर, तोते वोली वोलेर; चेपारे पारेर; minced **वि.** कुट्टवा ।

Mincing Lane (मिन्'सिङ् लेन्') **ना.** लण्डनको चिया इ० पैठारी वस्तुहरूको मुख्य वजार ।

mind (माइण्ड्) **ना.** र **क्रि.** सम्झना, अन्तःकरण, मानस, निष्पक्ष राय, मन, इच्छा, हेक्का, ब्रह्म, ज्ञान, चित्त, हितचित्त, आत्मा, व्यक्ति (मानसिक शक्तिको रूपमा), आध्यात्मिक शक्ति; half a—अलिकति; be in two—s हिचकिचाउनु; give a piece of (one's)—तालुको छाला पैताला पुऱ्याउनु; set—on इच्छा गर्नु (पाउनालाई); **क्रि.** संम्झनु, हेरचाह गर्नु, रेखदेख गर्नु, होश राख्नु, जिम्वा लिनु; come into the—(विचार) घत लाग्नु;—ed **वि.** इच्छुक, मन लागेको; मन भएको, ज.कि. small, high—सानू, ठूलो दिल भएको;—full **वि.** विचारशील, सावधान;—reading मानसी ।

min/e (माइन्) **ना.**, स. **ना.** र **क्रि.** खानि, खोइरो, उडाइ दिने उद्देश्यले विस्फोटक छिँडी वा सोभन्दा मनि किल्लाको तल रहेको गुफा; विस्फोटनको लागि भैंमन्तिर वा समुद्रमा राखिएको भाँडाभित्रको विस्फोटक; थलवम;—field जमीन वा पानीमा विस्फोटक राखिएको क्षेत्र;—layer विस्फोटक ठाउँमा राख्ने पानी वा हवाइजहाज;—sweeper विस्फोटक साफ गर्ने जहाज;—thrower ट्रेन्चवाट हान्ने तोप; **क्रि.** भैंमन्तिर खन्नु, भैंमन्तिर गुफा वनाउनु, विस्फोटक राख्नु, कोरा धातु झिक्न भैं खन्नु; खोइरो खन्नु; **स. ना.** मेरो;—r **ना.** खानिको मजदूर, खनिक, खानक, खनक, विस्फोटक राख्ने सिपाही;—ing खनिज शास्त्र, भूगर्भ विद्या ।

minera/l (मि'नरल्) **ना.** र **वि.** खनिज (द्रव्य); प्राणहीन वस्तुहरूको वर्गीकरण हुने कुनै जात;—kingdom खनिज संसार;—water शैलोदक, प्रकृतिमा खनिज रासायनिक वस्तु रहेको पानी; यसको नकल गरी वनाएको पानी खा. ग. सोडा वाटर;—logy **ना.** खनिज विज्ञान ।

Minerva (मिनअर्'भा) **ना.** रोमकी वुद्धिदेवी (सरस्वती) ।

mingle (मि'ङ्ग्ल्) **क्रि.** मिसिनु, गाभिनु, मिल्नु; मिसामिस गर्नु ।

mingy (मिन्'जि) **वि.** (वो.चा.) कृपणी, वद्धमुष्ठि ।

mini (मि'नि) **ना.** स्कर्टको लमाइ : अति छोटो, तिघ्रामाथि, काप कापसम्मको ।

miniate (मि'निएट्) **क्रि.** सिन्दूर लाउनु, (हस्तलिखित) ग्रन्थमा चित्र भर्नु ।

miniature (मि'निएचर्) **ना.** स्वल्पिका, स्वल्पाकृति, चित्रमय ग्रन्थको तसवीर, सानू नापको पूरा विवरणसहितको चित्र, सूक्ष्म रूप; in—सानू रूपमा ।

minicab (मि'निक्याव्) **ना.** सानू ट्याक्सी क्याव, सानू भाडाको मोटर ।

minify (मि'निफाइ) **क्रि.** साँचीभन्दा सानू वा कम महत्वको वताउनु; नाप वा महत्वमा कमी गर्नु ।

minikin (मि'निकिन्) **ना.** र **वि.** सानू (जीव); **वि.** स्वाँगी, मस्कने ।

minim (मि'निम्) **ना.** (संगीत) सेमीव्रीभको आधार स्वर; लेख्दा तलतिर जाने कलमको एक धर्को; क्षुद्रतम नाप वा महत्वको जीव, झोल ड्रामको साठियौं भाग, थोपा ।

minimal (मि'निमल्) **वि.** अति क्षुद्र, हुन सकेसम्म थोरै,

अल्पतम ।

minimalist (मि'निमलिस्ट्) **ना.** एकछिनको लागि अल्पतम स्वीकार गर्न तयार व्यक्ति वा संस्था ।

minimize (मि'निमाइज़्) **क्रि.** सानू पार्नु, घटाउनु ।

minimum (मि'निमम्) **ना.** र **वि.** (ब.व.–ima) अल्पतम, कामचलाउ, निम्नतम; **वि.** सबभन्दा थोरै, तल्लो;—thermometer अल्पतम ताप देखाउने तापमापक;—wage अल्पतम ज्याला; **वि.** सबभन्दा सानू वा थोरै ।

minimus (मि'निमस्) **वि.** (विद्यालयहरूमा) उही नामको सबभन्दा सानू छात्र ।

minion (मिन्'यन्) **ना.** (हे०) मन परेको बच्चा, जीउ, चिंडी, नोकर, पशु इ०; राजाको मन परेको; कमारो, लाडला;—s of the law झ्यालखानका हाकिम, सिपाही, प्रहरी इ० ।

minish (मि'निश्) **क्रि.** (आ०) घट्नु ।

miniskirt (मि'निस्कर्ट) **ना.** स्त्रीको घुँडाभन्दा धेरै माथिसम्म मात्रको लहँगा, स्कर्ट ।

minister (मि'निस्टर्) **ना.** र **क्रि.** मन्त्री, वजीर, देवान, काजी, राजदूत, पादरी; Prime—प्रधानमन्त्री, M—of state राज्यमन्त्री; **क्रि.** सेवा गर्नु, उपचार गर्नु, नोकरी, चाकरी बजाउनु;—ing angel धात्री, रक्षक ।

ministerial (मिनिस्टे'रिअल्) **क्रि.** मन्त्रीय, ऐनको कार्यान्वयनसम्बन्धी, विरोधी दलको विरुद्ध शासक दलको साथ दिने ।

ministration (मिनिस्ट्रे'श्न्) **ना.** सेवा, सुश्रूषा, उपचार, उपदेश, खा.ग. धार्मिक विषयमा ।

ministry (मि'निस्ट्रि) **ना.** मंत्रि-मण्डल, मंत्रणालय, धार्मिक मण्डल (पादरीहरूको) वा पद; राजकीय विभाग, मन्त्रालय ।

minium (मि'नियम्) **ना.** सिन्दूर ।

miniver,–ever (मि'निभर्) **ना.** खास पोशाकसँग औपचारिक समारोहमा लाउने भुत्ला ।

mink (मिङ्क्) **ना.** एक समुद्री पशु, त्यसको बहुमूल्य छाला, त्यसबाट बन्ने स्त्रीजातिको कोट ।

minnesinger (मि'निसिङ्गर्) **ना.** जर्मनीको बाह्रौं शताब्दीतिरको कवि र गायक ।

Minnie (मि'नि) **ना.** (अप०) ट्रेञ्च (खाडल) बाट हान्ने तोप ।

minnow (मि'नो) **ना.** माछाको प्रकार, सानू माछा ।

Minoan (मिनो'अन्) **वि.** (माइनोस राजाको) क्रीट टापूको सभ्यता ।

minor (माइ'नर्) **वि.** र **ना.** सानू, न्यून, गौण, लघु, कान्छो, अल्पवयस्क, नाबालक, नाबालिग, चोगण्ड ।

Minorca (मिनअर्'का) **ना.** सो नामको टापू । (बालियरिक द्वीपसमूहमा), कालो जातको कुखुरा ।

minority (माइनॅ'रिटि) **ना.** नाबालकपना, नाबालिगपन, अल्पसंख्या, अल्पसंख्यक, अल्पसंख्यक मत पाउने ।

Minotaur (मि'नटॅअर्) **ना.** मान्छेको मासु खाने, आधा साँढे आधा मान्छे, काल्पनिक राक्षस ।

minster (मि'न्स्टर्) **ना.** गिरजाघर, ठूला गिरजाहरूलाई दिइएको नाम ।

minstrel (मिन्'स्ट्रेल्) **ना.** गाइने, मध्ययुगी गायक, भाट, पहिले सामन्ती मालिकलाई गीत, हँसी ठट्टा इ० ले मनोरञ्जन गर्ने; (ब.व.) मुखमा ध्वाँसो लाएर निग्रो उत्पत्तिको संगीत गर्ने दल;—sy **ना.** गाइनेको कला, गाइनेहरू, लोकगीत ।

mint (मिण्ट) **ना.** र **क्रि.** टकसार, टकसाल, टंकशाला, पुदीना; **क्रि.** टक मार्नु ।

minuet (मिन्यूएट्') **ना.** धीमा रवाफिलो नाच; त्यसको संगीत ।

minus (माइ'नस्) **उ.** र **वि.** घटाएर, न्यून, वंचित भएर; **वि.** नकारात्मक, ऋण ।

minuscule (मिनस्'क्यूल्) **वि.** र **ना.** सातौं सदीतिरको लेख्ने अक्षर; **ना.** सानू अक्षर ।

minute (मि'निट्) **ना.**, **क्रि.** र **वि.** मिनिट, नाति, घंटाको साठियौं भाग; (कोणमा) डिग्रीको साठियौं भाग, मसौदा, स्मृतिपत्र, कार्य विवरण (खा. ग. ब. व. मा); **क्रि.** ठीक समय पत्ता लाउनु, मसौदा गर्नु; कार्य विवरण बहीमा लेख्नु; **वि.** (उच्चा. माइन्यूट्) अति सानू, लघु, क्षुद्र जीव, जाबो; (जाँच, परीक्षा) यथार्थ, ठीक, कडा, निष्पक्ष;—book कार्य विवरण बही;—hand मिनिट सियो (घडीको);—man (ऐति०) एक मिनिटको सूचनामा हिंड्न तयार अमरिकन मिलिशियाको सदस्य;—ly प्रत्येक सेकेण्डमा हुने ।

minutia (मिन्यू'शिआ) **ना.** यथार्थ वा सानू विवरण; तुच्छ कुरा ।

minx (मिङ्क्स्) **ना.** अटेरी ठिटी, नखरमाउली, नकटी, प्रगल्भा ।

Miocene (मा'योसीन्) **वि.** र **ना.** (भूतत्व०) पृथ्वीको इतिहासको प्लिओसीनभन्दा अगाडिको अवधि ।

mir (मिअर्) **ना.** ग्रामीण समुदाय (रूसी) ।

mira/cle (मि'र्याकल्) **ना.** आश्चर्य, चमत्कार, करामत, बाजीमाथ, हद्द;—culous **वि.** अलौकिक, अद्भुत, अचम्मको ।

mirage (मिराश़्) **ना.** मृगतृष्णा, मरीचिका, जलभ्रम ।

mire (माय़र्) **ना.** धाप, दलदल, पंक, हिलो ।

mirror (मि'रर्) **ना.** र **क्रि.** ऐना, दर्पण, हल्वी, **क्रि.** प्रतिबिम्ब गर्नु ।

mirth (मअर्थ्) **ना.** हास्य, प्रमोद, उल्लास, हाँसो, रमाइलो, मजा, मोजमज्जा ।

miry (मा'य्रि) **वि.** हिले, गन्दा, फोहर ।

misadventure (मिस्अ्याड्भे'न्चर्) **ना.** दुर्भाग्य, अलच्छिन; homicide by—दैव, भवितव्य ।

misalliance (मिस्अला'यन्स्) **ना.** असंगति (खा० ग० विवाह) ।

misanthrope (मिस्अ्यान्थ्रोप्) **ना.** सर्वलोक द्वेष, नरशत्रु, मनुष्यद्रोही, मान्छे घिनाउने ।

misapplication :(मिस्अ्याप्लिके'शन) **ना.** कुप्रयोग, मसोट ।

misapprehen/d (मिस्‌ऍप्रिहेण्ड्') **क्रि.** उल्टो सम्झनु, भुल्नु;—sion **ना.** नासमझ, वेसमझ, मिथ्यामति ।

misappropria/te (मिस्‌अप्रो'प्रिएट् **क्रि.** हिनामिना गर्नु, मास्नु, अपहरण गर्नु खा. ग. आर्काको सम्पत्ति आफ्नू निम्ति; —tion **ना.** दुरुपयोग, मसोट, हिनामिना ।

misbecome (मिस्‌बिकम्') **क्रि.** नसुहाउनु, अमिल्दो हुनु ।

misbegotten (मिस्‌बिगॉ'ट्न्) **वि.** वर्णसंकर, दोगला, जारपुत्र, कुजात, कुजन्म ।

misbehave (मिस्‌बिहेभ्') **क्रि.** अयोग्य व्यवहार गर्नु, दुर्व्यहार गर्नु, वेकाइदा गर्नु, दुराचार गर्नु ।

misbelief (मिस्‌बिलीफ्') **ना.** मिथ्या विश्वास, अविश्वास, असत्य धारणा ।

miscalculate (मिस्‌क्याल्'क्युलेट्) **क्रि.** कुगणना गर्नु, गल्ती अन्दाज गर्नु ।

miscall (मिस्‌कॉल्') **क्रि.** गलती बोल्नु, गलती नामले बोलाउनु ।

miscarriage (मिस्‌क्या'रिज्) **ना.** (चिठी) ठेगानामा नपुग्नु;—of justice वेइन्साफ गर्नु; गर्भपात, तुहिनु, गर्भस्राव; योजना-को असिद्धि ।

miscarry (मिस्‌क्या'रि) **क्रि.** असफल हुनु, अधिग्रो जानु; नपुग्नु; हराउनु ।

miscasting (मिस्‌कास्'टिङ्) **ना.** कुगणना, अभिनेताहरूमा अमिल्दो पाठको वितरण ।

miscegenation (मिसिजेने'श्न्) **ना.** जातिको मिश्रण खा. ग. गोराको निग्रोसँगको संयोग ।

miscellanea (मिसिले'निआ) **ना.** साहित्यिक सँगालो, संकलन ।

miscellaneous (मिसिले'निअस्) **वि.** मिश्रित, नानाविध, चानचुन, खुदरा, विविध, सालाखाला, खैराते, फाटफुट, छुटछाट, खत्र्याकखुत्रुक; (व्यक्तिहरू) विविध, धेरै गुणयुक्त एकाध ।

miscellany (मि'स् (से) लनि) **ना.** मिसोट, मिसमास, सँगालो, ग्रन्थसंग्रह, संग्रह, फाटफुट, चानचुन ।

mischance (मिस्‌चान्स्') **ना.** दुर्भाग्य, अलच्छिन ।

mischief (मिस्'चिफ्) **ना.** उधूम, उत्पात, भाङ्जो, झ्याउलो, भुंग्रालो, उपद्र्याइँ; कैफियत, बदमाशी; उपद्रो, उटपट्याङ, बिजाइँबिद्युत, चुक्र्याइँ, बिगार, अर्धेली, व्युत्पात; छिल्याइँ, जुलूम, हूल हुज्जत, हूलदङ्गा, चकचक, हानि, नोक्सान; do a —घाउ लाउनु वा मारिदिनु;—maker उपद्र्याहा, चुर्के ।

mischievous (मिस्' चिभस्) **वि.** उत्पाते, सक्नुको, घातुक, हिंसक, भताभुङ्गे, छिचिगुटे; उपद्र्याहा, उपद्रवी, अडभङ्गे, चुर्के ।

misci/ble (मि'सिब्ल्) **वि.** मिसिने;—bility **ना.** मिश्रणीय ।

miscon/ceive (मिस्‌कन्‌सीभ्') **क्रि.** गलती सम्झिनु. उल्टो सम्झिनु;—ception **ना.** भ्रम, भ्रान्ति, वोध, गलत धारणा, मतिभ्रम ।

misconduct (मिस्‌कॅन्'डक्ट्) **ना.** कुचाल, कुबानी, अनाचार, वदी, दुराचार, खा. ग. परस्त्रीगमन; कुप्रवन्ध; **क्रि.** (उच्चा० मिस्‌कॅन्‌डक्ट्') वेकाइदा गर्नु, भ्रष्टाचार गर्नु ।

misconstru/e (मिस्‌कॅन्(कन्)'स्ट्रू) **क्रि.** अर्थको अनर्थ गर्नु;—ction समझको फेर ।

miscount (मिस्‌काउण्ट्') **ना.** र **क्रि.** कुगणना, खा. ग. चुनाउमा मतको ।

miscreant (मिस्'क्रिअण्ट्) **ना.** दुर्जन, कुचाली; कुकर्तव्यवाला, अपराधी ।

miscreated (मिस्‌क्रिए'टेड्) **वि.** कुरूप (गालीमा) ।

misdeed (मिस्‌डीड्') **ना.** कुकर्म, कसूर, कुचर्या, अनाचार, करतूत, अकृत्य, हराम विराम, कैफियत ।

misdeem (मिस्‌डीम्') **क्रि.** (आ., क.) गलती राय गर्नु, एउटालाई आर्को सम्झनु ।

misdemeanour (मिस्‌डिमी'नर्) **ना.** (का.) दुराचार, बिजाइँविद्युत, अपराध, कसूर, खत, गफलत ।

misdirect (मिस्‌डिरेक्ट्') **क्रि.** (व्यक्ति, हनाइ इ०) गलतीसँग निर्देश दिनु, ताक्नु इ. ।

misdoing (मिस्‌डु'इङ्) **ना.** दुराचार, कुकृत्य ।

misdoubt (मिस्‌डाउट्') **क्रि.** (आ.) शंका लिनु, नपत्याउनु; **ना.** खडको, शङ्का, द्विविधा ।

mise (मीज़्, माइज़्) **ना.** समझौताबाट ठेगान;—en scene खेल्दा नाटकको दृश्य र सारजाम, (अलं.) घटनाको परिस्थिति ।

miser (माइ'ज़र्) **ना.** कृपण, मक्खीचूस, चुइयाँ, खिच्चू, झीङाचूस, लिस्टो, कञ्जूस, किरण्टोकी, बद्धमुष्टि; इनार खन्दा प्वाल पार्ने यंत्र ।

miserable (मि'ज़रेब्ल्) **वि.** आर्त, दुःखी, आपद्ग्रस्त, अभागी, हेलाँयोग्य ।

miserere (मिजरे'ꣲर्) **ना.** क्रिस्तानहरूको एक भजन; दयाको पुकार ।

misericord (मिज़े'रिकअर्ड्) **ना.** (ऐति) मठहरूमा केही स्वतन्त्रता पाइने कोठा; अन्तिम चोट दिने छुरा; कब्जा र कमानीले अडयाउने आसनको भित्तामा जडिएको अडान ।

miserly (माइ'ज़र्लि) **वि.** कंजूस जस्तो, कृपणी; किरण्टोके, बद्धमुष्टि, छुच्चो, कंजूस ।

misery (मि'ज़रि) **ना.** दुःख, आपत, विपद, दुर्गति, दैन्य, व्यथा; चिल्लीबिल्ली, बिजोग, बिचल्ली ।

misfeasance (मिस्‌फे'ज्यान्स्) **ना.** (का.) अतिक्रम, खा. ग. विधियुक्त अख्तियारको गलत प्रयोग ।

misfire (मिस्‌फायर्') **क्रि.** नचल्नु, चालु नहुनु (बन्दूक, मोटर, यंत्र इ० को) ।

misfit (मिस्‌फिट्') **ना.** बेठीक (लुगा), राम्ररी नमिलेको व्यक्ति ।

misfortune (मिस्‌फअर्'चून्—ट्यून्) **ना.** दुर्भाग्य, विपत्ति, विजोग, आपत्, बदनसीब, अभाग, कुदैव, छुटछाट, छुट्टीछाट्टी ।

misgiv/e (मिस्‌गिभ्') **क्रि.** शंका वा डर उत्पन्न गर्नु;—ing **ना.** शंका, डर, खडको ।

misguide (मिस्गाइड्') क्रि. भुलाउनु, वहकाउनु, झुक्याउनु।

mishandle (मिस्ह्या'ण्ड्ल्) क्रि. बेकाइदासँग चलाउनु, (औजार, मानिस, इ०)।

mishap (मिस्ह्याप्') ना. दुर्घटना, दुर्दैव, अनिष्ट, बित्यास।

mishmash (मिश्'म्याश्) ना. मिसमास, मिसोट, थुप्रो।

misinform (मिस्इन्फअ्र्म्') क्रि. मिथ्या समाचार दिनु, कुरा वंग्याउनु, झूटो वताउनु।

misinterpret (मिस्इन्टअ्र्'प्रेट्) क्रि. अशुद्ध अर्थ लगाउनु, अर्थको अनर्थ गर्नु; कुअर्थ गर्नु।

misjudge (मिस्जज्') क्रि. गलती ठेगान गर्नु, बेठीक विचार गर्नु।

mislay (मिस्ले') क्रि. हराउनु, भुल्नु।

mislead (मिस्लीड्') क्रि. भुलाउनु, वहकाउनु, झुक्क्याउनु।

mislike (मिस्लाइक्') क्रि. (आ.) मन नपराउनु, नरुचाउनु।

misnomer (मिस्नो'मर्) ना. गलत नामको प्रयोग, शब्दको अशुद्ध प्रयोग।

misogamy (मिसॅ'गमि) ना. विवाह विद्वेष।

misogynist (मिसॅ'जि (गि) निस्ट्) ना. स्त्रीविरोधी, स्त्रीघृणक।

misplace (मिस्प्लेस्') क्रि. हराउनु, कुठाउँमा राख्नु।

misprint (मिस्प्रिण्ट्') ना. र क्रि. मुद्रण दोष, गलती छपाइ; क्रि. त्यसरी छाप्नु।

misprision (मिस्प्रिज़्न्) ना. (का.) वेठीक काम वा छूट, लंघन, हेला, महत्व बुझ्ने अक्षमता।

mispronounce (मिस्प्रनाउन्स्') क्रि. अशुद्ध उच्चारण गर्नु;—pronunciation ना. अशुद्धोच्चारण।

misrepresent (मिस्रेप्रेज़ेण्ट्') क्रि. झुट्टा बताउनु, कुरा ढाँट्नु; वंग्याउनु, तोडमोड गर्नु;—ation मिथ्याकथन, मिथ्यावाद, असत्य कथन, अन्यथावाद।

misrule (मिस्रूल्') ना. कुशासन; Lord of M—क्रिस्मसको जमघटको अधिपति।

miss (मिस्) ना. र क्रि. असफलता, चूक, अविवाहिता स्त्रीको उपाधि, कुमारी; क्रि. निशाना नलाग्नु, छुट्नु, (इञ्जिन) नचल्नु; शून्य मान्नु; बिराउनु, हराउनु, वोक्रिनु।

missal (मि'सल्) ना. क्रिस्तानी धर्म पुस्तक।

misshapen (मिस्शे'प्न्) वि. कुरूप, नराम्रो।

missile (मि'साइल्) ना. (वस्तु, अस्त्र) भुशुण्डी, दूरघाती, प्रक्षेप्यास्त्र, मट्याङ्ग्रा, झटारो, ढुङ्गा जुन इञ्जिन वा यन्त्रद्वारा हुत्याइन्छ; घुयेंत्रो; guided—टाढावाट अंकुश गरिने प्रकारको क्षेप्यास्त्र।

missing (मि'सिङ्) वि. नपुग, वाँकी, ठाउँमा नभएको, बेपत्ता (लडाइँमा सिपाहीहरू; ठूलो दुर्घटनापछि व्यक्तिहरू);—link शृङ्खला पूरा गर्नालाई चाहिने खा. ग. मनुष्य र मान्छे जस्तो वाँदरका बीचको जीव)।

mission (मि'शन्) ना. अन्य देशमा (छलफल इ० को लागि) जाने समूह, धर्म परिवर्तन गराउने उद्देश्यले जाने वा पठाइने व्यक्ति वा समूह; राजनैतिक वा अन्य उद्देश्यको चेष्टा; कार्यमा धावा वा छापा; व्यक्तिको पेशा वा जीवनको मुख्य उद्देश्य; पादरीहरूको अखाड़ा।

missionary (मि'शनरि) ना. (धर्म परिवर्तन गराउने उद्देश्यवाला) पादरी।

missioner (मि'शनर्) ना. पादरी, धार्मिक अखाडाको जिम्वावाल।

missis-us (मि'सिस्) ना. (नोकरबाट) मालिकनी; (ग्रा० ठ०) the—आफ्नी वा अर्काकी स्वास्नी।

missive (मि'सिभ्) ना. चिठी (खा० ग० सरकारी), प्रेमपत्र।

missy (मि'सि) ना. (स्नेही, रमाइलो, वा हे०) कुमारी, अविवाहिता ठिटी (तर यसपछि miss झैं नाम आउँदैन), ठिटी।

mist (मिस्ट्) ना. कुइरो, तुवाँलो, नीहार, कुहासा; Scotch—पातलो पानी परे जस्तो, जुन स्कटल्याण्डको पहाडी प्रदेशमा देखिन्छ; आँखामा आँसुले वा रोगले गर्दा जालो लागेको जस्तो;—y वि. कुइरो लागेको, गहन, असुगम, अस्पष्ट।

mistak/e (मिस्टेक्') ना. र क्रि. भूल, झुकान, झुक्यान, गलती, त्रुटि, गफलत, भ्रम, भ्रान्ति; no—निःसन्देह; क्रि. विरिनु, झुक्किनु, भुल्नु, गलती गर्नु;—en वि. अबुद्धियुक्त, विना विचारको।

mister (मिस्'टर्) ना. (ब. व. Messes उच्चा० मे'सर्ज़्) मिस्टर, लोग्ने मानिसको नामअगाडि लाग्ने उपाधि; महाशय।

mistime (मिस्टाइम्') क्रि. कुटाइममा गर्नु वा बोल्नु।

mistletoe (मि'ज़्(स्) ल्टो) ना. अर्को रूखमा उम्रने परजीवी बिरुवा, क्रिस्तानहरूले यसलाई क्रिस्मसमा घर सिंगार्ने व्यवहार गर्छन्, र त्यस वेला यसमन्तिर उभिने जोसुकै स्वास्नीमानिसलाई पनि देख्नेले म्वाइँ खान पाइन्छ।

mistral (मिस्'ट्र (ट्रा) ल्) ना. भूमध्य सागरीय क्षेत्रको ठण्डा उत्तर-पश्चिमी हावा।

mistreat (मिस्ट्रीट्') क्रि. कुव्यवहार गर्नु, दुर्व्यवहार गर्नु।

mistress (मि'स्ट्रिस्) ना. मालिकनी, गृहिणी, अधिकारयुक्त स्त्री, विषयमा पारंगत स्त्री; प्रेयसी, मायालु, भित्रिनी, रखौटी, ल्याइते।

mistrial (मिस्ट्रा'यल्) ना. भूलले दूषित अदालती कारवाई।

mistrust (मिस्ट्रस्ट्) ना. र क्रि. अविश्वास; क्रि. पत्यार नगर्नु।

misty (मिस्'टि) वि. तुवाँलो लागेको, कुइरो लागेको, अस्पष्ट, (अलं०) नबुझिने, अनिश्चित।

misunderstand (मिस्अण्डर्स्ट्याण्ड्') क्रि. (भू० का० stood) भूल सम्झनु, भ्रम, मिथ्यावोध, मतिभ्रम, मनोमालिन्य, मतिभेद, नासमझ;—ing ना. भ्रान्ति, भ्रम, गफलत, समझको फेर, झुक्यान, गडबडी, बेमेल।

misuse (मिस्यूज़्') क्रि. र ना. कुप्रयोग, दुर्व्यवहार, अपव्यय; ना. दुरुपयोग।

mite (माइट्) ना. कीरा (खा० ग० चीजमा हुने), सानु

सिक्का, दाम, सानु वस्तु, वालक ।

Mithras-ra (मिथ्'न्यास्) **ना.** सूर्य (फारसीमा) ।

mithridatize (मिथि'डटाइज्) **क्रि.** वढ्दो मात्राको विष प्रयोगद्वारा विष नलाग्ने गराउनु; ज० कि० विषकन्यालाई ।

mitig/ate (मि'टिगेट्) **क्रि.** शमन गर्नु, थामथुर पार्नु;—gation **ना.** मृदुकरण, साम्य, समथर, हाइसञ्चो, यापन ।

mitosis (मिटो'सिस्) **ना.** कोष पातला धागामा विभाजित हुने क्रिया ।

mitrailleuse (मिट्राय'ज्) **ना.** धेरै नाल भएको अनेक थरी अस्त्र फ्याँक्ने वन्दूक ।

mitral (माइ'ट्रल्) **वि.** पादरीको मुकुटको आकार भएको;—(valve) मुटुको एक कपाट ।

mitre (माइ'टर्) **ना.** क्रिस्तानी धर्माधिकार (विशप) को पद जनाउने अग्लो टोप ।

mitten, mitt (मि'टेन्, मिट्) **ना.** बूढी औंला मात्र भएको पञ्जा (न्यानूको लागि), बगैंचे पन्जा, मुक्का खेल्नेहरूले लाउने त्यही किसिमको बाक्लो पन्जा; स्त्रीको औंला नभएको कुहिनो देखि हत्केलासम्मको बुनेको (जालीदार) पंजा; give, get, the—छोड्नु, छुटाउनु (प्रेमीलाई), पदवाट खारिज हुनु इ० ।

mittimus (मि'टिमस्) **ना.** (व्यक्तिलाई) ऱ्यालखान हाल्ने आदेश वा पुर्जी; (बो. चा.) पदवाट खारिज हुनु ।

mix (मिक्स्) **क्रि.** मिस्नु, मिसिनु, मिसाउनु; जोगल्टिनु, फेट्नु; be mixed up in मुछिनु, सरीक गराउनु;—ed मिसिएको, मिस्कट;—er **ना.** मिसाउने, खा. ग. बोल्ने चित्रमा शब्दहरूको संयोजन मिलाउने यन्त्र, good, bad—er अरूसँग मिसिन सक्ने, नसक्ने, व्यक्ति; लटपट;—up **ना.** मसमिण्डी, गजमौरो, लटपट ।

mixed (मिक्स्ट्) **वि.** विभिन्न; छ्यासमिस (जमातको), छनौटे होइन, सबै तरहका मानिस भएको; (बो. चा.) अलमलिएको; पुरुष, स्त्री दुवैको लागि ज. कि.—school,—bathing;—mathematics मिश्र गणित ।

mixen (मि'क्सेन्) **ना.** (प्रादे०) विष्टाको थुप्रो; फोहोर मैलाको थुप्रो ।

mixture (मिक्स्'चर्) **ना.** सम्मिश्रण, मिसावट, मिसोट, मिश्रण, संयोग, सम्मिश्रण, मिस्कट ।

mizzle (मि'ज़ल्) **क्रि.** र **ना.** सिमसिम (पानी पर्नु); (अप०) भाग्नु, वेपत्ता हुनु ।

mnemonic (नेमॅ'निक्) **वि.** र **ना.** स्मरण-शक्तिलाई मदद गर्ने, वा सो गर्ने उद्देश्यको; **ना.** (ब. व.) स्मृति-सहायक विद्या ।

mnemotechny (नेमॅटे'क्नि) **ना.** माथिवमोजिम ।

mo (मो) **ना.** (छो.) मुहूर्त (moment को छो.) ।

moan (मोन्) **ना.** र **क्रि.** शारीरिक वा मानसिक कष्ट जनाउने लामू धीमा आह या आर्तनाद; विलपन, परिवेदन; **क्रि.** विलाप गर्नु, आह भर्नु, कन्नु ।

moat (मोट्) **ना.** घरको चारैतिरको खाडल, परिखा, खातक ।

mob (मॅब्) **ना.** र **क्रि.** हूल, लोक, जन, जनसमूह; **क्रि.** हूल गर्नु, घेर्नु, दुःख दिनु ।

mob-cap (मॅब्'-क्याप्) **ना.** (अघिको जमानाको) स्त्रीको सम्पूर्ण टाउको ढाक्ने घरभित्र लाउने टोपी ।

Mobil (मो'विल्) **ना.** आन्तरिक दहन यन्त्रमा हाल्ने उपांजन ।

mobile (मो'वाइल्) **वि.** जंगम, अस्थिर, घुमुवा, घुम्ती, डुलुवा, बदलिरहने; (सेना) एक ठाउँबाट आर्को ठाउँमा सजिलोसँग स्थानान्तरित गर्न सकिने, चलायमान ।

mobili/ze,-ise (मो'विलाइज्) **क्रि.** चलायमान गराउनु, गतिमान गराउनु, क्रियाशील गराउनु; (सेनालाई) क्रियाशील युद्ध कार्यको लागि तयार गराउनु;—zation **ना.** गतिशीलकरण ।

moccasin (मॅ'कासिन्) **ना.** मृगचर्म इ. को अमरिकाका आदि जातिको पाउपोश ।

mocha (मो'का) **ना.** फट्टिकको किसिम; कफीको उन्नत किसिम ।

mock (मॅक्) **ना.**, **वि.** र **क्रि.** (आ.) ठट्टा खिसी गरिने योग्य चीज, देखासिकी, नकल; **वि.** झुट्टा;—heroic महाकाव्यको व्यंग्यपूर्ण नकल; **क्रि.** ठट्टा गर्नु, खिसी गर्नु, हेलाँसाथ ललकार्नु, ठग्नु, नकलद्वारा ठट्टा गर्नु ।

mockery (मॅ'करि) **ना.** ठट्टा, ख्याल, खिसी-ट्युरी हाँसी, गिल्ला, परिहास, दिल्लगी, विडम्बना, त्यसको पात्र वा उपलक्ष, व्यङ्ग प्रदर्शन, हाँसोउठ्दो वा अपमानजनक र व्यर्थको काम ।

modal (मो'डल्) **वि.** सार वा तत्वको विपरीत आकार वा रीतिविषयक ।

mode (मोड्) **ना.** रीति, विधि, काइदा, तरीका, ढाँचा; the—पोशाकको चलन (फ्याशन) ।

model (मॅ'डेल्) **ना.** र **क्रि.** (-ll-) नमूना, आकार, खाल, ढाँचा, प्रतिरूप, आदर्श; working—(खास यन्त्रको चाल देखाउने); (लुगा पसलमा) लुगा लाएर गाहकरूलाई देखाउने, चित्रशालामा चित्रकारको नमूना बन्ने धे. ज. स्त्री; **क्रि.** बनाउनु, आकार दिनु, मसौदा बनाउनु, लुगा लाएर देखाउनु, चित्रकारको नमूना वा लुगा लाउने नमूना बन्नु; (गिलो वस्तु बटारेर, थिचेर, इ. गरी) रूप दिनु, आकार दिनु, बनाउनु; माड्नु ।

modena (मॅ'डेना) **ना.** गहीरो कलेजी रंग ।

moderate (मॅ'डरेट्) **वि.**, **ना.** र **क्रि.** परिमित, समर्याद, संयमी, नरम, न सानू न ठूलो, कम; **ना.** (राजनीतिमा) नरम विचारको व्यक्ति; **क्रि.** शमन गर्नु, घटाउनु, बल वा उत्तेजना कम हुनु, मध्यस्थ हुनु;—or **ना.** मध्यस्थ, आसनाधिपति;—ion **ना.** प्रशमन, समता, निग्रहण, अनतिक्रम, धैर्य ।

modern (मॅ'डर्न) **वि.** र **ना.** अर्वाचीन, आधुनिक, हालको, अचेलको, नयाँ; नवयुगको मानिस ।

modernity (मॅडअर्'निटि) **ना.** नवीनता, आधुनिकता, अर्वाचीनता ।

modernism (मॅ'डर्निज्म्) **ना.** आधुनिक विचार र रीति, खा. ग. धर्ममा परम्परालाई नयाँ विचार-धाराको अनुकूल गराउने

प्रवृत्ति; अर्वाचीन शव्द वा वोली ।

modest (मॅ'डेस्ट्) **वि.** विनीत, लज्जालु, संकोची, नम्र, गर्वरहित, सती, साधुशील, अल्पपरिमाण;—y **ना.** लाज, मर्यादा, अनहंकार, आवरू, नम्रता ।

modicum (मॅ'डिकम्) **ना.** सानू परिमाण, मात्रा; किञ्चित्, अल्पांश ।

modif/y (मॅ'डिफाइ) **क्रि.** नरम गराउनु, वदलिनु, आंशिक परिवर्तन गर्नु, रूपान्तर गर्नु, विकार गर्नु वा हुनु; (व्या०) शव्दको अर्थ वदल्नु;—ication **ना.** संशोधन, हेरफेर, परिवर्तन, विकार, विकृति, रूपाम्तर विधान, परिवृत्ति ।

modish (मो'डिश्) **वि.** छैला, वाँका, चलेको लुगा इ० लाउने; ढाँची, स्वाँगी ।

modiste (मॅ'डिस्ट्) **ना.** (खा. ग. स्त्रीको) दर्जी, लुगा वनाउने ।

modulate (मॅ'ड्यूलेट्) **क्रि.** मिलाउनु, घटवढ़ गर्नु, स्वर उँचो नीचो गर्नु (संगीतमा) ।

module (मॅ'ड्यूल्) **ना.** आदर्श, एकांक (नापको); परिमाण जनाउने लमाइको एकांक (भव.); चन्द्रमामा ओर्लने सानू माकुरे यान; lunar—,landing—।

modulus (मॅ'ड्युलस्) **ना.** (व. व.–li) स्थिराङ्क गुणक, भौतिक वल र त्यसले उत्पादन गर्ने फल देखाउने स्थिरांक ।

modus (मो'डस्) **ना.**;—operandi (—अपन्यान्'डि) मानिसको काम गर्ने तरीका, कुनै वस्तुले कार्य सम्पन्न गर्ने तरीका;—vivendi (—भिभेन्'डि) जीवन क्रम, अर्थात् विवाद गर्नेहरूले फैसला नभएसम्म गरेको समझौता; मतविभिन्नता भएका व्यक्तिहरूमध्ये भएको वन्दोवस्त ।

mofette (मोफेट्') **ना.** (भैंको चिरो जसवाट) दूषित वायु निस्कन्छ; (फ्रे. वा फ्रे. इटा०) ।

mohair (मो'हेयर्) **ना.** तुर्की खसीको नरम रौं ।

Mohawk (मो'हॅक्) **ना.** उत्तरी अमरिकन जाति, त्यस जातिको भाषा ।

Mohock (मो'हॅक्) **ना.** दुई सय वर्ष जति अवि रातमा लन्डनमा धूम मच्चाउने वडाह्मी हुल्याहा ।

moiety (म्वा'इटि) **ना.** आधा, खा. ग. कानूनी प्रचलनमा; (मोटामोटी) वस्तु विभाजित हुँदा कुनै एक भाग ।

moil (मॉयल्) **क्रि.** खट्नु, खा. ग. toil and—मा ।

moist (म्वॉयस्ट्) **वि.** भिजेको, रीप, चिसो, ओद; (मौसिम) वर्खे; (रोग) पीप, पानी आउने ।

moisten (म्वाय'सन्) **क्रि.** भिजाउनु, भिज्नु, चिसो हुनु ।

moisture (म्वायस्'चर्) **ना.** चिसो; शीत, रस, आर्द्रता, नमी, ओद, हाल ।

moke (मोक्) **ना.** (अप.) गधा ।

moko (मो'को) **ना.** माओरीहरूको जीउमा रंगले खोप्ने ढाँचा ।

molar (मो'लर्) **ना.** र **वि.** चपाउने दाँत, वङ्गारा; **वि.** पिण्डको, ठूलाठूला पिंडमा, या द्वारा, कार्य गर्ने ।

molasses (मल्या'सेज़्) **ना.** (व. व. तर अर्थमा ए. व.) पाग, खुदो, गुड, उखुसार, चाकु, शक्कर, मीठा ।

mole (मोल्) **ना.** कोठी, दाग, मुसा, (ज्यूमा निस्कने); छुचुन्द्रो; कृत्रिम वाँध, पानीले छुट्ट्याइएको स्थानमा वा समुद्रमा वन्ने वडा वडा रचना (पत्थरको) ज० कि० सेतुवन्ध, स्तम्भ, इ. ।

molecul/e (मॅ'लिक्युल्) **ना.** अणु, (मोटामोटी) अति सानू कण;—ar **वि.** आणविक; अणुक;—ar weight रासायनिक द्रव्य, तत्वको आणविक तौल ।

molest (मलेस्ट्') **क्रि.** तङ्ग गर्नु, दिक्क गर्नु, सताउनु, हैरान पार्नु (व्यक्तिलाई);—ation **ना.** क्लेश, वाधा, पीडा ।

moll (मॅल्) **ना.** रण्डी; गुण्डाकी रखौटी ।

mollif/y (मॅ'लिफाइ) **क्रि.** फुल्याउनु, नरम गराउनु, ठण्डा गराउनु;—ication **ना.** चेप्र्याइँ, लोलोपोतो।

mollusc (मॅ'लस्क्) **ना.** चिप्लेकीरा, मोतीकीरा इ. जातका कीराको जाति; शम्बूक ।

molly (मॅ'लि) **ना.** नारीवत् मान्छे वा ठिटो; नामर्द ठिटो;—coddle **ना.** र **क्रि.** नामर्द; **क्रि.** पुलपुल्याउनु ।

Moloch (मो'लॅक्) **ना.** (ऐ.) केटाकेटी वलि हुने एक देवको नाम (यहूदी) ।

Molotov (मॅ'लटॅभ्) **ना.** M-cocktail ट्याङ्क (वख्तरवन्द सैनिक गाडी) को विरुद्ध प्रयोग गरिने दाह्य हाते गोला; पछि हूल दङ्गामा पनि चलन हुन लागेको छ ।

molten (मो'ल्टेन्) वि. गलेको; विलीन ।

molto (मॅल्'टो) **क्रि.** **वि.** अति ।

moly (मो'लि) **ना.** कथित तिलस्माती गुण भएको फूल ।

molybdenum (मलिव्'डेनम्) **ना.** सेतो धातु; मलिवडेनम ।

moment (मो'मण्ट्) **ना.** मुहूर्त, क्षण, वेला, निमेष, सडको, घडी, छिन, पला, दमभर, महत्व, गुरुत्व, प्रभाव, (यंत्र) घूर्णन-गराउने वल;—ary **वि.** क्षणिक; क्षणस्थायी;—ous **वि.** गहकिलो, खँदिलो, महत्वपूर्ण;—ly **क्रि.** **वि.** प्रतिच्छण, घरिघरि;—arily **क्रि.** **वि.** छिन छिन, एक क्षणको लागि ।

momentum (ममेन्'टम्) **ना.** (यन्त्र०) गतिमान वस्तुको गतिको परिमाण, त्यसको पिण्ड र वेगको गुणनफल; (लो.) गतिले दिने गतिशक्ति; आवेग ।

Momus (मो'मस) **ना.** खिसीको ग्रीक देवता; छिद्रान्वेषक; दोष खोजी हिंड्ने ।

mona/c (h) al (मॅ'नकल्) **वि.** मठीय;—chism **ना.** मठवास ।

monad (मो (म)' नड्) **ना.** एक, एकांक; अस्तित्वको अन्तिम एकांक; (र. शा.) हाइड्रोजनको एक परमाणुसँग संयुक्त हुने शक्ति भएको तत्व या मूल; एक वन्धक ।

monandry (मन्यान्'ड्रि) **ना.** एक समयमा एक मात्र पति लिने चलन ।

monarch (म'नर्क्) **ना.** राजसत्ता, सम्राट्, अधिपति, राजा, राजन्य, सर्वोच्च शासक; पुतलीको किसिम;—ism **ना.** राजसत्ताको सिद्धान्त, राजभक्त;—y **ना.** अधिराज्य, राजसता

अधीनको राष्ट्र; constitititutional, limited—वैधानिक, सीमित, राजसत्ता;—ist **ना.** राजसत्ताको पक्षपाती ।

monastery (मॅ'नस्टरि) **ना.** मठ, अखाडा, पीठ, आश्रम, विहार, मुनिवास, बहाल ।

monastic (मन्या'स्टिक्) **वि.** मठीय, विहारिक, आश्रमिक ।

mondaine (मॉन्डेन्') **ना.** शिष्ट समाजकी स्त्री, सांसारिक महिला ।

Monday (मन्'डि) **ना.** सोमवार; Black M—विदापछि पहिले पाठशाला खुल्ने दिन;—ish **वि.** रविवारको कामको भीडले क्लान्त (पादरी); रविवारको छुट्टीले आलस्य लागेको कर्मचारी ।

monde (मॉन्ड्) **ना.** शिष्ट जगत्, आफू रहने समाज ।

mondial (मॅन्'डिअल्) **वि.** विश्वव्यापी ।

monetary (म (मॅ)'निटरि) **वि.** सिक्काको, वित्तीय, आर्थिक, दाम कामको; दामकामे ।

monotize (म (मॅ)' निटाइज़्) **क्रि.** (धातुलाई) सिक्का, मुद्रा-को रूपमा चलन चलतीमा ल्याउनु ।

money (म'नि) **ना.** (व. व—s) दाम, रकम, पैसो, पैसा, धन, द्रव्य, नोट, थैली, (paper—नोट);—of account सिक्का होइन, हिसाब गरिने दामको नाम, ज० कि० गिनी, conscience—खा. ग. अघि नतिरेको राजस्व तिरी मनको धन कमाउनु; coin—अति छिटो धन कमाउनु;—for jam वा for old rope (अप.) थोरै मेहनतले धेरै फाइदा;—bags धनी, लोभी;—changer सराफी;—grubber पैसा पैसा गर्ने व्यक्ति;—lender **ना.** महाजन, साहू;—market सट्टा बजार;—order डाँकबाट दाम पठाउने प्रबन्ध, धनादेश ।

moneyed (म'निड्) **वि.** धनी, धनाढ्य, सम्पन्न;—resources धन रहेको;—interest लगानी गर्ने साधनको रूपमा दाम-काम गर्ने वर्ग ।

monger (म'ङ्गर्) **ना.** व्यापारी ज. कि. cheesefish—।

Mongol (मॅ'ङ्गल्) **ना.** मङ्गोल जाति;—ian (उच्चा० मङ्गोलिअन्) **वि.** र **ना.** पहेंलो छाला र सोझो रौँ हुने मनुष्य-जाति ।

mongoose, mungoose (मॅ (म)ङ्'गूस्) **ना.** (व. व. —s) न्याउरीमुसो, नकुल, न्याउरी ।

mongrel (म'ङ्ग्रेल्) **ना.** र **वि.** बेजातको कुकुर, भुस्याहा कुकुर; विभिन्न जातका पशु, बिरुवा; मिसाएर झिकेका पशु वा बिरुवा; **वि.** मिसिएको उत्पत्ति, प्रकृति वा स्वभावको ।

moniliform (मॅनि'लिफअर्म्) **वि.** माला, जयमाला वा हार सम्झाउने ।

monism (मो (मॅ)' निज्म्) **ना.** एकमात्र पुरुषको अस्तित्व छ भन्ने सिद्धान्त; वस्तु र मनको द्वैत अस्वीकार गर्ने सिद्धान्तहरू मध्ये एक ।

monition (मनि'शन्) **ना.** (खतराको) चेतावनी; अदालती समन ।

monitor (मॅ'निटर्) **ना.** र **क्रि.** उपदेशक, पाठशालाको श्रेष्ठ छात्र, जसले नियम काइदा राख्न लगाउनुपर्छ; जङ्गी जहाज-को किसिम; विदेशी रेडियो प्रसारण, आकाशवाणी, टेलिफोनको अपव्यवहार, इ० सुन्ने र रिपोर्ट गर्ने व्यक्ति; परमाणु कार्यशाला-हरूका कर्मोमा रेडियोधर्मिता पत्ता लाउने यन्त्र;—y **वि.** र **ना.** चेताउनी, नसीहतको; धर्माधिकारको पत्र; **क्रि.** उपदेशक बन्नु; विदेशी रेडियो सुनी चाहिने कुरा टिप्नु ।

monk (मङ्क) **ना.** यति, संन्यासी, मुनि, योगी, मठवासी; —ish **वि.** मठवासीको ।

monkery (मङ्करि) **ना.** (बो. चा.) मठीय जीवन, मठ, यतिहरू, मठका रीतिरिवाज, इ० (खराब अर्थमा) ।

monkey (म'ङ्कि) **ना.** (व. व.–s) र **क्रि.** बाँदर, वानर, माकल, लाखु, कपि, मर्कट, ढेड्ू; यांत्रिक हतौडी; सुराही; **क्रि.** खिसी गर्नु, ठट्टा गर्नु, जिस्क्याउनु; जिस्किनु; अल्लरिनु; put (one's) monkey up जगाउनु; get (one's)—up रिसाउनु; (अप०) ५०० पाउण्ड;—jacket ज्यूमा टाँसिने छोटो प्रकारको, मल्लाहहरूले लाउने;—nut चीनिया बदाम;—wrench मिलाउन हुने रेन्चीस ।

mono (मॅ'नो) 'एक' को अर्थमा संयुक्त उपसर्ग;—metallism एक धातुमा आधारित मुद्रा;—plane एक तह (भएको वायुयान);—rail एक पटरीको रेल;—type एक एक अक्षर ढाल्ने र कम्पोज गर्ने यन्त्र ।

monochord (मॅ'नकअर्ड्) **ना.** संगीतको ताल प्रदर्शन उपकरण ।

monochrom/e (म'नक्रोम्) **ना.** र **वि.** निक्खर, चोखा, सादा (धा), निखरा, एक रंगा, एक रंगको विभिन्न छायामा लेखिएको चित्र;—atic (प्रकाशको) एक रंग देखाउने ।

monocle (मॅ'नक्ल्) **ना.** एक आँखाको चश्मा ।

monody (मॅ'नडि) **ना.** ग्रीक वियोगान्त नाटकमा एकलो अभिनेताले गाउने गीत; कसैको मृत्युमा अफसोस प्रकट गर्ने कविता; विलाप ।

monogamy (मनॅ'ग्यामि) **ना.** एक विवाह; (विर.) एकै पटक मात्र विवाह गर्ने चलन ।

monogram (मॅ'नग्र्याम्) **ना.** दुई वा बढी अक्षर, खा. ग. व्यक्तिको नामका प्रथम अक्षरहरू जोरेर बनाइएको बुट्टा; सो व्यक्तिको निजी चिन्ह ।

monograph (मॅ'नग्राफ्) **ना.** एक विषय या सम्बन्धित विषय श्रेणीको बारेको निबन्ध ।

monolith (मॅ'नलिथ्) **ना.** स्तम्भ (ढुङ्गाको);—ic **वि.** पूर्णतया एक समान ,ठोस भएको, कुनै फरक वा विभिम्नता न देखाउने, नमान्ने ।

monologue (मॅ'नलॅग्) **ना.** नाटकमा एकलो अभिनेताले आफैसँग कुरा गरेको दृश्य; एक पात्रको लागि लेखिएको नाटकीय रचना; समाजमा एक व्यक्तिको लामू वक्तव्य; स्वगत वचन; आत्मभाषण ।

monomania (मॅनमे'निआ) **ना.** एक विषयासक्ति, एक विषयोन्माद, सनक, लहड, ध्याउन्ना, अंक र चित्रहरूको संयोजन;

जसलाई उत्पादित वस्तु इ० को चिन्हको रूपमा दर्ता गराइन्छ ।

monomial (मनो'मिअल्) ना. र वि. (बीज०) एक पदको व्यन्जक ।

monopol/y (मनॅ'पलि) ना. कुनै वस्तुमा व्यापारको एकाधिपत्य, ठेक्का, एकलौटी :—ist ना. ठेकदार ।

monopolize,—ise (मनॅ'पलाइज़्,—ज़्) क्रि. एकाधिकार गर्नु (व्यापार वार्तालाप, वस्तु इ०) ।

monosyllable (मॅनसि'लेब्ल्) ना. एकाक्षर, एक पटक उच्चारण हुन सक्ने शब्दको एक भाग ।

monotheism (मॅ'नथीइज्म्) ना. अद्वैतवाद ।

monotone (मॅ'नटोंन्) वि., ना. र क्रि. स्वरमा आरोह अवरोह नगरी एक स्वर (को) ; वि. लेख शैलीमा एक समानता ; क्रि. एक स्वरमा पाठ गर्नु, पढ्नु, गाउनु ।

monoton/ous (मनॅ'टनस्) वि. (शब्द या उच्चारणको) ध्वनि या सुरमा केही फरक नपारेर ; विभिन्नता नभएको, एक समानताले थकाउने, उच्चाट लाग्ने ; उराठिलो, न्यास्रो, वैराग्य लाग्दो, एकोतारै, उराठलाग्दो, पट्टाइ लाग्ने, एकनासे ;—y (मनॅ'टनि) ना. उच्चाट, उराठ, झर्को ।

Monroeism (मन्रो'इज्म्) ना. Monroe Doctrine मन्रो सिद्धान्त ; अमरिकालाई योरपीय हस्तक्षेपबाट बाहिर राख्ने राष्ट्रपति मनरोको घोषणा ।

monseigneur (माँस्याँनिय'र) ना. प्रतिष्ठित व्यक्तिहरूलाई फ्रान्समा दिइने उपाधि ।

Monsieur (मँसियर्') ना. (ब. व. messieurs) Mister (Mr.) को फ्रान्सिसी शब्द ।

monster (मॅन्'स्टर्) ना. र वि. राक्षस, कुरूप पशु वा बिरुवा, तुहित्रो ; अनेक प्रकारका अमिल्दा अवयव भएका कल्पित जनावरहरू ; अमानुषिक दुर्जन ; अमानवीय रूप (क्रूरताको, इ०) ; बृहत्काय पशु ; दनुज, दानव, राकस ; वि. अति बृहत्, स्थूलकाय ।

monstrosity (मॅन्स्ट्रॅ'सिटि) ना. अति कुरूपता, तुहेत्रो, काल्पनिक दैत्य, अत्याचार ; अद्भुतता, घोरता, दारुणता ।

monstrous (मॅन्'स्ट्रस्) वि. अपरूप, घोर रूप, सृष्टिक्रम बाह्य, स्थूल, वीभत्स, विलक्षण, नृशंस ; क्रि. वि. (आ०) अति ।

montage (मॅन्'टाझ्) ना. (चल०) चलचित्र बनाउँदा अलग अलग लिइएका दृश्यहरूको काटछाँट, जोडाइ, इ० ले त्यसलाई एक क्रमागत संपूर्ण बनाउने प्रक्रिया, (चित्रकला०) तसवीरको सजावट, लेखाइ, उज्यालो र छायाँ इ० को मिलावट ।

montane (मॅन्'टेन्) वि. पहाड़ी प्रदेशको, वा त्यसमा वास गर्ने ।

monte (मॅन्'टि) ना. ४५ ताशको स्प्यानिश जुवाको खेल ; three card-—मेक्सिकोको खेल ।

Montenegrin (मॅन्टिनी'ग्रिन्) वि. अचेल यूगोस्लाभिया (Yugoslavia) मा पर्ने Montenegro देशको वासिन्दा ।

Montessori system (मण्टिस'रि सिस्'टिम्) ना. कठोर अंकुशभन्दा स्वाभाविक:प्रवृत्तिलाई मोड दिएर बालकहरूलाई शिक्षा दिने डा० मरिया मण्टेसरीले सन् १९०० तिर निकालेको शिक्षा पद्धति ।

month (मन्थ्) ना. महीना, सौर्य, चान्द्र दुवै ;—of Sundays अनिश्चित अवधि ;—ly वि. र ना. महीनाको, मा एक पटक, मासिक, (स्त्रीको) रज, मास्केवारी, मासिकपत्र;-ly nurse सुत्केरीको चाकर ।

monticule (मॅन्'टिक्युल्) ना. सानू पहाड़, ढिस्को, ज्वालामुखीले बनाएको ढिस्को ; पशुका ज्यूको सानू गाँठो; डल्लो ।

monument (मॅन्युमेण्ट्) ना. लिखित अनुलेख, स्मारक, खा० ग० रचना, भवन इ० ; लण्डनको सन् १६६६ को आगलागीको स्मारक स्तम्भ ; चिहानमा नाम इ० खोदिएको स्मारक ढुङ्गा ;—al वि. स्मारकको काम दिने ; (साहित्यिक कृति) बृहत् र स्थायी ; विस्मयकारी उदा०—al ignorance ;—alize क्रि. स्मारकले झैं स्मरणीय गराउनु ।

moo (मू) क्रि. र ना. बाँ गर्नु, सो शब्द (गाईको) ।

mooch, mouch (मूच्) क्रि. (अप.) हल्लिनु, रल्लिनु, लोस्सिनु ।

mood (मूड्) ना. मनको भाव, चित्तवृत्ति, क्रियापदको काम जनाउने रूप; in the—मन लागेको अवस्था; in no—मन नलागेको अवस्था;—y वि. उदास, चिडचिडा, रुष्ट, विषण्ण, झोक्राएको ।

moon (मून्) ना. र क्रि. चन्द्रमा, चाँद, चन्द्र; क्रि. उदासीन भावले (चेष्टाहीन भएर) चल्नु, हेर्नु, लोस्सिनु, आलस्यमा समय बिताउनु; full—पूर्णिमा; new—अमावस्या, औंसी; once in a blue—कहिलेकाहीं, विरलै; —beam चन्द्रकिरण, —calf जन्मसिद्ध लठुवा;—light flitting भाडा छल्नालाई राती मालमत्ता लैजानु;—lit चन्द्रमाको उज्यालो; —raking दिवास्वप्न, आकाशमा पुल बाँध्नु;—shine ना. काल्पनिक कुरा वा विचार, निरर्थक कुरा;—struck वि. पागल, विक्षिप्त, मतिभ्रान्त;—y वि. चन्द्रमा जस्तो; लोसे, अल्छी;—light ना. जून, टहटह, जुनेली, चाँदनी ।

moor (मूअर्) ना. र क्रि. खुला धरती, मैदान, चौर; अफ्रिकावासी बर्बर र अरब मिश्रित जाति, हबशी; क्रि. डुङ्गालाई घाटमा बाँध्नु, जहाजलाई घाटमा बाँध्नु;—hen ना. सिमकुखुरा, चिखा,—ing,—mast जहाज बाँध्ने लट्ठा;—s (सा. ब. व.) जहाजलाई बाँध्ने लङ्गर, सिक्रीसहितको घाटको साज; जहाज बाँध्ने ठाउँ; बन्धन ।

moose (मूस्) ना. अमरिकन पशु, हाम्रो बाहसिंगा जस्तो ।

moot (मूट्) ना., वि. र क्रि. (ऐति०) सभा, संसद् ; (का०) विद्यार्थीहरूको काल्पनिक मुद्दामा अभ्यासको लागि छलफल; वि. विवादास्पद (धे० ज०—point); क्रि. छलफलको लागि बूँदा उठाउनु ।

mop (मॅप्) ना. र क्रि. (-pp-) शोधनी, सफा गर्नलाई कपडा, टाट इ० को पोको पारेर लट्ठीमा बाँधेको; विभिन्न कामको लागि सोही सदृश उपकरण;—head बाक्लो रौं भएको टाउको, त्यस्तो हुने व्यक्ति, झाँक्रो; जगल्टो, गुजुल्टो; क्रि. पुछ्नु,

सफा गर्नु, निधारबाट आँसु, पसीना पुछ्नु;—up पुछ्नु, सक्नु, नाफ़ा सोहोर्नु, (सेना०) फाटफूट दुश्मनलाई पक्डेर वा मारेर विजय पूरा गर्नु;—and mow मुख विगार्नु;—s and mows वक्रमुख ।

mope (मोप्) **क्रि.** लोस्सिनु, उच्चाट मान्नु, अल्सी लाग्नु, काम नभएर दुर्मना हुनु ।

moped (मो'पेड्) **ना.** मोटर जडेको वाइस्कल ।

mora,—rra (मो'रा) **ना.** एक खेलाडीले हातको कति औंला एकै पटक ठड्याएको छ अनुमान गर्ने इटालियन खेल ।

moraine (मरेन्) **ना.** हिम नदीले वगाएर ल्याई छोडिदिएको कूडा कर्कट ।

moral (मॅ'रल्) **वि.** र **ना.** नैतिक, नियमाधीन; नीत्युपदेश, उपदेश, शिक्षा;—philosophy **ना.** नीतिशास्त्र;—courage **ना.** नैतिक बल;—certainty प्रायः पक्का, शङ्का नगरे पनि हुने;—s **ना.** नैतिक बानी, (खा० ग० यौनिक व्यवहारमा) नीयत;—ism **ना.** प्राकृतिक नीति, नैतिक आचरण गराइएको धर्म;—ist **ना.** नीति उपदेशक;—ity **ना.** नैतिक शास्त्र, नीयत, नीति, आचरण, सद्वृत्ति, धर्मत्व;—ize **क्रि.** नैतिक विचारमा मग्न हुनु वा बोल्नु, शिक्षा दिनु, शिक्षा सिक्नु, नैतिक स्वभाव सुधार्नु ।

morale (मराल्') **ना.** नैतिक अवस्था, समता, काम गर्ने मन, खा० ग० अनुशासन र विश्वासको हकमा, सेनाको ।

morass (मऱ्यास्') **ना.** (साहि०) धाप, दलदल, कच्छ, सीम ।

moratorium (मॅरटोऋि'अम्) **ना.** ऋणीहरूलाइं सापट तिर्ने स्थगन गर्नालाई कानूनी अख्तियार, त्यसको अवधि; कुनै कुराको आधिकारिक स्थगन ।

Moravian (मोरे'भिअन्) **वि.** मोरेभियाको निवासी, क्रिस्तानी रोमीय मतविरोधी सम्प्रदाय ।

morbid (मॅअ्र्'बिड्) **वि.** (मन, विचारको) विकृत, दूषित, अस्वस्थ; त्यस्तो विचार भएको; (औषधिको) रोगको लक्षणको, वा सूचक;—anatomy (रोगी अङ्ग वा अवयवको);—ity **ना.** विकृति, विकार, क्षेत्रमा रोगको प्रकोप ।

morbidezza (मॅअ्र्बिडे'ट्सा) **ना.** (चि०) शरीरको चित्रणमा जीवन सदृश मृदुता (इटा०) ।

morbific (मअ्र्बि'फिक्) **वि.** रोग ल्याउने ।

morceau (मअ्र्सो') **ना.** छोटकरी साहित्यिक वा संगीत रचना ।

mordant (मअ्र्'ड्याण्ट्) **वि.** र **ना.** (ठट्टा, खिसी इ०को) दाहक, घोच्ने, छेड्ने; तीतो, पिरो, पोल्ने; (अम्लहरूको) खाने वा सफा गर्ने; (वस्तु) रंगलाई समात्ने ।

mordent (मअ्र्डेण्ट्) **ना.** (संगी०) चढाउ उत्राउमा कलापूर्ण सीप ।

more (मोअ्र्) **वि.** र **क्रि. वि.** अरू, अझ, झन्, बढी, बढता, अधिकतर, अतिरिक्त, अन्य;—or less कमबेसी, घटीबढी, प्रायः, झण्डै ।

moreover (मोअ्रोभर्) **क्रि. वि.** अन्यच्च, अपितु, अझ ।

mores (मो'अ्रेज्) **ना.** (ब. व.) सामाजिक गूटको लागि अनिवार्य ठहरिने रीति रिवाज (ल्या.) ।

Moresque (मरेस्क्') **वि.** आकार वा ढाँचामा मूरहरूको (अरबीय) जस्तै ।

morganatic (मॅअ्र्गन्या'टिक्) **वि.**—marriage उच्च दर्जाको पुरुषसँग कम दर्जाकी स्त्रीको (सीमित) विवाह सम्वन्ध, खा० ग० राजपरिवारमा ।

morgue (मॅअ्र्ग्) **ना.** मरेका पाइएका लाश सनाखतको लागि राखिने भवन; (पत्र०) समाचार संग्रहालय जहाँ विभिन्न सामग्री जम्बा गरिएको हुन्छ; घमण्डी मिजास, खा० ग०—anglaise अंग्रेजहरूको विशिष्ट गुण ।

moribund (मॅ'रिबण्ड्) **वि.** हिरिक्क, मरणासन्न, मृतप्रायः, मुमूर्षु, मरञ्च्याँसे, मरणोन्मुख ।

Mormon (मॅअ्र्'मन्) **ना.** अमरिकाको एक धार्मिक सम्प्रदाय; बहु विवाह गर्ने व्यक्ति ।

morn (मॅअ्र्न्) **ना.** (क०) वेहान, बिहान, प्रातः ।

morning (मॅअ्र्'निङ्) **ना.** सवेरै, एकाविहानै, सखारै, भोर, प्रभात, प्रातः, फजिर; good—नमस्कार;—performance दिउँसोको प्रदर्शन (नाच, सिनेमा इ०);—room वेहान वस्ने कोठा;—sickness **ना.** औछानी, अवछानी;—star बुध, अथवा वेहान देखिने कुनै उज्यालो तारा ।

morocco (मरॅक्'को) **ना.** (ब. व.—s) खसी बाख्राको छाला ।

moron (मोअ्रन्) **ना.** ९—१२ वर्षको बालकको अवस्थामा विकास थामिएको सयानो व्यक्ति; (लो०) अपकृष्ट पशु, लठुवा ।

morose (मरोस्') **वि.** ठुस्सिएको, झोक्र्याएको, चिढिएको, अमिल्दो ।

Morpheus (मॅअ्र्'फिअस्) **ना.** स्वप्न र निद्राको देव; in the arms of—सुतेको ।

morphine, morphia (मॅअ्र्'फिन, मॅअ्र्'फिआ) **ना.** अफीमको लागू तत्व, पीडानाशक ।

morphology (मअ्र्फॅ'लजि) **ना.** (प्रा० वि०) पशु र विरुवाको आकारको विद्या; पशु वनस्पति रचना शास्त्र; (भा० वि०) शब्दको रूपको अध्ययन; शब्द-रूप विद्या ।

morris (मॅ'रिस्) **वि.** र **ना.**—dance आफू-खुशी लुगा लाएर (ग्रामीण) विलक्षण नाच ।

morrow (मॅ'रो) **ना.** (साहि०) The—पछि आउने दिन, on the—of त्यसपछि ।

Morse (मॅअ्र्स्) **ना.** र **वि.** लेख्ने तार, तार;—alphabet, code सो पद्धतिबाट अक्षर इ० जनाउने विधि ।

morsel (मॅअ्र्'सेल्) **ना.** टुक्रा, गाँस, सानू टुक्रा, भाग ।

mort (मॅअ्र्ट्) **ना.** (प्रा.) धेरै, खा० ग० a—of अति, धेरै ।

mortal (मॅअ्र्'टल्) **वि.** र **ना.** मर्त्य, मर्ने, नश्वर, मरणात्मक, मरणशील, घातक, (लडाइँ बारे) अन्त्यसम्म, नमरेसम्म;

(शत्रुको) साम्य नहुने; (डर, पीड़ा, इ० को) मरणान्त, मृत्युसँगै आउने; —ity (मॅञर्ट्या'लिटि) **ना.** नश्वरता, मर्त्यता, मरणशीलता, (तोकिएको अवधिमा) मर्नेहरूको रोग र संख्या; —ity tables विभिन्न उमेरमा आयुको अन्दाज देखाउने ।

mortar (मॅञर्'टर्) **ना.** र **क्रि.** खेल; तोपको प्रकार; खल; वज्र; —board वज्र राख्ने भाँडो; (लो०) विद्यार्थींको चौकुने टोपी; **क्रि.** वज्र लाउनु ।

mortgage (मॅञर्'गिज्) **ना.** र **क्रि.** (तमसुकद्वारा) धरौट, डीक, धितो, बन्धकी, नासो, थाति, धितोवन्धक, बन्धक, **क्रि.** वन्धक राख्नु ।

mortician (मॅञर्टि'शन्) **ना.** लाश दफनाउने पेशावाल व्यक्ति, गाड्ने ।

mortif/y (मॅञर्टिफाइ) **क्रि.** क्लेश दिनु, (शरीर, इन्द्रियहरू इ.) संयमद्वारा वशमा ल्याउनु, चित्त दुखाउनु; (मासु) सड्नु;–ication अपकर्ष, संयम, तप, लाज, शरम, विडम्बना ।

mortise,—ice (मॅञर्'टिस्) **ना.** र **क्रि.** काष्ठसंधि; **क्रि.** प्वालमा कीला हालेर जोड्नु ।

mortmain (मॅञर्ट्'मेन्) **ना.** (का०) मठ, गुठी जग्गा; (अलं०) in—मरुवाको कब्जामा ।

mortuary (मॅञर्'ट्यु अरि) **वि.** र **ना.** मृत्यु वा अन्त्येष्टि क्रियाको; **ना.** केही समय लाशहरू राख्ने घर ।

mosaic (मज़ो'इक्) **वि.**, **ना.** र **क्रि.** (नाना वर्ण) प्रस्तर खचित; **ना.** विभिन्न रङ्गका साना टुक्राहरू (पत्थर, काँच इ० को) जोडेर तसवीर बनाउने कला; **क्रि.** त्यस्तोले सिंगार्नु; M—**वि.** मोजेज (आदिपुरुष) को;—work **ना.** प्रस्तर-चित्र कर्म ।

mosasaurus (मोससॉ'रस्) **ना.** (ब. व.—ri) बडेमा लुप्त सामुद्रिक सर्पणशील (घस्रिने) जन्तु ।

moschatel (मॅसक्याटेल्') **ना.** पहेंलो हरियो फूल र कस्तूरीको गन्ध भएको सानू बिरुवा ।

moselle (मज़ेल्) **ना.** जर्मनीको एक प्रकारको मद्य ।

mosque (मॅस्क्) **ना.** मसजिद ।

mosquito (मस्की'टो) **ना.** (ब. व.—es) लाम्खुट्टे; —net,—curtain **ना.** झूल;—craft **ना.** छिटो चल्ने सानू हलुका डुङ्गा ।

moss (मॅस्) **ना.** जलकोश, काई, झयाउ, चिसो लचकदार भैं; पानी झयाउ, शैवाल, सिंवाली ।

most (मोस्ट्) **वि.** र **क्रि. वि.** अग्घोर, औधी, बिछट्ट, अति, ज्यादै ।

mot (मो) **ना.** (ब. व.–s) उक्ति, चुटकुला; bon—रसिलो, रसयुक्त, बोली; —just इप्सित अर्थ सवभन्दा स्पष्ट जनाउने शब्द ।

mote (मोट्) **ना.** धूलोको कण, बिन्दु, अणु, रिक्षा (घामको कण) ।

motel (मो'टेल्) **ना.** होटेल अथवा सजेको कोठा, कमरा जहाँ मोटरमा हिंड्ने पर्यटक, जात्रुहरू रात बस्ने गर्छन् ।

moth (मॅथ्) **ना.** शलभ, पतंग, कीट, लुगा काट्ने कीरा; ——ball **ना.** सो कीरा धपाउने ओखतीको डल्लो; — -eaten **वि.** कीराले खाएको, पुरानु, फाटेको ।

mother (म'दर) **ना.** र **क्रि.** आमा, माता, जननी, माउ, सुत्केरी, आर्को गुण उत्पन्न गर्ने गुण इ०; बूढ़ीमाउ; — -craft **ना.** शिशुपालनमा सीप;—in–law **ना.** सासू, सौतेनी; —of pearl सिपी;—ship पनडुब्बी, टर्पिडो डुङ्गा, इ०को हेरचाह रखवारी गर्ने; —'s son मान्छे;—tongue **ना.** मातृभाषा; —wit स्वबुद्धि, विवेक; **क्रि.** जन्म दिनु, आमा बन्नु; —ing Sunday माता तीर्थे औंसी झैं आमालाई भेटी कोसेली दिने दिन ।

motherly (म'दर्लि) **वि.** आमाको गुण भएको, माया गर्ने, हेरचाह गर्ने ।

motif (मोटिफ्') **ना.** कलात्मक रचनाको अन्तर स्थित लक्षण, प्रधान भाव; लुगामा अलग्गै सिइएको लेस, जाली, इ० को बुट्टा ।

motilc (मो'टाइल्) **वि.** (पशु०, व०) जंगम, चल्ने, चल्न सक्ने ।

motion—(मो'शन्) **ना.** र **क्रि.** गति, स्थानान्तरण, हिंडाइ, चेष्टाको परिवर्तन, इंगित, चाल, चलहल, (सभा, संसद्‌मा) प्रस्ताव, सूचना; दिशा, रेचन; गतिमा यन्त्रको टुक्रा; **क्रि.** इशाराले आर्कालाई डाक्नु, पठाउनु, केही गर्नु भनी इशारा गर्नु; in—स्थिर होइन, चलायमान या गतिमान; —less स्थिर, अचल, निश्चल, गतिहीन, निश्चेष्ट, हल न चल; —picture चलचित्र, सिनेमा ।

motive (मो'टिभ्) **वि.**, **ना.** र **क्रि.** चालक, प्रेरक, गति दिने, दिने प्रवृत्तिको; —power चलाउने शक्ति ज० कि० बाफ; विद्युत्, कमानी; —ity **ना.** गतिमान गराउने शक्ति; मतलब, प्रेरणा, अभिप्राय; हेतु, कारण;—less बेमतलबको, निष्कारण; **क्रि.**—ate प्रेरणा दिनु, कुनै अभिप्राय वा लक्षण (motif) ले अनुप्राणित गर्नु, प्रेरित गर्नु; —ation **ना.** लक्ष, हेतु, निदान ।

motley (मॅट्'ली) **वि.** र **ना.** रंगविरंगको, बहुरंगा, विभिन्न प्रकारको ज. कि.—assembly खिचड़ी; अमिल्दो सम्मिश्रण; (ऐति०) विदूषकको बहुरंगी पोशाक; wear—लबारपाँडे बन्नु, हाँसो उठाउनु ।

motor (मो'टर्) **ना.**, **वि.** र **क्रि.** चालक, प्रेरक, गाडी या जहाजलाई चालक शक्ति दिने यन्त्र, खा. ग. अन्तर दहन यंत्रलाई; —car **ना.** मोटर, गाडी;—bandit **ना.** मोटरसहित डाँका मार्ने डाकू; —cycle **ना.** मोटरसाइकल; —way **ना.** मूल सडक, खा. ग. वेगसँग चल्ने सवारीहरूको लागि निर्मित (arterial) वाहिनी (राजमार्ग) हरू; (श. वि.) शरीरको कुनै भागलाई चलाउने पेशी, चालक पेशी; (स्नायु) पेशीलाई गतिशील गराउने, ज. वा.—ial,—y इ. ।

motorcade (मो'टरकेड्) **ना.** मोटर गाडीहरूको शोभा यात्रा वा जुलूस ।

motorize (मो'टराइज़) **क्रि.** सेनालाई मोटर सवारी उप-

लब्ध गराउनु; पाङ्ग्रा हाल्नु ।

mottle (मॅ'ट्ल्) **ना.** र **क्रि.** रंगको थोप्ला वा जोरिंने टाटाहरूको सजावट; त्यस्तो टाटो; वहुरङ्गा ऊनी सूत; **क्रि.** टाटो हाल्नु, खा. ग.--d **वि.** टाटो भएको, टाटे ।

motto (मॅ'टो) **ना.** (ब. व.—es) कुनै वस्तुमा लेखिने वा खोपिने मिलानको उक्ति; व्यक्तिगत वा वंश चिन्हसंग जाने उक्ति वा उद्धरण; पुस्तक वा अध्यायमा राखिने उद्धरण; वचन वाक्य ।

moue (मू) **ना.** र **क्रि.** लेब्रोपसन्याइ, लेब्रो पसारेको; **क्रि.** ओठ लेब्रयाउनु ।

moujik, muzhik (मू'झिक्) ना. रूसी किसान, स्त्रीको खुकुलो केप ।

mould (मोल्ड्) **ना.** र **क्रि.** वुकुवा माटो, आवादी जग्गाको माथिल्लो तहको माटो; man of—मान्छे; ढाँचा, साँचो (वज्र-कर्मी इ. को); (गलेको धातु हाल्ने) साँचो; मिठाईलाई आकार दिने साँचो; आकार, रूप (अंगको); ढुसी; **क्रि.** दही या (वस्तु लाई) आकार दिनु, ढाल्नु, (पाउरोटी) साँचोमा पकाउनु; माड्नु ।

moulder (मो'ल्डर) **ना.** र **क्रि.** साँचोमा ढाल्ने कर्मी; **क्रि.** सड्नु, गल्नु, धूलो हुनु ।

moulding (मो'ल्डिङ) **ना.** ढालेको वस्तु, ढलान, खा. ग. भवन निर्माणमा व्यवहार गरिने ढलोटका मालहरू; —-board **ना.** पीठो मुछ्ने तखता; picture- —फ्रेम ।

mouldy (मो'ल्डि) **वि.** ढुसी परेको, वासी, अघिको जमानाको; (अप.) निरानन्द, उच्चाट लाग्ने, थकाउने ।

moult (मोल्ट्) **क्रि.** र **ना.** (चराहरूको) प्वाँख खसाल्नु; पखेटा फेर्दा प्वाँख खसाल्नु (अलं. पनि); (शि.) पशुले रौं झार्नु; **ना.** प्वाँख, रौं झर्ने, पक्षपतन, पर्णपतन ।

mound (माउण्ड्) **ना.** डिस्को, थुप्रो ।

mount (माउण्ट्) **ना.** र **क्रि.** पहाड, पर्वत, (समुद्र विद्या, हात हेर्ने) हत्केलाको बूढी औंलामनिको मासु; तसवीर टाँस्ने दह्रो कागत; कुनै चीजको धातुको अलंकार, चढ्ने घोडा, घोडा चढ्ने मौका, खा. ग. घोड्दौडमा सवार भएर; **क्रि.** चढ्नु, उक्लनु, (रगत) गालामा चढ्नु; उन्नति गर्नु (शक्ति, इज्जत, इ.); वढ्नु (दाम); चढ्नु (घोडा इ.) चढाउनु; बन्दूक इ. आडमा चढाउनु; जड्नु ।

mountain (माउन्'टिन्) **ना.** पहाड, पर्वत, शैल, गिरि;—-chain पर्वतमाला, शृङ्खला;—dew (बो. चा.) स्कच ह्विस्की;—sickness उचाइले गर्दा रिंगटा लाग्ने रोग; —eer (–न्टिनियर्') **ना.** पहाडी, पहाड चढ्ने; —ous (—न्टिनस्) **वि.** पहाडी; वडेमान; —district **ना.** गौंडा ।

mountebank (माउन्'टिव्याङ्क) **ना.** मिथ्या वैद्य, वहुरूपिया, छली, घुमुवा छली वैद्य, ठग ।

mourn (मोर्न्) **क्रि.** शोक गर्नु, रुनु, विलाप गर्नु, दुःख मान्नु, जूठो बार्नु; —er **ना.** मलामी; —ful **वि.** शोकपूर्ण, दुःखजिलो ।

mourning (मो'र्निङ्ग) **ना.** जूठो, आशौच ; किरिया, काज-क्रिया ।

mouse (माउस्) **ना.** (ब. व.—mice) र **क्रि.** छुचुन्द्रो, मुसो; डराउने, लजिलो व्यक्ति; (अप.) आँखाको नीलडाम; —colour पहेंलो मिसिएको गाढा खैरो रंग; —trap मुसाको खोर ; **क्रि.** (माउज्) मुसा समात्नु ज. वा.—r मुसा शिकारी ; बेसरी खोज्नु, खोज्दै हिंड्नु ;—y **वि.** मुसा जस्तो रंगको, डराउने, लाज मान्ने, देखा नपर्ने, दब्केको ।

mousse (मूस्) **ना.** ठंडाएको खाद्य वस्तुको प्रकार ।

mousselin (मूस्लीन्') **ना.** फ्रेन्च मजलिन कपडा ।

moustache, mus—(मुस्टाश्') **ना.** जुँघा ; त्यस्तै कोही जानवरको मुखको रौं; — - cup जुँघालाई माथि उचाली खान सजिलो पार्ने उपकरण ।

mouth (माउथ्) **ना.** (ब. व.) **ना.** र **क्रि.** मुख, खाने मुख, (अप.) बेअदवी, अटेर कुरा, (केही वस्तुको) मुख, मुहान ; घोडाले लगामको इशारा टेर्दै नटेर्ने भई क्रमशः good, bad, hard—;—waters at राल बगाउनु, मुख मिठ्याउनु; give—घुक्नु, कराउनु; down in the--**वि.** उदास; — - filling वडे वडे; —organ **ना.** मुखे बाजा ;—piece **ना.** मुखमा हालेर फुक्ने साजको भाग, पिपिरी; आर्काको निमित्त बोल्ने ; मुखनली, बोल्ने भाँडो ; by—मुखले, मौखिक ; –ful **ना.** गाँस, गफ्फा, फाँको, बुजो, घुट्को;—y (माउदि) **वि.** चोथाले, वडे वडे शब्द बोल्ने ; **क्रि.** (माउद्) (शब्द, इ.) वडप्पनसँग वा स्पष्ट रूपले उच्चारण गर्नु ; फलाक्नु ; लयसँग ।

mov/e (मूभ) **ना.** र **क्रि.** चाल, कडी, पालो, चलहल, चलमल, वसाइँ सराइ; on the—चलायमान; make a—जानु, उठ्नु, खा० ग० खाने ठाउँबाट ; get a—on (अप.) चाँडो गर, कोशिश गर ! **क्रि.** उतारिनु, हट्नु, घस्रनु, चल्नु, डग्नु, डेग चल्नु, सर्नु, डेरा सर्नु, चाल्नु, दिसा गर्नु, उठाउनु, चलाउनु, (रीस, हाँसो, दुःख इ०); —able चल, चर, जंगम;—able property चलमाल, चल सम्पत्ति;—less टक्कर खाएको ।

movement (मूभ'मेण्ट) **ना.** चेष्टा, क्रिया, गति, चाल, सराइ, आन्दोलन, कलपुर्जा; कथा, कविता इ. को विकास; पद्धति, सिद्धान्त; चाल ।

mover (मू'भर्) प्रस्तावक; prime—(प्राकृतिक वा यान्त्रिक) चालक शक्तिको प्राथमिक सूत्र; लाभकारी विचारको स्रष्टा ।

movies (मू'भीज्) **ना.** (ब. व.) (अप.) सिनेमा, चलचित्र ।

mow (मॉव्) **ना.** र **क्रि.** (—ed) कुन्यू, घाँस, पराल राख्ने ठाउँ, अन्नको थुप्रो ; **क्रि.** (मो) काट्नु, (धान, घाँस इ.) ध्वंस पार्नु, ठूलो संख्यामा मार्नु ।

moxa (मॅ'क्सा) **ना.** वातरोगमा आरामको लागि छालामाथि राख्ने पोल्ने विरुवाको सुकेको पातको झूस ।

Mpret (अम्प्रेट्) **ना.** अलवेनियाको शासक ।

Mr. Mrs. (मि॑स्टर्, मि॑सिज्) **ना.** पुरुष र स्त्रीको सम्मानसूचक पद, Mrs Grundy **ना.** नाटिखुटी गर्ने स्त्री ।

mu (म्यु) **ना.** ग्रीक अक्षर र म्यु—'म'

much (मच्) **वि.** र **क्रि. वि.** धेरै, विधि, विघ्न, निक्कै, औधी, वेहिसाब, अति, वेसरी, अचाक्ली,—good etc. नापियो !;—ness **ना.** अधिकाइ, बहुतायत; too—अन्नाधुन्न, अचाक्ली ।

mucilage (म्यू॑सिलेज्) **ना.** विविध विरुवाबाट प्राप्त हुने गाढा पदार्थ, लस्सा, श्लेष्मा; गूँद, माँड ।

muck (मक्) **ना.** र **क्रि.** खलिहानको लिदी, गोवर इ. फोहर, मल, मैलो, विनलाग्दो वस्तु, (बो. चा.) फोहर अवस्था;—rake फोहर जम्मा पार्ने दाँतीदार लामू बींड भएको औजार;—worm गुहे कीरो; पैसाको लोभी, खिच्चू, छौँडो; **क्रि.** फोहर पार्नु, पोडे मल हाल्नु; (अप.) काम विगार्नु, (अप.) विना मतलव हल्लिनु ।

mucker (म॑कर्) **ना.** (अप.) धडाम्म लड्नु (साहि. र अलं..); come a—त्यस्तो हुनु; go a—फजूल खर्च गर्नु ।

muckle (म॑क्ल्) **ना.** र **वि.** धेरै, अति (mickle हेर्नू) ।

mucous (म्यू॑कस्) वि. श्लेष्मल, चिप्लो;—membrane श्लैष्मिक झिल्ली ।

mucus (म्यू॑कस्) **ना.** मासी, आम, राल, श्लेष्मा, इन्द्रिय मल, कफ, खकार, सिंगान, आउँ, ऋतु;—of eyes नेत्र मल, चिप्रा;—membrane श्लेष्मा जाली ।

mud (मड्) ना. हिलो, कीचड, कादो, लसमा, पाँक, सीम, फोहर, गन्दा, पङ्क;—dy **वि.** फोहर, मैलो, वाक्लो;—dy **क्रि.** हिल्ल्याउनु, फतल्नु, बाउसे गर्नु, कादो गर्नु ।

muddle (म॑ड्ल्) **ना.** र **क्रि.** बेथिति, अस्तव्यस्तता; make a—बिगार्नु;—headed (ness) वेकूफ; **क्रि.** जाँडले बेहोश गराउनु, अलमलिनु, काम बिगार्नु, बोर हुनु, अलमल र परिणामहीन ढाँचासँग व्यस्त रहनु;—through हठ र परिश्रमले, न कि बुद्धिले, काम पार लगाउनु;—d **वि.** भर्माएको

muezzin (मुए॑ज़िन्) **ना.** बुर्जाबाट भक्तहरूलाइ प्रार्थनाको समय बताउने मुसलमान धर्मगुरु ।

muff (मफ्) **ना.** र **क्रि.** हस्तत्राण; हात घुसारेर न्यानो पार्ने दुई मुखे खोल; foot—खुट्टाको ऐ.; (खेलमा) सीप नभएको वेकूफ व्यक्ति; **क्रि.** बिगार्नु, हार्नु, नसक्नु, भकुण्डो समात्न नसक्नु (क्रिकेटमा) ।

muffetee (मफिटी॑) **ना.** नारीमा लाउने सूती खोल, muff जस्तो ।

muffin (म॑फिन्) **ना.** सेकेर मखन लाएर खाने गोल लचकदार केक ।

muffle (म॑फ्ल्) **ना.** र **क्रि.** रोमंथकर र दंशक पशुहरूको माथिल्लो ओठ र नाक; लुगा इ. च्यात्ने पागलहरूको लागि छालाको पंजा; **क्रि.** बेर्नु, ढाक्नु, (न्यानुको लागि); बोल्न नदिनालाई मुख छोपिदिनु; तबला, ढोल, इ. को शब्द घटाउनालाई छोप्नु, दबाउनु, हलका गर्नु (ध्वनि, शब्द ई.) ;—r **ना.** गलेबन्द ।

mufti (मफ्॑टि) **ना.** मुसलमान पुरेत वा धर्मोपदेशक, मुफ्ती; जंगी या निजामती पोशाक लाउन अधिकार हुने व्यक्तिले लगाएको साधारण लुगा, खा. ग. in—

mug (मग्) **ना.** र **क्रि.** पिउने भाँडो; पानपात्र; त्यसमा रहेको पेय, ठण्डा शर्वत; अनुहार, मुख; वेकूफ, लठुवा; **क्रि.** गाढ़ अध्ययन गर्नु, खा. ग. (जाँचको लागि)—up ।

mugger (म॑गर्) **ना.** मगर, ग्राह ।

muggins (म॑गिन्स्) **ना.** वेकूफ, लाटो; ताशको खेल ।

muggy (म॑गि) **वि.** (मौसिम, दिन इ. बारे) चिसो र गर्मी ।

mugwump (मग॑वम्प्) **ना.** बडाद्मी, मालिक, पक्ष नलाग्ने, आडमा बस्ने, दलगत राजनीतिमा नलाग्ने ।

mulatto (म्युल्या॑टो) **ना.** (ब. व.—s) श्वेत र काला जातिको सन्तान, गहुँगोरो; अर्धकालो ।

mulberry (मल्॑बेरि) **ना.** किम्बु; दोस्रो युद्धमा योरपमा प्रथम धावा बोल्दा मित्रराष्ट्रहरूले चलन गरेको अघिदेखि बनाएको बन्दरगाह ।

mulch (मल्च्) **ना.** र **क्रि.** नयाँ विरुवाको जरामा फिजाउने पराल, घाँस, पात इ० को लेदो ।

mulct (मल्क्ट्) **ना.** र **क्रि.** दण्ड, जरिमाना; **क्रि.** जरिमाना गर्नु, वंचित गर्नु ।

mule (म्यूल्) **ना.** खच्चर, मूर्ख र हठी व्यक्ति, वर्णसङ्कर जन्तु वा विरुवा; बुन्ने यंत्रको प्रकार (ब. व.) कुर्कुच्चा नभएको चट्टी;—teer **ना.** खच्चर हाँक्ने; **mulish** **वि.** अजीर, हठी ।

muliebrity (म्युलिए॑ब्रिटि) **ना.** स्त्रीत्व, नारीत्व, स्त्रीका सामान्य गुण, नरमीपन, स्त्रैण, क्लीव ।

mull (मल्) **ना.** र **क्रि.** मलमल; बिगार, अस्तव्यस्तता; नसदान; अन्तरीप, चुच्चो, भूनासिका; **क्रि.** समात्नु, घोरिनु; चीनी, मसला, अण्डा इ० मद्यमा हालेर पेय बनाउनु ।

mullah, moollah (मल्॑ला, मुल्॑ला) **ना.** धर्मशास्त्र र आचार विधि जान्ने मुसलमान पंडित ।

muller (म॑लर्) **ना.** सिलौटोमा पिँध्ने, लोहोरो ।

mullet (म॑लिट्) **ना.** माछाको प्रकार ।

mulligatawny (मलिगटॉ॑नि) **ना.** पिरो रस, खुर्सानीको झोल, पिँधेको खुर्सानी ।

mulligrubs (म॑लिग्रब्ज्) **ना.** विषाद, खिन्नता, पेट दर्द, पेट दुख्ने ।

mullion (म॑लियन्) **ना.** झ्यालको डण्डी ।

mullock (म॑लक्) **ना.** सुन झिकिसकेको खनिज, सुन नभएको चट्टान, बेकामको चीज ।

multangular (मल्ट्या॑ङ्ग्यु लर्) **वि.** बहुकोणक ।

multeity (मल्टी॑इटि) **ना.** विविधता ।

multi– (म॑ल्टि–) बहु, नानाको अर्थमा संयोजक;—colour (ed) नाना रंगको;—form नाना रूप भएको;—lateral अनेक छेउ भएको; अनेक भुज;—lingual बहुभाषीय;—millionaire **ना.** धनकुबेर;—nomial (बीजगणित)

दुईभन्दा बढी पदको;—parous **वि.** धेरै बेते, (स्त्रीको) एकभन्दा बढी बच्चा पाइसकेकी; (पशुको) एकै पटक धेरै बच्चा पाउने;—racial बहुजातीय;—purpose बहुमुखी, बहूद्देश्य ।

multifarious (मल्टिफे'अ्रियस्) **वि.** विविध, नानाविध ।

multiple (मल्'टिप्ल्) **वि.** र **ना.** गुना, बहुभागीय;—shop धेरै ठाउँमा शाखा भएको; अपवर्त्य; least common —लघुसमापवर्त्तक ।

multiplex (मल्'टिप्लेक्स्) **वि.** विविध, अनेक तत्वको ।

multipl/y (मल्'टिप्लाइ) **क्रि.** गुणा गर्नु, बढाउनु, फिजाउनु, जननद्वारा संख्या बढाउनु; संवर्द्धन;—icable **वि.** गुणा हुने, गुणन योग्य;—icity **ना.** बहुतायत, नानाविधता;—ier **ना.** गुणक ।

multitud/e (मल्'टिट्यु्ड्) **ना.** समूह, समुच्चय, थुप्रो, झुण्ड, लूँडो; the—साधारण जनता;—inous **वि.** बहु, बहुल, प्रचुर;—inism **ना.** व्यक्तिको भन्दा समूहको स्वार्थलाई प्राथमिकता दिने सिद्धान्त ।

multum in parvo (म'ल्टम् इन् पाअ्'र्भो) **ना.** थोरै परिमाणमा धेरै; सानू, तर व्यापक ।

multure (मल्'टचोर्) **ना.** घटेरोलाई दिइने अनाज वा पीठोको ज्याला ।

mum (मम्) **वि. बो.**, र **वि.** चूप !—'s the wood चूप लाग !; चूपचाप, मौन ।

mum (मम्) **ना.** र **क्रि.** (ऐति०) जर्मनीमा बन्ने बीयर (जाँड) को प्रकार; (तो०) आमा; **क्रि.** मौन खेल गर्नु ।

mumble (मम्'ब्ल्) **ना.** र **क्रि.** अस्पष्ट बोली; **क्रि.** अस्पष्ट सँग बोल्नु, ओठ जोरेर बोल्नु, चपाएर बोल्नु; केवल गिजाले (दाँत शून्य रूँ) चपाउनु, टोक्नु ।

Mumbo Jumbo (मम्'बो जम्'बो) **ना.** (ब. ब.—s) कुनै (जंगली) जातिले पुजिने विलक्षण मूर्ति; (अलं०) निर्बोध श्रद्धाको पात्र; अर्थहीन विधि ।

mummer (म'मर्) **ना.** नाटकमा अभिनेता; जन नाटकको एक अभिनेता ।

mummery (म'मरि) **ना.** जन अभिनेताको प्रदर्शन; हाँसो लाग्ने (खा० ग० धार्मिक) आचार विधि ।

mummify (म'मिफाइ) **क्रि.** मृत शरीरलाई औषधि इ० को प्रयोग र सुकाएर सड्न नदिई राख्नु, सिकुडिनु, सुक्नु (खा० ग० तन्तुहरू) ।

mummy (म'मि) **ना.** (तो०) आमा; मानिस वा पशुको लाश गाड्नालाई तयार गराइएको; सुकाइएको मुर्दा; नरम लेदो थुप्रो वा पिंड, खा० ग० beat (thing) to a mummy बेसरी पिट्नु; गाढा कपिल रंग ।

mump (मम्प्) **क्रि.** ठुस्सिनु, चूप लाग्नु, गम्भीर लजिलो मुख लाउनु; माग्नु, माग्दै हिंड्नु ।

mumps (मम्प्स्) **ना.** हाँडे, अंतकोप ।

munch (मन्च्) **क्रि.** ज्यादा चपाएर खानु (ज. कि. पशुले घाँस) ।

Munchausen (मन्चाॅ'ज़न्) **ना.** Baron—अनेक अद्भुत कामको कथाको नायकको नाम; बढेचढेको झुट्टा कथा ।

mundane (मन्'डेन्) **वि.** पार्थिव, ऐहिक, सांसारिक, लौकिक ।

mungo (म'ङ्गो) **ना.** एक प्रकारको सस्तो कपडा बनाउने वस्तु ।

Munich (म्यु'निक्) **ना.** राष्ट्रहरूका बीचमा प्रसादन; सन् १९३८ मा ब्रिटन र जर्मनीले चेकोस्लोभाकियालाई बाँडफाँड गर्ने गरी सम्झौता गरेकोलाई लक्ष गर्ने ।

municipal (म्युनि'सिपल्) **वि.** नगरीय;—ity **ना.** नगरपालिका ।

municifen/t (म्युनि'फिसेण्ट्) **वि.** परम उदार, वदान्य, दानशील;—ce **ना.** औदार्य, वदान्यता ।

muniment (म्यू'निमेण्ट्) **ना.** (सा. ब. ब.) हक वा अधिकारको प्रमाण गर्न हिफाजतसाथ राखिएको कागतपत्र; अभिलेख (खा० ग०—room मा) ।

munition (म्युनि'शन्) **ना.** र **क्रि.** (संयुक्त प्रयोगमा बाहेक ब. ब.) सैनिक हातहतियार, गोली गट्ठा, साज, रसद, इ.; **क्रि.** सो उपलब्ध गराइदिनु ।

muntjak (मण्ट्'जक्) **ना.** सानू एशियाली मृग ।

Muntz (मण्ट्स्) **ना.** सयकडा ६० तामा र ४० जस्ताको मिश्र धातु (जहाजमा काम लाग्ने) ।

murage (म्यो'अ्रेज्) **ना.** (ऐति.) शहर वा गाउँको पर्खाल मरम्मतको कर ।

mural (म्यो'अ्रल्) **वि.** र **ना.** भित्ताको, मा, वा सदृश; **ना.** भित्ति चित्र (इ.); प्राकाराक्रान्त ।

murder (मअ्र्'डर्) **ना.** र **क्रि.** हत्या, घात, वध, हिंसा, कत्तल, ज्यानमारा;—is out गुह्य खुल्यो; cry blue—ज्यादा हल्ला गर्नु;—er ज्यानमारा, खुनी, घातकी, हत्यारा; **क्रि.** खून गर्नु, मार्नु, ज्यान लिनु;—ous **वि.** घातक, मार्ने, जिघांसु ।

mure (म्योअ्र्) **क्रि.** थुन्नु, थुनामा राख्नु ।

murex (म्यो'अ्रेक्स्) **ना.** प्याजी रंग दिने सिपीवाल कीरा ।

muriate (म्यो'अ्रिएट्) **ना.** (अचेल व्यापा०) क्लोराइड ।

muriatic (म्योअ्रिअ्या'टिक्) **वि.** (अचेल व्यापा०) हाइड्रोक्लोरिक अम्ल ।

murk, mirk (मअ्र्क्) **वि.** (राति, दिन, थलो, इ० को) अँध्यारो, तुवाँले, बाक्लो, गाढा;—y **वि.** अँध्यारो तिमिरमय, म्लान ।

murmur (मअ्र्'मर्) **ना.** र **क्रि.** धीमा चलिरहने शब्द, सुइँ सुइँ, (कुरा, समुद्रको लहर, खोला, इ० को); असन्तोषको दबेको प्रकाशन; मर्मर; विस्तारै बोलेको शब्द वा कुरा; घून; **क्रि.** गुनगुनाउनु, असन्तोष व्यक्त गर्नु, धीमा कुरा गर्नु, फतफताउनु, मुसुरिनु, सुस्तरी बोल्नु;—ing **ना.** भुनभुनाहट ।

murphy (मअ्र्'फि) **ना.** आलु (अप०) (आइरिश बोली) ।

murrain (म'रिन्) ना. गाईवस्तुको सरुवा रोग; (आ.) a—on you प्लेग रोग होस् ।

murrhine (म'रिन्, म'राइन्) वि.—glass अर्वाचीन काँचको किम्मती र निफ्फर सुकुमारी माल ।

muscadine (मस्'कडिन्) ना. अङ्गूरको किसिम ।

muscardine (मस्'कर्डिन्) ना. रेशमी कीराको रोग ।

muscat, muscatel,—del (मस्'क्याट्, मस्'कटेल्) ना. अङ्गूर, सोबाट बनेको मद्य ।

muscle (म'स्ल्) ना. र क्रि. पेशी, पाँसुला, मांसपेशी, सुम्लो; मासुको मुख्य भाग अर्थात् पेशीद्वारा बनेको अङ्ग; not move a—हलचल नगर्नु;—bound ज्यादा कसरत वा तालीम द्वारा पेशी शिथिल भएको; muscular वि. पेशीको; पुष्ट, मांसल, दृढाङ्ग; musculature ना. शरीर या अवयवको मांसल पद्धति ।

muscology (मस्कॅ'लजि) ना. च्याउको विद्या ।

muscovado (मस्कभा'डो) ना. गुड, मीठा, सक्कर ।

muscovite (मस्'कभाइट्) ना. अभ्रक ।

Muscovite (मस्'कभाइट्) ना. र वि. रूसी, मस्को निवासी ।

Muscovy (मस्'कभि) ना. (आ.) रूस ।

muse (म्यूज़्) ना. र क्रि. काव्य, संगीत, इतिहास, इ. का नौ देवीहरूमध्ये एक; क्रि. घोरिनु, चिन्तन गर्नु, सोच्नु, ध्यानपूर्ण भएर (दृश्य इ.) हेर्नु ।

musette (म्युज़ेट्) ना. थैले बाजा; ग्रामीण धून, त्यसको नाच ।

museum (म्युज़ी'अम्) ना. संग्रहालय, अजायबघर;—piece ना. संग्रहालयमा राख्न लायक वस्तु वा (हे.) पुरानु खालको मानिस, यन्त्र, इ. ।

mush (मश्) ना. र क्रि. नरम लेदो, ढिंडो, परिज; क्रि. कुकुर गाडी लिएर हिउँमा सफरलाई जानु;—y वि. (अप.) फिकासँग भावनात्मक, गीलो, रुन्चे ।

mushroom (मश'रूम्) ना. र क्रि. च्याउ ; चाँडै बढ्ने चीज ;—growth हलक्क बढ्नु, त्यसरी बढेको ; छोरो बढेको, लाउके ; क्रि. च्याउ टिप्नु, चाँडो बढ्नु वा फिजिनु, च्याउको टाउको ऱ्हैँ बढ्नु ।

music (म्यू'जिक्) ना. संगीत, गीत, गानबजान, वाद्य विद्या, वाद्यशास्त्र, गान्धर्व विद्या, बाजागाजा; set to—लयबद्ध गर्नु ; संगीतको लिपि ; face the—आफ्नू कामको फल भोग्नु ; rough—ना. हल्लागुल्ला ;—ball ना. नाच-गान हुने नाट्यशाला ;—scale ना. स्वरग्राम ;— - stool ना. अग्लो होचो पार्न हुने त्रिपाइ ;—al वि. सुस्वर; संगीतको ; संगीतज्ञ ;—al chairs आसनको संख्या क्रमशः घटाउँदै लैजाने खेल ;—comedy गीति नाट्य, गीति कथा (बो. चा.), गीत चित्र वा नाटक ।

musicale (म्युजिकाल्') ना. संगीत दल ।

musician (म्युजि'शन्) ना. संगीतज्ञ, वाद्यशास्त्री, वस्ताज ।

musicology (म्युजिकॅ'लजि) ना. संगीतशास्त्र वा विद्या ।

musk (मस्क्) ना. कस्तूरी, गन्धशेख ;—melon ना. खरबूजा ।

musket (मस्'केट्) ना. पैदल सेनाको पहिलेको हाते बन्दूक (अचेल राइफल) ;—eer त्यस्तो सिपाही ;—ry ना. बन्दूक, बन्दूक चलाउने कौशल, बन्दूक लिने फौज ।

muslin (मज़्'लिन्) ना. मजलिन, नरम र पातलो सूती मलमल कपडा ; bit of—(अप०) स्त्री, केटी ;—et ना. केही बाक्लो मजलिन ।

muss (मस्) क्रि. र ना. (बो० चा०) (सजावट) बिगारिदिनु, खजमजाइदिनु ; ना. खजमजाइँ ।

mussal (मसाल्') ना. मसाल, राँको (अर०)

mussel (म'सल्) ना. सिपी कीराको किसिम ।

must (मस्ट्) क्रि. अवश्य, हुनै पर्छ ।

mustache (मस्टाश्) ना. moustache हेर्नू; जुँघा ।

mustachio (मस्टा'शो) ना. (आ०) जुँघा ।

mustang (मस्'टयाङ्) ना. मेक्सिको र क्यालिफोर्नियाको जंगली घोडा ।

mustard (मस्'टर्ड) ना. रायो, सरसों, सर्स्यूँ;—plaster ना. सर्स्यूँको पुल्टिस;—gas ना. तरल विषाक्त वायु वा ग्यास ।

muster (मस्'टर्) ना. र क्रि. सामेल, जमात, जम्बा; क्रि. जम्बा गर्नु, भेला गराउनु, सामेल गराउनु;—roll रूजुबही, हाजिरी बही ।

musty (मस्'टि) वि. ढुसी परेको; बासी, पुरानु ।

mutable (म्यू'टेब्ल्) वि. विकारशील, परिवर्तनीय, बदलिने, चञ्चल ।

muta/tion (म्युटे'शन्) ना. विकार, विकृति;—nt वि. र ना. पुरुखाभन्दा फरक भएर जन्मेको व्यक्ति ।

mutatis mutandis (म्युटे'टिस् म्युटया'न्डिस्) क्रि. वि. विवरणको यथायोग्य परिवर्तनसहित (तुलनात्मक दृष्टि गर्दा) ।

mutch (मच्) ना. (स्क.) स्त्री अथवा बालकको सूती टोपी ।

mute (म्यूट) वि., ना. र क्रि. मौन, शब्दरहित; ना. उच्चारण नगरिने (व्यन्जन) अक्षर; लाटो, गुँगो, मूक, जड, भरौटे मलामी; क्रि. धीमा गर्नु, घटाउनु (वाद्य यंत्रको ध्वनि); (चराचुरुङ्गी) विस्टाउनु ।

mutila/te (म्यु'टिलेट्) क्रि. अंगभंग गर्नु, छिन्न भिन्न गर्नु, हातगोडा काट्नु, बिगार्नु;—tion ना. अंगकर्तन;—ted वि. खण्डिताङ्ग ।

mutin/eer (म्युटिनिअर्') ना. विद्रोही, बलवा गर्ने, द्रोहकारी;—ous वि. विद्रोही, बागी ।

mutiny (म्यू'टिनी) ना. र क्रि. विद्रोह, बलवा, सैन्य द्रोह; क्रि. विद्रोह गर्नु, उठ्नु ।

mutism (म्यू'टिज़्म्) ना. मौनता, मौन, स्तब्धता, मूकता, जाड्य ।

mutt (मट्) ना. अज्ञानी, हलम्बू, पटमूर्ख, लठेप्रो; (हें०)

सानू कुत्ता ।

mutter (म'टर्) **क्रि.** सुस्त सुस्त प्राय: नसुनिने गरी फतफताउनु, उजूर गर्नु, भुतभुनाउनु, असन्तोष व्यक्त गर्नु; (अलं०) गुप्तसँग भन्नु ।

mutton (म'ट्न्) **ना.** भेडा बाखाको (खाने) मासु, खसीको मासु;—chop हाडसहितको मासु; सोही ढाँचाको जुल्फी (ह्विस्कर);—dressed like lamb बूढीले तरुनी हुन खोजेको;—head (बो. चा.) मूर्ख, बेकूफ व्यक्ति ।

mutual (म्यू'ट्युअल्) **वि.** पारस्परिक; (बेठीक) समान; —ism **ना.** क्षेमकुशलको लागि पारस्परिक भर अनिवार्य छ भन्ने सिद्धान्त; पारस्परिकता; पारस्परिकवाद; आपस, आफुस ।

muzz (मज़्) **क्रि.** (अप.) नीरस बनाउनु, जड बनाउनु ।

muzzle (म'ज़्ल्) **ना.** र **क्रि.** थुतुनो (पशुको) मुख; बन्दूकको नाल; पशुको मुखमा लाउने जाब, जाल;—loader नाल भर्ने बन्दूक; **क्रि.** पशु (खा. ग. घोडा, गाईवस्तु) लाई जाब, जाल लाउनु; मुख बन्द गराउनु, बोल्न नदिनु ।

muzzy (म'ज़ि) **वि.** निष्प्रभ, मन्द; जड, भद्दा पिएर जड भएको, ज्यादा लागेको ।

my (माइ) **स. ना.** मेरो, आफ्नू ।

myalgia (माइॲ्याल्'जा) **ना.** तन्तुको वात ।

myalism (माइ'अलिज़्म्) **ना.** (खा. ग. वेस्ट इण्डीजमा) टूनामूना ।

Mycenean (माइकीनि'अन्) **वि.** माइकिनीमा रहेको अवशेषले देखाउने सभ्यता ।

mycology (माइकॅ'लजि) **ना.** च्याउको विद्या; सालेय शास्त्र ।

mycosis (माइको'सिस्) **ना.** परजीवी सालेयको उपस्थितिबाट हुने रोग ।

myelitis (माइलाइ'टिस्) **ना.** डँडाल्नुको सूज, सुषुम्ना नाडीको सूज ।

Mylodon (माइ'लडॅन्) **ना.** बृहत्काय लुप्त तन्द्रिल पशु, दाँत घट्ट जस्तो हुने ।

mynheer (माइन्हेअर्') **ना.** हल्याण्ड देशको निवासी, डच ।

myo/pe (माइ'ओप्) **ना.** नजीक मात्र देख्ने व्यक्ति, अल्पदृश;—pia **ना.** अदीर्घदृष्टि, अल्पदृष्टि; निकट दृष्टिदोष ।

myosis (माइओ'सिस्) **ना.** आँखाको नानीको संकोचन ।

myriad (मि'रिअड्) **वि.** र **ना.** (क. र अलं.) दश हजार; अनिश्चित ठूलो संख्या (को) ।

myriapod (मि'रिअपॅड्) **वि.** र **ना.** धेरै खुट्टा भएको (जन्तु) ज. कि. कनसुतलो, इ. ।

myriorama (मिरिऑरा'मा) **ना.** अनेक दृश्य-माला भएको मनोरञ्जन ।

myrmidon (मॲर्'मिडन्) **ना.** एकिलिस (ग्रीक कथा) को अनुयायी; भरौटे गुण्डा, नीच नोकर, ज. कि.—s of the law प्रहरी, अदालतका कर्मचारी, इ. पिट्ठू ।

myrobalan (माइरॅ'बलन्) **ना.** हर्रो ।

myrrh (मॲर्) **ना.** बोल, गन्धरस ।

myrtle (मॲर्'ट्ल्) **ना.** मेहदी, हीना ।

myself (माइसेल्फ्') **स. ना.** म आफैं ।

mystagogue (मिस्'टगॅग्) **ना.** गूढ गुरु ।

myster/y (मिस्'टरि) **ना.** रहस्य, गुह्य, गोप्य राख्ने बानी, धर्म रहस्य वा गूढता, (आ.) हस्तकला;—ious (मिस्टे'ॲिर्-अस्) **वि.** रहस्यमय, विचित्र, गूढ, (व्यक्तिबारे) गोप्य र रहस्य मन पराउने; दुर्बोध; साधना ।

mystic (मिस्'टिक्) **वि.** गूढ, गुप्त, गहन, आध्यात्मिक भावले पूर्ण, अलौकिक; ब्रह्मज्ञानी ।

mystify (मिस्'टिफाइ) **क्रि.** छकाउनु, अचम्म पार्नु, विश्वास जगाउनु, रहस्यमय गराउनु ।

mystique (मिस्टीक्') **ना.** कुनै सम्प्रदाय, सिद्धान्त, कला, पेशा इ. मा रहस्यको वातावरण; सामान्य व्यक्तिलाई छक्क पार्ने वा प्रभाव पार्ने पेशावाल सीप वा कारीगरी ।

myth (मिथ् वा माइथ्) **ना.** कथा, खा. ग. अभौतिक पात्रहरू रहेको, नीति कथा, रूपक;—icize **क्रि.** (कथालाई) रूपक गराउनु, कथा रूपमा व्याख्या गर्नु ।

mythology (माइथॅ'लजि) **ना.** कुनै विषय वा व्यक्ति बारेको कथा संग्रह , पुराण, इतिहास, आख्यान ।

mythus (माइ'थस्) **ना.** कथा, उपाख्यान ।

myxoedema (मिक्सडी'मा) **ना.** (भै.) थाइरयड ग्रन्थिको अकर्मण्यतावाट उठ्ने रोग ।

myxoma (मिक्सो'मा) **ना.** (ब. व.—ta) (रो. नि.) राल वा जेलाटिनको तन्तुको सूज ।

N

N (एन्) अक्षर; (ब. व. Ns, N's) (मुद्र.) नापको एकाइ; (गणि.) अनिश्चित संख्या; N–rays विकिरणको रूप ।

nab (न्याब्) **क्रि.** (अप.) समात्नु, पक्डिनु, अपराध गर्न लागेको बेलामा समात्नु ।

Naboth's vineyard (नें'बॅथ्स् भिन्'यर्ड) **ना.** यस्तो सम्पत्ति जसको लागि मानिस जे गर्न पनि उद्यत छ ।

nacarat (न्या'कन्याट्) **ना.** उज्यालो सुन्तला रातो रंग ।

nacelle (नसेल्') **ना.** वायुयानको यन्त्रको ढकना; हवाइजहाजको डब्बा ।

nacre (ने'कर्) **ना.** सिपी उत्पन्न गर्ने सिपी माछा ।

nadir (न्या'डिर्) **ना.** अधोबिन्दु ।

nag (न्याग्) **ना.** र **क्रि.** (–gg–) सानू चढ्ने घोडा या टट्टू, घोडा; **क्रि.** थुर्नु, टोक्नु, दोष लगाउनु, टोकसो गर्नु,

टोकस्नु गाली गरिरहनु (कुनै व्यक्तिलाई), त्यसरी दिक्क गराउनु; गन्थन गर्नु;—ging **ना.** कचकच, पिरोलाइ ।

naiad (नाइ'अड्) **ना.** (व. व.—s,—es) जलकन्या, जलदेवी ।

naif (नाईफ्') **वि.** (विर. पुल्लिङ्गमा बाहेक)=naive, सोझो ।

nail (नेल्) **ना.** र **क्रि.** नख, नङ, नंग्रा, कीला, पुरानु नाप (सवाइ इञ्च); **क्रि.** कीला ठोक्नु, पाउनु, समात्नु, बहाल गर्नु, पत्ता लाउनु (व्यक्ति वा चीज);—brush,—scissors काट्ने, सफा गर्ने; on the—विनादेरी, तुरून्त; hard as—s राम्रो तालीम पाएको, चाम्रो;—polish माहुर, नखराग, अलक ।

nailer (ने'लर्) **ना.** कीला बनाउने; कामी ।

naive (नाइभ्') **वि.** सोझो, बेस्वाँगको. ऋजु, सरलमति, अति सोझो;—te (नाइभ्'टे) **ना.** सरलता; सारल्य ।

naked (ने'केड्) **वि.** नाङ्गो, नग्न, निर्वाण, निर्वाङ्ग, निर्वस्त्र, विवस्त्र, दिगम्बर, चरिनंगन, बुङ्ग, रक्षाहीन, सादा, बुच्चो, स्पष्ट, स्फुट ।

namby—pamby (न्याम्'बि प्याम्'बिं) **वि.** र **ना.** बेस्वादको राम्रोपन, फिकासँग भावात्मक ।

name (नेम्) **ना.** र **क्रि.** नाम, नाउँ, यश, पति, सुनाम; **क्रि.** न्वारान गर्नु, नाम राख्नु;—plate **ना.** नामपट्ट;—sake **ना.** उही नाम भएको अन्य व्यक्ति, दोस्त ।

nameless (नेम्'लिस्) **वि.** विनानामको, बेपत्ताको, नामहीन, अप्रसिद्ध; नचिनिएको; अप्रकाश्य, घृणित, भन्न नहुने, घीनलाग्दो ।

namely (नेम्'लि) **क्रि. वि.** यथा, अर्थात्, जस्तो कि ।

nancy (न्यान्'सि) **ना.** स्त्रैण, स्त्रीसमान (मानिस वा ठिटो); समयोनि मैथुन गर्ने ।

nankeen (न्यान्कीन्') **ना.** सूती कपडाको किसिम; (ब. व.) सोको पतलून; पहेंलो वा फिक्का पहेंलो रंग ।

nanny (न्या'नि) **ना.** धाई (बालकको);—goat बाख्री ।

nap (न्याप्) **क्रि.** (-pp-) र **ना.** अल्प निद्रा सुत्नु, निदाउनु; catch—ping सुतेको फेला पार्नु, थाहा नदिई समात्नु; भूलमा समात्नु; **ना.** त्यस्तो निद्रा, अल्प निद्रा; कपडामा भुत्ला वा प्वाँख जस्तो सतह; ताशको खेल ।

napalm (न्या'पाम्) **ना.** न्याप्थलीन र नरिवलको तेलको मिश्रणबाट बन्ने पदार्थ;—bomb थलथल्याइएको पेट्रोल रहेको बम ।

nape (नेप्) **ना.** गर्दनको पछाडि; मन्या, घाटा, कलंबिका ।

napery (ने'परि) **ना.** घरवास्ता र खा. ग. खाने ठाउँको टेबुलपोश, रुमाल इ.

naphtha (न्या'फ्था) **ना.** न्यापथा, कोइला इ. पकाउँदा निस्कने दाह्य तेलको प्रकार ।

naphthaline,—ene (न्याफ्'थलीन्) **ना.** कोइलाको टार पकाउँदा निस्कने सेतो मणिभीय वस्तु; न्याप्थालीन ।

napkin (न्याप्'किन्) **ना.** खाने ठाउँमा राखिने रुमाल, हात पुछ्ने रुमाल; बच्चाको थाङ्ना ।

napoleon (नपो'लिअन्) **ना.** फ्रान्सको अघिको सुनको सिक्का; घुँडे बूट ।

Napoleonic (नपोलिॲ'निक्) **वि.** नेपोलियन (फ्रान्सिसी सम्राट) को, जस्तो, वा परिवार ।

napoo (नापू') **वि. बो.** बेपत्ता ! गयो ! हरायो ! सिद्धियो ! नहुने भयो !

nappy (न्या'पि) **ना.** (बो. चा.) (बच्चाको) थाङ्ना; (आ.) कडा, लाग्ने, फींज उठेको (जाँड) ।

narceine (नाअर्'सिईन्) **ना.** अफीमबाट प्राप्त हुने क्षारोदको किसिम ।

narci/ssus (नाअर्सि'सस्) **ना.** (व. व.—uses,—i) फूलको बिरुवा, गुनकेसरी, नरगिस;—ssism **ना.** आत्मपूजा, आफ्नू उत्कृष्टताको विचारमा मग्न हुने प्रवृत्ति ।

narcolepsy (नाअर्'कलेप्सि) **ना.** बीच बीचमा निद्रा पर्ने रोगको किसिम ।

narcosis (नाअर्को'सिस्) **ना.** अचेतनताको अवस्था; निद्रौषधिको क्रिया वा परिणाम ।

narcotic (नाअर्को'टिक) **ना.** र **वि.** मादक, निद्रौषधि; **वि.** उम, मात, निद्रा, मूर्छा वा अचेतनता गराउने (वस्तु); (अलं.) निद्रा पार्ने; अम्मल, लागू, मादक ।

nard (नाअर्ड्) **ना.** प्राचीन पुरुषहरूको सुगन्धित मलम (उत्पन्न गर्ने बिरुवा) ।

narghile (नाअर्'गाइल्) **ना.** हुक्का ।

nark (नाअर्क्) **ना.** (अप.) पुलीसको दूत वा भेदिया ।

narrate (नरेट्') **क्रि.** वर्णन गर्नु, वृत्तान्त भन्नु, लगातार विवरण भन्नु, कथा भन्नु, वा लेख्नु ।

narrat/ive (न्या'रेटिभ्) **ना.** र **वि.** वर्णन, वृत्तान्त, बखान, भन्ने, कथा, उपाख्यान, किस्सा, खिसा, आख्यायिका, चरित्र; कथानक, विवरण विषयक;—or **ना.** कथक, कथा भन्ने ।

narrow (न्या'रो) **वि.** (—er,—est) र **क्रि.** कुचमुच्च, कुच्च, कोप्चो, साँगुरो, झिनु, संकीर्ण, क्षुद्र, अनुदार, सीमित, सानू;—gauge छोटी लाइन;—seas साँगुरो समुद्र मार्ग; **क्रि.** साँगुरिनु, खुम्चिनु, चाउरिनु, चुम्रिनु ।

narwhal (नाअर्'वल्) **ना.** सामुद्रिक जन्तु; ह्वेल माछा ।

nasal (ने'ज़ल्) **वि.** र **ना.** नाकको; नाके (बोली इ०), अनुनासिक; ङ्याङ्ङ्याङे, ङ्याङ्चे, मिनमिने ।

nascent (न्या'सेण्ट्) **वि.** जन्मिन लागेको, नवजात, वर्धिष्णु, शुरूको ।

nasturtium (नस्टअर्'श्म्) **ना.** फूल बिरुवाको प्रकार ।

nasty (नास्'टि) **वि.** घीनलाग्दो, फोहर, मैलो, अश्लील, लाजभाँड, कुत्सित ।

natal (ने'टल्) **वि.** जन्मको, जन्मदेखि ।

natality (नट्या'लिटि) **ना.** जन्मसंख्या ।

natation (नेटे'श्न्) **ना.** तैराइ, पौडीखेलाइ ।

natatorial, natatory (नेटटो'अिर्अल्, ने'टटरि) **वि.**

पौडी, पौडीको।

nates (ने'टीज़्) **ना.** (ब. व. श. वि.) नितम्ब, पुट्ठा।

nath(e)less (नेथ्'लेस्) **क्रि. वि.** (आ.) तथापि।

nation (ने'शन्) **ना.** राष्ट्र, जाति, लोक; most favoured—कम पैठारी महसूल लगाउने मित्र देश, सबभन्दा अनुकूल राष्ट्र; most favoured—treatment सबभन्दा अनुकूल राष्ट्रसँगको आचरण;—**al** (न्या'शनल्) **वि.** मुलुकी, राष्ट्रिय सरहदिया;—alism राष्ट्रियता;—ality **ना.** जातीयता, राष्ट्रियता, नागरिकता;—alize **क्रि.** राष्ट्रिय गर्नु, राष्ट्रियकरण गर्नु।

native (ने'टिभ्) **ना. र वि.** वासिन्दा, नागरिक, तथाकथित जंगली वा असभ्य वा अयोरोपीय जातिको मनुष्य (हे०); देशीय, स्वभावज; रैथाने।

nativism (ने'टिभिज़्म्) **ना.** नैसर्गिक कल्पनाहरूको सिद्धान्त।

nativity (नटी'भिटि) **ना.** क्राइस्ट, कुमारी मेरी वा सन्त जन ब्याप्टिस्टको जन्म; उत्पत्ति; कृष्ट जन्मको तसवीर; जन्म; जन्मपत्रिका, चिन्हा।

natron (ने'ट्रन्) **ना.** सर्जि, सर्जिकाक्षार।

natter (न्या'टर्) **क्रि.** (बो. चा.) बकबक गर्नु, फतफताउनु, झोकिएर कुरा गर्नु।

natty (न्या'टि) **वि.** छरितो, शोभन, चिट्ट परेको, सुकुमारी, सफा, सिपालु, कार्यकुशल।

natur/e (ने'चर्) **ना.** स्वभाव, वस्तुस्वभाव, प्रकृति, गुण, निसर्ग, स्वरूप, जीवनशक्ति; state of—प्राकृत अवस्था;—study वनस्पति र पशु जीवनको व्यावहारिक अध्ययन;—al **वि.** आन्तरिक, प्राकृतिक, स्वाभाविक, नैसर्गिक, सहज; झडकेलो, मरुयाहा, ठिमाहा, वर्णसंकर, जारज; होसल्याङ, लाटो;—alism **ना.** सहज ज्ञानद्वारा गरिएको कर्म;—alist **ना.** पदार्थशास्त्री, प्रकृतिज्ञानी;—alize **क्रि.** नागरिकता प्रदान गर्नु; विदेशी शब्द, चलन, इ० स्वीकार गर्नु; प्रकृत बनाउनु; अभ्यास गर्नु वा गराउनु;—ally **क्रि. वि.** स्वभावतः, स्वभावैले; good—**ना.** शील, निर्मलता।

naught (नॉट्) **ना. र वि.** शून्य, तुच्छ, केही होइन; असार, तुच्छ, निर्गुण, बेकार।

naughty (नॉ'टि) **वि.** अटेरी, उपद्र्याहा, बजिया, नटखट, दुष्ट।

nausea (नॉ'सिअ) **ना.** वाकवाकी, वाकवाक, वान्त, वमनेच्छा, दिगमिग, सिकसिको, सामुद्रिक वाकवाक, घीन।

nauseat/e (नॉ'सिएट्) **क्रि.** (खाना) घिनाउनु, अमन हुनु, वान्त गर्नु;—ing **वि.** घीनलाग्दो, वाक्क लाग्ने, वान्त आउने।

nauseous (नॉ'सियस्) **वि.** घीनलाग्दो, वान्ता लाग्ने गन्धपूर्ण, वाकवाक लाग्ने।

nautical (नॉ'टिकल्) **वि.** नौ, नाविक, डुङ्गे, नाविकी।

naval (ने'भल्) **वि.** नाव्य, नाविकी, नौ, नौकात्मक।

nave (नेभ्) **ना.** नाभि, धूर, मध्य भाग।

navel (ने'भल्) **ना.** नाइटो, नाभि, उदरावर्त, ढोंडी।

navicert (न्या'भिसअ्ट्) **ना.** (लडाइँको समयमा) जहाजको लादले युद्ध नियम उल्लंघन गरेको छैन भन्ने प्रमाणपत्र।

navigable (न्या'भिगेब्ल्) **वि.** (नदी, समुद्र, इ०) नाव्य, नौतार्थ, नौगम्य; डुङ्गा जहाज चल्न सक्ने।

navigat/ion (न्याभिगे'शन्) **ना.** परिचालन; नावागमन, नौ-भ्रमण, नौ-यात्रा, नाविक विद्या; inland—नदी वा नहरबाट आवागमन; aerial—वायुयान वा हवाइजहाजबाट; navigate **क्रि.** नौका भ्रमण, जहाजी सफर गर्नु, जहाज चलाउनु;—or **ना.** नाविक, समुद्रयात्री, सामुद्रिक अन्वेषक।

navvy (न्या'भि) **ना.** कर्मकर, मजदूर (खा० ग० बाटो, रेलको पटरी, नहर, इ० खन्ने)।

navy (ने'भि) **ना.** नौ समूह, नौसेना, सामुद्रिक बेडा;—blue **ना. र वि.** नौसेनाको पोशाक (को गाढा नीलो रङ्ग)।

nay (ने) **क्रि. वि. र ना.** होइन, नाइँ, अरु, मात्र होइन कि, अँहँ; नाइँनास्ति।

Nazarene (न्याज़रीन्') **ना. र वि.** क्रिस्तान, नाजरेथवासी।

naze (नेज़्) **ना.** अन्तरीप।

nazi (नाट्'शि, ना'ज़ि) **ना.** जर्मन राजनैतिक दल 'राष्ट्रिय समाजवादी दल' को छोटकरी. (शि०) जर्मन।

Neandertal (नियान्'डेअ्टाल्) **ना. र वि.** प्राचीन प्रस्तर युगको आद्य मनुष्य (को)।

neap (नीप्) **वि.** निम्न, नीच;—tide **ना.** भाटा।

Neapolitan (निअपॅ'लिटन्) **वि. र ना.** नेपल्स शहर (को);—ice विभिन्न रंगको तह पारी बनाएको आइसक्रीम।

near (नियर्) **वि.** (–er,–est), **क्रि. वि. र उ.** नगीच, निकट, सन्निकट, आसपास, समीपस्थ, समक्ष, समीप, साख, हाराहारी, नजीकको,—ness **ना.** सान्निध्य, हाराहारी, फासला।

near (नियर्) **क्रि.** नगीच आउनु, वर आउनु।

nearabout(s) (नियर्अबाउट्'(स्) **उ.** छेउछाउ, नगीच।

Nearctic (निअ्र्क्'टिक्) **वि.** (पशु.) उत्तरी अमरिकाको उत्तर वा नाऽतिशीतोष्ण प्रदेशको।

nearly (निअ्र्'लि) **क्रि. वि.** नजीकसँग, ध्यानपूर्वक; प्रायः; not—अपुग, टाढा।

neat (नीट्) **ना.** (ए. व. र समष्टिमा ब. व.) र **वि.** गाइवस्तु, मालताल, गोरु;—herd गोठालो;—house गोठ; **वि.** सफा, साफ, छरितो, सुग्घर, सिनित्त, सुकिलो, शुद्ध, स्वच्छ, सुन्दर, सिपालु।

neath (नीथ्) **उ.** तल, मन्तिर, नीचामा।

neb (नेब्) **ना.** (स्क.) चुच्चो, नाक, थुतुनो, टुप्पो, थोप्लो।

nebula (ने'ब्युला) **ना.** (ब. व.—lae) आँखाको कनिकामा शुक्ल पटलले गर्दा विकृत दृष्टि; (ज्यौ.) अति दूर स्थित तारा

समूहले बनाएको तेजोमय गुच्छा वा सौर्य मण्डलभन्दा बाहिरको वायुले वा तारकित वस्तुले, शुक्लपटल ।

nebular (ने'ब्युलर्) **वि.** शुक्ल पटलको; —theory or hypothesis सौर्य र तारामण्डल शुक्लपटलबाट बनेका हुन् भन्ने सिद्धान्त ।

nebulium (निब्यु'लिअम्) **ना.** शुक्लपटलमा रहेको भनी अनुमान गरिएको रासायनिक तत्व वस्तु ।

nebulous (ने'ब्युलस्) **वि.** (ज्यौ.) शुक्ल पटलको, जस्तो; बादल जस्तो, अस्पष्ट, धमिलो, आकारहीन, अस्फुट ।

necessar/y (ने'सिसरि) **वि.** र **ना.** आवश्यकीय, जरूरी, चाहिने, अपेक्षित; **ना.** आवश्यक वस्तु, सौख बाहेकको वस्तु;—ily **क्रि. वि.** आवश्यकीय फलको रूपमा, अपरिहार्य रूपले ।

necessit/y (निसे'सिटि) **ना.** अवश्यम्भाविता, हेतु, कारण, निमित्त, नियति, भवितव्यता, भावित्व, आवश्यकत्व, कार्यवश,—arian **ना.** र **वि.** पूर्वजन्म, कर्ममा विश्वास गर्ने व्यक्ति;—ate **क्रि.** आवश्यक पर्न आउनु, कर गर्नु;—ous **वि.** दुर्गति, दीन, दरिद्र ।

neck (नेक्) **ना.** र **क्रि.** घाँटी, गर्दन, घिच्रो, घिर्चो, गला, ग्रीवा, कण्ठ;—& crop ठाडो, शरीर;—or nothing सर्वस्व; —band गलेबन्द;—lace **ना.** पोते, माला, धुकधुकी, तिलरी, कण्ठी, गलहार, हार;—tie नेकटाइ, सुर्केनी;—wear गलाको पहिरन, कलर, टाइ, इ०; **क्रि.** (अप) (जोडाको) अँगालो हाल्नु, अंकमाल गर्नु, प्रणय गर्नु;—ing party लाडप्यार गर्ने, अँगालो हाल्ने, म्वाइँ खाने ।

necking (ने'किङ्) **ना.** (भव.) खम्बाको अडान र डाँडीको बीचको भाग; (अप) अंकमाल, चुम्बन ।

necklet (नेक्'लेट्) **ना.** गलाको पहिरन वा भुत्लाको न्यानू राख्ने वस्त्र ।

necro—(ने'क्रो—) मृतदेह, ज. कि.—genic **वि.** मृतदेहको संसर्गबाट;—biosis **ना.** शरीरका तन्तुहरूको क्षय;—latry वा—logy **ना.** मरणोपरान्तको जीवन चरित्र;– -phagous **वि.** मुर्दाखाने;—polis **ना.** चिहान, कबरिस्तान;—psy वा—scopy **ना.** मरणोपरान्त जाँच ।

necromancy (ने'क्रोम्यान्‌सि) **ना.** प्रेतहरूसँग संवादद्वारा भविष्यवाणी गर्ने विद्या, जादू, इन्द्रजाल ।

necrosis (नेक्रो'सिस्) **ना.** (ब. व.—oses) (रो. नि.) निबद्धित तन्तु र खा. ग. हाडको अपकर्ष ।

nectar (नेक्'टर्) **ना.** अमृत, पीयूष, सुधा ।

nectarine (नेक्'टरीन्) **ना.** रौंरहित बोक्रा र दरिलो गुदी भएको आरूको किसिम ।

Neddy (ने'डि) **ना.** गधा ।

nee (ने) **ना.** (स्त्रीको) जन्मदाको नाम (थर) ।

need (नीड्) **ना.** र **क्रि.** प्रयोजन, आवश्यकता, खनखाँचो, गरज, खाँचो, संक्रमणकाल, कष्ट, दरिद्रता, दैनिक क्रियाहरू; **क्रि.** दरकार हुनु, चाहिनु;—ful आवश्यकीय, नभई नहुने; —less **वि.** उलफतको, अनावश्यक, निष्प्रयोजन ।

needle (नी'ड्ल्) **ना.** र **क्रि.** सियो, सुई, सुइरो, सूची, बम्बा, निर्देशक, चुच्चो, सल्लाको काँडा; the—s संकोचको आवेश;—woman दमिनी;—work सिलाइ; **क्रि.** सिउनु, घोप्नु, चिर्नु, बाटो लाग्नु, उत्तेजित गर्नु, जिस्क्याउनु, काममा धकेल्नु ।

needments (नीड्'मेण्ट्स्) **ना.** (ब. व.) चाहिने सामान, खा. ग. यात्राको लागि चाहिने निजी आवश्यकताहरू ।

needs (नीड्ज्) **क्रि. वि.** जरूरतले, आवश्यकताले (सधैं must सित प्रयोग हुने; —must do, go इ.) ।

ne'er (नेअ्र्) **क्रि. वि.** (क.) never को छो. क.;—a एक पनि होइन;—do—well वा— -do—weel बेकम्मा (व्यक्ति) ।

nefarious (निफे'अ्रिअस्) **वि.** बदमाश, पापी, अति घोर, निन्द्य ।

nega/te (निगेट्') **क्रि.** बदर गर्नु, (अस्तित्व) अस्वीकार गर्नु, अनस्तित्वको सूचना गर्नु, उल्टो हुनु;—tion **ना.** अस्वीकृति, नकारात्मक वक्तव्य वा सिद्धान्त, प्रत्याख्यान, अपलाप, वास्तविक वा प्रत्यक्ष केही वस्तुको अनुपस्थिति वा उल्टो, नकारात्मक वा अवास्तविक कुरा, असत्ता;—tionist **ना.** स्वीकृत मतहरूको साटो केही प्रस्ताव नगरी तिनको बहिष्कार गर्ने; अस्वीकारक ।

negative (ने'गटिभ्) **ना.**, **वि.** र **क्रि.** नकारात्मक उक्ति, ऋणात्मक गुण, खाँचो, ऋणात्मक परिमाण; (त.) उल्टो, ऐना वा फिल्मको आकार जसबाट पजिटिभ (प्राकृतिक) तसवीर बनाइन्छ; ब्याटरीको नकारात्मक प्लेट वा धातु; **वि.** नकारात्मक, निषेध, अस्वीकृति, प्रत्यक्ष गुणको अभाव भएको, (त.) वास्तविक वस्तुको प्रकाश र छाया उल्टाइएको, क्षय (राशि); **क्रि.** रोक्नु, नमान्नु, अस्वीकार गर्नु; प्रतिवाद गर्नु, निराकरण गर्नु ।

negativism (ने'गटिभिज्म्) **ना.** अस्वीकारक (negationist) को रुख ।

neglect (नेग्लेक्ट्') **ना.** र **क्रि.** उपेक्षा, अवज्ञा, अनादर, बेवास्ता, हेलचेक्र्याइँ, बेस्याहार, परित्याग; **क्रि.** निछाउनु, निच मार्नु, झकमार्नु, पन्छाउनु, हेप्नु ।

neglige' (ने'ग्लिझे) **ना.** सजिलो, सुविधाको, अनौपचारिक, पोशाक, घर बस्ने लुगा ।

negli/gence (ने'ग्लिजेन्स्) **ना.** त्रुटि, सुस्ती, गफलत, हेलचेक्र्याइँ, लापरवाही, बेवास्ता, अनादर;—gent **वि.** फितलो, टपर्टुइँया, असावधान,—gible **वि.** नगण्य, उपेक्षणीय ।

negoti/ate (निगो'शिएट्) **क्रि.** समझौता, मिलापत्रको ध्येयले कसैसँग विचार-विमर्श गर्नु; मिलाउनु, तय गर्नु; हुण्डा बिल इ० बेच-बिखन गर्नु; साट्नु, हुण्डा इ० चुक्ती गर्नु; (बाधा, कठिनाइ, बार) हटाउनु, पार गर्नु, फड्कनु;—able **वि.** क्रय विक्रय साध्य, क्रयविक्रय योग्य, पण्य; non- —able अपण्य;—ation **ना.** कामकुरो, कुराकानी, व्यवहार, पणन;—ator

ना. लमी, मध्यस्थ ।

Negro (नी'ग्रो) **ना.** (ब. व.—es; स्त्रीलि. Negress नी'ग्रेस,) हवशी, कृष्णाङ्ग, श्यामदेह, काले;—minstrels सकली वा नकली हवशी गाइनेहरूको टोली; negrillo **ना.** (व. व.—s) सानू हवशी, मध्य वा दक्षिण अफ्रिकाको बाउन्ने जातिको व्यक्ति; negrito **ना.** (व. व.—s) मलया पलिनेशिया प्रदेशका साना श्यामदेही जातिको व्यक्ति; negroid **वि.** कृष्ण, कालो, हवसी जस्तो ।

Negus (नी'गस्) **ना.** एबिसिनियाका सम्राट; negus **ना.** गुलियो तातो मद्य र पानीको मिश्रण ।

neigh (ने) **क्रि.** र **ना.** हिनहिनाउनु, हिलिनु; **ना.** हिनहिनाहट, हेषारव ।

neighbour (ने'बर्) **ना.** र **क्रि.** छिमेकी, छर छिमेकी; सँधियार; good, bad—s असल, खराब पडोसी; **क्रि.** पडोसमा रहनु, जोरिनु, जुट्नु;—ly **वि.** पासवर्त्ती, मिजासिलो, उपकारशील;—hood **ना.** आसपास, इर्दगिर्द, सान्निध्य, टोले, नैकट्य, नाका, छरछिमेक ।

neither (नाइ'दर्,-नी'—) **क्रि. वि.**, **सं.**, **वि.** र **स. ना.** न, पनि, कुनै पनि (होइन) ।

nekton (नेक्'टन्) **ना.** (प्रा. वि.) समुद्र, सरोवर, इ० को विभिन्न तहमा पाइने स्वतन्त्र रूपले पौडिरहने ऐन्द्रिक जीवहरूलाई सामूहिक रूपमा भन्ने शब्द, प्लवनशील ।

Nemesis (ने'मिसिस्) **ना.** प्रतिकारकी देवी, प्रतिकारिक न्याय, तुष्टि दिने अधः पतन ।

nemine (नी'मिनि)—contradicente वा dissentiente, छो. रू. nem, con. वा diss. एक मतले, वा मतभेद नभईकन ।

nenuphar (ने'नुफाअ्र्) **ना.** नलिनी, उत्पल, कुमुद, कमलिनी ।

neo—(नी'ओ-) (ग्रीक संयु०) नयाँ, अर्वाचीन, पछिको नव निर्मित, हाल पाइएको, इ० अर्थमा ।

neolithic (निअलि'थिक्) **वि.** नवप्रस्तर (पछिको प्रस्तर युगको, जब घोटेका र टल्काइएका ढुंगाका औजार र हतियार व्यवहारमा आए) ।

neologian (निअॅलो'जिअन्) **ना.** र **वि** (धर्मशास्त्रमा) नयाँ वा विचारवत् सिद्धान्त ग्रहण गर्ने ।

neologism, neology (निअॅ'लजिज़्म्, निओ'लजि) **ना.** नयाँ वा नयाँ बनेको शब्द बनाउने वा व्यवहार गर्ने; नयाँ आचरण वा सिद्धान्तको स्वीकृति वा चाहना ।

neon (नी'अॅन्) **ना.** (र० शा०) नियन, वायुरूप जड तत्व जुन वायुमण्डलमा पाइन्छ;—lights सो वायु दुवै तिर बन्द कम दबाववाला नलीमा रहेकोबाट विद्युत् पठाएमा उत्पन्न हुने रंगीन उज्यालो ।

neophron (नी'अफ्रॅन्) **ना.** सेतो चील ।

neophyte (नी'अफाइट्) **ना.** नवशिष्य, नवछात्र, सिकारू, बटुक, चेला, अनाडी ।

neoteric (निअटे'रिक्) **वि.** नयाँ, हालको, आधुनिक, नवकल्पित, उटपट्याङ्ग ।

nepenthe (s) (निपेन्'थि(ज़्) **ना.** दुःखशमन, पीडान्तक, बिर्साउने ।

nephew (ने'फ्यु) **ना.** भतिजो, भानिज, छोरा, भागिनेय ।

nephology (निफॅ'लजि) **ना.** मेघाध्ययन शास्त्र, बादल विद्या ।

nephri/tic (निफ्रि'टिक्) **वि.** वृक्कसम्बन्धी, मिर्गौलाको;—tis (निफ्राइ'टिस्) **ना.** मिर्गौलाको सूज ।

ne plus ultra (नी प्लस् अल्'ट्रा) **ना.** प्रयाण, बढ्नु, को निषेध, अकाट्य बाधा, पुग्न सकिनेमा सबभन्दा पल्लो बिन्दु, सर्वोच्च रूप, शिखर, पराकाष्ठा ।

nepotism (ने'पटिज़्म्) **ना.** नातावाद, कुलपक्षपात ।

Neptun/e (नेप्'ट्यून्) **ना.** समुद्रको देवता, वरुण; सौर्य पद्धतिको सबभन्दा टाढाको ग्रहमध्ये एक;—ian **वि.** जल क्रियाबाट उत्पन्न भएको; नेपट्यून ग्रहको ।

nereid (ने'अिर्इड्) **ना.** समुद्रकन्या, नागकन्या, जलदेवी ।

nerine (नेरीन्') **ना.** करवीर फूल ।

neroli (नेअ्र्'ओलि) **ना.** सुन्तला फूलबाट झिकेको अर्क, सुन्तला ।

Neronian (नी'रोनिअन्) **वि.** सम्राट् नीरो, उनको समय, (को); क्रूर, कामी ।

nervate (नेअ्र्'भेट्) **वि.** (व.) डन्ठी (डाँठ) भएको पात ।

nerve (नअ्र्भ्) **ना.** र **क्रि.** स्नायु, नाडी, सन्धिबन्धन, स्नसा, शिरा; बल, वीर्य, शरीर दृढता, मनःस्थैर्य, साहस, निडरपना; क्षोभ, स्नायुविकार; **क्रि.** बल दिनु, तम्सिनु, साहसिनु;—less **वि.** जड, शिथिल, शक्तिहीन;—y **वि.** (क०) बलियो, पुष्ट; (अप०) ठण्डा, विश्वासी, धृष्ट, प्रगल्भ, कंपशील, क्षुब्ध; (अप०) मिजासमा गडबड पार्ने ।

nervine (नेअ्र्'भाइन्) **वि.** र **ना.** (भै०) स्नायुविकारमा फाइदा गराउने (औषधि) ।

nervous (नअ्र्'भस्) **वि.** (आ०) पुष्ट, बलियो, मांसल, दृढाङ्ग; (साहि० शैली) ओजस्वी, लाघव; क्षुब्ध; स्नायुमा प्रभाव पार्ने, संवेदनशील, सुग्राही, क्षुभित, स्नायविक;—ness **ना.** कंपशीलता, त्रास;—system **ना.** स्नायु प्रणाली ।

nescien/ce (नेश्'येन्स्) **ना.** अज्ञान, ज्ञानको अभाव;—t **वि.** अज्ञानी, नास्तिक ।

ness (नेस्) **ना.** अन्तरीप ।

—ness (नेस्) (अन्त०) **वि.** बाट **ना.** बनाउने अन्तप्रत्यय ।

nest (नेस्ट्) **ना.** र **क्रि.** गुँड, नीड, घुर, लुक्ने ठाउँ, बथान, उस्तै वस्तुको श्रेणी;—egg **ना.** साँच्चिको वा नकली अंडा गुँडमा छोडेको, जगेरा राखेको दाम, जगेर्ना, **क्रि.** गुँड बनाउनु, (बट्टाहरू) एकभित्र अर्को राख्नु ।

nestl/e (ने'सल्) **क्रि.** घुस्रनु, गुडुमुडु हुनु, जोरिएर बस्नु, अँगालो हाल्नु;—ing **ना.** गुँड छोड्न नसक्ने सानू बच्चा, चल्ला, शावक ।

Nestor (नेस्'टअर्) **ना.** वृहस्पति, वृद्ध वशिष्ठ, वृद्ध वशिष्ठ, वृद्ध र बुद्धिमान मानिस ।

net (नेट्) **ना.** र **क्रि.** (-tt-) जाल, जाली, पासो;—work, जालो (रेल, नहर, पैन इ० को) **क्रि.** जालमा पार्नु, माछा मार्नु, जाल बुन्नु ।

net वा **nett** (नेट्) **वि.** नघट्ने, खुद;—profit,—price खुद नाफा, परल मोल ।

nether (नें'दर्) **वि.** (आ० वा, दि०) तल्लो, नीचो;—garments सुरुवाल, प्याण्ट;—millstone तल्लो पत्थर (घट्टको), निष्ठुरताको उपमा;—world दरगाह, नरक, रसातल ।

Netherlander, ना. **Netherlandish** वि. (नें'दर्-ल्याण्डर्, नें'दर्ल्याण्डिश्) नेंदर्ल्याण्ड, हल्याण्डको ।

netsuke (नेट्'सूके) **ना.** जापानीहरूले भिर्ने बुट्टा काटेको टाँक जस्तो भूषा ।

netting (नें'टिङ्) **ना.** जाली, यसको टुक्रा विभिन्न काममा लाग्ने ।

nettle (नेट्ल्) **ना.** र **क्रि.** सिस्नु;— -rash सिस्नुले पार्ने जस्तो फोका; **क्रि.** grasp the—कठिनाइ वा बाधाको साहसी सामना गर्नु; सिस्नु लाउनु, लाग्नु, जिस्क्याउनु, रिस उठाउनु, चिढाउनु, फसादमा पर्नु ।

neural (न्यो'अर्ल्) **वि.** स्नायुको, केन्द्रीय स्नायु प्रणालीको ।

neur (o) (न्युर (ो) संयु० स्नायु;—algia वातशूल, स्नायुविकार, खा. ग. शिर र मुखमा बीच बीचमा जोरसँग दुख्ने रोग;—asthenia स्नायु दुर्वलता;—itis **ना.** स्नायु सूज;—ology **ना.** स्नायुशास्त्र;—ologist **ना.** स्नायुविद् ।

neuro/sis (न्युअरो'सिस्) **ना.** स्नायु प्रणालीको विकारद्वारा उत्पन्न हुने ऐन्द्रिक अविन्यास; मानसिक चेष्टाद्वारा मस्तिष्क कोष-हरूमा हुने परिवर्तन;—tic **वि.** र **ना.** स्नायु विकृत, स्नायु विकार भएको व्यक्ति, असामान्य चैतन्य भएको, स्नायु प्रणालीलाई प्रभाव पार्ने ओखती ।

neuter (न्युटर्) **वि.** र **ना.** क्लीव, अकर्म (क्रिया), नपुंसक, उदासीन, आख्ता ।

neutral (न्यु'ट्रल्) **वि.** र **ना.** तटस्थ, नैर्गुण्य, वैलक्ष्य, उदासीन, निरपेक्ष, असंलग्न, अस्पष्ट, चिन्ह नभएको, न अम्ल न क्षार, न सकारात्मक न नकारात्मक; न्युट्रल; चक्रक, साज भएको यन्त्रको त्यो स्थिति जब शक्तिको संचारण हुन्न; (रंग) बेरंगको; **ना.** प्राकृतोदासीन ।

neutralize (न्यु'ट्रलाइज्) **क्रि.** उदासीन गराउनु, अपक्षपाती बनाउनु, निराकरण गराउनु, स्थानलाई असैनिक अथवा असंग्राम क्षेत्र बनाउनु ।

neutron (न्यु'ट्रन्) **ना.** उदासीन वैद्युत कण ।

neve (नें'भे) **ना.** हिमनदीको शिरमा रहेको अझै बरफ जमिनसकेको फुको हिउँको मैदान ।

never (नें'भर्) **क्रि. वि.** कहिले पनि होइन; हुँदै होइन; अवश्यमेव होइन; आश्चर्य वा अविश्वास जनाउने बोली;—fear,—mind के परवाह ! ;—ending नसिद्धिने; Never Never Land उत्तर क्वीन्सल्याण्ड, कल्पित प्रदेश;—the less तथापि, भए पनि ।

new (न्यु) **वि.** र **क्रि. वि.** नौलो, नयाँ, नवीन, हालवाला, नव, ताजा, थप, फरक; **क्रि. वि.** हाल, फेरि, पुनः ;—comer नवागन्तुक;—deal रूजभेल्टले थालेको अमरिकाको सामाजिक र आर्थिक सुधारको योजना;—fangled नौलो;—risen नवोदित;—ly **क्रि. वि.** हाल, अहिले;—ly-wed नव-विवाहित ।

newel (नि'वेल्) **ना.** घुमाउरो भऱ्याङ्गको बीचको खम्बा, भऱ्याङ्गको तल वा माथि अडाउने लट्ठा ।

Newfoundland (न्युफण्ड्'ल्याण्ड् वा न्युफाउण्ड्'ल्याण्ड्) **ना.** सेण्ट लरेन्स नदीको मुहानमा रहेको टापू; झ्यापुल झ्यापुल रौं भएको कुकुरको जात ।

Newgate (न्यु'गेट्) **ना.** लण्डनमा रहेको नामूद झ्यालखाना;—Calendar अपराधीहरूको वृत्तान्त;—frill च्यूँडोमन्तिरको दाह्रीको रौं (मुख खौरेर) ।

Newmarket (न्यु'माअर्केट्) **ना.** संयुक्त अधिराज्यको घोडदौड हुने नामूद सहर;—coat ओभरकोट; ताशको खेलको प्रकार ।

news (न्युज़्) **ना.** मेलो, हाल, खबर, समाचार, समचार, सन्देश, हालखबर, हालचाल, चालंमाला, चालचुल, पत्र, अत्तोपत्तो, वृत्तान्त, क्षेमकुशल; in the—बोलवाला;—agent अखबारवाला;— -boy,— -man सडकमा अखबार बेच्ने;—cast(er) समाचार प्रसारण गर्ने;— -letter समाचारपत्र;— -monger गफास्टक, गफ्फी;—paper समाचारपत्र, अखबार, छापा;—print अखबार छाप्ने कागत;— -reel समाचार दर्शन, समाचार देखाउने वा भन्ने फिल्म वा प्रसारण;— -stand अखवार बेच्ने सानू पसल ।

newt (न्युट्) **ना.** क्षुद्र गोधा ।

next (नेक्स्ट्) **वि.**, **क्रि. वि.**, **उ.** र **ना.** पल्लो, पछिल्लो, दोस्रो, अर्को, आगामी, नजीकको; **क्रि. वि.** अनिखेरि;—of kin **ना.** हकवाला, हकदार, दायाद, अंशियार, दैयादार, नातागोता ।

nexus (ने'क्सस्) **ना.** बन्धन, शृङ्खला, सम्बन्ध; the cash—पैसाको सम्बन्ध ।

Niagara (नाइअ्या'गरा) **ना.** झर्ना, छहरा, बाढी, हल्ला, होहल्ला; shoot—डरलाग्दो खतरा मोल्नु ।

nib (निब्) **ना.** निब, टाँका, चुच्चो, ठुँडो, टुप्पो, ठुँडो ।

nibble (नि'ब्ल्) **क्रि.** कुट्टक्क, किटिक्क टोक्नु ।

niblick (निब्'लिक्) **ना.** गल्फ खेलमा व्यवहृत हुने बल हान्ने एक प्रकारको डण्डा ।

nibs (निब्ज़्) **ना.** (अप०) His Grace इ. को ठट्टाबाज नकल, His Nibs.

nice (नाइस्) **वि.** र **ना.** सुकुमार, सुचारु, मीठो, सुस्वादु, खासा, प्रशंसनीय; सूक्ष्मदर्शी, कठिन, छिचिगुटे, होशियारी

चाहिने, सानू, सावधान, पारखी; **ना.** (नीस शहरको नामबाट) विस्कुटको किसिम ।

nicety (नाइ'सिटि) **ना.** सूक्ष्मता, सूक्ष्मदर्शिता, यथार्थता, सानू फरक, तुच्छ फरक, तुच्छ विवरण, तुच्छता ।

niche (निच्) **ना.** खोपा, (अलं०) व्यक्तिको पेशाको स्थान ।

nick (निक्) **ना.** र **क्रि.** चिन्हु, (काठ इ० मा) सानू चिन्ह;—of time ठीक समय; **क्रि.** काट्नु, (घोडाको पुच्छर टाडो पार्नालाई) सानू कटाइ गर्नु, ठीक अन्दाज गर्नु, समात्नु (अपराधी इ०) ।

nickel (नि'कल्) **ना.** निकल, अनेक प्रकारको मिश्रणमा व्यवहृत हुने धातु रूपको रासायनिक तत्व; अमरिकाको ५ सेण्ट मूल्यको सिक्का;—brass,—silver,—-steel इ० निकल मिसाइएको मिश्रण धातु ।

nicker (नि'कर्) **ना.** (अप०) विलायतको मुद्रा, पाउण्ड ।

nick-nack, knick-knack (निक्'-न्याक्) **ना.** खत्र्याङ मत्र्याङ, तुच्छ वस्तुहरू ।

nickname (निक्'नेम्) **ना.** र **क्रि.** बोलाउने नाम, उपनाम, छोट्याएको नाम, उपाधि, उर्फ; **क्रि.** व्यक्तिलाई नाम दिनु, उपनाम दिनु ।

nicoti'ne (नि'कटीन्) **ना.** सुर्तीबाट तेली झोलको रूपमा प्राप्त हुने विषालु क्षारोद, सुर्तीसार;—an (निको'शिअन्) **वि.** र **ना.** सुर्तीको, चुरोट तमाखु खाने ।

nictate, nictitate (निक्'टेट्, निक्'टिटेट्) **क्रि.** आँखा झिम झिम गर्नु; खा. ग. nict (it) ating membrane निमेष तन्तु वा तेस्रो अथवा भित्री पटल (कोही कोही जनावरको) ।

nicy (नाइ'सि) **ना.** (तो.) पिपी, निमचूस, ललिपप ।

nid(d)ering (नि'डरिङ्) **ना.** र **क्रि.** (मिथ्या आ.) नीच वा डरपोक (व्यक्ति) ।

niddle-noddle (नि'डल्—नॅडल्) **वि.** र **क्रि.** काम्ने, हल्लने, अस्थिर; **क्रि.** (टाउको) हल्लाउनु, धन्मनाउनु, झुल्नु ।

nide (नाइड्) **ना.** कालिजका बच्चाहरूको बथान ।

nidificate, nidify (नि'डिफिकेट्, नि'डिफाइ) **क्रि.** (गुँड) बनाउनु ।

nidus (नाइ'डस्) **ना.** (ब. व.–di-duses) कीरा इ. ले फुल पार्ने ठाउँ; ब्यू वा जीवाणु उम्रने ठाउँ; रोग वा केही गुण वा सिद्धान्तको उत्पत्ति वा विकासको ठाउँ, प्राकृतिक भाँडो; फुल, रोगका अणु इ. को थुप्रो ।

niece (नीस्) **ना.** भतिजी, भाञ्जी ।

niello (निए'लो) **ना.** (ब. व.–li,-los) चाँदी वा अन्य धातुमा अंकित धर्काहरू भर्ने कालो वस्तु, त्यस्तो कारिगरीको नमूना ।

Niersteiner (निअर्'स्टाइनर) **ना.** नियरस्टाइन (राइन प्रदेश) को मद्य ।

Nietzschean (नी'चिअन्) **वि.** र **ना.** जर्मन दार्शनिक निचीको (समर्थक, प्रशंसक) ।

nifty (निफ्'टि) **वि.** (अप०) छरितो, छरिछाँटको, ढाँचावाल; गन्हाउने, गन्धपूर्ण ।

nigella (निजे'ला) **ना.** जुँगे फूल ।

niggard-niggard/ly (नि'गर्ड्) **वि.** र **क्रि. वि.** कंजूस, कृपण, किरनटोकी, सूम, छुच्चा;—liness **ना.** छुच्याइँ, संकीर्णता ।

nigger (नि'गर्) **ना.** हवशी (सा० होचाउने),—in the wood pile (अप०) शंकाजनक कुरा, असल कुरा बिगार्ने चीज; wo k like a—कडा मेहनत गर्नु; कालो रंगको जातिको व्यक्ति ।

niggle (नि'ग्ल्) **क्रि.** सानू कुरामा ध्यान र समय खेर फाल्नु ।

niggling (निग्'लिङ्) **वि.** तुच्छ, सानू, जाबो; प्रभावमा चौडाइ, बडाइ वा स्पष्टताको अभाव; (अक्षर) अस्पष्ट, पढ्न नसकिने ।

nigh (नाइ) **क्रि. वि., उ.** र **वि.** (आ०, क०, वा प्रादे०) नजीक ।

night (नाइट्) **ना.** राती, रात, रात्रि, विभावरी, रजनी, निशा;—-bird निशाचर, उल्लु;—-blindness रतौंधी;—-cap काने टोपी, सुत्नुअघिको पेय;—-chair,—-stool चर्पी बस्ने भाँडो, कोपरा;—-club नाच, खाना, इ० को लागि सदस्यहरूको क्लब;—-fall साँझ, रात;—-hag बोक्सी;—man चर्पी साफ गर्ने व्यक्ति;—-mare दुःस्वप्न, बोक्सी, गोती, गुजी, त्रासको कारण;—-shade धतुरो, स्पृशी;—-shirt लोग्ने मानिसले सुत्ने वेलामा लाउने लामू कमीज;—soil झाडा ।

nightingale (नाइ'टिङ्गेल्) **ना.** जुरेली, बुलबुल ।

nightly (नाइट्'लि) **वि.** राती, रातैरात, हुने; (क०) रातिको, अथवा सुहाउने ।

nigrescent (निग्रे'सेण्ट) **वि.** कालो कालो, साँवलो ।

nigritude (नि'ग्रिटयूड्) **ना.** श्यामत्व, कालोपन ।

nihil ad rem (नाइ'हिल् अ्याड् रेम्) **वि.** अप्रासंगिक, छेउ न टुप्पोको ।

nihil (नाइ'इल्, नाइ'हिल्) **ना.** शून्य, अभाव;—ism नकारात्मक सिद्धान्त, प्रचलित वादहरूको पूर्ण बहिष्कार, शून्यवाद, रूसको विप्लवीदलको पूर्ण बहिष्कारको सिद्धान्त;—ity **ना.** अनस्तित्व, शून्यता, तुच्छता, अभाव ।

nil (निल्) **ना.** केही पनि होइन, शून्य, फुस्सा, नास्ति, नदारद (त), निस्पट्ट;—admirari केहीमा पनि आश्चर्य नमान्ने, अनपेक्षता ।

Nilometer (नाइलॅ'मिटर्) **ना.** नील नदीको पानी कति बढ्यो देखाउने लट्ठा; Nilotic **वि.** नील नदी वा प्रदेश वा त्यहाँको वासिन्दाको ।

nimble (निम्'ब्ल्) **वि.** छिटो, फुर्तिलो, चपल, शीघ्रबुद्धि, सहज समझको, क्षिप्र गति ।

nimbus (निम्'बस्) **ना.** उज्यालो बादल, प्रभामण्डल, (वायु.) पानी पार्ने बादल ।

nimiety (निमाइ'इटि) **ना.** प्राचुर्थ, अति ।

niminy-piminy (नि'मिनि–पि'मिनि) **वि.** स्वाँगी, मस्कने, चपाएर बोल्ने, आडम्बरी, चुँइकेको ।

Nimrod (निम्'रॅड्) **ना.** वडा शिकारी, पहलवान ।

nincompoop (निन्'कम्पूप्) **ना.** लठेप्रो, लण्ठ, लाटो, बुद्धिहीन व्यक्ति, होस्ल्याङ, बेकम्मा ।

nine (नाइन्) **वि.** र **ना.** नौ, नहर;—days' wonder नौलो चाल, अजीब कुरा; to the—s हदसम्म, आदर्शसम्म;—tenths प्राय: जम्बै;—fold नौगुना;—teen उन्नाईस;—teen to the dozen अनवरत;—ty नब्बे; the—ties (ब. व.) तापमापकमा नब्बे डिग्रीतिर, शताब्दी वा उमेरमा नब्बेतिर पुगेको काल ।

ninth (नाइन्थ्) वि. र **ना.** नवौं;—ly नवौं (दफा इ.) ।

Ninevite (नि'निभाइट्) **ना.** Nineveh को वासिन्दा ।

ninny (नि'नि) **ना.** स्वाँठ, ग्वांग्रे, लठुवा ।

ninon (नी'नॅन्) **ना.** हलका रेशमी कपडा ।

Niobe (नि'अबि) **ना.** निअबी; फुल्याउन नसकिने क्षुब्ध स्त्री ।

niobium (निओ'बिअम्) **ना.** नायोबियम धातु तत्व ।

nip (निप्) **क्रि.** र **ना.** चिमट्नु, बेसरी किच्नु, टोक्नु, चुँडाल्नु, बढाइ रोक्नु (खा. ग.—in the bud); (जाडोले) बाधा दिनु, हानि पुऱ्याउनु; (अप.) चुपचाप पस्नु, जानु; **ना.** चिमटाइ, कसिएको किचाइ, घोचपेच, जाडोले बिरुवाको बढनामा अवरोध, मद्यको सानू मात्रा (ताकतको लागि पिइने) ।

nipper (नि'पर्) **ना.** ठिटो, खा. ग. पसलेको लडको, सडके ठिटो; (ब. व.) चिमटा, सँडासो, कैंची, नाक च्याप्ने चश्मा, पानी जीवको च्याप्ने नङ्ग्रा ।

nipple (नि'प्ल्) **ना.** चूचुक, मण्टो, स्तनमुख, दूधदानीको मण्टो, बुबु ।

Nippon (नि'प्पन्) **ना.** जापान, दाइ निपन ।

nisi (नाइ'साइ) **सं.** नभएसम्म; decree, orden, rule,—जारी भएको आदेश तोकिएको म्यादअघि खारिज गरिनुपर्ने मुनासीब कारण नभएमा सो (absolute) पूर्ण हुने गरी (ल्या.) ।

Nissen hut (नि'सेन् हट्) **ना.** जस्ता पाताले बनेको भैंमन्तिरको (बमबाट बच्नालाई) छाप्रो ।

nit (निट्) **ना.** लिखो, ढील ।

niton (नाइ'टन्) **ना.** न्याडोन (Radon) वायु तत्वको पहिलो नाम ।

nitrate (नाइ'ट्रेट) **ना.** नाइट्रिक अम्लको नून ।

nitre (नाइ'टर्) **ना.** यवक्षार, सोरा ।

nitric (नाइ'ट्रिक्) **वि.** नाइट्रोजन वायु रहेको;—acid कडा तेजाब, नाइट्रिक अम्ल ।

nitrify (नाइ'ट्रिफाइ) **क्रि.** नाइट्रोजन भर्नु, नाइट्रस वा नाइट्रिक अम्ल बनाउनु ।

nitrite (नाइ'ट्राइट्) **ना.** नाइट्रस अम्लको नून ।

nitrogen (नाइ'ट्रजिन्) **ना.** रंगहीन, स्वादरहित, वासरहित वायु तत्व जो वायु मंडलमा तीन चतुर्थांश परिमाणमा रहेको छ ।

nitrous (नाइ'ट्रस्) **वि.** सोरा भएको;—acid नाइट्रस अम्ल, नाइट्रिकभन्दा अक्सिजन कम भएको;—oxide चेतनानाशक वायु, हाँस्ने वायु ।

nitwit (निट्'विट्) **ना.** निर्बुद्धि मान्छे, लठुवा ।

nix (निक्स्) **वि. बो.** र **ना.** (अप.) मतियार साथीहरूलाई मालिक, घरधनी, आयो भनी इशारा दिने बोली; **ना.** स्त्री. लि.—ic) पण्डुवा, पानीभूत, पनडुब्बा; (अप.) नास्ति, केही होइन ।

no (नो) **वि.** नाइँ, इन्कार, होइन, छैन, हुन्न;—cards,—flowers (अन्तिम संस्कारको निम्ता आउन्न, फूलको उपहार पनि चाहिन्न;—doubt निस्सन्देह;—fear निस्फिक्री;—ball (क्रिकेटमा) बेकाइदासित हुत्याइएको बल;—trump (s) ताश तुरूप नबनाई खेल्ने हात;—es **ना.** बिराजी, विरुद्ध मत ।

no, noh (नो) **ना.** नाच गानसहितको जापानी (पहिले धार्मिक) नाटक ।

Noah (नो'आ) **ना.** यहूदी मूलपुरुष;—s' ark प्रलयमा सबै प्राणी बाँच्ने डुङ्गा, केटाकेटीले खेल्ने त्यसको नकलको डुङ्गा; ठूलो सन्दूस ।

nob (नॅब्) **ना.** र **क्रि.** टाउको, मूड; (ताश : क्रिबेज) पल्टेको रंगको गुलाम; **क्रि.** टाउकोमा हिर्काउनु; **ना.** (अप.) ठूला-बडा, धनी-मानी ।

nobble (नॅ'ब्ल्) **क्रि.** (अप.) दौडको घोडालाई हात लगाएर दौड नजित्ने गराउनु, अनरीतसँग पक्षपात पाउनु, अनरीतसँग पैसा हात पार्नु; अपराधी समात्नु ।

nobby (नॅ'बि) **वि.** ठूलालाइं सुहाउँदो, छरितो, सुकुमारी ।

Nobel prize (नोबेल्'प्राइज़्) **ना.** भौतिक शास्त्र, रसायन, भैषज्य, साहित्य र शान्तिको निमित्त वर्षैपिच्छे दिइने पुरस्कारमध्ये एक ।

nobiliary (नोबिल्'यरि) **वि.** बडादमीको;—particle उपसर्ग, जस्तो फ्रेन्चमा de, जर्मनमा von इ. उपाधिमा जोडिने ।

nobility (नोबि'लिटि) **ना.** उदात्त स्वभाव, बडप्पन, मान, जन्म, दर्जा; मर्यादा; बडो, सामन्त; बडादमी, ठूला-बडा, धनी-मानी ।

noble (नो'ब्ल्) **वि.** र **ना.** उदात्त, कुलीन, महानुभाव, श्रेष्ठ, उदार, उच्च, मनस्वी; (धातुहरू) रासायनिक क्रियाको विरोध गर्ने ज. कि सुन, चाँदी, प्ल्याटिनम;—man कुलीन, खानदानी ।

noblesse (नोब्लेस्') **ना.** सामन्त, ठूला-बडा, को खानदान;—oblige (नोब्लेस् ओब्लीज़्) दर्जाले उत्तरदायित्व पनि हुन्छ ।

nock (नॅक्) **ना.** र **क्रि.** धनुमा ताँदो बाँध्ने छेउको दाँत या भंग; वाण ताँदोमा राख्नालाई दाँत काटेको भंग; **क्रि.** त्यस्तो दाँती काट्नु, पार्नु ।

nocturnal (नॅक्टअर्'नल्) **वि.** नैश, रात्रौ, रातिको; राति हुने ।

nocturne (नॅक'टअ्र्न्) **ना.** स्वप्नवत् संगीत रचना; (चित्र.) रात्रि दृश्य ।

nod (नॅड्) **क्रि.** (-dd-) र **ना.** टाउको निहुराउनु, (अभिवादन, सहमति, आज्ञा, जनाउन); उम्नु, ऊम्नु, ऊल्नु; निहुरिनु, वांगो हुनु; **ना.** शिरको हल्लाइ वा निहुर्‍याइ; land of N—निद्रा ।

noddle (नॅ'ड्ल्) **ना.** र **क्रि.** (वो. चा.) टाउको, मण्टो, शिर, तालु; **क्रि.** टाउको हल्लाउनु, निहुर्‍याउनु ।

uoddy (नॅ'डि) **ना.** मूर्ख, लठुवा, लाटो, ग्वाङ्ग्रे ।

node (नॅ'डि) **ना.** जरा वा हाँगाको डल्लो, पात उम्रने ठाउँ, वथाहा जोर्नांको कडा गाँठो; दोलायमान वस्तुको स्थिर विन्दु वा धर्को; पद्धति, प्रणाली, को केन्द्र; वक्रले आफैलाई काट्ने विन्दु; गंड, पिंड, पात; गाँठो, डल्लो ।

nodos/e (नडोस्') **वि.** ग्रन्थि, ग्रन्थिमत्, गँठ्यौलो;—ity **ना.** गाण्टो, डल्लोपना ।

nodul/e (नॅ'ड्यूल्) **ना.** डल्लो, फुडुल्को, ढुढुल्को, गाण्टो, घन, पिड, गाँठो;—ar **वि.** डल्ले, डल्लोदार ।

nodus (नो'डस्) **ना.** (व. व.–di) गाँठी कुरा, कठिनाइ, कथाको योजनामा उलझन ।

Noel, Nowel (नोएल्') **वि. बो.** बडादिनका गीतमा खुशी व्यक्त गर्ने वोली ।

noetic (नए'टिक्) **वि.** र **ना.** बुद्धिको, शुद्ध रूपले बौद्धिक वा तात्विक, बौद्धिक विवेचनमा रत रहने; (ए. व. वा व. व.) वुद्धिशास्त्र ।

nog (नॅग्) **ना.** र **क्रि.** (-gg-) कीला, खुँटा वा काठको सानू अचानो या सूडो, रूखको ठुटो; **क्रि.** कीलाले अड्याउनु; ईंट, पत्थर, कंक्रीटको रूपमा वनाउनु (brick—, stone—, concrete—,nogging); एक प्रकारको कडा रक्सी ।

noggin (नॅगिन्) **ना.** सानू मग, सानू भाँडो ।

nois/e (न्वाएज्) **ना.** र **क्रि.** हल्ला, कोलाहल, डाँको, कल्याङ मल्याङ, धून, खलवल, तहलका, नाद, घोप गलवद्दी; big—(वो. चा.) ठूलो मानिस;—less निःशब्द, निर्घोष, नीरव; **क्रि.** हल्ला गर्नु, फिंजाउनु (कुरा);—y **वि.** घोपकर, तुमुलकारी, कोलाहलकारी ।

noisette (न्वाजेट्') **ना.** गुलाफको जात; (धे ज. व. व.) मासुको वरी ।

noisome (न्वाए'सम्) **वि.** हानिकारक, विपाक्त, दुर्गन्ध, गन्धपूर, हरकपूर्ण, वदवूवाल; डंगडंग गन्हाउने ।

noisy (न्वाए'जि) **वि.** कल्याङ मल्याङ, तुमुल, निनादपूरित, (रंग, पोषाक, लेखशैली) चडका, तीव्र ।

nolens volens (नो'लेन्ज् भो'लेन्ज्) **क्रि. वि.** जोर जबरजस्ती, करबलले ।

noll (नोल्) **ना.** (प्रादे.) (शिरको) तालु ।

nolle prosequi (नो'लि प्रो'सिकी) **ना.** (का.) वादीले दावाको सम्पूर्ण वा हिस्साको त्याग, कारवाईको स्थगन, मिसिलमा त्यसको रिपोट; (त्या.—कारवाही चलाउन नामन्जूर) ।

nolo episcopari (नो'लो एपिस्कोपा'अ्र्इ) **ना.** उत्तरदायी पद अस्वीकार गर्ने वोली; (त्या=म पादरी बन्न चाहन्नँ) ।

nomad (नॅ'म्याड्, नो'—) **ना.** र **वि.** चरनको लागि एक ठाउँवाट अर्को ठाउँ वसाइँ सर्ने जाति (को सदस्य), फिरन्ता घुमन्ते ।

nom de guerre (नोँ ड गेअ्र्') **ना.** छद्मनाम, उपनाम, मानिसले, लड्न, खेल्न, लेख्नको निम्ति लिएको कल्पित नाम; (फ्रेन्च: युद्धनाम) ।

nom de plume (नोँ ड प्लूम्') **ना.** लेखको उपनाम, उपाधि, नामको प्रथमाक्षर इ. जसवाट उसका लेख प्रकाशित हुन्छन्, (फ्रेन्च शब्दवाट अंग्रेजीमा वनेको=कलम नाम, फूलनाम ।

nominal (नॅ'मिनल्) **वि.** नामको,वा सम्वन्धी, नाममात्रको; नामधारक, नामवाचक;—value नाम मूल्य ।

nominalism (नॅ'मिनलिज़्म्) **ना.** (द.) सार्वत्रिक वा तात्विक भावनाहरू केवल नाम हुन् भन्ने सिद्धान्त ।

nominat/e (नॅ'मिनेट्) **क्रि.** तोक्नु, नाम निर्देश गर्नु, मनोनीत गर्नु;—ion **ना.** मनोनयन, नियुक्ति, नियोजन, चयन, प्रतिष्ठापन;—ive **वि.** र **ना.** प्रथमा विभक्ति;—ed **वि.** नामोद्दिष्ट, नामांकित ।

nominee (नॅमिनी') **ना.** मनोनीत व्यक्ति, छानिएको व्यक्ति, नामजद भएको व्यक्ति; नियुक्त, नियोजित, अधिकृत, नामांकित (व्यक्ति); नियोजित (व्यक्ति) ।

non—(नॅन्—) **क्रि. वि.**=not, होइन; **उ.**=अ, अन्;— -acceptance अस्वीकृति;— -access पहुँचको असाध्यता, खा. ग. पितृत्व छुट्ट्याउने मुद्दामा;— -acquaintance चिनापर्चीको अभाव;— -alcoholic वि. अमद;— -appearance अनुपस्थिति, खा. ग. झगडिया वा साछीको रूपमा अदालतमा;— -claim उजूरको म्याद गुज्रेको;— -committal तटस्थ;— -compliance अवज्ञा;— -co-operation असहयोग;— -feasance (का.) गर्नुपर्ने कामको वर्जन;— -gazetted अराजपत्रित, राजपत्र अनंकित; अपत्रित;— -interference,— -intervention राजनीति वा अन्तरराष्ट्रिय मामिलामा अरूको झगडामा नफस्ने सिद्धान्त वा काम;— -metal अधातु, खा. ग. रासायनिक तत्व;— -jury जूरीविना;— -negotiable अपण्य;— -party राजनैतिक दलवन्दीको विचार नगरी गर्न सकिने;— -skid (मोटरको टायर) नचिप्लिने;— -union मजदूर संघवाहिरको;— -stop नअड्ने;— -belligerent युद्धमा सक्रिय भाग नलिने, अयौध;—collegiate कुनै महाविद्यालयमा नाम दर्ता नभएको विद्यार्थी, अविद्यालयीय;— -combatant अयौध, लडाइँमा भाग लिनु नपर्ने, तर सशस्त्र वाहिनीको सदस्य, ज. कि डाक्टर, पादरी, एम्बुल्यान्सवाहकवाह, इ.;— -commissioned कमिशन नपाएको, अपत्रित;— -conductor अचालक (ताप, विद्युत्, इ. को);— -essential नाति आवश्यक;— -flammable अदाह्य;— -nuclear (युद्ध,

अस्त्र-शस्त्रको)–अनाणविक, परम्परागत;— -moral अनैतिक; — -natural अप्राकृतिक ।

nonage (नॅ (नो)'नेज्) **ना.** नावालिगपना, नावालिग अवस्था, कम उमेर ।

nonagenarian (नोनजिने'ञ्रिअन्) **वि.** र **ना.** ८९ देखि १00 वर्षभित्रको (व्यक्ति); नवतिवर्षीय ।

nonalignment (नॅन्एलाइन्'मेण्ट) **ना.** असंलग्नता ।

nonce (नॅन्स्) **ना.** तत्काल, अवसर, वर्तमान (केवल for the—मा),—word (एक प्रयोजनका निमित्त प्रयोग गरिएको) तत्काल शब्द ।

nonchalan/ce (नॅन्'शलन्स्) **ना.** अनपेक्षता, औदासीन्य, अडिगपना;—t **वि.** अडिग, नमान्ने, उदासीन ।

nonconformi/ty (नॅन्कन्फञ्र्'मिटि) **ना.** वैमत्य, असंमति, साधारण धर्मविरोध;—st **ना.** क्रिस्तानी स्थापित धर्मको विरोधी, अननुविधायी ।

nondescript (नॅन्' डिस्क्रुप्ट्) **वि.** र **ना.** सजिलोसँग वर्गीकरण गर्न नसकिने (व्यक्ति, वस्तु); न यो न ऊ, मिसौट, खमाज ।

none (नन्) **स. ना.**, **वि.** र **क्रि. वि.** कोही पनि होइन, नाइँ, केही पनि होइन ।

nonentity (ननेन्'टिटि) **ना.** अनस्तित्व, असत्ता, शून्यता, अभाव, नगण्य, शून्य, कोही न कोही ।

nones (नोन्स्) **ना.** (व० व.) नवौं दिन, अपराह्नमा हुने प्रार्थना, पूजा ।

nonet (नोनेट्') **ना.** (संगी.) नौ साज वा बोलीको संगीत ।

non-existen/ce (नॅन्एक्जिस्'टेन्स्) **ना.** अनस्तित्व,अभाव, असत्ता;— t **वि.** अविद्यमान, अभूत ।

non-expendable (नॅन्एक्सपे'ण्डेब्ल्) **वि.** अक्षुण्ण ।

nonillion (ननि'लियन्) **ना.** १० लाखको नवौं घात, अर्थात् १ र ५४ शून्यबाट बन्ने अंक ।

nonpareil (नॅन्परेल्') **वि.** निराला, अनुपम, अद्वितीय, रोजा, बेजोड ।

nonparty (नॅन्पा'र्टि) **वि.** निर्दलीय ।

nonplus (नॅन्'प्लस्) **ना.** र **क्रि.** (–ss–) व्यामोह, संभ्रम, संशय, व्यग्रता; **क्रि.** अक्क न वक्क हुनु, पक्क पर्नु, अकमक्क गराउनु, भरङ्ग हुनु, नाजवाफ गराउनु;—ed **वि.** कुण्ठित, निरुत्तर, मूढ, अकमक्क, कायल, विलखवन्द, नाजवाफ, दुर्द्वाइ, हायल कायल ।

nonprofit (नॅन्प्र'फिट्) **वि.** लाभहीन ।

non-recurring (नॅन्रे'करिङ्) **वि.** अनावर्त, पटके ।

non-resident (नॅन्रे'सिडेण्ट्) **वि.** र **ना.** (पादरी) आफ्नू इलाकामा नवस्ने, गैर, (व्यक्ति) जो घर अन्तै भएर केही समय मात्रलाई कुनै स्थानमा बस्तछ ।

nonsense (नॅन्'सेन्स्) **ना.** नैरर्थ्य, बकवाद, अण्टसण्ट, अंडबंड, रङ्ग न ढङ्गको कुरा, नचाहिने कुरा, तातोछारो, फजूल कुरा;— - book **ना.** असंगतिको कारणले मनोरञ्जन गर्ने; —verses माने नभएको वा अनर्थको; **वि. बो.** फजूल ! लछार पाटो !, नापियो !

non—sequitur (नॅन्से'किटर्) **ना.** (तर्क) प्रतिज्ञाबाट निकाल्न नसकिने अनुमान ।

non-starter (नॅन्-स्टार्'टर) **ना.** अचल, नचल्ने ।

nonsuch,nonesuch (नॅन्'सच् नन्'सच्) **ना.** निराला वस्तु वा व्यक्ति, अद्वितीय; घाँसको प्रकार ।

nonus (नो'नस्) **वि.** नवौं (ल्या.)

noodle (नू'ड्ल्) **ना.** मूर्ख, लठुवा; पीठो र फुलको त्याम्द्रो (खाद्य) ।

nook (नुक्) **ना.** कुना, काप्चो, निर्जन ठाउँ, सुनसान कुनो; —and corner कुना काप्चा, अन्तर कुन्तर ।

noon (नून्) **ना.** मध्याह्न, मध्यदिन ।

noose (नूस्) **ना.** र **क्रि.** सुक्यौंलो, पासो, पाश, गलपासो, फन्दा; **क्रि.** पासोमा पार्नु, सुक्यौंलो पार्नु ।

nopal (नो'पल्) **ना.** सिहुँड़ी ।

nor (नअर्) **क्रि. वि.** र ९., न, न-न: neither,—न, न ।

Nordic (नञ्र्'डिक्) **वि.** (जाति.) उत्तरीय, उत्तर योरपवासी जातिको ।

Norfolk (नञ्र्'फक्) **ना.** अंग्रेजी काउण्टी (प्रदेश);— jacket कम्मरमा पेटी भएको कोट ।

norland (नञ्र्'ल्याण्ड्) **ना.** उत्तर प्रदेश ।

norm (नञ्र्म्) **ना.** आदर्श, नमूना, ढाँचा ।

normal (नञ्र्'मल्) **वि.** र **ना.** लम्ब, नमूनाको अनुरूप, नियमित, सद्दे, साधारण, सामान्य, साबिक, प्रमाण, स्वाभाविक, मनुष्य शरीरको सामान्य ताप;—school शिक्षक तालीम गर्ने ।

Norman (नञ्र्'मन्) **वि.** र **ना.** फ्रान्स देशको नर्मण्डी प्रदेशको वासिन्दा वा भाषा;—Conquest सन् १०६६ को जर्मनहरूद्वारा बिलायतको विजय ।

Norn (नञ्र्न्) **ना.** स्क्याण्डिनेभियाको कथाको स्त्री भाग्य (विधाता) ।

Norse (नञ्रस्) **ना.** नर्वे देशको भाषा, नर्वेजियन ।

north (नञ्र्थ्) **ना.**, **वि.** र **क्रि. वि.** उत्तर, उत्तर ब्रिटन, स्कटल्याण्ड;— - east ऐशान;—easter, nor—**ना.** पूर्वोत्तर हावा,—erly उत्तरपट्टिको;—ern **वि.** उत्तरीय, उदीचीन, —ing **ना.** उत्तरको यात्रा, उत्तरको घुमाइ;—-west वायवी ।

norther (नञ्र्थ'र्) **ना.** अमरिकाको कुनै कुनै प्रदेशमा बग्ने कडा चिसो बतास ।

Northumbrian (नअर्थम्'ब्रिअन्) **ना.** बिलायतमा हम्बर नदीभन्दा उत्तरको प्रदेश ।

north-wester, **nor—**(नञ्र्थ् वेस्'टर्, नर्वेस्'टर्) **ना.** उत्तर-पश्चिम बतास ।

nor-wester (नर्वेस्'टर्) **ना.** उत्तर पश्चिम बतास; कडा मद्यको गिलास; बरसादी टोप ।

nose (नोज़्) **ना.** र **क्रि.** नाक, घ्राण, गन्ध, बास्ना, टुटी, मुख (नलको); **क्रि.** सुँघ्नु, गन्धले पत्ता लाउनु, अघि बढ्नु; cut off one's—to spite one's face आफ्नू नाक काटी

आर्काको असगुन; look down the—घमण्डले हेर्नु; pay through the—वढ्ता तिर्नु; put—out of joint हटाउनु, हराउनु;—bag घोडाको घाँटीमा झुण्डाउने दानाको ब्याग;—dive वायुयानको ठाडो ओर्हाइ;—gay फूलको गुच्छा, फूल थुँगा, गुज़्ज;—rag पाकेट रुमाल;—ring नथिया, वुलाकी, नत्थ;—basket जाव (वैललाई लाउने);—pin फुली;—rope नाथ, नत्थी ।

noser (नो'जर्) ना. आफूतिर वग्ने कडा वतास, खा. ग. dead—

nosing (नो'जिङ्) ना. खुडकिला, वुट्टा इ. को गोल पारेको छेउ, वा त्यसका निमित्तको वाट्टुलो धातुको खोल ।

nostalgia (नॅस्टयाल्'जिया) ना. (विदेशमा रहँदा) घर सम्झिरहने रोग, भूतकालको (कुनै अवधिको) रहर, सम्झना ।

Nostradamus (नॅस्ट्रडे'मस्) ना. भविष्यवक्ता, जैसी ।

nostril (नॅस्'ट्रिल्) ना. नाकको प्वाल, नासा रन्ध्र, नाथ्रो, नाथ्री, फोरा (पोरा) ।

nostrum (नॅस्'ट्रम्) ना. गुप्तौषधि, वैद्यले नै वनाएको ओखती, नकली ओखती; खास योजना; राजनैतिक वा सामाजिक सुधारको नुसखा, उपाय ।

nosy (नो'जि) वि. र ना. नाके (ठूलो नाक हुने व्यक्ति; (खा. ग. ड्युक अफ वेलिङ्गटन), गन्धपूर (खा. ग. तातेको अनाज, सडेको पराल इ.); (चिया) वास्ना आउने, गन्ध सहन नसक्ने; (अप.) कुतूहली, (खा. ग. N—Parker निन्दो-चर्चो गर्ने व्यक्ति ।

not, n't (नॅट्) क्रि. वि. होइन, नाइँ, नकि;—at home मानिस नभेट्ने सूचना;—half अवश्य, वहुत ।

nota bene (नो'ट वी'नि) क्रि. राम्ररी हेर्नु, ध्यान दिनु; छो. क N B अघि गएको कुरामा केही विशिष्टताउपर ध्यान आकर्षण गर्ने (ल्या.) ।

notability (नोटबि'लिटि) ना. प्रमुख व्यक्ति ।

notable (नोटे'ब्ल्) वि. र ना. स्मरणीय, विलक्षण, प्रख्यात, मन खिच्ने; ना. वडादमी, ठूला वडा ।

notary (नो'टरि) ना. कानूनी काम कारवाई गर्न अधिकार प्राप्त व्यक्ति, वकील, खा. ग. ठेक्का पट्टा लेख्ने, सही गराउने, हुण्डीको कारवाई गर्ने, इ. लेखक ।

notation (नोटे'श्न्) ना. अङ्कन, अंक विद्या; संख्या, परिमाण, ध्वनिको स्वर र अवधि, इ. चिह्नद्वारा प्रदर्शन; सो गर्ने कुनै प्रकारको पद्धति; टीका, भाष्य, संकेतलिपि; संकेत लिपिक्रम ।

notch (नॅच्) ना. क्रि. छेद, दन्त, दन्तुर, भंग, दाँती; क्रि. काट्नु, चिह्न लाउनु, दाँती काट्नु;—ed वि. दन्तुरित ।

not/e (नोट्) ना. र क्रि. टीका, टिप्पणी, भाष्य, लगत, टिपोट, लेखोट, मन्तव्य, लेखाजोखा, पुर्जी, पर्चा, तोक, मुचुल्का, साधक, लगत, प्रसिद्धि, प्रमुखता, ख्याति, स्वर; क्रि खुलाउनु, टिप्नु, आँखा लाउनु, देख्नु; जनाउनु; bank—नोट;—worthy वि. स्मरणीय, विख्यात;—book जेवी पुस्तक;—case खल्तीमा राख्ने नोटको व्याग;—paper चिट्ठी लेख्ने कागत;—ed वि. नामूद, नामी, नामुद्दार, मशहूर, प्रख्यात, कीर्तिमान, गनिने, गन्ती हुने ।

nothing (न'थिङ्) ना. र क्रि. वि. नाचीज, नास्ति, किञ्चित्, निस्पट्ट, नदारत, भुटोभाङ्ग, फुस्सा, फासफुस, भुत्रो, शून्य; क्रि. वि. कम, व्यर्थ, निरर्थक; good for—काम न काज; for—फ्वाँकको, ·वेफ्वाँकको, सित्तै, विनसित्तिको;—ness ना. अभाव, शून्यता, भुटिभाङ्ग, फुस्सा, भुत्रो ।

notice (नो'टिस्) ना. र क्रि. जनाउ, जाहेरी, सूचना, वाकिफी, इश्तिहार, टाँसपुर्जी, विज्ञापन, जाहिरात, चेताउ(व)नी, ध्यान, आलोचना (अखवारमा); क्रि. आलोचना गर्नु, वोल्नु, देख्नु, मनोयोग गर्नु;— -board सूचना पाटी;—able वि. विचारणीय, देखिने ।

notif/y (नो'टिफाइ) क्रि. वोध गराउनु, सूचित गर्नु, जनाउनु, जाहेर गर्नु;—iable वि. (रोग) जसको स्वास्थ्य सेवामा जाहेर गर्नुपर्छ;—ication ना. विज्ञप्ति, सूचना, घोषणा, इश्तिहार, आदेश, जनाउ ।

notion (नो'श्न्) ना. मति, प्रमा, कल्पना, भावना, राय, सिद्धान्त; (ब. व.) विलायतको विन्चेस्टर कालेजको परम्परागत खास वोली;—al वि. मनोगत, कल्पित, भावनात्मक, भावुक ।

notori/ous (नटो'अि्रअस्) वि. कुख्यात, दुर्नाम, कुप्रसिद्ध, लोकविख्यात, नलुकेको, खुला;—ety ना. दुर्नाम, कुख्याति, नाम चल्नु ।

Notornis (नटोअ्र्'निस्) ना. (पशु.) नउड्ने (खा. ग. न्युजील्याण्डका चराको जात) ।

Notre—Dame (नॅट्र डाम्) ना. प्यारिस शहरको प्रसिद्ध गिर्जाघर ।

notwithstanding (नॅट्विथ्स्टयान्'डिङ्) उ., क्रि. वि. र स. तथापि, तदपि, तापनि ।

nougat (नूगा') ना. मिस्री, वदाम, इ. को वर्फी (फ्रे.) ।

nought (नॉट्) ना. नदारत, केही पनि होइन, शून्य, नाश, अवज्ञा;—s and crosses केटाकेटीको खेल ।

noun (नाउन्) ना. (व्याकरण) नाम, संज्ञा ।

nourish (न'रिश्) क्रि. पोस्नु, स्याहार गर्नु, मौलाउनु, फस्टाउनु, हुर्काउनु;—ment ना. पोषण, पुष्टि, सम्वर्धन, आहार, पथ्य, भोजन; well —ed वि. भरिलो जीउ भएको, पुष्ट, हृष्टपुष्ट ।

nous (नुस्) ना. (ग्रीक दर्शन) मन, वुद्धि, (वो. चा.) समझ, चातुर्य, द्युति ।

nouveau riche (नू'भो रीश्') ना. धनी लाउके, पैसावाल छोटो वढेको (फ्रे.) ।

neuvelle (नू'भेल्) ना. सानू उपन्यास; गल्प, आख्यायिका (फ्रे.) ।

novel (नॅ'भेल्) ना. र वि. (पुरानो) कथा, उपन्यास; उपकथा; वि. नौलो, नयाँ, अचम्मको, विलक्षण;—ty ना. नूतनता, नवीनता, कौतुक;—ette ना. छोटो उपन्यास, गल्प, आख्यायिका;—ist ना. काथिक, उपन्यासकार, कथाकार;—ize क्रि. कथा,

तथ्य, इ. लाई उपन्यासको रूपमा लेख्नु ।

November (नभेम्'वर्) ना. एघारौं महीना, नभेम्वर ।

novena (नभे'ना) ना. नवाह (नौ दिनको पाठ वा पूजा) (रोमन क्याथलिक सम्प्रदायको) ।

novercal (नभेअर्'कल्) वि. वैमातृक, विमात्रीय, सौतेनी ।

novice (न'भिस्) ना. अनुष्ठानी साधक, सिद्धि कामुक, शैक्ष, वट्ठु, अनाडी, कोरकाली, सिकारु, मखण्डी ।

noviciate,—tiate (नभि'सिएट् ,—शिएट्) ना. नवशिष्यता, अनभ्यास, विद्यारंभावधि ।

novocaine (नो'भकेन्) ना. (औ.) क्षेत्रीय पीडा, वेदना, नाशक; नोभोकेन ।

now (नाउ) क्रि. वि., सं. र ना. सम्प्रति, हाल, अचेल, अहिले, अऱ्ह, यतिखेर, भर्खर, हिजोआज, आजकल, हालसाल, अद्यापि;—aday अचेलको;—adays क्रि. वि. र ,ना. हालसाल, अचेल, यो नयाँ जमानामा;— and then कहिलेकाहीं, कवै कवै ।

nowhere (नो'ह्वेअर्) क्रि. वि. कहीं पनि होइन;—near होइन, नजीक पनि होइन; be—, come in—दौड वा प्रतियोगितामा स्थान नपाउनु ।

noxious (न'क्सस्) वि. हानिकारक, अस्वस्थ गराउने, हिंस्रक, विपाक्त, घातुक, अफाप ।

noyade (न्वायाड्') ना. डुवाएर मार्ने प्राणदण्ड, ज. कि. फ्रान्समा सन् १७९४ मा धेरैलाई एकै पटक ।

nozzle (नॅज़्ल्) ना. टुटी, चुच्चो, नासाग्र, प्रोथ ।

nu (न्यू) ना. ग्रीक अक्षर=न (ग्री.) ।

nuance (न्यु'आँस्) ना. अर्थ, भावना, राय, रङ्ग, इ. मा सूक्ष्म अन्तर ।

nub, nubble (नब्',न'ब्ल्) ना. सानू गाँठो, डल्लो, (खा. ग. कोइलाको); (nub) (कुरा, कथा, इ. को) आशय, अभिप्राय ।

nubile (न्यु'विल्) वि. विहे गर्ने उमेरकी, विवाहयोग्य (खा. ग. स्त्रीको)

nuchal (न्यू'कल्) वि. गर्दनको पछाडिको, मन्याको ।

nuclear (न्यू'क्लिअर्) वि. केन्द्रक, केन्द्रकीय;—powered केन्द्रक शक्तिशाली;—(=a omic) bomb आणविक वम; —energy केन्द्रक शक्ति;—fission केन्द्रक विच्छेदन;—fuel केन्द्रक इंधन;—physics केन्द्रक भौतिक शास्त्र;—power केन्द्रक क्षमता;—reactor आणविक उत्तेजक;—war आणविक युद्ध ।

nucleole (न्यू'क्लिओल्) ना. (प्रा. वि.) केन्द्रभित्र, वा केन्द्रको, केन्द्र ।

nucleus (न्यू'क्लिअस्) ना. जीवाणु केन्द्र, बीज, गर्भ ।

nud/e (न्युड्) वि. र ना. नाङ्गो, नग्न, विवस्त्र, निर्वाण, नाङ्गोभुतुङ्गो, नागा; छालारंगको; ना. चित्र वा मूर्तिमा नाङ्गो आकार; the—विवस्त्र देह, अनावरित अवस्था;—ist नग्नताको सिद्धांत वा सम्प्रदायको अनुयायी, नग्नतावादी;—ist colony नग्न व्यक्तिहरूको वासस्थान वा भेला हुने स्थान, नग्न वस्ती;—ity ना. नग्नता, नाङ्गोपन ।

nudge (नज्) क्रि. र ना. (कुहिनाले) कोट्टयाउनु, घच्च्याउनु, घोच्नु (ध्यान आकृष्ट गर्नालाई, विस्तारै, अरूले थाहा नपाउने गरी) ध्यान आकृष्ट गर्नु; ना. त्यस्तो घोचाइ, धक्याइ; कोट्टयाइ ।

nugae (न्यु'गि, न्यु'जि) ना. (व. व.) तुच्छ, वेकाम, व्यर्थ, पाण्डित्यपूर्ण फासफुस, वेकामका तुच्छ कुराहरू (ल्या.) ।

nugatory (न्यु'गेटरि) वि. तुच्छ, वेकामको, व्यर्थ, अनिष्पन्न ।

nugget (न'गेट्) ना. काँचो सुनको पिण्ड ।

nuisance (न्यु'स्यान्स्) ना. उत्पात, कण्टक, पीर, मर्का, संधिसर्पन; फोहर मैला; वाधा, घृणित, कार्य; commit no—जनतालाई कुनै ठाउँमा फोहर मैला नगर्नू भन्ने सूचना,—value (अर्कालाई) वाधा वा मर्का गराउने सामर्थ्य (मूल्य) ।

null (नल्) वि. र ना. खारिज, वदर, नाकायम, अप्रमाण, (धे. ज.--and void); ना. रद्द, विना स्वभाव वा अभिव्यक्ति, अविद्यमान, अगण्य; अविक्षेप, गुप्त लेखमा निरर्थक अक्षर;—ify क्रि. रद्दी गर्नु, निराकरण गर्नु;—ity ना. मोघता, व्यर्थता, वैफल्य ।

numb (नम्) वि. र क्रि. जड, सुप्त, लाटिएको, निदाएको, अस्पन्द, अचेतन, स्तब्ध; क्रि. जड वनाउनु, संज्ञा शून्य गराउनु, लाटिनु ।

number (नम्'वर्) ना. र क्रि. संख्या, नम्बर, मार्क, अङ्क, प्राप्ताङ्क, गन्ती, गिनती, गणना, राशि, लगत, वचन (व्याकरणको); क्रि. गन्ती गर्नु, संख्या झिक्नु, समावेश गर्नु, संख्या दिनु, जम्मा हुनु;—10 विलायतको प्रधानमंत्रीको सरकारी निवास; one's—goes up मर्नु;—one आफू, म; back—अघिल्लो अङ्क (पत्रको);—less वि. अनगिन्ती, असंख्य, अगण्य, गणनातीत ।

numbles (नम्'ब्ल्ज्) ना. (ब. व.) (आ.) मिर्गको आन्द्राभुँडी ।

numerable (न्यु'मरेब्ल्) वि. गन्न सकिने ।

numeral (न्यु'मरल्) वि. र ना. संख्या जनाउने, संख्याको; ना. संख्या ।

numeration (न्युमरे'शन्) ना. गणना, संख्या नं., गन्ने रीति वा क्रम, संख्या प्रदान, अङ्कमा दिइएको संख्यालाइ अक्षरमा जनाउने ।

numerator (न्यु'मरेटर्) ना. गणक, भिन्नमा रेखामाथि रहेको संख्या, अर्थात् हरको संख्याको कति भाग लिने सो देखाउने अङ्क, अंश ।

numeric (न्युमे'रिक्) ना. जुन संख्या, वा ऐक्यभन्दा कम, वा वढी अंश (भिन्न), वा करणी हो ।

numerical (न्युमे'रिकल्) वि. संख्याको, वा मा (संख्यात्मक) ।

numerous (न्यु'मरस्) वि. वहु, वहुसंख्यक, अनेक, प्रचुर, धेरैवाट आउने, पवितो ।

numinous (न्यु'मिनस्) **ना.** The—मानिसको ईश्वर र धर्मसंगको संसर्गको भावमा रहने आकर्षण र धकको अनुभव; भक्ति ।

numismat/ic (न्युमिस्म्या'टिक्) **वि.** मुद्रा वा सिक्काको, टकको;—o!ogy **ना.** मुद्राशास्त्र; **nummary, nummulary** **वि.** मुद्राको, मुद्रामा ।

nummet (न'मेट्) **ना.** (प्रादे.) दिवाभोज, खाजा ।

numnah (नम्'न) **ना.** जीन, काठीमन्तिर राखिने जमटको वा अन्य अस्तर ।

numskull (नम्'स्कल्) **ना.** लठुवा, ग्वाङ्ग्रे, वा उसको टाउको; लण्ठ ।

nun (नन्) **ना.** परिव्राजिका, तपस्विनी, मठवासिनी, ब्रह्मचारिणी, जोगिनी, भिक्षुणी, भक्तिनी;—nery **ना.** मठ, विहार (स्त्रीहरूको) ।

nunatak (नून्'अट्याक्) **ना.** जमीनको हिउँमाथि देखापर्ने चट्टानको चुली (एस्किमो बोली) ।

nunbuoy (नन्'ब्वाय) **ना.** बीचमा बाट्टुलो, दुवै छेउमा टुप्पिदै जाने आप्लावन ।

nunc dimittis (नङ्क् डिमि'टिस्) **ना.** क्रिस्तानी भजन (ल्या.) ।

nun/cio (नन्'शिओ) **ना.** (व. व.—s) पोप (क्रिस्तानी धर्माधिकार) को विदेशी राष्ट्रमा दूत;—ciature पोपीय राजदूतको कार्यावधि ।

nuncup/ate (नन्'क्युपेट्) **क्रि.** इच्छापत्र, वसीयतनामा मुखले (लिखितमा होइन) घोषणा गर्नु;—ation **ना.** मौखिक इच्छापत्रको प्रकाशन;—ative **वि.** मौखिक रूपले प्रकाशित (इच्छापत्र) ।

nunnery (न'नूरि) **ना.** भक्तिनी, जोगिनीहरूको लागि धार्मिक घर, निवास, मठ ।

nuptial (नप्'इल्) **वि.** र **ना.** वैवाहिक, बिहेको; **ना.** (ब. व.) विवाह, विहावारी ।

nurse (नअ्रस्) **ना.** र **क्रि.** धाई, धात्री, पोषण गर्ने (देश, इ०), सेबिका, परिचारिका, नर्स, धामा, बुबु, पालन पोषण, स्याहार, हेरचाह, उपचार, पथपरहेज; **क्रि.** कुर्नु, स्याहार्नु, उपचार गर्नु, दूध ख्वाउनु, पोस्नु, हुर्काउनु; nursing **ना.** परिचर्या, स्याहार सुसार, सम्भार; nursing home निजी रोगशाला, आरोग्यभवन ।

nursery (नअ्र्'सरि) **ना.** केटाकेटी र तिनका धाईको कोठा; तालीमस्थान; साना विरुवा पाली पछि अन्त सार्ने, वेच्ने इ० गर्ने जमीनको टुक्रा, विरुवा घर ।

nurs (e) ling (नअ्र्स्'लिङ्) **ना.** (धाईको जिम्वाको) शिशु;—of को, ले, जिम्वा लिएको व्यक्ति वा चीज ।

nurture (नअ्र्'टयोर्, नअ्र्'चर्) **ना.** र **क्रि.** पालन, सम्भार, पोषण, वर्धन, हुर्काइ; **क्रि.** पाल्नु, तालीम गर्नु, शिक्षा दिनु, पोस्नु ।

nut (नट्) **ना.** र **क्रि.** सुपारी, कडा बीयाँ भएको फल; झिल्के; (व. व.) हावा फुस्केको; दाँती, ढिब्री, खूँट; (झाडी, जङ्गल, इ० मा); **क्रि.** फल खोज्नु, टिप्नु;— -brown गहुँगोरो;— -cracker सरौतो;– -shell बोक्रा, सारांश, छोटकरी ।

nut/ate (न्यू'टेट्) **क्रि.** (व.) निहुरनु, हल्लनु;—ation **ना.** हल्लाइ; घुमाइ, शिरकम्प ।

nutmeg (नट्'मेग्) **ना.** जाइफल ।

nutrient (न्यू'ट्रिएण्ट्) **वि.** पुष्टिकर, पथ्य, पोषक तत्व ।

nutriment (न्यु'ट्रिमेण्ट्) **ना.** पौष्टिक आहार (अक्ष० वा अलं०) ।

nutri/tion (न्यु'ट्रिशन्) **ना.** पथ्य, पोषण, पालन, पुष्टि, आप्यायन;—tious **वि.** पुष्टिकर, पौष्टिक;—tive **वि.** र **ना.** आहार, खाद्य; **वि.** पुष्टिकर, पौष्टिक;—tist **ना.** पोषणविद् ।

nutty (न'टि) **वि.** सुपारी, फलले परिपूर्ण, सो स्वादको (अप.) आशक ।

nux vomica (नक्स भॅ'मि'का) **ना.** कुचिला, वरस्वरा, विषालु जडीबूटी ।

nuzzle (न'ज़ल्) **क्रि.** नाक दल्नु, सुँघ्नु, गुड्मुड्ड हुनु, न्यानुसंग वस्नु, सुत्नु ।

nyctalopia (निक्टालो'पिया) **ना.** रतौंधी, रात्र्यान्धता, रातमा राम्ररी नदेख्नु ।

nyctitropic (निक्टिट्र्'पिक्) **वि.** राति कतैपट्टि फर्कने, घुम्ने ।

nylon (नाइ'लॅन्) **ना.** नाइलन, कपडाको काममा आउने कृत्रिम नम्य वस्तु; (व. व.) लुगा, खा. ग. महिलाको लामू मोजा, नाइलनको वनेको ।

nymph (निम्फ्) **ना.** अप्सरा, स्वर्गस्त्री, परी; सुन्दरी, कामिनी; पूरा नवढिसकेको कीराको प्रकार;—depsy **ना.** अप्राप्य वस्तुको रहरले उत्पन्न हुने उन्माद वा आवेश;—olept **ना.** खा. ग. कुनै आदर्शको उत्साहले उत्तप्त व्यक्ति;—omania **ना.** (रो. नि.) स्त्रीहरूमा विकृत र असंयत मैथुनेच्छा ।

nystagmus (निस्ट्याग्'मस्) **ना.** आँखा घुमिरहने नेत्ररोग, खा. ग. खानिका मजदूरहरूको ।

O

O (ओ) **ना.** (ब. व. Os, O's, Oes), **वि. बो.** र उ. अक्षर O, o आकारको चिन्ह, वृत्त (खा. ग. round O); **वि. बो.** अहा ! अहो ! ऐया ! हो ! ; आयर्ल्याण्डमा, नामको उ० of को छोटकरी, O' ।

oaf (ओफ्) **ना.** (व. व.—s, oaves) बोक्सी, परीको छोरो; साड्वा सन्तान, जड, स्थूल, वा कुरूप वालक, लठुवा ।

oak (ओक्) **ना.** सिन्दूर, कडा काठको वृक्ष, अग्राख, साँखु ।

oakum (ओ'कम्) **ना.** खण्डित रज्जु, मोटो डोरीको रेशा ।

oar (ओअ॒र्) **ना.** र **क्रि.** डाँडी, नौकादण्ड; **क्रि.** ख्याउनु; —sman **ना.** नौदण्डधर, ख्याउने ।

oasis (ओए'सिस्) **ना.** (ब. व. oases) (अक्ष० र अलं०) मरुभूमिमा हरियालीको ठाउँ, शाद्वल ठाउँ ।

oast (ओस्ट्) **ना.** जाँड बनाउने हप, वलिगत सुकाउने भट्टी ।

oat (ओट्) **ना.** जै, (मानिस र घोडाको खाना दाना); wild –s जै जस्तै जंगली घाँस; sow one's wild—s गधापच्चीसीमा उपद्रो गर्नु; (कवि.) बाँसुरी ।

oath (ओथ्) **ना.** शपथ, किरिया, कसम, सौगन्ध; give the—तामा समाउन लाउनु, (धर्म) भकाउनु ।

obligato (ऑब्लिगा'टो) **वि.** र **ना.** (ब. व.—s (संगी.) सँगसँगै (इटा.) ।

obdura/te (ऑब्'ड्योरेट्) **वि.** अजीर, अटेर, जर्केटो, धिङ्न्याहा, लिचडो, जर्खरो, अनम्य;—cy **ना.** दुराग्रह, जर्कटोपन, चित्त-काठिन्य, अनुताप विमुखता ।

obeah, obi (ओब्'इअ, ओ'बि) **ना.** हबशी वा निग्रो जातिले प्रयोग गर्ने एक प्रकारको जादू ।

obe/dience (अबि'डिएन्स्) **ना.** आज्ञापालन, टेरपुच्छर, वश्यता;—dient **वि.** आज्ञाकारी, आज्ञापालक, वशंवद, मान्ने, प्रणेय;—dientiary **ना.** मठ इ. मा मठाधीशमनिको कुनै पदासीन ।

obeisance (अबे'स्यान्स्) **ना.** नमस्कार, वन्दना, प्रणाम, ढोग, अभिवादन, साष्टाङ्ग दण्डवत्; प्रणति, वशता, प्रश्रय, संनति ।

obelisk (ऑ'बिलिस्क्) **ना.** चुच्चिदै जाने एक ढिका पत्थरको स्तम्भ, फेदमा चौकोस, टुप्पोमा सूच्याकार; प्राचीन हस्तलिखित ग्रन्थमा अंश अप्रमाण भनी लगाउने चिन्ह (obelus पनि), ज. कि.:—, ÷, —, +; double obelus ‡ ; obelise, ze—सो चिन्हले अंकित गर्नु ।

obes/e (अबीज्') **वि.** भुँडे, ढाडी, धम्मरधूस, सुइँठिएको, सुमलिएको, पीन, ढड्डू, ढाडे, स्थूल, ठोसे; –ity **ना.** मेदवृद्धि, भुँडेपन, स्थूलता, पीनता; become—e सुँइठिनु ।

obey (अबे') **क्रि.** टेर्नु, आज्ञा पालन गर्नु, मान्नु ।

obfuscate (ऑब्'फस्केट्) **क्रि.** अँध्यारो पार्नु, आच्छादन गर्नु, मोह पार्नु, जिल्ल पार्नु, संभ्रममा पार्नु ।

obiit (ऑ'बिइट्) **क्रि.** (ल्या., छो. क. ob.) (साल उल्लेख गरी) मृत, मरेको ।

obiter (ऑ'बिटर्) **क्रि. वि.** कुरै कुरामा, अपरंच, खा. ग.—dictum, ब. व.—ta न्यायाधीशले मुद्दा फैसला गर्दा व्यक्त गरेको राय, सा. प्रासंगिक राय, वक्तव्य ।

obituary (अबि'ट्यु अरि) **ना.** र **वि.** मृत्युलेख, मृत्यु सूचना, खा. ग. मृत व्यक्तिको छो. जीवन विवरणसहित; **वि.** मृत्युको टिपोट, मृत्युसम्बन्धी ।

object (ऑब्'जेक्ट्) **ना.** र **क्रि.** वस्तु; द्रव्य, चीज, लख, सुर, उद्देश्य, हेतु, मनसुबा, आस्पद, भाजन, अभीष्ट, निमित्त, तात्पर्य, कर्म, विषय; **क्रि.** आपत्ति गर्नु, विरोध गर्नु, बाधा दिनु;—or **ना.** बाधक, खा. ग. conscientious—; अनिवार्य सेवा, खोपाउने इ. मा ईमान धर्म देखाई छुट्टी लिने; **वि.** लाक्षिक; no—कुनै कारोबारमा आर्कोपट्टिले मोल, समय, दूरी इ. मा आफ्नू शर्त पेश गर्न सक्ने विज्ञापन इ. को बोली;—-ball (बिलि-एटमा) ताक्ने;—-finder सूक्ष्म दर्शन यंत्रमा वस्तुको स्थान पत्ता लाउने साधन;—-glass or –lens दूर दर्शन, सूक्ष्म दर्शन इ. यन्त्रहरूमा वस्तुको, सबभन्दा नजीकको काँच वा लेन्स;—-lesson कुनै वस्तु सामुन्ने राखी गरिएको वर्णन वा पाठ ।

objectif/y (अब्जेक्'टिफाइ) **क्रि.** इन्द्रिय वस्तुको रूपमा पेश गर्नु, प्रत्यक्ष तुल्याउनु, मूर्त रूपमा व्यक्त गर्नु, मूर्त रूप दिनु;—ication **ना.** प्रत्यक्ष रूप ।

objection (अब्जेक्'श्न्) **ना.** नाइँनास्ति, विरोध, विरोधको विषय, अडचन, विरुद्ध हेतु वा वक्तव्य, नामञ्जूरी वा विरोधको भावना वा प्रकाश, आपत्ति;—able **वि.** वर्ज्य, परिहार्य, अवाञ्छनीय, अप्रिय, गर्ह्य, निन्द्य ।.

objectiv/e (अब्जेक्'टिभ्) **वि.** विषयाश्रित, पदार्थनिष्ठ, कर्मविषयक, द्रव्यगत, बाह्य, उदासीन, उपदृश्य, वास्तविक; (सेना०) जपना, ध्याउन्ना, लक्ष, उद्देश्य; सुर;—ism **ना.** वस्तुस्थितिउपर जोर दिने प्रवृत्ति, अहंभन्दा नाहंको ज्ञान पूर्ण र उन्नत हुन्छ भन्ने सिद्धान्त ।

objets d' art (अब्ज़्रे डा') **ना.** कलाकृति ।

objurga/te (ऑब्'जअ्र्गेट्) **क्रि.** हप्काउनु, गाली गर्नु, बक्नु, पच्कार्नु;—tion **ना.** तिरस्कार, गाली, भर्त्सना, निन्दा, धिक्कार; —tory **वि.** निन्दक, निन्दार्थक ।

obla/te (ऑब्'लेट्) **ना.** र **वि.** संन्यासी, जोगी; **वि.** (ज्या०) उपगोल ध्रुवहरूमा च्याप्टो परेको;—tion **ना.** बलि, हव्यकव्य, प्रसाद, भेटी; धार्मिक कामलाई चन्दा, दान ।

obliga/te (अब्'लिगेट्) **क्रि.** बाँध्नु, आभारित गर्नु, (नैतिक वा कानूनी व्यवस्थाले), मु० भू० का० मा obligated ।

obliga/tion (ऑब्लिगे'श्न्) **ना.** बन्धन, दायित्व, लिहाज, गुन, अभिभारा, कर्तव्य, कठिन कार्य, सेवा या लाभको लागि ऋणी;—tory **वि.** अपरिहार्य अवश्य कर्तव्य, बाध्य गराउने;—freed from—धर्मफराक ।

oblig/e (अब्लाइज्') **क्रि.** कर गर्नु, बाध्य गराउनु, करकाप गर्नु उपकार इ० द्वारा ऋणी गराउनु, कृतज्ञ बनाउनु, आभारी गराउनु, अनुगृहीत गराउनु;—ing **वि.** उपकारशील, अनुग्राही, दक्षिण, सुशील, शिष्ट, मान्ने, सौजन्यपूर्ण;—or **ना.** (का०) आफूलाई बाँध्ने ।

obliqu/e (अब्लीक्') **वि.** र **क्रि.** वक्र, बल्व, तिर्यक्, टेढो, तेर्सो, छडके, ड्यौढा, घुमाउरो, कुटिल; **क्रि.** (खा० ग० सेना०) तेर्सो अगाडि बढ्नु;—ity **ना.** वैषम्य, वक्रता ।

obliterate (अब्लि'टरेट्) **क्रि.** मेट्नु, नामेट गर्नु, नाश पार्नु, नाम-निशान हटाउनु, लोप गर्नु, मास्नु ।

oblivio/n (अब्लि'भिअन्) **ना.** विस्मृति, विस्मरण, हेल-

चेक्न्याइँ; Act, Bill, of O—आममाफी; fall into—बिर्सिइनु, लोप हुनु;—us वि. बिर्सने, याद नगर्ने, विस्मरणशील ।

oblong (ॲब्'लॅङ्) वि. र ना. लाम्चो, लामू, (ज्या०) संलग्न भुजा असमान भएको आयत, दीर्घाकार; ना. दीर्घाकार चित्र वा वस्तु ।

obloquy (अब्'लकि) ना. निन्दा, परिवाद, अवगाल, भर्त्सना बदख्वाइ, साधारणतः बदनामी भएको ।

obmutescence (अब्म्युटे'सेन्स्) ना. हठी मौन, जर्कटोपन ।

obnoxious (अब्नॅ'क्शस्) वि. द्वेष, गर्ह्य; हानि, खराबी वा हमला हुन सक्ने, निन्द्य, आपत्तिजनक, अप्रिय, घृणित ।

obo/e (ओ'बो) ना. बाँसुरी जस्तो काठ—हावाको वाद्य यंत्र; —ist ओबोवादक ।

obol (ॲ'बल्) ना. प्राचीन ग्रीक रौप्य मुद्रा ।

obscen/e (अब्सीन्') वि. घृणायोग्य, घिनलाग्दो, फोहोर, अति अश्लील, कामी, वीभत्स, लाजभाँड;—ity ना. लाज भाँड ।

obscurant (अब्स्क्यो'अरण्ट्) ना. तहकीकात, अन्वेषण, ज्ञान र सुधारको विरोधी ।

obscur/e (अब्स्क्योअ्र') वि., ना. र क्रि. अन्धकार, धमिलो; (—rays सौर्य वर्णपटको अदृश्य ताप किरण), (रंगको) मैलो, फुस्रो, अनिश्चित, अस्पष्ट; लुकेको, टाढा रहेको, अप्रसिद्ध, विनीत, व्याख्या नभएको, सन्देहात्मक; ना. अस्फुटता, दुर्बोधता; क्रि. मलिन पार्नु, छेक्नु, अस्पष्ट पार्नु, धमिलो पार्नु, ढाक्नु, तेजहीन गराउनु, नगण्य गराउनु, आँखाबाट नदेखिने हुनु;—ation ना. ढकाइ, तमोवृत्तीकरण;—ity ना. निष्प्रभता, कान्तिक्षय ।

obsecration (ॲब्सिक्रे'शन्) ना. हार्दिक अनुरोध, विन्ति ।

obsequies (ॲब्'सिकिज्) ना. (ब. व.) अन्त्येष्टि क्रिया, प्रेत-संस्कार, काज-क्रिया, क्रिया ।

obsequious (अब्सी'किअस्) वि. आज्ञाकारी, कर्तव्यपरायण (आ०); दासेय, दास्य, अति चाटुपर, वशवर्ती ।

observance (अब्ज़अ्र्'भ्यान्स्) ना. पालन, आचरण, अनुष्ठान, अनुसरण, रीति, व्रत, नियम, विधि ।

observant (अब्जअ्र्'भ्याण्ट्) वि. अवलोकी, दर्शी, निरीक्षक, सावधान ।

observation (ॲब्ज़र्भे'शन्) ना. अवलोकन, हेराइ, देखाहा, निरीक्षण, निरूपण, पर्यवेक्षण, विचार, मन्तव्य, उद्गार, भनाइ, वचन, उक्ति;—al वि. स्मरणीय ।

observatory (अब्ज़अ्र्'भेटरि) ना. वेधशाला ।

observe (अब्ज़अ्र्भ्') क्रि. देख्नु, अवलोकन गर्नु, अनुभव गर्नु, बोल्नु, बार्नु, निरीक्षण गर्नु, उक्ति गर्नु, पालना गर्नु, नियाल्नु, नियालेर हेर्नु, अनुसरण गर्नु;—r ना. दर्शक, अवेक्षक, निरूपक, अवलोकी ।

obsess (अब्सेस्') क्रि. (भूत, भ्रम, वा अडिग मन्तव्यले) मन भर्नु, लाग्नु, भूत लाग्नु, पीडा गराउनु, सताउनु;—ed वि. लग्गू, एकोहरो, लम्पट, अम्मली;—ion ना. रनाहा, हाउ ।

obsidian (अब्सि'डिअन्) ना. कालो वा शीशीको मैलो हरियो रंगको आग्नेय ज्वालामुखी चट्टान ।

obsolesc/ent (ॲब्सले'सेण्ट्) वि. लोप भएको, चलतीबाट हराएको; (प्रा. वि.) क्रमशः लोप हुन लागेको;—ence ना. लोप, अप्रचार ।

obsolete (ॲब्'सलीट्) वि. र ना. बेचलती, बेकायम, छुटेको, छोडिएको, पुरानू; (प्रा. वि.) पहिले झैं विकसित अवस्थामा रहेको, सगोत्र जातिभन्दा कम विकसित, मौलिक; लुप्त, अविकसित वस्तु वा व्यक्ति ।

obstacle (ॲब्'स्टकल्) ना. विघ्न, बाधा, अडको, अल्झो, तगारो, छेका, बार, अवरोध, दोठ्याङ्ग, परिभ्राट, रोकावट;—-race ना. प्राकृतिक वा कृत्रिम छेका, अवरोध, डाँक्नु पर्ने दौड ।

obstetric (al) (अब्'स्टेट्रिक् (अल्)) वि. प्रसवसम्बन्धी, प्रसूतिसम्बन्धी, (भैषज्य र शल्य चिकित्साको विभाग) ।

obstina/te (ॲब्'स्टिनेट्) वि. हठी, अजीर, जफती, जिराहा, ढिड्याहा, ढिपीवाल, लिंडे, जर्कटो; जब्बर, लम्पट;—cy ना. एकोहोरोपन, ढिपी, लिंडेढिपी, जिद्दी ।

obstreperous (अब्स्ट्रे'परस्) वि. चपरचण्ड, मुचुण्ड, उटपट्याङ्ग, तुमुवा, हुल्लडबाज, जण्ड ।

obstruct (अब्स्ट्रक्ट्') क्रि. रोक्नु, घाल्नु, विघ्न हाल्नु, छेक्नु;—ed वि. रुद्ध;—ion ना. बाधा, भाँजी, छेकथाम, रोकथाम, व्याघात, छेकबार, छेकथुन, पर्यवरोध, अडकाउ, अडको, तगारो, छेका, अवरोध, हटक, रोकावट, विघ्न बखेडा, धिङ्न्याइ;—ionist ना. विंगठ्याहा, अमिल्दो, कर्चिगले;—ive वि. बाधक, प्रतिबन्धक, विघ्नकारी ।

obtain (अब्टेन्') क्रि. प्राप्त गर्नु, पाउनु, लाभ गर्नु, हत्याउनु, भेट्टाउनु, जुटाउनु;—able वि. प्राप्य, पाइने ।

obtect (अब्टेक्ट्') वि. (की० वि०) (कुनै कीटको मध्यावस्थाको बारेमा) साह्रो खोलमा रहेको ।

obtest (अब्टेस्ट्') क्रि. (आ०) अनुरोध गर्नु, अह्राउनु, प्रार्थना गर्नु, विरोध गर्नु ।

obtru/de (अब्ट्रूड्') क्रि. अघि सर्नु, उत्तर्सिनु, जोरसाथ अघि सार्नु;—ion ना. हठ वा बलले प्रवेश;—ive वि. धृष्ट, हठी ।

obtruncate (अब्ट्रङ्के'ट्) क्रि. छिमल्नु, शिर काट्नु ।

obtund (अब्टण्ड्') क्रि. (भै०) (इन्द्रिय वा शक्ति, गुणलाई) मारिदिनु, शमन गराउनु ।

obturate (ॲब्ट्यु'रेट्) क्रि. (शरीरमा कुनै प्वाल, बन्दूकको मुख इ०) टाल्नु, बन्द गर्नु, बुजो लाउनु ।

obtuse (अब्ट्यु'स्) वि. जड, नासमझ, मन्द, स्थूल;—angle अधिक (कोण);—angled बहिलम्ब ।

obverse (ॲब्'भअ्र्स्) वि. र ना. खा० ग० प्रा० इ० मा

जोर्नी वा ढुप्पोभन्दा पींधमा साँगुरो, कुनै आर्को वस्तुको जवाफको प्रयोजन पूरा गर्ने; **ना.** मुद्रा वा सिक्कामा शिर वा मुख्य वुट्टा रहेको छेउ; मुहडा, कुनै सत्य वा तथ्यको प्रतिरूप; पराचीन ।

obvert (अव्भअ्र्ट्') **क्रि.** (तर्क०) सिद्धान्तको गुण वदलेर विपरीत विधेय भएको आर्को सिद्धान्तको अनुमान गर्नु ।

obviate (ॲव्'भिएट्) **क्रि.** (खतरा, असुविधा, इ०) हटाउनु, फ्याँक्नु, मिलाउनु, निराकरण गर्नु ।

obvious (ॲव्'भिअस्) **वि.** आँखा वा मनको लागि खुला, स्पष्टसँग देखिने, प्रत्यक्ष, स्पष्ट, स्फुट, दृष्टिगोचर ।

ocarina (ॲकरी'ना) **ना.** सानू अण्डाकार माटो वा धातुको फुक्ने वाजा ।

occasion (अके'ज्रन्;) **ना.** र **क्रि.** अवसर, मौका, हेतु, कारण, समर्थन, उत्तेजन, आवश्यकता, घान, खेप, वहान, पटक, कामकाज, काम, विशेष घटना; **क्रि.** कारण हुनु, हेतु हुनु, गराउनु, उत्पन्न हुनु;—al **वि.** प्रासंगिक, नैमित्तिक, अनित्य, विरल, कदाचित्, कादाचित्क,—की;—alism **ना.** इच्छा र चेतना वारेको कसै कसैको मत ।

occident (अक्'सिडेण्ट्) **ना.** पश्चिम, पश्चिम योरप, योरप, योरप र अमरिका. अमरिका, प्राच्य सभ्यताको विपरीत योरपीय सभ्यता;—al प्रतीच्य, पाश्चात्य ।

occip/ut (ॲक्'सिपट्) **ना.** शिरपृष्ठ, पछिल्तिरको टाउको, खप्परको पछाडि;—ital टाउकोको पछाडिपट्टिको ।

occlu/de (अक्लूड्') **क्रि.** (रोमकूप, कूप, प्वाल, इ.) टाल्नु, वुजाउनु, रोकिनु; (र०) ग्यास, वायु, लाई सोस्नु र धारण गर्नु;—sion **ना.** अधिधारण; (वायु०) खोपिल्टामा ठण्डा अग्रभागलाई न्यानू अग्रभागतिर वन्द गर्नु ।

occult (अकल्ट्') **वि.** र **क्रि.** गोप्य, गूढ, गहन, अज्ञात, दुर्ज्ञेय, गोपनीय, रहस्यमय, सामान्य ज्ञानको पर,अलौकिक, चटकी; the—रहस्य, गूढ; **क्रि.** लुकाउनु, छेक्नु, (सा. ज्यौ. मा छेकिने वस्तुभन्दा छेक्ने वस्तु ज्यादै ठूलो परिमाणको भएमा मात्र प्रयोग हुने);—ing light दीप-गृहहरूमा वीचवीचमा छेकिने प्रकाश ।

occupan/t (ॲ'क्युपण्ट्) **ना.** जग्गाधनी, कब्जावाल, भोक्ता, दखलदार;—cy **ना.** भोग, अधिकार ।

occupation (ॲक्युपे'श्न्) **ना.** अधिकार, दखल, भोग, काम, काम-धन्धा, जीविका, वृत्ति, पेशा; army of—नियमित सरकार गठन नहुन्जेल जितेको प्रदेशमा राखिने सेना;—al **वि.** पेशावर, ज. कि.—al disease ।

occu/py (ॲ'क्युपाइ) **क्रि.** दखल गर्नु, ओगट्नु;—pied **वि.** आविष्ट, आक्रान्त, व्याप्त, न्यस्त;—pier **ना.** भोक्ता, मोही, वहालवाला ।

occur (अकअ्र्') **क्रि.** (—rr—) हुनु, पाइनु, रहनु, मनमा आउनु घटनु, पर्नु;—ence **ना.** घटना, वारदात, संगति, वृत्त ।

ocean (ओ'श्न्) **ना.** समुद्र, सागर, सिन्धु, जलधि, रत्नाकर, पारावार;—greyhound तेज यात्री जहाज;—lane पानी जहाज़को लागि छुट्ट्याइएको मार्ग;—tramp खुद्रा ढुवानीमा लाग्ने जहाज ।

Oceania (ओशि (सि) ए'निअ) **ना.** प्रशान्त महासागर र संलग्न क्षेत्रका द्वीप समूह, ओशनिया ।

oceanic (अशि (सि) ॲ्या'निक्) **वि.** सामुद्रिक ।

oce/llus (अस'लस्) **ना.** (व. व.—li) कीराहरूको यौगिक आँखाको विपरीत सरल आँखाको, यौगिक आँखाको एक मुख, एक रंगको टाटोलाई आर्को रंगको चक्काले घेरेको;—llate (ॲ'सिलेट्) यौगिक आँखा भएको (ल्या०) ।

ocelat (ओ'सिलट्) **ना.** मध्य अमरिकाको विरालो जातिको पशु ।

och (ॲख्) **वि. वो.** अहा ! अहो !

ochlocracy (ॲक्लॅ'क्रेसि) **ना.** हूल राज्य ।

ochre (ओ'कर्) ना. गेरु ।

o'clock (ओ क्लॉक्) **ना.** (घडीको) समय, घण्टा ।

octacord (ॲक्'टकअ्र्ड्) **ना.** आठतारे वाद्ययन्त्र, आठ स्वरको श्रेणी ।

octad (ॲक्'टड्) **ना.** आठको समूह, अष्टवन्धक ।

octagon (ॲक्'टगन्) **ना.** अष्टभुज, अष्टास्र ।

octahedron (ॲक्टहे'ड्रन्) **ना.** अष्ट पृष्ठ ।

octane (ॲक्'टेन्) **ना.** प्याराफिन श्रेणीको जलजनकारवन; high- —(अन्तरदहन यंत्रका इन्धनको वारेमा) वीचमा नरुक्ने, घचघच नगर्ने, गुण भएको ।

octant (अक्'टण्ट्) **ना.** वृत्तको चाप जो परिधिको अष्टमांश हुन्छ; ज्यौतिष गणना र नौ-यात्रामा प्रयोग हुने अंकित वृत्तको अष्टांश रूपको यंत्र ।

octarchy (ॲक्'टर्कि) **ना.** अष्ट राज्य, आठे ।

octastyle (ॲ'क्टस्टाइल्) **वि.** र **ना.** सामने वा छेउमा आठ खम्बायुक्त ।

octateuch (ॲक्'टट्युक्) **ना.** वाइवलको पुरातन संहिताका प्रथम आठ पुस्तक ।

octave (ॲक्'टिभ्) **ना.** अष्टक, सरगम ।

octavo (ॲक्टे'भो) **ना.** (व. व.—s) अष्टपत्रक; कागत तीन पटक मोडेर आठ पत्रको आकारमा वनेको पुस्तक ।

octavus (ॲक्टे'भस्) **वि.** आठौं, अष्टम ।

octennial (ॲक्टे'निअल्) **वि.** आठ वर्षे, अष्टवार्षिक, अष्टवर्षीय ।

octet (te) (ॲक्टेट्') **ना.** आठ वादक वा गायकको संयोजन, आठ पंक्तिको समूह, खा. ग. सनेटको प्रथम आठ पंक्ति ।

octillion (ॲक्टि'लियन्) **ना.** दश लाखको आठौं घात, (१ पछि ४८ शून्य) ।

Octob/er (अक्टो'वर) **ना.** दशौं महीना;—rist (अक्टो'ब्रिस्ट्) **ना.** र **वि.** रूसको नरम दल (को सदस्य) ।

octodecimo (ॲक्टोडे'सिमो) **ना.** (व. व.—s) कागतलाई १८ पत्रमा मोडेर वनेको पुस्तकको आकार ।

octogenarian (ॲक्टोजिने'ञ्रिअन्) **वि.** र **ना.** ७९ देखि ९० वर्षको (उमेरको) ।

octonal (ॲक्'टनल्) **वि.** आठले बढ्ने (मुद्रा, संख्या पद्धति इ०) ।

octonarian (ॲक्टने'ञ्रिअन्) **वि.** र **ना.** आठ मात्राको पंक्ति (काव्य) ।

octonary (ॲक्'टनरि) **वि.** र **ना.**=octonal **ना.** आठको समूह, आठ पंक्तिको श्लोक ।

octopus (ॲक्'टपस्) **ना.** (ब. व.—es) मुखको वरिपरि आठ हात भएको सामुद्रिक जन्तु; संगठित र शाखायुक्त खा. ग. हानिकारक शक्ति वा प्रभाव ।

octoroon (ॲक्टरून्') **ना.** अष्टमांश निग्रो रगत भएको व्यक्ति ।

octosylla/ble (ॲक्टसिलेब्ल्) **ना.** आठ खण्डे शब्द, आठ अक्षरको शब्द;—bic **वि.** र **ना.** आठ मात्राको काव्य ।

octroi (ॲक्'ट्रवा) **ना.** चुङ्गी, नगर प्रवेश कर, तिरो, उठती ।

octuple (अक्ट्यु्प्ल्) **वि.** र **ना.** आठ गुना, अष्टगुणा, अष्टविध ।

ocular (ॲ'क्युलर्) **वि.** आँखाले, बाट, दृश्य, चाक्षुष, दृष्टिगत;—demonstration दृष्टिगत प्रदर्शन; **ना.** चाक्षुष यंत्रको चक्षुपात्र;—ist **ना.** कृत्रिम आँखा बनाउने ।

oculate,—ated (ॲ'क्युलेट्,—टेड्) **वि.** यौगिक आँखा भएको, टाटोको वरिपरि आकैं रंगको चक्का भएको ।

oculist (ॲ'क्युलिस्ट्) नेत्रचिकित्सक, नेत्ररोगको विशेषज्ञ ।

od (ॲड्) **ना.** प्रकृति व्याप्त गर्ने सम्पूर्ण भौतिक र रासायनिक प्रक्रियाको हेतु भनी धारण गरिएको शक्ति ।

odalisque (ओ'डलिस्क्) **ना.** पूर्वी देशहरूमा, खा. ग. तुर्की सुल्तानको अन्तःपुरमा रहने स्त्री नोकर्नी वा रखौटी ।

odd (ॲड्) **वि.** र **ना.** विजोर, अयुग्म, विषम, विजोडा, असम, अनमेलको, बेढब, (संख्यासँग) केही बढी, थप, चानचुन, यताउति;—ity **ना.** अनौठापन, वैचित्र्य, वैलक्षण्य, कौतुक;—jobs यताउतिको काम;—job man परिआएको काम गर्ने (नोकर), खुद्रा नोकर ।

oddments (ॲड्'मेण्ट्स्) **ना.** यताउति, छेउछाउ, खत्र्याक खुत्रुक, फाटफूट ।

odds (ॲड्स्) **ना.** (ब. व. तर धे. ज. ए. व. जस्तो व्यवहृत हुने) असमता, असामान्यता, जत्रतत्र, विभिन्नता, फरक, कलह, मतभेद, सुविधाको स्तर, (खेल, प्रतियोगिता, इ० मा) बराबरीको लागि दिइएको छूट, छूट, बाजी, दाउ, को अनुपात;—and ends बाँकी बक्यौता, छूटफूट; खत्र्याङ मत्र्याङ, खुद्रा, चानचुन, टुक्राटाक्री ।

ode (ओड्) **ना.** गीत; (अर्वा०) सानुप्रास वा अनुप्रासरहित उन्नत विषय, खा. ग. सम्बोधनको रूपको विभिन्न छन्द समावेश गरी निर्माण गरिएको, ५० देखि २०० पंक्तिको कविता ।

odeum (ओ'डिअम्) **ना.** प्राचीन ग्रीक र रोमनहरूमा संगीत, मुसाहिरा, इ० का निमित्तको भवन ।

odious (ओ'डिअस्) **वि.** घृणित, घीनलाग्दो, गर्हित, कुत्सित निन्द्य, दिगमिगे, सिकसिक लाग्ने, निर्घिनी, निर्घृणी ।

odium (ओ'डिअम्) **ना.** बदनाम, गर्हा, विद्वेष ।

odoriferous (ओडरि'फरस्) **वि.** गन्ध (धे० ज० सुगन्ध) फिंजाउने, सुरभित, गम्कने, गम्केको ।

odour (ओ'डर) **ना.** गन्ध, वास, सुगन्ध, पराग, खुसबू, अत्तर, वास्ना दिने वस्तु, लेश, छिटा;—less निर्गन्ध, गन्धहीन ।

Odyssey (ॲ'डिसि) **ना.** (ब. व.—s) प्राचीन महाकाव्य, यात्रा समूह (को वृत्तान्त), लामू घटनापूर्ण यात्रा ।

oecist (ई'सिस्ट्) **ना.** उपनिवेश (खा. ग. प्राचीन ग्रीक) को स्थापक ।

oecumenical (ईक्युमे'निकल्) **वि.** सम्पूर्ण क्रिस्तानी गिर्जाको प्रतिनिधित्व गर्ने ।

oedema (ईडी'मा) **ना.** (रो. नि.) मेदासहित तन्तुको सुनिएको अवस्था, स्थानीय जलोदर ।

Oedipus (ई'डिपस्) **ना.** पहेली इ० को हल गर्ने;—complex फ्रयडको मनोविज्ञान पद्धतिमा बाबु आमाको सम्पर्कमा बालकउपर प्रभाव पार्ने यौन विषम स्थिति ।

o'er (ओअर्) **क्रि. वि.** र **उ.** (कवि०) over को छो. क. रूप ।

oersted (अर्'स्टेड्) **ना.** चुम्बकीय बलको एकाङ्क, अर्स्ट्रेड ।

oesophagus (ईसॅ'फेगस्) **ना.** (ब. व.—i) गला, घाँटी, भोजन नली ।

oestrum-us (ईस्'ट्रम्,–स्) **ना.** डाँस, उत्तेजना, रुक, तीव्र प्रेरणा, आवेश, (पशुहरूको) मद, मात, कामोद्दीपन ।

of (ॲभ्, अभ्) **उ.** को, मा, बाट, सहित, निम्ति;—course अवश्य ! हो ! हो त ! होत नि ! त !

off (ऑफ्, ॲफ्) **क्रि. वि., उ., वि., ना.** र **क्रि.** टाढा, बन्द; पल्लोपट्टि; **क्रि.** छोड्नु, त्याग्नु;—hand रूट, प्रत्युत्पन्न, टाडै, निट्ठा ।

offal (ॲ'फल्) **ना.** फोहर, रछ्यान, मैला, उच्छिष्ट; (खाद्य पशुको काम नलाग्ने भाग, ज. कि.) आन्द्रा भुँडी, पुच्छर, सींग इ०; कुणप, अखाद्य मांस, सडेको मासु, सस्तो मोलको माछा; भूसा, चोकर, थेग्रो;—milk, wheat, wool etc. कम दर्जाको, दब ।

offence, offense (अफेन्स') **ना.** ठेस, अनपत्यारको कुरा, आक्रामक कारवाई, चित्तदुखाइ, दुखेको मन, रीस, अप्रीति, असन्तोष, अभिमान, खत, जुर्म, चूक, बिजाइँ-विद्युत, अपराध, अचाक्ली ।

offend (अफेण्ड्') **क्रि.** नैतिक पतन हुनु, गलती गर्नु, उल्लंघन गर्नु, मिच्नु, चित्त दुखाउनु, रिस उठाउनु, वैमनस्य उब्जाउनु, अतिक्रम गर्नु, अन्नाधुन्न गर्नु, कलंकित गर्नु;—er **ना.** कृतापराध ।

offensive (अफेन्'सिभ्) **वि.** र **ना.** आक्रागक, आक्रमण गर्ने उद्देश्यले, वा आक्रमणमा प्रयोग गरिने, कुण्ठित गर्ने, अपमानजनक, घीनलाग्दो, दुर्गन्धमय, गर्ह्य, कुत्सित; **ना.** कुचुद्दे,

आक्रमणकारी, को भाव, आक्रामक कारवाई, हमला, आक्रामक प्रयास वा प्रहार, आन्दोलन ।

offer (ॲ'फर्) क्रि. र **ना.** चढाउनु, बलि गर्नु, अर्पनु, अर्पण गर्नु, न्यौछावर गर्नु, (स्वीकृतिको लागि) हात पसार्नु वा प्रस्ताव गर्नु; बिक्रीको लागि प्रदर्शन गर्नु, (दुश्मनलाई) मौका दिनु, अग्रसर हुनु, अघि सर्नु, देखाउनु; प्रदान गर्नु; **ना.** प्रस्ताव, वचन, मोल, (विवाहको) काम कुरो;—ing **ना.** देवद्रव्य, प्रदानक, प्रयति, सौगात, नैवेद्य, भेटी (in money, खा. ग. to gods); सीक, उपहार ।

offertory (ॲ'फर्टरि) **ना.** क्रिस्तानी धर्म विधि; जम्मा भएको भेटी, धार्मिक सभामा उठेको भेटी ।

offhand (ॲफ्ह्याण्ड्') **वि.** तुरुन्तै, बिना विचार, अघिदेखि विचार नगरीकन, सहसा ।

office (ॲ'फिस्) **ना.** कृपा, सेवा, कर्तव्य, पद, पगरी, अधिकार, पदावधि, विधिवत् कार्य, खा० ग० मृत व्यक्तिको अन्त्येष्टि क्रिया, (क्रि. धर्म.) पूजा; दफ्तर, अफिस, अड्डा, कार्यालय, विभाग, मन्त्रालय; (ब. व.) घरधन्धा, भण्डार, इ० कामको लागि छुट्टयाइएको घरको भाग; (अप०) इशारा, संकेत; Holy O—(ऐ०) धार्मिक अन्वेषण गर्ने संस्था;—-bearer **ना.** पदाधिकारी; insignia of—तानामाना; Record O—किताबखाना ।

officer (ॲ'फिसर्) **ना.** पगरी, अहलकार, अफिसर, अधिकारी, अधिकृत;—in-charge तैनाथवाला, हैकमवाला, तालुकवाला; security—आठपहरिया, अंगरक्षक हजुरिया ।

official (अफि'शल्) **वि.** र **ना.** औपचारिक, आधिकारिक, सरकारी, शासकीय; (भै०) औषधोपचारमा व्यवहृत हुने; **ना.** अधिकारी, अधिकृत, कामदार, पदाधिकारी;—dom **ना.** अधिकृतवर्ग;—ese **ना.** अड्डाको दम्भपूर्ण लेखन शैली ।

officiate (अफि'शिएट्) **क्रि.** पुरोहित्याइँ गर्नु; औपचारिक काम गर्नु, खा. ग. कुनै खास मौकामा, विशेष हैसियतले; कायममुकायम हुनु, गर्नु ।

officinal (अफि'सिनल्) **वि.** (जडीबूटीको) औषधोपचारमा प्रयोग हुने; (भैषजीय मिश्रणको) वैद्य पसलमा तयार राखिने; औषध तत्व शास्त्र, भेषज संस्कार ग्रन्थ, को विधिबमोजिम बनेको, (नाम) सो ग्रन्थमा लेखिएको ।

officious (अफि'शस) **वि.** अनधिकार चर्चाशील, परकार्यचर्चक, बीचमा पर्ने, हात हाल्ने, हस्तक्षेप गर्ने, बेसरोकारको ।

offing (ॲ'फिङ् वा ऑ'—) **ना.** तटबाट टाढाको देखिने समुद्री भाग, किनाराबाट दूरताको स्थान ।

offish (ऑ'फिश्, ॲफिश्) **वि.** (बो० चा०) फरक, टाढा वा कठिन चालाको (व्यवहारमा) ।

offscourings (ऑफ्'स्कोउरिङ्स्) **ना.** (ब. व.) कसिंगर, मैला, थेग्रो ।

offset (ऑफ्'सेट्, ॲफ्'सेट्) **ना.** र **क्रि.** अङ्कुर, आँकुरा, प्ररोह, हाँगा, सन्तान, डाँडाको शाखा;—process (मुद्रण०) पहिले पातलो रबरको पातामा मसी लाएर अनि टाइपमा सार्ने प्रक्रिया; **क्रि.** थाम्नु, भराउनु, भर्ना गर्नु ।

offshoot (ऑफ्'शूट्, ॲफ्'शूट्) **ना.** शाखा, आँकुरो, अङ्कुर, उत्पत्ति ।

offspring (ॲफ्'स्प्रिङ्) **ना.** सन्तान, सन्तति, परिणाम, फल ।

oflag (ॲफ्'ल्याग्) **ना.** अफिसरहरूको लागिको जर्मन थुनुवा शिविर (ज०) ।

oft (ऑफ्ट्, ॲफ्ट्) **क्रि. वि.** धेरैजसो, प्रायः ।

often (ऑ'फन्, ॲ'फन्, ॲफ्'टेन्) **क्रि. वि.** र **वि.** (—er, —est) धेरैजसो, धेरै पटक, बहुधा, अनेक बार; **वि.** बारंबार, ज्यादाजसो, प्रायशः; प्रायः ।

ogdoad (ॲग्'डब्याड्) **ना.** संख्या ८, ८ को साज ।

ogee (ओजी') **ना.** र **वि.** तल नतोदर माथि उन्नतोदर भई लगातार दोहोरो वक्र हुने, अंग्रेजी अक्षर s को आकारको ढलान ।

og(h)am (ॲ'गम्) **ना.** प्राचीन ब्रिटिश वर्णमाला, २० अक्षरको, सोको लेख, सोको कुनै अक्षर ।

ogive (ओ'जिभ्) **ना.** चुच्चे गुम्बज ।

ogle (ओ'गल्) क्रि. र **ना.** पितौंले हेर्नु; **ना.** तेर्सो नजर, कटाक्ष ।

Ogpu (ॲग्'पू) **ना.** रूसमा अघि प्रतिक्रियावादी क्रियासँग भिड्ने संस्था ।

ogre (ओ'गर्) **ना.** नरभक्षी दैत्य, राक्षस, ख्याक ।

Ogygian (अजि'जिअन्) **वि.** अनिश्चित पूर्व कालको, प्राक्कालीन ।

oh (ओ) **वि. बो.** अहो ! ऐया ! गाँठे ! रात्तै !

ohm (ओम्) **ना.** वैद्युत् प्रतिरोधको एकाङ्क, ओह्म ।

oho ! (अहो !) **वि. बो.** अहो ! (आश्चर्य वा उत्साह जनाउने) गाँठे ! रात्तै !

oil (ऑयल्) ना. र **क्रि.** तेल, अभ्यञ्जन; **क्रि.** तेल हाल्नु, लाउनु, तेलाउनु, तेलमा डुबाउनु;—ed (अप०) केही (रक्सीको) नशा लागेको;—y **वि.** चिल्लो, टल्कने, चिप्लो, खुशामदी, चिपिचिल्लो; essential— खा. ग. वनस्पति तेल, भैषज्य र अत्तरको उत्पादनमा व्यवहृत हुने; pour—on the flame उत्तेजित गर्नु; pour—on the waters साम्य पार्नु, शमन गर्नु; smell of—अध्ययनको चिन्ह देखाउनु; burn the midnight—राती अबेरसम्म पढ्नु; strike—तेल (पेट्रोल) पत्ता लाउनु;—and vinegar अमिल्दो कुराको नमूना;—-colour (धे. ज. ब. व.) तेलको रङ्ग (चित्रमा);—cake ना. खरी, पिना;—can टुटी भएको यंत्रमा तेल हाल्ने भाँडो, ट्वाक;—cloth मैन कपडा, तैलपट;—-mill कोल;—-skin तेलले पानी नछिर्ने तुल्याएको कपडा, मैन कपडा;—-tanker तेल, पेट्रोल, ओसार्ने जहाज;—(one's) hands घूस दिनु;—(one's) tongue चिप्लो घस्नु ।

oiler (ॲय'लर्) **ना.** खा. ग. कलपुर्जामा तेल हाल्ने भाँडो, ट्वाक ।

ointment (ऑयण्ट्'मेण्ट्) **ना.** लेह, लेदो, मलम, लेप, अवलेह, अंजन, उपाञ्जन ।

Oireachtas (ए'अ्रख्थ्यास्) **ना.** आयरल्याण्ड (एयरा) को विधान सभा ।

okapi (अका'पिं) **ना.** जिराफ, मृग, जेब्रा इ० सँग मिल्ने मध्य अफ्रिकाको उज्यालो पाटे उग्राउने जन्तु ।

okra (ॲक्'रा) **ना.** रामतोरिया (अफ्रिकी बोली) ।

old (ओल्ड्) **वि.**(elder,eldest;—er;—est) पुरानिया,बूढो, स्थविर, पुरानू, अटल (पर्ती), पट (बाँझो), मुद्दती; young &—आबाल वृद्ध;— -age pension बुढ्याइँभत्ता;—man जरठ;—man of the sea अलग गर्न नसकिने मान्छे;—woman डरपोक वा सकसके मान्छे; अनुभवी, कमजोर, खिएको, खुम्रे, खल्लर;—maid बूढी कन्या, दुरुस्त खोज्ने, सफा सुग्घर र सकसके मान्छे पनि; पुरानू, स्थविर, पुरातन; O —Glory तारा र पाटो भएको अमरिकाको झण्डा;—ish **वि.** अधवैंसे ।

olden (ओल्'डेन्) **वि.** (आ. र साहि.) पुरातन युग, पहिलेको समय; **क्रि.** उमेरले गर्दा दुर्बल हुनु ।

oldster (ओल्ड्'स्टर्) **ना.** जो अब ठिटो छैन; (youngster को सादृश्यमा विपरीत अर्थमा) ।

oleaginous (ओलिअ्या'जिनस्) **वि.** तेलको गुण भएको, तेल उत्पन्न गर्ने, तैलमय, स्निग्ध, चिक्कण, चिप्लो ।

oleander (ओलिअ्यान्'डर) **ना.** करवीर ।

olfac/tion (ॲल्फ्याक्'शन्) **ना.** घ्राण, सुँघ्नु, घ्राणेन्द्रिय;—tory वि. नस्य, नासा, सुँघ्ने ।

olid (ॲ'लिड्) **वि.** दुर्गन्धमय, गन्धपूर ।

oligarchy (ॲलिगाअ्र्कि) **ना.** थोरैले शासन गरिने राष्ट्र, त्यस्तो प्रशासनका सदस्य; oligarch **ना.** त्यस्तो सदस्य ।

olio (ओ'लिओ) **ना.** (ब. व.—s) मिसमास, नाना द्रव्य समूह, मिसोट, सँगालो ।

olive (ॲ'लिभ्) **ना.** र **वि.** जैतून; यसको पात (शान्तिको प्रतीक), hold the— -branch समाधानको लागि कुरा उठाउनु, मन देखाउनु;—crown सो पातको मुकुट, विजय चिह्नको रूपमा; काँचो फूलको (हलका हरियो) रंग, पहेंलो खैरो रंग (मुखको) ।

oliver (ॲ'लिभर्) **ना.** कीला बनाउने धूरमा जडिएको खुट्टाले चलाउने हथौडी ।

Oliver (ॲ'लिभर्) **ना.** मध्ययुगका योरपका बादशाह शार्लमेनका भतिजा रोल्याण्डका साथी ।

olla podrida (ॲ'ला पड्री'डा) **ना.** मिसमास (स्पे०) ।

olympiad (अलिम्'पिअ्याड्) **ना.** अलिम्पिक खेलकूद समारोहका बीचको ४ वर्षको अवधि, सोबाट गनिने प्राचीन ग्रीक इतिहासकाल ।

Olympian (अलिम्'पिअन्) **वि.** अलिम्पसको, दैवी, अलिम्पस निवासी अर्थात् ग्रीकदेव; अति मानवीय शान्ति र विरक्तियुक्त पुरुष, श्रेष्ठ, स्वाकिलो, गहकिलो ।

Olympic (अलिम्'पिक) **वि.** अलिम्पियाको, वामा;—games प्राचीन ग्रीसमा प्रति चार वर्ष हुने कसरत, साहित्य र संगीत प्रतियोगिताहरू; फेरि सन् १८९६ देखि पहिले याथेन्समा भएको चार वर्षे अन्तरराष्ट्रिय कसरत र खेलकूदको मेला ।

Olympus (अलिम्'पस्) **ना.** ग्रीकदेवको निवास, थेसलीको पर्वत; स्वर्ग, दैवी निवास ।

ombre (ॲम्'बर्) **ना.** अघि एक समयमा लोकप्रिय ताश खेल ।

omega (ओ'मिगा) **ना.** ग्रीक वर्णमालाको अन्तिम अक्षर, दीर्घ ओकार, श्रेणीको अन्तिम, अन्तिम विकास, ओमेगा ।

omelet (te) (ॲ'म्लेट्) **ना.** अण्डा फिटेर साग, चीज खुर्सानी इ. हाली रोटी झैं पकाएको खाना, अमलेट; cannot make an—without breaking eggs अन्तको लागि उपाय आवश्यक हुन्छ, नगरी नहुने गर्नै पर्छ ।

omen (ओ'मेन्) **ना.** र **क्रि.** शकुन, भविष्यको दिग्दर्शन, छुक, साइत, घत; bad—अलच्छिन, कुसाइत, बिच्छुक, उल्का, कुलक्षण, अपशकुन; good—लच्छिन, शुभ, साइत, फाप, छुक; (ल्या०) ।

omentum (अमेन्'टम्) **ना.** (श. वि.; ब. व.—a) भ्रूण रहने थैलो, जालो, गर्भावेष्टन, अन्त्रावेष्ठन ।

omicron (अमि'क्रन्) **ना.** ग्रीक अक्षर ओ, ह्रस्व ओ, ओमिक्रोन ।

ominous (ॲ'मिनस्) **वि.** शाकुनिक, औत्पातिक, अद्भुत, अशुभ, अलच्छिनी, अनिष्टकर, अमङ्गलसूचक, अफाप, बिच्छुके, अपशकुन, कुलच्छिनी ।

omission (अमि'शन्) **ना.** वर्जन, त्याग, लोप, छूट, अतिक्रम, भूल, लापर्वाही, उपेक्षा; error &—भूलचूक ।

omit (अमिट्) **क्रि.** (-tt-) छोड्नु, त्याग्नु, भुल्नु;—ted testimony छूट बयान ।

omni—(ॲम्नि-) अखिल-सर्व-को अर्थमा (ल्या० उ.)—potence **ना.** सर्व शक्ति, सामर्थ्य;—potent **वि.** सर्वशक्तिमान;—presence **ना.** सर्वव्याप्ति;—science **ना.** सर्वज्ञान;—Vorous **वि.** सर्वभक्षी, अघोरी, अवधूत ।

omnibus (ॲम्'निबस्) **ना.** (ब. व.—es) र **क्रि.** (अचेल छो. क.) बस;—book **ना.** (एक रूप विषय वा एकै ग्रन्थकारका कृतिको) सँगालो पुस्तक; hotel—**ना.** (कुनै शहरको) आगमन स्थानदेखि होटेलसम्म पुऱ्याउने ल्याउने; **वि.** धेरै चीज एकै पटक, धेरै वस्तु सँगाल्ने, ज. कि.—bill, resolution, clause इ. ।

omnium gatherum (ॲम्'निअम् ग्या'दरम्) **ना.** व्यक्ति वा वस्तुको खुद्रा जमघट, सँगालो, अचम्मको मिसोट, सबै निम्तिएको उत्सव, पार्टी (ल्या.) ।

omoplate (ओ'मप्लेट्) **ना.** काँधको हाड, पाताको हाड ।

omphalo/cele (ॲम्'फ्यालसील्) **ना.** नाभिस्फोट, नाइटो पाक्नु;—tomy **ना.** साल काट्नु ।

omphalos (ॲम्'फलॅस्) **ना.** (ग्रीक प्रा. इ.) ढालको

बीचको डल्लो डेल्फाइगा रहेको चुच्चे पत्थर, जुन पृथ्वीको केन्द्र मानिन्थ्यो, केन्द्र, धूर ।

on (ऑन्, अन्) उ. मा, माथि, उपर, तिर, चारैतिर, नजीक, ठीक, बारे, खुला;—demand वा. मागमा;—and off (रोग) लागछोड ।

onager (ऑ'नगर्) ना. (ब. व.—s,—gri) जंगली गधा ।

onanism (ओ'ननिज़्म्) ना. अपूर्ण मैथुन, हस्तमैथुन ।

once (व़न्स्) वि., सं. र ना. एक पटक, एकचोटि, एकफेरा; कदापि; कहिलेकाहीं ।

on dit (ओँ'डि) ना. हल्ला, सुनिजानेको (फ्रे०) ।

one (व़न्) वि., ना. र स. ना. एक, अविभक्त, सिंगो, कोही, चाहिं;— -sided वि. एकतर्फी, एकोहोरो;—ness ना. एकता, अलौकिकता, अनौठापन, सिंगोपना, संयोग, मेल, व्यक्तित्व, एकरूपता, अपरिवर्तनशीलता;—r ना. अद्भुत या विलक्षण व्यक्ति; (अप०) a—rat...मा सिपालु; (बो. चा.) धक्का; हिर्काइ; एकको गिन्ती, खा. ग. क्रिकेटमा एक रन; by—s or twos आकल झुक्कल,—after another क्रि. वि. धमाधम ।

onerous (ऑ'नरस्) वि. गुरु, दुर्वह, गह्रौं, दुःखशान्ति, कष्टकर;—properly (का.) दायित्व भएको ।

onion (अ'नियन्) ना. प्याज, छ्यापी ।

only (ओन्'लि) वि. मात्र, मात्तै, फगत, एकमात्र, निराला, फुट्टा, ठिङ्गै, केवल, सिर्फ ।

onomato/poeia (अनॅमटोपी'अ,—या) ना. अनुकार, ध्वनिले अर्थ जनाउने शब्द;—poetic—poeic वि. ध्वन्यात्मक;—onomat/op,—ope ना. ध्वन्यात्मक शब्द, अनुकरण शब्द ।

onset (ऑन्'सेट्) ना. हमला, मुठभेट, आक्रमण, अभिक्रम, चढाइ, धावा, संपात, जाइलाग्नु, जोशिलो आरम्भ ।

onslaught (ऑन्'स्लॉट्) ना. आक्रमण, जोरको धावा, अभिक्रम ।

ontogenesis (ऑन्टजे'नेसिस्) ना. व्यक्तिगत अस्तित्वको उत्पत्ति र विकास ।

ontology (ऑन्टॅ'लजि) ना. सत्व विद्या, वस्तु वा अस्तित्वको सारसँग संलग्न दर्शनको विभाग ।

onus (ओ'नस्) ना. (ब. व. हुँदैन) भार, कर्तव्य, अभिभारा, दायित्व;—probandi ना. (ल्या०) प्रमाणको दायित्व (वक्ताउपर रहने) ।

onward (ऑन्'वर्ड्) क्रि. वि. र वि. अगाडि, अघि, अघि सर्दै; वि. अघि सर्ने ।

onymous (ऑ'निमस्) वि. नामसहित, नाम दिएको, बेनामी होइन ।

onyx (ऑ'निक्स्) ना. गोमेद, (रो० नि०) कनिनिकाको तल्लो भागको अस्वच्छता ।

oodle (ऊ'ड्ल्) ना. (बो० चा०, सदा ब. व.) थुप्रो, ठेली, लक्कू, दौलत ।

oof (ऊफ्) ना. (अप०) दाम, धन, नगद;— -bird धनको स्रोत, धनिक;—y वि. (अप०) लखेश्वर, पैसावाल, धनी ।

oolite (ओ'अलाइट्) ना. चूनको पत्थरको प्रकार, (भूतत्व) यस्ता चट्टानको श्रेणी ।

oology (ओऑ'लजि) ना. चराचुरूङ्गीका फुलको संग्रह, अध्ययन ।

oolong (ऊ'लॅङ्) ना. चीनिया चियाको प्रकार ।

oom (ऊम्) ना. (द० अफ्रिकन बोली) काका, चाचा; खा. ग. O—Paul राष्ट्रपति क्रुगर ।

oomph (ऊम्फ्) ना. (अप०) सौन्दर्य, (स्त्रीको) लावण्य ।

oont (ऊण्ट्) ना. ऊँट ।

ooze (ऊज़्) ना. र क्रि. हिलो, कीचड, स्रव, द्रव, धारा, स्राव; क्रि. रसाउनु, तप्किनु, चुहुनु, निकाल्नु ।

op. (ऑप्) ना. (बो. चा.) operation को छो. क. चिरफार, कामकाज ।

opacity (अप्या'सिटि) ना. अपारदर्शकता, अस्वच्छता, अस्पष्टता, दुर्बोधता, स्थूलता ।

opah (ओ'पा) ना. चडका रङ्ग भएको माछाको प्रकार, उत्तर एटल्याण्टिक महासागरमा पाइने ।

opal (ओ'पल्) ना. पुलक, विमलक, दूधे पत्थर, ओपल;—escent पारप्रकाशक, रंगविरंगको; (न्यापा.) अर्ध पारदर्शक सेतो ऐना;—ine वि. रंगविरंगको, अर्धपारदर्शक सेतो काँच काँच ।

opaque (अपेक्) वि. (-r,-st) अपारदर्शक, अनाकाश, अनतिदृश्य, प्रकाशाभेद्य, दुर्बोध, अस्पष्ट, अस्फुट, स्थूल; मोटोबुद्धिको, the—ना. अन्धकार ।

ope (ओप्) क्रि. खुल्नु (क.) ।

open (ओ'प्न्) क्रि. र वि. (—er,—est) खोल्नु, काट्नु, उघार्नु, फट्टयाउनु, फट्टिनु, कुरा थाल्नु, थाल्नु, विकास गर्नु, बढ्नु; वि. खुलस्त, खुला, मुक्त, उदाङ्ग, बेरोक, फुक्का, निरर्गल, उघारो;—air बाहिर, खुला; lay—क्रि. खोल्नु;—mouth लोभ, अचम्म र लठेप्रोपनले खुला मुख;—door विदेशीहरूलाई व्यापारको लागि खुला प्रवेश;—hand प्रतल, उदारता, खुला हात;—heart सरलता, असंदिग्ध, सौहार्द;—champion, scholarship असीमित प्रतियोगिताबाट प्राप्त;—bowels कोष्ट बद्ध नभएको;—letter खा. ग. विरोधको, व्यक्तिलाई सम्बोधन गरिए पनि अखबारमा छापिएको;—order (सेना. नौ.) जहाज वा मानिसको डफफाका बीचमा चौडा ठाउँसहितको रचना;—ice जहाज चल्न सक्ने बाटोसहित;—arms हार्दिकतासँग, अँगालोले; with—eyes देखीदेखी;—hand मुक्तहस्त, खुला हात;—face सरल, खुला, अनुहार; -er ना. खोल्ने;-at one end एक मुख;— -eyed उत्फुल्ल नयन, सचेतन; wide—उदाङ्ग, हाङ्हाङ्ती ।

opening (ओ'प्निङ्) ना. प्वाल, छिद्र, प्रारम्भ, वकीलको शुरू बहस, (बुद्धिचालमा) शुरूको चाल; मौका, अवसर, (आफूलाई) फाइदाको स्थिति ।

openly (ओ'प्न्लि) क्रि. वि. खुलस्त, खुलासँग, हाका-

हाकी ।

opera (अॅ'परा) ना. गीतिकथा, गीति नाट्य; grand—विना संलापको; opus को विर. व. व.; — -glass (es) सानू दूरवोन;—tic वि. अपेराजस्तो, को ।

opera/te (अॅपरेट्) क्रि. चेष्टा गर्नु, फलीभूत हुनु, प्रभाव पार्नु, चिर्नु, कार्य सम्पादन गर्नु, सञ्चालन गर्नु, परिचालन गर्नु; चालु हुनु, गर्नु;—tion ना. कार्य, क्रिया, प्रचालन, कारवाई, कारोबार, चिरफार, शल्य चिकित्सा; (सेना.) फौज, जहाज, को रणकौशलसँगको चाल, युद्धोद्यम;—tion theatre शल्योपचार कक्ष शाला; (गणितमा) क्रिया;—tive वि. र ना. कर्मकारी, कारणीभूत; कर्मी, कालिगड, मजदूर, मिल मजदूर; military—tions ना. युद्धकार्य;—tor ना. कर्ता, कर्मकर, कारक, परिचालक, प्रचालक;—tional वि. कार्यक्षम, कर्म कारक, कार्यकारी, युद्धकारी ।

operetta (अॅपरे'टा) ना. एकांकी अथवा हलका, छोटो, गीतिकथा; (इटा) ।

operose (अॅ'परोज़्) वि. (पां.) अत्यन्त मेहनत लाग्ने, वा प्रदर्शन गर्ने, वा लिने ।

ophidian (अफो'डिअन्) वि. र ना. ओफिडिया अथवा सर्पणशील जातिको, सर्प, नाग ।

ophio—(अॅफिअ-) (ग्रीक सं.) सर्प—।

ophite (अॅ'फाइट्) वि. नागवेली, सर्पाकार, सर्पाकार संगमरमर ।

ophthalm/ia (अॅफ्थ्याल्'मिअ) ना. आँखा दुख्नु, सुनिनु;—ic वि. आँखाको, चाक्षुष, नेत्रसम्बन्धी;—ology ना. चक्षु विज्ञान;—(o) (ग्रीक सं०) आँखाको ।

opiate (ओ'पिएट्) वि., ना. र क्रि. अफीम परेको, लागू, निद्रावह; ना. पीडानाशक (द्रव्य); क्रि. अफीम मिसाउनु ।

opine (अपाइन्) क्रि. राय गर्नु, विचार गर्नु, तर्कना गर्नु ।

opinion (अपि'नियन्) ना. राय, सम्मति, मन्तव्य, तर्क, तोक, अनुमान, (नकारसहित) राम्रो विचार; matter—विवादास्पद विषय; public—जनमत;—ated,—ative वि. हठी, स्वमताभिमानी, जिद्दीवाल ।

O. Pip (ओ. पिप्) ना. तोपबाट गोलाबारीको नतीजा हेर्ने चौकी ।

opisometer (अॅपिसॅ'मिटर्) ना. वक्ररेखामापक ।

opisthograph (अपिस्'टग्राफ्) ना. (ग्री. र रोम. प्रा. इ.) दुवैपट्टि लेख भएको चर्मपण वा शिला ।

opium (ओ'पिअम्) ना. अफीम, अहिफेन ।

opodeldoc (अॅपडेल्'डॅक्) ना. साबुनको मलम ।

opopanax (अपॅ'पन्याक्स्) ना. एक प्रकारको गूँद ।

opossum (अपॅ'सम्) ना. अमरिकाको थैलीदार वन वा जलजन्तु ।

oppidan (अॅ'पिडन्) वि. र ना. सहर (वासी), (ईटन कलेजमा) सहरको डेरामा बस्ने विद्यार्थी ।

oppilate (अॅ'पिलेट्) क्रि. थुन्नु, अवरोध गर्नु ।

opponent (अपो'नेण्ट्) वि. र ना. विरोधी, विपरीत, प्रतिकूल; ना. प्रतिद्वन्द्वी, विपक्षी, प्रतिवादी ।

opportun/e (अॅ'पट्यु'न्, वा अॅपटयू'न्') वि. (समयको) सुविधाजनक, सव्य पर्ने, समयानुकूल, सामयिक, कालोचित, प्रासंगिक;—ism ना. काल विचार, स्थिति सादृश्य, यथावसर, अवसरवादिता;—ity ना. मौका, अवसर, दाउ, सटको, सडको, बखत, मौका, संयोग ।

oppose (अपोज़्') क्रि. विरोध गर्नु, प्रतिरोध गर्नु, बखिलाप हुनु;—d वि. विमुख, बखिलाफ, प्रतिकूल, टेढो, उल्टो;—less वि. (क०) दुर्धर, अप्रतिकार्य ।

opposi/te (अॅ'पज़िट्) वि. विपक्ष, विरुद्ध, उल्टो, विपरीत, बखिलाप, सम्मुख, अभिमुख;—tion (अॅपजि'शन्) ना. विरोध, मुकाविला, टक्कर, टिफीं, विपक्ष, वैमनस्य, प्रतिक्रिया, विपर्यय;—tive वि. (विर०) प्रतिद्वन्द्वात्मक, विपरीत, विरोध रुवाउने;—party विपक्षी ।

oppress (अप्रेस्') क्रि. थिचोमिचो गर्नु, जोरजुल्म गर्नु, गरीब मार्नु, पिरोल्नु, पिर्नु, मिच्नु, थिच्नु, घ्याँक्नु, पीडा दिनु;—ion ना. पीडन, सिकिस्त, अत्याचार;—or ना. निर्घामारा, बिग्याहा, पीडक, प्रजापीडक, अत्याचारी ।

opprobri/ous (अप्रो'ब्रिअस्) वि. निन्दात्मक, लाञ्छनायुक्त, सतिरस्कार;—um ना. गर्हा, अपयश, निन्दा ।

oppugn (अप्यून्') क्रि. अस्वीकार गर्नु, (कुरा) काट्नु, नमान्नु ।

opsimath (अॅप्'सिम्याथ्) ना. (विर०) उमेर वितिसकेपछि पढ्ने व्यक्ति ।

opsoni/c (अॅप्सॅ'निक्) वि. कीटाणुमाथि प्रभाव पारी तिनलाई भक्षक कोषले सजिलोसँग खान सकिने बनाउने;—n ना. कुनै रोगको कीटाणुको मृत संवर्धनको अन्तः क्षेपणद्वारा रोगीको रगतमा उत्पन्न गराइने वस्तु ।

opt (अॅप्ट्) क्रि. रोज्नु, छान्नु, दिइएको सुविधा लिनु ।

optative (अप्'टे (ट) टिभ्) वि. र ना. (व्या०) इच्छासूचक ।

optic (अॅप्'टिक्) वि. र ना. (श. वि.) चक्षु; वा दृष्टिसम्बन्धी, चाक्षुष; ना. नेत्र, आँखा (सा. ठ.); शीशीबाट मद्य खनाउँदा जडिएको नाप्ने उपकरण; (ब. व. तर अर्थमा ए. व.) दृग् विद्या शास्त्र; चाक्षुष शास्त्र;—al वि. भ्रुवण, चाक्षुष, दृश्य;—al instrument चाक्षुष उपकरण;—ian (अॅप्टि'शन्) ना. चाक्षुष यन्त्र, चश्मा, बनाउने र बेच्ने ।

optim/ism (अॅप्'टिमिज़्म्) ना. संसारको उत्तमताको सिद्धान्त, सत्को असत्उपरको अन्तिम विजयमा विश्वास; आशावादिता, असलपट्टि हेर्ने बानी;—ist ना. आशावादी ।

optimum (अॅप्'टिमम्) ना. (मुख्यतः प्रा. वि.) वृद्धि, प्रजनन, इ. को लागि सबभन्दा सपरीत प्राकृतिक परिस्थिति; सर्वोत्तम वा सबभन्दा अनुकूल उदा०—temperature ।

option (अॅप्'शन्) ना. इच्छा, रोजी, छानिने विषय, छनौट, अभिरुचिको स्वातन्त्र्य;—al वि. ऐच्छिक, इच्छाधीन, वैकल्पिक,

काम्य ।

optometer (ॲप्टॅ'मिटर्) **ना.** आँखाको वक्रीकरण शक्ति र चाक्षुप विस्तार जाँच्ने यन्त्र, दृशमापक ।

optophone (ॲप्'टफोन्) **ना.** प्रकाशलाई शब्दमा परिणत गरी अन्धालाई छापा इ. कानले पढ्न सक्ने गराउने यन्त्र, दृश्वाणी ।

opulent (ॲ'प्युलेण्ट्) **वि.** धनी, धनाढ्य, सम्पन्न;—ce **ना.** वैभव, ऐश्वर्य, समृद्धि ।

opus (ओ'पस्) **ना.** (ब. व. विर. opera) संगीत रचना; बृहत् साहित्यिक प्रयास; लेखक वा अन्य कलाकारको मुख्य रचना वा उत्पादन; कृत्य; magnum—**ना.** बृहत् कृत्य, कृति ।

opuscule, opusculum (अपस्'क्युलम्) **ना.** (ब. व. —la) गौण साहित्यिक वा अन्य रचना ।

or (ऑअर्) **ना.** (वंश.) सुवर्ण वा पहेंलो (वंशावली चिन्ह चित्रहरूमा) ।

or (ऑअर्) **उ. स.** या, अथवा, वा, कि त, किंवा, यद्वा, अन्यथा, नत्र ।

ora/cle (ॲ'राकल्) **ना.** प्रश्न स्थान, दैव संवाद, शकुन स्थान, लक्षणज्ञ, गमी, घती, धामी, विचारवान्, जैसी, देववाणी; —cular **वि.** प्रमाणभूत, प्रामाणिक, प्रौढ, दैवी ।

oral (ओ'अर्ल्) **वि.** र **ना.** वाचिक, बोलिएको, शाब्दिक, बोलीवचनले, (श. वि.) मुखको, मुख जवानी; **ना.** (बो. चा.) मौखिक, अन्तर्वार्ता, मौखिक परीक्षा;—admission मुख साविती ।

orange (ॲ'रेन्ज्) **ना.** र **वि.** सुन्तला, नारङ्गी; **वि.** पहेंलो, सुन्तला रङ्ग; squeeze the—कोही वस्तुबाट सत्व सबै निचोर्नु, झिक्नु; squeezed—जुन वस्तुबाट अरू केही पाउन सकिन्न; —s & lemons केटाकेटीको खेल;—ry **ना.** सुन्तला घारी ।

orangeade (ॲरिन्जेड्') **ना.** सुन्तलाको शरबत ।

orang-outang (अन्याङ्'उत्याङ्ग') **ना.** लामू हाते रूखे बाँदरको जात, वनमान्छे ।

ora/te (अरेट्) **क्रि.** (ठ०) भटभटाउनु, बोल्नु, भट्ट्याउनु; —tion **ना.** भाषण, वक्तृता, व्याख्यान, प्रवचन;—tor **ना.** वक्ता, वाग्मी, वाक्पटु;—tory **ना.** वाक्शक्ति, वक्तृता ।

oratorio (ॲरटो'अरिओ) **ना.** धार्मिक, संगीतमय उपाख्यान ।

orb (ॲअर्ब्) **ना.** र **क्रि.** मण्डल, गोला, चक्र, तारा, राजचिन्हको भाग, संगठित सम्पूर्ण; **क्रि.** समावेश गर्नु, जम्बा गर्नु; —iecular **वि.** मण्डलाकार, चक्राकार, डल्लो, बाटुलो ।

orbit (ऑअर्'बिट्) **ना.** र **क्रि.** कक्ष, आँखाको खोपिल्टो, आँखाको वरिपरि घेरा (चरा वा कीराको), ग्रहपक्ष, (अलं०) विस्तार, कार्यक्षेत्र; **क्रि.** कक्षमा हिंड्नु ।

Orcadian (अर्के'डिअन्) **वि.** र **ना.** अर्कनी टापूको (वासिन्दा) ।

orchard (ऑअर्'चर्ड्) **ना.** गाछी, बगैंचा, वाटिका, फलको घारी ।

orchestic (ऑअर्केस्'टिक्) **वि.** नृत्यको, नाचको ।

orchestra (ऑअर्'किस्ट्रा) **ना.** (ग्री. प्रा. इ.) प्राचीन रंगमञ्चको अघिल्तिर रहेको अर्ध वृत्ताकार खाली ठाउँ; वादित्र स्थल; वादक मण्डली;—te **क्रि.** संगीतलाई प्रदर्शन गर्नेको लागि रचना गर्नु, सजाउनु, वा स्वर भर्नु ।

orchestrina (ऑअर्किस्ट्रि'ना) **ना.** बींड घुमाएर बजाउने अर्गनको प्रकार, त्यस्तो ठाठको बाजा ।

orchid,orchis (ऑअर्'किड्, ऑअर्'किस्) **ना.** सिहुँडीका प्रकारको अनेक रंग विरंग फूल हुने बिरुवाको जात, अर्किड, गलैंचे फूल ।

orchil (ऑअर्'किल्) **ना.** झ्याउबाट प्राप्त हुने रातो वा वैजनी रङ्ग ।

orchitis (ऑअर्काइ'टिस्) **ना.** जहरवात, अण्डवृद्धि, कोषवृद्धि ।

orcin (ऑअर्'सिन्) **ना.** (र. शा.) झ्याउबाट झिकिने रंगहीन मणिभीय वस्तु जसको संयोगबाट अनेक रंग बन्दछन् ।

ordain (ऑअर्'डेन्) **क्रि.** विधान गर्नु, निर्दिष्ट गर्नु, दीक्षा गर्नु, पुरोहित्याइँमा भर्ना गर्नु, नियोजन गर्नु, नियुक्त गर्नु ।

ordainment (ऑअर्डेन्'मेण्ट्) (विर.) आदेश, विधान ।

ordeal (ऑअर्डियल्' वा ऑअर्डील्) **ना.** अग्नि-परीक्षा, कठिन परीक्षा, स्वभाव वा सहनशीलता जाँच्ने कठिन अनुभव, कडा जाँच ।

order (ऑअर्'डर्) **ना.** र **क्रि.** दर्जा पंक्ति, वर्ग, सम्प्रदाय, आश्रम, वर्णाश्रम, लहर, जात, पदवी, सम्मान, (भव.) निर्माणको ढाँचा, (प्रा. इ.) वर्गीकरण समूह; श्रेणी, अनुक्रम, अनुगमन; उर्दी, निकासा, आज्ञा, आदेश, खटन, तैनाथ, हैकम, हुकूम, प्रमाङ्गी, मर्जी, चाँजो, बन्दोवस्त, सलतनत, तसल्ल, ठीकठाक, आचार संहिता; lower—s तल्लो जात;—s **ना.** तोक, निकासा, आदेश, निर्णय, अह्रोट, अह्राउ, खटनपटन; in order that...को क्रममा, यसकारणले कि...;—of precedence मर्यादा क्रम;—!—! (सभामा) आचार विरुद्ध कारवाई भएमा विरोधको आवाज; keep in—तह लाउनु; **क्रि.** झिकाउनु, मगाउनु, अह्राउनु, खटाउनु, काम लगाउनु, सजाउनु; —ed **वि.** रुचारु, व्यवस्थित ।

orderly (ऑअर्'डर्लि) **वि.** र **ना.** काइदासाथको, व्यवस्थित, (सेना.) उर्दी, खटन, बारेको; **ना.** आठपहरिया, जवान ।

ordinal (ऑअर्'डिनल्) **वि.** र **ना.** क्रमाङ्क, क्रमवाचक, क्रमसूचक ।

ordinance (ॲअर्'डिनन्स्) **ना.** अध्यादेश, आदेश, आधिकारिक आदेश, विधि, रस्म, संभार ।

ordinary (ऑअर्'डिनरि) **वि.** र **ना.** साधारण, सामान्य, अदना, चानचुन, जो कोही, सादा, साधा, लरतरो, मामुली, खैराते, सहलिया, भडकरहित; **ना.** खाद्य गृहमा पाइने, खाना, एक पांग्रो ठूलो भएको शुरूको बाइसिकल;—ily **क्रि. वि.** सामान्यतया, साधारणतः ।

ordinate (ऑऋ्'डिनेट्) **ना.** कोटि, (ज्यामितिमा) ।

ordination (ऑऋ्डि'नेशन्) **ना.** दीक्षा, विधान, आदेश ।

ordinee (ऑऋ्डिनी') **ना.** नयाँ नियुक्त भएको डीकन दर्जाको पादडी ।

ordnance (ऑऋ्ड्'नन्स्) **ना.** सजेको तोप, सैनिक भण्डार र सरसामान, गोलीद्वारा सम्बन्धी सार्वजनिक सेवा, युद्ध सामग्री, युद्ध यंत्रसमूह, सम्भार ।

ordure (ऑऋ्'डयोऋ्) **ना.** विष्टा, गुहू, गोबर, लिदी इ., फोहोर, लाजभाँड बोली, गन्दगी ।

ore (ओऋ्) **ना.** धाउ, कच्चा धातु, खनिज, असंस्कृत धातु ।

oread (ओ'ऋिअड्) **ना.** (ल्या. र ग्री. दन्त्यकथा) पहाड कन्या ।

orectic (ॲरेक्'टिक्) **वि.** (दर्शन, भै०) काम, क्षुधा, लिप्सा, लाल्सासम्बन्धी, कामोद्दीपक ।

oreide (ओ'ऋिइड्) **ना.** नकली गहनामा प्रयोग गरिने सुन जस्तो देखिने पित्तल ।

orfe (ऑऋ्फ्) **ना.** रंगीन माछाको प्रकार ।

organ (ऑऋ्गन्) **ना.** अर्गन (बाजा); अङ्ग, नाडी, अवयव नौनारी, इन्द्रिय; सञ्चारको माध्यम;—ic **वि.** ऐन्द्रिक, इन्द्रियमय, कारवनिक, विधिवत्, अन्तर्जात, मौलिक, रचनात्मक;—ism **ना.** रचना,—-grinder अर्गन बजाउने, जीव, (सडकमा सो बाजा बजाएर पैसा माग्ने, बाँदर, इ. साथमा हुन्छ) ।

organdie (ऑऋ्'गन्डिइ) **ना.** अति नरम र पारदर्शी मजलिन कपडाको प्रकार ।

organism (ऑऋ्'गनिज़्म्) **ना.** जीवधारी, देही, जीव, जीव तत्व ।

organiz/e—ise (ऑऋ्'गनाइज़्) **क्रि.** निर्माण गर्नु, सृजनु, रचना गर्नु, इन्द्रिययुक्त गर्नु, प्रवन्ध, संगठन गर्नु;—ation **ना.** विन्यास, रचना, संगठन, संस्था, संस्थान;—er **ना.** संगठक, संघटक ।

organon,—anum (ऑऋ्'गनॅन्) **ना.** भावनाको यन्त्र, तर्कशास्त्रको पद्धति वा ग्रन्थ ।

organotherapy (ऑऋ्ग्यानथे'रपि) **ना.** रोगको ऐन्द्रिक सारहरूद्वारा उपचार ।

organzine (ऑऋ्'गन्ज़ीन्) **ना.** रेशमको प्रकार, जसमा मुख्य बटार सूतको ऐजनको उल्टो हुन्छ ।

orgasm (ऑऋ्'ग्याज़्म्) **ना.** उत्तप्त उत्तेजना, कोप, आक्रोश, आवेग, अत्यंतावेग, चरम सुख, मैथुन ज्वर ।

org/y (ऑऋ्'जि) **ना.** नैशोत्सव, जँडयाहा र कामुक आमोद, व्यसन, सप्रीति, प्रमोद, रण्डीबाजी, अचकाली;—iastic **वि.** व्यसनिक ।

oriel (ओ'ऋिअल्) **ना.** माथिल्लो तलामा भित्ताभन्दा बाहिर निस्केको झ्याल ।

orient (ओ'ऋिएण्ट्) **ना.** र **वि.** पूर्व दिशा, प्राची; **वि.** प्राच्य, चमकिलो, टल्कने, किमती;—pearl उत्तम मोतीको अनौठा टलक;—alist **ना.** प्राच्य भाषा इ. मा पण्डित ।

orient, orienta/te (ओअरिएण्ट्') **क्रि.** पूर्वपट्टि फर्काउनु, संस्थान निर्णय गर्नु, स्पष्टसँग बुझिने सम्बन्धमा ल्याउनु; पूर्व फर्कनु, वा निर्दिष्ट दिशातिर फर्कनु;—tion **ना.** परिचय, अनुरूप स्थापन ।

oriental (ॲ–वा ओऋिएन्'टल्) **वि.** र **ना.** पूर्वी; **ना.** पूर्विया, खा. ग. भूमध्यसागरको पूर्वको बासिन्दा, प्राच्य, पूर्व ।

orifice (ॲ'रिफिस्) **ना.** प्वाल, मुख, छिद्र, रन्ध्र, द्वार ।

oriflamme (ॲ'रिफ्ल्याम्) **ना.** पुरानू फ्रान्सको झण्डा, संघर्षमा एकत्रित गराउने वस्तु वा आदर्श, स्पष्ट देखिने उज्यालो वस्तु, रंगको चडका टाटो ।

origin (ॲ'रिजिन्) **ना.** उत्पत्ति, उत्थान, मूल, बीज, हेतु, आदिकरण, उत्पत्तिस्थान, सूत्र, प्रस्थान विन्दु, प्रादुर्भाव, आविर्भाव, उद्भव स्थान ।

original (अरि'जिनल्) **वि.** र **ना.** सद्दे, परल, नौलो, शुरू, प्रारम्भिक, मौलिक, आदि, पहिलेको, प्राथमिक, नैसर्गिक; **ना.** नमूना, मूल रूप, सकल;—ity **ना.** मौलिकता, नवीनत्व; —ly **क्रि. वि.** मूलतः, शुरूमा ।

originate (अरि'जिनेट्) **क्रि.** उत्पन्न गराउनु, उठान गर्नु, उत्थान हुनु, थाल्नु ।

orinasal (ओऋिने'जल्) **वि.** र **ना.** मुख र नाक दुवैको, ले उच्चारण हुने ।

oriole (ऑ'ऋिओल्) **ना.** कालो र पहेंलो प्वाँख हुने चराको किसिम ।

Orion (अरी'अन्) **ना.** मृगशीर्ष, मृगशिरा नक्षत्र ।

orison (ॲ'रिज़न्) **ना.** (सा. ब. व.) प्रार्थना, भज़न, जप ।

Orleans (ऑऋ्'लिअन्स्) **ना.** बयरको किसिम, सूत र ऊन मिसिएको एक प्रकारको कपडा; फ्रान्सको एक शहर ।

orlop (ऑऋ्'लप्) **ना.** तीन वा बढी तला भएको जहाजको सबभन्दा नीचो तला ।

ormolu (ऑऋ्'मलू) **ना.** सुनको जलप लगाएको काँस, साज सामान सिंगार्न चलन हुने; तामा, जस्ता र टिनको मिसौट, जो सुन जस्तो देखिन्छ; सोबाट बनेका माल ।

ornament (ऑऋ्'नमेण्ट) **ना.** र **क्रि.** पूजा सामग्री, गहना, भूषा, जुहारात, अलंकार, आभरण, तिलक, आभूषण; **क्रि.** सिंगार्नु, सज्नु;—al **वि.** विभूषक, शोभाकर;—ation **ना.** अलंकरण, मण्डन ।

ornate (ऑऋ्नेट्') **वि.** कान्तिमत्, विभूषित, (लेख शैली) अलंकारयुक्त, बहुआभूषणयुक्त, सजि-सजाउ ।

ornith (o) (ऑऋ्निथ् (ो) (ग्री. बाट सं. रूप) चरा; —logy **ना.** पक्षीविद्या;—gist **ना.** पक्षीविद् ।

orogenesis (ॲरजे'निसिस्) **ना.** पर्वत रचना क्रिया ।

orography, oreo— (ॲरॅ'ग्राफि) **ना.** भौतिक भूगोलको पर्वतसम्बन्धी शाखा ।

orohippus (ॲरहि'प्पस्) **ना.** घोडाको पुर्खा भनी मानिए-

को चारखुट्टे शीलभव ।

oroide (ओ'रॉयड्) **ना.** तामा र जस्ताको सुनौलो मिश्रण ।

orotund (ओ'रोटण्ड्) **वि.** (उच्चारण वा शब्दविन्यासको) वढेचढेको, शानदार, गर्वपूर्ण, दाम्भिक, भडकिलो, प्रभावशाली ।

orphan (ऑअ्र्'फन्) **ना., वि.** र **क्रि.** टुहुरो; **क्रि.** आमा वावुवाट विछोड गराउनु;—age **ना.** अनाथालय ।

Orphic, Orphean (ऑअ्र्'फिक् ,—फीअन) **वि.** अर्फ्युसको, रहस्यमय, दैववाणी संयुक्त, संगीतमय, मन हर्ने ।

orphrey, orfray (ऑअ्र्'फ्रे) **ना.** क्रिस्तानी पादरीहरूको पोशाकमा गरिएको समृद्ध जरीको काम ।

orpiment (ऑअ्र्'पिमेण्ट्) **ना.** हरिताल ।

orpington (ऑअ्र्'पिङ्टन्) **ना.** कुखुराको जात, अर्पिङ्गटन ।

orra (ॲ'र्रा) **वि.** (स्क.) एकलो, वेजोडा, फुटकर, वढी, जगेरा ।

orrery (ॲ'ररि) **ना.** सौर मंडलका नक्षत्रहरूको गति देखाउने यन्त्र, ग्रहमालानुकरण यन्त्र ।

orris (ॲ'रिस्) **ना.** वच, शतपर्णी; चाँदी वा सुनको जरीको काम ।

ort (ऑअ्र्ट्) **ना.** (प्रा. र आ., सा. व. व.) फोहोर, पुरा, छोडेको, जूठो ।

orth(o)- (ऑअ्रथो–) (ग्री. सं. रू.=सरल, ठाडो, ठीक) ।

orthodox (ऑअ्र्थडॅक्स्) **वि.** आस्तिक, नैष्ठिक, धर्मपरायण, शास्त्रीय, शास्त्रसम्मत;—y **ना.** धर्मपरायणता, कट्टरपना ।

orthography (ऑअ्र्थॅ'ग्राफि) **ना.** अक्षर विन्यास, मानचित्र वनाउने एक प्रक्रिया ।

ortho/paedy (ऑअ्र्'थपीडि) **ना.** वालकहरू वा अन्यको कुरूपता, अङ्गभङ्ग इ. ठीक गराउने विद्या, सोको निमित्त गरिएको शल्यचिकित्सा;—paedic **वि.** विकृति सच्याउने ।

Oscar (ॲस्'कर्) **ना.** अस्कार, चलचित्र जगतमा अभिनय, निर्देशन, इ. को श्रेष्ठताको लागि दिइने सानू मूर्तिरूप पुरस्कार ।

oscilla/te (ॲ'सिलेट्) **क्रि.** झुल्नु, दोलनु, दोलन गर्नु;—tion **ना.** दोलन, कम्पन ।

oscitation (ॲसिटे'शन्) **ना.** (विर.) हाइ गर्नु, तन्द्रा, हेलचेक्र्याइँ ।

oscular (ॲस्'क्युलर) **वि.** मुखको, म्वाइँ खानुको (ठ०) ।

oscula/te (ॲस्'क्युलेट्) **क्रि.** (विर. धे. ज. ठ.) म्वाइँ खानु, आश्लेपण गर्नु;—tion **ना.** आश्लेपण, चुम्बन ।

osier (ओ'झेअ्र्) **ना.** टोकरी, डोको, इ० बनाउनामा प्रयोग हुने प्रकारको बेत ।

osmium (ॲस् (ज़)'मिअम्) **ना.** धातुरूप तत्व, अस्मियम ।

osmose, osmosis (ॲस्'(ज्) मोस् , ॲस् (ज़्) मो'सिस्) **ना.** (भौ० शा०) अभिसरण; सुषिर छेकाले छुट्टयाइएका तरल पदार्थहरू छिरेर मिसिन जाने प्रवृत्ति ।

osprey (ॲस्'प्रे (–प्रि) **ना.** (व. व.—s) माछा खाने ठूलो चरा, महिलाको टोपीमा रहने चराको प्वाँख (लाई दर्जीले दिएको नाम) ।

osseous (ॲ'सिअस्) **वि.** अस्थिमय, हाड़ बनेको, अस्थिपञ्जर भएको, शिलाभव हाड़ भएको ।

Ossicle (ॲ'सिक्ल्) **ना.** सानू हाड, अस्थिक ।

ossify (ॲ'सिफाइ) **क्रि.** अस्थिसात् गर्नु, हुनु, हाड बन्नु; कडा, भावनारहित, निर्मोही, वा अप्रगतिशील हुनु, बन्नु ।

ossuary (ॲ'स्स्युअरि) **ना.** अस्थिवान्, अस्थिकलश, प्राचीन चिहान, हाड़ पाइने गुफा ।

ostensible (ॲस्'टेन्सिब्ल्) **वि.** व्यक्त, प्रत्यक्ष, सुप्रकाश, प्रकट, अगूढ़, सत्य छिपाउनाको लागि अवि सारिएको ।

ostentation (ॲस्टेन्टे'शन्) **ना.** ठस्सा, भड्क, र ाफ, आडम्बर, दम्भ ।

oste (o)–(ॲस्टि (ओ)– (ग्री. सं. रूप=अस्थि);—ogenesis अस्थिरचना;—omyelitis **ना.** सुइहाडको सूज;—opathy पेशाको रूपमा हस्तकलाद्वारा मालिस, मर्दन, इ० गर्ने;—opath सो गर्ने व्यक्ति ।

ostler (ॲस्'लर्) **ना.** तवेलाको सईस ।

ostracize,—ise (ॲस्'ट्रसाइज़्) **क्रि.** (ग्री. प्रा. इ.) नि कासन, निर्वासन, (अतिशक्तिशाली अथवा अप्रिय नागरिकलाई अनौठा मतदान प्रथाद्वारा पाँच वा दश वर्षको लागि देशनिकाला गर्ने प्रथा, त्यसरी निष्कासित हुने व्यक्तिको नाम खपटामा लेख्थे); सामाजिक बहिष्कार गर्नु, निगाहबाट हटाउनु, हटक गर्नु, हटक काढ्नु ।

ostrich (ॲस्'ट्रिच्) **ना.** शुतुरमूर्ग, नउड्ने ठूलो चरा;—policy, belief इ. आत्म वञ्चनमा निर्भर गर्ने ।

other (अदर्) **वि., ना.** र **स. ना.** आर्को, अन्य, भिन्न, पर, अर्थोक, अन्यथा;—'s परकीय;—life परत्र;—ness **ना.** अन्तर, विभिन्नता, फरक;—ranks श्रेणी, सिपाही, जवान;—wise **क्रि. वि.** अन्यथा, नत्र, अथवा ।

otic (ओ'टिक्) **वि.** कर्ण, कानको, कानसम्बन्धी ।

otiose (ओशिओस्' वा ओ'शिओस्) **वि.** फुर्सतमा, अल्छी, बाँझो, व्यर्थ, अनावश्यक, अव्यावहारिक, कर्मशून्य, निरर्थक ।

otium cum dignitate (अ'टिअम् कम् डिग्निटे'टि) आदरपूर्ण आराम (ल्या.) ।

ot (o)—(ओट् (ओ)–) (ग्री. सं. रूप=कर्ण)—logy **ना.** कर्णविद्या;—scope कर्णदर्शक यन्त्र ।

ottava rima (ओटा'भा री'मा) **ना.** आठ पंक्तिको श्लोक; अनुप्रासहितको श्लोक ।

otter (ॲटर्) **ना.** पानीविरालो, उद्र, जलमार्जार ।

otto (ॲ'टो) **ना.** अत्तर ।

Ottoman (ॲ'टोम्यान्) **वि.** र **ना.** तुर्क, तुर्की; o—अडेस नभएको कुशन वा सोफा ।

oubliette (ऊब्लिएट्') **ना.** कूटद्वारवाट मात्र प्रवेश हुने गुप्त वन्दी कोठा ।

oúch (आउच् !) **वि. बो.** र **ना.** ऐय्या ! ओह ! उफ् !; **ना.**

जडाउ बगलुस, पत्थरको जडाउ ।

ought (ऑट्) ना. र क्रि. (ग्रा०) शून्यको अङ्क, शून्य, केही, अन्य कुरा; क्रि. उचित छ, योग्य छ, चाहिन्छ इ० ।

ouija (वी'जा वा वी'या) ना. अक्षर, गुह्य चिन्ह, इ० लेखिएको मृत आत्मासँग कुरा गर्दा प्रयोग हुने पाटी;—-board पनि हुन्छ; वीजा पाटी ।

ounce (आउन्स्) ना. आउन्स (तौल), विरालो जातको पशु, चितुवा ।

our (आवर्) वि., स ना. हाम्रो;—self (व. व.—ves) हामी आफैं ।

oust (आउस्ट्) क्रि. निकाल्नु, अपदस्थ गर्नु, हटाउनु, खोस्नु;—er ना. (कानूनी) बेदखली, निष्कासन ।

out (आउट्) क्रि. वि., उ., ना., वि. बो. र क्रि. वाहिर, अन्यत्र, वहिर्देश, (क्रिके.) वरखास्त; विकेटवाट वरखास्त भएको (हान्ने); all—दलका सबै वर्खास्त;—, not—, निर्णेताको फैसला, विपक्षीहरूले दावा गरेमा; निभेको; वेठीक; (निष्काशित) दल; वि. बो. छिः ! धिक्कार ! ; क्रि. (अप. वा. बो. चा.) बलपूर्वक हटाउनु, निकाल्नु,—of the way असामान्य, अप्ठ्यारो, बाटो नपर्ने;—of (one's) mind हावा बिग्रनु ।

out/bid (आउट्विड्') क्रि. (—dd—) बढी डाक बोल्नु, बढता बोल्नु, सकार्नु;—brave नटेर्नु, तिरस्कार गर्नु;—break ना. विस्फोट, रिस, शत्रुता, रोग इ. को;—building ना. टहरो, घरनजीकैको टहरो, घर, धनसार, नोकर बस्ने इ.;—burst भावनाको विस्फोट, आक्रोश, पर्रा, खा ग. चर्को र कडा स्वर, कुर्लाइ, ज्वालामुखीको विस्फोट इ.;—cast ना. त्याग गरिएको व्यक्ति, फिरन्ता;—caste ना. हटक भएको व्यक्ति; क्रि. हटक गर्नु, जातबाट निकाल्नु;—come ना. फल, नतीजा;—crop ना. सतहमा (चट्टान, नाडी इ.) को प्रादुर्भाव;—cry ना. र क्रि. हल्ला, शोरगुल;—distance क्रि. उछिन्नु, अघि जानु;—do क्रि. उछिन्नु, जित्नु, हराउनु;—door वि. (घर) वाहिर;—door relief वि. गरीबखाना, अनाथालय-मा नबस्ने व्यक्तिलाई दिइने आर्थिक अनुदान;—face क्रि. आँखा तरेर हेरी दबाउनु;—fall ना. नदी इ. को मुहान, इ.;—fighting ना. टाढावाटको मुक्कावाजी, इ.;—fit ना. र क्रि. साज, सारजाम, उपकरण;—fitter निजी प्रयोजनका माल सामान, लुगा, साज, इ. पुऱ्याउने पसल;—flow ना. निकास;—go,—goings ना. खर्च;—grow क्रि बढ्नु, (लुगा इ.) सानू हुनु;—growth ना. हाँगा, गाँठो, आँकुरो; —house ना. टहरो, सानू घर, इ.;—landish वि. विरानो, विदेशी;—last क्रि. बढता जीउनु, टिक्नु;—law ना. र क्रि. ऐनको रक्षाबाट निष्कासित व्यक्ति, डाँडो काटिएको निकालिएको, हटक भएको व्यक्ति;—lay ना. खर्च, लगानी;—let ना. मुख, द्वार, निर्गम द्वार, अपसार, निकास;—live क्रि. (भन्दा) बढता जीउनु;—look ना. दृश्य, मानसिक भाव;—laying वि. दूरस्थ, दूर, टाढा, केन्द्रबाट सुदूर;—model वि. बेचलनको, बेचलतीको;—manoeuvre वि. छकाउनु, जिल्ल पार्नु;—number क्रि. (संख्यामा) जित्नु; बढी, धेरै हुनु;—of date गुज्रेको, भुक्तान भएको; बेकायम;—of order बेचलती, बिग्रेको, बेकायम, बेसाबुत;—of sorts विसञ्चो, कुरीकुरी लागेको;—patient ना. (देखाउन आउने) रोगी;—post ना. चौकी, पालो;—pour क्रि. खनाउनु;—pouring वि. उद्गार;—put ना. उत्पत्ति, उत्पादन, फल, नतीजा;—reach क्रि. सीमा नाघ्नु, छल्नु;—rider ना. घोडचढी अनुचर;—run क्रि. बढता दौडनु उछिन्नु,—runner (दौडने) सईस, नोकर;—rush क्रि. (वेगसँग) निस्कनु;—set ना. प्रारम्भ, शुरू;—skirts ना. वाहिरी सीमाना, छेउछाउ, (शहर इ. को);—sight ना. वाह्य वस्तुको बोध;—smart (बो. चा.) क्रि. छकाउनु, ठग्नु;—spoken वि. ठाडो, भित्ता पुऱ्याएर बोल्ने, खसोखास, स्पष्ट (वक्ता);—standing वि. प्रमुख, सुदृश्य, उन्नत, अनिश्चित, ठेगान न भइसकेको;—station वि. प्रधान कार्यालयबाट टाढा;—stretched वि. पसारिएको, फैलाएको;—- thrust ना. बाह्य दबाव (वास्तुकलामा);—- turn ना. उत्पादन, उत्पत्ति, निर्माण (निर्माण), खानि, मजदूरी इ. बाट;—wear क्रि. खियाउनु, थोत्र्याउनु, सहेर समय बिताउनु;—wit क्रि. छल्नु, ठग्नु, धूर्त्याइँले जित्नु;—worn वि. खिइएको, पुरानू, बेचलतीको, लुप्त, सिद्धिएको ।

outage (आ'उटेज्) ना. (वैद्युतिक प्रवाहको) प्रशमन, अवरोध;—of sight आँखाको छलबाट ।

out and outer (आउट अ्याण्ड् आउ'टर्) ना. (अप.) अति उत्तम (वस्तु) ।

out— (आउट्-) क्रि. कोही व्यक्तिको नाम जोडी सो व्यक्तिको (कुनै) विशिष्ट गुणलाई समेत माथ गर्ने अर्थमा क्रियापद बनाउने ज. कि—- Herod Herod क्रूरतामा राजा हेरडलाई जित्नु;—- zola Zola वास्तविकता (उपन्यास) मा फ्रेञ्च लेखक जोलालाई जित्नु ।

outer (आउ'टर्) वि. र ना. केन्द्रबाट टाढा, वाहिरी, बाह्य; —space बाह्य अन्तरिक्ष; the—man व्यक्तिगत रूप, पोशाक; the—world आफ्नू समाजभन्दा वाहिरको जनता; राइफल निशानामा केन्द्रको वरिपरिको चक्का ।

outing (आउ'टिङ्) ना. सफर, रमाइलो यात्रा, घरबाट बाहिरको विदा ।

outline (आउट्'लाइन्) ना. र क्रि. रूपरेखा, आकृति, खाका, बाह्यरेखा, खेस्रा, छोटकरी ।

outmost (आउट्'मोस्ट्) वि. सबभन्दा वाहिरको ।

outness (आउट्'नेस्) ना. बाह्यता, वियाश्रिति ।

outra/ge (आउट्'रेज्) ना. र क्रि. अत्याचार, हिंसा, जघन्य अपराध, आघात, अपमान; क्रि. बलात्कार गर्नु, आबरू लिनु; भ्रष्टसँग ऐन, आचार, नीति, उल्लंघन गर्नु;—geous (—जस्) वि. अचाक्ली, अन्नाधुन्न, अति, असामान्य, हिंसात्मक, दारुण, घोर, उज्जण्ड, गर्ह्य, जण्ड ।

outre (ऊ'ट्रे) वि. आचारको सीमाबाहिर, सन्क्याहा, औचित्य

भन्दा पर, मर्यादा उल्लंघन गर्ने (फ्रे०) ।

outrider (आउट्'राइडर्) **ना.** पार्श्वारोही, अग्रारोही ।

outrigger (आउट्'रिगर्) **ना.** घरमा बाहिर निस्केको सत्तरी इ., त्यस्तै जहाजबाट बाहिर निस्केको काठ ।

outright (आउट्राइट्') **क्रि. वि.** र **वि.** सद्य, तत्क्षण, तुरून्त, सर्वथा, ठहरै, खुलासँग, स्पष्ट; **वि.** सरासर, सोझो ।

outside (आउट्साइड्) **ना.**, **वि.**, **क्रि. वि.** र **उ.** बाहिरी तह, बाहिरी भाग, बाहिरी रूप, चेतनाभन्दा पृथक् संसार, बाहिरपख, बढीमा; **वि.** बाह्य, बाहिरी, उनाउ ।

outsider (आउट्साइ'डर्) **ना.** उपरिया, बाहिरिया, उनाउ ।

outstanding (आउट्'स्ट्याण्डिङ्) **वि.** बाँकी, भुक्तान हुन बाँकी, अशोधित, अनिष्पन्न, अवशेषित, असामान्य, विशिष्ट ।

outstrip (आउट्'स्ट्रिप्) **क्रि.** (दौडँदा इ) उछिन्नु, प्रतियोगितामा जित्नु ।

outward (आउट्'वर्ड) **वि.**, **क्रि. वि.** र **ना.** बाहिरी, बाहिरतिरको, शारीरिक, बाह्य, भौतिक, दृश्य; to—seeming देख्ताखेरि;— -bound घरबाट जाँदै, विदेशतिर;—s **क्रि. वि.** बाहिरतिर, बाहिरपट्टि, बाहिरफेर ।

outwardness (आउट्'वर्डनेस्) **ना.** बाह्य अस्तित्व, बाह्यता ।

ouzel,—sel (ऊ'ज़्ल्) **ना.** साना चराहरूका किसिम ।

ova (ओ'भा) **ना.** ovum को ब. व. ।

oval (ओ'भल्) **वि.** अण्डाकार; the O—लण्डनको क्रिकेटको एक प्रसिद्ध खेल मैदान ।

ovary (ओ'भरि) **ना.** डिंवाशय, अण्डाशय, डिम्ब उत्पन्न हुने स्त्री जीवको दुई प्रजनन अवयवमध्ये कुनै ।

ovate (ओ'भेट्) **वि.** (प्रा. इ.) अण्डाकार, रूपरेखामा या ठोस रूपमा ।

ovation (ओभे'श्न्) **ना.** उत्साहपूर्ण स्वागत, सत्कार, जयजयकार, जयध्वनि ।

oven (अ'भेन्) **ना.** चूल्हो चूलो, अगेनु, सानू भट्टी ।

over (ओ'भर्) **ना.**, **वि.**, **उ.** र **क्रि. वि.** माथि, पारी, उल्टो, सम्म, पट्टि, बढी. समाप्त. बढता; **ना.** (क्रिकेटमा) बलको संख्या ('ओभर' भनी अम्पायरले भनेपछि आर्को पटक सोही नभनुन्जेल, साधारणतः ६ गोटा); **वि.** श्रेष्ठ, उन्नत;—abundance **ना.** प्रचुरता, बाहुल्य, लात्तीकुत्ती, रेलोखेलो, प्राचुर्य, छेलोखेलो;—abundant **वि.** बिछट्ट, अति;—active **वि.** उत्ताउलो, बढता जोशसँग;—anxious **वि.** अति चिन्तित;—arm **वि.** हात काँधभाथि उठाएर;—awe **क्रि.** (त्रास, आदर इ. ले) दवाउनु;—balance **ना.** बढी (को परिणाम);—bear **क्रि.** दवाउनु, (बोझ, बल, वा अधिकारले);—bearing **वि** अहङ्कारी, अहम् भावको, जफती;—bid **क्रि.** बढी मोल लगाउनु, बढी बोल्नु;—blown **वि.** बितेको (आँधी इ.);—board **क्रि. वि.** जहाजबाट पानीमा;—bridge **ना.** रेलको लाइन, सडक, पार गर्ने जमीनमाथिको पुल;—burden **क्रि.** लाद्नु, जोत्नु;—cast **वि.** रुँदिलो; **क्रि.** (आकाश इ.) अँध्यारो वा बादलले ढाक्नु, व्याप्त गर्नु, औंटार्नु;—charge **क्रि.** बढी (बारूद, बिजुली इ.) हाल्नु, बढी मोल लिनु;—cloy अघाउनु;—coat **ना.** बक्खु, बर्दी, (कोटमाथि लाउने) बाहिरी कोट;—come **क्रि.** जित्नु, हराउनु, पछार्नु;—confidence **ना.** अति विश्वास, घमण्ड;—crop **क्रि.** बारंबार उपजा गराएर जमीन उजाड पार्नु;—curious **वि.** अति खोजाहा, निन्दो चर्चो गर्ने;—do **क्रि.** बढता गर्नु;—done **वि.** बढता पाकेको;—dose **ना.** बढी मात्रा;—draft **ना.** बढी चेक, बढी पुर्जा;—draw **क्रि.** (मौजदातभन्दा) बढी चेक काट्नु;—due **वि.** म्याद नाघेको, अतिक्रान्त, गुज्रेको;—eager **वि.** रूखेको, औताएको, उत्कण्ठित;—eat **क्रि.** ज्यादा खानु, असरल्ल हुनु;—estimate **क्रि.** बढी अनुमान गर्नु;—excite **क्रि.** अति उत्तेजित गराउनु;—flow **क्रि.** पोखिनु, रसाउनु; **ना.** (पोखिएको) तरल; छताछुल्ल, वाख्ल्याङ प्याख्ल्याङ ;—fond **वि.** अत्यासक्त;—ground **वि.** जमीनमाथि;—grown **वि.** ठूलो भएको, ज्यादा बढेको;—growth **ना.** उपचय, वर्धन, आधिक्य. माना विरुवामाथि बढेका बूटाहरू;—hand **वि.** हात काँधभन्दा माथि उठाएर;—haul **क्रि.** जाँच्नाको लागि फुकाल्नु, खोल्नु, नयाँ जडान गर्नु, भेट्टाउनु; **ना.** जाँच, ख़ा. ग. मरम्मतको विचारले;—hang **क्रि.** लट्कनु, झुण्डिनु;—hasty तातै खाउँ जली मरूँ गर्नु;—head **क्रि. वि.** संलग्न, मास्तिर, उर्ध्व, शिरस्थ, माथिको;—hear **क्रि.** लुकेर अथवा थाहा नपाएर सुन्नु;—indulgence **ना.** पूठ, पुलपुल्याहट;—joyed **वि.** हर्षोन्माद भएको, खुशीको पराकाष्ठामा पुगेको;—lap **क्रि.** खप्टिनु, अवगुण्ठित हुनु, प्रारोहित हुनु;—lay **ना.** (केही माथि राखिने) वस्तु, ज० कि सिरानी, टेबलपोश इ.; **क्रि.** खाप्नु, खप्टिनु;—load **क्रि.** अतिभार ग्रस्त हुनु;—look **क्रि.** माथिबाट हेर्नु, आँखा चिम्लनु, क्षमा गर्नु, हेप्नु;—lord **ना.** सर्वोच्च प्रभु, राजा;—much **वि.**, **ना.** र **क्रि. वि.** ज्यादा, ज्यास्ता, चाहिनेभन्दा ज्यादती, बढता;—night **क्रि. वि.** रातभरि, अघिल्लो राति;—plus **ना.** बढी, छेलोखेलो;—power **क्रि.** जित्नु, हराउनु, पछार्नु;—proof **वि.** 'प्रूफ' भन्दा बढी मद्यसार भएको, अति प्रमाण;–rate **क्रि.** बढी मूल्य, प्रशंसा, गर्नु;—reach **क्रि.** ठग्नु, छल्नु;—ripe **वि.** छिप्पिएको;—rule **क्रि.** बदर गर्नु, खारिज गर्नु, अस्वीकार गर्नु, रोक्नु (उच्चाधिकारले);—sea (s) **वि.** समुद्रपार;—see **क्रि.** निरीक्षण गर्नु, निगरानी गर्नु, हेर्नु;—seer **ना.** अधिदर्शक, ओभरसियर;—shadow **क्रि.** छेक्नु, छाया पार्नु, ढाक्नु, फिका पार्नु;—shoe **ना.** जुत्तामाथि लाउने (रबर इ. को) जुत्ता;—shoot **क्रि.** निशान नघाउनु;—sight **ना.** दृष्टिप्रमाद, भूल, भ्रम, लापरवाही;—spread **क्रि.** छोप्नु, फैलाउनु;—stay **क्रि.** (आफ्नू स्वागतभन्दा) बढी बस्नु ;—step **क्रि.** (सीमाना) अतिक्रमण गर्नु, नाघ्नु;—subscribe **क्रि.** (खोजेको भन्दा) बढी पैसा दिनु, उठ्नु ।

Over-(ओ'भर्-)—tax **क्रि.** ज्यादा बोझ लाद्नु;—throw **ना.** हार, उच्छेद, (क्रिकेट) बललाई नरोक्ता बढी रन

हुने अवस्था;—time क्रि. वि. वढी समय, कामको नियमित अवधिवाहिर; ना. सो वढी अवधि;—top क्रि. अग्लो हुनु;—trump क्रि. ठूलो तुरूफ लाउनु;—turn क्रि. उल्टाउनु, पल्टाउनु, उभिण्डिनु;—weening वि. घमण्डी, वढता, टिमुरिएको, तुजुक भएको;—weight ना. ज्यादा गह्रौं, पाइनेभन्दा वढी तौल;—whelm क्रि. ढाक्नु, किच्नु, पेल्नु, डुवाउनु, भक्कान पार्नु, ध्वंस पार्नु;—whelming वि. संख्या, परिमाण इ. को कारणले दुर्धर, सामना गर्न नसकिने;—work ना. धपेडी;—zeal ना. वढता उत्साह ।

overall (ओ'भर्ऑल्) वि. सामूहिक, सर्वोपरि, गोस्वारा, एकमुष्ट, जम्वा;—s ना. मजदूरले वा अरूले काम गर्दा लाउने पतलून वा लुगाको जोर; सवैभन्दा वाहिर लाउने जीउभरिको लुगा, वरसादी ।

overleaf (ओभर्लीफ्') क्रि. वि. (पुस्तकको) पत्रको उतापट्टि ।

overly (ओ'भर्लि) वि. (वो. चा.) ज्यादा, अति, विछट्ट ।

overnice (ओ'भर्नाइस्) वि. ज्यादा सोफियाना, नाटीकुटी गर्ने ।

overpleased (ओ'भर्प्लीज्ड्) वि. दङ्गदास ।

override (ओभर्राइड्') क्रि. अस्वीकार गर्नु, वदर गर्नु, (उच्च अधिकारीले) रोक्का गर्नु, वदर गर्नु ।

overripe (ओभर्राइप्') वि. छिप्पिएको ।

overrun (ओभर्रन्') क्रि. वाढी आउनु, (दुश्मनको देश) ध्वंस पार्नु, (कीरा घाँस इ.) फैलिनु, ढाक्नु ।

oversleep (ओभर्स्लीप्') क्रि. वढता सुत्नु, निदाउनु ।

overt (ओ'भर्ट) वि. खुलस्त, स्फुट, व्यक्त, प्रत्यक्ष, नलुकाएर ।

overtake (ओभर्टेक्') क्रि. उछिन्नु, टप्नु, टप्कनु, छेकारो हाल्नु, नाघ्नु, टप्काउनु, अगाउनु ।

overtone (ओ'भर्टोन्) ना. अनुरणन ।

overture (ओ'भर्च्योर्,—चर्) ना. प्रस्तावना, प्रारम्भिक संगीत; प्रावेशन, उपाकरण ।

overturn (ओभर्टर्न्') क्रि. पल्टाउनु, घोप्ट्याउनु, पोखिनु, घप्लक्क हुनु, गुल्टिनु; ना. उलटफेर, उलटपलट ।

overwise (ओ'भर्वाइज्) वि. वुज्रुग, ज्यादा पण्डित ।

overwork (ओ'भर्वर्क्) क्रि. र ना. ज्यादा काम गर्नु, वढता मेहनत गर्नु, अत्यायास गर्नु; ना. अति क्लेश ।

overwrought (ओभर्रॅट्) वि. उत्तेजित, उत्तेजनाको प्रतिक्रिया अनुभव गर्ने, अति ठाठको ।

Ovidian (अभि'डिअन्) वि. ल्याटिन कवि ओभिडको ।

oviform (ओ'भिफअर्म्) वि. अण्डाकार, कोशाकार ।

ovine (ओ'भाइन्) वि. वाखाको, जस्तो ।

oviparous (ओभि'प्यारस्) वि. अण्डज, द्विज, अण्डोत्पन्न ।

ovoid (ओ'भायड्) वि. र ना. ठोसमा वा सतह मात्रमा अण्डाकार ।

ovule (ओ'भ्युल्) ना. मौलिक वीज, स्त्री कीटाणु कोष, निषेचन नभएको अण्ड, डिम्व ।

ovum (ओ'भम्) ना. (व. व. ova) पशुमा स्त्री कीटाणु, डिम्व, पुरुष धातुवाट निषेचन भएपछि जीव वन्न सक्ने ।

ow (आउ !) वि. वो. ओह ! अँ ! ऐय्या ! (पीडाको वोली) ।

owe (ओ) क्रि. ऋणी हुनु, ऋणवद्ध हुनु, आभारित हुनु ।

Owenism (ओ'वेनिज़्म्) ना. रवर्ट ओवेनले समर्थन गरेको साम्यवादी सहयोग ।

owing (ओ'इङ्) वि. देय, दातव्य, जात, कारण, हेतु; कारणले, वदौलतले (to सँग) ।

owl (आउल्) ना. लाटोकोसेरो, उल्लू, कौशिक, हुचील, हुचील चरा, भुल्को;—et ना. उल्लूको वच्चा ।

own (ओन्) वि. र क्रि. आफ्नू, निजी, नैज, एकाउदर, स्वकीय, आत्मीय, साखै, अमानत; क्रि. उपभोग गर्नु, राख्नु, स्वामीहुनु, स्वामित्व गर्नु;—er ना. मालधनी, धनी, स्वामी;—ership ना. स्वामित्व, सत्व, प्रभुत्व; sole—ership ना. एकलौटी ।

ox (ॲक्स्) ना. (व. व. oxen) साँढे, गोरू ।

oxalic (ॲक्ज्या'लिक्) वि. (र०) अक्ज्यालिक (खा० ग० अम्ल) ।

Oxbridge (ऑक्स्'ब्रिज्) ना. Ox (ford) र (Cam) bridge को नाउँको टुक्रा जोरेर वनाएको पुरातन स्थापित्व भएको विश्वविद्यालयको काल्पनिक नाउँ ।

Oxford (ऑक्स्'फर्ड) ना. विलायतको विश्वविद्यालय रहेको शहर;—bags हाल्र्याङ्गे पतलून;—blue प्याजी झलक भएको गाढा नीलो ।

oxidate (ऑ'क्सिडेट्) क्रि. जारण, आतंचन ।

oxide (ऑ'क्साइड्) ना. कुनै तत्वको अक्सिजनसँगको मिश्रणले वनेको द्रव्य ।

oxidize (ऑ'क्सिडाइज़्) क्रि. अक्सिजनसँग मिल्न लगाउनु; (धातुलाई) अक्साइडको पत्रले छोप्नु, खिया लाग्नु; अक्सिजन लिनु या सोसँग मिसिनु;—ed silver सिल्भर सल्फाइडको कालो तह भएको चाँदी (को अशुद्ध नाम) ।

Oxonian (अक्सो'निअन्) वि. र ना. अक्सफर्ड विश्वविद्यालयको सदस्य, स्नातक ।

oxter (ऑक्स्'टर्) ना. र क्रि. काखो, पाखुराको भित्री खण्ड; क्रि. हात समातेर थाम्नु, काखो च्याप्नु ।

oxy—acetylene (ॲक्सिअसे'टिलीन्) ना. अक्सिजन र एसिटिलीनको मिश्रण;— acetylene blowpipe अत्यन्त तातो ज्वाला उत्पन्न गर्ने फुकनी ।

oxygen (ऑ'क्सिजिन्) ना. प्राणवायु, अक्सिजन;—ate क्रि. अक्सिजन दिनु, भर्नु, मिसाउनु, सासद्वारा (रगतलाई) अक्सिजन दिनु ।

oxymel (ऑ'क्सिमेल्) ना. मह र सिरका मिसाएर वनाएको चासनी ।

oxymoron (ऑक्सिमो'रन्) ना. देख्दा विरोधी भावको संगति भएको अलङ्कार ।

oxytone (ऑ'क्सिटोन्) **ना.** (ग्री० व्या०) अन्ताक्षरमा झोक्का पर्ने (शब्द)।

oyer (ऑ'यर्) **ना.** फौजदारी मामलाको प्रकार ।

oyez, oyes, o yes (ओयेज़्', ओयेस्) **वि. बो.** सार्वजनिक कट्टवाल वा अदालतको अर्दली वा अन्य कुनै अहलकारले शान्ति र ध्यानको लागि तीन पटक कराउने बोली ।

oyster (ऑय'स्टर्) **ना.** सिपी, शुक्ति, मुक्तास्फोट; पुष्टिका, शुक्तिका; शुक्तवधू, शुक्तपुट ।

ozocerite, ozokerit (अज़ॅ'सराइट्, अज़ॅ'करिट्) **ना.** शिलाभव मैन जस्तो खोटो ।

ozone (ओ'ज़ोन्) **ना.** ओजोन, अक्सिजन (प्राणवायु) को पिरो गन्ध र स्वाद भएको ठोस रूप ।

P

P, p (पि) (व. व. Ps, P's) ; Mind one's P's Q's आचरणबारे सावधान रहनु ।

pa (पा) **ना.** (बो. चा.) papa को छो. क. वा; माओरी गाउँ (न्यूजील्याडमा)।

pabulum (प्या'ब्युलम्) **ना.** खाद्य (धे. ज. अलं. ज. कि mental—) (ल्या०)।

pace (पेस्) **ना.** र **क्रि.** पाइला, कदम ; **क्रि.** पाइला चाल्नु, बिस्तारै हिंड्नु ; put (......) through his—s कार्यद्वारा कसैको सीप जाँच्नु ; keep—बराबर भएर अघि सर्नु ; go the—ठूलो वेगसँग जानु ;—-maker **ना.** दौड इ० मा चाल देखाउने घोडचढी, दौडने, इ० ।

pace (पे'सि) **उ.** पूरा खातिरसहित, ज. कि—Smith स्मिथ को पूरा खातिरसाथ ।

pachyderm (प्या'किडर्म्) **ना.** मोटो, बाक्लो, छाला भएको चारखुट्टे जन्तु ; (अलं०) भावनारहित व्यक्ति ।

pacific (पसी'फिक्) **वि.** र **ना.** शान्त. प्रशमशील ; the P—Ocean प्रशान्त महासागर ।

pacification (प्यासिफिके'श्न्) **ना.** शम, शमन, शान्ति, शमीकरण, शान्ति सन्धि ।

pacificism, pacifism (पसि'फिसिज़्म्, प्या'सिफिज़्म्) **ना.** शान्तिवाद, युद्धको रोक्का सम्भव र वान्छनीय छ भन्ने सिद्धान्त ।

pacify (प्या'सिफाइ) **क्रि.** शान्त गर्नु, शमन गर्नु, साम्य गर्नु, थामपुर पार्नु ।

pack (प्याक्) **ना.** र **क्रि.** गठरो, कुम्लो, पोको, थुप्रो, टोली, (ताशको) ठेली, समुद्रमा हिउँको बड़े बड़े टुक्रा ; **क्रि.** खाँदिनु, खाँद्नु, हुल्नु, कोच्नु, प्याक गर्नु, आफ्नू सामान लिएर जानु ; —-drill सैनिक सजाय, जसमा पूरा सरसामान बोकेर यताउति हिंडिरहनुपर्छ ; —-horse लदनी घोडा, लादको घोडा, लट्टू घोडा ; —thread **ना.** बलियो धागो, सुतरी ।

package (प्या'कज्) **ना.** गठरो, पोको, मुठ्ठरो, पोटलिका; —deal फाप अफाप सबै मान्नुपर्ने शर्तसहितको समझौता ।

packer (प्या'कर) **ना.** मासु, फलफूल, इ० बजार पठाउन प्याक गर्ने; प्याक गर्ने यन्त्र; पुलिन्दाकार ।

packet (प्या'किट्) **ना.** मुठ्ठरो, पुलिन्दा, पोटलिका, पोको, (अप०) जूवामा जित-हार भएको ठूलो रकम, नाफा,— (—boat) **ना.** डाँक जहाज ।

packing (प्या'किङ्) **ना.** प्याक गर्दा (फुट्ने माल इ० लाई) आड दिने पराल, कागतका टुक्रा, इ० ।

pact (प्याक्ट्) **ना.** मन्जूरी, नियम, समझौता, ठेक्का ।

pad (प्याड्) **ना.** र **क्रि.** (—dd—) (अप०) सडक, बाटो; गद्दा, अस्तर, (अङ्ग खा. ग. गोडा, इ०) रक्षक (क्रिकेटमा); कागतको ताउ राख्न हुने सोस्ता इ० को सानू पुस्तक, (चिट्ठी) लेख्ने कागत छेउमा सिएको वा टाँसेको गड्डी, पंजा, पौंजा; **क्रि.** पैदल हिंड्नु, खाँद्नु, अस्तर हाल्नु; gentleman, knight, of the—लुटेरा, डाँकू;—ded cell पागलखानामा गद्दा टाँगेको भित्ता भएको कोठा;—ding **ना.** गद्दा, अस्तर, (स्थान भर्ने उद्देश्यले लेखिएको) बढी शब्द, पुनरुक्तता ।

paddle (प्या'डल्) **ना.** र **क्रि.** नौदण्ड, बहना, डाँड, डाँडी; **क्रि.** ख्याउनु, नाउ चलाउनु; पानीमा खुट्टा डुबाएर खेल्नु ।

paddock (प्या'डक्) **ना.** तबेलासँग जोरिएको सानू चौर, घोडदौडको अखाडानेर घोडा जम्बा गर्ने चौर ।

Paddy (प्या'डि) **ना.** आयरल्याण्डको निवासीलाई बोलाउने नाम ।

paddy (प्या'डि) **ना.** धान, (बो. चा.);—वा paddy-whack **ना.** झोक, अचानकको जङ्ग ।

padlock (प्याड्'लॅक्) **ना.** र **क्रि.** ताल्चा, ताका; **क्रि.** ताल्चा मार्नु, बन्द गर्नु ।

padouk (पाडाउक्') **ना.** काठ, टिम्बा (बर्मीभाषा)।

padre (पा'ड्रे) **ना.** (बो. चा.) पादरी ।

padrone (पाड्रो'नि) **ना.** व्यापारी जहाजको कपतान, संगीत टोली, मूराहरूको माग्ने टोली, को मालिक; इटलीको सरायखानाको मालिक (इटा.)।

paduasoy (प्या'ड्यु असॉय) **ना.** रेशमी कपडाको किसिम ।

padval (पड्'वल्) **ना.** परवर ।

paean (पी'अन्) **ना.** जय शब्द, स्तुति, जयघोष ।

paeder/asty, ped— (पी'डर्‍यास्टि) **ना.** लडकासँग पुरुष मैथुन;—ast ना. पुरुषमेही, गुद-मैथुनकर्ता ।

paed/iatrics (पीडिअ'ट्रिक्स्) **ना.** शैशव र शिशुरोगसम्बन्धी भैषज्य शास्त्रको शाखा, बालकको अध्ययन;—ic **वि.** बालरोगसम्बन्धी;—iatrician (पीडिअट्रि'श्न्),—iatrist **ना.** बालचिकित्सक ।

paeon (पी'अन्) **ना.** ग्रीक छन्दको प्रकार।

pagan (पे'गन्) **ना.** र **वि.** विधर्मी, (क्रिस्तानी) धर्मबाहिरको व्यक्ति, मूर्ख।

page (पेज्) **ना.** र **क्रि.** पत्र, पातो, पाना, पेज, पृष्ठ; वैठके, भृत्य, ठिटो; **क्रि.** ठिटोद्वारा बोलाउनु, (पुस्तकमा) पत्रसंख्या हाल्नु।

pageant (प्या'जण्ट्) **ना.** आडम्बर, कौतुक, तमाशा, भडक, शानदार जुलूस, खुलामा प्रदर्शन गरिएको नाटकीय खेल, रूपक, निरर्थक वा खल्लो तमाशा।

pageantry (प्या'जन्ट्रि) **ना.** उन्नत, शानदार प्रदर्शन; निरर्थक आडम्बर।

Pagett M. P. (प्या'जेट् एम्. पी.) **ना.** थोरै समयमा कुनै देशको बारेमा सब बुझें भनी गुड्डी हाँक्ने यात्री।

paginal (प्या'जिनल्) **वि.** पृष्ठको, पत्र पत्र गरी।

paginate (प्या'जिने'ट्) **क्रि.** पत्रसंख्या हाल्नु, संख्या हाल्नु।

pagoda (पगो'डा) **ना.** देवालय, खा. ग. बुर्जा भएको, अग्लो लाम्चो भवन।

pah (पा) **वि. बो.** छिः ! (घीन) जनाउने उच्चारण।

paid (पेड्) **क्रि.** (भू. का.) र **वि.** दियो, तिर्‍यो; **वि.** भुक्तान; —up **वि.** भुक्तान, चुक्ता।

pail (पेल्) **ना.** बाल्टी, गबुआ, ठेको, ठेकी, चौठी सिङमाङ, भाण्ड, पात्र।

paillasse, palliasse (प्याल्यास्',वा प्याल्'यस्) **ना.** (परालको) डसना, चारपाटे।

paillette (प्याल्येट्') **ना.** एनामेल रोगन लाउँदा व्यवहार हुने उज्यालो धातु।

pain (पेन्) **ना.** र **क्रि.** व्यथा. वेथा, मर्म, आघात, धामा, धौ, कष्ट, पीडा, कैंडा, यातना, वह, क्लेश, सन्ताप, बाधा, सजाय; **क्रि.** दुःख दिनु, दुख्नु, पीडा दिनु, चित्त दुखाउनु; take—s मेहनत गर्नु; on—of death मृत्युदण्ड हुने गरी ;— - killer **ना.** पीडानाशक;—staking **वि.** मेहनती, सावधान, होशियार, धुइँधुइँतीसँग, कष्टसाथ;—ful **वि.** कष्टप्रद;—fully **क्रि. वि.** कर्नाकुथी, मेहनतसाथ;—s **ना.** कष्ट, कहर, भुटो, व्यथा, वेथा।

paint (पेण्ट) **ना.** र **क्रि.** रंग, रोगन, लेप, फा, लाली; **क्रि.** चित्र लेख्नु, रंग लाउनु, वर्णन गर्नु फा,इ० (मुखमा) लाउनु; luminous—(फस्फोरस परेको) राती टल्कने रङ्ग;—brush कुचो, कूची;—the town red **क्रि.** उपद्रवले होहल्ला गराउनु; —ed **वि.** चित्रलिखित, चित्रग, चित्रगत, चित्रन्यस्त, चित्रभूत।

painter (पे'ण्टर्) **ना.** चित्रकार, चित्रकारी; जहाज बाँध्ने डोरी; cut the—छुट्टिनु।

painting (पे'ण्टिङ) **ना.** चित्र, चित्रपट, तसवीर, चित्राकृति, आलेख्य; चित्र विद्या, चित्र क्रिया, चित्रकारी, रञ्जनकला।

painty (पे'ण्टि) **वि.** रंगको, रंग ज्यादा भएको (चित्र), रंगीरंगको।

pair (पेअर्) **ना.** र **क्रि.** जोडा, युगल, युग्मक, दोकला, द्वन्द, दम्पती, मिथुन, (जोडा लाएको) पशु वा चराको जोडी; **क्रि.** जोडा लाउनु, जोडा मिलाउनु, प्रेम वा विवाहले जोरिनु, जोडा खानु (पशुले), (बो. चा.) बिहे गर्नु।

pal (प्याल्) **ना.** र **क्रि.** (अप०) साथी, दौंतरी; **क्रि.** सँग गर्नु।

palace (प्या'लेस्) **ना.** दरबार, प्रासाद, राजभवन, हवेली।

paladin (प्या'लडिन्) **ना.** फ्रान्सका (पहिलेका) बादशाह शार्लमेनका बाह वीरहरूमध्येको एक, पहलवान, रक्षक, विजेता।

paleolithic (प्यालीओलि'थिक्) **वि.** आद्य प्रस्तर औजारहरूको व्यवहारले अंकित गर्ने (युग)।

palaestra, pales— (पलीस्'ट्रा) **ना.** (कुश्तीको) अखडा, कसरतघर।

palafitte (प्या'लफिट्) **ना.** पोखरीमा गाडेको लट्ठामाथि बनेको पूर्व ऐतिहासिक झुप्रो।

palanquin (—nkeen) (प्यालन्क्विन्'), **ना.** म्याना, पालकी, विलिङकाठ, तामदान, कार्पेट, डोली।

palatable (प्या'लेटेब्ल्) **वि.** सुस्वादु, स्वादिलो, (अलं०) मन पर्ने, रुच्ने, रुचिकर।

pala/te (प्या'लट्) **ना.** च्यापु, तालु; शु'डिका, स्वादको इन्द्रिय; bony or hard—च्यापुको अग्रभाग; soft—ऐ० को पृष्ठभाग;—tal **वि.** तालव्य।

palatial (पले'शल्) **वि.** राजप्रासाद सदृश, भव्य।

palati/ne (प्या'लटिन्) **वि.** र **ना.** राज्याधिकार उपभोग गर्ने सामन्त; उसको क्षेत्र; तालव्य; **ना.** (ब. व.) च्यापुका दुई हाड; —nate **ना.**—को क्षेत्र, पुरानू जर्मन साम्राज्यको एक अंग; (डरम विश्वविद्यालयमा) हलका कलेजी रंग।

palaver (पला'भर्) **ना.** र **क्रि**, सम्मेलन; विस्तृत वाद विवाद, खा. ग. व्यापारीहरूमा; बकबक, छल, (अप०) व्यापार, कामकाज; **क्रि.** बकबक गर्नु, पुलस्त्याइँ लाउनु, ठग्नु।

pale (पेल्) **ना.**, **वि.** र **क्रि.** कप्टेरो, शंकु, (बारको) किल्ला; सीमा, खा. ग. (अलं०) within, beyond, the—सीमाभित्र, बाहिर; **वि.** पाण्डु, नीरक्त, फीका, फुङ्ग उडेको;—face **ना.** गोरा (अमरिकन इण्डियनले योरपीयलाई दिएको अनुमानित) नाम; **क्रि.** पहेंलो हुनु, (डर, लाज इ० ले) सेतो हुनु, पहेंल्याउनु, नीलो कालो हुनु।

paled (पेल्ड्) **वि.** बार, किल्ला, खुँटा, भएको।

paletot (प्या'लटो) **ना.** पुरुष अथवा स्त्रीको खुकुलो केप, बाहिरी लुगा।

palette (प्या'लिट्) **ना.** रंगसाज, चित्रकारको रंग मिसाउने सानू पाटी; चित्रफलक।

palfrey (पॉ–प्या'ल्फ्रे) **ना.** (आ० क०) विशेष गरो स्त्रीजातिलाई चढ्नाको लागि काठी कसेको घोडा।

palimpsest (प्या'लिम्प्सेस्ट्) **ना.** र **वि.** लेख्ने सामग्री, हस्तलिखित पुस्तक, जसको आद्य लेख मेटी नयाँ लेखको लागि ठीक गरिएको छ; **वि.** (बेठीक) स्मारकको लिखित धातुको पातो पल्टाएर आर्कोपट्टि खोदिएको; त्यसरी चलन गरिएको।

palindrome (प्या'लिन्ड्रोम्) **ना.** र **वि.** (शब्द, श्लोक,

इ०) जो अगाडि पछाडि जताबाट पढे पनि एकै हुन्छ, ज. कि madam, radar जहाज; मुरजवन्ध ।

paling (पे'लिङ्) **ना.** कटेरोको बार; कप्टेरो ।

palingenesis (प्यालिन्जे'निसिस्) **ना.** पुनर्जन्म (अक्षरशः तथा अलं०), पुनरुत्थान; (प्रा० वि०) पुर्खेली स्वभावको जस्ताको तस्तो प्रत्युत्पत्ति ।

palinode (प्या'लिनोड्) **ना.** पहिलेको कवितामा भनेको कुरा फिर्ता लिएको कविता, प्रत्याख्यान ।

palisade (प्यालिसेड्') **ना.** र **क्रि.** कटेरा वा फलामे डण्डाको वार; (सेना०) वलियो काठको वार; शंकुपंक्ति ।

palish (पे'लिश्) **वि.** केही पहेंलो, अलि अलि पहेंलो ।

pall (पॉल्) **ना.** र **क्रि.** कात्रो, कफन; (अलं०) जीउ ढाक्ने लामू वाहुलारहित कोट; **क्रि.** पट्टाइ लाग्नु, उच्चाट लाग्नु, वेस्वादको हुनु;—on अघाउनु;—bearer अन्त्येष्टि क्रियामा कफन उचाल्ने ।

Palladian (पले'डिअन्) **वि.** (भव.) इटलीको नव्य आर्ष ढाँचाको भवन निर्माण शैलीको ।

palladium (पले'डिअम्) **ना.** धातु तत्वको नाम, प्यालेडियम; रक्षा, रक्षक ढाल, रक्षा देवता ।

pallet (प्या'लिट्) **ना.** गुन्द्री, चकड़ी, पराले डसना; कुम्हालेको काठको वींडसहितको धार ।

palliate (प्या'लिएट्) **क्रि.** (रोग) शमन गर्नु, घटाउनु, क्षमा गर्नु, छूट दिनु ।

pallia/tive (प्या'लिएटिभ्) **वि.** शामक, शान्तिप्रद;–tion **ना.** शमन ।

pallid (प्या'लिड्) **वि.** पांडुता, पहेंलो ।

pall-mall (पेल्'मेल्) **ना.** लामू सोतोमा झुण्डाएको फलामे साइमुन्द्रो वा चक्कीवाट वल छिराउने खेल; P—M लण्डनको एक प्रसिद्ध सडक जसमा धेरै गोष्ठी, क्लब रहेका छन् ।

pallor (प्या'लर्) **ना.** पहेंलोपन, सेतोपन (ल्या०) ।

pally (प्या'लि) **वि.** (वो० चा०) दोस्ती भावको, मेल गर्ने ।

palm (पाम्) **ना.** र **क्रि.** चपेटा, हत्केला, हर्थुङ्गो, पंजा, लबटो, डुँडुलो, हस्ततल, करतल; ताल, ताड़ी, विजयचिन्ह, उत्कृष्ट श्रेष्ठत्व, यसको पुरस्कार; **क्रि.** ठग्नु, छलले भिडाउनु, ताश, पासा, हातमा लुकाउनु; हत्केलाले छुनु, घूस ख्वाउनु; grease (one's)—घूस दिनु;— -oil **ना.** ताडीको तेल, घूस, रिश्वत; —leaf **ना.** भूर्जपत्र ।

Palma Christi (प्या'ल्मा क्रिस्'टि) **ना.** अँडीरको बोट; एरण्डको बोट ।

palmar (प्या'ल्मार्) **वि.** हत्केलाको, मा;—y **वि.** ताल लिने, सर्वश्रेष्ठ, उत्कृष्ट, खा० ग०—emendation ग्रन्थमा पाठको संशोधन ।

palmate,—ated (प्या'ल्मेट्) **वि.** हत्केलाको आकारको ।

palmer (पा'मर्) **ना.** ताडपत्र लिएर पुण्यभूमिबाट फर्कने जात्रु; भिखमङ्गा; झुसिल्कीरोको प्रकार ।

palmetto (प्याल्मे'टो) **ना.** सानू ताडको जात, खा० ग० पुड्के ताड ।

palmiped.—pede (प्या'ल्मिपेड्, प्या'ल्मिपीड्) **ना.** जालपाद चरो, खुट्टामा जालो भएको चरो ।

palmistry (पा'मिस्ट्रि) **ना.** सामुद्र विद्या, हात हेर्ने विद्या, हस्तरेखा शास्त्र ।

palmy (पा'मि) **वि.** ताडको रूख भएको, विजयी, समृद्धिशाली, खा० ग०—days मा ।

palmyra (प्याल्माइ'रा) **ना.** ताड, ताल ।

palp, palpus (प्याल्प् प्या'ल्पस्) **ना.** (व. व.—pi) कीरामा रहने जोर्नी भएको इन्द्रिय, अवयव, छाम्ने ।

palpable (प्याल्'पब्ल्) **वि.** स्पर्शज्ञेय, स्पृश्य, छोइने, इन्द्रिय वा मनले देखिने ।

palpate (प्याल्'पेट्) **क्रि.** छुनु, हातले छाम्नु, खा० ग० भैषज्य परीक्षा, जाँच, भा ।

palpebral (प्याल्'पिब्रल्) **वि.** पटलको ।

palpita/te (प्याल्'पिटेट्) **क्रि.** उर्लनु, स्पन्दन गर्नु, धडकिनु, काँप्नु (डर आनन्दले);—tion **ना.** स्फुरण, स्पन्दन, कम्पन, वेपन, स्वाँ स्वाँ (मुटुको), हृद्कम्प; स्फालन ।

palsgrave (पॉ'ल्स्ग्रेभ्) **ना.** palatine सामन्त ।

palstave (पॉ'ल्स्टेभ्) **ना.** बींडमा राखिने पत्थर वा काँसाको टुक्रा ।

palsy (पॉल्'जि) **ना.** र **क्रि.** पक्षवात, पक्षाघात, लकवा, (अलं:) अत्यन्त असहाय अवस्थाको कारण वा स्थिति; **क्रि.** पक्षाघात ग्रस्त हुनु (सा० अलं०) ।

palter (पॉ'ल्टर्) **क्रि.** कुरा निमोठ्नु, वाक्छल गर्नु, ढाँट्नु, मोलतोल गर्नु, खेलवाड गर्नु ।

paltry (पॉ'ल्ट्रि) **वि.** बेकामको, रद्दी, तुच्छ, नीच, हेय, बेमाथवर ।

paludal (प –, प्याल्यू'डल्) **वि.** धापको, दलदलको, औलो हुने ।

paly (पे'लि) **वि.** (कवि.) केही पहेंलो, रुग्ण ।

pam (प्याम्) **ना.** चीडको गुलाम (खा० ग० पाँच पत्ती नेपोलियन खेलमा) ।

pamelo (प्यामे'लो) **ना.** भोगटे ।

pampa (प्याम्'प) **ना.** (व० व०—az, as, उच्चा०–ज्) दक्षिण अमरिकामा एमेजन नदीको दक्षिणको वृक्षरहित मैदान ; —(s)–grass अमरिकाबाट ल्याइएको घाँसको किसिम ।

pamper (प्याम्'पर्) **क्रि.** पुलपुल्याउनु, कोच्नु, ढाडिनु, घिच्नु ; —ed menial अप्यायित नोकर ।

pampero (प्याम्पे'अ्र्ओ) **ना.** (व. व.—s) पहाड़बाट एटल्याण्टिक महासागरतिर बग्ने चिसो हावा (स्पे०) ।

pamhlet (प्याम्फ्'लिट्) **ना.** सा० नसिएको, चलेको कुनै रुचिकर विषयमा, गद्यमा रहेको सानु पुस्तक, पत्रिका, लघु पुस्तक ; —eer (–टिअर्) **ना.** र **क्रि.** पत्रिकाकार ; (विवादास्पद विषयमा) पत्रिका लेख्नु, प्रकाश गर्नु ।

pan (प्यान्) **ना.** कराही, करार्ई, पल्ला, तुलापट, तसला ;

(बो० चा०) कडासँग समालोचना गर्नु ;—cake **ना.** मालपुवा रोटी ;—out **क्रि.** (–nn–) सफल हुनु, काम बन्नु ; (हवाइजहाज बारे अप०) सोझै समतलमा ओर्लिनु ; P— ग्रीक देवता ; प्रकृतिको, पूर्व क्रिस्तानी वा अनैतिक जगतको आत्मा ।

pan (प्यान्) ग्री० सं० रूप—सर्व ;—African सम्पूर्ण अफ्रिकालीहरूको ;—-cosmism सर्व जगत्वाद—यही भौतिक जगत् मात्र नै छ भन्ने सिद्धान्त ;—-genesis **ना.** जीवको प्रत्येक अवयवको आफ्नै पुनर्जनन हुन्छ भन्ने सिद्धान्त ; सर्वजनन ;—German सर्वजर्मन ; —-Hellenism सर्व यूनान—सम्पूर्ण ग्रीकहरूको राजनैतिक संयोग ;—-Islam मुसलमान जगत्को संयोग ।

panacea (प्यानसी'आ) **ना.** त्रैलोक्य चिन्तामणि, सर्वौषधि, रामबाण ।

panache (पनाश्', पन्याश्') **ना.** कल्की, शिरपोशको माथिको रौं वा प्वाँखको झुप्पा ; (अलं०) रोब, धाक, रवाफ ।

panada (पना'ड) **ना.** पाउरोटी उमालेर लिटो पारेको; लिटो ।

Panama (प्यानमा') **ना.** सुकेको पातको बनेको गर्मीमा लाउने टोप ।

panchromatic (प्यान्क्रोम्या'टिक्) **वि.** (त०) सम्पूर्ण वर्णपट रंगहरूप्रति एक समान भावले सुग्राही ।

pancratic (प्यान्क्रया'टिक्) **वि.** कसरतको ; (चा० चक्षुपात्रको) विस्तीर्ण रूपले मिलाउन सकिने ।

pancratium (प्यान्क्रे'शिअम्) **ना.** (ग्री० प्राची० इ०) कुश्ती र मुक्कावाजी सम्मिलित कसरतको खेल ।

pancrea/s (प्यान्'क्रिअ्यास्) **ना.** क्लोम, पेटनिरको एक ग्रन्थि ;—tic juice सो ग्रन्थिबाट पक्वाशयमा जाने स्राव ;—tin **ना.** क्लोम स्रावको एक क्रियाशील तत्व, पशुको क्लोमबाट तयार गरिने पाचक सार ।

panda (प्यान्'ड) **ना.** सेतो कालो टाटे भालु जस्तो जानवर (भोटे) ।

pandemic (प्यान्डे'मिक्) **वि.** र **ना.** (रोग) सार्वजनिक, सार्वलौकिक ; **ना.** देश या संसारभरि फैलिएको (रोग) ।

pandemonium (प्यान्डिमो'निअम्) **ना.** राक्षसहरूको निवास, पिशाचवास ; कोलाहल वा गैरकानूनी उपद्रवको स्थान; अस्तव्यस्तता, गोलमाल ।

pander (प्यान्'डर्) **ना.** र **क्रि.** लमी, सुरतदूत, कुव्यसनमा सघाउने ; **क्रि.** सघाउनु (नीच वृत्ति वा कुकर्ममा), लमी बन्नु ।

pandora,—dore (प्यानडो'अर्,—डो'र) **ना.** तार भएको साजको प्रकार ।

Pandora's box (प्यान्डो'अराज् बॅक्स्) **ना.** असावधानीसँग खोलिंदा आशाबाहेक सबै दुर्व्यसनहरू उडेर निस्केको प्याण्डोराको बाकस (ग्रीक कथा) ।

pandour,—oor (प्यान्'डूर्) **ना.** लुटेरा र निर्दयी फौज ।

pane (पेन्) **ना.** झ्यालमा ऐनाको फल्क, ऐना, चारखाने बुट्टाको आयताकार भाग ।

pane (पेन्) **क्रि.** विभिन्न रंगका धर्सो जोरेर लुगा इ० बनाउनु ।

panegyr/ic (प्यानिजि'रिक्) **ना.** र **वि.** श्लाघामय संवाद, स्तुति ; **वि.** प्रशंसात्मक ;—ize (प्या'निजिराइज़्) **क्रि.** स्तुति गर्नु, प्रशंसामा बोल्नु, लेख्नु ;—-ist **ना.** प्रशंसक ।

panel (प्या'नेल्) **ना.** र **क्रि.** पाटी, फल्याक, पट्‌ट, सूची, फिरिस्त, काठीको किसिम, खापा, (लुगामा) आर्को रंगको टुक्रा, चौडाइभन्दा लमाइ बढी भएको तसवीर ; **क्रि.** ढोकामा फल्याक जड्नु, लुगामा आर्को रंगको टुक्रा हाल्नु ।

pang (प्याङ्) **ना.** चस्को, सोला, शूला, अचानक मानसिक पीड़ा ; बेथा, वह, दच्काइ (व० व०) उमर्का ।

panga (प्या'ङ्ग) **ना.** चुपी, गँडास (अफ्रिकाको) ।

pangolin (प्याङ्गो'लिन्) **ना.** कत्लावाल कमिला भक्षक (मलया) ।

panhandle (प्यान्'ह्याण्डल्) **ना.** र **क्रि.** देशको दुई राजनैतिक क्षेत्रबीचमा रहेको साँगुरो सोतो ; **क्रि.** (अप०) माग्नु, भीख माग्नु ।

panic (प्या'निक्) **ना.**, **वि.** र **क्रि.** अत्याहट, बिगबिगि, तरास, आतस, झस्को, त्रास; घाँसको किसिम; **वि.** (डरको) अति, ज्यादा, बढी; **क्रि.** आत्तिनु;—-monger **ना.** त्रास फैलाउने;—-struck **वि.** चिसो पसेको, त्रस्त, आत्तिएको ।

panicle (प्या'निक्ल्) **ना.** (व०) जौमा झैं संयुक्त फुलाइ ।

panification (प्यानिफिके'शन्) **ना.** (पाउ) रोटी बनाउने काम ।

panjandrum (प्यान्ज्यान्'ड्रम्) **ना.** अहंकारीको ठट्यौली दर्जा; दम्भी अधिकारी वा स्वाँगी ।

pannage (प्या'नज्) **ना.** सुँगूरको चरन (को हक, को लागिको दस्तूर); सुँगूरको खुराकलाई विभिन्न गेडा, बीउ, इ० ।

panne (प्यान्) **ना.** एक प्रकारको लामू भुत्ला भएको लुगा बनाउने कपडा ।

pannier (प्या'निअर्) **ना.** टोकरी, खा. ग. लादको पशुमा दुईतिर राख्ने जोडी भएको; आतुर सवारीमा राखिने ढकनादार टोकरी जसमा चिरफारको सरजाम ओखती राखेको हुन्छ; (स्त्रीको) लहँगा दोब्राएर कटिमा घुसारेको ।

pannikin (प्या'निकिन्) **ना.** मद्यपान गर्ने धातुको सानू भाँडो; त्यसमा रहेको माल ।

panoply (प्या'नप्लि) **ना.** कवचको पूरा सेट वा साज; (सा. अलं०) ।

panora/ma (प्यानोरा' (र्या) मा) **ना.** अविच्छिन्न चल्ने दृश्य, चारैतिरको खुला दृश्य, अन्तर्दृश्य खुलेर दर्शकको अगाडि क्रमले आउने तसवीर, विश्व दृश्य;—mic **वि.** विस्तीर्ण ।

panpipe (प्यान्'पाइप्) **ना.** नड श्रेणीबाट बनेको बाजा (फुक्ने) ।

pansy (प्यान्'जि) **ना.** जंगली तथा बगैंचामा फुल्ने अनेक रंगको फूल भएको बिरुवा, पुतलीफूल;—boy नारीवत् युवा, सम-

योनि मैथुन गर्ने ।

pant (प्याण्ट्) **क्रि.** र **ना.** हाँफ्नु, स्वाँ स्वाँ गर्नु, धकाउनु, सर्कनु, उत्कण्ठा गर्नु, जोरसित काँप्नु, स्पन्दन गर्नु, श्वास रोकी रोकी बोल्नु; **ना.** कम्पन, वल्कनु; प्याण्ट ।

Pantagruel (प्याण्टाग्रु'एल्) **ना.** न्यावलेको कथामा भद्दा र अशिष्ट हास्यरस भएको नायक प्याण्टाग्रुएल; p—ism चर्को भद्दा हास्यरस ।

pantalet (te) s (प्यान्टलेटस्) **ना.** (ब. व.) स्त्रीको कट्टु, साइकल चढ्दा लाउने निकर, इ० ।

pantaloon (प्यान्टालून्') **ना.** P—इटलीको हास्य नाटकमा प्याण्टालून लाउने पात्र; (अचेल) शानदार (केटाकेटीको लागि) नाटकीय खेलमा विदूषकको साथी; आधा सुरुवाल (ब्रीचेज) र लामू मोजा जोरिएको पोशाक, जसबाट अचेलको चुस्ता, प्याण्ट, को आविर्भाव भयो; चुस्ता, प्याण्ट, (मु० अमरिकन) ।

pantechnicon (प्यान्टेक्'निकन्) **ना.** सामान फर्निचर राख्ने भण्डार (शुरूमा बजारको नाम);—van सामान ओसार्ने ।

pantheism (प्यान्'थिइज़्म्) **ना.** वैश्वदेव मत, ईश्वर सबै र सबै ईश्वर भन्ने मत; सर्वव्याप्तिवाद ।

pantheon (प्यान्'थिअन्) **ना.** सम्पूर्ण देवदेवीलाई अर्पित मन्दिर, विश्वदेव कुल; रोमको वाटुलो मन्दिर; कुनै जातिको देवता समूह; यशस्वी व्यक्तिहरूको अवशेष या स्मारक राखिएको भवन; लण्डनमा प्रायः २०० वर्षअघि खोलिएको सार्वजनिक आमोद केन्द्र ।

panther (प्यान्'थर्) **ना.** चितुवा ।

panties (प्यान्'टीज्) **ना.** (ब. व.) (बो. चा.) केटाकेटीको जंघिया, स्त्रीको कसिएको कट्टु वा जाँघिया ।

pantile (प्यान्'टाइल्) **ना.** चौडाइपट्टि घुमाएर पोलिएको छानाको टाइल वा झिंगटी ।

pantisocracy (प्यान्टिसॅ'क्रेसि) **ना.** त्यो समुदाय जसमा सबै बराबर छन् र सब शासन गर्छन्, साम्यवाद ।

pantograph (प्यान्'टग्राफ्) **ना.** नक्शा इ० जुनसुकै परिमाणमा सार्ने यन्त्र ।

pantology (प्यान्टॅ'लजि) **ना.** विश्वज्ञान, सर्वज्ञान ।

pantomime (प्यान्'टमाइम्) **ना.** र **क्रि.** (ऐति०) रोमको मूकाभिनय; बडा दिनतिर प्रदर्शन हुने विशिष्ट प्रकारको कथामा आधारित नाटकीय अभिनय जसमा गाना, नाच, हँसी, दिल्लगी, ठट्टा, समयानुकूल आक्षेप र ठट्टा, रूपान्तर दृश्य र परिचित पात्रहरू रहन्छन्; शानदार खेल; नृत्य, मूकाभिनय; **क्रि.** हाव भाव कटाक्ष मात्रले भाव प्रकाश गर्नु, मूकाभिनय गर्नु ।

pantry (प्यान्'ट्रि) **ना.** जुठेल्नु, भण्डार ।

pants (प्याण्ट्स्) **ना.** (ब. व.) भित्री (कसिएको) सुरुवाल, (अमरिकन) चुस्ता, प्याण्ट ।

panzer (प्याण्ट्'सर्) **वि.** र **ना.** बख्तरबन्द, कवचयुक्त (फौज, टोली); (ब. व.) बख्तरबन्द फौज ।

pap (प्याप्) **ना.** स्त्रीको दूधको मण्टो, पुरुषको सोही अंग; (ब. व.) सँगसँगै रहेका चुच्चे चुचुरा; लिटो, (बालक र बिरामीलाई) नरम खाना, गिजोलेर डल्लो पारेको; मज्जा ।

papa (पपा') **ना.** बाबा (खा. ग. केटाकेटीले बाबुलाई सम्बोधन गर्ने बोली); बुवा ।

papacy (पे'पसि) **ना.** पोपको राज्यावधि, पोपीय पद्धति ।

papal (पे'पल्) **वि.** पोपको, पोपको पदबारे ।

papaverous (पपा'भेरस्) **वि.** पोस्ता, अफीम, को, वा सँग सम्बन्धित, वा जस्तो ।

papaw, pawpaw (पपॉ', पॉपॉ') **ना.** पपिता, मेवा (फल) ।

papaye (पपे'या, पपे') **ना.** पपिता ।

paper (पे'पर्) **ना.** र **क्रि.** कागत; (ब. व.) नाच इ. मा बेपैसाको प्रवेशपत्र; प्रश्नपत्र; प्रबन्ध, लेख, मिसिल; commit to—लेख्नु; put pen to—लेख्न थाल्नु;—money नोट;—war (fare) पुस्तक वा पर्चाद्वारा चलाइने;—bag cookery खाना प्लास्टिक ब्यागमा हालेर पकाउने तरकीब;—-chase **ना.** कागतका टुक्राहरूको चिन्ह लगाएको बाटोको दौड;—-hangings, wall-—भित्तामा टाँस्ने बुट्टादार कागत;—-knife **ना.** हस्तिहाड वा अन्य बींड भएको पुस्तकको पत्र काट्ने, चिट्ठी खोल्ने, चक्कू;—-mill **ना.** कागत कारखाना;—-weight कागत थिच्ने; **क्रि.** कागतले बेर्नु, भित्ता इ० सिंगार्नु, कागत दिनु, (अप०) नाचघर इ० बेपैसे टिकटद्वारा भर्नु;—s **ना.** कागजात, कागतपत्र ।

papier mach'e (प्या'प् म्या'शे) **ना.** कागतको मज्जा (डल्लो) जसलाई ढालेर बाकस, किस्ती, इ० बनाइन्छ (फ्रे०) ।

papilla (पपी'ला) **ना.** (ब. व.—ae) शरीरको भाग या अवयवमा रहेको सानू मण्टो जस्तो डल्लो; (व०) बिरुवामा सानू डल्लो ।

papist (पे'पिस्ट्) **ना.** पोपको आधिपत्यको समर्थक; (शत्रुता वा ठट्टामा) रोमन क्याथलिक सम्प्रदायको व्यक्ति ।

papoose (पपूस्') **ना.** सानू बालक (उत्तर अमरिकन इण्डियन बोली) ।

papoosh,—ouche (पपूश्') **ना.** पाउपोश, जुत्ता (फारसी) ।

pappus (प्या'पस्) **ना.** (व०) कुनै बिरुवाको फूलमा उम्रने रौं जस्तो वृद्धि ।

paprika (प्याप्'रिका) **ना.** रातो भिंडे खुर्सानी (हंगेरियन) ।

papula,—ule (प्या'प्युला) **ना.** (ब. व.—ae,—es) कोठी, (व०) बिरुवाको सानू डल्लो ।

papyraceous (प्यापिरे'शस्) **वि.** (प्रा० इ०) कागतको वस्तु स्वभावको, कागत जस्तो पातलो ।

papyrus (पपाइ'रस्) **ना.** जल बिरुवा जसबाट प्राचीन इजिप्शियनहरूले लेख्ने कागत बनाउँथे;—ri (ब. व.) सोमा लेखिएको ग्रन्थ ।

par (पाअर्) **ना.** बराबरी, बराबर स्थिति, समता, समभाव

(बो० चा०) प्यारा, लेख खण्ड; on a—with बराबरीमा; —of exchange स्वीकृत विनिमय दर; at—मुख मूल्यमा; above—लाभसहित; below—बट्टासहित; on a—value तुल्यार्घ;—rate सम दर; सालाखालामा; (गल्फ खेल) एक प्वालको लागि चाहिने आघात वा हनाइ ।

para (प्यारा-) **उ.**—अतिरिक्तको अर्थमा ग्रीकबाट आएको उपसर्ग; (गाईवस्तु) बेत, (स्त्रीजाति) बेत ।

parabasis (पऱ्या'बसिस्) **ना.** (ब. व.—bases) ग्रीक नाटकमा कविले सोझै दर्शकहरूलाई सम्बोधन गरेको गीत ।

parable (प्या'रब्ल्) **ना.** अर्तीकथा, कल्पित वृत्तान्त जसद्वारा नैतिक वा आध्यात्मिक शिक्षा दिइन्छ; रूपक, उखान, रहस्यमय भनाइ ।

parabo/la (पऱ्या'बला) **ना.** अनुवृत्त, परवलय;—lic अनुवृत्तको, जस्तो ।

parabolic (al) (प्यारबॉ'लिक (—ल्) **वि.** रूपकको रूपमा व्यक्त गरिएको, लाक्षणिक, दृष्टान्त रूप ।

paraboloid (पऱ्या'बलवायड्) **ना.** कुनै कुनै खण्डतल अनुवृत्ताकार भएको ठोस ।

parachronism (पऱ्या'क्रोनिज़्म्) **ना.** कालक्रममा अशुद्धि ।

parachut/e (प्या'रशूट्) **ना.** र **क्रि.** ऊँचाइ, खा. ग. विमानबाट सकुशल उत्रने छाता जस्तो यन्त्र, छाता;—flare निशाना क्षेत्रमाथि छाताद्वारा खसालिएको राँको;—mine छाता बम;—troops छाता फौज; **क्रि.** छाताबाट खसाल्नु, ओर्लनु;—ist छाता सिपाही ।

paraclete (प्या'रक्लीट्) **ना.** वक्ता, पक्ष समर्थक (दर्जा जनाउने) ।

parade (परेड्') **ना.** र **क्रि.** यात्रा, शोभा यात्रा, जुलूस, सैन्य यात्रा, कवाज, कवायत, (निरीक्षणको लागि) सेनाको जमघट; सार्वजनिक चोक वा टहल्ने विहार स्थल (धे० ज० सडकको नाम); **क्रि.** सेनाको जमघट गर्नु, सेना यात्रा गर्नु (सडकबाट), भडकसाथ जुलूसमा हिँड्नु; देखाउनु, आडम्बर गर्नु;—ground **ना.** टुँडिखेल ।

paradigm (प्या'रडिम्) **ना.** उदाहरण, नमूना, (खा. ग. नामको शब्दरूप, धातुको रूप, इ०) ।

paradise (प्या'रडाइस्) **ना.** स्वर्ग, इडेनको बगैंचा, परमानन्दको क्षेत्र, पशुहरू राखेको बाग, bird of—न्यूगिनीमा हुने बहुरंगी चरा; fool's—माया सुख; earthly—पार्थिव स्वर्ग, इडेन बाग ।

parados (प्या'रडॅस् वा—डो-) **ना.** गढबन्दी भएको ठाउँको पछाडि आक्रमण वा गोलाबारीबाट रक्षाको लागि उठाइएको डिस्को; त्यस्तै लडाईंको लामू साँगुरो खाई (ट्रेञ्च) को पछिको ।

paradox (प्या'रडॅक्स्) **ना.** स्वीकृत विचारको विरुद्ध मत वा वक्तव्य; देख्ता असंगत तर (गहिरिएर हेर्दा) वास्तवमा तथ्यमा आधारित वक्तव्य; आत्मविरोधी, यथार्थमा फजूल वक्तव्य; मनासीब वा सम्भव भन्ने पूर्व स्वीकृत मतिसँग विरोध खाने व्यक्ति वा वस्तु; असत्याभास, विरुद्ध मत ।

paradoxure (प्या'रडॅक्सोअर्) **ना.** लामू घुम्रेको पुच्छर भएको बिरालो सदृश पशु ।

paraffin (प्या'रफिन्) **ना.** र **क्रि.** मैन, मटितेल, मैनबत्ती बनाउने ठोस पदार्थ, प्याराफिन; **क्रि.** प्याराफिन हाल्नु वा दल्नु; liquid—गन्धरहित स्वादरहित मृदु विरेचक:—oil पेट्रोलियमको आसवनबाट प्राप्त हुने तेल (बाल्ना वा स्निग्धीकरणको लागि प्रयोग गरिने) ।

paragoge (प्यारगो'जि) **ना.** (व्या०) शब्दमा अक्षर वा वाक्यांशको थप ।

paragon (प्या'रगन्) **ना.** र **क्रि.** उत्कृष्टताको आदर्श, अति उत्तम व्यक्ति वा वस्तु; १०० क्यारेटभन्दा बढीको अत्युत्तम हीरा; **क्रि.** (क०) तुलना गर्नु ।

paragraph (प्या'रग्राफ्,—ग्याफ्) **ना.** र **क्रि.** अनुच्छेद, अनुवाक, खण्ड, भाग, प्रकरण, (चिह्न ¶); अखबारमा (विना शीर्षकको) समाचार; **क्रि.** कुनै व्यक्ति वा वस्तुको बारेमा एक प्यारा लेख्नु; ठूलो लेखलाई प्रकरण (प्याराग्राफ) मा विभक्त गरी मिलाउनु ।

paraguay (प्या'राग्वे, प्या'राग्वाइ) **ना.** साथी; (द० अमरिकाको देश र नदीको नाम) ।

paraheliotropism (प्यारहीलिऑ'ट्रपिज़्म्) **ना.** बिरुवाहरूमा पातहरूलाई प्रकाश किरणको आपतनसँग समानान्तर गरी फर्काउने प्रवृत्ति ।

parakeet, paroquet (प्या'रकीट्) **ना.** सानू (खा० ग० लामू पुच्छरे) सुगाको प्रकार ।

parakite (प्या'रकाइट्) **ना.** छाता झैं चल्ने चङ्गा ; वैज्ञानिक प्रयोजनको लागि विना पुच्छरको चङ्गा ।

paralipsis—leipsis (प्यारलिप्'सिस्) **ना.** जोरको निमित्त विषय उच्चारणसम्म नगर्ने छली आशय ।

parallax (प्या'रल्याक्स्) **ना.** लम्बन, च्युति ; पर्यवेक्षण विन्दुको अपसरणबाट वस्तुको कृत्रिम स्थानान्तरण ।

parallel (प्या'रलल्) **वि.**, **ना.** र **क्रि.** समानान्तर (रेखा), सदृश, एक रूप—(of latiltude) अक्षवृत्त ; (सेना०) आक्रमण भएको स्थानको समानान्तर खनिएको खाई ; अर्कोसँग एक रूप व्यक्ति वा वस्तु ; समानान्तर स्थिति ; तुलना दुई समानान्तर रेखा (‖) चिन्हको रूपमा ;—bars कसरतको लागि अडानमा जडिएका दुई समानान्तर डण्डा ;—ruler समानान्तर रेखा खिच्नालाई जोडिएका दुई रूल ; **क्रि.** तुलना गर्नु, एक समान गरी प्रदर्शन गर्नु, समानान्तर हुनु, अनुरूप हुनु ।

parallelepiped (प्यारलले'पिपेड्) **ना.** समान्तर चतुर्भुजले घेरेको ठोस, समान्तर खात ।

parallelism (प्या'रललिज़्म्) **ना.** समानांतर हुनु, साहित्य (खा० ग० यहूदी साहित्य) मा अनुक्रमिक वृत्तहरूमा एकरूपता व तुलना ।

parallelogram (प्यारले'लग्राम्) **ना.** समानान्तरिक, समान्तर चतुर्भुज;—of forces बल समानान्तरिक ।

paralogism (पऱ्या'लजिज़्म्) **ना.** अतार्किक युक्ति (जो

तर्कीलाई थाहा नहोस्); मिथ्या हेतु ।

paralyse (प्या'रलाइज़्) **क्रि.** निश्चल गराउनु, पक्षाघात हुनु, लकवाले मार्नु, जड गराउनु, स्तम्भन हुनु ।

para/lysis (पऱ्या'लिसिस्) **ना.** स्तम्भ, पक्षाघात, जाड्य, लकवा, पक्षपात; अति असहाय अवस्था; लिंडेरोग;—lytic (प्यारलि'टिक्) **ना.** स्तब्ध गात्र, पक्षवायुग्रस्त, लुलो, (अप.) पियक्कड, जँडयाहा ।

paramagnetic (प्यारम्याग्ने'टिक्) **वि.** चुम्बकका ध्रुवले तान्न सक्ने ।

paramatta (प्यारम्या'ट) ऊन र रेशम वा सूतको हलका लुगा हाल्ने कपडा, परमटा ।

parameter (पऱ्या'मिटर्) **ना.** (ग०) विचारणीय अवस्थामा स्थिर परिमाण, तर अन्य अवस्थामा परिवृत्तिशील; परामिति ।

paramilitary (परमि'लिटरि) **वि.** सैनिक फौजको दर्जा वा कर्तव्यको अधीनमा, मातहतमा, मन्तिर, रहने ।

paramo (प्या'रमो) **ना.** द० अमरिकाको अयन ।

paramount (प्या'रमाउण्ट्) **वि.** सर्वोच्च, प्रधानतम, उत्कृष्ट, अधीश्वर, सर्वोपरि ।

paramour (प्या'रमूर्) **ना.** (अलं) विवाहित पुरुष वा स्त्रीको अयोग्य साथी, जार, पररमण ।

parang (पा'ऱ्याङ्) **ना.** मलयाको गह्रौं बीँडसहितको छुरा, कर्द ।

paranoia,—noea (प्यारनी'अ) **ना.** वडप्पन, पीडन, इ. को मोहसहितको मानसिक रोग;—c **वि.** र **ना.** विक्षिप्त, मनरोगी ।

parapet (प्या'रपिट्) **ना.** कौसी, वार्दली, इ० को डील, प्राकार, पर्खाल ।

paraph (प्या'ऱ्याफ) **ना.** दस्तखतपछि लेखिने धर्को वा चिह्न (पहिले जालसाजीको बचावटको रूपमा) ।

paraphernalia (प्यारफअ्ने'लिअ) **ना.** (ब. व.) सामग्री, उपकरण, सरसामान, निजी मालताल ।

paraphrase (प्या'रफ्रेज़्) **ना.** र **क्रि.** लेखांशको व्याख्या वा शब्दान्तर; **क्रि.** अर्कै शब्दमा व्याख्या गर्नु ।

paraplegia (प्यारप्ली'जिअ) **ना.** तल्ला अवयवको पक्षाघात ।

parasang (प्या'रस्याङ्) **ना.** प्राचीन फारसी लमाइको नाप, अन्दाजी ३$\frac{१}{४}$ माइल ।

paraselene (प्यारसिली'न्) **ना** (ब. व.—ae) चन्द्रमाको तेजमंडलमा उज्यालो टाटो; छद्म चन्द्रमा, मिथ्या चन्द्र ।

parasite (प्या'रसाइट्) **ना.** पराश्रयी, परजीवी, भतुवा, चाटुकार, लतकम्पू, अनुगामी; भित्ता, पर्खाल, अर्को बिरुवा, इ० मा चढ्ने बिरुवा, लहरा ।

parasiticide (प्यारसि'टिसाइड्) **ना** पराश्रयी जीवनलाई मार्ने औपधि, पराश्रयीनाशक ।

parasitize (प्या'रसिटाइज़्) **क्रि.** पराश्रयी बनेर बस्नु ।

prrasol (प्यारसॅल्' वा प्या'रसॅल्) **ना.** (घाममा ओढ्ने) छाता, घाम छाता ।

parasynthesis (प्यारसिन्'थिसिस्) **ना.** (भा. वि.) यौगिकबाट उत्पत्ति ।

parataxis (प्यारट्या'क्सिस्) **ना.** (व्या०) वाक्यांशहरू इ० विना संयोजक एकपछि आर्को राख्नु ।

paratroops (प्या'रट्रूप्स्) **ना.** (ब. व.) छाताबाट ओर्लिने हावा मार्गबाट ओसारिने फौज ।

paratyphoid (प्यारटाइ'फ्वायड्) **ना.** टायफयड जस्तो, तर आर्कै कीटाणुद्वारा उठाइएको ज्वरको प्रकार ।

paravane (प्या'रभेन्) **ना.** पानीमन्तिर लुकाइएका माइन (विस्फोटक) हरूलाई बाँधेको डोरी वा सिक्रीलाई आफ्ना पंखाले काट्ने टरपिडोको आकारको हतियार ।

par avion (पाअ्र्‌ऽ्यभिआँ') वाक्य हवाइ डाँकबाट ।

parboil (पाअ्र्'बॉयल्) **क्रि.** आंशिक रूपमा उमाल्नु, क्वाथ बनाउनु ।

parbuckle (पाअ्र्'बक्ल्) **ना.** र **क्रि.** पीपा वा बाट्टलो वस्तुलाई उकाल्ने ओह्राल्ने डोरी ।

parcel (पाअ्र्'सल्) **ना.**, **क्रि.** (–ll–) र **क्रि. वि.** भाग, एकै मुट्ठरोमा बाँधेको माल, जमीन, खा. ग. ठूलो चक्लाको भाग; केही परिमाणमा ज. कि –blind, drunk;—gilt अंशमा गिल्टी गरेको; **क्रि.** अंशमा विभाजन गर्नु;—post पुलिन्दा हुलाक ।

parce/nary (पाअ्र्'सिनरि) **ना.** संयुक्त उत्तराधिकारीपन, अंशियार, दैयादार;—ner **ना.** संयुक्त उत्तराधिकारी, हकवाला ।

parch (पाअ्र्च्) **क्रि.** खँगार्नु, तातो र सुखा पार्नु; तातो र सुखा हुनु; सुक्नु, टट्टिनु;—ed **वि.** खंग्रङ्ग, भुटिएको, सुकेको ।

parchment (पाअ्र्च्'मेण्ट्) **ना.** लेखन वा चित्र लेख्नालाई तयार पारिएको भेडा, खसी, को छाला; चर्मपत्र, त्यस्तोमा लेखिएको ग्रन्थ; त्यस्तो छाला, खा. ग. कफीको बोक्रा ।

pard (पाअ्र्ड्) **ना.** (आ.) चितुवा; (अप.) साथी, भाइ ।

pardon (पाअ्र्'डन्) **ना.** र **क्रि.** क्षमा, (का.) अपराधको कानूनी परिणामको माफी; शिष्ट सहिष्णुता, खा. ग. I beg your –(नसुनेको, नबुझेको, कुरा काट्नुपर्दा, गरेको कामको लागि) क्षमायाचना; **क्रि.** क्षमा गर्नु, माफी गर्नु, विवेक राख्नु; —able **वि.** क्षम्य, क्षमायोग्य ।

pare (पे'अ्र्) **क्रि.** ताछ्नु, छिमल्नु, छाँट्नु काट्नु, घटाउनु, खौरनु ।

paregoric (प्यारिगॅ'रिक्) **वि.** र **ना.** —(elixir) शूल शामक रसायन, अफीम परेको औषधि ।

pareira (परे'अ्र्) **ना.** ब्रेजिलको एक बिरुवाको जरोबाट झिकेको द्रव्य,—पिशाबको रोग माप्रयोग हुने ।

parent (पे'अ्रेण्ट्) **ना.** आमाबाबु, पितामाता, दुवैमा कुनै एक ; अरूको उत्पत्ति भएको पशु वा बिरुवा ; our first—s आदम र ईभ ।

parentage (पे'अ्रे'न्टेज्) **ना.** कुल, वंश, उत्पत्ति ।

paren/thesis (पेरेन्'थिसिस्) **ना.** (व० व०—theses थिसीस्) विक्षिप्त वाक्य, प्रासंगिक वा अप्रधान वचन, बीचमा घुसाइएको वाक्य, जुन कोष्ट वा धर्कोले छुट्ट्याइएको हुन्छ ; लघु कोष्ट ( ); मध्यान्तर, विराम, विष्कंभक ;—thesize **क्रि.** प्रसंगमा घुसाउनु, कोष्ठभित्र राखेर छुट्ट्याउनु ;—thetic **वि.** प्रासंगित, निक्षिप्त; घुसाइएको ।

parergon (परेअ्र्'गॅन्) **ना.** (व० व०—erga) मुख्य पेशाभन्दा पृथक् आर्को सानू काम ।

paresis (प्या'रिसिस्) **ना.** (भै०) आंशिक पक्षाघात, जसमा पेशीको चालमा प्रभाव पर्छ, तर इन्द्रिय ज्ञान जस्ताको तस्तो रहन्छ ।

par excellence (पाअ्र् एक्'सेलँस्) **क्रि. वि.** उत्कृष्टताको कारणले सो भनिने सबभन्दा श्रेष्ठ, वा उन्नत ।

parget (पाअ्र्'जिट्) **क्रि.** र **ना.** भित्ता इ० मा प्लास्टर, लिउन, लाउनु; **ना.** प्लास्टर, लिउन ।

parhelion (पार्ही'लियन्) **ना.** सौर्य तेजमंडलको टाटो जहाँ प्रकाश तेजोवह हुन्छ, मिथ्या सूर्य, छद्म सूर्य ।

pariah (पा'अ्रिआ वा प्या'रिआ) **ना.** अछूत, पानी नचल्ने ;— -dog **ना.** भुस्याहा कुकुर ।

Parian (पे'अ्रिअन्) **वि.** सेतो संगमरमरका निम्ति प्रसिद्ध पारोस टापूको ।

parietal (पराइ'इटल्) **वि.** शरीरको बाह्य आवरणको अथवा यसको कुनै खोपिल्टाको;—bones (तालुको) पश्चादस्थि; (व०) खोक्रो रचनाको बाह्य भागको ।

pari mutuel (पारीम्यू'ट्यु एल्) **ना.** हार्नेहरूको बाजी जित्नेहरूले आपसमा बाँड्ने प्रकारको जूवा; (फ्रे०) ।

pari passu (पा'अ्राइप्या'स्यु) **क्रि. वि.** सँगसँगै र बराबरी साथ, बराबर पाइलाले (ल्या०) ।

Paris (प्य'रिस्, पारी') **ना.** फ्रान्सको राजधानी;—blue रंग;—green विषालु रासायनिक द्रव्य, रंग र कीटनाशक गरी प्रयोग हुने;—white सेतो मसिनो धूलो टल्काउनामा प्रयोग हुने ।

parish (प्या'रिश्) **ना.** जिल्ला (county) को एक भाग, जसको आफ्नै गिरजाघर र पादरी हुन्छ; पौरोहित्य प्रदेश; कुनै कुनै प्रशासनात्मक प्रयोजनको लागिको क्षेत्र; go on the—प्रादेशिक अनुदान प्राप्त गर्नु;—clerk गिरजाको अधिकारी;—council ग्रामीण क्षेत्रको प्रशासकीय संस्था;—register जन्म, विवाह, मृत्युको तालिका रहेको पुस्तक;—ioner सो क्षेत्रको वासिन्दा; टोले ।

Parisian (परि'झियन्) **वि.** प्यारिसको वासिन्दा ।

parity (प्या'रिटि) **ना.** बराबरी, समानता, सादृश्य, आर्को मुद्रामा मूल्यमा बराबरी ।

park (पाअ्र्क्) **ना.** उद्यान, बाग, पार्क; अडान, अडाउनु, (मोटर) राख्नु; (बो० चा०) जम्मा गर्नु र छोड्नु;—ing अडान; no—-ing अडान निषेध;—ing-meter मोटरको अडानको अवधिबमोजिम भाडा हाल्ने प्रबन्ध भएको मिटर, यन्त्र ।

parka (पाअ्र्'क) **ना.** एस्किमोहरूले लाउने काने टोपी समेत जडिएको छालाको ज्याकेट, वक्खु, कोट (एल्युशियन बोली) ।

Parkhurst (पाअ्र्क्'हअ्र्स्ट्) **ना.** अपराधीहरूको थुना, झ्यालखान (बिलायतमा) ।

Parkinsons' Law (पा'अ्र्किन्सन्स् लॉ) **ना.** काम पूरा गर्नालाई उपलब्ध अवधि भर्ने गरी काम बढ्दै जान्छ, औ कामको परिमाणको वास्ता नगरी मातहतमा कर्मचारीको संख्या एक निश्चित दरले बढ्दै जान्छ भन्ने पार्किन्सको सिद्धान्त ।

parky (पा'अ्र्कि) **वि.** (अप.) ठण्डा (हावा, बेहान, इ० बारे) ।

parlance (पाअ्र्'लन्स्) **ना.** बोलाइको ढाँचा, ज० कि in common, legal, etc; संलाप ।

Parlement (पा'अ्र्लमाँ) **ना.** (ऐति०) फ्रान्सको अदालत (फ्रे०) ।

Parlementaire (पाअ्र्लमाँटेअ्र्') **ना.** सन्धिको झण्डा वाहक (फ्रे०) ।

parlay (पार्लें') **क्रि.** (अप०) (कुरा) चर्काउनु, बढाउनु ।

parley (पाअ्र्'ले) **ना.** (व. व.—s) र **क्रि.** विवादास्पद विषयको छलफलको लागिको सम्मेलन, खा. ग. (सेना०) शर्तको छलफल ज० कि beat, sound, a—बिगुल वा ढोलको बोलीले डाक्नु; शर्त छलफल गर्नु (शत्रुसँग), बोल्नु (खा. ग, विदेशी भाषा) ।

parleyvoo (पाअ्र्लिभू') **ना.** र **क्रि.** (ठ०) फ्रेन्च, फ्रान्सिसी; **क्रि.** फ्रेन्च भाषामा बोल्नु ।

parliament (पाअ्र्'लमेण्ट्) **ना.** संसद्, राष्ट्रको सर्वोच्च प्रतिनिधि सभा;—arian (-ऌमेण्टे'रिअन्) संसदको काम र वाद-विवादमा निपुण, बिलायतमा राजा र संसद्को संघर्षमा संसदीय पक्ष लिने;—ary **वि.** संसदीय, (भाषा, बोलीको) संसदमा स्वीकार हुने योग्य, शिष्ट, भलाद्मी ।

parlour (पाअ्र्'लर्) **ना.** बैठक, संलाप कोठा;—car, coach राम्रो साज भएको रेलको डब्बा ;— -maid **ना.** कोठा-मोचे, केटी, बैठके (स्त्री) ।

parlous (पाअ्र्'लस्) **वि.** र **क्रि. वि.** (आ०, ठ०) खतरनाक, अँठ्याउन, सम्हाल्न मुश्किल पर्ने, अचम्मको चतुरो; **क्रि. वि.** ज्यादै ।

Parmesan (पाअ्र्मिज्यान्') **वि.** र **ना.** इटलीको पार्मा शहरमा बन्ने चीज ।

Parnassus (पाअ्र्न्या'सस्) **ना.** मध्य ग्रीसको पहाड जुन प्राचीन कालमा कलादेवी (म्यूजेज) को पुण्यभूमि मानिएको थियो ; कविता उब्जिने स्थल, कवि समाज ।

Parnellism (पाअ्र्'नलिज्म्) **ना.** आयरल्याण्डको लागि स्वशासनको नीति ।

parochial (परो'किअल्) **वि.** जिल्लाको, सानू क्षेत्रको ;—ism **ना.** संकीर्णता ।

parod/y (प्या'रडि) **क्रि.** र **ना.** कुनै लेखकको विशिष्ट गुण र

लक्षणहरूको नकलद्वारा हास्यास्पद गराउने गरी रचना गर्नु ; **ना.** त्यस्तो नकल, अनुकरण लेख वा काव्य ;—ist **ना.** नकल गर्ने, अनुकरण काव्यकर्त्ता ।

parole (परोल्') **ना.** र **क्रि.** (सेना०) गारद अफिसर र निरीक्षकहरूले मात्र प्रयोग गरिने संकेत शब्द, प्यारोल ; (ऐति०) कैदीले भाग्दिनँ भन्ने वचन दिनु, जमानी ।

paronomasia (प्यारनमे'जिय) **ना.** शब्दको खेल, श्लेष ।

parotid (पर'टिड्) **वि.** र **ना.** कर्णमूल, काननिर रहेको खा० ग०—gland (कानअगाडि रहेको ग्रन्थि) ;—duct (नली मुखमा खस्ने) ।

parotitis (प्यारटाइ'टिस्) **ना.** हाँडे ।

paroxysm (प्या'रॅक्सिज़्म्) **ना.** रोगको वेग, निस्लोट, (रिस, हाँसो इ० को) आवेग, रनाहा, अत्तालिएको अवस्था , आवेश, आक्रम; जुलूम ।

parquet (पाअ्र्'किट् पाअ्र्'के) **ना.** र **क्रि.** काठको चारकुने वा अन्य आकारका टुक्राहरूबाट विभिन्न बुट्टासाथ भुँमा काठ छाप्ने; **क्रि.** त्यसरी (कोठा) छाप्नु ।

parricide (प्या'रिसाइड्) **ना.** पितृघातक, मान्यजनघातक, देशद्रोही; यीमध्ये कुनै अपराध ।

parrot (प्या'रट्) **ना.** शुक, सुगा, आत्माराम, मैना, सारिका ।

parry (प्या'रि) **क्रि.** र **ना.** छेक्नु, हटाउनु (हतियार, मार, असजिलो प्रश्न, इ०); **ना.** छेक, रोकावट ।

parse (पाअ्र्स्, पाअ्र्ज्) **क्रि.** शब्दको वैयाकरणीय वर्णन गर्नु, पदच्छेद गर्नु, वाक्यलाई भागमा विभक्त गरी तिनको विश्लेषण गर्नु ।

parsec (पाअ्र्'सेक्) **ना.** अन्तर तारका दूरी नाप्ने एकांक ।

parsimony (पाअ्र्'सिमनि) **ना.** कन्जूसी, कमखर्ची, मितव्यय, बद्धमुष्टि, खिच्चूपना ।

parsley (पाअ्र्'स्ले) **ना.** अजमोदा, सागको प्रकार ।

parsnip (पाअ्र्'स्निप्) **ना.** चुकन्दर, त्यसको साग; fine words butter no–s मीठो कुरा मात्रले केही हुन्न ।

parson (पाअ्र्'सन) **ना.** पादरीको दर्जा विशेष;—age **ना.** निजको वासस्थान ।

part (पाअ्र्ट्) **ना.** र **क्रि.** अंश, भाग, खण्ड, अवयव, याम, भूमिका, अभिनय, ल्याकत, पक्ष, अङ्ग; **क्रि.** भाग लाउनु, कपाल कोर्नु, सिउँदो हाल्नु, विदा हुनु, साथ छोड्नु, (बो० चा०) दाम दिनु;—of speech पद प्रकार, वागंश; **क्रि. वि.** in—आंशिक रूपले; take—सरीक हुनु; form—of सामेल रहनु;—ly **क्रि. वि.** आंशिक रूपले भागको बारे ।

partake (पाअ्र्टेक्') **क्रि.** भाग लिनु, लिनु, खानु, (गुण इ०) हुनु;—er **ना.** साझेदार ।

parterre (पाअ्र्टेअ्र्') **ना.** बगैंचामा फूलको ब्याड भएको सम्म जग्गा, नाचघरमा संगीत टोली बस्ने अर्केस्ट्रापछाडि दर्शक बस्ने ठाउँको अंश (फ्रे०) ।

parthenogenesis (पाअ्र्थनोजे'निसिस्) **ना.** (प्रा० वि०) यौनिक संयोगविनाको प्रजनन ।

Parthian (पाअ्र्'थिअन्) **वि.** प्राचीन प० एशियाली राज्य पार्थियाको;—shaft, glance, shot बिदाइको क्षणको लागि राखिएको, जसबाट जवाफको मौका नरहोस् ।

parti (पाअ्र्टी') **ना.** वैवाहिक सम्बन्धको लागि मिल्ने, योग्य, संज्ञिएको व्यक्ति;—pris **ना.** पूर्व निर्धारित भावना, पक्षपात (फ्रे०) ।

partial (पाअ्र्'श्ल्) **वि.** पक्षपाती, अन्याययुक्त, ओड गर्ने; आंशिक;—eclipse खण्डग्रहण, खण्डग्रास;—ity (पाअ्र्शिअ्या'लिटि) **ना.** ओड, पक्षपात, साख, मरमुलाहिजा, पनपच्छे;—ly **क्रि. वि.** अंशतः ।

partible (पाअ्र्'टिबल्) **वि.** भागवण्डा गर्नै पर्ने वा सकिने (खा० ग० पैत्रिक सम्पत्ति) ।

particip/ate (पाअ्र्टि'सिपेट) **क्रि.** भाग लिनु, सामेल हुनु, अंश लिनु, साझा हुनु;—ant **ना.** साझादार, भागी, सहभागी, अंशी, हिस्सादार;—ation **ना.** बाँडफाँड, हिस्सादारी ।

participle (पाअ्र्'टिसिप्ल्) **ना.** कृदन्त ।

particle (पाअ्र्'टिक्ल्) **ना.** रेणु, कण, धूलो, अति क्षुद्र परिमाण, अव्यय ।

particoloured, party—(पाअ्र्'टिकलर्ड्) **वि.** बहुरंगा, केही अंश एक रंगको, केही आर्को रंगको ।

particular (पार्टि'क्युलर्) **वि.** र **ना.** खास, विशेष, अमुक्त, विशिष्ट, भिन्न, विस्तारपूर्वक; विवरण, दफा, फाँटवारी, बेहोरा, काम कुरा, पेटबोली; (ब. व.) विवरणसहितको वृत्तान्त;—ism मानिसमा कोही कोही मात्र मुक्तिलाभ गर्ने सिद्धान्त; साम्राज्यमा विभिन्न राज्यलाई राजनैतिक स्वतन्त्रता दिने नीति;—ize **क्रि.** निर्दिष्ट गर्नु, किट्नु, खुला, बयान गर्नु, खुल्याउनु ।

parting (पाअ्र्'टिङ) **ना.** विदाइ, बिदावारी, विछोड, विच्छेद; (कपाल कोर्दा) सिउँदो, सीमंत, सीमंत रचन;—of the ways दोबाटो, (अलं०) दुई वा बढी वस्तुहरूमध्ये छान्नुपर्ने स्थिति ।

partisan (पाअ्र्टिज़्यान्') **ना.** पक्षावलंबी, पक्षपाती, (सेना०) विशेष काममा खटाइने हल्का अनियमित फौजको सदस्य; (वर्तमान प्रयोग) शत्रुले कब्जा गरेको प्रदेशमा एकलै टोली बाँधी लड्ने व्यक्ति, गेरिलिया; लामू बींड भएको भाला;—ship **ना.** पक्षता, मरमोलाहिजा ।

partite (पाअ्र्'टाइट्) (व., की. वि.) **वि.** (प्रायः) फेदसम्म छुट्टिएको ।

partition (पाअ्र्टि'शन्) **ना.** र **क्रि.** वितरण, विभाग, अंशबण्डा, भाग, छेका, छेकवार, आड, देशको विभाजन; **क्रि.** विभाजन गर्नु, छेक्नु ।

partitive (पाअ्र्'टिटिभ्) **वि.** र **ना.** सम्पूर्णको अंश वा भाग देखाउने (शब्द) ।

Partlet (पाअ्र्ट्'लेट्) **ना.** कुखुरीको नाम, खा. ग. कथाहरूमा Dame—।

partner (पाअ्र्ट्'नर्) **ना.** र **क्रि.** साथी, हिस्सेदार, साझे-

दार, सझ्यौटा; पति, स्त्री; (नाचमा) साथी; **क्रि.** साझेदार बन्नु, साथ दिनु, खेलमा एक पक्षबाट मिलेर खेल्नु; sleeping —संचालनमा भाग नलिने, निश्चेष्ट ।

partridge (पाञ्र्'ट्रिज्) **ना.** तित्रा, तित्तर ।

parturient (पाञ्र्'ट्योञ्रिएण्ट्) **वि.** आसन्न प्रसवा, गर्भवती, बेथा लागेकी, (अलं०) मनको सो अवस्था, कुनै कृति सृष्टि गर्ने स्थिति ।

parturition (पाञ्र्ट्यु्रि'श्न्) **ना.** प्रसव, जनन, जन्म, उत्पत्ति ।

party (पाञ्र्'टि) **ना.** थर, थरि, कारणी, दल, पक्ष, डोर, सरोकारवाला, व्यक्ति, समाज, समूह, सामाजिक समारोह, जमात, ज. कि, चिया, खाना, इ०; (मुद्दामा) झगडिया; —coloured बहुरंगी;—less निर्दलीय;— -wall साझा भित्ता वा पर्खाल (दुवै वा धेरै पक्षको); (ठ०) व्यक्ति ।

parvenu (पाञर्'भनू) **ना.** लाउके, छोटो वढेको, नयाँ धनिक ।

parvis (पाञ्र्'भिस्) **ना.** गिरजा (मन्दिर) को अगाडिको जमीन ।

pas (पा) **ना.** प्राथमिकता, खा. ग. take the—अगाडिको स्थान लिनु; (नाचमा) पाइला, कदम ।

pash (प्याश्) **ना.** (अप०) passion को छोटकरी, आशक, प्रेम, माया ।

pasha,-cha (पा'श, पशा') **ना.** तुर्की अधिकारी, ठूलो दर्जाको, ज० कि सैनिक अफिसर, वडाहाकिम, इ.;—lic **ना.** पाशाको अधीन क्षेत्र ।

pashm (प्या'श्म्) **ना.** वस्तु, खा. ग. खसी, भेडाको नरम रौं, पश्मीना ।

pasquinade (प्यास्किनेड्') **ना.** निन्दालेख, ठट्टा, शुरूमा सार्वजनिक ठाउँमा टाँसिने गरेको ।

pass (पास्) **ना.** र **क्रि.** (परीक्षामा) सफलता, पास, (विश्वविद्यालय) ज्ञान प्राप्त गरेको त्यो स्तर जसले परीक्षकहरूलाई सन्तुष्ट गराउँछ, तर सम्मान (अनर्स) पाउनेसम्मको छैन; संक्रामक अवस्था; परमाज्ञी (लिखित), आज्ञा; दाउ, (फुटबल) बल आर्को खेलाडीलाई दिने; घाटी, (सेना०) देशको साँचो जस्तो सम्झिइने त्यस्तो घाटी; नदीको मुहानमा जहाज चल्न सक्ने सोतो, बाँधमाथि माछा जाने बाटो;—book धनागार, ब्याङ्कमा-दाम राख्ने ग्राहकलाई दिइने निजको हिसाब देखाउने, हिसाबबही;—key निजी साँचो (ढोका, इ० को), सबै ताल्चा खोल्ने गुरु साँचो;—man वि. वि. जाँचमा सम्मान प्राप्त नगरी केवल उत्तीर्ण हुने व्यक्ति;—word शत्रुबाट मित्र छुट्ट्याउने खास शब्द वा कुरा, मुख्य सेनामा प्रयोग हुने, गुप्त वाक्य, गुप्त शब्द; **क्रि.** जानु, पार गर्नु, बढ्नु, पारित हुनु, जाँचमा सफल हुनु, चल्नु, (समय) भिड्किनु, बित्नु, घुम्नु, बदलिनु, स्वीकृत हुनु;—in one's check मर्नु;—off बिझो लाउनु;—the back (काम) सार्नु, टार्नु, बिझो लाउनु, हिल्ला लाउनु, टाउकोमा हाल्नु;—the time of day अभिवादन गर्नु; free—बिना टिकटको (रेल यात्रा, सिनेमा, नाचघर इ. मा); make a—at आँखा कक्र्याउनु (प्रेम गर्नु);—away बित्नु, गुज्रनु, जानु,—able **वि.** बेसै, हुनेसम्मको, हुने ।

passage (प्या'सज्) **ना.** र **क्रि.** गमन, मार्ग, गति, समुद्रयात्रा, गमनाधिकार, यात्रा गर्ने हक, मार्ग, बाटो, मटान, पारण, (ब० व०) कुराकानी; **क्रि.** (घोडा वा घोडचढी) तेर्सो हिंड्नु, त्यसरी हिंडाउनु;—at arms लडाइँ, हाताहात; पुस्तकको एक छोटो भाग, वृत्त, इ० ज० कि famous, difficult, corrupt,—

passant (प्या'सण्ट्) **वि.** (वंश०) देब्रेपट्टि हेर्दै हिंडेको, प्रसंगवश ।

passe (प्या'से, पा'से) **वि.** यौवन बितेको, अधबैंसे, खा० ग० (स्त्रीको) आफ्नू सर्वोपरि लावण्यको अवधि पार गरिसकेको; (वर्तमान समयभन्दा) पछिको (फ्रे०) ।

passementerie (पास्'मँट्रि) **ना.** सुन, चाँदीको जरी, बुट्टा, इ० (फ्रे०) ।

passenger (प्या'सिञर्) **ना.** जात्रु, यात्री, मुसाफिर, बटुवा, बटोही, पर्यटक, (बो० चा०) दलको सदस्य जसबाट कुनै वास्तविक काम हुँदैन वा हुन सक्तैन ।

passe-partout (पास्पाञ्र्टू') **ना.** मास्टर साँचो, तसवीर इ० टाँस्ने दह्रो कागत, गाता; तसवीरको फ्रेम, दुवैतिर ऐनालाई टाँस्ने फिताले अड्याएको प्रकारको (फ्रे०) ।

passer (पा'सर्) **ना.** पथिक, हिंड्ने;— - by बटुवा, पथिक, बाटो लाग्ने, पान्थ ।

passerine (प्या'सराइन्) **वि.** र **ना.** भँगेराको परिगाणको, एक प्रकारको चराको जातको ।

passible (प्या'सिब्ल्) **वि.** (धर्म०) सहनशील, वेदना वा भावना अनुभव गर्न सक्ने ।

passim (प्या'सिम्) **क्रि. वि.** (कुनै खास ग्रन्थकार वा किताबमा रहेको संकेत, वाक्यांश, इ० का बारेमा) सबै भागमा, सर्वत्र ।

passing (पा'सिङ्) **ना.**, **वि.** र **क्रि. वि.** बित्नु, मृत्यु;— - bell मृत्युको घडीमा बजाउने घण्टी;— - note (संगी०) सुरको भाग नभई सुचारु संक्रमणको लागि हालिएको; **वि.** क्षणभंगुर, चपल, सर्र, प्रासंगिक; **क्रि. वि.** (आ०) अति;—strange.

passion (प्या'शन्) **ना.** र **क्रि.** भाव, राग, रौस, आवेश, जोश, उत्कण्ठा, क्षोभ, व्यसन, अनुराग, पिर्ती; **क्रि.** (कवि०) अनुभव गर्नु वा देखाउनु; The P—क्रसमा ईसामसीहको वेदना;— - play क्राइस्ट बारेको रूपक;— - flower लहराको किसिम;—al **ना.** सन्त, शहीद, महात्माहरूको कष्ट र यातनाको वृत्तान्त रहेको पुस्तक; **वि.** आवेश, जोश, रहेको, कामज ।

passionate (प्या'शनेट्) **वि.** क्रोधी, आवेशगत, जोशिलो, कामुक, अधिकाम, अनुरक्त, उत्कट ।

passiv/e (प्या'सिभ्) **वि.** र **ना.** असक्रिय, सहनशील, सहिष्णु, निश्चेष्ट, निष्क्रिय, कर्मपात्र;—voice कर्मवाच्य, भात्र

वाच्य;—debt ब्याज नलाग्ने, निर्ब्याजी;—ity **ना.** अकर्मण्यता ।

passover (पा'सोभर्) **ना.** यहूदी उत्सव; भेडाको पाठो; क्राइस्ट ।

passport (पा'स्पअ्र्ट्) **ना.** पारपत्र, यात्राको परमाङ्गी पत्र, अनुमति पत्र, राहदानी; (अलं०) प्रवेश गराउने वस्तु; ज० कि flattery is a—to (his) favour ।

past (पास्ट्) **वि., ना., उ. र क्रि. वि.** भूत, अतीत, गत, वितेको, विगत, भिड्केको, व्यतीत, जाँदै, जाँदो, वित्दो;—master **ना.** खपिस; the—भूतकाल; with a—पूर्वजीवन वा चरित्र, खा० ग० यस्तो प्रकारको जसको जाँच गर्दा नअसल कुरा फेला पर्छन् ।

paste (पेस्ट्) **ना. र क्रि.** मुछेको पीठो, उद्पेष, जलपेष, मस्यौटो, लेदो, मलम, माछा पिनेको अचार, नरम, नम्य, मिसोट, नकली मणि वनाउने साह्रो काँचज वस्तु, लेहू, टाँस्ने वस्तु; **क्रि.** (अप०) भेट्ने कार्ड, रेल टिकट इ० टाँस्नु, टाँग्नु (लेहू लगाएर), (अप०) पिट्नु, ठोक्नु;—board **ना.** जिस्ता, गाता, दह्रो कागत, साह्रो मोटो कागत ।

pastel (प्यास्'टेल्) **ना.** नीलो रंग (झिकिने बिरुवा); चित्रकारको तसवीर लेख्ने विभिन्न रंगको खरी, त्यस्तो रंगमा चित्र लेखाइ; (रंग वारे) दवेको, हलका ।

pastern (प्यास्'टर्न्) **ना.** घोडाको गोलीगाँठो, खुरको जोर्नी ।

pasteur/ism (प्यास्'टरिज़्म्) **ना.** रोग, खा० ग० जल त्रास, लाई एकपछि आर्को सुईले निको पार्ने प्रक्रिया;—ize (प्यास्'टराइज़्) **क्रि.** दूधलाई कीटाणुवाट शुद्ध गराउनु; पास्टर रीतिले उपचार गर्नु, शोधनु ।

pasticcio (प्यास्'टिचो),**—tiche** (प्यास्टीश्') **ना.** संगीत रचना, चित्र, धेरै स्रोतबाट बनाएको संमिश्रण; (धे० ज०—tiche) साहित्यिक वा अन्य कलाकृति, जो कुनै परिचित कलाकार वा ग्रन्थकारको शैलीमा रचिएको हुन्छ ।

pastil,—tille (प्यास्'टिल्) **ना.** धूप, वेहे्को धूप; लेमनचूस, चुस्ने (औषधि वा मिठाई) ।

pastime (पास्'टाइम्) **ना.** मनोरञ्जन, आमोद, खेलवहाड ।

pastor (पास्'टर्) **ना.** पादरी, गुरु, एक प्रकारको चरा;—ate **ना.** धर्माधिकारीको अवधि, त्यस्ताको समूह ।

pastoral (पास्'टरल्) **वि. र ना.** गोठालोको चरन (जमीन), (कविता, काव्य) ग्राम्य, देहाती, पादरीको; **ना.** नाटक, कविता, काव्य वा चित्र; धर्माधिकारको पत्र ।

pastorale (पास्टरा'ल्) **ना.** (व व.—ali) ग्राम्य विषयको सामान्य गीति नाट्य; वाद्य रचनाको प्रकार ।

pastry (पेस्'ट्रि) **ना.** मिष्टान्न, लाखामरी, (पीठोको) मिठाई, पैष्टिक, मेवा:—-cook **ना.** हलवाई, आपूपिक ।

pasturage (पास्'चरेज्) **ना.** चरन, गाई वस्तुका निमित्त घाँस, पराल, चौर, चरन ।

pasture (पास्'च्योर्) **ना. र क्रि.** वस्तुभाउको चरन, सो जमीनको घाँस इ०; **क्रि.** चराउनु, चर्न लैजानु ।

pasty (पास्'टि, पेस्'टि) **ना. र क्रि.** मासु, फल, जाम इ० पीठोमा राखेर पकाएको; मांसपूप, चटामरी, मम, ममचा, लिटो; **वि.** मुछेको पीठो, को रंगको;—-faced **वि.** पहेंलो ।

pat (प्याट्) **ना. र क्रि.** (–tt–) थ्याप, हिर्काइ, धाप; सानू टुक्रा (खा० ग० नौनीको) थपथपाएर बनाएको; (च्याप्टो) चीजले हान्दा) टप टप आवाज; **क्रि.** थपथपाउनु, त्यसरी सम्म पार्नु, धाप दिनु, ठोक्नु ।

pat (प्याट्) **क्रि. वि. र वि.** ठीक (समयमा, मौकामा), अवसरको लागि तयार;—on the back (अक्ष० र अलं०) स्यावासी दिनु, धाप दिनु; stand—**क्रि.** (ताश : पोकरमा) बाँड्दा पाएको ताशैमा भर गर्नु, अरू ताश नथुत्नु; (अलं०) बदलिन नमान्नु, आफ्नू निर्णयमा अड्नु ।

Pat (प्याट्) **ना.** आयरल्याण्डको निवासीको उपनाम ।

patagium (प्याटजा'अम्) **ना.** (पशु०) चमेरो वा सदृश जानवरको पखेटाको जालो ।

patch (प्याच्) **ना. र क्रि.** टलौट, प्वाल छोप्न गाँसेको टालो, धातुको टुक्रा; घाउमा लाउने पट्टी; दुखेको, चोट लागेको, आँखामाथि लाउने ढकना, मुखमा बनाएको कोठी (जस्तो बुट्टा); बुट्टा, टाटो, धब्बा; भैंको टुक्रा, त्यसमा उम्रेका झारपात; थुप्रो, बाँकी बक्यौता; **क्रि.** टाल्नु, टाटो हाल्नु, टुक्रा जोरेर ठीक पार्नु;—up मिलाउनु, सपार्नु, (काम, टण्टा, झगड़ा-धे०ज० अस्थायी रूपले); not a—on जोडा नलाग्ने, सामने केही पनि होइन; strike a bad—दशा, दुर्भाग्यको समय विताउनु;—-work **ना.** विभिन्न किसिम र रङ्गका मालले बनेको वस्तु (धे०ज० अलं०);—ed **वि.** टालेको, बुट्टे ।

patchouli (प्या'चूलि, पचू'लि) **ना.** सुगन्धराज ।

pate (पेट्) **ना.** (अचेल बो०चा०) बुद्धिको स्थलको रूपमा टाउको, शिर ।

pate (पे'टे) **ना.** मांसपूप, चटामरी, ममचा;—de foie gras मोटाएको हाँसको कलेजोको चटामरी (फ्रे०) ।

patella (पटे'ला) **ना.** (व० व०—ae) (घुँडे) टोपी, पाङ्ग्रा ।

patent (पे'टेण्ट) **वि., ना. र क्रि.** विशिष्ट (अधिकार पत्र), स्वामित्वको अधिकार भएको, खुला, स्पष्ट, प्रत्यक्ष; असामान्य अधिकार, स्वामिता, खा०ग० केही नयाँ कुरा, आविष्कार, बनाउन वा बेच्न, त्यसरी सुरक्षित विधि वा आविष्कार, एकाधिकार; (अलं०) केही हक भएको वा गुण हुने चिन्ह; **क्रि.** अधिकार प्राप्त गर्नु, अनुमति प्राप्त गर्नु;—leather कालो टल्कने किसिमको; letters—सरकार, राजा-द्वारा जारी भएको असामान्य अधिकार-पत्र:—office सो अनुमतिपत्र दिने कार्यालय;—ee **ना.** अनुमतिपत्र पाउने, ठेकदार, स्वामी ।

pater (पे'टर्) **ना.** (अप०) बाबु, बा;—nal **वि.** बाबुको, बाबुयोग्य, पैतृक;—nal government,—legistation असल नियतको नियमद्वारा व्यक्तिको निजी स्वतन्त्रता सीमित गराउने ।

paterfamilias (प्याटर्फमि'लिअ्यास्) **ना.** (रोमन ऐन

र ठ०) ठाल, परिवारको मुख्य ।

paternity (पेटअर्'निटि) **ना.** पितृत्व; बावुपट्टिको पुरुखा; (अलं०) स्रोत, कर्तृत्व, ग्रन्थकारी, कारण, मूल ।

paternoster (प्या'टर्नॅस्टर) **ना.** the Lord's Prayer नामको क्रिस्तानी प्रार्थना; devil's—सराप (फतफताइएको) ।

path (पाथ्) **ना.** (ब. व. उच्चा० पाद्ज़्) पथ, मार्ग, बाटो, गोरेटो, सरणि, पेंडा; पैदल वा साइकल दौडलाई तयार गरिएको मार्ग (cinder—,track); व्यक्ति वा वस्तुको गतिको मार्ग;—way, foot—बाटो घाटो, गोरेटो, गोडारी;—finder **ना.** अन्वेषक, बमरहरूको अघि पठाइने, तिनलाई पथ प्रदर्शन गर्ने र तिनको निशान देखाउने वायुयान वा उसको चालक ।

pathetic (पथे'टिक्) **वि.** र **ना.** करुण, टीठलाग्दो, मायालाग्दो कारुणिक, करुणाजनक, भावको, भावनायुक्त; **ना.** (ब. व.) दया, माया, दु:ख, इ० भावनाहरूको अध्ययन, अनुभव वा प्रदर्शन;—fallacy **ना.** प्रकृतिलाई मानवीय भावना भएको सम्झनु ।

pathic (प्या'थिक्) **ना.** पुरुष मेहीको लाडला ।

patho—(प्याथो—) ग्रीक pathos (पीडा, रोग, काम) को संयुक्त रूप;—genesis रोगको उत्पादन;—logy **ना.** (सा० शारीरिक) रोगको शास्त्र, रोग निदान;—logist **ना.** शारीरिक रोग ज्ञाता; plant—logist **ना.** बिरुवा रोग ज्ञाता ।

pathos (पे'थॅस्) **ना.** दया वा उदासी उब्जाउने वचन, लेख, घटना, इ० मा रहने गुण ।

—pathy ग्रीक—patheia (पीडा, रोग) जनाउने उत्तरस्थ (suffix) ज० कि homoeopathy, allopathy, hydropathy, electropathy क्रमश: होमियोपद्धति, भैषज्यपद्धति, जलचिकित्सा, विद्युत् चिकित्सा, इ० ।

patience (पे'शन्स्) **ना.** धैर्य, सहनशीलता, अध्यवसाय, क्षमा, तितिक्षा, वेहडवडी, खामोश, ढाढस; have no—with, out of—with सहन नसकिने, सह्य नहुने; the—of Job धैर्यको हद; एक्लै खेल्ने ताशको खेल ।

patient (पे'शण्ट्) **वि.** र **ना.** धैर्यवान, धीर, सन्तोषी, क्षमी, सहिष्णु, मिल्ने (facts are—of two interpretations); **ना.** बिरामी, रोगी, मदौरू, आतुर, रुग्ण ।

patina (प्या'टिना) **ना.** कस, (पुरानू काँसमा निस्कने हरियो कस, शोभामा गनिन्छ); समयले गर्दा काठमा आउने टलक ।

patio (पा'टियो) **ना.** (ब. व.—s) खुला भित्री चोक, खा० ग० स्पानिश वा स्पानिश अमरिकन घरमा (स्पे०) ।

patois (प्या'ट्वा) **ना.** कुनै क्षेत्रका साधारण जनताको बोली, साहित्यिक भाषाभन्दा धेरै फरक हुन्छ; देहाती बोली, ग्रामीण भाषा, प्राकृत भाषा (फ्रे०) ।

patriarch (पे'ट्रिआअर्क्) **ना.** कुलपति, आदि वा मूल पुरुष, गुरु, अति वृद्ध पुरुष; कुनै पद्धति, कला वा विज्ञानको स्थापक; श्रद्धालु वृद्ध पुरुष; कुनै समुदायको सबभन्दा वृद्ध (जीवित) प्रतिनिधि;—ate **ना.** त्यस्तो पुरुषको पद, दर्जा;—y **ना.** समाज वा सरकारको वृद्ध पुरुषहरूद्वाराको संगठन ।

patrici/an (पट्रि'शन्) **ना.** र **वि.** कुलीन, सामन्त, ठूलावडा, भलाद्मी; (खा० ग०) प्राचीन रोमको ठूलो व्यक्ति, इटलीमा कतै कतै अझै पनि मानिएका वडाद्मी; **वि.** उच्च प्रतिष्ठायुक्त;—ate **ना.** वडाद्मीको समुदाय, उन्नत कुलवंशीको दर्जा ।

patricide (प्या'ट्रिसाइड्) **ना.** पितृहन्ता, पितृघातक ।

patrimony (प्या'ट्रिमनि) **ना.** पैतृक सम्पत्ति, वपौती, पैत्रिक रिक्थ, अंश मानु ।

patriot (पे(प्या)' ट्रिअट्) **ना.** स्वदेशभक्त, स्वदेशानुरागी, देशप्रेमी;—ic **वि.** स्वदेशाभिमानी;—ism **ना.** देशप्रेम, जन्मभूमिप्रति प्रेम ।

patristic (प्याट्रिस्'टिक्) **वि.** क्रिस्तानी धर्म पण्डितहरूको (कृतिहरूको अध्ययनवारे) ।

patrol (पट्रोल्') **ना.** र **क्रि.** परिक्रमण, घुमाइ, गस्ती, चक्कर, गारदको टोली, प्रहरीको दल, जाँचबूझलाई तैनाथ गरिएको दल, वायुयानको दैनिक कार्यक्रमको उडान; **क्रि.** गस्तीमा जानु, (शहर, छाउनी इ०) को चक्कर लगाउनु ।

patron (पे'ट्रन्) **ना.** संरक्षक, पालक, उपकारक, आश्रय, शरण, पुरानू गाहक (पसलको), पादरीको नियुक्ति गर्ने अधिकार भएको व्यक्ति;—saint इष्ट सन्त;—age **ना.** रक्षा, शरण, आश्रय, संवर्धन, छत्र छाया;—al **वि.** इष्ट सन्तको ।

patronize (प्या'ट्रनाइज़्) **क्रि.** संरक्षक झैं बर्ताव गर्नु, समर्थन गर्नु, प्रोत्साहित गर्नु, हेलासाथ व्यवहार गर्नु, नीचो देखाउनु ।

patronymic (प्याट्रनि'मिक्) **वि.** र **ना.** बावु वा पुरुखावाट उत्पत्ति भएको (नाम) ।

patten (प्या'टेन्) **ना.** फलामे चक्का इ० माथि काठको तलुवा भएको, हिलो इ० बाट उचाल्न सजिलो हुने, जुत्ताबाहिर लाउने जुत्ता, बाहिरे जुत्ता; काष्ठपादुका ।

patter (प्या'टर्) **ना.** र **क्रि.** कुनै पेशा वा वर्गको खास बोली, बकबके वक्तृता, बकबक, गीतमा घुसाइएको चाँडो बोली, गीतको बोल, हास्य कौतुक, इ०; जप इ० चाँडो, यान्त्रिक वा अन्यमनस्क ढाँचासँग, पटपटाउनु; छिटोसँग कुरा गर्नु; फतरफतर गर्नु ।

pattern (प्या'टर्न्) **ना.** र **क्रि.** नमूना, ढाँचा, आदर्श, प्रतिमा, आकार, रूप, बुट्टा, बान्की; **क्रि.** ढाँचा झिक्नु, नमूनाबमोजिम बनाउनु, सिंगार्नु, बुट्टा काट्नु ।

patty (प्या'टि) **ना.** सानू चटामरी, सानू ममचा;—pan चटामरी पकाउने ताप्के ।

patulous (प्या'ट्यु लस्) **वि.** खुला, तन्केको, तानिएको, बढाइएको; (हाँगा इ० को) फैलिएको ।

paucity (पॉ'सिटि) **ना.** अल्पता, लघुता (संख्या या परिमाणमा) ।

Paul (पॉल्) **ना.** Rob Peter to pay P—एकसँग लिएर आर्कालाई दिनु;—Pry कुतूहली व्यक्ति ।

Pauline (पॉ'लाइन्) **वि.** र **ना.** सन्त पलको ज० कि—

epistles; लण्डनको सन्त पल स्कूलको विद्यार्थी ।

paulo-post-future (पॉलो-पोस्ट-फ्यू'चर्) **ना.** (ग्री० व्याकरण) भविष्यको क्रियाबाट उत्पन्न हुने अवस्था जनाउने काल; (ठ०) तुरून्तको भविष्य ।

paunch (पॉन्च्) **ना. र क्रि.** भुँडी, पेट, उदर, जठर; उग्राउने पशुको पहिलो भुँडी; (नौ०) बलियो बाक्लो चटाई, काठको ढाल, मस्तूलमा राखिएको; **क्रि.** पेट झिक्नु;—y **वि.** भुँडे, लम्बोदर ।

pauper (पॉ'पर्) **ना.** अकिंचन, कंगाल, भीखमंगा, दरिद्र, भिक्षाजीवी, दरिद्रको अनुदान उपभोग गर्ने ।

pause (पॉज़्) **ना. र क्रि.** विराम, विश्राम, विच्छेद, पाठच्छेद, खा० ग० धुकचुकबाट मौनता वा अकर्मण्यताको अवधि, शमन, अवकाश; **क्रि.** थामिनु, पर्खनु, अड्नु (शब्द इ० मा): give —to (व्यक्तिलाई) धुकचुक पार्नु ।

pavage (पेभज्) **ना.** छापेको, सडक छाप्ने कर, तिरो, इ० ।

pavan (प्या'भन्) **ना.** ठाँटिएर पोशाक लाएर बडो शोभायुक्त नाच ।

pav/e (पेभ्) **क्रि.** (सडक, कोठाको भैं इ०) छाप्नु, ढाक्नु, (अलं०) तयारी गर्नु, बाटो बनाउनु, छाइदिनु;—er,—iour **ना.** छाप्ने, वज्रकर्मी ।

pave (प्या'भे) **ना.** पेटी, शिला स्तर; पत्थरहरू नजीकै रहेको जडान ।

pavement (पेभ्'मेण्ट्) **ना.** पेटी, शिलास्तर, तलिम, (पशु०) नजीकै परेको दाँत, इ० जस्तो पेटी जस्तो रचना; crazy—बगैंचा, उद्यान, इ०मा अनियमित ढाँचासँग ढुङ्गा इ. छापेर बनाएको बाटो;—-artist बटोहीहरूबाट पैसा पाउनाको लागि पेटीमा तसवीर लेखी प्रदर्शन गर्ने व्यक्ति ।

pavilion (पभि'लियन्) **ना. र क्रि.** पाल, खा. ग. ठूलो, सेपको भएको; शामियाना; हलका शोभायुक्त भवन, खा. ग. क्रिकेट वा अन्य खेलको मैदानमा बनेको; भवनको छेउमा खूब सिंगारिएको भाग; **क्रि.** त्यस्तो गरी घेर्नु, त्यस्तो गरी बनाउनु ।

pavonazzo (पाभन्या'ट्सो) **ना.** मुजूर रंगी बुट्टा भएको संगमरमर (इटा.) ।

pavonine (प्या'भनाइन्) **वि.** मुजूर जस्तो, को ।

paw (पॉ) **ना. र क्रि.** पन्जा, नङ्ग्रा; (बो. चा.) हात, हातको लेखाइ (व्यक्तिको); **क्रि.** पन्जाले हान्नु, (घोडाले) टापले भैंमा हान्नु; (बो. चा.) भद्दा वा अशिष्ट ढाँचासँग छुनु, चलाउनु ।

pawky (पॉ'कि) **वि.** (स्क., प्रा.) टर्रो ठट्टायुक्त, शुष्क ठट्टायुक्त ।

pawn (पॉन्) **ना.** (बुद्धिचालमा) प्यादा, सिपाही, (धे.ज., अलं.) सबभन्दा सानू रकम मूल्यको व्यक्ति, सानू मानिस, अर्काले खेलाउने व्यक्ति ।

pawn (पॉन्) **ना. र क्रि.** बन्धक, धरौटी, नासो, धितो, निक्षेप; **क्रि.** बन्धक राख्नु;—broker बन्धक लिने साहू;—broking सो पेशा;—shop **ना.** बन्धक लिने पसल;—ee **ना.** साहू;—or **ना.** असामी ।

pax (प्याक्स्) **ना.** शान्ति;—Romana, Britannica रोम, ब्रिटेन, ले राखेको शान्ति; (विद्यार्थीहरूको अप०) चूप लाग ! शान्ति राख ! शान्त होऊ !

pay (पे) **ना. र क्रि.** (paid) दान, शोधन, वेतन, दरमाहा, किस्ता, खानगी, तलब, नोकरी; **क्रि.** दिनु, तिर्नु, बकस दिनु, भर्ना दिनु, चुकाउनु, पर्ता पर्नु भुक्तान गर्नु, बुझाउनु, चिसोबाट बचाउनालाई (नौ.) अलकत्रा इ. घस्नु;—-day वेतन दिवस;—load **ना.** वायुयानको ढुवानीको त्यो भाग जसबाट भाडा प्राप्त हुन्छ;—master **ना.** वेतनाध्यक्ष, तहवीलदार;—master general **ना.** अर्थ मन्त्रालयमा मन्त्री (बेलायतमा);—off भुक्तानी, चुक्ती;—in kind बाली, वन;—in one's own coin शठे शाठ्यं समाचरेत्, जस्तालाई तस्तै; to put paid to खतम गर्नु;—(one's) way ऋण नकाढी गुजारा गर्नु;—through the nose ठगिनु, ज्यादा तिर्नु;—the piper (खर्च) बेहोर्नु;—up भुक्तान गर्नु, चुक्ती गर्नु;—for मोल दिनु, खर्च बेहोर्नु, सजाय भोग्नु;—off फल उत्पादन गर्नु, सफल हुनु, नाफा हुनु;—out,—away (डोरी, धागो इ.) छोड्नु;–as-you-earn (P. A. Y. E.) आयकर स्रोतैमा कटाउनु;—able **वि.** दिन हुने, भुक्तानी हुने, देय;—ment **ना.** चुक्ता, चुक्ती, भुक्तानी, दिनु, दियाइ, दिएको दाम वा रकम, (अलं) सट्टा भर्ना, बदला, पारितोषिक —order **ना.** भुक्तानी आदेश;—-roll **ना.** तलबी रिपोर्ट, दर्माहादार सूची ।

payee (पेयी') **ना.** पाउने, ग्रहीतृ ।

paynim (पे'निम्) **ना.** (आ०) अन्य धर्मी, खा० ग० (क्रिस्तानहरूका लागि) मुसलमान ।

paysage (पेज़ाज़्') **ना.** ग्रामीण प्रदेश, दृश्य, विस्तीर्ण दृश्यको चित्र (फ्रे०) ।

pea (पी) **ना.** कोसा, केराउ. छिमी, मटर, हरियो केराउ; green—s कोसा; split—केराउको दाल; sweet—सुगन्धी केराउको बोट (बगैंचाको लागि); as like as two—s एकनास, छुट्ट्याउन नसकिने;—shooter मटरको गेडा हान्ने नली;—soup मटरको रस, सूप;—-souper (बो० चा०) बाक्लो पहेंलो कुहिरो, तुवाँलो ।

peace (पीस्) **ना.** शान्ति, अमन चैन, धर, सन्धि, सुरक्षा, अविरोध, शम, मनको शान्ति, कान न्यानू; मौन; make—शान्ति स्थापना गर्नु; breach of the—हूलदंगा; the king's, queen's—ऐन कानूनद्वारा स्थापित राष्ट्रमा आन्तरिक शान्ति सुरक्षाको स्थिति; at—मैत्रीमा, अविरोधमा; keep the—शान्ति अभंग राख्नु;—maker शान्तिस्थापक, संधातृ;—-offering शान्ति होम शान्तिसूचक वस्तु;—offensive **ना.** अभियान, आन्दोलन;—-pipe शान्तिसूचक पाइप, हुक्का ।

peaceable (पी'सबल्) **वि.** शान्त, निरुद्वेग, शान्ति प्रवृत्त; अक्रोधी, सुचित्त, साधु ।

peaceful (पीस्'फुल्) **वि.** धीर, शान्तिपूर्ण, शान्त चेतनाले;—co-existence शान्तिपूर्ण सह-अस्तित्व ।

peach (पीच्) **ना.** र **क्रि.** आरू, (अप०) उत्कृष्ट योग्यताको व्यक्ति वा वस्तु, अति आकर्षक महिला;— - blow हलका गुलाफी कलेजी रङ्गको टलक;—-brandy आरूबाट बनेको;— - colour हलका पहेंलो रातो; **क्रि.** (अचेल अप०) पोलाहा बन्नु, पोल्नु (खा० ग० मतियारलाई); खोल्नु, कुरा लाउनु ।

pea-chick (पी'चिक्) **ना.** मुजूरको बच्चा ।

peachy (पी'चि) **वि.** आरू जस्तो, (खा० ग० गालाको), रंग र नरमीपनमा ।

peacock (पी'कॉक्) **ना.** र **क्रि.** मुजूर, मयूर; **क्रि.** घमण्ड गरेर हिंड्नु, भडक गर्नु, टिम्किएर हिंड्नु; proud as a— घमण्डी, टिमुरिएको;—blue मुजूरको घाँटीको नीलो रङ्;— butterfly कलेजी जातको पुतली ।

peafowl (पी'फाउल्) **ना.** मुजूर वा मुजूर्नी ।

peahen (पी'हेन्) **ना.** मुजूर्नी ।

pea-jacket (पी'ज्याकिट्) **ना.** नाविक, मल्लाहले लाउने खस्रो कपडाको छोटो बाहिरी कोट, ओभरकोट ।

peak (पीक्) **ना.** र **क्रि.** चुचुरो, चुली, टुप्पो, टाकुरो, भन्ज्याङ्ग, लेक, चुच्चे, टोपीमा आँखी भौंमाथि आउने पीक, निधार; वक्र वा घटबढको रेखामा सबभन्दा उपल्लो बिन्दु;— - load बिजुली, यातायात, इ० को अधिकतम बोझ; **क्रि.** खिइनु, सुक्नु;—and pine दुब्लाउनु, सुक्नु;—-ed **वि.** चुच्चे ।

peaky (पी'कि) **वि.** चुच्चे, अग्लो, सर्वोच्च बिन्दुको; अस्वस्थ, रोगाएको, सानू ।

peal (पील्) **ना.** र **क्रि.** रव, ध्वनि, घण्टाको रुनरुनाहट, निनाद, घण्टानाद, गडगडाहट (खा० ग० चट्याङ, हाँसो, इ० को); मेघ निर्घोष; खित्का; **क्रि.** गडगडाउनु; मुखरित हुनु, मधुर प्रतिध्वनित ढाँचासँग उच्चारण गर्नु;—bells घण्टानाद गराएर बजाउनु ।

pear (पेअर्) **ना.** नासपाती;—- - shaped (बिलायती किसिममा हाँगापट्टि) चुच्चिंदै जाने आकारको ।

pearl (पअर्ल्) **ना.** मोती, मुक्ता, शुक्तिका, मुक्ताफल; मूल्यवान वस्तु, आफ्नू किसिममा सबभन्दा उत्तम; मोती जस्तो वस्तु, उदा० ओसको थोप्लो, आँसु, दाँत; विभिन्न वस्तुका साना टुक्रा; mother—of - —कुनै कुनै शुक्ति वा सिपीको भित्री तहको चिप्लो, टल्कने, नाना रंगको वस्तु, सिपी, शुक्ति:— - ash पोटाश कार्बोनेट;— - barley,—sago घर्षण वा पेषणबाट साना दानादार गराइएको;— - diver मोतीको निमित्त गोता लगाउने गोताखोर;— - fisher सोको लागि माछा मार्ने;— - powder,— - white गोरो हुनाको लागि लाउने पाउडर;— shell सिपी; **ना.** तकियाको लेसको बुट्टा ।

pearl (पअर्ल्) **क्रि.** मोती जस्ता दाना, थोपा, चुहाउनु, छर्नु; मोती रंगको बनाउनु; साना साना दाना बनाउनु; मोतीदाना बनाउनु; मोतीको निमित्त पानीमा खोज्नु, गोता लाउनु ।

pearlies (पअर्'लिज्) **ना.** (ब. व.) फेरीवाला (costermongers) हरूको सिपीको टाँक जडेको पोशाक ।

pearmain (पेअर्'मेन्) **ना.** स्याउको प्रकार ।

peasant (पे'जण्ट्) **ना.** रैती, ग्रामीण, ज्यापू, गाउँले, किसान, कृषक, खेतीवाल, मोही, माटिकोरे, जमीनमा कमाउने; —ry **ना** किसानवर्ग ।

pease (पीज्) **ना.** मटर, केराउ;— -pudding केराउ हालेको मनभोग;—cod **ना.** कोसा ।

peat (पीट्) **ना.** पानीले खाएको र आंशिक रूपमा कार्बन भएको जरन, इन्धन, पदार्थ;—bog सो पाइने धाप;—reek सोको धूवाँ, सोमा पकाइएको ह्विस्कीको राँको; (आ०) ठिटी, राम्री स्त्री ।

pebble (पे'बल्) **ना.** पानीमा रहँदा डल्लो र बाटुलो भएको पत्थर, उपल, कंकड, चश्माको काँच बनाउने स्वच्छ फट्टिक, त्यसको काँच, लेन्स; पत्थरको किसिम ।

peccable (पे'कबल्) **वि.** पाप प्रवृत्त, पापवश ।

peccadillo (पेकडिल्'लो) **ना.** (ब. व.—es) विराम, अपराध, दोष, जाबो दोष, सानू विराम ।

peccant (पे'कण्ट्) **वि.** पापी, (भै०) विकृत, रोग ल्याउने ।

peccary (पे'करि) **ना.** अमरिकाको सुँगूर किसिम ।

peccavi (पेके'भि) **वा.** र **ना.** मैले पाप गरें, सो स्वीकारोक्ति (ल्या०) ।

peche Melba (पेश् मेल्'बा) **ना.** आइसक्रीम, आरू र मद्य मिलाएको स्वादु मिठाई ।

peck (पेक्) **ना.** र **क्रि.** सुखा नापको परिमाण, ठुङ्गाइ, चुच्चोको दाग, हडबडीको म्वाइँ; (ब. व.) तरकारी, खाना; **क्रि.** ठुङ्नु, ठुङेर प्वाल पार्नु, कोतर्नु, टोकस्नु, हडबडी वा बेवास्तासँग गालामा म्वाइँ खानु, चुच्चोले ठुङ्न खोज्नु, त्यसरी प्वाल पार्नु, (अलं०) छिद्र खोज्नु, थुर्नु; (बो० चा०) खाना कुटुकुटु टोकेर करसाथ खानु; (अप०) ढुङ्गा हान्नु, हिर्काउनु;—er **ना.** ठुङ्ने चरा खा. ग. wood—er कठफोरा; कुटोको किसिम, (अप०) keep your—er आफ्नू तुजुक राख, हरेस नखाऊ;—ish (बो. चा.) भोको, भोकाएको ।

Pecksniff (पेक्'स्निफ्) **ना.** सधैं दया, परोपकारिता इ० ओगटिरहने चिप्लो पाखण्ड ।

pecten (पेक्'टेन्) **ना.** (पशु०; ब. व.—ines उच्चा०—ईज़्) पशु शरीरमा विभिन्न प्रकारका काँगियोको आकारका रचना ।

pectin (पेक्'टिन्) **ना.** (र. शा.) फलबाट प्राप्त हुने एक प्रकारको कार्बोहाइड्रेट ।

pectoral (पेक्'टरल्) **ना.** र **वि.** बुट्टादार छातीको प्लेट, खा. ग. यहूदी बडा पुरोहितको; छातीमा लाउने; **वि.** छातीको रोगलाई बेस हुने, रोगको, इ.; उरस्थ, छातीको, ज. कि—fin, muscle इ. ।

pectose (पेक्'टोस्) **ना.** (र. शा.) सेलुलोजसँग सम्बन्धित

र सोसँगै काँचो फल इ. मा पाइने अविलेय वस्तु ।

pecula/te (पे'क्युलेट्) **क्रि.** (दाम) मास्नु, चोर्नु, हिनामिना गर्नु;—tion **ना.** मसोट ।

peculiar (पिक्यु'लिअर्) **वि. र ना.** विशिष्ट, प्रातिस्विक, असामान्य, अनौठा, आत्मीय, स्वीय; **ना.** विशिष्ट जेथा, हक र अधिकार, इ.;—people **ना.** (व. व.) यहूदी जाति;—ity **ना.** विशिष्टता, लक्षण, गुण, वैचित्र्य;—ly **क्रि. वि.** स्वीय, व्यक्तिगत; खास, सामान्यभन्दा वढी; अनौठासँग ।

pecuniary (पिक्यू'निअरि) **वि.** दामको, ज० कि—aid, considerations; आर्थिक सहायता, पैसाको विचार; (अपराधको) जरिवाना लाग्ने ।

pedagouge (पे'डगोग्) **ना.** गुरु, शिक्षक, (सा० हेलासूचक, पंडित्याइँ देखाउने) ।

pedagogy (पे'डगॉगि,—जि) **ना.** अध्यापन शास्त्र ।

pedal (पे'डल्) **ना., वि. र क्रि.** (वाजाको) खुट्टाले बजाउने वा पाउदान; (साइकलको) पाउदान; **वि.** पादिक, खुट्टाको; **क्रि.** पाउदान चलाउनु, चाल्नु ।

pedant (पे'डण्ट्) **ना.** पंडितंमन्य, विद्याभिमानी, पांडित्यदर्शी; पुस्तक विद्या, प्राविधिक ज्ञानको महत्व गर्ने वा प्रदर्शन गर्ने, अथवा विधिवत् नियमको कठोर अनुसरण गर्ने, जसले कुनै एक सिद्धान्त पाएको छ, हठी सैद्धान्तिक;—ry **ना.** पांडित्य दर्प ।

pedate (पे'डेट्) **वि.** (पशु०) खुट्टा भएको; (व. पातको) गोडाको औंला वा चराको नंग्रा जस्तो विभाजन भएको ।

peddle (पे'ड्ल्) **क्रि.** फेरीवालाको पेशा लिनु, सानु सानु कुरामा व्यस्त रहनु, सानु सानु मात्रामा दिनु, तुरून्क दिनु; खुद्रा बेपार गर्नु (सा० अलं०);—r **ना.** विवधिक ।

peder/asty paeder/asty (पी'डऱ्यास्टि) **ना.** लडकासँग पुरुष मैथुन;—ast **ना** पुरुषमेही, गुद मैथुनकर्ता ।

pedestal (पे'डिस्टल्) **ना. र क्रि.** (–ll–) स्तम्भतल, आधार, पाद, जग (अक्ष० वा अलं०), कोपरा राख्ने सानू चौकी, कोपरादान; **क्रि.** खुट्टा या आधार राख्नु ।

pedestrian (पिडेस्'ट्रिअन्) **वि. र ना.** पदाति, पादचारी, पैदले, हिंडुवा, पदयात्री, हिंडाइको, गद्यमय, अरसिलो, प्राणरहित, स्फुरणरहित; **ना.** पदयात्री, बाटोडुलुवा ।

pedicel, pedicle (पे'डिसेल्, पेडिक्ल्) **ना.** (पशु०, व०) मञ्जरी, पशुमा सोही आकारको रचना, वर्धन ।

pedicular,—lous (पिडि'क्युलर्,–लस्) **वि.** जम्रे, यूकापूर्ण ।

pedicure (पे'डिक्योर्) **ना. र क्रि.** पादउपचार, पादावेक्षा, गोडाको हिफाजत; मूसा इत्यादिको उपचार ।

pedigree (पे'डिग्री) **ना.** वंशावली, खान्दान, कुल, वंश (मानिस वा पशुको): (शब्दको) उत्पत्ति; प्राचीन वंश, जानिएको उत्पत्ति ज० कि—cattle ।

pediment (पे'डिमेण्ट्) **ना.** घरको अगाडि कार्निसमाथि रहने तीनकुने भाग ।

pedlar (पेड्'लर्) **ना.** फेरीवाला, उपरिया, छकुबन्जार, घुम्ने बेचुवा; (अलं.) कुरा ओसार्ने व्यक्ति ।

pedology (पिडॅ'लजि) **ना.** माटो शास्त्र, मृत्तिका शास्त्र ।

pedometer (पिडॅमि'टर्) **ना.** पाइला गनेर हिंडेको दूरी नाप्ने यन्त्र, पदपात गणक ।

pedrail (पेड्'रेल्) **ना.** लादका गहुँगा सवारीलाई खराव बाटोमा सजिलोसँग लैजाने उपकरण ।

peduncle (पिड्युङ्'क्ल्) **ना.** (पशु०, व०) फूल, फूलको डाँठ वा झुप्पा; पशु शरीरमा डाँठ जस्तो वर्धन ।

pee (पी) **क्रि. र ना.** (वो. चा.) तुरी गर्नु; पिशाव गर्नु; **ना.** तुरी ।

peek (पीक्) **क्रि.** चियाउनु, चेवा गर्नु ।

peel (पील्) **क्रि. र ना.** ताछ्नु, छिल्कनु, खुर्कनु, उप्काउनु, तछार्नु, छिल्नु, खुल्किनु, लत्कनु, नाङ्गिनु, (रूख, प्राणी शरीर); (व्यक्ति, अचेल अप०) लुगा फुकाल्नु; **ना.** बोक्रा, त्वचा, वल्क, चर्म, छाला; (मिठाई इ०) अगेनामा घच्याड्ने पन्यू ; (ऐति०) बिलायत र स्कटल्याण्डमा सीमाना प्रान्तमा वन्ने चौकोस किल्ला ।

peeler (पी'लर्) **ना.** प्रहरी, पुलीस (अप०) ।

peen (पीन्) **ना.** मुंग्रा, हतौडी, को फलामे टाउकोको कीलाको आकार भएको वा मसिनो भाग ।

peep (पीप्) **क्रि. र ना.** (सानू चरा, मुसा इ० को) च्याँ च्याँ गर्नु; चियो गर्नु, चियाउनु, चेवा गर्नु, मल्याक-मुलुक गर्नु, पल्याक-पुलुक गर्नु, मुल्काउनु, झुल्कनु, देखा पर्नु; **ना.** झाँकी, झल्को, झुल्को;—ing Tom (लेडी गोडिवाको कथामा) चियाउने बूढो;—- hole चियाउने प्वाल;—show सानू प्वालबाट तसवीर हेर्ने प्रदर्शन;—sight कुनै कुनै राइफलमा दाग्ने प्वाल;—of day घाम झुल्कनु ।

peeper (पी'पर्) **ना.** चियाउने, (अप.) आँखा ।

peer(पीअर्) **ना. र क्रि.** तुल्य, (दर्जा वा ओहदामा) बराबर, समान; (बिलायतको) बडादमीहरूका समुदायको सदस्य; **क्रि.** बराबर हुनु, देखा पर्नु, चियाउनु, देखिनु ।

peerage (पी'अरेज्) **ना.** सामन्त समुदाय, वडाझी, विशिष्ट समुदाय; सो समुदायको वंश इ० सहित फिरिस्त रहेको पुस्तक ।

peeved (पीभ्ड्) **वि.** (अप०) झोकिएको, ठुस्सिएको ।

peevish (पी'भिश्) **वि.** झगडे, जङ्गी, चिडचिडो, कर्कश, कलहप्रिय, कोपी ।

peg (पेग्) **ना. र क्रि.** (–gg–) कीला, काँटा, खुटी, खील, टङ्नी, घुटको; **क्रि.** कीला ठोकेर बाँध्नु, ठोक्नु, विध्नु, छेड्नु; (मोल, तलब, इ०) स्थिर राख्नु; (अप०) ढुङ्गाले हान्नु; (अप०) नष्ट हुनु, मर्नु, नाश हुनु ।

Pegasus (पे'गसस्) **ना.** ग्रीक कथाको उड्ने घोडा, पेगासस ।

peignoir (पे'न्वार्) स्त्रीको खुकुलो लामू लुगा, ड्रेसिङ्ग गाउन (फ्रे.) ।

peine forte et dure (पेन् फोअर्ट् ए ड्योर्) **ना.** सख्त र कडा सजाय अर्थात् थिचेर मार्ने दण्ड ।

pejorative (पी'जरेटिभ्) **वि.** र **ना.** निन्दात्मक (शब्द) ।

peke (पीक्) **ना.** Pekin (g) ese जातको कुकुर, छो.क. ।

Pekin(g)ese (पीकिनीज़्') **ना.** र **वि.** पेकिङ्गवासी; **वि.** सानू थेप्चो नाक लामू रेशमी रौं भएको कुकुरको जात ।

Peking man (पे'किङ् म्यान्) **ना.** पेकिङ्गमा अवशेष पाइएको प्रागैतिहासिक मनुष्य ।

pekoe (पे'को) **ना.** कालो चियाको उत्तम किसिम ।

pelage (पे'लज्) **ना.** चौपायाको रौं, ऊन, भुत्ला, छालासहित रौं, इ० ।

pelagian (पिले'जिअन्) **वि.** र **ना.** खुला समुद्रको,—मा वास गर्ने ।

pelagic (पिल्या'जिक्) **वि.** खुला समुद्रमा गरिने ।

Pelasgic (पिल्यास्'जिक्, पिल्याज'गिक्) **वि.** पेलासजियन, पूर्वी भूमध्य क्षेत्रमा वास गर्ने प्राचीन जाति, को;—architecture सबभन्दा प्राचीन वास्तुकला ।

pelerine (पे'लरीन्, पेलरीन्') **ना.** स्त्रीको लामू वाहिरी पोशाक, केप ।

pelf (पेल्फ्) **ना.** धन, दाम, ऐश्वर्य (सा०, हे० वा० ठ०) ।

pelican (पे'लिकन्) **ना.** चुच्चोमन्तिर माछा राख्ने थैलो सहितको बडेमा पानीचरो; यसले बच्चालाई आफ्नै रगत ख्वाउने कथा प्रचलित थियो ।

pelisse (पिलीस्') **ना.** स्त्रीको गोलीगाँठासम्म पुग्ने वाहुलादार वा बाँकटे वाहिरी लुगा; केटाकेटीको लुगामाथि लाउने वाहिर जाने लुगा; हुज़ार सैनिक अफिसरको भुत्लादार कोट ।

pellagra (पिल्या'ग्रा) **ना.** छाला फुट्ने र धे० ज० पागलपनमा अन्त हुने न्यूनता रोग ।

pellet (पे'लिट्) **ना.** र **क्रि.** कागत, पीठो, इ० को सानू गोली; गोली, चक्की. छर्रा, रुटारो; **क्रि.** गोलीले हिर्काउनु ।

pellicle (पे'लिक्ल्) **ना.** तनु त्वच, पातलो छाला, झिल्ली, जालो, बादल, पटल ।

pell-mell (पेल्'मेल्) **क्रि. वि.**, **वि.** र **ना.** अस्तव्यस्त, गोलमाल, निसिएर, हुरिएर, वेहिसावसँग; **वि.** रंगमंगिएको, गोलमालिएको, अस्तव्यस्त; **ना.** गोलमाल, मिश्रण, मिसोट, भिडन्त ।

pellucid (पिल्यू'सिड्) **वि.** सङ्लो, स्वच्छ, निर्मल, शुद्ध, शैली वा भाव प्रकाशनमा स्पष्ट; मनसा स्पष्ट ।

Pelmanism (पेल्'म्यानिज़्म्) **ना.** एक अर्वाचीन मन तालीम पद्धति ।

pelmet (पेल्'मिट्) **ना.** साँगुरो उठेको घेरा (खा० ग० ढोका, झ्यालमाथि पर्दाको डण्डा छोप्नालाई राखिएको); घेरा ।

pelorous (पिलो'अरस्) **ना.** दिशा र अवस्थिति पत्ता लगाउनालाई जहाजको कम्पासमा जडिएको निशान दाग्ने उपकरण, निशान ।

pelota (पिलो'ट) **ना.** बल र वैणव (आँखे जालदार) ब्याटले खेल्ने खेलको प्रकार ।

pelt (पेल्ट्) **क्रि.** र **ना.** हिर्काउनु (सानू ढुङ्गा इ. ले), वारंवार हान्नु, (पानी) चुटिने गरी पर्नु; **ना.** (भेडा वा खसीको) भुत्ला, भुत्लावाल जनावरको नवनाएको छाला, रौं झिकेको भेडा इ. को छाला;—ing **ना.** (at) full—पूरा वेगमा ।

pelvis (पेल्'भिस्) **ना.** (श. वि.) कटि, वस्ति प्रदेश, नितम्ब, बस्तिगह्वर ।

pemmican (पे'मिकन्) **ना.** सुकुटीबाट बनेको मासुको परिकार ।

pemphigus (पेम्'फिगस्) **ना.** (रो. नि.) शरीरको छालामा पानी फोका वा स्फोटन ।

pen (पेन्) **ना.** र **क्रि.** कलम, लेखनी, लिपि, लेख शैली; खोर, काँजीघर, ब्रज, पोथी रजहाँस; **क्रि.** थुन्नु, घेर्नु;—holder **ना.** कलम;—& *ink* **वि.** मसीले बनाएको, चित्र, रेखाचित्र;—feather प्वाँखको कलम;—knife (खल्तीमा हाल्ने) चक्कू;—man लिपिज्ञ, लेखक, लेखनदास;—manship लिपि, लेखन चातुर्य, लेखन कौशल;—name उपनाम, लेखनाम;—rest कलमदाप, कलमदानी;—wiper कलम पुछ्ने; submarine—पनडुब्बी राख्ने घर ।

penal (पी'नल्) **वि.** दण्डविषयक, दण्डनीय, दण्डय; दण्डको रूपमा दिइएको;—**l**aws दण्डनीय;—code दण्डविधान;—servitude परिश्रमसहित कारावासको सजाय;—colony दण्ड भोग गर्ने स्थान ।

penalize,—ise (पी'नलाइज़्) **क्रि.** दण्डित गर्नु, दण्डय गराउनु, (खेल.) खेलाडी वा उसको दललाई कुनै दण्ड वा सजाय वा केही असुविधा दिनु वा गराउनु ।

penalty (पे'नल्टि) **ना.** अर्मल, सजाय, दण्ड, डाँड, विगो, जरिवाना, (खेल.) खेलाडी वा उसको दललाई कुनै दण्ड दिनु वा कुनै प्रतिबन्ध लगाउनु (नियम तोडेको अभियोगमा); (ब्रिज ताश खेल) खेलको नियमबमोजिम खेलाडीको अङ्कमा थपिने गणना; the—of को परिणामस्वरूप असुविधा वा सजाय;—**area** (फुटबल खेल) गोलअगाडिको क्षेत्र जहाँ नियम तोडेमा खुला किक दिइन्छ ।

penance (पे'नन्स्) **ना.** र **क्रि.** प्रायश्चित्त, सासना, सास्ती, हवाल, तपस्या; **क्रि.** तपस्या तोक्नु ।

penannular (पेन्या'न्युलर्) **वि.** चक्ररूपको, प्रायः चक्राकार ।

Penates (पिने'टीज़्) **ना.** (ब. व.) (रो. कथा) गृहदेवता, कुलदेवता (ल्या) ।

pence (पेन्स्) **ना.** (ब. व.) penny को ब. व. पेन्स ।

penchant (पाँ'शाँ) **ना.** रहर, धीत, प्रवृत्ति, भाव, शीलता, मन पर्नु (फ्रे.) ।

pencil (पेन्'सल्) **ना.** र **क्रि.** (—ll—) तूलिका, बुरुश, सीसाकलम, पेन्सिल, रेखावली; **क्रि.** पेन्सिलले लेख्नु, टिप्नु ।

pendant,—ent (पेन्'डण्ट,—डेण्ट्) **ना.** र **वि.** लर्कन, लोलक, हारको लर्कन; साथी, पूरक, समान, जोडा; **वि.** आलम्बित ।

pendent,—ant (पेन्’डेण्ट्,—डण्ट्) **वि.** लर्कने, झुण्डिने, विलोल, प्रालम्ब, विलम्बित ।

pendentive (पेन्डेन्'टिभ्) **ना.** (भवं०) टाँड परेका दुई गुम्बजका जोडाहरूले बनाएको प्रत्येक गोलाकार त्रिकोण ।

pending (पेन्'डिङ्) **वि.** र **उ.** अनिर्णित, अनिश्चित, मुलतवी, थाती, बाँकी, ठेगान नभएको, चालु, टुंगो नलागेको, फैसला बाँकी;—को अवधिमा, कालमा; न···सम्म; टुङ्गो बाँकी ।

pendagon (पेन्ड्र्या'गन्) **ना.** प्राचीन ब्रिटिश वा वेल्श-रजौटा ।

pendulate (पेन्'ड्यूलेट्) **क्रि.** दोल्नु, झुल्नु; (अलं०) अनिश्चित हुनु, निर्णय नभएको हुनु ।

penduline (पेन्'ड्युलाइन्) **वि.** (गुँडको) झुण्डेको; (चराको) त्यस्तो लटकेको गुँड बनाउने ।

pendulous (पेन्'ड्युलस्) **वि.** झुण्डिएको, चुहिएको, लटकेको; विलम्बित, दोलायमान ।

pendulum (पेन्'ड्युलम्) **ना.** लोलक, दोलक, रालो, लंगूर; swing of the—राजनैतिक दलहरूमा शक्तिको फेरफार; compensation—नारी-घडीमा तापको परिमाणलाई निराकरण गराइएको दोलक; (अक्ष० र अलं०) दोल्ने व्यक्ति, वस्तु ।

Penelope (पिने'लोपि) **ना.** सती स्त्री (ग्री० कथा) ।

peneplain (पी'निप्लेन्) **ना.** (भूतत्व०) प्राय: मैदान प्रदेश ।

penetralia (पेनिट्रे'लिअ) **ना.** (ब० व०) अन्तरङ्गको वेदी वा खोपा ।

penetra/te (पे'निट्रेट्) **क्रि.** पसाउनु, घुसाउनु, घुसेड्नु, हुल्नु, छिर्नु, घुसार्नु, छेड्नु, छिचोल्नु, देख्नु, पत्ता लाउनु, (अलं०) भिज्नु, (अन्तर्दृष्टिले) देख्नु, छिचोल्नु, (स्वर) अरू अरू शब्दलाई जित्ने, छिचोल्ने;—tion **ना.** बोध, प्रवेश, छिराइ;—tive **वि.** छिचोल्ने, भेदी, वेधक ।

penguin ('पेङ्ग्विन्, पेन्'ग्विन्) **ना.** दक्षिणार्धको सामुद्रिक चरा जो पानीभन्तिर पौडन सक्दछ ।

penial (पी'निअल्) **वि.** शिस्नको, लिंगसम्बन्धी ।

peniciliate (पे'निसिलेट्) **वि.** (प्रा० इ०) सानू झुप्पा भएको, बनाउने; बुरुश वा पेन्सिलले धर्का लाए जस्तै ।

penicillin (पेनिसि'लिन्) **ना.** कोही कोही कीटाणुको वर्धन रोक्ने, पहिले ढुसीमा पाइएको, रोगनाशक औषधि ।

peninsula (पेनिन्'स्युला) **ना.** प्रायद्वीप, द्वीपकल्प, समुद्रमा घुसेको साँगुरो जमीनको टुक्रा;—r **वि.** प्रायद्वीपको, जस्तो; त्यस्तो भूमिमा बस्ने;—te **क्रि.** प्रायद्वीप बनाउनु ।

penis (पि'निस्) **ना.** उपस्थ, लिङ्ग, इन्द्रिय, तुतुरी, मूत्रेन्द्रिय, शिस्न, (असभ्य०) लाँडो, मुत्ने;—ial **वि.** लिङ्गसम्बन्धी ।

peniten/t (पे'निटेण्ट्) **वि.** र **ना.** अनुतापी, पछुताउने, अनुतापदग्ध; **ना.** पापी, तापसी, अनुताप गर्ने व्यक्ति;—ce **ना.** पश्चात्ताप, चुकचुक, सुर्ता, अनुशोक, पछुतो;—tial (पेनिटेन्'शल्) **वि.** अनुताप, प्रायश्चित्त वा तपस्याको ।

penitentiary (पेनिटेन्'शरि) **ना.** र **वि.** पोपको दरबारमा प्रायश्चित्त, शुद्धि, इ० को निर्णय दिने कार्यालय; वेश्याहरू सुध्रिन्छौं भन्नेलाई बस्ने घर, सुधारक कारावास; प्रायश्चित्त, सुधारक व्यवहार, बारेको ।

pennant (पे'नण्ट्) **ना.** पताका, तोरण, ध्वजा; आलन ।

penniform (पे'निफर्म्) **वि** (प्रा० इ०) प्वाँखको रूप वा आकार भएको; प्वाँख जस्तो ।

penniless (पे'निलिस्) **वि.** पैसाविहीन, कङ्गाल, अकिञ्चन, गरीब ।

pennill (पे'निल्) **ना.** झट्ट बनाएको कविताको श्लोक रसिया ।

pennon (पे'नन्) **ना.** लामू साँगुरो ध्वजा, तोरण, जहाजको लामू चुच्चे (उड्ने) पताका ।

penny (पे'नि) **ना.** बिलायती सिक्का (सानू मूल्यको); a pretty—धेरै दाम; Peter's pence प्राचीन कर (पोपलाई दिनुपर्ने); a—for your thoughts के सोचेको ?; in for a—, in for a pound शुरू गरेपछि गर्नैपर्छ;—plain and two pence coloured सस्तो भडकको ठट्टा;—-a—line (लेख) सस्तो, टपरटुइयाँ;—-a—liner हीनलेखक;—wise किफायती;—wise, pound foolish सानू कुरामा किफायती, ठूलोमा फ़जूलखर्ची;—dreadful डरलाग्दो कथा रहेको सस्तो पुस्तक;—farthing पुरानू ढाँचाको अग्लो बाइस्कल;—in the slot machine प्वालमा पैसा छिराएर माल लिने (किन्ने) यन्त्र ।

pennyroyal (पेनिरय'ल्) **ना.** पुदीनाको किसिम, ओखतीमा काम लाग्ने ठानिएको ।

penology (पीनॅ'लजि) **ना.** सजाय, दण्ड र झ्यालखानाको बन्दोबस्तको अध्ययन ।

pensile (पेन्'सिल्) **वि.** झुण्डिएको, विलम्बित ।

pension (पेन्'शन्) **ना.** र **क्रि.** जिउँता, बाँचुन्जेली, निवृत्ति वेतन, निवृत्ति भरण, पेन्सन; भाडा कोठा; **क्रि.** पेन्सन दिनु;—off सेवाबाट छुटाई जिउँता दिनु; old age—वार्धक्य अनुदान;—able **वि.** पेन्सन पाउन योग्य, पेन्सन पाउने;—ary (—शनरि) **ना.** पेन्सन पाउने, भरौटे;—er (पेन्'शनर्) **ना.** पेन्सन पाउने व्यक्ति ।

pensive (पेन्'सिभ्) **वि.** चिन्तामग्न, उदास, उन्मनस्क; घोरिएको, घोत्लिएको ।

penstock (पेन्'स्टॅक्) **ना.** प्रपात द्वार, बाढ द्वार, जल निर्गम ।

pent (पेण्ट्) **वि.** कडासँग थुनिएको; (साँगुरो ठाउँमा) थुनिएको ।

pent/a—(पेन्ट –) ग्री० pente—पंचको संयु० pentadactyl ५ औंला, नङ्ग्रा, हुने व्यक्ति वा पशु;—ahedron **ना.** ५ मुखे ठोस आकृति;—astich ५ पंक्तिको श्लोक;—atomic **वि.** परमाणुमा ५ अणु भएको, पंचाणुयुक्त;—avalent **वि.** ५ हाइड्रोजेन अणुसँग संयुक्त हुने शक्ति भएको ।

pentacle (पेन्'टक्ल्) **ना.** चिन्हरूपमा व्यवहृत हुने आकार, खा० ग० जादूमा, सम्भवत: pentagram ।

pentad (पेन्'ट्याड्) **ना.** ५ को संख्या वा समूह; ५ दिने

अवधि; (र० शा०) पाँचको संयोग शक्ति भएको तत्व वा मूलक ।

pentagon (पेन्'टगन्) **ना.** पंचभुज;—al **वि.** पंचकोण; the **P**—अमरिकाको प्रतिरक्षा केन्द्र ।

pentagram (पेन्'टग्ग्याम्) **ना.** रहस्यमय चिन्हको रूपमा (पहिले) पाँच कुने तारो, पंचभुजका भुजाहरू नकाट्टुन्जेल दुवैतिर बढाएर बनेको आकार ।

pentameter (पेन्टा'मिटर्) **ना** (ग्री. र रो. काव्य) पंचपदी पद्य; (अंग्रेजीमा) दश शब्दांशको कविता पंक्ति ।

pentane (पेन्'टेन्) **ना.** तरल रंगहीन हाइड्रो कारवन जो पेट्रोलियममा पाइन्छ ।

Pentateuch (पेन्'टट्यु क्) **ना.**प्राचीन संहिता (क्रिस्तानी) का पहिला पाँच अध्याय ।

pentathlon (पेन्ट्याथ्'लॅन्) (ग्री. प्रा. इ.) पाँच घटना (कसरत) को कसरती प्रतियोगिता जसमा सम्पूर्ण खेलाडीले भाग लिन्थे; अर्वाचीन अलिम्पिक खेलमा सोही प्रकारको प्रतियोगिता—घोडा चढ्नु, तरवारको वार खेल, पिस्तोल हान्नु, पौड्नु, खुला मैदानको दौड; पञ्चद्वन्द्व ।

Pentecost (पेन्'टिकॅस्ट्) **ना.** यहूदी फसल उत्सव ।

penthouse (पेण्ट्'हाउस्) **ना.** (आ०) pentice—मुख्य घरसँग जोरिएको पानीढलो छाना भएको सानू घर; छानाको कोठा वा वस्ने समष्टि; झल्लर, चँदुवा, इ. ।

pentode (पेन'टोड्) **ना.** (बेतारको कपाट) पाँच विद्युत् द्वारवाला ।

Pentonville (पेन्'टन्भिल्) **ना.** लण्डनको एक प्रसिद्ध झ्यालखान ।

penult, penultimate (पेनल्ट्', पी'नल्ट् ; पिनल्'टिमेट्) **वि.** र **ना.** आखिरीभन्दा एक अघि; **ना.** आखिरी शब्दांशभन्दा एक अघि ।

penumbra (पिनम्'ब्रा) **ना.** खण्ड छायाँ, दोछायाँ, खण्डच्छाया ।

penurious (पिन्यो'रिअस्) **वि.** कङ्गाल, अकिञ्चन, गरीब, थोरै, किर्पगी, अनिच्छुक ।

penury (पे'न्योरि) **ना.** दारिद्र्य, निर्धनता, गरीबी, दीनता, अभाव, खाँचो ।

peon (पी'अन्, प्युन्) **ना.** (भारतमा) कार्यालय सिपाही; हलकारा, टहलुवा, पदाति, परिचर, पालक, प्यून, पाले, नोकर; (अमरिका) दिनको मजदूर ।

peony (पी'अनि) **ना.** ठूलो वाटुलो रातो वा सेतो फूल भएको बिरुवा ।

people (पी'प्ल्) **ना.** र **क्रि.** जनता, लोक, जना, जन, दुनिया, प्रजा, रैती, रैतान, रैयत, जाति, वर्ग, इष्टमित्र, आप्तजन; **क्रि.** जन्माउनु, भर्नु (मानिसले), बस्नु, दखल गर्नु, भर्नु; chosen—, peculiar—**ना.** यहूदीहरू ।

pep (पेप्) **ना.** (अप) जोश, फूर्ति, जाँगर, उत्साह;—pill (बल, फूर्ति,) गराउने चक्की, (खा. ग. दौड, खेल, गर्ने खेलाडी, घोडालाई अयोग्यसँग दिइने);—talk उत्साहवर्धक, काम गर्ने प्रवृत्ति, लगन, जगाउने ।

peperino (पेपरी'नो) **ना.** बालुवा, खरानी, इ. बाट बनेको हलुका सुषिर चट्टान ।

pepper (पे'पर्) **ना.** र **क्रि.** मरीच; cayenne—रातो खुर्सानी;—-&-salt सेतो र कालो थोप्ला रंग भएको खा. ग, ऊनी कपडा (को लुगा), नूनचूक;—box खानामा मरीच, छर्कने बट्टा; **क्रि.** मरीच हाल्नु, छर्कनु, सानू ढुङ्गा इ० ले हानिरहनु; बेसरी सजाय गर्नु; long—पिपला ।

peppery (पेपरि) **वि.** मरीचिलो, ज्यादा मरीच भएको; (अलं०) पिरो, चर्को, पोल्ने, रिसाहा ।

pepsin (पेप्'सिन्) **ना.** पेटको रसमा रहने पाचन गराउने फेणन; जाठर रस ।

peptic (पेप्'टिक्) **वि.** र **ना.** दीपन, पाचक;—glands **ना.** जाठर रस उत्पादन गर्ने ग्रन्थि; **ना.** (ब. व., ठ०) पाचनेन्द्रिय ।

peptone (पेप्'टोन्) **ना.** अण्डश्वेत जस्तो एलब्युमनीय पदार्थ जसमा पेप्सिनको क्रियाले प्रोटीन परिवर्तित हुन्छन्, पाचन क्रियामा ।

per (पञर्) **उ.** द्वारा, बाट, उपायले, माध्यमले, ज० कि—annum सालियाना;—caput (गलतीले capita) प्रति पुरुष, प्रत्येक;—diem, mensem रोजै, महीनै पिच्छे;—post, rail, steamer, plane डाँक, इ. द्वारा;—second—second प्रतिसेकेण्ड गतिवर्द्धन जनाउने ।

per—(पर्) **उ.** पूर, भित्रसम्म; उदा०—turb,—forate इ.; (र. शा.) संयोगमा कुनै तत्वको उच्चतम परिमाण देखाउने, ज. कि—chloride,—iodide (ल्या०) ।

peradventure (पेरड्भे'न्चर्) **क्रि. वि.** र **ना.** कदाचित्, दैवात्, केही गरी, यदि, सायद, संयोग; **ना.** अनिश्चितता, मौका, अडकल ।

perambulate (पर्याम्'ब्युलेट्) **क्रि.** बीचवाट, माथि वा यताउति डुल्नु; यात्रा गर्नु र साथै निरीक्षण गर्नु; परिक्रमा गर्नु, परिभ्रमण गर्नु, पर्यटन गर्नु ।

perambulator (पर्याम्'ब्युलेटर्) **ना.** पछिबाट धच्याडेर हिंडाउने, तीन या चार पांग्रावाला, बालकलाई डुलाउने बग्गी; बच्चागाडी ।

perceive (पर्सीभ्') **क्रि.** अवगत हुनु, देख्नु (मनले), बुझ्नु, अवलोकन गर्नु; कुनै इन्द्रिय, खा. ग. चक्षु, ले भास्नु ।

percentage (पर्सेन्'टेज्) **ना.** रेट, दर, अनुपात, सयको; सयकडा; (खु०) अनुपात; नाफा ।

percept (पञर्'सेप्ट्) **ना.** (दर्श०) बोध, ज्ञानको विषय; क्रियाको विपरीत मानसिक उपलब्धि ।

perce/ption (पर्सेप्'शन्) **ना.** बोध, अनुभव, भावन, ज्ञान, (सत्य, सौन्दर्य इ० को) सहज ज्ञान; ग्रहण; हेक्का;—ptible **वि.** वेद्य, प्रत्यक्ष, गोचर, परिस्फुट, देखिने;—ptive **वि.** ग्रहणक्षम, ग्राही, चेतन ।

perch (पअ्र्च्) **ना.** र **क्रि.** खाद्य माछाको प्रकार, (पिंजडाभित्र) चरा बस्ने तेर्सो जडान; अग्लो या कुशल स्थान; **क्रि.** उत्रनु, बस्नु (चराले झैं), उत्रनु, बस्नु, स्थित हुनु ।

perchance (पर्चान्स्') **क्रि. वि.** (आ०) सायद, भाग्यले, संयोगले, होला ।

percheron (पेअ्र्'शराँ) **ना.** फ्रान्सको जिल्लामा उत्पादन हुने बलियो र तेज जातको घोडा (फ्रे०) ।

percipient (पर्सि'पिएण्ट्) **वि.** र **ना.** ग्राही, चेतन; **ना.** देख्ने, पर्यवेक्षक, खा० ग० (दूरमनसः टेलिप्याथीद्वारा) ।

percolate (पअ्र्'कलेट्) **क्रि.** छिचल्नु, छान्नु, निस्पन्द गर्नु ।

percuss (पर्कस्') **क्रि.** (भौ०) औजार या यन्त्रले जाँचको लागि बिस्तारै हान्नु ।

percussion (पर्क'शन्) **ना.** समाघात; (भौ०) आघात; instrument of—(संगी०) आघातद्वारा बजाइने वाद्य यन्त्र;—cap आघात शिर (गोलीमा रहने विस्फोटक पदार्थले भरिएको सानू शिर) ।

percutaneous (पर्क्युटे'निअस्) **वि.** छालाबाट, द्वारा, गरिएको वा बनाइएको ।

perdition (पर्डि'शन्) **ना.** अनन्त मरण, नर्कवास, क्षय, अधोगति ।

perdu(e) (पअ्र्ड्यू') **वि.** (सेना०) लुकाएर राखिएको चौकी झैं, लुकेको (फ्रे०) ।

perdurable (पर्ड्यो'रेब्ल्) **वि.** स्थायी, अनन्त, टिकाउ, चिरस्थायी ।

pere (पेअ्र्) **ना.** बाबु, पिता; (नामको पछाडि, छोरा (fils) सँग छुट्ट्याउन, लेखिने (फ्रे०) ।

peregrinate (पे'रिग्रिनेट्) **क्रि.** (अचेल ठ०) यात्रा गर्नु, सफर गर्नु ।

peregrin(e) (पे'रिग्रिन्) **वि.** र **ना.** (आ०) विदेशी, बाहिरबाट ल्याएको, अनौठा;—falcon शिकारलाई प्रसिद्ध जातको बाज ।

peremptory (पे'रिम्प्टरि, परेम्प्'टेरि) **वि.** अन्तिम; अविशंक्य, अवैकल्पिक, अस्वीकृति या बेमञ्जूरी नमान्ने (वक्तव्य या आदेश); एकदम स्थिर, अत्यावश्यक; (व्यक्तिको) सैद्धान्तिक, हुकुमी, तानाशाही ।

perennial (परे'नियल्) **वि.** र **ना.** वर्षस्थायी, बाह्रमासे, सालभरि रहने वा (नदी) बग्ने; धेरै वा सधैं रहने, टिकाउ; **ना.** (बिरुवा) धेरै वर्षसम्म रहने; **वि.** नित्य, अक्षय्य, निरन्तर ।

perfect (पअ्र्'फिक्ट्) **वि.** र **ना.** पूर्ण, अच्युत, सम्पन्न, निपुण, परिपक्व, ठीक, समग्र, अक्षत, उत्कृष्ट, उत्तम, तन्दुरूस्त; **ना.** पूर्णकाल ।

perfect (पर्फेक्ट्') **क्रि.** पूर्ण गराउनु, निर्दोष बनाउनु, सुधार्नु ।

perfection (पर्फेक्'शन्) **ना.** पूर्णता, उत्कृष्टता, उत्कर्ष, पराकाष्टा, उत्तमता, (-खु०) सापेक्षिक श्रेष्ठता; उच्चतम सिद्धि, प्रकर्ष; आदर्श; (ब० व०) गुण, योग्यता ।

perfectionist (पर्फेक्'शनिस्ट्) **ना.** धार्मिक वा नैतिक सिद्धि प्राप्त हुन सक्तछ भन्ने राय गर्ने; आफ्नू र आर्काको समेत काममा उत्कृष्टता खोज्ने (धे० ज० हेलासूचक) ।

perfervid (पर्फअ्र्'भिड्) **वि.** अति व्यग्र, अत्यन्त उत्तप्त ।

perfid/y (पअ्र्'फिडि) **ना.** विश्वासघात, प्रतिज्ञाभङ्ग, दगा;—ious **वि.** कोखे दाँत ।

perfoliate (परफो'लिएट्) **वि.** (व०) डाँठ पातबाट गएको, जस्तो देखिने ।

perfora/te (पअ्र्'फरेट) **क्रि.** छेद्नु, छेड्नु, प्वाल पार्नु; टिकट, रसीद इ. छुट्ट्याउनालाई कागतमा लहरै सानू प्वाल पार्नु; प्रवेश मार्ग बनाउनु; प्वालहरूको लहर काट्नु, लहर प्वाल पार्नु; पस्नु, बढ्नु, घुस्नु, छिर्नु;—tion **ना.** वेधन, छिद्र, प्वालको लहर;—ted विद्ध, सच्छिद्र, प्वाल लहरे ।

perforce (पर्'फोअ्र्स्') **क्रि. वि.** र **ना.** आवश्यकताले, करले; (**ना.** विर.) आवश्यकता ।

perform (पर्फअ्र्म्') **क्रि.** गर्नु, पार लगाउनु, संपादन गर्नु, पूर्ण गर्नु, अभिनय गर्नु, बजाउनु, गाउनु, (तालीम प्राप्त पशुहरूले) खेल देखाउनु, चटक गर्नु;—ing **वि.** खेल गर्ने;—ance **ना.** अनुष्ठान, परिपालन, सम्पादन, कर्म, आचरण, चेष्टा, प्रदर्शन ।

perfum/e (पअ्र्'फ्यूम्) **ना.** र **क्रि.** खुशबू, अत्तर, सुवास, परिमल, वास्ना, सुगन्ध, धूप; **क्रि.** वास्ना हाल्नु, सुरभ गराउनु, वास्ना आउने गराउनु;—ed **वि.** सुगन्धित, बास्ना आउने;—er **ना.** अत्तर बनाउने, बेच्ने;—ery **ना.** गन्ध द्रव्य, अत्तर ।

perfunctor/y (पर्फङ्'टरि) **वि.** लापरवाहीसाथ, टपर्टुइँया, निच मार्ने, झ्यास्स, झार्लाङ्गे, बेपरवाहीसाथ, केवल गर्नुपर्ने काम सिद्ध्याउने नियतले गरिएको;—work झटारो हनाइ;—iness **ना.** अनास्था, बेवास्ता ।

perfuse (पर्फ्यूज्') **क्रि.** (पानी) छर्कनु; ढाक्नु, रंगमंगिनु (तेज, लाज इ. ले), (पानी) हाल्नु वा खन्याउनु ।

pergameneous (पर्गमी'निअस्) **वि.** चर्मपत्रको, जस्तो ।

pergola (पअ्र्'गला) **ना.** कुन्ज, ढाकिएको बाटो, खा. ग. बिरुवालाई डोलमा तालीम गरेर बनाएको छेकले ।

perhaps (पर्ह्याप्स्') **क्रि. वि.** सायद, कदाचित्, संजोगले; बो. चा. मा praps ।

peri (पे'अ्रि) **ना.** परी, पडी, सुदेवी, सुन्दरी वा छरिती स्त्री ।

peri— (पेरि—) **उ.** ग्री० चारैतिर ;—cardium **ना.** हृदयकोष, मुटुलाई घेर्ने झिल्ली वा जालो;—carp ब्यूको थैलो, बीजकोष;—osteum हाडलाई बेर्ने जालो; अस्थि त्वच ।

periapt (पे'रिअ्याप्ट्) **ना.** जन्त्र, बाजू ।

periclase (पे'रिक्लेस्) **ना.** भिसुभियस ज्वालामुखी पहाडमा पाइने (फोर्दा सोग्होसँग फोरिने) ढुङ्गा ।

pericope (पेरि'कपि) **ना.** छोटो उद्धरण, वृत्त; पूजामा शास्त्रबाट पढिने छोटो वृत्त ।

pericranium (पेरिक्रे'निअम्) **ना.** मस्तिष्क कोष, कपा-

लावरण, गिदीलाई ढाक्ने जालो; (ठ०) मुण्टो, टाउको, बुद्धि, खप्पर ।

perigee (पे'रिजी) **ना.** ग्रहको अक्षमा त्यो बिन्दु जहाँ ग्रह पृथ्वीको निकटतम हुन्छ; निकटतम स्थान ।

perihelion (पेरिही'लियन्) **ना.** ग्रहको अक्षमा त्यो बिन्दु जहाँ ग्रह सूर्यको निकटतम हुन्छ, निकटतम स्थान ।

peril (पे'रिल्) **ना.** र **क्रि.** खतरा, खड्गो, भय, शङ्का; **क्रि.** खतरामा पार्नु;—ous **वि.** खतरनाक ।

perimeter (पेरि'मिटर्) **ना.** परिमिति, परिधि, बन्द चित्रको रूपरेखा, त्यसको लमाइ; शिविर वा गढको बाहिरी सीमाना ।

perineum (पेरिनी'अम्) **ना.** (श. वि.) गुदद्वार र मूत्रद्वार वा अंडकोषबीचको भाग ।

period (पे'भ्रिअड्) **ना.** र **वि.** कालचक्र, नियत काल, म्याद, भाका, भाखा, कालावधि, रोगावधि; समयावधि, थाम; (सा. ब. व.) रज; समय, काल, आवर्तक, पूर्ण वाक्य, धेरै वाक्यांशसहितको; (ब. व.) सालङ्कार भाषा; पूर्ण विराम; छुट्ट्याइएको अङ्क समूह खा ग. अंकगणितमा दशमलव, आवर्तक, दशमलव, इ० लाई; **वि.** कुनै खास बितेको समयको विशिष्ट गुण भएको; the—वर्तमान काल, उदा० the catchwords of the—; put a—to अन्त गर्नु, समाप्त गर्नु; limitation—हदम्याद ।

periodic (पेभ्रिअॅ'डिक्) **वि.** नित्य, सामयिक, सावधिक, आवधिक, आवर्त;—ity **ना.** आवधिकता;—table (र० शा०) रासायनिक तत्वहरूलाई तिनको आणविक गुरुत्वबमोजिम सूचीबद्ध गरेको क्रम; आवधिक तालिका ।

periodical (पेभ्रिअॅ'डिकल्) **वि.** र **ना.** सामयिक, आवधिक, बीचबीचमा हुने; **ना.** नियमित अवधि, ज. कि प्रति महीना, प्रकाशित हुने पत्रिका ।

peripatetic (पेरिपटे'टिक्) **वि.** र **ना.** (P—ic) अरस्तुको, भ्रमणशील, आफ्नू पेशाको लागि यताउति हिंडिरहनुपर्ने; (ना. मु० ठ०) फेरिवाला, उपरिया ।

peripeteia,—tia (पेरिपिटाइ'अ,—टि'अ) **ना.** नाटक, वा वास्तविक जीवन, मा भाग्यको आकस्मिक परिवर्तन ।

peripher/y (पेरि'फरि) **ना.** खा. ग. वाटुलो तहको सीमा रेखा; वाह्य सीमाना वा तह; परिधि, वाह्यरेखा;—al **वि.** परिधिस्थ, परिवृत्तीय ।

periphrasis (पेरि'फ्रसिस्) **ना.** वाग्प्रपञ्च, वाग्विस्तार, लम्बे चौडे कुरा, वाग्बाहुल्य, बहुवाक्य ।

periscope (पे'रिस्कोप्) **ना.** परिदर्शक, परिदर्शक नली ।

perish (पे'रिश्) **क्रि.** नाश हुनु, बिगार हुनु, प्राणघात हुनु; (जाडो वा अनावृत अवस्थाले गर्दा) क्लेश पाउनु वा न्यूनताको अनुभव गर्नु;—er **ना.** (अप.) स्वाँठ, लाठे;—able **वि.** निष्फर, बिग्रने, क्षयशील, क्षयिष्णु, भङ्गुर; **ना.** (ब. व.) चाँडै बिग्रिने खाद्य सामग्री इ. ।

peristalith (पेरिस्'टलिथ्) **ना.** चिहानको चारैतिर खडा ढुङ्गाको चक्का ।

peristal/sis (पेरिस्ट्याल्'सिस्) **ना.** स्वाधीन गति, (पाचननलीमा) इ.;—tic सो गतिमय ।

peristyle (पे'रिस्टाइल्) **ना.** घर, मन्दिर, विहार, को चारैतिरका स्तम्भको लहर, स्तम्भ पंक्ति ।

peritoneum (पेरिटनी'अम्) **ना.** (श. वि.) पेटको दोहोरो जालो, अन्त्रवेष्टन ।

periwig (पेरि'विग्) **ना.** उपकेश, कृत्रिम केश ।

periwinkle (पे'रिविङ्क्ल्) **ना** बिरुवा, लहराको प्रकार; (खाने) चिप्लेकीरा ।

perjur/e (पअ्र्'ज्योर्) **क्रि.** मिथ्या शपथ लिनु, झूटो गवाही बक्नु;—y **ना.** मिथ्यागवाही, झुट्टा बकाइ ।

perk (पअ्र्क्) **क्रि.** शिर उठाउनु, फुर्फुरिनु, गम्कनु; **ना.** (अप.) पाउना, उठतो, अधिक लाभ ।

perky (पअ्र्'कि) **वि.** धृष्ट, प्रगल्भ, फुर्फुरिएको, ठाडो, अविनीत, गर्वपूर्ण ।

perm (पअ्र्म्) **ना.** (बो. चा.) केशको स्थायी लहर (मु. स्त्रीको); अंकपाश, क्रम संचय ।

permafrost (पअ्र्'माफ्रॅस्ट्) **ना.** उदीच्य क्षेत्रमा स्थायी रूपले हिमाच्छन्न तल्लो माटो, स्थायी तुसारो ।

permalloy (पअ्र्'मलॉय) **ना.** चुम्बकीय शक्ति ग्रहण क्षमता भएको, निकेल र फलामको सम्मिश्रणले बनेको धातु ।

permane/nt (पअ्र्'मनेण्ट्) **वि.** टिकाउ, स्थायी, दिगो, अडिलो, व्यापी, गहकिलो, खपुवा;—set चलनको तोडमा परेपछि धातुको स्थिति;—wave विभिन्न प्रक्रियाद्वारा केशमा स्थायी लहर (दुई चार दिनसम्म अड्ने) गराइएको केशको साज, छो. क. perm;—way रेलको बाटो, लाइन बिछाएर बनाएको रेलपथ;—nce **ना.** स्थायित्व, स्थिरता, नित्यता;—ncy **ना.** स्थायित्व, खा. ग. स्थायी वस्तु वा बन्दोबस्त ।

permanganate (पर्म्या'ङ्गनेट्) **ना.** (र. शा.) potassium—,—of potash पानीमा पगालेर कीटनाशक वा दाहकको काम लिइने रासायनिक द्रव्य ।

permanganic (पअ्र्म्यान्'ग्यानिक्) **वि.** (र. शा.)—acid म्याङ्गनीज धातुबाट प्राप्त हुने अम्ल ।

perme/ate (पअ्र्'मिएट्) **क्रि.** वेध्नु, छेड्नु, छिचोल्नु, व्यापन गर्नु, अति क्लेद गर्नु, मिसिनु;—able **वि.** प्रवेश्य, व्याप्य ।

permissi/on (पर्मि'शन्) **ना.** आज्ञा, अनुज्ञा, अनुमति, आदेश, इजाजत, छूट, परमाङ्गी;—ble **वि.** अनुज्ञेय, दिन हुने, न्याय्य, ग्राह्य;—ve **वि.** अनुमोदक, दिने;—ve legislation **ना.** आज्ञा दिने, तर अनिवार्य नगराउने, ऐन, नियम ।

permit (पर्मिट्') **क्रि.** र **ना.** दिनु, आज्ञा दिनु, स्वीकार गर्नु; **ना.** आज्ञापत्र, अनुमतिपत्र, लिखित आज्ञापत्र ।

permutation (पअ्र्म्युटे'शन्) **ना.** (गणित) क्रम संचय, विनिमय, परिवर्त, अंकपाश; परिवर्तन ।

permute (पर्म्युट्') **क्रि.** क्रम बदल्नु ।

pern (पअर्न्) **ना.** बाजको प्रकार ।

pernicious (पर्नि'शस्) **वि.** घातक, नाशक, अपकारक, विनाशक, हिंसक, अफाप ।

pernickety (पर्नि'किटि) **वि.** (बो. चा.) सोपियानो, छिंचिगुटे, कुतकुते, सावधानीसाथ चलाउनुपर्ने ।

pernoctation (पअर्नक्टे'शन्) **ना.** जाग्राम, रात विताउनु ।

peror/ate (पे'ररेट्) **क्रि.** भाषण टुङ्ग्याउनु, सारांश झिक्नु; —ation **ना.** उपसंहार, अन्तिम कुरा ।

perox'de (पर'क्साइड्) **ना.** र **क्रि.** (र. शा.) अक्सिजन सबभन्दा बढी परिमाणमा भएको कुनै तत्वसँग अक्सिजनको यौगिक; (लो.)=हाइड्रोजनको परोक्साइड, कीटनाशक औषधिको रूपमा व्यवहार हुने रंगहीन बाक्लो तरल पदार्थ, जो केशको रंग उडाउन पनि व्यवहार गरिन्छ, ज. वा. peroxide blonde कपाल सेतो पारेकी गोरी; **क्रि.** केशको रंग उडाउनु ।

perpend (पअर्पेण्ड्') **क्रि.** (आ.) घोरिनु, सम्झिनु, विचार गर्नु, मनन गर्नु ।

perpendicular (पअर्पेण्डि'क्यूलर्) **वि.** र **ना.** लम्ब रूप, खडा, ठाडो, सोझो, (ठ.) उभिएको स्थितिमा, (ज्यामिति) ऋजु कोण बनाउने, लम्ब; **ना.** लम्ब, सोझो धर्को देखाउने लाइन, डोरी वा यंत्र; (अप.) पाहुनाहरू उभिएर खाना खाने भोज;—style भवन निर्माण कलाको ढाँचाको प्रकार ।

perpetra/te (पअर्'पिट्रेट्) **क्रि.** (अचाक्ली ठानिने कुरा, ज. कि अपराध, ठूलो गलती, श्लेष इ.) गर्नु, खराब कुरा गर्नु;—tion **ना.** आचरण, गराइ ।

perpetual (पर्पे'ट्यु अल्) **वि.** अनन्त, आसग, ज्युँताभर; सदाकाल वा अनिश्चितकालसम्म लागू वा चलतीमा रहने; अविरल, अनवरत, (बो. चा.) बारंबार, दोहरिने;—motion खिइएर अथवा कसैले रोकेमा मात्र थामिने यन्त्र;—calender लामू अवधिसम्म चलन गर्न सकिने पात्रो ।

perpetuate (पर्पे'ट्यु एट्) **क्रि.** अनन्त गराउनु, चिरस्थायी बनाउनु; विस्मरणबाट जोगाउनु ।

perpetuity (पअर्पिट्यू'इटि) **ना.** नित्यता, नैत्य, स्थायित्व; सदाको लागिको स्वामित्व वा स्थान; सदाको लागिको वर्खासन वा अनुदान; in, to, for,—सदाकालको लागि ।

perplex (पर्प्लेक्स्') **क्रि.** जिल्ल पार्नु, छक्क पार्नु, चक्कर ख्वाउनु, रलबल्याउनु, अलमल्याउनु, जेलिनु, बटारिनु;—ity **ना.** असमन्जस, परिभ्राट, बिलखबन्द, अन्योल, हडबडी, घबराहट, रनभुल्ल, अलमल्ल;—ed **वि.** रूमलिएको, भर्माएको, बिलखबन्द, विचलित, जिल्ल ।

perquisite (पअर्क्विज़िट्) **ना.** (अप० छो० क० perk) भैपरिआउने नाफा; पदमा रहेको कारणले पाउने (तलबभन्दा पृथक्) पाउना, उठती, रकम, सलामी, अधिक लाभ, परम्परागत बकस ।

persecu/te (पअर्'सिक्युट्) **क्रि.** सताउनु, सास्ती दिनु, टोकस्नु, हायल कायल पार्नु, रिंगावाटा ख्वाउनु, कचकचाउनु, झिज्झो गर्नु, खेदो गर्नु, पछ्येटा लाग्नु, शत्रुता गर्नु;—tion **ना.** उछित्तो, खेदो, रिंगावाटा, हालावाला, बुहातन, पीडन, बाधा ।

perseve/re (पअर्सिभिअर्') **क्रि.** प्रयत्न गर्नु, अनवरत चेष्टा गर्नु, मरिमेट्नु, सतत प्रयास गर्नु;—rance (पअर्सिभिय'रेन्स्) **ना.** धामा, धपेडी, मिहिनेत, श्रम, परिश्रम, तन्देही, लगन;—ring **वि.** सचेष्ट, प्रयत्नशील, उद्यमी, व्यवसायी, अध्यवसायी, दीर्घोद्योगी ।

Persian (पअर्'शन्) **वि.** र **ना.** फारस–पर्शा–को भाषा, वासिन्दा;—carpet, cat कार्पेट, बिरालो (लामू रेशमी रौं र मोटो पुच्छर भएको) ।

persiennes (पअर्सिएन्ज़्') **ना.** (ब. व.) हलका झिलमिलवाला बाहिरी झ्याल ।

persiflage (पअर्'सिफ्ल्यऱ्ह्) **ना.** हलका ठट्टा, उपहास; छिल्लिएको कुरा (फ्रे०) ।

persimmon (पर्सि'मन्) **ना.** हलुवावेत ।

persist (पर्सिस्ट्') **क्रि.** जोर गर्नु, जोरसाथ हठ गर्नु, हठसाथ गरिरहनु, घिरी काट्नु, हत्ते हाल्नु, विरोधको परवाह नगर्नु, (संस्था, चलन इ.) रहनु, अड्नु, बाँच्नु;—ence **ना.** दृढाग्रह, निर्बन्ध ।

person (पअर्'सन्) **ना.** व्यक्ति, व्यक्तिविशेष; जीउ, जीय, शरीर; (व्या०) पुरुष;—able **वि.** स्वरूपवान, राम्रो ।

persona (पर्सो'ना) **ना.** व्यक्ति; ज. कि—grata, non-grata स्वीकृत, अस्वीकृत, व्यक्ति (ल्या०) ।

personage (पअर्'सनेज्) **ना.** औकातवाला व्यक्ति, भलाद्मी, नाटकमा पात्र, इ. ।

personal (पअर्'सनल्) **वि.** र **ना.** स्वीय, निजी, आफैंले, निजायती, व्यक्तिगत; स्वकीय, घरायसी, अमानत, वैयक्तिक, आत्म्य, आत्मीय;—bail हाजिरजमानी;—or agony column अखबारमा व्यक्तिगत वा अर्ध व्यक्तिगत छोटा छोटा विज्ञापन रहने भाग;—property, estate (का.) चल सम्पत्ति; (ब. व.) व्यक्तिको बारेको अखबारको लेख; (व्या०) पुरुषसम्बन्धी;—ly **क्रि. वि.** खुद आफैंले ।

personality (पअर्सन्या'लिटि) **ना.** व्यक्तित्व, आत्मत्व ।

personalize (पअर्'सनलाइज्) **क्रि.** व्यक्तित्व प्रदान गर्नु, अस्तित्व दिनु ।

personalty (पअर्'सनल्टि) **ना.** व्यक्तिगत जेथा ।

personate (पअर्'सनेट्) **क्रि.** (कसैको) रूप लिनु, अभिनय गर्नु, (छलको लागि) आर्काको रूप लिनु, नाम ढाँट्नु, रूप बदल्नु ।

personif/y (पर्सॅ'निफाइ) **क्रि.** (माया, भाव, तन्द्रा, इ. लाई) व्यक्तित्व आरोपण गर्नु; (कुनै गुणलाई) मानवरूपमा संकेत गर्नु; (कुनै गुणलाई) आफ्नै व्यक्तिमा मूर्तिमान गराउनु, आदर्शरूपले प्रदर्शन गर्नु;—ication (पर्सॅनिफिके'शन्) **ना.** चेतनत्वारोपण, व्यक्तिरूप दान, मनुष्य गुणारोपण ।

personnel (पअर्सनेल्') **ना.** कुनै सार्वजनिक सेवा, कारखाना, कार्यालयमा काम गर्ने कामदार, कामदार कारिन्दा,

जवान, कर्मचारीगण; (फ्रे.) armed—जंगी जवान ।

perspective (पस्ˈपेक्ˈटिभ्) **ना.** र **वि.** परिप्रेक्ष, पर्यालोक्य. दृश्य वस्तुहरूको स्थान, दूरता, इ. को देखौवा सम्वन्ध; (अलं.) कुनै विषयका भागहरूको पारस्परिक सम्बन्धको मनको विचार; (अक्ष. र अलं.) दृश्य, दृग्गोचर प्रदेश; in—परिप्रेक्षको नियमानुसार खिचिएको; linear—(वस्तुहरूको देखौवा रूप, परिमाण र स्थानसँग सम्बन्धित) ।

perspex (पअ्र्स्ˈपेक्स्) **ना.** पारदर्शक, वलियो नफुट्ने नर्चकिने प्लास्टिक पदार्थ, ऐनाभन्दा धेरै हलुका, जो हवाइजहाजको भागको निर्माणमा काम लगाइन्छ ।

perspi/cacious (पअ्र्स्पिकेˈशस्) **वि.** विवेकयुक्त, वुद्धिपूर्ण, सूक्ष्म दृष्टि, मानसिक तीक्ष्णता वा विवेक भएको;—cacity **ना.** विवेक, तीक्ष्णता ।

perspicu/ous (पर्स्पिˈक्युअस्) **वि.** स्पष्ट, व्यक्त, सुबोध; (व्यक्ति) प्रकाशनमा स्पष्ट, भाव प्रकाशनमा स्पष्ट;—ity **ना.** स्पष्टता, सुगमता ।

perspir/e (पर्स्पायर्ˈ) **क्रि.** पसिनाउनु, पसीना आउनु;—able **वि.** पसीना निस्कने, पसीनाद्वारा (शरीरबाट) फ्याँकिने;—ation (पअ्र्स्पिरेˈशन्) **ना.** पसीना, स्वेदन, स्वेद स्राव; लथपथ ।

persua/de (पर्स्युएड्ˈ) **क्रि.** मनाउनु, मञ्जूर गराउनु, राजी गराउनु, फुल्याउनु, सम्झाउनु, फकाउनु, ललाउनु, फुस्ल्याउनु;—sion (पर्स्वेˈज़्न्) **ना.** मनाउनु, अनुनयीता, विश्वास; मत, सम्प्रदाय, (धार्मिक.); (ठ.) जाति, किसिम, ढाँचा;—sive **वि.** मनाउने, सानुनय, अनुनयी, हृदयग्राही; **ना.** मतलव, लक्ष, लोभ, लालच ।

pert (पअ्र्ट्) **वि.** बढेको, फुर्केको, चनमते, चुलबुले, चोथाले, मुखाले, प्रगल्भ, धृष्ट, चपल, मुख लाग्ने;—ness **ना.** चापल्य, अविनय, अटेरीपन ।

pertain (पर्टेन्ˈ) **क्रि.** (केहीको) भाग, गाँस, सहायक वा अतिरिक्त हुनु; (को) योग्य हुनु; (को) संकेत, सम्बन्ध, हुनु; अन्तर्गत हुनु ।

pertina/cious (पअ्र्टिनेˈशस्) **वि.** हठी, जिद्दीवाल, अजीर, जर्कटो;—city **ना.** हठ, जिद्दी ।

pertinent (पअ्रˈटिनेण्ट्) **वि.** र **ना.** अन्तर्गत, सम्बन्धको, प्रासंगिक, सुहाउँदो, मिल्दो, ठिक; **ना.** (सा. ब. व.) उपकरणहरू, सामग्रीहरू ।

perturb (पर्टर्ब्ˈ) **क्रि.** क्षुब्ध गराउनु, हडबड पारिदिनु, आकुल गराउनु, व्यग्र गराउनु;—ation **ना.** खलबली, खुलदुली, क्षोभ, उद्वेग ।

peruke (परूक्ˈ) **ना.** उपकेश, कृत्रिम केश, नकली कपाल ।

peru/se (परूज़्) **क्रि.** अध्ययन, सावधानी, साथ पढ्नु, पढ्नु, (अलं.) (व्यक्तिको अनुहार, इ.) ध्यानसँग हेर्नु;—sal **ना.** अध्ययन, पठन, पारायण ।

Peruvian (परूˈभिअन्) **वि.** र **ना.** परू (दक्षिण अमरिकाको देश) को; परूको वासिन्दा;—bark चिराइतो ।

perva/de (पर्भेड्ˈ) **क्रि.** व्याप्त गर्नु, छिचोल्नु, छाउनु, रंगमंगिनु, फैलिनु, संतृप्त गर्नु (धे. ज. अलं., प्रभाव इ. बारे);—sion **ना.** व्याप्ति;—sive **वि.** व्यापक, व्यापी, चौतर्फी ।

perver/se (पर्भअ्र्स्ˈ) **वि.** विराम, गलती, मा हठी; उल्टो, वाम, प्रतीप, कुटिल मति, बेमुनासीव, अनावश्यक, जिद्दीवाल, चिडचिडा, बदमाश, विग्रेको, (फैसला) गवाही वा न्यायाधीशको आदेशको विपरीत;—sity **ना.** वैपरीत्य, उल्टोपन, प्रतिकूलता ।

perver/t (पर्भअ्र्ट्ˈ) **क्रि.** र **ना.** भाँड्नु, वराल्नु, विभिण्डयाउनु, (शब्द इ०) बेठीक अर्थ लगाउनु वा गलतीसँग लगाउनु; **ना.** स्वधर्मभ्रष्ट, च्युत, पतित;—sion **ना.** विकार, विकृति, दूषण, कालुष्य ।

pervert (पर्ˈभअ्र्ट्) **ना.** बिग्रेको व्यक्ति, धर्मत्यागी, यौनिक विकार भएको व्यक्ति ।

pervious (पअ्र्ˈभिअस्) **वि.** भेद्य, प्रवेश्य, बाटो दिने, (अलं०) पहुँच पुग्ने (युक्ति, इ० को) ।

peseta (पेसेˈटा) **ना.** स्पेनको रौप्य सिक्का र दामको एकांकी (स्पे०) ।

pesky (पेस्ˈकि) **वि.** (वो. चा.) टण्टा लगाउने, दुःखदायी, रिसउठ्तो, हैरान पार्ने, अलमलिएको ।

peso (पेˈसो) **ना.** धेरै दक्षिण अमरिकाका राष्ट्रहरू र फिलिपिन्समा चल्ने (चाँदीको) सिक्का ।

pessary (पेˈसरि) **ना.** (भै.) पाठे घर नसरोस् भनी योनिमा लाउने यन्त्र; यौनिक सपोजिटरी (भग वा गुदद्वारभित्र हाल्ने लाम्चो चुच्चे औषधिको उत्पादन) ।

pessim/ism (पेˈसिमिज़्म्) **ना.** निराशावाद, खराबपट्टि हेर्ने प्रवृत्ति, संसार निकृष्टतम हो भन्ने सिद्धान्त;—ist **ना.** निराशावादी, खराब मात्र देख्ने ।

pest (पेस्ट्) **ना.** नाशकारी वस्तु, व्यक्ति वा पशु; (अचेल विर.) महामारी; कण्टक, रोग, कीरा-फट्याङ्ग्रा ।

pester (पेˈस्टर्) **क्रि.** झिझो गर्नु, कचकचाउनु, झिझ्याउनु, सताउनु, तिरिखिरी पार्नु, टण्टा पार्नु, कचकच गर्नु, हैरान, पार्नु, दुःख दिनु, पछ्यौटा लाग्नु, कछेटा लाग्नु, विडघिडो लाग्नु, धाउनु, पिर्नु, पिरोल्नु, धुंचक्कर गर्नु ।

pesticide (पेˈस्टिसाइड्) **ना.** कीटनाशक द्रव्य वा औषधि ।

pestiferous (पेस्टिˈफेरस्) **वि.** विषाक्त, विनाशक, घातक, (अलं.) नैतिक अधःपतन रहेको, हानिकारक ।

pestilen/ce (पेस्ˈटिलेन्स्) **ना.** मारी, महामारी, कुनै घातक व्यापक रोग, खा. ग. प्लेग;—t **वि.** घातक; (अलं.) नैतिक पतन गराउने; (वो. चा.) कष्टकर, हैरानी गराउने; लिच्रडो ।

pestle (पेˈसल्) **ना.** वच्चा, लोहोरो, कुट्ने औजार; **क्रि.** कुट्नु, पिंध्नु ।

pestology (पेस्टॅˈलजि) **ना.** (खा. ग. हानिकारक) कीरा फट्याङ्ग्रा इ. को र तिनलाई शमन गर्ने तरीकाको वैज्ञानिक अध्ययन र अनुसन्धान ।

pet (पेट्) **ना.** र **क्रि.** (–tt–) पालेको पशु वा चरा, पालतु, प्रेमपात्र, प्यारो वस्तु वा व्यक्ति; **क्रि.** लाड्नु, पुलपुल्याउनु, लालन गर्नु;—aversion सबभन्दा मन नपर्ने कुरा;—cock **ना.** पानी निथार्ने, भाप छोड्ने, सानू धारा;—name बोलाउने (प्यारो) नाम;—ting party (बो. चा.) ठिटा ठिटीहरूको सामाजिक जमघट जहाँ अँगालो, म्वाइँ, चल्दछ ।

pet (पेट्) **ना.** बेवास्ता भएकोमा रिस, झोक; खा. ग. be in a—ठुस्सिनु ।

petal (पे'टल्) **ना.** (फूलको) दल, पत्र ।

petard (पिटाअर्ड्') **ना.** अघि ढोका फोर्ने इ. को लागि युद्धको यन्त्र; आतशबाजी, पटका, खोइरो; hoist with his own—आफ्नै हतियारले आफैलाई चोट ।

petasus (पे'टसस्) **ना.** प्राचीन ग्रीक थ्याप्चे चौडा बीट भएको टोप, हर्मेस देवको पखेटावाला टोप ।

Peter (पी'टर्) **ना.** क्रिस्तान पुरुषको नाम; St.—क्राइस्टको एक शिष्य; rob—to pay Paul एकबाट लिएर आर्कोलाई दिनु, आर्कालाई हानि गराएर आफ्नू ऋण तिर्नु; Blue—छोड्ने अघि जहाजमा उठाउने एक प्रकारको झण्डा;—'s pence पोपलाई दिनुपर्ने प्राचीन कर ।

peter (पी'टर्) **क्रि.** (अप.) (नदी, खोलो, कच्चा धातुको तह, इ.)—out सिद्धिनु, खतम हुनु ।

petersham (पीं'टर्शम्) **ना.** रेशमी फित्ताको प्रकार; बाक्लो ओभरकोट वा ब्रिचिस (अघिको); सो बनाउने कपडा ।

petiole (पे'टिओल्) **ना.** (व.) पातको डाँठ ।

petit (पटी', पेटी') **वि.** (ब. व.—s) सानू;—four (पटी फूर्) सानू बुट्टादार बिस्कुट;—s-chevaux (–-शभो') जुवाको खेल;—maitre (—-मे'ट्र) नक्कले, गुण्डा;—mal (—म्याल्) हलका प्रकारको छारे रोग;—souper (सू'पे) थोरै संख्यामा दिली दोस्तहरूको लागि अनौपचारिक राति खाना;—s sions (स्वाँ) सानातिना हेरचाहका काम;—verre (—भेअर्) वाइनको गिलास (फ्रे.) ।

petite (पटीट्') **वि.** (स्त्री) सानू र सुकुमारी बनौटकी ।

petitio (पिटी'शिओ, पिटी'टिओं) **ना.**—principii प्रिंञ्चिपिआइ) कुरा छल्ने, हेत्वाभास (ल्या.) ।

petition (पिटी'शन्) **ना.** र **क्रि.** विन्ति, निवेदन, समावेदन, विन्तिपत्र, प्रार्थनापत्र, अर्जी; **क्रि.** विन्ति लाउनु, विन्ति भाउ गर्नु, याचना गर्नु, माग्नु;—ary **वि.** विन्तिपत्रको;—er **ना.** निवेदक, प्रार्थी, याचक, अर्थी, वादी (खा. ग विवाह विच्छेद मुद्दामा) ।

petrel (पे'ट्रेल्) **ना.** सम्पूर्ण जीवन पानीमै बिताउने सामुद्रिक चराको किसिम; stormy—सानू समुद्री चरा; (अलं.) उपद्रव, झगडा, को कारण ।

petri/fy (पे'ट्रिफाइ) **क्रि.** ढुङ्गा बनाउनु, ढुङ्ग्याउनु; (अलं.) डर, आश्चर्य, इ. ले हल न चल गराउनु; (मन, सिद्धान्त, इ.) लाई संजीवत्वबाट वंचित गराउनु, कठिन गराउनु;—faction (पेट्रिफ्याक्'शन्) **ना.** पाषाणीकरण, प्रस्तरीकरण, पत्थर बनेको पिण्ड ।

petro—(पे'ट्रो-) ग्री. petra पत्थर, चट्टानबाट संयुक्त रूप;—glyph ढुङ्गामा लेख्नु, खोद्नु;—graph **ना.** शिलालेख;—logy **ना.** चट्टानको उत्पत्ति, रचना, इ० को अध्ययन ।

petrol (पे'ट्रल्) **ना.** मोटर, वायुयानमा हाल्ने शोधित पेट्रोलियम; तेल, पेट्रोल;—ic **वि.** पेट्रोलको ।

petroleum (पिट्रो'लिअम्) **ना.** पृथ्वीको माथिल्लो तहमा पाइने पाषाण तेल जसलाई आन्तरिक दहन यन्त्रमा र तताउनाको प्रयोजनको लागि चलन गरिन्छ; तेल, पाषाण तेल ।

petroleur (पेट्रोलेअर्') **ना.** पेट्रोलले (घर) जलाउने, गृहदाहक (फ्रे०) ।

petronel (पे'ट्नेल्) **ना.** (ऐति०) घोडचढी सिपाहीले अघि चलन गर्ने ठूलो पिस्तोल ।

petrous (पे'ट्रस्) **वि.** ढुङ्गा जस्तो, (श. वि.) कंचटको हाडको सान्हो भागलाई कहिने ।

petticoat (पेटिकोट्) **ना.** पेटिकोट, चोटी, साया, स्त्री, ठिटी, फरिया; (ब. व.) स्त्रीजाति;—government स्त्रीराज्य ।

pettifog (पे'टिफॅग्) **क्रि.** कानूनी वाक्छल, धूर्तता, गर्नु; सानू कुरामा अडङ्गा लगाउनु ।

pettifogger (पे'टिफॅगर्) **ना.** तल्लो कानूनी वकील, धूर्त र बेईमान वकील; कुनै विभागमा ससाना काम गर्ने व्यक्ति ।

pettish (पे'टिश्) **वि.** चिडचिडा, ठुस्स्याहा, रिसाहा, सानू कुरामा झोक्किने ।

pettitoes (पे'टिटोज्) **ना.** (ब. व.) सुङ्गूरको खुट्टा (खाद्यको रूपमा) ।

petto (पे'टो) **ना.** **In**—आफ्नै छातीमा, गुप्तसँग (इटा.) ।

petty (पे'टि) **वि.** क्षुद्र, सानू, लर्तरो, जाबो, खाइखुइ, सानूतिनू, सानू परिमाणमा;—cash नगदको सानू रकम;—officer नोसेनामा दर्जा;—jury १२ जनाको जूरी ;—larceny कम (अघि १२ पेन्स) मोलको मालको चोरी;—session २ अथवा बढी न्यायाधीशहरूले बनाएको मोफस्सिलको इजलास ।

petulan/t (पे'ट्युल्याण्ट्) **वि.** चिडचिडा ढाँचाको हडबडे वा रिसाहा; दुःशील; मात्तिएको;—ce **ना.** दुःशीलता, धृष्टता, ठुस्सिनु, प्रतीपता ।

petunia (पिट्यू'निआ) **ना.** सेतो, कलेजी, बैजनी फूल फुल्ने बिरुवा; गाढा बैंजनी, कलेजी ।

petuntse (पिटून्'चि) **ना.** चीनिया मट्टीको प्रकार; (चीनिया) ।

pew (प्यु) **ना.** र **क्रि.** गिरजामा घेरेको बस्ने ठाउँ वा जडेको बेञ्च; (बो. चा.) आसन;—-rent गिरजामा स्थानको भाडा; **क्रि.** स्थान घेर्नु; सो स्थान बनाउनु ।

pewit, peewit (पि'विट्, प्यू'इट्) **ना.** टिट्टिभ, हुटिट्याँउ, समुद्री चरा; त्यसको बोली ।

pewter (प्यू'टर्) **ना.** टिन र सीसा वा अन्य धातुको मिसोट,

राँग, काँसा;—pot (अप.) वाजी, दाम ।

pfenning,—ing (प्फे'निग्) **ना.** सानू जर्मन सिक्का र दाम (जर्म.) ।

phaeton (फे'इटन् वा फे'ट्न्) **ना.** जोडा घोडाले तान्ने हलका चार पाङ्ग्रे खुल्ला बग्गी, जोडी ।

phagedaena,—dena (फ्याजि (गि) डी'ना) **ना.** फैलँदै जाने घाउ, फोडा, व्रण ।

phagocyte (फ्या'गसाइट्) **ना.** (रगतको) भक्षक कोष ।

—phagous (—फ्यागस्) ग्री. संयु. **उ.**=भक्षक ।

phalange (फ्या'ल्यान्ज्) **ना.** phalanx हेर्नू ।

phalanx (फ्या'ल्याङ्क्स्) **ना.** (व. व.—xes,—ges, उच्चा.—जेज़्) (ग्री. प्रा. इ.) व्यूह, युद्धको लाइन, खा. ग, सँगसँगै जोरिएका म्यासिडोनियन पैदल सेना; समान लक्षको लागि समूह बाँध्ने व्यक्तिहरू; (श. वि.) हात या गोडाका औंलाको हरेक हाड; (व.) सूत्रले बाँधिएको पुंकेशरको गुच्छा ।

pha/llus (फ्या'लस्) **ना.** (व. व.—i) लिङ्ग;—llic लिङ्गको;—llicism लिङ्गपूजन ।

phantasm (फ्यान्'ट्याज़्म्) **ना.** माया, भूत, पिशाच; (कसैको) छाया, माया स्वरूप; (मनोविज्ञान शास्त्र) अनुपस्थित (जीवित अथवा मृत) व्यक्तिको अनुमानित छाया ।

phantasmagoria (फ्यान्ट्याज़्मगॉ'ऋिआ) **ना.** लण्डनमा सन् १८०२ मा चाक्षुष मायाको प्रदर्शनी; वास्तविक वा कल्पित आकारहरूको बदलिंदो दृश्य, दुःस्वप्न, मायाजाल ।

phantasy (फ्यान्'टसि) **ना.** कल्पनाशक्ति; fantasy हेर्नु ।

phantom (फ्यान्'टम्) **ना.** भूत, मनोरथ सृष्टि, छाया, व्यर्थको दृश्य; वास्तविकता वा साररहितको आकार, मानसिक माया; देखौवा, मायापूर्ण, ज. कि—tumour चाँडै बसेर जाने सूज ।

Pharaoh (फे'अरो) **ना.** प्राचीन मिस्री राजाहरूको साधारण नाम;—'s serpent बाल्दा लामू सर्पाकार बन्ने रासायनिक खेलौना ।

Pharissee (फ्या'रिसी) **ना.** कट्टरपन्थी प्राचीन यहूदी जाति; आडम्बरी व्यक्ति, पाखण्डी, आफूलाई बडो श्रेष्ठ ठहऱ्याउने मानिस ।

pharmaceutical (फाअ्र्मस्यू (क्यू)'टिकल्) **वि.** औषधिको उत्पादन बारे; औषधिको व्यवहार वा बिक्रीको ।

pharmacolo/gy (फाअ्र्मकॅ'लजि) **ना.** औषधिको शरीर-उपर प्रक्रियाको विद्या; औषधतत्वशास्त्र;—gist **ना.** भेषजविद् ।

pharmacopoeia (फाअ्र्मकपी'आ) **ना.** आधिकारिक तौरबाट प्रकाशित औषधि र तिनको प्रयोग बारेको सूची रहेको पुस्तक, औषधिको भण्डार; औषधसूची, भेषजसूची ।

pharmac/y (फाअ्र्'मसि) **ना.** औषधिको रचना, औषध निर्माण, तयारी, उत्पादन, तथा प्रयोग; औषध भण्डार, औषधि बिक्री पसल, दवाखाना, औषधालय; औषधि क्रिया विद्या;—ist **ना.** औषधि संस्कारविद् ।

pharos (फे'अरोस्) **ना.** (नाविकहरूको लागि) दीपगृह, प्रकाशस्तम्भ ।

pharyn/x (फ्या'रिङ्क्स्) **ना.** नाक, मुख, र कण्ठ नलीको बीचमा र पछाडि रहने गह्वा; घाँटी, कण्ठ;—gal,—geal **वि.** घाँटीको;—*gitis* **ना.** घाँटीको सूज ।

phas/e (फेज़्) **ना.** र **क्रि.** चन्द्रमा वा ग्रहको कला; विकास परिवर्तनको स्थिति; अवस्था वा प्रश्नको अवस्था; (भौ. शा.) परावर्तक गति वा परिवर्तनको विशिष्ट स्थिति, (खा ग. प्रत्यावर्तक विद्युत् प्रवाह बारे); three - —त्रि-स्थिति (विद्युत् उत्पादक, मोटर इ. को); **क्रि.** योजना, विधि, विभिन्न चरणमा चालु गराउनु;—ic **वि.** कला, चरण, स्थितिसम्बन्धी ।

pheasant (फे'ज़ण्ट्) **ना.** कालिज, डाँफे ।

phen (o)—(फेनो-) ग्री. **phainein** टल्कनुको संयु. रूप; phenacetin **ना.** ज्वरनाशक द्रव्य; phenol **ना.** कार्वलिक अम्ल; phenyl वेञ्जीन, फेनोलमा रहेको मूलक ।

phenology (फिनॅ'लजि) **ना.** खा. ग. मौसिमी परिस्थितिको सम्बन्धमा हुने प्रत्यावर्ती प्राकृतिक घटनाहरूको समय बारेको अध्ययन; दृग्विषयशास्त्र ।

phenomen/on (फिनॅ'मिनन्) **ना.** (ब. व —ena) घटना, दृग्विषय, गोचर वस्तु, अद्भुत घटना, उत्पात, स्मरणीय व्यक्ति, वस्तु, घटना, इ.;—al **वि.** गोचर ˉस्तु स्वभावको, इन्द्रियगम्य, अद्भुत, प्रकाण्ड;—alism **ना.** गोचर वस्तु नै ज्ञानको एक मात्र विषय हो भन्ने सिद्धान्त ।

phew (फ्यु) **वि. बो.** (घीन, हेलासूचक) छिः, छ्या: ।

phi (फाइ) ग्री. अक्षर फाइ; फ ।

phial (फाय'ल्) **ना.** सानू काँचको शीशी (खा. ग. झोल औषधिको लागि) ।

phil,—phil,-phile (फिल्) ग्री. संयु. रूप=प्रिय, प्यारो प्यारो गर्ने : bibliophil(e) पुस्तकप्रेमी; Russophil(e) रूसको भक्त ।

philander (फिल्यान्'डर) **क्रि.** प्रेम गर्नु खा. ग. टपरटुइँया ढाँचासँग), स्त्रीको पछाडि झुण्डिनु;—er **ना.** स्त्रीजन समागम गर्ने, स्वास्नीमानिसको पछि दुगुर्ने ।

philanthrop/y (फिल्यान्'थ्रपि) **ना.** लोक प्रीति, विश्वप्रेम, लोकहितेच्छा;—e **ना.** विश्वप्रेमी;—ic **वि.** मनुष्यमा प्रेम गर्ने, विश्वसुहृद्, हितैषी, दयालु;—ist **ना.** मानवमा प्रेम गर्ने, मनुष्य समाजको कल्याणको लागि प्रयत्न गर्ने;—ize **क्रि.** विश्वप्रेमको अभ्यास गर्नु, (व्यक्तिहरूलाई) त्यसको विषय बनाउनु; परोपकारी बनाउनु ।

philatel/y (फिल्या'टलि) **ना.** हुलाक टिकट संग्रह;—ic **वि.** हुलाक टिकटको, बारे;—ist **ना.** सो संग्रहकर्ता ।

philharmonic (फिलाअ्र्मॅ'निक्) **वि.** र **ना.** संगीत प्रेमी (व्यक्ति) ।

philhellene (फि'लेलीन्) **वि.** र **ना.** ग्रीस र ग्रीकप्रेमी (व्यक्ति) ।

Philippi (फिलि'पाइ) Thou shalt see me at—, meet at—, प्रतिशोधको धम्कीका वाक्यहरू ।

philippic (फिलि'पिक्) **ना.** (ब. व.) कडा आलोचना; सिसेरोले एण्टोनी, डेमस्थेनीजले म्यासेडनका फिलिप, को विरुद्ध गरेका स्मरणीय निन्दायुक्त भाषणहरू ।

phillippina (फिलिपी'ना) **ना.** दुईवटा दाना भएको बदाम, जो खाने बखतमा पाइएर कोही साथीलाई बाँडेर खाएमा आर्को भेटमा कोसेलीको साटफेर गर्ने चलन छ; सो कोसेली; सो चलन; फिलिपीना ।

Philistine (फि'लिस्टिन्) **ना.** र **वि.** यहूदीलाई सताउने दक्षिण प्यालेस्टाइनका प्राचीन जातिको व्यक्ति; (ठ) समालोचक, सिपाही (ऋण उठाउने) इ. दुश्मन, जसको हातमा पर्ने डर हुन्छ; असभ्य, असंस्कृत व्यक्ति, जसको आराधना केवल धन र सांसारिक सुख भोगमा रहन्छ; **वि.** असंस्कृत, सामान्य, उराठलाग्दो, गद्यात्मक, नीरस ।

phillumenist (फिलू (ल्यू)'मिनिस्ट्) **ना.** दियासलाईको बट्टाका तस्वीर जम्मा पार्ने व्यक्ति ।

philo—(फिलो-) ग्री. संयु. रूप=प्रेम गर्नु, मित्र;—biblic पुस्तकप्रेमी ;—gynist स्त्री-प्रेमी;—math विद्याप्रेमी (खा. ग. गणित);—progenitive बहुप्रसवशील, सन्तानप्रेमी;—technic कला (खा. ग. औद्योगिक) प्रेमी ।

philolog/y (फिलॅ'लजि) **ना.** भाषाविज्ञान;—ist **ना.** भाषाशास्त्रविद्, शब्दशास्त्रज्ञ ।

Philomel,—a (फि'लमेल्,—मी'ला) **ना.** (क.) प्रिय गीत (चरा), बुलबुल ।

philoso/phy (फिलॅ'सफि) **ना.** बुद्धि वा ज्ञानको प्रेम, खा. ग. चरम वास्तविकता, अथवा वस्तुको सामान्य कारण र सिद्धान्तसँग सम्पर्क राख्नेचाहिं; दर्शन, वेदान्त, तत्वज्ञान, ब्रह्मज्ञान; natural—प्राकृतिक वस्तु र घटनाको अध्ययन; mo al—नीतिशास्त्र; (ब. व.) दार्शनिक पद्धति; जीवन यापनको पद्धति; वैराग्य, प्रशान्ति, अनुद्वेग; -pher (फिलॅ'सफर्) दार्शनिक, तत्वज्ञानी, ब्रह्मज्ञ, वेदान्ती; (दुःखमा) स्थिर चित्त;—s' stone अरू पदार्थलाई सुन वा चाँदी बनाइदिने वस्तु, पारसमणि;—phic (al) (—सॅफिक्) दार्शनिक, विज्ञ, ज्ञानपर, शान्त, संयमी;—phize **क्रि.** तत्वज्ञानी बन्नु, सिद्धान्त झिक्नु, नीति वचन बोल्नु, दार्शनिक गराउनु, खा. ग. दुःख संयमी भएर सहन गर्नु ।

philtre (फिल्'टर्) **ना.** प्रेमौषधि, मंत्रौषधि, वश गर्ने चूर्ण ।

phiz (फिज़्) **ना.** (बो. चा.) अनुहार, मुखको भाव, मुखभंगी ।

phlebitis (फ्लि'बाइटिस्) **ना.** धमनीको भित्ताको सूज ।

phlebotomize (फ्लिबॅ'टमाइज़्) **क्रि.** रक्तस्राव गराउनु, रगत झिक्नु (व्यक्ति, अङ्ग, बाट) ।

phlebotomy (फ्लिबॅ'टमि) **ना.** भैषज्य उपचारको रूपमा रक्तस्राव, शिरावेध ।

phlegm (फ्लेम्) **ना.** श्लेष्मायुक्त जालोबाट निस्कने बाक्लो अर्द्ध तरल पदार्थ, कफ, खकार, थूक श्लेष्म; मन्दता, शीत, उदासीनता;—atic **वि.** कफल, श्लेष्मक, मन्द, जड, शान्त, अक्षुब्ध ।

phlegmon (फ्लेग्'मन्) **ना.** सूजसहितको फोडा, खटिरा, फुड्कुल्को ।

phlogiston (फ्लजिस्'टन्) **ना.** दाह्य वस्तुमा अघि अनुमान गरिएको दहन सार ।

phloirzin (फ्लराइ'जिन्) **ना.** (र. शा.) स्याउ र अरू रूखका जराको बोक्राबाट पाइने तीतो पदार्थ ।

phlox (फ्लॅक्स्) **ना.** विभिन्न रंगका फूलका झुप्पा हुने बिरुवाको जात; टीके फूल ।

—phobe (—फोब्) ग्री. अन्त.=डराउने : hydrophobe पानीसँग डराउने; Anglo—, Russo—अंग्रेज, रूस विरोधी ।

phobia (फो'बिआ) **ना.** डर वा घृणा (विकृत); त्रास

—phobia (—फो'बिआ) ग्री. बाट ल्या. अन्त.=डर : xeno—विदेशीको घृणा ।

Phoebus (फी'बस्) **ना.** ग्री. सूर्य देवता, सूर्य (क.)

Phoenician (फीनि'शन्) **वि.** अर्वाचीन सीरिया, प्राचीन फिनिशिया, उसका उपनिवेशको वासिन्दा वा भाषा; कार्थाजिनियन ।

phoenix (फी'निक्स्) **ना.** मरेपछि डढेको चिताबाट फेरि यौवन लिएर उठ्ने कथानक चरो, उत्कृष्ट व्यक्ति, आदर्श ।

phon (फॅन्) **ना.** (भौ. शा.) ध्वनिको एकांक, जसद्वारा ध्वनिको तीव्रता नापिन्छ ।

phonate (फो'नेट्) **क्रि.** मौखिक (वाचिक) शब्द निकाल्नु, articulate—उच्चारण गर्नुको विपरीत ।

phonautograph (फनॉ'टग्राफ्) **ना.** ध्वनिको आन्दोलन स्वयं लेख्ने (रेकर्ड गर्ने) यन्त्र ।

phone (फोन्) **ना.** र **क्रि.** (बो. चा.) टेलिफोन; दूरवार्ता यन्त्र; सामान्य स्वर वा व्यन्जन ध्वनि ।

phoneme (फो'नीम्) **ना.** (शब्दशास्त्र) कुनै भाषामा सार्थ ध्वनिको एकांक ।

phonendoscope (फनेन्'डस्कोप्) (खा. ग. शरीरभित्रका) साना ध्वनिहरूलाई स्पष्टसँग सुन्न सकिने बनाउने यन्त्र ।

phonetic (फने'टिक्) **वि.** र **ना.** वाचिक शब्द प्रदर्शित गर्ने, खा. ग. अक्षरविन्यासमा, कुनै ध्वनिलाई सर्वदा उही संकेत वा अक्षरले जनाउने; (ब. व.) कुनै भाषाको वाचिक विशिष्टताको अध्ययन, ध्वनिशास्त्र;—ist **ना.** ध्वनिशास्त्रको ज्ञाता, ध्वनिबमोजिम अक्षरविन्यास हुनुपर्छ भन्ने मत लिने व्यक्ति ।

phoney,—ny (फो'नि) **वि.** (अप.) झुट्टा, नकली, खोटो, काल्पनिक ।

phonic (फो' (फॅ') निक्) **वि.** ध्वनिको, ध्वन्यात्मक, शाब्दिक, वाचिक ध्वनिको ।

phonogram (फो'नग्र्याम्) **ना.** उच्चरित ध्वनि जनाउने संकेत, खा. ग. पिटम्यानको संक्षिप्त लिपि पद्धतिमा; फोनोग्राफले बनाएको ध्वनिलेख (रेकर्ड)।

phonograph (फो'नग्राफ्) **ना.** रोलवाला ग्रामोफोनको पहिलो रूप, ग्रामोफोन; स्वर-लेखन यन्त्र ।

phosgene (फॅस्'जीन्) **ना.** कार्बन अक्सीक्लोराइड नामको विषालु ग्यास, सन् १९१४-१८ महायुद्धमा प्रयोग भएको ।

phosphate (फॅस्'फेट्) **ना.** फस्फोरिक अम्लको लवण, खा. ग. (ब. व. मा) चून, फलाम र एलुमिनाको सो लवण खाद्य वस्तुको घटकावयवको रूपमा ।

phosphene (फॅस्'फीन्) **ना.** आँखाको डल्लोमा थिचेमा नेत्र पटलको उत्तेजनाको फलस्वरूप प्रकाशको चक्र देखापर्ने क्रिया ।

phosphide (फॅस्'फाइड्) **ना.** फस्फोरस तत्वको कुनै आर्को तत्वसँगको संयोग ।

phosphine (फॅस्'फीन्) **ना.** रंगहीन दुर्गन्धमय ग्यास ।

phosphite (फॅस्'फाइट्) **ना.** (र. शा.) फस्फोरस अम्लको लवण ।

phosphorate (फॅस्'फरेट्) **क्रि.** फस्फोरससँग संयुक्त गर्नु, ऐ. भर्नु ।

phosphor—bronze (फॅस्'फर् ब्रॅन्ज्) **ना.** दुर्भेद्य कडा काँसको मिश्र धातु जसमा सानू भाग फस्फोरस रहेको हुन्छ ।

phosphoresce (फॅस्फरेस्) **क्रि.** प्रस्फुरण हुनु, दहन विना मन्द प्रकाश दिनु, नम्र दहन तर थाहा नहुने तापसहित मन्द प्रकाश दिनु;—nce (फॅस्फरे'सेन्स्) **ना.** प्रस्फुरण;—nt **ना.** प्रस्फुरक ।

phosphorous (फस्'फरस्) **ना.** पहेंलो पहेंलो मैन जस्तो अधातु तत्व जुन साधारण तापमानमा हल्का दहनसाथ अँध्यारोमा मन्द प्रकाश दिन्छ; फस्फोरस;—necrosis (बो. चा.) phossy jaw सलाईमा काम गर्नेहरूको फस्फोरस राँकोले गर्दा हुने बंगारोको कोथ ।

photism (फो'टिज़्म्) **ना.** प्रकाशको मोहमय संबोध वा आभास ।

photo (फो'टो) **ना.** (ब. व.—s) र **क्रि.** photograph को छो. क.;—finish **ना.** घोडदौडमा दौडने घोडाहरू गुजमुट्ट हुँदा क्रम छुट्ट्याउनालाई तसवीर खिचेर हेर्नुपर्ने घोडदौडको प्रकार ।

photo--(फो'टो-) ग्री. phos, photos=प्रकाश, को उ.— -chromy रंगीन फोटोग्राफी;— -electric **वि.** ठोस, तरल, ग्यास पदार्थहरू प्रकाशमा देखाउँदा मिल्ने तरंग दीर्घताप्रस्कन्दन हुने एलेक्ट्रनले चिन्हित हुने वा सोको उपयोग गर्ने, प्रकाश वैद्युत;—electric cell **ना.** फोटो एलेक्ट्रिक प्रभावको प्रयोग गरी विद्युत प्रवाह उत्पन्न गर्ने कोष या रिक्त नली;—genic **वि.** प्रकाश उत्पन्न गर्ने, तस्वीर खिचिने;—meter प्रकाशमापक;—micrograph माइक्रस्कोपमनि ठूलो पारेको ॐ वस्तुको ठूलो पारेको तस्वीर;—phobia **ना.** प्रकाशसँग डर;—sphere सूर्य वा ताराको उज्यालो खोल, जसबाट उसको प्रकाश र ताप फैलन्छ;--stat कागतपत्र, चित्र, हरूको जस्ताको तस्तै नकल झिक्ने यन्त्र, त्यसरी झिकिएको प्रतिलिपि;—synthesis प्रकाशद्वारा (खा. ग. विरुवाको chlorophyll ले) सूर्यप्रकाशको शक्ति लिने क्रिया;—telegraphy तस्वीर, लेखन, इ. लाई टाढाबाट विद्युतद्वारा सार्ने प्रक्रिया;—type छाप्ने प्लेट फोटोग्राफबाट तयार गरिने; सोबाट छापिएको तस्वीर, इ ।

photograph (फो'टग्राफ्) **ना.** र **क्रि.** फोटो, चित्र, छवि, तस्वीर; **क्रि**. तस्वीर खिच्नु, तस्वीरमा खिचिनु;—er (फोटॅ' ग्राफर्) **ना.** छविकार, चित्रकार;—y (फोट्'ग्राफि) चित्रकला, तसवीरकला ।

photogravure (फोटग्रभ्योर') **ना.** र **क्रि.** फोटोबाट छाप्ने प्लेटमा सारेर छापेको चित्र; **क्रि** त्यसरी तस्वीर छाप्नु (फ्रे.)।

phrase (फ्रेज़्) **ना.** र **क्रि** वाक्य; वाक्शैली, वाक्यांश, छोटो सारगर्भ वचन; कुरा मात्र;—monger श्रुति मधुर वाक्यमा रमाउने, सोको प्रयोग गरिरहने, व्यक्ति ।

phraseogram (फ्रे'ज़िअग्राम्) **ना.** खा. ग. संक्षिप्त लिपिमा वाक्यांशको लेखिने संकेत; संक्षिप्त वाक्यांश संकेत ।

phraseograph (फ्रे'ज़िअग्राफ्) **ना.** संक्षिप्त लिपि संकेत भएको वाक्यांश ।

phraseology (फ्रेजिअॅ'लजि) **ना.** शब्दको छनौट र विन्यास।

phratry (फ्रे'ट्रि) **ना.** (ग्री. इ.) साइनोको एकांक; आदि जातिहरूमा जातीय विभाग ।

phrenetic (फ्रिने'टिक्) **वि.** उन्मत्त, व्याकुल, भ्रान्त बुद्धि ।

phrenic (फ्रे'निक्) **वि.** (श. वि.) उदरपेशीको ।

phrenology (फ्रिनॅ'लजि) **ना.** मस्तिष्कविद्या ।

phrontistery (फ्रॅन्'टिस्टरि) **ना.** (ठ) विचार स्थान, विचार थलो; विचार खाल, विचार अड्डा ।

Phrygian (फ्रि'जिअन्) **वि.** फ्रिजिया (पश्चिम जम्बूद्वीप, एशा, को देश) को;—cap प्राचीन लामू निधार (पीक) भएको चुच्चे टोपी, जो कि अचेल स्वतन्त्रताको टोपी भन्ने मानिन्छ; निधारे टोपी ।

phthis/is (थाइ'सिस्, फ्थाइ'सिस्) **ना.** क्षय, राजयक्ष्मा; —ical **वि.** क्षयी, क्षयरोगी ।

phut (फट) **ना.** र **क्रि. वि.** फ्वाट्ट, ठ्याप्प; ब्याम्पो फुटेको, गोली हानेको, शब्द; go—**क्रि.** लतरम्म पर्नु, फुट्नु, (अलं.) योजना इ. विफल हुनु, विग्रनु ।

phylactery (फिल्याक्'टरि) **ना.** (आडम्बरसहित) धार्मिक विधि; जन्त्र, बूटी, जन्तर ।

phyletic (फाइले'टिक्) **वि.** (प्रा. वि.) जातिविषयक, जातिसम्बन्धी ।

phylogenesis (फाइलोजे'नेसिस्) **ना.** पशु वा वनस्पति जातिको जातीय विकास, त्यसको इतिहास ।

phylum (फाइ'लम्) **ना.** (प्रा. वि.) पशु जगत्को विभा-

जन, जसमा पशुहरूको वर्गीकरण गरिन्छ ।

physic (फि'ज़िक्) **ना.** र **क्रि.** (–ck–) चिकित्सा, उपचार, भैषज्य, (वो. चा.) औषधि, ओखती, जुलाब; (ब. व., तर ए. व. जस्तो प्रयोग हुने) भौतिक शास्त्र; **क्रि.** ओखती खुवाउनु, (अक्ष. र अलं.);—ky **वि.** ओखतिलो ।

physical (फि'ज़िकल्) **वि.** भौतिक, वस्तुको, वस्तुरूप, साकार, स्थूल, जड, पदार्थनिष्ठ; भौतिक शास्त्रको; शारीरिक, ज. कि—exercise शारीरिक व्यायाम;—geography प्राकृतिक भूगोल ।

physician (फिज़ि'शन्) **ना.** भिषक्, चिकित्सक, हकिम, वैद्य; रोगहारी, डाक्टर ।

physicist (फि'ज़िसिस्ट्) **ना.** भौतिकज्ञ, भौतिकशास्त्री ।

physiognom/y (फिजिअॅ'नमि, फिज़िअॅग्'नमि,) **ना.** वदन लक्षण निरूपण, अनुहार, आकृति, मुखाकृति, (ग्रा.) अनुहार; देशको आन्तरिक आकृतिं; विशिष्ट (नैतिक वा अन्य) रुख;—ist **ना.** मुख सामुद्रिक ।

physiography (फिजिअॅ'ग्राफि) **ना.** प्रकृति, प्राकृतिक घटना, अथवा कुनै वस्तुको वर्ग, को वर्णन; प्राकृतिक भूगोल ।

physiology (फिज़िअॅ'लजि) **ना.** शरीरक्रियाविज्ञान ।

phisiothera/py (फिज़िअथे'रपि) **ना.** वैद्युत् उपचार र मालिस वा मर्दन;—pist **ना.** वैद्युतोपचारक ।

physique (फिज़िक्') **ना.** शरीर रचना, शरीर स्थिति, शरीरको वनोट ।

pi (पाइ) **ना.** ग्री. अक्षर पाई–'प', खा. ग. गणितमा वृत्तको परिधिसँग व्यासको अनुपात जो कि प्रायः ३. १४१५९ हुन्छ; (विद्यार्थी अप०) भक्त;—jaw लम्वे नैतिक भाषण ।

piacular (पाइअ्या'क्युलर्) **वि.** प्रायश्चित्तात्मक, पापनाशक, पापमोचक ।

piaffe (पिअ्याफ्') **क्रि.** (घोडा) डुल्की चाल, डुल्की चल्नु; —r **ना.** डुल्की ।

piamater (पि'अ मे'टर्) **ना.** (श० वि०) सवभन्दा भित्री meninx; सो हेर्नू ।

pianino (पीअनी'नो) **ना.** सानू ठाडो पियानो, पेनु ।

pianissimo (पिअनि'स्सिमो) **क्रि. वि.** र **ना.** (इटालियनः संगी०) वहुत धीमासँग (वजाउने ढुक्का) ।

pianist (पि'अनिस्ट्) **ना.** पियानो, पेनुवादक ।

piano (पिअ्या'नो, पिआ'नो) **ना.** पियानो, पेनु, धीमासँग, सुस्तरी, (बजाउने ढुक्का); grand—ठूलो, तेर्सो; upright —ठाडो; cottage—सानू ठाडो;—organ स्वचालित घुमाएर वजाउने जस्तै;— -player आफैं पियानो वजाउने तरकीव (इटा०) ।

pianoforte (पिअ्यानफअ्र्'टि) **ना.** piano को पूरा नाम, अचेल औपचारिक प्रयोगमा मात्र ।

pianola (पीअनो'ला) **ना.** आफैं पेनु वजाउने किसिमको उपकरण ।

piastre (पिअ्यास्'टर्) **ना.** विभिन्न मुलुकका सिक्काः स्पेन, तुर्की र मिस्र (फ्रे०) ।

piazza (पिअ्याट्'जा) **ना.** चौक, वजार, खा० ग० इटलीको शहरमा; घरको वरण्डा (इटा०) ।

pibroch (पी'ब्रख्) **ना.** ब्याग पाइप वाजाको सुर ।

pica (पाइ'का) **ना.** टाइपको नाप ।

picador (पि'कडअ्र्) **ना.** साँढे युद्धमा हतियार लिएको घोडचढी ।

picaresque (पिकरेस्क्') **वि.** ठग, वदमाशहरूको करतूत वर्णन गर्ने खालको (उपन्यासको किसिम) ।

picaroon (पिकरून्') **ना.** र **क्रि.** वदमाश, चोर, समुद्री डाँकू, डाँकू जहाज; **क्रि.** लुटेरा, समुद्री लुटेरा, त्यस्तै काम गर्नु ।

picayune (पिकयून्') **ना.** र **वि.** सानू सिक्का; ५ सेन्टको मुद्रा; (वो० चा०) क्षुद्र व्यक्ति वा चीज; **वि.** नोच, हेलायोग्य ।

piccalilli (पि'कलिलि) **ना.** अचार, तरकारीका टुक्राको अचार ।

piccaninny, pick—(पि'कनिनि) **ना.** र **वि.** वालक, खा० ग० निग्रो वा दक्षिण अफ्रिकी वा अस्ट्रेलियाका आदिवासीको; **वि.** अति सानू, वालक ।

piccolo (पि'कलो) **ना.** (व० व०—s) सानू वाँसुरी (इटा०) ।

pice (पाइस्) **ना.** पैसा ।

pichiciago (पिचिसिए'गो) **ना.** चिली देशमा पाइने सानू भैं खन्ने जनावर ।

pick (पिक्) **ना.** र **क्रि.** कडा भैं फोर्ने एकापट्टि चुच्चो, आर्कोपट्टि धार भएको वींडमा हाल्ने औजार, चुच्चे कोदालो, खन्ती, पिक; ear—कनकर्नो; tooth—सिन्का; **क्रि.** भैं फोर्नु; दाँत कोट्ट्याउनु, कान सफा गर्नु; हाड, मुर्दा, बाट मासु झिक्नु; (चराले) टिप्नु (आहारा); छान्नु, टिप्नु, उठाउनु;—holes छिद्र खोज्नु, दोष देखाउनु;—and choose सावधानीसाथ छान्नु;—brains आफ्नो प्रयोगको निम्ति आर्काको विचार चोर्नु; —pockets वगली मार्नु;—and steal लामू हात गर्नु;—a lock ताल्चा फोर्नु वा खोल्नु (चोर्नाको लागि);—off थुत्नु, एक एक गरी गोली हान्नु;—up रेल, मोटरमा जात्रु लिनु;— lock ताल्चा खोल्ने व्यक्ति वा औजार;— - me–up थकाइ, उदासी, हटाउने पेय;—pocket वगलीमारा;—thank चापलूस;— -up ग्रामोफोनको ध्वनि वाकसको साटो राखिने उपकरण, जसद्वारा रेकर्ड इ०, रेडियो इ० को लाउडस्पीकरबाट सुनिन्छ ।

pick (पिक्) **ना.** छनोट, छानवीन ; the—of the bunch सवभन्दा असल ।

pick-a-back (पिक्'अब्याक्) **क्रि. वि.** क्र्याँइकुटी, बुइ; carry—वोक्नु ।

pick-ax (e) (पिक्'अ्याक्स्) **ना.** र **क्रि.**=pick; सो औजारले भैं फोर्नु ।

pickelhaube (पि'केल्हाउब्) **ना.** काँढ़ादार जर्मन टोपी, शिरस्त्राण; (जर्म०) ।

pickerel (पि'करल्) **ना.** pike माछाको बच्चा ।

picket (पि'किट्) **ना. र क्रि.** चुच्चे कीला; वार वनाउने चुच्चो पारेको काठको कप्टेरो; (सेना०) पिकेट, रक्षकदल, चौकी, पालो; (अचेल) सेना रहने शहरमा मुख्य प्रहरी कामकाज गर्ने टोली; (सा० व० व०) हडताल इ० को समयमा मजदूर संघले काममा जान खोज्नेहरूलाई रोक्न राखेको एकलो वा सामूहिक रोकटोली; **क्रि.** खुँटा गाडेर छेक वनाउनु; वार्नु, रोकटोली राख्नु; रोकटोली वन्नु ।

picking (पि'किङ्) **ना.** टिपाइ, छनाइ, खा० ग०—& stealing चोरी; (ब. व.) वटुल्नु, बाँकी, रहेपहेको; (ब. व.) पाउना, उठती, चोरी ।

pickle (पि'क्ल्) **ना. र क्रि.** नुनिलो पानी, भिनेगर, सिरका, जसमा मासु, तरकारी, इ. (नसड्ने गरी) राखिन्छ; खाद्य, खा. ग. तरकारी त्यसरी खरा पानीमा राखिएको, अचार; मास्ने अमिलो; दशा, (sad, sorry, nice—); उपद्या बालक; **क्रि.** अचार बनाउनु, राख्नु; (rod in—सजाय गर्नाको लागि ठीक राखेको डण्डा); (नौ.) पिटेर रक्सी दल्नु (नूनचूक लगाउनु); —d (अप०) जाँडले लठ्ठिएको ।

Pickwickian (पिक्वि'किअन्) **वि.** (ठ.) (शब्द) प्राविधिक, रचनात्मक, वा वाह्य अर्थमा व्यवहृत ।

picnic (पिक्'निक्) **ना. र क्रि.** (–ck –) वनभात, वनभोज, वनभतेर; **क्रि.** घरवाहिर गएर छुट्टी मनाउनु, आहार विहार गर्नु; (बो. चा.) सजिलो वा मन पर्ने, रमाइलो, काम; वनभतेर, आहार विहार, मा जानु; no—असजिलो, कठिन, काम ।

picot (पिको') **ना.** लेस काममा वटारेको धागोको सानू सुक्यौंलो ।

picquet (पि'किट्) **ना.** picket हेर्नू ।

picric (पाइ'क्रिक्) **वि.**—acid पहेंलो, अति तीतो पदार्थ जुन रंगाउने (छिपा) काम, शल्यचिकित्सा र विस्फोटकको उत्पादनमा प्रयोग हुन्छ ।

Pict (पिक्ट्) **ना.** उत्तर ब्रिट्नमा वास गर्ने प्राचीन जातिको सदस्य ।

pictograph (पिक्'टग्राफ्) **ना.** चित्रगत संकेत, चिन्ह; सो रहेको प्राचीन अभिलेख ।

pictorial (पिक्'टोरिअल्) **वि.** चित्रमय, चित्रित, हृदयग्राही सजीव चित्रसम; चित्रप्रधान पत्र ।

picture (पिक्'चर्) **ना. र क्रि.** चित्र, तस्वीर, कलात्मक चित्र, आलेख्य, प्रतिमा, सिनेमा फिल्म, चलचित्र; सुन्दर वा रमणीय वस्तु, दृश्य, सम्पूर्ण दृग्गोचर वस्तु; **क्रि.** चित्रमा प्रदर्शन गर्नु; अति चित्ताकर्षक वर्णन गर्नु, वा कल्पना गर्नु; आदर्श, ज. कि the very—of health;— -book मुख्य तस्वीर भएको;— -card तासमा एक्कादेखि गुलामसम्मको उपल्लो तासमध्ये कुनै;— -gallery कलाभवन;—postcard तस्वीर, दृश्य, भएको हुलाकपत्र;— -writing चित्रलिपि; moving—(s) अथवा छो० का० the—s, अथवा pix सिनेमा, चलचित्र;— -palace,—theatre,—drome सिनेमा भवनका नामहरू ।

picturesque (पिक्चरे'स्क्) **वि.** हृदयग्राही चित्र जस्तो, वा हुन लायक; (भाषाको) अति सुस्पष्ट, सजीव ।

picul (पि'कल्) **ना.** ओजन (चीनिया); काँधमा भारी वोक्ने डण्डी (मलेया) ।

piddle (पि'ड्ल्) **क्रि.** (आ.) क्षुद्र ढाँचासँग कामकाज गर्नु; (वो० चा० वा० के०) तुरी गर्नु ।

pidgin, pigeon (पि'ज्न्) **वि. र ना.** —English चीनिया र योरपीयहरूको बीचको बोलचाली मिश्रित भाषा, (अपभ्रंश गरिएको अंग्रेजी शब्द रहेको); (वो. चा.) कसैको काम, पेशा ।

pie (पाइ) **ना. र क्रि.** चुनदाम, पाइ, (छ०) मिसिएको टाइपको थुप्रो; (अलं०) अव्यवस्था; चटामरी, ममचा, पाइ (खाना), पीठोको तर भित्र मासु, तरकारी, फलफूल हाली रसमा पकाएको; apple - —(bed) खुट्टा पसार्न नसकिने गरी तन्ना दोब्र्याएर बनाएको विछौना (ठट्टामा); have a finger in the—हात हाल्नु, सम्बन्धित हुनु, सरोकार राख्नु; bran—चोकरको धूलोमा खेलौना इ० लुकाएर क्रिस्मसको उत्सवमा झिकेर बाँड्ने; mud—बालकले माटाको पाइ वनाएको;—man पाइ वेच्ने फेरीवाला, पसले ।

piebald (पाइ'वाल्ड्) **वि.** सेतो कालो टाटो भएको (पशु, खा. ग. घोडा); (अलं०) वहुरंगा, वेजातको ।

piece (पीस्) **ना. र क्रि.** टुक्रा, अंश, दंसो, चाक्लो, फासला, फ्यॉक, टुक्रा, गोटी, ढीका, चौटा, चोक्टा, चोइटा, चौपड, झाम्टो, फग्ल्याँटो, खण्ड, नमूना, उदाहरण, अग्न्यास्त्र, सिक्का, चित्र, नाटक, काव्य प्रबन्ध, कविता; **क्रि.** जोर्नु, मिलाउनु, बुन्दा सूत जोर्नु; मिलाउनु (एक़लाई आर्को थोकसँग); पुऱ्याउनु; भाग जोडेर पूरा वृत्तान्त (कथा, सिद्धान्त, गवाहीको शृङ्खला, इ०) मिलाउनु; टाल्नु; in—s फुटेको; break to—s टुक्रा टुक्रा गरी फुट्नु; give a—of (one's) mind तालुको छाला पैताला पुऱ्याउनु; go to—s लतरम्म हुनु;—of goods (ठ०) व्यक्ति;—of eight दाम, डलर; paid by the—गन्तीले (ज्याला); of a—एकसमान, उस्तै;—goods कपडाको थान,—work गन्तीले ज्याला दिने ।

piece de resistance (पि'एस् ड रेज़ीस्'टाँस्) **वा.** खानामा सबभन्दा गहकिलो परिकार, (अलं०) पनि (फ्रें०) ।

piecemeal (पीस्'मील्) **क्रि. वि., वि. र ना.** एक एक गरी, टुक्रा टुक्रा गरी; त्यसरी गरिएको; चुपुरचुपुर, चुभुरचुभुर, चुभुर्को ।

pied (पाइड्) **वि.** केही भाग एक रंगको, केही आर्कोको ।

pied-a-terre (पिएड् आटेअर्) **ना.** पैताला अडयाउने ठाउँ, वस्ने ठाउँ, डेरा (फ्रें०) ।

pi (e)—dog, pyedog (पाइ'डॉग्) **ना.** भुस्याहा कुकुर ।

pier (पिअर्) **ना.** सेतुवन्ध, जलावतार, फलाम वा काठको रचना, तल खाली रही समुद्रमा केही टाढासम्म गई, जहाज

चढ्ने, उत्रने ठाउँ र सैर गर्ने ठाउँको पनि काम दिन्छ; पुलको अडान लट्ठा, स्तम्भ, झ्यालहरूको बीचको भित्ता;—-glass ठूलो ऐना, अघि झ्यालहरूको बीचको खाली भित्ता छोप्न राखिन्थ्यो ।

pier/ce (पिअर्स्) **क्रि.** छेड्नु, छिचोल्नु, वेध्नु, घोप्नु, विक्नु, ल्वाम्म घोप्नु, घोच्नु, घच्याडिंदै जानु, पस्नु, चिर्नु;—cing **वि.** छेड्ने, चिर्ने, तीखो ।

Pierian (पाइइअर्'इअन्, पाइइ'अिरअन्) **वि.** ग्रीसको थेसाली प्रदेशमा रहेको पियरियाको, कविता देवीहरूको वासस्थान ।

pierrot (पि'एरो, पाइए'रो) **ना.** फ्रेन्च प्याण्टो (रौनकदार केटाकेटीको निम्ति देखाइने नाटकीय अभिनय) को एक पात्र; गाइने (फ्रे०) ।

pieta (पिए'टा) **ना.** कुमारी मेरीले क्राइस्टको मृतदेह लिएको चित्र वा प्रतिमा (इटा०) ।

pietism (पाइ'इटिज़्म्) **ना.** धार्मिक भावना, सोको स्वाङ वा अत्युक्ति ।

piety (पाइ'इटि) **ना.** भक्ति, भक्ति भावना ।

piezometer (पाइएज़ॅ'मिटर्) **ना.** दबाव, भार वा त्यसको अनुभव नाप्ने यन्त्र, भारमापक ।

piffle (पि'फ्ल्) **क्रि.** र **ना.** (अप०) कमजोरीसाथ बोल्नु वा काम गर्नु, खेलवाड गर्नु; **ना.** बकबक ।

pig (पिग्) **ना.** र **क्रि.** (-gg-) सुँगुर, वंगुर, च्वाँचे, सुँगुरको मासु, बाथ, खा. ग. सेकेको बाथ; (बो. चा.) लोभी, फोहरी, ठुस्याहा, हठी वा चिढाउने खालको व्यक्ति; भट्टीबाट निकालेको धातुको सील, खा. ग. काँचो लोहा; सुन्तलाको केस्रा; **क्रि.** सुँगुर ब्याउनु; सुँगुर झैं झुम्मिनु; buy a—in a pokeमाल नहेरी मोल नबुझी किन्नु;—headed लिंडे, जिद्दीवाल, हठी;—skin सुँगुरको छाला;—sticking वनेललाई भालाले शिकार, सुँगुरहरू काट्नु;—sty सुँगुरको खोर;—'s wash वा—wash भान्साको पखाल, सुँगुरलाई खान दिने ।

pig-sticker (पिग्'स्टिकर्) **ना.** लाग्ने लामू धार भएको चक्कू; सोही किसिमको खल्तीको चक्कू ।

pigeon (पि'ज्न्) **ना.** परेवा, मलेवा; बेकूफ, लाटो (ठगिने); carrier - —, homing—घर पत्ता लगाई फर्कन तालीम भएको; Clay—माटाको रिकापी, यन्त्रद्वारा आकाशमा तारोको रूपमा फ्याँकिने;—-breast परेवा-छाती भएको व्यक्ति;—-hole परेवाको गुँड, दराज, टेबुल, मा कागत राख्ने खण्ड; **क्रि.** त्यस्तो प्वालमा कागत राख्नु, कागत पन्छाउनु, कुरालाई स्मरणमा राख्नु;—pair छोराछोरी जम्ल्याहा, छोरा र छोरी गरी दुई मात्र सन्तान;—'s milk आधा पचेको खाना, परेवाले बच्चालाई ख्वाउने, केटाकेटीलाई छकाउने कुनै काम;—-toed औंला भित्रपट्टि फर्केको; pluck a—बेकूफलाई ठग्नु ।

pigeonry (पि'ज्न्रि) **ना.** परेवा घर ।

piggery (पिग'रि) **ना.** खोर, सुँगुर पाल्ने ठाउँ, फोहर ठाउँ, सुँगुरे बानी ।

piggy (पि'गि) **ना.** सानू सुँगुर; (के०)—wiggy सानू सुँगुर, फोहरी बालक ।

pigment (पिग्'मेण्ट्) **ना.** रंग, वर्णक, वर्ण, तन्तुको स्वाभाविक रंग;—ation **ना.** रंग निक्षेप भएर तन्तु, त्वचामा रंग चढ्नु ।

pigmy (पिग्'मि) **ना.** बाउन्ने, pygmy हेर्नू ।

pigtail (पिग्'टेल्) **ना.** चुल्ठो, टुप्पी, पातलो रोल गरी सुर्ती बेरेको ।

pike (पाइक्) **ना.** र **वि.** फलामे टुप्पो र काठको बीँड भएको भाला, अचेल (बेयोनेट) किरीचले ठाउँ लिएको; पहिलेको पैदल सिपाहीको हतियार; (प्रादे०) पिक, चुच्चे कोदालो; चुचुरा; ठूलो बडो खन्चुवा माछा; **क्रि.** भालाले माछा मार्नु ।

pike (पाइक्) **ना.** चुङ्गी, तिरो, तिर्नुपर्ने ठाउँको छेका, turn pike हेर्नू ।

piker (पाइ'कर्) **ना.** (बो० चा०) डराउने जुवाडी, जुवा धेरै नरुचाउने व्यक्ति ।

pike-staff (पाइक्'स्टाफ्) **ना.** भालाको काठे बीँड; plain as a—स्पष्ट, सुस्पष्ट ।

pilaster (पिल्यास्'टर्) **ना.** चारकुने स्तम्भ, खा० ग० भित्ताबाट उठेको; चौखम्बा ।

pilau,—aw,—aff (पिलॉ) **ना.** पुलाउ, मासु हालेको पुलाउ ।

pilch (पिल्च्) **ना.** बालकको बाहिरी थाङ्नो ।

pilchard (पिल्'चर्ड्) **ना.** सानु जातको खान हुने समुद्री माछा ।

pile (पाइल्) **ना.** र **क्रि.** चुच्चे काठको लट्ठी; घर, पुल, इ. थाम्नालाई जमीनमा ठोकेर गाड्ने खम्बा; ढेली, राशि, बिटो, क्याँट, खात, लक्कू, कित्ता; चिता; अग्ला घरहरूको समूह; विद्युत् प्रवाह उत्पादन गर्नालाई विभिन्न धातुका पाता एकान्तर क्रमले एकमाथि अर्को राखिएको खात; (आ.) सिक्काको उल्टोपट्टि; नरम रौं, पशमीना, प्वाँख, कपडा, खा. ग. मखमलको भुत्ला, कार्पेट इ. को भुत्ला; **क्रि.** लट्ठी, खम्बा ठोक्नु, गाड्नु; थुपार्नु, ढेर लगाउनु;—-driver **ना.** जमीनमा खम्बा ठोक्ने कल; funeral—वा pyre चिता; make a—धन कमाउनु; atomic—परमाणु शक्तिको अध्ययन गर्ने उपकरण; cross or—सिक्काबाट लच्छिन, बाजी, फैसला गर्दा पहिलेको बोली, अचेल heads or tails शिर वा पुच्छर ।

pile (पाइल्) **ना.** (ब. व.) अलकाई; अर्श रोग (ए. व.) एउटा त्यस्तो डल्लो ।

pilfer (पिल्'फर्) **क्रि.** चोर्नु, खा. ग. सानातिना माल सामान, वा थोरै परिमाणमा, लामू हात पार्नु; चप्काउनु, चप्पन पार्नु, टप्काउनु;—age **ना.** चोरी चकारी, लामू हात, टापन-टिपन ।

pilgarlic (पिल्गाअर्'लिक्) **ना.** (आ.) मुडुलो टाउको, त्यस्तो भएको मानिस; गए बितेको व्यक्ति ।

pilgrim (पिल्'ग्रिम्) **ना.** र **क्रि.** भक्त, पान्थ, जात्रु, तिर्थ्यारु, तीर्थयात्री; P—Fathers अमरिकामा पहिले बसाइँ सर्ने

अंग्रेजहरू; **क्रि.** जात्रु ऊैं हिंड्नु; तीर्थ गर्नु;—age **ना.** तीर्थ, (अलं.) यात्राको रूपमा हेरिएको ऐहिक जीवन; **क्रि.** तीर्थ गर्नु, तीर्थ जानु, तीर्थाटन गर्नु ।

piliferous (पाइलि'फरस्) **वि.** लोमश, लोममय, कोशिक, रौं भएको (खा. ग. व. मा) ।

pill (पिल्) **ना.** र **क्रि.** गोली, गुटिका, निस्तनी, वटिका, चक्की (औ.); (अलं.) गर्नै पर्ने सा. अप्रिय, कुरा, अपमान, swallow the bitter—; a—to cure an earthquake आधा काम, सानु प्रयत्नले ठूलो काम गर्न खोज्ने;—box गोली राख्ने बट्टा; (ठ.) सानु सवारी वा वर; (सेना.) सानु एकलो भैंमन्तिरको कंक्रीट गढ; (अप. वा ठ.) वल, ज. कि तोप गोला, टेनिस वल; अप्रिय व्यक्ति, रिसउठ्दो मानिस; (व. व.) विलियर्ड; **क्रि.** हराउनु, अस्वीकार गर्नु; (आ.) लुट्नु, ध्वंस पार्नु ।

pillage (पि'लेज्) **ना.** र **क्रि.** लूट, खा. ग. लडाइँमा; **क्रि.** ध्वंससहित लुट्नु, अपहरण गर्नु ।

pillar (पि'लर्) **ना.** र **क्रि.** आधारस्तम्भ, स्तम्भ, किल्ला, खम्वा, आधार, खा. ग. उँचाइको अनुपातमा पातलो, आधार र शोभा दुवै प्रयोजन पूरा गराउने; खम्वा, स्तंभतल, पाद, (अलं.) मुख्य समर्थक व्यक्ति, ज. कि a—of justice न्यायाधार; हावा, पानी, इ. को अग्लो राशि; (कोइलाखानि) काट्ने ठाउँको छाना अड्याउन छोडेको कोइलाको स्तम्भ; from—to post एक स्रोतबाट आर्कोतर्फ;—-box पत्रमञ्जुषा; **क्रि.** खम्भाले ऊैं थाम्नु, आधार बन्नु ।

pillion (पि'लियन्) **ना.** (ऐति.) स्त्रीको हलका काठी, काठीको पछिल्लो भाग जसमा आर्को घोडचढी, खा ग. स्त्री वस्तथे; (अचेल) मोटर-साइकल, इ मा चालकको पछाडि आर्को व्यक्ति वस्न हुने आसन; गद्दी ।

pilliwinks (पि'लिविङ्क्स्) **ना.** (ऐति.) औंला थिचेर यातना दिने यन्त्र ।

pillory (पि'लरि) **ना.** र **क्रि.** अघि अपराधीलाई दुनियामा हँस्सी गराउनालाई मुख र हात छिराएर थुन्ने प्वालहरू भएको (काठको, बाँसको, घोडा, गोर्खेलौरी इ. ऊैं) काठको उपस्तम्भ, सामान, ठिङ्गुरो; **क्रि.** पिलरीमा हाल्नु, गोर्खेलौरीमा कस्नु, हँस्सी गराउनु ।

pillow (पि'लो) **ना.** र **क्रि.** तकिया, सिरानी, अडेस, कपास, सिमल, सासाना प्वाँख, भरेर सिरान बनाएको तकिया; take counsel of—राति विचार गर्नु;—-case,—slip **ना.** तकियाको खोल;—-fight **ना.** (केटाकेटीको) तकियाले लडाइँ; **क्रि.** अडेस लाग्नु, आड लिनु, भर गर्नु ।

pilose,—ous (पाइ'लोज्, पाइ'लस्) वि. रौंले ढाकिएको, लोममय ।

pilot (पाइ'लट्) **ना.** र **क्रि.** चालक, पथ प्रदर्शक, मार्गदर्शक, कर्णधार, कर्णिक, नाविक; **क्रि.** मार्ग देखाउनु, डोऱ्याउनु, (जहाज) लैजानु, (वायुयान) चलाउनु; drop the—विश्वासी नोकर, सल्लाहकारलाई त्याग्नु; P—officer हवाइ सेनाको दर्जा;—balloon वायुमण्डलमा हावाको वेग इ. अनेक अनुसन्धान गर्न छोडिएको सानु ब्यालून, ब्याम्पो;—engine (रेलको) मार्ग खुला र निरापद छ छैन जाँच्ने इञ्जिन;—-light आर्को वत्ती, आगो, इ. सल्काउनालाई बालिराख्ने सानु वत्ती;—-jet विजुलीको देखाउने वा नियन्त्रण गर्ने वत्ती;—scheme सानु परिमाणमा ठूलो योजनाको परीक्षण गर्ने प्राथमिक अजमाइस ।

Piltdown (पिल्ट्'डाउन्) **ना.** ससेक्स (बिलायत) को एक गाउँ;—skull **ना.** सो ठाउँमा सन् १९१३ मा पाइएको खप्पर, १९५३ सम्म प्रागैतिहासिक मानवको ठानिएको ।

pilule (पि'ल्युल्) **ना.** सानु गोली वा चक्की ।

pimp (पिम्प्) **ना.** र **क्रि.** लमी, दलाल, सुरतदूत, विट, संचारक; **क्रि.** लमी बन्नु; दलाल बन्नु ।

pimpernel (पिम्'पर्नेल्) **ना.** खेत र पर्तीमा पाइने रातो, नीलो वा सेतो फूल भएको झार, बर्खामा सिकुडिन्छ ।

pimping (पि'म्पिङ्) **वि.** सानु, क्षुद्र, रोगी ।

pimple (पि'म्प्ल्) **ना.** पिटको, डंडीफोर, व्रण ।

pin (पिन्) **ना.** र **क्रि.** पिन, अलपिन, काँटा, केशकाँटा, खूँट, चुकुल, कीलो, खूटा (बाजाको), कडा, (व. व. वो. चा.) खुट्टा; **क्रि.** घुसार्नु, गाँस्नु, स्युरनु, नत्थी गर्नु, घोप्नु, पक्डेर जकड पार्नु; थुन्नु, जकडबन्द गर्नु; बाँध्नु (प्रतिज्ञामा); hair—केशकाँटा; nine—नौवटा मुग्दल ठाडो पारी राखेर बलले हिर्काएर लडाउने खेल; split—धातुको चिरिएको लामू टुक्रा, बाँध्ने वस्तु, कागत, इत्यादिमा घोपेर चिरिएका टुक्रा बंग्याई बाँध्ने;—s & needles जड भएको, निदाएको, अङ्गमा झनझनाहट भएको;—cushion पिन घोपेर राख्ने सानू कुशन;—-head (अलं.) अति सानु चीज;—-hole पिनले बनाएको साह्रै सानू प्वाल;—-hole camera त्यस्तो सानु प्वालबाट अँध्यारो कोठाको भित्तामा आउने बाहिरको तस्वीर;—-money स्त्रीको लुगा खर्च, स्वास्नीलाई निजी खर्चलाई दिइने दाम;—-point साह्रै सानु; (तारो वा निशानको) सानु हुँदा बडो सावधानीसाथ बम वा तोपले हान्नुपर्ने; **क्रि.** आवश्यकीय निशाना र ठीकसँग त्यस्तो तारो पत्ता लगाउनु वा त्यसमा बमले हान्नु; ठीकसँग बताउनु वा दिग्दर्शन गर्नु;—prick (अलं.) सानूतिनु (नराम्रो) कुरा, घोचपेच, सियोघोचाइ;—faith **क्रि.** पत्यार गर्नु, विश्वास राख्नु;—-up **ना.** भित्ता इ० मा पिनले अड्याएर टाँग्ने मन परेको, प्रसिद्ध, वा खा. ग. सुन्दरीको, तस्वीर;—-up girl त्यस्ती स्त्री ।

pinafore (पि'नफोअ्र्) **ना.** बालकको लुगा धूलो इ० बाट जोगाउनालाई लाइदिने धुन हुने बाहिरी ढकना, राले जस्तो, धूलो ढाक्ने ।

pince—nez (पाँस्'ने) **ना.** नाकमा समात्ने चश्मा, नाक च्याप्ने (फ्रे.) ।

pincers (पिन्'सर्ज्) **ना.** (व. व.) चिम्टा, सँडासी;—movement **ना.** (सेना.) च्याप्ने चाल, जोरिने चाल ।

pincette (प्याँसेट्') **ना.** सानु चिम्टा, चिम्टी; (आँखीभौं

टिप्ने) चिम्टा (फ्रें०)।

pinch (पिन्च्) **ना.** चमटी, कूर्चं, निचोराइ, चिंउटी, (दारिद्र्य, भोक, इ० को) मार, पीडा; at a—संक्रामक मौकामा ।

pinch (पिन्च्) **क्रि.** चिमोट्नु, निचर्नु, चिट्नु, (अलं० पनि—सताउनु, पीडा दिनु); (पैसा) धुत्नु; (पैसा नदिई) मुन्याउनु, टमार्नु; खिच्चू हुनु; उक्साउनु (दौडमा घोडा); (अप०) चोर्नु; लुट्नु, समात्नु, गिरफ्तार गर्नु, रक्षाको लागि समात्नु ।

pinchbeck (पिन्च्'बेक्) **ना.** र **वि.** सहलिया गहना बनाउने तामा र जस्ताको मिश्रण धातु; **वि.** नकली, रूट्टा ।

Pindaric (पिण्डर्या'रिक्) **वि.** र **ना.** प्राचीन ग्री० कवि पिंडारको, जस्तो (सम्झिएको)।

pine (पाइन्) **ना.** सल्लो, देवदारू; – apple अनानास, भैंकटहर; (अप०) हाते गोला, हथगोला;— -cone सल्लोको फल, सल्ला शंकु, सिमटा ।

pine (पाइन्) **क्रि.** (पीरले) म्लान हुनु, दुब्लाउनु, कुँडिनु, निस्रिनु; अति रहर गर्नु, आग्रह गर्नु ।

pineal (पि'निअल्) **वि.** (श० वि०) सल्लो शंकुको आकारको;—gland मस्तिष्कको तेस्रो खण्डको पछाडि रहेको उपयोग थाहा नभएको ग्रन्थि ।

pinery (पाइ'नरि) **ना.** अनानासको खेती हुने, वा सल्लाहरू लगाएको, जग्गा ।

pinfold (पिन्'फोल्ड) **ना.** र **क्रि.** ढाठ, कांजीहाउस; **क्रि.** सोमा डुलुवा गाइवस्तु थुन्नु ।

ping (पिङ्) **ना.** र **क्रि.** ढ्याम्म ! **क्रि.** त्यसरी (गोली) जानु ।

ping-pong (पिङ्पॅङ्) **ना.** टेबुल टेनिस ।

pinguid (पि'ङ्ग्विड्) **वि.** (ठ०) मोटो, तेलिया, तेलाम्य, चिप्लो ।

pinguin (पि'ङ्ग्विन्) **ना.** अनानास जस्तै वेस्ट इण्डियाको बिरुवा, त्यसको फल ।

pinion (पि'निअन्) **ना.** र **क्रि.** ठूलोचाहिंमा मिल्ने सानु दाँते पांग्रा; पांग्रामा जुट्ने लामू तकुआ; चराको पखेटाको अन्तिम भाग, (क०) प्वाँख, पखेटा, पाखुराको ठाउँमा आउने पखेटाको भाग; **क्रि.** (उड्न नदिनालाई चराको) पखेटा काट्नु, मानिसको हात बाँध्नु: बाँध्नु (हात); व्यक्तिलाई (केहीमा) बाँध्नु, जकडयाउनु ।

pink (पिङ्क्) **ना.** र **वि.** सेतो, गुलाफी, रातो वा अन्य रंगको सुगन्धी फूल हुने बगैंचे बिरुवा; बैजनीतिर जाने हलुका रातो रंग (को); **वि.** गुलाफी, पाटल; the—of elegance, health आदर्श, आदर्श अवस्था; in the—(अप०) बडो बेस, ठीक; (राजनीति) रातो (साम्यवाद) तिर ढल्केको;— -eye घोडा वा मानिसको आँखाको रोग ।

pink (पिङ्क्) **ना.** र **क्रि.** वनस्पति वर्णसँग सेतो पदार्थ मिसाउँदा बन्ने पहेंलो रंग; एक प्रकारको पालले चल्ने जहाज; सामन माछाको बच्चा; **क्रि.** छेड्नु (तरवारले), सिंगार्नु, सजाउनु; —out छालामा प्वाल पारेर बुट्टा भर्नु; (मोटर यन्त्र) आंशिक दहनको फलस्वरूप विस्फोटक ध्वनि (पटपट) निकाल्नु ।

pinna (पि'ना) **ना.** (ब. व.—ae) बाह्य कानको चौडा माथिल्लो भाग; डाँठको दुवैतिर पातहरू हुने एक जात; (माछाको) पक्ष, पक्ष जस्तो ।

pinnace (पि'नेस्) **ना.** जङ्गी जहाजमा रहने (पहिले आठ डाँडीले ख्याउने) डुङ्गा ।

pinnacle (पि'नकल्) **ना.** र **क्रि.** बुर्जा, शिखर, अटाली, टुप्पो, चुचुरो; (अलं.) पराकाष्ठा, चुली, चरम सीमा; **क्रि.** चुलीमा पुन्याउनु, पराकाष्ठामा पुग्नु ।

pinnate (पि'नेट्) **वि.** (व.) संयुक्त पातको–बीचको डाँठमा दुवैतिर पात भएको; (पशु.) एक अक्षको दुवैपट्टि हाँगा, तन्तु, छाम्ने (इ.) भएको ।

pinner (पि'नर्) **ना.** दुईतिर भएको फुर्को माथि लगेर घुसार्ने मजेत्रो ।

pinny (पि'नि) **ना.** (के.) Pinafore को छो. रू.; नाना ।

pinoc(h)le (पि'नॅक्ल्) **ना.** ताशको खेल, ब्रिजीक जस्तो ।

pinole (पिनो'लि) **ना.** ढिंडो (चीनी इ. हालेको हुन्छ)।

pint (पाइण्ट्) **ना.** तरल वस्तुको नाप, पाइण्ट ।

pintado (पिण्टा'डो) **ना.** (ब. व.—s) समुद्री चरा, petrel, गिनी फाउल ।

pintle (पिन्'ट्ल्) **ना.** चुकुल, बोल्ड ।

pinto (पि'ण्टो) **वि.** र **ना.** दोरंगा (घोडा) (स्पे.)।

pinxit, pinxerunt (पि'ङ्क्सिट्, पिङ्क्सेअर्'उण्ट्) **क्रि.** (ले) लेखेको (चित्रमा कलाकारको हस्ताक्षर गर्दा लेखिने) (ल्या.)।

piny (पाइ'नि) **वि.** सल्लाको, बारे, सल्लै सल्ला भएको ।

piolet (पिओले') **ना.** हिउँको पहाड चढनेको हिउँबंचरो (फ्रे.)।

pioneer (पायनिअर्') **ना.** र **क्रि.** अग्रयायी, मार्गी, (सेना.) अघि जाने सिपाही, अग्रिम टोलीको सदस्य; कुनै काम शुरू गर्ने; प्रथम अनुसन्धान गर्ने; (आबादीमा) पथ प्रदर्शक; **क्रि.** नयाँ काम थाल्नु, नयाँ तरीका थाल्नु ।

piou—piou (प्यू प्यू') **ना.** (लो.) सामान्य फ्रेन्च पैदल सिपाही, प्वाइलु (poilu) को अपभ्रंश (फ्रे.)।

pious (पा'यस्) **वि.** भक्त, धार्मिक;—fraud भक्तहरूको कल्याणको लागि गरिएको छल ।

pip (पिप्) **ना.** र **क्रि.** (–pp–) चराको रोग; (अप.) उदासीको भाव, शोक; ताशको, पासाको, चिह्न; सैनिक अधिकारीको काँधमा रहने दर्जाको चिह्न, ब्यू, कोयो, (सुन्तला, कागती, आँप इ. को); खबर पठाउँदा P अक्षरको नाम, ज. कि o. p—,—emma इ.; छोटो चडका शब्द, ज. कि समय जनाउने, रेडियोको, ☰ इ. छ प्वाँ प्वाँ; **क्रि** (बो. चा.) हराउनु, अस्वीकार गर्नु, छर्राले हान्नु ।

pipal (पि'पल्) **ना.** पीपल रूख ।

pipe (पाइप्) **ना.** र **क्रि.** नल, नली, नलिका, प्रणालिका,

ढुङ्ग्रो, कुल्फी, सुल्पा, बाँसुरी, वेणु, सोते, स्वर (सङ्गीत, गानामा), स्वर, सोर, (चराको) गाना, (तमाखु खाने) पाइप, सोमा खाँदेको सुर्ती; मद्यको पीपा; **क्रि.** बाँसुरी बजाउनु, बाजाको सोरले पछि लगाउनु, सिटी बजाउनु, चर्को सोरले बोल्नु, लुगामा डोरो सिएर बुट्टा भर्नु, नल जड्नु, नल, नलीद्वारा पानी, इ. लैजानु; peace-—अमरिकन इण्डियनहरूको शान्तिको चिन्ह;—clay सेतो माटो;—dream अफीमको सपना, अनौठा, हुन नसक्ने, कुरा;—line पेट्रोल टाढा टाढा, वायुयानबाट वायुयान, इ. लैजाने लामू नल; put that in your-—& smoke it सकेमा कुरा राम्ररी बुझ ! **क्रि.**—away डुङ्गालाई जानू भन्ने इशारा दिनु;—down (नौ.) पालोबाट छुट्टी दिनु, (अप.) घमण्ड कम हुनु, हल्ला कम गर्नु;—up खेल्न वा गाउन थाल्नु ।

pip emma (पिप् ए'मा) **क्रि. वि.** (बो. चा.) दिउँसो, बेलुका, P र M को तार चलाउने बोलीमा नाम ।

piper (पाइ'पर्) **ना.** गाइने, बाँसुरी बजाउने, ब्याग पाइप बजाउने; pay the—(& call the tune) पैसा खर्च गर्नेले भनेबमोजिम हुन्छ; माछाको प्रकार; दम टुटेको घोडा; (शिकार) फँसाउने कुकुर ।

piping (पाइ'पिङ्) **ना.** डोरोको (लुगामा) बुट्टा, डोरो लुगा दोब्ब्याएर भित्र सिएको बुट्टा; मिठाई, खा० ग० केकमा चीनीको त्यस्तै बुट्टा; **वि.** बाँसुरी बज्ने ज० कि—times of peace जंगी संगीतको साटो शान्तिको मधुर (बाँसुरीको) संगीतको समय ।

pipkin (पिप्'किन्) **ना.** सानू माटाको हाँडी वा बाटा ।

pippin (पि'पिन्) **ना.** स्याउको किसिम, उत्तम, श्रेष्ठ, सुन्दर (व्यक्ति, खा० ग० ठिटी) ।

pip-squeak (पिप्'स्क्वीक्) **ना.** (अप०) च्वाँ च्वाँ गरी कराउने सिपी; क्षुद्र वा घिनलाग्दो व्यक्ति वा वस्तु ।

piqu/ant (पी'कण्ट्) **वि.** पिरो, कट्ठ, पर्पराउँदो, तीखो, रमाइलो, पिराउने, कुतकुत्याउने;—ancy **ना.** रमाइलोसँग कुतकुत्याउने परिस्थिति; कटुता, स्वादुता ।

pique (पीक्) **क्रि.** र **ना.** रिस उठाउनु, इख्याउनु, डल्ल्याउनु, उल्ल्याउनु, अभिमान जगाउनु, इज्जतमा बाधा पुर्‍याउनु; कुतूहल, रुचि, जगाउनु; घमण्ड गर्नु, फूर्ति गर्नु; ताशको खेल (पिके) मा ३० अंक जित्नु; **ना.** त्यस्तो खेल; ठर्रो सूती कपडा ।

piquet (पिकेट्, पि'केट्) **ना.** ३२ ताश (दुवादेखि छक्का झिकेर) को खेल, २ जनाले खेल्ने ।

pirate (पा'अरेट्, पा'य्रेट्) **ना.** र **क्रि.** समुद्री डाँकू (को जहाज), लुटाहा, खूनी, आर्काको सर्वाधिकारको उल्लंघन गर्ने, चोरी प्रकाशन गर्ने; आधिकारिक इजाजतबिना आर्काको लेख रेडियोद्वारा प्रसारण गर्ने; बढी भाडा लिने वा चढ्नेहरूलाई ठग्ने वा आर्काको बाटोमा बस चलाउने; **क्रि.** लुट्नु, आर्काको पुस्तक इ० बाट आफ्नू नाफाको लागि बिनाइजाजत अंश प्रकाश गर्नु; लुटेरा हुनु ।

pirouette (पिरूएट्') **ना.** र **क्रि.** ब्याले नर्तकको एक गोडा वा बूढी औंलामा टेकेर घुमाइ; **क्रि.** त्यसरी नाच्नु ।

pis aller (पीज़्याले') **ना.** आर्को मार्ग, उपाय, नदेखिंदा लिइने मार्ग वा उपाय (फ्रे०) ।

piscary (पिस्'करि) **ना.** आर्काको पानीमा धनी र अरूहरू सँगसँगै माछा मार्ने हक ।

piscator/y (पिस्'कटरि) **वि.** माछा, माछा मार्ने, बारे, सम्बन्धी; piscator **ना.** माछा मार्ने;—ial **वि.** माछा मार्न रुचाउने ।

Pisces (पिस्'सीज़्) **ना.** (ब. व.) मीन राशि ।

pisciculture (पि'सिकल्चर्) **ना.** माछा पालन, मत्स्य पालन ।

piscina (पिसि'(सी') ना) **ना.** (ब. व.—ae,—as) माछा पोखरी, प्राचीन रोमन नुहाउने पोखरी (ल्या०) ।

piscine (पि'सि (सी) न्) **ना.** र **वि.** नुहाउने खोला वा पोखरी **वि.** (पिस्'साइन्) माछाको, माछासम्बन्धी ।

piscivorous (पिसि'भरस्) **वि.** माछा खाने ।

pise (पी'ज़े) **ना** पिटेको माटो, सुर्की, घर बनाउने सामानको रूपमा (फ्रे०) ।

Pisgah (पिज्'ग) **ना.** मोजेजले वादा गरिएको प्रदेश हेरेको पहाड; (अलं०) झल्ल गराउने उँचाइ ।

pish (पिश्) **वि. बो.** हेलाँ, अधैर्य, घिन, प्रकाश गर्ने; छि ! इश् ! छ्या ! छि ! छि !! धत्तेरी !

pisiform (पि'सि (ज़ि) फअर्म्) **वि.** मटरको रूपको ।

pismire (पिस्'माय्र्) **ना.** कमिला ।

piss (पिस्) **क्रि.** र **ना.** (सभ्य समाजमा नबोलिने) पिशाब फेर्नु, मुत्नु, तुरी गर्नु, मूतले भिजेको; (–ed **वि.** जँडयाहा); **ना.** तुरी, पिशाब, मूत ।

pistachio (पिस्टे'शिओ, पिस्या'शो, पिस्या'चो) **ना.** (ब० व०—s) पेस्ता; पेस्ताको रंग ।

pistil (पिस्'टिल्) **ना.** फूलको स्त्रीयोनि; गर्भकेसर ।

pistol (पिस्'टल्) **ना.** र **क्रि.** पिस्तोल, पेस्तवल; **क्रि.** (–ll–) पिस्तोलले हान्नु;— -grip **ना.** पिस्तोलको कुन्दा ।

pistole (पिस्टोल्') **ना.** सुनको सिक्का, अघि फ्रान्स, स्पेन, इ. मा चल्ने ।

piston (पिस्'टन्) **ना.** पिस्टन, ढुङ्गोभित्र तल माथि गरी (पदार्थ) तान्ने, धचेट्ने उपकरण;—ring पिस्टन चक्का;—-rod पिस्टन डण्डा ।

pit (पिट्) **ना.** खाडल, खनिज पदार्थ झिक्दा बनेको प्वाल वा खाडल, धरापको रूपमा खाडल; नर्क; प्राणी वा बिरुवाको शरीरमा खाडल वा खोपिल्टा;—of the stomach भुँडीको; बिफरको जस्तो; नाचघरमा भैंतलामा स्टलपछिको भाग, तहाँ रहेका आसनहरू; (मोटर दौड) भाग लिने कारहरूमा तेल भर्ने, टायर फेर्ने, इ. ठाउँ; विशेष व्यापारलाई छुट्ट्याइएको विनिमय केन्द्र (एक्स्चेञ्ज) को भाग, ज. कि गहूँ फाँट, इ०;—fall गूढ कूप, छलकूप (पशुलाई छल्ने), (अलं.) खतराको अशंकित जाल;—head **ना.** (खानिको) गढ्ढा शिर;—man कोइला-

वाला; क्रि. (–tt–) खाडलमा हाल्नु, राख्नु; (अलं.) लडाउनु; (घाउको) खाडल बनाउनु; (रो. नि.) छोए या थिचेपछि औंला, इ.को दाग रहने ।

pit (a) pat (पिट् (अ) प्याट्) **क्रि. वि.** र **ना.** प्याट प्याट शब्द गरेर; स्वाँ स्वाँ गरेर; लर्खरिएर, हडबडाएर; **ना.** प्याट प्याट आवाज, ढुक ढुक ।

pitch (पिच्) **ना.** र **क्रि.** अलकत्रा, (जहाजको) सोग्रो हल्लाइ, क्रिकेट बलको विशिष्ट फ्याँक्ने तरीका; (कसैको) सधैं उभिने ठाउँ, ज. कि माग्ने, अखवार बेच्ने, इ.; (क्रिकेट) विकेटको बीच र चारैतिरको जमीन, खेलभूमि; उडानको उँचाइ (चरा, वायुयान, इ.को); (संगी.) स्वरको उँचाइ उत्राइ; भिरालोको मात्रा, छानाको भिरालोको ठाडोपना; (यन्त्र.) क्रमागत बिन्दु वा रेखाहरूका बीच, ज. कि दाँतेचक्काका दाँतहरूका बीच, को दूरी, (पेचको) अन्तर, चूडी;— -black;—dark बिल्कुल अँध्यारो;— -blende युरेनियम धातुको काँचो यौगिक; — -pipe गाउन वा सुर मिलाउनालाई मुखले बजाउने सानु बाँसुरी;— -wheel आर्कोसँग दाँती मिलाउने दाँते पांग्रा, चक्का; **क्रि.** (पाल, सवारी वास, इ.) खडा गर्नु, टाँग्नु; (क्रिकेट०)—wicket भैंमा स्टम्प गाडेर बेल राखी विकेट खडा गर्नु; कोही चीज ठाउँमा खडा गर्नु; सडकमा ढुङ्गा छाप्नु; फ्याँक्नु, हान्नु; (अप०) भन्नु, कथा भन्नु; (खेल०) च्याप्टो वस्तुले निशाना ताकेर हान्नु; टाउकोले जोरसँग हान्नु; (जहाज) आफ्नू चालमा समुद्रमा पानीमा तेर्सो खस्नु;—in तोडसँग काममा लाग्नु;—into (बो. चा.) बेसरी जाइलाग्नु, मुक्का, वचन, इ. ले;—upon छान्न पुग्नु;— -&-toss खोपी खेल;—ed तयारीसहित, आफै भै परिआउने होइन, ज.—ed battle ।

pitcher (पि'चर्) **ना.** सुराही, घैलो, घैंटो, ब्याम्पो, गाग्री, मटिया; (बेसबल खेलमा) बल फ्याँक्ने; सडक पसले जसले सडकको एक भागमा सधैं आफ्नू पसल खोल्छ; भैंमा छाउने पत्थर; little—s have long ears जति सानु (केटाकेटी) उति लामू कान (कुरा सुन्ने) ।

pitchfork (पिच्'फअ्र्क्) **ना.** र **क्रि.** लामू बींड भएको भैं कोर्ने काँटा (दुई या तीन दाँती भएको); सुर मिलाउने काँटा; **क्रि.** कोर्ने काँटाले फ्याँक्नु; (अलं.) (व्यक्तिलाई) बलजफ्ती पद, दर्जा, मा घचेट्नु ।

pitchy (पि'चि) **वि.** अलकत्रा ज्दैं कालो, अँध्यारो ।

piteous (पि'टिअस्) **वि.** टीठलाग्दो, मायालाग्दो, शोचनीय ।

pith (पिथ्) **ना.** र **क्रि.** गुदी, मज्जा, सार, उडेल्नु, सुषुम्ना नाडी; (अलं.) सार, तत्व, शारीरिक बल, पौरुष, जाँगर, बल, शक्ति, महत्व; **क्रि.** डडेल्नु काटेर पशुलाई मार्नु वा चल न हल पार्नु ।

pithecanthrope (पिथिक्यान्'थ्रोप्) **ना.** वानर मानव, बानर र मानवका बीचको अनुमानित शृङ्खला ।

pithecoid (पिथी'कयड्) **वि.** वानर सदृश, वानर ज्दैं ।

pithy (पि'थि) **वि.** ससार, सत्वपूर्ण, सारगर्भित, खाँदिएको, वाक्लो, तेजोमय, सप्रभाव; ओजस्वी, लघुपद, छोटकरी ।

pitiable (पि'टिएब्ल्) **वि.** टीठलाग्दो, मायालाग्दो, करुणाजनक, कठैवरी, दीन, नीच ।

pitiful (पि'टिफुल्) **वि.** जाबो, करुणार्द्र, दयालाग्दो, हेलाउठ्ने ।

pitiless (पि'टिलिस्) **वि.** निर्दय, निर्मम, क्रूर ।

pitpan (पिट्'प्यान्) **ना.** मध्य अमरिकाको सायद रूख खोक्रो पारेर बनाएको डुङ्गा ।

pittance (पि'टन्स्) **ना.** (ऐति.) धर्मानुष्ठानलाई बढी खाद्यको खर्चको लागि अनुदान, भत्ता, पारिश्रमिक, खा. ग. बहुत थोरै खालको, ज० कि a mere—सानु संख्या वा परिमाण; अत्यल्प भाग, अल्प मूल्य, अल्प वेतन; एक मुठी ।

pittite (पि'टाइट्) **ना.** नाचघरमा पिटमा बस्ने व्यक्ति ।

pitui/tary (पिट्यु'इटरि) **वि.** श्लेष्म, आम, स्राव गर्ने;—gland, body मस्तिष्कको जरोमा रहेको एक सानु अप्रणाली ग्रन्थि जसको शरीरको वर्धनमा महत्वपूर्ण प्रभाव रहन्छ; श्लेष्मग्रन्थि;—tious **वि** श्लेष्मग्रन्थियुक्त,—सम्बन्धी;—trin **ना.** सो ग्रन्थिले उत्पन्न गर्ने हर्मन; सो रहेको विलयन औषधिको रूपमा प्रयोग हुने ।

pity (पि'टि) **ना.** र **क्रि.** दया, टीठ, माया, दया माया, रहम, शोकपूर्ण घटना, दुःखको कारण; **क्रि.** दया गर्नु (प्रायः हेलासहित); for—'s sake अनुरोधको, विन्तिको, बोली; चुकचुक, अफसोसको बोली, ज० कि what a—! कठै ! more's the—ज्झन् खराब ।

pityriasis (पिटिरि'असिस्) **ना.** (रो. नि.) कत्ला उड्ने, छालाको रोग ।

pivot (पि'भट्) **ना.** र **क्रि.** धूर, अत्त, कीला, चूल, (अलं.) आधारभूत वा चरम बिन्दु; **क्रि.** चूल हाल्नु; अड्नु,—को चारैतिर घुम्नु;—joint कीले जोर्नी, चूलदार जोर्नी ।

pix/y,—x/ie (पि'क्सि) **ना.** परीसदृश जीव;—itated **वि.** अलि अलि सन्केको ।

pizzicato (पिट्सिका'टो) **क्रि. वि.** (संगी.) भायलिन इ० तारवाला बाजा धनुको साटो औंलाले बजाउने; यसरी बजाउनुपर्ने टुक्रा (संगीतको) ।

pizzle (पि'ज़ल्) **ना.** पशुको लिंग अघि, खा. ग. साँढेको, कोर्राको रूपमा प्रयोग हुने ।

placab/le (प्ल्या'केब्ल्) **वि.** नरम, क्षमाशील, सजिलोसँग फुलिने वा खुशी हुने;—ility **ना.** प्रसाद्यता, क्षमाशीलता ।

placard (प्ल्या'कअ्र्ड्) **ना.** र **क्रि.** ताउको एकापट्टि मात्र छापिएको कागत, टाँस्न हुने गरी; पर्चा, टाँस्ने चित्र; **क्रि.** भित्तामा पर्चा टाँस्नु, विज्ञापन गर्नु, टाँस्ने चित्रको प्रदर्शन गर्नु ।

placate (प्ल' (प्ल्या') केट्) **क्रि.** शमन गराउनु, शान्त गर्नु, फुल्याउनु, खुशी पार्नु ।

place (प्लेस्) **ना.** ठाउँ, थान्को, स्थान; शहर, नगर, गाउँ, इ०; टोल; निवास, घर, घर जग्गा, भवन, कुनै खास कामको स्थान, पुस्तकको वृत्त, स्थान; दर्जा, औकात; (घोडदौडमा)

प्रथम तीन स्थान, (जित्ने स्थान) मध्ये कुनै एक; दशमलवमा स्थान; पद, नोकरी, खा. ग. सरकारी नोकरी, पदभार; **in**— ठाउँमा, उपयुक्त; **take**—हुनु, घट्नु;—**brick** नपोलिएको ईँट;—**kick** (फुटबल) बल राखेको ठाउँबाट हान्ने;—**man** पदाधिकारी ।

place (प्लेस्) **क्रि.** राख्नु, मिलाउनु, नियुक्त गर्नु, नोकरी पाउनु, लगानी गर्नु, बिक्री गर्नु, आडर दिनु, दर्जा दिनु, स्थान पत्ता लाउनु, सनाखत गर्नु, (कुरा) सम्झनु, (दौड) पहिला तीनमध्ये हुनु;—**ment** ना. स्थानिक ।

placebo (प्लसे'बो) **ना.** (ब. व —s,—es) मृत व्यक्तिको प्रार्थनाको प्रथम श्लोक; रोगीलाई निको पार्नुभन्दा खुशी राख्नालाई दिइएको ओखती ।

placenta (प्लसेन्'टा) **ना.** (ब. व.—ae) साल, सालनाल ।

placer (प्ले'सर्) **ना.** बालुवा, ढुङ्गा, सुर्को; वहुमूल्य खनिज रहेको खोलाको भैँमा बगेर आउने ती वस्तुहरू ।

placet (प्लसेट्) **ना.** र **वा.**—, **non**—म खुशी छु, म खुशी छैन; (विश्वविद्यालयहरूमा मतदान गर्दा प्रयोग गरिने); **ना.** त्यस्तो मत (ल्या०) ।

placid (प्ल्या'सिड्) **वि.** शान्त, अनुद्विग्न, निस्फिक्री, स्थूल; —**ity** **ना.** शम, अक्षोभ ।

placket (प्ल्या'केट्) **ना.** स्त्रीको स्कर्ट (लहँगा) को खल्ती ।

placoid (प्ल्या'कायड्) **वि.** प्लेट, थाल, को आकारको ।

plafond (प्लेफाँ') **ना.** सिलिङ्ग, (कोठाको) खा. ग. तसवीर लेखिएको; त्यस्तो तसवीर (फ्रे०) ।

plage (प्लाझ्) **ना.** समुद्रतट, समुद्रकिनार, खा ग. चलतीको अभिगमन स्थानमा (फ्रे०) ।

plagiar/ize,—ise (प्ले'जिअराइज़्) **क्रि.** आर्काको कृति आफ्नू भनी प्रयोग गर्नु, भाव चोर्नु;—**ism** **ना.** शब्दचौर्य, भावचौर्य;—**ist** **ना.** शब्दचोर, ग्रन्थचोर, भावचोर ।

plagiary (प्ले'जिअरि) **ना.** (आ०) शब्दचौर्य, शब्दचोर ।

plague (प्लेग्) **ना.** र **क्रि.** महामारी, प्लेग, उत्पात, अरिष्ट, अनर्थ, दैवी कोप; टण्टा, पीडन, हैरानी; (सराप) नाश होस् !; **क्रि.** पिर्नु, पिरोल्नु, हैरान पार्नु, दुःख दिनु; रिँगाबाटा खाउनु, हायलकायल पार्नु ।

plaguy (प्ले'गि) **वि.** र **क्रि. वि.** बाधक, पीडक, क्लेशकर, झोकचल्दो, रिसउठ्तो ।

plaice (प्लेस्) **ना.** योरपको (खाने) माछा ।

plaid (प्ल्याड्, स्का० प्लेड्) **ना.** स्कटल्याण्डका पहाडीहरूले लुगा लाउने चारखाने ऊनी कपडाको किसिम ।

plain (प्लेन्) **वि.**, **क्रि. वि.** र **ना.** स्पष्ट, छर्लङ्ग, प्रत्यक्ष, सफासफी, सादा, सरल, खुलासा, व्यक्त, भ्रमरहित, सामान्य, सोझो; संकेत भाषा, गुप्त भाषामा होइन, साधारण वा सादा भाषामा; अनलंकृत, सादा, रंग नगरेको; (खाद्य) मसला, पिरो, धेरै नहालेको; सीधासादा, नराम्रो; **क्रि. वि.** स्पष्टसँग; **ना.** मैदान, (ब. ब.) तराई; **क्रि.** (आ. कवि.) सुर्ता गर्नु, उजूर गर्नु, दुःखको बोली निकाल्नु;—**living** सादा;—**cards** दरवारिया होइन, सादा ताश;—**clothes** मुफ्ती, आफूखुशी लुगा;—**dealing** निष्कपट व्यवहार, सरलता;—**sailing** सोझो बाटो;—**spoken** सोझो कुरा गर्नु;—**suit** तुरूफ होइन;—**sman** तराईवासी ।

plaint (प्लेण्ट्) **ना.** (का.) वादी, फिरादपत्र, फिराद, नालिस, अर्जी, वादीपत्र, अभियोग; (कवि.) विलाप, उजूर, गुनासो ।

plaintiff (प्लेन्'टिफ्) **ना.** वादी ।

plaintive (प्लेन्'टिभ्) **वि.** विलापपूर्ण, शोकावह, करुण, दीन ।

plait (प्ल्याट्) **ना.** चुनन (लुगा चुनेको मोड), मुजा; चुल्ठो, वेणी, वेणिका, केशपास, कुन्तल: चून, पुण; **क्रि.** चुल्ठो बाट्नु ।

plan (प्ल्यान्) **ना.** र **क्रि.** (-nn-) नक्शा, मानचित्र, तर्जुमा, सारिणीवद्ध कार्य विवरण जसमा समय, स्थान, इ. देखाइएको हुन्छ; योजना, अठोट, तजबीज, नियत, सुर, तरीका; युक्ति जुक्ति, तरकीब, जुक्ति, अन्जाम, अभीष्ट, लख, कडी; **क्रि.** जग्गा, घर, को नक्शा बनाउनु, बन्ने घर, इ. को नक्शा बनाउनु, योजना गर्नु, पूर्व निर्धारण गर्नु;—**of campaign** (अक्ष. र अलं.) लडाइँको योजना;—**ned economy** योजनाबद्ध आर्थिक परिस्थिति ।

planch (प्ल्यान्श्) **ना.** धातु, पत्थर र खा. ग. पोलेको माटोको चाक्लो पाता जो एनामेल काममा प्रयोग हुन्छ ।

planchet (प्ल्यान्'शिट्) **ना.** सिक्का छाप्ने धातुको सादा पातो ।

planchette (प्ल्यान्'शेट्, प्लाँशेट्) **ना.** दुई पहियादार सानु मुद्धको आकारको काठको पातो जसमा प्रेत वार्ता समयमा हात राखे आफैं अक्षर कोर्छ भनी विश्वास गरिन्छ ।

plane (प्लेन्) **ना.**, **वि.** र **क्रि.** रूखको जात; रण्डा; सम, धरातल, समतल, वायुयान, मणिभको प्रत्येक मुख; **वि.** सम्म, सम, समतलमा रहेको; **क्रि.** सम्म पार्नु, रण्डा लाउनु, वायुयानमा यात्रा गर्नु, ऐ. मा बगेर उड्नु; **inclined**—आनत समतल;—**table** अमीनको टेबुल ।

planet (प्ल्या'नेट्) **ना.** ग्रह; (ज्यौ०) नक्षत्र; **major**—**s** नवग्रह; **primary**—**s** सूर्यको परिक्रमा गर्ने; **minor**—मङ्गल र बृहस्पतिको बीचमा घुम्ने क्षुद्र ग्रह;— -**struck** **वि.** तर्सिएको, आत्तिएको ।

planetarium (प्ल्यानिटे'अ्रिअम्) **ना.** ग्रहमालानुकरण यन्त्र भवन; ग्रहमण्डल भवन ।

planetary (प्ल्या'निटरि) **वि.** ग्रहीय;—**system** सौर मण्डल; पार्थिव, ऐहिक, भ्रमणशील, अनिश्चित ।

planetesimal (प्ल्यानिटे'सिमल्) **ना** क्षुद्र ग्रह ।

planetoid (प्ल्या'निटॉयड्) **ना.** क्षुद्रग्रह, गौण नक्षत्र ।

plangent (प्ल्यान्'जेण्ट्) **वि.** (ध्वनिको) रोमाञ्चकारी, थर्राउने, हठपूर्ण, रन्किने, आहपूर्ण ।

planimeter (प्लनिमि'टर्) **ना.** तल माथि परेको सतहको

आफैं नाप ग्दिक्ने यन्त्र ।

planish (प्ल्या'निश्) **क्रि.** धातुको पाता हतौडी वा अरू उपायले सम्म पार्नु, सिक्का काट्ने पातो रोलरको बीचमा राखेर सम्म पार्नु, फोटो तसवीरलाई स्क्विजी रोलरले टल्काउनु ।

plank (प्ल्याङ्क्) **ना.** र **क्रि.** टिम्वा, फल्याक, फलक, तखता, टाँड; **क्रि.** राजनैतिक वा अन्य कार्यको एक विषय वा दफा (मञ्चसँग दाँज्नु); walk the—जहाजको छेउमा राखिएको तखतामा (सजायको रूपमा) हिंडी समुद्रमा पस्नु;—bed साह्रो, डसना नहालेको, भ्र्यालखानमा ञैं ।

plankton (प्ल्याङ्क्'टॅन्) **ना.** (प्रा० वि०) समुद्र, पोखरी, नदी, इ०का विभिन्न तहमा पाइने मु० अति सूक्ष्म प्राणधारी जीव; (benthos, nekton हेर्नू), प्लवनजीव ।

plant (प्ल्याण्ट्) **ना.** र **क्रि.** विरुवा; यन्त्र, उपकरण, औजार, कारखाना; मुद्रा; (अप०) योजनावद्ध ठगी, चोरी, छल, साटफेर; **क्रि.** रोप्नु, (अण्डा) पार्नु, छोड्नु; गाड्नु, पैठ लाउनु, राख्नु (चेवा गराएर); ताकेर हान्नु; (अप०) दसी लुकाउनु, गाड्नु; ठग्ने योजना गर्नु; त्याग्नु; in—बढ्ने; lose—वैलाउनु; miss—नउम्रनु, नजम्नु ।

Plantagenet (प्ल्याण्ट्या'जिनिट्) **ना.** र **वि.** बिलायतको (अघिको) राजपरिवार (को) ।

plantain (प्ल्यान्'टेन्) **ना.** केराको रूख, केरा, अरू रूखको जात ।

plantar (प्ल्यान्'टर्) **वि.** (श० वि०) तलुवाको ।

plantation (प्ल्यान्टे'शन्) **ना.** वाटिका, वृक्षवाटिका, गाछी, आवादी जग्गा, उपनिवेश ।

planter (प्ल्या'ण्टर्) **ना.** कृषक, भूमिपति, भूस्वामी, खास वस्तुको खेती गर्ने, ज० कि कफी, कपास, उखु, सुर्ती, इ० को खेतीवाल ।

plantigrade (प्ल्यान्'टिग्रेड्) **वि.** र **ना.** पैतालाको भरले हिंड्ने (जनावर), digitigrade हेर्नू ।

plaque (प्लाक्) **ना.** धातु, पत्थर इ०, सादा वा बुट्टा भरेको; प्रतिष्ठित व्यक्तिसँग सम्बन्धित घर, कोठा, इ० को गान्होमा जडने सो कुरा लेखिएको शिला वा धातुको पातो; (रो० नि०) शरीरको कुनै भागमा निस्केको टाटो (स्फोटन) को मार्ग; छो० क० plaquette **ना.** ।

plash (प्ल्याश्) **ना.** र **क्रि.** हिलो, क्षुद्र जलाशय, गढ्ढा, दलदल, धाप; **क्रि.** स्प्ल्याश, पानीमा खसेर पानी छर्किनु; हाँगाबिंगा लत्र्याएर बाट्नु, भ्र्याङ्ग बनाउनु ।

plasm (प्ल्याज्म्) **ना.** कोषको जीवित वस्तु, जीवन रस; रक्तद्रव ।

plasma (प्ल्याज्'मा) **ना.** हरियो जातको फट्टिक; रगत, पित्त, दूध, इ० मा रहने रंगहीन स्कन्धनशील अंश, जसमा रक्ताणुहरू वा वसा विन्दुहरू उत्रेका हुन्छन् ।

plasmodium (प्ल्याज्मो'डिअम्) **ना.** (प्रा० वि०) प्ररसको थुप्रो; मानिसको रगतमा रही वेगसाथ संवृद्धिको कारणले औलो हुने सूक्ष्म परजीवी जीवाणुहरूको सामूहिक नाम ।

plasmolysis (प्ल्याज्मॅ'लिसिस्) **ना.** आफ्नू कोषरसभन्दा कडा विलयनमा डुवाइनाले वनस्पति कोषबाट हुने जलनाश ।

plaster (प्लास्'टर्) **ना.** र **क्रि.** लेप, पुल्टिस; वज्र; **क्रि.** वज्र, लिउन लाउनु; (अलं०) अति प्रशंसा गर्नु; पुल्टिस लगाउनु; sticking—घाउमाथि टाँस्ने पट्टी, प्लास्टर;—of Paris पानीमा मुछेर साँचोमा हाल्ने, वा बनाउने, काम सकेपछि सिमेण्ट ञैं जम्ने माटो ।

plastic (प्ल्यास्'टिक्) **वि.** नम्य, सुखनम्य, माटो, मैन, इ० लाई रूप दिने; (**ना.** व० व०) संकलित खोटो, गूँद, इ० सदृश वस्तु जुन जस्तोसुकै आकार दिइन वा ढालिन सक्दछ, प्लास्टिक;—arts मूर्ति, मृत्तिका, कला ञैं डल्लोलाई आकार दिन सकिने प्रकारका;—surgery शारीरिक रचना, को कमी, इ० कमीलाई पूरा गर्ने शल्य-चिकित्सा;—bomb पुटिङ्ग, पीठो जस्तो मुछ्न वा आकार दिन सकिने विस्फोटक भएको; (प्रा० वि०) जीवित तन्तु निर्माण गर्न सक्ने, यस्तो प्रक्रियासँगको ।

plasticine (प्लास्'टिसिन्) **ना.** आकार दिने माटोको साटो खा. ग. केटाकेटीले खेल्ने, नम्य पदार्थ ।

plastron (प्ल्यास्'ट्रन्) **ना.** (ऐति०) फलामे वक्षरक्षक; तरवारवाज, भालावाज, इ० ले लाउने वक्षरक्षक; स्त्रीको चोलोमा काम गरेको छाती; पुरुषको कलप लाएको कमीजको छाती; कछुवाको अगाडिको हाड, अरू जनावरको ऐ० ।

plat (प्ल्याट्) **ना.** (आ०) पाटो, जमीनको टुक्रा; (उच्चा० प्ला) खाने परिकार (फ्रे०) ।

plate (प्लेट्) **ना.** र **क्रि.** चाक्लो, पाता, पातो, पट्ट, पट्टिका, पाटी, धातुको सम्म वा टल्कने पाता खा० ग० खोद्नालाई, तसवीर खिच्ने प्लेट; सुन, चाँदी,काँसा,अचेल खिया नलाग्ने इस्पात इ० का खाने भाँडा, माटाका प्लेट, थाल, थाली, रिकाबी; नकली दाँत जड्ने पदार्थ, दाँत जडेको त्यस्तो नकली दाँत; घोडदौडमा दिइने पुरस्कार; **क्रि.** जहाज, इ० लाई धातुका पाताले ढाक्नु; अरू धातुलाई सुन, चाँदी इ० को मोलम्मा लाउनु; छाप्नालाई टाइपको प्लेट बनाउनु; selling—घोडदौडमा जित्ने घोडालाई तोकिएको मोलमा बेच्नुपर्ने शर्तको दौड;—basket चम्चा, काँटा, स्याँगी, इ० राख्ने बास्केट;—glass बाक्लो असल जातको ऐना, पसलको झ्याल इ० मा जड्नालाई;—layer रेलको लाइनको मरम्मत गर्ने मानिस;— -rack भान्सामा प्लेट निथ्रनालाई राख्ने तखता ।

plateau (प्ल्याटो') **ना.** (ब. व.—x,—s, उच्चा०—ज्) समस्थल, अधित्यका; सिंगारेको रिकाबी या थाल ।

platen,–tt– (प्ले'टन्) **ना.** छाप्ने कलमा रहेको एक पातो जसले कागत टाइपमा थिच्तछ; टाइपराइटरमा सोही काम गर्ने भाग ।

plater (प्लेटर्) **ना.** सुन, चाँदीको मोलम्मा गर्ने; जहाजमा जड्ने पाता बनाउने वा बेच्ने; केघल कप, प्लेट जित्न भनी दौडने दोस्रो खालको घोडा ।

platform (प्ल्याट्'फॅअर्म्) **ना.** मञ्च, वेदी, प्राकृतिक वा कृत्रिम कौसी, अटाली; रेलवे स्टेशनमा काठको तखता वा माटो इ०

को रेलको लाइनको छेउमा उँचा उठाइएको जमीन, (अलं०) the—मञ्चे भाषण; दलको राजनैतिक आधार; राजनैतिक दलको घोषित नीति; क्रि. मञ्चमा (ऊँ) राख्नु, मञ्चबाट बोल्नु ।

plating (प्ले'टिङ्) **ना.** सुन, चाँदी, इ० को मोलम्मा; प्लेट दौड (घोडाको) ।

platinize (प्ल्या'टिनाइज़्) **क्रि.** प्ल्याटिनमको मोलम्मा लाउनु ।

platinoid (प्ल्या'टिन्वा़यड्) **ना.** तामा, जस्ता, निकेल र टङ्गस्टेनको मिश्रण धातु; प्ल्याटिनमसँग संसर्गमा रहने धातु (हरू) ।

platinotype (प्ल्या'टिनटाइप्) **ना.** फोटोग्राफीमा प्ल्याटिनम कालो रंगमा तस्वीर (छाप्नु) ।

platinum (प्ल्या'टिनम्) **ना.** प्ल्याटिनम नामको धातु; सुनभन्दा मूल्यवान् र कुनै रासायनिक द्रव्यले छुन नसक्ने धातु;—black कोइलाको धूलो जस्तो कालो रूपमा प्ल्याटिनम; —blonde (बो० चा०) सुनौला–खैरो रंगको केशवाली स्त्री; platinic वि. प्ल्याटिनियमीय; platiniferous प्ल्याटिनीय ।

platitu/de (प्ल्या'टिट्यु्ड्) **ना.** सहलियापन; सहलिया उक्ति, खा. ग. बडो गंभीरतासाथ उच्चारण गरिएको त्यस्तो अति व्यवहृत वाक्य;—dinize क्रि. उड्किनु, उकेल्नु;—dinous वि. के के न बोले जस्तो गर्ने, सामान्यलाई गंभीरताले ढाकेर उड्किने ।

platitudinarian (प्ल्याटिट्यु्डिने'अॅर्अन्) **ना.** सहलिया उड्किने; वि. सहलिया ढाँचाको ।

Platonic (प्लटॅ'निक्) **वि.** ग्री० दार्शनिक प्लेटोको, वा उनका सिद्धान्तबारे; (लो०) केवल शब्द वा सिद्धान्तमा सीमित रहने, काममा ननिस्कने, निर्दोष; (व. व.) प्रेमीहरूको कुरा वा सम्बन्ध;—love दुई विभिन्न लिंगका व्यक्तिहरूको बीचमा शुद्ध आध्यात्मिक प्रेम;—year ग्रह नक्षत्रहरूले आफ्ना सबै गति परिक्रमा सकेर पुनः आफ्नू स्थानमा प्रत्यावर्तन गर्ने अनुमानित अवधि ।

platoon (प्लटून्') **ना.** सेनामुख, गुल्म; दल ।

platter (प्ल्या'टर्) **ना.** चाक्लो थलिया वा प्लेट, मु० काठको ।

plaudit (प्लॉ'डिट्) **ना.** (सा. व. व. मा) प्रशंसा, जयघोष, थपडी, करतलध्वनि ।

plausi/ble (प्लॉ'ज़िब्ल्) **वि.** (युक्ति, वक्तव्य, इ० को) मनासीब, सत्य संकाश, सत्याभास, देख्ता वाजबी, घतलाग्दो, यौक्तिक, देख्ता युक्तिसंगत वा सम्भव; (व्यक्तिको) मीठो बोल्ने, फुस्ल्याउने (छलसूचक);—bility युक्तिसंगतता, यौक्तिकत्व, मनासीबपन, सत्य संकाशता ।

play (प्ले) **ना.** र **क्रि.** खेल, खेलवाड, लहड, चेष्टा, क्रिया, छुट्टी, बिदा, जुवा, नाटक, दृश्य काव्य, रूपक, नाच, अभिनय, खेल; क्रि. चल्नु, चलाउनु, (बन्दूक) पडकाउनु, देखाउनु, खेल्नु, पार लाउनु, चल्नु, रम्नु, जुवा खेल्नु, बजाउनु, अभिनय गर्नु, नाटक खेल्नु; in play, out of play (नियमबमोजिम) खेलमा, बाहिर; child's—अति सजिलो (कुरा); foul—विश्वासघात, बेईमानी;—actor नाटकको पात्र (हेलाँसाथ); —bill नाटकको समाचार दिने पर्चा;—day स्कूल बिदा;—debt जुवाको ऋण;— -fellow साथी;— -goer बराबर नाटक हेर्ने;— -ground खेल मैदान;— -house नाचघर;—mate साथी;—thing खेलौना (अलं०) खेलवाड मात्र सम्झिने व्यक्ति;—wright नाटककार;—the market सट्टा बजारमा जुवा खेल्नु;—upon the square सोझो खेल;—back चुम्बकीय फिताबाट ध्वनि या चित्रको पुनरुत्पादन ।

player (प्ले'यर्) **ना.** खेलाडी, क्रीडक, अभिनेता, पात्र, पेशावर खेलाडी क्रिकेट इ० मा ।

playful (प्ले'फुल्) **वि.** खेलवाडी, क्रीडाशील, विलासी, विनोदी, ठट्टाबाज, ठट्यौलो;—ness **ना.** खेलाँची, ख्याल ठट्टा, खेलवाड, लीलापरता ।

playing (प्ले'यिङ्) **ना.**– cards ताशको ठेली; long—record धेरै (बेर) बज्ने रेकर्ड ।

plaza (प्ला'ज़ा) **ना.** (खा. ग. स्पेनको) शहरको चोक, बजार, खुला ठाउँ ।

plea (प्ली) **ना.** युक्ति, मुद्दा, तर्क, बहस, बयान, बहाना, भन्नु, भन्ने, भनाइ, कहनाम, जिकिर, निहुँ, खिचोला, कुचुद्द, अत्तो, अर्घेलो, बिङ्गो ।

pleach (प्लीच्) **क्रि.** बाटिनु, जोल्टिनु ।

plead (प्लीड्) **क्रि.** (-ed, अम०, स्क०, प्रादे० pled) अदालतमा बहस गर्नु, मुद्दामा बहस गर्नु, पैरवी गर्नु, युक्ति पेश गर्नु, बहाना पेश गर्नु; अनुनय गर्नु, विन्ति गर्नु, रुनु कराउनु, विन्ति लाउनु, दाह्रा ङिच्याउनु ;—(not) guilty कबूल (न) गर्नु;—er **ना.** अभिवक्ता, बहस गर्ने, वकील, अभिभाषक; —ing **ना.** (खा. ग.) लिखित बयान, वादी वा प्रतिवादीको तर्फबाट; झगडियाहरूको वादी प्रतिवादीको सिलसिला; वा. declaration बयान; प्र० plea बयान; वा. replication उत्तर; प्र० rejoinder प्रतिउत्तर; वा. surrejoinder अपरोत्तर; प्र० rebutter खण्डन; वा. surrebutter प्रति खण्डन ।

pleasance (प्ले'ज़न्स्) **ना.** (आ.) आनन्द, आमोद, भोग; घरसँग जोरिएको क्रीडोद्यान, बहाड ।

pleasant (प्ले'ज़ण्ट्) **वि.** सुखकर, रमाइलो, सुरम्य, ठट्यौलो, मजाको, मजेदार ।

pleasantry (प्ले'ज़ण्ट्रि) **ना.** मजाक, मस्करी ठट्टा, हास्य कौतुक, परिहास ।

pleas/e (प्लीज़्) **क्रि.** मन पर्नु, योग्य ठान्नु, रिझाउनु, दङ्गयाउनु; (औपचारिक वा व्यङ्गपूर्ण आदर जनाउन, ज० कि) His Majesty has been -ed ; You were -ed to call me a thief ; अनुरोध गर्दा ज० कि—give me the book ; if you—; इ०; -ed **वि.** दङ्गदास, आप्यायित, फुरुङ्ग, फुर्केको, मस्त, रमाएको, फुर्फुरिएको, फोक्सो फुलेको, दङ्ग;—ing **वि.** रुचिकर, मनोहर ।

pleasurable (प्लेझ़्रेब्ल्) **वि.** आनन्दप्रद, सुखकर,

विनोदपूर्ण, रम्य, मजेदार ।

pleasure (प्लेज़्'र्) **ना.** र **क्रि.** खुशी, आनन्द, रमिता, रिमझिम, परितोष, सुख, प्रमोद, आह्लाद; **क्रि.** (आ०) आनन्द दिनु, आनन्द पाउनु;—boat क्रीडा नौका;—ground क्रीडोद्यान;—house लीलागार; प्रसाद, विलास मन्दिर; during—प्रसादपर्यन्त ।

pleat (प्लीट्) **ना.** र **क्रि** मुजा, चुनन; **क्रि.** चुन्नु, मुजाउनु, मुजा पार्नु, चुन्याउनु ।

pleb (प्लेब्) **ना.** (अप०) सामान्य, अवरजन, सानु (औकातको), छोटो ।

plebe (प्लीब्) **ना.** (बो. चा.) अमरिकन सैनिक वा नौसैनिक संस्थाको सबभन्दा नीचो श्रेणीको सदस्य ।

plebian (प्लिबी'अन्) **ना.** र **वि.** प्राचीन रोममा सामान्य पुरुष; सामान्य मानिस; **वि.** नीचो कुलको; तल्लो जातको, भद्दा, अकुलीन छोटो ।

plebiscite (प्ले'बिसिट्) **ना.** (रो० इति०) सम्पूर्ण जनताले एकत्रित भएर बनाएको ऐन; महत्वपूर्ण विषयमा देशका सम्पूर्ण मताधिकारीले सोझै दिएको मत; समुदायको मतको सार्वजनिक प्रकाशन, जुन आधिकारिक हुन पनि नहुन पनि सक्छ, जनमत ।

plectrum (प्लेक्'ट्रम्) **ना.** वाद्यको धागो, तार, इ० खिच्ने वा हान्ने हात्ती हाड, प्वाँख, इ० को औजार; कोण, शारिका ।

pledge (प्लेज्) **ना.** र **क्रि.** बन्धक, नासो, नासो धरोट, धितो, थाती, वाचा, वचन; (अलं०) सन्तान, टोस्ट (पिउनु); **क्रि.** बन्धक राख्नु, (अलं०) ईमानको वाचा गर्नु; टोस्ट पिउनु ।

pledgee (प्लेजी') **ना.** ऋणी, बन्धक राख्ने ।

pledget (प्ले'जिट्) **ना.** लिण्ट, कपडा, को सानु बिटो; बुजो, नातो ।

Pleiad (प्लाइ'अड्) **ना.** (ब. व.—s, उच्चा० ड्ज्,—es उच्चा० डिज़्) (ब. व.) कृत्तिका नक्षत्र; (ए० व० अलं०) (धे. ज. उज्वल सात) व्यक्ति वा वस्तुको समूह ।

Pleistocene (प्लिस्'टसीन्) **वि.** र **ना.** (भूतत्व) पृथ्वीको विकासमा एक युग, नयाँ युग ।

plenary (प्ली'नरि) **वि.** सम्पूर्ण, परम, असीमित; (सभाको) पूर्ण उपस्थितिसहित;—inspiration धार्मिक ग्रन्थमा सम्पूर्ण विषय ईश्वरीय प्रेरणाबाट आएको हो भन्ने विश्वास ।

plenipotentiary (प्लेनिपटेन्'शरि) **वि.** र **ना.** पूर्ण शक्तियुक्त (राजदूत), सर्वाधिकार सम्पन्न, महादूत, राजदूत; सन्धिविद्; (शक्ति) परम, चरम ।

plenish (प्ले'निश्) **क्रि.** भर्नु, सजाउनु, सुसज्जित गर्नु, पूर्ण गर्नु ।

plenitude (प्ले'निट्यु्ड्) **ना.** आधिक्य, पूर्णता, सम्पूर्णता, प्राचुर्य, भरिलोपन, परबेली ।

plenteous (प्लेन्'टिअस्) **वि.** (मु० कवि०) प्रचुर, विपुल, बहुल ।

plen/ty (प्लेन्'टि) **ना.** र **क्रि. वि.** प्राचुर्य, अति, चाहे जति; **क्रि. वि.** (बो० चा०) बिलकुल; horn of—बाहुल्यको सींग, द्रौपदीको ताउलो;—tiful **वि.** प्रचुर, मनग्य, छाएको, बहुल, अति धेरै; निक्कै, प्रशस्त ।

plenum (प्ली'नम्) **ना.** पदार्थले भरिएको शून्य; (—system हावा घुसाएर संवातन गराउने पद्धति); पूर्ण सभा, पूर्ण उपस्थिति ।

pleo/nasm (प्ली'अन्याज़्म्) **ना.** शब्दको आधिक्य, शब्दाधिक्य, अधिक पददोष, अनावश्यकता, ज० कि return back, false lie;—nastic **वि.** बहुपदे, अधिक शब्द ।

plesiosaurus (प्लिसिअसॉ'रस्) **ना.** (ब. व.—ri,—ruses) लुप्त सामुद्रिक सरीसृप, लामू घाँटी, छोटो पुच्छर र चार डाँडी भएको ।

plethora (प्ले'थरा, प्लिथो'अरा) **ना.** रगतमा राता रक्ताणुको आधिक्य भएको विकृत अवस्था; रक्तपित्त; बाहुल्य, अति वृद्धि, प्राचुर्य, (अलं०) अस्वस्थ पर्याप्ति;—oric **वि.** प्राचुर्यपूर्ण, अतिवृद्धियुक्त, बहुल ।

pleura (प्लू'रा) **ना.** स्तनपायीहरूमा घाँटीको भित्र र फोक्सोहरू ढाक्ने मेदसी जालो; पृष्ठवंशहीनहरूमा शरीरको आडको भाग ।

pleurisy (प्लू'रिसि) **ना.** मेदसी जालोमा ठण्डा लाग्नाले सूज, जसमा जरो र छाती दुख्ने हुन्छ; पार्श्वशूल; क्लोमशूल ।

ple/xor (प्ले'क्सर्) **ना.** (भै०) शरीर जाँच्दा प्रयोग हुने सानु हतौडी;—ximeter **ना.** (भै०) डाक्टरी जाँचमा शरीरको सो भागमा राखी हतौडीले हानी जाँच्ने पातलो हस्तिहाड इ० को पातो ।

plexus (प्ले'क्सस्) **ना.** (श० वि०) स्नायु वा नाडीको जाल, स्नायुजाल; solar—**ना.** पेटको तल रहेका नाडीजाल ।

plia/ble (प्ला'एब्ल्) **वि.** नम्य, निहुरिने, सुनम्य, मार्दव, नमनशील, मान्ने;—bility **ना.** नम्यता ।

pliant (प्ला'यण्ट्) **वि.** नम्य, मान्ने, आज्ञाकारी, नमनशील, दब्ने, नुहिने, मुजायग, बाङ्गिने ।

plica (प्लि' (प्लाइ') का) **ना.** (ब. व.—ae) जालो वा छालाको मोड;—polonica रोगको कारणले रौंको जटा परेको र फोहोर अवस्था (ल्या०) ।

plica/te (प्लाइ'केट्) **वि.** (व०, पशु०, भूतत्व०) मोडिएको;—tion **ना.** मोडाइ, मोड, मोडिएको स्थिति ।

pliers (प्ला'यर्ज़्) **ना.** (ब. व.) प्लास, तार काट्ने औजार ।

plight (प्लाइट्) **क्रि.** र **ना.** वाचा बन्धन गर्नु, प्रतिज्ञा गर्नु, कबूल गर्नु; **ना.** स्थिति, दशा, गति, तमाशा, बिचल्ली, दोहोलो, नानास्थान, नौबत, बिल्लीबाठ, हबिगत, गाइजात्रा, बिजोग, चिहिलबिहिल, खण्ड, थान्को, वचन, प्रतिज्ञा, कबूल ।

plim (प्लिम्) **क्रि.** फुल्नु, भरिनु, मोटाउनु वा मोटो पार्नु ।

Plimsoll (प्लिम्'सल्) **वि.** र **ना.** (जहाजको) पानी रेखा; (ब० व०) रबरको तलुवा भएको सस्तो टाटे जुत्ता ।

plinth (प्लिन्थ्) **ना.** स्तम्भतल, स्तम्भमूल (खा. ग. चार

कुने); भैंमाथिको भित्ताको बाहिर निस्केको भाग ।

plinthite (प्लिन्'थाइट्) **ना.** रातो माटो ।

Pliocene (प्ला'यसीन्) **वि.** र **ना.** (भूतत्व०) तृतीयक रचनाको आधुनिकतम खण्ड ।

plod (प्लॉड्) **क्रि.** मेहनतसाथ हिंड्नु, खुट्टा घिसार्नु, घिस्सिनु ।

plombe' (प्लॉम्'बे) **वि.** आधिकारिक तौरसँग सीसाको मुहरबन्द गरेको ।

plop (प्लॉप्) **ना.**, **क्रि.** र **क्रि. वि.** थ्वाप्प खस्नु (पानीमा), त्यस्तो खसाइ, त्यसरी खस्नु ; प्वाट्ट, फुत्त, प्वात्त, पितिक्क ।

plot (प्लॉट्) **ना.** र **क्रि.** (–tt–) चाकला, पाटो, खेत, गरो, थलो, फगटो, टुक्रा; कथासार; योजना, षड्यंत्र, कुमन्त्रणा, जाल, जालझेल, चलाकी ; **क्रि.** नक्शा बनाउनु, अंकित गर्नु, बिन्दुहरू चिन्ह लगाएर वक्र बनाउनु, जाल रच्नु, षड्यन्त्र गर्नु ;—ter **ना.** षड्यन्त्रकारी, जाली ; adjoining—आँठा, साँध ।

plough (प्लाउ) **ना.** हलो ; जोतेको खेत ; परीक्षार्थीको अस्वीकार, असफलता, फेल ;—-beam लाङ्गल, हरिस ;—-boy,—man हरुवा, हरवाहा ;—share फाली, फार, फाल, पातो, (चुच्चो) टाडो ; the P—सप्तर्षि ।

plough (प्लाउ) **क्रि.** जोत्नु ; उखेलेर फाल्नु, उखेल्नु, घचेट्नु ; कोर्नु, हलरेखा ; चाउरी पार्नु, मेहनतसाथ अघि बढ्नु (हिउँमा, पुस्तकमा); (जहाजले) पानी काट्नु;—the sand व्यर्थसँग मेहनत गर्नु;—back मललाई जोतेर गाड्नु, (अलं०) नाफा व्यापार. कारोबार, मा लगाउनु;—a lonely furrow अलं० एकलो काममा लाग्नु; (जाँचमा परीक्षार्थीलाई) असफल गराउनु, अस्वीकार गर्नु ।

plover (प्ल'भर्) **ना.** चराको जात, (बो. चा.) टिट्टिभ ।

ploy (प्लॉय्) **ना.** (बो. चा.) अभियान, व्यवसाय, उद्योग, काम, पेशा, कारोबार ।

pluck (प्लक्) **ना.** र **क्रि.** ऐंठन, बाउँडिनु, (जाँचमा) असफलता, (पशुको) मुटु, कलेजो, फोक्सो (खाद्यको रूपमा); सत्व, वीर्य, पौरुष, उत्साह, जाँगर, दीर्घ्याइँ; **क्रि.** टिप्नु, चुँड्नु, भुत्ल्याउनु, लछार्नु, कन्निनु, खुइल्याउनु, खुत्क्याउनु; ठग्नु, लुट्नु; (परीक्षार्थीलाई) फेल गराउनु, अस्वीकार गर्नु;—up (one's heart, spirits इ०) साहस लिनु;—y **वि.** ज्वान, साहसी, आँटी ।

plug (प्लग्) **ना.** र **क्रि.** (–gg–) चुकुल, बुजो, कीला, शंकु; प्राकृतिक वा विकृत डल्लो जसले बुजोको काम गर्दछ; नली, शीशीको बिर्को वा धारा; वैद्युत् सम्पर्क गराउने पिन वा अन्य कुरा, जोर्नी; (बो. चा.) चर्पीमा पखाल्ने पानी खोल्ने यन्त्र; सुर्ती थिचेर खिल्ली वा चौकोस बनाएको, मुखमा हालेर चपाउने सुर्तीको टुक्रा; थिचेको सुर्ती;**क्रि.** बुजो लाउनु, थुन्नु, टाल्नु, बुज्निनु, टालिनु; (अप०) गोली हान्नु, मुक्की हान्नु; काममा लग्नु हुनु, (बो० चा०) गीत, मत, सिद्धान्त इ० लाई दुनियाको कानमा कोचेर लोकप्रिय गराउन खोज्नु; वैद्युत् सम्पर्क जोड्नु;—ugly (अप०) बाटे गुण्डा ।

plum (प्लम्) **ना.** बयर, आलुबखडा; मनका, दाख, किसमिस; (अलं०) असल कुरा, सँगालोको सर्वोत्तम कुरा, जीवनको पुरस्कार; French—बयर या जामुनको जात;—cake दाख हालेको केक;— -pudding दाख, मनका, पाउरोटीको टुक्रा, अण्डा इ० हालेर पकाएको पुडिङ्ग, विशेष बडादिनमा खाइने; sugar—मिठाई, खा. ग. पकाएको चीनी, मिस्रीको डल्लो;—Java-—जामुन ।

plumage (प्लू'मेज्) **ना.** चराको पखेटा, प्वाँख; पिच्छ कलाप ।

plumassier (प्लुमसिअर्') **ना.** शोभन वा बुट्टादार प्वाँखको बेपार गर्ने, वा बनाउने, व्यक्ति ।

plumb (प्लम्) **ना.**, **वि.** र **क्रि. वि.** लम्ब, साहुल; **वि.** सोझो, ठाडो, (अलं.) शुद्ध, बिलकुल; **क्रि. वि.** ठाडो गरी, सोझोसँग, ठीक; (अप.) बिलकुल, असाध्धे, सद्दे;—-line लम्बसूत्र, साहुल सूत्र; out of—साहुलमा नाइँ, बाङ्गो;—-rule डकर्मीको साहुल सूत्र;—nonsense बिलकुल अर्थहीन, बेमतलबको;—crazy सद्दे बौलाहा ।

plumb (प्लम्) **क्रि.** गहिऱ्याइ नाप्नु, समुद्रको गहिऱ्याइ साहुलले नाप्नु, सोझो पार्नु; सीसकारको काम गर्नु;—er (प्ल'मर्) **ना.** सीसकार, नलकार, (धाराको) नल, पाइप, ट्याङ्कको काम गर्ने ।

plumbago (प्लम्बे'गो) **ना.** कालो सीसा (पेन्सिल, घडीया, इ० बनाउने) ।

plumb/eous (प्लम्'बिअस्) **वि.** सीसा जस्तो, सीसकयुक्त, (रो नि.) सीसा रहनाले भएको;—ic **वि.** (र. शा.) सीसकयुक्त, सीसासँग संयोग भएको;—iferous **वि.** सीसा रहेको ।

plumbic (प्लम्'बिक्) **वि.** (र. शा.) सीसासँग संयोग भएको, सीसकयुक्त, सीसकनिर्मित ।

plum/e (प्लूम्) **ना.** र **क्रि.** प्वाँख (खा. ग. ठूलोचाहिं), कल्की, सिउर; (पशु०) पक्ष जस्तो भाग वा अङ्ग; शोभाको लागि पहिरिने कल्की (प्वाँखको गुच्छा, रौंको गुच्छा); **क्रि.** कल्की लाउनु, घमण्ड गर्नु (खा. ग. हक नभएको कुरामा); (चरा) प्वाँख मिलाउनु; borrowed—s (मुजुरको प्वाँख लाउने कागको कथा) सिंगारिनु, आर्काको मालले आफू सिंगारिनु;—y (प्लु'मि) **वि.** प्वाँख, सिउर, जस्तो, प्वाँखे, कल्कीले सिंगारिएको ।

plummet (प्ल'मेट्) **ना.** र **क्रि.** लंब सीसा, साहुलको लंगूर, लंगूर, बल्सीमा जड्ने श्रोजन; निमज्जन; **क्रि.** डुब्नु, (पानीमा) हामफाल्नु ।

plummy (प्ल'मि) **वि.** बयर भएको; (बो. चा.) बेस, असल, रहर लाग्ने ।

plumose (प्लुमोस्') **वि.** पखेटा भएको, प्वाँखवाला, प्वाँख जस्तो ।

plump (प्लम्प्) **वि.**, **क्रि.**, **ना.** र **क्रि. वि.** (जीउ वा अंग) मोटो, पुष्ट, थसुल्ली (स्त्री), मोटोघाटो, हृष्टपुष्ट, खाइहाल्दो, फेरिएको; गोता, सोझो खसाइ; समूह, झुप्पा; **क्रि.**

मोटाउनु, मोटो पार्नु, फुलाउनु; एउटा कुरामा नै अड्नु, विकल्पको बेवास्ता गरी एकोहोरो लाग्नु, एउटै उम्मेदवारलाई आफ्नू मत दिनु; **क्रि. वि.** अचानकसँग, सोझै (खस्नु); फुत्त, फ्यात्त; स्पष्टसँग, सोझै; **वि.** सोझो, विनाशर्त ।

plumper (प्ल'म्पर्) **ना.** दुब्लो गाला मोटो पार्न मुखमा राख्ने डल्लो वा पातो; (अप०) सफा झूट; (एकै उम्मेदवारलाई दिइने) मत ।

plumule (प्लू'म्युल्) **ना.** गर्भ विरुवाको प्राथमिक डाँठ, आँकुरो; मसिनो रौंको सानू प्वाँख ।

plunder (प्लन्'डर्) **ना.** र **क्रि.** लूट, अपहार, लूटमार, अपहरण; (अप०) नाफा, लाभ; **क्रि.** लुट्नु, नियमित रूपले लुट्नु, चोर्नु; चोर्नु, (माल असबाब) चोर्नु, हिनामिना गर्नु; —age **ना.** लूट, खा. ग. जहाजबाट माल चोर्नु वा हिनामिना गर्नु; त्यसरी आएको लूट ।

plung/e (प्लन्ज्) **क्रि.** र **ना.** जोरसित पस्नु, खस्नु; (अलं०) (व्यक्तिलाई) घचेट्नु (कुनै काम वा मार्गमा); गाड्नु (गमला); खस्नु, गोता लाउनु; वेगसँग पस्नु; (जहाज) सोझोसँग हल्लनु; (अप०) ठूलो बाजी लगाएर जुवा खेल्नु, डुब्नु; **ना.** डुबकी, गोता, (अलं०) चरम पाइला;—ing fire माथिल्लो तहको तोपबाट गोलावारी;—ing neckline तलसम्म खुला चोलो इ०;—er **ना.** यंत्रको तल खस्ने भाग, आप्लव, निमज्जन; होक्काँ, (अप०) दुस्साहसी जुवाडी, सट्टाखोर ।

plunk (प्लङ्क्) **ना.** र **क्रि.** घन्को, बाजाको धागो, तार, तानेर छोडेको ध्वनि; (बो. चा.) चर्को प्रहार, डलर; **क्रि.** बेसरी वा अचानकसँग फ्याँक्नु वा लड्नु, अचानकमा हिर्काउनु, बाजाको तार घन्काउनु ।

pluperfect (प्लू'पअर्फेक्ट्) **वि.** र **ना.** पूर्ण भूतकाल ।

plural (प्लू'रल्) **वि.** र **ना.** बहुवचन, एकभन्दा बढी, अनेक, धेरै;—ism **ना.** एकभन्दा बढी, खा. ग. (पादरीको) पद सम्हाल्ने; (द०) एकभन्दा बढी चरम सिद्धान्त स्वीकार गर्ने पद्धति;—ity **ना.** अनेकता; ठूलो संख्या, समूह; दुई वा बढी पद सम्हाल्ने काम; सँगसँगै सम्हालेको पद; बहुमत;—ize **क्रि.** अनेक पार्नु, बहु पार्नु, बहुवचनमा प्रकाश गर्नु, एकभन्दा बढी पद लिनु ।

plus (प्लस्) **वि.** र **ना.** जोडेर, धन चिह्न+; संयोग; धन, अधिक, बढी, सहित, थप, अतिरिक्त;—-fours **ना.** लामू खुकुलो तल मोड पर्ने निकर, चुस्ता, खा० ग० गल्फ खेल्दा लाइन्छ ।

plush (प्लश्) **ना.** र **वि.** भुत्लावाल रेशम, सूत, को कपडा, प्लश, मखमलभन्दा भुत्ला लामू हुन्छ; (ब. व.) नोकरको सो कपडाको ब्रिचिस; **वि.** प्लशको; भव्य, ठाटको ।

plutarchy (प्लू'टाअर्कि) **ना.** धनी राज्य, सामन्ती शासन ।

Pluto (प्लू'टो) **ना.** सन् १९३० मा पत्ता लागेको सबभन्दा दूर रहेको ग्रह; (कथा.) यमराज, वरुण जस्तो ग्रीक देवता ।

plutocracy (प्लुटॅ'क्रेसि) **ना.** धनीको शासन, धनीमानीहरूको शासक समाज, धनी शासकवर्ग ।

plutolatry (प्लुटॅ'लेट्रि) **ना.** धनपूजा, ऐश्वर्यभक्ति ।

plutonic (प्लुटॅ'निक्) **वि.** र **ना.** प्लुटोको, वरुणको, नारकी, (भूतत्व.) अग्निमत, आग्नेय, (पत्थर) ।

plutonium (प्लुटो'निअम्) **ना.** नेपट्युनियम तत्वबाट उत्पन्न हुने रासायनिक तत्व प्लुटोनियम ।

plutonomy (प्लुटॅ'नमि) **ना.** राजनैतिक अर्थशास्त्र ।

pluvial (प्लू'भिअल्) **वि.** र ना. पानी, वर्षा, वर्षाको, वृष्टिमत्; (भूतत्व.) वर्षाद्वारा भएको, गराइएको ।

pluviometer (प्लुभिऑमि'टर्) **ना.** वर्षामापक, पानी परेको नाप्ने यन्त्र ।

ply (प्लाइ) **ना.** र **क्रि.** पत्र, मोटाइ, तह (कपड्को), इ.; डोरी, रस्सीको त्यान्द्रो; (अलं.) प्रवृत्ति, चाहना; **क्रि.** चलन गर्नु, चलाउनु, जोरसँग चलाउनु (हतियार, औजार, इ.); (आफ्नू पेशावर) काम गर्नु; वारंवार गरी वा दिइरहनु, ज. कि खाना, प्रश्न, युक्ति, इ.; (जहाज, बस, इ.) दुई ठाउँका बीचमा चल्नु; (डुङ्गा, ट्याक्सी, भरिया, कुल्ली, इ.) भाडा खोज्न एकै ठाउँमा पर्खिनु;—wood **ना.** पत्र सरेस इ. ले टाँसेर बाक्लो बलियो बनाएको फल्याक; प्लाइवुड; पत्रकाष्ठ, पत्रकाठ ।

Plymouth (प्लि'मथ्) **ना.**—Brethren एक धार्मिक संगठन;—Rock **ना.** कुखुराको जात ।

pneumatic (न्युम्या'टिक्) **वि.** र **ना.** वायवीय, हावा, बतास, को, बाट, हुने; **ना.** हावादार टायर, सो जडेको साइकल, (ब. व.) वायुशास्त्र, बतास र अरू स्थितिस्थापक तरल वस्तु वा ग्यासहरूको भौतिक गुणको शास्त्र;—tire हावा भर्ने टायर; —dispatch नलीमा हावाको संकोचन वा क्षीणीकरणबाट पुलिन्दा, इ. को चलतीफिर्ती;—trough ग्यासहरूलाई पानी, पारो, इ. को सतहबाट काँचको जारमा जम्मा गर्ने जलाधार ।

pneumato—(न्यु'मटो-) ग्री. शब्दको सं रूप=हावा, बतास, आत्मा;—meter **ना.** श्वासमापक ।

pneumogastric (न्युमग्यास्'ट्रिक्) **वि.** फोक्सो र पेटको, खा. ग.—nerves मस्तिष्कका स्नायुहरूको दशौं जोडा ।

pneumoni/a (न्युमो'निआ) फोक्सोको पदार्थको एकातिर (single—) वा दुवैतिर (double—); फोक्सोसूज, द्विफोक्सोसूज; क्लोमपाक, द्विक्लोमपाक;—c **वि.** क्लोमपाकी; —mococcus क्लोमकीट ।

po (पो) **ना.** (ब. व.—s) pot को केटाकेटी बोली ।

poach (पोच्) **क्रि.** अण्डालाई विना बोक्रा उम्लेको पानीमा गिराएर पकाउनु; घुसार्नु, कुल्चिनु, (भैं) गीलो हुनु, कादो गर्नु (वस्तुको खुरले); (आर्काको वस्तु, खा. ग. जमीनमा) घुस्नु; अतिक्रम गर्नु, (शिकार) बेरीत, छल, सँग समात्नु वा मार्नु; (दौडमा) बेकाइदासँग फाइदा लिनु; (टेनिस) साथीको खण्डमा बल हिर्काउनु;—er **ना.** शिकारचोर ।

pochard (पो' (पॅ') च (क) र्ड) **ना.** हाँसको जात ।

pock (पॅक्) **ना.** (खा. ग. बिफरमा) उक्रूको दाग, छ्याक, खाडल;—ed **वि.** छ्याके ।

pocket (प'केट्) **ना. र क्रि.** खल्ती, गोजी, जेब, खोकिला, पोल्टो, (खानि) प्वाल, (सेना०) दुश्मनको कब्जामा रहेको एकलासको चौटो; जेबी (खल्तीमा राख्न हुने); आर्थिक स्रोत ज० कि empty—; put one's pride in one's— अपमान, इ०, सहनु; in—, out of—नाफा, नोक्सान वा खर्च; has (him) in his - ताबेमा; air—देख्ता हावाको शून्यता जहाँ वायुयान केही तल खस्छ;—battleship सानू खालको;—borough एक व्यक्ति वा परिवारको अंकुशमा रहने निर्वाचन क्षेत्र;—edition जेबी;—expenses साना तिना निजी खर्च, पकेट खर्च;—handkerchief हातेरुमाल;—pistol (ठ०) जाँडको सीसी; **क्रि.** खल्तीमा हाल्नु, थुन्नु, (दौडमा) प्रतिद्वन्दीलाई घचेट्नु; (खा. ग. बेईमानीसँग) आफ्नू पार्नु; दबाउनु, लुकाउनु (भाव); सहनु (अपमान, हानि); (खेल) बल जेबमा हान्नु, खसाल्नु ।

pococurante (पॅकोकुरान्'टे) **वि. र ना.** उदासीन (व्यक्ति) ।

pod (पॅड्) **ना. र क्रि.** घुम्ने बर्माको गोलो; सील वा ह्वेल माछाहरूको सानू झुण्ड; कोसा, बीजकोष; रेशम कीराको कोया; सलहको फुलको खोल; **क्रि.** कोसा लाग्नु, कोसा छोडाउनु; तिमि वा नक्र (सील वा ह्वेल) लाई झुण्डमा जम्बा गर्नु ।

podagra (प'डग्र वा पड्याग्'र) **ना.** (भै०) (खा. ग. खुट्टाको) वात ।

podded (प'डेड्) **वि.** कोसा लागेको, कोसामा फल्ने; (अलं०) सम्पन्न, गुट्टसुट्ट ।

podesta (पॅडेस्टा') **ना.** इटालीका नगरपालिकाहरूमा म्याजिस्ट्रेट ।

podge (पॅज्) **ना.** (बो. चा.) पुड्के मोटो व्यक्ति, पुड्के, डल्ले ।

podium (पो'डिअम्) **ना.** कोठाको चारैतिर रहेको बेन्च, फलैंचा; रङ्गशालाको अखाडाको चारैतिरको मञ्च, चारैतिर रहने आधार वा पिंध; ओसारा; बरण्डा ।

poem (पो'इम्) **ना.** कविता; छन्दोबद्ध रचना, खा. ग. उन्नत ढाँचाको; उन्नत ढाँचाको गद्य वा पद्यको रचना, ज. कि prose —गद्यकाव्य; (अलं) शब्दको रचनाबाहेक) अरू कुनै वस्तु जुन कविता सदृश वा तुल्य छ, ज कि जीवन, वैवाहिक सुख, इ० ।

poesy (पो'इसि) **ना.** (आ.) काव्यको कला, रचना; काव्य, कवित्व, काव्य रचना, कविताशक्ति ।

poet (पो'इट्) **ना.** कवि, पद्यलेखक, खा. ग. अपूर्व कल्पनाशक्ति, प्रकाशन, भएको लेखक; Poets' corner **ना.** कविहरूको चिहान रहेको लण्डनको वेस्टमिन्स्टर एबेको कुना; (ठ०) अखबारको कविता प्रकाश हुने ठाउँ ।

poetaster (पोइट्यास्'टर्) **ना.** कुकवि, क्षुद्र कवि ।

poetic,—cal (पोए'टिक् (—कल्) **वि.** कवि वा काव्यसम्बन्धी, पद्यात्मक, कवितावद्ध; सा.—-ic कवित्वपूर्ण, कविताको उदात्त गुण रहने, र—ical पद्यात्मक, पद्यमा, को अर्थमा, ज. कि—cal works काव्य ग्रन्थ; काव्य कृति;—-ic justice कवित्वपूर्ण न्याय, जसमा असललाई असल र खराबलाई दुःख हुन्छ;—-ic licence कविको स्वतन्त्रता ।

poetics (पो'एटिक्स्) **ना.** (ब. व.) काव्यशास्त्र, साहित्यशास्त्र ।

poeticize (पोए'टिसाइज़्) **क्रि.** विषयलाई कवित्वपूर्ण गराउनु ।

poetize (पो'इटाइज़्) **क्रि.** कवि बन्नु, कविता लेख्नु, कवित्वपूर्ण ढाँचाले लेख्नु, काव्यमा वर्णन गर्नु ।

poetry (पो'इट्रि) **ना.** कविको कला, काव्य, कविता, पद्य, उन्नत विचार वा भावको छन्दोबद्ध रूपमा उन्नत प्रकाशन; कुनै वस्तुको त्यो गुण जसले कवित्वपूर्ण वर्णनको लागि कुतकुत्याउँछ; prose – छन्दबाहेक पद्यका अरू सबै गुण भएको ।

pogo (पो'गो) **ना.** (ब. व.—s) उफ्रने खेलौना ।

pogrom (पग्रॅम्') **ना.** संगठित रूपले संहार वा कत्लेआम, प्रारम्भमा र खा. ग. रूसमा यहूदीहरूको (रसियन) ।

poignan/t (पॉय'न्याण्ट्) **वि.** तीव्र, तीखो, पिरो (स्वाद वा बास्नामा) मर्मभेदी, मर्मस्पर्शी; दुख्ने गरी चर्को, ज. कि-- hnnger, sarcasm इ.; परपर गर्ने, मन पर्ने गरी पर्पराउने वा उत्सुकता जगाउने; छुने, दया जगाउने;—cy **ना.** तिग्मता, तीक्ष्णता, उग्रता ।

poilu (प्वालु) **ना.** (अक्ष.) लोमश, दाह्री नबनाएको; (अप.) फ्रेञ्च सिपाहीको नाम (फ्रे.) ।

poinsettia (पॉयन्से'टिआ) **ना.** रातो पात सानू पहेंलो फूल भएको बिरुवाको जात; लालपाते फूल ।

point (पॉयण्ट्) **ना. र क्रि.** विन्दु, थोप्लो, विरामचिन्ह; सानु धर्को; दफा, बेहोरा, बुँदा, विवरण; अंक (मूल्यांकन गर्दा); स्थल; (शिकार) सोझै जाने;—to—race चिन्ह भएको जमीनमा दौडने; काम गर्ने ठीक समय, विशिष्ट गुण; (केवल सियोले बनाएको) लेस; टुप्पो, चुच्चो, टुँडो, नोक; अन्तरीप, खा. ग. नाममा; (सेना.) अग्रिम फौजको सानू टोली, डफ्फा; घोडाको आङ र पुट्ठा; (रेल) एक लाइनबाट आर्कोमा पठाउने चुच्चेर जाने पटरी; (क्रिकेट) फील्डम्यानको विशेष स्थान; (कुकुर) शिकारको पछि लाग्ने; कथा, ठट्टा, इ. को मुख्य आशय; कटुता, कार्यसाधकता, ज. कि his remarks lack —; **क्रि.** चुच्चो पार्नु (पेन्सिल, इ.); विराम–चिन्ह हाल्नु; ईंटका जोर्नीहरूमा सिमेण्ट इ. भर्नु, टीपकार गर्नु; देखाउनु, औंल्याउनु, सोझ्याउनु;—of no return फर्किन नसकिने ठाउँ, खा. ग. समुद्रकिनारमा, जहाँबाट वायुयान उडेपछि फर्कनालाई पेट्रल नपुग्ने हुँदा अगाडि नै जानुपर्छ, अलं. पनि ।

point-blank (पॉयण्ट्' ब्ल्याङ्क्') **वि. र क्रि. वि.** (गोली) नजीकबाट, सोझै; **क्रि. वि.** सोझै ताकेर, (अलं.) सोझै ।

point d'appui (प्वाँ ड्याप्वि') **ना.** (सेना.) आधार विन्दु, आधार, जम्बा हुने वा अड्ने ठाउँ (फ्रे.) ।

point-device (पायण्ट् डिभाइस्) **वि.** र **क्रि. वि.** एक दम ठीक, अति सफा, परिच्छिन्न; ठीक तरहसँग ।

pointed (पॉय'ण्टेड्) **वि.** चुच्चे, बिझ्ने, कड्ड, जोरसाथको, स्पष्ट, जहडी ।

pointer (पॉय'ण्टर्) **ना.** दर्शक, घडीको सियो, तराजुको दर्शक, पाटी, नक्शा, इ. मा देखाउने लट्ठी; (बो. चा.) इशारा; शिकारको गन्ध पाएपछि तन्केर खडा रहने कुकुरको जात; (व. व.) ध्रुव तारा देखाउने सप्तर्षिका दुई तारा ।

pointillism (प्वान्'टिलिज़्म्) **ना.** आँखाले मिसाउने गरी विभिन्न रंगका साना थोप्लाहरूलाई कुनै तहमा नजीकै थुपारी प्रकाशको प्रभाव उत्पन्न गर्ने विधि ।

pointing (पॉय'ण्टिङ्) **ना.** विरामचिन्ह हाल्नु; टीपकारी ।

pointless (पॉयण्ट्'लिस्) **वि.** भुच्चे, भुत्ले, अर्थरहित, बुँदा नरहेको, निरर्थक, अंक कमाउन नसकेको ।

poise (पॉयज़्) **ना.** र **क्रि.** तुल्यभारता, समतोलन (अक्ष. र अलं.); शिरको चेष्टा; **क्रि.** अडयाउनु, थाम्नु, झुण्डयाउनु, (निर्दिष्ट चेष्टासँग) शिर राख्नु, समतुलित हुनु, सन्तुलित हुनु, हावामा एकै ठाउँमा अडिरहनु, अडिएर उड्नु ।

poison (पॉय'ज़्न्) **ना.** र **क्रि.** कलविख, जहर, हलाहल, (अलं.) विष; हानिकारक सिद्धान्त, मत; **क्रि.** विप दिनु, ख्वाउनु; विषले दूषित गर्नु; मन बिगारिदिनु; slow—अलि अलि मात्राले धेरै दिन लगाएर फल देखाउने विष; hate like—कडासँग; blood—ing विषाक्त वस्तुको सेवनले रगतको विकृत अवस्था;—pen बेनामी लेख्ने;—gas विषाक्त ग्यास वा हावा, खा. ग. प्रथम विश्वयुद्धमा प्रयोग गरिएको;—ous **वि.** विषालु, विषाक्त; जहरिलो ।

poissarde (प्वॅसाअर्ड्') **ना.** बजारिया स्त्री, खा. ग. प्रथम विप्लवमा दङ्गाको नेतृत्व गर्ने स्त्री; माछा बेच्ने स्त्री (फ्रे.) ।

poke (पोक्) **ना.** र **क्रि.** थैलो, धोक्रो, बोरा (अचेल प्रा० buy a pig in a—माल नहेरी, मोल नबुझी, किन्नु, बाहेक; घुच्चा, घचेट, कोट्टयाइ; वस्तुले बार नछिचल्ने गर्नालाई बाँधेको तरकीब; स्त्रीको टोपका अगाडि निस्कने भाग;—-bonnet त्यस्तो रहेको स्त्रीको, खा० ग० "मुक्ति फौज" का स्त्रीहरूको, टोप; **क्रि.** घोच्नु, घोप्नु, घचेट्नु, झोस्नु, कोट्टयाउनु, (आगो) चलाउनु, (बो० चा०) कोप्चोमा बस्नु; अघि सर्नु, खा० ग० धृष्टतासँग; चियो, चेवा गर्नु; नुहिनु, टाउको अघि घच्याटेर हिंड्नु;—one's nose आर्काको वास्तामा अघि सर्नु;—and pry चेवा गर्नु;—fun ठट्टा गर्नु ।

poker (पो'कर्) **ना.** आगो चलाउने लामू फलामे डण्डी, नाला, झांर; दुई वा बढी खेलाडीको ताशको जुवाको खेल, जसमा खेलाडीले डराएर ताश नदेखाएसम्म त्यसको मूल्यमा बाजी थाप्दै जान्छ; पोकर;—face पोकर खेलाडीलाई उपयुक्त भावरहित अनुहार;—-work सेतो काठमा तताएको औजारले बुट्टा छाप्ने काम ।

poky (पो'कि) **वि.** (ठाउँ, कोठा, इ०) सानू, साँगुरो, चुत्थो, तुच्छ; (पेशा) कमजोर, तुच्छ ।

polar (पो'लर्) **वि.** र **ना.** ध्रुवीय, कोणीय; ध्रुवाभिमुखता भएको, चुम्बकीय; धन या ऋण विद्युत भएको; (ज्या०) ध्रुव सम्बन्धी; पृथ्वीको ध्रुव वा ध्रुव तारा सदृश; स्वभावमा ठीक विपरीत ।

polarity (पोल्या'रिटि) **ना.** ध्रुवाभिमुखता; ध्रुवत्व; कुनै वस्तुको गणितीय अक्ष कुनै खास दिशामा राख्ने प्रवृत्ति; विपरीत गुण भएका दुई ध्रुव हुनु (अलं० पनि); (अलं०) कुनै वस्तुउपर चुम्बकीय आकर्षण ।

polari/ze (पो'लराइज़्) **क्रि.** प्रकाश, दीप्तिमा ताप, इ० का दोलनलाई परिवर्तन गर्नु; ध्रुवन गर्नु, ध्रुवाभिमुखताको गुण प्रदान गर्नु; (अलं०) विशेष अर्थ, स्वेच्चाचारी आदेश दिनु;—zation **ना.** ध्रुवन;—zer **ना.** ध्रुवनकारी ।

polatouche (पॅलटूच्') **ना.** सानू रूसी उड्ने लोखर्के ।

polder (पोल्'डर्) **ना.** नेदरल्याण्डको नदी वा समुद्रबाट झिकिएको नीचो जमीन ।

pole (पोल्) **ना.** र **क्रि.** खम्बा, लाठो, धुर; ध्रुव, (ज्या०) स्थिर विन्दु; चुम्बकको छेउमा चुम्बकीय शक्ति देखिने दुई विन्दुहरू; विद्युत कोप, ब्याटरीका दुई, धन र ऋण, अन्तहरू; (प्रा० वि०) कुनै वाट्टलो वा अण्डाकार अङ्गको अक्षको छेउ; (अलं०) विपरीत सिद्धान्तहरूमध्ये प्रत्येक; up the—(अप०) मुश्किलमा;—-jumping हातमा समातेको लाठोको मद्दतले उफ्रने खेल; **क्रि.** लाठोले सजाउनु, लाठोले घचेट्नु, चलाउनु;—-star ध्रुवतारा; पथ-प्रदर्शक, बाटो देखाउने कुनै वस्तु, आकर्षण केन्द्र ।

Pole (पोल्) **ना.** पोल्याण्ड देशको बासिन्दा ।

pole-axe (पोल्'ब्याक्स्) **ना.** युद्धकुठार, परशु; **क्रि.** सोले (पशु) मार्नु ।

pole-cat (पोल्'क्याट्) **ना.** गन्धमार्जार ।

polemic (पले'मिक्) **वि.** र **ना.** विवादास्पद, कलहकारी; **ना.** विवादपूर्ण छलफल; (व० व०) त्यस्तो अभ्यास, खा० ग० धार्मिक विषयमा, शास्त्रार्थ; विवादी, वादी ।

polenta (पलेन्'टा) **ना.** जौ इ० हालेर पकाएको लिटो, परिज (इटा०) ।

police (पलीस्') **ना.** र **क्रि.** प्रहरी, प्रहरी विभाग, पुलीस;—man प्रहरी;—State राजनैतिक पुलीसले शासित तानाशाही;—-station चौकी; **क्रि.** पुलीस, प्रहरी, तैनाथ गर्नु; प्रहरीद्वारा देशको स्थिति संचालन गर्नु, (अलं०) व्यवस्था कायम राख्नु ।

policlinic (पॅलिक्लि'निक्) **ना.** अस्पताल बाहेकको रोगशाला, निजी घरमा रहेको उपचार स्थल; अस्पतालको बाहिरी रोगीको विभाग ।

policy (पॅ'लिसि) **ना.** राजनैतिक सीप र बुद्धि, नीति, नीतिचातुर्य; बीमाको शर्त लेखिएको कागत, पलिसी, प्रशस्ति, प्रज्ञापत्र, प्रख्यापन; पट्ट, कबुलियत (बीमाको) ।

polio (पो (पॅ)'लिओ) **ना.** (बो. चा.) बाल्यवात (को

रोगी) ।

poliomyelitis (पॅ (पो)'लिओमाइइलाइ'टिस्) **ना.** सुषुम्ना नाडीको खैरो पदार्थको सूज, वाल्यवात ।

polish (पॅ'लिश) **ना.** र **क्रि.** चिप्लोपन, जलप, टलक, चमक, घर्षणवाट टलक, त्यस्तो घर्षण; (अलं.) टलक ल्याउने सामान वा साधन; सौजन्य; spit &—टलकमलक, खा. ग. सिपाहीले आफ्नू साजवाजलाई; **क्रि.** सुकुमारी, वा संस्कृत, वनाउनु; छरितो वनाउनु; पाइन हाल्नु; टल्काउनु, उजिल्याउनु, माझ्नु ।

Polish (पो'लिश्) **वि.** र **ना.** पोल्याण्ड देशको, तहाँका जनताको; **ना.** पोलिश भाषा ।

polite (पलाइट्') **वि.** नम्र, सौजन्यपूर्ण, शिष्ट, विनीत, शिक्षित, सभ्य; (साहित्य) संस्कृत, परिष्कृत, ललित;—ness **ना.** भलमनसियत, शिष्टता, सौजन्यता ।

politic (पॅ'लिटिक्) **वि.** र **ना.** बुद्धिपूर्ण, सावधान; (काम) न्यायोचित, समयानुकूल; चतुर, धूर्त, कपटी, कुटिल, षड्यन्त्रकारी; **ना.** (ब. व.) राजनीति, शासनशास्त्र, राज्य शासन शास्त्र, राजकार्य, राजनैतिक जीवन; body—राष्ट्र, राज्य ।

political (पलि'टिकल्) **वि.** र **ना.** राजनैतिक, सार्वलौकिक, निजामती शासनमा लागेको व्यक्ति;—economy अर्थशास्त्र;—geography राजनैतिक भूगोल; **ना.** राजनैतिक अधिकारी ।

politician (पॉलिटि'शन्) **ना.** राजनीतिज्ञ; पेशावाल राजनीतिज्ञ; राजनीतिलाई व्यापार गराउने ।

politicize (पलि'टिसाइज्) **क्रि.** राजनीतिज्ञ जस्तो काम गर्नु, राजनीतिमा लाग्नु, राजनैतिक वनाउनु वा कुरा गर्नु ।

polity (पॅ'लिटि) **ना.** शासन व्यवस्था, राज्य शासनको रूप र प्रक्रिया; संगठित समाज, राष्ट्र ।

polka (पोल्'का) **ना.** वोहेमियावाट उठेको फुर्तिलो नाच, पोल्का; त्यसको संगीत; स्त्रीको कसिएको, खा. ग. बुनेको, चोलो वा ज्याकेट; polk (पोल्क्) **क्रि.** सो नाच नाच्नु ।

poll (पोल्) **ना.**, **वि.** र **क्रि.** (अचेल प्रा. वा ठ.) मुण्टो, टाउको, शिरको रौं उम्रने भाग; मतदानपछिको मतगणना; चुनावमा मतदान; मतदानको संख्या; जनताको एक नमूना भागलाई प्रश्न गरेर कुनै विषयमा लोकमतको प्रवृत्ति पत्ता लाउने विधि; सुगा (को व्यक्तिगत नाम); (केम्ब्रिज विश्वविद्यालय) The Poll विनासम्मान केवल सफल (पास) हुने विद्यार्थी; **क्रि.** (आ.) कपाल काट्नु, कोतर्नु; टुप्पो काट्नु (रूख, विरुवाको), वरावर काट्नु (कागत), मत लिनु, मत (संख्या) पाउनु, मत दिनु;—-beast, -ox सींग नभएको वा काटेको; heavy, light—भारी, हलका, मतदान;—tax प्रत्येकलाई पर्ने तिरो,—parrot सुगा, चलती कुरा, वाक्य,बुझ्री नबुझ्री थेको लाइरहने व्यक्ति; go out in the P—(केम्ब्रिज } पास डिग्री पाउनु ।

pollard (पॅलर्ड्) **ना.** र **क्रि.** सींग खसेको वा हुँदै नभएको पशु; विनासींगको साँढे, भेडा वा खसीको जात; वाट्लो पारेर टुप्पो काटेको रूख; पीठोवाट निफनेको चोकर, अलि अलि चोकर रहेको पीठो; **क्रि.** टुप्पो काट्नु (रूखको) ।

pollen (पो'लेन्) **ना.** र **क्रि.** रेणु, पराग, पवरज; **क्रि.** परागले छोप्नु, पराग पर्नु ।

pollicitation (पलिसिटे'शन्) **ना.** (ऐन) औपचारिक रूपले स्वीकृत नभएको, तसर्थ वापस लिन सकिने प्रतिज्ञा ।

pollinate (पॅ'लिनेट्) **क्रि.** पराग छर्कनु, पराग हाल्नु; पराग सेचन, परागण ।

polloi (पॅ'लाय्) **ना.** (व० व०) Hoi—वहुसंख्यक जनता, आम जनता, भीड, हूल, अदना मानिसहरू (ग्री०) ।

pollu/te (पल्यू'ट्) **क्रि.** अपवित्र गराउनु, दूषित गर्नु, विट्टुल्याउनु, (पानी) फोहोर पार्नु, मैल्याउनु;—tion **ना.** दूषण, कालुष्य, लाटलुट, विट्टुलोपन ।

polo (पो'लो) **ना.** पोलो खेल;— -stick पोलो डण्डी; water—पानी-भकुण्डो खेल ।

polonaise (पॅ(पो) लोनेज़्) **ना.** स्त्रीको लुगा-चोलो र अघिल्तिर खुला वडिस; धीमा रवाफिलो नाच ।

polonium (पलो'निअम्) **ना.** रेडियम धातुको वियोजनको अन्तिम चरणमा उत्पादन हुने रेडियो धार्मिक धातु तत्व, पोलोनियम ।

poltergeist (पॅ'ल्टर्गाइस्ट्) **ना.** (अध्या. र जन.) घोषकर उपद्रवी प्रेत ।

polt-foot (पॅल्ट्'फूट्) **ना.** र **वि.** फिलपाँव, स्थूलचरण, वाङ्गो खुट्टा ।

poltroon (पॅल्ट्रून्) **ना.** हुति नभएको, डरछेरुवा;—ery **ना.** डरछेरुवापन, कायरता ।

poly (पॅलि—) ग्री. को संयुक्त रूप=अनेक;—andry वहुभर्तृका, धेरै लोग्ने हुनु—andrist **ना.** धेरै पोइ वा आशक भएकी स्त्री;--androus **वि.** धेरै लोग्ने भएकी;—archy **ना.** अनेकको शासन;--gastric **वि.** वहु-उदरीय;—morphic,--morphous **वि.** वहुरूपीय ।

polychromatic (पॅलिक्रम्या'टिक्) **वि.** वहुरंगी, अनेक रंग भएको ।

polychrom/e (पॅ'लिक्रोम्) **वि** र **ना.** धेरै रंगमा चित्रिएको, छापिएको, सिंगारिएको; धेरै रंगको कला वस्तु, खा. ग. रंगीन प्रतिमा;—y **ना.** धेरै रंगमा चित्र लेख्ने कला, खा. ग. पुराना माटामा ।

polyclinic (पॅलिक्लि'निक्) **ना.** विभिन्न रोगको उपचार हुने रोगशाला, साधारण अस्पताल ।

polyga/my (पलिगमि) **ना.** वहुस्त्री विवाह;—mous (पलिग्या'मस्) **वि.** एकभन्दा वढी स्त्री (विर.) वा पति भएको ।

polyglot (पॅ'लिग्लॅट्) **वि.** र **ना.** वहुभाषीय, (व्यक्ति) वहुभाषाभाषी; (पुस्तक, धर्मग्रन्थ) मूल र धेरै भाषामा अनुवादसमेत ।

polygon (पॅ'लिगन्) **ना.** वहुभुज (आकार वा क्षेत्र);—of forces एकै विन्दुमा क्रिया गर्ने वलका संख्याहरूसम्बन्धी प्रमेयोपपाद्यलाई उदाहरण गर्ने ।

polyhistor (पॅलिहिस्'टॅर्) **ना.** प्रकाण्ड विद्वान, बहुशास्त्रवेत्ता ।

Polyhymnia (पॅलिहिम्'निआ) **ना.** भजन गीतकी देवी ।

Polynesia (पॅलिनी'सिआ) **ना.** अस्ट्रेलियाको पूर्वपट्टि प्रशान्त महासागरमा रहेका साना टापूहरू ।

polynia (पलि'निआ) **ना.** उदीचीन समुद्रमा बरफका बीचको खुला पानीको क्षेत्र ।

polyp (e) (पॅ'लिप्) **ना.** निम्न रचनाको पशुको किसिम; कोही संयुक्त रचनामध्येको व्यक्ति वा अवयव ।

polypod (पॅ'लिपॅड्) **वि.** र **ना.** बहुपादीय, धेरै खुट्टा भएको, (पशु) ।

polypus (पॅ'लिपस्) **ना.** धेरै प्रतान भएको गाण्टो वा डल्लो ।

polysylla/ble (पॅ'लिसि'लेब्ल्) **ना.** अनेक अक्षर भएको, बहक्षर (शब्द);—bic **वि.** बहक्षर ।

polytechnic (पॅलिटेक्'निक्) **वि.** र **ना.** विभिन्न कलासँग सम्बन्धित, बहुकलाविषयक; **ना.** प्राविधिक शिक्षालय; अनेक हस्तकला सिकाउने संस्था, तकनिकी शिक्षालय ।

polythe/ism (पॅ'लिथिइज़्म्) **ना.** बहुदेववाद;—ist **ना.** अनेक देववादी ।

pom (पॅम्) **ना.** पोमेन्यानियन जातको कुकुर, पम, पमी ।

pomace (प'मिस्) **ना.** रस निचरेको स्याउको थुप्रो, त्यस्तै अरू प्रकारको गिलगिलो थुप्रो ।

pomade (पमाड्'—मेड्) **ना.** र **क्रि.** शिर वा केशको लागि बास्नादार मलम; **क्रि.** सो लाउनु, मल्नु ।

pomander (पॅ' (पो') मण्डर्, पम्यान्'डर्) **ना.** (ऐति.) सरुवा रोगबाट बचाउको लागि थैलो, बट्टा, इ० मा राखिने सुरभित वस्तुहरूले बनेको डल्लो; सुन वा चाँदीको त्यस्तो वस्तु राख्ने डल्लो ।

Pomard, Pomm—(पमार्) **ना.** बर्गण्डीको रातो वाइन, मद्य ।

pomatum (पमे'टम्) **ना.** र **क्रि.** शिर वा केशको लागि खुशबूदार मलम; **क्रि.** सो लाउनु ।

pome (पोम्) **ना.** (व०) बीचमा ठूलो ब्यू वा चुरो भएको फलको जात, ज० कि स्याउ, नासपाती, श्रीफल, इ०; (कवि०) स्याउ, धातुको डल्लो ।

pomegranate (पॅ(प)म्'ग्न्यानेट्) **ना.** दारिम, दाडिम, अनार ।

pomelo (प'मेलो) **ना.** (ब. व.—s) सानू भोगटे प्रकारको ग्रेप फ्रूट किसिम ।

Pomeranian (पॅमरे'निअन्) **वि.** र **ना.** बाल्टिक समुद्र तटमा रहेको पोमेन्यानिया प्रदेशको; लामू रेशमी रौं, चुच्चे थुतुनो र ठाडो कान भएको सानू कुकुरको जात ।

pomfret (पॅम्'फ्रिट्) **ना.** खाने माछाको जात;—cake **ना.** जेठीमधुबाट बनेको मिठाई, पुष्टकारी ।

pomiculture (पो'मिकल्चर्) **ना.** बागवानी; फलखेती ।

pommel (प'मेल्) **ना.** र **क्रि.** तरवारको मूठको छेउको डल्लो; काठीको ऊचो अग्रभाग; **क्रि.** सोले हान्नु वा पिट्नु; मुक्की हान्नु ।

pommy (पॅ'मि) **ना.** अस्ट्रेलिया वा न्यूजील्याण्डमा बसाइँ सर्ने अंग्रेज ।

pomology (पमॅ'लजि) **ना.** बागवानीशास्त्र ।

Pomona (पमो'ना) **ना.** (रो० कथा) फलदेवी;—green ज्यादा पहेंलो भएको हरियो रंग ।

pomp (पॅम्प्) **ना.** रवाफ, ठस्सा, शान, भडक, धाक, आडम्बर, साज, प्रताप, ऐश्वर्य, दम्भ, फूर्ति ।

Pompadour (पॅम्'पडूर्) **ना.** फ्रेन्च सम्राट् लुई पन्ध्रौंकी रखौटी; उनको नामबाट केश साज, बडिस (चोलो) को छाँट, इ० को नाम राखिएको ।

Pompey (पॅम्'पे) **ना.** (अप०) बिलायती बन्दरगाह पोर्टस्मथको अर्को बो० चा० नाम ।

pompier (पॅम्'पिअर्) **वि.**—ladder आगो निभाउने दल, वारुण यंत्रको सदस्य, को चढ्ने सिंढी ।

pom-pom (पॅम्-पॅम्) **ना.** चाँडो चाँडो हान्ने म्याक्सिम स्वचालित बन्दूक ।

pompon (पॅम्'पन्) **ना.** रिबन, फूल, इ० को गुच्छा स्त्री र केटाकेटीको टोप, जुत्ता इ० मा राख्ने; सिपाहीको टोपी, ठाडो बिर्के टोपी, इ० मा रहने गोल गुच्छा ।

pompous (पॅम्'पस्) **वि.** रवाफिलो, शानदार, उत्कृष्ट, बडप्पन गर्ने, महत्त्वपूर्ण; (भाषा) ढ्वाङ्गे, दम्भपूर्ण, बढे चढेको, ठसमस्स, भडकिलो ।

ponce (पॅन्स्) **ना.** (अप०) वेश्यासँग सहवास गरी उसको कमाइमा जीविका गर्ने, रण्डीको पोइ (फ्रे०) ।

ponceau (पॅन्'सो) **ना.** पपीफूलको रंग, चर्को रातो रंग ।

poncho (पॅन्'चो) **ना.** (ब. व.—s) बीचमा टाउको छिराउने प्वालसहित जीउ ढाक्ने लामू कपडा, द० अमरिकाको लामू कोट; साइकल चढ्दा लाउने त्यही ढाँचाको केप ।

pond (पॅण्ड) **ना.** र **क्रि.** दह, रह, पोखरी, ताल, कुण्ड, तडाग, जलाशय, ह्रद, सरोवर, बाउली; (ठ०) समुद्र, सागर; **क्रि.** पानी रोक्नु, (खोलामा) बाँध बाँध्नु; (पानीले) पोखरी बनाउनु; herring—(ठ०) उत्तर एटलाण्टिक समुद्र;—life पोखरीमा रहने जीव, खा० ग० पृष्ठवंशहीन जातका;—weed पानी झार;—age जलाशयको समावेशन, पानीको सञ्चय ।

ponder (पॅन्'डर्) **क्रि.** घोरिनु, गुन्नु, गम्नु, विचार गर्नु, गम खानु; घोत्लिनु; गौर गर्नु, गम खानु ।

pondera/ble (पॅन्'डरेब्ल्) **वि.** भारवत्, सभार, वजन भएको, (अक्ष० र अलं०);—tion **ना.** समतुलन, तोलन ।

ponderous (पॅन्'डरस्) **वि.** गह्रौं, अच्छन्दको, मेहनत लाग्ने, (शैली) नीरस; उच्चाटलाग्ने ।

pone (पो'नि) **ना.** प्रारम्भ गर्ने (को साथी), कोही कोही खेलमा (ताशको) ।

pongo (पॅ'ङ्गो) **ना.** ठूलो बाँदर, ओरान ओटाङ (अफ्रिकी) ।

poniard (पॅन्'यर्ड) **ना.** र **क्रि.** छुरा; **क्रि.** छुराले हान्नु ।

pons (पॅन्ज्) **ना.** सेतु, पुल;—asino·um गधाको पुल; ज्यामितिको एक प्रमेयोपपेद्य; सिकारूहरूले गाह्रो मान्ने कुरा (ल्या०) ।

ponti/ff (पॅन्'टिफ्) **ना.** (sovere·gn—पनि) पोप, धर्माधिकार;—fical **वि.** पोपको, अमोघता, अच्युतताको दावी गर्ने; दम्भपूर्ण स्वमताभिमानी;·(ब० व०) धार्मिक पदाधिकारीका पदको लुगा, सारजाम, इ० ।

pontificalia (पॅन्टिफिके'लिआ) **ना.** (व. व.) धार्मिक पदाधिकारीका लुगा, पदचिन्ह, इ० ।

pontificate (|पॅन्टि'फिकेट्) **ना. र क्रि.** पोप, रोमका पादरीहरूको कलेजको सदस्य, वा विशपको पद; सोको अवधि ।

pontify (पॅन्'टिफाइ) **क्रि.** पोप बन्नु, अमोघताको आडम्बर गर्नु ।

pont-levis (पाँ लभी') **ना.** उचाल्ने पुल (फ्रे०) ।

pontoon (पॅन्'टून्) **ना.** किनारा किनारा मान्छे, माल ओसार्ने च्याप्टो तल भएको डुङ्गा, अस्थायी पुल अडाउने डुङ्गा वा खोक्रो पीपा, नलीहरूमध्ये एक;—-bridge त्यस्तो अडान भएको सा० अस्थायी पुल; **क्रि.** त्यस्तो डुङ्गामा नदी तर्नु; एक्काइस पारी (ताशको खेल, जुवा, हाम्रो सत्र पारी जस्तो) ।

pony (पो'नि) **ना.** टट्टू टाँगन, लिखेटट्टू ।

poodle (पू'ड्ल्) **ना. र क्रि.** लामू घुम्रिने रौं भएको पाल्ने जातको कुकुर, रौं अनेक थरीसँग काटेको वा खौरेको समेत हुन्छ; **क्रि.** कुकुरलाई त्यसरी खौरनु वा उसको रौं कतर्नु ।

poodle-faker (पू'ड्ल् फेकर्) **ना.** (अप०) स्त्री समाज र भोज भतेर ज्यादै रुचाउने ठिटो ।

pooh (पू, पूह्) **वि. बो.** अधैर्य वा हेलासूचक वाक्य–ओह ! बाप रे बाप ! वाह ! हत् ! हत्तेरी !

Pooh-Bah (पूबा') **ना.** एकै पटक धेरै पद लिने व्यक्ति (ठ.) ।

pooh-pooh (पूपू') **क्रि.** हेलाँ प्रकट गर्नु, तुच्छ गराउनु, ज० कि he—ed the idea उसले त्यो विचारलाई ठुकराइदियो, हाँसेर उडाइदियो ।

pool (पूल्) **ना. र क्रि.** कुण्ड, तलाउ, कुनै तरल वस्तुको गुल्म, नदीमा गहिरो शान्त ठाउँ; (ताश जुवा) सबैले थापेको दामको थुप्रो, सो हाल्ने भाँडो; बिलियर्डमा सबै बाजी एकै पटक जित्ने एक खेल; कुनै जुवामा सबै बाजी एकै ठाउँमा जम्मा गरेको; जम्मा; प्रतियोगी बेपारीहरूले आपस्तमा सल्लाह गरी मोल ठेगानसाथ सो व्यापार परस्परमा बाँड्ने विधि, साझा व्यापार; छुट्टाछुट्टै कम्पनीहरूको साझा पूँजी; कर्मचारी, साज सामान, को साझा भण्डार, जसबाट जरूरतअनुसार लिइन्छ; typists'—टाइपिस्टहरूको साझा सूची, जसबाट चाहिए बमोजिम टाइपिस्ट उपलब्ध हुन्छन्; football—विभिन्न फुटबलको नतीजा अघिबाटै अन्दाज गरी लेखी पठाउनेमा ठीक लेख्नेलाई दिइने आर्थिक पुरस्कार; **क्रि.** साझा गराउनु, सबैले बाँड्नु ।

poonah (पूंना) **वि.**—painting पातलो (चीनिया) कागतमा चित्र लेख्ने कला, प्राचीन पूर्वी कलाको नकल;—brush,—paper सोमा काम लगाइने ।

poop (पूप्) **ना. र क्रि.** जहाजको पछिको भाग; पछाडिको र सबभन्दा माथिको तला; (अप०) बेकूफ अदना व्यक्ति; **क्रि.** समुद्रले जहाजको पछाडि हान्नु ।

poor (पुअर्) **वि.** अकिंचन, गरीब, कङ्गाल, दरिद्र, रङ्क; (माटो) दब, कमसल; अपुग, अनुपयुक्त; (चक्षुर्ग्राह्यता) नअसल; तुच्छ, हीन, दीन, दुर्गत, विचरा, अनाथ, बबुरो, कठैबरी; the—गरीब–गुरुवा;—-box अनाथको सहायताको लागि चन्दा उठाउने बाकस;—-house अनाथालय, दरिद्रगृह;—-law गरीब-गुरुवाको सहारा विषयको;—-rate गरीबको सहायताको लागि उठ्ने कर, तिरो;—spirited **वि.** डरछेरुवा, क्षुद्रमति;—ness **ना.** दैन्य;—man ! विचरा !

poorly (पुअर्'लि) **क्रि. वि. र वि.** थोरैसँग, नपुग्ने गरी, गलतीसाथ, सफलताविना, तुच्छतासँग, हेलापूर्वक; **वि.** बिसन्चो, अस्वस्थ; दोषयुक्त, विकारयुक्त; गुण वा अङ्कको खाँचो ।

pop (पॅप्) **ना., क्रि. वि., वि. बो. र क्रि.** प्वाट्ट शब्द, छोटो विस्फोटक ध्वनि; थोप्लो, थलो, खा. ग. खसी भेडा अंकित गर्दा; (बो० चा०) हावा उठ्ने पेय, खा. ग जिन्जर बियर वा श्याम्पेन; (अप०) बन्धकमा, खा. ग. in—बन्धकीमा; लोकप्रिय संगीत पर्व, लोकप्रिय रेकर्ड, इ०; बाबु (बो. चा.); **क्रि. वि. वा वि. बो.** प्वाट्ट ! (बिर्को झिक्ता) पप् !; **क्रि.** शीशीको बिर्को झिक्ताको झैं छोटो विस्फोटक शब्द गर्नु; बन्दूक हान्नु; चीज ख्वाट्ट राख्नु; त्यसो गरी पस्नु; अचानकमा प्रश्न गर्नु, खा ग.—the question बिहेको प्रस्ताव गर्नु; (अप०) बन्धक राख्नु; मकै भुट्नु;—goes the weasel एक प्रकारको नाच;—corn भुटेको मकै;—gun केटाकेटीको सानू गोली हान्ने खेलौना बन्दूक; (हेला) रद्दी बन्दूक वा पिस्तोल;—shop बन्धकवालाको पसल ।

Pop (पॅप्) **ना.** इटन कलेजको सामाजिक र वादविवाद क्लब, गोष्ठी ।

pop/e (पोप्) **ना.** रोमन क्याथलिक (सनातन) क्रिस्तानहरूको धार्मिक गुरु, पोप; (अलं०) अमोघताको दावा गर्ने वा मानिने व्यक्ति; P—Joan कल्पित स्त्री पोप;—'s eye मेदस् ग्रन्थिको वरिपरि बोसो रहेको सपेटो;—'s head बाढ्लो, लामू बींडवाला कुचो;—'s nose चराको ढाड;—ish **वि.** पोपको, पोप सैद्धान्तिक ।

pope, poop (पोप्, पूप्) **ना.** तिघ्राको त्यो ठाउँ जहाँ कुनै आघात अति दुख्ने हुन्छ वा हलचल नहुने गराउँछ, खा. ग. take (person's)—त्यसरी हान्नु ।

popery (पो'परि) **ना.** पोपवादको पद्धति, रोमन क्याथलिक सम्प्रदाय, (शत्रुभावमा) no—! पोपवाद चाहिन्न !!

pop-eyed (पॅप्'आइड्) **वि.** (बो० चा०) बाहिर निस्केका आँखा भएको; (आश्चर्य, त्रास, इ० ले) आँखा ठूलो लाएको ।

popinjay (पॅपि'न्जे) **ना.** (आ०) सुगा; (ऐति.) निशान;

तारो, को रूपमा खम्बामाथि राखिएको सुगाको आकार; घमण्डी व्यक्ति; (प्रा.) हरियो काठफोरा ।

poplar (पॅप्लर्) **ना.** चिनारको रूख; पिपलपाते ।

poplin (पॅप्लिन्) **ना.** पपलिन, रेशमी टलक दिएको सूती कपडा ।

popliteal (पॅप्लि'टिअल्) **वि.** जंघीय, घुँडाको भित्री खोपिल्टाको;—artery,—tendons जंघीय धमनी, घुँडाको नसा ।

peppa, pop (पॅ'पा, पॅप्) **ना.** बाबा, बाबु ।

poppet (पॅ'पिट्) **ना.** साने, सानू (प्रेमको बोली); खराज को शिर ।

popping (प'पिङ्) **ना.** (क्रिकेट)—-crease विकेटको अघिल्तिर र समानान्तर ४ फीट फासलाको जमीन जसबाट ब्याट हान्नेले आफ्नू एक खुट्टा हटाउनु हुन्न ।

popple (पॅ'प्ल्) **क्रि.** र **ना.** (पानी) हल्लिनु, यताउति चल्किनु; **ना.** हल्लाइ, तरङ्ग, छिचल्को ।

pop/py (पॅ'पि) **ना.** पोस्ता, अफीम; Flanders—pies सन् १९१४–१८ को प्रथम विश्वयुद्धमा मर्नेहरूको सम्मान-सूचक ।

poppycock (पॅपि'कॅक्) **ना.** (अप०) फजूल, बेमतलबको कुरा ।

popsy (-wopsy)—(पॅ'प्सि) (वॅप्सि) **ना.** लडकी, छोरीलाई प्यारो नाम, नानी ।

populace (पॅ'प्युलेस्) **ना.** अदना मानिस, जनता, हूल; जनसमूह, भीड ।

popular (पॅ'प्युलर्) **वि.** दुनियाको; लोक, दुनिया, को समझ, रुचि वा औकातभित्रको, लोकप्रिय; प्रचलित, ज० कि —fallacies भूलहरू;—prices सस्तो;—front (रा.) वामपन्थी तत्वहरूको प्रतिनिधित्व गर्ने दल;—report किंवदन्ती, जनश्रुति;—usages चलती, लोकाचार;—ity **ना.** लोकप्रियता ।

popularize (पॅ'प्युलराइज्) **क्रि.** लोकप्रिय गराउनु, सबैले रुचाउने हुनु, बन्नु (व्यक्ति वा सिद्धान्त, इ. लाई); मतदानको अधिकार सामान्य दुनियालाई पनि दिलाउनु; गहन विषयलाई सबैले बुझ्ने गरी पेश गर्नु ।

popula/te (पॅ'प्युलेट्) **क्रि.** बस्नु, (कुनै देश, शहर, को) वासिन्दा हुनु, वास गर्नु;—tion **ना.** बस्ती, जनसंख्या, वासिन्दाहरू ।

populist (पॅ'प्युलिस्ट्) **ना.** विभिन्न (अमरिकन, रूसी) राजनैतिक दल ।

populous (प'प्युलस्) **वि.** घना बस्ती भएको, जनाकीर्ण ।

porcelain (पॲर्स्'लिन्) **ना.** चीनी माटो, कौलालक, सोले बनेको चीज; (अलं.) सुकुमारी, निफ्फर, भंगुर;—clay केअलिन माटो;—ize **क्रि.** (माटो, सिलेट, इ. लाई) चीना माटो वा सो जस्तो पदार्थमा बदलिनु ।

porch (पॉर्च्) **ना.** प्रघण, ओसारा, ड्यौढी, डबली, पोटी ।

porcine (पाॲर्'साइन्) **वि.** सुँगुरको, जस्तो ।

porcupine (पॉॲर्'क्युपाइन्) **ना.** दुम्सी, साही, शल्यक, काँढादार अन्य पशु ।

pore (पोॲर्) **ना.** र **क्रि.** रोमकूप, सुषि, रौंको प्वाल; **क्रि.** (तल्लीन भएर) पढ्नु, अध्ययन गर्नु, विचार गर्नु, घोरिनु, आँखा गाडेर हेर्नु;—eyes out ज्यादा पढेर थकाउनु ।

porge (पाॲर्ज्) **क्रि.** (यहूदी विधि) मारेको जन्तुलाई नसा इ. हटाएर शुद्ध, पवित्र पार्नु ।

porgy (पॉॲर्'गि) **ना.** माछाको जात ।

porism (पो'ॲरिज़्म्) **ना.** (गणि.) यस्ता शर्तहरूसँग सम्बन्धित प्रश्न जसले त्यसका असंख्य हल प्रस्तुत गर्दछ; उपसिद्धान्त, अनुमान ।

pork (पॉॲर्क्) **ना.** खाने सामानको रूपमा सुँगुरको खा. ग. ताजा मासु;—-butcher सुँगुर कसाई; –pie सानू टुक्रा पारी काटेको सुँगुरको मासुको ममचा;—-pie hat च्याप्टो शिर र बीँड चारैतिर मोडेको टोप;—er **ना.** मासुको लागि पालेको सुँगुर, बनेल;—ling **ना.** सानू वा बच्चा सुँगुर ।

porno—(पॉॲर्नो—) ग्री. संयुक्त रूप=वेश्या;—cracy वेश्याराज;—graphy **ना.** वेश्याचरित्र; साहित्यमा अश्लील विषयको वर्णन वा चित्रण, उत्तेजक साहित्य;—grapher **ना.** अश्लील लेखक;—graphic **वि.** अश्लील; कामोद्दीपक ।

poroplastic (पॉ'ॲरोप्लस्टिक्) **वि.** (शल्य.) (जमठ) साथसाथै छिद्रमय र नम्य ।

poro/us (पो'ॲरस्) **वि.** सरन्ध्र, रन्ध्रबहुल, छिद्रमय, विरल, सुषिर;—sity **ना.** सुषिरता ।

porphyry (पॉॲर्'फिरि) **ना.** मिश्रदेशमा प्राचीन समयमा चट्टानबाट झिकिने फटि्टक जस्तो सेतो वा रातो टाटोसहितको रातो पत्थर; (भूतत्व.) रेसा नभएको आग्नेय चट्टान ।

porpoise (पॉॲर्'पस्) **ना.** शिशुक, सोंस; शिशुमार, शंशुमार ।

porraceous (पॅरे'शस्) **वि.** लसुने हरियो ।

porrect (परेक्ट्') **क्रि.** (प्रा. इ.) अंग भाग तान्नु; (धर्म.) कागत पेश गर्नु ।

porridge (पॅ'रिज्) **ना.** लिटो, खोले, ढिंडो, फाँडो, माँड, जूस; keep breath to cool—आफ्नू राय आफैसित राख्नु ।

porrigo (पॅराइ'गो) **ना.** (रो. नि.) चाया, कपालबाट झर्ने कत्ला ।

porringer (पॅ'रिन्जर्) **ना.** सानू रिकाबी वा बाटा, रस पिउने वा खाने भाँडो, गहीरो थाल ।

port (पोॲर्ट्) **ना.** र **क्रि.** बन्दरगाह, नौकाश्रय; सो भएको, र खा. ग. भन्सार रहने शहर, स्थान; द्वार, ढोका, दरवाजा, (खा. ग. पर्खालले घेरेको शहरको); (जहाजमा) चढने उत्रने, माल लैजाने, खुला ठाउँ; (यन्त्र.) पानी, भाफ, इ० को प्वाल; बाह्य चेष्टा, चाल, ढाँचा; (सेना.) हतियार तेर्सो लिंदाको स्थिति;

जहाजको देब्रेपट्टि; पोर्टुगलमा बन्ने गुलियो गाढा रातो (कहिले सेतो पनि) वाइन, मद्य; **क्रि.** राइफल या अन्य हतियार शरीरको नजीकै तेर्सो गरी लिनु, खा. ग. सैनिक आदेश;—arms ! मा; पतवार देब्रे घुमाउनु; जहाजलाई देब्रेपट्टि घुमाउनु; free—खुला बन्दरगाह, सबैले विनातिरो माल ल्याउन लैजान पाउने; close—नदीमा माथितिर रहने; cinque—s विलायतको दक्षिणपूर्वमा प्राचीन कालदेखि, विशेषाधिकार उपभोग गर्ने शुरूमा पाँच, बन्दरगाह;—hole **ना.** नौ पार्श्वमुख, जहाजको छेउमा उज्यालो र हावाको लागिको प्वाल ।

portable (पोऽर्'टेब्ल्) **वि.** चलायमान, यताउति सार्न हुने, वहनीय, लिएर हिंड्न सजिलो ।

portage (पोऽर्'टेज्) **ना.** र **क्रि.** ढुवानी, भारवहन; सोको महसूल; **क्रि.** डुङ्गा, माल ढुवानी गर्नु ।

portal (पोऽर्'टल्) **ना.** र **वि.** ढोका, द्वार, प्रवेश द्वार; **वि.** (श. वि.) कलेजोको तेर्सो खोल्सो ।

portative (पोऽर्'टेटिभ्) **वि.** वहनीय, आधार दिने ।

portcullis (पोऽर्ट्क'लिस्) **ना.** गढको प्रवेशद्वारमा तल माथि सर्ने बलियो आँखेझ्याल किसिमको आड ।

porte (पोऽर्ट्) **ना.** The (Sublime or Ottoman) —(ऐति.) कुस्तुन्तुनियाको तुर्की दरबार, सन् १९२३ सम्मको तुर्की सरकार ।

porte-cochere (पोर्टकोशेऽर्') **ना.** घरको भित्री चोकमा सवारीलाई जान दिने ठूलो ढोका ।

portend (पोऽर्टेण्ड्') **क्रि.** अनिष्ट सूचना गर्नु, सूचना गर्नु, चेतावनी दिनु ।

portent (पोऽर्'टेण्ट्) **ना.** सूचना, चिन्ह, शकुन, अग्रिम सूचना, कुभलोको सूचना, कुलक्षण, महाश्चर्य, अचम्मलाग्दो कुरा ।

porter (पोऽर्'टर्) **ना.** ढोके, द्वारपाल; भरिया; (रेल) कुल्ली; गाढा खैरो रंगको तीतो बियरको किसिम;—age **ना.** जगात, भाड़ा;—-house भट्टी, भोजनालय;—-house steak गोमांसको खानाको प्राकार;—'s knot (भरियाको) नाम्लोको प्रकार ।

portfire (पोऽर्ट्'फायर्) **ना.** अग्निवाण, (खानिमा) विस्फोटक, इ. लाई सल्काउने, पड़काउने, उपकरण; पलिता हालेर सल्काउने साज ।

portfolio (पोऽर्ट्फो'लिओ) **ना.** छुट्टा कागत, चित्र, नक्शा, संगीतको लिपि, इ. राख्ने र लिएर हिंड्ने ब्याग, बस्ता, बास्ता, हाते ब्याग; (अलं०) मंत्रीको पद; minister without—विना विभागको मंत्री ।

portico (पोऽर्'टिको) **ना.** पोटी, प्रघण, डबली, डयौढी, खम्बै खम्बाले अडाएको छाना, स्तम्भपंक्ति ।

portiere (पोऽर्टियेर्) **ना.** ढोके पर्दा (फ्रे०) ।

portion (पोऽर्'शन्) **ना.** र **क्रि.** अवयव, भाग, हिस्सा, घान, खण्ड, अंश, पटक; (खाना) भाग; होटलमा दिने भाग; दाइजो, भाग्य, पुर्पुरो; **क्रि.** भाग लाउनु, बाँड्नु, भाग शान्ति लिनु, दाइजो दिनु ।

Portland (पोऽर्ट्'ल्याण्ड्) **ना.** झ्यालखानको नाउँ;—cement (पोर्टल्याण्ड द्वीपको ढुङ्गाको रंगको) खरी र माटोबाट बनेको कृत्रिम सिमण्टी ।

portly (पोऽर्ट्'लि) **वि.** स्थूलाकार, ढाडे, रवाफिलो ।

portmanteau (पोऽर्ट्म्यान्'टो) **ना.** (ब. व.–s,–x) छालाको बाकस (लुगा इ. राख्ने), खा. ग. खोल्दा दुई बराबर भागमा बाँडिने; दुई फ्याँके ब्याग; (अलं०) दुई पृथक् शब्दको ध्वनि र अर्थ संयोजन गरी तर्जुमा गरिएको नयाँ शब्द, दुई फ्याँके शब्द, ज० कि छोड् र हिंड्को छिंड्;धूवाँ र कुहिरोको धुहिरो, इ०; slimy र slithy को slithy ।

portrait (पोऽर्'ट्रेट्) **ना.** (लेखेको, खिचेको, वा आकारद्वारा बनेको) मानिसको चित्र; चित्राकृति, आलेख्य, प्रतिमा; (अलं०) किसिम, खाल, एकरूपता, वाचिक चित्र, सजीव वर्णन;—ist **ना.** चित्रकार;—ure **ना.** चित्रण, चित्र, सजीव वर्णन; आलेख्य, प्रतिमा, प्रतिकृति ।

portray (पोऽर्ट्रे') **क्रि.** चित्र बनाउनु, सजीव वर्णन गर्नु;—al **ना.** चित्रण ।

portreeve (पोऽर्ट्'रीभ्) **ना.** (ऐति०) नगर वा शहरको मुख्य अफिसर; (अचेल) नगरपालकभन्दा तलको अफिसर ।

portress (पोऽर्'ट्रिस्) **ना.** स्त्री कुल्ली वा भरिया: स्त्री ढोके ।

Portuguese (पोऽर्ट्यूगीज़्') **वि.** र **ना.** (ब. व. उही) पोर्तुगलको वासिन्दा वा भाषा ।

pose (पोज़्) **क्रि.** र **ना.** पेश गर्नु (वक्तव्य दावी, प्रश्न); कलाकारको जीउँदो नमूनालाई कुनै मुद्रा वा स्थितिमा राख्नु; खा. ग. कलाको प्रयोजनका लागि कुनै चेष्टा वा मुद्रामा बस्नु; बन्नु, रूप लिनु; (व्यक्तिलाई) नाजवाफ पार्नु, प्रश्न वा समस्याद्वारा अन्योल पार्नु; **ना.** हाउभाउ, स्वाँग, अंगचेष्टा, नकलझकल, मुद्रा, छाँटा, नखरा, छालेपन ।

poser (पो'ज़र्) **ना.** खा. ग. कठिन, अन्योलकारी, प्रश्न वा समस्या ।

poseur (पोजेऽर्') **ना.** स्वाँगी, नखरमाउलो,—ली, छाले, आडम्बरी (व्यक्ति) (फ्रे०) ।

posh (पॅश्) **वि.** (अप०) छरितो, उपल्लो, शानदार ।

posit (पॅज़िट्) **क्रि.** तथ्य भनेर मान्नु, गृहीतपद, राख्नु, स्थानमा राख्नु ।

position (पज़ि'शन्) **ना.** र **क्रि.** अवस्था, स्थिति, गतिविधि ठाउँ, स्थान, पदवी, दर्जा, भाव, मानसिक स्थिति, (सेना०) फौज रहेको ठाउँ; **क्रि.** स्थानमा राख्नु, स्थिति निश्चय गर्नु; (सेना०) फौज राख्नु वा तैनाथ गर्नु;—ed **वि.** सजिएको, जडेको ।

positive (पॅ'ज़िटिभ्) **वि.** र **ना.** औपचारिक, स्पष्ट, निर्दिष्ट, विश्वस्त, दृढ, हठी; चरम, सापेक्षिक होइन; व्यावहारिक; विशेषणको सामान्य रूप; (बो० चा०) पक्का, बिलकुल; धनात्मक, सकारात्मक, (त०) प्रकाश र छाया प्रकृतिको जस्तो

देखाउने, सुल्टो, सकारात्मक; **ना.** सत्य, तथ्य, यथार्थ, वास्तविक, धन;—philosophy तात्विक दर्शन;—sign=+धन चिन्ह;—electricity धन विद्युत्;—pole (चुम्बक) उत्तर फर्कने छेउ, (पृथ्वी) दक्षिण ध्रुव ।

positivism (प॑ज़िटिभिज्म्) वास्तविक तथ्य र दृग्गोचर विषय मात्र स्वीकार गर्ने दार्शनिक मत ।

positron (प॑ज़िट्रन्) **ना.** धन विद्युत्कण ।

posology (पसॅ॑लजि) **ना.** औषध मात्रा विद्या, औषधि कुन मात्रामा प्रयोग गर्न हुन्छ भन्ने शास्त्र ।

posse (प॑सि) **ना.** दल, टोली, डफ्फा (प्रहरीहरूको); वलियो दल वा जमात;—comitatus क्षेत्रका १५ वर्षमाथिका मानिस जसलाई उपयुक्त अधिकारीले दङ्गा शमन गर्न आह्वान गर्न सक्तछ (ल्या०) ।

possess (पज़ेस्॑) **क्रि.** धारण गर्नु, राख्नु, पालना गर्नु, उपभोग गर्नु, स्वामी हुनु, आत्मसात् गर्नु, स्वामित्व भोग गर्नु, दखल गर्नु, दबाउनु;—ed **वि.** लिएको, राखेको, भूतग्रस्त, दबाएको; be—ed of राख्नु ।

possession (पज़े॑श्न्) **ना.** भोग, भुक्ति, अधिकार, (का.) भोग, कब्जा (स्वामित्वभन्दा फरक); धन, (व० व०) सम्पत्ति, जेथा, अधीनस्थ इलाका, खा. ग. विदेशी क्षेत्र वा राज्य; demoniac—भूत लागेको; self- —**ना.** अव्यग्रता, शान्तभाव ।

possessive (पज़े॑सिभ्) **वि.** र **ना.** भोगको; भोग लिप्सा भएको, (व्या०) स्वामित्व देखाउने सम्वन्धी; **ना.** षष्ठी विभक्ति ।

posset (प॑सिट्) **ना.** तातो दूधमा मसला, मद्य, इ. हालेको पेय, अघि रुघा खोकीमा खूब प्रयोग हुने ।

possibilist (पॅसि॑बिलिस्ट्) **ना.** स्पेन र फ्रान्स (खा. ग.) का रा. दलको सदस्य, जसको लक्ष केवल त्यस्ता सुधार रहन्छ जो कि तुरून्त लागू गर्न सकिन्छ; संभाव्यवादी ।

possibility (पॅसिवि॑लिटि) **ना.** सम्भावना, शक्यता, घटना ।

possible (प॑सिब्ल्) वि. सम्भाव्य, भाव्य, शक्य, यथाशक्य, भरिशक्य, साध्य, करणीय, सांपाद्य, होइसक्ने, सक्दो, भरसक, भरमगदूर, सकुन्जेल, संभव;—bly **क्रि. वि.** सम्भवत:, शायद, हुन सक्छ ।

possum (प॑सम्) **ना.** (वो. चा.)=opossum; play बेहोशीको स्वाँग गर्नु ।

post (पोस्ट्) **ना.**, **क्रि.** र **क्रि. वि.** खम्बा, स्तम्भ, स्थाणु, उपस्तम्भ, कीलो; बलौटे चट्टानको बाक्लो तह, (कोइला खानिमा) कोइलाको ठाडो चकला (आधारको रूपमा छाडिएको); डाँक (मानिस, घोडा इ. सवारीको, बाटामा ठाउँ ठाउँमा राखिने); हुलाक, डाँक; कागतको नाम र किसिम; अखबारको नाम, ज० कि···P—; (सेना०) चौकी, गुल्म, सैन्य स्थान, टोली, डफ्फा, चपट; पगरी; जागीर, पद, ओहदा, दर्ज्यानी, अधिकार; **क्रि.** (पर्चा) टाँस्नु, टाँग्नु, पर्चाद्वारा विज्ञापन गर्नु; (शिक्षालयमा) सफल, असफल, विद्यार्थीहरूको नाम टाँगिदिनु; (जहाज) म्याद नाघेको वा हराएको भनी नाम टाँग्नु; (भित्तामा) पर्चा, इ० टाँग्नु, टाँस्नु; डाँक राख्नु; हडबडसाथ यात्रा गर्नु, हतार गर्नु; (चिट्ठी) डाँकमा खसाल्नु; (स्रेस्ता, हिसाव) रोजनामचाबाट स्याहामा सार्नु, स्याहा गर्नु; तैनाथ गर्नु (फौज, चौकी, इ०); (सेना० वा नौसेना०) दर्जा वा अधिकारमा नियुक्त गर्नु;— -bag डाँक थैलो;— -boot डाँक (र मानिस) ओसार्ने डुङ्गा, जहाज;—-boy डाँकवाला, (रासबाट हाँक्ने नभएको बग्गीमा) नजीकको घोडा चढी बग्गी हाँक्ने नोकर; —card हुलाक पत्रिका;—-chaise टाढा टाढाको यात्रामा जाने भाडाको बग्गी;—date—dated **वि.** भविष्य मितिको, हालेको;—-free विनाटिकट, वा टिकट खर्च बेग्लै तिरी सकिएको;—-haste बडो वेगसाथ, हतारसाथ, जरूरीसाथ;—horse सराय, डाँक, इ० मा राखिने भाडाको बग्गीको घोडा; —man हुलाकी, पियन, हलखोरी, हलकारा;—mark डाँक छाप;—master हुलाक हाकिम;—office हुलाकघर, डाँकघर;—-office order मनि अर्डर, हुलाको दामपत्र;—paid (हुलाकी) दस्तूर तिरिसकेको;—-parcel पुलिन्दा; parcel-—पुलिन्दा डाँक;—-town हुलाक भएको; bed—पलङ्को ठाडो खम्बा, खुट्टा; door- —चौकोस; first—(सेना०) रातीको पहिले बिगुल; gazetted—राजपत्राङ्कित; general—प्रथम चिट्ठीबँडाइ; goal—(फुटवल मैदानमा) गोलको खम्बा; king—छाना, सत्तरी, अडाउने खम्बा; lamp- —वत्तीलट्ठा; last—(सेना०) रातीको आखिरी बिगुल, सैनिक अन्त्येष्टिहरूमा सलामी; penny- —(बिलायतमा) अघि एक पेनीमा चल्ने डाँक; ride—हतारसाथ; sign—बाटोमा शहरको नाम, दूरता, इ० देखाउने लट्ठा वा चिन्ह; starting—दौडमा शुरू गर्ने ठाउँ; trading—व्यापार चौकी, (खा० ग० अविकसित देशमा बलियो राष्ट्रको); winning—(दौडमा) जित हुने ठाउँ;—ing **ना.** पदस्थापना, सार्नु, सरोट, लेखा ।

post—(पोस्ट्) ल्या० संयुक्त रूप=उत्तर—,—उप्रान्त;— -classical आर्षोपरान्त; — -costal करङ्गपछाडि; —-date भविष्य मिति, पछिको मिति हाल्नु;—-diluvian प्रलयोपरान्त; — -graduate स्नातकोत्तर;— -impressionism उत्तर भाववादिता;—-natal जन्मोपरान्त;—-nuptial विवाहोपरान्त; — -postscript छो. क. Pρs) दोस्रो उत्तर लेख ।

postage (पो॑स्टेज्) **ना.** डाँक महसूल, हुलाक महसूल;—stamp हुलाक टिकट;—stamp album डाँक टिकट संकलन बही ।

postal (पो॑स्टल्) **वि.** र **ना.** हुलाकी, डाँकसम्वन्धी;—union डाँक संघ; **ना.** (—card पनि) हुलाक पत्रिका ।

posteen (पॅस्टीन्॑) **ना.** काबुली भेडाको छालाको ओभर कोट ।

poster (पो॑स्टर) **ना.** भित्तिचित्र, टाँस्ने चित्र, पर्चा, टाँगेको पर्चा; पर्चा टाँस्ने (bill—पनि); प्रदर्शन चित्र ।

poste restante (पोस्ट् रेस्टाँट्॑) **ना.** हुलाक घरमा चिट्ठी

मागन नआएसम्म राख्ने विभाग (फ्रे०) ।

posterior (पॅस्टे'ऋिअर्) **वि. र ना.** पछिल्लो, पछाडिको, श्रेणीमा पछि आउने; **ना.** (ए० वा व० व०) फिला, चाक, नितम्ब, गुदप्रदेश, पृष्ठ ।

posterity (पॅस्टे'रिटि) **ना.** सन्तति, सन्तान, पछि आउने पिंढी, वंश ।

postern (पो (पॅ) स्' टर्न्) **ना.** (आ०) (घरको) पछाडिको ढोका, पृष्ठद्वार, पक्षद्वार, जस्केलो ।

post hoc ergo propter hoc (पोस्ट् हॅक् एअर्'गो प्रॅप्'टर् हॅक्) **वा.** (यसपछि, तसर्थ, यसकारणले) क्रमलाई परिणामसँग जोर्ने प्रवृत्तिको निन्दात्मक उक्ति, बेठीक कुरा, बेमेलको कुरा (ल्या०) ।

posthumous (पॅस्'ट्यु मस्) **वि.** मरणादनन्तर; मरणोपरान्त; मरुवा, बाबुमरेपछि जन्मेको (बालक); लेखक मरेपछि प्रकाशित (ग्रन्थ) ।

postiche (पॅश्टीश्') **ना. र वि.** पूर्ण भएपछि थपिएको कुरा, खा. ग. मूर्तिकलामा वा भवन निर्माण कृतिमा; (पस.) नकली कपाल, रौं; झुट्टा, नकली, मोहोडा; **वि.** कृत्रिम, नकली ।

posticous (पॅस्टी'कस्) **वि.** (व.) पृष्ठ, पछिल्लो, पछि आउने ।

postil (पॅस्'टिल्) **ना.** (ऐति.) फडकेको टीका, टिपोट, खा. ग. धर्मग्रन्थको; टीका, भाष्य ।

postilion,-llion (पस्टि'लियन्) **ना.** रासबाट हाँक्ने बन्दोबस्त नभएको बग्गीमा बाहिरी घोडा चढ्ने सवार ।

postliminy (पोस्ट्लि'मिनि) **ना.** (रो. का.) डाँडो काटेको, निर्वासित, व्यक्ति फर्केर आएपछि आफ्नू कानूनी अधिकार पुनर्ग्रहण गर्ने हक; (अन्तर. का.) युद्धमा दखल गरिएका चीज चीज र व्यक्तिहरूलाई पुनः उनीहरूउपर स्वामित्व राख्ने राष्ट्रको अख्तियारमा आएपछि पहिलेको स्थितिमा राख्ने कार्य; पूर्वस्थिति ।

post meridiem, p. m. (पोस्ट् मेरि'डिएम्) **क्रि. वि.** मध्याहोत्तर, उत्तर मध्याह्न, उ. म (ल्या) ।

post mortem (पोस्ट् मॉअर्'टेम्) **ना., वि. र क्रि. वि.** मरणादनन्तर, मरणोपरान्त, (परीक्षा); लाशजाँच; (बो. चा) पछिको बहस, (उदा.) ताशको खेलपछि, कुनै भइसकेको कुरापछि, को ।

post-obit (पोस्ट्ओ' (ऑ') बिट्) **वि. र ना.** मरेपछि मात्र हुने, मृत्युपछि लागू, चालु, हुने; ऋणीले अन्य कोही व्यक्तिबाट दाम पाउँछु भन्ने आशा राखी सोको मृत्युपछि साहूले दाम पाउने गरी गरेको कागत ।

postpone (पोस्ट्पोन्', पस्ट्पोन्') **क्रि.** टार्नु, पछि सार्नु, मुलतवी राख्नु, आलटाल गर्नु, टाल्नु, स्थगन गर्नु, थाती राख्नु, विलम्बित गर्नु;—ment **ना.** स्थगन, आलटाल, सरोट, विलम्ब ।

postposition (पोस्ट्पजि'शन्) **ना.** (व्या०) प्रत्यय, उपसर्ग ।

postprandial (पोस्ट्प्यान्'डिअल्) **वि.** (सा. ठ.) खानापछि, दिवाभोज, रात्रिभोजपछि; भोजनोपरान्त ।

postscript (पोस्ट्'स्क्रिप्ट्) **ना.** उत्तरलेख, चिठीमा थप, खा. ग. सहो भइसकेपछि; रेडियो प्रसारणमा समाचारपछिका वक्तव्य, समीक्षा, आलोचना ।

postulant (पॅस्'ट्युलण्ट्) **ना.** वटुक, शिष्य (धार्मिक संस्थामा प्रवेश गर्न इच्छा गर्ने प्रार्थी) ।

postulate (पस्'ट्यु लेट्) **ना. र क्रि.** अबाध्योपक्रम, स्वीकृत विषय, गृहीत पद; पूर्वाकांक्षा; (ज्या०) सामान्य क्रिया, ज० कि सरल रेखा दुई बिन्दुका बीचमा खिच्नु, सम्भव छ भनी स्वीकार गर्नु; **क्रि.** शर्त राख्नु, मान्नु ।

posture (पॅस्'टर्, पॅस्चर्) **ना. र क्रि.** अंगविन्यास, चेष्टा, स्थिति, हावभाव; **क्रि.** अङ्ग मिलाउनु, कुनै ढाँचासँग बस्नु, इ०;—-maker **ना.** कसरतिया, ऐंठनबाज,—-master शरीर बल सौन्दर्य कला गुरु ।

posy (पो'जि) **ना.** (आ०) औंठीभित्र कुँदिएको एक पंक्तिको, छोटो वाक्य वा वचन; फूलथुँगा ।

pot (पॅट्) भाँडो, घडा, कलस; थुप्रो लक्कू, (अप०) नशा, गाँजा, (घोडदौड अप०) ठूलो बाजी; big— (अप.) ठूलो मानिस; chamber—कोपरा, मूत्रपात्र; chimney-—अग्लो रेशमी टोप; coffee-—कफीदान; flower-—गमला; glue-—सरेस पकाउने भाँडो; ink—मसीदानी; lob ter-—चिङ्डो, लबस्टर, समात्ने टोकरी; tea—चियादान; water—जलदान, सुराही;—-belly भुँडे, लम्बोदर; make the—boil जीविका गर्नु; keep the—boiling जीविका चलाउनु, कुनै काम चलाइराख्नु;—-boiler केवल पैसाको लागि उत्पादन गरिएको साहित्यिक वा कलात्मक कृति, कसौंडी उमाल्ने;—-boy,—man भट्टीको कामदार;—-companion पानमित्र, सहपाठी; cooking-—कसौंडी;—-head (अप.) गँजडी, नशाखोर;—-herb तरकारी (बारीमा लगाएको);—-hole (भूतत्व.) चट्टानमा परेको गहिरो प्वाल, यातायातले गर्दा सडकमा भएको गढ्ढा, खाडल;—-house (हेला०) शराबखाना, भट्टी;—-hunting,—-hunter खानाको लागि जे पाए पनि मार्ने शिकार, शिकारी;—luck खाना जे पाइन्छ;—-roast सेकुवा (मासु), सेक्नु (भाँडामा);—-shot भाँडे गोली (खानालाई हानेको);—-valiant जाँडमस्त, मद्यसूर ।

pot (पॅट्) **क्रि.** भाँडामा राख्नु, गमलामा (बिरुवा) लाउनु; (बिलियर्ड) बल जेबमा खसाल्नु; (शिकार) मार्नु, गिराउनु, गोलीले हान्नु; समात्नु, पाउनु, आफ्नू गराउनु ।

potable (पो'ट (टे) बल्) **वि. र ना.** (सा. ठ.) पेय, पानीय, पिउन हुने ।

potamic (पट्या'मिक्) **वि.** नदीनालाको ।

potash (पॅ'ट्याश्) **ना.** पोटाश, क्षार, caustic—क्षार पोटाश ।

potassium (पट्या'सिअम्) **ना.** पोटाशियम, क्षार धातु मध्ये एक;—cyanide अति विखालु मणिभ लवण, सायनिक अम्लको पोटाशसँग संयुक्त लवण ।

potation (पटे'शन्) **ना.** पिउनु; (सा. ब. व.) अति पिउनु ।

potato (पटे'टो) **ना.** (ब. व.—es) आलु, गोलालु; sweet—सखरकन्द ।

poteen,-theen (पटीन्') **ना.** गैरकानूनी भट्टीबाट तयार गरेको आइरिश ह्विस्की ।

pot/ent (पो'टेण्ट्) **वि.** (मु. अलं. वा कवि.) शक्तिमत्, प्रचण्ड; (युक्ति) मनासीब; (औषधि, जडीबूटी) जोरदार;—ency **ना.** शक्ति, बल, जोर ।

potentate (पो'टेण्टेट्) **ना.** शासक, राजा, अधीश्वर, अधिपति ।

potential (पटेन्'शल्) **वि.** र **ना.** शक्य, अन्तर्हित; (भैं.) —cautery, corrosive वास्तविक कारकले नै झैं छालामा प्रभाव पार्ने;—mood विधिलिङ; **ना.** (विद्युत.) विद्युत दबाव;—difference सो दबावको परिमाण, भोल्टमा नापिन्छ; —energy अन्तर्हित शक्ति; (विर.) शक्तिमत्; सम्भावना, संभाव्य स्रोत;—ity **ना.** अन्तर्निहितता, सामर्थ्य;—ize **क्रि.** अन्तर्हित बनाउनु, (शक्ति) लाई अन्तर्हित स्थितिमा बदल्नु ।

potentiate (पटेन्'शिएट्) **क्रि.** शक्तिमत् गराउनु, शक्ति दिनु, संभव गराउनु ।

potentiometer (पटेन्शिऑ'मिटर्) **ना.** वैद्युत दबाव मापक ।

pother (प (पॅ)'दर्) **ना.** निसास्स्याउने धूवाँ वा धूलो; हल्ला, कलबल, मौखिक गोलमाल; दुःखको प्रदर्शन; **क्रि.** हडबडाउनु, पिराउनु, पिरिनु; होहल्ला गर्नु ।

potion (पो'शन्) **ना.** मात्रा, घुटको (झोल ओखती वा विषको) ।

pot—pourri (पोपुरी') **ना.** फूलको सुकेको पत्र, दल र मसला, इ. बास्नाको लागि राखिने मिश्रण, साहित्यिक वा संगीतको सँगालो ।

potsherd (पॅट्'शअर्ड्) **ना.** खपडा, माटाको भाँडाको टुटेको टुक्रा; घट शकल, भिन्न पात्र ।

pott (पॅट्) **ना.** कागतको बारेमा pot को रूपान्तर ।

pottage (पॅ'टेज़्) **ना.** (आ.) सुरुवा, झोल ।

potter (पॅ'टर्) **ना.** कुम्हाले;—'s wheel कुम्हालेको चक्का; घटचक्र ।

potter (पॅ'टर्) **क्रि.** लस्याङ-लुसुङ काम गर्नु, अल्छीसँग काम गर्नु, लस्याङ-लुसुङ गर्नु, ढीलाइ गर्नु, कुनै काममा अलमलिनु; समय खेर फाल्नु ।

potter/y (पॅ'टरि) **ना.** माटाको भाँडा, कुम्हालेको काम वा पसल; the—ies बिलायतको माटाको काम हुने प्रदेश ।

pottle (पॅ'टल्) **ना.** (आ.) तरलको नाप, आधा ग्यालन, सो नाप्ने भाँडो; सानू टोकरी, ढक्की ।

potty (पॅ'टि) **वि.** (अप.) तुच्छ, सानूतिनू; बेकूफ, पागल, मगज बिग्रेको, केही कुरोमा सन्क्याहा;—questions परीक्षामा सजिलो प्रश्न ।

pouch (पाउच्) **ना.** सानू थैलो, ब्याग, कोष, स्यूत, झिक्न हुने सानू खल्ती; (आ.) थैलो; सिपाहीको खजाना राख्ने छालाको ब्याग; जन्तुको थैलो जस्तो आशय; बिरुवामा सोही प्रकारको खाल्टो ।

pouch (पाउच्) **क्रि.** थैलोमा हाल्नु, लिनु, खल्तीमा हाल्नु, (अप.) बकस दिनु; लुगा खल्ती झैं झुण्डाउनु ।

pouf (fe) (पूफ्) **ना.** स्त्रीले अग्लो पारेर कपाल कोरेको; चकडी; गद्दादार कवच ।

poult (पोल्ट्) **ना.** कुखुरा, टर्की, कालिज, इ० घरेलु चराको बच्चा ।

poulterer (पो'ल्टरर्) **ना.** चरापसले, खा. ग. खाने चरापसले ।

poultice (पोल्'टिस्) **ना.** र **क्रि.** पुल्टिस, सेक; **क्रि.** पुल्टिस लाउनु, बाँध्नु; लेप लाउनु ।

poultry (पोल्'ट्रि) **ना.** घरेलु चरा, ज. कि कुखुरा, हाँस, पानीहाँस, टर्की, इ०; कुक्कुट ।

pounce (पाउन्स्) **क्रि.** र **ना.** झम्टनु, समात्नु, खनिनु, आग्रहसाथ समात्नु (गलती, इ०); कागत सम्याउनु, कोइलाको धूलो छर्नु; **ना.** चराको नंग्रा, झमट, मसी फुल्न नदिनालाई छर्ने मसिनू धूलो; बुट्टा सार्नालाई छर्ने कालो मिहिन धूलो ।

pouncet-box (पाउ'न्सिट्-बॅक्स्) **ना.** (आ.) प्वालदार बिर्को भएको अत्तरदान ।

pound (पाउण्ड्) **ना.** र **क्रि.** बजनको एकांकी; बिलायतको मुद्रा; काँजी हाउस, ढाट, गब्घेरा, अवरोध, थुना, खोर; **क्रि.** सिक्काको तौल जाँच्नु; (गाइवस्तु) थुन्नु; पिंध्नु, बच्चाले पिंध्नु, मुक्याउनु, धूलोपीठो पार्नु; गहुँगोसित हिंड्नु, दौडनु ।

poundage (पाउन्'डेज्) **ना.** तौलबमोजिमको शुल्क, कमिशन; कारोबारको सयकडा तलबको रूपमा दिइने; tonnage and—भन्सार शुल्कको किसिम (बिलायतको आ.) ।

pounder (पाउन्'डर्) **ना.** पिंध्ने भाँडो, खा. ग. खलको बच्चा; पाउण्ड तौल हुने माल वा सो तौलको गोला हान्ने तोप ।

pour (पोअर्) **क्रि.** र **ना.** पोख्नु, खन्याउनु, खत्याउनु, घोप्टाउनु, बैरनु, झार्नु, खनिनु, घोल्नु, दर्किनु, ओइरिनु; **ना.** मुसलधार वृष्टि, वर्षा; (गाल्नु) एक पटक खन्याउने गलेको धातु, इ. ।

pourboire (पुर्व्वार्') **ना.** बकस, दान ।

pourparler (पुर्'पाअर्ले') **ना.** (धे. ज. ब. व.) छलफल अगाडिको प्रारम्भिक वार्ता ।

pourpoint, pur-(पुर्'प्वायण्ट्) **ना.** (ऐति.) दोलाई, सिरक ।

poussette (पुसेट्') **क्रि.** र **ना.** हात हात जोरेर आफूआफूको चारैतिर नाच्नु, **ना.** एक प्रकारको नाच; सो क्रिया ।

pou sto (पु स्टो) **ना.** आधार स्थान, आलम्ब, सहारा (ग्री०) ।

pout (पाउट्) **ना.** र **क्रि.** माछाको प्रकार, बोसो; लेब्रो; **क्रि.** लेब्रो पसार्नु, चोसो पसार्नु, ओठ लेब्र्याउनु, (स्वाँगी) अप्रसन्न-

ताको चेष्टा गर्नु; in the—s ठुस्सिएको; क्रोधावेश ।

pouter (पाउ'टर्) **ना.** घाँटी फुलाउने जातको परेवा, गलफुल्ला ।

poverty (पॅ'भर्टि) **ना.** दरिद्रता, दैन्य, गरीबी, निर्धनता, अकिंचनत्व, नीचता, अल्पता, न्यूनता ।

powder (पाउ'डर्) **ना. र क्रि.** धूलो, चूर्ण, बुकुनी, छोप, छुकुनी, बुकुवा, अंगराग, उबटन, पाउडर, फा, धूलोपीठो, बारूद; पुरिया, पुडिया (औषधिको); **क्रि.** छर्नु, रगेट्नु, फा लाउनु; gun—बारूद; smell of—लडाइँको अनुभव; food for—सिपाही;—-flask बारूद हाल्ने भाँडो; –magazine बारूदखान;—- puff फा लाउने नरम रौंको उपकरण; —(ing)-room स्त्री जातिको बाहिरी पोशाक उतार्ने र राख्ने ठाउँ; toilet—अंगराग पाउडर ।

power (पा'वर्) **ना. र क्रि.** सामर्थ्य, बुता, बर्कत, शक्ति, प्रभाव, क्षमता, सत्ता, कब्जा, अधिकार, घात (गणित), अख्तियारी, अख्तियार, बलबूता, अधिकारी, सरकार, सप्रभाव व्यक्ति, ईश्वर, अनेक, बहुसंख्यक; हस्तक्रियाको विपरीत यांत्रिक बल; काँचको अभिवर्धन क्षमता; **क्रि.** शक्ति, बल, दिनु (खा. ग. विद्युतको वा यंत्रको);—of attorney वारिसनामा; horse -—काम गर्ने दरको एकांकी;—-dive (वायुयान) इन्जिन बन्द नगरी ओर्लिनु;—politics बलको धम्कीले पूठ दिएको राजनैतिक दाउपेच, बलनीति,—ful **वि.** धेरै शारीरिक वा अन्य शक्ति वा बल भएको, बल्य, जब्बर;—less **वि.** शक्तिहीन, बिलकुल असमर्थ ।

powwow, pawaw (पाउ'वाउ) **ना. र क्रि.** powwow (पावाव') उ. अमरिकन इण्डियन वैद्य वा झाँक्री; उ. अमरिकी इण्डियनको सभा, जादू; राजनैतिक वा अन्य सम्मेलन; (अप०) फौजी कारवाईमा अफिसरहरूको सल्लाह; **क्रि.** जादू वा ओखती गर्नु, सल्लाह गर्नु, (रोगको) जादूले ओखती गर्नु ।

pox (पॅक्स) **ना.** बिफर, उपदंश, सूजाक ।

practicable (प्र्याक्'टिकेब्ल्) **वि.** हुन सक्ने, व्यावहारिक, साध्य, करणीय; (बाटो, मार्ग) तय गर्न सकिने, गम्य; (नाटक. झ्याल ढोका, इ०) साँचैको, साँचो रूपमा प्रयोग गर्न हुने ।

practic/e (प्र्याक्'टिस्) **ना.** अभ्यास, कानूनी तवर, बानी, चलन, प्रयोग, व्यवसाय, काम, रीति, (डाक्टर वा वकीलको) पेशावर काम, (आ०) छल, धूर्तता, तरीका, चलाकी; व्यवहार गणित;—al **वि.** क्रियात्मक, व्यावहारिक, प्राप्य, साध्य, काम लाग्ने;—ally **क्रि. वि.** व्यावहारिक ढाँचामा, यथार्थमा, प्राय: —ian (प्र्याक्टि'शन्) **ना.** कर्मी, पेशावर;—al joke ठट्ठाको सुरादले आर्कामाथि गरिएको व्यावहारिक छल, मजाक; out of—अभ्यास छुटेको; large—विस्तीर्ण कार्यक्षेत्र; sharp—छल; put into—कार्यान्वयन गर्नु ।

practis/e (प्र्याक्'टिस्) **क्रि.** अभ्यास गर्नु, बराबर गर्नु, गर्नु (आ०) छल्नु, ठग्नु, (आर्काको सीधापनबाट) फाइदा उठाउनु; —ing doctor, barrister पेशामा संलग्न, काम नछोडेको ।

practitioner (प्र्याक्टि'शनर) **ना.** खा. ग. चिकित्सा कार्यमा लागेको पेशावर वा क्रियात्मक कर्ता; general— (छो. क. G. P.) भैषज्य शल्य दुवै गर्ने ।

praecocial (प्रीको'शल्) **वि.** (चरा) फुलबाट निस्कनासाथ खान सक्ने ।

praemunire (प्रीम्युनि'अरि) **ना.** (का०) बिलायतमा प्रचलित एक याचिका ।

praetor (प्री'टर्) **ना.** (रो० इ०) (प्रारम्भमा) फौजी अफ़िसरको रूपमा रोमको कन्सल; (पछि) वर्षैं पिच्छे चुनिने म्याजिस्ट्रेट;—ian **वि.** रो० बादशाहको गारदको; **ना.** सो दर्जा पुगेको व्यक्ति ।

pragmati/sm (प्र्याग्'मटिज्म्) **ना.** परकार्य चर्चा, अनधिकार चर्चा, पांडित्य दर्प, वस्तुहरूको तथ्यात्मक अवलोकन; (दर्शन) वाक्यलाई केवल मानवीय स्वार्थमा पर्ने व्यावहारिक प्रभावको विचारबाट मात्र मूल्यांकन गर्नुपर्छ भन्ने सिद्धान्त;—c (al) (प्र्याग्म्या'टिक् (–कल्) **वि.** व्यावहारिक, कार्यक्षम, हस्तक्षेप गर्ने, सैद्धान्तिक, इतिहासका घटनालाई व्यावहारिक उपदेशको स्रोत मान्ने; (–c) राजकाजी;—ze (–मटाइज्) **क्रि.** साँचो देखाउनु, (कथा) युक्तिसंगत बनाउनु ।

prairie (प्रेअ'रि) **ना.** बिना रूखको विस्तीर्ण समतल वा तल माथि परेको मैदान ।

praise (प्रेज्) **ना. र क्रि.** सहनी, ख्याति, श्लाघा, प्रशंसा, स्तुति, वर्णन; **क्रि.** सहनी गर्नु, सन्याउनु, प्रशंसा गर्नु, सह्राउनु, फुक्र्याउनु, फुरुक पार्नु;–worthy (प्रेज्'वर्दि) **वि.** श्लाघ्य, स्तुत्य, तारीफलायक, प्रशंसनीय, धन्य ।

praline (प्रा'लिन्) **ना.** बदाम, काजू इ० को बर्फी ।

pram (प्र्याम्) **ना.** (बो० चा०) (बालकलाई डुलाउने) ह्राते बग्गी, प्र्याम, दूधवालाको ठेलागाडी ।

prance (प्रान्स्) **क्रि. र ना.** (घोडा) पछाडिका खुट्टाले उफ्रनु, (घोडालाई) त्यसो गर्न लाउनु; फुर्केको वा घमण्डी चालले हिंड्नु, व्यवहार गर्नु, मस्कनु, चुरीफुरी गर्नु ।

prandial (प्र्यान्'डिअल्) **वि.** (ठ०) खानाको ।

prang (प्र्याङ्) **क्रि.** (हवाइ फौजी अप०) सफलतापूर्वक निशानामा बम खसाल्नु, (वायुयान) गिर्नु, गिराउनु ।

prank (प्र्याङ्क) **ना. र क्रि.** मजाक, ठट्टा, पागल खेल, कुचेष्टा; (अलं.) यंत्र इ. को अव्यवस्थित चाल; **क्रि.** सिंगार्नु, सजाउनु, बुट्टा भर्नु (खेत, बारी, फूलले); फूर्ति गर्नु; उपद्रो गर्नु; छिल्लिनु ।

prase (प्रेज्) **ना.** पारभासक हरियो रंगको फटिक ।

prate (प्रेट्) **क्रि. र ना.** बकबक गर्नु, ज्यादा कुरा गर्नु, फतफताउनु, विनाविचार बोल्नु; **ना.** गफ, बेमतलबको कुरा;—r **ना.** गफी, बकबके ।

praties (प्रे'टिज्) **ना.** (बो. चा.) potatoes को अपभ्रंश; आलु ।

pratique (प्र्या'टिक्, प्रटीक्') **ना.** स्वास्थ्यावस्था ठीक भएमा, वा संसर्ग निषेधको अवधिको समाप्तिमा, जहाजलाई बन्दरगाहसँग संसर्ग गर्न हुने आज्ञापत्र ।

prattle (प्या'ट्ल्) **क्रि.** र **ना.** वालकको ज्सैं वा सादापन सँग कुरा गर्नु; **ना.** तोतेबोली, वालकको फतफत ।

pravity (प्र्या'भिटि) **ना.** (विर.) दुर्जनता, दुष्ट्याइँ, खरावी (खाना, इ. को), भ्रष्टता, विक्रिया ।

prawn (प्रॉन्) **ना.** चिंगडी माछा; चिंगडी; चिंगट ।

praxis (प्र्याक्'सिस्) **ना.** स्वीकृत चलन, रीति, (व्या.) अभ्यासको लागि उदाहरणहरू ।

pray (प्रे) **क्रि.** प्रार्थना गर्नु, स्तुति गर्नु, भजन गर्नु, अनुरोध गर्नु, विन्ति गर्नु ।

prayer (प्रे'अर्) **ना.** जप, स्तोत्र, विन्ति, प्रार्थना, अनुनय; —-book स्तोत्रावली, भजन;—-meeting प्रार्थना सभा; —-wheel प्रार्थनाचक्र, माने; (प्रे'अर्) प्रार्थयिता, प्रार्थना गर्ने ।

pre—(प्रि) ल्या. **उ.**=पूर्व;—-condition अघिबाटै पूर्ण हुनुपर्ने पूर्व शर्त;—decease पूर्वमरण, आर्को अघि मर्नु;—digest खाद्यलाई पेटमा जाने अघि सजिलोसँग पच्ने वनाउनु; पूर्वपाचन;—-existence पूर्वअस्तित्व, पूर्वजन्म;—-ordain पूर्व निरूपण;—-natal जन्मपूर्व;—-prandial भोजनपूर्व; अघि रहने, ज. कि—-cardial मुटुअघि;—-costal करङ्गअघि ।

preach (प्रीच्) **क्रि.** र **ना.** धर्मोपदेश गर्नु, नीति उपदेश गर्नु; घोषणा, व्याख्या, गर्नु खा. ग. धार्मिक विषयको;—ify **क्रि.** उराठलाग्ने गरी लम्बे उपदेश गर्नु;—y **वि.** उपदेश दिन रुचाउने, उपदेश गरिरहने ।

preamble (प्रिअ्याम्'ब्ल्) **ना.** र **क्रि.** प्रवचने वा लेखमा प्रारम्भिक वक्तव्य, ऐन कानूनको शुरूको वक्तव्य; **क्रि.** प्रारम्भिक वक्तव्य गर्नु ।

precarious (प्रिके'अ्रिअस्) **वि.** पराधीन, आर्काको खुशीसम्म रहने, ज. कि—tenure पराधीन स्वामित्त; अनिश्चित, संदिग्ध, अस्थिर ।

precaution (प्रिकॉ'शन्) **ना.** बचाउ, सुरक्षा, पूर्वोपाय, पूर्व प्रबोध ।

precede (प्रिसीड्') **क्रि.** अघि जानु, अघि हुनु;—nce (प्रे'सिडेन्स् वा प्रि'सिडेन्स्) **ना.** मर्यादा क्रम, ज्येष्ठ्य, पूर्वता, श्रेष्ठता;—-nt (प्रे'सिडेण्ट्) **ना.** र **वि.** साबिक, निर्णय, नतीजा, प्रक्रिया, नजीर, उदाहरण, प्रमाण; **वि.** अग्रगामी, पूर्वगामी, पूर्व, अग्र;—nted **वि.** साबिक भएको ।

precent (प्रिसेण्ट्') **क्रि.** भजन मण्डलीको नेता हुनु;—or **ना.** भजन मण्डलीको नेता ।

precept (प्री'सेप्ट्) **ना.** आज्ञा, आदेश, सूत्र, उखान; नैतिक उपदेश, दैवी आज्ञा, याचिका, अधिकार; निर्वाचनको आयोजना गर्नू भन्ने वा सो गराउनू भन्ने लिखित आदेश; तिरोको रकम उठाउने वा दिने उर्दी;—ive **वि.** वैधिक, नैयमिक;—or **ना.** गुरु, शिक्षक ।

precession (प्रिसे'शन्) **ना.** (ज्यौ.) अग्रगति, अयन चलन ।

precint (प्री'सिण्ट्) **ना.** कुनै भवन वा स्थान र खा. ग. देवस्थलको पर्खाल वा अन्य सीमानाले घेरिएको जग्गा, प्रांगण; (ब. व.) सेरोफेरो, हाता, वरिपरि; चुनाव वा सुरक्षाको प्रयोजनको लागि जिल्ला, शहर वा टोलको अंश, प्रविभाग ।

preci/ous (प्रे'शस्) **वि.** र **क्रि. वि.** वहुमूल्य, मूल्यवान, महँगो;—metals चाँदी, सुन, प्लाटिनम;—stone रत्न, मणि; अभौतिक श्रेष्ठताको वस्तु; भाषा, कारीगरी, मा स्वाँगपूर्ण परिष्कार रहेको; (बो. चा. मा) जोर लगाउने अर्थमा, ज. कि a—mess, a—sight mor than...; (न्यून.) प्यारो; **क्रि. वि.** असाधारण तरीकाले;—osity **ना.** सूक्ष्म कारीगरी, परिष्कृत शैली ।

precipice (प्रे'सिपिस्) **ना.** पहरो, छाँगा, भित्तो, प्रपात, भीर ।

precipita/te (प्रिसि'पिटेट्) **क्रि.**, **ना.** र **वि.** (र. शा.) घुलनवाट ठोस रूपमा अलग हुनु रसायनिक क्रियाको उठान गर्नु, अधःक्षेपण गर्नु, हुत्याउनु, (अलं.) (व्यक्ति, इ. लाई) घचेट्नु, हुत्याउनु; हतार गराउनु, आग्रह गर्नु; वाष्पलाई थोपामा द्रवित गर्नु ; **ना.** (र. शा.) घुलनवाट अलग भएको वस्तु; अवक्षेप, थेग्रो; (भौतिक) वाफ चिसिएर तरल रूपमा बदलिएर खसेको (वर्षा, ओस) चिसो; **वि.** हुत्तिने, हतारिने, हतपते, बेपरवाह, सूरो, अविवेकी;—nt **ना.** अवक्षेपक;—tion **ना.** अवक्षेपण ।

precipitous (प्रिसि'पिटस्) **वि.** भिरालो, ठाडो ।

precis (प्रेसी) **ना.** र **क्रि.** सारांश, संक्षेप, मजबून, तेरीज, सार; **क्रि.** सारांश, मजबून, झिक्नु (फ्रे.) ।

precise (प्रिसाइज़्') **वि.** यथार्थ, निश्चित, ठीक, सचेष्ट, कर्तव्यपरायण, नियमनिष्ठ ।

precisely (प्रिसाइस्'लि) **क्रि. वि.** ठीक तरीकासँग; (जोरदार वा औपचारिक मञ्जूरी जनाउँदा) बिलकुल, बिलकुल ठीक ।

precisian (प्रिसि'ज़्न्) **ना.** खा० ग० धार्मिक आचार व्यवहारमा कठोरसँग सचेष्ट वा नियमनिष्ठ व्यक्ति ।

precision (प्रिसि'ज़्न्) **ना.** याथार्थ्य, सूक्ष्मता, सुनिश्चितता; (वाच्य.) सूक्ष्मताको लागि उपयुक्त, वा निर्मित ज० कि—bombing, instruments, tools; arm of—ताक वा अन्य यांत्रिक उपकरणहरू जडेको अग्न्यास्त्र ।

preclude (प्रिक्लूड') **क्रि.** बहिष्कार गर्नु, छेक्नु, अव्यावहारिक वनाउनु ।

precoci/ous (प्रिको'शस्) **वि.** (बिरुवा) चाँडै फुल्ने वा फल्ने; (व्यक्ति) कुनै गुण चाँडै (असामयिक) रूपले विकसित भएको; (काम) सो विकास देखाउने प्रकारको;—ty **ना.** अकाल परिणति, बालप्रौढी; बालबुज्रुक्याइँ ।

precognition (प्रिकॅग्नि'शन्) **ना.** पूर्वज्ञान ।

preconceive (प्रिकन्सीभ्') **क्रि.** पूर्वचिन्तन गर्नु, अगाडि नै विचार गरिराख्नु ।

preconize,–ise (प्री' कनाइज़्) **क्रि.** आम घोषणा गर्नु,

आम तारीफ गर्नु, नामले डाक्नु ।

precursor (प्रिकअ्‌र्'सर्‌) **ना.** अग्रगामी, पूर्वंग, अग्रदूत, साबिकवाला ।

precursory (प्रिकअ्‌र्'सरि) **वि.** प्रारम्भिक, अग्रवर्ती, प्रस्तावनारूप ।

predacious (प्रिडे'शस्‌) **वि.** (पशु) अन्यभक्षक अपहारक ।

predate (प्रीडेट्‌') **क्रि.** अघिको मिति हाल्नु, साँचोभन्दा अघिको मिति हाल्नु ।

predator (प्रे'डटर्‌) **ना.** लूटाहा, अपहारक;—y **वि.** लुटाहा प्रवृत्तिको, अन्य भक्षक ।

predecessor (प्री'डिसेसर्‌) **ना.** साबिकवाला, अग्रगामी, पूर्वंग पुरुखा ।

predella (प्रिडे'ला) **ना.** सिंढीको खुडकिला (मा लेखिएको चित्र), वेदी पछाडिको ऊँचो तखतामा राखिएको चित्र वा मूर्ति ।

predestina/tion (प्रिडेस्‌टिने'श्‌न्‌) **ना.** प्रारब्ध, अदृष्ट, भाग्य, दैवायत्त;—rian **ना.** भाग्यवादी, अग्रनिरूपणवादी;—te **क्रि.** अग्रनिरूपण गर्नु, तोक्नु ।

predestine (प्रिडेस्‌'टिन्‌) **क्रि.** अघिबाट तोक्नु, अग्रनिरूपण गर्नु ।

predetermine (प्रिडिटअ्‌र्'मिन्‌) **क्रि.** पूर्वनिश्चय गर्नु, पूर्वसंकल्प गर्नु ।

predial (प्री'डायल्‌) **वि.** र **ना.** (जमीन, खेत, इ०) ग्रामीण, भूमिसम्बन्धी; आबादी जग्गाको (कमाराको) जमीनसँग संलग्न ।

predicable (प्रे'डिकेब्ल्‌) **वि.** र **ना.** वाच्य, भन्न सकिने; **ना.** त्यस्तो विषय खा. ग (ब. व.) एरिस्टोटलका विधेयहरू ।

predicament (प्रीडि'कमेण्ट्‌) **ना.** पदार्थ, वर्ग, जाति; खराब अवस्था, खतरा, मुश्किल; फसाद, गाह्रो साँघ्रो, साह्रो गाह्रो;—ial (—मेन्‌'श्‌ल्‌) **वि.** खराब, अरमाइलो, गाह्रो, खतरनाक, परिस्थिति ।

predicant (प्रे'डिकण्ट्‌) **वि.** र **ना.** (धार्मिक सम्प्रदाय) उपदेश गर्ने ।

predica/te (प्रे'डिकेट्‌) **ना.** र **क्रि.** विधान, विधेय, विशेषण, गुण; **क्रि.** विधान गर्नु, भन्नु, निर्देश गर्नु;—tion (प्रिडिके'शन्‌) **ना.** विधान, अभिधान, विशेषण, निर्देश;—tive (प्रिडिके'टिभ्‌) **वि.** विधान गर्ने, वर्णन गर्ने;—tory (प्रे'डिकेटरि) **वि.** उपदेश, प्रख्यापन, गर्ने ।

predict (प्रिडिक्ट्‌') **क्रि.** भविष्य बताउनु, भविष्यद् वर्णन गर्नु;—ion **ना.** भविष्यद्वाद, भविष्यवाणी;—or **ना.** शत्रु वायुयानलाई प्रतिवायुयान तोप हान्नालाई वायुयानको ऊचाइ, दिशा, वेग, इ. बताउने यन्त्र ।

predikant (प्रेडिकाण्ट्‌') **ना.** (द० अफ्रिका) द० अफ्रिकाको प्रटेस्ट्याण्ट पादरी ।

predilection (प्रीडिलेक्‌'श्‌न्‌) **ना.** मानसिक रुचि, पक्षपात, अनुराग; प्रवृत्ति ।

predispose (प्रिडिस्‌पोज़्‌') **क्रि.** पूर्वप्रवृत्त गर्नु, (भाव, रोग, इ. को लागि) ।

predisposition (प्रिडिस्‌पोज़ि'श्‌न्‌) **ना.** प्रवृत्ति, शील, लगाइ; (दया माया, रोग, इ. को) अनुकूल गराउने शरीर वा मनको अवस्था ।

predomina/te (प्रिडॅ'मिनेट्‌) **क्रि.** प्रबल हुनु, प्रभुत्व जमाउनु, श्रेष्ठ हुनु, मुख्य वा बलियो तत्व हुनु, प्राधान्य उपभोग गर्नु;—nce **ना.** प्राबल्य, प्रभाव, प्राधान्य, आधिक्य, चकचकी; खाँडो;—nt **वि.** प्रधान, अतिरिक्त, अधिक, प्रभविष्णु ।

preeminent (प्रीए'मिनेण्ट्‌) **वि.** सर्वप्रधान, श्रेष्ठ, सर्वोत्कृष्ट, अग्रगण्य, परम, उत्तम, धुरन्धर ।

preempt (प्रीएम्प्ट्‌') **क्रि.** हक सफाद्वारा प्राप्त गर्नु, पूर्व क्रय गर्नु, पूर्वाधिकारको हक पाउनाको लागि जमीनउपर कब्जा गर्नु; (अलं.) अगाडिबाट हडप गर्नु; (ब्रिज खेल) रोक्ने बोल गर्नु;—ion (प्रीएम्प्‌'श्‌न्‌) **ना.** पूर्वक्रयाधिकार, हकवालाले निखन्नु;—ive **वि.** पूर्वाधिकार विषयको;—ive bid (ब्रिज ताश खेलमा) अरू बोललाई रोक्ने प्रकारको ऊचो बोल ।

preen (प्रीन्‌) **क्रि.** चुच्चोले (प्वाँख) मिलाउनु, (व्यक्तिले) आफूलाई छरितो पार्नु; टिम्किनु, गम्किनु, फुर्फुरिनु; मक्ख पर्नु, गमक्क पर्नु, गजक्क पर्नु ।

prefab (प्री'फ्याब्‌) **ना.** (बो. चा.) (prefabricated house को छो. रू.) तयारी घर, तयारी ढीकाहरूले बनेको ।

prefabricate (प्रीफ्याब्‌'रिकेट्‌) **क्रि.** (भवनको) अवयव, अंग, बन्ने स्थानभन्दा अलग उत्पादन गर्नु ।

prefa/ce (प्रे'फेस्‌) **ना.** र **क्रि.** (पुस्तकको) प्रस्तावना, मुखपत्र, उपोद्घात, प्राक्कथन; **क्रि.** भूमिका गर्नु, प्रारम्भिक वार्ता गर्नु; (घटना) आर्कोतिर लैजानु;—tory **वि.** प्रस्तावनारूप ।

prefect (प्री'फेक्ट्‌) **ना.** (रो. प्रा. इ.) विभिन्न निजामती वा फौजी अधिकारीहरूको उपाधि; फ्रान्समा इलाकाका प्रधान प्रशासकीय अधिकारी; (पाठशाला) अनुशासन राख्न नियुक्त भएका उच्च विद्यार्थी;—of police प्यारिसको प्रहरी प्रमुख ।

prefecture (प्री'फिक्‌ट्योअ्‌र्‌) **ना.** प्रीफेक्टको पदावधि, निवास, क्षेत्र, इ० ।

prefer (प्रिफअ्‌र्‌') **क्रि.** (–rr–) व्यक्तिलाई पदासीन गर्नु, पेश गर्नु, छान्नु, रुचाउनु;—ment **ना.** पदोत्कर्ष, मानवृद्धि, उन्नति;—able (प्रे'फरेब्ल्‌) **वि.** श्रेयस्कर, बढी रुचिकर, छनौटे ।

preference (प्रे'फरेन्स्‌) **ना.** अभिरुचि, अधिक मान; रुचाएको वस्तु, ऋण तिर्ने अग्रिम हक; व्यापार र व्यापारिक सुविधामा कुनै व्यक्ति वा देशलाई अरूभन्दा बढी सहुलियत दिइनु;—bond, share, stock लाभांश दिंदा अन्य साधारण अंशभन्दा अघि दिइने, प्रथम, प्राथमिक ।

preferential (प्रेफरेन्‌'श्‌ल्‌) **वि.** अग्राधिकार, प्रथमत्व, अधिक मान, पाउने वा दिने; (कर, भन्सार इ.) खास देशलाई सुविधा दिने; सुविधाप्रद, प्राथमिक ।

preferred (प्रिफअ्‌र्ड्‌') **वि.** shares, stock प्राथमिकता

पाउने, रोजा ।

prefigure (प्रिफि'गर्) **क्रि.** अगाडि नै अनुमान गर्नु, अघिवाटै चित्र वा नमूनावाट अन्जाम गर्नु; पूर्व लक्षण ।

prefix (प्रिफिक्स्') **ना.** र **क्रि.** उपसर्ग; नाम अगाडि राखिने आदरार्थी पद, ज. कि श्री, Mr. Dr., इ.; **क्रि.** प्रस्तावना रूपमा अध्याय, अनुच्छेद, इ. थप्नु; उपसर्ग जोड्नु ।

preform (प्रिफअ्र्म्') **क्रि.** अगाडि वनाउनु, अग्रिम रचना गर्नु;—ation अग्रिम रचना;—ative **वि.** र **ना.** पूर्वरचना हुने; रचनात्मक तत्वको रूपमा अक्षर वा शब्दांश ।

pregnable (प्रेग्'नेब्ल्) **वि.** भेद्य ।

pregnancy (प्रेग्'नन्सि) **ना.** गर्भाधान, गर्भ, पेट बोक्नु ।

pregnant (प्रेग्'नण्ट्) **वि.** (स्त्री वा पोथी पशु) गर्भवती, गाभिन, दोजिया, गह्रौं पेट (जीउ) भएको; विचारयुक्त, कल्पना परिपूर्ण, फलोत्पादक; (शब्द, काम) गुह्यार्थ भएको, सार्थ, ससत्व, सूचक ।

prehensile (प्रिहेन्'साइल्) **वि.** (अंग, पुच्छर) समात्न सक्ने, वेह्रिने ।

prehension (प्रिहेन्'शन्) **ना.** पकड, धरण, धारण, ग्रहण, वूझ ।

prehistoric (प्रिहिस्टॅ'रिक्) **वि.** प्राक्कालीन, पूर्वऐतिहासिक, प्रलयपूर्व ।

prehistory (प्रिहिस्'टरि) **ना.** इतिहासअघिको समय वा व्यापार, घटना; इतिहासपूर्व ।

pre-ignition (प्रिइग्नि'शन्) **ना.** अन्तर्दहन यन्त्रमा विस्फोटक मिश्रणको असामयिक दहन ।

prejudge (प्रिजज्') **क्रि.** मुद्दा वा तहकीकात नहुँदै फैसला गर्नु, (व्यक्ति, व्यापार, मुद्दामा) असामयिक निर्णय गर्नु; पूर्व निर्णय गर्नु ।

prejudic/e (प्रे'जुडिस्) **ना.** र **क्रि.** दुराग्रह, द्वेषभाव, असूया, पूर्व फैसला, पक्षपात, विक्रिया, हानि, अपाय, अपकार; **क्रि.** (हक, दावी, वक्तव्य इ.) कायमीपन, प्रावल्य, विगारिदिनु;—ial (—जुडि'शल्) **वि.** पक्षपाती, हानिकारक ।

prelacy (प्रे'लसि) **ना.** धार्मिक अधिकारी, पादरी, को पद, दर्जा ।

prela/te (प्रे'लेट्) **ना.** पादरी, धार्मिक अधिकारी;—ture सोको पद ।

prelect (प्रिलेक्ट्') **क्रि.** प्रवचन गर्नु, भाषण गर्नु (श्रोता गणलाई, खा. ग. विश्वविद्यालयमा) ।

prelibation (प्रिलाइवे'शन्) **ना.** पूर्वस्वाद ।

prelim (प्रिलिम्') **ना.** (बो. चा) प्रारम्भिक परीक्षा; (व. व. छ.) मूल ग्रन्थ प्रारम्भ हुनुअघिका पाताहरू (छो. क.) ।

preliminary (प्रिलि'मिनरि) **वि.** र **ना.** प्रारम्भिक, प्राथमिक, प्रस्तावनारूप; **ना.** प्रारम्भिक प्रबन्ध, परिपाठी, (व. व.) न्याङ्ख्याङ ।

prelude (प्रे'ल्यूड्) **ना.** (आर्को क्रिया, वटना, काम, अवस्था, इ. को) शुरू गराउने; प्रारम्भिक, कविताको अंश, इ.; (संगी) प्रारम्भिक भाग, पूर्वरङ्ग, उपक्रम; **क्रि.** प्रस्तावना हुनु, पूर्वाभास, पूर्व सूचना गर्नु ।

premature (प्रेमट्योअ्र्' वा प्रे'मट्योअ्र्) **वि.** र **ना.** अपक्व, असामयिक, असमय, अघिको;—death अपमृत्यु, अगति, अल्पमृत्यु ।

premedita/te . प्रिमे'डिटेट्) **क्रि.** पूर्वयोजना, पूर्वविचार, गर्नु;—**ना.** पूर्वसंकल्प, पूर्वविचार ।

premier (प्रे' (प्रि') मिअ्र्) **वि.** र **ना.** (अचेल मु. अप.) प्रथम (स्थान, महत्व, क्रम, समय, मा) अव्वल, पहिलो, ज. कि—position (दौडमा); **ना.** मुख्यमन्त्री, प्रधानमन्त्री; मुख्तियार ।

premiere (प्रमियेअ्र्') **ना.** (नाटकको) प्रथम प्रदर्शन (फ्रे.) ।

premise,-ss (प्रे'मिस्) **ना.** (तर्कशास्त्र) पूर्वोक्ति, जसवाट आर्को अनुमान हुन्छ, पक्ष, प्रतिज्ञा; major—उदाहरण; minor—उपनय; (व. व.) उपरोक्त, (खा. ग. का.) उपरोक्त घरद्वार जग्गा जमीन; (व. व.) घर, भवन, जमीनसमेत ।

premise (प्रि' मिज्) **क्रि.** प्रस्तावनाको रूपमा भन्नु, लेख्नु ।

premium (प्रि'मिअम्) **ना.** लाभ, पारितोषिक, अधिक मूल्य; किस्ता, कलम; व्यूखानी, कमीशन, सटही किस्तावन्दी; at a—मुख मूल्यभन्दा बढीमा; (अलं.) ठूलो सम्मानमा ।

premolar (प्रिमो'लर्) **ना.** साँचेको दंष्ट्रा वा चर्वण दाँतको अगाडिको दाँत, मानिसमा bicuspid भनिन्छ ।

premonition (प्रिमनि'शन्) **ना.** पूर्ववोध, पूर्वाभास, साइनू सपनू, ऋस्को, पूर्वसूचना ।

premorse (प्रिमअ्र्स्') **वि.** (व. की. वि.) टुप्पो एकदम अवच्छिद भएको ।

prentice (प्रेन्'टिस्) **ना.** र **क्रि.** (आ.) = apprentice खा. ग.—(tiro's) hand अनाडी ।

preoccu/py (प्रिअॅ'क्युपाइ) **क्रि.** अगाडिदेखि लागेको हुनु, तल्लीन गराउनु;—pied **वि.** अन्यमनस्क, मन आर्कैतिर गएको;—pation (प्रिऑक्युपे'शन्) पूर्वभाव, पक्षपात, पूर्वभोग, पूर्वाधिकार, प्राथमिकता पाउने काम, दत्तचित्तता; झ्याउलो, लण्ठा, टण्टा, ऋंझट ।

prep (प्रेप्) **ना.** (स्कूले अप०) प्राथमिक, प्रारम्भिक, (छो० क०), खा० ग० प्राथमिक पाठशाला, prep. school, preparatory school को अर्थमा ।

prepar/e (प्रिपेअ्र्') **क्रि.** तयार गर्नु, वनाउनु, ठीक गराउनु, तयार पार्नु, प्रस्तुत गर्नु, निर्माण गर्नु, सारसुर गर्नु, तम्सिनु, सजिसजाउ गर्नु, कसिकसाउ हुनु, मच्चिनु; be—ed तयार वा इच्छुक हुनु;—edness तयारी, खा० ग० सैनिक तयारी, युद्धको लागि;—ation **ना.** तयारी, (धे० ज० व० व०) चाँजो पाँजो, सुरसार, ताउरमाउर, तरखर; मिश्रण, बन्दोवस्त, परिकार,

तर्जुमा, इन्तजाम, ठीकठाक, तहवह; पाठको पढाइ, छो० क० prep; वस्तु, उदा० खाना, परिकार, वा ओखती, खा० ग० विशेषसँग तयार गरिएको;—ative (प्रिप्या'रेटिभ्) **वि. र ना.** प्रारम्भिक, आद्य, प्रथम, उपक्रमानुकूल; **ना.** ढोल, बिगुल, इ० मा सेना., ना. लाई तयार रहने सूचना;—atory (प्रिप्या'र-टरि) **वि. र ना.** प्रारम्भिक, आद्य, शुरूको;—school बालक-हरूलाई विद्यालयको लागि तयार गर्ने प्राथमिक पाठशाला ।

prepay (प्रिपे') **क्रि.** (महसूल) अघिबाट तिर्नु, हुलाक महसूल तिर्नु ।

prepense (प्रिपेन्स्') **वि.** जानी जानी, पूर्वचिन्तित; malice—द्रोहचिन्ता, हानि गराउने उद्देश्यले ।

prepondera/te (प्रिपॅन्'डरेट्) **क्रि.** बढी तौल हुनु, बढी गह्रौं हुनु, बढी नैतिक वा बौद्धिक गुरुत्वको हुनु, मुख्य तत्व हुनु, (तराजूको पाला) दब्नु, तल जानु;—over परिणाम वा संख्यामा बढी हुनु;—nce **ना.** आधिक्य, अतिरेक, प्राबल्य, प्राधान्य;—nt **वि.** अधिक भार, भाराधिक ।

preposi/tion (प्रेपज़ि'श्न्) **ना.** निपात, उपसर्ग;—tional **वि.** औपसर्गिक;—tive **वि.** (व्या.) अगाडि राखिने योग्य (शब्द, कृदन्त, इ.) ।

prepossess (प्रिपज़ेस्') **क्रि.** प्रेरणा दिनु, रंगाउनु, भर्नु, (विचार, भाव, इ. ले) ; (विचार, इ.) कब्जा गर्नु (व्यक्ति-लाई); पक्षपात, (धेरैजसो आफ्नूपट्टि) गराउनु;—ing **वि.** मन पर्ने, हृदयग्राही, चित्ताकर्षी, खुशी गराउने;—ion **ना.** पक्षपात, संग, ग्रह, चित्ताकर्षण ।

preposterous (प्रिपॅस्'टरस्) **वि.** प्रकृतिविरुद्ध, नियम वा प्रज्ञाविरुद्ध, असंगत, उल्टो, बेवकूफ, फजूल, वाहियात; अचाक्ली, बेढङ्ग ।

prepotent (प्रिपो'टेण्ट्) **वि.** अति प्रबल, अरूभन्दा शक्ति-मान, (प्रा. वि.) बढी निषेचक प्रभाव भएको, वा पैत्रिक गुण प्रेषण गर्न सक्ने शक्ति भएको ।

pre-preference (प्रि–प्रे'फरेन्स्) **वि.** (दावी, अंश, इ.) पूर्वप्राथमिक, (प्राथमिकभन्दा अघि स्थान पाउने) ।

prepuce (प्री'प्यूस्) **ना.** शिश्नाग्रत्वच ।

Pre-Raphaelite (प्रि-र्‍या'फेएलाइट्) **ना.** र्‍याफेयल कलाकारको समयभन्दा अघिको ढाँचामा चित्र लेख्ने कलाकार, प्रिर्‍याफेयलाइट, र्‍याफेयलपूर्व ।

prerequisite (प्रिरे'क्विज़िट्) **वि. र ना.** पूर्वशर्तको रूपमा चाहिने (चीज) ।

prerogative (प्रिरॅ'गटिभ्) **ना. र वि.** राजाको अधिकार (सीमारहित मानिएको), कुनै खास हक वा अधिकार; प्राकृतिक वा दैवी सुविधा, अधिकार वा गुण; (पां.) पछि आउनेलाई प्रभावित गराउने उद्देश्यले पहिलो मत खसाल्ने अधिकार, मता-धिकार; **वि.** विशेषाधिकारबाट उपभोग गरिने ।

presage (प्रे'सेज्) **ना. र क्रि.** शकुन, कुलक्षण, आशंका, अनिष्ट शंका; **क्रि.** (प्रिसेज्') अनिष्ट, अमंगल, इ. को सूचना गर्नु, प्राकृतिक साधनद्वारा घटनाको चेतावनी दिनु, भविष्यवाणी गर्नु, अनिष्ट सूचन गर्नु ।

presbyopia (प्रेस्(ज़्)बिओ'पिआ) **ना.** बुढ्याइँको कारणले टाढा देख्ने, दीर्घचक्षु ।

presbyter (प्रेस्(ज़्)'बिटर्) **ना.** क्रिस्तानी धर्मोपदेशक, पादरीको किसिम ।

Presbyterian (प्रे'स् (ज़्) बिटे'अिरअन्) **वि. र ना.** समान दर्जाका प्रौढहरूले संचालन गरिने क्रिस्तानी चर्च, खा. ग. स्कटल्याण्डको ।

presbytery (प्रेस्(ज़्)'बिटरि) **ना.** गिर्जाघरको पूर्वी भाग; प्रौढहरूको समूह ।

prescie/nt (प्रि (प्रे)'शिएण्ट्) **वि.** भावीज्ञानी, दूरदर्शी, पूर्वज्ञानी;—nce **ना.** पूर्वज्ञान, भविष्यज्ञान ।

prescind (प्रिसिण्ड्') **क्रि.** चटक्क काट्नु, असमयमा काट्नु; —from विचार नगर्नु ।

prescribe (प्रिस्क्राइब्') **क्रि.** तोक्नु, निर्दिष्ट गर्नु, (भै०) औषधि दिनु; भोगबाट हक वा दावी गर्नु; किटान गर्नु ।

prescript (प्रीस्'क्रुप्ट्) **ना.** आदेश, ऐन, कानून, आज्ञा, हुकूम ।

prescription (प्रिस्क्रुप्'श्न्) **ना.** आदेश, निर्देशन, चिकित्सकको (धे. ज. लिखित) औषधिको रचना र सेवन विधि, नुसखा; चिरकाल भोग, बहुकाल भुक्ति; किटान, अनुपान ।

prescriptive (प्रिस्क्रुप्'टिभ्) **वि.** चिरकाल भुक्त, अनादि परम्परा प्राप्त, चिरव्यवहारसिद्ध;—right चलनबाट पाइएको हक ।

preselective (प्रि-सिलेक्'टिभ्) **वि.** (मोटरको साज) अगाडिबाट छान्न र मिलाउन सकिने ।

presence (प्रे'ज़न्स्) **ना.** उपस्थिति, हाजिरी, रोहवर, सान्निध्य, समक्ष, जुनाफ, हजुर, पास, रिफागत, ढाँचा, व्यवहार;—of mind प्रत्युत्पन्नमति, असंभ्रम;—-chamber बैठक, बडाम्नीले आगन्तुक भेट्ने कोठा ।

present (प्रे'ज़ण्ट्) **ना., वि. र क्रि.** वर्तमान समय, तत्काल, अहिले; कोसेली, उपहार, सौगात, नजराना, भेट; बन्दूकले सलामी दिंदा लिने काइदा; **वि.** हाजिर, खडाहाजिर, उपस्थित, सन्निहित, हाल, मौजूद, महजूद, प्रत्यक्ष; हालवाला, वर्तमान, रहेको; (व्या०) वर्तमान काल; **क्रि.** (प्रिजेण्ट्') चिनाउनु, भेट गरा-उनु, उपस्थित हुनु, पेश गर्नु (पात्रलाई खेलमा); प्रदर्शन गर्नु, देखाउनु; (सेना०) बन्दूकले दाग्नु;—arms बन्दूकले सलामी दिनु; (विचार) पेश गर्नु; सौगात दिनु, चढाउनु; प्रस्तुत गर्नु; दाखिल गर्नु ।

presentable (प्रिज़ेन्'टेब्ल्) **वि.** दर्शनीय, सभ्य, समाजमा जाने योग्य, सौगात दिने माफिकको ।

presentation (प्रेज़ण्टे'श्न्) **ना.** उपहार, प्रदर्शन, अभिनय, दरबारमा औपचारिक पेशी; (दर्श०) प्रतिपादन, उपहरण; अभिव्यक्ति, प्रस्तुतीकरण ।

presentative (प्रिजेन्'टेटिभ्) **वि.** मनमा विचार उत्पन्न गराउने ।

presentee (प्रेज्नूटी') **ना.** आफ्नू क्षेत्रमा प्रविष्ट हुने पादरी; पदको निमित्त शिफारिस भएको व्यक्ति; दरबारमा पेश गरिएको व्यक्ति: सौगात चढ़ाइएको व्यक्ति ।

presentient (प्रिसेन्'शिअण्ट्) **वि.** घटनाको पूर्वाशंका भएको व्यक्ति ।

presentiment (प्रिसेन् (जेन्)'टिमेण्ट्) **ना.** हलुका पूर्वाभास, अस्पष्ट आशंका, अपशकुनको शंका ।

presentive (प्रिजेन्'टिभ्) **वि.** (शब्द) कुनै वस्तु या भावलाई सोझै मनमा पेश गर्ने (symbolic को विपरीत) ।

presently (प्रे'जण्ट्लि) **क्रि. वि.** तुरुन्त, छिटै, चाँडो, भर्खर ।

presentment (प्रिजेण्ट्'मेण्ट्) **ना.** गवाही; पादरी अधिकारीको सामुन्नेको बयान, अभिनय; प्रदर्शन, चित्रण, बयान, वक्तव्य, वर्णन; मनमा पेशीको क्रिया, विधि ।

preserv/e (प्रिजअ्र्भ्') **ना.** र **क्रि.** मुरब्बा, ज्याम; शिकार सुरक्षित राख्नालाई घोषित जग्गा, (धे० ज० अलं०), माछाको लागि तोकिएको पानी; (ब० व०) धूलोबाट बचाउको लागि आँखा छोप्ने चश्मा, गगल; **क्रि.** रक्षा गर्नु, बचाउनु, जोगाउनु, सुरक्षित राख्नु, जीवित राख्नु (नाम, स्मृति, इ०); थाम्नु (थिति); राख्नु (गुण, अवस्था); फल, मासु, इ० लाई अनेक तरीकाले सड्नबाट बचाउने प्रक्रियाद्वारा बचाउनु; **well—d** तगडा, उमेर नदेखिने;**—ation** (प्रेजर्भे'शन्) **ना.** संरक्षण, स्थितिपालन; **—ative** (प्रिजअ्र्'भेटिभ्) **वि.** र **ना.** रक्षक, पालक, तारक, संरक्षक, बचाइराख्ने, (ओखती, जडी); बिग्रने खाद्यसामग्रीलाई बचाउने रसायन द्रव्य ।

preside (प्रिजाइड्') **क्रि.** सभा, समाज, इ०को बैठकमा अधिकारको आसन लिनु, खाने टेबुलमा मुख्य स्थानमा बस्नु, अध्यक्ष बन्नु, सर्वोच्च स्थानमा बस्नु वा शासन गर्नु, (अलं०) पनि ।

presidency (प्रे'जिडेन्सि) **ना.** अध्यक्षता; अध्यक्षावधि; अध्यक्षले प्रशासित क्षेत्र; जिल्ला, प्रदेश ।

president (प्रे'जिडेण्ट्) **ना.** अध्यक्ष, श्रेष्ठी; अधिष्ठाता, अधीश, अधिपति, राष्ट्रपति, प्रभु, नायक; बिलायतका कोही मंत्री, ब्याङ्क वा कम्पनीको प्रमुख ।

presidentess (प्रे'जिडेण्टेस्) **ना.** स्त्री राष्ट्राध्यक्ष, अध्यक्षकी स्त्री ।

Presidiary (प्रिसि'डिअरि) **वि.** फौजको जमातको, भएको, को काम दिने ।

presidio (प्रिसी'डिओ) **ना.** (ब. व.—s) (स्पेन वा स्पेनिश अमरिकामा) किल्ला, गढ, फौज रहने शहर (स्पे.) ।

presidium (प्रिसी'डिअम्) **ना.** विभिन्न साम्यवादी संस्थाको स्थायी समिति ।

press (प्रेस्) **ना.** घुइँचो, भीड, संकुल, कार्यभार, रुमलो, चटारो, अल्झो, झमेला, दबाव; थिच्ने, निचर्ने, या रस झिक्ने यन्त्र, पेषण यन्त्र, मुद्रण यन्त्र, छापाकल, छापाखाना; दराज, आलमिरा; **in the—** छपाइ हुन लागेको; **freedom of the–** छपाइको स्वतन्त्रता; **the—** अखबारहरू; **gutter—** तल्लो तहको पत्रकारिता; **yellow—** सनसनी फैलाउने लडाकू प्रवृत्तिको पत्रकारिता;**—agent** नाचघर, पात्र, ग्रन्थकार, इ. ले विज्ञापन र प्रचारलाई राखेको प्रचारक;**—conference** पत्रकार सम्मेलन;**—cutting** अखबार इ. बाट झिकिएको अनुच्छेद, इ;**— -gallery** विधान भवन, सभा, इ. मा पत्रकारहरूका लागि रहेको 'पत्रकार स्थल; (ऐति.) फौज वा नौसेनामा जबर्जस्ती भर्ना;**—gang** त्यसरी भर्ना गर्ने काममा नियुक्त गरिएका मनिसहरू;**—man** छापाखानाको कामदार;**—(of business)** (कामको) अलमल, झमेला ।

press (प्रेस्) **क्रि.** थिच्नु, अँठ्याउनु, जाँत्नु, चाप्नु, च्याप्नु, दाब्नु, सेप्नु, मिच्नु, पेल्नु, निचोर्नु, अचेट्नु, ढिपी गर्नु, ढेस्सिनु, दबाउनु, धकेल्नु, विन्ति गर्नु, जोर गर्नु, भीड गर्नु;**—ed वि.** नाकदम;**—ing वि.** जरूरी, अत्यावश्यक, आग्रही, पिरोल्ने, ढिपीदार;**—the button** विद्युत (यन्त्र) चालु गर्नु, (अलं.) निर्णायक प्रारम्भिक पाइला चाल्नु;**—button warfare** बटन दबाएर पथ नियंत्रित हुने मार्गदर्शी झटाराहरूद्वारा हुने बटनदाब लडाइँ; **क्रि.** (ऐति.) फौज वा नौसेनामा जबर्जस्ती भर्ना गर्नु; राजकीय वा सार्वजनिक प्रयोजनको लागि करबलले लिनु, ज. कि घोडा, डुङ्गा, भरिया, इ. ।

pressure (प्रे'श्र्) **ना.** पीडन, ऐंठ, ऐंच, बल, शक्ति, भार, प्रेरणा; थिचाइ, रूमलो, चटारो, लठारो, मिचामिच, दबाव, चाप; बाधा, क्लेश, कष्ट; रन्को, आग्रह, जरूरत; उच्चकोटिको व्यस्तता वा वेग; **atmospheric—** वायुचाप, वायुभार, वायुमण्डलको दबाव; **blood- —** रक्तचाप;**— -cooker** उच्च तापमानद्वारा बढी दबावमा पकाउने भाँडो;**— -cooking** त्यसरी पकाउनु;**—group** आफ्नै मतलबको लागि सरकार इ. मा दबाव पार्ने टोली; **high—** जोर लाउने दबाव;**—of work** धपेडी, बेफुर्सत ।

pressurize (प्रे'शराइज्) **क्रि.** (खा. ग. कृदन्तमा) वायुयान, (कुनै) कोठा, यस रीतसँग बनाउनु कि वायुचाप, तापमान, इ. यसरी नियंत्रित रहन्छन् जसबाट बिनाअक्सिजन उपकरण वा असुविधा उच्च अग्लाइको उडान सम्भव हुन्छ; प्रभावित गर्नु ।

Prester John (प्रेस्'टर् जॅन्) **ना.** मध्ययुगको कथित राजा, एबिसिनिया या अन्य पूर्वीय देशको ।

prestidigitator (प्रेस्टिडि'जिटेटर्) **ना.** चटकी, जादूगर, देखतभूली ।

prestige (प्रेस्टीझ्) **ना.** हुर्मत, मर्यादा, पति, इज्जत, आबरू, साख, धाक, गौरव, प्रतिष्ठा, रवाफ, शान, रोब; **loss of—** तेजोवध ।

presto (प्रेस्'टो) **वि.** र **क्रि. वि.** (संगी.) चाँडो; (चटकीको बोली) चाँडो, ज. कि **hey—!** **क्रि. वि.** छिटो, चटकी ।

presume (प्रिज्यूम्') **क्रि.** साहस गर्नु, उत्तर्सिनु, बढता हुनु, भनिठान्नु, ठान्नु, मान्नु, अनुमान गर्नु;**—upon** फाइदा उठाउनु, दुरुपयोग गर्नु ।

presumption (प्रिजम्प्'शन्) **ना.** तर्क, भावना, दर्प,

प्रागल्भ्य, धाष्टर्य, वढता, ढिठाइ, शेखी, अनुमान, सम्भाव्यता ।

presumptive (प्रिजम्प्'टिभ्) **वि.** आनुमानिक, अनुमानसिद्ध, सम्भावित; heir—अनुमानित उत्तराधिकारी (जसको हक अझ नजीकको उत्तराधिकारीको जन्म भएमा स्वतः जान्छ) ।

presumptuous (प्रिजम्प्'ट्यु (च्यु) अस्) **वि.** अति ढीठ, वढता, हठी, शेखीवाल, घमण्डी, उतर्सिने ।

presupp/ose (प्रीसपो'ज़्) **क्रि.** अगाडिवाटै अनुमान गर्नु, पूर्व कल्पना गर्नु; सूचना वा समावेश गर्नु;—osition (प्रीसपोज़ि'शन्) **ना.** पूर्वकल्पना, पूर्वानुमान ।

pretence (प्रिटेन्स्') **ना.** दावी; आडम्वर, महत्वाकांक्षा, यशोलिप्सा; निहुँ, व्याज, कपट, नकल, छल, मिथ्याहेतु, स्वाँग, देखावटी; वहाना, कुचुद्दे, विझो, लोकाचार, अर्घेलो, खेलाँची ।

pretend (प्रिटेण्ड्') **क्रि.** छल गर्नु, स्वाँग गर्नु, वूझ पचाउनु, मिथ्या दावी गर्नु, हक देखाउनु, (आ.) विवाहको प्रयत्न गर्नु; वूझ पचाउनु, देखौवा गर्नु, भान पार्नु, लोकाचार पार्नु, पार लाउनु;—(ignorance) वूझ पचाउनु ।

pretender (प्रिटेन्'डर्) **ना.** मिथ्या दावी गर्ने, छाझिक, कापटिक; नभएको दावी वा अधिकार खोज्ने; विलायतको राजा द्वितीय जेम्सको छोरा, नातिको हेलापूर्ण नाम Old, Young—।

pretension (प्रिटेन्'शन्) **ना.** मिखामिखङ्क, हक, दावी, न्यायोचित हक, आडम्वर, नाटीकुटी ।

pretentious (प्रिटेन्'शस्) **वि.** (व्यक्ति, पुस्तक, भाषण, इ.) वडप्पनको दावी गर्ने, आडम्वरी, धाक लाउने, धाकी, अभिमानी ।

preter (प्रीटर्—) **उ.** (ल्या०)=पर;—human मानवपर;—natural प्रकृतिपर;—sensual इन्द्रियपर ।

preterite,—it (प्रे'टराइट्) **वि.** र **ना.** (व्या०)—tense लङ्; भूत, परोक्ष ।

preterition (प्रिटरि'शन्) **ना.** लोप, वर्जन, त्याग, अतिक्रमण ।

pretermit (प्रिटर्मिट्') **क्रि.** छोड्नु, (कुनै तथ्य) नभन्नु, नगर्नु, लापरवाही गर्नु, (चलन, क्रिया) केही कालको लागि छोड्नु, (वेठी.) त्याग्नु, छोड्नु ।

pretest (प्री'टेक्स्ट्) **ना.** र **क्रि.** देखौवा कारण, निहुँ, विझो, खिचोला; **क्रि.** निहुँ झिक्नु, वात लगाउनु, दोष देखाउनु ।

pretone (प्री'टोन्) **ना.** स्वरित शब्दांशभन्दा अघिको पद ।

prettify (प्रि'टिफाइ) **क्रि.** सुन्दर वनाउनु, राम्रो पार्नु, नाटीकुटी राम्रोपनसंग प्रदर्शित गर्नु ।

pretty (प्रि'टि) **वि.**, **क्रि. वि.** र **ना.** राम्रो, छरितो, चारु, शोभन, रम्य, शोभनीय, मनोहर, रमणीय, फ्यान्सी, चित्त परेको, कलकलाउँदो, असल, (आ.) वेस, वलियो; **क्रि. वि.** वेसै, असल; (वो. चा.) राम्रो स्थितिमा; **ना.** गिलासको डोरा काटेको वा वुट्टासम्मको भाग;—·—ज्यादा सिंगारिएको, ज्यादा राम्रो गराएको;— -pretties सिंगारका खन्याक खुत्रुक;—tily राम्ररी, राम्रोसँग (आँखा, कान, वा सौन्दर्य रसास्वादन गर्ने क्षमतालाई आनन्दित गराउने,—tiness **ना.** सुकुमारी वा वाल्य सौन्दर्य, राम्रो चीज, गहना, इ.; साहित्य वा कलामा स्वाँगी या क्षुद्र सुन्दरताको शैली ।

pretzel, le—(प्रेट्'ज़ेल्) **ना.** एक प्रकारको वियरसँग खान मनपराइने जर्मन विस्कुट ।

preuse chevalier (प्रशेभ्यालिए') **ना.** वीर अश्वारोही; वीर अति शुद्ध योद्धा; शूरो निर्दोष वहादुर (फ्रे.) ।

prevail (प्रिभेल्') **क्रि.** जित्नु, हराउनु, मनाउनु, सामने आउनु, श्रेष्ठ हुनु, रहनु, अस्तित्वमा आउनु, चलती हुनु;—ing **वि.** प्रचल, चलेको;—valence **ना.** प्रचलन, प्रचार, आधिक्य, विगविगी;—valent **वि.** प्रचलित, प्रसिद्ध, चलतीको ।

prevaric/ate (प्रिभ्या'रिकेट्) **क्रि.** दोहोरो कुरा गर्नु, टार्ने कुरा गर्नु, छल गर्नु, वाङ्गो कुरा गर्नु;—ation **ना.** वक्रोक्ति ।

prevenient (प्रिभी'निअण्ट्) **वि.** अगाडिको, अग्रगामी, रोक्ने उद्देश्यको ।

prevent (प्रिभेण्ट्') **क्रि.** रोक्नु, छेक्नु, रोकथाम गर्नु, थाम्नु, निषेध गर्नु, प्रतिवन्ध लाउनु;—tion **ना.** प्रतिरोध, वचोट, रोक्का, निरोध, प्रतिकार, व्याघात, निवारण, छेकथाम;—ive **वि.** र **ना.** निरोधक, प्रतिवन्धक, हर, निवारक;—ive detention निवारक थुना; निरोधक, निवारक नजरबन्दी ।

preview (प्री'भ्यु) **ना.** र **क्रि.** सर्वसाधारणमा पेश हुने अघि फिल्म, चलचित्र, नाटक, पुस्तक, इ. को पूर्वसमीक्षा, पूर्वालोकन; **क्रि.** आम प्रदर्शनअघि हेर्नु ।

previous (प्री'भिअस्) **वि.** र **क्रि.** पूर्व, प्राग्भूत, भूत, पौर्विक, गत, अतीत, अघिको, गैसकेको; हडवडे;—ness पूर्वता, भूतता ; (संस.)—question मूल प्रस्तावमा मत लिइयोस् भन्ने प्रस्ताव (मूल प्रस्ताव पेश गर्नुपर्ने नगराउनाको लागि);—examination पूर्वपरीक्षा ।

previse (प्रिभाइज़्') **क्रि.** भविष्य देख्नु, भविष्य बोल्नु (घटना);—vision **ना.** पूर्वदृष्टि, दूरदृष्टि ।

prey (प्रे) **ना.** र **क्रि.** आहार, शिकार, (शत्रु, रोग, डर, इ. को) पञ्जामा पर्ने व्यक्ति; द्वन्द्ववाट वचाएर ल्याएको वस्तु (वा इ.); **क्रि.** शिकार वनाउनु, लुट्नु; (रोग, भावना, इ. ले) व्ययशील प्रभाव पार्नु; bird, fish, of—शिकारी ।

priapism (प्राइ'अपिज़्म्) **ना.** व्यभिचार, लाम्पट्य, व्यसनिता, स्त्रीसंगपरता; (रो. वि.) लिङ्गको हठी उन्नमन ।

price (प्राइस्) **ना.** र **क्रि.** दाम, मूल्य, मोल, वेसाहा, दरभाउ; **क्रि.** मोल लगाउनु, मोल तर्जुमा गर्नु;—list मूल्य सूची; long—हचुवा मोल, कुतौ (ग्रा.), महँगो दाम; cost—परल मोल; set a—on (one s) head (व्यक्ति) लाई जीउँदो वा मरेको फेला पार्नेलाई वकसको रकम घोषणा गर्नु; starting—(घोडाको) वाजी; what—(something)—खूव प्रचार भएको (कुरा) को असफलतालाई खिसी गर्ने ठट्टा;—(oneself) out of the market चौपट्ट वढी मोल लगाउनु;—d **वि.** तोकिएको मोल;—less अमूल्य,

अमोल; (अप.) रमाइलो, ज्यादै फजूल; what—(something) खिज्याउने बोली, केही कुरा बिग्रेमा भनिने ।

prick (प्रिक्) **ना.** चोप, तोदन, सूची, कण्टक, शूल; (ग्रा.) लिङ्ग, मुत्ने, लाँडो;—s of conscience ब्रह्मले पोल्नु; kick against the—s आफैँलाई हानि हुने गरी विरोध गर्नु;—ears ठाडो कान भएको कुकुर कत्रेको रौं पाल्ने व्यक्ति ।

prick (प्रिक्) **क्रि.** चुम्नु, रोप्नु, घोच्नु, घोप्नु, बिझाउनु, गड्नु, गाड्नु; (घोडा) ऐडी हान्नु; चिनु हाल्नु, (अलं.) तीखो पीडा पुऱ्याउनु, ज. कि my conscience—ed me; —up (one's) ears (कुकुर) कान ठाडो पार्नु; (व्यक्ति, अलं.) सावधान हुनु;—er घोच्ने यंत्र ।

pricket (प्रि'किट्) **ना.** दुई वर्षे मृग;—'s sister दुई वर्षे मृगी; मैनबत्ती अडाउने चुच्चे कीलो ।

prickle (प्रि'क्ल्) **ना.** र **क्रि.** बिरुवाको काँढा जस्तो चुच्चो, शल्य, दुम्सीको जस्तो काँढा; टोकरीको किसिम; **क्रि.** घोपेको चेतना हुनु;—ling घोप्ने, घोपेको ।

prickly (प्रिक्'लि) **वि.** काँढादार; (अलं.) रुट्टै रिसाउने वा चिढाउने व्यक्ति;—heat घमौरा; चाल्ने खटिरा, पानी खटिरा; —pear काँढादार नासपाती जस्तो खान हुने फलको रूख ।

pride (प्राइड्) **ना.** र **क्रि.** घमण्ड, गर्व, शेखी, अभिमान, अहमत्याइँ, शान, रोब, धाक, आव, तमक, तुजुक, दिमाग, ममता, गमकाइ, अहन्ता, टिरीं, टेक, माद; **क्रि.** (कर्मकर्तृवाच्य) —(oneself) on घमण्ड लिनु;—of place ठूलो ओहदा, त्यसको माद; proper—आफ्नू इज्जतको ख्याल; false—झूटो रवाफ; take—in घमण्ड गर्नु; उत्तम स्थिति, ज. कि—of grease (मृग इ. बारे);—of the morning सूर्योदयको तुवाँलो ।

prie-dieu (प्री डिउ) **ना.** (पूजामा) घुँडा टेक्ने खटिया; –chair तेर्सो पिढ्यूँ भएको घुँडा टेक्न सजिलो हुने मेच (फ्रे.) ।

priest (प्रीस्ट्) **ना.** पुरोहित, पादरी; high—पूजाहारी;—craft पौरोहित्य, पुरोहित्याइँ;—ess पुरेतनी, स्त्री पुरोहित;—ridden पण्डा, पुरोहितले ज्यादा दवाइएको;—ly **वि.** याजकीय, पौरोहित्यसम्बन्धी, पुरेत सुहाउँदो, पादरी लायक ।

prig (प्रिग्) **ना.** र **क्रि.** भाषा, नीति या आचारमा नियमनिष्ठ व्यक्ति; घमण्डी, वा निन्दोचर्चो, उपदेश, गरिरहने, साँचिलो; दम्भी, पाखण्डी; **क्रि.** (अप.) चोर्नु, हात लामू पार्नु ।

prim (प्रिम्) **वि.** र **क्रि.** (व्यक्ति, आचार, भाषा) औपचारिक, गम्भीर, धीर; (स्त्री) स्वाँगी, चेपारे; **क्रि.** स्वाँगी आचार गर्नु, (मुख, आकृति, ओठ, चिम्म पारेर) औपचारिक वा स्वाँगी भाव लिनु; चुइँकिनु, आडम्बर गर्नु ।

prema (प्री'मा) **वि.** (इटालियन) प्रथम (स्त्रीलिङ्ग);—donna (डो'ना) गीत नाट्यमा प्रथम स्त्री गायिका; (अलं.) चटपटे मिजास भएको, खा. ग. दर्जा कमाएकी अभिनेत्री ।

primacy (प्राइ'मसि) **ना.** श्रेष्ठता; आर्चविशपको पद ।

prima facie (प्राइ'मा फे'शी वा फे'शिई) **क्रि. वि.** र **वि.** सर्र हेर्दा (उत्पन्न), प्रथम दृष्टि (भावना) मा आधारित ज. कि.—case of murder; तत्काल प्राप्त प्रमाण (ल्या.) ।

primage (प्राइ'मेज्) **ना.** महसूलमा सयकडा वृद्धि, जहाज मालिक वा ठेकदारलाइ दिइने; दलाली; उमाल्नेबाट वाफमा जाने पानीको परिमाण ।

primal (प्राइ'मल्) **वि.** आद्य, आदिम, प्राक्कालीन, प्राथमिक, मौलिक, मुख्य, आधारभूत ।

primary (प्राइ'मरि) **वि.** र **ना.** आद्य, आदिम, मौलिक, मूलको; श्रेणीमाको प्रथम दर्जाको, ज. कि प्रथम स्वर, अर्थ, इत्यादि; मुख्य, प्रथम महत्वको; (भूतत्व.) तहको निम्नतम श्रेणी; (प्रा. वि.) विकासको प्रथम अवस्थाको; **ना.** प्रथम ग्रह, सभा, इ. चुनावमा खडा हुने उम्मेदवार छन्ने सभा;—amputation सूज देखापर्नें अगाडि गरिएको अङ्गच्छेदन;—education प्राथमिक शिक्षा;—planets सूर्यलाई केन्द्र मानेर सोझै उसको वरिपरी घुम्ने ग्रह;—battery विद्युत प्रवाह उत्पन्न हुने कोष ।

primate (प्राइ'मेट्) **ना.** आर्चविशप, यर्क र क्याण्टरबरीका आर्चविशप (विलायत);–s (ब. व.) स्तनपायीमध्ये उच्चतम जात, ज कि मानव, बाँदर, लंगूर, इ. ।

prime (प्राइम्) **ना.**, **वि.** र **क्रि.** चरम उत्तमताको अवस्था, सर्वोत्तम भाग, आदि, पूर्वभाग, दिनको प्रथम भाग, प्रातः; अभाज्य अङ्क; (र. शा.) यौगिक वा मिश्रणमा एकाङ्कीको रूपमा परमाणु; **वि.** मुख्य, सर्वोच्च, महत्वपूर्ण, पहिला दर्जाको (वस्तु वा रसद); उत्तम; आदि, आधारभूत; अभाज्य (ज. २, ३, ५, ७, ११, १३, ३१);—cost परल मोल;—mover चलशक्ति (प्राकृतिक वा यांत्रिक) को आदि स्रोत, (अलं. पनि) फलोत्पादक सूरुको स्रष्टा;—minister प्रधानमंत्री, मुख्तियार; **क्रि.** (बन्दूक, तोप) भर्नु; (पम्प चलाउनालाई) भिजाउनु; (अन्तरदहन यंत्र वा दाहक वा ढुंग्रोमा) पेट्रल पुऱ्याउनु; (व्यक्ति) वाकिफ गराउनु, जाँड रक्सीले भर्नु; (काठ) रंग नसोसिनाको लागि तेल वा रंगको प्रथम पत्र लगाउनु; (यंत्रको उमाल्ने) भाफसँग पानी धारारूपमा ढुंग्रोमा जान दिनु ।

primer (प्राइ'मर्, प्रि'मर्) **ना.** प्राथमिक पाठ्यपुस्तक, वर्णमाला, सानू प्रवेशिका; great, long—टाइपका विभिन्न नाप; कार्तोसको वारुद पड्काउने सानू ढुंग्रो वा केप ।

primero (प्राइमेअ्र्'ओ) **ना.** (ऐति.) दुई तीन सयवर्ष-अघि प्रचलित ताशको जुवा खेल ।

primeval,—aeval (प्राइ'मीभल्) **वि.** (विश्वको) आदिकालको, प्राचीन, प्रारम्भिक ।

priming (प्राइ'मिङ्) **ना.** बन्दूक हान्नालाई ककमा राखिने वारूद, फोर्नालाई राखिएको विस्फोटकलाई फ्यूजसँग जोर्ने बारूदको रेखी; जाँड, बियर, मा हाल्ने चीनीको परिकार; समाचार, वाकिफी इ. दिनु; भाटादेखि ज्वारसम्म लहरको गतिवृद्धि ।

primi/para (प्राइ'मिपारा) **ना.** पहिला बेते स्त्री वा पशु, एक गर्भिणी;—parous (प्राइमि'पारस्) **वि.** प्रथम प्रसवा ।

primitive (प्रि'मिटिभ्) **वि.** र **ना.** आद्य, आदिम, पूर्व,

प्राचीन, पुरानू खालको, सीधा, असभ्य, शुरू शुरूको सभ्यताको; मौलिक, प्राथमिक, (व्या.. शब्द) नैसर्गिक, व्युत्पन्न होइन; (रङ्ग) मौलिक; (प्रा. वि.) विकासको प्रथम वा शुरू शुरूको अवस्थामा देखापर्ने; **ना.** विद्याको पुनरुज्जीवनको समयभन्दा अगाडिको चित्रकार त्यस्तो चित्रकारको कृति ।

primo (प्रि'मो) **क्रि. वि.—**, secundo, tertio, इ. प्रथम, द्वितीय, तृतीय, इ. स्थानमा ।

primogenitor (प्राइमोजे'निटर) **ना.** आदिपुरुष, कुलपुरुष, आदिम पुरुखा; (खु.) पुरुखा ।

primogeniture (प्राइमोजे'निट्योअ्र्) **ना.** पूर्वजत्व, ज्येष्ठत्व, एकै बाबुआमाका सन्तानमा सबभन्दा जेठो हुने तथ्य; (right of)—जेठो पुत्रको हकदार हुने दावी, खा. ग. सम्पत्तिको प्रबन्ध नगरी मर्नेको सम्पूर्ण अचल सम्पत्ति जेठोमा जाने सामन्ती नियम ।

primordial (प्राइमॅअ्र्'डिअल्) **वि.** आद्य, आदिकालको, आदिम, प्राथमिक, प्राचीन, मौलिक, आधारभूत ।

primrose (प्रिम्'रोज़्) **ना.** वसन्ती, वसन्ती गुलाब; त्यसको रंग; भोगको बाटो; P—Day, League, बेञ्जामिन डिजरेली, ब्रिटिश प्रधानमंत्री,को मृत्युको जयन्ती, उनको स्मृतिमा खोलिएको राजनैतिक संस्था;—peerless दुई फुले गुनकेशरी ।

primula (प्रि'म्युला) **ना.** विभिन्न रङ्गका फूल भएको हरियो बिरुवा ।

primum mobile (प्राइ'मम् मो'बिले) **ना.** टोलेमिको ज्योतिषमा सबभन्दा बाहिरी डल्लो, जुन २४ घण्टामा आफूभित्र रहने सम्पूर्ण डल्लाहरूलाई लिएर एक पटक घुम्दथ्यो; (अलं.) गति वा क्रियाको मुख्य स्रोत ।

primus (प्राइ'मस्) **वि. र ना.** (विद्यालय) सोही नामको सबभन्दा पुरानिया वा जेठो विद्यार्थी, जस्तो: फलाना वा i; सोही रीतसंग secundus, ii; tertius, iii; quartus, iv; quintus, v; sextus, vi; septimus, vii; octavus, viii; nonus, ix; decimus, x;—inter pares, (ल्या. वाक्य), बराबरमध्ये प्रथम, साथीहरूको डफ्फाको जेठो वा सभामुख; स्कटल्याण्डमा पादरी; मटितेललाई भाफ बनाएर पकाउने चूल्हो वा स्टोभ ।

prince (प्रिन्स्) **ना.** (अचेल अलं.) सार्वभौम शासक; राजकुमार, अधिराजकुमार, रजौटा; मुख्य, (कुनै गुणमा) सबभन्दा श्रेष्ठ व्यक्ति; P—of Wales बिलायतको मुकुटका उत्तराधिकारीको दर्जा; P—consort बिलायतमा शासक रानीको पतिले, आफैं राजकुमार भएमा, पाउने दर्जा; P—of Denmark ह्यामलेट (शेक्सपियरको नाटकबाट);—bishop राजकुमार बिशप; P—Regent राजकुमार राजप्रतिनिधि;—Royal शासक राजाको जेठो छोरा, त्यस्तै Princess Royal; P—'s metal तामा र जस्ताको मिश्रण धातु;—dom राज्य, यौवराज्य;—ly **वि.** राजकुमारयोग्य, सुहाउने, रवाफिलो, भडकदार, शानदार ।

princess (प्रिन्'सेस्, प्रिन्सेस्') **ना.** राजकुमारी, मैयाँ, नृपात्मजा, भर्तृदारिका ।

principal (प्रिन्'सिपल्) **वि. र ना.** मुख्य, प्रधान, प्रमुख; (दाम) साउँ साँवा; **ना.** प्रमुख, मुख्य, शासक, (विद्यालय) प्रधानाध्यापक, प्राचार्य; मालिक, मुख्य; अपराधी (मुख्य वा प्रथम दर्जामा, कारणी मतियार वा दोस्रो दर्जामा); ऋणी, जसको निमित्त जमानी बसिन्छ; द्वन्दयुद्धमा भाग लिने; लगानी, मूलधन, राशि, पूँजी साँवा,—boy, girl प्याण्टोपाइम खेलमा मुख्य पुरुष, स्त्री, को अभिनय गर्ने अभिनेत्री ।

principality (प्रिन्सिप्या'लिटि) **ना.** राष्ट्र, राजकुमारद्वारा शासित प्रदेश, राज्य; the P—वेल्स; (ब. ब.) देवदूतको एक वर्ग ।

Principally (प्रिन्'सिपलि) **क्रि. वि.** मुख्यत: ।

principate (प्रिन्'सिपेट्) **ना.** (रो. इ.) प्रारम्भिक सम्राटहरूको शासन, जब कोही गणतंत्रात्मक विधिहरू कायम रहन्थे; राजकुमारद्वारा शासित प्रदेश, राज्य ।

principle (प्रिन्'सिप्ल्) **ना.** मूल तत्व, आधारभूत स्रोत; युक्तिको आधारको रूपमा सिद्धान्त; (भौ. शा.) साधारण नियम (धे. ज. आविष्कारकको नामसँग); आचरणको पथप्रदर्शकको रूपमा साधारण नियम; in—सिद्धान्तरूपमा; (ब. व. र सामूहिक ए. व.) योग्य आचरणको व्यक्तिगत संहिता, ज. कि. a man of high—s; on—स्थिर नैतिक अभिप्रायबमोजिम; यंत्रको चालमा अन्तर्भूत प्राकृतिक नियम; (र. शा.) कुनै वस्तुको अङ्गभूत, खा. ग. जसले कुनै खास गुण, इ. दिन्छ, ज. कि. bitter, colouring—तिक्तता, रङ्ग इ. ।

prink (प्रिङ्क्) **क्रि.** (आफूलाई) छिटो छरितो हुनु, सिंगारिनु, टिम्किनु, मस्किनु, फुर्फुरिनु; (चरा) चुच्चोले प्वाँख मिलाउनु ।

print (प्रिण्ट्) **ना. र क्रि.** छाप, छिट, छापा, (फोटो.) (तसवीरको) छापा; finger—औंठाछाप; foot—पैतालाको डाम; in—छापामा, बिक्रीमा; out of—सिद्धिएको (पसलहरूमा), बिकिसकेको; rush into—अपर्याप्त तयारीमा किताब प्रकाश गर्नु, वा लेख छाप्नु; छापा तसवीर, ब्लक;—hand, letter, छापा जस्तो अक्षर;—seller चित्राङ्कन इ., को व्यापारी;—-shop उसको पसल;—-works छिट प्रस्तुत गर्ने पसल; **क्रि.** छाप्नु, दबाउनु, मुद्रण गर्नु, छपाउनु; छिट्नु, (कपडामा) छाप्नु, छिप्नु; (फोटो.) नकारात्मक ऐना, फिल्म, बाट प्रकाश छिराई प्राकृतिक (पजिटिभ) तसवीर छाप्नु;—ed **वि.** मुद्रित;—er **ना.** मुद्रक, छापाखानाको मालिक, छाप्ने कल;—'s devil (ऐ.) छापाखानाको सिपाही वा पाले, (अचेल) मुद्रणमा गलती गराउने अपरिचित व्यक्ति, सम्भवत: कम्पोजिटर (अक्षरयोजक), वा प्रूफरीडर (वाचक);—'s mark व्यापार चिन्ह, अंक, चिन्ह;—ing **ना.** छपाइ;—-ink,—-press छाप्ने मसी, छाप्ने कल ।

prior (प्रा'यर्) **ना., वि. र क्रि. वि.** मठ, विहारको अध्यक्ष, महन्त; **वि** पूर्व, अग्न्य, आदि, पौर्विक, पहिलेको, अघिको; समय, दर्जा वा महत्वमा अघि;—to अघि;—ity **ना.** प्राथमि-

कता, अग्राधिकार; first, top,—ity श्रेष्ठ अग्राधिकार, चूडान्त प्राथमिकता ।

priory (प्रा'यरि) **ना.** मठ, विहार, मठाधीश, महन्तिनी, ले शासित मठ; सङ्घ ।

prise (प्राइज़्) **क्रि.** उत्तोलनद्वारा विर्को उचाल्नु, खोल्नु ।

prism (प्रिज़्म्) **ना.** समपार्श्व, क्रकचायत; (**खु.**) समपार्श्वबाट वर्तन हुँदा उत्पन्न हुने वर्णपट; (**व. व.**) वहुवर्णीय रंग; — -glasses, binoculars समपार्श्व द्विनेत्री दूरवीन; prunes and—स्वाँग गरेर बोल्ने ढाँचा, तोते बोलीको ढाँचा ।

prismatic (प्रिज़्म्य'टिक्, प्रिज़्म्या'टिक्) **वि.** समपार्श्वी, क्रकचायताकार;—compass समपार्श्वी हस्त कम्पास यन्त्र;—powder समपार्श्वाकार गेडा भएको बारूद; (रंग) पारदर्शक समपार्श्वद्वारा वनेका वा फिंजाइएका अनेक रंग: उज्ज्वल (पनि); the—colours समपार्श्वद्वारा छुट्टिने सात रंग: Prismy **वि.** वहुवर्णीय या उज्ज्वल ।

prismoid (प्रिज़्'म्वायड्) **ना.** समपार्श्व जस्तै तर केही फरक भएको वस्तु, छेदित घन क्षेत्र ।

prison (प्रि'ज़न्) **ना.** र **क्रि.** कैदखाना, जेल, झ्यालखान, कारागार, कैदघर, हिरासत, खोर, वन्दीगृह; **क्रि.** (क०) थुन्नु, जेल हाल्नु;—bird=gaol-bird थुनुवा, झ्यालखाने;—breaking जेल तोड्ने, भाग्ने;—breaker भगुवा;—house (अलं.) वन्दीगृह;—er (प्रिज़्'नर्) **ना.** कैदी, थुनुवा, झ्यालखाने;—er of state, state—er राजबन्दी; —er of war (P. O. W.) युद्धबन्दी ।

pristine (प्रिस्'टाइन्) **वि.** प्राचीन, आद्य, पूर्वकालीन, पुरानू र असल ।

prithee (प्रिदी') **वि. बो.** (आ.) कृपासाथ, दयाले;—tell me भन्नुस् न !

privat-docent,-zent (प्रिभाट्' डोट सेण्ट्') **ना.** (जर्मन विश्वविद्यालयहरूमा) विश्वविद्यालयको कर्मचारी सूचीमा नरहे पनि स्वीकृत निजी प्राध्यापक (जर्मन) ।

private (प्राइ'भेट्) **वि.** र **ना.** (व्यक्ति) सार्वजनिक पद वा आधिकारिक दर्जा नभएको, निजी, वैयक्तिक,—(soldier) सिपाही; निजी, स्व, व्यक्तिगत; गोप्य, गोपनीय, गुह्य; (ठाउँ) एकलास, शून्य; बन्द, (खुला नभएको), आमजनताको प्रवेश नभएको; आम जनताबाट टाढा राखिएको, पर सारिएको;—view आम प्रदर्शनअगाडि, खा. ग. चित्रप्रदर्शन,—eye खुफिया, चर, डिटेक्टिभ;—parts गुह्य, उपस्थ;—protector क्रिकेटमा लाउने रक्षक;—school मालिकको नाफाको लागि स्थापित; व्यक्तिगत, स्वीय, समुदायलाई नछुने, ज० कि—malice व्यक्तिगत द्वेष.—bill, act (सं स.) व्यक्ति वा निगमलाई प्रभाव गर्ने; in—एकान्तमा, गोप्य रीतले; **ना.** (व. व.) गुह्य, उपस्थ; privacy (प्राइ'(प्रि')भेसि) **ना.** विजन, एकान्त, शून्यता, गुप्तता, पर्दा, समाज वा आमरुचिबाट टाढा, प्रचारको बहिष्कार ।

privateer (प्राइभटिअर्') **ना.** दुश्मनको व्यापारिक जहाज, इ. लाई पकडिन वा हानि पुर्‍याउन नियुक्त भएको (कुनै देशको) हतियारसहितको लडाकू जहाज ।

privation (प्राइभे'श्न्) **ना.** हानि, अनुपस्थिति, कष्ट, दु:ख, जीवनका आवश्यक वस्तुहरू वा सुविधाहरूबाट वञ्चना; सकस, यातना; मर्का, सासना, गोता ।

privative (प्रि'भेटिभ्) **वि.** हानिकर, क्षयकर, अभावात्मक; (शब्द, पद) गुणको अभाव बुझाउने ।

privet (प्रि'भिट्) **ना.** झाडी लगाउने हरियो विरुवा, सानू सेतो फूल र कालो दाना फल हुने ।

privilege (प्रि'भिलिज्) **ना.** र **क्रि.** विशेषाधिकार, सहुलियत, अधिकृति, गौरव, सुविधा, हक, राहित्य, छुटकारा, (जो व्यक्ति, वर्ग वा पदमा निहित रहन्छ);—of Parliament विशेषाधिकार; breach of—सोको उल्लंघन; **क्रि.** (व्यक्तिलाई) विशेषाधिकार प्रदान गर्नु, छुटकारा दिनु (वोझबाट) ।

privity (प्रि'भिटि) **ना.** (का.) संसर्ग, सम्पर्क; दुई थरीका बीचको कानूनको मान्यता प्राप्त गरेको सम्वन्ध, ज. कि नाता, पट्टा, नोकरी; सहज्ञान, थाहा, भास ।

privy (प्रि'भि) **वि.** र **ना.** लुकेको, एकान्त, गुप्त, गोपनीय; —to जान्ने, जानकार, गुह्यमा लिइएको;—parts उपस्थ, जननेन्द्रिय; P—Council गूढ सभा, राजसभा;—Councellor,—cillor गुप्त सल्लाहकार, गूढ सभा, राजसभा, इ. को सदस्य;—purse राजस्वबाट राजाको निजी खर्चको लागि दिइने भत्ता; सोको हाकिम;—seal (राजाको) छाप; **ना.** चर्पी, शौचस्थान ।

prize (प्राइज़्) **ना.** र **क्रि.** पारितोषिक, बकस, इनाम, खिल्लत; रत्न, बहुमूल्य वस्तु, युद्धजित धन वा द्रव्य, जयलाभ; लडाइँमा पकडिएको जहाज, माल, इ.;—ox, poem इ. प्रतिस्पर्धामा इनाम पाउने, उत्तम;—fight पैसाको लागि मुक्का खेल;—man पुरस्कार विजेता;—ring मुक्का खेलको अखाडा; —court (लडाइँमा फेला परेको जहाज, माल सामान, इ० को बारेमा निर्णय गर्ने) विशेष अदालत;—money पकडेको मालको बिक्रीबाट उठेको दाम; make—of (माल, जहाज) पकडिनु; (अलं.) कल्याणधन, (पाएको) पेवा; **क्रि.** (prise पनि) आदर गर्नु, धेरै मूल्य लगाउनु; पक्डेर युद्धजित बनाउनु; उत्तोलनबाट विर्को, ढकना, उचाल्नु; **ना.** उत्तोलन, यांत्रिक सुविधा ।

pro (प्रो) **उ.** र **ना.** —bono publico आमहितको लागि; —forma औचित्यको लागि;—hac vice यो मौकाको लागि मात्र,—rata अनुपातबमोजिम;—re nata जस्तो जस्तो पर्छ; —tanto यस हदसम्म;—tempore अस्थायी, कुनै समयसम्म; **ना.** (छो. क.) पेशावर=professional; (प्रारम्भिक उ.)=प्र, अग्रे, पत्त लिने,—negro निग्रो पक्ष लिने,—slavery दासत्वको समर्थन गर्ने ।

proa (प्रो'अ) **ना.** (मलेय) पालदार मलेयाको डुङ्गा ।

pro and con (प्रो अ्याण्ड कॅन्) **क्रि. वि.** र **ना.** पक्ष विपत्त, दुवैतिरको; **ना.** (व. व.) पक्ष विपक्षका युक्तिहरू;

स्वपक्ष र विपक्ष; राजी विराजी ।

probabiliorism (प्रॅबवि'लिअरिज़्म्) **ना.** (रोमन क्याथलिक वहस) प्रमाणवाद ।

probabilism (प्रॅबविलिज़्म्) **ना.** आर्षोक्तिवाद; व्यावहारिक जीवनलाई पुग्ने विश्वासको सिद्धान्त ।

probability (प्रॅबवि'लिटि) **ना.** संभाव्यता; in all— संभाव्य, हुन सक्ने; सबभन्दा सम्भव घटना; (गणित) सम्भाव्यता, सम्भावना ।

probable (प्र'बब्ल्) **वि.** र **ना.** भाव्य, हुन सक्ने, साँचो हुन आउन सक्ने; **ना.** सम्भाव्य उम्मेदवार, सदस्य, छनाइ, इ. ।

probang (प्रो'व्याङ्) **ना.** (शल्य चिकित्सकको) घाँटीभित्र हाल्ने औजार ।

probate (प्रो'बेट्) **ना.** मृतलेख प्रमाण, वसीयतनामाको अदालतद्वारा स्वीकृति; मृतलेखको भिडाएको नकल, जो उत्तर साधकलाई दिइन्छ;—duty मरुवाको सम्पत्तिमा लाग्ने कर ।

probation (प्रवे'श्न्) **ना** परीक्षणकाल, परीक्षावधि, नैतिक जाँच वा अनुशासन; खा. ग. केटाकेटी अपराधीहरूलाई थुनाको अवधिभित्रै कुनै अधिकारीको नियंत्रणमा रहने गरीको छुटकारा;—ary **वि.** परीक्षणकालको, परीक्षा हुन लागेको;—al परीक्ष्यमाण, परीक्षा हुन लागेको;—er **ना.** परीक्षण अवधिभित्रको व्यक्ति, नवशिष्य, ज. कि तालीमको शुरूमा अस्पतालकी नर्स या सेविका; परीक्षावधिमा रहेको अपराधी ।

probative (प्रो'वेटिभ्) **वि.** प्रामाणिक ।

probe (प्रोब्) **ना.** र **क्रि.** शलाका, सुत्लो, घोचो, सुइरो, सियो; (अलं.) जाँच पडताल; **क्रि.** जाँच्नु, अनुसन्धान गर्नु, अन्वेषण गर्नु, खोजपत्ता गर्नु; खुट्याउनु ।

probity (प्रॅ'विटि) **ना.** शुचिता, वैमल्य, ईमानदारी, सत्यता ।

problem (प्रॅब्'लेम्) **ना.** समस्या, प्रश्न, सवाल, (ज्या.) संपाद्य, निर्मेय; (भौ० शा०, गणि०) वर्तमान परिस्थितिबाट कुनै तथ्य, फल वा नियमको अनुसन्धान र अन्वेषण, समस्या; (बुद्धिचाल) गोटीहरू कुनै तरीकासंग राखी तोकिएको फल निकाल्ने खेल;—atic (al) **वि.** सन्दिग्ध, अनिश्चित, वैकल्पिक;—(at) ist समस्या (खा. ग. बुद्धिचालको) रचयिता ।

probos/cis (प्रबॅ'सिस्) **ना.** प्रोथ, हात्तीको सूँड, लामू चुच्चे थुतुनो (पशुको); कोही कीराको लाम्चो थुतुनो; कुनै कीराको चुस्ने अङ्ग; (ठ) मानवी नाक;—monkey च्यूँडोभन्दा बाहिर निस्केको नाक भएको;–cidean,—cian **वि.** लामू नाक भएको, प्रोथी, हात्ती र उसका लोप भएका साथीहरूको स्तनपायीवर्ग;—cidiferous,—cidiform **वि.** शुंडी, प्रोथी ।

procedur/e (प्रसी'ड्योअर्) **ना.** मेलो, मेलोमेसो, कारवाई, कार्यविधि, व्यवहारविधि, परिपाटी, प्रणाली, कार्यपद्धति, क्रिया, क्रियारीति;—al **वि.** कार्यिक ।

proceed (प्रसीड्') **क्रि.** बढ्नु, अघि बढ्नु, चल्नु, चालू राख्नु;—against मुद्दा चलाउनु;—ing **ना.** काम, आचार, पुर्पक्ष, कारवाई; (ब. व.) कार्यविवरण; judicial, legal, —ings अदालती कारवाई ।

proceeds (प्रो'सीड्स्) **ना.** (ब. व.) उत्पादन, फल, लाभ, नाफा, प्राप्ति, कमाइ, उठती, आएको रकम ।

process (प्रो'सेस् , प्रॅ'सेस्) **ना.** र **क्रि.** प्रगति, क्रम, रीति, तरीका, परिपाटी, क्रिया, प्रक्रिया, विधि; (श. वि., पशु., वन.) डल्लो, उन्नाह, आँकुरो, गाँठो; **क्रि.** खोदाइ बाहेक अन्य प्रकारसंग बनेको ब्लकबाट छाप्नु; (खाने कुरा) विशेष तरीकासंग बनाउनु; जुलूसमा हिंड्नु; (कागतपत्र, काम, इ.) कारवाईमा राख्नु, रहनु; कुनै (खा. ग. प्राविधिक) क्रिया गर्नु, चालू राख्नु; (फिल्म) धुनु;—ion **ना.** जुलूस; wedding-ion जन्ती, बरात; (अलं०) कम प्रतिस्पर्धा भएको दौड;—ional **क्रि.** यात्रारूप;—ionist **ना.** जुलूसमा हिंड्ने, यात्रागामी, बराती, जन्ती ।

procés verbal (प्रोसे'भेअर्वाल्') **ना.** कारवाहीको लिखित प्रतिवेदन; कार्यविवरण ।

prochronism (प्रो'क्रनिज़्म्) **ना.** यथार्थ मितिभन्दा घटना, इ० लाइ अघिको मितिमा निर्देश गरिने काम ।

pro/claim (प्रक्लेम्') **क्रि.** घोषणा गर्नु, विज्ञापन गर्नु, प्रकाश गर्नु, प्रकट गर्नु, अपराधी घोषित गर्नु, (राजा) आरूढ भएको अधिकारिक जनाउ गर्नु; बन्देज लगाउनु;—clamation **ना.** घोषणा, ख्यापन, इश्तिहार; प्रकाशन;—clamatory **वि.** घोषणा गर्ने ।

proclitic (प्रक्लि'टिक्) **वि.** र **ना.** (व्या०) पछि आउने शब्दमा जोरिने (पद) ।

proclivity (प्रक्लि'भिटि) **ना.** प्रवृत्ति (कुनै काम, या बानी, खा. ग. खराबपट्टि) ।

proconsul (प्रोकॅन्'सल्) **ना.** (रो. इ.) रोमन प्रदेशको हाकिम, शासक; (अलं०) अर्वाचीन उपनिवेशको शासक ।

procrastinate (प्रक्र्यास्'टिनेट्) **क्रि.** विलम्ब गर्नु; टाँग्नु, विक्षेपण गर्नु, ढिलाइ गर्नु, सुस्ती गर्नु, टार्नु, आलटाल गर्नु;—nation **ना.** दीर्घसूत्रता, व्याक्षेप, आलटाल, अलगर्जीपना, कालयापन;—**nator** **ना.** दीर्घसूत्री, अल्छी ।

procreat/e (प्रो'क्रिएट्) **क्रि.** जन्माउनु, उत्पन्न गराउनु, पाउनु; ion **ना.** प्रसव, प्रसूति, जनन;—ive **वि.** जनक, उत्पादक, जनयिन्;—or **ना.** जनक, उत्पादक ।

procrustean (प्रक्रस्'टिअन्) **वि.** बलद्वारा एकरूपता ल्याउन खोज्ने, सो प्रवृत्ति भएको ।

proctor (प्रॅक्'टर्) **ना.** (वि. वि.) विभिन्न अधिकार भएका अधिकारी ।

procumbent (प्रकम्'वेण्ट्) **वि.** घोप्टो, लम्पसार; (व०) भुँमा फैलिने ।

procur/e (प्रक्योअर्') **क्रि.** यत्नसाथ गराउनु, प्राप्त गर्नु; (आ०) हुने गराउनु; लमी बन्नु वा हुनु;—ation **ना.** प्राप्ति, पाउनु, गराउनु; ऋण उपलब्ध गराएको दलाली; कुट्नी

वा लमीको पेशा वा अपराध;—ator (प्रॅ'क्युरेटर्) **ना.** (रो० इ०) वित्तीय अधिकारी; वारिस, मुनीम; इटलीका कुनै सहरमा म्याजिस्ट्रेट; – ment **ना.** प्राप्ति;—ment officer प्रापक;—atory **ना.** वारिसनामा, अर्काको मोख्तार हुने लिखित पत्र;—atrix (प्र'क्युरेट्रिक्स्) **ना.** स्त्रीहरूको मठमा संसारी कामकाज गर्ने वासिन्दा;–er **ना.** अर्काको कामवासनाको तृप्तिको लागि भाडा लिने लमी; कुट्टनी, कत्थक. पीठमर्द ।

prod (प्रॅड्) **क्रि.** घोच्नु, चुच्चो परेको घोचो, लठ्ठी, ले घोच्नु; (अलं०) काममा घचेट्नु; **ना.** घोचाइ, ठेस ।

prodelision (प्रोडिलि'ज़न्) **ना.** आदि स्वरको अनुच्चारण वा लोप ।

prodigal (प्रॅ'डिगल्) **वि.** र **ना.** अमितव्ययी, बहुव्ययी, फुक्का हाते, हुरदंग्या, उडाउने, अतिखर्ची; – son पश्चात्तापी पापी वा अपराधी, घर फर्केको फिरन्ता; –ity **ना.** अतिव्यय, अपचय, – ize **क्रि.** अति खर्च गर्नु ।

prodigious (प्रडि'जस्) **वि.** अचम्मको, आश्चर्यमय, अतिबृहत्, असामान्य ।

prodigy (प्रॅ'डिजि) **ना.** महाश्चर्य, खा. ग. प्रकृतिभन्दा बाहिरको, विलक्षण चीज, अद्भुत उदाहरण (कुनै गुणको); आश्चर्यमय गुण सम्पन्न व्यक्ति, खा. ग. अकाल प्रौढ बालक; कुदरत ।

prodrome (प्रॅ'ड्रोम्) **ना.** प्रारम्भिक पुस्तक, प्रस्तावना; (भैष०) शुरूको लक्षण ।

produce (प्रॅ'ड्यु स्) **ना.** उपज, उत्पादन, बाली, बालीनाली, पैदायस, फल (मेहनतको) ।

produce (प्रड्यू स्') **क्रि.** पेश गर्नु, दाखिल गर्नु; उपजाउनु, बढाउनु, लम्ब्याउनु (रेखा, इ०); उत्पादन गर्नु; (बच्चा) उत्पन्न गर्नु, पाउनु, ब्याउनु ।

producer (प्रड्यू'सर्) **ना.** उत्पादक, (सिनेमा) चलचित्रको सबै जिम्बा लिने (अभिनय बाहेक) उत्पादक ।

product (प्र'डक्ट्) **ना.** उत्पादन, उत्पत्ति, परिणाम, फल, गुणनफल; (र० शा०) वस्तुमा शुरूमा नरहेको, तर त्यसको विच्छेदनमा बन्ने यौगिक,—ion (प्रड'क्शन्) **ना.** उत्पन्न गर्ने, पूरा उपज; उत्पादित वस्तु, खा. ग साहित्यिक वा कलाकृति ।

productiv/e (प्रडक्'टिभ्) **वि.** उत्पादक, उत्पन्न गर्ने, (राज० अर्थ०) विनिमय हुने मूल्यको वस्तु उत्पन्न गर्ने; प्रचुर उत्पादन हुने;–ity **ना.** उत्पादकत्व; उत्पादन गर्ने क्षमता, उत्पादन गर्ने अवस्था; प्रतिमानव-घण्टामाको उत्पादन दर, (खु०) धन उत्पादन ।

proem (प्रो'इम्) **ना.** प्रस्तावना, उपोद्घात, प्राक्कथन, प्रारम्भ, शुरूआत ।

profane (प्रफेन') **क्रि.** बिटुल्याउनु, पवित्र कुरालाई हेला वा बेवास्तासंग व्यवहार गर्नु; बिगार्नु, बिटुलो गर्नु ।

profess (प्रफ़ेस्') **क्रि.** प्रतिज्ञा गर्नु, भन्नु, दावी गर्नु, बहाना गर्नु, पेशा लिनु, (विषय) पढाउनु, प्राध्यापकको काम (अध्यापंन) गर्नु;–ed (प्रफ़ेस्ट्') **वि.** स्वीकृत, प्रकाशित, घोषित, कहिएको, नामूद, व्यक्त; रीतपूर्वक ल्याकत वा योग्यता प्राप्त गरेको दावी गर्ने ।

profession (प्रफे'शन्) **ना.** वक्तव्य, उक्ति, अङ्गीकार, (धर्मको अवलम्बी भन्ने) ज्ञापन; व्यवसाय, रोजगार, पेशा, हुनर, इलम, वृत्ति, धन्धा, खलो; the learned—s धर्म, ऐनकानून, भैषज्य; यस्तो पेशामा संलग्न मानिसको समूह; (नाटक०, अप०) अभिनेतावर्ग;—al (प्रफ़े'शनल्) **वि.** पेशावर, पेशैनी, रोजगारी, इलमी; पैसाको लागि (कुनै खेल खेल्ने, इ०) ज. किं.—al cricketer, golfer, छो. क. pro; –al etiquette पेशाका नियमहरू जो पेशावरहरू सबैले मान्ने गर्छन्;—alism **ना.** पेशाका गुण, छाप; पेशावर व्यक्तिलाइ काममा लगाउने चलन ।

professor (प्रफे'सर) **ना.** प्राध्यापक, शास्त्राचार्य, (महाविद्यालय, वि० वि०, हरूमा), छो. क. prof.; प्राचार्य ।

proffer (प्रॅ'फर्) **क्रि.** र **ना.** अर्पनु; अर्पण गर्नु, प्रदान गर्नु, दिनु, चढाउनु; **ना.** भेट, दान, उपहार, प्रस्ताव ।

profici/ent (प्रफि'श्ण्ट्) **वि.** र **ना.** सिपालु, विशेषज्ञ, पोख्त, कुशल, निपुण, प्रवीण, पारंगत;—ency **ना.** सीप, कौशल, दखल, खूबी ।

profile (प्रो'फील् ,–फाइल्) **ना.** र **क्रि.** खा. ग. मानवी मुखको छेउपट्टिबाट रेखाचित्र, छायाचित्र वा अन्य प्रदर्शन; छेउबाट देखिएको जस्तो गरी खिचिएको; (पत्र०) छोटो जीवन चरित्र वा स्वभाव चित्रण; रङ्गमञ्चमा रहने च्याप्टो दृश्य; **क्रि.** छेउपट्टिबाट प्रदर्शन गर्नु, (केही वस्तुलाई) पार्श्वरूप दिनु ।

profit (प्रॅ'फिट्) **ना.** र **क्रि.** नाफा, मुनाफा, हित, खुदो, लाभ, सुविधा, फाइदा;—and loss account (स्रेस्ता०) नाफा, खर्च देखाउने हिसाब, नाफा नोक्सान;—sharing योजक र कर्मचारीमा नाफा बाँडिने प्रबन्ध; **क्रि.** लाभ हुनु, सुविधाको हुनु; (व्यक्ति) लाभ हुनु वा सहायता प्राप्त गर्नु; gross—जम्बा मुनाफा ।

profitable (प्रॅ'फिटेब्ल्) **वि.** लाभदायक, हितकर, स्वास्थ्यकर, नाफा दिने ।

profiteer (प्रॅफिटिअर्') **क्रि.** र **ना.** नाफाखोरी गर्नु, ज्यादा नाफा झिक्नु, खा. ग. राष्ट्र र दुनियाको मुश्किलबाट कुम्ल्याउनु, ज्यादा फाइदा झिक्नु; **ना.** नाफाखोर ।

proflig/ate (प्रॅफ्'लिगेट्) **वि.** र **ना.** कामुक, दुर्व्यसनी, नादान, नाथे, अति खर्चिलो; नाठो;–acy **ना.** दुराचार, भ्रष्टता, भोगासक्ति ।

pro forma (प्रो फ'अर्मा) **क्रि. वि.** र **वि.** औपचारिताको लागि (गरिएको), विधि पुऱ्याउनाको लागि ।

profound (प्रफाउण्ड्') **वि.** र **ना.** गाढ, प्रगाढ, यथाकृति, भित्री, आन्तरिक, गहीरो, गहन, गूढार्थ, दुर्बोध; **ना.** (कवि०) समुद्र, भविष्य, आत्मा, इ० को अगाध गाम्भीर्य ।

profundity (प्रफन्' डिटि) **ना.** गाम्भीर्य, अगाधता, घनता, गाढता, गहनता, गूढता, गहिराइ ।

profus/e (प्रफ्यूज् (स्)') **वि.** प्रचुर, वहुल, अपरिमित, विपुल, अत्यधिक, व्ययशील, खलखल –ion **ना.** वाहुल्य, प्राचुर्य. छेलोखेलो, लेदामार, लटरम्म, लहलह, मनग्य ।

prog (प्रॅग्) **ना.** (अप०) यात्रा वा सफरलाई खानेकुरा, भोजन, (वि० वि० का) प्रक्टर, अधिकारी ।

progenitive (प्रजे'निटिभ्) **वि.** सन्तान उत्पन्न गर्न सक्ने, त्यससँग सम्बन्धित ।

progenitor (प्रजे'निटर्) **ना.** पितृ, पुरुखा, पूर्वज, (अलं०) राजनैतिक वा बौद्धिक अग्रगामी, गुरु; नकलको सकल ।

progeniture (प्रजे'निट्योर्) **ना.** सन्तान, सन्तानोत्पादन ।

progeny (प्रॅ'जेनि) **ना.** सन्तान. संतति, कुल, वंश, वालवच्चा; (अलं०) नतीजा, फल ।

proglottis (प्रग्लॅ'टिस्) **ना.** फित्तेजुकाको भाग, खण्ड ।

prognathous (प्रॅग्'न (ने) थस्) **वि.** वाहिर निस्केको च्यूँडो, वङ्गारा, भएको; (च्यूँडो) निस्केको ।

prognos/is (प्रॅग्नो' सिस्) **ना.** शकुन, लक्षण. खा. ग. (भैष०) रोगको निदान र सम्भव गति; –tic **ना.** र **वि.** पूर्वसूचना, शकुन, लक्षण, भविष्यवाणी, अग्रसूचना; **वि.** अघिवाट देखाउने, अग्रसूचना गर्ने, लाक्षणिक;–ticate (प्रॅगनॅस्'टिकेट्) **क्रि.** भविष्यवाणी गर्नु, जनाउनु, सूचना गर्नु ।

programme,-am (प्रो'ग्र्याम्) **ना.** र **क्रि.** कार्यक्रम, परिपाटी, घटनाक्रम; **क्रि.** कार्यक्रम मिलाउनु, घटनाक्रम निरूपण गर्नु ।

progress (प्रो'ग्रिस्) **ना.** र **क्रि.** प्रगति, अगाडिचाल, गतिविधि, वृद्धि, वढती, उन्नति, प्रसार, विकास; (आ०) सवारी, यात्रा; (प्रग्रेस्') **क्रि.** अघि वढ्नु, चल्नु, चलाउनु, विकास गर्नु, प्रगति गर्नु ।

progression (प्रगे'श्न्) **ना.** वृद्धि, (गणि०) श्रेणी, श्रेढी; –ist **ना.** विकासवादी, वृद्धिवादी ।

progressive (प्रग्रे'शिभ्) **वि.** र **ना.** प्रगतिशील; क्रमिक वृद्धियुक्त; सामाजिक स्थिति, स्वभाव, कार्यकुशलता, इ० मा वढ्दै जाने; (रोग) वढ्ने; **ना.** सुधार वा प्रगतिको समर्थक;—ly **क्रि. वि.** क्रमशः ।

prohibit (प्रहि'विट्) **क्रि.** रोक्नु, मनाई गर्नु, हटक लगाउनु, रोका गर्नु, वन्द गर्नु, हड्कनु;—ion (प्रोहिवि'श्न्) **ना.** परहेज, हटक, वारना, वन्देज, मनाई, निषेध, प्रतिषेध, प्रतिवन्ध, रोकटोक, रोकथाम, रोका;—ed relationship हाडनाता ।

prohibit/ive (प्रहि'विटिभ्) **वि.** रोक्ने, कुनै वस्तुको चलन, खरीद, वा कुचलन रोक्ने किसिमको, कडा, महँगो;—ory **वि.** निषेधक, निवारक, प्रतिषेधी;—order निषेधाज्ञा ।

project (प्रजेक्ट्') **क्रि.** र **ना.** योजना गर्नु; फ्याँक्नु, हुत्याउनु, वाहिर निस्कनु, प्रक्षेप गर्नु, घुइँक्याउनु, प्रत्यालेख गर्नु, (अध्या०) दूरस्थ अर्काले आफूलाई देख्ने गरी प्रत्यालेख गर्नु; प्रकाश प्रक्षेपण गर्नु; (अलं०) भावनालाई मूर्तरूप लिन लगाउनु; (ज्या०) प्रत्यालेख, प्रक्षेपण, गर्नु; प्रलम्बित हुनु; (प्र'जेक्ट्, प्रॅ'जेक्ट्) **ना.** योजना, कल्पना, उपाय, परियोजना ।

projectile (प्रजेक्'टाइल्) **वि.** र **ना.** प्रक्षेपणीय, दूरवेधी; **ना.** प्रक्षेप्य, प्रक्षेप्यास्त्र; मट्याङ्ग्रा, ऱ्‍याटारो ।

project/ion (प्रजेक्'श्न्) **ना.** प्रत्यालेख, प्रक्षेपण, उन्नाह, प्रलम्बता, उत्सेध, योजना; (सिनेमा०) पर्दामा चित्र प्रक्षेप गरी चलचित्रको प्रदर्शन;—or **ना.** प्रदर्शक, प्रक्षेपक ।

projective (प्रजेक्'टिभ्) **वि.** (ज्या०) प्रक्षेपद्वारा उत्पादित;—property चित्रको प्रक्षेपणान्तर अपरिवर्तित रहने गुण;—imagination छेदक, उन्नत, कल्पना ।

projector (प्रजेक्'टर्) **ना.** चिन्तक, योजक; परीक्षात्मक व्यापारिक कम्पनी, संस्था, हरूको आयोजक; प्रकाशको किरण, अथवा पर्दामा तसवीर फ्याँक्ने यंत्र वा प्रक्षेपक ।

prolapse (प्रल्याप्स्') **क्रि.** र **ना.** (रो० नि०) खस्नु, आफ्नू ठाउँबाट हट्नु वा खस्नु; **ना.** भ्रंशन, खस्नु, सर्नु, सराइ ।

prolapsus (प्रल्याप्'सस्) **ना.** (रो० नि०) कुनै अङ्गको भाग अघि सर्नु वा खस्नु, ज० कि पाठेघर, गुदद्वार (वेन्हूँ) ।

prolate (प्रो'लेट्) **वि.** (ज्या०) ध्रुव व्यासपट्टि लामिएको, वढ्ने, फैलिने, चौडाइमा वढ्ने; (अलं०) वेसरी फैलिएको; (व्या०) विस्तार गराउने;—d **वि.** प्लुत, दीर्घोच्चारित ।

prolative (प्रले'टिभ्) **वि.** (व्या०) विस्तार गराउने, या पूर्ण अभिधान गराउने ।

prolegomenon (प्रोलिगॉ'मिनन्) **ना.** प्रस्तावना, उपोद्घात, भूमिका ।

prolepsis (प्रलेप्'सिस्) **ना.** अन्दाज, लख, अडकल, (व्या०) विशेषणको अघिबाटैको व्यवहार ।

proletaire (प्रॅ (प्रो) लटेअर्') **ना.** सामान्य जन, देशको सवभन्दा तल्लो श्रेणीको समुदाय (फ्रे०) ।

proletari/at (प्रोलिटे'अ्रिअट्) **ना.** (रो० इ०) निम्नतम दर्जाका प्रजा; (राज० अर्थ०) मजदूरवर्ग, अकिञ्चन दरमाहदार; dictatorship of the—पूँजीवाद र मध्यमवर्गलाई दवाएपछि निम्नश्रेणीको एकाधिपत्यको साम्यवादी आदर्श;—an (प्रोलिटे'अ्रिअन्) **वि.** र **ना.** निम्नश्रेणी (को सदस्य) ।

prolicide (प्रोलिसाइड्) **ना.** सन्तान हत्या, खा. ग. जन्मपूर्व वा तुरुन्त जन्मपछि ।

prolifer/ate (प्रली'फरेट्) **क्रि.** प्रजनन गर्नु, वढ्नु, तात्विक भागहरूको वृद्धिद्वारा वढ्नु; (कोष) त्यसरी उत्पन्न गर्नु; चाँडै वढ्नु;—ation **ना.** वृद्धि, ऱ्‍याम्मिनु;—ous **वि.** पात वा फूलवाट पात वा आँकुरा उत्पन्न गर्ने; आँकुरावाट नयाँ जीव उत्पन्न गर्ने; (प्रा० वि०) आँकुराद्वारा फैलिने; (रो० नि०) वृद्धिवाट फैलिने ।

prolific (प्रलि'फिक्) **वि.** वहुप्रज, प्रसवशील; वहुफलप्रद, फलवान; धेरै उपजा गर्ने ।

proligerous (प्रलि'गरस्) **वि.** सन्तान उत्पन्न गर्ने, प्रजननशील ।

prolix (प्रो'लिक्स, प्रलिक्स्') **वि.** लामू, अतिदीर्घ, सुविस्तृत, उराठलाग्दो गरी लामू;—ity **ना.** दीर्घता, प्रपन्च,

वाग्विस्तार, अतिविस्तार ।

prolog/ue (प्रो'लॅग्) **ना.** र **क्रि.** प्रस्तावना, प्ररोचन, नाटकारम्भ; (अलं०) भूमिका गर्ने कार्य, घटना; **क्रि.** प्रस्तावना गर्नु;—ize (प्रो (प्र') लगाइज्) **क्रि.** प्रस्तावना लेख्नु, बोल्नु ।

prolong (प्रलॅङ्') **क्रि.** लम्ब्याउनु, अवधि बढाउनु, प्लुत गराउनु (स्वर);—ation **ना.** विस्तार, दीर्घीकरण ।

prolusion (प्रलू'ज़न्) **ना.** प्रारम्भिक निवन्ध, लेख वा प्रयत्न ।

prom (प्रॅम्) **ना.** Promenade concert को. छो. क. ।

promenade (प्रॅमिनाड्') **ना.** र **क्रि.** कसरत वा रमाइलो वा देखिनाको वा सामाजिक व्यवहारको लागि गरिएको हिंडाइ, घोडाचढाइ, वा बग्गीको सवारी; सैर; विहार; सोको लागिको स्थान, खा. ग. छापेको सार्वजनिक पेटी;—concert संगीत सम्मेलन जसमा श्रोतागणको केहीं अंश बसेका हुन्नन् र यता-उति डुल्न पाइन्छ;—deck यात्री जहाजमा सैर गर्ने तखता वा डेक; **क्रि.** सैर गर्नु;—er **ना.** सैर गर्ने, टहल्ने ।

Promethean (प्रमी'थिअन्) **वि.** प्रमेथियुसको सीप वा उसले भोगेको सजायमा प्रमेथियुस सदृश; (ग्री० कथामा आगो-को काम मनुष्यलाई बताउने कारीगर प्रमेथियुसलाई स्वर्गका देव ज़्यूसले चट्टानमा बाँधेका थिए)।

promin/ent (प्रॅ'मिनेण्ट्) **वि.** (बाहिर) खडा हुने, चुच्चो परेको; व्यक्त, प्रत्यक्ष, प्रतिष्ठित;—ence **ना.** प्राधान्य, श्रेष्ठता ।

promiscuous (प्रमिस्' क्युअस्) **वि.** मिश्रित र उच्छृङ्खल रचना भएको; (ब. व. नामसंग) विभिन्न किसिम मिसिएको; जथाभावी;—bathing स्त्री, पुरुषले एकै ठाउँमा स्नान;—sexual ralations जथाभावी यौनिक सम्बन्ध (विवाह, सह-वास, को वास्ता नगरी); (बो. चा.) आकस्मिक ।

promise (प्रॅ'मिस्) **ना.** र **क्रि.** कबुलियत, कबोल, प्रण, करार, भाकल, बाचा, बाचाबन्धन, प्रतिज्ञा, वचन; (अलं०) भविष्यमा ख्याति, पराक्रम, इ० गर्ने आशा; breach of—विवाहको प्रस्ताव गरी पछि (पुरुषले) गर्दिनँ भनी अस्वीकार गर्नु; land of—आनन्दस्थल, स्वर्ग; **क्रि.** कबोल्नु, भाक्नु, करार गर्नु, प्रतिज्ञा गर्नु, वचन दिनु, आश्वासन दिनु;—e **ना.** (का०) वचन पाउने व्यक्ति, जसलाई वचन दिइन्छ ।

promising (प्रॅ'मिसिङ्) **वि.** आशाजनक, असल हुने सम्भावना रहेको, सप्रने, होनहार ।

promissory (प्रॅ'मिसरि) **वि.** प्रतिज्ञायुक्त, (विरलै०) होनहार;—note प्रतिज्ञापत्र, ऋणपत्र ।

promontory (प्रॅ'मण्टरि) **ना.** उदग्रभूमि, अन्तरीप, भूनासिका; (श० वि०) शरीरमा उठेको ठाउँ, डल्लो ।

promot/e (प्रमोट्') **क्रि.** बढाउनु, मदद गर्नु, उठाउनु, वृद्धि गर्नु, उत्साहित गर्नु, समर्थन गर्नु; प्रचार गरी बिक्रीमा मदद गराउनु; (बुद्धिचाल) प्यादालाई मंत्री गराउनु;—r (प्रमो'टर्) **ना.** company—(धे. ज. हेलाँ.) साझा भण्डारका व्यापारिक संस्था, कम्पनि, हरू खडा गर्न चल्ने व्यक्ति, प्रवर्तक;—ion **ना.** पदोन्नति, बेहत्तरी, बढुवा, तरक्की, बढौती, बढती ।

prompt (प्रॅम्प्ट) **वि.**, **ना.** र **क्रि.** तत्पर, छिटो, सत्वर, तदारूख, फुर्तिलो;—cash ठाउँमै दिइने नगद; **ना.** म्याद, अवधि, संझौटो, स्मृति सहायक; **क्रि.** उत्तेजित गर्नु, उक्साउनु, (अभिनेतालाई) संझाउनु. प्रेरणा दिनु, उठाउनु (भावना);—book (नाचघरमा) स्मृतिपुस्तक;—side (नाचघर) अभिनेताको देब्रेपट्टि;—itude **ना.** तत्परता, उत्साह, क्षिप्रता;—ness **ना.** तत्परता ।

prompter (प्रॅ'म्प्टर्) **ना.** संझाउने, स्मृति गराउने ।

prompting (प्रॅ'म्प्टिङ्) **ना.** प्रेरणा, ज. कि the—s of conscience ब्रह्मको प्रेरणा ।

promulgat/e (प्रॅ'मल्गेट्) **क्रि.** प्रकाश गर्नु, घोषणा गर्नु, जारी गर्नु;—ion **ना.** घोषणा, जारी, प्रकाशन ।

pronaos (प्रने'अॅस्) **ना.** (ग्री० प्रा० इ०) मन्दिरको अगाडिको स्थान, भित्ता र डबलीसहित ।

pronat/e (प्रो'नेट्) **क्रि.** (श. क्रि. वि.) हात अघिको अंग, खसालेर पतनशील राख्नु;—or **ना.** अंग पतनशील राख्ने पेशी ।

prone (प्रोन्) **वि.** उभिण्डो, मुखाभार, घोप्टो, लम्पसार, ढल्कने, नत, अधोमुख; (भैं) बरालो, (खु०) ठाडो भिरालो, प्रवृत्ति भएको, ढल्कने ।

proneur (प्रोनअर्') **ना.** प्रशंसक, स्तावक (फ्रे०) ।

prong (प्रॅङ्) **ना.** र **क्रि.** काँटा, अंकुश, शूल, काँटादार औजार, सोको प्रत्येक काँटा ।

pronominal (प्रनॅ'मिनल्) **वि.** सर्वनामको सदृश, सर्वनाम-को स्वभावको ।

pronoun (प्रो'नाउन्) **ना.** सर्वनाम; personal—व्यक्ति-वाचक सर्वनाम, जकि I, we, thou, you, he, she it; interrogative—प्रश्नार्थक सर्वनाम; relative—सम्बन्ध-वाची; possessive—स्वामित्वसूचक; demonstrative—निर्देशक; distributive—विच्छेदक; indefinite—अनि-र्दिष्ट ।

pronounce (प्रनाउन्स्') **क्रि.** उच्चारण गर्नु, बोल्नु, भन्नु, (फैसला) सुनाउनु, सराप्नु, प्रतिज्ञा गर्नु; राय दिनु, गर्नु—d (प्रनाउन्स्ट्') **वि.** चिह्नित, निश्चित, बेसरी चिन्हिने ।

pronouncing (प्रनाउन्'सिङ्) **ना.**—dictionary **ना.** उच्चारणसमेत बताउने कोष ।

pronto (प्रॅन्'टो) **क्रि. वि.** (अप०) तुरून्त, तत्परतासाथ, चाँडै ।

prontosil (प्रॅन्'टसिल्) **ना.** सल्फोनामाइड औषधिहरूको श्रेणीमाको एक ।

pronunciamento (प्रनन्सिअमेन्'टो) **ना.** (ब. व. —s) घोषणा, ज्ञापन, इश्तिहार, खा, ग. स्पेनिश बोल्ने देश-हरूमा बागीहरूले प्रकाश गरेको (स्पेनिश) ।

pronunciation (प्रनन्सिए'श्न्) **ना.** उच्चारण, शब्द

उच्चारण गर्ने तरीका, कुनै व्यक्तिको उच्चारण गर्ने तरीका ।

proof (प्रूफ्) **ना.** प्रमाण, निस्सा, सबूत, लिखित वा मौखिक सबूत जो अदालतमा पेश हुन सक्दछ; उपपत्ति, जाँच, परीक्षा; अग्न्यास्त्र, बन्दूक, तोप इ० को परीक्षास्थल; अजमाइएको अभेद्यता; स्रवित मद्यसार पेयको बलको स्तर, बल; (छ०) पछि शुद्ध गरिने छपाइको पहिलो परीक्षाको छाप, प्रूफ; पारखनली; first—(छा०) पहिलो प्रूफ;— -reader संशोधक, वाचक, छापा पढ्ने;—reading **ना.** वाच्नु, संशोधन;— -sheet प्रूफ शीट, संशोधन पत्र;— -plane पृथक्कारक बीँडमा जडिएको चालकद्वारा कुनै वस्तुमा रहेको विद्युतको परिमाण जाँच्ने उपकरण ।

proof (प्रूफ्) **वि.** र **क्रि.** (कवच) अजमाइएको बलको; अभेद्य, छुन नसक्ने, डगाउन नसक्ने, नछिर्ने; **क्रि.** कुनै वस्तु अभेद्य बनाउनु, खा. ग. कपडालाई पानीले नभिज्ने, पानी नछिर्ने, बनाउनु; water- —मैन कपड़ा, जलाभेद्य; fool- —बेवकूफले समेत बिगार्न नसक्ने (कुनै यंत्र वा वस्तु), मूर्खाभेद्य; sound- —शब्दाभेद्य, ध्वन्याभेद्य, शब्द नछिर्ने; storm- —आँधी रोक्ने ।

prop (प्रॅप्) **ना.** र **क्रि.** आधार, टेवा, भर, पींध, (अलं०) (संस्था) लाई अडयाउने, थाम्ने, व्यक्ति; **क्रि.** थाम्नु, अडयाउनु, टेवा दिनु, भर दिनु; (घोडा) अघिल्लो खुट्टा ठर्र पारेर टक्क उभिनु; clothes- —लुगा सुकाउने दुईटा घोचामा तानेको डोरी ।

prop (प्रॅप्) **ना.** (छो. क.) proposition प्रस्ताव; (वो. चा.) वायुयानको प्रेरक; पंखा (नाटक०) रङ्गमञ्चको उपकरण ।

propaedeutic (प्रोपिडयु'टिक्) **वि.** र **ना.** (विषय, अध्ययन) उच्च शिक्षाको भूमिका हुने; **ना.** (ब. व.) प्रारम्भिक शिक्षा ।

propaganda (प्रॅपग्या'ण्डा) **ना.** कुनै खास सिद्धान्त वा आचरणको प्रचारार्थ गठन भएको संस्था वा संगठित योजना, त्यसरी प्रचार गरिएका सिद्धान्त, समाचार, इ०; प्रसार या प्रचारका उद्योग, योजना र सिद्धान्त; विस्तीर्ण प्रचार (धे. ज. खराब अर्थमा, दुनियालाई झुक्याउने उद्देश्यले गरिएको); प्रचार ।

propagandist (प्रॅपग्यान्'डिस्ट) **ना.** र **वि.** प्रचारक, मिथ्या प्रचारक; **वि.** प्रचार गर्ने खालको, प्रचारकको ।

propagat/e (प्रॅ'पगेट्) **क्रि.** फिंजाउनु, फैलाउनु, पैतृक मूलबाट प्राकृतिक रीतिले (बिरुवा, पशु, रोग, इ०) फिंजाउनु; (बिरुवा, इ०) प्रजननद्वारा चढ्नु; (गुण, इ०) एक पुस्ताले अर्कोलाई दिनु; (राय, वक्तव्य, विचार, चलन, इ०) फिंजाउनु; (थर्काइ, भूचाल, इ०) फैलाउनु, विस्तीर्ण गराउनु;—ion **ना.** वर्धन, प्रसार, विस्तार, परंपरोत्पत्ति;—ive **वि.** वृद्धिकारक ।

propel (प्रपेल्) **क्रि.** घचेट्नु, प्रेरणा, गर्नु अगाडि हाँक्नु, धकेल्नु (अक्ष० र अलं०); jet—led **वि.** धारा प्रेरित ।

propellant, —ent (प्रपे'ल्याण्ट्) **वि.** र **ना.** प्रेरणा गर्ने (कार्यकारक), बन्दूक, तोप, अग्न्यास्त्रबाट गोली गोला, हुत्याउने विस्फोटक ।

propeller (प्रपे'लर्) **ना.** जहाज वा वायुयानलाई अगाडि चलाउने पंखा, प्रपेलर, प्रेरक;—turbine वा prop-jet engine टर्बाइनले चल्ने यंत्र भएको वायुयान यंत्र (इंजिन) ।

propensity (प्रपेन्'सिटि) **ना.** प्रवृत्ति, जूति, झुकाउ, (सा० कुलतपट्टि), चेष्टा, लगन, व्यसन ।

proper (प्रॅ'पर्) **वि.** (आ०) आफ्नै, स्वीय; व्यक्तिगत ज. कि—name कुनै खास वस्तु, व्यक्ति, इ० को नाम; सुहाउँदो, ठीक, काइदाको, रीतपूर्वक, सही, समुचित; (बो. चा.) पूर्ण, पूरा; (आ०) सुन्दर, राम्रो;—fraction एकभन्दा कमको अंश;—ly **क्रि. वि.** ठीकसँग, योग्यसँग, काइदासँग शिष्टतासँग, (वो. चा.) बेसगरी, बेस्करी ।

property (प्रॅ'पर्टि) **ना.** स्वामित्व, सम्पत्ति, रिक्थ, जेथा, जायजेथा, जायदाद, धनमाल, जिन्सी, लट्टिपट्टी;—(wife's) स्त्रीधन, दाइजो, पेवा; real—जेथा, जग्गाजमीन, चल अचल सम्पत्ति; landed—खयाल; immovable—अदल; indispensable adjunct to immovable—सन्धिसर्पन; interest in—हक, दावी;—qualification सम्पत्तिको योग्यता;—tax सम्पत्तिकर; (नाटक०) रङ्गमञ्चमा उपयोग हुने लुगा, मालसामान, इ०; छो. क. prop;—man, —master सामानको जिम्मावाल; गुण, धर्म, स्वभाव, प्रकृति ।

prophecy (प्रॅ'फिसि) **ना.** भविष्यद्वाद, भविष्यकथन, सिद्धको गुण, पछि हुने कुराको ज्ञान र सूचना ।

prophesy (प्रॅ'फिसाइ) सिद्ध वाक्य भन्नु, भविष्य वोल्नु, जान्ने कुरा बोल्नु, भावी बोल्नु ।

prophet (प्रॅ'फिट्) **ना.** अवभासित गुरु, भविष्यद्वक्ता, भविष्यकथक; परमेश्वरको इच्छा व्यक्त गर्न सक्ने, क्रिस्तानी सिद्धहरू; the P—महम्मद; मर्मन सम्प्रदायका स्थापक जोजेफ स्मिथ पनि; वक्ता, वकील, समर्थक, हुने कुरा भन्ने; (अप.) रेसको नतीजाको लख गरी बताउने व्यक्ति;—ic (प्र'फे टिक्) **वि.** सिद्धको; भविष्य बताउने, भविष्यसूचक, भविष्यद्वाणी रहेको ।

prophylactic (प्रॅफिल्याक्'टिक्) **वि.** र **ना.** (औषधि, परिमाण) रक्षक, रोगको रोकथाम गर्ने, रोगहर, रोग टार्ने ।

prophylaxis (प्रॅफिल्या'क्सिस्) **ना.** रोगको रोकथाम, रोगबाट रक्षा ।

propinquity (प्रपिन्'किटि) **ना.** सामीप्य, सान्निध्य; नजीकको साइनो, नाता; सादृश्य; सगोत्रता ।

propitiate (प्रपि'शिएट्) **क्रि.** रिझाउनु, फुल्याउनु, साध्नु, प्रसाद गर्नु, शुभ गराउनु ।

propitiation (प्रपिशिए'श्न्) **ना.** अनुरञ्जन, आराधन, अनुनय, प्रशमन, प्रायश्चित्त ।

propitiatory (प्रपि'शटरि) **वि.** र **ना.** फुल्याउने, प्रसन्न पार्ने, रिझाउने; **ना.** दया आसन, खा. ग. क्राइस्टको प्रतिमा ।

propitious (प्रपि'शस्) वि. शुभ, लक्षणयुक्त, अनुकूल, मङ्गलमय, कल्याणकारक. लच्छिनको ।

propolis (प्रॅ'पलिस्) ना. माहुरीहरूले कोपिलाबाट प्राप्त गर्ने रातो रंगको खोटो जस्तो वस्तु ।

proponent (प्रपो'नेण्ट्) वि. र ना. प्रस्ताव पेश गर्ने; प्रस्ताव, विधेयक, सिद्धान्त, इ. पेश गर्ने, प्रस्तावक ।

proportion (प्रपोअ्‍र्'श्‍न्) ना. र क्रि. अनुपात, दामासाही, हिस्सा, तुलनात्मक अंश, एक चीजको अर्कोसँग, वा अङ्ग अङ्गको बीचमा, सम्बन्ध; (ब. व.) परिमाण, नाप; (गणित.) दुई जोडा परिमाणहरूको अनुपातमा समानता, यस्ता परिमाणको श्रेणी, तीनको नियम; क्रि. अनुपाती बनाउनु ।

proportional (प्रपोअ्‍र्'शनल्) वि. र ना. अनुपाती, समानुपातिक; ना. अनुपातको एक पद ।

proportionolist (प्रपोअ्‍र्'शनलिस्ट्) ना. अनुपातको योजना गर्ने; आनुपातिक प्रतिनिधित्वको पक्षपाती वा समर्थक ।

proposal (प्रपो'ज़ल्) ना. प्रस्ताव, कुनै कुराको प्रस्ताव गर्ने काम; विवाहको प्रस्ताव; प्रस्तावित कार्यक्रम ।

propose (प्रपोज़्') क्रि. प्रस्ताव गर्नु, उद्देश्य राख्नु, मनोनयन गर्नु, टोस्ट प्रस्ताव गर्नु, विवाहको वचन दिनु; योजना गर्नु, लक्ष गर्नु, इन्तजाम गर्नु;–r ना. प्रस्तावक ।

proposed (प्रपो'ज़्ड्) वि. भावी, प्रस्तावित ।

proposition (प्रॅपज़ि'श्‍न्) ना. प्रतिज्ञा, सिद्धान्त; प्रमेय, प्रस्ताव, साध्य, विचारार्थ विषय; (अप०) अह्राएको काम, समस्या, लक्ष, पेशा, व्यापार, प्रतिपक्षी, ढाँचा, इ० ।

propound (प्रपाउण्ड्') क्रि. प्रतिपादन गर्नु, उठाउनु, प्रस्ताव गर्नु ।

proprietary (प्रप्रा'इटरि) वि. र ना. स्वाम्यधीन, प्रभुनिष्ठ, स्वामिगत;—rights स्वाम्य;—classes जग्गावाला, भूमिपतिहरू;—medicines स्वाम्यधीन औषधिहरू; ना. स्वामित्व, ज. कि an exclusive—एकाधिकार; स्वामीसमूह ।

proprietor (प्रप्रा'इटर्) ना. मालिक, स्वामी, धनी ।

propriety (प्रप्रा'इटि) ना. औचित्य, काइदा, मर्यादा, योग्यता, (ब. व.) सदाचार, अदप काइदा ।

proptosis (प्रॅप्टो'सिस्) ना. (रो० नि०) भ्रंश, आफ्नू ठाउँबाट सर्नु वा खस्नु, खा. ग. आँखाको ।

propulsion (प्रपल्'श्‍न्) ना. प्रेरणा, चोदना, घचेट्नु, धक्याउनु; jet—धारा प्रेरणा; (अलं०) प्रेरणादायक प्रभाव ।

propylaeum (प्रॅपिली'अम्) ना. मन्दिरको प्रवेशद्वार, the P–a एथेन्सको एक्रोपोलिसको द्वार ।

propylite (प्रॅ'पिलाइट्) ना. कोही कोही चाँदी खनिने प्रदेशमा पाइने ज्वालामुखी चट्टान ।

prorog/ue (प्ररोग्') क्रि. स्थगन गर्नु (संसद), अवसान नगरी स्थगन गर्नु;—ation स्थगन ।

pros— (प्रस्—) ग्री० यौगिक=तिर, थप ।

prosaic (प्रोजे'इक्) वि. गद्यात्मक, कवित्व सौन्दर्य नरहेको, सामान्य, अनाश्चर्यभूत, अरसिलो, नीरस, रसहीन, सत्वहीन ।

prosaist (प्रो'जेइस्ट्) ना. गद्यलेखक, नीरस व्यक्ति ।

pros and cons (प्रस् अ्याण्ड कॅन्स्) ना. तर्क वितर्क, पक्ष विपक्ष ।

proscenium (प्रोसी'निअम्) ना. (प्राचीन नाचघरमा) रङ्गमञ्च; (अचेल) बाहिरी गुम्बजसहित भित्र पर्दा र अर्केस्ट्रासम्मको रङ्गमञ्चको अग्रिम भाग ।

proscri/be (प्रस्क्राइब्') क्रि. व्यक्तिलाई ऐनको रक्षाबाट हटाउनु, बहिष्कार गर्नु; निर्वासन गर्नु, निकाला गर्नु, डाँडो कटाउनु, त्याग्नु, (केही कुरा, चलन) खतरनाक, हानिकारक, इ० भनी निन्दा गर्नु; —ption (प्रस्क्रिप्'श्‍न्) ना. दण्डाज्ञा, निर्वासन, त्याग, बहिष्कार;—ptive वि. दण्डय ।

prose (प्रोज्) ना., वि. र क्रि. गद्य; सादा वास्तविक गुण, उराठलाग्दो लामू प्रवचन; वि. गद्यात्मक; क्रि. नीरस ढाँचासंग कुरा गरिरहनु;—poem गद्य कविता ।

prosector (प्रसे'क्टर्) ना. शरीर रचनाको पाठ गर्ने अधि लाशको चिरफार गर्ने व्यक्ति, शरीर रचनाविद् ।

prosecut/e (प्रॅ'सिक्युट्) क्रि. पछि लाग्नु, अनुष्ठान गर्नु, अनुसरण गर्नु, लाग्नु, चलाउनु; मुद्दा दायर गर्नु, (अपराधका इलजाममा) मुद्दा चलाउनु; –ion ना. (का०) अदालतमा फौजदारी मामलामा मुद्दा दायर गर्नु र चलाउनु; (पेशा) चलाउने काम; अनुशीलन, निर्वाहण; वादी पक्ष;–or ना. खा. ग. फौजदारी अदालतमा मुद्दा चलाउने (खा. ग. सरकारी पक्ष), अभियोजक; public—or सार्वजनिक हितको लागि फौजदारी मुद्दा चलाउने कानूनी अधिकारी; लोकाभियोजक ।

proselyt/e (प्रॅ'सिलाइट्) क्रि. धर्मपरिवर्तन गर्नु, अयहूदीलाई यहूदी बनाउनु;—ion ना. धर्मपरिवर्तन, –izer ना. धर्मपरिवर्तक, पादरी ।

prosenchyma (प्रॅसेङ्'किमा) ना. (व०) आफ्ना टुप्पा अन्तर भेदन गर्ने गरी रहेका लामा कोषका तन्तु, खा. ग. सौत्रिक नाडीसम्बन्धी तन्तु ।

prosify (प्रो'जिफाइ) क्रि. गद्य बनाउनु, गद्य लेख्नु, नीरस गराउनु ।

prosit (प्रो'सिट्) वि. बो. मङ्गलमय कामना, खा. ग. पिउने वेलाको; यसले भलो गरोस् !

prosad/y (प्रॅ'सडि) ना. छन्दशास्त्र;—iacal, ial, ic वि. छान्दस ।

prosopopoeia (प्रॅसोपपी'अ;–पी'य) ना. (अलं०) कथित वक्ताको प्रवेश; भावात्मक वस्तुमा चेतनत्वारोप ।

prospect (प्रॅस्'पेक्ट्) ना. र क्रि. दृग्गोचर प्रदेश, विस्तीर्ण चक्षुर्विषय; मानसिक दृश्य, आशा, भविष्यमा उन्नतिको आशा, अपेक्षा; (खानि०) खनिज निक्षेप या द्रव्यको आशा भएको थलो; कच्चा खनिजको नमूना, सम्भाव्य खरिदार, ग्राहक; (प्रस्पेक्ट्') क्रि. प्रदेशमा अन्वेषण गर्नु (कुनै वस्तु, खनिज, को लागि) खोज्नु;—or ना. अन्वेषक ।

prospective (प्रस्पेक्' टिभ्) वि. भावी, हुने, सन्भाव्य, उत्तर, उत्तरकालीन ।

prospectus (प्रस्पेक्'टस्) **ना.** (व. व.–es) कुनै संस्था, कारोवार, प्रकाश हुन लागेको पुस्तक, इ० को विवरण रहेको परिपत्र, विज्ञापन, विवरण, सूचनापत्र, विवृति ।

prosper (प्रॅस्'पर्) **क्रि.** सफल हुनु, सप्रिनु, उन्नति गर्नु, फाप्नु, कल्याण हुनु, फस्टाउनु, फेरिनु, पुगिसरी आउनु, फलाउनु, फुलाउनु, हुकिंनु, मौलाउनु ।

prosperous (प्रॅस्'परस्) **वि.** सम्पन्न, समर्थ, खाइहाल्दो, समृद्ध, ऐश्वर्यशाली, श्रीमत्, सफल, कृतार्थ, सुस्थ, क्षेम, कल्याण, गुलनार, शुभ, मङ्गलकारक; लखेश्वर लागेको ।

prosperity (प्रॅस्पेरिटि) **ना.** वैभव, समृद्धि, बढती, चलती, दवदबा, अभ्युदय, विभूति, ऐश्वर्य, सौभाग्य, कल्याण, मङ्गल, शाख, समुन्नति ।

prostate (प्रॅस्'टेट्) **ना.** स्तनपायीमा जननेन्द्रियको मातहत रहने धेरै साना साना ग्रन्थिहरू मिलेर वनेको ठूलो ग्रन्थि; शिश्नको ग्रन्थि ।

prosthesis (प्रॅस्'थिसिस्) ना. (व्या०) शब्दको प्रारम्भमा थपिने अक्षर वा शब्दांश; (शल्य.) कमी, न्यूनता, पूरा गर्ने (ज. कि काठको-खुट्टा, नकली दाँत) शल्यक्रियाको विभाग ।

prostitut/e (प्रस्'टिट्यु ट्) **ना.** र **क्रि.** रण्डी, वेश्या, गणिका, नाठी, पातर्नी, छिनाल्नी, फुँडी, पतुरी, पोइले, कुलटा, असती, भँडुवी; **क्रि.** व्यभिचारिणी वन्नु, स्त्रीले आफूलाई पैसाको लागि वेच्नु; (अलं०) (आफ्नू इज्जत, इ०) नीच लाभको लागि वेच्नु; विद्या, सीप, को दुरुपयोग गर्नु;—ion **ना.** वेश्यागमन, वेश्या संयम, व्यभिचार, रंडीवाजी ।

prostrat/e (प्रॅस्'ट्रेट्) **वि.** र **क्रि.** (खा. ग. विनय वा वश्यता जनाउनालाई) घोप्टो परेर लम्पसार परेको, लम्पसार; हारेको, पराजित, लस्त भएर थाकेको; (व.) भैंमा लम्पसार परेको; (प्रस्ट्रेट्', प्रॅ–) **क्रि.** भैंमा उत्तानु पर्नु, लम्पसार पर्नु, (अलं.) जित्नु, वशमा ल्याउनु; (थकाइ०) लस्त पार्नु;—ion **ना.** साष्टाङ्ग प्रणाम, वन्दना, उद्वेग, सत्वहानि, ग्लानि, अवसाद ।

prostyle (प्रो'स्टाइल्) **ना.** र **वि.** चारभन्दा बढी खम्वा नभएको मन्दिरको पोटी; **वि.** त्यस्तो पोटी भएको ।

prosy (प्रो'ज़ि) **वि.** सहलिया, उराठलाग्दो, नीरस ।

protagonist (प्रोट्या'गनिस्ट्) **ना.** नाटक वा कथामा प्रमुख व्यक्ति, नायक; प्रतियोगितामा मुख्य प्रतिद्वन्द्वी; मुख्य कर्ता वा अभिनेता; (मूल०) कुनै प्रक्रिया, विधि, इ० को) समर्थक, पक्षपाती ।

prota/sis (प्रॅटसिस्) **ना.** प्रारम्भिक वाक्य, शर्त प्रस्तुत गर्ने वाक्य;—tic **वि.** आरम्भिक, प्रथम ।

protean (प्रो'टिअन्) **वि.** परिवर्तनशील, वद्लन सक्ने; वहुविषायविद्, धेरै विषय जान्ने; वहुरूपिया, वहुभेषी ।

protect (प्रटेक्ट्') **क्रि.** रक्षा गर्नु, वचाउनु, सुरक्षित राख्नु, रखवारी गर्नु; (राज० अर्थ०) वाहिरी पैठारी विरुद्ध गृह उद्योगलाई संरक्षण दिनु; (व्यापार.) हुण्डाको दाम तिर्नालाई दाम प्राप्त गराउनु; (यंत्र, इ. मा उपकरणको जडानद्वारा तिनवाट हुन सक्ने क्षतिवाट) जोगाउनु ।

protection (प्रटेक्'श्न्) **ना.** संरक्षण, सुरक्षा, रखवारी, संरक्षकत्व, रक्षण, रखौटीको हैसियत, अभयदान पत्र, (राज० अर्थ०) गृह उद्योगको सुरक्षा प्रवन्ध; परिपोषण, आश्रय, शरण ।

protective (प्रटेक्'टिभ्) **वि.** रक्षक, आरक्षक, शरण दिने, आश्रय;—custody रक्षात्मक थुना ।

protector (प्रटेक्'टर्) **ना.** रक्षक, पालक, त्राता, शरण, आश्रय, संरक्षक ।

protectorate (प्रटेक्'टरेट्) **ना.** संरक्षकत्व; संरक्षकको शासन वा अवधि; कमजोर राष्ट्रको वलियो राष्ट्रले गरेको संरक्षकत्व; त्यसरी संरक्षकत्व गरिएको प्रदेश ।

protectory (प्रटेक्'टरि) **ना.** (रो. क्या.) वेवारिसी अथवा उपद्रवी केटाकेटीको हेरचाह गर्ने संस्था ।

protege (प्रटे'ज़े) **ना.** (स्त्री० —e, उच्चा० उही) आश्रित, पालित, शरणागत, अर्काले आश्रय लिएको व्यक्ति, अरू कोही व्यक्ति संरक्षक भई हेरचाह गरिआएको व्यक्ति ।

proteid (प्रो'टिइड्) **ना.** protein, प्रोटीन, एलब्युमनीय कार्वन यौगिकको किसिम ।

proteiform (प्रो'टिइफअर्म्) **वि.** अति परिवर्तनशील, रूप वदलिरहने ।

protein (प्रो'टिइन् ,—टीन्) **ना.** सम्पूर्ण जीवित प्राणीको मुख्य भाग भएर रहने एलब्युमनीय कार्वनिक यौगिक वस्तु; पशुहरूको खाद्यको तात्विक नेत्रजनीय अवयव; प्रोटीन ।

proter (o)—(प्रॅटर (ओ)—) यौगिक (ग्री.)=पूर्व –, अघि—

protest (प्रो'टेस्ट्) **ना.** र **क्रि.** उजूर, विरोध, एतराज, अस्वीकार, असांमति, निषेध वाक्य; विरोधपत्र, उजूरवाजुर; गम्भीर वक्तव्य; (प्रटेस्ट्') **क्रि.** गम्भीर वयान, वयान गर्नु, विरोधपत्र लेख्नु, विरोध जनाउनु ।

protestant (प्रॅ'टिस्टण्ट्) **ना.** विरोधी, खा. ग. रोमन क्याथलिक सम्प्रदायवाट फुट्ने विभिन्न क्रिस्तान सम्प्रदायको सदस्य ।

protestation (प्रॅटिस्टे'श्न्) **ना.** गम्भीर उक्ति, वयान; विरोध ।

proteus (प्रो'ट्यु स्) **ना.** चपल, वदलिरहने, व्यक्ति वा वस्तु; एमीवा (एककक्षी जीव) को शुरूको नाम; (ग्री. कथा, जसमा समुद्रदेव प्रोटियस अनेक रूप लिन्छन्); कामरूप ।

prothalamium,—ion (प्रोथल्या (ले)'मिअम् (–अन्)) **ना.** (व. व.—ia) विवाहगीत ।

protista (प्रटिस्'ट) **ना.** (व. व.) पशु र वनस्पति भनी भेद नगरीकन विचार गरिएको संगठित जीवको जाति वा वर्ग ।

protium (प्रो'टिअम्) **ना.** (र. शा.) गुरु हाइड्रोजेन वा ड्युटेरियमको विपरीत सामान्य हाइड्रोजेन ।

proto—(प्रोट–) ग्री० यौगिक=प्रथम, आदि;—zoa **ना.** (व. व.) पशु प्राणीवर्ग, जसमा एक कोष र साधा० अतिसूक्ष्म जीवहरू मात्र रहने ठूलो वर्ग हो;—zoic **वि.** (भूतत्व०)

जीवित प्राणोको सबभन्दा आद्य अवशेष रहेको स्तर (को); (र. शा.) यौगिकको रासायनिक नाममा अर्को तत्वसंग मिश्रण हुने मूलकको सबभन्दा सानू भाग, ज. कि—chloride (जसमा क्लोरीनको अंश अति थोरै हुन्छ)।

protocol (प्रो'टकॅल्) **ना.** र **क्रि.** कूटनैतिक लेख, खा. ग. सन्धिपत्र,को प्रथम मसौदा; परराष्ट्र मंत्रालयको शिष्टाचार विभाग; कूटनैतिक शिष्टाचार; वडापत्र, लालमोहर, इ० महत्वपूर्ण लेखहरूमा शुरू र अन्तमा रहने सूत्र, प्रशस्ति, इ०; **क्रि.** मसौदा लेख्नु, कागतमा लिखित गर्नु; Chief of—शिष्टाचार प्रमुख, शिष्टाचार अधिकारी।

proton (प्रो'टॅन्) **ना.** (भौ. शा.) परमाणुको केन्द्र (हाइड्रोजेनमा), अथवा केन्द्रको एक अंश (अरू तत्वमा) रहने घन विद्युतको एकाङ्क।

protonotary, protho—(प्रोटनो'टरि) **ना.** कुनै अदालतको मुख्य कारिन्दा।

protoplasm (प्रो'टप्ल्याज़्म्) जीवनरस, प्ररस; पशु र वनस्पतिको जीवनको आधार, अर्धतरल, अर्धपारदर्शक, रंगहीन, वस्तु, जसमा अक्सिजेन, हाइड्रोजेन, कार्वन, नेत्रजन रहन्छन्।

protoplast (प्रो'टप्ल्यास्ट्) **ना.** प्रथम मनुष्य; आदर्श, मूल; जीवनरसको परिमाण वा एकांक।

prototype (प्रो'टटाइप्) **ना.** कुनै नकल, छाया, प्रदर्शन, चित्रण, पछिको नमूना, सुधारिएको आकार, इ० को सम्वन्धमा मूल, आदर्श, मूल प्रतिमा।

protract (प्रट्र्याक्ट्') **क्रि.** लम्याउनु, विलम्ब गर्नु; (जग्गा, इ० को) नक्शा खिच्नु;—ed सुदीर्घ, विलम्बित, चिर;—ion **ना.** विलम्ब, व्याक्षेप।

protractile (प्रट्र्याक'टाइल्) **वि.** (पशु०) विलम्बित हुन सक्ने, लम्याउन हुने, फिँजिने, फैलिने।

protraction (प्रट्र्याक्'श्न्) **ना.** विलम्ब, व्याक्षेप; परिमाण वमोजिमको नक्शा।

protractor (प्रट्र्याक्'टर्) **ना.** कोणमापक, अङ्ग इ० विस्तारित गराउने पेशी।

protru/de (प्रट्रूड्') **क्रि.** बाहिर निस्कनु, निकाल्नु, (अलं०) अघि सर्नु, बल गर्नु, झुण्डिनु, बाहिर निस्कनु;—sion (प्रट्रू'ज़्न्) **ना.** नि:सरण, प्रलम्वन;—sive (प्रट्रू'सिभ्) **वि.** प्रलम्बित, अघि सरेको, निस्केको।

protrusile (प्रट्रू'सि(साइ)ल्) **वि.** (अंग, इ.) बाहिर लैजान सकिने, अघि सार्न सकिने।

protruber/ant (प्रट्रू'बरण्ट्) **वि.** डल्लो परेको, व्यक्त, (अक्ष० र अलं०);—ance **ना.** डल्लो; गाँठो, उन्नाह।

protyle (प्रो'टाइल्) **ना.** (र. शा.) अनुमानित मौलिक अभेद्य पदार्थ, जसबाट रासायनिक तत्वहरू बन्न गए।

proud (प्राउड्) **वि.** र **क्रि. वि.** घमण्डी, गम्केको, अभिमानी, मानी, टेकी, गर्वी, अहङ्कारी, प्रगल्भ; **क्रि. वि.** अत्यन्त, अति; house—घर सिंगार्नमा मस्त।

prov/e (प्रूभ्) **क्रि.** (आ.) गुणको परीक्षा गर्नु, परीक्षा गर्नु; जाँच्नु (बन्दूक, इ.); (गणित) गणनाको शुद्धता जाँच्नु; ख गर्नु, अजमाइस गर्नु, खोट्याउनु, सत्यता प्रमाणित गर्नु, देखाउनु; (वसीयतनामा) सत्य र कायम भन्नी प्रमाण गर्नु; निस्कनु, ठहर्नु;—able **वि.** प्रमाणयोग्य, प्रमाण गरिने;—en **वि.** सावीत, सिद्ध, यकीन।

proveditor, provedore (प्रभे'डिटर्, प्रभिडोअर्') **ना.** भेनिस गणराज्यको अधिकारी; भोजन प्रवन्धक, खानसामा, अडैनी।

provenance (प्रॅ'भिनन्स्) **ना.** उत्पत्ति (स्थान)।

Provencal (प्रोभँ'सल्) **वि.** र **ना.** फ्रान्सको जिल्ला Provence को वासिन्दा वा बोली।

provender (प्रॅ'भिण्डर्) **ना.** दाना भूसा; (ठ०) मानिसको खाना।

provenience (प्रभी'निएन्स्) **ना.** उत्पत्तिस्थान।

proverb (प्रॅ'भअर्व्) **ना.** उखान, टुक्का, आहान, किंवदन्ती, जनप्रवाद, लोकवाद, जनोक्ति, वचन, उक्ति;—ial **वि.** लौकिक, लौकिकी, लोकप्रसिद्ध, प्रसिद्धि वा वदनामी भएको, चलेको।

proviant (प्रॅ'भिअण्ट्) **ना.** सेनाको रसद पानी।

provide (प्रभाइड्') **क्रि.** इन्तजाम गर्नु, पर सार्नु, उपलब्ध गराउनु, जुटाउनु, प्राप्त गराउनु, दिनु, थान्को लाउनु, जोर्नु, सजाउनु, गुजारा, वन्दोवस्त गर्नु;—for व्यवस्था गर्नु;—d for वन्दोवस्त, गुजारा, भएको; थान्को लागेको।

provided (प्रभाइ'डेड्) **वि.** र **संयो०**—school स्थानीय शासनद्वारा संचालित प्राथमिक सार्वजनिक पाठशाला; **संयो०** यस शर्तमा कि, यसो भएमा कि, तर, (–that पनि)।

providence (प्रॅ'भिडेन्स्) **ना.** पूर्वदृष्टि, समयको हिफाजत, सावधानी; मितव्ययिता; ईश्वर वा प्रकृतिको कृपा, विधि, परमेश्वर; special—सोको विशेष नमूना; P-—परमेश्वर।

provident (प्रॅ'भिडेण्ट्) **वि.** पूर्वदर्शी, अघि देख्ने, परिकल्पित, मितव्ययी;—fund सन्चयकोष; निर्वाहकोष।

providential (प्रॅभिडेन्'श्ल्) **वि.** दैवी व्यवधानवाट, आकस्मिक, भाग्यमानी, मौकाको।

provider (प्रभाइ'डर्) **ना.** जुटाउने; lion's—श्याल (अक्ष० र अलं०); universal—सब थोक बेच्ने पसले (अचेलको Department store)।

province (प्रॅ'भिन्स्) **ना.** प्रान्त, क्षेत्र, कार्यक्षेत्र, काम, ज्ञानको विभाग वा शाखा; मफस्सिल।

provincial (प्रभिन्'श्ल्) **वि.** र **ना.** प्रान्तीय, क्षेत्रीय, सङ्कीर्ण विचार, राय, र काँठे चाला, बोली भएको; **ना.** प्रान्तको वासिन्दा, काँठे;—ity **ना.** प्रान्तीयता;—ize **क्रि.** प्रान्तीयकरण।

provincialism (प्रभिन्'शलिज़्म्) **ना.** प्रान्तीय चालचलन, ढाँचा, विचार, बोली, इ०; प्रान्तमा खास चल्ने शब्द, वाक्य, इ०; देशभन्दा बढी आफ्नू प्रान्तको मोहब्बत।

provision (प्रभि'ज़्न्) **ना.** र **क्रि.** प्रवन्ध, व्यवस्था,

निवेश, तयारी, उपलब्ध वस्तु; खाने सामान, रसद, रसदपानी, खाना-पीना; परिकल्पन, वीवध, विधान, उपपादन; (ऐति० विलायत)P—s of Oxford राजाको कुशासन रोक्नालाई सन् १२५८ मा साइमन ड मण्टफर्टको नेतृत्वमा सामन्तहरूलेब नाएका अध्यादेशहरू; **क्रि.** रसद पानी उपलब्ध गराउनु, रसद दिनु; —s **ना.** (ब. व.) कानूनी व्यवस्था, प्रतिज्ञा, पण, नियम, शर्त; सामग्री, किराना माल ।

provisional (प्रभि'श्नल्) **वि.** अस्थायी, सामयिक, आपातत:, अल्पकालस्थायी;—ly **क्रि. वि.** अस्थायीरूपले, शर्तबमोजिम ।

proviso (प्रभाइ'ज़ो) **ना.** शर्त, कागतमा शर्तको दफा, सीमा; प्रतिबन्ध; शर्तनामा ।

provisory (प्रभाइ'ज़रि) **वि.** सप्रतिज्ञ, शर्तको; बन्दोबस्त गर्ने ।

provocation (प्रॅभके'श्न्) **ना.** उत्तेजना, प्रकोप, उस्कान, रीस ।

provocative (प्रभॅ'कटिभ्) **वि.** उत्तेजक, उद्दीपक, उत्तेजनात्मक; रिस उठाउने, जिस्क्याउने ।

provok/e (प्रभोक्) **क्रि.** जगाउनु, उठाउनु, उत्तेजना गराउनु, रिस उठाउनु, उस्काउनु, लोभ्याउनु, इख्याउनु, पल्काउनु; डाक्नु (रिस, आँधी, जाँच, इ०); गराउनु;—ing **वि.** जङ्गयाउने, रिसउठ्दो ।

provost (प्रॅ'भस्ट्) **ना.** कुनै महाविद्यालयका अध्यक्ष (विलायत); स्कटिश नगरपालिकाको अध्यक्ष; पादरी;—marshal (सेना०) सैनिक प्रहरीको हाकिम, दण्डनायक ।

prow (प्राउ) **ना.** जहाजको अग्रभाग, अग्रभाग ।

prowess (प्राउ'इस्) **ना.** बूता, खूबी, मजाल, पुरुषार्थ, बर्कत, पौरख, सामर्थ्य, हुति, रैयाँ, ताकत, पराक्रम, बल ।

prowl (प्राउल्) **क्रि.** शिकार या लूटको खोजीमा डुल्नु; (अलं०) त्यसरी सडक डुल्नु;— ing डुलाइ; खा. ग. on the—डुलुवा;—er **ना.** डुलुवा ।

proximal (प्रॅक्सि'मल्) **वि.** (श० र०) शरीरको मध्यमा रहने, मध्यमान ।

proximate (प्रॅ'क्सिमेट) **वि.** निकटतम, आसन्न, जोरिएको—अघि वा पछि, अन्दाजी, पुगनपुग ।

proximity (प्रॅक्सि'मिटि) **ना.** सान्निध्य, उपस्थान, हाराहारी, निकटता;—of blood नाता;—fuse रेडियो उपकरण, जसले क्षेप्यास्त्र निशानानेर पुग्नासाथ विस्फोटन गराउँछ ।

proximo (प्रॅ'क्सिमो) **वि.** (छो० क० prox) आगामी महीनाको ।

proxy (प्रॅ'क्सि) **ना.** साटो वा नायबको कर्तृत्व; अर्काको लागि काम गर्न अधिकार पाएको व्यक्ति, सट्टा, वारिस; अर्काको निमित्त मतदान गर्ने अधिकारपत्र, त्यसरी दिइएको मत; साटो मत ।

prud/e (प्रूड्) **ना.** चालचलन र बोलीमा औचित्यको ज्यादा ख्याल वा स्वाँग गर्ने स्त्री, छिचिंगुटे, अति विनीता, अति लजिली;—ery **ना.** अति लाज, स्वाँग, विनयाभिमान, मिथ्या विनय;—ish **वि.** स्वाँगी, लजिली ।

prudent (प्रु'डेण्ट्) **वि.** दूरदर्शी, विवेकी, चतुर नीतिज्ञ, मितव्ययी, विज्ञ, मनीषी, संसारी;—ence **ना.** चतुऱ्याँइ, विवेक, नीति, मनीषा, बुद्धि, सावधानी ।

prudential (प्रुडेन्'शल्) **वि.** र **ना.** बौद्धिक, सविवेक, विवेक प्रयुक्त; होशियारीको लागि; **ना.** (ब. व.) बौद्धिक विचार, बौद्धिक विषय ।

pruinose (प्रु'इनोस्) **वि.** (प्रा० इ०) सेतो धूलो छरिएको; तुसारिएको ।

prun/e (प्रून्) **ना.** र **क्रि.** सुकाएको आलुबखडा, त्यसको रस, गाढा रातो;—sand prism स्वाँग पारेको बोली, तोते बोली; **क्रि.** छिमल्नु, बेढाउनु, छाँट्नु, काट्नु, (अलं.) पुस्तकबाट नीरस वा रद्दी अंश हटाउनु, काँटछाँट गर्नु;—r **ना.** छिमल्ने; —ing-hook **ना.** लगी ।

prunella (प्रुने'ला) **ना.** बलियो रेशमी वा ऊनी कपडा, अघि वकीलको गाउन र स्त्रीको जुत्ताको माथितिर हाल्ने सामान; ज्वरको किसिम; घाँटीको रोग ।

prunello (प्रूने'लो) **ना.** हरियो जातको आलुबखडा सुकाएर बनाएको प्रून किसिम ।

prunt (प्रण्ट्) **ना.** फूलदानमा जडेको काँचको बुट्टा ।

pruri/ent (प्रु'रिएण्ट्) **वि.** कामासक्त, लम्पट, कामुक; (विरलै.) विकृत चाहना वा कौतुहल भएको; —ence,–ency **ना.** कामुकता, कामवासना; लाम्पट्य ।

prurigo,–its (प्रुराइ'गो, प्रुराइ'टिस्) **ना.** लूतो, चिलाउने छालाको रोग ।

Prussian (प्र'श्न्) **वि.** र **ना.** प्रशाको वासिन्दा;—blue गाढा नीलो रंग ।

prussic (प्र'सिक्) **वि.** प्रश्न् नीलोबाट पाइने अतिविषाक्त अम्ल;—acid हाइड्रो सायनिक अम्ल ।

pry (प्राइ) **क्रि.** चियाउनु, हेर्नु, लुकेर हेर्नु, मल्याकमुलुक चियाउनु, पल्याकपुलुक हेर्नु, कौतुहलसाथ हेर्नु, खोजिनिती गर्नु, निन्दोचर्चो गर्नु;—ing **ना.** र **वि.** चियाइ; चियाउने, भेद लिन खोज्ने ।

prytaneum (प्रिटनी'अम्) **ना.** (ग्री० प्राची. इ०) सार्वजनिक सभास्थल, खा. ग. एथेन्सको राजदूत, सेनेट अध्यक्ष, सम्मानित अतिथि, इ. को अभ्यर्थना गर्ने ठूलो सभास्थल ।

psalm (साम्) **ना.** स्तोत्र, भजन, कीर्तन;—book स्तोत्रावली, भजनावली;—ist स्तोत्रकार ।

psalmody (सा'मडि, स्याल्'मडि) **ना.** भजन, कीर्तन, स्तुति इ., खा. ग. सार्वजनिक पूजा समयमा, गाउने अभ्यास, ढाँचा; गाउनालाई भजनको परिपाटी; त्यसरी मिलाइएका भजनहरू ।

psalter (सॉल्'टर्) **ना.** (बाइबलको) स्तोत्रावली ।

psaltery (सॉल्'टरि) **ना.** तार, धागा, औंला वा शारिका इ० ले तानेर बजाउने प्राचीन र मध्ययुगको वाद्य ।

psephism (प्सि (सि)' फिज़्म्) **ना.** (ग्री० प्राची० इ०) खा. ग. एथेन्सको सार्वजनिक विधान परिषद्‌ले पारित गरेको फैसला वा विधान ।

psephology (प्सि (सि) फॅ'लजि) **ना.** निर्वाचन, चुनाव र मतदानको अध्ययन; (अप०) मतदाताहरूको आचरण ।

pseudechis (प्सि (सि) उ'डेकिस्) **ना.** (पशु०) विषालु सर्पहरूको किसिम ।

pseudegrapha (प्सि (सि) उडि'ग्राफा) **ना.** (ब. व.) कृत्रिम अभिलेख, खा. ग. यहूदीहरूका धर्मग्रन्थको ।

pseudo (प्सि (सि) उडो—) ग्री० यौगिक=मिथ्या, कपट —, कृत्रिम—;— - archaic मिथ्या प्राचीन, मिथ्या आर्ष;— - classic कृत्रिम, अथवा भूलले, आर्ष मानिएको ।

pseudograph (प्सि (सि) उ'डॅग्राफ्) **ना.** कृत्रिम साहित्यिक कृति ।

pseudologer (प्सि (सि) उडॅ'लजर्) **ना.** (ठ०) नियमित झुट्टा, सधैं झूटो बोल्ने ।

pseudomorph (प्सि (सि) उ'डमॅऽर्फ्) **ना.** मिथ्या भेष, खा. ग. (खनिज) मणिभ इ०, जसमा अर्कोको रूप भएको मणिभ रहन्छ ।

psudonym (प्सि (सि) उ'डनिम्) **ना.** खा. ग. छद्मनाम, ग्रन्थकारले लिएको कल्पित नाम;—**ous** **वि.** कल्पित नाम, लेखनाम, वाट लेखिएको लेख ।

pseudoscope (प्सि (सि) उ'डस्कोप्) **ना.** नतोदर वस्तुलाई उन्नतोदर जस्तो देखिने गराउने चाक्षुस यंत्र ।

pshaw (प्शॉ, शॉ) **वि. बो.**, **ना.** र **क्रि.** अधैर्य वा झोंकको उक्ति, ज. कि धिक्कार ! धिक् ! हावा ! वाहियात ! तातोछारो ! लछारपाटो !

psi (प्साइ) **ना.** ग्री० अक्षर प्साइ, प्स !

psilanthropism (प्सा(सा)इल्यान्'थ्रपिज़्म्) **ना.** क्राइस्ट मानिस मात्र थिए भन्ने सिद्धान्त ।

psilosis (प्सा(सा)इलो'सिस्) **ना.** (रो० नि०) खुल्क्याउनु, उदा० छाला, वा रौं ।

psittacine (प्सि(सि)'टसाइन्) **वि.** शुकसम्बन्धी, सुगा जस्तो ।

psittacosis (प्सि(सि)टको'सिस्) **ना.** सुगावाट सर्ने ठानिएको टायफॅयड वा न्युमोनिया जस्तो ज्वरको प्रकार ।

psoas (प्सो(सो)'अ्यास्) **ना.**—magnus, parvus दुई-वटा नितम्ब-पेशी ।

psora (प्सो(सो)'अ्रा) **ना.** छालाको सर्ने रोग, लूतो ।

psoriasis (प्सो(सो)अ्रि'असिस्) **ना.** पाप्रा लाग्ने, रातो टाटो हुने,-छालाको रोग ।

psyche (प्सा(सा)इ'कि) **ना.** आत्मा, प्रेत, मन, भाव; दिउँसो उड्ने साना पुतली (ग्री० कया) ।

psychiatr/ist (प्सा(सा)इ'कायाट्रिस्ट्) **ना.** मानस भिषग्, मानसिक चिकित्सक;—**y** **ना.** मनरोगको चिलित्सा ।

psychic (प्सा(सा)इ'किक्) **वि.** र **ना.** आत्मिक, मानसिक; —force आत्मिक घटना व्याख्या गर्न सक्ने भनी कल्पना गरिएको अभौतिक शक्ति; **ना.** आत्मिक प्रभावग्राही व्यक्ति; माध्यम; (ब, व.) मनोविज्ञान, मनोवैज्ञानिक अनुसन्धान ।

psychic/al (प्सा(सा)इ'किकल्) **वि.** आत्मिक, मानसिक; मनुष्यको पाशव जीवनको; भौतिक नियमको अधीनतावाट देख्दा पृथक् रहेका घटना र परिस्थिति बारेको; खा. ग.—research आत्मिक अनुसन्धान;—**ism** **ना.** आत्मिकता;—**ist** **ना.** आत्मिककार ।

psycho (प्सा(सा)इको—) ग्री० यौगिक=आत्म—, मानस —;— - analysis आत्मविश्लेषण, मनोविश्लेषण, जसले मनलाई चेतन र अचेतन तत्वहरूमा बाँडेर तिनको अन्तर क्रियाको अध्ययन गर्छ;—analyse **क्रि.** आत्मविश्लेषण, मनोविश्लेषण, गर्नु;— - analyst आत्मविश्लेषक, मनोविश्लेषक; —gram **ना.** अनुमानित प्रेतलेख;—graph सो गर्ने यंत्र; —graphy **ना.** मनोविज्ञानको वर्णनात्मक शाखा; प्रेतलेख; —mancy **ना.** प्रेत वा आत्माहरूसँग गूढ सम्वाद;—path बेसुरो व्यक्ति;—physics **ना.** मन र शरीरका साधारण सम्वन्धको विद्या, शास्त्र ।

psycholog/y (प्सा(सा)इकॅ'लजि) **ना.** मानव आत्मा वा मनको स्वभाव, क्रिया र घटनाको विज्ञान, मनोविज्ञान; सोको ग्रन्थ;—ical **वि.** मनोवैज्ञानिक;—ical moment मौका, ठीक समय;—ist **ना.** मनोवैज्ञानिक; (लो०) मानसिक प्रवृत्ति, मानसिक क्रिया ।

psych/osis (प्सा(सा)इकॅ'सिस्) **ना.** सम्पूर्ण व्यक्तित्वमाथि प्रभाव पर्ने किसिमको कडा मानसिक उन्माद; मतिभ्रम;—**otic** **वि.** मानसिक अव्यवस्थासम्बन्धी; उन्माद भएको ।

psychrometer (प्सा(सा)इक्रॅ'मिटर्) **ना.** चिसो (भिजेको) र सुखा डल्लो भएको तापमापक ।

ptarmigan (टऽर्'मिगन्) **ना.** ग्राउस चराको किसिम ।

pteridology (प्टे(टे)रिडॅ'लजि) **ना.** बहुपत्रकको अध्ययन ।

ptero (प्टे(टे)रो—) ग्री० यौगिक=पक्ष, पत्र;—dactyl लुप्त उड्ने सरीसृप ।

pteropus (प्टे(टे)'रपस्) **ना.** चमेरोको किसिम ।

ptisan (टि'ज़न्, टिज़्यान्') **ना.** पुष्टिकारक क्वाथ, खा. ग. बार्ली पानी; तागत दिने पेय ।

Ptolemaic (टॅलिमे'इक्) **वि.** टोलेमीको, टोलेमीय;—system टोलेमीय पद्धति (ज्यौतिष); इजिप्टका राजाहरूको ।

ptomaine (टो'मेन्, टमेन्') **ना.** सडेको पशु या वनस्पति वस्तुमा रहने धेरैजसो विषालु क्षारोद वस्तु; खाद्यविष, कुहे बिख; —poisoning कुहे बिख लागेको ।

ptosis (प्टो(टो)'सिस्) **ना.** पेशीको स्तम्भवाट माथिल्लो पटल खसिरहनु ।

pub (पब्) **ना.** (बो. चा. र छो. क.) public house भट्टी ।

puberty (प्यू'बर्टि) **ना.** ऐन्द्रिक, क्रियात्मक, रीतिले प्रजनन गर्न सक्ने; प्राप्त यौवन, प्रौढ दशा, यौवन, तारुण्य; age of—यौवन शुरू हुने उमेर; ऐनबमोजिम बिलायतमा केटो १४, केटी १२ वर्ष ।

pubescen/ce (प्युबे'सेन्स्) **ना.** प्राप्त यौवन, प्रौढता, तरुणता; बालिग; बिरुवाको पात र धडमा हुने मसिनो रौं, रौं उम्रनु; कीरा र अन्य जीवहरूमा हुने नरम रौं;—t **वि.** प्राप्त यौवन, प्रौढ, तरुण ।

public (पब्'लिक्) **वि.** र **ना.** आम, सार्वजनिक, जनसाधारण; (वि० वि०) विश्वविद्यालयको प्रतिनिधिरूपमा; **ना.** आम जनता, लोक, जनता; जनताको कुनै खण्ड वा वर्ग;—house भट्टी, मदिराघर;—school आम संचालकत्वको;—servant राजकर्मचारी सरकारी कर्मचारी;—relations जनसम्पर्क;—spirit देशप्रेम;—spirited देशप्रेमबाट;—relations officer छो. क. P. R. O. जनसम्पर्क अधिकारी; अन्ताराष्ट्रिय, ज. कि—enemy आम शत्रु; the reading—पढ्ने जनता; in—खुलासँग, देखिने गरी;—interest लोकहित;—valuation पञ्चकृती मोल, पञ्चकीर्ते मोल;—works सार्वजनिक निर्माण कार्य, विभाग;—service लोकसेवा;—Service Commission लोकसेवा आयोग ।

publican (पब्'लिकन्) ना. भट्टीवाल ।

publication (पब्लिके'श्न्) **ना.** प्रकाशन, प्रकाश भएको लेख, पुस्तक, इ ; घोषणा, ख्यापन, विज्ञापन, प्रख्यापन ।

publicist (पब्'लिसिस्ट्) **ना.** लेखक, अन्तरराष्ट्रिय विषयका उपर लेखक, सो विषयविद्, पत्रकार, चालु विषयमा लेखक, समीक्षक; प्रचारक ।

publicity (पब्लि'सिटी) **ना.** प्रचार; दुर्नाम, कुख्याति; विज्ञापन (व्यक्ति, वस्तु, दुवैको), प्रचार;—agent अभिनेता, -नेत्री, इ० दुनियामा नाम चलेका व्यक्तिको नाम दुनियाको अगाडि राख्नालाई अनवरत प्रचार गर्ने काममा नियुक्त व्यक्ति, प्रचारक ।

publish (पब्'लिश्) **क्रि.** प्रकाश गर्नु, ज्ञापन गर्नु, घोषणा गर्नु, छापेर प्रकाश गर्नु, जारी गर्नु ।

publisher (पब्'लिशर्) **ना.** प्रकाशक ।

puccoon (पक्कून्') **ना.** रातो वा पहेंलो रंग दिने उ. अमरिकाको बिरुवा (स्थानीय नाम) ।

puce (प्युस्) **वि.** उपियाँ रंग, कलेजी-खैरो ।

puck (पक्) **ना.** ख्याक, उपद्रवी वेताल, (अलं०) बालक, केटो; राति उड्ने लाटोकोसेरो किसिमको चरा (nightjar, goatsucker जसले टोकेर गाईवस्तु रोगी हुन्छन् भन्ने किंवदन्ती छ); हिउँ हकीमा बलको सट्टा हान्ने रबरको चक्का ।

pucker (प'कर्) **क्रि.** र **ना.** खुम्चाउनु, चाउरी पार्नु; **ना.** चाउरी, डल्लो, खुंचन, भाँज ।

pud (पड्) **ना.** (तो०) बालकको हात, कुनै जनावरको अगाडिको खुट्टा ।

pudding (पु'डिङ्) **ना.** ढिंडो, पीठो, मासु, तरकारी, फलफूल, इ० मिश्रित धे. ज. गुलियो खाना, धेरै किसिम र नामको हुन्छ, ज. कि currant—किसमिस पुडिङ्ग; milk—हलुवा, मनभोग; Yorkshire—, इ०; सुँगुर इ० को आन्द्रामा पीठो, रगत, इ० कोचेर पकाएको बोसे आन्द्रा, (अप.) चोर इ० ले कुकुरलाई फ्याँकिदिने बिख हालेको मासुको टुक्रा; more praise than—बक्स, इनाम; the proof of the—is in the eating परीक्षा भएपछि मात्र यथार्थ थाहा हुने;—face ठूलो, मोटो मुख, गोफुल्ले;—-head बेकूफ, लठेप्रो;—heart डरछेरुवा;—pie मिठाईको किसिम ।

puddle (प'ड्ल्) **ना.** (खा. ग. जमेको पानीको) सानू हिले खाडल, खाल्टाखुल्टी; (बो. चा.) गोलमाल, लठीवज्र; बाँध इ० मा बलियो पार्न माटो र बालुवा पानीमा मुछेको ।

puddle (प'ड्ल्) **क्रि.** हिलो वा थोरै पानी भएको (अगम्भीर पानी) सानू पोखरीमा खेल्नु डुब्नु, हिलो खेल्नु, अव्यवस्थित काममा लाग्नु; हिले पार्नु (पानी र अलं. पनि); माटो मुछ्नु; पग्लेको फलामलाई चलाएर ढलुवा फलाम बनाउनु ।

pudency (प्यू'डन्सि) **ना.** लाज, शरम, नम्रता ।

pudendum (प्युडेन्'डम्) **ना.** (धे. ज. ब. व.—da) गुह्य अङ्गहरू, जननेन्द्रिय, योनि, भग, लिङ्ग, गुदद्वार ।

pudge (पज्) **ना.** (बो. चा.) छोटो, मोटो व्यक्ति, पशु या वस्तु; पुड्के ।

pudsy (पड'सि) **वि.** मोटो घाटो ।

pueblo (प्वे'ब्लो) **ना.** स्पेनिश (अमरिकन) शहर वा गाउँ, खा. ग. इण्डियनहरूको बस्ती ।

puerile (प्यू'अराइल्) **वि.** बालिश, बालोचित, लडके, तुच्छ, सानू ;—breathing स्वाँ स्वाँ गर्ने सासफेराइ ।

puerperal (प्युअर्'परल्) **वि.** प्रसवजन्य, प्रसवको ।

puff (पफ्) **ना.** र **क्रि.** सासको झोक्का, सोको आवाज, सिरेटो, (चुरोट, तमाखुको) सर्को; एक पटक स्वाट्ट निस्कने बाफ, धूवाँको झोक्का; कपडाको, केशको, गुच्छा, पोको; फा पफ; हलका फुका धूलोको पोको भएको मिठाई, केक, इ०; पुस्तक समीक्षा, विज्ञापन, मा ज्यादा प्रशंसा;—-adder अफ्रिकन साँप (जंगिएमा शरीरको अघिल्लो भाग फुलाउने);—-box फा र पफ राख्ने;—paste हलका बुकुनो धूलो;—-—(तो.) रेल, कूँ गाडी; **क्रि.** स्वाँ स्वाँ गर्नु, धूवाँ फ्याँक्नु; (रेल) छ्वाक छ्वाक गर्नु; चुरोट, सिगारको धूवाँ फ्याँक्नु; फुकेर (धूली, धूवाँ, हलका वस्तु) उडाउनु; फुलाउनु, हावा भर्नु;—up गम्कनु, गजक्क पर्नु, फुल्नु, फुलाउनु; अति प्रशंसासहित विज्ञापन गर्नु, लिलाममा दाम उचाल्न बोल बोल्नु ।

puffery (प'फरि) **ना.** विज्ञापन, ज्यादा तारीफ, अति श्लाघा ।

puffin (प'फिन्) **ना.** उ. एटल्याण्टिक सामुद्रिक चरो, रंग विरंगे कुलो परेको चुच्चो भएको ।

puffy (प'फि) **वि.** हावादार; स्वाँ स्वाँ गर्ने; फुकेको; मोटो ।

pug (पग्) **ना.** बुलडॅग किसिमको पुड्के चौडा मुख भएको कुकुर;—-nose छोटो, फर्केको, नाक; (नोकरहरूमा) ठूलो घरमा उपल्लो नोकर; स्याल; (रेल) लाइन बदल्ने काममा लगाइने इंजिन; पशुको छाप ।

pug (पग्) **ना.** र **क्रि.** मुछेको माटो (ईंट बनाउने); **क्रि.** त्यसरी माटो मुछ्नु; माटो, भूस, इ० कोठाको भैंमनि हाल्नु (शब्द आउने कम गर्नालाई)।

pug (पग्) **ना.** (अप.) मुक्कावाल, pugilist को छो. क.।

pugil/ist (प्यू'जिलिस्ट्) **ना.** मुक्का खेल्ने, मल्ल, मुक्कावाज; (अलं.) जोरदार विवादक;—ism **ना.** तलयुद्ध, मुक्कावाजी।

pugnac/ious (पग्ने'शस्) **वि.** कचिङ्गले, जोधाहा, जुधालु, मात्तिएको;—ity **ना.** युयुत्सा, कलहेच्छा, युद्धकाम।

puisne (प्यू'नि) **वि.** र **ना.** (न्यायाधीश) प्रधान न्यायाधीशमनिको न्यायाधीश; (का) पछिको, उत्तर।

puiss/ant (प्युइ'सण्ट् वा प्वि' सण्ट्) **वि.** (आ.) शक्तिशाली, प्रतापी, वीर्यवान;—ance **ना.** पराक्रम, प्रबलता, वीर्य।

puke (प्युक्) **क्रि.** वाक्क गर्नु, वान्ता गर्नु।

pulchritude (पल्'क्रिट्यु ड्) **ना.** सौन्दर्य, लावण्य, शोभा, कान्ति।

pule (प्युल्) **क्रि.** (केटीकेटी झैं) रुनु, बिस्तारै रुनु, रोकिएर रुनु।

pull (पुल) **क्रि.** तान्नु, खिच्नु, सर्को तान्नु, (डाँडी) ख्याउनु, लछार्नु, समेट्नु, उखाड्नु, थुत्नु, कचार्नु, थच्च्याउनु, खँगार्नु, जर्काउनु;—ears निमोठ्नु (कान),—hair जगल्ट्याउनु, जिरीको साग ख्वाउनु;—person's leg बेकूफ बनाउनु;—down खँगार्नु;—the long bow कुरा बढाउनु, झुट्टा कुरा गर्नु, गफ हाँक्नु;—the strings, wires अर्काले गरेको कुराको यथार्थ कारण बन्नु;—to pieces भत्काउनु, बिगार्नु, (अलं०) प्रतिकूल समलोचना गर्नु;—a face लामू मुख लाउनु, विषण्ण देखिनु, अँध्यारो मुख लाउनु;—out (रेल) स्टेशनबाट जानु;—through पार गर्नु (खतरा, अप्ठ्यारो);—-back रोकावट, रोक्ने उपकरण।

pull (पुल्) **ना.** तान, तानतुन, तनाइ, जोर, खिचाव, डोर, सर्को, लछारपछार, जर्को, (अलं.) जोर, प्रभाव; (छ.) पहिलो, भद्दा, पूफ; have a—जोर; पेयको ठूलो घुट्को; तान्ने;—down खँगार्नु।

puller (पु'लर्) **ना.** तान्ने, टिपाहा (घोडा)।

pullet (पु'लेट्) **ना.** बच्चा कुखुरा, खा. ग. फुल पार्न भर्खर थालेदेखि प्वाँख खसाल्न थालेसम्मको कुखुरी, कुक्कुट शाव।

pulley (पु'लि) **ना.** र **क्रि.** घिर्नी; **क्रि.** घिर्नीले उचाल्नु, शक्ति प्रयोग गर्नु।

pullman (पु'ल्म्यान्) **वि.** र **ना.**—car रेलको यात्री डब्बा, जसमा अनेक सुविधाहरू रहन्छन्, अथवा शयनागार।

pullulate (प'ल्युलेट्) **क्रि.** आँकुराउनु, कोपिला हाल्नु, गाँजिनु, फुल्नु।

pully-hauly (पु'लिहाॅ'लि) वि. र **ना.** (बो. चा.) होस्टेहैंसे; pully-haul तान्नु, खिच्नु, होस्टेहैंसे।

pulmonary (पल्'मनरि) **वि** फोक्सोसम्बन्धी; फोक्से;—artery **ना.** फोक्से धमनी।

pulp (पल्प्) **ना.** र **क्रि.** गुदी (फलको, वा पशुशरीरको), गिलगिलो थुप्रो; मज्जा, वसा, ढिंडो, नरम आकारहीन डल्लो; पिँधेर पानीमा मुछिएको खनिज; **क्रि.** डल्लो पार्नु, गुदी पार्नु, गुद्याउनु।

pulpit (पुल्'पिट्) **ना.** चर्चमा पादरीले बोल्ने मञ्च, आसन; उपदेशकको पेशा; उपदेशक, पादरी, हरू;—eloquence, orator पीठे वाग्मिता, पीठे वक्ता;—eer (पुल्पिटिअर्') **ना.** पेशावाल उपदेशक वा वक्ता (घे. ज. होच्याएर)।

pulque (पुल्'के) **ना.** पुल्के, मेक्सिकोको एक प्रकारको फेणितपेय;—brandy पुल्केबाट बनेको मद्य।

pulsate (पल्सेट्' वा पल्'सेट्) **क्रि.** उर्लनु, तालबद्ध बढाव र खुम्चाउ; फर्फराउनु, टन्कनु, धड्कनु; काम्नु, हल्लिनु; स्फुरण, दोलन, कम्प हुनु; (हीरा) यंत्रद्वारा हल्लाउनु;—ator दोलक;—ion **ना.** दोलन, कम्पन, स्फुरण, स्पन्दन;—ory **वि.** स्पन्दनशील, दोलायमान।

pulsatile (पल्'सटाइल्) **वि.** स्पन्दनशील, स्फुरणशील; फर्फराउने; (वाद्य) समाघातबाट बन्ने।

pulsatilla (पल्सटि'ला) **ना.** औषधिमा प्रयोग हुने हावामा हल्लने एक प्रकारको बिरुवा।

pulse (पल्स्) **ना.** र **क्रि.** नाडी, स्पन्दन, (अलं०) दोलन, स्फुरण (जीवन, वा भावना, बाट उब्जेको); तालबद्धक्रम, ज. कि डाँडीको; (संगीत) ताल; ध्वनि, प्रकाश, इ० को एक ताल वा दोलन; **क्रि.** दोल्नु, कम्पन हुनु, तालबद्ध गरी प्रेरणा गर्नु।

pulse (पल्स) **ना.** दाल, ज. कि केराउ, सिमी, इ०; (ब. व.) दाल।

pulsimeter (पल्सि'मिटर्) **ना.** नाडीको गति वा जोर नाप्ने यंत्र, नाडीमापक।

pulsometer (पल्सॅ'मिटर्) **ना.** (भापको दोलायमान क्रियाबाट) भाप जमाउने रिक्त पम्प।

pultaceous (पल्टे'शस्) **वि.** नरम, गुदीदार, लिटो जस्तो, पुल्टिस जस्तो।

pulveriz/e,—ise (पल्'भराइज्) **क्रि.** धूलोपीठो पार्नु, चूर्ण पार्नु, पिन्नु, तरललाई सिर्का बनाउनु; (अलं०) ध्वस्त पार्नु, मिच्नु, धुजा पार्नु; बुकुनी पार्नु;—er **ना.** प्रचूर्णक।

pulverulent (पल्भे'रुलेण्ट्) **वि.** धुले, धूलोको, धूलोले मुछिएको; (ढुङ्गा, चट्टान, इ०) ढक्किने प्रवृत्तिको।

pulvil (पल्'भिल्) **ना.** सुगन्धित बुकुनी, बास्ना आउने धूलो।

pulvinate,—ated (पल्'भिनेट्) **वि.** (भव०) फुलेको, खा. ग. स्थूल पट्टको उन्नतोदर मुख; (व०; की० वि०) गद्दा जस्तो, गद्दा जस्तो सूज भएको।

puma (प्यू'मा) **ना.** अमरिकन चितुवा जातको पशु।

pumice,—stone (प'मिस्) **ना.** (ज्वालामुखीबाट निस्कने) आग्नेय पत्थर (जसबाट दलेर हात सफा गर्ने वा पॉलिश गर्ने, टल्काउने, काम लिइन्छ); **क्रि.** सो पत्थरले दल्नु, सफा पार्नु।

pummel (प'मेल्) **क्रि.** बराबर हान्नु, खा. ग. मुक्कीले,

वारंवार मुक्क्याउनु, चुट्नु, पिट्नु, भकुर्नु, ठटाउनु ।

pump (पम्प्) **ना.** र **क्रि.** पम्प, उत्तोलन यंत्र; धारा, पनेरो; उत्थापक, पचका; तरल उचाल्ने, तरल वा वायु, ग्यास, लाई संकोचन गर्ने, यंत्र; air- —वायु उत्तोलक, कुनै भाँडोबाट हावा झिक्ने पम्प; force- —शक्ति उत्तोलक, पानीलाई वायुचापको हदभन्दा बाहिरसम्म उचाल्न सक्ने; stomach- —उदर उत्तोलक, पेटबाट विष इ० झिक्ने; bicycle- — साइकलमा हावा भर्ने;— -handle उत्तोलक बींड; **क्रि.** हात मिलाउँदा हात तल माथि लैजानु;— -room उत्तोलक कक्ष, स्वास्थ्य केन्द्रमा खनिज पर्ती झिक्ने पम्प रहेको कोठा; **क्रि.** पम्प गर्नु, पानी, ग्यास, हावा, इ० भर्नु; पम्पद्वारा झिक्नु, निकाल्नु; समाचार, इ० (कसैबाट) झिक्नु, जिरहद्वारा;—ship (सभ्य व्यवहारमा होइन) मुत्नु, पिशाब ।

pump (पम्प्) **ना.** रातिको लुगा, र नाच्ने पोशाक, मा लाउने खा. ग. पेटेण्ट लेदरको, हलुका, फित्ता नभएको जुत्ता ।

pumpernickel (प'म्पर्निकल्) **ना.** जर्मन पाउरोटीको किसिम ।

pumpkin (पम्प'किन्) **ना.** कुभिण्डो, लौका ।

pun (पन्) **ना.** र **क्रि.** श्लेष; **क्रि.** श्लेष गर्नु, विभिन्न अर्थमा शब्दको व्यवहार गर्नु; माटो पिटेर जमाउनु ।

puna (पू'ना) **ना.** (परुको भाषा); अग्लो रिक्त (रूख बिरुवा नभएको) समतल जग्गा ।

punch (पन्च्) **ना.** कागत, छाला, इ० मा प्वाल पार्ने यंत्र, छिद्रक, छेदिका, छेदक; बुट्टा वा छाप कुनै वस्तुमा उतार्ने यंत्र वा औजार; *bell-* —बस, इ० मा टिकटमा प्वाल पार्दा बज्ने घण्टा (नयाँ टिकट दिन लागियो भन्ने जनाउ); जाँड, रक्सी, तातो पानी, दूध, चीनी, कागती इ० (पाँच) थोक हाली बनाएको पेय, पन्च; मुड्की, मुक्का, लपटा; (अप०) जोर, धक्का, प्रभावकारी शक्ति; मोटो छोटो खुट्टा भएको तान्ने घोडा; पुड्को छोटो मान्छे वा चीज; पुतली नाच P—and judy मा विलक्षण कुञ्जो मूर्ति; **क्रि.** मुक्कीले हान्नु; मुड्क्याउनु, लट्ठीले घोचेर (गाइवस्तु) चलाउनु; (छाला, धातुको पाता, कागत, इ०) छेदकले प्वाल पार्नु ।

puncheon (पन्'इन्) **ना.** छोटो खम्भा, खा. ग. छाना थाम्ने, कोइलाखानिमा; झोल वस्तु राख्ने ठूलो पीपा ।

punchinello (पन्'चिने'लो) **ना.** (ब. व.—s) इटालियन पुतली खेलको मुख्य पात्र; छोटो मोटो व्यक्ति, पुडके ।

punctate (पङ्'टेट्) **वि.** थोप्लो, कोठी, भएको ।

punctilio (पङ्क्टि'लियो, पङ्क्टि'लियो) **ना.** (ब. व. -s) इज्जत वा रश्मको सूक्ष्म नियम; सौक्ष्म्य; तुच्छ औपचारिकता ।

puuctilious (पङ्क्टि'लियस्) **वि.** सूक्ष्म नियमनिष्ठ, कर्तव्यनिष्ठ, सचेष्ट ।

punctual (पङ्क्'ट्यु अल्) **वि.** सामयिक, समयनिष्ठ, ठीक समयमा, समय जान्ने, समयपालक;—ity **ना.** समयनिष्ठता सामयिकता;—ly **क्रि. वि.** यथासमय, ठीक समयमा ।

punctuat/e (पङ्क्'ट्यु एट्) **क्रि.** विराम चिह्न हाल्नु, विराम चिन्हले छुट्ट्याउनु, विभाजन गर्नु, इ०; (बेठीक०) जोर दिनु;—ion **ना.** विराम चिन्ह हाल्ने क्रिया, विराम चिन्ह प्रयोग ।

punctum (पङ्'क्टम्) **ना.** धब्बा, थोप्लो, रंगको थोप्लो, उँचाइ, निचाइ, इ० (तलमा) ।

puncture (पङ्क्'चर्) **ना.** र **क्रि.** छिद्र, सुराख, पंचर, प्वाल; **क्रि.** प्वाल पार्नु, पर्नु, पंचर हुनु ।

pungen/t (पन्'जेण्ट्) **वि.** (प्रा० इ०) तिग्म, तीखो; (नसीहत, गाली, ठट्टा, खिसी, इ०) चुभ्ने, तीखो; पिरो, कुतकुत्याउने, उत्तेजक; पिरो, कट्ठ;—cy **ना.** तिग्मता, तीक्ष्णता, कट्ठता ।

punic (प्यू'निक्) **वि.** र **ना.** कार्थेजको; P—Wars रोम र कार्थेजको बीचका लडाइँहरू; **ना.** प्यूनिक भाषा ।

punish (प'निश्) **क्रि.** दण्ड दिनु, सजाय दिनु, सास्ती दिनु, सासना दिनु; (बो. चा.) मुक्कामा प्रतिद्वन्द्वी) बेसरी पिट्नु; (दौड, कसरत,) थकाउनु;—ment **ना.** दण्ड, सजाय, सकस, सास्ती, सासना, अहवाल, जरिवाना ।

punitive (प्यू'निटिभ्) **वि.** दण्डीय, दण्डनीय, दण्ड दिने, प्रतिकारी;—police दण्ड टोली ।

punk (पङ्क्) **ना.** (आ०) रण्डी, वेश्या; कुहिएको काठ, काठको काइ, रद्दी माल, फ़ाल्तू, चुत्थो, बेकम्मा; **वि.** (अप०) रद्दी, चुत्थो ।

punner (प'नर्) **ना.** लठ्ठाको चारैतिर माटो ठोक्ने औजार, मुग्दर, मुंग्रो ।

punnet (प'निट्) **ना.** फलफूल, तरकारी, हाल्ने सानू ढकी, टोकरी, डालो ।

punster (पन्'स्टर्) **ना.** हठी श्लेषक, श्लेषकार ।

punt (पण्ट्) **ना.** र **क्रि.** च्याप्टो पिंध भएको डुङ्गा, बाँसले ठेल्ने; फुटबल भुँमा पुग्नुअघिको लात्ती; घोडदौडमा जूवा खेल्ने; **क्रि.** बाँसले डुङ्गा घचेट्नु; हातबाट छुटेर फुटबल भुँमा नखस्दै हान्नु; (ताशको जुवामा) थाप्नु; (बो. चा.) घोडामा बाजी ठोक्नु;—er जुवाडे (घोडदौडमा) ।

punty (पन्'टि) **ना.** ऐना फुक्ने रोजगारमा चलन हुने फलामे डण्डा ।

puny (प्यू'नि) **वि.** निर्बल; तुच्छ, जाबो; सानू, जिमुर्के, मस्यांग्रे; लरतरो; अत्यल्प, क्षुद्र ।

pup (पप्) **ना.** र **क्रि.** छाउरो (कुकुरको); ब्याउनु, छाउरो जन्माउनु; in—पेट बोकेकी; conceited—घमण्डी ठिटो, मानिस; sell (person) a—ठग्नु, खा. ग. सम्भाव्य मूल्यमा बेचेर ।

pup/a (प्यू'पा) **ना.** तितली, पुतली, कुनै कुनै कीराको प्वाँख आउने अघिको मध्यावस्था;—ate **क्रि.** सो हुनु ।

pupil (प्यू'पिल्) **ना.** शिष्य, चेला; (का.) प्राप्तयौवनअविको उमेरको संरक्षकको अधीनमा रहने व्यक्ति ; कनीनिका, तारा, नानी (आँखाको), पुतली;—teacher शिष्यगुरु, पढ्ने गुरु ।

pupil (l) age (प्यू'पिलेज्) **ना.** शिष्यावस्था, नावालिगपना; (का०) शिष्यको हैसियतमा ।

pupil (l) ize,—ise (प्यू'पिलाइज्) **क्रि.** चेला लिनु, पढाउनु, तालीम गर्नु ।

puppet (प'पिट्) **ना.** पुतली, तारद्वारा जोडिएको चल्ने हात खुट्टा भएको सानू मूर्ति, कठपुतली; अर्काले अधीनमा राखेको व्यक्ति;— - play,—show पुत्रिका क्रीडा, पुतलीको तमाशा; —state अर्को ठूलो राष्ट्रले दवाएर राखेको राज्य, दब्बू राष्ट्र ।

puppy (प'पि) **ना.** कुकुरको छाउरो (तो०— - dog पनि); रित्तो टाउके गम्केको ठिटो, नकटो, गुण्डो ।

purblind (पर्'ब्लाइण्ड्) **वि.** र **क्रि.** हतदृष्टि, ईषदंध, धमिलो आँखे, (अलं०) मूढ, ग्वाँग्रे; **क्रि.** नदेख्ने बनाउनु, हुनु ।

purchase (पर्'चेस्) **ना.** र **क्रि.** क्रय, खरीद, किनाइ, मोल; (ऐति०) फौजमा कमिशन किन्ने प्रथा; जमीनवाटको आमदानी; (का०) आर्जन, कमाइ; यांत्रिक सुविधा, उत्तोलकता (धे. ज. अलं०); सो उपलब्ध गर्ने उपकरण, ज० कि घिर्नी, उत्तोलक, इ०; **क्रि.** किन्नु, प्राप्त गर्नु; (नौ०) डोरी, घिर्नी इ० ले उचाल्नु, तान्नु;—r **ना.** ग्राहक क्रयी, खरिदार ।

pure (प्योर्) **वि.** शुद्ध, पवित्र, चोखो, सोधिएको, स्वच्छ, छर्रो, ञर्रो, ठेउ, छाहा, निश्छल, तात्विक, अमिश्रित, निक्खर, निष्पाप, पावन, निर्मल; लात्र, सीधा, अक्षत, निर्दोष;—and simple केवल, मात्र ।

pure'e (प्यू'रे) **ना.** मासु, तरकारी इ० को लिटो; (पकाएर कपडाछान गरेको) ।

purfle (पर्'फ्ल्) **क्रि.** (आ०) लुगाको बुट्टा भरेको फेरोलाई किनारा हाल्नु, लुगालाई किनाराले सिंगार्नु; (भवनको छेउछाउ) सिंगार्नु; राम्रो पार्नु ।

purgation (पञर्गे'शन्) **ना.** शोधन, शुद्धि, विरेचन; आत्मिक शुद्धि, अघनाशन, पापमोचन ।

purgative (पञर्'गेटिभ्) **वि.** र **ना.** शोधक, सारक; **ना.** जुलाव, विरेचक ।

purgatory (पञर्'गेटरि) **ना.** नरक, पापमोचनस्थान, प्रायश्चित्तस्थान; तप, प्रायश्चित्तको स्थान; **वि.** शोधक, शुद्ध गर्ने ।

purge (पञर्ज्) **क्रि.** र **ना.** शारीरिक वा आत्मीय शोधन गर्नु; खार्नु, खारिनु; विरेचन गर्नु, जुलाब लिनु; (का०) दण्ड, प्रायश्चित्त र आत्मसमर्पणद्वारा अपराधको प्रतिकार गर्नु; हटाउनु (राजनैतिक दल, इ० वाट अवाञ्छनीय तत्व); **ना.** यस्तो शोधन; विरेचन, जुलाब ।

purificat/ion (प्योरिफिके'श्न्) **ना.** शोधन, (सुत्केरी भएपछिको) चोखिनु;—ory **वि.** शोधक, पावन ।

purify (प्यो'ञ्रिफाइ) **क्रि.** शुद्ध गर्नु, चोख्याउनु, अशुद्धता हटाउनु, वाहिरी तत्व हटाउनु, परिष्कार गर्नु, खार्नु ।

purist (प्यो'ञ्रिस्ट्) **ना.** संस्कारक, शुद्धतावादी, खा० ग० भाषाको शुद्धताको उग्रवादी ।

puritan (प्यो'ञ्रिटन्) **ना.** र **वि.** (ऐति० P–) बिलायतका सुधारवादी क्रिस्तान; अधर्मीय शुद्धतावादी संस्थाको सदस्य; धर्म र नैतिकतामा उग्र कठिनता लिने वा सोको ढोंग पार्ने उग्रवादी, कट्टरपन्थी; **वि.** प्युरिटनसम्वन्धी; धर्म वा नैतिकतामा कट्टर ।

purity (प्यो'ञ्रिटि) **ना.** पवित्रता, शुद्धता, शौच, चोख्याइ, चोखिनिती; दोषहीनता; निर्माल्य ।

purl (पञर्ल्) **ना.** र **क्रि.** बत्तू; चक्कीको सिक्री, सोको एक एक चक्की; (ऐति०) जाँड, बियर, को किसिम; **क्रि.** कलकल गर्नु, छचल्किएर बग्नु ।

purler (पञर्'लर्) **ना.** (बो. चा.) उत्तानो टाङ्ग लाउने, पछार्ने; पछार्ने, लडाउने, हिर्काइ; लपटा ।

purlieu (पञर्'ल्यु) **ना.** जङ्गलसीमाना, जङ्गल; आफ्नू सीमा, बन्धन; (ब. व.) सेरोफेरो, इर्दगिर्द, छरछिमेक, सहरको मैलो सडक वा टोल; ग्रामन्त ।

purlin (पञर्'लिन्) **ना.** सत्तरी ।

purloin (परलॉयन्') **क्रि.** चोर्नु, लामू हात पार्नु, उडाउनु ।

purple (पञर्'प्ल्) **ना.**, **वि.** र **क्रि.** गोलसजन, प्याजी, बैजनी, धूमल, नीललोहित, रातो र नीलोको विभिन्न अनुपातमा संमिश्रण, केही कालो वा सेतो वा दुवै पनि समावेश हुन्छ; खा. ग. वादशाह, राजा, इ० को गाढा प्याजी पोशाक; (ब. व.) सुँगुरको ज्वर, गहूँको रोग;— -red बैजनीतिर ढल्कने रातो; —emperor पुतलीको किसिम;—patch साहित्यिक रचनामा अति अलङ्कृत वृत्त, अनुच्छेद ।

purport (पञर्'पञर्ट्) **ना.** र **क्रि.** माने, अर्थ, मतलब, मजबून, बेहोरा, तात्पर्य, आशय, (कागत, वा भाषण, को); (विरलै०) ध्येय, उद्देश्य, मतलव; (पञर्पञर्'ट्) **क्रि.** (कागत वा भाषण) माने हुनु, अर्थ लाग्नु, देखिनु ।

purpose (पञर्'पज्) **ना.** र **क्रि.** उद्देश्य, अभिप्राय, इच्छा, तात्पर्य, मनसुबा, मतलब, तथ्य, गुण;—ful **वि.** जानीजानी, कसिएको; to the—ठाउँमा; **क्रि.** मतलव गर्नु, योजना गर्नु, इच्छा गर्नु ।

purposive (पञर्'पसिभ्) **वि.** इप्सित, इच्छित, संकल्पित, निश्चित ।

purpura (पञर्'प्युरा) **ना.** छालामा प्याजी टाटो निस्कने रोग; बैजनी रंग पाइने चिप्लेकीराको जात ।

purpuric (पञर्प्यो'ञ्रिक्) **वि.** चर्मरोगको, सम्बन्धित, ज. कि—fever;—acid बैजनी रंगको लवण हुने अम्लको किसिम ।

purpurin (पञर्'प्योरिन्) **ना.** पहिले मञ्जिष्टा या कालमेशीबाट झिकिने रातो रंग गर्ने वस्तु ।

purr (पञर्) **क्रि.** र **ना.** विरालो, वाघ, इ० मार्जारीय पशुले घुर्र घुर्र शब्द गर्नु, घुर्नु; **ना.** सो शब्द, घुर्र ।

purree (प'री) **ना.** भारत र चीनबाट प्राप्त हुने पहेंलो रंग ।

purse (पञर्स्) **ना.** र **क्रि.** थैलो, झोली, नाम्जो; दाम,

पैसा, अर्थ; कोष; **क्रि.** (ओठ) लेब्र्याउनु, खुंच्याउनु, खुंचिनु, थैल्याउनु; light—दारिद्र्य, गरीबी; public—राष्ट्रिय कोष; privy—राजाको निजी खर्चको लागि दिइने अनुदान;— -bearer खजान्ची;— - proud धनोन्मत्त, वित्तगर्वित;— -strings थैलोको धागो; hold the—strings खर्चका उपर अंकुश राख्नु ।

purser (पअ्र्'सर्) **ना**. यात्री जहाजमा हिसाव राख्ने अधिकारी ।

purslane (पअ्र्स्'लिन्) **ना.** सालाड र अचारमा हालिने रसदार जडी ।

pursuance (पर्स्यू'अन्स्) **ना.** अनुसरण, वर्तन, गमन; in—of...को अनुसरणमा . ।

pursuant (पर्स्यू'अण्ट्) **वि.** र **क्रि. वि.** अनुवर्ती, सन्दर्भ, अनुसारी ।

pursue (पर्स्यू') **क्रि.** लखेट्नु, लगार्नु, खेद्नु, दपेट्नु, पीछा गर्नु, पछि लाग्नु, खहेरनु, खोज्नु, वर्तनु ।

pursuer (पर्स्यू'अर्) **ना.** अनुगामी, पछि लग्गू, अनुसारी ।

pursuit (पर्स्यूट्') **ना.** अनुसरण, लखेटाइ; पेशा, व्यवहार, रोजगार, नोकरी, आमोद;—plane लडाकु हवाइजहाज ।

pursuivant (पअ्र्'स्विभण्ट्) **ना.** वंशावली संस्थाको कर्मचारी; (कवि.) उपचारक, अनुगामी; चाकर; चोवदार ।

pursy (पअ्र्'सि) **वि.** दम फुलेको, स्वाँ स्वाँ गर्ने; मोटो, घ्याम्पे गाला भएको; खुंच्याएको, चाउरी परेको ।

purtenance (पअ्र्'टिनन्स्) **ना.** (आ०) पशुको जोश, आन्द्राभुँडी ।

purul/ent (प्यो'रुलेण्ट्) **वि.** स्राव या पीपसहित; पूयपूर्ण; —ence ना. पीप, सपूयता ।

purvey (पर्भे') **क्रि.** जोगाड गर्नु, जम्वा गर्नु, उपलब्ध गराउनु, दिनु (खाने सामान) पेशाको रूपमा; रसदसाहू हुनु; बन्दोबस्त गर्नु, भँडारे हुनु;—(परभे'अन्स्) **ना.** उपलब्धि, पुऱ्याइ; रसद पानी; सरकारले तोकेको मोलमा रसदपानी, र घोडाको चलन गर्ने अधिकार;—or **ना.** रसदसाहू, सामान जुटाउने, सामान पुऱ्याउने वा जोर्ने ।

purview (पर्'भ्यु) **ना.** कार्यक्षेत्र, उद्देश्य, विस्तार (ऐन, पुस्तक, योजना, कागत, इ० को); शारीरिक वा मानसिक दृष्टिको विस्तार, क्षेत्र; ऐन कानूनको कार्यकारी दफा ।

pus (पस्) **ना.** पीप, पूय, पूयरक्त ।

push (पुश्) **क्रि.** र **ना.** धच्याड्नु, धचेट्नु, धक्काउनु, धकेल्नु, धक्याउनु, ठोस्नु, हुत्याउनु, ठेल्नु, चलाउनु, पछार्नु, कुद्नु, निस्कनु, ढेप्नु, जित्नु, जोर गर्नु, उत्तेजना गर्नु, जोर लाउनु, (विज्ञापनद्वारा) शिफारिस गर्नु; दवाउनु;—in उतर्सिनु, घुस्नु;—forward पस्नु, उतर्सिनु;—off डुङ्गा बाँसले धच्याडेर लैजानु; (वो. चा.) जानु, हिंड्नु;—on अघि बढ्नु; गर्दै जानु;—through सम्पन्न गर्नु, मेहनतसाथ काम सिध्याउनु;—button बिजुलीको थिच्ने स्विच; अन्य स्विच जो थिच्नाले अनेक काम हुन्छ; सानू परिश्रमबाट ठूलो काम या फल;—button war स्विच थिच्दा छुट्ने अनेक अस्त्रहरूद्वारा गरिने युद्ध;—over **ना**. सजिलोसँग जितिने प्रतियोगी वा विपक्षी, सजिलोसँग ठगिने व्यक्ति, सजिलो काम;—pin केटाकोटीको खेल, टाउको भएको पिन; **ना**. ठक्कर, घचेटाइ, घुच्चा, धक्का, घच्चा, जोर, प्रभाव, (अस्त्रको) घोचाइ, (सीङको) घोचाइ; जोर, मेहनत, परिभ्राट्; अभियान, उद्योग, आत्मप्रतिपादन, अघिसराइ, (अप०) चोर, ठग कैदी, इ० को टोली; (अप०) get, give, the—बर्खासी, बर्खास हुनु;— -bike पाउदान चलाएर चल्ने बाइस्कल;— -cart ठेला;—ing **वि**. चल्तापुर्जा; तहसनहस गर्ने, जान्ने, अग्रसर हुने ।

Pushtoo,-tu (पश' ङ्ड) **ना.** अफगान बोली, पुस्तु ।

pusillanim/ous (प्युजिल्या'निमस्) **वि.** क्षुद्र मन, कायर, कमजोर दिलको, पामर, भीरु;—ity **ना.** कार्पण्य, दैन्य, क्षुद्रता, कातरता ।

puss (पुस्) **ना.** बिरालो (डाक्ने नाम), खरायो, बाघ; (बो. चा.) ठिटी;—y (पु'सि) **ना.** (तो०) बिरालो;—y foot (अप०) मद्यनिषेधक, मद्य निषेध गर्ने राय भएको; **क्रि.** चाल मारेर हिँड्नु, सावधानीसाथ काम गर्नु ।

pustul/e (पस्'ट्यु ल्) **ना.** फुन्सी, डंडीफोर, पिटिका; मुसा;—ate (पस्'ट्यु लेट्) **क्रि.** फुन्सी बन्नु, डण्डीफोर निस्कनु ।

put (पुट्) **क्रि.** (कसरत) फ्याँक्नु (हातलाई काँधनिर राखेर, वजन, पत्थर, इ०), घोच्नु, राख्नु, कोर्नु, हाल्नु, थाप्नु; बसाल्नु;—across सफलतासँग सम्पन्न गर्नु;—away पाचुके गर्नु, राख्नु, (अप०) कैद हाल्नु; —back रोक्नु, पछि सार्नु;—by थन्काउनु;—down दबाउनु;—forth बल गर्नु;—forward अघि सर्नु;—in भर्ना गर्नु, राख्नु;—on (अप०) निहुँ, स्वाँग;—off स्थगन गर्नु, फुकाल्नु;—out मर्काउनु, रिस उठाउनु;— (peron's) back up जङ्ग्याउनु, ऱोक्याउनु;—wise बताउनु, साँचो कुरा भनिदिनु;—up with सहनु;—up पेश गर्नु, राख्नु ।

put (पुट्) **ना.** पत्थर वा वजनको हिकाई, फेंकाइ ।

put, putt (पट्) **क्रि** (गल्फ खेल) वललाई विस्तारै हान्ने लठ्ठी (putter) ले हानेर प्वालमा खसाल्न खोज्नु ।

put (पट्) **ना.** (अप०) स्वाँठ, लठेप्रो, सनकी ।

putative (प्यु'टटिभ्) **वि.** अनुमानित, तथाकथित, कहिएको ।

puteal (प्यू'टिअल्) **ना.** (रो० प्राची० इ०) इनारको मुखको ढुङ्गाको घेरो ।

putre/fy (प्यूट्'रिफाइ) **क्रि.** सड्नु, कुहिनु, खराब हुनु, पाक्नु, पीप जम्नु, नैतिक अधः पतन हुनु, भ्रष्टाचारी बन्नु;—faction **ना.** गलन, विलयन, सडन ।

putrescent (प्युट्रे'सेण्ट्) **वि.** सड्न लागेको, सो क्रियाबारे ।

putrid (प्यू'ट्रिड्) **वि.** विगलित, सडेको, खराब, दुर्गन्धमय, (अलं०) भ्रष्ट; (अप०) कमसल, सारै मन नपर्ने, धीनलाग्दो;—fever टाइफस ज्वर;—sore throat डिप्थिरिया ।

putsch (पुच्) **ना.** विप्लवकारी प्रयत्न, तख्ता पल्टाउने प्रयत्न ।

putty (प'टि) **ना.** र **क्रि.** पुटिन;—medal तुच्छ सेवालाई मिल्ने (सानू) पुरस्कार ।

puy (प्वि) **ना.** फ्रान्सको ओभर्न प्रदेशको सानू ज्वालामुखीय शंकु ।

puzzle (प'ज़ल्) **ना.** र **क्रि.** विलखवन्द, गोरखधन्धा, संभ्रम, प्रहेलिका, व्यामोह, भ्रान्ति; रहस्य, समस्या, बुद्धिको खेलौना, अकमक्क पार्ने किसिमको खेल; **क्रि.** भ्रममा पर्नु, छटपटाउनु, जिल्ल पर्नु, अलमलिनु, अलमल्याउनु;—d **वि.** विलखबन्द, अक्क न वक्क, अकमक्क, विमूढ;—-head (ed), —pate (d) संभ्रममा परेको, किंकर्तव्यविमूढ ।

pyaemia (पाइई'मिआ) **ना.** पूय केन्द्र हुने रगतको विकृत अवस्था, रगतको विकार ।

pyedog,pi(e)—(पाइ'डॅग्) **ना.** भुस्याहा कुकुर ।

pygmy (पिग्'मि) **ना.** र **वि.** वामपुड्के, वामन, बाउन्ने, अफ्रिकावासी वामन जातिको व्यक्ति; पुड्के; **वि.** बाउन्ने, पुड्को, क्षुद्र, तुच्छ ।

pyjamas, pajamas (पाइ'जामाज़्, पा'जामाज़्) **ना.** पाइजामा, रातिको लुगा ।

pyknic (पिक्'निक्) **वि.** र **ना.** (मानव०) बाक्लो घाँटी, ठूलो भुँडी र सापेक्षिक छोटो खुट्टा भएको (व्यक्ति) ।

pylon (पाइ'लन्) **ना.** इजिप्टको मन्दिरको प्रवेशद्वार; शक्तितार (विद्युत) लैजानाको लागि अग्लो आधार, खम्बा; सीमाना वा शोभाको खम्बा ।

pylorus (पाइ'लोअ्रस्) **ना.** (श० वि०) भुँडीबाट पक्वाशयमा जाने प्वाल; सो रहेको भुँडीको भाग ।

pyo-(पियो-) ग्री० यौगिक=पूय—;—genesis पूयोत्पत्ति;—rrhoea पायरिया, दाँतको गीजाबाट पीप आउने रोग ।

pyramid (पि'रमिड्) **ना.** सूच्यग्रस्तम्भ, स्तूप, सूच्यग्रठोस; सूच्यग्र थुप्रो (चीज, फल, इ० को); पंक्तिको लम्बाइ, क्रमैले घट्ने वा बढ्ने कविता;—al **वि.** सूच्याकार, स्तूपीय;—ist सूच्यग्र स्तम्भको विद्यार्थी ।

pyre (पायर्) **ना.** चिता; सोला ।

pyrethrum (पायरे (रि)' थ्रम्) **ना.** गोदावरी फूलको किसिम ।

pyretic (पाय्रे'टिक्) **वि.** ज्वरको, ज्वर ल्याउने ।

pyrexia (पाय्रे'क्सिआ) **ना.** ज्वर, जरो ।

pyrheliometer (पर्हीलिअॅ'मिटर्) **ना.** सूर्यतापमापक ।

pyridine (पा'य्रिडाइन्) **ना.** (र० शा०) अस्थितेल तताएर प्राप्त हुने क्षारोद; पाइरिडीन ।

pyrites (पिराइ'टीज़्) **ना.** फलामको कोरा खनिज; तामा र फलामको संयुक्त खनिज ।

pyr/o-(पाय्रो-) **ना.** ogallic acid को छो क.

pyr/o-(पाय्रो-) ग्री० यौगिक=अग्नि—;—ogallic acid फोटोग्राफीमा व्यवहार हुने रसायन;—ogenetic तापकारक, अग्निकारक, खा. ग, शरीरमा;—omania आगो लाउने सनक ।

pyrope (पा'य्रोप्) **ना.** गाढा रातो मणि ।

pyrosis (पाय्रो'सिस्) **ना.** मुखमा पानी आउने गरी पेटमा पोल्नु ।

pyrotechn/ic (पाय्रोटेक्'निक्) **वि.** र **ना.** आतशबाजी विषयको, ज़० कि—display आतशबाजी (अलं०), (चातुर्यबारे), उज्ज्वल, उत्तप्त; (ब. व.) आतशबाजी बनाउने सीप, कला;—y **ना.** आतशबाजी शास्त्र ।

pyroxene (पा'य्रोक्सीन्) **ना.** आग्नेय चट्टानबाट धे. ज. पाइने एक प्रकारको रसायन ।

Pyrrhic (पि'रिक्) P—**ना.** र **वि.**—dance प्राचीन ग्रीकहरूको रण-नृत्य; दुई लघुको छन्द; **वि.** यस्तो छन्दको;—victory दुवै थरीको ठूलो नोक्सान भएको विजय, व्यर्थको विजय ।

Pythagor/as (पिथ्यागरस्) **ना.** सामोस टापूको दार्शनिक पिथ्यागरस् ;—ean proposition ज्यामितिको एक प्रसिद्ध प्रमेय ।

Pythian (पि'दिअन्) **वि.** र **ना.** डेल्फाइमा रहेको एपोलोको लक्षणज्ञ र पूजारिनको; the—एपोलो, वा उनको पूजारिन् ।

python (पाइ'थन्) **ना.** अजिङ्गर, नाग; व्यक्तिगत प्रेत वा ख्याक , भूत लागेको व्यक्ति ।

pyx (पिक्स्) **ना.** र **क्रि.** मन्दिरको पूजाभाँडा विशेष; टकसार (बिलायत) मा जाँचको निमित्त सुन र चाँदीका सिक्का राखिने बाकस; **क्रि.** सो बाकसमा मुद्रा हाल्नु ।

pyxidium (पिक्सी'डिअम्) **ना.** (व०) बट्टाको बिर्को उँ उक्काउन हुने कोष ।

pyxis (पि'क्सिस्) **ना.** सानू बट्टा, बाकस ।

Q

Q (क्यु) **ना.** रहस्य; **Q**—boat, **Q**—ship छद्मवेशी, छली, डुङ्गा, जहाज ।

Qantas (कान्'टास्) **ना.** यात्री ओसार्ने वायुयान कम्पनीको नाम, सोको वायुयान ।

qua (क्वा) **सं.** भएर, को हैसियतले ।

quack (क्वाक्) **ना.** र **क्रि.** हाँसको बोली, ग्वाक ग्वाक, बकबक, (तो०) क्वाक क्वाक=हाँस; मिथ्याज्ञानी, खा. ग. मिथ्या चिकित्सक, भिषज्पाश, रोगको उपचार र निर्मूलन गर्न सक्छु भन्ने धक्कू लगाउने ठग वैद्य; **क्रि.** क्वाक क्वाक गर्नु, ठग वृत्ति गर्नु, ठग वैद्य बन्नु, बकबक गर्नु ।

quad (क्वॅड्) **ना.** चार, ज. कि. quadrangle, quadruplet, इ० ।

quadrable (क्वॅ'ड्रब्ल्) **वि.** समवर्गले प्रतिनिधित्व गर्न सक्ने; बीजीय पदको निश्चित संख्याले जनाइन सकिने ।

quadragenarian (क्वॅड्रजिने'अ्रिअन्) **वि.** र **ना.** चालीस वर्ष उमेरको (व्यक्ति) ।

Quadragesima (क्वॅड्रजे'सिमा) **ना.** (–Sunday पनि) क्रिस्तानी पर्व लेण्टको प्रथम आइतवार ।

quadragesimal (क्वॅड्रजे'सिमल्) **वि.** चालीस दिने, खा. ग. लेण्टको उपवास; उपवासीय ।

quadrang/le (क्वॅड्'न्याङ्ग्ल्) **ना.** चतुर्भुज, चौकोस, आँगन, चोक;—ular **वि.** चतुष्कोणीय, चार चुच्चो ।

quadrant (क्व'ड्रण्ट्) **ना.** पाद, वृत्तपाद, चतुर्थ भाग ।

quadrate (क्वॅड्'रट्) **ना.** (quad पनि) (छ०) स्पेस छोड्नालाई मुद्रकहरूले उपयोग गर्ने साना धातुका ढिका, ज. कि em—en—, चौडा र साँगुरो नापको ।

quadrate (क्वॅड्'रेट्) **वि.** र **ना.** वर्गात्मक, चतुर्भुजीय;—muscle नितम्ब, तिघ्रा, हात, इ० को पेशी ।

quadrate (क्वॅड्रेट्') **क्रि.** (विर०) वर्ग वनाउनु; (गणित०) वृत्तलाई वर्गले घेर्नु, अनुरूपको वनाउनु ।

quadratic (क्वड्रे'टिक्) **वि.** र **ना.** (विर०) वर्ग ; (गणित०) द्विघात, खा. ग. –equation वर्ग समीकरण; **ना.** वर्ग समीकरण; (व. व.) सोको वारेमा छलफल रहेको वीज गणितको भाग ।

quadrature (क्व'ड्रेचर्) **ना.** (गणित०) पद संस्थान ।

quadrennial (क्वड्रे'निअल्) **वि.** चार वर्षे; चार चार वर्षमा हुने. चातुर्वार्षिक ।

quadri–(क्व'ड्रि–) ल्या० यौगिक=चतुः—,चार—;— -lateral चतुर्भुज, चौपत्ता, चार कुने:—lingual चार भाषे; llion १० लाखको चार घात (१ पछि २४ शून्यको अङ्क):—nomial (वीज०) चतुष्पदीय;—partite चतुर्विध, चतुर्भागीय;—reme चार तहको डाँडी भएको डुङ्गा;—syllabic चतुष्पदीय;—valent (र० शा०) चार बन्धकता, एकबन्धकता भएका चार परमाणुसंग संयोग हुन सक्ने ।

quadric (क्वॅ'डरिक्) **वि.** र **ना.** (ठोस ज्यामिति०) दोस्रो घातको (तल) ।

quadriga (क्वड्राइ'गा) **ना.** (व. व.—ae) संगसंगै चार घोडा जोतिएको प्राचीन रथ ।

quadrille (का–क्वाड्रिल्') **ना.** ४० ताशको चार जनाले खेल्ने पुरानू खेल; चार जोडाले नाच्ने पुरानू नाच ।

quadroon (क्वड्रून्') **ना.** चौथाई निग्रो रगत भएको व्यक्ति; गोरा र अर्ध काला पितामाताको सन्तान; त्यस्तै उत्पत्ति भएको मानवीय, पाशविक वा वनस्पति वंशको प्राणी ।

quadrumanous (क्वड्रु'मनस्) **वि.** चतुर्हस्तीय, चतुर्भुजी ।

qudruped (क्व'ड्रुपिड्) **ना.** र **वि.** चतुष्पद, चारपाया, चौपाया ।

quadruple (क्व'ड्रुप्ल्) **वि.**, **ना.** र **क्रि.** चौगुना, चारगुना, चतुष्पदीय (ज. कि—algebra);—rhythm चार ताल, चौताल;—alliance चतुर्राष्ट्रिय मित्रता; **ना.** चौगुना, संख्या; **क्रि.** चौगुना गर्नु, चारगुना थप्नु ।

quadruplet (क्व'ड्रुप्लिट्) **ना.** (व. व.) एकै पटकमा जन्म भएका चार सन्तान, छो. क. quads; संगै काम गर्ने चार थोक; चार जनाले चढ्ने वाइसकल ।

quadruplicate (क्वड्रु'प्लिकेट्) **वि.**, **ना.** र **क्रि.** चारगुना, चार पटक दोहरिएको या नकल सारिएको; **ना.** in—एक समान चार प्रति या नकल; (व. व.) चार त्यस्ता नकल; **क्रि.** चार प्रति नकल झिक्नु; चारगुना गराउनु ।

quadruplicity (क्वड्रुप्ली'सिटि) **ना.** चौगुनापन, चतुर्गुण स्वभाव, चतुर्गुण हुनु ।

quaere (क्वे'अ्रि) **क्रि.** र **ना.** सोध, प्रश्न यो हो कि, म जान्न चाहन्छु, कि; **ना.** प्रश्न, सोधनी (ल्या०) ।

quaestor (क्वे'स्'टर्) **ना.** प्राचीन रो० खजान्ची, कोषाध्यक्ष ।

quaff (क्वाफ्) **क्रि.** पिउनु, लामू लामू घुट्काले पिउनु, त्यस्तो पियाइले रित्याउनु ।

quag (क्व्याग्) **ना.** धाप, दह, कच्छ, दलदल ।

quagga (क्व्या'गा) **ना.** गधा र जेब्रासंग साइनो पर्ने द० अफ्रिकाको जनावर ।

quagmire (क्व्याग्'मायर्) **ना.** धाप, दलदल, अनूप, कच्छ (अक्ष० र अलं०) ।

quaich, quaigh (क्वे'ख्) **ना.** (स्क०) काठको दुई वींड भएको पिउने भाँडो ।

Quai d' orsay (केडॅअ्र्से') **ना.** फ्रेन्च परराष्ट्र मंत्रालय (लाई जनाउने) ।

quail (क्वेल्) **ना.** र **क्रि.** वट्टाइ; **क्रि.** लर्तरिनु, पछि हट्नु, डराउनु, हट्नु, कात्रिनु ।

quaint (क्वेण्ट्) **वि.** अनौठा, विलक्षण, पुरानू खालको, असंगत, प्राचीन र अपरिचित हुनाले चित्ताकर्षक ।

quake (क्वे'क्) **क्रि.** र **ना.** काँप्नु, काम्नु, हल्लिनु, कम्पायमान हुनु; **ना.** कम्पन, भूकम्प (वो. चा.) ।

quaker (क्वे'कर्) **ना.** विलायतमा जर्ज फक्सले खडा गरेको मित्र मण्डलीका सदस्यको वाहिरियाहरूले (हेलासाथ) दिएको नाम—क्वेकर; वन्दरगाह वा गढमा रहेको लुकुवा तोप;—वा —s',—meeting जसमा उपस्थित व्यक्तिहरू धेरै वोल्दैनन्; वार्तालाप कम हुने जनसमूह ।

quali/fy (क्वॅ'लिफाइ) **क्रि.** गुण, दोष, आरोप गर्नु; चाहिने गुण वा ल्याकत प्रदान गर्नु, ल्याकतवर वनाउनु, शर्त पूरा गर्नु, सपथ लिनु, वदलिनु, परिवर्तन गर्नु, नरम गर्नु, कम गराउनु; —ing examination उम्मेदवारहरूमा आवश्यकीय योग्यता छ छैन जाँच्ने परीक्षा;—fication **ना.** योग्यता, काविलियत, ल्याकत, न्यूनीकरण, गुण निरूपण; क्षमता, पात्रता, नियत ।

qualit/y (क्वॅ'लिटि) **ना.** गुण, वस्तुस्वभाव, उपयोगिता, श्रेष्ठता, सीप, दक्षता, विशिष्टता, नैतिक वा आत्मीय गुण; (आ० वा ग्रा०) श्रेष्ठता, ठूलो दर्जा, सामाजिक दर्जा; लक्षण;

—ative **वि.** गुणात्मक ।

qualm (क्वा़म्, क्वा़ॅम्) **ना.** क्षणिक कमजोरी वा रिंगटा, वाकवाक, मनस्ताप, फिक्री, शंका, खडको, अन्योल, औचित्यबारे शंका ।

quandary (क्व़ॅनूडे'ञ्रि) **ना.** खुलदुली, वित्यास, ऋंऋट, अल्ऋो, जञ्जाल, प्रपञ्च, ऋमेला, असमञ्जस ।

quand mème (कँ मेम्') **क्रि. वि.** जे भए पनि, जेसुकै होस्, तापनि (फ्रे०) ।

quant (क्वॅण्ट्) **ना.** र **क्रि.** (डुङ्गा) घचेट्ने लहुरो, हिलोमा नगाडिनालाई काँटासहित; **क्रि.** सोले घचेट्नु ।

quantify (क्वॅन्'टिफाइ) **क्रि.** (तर्क०) कुनै खास शब्दको प्रयोगले पद, प्रमेय, को व्यवहारको निर्णय गर्नु; परिमाण तोक्नु, परिमाणमा प्रकाश गर्नु, नाप्नु ।

quantit/y (क्वॅन्'टिटि) **ना.** परिमाण, मान, संचय, राशि; योग; निर्दिष्ट, वा बहु. भाग; स्वरको लघुता वा गुरुता; (गणित.) परिमाण;—y–mark स्वरमाथि लघुता वा गुरुता जनाउने चिन्ह; false—छन्दभङ्ग, वेसुरोपन; unknown—अज्ञात वस्तु, व्यक्ति वा वस्तु जसको प्रतिक्रियाको अन्दाज गर्न सकिन्न; negligible—वेगिन्तीको व्यक्ति;—ative **वि.** परिमाणात्मक; —ative analysis परिमाणात्मक विश्लेषण (र० शा० मा); —ative scausion, verse, इ०, स्वरको मात्राको विचारले छन्द, काव्य, इ. को परीक्षा ।

quantivalence (क्वॅन्'टिभ्यालेन्स्) **ना.** (र० शा०) कुनै तत्वको परमाणुले कतिसम्म अर्को तत्वका परमाणुलाई संयोगमा लिन सक्दछ त्यसको हद ।

quantum (क्वॅ'नूटम्) **ना.** राशि, उपचय, अंश, भाग; आवश्यक, वाञ्छित वा प्रदत्त परिमाण वा राशि;—libet वा placet छो० क० q. l. , q. p. , (चिकित्सकको नुसखामा) चाहिए वा पुग्ने जति;—theory (भौ० शा०) परमाणुको स्थायित्व र अरू घटनाको कारण बताउने अनुमान, विकिरणमा विद्युत् कणको शक्तिको अनवरत रूपले ह्रास हुन्न, वरं विरत परिमाण वा अंशमा मात्र हुन्छ भन्ने सिद्धान्त ।

quaquaversal (क्वेक्व़भेअ्र्'सल्) **वि.** (भूतत्व०) सबैतिर फर्केको ।

quarantine (क्वॅ'रनूटीन्) **ना.** र **क्रि.** उपसर्ग काल, संसर्ग निषेधावधि; वन्देज अवधि; **क्रि.** अलग राख्नु, संसर्ग निषेध गर्नु ।

quare impedit (क्वे'य्रेइम्'पिडिट्) **ना.** (का०) अदालतले रोकावटको कारण सोध्ने याचिका ।

quarrel (क्व़ॅ'रल्) **ना.** र **क्रि.** ऋै ऋगडा, तकरार, खिचोला, कलह, राडो, रडाको, बाऋाबाऋ, भनावैरी, दगल फसल, कूट, विग्रह, विवाद, गलफद्दी, हूलइज्जत, कटाच्छे;—some ऋगडिया, चोथाले, बऋुवा, थुतुने, बखेडिया, अजोग्ले, अर्घेलो, कुचुद्दे, कचिङ्गले, निहुँखोजाहा, कलहप्रिय, कलहकारी; **क्रि.** ऋगडा गर्नु, ऋर्कनु, विवाद गर्नु, बाऋ्नु, निहुँ खोज्नु, वैरभाव राख्नु ।

quarry (क्व'रि) **ना.** र **क्रि.** शिकार, आहारा; पत्थर, संगमरमरको खानि; पापाणस्थान, निर्माणको लागि वस्तु, पत्थर, इ० खनी ऋिक्ने ठाउँ; (अलं०) भण्डार; (अलं०) समाचार, ज्ञान, इ० को स्रोत;—nan खन्ने ज्यामी; **क्रि.** पत्थर इ० खनेर ऋिक्नु; (समाचार, तथ्य, इ०) मेहनतसाथ, पुस्तक, इ० बाट खोजेर ऋिक्नु; कागतपत्रमा खोजतलाश गरी समाचार ऋिक्नु ।

quart (क्वॅअ्र्ट्) **ना.** र **क्रि.** नापको परिमाण; तरवार खेलमा एकभार; ताशको लगातार चार पत्ती; —major (ताशको) एक्का, वास्सा, मीम, गुलाम; **क्रि.** तरवार खेलको मुद्रा र हनाइ गर्नु ।

quartan (क्वअ्र्'टन्) **वि.** र **ना.** (ज्वर) कम्पसहित तेस्रो दिन (वा दुवै दिन गनी) चौथो दिनमा आउने ।

quartation (क्वअ्र्टे'श्न्) **ना.** चतुर्थी; तीन भाग चाँदी र एक भाग सुन मिलाई सुन शुद्ध गर्ने प्रथा ।

quarte (काअ्र्ट्) quart को अर्को आकार ।

quarter (क्वॅर्'टर्) **ना.** चतुर्थांश, अर्धार्ध; पाद, पाउ; तौलको परिमाण. सालको चतुर्थांश, जब पैसा (तलब, ऋण, लाभांश, इ०) दिने अवधि पूर्ण हुन्छ; घण्टाको चतुर्थांश, सवा; दिशा; टोल, मोहल्ला; (ब. व.) डेरा, वास; head—s प्रधान कार्यालय, मुकाम, सदर मुकाम; (युद्धमा शत्रुलाई) जीवदान, अभयदान;—-guard **ना.** गारद, चौकी;—-miler चौथाइ माइल दौडने;—-plate तसवीर खिच्ने क्वार्टर साइज ।

quarter (क्वॅर्'टर्) **क्रि.** चार भागमा बाँड्नु, (देशद्रोहीको लाश) चार टुक्रा पार्नु; फौजलाई डेरामा राख्नु; (कुकुर) चारैतिर दौडनु ; (वंशावली) ढालमा हाल्ने बुट्टा राख्नु, थप्नु, ढालको भाग गर्नु, इ० ।

quarterage (क्व़अ्र्'टरेज्) **ना.** त्रैमासिक पाउना, तलब, भत्ता, पेन्सन, इ० ।

quartering (क्वअ्र्'टरिङ्) **ना.** (वंशावली, ब. व.) अरू परिवारका युवतीहरूसंग वैवाहिक सम्बन्ध जनाउने चिन्ह; टिम्बा चिरेर चार चौकोस टुक्रा बनाएको ।

quarterly (क्वअ्र्'टर्लि) **वि., ना.** र **क्रि. वि.** त्रैमासिक; **ना.** त्रैमासिक समीक्षा वा पत्रिका ; **क्रि. वि.** तीन महीनामा एक पटक; (वंशावली) ढालका चार, अथवा दुई तेर्सो टुक्रामा ।

quartern (क्वअ्र्'टअ्र्न्) **ना.** ४ पाउण्ड ओजनको पाउरोटी ।

quartet (te) (क्वअ्र्टेट्') **ना.** चार बोली वा वाद्यको संगीत रचना; चारको समूह वा श्रेणी ।

quartile (क्वअ्र्'टाइल्) **वि.** र **ना.** परस्परमा ९० अक्षांश फरक रहने नभमण्डलीय वस्तुहरूको, सो बारेको ।

quarto (क्वअ्र्'टो) **ना.** (ब. व.—s लेख्दा 4 to, 4° पनि लेखिन्छ) कागत दुई पटक मोड्दा हुने नाप; त्यसरी मोडेको पृष्ठले बनेको पुस्तक;—paper त्यसरी मोडेको कागत;

लेखिंदा छो. क. मा $4^{\underline{to}}$ पनि लेखिन्छ; चतुःपत्रकं ।

quartz (क्वअ्र्ट्ज़्) **ना.** खनिजको किसिम; फट्टिक, स्फटिक ।

quash (क्वॅश्) **क्रि.** रद्द गर्नु, बदर गर्नु, खारिज गर्नु, धुलाउनु, चालु होइन भनी अस्वीकार गर्नु, (खा. ग. कानूनी कारवाई वा अन्य अधिकारको प्रयोगले) ।

Quashee (क्वा'शी) **ना.** निग्रो; जातीय बोलाउने नामको रूपमा ।

quasi (क्वे'सि) **सं.** र **उ.** अर्थात्, भए जस्तो; (ना. या वि. मा धर्कोले जोडिएमा) अप्रत्यक्ष रूपले, देख्दा प्रायः, मानो, (ल्या० =देखिंदा) ।

quassia (क्व्या'श) **ना.** द. अमेरिका, खा. ग. सुरिनमको रूखको एक प्रकार जसको बोक्रा, काठ, जरोबाट तीतो औषधि निकालिन्छ ।

quater centenary (क्व्या'टर्सेन्टी'नरि) **ना.** चतुःशत वार्षिकी; चार सय वर्षौं जयन्ती ।

quaternary (क्वटअ्र्'नरि) **वि.** र **ना.** चार भाग भएको, खा. ग. चार रासायनिक तत्व वा मूलकसँग संयोग भएको; संख्या ४ सँग सम्बन्धित; (भूतत्व) सबभन्दा अर्वाचीन युग, तृतीय, भन्दा पछिको; **ना.** चार चीजको समूह, संख्या चार; चातुर्थिक; the Pythagorean—, १+२+३+४=१० जसको पिथ्यागोरीयवादमा रहस्यमय तात्पर्य छ ।

quaternion (क्वाटेअ्र्'निअन्) **ना.** चारको समूह, चार ताउ कागत एक पटक मोडेको; चतुष्क ।

quaternity (क्वाटेअ्र्'निटि) **ना.** चार हुनु, चार मुखे, चतुर्मूर्ति ।

quatorzain (क्या'टर्ज़्यान्) **ना.** १४ पंक्तिको कविता, अनियमित सनेट ।

quatrain (क्वॅट्'रिन्) **ना.** एक छाडेर पद्यमा अन्त्यानुप्रास-सहित चार पंक्तिको पुञ्ज वा अनुच्छेद ।

quattrocent/o (क्वाट्रोचे'ण्टो) **ना.** इटालियन कलाको ईस्वीय पन्ध्रौं शताब्दीको युग;—ist **वि.** र **ना.** सो युगको (कलाकार) ।

quaver (क्वे'भर्) **क्रि.** दोलनु, हल्लनु, काम्नु, थर्राउनु, गला कँपाउनु ।

quaver (क्वे'भर्) **ना.** कम्पन, गलाकँपाइ, भावावेशले कामेको बोली ।

quay (की) **ना.** घाट, जहाजबाट अवतरण स्थान; यात्रु, मालसामान चढ्ने लाद्ने र उत्रने, ओराल्ने पत्थर इ० ले बनेको पक्का स्थान ।

quean (क्वीन्) **ना.** (आ.) नखरमाउली, बेअदब गर्ने ठिटी, ढीट लडकी ।

queasy (क्वि'जि) **वि.** (खाना) पेट बिगार्ने, बिसन्चो पार्ने, वडता; (व्यक्ति, उसको पेट वा खाना) सजिलोसँग बिग्रने, गोलमाल हुने, नपच्ने, सुकुमारी, नरम, दिलको कमजोर वा सूक्ष्मसँग विचार गर्ने; नाटिकुटी गर्ने ।

quebracho (केब्रा'चो) **ना.** ज्यादै कडा काठ र ओखतीमा काम लाग्ने बोक्रा भएको अमरिकन रूखको किसिम ।

queen (क्वीन्) **ना.** र **क्रि.** रानी, राज्ञी, महिषी; देवी; प्रेमिका, स्त्री, रखौटी; श्रेष्ठ वस्तु; (बुद्धिचाल) मंत्री, मीम; **क्रि.** रानी बन्नु, बनाउनु, (बुद्धिचाल) प्यादालाई मंत्री बनाउनु;—consort राजाकी स्त्री, रानी;—dowager मृत राजाकी स्त्री; Q—of the Adriatic इटलिको भेनिस सहर;—ing **ना.** स्याउको जात;—ly **वि.** रानी जस्तो, सुहाउने प्रभायुक्त ।

queensberry (क्विन्ज़्'बेरि) **ना.**—rules मुक्की खेलका नियम ।

queer (क्विअ्र्) **वि., ना.** र **क्रि.** अनौठा, अचम्मको, एक तमास, उटपट्याङ्ग, बदमाश, बदनियती, समयोनि सम्पर्क (गर्ने); कमजोर, रिंगटा लागेको; (अप.) नशाखोर; अनौठा, असामान्य समयोनि मैथुन गर्ने; in Q—street (अप.) मुश्किलमा ऋणमा, बदनामी वा तकलीफमा; (अप०) बिगार्नु, नचल्ने गराउनु, खा. ग.—the pitch for (उसको लागि) मौका बिगारिदिनु, असजिलो गराउनु ।

quell (क्वेल्) **क्रि.** (कवि० र अलं०) दबाउनु, बलपूर्वक दमन गर्नु, जित्नु, (डर, विरोध, विप्लव, बागीहरू, इ० लाई) वशमा ल्याउनु, आज्ञानुकूल बनाउनु ।

quench (क्वेञ्च्) **क्रि.** (आगो, बत्ती, दृष्टि, मु० कवि० वा अलं०) निभाउनु, चिम्लनु; चिसो पार्नु (खा. ग. पानीद्वारा) ताप, तातेको चीज; शमन गर्नु, दबाउनु, (तिर्खा) मेट्नु; (अप.) चूप लगाउनु, (प्रतिपक्षी) थुन्नु; (तातेको धातुलाई पानीमा) चिसाउनु;—er **ना.** (अप०) तिर्खा मेट्ने पेय, मद्य ।

quenelle (कनेल्') **ना.** मसला हालेर पकाएको माछा वा मासु लेदो पारी फुटेको खाद्य ।

querist (क्वे'अ्रिस्ट्) **ना.** प्रश्नकर्ता, सोध्ने, सोधक ।

quern (क्वअ्र्न्) **ना.** जाँतो, मसला पिंध्ने सानू जाँतो;—stone जाँति ढुङ्गा ।

querulous (क्वे'रुलस्) **वि.** झगडिया, झर्कने, विलापी, रुन्चे; निहुँखोजाहा ।

query (क्वे'अ्रि) **ना.** र **क्रि.** प्रश्न, विरोधी प्रश्न, प्रश्नचिन्ह; **क्रि.** सोध्नु, जिज्ञासा गर्नु, प्रश्न गर्नु, यथार्थताको बारेमा सन्देह उठाउनु, शङ्का झिक्नु ।

quest (क्वेस्ट्) **ना.** र **क्रि.** आधिकारिक जाँचबूझ, अन्वेषण, अनुसन्धान; अन्वेषणको विषय; crowner's—मृत्युकारण निरूपकको जाँचबूझ; **क्रि.** (कुकुरले) शिकारको खोजी गर्नु; (केही चीजको) खोजी गर्नु; (कवि०) खोज्नु, पत्ता लाउनु ।

question (क्वेस्'चन्) **ना.** प्रश्न, सोधाइ, सवाल, जिज्ञासा, सोधनी, शङ्का वा सन्देह (को उठान); समस्या; विचाराधीन विषय, छलफलको विषय; मतको विषय; Q—! सार्वजनिक सभाहरूमा वक्तालाई प्रसङ्गमा आऊ भन्ने सङ्केतको ध्वनि; beg the—विवाद विषयको यथार्थता स्वीकार गर्नु; leading—इप्सित उत्तर ल्याउने किसिमको, rhetorical—उत्तरको

लागि होइन कि प्रभावको लागि गरिएको आलंकारिक प्रश्न; a—of time चाहे चाँडो चाहे ढीलो (अवश्यम्भावी); (person, thing) in—कुराको विषय; come into—(कुरा) उठ्नु; out of the—यस्तो अव्यावहारिक कि छलफलै गर्नु नपर्ने; (आ०) लुकाएको समाचारको लागि दिइने यातना;—and answer प्रश्नोत्तर ।

question (क्वेस्'चन्) **क्रि.** प्रश्न गर्नु, जिरह गर्नु, सोध्नु, समाचार खोज्नु, शङ्का झिक्नु, सन्देह गर्नु; खोन्याउनु, केर्नु;—able **वि.** सन्देहयुक्त, शंकास्पद; ईमानदारी, इज्जत, वा बुद्धि, संग मेल नखाने;—ing **ना.** जिरह, पूछताछ, सोधनी ।

questionnaire, questionary (केस्टिॲनेअर्', क्वेस्—) **ना.** सजिएको प्रश्नमाला, प्रश्नावली, जुवारी, सोधनी ।

queue (क्यु) **ना.** र **क्रि.** चुल्ठो, टुपी; ताँती, लाइन, लाम, पंक्ति, लहर; **क्रि.** चुल्ठो बाट्नु, लाममा उभिनु, लाइन लाग्नु ।

quibble (क्वि'ब्ल्) **ना.** र **क्रि.** श्लेष, वाक्छल, छल, वक्रोक्ति; खा. ग. शब्दको दुई अर्थमा खेल गरेर असार वा शाब्दिक तर्क; **क्रि.** वक्रोक्ति व वाक्छल गर्नु, अडङ्गा लाउनु; लटपट (कुरा) गर्नु, कुरा चपाउनु, बूझ पचाउनु ।

quick (क्विक्) **वि., ना.** र **क्रि. वि.** जीउँदो, जीव भएको, सजीव; प्रवल, पुष्ट, फुर्तिलो, तीव्र, शीघ्र, वेगिलो; चाँडो, छिटो; झटपट, तत्क्षण; **ना.** छाला वा नङमन्तिरको नरम मासु, जहाँ स्पर्शेन्द्रिय रहन्छ, वा घाउ निको हुन शुरू हुन्छ;—temper चाँडो उठ्ने रिस;—tempered चाँडो रिसाउने, रिसाहा;—sighted तीखो आँखे;—lime चूनाकली, चून;—march (सेना) फूर्तिसाथ चाँडो हिंडाइ;—sand बलौटे धाप, (समुद्र किनारमा) खुकुलो चिसो बालुवाको विस्तार, जसमा जहाज, वस्तु, इ० हराउँछन्;—set (बार) झाडी;—silver पारो;—step (सेना०) चाँडो हिंडाइ; **क्रि. वि.** झट्ट, लगत्तै, तत्काल, चाँडो, छिटो;—freeze (खाद्य सामान) चाँडो चिस्याएर त्यसको गुणको ह्रास हुन नदिनु;—ly चटपट, छिटै, स्वाट्ट, झटपट ।

quicken (क्वि'क्न्) **क्रि.** जीवित गराउनु, उत्तेजित गर्नु, जगाउनु, प्रेरणा दिनु, सल्काउनु; जीव पाउनु, टठमराउनु, चाँडो गराउनु ।

quickie (क्वि'कि) **ना.** (बो. चा.) ऐनको परिबन्द पूरा गर्नालाई तयार गरिएको सस्तो सहलिया चलचित्र ।

quickness (क्विक्'निस्) **ना.** शीघ्रता, तीक्ष्णता, वेग; आकस्मिकता, मिजासको हडबड, रिस ।

quid (क्विड्) **ना.** (अप०) बिलायतको पाउण्ड (दाम); मुखमा हालेर चपाउने तमाखुको चौटो, खैनी, सुर्ती ।

quiddity (क्वि'डिटि) **ना.** सार, कुनै वस्तुलाई वस्तुत्व प्रदान गर्ने तत्व; श्लेष, छिद्रान्वेषी चतुऱ्याइँ ।

quidnunc (क्विड्'नङ्क्) **ना.** कुरौटे, गफी, गफास्टक, हल्लावाज ।

quid pro quo (क्विड् प्रो क्वो) **ना.** एक थोकको सट्टा अर्को थोकको चलनद्वारा भएको भूल; क्षतिपूर्ति; विचार, बदला ।

quiescent (क्वाय'सेण्ट्) **वि.** अचल, जड, स्तब्ध, निष्क्रिय; शिथिल, शान्त, टक्कर (खाएको) ।

quiet (क्वा'यट्) **ना.** उथलपुथल नभएको राजनैतिक स्थिति, आम शान्ति; स्तब्धता, शान्ति, गोलमालबाट पृथक्, आराम, खामस, धर, मनको स्थिरता; अनुद्वेगको आचरण; विश्राम, मौन ।

quiet (क्वा'यट्) **वि.** शान्त, निष्कम्प, निरुद्वेग, निश्चल, चकमन्न, नीरव, निर्धक्क, ठण्डाराम; धीर, स्थिर ।

quiet (क्वा'यट्) **क्रि.** शान्त गराउनु, शमन गर्नु, थामपुर पार्नु, साम्य पार्नु;—down साम्य पार्नु, शमन गर्नु ।

quieten (क्वाय'टेन्) **क्रि.** शान्त गर्नु, शमन गर्नु ।

quietism (क्वाय'टिज्म्) **ना.** जीवनप्रति निश्चेष्ट उदासीन भाव, जप तप र कर्मसंन्यास ।

quietus (क्वायी'टस्) **ना.** चुक्ति, भरपाई, रसीद, (अचेल विर०); जीवनबाट मुक्ति, लोप, अन्तिम छुटकारा ।

quiff (क्विफ्) **ना.** अलख ।

quill (क्विल्) **ना.** पर्ण, कलम, लेखनी, (दुम्सीको) काँढा, बाँसुरीको नली, शारिका;—driver लेखक, पत्रकार, ग्रन्थकार, कलमचालक ।

quill (क्विल्) **क्रि.** पर्णाकारमा बेर्नु ।

quillet (क्वि'लिट्) **ना.** (आ०) वक्रोक्ति, श्लेष, वाक्छल ।

quilt (क्वि'ल्ट्) **ना.** र **क्रि.** सिरक, दोलाइँ; **क्रि.** अस्तर हाल्नु, तग्नु; (अर्काको कृति वा विचारबाट साहित्यिक कृतिको) सङ्कलन गर्नु; (अप०)चुट्नु ठोक्नु ।

quinary (क्वाइ'नरि) **वि.** संख्या पाँचको, पञ्चक, पञ्चरूप ।

quinate (क्वाइ'नेट्) **वि.** (व०) (पात) पाँच साना पातले बनेको; पाँच पतिया ।

quince (क्विन्स्) **ना.** श्रीफल ।

quincentenary (क्विन्सेम्टी'नरि) **वि.** र **ना.** पन्चशतवर्षीय; पन्चशतवार्षिकी ।

quincunx (क्विन्'कङ्क्स्) **ना.** वर्ग वा समकोणको चार कुनामा चार र बीचमा एक वस्तु (को सजावट) ।

quingentenary (क्विन्जेन्टी'नरि) **वि.** र **ना.** पञ्चशतवर्षीय; पन्चशतवार्षिकी ।

quinia (क्वि'निआ) **ना.** (भै०) कुइनीन ।

quinine (क्विनी (नाइ) न्') **ना.** कुइनीन, चिरैतोमा पाइने क्षारोद ।

quinquagenarian (क्विन्क्वाजेने'अ्रिअन्) **वि.** र **ना.** पन्चदशवर्षीय (व्यक्ति), पचास वर्षको ।

quinquagenary (क्विन्क्वा (क्व्या) जे'नरि) **वि.** र **ना.** पञ्चदशवर्षीय (व्यक्ति); पन्चदशवार्षिकी ।

Quinquagesima (क्विन्क्वाजे'सिमा) **ना.** क्रिस्तानी पर्व लेण्टअघिको आइतवार ।

quinquina (किन् (क्विन्) की (क्वी)' ना) **ना.** पेरुदेशको रूखको बोक्रा जसबाट कुइनीन र ज्वरनाशक क्षारोद पनि पाइन्छ ।

quins (क्विन्ज्) **ना.** (ब. व.) quintuplets को छो. क.; एकै पटक जन्मेका पाँच शिशु ।

quinsy (क्विन्जि) **ना.** कण्ठपाक, श्लेष्मज, घाँटीको सूज, किलकिले वा रुद्रघण्टीको घाउ ।

quint (क्विण्ट्) **ना.** पञ्चताल; (ताश खेल) एकै रंगको पाँच लहरै ताश;—major एक्कादेखि दहरसम्म;—minor गुलामदेखि सत्तासम्म ।

quintain (क्विन्'टेन्) **ना.** (ऐति०) बालुवाले भरिएको धोक्रोमा निशान हान्ने (भालाले) सैनिक अभ्यास ।

quintal, kin—(क्वि (कि) न्'टल्) **ना.** १०० किलोग्रामको वजन ।

quintan (क्विन्'टन्) **वि.** र **ना.** पाँच दिने जरो ।

quinte (काँट्) **ना.** तरवार खेलमा हुने पाँचौं घोचाइ ।

quintessence (क्विन्टे'सेन्स्) **ना.** सार; तत्व; आदर्श वा शुद्धरूप; कुनै गुण वा जातिको अभिव्यक्ति ।

quintet.-tte (क्विन्टेट्') **ना.** पाँच स्वर वा वाद्यको सङ्गीत, त्यसका कलाकार, पाँचको सजावट ।

quintillion (क्विन्टि'लियन्) **ना.** दश लाखको पञ्चम घात, ३० शून्यपछि लागेको १ ।

quintuple (क्विन्'ट्यु प्ल्) **वि.**, **ना.** र **क्रि.** पञ्चगुणा, पाँच दोवर; **क्रि.** त्यस्तो गराउनु ।

quintus (क्विन्'टस्) **वि.** र **ना.** पञ्चम (व्यक्ति) ।

quip (क्विप्) **ना.** र **क्रि.** ताना, पेच, घोचपेच, खिसी, तीखो भनाइ, श्लेष, वाक्छल; **क्रि.** ताना मार्नु, छेड हान्नु, भित्ता पुऱ्याएर भन्नु; व्यङ्गोक्ति गर्नु, चट्टको बोली भन्नु, द्व्यर्थ गरी बोल्नु ।

quipu (की'पु, क्वी'पु) **ना.** विभिन्न रंगका धागा विभिन्न प्रकारसंग गाँठो पारी लेखनकलाको परुदेशमा पहिले चलेको साटो वा बदला ।

quire (क्वाय्र्) **ना.** आठ पत्र पारी दोब्ब्याइने चार ताउ कागत; लेख्ने कागतको २४ ताउ; गायक मण्डली ।

Quirinal (क्वि'रिनल्) **ना.** इटालियन सरकारको अर्थमा व्यवहार हुने (भ्याटिकनको विपरीत); (रोमको एक दरबारको नामबाट) ।

quirk (क्वअ्र्क्) **ना.** वाक्छल, ताना, द्व्यर्थक भनाइ; चाल चलन, कामगराइ वा स्वभावको विशेषता; लेख वा रेखाचित्रमा समाप्तिको रेखा ।

quisling (क्विज्'लिङ्) **ना.** आफ्नू देशमा कब्जा गरेर बसेको शत्रुसंग सहयोग गर्ने व्यक्ति; देशद्रोही ।

quit (क्विट्) **वि.** र **क्रि.** खुला, स्वतन्त्र, मुक्त, धर्मफराक, छुटकारा पाएको; **क्रि.** छुटकारा पाउनु, चल्नु, व्यवहार गर्नु; छोड्नु, त्याग्नु, थाम्नु; जानु, प्रस्थान गर्नु; बदला दिनु, तिर्नु;—claim हक छोड्नु;—rent बेगारीको साटो दिइने रकम;—tance **ना.** निष्कृति, निस्तार, मुक्ति ।

quitam (काइट्याम्) **ना.** (का०) पोलाहा (द्वारा शुरू भएको मुद्दा) (ल्या०) ।

quite (क्वाइट्) **क्रि. वि.** बिलकुल, पूर्णतया, निक्कै, सर्वथा, अतीव, अलिअलि ।

quits (क्विट्स्) **वि.** चुक्ली, उक्मि, उऋण, ऋणमुक्त, वैरशुद्धि, वैरशोधन; double or—(जूवामा) दोवर वा फच्या ।

quiver (क्वि'भर्) **ना.** र **क्रि** ठोक्रो, तरकस; कम्प, दोलन, **क्रि.** काम्नु, हल्लनु, दोल्नु ।

qui vive (किभीभ्') **वा.** on the—सतर्क, सावधान, चंख, कोही होला भनेर चाखसँग हेर्ने; (अक्ष० को बाँच्ने ? पालेको अपरिचित व्यक्तिसँग हुलिया माग्ने प्रश्न) (फ्रे) ।

Quixot/e (क्वि'क्सट्) **ना.** उच्च विचारले प्रेरित अव्यावहारिक व्यक्ति;—ic अव्यावहारिक कार्यमा प्रेरित गराउने गुण ।

quiz (क्विज़्) **ना.** र **क्रि.** (**-zz-**) अनौठा वा रुक्की व्यक्ति (अचेल विर०); लहडी वा ठट्यौलो व्यक्ति; प्रश्नमाला, बुद्धिजाँच, प्रश्नोत्तर; रेडियो वा दूरदर्शनमा सामान्य ज्ञानको परीक्षा; ठट्टा, खिसी, अर्काको नकल; **क्रि.** ठट्टा, खिसी, गर्नु; प्रश्नद्वारा परीक्षा गर्नु ।

quoad (को'अ्याड्) **उ.** बारेमा;—hoc यसबारे, जहाँसम्म यस कुराको पहुँच छ ।

quod (क्वॅड्) **ना.** र **क्रि.** (अप०) झ्यालखान, कैद; **क्रि.** थुन्नु; (ल्या०) जो, जुन ।

quoin (कॅयन्) **ना.** र **क्रि.** भवनको बाह्यकोण, सुर; कुना पार्ने पत्थर वा इँट; कोण पत्थर; कोठाको भित्री कुना; **क्रि.** पत्थरले बलियो पार्नु ।

quoit (कॅयट्, क्वायट्) **ना.** र **क्रि.** किल्लालाई घेर्ने गरी फ्याँक्ने फलामे चक्की (सो नाम—s को खेलमा); त्यसरी फ्याँक्नु;—s खेल्नु ।

quondam (क्वॅन्'डयाम्) **वि.** अघि हुने तर अहिले नभएको, भूतपूर्व, साबिक ।

quorum (क्वो'अ्रम्) **ना.** गणपूरक संख्या, निर्दिष्ट संख्या, कार्यसंख्या ।

quota (क्वोटा) **ना.** कुलबाट केही व्यक्ति वा संस्थाले पाउने अंश, हिस्सा, भाग, कोटा; सरकारले कुनै वस्तुको उत्पादन, बिक्री, वितरणमा लगाइदिएको भागबण्डा; कुनै देशले बसोवास गर्न आउन चाहने अनागरिकहरूको तोकिदिएको संख्या ।

quot/e (क्वोट्) **क्रि.** र **ना.** उद्धरण गर्नु; उद्धरित गर्नु, समर्थनको लागि ग्रन्थ, लेखक, इ० बाट उद्धरण गर्नु; उद्धृत अनुच्छेद दोहऱ्याउनु; वा नकल गर्नु, सार्नु; उद्धरण चिन्हभित्र हाल्नु; दाम लगाउनु, मोल बोल्नु; **ना.** (बो. चा.) उद्धृत वाक्य; (सा० व० व०) उद्धरण चिन्ह (हरू);—ation **ना.** उद्धरण, उद्धृत अनुच्छेद या वाक्य; मूल्यावली, मोलको डाँक, वा वक्तव्य;—ation,—-marks उल्टो कॅमा, उद्धरण चिन्हहरू;—ative **वि.** उद्धरणको, बराबर उद्धरण गर्ने ।

quoth (क्वोथ्) **क्रि.** (आ०) भन्यो, भने ।

quotidian (क्वटि'डिअन्) **वि.** र **ना.** एकुन्द्रो, दिनदिनै, प्रात्याहिक; सहलिया, तुच्छ; **ना.** एकुन्द्रो जरो ।

quotient (क्वो'शण्ट्) ना. फल, भाज्यफल, भाजनफल; intelligence—बुद्धिफल, बुद्धि देखाउने अङ्क ।

quo warranto (क्वो वऱ्यान्'टो) ना. (ऐति०) कति कारणले हो कुनै पद, ओहदा वा अधिकारको उपभोग गरिएको भनी सोध्ने अदालतको याचिका; अधिकार पृच्छा ।

R

R (आर्) the three Rs—reading, writing and arithmetic; पठन, लेखन, गणित ।

rabbet (ऱ्या'बिट्) ना. दाँती पारेको (काठको) जोड, जोर्नी; हतौडीलाई हुत्त्याउने नम्य डण्डा; क्रि. त्यसरी जोर्नु ।

rabbi (ऱ्या'बाइ) ना. यहूदी पण्डित वा विद्वान वा पुरोहित ।

rabbin (ऱ्या'बिन्) ना. रब्बाइ, यहूदी विधिज्ञ ।

rabbit (ऱ्या'बिट्) ना. र क्रि. खरायो, चौगडा, खरहा; (बो. चा.) कुनै खेलमा अनाडी, खा: ग. क्रिकेट, गल्फ या टेनिस; क्रि. खरायो शिकार;—-hutch,–warren खरायोको खोर; welsh—वा rarebit तताएको चीजको परिकार; (क्रि. ग्रा.) गाली, सराप, को बोली, ज कि o d—it !

rabble (ऱ्याब्ल्) ना. हूल, हुल्ला, धुइरो, कल्याङमल्याङ, तल्लो जातका मानिस; निम्नश्रेणीका व्यक्ति; गलेको सीसा चलाउने वाङ्गिएको छेउ भएको लोहाको डण्डा ।

rabblement (ऱ्या'ब्ल्मेण्ट्) ना. हूलको (कल्याङमल्याङ) ।

Rabelaisian,—aesian (ऱ्याबिले'ज़ियन्) वि. र ना. ऱ्याबेले अथवा उनका लेख जस्तो, सोको; प्रचुर कल्पना र भाषा, औ भद्दा कौतुक र ठट्टाले विशिष्ट गराइएको; ऱ्याबेलेको चेला, भक्त ।

rabid (ऱ्या'बिड्) वि. प्रचण्ड, उग्र, विवेकशून्य, उन्मत्त, विक्षिप्त, हतज्ञान, हठी, जोधाहा; (कुकुर) बौलाहा, जलत्रासको रोगले पीडित; सो रोगको;—ity ना. वातुलता, उन्माद ।

rabies (रे'बीज़्) ना. जलत्रास, (कुकुरको) पागलपन, बौल्याहीं ।

race (रेस्) ना. तीव्र धारा, गति, (जीवन) यात्रा; (नदी को) धार; दौड; जाति, गोत्र, जात, वंश, कुल, वंशावली; एकै पेशा, उद्देश्य इ. भएका व्यक्तिहरूको समूह; selling—जसमा जित्ने घोडा वढी दाम दिनेलाई बेच्नै पर्छ, बेचुवा दौड;—ball दौडसँग सम्बन्धित नाच;—-card रेसको कार्यक्रम;—course दौड मार्ग, दौड मैदान;—horse दौड घोडा, जवन;—-meeting दौडको कार्यक्रम; ना. अदुवाको जरो ।

race (रेस्) क्रि. दौड गर्नु, दौडमा प्रतिस्पर्धा गर्नु, घोडदौडमा भाग लिनु; वेगसाथ अघि बढ्नु, दौडाउनु ।

raceme (रसीम') ना. (व.) गुच्छा परेर फुलेको फूल ।

racer (रे'सर्) ना. दौडको घोडा, डुङ्गा, साइकल, इ; भारी तोप ताक्नालाई चलाउने बाटुलो रेलपथ ।

rachis, rha—(रे'किस्) ना. फूल फुल्ने घाँसको डाँठ ।

rachitis (रकाइ'टिस्) ना. बालग्रह; rickets को पण्डिते रूप ।

racial (रे'श्ल्) वि. जातीय, वर्गीय;—ism ना. जातिभेद, विभिन्न जातिहरूको बीचमा वैमनस्यको भाव जगाउने; जातिभेदभाव ।

racist (रे'सिस्ट्) ना. उग्र जातिभेदवादी, खा. ग. निग्रो जातिलाई होच्याउने प्रखर प्रवृत्ति ।

rack (ऱ्याक्) ना. र क्रि. उड्ने बादल; नाद, डुँड; तखता, खण्ड, खुला दराज; उपस्तम्भ; यातना यंत्र (शरीर तान्ने प्रबन्ध); पञ्चमद्य; डुल्की चाल (घोडाको); उछित्तो, सर्वनाश; क्रि. (हावाअगाडि वादल) उड्नु; (गोठ, तबेला) घाँस, पराल, भूसा इ. ले भर्नु; (घोडा) बाँध्नु; तखतामा राख्नु; अररिनु, अरल्लिनु, पीडा विह्वल हुनु, यातना दिनाको लागि यंत्रद्वारा शरीर तान्नु; बेसरी हल्लाउनु; कन्नाले चोट लगाउनु; ज्यादा जोत्नु; बढीसे बढी उपर गर्नु; मोहीलाई ज्यादा दाम लिएर सताउनु; डुल्की जानु; (मद्य इ०) लेग्रोबाट खन्याउनु;—punch अर्कपन्च;—and ruin सर्वनाश, विध्वंस ।

racket, racquet (ऱ्या'किट्) ना. सुकेको आन्द्रा जडेको टेनिस, ऱ्याकेट, इ० खेलमा प्रयोग हुने ब्याट; (ब. व.) दुई वा चार जनाले चार भित्ताको माऱ्हको खेल्ने चोकमा ऱ्याकेटले खेलिने खेल; ऱ्याकेट जस्तो हिउँ जुत्ता; होहल्ला, बखेडा, गोलमाल, खलबल; (अप.) कारवाई, चटक, सूत्र; छल वा बेइमानी वा बेठीक तरीकाबाट पैसा कमाउने धे. ज. हिंसासहितको उपाय; दशा, मुश्किल; क्रि. मोजमज्जासँग बस्नु, हल्ला गर्दै हिंड्नु ।

racketeer (ऱ्याकेटिय्र्') ना. बेपारीहरूलाई डर धम्की गरी तिनबाट पैसा उपर गर्ने व्यक्ति;—ing ना. बेपारीहरूलाई डरत्रासद्वारा तर्साएर लुट्ने वृत्ति ।

raconteur (राकोंटअ्र्') ना. छोटो, मजाको कथा भन्ने, खा. ग. सामाजिक उपलक्षमा; गफास्टक, उट्टुंग्या ।

rac (c) oon (ऱ्याकून्') ना. चुच्चे थुतुनो भएको अमरिकन मांसाहारी (सानू) जनावर, लोखर्के किसिम ।

racy (रे'सि) वि. कुनै किसिमको विशिष्टता प्रदान गर्ने गुण प्रचुर मात्रामा रहेको, खा. ग. flavour उत्कृष्ट स्वादको; तेजिलो, चर्को, आकर्षक, फुर्तिलो ।

rad (रेड्) ना. radical को छो. फ. ; मूलक ।

radar (रे'डाअ्र्) ना. प्रत्यावर्तित वैद्युत चुम्बकीय लहर उनीहरूले फर्काएबाट वायुयान, जहाज, तट, इत्यादि वस्तुहरूको विस्तार र दिशा पत्ता लगाउने पद्धति; रेडार; सो गर्ने यंत्र ।

raddle (ऱ्याडल्) ना. र क्रि. सिन्दूर, अबीर; क्रि. सिन्दूरले रंगाउनु; लालीले पोतर्नु ।

radial (रे'डियल्) वि. र ना. किरणको; किरण वा त्रिज्या

जस्तो गरी मिलाइएको; त्रिज्याको स्थिति वा दिशा भएको; आरा वा फैलिएको रेखा भएको; हातको हाडसंग सम्बन्धित; **ना.** हातको स्नायु वा धमनी ।

radian (रे'डिअन्) **ना.** त्रिज्याको लमाइ वरावरको चापले वृत्तको केन्द्रमा वनाएको कोणको परिमाण ।

radiant (रे'डिअण्ट्) **वि.** र **ना.** उज्ज्वल, देदीप्यमान; (आँखा) हर्षले उज्यालो; (प्रकाश) किरण भएर निस्कने, किरणाकार; **ना.** प्रकाश वा ताप फैलिने विन्दु वा वस्तु; radiance **ना.** प्रभा, दीप्ति, कान्ति, तेज;—heat किरणाकार ताप ।

radia/te (रे'डिएट्) **क्रि.** र **वि.** फैलिनु, स्फुरण हुनु, पकाश फ्याँक्नु; वैद्युत् चुम्बकीय लहर अस्कन्दन गर्नु, केन्द्रीय विन्दुबाट प्रसारित हुनु वा फैलिनु; केन्द्रबाट प्रकाश वा ताप निकाल्नु; (प्राण, प्रेम, हर्ष, इ०) फैलाउनु;—tion **ना.** विकीरण; **वि.** (रे'डिअट्) केन्द्रवाट चारैतिर फैलिने, केन्द्र विचल ।

radiator (रे'डिएटर्) **ना.** (मोटरको) ढण्डक; कोठा तताउने (तातो पानी घुमाएर) यंत्र, तापक, तपन; विकीर्णक ।

radical (र्‍या'डिकल्) **वि.** र **ना.** मौलिक, मूलिक, स्वभावैले अन्तर्निहित, तात्विक, आधारभूत; प्राथमिक; जरैदेखिको; त्यस्तो सुधार चाहने (राजनैतिक व्यक्ति); (गणित०) संख्या वा परिमाणको मूलको;—sign मूल, चिन्ह, ज. कि √ वर्गमूल; ∛ घनमूल, इ०; (शब्द०) शब्दको मूलको; (वन०) जरो वा सो नजीकको धडबाट उम्रने; **ना.** (शब्द) मूल; तत्व, तात्विक सिद्धान्त; (गणित०) अर्को संख्याको मूलको रूपमा व्यक्त गरिएको संख्या; (र० शा०) यौगिकको आधारको रूपमा रहने परमाणु वा परमाणुहरूको पुन्ज, जो साधारण रासायनिक क्रियामा परिवर्तित हुँदैन, मूलक; (राज०) आमूल परिवर्तन चाहने व्यक्ति, उग्रवादी ।

radicle (र्‍या'डिक्ल्) **ना.** प्राथमिक जराको रूपमा विकसित हुने वनस्पति भ्रूण; सानू जरा; (श० वि०) स्नायु वा धमनीको जराको रूपको विभाजन; (र० शा०) माथि झैं ।

radio (रे'डिओ) **ना.** र **क्रि.** बेतारको दूरलेखन वा दूरभाषण; त्यसरी पठाइएको सन्देश; प्रसारण; बेतार प्राप्ति यंत्र; रेडियो; **क्रि.** रेडियोद्वारा सन्देश पठाउनु; प्रसारण गर्नु;—cab रेडियो गाडी (जडान भएको);—direction finder (R. D. F.) रेडियो लहरको दिशा पत्ता लगाउने यंत्र.—telescope रेडियो दूरवीन;—astronomy अन्तरिक्षका वस्तुहरूबाट प्राप्त हुने वा तिनमा पठाइने रेडियो लहरसम्बन्धी अध्ययन र अन्वेषण गर्ने शास्त्र ।

radio— (रे'डिओ—) radius को यौगिक रूप; (श० वि०) हाडसंग अन्य भागको सम्बन्ध जनाउने, ज. कि—carpal, —digital; (भौ० शा०) किरण वा विकीरणसँग सम्बन्धित, ज. कि.—balance ताप विकीरणको घनतामापक यंत्र;—cobalt कृत्रिम उपायले बनाइने कोबाल्टको रेडियोधर्म समस्थानीय;—carbon कार्वनको रेडियोधर्म समस्थानीय, खा. ग. कार्बन १४;—frequency रेडियो लहरको आवृत्ति;—gram एक्सरे तसवीर;—gramophone छो. क.—gram रेडियो प्राप्ति यंत्र, जसमा ग्रामोफोनमा झैं रेकर्ड बनाउने उपकरण रहन्छ;—isotope रेडियोधर्म समस्थानीय;—location=radar;—logy एक्सरेको वैज्ञानिक अध्ययन;—logist एक्सरेविद्, एक्सरे विशेषज्ञ;—phony रेडियोध्वनि, किरणाकार प्रकाश वा तापबाट ध्वनि उत्पादन;—scopy एक्सरेद्वारा परीक्षा;—telegram बेतार सन्देश;—therapy एक्सरे वा अन्य विकीरणद्वारा उपचार ।

radio—active (रे'डिओ अ्या'क्टिभ्) **वि.** रेडियोधर्म, स्वतः ठूलो वेगसँग चल्ने भौतिक कणहरूका किरण फ्याँक्न सक्ने; —activity **ना.** रेडियोधर्मिता ।

radish (र्‍या'डिश्) **ना.** मूला ।

radium (रे'डिअम्) **ना.** रेडियोधर्म धातुतत्व;—emanation रेडियम वियोजनबाट उत्पन्न हुने वायुवत् रेडियोधर्म तत्व, रेडन;—therapy रेडियम उपचार ।

radius (रे'डिअस्) **ना.** मानिसको हातको मोटो र छोटो हाड, (पशुको अगाडिको खुट्टा, र चराको प्वाँखमा पनि); (गणित०) त्रिज्या; एकै बिन्दुबाट पसारिने धर्काहरूको श्रेणीमाको एक; त्रिज्याद्वारा नापिने वृत्तको क्षेत्र; the four-mile— लण्डनको चेयरिङ्ग क्रस केन्द्रबाट सबैतिर दुई कोस टाढासम्म ।

radix (रे'डिक्स्) **ना.** गणना परिपाटीको आधारभूत संख्या वा चिन्ह; मूल, उद्गम ।

radome (रे'डोम्) **ना.** रेडार उपकरण छोप्ने वायुयानको बाहिरी गुम्बज वा छोपन ।

radon (रे'डॅन्) **ना.** रेडियमको वियोजनबाट उत्पन्न हुने वायुवत् तत्व, रेडन ।

Raffaelesque (र्‍याफेएल्स्क्')=Raphaelesque ।

raffia (र्‍या'फिअ) **ना.** तालको किसिम; सोबाट पाइने अनेक काममा लगाइने रेशा ।

raffish (र्‍या'फिश्) **वि.** कलंकी, अनाचारी, लोच्छार, गुण्डो ।

raffle (र्‍या'फ्ल्) **ना.** र **क्रि.** चन्दा उठाएको विक्री, चन्दा बिक्री; **क्रि.** सो चन्दामा नाम लेखाउनु, त्यसरी बिक्री गर्नु, धेरैसँग प्रवेश शुल्क ली चिठ्ठाद्वारा एकलाई बेच्नु; चिठ्ठा बिक्री गर्नु ।

raft (राफ्ट्) **ना.** बेडा, उडुप, तरण, तरण्ड, आतु ।

rafter (रा'फ्टर्) **ना.** र **क्रि.** टाइल, स्लेट, इ० को छाना अडयाउने तेर्सो दलिन; **क्रि.** त्यस्तो दलिन हाल्नु; जमीन जोत्दा माटो पल्लापट्टि नजोतिएको ठाउँमा खस्ने गरी जोत्नु ।

rag (र्‍याग्) **ना.** र **क्रि.** झुत्रो, झुम्रो, धरो, टालो, थाङ्नो, चिथ्रो, फ्याङ्लो, लोतो, लोता; अस्तर; बाँकी, बचत, बेजोड़ा; (हे०) झण्डा, रुमाल, झूल, पर्दा, अखबार; रोडा; हल्लापूर्ण बेथितिको ठाउँ वा दृश्य, होहल्ला, भोज; (व. व.) थाङ्ना, फ्याङ्लो; **क्रि.** हप्काउनु, गाली गर्नु; जिस्काउनु हैरान पार्नु; मस्करी गर्नु; हात हालेर चल्नु; खेलवाडको लागि कसैको (कोठा, इ०) बिथोलिदिनु; खेलवाडको लागि शारीरिक पीडा

दिनु; glad–s भएभरमाको सबभन्दा राम्रो लुगा (खा. ग. गरीबहरूको);—baby थाङ्नाले बनेको पुतली;—bag थाङ्ने थैलो;—paper थाङ्नाबाट बनेको;—tag,–tag and bob-tail साधारण वा निम्न श्रेणीका व्यक्तिहरू;—time अमरिकाको खा. ग. निग्रो उत्पत्तिको लोकप्रिय वाद्य सङ्गीत; **वि.** हाँसोउठ्ने, उदा० a—time army।

ragamuffin (र्‍या'गमफिन्) **ना.** झुत्रे मैलो व्यक्ति, थाङ्ने।

rage (रेज्) **ना.** र **क्रि.** क्रोधको आवेश, रोष, प्रकोप, झोक; कुनै प्राकृतिक शक्ति वा भावको प्रबल क्रिया; अत्युग्र वासना वा लिप्सा; विस्तीर्ण अस्थायी उत्साह वा प्रचलनको विषय, कवि, भविष्यवक्ता, वा सैनिकको आवेग; **क्रि.** रन्कनु, सन्कनु, फन्कनु, कुर्लिनु, उर्लनु, संग्रालिनु, चर्किनु, जाग्नु, मुसु'रिनु, प्रबल हुनु; बेरोकटोक चल्नु, क्रिया गर्नु; जित्नु; (बिमारीले) निस्लोट हुनु।

ragged (र्‍या'गिड्) **वि.** भद्दा, खस्रो, झुत्रो, थोत्रो, झुरे, बेसम्म, दोषी, न्यून; च्यातिएको।

Raglan (र्‍याग्'लन्) **ना.** बाहुला घाँटीसम्म पुग्ने बाहिरी कोटको किसिम, र्‍यागलान।

ragout (रगू') **ना.** र **क्रि.** बेसरी मसला हालेर पकाएको सानू टुक्रा पारी काटेको मासु र तरकारी; मासुको मिसमास; **क्रि.** त्यसरी पकाउनु।

raid (रेड्) **ना.** र **क्रि.** छापा, धावा, कटक, आक्रमण; अचानक र गुप्तीसँग गरिएको खा. ग. लुट्ने उद्देश्यले धावा; खानातलासी; **क्रि.** छापा मार्नु, धावा बोल्नु, खानातलासी लिनु;—er **ना.** लुटेरा, छापामार।

rail (रेल्) **ना.** र **क्रि.** पटरी, रेल, कोटाल, बार; चराको किसिम, **क्रि.** रेलबाट हिंड्नु, ठाउँलाई बारले घेर्नु, गालीगलौज गर्नु;—head रेलको शुरू वा अन्त;—road रेलमार्ग, रेलपथ; **क्रि.** रेलबाट दौडाउनु, लैजानु;—way रेलपथ, रेलको पटरी, सो मार्ग सञ्चालन गर्ने कम्पनी वा संस्था;—(way) men रेलकर्मचारी;—ing **ना.** कठघरा, चौबार।

raillery (रे'लरि) **ना.** हलका ठट्टा, खिसी, खेलबाड, दिल्लगी, जिस्क्यान।

raiment (रे'मेण्ट्) **ना.** (कवि० र अलं०) पोशाक, लुगा, वेशभूषा, परिधान, वस्त्र, पहिरन।

rain (रेन्) **ना.** र **क्रि.** पानी, बाछिटा, वर्षा, बूँदी, दर्को, झरी, पर्रा; **क्रि.** टप्कनु, छिट्याउनु, वर्सनु, छर्कनु, पानी पर्नु, बर्साउनु, छर्नु; the—s बर्खा, वर्षाऋतु; the R—s एटल्याण्टिक महासागरको एक क्षेत्र;—box पानी परेको ध्वनिको नकल गर्ने नाचघरको सामान;—coat बरसादी, बर्साती;—doctor जादूले पानी पार्ने;—drop थोप्लो, थोपा;—fall दर्को, कुनै क्षेत्रमा भएको वर्षाको परिमाण;—gauge वर्षामापक;—water परेको पानी;—worm गँड्यौलो;—proof पानी नछिर्ने; it—s cats and dogs मुसलधार वर्षा; it never—s but it pours धेरै थोक एकै पटक हुन्छन्, एकै चोटि धेरै थोक परिआउँछन्।

rainbow (रेन्'बो) **ना.** इन्द्रधनु, इन्द्रेनी, रामधनु; sea—समुद्रको पानीले बनेको; बहुरंगी (वस्तु)।

rainy (रे'नि) **वि.** वृष्टिमत, झपसी, वर्षे, पानी ल्याउने;—day (अलं०) दुर्दिन, दुःखको दिन।

raise (रेज़्) **क्रि.** र **ना.** उठाउनु, उज्याउनु, ठाडो पार्नु; बनाउनु, रचना गर्नु, सृष्टि गर्नु, पाल्नु, सुन्ने गराउनु, सारो गर्नु, उत्पादन गर्नु, शुरू गर्नु, स्थापना गर्नु, अगाडि बढ्नु, अघि सार्नु; उभ्याउनु, हुर्काउनु, ठड्याउनु, अग्लो पार्नु, उन्नत गराउनु, माथि लैजानु, उकास्नु, अग्ल्याउनु, उजाउनु, कोट्टयाउनु, छेड्नु, बढाउनु, उन्नत वा उदात्त बनाउनु, उचाल्नु, तह उचाल्नु; जम्बा गर्नु, (दाम, फौज इ०) उठाउनु, प्राप्त गर्नु; (घेरा) उठाउनु, (बन्द्देज) हटाउनु, उठाउनु; (ग्रा०) पालेको बढाएको; **ना.** तलबमा वृद्धि, जुवामा दाउ, ताशमा दाउ, इ०।

raisin (रे'ज़िन्) **ना.** किसमिस, मनक्का।

raison d'etre (रे'जाँडे'ट्र) **ना.** अस्तित्वको कारण; शुरूमा केही कुराको अस्तित्वको कारण, त्यो कुरा जसले अस्तित्वको समर्थन गर्छ (फ्रें०)।

rake (रेक्) **ना.** लामू डाँठको अन्तमा दाँती (काँटा) भएको कृषि औजार, घाँस पराल तानेर स्याहार्ने, भुँ कोरेर मिलाउने; हेंगा; पचखा; व्यसनी, व्यभिचारी व्यक्ति; नाठो; जुवाको टेबुलमा कामदार (क्रुपिए) हरूले थापेका हरूवाहरूको दाम इ० आफूतिर तान्ने काँटादार डण्डा, रेक; ठाडोबाट तेर्सिने परिमाण; नाचघरमा रङ्गमञ्च वा सभामण्डपको नितम्ब वा भिरालो; **क्रि.** तान्नु, खिच्नु, रेकले सफा गर्नु, सोहर्नु, खोज्नु, धुइँधुइँती खोज्नु, खोस्रनु, छर्राले छोप्नु; विस्तीर्ण दृश्य;—off (बो. चा.) ध्यूखानी कमीशन, नाफाको भाग, इ०।

rakehell (रेक्'हेल्) **ना.** (आ०) व्यभिचारी, कामुक, व्यसनी, लम्पट।

rakish (रे'किश्) **वि.** व्यसनीको ढाँचाले, भोगासक्त, लम्पट।

rale (राल्) **ना.** (रो० नि०) अस्वस्थ फोक्सोको ध्वनि श्रवण गर्दा सुनिने निःश्वास बाहेकको आवाज; फोक्सोध्वनि।

rallentando (र्‍यालेन्ट्यान्'डो) (सङ्गीत निर्देशन) क्रमशः धीमा (इटालियन)।

rallicar(t) (र्‍या'लिकार् (ट्)) **ना.** दुई पांग्रे हलका टाँगा वा एक्का (चार चढ्ने)।

rally (र्‍यालि) **क्रि.** र **ना.** पुनर्सम्मिलित हुनु, एकत्रित गर्नु, फेरि जम्बा हुनु, (खा. ग. फौज वा टोलीले) हारे वा छितिरबितिर भएपछि सम्हालिएर लडाइँ फेरि थाल्नु; समर्थन वा धन कारवाईको लागि जम्बा गर्नु वा हुनु; अड्नु; (गुण, इन्द्रिय) मनको बलले जियाउनु, होश सम्हाल्नु, नयाँ शक्ति वा जाँगर लिनु वा दिनु; सप्रनु, बीमारी, डर, वा ग्लानि हटाउनु, मत्थर हुनु; स्वास्थ्य, चेतना पुनः प्राप्त गर्नु, जियाउनु, ठट्टा गर्नु, गिज्याउनु, ज़िस्काउनु, खिसी गर्नु; **ना.** सम्मेलन, जमघट, भेला, नयाँ जोश, प्रयत्नको लागि उत्साह, बीमारीको निस्लोट

अवस्थापछि बलको लाभ; (टेनिस) पयण्टको फैसला हुनुअघिको धेरै पटकको हानथाप ।

ram (ऱ्याम्) **ना.** र **क्रि.** भेडा, मेष, मेषराशि; (नौसेना०) अरू जहाजलाई धक्का दिने उपकरण भएको जहाज़; भैंमा खम्बा गाड्दा माथिबाट सो पिट्ने भारी वजनदार यन्त्र; पिट्ने; जलप्रेरित पानी उठाउने वा उचाल्ने यन्त्र, बल पचकाको काग; **क्रि.** (माटो, इ०) पिट्नु, सम्म पार्नु; खम्बा, बिरुवाको चारैतिर ठोकेर सम्म र बलियो पार्नु; जोरदार ठोकाइले गाड्नु (खम्बा, इ०); दबावद्वारा घचेट्नु वा ठाउँमा पुऱ्याउनु; अस्तरले भर्नु; फ्याँक्नु वा हुत्याउनु; battering— -भित्ता, घर, इ० तोड्ने जोरदार धक्का दिने यन्त्र;—'s horn भेंडाको टाउको र सींगको नकल गरिएको पाण्डुलिपिको बुट्टा;—rod बन्दूक, तोप, मा बारुद र गोली, गोला, कोच्ने डण्डा ।

Ramadan (ऱ्यामडयान्') **ना.** मुसलमानी वर्षको नवौं महीना; उपवासको अवधि (चतुर्मासा) ।

ramal (रे'मल्) **वि.** (व०) हाँगाबाट वढ्ने ।

rambl/e (ऱ्याम्'ब्ल्) **क्रि.** र **ना.** डुल्नु, टहल्नु, भौंतारिनु, अल्लारिनु; लम्बे चौडे कुरा गर्नु, बाह्र सत्ताईस कुरा गर्नु, अप्रसंगको कुरा गर्नु; लेखाइमा त्यसो गर्नु; गन्थन गर्नु; **ना.** विहार, घुमाइ, टहलाइ;—ing **वि.** गन्थने, अप्रासंगिक, छेउपुच्छर नभएको, असंगत, बेमतलबको; (बिरुवा) चढ्ने, लता, फाटफुटे; (घर, सडक, इ०) छरिएको, योजनाबद्ध तरीकाले नबनेको ।

rambutan (ऱ्याम्बु'टन्) **ना.** (मलेय) एक प्रकारको रातो पातलो रौंले ढाकिएको फल हुने रूख ।

ramekin,—quin (ऱ्या'मिकिन्) **ना.** पाउरोटीको टुक्रा, अण्डा, चीज इ० को सानू भाग सानू साँचोमा पकाएको खाद्य सामग्री ।

ramie (ऱ्या'मि) **ना.** (मलेय) सिस्नु जस्तो मलेयाको बिरुवाबाट पाइने बलियो रेशा, जुन बुनेर बलियो वस्तु बनाइन्छ ।

ramification (ऱ्यामिफिके'श्न्) **ना.** प्रतिशाखा, उपशाखा; उलझन, हाँगाहलाइ ; विषम रचनाको वियोजन, जुन रूखले हाँगा हालेकोसँग तुलना गर्न सकिन्छ ; मथलारम्भ ।

ramify (ऱ्या'मिफाइ) **क्रि.** हाँगा हाल्नु, फैलिनु, बहुशाखा गर्नु ।

rammish (ऱ्या'मिश) **वि.** गन्धपूर्ण, गन्हाउने ।

ramose (रमोस्' वा रे'मोस्) **वि.** शाखी; शाखाबहुल, शाखादार, हाँगा हुने ।

ramp (ऱ्याम्प्) **ना.** आनत, तेर्सो, भैंको दुई तल (खा. ग. गढमा) लाई जोर्ने आनत तल ; सिंढी झैं चढ्ने गुम्बजमा दुईपट्टिको समतलको फरक; सिंढीको कोटालको माथितिरको गोड; (अप०) घोड़दौड़को जुवा कम्पनीसँग नकली ऋण उठाउने कुप्रयास; वस्तुको मोल बढाएर लिने काम; ठगी, गैरकानूनी तवरसँग व्यापारबाट पैसा कमाउने चेष्टा; **क्रि.** ठगीमा लाग्नु, कसैलाई ठग्नु, (सिंह) अघिल्लो खुट्टा हावामा ठड्याएर पछिका खुट्टामा उभिनु ; धम्कीको चेष्टा गर्नु ।

rampage (ऱ्याम्पेज्') **क्रि.** र **ना.** उपद्रव गर्नु, हिंसात्मक व्यवहार गर्नु, दौडादौड गर्नु, ध्वंस गर्नु, मात्तिनु; **ना.** हिंसात्मक व्यवहार, उपद्रव, ध्वंसाखान, खा. ग. be on the—;—ous **वि.** उत्ताउलो, उपद्रवी ।

rampant (ऱ्या'म्पण्ट्) **वि.** (मुख्य० सिंहको बारे, खा. ग. वंशावलीमा) पछाडिको खुट्टा टेकेर ; राय या काममा उग्र वा हिंसामा उतार, अघेंलो, उत्ताउलो, विनारोकटोकको, निकृष्ट, चपरचण्डे, प्रचल; बहुल, लहलह; (गुम्बज) एकमाथि अर्को चढ्ने प्रकारको; उच्छृंखल, अनियंत्रित ।

rampart (ऱ्याम्'पंअर्ट्) **ना.** र **क्रि.** रक्षाको पर्खालमाथि चौडा पत्थर छापेको हिंड्न हुने बाटो, प्राकार, साल, (अलं०) प्रतिरक्षा, सुरक्षा; **क्रि.** त्यस्तै गरी सुरक्षा गराउनु ।

ramshackle (ऱ्याम्'श्याक्ल्) **वि.** भत्के बिग्रेको, पुरानू, प्याखे, थोत्रो, जीर्ण ।

ramson (ऱ्याम्'सन्) **ना.** चौडा पात भएको लसुनको जरो (खाद्य) ।

ran (ऱ्यान्) **ना.** र **क्रि.** सुतरीको कुनै लमाइ; **क्रि.** run को भूतकाल, दौडयो ।

rance (ऱ्यान्स्) **ना.** नीलो र सेतो थोप्ला वा सिर्को भएको रातो संगमरमर ।

ranch (ऱ्यान्च्) **ना.** क्यानडा र संयुक्त राष्ट्र अमरिकाको पश्चिम भागमा वस्तु पालनको गोठ, ऱ्याञ्च; त्यस्तो प्रतिष्ठानमा गाइवस्तु पाल्नु ।

rancid (ऱ्यान्'सिड्) **वि.** बासी सडेको घ्यू वा बोसोको जस्तो स्वाद वा बास्ना भएको; उग्लेको, उग्रगन्धी ।

rancour (ऱ्यान्'कर्) **ना.** तूष, विद्वेष, अभिद्रोह, डाह, ईर्ष्या;—ous **वि.** जिघांसु, दंशशील, द्रोही ।

rand (ऱ्याण्ड्) **ना.** सुम्मली, सुतली; R—द. अफ्रिकाको दशमलव मुद्राप्रणालीको एकाङ्क; the R—द. अफ्रिकामा नदीका दुवैतिरको उच्चा जमीन, खा. ग. जोहानेसबर्गको वरिपरिको जिल्ला ।

randan (ऱ्यान्डयान्') **ना.** खेलवाड, मोजमज्जा, खा. ग. on the— ;

randem (ऱ्यान्'डेम्) **क्रि. वि.** र **ना.** एकपछि एक तीन घोडा जोतेको; **ना.** त्यसरी जोतेको बग्गी वा घोडा ।

random (ऱ्यान्'डम्) **ना.** र **वि.** at—फाटफुट, अनियमित, जथाभावी; विना उद्देश्य, लक्ष वा सिद्धान्त, असावधानीले; **वि.** जथाभावी गरिएको; (गाह्रो) बेमेल नाप र आकारको ढुङ्गा वा ईंटले बनेको ।

randy (ऱ्यान्'डि) **वि.** ठूलो बोलीको, उत्ताउलो, बलिष्ट; (वस्तु प्रा०) जङ्गली, बिच्केको; माद चढेको ।

range (रेन्ज्) **क्रि.** र **ना.** चीजहरू, खा. ग. चक्षुपथ, भवन, पर्वत, को धर्को, लाइन, खण्ड, खुडकिलो, श्रेणी; दिशा, स्थिति; चरन, शिकार खेल्ने ठाउँ; क्षेत्र, (कुनै बिरुवाको) खास क्षेत्र, विस्तार, मार, कुनै वस्तुसँग सम्बन्धित क्षेत्र, गोला वा प्रक्षेप्यास्त्रको दूरी; तोप वा बन्दूक र निशानाको दूरी; चूह्लो रहेको पकाउने

ठाउँ; क्रि. मिलाएर राख्नु, श्रेणीवद्ध गरी राख्नु; फैलिनु, फेरो लाउनु, घुम्नु, सोर्‍है जानु, निर्दिष्ट स्थानमा पाइनु; सम हुनु, ठीक ठाउँ प्राप्त गर्नु; डुल्नु, ढाक्नु, घुम्नु; (तोप) गोळा फ्याँक्नु; चारैतिर जानु, घुम्नु, तटमा पालले सैरनु;—-finder निशानाको दूरी नाप्ने यंत्र ।

ranger (रेन्जर्) **ना.** वनजाँच, वनपाले; R—अमरिकन कमाण्डोको सदस्य; (व. व.) घोडचढी फौज वा अन्य हतियारबन्द डफ्फा ।

rank (र्याङ्क्) **ना.** लहर, लाइन, लाम (अचेल मु० भरौटे ट्याक्सीको अडान; (वुद्धिचालमा पाटीको तेर्सो लहर [ठाडोको विपरीत]); एकपछि एक उभिएका सिपाहीको लाइन; व्यवस्था, सजावट; दर्जा ओहदा, औकात, मान, इज्जत, पद्वी, हैसियत, पगरी, दर्ज्यानी, श्रेणी, कित्ता; क्रममा स्थान; other—s, the—s, the—and file साधारण सिपाही, जवान, अरू दर्जा; rise from the—s सिपाहीवाट वढ्नु (सैनिक), आफ्नै वाहुवलले वढ्ने;—and fashion उच्च समाज ।

rank (र्याङ्क्) **क्रि.** दर्जावमोजिम सजाउनु (खा. ग. सिपाहीहरू); वर्गीकरण गर्नु, क्रम दिनु; दर्जाको खयालले अर्कोभन्दा उच्च स्थान लिनु; दर्जा वा स्थान हुनु, लिनु ।

rank (र्याङ्क्) **वि.** लहलह, भद्दा, मूढ, निन्द्य, प्रचुर, विपुल, झारले भरिएको; दुर्गन्धी, राँकोवाल, खार लाग्ने, उग्लेको, घीनलाग्दो, गर्ह्य, अश्लील, भ्रष्ट, चिन्ह लागेको, चण्ड, तीक्ष्ण; निरा, नितान्त ।

ranker (र्याङ्कर्) **ना.** सिपाही (वाट वढेको अफिसर) ।

rankl/e (र्याङ्'क्ल्) **क्रि.** (घाउ, खटिरा) पाक्नु, दुख्नु, खट्कनु, चिसो पस्नु, कट्ठ हुनु, बीच बीच वा सधैं दुखिरहनु;—ing **वि.** मार्मिक, मर्मस्पर्शी ।

ransack (र्यान्'स्याक्) **क्रि.** धुनपत्ता गर्नु, खोजतलाश गर्नु, सूक्ष्म खोज गर्नु, लुट्नु, अपहरण गर्नु ।

ransom (र्यान्'सम्) **ना.** र **क्रि.** (आ०) उद्धार, निस्तार, मुक्ति; युद्धवन्दीले मुक्तिका निमित्त दिने धनराशि; थुनिएको वा अपहरण गरिएको व्यक्तिको मुक्तिको लागि मागिने वा दिइने धन; सुविधा वा छुटकारा वा अभयको लागि दिइने दाम, कालो घूस; **क्रि.** मुक्ति पाउनु, छुटकारा गराउनु, धनद्वारा मुक्ति पाउनु, प्रायश्चित्त गर्नु, दामको लागि रोक्नु, मुक्तिको लागि धन उपर गर्नु ।

rant (र्याण्ट्) **क्रि.** र **ना.** वडे वडे बोली गर्नु, अनर्गल प्रलाप गर्नु, नाटकीय पाठ वा वचन गर्नु; कराएर भाषण वा उपदेश गर्नु; **ना.** प्रलाप, आक्षेप, निरर्थक पण्डित्ते बोली ।

ranunculus (र्यानन्'क्युलस्) **ना.** (व. व.—uses, —i) विरुवाको जात ।

rap (र्याप्) **ना.** र **क्रि.** च्वाट्ट हलका प्रहार, (अप०) दोष, सजाय; परमाणु, तुच्छ कुरा; खटखट, ट्यापट्याप; १२० गज लामू धागोको रील; **क्रि.** (खा. ग. औंलाको जोर्नीमा) वेसरी हान्नु; खटखट गर्नु; झ्वाट्ट (किरिया, श्लेष, इ०) वोल्नु; कडा बोली गर्नु; (अध्या०) खटखट आवाजद्वारा सन्देश, शब्द, वनाउनु; a—on the knuckles केटाकेटीलाई दण्ड गर्न औंलामा प्रहार, (अलं०) नसीहत; take the—दोष, सजाय (खा. ग अर्काको साटो) स्वीकार गर्नु;—out चाँडो वोल्नु (किरिया, गाली, श्लेष, इ०) ।

rapa/cious (रपे'शश्) **वि.** अति लुब्ध, अपहारी, लालची, अपहरणशील, हड्पने, गाँज्ने, लुटाहा मिजासको, धुताहा, चुस्ने; —city **ना.** अतिलोभ, आततायित्व ।

rape (रेप्) **क्रि.** र **ना.** (कवि०) जोरसँग लिनु; (स्त्री) सतीत्व नष्ट गर्नु, जवरजस्ती करणी गर्नु, करणी लिनु, बलात्कार गर्नु; **ना.** अपहरण, हरण, (स्त्री, देश, इ०) बलात्कार, जोरसाथ मिलाउनु; हठ सम्भोग; रक्सी वनाइसकेपछि रहने अङ्गूरको छोक्रा, जसवाट सिरका वन्दछ ।

Raphaelesque (र्याफ़ेएलेस्क्') **वि.** र्याफेलसदृश ।

rapid (र्या'पिड्) **वि.** र **ना.** चाँडो, छिटो, द्रुत, चटाक, वेगवत्; **ना.** (सा० व० व०) नदीमा तीव्र धार हुने गरी ठाडो ओहालो, वेगवत् स्रोत;—ity **ना.** द्रुतता, वेग, छिटाइ ।

rapier (रे'पिअर्) **ना.** हलुका घोंच्ने तरवार, छुरिका, कर्तरिका;—thrust (धे. ज. अलं०) सूक्ष्म वा उट्ठ्याउलो क्षिप्रोक्ति, मुड्ड छेड्ने जवाफ ।

rapine (र्या'पिन्) **ना.** (अलं०) लूट, डकैती, अपहरण ।

rappare (र्यापरी') **ना.** (ऐति०) आयरल्याण्डको अनियमित सिपाही वा डाँकू ।

rappee (र्यापी') **ना.** खस्रो किसिमको नस ।

rapport (रपअर्ट्') **ना.** सम्वाद, सम्वन्ध, नाता, (in वा फ्रे० en—with सँग सम्पर्कमा हुनु) ।

rapprochement (राप्रोश्माँ) **ना.** (खा. ग. राष्ट्रहरूका बीचमा) सौहार्द्र सम्बन्धको पुनः स्थापना वा पुनः प्रारम्भ हुनु; मेलमिलाप (फ्रें०) ।

rapscallion (र्याप्स्क्या'लियन्) **ना.** (आ०) वदमाश, वजिया, दुष्ट, पाजी ।

rapt (र्याप्ट्) कृदन्त र **वि.** पृथ्वीवाट, जीवनवाट, चेतनावाट, अथवा साधारण विचार र अनुभववाट आत्मा अथवा शरीर लगिएको, लीन, एकाग्र, मुग्ध, परायण, आसक्त; रद्द (पर्नु);— attention तल्लीन, ध्यान (ले सुन्नु), एकाग्र मनले सुन्नु ।

raptorial (र्याप्ट'ऑरिअल्) **वि.** र **ना.** (पशु०) अरू चरा, स्तनपायी, इ० खाने (सा० ठूलो) चरा; चील, वाज, उल्लू, इ० शिकारी चरा; परभक्षी, लुटेरा (पशु वा पक्षी); शिकार समात्ने व्यवस्था भएको ।

raptur/e (र्याप्'चर,—ट्यो'र) **ना.** हर्षोन्माद, प्रहर्ष, परमानन्द, संमोह, अपरिमित आनन्द; (खा. ग. धर्म०) सशरीर मुक्ति, स्वर्गारोहण, व्यक्तिलाई एक स्थानवाट अर्को (खा. ग. स्वर्गमा) स्थानान्तरण; be in—s, go into—es पुलकित हुनु, हर्षोन्मत्त हुनु, दङ्गदास पर्नु;—ous उन्मत्त, मोहन, परमहर्षद;—ed **वि.** मोहित, उन्मत्त, परमोल्लसित, हर्षोन्मत्त ।

rara avis (रेअ्रा ए'भिस्) **ना.** अपूर्वता, चमत्कार, विलक्षण

वस्तु वा व्यक्ति (ल्या०) ।

rare (रेअ्र्) **वि.** सूक्ष्म, अघन, पातलो, खुकुलो; विरल, दुर्लभ्य, अलभ्य, अप्राप्य, असाधारण, विरलाकोटी, अनौठा, बेजोडा, अति उत्कृष्ट, असाध्य असल; मजाको; नपाकेको, आधा पाकेको (मासु, खानाको रूपमा);—earths कुनै धातुहरूका (सिरियम, ल्याण्टानम, यिट्रियम, इ०) का अक्साइड जो कुनै विरल खनिज द्रव्यमा पाइन्छन् ।

rarebit (रेअ्र्'विट्) **ना.** (Welsh) rabbit को अर्को पाठतताएको खानाको परिकार ।

raree-show (रे'अ्रि शो) **ना.** बाकसमा रहेको हेर्ने तमाशा, जात्रा, मेला ।

rare/fy (रे'अ्रिफाइ) **क्रि.** (खा. ग. वायुको) घनत्व घटाउनु, पातल्याउनु, सूक्ष्म गराउनु; (व्यक्तिको मिजास वा स्वभाव) शुद्ध गराउनु, सुधार्नु; (विचार, कल्पना, इ०) सूक्ष्म बनाउनु, कूट बनाउनु; पातलो बन्नु;—faction **ना.** सूक्ष्मीकरण, विरलीकरण ।

rarity (रे'अ्रिटि) **ना.** विरलपना, अनौठापन, कौतुक, असाधारण वस्तु; अप्राप्य हुनाले मूल्यवान वस्तु ।

rascal (रा'स्कल्) **ना.** र **वि.** दुर्जन, डांग्रे, दुष्ट, बजिया, बदमाश, शठ, खल, धूर्त; **वि.** हूलको, तल्ला खालका मानिसहरूको; the—rout सामान्य जनता;—ity **ना.** दौर्जन्य, दौरात्म्य, शाठ्य ।

rash (र्‍याश्) **ना.** र **वि.** निःसरण, निर्गम, दद्रु, निस्केको; **वि.** बेपरवाह, शूरो, हडबडे, असावधान, उत्ताउलो, विना विचार गर्ने वा गरिएको, दुस्साहसी ।

rasher (र्‍या'शर्) **ना.** सुङ्गुरको मासुको पातलो चाना ।

rasp (रास्प्) **क्रि.** र **ना.** रेतले कोर्नु, खस्रो रेतले कोर्नु, खस्रोसँग कोर्नु, जिरिङ्ग पार्नु, चिढाउनु, खुर्कनु, घर्षणको आवाज गर्नु;—er **ना.** नाघ्न मुश्किल हुने अग्लो बार (खा. ग. घोडदौडमा) ।

raspatory (रास्'पटरि) **ना.** शल्यचिकित्सामा व्यवहार हुने रेती ।

raspberry (राज्'बेरि) **ना.** पहेंलो र रातो गेडा फल हुने बिरुवा, ऐंसेलु; (अप०) मन नपर्ने ठट्टा, वा बेमन्जूरी जनाउने बोली वा चेष्टा; बर्खासी ।

rasse (र्‍या'सि, र्‍यास्) **ना.** बिरालो किसिम ।

rat (र्‍याट्) **ना.** मूसो, धानचरी, आखु, चूहा; (राज०) डुब्न लागेको जहाजबाट मूसा भागे झैँ आफ्नू दल मुश्किलमा परेको बेलामा दल त्याग्ने व्यक्ति, अवसरवादी, अन्य पक्षी, परपक्षग्राही; हडतालमा सम्मिलित नहुने, हडताली श्रमीको ठाउँ लिने, वा मजदूर संगठनले तोकेको भन्दा कम मजूरी मन्जूर गर्ने, व्यक्ति; चोट्टा; smell a—अनिष्टको आशङ्का हुनु; like a drowned—निथ्रुक्क भिजेको;—s ! (अप०) फजूल, बाहियात ! ;—-catcher मूसामार;—s bane मूसे विख;—race जोडतोडको प्रतियोगिता;—'s tail मूसे पुच्छर, खा. ग. सो आकारको रेती;—-trap मूसाखोर, मूसाउरी;—ty **वि.** मूसे; (अप०) टोक्ने, रिसाहा, चाँडै भावमा आउने ।

rat (र्‍याट्) **क्रि.**=drat नाश होस् ! मरोस् !

rata (रा'ट) **ना.** (माओरी बोली) न्यूजील्याण्डमा हुने कडा काठको राम्रो रूख, रातो फूल हुने ।

ratable (रे'टेब्ल्) **वि.** अनुपातिक; (स्थानीय) कर लाग्ने ।

ratafia,—fee (र्‍याटफी'अ) **ना.** बदाम, खुर्पानी, आरु इ० को ब्यू हालेर बनाएको मद्य; सोही स्वाद र बास्ना भएको बिस्कुट; चेरी फलको किसिम ।

ratal (रे'टल्) **ना.** तिरो ठेकिने रकम, सोही अर्थमा वि. गरी प्रयोग हुन्छ ।

rataplan (र्‍याटप्लान्') **ना.** र **क्रि.** ढोल ठोकेको आवाज; **क्रि.** ढोल पिट्नु, तबला ठोक्नु ।

ratchet, ratch (र्‍या'चिट्, र्‍याच्) **ना.** र **क्रि.** डण्डा वा चक्काको छेउको दाँती, किरकिरी; एकातिर मात्र घुम्ने दाँती; त्यस्तो दाँती जड्नु, सो प्रयोग गर्नु, सोले कस्नु; टाइपराइटरमा छाप्ने कागत हाल्नु ।

rate (रेट्) **ना.** र **क्रि.** दर, क्रय, दरभाउ, मूल्य, तिरो, मोल; वेग, वेगदर; (खा. ग. ब. व.) स्थानीय प्रशासनले उठाउने कर, तिरो, रकमकलम; दर्जा, खा. ग. first—अव्वल, second—दोयम, इ० मा,—payer स्थानीय, नगरपालिकाले उठाउने, कर तिर्नुपर्ने, व्यक्ति, असामी; **क्रि.** मूल्यको अन्जाम गर्नु; वित्तीय मानको सम्बन्धमा धातु, मुद्रा, को स्थिर मोल ठेक्नु; (कर्मवाच्यमा) स्थानीय तिरो लगाउनु, तिरो लगाउने सम्बन्धमा मूल्याङ्कन गर्नु; (नौ०) कुनै दर्जामा राख्नु, दर्ज्यानि तोक्नु; सराप्नु, हप्काउनु, बेसरी गाली गर्नु, सातो लिनु;—up बीमा दर बढाउनु (खतराबर पेशा, इ० भएको व्यक्तिलाई); at that—(बो. चा.) त्यो चालाले, त्यसो भएमा; at any—त्यसो हो तापनि, जुनसुकै स्थिति भए पनि ।

—rate (रे'टर्) **ना.** किटान वजन भएको दौडको डुङ्गा, ज. कि 10—, $2\frac{1}{2}$—इ० ।

rath (राथ्) **ना.** (आइरिश प्राची० इ०) पूर्व ऐतिहासिक गढ, पहाडको किल्ला ।

rathe (रे'द्) **वि.** (कवि०) फक्रने, आउने, आउँदो, सबेरै, यामभन्दा अघि हुने; स्याउ, केराउ, को चाँडो उम्रने जात ।

rather (रा'दर्) **क्रि. वि.** बरु, बरं, वस्तुतः, (बो. चा. जवाफमा) अवश्य ! जरूर ! निस्सन्देह ।

rathskeller (रा'ट्स्केलर्) **ना.** बियरगृह; छिंडीकोठा ।

rati/fy (र्‍या'टिफाइ) **क्रि.** कायम वा लागू गराउनु (खा. ग.) औपचारिक मन्जूरी, दसखत, इ० ले);—fication **ना.** प्रमाणीकरण, स्थिरीकरण, दृढीकरण, फारख, सत्यापन, सत्याकरण ।

ratine (रटीन्') **ना.** स्पञ्ज कपडा जस्तो लुगा सिउने कपडा ।

rating (रे'टिङ्) **ना.** नगरपालिकाको ठेकिएको तिरो; (नौ०) जहाजी सूचीमा व्यक्तिको स्थिति वा दर्जा; तल्लो दर्जाको नाविक,

मल्लाह; (सामूहिक) कुनै विशेष दर्जाका सम्पूर्ण व्यक्ति; दौडका डुङ्गा (याट) हरूलाई वजनको हिसाबले राखिने कुनै वर्ग; खपकी, नसीहत, रिसको गाली, झाँट; निरूपण, मूल्यांकन ।

ratio (रे'शिओ) **ना.** अनुपात, सम्बन्ध, प्रमाण, निष्पत्ति ।

ratio cin/ate (न्याटि (शि) ॲ सिनेट्) **क्रि.** युक्तिसहित वहस गर्नु, न्यायिक विधि पालन गर्नु, न्याय प्रयोग गर्नु;—ation **ना.** वितर्क, युक्तिवाद ।

ration (रे'श्न्) **ना.** र **क्रि.** रसद (खा. ग. सैनिक व्यक्तिहरूको दैनिक खुराक); कमीको समयमा राष्ट्र, समाज, इ० का प्रत्येक व्यक्तिको भाग; भागसान्ती (कपडा, खाद्य, इन्धन, चीनी, इ० को); (ब. व.) रसद, संवल, सामल, सिधा, पीठो, खुराक, खुराकी; **क्रि.** (व्यक्तिको खाना, कपडा, इ०) भाग लाउनु, सिधा ठेक्नु, खुराक ठेक्नु; सिधा व्यवस्था गर्नु;—ing ना. भागसान्तीको व्यवस्था, सिधा व्यवस्था, भाग;—book,—card सिधापर्चा, खुराकपर्चा ।

rational (न्या'शनल्) **वि.** र **ना.** विचारवान, सचेत, विवेकी, बुद्धियुक्त, समझदार, युक्तिसिद्ध, नरम (उग्र, वाहियात वा वेबुद्धिको होइन, विचार इ०); सयुक्तिक; (गणित०) मूल चिन्ह विना लेखिएको; **ना.** (ब. व.) यथायोग्य पोशाक, खा. ग. स्त्रीहरूको लहँगा, स्कर्ट, को साटो निकर;—ity **ना.** ज्ञानशक्ति, चिच्छक्ति, ज्ञान, चेतनत्व, तर्कशक्ति, प्रतिबोध ।

rationale (न्याशने'लि) **ना.** उपपत्ति, युक्तिमत् व्याख्या, कारणको व्याख्या, आधारभूत कारण, हैतुकत्व ।

rational/ism (न्या'शनलिज्म्) **ना.** हेतुवाद, कारणवाद, हैतुकत्व;—ist **ना.** हैतुक, हेतुवादी;—istic **वि.** हेतुवादी ।

rationalize (न्या'शनलाइज़्) **क्रि.** युक्तिसंगत वनाउनु; हेतुवादी भएर काम गर्नु; (गणित०) करणीबाट झिक्नु; (अर्थ०) (सामान, समय, मेहनत, इ० मा फजूल खर्ची हटाएर) कुनै उद्योगमा सुधार ल्याउनु ।

ratite (न्या'टाइट्) **वि.** (पक्षि०) अस्ट्रिच, शुतूरमुर्ग, एमू, क्यासेबरी, इ० जात समावेश गर्ने न्याटिशी वर्गको ।

ratoon (रटुन्') **ना.** उखु काटेपछि जराबाट उम्रने नयाँ टुसो; **क्रि.** टुसाउनु ।

rat (t) an (रट्यान्') **ना.** वेत, वेतको प्रकार, धेरै जोर्नी भएको लामू पातलो ताड खजूर जस्तो रूख ।

rat-tat, ratatat, rat-tat-tat (न्याट्-स्याट्'-न्याटस्याट्'-न्याट् टट् स्याट्') **ना.** खटखट, ढोका बजाएको सो आवाज, त्यस्तो आवाज ।

ratten (न्या'टेन्) **क्रि.** झगडामा कर्मी वा धनीको ज्यावल लुकाएर वा बिगारिदिएर निजलाई हानि गराउनु ।

rattle (न्या'टल्) **क्रि., ना.** र **वि.** वजाउनु, खटखटाउनु; विनाविचार छिटो कुरा गर्नु, बकबकाउनु; आवाज आउने गरी चल्नु वा लड्नु; सवारी वेगसङ्ग हाँक्नु, दौडनु; भटभटाउनु; उराठ हटाउनु; (अप०) उत्तेजित गर्नु, जंग्याउनु, तर्साउनु, बेचैन गराउनु, तुलबुल्याउनु; चाँडो चल्नु, चाँडो चाँडो चलाउनु; **ना.** (बालकले खेल्ने) लोला, छिनछिन बाजा, (सर्पको पुच्छरमा) सारो चक्का; होहल्ला, डाँको, दौडादौड, अन्नाधुन्न; बकबक, गफ, निरर्थक बकवाद; (ब. व.) खच्याङ मच्याङ; **वि.** जोरदार, हुल्लडे;—the sabre लडाइँको धम्की दिनु;—fox बेरसम्म पछिलाग्नु (शिकारमा); death—मर्ने वेलाको घाँटीको ख्यार ख्यार; the—s घाँटीको रोग (बालकहरूको); —-brain,—head,—pate खाली गिदी भएको, बेकूफ व्यक्ति;—snake हिंड्दा पुच्छर बजाने विषालु सर्प (अमरिकाको);—trap घ्यार्घ्यारे बग्गी ।

rattler (न्याट्'लर्) **ना.** कुनै वस्तुको उत्कृष्ट नमूना; पुच्छर बजाने साँप, न्याटल स्नेक ।

rattling (न्याट्'लिङ्) **क्रि.** चटपटे, जोरदार, (अप०) बेस ।

raucous (रॉ'कस्) **वि.** कर्कश, कटु ।

raughty (रॉ'टि) **वि.** (अप०) रमाइलो, मजाको; मोजमजा मन पर्ने ।

rauque (रॉक्) **वि.** (विर०) कर्कश, श्रवण कटु ।

ravage (न्या'भेज्) **क्रि.** र **ना.** ध्वंस पार्नु, लुट्नु, ध्वंसाखान पार्नु; **ना.** ध्वंस, हानि; (खा. ग. ब. व.) ध्वंसात्मक परिणाम; उमर्का (उदा० भोकको), (पेटमा) कुल्ला बास्नु ।

rave (रेभ्) **क्रि.** र **ना.** असङ्गत कुरा गर्नु, बर्बराउनु, (मूर्छामा झैं) पागल कुरा गर्नु; (समुद्र, हावा, तूफान, इ०) कराउनु, गर्जनु; प्रशंसायुक्त अत्युक्ति गर्नु, ज्यादा तारीफ गर्नु; **ना.** गाडाको वल्ली, (ब. व.) (गाडाको) छनान; हावाको गर्जन; (चलचित्र, नाटक, इ०) उत्साहपूर्ण तारीफ; (अप०) आसक, प्रेम ।

ravel (न्या'भेल्) **क्रि.** र **ना.** जेलिनु, अल्झनु, जेलिएको हुनु; संभ्रममा पर्नु, जटिल वनाउनु (धागो, प्रश्न, समस्या, विषय, इ०); धस्सिनु, उध्रिनु; सुल्झाउनु; छुट्टाछुट्टै धागो, विभाजन इ. फरक गराउनु; **ना.** जेलन, गाँठो, जटिलता, खुकुलो टुप्पो, (लुगा, धागो) धस्केको; the—led skein of life जीवनको अल्झेको धागोको डल्लो ।

ravelin (न्या'भ्लिन) **ना.** (गढ.) गढबन्दीको क्रिया ।

raven (न्या'भेन्) **ना., वि.** र **क्रि.** काग, कौवा; **वि.** टल्कने कालो, खा. ग.—locks कालो केश; **क्रि.** लुट्नु, लुट्दै हिंड्नु, शिकार वा आहारा खोज्नु; लोभले खानु; पेट पोल्ने गरी भोकाएको हुनु;—ous **वि.** लुटाहा, अतिलोलुप, अतिलोभी; अति भोकाएको; क्षुधार्त ।

ravin (न्या'भिन्) **ना.** (कवि., अलं.) डकैती, लूट, अपहरण, शिकार वा आहारको पकडाइ र भक्षण; लूट, दसी, लुटेको माल ।

ravine (रभीन्') **ना.** गहिरो साँगुरो धाँज़ा, पहाडी दरार, खोल्चा, कन्दरा, दरी ।

ravish (न्या'भिश्) **क्रि.** (व्यक्तिको) अपहरण गर्नु, हर्नु; (मृत्यु, परिस्थिति, ले) जीवन वा दृश्यबाट लैजानु; बलात्कार गर्नु (स्त्रीलाई); मोह पार्नु, दङ्ग पार्नु, चित्ताकर्षण गर्नु, आनन्दले भर्नु; (अर्काको सम्पत्ति) हड्पनु ।

raw (रॉ) **वि., ना.** र **क्रि.** आलो, काँचो, नपकाएको, नपाकेको, अमिलो, अपक्व, असिद्ध, अपरिस्कृत, कोरा, अनुभवहीन, बेतालीम, भद्दा; बोक्रा, छाला छोडाएको वा नभएको; त्वक्हीन, निश्चर्म; (वातावरण) पानी भएको, आर्द्र र ठण्डा, कुहिरो भएको; **ना.** (व्यक्ति वा घोडाको) नाङ्गो मासु; **क्रि.** मल्नु (घोडा, इ०), मलेर मासु देखिने गराउनु;—cream नततताएको दूधबाट झिकेको;—brick काँचो ईंट;—hide काँचो छाला;—spirit नपतलाएको, नमिसाएको;—grain काँचो, यवपानीय नगरिएको, अनाज;—material कोरा माल;—recruits नयाँ भर्ना, अपरिपक्व व्यक्ति;—boned हाडै हाड भएको, ज्यादा दुब्लो;—deal अन्यायी व्यवहार, अन्याय;—head and bloody bones केटाकेटीको ख्याक, विश्वनाथ बूढो; वि. भद्दासँग तर्साउन खोज्ने; touch on the—भावमा आघात पुऱ्याउनु ।

ray (रे) **ना.** र **क्रि.** किरण, कर, रश्मि, (वैज्ञानिक) सोझो रेखामा बढ्ने दीप्तिमय शक्ति; (अलं०) आनन्दी प्रभावको शेषांश वा टुक्रा, ज. कि not a—of hope; एकै विन्दुमा केन्द्रित हुने सरल रेखा श्रेणी; अंशुजाल; माछाको प्रकार; Rontegn वा x—s सामान्य प्रकाश छिर्न नसक्ने धेरै वस्तुमा पस्न सक्ने विकीरण; Becquerel—s रेडियोधर्म वस्तुले फ्याँक्ने किरण; **क्रि.** निस्कनु, प्रसार हुनु (किरणको रूपमा) ।

rayah (राइ'अ) **ना.** पहिलेको तुर्की साम्राज्यको गैर मुसलमान प्रजा ।

rayon (रे'अन्) **ना.** सेलुलोजबाट बन्ने कृत्रिम रेशम, रेयन ।

raze, rase (रेज़्) **क्रि.** ओदार्नु, कोर्नु; मेटाउनु, केर्नु; ध्वंस गर्नु, लडाउनु, भुँमा खसाल्नु; नामेट गर्नु ।

razor (रे'ज़र्) **ना.** र **क्रि.** छुरा, अस्तुरा, क्षुर; **क्रि.** छुरा चलाउनु, खौरनु, कत्रनु; safety—काट्ने डरबाट बचाउनाको लागि धार छोपेको प्रकारको, नकाट्ने (सेफ्टी) छुरा;—-back छुराको धार जस्तो तीखो;—-back whale अथवा rorqual त्यस्तो ढाड भएको ह्वेल माछा;—-bill छुराको आकार भएको चुच्चो हुने चरा;—-edge लाग्ने, तीखो, धार भएको; संक्रमण अवस्था, विभाजनको स्पष्ट रेखा;—-grinder सान लाउने;—-trop उस्तरा धार लाउने ।

razzia (र्‍या'ज़िअ) **ना.** लूट वा मानिस (कमारो पार्न) समात्ने अभियान, खा. ग. अफ्रिकाका वासिन्दा मुसलमानहरूले गरिने ।

razzle (-dazzle) (र्‍या'ज़ल् (डर्‍या'ज़ल्) **ना.** (अप०) उत्तेजना, दौडादौड, चटारो, रुमलो, खेलवाड, चटक, (छकाउने) प्रयास; तल माथि गर्ने गरी (मजाको लागि) घुम्ने यंत्र, खा. ग. केटाकेटीको लागि ।

R—boat (आर् बो'ट्) **ना.** शीघ्रगामी जर्मन सुरुङ्ग फोर्ने मोटर डुङ्गा ।

re, ray (रे) **ना.** (सङ्गीत) रे सुर; (उप०) बारे, सम्बन्धमा, विषयमा;—infecta उद्देश्य हासिल नगरीकन ।

re (रि—) पुनःको अर्थमा उ.—address ठेगाना फेर्नु;—adjustment पुनर्व्यवस्था;—arm नयाँ शस्त्र दिनु, पुनः शस्त्रीकरण गर्नु;—birth पुनर्जन्म;—capitulate दोहोऱ्याउनु;—capitulation खा. ग. प्रा० वि० मा विकासक्रममा भ्रूणमा आदर्श रूपको पुनर्जतन;—coat नयाँ रंग लाउनु;—consider पुनर्विचार गर्नु;—constituent बल र तन्तु फेरि बनाउने (औषधि);—constitute विगत घटनाहरूलाई स्पष्ट सम्पूर्णको रूप दी मिलाउनु;—count पुनर्गणना, खा. ग. चुनावमा मतसंख्या;—direct चिठी पत्रको ठेगाना फेर्नु;—fit मरम्मत, माल सामान जडेर, (खा. ग जहाज) नयाँ बनाउनु;—hash **क्रि.** र **ना.** (साहित्यिक सामग्री) पुरानूलाई नयाँ सजावट (गरेर नयाँ झैं चलाउने उद्देश्यले) दिनु;—hearing दोस्रो सुनवाइ (मुद्दा);—incarnation जुनि, योनि;—iterate दोहोऱ्याएर अथवा धेरै पटक भन्नु;—organize पुनर्निर्माण, पुनर्रचना, गर्नु;—settle पुनर्वास गराउनु;—take (चल०) दोस्रो खिचाइ;—touch फोटोग्राफीमा ऐनाको तसवीरमा फेरफार गर्नु;—value पुनर्मूल्यांकन गर्नु ।

're (अर्) बो. चा. छो. क. are को, we, you, they मा जोर्दा we're, you're, they're हुन्छ ।

reach (रीच्) **क्रि.** र **ना.** लम्बिनु, बढ्नु; पसार्नु; पुग्नु, भेट्टाउनु, भेट्नु; **ना.** पहुँच, विस्तार, क्षेत्र, उद्देश्य, (नदीको) सरासरको भाग, खा. ग. दुई मोडको बीचको एकै पटक देखिने भाग; (नौ.) डोरीको लमाइ;—bottom सबभन्दा तल्लो विन्दु वा पक्का स्थानमा पुग्नु;—-me-down **वि.** र **ना.** (अप.) तयारी (पोशाक) ।

react (रिअ्याक्ट्') **क्रि.** प्रतिक्रिया गर्नु, प्रतिघात गर्नु; (र. शा.) क्रिया गराउनु, अभिव्यञ्जन्न गराउनु; उत्तेजकको प्रभावबाट क्रियाशील हुनु; कुनै प्रभावको फलस्वरूप परिवर्तित हुनु; (सेना.) प्रतिआक्रमण गर्नु; उल्टो हमला गर्नु; पछाडिपट्टि चल्नु, प्रतिसारणबाट चलाइनु;—ive **वि.** प्रतिक्रियाशील;—ivity **ना.** प्रतिक्रियाशीलता;—or उत्तेजक; atomic—or पारमाणविक उत्तेजक ।

reactance (रिअ्याक्'टन्स्) **ना.** (विद्युत.) प्रत्यावर्तक प्रवाहको उपकरण ।

reaction (रिअ्याक्' श्न्) **ना.** प्रतिक्रिया, (र० शा०) एक वस्तुले अर्कोमा चलाएको क्रिया; बाह्य उत्तेजकको अवयवद्वारा गरिएको प्रत्युत्तर; उत्तरदायी भाव; तुरुन्तको, वा प्रथम, भाव; विपरीतको अवधिपछि पूर्व स्थितिको प्रत्यावर्तन, ज कि चिसो पानीमा स्नानपछि न्यानू, उत्तेजनापछि विषाद, इ०; (सेना०) प्रतिघात; राजनीतिमा विपरीत प्रवृत्ति, प्रतिक्रिया;—ary **ना.** प्रतिक्रियावादी; (रेडियो) कमजोर सिग्नललाई बलियो पार्ने प्रक्रिया वा विधि ।

reactivate (रिअ्याक्'टिभेट्) **क्रि.** पुनः क्रियाशील बनाउनु, पुनः क्रियाशीलीकरण; फेरि चलाउनु ।

read (रीड्) **क्रि.** पढ्नु, हेर्नु (हात), पाठ गर्नु, अध्ययन गर्नु, पाउनु (भनाइ), अर्थ लाउनु; (वैकल्पिक) पाठ प्रस्तुत

८५०६

KATHMANDU

गर्नु; देखाउनु (डिग्री, वजन, इ.) देखिनु, सुनिनु; **ना.** पढनमा विताइने समय।

readable (री'डेब्ल्) **वि.** पढ्दा रुचिकर वा आनन्ददायी; (विर.) पढ्न सकिने, बुझिने।

reader (री'डर्) **ना.** पाठक, पढैया, पढन्ते, आचार्य, उपाचार्य, पढुवा, वाचक, संशोधक (प्रूफ), (वि. वि.) अध्यापकको श्रेणी, रीडर; पाठ्यपुस्तक (कुनै विषयमा)।

readily (रॆं'डिलि) **क्रि. वि.** खुशीसाथ, अनिच्छाविना, सजिलोसँग, आसानीसँग; अनायास।

readiness (रे'डिनेस्) **ना.** इच्छा, अविलम्ब, शीघ्र आज्ञापालन, सुविधा, तत्परता, तयारी।

reading (रीडि'ङ) **ना.** साहित्यिक ज्ञान, पण्डित्याइँ, पाठ; पारायण, वाचक, आवृत्ति, पठन, पढाइ, वाचन, श्रावण; पढिने कुरा; अंशाङ्कित यंत्रले देखाउने अङ्क; अर्थ, राय, अनुवाद;—-desk पढ्ने, पुस्तक इ. अडयाउने, खटिया;—-room वाचनालय।

ready (रें'डि) **वि., क्रि. वि., ना.** र **क्रि.** तयार, तत्पर, तंतयार, दुरुस्त, मुस्तैद, कसिकसाउ, सन्नद्ध, कटिवद्ध, जमजमाएको, तम्सिएको; **क्रि. वि.** अगाडि नै, चाँडै; **ना.** राइफल अगाडि समात्ने स्थिति; (अप.) दाम; **क्रि.** तयारी गर्नु, तयार रहनु;—witted चलाक, तत्पर; make—तयार रहनु, तरखर गर्नु;—money नगद, मुद्रा, सिक्का;—reckoner शीघ्रगणक (आफूलाई चाहिने गृहस्थीसम्वन्धी, ज. कि दिनदिनको तलब; इ. हिसाव गरी सारिणीबद्ध गरिराखिदिएको पुस्तक, इ.);—-built,-made तयारी घर, लुगा, इ.;—made shop तयारी पोशाकको पसल।

reagency (रिए'जेन्सि) **ना.** प्रतिक्रियात्मक शक्ति, सो क्रिया।

reagent (रिए'जेण्ट्) **ना.** (र. शा.) प्रतिक्रियाद्वारा कुनै अर्को वस्तुको उपस्थिति बताउने वस्तु; प्रतिक्रियात्मक वस्तु वा वल; प्रतिकारक; मसला।

real (री'अल्) **ना.** र **वि.** स्पेनको अघिको रौप्य मुद्रा; **वि.** वास्तविक, वास्तव, साँचो, साँचिकै, यथार्थ; (का०) अचल (सम्पत्ति); तात्विक; the—यथार्थ तत्व (आदर्शको विपरीत) —money मुद्रा, सिक्का, नगद;—life यथार्थ, नाटकीय वा काल्पनिक होइन;—man साँच्चिको, स्वाँगरहित; the—thing साटो वा कमसल वस्तु होइन, खास चीज।

realgar (रिअ्याल्'गर्) **ना.** लाल हरिताल।

real/ism (री'अलिज़्म्) **ना.** याथार्थ्य, यथार्थवाद, सत्य, तत्व, तथ्य; प्रदर्शन, चित्रण, को सत्यता, प्राकृतिक यथार्थता, सानासाना विवरणका उपर जोर र ध्यान;—ist **ना.** यथार्थवादी;—istic **वि.** यथार्थ, प्रकृतिको वखूबी चित्रण गर्ने।

reality (रिअ्या'लिटि) **ना.** सत्यता, याथार्थ्य, मूलको अनुरूपता, हकीकत, सादृश्य, वास्तविकता, वस्तुस्थिति, स्वरूप; in—वस्तुत , साँच्चै, तत्वतः।

realiz/e-is/e (रिअ्या'लाइज़्) **क्रि.** साध्नु, साध्य गर्नु, पूर्ण गर्नु, याथार्थ्य दिनु, देख्दा साँचो बनाउनु, (ऋणपत्र, सम्पत्ति, इ०) नगद बनाउनु अर्थात् बेच्नु; कमाउनु, उठाउनु, असूल गर्नु, उपर गर्नु (ऋण, पावना इ०), मोल प्राप्त गर्नु; प्रत्यक्ष गर्नु, सत्य गराउनु;—ation **ना.** साधन, सिद्धि, निष्पत्ति, सम्पादन, प्रत्यक्षीकरण, इष्टसिद्धि, कृतार्थता।

really (रि'अलि) **क्रि. वि.** वस्तुतः, साँच्चै, पक्कासँग, अवश्य, हो त ?

realm (रेल्म्) **ना.** राज्य, राष्ट्र, प्रदेश, लोक, भुवन; क्षेत्र, प्रान्त, प्रदेश, स्वामित्व, प्रभुत्व।

real-politik (रेआल्'पॅलिटीक्') **ना.** स्वदेशको भौतिक श्रेष्ठता र सफलता सर्वोपरि राख्ने नीति, यथार्थ राजनीति (जर्म०)।

realtor (री'अ्याल्टअ्र्) **ना.** (अचल सम्पत्ति वा) घर जग्गाको काम गर्ने, सम्पत्ति खरीद बिक्री गर्ने; व्यक्ति वा (व. व.) कम्पनी।

realty (री'अल्टि) **ना.** अचल सम्पत्ति, बपौती सम्पत्ति।

ream (रीम्) **ना.** र **क्रि.** ४८० ताउ (कागतको); कागतको धेरै परिमाण, कोरी; **क्रि.** (धातुमा वर्माले) प्वाल ठूलो पार्नु; कातुसदानको छेउ पल्टाउनु।

reap (रीप्) **क्रि.** काट्नु (अनाज), हँसिया वा यन्त्रले) काट्नु, फसल भित्र्याउनु;—as one has sown स्वकर्म फल भोग्नु; sow wind and—whirlwind हावा रोपेर आँधी स्याहार्नु, अर्थात् खराबको फल झन् खराब हुन्छ;—where one has not sown. नकमाई भोग गर्नु ;—ing-hook हँसिया;—ing-machine अनाज काट्ने र बोझसमेत बाँध्ने कल।

reappropriation (रिअ्याप्रोप्रिए' श्न्) **ना.** रकमान्तर।

rear (रिअ्र्) **ना., वि.** र **क्रि.** सेना, नौसेना, को पछिल्लो भाग; पृष्ठ; पछाडिको स्थान वा स्थिति; कुनै चीजको पछाडि, पछुवा; (बो. चा.) चर्पी, पाइखाना; **वि.** पछिल्लो, पछाडिको; **क्रि.** बढाउनु, उठाउनु, उजाउनु, ठाडो पार्नु; पाल्नु, पोषण गर्नु, पोस्नु, स्याहार्नु, सिकाउनु, पढाउनु, उमार्नु; (घोडा) पछिल्लो खुट्टाले उभिनु;—er **ना.** त्यसो गर्ने घोडा—admiral नौ० दर्जा;—guard व्यूहपार्ष्णि, पृष्ठरक्षक;—guard action पृष्ठरक्षक कारवाई;—ward **ना.** पछाडि;—view पृष्ठ दृश्य।

rear-arch, **rere—**(रिअर्' आर्च्) **ना.** झ्याल, ढोकाको भित्री गुम्वज।

rear-vault (रिअ्र्'भॅल्ट) **ना.** झ्याल वा ढोकाभित्रपट्टिको खोपा, इ०।

reason (री'ज़न्) **ना.** र **क्रि.** कारण, युक्ति, कैफियत, परिबन्द, बेहोरा, तर्क, हेतु, विचार, विवेक, विचारशक्ति, बुद्धि, प्रज्ञा, अनुमान, स्वास्थ्य, अनुन्माद, चेतना, सुबुद्धि, परिमितता; **क्रि.** तर्क गर्नु, बहस गर्नु, संझाउनु, फुल्याउनु, प्रतिपादन गर्नु, निष्कर्षमा पुग्नु, विचार गर्नु;—of state (अनैतिक कार्यको समर्थन) राष्ट्रहितको कारण (ले); lose—पागल हुनु, संज्ञा हराउनु; bring to—हठ छुटाउनु; in—मुनासीबसम्म; it stands to—मान्नै पर्दछ कि.—er **ना.** तार्किक, नैयायिक;

—**ing** **ना.** तर्क, विचार, ऊहापोह, अनुमान, न्याय ।

reasonable (री'ज़नेब्ल्) **वि.** विवेकशील, बुद्धियुक्त, परिमित, ज्यादा नखोज्ने, मुनासीब, वाजबी, घतलाग्दो, उचित, न्याय्य, युक्त ।

reassur/e (रिअ्याश्योर्') **क्रि.** आधार दिनु, भयहीन गराउनु;—ance **ना.** साधार, ढुक्क, ढाढस ।

Reaumur (रे'ओमर्) **ना.** तापमानको पद्धति सृष्टि गर्ने फ्रेञ्च भौतिक शास्त्री; तापमानको डिग्री; छो. क. R ।

reave, reive (रीभ्) **क्रि.** (आ.) (कवि.) ध्वंस पार्नु, उपद्रव गर्नु; बल गरेर खोस्नु, लैजानु, अपहरण गर्नु ।

rebarbative (रिबार्‍्'बेटिभ्) **वि.** अनाकर्षक, घीनलाग्दो, प्रतिकारक, धपाउने ।

rebate (री'बेट्) **ना.** र **क्रि.** तिर्नुपर्ने दाममा कटौती, व्यूखानी, कमीशन, बट्टा, छूट; मर्का, बाधा; **क्रि.** (रिबेट्') (आ.) घटाउनु, शक्ति वा प्रभाव घटाउनु; भुत्ते पार्नु, जड पार्नु, धारहीन तुल्याउनु ।

rebec (**k**) (री'बेक्) **ना.** मध्ययुगी तीन तारे सारङ्गी बाजा ।

rebel (रे'ब्ल्) **ना.** र **क्रि.** बागी, राजद्रोही; अङ्कुश वा अधिकारको विरोध गर्ने व्यक्ति वा वस्तु; (वाच्य०) विद्रोही, विद्रोहको स्थितिमा; **क्रि.** (रिबेल्') बागी हुनु, विद्रोह गर्नु, कुनै चलनको विरुद्ध घृणा गर्नु वा सो व्यक्त गर्नु ।

rebellion (रिबे'लियन्) **ना.** विद्रोह, प्रजाक्षोभ, विरोध, राजद्रोह ।

rebellious (रिबे'लिअस्) **वि.** विद्रोही, बागी, अटेरी, अधिकार नमान्ने, विरोधी; (रोग र वस्तु) उपचार गर्न गाहारो, नमान्ने, अवश्य, अविनेय ।

rebellow (रिबे'लो) **क्रि.** (कवि.) जोडसँग प्रतिध्वनित हुनु ।

rebirth (रिबर्थ्) **ना.** पुनर्जन्म ।

reboant (रे'बोअण्ट्) **वि.** (कवि.) घन्कने, प्रतिध्वनित हुने; बारंबार प्रतिध्वनित हुने ।

rebound (रिबाउण्ड') **क्रि.** र **ना.** ठक्करपछि फर्कनु, प्रतिक्षिप्त हुनु, प्रतिक्रियात्मक प्रभाव पार्नु, कर्तामाथि फर्कनु; **ना.** उत्पतन, प्रतिघात, परावर्तन, विवर्तन, परापतन ।

rebuff (रिबफ्') **ना.** र **क्रि.** तेजोवध, पराभव, फटकार; **क्रि.** तेजोवध गर्नु, फट्कार्नु, पच्कार्नु, दुत्कार्नु, मेख मार्नु ।

rebuke (रिब्यूक्') **क्रि.** र **ना.** गाली गर्नु, नसीहत दिनु, तालुको छाला पैताला पुऱ्याउनु, सिट्नु, डाँट्नु, हप्काउनु, हकार्नु, धम्काउनु, झाँट्नु, ध्याँक्नु, छाँक्नु, थुर्नु, दपेट्नु, पछार्नु, दपेटा, दिनु, झापट दिनु; **ना.** खपकी, दपकी, हपकी, गाली, झाँट, डाँट, ताडना, भर्त्सना, नसीहत, झाँपट, वाग्दण्ड, कलंक ।

rebus (री'बस्) **ना.** अक्षर, शब्दांश, इ. को सूचना गर्ने तसवीर, इ. को जरियाले कुनै नाम, शब्द, इ. को प्रहेलिका रूपको वर्णन, प्रदर्शन ।

rebut (रिबट्') **क्रि.** फर्काइदिनु, जोर गर्नु, रोक्नु, छेक लाउनु, (गवाही, अभियोग) खण्डन गर्नु, बेप्रमाण गराइदिनु;—tal,-ment **ना.** खण्डन, प्रत्याख्यान, निराकरण ।

recalcitr/ate (रिक्याल्'सिट्रेट्) **कि.** नियम, इ. सँग जुध्नु, अवश्य हुनु, शासनलङ्घी बन्नु, संमति नदिनु;—ant **वि.** र **ना.** अवश्य, छेत्तरो, नमान्ने (व्यक्ति);—ance **ना.** प्रतीपता, वक्रता, दु:शीलता ।

recalesce (रिक्यालेस्') **क्रि.** फेरि तातो हुनु, पुन:उष्णता प्राप्त गर्नु ।

recall (रिकॉल्') **क्रि.** र **ना.** प्रत्याह्वान गर्नु, प्रत्यानयन गर्नु, (खारिज गर्नु, खा. ग. टाढा समुद्रपार, पठाइएको कर्मचारीलाई) संझनु, स्मृतिमा ल्याउनु, जगाउनु, बचाउनु, रद्द गर्नु, खारिज गर्नु, (फैसला, काम); (कोसेली) फिर्ता लिनु; **ना.** प्रत्यानयन, प्रत्याह्वान, खारिजी (जहाज, इ.) फर्कने आदेश; खारिजी (संसद सदस्य) चुनाव खारिज गर्ने प्रत्याह्वान ।

recant (रिक्याण्ट्') **क्रि.** (मत वक्तव्य, इ.) फिर्ता लिनु; आफ्नू गलतीको आम घोषणा गरेर पूर्वमत त्याग गर्नु;—ation **ना.** प्रत्याख्यान, विलोप ।

recap (री'क्याप्) **क्रि.** (बो. चा.) recapitulate, recapitulation को छो. क. ।

recapitul/ate (रिक्या'पिचुलेट्) **क्रि.** दोहोऱ्याउनु, संक्षेपमा भन्नु, वा वर्णन गर्नु;—ation **ना.** संक्षेप, दोहोऱ्याइ, सिंहावलोकन; सारांश ।

recast (रिकास्ट') **क्रि.** र **ना.** नयाँ रूप दिनु; सुधारित सजावट गर्नु; **ना.** नयाँ रूप, सुधार, नवनिर्मित (वस्तु) ।

recce (रे'कि) **ना.** (सेना. अप.) रेकी, क्षेत्र जाँच (शत्रु को स्थिति, योजना, इ. को जाँच बुझलाई पठाइने जाँच टोली) ।

recede (रिसी'ड्) **क्रि.** पछि हट्नु, खुंचिनु, पछि छुट्नु, टाढा जानु, पछाडि तेर्सिनु, (राय, द्वन्द्व, लडाइँ, इ. बाट) हट्नु; मोल या गुणमा घट्नु, कम हुनु; हच्कनु, दप्कनु ।

receipt (रिसीट्) **ना.** र **क्रि.** नुसखा; परिकारमा हाल्ने खाद्य सामग्री, मसला, इ. को सूची; भरपाई; प्राप्ति, आदान, दाखिला, रसीद; **क्रि.** भरपाई लेख्नु, दिनु ।

receive (रिसीभ्') **क्रि.** प्राप्त गर्नु, स्वीकार गर्नु; थाम्नु; राख्नु, लिनु, स्वागत गर्नु, अभ्यर्थना गर्नु; पाहुना मान्नु; साँचो मान्नु, पत्याउनु, भरोसा गर्नु; पाउनु, दिइनु;—d **वि.** आदत्त, गृहीत, लब्ध, मानिएको, स्वीकृत;—d pronunciation छो. क. R. P. सर्वस्वीकृत (शब्दहरूको) उच्चारण;—r **ना.** प्रापक, पाउने ।

receiver (रिसी'भर्) **ना.** ग्राहक, दसी लिने व्यक्ति (चोरसँग मिलेर), केही कुरा, ज. कि टेलिफोनको कर्णपात्र, राख्ने, लिने, उपकरण, ग्राहिका; प्रसारित लहरहरूलाई प्रकाश र ध्वनिमा परिवर्तन गर्ने यंत्र, वायरलेस सेट ग्राहक; अदालतको आदेश वा नियुक्तिबाट दिवालियाको सम्पत्तिको जिम्बा लिने व्यक्ति, जिम्बावाल; प्रापक, पाउने ।

recension (रिसेन्'श्न्) **ना.** संशोधन, दोहोऱ्याइ, संशोधित पाठ, पाठ निश्चय ।

recent (रीˈसेण्ट्) **वि.** हालको, नव, अभिनव, अप्राचीन, नयाँ ।

receptacle (रिसेप्ˈटेक्ल्) **ना.** भाँडो, आधार, पात्र ।

reception (रिसेप्ˈश्न्) **ना.** सत्कार, स्वागत, स्वागत समारोह, परिग्रह, आदान, ग्रहण, अगवानी, प्रवेश, बेतार संकेतको ग्रहण, बेतार संकेत ग्रहणको क्षमता;—order पागललाई पागलखानामा राख्नू भन्ने आज्ञापत्र;—-room स्वागत कोठा, मानिस भेट्ने, स्वागत समारोह गर्ने, कोठा (शयनागारको विपरीत); faculty of—(मनको विचार) ग्रहण गर्ने क्षमता; warm—उत्साहपूर्ण स्वागत वा (व्यङ्गले) जोरदार विरोध;—-ist **ना.** सत्कारक, परिग्रहीतृ, खा. ग. तस्वीर खिच्ने संस्थान, दन्त-चिकित्सक, इ० मा आगन्तुकलाई भेटी स्वागतसाथ राख्ने व्यक्ति अन्य संस्थानहरूमा आगन्तुकहरूलाई सोधपूछको जवाफ दिने, हेरचाह गर्ने, काममा नियुक्त खा. ग. महिला कर्मचारी ।

receptive (रिसेप्ˈटिभ्) **वि.** ग्रहणशील, चाँडो बुझ्न वा लिन सक्ने (भावना या विचार) ।

receptor (रिसेप्ˈटर्) **ना.** आदाता ।

recess (रिसेस्ˈ) **ना.** र **क्रि.** विश्राम, विश्रान्ति, छोटो अवधिको लागि कामको रुकावट, खा. ग. संसदको; अवकाश, छुट्टी; पूर्व सीमावाट पानी, जमीन, हिमनदी, इ. को पछि हटाइ, सो हटाइको परिमाण; अपक्रम; निगूढ स्थान, गुप्त स्थान, पर्वतमालाको हटेको भाग, टोडको, कोटर, भित्ताको खोपा; **क्रि.** खोपामा राख्नु, पछि सार्नु, खोपा हाल्नु, विश्राम गर्नु, छुट्टी लिनु, स्थगन गर्नु;—of dress खोकिला ।

recessi/on (रिसेˈशन्) **ना**, पछिसराइ, उपक्रम, अपनयन, उपक्रमण, वस्तुको हटेको भाग, व्यापारमा मूल्यको आकस्मिक पतन;—ive **वि.** र **ना.** निवृत्ति, अवरोध (युक्त) ।

recessional (रिसेˈशनल्) **वि.** र **ना.**—hymn वा —गिर्जामा गाइने भजनको प्रकार, संसदीय विश्रान्तिको ।

Rechabite (रेकˈबाइट्) **ना.** मद्यको पूर्ण वहिष्कार गर्ने, बहिष्कारक ।

reˈchauffeˈ (रेशोफेˈ) **ना.** तताएको खाना; मिसमास (फ्रे०) ।

rechercheˈ (रिशेअर्शेˈ) **वि.** ध्यानसाथ तयार गरिएको, मुश्किलसाथ तयार गरिएको, योजना गरिएको, (खा. ग. खाना) (फ्रे.) ।

recidivist (रिसिˈडिभिस्ट्) **ना.** अपराध गर्नामा फेरि गिर्ने व्यक्ति, अपराध गर्नामा प्रत्यागमन गर्ने; पटके अपराधी ।

recipe (रेˈसिपि) **ना.** नुसखा, चिकित्सकले लेखेको औषधिको फिरिस्त, र सो ग्रहण गर्ने तरीका; परिकारमा हाल्ने सामान र तिनको परिमाणसमेत रहेको सूची; कुनै फलप्राप्तिको लागि व्यवहार गरिने उपाय, तरकीब, साधन वा गुप्तौषधि ।

recipient (रिसिˈपिएण्ट्) **वि.** र **ना.** ग्रहणशील, प्रापक, पाउने; **ना.** कुनै वस्तु पाउने व्यक्ति, ग्रहीता, पात्र, प्रतिग्राही, प्रतिग्राहक ।

reciprocal (रिसीˈप्रकल्) **वि.** र **ना.** परस्पर, अन्योन्य, बदलामा, पूरक, (व्या.) पारस्परिक सम्बन्ध वा क्रिया व्यक्त गर्ने, इतरेतर, व्युत्क्रम; **ना.** (गणित.) अर्कोसँग यस रीतले सम्बन्धित व्यञ्जक वा फल कि दुवै गुणन फलमा एकता होओस् ।

reciproc/ate (रिसिˈप्रकेट्) **क्रि.** (यंत्र०) एकान्तरूपले अगाडि र पछाडि चल्नु; (—ating engine अघि पछि चल्ने अङ्ग भएको यंत्र, rotatory, घुम्ने, को विपरीत); त्यस्तो चाल दिनु; परस्परमा दिनु लिनु, आदान प्रदान गर्नु, अदल बदल गर्नु; फर्काउनु, बदला गर्नु (माया, इ.); बदला गर्नु (धे. ज. बदलामा दिइएको चीजसंग);—ation **ना.** व्युत्क्रमीकरण ।

reciprocity (रेसिप्रॅˈसिटि) **ना.** परस्परता, व्युत्क्रमी, परिवर्त, अदलबदलको सिद्धान्त वा प्रचलन, खा. ग. राष्ट्रहरूका बीचमा व्यापारिक सम्बन्धमा आधारको रूपमा पारस्परिक विशेषाधिकारको प्रदान; व्यतिहार ।

recital (रिसाइˈटल्) **ना.** वृत्तान्त, बखान, कथानक; भन्ने, भनाइ; तथ्य बताउने कागत वा लेख; वाचन; एक संगीत कलाकारको कलाप्रदर्शन कार्यक्रम (गायन, वाद्य, इ.) ।

recitative (रेसिटेटिभ्ˈ) **ना.** संगीतपूर्ण वाचन, खा. ग. गीतिनाट्य वा धर्म संगीतमा; वाचनमा रहने शब्द, भूमिका, इ.; पारायण ।

recit/e (रिसाइट्ˈ) **क्रि.** पाठ गर्नु, लय मिलाएर वाँच्नु, कण्ठाग्र भन्नु, फलाक्नु (खा. ग. कविता, अनुच्छेद, इ.) सुनाउनु, श्रोताहरूको सामुमा; भटभटाउनु, भट्ट्याउनु; (का.) कागतका कुराहरू दोहऱ्याउनु; क्रमले भन्नु, गन्ती गर्नु;—r **ना.** उच्चारक, वाचक, पाठक ।

reck (रेक्) **क्रि.** (अलं., कवि., नकारात्मक र प्रश्नसूचक वाक्यहरूमा मात्र)—of ध्यान दिनु, वास्ता गर्नु, विचार गर्नु, परवाह गर्नु, चिन्ता गर्नु, पिरिनु, चाख लिनु ।

reckless (रेक्ˈलिस्) **वि.** असावधान, दुस्साहसी, प्रमत्त, साहसी, धृष्ट, उज्जण्ड; होक्काँ गर्ने ।

reckon (रेˈकन्) **क्रि.** ठान्नु, गन्ती गर्नु; संख्या, परिमाण, इ. गन्तीद्वारा निर्णय गर्नु; (कसैको) स्वभाव, चरित्र, को अन्दाम गर्नु; गन्नु, मान्नु, गणना गर्नु, विश्वास गर्नु, (कसैसंग) हिसाब मिलाउनु, हिसाब चुकाउनु; भर गर्नु, आधार मान्नु ।

reckoner (रेˈकनर्) **ना.** शाब्दि. अर्थमा; खा. ग. ready —गणक, सजिलो गणक, तुरुन्त गणक ।

reckoning (रेˈकनिङ्) **ना.** शाब्दि. अर्थमा, खा. ग. भट्टीलाई तिर्नुपर्ने हिसाब वा तिरो; हिसाब, गणना, गन्ती, गनाइ, मान, भाउ; day of—बदलाको दिन, प्रायश्चित्तको दिन; out in one's—आशा वा गणनामा भूल गरिएको, आशा विफल भएको ।

recla/im (रिक्लेम्ˈ) **क्रि.** (पाप, बर्बरता, भूल, वा खेर गएको स्थितिबाट) फर्काउनु, आवाद गर्नु, पुनः सन्मार्गमा ल्याउनु, पुनर्लाभ गर्नु, सुधार्नु, पालतु बनाउनु, सभ्य तुल्याउनु; (खा. ग. समुद्र वा धापबाट छुटाइ) जमीन आबादी योग्य बना-

उनु; ना. पुनर्प्राप्ति, पुनर्लाभ, पुनर्ग्रहण;—mable वि. जोगिने, पुनर्लाभ हुन सक्ने;– clation ना. पुनर्लाभ, रक्षा ।

réclame (रे'क्लाम्) ना. दुर्नाम कमाउने कला वा चाला (फ्रे०) ।

reclinate (रे'क्लिनेट्) वि. (व.) निहुरिने, निहुरेको ।

reclin/e (रिक्लाइन्') क्रि. लेट्नु, ढल्कनु, पल्टनु, लम्पसार पर्नु, कराइँ पर्नु, अडेस लागेर बस्नु, आराम गर्नु, (अलं०) भर पर्नु;—ing वि. आलम्बी, आनम्र, शयान, संविष्ट ।

recluse (रिक्लुस्') वि. र ना. वानप्रस्थी, वनाश्रमी, वैरागी, विरक्त, एकान्तवासी (व्यक्ति); यति; संन्यासी ।

recog/nize,—ise (रे'कग्नाइज़्) क्रि. स्वीकार गर्नु, मान्नु, चिन्नु, पहिचान गर्नु, ठमाउनु, कायम गर्नु, वाकिफ गर्नु, पारख गर्नु;—nition (रेकग्'निश्न्) ना. मान्यता, अभिज्ञान, प्रत्यभिज्ञान, पहिचान, चिन्हाइ, स्वीकृति;—nizance (–कग्'नि–वा–कॅनि'–) ना. वन्धक, प्रतिज्ञापत्र (खा. ग. अदालता); धरौटी;—nizant (रिकग्'निज़ण्ट् वा रिकॅ'निज़ण्ट्) वि. (केही कुराको) चेतना भएको वा चेतनाशील; (अनुग्रह, कृपा, इ० को) ज्ञान, चेतना, देखाउने; आभारी ।

recoil (रिकॉयल्') क्रि. र ना. (विर०) दुश्मनको सामनेबाट हट्नु; तर्सनु र पछि हट्नु; मनले डराउनु, झस्कनु (भय, त्रास वा घीनले); संघातपछि फर्कनु, (बन्दूक) पड्केपछि हट्नु, पछि फर्कनु, परापतन हुनु; ना. फर्काइ, झस्काइ, (यन्त्र, बन्दूक, इ. को) परापतन, विवर्तन ।

recollect (रेकलेक्ट्') क्रि. संझन सक्नु, मनमा आउनु, स्मरण गर्नु;—ion ना. स्मृति, अनुचिन्तन; स्मरण, संस्मरण, संझना;—ive वि. स्मृत, स्मर्त ।

recommence (रिकमेन्स्') क्रि. पुनः प्रारम्भ गर्नु, फेरि थाल्नु ।

recommend (रेकमेण्ड्') क्रि. शिफारिस गर्नु, सुम्पनु, (गुण, चालचलन, इ.) योग्य, स्वीकार गर्नु, बनाउनु;—ation ना. गुण-वर्णन, शिफारिस, बोलविन्ती, प्रशंसा, प्रशंसालेख;—atory वि. गुणश्लाघी, प्रशंसाकारी ।

recompense (रे'कम्पेन्स्) क्रि. र ना. भर्ना दिनु, इनाम दिनु, बदला दिनु, क्षतिपूरण गर्नु; ना. बकस, इनाम, बदला, भर्ना, क्षतिपूरण, क्षतिपूर्ति, मुआवजा, प्रतिफल, प्रतिकार ।

reconcil/e (रे'कन्साइल्) क्रि. वैर शान्ति गराउनु, मेलमिलाप गर्नु, (दूषित गरिएको) पवित्र भूमिलाई पुनः चोखो गराउनु (विधिपूर्वक); सन्तुष्ट गराउनु, तुष्ट गराउनु, आज्ञाकारी बनाउनु; (झगडा, इ.) अन्त गर्नु; मिलाउनु, रुजु गर्नु, अनुरूप गराउनु, मेल खाने गराउनु;—able वि. संधेय;—ability ना. संधेयता;—iation ना. रुजु, मिलान, (व्याङ्क०) (हिसाब) मिलान; संधान, मेलमिलाप, वैरशमन, विरोधशमन, अनुनय, समाधान;—iatory वि. संधेय, नम्र ।

recondite (रे'कन्डाइट्) वि. (ज्ञान, विषय) गहन, क्लिष्ट, जटिल, गूढ; (ग्रन्थकार, शैली) गूढ ज्ञान, वा सङ्केत, लक्ष्य रहेको; अस्पष्ट, अस्फुट; ढाँकेको, लुकेको; दुर्बोध, दुर्ज्ञेय ।

recondition (रिकन्डि'श्न्) क्रि. नयाँ जडान गर्नु, मरम्मत गर्नु, नयाँ गराउनु, नयाँ बैठान गर्नु, पुनर्वास गर्नु ।

reconnaissance(रिकॅ'निसन्स) ना. स्थितिको पहिचान र शत्रुको ठेगान लाउनाको लागि जमीनको सैनिक, नौसैनिक जाँचबूझ; रिकी; अनुसन्धान, अन्वेषण, खोज तलाश; कुनै उद्देश्यको लागि कसैबाट गरिएको प्रारम्भिक सर्वेक्षण; अन्वेषक दल;—in force प्रभावकारी जाँचबूझ, बलियो दलद्वारा गरिएको ।

reconnoitre (रिकनि'टर्) क्रि. र ना; (शत्रु, क्षेत्र, को) प्रारम्भिक जाँचबूझ गर्नु; आएर वास्तविक स्थिति पत्ता लगाउन खोज्नु; ना. (विर०) जाँचबूझ, खोजतलाश ।

reconquer (रिकॅन्'कर्) क्रि. पुनर्विजय गर्नु, (हारेर) फेरि विजय गर्नु, जित्नु ।

reconsider (रिकन्सि'डर्) क्रि. दोहोऱ्याएर सोच्नु, पुनर्विचार गर्नु;—ation ना. पुनर्विचार, दोहोऱ्याइ ।

reconstitut/e (रिकन्'स्टिट्यु ट्) क्रि. पुनर्गठन गर्नु (टुटेपछि);—ion ना. पुनर्गठन; पुनर्निर्माण ।

reconstruct (रिकन्स्ट्रक्ट्') क्रि. पुनर्निर्माण गर्नु; तथ्य, घटना, इ० को विवरणबाट के भएको हो सोको लगातार कल्पना वा वर्णन गर्नु;—ion ना. क्रमिक कल्पना, क्रमिक वर्णन, पुनर्रचना ।

record (रे'कअर्ड्) क्रि. र ना. दर्ता गर्नु, लेखोट गर्नु, लिखित गर्नु, लेख्नु, जनाउनु, स्थायीरूपले प्रदर्शन गर्नु; (रेडियो) रेकर्डिङ्गद्वारा कुनै प्रसारणका कार्यक्रम दर्ता गरी जस्ताको तस्तै दोहऱ्याउनु;—ing angel व्यक्तिको धर्म, पाप लेखेर राख्ने देवदूत, यमराज; ना. लिखित, तथ्य, आधिकारिक लेख, प्रमाण; प्रतिवेदन, लेख, अनुलेख, मिसिल, कागजात, कागतपत्र, अभिलेख, स्रेस्ता, चक्का, रेकर्ड, लेखोट, पुर्जी; विवरण उच्चाङ्क, कीर्तिमान; on—कानूनी लिखित, matter of—लेखद्वारा पुष्टि भएको मामला; off the—अनौपचारिक ढाँचाले;—player रेकर्ड (चक्का) बजाउने (रेडियो सेटमा जडिएको उपकरण); break, cut वा beat the—उच्चाङ्क, वा कीर्तिमानलाई नाघ्नु;—keeper ना. स्रेस्तादार, बहीदार ।

recorder (रिकअर्'डर्) ना. शाब्दिक अर्थ, लेखक, नगर वा क्षेत्रीय निजामती फौजदारी दुवै अधिकारवाला म्याजिस्ट्रेट वा न्यायाधीश; यंत्रहरूमा जडिएको रेकर्ड गर्ने उपकरण; ठाडो बाँसुरी ।

recording (रिकअर्'डिङ) ना. शाब्दिक अर्थ, खा. ग. (रेडियो) पछि उत्पादन गर्ने (बजाउने) गरी ध्वनिलाई दर्ने क्रिया, ध्वनि दरिएको वस्तु (चक्का, फिल्म, चुम्बकीय इस्पात प्लास्टिक फित्ता, इ०); दरिएको र पुनरुत्पादित ध्वनि कार्यक्रम ।

recount (रिकाउण्ट्') क्रि. वर्णन गर्नु, बखान गर्नु, विवरणसहित भन्नु, सविस्तार कहनु; पुनर्गणना गर्नु, दोहोरो गन्नु, ना. पुनर्गणना, खा. ग. निर्वाचनमा मतसंख्या (झगडा परेमा) ।

recoup (रिकुप्') क्रि. (का०) (ऋण) मा कटाउनु,

कटौती गर्नु; क्षतिपूर्ति गर्नु, उकास्नु, (नोक्सान) उपर गर्नु, उठाउनु;—ment **ना.** पुनर्लाभ, उकास, क्षतिपूरण ।

recourse (रिकोअ्र्स्') **ना.** उपाय, शरण, गति, आश्रय; have—to साधन, सहायक, सल्लाहकार, को रूपमा लिनु; without—(व्यापार, का०) हुण्डाको पृष्ठपोषकले सो चुक्ती नभएमा आफ्नू उत्तरदायित्व छुटाउनालाई व्यवहार गर्ने सूत्र ।

recover (रिक'भर्) **क्रि.** र **ना.** पुनः प्राप्त गर्नु, पाउनु, फर्काउनु, क्षतिपूर्ति पाउनु, कानूनी क्रियाद्वारा हर्जाना पाउनु; जियाउनु; चेतना, स्वास्थ्य वा जीवन पुनः प्राप्त गर्नु, निको हुनु, आराम हुनु; फेला पार्नु, पूरा गराउनु, ठेगानमा पुग्नु; **ना.** तरवारको मारपछि फेरि ल्याइने स्थिति;—one's legs लडेर फेरि उठ्नु;—sword सेना० कवायत वा मारपछि तरवारलाई बींड समातेर ठाडो गरी लिनु ।

recovery (रिक'भरि) **ना.** रोगपछि निको, आराम हुने क्रिया, आरोग्य प्राप्ति, आरोग्यलाभ; पुनः प्राप्ति ।

recreant (रेक्रि'अण्ट्) **वि.** र **ना.** (अलं०, कवि०) कायर, डरपोक, डरछेरुवा, स्वपक्षत्यागी ।

recre/ate (रेक्रि'एट्) **क्रि.** (खेलवाड, दिलवहलाउ, छुट्टी, पेशा वा तिनमा लाग्ने व्यक्ति) ताजा पार्नु, दिल वहलाउनु, रमाइलो लाग्नु; लहड गर्नु, दिलवहलाउ गर्नु;—ation **ना.** विनोद, आमोद, आमोद प्रमोद, मनोरञ्जन, दिलवहलाउ, खेलवाड;—ative **वि.** मनोरञ्जक, आमोदपूर्ण ।

recrement (रे'क्रिमेण्ट्) **ना.** (विर०) छोक्रा. निथार, फोहर, मैला; (श० क्रि० वि०) रगतवाट छुट्टिएर फेरि रगतमै मिल्ने तरल पदार्थ, ज. कि थूक, पित्त ।

recrimin/ate (रिक्रि'मिनेट्) **क्रि.** प्रत्यभियोजन गर्नु, उल्टो वात लाउनु;—ation **ना.** प्रत्यारोप, प्रत्यभियोग ।

recrossexamination (रिक्रस'एक्ज्यामिने'श्न्) **ना.** ततिम्बा

recrud/esce (रिक्रुडेस्') **क्रि.** (खटिरा, रोग, इ० वा अलं० असन्तोष, रिस, इ०) फेरि हुनु, फेरि निस्कनु, फेरि उठ्नु;—escence **ना.** पुनःप्रसर्पण, पुनरुद्भव;—escent **वि.** पुनः प्रसर्पी ।

recruit (रिक्रुट्') **ना.** र **क्रि.** रङ्गरुट, नयाँ भर्ना, नयाँ सिपाही, सैन्य, नव सैनिक; संस्थामा भर्ना हुने व्यक्ति; सिकारु, धे. ज. raw—काँचो सिकारु; **क्रि.** (सेना, नौसेना, दल, संस्था, राजनैतिक दल, इ०) नयाँ भर्ना गर्नु, लिनु; भर्नु, न्यूनता पूरा गर्नु, जर्ती पूरा गर्नु, ताजा गराउनु, पुनः पुष्ट बनाउनु; स्वास्थ्य लाभ गर्न खोज्नु;—al,—ment **ना.** भर्ना; —ing भर्ना, पजनी ।

rectal (रेक्'टल्) **वि.** मलाशयको, चाकको, कण्ढोको, कण्ढे ।

rectan/gle (रेक्'ट्याङ्गल्) **ना.** समकोण, आयत;—gular **वि.** समकोणीय, आयताकार, चौकुने, चारकुने; चाक्लो, चारपाटे, चापट ।

recti/fy (रेक्'टिफाइ) **क्रि.** सच्याउनु, शुद्ध गर्नु, सुधार गर्नु, मिलाउनु, संशोधन गर्नु; खारिज गर्नु, फ्याँक्नु, फेरेर साँचोचाहिं लिनु (कुचलन, भूल, अव्यवस्था, लोप, छूट, मर्का, वाधा); (र० शा०) वारंवार आसवन वा अन्य प्रक्रियाद्वारा शोधनु, शुद्ध पार्नु; (ज्या०) (वक्र) बराबर सरल रेखा खिंच्नु;—fiable **वि.** शोध्य, शोधनीय;—fication (—फिके'श्न्) **ना.** शोध, शुद्धीकरण, समाधान ।

rectilinear,-eal (रेक्टिलि'निअर् ,-निअल्) **वि.** सरल रेखात्मक; सरल रेखाविशिष्ट ।

rectitude (रेक्'टिट्यु्ड्) **ना.** नैतिक शुद्धता, सारल्य, शौच, सत्यशीलता, सदाचार; शुद्धता, सचाइ ।

recto (रेक्'टो) **ना.** खुला पुस्तकको दाहिने पृष्ठ; पत्रको अगाडि verso को विपरीत ।

rector (रेक्'टर्) **ना.** विभिन्न पदाधिकारी; पादरीको दर्जा; विश्वविद्यालय या महाविद्यालय, विद्यालय, वा धार्मिक संस्थाको मुख्य; रेक्टर ।

rectory (रेक्'टरि) **ना.** रेक्टरको निवास, ऐ० को पद ।

rectum (रेक्'टम्) **ना.** ठूलो आन्द्राको अन्तभाग; चाक, कण्ढो, गुदद्वार; मलाशय ।

recum/bent (रिकम्'बेण्ट्) **वि.** सुतेको, लेटेको, पार्श्वशय, संविष्ट;—bency लेटाइ, शयन ।

recuper/ate (रिक्यु'परेट्) **क्रि.** (थकाइ, ग्लानि, विमारी, नुकसान, इ० वाट) उद्धार, परावर्तन, हुनु; आराम हुनु;—ation (रेक्युपरे'श्न्) **ना.** पुनर्लाभ, उद्धार, आरोग्यता, आरामी, आरोग्यलाभको क्रम;—ative **वि.** पुनर्लाभकर ।

recu/r (रिकर्') **क्रि.** विचार वा वचनमा फर्कनु, प्रत्यावृत्ति हुनु, मनमा फेरि आउनु, (समस्या इ०) फेरि उठ्नु; फेरि हुनु, दोहरिनु;—ring decimals दशमलव अंशमा त्यस्ता अंक जो एकै क्रममा बराबर आइरहन्छन्, आवर्त, आवर्तक ।

recurrent (रिक'रेण्ट्) **वि.** र **ना.** (स्नायु, धमनी, शाखा) दिशा उल्टिने गरी फर्कने, प्रत्यावर्ती, बराबर भइरहने; **ना.** प्रत्यावर्ती धमनी वा स्नायु, खा. ग. दुई कण्ठनाली स्नायुहरूमा कुनै ।

recur/ve (रिकअ्र्भ्') **क्रि.** पछिल्तिर मोडिनु;—vate **वि.** पछि मोडिने;—vature पृष्ठवक्रता ।

recus/ant (रे'क्युज़ण्ट) **ना.** र **वि.** (ऐति.) बिलायतमा चर्च अफ इंगल्याण्डको पूजासभामा सम्मिलित हुन अस्वीकार गर्ने व्यक्ति; अधिकारअगाडि वशता नमान्ने (व्यक्ति); नियमलाई पालना गर्न बेमञ्जूर गर्ने (व्यक्ति); विद्रोही, विरोधी;—ance, —ancy **ना.** अस्वीकारवाद, असंमतिवाद, विरुद्धवाद ।

recuse (रिक्यूज') **क्रि.** (विर०) त्याग गर्नु, अस्वीकार गर्नु (व्यक्ति वा उसको अधिकारलाई); (न्यायाधीश) पक्षपाती भनेर आपत्ति गर्नु ।

red (रेड्) **वि.** र **ना.** रातो, लाल, रक्त, अरुण, राताम्मे, कुसुमे; काटमार, जलन, हिंसा वा विप्लव सम्बन्धित; रूसी, सोभिएट, (लालसेना, इ०); see—रातो देख्नु, रीसको आँखा नदेख्नु;—blind रक्तान्ध;—book ठूला बडाको सूची रहने;

—box लाल सन्दूस, सरकारी कागतपत्र राख्ने;—breast लालछाती, चरो;—cap सैनिक प्रहरी (विलायत), रेल स्टेशनको कुल्ली (अमरिका);—coat सिपाही;—cross जेनिभा सम्मेलनद्वारा स्थापना गरिएको स्वास्थ्योपचार, आतुर सवारी, इ० सेवाको चिह्न, रेडक्रस, लालक्रस;—ensign, (अप० —duster) व्यापारी जहाजको झण्डा;—flag विप्लवको चिह्न, साम्यवादको चिह्न;—handed थलोमा, अपराध गर्न लागेको वेलामा;—hat रोमीय पद्धतिमा वरिष्ट पादरी कार्डिनलको रातो टोप;—heat रक्तताप;—herring धूवाँमा सुकाएको हेरिङ्ग माछा; draw a—herring across the track अर्को उत्तेजक वा रुचिकर प्रश्न छेडेर छलफल भैरहेको विषयबाट ध्यान हटाउने चेष्टा;—hot लाल तातो, उत्तेजित, उत्साही, जंगिएको;—lamp चिकित्सक वा औषधि पसलेको;—lane रातो गल्ली (घाँटीका निंति केटौली बोली);—lead सिन्दूर;—letter day स्मरणीय, बिदाको दिन;—light खतराको बत्ती (रेलमा), वेश्यालय, रण्डीगृह; see the—light खतरा, विपत्तिको आशङ्का गर्नु;—man उ. अमरिकाको आदिम निवासी;—meat रातो मासु, (बनेल, सुँगुर, कुखुरा, इ० को (सेतो) मासुको विपरीत);—rag व्यक्तिलाई झोक चलाउने वस्तु, ज. कि रातो टालोले साँढेलाई झोक चल्ने अनुमान गरिन्छ;—-short फुट्ने तातो फलाम;—skin अमरिकाको आदिम निवासी;—snow आर्क्टिक र एल्पाइन प्रदेशमा रातो झयाउले गर्दा रातो देखिने हिउँ;—tape लाल फित्ता, (अलं०) सार्वजनिक काममा औपचारिकताको ज्यादा प्रयोग वा त्यसमा अड्ने प्रवृत्ति, ज. वा.—tapery **ना.** आचारिकता झींगाटँसाइ;—-tapism **ना.** आचारिकता;—-tapist आचारी, ऐनसवाल भरोसी;—triangle वाइ. एम. सी. ए. को चिह्न;—wood क्यालिफर्नियाको अति ठूलो ज्यादै कडा काठ भएको रातो काठ जातको रूख;—worm माछाको बल्सीमा हाल्ने कीरो; **ना.** रातो रंग, जुवा खेलमा रातो रंग; बिलियर्डको रातो बल; हिसाबको ऋण देखाउने पृष्ठ; in the—ऋणमा;—cloth रातो लुगा; (राजनीति) उग्रवादी, गणवादी, अराजकतावादी, वा साम्यवादी; विप्लववादी;—den **क्रि.** रातो गराउनु, लोहित गराउनु, रक्तीकरण; रात्याउनु;—dish **वि.** रातो रातो, आरक्त, लोहित, ईषद्रक्त;—ness **ना.** रक्तत्व, रक्तता, रक्तिमा, अरुणिमा ।

redac/t (रिड्याक्ट्') **क्रि.** साहित्यिक रूप दिनु, प्रकाशनको लागि ठीक पार्नु, सम्पादन गर्नु;—tion **ना.** दोहोर्‍याइ, संशोधन, सम्पादन, पुनर्रचना, प्रकाशनको लागि तयारी; नयाँ संस्करण;—tor **ना.** सम्पादक ।

redan (रिड्यान्') **ना.** गढबन्दीमा बाहिर निस्केको दुईमुखे माटाको काफ ।

redd (रेड्) **क्रि.** सफा गर्नु, मिलाउनु, ठीकसँग राख्नु, रचना गर्नु (स्क०) ।

reddle (रे'ड्ल्) **ना.** र **क्रि.** लालगेरु; **क्रि.** रातो रँगाउनु ।

rede (रीड्) **ना.** (आ०) परामर्श, सल्लाह, ठेगान, अभिप्राय, बयान, उपाख्यान; **क्रि.** उपदेश दिनु; प्रहेलिका, सपना, को अर्थ लाउनु ।

redeem (रिडीम्') **क्रि.** निखन्नु, फिर्ता लिनु, पूरा गर्नु, चुकाउनु; रक्षा गर्नु, मोक्ष दिनु; परित्राण गर्नु, उद्धार गर्नु; निष्कृति गर्नु, प्रायश्चित्त गर्नु, क्षतिपूर्ति गर्नु; बचाउनु; तार्नु ।

redeemer (रिडी'मर्) **ना.** मोक्षक, उद्धारक, तारक, त्राता ।

redemption (रिडेम्प्'शन्) **ना.** हडिकन्हेडिक; परित्राण, निस्तार, उद्धार, मोक्ष, मुक्ति, तारण; खरीद, क्रय ।

redeployment (रिडेप्लॉय'मेण्ट्) **ना.** उत्पादन बढाउनाको साधनको रूपमा फ्याक्टरीहरूमा सुधारिएका भौतिक बन्दोवस्तहरू ।

redingote (रे'डिङ्गोट्) **ना.** स्त्रीको लामू बाहिरी कोट, फेर कहिलेकहीं काटिएको हुन्छ ।

redintegrate (रिडिन्'टिग्रेट्) **क्रि.** पुन: सम्पूर्ण वा एकता दिनु, संयुक्त वा आदर्श रूपमा नयाँ पार्नु वा पुन:स्थापना गर्नु ।

redolent (रे'डलेण्ट्) **वि.** सुवासित, सुगन्धी, सुरभित (अचेल विर०); चर्को बास्ना भएको; (अलं०) जोरसँग सङ्केत गर्ने वा सम्झाउने ।

redouble (रिड'ब्ल्) **क्रि.** र **ना.** बढाउनु, गाढा पार्नु; बढता ठूलो, घन, गाढा, वा बढी संख्याको गराउनु वा हुनु; (ब्रिज ताशखेल) फेरि डबल्याउनु; विपक्षले डबल्याएको बोलीलाई अरू डबल बनाउनु; **ना.** डबल्याउने काम वा उदाहरण ।

redoubt (रिडाउट्') **ना.** (गढ०) बाहिरी दुर्ग रचना; व्यूहरचना ।

redoubtable (रिडाउ'टेब्ल) **वि.** (प्रतिपक्षी, योद्धा, विवादी, इ०) भीम, विक्रान्त, महाप्रतापी, महापराक्रमी ।

redoubted (रिडाउ'टिड्) **वि.** (आ०) भयंकर, भीम, विक्रान्त ।

redound (रिडाउण्ड्') **क्रि.** आखिरमा साध्नु. (कसैको) फाइदा, यश, इ० मा ठूलो भाग लिनु; अन्तिम फलको रूपमा आउनु, फर्केर आउनु ।

redress (रिड्रेस्') **क्रि.** र **ना.** फेरि मिलाउनु, सुल्झाउनु, ठीक गर्नु, निवारण गर्नु, त्याग गर्नु, सच्याउनु (दु:ख, अन्याय, हानि, मर्का, कुचलन); **ना.** अन्यायको प्रतिकार, सोबाट उद्धार ।

reduce (रिड्यूस्') **क्रि.** ठीक वा पुरानू वा मौलिक स्थितिमा फर्काउनु, (अचेल खा. ग. शल्यचिकित्साद्वारा), फर्काउनु, प्रत्यावर्तन गराउनु; मनले वा वास्तवमा अर्को रूपमा बदलिनु, त्यस्तो परिवर्तन गर्नु;—rule to practice बमोजिम काम गर्नु; बाध्य गराउनु; कम गराउनु, कसाकस गर्नु, होच्याउनु, कमजोर गराउनु, कङ्काल गराउनु, घटाउनु, खुम्चिनु; कस्नु, लघ्वीकरण गर्नु; वजन घटाउनु; शोधन गर्नु;—d circumstances घटती, (समृद्धिपछिको) गरीबी;—the establishment छाँट्नु, खर्च घटाउनु;—r **ना.** (खा. ग. त०) काँचो प्लेटको घनत्व घटाउने लघ्वीकारक (मसला);—cible **वि.** घट्ने, घटाइने ।

reductio ad absurdum (रिडक्शिओ ऍयाड् अव्सऽर्डम्) **ना.** आनर्थक्यमा वराल्नु (ल्या०) ।

reduction (रिडक्'श्न्) **ना.** घटती, ह्रास, अपचय, घटाइ, कमगराइ; तसवीर, नक्शा, को घटाएको प्रतिलिपि;—to absurdlty अनर्थक फल निकालेर कुनै सिद्धान्त, इ० को असत्यताको प्रमाणीकरण ।

reduit (रड्वी') **ना.** (गढ०) वाहिरी रक्षाबन्दी शत्रुले कब्जा गरेपछि हटी आश्रय लिने गढ ।

redun/dant (रिडन्'डण्ट्) **वि.** अतिशय; अतिरिक्त, वढता, अनावश्यक;—-dancy **ना.** आधिक्य ।

reduplicate (रिडयु'प्लिकेट्) **क्रि.** दोहोरो बनाउनु, डवल गर्नु, दोहोऱ्याउनु;—cation (रिडयुप्लिके'श्न्) **ना.** अभ्यास, द्विरुक्ति, दोहऱ्याइ ।

reebok (री'बक्) **ना.** अफ्रिकी मृगको किसिम ।

re-echo (रीई'को) **क्रि.** प्रतिध्वनि गर्नु, गुञ्जायमान हुनु, गुञ्जनु ।

read (रीड्) **ना.** र **क्रि.** नर्कट, वेंत, निगालो, जिह्वाल, नड, नल; **क्रि.** नर्कटले छाउनु, सिंगार्नु ।

re-edify (रीए'डिफाइ) **क्रि.** फेरि वनाउनु (घर, आशा, त्रिकुत तन्तु, इ०) ।

reedy (री'डि) **वि.** वेतसपूर्ण, नर्कट वा वेंतको; (वोली) नलवाट निस्केको जस्तो, अस्पष्ट, नखुला; सुसाउने ।

reef (रीफ्) **ना.** र **क्रि.** (जहाजी पालको माथि, तल) बेर्न हुने भाग; (समुद्रमा) पानीको ठीक माथि वा तल रहने चट्टान वा वालुवादार टुक्रा; (सुनखानि) सुन रहेको चट्टानको भाग; **क्रि.** पाल बेर्नु;— -knot दोहोरो गाँठो, सजिलोसँग खुल्ने ।

reefer (री'फर्) **ना.** लपेट्ने, बेर्ने (व्यक्ति); (अप०) मल्लाह; डबल छातीवाला कोट (जहाजीहरूको); गाँजा हालेको चुरोट ।

reek (रीक्) **ना.** र **क्रि.** धूवाँ, राँको, मात, वाफ, देखिने कुहिरो वा वाफ; वासी वा अप्रिय गन्ध; दुर्गन्धी वातावरण; **क्रि.** धुवाँउनु, वाफ छोड्नु, गन्हाउनु; Auld Reekie एडिन्वरा; **—y वि.** धूवाँदार, धूवाँ छोड्ने ।

reel (रील्) **ना.** र **क्रि.** रील, चर्खी, घिर्नी, स्कट नाचको प्रकार, विचलन; यंत्रको घुम्ने भाग; चक्का; (चलचित्र०) देखाउने चक्का, घनात्मक फिल्मको अन्दाजी १००० फीटको लमाइ; **क्रि.** वेर्नु, लपेट्नु, रन्थनिनु, धन्मनाउनु;—ing **ना.** रिंगटा, कहाली, भाउन्ना, चक्कर ।

re-enforce (रीइन्फोऽर्स्') **क्रि.** प्रवल गर्नु;—ment **ना.** प्रवलीकरण, थपमदद ।

re-entrant (रिएन्'ट्र्याण्ट्) **ना.** अन्त:प्रविष्ट (कोण) ।

re-entry (रीएन्'ट्री) **ना.** पुन:प्रवेश; (खा. ग. अन्तरिक्ष यान, क्षेप्यास्त्र, इ० को) पुन: पृथ्वीको वायुमण्डलमा प्रवेश; (का०) अधिकारको पुनः प्राप्ति; (ताशखेल) फेरि आफूले खेल्ने मौका दिने ठूलो चक्की, card of—सो गर्ने चक्की ।

reeve (रीभ्) **ना.** (ऐति०) नगरको प्रधान; (क्यानडा) गाउँ वा नगर पञ्चायतको अध्यक्ष ।

ref (रेफ्) **ना.** (वो. चा. छो. क.) फूटवलको रेफरी; लेखापढी, खा. ग. औपचारिक, मा पूर्वपत्र, विषय, को संकेत गर्ने छो. क. सूत्र ।

refection (रिफेक्'श्न्) **ना.** जलपान, खानपीन ।

refectory (रिफेक्'टरि) **ना.** मठ, विहार, इ० को भोजनगृह, खाने कोठा ।

refer (रिफर्') **क्रि.** व्यक्ति वा वस्तुलाई कारण वा स्रोत भनी देखाउनु; कुनै स्थान, समय, वा कारण निर्दिष्ट गर्नु; प्रेषित गर्नु, साध्नु; कुनै वक्तव्यको समर्थनमा प्रमाण पेश गर्नु; संकेत गर्नु, औंल्याउनु; to be referred सर्नु, साध्नु; referred सरी आएको ।

referee (रेफरी') **ना.** र **क्रि.** मध्यस्थ, पञ्च; निर्णेता, रेफरी (खा. ग. फूटवल, इ० खेलमा); **क्रि.** रेफरी हुनु, गर्नु ।

referen/ce (रे'फरेन्स्) **ना.** र **क्रि.** आलोकन, साधक, तोक, जाहेरी फैसला, जिकिर, जिक्र, सोधपूछ, सन्दर्भ, सिलसिला, लगाउ; आश्रयण, संशब्द, प्रसङ्ग, हवाला, संकेत, अभिनिर्देश, अन्तर्गत, पृच्छा, रिपोट, मुचुल्का; book of—-जानकारी पुस्तक;—library जानकारी पुस्तकालय (पुस्तक घर लैजान नपाइने); प्रमाणपत्र चिन्ने व्यक्ति; **क्रि.** पुस्तकमा प्रमाण हाल्नु; cross—प्रति संकेत;—tial **वि.** संकेत गर्ने ।

referendum (रेफरे'ण्डम्) **ना.** कुनै राजनैतिक प्रश्नमा आम जनतावाट सोधै मतदानद्वारा निर्णय गराउने आममतदान ।

refine (रिफाइन्') **क्रि.** शुद्ध गर्नु, शोधनु, परिष्कृत गर्नु, पवित्र गराउनु, खार्नु, सुकुमारी वनाउनु, :सभ्य वनाउनु, भाषा वा भावको सूक्ष्मताको प्रयोग गर्नु; पिष्टपेषण गर्नु; सुधारद्वारा राम्रो वनाउनु;—d **वि.** विशुद्ध, संस्कृत, संस्कारवत्, सभ्य, सोहमती, मिजासी, सुजन, परिष्कृत;—ment **ना.** शोधन, शिष्टता, शिष्टाचार, सौजन्य, विनय; सूक्ष्म तर्क ।

refiner (रिफाइ'नर्) **ना.** शाब्दि० अर्थमा, खा. ग. काँचो तेल, धातु, चीनी, इ० खार्ने व्यक्ति;—y **ना.** शोध, शोधालय ।

reflation (रिफ्ले'श्न्) **ना.** अवमूल्यनपछिको मुद्राको पुनर्मूल्यन, शुरूको स्थितिमा लैजाने उद्देश्यले गरिएको ।

reflect (रिफ्लेक्ट्') **क्रि.** (अचेल विर०) दोब्र्याउनु; (तल वा वस्तुले) फर्काउनु, प्रत्यावर्तन गर्नु, प्रतिबिम्ब गर्नु; (क्रिया फल, इ०) यश, अपयश, ल्याउनु; विचार गर्नु, सोच्नु, गुन्नु, चिन्ता गर्नु, संझनु; (कसै उपर) आलोचना वा निन्दा गर्नु; —ed **वि.** प्रतिबिम्बित ।

reflection,—exion (रिफ्लेक्'श्न्) **ना.** प्रतिबिम्ब, छाया, परावर्तन; निन्दा या अपयश; मनन, घोराइ, गम, गौर, चिन्ता, विचार, ध्यान; चिन्तन, सूत्र ।

reflective (रिफ्लेक्'टिभ्) **वि.** (तह) छाया दिने, परावर्तनकारी, परावर्ती; (अचेल विर०) कर्मकर्तृवाच्य; (क्रिया) प्रतिक्षपक, पारस्परिक; (मानस क्रिया) चिन्तनसँग सम्बन्धित; (व्यक्ति, भाव, इ०) विचारशील, ध्यानमग्न ।

reflector (रिफ्लेक्'टर्) **ना.** परावर्त्तक, फर्काउने; किरण

फर्काउने वस्तु वा सतह, खा. ग. नतोदर काँच वा धातुको टुक्रा; छाया परावर्तन गर्ने उपकरण (सहितको दूरदर्शी यंत्र); वाह्य वातावरणको जानी नजानी प्रदर्शन गर्ने व्यक्ति, पुस्तक, इ० ।

reflet (रेफ्ली') **ना.** चमक, टलक, रंगविरंगी झलक, खा. ग. माटाको भाँडोमा, (फ्रे०) ।

reflex (री'फ्लेक्स) **ना.** र **वि.** प्रत्यावर्तित प्रकाश, रंग वा कीर्ति; (चित्र०) अन्य स्थानको उज्यालो वा रंगले प्रभाव पारेको भनी देखाइएको चित्रको भाग; प्रतिलिपि, गौण अभिव्यन्जन, निस्केर आउने परिणाम, अकाम्य क्रिया; **वि.** (प्रकाश, इ०) परावर्तित, (विचार) अन्तर्दर्शी; आफै वा आफ्नै क्रियापट्टि फर्काइएको; (श. क्रि. वि.)—action अकाम्य, स्नायु उत्तेजनाको अकाम प्रतिवादवाट उत्तेजित प्रतिक्षेप क्रिया; (व्या.) कर्ताउपरको क्रिया जनाउने, कर्मकर्तृवाच्य;—camera खिच्ने समयसम्म छाया देखिने र फोकस गर्न सकिने उपकरण रहेको क्यामेरा;—ed **वि.** (वन०) दोहोरो घुमेको ।

reflexible (रिफ्ले'क्सिब्ल्) **वि.** परावर्तनीय ।

reflexive (रिफ्ले'क्सिभ्) **वि.** र **ना.** (व्या.) कर्ताको आफै माथिको क्रिया जनाउने (शब्द, रूप); (क्रिया) कर्ता र कर्मको एकता जनाउने; (व्यक्तीय सर्वनाम र विशेषण) कर्तातिर संकेत गर्ने; कर्मकर्तृ ।

refluent (रे'फ्लुएण्ट) **वि.** परावर्ती, पछि वग्ने, फर्किने;—luence **ना.** परावर्त, प्रतिस्पन्द, फर्को ।

reform (रिफॅर्म्) **ना.** र **क्रि.** सुधार, खा. ग. राजनैतिक, सुधारको प्रस्ताव वा सुझाव; **क्रि.** दोष, भूल, इ० हटाएर वढिया वनाउनु, सुधार गर्नु; वेरीत, वेकाइदा, इ० हटाउनु; राम्रो वा निर्दोष पार्नु; फेरि वनाउनु; फेरि रचना गर्नु ।

reformation (रेफर्मे'श्न्) **ना.** सुधार, खा. ग. राजनैतिक, धार्मिक वा सामाजिक सुधार;—the R—रोमन चर्चमा सोहौं शताव्दीमा भएको धार्मिक सुधार, जसवाट प्रोटेस्ट्याण्ट चर्च खडा भयो ।

reformative (रिफॅर्'मेटिभ्) **वि.** reformatory **वि.** र **ना.** सुधारवादी; अल्पवयस्क अपराधीहरूलाई सुधारको उद्देश्यले पठाइने संस्था, सुधार पाठशाला ।

reformer (रिफॅर्'मर्) **ना.** शाब्दिक अर्थ, खा. ग. सोहौं शताब्दीको धार्मिक सुधारको नेता; सुधार कानूनको पक्षपाती ।

refract (रिफ्रयाक्ट्') **क्रि.** (पानी, हावा, ऐना, इ०) अर्को घनत्व भएको अर्कै माध्यमवाट तेर्सो गरी कुनै कोण पारेर पस्ने (प्रकाश) लाई निहुन्याउनु वा वङ्गयाउनु, परावृत वा वक्र तुल्याउनु;—ing telescope जसमा प्रवेश काँचले किरणहरूलाई केन्द्रमा संसृत गराउँछ;—ed परावर्तित, विप्रतीप, वक्रित;—ion ना. वर्तन ।

refractor (रिफ्रयाक्'टर्) **ना.** नुहाउने माध्यम, वा काँच, वा दूरदर्शी यंत्र ।

refractory (रिफ्र्याक्'टरि) **वि.** र **ना.** हठी, छेत्तरो, साँढा, प्रतीप, अदम्य, वागी; (घाउ) उपचारवाट वशमा नआउने, ओखती नलाग्ने; (वस्तुहरू) काम गर्न वा पगाल्न गाह्रो हुने; **ना.** ताप, छादन, इ० कडासंग सहन सक्ने वस्तु ।

refrain (रिफ्रेन्') **ना.** वरावर आइरहने वोली वा वोल, खा. ग. श्लोकको आखिरी पंक्तिमा; थेको ।

refrain (रिफ्रेन्') **क्रि.** रोक लगाउनु, कज्याउनु; (केही कुरा गर्नवाट) रोकिनु, आफूलाई रोक्नु ।

refran/gible (रिफ्र्यान्'जिब्ल्) **वि.** नुहाइन वा वङ्गयाइन सकिने; वर्त्तनीय;—gibility **ना.** वर्तनीयता ।

refresh (रिफ्रेश्') **क्रि.** फेरि चिसाउनु (विर०); फेरि फूर्ति वा साहस दिनु; (खानापीना, आराम, मनोरञ्जन, इ० वाट) नयाँ जाँगर वा जोश प्राप्त गर्नु; (संझना, स्मृति, इ०) ताजा गराउनु; नयाँ सामग्रीद्वारा (आगो, विद्युत कोष, इ.) फेरि जगाउनु; खा. ग. तरल आहार, पानीय, लिनु ।

refresher (रिफ्रे'शर्) **ना.** शाब्दिक अर्थ; खा. ग. लम्वे मामलामा वकीललाई वढी फीस, (वो. चा.) पेय; (वाच्यार्थ) —course अर्वाचीन पद्धति सिकाउने शिक्षा वा तालीमको क्रम; पुनर्नवीकृत पाठ ।

refreshment (रिफ्रेश्'मेण्ट्) **ना.** मन वा शरीरमा नयाँ जोश दिने, वा भएको; नयाँ फूर्ति दिने, खा. ग. व. व. मा, खानापीना, जलपान;—room रेलको स्टेशनमा भोजनगृह; त्यस्तै—car रेलमा जडिने भोजन डव्वा ।

refriger/ate (रिफ्रि'जरेट्) **क्रि.** चिसाउनु; चिसिनु; खाद्य सामग्रीलाई राख्नाको लागि अतिशीत तापमानको प्रभावमा राख्नु; —ator **ना.** हिमोकारक, तापहर, वरफकल;—ant **ना.** निर्वापक, तापहर;—ation (रेफ्रिजरे'श्न्) **ना.** प्रशीतन;—atory **ना.** वाफ जमाउनालाई भट्टीमा जड्ने ठण्डा पानीको भाँडो या नली; तापहर ।

reft (रेफ्ट्) **क्रि.** reave को भूतकाल; हरेको, विछुडिएको ।

refuge (रे'फ्युज्) **ना.** र **क्रि.** आश्रय; खतरा, लखेटाइ, वा दुःखवाट शरणस्थल; उद्धार; आश्रयदाता; चलतीको सडकको वीचमा वाटो काट्नेहरूलाई अड्नालाई वनेको अग्लो ठाउँ, आश्रय; house of—शरण, अनाथालय; take—पस्नु; **क्रि.** शरण लिनु, दिनु ।

refugee (रेफ्युजी') **ना.** शरणार्थी ।

reful/gent (रिफल्'जेण्ट्) **वि.** ज्योतिमान, उज्ज्वल, देदीप्यमान, तेजस्वी, तेजोमय;—gence **ना.** दीप्ति, चमक, टलक, ज्योति ।

refund (रिफण्ड्') **क्रि.** र **ना.** लिएको दाम वा अर्काले बेहोरेको खर्च फिर्ता दिनु; वापसी गर्नु, भर्ना गर्नु;—ment **ना.** वापसी ।

refurbish (रिफ'र्विश्) **क्रि.** फेरि टल्काउनु ।

refusal (रिफ्यू'ज़ल्) **ना.** शाब्दिक अर्थ; (will take no —नाइँ मान्दैन, आग्रही, हठी छ;) अरूलाई दिनुअघि कुनै कुरा लिने नलिने हक वा अधिकार; अस्वीकृति ।

refuse (रिफ्यूज़्') **क्रि.**, **ना.** र **वि.** अस्वीकार गर्नु, नमान्नु, नाइँनास्ती गर्नु, चाहिन्न भन्नु; (ताश) विरंग दिनु; **ना.** गन्दगी, कसिङ्गर, धूलोमूलो, जूठो, फोहर, मैला, गन्दा; **वि.**

रद्दी, बेकाम;—dump रछान, घुन्यान, सोलमा (गोठको)।

refuser (रिफ्यू'जर्) **ना.** शाब्दिक अर्थ, खा. ग. छेका डाँक्न नचाहने घोडा।

refut/e (रिफ्यूट्') **क्रि.** खण्डन गर्नु, झुट्टा सावीत गर्नु, युक्तिले काट्नु;—ation **ना.** निराकरण, खण्डन।

regain (रिगेन्') **क्रि.** पुनः प्राप्त गर्नु, खा. ग. consciousness फेरि होशमा आउनु, ब्युँझिनु, बौरिनु; फेरि ठिकानामा पुग्नु।

regal (री'गल्) **वि.** राजाको, राजाले, ज. कि—government, tittle, office; राजायोग्य, शानदार।

regale (रिगेल्') **ना.** र **क्रि.** अक्ष० वा अलं० शौखको खाना; **क्रि.** खाना, कुराकानी, इ० ले खातिर गर्नु, धे. ज. व्यङ्गसहित; आनन्दित गराउनु (लावण्य, फूल; इ० ले); आफूलाई असल खानाले तृप्त पार्नु।

regalia (रिगे'लिआ) **ना.** व. व. राजकीय विशेषाधिकार (अचेल विर०); राज्याभिषेक, इ० मा व्यवहार गरिने राजस्वका चिन्हहरू; कुनै मान पदवीका चिन्हहरू; असल जातको ठूलो सिगार।

regalism (री'गलिज्म्) **ना.** राजाको धार्मिक प्रभुत्वको सिद्धान्त।

regality (रिग्या'लिटि) **ना.** राजकीय शक्तिको गुण, राजा हुनु, राजकीय विशेषाधिकार।

regard (रिगाअ्र्ड्') **क्रि.** र **ना.** हेर्नु, गौरले हेर्नु; ध्यान दिनु, विचार गर्नु; श्रद्धा, डर, अथवा अन्य कुनै तोकिएको भावले हेर्नु; विचार गर्नु, लिनु, मान्नु; सरोकार हुनु, सम्वन्ध हुनु; **ना.** श्रद्धा, आदर, आस्था, खातिर, लेहाज, वास्ता, टेर, पर्वाह; with—to, in—to बारेमा, सम्वन्धमा, विषयमा;—less **वि.** र **क्रि. वि.** विनाविचार, वाल्ल परेर, बेवास्थासहित।

regardant (रिंगाअ्र्'डण्ट्) **वि.** (वंश.) पछाडि हेर्ने, स्थिर आँखाले हेर्ने।

regatta (रिग्या'टा) **ना.** डुङ्गा दौडको जमघट।

regelate (रिगे'लेट्) **क्रि.** (हिउँ, वरफ) अलिकति पग्लेर फेरि जमेर डल्लो पर्नु।

regency (री'जेन्सि) **ना.** शासन, अंकुश; राजप्रतिनिधिको पद; राजप्रतिनिधिको काम गर्ने आयोग; राजप्रतिनिधि वा सो जस्तो संस्थाको पदावधि।

regener/ate (रिजे'नरेट्) **क्रि.** उच्चतर माध्यमिक स्वभावले आच्छादित गर्नु; नैतिक अवस्था सपार्नु; व्यक्ति वा संस्थामा नयाँ र वढी ओजस्वी उच्चतर जीवन दिनु; फेरि जन्मनु; अनुप्राणित गर्नु; आफूलाई सुधार गर्नु;—ator **ना.** शाब्दिक अर्थ, भट्टीहरूमा इन्धनको फारो गराउने अग्नि ईंटको तरकीव।

regent (री'जेण्ट्) **ना.** र **वि.** शासक, शासन गर्ने सिद्धान्त; राजाको नावालिग अवस्था, अनुपस्थिति, वा असामर्थ्यमा अधिराज्यको शासन गर्न नियुक्त व्यक्ति, राज्यसहायक, राज्यप्रतिनिधि; **वि.** ना. को सरह, ज. कि Queen, Prince, इ. R—

regicide (रे'जिसाइड्) **ना.** राजवध, नृपहत्या; the—s विलायतका प्रथम चार्ल्सको हत्या गर्नेहरू।

regie (रेज्ञे) **ना.** तमाखु, नून, इ० मा सरकारी ठेक्का वा एकाधिकार (फ्रे०)।

regime (रेझीम्') **ना.** शासन व्यवस्था, प्रणाली; चलन; चालु परिस्थिति; ancien—फ्रान्समा विप्लवअघिको शासन व्यवस्था; लोप वा खारिज भएको व्यवस्था।

regimen (रे'जिमेन्) **ना.** नियम, शासन व्यवस्था, सरकार; (भै०) पथ्य, कसरत, जीवनक्रम वारे चिकित्सकले गरिदिएको व्यवस्था, परहेज; (व्या०) शब्दहरूको कारक सम्वन्ध।

regiment (रे'जिमेण्ट्) **ना.** र **क्रि.** (विर०) शासन, सरकार; पल्टन, दल; तोप, टयाङ्क, वख्तरवन्दगाडी, इ० को कार्यकारी एकांक; (धे. ज. व. व.) ठूलो जमघट वा संख्या, सेना; अतिसंख्या; **क्रि.** फौजलाई पल्टनमा दर्नु, (मजदूर, श्रम) कुनै पद्धतिअनुसार दलमा संगठन गर्नु;—ation **ना.** एक समान गराउने प्रयत्न वा क्रिया, सवैलाई दलमा हाली अनुशासनमा राख्ने क्रम;—al **वि.** र **ना.** दल वा पल्टनको; **ना.** (व. व.) पल्टनिया पोशाक, जंगी पोशाक; सैनिक वेष।

Regina (रिजाइ'ना) **ना.** (छो. क. R) शासक रानी (खा. ग. दसखतहरूमा) मुकुटका कानूनी मामिलाहरूमा दर्जा वा उपाधि।

reginal (रिजाइ'नल्) **वि.** (विर.) राज्ञीसदृश।

region (रिज्न्) **ना.** प्रदेश, ठाउँ, स्थान, अम्मल, फेट, हाता, इलाका, लग्गा, भेग, भेक, क्षेत्र, अन्चल, lower—s नरक, पाताल; upper—s आकाश, स्वर्ग; शरीरमा कुनै अवयवको नजीकको भाग;—al **वि.** आन्चलिक।

regis/ter (रे'जिस्टर्) **ना.** र **क्रि.** दर्तावही, लगत, पन्जिका, दर्ता, स्रेस्ता, रजिस्टर; (छ०) कागतको दुईपट्टिको छपाइमा पूर्ण मिलान; (फोटो०) फोकस गर्ने पर्दा र प्लेट वा फिल्मको मिलान; **क्रि.** दर्ता गर्नु, दर्नु, टिप्नु, टाँक्नु, चढाउनु, (मनले) गुन्नु, खास वहीमा दर्नु वा दर्ता गराउनु, खा. ग. हुलाकलाई सुरक्षाको लागि सुम्पिने दर्ता चिठी वा रजिस्टरी, (यंत्रले) देखाउनु, आफैं टिप्नु; (चल०) मुख वा चेष्टाले देखाउनु (भाव); (छ०) पूर्णसँग मिलान हुने गराउने;—tration (रेजिस्ट्रे'श्न्) **ना.** दर्ता;—tered **वि.** पन्जीकृत, दरिएको।

registrar (रे'जिस्ट्रार्) **ना.** प्रस्तोता, पंजीपाल, पन्जिकाकार, कितापी, कुल सचिव;—y **ना.** केम्ब्रिज वि० वि० को प्रस्तोता।

registry (रे'जिस्ट्रि) **ना.** दर्ता, वहीहरू राखिने ठाउँ, कार्यालय, कितापखाना;—office कार्यालय जहाँ विवाह विना कुनै धार्मिक विधि सम्पन्न हुन्छ; servant's—(office) नोकर र नोकरी खोज्ने व्यक्तिहरूको सूची रहने कार्यालय, पसल।

Regius (री'जिअस) **वि.**—professor शुरूमा अक्सफर्ड र केम्ब्रिज, र पछि अन्य वि० वि० हरूमा पनि, मानसाथ नियुक्त गरिने प्राध्यापक।

regnal (रेग्'नल्) **वि.** शासनकालको, सम्वन्धी;—year

राज्यारोहणदेखि प्रारम्भ हुने वर्ष वा सोको जयन्ती;—day राज्यारोहणको जयन्ती ।

regnant (रेग्'नण्ट्) **वि.** गद्दीनशीन, शासक, ज. कि Queen R—राजाकी स्त्रीको हैसियतले होइन कि आफैं राज्य गर्ने भएर रानी भएकी, राजपदारूढ; (वस्तु, गुण, राय, इ०) सर्वश्रेष्ठ, प्रचलित ।

regorge (रिगॅऋर्ज्') **क्रि.** फेरि उकाल्नु वा वान्त गर्नु; वान्त गर्नु; फ्याँक्नु; खाडल वा कुलोबाट उल्टो बग्नु; फेरि निल्नु ।

regrate (रिग्रेट्') **क्रि.** (ऐति०) पछि नाफा गर्ने उद्देश्यले बजारमा माल, खा. ग. खाद्य, तरकारी, सबै किन्नु ।

regress (रीं'ग्रेस्) **क्रि.** र **ना.** पछाडि हट्नु (मुख्य०) ज्योतिषमा; **ना.** पछि सराइ, ओहालो, पछाडि सर्ने प्रवृत्ति;—ive **वि.** हट्वा, हट्ने, पछि सर्ने ।

regression (रिग्रे'श्न्) **ना.** पछिल्तिर सराइ, अपसरण, वक्रको प्रत्यागमन, उल्टाइ, प्रत्यावृत्ति ।

regret (रिग्रे'ट्') **क्रि.** र **ना.** अफसोस गर्नु, चुकचुकाउनु, पीर मान्नु; **ना.** निम्ता अस्वीकार गर्ने नम्र बोली, अफसोस, पश्चात्ताप, निराशा, जङ्ग; to have no—s आफूले गर्नुपर्ने सबै गरेकोले कुनै असजिलो नमान्नु; express—for माफी माग्नु;—ful (व्यक्ति वा भाव) अफसोसी ।

regulable (रे'ग्युलेब्ल्) **वि.** नियमनिष्ठ, नियम मान्ने ।

regular (रे'ग्युलर्) **वि.** र **ना.** नियमित, नियत, सम, नियमानुसारी, क्रमानुगत, व्यवस्थित; व्यावहारिक, आचारिक; (व्या०) विध्यनुरूप; (बो. चा.) पूर्ण, पूरा, भित्रसम्म; **ना.** (बो. चा.) स्थायी, ज. कि पेशावाल सिपाही (मिलिशिया वा स्वयंसेवक होइन), पुरानू ग्राहक, आगन्तुक—customer,—visitor, इ०; (बो. चा.) स्थायी नियुक्ति पाएको व्यक्ति;—ity **ना.** नियतत्व, अनुक्रम, चाँजो, व्यवस्था ।

regulat/e (रे'ग्युलेट्) **क्रि.** नियमले मिलाउनु, नियमित गर्नु, व्यवस्थित हुनु, व्यवस्था गर्नु, नियंत्रण गर्नु, व्यवस्थित गर्नु; सीमाबन्धन गर्नु; समन गर्नु; आवश्यकतानुसार मिलाउनु; (घडी) ठीकसँग चल्ने गराउनु, ढीलो चाँडो नहुने गर्नु; —or **ना.** नियंता, शासक ।

regulation (रेग्युले'श्न्) **ना.** विधान, विधि, व्यवस्थापन यंत्रण, शासन; नियम, सवाल, रोह, रूल; (वाच्यार्थ) नियमानुसार, साधारण, सधैँ जस्तो, औपचारिक; बन्दोबस्त, सनद, जाफता ।

regulus (रे'ग्युलस्) **ना.** (ब. व.—i) Regulus सिंहको उज्यालो तारा; (र० शा०) धाउ वा खनिजको शुद्ध भाग; एक प्रकारको चरो ।

regurgit/ate (रिगऋर्'गिटेट्) **क्रि.** फर्कनु, जोरसँग निस्कनु; (पेट, फसल, भाँडो) उल्टिनु, फेरि फ्याँक्नु;—ation **ना.** फ्याँकाइ, उलटी; हिलिक्क ।

rehabilit/ate (रिहबि'लिटेट्) **क्रि.** पुनर्वास गराउनु; (बदनामबाट) सफाइ लिनु;—ation **ना.** पुनर्वास; बसोवास, पुनर्वसति; सफाइ ।

rehearsal (रिहऋर्'सल्) **ना.** पूर्वप्रयोग, पूर्वाभिनय; dress —पूरा पोशाकमा सम्पूर्ण साजबाजसहित प्राय: अन्तिम प्रकारको पूर्वाभिनय, जब कि खेल आमरूपले प्रदर्शन गर्नालाई तयार संझिइन्छ, पोशाकी पूर्वाभिनय ।

rehearse (रिहऋर्स्') **क्रि.** पठन, कथन, रियाज, शुरूदेखि अन्तसम्मको पाठ, गन्ती, गर्नु; खेलको अभ्यास, पछि सर्वसाधारणलाई देखाउनालाई, पूर्वाभिनय गर्नु ।

Reich (राइख्) **ना.** सम्पूर्णको रूपमा जर्मन राष्ट्रमण्डल;—s'wehr जर्मन सेनावाहिनी (जर्मन) ।

Reichstag (राइख'स्टाक्) ना. (ऐति.) जर्मन संसद ।

reify (री'इफाइ) **क्रि.** व्यक्ति, भावात्मक कल्पना,लाई वस्तुमा रूपान्तर गर्नु, भौतिक रूप लिनु, दिनु ।

reign (रेन्) **ना.** र **क्रि.** प्रभुत्व, स्वामित्व, शासन, रजाइँ, आधिपत्य, पालो; राष्ट्र, क्षेत्र, शासनावधि, शासनकाल; **क्रि.** राज्य गर्नु, राजा वा रानी हुनु, शासन गर्नु, हुकूम चल्नु; R—of Terror फ्रान्समा विप्लवको समय;—ing **वि.** राजपदारूढ, गद्दीनसीन, सत्ताधारी;—ing beauty कुनै समयमा सर्वश्रेष्ठ मानिएको; silence—s शान्त छ, शान्तिपूर्ण अवस्था छ ।

reimburse (रिइम्बऋर्स्') **क्रि.** भर्ना गर्नु, भराउनु, सोध भर्ना गर्नु;—ment **ना.** सोध, भर्ना, सोधभर्ना ।

rein (रेन्) **ना.** र **क्रि.** बाग, बागडोर, लगाम, अंकुश; **क्रि** बागले चाल गराउनु वा वशमा राख्नु, (अलं.) शासन गर्नु, रोक्नु, वशमा राख्नु; draw—घोडा रोक्नु; give horse—वा the—s लगाम छाडिदिनु; आफू खुशी गर्न दिनु;—s of government राज्यसूत्र ।

reindeer (रेन्'डिऋर्) शीत प्रदेशको मिर्गको जात, जो मासु, दूध र छालाको लागि पालिन्छ र जसले हिउँमा चिप्लेर चल्ने स्लेज बग्गी तान्दछ ।

reinforce (रिइन्फोऋर्स्') **क्रि.** र **ना.** बल दिनु, सबल गराउनु, बढी मदद, फौज, वा सामग्रीद्वारा;—d concrete कंक्रीटमा धातुको डण्डा, छ्याकन, तार हालेर मजबूत पारेको सबल कंक्रीट; **ना.** नालसँग जोडिएको बन्दूकको बाक्लो भाग; कोही वस्तुलाई बलियो पार्नालाई जडिने पाता, बल दिने भाग, इ०;—ment (—स्'मेण्ट्) **ना.** थप बल, फौज, जहाज, इ०; बल दिने कुनै वस्तु ।

reins (रेन्ज्) **ना.** (ब. व.) (आ०) कटि, मिगौंला ।

reinstate (रिइन् स्टेट्') **क्रि.** थाम्नु, पुनःस्थापित गर्नु; पुन: स्वास्थ्य लाभ गर्नु, फेरि ठीक काइदा मिलाउनु,—ment **ना.** थमौती, पुन: बहाली ।

reis (रेस्) **ना.** (ब. व.) क्षुद्र पोर्टुगीज वा ब्राजिलको मुद्रा (पोर्टुगीज) ।

reiterat/e (रिइ'टरेट्) **क्रि.** पुनरुक्ति गर्नु, दोहोऱ्याउनु;—ion **ना.** पुनर्कथन, पुनर्वचन, रटना, दोहोऱ्याइ, पुनरुक्ति ।

reject (रिजेक्ट्') **क्रि.** र **ना.** अस्वीकार गर्नु, त्याग्नु, नामञ्जूर गर्नु, बहिष्कार गर्नु; फ्याँक्नु; उकेल्नु; **ना.** छाडी, नचाहिने भनी

छोडेको वस्तु वा व्यक्ति, ज. कि सिपाहीमा नयाँ भर्ना हुन खोज्ने व्यक्ति,—ion **ना.** त्याग, जापन, प्रत्याख्यान ।

rejectamenta (रिजेक्ट्मेन्'टा) **ना.** (**ब. व.**) (वर्तमान ल्या०) फालतू वस्तु, फोहर मैला, समुद्रले फ्याँकेका वस्तु, मलमूत्र ।

rejoi/ce (रिजॉयस्') **क्रि.** प्रमुदित हुनु, प्रफुल्ल हुनु, खुशी मनाउनु, रमाउनु, रमाइलो गर्नु, कुनै उत्सव मनाउनु,—cing **ना.** खुशी; **वि.** प्रहृष्ट, दंगदास ।

rejoin (रिजॅयन्') **क्रि.** फेरि जोरिनु, जुट्नु, पुनः आउनु, फर्कनु, संयुक्त हुनु,—ed वि. फर्केको, फर्केपछि ।

rejoinder (रिजॅयन्'डर्) **ना.** जवाफ, जवाफमा पेश गरिएको कुरा, प्रत्युत्तर ।

rejuven/ate, rejuvenize,-ise (रिजु'भिनेट्, रिजु'भिनाइज़्) **क्रि.** फेरि युवा बनाउनु, पुनर्यौवन दिनु,—ation **ना.** पुनर्यौवन, कायापलट,—ator **ना.** पुनर्यौवन दातृ वा दाता ।

rejuven/esce (रिजुभिनेस्') **क्रि.** फेरि युवा हुनु, पुनर्यौवन प्राप्त गर्नु, (प्रा० वि०) कोष, नयाँ जीवनले भरिनु;—escence पुनर्यौवन, पुनर्जीवन ।

relapse (रिल्याप्स्') **क्रि.** र **ना.** फर्कनु, उल्टिनु, गिर्नु, उकल्चिनु; गलती, पाप, भूल, कमजोरी, बीमारीमा फेरि पर्नु; कच्चमच्चिनु; **ना.** उल्टी, रोगको उल्टनु ।

relat/e (रिलेट्') **क्रि.** बखान, वर्णन, गर्नु; सम्बन्ध स्थापना गर्नु, सम्पर्क स्थापना गर्नु; (कृ०) सम्बन्धित, नाता भएको, साइनो पर्ने; er **ना.** कथयिता, आख्यायक ।

relation (रिले'इन्) **ना.** वर्णन, बखान, कथा, आख्यान; सम्बन्ध, नाता, नातागोता, साइनो, सरोकार, लगाव, बान्धव, आफस्त, सम्पर्क, सम्बन्धी;—ship ना. साइनो, नाता, रिस्ता, कुटुम्ब; prohifted—ship हाडगाता ।

relative (रे'लेटिभ्) **वि.** र **ना.** सापेक्ष, सापेक्षिक, आपेक्षिक, अपेक्षाकृत; प्रासङ्गिक; सम्पर्क राख्ने, सम्बन्धित; **ना.** व्या० संबद्ध शब्द, ज. कि जुन, कुन, जो इ०; नातावाल, बान्धव, सगोत्री, जाति बिरादरी, कुल कुटुम्ब, नातागोता, स्वजन, आफन्त ।

relativism (रे'लेटिभिज़्म्) **ना.** सापेक्षिकता, सापेक्षवाद ।

relativity (रेलेटि'भिटि) **ना.** सापेक्षता, आपेक्षवाद; आइनस्टाइनको विश्वबारेको सिद्धान्त जसको आधार सम्पूर्ण गति सापेक्षिक छ भन्ने हो ।

relax (रिल्याक्स्) **क्रि.** खुकुलो, फितलो, लचिलो, गराउनु वा हुन दिनु, छोड्नु, खोल्नु, फुकाउनु, कमजोर बनाउनु, समन गर्नु, घटाउनु, तनावमा कमी हुनु; कम कडा, नाटिकुटी गर्ने, फुर्तिलो वा उद्यमी गराउनु; शान्ति र आरामसाथ रहनु;—ed **वि.** आरामसाथ, होलो, शिथिल, शिथिलित, मजासँग;—ation **ना.** दिलबहलाउ. होलो, खुकुलो, हलका, चैन, अमन चैन, शिथिलन ।

relay (रिले') **ना.** र **क्रि.** घोडाको डाँक; मानिस, रसद, सामग्री, इ० को त्यस्तै व्यवहार; (दूरलेख) टाढाको प्रवाहलाई स्थानीय विद्युतकोशले सबल तुल्याउने उपकरण; **क्रि.** थाकेको वा व्यवहार भइसकेको मालसामानको साटो नयाँ प्राप्त गर्नु, पुनर्निवेशन गर्नु; (रेडियो०) एक स्टेशनको प्रसारणलाई अर्कोले पनि प्रसारण गर्ने क्रिया;— -race दलहरूको बीचमा दौड, जसमा दलका सदस्यहरू आफ्नू आफ्नू पालोमा मात्र दौडन्छन्, रिले वा डाँकदौड; re-lay **क्रि.** फेरि राख्नु, फेरि बिछाउनु ।

releas/e (रिलीस्') **क्रि.** (का०) (ऋण, हक, जायजेथा) अर्कोलाई दिनु वा सुम्पनु; ज० वा०—ee **ना.** पाउने; or **ना.** त्यागी; छाड्नु, फुर्सत दिनु, मुक्त गराउनु, बुझाउनु, फुकाल्नु, खुकुलो पार्नु; (चल०) आम प्रदर्शनलाई चित्र वितरण गर्नु; फुकुवा गर्नु, निखन्नु ।

release (रिलीस्') **ना.** छुटकारा, मुक्ति, फुकुवा, रक्षा; थुनुवा, दुःख, अफसोस, जीवन कर्तव्य, बन्धन, अचल स्थान, इ० बाट छुटकारा; लिखित रसीद, भरपाई, छोडपत्र; दानपत्र, फुकुवा पुर्जी, छोडपुर्जी, उन्मोचन; यंत्रको भाग फुकुवा गर्ने ग्राहक, चुकुल, बाँड, इ० ।

releg/ate (रे'लिगेट्) **क्रि.** निर्वासन गर्नु, डाँडो कटाउनु; दर्जा घटाउनु, खसाल्नु, सानू ठाउँमा पठाउनु, चुत्थ्याउनु; (मामला) फैसला वा कार्यान्वयनको लागि स्थानान्तरित गर्नु; जानकारीको लागि (व्यक्तिलाई) साध्नु;—ation **ना.** न्यूनीकरण, तलसाराइ ।

relent (रिलेण्ट्') **क्रि.** रहम गर्नु, कम कडा हुनु, कडा अभिप्राय छाड्नु; दया लिनु;—less **वि.** बेरहमी ।

relev/ant (रे'लिभण्ट्) **वि.** प्रास्ताविक, प्रासंगिक, सुसंगत, तत्सम्बन्धी, मिल्ने, मुनासीबमाफिकको;—vancy **ना.** प्रकरण, सन्दर्भ, संगति ।

reli/able (रिला'येब्ल्) **वि.** भरपर्दो, पत्यारलाग्दो, विश्वसनीय, स्थिर गुण वा स्वभावको;—ability **ना.** विश्वास, विश्वस्तता;—ability trials मोटर सवारीहरूको दूरगामी परीक्षा, जसद्वारा वेगभन्दा बढी विश्वसनीयता, टिकाउपना, इ० को विचार गरिन्छ ।

reliance (रिला'यन्स्) **ना.** भर, भरोसा, विश्वास, पत्यार, आश्रय, शरण ।

relic (रे'लिक्) **ना.** सन्त महात्माहरूको मृत शरीरको भाग जो चिन्हुको रूपमा श्रद्धासंग राखिन्छ वा पूजा गरिन्छ, अवशेष; चिन्हु, संझौटा, स्मारक; (ब. व.) मृत शरीर, मानिसको अवशेष; नाशबाट बचेको भाग; विश्वास, चलन, युग, लोक, इ० को बचेको अंश, लेश; सहवासको लागि वृद्धत्वलाई रुचिकर विषय ।

relict (रे'लिक्ट्) **ना.** विधवा; सा० his—वा—of; आद्य रूपमा बनेको भूगर्भीय वा अन्य वस्तु; उही रूपमा अग्रगामी भूगर्भीय युगहरूमा रहेका भनी जानिएको पशु वा वनस्पति ।

relief (रिलीफ्') **ना.** मोचन, मोक्ष, भरङ्ग, उद्धार, संचो, होलो, ढुक्क; तनाव वा उराठपना हटाउने आकार; गरीबहरूलाई दिइने सहायता, खा. ग. आर्थिक; थप बल र खा. ग. घेरा उठाउनु; (पालो फेर्ने) पालो, साथी; तहभन्दा उठेको खोदाइ वा

कुँदाइ वा ढलोट इ० को बुट्टा, उन्नत;—map उठेको नक्शा; उन्नत नक्शा ।

relie/ve (रिलीभ्') **क्रि.** उद्धार गर्नु, कष्टबाट उतार्नु, छोडिदिनु, कामबाट छुट्टी दिनु, हटाउनु; दुःखमा सहायता गर्नु; पालो फेर्नु; उठ्ने गरी देखाउनु;—ving officer पालो फेर्ने; —one's feelings कडा बोलीद्वारा;—nature दिसा पिशाव गर्नु, बोझ्रा लीदिनु, ठ० पनि, ज० कि पाकेटमारले उसको थैलोबाट बचायो—ved him of his purse;—ved **वि.** निस्फिक्री, ढुक, शान्त ।

relievo (रिली'भो) **ना.** (ब. व.—s)=relief उठेको बुट्टा, उन्नत ।

religion (रिली'जन्) **ना.** धर्म, भक्ति, ईश्वरमा आस्था, कर्तव्य, नगरी नहुने काम ।

religioner (रिली'जनर्) **ना.** धार्मिक संस्थाको सदस्य, कट्टरपन्थी ।

religionism (रिली'जनिज़्म्) **ना.** धर्ममा अति उत्कण्ठा, अत्यधिक धार्मिक भावना ।

religionize,—ise (रिली'जनाइज़्) **क्रि.** धार्मिक गराउनु, धर्मपट्टि लैजानु, धर्ममा ज्यादा प्रवृत्ति देखाउनु ।

religiose (रिली'जिओस्) **वि.** विकृत रूपले धर्मपरायण ।

religiosity (रिलिजिऑ'सिटि) **ना.** धर्ममा आस्था, धर्ममा उत्कण्ठता; धार्मिकत्व, धर्मनिष्ठा ।

religious (रिली'जस्) **वि.** धार्मिक, धर्मपरायण, पुण्यात्मा, शुद्ध मति, सचेत, संकोची; **ना.** संसारत्यागी, यति ।

relinquish (रिलिन्'क्विश्) **क्रि.** छोड्नु, त्याग्नु, थाम्नु, राजीनामा गर्नु, सुम्पनु, (बानी, उपाय, आशा, विश्वास, हक, स्वामित्व, इ०); (हातमा रहेको वस्तु) छोड्नु, मुठी फुकाउनु; उत्सर्ग गर्नु ।

reliquary (रे'लिक्वरि) **ना.** अवशेष, चिन्हु, इ० राख्ने भाँडो, कलश, कुम्भ ।

relique (रे'लिक्) **ना.** (आ०)=relic स्मारक, चिन्हु, संझौटो ।

reliquiae (रिली'क्विई) **ना.** (ब. व.) अवशेष, (भूगर्भ०) जन्तु वा वनस्पतिका शिलाभव अवशेष; (व०) डाँठमा कुहिएका पातका जीर्ण अवशेष ।

relish (रे'लिश्) **ना.** स्वाद, गमक; कुनै गुणको आभास; भोग जगाउने आस्वाद; रुचिकर गुण; स्वादन, सामान्य खानाको स्वाद बढाउनालाई खाइने खा. ग अमिलो पिरो जस्तो स्वादन; रुचि, अभिरुचि ।

relish (रे'लिश्) **क्रि.** मन पर्नु, निको मान्नु वा लाग्नु, रुचाउनु, स्वादनको रूपमा खान दिनु, स्वाद, बास्ना, इ० पाउनु ।

relucent (रिलु'सेण्ट्) **वि.** (विर०) उज्ज्वल, तेजोमय, उज्यालो ।

reluct (रिलक्ट्') **क्रि.** (अचेल विर०) अनिच्छा अनुभव गर्नु वा देखाउनु; विरोध प्रकट गर्नु ।

reluctant (रिलक्'टण्ट्) **वि.** अनिच्छुक, पराङ्मुख, नाइँनास्ति गर्ने;—ly **क्रि. वि.** बलले, बलपूर्वक;—ance **ना.** अनिच्छा, विमुखता, अरुचि ।

relume (रिल्यूम्') **क्रि.** (कवि०) फेरि बाल्नु (बत्ती, ज्वाला, वा अलं०); आँखा फेरि उज्ज्वल बनाउनु; (आकाश) फेरि उज्यालो पार्नु ।

rely (रिलाइ') **क्रि.** भर गर्नु, पत्यार गर्नु, भरोसा राख्नु, विश्वास गर्नु, प्रतीत गर्नु ।

remain (रिमेन्') **क्रि.** र **ना.** बच्नु, बाँकी हुनु, उब्रनु, जोगिनु; रहनु, वास गर्नु, हुनु, चलिरहनु, भइरहनु; **ना.** (धे. ज. ब. व) बाँकी, बचत, कुलको भाग; अवशेष; (खा. ग. अप्रकाशित) कृतिहरू जुन ग्रन्थकारले छोडेर गएको छ; लाश, मृत शरीर; कसर, थेग्रो, लेग्रो, निथार, निचोड, बचत, बाँकी, जगेर्ना ।

remainder (रिमेन्'डर्) **ना.** (का०) सम्पत्तिको सृष्टिको साथसाथै त्यसको शेष हक अर्कालाई दिइने प्रबन्ध; जेथादारको शेषपछि सो पद वा स्थानको उत्तराधिकारी हुने हक; शेष, बचत, उबार, बाँकी, चुभुर्को, निचोड, (पुस्तक बिक्री) माग बन्द भएपछि बाँकी रहन आएको मौजदात, जुन धे. ज. घटी मोलमा दिइन्छ; (वाच्य०) बचेको ।

remaining (रिमे'निङ्) **वि.** बाँकी रहेको, बाँकी ।

remand (रिमाण्ड्') **क्रि.** र **ना.** फिर्ता पठाउनु, फेरि चलान गर्नु; (कैदीलाई) बढी तहकीकातको लागि फेरि झ्यालखान वा थुनामा पठाउनु; **ना.** थुनामा फेरि रखाइ;—home अल्पवयस्क अपराधीहरूलाई अस्थायी रूपमा राख्ने संस्था ।

remanent (रे'मनेण्ट्) **वि.** र **ना.** बाँकी, शेष, अवशेष (—magnetism विद्युतीय उत्तेजनापछि फलाममा बाँकी रहने शेष चुम्बक शक्तिमा बाहेक अचेल विर०) ।

remanet (रे'मनेट्) **ना.** अवशेष, बाँकी, शेष भाग, बचत, स्थगित कानूनी मुद्दा वा संसदीय विधेयक ।

remark (रिमाअ्र्क्') **क्रि.** हेर्नु, अवलोकन गर्नु, ध्यानपूर्वक हेर्नु; टीकाको तौरबाट बोल्नु, कैफियत, आलोचना गर्नु; उद्गार, वचन निकाल्नु ।

remark (रिमाअर्क्') **ना.** अवलोकन, हेराइ, गौर, आलोचना, उद्गार, वचन; लिखित वा वाचिक उक्ति; बोलिएको कुरा; —s **ना.** कैफियत ।

remarkable (रिमाअ्र्'केब्ल्) **वि.** हेर्नेलायक, असाधारण, चित्ताकर्षक, सुस्पष्ट, चाखलाग्दो ।

remarque (रिमाअ्र्क') **ना.** चिन्ह, खा. ग. फडकेमा रहेको चित्र, खुदाइको पाताको अवस्था देखाउने (फ्रे०) ।

remblai (राँब्ले') **ना.** (गढ) प्राकार, पर्खाल, कौसी, इ० ढाँचाका सुरक्षा व्यवस्थाहरू बनाउनालाई राखिएको माटो; रेलको सेतुबन्ध (उठेको बाटो) बनाउनालाई राखिएको माटो (फ्रे०) ।

Rembrandtesque (रेम्ब्र्याण्डटेस्क्') **वि.** र **ना.** रेम्ब्र्याण्ड (चित्रकार) को ढाँचा जस्तो, जसमा उज्यालो र छायाँको असाधारण खेल रहन्छ ।

reme/dy (रे'मिडि) **ना.** र **क्रि.** रोगको ओखती, निको पार्ने ओखती वा उपचार, कुनै खराबीबाट बच्ने तरकीब वा उपाय; प्रतिकार, कानूनी वा अन्य क्षतिपूर्ति;—dial प्रतिकारक, प्रतिकारी;—dially **क्रि. वि.** प्रतिकार गर्ने गरी; नमूनाबमोजिम शुद्धता र तौलबाट टक मारेको मुद्रा वा सिक्का फरक हुन सक्ने हद; **क्रि.** निको पार्नु (अचेल विर०), मारण गर्नु, पूर्ति गर्नु; ज. वा.—diable प्रतिकार्य, चिकित्स्य, शक्योपचार;—diless अप्रतिकार्य, निरुपाय, दुरुपचार ।

remember (रिमेम्'बर्) **क्रि.** संझनु, नबिर्सनु, संझनामा ल्याउनु, कण्ठ गर्नु; दिनु, बकस दिनु; (कसैको लागि) ईश्वरमा प्रार्थना गर्नु, कसैबाट कसैलाई संझना पुन्याउनु, अभिवादन गर्नु ।

remembrance (रिमेम्'ब्रन्स्) **ना.** संझना, स्मृति, स्मरण, याद, हेक्का; चिन्ह, स्मारक, संझौटो; झझल्को, (ब. व.) तेस्रो व्यक्तिको हात पठाइएको अभिवादन; R–Day हर सालको ११ नोभेम्बर (प्रथम विश्वयुद्धको युद्धविराम दिन) वा सो भन्दा अघि आउने रविवारलाई प्रथम र द्वितीय विश्वयुद्धहरूमा गिरेकाहरूको संझना र श्रद्धाञ्जली अर्पण गर्ने दिवस, संझना दिवस ।

remembrancer (रिमेम्'ब्रन्सर्) **ना.** King's, Queen's R—सम्राटको बाँकी ऋण उठाउने अधिकारी; City R—संसदीय समितिहरूमा लण्डनको नगरपालिकाको प्रतिनिधि; संझौटो, संझाउने ।

remind (रिमाइण्ड्') **क्रि.** संझाउनु, याद दिलाउनु ।

reminder (रिमाइ'ण्डर) **ना.** संझौटो; ताकिता ।

remindful (रिमाइण्ड'फुल्) **वि.** संझौटो, संझाउने, स्मृति जगाउने ।

remi/niscence (रेमिनि'सेन्स) **ना.** संझना, मानसिक प्रयत्नले ज्ञानको पुनः प्राप्ति; संझिएको र भनिएको तथ्य वा घटना; (ब. व.) ग्रन्थकारले जिन्दगीमा गरेको र संझेका घटनाहरूको साहित्यिक रूपमा संकलन, संझना संकलन; वस्तुको कुनै बिन्दु वा अङ्ग जसले अरू कुरा संझाउँछ;—niscent **वि.** संझिने, स्मर्तव्य, गतावलोकी, बितेका कुरा संझिने;—niscential **वि.** अघिका कुरा संझिने प्रकारको ।

remise (रिमीज्') **ना.** र **क्रि.** (आ०) बग्गीखान, बग्गीवालाबाट भाडामा लिएको बग्गी; तरवार खेलमा दोस्रो वार; सो गर्नु; (का०) (हक, सम्पत्ति) सुम्पनु, छोड्नु ।

remiss (रिमिस्') **वि.** लापरवाह, टपट्ट्याँ, असावधान, शिथिल, अल्छी; शिथिलोद्यम ।

remissible (रिमि'सिब्ल्) **वि.** छूट दिन हुने, माफी दिइने ।

remission (रिमि'श्न्) **ना.** पापको क्षमा; ऋण, दण्डको छूट वा माफी; वेग वा बलमा घटती (रोग, हिंसा, इ०), दण्डभंग, शान्ति, विराम, शैथिल्य, उपशम ।

remit (रिमिट्') **क्रि.** (सा. परमेश्वरबाट) क्षमा गर्नु (पाप), माफी गर्नु; (ऋण, दण्ड, सजाय, का० फैसला) बदर गर्नु, असूल नगर्नु, कायम नगर्नु, नलगाउनु; घटाउनु, खुकुलो पार्नु, शमन गर्नु, आंशिक रूपले वा पूरै बन्द गर्नु, मत्थर हुनु; कुनै अधिकारीलाई साध्नु; मातहती अदालतमा मुद्दा फिर्ता पठाउनु; पहिलो स्थितिमा फिर्ता गर्नु, लैजानु; (to वा till) सम्म स्थगन गर्नु वा पछि सार्नु; (दाम, इ०) पठाउनु, डाँकबाट पठाइनु; **ना.** पुनर्विचारलाई थाती राखिएको दफा, थाती ।

remittance (रिमि'ट्यान्स्) **ना.** (कसैलाई) पठाइएको दाम; मालचलानी (विर ०); दामचलानी; चलानी, संप्रेषण; — -man परदेशमा घरबाट आएको खर्चमा निर्भर गर्ने; विदेशमा बस्न खर्च पाउने व्यक्ति ।

remittent (रिमि'टेण्ट्) **वि.** र **ना.** बीच बीचमा घट्ने (जरो); संतत, अविसर्गी ।

remitter (रिमि'टर्) **ना.** (का०) सम्पत्तिको भोगको दुई हकमा पहिलेको आर्जेको कम बलियोको साटो अर्को सुआधारितचाहिं लिनु; अर्को अदालतमा मुद्दा पठाउनु; हक दावी पुनः प्राप्त गराइदिनु; पुनर्वसति ।

remnant (रेम्'नण्ट्) **ना.** थोरै बाँकी (चीज, व्यक्ति, परिमाण, संख्या); बचेको लेश; टुक्रा, ठाँडो, इ० खा. ग. काटेर बेचेपछि बाँकी रहन आएको सानू टुक्रा कपडा, जो कम दाममा बिक्दछ; पसलमा बाँकी रहेको (खा. ग. याम बितिसकेपछिको) बक्यौता जुन सस्तो मोलमा बेचिन्छ; रहेपहेको, शेष, अवशिष्ट, तूस, पुछपाछ, चानचुन, निथारपथार ।

remodel (रिमॅडेल्') **क्रि.** नयाँ आकार दिनु, नयाँ बान्की गर्नु ।

remonetiz/e (रीमॅ'निटाइज्) **क्रि.** (धातु इ०) कानूनी पेशीको पहिलेको स्थिति फेरि दिनु;—ation **ना.** पुनर्मुद्राकरण ।

remonstrance (रिमॅन्'स्ट्र्यान्स्) **ना.** (ऐति०) सार्वजनिक उजूरी; the Grand R—विलायतको संसद्ले सन् १६४१ मा मुकुटमा पेश गरेको; उजूरी, फिराद, विरोध, प्रत्यादेश ।

remonstr/ate (रिमॅन्'स्ट्रेट्) **क्रि.** विरोध गर्नु, उजूर गर्नु, प्रबोध वचन गर्नु; विरोधमा भन्नु;—ant **वि.** र **ना.** विरोधी; —ative **वि** निवारणोपदेशीय ।

remontant (रीमॅन्'टण्ट्) **वि.** र **ना.** सालमा एकपटकभन्दा बढी फुल्ने (गुलाफ)।

remora (रे'मरा) **ना.** चुस्ने माछा (पहिले आफू टाँसिएको जहाजको गति रोक्न सक्ने मानिएको); बाधा, अडको ।

remorse (रिमॅर्स्') **ना.** अनुपात, पश्चात्ताप, कडा पछुताउ, दोष वा गलतीको लागि कडा पश्चात्ताप; पछुतो, संशय, अनिच्छा, रहम, अर्कालाई पीडा दिनालाई वा क्रूर हुनालाई अनिच्छा;—ful **वि.** अनुतप्त;—less **वि.** निर्दयी, बेरहम ।

remote (रिमोट्') **वि.** टाढा, धेरै फरक, समय वा स्थानमा टाढा वा अतीत; नजीकको साइनो नपर्ने, टाढाको, फरक, स्वभावैले भिन्न; पाहिक नपर्ने, एकलास; (मुख्यतः सर्वोत्तम) (सबभन्दा) लघु, (सबभन्दा) फिका, (सबभन्दा) सानू, ज. कि remotest idea;—control यंत्र वा उपकरणको, टाढाबाट,

रेडियो लहर, विद्युतचालित साधन, द्वारा नियंत्रण;—less **ना.** असन्निकर्ष, विप्रकर्ष, दूरता ।

remortgage (रिमॅअ्र्'गिज्) **क्रि.** र **ना.** लखबन्धक (गर्नु) ।

remount (रिमाउण्ट्') **क्रि.** (पहाड, घोडा, भन्याङ्ग, इ०) फेरि चढ्नु; नयाँ घोडा (डाँकमा) दिनु; **ना.** नयाँ घोडा, दलको लागि नयाँ घोडाहरूको उपलब्धि ।

remov/e (रिमूभ्') **क्रि.** र **ना.** झिक्नु, हटाउनु, पन्छाउनु, बदली गर्नु, सार्नु, खारिज गर्नु, निकाल्नु, उक्काउनु; (कर्मवाच्य) पछि आउनु (खानामा एकपछि अर्को परिकार); डेरा सर्नु, जानु; (कृ०) दूरको वा टाढा, ज. कि (cousins once, twice, etc—d; **ना.** खानामा एक परिकारपछि आउने परिकार; पाठशालामा कक्षाचढाइ; कोही कोही पाठशालामा कक्षाको नाम; (विर०) डेरासराइ, प्रस्थान, दूरता; नाताको मात्रा (माथि हेर्नु);—er **ना.** अपहर्ता, हराउने;—al **ना.** दूरीकरण, निष्कासन, अपसारण, उत्सारण, खारिजी;—able **वि.** शाब्दिक अर्थ; खा. ग. (नगर न्यायाधीश वा म्याजिस्ट्रेटहरू) जो पदबाट हट्न सक्दछन् वा जसले मुकुट वा अन्य अधिकारीको इच्छामा आफ्नू पदभार बोक्दछन्;—ed **वि.** अलग्ग, टाढाको, छुट्टै ।

remuner/ate (रिम्यु'नरेट्) **क्रि.** मूल्य, वेतन, प्रतिफल, दिनु; चुकाउनु;—ation **ना.** मेहनताना, शुल्क, दक्षिणा;—ative **वि.** नाफा हुने, लाभ दिने, मेहनतको फल पाइने; प्रतिफलद; लाभयुक्त ।

renaissance (रिने'साँस्) **ना.** आर्ष कृतिहरूको अनुसरणमा ख्रिष्टीय शताब्दी १४–१६ मा भएको कला, ज्ञान र साहित्यको पुनरुत्थान; त्यस्तै अरू कुनै पुनरुत्थान ।

renal (री'नल्) **वि.** मिर्गौलाको, मिर्गौलासम्बन्धी ।

renascence (रिन्या'सेन्स्) **ना.** पुनर्जन्म, नवीनीकरण ।

renascent (रिन्या'सेण्ट्) **वि.** नयाँ जन्मेको, फेरि वढन लागेको ।

rencounter, recontre, (रेन्काउन्'टर्, रेकँट्र) **ना.** (अचेल विर०) भेट, भिडन्त, लडाइँ, कटक, जाइलगाइ, द्वन्दयुद्ध ।

rend (रेण्ड्) **क्रि.** लुछ्नु, ध्वस्त पार्नु, धरकनु, उध्रनु, फार्नु; दुई भागमा चिर्नु या फार्नु;—the air हावामा गुँज्नु ।

render (रेन्'डर्) **क्रि.** र **ना.** फिर्तामा दिनु (धन्यवाद); फिर्ता दिनु, हस्तान्तरण गर्नु, बुझाउनु, छाड्नु, सुम्पनु; कर, राजस्व बुझाउनु; सेवा गर्नु ; पेश गर्नु जाँचको लागि पेश गर्नु; दुरुस्त नकल झिक्नु, चित्रण गर्नु,प्रदर्शन गर्नु; तुल्याउनु, बनाउनु (कर्मसहित); खार्नु (बोसो, ब्यू); लिउन, सुर्की लाउनु; **ना.** (का०) फिर्ती नगद वा जिन्सी वा मोहीले गर्ने सेवा;—account हिसाब पेश गर्नें; account—ed पसलेले हिसाब गरेको तर मोल अङ्क नपाएको रकम ।

rendezvous (राँ'ड्भू) **ना.** (ब. व. उही) र **क्रि.** फौज, जहाज, इ० सैनिक संगठन जम्मा हुन मुकर्रर गरिएको अखाडा; (प्रेमीहरू) अभिसार, संकेतन, समागम स्थल, सबै भेला हुने ठाउँ; **क्रि.** अखाडा, थलो, मा भेट्नु ।

rendition (रैन्'डिश्न्) **ना.** (अचेल विर०) ठाउँ वा व्यक्तिको सपुर्दगी वा समर्पण; अनुवाद; अर्थ प्रकाशन, व्याख्या; कलाकारले नाटकीय भूमिका अथवा संगीत रचनाको आफ्नू व्याख्याको प्रतिपादन दर्शाएर खेलेको अभिनय वा बनाएको ढाँचा ।

rene/gade (रे'निगेड्) **ना.** र **क्रि.** renegado (आ०), **ना.** स्वधर्मत्यागी, स्वपक्षत्यागी, खा. ग. क्रिस्तानी मतबाट इस्लाम अँगाल्ने; कोटफेरा; **क्रि.** धर्मभ्रष्ट बन्नु, कोटफेरा हुनु;—gation **ना.** स्वधर्मत्याग, अपसरण ।

reneg (u) e (रिनीग्') **क्रि.** (ताश) रंग नखेल्नु; (आ०) बेमन्जूर गर्नु, त्याग्नु ।

renew (रिन्यु') **क्रि.** नयाँ बनाउनु, नवीनीकरण गर्नु, पुनरुज्जीवन गर्नु; टाल्नु, भर्नु, बल दिनु, फेर्नु; विराम, मध्यमान्तर, पछि फेरि पाउनु, थाल्नु, बनाउनु, भन्नु; (विर०) फेरि नयाँ हुनु,—lease, bill नवीनीकरण गर्नु, अवधि बढाउनु;—al **ना.** नवीकरण, नयाँगराइ, अवधिको थप ।

reniform (री'निफअ्र्म्) **वि.** मिर्गौलाको आकारको ।

rennet (रे'निट्) **ना.** गाईको दूधखाने बाछाको भुँडीमा पाइने दही; दही, चीज, बनाउँदा प्रयोग हुने भुँडीको जालोबाट बन्ने वस्तु; एक प्रकारको स्याउ ।

renounce (रिनाउन्स्') **क्रि.** र **ना.** परित्याग गर्नु, त्याग गर्नु, छोड्नु, सुम्पनु (हक, अधिकार, स्वामित्व); अमान्य गर्नु, प्रत्याख्यान गर्नु,सहवास नगर्नु,साइनो तोड्नु, हट्नु;—the world संन्यास लिनु; (का०) उत्तराधिकारी वा गुठी सदस्यको पद वा अधिकार छोड्नु; (ताश) रंग नहुनाले अर्को रंग खेल्नु; **ना.** त्यसरी पत्ती खेल्नु, सो खेल्ने मौका;—ment **ना.** प्रत्यादेश, परित्याग, उत्सर्ग, परिहार ।

renov/ate (रे'नभेट्) **क्रि.** नयाँ बनाउनु, मरम्मत गर्नु, असल अवस्था वा शक्तिमा पुऱ्याउनु;—ation **ना.** नवीनता, नूतनावस्था, उद्धार ।

renown (रिनाउन्') **ना.** प्रसिद्धि, यश, कीर्ति, दनाइ, नेकी, सुनाम, उच्च प्रतिष्ठा, गौरव;—ed **वि.** प्रसिद्ध, ख्यातिमत, प्रख्यात ।

rent (रेण्ट्) **क्रि.** र **ना.** (क्रि.) rend को कृदन्त, च्यातिएको, चुँडिएको; **ना.** लुगामा लामू च्यातिएको धर्सो, कुयेंत्रो, फार; बादलमा चिरो जस्तो परेको खुला धर्सो; चिरो, खोल्सो, दरार, धाँजो; तिरो, कूत, हुण्डा, पैदा, बहाल, भाडा (जमीन घर, कोठाको लागि); **क्रि.** भाडा, किराया, बहाल, मा घर लिनु दिनु; जमीन शर्तमा कमाउनु; भाडामा दिनु; भाडा तोक्नु;—charge धनीभन्दा अर्कै व्यक्तिले पाउने हिस्सा;—free **वि.** र **क्रि. वि.** सित्तैं, भाराविना;—-roll आफ्नू जमीन इ० र तिनबाट आउने भारा इ० को फिरिस्त;—-service भारा बाहेक अरू सेवा;—ed **वि.** बालगिरी;—er **ना.** (खा. ग.) चलचित्र बजारमा थोक व्यापारी ।

rental (रेन्'टल्) **ना.** भाराबाट आउने आमदानी; भाडा बापत दिइने वा पाइने रकम; बहाल ।

rente (राँट्) **ना.** खा. ग. वर्खासन, लाभांश, इ० बाट आउने

आमदानी (फ्रे०) ।

rentier (राँटिए') **ना.** आर्जन गरी खानु नपर्ने व्यक्ति; ब्याज, लाभांश, इ० बाट जीविका गर्ने व्यक्ति (फ्रे०) ।

renun/ciation (रिनन्सिए'श्न्) **ना.** त्याग, वर्जन, संन्यास, आत्मत्याग, छोड्नु; त्याग, छोड, इ० को कागत, छोड-पुर्जी;—ciant **ना.** त्यागी ।

reorganiz/e (रिऑर्'गनाइज्) **क्रि.** पुनर्गठन गर्नु;—ation **ना.** पुनर्गठन ।

rep, repp, reps (रेप्, रेप्स्) **ना.** साजबाज, फर्निचर, इ० मोर्ने सूती कपडाको प्रकार; (स्कूले अप०) कण्ठाग्र गरिएको कविता, श्लोक, इ०; (अप०) व्यसनी वा व्यभिचारी व्यक्ति; (अप०) रेपर्टरी थिएटर वा दल ।

repair (रिपेअ्र्') **क्रि. र ना.** भेला हुनु, हूल बाँधिर बराबर जाने गर्नु; मरम्मत गर्नु, ठीक पार्नु, भर्ना गर्नु (नुकसान, गलती, अन्याय, इ०); **ना.** जाने ठाउँ, अड्डा, आडा; मरम्मत, असल अवस्था, कामको लागि वा चलन गर्नाको लागि, सापेक्षिक अवस्था; running—s सानूतिनू मरम्मत वा कलपुर्जाको फेराइ; टालटुल ।

repand (रिप्याण्ड्') **वि.** (व० प० वि०) किनारा तरंगित, वा लहरदार भएको ।

reparable (रे'परेब्ल्) **वि.** पूरणीय, उद्धार्य, मरम्मत हुने ।

reparation (रेपरे'श्न्) **ना.** मरम्मत; हर्जाना, क्षतिपूर्ति, मुआवजा, हानिपूरण, निष्कृति ।

repartee (रेपर्टी') **ना. र क्रि.** चिप्रोत्तर, सरसोक्ति, ओठे जवाफ; **क्रि.** (अचेल विर०) छिटो जवाफ गर्नु ।

repast (रिपास्ट्') **ना.** खाना, भोज, भतेर (मा पस्केको वा खाइएको खाना); आहार, भोजन ।

repatri/ate (रिप्या'ट्रिएट्) **क्रि.** स्वदेश पाउनु वा फर्कनु; —ate **ना.** स्वदेश फर्केको व्यक्ति;—ation **ना.** स्वदेशमा फर्काउने काम, स्वदेश आगमन ।

repay (रिपे') **क्रि.** भर्ना गर्नु (दाम), फर्काउनु, बदला दिनु, वापस गर्नु;—ment **ना.** चुक्ती, वापस, सघान ।

repeal (रिपील्') **क्रि. र ना.** खारिज गर्नु, रद्द गर्नु, तोड्नु, खण्डन गर्नु; **ना.** खारिजी, खारेजी, विलोप, निवर्तन;—er **ना.** (राज०) कुनै (खा. ग. बिलायत र आयरल्याण्डको संयुक्तीकरणको) ऐनको खारिजी चाहने व्यक्ति ।

repeat (रिपीट्') **क्रि. र ना.** दोहोऱ्याउनु, घोक्नु, उड्कनु, पुनरावृत्ति गर्नु;—ed दोहरिएको, वारंवार, तारैतार;—edly **क्रि. वि.** बराबर, लगातार, तारन्तार, दोहऱ्याएर;—er (घडी) पाउ, पाद, बराबर चाहिए जति हान्ने घडी; (बन्दूक) नभरीकन धेरै गोली हान्न सकिने; बराबर देखापर्नु, भइरहनु; (कर्मकर्तृवाच्य) एकै रूपमा आइरहनु, उही कुरा भनिरहनु वा गरिरहनु;—ing **ना.** (बन्दूक) नभरीकन धेरै गोली हान्ने, धमाधम हान्ने, आवर्तक (राइफल); history—s itself इतिहास दोहरिन्छ; **ना.** फेरि होओस् भन्ने अनुरोधको प्रत्युत्तरमा दोहऱ्याइ (खा. ग. कार्यक्रममा); (संगीत) दोहऱ्याउने भाग, सोको चिन्ह; भित्ते कागतमा दोहरिने बुट्टा; (व्यापा०) पहिलेको चलानीबमोजिम अर्को चलानीको आडर, दोहोरो आडर ।

repechage (रे'पशाज़्र्) **ना.** (डुङ्गा ख्याउने) डुङ्गा दौडमा दोस्रो स्थान प्राप्त गर्नेहरूले आफूहरूमा सर्वश्रेष्ठ झिक्नालाई गौण दौड ।

repe/l (रिपेल्') **क्रि.** हटाउनु, धपाउनु, प्रतिस्तरित गर्नु, प्रवेश नदिनु;—लाई मन नपर्नु, घीनलाग्दो हुनु, मानसिक अरुचि पैदा गर्नु;—lent **वि.** प्रतिघाती, प्रतिकारक, घीन जगाउने, गर्ह्य ।

repent (री'पेण्ट्) **वि.** (मु० व०) भुँमा वढ्ने, भुँको ठीक मन्तिर वढ्ने ।

repent (रिपेण्ट्') **क्रि.** पछुताउनु, पश्चात्ताप गर्नु, झुराउनु, चुकचुकाउनु, थक्क थक्क लाग्नु;—ance **ना.** पछुतो, पछितो, चुकचुक, थकथक, मनस्ताप, पश्चात्ताप;—ant **वि.** अनुतप्त, सानुतप्त, सानुशय ।

reper/cussion (रिपर्क'श्न्) **ना.** प्रतिध्वनि, प्रतिघात, प्रतिपतन, कुनै क्रिया वा घटनाको अप्रत्यक्ष प्रभाव वा प्रतिक्रिया; —cussive **वि.** प्रतिक्रियाकारक ।

repertoire (रे'पर्ट्वाअ्र्) **ना.** दल वा खेलाडी (खा. ग. नाटकीय) ले जानेको वा प्रदर्शन गर्न सक्ने खेल, कृतिहरूको संचय वा राशि ।

repertory (रे'पर्टरि) **ना.** भण्डार, संकलन, कोष; खा. ग. समाचार, साविक, उदाहरण, तथ्य, इ० पाइने ठाउँ;— theatre, company, system जसको भर एकै खेल धेरैसम्म चलाइनेपट्टि नभई आफ्नू संचयमा रहेका नाना खेल देखाउनेपट्टि रहन्छ; संचय नाच (घर), संचय दल, संचय पद्धति ।

repetend (रेपिटेण्ड्') **ना.** दशमलवका दोहरिने अंकहरू; बराबर आइरहने वाक्य, थेको ।

repetit/ion (रेपिटि'श्न्) **ना.** पुनरुक्ति, पुनर्वाद, पुनर्कथन, दोहऱ्याइ, डबल्याइ, उध्याइ, कण्ठ पार्ने टुक्रा; नकल, प्रतिकृति;—ional,—ionary,—ions दोहरिने, पुनरुक्त;—ive **वि.** पुनरुक्त, आवृत्त ।

repin/e (रिपाइन्') **क्रि.** पिरिनु, खिन्न हुनु, निराश हुनु, पछुताउ गर्नु;—ingly **क्रि. वि.** शोकले, उद्विग्नताले ।

repique (रिपीक्') **ना.** (ताश) पिके खेलमा खेल शुरू हुने अघि नै हातको ताशबाट ३० प्वायण्ट बन्नु; **क्रि.** विपक्षीको विरुद्ध रिपीक गर्नु; रिपीक बनाइनु ।

replace (रिप्लेस्') **क्रि.** ठाउँमा फर्काउनु, राख्नु; विस्थापन गर्नु, प्रतिस्थापन गर्नु, साटो राख्नु, स्थानान्तर गर्नु, ठाउँ लिनु, विलंघन गर्नु;—ment **ना.** व्यक्ति वा वस्तु जसले अर्काको ठाउँ लिन्छ (पनि) ।

replay (रीप्ले') **क्रि.** खेल फेरि खेल्नु; **ना.** फेरि खेलिएको (प्रतियोगात्मक) खेल ।

replenish (रिप्ले'निश्) **क्रि.** फेरि भर्नु, (कृदन्त) पूर्ण, भरिएको, पूरासँग सजिएको, पूर्ण गरिएको ;—ment **ना.**

पुनःपूर्ति ।

repl/ete (रिप्लीट्') **वि.** पूर्ण, कोचिएको, पूरासँग प्रेरित भएको, सब थोक भएको; अघाएको, सन्तुष्ट; टन्न, असरल्ल, डम्म;—etion **ना.** (खा. ग. full to—) अघाएको, असरल्ल, टन्न भएको; टमाटम, टनाटन; तृप्ति ।

replevin (रिप्ले'भिन्) **ना.** मुद्दा पेश भएपछि फैसलाबमोजिम हुने कबुलियत गराई रोक्का गरिएको मालसामान फिर्ता बुझाउने वा खिच्ने काम; सोको फुकुवा, छोडपुर्जी वा रोक्का पुर्जी ।

replevy (रिप्ले'भि) **क्रि.** छोडपुर्जीद्वारा माल छुटाउनु ।

replica (रेप्'लिका) **ना.** मूल कलाकारले बनाएको आफ्नू चित्र, इ० को नकल; प्रतिलिपि, प्रतिकृति; दुरुस्त नकल ।

replicate (रेप्'लिकेट्) **ना.**, **वि.** र **क्रि.** कुनै सुरको भन्दा माथि वा तलको सुर; **वि.** (व०) आफैं माथि मोडिएको, दोब्रिएको; **क्रि.** (विर०) दोहन्याउनु, दोब्ब्याउनु, नकल बनाउनु ।

replication (रेप्लिके'श्न्) **ना.** मोड; जवाफ, उत्तर, खा. ग. जवाफको जवाफ; (का०) प्रतिवादीको बयानको-वादीबाट उत्तर, प्रतिउत्तर; प्रतिध्वनि; नकल, नकल झिक्ने ।

reply (रिप्लाइ') **क्रि.** र **ना.** जवाफ दिनु, प्रतिउत्तर गर्नु, शब्दमा, वा कामले; जवाफ, उत्तर;—paid (तार) प्रेषकले जवाफको समेत मोल तिरेको, जवाफी, जवाबी ।

repondez si'l vous plait (रेपाँ'डे सिल् भू प्ले) छो. रू. R. S. V. P., निम्तामा हाल्ने चलन छ, कृपया उत्तर दिनुहोला; (हामीमा अचेल चलेको सूत्र); उत्तरापेक्षी (फ्रे० वाक्य) ।

report (रिपोर्ट्') **क्रि.** र **ना.** खबर ल्याउनु, तथ्यको वर्णन गर्नु, समाचार भन्नु, आँखाले देखेको बताउनु, वर्णन गर्नु, दोहन्याउनु, अर्काले भनेको भन्नु, औपचारिक प्रतिवेद गर्नु, निष्कर्ष बताउनु, प्रगति बताउनु; (विरुद्ध) रिपोर्ट गर्नु, कुरा लाउनु; (कार्य विवरण पछि प्रकाशन गर्ने अभिप्रायले) टिप्नु; प्रतिवेदन तयार गर्नु वा पेश गर्नु; **ना.** कुरा, हल्ला; (कसैको बारेमा) बोलिएको कुरा; जाँच पडतालपछि प्रकट गरिएको, खा. ग. लिखित प्रतिवेदन; रिपोट, रपोट, रिपोर्ट, मुचुल्का; (पाठशाला) विद्यार्थीको प्रगति रिपोर्ट; विस्फोटनको आवाज; उजूरी; —age **ना.** छापाको लागि समाचार लेख्ने (स्वीय) ढाँचा; —er **ना.** पत्रकार, समाचार निवेदक, सम्पाददाता ।

repose (रिपोज्) **क्रि.** र **ना.** भर गर्नु, विश्वास राख्नु; आराम गर्नु, शिर (तकियामा) राख्नु, निद्रा या मृत्युमा लड्नु; आधारित वा पूठ दिइएको; अडिनु (स्मृति); **ना.** आराम; उत्तेजना वा क्रियाको अन्त; मेहनतबाट विश्रान्ति; निद्रा, शान्तिपूर्ण वा अचेट अवस्था, निस्तब्धता, आक्षोभ, शान्तिपूर्ण प्रभाव, कलामा एकलय संयोग; शान्तिभाव, वा मिजाजको स्वस्थता ।

repository (रिपॅ'जिटरि) **ना.** भाँडो, भण्डार, संग्रहशाला, अजायबघर, गोदाम, कोष, पसल; चिहान; गुप्त कुरा वा विश्वासको पात्र ।

repousse (रपू'से) **वि.** र **ना.** उल्टोपट्टिबाट पिटेर उठेको बुट्टा बनाएको (शोभाकर धातुको काम) ।

repped (रेप्ट्) **वि.** rep सूती कपडाको जस्तो तह भएको ।

repreh/end (रेप्रिहेण्ड्') **क्रि** डाँट्नु, तालुको छाला पैताला पुन्याउनु, थ्याँक्नु, झाँट्नु, गाली गर्नु, दोष लाउनु, दोष देखाउनु;—ensible **वि.** हेय, निन्दनीय, दूषणीय;—ension **ना.** भर्त्सना, निन्दा, गर्हा ।

represent (रेप्रिज़ेण्ट्') **क्रि.** कल्पना गर्नु; वस्तुस्थिति स्पष्ट पार्नु, उत्साह वा उजूरको उद्देश्यले भन्नु; बताउनु, भन्नु, वर्णन गर्नु, जनाउनु; अभिनय गर्नु, भूमिका खेल्नु; सट्टामा खडा हुनु, संकेत गर्नु; प्रतिनिधित्व गर्नु; प्रदर्शन गर्नु, देखाउनु;—able **वि.** अभिनेय ।

representation (रेप्रिज़ेण्टे'श्न्) **ना.** निवेदन, विनति, प्रार्थना, अभिवेदन, विन्तिभाउ, लिखित विन्तिपत्र, अर्जी; अभिनय, चित्रण, प्रतिदर्शन, प्रदर्शन; प्रतिनिधित्व; proportional—यस्तो निर्वाचन पद्धति ज़सद्वारा अल्पसंख्यकहरू आफ्नू बल वा संख्याबमोजिम प्रतिनिधित्व पाउँछन्; आनुपातिक प्रतिनिधित्व; visible—दर्शनीय चित्रण ।

representative (रेप्रिज़ेन्'टेटिभ्) **वि.** र **ना.** सांकेतिक, सांकेतिक प्रयोजन पूरा गर्ने; मनमा विचार दिने वा दिन सक्ने; कुनै वर्ण वा जातको आदर्श वा प्रतिरूप; निर्वाचित सदस्यहरू द्वारा संगठित (प्रतिनिधि सभा, इ०); त्यस्ता प्रतिनिधिहरूबाट आधारित (प्रतिनिधि सरकार, संस्था); **ना.** नमूना, आदर्श, प्रतिमा, प्रतिरूप; व्यक्तिको वारिस, कर्ता, प्रतिनिधि, साटो, उत्तराधिकारी, हालवाला, कारकर ।

repress (रिप्रेस्') **क्रि.** रोक्नु, दबाउनु, मातहतमा राख्नु, शमन गर्नु, बज्न नदिनु, फुट्न नदिनु, दङ्गा गर्न नदिनु, दमन गर्नु, वशमा ल्याउनु ।

repression (रिप्रे'श्न्) **ना.** दमन, पीडन, निरोध, निग्रह ।

repressive (रिप्रे'सिभ्) **वि.** निरोधी, निग्रहकारी, दबाउने ।

reprieve (रिप्रीभ्') **क्रि.** र **ना.** मृत्युदण्ड रोक्नु वा स्थगन गर्नु; (अलं०) सास फेर्ने फुर्सत दिनु, अवकाश दिनु, विराम वा विश्राम दिनु; **ना.** विराम, अवकाश, विश्रान्ति; मृत्युदण्डको छूट वा माफी, वा अर्को दण्डमा परिवर्तन ।

reprimand (रे'प्रिमाण्ड्) **ना.** र **क्रि.** गलती वा भूलको लागि औपचारिक नसीहत; **क्रि.** नसीहत दिनु, हप्काउनु ।

reprint (रि'प्रिण्ट्) **क्रि.** र **ना.** फेरि छाप्नु; **ना.** (पूर्वप्रकाशनको प्रति सकिएकोले) नयाँ छापेको प्रति ।

reprisal (रिप्राइ'ज़ल्) **ना.** (ऐति०) बदलामा विदेशी व्यक्ति वा सम्पत्तिको बलपूर्वक दखल; letters of—सो गर्नाको आधिकारिक पुर्जी; बदला वा प्रतिशोधको कारवाई, खा. ग, लडाइँमा ।

reprise (रिप्राइज्') **ना.** (का०) जमीनबाट सालसालै दिइने भाडा वा तिरो; (विर०) क्रिया, कारवाई, को प्रत्याहार ।

reproach (रिप्रोच्') **क्रि.** र **ना.** गाली गर्नु, दोष लाउनु, खोट लाउनु, भर्त्सना गर्नु; (हेराइ) विरोध वा उजूर वा दोष

जनाउनु ; ना. तिरस्कार, बोलीवचन, धिक्कार, वाग्दण्ड, कलङ्क;—ful वि. निन्दात्मक;—fully क्रि. वि. साधिक्षेप, तिरस्कारले;—less वि. irreproachable अनिन्दनीय, कलङ्करहित; term of—निन्दा, निन्दाशब्द ।

reprobate (रे'प्रवेट्) क्रि., वि. र ना. असंमति वा बेमन्जूरी (मनमा) लिनु वा देखाउनु; (ईश्वर) मोक्षबाट वञ्चित गर्नु, निकाल्नु; वि. र ना. ईश्वरबाट त्याग गरिएको (व्यक्ति), पापमा रत; व्यभिचारी स्वभाव (को), अनैतिक; साँढधुवा ।

repro/duce (रिप्रॅड्युस्') क्रि. प्रजनन गर्नु, जन्माउनु;—duction ना. प्रजनन, पुनरुत्पादन, वंशवृद्धि, नकल, प्रतिलिपि;—ductive वि. प्रजनक;—ductory organs प्रजननाङ्ग ।

reproof (रिप्रूफ्') ना. र क्रि. दोष, तिरस्कार, भर्त्सना, दोषारोपण; क्रि. (बर्सादी, कोट, इ०) फेरि पानी नछिर्ने बनाउनु, पुनः जलजित पार्नु ।

reprov/e (रिप्रूभ्') क्रि. हप्काउनु, डाँट्नु (व्यक्ति, [कहिलेकाहीं] पाप, पनि);—ingly क्रि. वि. साधिक्षेप, तिरस्कार सहित ।

reptant (रेप्'टण्ट्) वि. (प्रा० इ०) घस्रने, विसर्पण ।

reptil/e (रेप्'टाइल्) ना. र वि. सरीसृप, घसूने जन्तु, ज. कि सर्प, छिपकिलो, ग्राह, कछुवा, इ०; हीन चाटुकार;—ian वि. सर्पणशील; वि. (पशु) घसूने; (अलं०) हीन र जुत्ता चाट्ने; the—press हुकूम बजाउने अर्ध सरकारी अखबार ।

republic (रिपब्'लिक्) ना. गणतंत्र, प्रजातंत्र; (अलं०) सदस्यहरूमा समानता रहेको व्यक्ति वा पशुको समाज, संस्था; the–of letters साहित्यसेवी, साहित्य क्षेत्र, साहित्य प्रदेश ।

republican (रिपब्'लिकन्) वि. गणतंत्रात्मक; गणतंत्रात्मक सरकारको प्रस्तावक वा समर्थक; R—अमरिकाका दुई मुख्य राजनैतिक दलमध्येको एक, जो केन्द्रलाई बलियो राख्न चाहन्छ; (चरा) सामाजिक, ठूलाठूला झुण्डमा वास गर्ने ।

repudi/ate (रिप्यू'डिएट्) क्रि. (स्त्रीलाई) पाचुके दिनु; त्याग्नु, अस्वीकार गर्नु, प्रत्याख्यान गर्नु, नामन्जूर गर्नु, (संग) कारोबार गर्न नमान्नु; (अधिकार, मातहत) मान्न वा आज्ञा पालन गर्न अस्वीकार गर्नु; (दायित्व, अभिभारा, ऋण) चुकाउन नमान्नु; (राष्ट्र) आम ऋण अस्वीकार गर्नु;—ation ना. निराकरण, प्रत्याख्यान, परित्याग;—ator निराकरणकर्ता ।

repugn (रिप्युन्') क्रि. (विर०) विरोध गर्नु, विरुद्ध उद्यम गर्नु, नराम्रो असर पार्नु, प्रतिकूल हुनु ।

repugnance (रिपग्'नन्स्) ना. असंगति, अननुरूपता (विचार, वक्तव्य, मिजास, इ० को); द्वन्द्वभाव, अरुचि, घृणा, अमन; अवछानी ।

repugnant (रिपग्'नण्ट्) वि. अमिल्दो, परस्पर विरोधी, अननुरूप, (कवि०) अदम्य, विरोधपूर्ण, अरुचिपूर्ण ।

repullulate (रेप'ल्युलेट्) क्रि. (विर०) फेरि टुसाउनु, फेरि मन्जरी हाल्नु; (रोग०) फर्किनु, फेरि थाल्नु ।

repulse (रिपल्स्') क्रि. र ना. हटाउनु, खदेड्नु, (आक्रमणकारी फौजलाई हतियारको बलले); (दोस्ती भाउ, वा सो गर्नेलाई) दुत्कार्नु, फट्कार्नु; (अनुरोध, प्रस्ताव वा सो गर्ने व्यक्तिलाई) अस्वीकार गर्नु; ना. फटकार, दुत्कार, अपमान ।

repulsion (रिपल्'श्न्) ना. प्रतिघात, प्रत्यादेश, प्रतिसारण (भौतिक पदार्थहरूमा परस्परलाई पर सार्ने वा परस्परको बीचको दूरतामा वृद्धि गर्ने गुण); अरुचि, घीन, अमन; capillary—कोही तरल वस्तु (ज. कि काँचमा रहेको पारो) को भाँडाको भित्ताबाट सर्ने प्रवृत्ति, जसले गर्दा त्यसको उपरी तह उन्नतोदर हुन्छ, केशिका प्रतिसारण ।

repulsive (रिपल्'सिभ्) वि. विरोध गर्ने (कवि०) (भौ० शा०) प्रतिसारण गर्ने; (व्यवहार, स्वभाव) प्रतिघाती, टाढाको, असहानुभौतिक; घीनलाग्दो, घीनलाग्ने, वाक्क लाग्ने ।

reputable (रे'प्युटेब्ल्) वि. प्रतिष्ठित, सम्मानित, इज्जतदार ।

reputation (रेप्पुटे'श्न्) ना. ख्याति, प्रतिष्ठा, मानमर्यादा, भाउ, इज्जत, मान, प्रसिद्धि, कीर्ति; good—सुख्याति, सुनाम; bad—दुष्कीर्ति, अपयश ।

repute (रिप्युट्') क्रि. र ना. संज्ञिनु, गन्नु, गनिनु, भनिनु; (कर्म०) साधारणतः (सुख्याति, कुख्याति) सहित कुरा गरिने वा सोचिने; (कृदन्त) यथार्थमा शायद नभए पनि मानिएको, ज. कि कसैको कथित बाबु; ना. ख्याति, नाम ।

request (रिक्वेस्ट') ना. र क्रि. अनुरोध, विनति, प्रार्थना, मार्ग, अनुनय, फर्मायिस; क्रि. माग्नु, याचना गर्नु, इच्छा गर्नु, आकांक्षा गर्नु; वचन दिनु ।

requiem (रे'क्विएम्) ना. मृतहरूको आत्माको शान्तिको लागि विशेष प्रार्थना, शोक गीत, शोक संगीत रचना ।

requiesc/at (रेक्विएस्'क्याट्) ना. (ल्या०=उ शान्ति पाओस् !) मृत व्यक्तिको आत्माको शान्तिको लागि इच्छा;—at, —ant, in pace, छो. क. R. I. P. उ, उनी, उनीहरू, शान्तिमा रहून् ! (चिहानको खोदाइ) ।

require (रिक्वाय्र्') क्रि. अह्राउनुः माग्नु; जरुरी गराउनु, आवश्यक हुनु, गराउनु; खोज्नु, चाहिने गराउनु; (विर०) चाहिने हुनु;—ment ना. आवश्यकता ।

requisite (रे'क्विज़िट्) वि. र ना. परिस्थितिले चाहिने गराएको; अभीष्ट, चाहिएको; ना. आवश्यकता, कुनै उद्देश्यप्राप्तिको लागि चाहिने वस्तु, आवश्यक द्रव्य ।

requisition (रेक्विज़ि'श्न्) ना. र क्रि. प्रार्थना, अपेक्षा, माग, अधिग्रहण, तिर्जा; क्रि. अधिग्रहण गर्नु, खा. ग. युद्धको कामको लागि; (शहर, इ० बाट) रसद पानीको माग गर्नु; नोकरी, सेवा, मा हाल्नु, केही प्रयोजनको लागि तिर्नु; बोलाउनु, तलब गर्नु ।

requit/e (रिक्वाइट्') क्रि. बदला गर्नु, पुरस्कृत गर्नु, प्रतिशोध गर्नु (सेवा, हानि, अन्याय, जखम); बदला दिनु;—al ना. प्रतिदान, प्रतिकार, प्रतिफल;—ed प्रतिफलित ।

reredos (रेअ्र्'डॅस्) ना. चर्च (गिरजा) मा वेदीपछाडिको भित्तामा टाँग्ने बुट्टादार पर्दा ।

res (रीज़्) **ना.** वस्तु, चीज;—judicata (रीज़् जुडिकें'टा) ठेगान भइसकेको हुँदा अग्रिम वहस गर्न अनावश्यक कुरा; सम्पत्ति, जेथा;—angusta domi दारिद्र्य, गरीवी; (ल्या.)।

resci/nd (रिसिण्ड्') **क्रि.** रद्द गर्नु, खारिज गर्नु, बदर गर्नु, धुलाउनु, वातिल गर्नु, तोड्नु;—ssion **ना.** खारिजी, बदर, रद्द, खण्डन ।

rescript (रेस्'क्रिप्ट्) **ना.** (रो० इ०) कानूनी बुँदामा म्याजिस्ट्रेटले निर्देशन मागेकोमा सम्राट्को लिखित आदेश; पोपको कुनै फैसला; शासक वा सरकारको आदेश वा घोषणा; दोहोरो लेखिएको कुरा, दोहोरो लेखाइ, हस्तलिखित पुस्तक ।

rescu/e (रेस्'क्यु) **क्रि.** र **ना.** रक्षा गर्नु, वचाउनु, (का०) गैरकानूनी तरीकाले थुनुवालाई मुक्त गर्नु, वा जवरजस्ती सम्पत्ति छुटाउनु; **ना.** त्राण, छुट्कारा, वचाउ, रक्षा, उद्धार, निस्तार, मोचन;—e bid (ताश, ब्रिज) साथीलाई कठिन परिस्थितिवाट वचाउनालाई गरिएको बोल;—er **ना.** त्राता, रक्षक, मोक्षक ।

research (रिसऽर्च्') **ना.** र **क्रि.** सावधानीसाथ गरिएको खोज वा अनुसन्धान, परिष्टि, शोध, तलाश, खोज; (सा० व० व०) वैज्ञानिक अनुसन्धान, विषयको वैज्ञानिक अध्ययन, सूक्ष्म अन्वेषण, **क्रि.** अनुसन्धान गर्नु ।

resect (रिसेक्ट्') **क्रि.** (शल्य०) (हाड, कुर्कुरे हाड, इ.) ताछ्नु;—ion **ना.** कर्तन, तनूकरण ।

reseda (रिसी'डा) **ना.** विरुवाको जात; फिका हरियो रंग ।

resem/ble (रिज़ें'म्ब्ल्) **क्रि.** मिल्नु, सदृश हुनु;—blance **ना.** सादृश्य, सारूप, उपमा ।

resent (रिज़ें'ण्ट्) **क्रि.** निको नमान्नु, खराव मान्नु, रिस उठ्नु, मनमा इवी लिनु (अपमानको);—ful **वि.** क्रोधिल, क्रोधशील;—ment **ना.** कोप, क्रोध, रोष ।

reservation (रेज़र्भे'श्न्) **ना.** शाब्दिक अर्थमा; खा. ग. धर्मगुरुको खाली ठाउँमा पादरी भर्ना गर्ने हक; (का०) सुम्पिन लागेको जमीनमा हक वा स्वार्थ सुरक्षित राखिनु, औ त्यसो गराउने दफा; सुरक्षीकरण; आदिम, सा० पछि परेका जातिको लागि सुरक्षित राखिएको क्षेत्र; कुनै खास पशु वा पक्षीको लागि छाडिएको जग्गा; कुनै विषयमा खास वा मानस सीमावन्धन वा अपवाद (ज. कि शपथ लिंदा mental—मानसिक अपवाद); जहाज, रेल, होटल, इ० मा कसैको लागि सुरक्षित रहने ठाउँ, शयनकक्ष, इ० ।

reserve (रिसऽर्भ्') **क्रि.** र **ना.** भविष्यको लागि पर सार्नु, पन्छाउनु; पूरा कोशिश तुरुन्तै नगर्नु, (पछि चाहिएको वेला ज. कि दौड जित्ने ठाउँनेर पुग्ने वेला) को लागि बाँकी राख्नु; कानूनी वा औपचारिक शर्तले स्वामित्व वा कब्जा जमाउनु, आफ्नै वा अरूको लागि; कुनै काम वा भाग्यको लागि पर सार्नु; (कृदन्त वि. को रूपमा) नवोल्ने, मनको भाव सहसा नदेखाउने, गम्भ, मौन; निहित;—d seats मनोरञ्जनमा सुरक्षित राख्न सकिने स्थान;—d *list* खा. ग. नोकरी छुटेका तर फेरि डाक हुन सक्ने जहाजी अफिसरको सूची; **ना.** पछिको लागि राखिएको वस्तु, जगेडा, जगेरा, (सेना०) सङ्कटको लागि राखिएको जगेरा, स्थायी फौजवाहिरका तर बोलाइन सकिने फौज, नौसेना वा वायुसेनाका अफिसर; (खेलकूद) साटो चाहिने भएमा पाहुनाको लागि राखिएको जगेरा; चलन नगरी चाहिने वेलामा पाइने गरी राखेको जगेरा; (प्रदर्शनीहरूमा) अर्को केही कारणले अयोग्य गराइएमा पुरस्कार पाउने गरी राखिएको; सीमावन्धन, वाहेकी, अपवाद, रोक, शर्त, कुनै कुरामा राखिएको; आत्मसंयम, वढाइचढाइवाट निवृत्ति; मौन, ठण्डा मिजास; सौहार्द्रताको अभाव, जानी जानी दवाइने सत्य; without—पूर्णरूपले; with all proper—s कुरा सम्पूर्णतया अनुमोदन नगरीकन ।

reservoir (रें'ज़र्भ्वाऽर्) **ना.** टंकी, पानीघर, पौशाला, प्रपा, पानीय शाला, पोखरी, जलाशय, तडाग, वापी, सुरक्षिका, भण्डार, भँडार ।

reset (रिसें'ट्) **क्रि.** फेरि मिलाउनु, फेरि सज्नु; दशी लिनु; —ter **ना.** दशी लिने, लुकाउने ।

reshuffle (रिश'फल्) **क्रि.** पुनर्गठन गर्नु, फेरफार गर्नु; चेन्ज-फेन्ज गर्नु ।

reside (रिजाइड्) **क्रि.** वास गर्नु, वस्नु; (अधिकारीहरू, अहकारान) आवासमा हुनु; (हक, अधिकार, गुण) रहनु, आश्रय पाउनु ।

residence (रें'ज़िडेन्स्) **ना.** वास, वतन, निवास, आवास; घर (भडकदार), दरवार, भवन, वसोवास ।

residency (रें'जिडेन्सि) **ना.** (ऐति०) भारतीय रजौटाको दरवारमा गभर्नर जनरलका प्रतिनिधिको औपचारिक निवास ।

resident (रें'जिडेण्ट्) **वि.** र **ना.** आवासिक, आवासीय; (चरा, इ०) घर छोडी नजाने, अभ्रमणशील; थलोमा घर हुने, घरमा वाँधिएको; **ना.** वासिन्दा, भारतीय रजौटाको दरवारमा वस्ने प्रतिनिधि; अर्ध स्वतन्त्र देशमा वस्ने ब्रिटिश सरकारको प्रतिनिधि ।

residential (रेज़ि [शि] डेन्'श्ल्) **वि.** व्यक्तिगत घरको निमित्त उपयुक्त, वा त्यस्ता घरहरू भएको (ठाउँ); निवाससम्बन्धी (मतदाताको उपयुक्तता); आवासीय, वस्ने ।

residentiary (रेज़िडेन्'शरि) **ना.** र **वि.** आवासीय पादरी; औपचारिक निवासस्थलसँग सम्बन्धित ।

residual (रिज़ि'डयुअल्) **वि.** र **ना.** (गणित) शेष, शिष्ट, अवशिष्ट, अवशेष; रहनी वा थेग्रो वा शेषको रूपमा छुटेको, रहेको; (गणनामा रहेको भूल) अङ्क छुट्न नसकेको वा कारण पत्ता नलागेको ।

residuary (रिज़ि'ड्युअरि) **वि.** जेथाको अवशेषको, अवशेष, वाँकी, रहनी, अवशिष्ट ।

residue (रेज़ि'डयु) **ना.** वाँकी, शेष, रहेको, रहनी, थेग्रो; सम्पत्तिवाट तिरो, कर्जा, अनुदान, इ० दिइसकेपछि बाँकी रहेको रकम; (र० शा०) रहनी, थेग्रो ।

residuum (रिज़ि'डयुअम्) **ना.** वाँकी रहने, खा. ग. (र० शा०) दहन, वाष्पीभवन, इ० भएपछि रहेको अवशेष;

(गणना) पत्ता नलाग्ने वा अवशिष्ट भूल; जनतामध्येको सबभन्दा तल्लो तह वा थेग्रो ।

resign (रिज़ाइन्') **क्रि.** त्याग्नु, सुम्पनु, छोड्नु, हस्तान्तर गर्नु (पद, हक, दावी, सम्पत्ति, अभिभारा, कर्तव्य, जिन्दगी, आज्ञा, इ०); भाग्यसँग निहुरिनु; राजीनामा गर्नु, पदत्याग गर्नु; तिलाञ्जली दिनु ।

resign (री'साइन्) **क्रि.** फेरि सही, दसखत, गर्नु ।

resignation (रेज़िग्ने'श्न्) **ना.** राजीनामा, सो गरिएको कागत, पदत्याग, परित्याग, दुःख वा अन्य आपतमा सहिष्णुता, सहनशीलता, तितीक्षा ।

resil/e (रिज़ाइल्') **क्रि.** (नम्य वस्तुहरू) परापतन, विवर्तन, गर्नु; तन्काइ वा संकोचनपछि आफ्नू रूपमा फर्कनु; प्लवनशीलता, स्थिति स्थापकत्व, वा पुनर्लाभको शक्ति हुनु, वा प्रदर्शन गर्नु;—ience **ना.** लौटान, फर्कान;—ient (रिज़िल्'येण्ट्) **वि.** स्थितिस्थापक, फर्कने ।

resin (रे'ज़िन्) **ना.** र **क्रि.** खोटो (सल्लो, देवदारूबाट निस्कने); रासायनिक प्रक्रियाबाट पनि बन्दछ; चोप, राल, निर्यास, सर्जरस; **क्रि.** खोटो दल्नु, खा. ग. वाद्ययंत्रका डण्डीहरू ।

resipiscence (रेसिपि'सेन्स्) **ना.** भूलको ज्ञान, सुबुद्धितिर प्रत्यागमन ।

resist (रिज़िस्ट्') क्रि. र **ना.** विरोध गर्नु, रोक्नु, सफलतापूर्वक रोक्नु, पस्न नदिनु, हटाउनु; उद्यम गर्नु, रोक्ने प्रयत्न गर्नु, बाटो रोक्नु, आज्ञा पालन गर्न नामञ्जूर गर्नु; **ना.** (रंगाउने कपडामा छाप्ने रंग नलाउने ठाउँमा राखेर बचाउने ऊँ) कुनै वस्तुमा लगाइएको कर्ताको प्रभावबाट रक्षाको लागि तहमा राखिने रचना;—less **वि.** (कवि०) दुर्निग्रह, अप्रतिकार;—ant,—ent,—ive वि. बाधक, रोक्ने, सहिष्णु, सहने;—er **ना.** विरोधी; passive—er सत्याग्रही, शान्तिपूर्ण विरोध गर्ने;—lble **वि.** विरुद्ध;—or (वैद्युत) विरोधक ।

resistance (रिज़िस्'टन्स्) **ना.** प्रतिरोध, विरोधन, पर्यवस्थान, विरोध; अवरोध, बाधा, रोकावट, (विद्युत०, चुम्बक, ताप) अचालकता; (विद्युत०) प्रवाहलाई प्रतिरोध गर्ने यंत्रको भाग; passive—असक्रिय विरोध, स्वीकृतिको नामञ्जूरी;—movement खा. ग. पराजित देशका अपराजित जनताको; line of—जुन दिशामा प्रतिरोध लाग्दछ; take line of least—सबभन्दा सजिलो मार्ग वा रीति लिनु ।

resistibility (रिज़िस्टिबी'लिटि) **ना.** प्रतिरोध शक्ति ।

resole (रिसोल्') **क्रि.** (जुत्तामा) फेरि पैताला, तलुवा हाल्नु ।

resoluble (रे'ज़लुब्ल्) **वि.** विश्लेषण हुन सक्ने ।

resolute (रे'ज़लुट्) **वि.** (व्यक्ति, स्वभाव, मिजास); दृढ़, स्थिर, स्थिर संकल्प ।

resolution (रेज़लु'श्न्) **ना.** विच्छेदन, विश्लेषण, वियोजन, विभेदन; रूपान्तर; (भैष०) सूज नपाकीकन बस्नु; (छन्द०) एक दीर्घ स्वरको साटो दुई लघुको प्रयोग, (संगीत.) असंगतिलाई संगतिमा बदलिनु; (यंत्र०) एक बलको स्थानमा दुई समान बलको प्रयोग; हल, समाधान; संकल्प, प्रस्ताव; सम्मठ, सूर, आग्रह, स्थिरता, प्रतिज्ञा, निश्चय, मति, धृति, धारणा; good—s धर्मको लागि मनमा गरेका दृढ निश्चयहरू; अठोट, मिजास, दृढता, स्थिरता; अधिकारनामा, अख्तियारनामा ।

resolutive (रे'ज़लुटिभ्) **वि.** र **ना.** घुलनशील, विच्छेदन गर्ने; **ना.** सो गर्ने मलम (संप्रयोग) वा ओखती; (का०) विच्छेदन शर्त, जसको पूर्तिले कबूल, ठेक्का, पूरा गराउँछ ।

resolve (रिज़ॉल्भ्') **क्रि.** र **ना.** पगाल्नु, विच्छेदन गर्नु, विश्लेषण गर्नु, टुक्राउनु, विकिरण गर्नु, नपाकी बस्नु (सूज); हल गर्नु, व्याख्या गर्नु, स्पष्ट गर्नु, ठेगान गर्नु, (विधान सभा आमसभा, इ० ले) प्रस्ताव पारित गर्नु; सम्मठ गर्नु, कम्मर कस्नु; (कृदन्त) कटिबद्ध, कसिएको, सम्मठ कसेको, दृढ, सुरिएको; (कृदन्त) सभा इ० को कार्य-विवरणमा प्रयोग हुने= फलाना प्रस्ताव पारित गरिए, इ०; **ना.** मनमा आएको संकल्प; (कवि०) संकल्प, स्थिरता ।

resolvent (रिज़ॉल्'भेण्ट्) **वि.** र ना. (मु० र० शा० र भैष०) (ओखती, संप्रयोग, वस्तु) जसले गोला बसाइदिन्छ, वा अवयवहरूमा विभाजन गराइदिन्छ ।

reso/nant (रे'ज़नण्ट्) **वि.** (ध्वनि) गुँज्ने, घन्कने, धेरै बेरसम्म ध्वनित हुने, मुखरित, प्रतिनादित, अनुनादी; (वस्तु, कोठाहरू, (इ०) खा. ग. कम्पनद्वारा ध्वनिलाई सबल वा लामू बनाउने;—nance **ना.** अनुनाद, प्रतिध्वनि ।

resonator (रे'ज़नेटर्) **ना.** एक स्वरबाट प्रभावित हुने र उत्तर दिने यंत्र; ध्वनिलाई अनुनादित गराउने उपकरण ।

resorb (रिसअर्ब्') **क्रि.** फेरि सोस्नु, पुनः समावेश गर्नु ।

resorcin (रेज़अर्'सिन्) **ना.** खोटोका उपर पोटाशको प्रतिक्रियाबाट उत्पन्न हुने रंगको रूपमा चलन हुने वस्तु, रेजर्सिन ।

resorption (रिसअर्प्'श्न्) **ना.** सोखन, चुसाइ ।

resort (रिज़अर्ट्') **क्रि.** र ना. मददको लागि फर्कनु; धेरै भएर या बराबर जानु; **ना.** मददको लागि प्रयोग गरिने वस्तु वा जाइने व्यक्ति; उपाय, आश्रय; in the last—अरू केही लागेन भने लिने उपाय, अन्तिम उद्योग; अभिगमन स्थान, बराबर भेला हुने स्थान, कुनै खास प्रयोजनको लागि जाइने ठाउँ; health—स्वास्थ्यभूमि ।

resound (रिज़ाउण्ड्') **क्रि.** (स्थान) प्रतिध्वनित हुनु, (गला, वाद्य साज, ध्वनि) प्रतिध्वनि उत्पन्न गर्नु, ध्वनित हुनु, ठाउँलाई ध्वनिले भर्नु; कराएर दोहऱ्याउनु (सा० कीर्ति); (ठाउँ) फिर्ता दिनु (ध्वनि);—ing **वि.** ठूलो ध्वनि गर्ने, ठूलो, महान्;—ingly **क्रि. वि.** घन्कने गरी ।

resource (रिसोअर्स्') **ना.** (सा० ब. व. मा) आवश्यकता पूर्ति गर्ने उपाय, मौजदात जसबाट झिक्न सकिन्छ, स्रोत, साधन, उपाय; (फ्रे० बाट, अचेल विर०) सहायताको सम्भावना; स्रोत; सन्य पर्ने साधन, छल, कपट; साधन जुटाउनामा सीप, व्यावहारिक चतुऱ्याइँ, छिटो बुद्धि;—ful चतुर, उपाय सोच्ने, प्रत्युत्पन्न ।

respect (रिस्पेक्ट्') **ना.** र **क्रि.** सन्दभ, बारे, हकमा, पम्बन्ध; ध्यान, लेहाज; विवरण, विन्दु, रुख, भाव; (विर०) विवेक; आदर, सम्मान, सत्कार, अदब, लेहाज, हुर्मत, खातिर, मानभाउ, श्रद्धा, धक, इज्जत, आबरु; (ब. व.) शिष्ट सन्देशा, अभिवादन, सम्मान; self—आत्मसम्मान; **क्रि.** ध्यान दिनु; सम्पर्क हुनु, सम्मान गर्नु, आदर गर्नु, मान्नु ।

respectability (रिस्पेक्टवि'लिटि) **ना.** इज्जत, प्रतिष्ठा, मर्यादा, मान ।

respectable (रिस्पेक्'टेब्ल) **वि.** र **ना.** मान्य, श्रद्धेय, इज्जतदार, पूज्य, कुलीन, माननीय, गण्यमान्य, वरानिया ।

respectful रिस्पेक्ट्'फुल्) **वि.** सादर, मानसाथ, सविनय, आदरार्थी, सम्मानजनक ।

respective (रिस्पेक्'टिभ्) **वि.** आफ्नू आफ्नू, क्रमिक, व्यक्तिगत, अनेक, सापेक्षिक;—ly **क्रि. वि.** यथाक्रम, क्रमशः ।

respirable (रेस्'पिरेब्ल्) **वि.** (हावा, वायु, इ०) सास फेरिने, सास फेर्न योग्य ।

respiration (रेस्पिरे'श्न्) **ना.** श्वास, निश्वास, श्वासोच्छ्वास, श्वास प्रश्वास, सास फेर्नु ।

respirator (रेस्'पिरेटर्) **ना.** नाक र मुखमाथि लाउने हावा शोधने र सोलाई तताउने यंत्र; मकुण्डो; (सेना०) विषाक्त वायुबाट बच्नालाई लाउनुपर्ने रासायनिक छान्ने यंत्र, श्वासी ।

respir/e (रिस्पायर्') **क्रि.** सास लिनु, सास फेर्नु, हावा लिनु र फ्याँक्नु; (विर०) वास दिनु (उत्तर, मृदुता, मिजास); फेरि सास फेर्नु, सास लिनु, आशा फेरि लिनु, आराम वा म्याद पाउनु;—atory **वि.**—atory—system श्वसन तंत्र, श्वासेन्द्रिय ।

respite (रेस्'पिट्) **ना.** र **क्रि.** कुनै दायित्व चुकाउँदा वा दण्ड भोग्दा दिइने म्याद; आराम वा मोचनको अवधि; **क्रि.** म्याद दिनु, दण्ड स्थगन वा कम गर्नु; प्राणदण्डको कारवाई स्थगित गर्नु, वा दण्ड मुलतबी राख्नु; दायित्व पूरा गर्ने समय दिनु; पीडा, चिन्ता, इ० बाट केही समयको लागि निवृत्ति पाउनु ।

resplend/ent (रिस्प्लेन'डेण्ट्) **वि.** देदीप्यमान, जल्दोबल्दो, अति उज्ज्वल;—ence,—ency **ना.** तेज, ज्योति ।

respond (रिस्पॉण्ड्') **क्रि.** उत्तर दिनु, (खा. ग. पादरीले सोधेको प्रश्नको चर्चगामीहरूबाट एक स्वरले); प्रत्यर्थी हुनु, प्रतिवादी हुनु, चाल वा परिवर्तनद्वारा चेतनशीलता देखाउनु; (विर०) अनुरूप हुनु;—ence,—ency **ना.** सचेतनता ।

respondent (रेस्पॅन्'डेण्ट्) **वि.** र **ना.** उत्तर दिने, प्रतिवादीको रूपमा; **ना.** प्रार्थी; प्रतिवादी; शास्त्रार्थी; खा. ग. पारपाचुके मुद्दामा प्रतिवादी ।

response (रिस्पॅन्स्') **ना.** शब्द या काम, बाट दिइएको जवाफ, प्रत्युत्तर, प्रतिउत्तर पत्र, बयान; उत्तेजक वा प्रभावले उत्पन्न गराएको भाव, चेतना, गति; प्रतिचार ।

responsibility (रिस्पॅन्सिबि'लिटि) **ना.** उत्तरदायित्व; भारा, अलका, भार, जिम्मावारी, जिम्मेदारी, हालीमुहाली, दायित्व, अभिभारा, जवाफदेही; at one's own—विना अख्तियार; not afraid of—विना निर्देशन काम गर्न नडराउने ।

responsible (रिस्पॅन्'सिब्ल्) **वि.** जिम्मेवार, जिम्मेदार, उत्तरदायी, दायित्वपूर्ण;—government स्वेच्छाचारी होइन, कारवाईको लागि नैतिक जिम्मावारी वहन गर्ने, जिम्मेदार सरकार ।

responsions (रिस्पॅन्'श्नज़्) **ना.** (ब. व.) अक्सफर्डको बी. ए. को लागि तीनमध्ये प्रथम परीक्षा, सन् १९६० मा खारिज (बो. चा. smalls) ।

responsive (रिस्पॅन्'सिभ्) **वि.** उत्तरदायी, संवादी; कुनै बाह्य उत्तेजनाको तुरुन्त उत्तर दिने; सहानुभौतिक, प्रभावग्राही, छाप पर्ने;—ness **ना.** उत्तरदायिता ।

responsory (रिस्पॅन्'सरि) **ना.** गिरजामा गाइने वा पढिने गीत, भजन ।

rest (रेस्ट्) **क्रि.** र **ना.** विश्राम गर्नु, विसाउनु, सुस्ताउनु; लेट्नु, पल्टनु, ढल्कनु, आराम गर्नु; निस्तार वा शान्ति दिनु; भर गर्नु; (आँखा) पर्नु वा स्थिरसँग अडिनु; अडाउनु, थाम्नु, खर्काउनु; **ना.** विश्रान्ति, आराम, आरामी, चैन, चयन, विसौनी, पिंध, स्थिरता; डेरा; अडान; at—ढुक, निःशङ्क; actor is —ing नोकरीमा छैन; land is allowed to—पर्ती छोडेको;—ing-place विश्राम स्थान; last—ing place चिहान; at—शान्त, निस्फिक्री; lay to—गाड्नु, (मरेकोलाई);—-balk भित्ता, डाँडो;—-cure सा० केही दिन वा हप्तासम्म उपचारको रूपमा आराम गरेर (विछौनामा सुतेर); —-day आरामी दिन, बिदा;—-house पाटी, पौवा, धर्मशाला ।

rest (रेस्ट्) **क्रि.** र **ना.** बाँकी रहनु, उब्रिनु; रहनु; **ना.** बाँकी, बाँकी बक्यौता; अरू सबै; (ब्याङ्क) जगेरा कोष; (व्यापा०) भण्डार हेर्नु वा जाँच्नु, स्थिति हेर्नु, आमदानी खर्च मिलाउनु; (टेनिस, इ०) निरन्तर फर्काउने अवधि ।

restaurant (रस्टोराँ) **ना.** भोजन गृह, भोजनालय, उपाहारगृह ।

restaurateur (रेस्टरटअर्') **ना.** भोजन गृहको मालिक, होटलवाला ।

restful (रेस्टफुल्) **वि.** आरामदायी, शान्त, खलबलरहित ।

restitute (रेस्'टिट्यूट्) **क्रि.** हर्जाना दिनु, बदला दिनु, पूर्ति गर्नु ।

restitution (रेस्टिट्यु'श्न्) **ना.** प्रतिदान, प्रत्यर्पण, प्रत्यानयन, भरताल, भर्ना, पूर्ति, फिर्ता;—of conjugal rights वैवाहिक झगडाको कानूनी मुद्दा, पूर्वरूप ग्रहण (स्थिति स्थापकत्वको कारणले) ।

restive, restiff (आ०) (रेस्'टिभ्) **वि.** (घोडा) अड्ने, तेर्सो हिंड्ने, नटेर्ने; (व्यक्ति) वशमा नरहने, उद्धत, अटेरी; (भूल०) छटपटे, चन्चले ।

restless (रेस्ट्'लिस्) **वि.** चंचले, चटपटे, व्याकुल, अशान्त, उद्विग्न, विह्वल, अस्वस्थ, अविराम, वेचैन;—ness **ना.** छटपट, डाहा छटपट, वेचैनी ।

restoration (रेसट्रे'श्न) **ना.** राजसत्ताको पुनर्स्थापन (विलायतमा सन् १६६० मा द्वितीय चार्ल्सको पुनर्राज्य प्राप्ति); प्रत्यानयन; लुप्त जनावर, भग्न भवन, इ० को अनुमानित पूर्व, रूपको चित्र वा नमूना, आकार ।

restorationism (रे'स्ट्रे'शनिज़्म्) **ना.** मृत्युपश्चात् सबै व्यक्तिहरू आनन्दावस्थामा प्राप्त हुन्छन् भन्ने सिद्धान्त ।

restorative (रिस्टॅ'रेटिभ्) **वि.** र **ना.** स्वास्थ्य वा वलवर्द्धक, लाभ गराउने; **ना.** वाजीकरण खाना, ओखती, वा कारक ।

restore (रिस्टोअ्र') **क्रि.** फिर्ता गर्नु, वदला गर्नु; पुनर्निर्माण मरम्मत, नयाँ रंग लाएर, संशोधन गरेर, इ० ले पूर्व (मूल) स्थितिमा ल्याउनु वा ल्याउने प्रयत्न गर्नु; (लुप्त जनावर, भग्नावशेष, इ० को) आदि अवस्थाको अनुमानित आकारको प्रदर्शन गर्नु; पुनः स्थापित गर्नु, निको पार्नु; पुनः स्थापना गर्नु, नवीनीकरण गर्नु, फेरि चलनमा ल्याउनु; (पाठमा टुटेको शब्द, लुप्त जनावरको अंग, इ०) अडकलद्वारा फेरि हाल्नु, तजवीज गर्नु; फेरि राख्नु, पुरानु स्थिति वा दशामा ल्याउनु ।

restrain (रिसट्रेन्') **क्रि.** रोक्नु, कज्याउनु, वशमा राख्नु, सीमाभित्र राख्नु, दवाउनु, धकाउनु, थुन्नु, कैद हाल्नु;—able **वि.** वश्य, रोकिने;—ed धकाएको;—edly **क्रि. वि.** आत्म संयमसँग ।

restraint (रिसट्रेण्ट्') **ना.** निग्रह, निरोध, अवरोध, संयम, रोकथाम, वन्देज, थुन, छेक, प्रतिवन्ध, वाधा, दम, हटक, रोक्का, रोक्का लगाउने माध्यम; without—स्वतन्त्रतासँग, विपुलतासँग; is under—थुनामा (खा. ग. वौलाहा हुनाले) ।

restrict (रिस्ट्रिक्ट्') **क्रि.** रोक्नु, खुम्च्याउनु, निवद्ध गर्नु, सीमावन्धन गर्नु, सीमित गर्नु;—ion **ना.** मर्यादा, वन्देज, रोक्का, प्रतिवन्ध, रोकटोक, हटक, नाकावन्दी, परहेज, वारना, वन्धन;—ed **वि.** रोकिएको, सीमित; अंकुश लगाइएको ।

restrictive (रिस्ट्रिक्'टिभ्) **वि.** व्यावर्तक, नियामक;—practices उद्योगमा उत्पादन घटाउनाको लागि ।

result (रिज़ल्ट्') **क्रि.** र **ना.** फल निस्कनु, सिद्धिनु; **ना.** खेत, निष्पत्ति, असर, तासीर, परिणाम, फल, निष्कर्ष; परिमाण, सूत्र, उत्तर (गणनावाट प्राप्त हुने); without—व्यर्थ, निष्फल;—ing **वि.** जन्य, उद्भव, फल ।

resultant (रिज़ल्'टण्ट्) **वि.** र **ना.** फल (खा. ग. दुई वा वढी विरोधी वलको सम्पूर्ण फलको रूपमा); **ना.** लब्धि ।

resume (रिज्युम्') **क्रि.** फेरि थाल्नु, फेरि शुरू गर्नु, पुनः कब्जा गर्नु, प्राप्त गर्नु; (रोकावटपछि) फेरि थाल्नु, पुनः प्रारम्भ गर्नु; छोटकरी गर्नु, पुनरावृत्ति गर्नु, संक्षेप गर्नु;—pipe फेरि धूम्रपान गर्नु ।

resume (रेज़ुमे') **ना.** संक्षेप, छोटकरी, सार, मजवून (फ्रे.) ।

resumption (रिज़म्प्'श्न) **ना.** पुनर्ग्रहण, नयाँ थालनी, प्रत्याहार, प्रत्यादान, शुरूआत ।

resupinate (रिस्यू'पिनेट्) **वि.** (वन०) (पात, इ०) उल्टो, विलोम, अधोमुखी ।

resur/ge (रिसअ्र्ज्') **क्रि.** (ठट्टा० वाहेक विर०) फेरि उठ्नु, पुनः जीउनु, फेरि उठ्नु;—gence **ना.** पुनरुत्थान; पुनरुत्थापन, पुनरुज्जीवन ।

resurrect (रेज़रेक्ट्') **क्रि.** (वो. चा.) मरेकोवाट उठाउनु, मृतोत्थापन गर्नु (विर०); चलन फेरि थाल्नु; संज्ञना फेरि जगाउनु; चिहानवाट झिक्नु, शव उत्खनन गर्नु ।

resurrection (रेज़रेक्'श्न) **ना.** R—क्राइस्ट कब्रवाट उठेको स्मृतिमा गरिएको उत्सव; अन्तिम दिनमा सम्पूर्ण जगत्का मृतहरूको उत्थान; उत्खनन (शवको) अच० वा अलं०; विलोप निष्क्रियता, ह्रास, इ० वाट पुनर्जीवित गराउनु, चलन चलती वा संज्ञनामा ल्याउनु;—man = body snatcher डाक्टर, मेडिकल कलेज, हरूमा मुर्दा वेच्नालाई चिहानवाट लाश चोर्ने मानिस ।

resusciat/e (रिस'सिएट्) **क्रि.** फेरि जीवित गराउनु; जीवन, चेतना, चलन वा स्मृतिमा फेरि ल्याउनु;—ion **ना.** पुनर्जीवन;—or पुनर्जीवनदायी ।

ret, rate, rait (रेट्,रे'ट्) **क्रि.** सन भिजाएर नरम पर्नु; (घाँस, पराल) भिजेर विग्रनु, सड्नु ।

retable (रिटे'व्ल्) **ना.** गिरजाघरमा वेदीको पछाडि अग्लोमा राखिएको तखता वा सिंगारिएका पट्टलाई घेर्ने आधार ।

retail (रीटे'ल्) **ना.** र **क्रि.** खुंद्रा, फुटकर (—trade विपण, विपणन); by—खुद्रासँग;—trading, dealer खुद्रा व्यापारी; **क्रि.** खुद्रा व्यापार गर्नु, (माल) सानू परिमाणमा वेच्नु, वताउनु, भन्नु, विवरण वताउनु;—er **ना.** खुद्रा व्यापारी ।

retain (रिटे'न्) **क्रि.** ठाउँमा राख्नु, कायम राख्नु, सेवा लिनु (खा. ग. वकीलसँग कुरा मिलाएर, औ पेशगी दिएर); स्वामित्व राख्नु, नहराउनु, कायम राख्नु, स्थापन गर्नु, धारणा गर्नु; फेर्न, फेरवदल गर्न, वा खारिज गर्न, नदिनु; संझिन सक्नु, नविर्सनु;—ing wall माटो, पानी, इ० अडयाएर राख्न सक्ने;—ing force (सेना०) शत्रुलाई चेष्टारहित गराउन राखिएको;—ing fee,—er खा. ग. वकीललाई वैना दिइएको शुल्क;—er **ना.** अनुचर, अनुगामी, खवासे ।

retainer (रिटे'नर्) **ना.** कुनै वस्तु आफ्नू गराई औपचारिक तौरले राख्नू; सो गर्नाको अधिकार प्रदान; कुनै हैसियतमा सेवा गर्न राखिनु; चाहिएमा सेवाको लागि वकील, वक्ता (व्यारिस्टर) लाई दिइएको शुल्क; (ऐति०) वडादमीको नोकर या अनुयायी; old—(ठट्टा) पुरानू, वूढो र ईमानदार नोकर ।

retaliat/e (रिट्या'लिएट्) **क्रि.** (हानि, अपमान, विर० दयाको) उही रूपले वदला गर्नु; (व्यक्तिमाथि अभियोग) प्रत्यारोपण गर्नु; आफूलाई जसो गर्छन् उसै गर्नु, खा. ग. खरावको खरावले वदला गर्नु, शठे शाठ्यम् गर्नु; (राज० अर्थ०) अर्को देशले पैठारी महसूल लगाएमा आफूले पनि सो देशको पैठारीमा त्यसो गर्नु;—ion **ना.** अखज, वदला, प्रतिशोध, प्रत्युत्तर, वैरसाधन;—ive,—ory **वि.** प्रतिक्रियात्मक,

प्रतिशोधात्मक, वैरसाधक ।

retard (रिटाअ्र्‌ड्') क्रि. र ना. ढीलो गराउनु, प्रगति विलंब्याउनु; विकास, आगमन, सम्पादन, घटना, इ० रोक्नु वा ढिल्याउनु; (वेला, लहर, ग्रह, नक्षत्र, इ. को गति, वा भौतिक घटना) गणना गरिएको समयभन्दा पछि हुनु; ना. निरोध, गतिरोध, विलम्ब, व्याक्षेप;—ation ना. निरोध;—ed वि. निरुद्ध ।

retch (रेच्) क्रि. र ना. वाक गर्नु (नउकेलेर); ना. वाकवाकी ।

retention (रिटेन्'शन्) ना. धारणा; खा. ग. पिशाव वा अन्य विण्मूत्रको रोकावट; निरोध, झाडा पिशाव रोकिनु; थमौती ।

retentive (रिटेन्'टिभ्) वि. धारणक्षम, धारणावत, राख्न सक्ने, ग्राही, (शल्य०, वन्धन, इ० को) ठाउँमा अडयाउन सक्ने ।

retenue (रटनू') ना. आत्मसंयम, मौनता, ठण्डा मिजास; (फ्रे०) ।

retiary (री'शरि) ना. जालो तान्ने माकुरो ।

retic/ence (रे'टिसिन्स्) ना. मौन, मितभाषिता, संवृत्ति; (कलामा) ज्यादा जोर नदिने; कुनै तथ्य दवाइराख्ने; मूकभाव; अनालापशीलता;—ent वि. मौनावलम्वी, मितभाषी, धेरै नबोल्ने, आत्मसंयमशील ।

reticle (रे'टिक्ल्) ना. दूरदर्शन यंत्रको वस्तु काँचमा सूक्ष्मावलोकनको लागि कोरिएको, वा जडिएको पातलो जाली ।

reticul/ate (रिटिक्यु'लेट्) क्रि. जाली वनाउनु, साना साना वर्गमा बाँड्नु वा बाँडेको जस्तो आकार दिनु;—ation ना. जालकर्म;—er वि. जालाकार, जालरूप ।

reticule (रे'टिक्युल्) ना. reticle स्त्रीले लिने वा लाउने बुनेको या अन्य थैलो जसले खल्तीको काम दिन्छ; (ज्यौ०) दक्षिणको एक तारासमूह ।

reticulum (रिटि'क्युलम्) ना. उग्रने जन्तुको दोस्रो पेट; जाली जस्तो रचना; जालीदार झिल्ली ।

retiform (री'टिफअ्र्‌म्) वि. जालीदार, जालाकार, जालरूप ।

retin/a (रे'टिना) ना. नेत्रान्त पटल, दृष्टिपट;—al वि. पटलीय;—itis ना. पटलसूज ।

retinue (रे'टिन्यु) ना. कसैको अनुयायीवर्ग, भृत्यवर्ग, अनुचर, लावालश्कर ।

retir/e (रिटाय्र्') क्रि. र ना. अलग हुनु, जानु, पन्छिनु, शरण लिनु, हट्नु; त्याग्नु; पद वा पेशा वा नोकरी वा उम्मेदवारी छोड्नु, त्याग्नु; (क्रिकेट) जानी जानी आफ्नू इनिङ्स् खतम पार्नु; नोकर, अधिकारी, लाई पद छोड्न लगाउनु, छुटाउनु; (सेना०) फौजलाई हट्नालाई उर्दी दिनु; (अर्थव्यवस्था) विल, नोट, कागत, मुद्रा, इ० चलन चल्तीवाट झिक्नु;—e from the world संसार त्याग्नु;—e into oneself मौनावलम्बी हुनु, अमिजासिलो हुनु;—ing-room सुत्ने कोठा (रेलको स्टेशनमा) खा. ग. चर्पीसमेत; (कृदन्त) अवकाशप्राप्त, सेवामुक्त, अवसरित, उमेर पुगेको, म्याद पुगेको; समाज वा अवलोकनवाट हटेको, एकलो;—ing age,—pension जागीर छोड्ने उमेर, सामान्यतया पद छाड्दा दिइने पेन्सन;—ed pay पेन्सन; ना. (सेना०) फौजलाई हट्ने इशारा ।

retirement (रिटाय्र्'मेण्ट्) ना. एकान्तवास, एकान्तता, संन्यास, गुप्तता, शान्त स्थान; अवकाश ।

retort (रिटॅअ्र्‌ट्') क्रि. र ना. वदला दिनु (अपमान, हेलाँ), उस्तै व्यवहारद्वारा; (उपद्रो) उल्टाउनु, (अभियोग, ठट्टा, हँसी) गर्नेमाथि उल्टाउनु; (युक्ति) वक्ताकै वखिलाफ लगाइदिनु; प्रत्युत्तर, प्रतिअभियोग, प्रतियुक्ति, को रूपमा भन्नु; (कृदन्त) फेरि मोडिएको, वटारिएको, वा पछाडि वाङ्गिएको; ना. क्षिपोत्तर, प्रत्युत्तर, तीखो जवाफ, ओठे जवाफ; युक्तिको वक्ताको वखिलाफको मोडाइ; वदला; आसवनमा व्यवहार हुने लामू तल फर्केको घाँटी भएको सा० काँचको भाँडो, वकयंत्र; विभिन्न सामग्रीका विभिन्न आकार भएका पारोको शोध र ग्यास, इस्पात, इ० को उत्पादनमा व्यवहार हुने भाँडो; क्रि. पारोलाई वकयंत्रमा शोधनु ।

retortion (रिटॅअ्र्'शन्) ना. (अक्ष० र अलं०) मोड; (अन्तरराष्ट्रिय कानून) राष्ट्रले अर्को राष्ट्रको रैतीमाथि गरेको वदला ।

retouch (रिटच्') क्रि. (फोटो०) तसवीरको काँचो ऐनामा अनेक किसिमका सुधार वा सपारको काम गर्नु; तसवीरको खोट हटाई झन् राम्रो वनाउने क्रिया गर्नु; रिटच गर्नु; परिशोधन गर्नु;—er ना. परिशोधक ।

retrace (रिट्रेस्') क्रि. मूल वा शुरूआत, प्रारम्भसम्म खोज्दै जानु; फेरि हेर्नु; विवरणको स्रोत स्मृतिमा दोहोऱ्याउनु; आफ्नै पाइलामाथि फर्कनु; धे. ज. गरिएको काम उल्टाउनालाई गरिएको काम (अलं०) ।

retract (रिट्र्याक्ट्') क्रि. खिच्नु (खा. ग. आफ्नू अंग), खुम्चिनु, फर्कनु; हटाउनु, वापस लिनु, खारिज गर्नु, रद्द गर्नु, नमान्नु, असत्यता वा भूल स्वीकार गर्नु; खुलासँग त्याग्नु (वक्तव्य, प्रतिज्ञा, वचन, राय);—er ना. खिच्ने पेशी;—able वि. फर्काउन सकिने;—ile वि. खिच्ने;—ive वि. खिच्ने;—ion ना. प्रत्याख्यान, प्रत्यादेश, निवर्तन, खिचाइ, खुम्च्याइ ।

retral (री'ट्रल्) वि. (प्रा० इ०, इ०) पश्चात्, उत्तर, अपर, पश्चाद्भाग ।

re-tread (रीट्रेड्') क्रि. र ना. टायरलाई नयाँ पादन्यास (पैताला) दिनु; ना. त्यसरी नयाँ पादन्यास दिएको टायर ।

retreat (रिट्रीट्') क्रि. र ना. हट्नु, पछि सर्नु, पन्छनु, हच्कनु, ठाउँ छोड्नु (खा. ग. फौजले, लडाइँमा); (वुद्धिचाल) हटाउनु, पछि सार्नु; ना. हटाइ; हट्ने इशारा; आश्रय, गुप्तता वा सुरक्षाको लागि हट्नु, (धर्म०) धार्मिक क्रियाको लागि एकान्तवास; तपस्याको लागि एकान्तवास गर्ने स्थान; पागल वा

अवसरितहरूको लागि आश्रय वा निवास; लुक्ने ठाउँ;—ing chin, forehead हटेको; beat a—कार्य, व्यवसाय, अभियान, छोड्नु; make good one's—सकुशल जानु ।

retrench (रिट्रेन्च्ˈ) **क्रि.** कटौती गर्नु, काट्नु, रकम घटाउनु, कटाउनु; (साहित्यिक कृति वा त्यसका वृत्तहरू) छोट्याउनु, झिक्नु; खर्च घटाउनु, मितव्ययिता घुसाउनु; (गढ०) खाडल र पर्खालसहित भित्री रक्षापंक्तिको प्रवन्ध गर्नु;—ment **ना.** छटनी, कटौती ।

retrial (रिˈट्रयायल्) **ना.** फेरि मुद्दा दायर हुनु; (कानूनको विधि नपुग्नाले) नयाँ तवरसँग मुद्दा चलाइनु; पुन: पैरवी ।

retri/bution (रेट्रिब्यूˈश्न्) **ना.** प्रतिकार, प्रतिफल, वदला, प्रतिहिंसा, वैरशुद्धि, प्रतिदान;—butive **वि.** प्रतिकारी, प्रतिहिंसाशील ।

retriev/e (रिट्रीभ्ˈ) **क्रि.** र **ना.** (खास जातको कुकुरले) पत्ता लाएर ल्याउनु; खोजेर पत्ता लाउनु, संग्रनु; फेला पार्नु; फेरि पाएर राख्नु; खराव अवस्था, कुलत, वाट वचाउनु; उन्नत अवस्थामा उठाउनु; जियाउनु; भर्ना गर्नु, मरम्मत गर्नु, पूर्ति गर्नु, ठीक गर्नु;—able **वि.** पाइने;—al **ना.** पुनर्लाभ, पुन: प्राप्ति;—er **ना.** खास जातको कुकुर, शिकारी कुकुर, घाइते वा मरेको शिकार, चरा, पत्ता लगाई ल्याउने; **ना.** पुन: प्राप्तिको सम्भावना; beyond, past—e नपाइने ।

retro— (रेट्रो-) उ. पछि, पृष्ठ (ल्या०) ।

retroact (रेट्रोअ्याक्ट्ˈ) **क्रि.** प्रतिक्रिया गर्नु, पछाडितिर क्रिया गर्नु; अघि भएको कुरालाई पनि समावेश गर्ने गरी प्रभाव पार्नु; भूतापेक्ष, गतकाल परिग्राही, हुनु;—ive **वि.** पछिल्तिर क्रिया गर्ने ।

retro/cede (रीˈट्रोसीड्) **क्रि.** पछि सर्नु, पछाडि चल्नु, पछि हट्नु; (वातरोग) भित्र हान्नु; (क्षेत्र, मुलुक) फेरि फिर्ता दिनु, सुम्पनु;—cession (रीट्रसेˈश्न्) परावर्तन ।

reterochoir (रे [री]ˈट्रक्वायर्) **ना.** (ठूलो गिरजाघरमा) वेदीपछाडिको भाग ।

retroflected, retroflex,—flexed (रे [री] ट्र फ्लेक्ˈटिड्) **वि.** (श० वि०, रो० वि०, र वन०) पछाडि फर्किएको ।

retrogradation (रेट्रग्रडेˈश्न्) **ना.**=retrogression.

retrograde (रेˈट्रग्रेड्) **वि., ना.** र **क्रि.** प्रतीप, प्रतिलोम, वक्र, परावृत्त, विपरीत; **ना.** (विर०) गिरेको व्यक्ति; पछाडितिरको प्रवृत्ति; **क्रि.** (ज्यौ०) प्रतीप गमन, विपरीत जानु; पछि हट्नु, ओर्लिनु, प्रत्यावर्ती हुनु ।

retrogress (रिट्रग्रेस्ˈ) **क्रि.** पछाडि जानु, पछाडि हट्नु, पछाडि चल्नु, विग्रनु, विकृत हुनु, ह्रास हुनु;—ive **वि.** प्रतीपगामी, विपरीतगामी;—ion (रीट्रग्रेˈश्न्) **ना.** प्रतीपगमन, विपरीत गति, विपरीत गमन; विकासको परावृत्ति, कम उत्कर्षको अवस्थामा फर्कनु, क्षय, ह्रास ।

retroject (रीˈट्रजेक्ट्) **क्रि.** पछाडि निक्षेप गर्नु, हेर्नु (साहित्यिक प्रयोगमा, मु० project को विपरीत अर्थमा) ।

retropulsion (रीट्रपल्ˈश्न्) **ना.** (रो० नि०) बाह्य रोगको आन्तरिक भागमा सराइ ।

retro-rocket (रे [रि]ˈट्र-रॅˈकेट्) **ना.** पृथ्वीको वायुमण्डलमा पुन: प्रवेश गर्न लाग्दा अन्तरिक्षयान इ० लाई धीमा गराउने सहायक क्षेप्यास्त्र, अग्निवाण ।

retrorse (रिट्रअ्र्स्ˈ) **वि.** (प्रा० इ०) पछाडि फर्केको, प्रत्यावृत्त ।

retrospect (रेˈट्रस्पेक्ट्) **ना.** साविक, अधिकार वा पूर्वपरिस्थितिको विचार; पृष्ठ दृश्य; भूतकाल वा घटनाको अवलोकन वा विचार; भूतावलोकन ।

retrospection (रेट्रस्पेक्ˈश्न्) **ना.** पृष्ठदर्शनको क्रिया, खा. ग. भूतकालको; पृष्ठदर्शनमा लाग्नु वा त्यसको बानी गर्नु ।

retrospective (रे [रि] ट्रस्पेक्ˈटिभ्) **वि.** पृष्ठदर्शनको, मा, वा गर्ने; (ऐन, नियमहरू) भविष्यमा सीमित नरही भूत क्रियाहरूको समेत दण्ड दिन सक्ने गरी विधान गरिएको, भूतापेक्ष, गतकाल सापेक्ष; भूतकालमा समेत लागू हुने; पछिल्तिर क्रिया गर्ने ।

retrousse (रट्रूˈसे) **वि.** माथि फर्केको (ज. कि [खा. ग.] नाक) (फ्रे०) ।

retrevert (रीˈट्रभेअ्र्ट्) **क्रि.** पछाडि फर्कनु (खा. ग. कृदन्तमा, पाठेघरको बारे) ।

rettery (रेˈटरि) **ना.** सन, सन भिजाउने र चुट्ने ठाउँ ।

return (रिटअ्र्न्ˈ) **क्रि., ना.** र **वि.** फर्कनु, फर्काउनु, बदला गर्नु, तिर्नु; उत्तर दिनु; औपचारिक तौरबाट प्रश्नको उत्तर दिनु; **ना.** पुनरागमन, प्रत्यावर्तन, वापसी, बदला, आमद, परिणाम; (भव०) मोहडाको लाइनबाट भित्र सर्ने भाग, ज. कि घरको छेउ, वा झ्यालको प्वाल; (व्यवसायको) आमदानी वा मुनाफा; उम्मेदवारको निर्वाचनमा विजय; तथ्याङ्क बारेको प्रतिवेदन; (ब. व.) तथ्याङ्क; वि. फिर्ती; फिर्ती टिकट; फिर्ती खेल ।

retuse (रिट्युस्ˈ) **वि.** (वन०, की० वि०) छेउ चौडा र बीचमा खोपिल्टो परेको (पात वा सदृश भाग) ।

reunion (रियुˈनियन्) **ना.** पुनर्मिलन, एकीकरण, समागम, पुनर्सङ्गम; समान रुचिका व्यक्तिहरूको सामाजिक जमघट; बिछोड भएकाहरूको जमघट ।

reunionist,–ism (रियुˈनियनिस्ट्) **ना.** रोमन क्याथलिक र एंग्लिकन सम्प्रदायहरूमा एकीकरण चाहने, पक्षपाती ।

reunite (रियुनाइट्ˈ) **क्रि.** फेरि जोरिनु, पुन: संयोजन हुनु ।

rev (रेभ्) **ना.** र **क्रि.** (बो. चा.) revolution को छो. क., घुर्णन, घुमाइ;—up (मोटरको इंजिनलाई) शुरू शुरूमा चलाउँदा बेसरी घुम्न लाउनु ।

revalenta (रेभलेन्ˈटा) **ना.** मटर र जैको पीठोको खाना बनाएको ।

revalorization,–is– (रिभ्यालराइजेˈश्न्) **ना.** कुनै देशको मुद्राको मूल्य फेरि कायम गर्नु, पुनर्मूल्यन गर्नु ।

revalue (रिभ्याˈलु) **क्रि.** पुनर्मूल्यन गर्नु; revaluation **ना.** पुनर्मूल्यन ।

reveal (रिभील्') **क्रि.** अति प्राकृतिक उपाय वा प्रेरणाद्वारा बोध गराइदिनु (ईश्वरबाट); खोल्नु, भण्डाफोर गर्नु, गुह्य बताउनु; धोखा दिनु, विश्वासघात गर्नु; देखाउनु, देखिने गराउनु;—itself आफैं देखापर्नु;—ed प्रकाशित;—ed religion, natural religion को विपरीत;—able **वि.** खोलिने योग्य; **ना.** झ्याल, ढोका, खोपा, इ० को भित्री तह ।

reveille (रिभि (मे)'लि) **ना.** विहान सवेरै विगुल वा ढोलमा बजाइने (उठाउने) सैनिक इशारा, रभेली; जागरण ।

revel (रिभेल्) क्रि. (-ll-) र **ना.** रमाइलो गर्नु, शोरगुल सहित मोजमज्जा गर्नु, तुमुल पान महोत्सव गर्नु;—ler **ना.** मौजी, पियक्कड;—*ling* **ना.** पिउने उत्सव;—ry **ना.** पान महोत्सव, संपीति, मोजमज्जा ।

revelation (रेभिले'शन्) **ना.** प्रकाशन, आविष्करण, श्रुतिप्रकाश; भण्डाफोर; (कुनै कुराको) खोलाइ, प्रकाशन;—ist **ना.** बाइबलको एक अध्याय Revelation को लेखक; ईश्वरीय प्रकाशनमा विश्वास गर्ने ।

revenant (र'भेनाँ) **ना.** मरेकोबाट वा लामू निर्वासनबाट फर्केको व्यक्ति (फ्रे०) ।

revendication (रिभेण्डिके'श्न्) **ना.** (कूट०) गुमेको मुलुक, क्षेत्र, इ० को पुनः दावा वा त्यसरी फिर्ता पाएको, पुनर्प्राप्ति ।

revenge (रिभेन्ज्') **क्रि.** र **ना.** बदला गरेर सन्तोष मान्नु; रिस फेर्नु, बदला गर्नु, वैरसाधन गर्नु, अपराधको लागि शोध गर्नु; बदला लिनु; **ना.** प्रत्यपकार, प्रतिहिंसा, प्रतिकार, साटोफेराइ, अखज, रिस, बदलाको इच्छा;—ful **वि.** प्रतिहिंसाशील, अक्षमी; **ना.** (खेलमा) हार्ने पक्षलाई अघिल्लो फैसला उल्टाउनालाई एक मौका दिन फिर्ती खेल खेल्ने चलन, give one his—।

revenue (रे'भिन्यु) **ना.** कुनै स्रोतबाट खा. ग. ठूलो रकमको आमदानी, राजकर, राजस्व, कर, तिरो, भरो, कूत, बाली; राष्ट्रको सालियाना आय; land—मालपोत, तिरो ।

reverberat/e (रिभेऽर्'बरेट्) **क्रि.** (ध्वनि) फर्काउनु, अनुनाद गर्नु, घन्काउनु, घन्कनु, प्रतिध्वनित गर्नु, प्रत्यावर्तन गर्नु; त्यसै गरी प्रकाश, ताप, फर्काउनु; (बल, भकुण्डो) उफ्रनु, प्रतिक्षिप्त हुनु; (विर०) (भावना, इ०) प्रतिक्रिया गर्नु;—ing furnace or kiln तापलाई कारवाई हुन लागेको वस्तुमा फर्काउने गरी बनाएको भट्टी;—ory **वि.** र **ना.** प्रत्यावर्तक;—tion **ना.** प्रतिध्वनि, निनाद, गर्जन, प्रतिक्षेप ।

reverberator (रिभेऽर्'बरेटर्) **ना.** परावर्त्तक, फर्काउने, खा. ग. उज्यालो फर्काउने बत्ती ।

reyere (रिभिऽर्') **क्रि.** मान्नु, पुज्नु, अर्चना गर्नु, सम्मान गर्नु, भक्ति गर्नु ।

reveren/ce (रे'भरन्स्) **ना.** र **क्रि.** श्रद्धा, सत्कार, आदर, सम्मान, धक, भक्ति; (आ०) भक्ति देखाउने चेष्टा, निहुराइ, नमस्कार, इ०; **क्रि.** श्रद्धा गर्नु; your—ce (आ०, ठट्टा० वा ग्रा०) पादरीको आदरार्थी सम्बोधन;—tial (—न्'शल् **वि.** भक्तिमत् ।

reverend (रे'भरण्ड्) **वि.** र **ना.** भक्तियोग्य, पूज्य, अर्चनीय, आर्य, पूजार्ह; वि. पादरीहरूको ।

reverent (रे'भरण्ट्) **वि.** भक्तिमत्, सादर, भक्तिपूर्वक ।

reverie (रे'भरि) **ना.** ध्यान, चिन्तन, तर्कना, भावना, तन्द्रा, मोह, ध्यानमग्न अवस्था, टोल्हाएको अवस्था, एकाग्रता; (संगीत) स्वप्नवत् वाद्य रचना ।

revers (रेभेऽर्') **ना.** (कोट, चोलो, इ०) भित्री देखाउने गरी दोब्र्याएको छेउ भएको ।

reverse (रिभऽर्स्') **वि.** विपरीत वा उल्टो, पृष्ठ, पृष्ठभाग, पछाडिको, उभिण्डो;—side तसवीर, मुद्रा, को उल्टोपट्टि;—fire,—battery, इ० शत्रुको पृष्ठभागमा ताकिएको;—flank घुम्दा (फौज) धूरछेउको उल्टो ।

rever/se (रिभऽर्स्') **क्रि.** उल्टोपट्टि फर्कनु, उत्क्रमण गर्नु, पछि चल्नु, पछाडि हाँक्नु, पल्टाउनु, उल्टाउनु, उल्टो स्वभाव वा प्रभावको गराउनु; खारिज गर्नु, धुलाउनु, रद्द गर्नु, (नाचः वाल्ट्स्) उल्टोपट्टि घुम्नु;—se arms शोक प्रकट गर्न कुन्दा माथि पारेर;—se motion, policy, order, engine, इ०—उल्टो चाल लिन लगाउनु, उल्टाउनु,—sal **ना.** परावृत्ति, उल्टाइ, फर्काइ, विपर्यास ।

reverse (रिभऽर्स्') **ना.** र **क्रि.** विपरीत; (मुद्राको) उल्टोपट्टिको लेखाइ वा चिह्न; आपत, वित्यास, भडखारो, विपद, वैपरीत्य, पराजय (लडाइँमा); **क्रि.** फर्काउनु, उल्टाउनु; in—(मोटर हँकाइमा) गाडी पछाडि चल्ने गरी ।

reversi (रिभऽर्'सि) **ना.** चारखाने बुद्धिचालको पाटीमा रंगीन गोटी भएको खेल ।

revers/ibility (रिभऽर्'सिबिलिटि) **ना.** उत्क्रमणीयता;—ible (रिभऽर्'सिब्ल्) **वि.** उत्क्रमणीय ।

reversion (रिभऽर्'श्न्) **ना.** प्रत्यावृत्ति, पुनरागमन, परावृत्ति, उत्तराधिकार; मृत्युपश्चात् जीवन बीमाको रूपमा दिइने रकम; अर्काले छोडेपछि पाउने आशा वा हक भएको वस्तु; पूर्वावस्था, स्वभाव, इ० र खा. ग. (प्रा० वि०) पैत्रिक, पुर्ख्यौली, बान्कीपट्टि फर्कनु;—al,—ary **वि.** प्रत्यावृत्तीय, उत्तरभोग्य ।

revert (रिभऽर्ट्') **क्रि.** र **ना.** (विर०) फर्कनु; (सम्पत्ति, पद, इ.) प्रत्यावृत्तिबाट प्राप्त हुनु; पूर्वस्थितिमा फर्कनु; मन वा वचनमा विषयपट्टि फर्कनु; आँखा, (कहिलेकाहीं पाइला) फर्काउनु; **ना.** (convert, pervert को सादृश्यबाट) आफ्नू पूर्वधर्ममा फर्कने व्यक्ति; स्वधर्म पुनः लिने ।

revertible (रिभऽर्'टिब्ल्) वि. (सम्पत्ति) प्रत्यावृत्ति हुन सक्ने ।

revet (रिभेट्') **क्रि** (गढ) भित्ता, पर्खाल, वज्रले मोहडा बनाउनु; वज्रको लिउन दिनु;—ment **ना.** घेर्ने भित्ता वा मोहडा ।

revictual (रिभि'टल्) **क्रि.** (सकिएको) रसद पानी फेरि पूरा गराउनु ।

review (रिभ्यू') **ना.** समीक्षा, सिंहावलोकन, समालोचना (खा. ग. कानूनी); फौजको प्रदर्शन र औपचारिक निरीक्षण, नौसेना, वायुसेना, को ऐ०; पृष्ठ दृश्य, भूतावलोकन; बितेको समयको विचार र संस्मना; पुस्तक, व्याख्यापूर्ण समालोचना; चालू विषय र घटनाहरू, कला, नयाँ ग्रन्थहरू, इ० को बारेमा लेखहरू रहेको सामयिक पत्रिका; (ऐन०) not subject to—नदोहऱ्याइने; court of—फैसला अनुमोदनको लागि पेश हुने;—order (सेना०) फौजी निरीक्षणको पोशाक र अरू बन्दोबस्तको विवरणसहितको उर्दी ।

review (रिभ्यू') **क्रि.** फेरि अवलोकन गर्नु, पुनरालोकन, पुनरावलोकन गर्नु, जाँच्नु, जाँचिनु, फेरि निरीक्षण गर्नु; दोहोराइ, संशोधन, गर्नु, हेर्नु, नजर लगाउनु, अवलोकन गर्नु, सर्भेक्षण गर्नु, पछि हेर्नु; पुस्तक इ० को समीक्षा गर्नु; लेख लेख्नु, खा. ग. समालोचनात्मक लेख;—er **ना.** समीक्षक, समालोचक ।

revile (रिभाइल्') **क्रि.** निन्दा गर्नु, भर्त्सना गर्नु, नराम्रो गाली गर्नु, गाली गलौज गर्नु ।

revis/e (रिभाइज्') **क्रि.** र **ना.** दोहोऱ्याउनु, संशोधन गर्नु; R—ed version (बाइबलको) संशोधित संस्करण;—al **ना.** दोहोऱ्याइ;—ion (रिभी'ज्न्) **ना.** पुनर्परीक्षा, संशोधन;—ory **वि.** पुनरावृत्तीय ।

revisit (रिभि'जिट्) **क्रि.** फेरि आउनु, जानु ।

revival (रिभाइ'भल्) **ना.** संजीवन, चेतनालाभ, प्रबोध, पुनरुज्जीवन, उद्धार, पुनरुत्साह, पुनर्प्रेरणा; चलन, चालूपना ।

revive (रिभाइभ्') **क्रि.** फेरि जियाउनु, पुनः जीवित गर्नु, ब्युँताउनु, होशमा ल्याउनु, चेतना लाभ गर्नु; (र० शा०) खा. ग. पारो, धातु, लाई स्वाभाविक रूप दिनु ।

reviver (रिभाइ'भर्) **ना.** शाब्दिक अर्थमा; खा. ग. (अप०) उत्तेजक पेय; उडेको वा फिका भएको रंगलाई जगाउने मिश्रण ।

revivi/fy (रिभि'भिफाइ) **क्रि.** फेरि फूर्ति जगाउनु, बलवर्द्धन गराउनु, पुनरुज्जीवित गराउनु; (र० शा०) revive को अर्थमा;—fication **ना.** संजीवन; पुनरुज्जीवन ।

revivi/scence (रेभिभि'सेन्स्) **ना.**—scent **वि.** जीवनपट्टि, वीर्यपट्टि, फर्कने ।

revivor (रिभाइ'भर्) **ना.** (ऐन०) झगडियाको मृत्यु, इ० पछि फेरि मुद्दा चालू गर्ने कारवाई ।

revo/ke (रिभोक्') **क्रि.** र **ना.** खारिज गर्नु, रद्द गर्नु, वापस लिनु, बदर गर्नु, धुलाउनु, फिर्ता लिनु (आदेश, मन्जूरी, प्रतिज्ञा, आज्ञा, इ०); (ताश) रंग नखेल्नु; **ना.** ताशमा बेरंग खेल; (विर०) वापसी;—cable **वि.** वापस हुन सक्ने, (ब्याङ्क) खारिज गर्न सकिने;—cable credit खारिज हुन सक्ने जम्बा;—catory निवर्तनीय;—cation **ना.** खण्डन, प्रत्यादेश; खारेजी, बदर ।

revolt (रिभोल्ट्') **क्रि.** र **ना.** द्रोह गर्नु, बागी हुनु, विद्रोह गर्नु; शासकको विरुद्ध उठ्नु, खडा हुनु, विरोधी पक्षपट्टि जानु; विरक्ति, घीन, मान्नु; घिनाउनु, विमुख हुनु; वाक्क पार्नु, अमन गर्नु; **ना.** बलवा, बगावत, बंवाड, महोत्पात ।

revolute (रे'भलुट्,—ल्युट्) **वि.** र **क्रि.** (वन०, इ०) पछि फर्केको छेउ भएको; **क्रि.** (अप०) राजनैतिक बगावतमा लाग्नु ।

revolution (रेभलु [ल्यु]'शन्) **ना.** परिक्रमा, आवर्तन; पूर्ण परिवर्तन, बंवाड, विप्लव, क्रान्ति, उलटफेर; industrial —यंत्रको आविष्कारले गर्दा औद्योगिक उत्पादनमा भएको ठूलो परिवर्तन ।

revolutionary (रेभलु [ल्यु]'शनरि) **वि.** र **ना.** विप्लव (गराउने); ठूलो र हिंसात्मक परिवर्तन ल्याउने; (विर०) घुम्ने वा परिक्रमा गर्ने ।

revolv/e (रिभॅल्भ्') **क्रि.** घुम्नु, घूर्णन गर्नु, परिक्रमा गर्नु, अक्षको चारैतिर घुम्नु; (मनमा) कुरा खेलाउनु, घोरिनु, गम खानु;—ing **वि.** घुम्ने, घुमन्ते;—ing credit घुम्ती जम्बा; —ing fund घुम्ती कोष ।

revolver (रिभॅल्'भर्) **ना.** घुम्ने कोठा भएको पिस्तोल, पेस्तोल, जसबाट गोली फेरि नहाली कैयौं पटक गोली चलाउन सकिन्छ; रिभल्भर; policy of the big—शक्तिले (साना राष्ट्रलाई) तर्साउने नीति ।

revue (रिभ्यू') **ना.** खुकुलोसँग रचना गरिएको, वा दृश्य वा शानदार दृश्य कौतुकहरूको श्रेणी रहेको, वर्तमान घटनाहरूमाथि टिप्पणी वा ठट्टा गर्ने प्रकारको नाटकीय अभिनय, कुनैमा संगीतको बढता भाग पनि रहन्छ; प्रहसन ।

revulsion (रिभल्'श्न्) **ना.** विपरीत उत्तेजना, उच्चाट, अघाइ; अचानक र आघातपूर्ण भावनाको परिवर्तन; स्वाद, मिजास भाग्य, व्यापार, इ० मा अचानकको प्रतिक्रिया र फेरफार; विराग, विरक्ति; दिगमिग, सिकसिको ।

revulsive (रिभल्'सिभ्) **वि.** र **ना.** (मु० भैष०) विरक्तिको, विराग पैदा गर्ने ।

reward (रिवअ्‌र्ड') **ना.** र **क्रि.** बक्सिस, बकस, इनाम, खिल्लत, पनाउनी, पनौनी, खैरात, पुरस्कार, दान, वेतन, दक्षिणा, पारितोषिक, प्रतिदान, मूल्य, बदला, फिर्ता; बक्स दिनु, इनाम दिनु, शिरपाउ दिनु;—ing **वि.** (काम, पुस्तक, मेहनत, इ०) गर्ने योग्य, पढ्ने योग्य, लाभदायक, इ० ।

Rex (रेक्स्) **ना.** छो. क. R., शासनारूढ राजा (ल्या०) ।

Reynard (रे [रि]'नर्ड्) **ना.** स्यालको व्यक्तिगत नाम ।

rhabdomancy (र्याब्'डम्यान्सि) **ना.** सानू काठको सहाराले शकुन हेर्नु, खा. ग. भैँमनिको पानी पत्ता लगाउनु ।

Rhadaman/thus (र्या [ह्या] डम्यान्'थस्) **ना.** कडा र अदूष्य न्यायाधीश, यमराज;—thine **वि.** कट्टर, पक्षपातरहित ।

Rhaetian (री [ह्री]' श्न्) **वि.** र **ना.**—Alps आल्प् पर्वतमालाको भाग; Rhaetic **वि.** Alps पर्वतमालाको भागको चट्टानको स्तर ।

rhapsode (र्या [ह्या] प्'सोड्) **ना.** प्राचीन ग्रीक भाट,

वा गाइने।

rhapsodize (न्या [ह्या] प्'सडाइज्) **क्रि.** भट्ट्याउनु; काव्य लेख्नु वा बाँच्नु।

rhapsod/y (न्या [ह्या] प्'सडि) **ना.** (ग्री० प्राची० इ०) महाकाव्य, वा एक पाठमा बाँच्न सकिने त्यसको भाग; असंवद्ध वचन वा रचना; उत्साहपूर्ण, अमित वा अनर्गल, वढेचढेको, भावपूर्ण, लेखाइ; उद्गार;—ic,—ical (न्याप्सॅ'डिक्,–कल्) **वि.** असंगत, अनन्वित, निरन्वय, असंवद्ध।

rhea (ही [री]' अ) **ना.** तीन नंग्रे अस्ट्रिच चरो।

Rhemish (री [ही]' मिश्) **वि.** Rheims रीम्स सहरको; (सो सहरमा अंग्रेजीमा अनुदित वाइवल)।

Rhenish (हे [रे]'निश्) **वि.** र **ना.** (आ०) राहिन नदी र त्यसको किनाराको प्रदेशको, सो ठाउँको मदिरा किसिम।

rhenium (ही [री]' निअम्) **ना.** अलभ्य धातुक तत्व, रेनियम।

rheo–,reo (ही [री] अ) ग्री० उ.=नदी–;—logy **ना.** प्रवाह विज्ञान;—logical **वि.** प्रवाह वैज्ञानिक।

rhesus (हि [री]'सस्) **ना.** वाँदरको किसिम; R–factor (छो. क. Rh—factor), रगतको रातो कोषमा धेरैजसो मानिसमा रहने वस्तु; हुनेलाई आर एइच धनात्मक र नहुनेलाई नकारात्मक आर एइच भन्दछन्।

rhetor (हे [रे]' टर्) **ना.** प्राचीन ग्रीक वा रोमन पण्डित जसले अलङ्कार पढाउँथ्यो; (विर०) ओजस्वी वक्ता (मात्र)।

rhetoric (हे [रे]' टरिक्) **ना.** अलंकारशास्त्र, अलंकार विद्या; फुस्ल्याउने वा प्रभाव पार्ने उद्देश्यले व्यवहार गरिएको भाषा जसमा असरलता वा अतिशयोक्तिको गन्ध रहन्छ;—al **वि.** कृत्रिम, वा अतिशयोक्तिपूर्ण, बढेचढेको, भाषा भएको; आलंकारिक, अलंकारमय; अलंकारविषयक;—al question उत्तरका निमित्त होइन कि प्रभाव पार्नाको लागि सोधिएको, आलंकारिक;—ian (हे (रे) टरि'श्न्) **ना.** अलंकारशास्त्री, अलंकारशास्त्रज्ञ;—expression वाक्यालंकार; वाग्मी, प्रवक्ता।

rheum (रुम) **ना.** (आ०) (शरीरको कुनै अंगबाट निस्कने) पानी, नेत्रमल, कचेरा, कचरा, स्राव, श्लेष्मा, कफ, खकार, आँसु, चिप्रा; (व. व.) वातपीडा।

rheumat/ic (रुम्या'टिक्) **वि.** र **ना.** वातको, वातीय; **ना.** वातुल, वातग्रस्त;—ickey **वि.** (वो. चा.) वातीय, वातको; —oid **वि.** वातीय;—ic walk वातले खोच्याएको हिंडाइ।

rheumatism (रु'मटिज़्म्) (ग्रा०)—tiz **ना.** वात, वातरोग, बाथ; acute—वातज्वर।

rheumy (रु'मि) **वि.** (आ०) आँसु वग्ने, चिम्से, चिप्रा लागेको; (हावा, वायु) चिसो, छेड्ने।

rhinal (हा (रा) इ'नल्) **वि.** (श० वि०, इ०) नाक वा नाकको फोराको।

rhine (रीन्) **ना.** (ग्रा०) खुला वडेमाको खाल्डो।

Rhine (राइन्) **ना.** जर्मनीको नदी;—wine सो प्रदेशको सेतो मदिरा;—stone चट्टान मणिभ, हीराको नकल गर्ने कृत्रिम मणि।

rhinitis (हा (रा) इ नाइ'टिस्) **ना.** पिनास।

rhino (राइ'नो) **ना.** गैंडा rhinoceros (राइनॅ'सरस्) को छो. क. (अप०) दाम, धे. ज. ready—नगद।

rhinoceros (राइनॅ'सरस्) **ना.** गैंडा।

rho (हो, रो) **ना.** ग्रीक अक्षर P, ϕ, रो।

Rhode Island Red (रोड् आइ'ल्याण्ड् रेड्) **ना.** कुखुराको (अमरिकन) जात।

Rhodes scholar (रोड्ज़् स्कॅ'लर्) **ना.** रोड्स छात्रवृत्ति पाउने व्यक्ति।

Rhodian (रो'डिअन्) **वि.** र **ना.** रोड्स टापूको (वासिन्दा)।

rhodium (रो'डिअम्) **ना.** (—-wood पनि); वास्ना आउने काठको किसिम; कडा सेतो धातुक तत्व, रोडियम।

rhododendron (रोडडेन्'ड्रन्) **ना.** फूलको जात, रोडोडेन्ड्रन ; गुराँस; लाली गुराँस।

rhomb (रॅम्) **ना.** समचतुर्भुज; (मणिभ) सवै मुख समचतुर्भुज आकारको भएको।

rhomboid (रॅम्'वॅयड्) **वि.** र **ना.** समचतुर्भुजको आकारको वा सो जस्तो; आमने सामनेका बाहु र कोण बराबर हुने चतुर्भुज;—muscle पाताको हाडलाई करङ्गसँग जोड्ने मांसपेशी।

rhomboidal (रॅम्बॉय'डल्) **वि.** समचतुर्भुजको आकारको।

rhombus (रॅम्'बस्) **ना.** (व. व.—buses,—b)= rhomb; माछाको प्रकार।

rhotacism (रो'टसिज़्म्) **ना.** rhotacize,—ise (रो'टसाइज़्) **क्रि.** र अक्षरको ज्यादा वा विचित्रको उच्चारण; अरूध्वनिलाई "र" बनाउनु, वा सो गर्ने क्रिया या बानी।

rhubarb (रु'बाऽर्ब्) **ना.** रेवन्त चीनी, रुबर्व।

rhumb (रम्) **ना.** (नौ०) सबै मध्याह्न वा रेखान्तरहरूलाई एकै कोणमा काट्ने रेखा।

rhyme, rime (राइम्) **ना.** र **क्रि.** यमक, अन्त्यानुप्रास; अनुप्रासयुक्त कविता वा काव्य; अनुप्रास, खा. ग. अन्त्यानुप्रास; feminine—दोहोरो अनुप्रास; imperfect—राम्ररी नमिल्ने; without—or reason बेकामको, अप्रसंगको, बेमतलबको; nursery—e बालकविता;—royal सात दश वाक्यांश भएका पंक्तिहरूको श्लोक हुने कविता; **क्रि.** कविता लेख्नु; अन्त्यानुप्रास मिलाउनु; rhyming dictionary अन्त्यानुप्रास देखिने गरी कविहरूको लागि तयार गरिएको शब्दकोष।

rhythm (रि'द्म्, रि'थम्) **ना.** ताल, लय; (कला) अंग वा अवयवहरूको तालबद्ध समन्वयन; (भौ० शा०, श० क्रि० वि० र साधारण) जोरदार र कमजोर तत्वहरूको क्रमबद्ध श्रेणीको तालसहित; तालबद्धता;—ic,—cal **वि.** तालबद्ध, लयानुगत, तालअनुगत।

riant (रा'यण्ट्) **वि.** हँसमुख, खुशी, मिजासिलो (अनुहार, आँखा, र खा. ग. दृश्य)।

rib (रिब्) **ना.** र **क्रि.** करङ्ग, पार्श्वास्थि, डाँठ, रेखा, वृत्ति,

अडान, लठ्ठा; true, sternal—अगाडि पछाडि जोडिएको; false, floating, short—त्यसरी छातीपट्टिको करङ्गसँग नजोडिएको; poke in the—s कोट्ट्याउनु, घोच्नु; smite under the fifth—मर्ने गरी छुरा हान्नु; spare—सुङ्गुरको करङ्ग (खानाको रूपमा); (ठट्टा०) स्त्री, स्वास्नी; **क्रि.** डाँठ हाल्नु, अडान हाल्नु; डयाङ्ग बनाउनु; सियोको बीचमा कान्ह्ला पारेर जोत्नु; (अप०) ठट्टा गर्नु, जिस्क्याउनु ।

ribald (रि'वल्ड) **ना.** र **वि.** मसखरा, ठट्टाबाज, फोहर बोली बोल्ने; **वि.** (भाषा वा त्यसको प्रयोग गर्ने) गालीपूर्ण अश्लील, फोहोरी, अनादरी, अवज्ञाकारी, दुरुक्त, दुर्वाच्य;—ry **ना.** अश्लीलता, मौखर्य, मसखरी, फोहोर **क्रि.** हिलिनु, छिल्लिनु ।

riband (रि'वण्ड्) **ना.** ribanded **वि.**=ribon (ed) फिता, फित्ता; फित्तादार ।

ribband (रि'वण्ड्) **ना.** (काठको) जहाज बनाउँदा प्रयोग हुने विशेष प्रकारका काठको तखता ।

ribbon (रि'वन्) **ना.** फिता, फित्ता, नातो, केशबन्ध, वेणीवन्ध, लाछा, धागो; कुनै कुराको लामू साँगुरो धर्सो वा लम्बाइ; फिता जस्तो वस्तु वा चिह्न; (ब. व.) बग्गीको लगाम, धर्सो; blue—ब्रिटिश सम्मान गार्टरको नीलो रंगको फित्ता, कुनै कुरामा सर्वोत्तम चीज; torn to—s धर्सो धर्सो भएर च्यातिएको, धुजाधुजा भएको, छिया छिया भएको;—building,—development मूल बाटोमा बराबर घर बनाउँदै लैजानु, शहरबाहिरपट्टि अग्रसर हुने विकास ।

ribes (राइ'बीज्) **ना.** (वन०) मनक्का वा गूजबेरीको बिरुवा; (लोक०) फुल्ने मनक्का ।

Ribston pippin (रि'ब्स्टन् पि'पिन्) **ना.** खाने स्याउको जात ।

Ricardian (रिकाअ्र्'डिअन्) **वि.** र **ना.** विलायतका राजनैतिक अर्थशास्त्री रिकार्डोको चेला वा अनुयायी ।

rice (राइस्) **ना.** चामल; fried—मूरी, खट्टे;— -milk खीर;— -paper फर्मोसाको बिरुवाबाट बन्ने कागत (भूलले चामलको नाम दिइएको) जसमा चीनिया कलाकारहरूले प्रख्यात तसवीर लेख्दछन्;— -water माँड ।

rich (रिच्) **वि.** धनी, धनाढ्य; (देश, माटो, युग, इ०) प्राकृतिक साधनले भरपूर, उपजाउ; बहुमूल्य; (पोशाक, साजसामान, भवन, भोज, इ०) शानदार, मूल्यवान, ठाँटको; (खाना वा पथ्य) ज्यादा चिल्लो, फुल धेरै परेको, वा पिरो, गरिष्ट; (रंग, ध्वनि, गन्ध) चर्को, गाढा; प्रशस्त, पुग्ने, विपुल; (घटना) रमाइलो, मनोरञ्जनपूर्ण; (अन्तरदहन यंत्रमा हाल्ने मिश्रण) सुगम दाह्य; अलेख, खजित, माथवर, ठालू, अदाछे ।

Richard (रि'चर्ड) **ना.** व्यक्तिगत नाम;—Roe ऐन० मा कृत्रिम नाम, ज. कि John Doe;—'s himself again रोग, डर, कष्ट, इ० बाट मुक्त भएको व्यक्ति, फेरि आफैं भएको ।

riches (रि'चिज्) **ना.** (सा. ब. व. मात्र) ऐश्वर्य, वैभव, धन, संपद्, श्री सम्पत्ति, पूँजी, अर्थ, जेथा, जायदाद ।

richly (रिच्'लि) **क्रि. वि. वि.** अर्थमा; मु० deserve संग, पूर्णतया, बेसरी, राम्ररी, साफसँग ।

rick (रिक्) **ना.** र **क्रि.** कुन्यू, प्रजौल; **क्रि.** कुन्यू बनाउनु, कुन्यूमा राख्नु;— -cloth छोप्ने टारपालिन;— -stand पिंध;— -yard कुन्यू राख्ने ठाउँ ।

rickets (रि'किट्स्) **ना.** (ए. व. वा. ब. व.) बालरोग, जसमा हाड कमजोर हुन जान्छ; बालग्रह ।

rickety (रि'किटि) **वि.** बालग्रहले कमजोर पारेको; कमजोर, दह्रो गरी हिंड्न नसक्ने, लर्खराउने, जोर्नी कमजोर भएको, ढुट्ने, नअडेको (व्यक्ति, वस्तु र खा. ग. साजसामानको बारे), अस्थिर, थोत्रो, जीर्ण, जर्जर ।

ricksha (**w**) (रिकशॉ') **ना.** रिक्सा ।

ricochet (रि'कशे,—शेट्) **ना.** र **क्रि.** प्रक्षेप्य, मट्यांग्रा, र खा. ग. गोली वा गोलाको जमीन वा पानीउपरको उफ्रँदै अघि सर्ने गति; **क्रि.** (प्रक्षेप्य) उछिट्टिनु, एक वा बढी पटक उफ्रनु; (तोप, तोपन्दाज) कुद्ने गोलाले निशान गर्नु ।

rictus (रिक्'टस्) **ना.** व्यक्ति वा जन्तुको खुला मुखको प्रसार, चराको चुच्चो; अथवा फूलको दुई ओठे कोपिला ।

rid (रिड्) **क्रि.** (व्यक्ति वा थलोलाई) खाली गर्नु, बोझ हटाउनु; (आ०) खारिज गर्नु, सफा गर्नु, हटाउनु; (कीरा, फट्यांग्रा) हटाउनु;—dance **ना.** मुक्ति, मोक्ष, उद्धार, खा. ग. a good—dance ! हर्षको बोली, बाँचियो, बढारेर फ्याँक्नुपर्ने हावाले लग्यो !

riddle (रि'ड्ल्) **ना.** र **क्रि.** प्रश्न, वक्तव्य, वर्णन, इ० जसले श्रोताहरूको चतुऱ्याइँको परीक्षा गर्छ; कूट, प्रहेलिका, गाउँखाने कथा, भुलभुलैया; गोरखधन्धा, रहस्य, भ्रान्ति, रहस्यमय व्यक्ति, वस्तु वा घटना; **क्रि.** रहस्यमय ढाँचाले बोल्नु, सोध्नु, प्रश्न गर्नु ।

riddle (रि'ड्ल्) **ना.** र **क्रि.** खस्रो चाल्नी (अनाज, कंकड, बालुवा, गोल, इ० का निंति); **क्रि.** चाल्नु, छान्नु; (जहाज, व्यक्ति, पशु, इ०) छर्रा वा तोपले छियाछिया पार्नु; जिरह गर्नु, प्रश्नले हिर्काउनु; (व्यक्ति, सिद्धान्त, इ०) तथ्यले खण्डन गर्नु ।

ride (राइड्) **क्रि.** र **ना.** घोडा चढ्नु, चढ्नु (साइकल, मोटर, रेल); खुट्टा खसालेर बस्नु, चढ्नु, (जहाज) लङ्गर खसालेर बस्नु (पानीमा); उत्रनु; (सूर्य) पानीमा तैरेको जस्तो गरी चल्नु; **ना.** सार्वजनिक सवारीमा यात्रा, खा. ग. जङ्गलभित्र जाने घोडा चढ्ने बाटो; (सेना०) घोडचढी नयाँ भर्नाहरूको टोली;—roughshod अर्कोमाथि हैकम चलाउनु;—for a fall दुस्साहससँग काम गर्नु, हारलाई निम्त्याउनु;—over प्रतिद्वन्द्वी उपस्थित नभएर दौड जित्ने,—one's horse to death अति गर्नु; take for a—(अप०) कसैलाई मार्नाको लागि मोटरमा लैजानु ।

rider (राइ'डर्) **ना.** घोडचढी, सवार, दोरङ्गा, आरोही; अतिरिक्त दफा जसले कागत, लेख, लाई संशोधन गर्छ, खा. ग. संसदीय विधेयकमा; उपसिद्धान्त, अनुमान; राय, मन्तव्य, जो

फैसलामा थपिन्छ; (गणित) विद्यार्थीको ल्याकत जाँच्ने सवाल; यंत्रको त्यो पुर्जा जो अरूसँग पुल बाँध्छ, वा अरूमाथि रहेको हुन्छ ।

ridge (रिज्) **ना.** र **क्रि.** आलि, धूर, कान्छा, डयाङ, बीट, धर्सो, गारा; लामू साँगुरो पहाडको लेक, डाँडा; लामू ढिस्को; **क्रि.** (भैं) ढिस्को पार्नु; आलिले चिन्हु लाउनु; (तरकारी इ०) डयाङमा लाउनु; (समुद्र, इ०) पानी ढिस्को आकारमा सोहरिनु ।

ridicule (रि'डिक्युल्) **ना.** र **क्रि.** ठट्टा, हँसी, मसखरी, हाँसो उठ्ने कुरा, हास्यास्पद व्यक्ति, खिसी; **क्रि.** खिल्ली उडाउनु, दिल्लगी गर्नु, हँसी ठट्टा गर्नु, धज्जी उडाउनु ।

ridiculous (रिडि'क्युलस्) **वि.** हाँसोउठ्दो, गाइजात्रे, वेमुनासीव, फजूल, वाहियात ।

riding (राइ'डिङ्) **ना.** शाब्दिक अर्थमा; घोडचढीहरूको वाटो, जङ्गलको वाटो; विलायतको यर्कशायर प्रदेशका प्रशासकीय विभाजनहरू; East, West, North—।

Riesling (रीस्'लिङ्) **ना.** सेतो सुखा पेय ।

rifacimento (रिफाचिमेन्'टो) **ना.** साहित्यिक कृतिको पुनः सजाइएको रचना; सोही प्रकारका अरू कृति ।

rife (राइफ्) **वि.** व्यापक, वरावर पाइने या भेटिने, प्रचलित; वहुसंख्यक, विपुल, वेसरी खजित ।

Riff (रिफ्) **वि.** र **ना.** मरक्कोको रिफ इलाकाको ववंर जाति (को) ।

riffle (रि'फ्ल्) **क्रि.** (सुनको धुवाइ, सुन खन्दा) सुनको कण पक्रने सानू नली (नाद वा डूँडमा) ।

riff-raff (रिफ्' न्याफ्) **ना.** हूल; सानातिना, साधारण, उपद्रयाहा जस्ता देखिने, मानिसको समूह; प्राकृत जन ।

rifle (राइ'फ्ल्) **क्रि.** **ना.** खानतलाशीसाथ लुट्नु; खल्ती वा भँडारमा पाइने सवै माल खोजी खोजी लुट्नु; लूट रौं लैजानु; वन्दूक, ऐ. को नाल वा प्वालमा घुमाउरो धर्का काट्नु, जसले गर्दा गोलीलाई घुमाइदिन्छ; राइफल हान्नु; **ना.** राइफल, बन्दूक; (व. व.) राइफलधारी फौज;—-corps मिलिशिया;—-green गाढा हरियो;—-grenade राइफलद्वारा हुत्याइने गोला;—man सिपाही;—-pit खाडल, जसवाट शत्रुमाथि गोली हानिन्छ;—-range राइफलले हान्ने दूरता; राइफल अभ्यास गर्ने ठाउँ ।

rift (रिफ्ट्) **ना.** र **क्रि.** दरार, खोल्सो, छिद्र, धाँजा, फाटो (माटो वा पहाडमा); कुनै वस्तुमा चीर, फाटो, चिर्को, टूट; वादलमा प्वाल; (अलं०) फाटो, भ्रान्ति, भ्रम; little—within the lute झगडा वा पागलपनको शुरूआत जनाउने अलं० वोली; **क्रि.** (सा० कृदन्तमा) फोर्नु, चिर्नु ।

rig (रिग्) **क्रि.** र **ना.** जहाजलाई चाहिने सामान, डोडी, काठ, इ. पुऱ्याउनु; लुगा, इ. ले सजाउनु; (रचना) हडवडसाथ यताउतिको सामानले जड्नु वा खडा गराउनु; असत्ति चालले चलाउनु, कपट व्यवहार गर्नु;—the market वेकाइदासँग भाउको उतर चढ गराउनु; **ना.** जहाजको मस्तूल, पाल, सजिएको काइदा; ज. वा.—ged **वि.** सजिएको; व्यक्ति वा वस्तुको लुगा, सजावट, इ. वाट देखिने रूप; in full—(वो. चा.) छरितोसँग लुगा लाएको;—ging-loft जहाजमा साज मिलाउने अग्लो ठाउँ; (नाटक.) रंगमंचमाथिको ठाउँ जहाँबाट पर्दा, इ. तह लगाइन्छ; छल, कपट, ठग्ने काइदा; (व्यापार.) सौदाको एकुन्द्रीकरण—भाउ वढेपछि वेच्नालाई जम्वा पारेर लुकाउनु; अपूर्णतासँग विकसित, वा आधा मात्र आख्ता गरिएको भाले जनावर;—ging **ना.** डोरी, काठ, इ. साज ।

Riga (राइ [री]'गा) **ना.** वाल्टिक सागरमा रहेको वन्दरगाह;—balsam औषधिमा प्रयोग हुने वनस्पति तेल ।

rigadoon (रिगडुन्') **ना.** दुई जनाको फुर्तिलो वा रिमझिमको नाच; त्यसको संगीत ।

rigescent (रिगे'सेण्ट्) **वि.** ठर्रो हुने, केही दह्रो ।

rigger (रि'गर) **ना.** शाब्दिक अर्थमा, खा. ग. वायुयानको साज सामानको हेरचाह गर्ने; (यंत्र) अर्को चक्कावाट लोताद्वारा चल्ने चक्का; thimble-—ठग ।

right (राइट्) **वि.**, **क्रि.**, **ना.** र **क्रि. वि.** (आ) सोझो, सरल; (कोण) सम, ऋजु; सपरीत, सव्ल्याँटो, सप्ठेरो, सदर, वाजवी, दुरुस्त, हक, अधिकार, योग्य, उचित, ठीक, पर्याप्त, तैयार, ठिक्क; दाहिने, दक्षिण; न्याय्य, धर्म्य, सत्य, साधु; **क्रि.** सोझो पार्नु, ठीकसँग राख्नु, सन्तुलन प्राप्त गर्नु; वदला गर्नु, हर्जाना दिनु; शुद्ध गर्नु, भूल झिक्नु, हटाउनु; **ना.** हक, दैया, सत्व, सत्ता, अधिकार; सफाइ, दोषमुक्ति; (व. व.) ठीक अवस्था, यथार्थता; दक्षिण दिशा, दाहिने दिशा; **क्रि. वि.** सोझो; तुरुन्त, एकदम; ठीक; धेरै, पूर्णसँग; न्यायसँग, दाहिनेपट्टि (कमानको वोलीमा);—-angle समकोण, ऋजुकोण;—oh ! (अप.) ठीक ! हुन्छ !;—mind चेतना (वौलाहा होइन);—bank पानी वगेको पट्टि फर्कंदा दाहिनेपट्टि पर्ने किनारा;—and left चारैतिर, जतासुकै;—arm, hand मुख्य सहायक;—-hander दाहिने मुक्का वा दाहिने हात ज्यादा चल्ने व्यक्ति; divine—राजाको ईश्वरीय अधिकारको पहिलेको सिद्धान्त;—of way चलन चलतीले दिएको हिंड्ने हक; peeress in her own—स्त्रीको आफ्नै अधिकारले (विवाहवाट पाएको होइन); dead to—s पक्कासँग, नउम्किने गरी, जकडवन्दमा; serial—s क्रमिक प्रकाशनको सत्ता ।

righteous (राइ'चस्) **वि॰** न्यायी, सच्चरित्र, ईमानदार, साधुवृत्त, सुशील;—ness **ना.** सदाचार, धर्म ।

rightful (राइट्'फुल्) **वि.** जायज, न्यायपूर्ण, साधिकार, यथोचित, हकदार, दैयादार ।

rightly (राइट्'लि) **क्रि. वि.** ठीकसँग, उचित, जायज तरीकाले ।

right side (राइट्'साइड्) (out, up) **वि.** सुल्टो, सव्ल्याँटो (chiefly of clothes) ।

rigid (रि'जिड्) **वि.** ठर्रो, दह्रो, दृढ़, अरठ्ठ, अनम्य; कडा, कठिन, घन, नियमनिष्ठ, सूक्ष्म नियमनिष्ठ;—ity **ना.** आकार स्थापिकत्व ।

rigmarole (रिग्'मरोल्) **ना.** अण्टसण्ट, फजूल कुरा, अनर्थक कथा, प्रलाप, बाह्रसत्ताईस कुरा, रङ्ग न ढङ्गको कुरा: उल्टा सीधो कुरा ।

rigor (राइ'गअर्) **ना.** (रो. नि.) ज्वरअगाडि अचानकको जाडो र कम्प;—mortis मृत्युपश्चात् शरीर कडा हुने ।

rigour (रि'गर्) **ना.** दृढ़ता, काठिन्य, कठोरता, कडाइ, (ब. व.) कडा कारवाई; नियमहरूको कड़ाइसाथ पालन; मौसिमको उग्रता; कष्ट, अकाल; तपस्या; कठोर आचरण वा सिद्धान्त; नैयायिक यथार्थता; याथार्थ्य;—s **ना.** कहर, भुटो;—ism (रि'गरिज्म्) **ना.** उग्रता;—ist **ना.** उग्रवादी;—ous (रि'गरस्) **वि.** कठोर, उग्र ।

rigsdag (रिग्ज़्'डयाग्) **ना.** डेनमार्कको संसद् (डेनिश) ।

riksdag (रिक्स्'डयाग्) **ना.** स्वीडेनको संसद् (स्वीडिश) ।

rile (राइल्) **क्रि.** रिस उठाउनु, चिढाउनु, इख्याउनु ।

rilievo (रिल्ये'भो) **ना.** =Relief, उठेको बुट्टा (इटा.) ।

rill (रिल्) **ना.** खोला, नाला, सानू नदी, कुलो ।

rille (रिल्) **ना.** (ज्यौ.) चन्द्रमाको सतहको कुलो वा साँगुरो उपत्यका ।

rilletts,-ettes (रिलेट्स्') **ना.** (ब. व.) मासु, (सुँगुर, (कुखुरा इ.) वा बोसो सानु चिरा पारेर काटी बनाएको परिकार ।

rim (रिम्) **ना.** र **क्रि.** पांग्राको बाहिरी चक्का (टायरभित्र रहने); चल्नाको आवरण वा साँचो; (कवि०) बाटुलो चीज, ज. कि golden—मुकुट; (नौ०) पानीको तह, उठेको किनारा वा छेउ, विशेष गरी बाटुलो कुराको छेउ; साँध;—-brake पांग्राको चक्कीमा लाग्ने थामुक; (आ०) भुँडीको छेउ, अंत्र-वेष्ठन; **क्रि.** किनारा हाल्नु, जड्नु; किनाराको काम दिनु;—less विना चक्का (खा. ग. चश्मा);—med **वि.** चक्का भएको ।

rime (राइम्) **ना.** र **क्रि.** अन्त्यानुप्रास=rhyme; (मु० कवि.) तुसारो; **क्रि.** अन्त्यानुप्रास गर्नु, तुसारो पर्नु; rimy **वि.** तुसारो परेको ।

rimer (राइ'मर्) **ना.** (प्वाल) ठूलो पार्ने ज्यावल;=reamer ।

Rimmon (रि'मन्) **ना.** वर्तमान सीरिया राष्ट्रको दमस्क शहर तिर पूर्वकालमा पूजा गरिने देवता; bow own in the house of R—आफ्नू सिद्धान्त छोड्नु ।

rimose, rimous (राइ'मोस् , राइ'मस्) **वि.** (ब.) प्वाल, खोल्सा, इ. धेरै भएको ।

rind (रिण्ड्) **ना.** र **क्रि.** बोक्रा, खाला, छिल्का, वल्कल, त्वचा, चर्म, (चीजको) बाहिरी कडा बोक्रा; सुँगुरको मासुको कडा बाहिरी पत्र; बाह्यरूप, बाह्य सतह; **क्रि.** छोडाउनु, बोक्रा झिक्नु ।

rinderpest (रिन्'डर्पेस्ट्) **ना.** उग्राउने जनावर, खा. ग. साँढे, बैल, को रोग; गाइवस्तुको रोग; खोरेत, खोन्याँत; खोरे ।

ring (रिङ्) **ना.** र **क्रि.** औंठी, छाप, साइमुन्द्रो; कुण्डल, चक्की, मुन्द्री; बाटुलो मोड, वेष्ठन, रचना; बाटुलो गरी बसेका मानिस, लाइएका रूख, इ.; (व्यापार.) बजारको नियंत्रणलाई मिलेर काम गर्ने गूट, समूह; अखाडा, रङ्गशाला; बाटुलो वा घुमाउरो पथ, घुम्ती **क्रि.** (बाज) घुमाउरो उडान गरी माथि जानु; घेर्नु; औंठी लाइदिनु, नत्थ्याउनु, नत्थी लाइदिनु; nose, arm—नत्थ, बाजु, इ.;—s of tree रूखको उमेर देखाउने एक केन्द्रक भित्री चक्काहरू; the—(घोडदौड) बाजी लगाउने पसल, व्यक्तिहरू;—bark **क्रि.** रूखलाई मार्न वा बढ्न नदिन बोक्रामा चक्का काट्नु;—-fence घेरा;—-finger देब्रे हातको साहिँली औंला;—leader (उपद्रवमा) नेता, अगुआ;—-man घोडदौडको बाजी राख्ने व्यक्ति;—-master अखाडाको हाकिम, खा. ग. सर्कसमा;—-stand औंठीदान;—worm दाद ।

ring (रिङ्) **क्रि.** बज्नु; (स्थान) प्रतिध्वनित गर्नु, गुँज्नु; (बोली वा अरू शब्द) गुँज्नु, स्मृतिमा अड्नु; (कान) कराउनु; (नोकर, इ० लाई डाक्न) घण्टी बजाउनु; (मूल ढोकामा) प्रवेशको निंति घण्टी बजाउनु;—the knell of... को अन्तको घोषणा गर्नु; समयको घोषणा गर्नु (घण्टी बजाएर);—up टेलिफोनद्वारा बोलाउनु;—off टेलीफोन वार्ता अन्त गर्नु; **ना.** (खा. ग. गिर्जामा) घण्टीहरूको सिलसिला; घण्टी बजाउने काम, वा घण्टीको आवाज; टेलीफोनमा बोलाहट ।

ringent (रिन्'जेण्ट) **वि.** आँ गरेको, मुख बाएको, ङिच्च परेको, (खा. ग. व० चौडा, दुई पाते दल, पत्र, भएको)

ringer (रि'ङर्) **ना.** पिन, कीला, मा खस्ने चक्का, लखेट्दा चक्का पारेर भाग्न खोज्ने स्याल; घण्टी बजाउने तरकीब, (अप. खा. ग. अम०) छद्मवेशी व्यक्ति, कसैको रूप लिने ।

ringlet (रिङ्'लेट्) **ना.** (विर०) सानू चक्का; औंठीको आकार; केशको घुम्रेको पाश वा अलक ।

rink (रिङ्क्) **ना.** र **क्रि.** विभिन्न खेलको लागि हिउँको विस्तार गरिएको जग्गा; **क्रि.** हिउँमा स्केट लाएर चिप्लनु ।

rinse (रिन्स्) **क्रि.** र **ना.** पखाल्नु, चुठ्नु, (लुगाबाट साबुन हटाउनालाई) चोपल्नु, चोख्याउनु; (खाने कुरो केही तरल वस्तुले) निल्नु; **ना.** पखाल; केश रंगको प्रकार ।

riot (रा'यट्) **ना.** र **क्रि.** व्यभिचार, दुराचार; तुमुलोत्सव, यथेच्छ पानोत्सव; केही कुरामा असीमित लग्गूपना, प्रदर्शन, वा उपभोग; (शिकार) विना विचार कुनै गन्धको पछि लाग्नु; हूल, दंगा, हुज्जत, उपद्रव, कोलाहल, झगडा, तकरार, कूटपीट, अराजकता; R–Act जुन ऐन हल्ला भएको ठाउँमा पढिएपछि पनि नहट्ने व्यक्तिहरू अपराधी बन्दछन्; read the R–Act अक्ष० र ठट्टा० अब हल्ला बन्द गर भन्ने सूचना (बाबू आमाले); **क्रि.** व्यभिचारमा बस्नु, मोजमज्जामा समय, पैसा, उडाउनु; दुराचारमा समय, जिन्दगी, बिताउनु; दंगा गर्नु, जसबाट—er **ना.** दंगाबाज, उपद्रयाहा,—ous तुमुलकारी, क्षोभकारी, दङ्गिलो ।

rip (रिप्) **ना.** रद्दी घोडा, व्यभिचारी व्यक्ति, व्यसनी; च्यात्ने काम, फटन, लामू फटन; नदी वा समुद्रमा पानीको विभिन्न तहको विस्तार; पानीको उत्ताउलो खण्ड ।

rip (रि **क्रि.** (वस्तु) काट्नु, च्यात्नु, ध्यार्रं पारेर च्यात्नु,

लामो धर्सो चिरिनु वा काटिनु; चिर्नु (काठ); छाना उधार्नु; उधारेर प्वाल, बाटो, बनाउनु; वेगसंग चिरिनु; वेगसंग जानु, हुत्तिनु; **ना.** च्यार्र, लामू चिरो;—-cord छाता (प्याराशूट) लाई खोलबाट छुटाउने डोरी ।

riparian (राइपे'ञ्रिअन्) **वि.** र **ना.** नदीकिनारको, मा (खा. ग.—proprietor, rights); **ना.** नदीकिनारको धनी ।

ripe (राइप्) **वि.** र **क्रि.** पाकेको; तयार, पूर्ण विकसित, प्रौढ, ठीक अवस्थामा, ज. कि—corn,—fruit;—lips रातो, पाकेको फल जस्तो;—beauty तरुनीको;—old age वयोवृद्ध; ripen **क्रि.** पाक्नु, पकाउनु, पाक्ने तुल्याउनु;—ness **ना.** पक्वावस्था; over—**वि.** छिप्पिएको ।

riposte (रिपोस्ट्') **ना.** र **क्रि.** तरवार खेलमा ज्वाट्टको जवाबी मार; (संक्र०) प्रतिघात, छिटो जवाफ; सरसोक्ति; **क्रि.** प्रतिघात गर्नु ।

ripper (रि'पर्) **ना.** (शा० अ० मा); खा. ग. छाना उधार्ने ज्यावल; करौंती; (अप०) बहुत बेश व्यक्ति वा चीज ।

ripping (रि'पिङ्) (क्रि. अप०) बेस, मजाको, उत्तम, रमाइलो, एक नम्बरको; good संग **क्रि.** वि. को रूप, ज. कि. had a—good time ।

ripple (रि'प्ल्) **ना.** र **क्रि.** सानू लहर, सुम्लो, तरङ्ग; केश, फिता, इ० मा लहर परेको; चढाउ उत्राउ हुने मधुर सजीव शब्द (कुराको);—-cloth ऊनी कपडाको प्रकार;—-mark पानी वा हावाले चट्टान, हिलो वा बालुवामा छोडेको चिह्न; **क्रि.** साना लहरको शब्द गर्नु, त्यस्तो बन्नु, त्यसरी चल्नु, इ०; ripplet **ना.** सानू लहर; ripply **वि.** सतरंग, तरंगित ।

Rip Van Winkle (रिप् भ्यान् वि'ङ्क्ल्) **ना.** बिलकुल पुरानो विचार भएको व्यक्ति; पुरानो खालको मान्छे ।

rise (राइज्) **क्रि.** उठ्नु, उदाउनु, उभिनु, झुल्कनु, उर्लनु, चर्कनु, बिछौना छाड्नु, (सभा, काम, बाट) उठ्नु, ठाडो हुनु, भै छाड्नु, फेरि जीउनु; शान्त नरहनु, वश्यता छाड्नु, बगावत गर्नु, विद्रोह मच्चाउनु; उठ्नु, चढ्नु, उड्नु, माथि जानु, सतहमा आउनु (पानीमा), बढी क्रियाशीलता वा गाढता देखाउनु; उन्नत सामाजिक स्थान लिनु, ठूलो हुनु, अग्लिनु; rising ground भिरालो जमीन; परिस्थितिलाई चाहिने सामर्थ्य झिक्नु; शुरू हुनु (मूलबाट) नदी इ० को ।

rise (राइज्) **ना.** उदय; चढाउ, आरोहण, उत्थान; उकालो, अग्लो, डिस्को; सामाजिक उन्नति, बढुवा; शक्ति, दर्जा, मोल, दाम, रकम, उँचाइ, तलब, ज्याला, इ० मा वृद्धि; माछा सतहमा उल्किनु; पाइला, गुम्बज, उकालोको उँचाइ; मूल, शुरूवात, चकचकी, भडक, रवाफ, जहकमहक, प्रारम्भ; riser **ना.** खुडकिलो; take a—out of रिस वा कमजोरी देखाउनालाई उक्साउनु ।

risi/ble (रि'ज़िब्ल्) **वि.** हासजनक, हास्यास्पद, हासकर, हाँसोउठ्ने, हँसाउने;—bility **ना.** हाँस्ने गुण, हँसाउने गुण ।

rising (राइ'जिङ्) **ना.** (शा० अमा), खा. ग. पुनर्जीवन; बलवा, विद्रोह, बगावत; फोडा, फुन्सी, खटिरा ।

risk (रिस्क्) **ना.** र **क्रि.** जोखिम, खडको, खतरा, डर, तलमाथि शङ्का, भय; **क्रि.** डर वा खतरामा पार्नु; संशय वा जोखिममा पार्नु; at the—of (one's) life ज्यानको बाजी लगाएर; at (owner's) etc—धनीको जवाफदेहीमा;—money खजान्चीलाई आकस्मिक कमीका निमित्त निकासा हुने दाम ।

risky (रि'स्कि) **वि.** खतरनाक, जोखिमी, जोखिमको, खतरासहितको; फ्रे० risque को अर्थमा, अश्लीलताको शङ्का पर्ने, मर्यादा वा औचित्यको अतिक्रमण गर्ने (कथा, नाटकीय घटना, इ० को) ।

risotto (रिसॅ'टो) **ना.** चामल, कुखुरो, प्याज, इ० हालेर बनाएको रसिलो खाना ।

risque' (रिस्कि') **वि.** अश्लीलताको आभाससहितको, औचित्यको सीमा नाघ्ने (फ्रे०) ।

rissole (रिसोल्) **ना.** पाउरोटीको टुक्रासँग मिसाएको मासु वा माछाको भुटेको डल्लो वा बर्फी ।

ritardando (रिटाअर्डयान्'डो) (संगीतको निर्देशन) बिस्तारै, धीमासँग (इटालियन) ।

rite (राइट्) **ना.** क्रिया, विधि, आचार, रीति, रीतिरिवाज, संस्कार, नियम; burial or funeral—s दाह वा दफन क्रिया, अन्त्येष्टि क्रिया; conjugal or nuptial—s पति पत्नीमा मैथुन ।

ritual (रि'ट्यु अल्) **ना.** आचार व्यवहार, विधिविधान, संस्कार, शास्त्रपद्धति ।

rivage (राइ'भज्) **ना.** (कवि०) किनारा, तट, किनार, तीर, कूल ।

rival (राइ'भल्) **ना.**, **वि.** र **क्रि.** जोरीपारी, प्रतियोगी, प्रतिद्वन्द्वी, टंकार, खा. ग. कुनै स्त्री वा पुरुषको प्रेमको लागि प्रतियोगी; **वि.** विरोधी, प्रतियोगी हुने व्यक्ति; **क्रि.** टेक गर्नु, टिर्रिनु, टिर्री गर्नु, प्रतिस्पर्धा गर्नु ।

rivalry (राइभल्'रि) **ना.** जोरीपारी, टेक, शेखी, टिर्री, तँछाडमछाड, जोडतोड, ठोकाबाजी, हानथाप, उछिनाउछिन, होड, होडबाजी; trade—प्रयाम ।

rive (राइभ्) **क्रि.** चिर्नु, फटाउनु, फार्नु, लुछ्नु; (काठ, ढुङ्गा) चिर्नु, फोर्नु; फट्टिनु ।

rivel (रि'भेल्) **क्रि.** (आ०) खुम्चिनु, मुजो पर्नु, खजमजिनु ।

river (रि'भर्) **ना.** नदी, खोला, सरित्, तरंगिणी, निर्झरिणी; जीवन मरणको साँध; प्रचुर प्रवाह;—-bed नदीको पिंध, मध्य, रथपथ;—-horse पानीघोडा;—side नदीछेउ; Confluence of—s संभेद, सिन्धुसंगम ।

riverain (रि'भरेन्) **वि.** र **ना.** नदी, वा नदीको छेउछाउको, नदीतटको, नदी किनारको; **ना.** नदीको नजीक बस्ने व्यक्ति ।

riverine (रि'भराइन्) **वि.** नदी वा नदीतटको, मा ।

rivet (रि'भिट्) **ना.** र **क्रि.** धातुका टुक्राहरू जोड्ने कीलो; रिवेट; (टाउको नभएको छेउ दुई प्वालमा पसाएर ठोकी

जोरिंन्छ); **क्रि.** जोर्नु, रिवेट गर्नु; जेड्नु, अचल गराउनु; एकाग्र हुनु, एकटक हुनु (ध्यान, आँखा, इ० केही कुरामा); ध्यान केन्द्रित गराउनु, ध्यान तान्नु;—er **ना.** सो गर्ने ।

riviere (रि'भिएअ्र्, रीभ्येअ्र्') **ना.** एकभन्दा वढी लहर भएको मणियुक्त हार ।

rivulet (रि'भ्युलेट) **ना.** जंघार, नदीनाला, खोला, खोलानाला ।

roach (रोच्) **ना.** माछाको प्रकार (खान हुने); (नौ०) जहाजी पालको ढाँचा; सांग्लो ।

road (रोड्) **ना.** र **क्रि.** (सा. व. व.—stead पनि) जहाजले लङ्गर खसालेर बस्न हुने जमीननेरको पानीको टुक्रा; पैदल यात्री र सवारी चल्ने बाटो, सडक; राजपथ, राजमार्ग, पथ, मार्ग;—खुला बाटो; take the—यात्रामा हिंड्नु; (आ०) रहजनी गर्ने डाँकू बन्नु; rule of the—बाटे नियम; royal—सजिलो बाटो;—-bed रेलको पटरी बिछ्याउने जग; साधारण सडकको पिंधमा राख्ने वस्तु;—-book (देशका) बाटाहरूको वर्णन;—fund बाटो, पुल, को रचना र मरम्मतको लागि खडा गरिने कोष;—hog दुस्साहसी वा विचारहीन मोटर चालक वा साइकलबाज;—house गाउँमा मूल बाटोमा रहने सराय;—man मरम्मत गर्ने;—-metal बाटो बनाउने रोडा;—-sense बाटे बुद्धि (पैदलयात्री र सवारी चालक दुवैको);—side बाटाको छेउ;—way रस्ता, बाटाको मध्यभाग, वीथि, बाटोघाटो, side-path को विपरीत; रेलको पुल वा लाइनको छेउमा मानिस हिंड्ने बाटो;—worthy चलन गर्न योग्य (बाटो); यात्रा गर्न सक्ने (व्यक्ति); **क्रि.** (कुकुर) पाइलाको गन्धले लखेट्नु ।

roadster (रोड्'स्टर्) **ना.** लङ्गर खसाली बसेको जहाज; बाटोमा लैजाने घोडा, साइकल, इ०; अनुभवी पर्यटक ।

roam (रोम्) **क्रि.** र **ना.** डुल्नु, चहार्नु, टहल्नु, घुम्नु, फिर्नु; **ना.** लहडको टहल, फेरो ।

roan (रोन्) **ना.** प्रचल रौंमा अर्को रंग मिसिएको रौं भएको पशु, खा. ग. अवलख, खैरो, इ० मा सेतो, खैरो; त्यस्तो घोडा, गाई; पुस्तकमा जिल्द हाल्ने भेडाको नरम छाला ।

roar (रोअ्र्) **क्रि.** र **ना.** कुर्लनु, गर्जनु (सिंह, समुद्र), हाङ्ग्याङ्ग गर्नु, चड्किनु; **ना.** (दुःखको) चीत्कार, गर्जना, हुङ्कार; **कृ.** हल्लापूर्ण, फुर्तिलो, तेज ।

roast (रोस्ट) **क्रि.** र **ना.** (खाना, मासु) आगोमा सेक्नु, खँगार्नु, सेकाउनु, पिल्सिनु, झिल्सिनु, अराल्नु, रापिनु, चूल्होमा पकाउनु, काँचो धाउ अंतिकामा पकाउनु; (कफीको गेडा) पिंध्ने अगाडि भुट्नु; ठट्टा गर्नु, खिसी गर्नु, जिस्क्याउनु; **कृ.** ज्यादा तातो;—-ing-jack सेक्ने झाँजर; **ना.** सेकुवा मासु, कवाफ; rule the—मालिक बन्नु; मासुको सपेटो; सेक्ने क्रिया;—er (रो'स्टर) **ना.** शाब्दिक अर्थमा, खा. ग. सेक्ने चूल्हो, धाउ पकाउने अंतिका, कफी सेक्ने उपकरण, (सुंगुर, आलु) सेकुवा हुने प्रकारको वा सो गर्न तयार ।

rob (रॅव्) **क्रि.** लुट्नु, अपहरण गर्नु, जोरले चोर्नु, देयबाट वञ्चित गर्नु, हड्पनु, लूटपीट गर्नु;—Peter to pay Paul एकसँग लिएर अर्कोलाई दिनु;—-bery **ना.** लूटपीट; highway—-bery रहजनी ।

robe (रोव्) **ना.** र **क्रि.** वसन, परिधान, पोशाक, मूल वस्त्र; ड्रेसिङ्ग गाउन; (सा. व. व.) लाउनेको पद, दर्जा, पेशा, इ० जनाउने विशेष पोशाक; the long—कानूनी पोशाक, पादरीको पोशाक;—-de chambre ड्रेसिङ्ग गाउन, ओढ्ने, खास्टो ।

Robert (रॅ'वर्ट) **ना.** (खा. ग. छो० रूप Bobby मा) प्रहरी, पुलीस (लण्डन सहरको) ।

robin (रॅ'विन्) R—**ना.** (—redbreast पनि) छातीमा रातो टाटो हुने सानू चराको जात; R—Goodfellow उपद्र्याहा खेलवाड गर्ने भूत, उर्फ (Puck) पक; R—Hood मध्यकालीन वन डाँकूको आदर्श ।

roborant (रॅ'वर्न्याण्ट्) **वि.** र **ना.** (भै०) वलवर्धक (औषधि) ।

robot (रो'वॅट्) **ना.** देख्दा मानिस जस्तो स्वचालित यंत्र; वौद्धिक, आज्ञाकारी, तर अनात्मीय यंत्र; (संक्र.) यन्त्र जस्तो व्यक्ति, भावरहित व्यक्ति; स्वचालित यातायात संकेत; उड्ने बम (दोस्रो विश्वयुद्धमा) ।

roburite (रो'वराइट्) **ना.** तेज, ज्वालारहित विस्फोटक ।

robust (रो'वस्ट) **वि.** मोटोघाटो, दोहोरो आङ्को, मांसल; (व्यक्ति, पशु, विरुवा, स्वास्थ्य) सुस्वास्थ्यको, वलियो (दुब्लो पातलो कमजोर होइन); (कसरत, अनुशासन, इ०) बल चाहिने वा वढाउने, वीर्यवत, वीर्यप्रद; (बुद्धि) समझदार, सोझो, सूक्ष्मता वा चातुर्यले नअलमलिने ।

robustious (रोवस्'टिअस्) **वि.** उत्ताउलो, हुल्लडवाज, भद्दा, हल्लावाज ।

roc (रॅक्) **ना.** (कथाको) अजङ्गको चरा ।

rocambole (रॅ'क्याम्वोल्) **ना.** तरकारीमा हाल्ने लसुनको प्रकार ।

rochet (रॅ'चिट्) **ना.** पादरी विशपले पहिरने पोशाक ।

rock (रॅक्) **ना.** र **क्रि.** माटोमनिको पृथ्वीको कोयाको ठोस भाग, चट्टान, शिला, पत्थर, ढुङ्गा, जिब्राल्टरको चट्टान; कडा किसिमको मिठाई, खा. ग. almond—बदाम हालेको; bed-—, living—पृथ्वीको भित्री तहको चट्टान;—-bed चट्टानको पिंध;—-bottom (मोल, इ० को, बो. चा.) सबभन्दा तल्लो;—-cake कडा पाप्रो भएको रोटी;—-crystal फट्टिक;—-drill चट्टानमा प्वाल पार्ने बर्मा वा यंत्र; R—English, R—fever जिब्राल्टरको खास प्रकारको;—-garden कृत्रिम ढिस्को वा पत्थरको थुप्रोमा बीच बीचमा चट्टानमा उम्रने बिरुवा इ० लाएको बगैंचा;—-hewn चट्टान खोदेको;—-salt सिंधे नून; R—scorpion जिब्राल्टरमा जन्मेको व्यक्ति (को रखौटे नाम);—ery **ना.** बीच बीचमा माटोको तह भएको ढुङ्गाको ढिस्को (बगैंचा, जमीन, मा शोभाको लागि); **क्रि.** हल्लाउनु, दोलाउनु, हल्लनु, झुल्नु;—ingchair,—ing-horse हल्लने आरामी मेच, केटाकेटी हल्लने काठको घोडा;—ing stone चट्टानमा अडिएको दोलायमान ढुङ्गा; ना. दोलन, हल्लाइ;—-'n'-roll झुलाउने संगीतको नाच ।

rocker (रॅ'कर्) **ना.** शा० अ०मा, खा. ग.—दोल्ने मेचको सो चाल दिने खुट्टा वा दोलक; off (one's)—अप० पागल ।

rocket (रॅकिट्) **ना.** र **क्रि.** विरुवाको प्रकार; अग्निवाण; आतसबाजीमा आकाशमा चढेर फुट्ने गोला, हुत्याउने विस्फोटक आफैंमा रहेको क्षेप्यास्त्र; रकेट;—engine, jet वा motor सो सिद्धान्तबाट चल्ने;—-propelled,—propulsion क्षेप्यास्त्र प्रेरित, क्षेप्यास्त्र प्रेरण; (अप०) नसीहत, झाँट; **क्रि.** रकेटले बराबर हान्नु; (घोडा वा घोडचढी) एकदममा वेगसाथ कुद्नु; (मोल) चर्को हुनु, चढ्नु; (कालिज इ०) एकदम सोझो उठ्ने गरी उड्नु;—ry **ना.** क्षेप्यास्त्रको चलन वा अध्ययन, रकेटशास्त्र ।

rocky (रॅ'कि) **वि.** र **ना.** (ब. व.) शैल, चट्टानको या चट्टानयुक्त, ढुङ्गै ढुङ्गा भएको; Rocky Mountains अथवा **ना.** Rockies, उत्तर अमरिकन पर्वतमाला; **वि.** चट्टान झैं स्थिर, ठोस वा रुक्ष; (अप०) अस्थिर हल्लने ।

rococo (रको'को) **वि.** र **ना.** योरोपमा सन् १७३०–८० को कलाको शैली; (वास्तुकला, साजसामान इ. र साहित्य) ज्यादा अलङ्कारयुक्त, बहुल, प्रचुर; (आ., लु.) पुरानू , बेचलतीको ।

rod (रॅड्) **ना.** डण्डा, डण्डिका, दण्ड, लौरो, लठ्ठी, लाठो; बेत; kiss the—सजाय सहन गर्नु; have a—in pickle समय आएपछि सजाय गर्न ठीक रहनु; fishing—माछा मार्ने लौरो; पुर्जा जोर्ने पातलो धातुको दण्डा; (अप.) पिस्तोल वा रिभल्भर; (श. क्रि. वि.) दण्डाकार रचना ।

rode (रोड्) **क्रि.** ride को भूतकाल; **क्रि.** (जङ्गली चराको) साँझमा गुँडतिर उड्नु ।

rodent (रो'डेण्ट्) **वि.** र **ना.** दंशक (ज. कि मूसो, छुचुन्द्रो, खरायो, लोखर्के, इ.); टोक्ने (खा. ग. रो. नि. शा. मा घाउ, फोडा, इ. को दुखाइ) ।

rodeo (रोडेओ, रोडियो) **ना.** (ब. व.—s) पश्चिमी अमरिकन न्याञ्च (गोठ) मा वस्तुको (परिगमन) जम्बागराइ; सो गर्ने घेरा; गोठालाहरूको सीपको प्रदर्शन; (संक्र.) मोटर साइकल, इ. को चमत्कार, चटक, इ. को प्रदर्शन ।

rodomontade (रॅडमन्टे'ड्) **ना., वि.** र **क्रि.** जद्दातद्दा, शेखी, घमण्ड, पूर्ण बोली; धाक, गुड्डीहँकाइ; **क्रि.** गुड्डी हाँक्नु ।

roe (रो) **ना.** सानू योरोपीय मृग;—buck भाले;—deer पोथी; माछाको गर्भाशयमा रहेको फुलको थुप्रो;—-corn त्यस्तो फूल ।

rogation (रगे'शन्) **ना.** (क्रि. धर्म.) महात्माहरूको भजन गाउने पर्व दिन; (रो. इ.) कन्सलले दुनियाँको सामने प्रस्ताव गरेको कानून ।

Roger (रो'जर्) **ना.** मानिसको नाम; the jolly R—सामुद्रिक डाँकूको कालो झण्डा;—वा Sir R—de coverley **ना.** गाउँले नाच ।

rog/ue (रोग्) **ना.** र **क्रि.** अल्छी फिरन्ता, बदमाश, बजिया, बजिनी, छेचरो, कुचाली, ठग, (उपद्र्या बालख, उट्ठङ्ग्या व्यक्ति, जिस्किने प्रवृत्ति भएको इ. लाई) प्यारो बोली; विरुवाहरूमाको कम जातको; **क्रि.** त्यस्तालाई गोडेर फाल्नु; (पशु, खा. ग. हात्ती, राँगो, इ.) मत्ता, झोकिएको, (अलग राख्नुपर्ने); पछौडे दौडको वा शिकारको घोडा;—uery **ना.** बदमाशी, शाठ्य, दौर्जन्य, धूर्तता;—uish **वि.** शठ, धूर्त, दुष्ट, चंचले, जिस्क्याहा ।

roi (र्वा) **ना.** राजा;—faine'ant (फे'नेआँ) (काम नगर्ने) केवल देखौवा वा शोभाको लागि ओहदा सम्हाल्ने निष्क्रिय शासक, अध्यक्ष, आसनपति; le—le veult, le—s'avisera (ल र्वाल भल्ट, ल र्वास साभिज़े'रा) राजाले स्वीकृति वा अमान्यता जनाउने सूत्रहरू (विधान सभाले पारित गरेका प्रस्तावहरूमा); (राजाको इच्छा छ; राजाले विचार गर्नेछन्) (फ्रे.) ।

roister (रॉय'स्टर) **क्रि.** हल्लासाथ पिउनु, रमाइलो गर्नु; होहल्ला गर्नु;—er **ना.** हुल्लडबाज ।

Roland (रो'लण्ड्) **ना.** कथामा प्रसिद्ध मध्ययुगी सम्राट शार्लमेनको वीर भतिजा; a R—for an Oliver प्रभावकारी उत्तर (Oliver Roland का साथी) ।

role, (rôle फ्रे.) (रोल्) **ना.** अभिनेता, खेलाडी, को पाठ; कसैको कर्तव्य; कसैले गर्नालाई नियुक्त भएको, वा गर्ने आशा गरिएको, वा गर्न अङ्गीकार गरेको, कुरा; भूमिका ।

role (रोल्) **ना.** लक्कू, मुठ्ठा, रोल, चाङ्ग, सोतो, बण्डिल; फिरिस्त वा सूचीपत्र, नामावली; स्वीकृत वकीलहरूको सूची, खा. ग. सिपाही वा विद्यार्थीहरूमा अनुपस्थितहरूलाई पत्ता लाउन राखिने सूची; केही कुराको उल्टाएको किनारा, ज. कि कोटको कलर; नाली, बेल्ना, बेलन; Master of the R-s अपीलको न्यायाधीश, the R-s (पहिले) आम लेखहरू राख्ने घर; rent—असामीको लगत;—of honour लडाइँमा मर्ने वीरहरूका नामको सूची; strike off the—s (वकीलको) नाम स्वीकृत फिरिस्तावाट झिक्नु;—call हाजिरी लिने ।

roll (रोल्) **क्रि.** लडीबुडी खेल्दै अघि बढ्नु;—(one) over (कसैलाई) लडीबुडी गराइदिनु, उल्टाइदिनु; बेर्नु; घुम्दै दिशा फेर्नु (ज. कि आँखा); तरल वा खुकुलो फुका माध्यममा खेल्नु; ढल्केर हिंड्नु; तल माथि गर्नु, तल माथि परेको दृश्य पेश गर्नु; कंपन, उतार चढाव, पारेर शब्द उच्चारण गर्नु वा पढनु; (पांग्रे सवारी) अघि बढ्नु, सवारी ल्याउनु; दुई बेलनको बीचवाट पठाएर, वा बेलनले थिचेर, च्याप्टो पार्नु; घुमाएर लामू नलीको रूपमा लैजानु वा बनाउनु; ship—s and pitches तल माथि र साथै छेउ पनि ढल्कने गति;—ed gold पिटेर वा थिचेर पातलो पत्र पारेको;—ing-pin बेलना;—a cigarett चुरोट (हातमा) बनाउनु;—-top desk

घुमेर मोडिने विर्को भएको, मुठा विर्को भएको;—up (सेना०) शत्रुको छेउ घच्याडेर फर्काउँदा लाइन छोटो वा घेरिएको पार्नु; ढल्कने गति (जहाजको), (उड्डयन०) लमाइपट्टिको एक पूरा घुमाइ; ढोलको चाँडो र लगातारको बोल, चट्याङ्को लामू गडगडाहट, लामू हल्लाको आवाज, शब्दको लयपूर्ण प्रवाह;—ing वि. लोलाउने, आलोल, घुम्दै यताउति डुल्ने (आँखा);—ing stock रेलका डब्बा ।

roller (रो'लर्) **ना.** (शा० अर्थमा, खा. ग.) बेलनी; ढुङ्गा, काठ, धातुको ढुंग्रो;—bandage मुठा पारेको पट्टी; लामू उर्लेको लहर;—skate पांग्रावाल चिप्लने स्केट;—towel घुम्ने ढुङ्गोमा जडिएको किनारारहित पुछ्ने रुमाल ।

rollick (रॅ'लिक्) **क्रि.** र **ना.** फूर्ति गर्नु, मौजी हुनु, हुल्लडबाजीद्वारा मोज गर्नु; **ना.** नखरमाउले रमिता, विहार, उपद्रो, उत्पात ।

roly-poly (रो'लिपो'लि) **ना.** र **वि.** पुडिङ्ग विशेष; हलुवा; **वि.** (खा. ग. वालखको) गोफले, मोटो ।

Rom (रॅम्) **ना.** (ब. व.—a) लोग्ने मानिस जिप्सी; (ब. व.) जिप्सीहरू; (रोमानी लवज) ।

Romaic (रमे'इक्) **वि.** र **ना.** अर्वाचीन ग्रीस देशको बोलचाली भाषाको, मा ।

Romaika (रमे'इका) **ना.** अर्वाचीन ग्रीसको राष्ट्रिय नाच ।

Roman (रो'मन्) **ना.** र **क्रि.** प्राचीन रोम राष्ट्रको वासिन्दा, सिपाही; (ब. व.) प्राचीन रोमका क्रिस्तानहरू; वाइबलको एक अध्यायको नाम; (मुद्र०) रोमन टाइप; रोमन क्याथलिक सम्प्रदायको सदस्य; **वि.** रोमको;—empire रोमन राम्राज्य;—law प्राचीन रोमनहरूले खडा गरेको संहिता;—nose अग्लो डाँडो, चुच्चे;—letter वा type साधारण छपाइको सादा र सोझो, gothic र italic को विपरीत;—numerals, I, V, D इ० अङ्कसूचक अक्षरहरू;—candle एक प्रकारको आतसबाजी, रंगहीन भकुण्डो फ्याँक्ने नली ।

rom-a'-clef (रोमाँ आक्ले) **ना.** साँच्चिकै व्यक्ति वा घटनालाई केही छिपाएर हालेको उपन्यास (फ्रे०) ।

Roman Catholic (रो'मन् क्या'थलिक्) **वि.** र **ना.** क्रिस्तानहरूमा) सनातनी, रोमको गिरजाको अनुयायी ।

romance (रम्यान्स्') **ना.**, **वि.** र **क्रि.** (R–) प्राचीन फ्रान्सको बोली, ल्याटिनबाट निस्केको, तर फरक; त्यस्तै इटली, स्पेन, (फ्रान्सको) प्रोभोंस इ० का भाषा; (सामूहिक तौरले) ल्याटिनबाट निस्केका भाषाहरू; वि. त्यस्तो उत्पत्ति भएका भाषाहरू; सा० पद्यमा कुनै वीरको बारेमा लेखिएको वा गाइने मध्यकालीन कथा; साधारण जीवनभन्दा टाढाका दृश्य र घटना रहेका गद्य वा विरलै पद्यका कथा, आख्यायिका, कथा; आफूमा रहेको अनौठापन र करुण प्रवृत्तिले त्यस्ता कथातिर इङ्गित गर्ने घटना, प्रसङ्ग, प्रेमालाप, इ० को समूह; त्यस्ता कथा वा घटनाले उत्पन्न गर्ने मानसिक अवस्था, सहानुभौतिक कल्पनाशीलता; त्यस्ता कथाको वातावरण; आख्यायिका; कल्पित कथा, गल्प, विचित्रता, अद्भुत प्रिय; अतिशयोक्ति, कृत्रिमता, हृदयग्राहो वा सजीव असत्यता; **क्रि.** अतिशयोक्ति गर्नु, बढाई कुरा गर्नु, सत्यलाई वंग्याउनु, लम्बे चौडे कुरा गर्नु ।

romancer (रम्यान्'सर) **ना.** कथा वा उपाख्यान लेखक, मध्ययुगको वा अन्य; विलक्षण ढाँट ।

Romanes (रॅ'मनेस्) **ना.** जिप्सी बोली (रोमानी) ।

Romanesque (रोमनेस्क्') **ना.** Ramance; (वास्तुकला) आर्ष र गथिक युगको बीचमा रोमी शैलीपट्टि ढल्केको योरोपको ढाँचाको निर्माणकला ।

Romanian, Roum—, Rum—(रो [र] मा'निअन्) **वि.** रोमानिया देशको वासिन्दा वा भाषा ।

Romanic (रम्या'निक्) **वि.** र **ना.** ल्याटिनबाट उत्पत्ति भएको, रोमान्स; रोमनहरूबाट उत्पन्न, उनको लक्षण र ढाँचाकाँचा लिने; उनको सभ्यता अँगाल्ने; रोमान्स (भाषा) बोल्ने ।

Romanity (रम्या'निटि) **ना.** (विर.) रोमन साम्राज्यको संस्कृति र प्रभाव ।

Romansh, Rou—, Ru—(रम्यान्श्') **ना.** र **वि.** पूर्वी स्विट्शरल्याण्डमा बोलिने प्रादेशिक भाषा ।

romantic (रम्यान्'टिक्) **वि.** र **ना.** कल्पनाशील, जीवन वा अनुभवबाट टाढा, अवास्तव, काल्पनिक, अद्भुत, विचित्र, आश्चर्यमय; (संगीत) कल्पनाशील, आवेशवत्, बद्धतालाई रूपको अधीन गराउने; (योजना, लक्ष, इ.) असङ्गत, अव्यावहारिक, अवास्तव, स्वप्नवत्; (साहित्यिक वा कलात्मक रीति वा शैली) अनुपात र परिष्कृतिमा भन्दा ज्ञान, सजीवता, भावना, जोश, वा अनियमित सौन्दर्यलाई वढी महत्व दिने; विषयभन्दा रूप, अथवा भागलाई सम्पूर्णभन्दा, वढी महत्व दिने; (आर्षको विपरीत);—ism अद्भुतवाद ।

Romany (रॅ'म्यानि) **ना.** जिप्सी; **ना.** र **वि.** (ब. व. वा सामूहिक तौरले ए. व.) जिप्सी जाति; जिप्सी भाषा ।

romaunt (रमॉण्ट्') **ना.** (आ०) वीरताको आख्यायिका वा कथा ।

Rome (रोम्) **ना.** इटलीको सहर र राजधानी; रोमको प्राचीन राष्ट्र; रोमन साम्राज्य; रोमको गिरजा; R–was not built in a day डरपोकलाई प्रोत्साहन; do in—as—does वा as the Romans do जस्तो देश उस्तो भेष; जहाँ छौ उस्तै गर ।

Romish (रो'मिझ्) **वि.** (मुख्यत: हेलाँ वा उतार्नी) रोमन क्याथलिकको, बारे ।

romp (रॅम्प) **क्रि.** र **ना.** (केटाकेटी) चल्नु, उफ्रनु, कुद्नु, लखेटालखेट गर्नु; (घोडदौड अप०) सजिलोसँग जित्नु, विना मेहनत पहिला हुनु; **ना** कुदाइ, उफ्राइ, मनपराउने बालक वा स्त्री, पोटा; उद्धत खेल, चल्नु;—y **वि.** चल्ने, उफ्रने;—er **ना.** केटाकेटीको बाहिर लाउने (बरसादी) ।

rondeau (रॅन्'डो) **ना.** दश वा तेह पंक्तिको दुई मात्र अनुप्रास भएको कविता ।

rondel (रॅन्'डेल्) **ना.** rondeau को विशेष रूप ।

rondo (रॅन्'डो) **ना.** संगीतको रचना ।

rondure (रॅन्'ड्योर्) **ना.** (कवि.) वाटुलो रूपरेखा वा वस्तु ।

rone (रोन्) **ना.** (स्क.) छानाको पानी बग्ने कुलो ।

Roneo (रो'निओ) **ना.** र **क्रि.** संख्यामा चिठी, परिपत्र, इ. को नकल झिक्ने यंत्र; **क्रि.** त्यसरी नकल झिक्नु ।

Rontgenogram (रण्ट्'येनग्राम) **ना.** एक्सरेद्वारा खिचिएको तसवीर ।

Rontgen rays (र'ण्टेन्‌रेज्) **ना.** एक्सरे, रन्टि एनरे, रन्टिएन किरण ।

rood (रुड्) **ना.** क्राइस्टले चढेको क्रस, (घाँटीमा लाउने) सानू क्रस; एक एकर जमीनको पाउ ।

roof (रुफ्) **ना.** र **क्रि.** छाना, छत, कौसी, धुरी, थारा (घरको, बग्गीको, इ०); **क्रि.** छाउनु, छाना हाल्नु; under (one's)—घरमा; a—over (one's) head वास;—of heaven स्वर्ग, आकाश;—of the world उच्च पर्वत श्रेणी,—of the mouth तालु;—-garden कौसीको बगैंचा ।

roofer (रु'फर्) **ना.** (वो. चा.) पाहुनाले विदा भएर गएपछि अतिथि सत्कारको लागि धन्यवाद गरी लेख्ने चिठी ।

rooinek, roinek (रु'इनेक् , रॉय'नेक्) **ना.** दक्षिण अफ्रिकामा नयाँ आगन्तुक, खा. ग. ब्रिटिश वा योरोपीय वसाइँ सर्न आएको व्यक्ति ।

rook (रुक्) **ना.** र **क्रि.** काग; ताश वा जुवामा ठग, कोरा जुवाडीलाई ठग्ने व्यक्ति; (बुद्धिचाल) हात्ती;—pie कागे झोलको तरकारी;—-rifle काग हान्ने; **क्रि.** जालझेलले ताश वा जुवामा जित्नु; ग्राहकलाई सुँइठ्याएर चर्को मोल लिनु; चर्काउनु ।

rookery (रु'करि) **ना.** कागको गुँड भएको रूखको पुन्ज; पेन्गिवन चरा वा सीलको गुच्छा; ससाना गरीब र मैला घरको झुण्ड ।

rookie (रु'की) **ना.** (सेना. अप.) नयाँ भर्ना, रिक्रुट ।

room (रुम) **ना.** र **क्रि.** ठाउँ, घर, स्थान, कोठा, कमरा, खोपी, शाला, कोष्ठ; (व. व.) कुनै व्यक्ति वा परिवारले चलन गरेको, वा वास गर्ने, (घरको) खण्ड; फ्ल्याट; डेरा; (संक्र.) कोठामा रहेका व्यक्तिहरू, ज. कि set the—in a roar; **क्रि.** (भाडाको) कोठा हुनु, डेरा हुनु; कोठा भाडामा लिनु;—-ing house कोठा गरी भाडा पाइने घर;—to swing a cat सीमित ठाउँ; make room ठाउँ दिनु, हट्नु; in the—of को स्थानमा;—er **ना.** कोठा भाडा पाइने घर;—iness **ना.** खुकुलो, ठाउँ भएको, चीज;—y **वि.** ठाउँ भएको; फराकिलो ।

roost (रूस्ट्) **ना.** र **क्रि.** चराको गुँड वा बस्ने ठाउँ, खा. ग. कुखुरो खोरमा चरा सुत्ने ठाउँ; (संक्र.) सुत्ने ठाउँ, सुत्ने कोठा; at—सुतेको, बसेको; come home to—(सराप) फर्केर आउनु; क्रि. (चरा वा व्यक्ति) सुत्नालाई तयार हुनु; रातिको लागि बस्नु वा वासमा हुनु; सुत्ने ठाउँ दिनु ।

rooster (रूस्'टर्) **ना.** पाल्ने कुखुरा (भाले) ।

root (रूट्) **ना.** जरो, मूल, जड, हेतु, जटा, आदि, निदान, कारण, (संख्याको) पद, मूल; (बाइवल) उत्पत्ति, सन्तान; शरीरमा गाडिएको वा जोडिएको कुनै रचना; सार वस्तु, निचोर; आधार, अवलम्बन, आश्रय; (शब्द.) मूल, प्रकृति, शब्दयोनि; —-stock=rhizome जरा पसार्ने सुतेको जरो जस्तो स्तम्भ ।

root (रूट्) **क्रि.** जरा हाल्नु, जरा टेक्नु, जरो गाड्नु; डट्नु, स्थापना हुनु; उखेल्नु;—out उखेल्नु, ध्वंस पार्नु; स्वाहा पार्नु; —ed **वि.** जमेको, गाडिएको ।

root, rootle, rout (रूट्, रु'टल्, राउट्) **क्रि.** (सुङ्गुर) थुतुनोले भैं पल्टाउनु, खानाको खोजीमा; त्यसरी भैं खन्नु; (संक्र.) खोज्नु, पत्ता लगाउनु, खानतलास गर्नु; (अप.) समर्थन वा प्रशंसा, धन्यवाद, लाई प्रोत्साहन गर्दै अर्काको लागि सक्रिय हुनु ।

rootery (रु'टरि) **ना.** वगैंचामा बिरुवा सार्नालाई थुपारेको जरा वा ठूँटको थुप्रो ।

rooty (रू'टि) **ना.** (सेना. अप.) पाउरोटी, रोटी ।

rope (रोप्) **ना.** र **क्रि.** डोरी, बागडोरी, परशु रज्जु; दाम्लो पगाहा; पघा; पासो; बाक्लो, न्याल्ल परेको चीज (जाँड वा अन्य झोलमा बन्ने); **क्रि.** बाँध्नु, डोरीले बाँध्नु, मस्काउनु; डोरीको घेराभित्र पार्नु, (झोल) बाक्लो बन्नु;—in छल्नु, समर्थन प्राप्त गर्नु, आफ्नू दलमा ल्याउनु; (घोडदौड अप.) घोडालाई रोक्नु, सकेसम्म दौडन नदिनु (दौडमा हार्ने मनसुवाले); tight—डोरीमा नाच्नेहरूले हिंड्ने, तन्काएको; high—s (वो. चा.) गम्केको, घमण्डी, झोकिएको; the—s मुक्की खेलको अखाडा (डोरीले बेह्रेको हुन्छ);—of sand छकाउने सुरक्षाको भावना; know the—s वास्तविक स्थिति बुझ्नु; —enough to hang (oneself) नरोक्नु, मनपरि गर्न दिनु; on the—पहाड चढ्नेहरू जो एकै डोरीमा बाँधिएका हुन्छन्;—-dancer तन्केको डोरीमा नाच्ने, डोरी नचुवा,—-ladder डोरीको भऱ्याङ् ।

Roquefort (रॅक्'फोअ्र्ट्) **ना.** बाख्राको दूधबाट बनेको फ्रेन्च चीजको किसिम ।

roquelaure (रॅ'कलोअ्र्) **ना.** (ऐति०) घुँडासम्म पुग्ने मान्छेको कंचुक ।

roquet (रो'कि) **क्रि.** क्रोके खेलमा आफ्नू गेंदले अर्काकोलाई लाग्ने गरी हान्नु, लगाउनु ।

rorqual (रअ्र्'कल्) **ना.** पिठ्यूँमा पखेटा भएको ह्वेल माछा ।

rorty, roughty (रअ्र्'टि) **वि.** (अप०) मजाको, रमाइलो, ज. कि had a—time उत्तेजना र मोजमजा मनपराउने ।

rosa/ce (रो'ज़ेस्) **ना.** चक्का झ्याल, गुलाफको आकारको बुट्टा या साज;—ceous (रोज़े'शस्) **वि.** Rosoceae परिवारको, जसको नमूना गुलाफ हो;—cean **ना.** सो परि·

वारको नाम ।

rosaniline (रोज़्या'निलाइन्) **ना.** (aniline एनिलीन-बाट प्राप्त हुने कार्बनिक आधारबाट निक्लिने रातो रंग; लाल एनिलीन ।

rosarian (रोज़्या'रिअन्) **ना.** गुलाफ लाउने सोखिन; रोमन क्याथलिकहरूमाको एक सम्प्रदाय ।

rosarium (रोज्या'ञ्रिअम्) **ना.** गुलाफ बगैंचा (ल्या०) ।

rosary (रो'ज़रि) **ना.** गुलाफको बगैंचा, गुलाफको ब्याड; रोमन गिरजामा एक प्रार्थना; १६५ दाना भएको जपमाला; lesser—५५ दाना भएको सानू जपमाला ।

Roscian (रॅ'शिअन्) **वि.** क्राइस्टपूर्व प्रथम शताब्दीको प्रख्यात खेलाडी रसियस जस्तो, वा लायक ।

rose (रोज़्) **ना., वि.** र **क्रि.** गुलाफ; सजावट वा वंशावलीमा त्यो फूलको प्रदर्शन, **खा.** ग. बिलायतको राष्ट्रिय फूलको रूपमा; टोप वा जुत्तामा लाउने सानू गुलाफ; कुनै पशुको सींगको फेदमा, वा कोही चराको आँखाको चारैतिर, हुने अग्लो मासुको डल्लो; पानी हाल्ने जलदानको टुटी; **वि.**—diamond;—-window; हलका सिम्रिक रंग, गुलाफी वर्ण (सा. व. व.); the—दद्रु; **क्रि.** गुलाफी, रातो बनाउनु (मुख, हिउँ, इ०); gather—s वा life's—मोजमज्जा; path strewn with—सुखको जीवन; bed of—s सुखको सजिलो काम वा अवस्था;—**without a thorn** निष्कण्टक आनन्द; the —of (त्यो ठाउँको) सबभन्दा राम्री लडकी वा महिला; Wars of the R—s बिलायतको पन्ध्रौं शताब्दीको गृहयुद्ध; under the—=sub rosa गोपनीयतासँग, प्राइभेटमा;—bud राम्री स्त्री, प्रवेशिका;—-colour (अलं०) राम्रोपट्टिको परिस्थिति, कुरा, वा मानसिक भाव;—-coloured (अलं०) राम्रो देख्ने, आशावादी, खुशीको;—-cut,—diamond जस्तो गरी काटेको, घुमाउरोपट्टि त्रिकोण बुट्टा बनाएको अर्द्ध गोलाकार आकार;—-water पानी गुलाफ, गुलाफजल (अलं०) भलो कुरा, शिष्टाचार, नरम बर्ताव;—-window गुलाफ झ्याल; बाटुलो; **क्रि.** rise को भूतकाल ।

roseate (रो'ज़िएट्) **वि.** गुलाफी (अक्ष० र अलं०) ।

rosemallow (रोज़् म्या'लो) **ना.** सनफूल ।

rosemary (रोज़्'मेञ्रि) **ना.** सुवासित हरियो लता जसको पात अत्तर बनाउँदा काम लाग्छ; संञ्झनाको प्रतीक ।

roseo—(रोज़िअ) नून र झारको नाममा यौ० रूप ज. कि —-cobalt ।

roseol/a (रोज़ि'अला) **ना.** दादुरा, इ० मा उब्रने रातो डाबर; जर्मन दादुरा;—**ar**,—**ous** रातो डाबरसहित ।

rosette (रज़ेट्) **ना.** फिता, छालाको धर्सा इ० ले बनेको लुगा, कपाल, (बग्गीको) साज, इ० मा लाउने गुलाफको आकारको बुट्टा; गुलाफ; (भव०) भित्ता इ० मा कुँदेको वा ढालेको गुलाफको बुट्टा; गुलाफ झ्याल; (प्रा. वि.) गुलाफ जस्तो झुप्पा वा अवयव, गुलाफको आकार; गुलाफ हीरा; गुलाफ जस्तो वस्तु, वा भागहरूको संगठन; तारिका ।

Rosicrucian (रोज़िक्रू'श्न्) **ना.** र **वि.** क्रिस्टियन रोजेन क्रयट्स भन्ने व्यक्तिले सन् १४८४ मा स्थापना गरेको गूढ विद्याको अभ्यास गर्ने सम्प्रदाय (को सदस्य) ।

rosin (रॅ'ज़िन्) **ना.** र **क्रि.**=resin खा. ग. काँचो तारपिन शोधेर तारपिनको तेल झिकिसकेपछि बाँकी रहने ठोस खोटो; **क्रि.** खा. ग. वाद्य यंत्रको धनु वा डण्डीमा खोटो दल्नु ।

Rosinante, Roz–(रजिन्यान्'टि) **ना.** खिइसकेको घोडा, लिखेटट्टू, टट्टू; डन क्विक्सोटको घोडा ।

rosolio (रज़ो'लियो) **ना.** दक्षिण योरपतिरको गुलियो फूर्तिदायक पेय ।

roster (रो'स्टर्) **ना.** (खा. ग, सैनिक) जवान वा टोलीको पालो पहरा, कामको आलोपालो र अवधि, इ. देखाउने फिरिस्त; नामनामेसी, नामावली ।

rostral (रॅ'स्ट्रल्) **वि.** (स्तम्भ, इ.) प्राचीन युद्धपोतको चुच्चोको बुट्टा हालेको ।

rostrum (रॅ'स्ट्रम्) **ना.** मञ्च, सभामञ्च, वाचक वा वक्ताको आसन, **खा.** ग. auctioneer's—लिलामकर्ताको मञ्च; (रो. प्रा. इ.) युद्धपोतको चुच्चो; (पशु.) चुच्चो, दह्रो थुतुनो, चुच्चो जस्तो अङ्ग ।

rosulate (रॅ'ज्यूलेट्) **वि.** (वन.) गुलाफको पत्र झैं एकामाथि अर्को खाँदिएर रहेको ।

rosy (रो'ज़ि) **वि.** गुलाफी; (वर्ण, सुस्वास्थ्य देखाउने, लाजे मुख, मदिरा, आकाश, उज्यालो, इ. का बारे) गुलाफको रंगको; (अचेल विर.) गुलाफको वास्ना भएको; गुलाफको पत्र छरेको; —-fingered उषाको वर्णन ।

rot (रॅट्) **ना.** र **वि. बो.** सडन, गल्न, मकाइ (खा. ग. काठमा); सा. the—भेडाबाखाको कलेजाको कडा रोग; (अप.) फजूल कुरा, (tommy—पनि), बकवाद, अण्टसण्ट, (धेरैजसो अपत्यार वा ठट्टाको वि. बो. को रूपमा); बेवकूफीको बाटो, अवाञ्छनीय परिस्थिति; (क्रिकेट, लडाइँ, इ.) एक पक्षको अचानकमा देखापर्ने बुझ्न नसकिने असफलता वा हारका लहरहरू (a—set in)

rot (रॅट्) **क्रि.** सड्नु, गल्नु, कुहिनु, मक्किनु, माटिनु; चलन वा बलको क्षीणताले क्रमशः विलाएर जानु; सडाउनु, बिगार्नु, (अप.) धरमराइदिनु; (अप.) जिस्क्याउनु, हँसी गर्नु, गिज्याउनु; (अनन्य.) बाङ्गो कुरा गर्नु, ज. कि he is only—ting;—**gut** **वि.** र **ना.** पेटलाई बिगार गर्ने (मदिरा) ।

rota (रो'टा) **ना.** पालो पालोसँग काम गर्ने मानिसको, अथवा कामको, फिरिस्त; नामनामेसी, नामावली; (रो. क्या.) सर्वोच्च धार्मिक वा लौकिक न्यायालय ।

rotary (रो'टरि) **वि.** र **ना.** चक्रावर्ती, घुमेर क्रिया गर्ने, घुम्ने; ना. घुम्ने यंत्र, चक्का यंत्र; (यातायातको) घुम्ती; the R—club (s) अन्तरजातीय मानवजातिको सेवाको ध्येय लिने बहुशाखा भएको संस्था, शुरूमा सदस्यहरूले पालो पालो गरी आफआफ्ना घरमा परस्परलाई सत्कार गर्ने घुमुवा

प्रबन्धबाट रोटरीको नाम दिइएको; रोटरी,—rotarian ना.

rotat/e (रो'टेट्) **वि.** र **क्रि.** (वन.) चक्राकार; **क्रि.** चक्कर खानु, धुरको चारैतिर घुम्नु, कावा खानु, चक्रगति गर्नु; खा. ग. चमु पालोसँग मिलाउनु वा खटाउनु—ive, ory **वि.** घूर्णक, चक्रावर्ता, परिभ्रामक, घुम्ने;—ing **वि.** पालो सँग, हेरफेर गर्ने गरी, परिभ्रामक ।

rotation (रो'टेशन्) **ना.** आवृत्ति, परिवृत्ति, चक्कर, घूर्णन, घुमावट, हेरफेर (of crops), भ्रमण, चक्रावर्त ।

rotator (रटे'टर्) **ना.** (श० वि०) अङ्ग वा अवयवलाई घुमाउने पेशी; घुम्ने यंत्र वा भाग, चक्र ।

rote (रोट्) **ना.** आवृत्ति, अभ्यास, आवर्तन, केवल अभ्यसन; कण्ठाग्र, कण्ठ, मुखाग्र; केवल अबुद्धिपूर्ण स्मरणशक्ति, by—कण्ठस्थ, मुखाग्र; say, know, do, by—कण्ठस्थ ।

rotifer (रो'टिफर्) **ना.** पांग्रे सूक्ष्म जीव, पौडँदा चलाउने धुम्ने अङ्गसहित ।

rotograph (रो'टग्राफ्) **ना.** हस्तलिखित (हलि०) पृष्ठ, इ० को आलोकग्राही भुठामा तसवीर छापा ।

rotor (रो'टर्) **ना.** यंत्रको घुम्ने भाग; हेलिकॅप्टरको क्षैतिज घुमाइ गर्ने पंखा ।

rotten (रॅ'टन्) **वि.** गलेको, सडेको, कुहिएको, मक्किएको; उमेर वा चलनले गर्दा टुक्रा टुक्रा हुने, वा फुरसुरिने, वा सजिलो संग टुट्ने; (भेडा) रोगाएको; नैतिक, सामाजिक वा राजनैतिक विचारले भ्रष्ट, जीर्ण, क्षीण; अक्षम, अदक्ष, बेकामको; (अप०, परिस्थिति, योजना, इ० को बारेमा) अवाञ्छनीय, अफसोसी, ज्यादै खराब, बेबुद्धिको;—borough सन् १८३२ अघिको यथार्थ जनप्रतिनिधित्व नगर्ने निर्वाचन क्षेत्र;— -stone पालिश गर्ने धूलोको रूपमा (विच्छिन्न भएको) पत्थरको किसिम ।

Rotten Row (रॅ'टन् रो.) **ना.** (अचेल सा० केवल the Row) हाइड पार्क (लण्डन) को प्रख्यात घोडा चढ्ने बाटो ।

rotter (रॅ'टर्) **ना.** (अप०) नैतिक वा अन्य कारणले अग्राह्य व्यक्ति; बेकामको, अदक्ष, वा मन नपरेको व्यक्ति ।

rotund (रटण्ड्') **वि.** बाटुलो, गोल, वर्तुल;—ate **वि.** गोल, वर्तुल; (मुख) बोल्दा गोल परेको; (भाषण, साहित्यिक शैली, इ०) गोल मुखबाट निस्केको जस्तो, सुस्वरित, ओजस्वी, रवाफिलो शब्द भएको; (व्यक्ति) मोटो, गाण्टे, डल्ले ।

rotunda (रट'ण्ड) **ना.** बाटुलो घर, खा. ग. गुम्बज भएको; बाटुलो कोठा वा बैठक ।

roturier (रोटू'रिए) **ना.** सानू औकातको व्यक्ति, छोटो (फ्रे०) ।

rouble, ru— (रु'ब्ल्) **ना.** रुसी वित्तीय एकाङ्की र चाँदीको मुद्रा=१०० को पेक ।

roue' (रु'ए) **ना.** व्यभिचारी, व्यसनी (फ्रे०) ।

rouge (रूज) **वि., ना.** र **क्रि.** रातो, लाल; लाली, लालीफा; क्रान्तिवादी राजनीतिज्ञ; **क्रि.** रातोले रंग्नु, लाली लाउनु; R—croix (उच्चा० क्रुवा);— -royal marble रातो बेल्जमको;— -et-noir (उच्चा० ऐन्वार) रातो र कालो फुट्टी भएको ताश जसमा दाउ थापेर जुवा खेलिन्छ (फ्रे०) ।

rouge (रुज्) **ना.** इटनको फूटवल खेलमा विपक्षको अङ्क (प्वायण्ट) गन्ने तरीका ।

rough (रफ्) **वि., क्रि. वि., ना.** र **क्रि.** खस्रो, सम्म, समतल वा टल्कने होइन, रौं भएको, भुत्ले; मोटो र खस्रो धागो भएको वा खस्रो सूत्र गुण भएको; फोस्रो, रुक्ष; शान्त वा नरम होइन, कब्जा नमान्ने, हिंसायुक्त, उत्ताउलो, आँधिलो, विवेकरहित, कठोर, भावशून्य, तीव्र, कडा, टर्रो, बाधक, खराब, मोटा मोटी;—tongue अभद्र बोलीको ब ानी;—draft मसौदा, खेस्रा;—and tumble अनियमित; **ना.** जथाभावी लडाइँ, मुक्कामुक्की;— -hew मोटामोटी रूप दिनु;—house (अप०) गोलमाल, झगडा, हात हालाहाल;— -neck (अप०) हुल्याहा;—shod (घोडा) नाल ठोक्दा कीलाको टाउको नालभन्दा बाहिर निस्कने गरी ठोकेको; ride—shod (अरू) माथि हुकूम चलाउनु, शासन गर्नु; **ना.** जमीन, खा. ग. over—and smooth **ना.** हुल्याहा, उपद्रवी, तल्लो जातको मानिस जो कानून वखिलाफ हिंसामा उद्यत रहन्छ; **क्रि.** प्वाँख, रौं, उल्टो दलेर ठाडो पार्नु—it साधारण सुविधाहरू बनाए पनि निर्वाह गर्नु;—*ly* **क्रि. वि.** भद्दासँग, मोटामोटीसँग ।

roughage (र'फिज) **ना.** (खाद्यशास्त्रमा) चोकर (कोष्ट बद्धता हुन नदिनामा मददगार संश्लिएको) ।

roughen (र'फन्) **क्रि.** खस्रो पार्नु, रुक्ष पार्नु, रूखिनु, खस्रिनु, फुस्रिनु ।

roulade (रुलाड) **ना.** एक गायकको गायनको विशेष प्रकार, संगीतको किसिम ।

rouleau (रुलो') **ना.** सिक्कालाई लक्कू पारेर कागत इ० ले बेरेको मुठो; लक्कू, चाङ्ग, चाङ ।

roulette (रुलेट्') **ना.** घुम्ने केन्द्र भएको टेबलमाथि राखी खेल्ने जुवाको खेल; (ग०) गुड्ने वक्रमा बिन्दुले बनाउने वक्र; रौंलाई घूँघरमा राख्ने तरकीब; धातुमा कुँद्ने काममा चलन हुने दाँते चक्का; डाँक टिकटमा प्वाल पार्ने सोही प्रकारको चक्का ।

Roumanian (रुमे'निअन्) **ना.** र **वि.** Romanian (रोमा'निअन्) रुमानियाको, भाषा, वासिन्दा ।

Roumansh (रु'मान्श्) **ना.** र **वि.** Romansh हेर्नू ।

R (o) umeliote (रुमी'लिओट्) **ना.** रो (रु) मेलियाको वासिन्दा ।

rouncival (राउन्'सिभल्) **ना.** ठूलो केराउको जात ।

round (राउण्ड्) **वि.** डल्लो, गोल, वर्तुल, वृत्ताकार, वाटुलो, बेलनाकार, उन्नतोदर; मण्डलाकार ढाँचाले गरिने, वा गति समावेश गर्ने पूरा लगातार, एकसाथ; दोषपूर्ण, टुटेको वा कम होइन; ठीक, नरम र चिप्लो, सादा, सकली, स्पष्ट, all—चौतर्फी;—table वाटुलो शिखर भएको; the R—table (विलायती कथामा) कोही पनि ठूलो सानू नहुने गरी राजा आर्थर र उनका वीरहरू बस्ने बाटुलो टेबुल;—Table Conference गोल टेबुल सभा, गुप्त अनौपचारिक सम्मेलन;—cheeks भरिएको, गफुल्ले;—shoulders यसरी नुहेको कि आङ उन्नतोदर देखिन्छ;—vowel ओठ बाटुलो पारेर बोलिने;—trip, voyage प्रस्थान बिन्दुमा फर्कने, जातो आती;—towel घुम्ने छेउ नभएको रुमाल;—robin दसखतहरू छेउमा बाटुलोसंग गरिएको (कसले शुरू गरेको थाहा नदिनाको लागि) निवेदन वा उजूर पत्र;—dozen, score ठीक बाह्र वा बीस, सोभन्दा कम होइन;—numbers साना अङ्कको बेवास्ता गर्दै १०, १०० इ० मात्र लिएर; a—sum ठूलो रकम; a—style बग्ने, मिलेको; a—voice कर्कश होइन;—unvarnished truth सादा र सत्य; a—oath भुल्न नसकिने;—head सत्रौं शताब्दीको विलायती गृहयुद्धमा संसदको पक्ष गर्ने—house (ऐति०) थुना, खोर ।

round (राउण्ड्) **ना.** मण्डल, फन्को, चक्र, चक्कर, डल्लो, (मूर्तिकला) उठाइएकोको विपरीत ठोस; in the —(अलं०) सबै आकृति देखाएर, पूरासँग; परिधि, सीमा, विस्तार; परिभ्रमण, फेरो, पालो, पटक, चक्कर, श्रेणी; daily—दैनिक काम, दिनचर्या; (ब. व., सेना०) पालो पहराको जाँच गर्ने घुमुवा टोली; केही नाप्दा वा बाँड्दा दिइने भाग, श्रेणीमध्येको एक;—s'man आडर लिन र माल पुन्याउन फेरो लाउने महाजनको नोकर ।

round (राउण्ड्) **क्रि. वि. र उ.** चक्रवत्, घुमाएर, फर्केर;—about **वि.** अन्दाजी; तकरीबन;—about **ना.** परिवृत्ति, मंडल, चक्र, घुमाउ, चारैतिर, (बिन्दु वा केन्द्रबाट) सबै दिशातिर; glasses—उपस्थित सबैलाई पिउन; an all—man विविध गुण वा सीप वा योग्यता भएको; घुमाउरो बाटोबाट; along way—; go—।

round (राउण्ड्) **क्रि.** बाटुलो आकार दिनु, लिनु, बाटुलिनु; बाटुलो ओठले बोल्नु; पूर्ण गर्नु, व्यवस्थित गर्नु; जम्बा गर्नु (वस्तु); पक्डनु (अपराधीहरू), ज. वा.—up धरपकड; घुम्नु, फर्कने गरी जानु; फर्कनु, घुम्नु;—on आशातीत (ओठे) जवाफ गर्नु; (पोलाहा) कुरा लाउनु ।

roundelay (राउन्'डिले) **ना.** थेकोसहितको छोटो सादा गाना; चराको गीत ।

rounder (राउन्'डर्) **ना.** round को शाब्दि० अर्थमा; ब्याट (हान्ने) र बलको खेलको प्रकार ।

roundly (राउण्ड्'लि) **क्रि. वि.** बेसरी, स्पष्टसँग (बोलीको) तालुको छाला पैताला पुन्याएर, कडासँग ।

rouse (राउज़्) **ना.** र **क्रि.** (सेना) जागरण, रमेली; पेयको घुट्को, टोस्ट, पिउने जमात; (पेयको) पूरा कटौरा वा गिलास; **क्रि.** (छिपेको शिकार) भगाउनु; (व्यक्ति) उठाउनु, ताउ दिनु, उत्तेजित गर्नु; वा तर्साउनु (निद्रा वा अल्सीपनाबाट);—oneself अल्सी त्याग्नु; wants rousing अकर्मण्य छ; रिस उठाउनु वा रिस वा अन्य भावले उत्तेजित गर्नु; भावना जगाउनु; झोल, खा. ग. बियर, चलाउनु; सुत्न छोड्नु, क्रियाशील हुनु; (हेरिङ्ग माछा) सुकाउनालाई नून छर्किनु ।

rouser (राउ'ज़र्) **ना.** rouse को शाब्दि० अर्थमा, खा. ग. बियर फेनाउँदा चलाउने औजार, जगाउने वा ठूलो झूट ।

Rousseauism (रुसो'इज्म्) **ना.** फ्रेन्च ग्रन्थकार ज्याँ ज्याक् रुसोको धर्म, राजनीति, शिक्षा, इ० विषयमा रायको समर्थक वा अनुगामी ।

roustabout (राउ़स्ट्'अबाउट्) **ना.** बन्दरगाहको मजदूर; जहाजको डेकमा काम गर्ने ज्यामी; ज्यामी; खुद्रा (काम गर्ने) नोकर ।

rout (राउट्) **ना.** र **क्रि.** मोजी वा दङ्गाबाजहरूको टोली वा जमघट; (का०) तीन वा बढी व्यक्तिको गैरकानूनी काममा लाग्ने जमघट; दङ्गा, होहल्ला, खिचोला, हुज्जत; (आ०) ठूलो सन्ध्या भेला वा स्वागत समारोह;—seat त्यस्तो समारोहमा भाडामा ल्याइने हलका बेन्च; पराजित सैन्य वा फौजको लथालिङ्गे पछिहटाइ; **क्रि.** जितेर पछि हटाउनु, भगाउनु, भक्कान पार्नु, बाहिर झिक्नु (बिछौनाबाट, लुकेको ठाउँबाट, इ०)।

route (रुट्) (सेना० धे. ज. राउट्) **ना.** र **क्रि.** प्रस्थान बिन्दुबाट लक्षसम्म पुग्ने बाटो, बाटो, (सेना०) मार्चको उर्दी; column of—मार्च गर्ने फौजको व्यवस्था;—-march टोलीको तालीमे मार्च (साजसहित); en—(आँ रुट) बाटामा, जाँदा; **क्रि.** कुनै खास बाटोबाट पठाउनु, चलान गर्नु, निर्देश गर्नु ।

routin/e (रुटीन्') **ना.** नित्यक्रम; काम गर्ने नियमित तरीका, मेलो, मेलोमेसो, नियमित कार्यविधि; रुटीन; एकनासको कामगराइ, (नाटक०) नर्तक वा वैहासिकको कार्य; (वाच्य०) नियमले गर्ने, नैयमिक काम, नित्यकर्म (—e duties, etc.);—ism **ना.** नियमवाद;—ist **ना.** नियमवादी ।

rove (रोभ्) **क्रि.** र **ना.** डुल्नु, घुम्नु, विनालक्ष डुल्नु, टहल्नु; (आँखा) घुम्नु; roving commission आवश्यक परेमा यात्रा गर्ने अनुमति दिएको जाँच आयोग; सूत, ऊनको, बटारिएको मूठो; **ना.** घुमफिर, घुमाइ; सूत वा ऊनको मुठो; रिविट गर्दा कीलो पिट्दा छिराउने सानू प्वाल भएको धातुको टुक्रा वा पातो ।

rover (रो'भर्) **ना.** (धनुर्विद्या) लक्ष; डुलुवा, फिरन्ता; समुद्री डाँकू; जेठो बालचर (स्काउट) ।

row (रो) **ना.** र **क्रि.** लहर, पंक्ति, लुङ, व्यक्ति वा वस्तु एक लाइनमा रहनु वा सजाउनु; एकापट्टि वा दुवैपट्टि घर भएको सडक, धेरै सडकको नाउँमा; the R—हाइड पार्कको घोडा चढ्ने बाटो; नाचघरमा आसनहरूको पक्ति; (डुङ्गा) खेवइको पालो, बार, डुङ्गा सैर; **क्रि.** डुङ्गा ख्याउनु, कुनै स्थान वा संख्यामा रहेर ख्याउनु;—boat ख्याउने डुङ्गा ।

row (राउ, राव्) **ना.** र **क्रि.** (बो. चा.) हलचल, होहल्ला, खलबल, हल्ला, भनाभन, झगडा; what's the—? के भएको ? make, kick up a—हल्ला गर्नु, उजूर गर्नु, विरोध गर्नु; उपद्रव, पीटापीट; गाली वा नसीहत पाउनु; **क्रि.** नसीहत दिनु, गाली गर्नु ।

rowan (रो— या रावान्) **ना.** (स्क०) पहाडी झार ।

row-de-dow (राव् डि डाव्') **ना.** होहल्ला, कल्याङ-मल्याङ, उपद्रो ।

rowd/y (राउ'डी) **ना.** र **वि.** भद्दा, उत्ताउलो, हुल्याहा वा हल्लाबाज व्यक्ति; ज. वा.—y-dowdy **वि.**—yism **ना.** हुल्याहापन, उत्ताउलोपन ।

rowel (रा'वेल्) **ना.** र **क्रि.** ऐंड़ीको टुप्पामा जडेको काँटादार चक्का (**क्रि.** सोले घोडालाई अघि वढाउनु); घोडाको घाउमाथि राखी पीप झिक्ने प्वाल भएको छालाको चक्का ।

rowlock (र'लक्) **ना.** डाँडा अडयाउने डुङ्गामा जडिएको उपकरण वा साज ।

Roxburghe (रक्स'वर) **ना.** पुस्तकमा छालाको जिल्द हाल्ने तरीका ।

royal (र'यल्) **वि.** र ना. राजकीय; the blood—राजवंश; rhyme—१० पदको सात पंक्तिको श्लोक हुने खास छन्द;—road to,—लाई विना दुःखको बाटो; R—society विलायतको विज्ञानको प्रख्यात संस्था;—standard शाही झण्डा ।

royalist (र'यलिस्ट्) **ना.** राजपक्षी, राजपक्षावलम्वी; गृह-युद्धमा राजपक्षको समर्थक ।

royalty (र'यल्टि) **ना.** राजत्व, राजता, नृपत्व, आधिपत्य; राजपरिवार, राजघराना; (ब. व. मा) राजपुरुष; राजमुकुट, (सा. ब. ब. मा) राज्याधिकार; राजकर (खा. ग. खनिज धातुहरूमा); (ऐति०) खानिबाट फाइदा उठाउने ठेकदारले जग्गाधनीलाई बुझाउने दाम, ठेकदारी; स्वामिताको चलनको लागि स्वामीलाई दिइने शुल्क; ग्रन्थ-शुल्क; ध्यूखानी ।

rub (रब्) **क्रि.** (-bb-) घोट्नु, रगड्नु, लिप्सनु, घसार्नु, सेप्नु, घस्नु, दल्नु, लेसार्नु, रगेट्नु; टल्काउनु, सफा गर्नु, माड्नु, खुर्कनु; शिलालेख झिक्नु (कागत राखेर त्यसमा रंगीन खरी इ० ले बुट्टा झिक्नु); दलेर (टाटो) उडाउनु;—one's hands खुशीले;—shoulders काँध काँध जोर्नु, समागम गर्नु;—noses (पशु, वा बर्बर जाति) नाक दल्नु;—the wrong way उल्टोतिर दल्नु, (अलं०) चित्त नबुझ्ने, झोक चल्ने, काम गर्नु;—down (थाकेको, वा टाटो लागेको) ताजा बनाउनु, बुरुश लाउनु; **ना.** मालिश, दाव, दवाइ; (वोल्स खेल) अड्को, तगारो; there's the—कठिनाइ; rubber को. छो. क. ताशको खेल ब्रिजमा, रबर ।

rub-a-dub (रब्'ए डब्) **ना.** र **क्रि.** ढोल पिटेको शब्द (गर्नु) ।

rubato (रुबा'टो) **वि.** र **ना.** (संगीत०) (Tempo)—भावप्रकाशनको लागि सुर फेरिएको (इटा०) ।

rubber (र'बर्) **ना.** ब्रिज लगायत केही ताशको खेलमा एकै पक्षले तीन लगातार खेल जित्नु; the—(छो. क. the rub पनि) दुई खेल जित्नु, अथवा हरेक पक्षले एक एक खेल जितेको छ भने तेस्रो खेल जित्नु; रबड, रबर, मेट्ने ।

rubbish (रबि'श) **ना.** र **वि.** बो. खेर जाने वा फाल्तू चीज, कसिङ्गर, रछान, फोहर, मैला, बेकामको सामान वा चीज, फाल्तू, रद्दी, पत्रू; a good riddance of bad—मन-नपरेको पाहुनाको प्रस्थान; फजूलको कुरा, वाहियात; हेलाँसूचक बोली, नचाहिंदो, बेकार, हावा; **वि. बो.** तातो छारो ! नापियो !;—y,—ing **वि.** वाहियात, फजूल ।

rubble (र'ब्ल्) **ना.** कूडाकंकड; (पुरानू घरको) फुटेको ढुङ्गा वा ईंटका टुक्रा; भित्तामा हाल्नालाई नसजेका ढुङ्गा; (भूतत्व०) कोही चट्टानलाई ढाक्ने खुकुला चुच्चे ढुङ्गाहरू; पानीले खियाएको ढुङ्गा; rubbly **वि.** कङ्कडी, टुटेफुटेको ।

rubefy,—ify (रू'बिफाइ) **क्रि.** रातो पार्नु, (भैष०, प्रति-उत्तापक बारे) चर्म इ० लाई रातो हुने गरी उद्दीपन गर्नु; ज. वा. rubefacient (–फ्या'शण्ट) **वि.** रातो गरिएको; rubefaction (रुबिफ्या'क्शन्) **ना.** रक्तीकरण ।

rubicelle (रु'बिसेल्) **ना.** सुन्तला लालमणि, मानिक ।

Rubicon (रु'बिकॅन्) **ना.** र **क्रि.** यस्तो सीमा जसलाई अतिक्रमण गर्नासाथ व्यक्ति कुनै बाटोमा चल्न बाध्य हुन्छ; सा० pass वा cross the R—; (पिके ताशमा) प्रति-द्वन्दीले १०० अंक पुऱ्याउने अघि खेल जित्नु; **क्रि.** प्रतिद्वन्दी-लाइ त्यसरी हराउनु ।

rubicund (रु'बिकण्ड्) **वि.** (अनुहार, रंग, वा सो विचार-बाट व्यक्ति) लाल, गाढा रंग भएको ।

rubidium (रुबि'डिअम्) **ना.** नरम चाँदी जस्तो धातव-तत्व, रुबिडिअम् ।

rubiginous (रुबि'जिनस्) **वि.** खिया रंगको ।

rubious (रु'बियस्) **वि.** (कवि०) मानिक रंगको ।

ruble (रु'ब्ल्) rouble को रूपान्तर, रुसी सिक्का ।

rubric (रु'ब्रिक्) **ना.** रातो अक्षरले लेखेको वा छापेको अध्याय, परिच्छेद, इ० को शीर्षक; पात्रोमा पर्वदिन रातो मसीले लेख्ने वा छाप्ने;—ate **क्रि.** रातो मसीले लेख्नु, छाप्नु ।

ruby (रू'बी) **ना.**, **वि.** र **क्रि.** मानिक, माणिक; above rubies अन्दाज नहुने मूल्यको; उज्यालो बैजनी-रातो रंग (को); लाल रक्सी; (तल०) रगत; टाइपको नाप;—glass रातो रंगको ऐना, काँच;—wedding चालीसौं जयन्ती; **क्रि.** रातो रँगाउनु ।

ruche (रुश्) **ना.** जाली वा लेसको झल्लर (फ्रे०) ।

ruck (रक्) **ना.** र **क्रि.** (ruckle (र'क्ल्) पनि); दौड-बाट पछि परी हटेका बहुसंख्यक प्रतियोगीहरू; मुजा, भाँज; **क्रि.** लुगा चुन्नु, भाँज पार्नु; मोडिनु, दोब्रिनु ।

ruckle (र'क्ल्) **क्रि.** र **ना.** सुसाउनु, (घाँटीमा) गलगल गर्नु, खा. ग. मर्न लागेको मानिसको; **ना.** किक्लिक्क ।

rucksack (रु'क्स्याक्) **ना.** पहाड चढ्ने वा हिंड्ने मानिसको सामान हाल्ने, दुवै काँधबाट डोरीद्वारा आँगमा अड्ने गरी राखेको झोला ।

ruckus (न्यु'कस्) **ना.** बेमेल, झगडा, बेठ्याक ।

ruction (रक्'श्न्) **ना.** (अप०) गोलमाल, बखेडा, होहल्ला, कचिङ्गल; there will be—s उपद्रो नभई रहन्न ।

rudd (रड्) **ना.** मीठो पानीको माछाको जात ।

rudder (र'डर्) **ना.** पतवार, केनिपात, अरित्र ।

ruddle (र'ड्ल्) **ना.** र **क्रि.** खा. ग. भेडा रँगाउने रातो रंग, सिन्दूर; **क्रि.** सोले रँगाउनु ।

ruddy (र'डी) **वि.** र **क्रि.** (अनुहार वा उसको मालिक) स्वस्थसँग लाल, गुलाफी रंगको; (उज्यालो, आगो, आकाश, परेको वस्तु, इ०) रातो रातो; (अप०) रगताम्य, सकिएको, नासिएको; **क्रि.** रातो हुनु ।

rude (रूड्) **वि.** आद्य, सीधा सादा, सोझो, निमुखा, प्राकृतिक अवस्थामा, अछन्दको, सुधार नगरिएको, बेसोमती, असभ्य, अशिक्षित, खस्रोसँग बनाएको, कलारहित, असूक्ष्म, बेठीक; जोरदार, नरम होइन, अवश, रुसङ्ग गराउने, एक्कासि; प्रबल, हार्दिक; बढेको, धृष्ट, कुत्सित;—ness **ना.** अभद्रता, बेकाइदा ।

Rudesheimer (रू'डस्हाइमर्) **ना.** सेतो हाइन रक्सी ।

rudiment (रु'डिमेन्ट) **ना.** (ब. व.) कुनै विषयका वा ज्ञानका तत्वहरू वा आद्य सिद्धान्तहरू; (ब. व.) कुनै विकास हुने वा अर्को परिस्थितिमा विकसित हुन सक्ने चीजको अपूर्ण वा दोषपूर्ण प्रारम्भ; (ए. व.) कुनै काम नभएको हुँदा अपूर्णरूपले विकास भएको अङ्ग वा अवयव, ज. कि पुरुषहरूमा वक्ष; —al,—ary **वि.** (रुडिमे'ण्टल्,—मे'ण्टरि) प्राथमिक, मौलिक, अपूर्ण, आद्य ।

rue (रू) **क्रि.** र **ना.** पश्चात्ताप गर्नु, नतीजाको दुःखमय अनुभव गर्नु, नगरेको वा नभएको भए हुन्थ्यो भनिठान्नु; **ना.** (आ०) पश्चात्ताप, कुनै घटनामा विस्मात; ज. वा. सा० र खा. ग. ठट्टामा—ful **वि.** अफसोसी;—fulness **ना.** दया, टीठ; वास्ना आउने पात भएको, पहिले औषधिमा प्रयोग हुने, हरियो बिरुवाको प्रकार ।

rue-raddy (रू'र्‍याडि) **ना.** केही चीज तान्नालाई गर्दन र काँधमा बेर्ने गरी राखेको डोरी ।

rufescent (रूफसे'न्ट्) **वि.** (पशु०) रातो रातो ।

ruff (रफ्) **ना.** र **क्रि.** सूती कपडाको धेरै पत्रको माडद्वारा अरठ्ठ पारेको घाँटीमा लाउने (अघिको) लुगाको किसिम; चरा वा पशुको घाँटीमा देखिने गरी वा बाहिर निस्केको रंगीन प्वाँख वा रौंको चक्का, ज. वा.—ed (रफ्ट्) **वि.** रंगीन चक्का परेको; पाल्ने परेवाको किसिम; (स्त्री० reeve रीभ्) फुल पार्ने वेलामा घाँटीमा चक्का पर्ने चराको जात; अलिनो पानीमा हुने माछाको जात; **क्रि.** (ताशमा) तुरुप लाउनु; cross वा double—खेलको त्यो अवस्था जसमा एक पक्षका साथीहरूले परस्परमा तुरुप लाएर हात लिने गर्दछन् ।

ruffian (रफि'यन्) **ना.** नृशंस, बलवत्, अराजक, उपद्रथाहा व्यक्ति; पातकी, पिंडीशूर, हुल्याहा;—ism **ना.** हुल्याहापन, उपद्रो, गुण्डागिरी ।

ruffle (र'फ्ल्) **क्रि.** र **ना.** खजमजाउनु (रौं, प्वाँख); सम्मपना वा शान्ति हराउनु; इख्याउनु **ना.** खुलदुली, चटारो; (पानीमा) लहर जस्तो प्रभाव; छाती वा घाँटीमा रहने कपडाको बुट्टा; (सेना०) थर्कने गरी ढोलको पिटाइ ।

rufous (रू'फस्) **वि.** (मु० प्रा० इ०) रातो रातो खैरो ।

rug (रग्) **ना.** रग, ऊनी ओढ्ने, कम्बल; भुँमा ओछ्याउने बाक्लो खस्रो रौंको, ऋथापल भएको आतसखानको अगाडि राख्ने रग ।

Rugbeian (रग्बी'यन्) **ना.** र **वि.** रग्बी पाठशालाको (सदस्य) ।

Rugby, r—(रग्'बि) **ना.** र **वि.** रग्बि पाठशाला;—football वा—, र'गर (rugger) पनि; **ना.** (अप०) हातले छुन हुने, उठाएर लैजान हुने प्रकारको फूटबल, एसोशिएशन फूटबल वा सॅकरको उल्टो;—Union रग्बि फूटबलको नियम मान्ने क्लबहरूको संस्था ।

rugged (र'गेड्) **वि.** रूखो, फुस्रो, खस्रो, अछन्दको, अग्लो होचो, ढुङ्गा भएको, रूख भएको, इ०;—features बेडोलको, जोरदार; नरमी नरहेको, भद्दा, शिष्टतामा कम, कर्कश, कठोर ननुहुने, हिसीमरू, कठिनाइ ल्याउने, बलियो, दोहोरो आङ्को; —ly **क्रि. वि.** जोडसँग, —ness **ना.** कठोरपन, भद्दापन ।

rugger (र'गर्) Rugby हेर्नू ।

rugose (रुगोस्') **वि.** (मु० प्रा० इ०) चाउरी परेको, कर्कटिएको ।

ruin (रू'इन्) **ना.** र **क्रि.** उच्छेदन, उछित्तो, बरबाद, भताभुङ्ग, छारपुस्ट, सखाप, वित्यास, बिल्लबाठ, लथालिङ्ग, नाश, क्षय, पाताल, नानास्थान, पतन, वा गिरेको, भत्केको वा कमजोर भएको अवस्था; (धे० ज० ब० व०) अवशेष (भवन, सहर, रचना, इ० को); जसले ध्वंस गराउँछ, नाश गर्ने कारण, संहार; **क्रि.** नाश वा पतन गराउनु, (क०) अधोमुख भएर अथवा धडाम्म भएर लड्नु; the—s of Rome प्राचीन रोमका अवशेष; blue—बिग्रेको जिन नामको मद्य; rack and—विनाश; —girl स्त्रीलाई बिट्टलो पार्नु ।

ruinous (रू'इनस) **वि.** भत्केको, नाश भएको, जीर्ण, ध्वंसात्मक, नाश गर्ने ; जर्जर, उत्सन्न, क्षीण ।

rule (रूल्) **ना.** र **क्रि.** नियम, सिद्धान्त, चलन, व्यवस्था, परीक्षा, स्तर, वास्तविक स्थिति; रोह, शासन, पालन, प्रभुत्व, राजपाठ ; आदेश (अदालती) ; (नाप्ने) रूल ; (मुद्र०) शीर्षक छुट्ट्याउने धातुको पातलो पाता; विराम चिह्नमा छोटो ड्याश (en—) वा लामू ड्याश (em—) इ०; रोह, सनद, रुलनियम, सवाल;—s and regulations ऐन सवाल, सवाल सनद;—of the road बाटामा हिंड्ने, चल्ने, सवारी, डुङ्गा, जहाज, इ० ले परस्परलाई पार गर्दा सडकको कुन भाग लिने, सो रुल (चलन);—of thumb सैद्धान्तिक होइन, अनुभव वा चलनबाट उपलब्ध;—of three गणितमा दुईवटा संख्यामा रहेको अनुपात, तेस्रो दिइएको संख्यासँग राख्ने चतुर्थ संख्या झिक्ने नियम; golden—बाइबलको म्याथ्यु ७.१२ मा रहेको, अर्थात् अरूले आफूसँग जस्तो बर्ताउ गरुन् भन्ने छ आफूले अरूसँग सोही प्रकारको व्यवहार गर्नु भन्ने पारस्परिकताको सुवर्ण नियम; by—चलेको ढाँचाले, यांत्रिक तौरसँग; work to - टाइम कुटाइमको ख्याल नराखी जहिले

पनि नियमको आड ली काममा दक्षताको अन्त गर्नु, खुला हडतालको साटो काम ढिल्याउनु; hard and fast—कठोर सूत्र; exception proves—अपवादले नियमको सत्यता प्रमाणित गर्छ, अर्थात् अपवाद हुनाले नियम रहेछ भन्ने देखिन्छ; —nisi (का०) (फैसला, आदेश, इ०) रद्द नभएसम्म;—absolute पक्का, अनिश्चित वा सन्दिग्ध नरहेको; slide- — (सिकर्मी, डकर्मी, इ० को) जोर्नी भएको रूल, जसको एक अंकित भाग यताउति सारेमा कोही कोही गणितका प्रक्रियाहरू स्वतः गरिन्छन्; **क्रि.** शासन गर्नु, प्रभुत्व गर्नु, (केही कुरामा) निर्णायक प्रभाव पार्नु; अंकुश लाउनु, रोक्नु (रिस इ०); ruling passion चालचलन, आचार, साधारणतः संचालन गर्ने (व्यक्तिगत) मतलव; (निष्ठा०) सल्लाह मान्ने, (अर्काले) शासित; शासक हुनु, हुकूम चलाउनु;—the roast मालिक बन्नु; कानूनी वा आधिकारिक निर्णय दिनु;—out बहिष्कार गर्नु, हटाउनु, अयोग्य वा अप्रयोजनीय भनी निर्णय दिनु; कागतमा सोझा (समानान्तर) धर्काहरू कोर्नु ।

ruler (रू'लर्) **ना.** शासक, शासन गर्ने व्यक्ति वा वस्तु; (कागतमा धर्को कोर्ने) रूलर ।

ruling (रु'लिङ्ग) **ना. र वि.** रेखा; आदेश, फैसला, निर्देशन, निर्णय; **वि.** शासनकर्ता, शासक ।

rum (रम्) **ना.** उखुबाट बनेको रक्सी, हीलुक, रम; मादक पेय;— -runner (वो. चा.) मादक पेयको चोरी पैठारी वा निकासी गर्ने, तस्करीमा लागेको पानीजहाज;—row (वो. चा.) तस्करीमा लागेका जहाजहरू अड्ने निषेध क्षेत्रबाहिरको स्थान ।

rum, rummy (रम् , रमि') **वि.** (अप.) अनौठा, अद्भुत, बेढङ्गको;—customer (खा. ग.) हात हाल्दा खतरा हुने व्यक्ति वा पशु;—start (अप.) अचम्मको घटना;—ness,–miness (रम्'नेस् , रमि'नेस्) **ना.** अनौठापन ।

Rumanian (रुमा'नियन्) **वि. र ना.** रूमनियाको वासिन्दा, भाषा ।

rumba (रम्'बा, रुम्'बा) **ना.** क्युबाको हवशी नाच, सोको नकलबाट सामाजिक नाच ।

rumble (रम्'ब्ल्) **क्रि. र ना.** चट्याङ्, भैंचालो, भारी गाडा, पेटमा वायु, इ. को गडगडाहटको शब्द गर्नु; त्यसरी चल्नु, अघि बढ्नु ; त्यसरी बोल्नु वा उच्चारण गर्नु; **ना.** त्यस्तो गडगडाहट, त्यस्तो शब्द; **क्रि.** (अप.) बुझ्नु; पत्ता लाउनु, भण्डाफोड गर्नु ; rumbling **ना.** अंत्रकूज, विकूजन (पेट कराउनु) ।

rumbustious (रमबस्'टियस्) **वि.** (वो. चा.) हुल्याहा, हुल्लडबाज ।

rumen (रुमेन्) **ना.** उग्राउने जीवको पहिलो भुँडी ।

ruminant (रु'मिन्याण्ट्) **ना. र वि.** उग्राउने जीव; रोमंथकर; **वि.** उग्राउने जातको; विचारशील, ध्यानमा डुब्ने, ध्यानमग्न ।

rumin/ate (रु'मिनेट्) **क्रि.** उग्राउनु; विचार गर्नु, घोत्लिनु, घोरिनु;—ative **वि.** विचारमग्न ।

rummag/e (र'मेज्) **क्रि. र ना.** खोतल्नु, धुनपत्ता गर्नु, खानतलास गर्नु, हाण्डर हुण्डर पार्नु; **ना.** खोजतलासबाट पाएका चीज, नाना थोक; (खा. ग. भन्सारले) जहाजको जाँच—e sale नाना वस्तुको सस्तोमा बिक्री, बजारमा, बन्दरगाह, इ. मा हाण्डरहुण्डर गर्नु ।

rummer (र'मर्) **ना.** ठूलो पिउने गिलास ।

rummy (र'मि) **ना. र वि.** दुई ठेली ताशबाट खेलिने साधारण खेल; **वि.** अनौठा ।

rumour (रु'मर्) **ना. र क्रि.** किंवदन्ती, प्रवाद, जनश्रुति, हल्ला, हौडा, गलवा, सोग, सोसेरा, घुइरो, खल्याङखुलुङ, गाइँगुइँ, अरे, हाहा, लोकवार्ता, कुरा; **क्रि.** हल्ला गर्नु, हल्ला चलाउनु;—er **ना.** हल्लाबाज, कुरौटे ।

rump (रम्प्) **ना.** कटि, नितम्ब, ठूँठ, चूतड, चाक, पुच्छर, कण्ढो, (खा. ग. चरा वा पशुको, विर० मानिसको), ज. वा. (पुच्छर नभएको चराको);—less **वि.** विना चाक; संसद वा सोही प्रकारको संस्थाको सानू वा हेलाँ लाग्ने अवशेष, खा. ग. बिलायतको (Long Parliament) लामू संसदको Rump वा ठूँठ;—steak पशुको साँप्रोबाट झिकेको पकाएको मासुको टुक्रा ।

rumple (रम्'प्ल्) **क्रि.** चाउरी वा मोड पार्नु, खजमज्याउनु, अस्तव्यस्त पार्नु (कपडा, पात पत्र, लुगा, रौं, इ०) ।

rumpus (रम्'पस्) **ना.** (अप०) बखेडा, खलबल, झगडा, होहल्ला, खिचोला, कचिङ्गल, धुनधान ।

rumpy (रम्'पि) **ना.** म्यान टापूको पुच्छररहित बिरालो ।

rum-tum (रम्'टम्') **ना.** तल्लो टेम्स नदीमा चल्ने एक डाँडको डुङ्गा ।

run (रन्) **क्रि.** दौडनु, दुगुर्नु; धाउनु, भाग्नु, तेजसँग जानु; (सवारी) गुड्नु, चल्नु, (रंग) सर्नु; (झोल) बग्नु; (कपडा) खुँट्नु, औंटार्नु; (शिकार) लखेट्नु; (हिसाब) बढ्नु, जम्मा हुनु;—about **वि.** डुल्ने; **ना.** हलका मोटर गाडी;— -around **ना.** छल, ठग्ने कुरा (वो. चा.);—away **ना. र वि.** भगोड, भगुवा, भगन्ते;—away match or marriage भागेर गरेको;—away ring or knock उपद्र्या ठिटाले ढोकामा खटखट बजाएको र भागेको;—across (आकस्मिक) भेट हुनु;—after पछि लाग्नु;—against भेट्नु, संमुख हुनु;—at दौडेर झम्टनु;—through वारपार घोच्नु, सररर हेर्नु (पुस्तक, इ०);—down दम सकिनु; कमजोर हुनु (स्वास्थ्यको खराबीले);—in भिड्नु; (वो. चा.) पक्डेर झ्यालखान लैजानु;—on जोरिनु, चलिरहनु;—out सकिनु, सिद्धिनु;—out of मौजदात सिद्ध्याउनु, अपचय हुनु;—over पोखिनु, किच्नु ;—through घोप्नु; (लेखेको) काट्नु;—up बढ्नु, हलक्क बढ्नु; runner up (प्रतियोगितामा) दोस्रो हुनु;—out भिड्किनु (समय), (क्रिके०) रन लिदालिंदै आउट हुनु ;—over कुल्चिनु;—away **क्रि.**

कुद्नु, कुलेलम ठोक्नु, सुइँकुच्चा ठोक्नु, कुइँच ठोक्नु, बुर्कुसी मार्नु, पत्तातोड हुनु, पुइँकिनु;—ner **ना.** धावक; लहरा ।

run (रन्) **ना.** चाल, धावा, गति, दौडाइ, ताक, हालिमुहाली; (क्रिके०) रन; तालबद्ध चाल, तेज गिरावट, ज० कि घर (भत्कँदा), व्यक्ति, ब्यारोमिटरमा पारो, इ०, मोल, इ०; लगातारको विस्तार, मार्ग; in the long—अन्तमा; सामान्य, साधारण, औसत वा सहलिया किसिमको, ज० कि the common—of men कोही पशुहरूको नियमित गोरेटो वा सुराक; पूरा चलन गर्ने इजाजत;—down संख्यामा कटौती, खा. ग. सशस्त्र सेनाको नोकरी समाप्तिमा;—off बराबरीपछिको निर्णायक दौड;—up कुकुर दौड (खरायोपछि) ।

runagate (रन्'अगेट्) **ना.** (आ०) लवरा, अल्लारे, फटाहा, उल्लू ।

runcible spoon (रन्'सिब्ल् स्पून्) **ना.** चमचा जस्तो गहिरो, तीन चौडा काँटादारमध्ये एकमा काट्ने धारसमेत भएको काँटाको किसिम; ("रन्सिब्ल्" शब्द लेखक एडवर्ड लियरले बनाएको बेअर्थको शब्द) ।

runcinate (रन्'सिनेट्) **वि.** करौंती दाँत भएको (वन०) ।

rundale (रन्'डेल्) **ना.** (खा. ग. आइरिश) जमीनको संयुक्त स्वामित्व, जब कि प्रत्येक धनीले नजोरिएको धेरै चाक्लाहरू भोग गर्छ ।

rune (रून्) **ना.** अति प्राचीन मध्य योरपको ट्युटन भाषाको कुनै अक्षर; गूढ वा जादूको अर्थयुक्त सोही प्रकारको चिन्ह; फिनल्याण्डको काव्यको अध्याय;—-staff सो अक्षर कुँदिएको जादूको डण्डा ।

rung (रङ्ग) **ना. र क्रि.** भऱ्याङको खुड्किला, मेचको खुट्टामा दुवै छेउ जडिएको डण्डा, सोपान; **क्रि.** ring को भू. का. र निष्ठा=बज्यो, बजेको ।

runic (रू'निक्) **वि. र ना.** गूढाक्षरको, मा, ले चिन्हित; (काव्य) प्राचीन स्क्याण्डिनेभियाको ढाँचाको; (सिंगार) स्मारक, धातुको काम, इ० मा, आँखे झ्याल प्रकारको बुट्टे; **ना.** गूढाक्षरीय खोदाइ, (मुद्र०) बाक्लो मुख भएको बुट्टे पाइप ।

runlet (रन्'लेट्) **ना.** (श्रा.) रक्सी इ. राख्ने ठूलो वा सानू पीपा, सानू नदी, खहरे, खोला ।

runnel (र'नेल्) **ना.** खोला, खहरे, नाला, डूँड ।

runner (र'नर्) **ना.** शाब्दिक अर्थ; हुलाकी, दूत, सन्देशवाहक, जासूस, ब्याङ्क इ. को दाम उठाउने वा कारक, दलाल, (ऐ. खा. ग. Bow-street—प्रहरी कर्मचारी); Blockade—समुद्री घेरा तोड्ने (तस्करीको लागि) जहाज वा कप्तान; घट्टको घुम्ने चक्का; लताको टुसा जसले जरा हालेर आफैं बिरुवा बन्छ;—bean सिमीको प्रकार; लठ्ठामा तलमाथि सर्ने मुद्रा;—-up शिकारमा अन्तिम चरणमा हार्ने कुकुर; सोही प्रकारसँग हार्ने खेलाडी, दोस्रा हुने खेलाडी वा दल ।

running (र'निङ्ग्) **ना.** शाब्दिक अर्थमा; (दौडमा) make, take up, the—अगुवा हुनु;—-board रेल इन्जिन, मोटर गाडी, को दुवै छेउमा रहने पाउदान (खुट्टा टेक्ने फल्याक);—commentary हुन लागेका घटनाहरूको मौखिक वर्णन, आँखाले देख्ने बयान, प्रत्यक्ष वर्णन;—order चालु अवस्था;—powers रेल्वेले अर्को संगठनलाई आफ्ना लाइनमा रेल चलाउने अनुमति ।

runt (रण्ट्) **ना.** सानू, र खा. ग. स्कटिश, पहाडी, वा वेल्श जातको गाई वा साँढे; घरेलु परेवाको ठूलो जात; सानू सुँगुर; पुड्को वा कमजोर व्यक्ति ।

runway (रन्'वे) जन्तुले पानी खान जाने गोरेटो; काठ घिसारेर ओहाल्ने ओहालो, बीच बाटो (खास किसिमको); हवाइ मैदान, हवाइ बन्दरगाह, मा वायुयान उक्लन वा उत्रनालाई विशेषरूपले तयार गरिएको जमीनको तह, दौडबाटो ।

rupee (रूपी') **ना.** नेपाल लगायत अन्य ३।४ मुलुकको मौद्रिक एकाङ्की, रुपियाँ ।

rupture (रप्'चर्) **ना. र क्रि.** विच्छेद, फाटो, मनोमालिन्य; (रो. नि.) अंत्रवृद्धि, हर्निया; भेद, कलह; **क्रि.** फुट्नु, भाँचिनु (कोष, भाँडो, नसा, जालो इ०); विच्छेद गर्नु, तोड्नु (वैवाहिक सम्बन्ध); अंत्रवृद्धि हुनु ।

rural (रू'रल्) **वि.** ग्रामीण, ग्राम्य, गाउँले, काँठे, पाखे, कोरकाली, देहाती; ज. वा. rurality (रूऱ्या'लिटि) ग्रामीणपना; काँठेपना ।

Ruritania (रूरिटा'निया) **ना.** कल्पित मध्य योरपीय देश; उपन्यासकार र नाटककारले विचित्र दरबारिया घटनाहरू अर्वाचीन वातावरणमा भेट गर्ने दृश्य ।

rusa (रू'स) **ना.** ठूलो मृगको किसिम (मलेय) ।

ruse (रूज़्) **ना.** प्रपन्च, चाल, कपटोपाय; चलाकी, नकली वार ।

ruse (रूज़े') **वि.** प्रपन्ची, छट्टू, चलाक, (व्यक्ति, कारवाई, हेराइ, इ०) (फ्रे०) ।

rush (रश्) **ना. र क्रि.** तृण, नर्कट, बेत, (धापिलो जमीनमा बढ्ने बिरुवा); चटारो, होक्राँ, झोक्का, धावा, आक्रमण, घुइँचो, घचाघच, भीड, हूल, ठेलमठेल, वेगसाथको आगमन; (सिनेमा.) काट्नेअगाडि फिल्मको पहिलो वा प्रारम्भिक प्रदर्शन; नयाँ बस्तीमा मानिसको अचानकको धुइरो; कुनै वस्तुको लागि ग्राहकहरूको भीड;—-hours जसमा आवागमन सबभन्दा घन हुन्छ; **क्रि.** धक्क्याउनु, घचेट्नु, तान्नु, घसिट्नु बल गर्नु, जोरसँग लैजानु, वेगसँग लैजानु, हुर्रिनु, हुर्दुराउनु; (सेना०) अचानकको जोरदार हमलाले कब्जा गर्नु; (बाधा, खोल्ो, छेकबार, इ०) वेगसँग पार गर्नु; (भीड गरेर) कब्जा गर्नु, ज. कि सुनखानि, सभामन्च, इ०; (अप०) (ग्राहकलाई) ज्यादा मोल तिराउनु; हुत्तिनु, हुम्मिनु, हानिनु, झम्टनु, तँछाड मछाड गर्नु, सनसनाएर अघि बढ्नु; (मेचको बिंग्रेको आसन) मरम्मत गर्नु; भेँमा बिछाउनु; to be—ed बित्नु ।

rusk (रस्क') **ना.** पाउरोटीको चाना; दोहोरो पकाएको त्यस्तो चाना ।

Rusk/inian (रस्कि'नियन्) **वि. र ना.** सामाजिक लेखक जन रस्किनको शैली वा ढाँचाको, वा निजको अनुयायी; ज. वा.

Ruskinese (रस्कि'नीज्) उनको लेख शैली;—inesque (रस्कि'नेस्क्) रस्किनको जस्तो, इ० ।

Russ (रस्) **ना.** र **वि.** रूसी, रूसी भाषा; **वि.** रूसी; ज. वा. Russify (रसि'फाइ) रूसी बनाउनु;—ophil (रसो'फिल्) **वि.** रूसी प्रेमी ।

russet (र'सेट्) **ना.** र वि. (ऐति०) किसानले लाउने गरेको खस्रो मोटो घरबुना, रातो कैलो कपडा; रातो कैलो; स्याउको किसिम; **वि.** रातो कैलो; (आ०) पाखे, सादा, सोझो ।

Russia (leather) (र'शा ले'दर्) **ना.** खास तेलले अतिसिक्त पारेको पुस्तकमा जिल्द हाल्ने चमडा ।

Russian (र'श्न्) **ना.** र **वि.** रूसको वासिन्दा, भाषा; **वि.** रूसी;—boots पिडौंलासम्म आउने; ज. वा.—ize (र'शनाइज्) रूसी ढाँचा दिनु ।

Russniak (रस्'नियॉक्) **ना.** र **वि.** ग्यालिशिया प्रदेशका रूमेनियन वा लिट्ल् रूसी जातिको सदस्य, भाषा ।

rust (रस्ट्) **ना.** र **क्रि.** खिया, बीज, (अलं०) बेचलनले गर्दा ह्रास, अपचय, को अवस्था, अकर्मण्यताद्वारा विकृत वा ह्रासको प्रभाव; ढुसीले बिरुवामा रातो टाटो हुने रोग; **क्रि.** खिया लाग्नु, खिया पर्नु; अकाजले गर्दा गुण वा दक्षता हराउनु; खिइनु, क्षय हुनु; better wear out than—out बुढ्याइँमा कार्यक्षमता कायम राख्ने उपदेश ।

rustic (रस्टिक्) **वि.** र **ना.** ग्रामीण, देहाती, काँठे, गँवार, भैमाले, सीधासादा, कोरकाली, सोझो, पाखे, अशिष्ट; अछन्दको वा देहाती कारीगरीको; (अक्षर) नमिलेको, सिकारू ।

rustic/ate (र'स्टिकेट्) **क्रि.** गाउँमा जानु वा बस्नु, गाउँले जिन्दगी बिताउनु; सजायका निम्ति शिक्षण संस्थाबाट निकालिनु, निष्कासित गर्नु; देहाती बनाउनु; भित्ता, पर्खाल, इ० लाई दबेको जोर्नी वा खस्रो तह दिनु; ज. वा.—ation **ना.** निष्कासन ।

rustl/e (र'सल्) **क्रि.** र **ना.** सुकेको पात उड्दा, पानी परेको, रेशमी लुगा चल्दा, इ० को आवाज निकाल्नु; स्वार् स्वार् गरी रेशम लाएर हिंड्नु; हल्लाएर, इ० सो शब्द गर्नु; हडबड गर्नु; (बो. चा.) हडबडले घचेट्नु; गाइवस्तु, घोडा इ० चोर्नु; —er **ना.** गाई, घोडा चोर ।

rusty (र'स्टि) **वि.** खिया परेको; पुरानू अनुहार वा ढाँचाको; (बोली) कर्कश, ख्यार ख्यार गर्ने; बुढ्याइँ वा बेचलनले अरट्ठ परेको; पुरानू, अघिल्ला जमानाको, बेस्याहारले क्षय भएको, मरम्मत खोज्ने; (कालो लुगा) खियाको रंगको, धेरै चलनले रंग उडेको; बासी वा उग्लेको (खा. ग. सुँगुर, बनेलको मासु) ।

rut (रट्) **ना.** र **क्रि.** (–tt–) पांग्राले बनाएको खाडलको बाटो, चक्रमार्ग, बाटोको खाडल; माद, मद; **क्रि.** खाडल पर्नु, (खा. ग. निष्ठा०मा) खाडल परेको; मत्त, मदमा ।

ruth (रूथ्) **ना.** (आ०) दया, माया, अनुकम्पा, कृपा; ज. वा. (अर्वा०)—less (रुथ्'लेस्) बेरहम;—lessness **ना.** निर्दयता, बेरहमी ।

ruthenium (रूथे'नियम्) **ना.** प्लाटिनम समूहको विरलै धातुतत्व, रूथेनियम ।

rux (रक्स्) **ना.** (स्कूले अप०) क्रोक, रिस, उद्वेग ।

rye (राइ) **ना.** उत्तर योरपीय अनाज, रोटी बनाउन र वस्तुलाई ख्वाउन चलन हुने ।

rye-grass (राइ'ग्रास्) **ना.** पशुलाई ख्वाउने घाँस ।

rye-peck (राइ'पेक्) **ना.** फलामको चुच्चो जडेको डुङ्गा घचेट्ने डण्डा ।

rymer (रा'इमर्) **ना.** बाँधमा जडेको खम्बा ।

ryot (राइ'यट्) **ना.** रैयत, रैती, किसान (हिन्दी) ।

S

S, (एस्) ब. व. Ss, s's वर्णमालाको उन्नाइसौं अक्षर; दुई मोड भएको आकार ।

Sab (a) ean (सबी'यन्) **वि.** र **ना.** प्राचीन येमेन देशको (वासिन्दा) ।

Sabaism (सेबा'इज्म्) **ना.** तारापूजा ।

sabbatarian (स्याबाटे'रियन्) **ना.** र **वि.** हप्ताको सातौं धार्मिक आरामको दिन मान्ने यहूदी; शनिवार आरामको दिन मान्ने क्रिस्तान; **वि.** सातौं दिन आरामी मान्ने सम्प्रदाय वा विश्वासको ।

sabbath (स्या'बथ्) **ना.** (हप्ताको सातौं दिनलाई मानिने) आरामको दिन; आरामको अवधि; (बहु० witches '—) पिशाच र बोक्सीहरूको साधारण सभा ।

sabbatic (al) (स्याब्या'टिक् (–कल्) **वि.** आरामीको; —al year खेतीबाट विश्राम गर्ने, करिया र ऋणीलाई छाडिदिने, सात वर्षमा आउने वर्ष; अध्यापकहरूलाई अध्ययन, भ्रमण इत्यादिको लागि दिइने वर्षदिनको बिदा ।

Sabellian (स्याबे'लियन्) **वि.** र **ना.** (रो० इ०) प्राचीन इटलीका खास जातिसमूह; क्रिस्तान धर्मका ईश्वरका तीन रूप एकैका विभिन्न भाव हुन् भन्ने मत ।

Sabian (से'बियन्) **वि.** र **ना.** कुरानमा मुसलमान, यहूदी र क्रिस्तान सरह सच्चा ईश्वरमा विश्वास गर्ने सम्प्रदायको सदस्य ।

Sabine (स्या'बाइन्) **वि.** र **ना.** मध्य एपिनाइन प्रदेशका प्राचीन इटालियनहरू (को) ।

sable (से'बल्) **ना.** र **वि.** सानू खैरो भुत्ला भएको उत्तर (हिम) प्रदेशवासी मांसाहारी चौपाया; यसको छाला वा भुत्ला; यसको मसिनू रौंले बनेको चित्रकारको कुची; वश्य विद्यामा कालो रंगको संज्ञा, श्याम, कृष्ण; (कवि०, अलं०) कालो रंग; (कवि० अलं० ब. व.) आशौच परिधान; कृष्ण मृग; **वि.**

(कवि० अलं०) कालो, ध्वाँसे, अँध्यारो, डरलाग्दो (हवसी, आकाश, समुद्र, रात्रि, दैव, इ०); His—Majesty शैतान ।

sabo (स्या'वो) **ना.** काठको सग्लो टुक्रावाट कुँदेको जुत्ता (फ्रान्समा गरीवहरूले लाउने); काठको तलुवा भएको जुत्ताः काष्ठ पादुका ।

sabotage (स्या'वोटाऱ्, स्या'वोटिज्) **ना.** र **क्रि.** ईवीले वा मनमानी विध्वंस, खा. ग. कारखाना धनीसँगको रिसले कर्मकारहरूले कलकारखानामा बिगार गर्नु, विध्वंसको काम; **क्रि.** विध्वंस गर्नु, विगार्नु, वेकम्मा पारिदिनु, नाश गर्नु ।

saboteur (स्या'वोटर्) **ना.** विध्वंसकारी ।

sabre (से'वर्) **ना.** र **क्रि.** घुमेको धार भएको रिसल्लाको तरवार, कृपाण, चन्द्रहास; the—सैनिक वल वा शासन; (व. व. ऐति०) रिसल्लाको टोली; घोडचढी सिपाही र घोडा; पग्लेको ऐनाको तर झिक्ने तामाको भाँडो;—bill,—wing, चराको जात;—toothed lion or tiger लुप्त दुग्धपेयी, तरवारको आकारको लामू अघिल्लो दाँत भएको हिंस्रक पशु; **क्रि.** तरवारले काट्नु वा घाउ लाउनु ।

sabretache (से'वर्ट्याश्) **ना.** कम्मरपेटीमा देब्रेपट्टि लामू फितामा झुण्ड्याउने सानू रिसल्ला अफिसरको ब्याग।

sabreur (साब्रर') **ना.** तरवारसहित रिसल्ला, (धे. ज. beau—) जोशिलो रिसल्ला अफिसर ।

sabulous (स्याब्यू'लस्) **वि.** वलौटे, वालुवाको (पां०); (भैष० स्रावहरू, खा. ग. मूत्र अवयवहरूमा) दानादार ।

saburra (सब'रा) **ना.** (भैष०) भुँडीमा निक्षेप हुने गन्धपूर्ण दानादार वस्तु ।

sac (स्याक्) पशु वा वनस्पति अवयवमा रहने जालीले बेहिएको थैलो जस्तो गर्त; अंत्र (हर्निया), मैलो, डल्लो, गाण्टो, फुकुण्डो इत्यादिको जालोको खोल ।

Saccate (स्या'क्केट्) **वि.** (वन०) फुलेर थैलो वनेको; थैलोभित्र रहेको ।

Sacchar/o- (स्या'कारो—) ग्री० वाट ल्या०=शर्करा, चीनी;—iferous चीनी उत्पादन गर्ने;—ify (श्वेतसारलाई) चीनी बनाउनु ;—imeter शर्करामापक;—in(e) (स्या'कारिन्) डाइबेटीज (मधुमेह) इं० को रोगीको चलनको लागि कोइलाटारबाट प्राप्त हुने अत्यन्त गुलियो वस्तु, स्याकारिन्;—ine (स्या'काराइन्) **वि.** चीनीको, गुलियो ।

sacciform (स्या'क्सिफर्म्) **वि.** थैलो जस्तो, कोषाकार ।

saccule (स्या'क्यूल्) **ना.** सानू थैलो वा फुकुण्डो ।

sacerdocy (स्या सर्डोसि) **ना.** (विर०) पुरोहितको कामकाज, धर्मगुरुको कामकाज ।

sacerdotage (स्या'सर्डोटेज्) **ना.** (ठ०) धर्मगुरुहरूको बोलवाला भएको स्थिति ।

sacerdotal (स्या'सरडोटल्) **वि.** पुरोहित वा पौरोहित्यको; पुरोहित वा धर्मगुरुको लागि अति बढी प्रभावत्व, अख्तियार, खोज्ने; दीक्षित पुरोहितहरूमा यज्ञ (बलिदान) को कर्तव्य सुम्पने र तिनमा अप्राकृतिक शक्ति रहन्छ भन्ने सिद्धान्त; याजकीय, पौरोहित ।

sachem (स्या'चेम्) **ना.** कोही अमरिकी इण्डियन जातिका सर्वोच्च शासक ।

sachet (स्या'शे) **ना.** लुगाको बीच पत्रमा (सुगन्धको लागि) राख्ने बास्ना आउने थैलो; सुखा बास्नाको पुरिया ।

sack (स्याक्) **ना.** र **क्रि.** वोरा, धोक्रो, थैलो, प्रसेव, give the—, get the—, वर्खास गर्नु, वर्खास हुनु (नोकरीबाट); लुगा (आ०) स्त्रीको खुकुलो गाउन; लुगाको काँधमा जड्ने मुजा पारेको रेशमी गाँस जो भैंसम्म पुग्छ र लतार बन्दछ; आङको नापमा नछेकेको पुरुष वा स्त्रीको खुकुलो कोट;—cloth **ना.** टाट, वोरा; (अलं०) प्रायश्चित्त वा दुःखको लुगा, खा. ग. in—cloth and ashes;—race धोक्रोदौड; (लडाइँमा जितेको वा कब्जा गरेको ठाँउको) लूट; अधि स्पेन वा क्यानरी टापूहरूवाट आउने सेतो प्रकारको रक्सी; **क्रि.** वोराबन्दी गर्नु, बोरामा हाल्नु; नोकरीवाट खोस्नु, वर्खास गर्नु; (बो. चा.) लडाइँ वा प्रतियोगितामा हराउनु; (विजेता फौज वा सेनाधिपतिले कब्जा गरेको सहर, इ.) लुट्न दिनु, लुट्नु ।

sackbut (स्याक्'बट्) **ना.** नरसिंघा वा तुरही किसिमको ट्रोम्बोन नामक वाद्य यन्त्रको पुरानू नाम ।

sackless (स्याक्'लेस्) **वि.** (आ.) निर्दोष, निरपराध, लाटो ।

sacral (से'क्रल्) **वि.** (श. वि,) कण्ड्यौलो (हाड) को; (मानव.) धार्मिक विधिबारेको ।

sacrament (स्या'क्रामेण्ट) **ना.** र **क्रि.** संस्कार, धर्मविधि; गूढ वा धार्मिक अर्थ वा महत्वको कुरा; शपथ वा गंभीर करार गरिएको; **क्रि.** शपथद्वारा वाँध्नु (खा. ग. निष्ठा.मा) ।

sacramental (स्याक्रामेन्ट'ल्) **वि.** र **ना.** संस्काररूप; (सिद्धान्त, इ.) संस्कारमा जोर दिने; **ना.** संस्कारको जत्तिको महत्व नभएका केही क्रियाहरू, ज. कि. (क्रिस्तानहरूमा) चोखो पानी वा क्रसको चलन ।

sacramentarian (स्याक्रामेन्टे'रियन्) **वि.** र **ना.** (ऐति.) वास्तविक उपस्थितिको अपलापी ("क्राइस्टको शरीर र रगत" केवल लाक्षणिक रूपमा प्रयोग गरिएको हो भन्ने) ।

sacrarium (स्याक्रे'रियम) **ना.** (ब. व.—ia) (रो. प्रा. इ.) वेदी, घरको पूजाकोठा, वेदी ।

sacred (सेक्रे'ड्) **वि.** पवित्र, पूज्य, चोखो, पुण्य, कुनै खास व्यक्ति वा वस्तुको लागि समर्पण गरिएको; धार्मिक भावनाले पवित्र गराइएको;—book, writings, scriptures, धर्मशास्त्र, स्मृति;—number धार्मिक सम्पर्क भएको, ज. कि., ३, ७; —poetry, music, भजन, कीर्तन;—concert, संगीतको; पशुहरूको खास वर्णन, हाल वा पहिले कुनै देव देवतासँग संलग्न; धर्म, आदर वा परम्पराले सुरक्षित वा आवश्यकीय, अलोपनीय, अलंघ्य, धर्मको रक्षा पाएको, इ० ज. कि. His—Majesty,—duty,—trust ।

sacrifice (स्या'क्रिफाइस्) **ना.** र **क्रि.** वलि, वलिदान, नैवेद्य, समर्पण, चढाउनु, यज्ञ, हवन, विजयाहोम, उत्सर्ग, जग्गे,

याग, त्याग, तपस्या; (अलं०) प्रार्थना, तपस्या, पूजा; ड्याक, नुकसान; **क्रि.** बलि चढाउनु, बलिदान गर्नु, होम गर्नु, परित्याग गर्नु, आत्मोत्सर्ग गर्नु; अर्काको लागि त्याग गर्नु; a large—(दाममा) ठूलो ड्याकमा; last or great—युद्धमा देशको लागि आफ्नू प्राण दिनु ।

sacrileg/e (स्या'क्रिलेज्) **ना.** धार्मिक भवन, मन्दिरको लूट वा अपवित्र गराइ, बिटुल्याइ, प्रतिष्ठा गरिएको वा दीक्षा लिएको व्यक्ति वा वस्तुउपर बलात्कार; पवित्र वा चोखो चीजको अशुद्धीकरण; ज. वा.—ious **वि.** धर्मापहारी;—ist **ना.** धर्मापहरणकारक ।

sacrist (स्या'क्रिस्ट) **ना.** मठ, मन्दिर, का पूजाभाँडा जिम्वा लिने अधिकारी ।

sacristan (स्या'क्रिस्टान) **ना.** गाउँ गिर्जाघरको र कब्रिस्तानको जिम्वावाल, सेक्स्टन ।

sacristy (स्या'क्रिस्टि), **ना.** गिर्जाको वस्त्र, परिधान, राख्ने भण्डार ।

sacrosanct (स्या'क्रोस्याङ्क्ट्) **वि.** (व्यक्ति, स्थान, ऐन, इ०) अत्याचार, अपमान इत्यादिबाट धार्मिक प्रमाणद्वारा सुरक्षित, अनतिक्रमणीय वा अलंघ्य; ज. वा.—ity **ना.** सुरक्षा, अखण्डितता ।

sacrum (स्या'क्रम्) **ना.** नितम्वपछाडि कुर्कुरे हाडको त्रिभुजाकार हाड; कण्डयौलो ।

sad (स्याड्) **वि.** (—dd—) अफसोसी, सुर्ता, विषाद, धन्दा, दिग्दार, दिक्क शोकग्रस्त, शोकी, दुर्मन, विकल; a—der and wiser man दुःखपूर्ण अनुभव गरेको; in—earnest साँचै; (होच्या०, थे० ज० ठ०) दिक्क लाग्ने, गजपको; शोचनीय, ज्यादै खराब वा कमसल; (रोटी, केक इ०) गहूँ, पीठै पीठो भएको; (रंग) फुत्रो, बेरंग,—iron इस्त्री ।

saddle (स्या'डल्) **ना.** र **क्रि.**, काठी, (साइकलको बस्ने काठी); pack—(भारी लाद्ने र अडयाउने) साज; side—(खा० ग० स्त्रीको लागि) दुवै खुट्टा घोडाको एकै पट्टि राख्ने, एक पाखे काठी; बग्गी घोडाको हैकलको साज; काठीको आकारको वस्तु, ज. कि दुई चुचुरो बीचको डाँडो, लठ्ठामा तार इ० टाँग्ने र अडयाउने आड, दुई साँप्ला भएको मासुको सपेटो, इ०; —back (भव०) दुई छाना भएको बुर्जाको छत;—backed माथिल्लो रूपरेखा उन्नतोदर;—bag काठीपछाडि घोडाको पुठ्ठामा राख्ने;—cloth जीन;—fast राग बेसरी जमेको; —horse चढ्ने;—pin बाइसकल इ० प्वालमा बस्ने चुकुल; **क्रि.** काठी कस्नु, (व्यक्तिलाई) कामले लाद्नु; बोझ लाद्नु ।

saddler (स्या'डलर्) **ना.** काठी र घोडाको साज बनाउने वा बेच्ने; (सेना०) रिसल्ला फौजको घोडाका साजको जिम्मावाल ।

Sadducee (स्या'डयूसी) **ना.** एक प्राचीन यहूदी सम्प्रदाय ।

sadism (स्या'डिज्म्) **ना.** निर्दयताको लक्षण भएको यौनिक विकारको रूप; क्रूरता गर्दा वा हेर्दा हुने मजा; ज. वा. sadist क्रूरता रुचाउने ।

safari (सफा'रि) **ना.** शिकारको कटक, खा. ग. अफ्रिकामा; खेलाडी वा पर्यटकको लावालस्कर माल सामान ।

safe (सेफ्) **ना.** र **वि.** आगो र चोरबाट बच्ने बलियो सन्दूक वा दराज, सेफ; meat—मासु, खानेकुरा, इत्यादि राख्ने हावादार दराज; **वि.** कुशल, नबिग्रीकन; सुरक्षा दिने; निरापद, अगत्त, बहाल, अनुद्योगी, सावधान, सधैं परिमित, भर गर्न हुने;—conduct अभय पत्र, अमित्र ठाउँमा आउँदा जाँदा र बस्दा पकडाउबाट त्राण हुने परमाङ्गी;—custody सुरक्षाको हवाला, सुरक्षित रखाइ;—deposit बेग्ला बेग्लै भाडा दिइने बलिया कोठा र सेफ रहेको भवन;—guard=conduct हिफाजत, सुरक्षा; **क्रि.** र **ना.**—guarding duties बेमनासीब प्रतियोगीबाट जोगाउने पैठारीमा लगाइने भन्सार;—keeping, जिम्वा; a—catch कुशल (क्रिकेट बल इ०) समाउने ।

safety (सेफ्टि) **ना.** कुशलता, खतरा वा डरबाट छुट्कारा; सुरक्षा; अभय, निरापदता;—first सावधानी सिकाउने सूत्र; factor or coefficient of—यंत्र विद्यामा सामानले बेहोर्नुपर्ने तान र सोको बलको अनुपात;—catch बन्दूक भरेको बेलामा घोडालाई बेहोशीमा तान्न नसकिने गराइराख्ने चुकुल;—belt मोटर वायुयान, इ० मा यात्रुलाई आफ्नू आसनमा अडयाइराख्ने पेटी, सुरक्षा पेटी;—curtain नाचघर सिनेमाघर इ० मा आगलागी भएमा दर्शकहरूपट्टि आगो आउन नदिने एज्बेस्टोजको पर्दा, सुरक्षा पर्दा;—film नबल्ने सामानमा रहेको सिनेमा फिल्म, सुरक्षा फिल्म;—fuse टाढाबाट विस्फोट गराउनालाई विस्तारैसँग बल्ने सुतली रहेको, सुरक्षा फ्यूज;—glass खास किसिमको ट्रिप्लेक्स काँच (चूर भएर नफुट्ने); —lamp खानि मजदूरले लिने आगो लाग्ने डर नहुने सुरक्षा बत्ती, अभयदीप ;—match दियासलाई, सलाई;—pin सेप्टिपिन;—razor, धारमा रक्षक हुनाले अचानकमा काट्ने डर नहुने सुरक्षा छुरा;—valve ज्यादा दवाव भयो (बयलर) पकाउने भाँडोमा भने कपाट आफैं खुलेर सो दवाव घटाउने, सुरक्षा कपाट; (अलं०) उत्तेजनालाई विनाहानि निष्क्रिय हुन दिनु; अभय कपाटिका ।

saffian (स्या'फियन्) **ना.** खसी वा भेडाको छाला विशेष तरीकासँग शोधन (ख्यान) गरी चडका रंगाएको ।

safflower (स्याफ्'फ्लावर्) **ना.** रातो रंग दिने काँढादार बिरुवाको किसिम, यसको सुकेको पत्र; यसबाट पाइने रंग; कुसुंभ; वह्निशिखा;—oil पकाउने तेलको प्रकार ।

saffron (स्या'फ्रन्) **ना. वि.** र **क्रि.** केशर, कुमकुम, जाफरान; **वि.** र **ना.** पहेंलो, केशरी (रंग), अरुण; **क्रि.** केशरी रंगाउनु ।

saffranin (स्या'फ्रनिन्) **ना.** केशरको रंग दिने वस्तु, कोइलाको टारबाट प्राप्त हुने पहेंलो–रातो रंग ।

sag (स्याग्) **क्रि.** (—gg—) र **ना.** झुक्नु, लट्कनु, झेलिनु, झुल्नु, दब्नु, उभिण्डिनु, बाङ्गिनु, मोल घट्नु, (जहाज) बाटोबाट हट्नु; **ना.** अवनमन, झुकाउ वा लटकनको परिणाम, धसाइ, (मोल) घटती,—ging **वि.** झोलिएको, खसेको;—gy,

(स्यागि) वि. झुकेको, दबेको, धसिएको, झुलेको ।

saga (सा'गा) **ना.** आइसल्याण्ड वा नर्वेको मध्यकालीन गद्यकथा, (संक्र० द्वारा) वीरोचित कार्य वा अभियानको कथा, एक परिवार, इ० को इतिहास पेश गर्ने ग्रन्थमाला ।

sagaci/ous (स्यागे'शस्) **वि.** तीक्ष्णबुद्धि, चतुर, मेधावी, व्यवहारचतुर, चातुर्यपूर्ण, (बोली, योजना, इ०) बुद्धियुक्त; (पशु०) अतिसमझदार, युक्ति अथवा विचार जस्तो;—ty, **ना.** चातुर्य, समझदारी, बुद्धि ।

sagamore (स्या'गामोर्) **ना.**=sachem, अमरिकन इण्डियन शासक ।

sage (सेज्') **ना.** र **वि.** खुशबूदार फुस्रो खैरो पात हुने बिरुवा, तेजपात, पकाउँदा हाल्ने यसको पात ज. कि—and onions, मासुमा कोच्ने सेज;—tea, सेजको क्वाथ; ऋषि, मुनि, सिद्ध, विपश्चित, प्राज्ञ, पंडित, ज्ञानी, धुत्रुक; **वि.** (प्राय० व्यङ्ग०) पंडित्याइँ देखाउने, गम्भीर मूर्ख; ज्ञानी, विवेकी, बुद्धियुक्त, अनुभवी ।

saggar (स्या'गर्) **ना.** माटाका भाँडा पकाउँदा ढाक्ने पाकेको माटाको खोल ।

Sagitta (स्यागि'टा) **ना.** उत्तरी तारासमूह, धनु ।

Sagittarius (स्यागिटे'य्रियस्) **ना.** नक्षत्र, धनुराशि ।

sagittate (d) (स्या'गिटेट्,—टेटेड) **वि.** (वन० पशु०) बाणको टुप्पोको आकार भएको ।

sago (से'गो) **ना.** (ब. व. —s); साबूदाना ।

sahaa (सहा') **वि. बो.** बिदा ! (माल्टी भाषा) ।

Sahara (सहा'रा) **ना.** लिबिया देशको प्रकाण्ड मरुभूमि (अक्ष० र अलं०) शुष्क प्रदेश, मरुप्रान्त ।

Sahib (सा'हिब्) **ना.** (स्त्री memsahib मेम्'साहिब्) हिन्दुस्तानीहरूले योरपीयलाई भन्ने शब्द; नाममा जोडिने आदरार्थी शब्द ।

said (सेड') **क्रि.** say को भू. का. भन्यो ।

Said (सेड्) सैयद् Seid पनि हुन्छ ।

saiga (साइ'गा) **ना.**, (रूसी) खुला प्रदेशको मृग ।

sail (सेल्) **ना.** र **क्रि.** (जहाजको) पाल, जवनिका, वातवस्त्र, नौवसन; हावाघट्टको घुम्ने बाहुहरूमा हावा छेक्ने प्रबन्ध, अचेल धे. ज. ठोकेको काठका फल्याक; (सामूहिक०) जहाज (संख्या बताउँदा);—arm घट्टको घुम्ने बाहु;—axle सो घुम्ने धूर;—cloth नौवसन; **क्रि.** पानीमाथि पालको सहाराले चल्नु, यात्रा गर्नु;—ing ship वा vessel, steamer (वाफ यंत्रले चल्ने) को विपरीत हावाले घच्याडेर लैजाने जहाज; समुद्री यात्रा गर्नु, सो प्रारम्भ गर्नु; हावामा बग्नु; (खा. ग. महिलाहरू) लज्जतसँग हिंड्नु; यात्रा गर्नु, बग्नु चिप्लनु; जहाज चलाउनु;—into (अप०) झाँट्नु, गाली गर्नु, बोलीले चढाइ गर्नु; खेलाना डुङ्गा चलाउनु, **ना.** सफर, समुद्री सफर; —ing list (जहाजका) यात्रीहरूको फिरिस्त;—ing orders जहाजको कप्तानलाई जहाजको यात्रा बारेको उर्दी रहेको कागत; plain—ing, सजिलो, सादा, काम ।

sailer (से'लर्) **ना.** तोकिएको चल्ने शक्ति भएको जहाज, ज. कि. fast, good, bad,—तेज, बेस, खराब रफ्तारसँग चल्ने जहाज ।

sailor (से'लर) **ना.** मल्लाह, नाविक, खा. ग. अफिसरभन्दा मुनिको दर्जाको; (good, bad,—समुद्री वाकवाक लाग्ने, नलाग्ने (व्यक्ति);—man, (ग्रा० र उ०) नाविक;—'s home मल्लाहको लागि जमीनमा सस्तो डेरा;—'s knot नेकटाइ बाँध्ने ढाँचा ।

sain (सेन्) **क्रि.** (आ.) क्रसको चिन्ह बनाउनु, आशीर्वाद गर्नु, दैवी शक्ति वा मायाले रक्षा गर्नु ।

sainfoin (सेन्'फॅयन्) **ना.** केराउको जातको वस्तुभाउले खाने बिरुवा ।

saint (विनाझोक्का सण्ट, नत्र सन्ट; छो. क. st., s.; ब. व. sts. ss) **वि.**, **ना.** र **क्रि.**, पवित्र, सन्त; **ना.** मृत महात्मा, मुनि, साधु, सन्त; **क्रि.** सन्तको संज्ञा दिनु; latter day S—s मरमन सम्प्रदायका मानिस ।

Saint Simonian (सेन्ट' सिमो'नियन्) **वि.** र **ना.** कँट ड सेण्ट सिमँको समाजवाद (को प्रवर्त्तक), जसमा सम्पत्तिको राष्ट्रिय नियंत्रण र उत्पादनको वितरण समावेश छन् ।

saith (से'यथ्) say को आ० रूप=भन्दछ ।

saithe (सेथ्) **ना.** (स्क०) माछाको प्रकार ।

Saitic (सेइ'टिक्) **वि.** निम्न इजिप्टको प्राचीन राजधानी सेइसको;—dynasties, इजिप्टका राजकुलका २६ देखि ३० राजाहरू ।

sake (सेक्) **ना.** कारण, निमित्त, लेखा, हेतु, खातिर; for any—कुनै कारणले; for old—'s—गएका दिनको संस्मनाको खातिर (अनुरोध गर्दा प्रयोग हुने) ।

sake (स्या'के) **ना.** जापानी जाँड ।

saker (से'कर्) **ना.** शिकारी बाजको किसिम; (ऐति०) पुरानू किसिमको तोप ।

saki (सा'कि) **ना.** द. अमरिकाको बाँदरको जात (समात्न नसक्ने लामू पुच्छर भएको) ।

sakla (स्य'क्ला) **ना.** सिंचाइको लागि ठूलो पूर्वी पानीचक्का (अरबी) ।

salable,—leable (से'लेब्ल्) **वि.** बिक्री योग्य, खरीदार भएको, विक्रेय;—price बिक्रीको मोल ।

salacious (स्याले'शस्) **वि.** कामुक, कामातुर;—city **ना.** काम, रतिअभिलाष, कामाशक्ति ।

salad (स्या'लड्) **ना.** काँचो वा पकाएको तरकारी वा साग सिरका, तेल इत्यादिमा मुछी खानाअगाडि वा खानाको साथमा स्वादको लागि खाने वस्तु; स्यालड, सलाद, काँचो खान हुने तरकारी वा साग;—days अनुभव नभएको केटौली;—dressing, स्यालडसँग खाने तेल, सिरका, क्रीम, इ० को मिसावट;—oil स्यालडमा हाल्ने तेल ।

salamander (स्या'लम्याण्डर्) **ना.** आगोमा बस्ने भनी अनुमान गरिएको माउसुली (छिपकिली) जस्तो जन्तु; ज्यादा

गर्मी सहन सक्ने व्यक्ति, धक्कू लाउने सिपाही, इ०; आगोमा वास गर्ने प्रेत (हेर्नु sylph, gnome. nymph); (पशु०) पुच्छरे स्थल जलचरको जात; वारुद पड्काउने तातेको लाल फलाम; अमलेट इ० पकाउने तातो फलामे प्लेट ।

salame (सला'मि) **ना.** (इटा०) चर्को नून, मसला, लसुन इ० हालेको इटलीमा वन्ने वोसे आन्द्रो (ससेज) को प्रकार ।

salammoniac (स्याल्‌अ्यामो'नियाक्) **ना.** एमोनियम क्लोराइडको साधारण नाम ।

salangane (स्याल्‌अ्याङ्गेन्) **ना.** खाद्य गुँड बनाउने गौंथली चरो ।

salariat (स्याले'रियॉट्) **ना.** तलब खाने बिरादरी; दरमाहदार समूह ।

salary (स्या'लरि) **ना.** र **क्रि.** तलब, दरमाह, तनखा, खान्गी, किस्ता, वेतन, वृत्ति; **क्रि.** तलब दिनु, खा. ग. नि. मा—ied (स्या'लरिड्) वेतनभुज, कृतवेतन, दरमाहदार, तलबी ।

sale (सेल्) **ना.** विक्री, बेच-बिखन, (खा. ग. जेथा, जग्गा, जमीन) सुक्री बिक्री; खपत; विक्रय; for—पण्य, क्रय्य, पण्यद्रव्य;—able विक्रेय;—and/or return, नबिकेको माल थोक बेपारीले खुद्रावालासँग फिर्ता लिने करारको बोली; बिकेको परिमाण; आम लिलाम; put up for—लिलाममा चढाउनु; मौसिमको अन्तमा दुकानको मौजदात चाँडो खतम गर्नालाई घटाएको मोलमा छिटो वितरण, सेल; bill at—धनीलाई ऋणीले निजी सम्पत्ति हस्तान्तरण गरेको, वा चुक्ती ढीला भएमा धनीले ऋणीको सम्पत्ति कब्जा गर्न सक्ने कागत; सम्पत्ति कब्जा गर्ने कागत;—ring लिलाममा खरीदारहरूको वाङ्लो मण्डल;—s' man,—s' woman विक्रेता, उत्पादक र खुद्रा बेपारीको बीचमा फौबन्जार;—s' manship विक्रयकला, पणनकला;—s resistance विक्रयकलाले हटाउनुपर्ने भावी ग्राहक इ. को विरोध वा उदासीनता, विक्री विरोध;—s tax विक्रय कर, विक्रीकर; clearance—राफ साफको विक्री ।

Salem (से'लेम्) **ना.** क्रिस्तानी (असंमति) सम्प्रदायको गिरजाघर ।

salep (स्या'लेप्) **ना.** सिहुँडीको जातको विरुवाको गाण्टो सुकाएर बनाएको पौष्टिक खाद्य ।

saleratus (स्यालरे'टस्) **ना.** पाउरोटी बनाउँदा प्रयोग हुने अशुद्ध सोडा वा पोटाश (बाइकार्बोनेट) ।

Salian (से'लियन्) **वि.** र **ना.** मार्स (मंगल) का पुरोहित सेलीको; राइडर नजीकै बस्ने फ्र्याङ्की जाति (को सदस्य), जसबाट मेरोभिन्जियनहरूको उत्पत्ति भयो ।

Salic, Salique (स्या'लिक्, स्यालीक्) **वि.**—law फ्र्याङ्क जातिको विधान संहिता; स्त्रीजातिलाई सिंहासनारूढ हुनालाई बहिष्कार गर्ने भनी मानिएको फ्रेञ्च राजतन्त्रको सिद्धान्त ।

salicin (स्या'लिसिन्) **ना.** बूटीबाट पाइने मणिभीय तीतो तत्व (औषधिमा प्रयोग हुने) Salicylic acid कीट नाशकको रूपमा, बातरोगमा प्रयोग हुने ।

salicional (स्यालि'शनल्) **ना.** salicet (स्या'लिसेट्) बेतको नलीको ऊँ स्वर भएको अर्गनको स्तम्भ ।

salient (से'लिएण्ट्) **वि.** र **ना.** (पां. वा ठ.) उफ्रने वा नाच्ने, (कवि०) पानी वारे; बाहिर निस्कने;—point, आ० प्रारम्भिक अवस्था, मूल, प्रथम आरम्भ, प्राचीन भैषज्य प्रयोगमा =भ्रूणमा पहिले देखापर्ने मुटु; (कोण, खा. ग. गढ. मा) बाहिर निस्केको, चुच्चो परेको; प्रलम्ब, प्रोच्छ्रित, मुख्य, प्रधान, विशिष्ट, व्यक्त; **ना.** किलाबन्दीमा बाहिर निस्केको कुना वा भाग, खा. ग. प्रथम विश्वयुद्धको the s—इप्र (ypres) को युद्धक्षेत्र ।

saliferous (स्यालि'फेरस्) **वि.** (भूतत्व०) धेरै नुनिलो (जमीनको) पत्र ।

saline (से'लाइन् वा स'लाइन्) **वि.** र **ना.** लवण, क्षार, नुनिलो (पानी, झरना, मूल, इ०); (स्वाद) नुनिलो; रासायनिक लवणको, नूनको स्वभाव भएको; (औषधि) नून भएको, क्षारधातु वा म्याग्नेशियम्‌को; ज. वा. salinity **ना.** लवणता, लवणिमन; नुनिलो पोखरी, झरना, दलदल, इ० नूनको कराइ; नूनकारखाना; क्षारवस्तु; क्षारविरेचन; पानीमा नूनको घुलन ।

saliva **ना.**, (सलाइ'भा), **ना.** थूक, राल;—vary वि. लालास्रवी ।

salivate (स्या'लिभेट्) **क्रि.** र्याल्नु, मुखमा ज्यादा थूक आउनु, वा (औषधिले) आउने गर्नु;—vation, **ना.** लालास्रवण ।

salle (साल्) **ना.** बैठक, कोठा (योरोपीय मुलुकमा);—a—manger (साल् ए माँजे) खाने कोठा, कफीकोठा;—d' attente (साल् डँ टेण्ट्) स्टेशनमा वेटिङ्ग रूम, आराम कक्ष (फ्रे०) ।

sallenders (स्या'लेण्डर्स्) **ना.** (ब. व) घोडाको पछाडिको खुट्टाको टापमा हुने सुखा खटिरा ।

sallow (स्या'लो) **ना.** र **वि.** छोटो खुट्टा किसिमको बेतको विरुवा, यसको हाँगा, वा काठ; **वि.** पहेंलो (मानिसको रंग या छाला) ।

sally (स्या'लि) **ना.** र **क्रि.** घेराभित्रकाले घेर्नेमाथि जाइलाग्नु; छापा; निष्क्रमण; निर्गम; अचानकको क्रियाशीलता, आवेग; उपद्रो (विर०); चुटकिलो, खिसी; बहसमा कुरा छल्नालाई, अथवा व्यक्ति वा वस्तुउपर आक्रमणको लागि तीव्र उक्ति, छेड; घण्टीमा पहिलो घात; **क्रि.** सैनिक हमला गर्नु (घे. ज. out संग); सफर वा टहल्नालाई निस्कनु; अचानकमा निस्कनु, हुनु (विर०); —port निर्गमद्वार;—hole (घण्टीको) डोरीको प्वाल ।

Sally (स्या'लि) **ना.** Sarah (स्त्रीको नाम) को प्यारो छो. क; Aunt—S मेलामा हुने एक प्रकारको खेल;—Lunn, गुलियो हलका चियासंग खाने केकको किसिम ।

salmagunde (स्याल्मागन्'डि) **ना.** मासु (साना चौटा परेको), अण्डा, प्याज, इ० र साँधनी हालेको खाना; साधारण

मिसावट; छयासमिस संकलन (लेख, विषय, गुण, इ. को)।

salmi (स्याल्'मि) **ना.** खा. ग. चरा शिकारको मिसमास; (अघिल्लो को छो. क.)।

salmon (स्या'मन्) **ना.** (ब. व. को साटो सामूहिक ए. व.) खाना र माछा मार्ने क्रीडामा बडो प्रिय चाँदी रंगको कत्ला र गुलाफी मासु भएको माछाको ज़ात, सामन;—colour (ed) सुन्तला—गुलाफी रंग (को); **वि.** गुलाफी-सुन्तला रंगको।

salon (सालों) **ना.** योरपीय, र खा. ग. फ्रान्सका, घरको बैठक; (ऐति०) खा. ग. प्यारिसकी महिलाको बैठकमा हुने बडाबडीहरूको जमघट; the s—जीवित कलाकारहरूको प्यारिसमा हुने वार्षिक प्रदर्शनी।

saloon (स्यालून्') **ना.** होटल वा आम जमघट स्थलमा भेला, प्रदर्शनी, इ० गर्न हुने ठूलो कोठा वा बैठक; जहाजमा प्रथम श्रेणी वा सम्पूर्ण यात्रीहरूलाई बस्ने कोठा, ठूलो वायुयानमा यात्रीहरूलाई बस्ने कोठा; (रेलमा) खण्ड नपारेको ठाटसँग सजाएको ठूलो डब्बा; कुनै खास प्रयोजनको लागि राखिएको सार्वजनिक कोठा वा ग्यालरी (बिलियर्ड, नाच, निशान, इ०); पिउने कोठा; मद्यकक्ष;—bar विलायती भट्टीमा प्रथम श्रेणीको पिउने कोठा;—car चालकपछाडि छेंक नभएको बन्द मोटर;—deck, जहाजमा स्यालून यात्रीहरूको लागि सुरक्षित राखिएको तखता;—keeper स्यालूनवाला (भट्टीमा);—pistol, rifle, निशाना (स्यालूनमा हान्ने) छोट्याइएको सानू प्रकारको; hair cutting—, नपनी, स्यालून।

saloop (स्यालूप्') **ना.** saleep; पहिले कफीहाउसमा दिइने तातो पेय।

Salopian (सलो'पिअन्) **वि.** र **ना.** श्रपशरको (वासिन्दा); श्रूसबरी स्कूलको (सदस्य)।

salpiglossis (स्याल्पिग्लॅसि'स्) **ना.** रंगबिरंगी फूल भएको झार किसिमको बिरुवा।

salsify (स्याल्'सिफ(इ) **ना.** तरकारी झैं खान हुने लामू गोल जरा भएको बिरुवा।

salt (सॅल्ट, सॉल्ट), **ना.**, **वि.** र **क्रि.** (common—पनि) नून, खिल, चर्कोपन, मर्म, रस, (पुरानू र० शा०) ठोस घुलनशील अदाह्य स्वादिलो वस्तु, अचेल प्रायः लुप्त, (र० शा०) क्षार र अम्लका मूलकहरूको यौगिक, निमकीन=—cellar, नूनदान, नूनौरो, नुनिलो धाप, पुरानू मल्लाह, (ब. व.) नदीमा सामुद्रिक पानीको प्रवाह, =bore; **वि.** नुनिलो, नून हालेको; (बिरुवा) समुद्रमा उम्रने; (आँसु, दुःख, इ०) कडु, दुःखदायी; (कथा, ठट्टा, इ०) अश्लील, रसिलो; (हिसाब, बिल, तिरो, इ०, अप०) चर्को; **क्रि.** नून वा नुनिलो पानीले (खाद्य) रहने पार्नु; (खा. ग. सडकमा जमेको हिउँमा) नूनको धूलो छर्कनु; नून हाल्नु; (निष्ठा०) (घोडा वा व्यक्तिहरूलाई) रोगले छुन नसक्ने, बलियो, पार्नु; (फोटो०) तसवीर छापेको कागतलाई नूनको घूलनमा राख्नु; (व्यापा०)—an account बढाएर मोल चढाउनु,—the books बहीमा आमदानी बढाएर देखाउनु;—a mine बाहिरबाट धाउ हालेर खानिलाई बढी समृद्ध जस्तो देखाउनु; above, below, the—(खाँदा) परिवारको माझमा, नोकरहरूसँग, बस्ने; Attic—परिष्कृत रसिकता; bay—ठूलो ढिकाको नून; drop a pinch of—on tail of, पकडिनु (केटाकेटीलाई चरा समात्ने तरकीब बताएकोबाट); eat (one's)—नून, निमक, खानु, पाहुना वा आश्रित हुनु; eat—with पाहुना हुनु; Epsom—म्याग्नेशियम सल्फेट, रासायनिक द्रव्य; free of—अलिनू, बिलिनू; Glauber's—सोडियम सल्फेट; in —, राख्नालाई नून छर्केको नूनपानीमा डुबाएको ;—lick वस्तुभाउले नून चाट्न जम्बा हुने ठाउँ; am not made of—पानीमा जानासाथ नून झैं पग्लिने होइन; old—अनुभवी (पुरानू) मल्लाह; rock—सिंधेनून; rub salt (into wound) नूनचूक लाउनु; sea—समुद्री नून; smelling —s मूर्छा वा कपाल दुख्ता वास्नासाथ रहेको सुँघ्ने अमोनियम कार्बोनेट ; table—नूनौरोमा हाल्न हुने परिष्कृत सेतो नून; the—of the earth, नैतिक गण्यमान्यहरू, यस्ता श्रेष्ठ पुरुष वा समुदाय जसले गर्दा संसार उन्नत हुन्छ; white —परिष्कृत सिंधे नून (नूनौरोको लागि); take with a grain of—बढेचढेको ठान्नु, नपत्याउनु, अंश मात्र पत्याउनु; worth (one's)— राख्ने योग्य, दक्ष;—cellar, नूनदान, नूनौरो;—down (money or stock) लुकाएर राख्नु;—free अलिनू;—glaze भट्टीमा नून छर्केर माटाको भाँडामा हालेको टलक;—horse (समुद्री अप०) नुनिलो गोमांस;—junk नुनिलो मासु;—of lemon, मसीको दाग हटाउन प्रयोग हुने अक्सलेट;—mine सिंधे नूनको खानि;—pan, समुद्र नजीकको खाडल, समुद्रको पानीबाट नून झिक्ने भाँडो;—pit, नून झिक्ने खाडल;—spoon, नून बाँड्ने छोटो बींड़ गहिरो डाडु भएको चमचा;—water **वि.** समुद्रको पानीको, वा समुद्रमा बस्ने; **ना.** समुद्री पानी, (ब. व.) आँसु;—well नुनिलो पानी निस्कने नलकूप;—works नून कारखाना।

saltarello (स्याल्टारे'लो) **ना.** बीचबीचमा एक्कासि जोडाले नै उफ्रिनुपर्ने इटालियन र स्पेनिश नाच।

saltation (स्याल्टे'शन्) **ना.** कुदाइ, उफ्राइ, नाच; अचानकको गीत वा चाल; saltatory, saltatorial **वि.** गतिशील, चलायमान।

salter (सॅल्टर, सॉल्टर) **ना.** नून बनाउने वा बेच्ने व्यक्ति; dry—पनि; नून कारखानाको मजदूर; माछा राख्नालाई नूनमा मुछ्ने।

saltern (सॅ'ल्टर्न, सॉ'ल्टर्न) **ना.** नूनको कारखाना; (नून बनाउँदा) समुद्रको पानी प्राकृतिक तरहसँग सुकाउने अगम्भीर पोखरीहरूको श्रेणी।

saltigrad (स्याल्'टिग्रेड्) **वि.** र **ना.** उफ्रन हुने खुट्टा भएको (माकुरो)।

saltimbanco (स्याल्टिम्'ब्याङ्को) **ना.** बहुरुपिया, मिथ्यावैद्य (इटा०)।

saltire (स्याल्'टायर) **ना.** (वंश०) साधारणतः सेण्ट एण्ड्र् क्रस ✕ँ देब्रेपट्टि दोब्रिएको ढाँचासँग बनेको ।

saltpetre (सॅल्टपी'टर् , सॉल्टपी'टर्) **ना.** सोरा, सोडा ।

saltus (स्याल्'टस्) **ना.** (ब. व.)—us (स्याल्टू'स्); अचानकको संक्रमण, नित्यताको भङ्ग ।

salubrious (स्यालु'ब्रियस् , स्याल्यू'ब्रियस्) **वि.** स्वस्थ, क्षेम्य स्वास्थ्यकर, क्षेम्य, आरोग्यकर, हितकर, फाप, पुष्टिद, (मुख्य० मौसम, आबहवा, वायुमण्डल, इ० को; खाना वा खाद्य, कसरत, इ० को विर० मात्र) ।

Saluki (सलू'कि) **ना.** कुकुरको जात, अरब (मृग शिकार गर्ने) कुकुर ।

salutary (स्यालू'टरि) **वि.** (विर०) स्वस्थ; लाभकारक, कल्याणकर, हितकर ।

salutation (स्याल्यूटे'शन्) **ना.** अभिवादन, प्रणाम, नमस्कार, वन्दना;—al (—शनल्), salutatory **वि.** अभिवाद्य, अभिवादनीय ।

salute (सलूट', सल्यूट') **क्रि.** र **ना.** अभिवादन गर्नु, सलाम गर्नु, ढोगदिनु; (विर०) राजा, इ० ठानी अभिवादन गर्नु; (भेट वा बिदामा) व्यक्ति, गाला, हातमा म्वाइँ खानु; सम्बोधनमा, वा भेट्दा, मुस्क्यान, वा गाली, वा सराप गर्नु; (आउने व्यक्ति, आँखा वा कानलाई) थाहा हुनु; **ना.** सलाम, शरीरको अङ्ग वा हतियार, ले आगन्तुक वा जानेलाई आदर देखाउनु; (अभिवादनको रूपमा) म्वाइँ; a—of guns, तोपको सलामी; the—सलाम गर्दाको मुद्रा; take the—खा. ग. उपस्थित भएको सबभन्दा ठूलो अफिसरले (उसैलाई गरिएको ठानेर) ।

salutiferous (स्यालूटिफे'रस् , स्याल्यूटिफे'रस्) **वि.** (अब विर०) स्वास्थ्यकर, फाइदा गर्ने ।

salvage (स्याल्'भज्) **ना.** र **क्रि.** उद्धार, निस्तरण; (जहाज वा त्यसको माल सामान डुबी नुकसान हुनुबाट वा पकडाउबाट हुने) हानिबाट बचाएको बापत दिइने दाम; आगलागी इ० बाट जोगाएको सामान वा सम्पत्ति; रद्दी कागत, फ्याँकेको धातुका माल, इ० को बचाउ र उपभोग; त्यसरी जोगाएको सरसामान; **क्रि.** जहाज ध्वंस, आगलागी, इ० बाट माल जोगाउनु, बचाउनु ।

salvarsan (स्याल्'भर्स्यान्) **ना.** भिरिंगीमा प्रयोग हुने औषधि ।

salvation (स्याल्भे'शन्) **ना.** मुक्ति, कैवल्य, निर्वाण, (आत्माको) उद्धार, पापमोचन; मोक्ष; त्राण; हानि, विपत्ति, इ० बाट बचाउ; S—Army, मुक्ति सेना; सैनिक ढाँचाको जनतामा धार्मिक भावना, कल्याण कार्य, इत्यादि काम गर्ने संगठन ।

salve (साभ् , स्याल्भ्) **ना.** र **क्रि.** अन्जन, खटिरा र घाउको लागि मलम (अचेल मुख्य० कवि०, र lip—ओठको मलममा मात्र); भेडालाई चिन्ह हाल्ने अलकत्रा र बोसोको मिसावट; चिन्ता वा दोषको भावनालाई सान्त्वना दिने वा शमन गर्ने चीज; **क्रि** (घाउमा) मलम लाउनु; दल्नु; (दोष, अपमान, इ०) हलुका पार्नु, शमन गर्नु; (कठिनाइ, शंका, बेमेलको कुरा, इज्जत, इ०) मिलाउनु, प्रतिपादन गर्नु; दोष मुक्त गर्नु; (जहाज सामान, इ०) समुद्रमा हानि नुकसानीबाट बचाउनु; सम्पत्ति आगलागीबाट बचाउनु ।

salve (स्याल्'भि) **ना.** रो. क्या. भजन र त्यसको संगीत (ल्या०) ।

salver (स्याल्'भर) **ना.** किस्ती; छाप्री, (नोकरले कार्ड, चिठ्ठी, पेय वस्तु इ०) मालिकछेउ टक्र्याउने किस्ती वा रिकाबी, सुन, चाँदी, पित्तल, वा एलेक्ट्रोप्लेटको बनेको ।

salvia (स्याल्'भिया) **ना.** बिरुवाको जात, सागको बिरुवा; रक्तविनायक फूल ।

salvo (स्याल्'भो) **ना.** (ब. व—es,—s) तोपहरू, वा बन्दूक, एकै पटक, सलामीमा वा लडाइँमा, पडकाएको; वायुयानबाट एकै पटक खसालेका बमहरू; करतल ध्वनिको फेरो वा वर्षा वा पात ।

salvolatile (स्याल्भोला'टाइल्) **ना.** एमोनियम कार्बोनेट को सुगन्धित घुलन, कमजोरीमा सेवन गरिने ।

salvor (स्याल्भर्) **ना.** उद्धारको काममा सगाउने व्यक्ति, जहाज ।

Sam (स्याम्) **ना.** (अप.) stand S—जाँडको मोल तिर्नु; upon my S—किरिया ।

Samaritan (सम्या'रिटन्) **ना.** र **वि.** सम्यारिया प्रदेशको वासिन्दा, बोली; सो नामको धार्मिक पद्धतिको अनुगामी; good —वास्तवमा उदार व्यक्ति ।

samba (स्याम्'बा) **ना.** ब्रेजिलको स्थानीय नाच; सोको नकलबाट नृत्यकक्षमा नाचिने नाच ।

sambo (स्याम्'बो) **ना.** (ब. व—s,—es) वर्णसङ्कर, खा. ग. निग्रो वा इण्डियन र योरपीय बाबु आमाबाट; (s—बोलाउने नाम) निग्रो, हवशी, को ।

Sam browne (स्याम् ब्राउन्) **ना.** सैनिक अधिकारीको बेल्ट र ताना माना ।

sambur (स्याम्'बर्) **ना.** साम्बर मृग; साँभर ।

same (सेम्) **वि.** उही, सम, समान, तुल्य, एकनास, एक छत्त, सरोबरी, एकाम्मे, उच्चाट लाग्ने; उपरोक्त, उल्लिखित; the—**वि.** उही, अभिन्न, अपरिवर्तित; by the—token, (कुराको) समर्थनमा;—ness **ना.** सरोबरी, एकनास, साधर्म्य ।

samel (स्या'मेल्) **वि.** (ईंट, टाइल, इ०) राम्ररी नपाकेको, नरम ।

Samian (से'मियन्) **वि.** र **ना.** स्यामस् टापूको (वासिन्दा); —ware, रोमन अवशेष स्थलमा पाइने माटाका भाँडा ।

samisen (स्या'मिसेन्) **ना.** जापानी लामू गितार बाजा ।

samite (स्या'माइट्) **ना.** कहिलेकाहीं सुनको जरी काम गरेको प्राचीन रेशमी कपडा ।

samlet (स्या'म्लेट्) **ना.** सामन (माछा) को बच्चा; सानू

सामन ।

Samnite (स्या'म्नाइट्) **ना.** र **वि.** गणतंत्र रोमसँग लड्ने प्राचीन इटालियन जाति; सो जातिको ।

Samoan (स्यामो'अन्) **वि.** र **ना.**, स्यामोआ टापूको वासिन्दा वा बोली ।

samovar (स्यामोभार्') **ना.** चिया बनाउनाको लागि तातो पानी पकाइराख्नालाई भित्र तातो नलीको प्रवन्ध भएको उपकरण ।

Samoyed (स्या'मोयेड्) साइबेरियाका मङ्गोल जातिको व्यक्ति तिनको बोली; आर्कटिक हिमप्रदेशको सेतो जातको कुकुर;—ic, **वि.** सो जातिको; तिनको बोली ।

sampan (स्याम्'प्यान्) **ना.** चीनिया ढाँचाको सानू डुङ्गा ।

samphire (स्याम्'फाय्र्) **ना.** अचारमा हाल्ने नुनिलो पात भएको पहाडी बिरुवा ।

sample (साम्प्‌ल्) **ना.** र **क्रि.** नमूना, आदर्श, प्रतिरूप, बान्की; **क्रि.** नमूना लिनु, दिनु; परीक्षा गर्नु (गुणको); नमूनाको अनुभव प्राप्त गर्नु;—r, **ना.** नमूना, सूचिकमादर्श, सियोको कामको नमूना; केटीको सीप देखाउने जरी वा बुनाइको काम, धे. ज. भित्तामा टाँगेर राख्ने गरेको हुन्छ; अरू रूख गिराएपछि एउटा बच्चो नमूनाको तवरमा खडा छोडेको; test **—ना.** चासनी ।

Samson,—pson (स्याम्'सन्) बलियो व्यक्ति, पहलवान ।

samurai (स्या'मुराइ) **ना.** (जापानी; ब. व. पनि उही) डेमियोहरूको सैनिक अनुचर; लडाकू जातिको सदस्य; जङ्गी अफिसर ।

sanative,—tory (स्या'नेटिभ्, स्या'नेटरि) **वि.** प्रतिकारक, रोगहर; शारीरिक वा नैतिक स्वास्थ्यपट्टि प्रवृत्त गराउने; व्याधिशामक ।

sanatorium (स्यानटो'रियम्) **ना.** (ब. व.—**ia**), खा. ग. मदौरू वा क्षयरोगीहरू जस्ता बिरामीहरूको उपचारको लागि स्थापना गरिएको आरोग्यशाला; मदौरूहरूको मन परेको असल मौसिम भएको स्थान, स्वास्थ्यलाभ हुने स्थान; प्रपा ।

sanbenito (स्यान्बेनि'टो) **ना.** (ब. व.—s) स्पेनको धार्मिक न्यायालयले तोकेको कायल भएका अनुतापीहरूले लाउने लुगा ।

sancti/fy (स्याङ्क् 'टिफाइ) **क्रि.** पवित्र गराउनु, चोखो गराएर पर सार्नु वा मान्नु; पापमोचन गर्नु; (निष्ठा धे. ज. व्यङ्गपूर्ण=sanctimonious, ज. कि, such—fied airs !); पवित्रता प्रदान गर्नु, निर्दोषिताको रूप दिनु, चोखो पार्नु, समर्थन गर्नु; तार्नु, उद्धार गर्नु;—fication **ना.** पवित्रीकरण, पापनाशन, पापहरण ।

sanctimonious (स्याङ्क्‌टिमो'नियस्) **वि.** पवित्रता वा भक्ति भावनाको ढोंग, गर्ने, ढोंगी, दम्भी, पाखण्डी;—ness **ना.** धर्माभिमान ।

sanctimony (स्यांक्'टिमनि) **ना.** दम्भ, पुण्यावेश धारण ।

sanction (स्याङ्क'शन्), **ना.** र **क्रि.** विधि, अनुज्ञा; दण्ड (punitive वा vindicatory—), पुरस्कार (semuneratory—) (ऐनको पालन वा भङ्ग गरेमा); (नीति०) आचरणको नियम मान्नालाई निर्देश गर्ने सिद्धान्त; ऐन, विधि, लाई सर्वोच्च तैनाथबाट मान्यता वा स्वीकृति; चलनले कुनै कार्यलाई दिएको मान्यता; (ऐति०) pragmatic—राजा वा सम्राटबाट जारी गरिएको ऐनको मान्यता पाउने अध्यादेश; (ब. व.) उच्चाधिकार, ज. कि. राष्ट्रसंघबाट तोकिएको अधिकार वा बन्देज; **क्रि.** समर्थन गर्नु, मन्जूर गर्नु, प्रमाणित गर्नु; अधिकार दिनु, प्रोत्साहन दिनु; दण्ड वा पुरस्कार गाम्नु ।

sanctitude (स्याङ्क्'टिट्यु्ड्) **ना.** (अचेल विर.) शौच, शुद्धता, सन्तता ।

sanctity (स्याङ्क्'टिटि) **ना.** जीवनको शुद्धता, सन्तता, पवित्रता, पुण्यता, सम्मानको अधिकार, अलंघ्यता, निर्मलता; (ब. व.) पवित्र अभिभारा, भाव, इ० ।

sanctuary (स्याङ्क्'ट्यु्अरि) **ना.** शरण, आश्रय स्थान, पुण्यालय; (ऐति,) अपराधीले शरण पाउने स्थान, खा. ग, गिरजाघर; चरा र वनजीवलाई सुरक्षण गर्न तोकिएको स्थान ।

sanctum (sanctorum) (स्याङ्क्'टम्, स्याङ्क्टो'रम्) **ना.** पवित्र स्थान; यहूदी मन्दिरको वेदी; (अलं.) भित्री आश्रय वा एकान्त स्थल, गोप्य सिद्धान्त, इ०; व्यक्तिको निजी कोठा, अध्ययनकक्ष, बैठक ।

sanctus (स्याङ्क्'टस्) **ना.** प्रख्यात क्रिस्तानी भजन ।

sand (स्याण्ड्) **ना.** र **क्रि.** बालुवा, रेणु, रेती; (ब. व.) बगर, पुलिन; (बो. चा,) मनको दृढता; निच, रूक; rope of —धोखा हुने प्रकारको सुरक्षा; built on—अस्थिर; plough the—वा—s, पिष्टपेषण; the—s are running out, म्याद सकिन आँट्यो;—bag बालुवाको थैलो, बोरा (अनेक काममा लगाइने);—bank, बगर, पुलिन;—bar नदीको मुहानको बगर;—bath नरम आँचको लागि बालुवामाथि राखी तताउने भाँडो, रेणु उष्मक;—blast ऐनाको तह खस्रो पार्नालाई वाफ वा दवाएको हावाले घचाडेको बालुवाको धारा;—glass दुईतिर बन्द कटौरा बीचमा बारूले कम्मर जस्तो भएको बालुवा एकबाट अर्कोमा खसिसक्दा तोकिएको समय देखाउने उपकरण, बालुवा घडी;—hill बलौटे ढिस्को;—paper रेग माल, बालुवा कागत;—stone बलौटे ढुङ्गा, बालुकशिला,—storm बालुवाको बादलसहितको मरुभूमिको तूफान: **क्रि.** बालुवा छर्नु, बालुवाले ढाकिनु वा पुरिनु; चीनी, ऊन, इ० मा बालुवा मिसाउनु; बालुवाले (भाँडा) मास्नु;—y, **वि.** बलौटे, सैकत ।

sandal (स्यान्'डल्) **ना.** र **क्रि.** चप्पल, चट्टी, खराउ, तलुवा मात्र भएको जुत्तालाई अड्याउने छालाको फित्ता भएको चप्पल; **क्रि.** चप्पल लाइदिनु; जुत्ता फित्ताले बाँध्नु ।

sandal (wood) (स्या'ण्डल् वूड्) **ना.** चन्दन (काड); गन्धसार ।

sandarac (स्यान्'डन्याक्) **ना.** (आ०) सिन्दूर; वार्निस बनाउँदा काममा ल्याइने उ. अफ्रिकाको सल्लाजातको रूख ।

sand-blind (स्याण्ड'ब्लाइण्ड्) **वि.** (आ०) आँखा धमिलो देख्ने, आँखा नदेख्ने ।

sanderling (स्यान्'डर्लिङ्ग्) **ना.** सानू पानीमा हेलिने चराको जात ।

sanders, saun— (स्यान्'डर्स) **ना.** sandalwood चन्दन ।

Sandhurst (स्याण्ड्'हर्स्ट्) **ना.** स्याण्डहर्स्ट (बिलायत) को सैनिक प्रशिक्षार्थीहरूका निमित्तको शाही सैनिक महाविद्यालय को लागि छो क. प्रयोग ।

sandiver (स्यान्'डाइभर) **ना.** काँचको मयल; ऐना बनाउँदा निस्कने तरल नुनिलो पदार्थ ।

sandwich (स्याण्डविच्, स्यान्'डिच्) **ना.** र **क्रि.** मासु वा अन्य स्वादिष्ट वस्तु बीचमा राखिएको पाउरोटीको दुई पातलो चानाको खाद्य वस्तु, स्याण्डिच; (अलं पनि, ज. कि—of good and bad);—man,—boy, इ० आफ्नू अगाडि पछाडि दुवै तिर विज्ञापन पाटी झुण्ड्याएर हिंड्ने;—board त्यस्तो विज्ञापन पाटी;—course तालीमको परिपाटी जसमा पाली पालीसँग प्रयोगात्मक र सैद्धान्तिक शिक्षा दिइन्छ; **क्रि.** अकैं किसिमका दुई कुराको बीचमा तेस्रो कुरा च्याप्नु, राख्नु ।

sandy (स्यान्'डि) **वि.** (ना. अर्थमा); (रौं) सुन्तला वा पहेंलो–रातोसँगको; (व्यक्ति) त्यस्तो रौं भएको; सिकतामय, सिकतावत्, सिकतिल;—soil **ना.** सिकता ।

Sandy (स्यान्'डि) **ना.** स्कट पुरुषको बोलाउने नाम ।

sane (से'न्) वि. सुस्थ, सुमना, स्वस्थ, सद्दे (बौलाहा होइन); (राय, इ०) मरुयौला, मनासीब, युक्तिसंगतको ।

sang (स्यांग्) क्रि. sing को भू, का. गायो ।

sangaree (स्याङ्गारी') **ना.** मसला हालेर पातलो पारेको रक्सीको ठण्डा पेय ।

sang-de-boeuf (साँ ड ब्यूफ') **ना.** र वि. प्राचीन चीनिया माटाको वस्तुमा पाइने रातो रङ ।

sang-froid (साँफ्र्वा) **ना.** अनुद्वेग, शम, शान्त भाव, खतरा वा खलबलाउने परिस्थितिमा स्थैर्य; उदासीनता (फ्रे०) ।

sanguification (स्याङ्ग्विफिके'शन्) **ना.** रक्तको निर्माण; खाद्यको रक्तमा परिवर्तन ।

sanguinary (स्याङ्'ग्विनरि)—**वि.** रक्तपात वा मारकाट रुचाउने, रक्तपातसँगै आउने, रक्ताम्य, रक्तप्रिय, मारात्मक; (ऐन) मृत्युदण्ड विधान गर्ने; bloody को सट्टा रक्ताम्यको अर्थमा (सभ्य ठानिई) प्रयोग हुने शब्द ।

sanguine (स्याङ्'ग्विन्) वि., ना. र **क्रि.** रगतको रंग (साहि० र प्रा० इ०); (ऐति०) मध्यकालीन भैषज्यमा चार तत्वमध्ये रक्त (तत्व); (रंग) उज्यालो, रातो, रक्तवर्ण; सधैं आशावादी; सबै ठीक हुन्छ भनिठान्ने; **ना.** रातो खरी, रातो खरीको पेन्सिल; रातो रंगमा लेखेको तसवीर; **क्रि.** (कवि०) रगतले रंगाउनु, रातो रंगाउनु ।

sanguineous (स्याङ्'ग्विनस्) वि. (भैष०) रगतको, रक्त (खा. ग. वन.); प्राचुर्यपूर्ण, तातो रगत भएको ।

sanhedrim (स्या'निड्रिम्),—in (–न्), **ना.** प्राचीन जेरूसेलमको ७१ सदस्यीय सर्वोच्च न्यायालय र परिषद ।

sanicle (स्या'निक्ल्) **ना.** सागको किसिम, अघि औषधिको गुण भएको मानिएको ।

sanify (स्या'निफाइ) **क्रि.** स्वस्थ पार्नु; (स्थानको) सफाइमा उन्नति गर्नु ।

sanitar/y (स्या'निटरि) **वि.** स्वास्थ्यका उपर प्रभाव पार्ने स्थितिहरू, खा. ग. मैलो, फोहोर, र संक्रमणको बारे; स्वास्थ्यमा नअसल प्रभाव पार्ने कुराबाट मुक्त; आरोग्यकर, सरसफाइयुक्त;—towel, रजको अवस्थामा चलन गर्ने;—ion **ना.** आरोग्यकर ।

sanitation (स्यानिटे'शन्) **ना.** सरसफाइको परिस्थिति, सरसफाइ, (मा सुधार) ।

sanity (स्या'निटि) **ना.** होश, अनुन्माद, स्थिरता, मानसिक स्वास्थ्य, उग्रवादी रायबाट पृथक् रहने प्रवृत्ति ।

sanjak (स्यान्'ज्याक्) **ना.** (ऐति०) तुर्की जिल्लाको प्रशासकीय इलाका ।

sank (स्याङ्क्) **क्रि.** sink को भू. का.=डुब्यो ।

sans (अं. स्याँज् , फ्रे० साँ वा सँ) **उ.** विना;—ceremonic **क्रि.वि.** साधारण उपचारहरूविना;—culotte, विना सुरुवाल (ब्रिचिस्); (ऐति०) प्यारिसमा विप्लवकालमा तल्लो जातको उग्र गणतंत्रात्मक व्यक्ति, उग्रवादी विप्लवकारी;—facon **क्रि. वि.** खुलासँग, विनासंकोच,—gene **ना.** आत्मीयता, संकोचको अभाव;—peur et—reproche **वि.** सुविक्रान्त, धामवत्;—phrase **क्रि. वि.** छोटकरीमा, विवरणविना;—souci, **ना.** निष्फिक्रीको रमाइलो, बेवास्ता ।

Sanskrit,—scrit (स्यान्'स्क्रट्) **ना.** र **वि.** संस्कृत (को);—ic, **वि.** संस्कृतमय;—ist संस्कृतज्ञ ।

Santa claus (स्यान्' टा क्लौंज्) **ना.** राति केटाकेटीको क्रिस्मसे मोजा कोसेलीले भरिदिने व्यक्ति (काल्पनिक); स्याण्टा ।

santonia (स्याण्टो'निका) **ना.** तीतो काठ हुने बिरुवा, तीतेपातीको जात ।

santonin (स्या'ण्टोनिन्) **ना.** स्याण्टोनिका बिरुवाको सार, जूकामार्ने ओखतीको (रूपमा प्रयोग हुने) ।

Saorstat Eireann (सेओर'स्टथ् एय्'न्) **ना.** आयरल्याण्डको गणतंत्र; आइरिश भाषा ।

sap (स्याप्) **ना.** र **क्रि.** (बिरुवाको) रस, सार, द्रव, सत्व, (अक्ष. र अलं.); काठको बाहिरी नरम पत्र;—green हरियो रंगको प्रकार; **क्रि.** काठलाई रस शून्य गर्नु वा सुकाउनु; (अलं.) जाँगर, जेहन, सिध्याउनु; **ना.** घेरामा लुकेर धावा हान्न खनेको सुरुङ्ग; (अलं०) विश्वास, संकल्प, इ० को ढीलो वा कपटिक खोइरोखनाइ; छोपेको घेरा सुरुङ्ग; **क्रि.** सुरुङ्ग खन्नु, सुरुङ्गबाट (धावालाई) बढ्नु; खोइरो खन्नु; जग, इ० झिकेर डरलाग्दो पारिदिनु; छलले ध्वंस गर्नु; (स्कूले अप०) ज्यादा मेहनती बन्नु, पाठ घोक्नु; **ना.** अध्ययनशील वा मेहनती व्यक्ति; थकाउने काम, उच्चाट लाग्ने काम, हैरानी, मेहनत; (अप०)

लण्ठ, लट्ठक ।

sapajou (स्या'पाजू) **ना.** द. अमेरिकाको सानू बाँदर, पाल्नालाई राखिने ।

sapid (स्या'पिड्) **वि.** बास (खा. ग. मीठो), भएको, स्वादिलो, सुरस (बेस्वादको होइन); (कुरा, लेखाइ, इ०) नीरस वा अरुचिकर होइन;—**ity ना.** रसहीनता, अरुचि ।

sapient (से'पिएण्ट) **वि.** (अचेल विर०)बुद्धिमान; बुद्धिमान हुन खोज्ने, कल्पित समझदारीवाला, प्रज्ञाको नकल गर्ने; **ज.** वा —ience, **ना.** बुद्धि, प्रज्ञा, समझदारी ।

sapling (स्याप्'लिङ्ग) **ना.** बालवृक्ष, बेंनी, थाला, बच्चो बिरुवा; (अलं०) ठिटो; एक वर्षे दौडाहा कुकुर ।

sapodilla (स्यापोडि'ला) **ना.** टिकाउ काठ र खान हुने फल भएको अमरिकाको बिरुवाको जात ।

saponaceous (स्यापोने'शस्) **वि.** साबुनको, साबुनिलो, चिक्कण, मेदुर ।

saponify (स्यापो'निफाइ) **क्रि.** चारले विच्छेदन गरी (तेल वा बोसोलाई) साबुन बनाउनु;—fication **ना.** साबुनीकरण, जलविच्छेदन ।

sapor (से'पॅर) **ना.** स्वादबाट थाहा हुने गुण, ज. कि. गुलियो; वस्तुको खास स्वाद; स्वादको चेतना ।

sapota (स्या'पोटा) सफेदा, सेतो रंग ।

sappar (स्या'पर्) **ना.** शाब्दिक अर्थमा; खनक; सेनाको स्थपति अङ्गको जवान वा अफिसर, जंगी पल्टन (पहिलेको) S—s and miners अचेल Royal Engineers को नाममा खनक र विस्फोटकहरू ।

Sapphic (स्या'फिक्) **वि.** र **ना.** लेसबियाकी गति कवि स्याफोको;—vice; Sapphism **ना.** पनि, स्त्रीहरूका बीचको अप्राकृतिक यौन सम्बन्ध;—verse, stanza, स्याफोले प्रारम्भ गरेको र पछि ल्याटिनमा होरेसले पनि प्रयोग गरेको ग्रीक छन्द ।

sapphire (स्या'फाय्र्) **ना.** र **वि.** नीलमणि, पारदर्शक (धे. ज. नीलो) मणि; (खान०) एलुमिनियम भएको कुनै प्राकृतिक मणिभीय क्षार, जसमा नीलमणि र मानिक समावेश छन्; नीलमणिको गाढा नीलो; आकाशवर्ण; **वि.** नीलमणिको (नीलो) रंग ।

sappy (स्या'पि) **वि.** रसपूर्ण ।

sapro (स्याप्रो—)=सडेको, कुहेको; संयोग शब्दहरूमा ।

sar (सार) **ना.** माछाको किसिम ।

saraband (स्या'राब्याण्ड्) **ना.** रवाफिलो पुरानो स्प्यानिश नाच; यसको संगीत ।

Saracen (स्या'रासेन्) **ना.** र **वि.** अरबी मरुभूमिको घुमन्ते; धर्मयुद्धको समयको अरब वा मुस्लिम;—'s head वंशावलीको वा भट्टीघरको विज्ञापन पट;—ic, **वि.** अरबी, मध्ययुगी मुसलमानी ।

Saratoga (**trunk**) (स्याराटो'गा ट्रङ्क) **ना.** महिलाको ठूलो सन्दूस ।

sarcasm (सार'क्याज्म्) **ना.** घोच्ने वा अप्रिय वचन; खिसी, खा. ग. व्यंगपूर्ण; त्यस्तो भाव रहेको बोली, त्यस्तो वचन प्रयोग गर्ने शक्ति;—stic, **वि.** सापहास. साक्षेप, व्यंगपूर्ण, खिसीयुक्त ।

sarcelle (सार्सेल्') **ना.** सानू हाँसको जात ।

sarcent, sarcenet (सार्स'निट) **ना.** नरम र पातलो रेशमी कपडा, अचेल धे. ज. नेफामा मात्र चलन हुन्छ ।

sarco (साऽर्'को), ग्रीक **Inko** को यौगिक रूप=मासु, मांस;—ology, शरीरको मांसभागको शास्त्र वा अध्ययन;—phagous, मांसभक्षी ।

sarcode (सा'कोंड) **ना.** पशु प्ररस ।

sarcoma (सार्को'मा) **ना.** (ब. व.—ta सार्को'माटा), व्रण, डल्लो, भ्रूण, नलीको गुल्म (डल्लो) ।

sarcophagus (सार्को'फेगस्) **ना.** (ब. व.—gi, उच्चा० —गि,—जि) खोदेको मूर्तिको बुट्टा भएको पत्थरको शवाधार ।

sarcous (सार्'कस्) **वि.** मासु वा पेशी भएको; मांसल ।

sard (सार्ड) **ना.** पहेंलो वा सुन्तला रंगको मुगा ।

Sardanapalian (सार्डानापे'लियन्) **वि.** नारीवत् ऐयासीको लागि प्रसिद्ध निनेभेका राजा सर्डानापेलसको, वा जस्तो ।

sardelle (सार्डेल्') **ना.** सार्डीन जस्तो र सोही प्रकारसँग खाइने माछाको जात ।

sardine (सार्'डाइन) **ना.** मणि; (सार्डीन्') हेरिङ्ग जातको सानू माछा, रहने (नसडने) गरी क्रिया गरेर तेलमा बट्टा बन्द गरेको; (packed like—s बडो भीड भएको भेला) ।

Sardinian (सार्डि'नियन्) **वि.** सार्डिनिया टापूको (वासिन्दा) ।

sardonic (सार्डो'निक्) **वि.** कटु, तिरस्कारयुक्त, विकृत, कराल, खिसी गर्ने, अवज्ञापूर्ण, (हाँसो, खित्का, नकली रमाइलो इ० को बारे) ।

sardonyx (सार्डो'निक्स्) **ना.** गोमेद ।

sargasso (स्यार्ग्या'सो), **ना.** (ब. व.—s,—es); (gulf-weed पनि) खा० ग० उ० एटल्याण्टिक प्रदेश, S—Sea, भनिएको प्रदेशमा पाइने, टापूको आकारको, समुद्री झारको थुप्रो, जसमा गेडा लागे झैं हावाका फोका लागेका हुन्छन्; (अलं०) काम नलाग्ने वस्तुले परिपूर्ण सागर जस्तो विस्तीर्ण प्रदेश ।

sari (सा'री) **ना.** सारी, साडी, स्त्रीहरूको धोती वा पोशाक; फरिया ।

sarissa (सारि'सा) **ना.** (ग्री० प्रा० इ०, ब. व.—ae), म्यासेडोनियनहरूको लामू भाला ।

sark (साक्') **ना.** (स्क०) कमीज वा शेमीज;—ing **ना.** सत्तरी र छानाको बीचको काठ बिछ्याउने ।

Sarmatian (सार्मे'श्न्) **वि.** र **ना.** प्राचीन सार्मेशिया (रुस र पोल्याण्ड) को वासिन्दा; (कवि०) पोल, पोलिश, पोल्याण्डको ।

sarmentose (सा' मेंग्टोस्),—entous (सा'मेंण्टस्),

वि. (वन०) लामा लर्कने टुसा भएको ।

sarong (सारोङ्ग्) **ना.** मलेयाको राष्ट्रिय पोशाक, धे० ज० धर्के सूती वा रेशमी लुङ्गी जस्तो कम्मरमा बाँध्ने कपडा, लोग्ने स्वास्नी मानिस दुवैले; सारङ्ग ।

sarsaparilla (सार्सापारिला') **ना.** सार्सापारिला; बलवर्द्धक इ० प्रयोगलाई ओखतीको रूपमा व्यवहृत हुने बूटी ।

sarsen (सार्'सेन्) **ना.** हैम युगमा हिउँले ल्याएर छोडेको बलौटे इ० ढुङ्गा ।

sarsenet, sarc–(सार्'सेनिट्, सार्'स्निट्) **ना.** भित्री, नेफा, संजाप, इ० को लागि मात्र अचेल चलन गरिने नरम पातलो रेशमी कपडा ।

sartorial (सार्टो'रियल्) **वि.** सुजिकारको, दर्जीको, कपडा सिलाइको, लोग्नेमानिसको लुगासिलाइको ।

Sarum (से'रम्) साल्सबरीको धार्मिक वा गिरजाको नाम ।

sash (स्याश्) **ना.** परिकर; मेखला, कटिसूत्र, पेटी, स्याश; झ्याल ढोका दराज इ० को (तल माथि दायाँ बायाँ सार्न हुने) चौखट, खापा;– window, त्यसरी एक वा धे. ज. दुई खापा भएको सारेपछि खुला हुने किसिमको झ्याल ।

sasin (स्या'सिन्) **ना.** (नेपाली) मृगको जात ।

sassaby (सॅसे'बि) **ना.** द. अफ्रिकाको ठूलो मृग ।

sassafras (स्या'सफ्रयास्), **ना.** उ. अमरिकाको बूटी (ओखतीमा लाग्ने); त्यसको क्वाथ ।

Sassanian Sassanid, (स्यासे'नियन्, स्या'सनिड्) **ना.** र वि. इरानको प्राचीन राजपरिवारको (सदस्य) ।

Sassenach (स्या'सनाख्) **ना.** र **वि.** अंग्रेजको स्क० र आइरिश नाम ।

sastrugi (सास्त्रू'गि) **ना.** (ब. व.) जमेको कडा हिउँमा हावाले लहर जस्तो आकार बनाएको ।

sat (स्याट्) **क्रि.** sit को भू. का. बस्यो ।

Satan (आ०) **Satanas** (से'टन्, स्या'टन्यास्) **ना.** शैतान, पिशाच, लुसिफर ।

Satanic (सट्यानिक्) **वि.** शैतानको, जस्तो, लाई सुहाउने, नारकीय, पिशाचीय, पैशाच ।

Satanism (से'टनिज्म्) **ना.** जानी जानी दुष्ट्याइँ, दुष्टताको लागि काम गर्ने प्रवृत्ति, पैशाच मनोवृत्ति; पैशाच सम्प्रदाय (खा. ग. क्रिस्तानी १९ सौं शताब्दीको फ्रान्सको) को लक्षण; शैतानको औपचारिक र स्वीकृत पूजा ।

Satanology (सेटनो'लजि) **ना.** शैतानको बारेको विश्वासको संग्रह वा इतिहास ।

satara (सता'रा) **ना.** भारतमा बन्ने सूती कपडाको प्रकार ।

satchel (स्या'चेल्) **ना.** फिताले काँधबाट झुण्ड्याउने खा. ग. विद्यालय जाँदा केटाकेटीले पुस्तक हाली हिँड्ने सानू ब्याग, झोला ।

sate (सेट्) **क्रि.** तृप्त हुनु (इच्छा, व्यक्ति); अघाउनु, अतितृप्ति हुनु, परिपूर्ण हुनु, असरल्ल हुनु, अटेसमटेस हुनु;—less, वि. (कवि०) तृप्तिरहित; sit को आ. भू. का. ।

sateen (सटीन्') **ना.** साटन ।

satellite (स्या'टेलाइट्) **ना.** अनुगामी, पार्श्वचर, अनुयायी, चाकरीबाज, अनुचर; उपग्रह, अर्काको पछि घुमिरहने व्यक्ति (अलं०); पृथ्वीबाट आकाशमा पठाइएको कृत्रिम ग्रह, भू-उपग्रह; (वाच्य) गौण, अप्रधान;—state ठूलो र बलिया राष्ट्रले दबाएको देश वा राष्ट्र;—town अलि टाढाको ठूलो सहरमाथि भरपर्ने सानू सहर ।

satia/te (स्याशिअट्) **क्रि.** र **वि.**=sate, तृप्त हुनु; अघाउनु; वि. तृप्त, अघाएको;—ble **वि.** (विर०) तृप्त पार्न सकिने—tion **ना.** तृप्त ।

satiety (सटाइ'इटि) **ना.** अघाइ, अतितुष्टि, अतितृप्ति, वितृष्णता, अघाएको घीन; (विर०) बहुल, प्रचुर ।

satin (स्या'टिन्) **ना., वि.** र **क्रि.** साटन;—cloth साटन जस्तो कपडा—finish, चाँदीलाई तारको बुरूशले दिएको उज्यालो टलक;—Paper असल टलकदार (लेख्ने) कागत; **वि.** साटन झैं नरम र चिप्लो;—y **वि.** साटन जस्तो;—ette, —et, **ना.** नकली साटन; **क्रि.** (कागतलाई) साटनको टलक दिनु ।

satire (स्या'टाय्र्) **ना.** (रो. प्रा. इ.) काव्य संकलन, खा. ग. प्रचलित दोष. मुर्ख्याइँ इ० लाई लक्ष गरिएको कविता; गद्य वा पद्यमा मानिसका अवगुण वा मूढतालाई ठट्टा गर्न लेखिएको रचना; व्यक्तिगत ठट्टा वा निन्दा लेख; साहित्यको यो विभाग; केही कुराउपर हँसी ल्याउने चीज; अवगुण वा मूढतालाई देखापार्न वा निरुत्साह पार्ने उद्देश्यले लेखमा व्यङ्ग, खिसी, ठट्टा, इ० को प्रयोग; अवगीत, उपहास, आक्षेप काव्य वा कविता ।

satiric (स्याटि'रिक्) **वि.** उपहासको, उपहाससहित, आक्षेप लेख्ने ।

satirical (स्याटि'रिकल्) **वि.**=अघिल्लो; बोली वा लेखमा ठट्टा व्यङ्गको प्रयोग गर्न मन पराउने; अर्काको वक्र, कुटिल वा उपहासपूर्ण निरीक्षण गर्ने; ठट्टा गर्ने, उपहासपूर्ण समालोचना गर्ने ।

satirist (स्या'टिरिस्ट्) **ना.** अवगीत, उपहास, लेखक; व्यङ्गपूर्ण व्यक्ति, आक्षेपक ।

satis (स्या'टिस्) **क्रि., वि.** र **ना.**=प्रशस्त ज. कि jam—पुगिसकेको;—superque (स्यूपर्'क्वि) प्रशस्त र अझ बढी (ल्या०) ।

satisfaction (स्याटिस्फ्या'क्शन्) **ना.** ऋणको चुक्ती, दायित्वको परिपालन; निष्कृति; साँख, खुशी, सन्तोष; चुक्तीको हिसाबले लिइएको वस्तु; मानवको पापको लागि क्राइष्टले गरेको प्रमार्जन; make—, in—of, enter—(कानूनी बोली) =अदालतले गरेको दाम तिर्ने उर्दी तामेल भयो; आफूलाई केही बिगार, अपमान, गर्ने व्यक्तिसँग डयुएल (द्वन्द्व युद्ध) गर्ने मौका, give, demand— ।

satisfactory (स्याटिस्फ्याक्'टरि) **वि.** सन्तोषजनक, चित्त बुझ्ने, उजूर गर्ने मौका नदिने, पर्याप्त, सन्तोष, गनिमत ।

satisfy (स्या'टिस्फाइ) **क्रि.** तिर्नु (ऋण, धनी); पूरा गर्नु

(दायित्व, माग, इ०); आशा वा इच्छा पूरा गर्नु, सन्तुष्ट गराउनु (जाँचमा विना प्रशंसा सफलसम्म हुनु); चित्त बुझाउनु; रिझाउनु; यकीन गराउनु, प्रमाण पुऱ्याउनु; (विरोध, शंका, अनुरोध, शर्तहरू, इ०) पर्याप्त रूपले सामना गर्नु, चित्त बुझाउनु; रिझाउनु, अघाउनु, तृप्त पार्नु, तुष्ट पार्नु; satisfied **वि.** आप्यायित,—ing **वि.** प्रपूरक ।

satrap (स्याट्'न्याप्) **ना.** (प्रान्तको) हाकिम; (ऐति०) राजप्रतिनिधि; (अर्वाचीन) मातहतको शासक, औपनिवेशिक हाकिम (खा. ग. निरंकुश शासकको अर्थमा) ।

Satsuma (स्याट्'स्यूमा) **ना.** (—ware पनि) हलका पहेंलो रंगको जापानी माटाको भाँडो ।

saturate (स्या'ट्यूरेट् वा स्याचरेट्) **क्रि.** संतृप्त गर्नु, सोस्नु, भिज्नु, अतिसिक्त हुनु; (युद्ध०) निशानामाथि गाढा वम प्रहारले ध्वंस गर्नु, जित्नु; (र. शा.) एक वस्तु (तत्व, हावा, वाफ, धातु, इ०) ले अर्को वस्तु (तत्व, यौगिक, पानी, चुम्बक शक्ति, विद्युत, इ०) सवभन्दा वढी संभाव्य परिमाणसँग योग गराउनु, वा आफूमा समावेश गर्नु; ज. वा.—d **वि.** अतिसिक्त, परिपूर्ण;—ation **ना.** अतितृप्ति, अतिसिक्तता ।

Saturday (स्या'टर्डि) **ना.** शनैश्चरवार;—to-Monday=अचेलको Week end=हप्ताको अन्त ।

Saturn (स्या'टर्न) **ना.** (रो. प्रा. इ.) रोमको कृषि देवता, शनैश्चर ग्रह, शनिश्चर ।

saturnalia (स्याटर्ने'लिया) **ना.** (ब. व.) प्राचीन रोमन उत्सव, जब असीमित मोजमज्जाको इजाजत हुन्थ्यो, अचेलको क्रिस्मसको पूर्वज; वेहदको मोजमज्जाको समय या दृश्य; शनि महोत्सव ।

Saturnian (स्याटर्'नियन्) **वि.** र **ना.** शनिश्चर देव वा ग्रहको; शनिश्चर ग्रहको वासिन्दा;—age सत्ययुग ।

saturnic (स्याटर्'निक्) **वि.** (रो. नि.) सीसाको विख लागेको ।

saturnine (स्या'टर्नाइन्) **वि.** जड प्रकृतिको, अँध्यारो मुखको, अँध्यारमुखे; मन्द वा जड प्रकृतिले गराउने अँध्यारो अनुहारको; सीसाको, ज. किं. a—poultice; सीसाको विखले ग्रस्त ।

satyr (स्या'टर्) **ना.** वनदेव (ग्रीककथा) जसको मानवी रूपमा घोडाको टाउको र कान हुन्थे; कामी वा पशुवत् मान्छे; (विर०) ओरान ओटांग ।

satyriasis (स्याटरा'एसिस्) **ना.** पुरुषमा अतिशय रतार्थिता ।

satyric (स्याटा'यरिक्) **वि.** वनदेवहरूको; खा. ग.—drama, ग्रीक प्रहसन जो तीन वियोगान्त नाटकको अन्तमा खेलिन्थ्यो र tetralogy, चार ग्रन्थमध्येको एक हुन्थ्यो ।

sauce (सॉस्) **ना.** र **क्रि.** खानासँग स्वादको लागि अमिलो वा पुदीना, साग टमाटर इ० को रस हाली वनाएको व्यञ्जन वा उपस्कर; (अलं०) रस दिने वस्तु; नून र अन्य सामग्रीहरूको घुलन, जो कुनै उत्पादन क्रियामा व्यवहृत हुन्छ; धृष्टता, ढिठाइँ, प्रगल्भता;—boat, सस राख्ने भाँडो;—pan, ताप्के, तापिये, दिउरे, स्वेदनी, तपेस; **क्रि.** मसला वा रसले स्वाद दिनु; (अलं०) चाखलाग्ने, स्वादिष्ट, वनाउनु; (ग्रा०) अटेरी, ढिट्याहा हुनु ।

saucer (सॉ'सर्) **ना.** रिकावी, आधार, थाली;—eye ठूलो र वाटुलो ।

saucy (सॉ'सि) **वि.** मान्यजनसँग अटेरी, ढीठ; (अप०) फूर्तिवाल, छरितो, ढाँचावाल, झिल्के; मुख फर्काउने ।

sauerkrout (सावर'क्राउट्) **ना.** अमिलो वन्दाकोवीको व्यञ्जन (जर्मन खाना) ।

saumur (सो'म्यूर) **ना.** फ्रान्समा वन्ने सेतो रक्सी ।

saunter (सॉ'ण्टर्) **क्रि.** र **ना.** टहल्नु, विना उद्देश्य डुल्नु, लस्सिनु, हिंड्नु, (अलं० पनि, ज. कि —through life जीवन यापन गर्नु); **ना.** विस्तारै हिंडाइ वा चाल, घुमाइ; परिक्रमण ।

saurian (सॉ'रियन्) **वि.** र **ना.** ग्राह, इ० छेपारोको जातको वा सोमध्ये एक ।

sausage (सॅ'सेज्) **ना.** वोसे आन्द्रो, ससेज, आन्द्रामा कुटेको वा साना टुक्रा पारी काटेको मासु कोचेर पकाएको खाना; अचेल (अमरिकामा) Lot—dog पनि; Bologna—सुँगुरको मासु कोचेको ठूलो प्रकारको ।

sauté (सो'टे) **वि.** (स्त्रीलिंग—ée, ब. व.—és, स्त्री—ées उच्चा० सवै एकै) तातो ताप्केमा अलिकति चिल्लोमा झट्ट तारेको ।

Sauterne (s) (सोटार्न') **ना.** सेतो गुलियो रक्सी (फ्रान्सको) ।

sauve-qui-peut (सोभ्कीप') **ना.** सवतिरको भागाभाग (फ्रे०) ।

savage (स्या'भेज्) **वि.**, **ना.** र **क्रि.** जङ्गली, वर्वर, असभ्य, जंगी, निर्दय, जंगिएको; (वो. चा,) रिसाएको, झोक्की, (वंश०) (मानवशरीरको,) नग्न;—ry **ना.** अनाचार; क्रूरता, जंगलीपना; जंगली जातिको सदस्य, खा. ग. शिकारवाट जीवन निर्वाह गर्ने; वर्वर वा अतिक्रूर व्यक्ति; **क्रि.** (घोडाको) जाइलाग्नु, टोक्नु, कुल्चिनु (कोही—d by his horse) ।

savanna (h) (सभ्या'न) **ना.** अयन वृत्त वा निम्न अयन वृत्त प्रदेशमा फाटफूट रूख रहेको विस्तीर्ण घाँसे चौरको प्रदेश ।

savant (स्याभाँ) **ना.** विद्वान, खा. ग. प्रसिद्ध वैज्ञानिक (फ्रे०) ।

savate (स्याभाट्'), **ना.** फ्रान्सको मुक्कावाजी वा तलयुद्ध, जसमा गोडा र टाउको पनि चलाउन पाइन्छ (फ्रे०) ।

save (सेभ्) **क्रि.**, **ना.**, **उ.** र **सं.** रक्षा गर्नु, उद्धार गर्नु, जोगाउनु, सँगाल्नु, वचाउनु, संचिता गर्नु, उबार्नु, साँच्नु, जगेरा गर्नु, जगेर्ना गर्नु, किफायत गर्नु, (पापवाट) उद्धार गर्नु; भेट्टाउनु, नगुमाउनु;—one's bacon, मृत्यु वा हानिवाट वाँच्नु;—one's face इज्जत वचाउनु, लाज राख्नु;—the situation, पति राख्नु;—the mark नराम्रो केही कुरा

भन्नुपर्दा (धेरैजसो व्यंगपूर्ण) क्षमा प्रार्थनाको बोली; **ना.** (फूटबल) रक्षा, गोल बचाउनु; savings, बचत, जगेर्ना; savings bank बचत ब्याङ्क; Post office savings bank स्थानीय हुलाक कार्यालयमा शाखा भएको बचत हिसाब खोलिने ब्यांक;—s बचत, संचय; **उ. र सं.** बाहेक, परन्तु, नभएमा ।

saveloy (स्या'भलॅय) **ना.** बेसरी मसला हालेको सुखा ससेज ।

saviour (से'भियर) **ना.** रक्षक, तारक, त्राता, उद्धारक, मसीह ।

savoir faire (स्या'भ्वार् फेय्र्') **ना.** ठीक कुरा देख्ने र गर्ने तत्परता; नैपुण्य, दक्षता, सीप (फ्रे०) ।

savoir vivre -(स्या'भ्वार् भी'भ्र्) **ना.** काइदा, राम्रो शिष्टाचार, समाजमा आरामको बस उठ (फ्रे०) ।

savory (से'भरि) **ना.** व्यञ्जनमा चलन हुने पुदीना किसिमको बिरुवा ।

savour (से'भर) **ना. र क्रि.** विशिष्ट स्वाद, महक, आस्वाद र (अचेल विर०) बास्ना; (अक्ष० र अलं.) स्वादमा प्रभाव पार्न सक्ने शक्ति; (कुनै गुणको) सूचन गर्ने स्वभाव, वा देखिने मिसावट, वा शंका, वा लेश; **ज. वा.**—less, त्यस्तो गन्ध नपाइने; **क्रि.** (अक्ष० वा अलं०) स्वाद पाउनु वा रसास्वादन गर्नु; (विर०) स्वाद दिनु; गन्ध हुनु, सुझाव दिनु, उपस्थितिको सूचन गर्नु ।

savoury (से'भरि) **वि. र ना.** भोक लगाउने स्वाद वा बास्नाको; (ठाउँ) (नकारात्मक वाक्यमा मात्र) दुर्गन्धबाट सफा; (व्यञ्जन) अचार वा पिरो अमिलो; **ना.** सितन, अचार वा अमिलो वा पिरो खाना, खा. ग. भोक लगाउनालाई वा पाचकको रूपमा खानाको शुरू वा बीचमा खाइने परिकार ।

savoy (स्याभॅय्') **ना.** चाउरी परेको पात हुने जातको बन्दाकोबी ।

Savoyard (स्याभ्वाइ'यार्ड) **ना. र वि.** स्याभॅय (प्रदेश) को बासिन्दा; स्याभॅय नाचघर टोलीको सदस्य (खा. ग. गिल्बर्ट र सलिभन गीति हास्य नाटकको मूल प्रदर्शनमा भाग लिने ।

savvy (स्या'भि) (स्पानिशबाट) (अप०) बुझेका छौ ? no—म, उ, बुझ्दिनँ, बुझ्दैन; **ना.** पनि=समझ, चतुर्‍याइँ, सीप ।

saw (सॅ) **ना. र क्रि.** (निष्ठा-—n, विर०—ed); करौंती, आरा, आरो; band— चक्कामाथि चल्ने अनन्त करौंती; bow— फ्रेममा जडेको (भायलिन बजाइने डण्डी जस्तो) करौंती; frame—दह्रो पार्न फ्रेममा जडेको; fret—फ्रेममा तन्काएको बुट्टा काट्ने अति साँगुरो करौंती; circular—गोल; hand— हाते करौंती; hack—धातु काट्ने; jig—फ्रेममा जडेको यंत्रले चल्ने विभिन्न बुट्टा काट्ने; jig—Puzzle त्यस्तो करौंतीले काटेका टुक्राहरू ठीकसँग सजाउने (केटाकेटीको) खेल; Pit—एउटा तल एउटा माथि बसेर चलाउने आरा; (पशु०) दाँती अवयव वा भाग;—doctor करौंतीको दाँत बनाउने कल;—dust काष्टविदल, धूलो;—frame करौंतीको दाँतलाई तन्काएर साह्रो गरी समाउने फ्रेम;—horse चिर्ने काठ अडयाउने आड;—mill पानी वा यंत्र वा विद्युत्‌ले चल्ने करौंती; उखान, कहावत, गाउँखाने कथा; **क्रि.** (काठ) चिर्नु, आरा लाउनु, रेट्नु, करेट्नु, अघि पछिको गति गर्नु, हात वा अन्य कुराले; see को भू का.=देख्यो;—bones **ना.** (अप०) डाक्टर, शल्य चिकित्सक ।

sawder (सॉ'डर्) **ना.** soft—अभिनन्दन, चाटुकारिता, प्रशंसाका वचन ।

Sawney (सॉ'नि) **ना.** स्कटको बोलाउने नाम; लाटो ।

sawyer (सॉ'यर) **ना.** बोसी, आरावाल, आराकसी; top— माथि बस्ने आराकरी, ठूलो स्थान लिने व्यक्ति; नदीमा उत्रेको वा पडिरहेको उखेलिएको रूख; काठमा प्वाल पार्ने कीरा ।

sax, zax (स्याक्स, ज़्याक्स) **ना.** छानामा स्लेट जड्ने कर्मीको स्लेट ताछ्ने ज्यावल, जसमा कीलाको प्वाल बनाउने चुच्चो पनि रहन्छ ।

saxatile (स्या'क्सटाइल्) **वि.** (प्रा. इ.) चट्टानका बीचमा रहने वा बढने ।

saxe (स्याक्स) **ना.** तसवीर छाप्ने कागतको किसिम; नीलो रंगको किसिम ।

saxhorn (स्याक्स'हॅर्न) **ना.** सात नापमा बन्ने पित्तले वाद्य यंत्र ।

saxifrage (स्या'क्सिफ्रेज्) **ना.** आल्प वा चट्टानको पर्वतमा उम्रने झुप्पा र सेतो, पहेंलो वा रातो फूल भएको बिरुवा ।

Saxon (स्या'क्सन्) **ना. र वि.** मध्य योरोपको जाति, एंग्लो स्याक्सन; **वि.** वास्तुकलाको ढाँचा ।

saxony (स्या'क्सनि) **ना.** ऊनको किसिम, सोंको कपडा ।

saxophone (स्या'क्सोफोन्) **ना.** धेरै नापको वेणुको जस्तो जिह्वाल भएको विराम छिद्रसहितको पित्तले वाद्य यंत्र ।

say (से) **क्रि. र ना.** भन्नु, बोल्नु, उच्चारण गर्नु, पाठ गर्नु, अभ्यास गर्नु;—the word आदेश दिनु;—when काम थाल्ने वा बन्द गर्ने कहिले हो ? खा. ग. गिलासमा कति मद्य हालुँ ? वक्तव्य गर्नु, करार गर्नु; युक्ति पेश गर्नु; राय गर्नु, राय वा ठेगान दिनु; उदाहरण जस्तो गरिलिनु, तोकेको संख्या लिनु; अन्दाज गर्नु; **ना.** बोल्ने मौका, भन्ने, मनाइ, कहनाम, भन्नु; फैसलामा हिस्सा; (अचेल विर०) मसिन कश्मीरा वा सर्ज जस्तो कपडा ।

saying (से'इङ्ग्) **ना.** शाब्दिक अर्थमा, खा. ग. लाघवयुक्त, सूत्रमय, वचन; उखान, कहावत, आहान, युक्ति, भनाइ, कहनाम, टुक्का ।

sbirro (ज्बि'रो) **ना.** (ब. व.—ri, उच्चा०—री) इटालियन प्रहरी ।

scab (स्क्याब्) **ना. र क्रि.** सुखा (घाउको) पाप्रा, उचेंरा, लाप्रो, पत्र, खत; लूतो वा सो जस्तो चर्म रोग; गोमयजबाट हुने रोग; नीच वा मैलो व्यक्ति; (मजदूर संगठन) संगठन वा हडतालमा भाग नलिने कर्मी वा मजदूर, अथवा हडताली मजदूरको स्थान लिन्छ; **क्रि.** (घाउ) पाप्रा लाग्नु, निको हुनु ।

scabbard (स्क्या'वर्ड) **ना.** म्यान, दाप; fling, throw away, the—अन्तसम्म लड्ने फैसला गरी तयार पर्नु ।

scabies (स्के'बीज्) **ना.** लूतो ।

scabious (स्के'बियस्) **वि.** र **ना.** लूते; खोइरो वा लूतो लागेको; **ना.** जङ्गली र पाल्ने दुवै प्रकारका झार ।

scabrous (स्के'ब्रस्) **वि.** (पशु० वन०, इ०) खस्रो, कत्ला उड्ने (उपल्लो तह, छाला, बोक्रा, इ०) भएको; (साहित्यमा विषय, परिस्थिति, इ० को बारे), रूक्ष, शिष्टतासँग चलाउन गाह्रो हुने, विचारपूर्ण, र विवेकको बर्ताव चाहिने ।

scad (स्क्याड्) **ना.** माछाको प्रकार ।

scaffold (स्क्या'फोल्ड) **ना.** र **क्रि.** वध्यशिला, घातस्थान; मन्च, प्रेक्षामन्च, मचान, देखाउने वा दर्शक वस्ने उठेको स्थान; —ing खट (घर बनाउँदा वा मरम्मत गर्दा कर्मी उभिने); पछि त्यसमाथि वन्ने रचना वा रूपरेखा; the—प्राणदण्ड; **क्रि.** (घरमा) खट बाँध्नु ।

scaglia (स्क्याग्'लिया वा स्क्याल्'या) **ना.** रातो इटालियन पत्थर ।

scagliola (स्क्यालिओ'ल) **ना.** वज्रले वनेको कृत्रिम ढुङ्गा अनेक किसिमसँग बनाइएको र रंगाइएको ।

scalable (स्के'लेब्ल्) Scale को शाब्दिक अर्थमा ।

scalariform (स्क्याल्या'रिफॅर्म) **वि.** (वन० पशु०) भऱ्याङ्गको आकारका (कीराको पखेटामा) नसाहरू, अथवा रचनामा मोटो र मसिनो पत्र भएको ।

scalawag, scalla, scally— (स्क्या'लव्याग्, स्क्या'लिव्याग्) **ना.** चाहिनेभन्दा सानू (नबढेको) वा खान नपाएको पशु; बेकामको व्यक्ति, उपद्र्याहा, बजिया, वेहया ।

scald (स्कॉल्ड) **क्रि.** र **ना.** (तातो तरल वस्तुले) पोल्नु, डाम्नु, दहनु; (दूध) पोल्ने गरी तताउनु; पोल्ने पानीले भाँडा सफा गर्नु; **ना.** दाह, जलन; प्राचीन स्क्याण्डिनेभियाको कवि र गाइने;—ic, **वि.** काव्य, पद्यात्मक, कविको ।

scald-head (स्कॉल्ड-हेड') **ना.** केटाकेटीको टाउकोको छाला र रौँको रोग ।

scale (स्केल्) **ना.** र **क्रि.** कत्ला, कत्ला जस्तो खोल, खिया, (पानी पकाउने भाँडामा) पाप्रो, वाह्य पटल; (तराजूको) डण्डा, पलरा; तुला नक्षत्र; क्रम, श्रेणी, माला, मान, दरबन्दी, संगीतको श्रेणी-बद्धता, ग्राम; संख्याको विभिन्न स्थानमा रहेका एकांकीहरूमा रहेको अनुपातले देखाउने सांख्यिक पद्धतिको आधार (धे. ज. अङ्कनको मान=of rotation); सापेक्षिक परिमाण, फलक, नक्शा इ० मा वृद्धिकरण वा लघुकरणको अनुपात, मान; **क्रि.** (माछा इ० बाट) कत्ला झिक्नु, सफा पार्नु; (छाला, धातु) कत्ला परेर खस्नु, छुट्टिनु; तराजूमा जोख्नु (विर०); (तौलमा) तौल देखाउनु (ज. किं.—s 10 stone, १० स्टोन वजनको); उक्लनु (भित्ता, ठाडो ठाउँ), अधिक्रम गर्नु; वास्तवको परिणामको कुनै अनुपातमा देखाउनु ।

scalene (स्केलीन्') **वि.** र **ना.** विषमभुज;—triangle विषम त्रिभुज;—cone, cylinder, जसको अक्ष आधारपट्टि झुकेको हुन्छ;—muscle, पृष्ठवंशलाई करंगसँग जोर्ने पेशीहरूमध्ये कुनै ।

scall (स्कॅल्) **ना.** (आ०) छालामा कत्ला उड्ने रोग; dry—लूतो; moist—दाद ।

scallawag=scalawag.

scallion (स्क्या'लियन्) **ना.** प्याजको किसिम ।

scallop, sco— (स्क्या'लप्, स्कॅ'लप्) एक प्रकारको सिपी कीरो ।

scallywag=scalawag.

scalp (स्क्यालप्) **ना.** र **क्रि.** मस्तक, खोपडी, टाउको, टाउकोको (आँखामाथिको) छाला र रौं; नांगो गोल चुचुरो;—lock अमरिकाको लाल इण्डियनको टाउकोमा नखौरी छोडेको रौंको एक गुच्छा, दुश्मनलाई चुनौतीको रूपमा; **क्रि.** टाउकोको रौं झिक्नु; कडासँग समालोचना गर्नु, कडासँग कुरा काट्नु ।

scalpel (स्क्याल्'पेल्) **ना.** कलम झैं समात्न हुने गरी बनाएको शल्य चिकित्सकको (चिर्ने) चक्कू ।

scalper (स्क्याल्'पर्), **scauper** (स्कॉ'पर) **ना.** खोदाइको काम गर्नेहरूको खन्ने वा सुर्कने ज्यावल ।

scalpriform (स्क्याल्'प्रिफर्म्) **वि.** (अघिल्ला दाँत) राम्रोको आकार परेको ।

scammony (स्क्या'मनि) **ना.** रेचकको रूपमा व्यवहार हुने खोटो पाइने गाँठो फल्ने बिरुवा ।

scamp (स्क्याम्प्) **ना.** र **क्रि.** बजिया, बजिनी, दुष्ट, बदमाश (प्यारो गर्दा पनि); **क्रि.** झारातिरुवासँग काम गर्नु, जसोतसो गरी काम सिद्ध्याउनु ।

scamper (स्क्याम्'पर्) **क्रि.** र **ना.** (जनावर वा बालक झैं) तर्सेको जस्तो गरी दौडनु, भाग्नु; **ना.** हडबडे दौड, मजाको लागि घोडामा पैयाँ; छिटो यात्रा; हडबडको पढाइ ।

scan (स्क्यान्) **क्रि.** (–nn–) छन्दको मात्रा रूजु गर्नु, गन्नु; छन्दको ख्याल गरी पढ्नु; छन्दमा शुद्ध हुनु; छन्दबद्ध हुने गरी पढिनु; एकपछि एक सबै भागहरू ध्यानपूर्वक हेर्नु, गडेर हेर्नु, अध्ययन गर्नु; (टेलिभिजन-दूरदर्शन) तसवीरलाई प्रसारणको लागि उसको प्रकाश र छायाका तत्वहरूमा विच्छेदन गर्नु; (रेडार) कुनै खास प्रदेशमाथि अनुशासित किरण वारपारसँग डुलाउनु ।

scandal (स्क्यान्'डल्) **ना.** अत्याचार, आघात वा रोषको आम भावना (जगाउने वस्तु), खा. ग. यो सामान्य कुराकानीमा प्रकट हुन्छ; निन्दा; गर्हा; निन्दो चर्चो, निन्दा, चुक्ली, कलङ्क;—monger **ना.** कुरौटे, छुल्याहा, मुसमुन्द्रे;—mongering **ना.** मथलारम्भ; (का०) आम अपमान, असंगत गाली गलौजपूर्ण वक्तव्य (अदालतमा);—ous **वि.** आक्षेप गर्भ, असूयक, बेइज्जतीपूर्ण ।

scandalize,—ise (स्क्या'न्डलाइज्) **क्रि.** नैतिक भावनालाई वा औचित्यलाई आघात पुऱ्याउनु, बेकाइदा गर्नु, वा बोल्नु, स्तब्ध पार्नु; (नौ०) जहाजी पालको क्षेत्र घटाउनु ।

scandalum magnatum (स्क्यान्'डालम् म्याग्ने'टम्)

ना. (ऐति०) सेठहरूको अपवाद ।

Scandinavian (स्क्याण्डिने'भियन्) **वि. र ना.** स्क्याण्डिनेभिया (डेन्मार्क, नर्वे, स्वीडेन र आइसल्याण्ड) को वासिन्दा वा भाषाको परिवार ।

scansion (स्क्यान्'शन्) **ना.** छन्दको मात्रा गणना वा निरीक्षण; श्लोकको छन्द मात्राबद्ध भए नभएको प्रकार ।

scansorial (स्क्यान्सो'रियल्) **वि.** स्वभावतः उक्लने वा चढ्ने; उक्लनालाई मिलेर बनेको (चरा, तिनका खुट्टा, इ.) ।

scant (स्क्याण्ट) **वि. र क्रि.** अपर्याप्त, न्यून, स्वल्प, अपुग, अल्प, मुश्किलसँग पुग्ने; **क्रि.** (आ.) टमार्नु, पित्त दिनु, मन नगरेर दिनु ।

scanties (स्क्यान्'टीज्) **ना.** (ब. व.) (बो. चा.) छोटो (स्त्रीको) कट्टू ।

scantling (स्क्याण्ट्'लिंग) **ना.** नमूना, प्रतिरूप; एक कुरेत जति अग्लो र चौडा काठको टिम्बा; पत्थर वा काठ काट्नुपर्ने नाप; जहाज बनाउँदा विभिन्न भागको नाप; पीपा अड्याउने अडान ।

scanty (स्क्यान्'टि) **वि.** थोरै परिमाणको, अपुग, अपर्याप्त (प्रचुरको उल्टो), नपुग ।

scape (स्केप्) **ना. र क्रि.** (आ०) पलायन; (वन०) बिनापातको फल फल्ने डाँठ; (कीट.) स्पर्शेन्द्रियको जरो; प्वाँखको डाँठ; जगबाट माथि उठ्दा घुम्तीसहित उँचाइ ।

scapegoat (स्केप'गोट्) **ना.** छाडिने बलि (बोको) जसमा यहूदी पुरेतले आम दुनियाको पाप सारेपछि; अर्काको दोष पन्छाइने र सजाय भोग्ने व्यक्ति; साटो दोषी; अचानु ।

scapegrace (स्केप्'ग्रेस्) **ना.** जोशिलो व्यक्ति, विशेष गरेर बालक, जो सधैं फसादमा पर्न जान्छ ।

scapement (स्केप्'मेण्ट)=escapement **ना.** मुहान, शासक ।

scaphoid (स्क्या'फॅयड्) **वि. र ना.** (श० वि०) डुङ्गाको आकारको; **ना.** त्यस्तो हाड ।

scapula (स्क्या'प्यूला) **ना.** (ब. व.—ulae) काँधको हाड, पाताको हाड; —r **वि. र ना.** काँधको वा सो हाडको; —feathers पखेटा जोरिने ठाउँको प्वाँख; **ना.** मठ वा धार्मिक संस्थानका सदस्यहरूले लाउने काँध छोप्ने छोटो बाहिरी लुगा; त्यस्तो संस्थामा प्रवेशाज्ञा दिने विशेष चिन्ह (लुगा ऊँ लाउने); काँधको लागि पट्टी; काँधको प्वाँख ।

scar (स्कार्) **ना. र क्रि.** (—rr—), खत, टाटो, डाम, दाग, क्षतचिन्ह, खाटो; पात खसेको चिनु (बिरुवामा), ब्यूकोसामा जोरिने बिन्दु; **क्रि.** खत लाग्नु, खाटो लाग्नु, निको हुनु; —red **वि.** क्षतांकित ।

scar, scaur (स्कॉर) **ना.** पहाडको भीर, ठाडो पहाड; समुद्री भीर ।

scarab (स्क्या'रब्) **ना.** प्राचीन मिश्रदेश (इजिप्ट) को पवित्र गोब्रेकीरा; प्राचीन इजिप्टमा गोब्रेकीराको आकारमा काटिएको मणि, जसको च्याप्टोपट्टि चिन्ह अंकित हुन्थ्यो ।

scarabae/id (स्क्यारबे'इड्) **ना.** गोब्रेकीराहरूको (पशु० को) जात;—oid, **वि. र ना.** गोब्रेकीरा जस्तो वा सो जातको; **ना.** नकली गोब्रेकीरा मणि ।

scaramouch (स्क्या'रामूश्) **ना.** (आ०) धक्कू लाउने डरछेरुवा, धक्कूबाज, पिण्डीशूर, खा. ग. नाटक, प्रहसन, को पात्र ।

scar/ce (स्केयर्स्) **वि. र क्रि. वि.** अपुग, अपर्याप्त, अल्प, अप्रचुर (सा. विधेय, औ खाद्य, दाम, इ. आवश्यक कुराहरूको बारेमा प्रयोग हुने); अप्राप्य, विरल, दुर्लभ; **क्रि. वि.** (आ., कवि. अलं.) मुश्किलसँग;—city **ना.** तंगी, खनखाँचो, अपुग, अभाव, विरलता, दुष्प्रापता, दुर्लभता, कमी (खा. ग. खाद्यको कमी, दुर्भिक्ष), स्वल्पता; make (oneself)— भाग्नु, जानु, लुक्नु;—cely **क्रि. वि.** दुःखले; झण्डै झण्डै, मुश्किलसँग, भर्खरै; निश्चय होइन, होइन, ज. कि. he can—say so; I—think so ।

scarcement (स्केयर्स्'मेण्ट) **ना.** भित्ताभित्र पसेको, सो बाट बनेको तखता ।

scare (स्केयर्) **क्रि. र ना.** तर्सिनु, तर्साउनु, त्रास दिनु, विच्क्याउनु, दुर्द्राइ हुनु, दुर्द्राइ गराउनु; **ना.** त्रास, आतङ्क, (खा. ग. लडाइँ, आक्रमण, इ० को), व्यापारिक आतस;—crow न्याउरी चरी, मुर्कुट्टो, मुरूत (ग्रा.);—head (ing) अखबारमा आतंक मच्चाउने प्रकारको शीर्षक;—monger, आतंक उत्पन्न गर्ने, हल्ला चलाउने, व्यक्ति ।

scarf (स्काफ्) **ना. र क्रि.** (ब. व.—fs,—ves) गलेबन्द, बर्को, दुपट्टा, उत्तरीय, चेल, (पुरुषको) नेकटाइ वा सुर्केनी, दाँती, खोंच,—pin वा—ring गलेबन्दको दुई टुप्पो समाउने सुनको रिङ्ग;—skin, बाह्य त्वचा वा बाह्य चर्म, खा. ग. बराबर उचेरा जाने नङ्गनेरको; (छेउ खुर्केर मोटाइ नबढ्ने गरी) छाला वा काठको जोर्नी;—joint वा ढलान—weld; **क्रि.** मोटाइ नबढ्ने गरी छेउ ताछेर वा खुर्केर छाला, काठ, धातु, को टुप्पो जोर्नु ।

scarificator (स्क्या'रिफिकेटर्) **ना.** शाब्दिक अर्थमा; खा. ग. धेरै प्वाल एकै चोटि पार्ने, चक्रमा धेरै धार भएको र एउटा डल्लो थिच्नासाथ एकै पटक झर्ने शल्य उपचारको यंत्र ।

scari/fy (स्क्या'रिफाइ) **क्रि.** (शल्य०) (शरीरको कुनै भागमा) बाह्य, बाहिरी, छेदन गर्नु, काट्नु; छाला काट्नु; (अलं०) कठोर समालोचनाले पीडा दिनु, रिंगाबाटा ख्वाउनु; काँटे डल्याँठोले जमीन कोर्नु;—fier, **ना.** शाब्दिक अर्थमा, खा. ग. भैंलाई खनेर नफर्काई, काँटादार ज्यावलले जमीन कोर्ने कृषि यंत्र=काँटे डल्ल्याँठो ।

scarious (स्के'रियस्) **वि.** (वन०) पातलो सुखा र झिल्लीदार (सानू पातबारे) ।

scarlatina (स्कार्लाटी'ना) **ना.** उदर्धज्वर; रातो जरो ।

scarlet (स्कार्'लेट) **ना. र वि.** सुन्तलापट्टि ढल्कने गाढा उज्यालो रातो रंग (को); लाल रंगको लुगा, ज. कि. dressed in—; —fever उदर्ध, लाल जरो; ज्वर जसमा

जीउभरि राता टाटा निस्कन्छन्; (ठट्टा०) सैनिकहरूसँग प्रेम गर्ने प्रवृत्ति;—grain रूस र टुर्कीमा रातो रंग बनाउने कीरा; —hat रो० क्या० हरूमा कार्डिनल दर्जाका पादरीको टोपी;—rash, रातो उच्छ्रेको चक्का, ज. कि. दादुरामा;—runner रातो फूल हुने सिमी जातको बिरुवा;—woman, whore विधर्मी (क्रिस्तानी हुने अघिको) रोम, वा रो. क्या. रोम ।

scarp (स्कार्प्), **ना.** र **क्रि.** गढमा भित्री भित्ता वा भिरालो; कुनै ठाडो भिरालो; लम्ब; **क्रि.** भिरालोलाई ठाडो पार्नु; गढ्ढामा ठाडो भिरालो बनाउनु ।

scarus (स्के'य्र्अस्) **ना.** सुगे चुच्चो भएको उज्यालो रंगको माछाको जात ।

scat (स्क्याट्) **वि.** **बो.** र **क्रि.** (—tt—) (बो. चा.), हट् ! जा ! **क्रि.** हट् ! भन्नु, त्यसरी धपाउनु ।

scathe (स्केद्) **क्रि.** र **ना.** खा. ग. सुकाएर वा क्षीण पारेर हानि गराउनु (अचेल कृदन्तमा बाहेक यो अर्थ विर०); **ना.** (विर० र सा० नकारात्मक प्रसंगमा) हानि, नुकसान, क्षति;—less **वि.** (सा० विधेय रूपमा) अक्षत ।

scatology (स्क्याटॅ'लजि) **ना.** शिलाभव विष्टा वा अश्लील साहित्यको अध्ययन ।

scatophagous (स्क्याटॅ'फेगस्), **वि.** विष्टाभक्षी ।

scatter (स्क्या'टर्) **क्रि.** र **ना.** छर्नु, फिँजाउनु, छरिनु, परिक्षेप गर्नु, बुक्र्याउनु, छिट्नु, छितरिनु, गिराउनु, छर्किनु, तितर बितर हुनु, धपाउनु, हार्नु, हराउनु, (प्रकाश) फैलाउनु, विस्तार गर्नु; (तोप) गोला फ्याँक्नु; (निष्ठा०) संगै नभएको, छरिएको, फराकिलो, फाटफुटे;—brain हुस्सू, असावधान व्यक्ति;—brained **वि.** असंबद्ध, हुस्सु, निष्फिक्री; **ना.** छर्ने काम, खा. ग. गोली, छर्रा, इ० को विस्तारको परिमाण; विकीरण, विक्षेपण ।

scatty (स्क्या'टि) **वि.** (अप०) कमजोर दिल भएको, अदम्य ।

scavenger (स्क्या'भिन्जर्), **ना.** र **क्रि.** च्यामे, मेहतर, कुचीकार, सडकबाट फोहर उठाएर लैजान खटिएको व्यक्ति; सिनु खाने पशु; कुरौटे कुरा अथवा फोहर कुरा मनपराउने लेखक, इ०; **क्रि.** फोहर हटाउनु, फोहरमा रंगमगिनु; आन्तरिक दहन यंत्रको नलीबाट निखार ग्यासहरू फ्याँक्नु; च्यामे वा मेहतरको काम गर्नु ।

scazon (स्क्या'जोन्) **ना.** ग्रीक र ल्याटिन छन्द ।

scena (शि'ना) **ना.** (संगीत) गीतिकाव्य वा अपेराको दृश्य वा अंश; पारायणसमेत समावेश गर्ने ठाँटको नाटकीय एकांकी (इटा०) ।

scenario (सिना'रियो) **ना.** (ब. व.—s) नाटकीय कृतिमा दृश्य विवरण, पात्र प्रवेश, इ. (को सारिणी) गीतिकाव्यको वस्तु मात्र; फिल्म उत्पादनमा कथाको लिखित पाठ, दृश्यहरूको विवरण- इ. को लिखित पाठ, दृश्यहरूको विवरण (इटा०)।

scend (सेण्ड्) **ना.** र **क्रि.** (नौ०—ed) लहरको ओह्रालोले दिएको आघात वा धक्का, सा०—of the sea; **क्रि.** (जहाज वा डुङ्गा) सो कारणले जहाजको समुद्रमा तेर्सो खसाइ ।

scene (सीन्) **ना.** नाचघरको मंच, रंगशाला, (आ. अचेल पनि अलं. प्रयोगमा quit the— =मर्नु); कोही वस्तु प्रदर्शन गराइन राखिने स्थान; नाटकमा प्रस्तुत गरिएका घटनाहरू भएका अनुमानित स्थान, स्थल, थलो; अंकको भाग, दृश्य; carpenter—नाचघरको सिकर्मीलाई पछि आउने ठाँटको दृश्य तयार पार्ने समय दिने दृश्य; व्यक्तिको जीवनको कुनै अंशको एक्कासिको प्रारम्भ र अन्त; बेचैनीको वार्तालाप, खा. ग. ज्ञोकसमेत देखिने; (नाचघरको) पर्दा; drop—यवनिका पतन; (अलं.) जीवन वा कुनै घटनाको अन्त; दर्शकको अघि फिंजिएको दृश्य, अन्तर दृश्य; change of—दृश्य परिवर्तन (यात्राबाट हुने) ।

scenery (सीनरी) **ना.** नाचघरमा ठाउँ बताउने साज, ज. कि. पर्दा, सरासमान; थलोको विशिष्टताले देखाउने दृश्य ।

scenic (सी'निक्) **वि.** रंगमंचको, मा; खेल, तमाशा, जस्तो; डफ्फाको सजावटमा राम्रो, चित्रोपम; (तसवीर, चित्र) कथा बताउने, घटनालाई केन्द्रित गर्ने; स्वाँगी, प्रभावको लागि गरिएको;—railway, मेला इ० मा आकर्षणको रूपमा सजाइएको बाटामा चलाउने सानू रेल ।

scenography (सीनो' ग्राफी) **ना.** परिप्रेक्ष्यमा खिचिएको तसवीर वा रेखाङ्कन ।

scent (सेण्ट्) **क्रि.** र **ना.** बास्नाले पत्ता लाउनु, (अलं०) उपस्थिति वा अस्तित्वको आभास पाउनु; सुँघेर खोज्नु वा पत्ता लगाउनु; बास्ना वा गन्ध आउनु; (रुमाल इ० मा) अत्तर हाल्नु; घ्राणशक्तिको अभ्यास गर्नु; **ना.** बास्ना, गन्ध, सुवास; (शिकार) कुकुरले पत्ता लाउने गन्ध, (अलं.) खोजी, cold, hot—पुरानू, ताजा, गन्ध; false—(छकाउनलाई राखिएको) छल गन्ध; घ्राणशक्ति, पत्ता लगाउने सीप; अत्तर;—bag बास्ना थैलो;—bottle; अत्तरदान—ed **वि.** सुगन्धित, बास्ना आउने (साबुन इ०) ।

scepsis (स्केप्'सिस्) **ना.** दार्शनिक सन्देह; हैतुक वा संशयात्मक दर्शन शास्त्र ।

sceptic (स्केप्'टिक्) **ना.** हैतुक अविश्वासी, नास्तिक;—cism **ना.** हैतुकवाद, नास्तिकता, अविश्वास ।

sceptical (स्केप्'टिकल्) **वि.** हैतुक, अप्रत्ययी, संशयात्मक, बुद्धिको निलम्बनपट्टि ढल्केको, ज्ञानको सम्भावना अस्वीकार गर्ने ।

sceptr/e (सेप्'टर्) **ना.** राजदण्ड; राजाधिकार, आधिपत्य, प्रभुत्त्व;—ed **वि.** राजदण्डित;—less **वि.** दण्डरहित ।

schadenfreude (शा'डेन्फ्रॉयडे) **ना.** अर्काको विपत्तिमा ईर्ष्यापूर्ण आनन्द (जर्म०) ।

schappe (श्याप्, श्या'प) खेर जाने रेशमबाट बनेको कपडा (जर्म.) ।

schedule (शे'डयूल् , अम. स्के'डयूल्) **ना.** र **क्रि.** खा. ग. मुख्य अभिलेखको परिशिष्टको रूपमा विवरण, तायदाती, फिरिस्त, इ. को सारिणीबद्ध वक्तव्य, अनुसूची, परिसंख्या, फिरिस्त, विवरण, तालिका, तपसील; समय सारिणी (खा. ग.

रेलको);—time सारिणीमा तोकिएको टाइम; **क्रि.** परिशिष्ट बनाउनु, परिशिष्टमा समावेश गर्नु;—d **वि.** तोकिएको, प्रबन्ध भएको; un—d एतदर्थ, पटके, नतोकिएको; on— समयमा;—of work मेलो, मेलोमेसो, मेसो ।

schem/a (स्की'मा) **ना.** (ब. व.—ata) सार, सार संग्रह, रूपरेखा, रेखाचित्र, (तर्क.) न्याय्य आकृतिहरू; (व्याक., अलं.) शब्दालंकार; (दर्शन) आदर्शस्वरूप, सारभूत रूप, कुनै वर्गका सम्पूर्ण सदस्यमा समान भावले रहने धारणा;—atic **वि.** सारभूत ।

schem/e (स्कीम्) **ना.** र **क्रि.** योजना, कल्पना, परिकल्पना, आयोजना, तरकीब, अठोट, नियत, तर्जुमा, लख, अन्जाम; प्रस्तावित वा चालू, नियमित सजावट वा रचना; तोकिएको समय, रूपरेखा, पाठ्यक्रम वा वर्गीकरणको तालिका; कुनै काम गर्ने तरकीब वा उपाय; धूर्त या छली मुराद वा मतलब, कुचेष्टा; **क्रि.** उपाय बनाउनु, तरकीब सोच्नु; खा. ग. छलपूर्ण वा गुप्त तरीकासँग गर्ने योजना बनाउनु; षड्यंत्र रच्नु;—of colour तसवीरमा रंग छानिएको वा सजाइएको सिद्धान्त;—er **ना.** षड्यंत्रकारी, कल्पनाकार;—ing **ना.** र **वि.** छल, कपट योजना ।

scherzando (स्केर्य्ट्स्यान्'डी) (संगीत निर्देशन) खेलबाडको ढाँचाले (इटा.) ।

scherzo (स्केर्य्ट्'सो) **ना.** (ब. व.—s) जोशिलो संगीत रचना (इटा.) ।

Schiedam (स्किडयाम्') **ना.** हल्याण्डमा बन्ने जिन जातको मद्य ।

schilling (शि'लिङ्ग) **ना.** अस्ट्रियाको वित्तीय एकांकी र सिक्का=१०० ग्रोशेन् (जर्म.) ।

schipperke (स्कि—शिप'र्क) **ना.** पाल्ने जातको कुकुरको किसिम (डच) ।

schism (शि'ज़्म्) **ना.** समुदायको गूटमा विभाजन, खा. ग. धार्मिक मतभेदको कारणले एक सम्प्रदाय दुईमा बाँडिनु, वा सम्प्रदायबाट एक अंश अलग हुनु; भेद, शाखा, धर्मभेद; यस्तो मतभेद गराउने अपराध; फूट ।

schismatic (शिज़्म्या'टिक्) **वि.** र **ना**—ical **वि.** फूट पार्ने, भेदमूलक; **ना.** फूटको मत लिने व्यक्ति, छुट्टिने गूटको सदस्य ।

schist (शिष्ट) **ना.** विभिन्न खनिजको पत्र रहेको चट्टान, जो पातलो अनियमित पातामा चर्किन्छ;—ose **वि.** पत्र पर्ने ।

schizanthus (स्किज़्यान्' थस्) **ना.** राम्रो सेतो, कलेजी वा सिन्दूरे फूल र धेरै विभाजित पात हुने बिरुवा ।

schizoid (स्कि'ज़ॅयड्) **वि.** र **ना.** मनोविदलताको वा सो सदृश; मनोविदल व्यक्तिको; **ना.** त्यस्तो व्यक्ति ।

schizomycete (स्किजोमाइसीट्') **ना.** ब्यासिली, ब्याक्टिरिया, माइक्रोब, इ० एककोषीय वनस्पति जीवहरू रहने वर्ग स्किजोमाइसीटिमध्येको कुनै एक ।

schizophrenia (स्किज़ोफ्रे'निया) **ना.** विचार, भाव र क्रियामा समन्वय नरहने मानसिक रोक, मनोविदलता;—nic **वि.** र **ना.** मनोविदल, मनोविदलले रोगी ।

schmaltz (श्मॉल्ट्स्) **ना.** (अप०) कलामा शर्करीय भावुकता ।

schnapps (श्न्याप्स्) **ना.** हल्याण्ड जिनको किसिमको पेय ।

Schneider Trophy (श्नाइ'डर ट्रो'फि) **ना.** समुद्री वायुयानको लागि भेट गरिएको पुरस्कार सन् १९३१ मा ग्रेट ब्रिट्नले स्थायी रूपले जितेको ।

Schnorkel (श्नॉर्'केल्) **ना.** snort को जर्मन नाम ।

schnorrer (श्नो'रर्) **ना.** यहूदी माग्ने ।

scholar (स्कॅलर्) **ना.** (आ० र ग्रा०) विद्यार्थी; (अलं०) व्यक्तिको शिष्य; छात्र, शिष्य, चेला; पण्डित, शास्त्रज्ञ, विद्वान, साहित्यिक, खा. ग. ग्रीस र रोमको प्राचीन साहित्यविद्; (वि. वि. र सार्वजनिक विद्यालय) मुफ्तमा वा कम शुल्क तिरेर विद्योपार्जन गर्ने आम प्रतियोगिताबाट छानिएको विद्यार्थी;—ship **ना.** विद्वत्ता, पाण्डित्य ।

scholastic (स्कोल्यास्'टिक्) **वि.** र **ना.** शैक्षिक; शास्त्रार्थ गर्नेहरूको; मध्ययुगको गुरुको;—agent, शिक्षकको कारक, काम खोज्ने ।

scholiast (स्को'लिआस्ट्) **ना.** टीकाकार, खा. ग. प्राचीन वैयाकरण, जसले आर्षशास्त्रमा व्याख्या, टीका, लेख्दथे ।

scholium (स्को'लियम्) **ना.** (ब. व.—ia) फडकेको टीका; व्याख्या, खा. ग. आर्षग्रन्थको वृत्तमा प्राचीन वैयाकरणको चर्चा, व्याख्या, वा टिप्पणी, भाष्य ।

school (स्कूल्) **ना.** र **क्रि.** विद्यालय, शिक्षालय; approved—स्वीकृत, board—(बेलायतमा) मण्डलद्वारा संचालित सन् १९०२ अघि; boarding—छात्रावाससहित; comprehensive—बहुउद्देश्यीय; day—दिवा पाठशाला; grammar—पहिले ल्याटिन व्याकरण पढाइने अचेल प्राथमिक स्तरका; high—उच्च विद्यालय; mixed—सह शिक्षालय; multi-purpose—बहुउद्देश्यीय विद्यालय; night—रात्रि पाठशाला; normal— शिक्षकको तालीम गर्ने; Primary—प्राथमिक पाठशाला; Private— मालिकको नाफाको लागि चलाइने, निजी, पाठशाला; public—सार्वजनिक वा सरकारी संचालन हुनेचाहिं; secondary—माध्यमिक पाठशाला; Sunday—आइतवारे (वा बिदाको दिनमा बस्ने) पाठशाला; अध्यापन समय; पाठशालामा विद्योपार्जन; मध्ययुगी अध्यापन कक्ष (the—s, मध्ययुगी वि. वि. र उनका प्राध्यापक, शिक्षण र शास्त्रार्थ); कुनै दार्शनिक वा कलाकारको चेला वा अनुगामी वा नकलबाजहरू; कुनै सिद्धान्त वा वादमा लागेको जनसमूह; old—tie कुनै पाठशालाको आफ्नू नेकटाइ जुन पूर्व छात्रहरूले लाउने गर्छन्;—days पाठशालामा बितेका (खा. ग. पछिबाट हेरिने);—man तार्किक, नैयायिक;—marm,—ma'am (बो. चा.) मास्टर्नी; —mate सहपाठी; **क्रि.** पाठशाला पठाउनु, पढाउने प्रबन्ध गर्नु; —ing पढाइ, अध्ययन; अनुशासनमा राख्नु, तावेमा राख्नु,

वानी लाउनु, तालीम गर्नु ।

school (स्कूल्) **ना.** र **क्रि.** माछाको झुण्ड;—fish एकै ठाउँमा थुप्रिने माछा; **क्रि.** झुण्ड पर्नु, थुप्रिनु ।

schoolable (स्कू'लेब्ल्) **वि.** उमेरले अनिवार्य शिक्षा पाउनुपर्ने (छात्र) ।

schooner (स्कू'नर्) **ना.** दुई वा वढी मस्तूल हुने जहाजको प्रकार; वियर खाने अग्लो गिलास ।

schor/l (शॅर्ल्) **ना.** कालो मणिको जात (खनिज) ।

schottische (शॅटीश्') **ना.** ढीलो पोल्का नाचको संगीत ।

sciagraphy, ski— (सिया'ग्राफि, स्किया'ग्राफि) **ना.** रेखाचित्र इ० मा छाया हाल्ने कला, (साधा० sk—) एक्सरेद्वारा तसवीर खिचाइ; (भवन०) भवनको भित्रपट्टि देखाउने ठाडो खण्ड; (ज्यौ०) छायावाट समय पत्ता लाउने, सूर्यघडी, घामघडी जस्तो; skiagram **ना.** एक्सरे तसवीर ।

sciamachy (साया'माकि, स्काया'माकि), scio—(सियो'—, स्कियो'—) **ना.** छायासँग युद्ध; काल्पनिक वा व्यर्थको लडाइँ ।

sciatic (साया'टिक्) **वि.** कटिको, कम्मरको (—nerve कटि-स्नायु,—artery कटिधमनी, इ०), कटिस्नायुको, मा, प्रभाव पुऱ्याउने; कटिशिरावेदनाको रोगी, वा सो हुन सक्ने ।

sciatica (साया'टिका) **ना.** कटि र तिघ्राको पीडा, कटिशिरावेदना, कटिस्नायुमा दर्द ।

science (सा'एन्स) **ना.** ग्रन्थ, आगम, निगम, ज्ञान; नियमनिष्ठ, सूत्ररूपमा प्रकाश्य गरिएको ज्ञान; विज्ञान; natural— भौतिक वा प्राकृतिक विज्ञान; exact—पारिमाणिक प्रयोग स्वीकार गर्ने; विशेषज्ञको सीप; the dismal—राजनैतिक अर्थशास्त्र;—fiction विज्ञानको आधारमा लेखिएको वैज्ञानिक कथा, जसमा अन्तरीक्ष यात्रा, अन्य ग्रहमा जीव, इ० विषय पनि समाविष्ट छन्; scientist **ना.** वैज्ञानिक; scientism **ना.** ज्ञानवाद ।

scienter (साय'ण्टर्) **क्रि. वि.** (का०) जानी जानी ।

scientific (सायण्टि'फिक्) **वि.** वैज्ञानिक, नियमित, शुद्ध, यथार्थ; प्राकृतिक विज्ञानको, वा मा प्रयोग हुने, ज. कि. उपकरण, इ०; (कार्य वा कारक) विशेषज्ञ ज्ञानले सघाइएको ।

scilicet (साइ'लिसेट्) **क्रि. वि.** (छो. क. sc., scil.,) अर्थात् ।

Scillonian (सिलो'नियन्) **वि.** र **ना.** सिली टापूको (वासिन्दा) ।

scimitar (सि'मिटार्) **ना.** पूर्वी घुमेको तरवार, खुँडा; खड्ग, खाँडो ।

scintilla (सिन्टि'ला) **ना.** फिलिङ्गो, परमाणु, (खा. ग. not a—of evidence प्रमाणको एक बूँद पनि नभएको, मा) ।

scintill/ate (सिन्'टिलेट्) **क्रि.** टल्कनु, चम्कनु, जगमगाउनु, फिलिङ्गो उडाउनु; (अलं० मा रसिलो र चुटकिलो कुराको पनि);—ant चमकदार;—ation, **ना.** चमक, स्फुरण, अग्निकण ।

sciolist (सा'योलिस्ट्) **ना.** अल्पज्ञ, पण्डित्याइँको ढोंगी, चुम्बक, अल्पज्ञानी ।

scion (सा'यन्) **ना.** विरुवाको टुसो, खा. ग. कलम बाँध्नालाई वा रोप्नालाई काटेको; वंशज; कुनै परिवार (खा. ग. उन्नत परिवार) को युवा सदस्य ।

Sciot (e) (सा'योट्) **वि.** र **ना.** प्राचीन कियस्, अचेल सियो टापूको (वासिन्दा) ।

scire facias (साय्र्'इ फे'शियॅस्) **ना.** फैसला लागू वा बदर गर्ने आदेश (ल्या०) ।

scirocco (सिरॅक्को')=sirocco **ना.** मरुभूमिको तूफान वा हुरी ।

scirrhus (सि'रस्, स्कि—) **ना.** क्यान्सरको प्रथम चरणको कडा डल्लो ।

scissel (सि'स्ल्) **ना.** टक मार्नालाई पातावाट चक्का काटेपछिको बाँकी धातु ।

scissile (सि'साइल्) **वि.** काटिने, काटिन सकिने, काट्न सकिने ।

scission (सि'शन्) **ना.** कटाइ, काटिनु, विभाजन, चिरो ।

scissor (सि'ज़र्) **क्रि.** (कैंचीले) काट्नु; पुस्तक, छापा, इ० वाट कैंचीले काटेर झिक्नु ।

scissors (सि'ज़र्स) **ना.** कैंची; button hole—जोर्नीनिर धारमा प्वाल भएको, जसले गर्दा कटाइ कपडाको छेउ भित्रदेखि शुरू हुन्छ; lamp—बत्तीको कपडा (लोतो) काट्ने; nail—नङ काट्ने;—wise **क्रि. वि.** कैंचीको किसिमले ।

sciurine (सा'युराइन्) **वि.** लोखर्के जातको, लोखर्के जस्तो ।

sclera (स्क्ले'रा) **ना.**=sclerotic आँखाको तारामण्डलको जालो ।

scleriasis (स्क्लिय्‌रा'यसिस्) **ना.** (रो. नि.) तन्तुको साह्रो हुनु ।

scleroid (स्क्लेय्‌रा'यड्) **वि.** (पशु० वन०) साह्रो बनोट (रचना) को ।

scleroma, sclerosis (स्क्लेय्‌रो'मा, स्क्लेयरो'सिस्) **ना.** (व. व.—mata) तन्तुको विकारपूर्ण साह्रो हुनु ।

sclerotic (स्क्लेय्‌रो'टिक्) **वि.** र **ना.** तन्तुको साह्रो हुनुको, वाट; आखाँको नानी, वा तारा मण्डल, लाई बेर्ने जालो ।

sclerous (स्क्लेय्‌र'स्) **वि.** (रो. नि., श. वि., वन.) हाडे, ठेला परेको ।

scobs (स्कॅब्स्) **ना.** (काठ चिर्दाको) धूलो, जर्ती, (रेतीको) धूलो, धातु मल ।

scoff (स्कॅफ्) **ना.** र **क्रि.** खिसीटिउरी, ठट्टा, उपहास, गिल्ला, ठट्टाको पात्र; (अप०) खाना, खानेकुरा, खाद्य, अहारा; **क्रि.** होच्याउनु, गिल्ला गर्नु, खिसी गर्नु, खा० ग० धर्म, वा सम्मान गर्नुपर्ने कुराको; (अप०) लोभसँग खानु ।

scold (स्कोल्ड्) **क्रि.** र **ना.** टोक्नु, घ्याँक्नु, बंकनु, झपार्नु, थुर्नु, दपेट्नु, टोकस्नु, गाली गर्नु;—ing **ना.** झटाँट, गाली,

झ्याम्टो, भर्त्सना, निन्दा, हप्की दप्की, टोकसो; **ना.** कर्कशा, दुर्मुखी, कैकेयी ।

scolex (स्को'लेक्स्) **ना.** (व. व.—eces) फिते जूका वा बच्चाको टाउको ।

scoliosis (स्कॅलियो'सिस्) **ना.** करङ्गको पार्श्विक वक्रता ।

scolopendrine (स्कॅलपे'न्ड्रीन्) **वि.** खजुरो जस्तो, ऐ० सँग सम्बन्धित ।

scomber (स्कॅ'म्बर) **ना.** खान हुने माछाको किसिम ।

sconce (स्कॅन्स) **ना.** च्याप्टो सामदान; भित्तामा टाँग्ने बींड भएको सामदान; सानू गढ, वा माटोको रक्षात्मक काम, (आ०) आश्रय, पर्दा; (ठ०) टाउकोको लागि पुरानू ठट्यौली; (वि. वि. हरूमा) जरिवाना, दण्ड; **क्रि.** खान लाग्दा केही बेकाइदाको लागि दण्डको रूपमा बियर इ० मा रोक लगाउनु, (वि. वि. अधिकारीहरूको इतिहास) अनुशासनको लागि जरिवाना गर्नु ।

scone, scon (स्कॅन्) **ना.** जौ वा गहूँको पीठोको एक एकजनाको भाग गरी पकाएको नरम केक वा रोटी ।

scoop (स्कूप्) **ना.** र **क्रि.** छोटो बींड भएको गहिरो डाडू, अनाज, कोइला, इ० खन्याउने, लामू बींड भएको तरल पदार्थ खन्याउने डाडू; शल्यक्रियामा खनित्रो जस्तो ज्यावल; चीज बाँड्ने खनित्रो; कोइला उजाउने वा ओसार्ने डाडू; उजाउने क्रिया; हडबडसाथ, अथवा प्रतियोगिताको पूर्व अन्दाज गरेर उठाएको ठूलो नाफा, एकलौटी; छापाको लागि व्यावर्तक समाचार; **क्रि.** उज्याउनु, उभाउनु, उझेल्नु, उठाउनु; ठूलो नाफा गर्नु; प्रतिद्वन्द्वी, पत्रकारलाई समाचार संग्रहमा उछिन्नु; कुम्ल्याउनु, बटुल्नु, समेट्नु, खोक्रो पार्नु, कोर्नु ।

scooper (स्कू'पर) **ना.** शाब्दिक अर्थमा, खा. ग. खोदकको ज्यावल ।

scoot (स्कूट्) **क्रि.** (अप०) दौड्नु, कुद्नु, कुलेलम ठोक्नु; ज. वा.—er **ना.** एकपछि अर्को पांग्रा जडेको गोडाले भुँमा हानेर चलाउने टेक्ने फल्याक र चलाउने बींड भएको केटाकेटीको खेलौना बग्गी, स्कूटर; पूरा मोटर स्कूटर, छो. क. केवल स्कूटर, (मोटर साइकलको प्रकार) ।

scopa (स्को'पा), **scopula** (स्कॅ'प्यूला) **ना.** (व. व.— ae) (की. वि.) छोटो बुरुश जस्तो रौंको गुच्छा, ज. कि. माउरीको खुट्टामा ।

scope (स्कोप्) **ना.** उद्देश्य, अभिप्राय, मतलब; मानसिक भाव, आशय, तात्पर्य; कार्यक्षेत्र, परिमाण, अवधि; मौका, निकास; (नौ०) जहाज लङ्गर खसालेर बसेको बेलामा छाडेको डोरीको लमाइ ।

scope (स्कोप्) उत्तर०—दर्शक, निरीक्षक; ज. कि. stetho —, gyro—, laryngo—।

scorbutic (स्कॉर्ब्यू'टिक) **वि.** र **ना.** शीताद, लवणरक्त, को रोग भएको जस्तो (व्यक्ति) ।

scorch (स्कॅर्च्) **क्रि.** र **ना.** झुरिनु, खरिनु, पिल्सिनु, डढ्नु; पोलेको जस्तो लाग्नु; (अप०) (मोटर चालक वा साइकलवाज) उत्पात वेगसँग जानु;—ed earth policy लडाइँमा हार्ने पक्षले शत्रुलाई आफ्नू कुनै कुराले लाभ नहोस् भनी आफ्नू सम्पत्ति, उत्पादन, बाली, कारखाना, रेल, पुल, इ० सबै ध्वंस गर्ने नीति; डढाएको भूमिको नीति;—ing **वि.** दाहक, तापक, अत्युष्ण, प्रखर, डढाउने, टण्टलापुर, टट्यानपुर ।

scorcher (स्कॅ'र्चर्) **ना.** शाब्दिक अर्थमा, र (अप०) आफ्नू जातको वेस नमूना ।

score (स्कोर्) **ना.** र **क्रि.** (काटेको, कोरेको वा खिचेको) चिन्हु, धर्को, दाँत; (पसल, खा. ग. भट्टी, मा) ग्राहकको हिसाब; (खेल, कसरत) गन्ती, जम्बा, खेलाडी वा उसको पक्षले बनाएको अङ्क, जम्बा; कुडी, बीस, बीसको समूह; वर्ण, शीर्षक; (अप०) अर्कालाई नाजवाफ गर्ने ओठे जवाफ वा काम; भाग्य; pay (one's)—चुकाउनु; pay off old—s, इवी फेर्नु; three—and ten मानिसको ७० वर्षको साधारण आयु; **क्रि.** (कोरेर) हिसाब राख्नु; केर्नु;—under कच्च गर्नु; कडा समालोचना गर्नु; (ग्राहकको नाममा) चढाउनु; (अलं०) अपराधको लागि इवी लिनु; (खेल, खा. ग. क्रिकेटमा) खेलको हिसाब राख्नु;—r सो हिसाब राख्ने (क्रिकेट, बिलियर्ड, इ० मा); जित्नु र सो आफूपट्टि दरिनु; खेलमा अङ्क जित्नु; फाइदा वा लाभ वा भाग्य कमाउनु;—off (अप०) बहस वा सवाल जवाफमा हराउनु, मानभंग गराउनु ।

scoria (स्को'रिया) **ना.** (व. व.—iae) जालीदार (ज्वालामुखीको) आग्नेयोद्गार वा सोको ढुक्का; ज्वालामुखी मल ।

scori/fy (स्को'रिफाइ) **क्रि.** धातुमैलमा परिवर्तित गराउनु; किम्मती धातुको खनिजलाई सीसा र सोहागसँग तताएर शुद्ध गर्नु;—fication **ना.** धातुमलकरण;—fier धातुमलकारक ।

scorn (स्कॅर्न्) **ना.** र **क्रि.** खिसी, गिल्ला, अवज्ञा, तिरस्कार, उपेक्षा; हेलाँको पात्र; think—of हेलाँ गर्नु; laugh to— हाँसेर उडाइदिनु; **क्रि.** हेलाँ गर्नु, तिरस्कार गर्नु, अयोग्य ठानी नगर्नु वा गर्न अस्वीकार गर्नु;—ful सावमान, अवमानी ।

Scorpio (स्कॅर्'पियो) **ना.** वृश्चिक राशि ।

scorpioid (स्कॅर्'पिऑएड्) **ना.** र **वि.** (वन०) बिच्छीको पुच्छर झैं घुम्रिएको (पछि फूलको विकास भएपछि खुल्ने) ।

scorpion (स्कॅर'पियन्) **ना.** बिच्छी; (बाइबल) धातुको तीखो काँटा जडेको चाबुक ।

scot (स्कॅट्) **ना.** (ऐति०) अचेलको करबमोजिमको तिरो; pay—and lot क्षेत्रको आर्थिक बोझ बेहोर्नु;—free (अचेल) (विर०) तिर्नु नपर्ने; (साधा०) विना हानि वा नुकसान, विना सजाय, निरापद, खा. ग. go—free ।

Scot (स्कॅट्) **ना.** छैटौं शताब्दीमा आयरल्याण्डबाट स्कटल्याण्डमा बसाइँ सर्ने गेलिक जाति, साधा० Picts and—s; स्कटल्याण्डको वासिन्दा ।

scotch (स्कॅच्) **वि.** र **ना.** स्कटल्याण्ड र त्यहाँका वासिन्दाहरू ;—broth जौको खोले; **ना.** स्कच भाषा ; (स्कच) ह्विस्की ।

scotch (स्कॅच्) **ना.** र **क्रि.** चिरो, (हप स्कच् खेलमा)

भूँमा चिन्हु; पांग्राअगाडि राख्ने ढुङ्गा या काठको टुक्रा (गुडेर तल जान नदिनालाई); **क्रि.** चिरो पार्नु, कोर्नु, घाउ पार्नु (नमारीकन), केही जखम गर्नु; पांग्रा, पीपा इ० लाई ढुङ्गाले अड्याएर तलतिर गुड्न नदिनु ।

scoter (स्को'टर्) **ना.** ठूलो पानीहाँस ।

scotia (स्को'शा) **ना.** नतोदर बुट्टा, खा० ग० खम्बाको आधारमा ।

Scotism (स्को'टिज्म्) **ना.** (ऐति०) मध्यकालीन विद्वान डन्स स्कोट्स्का दार्शनिक सिद्धान्त ।

Scotland Yard (स्कॅट्'ल्याण्ड् यार्ड) बिलायतको सदर प्रहरीको अपराध समाचार विभाग अर्थात् अपराध पत्ता लाउने प्रधान कार्यालयका निमित्त प्रयोग हुने; Great New—सो प्रहरीको क्रमानुसारी प्रधान कार्यालय; लन्डनको टोलबाट आएको नाम ।

scoto (स्कॅटो—) ग्री० **उ.**=अन्धकार—;—dinia, रिंगटा; —graph अन्धकारमा लेख्ने यंत्र ।

scotoma (स्कटो'मा) **ना.** (रो० नि०, ब. व.—ta) दृश्य क्षेत्रको केही भागको तमोवृत अवस्था ।

Scots (स्कॅट्स्) **ना.** स्कट जातिलाई खुशी पार्न प्रयोग हुने शब्द; पल्टनिया नाममा, ज. कि. Royal—, Royal—Fusiliers,—Greys,—Guards;--man,—woman, स्कटल्याण्डको निवासी, Flying—man लन्डनबाट एडिनबरासम्मको वेगसंग दगुर्ने रेल ।

Scot (t) ice (स्क'टिसी) **क्रि.वि.** स्कच भाषा, बोलीमा ।

Scotticism (स्कॅ'टिसिज्म्) **ना.** स्कच वाक्य, शब्द, वा वाक्पद्धति ।

Scotticize,—ise (स्कॅ'टिसाइज्) **क्रि.** चालचलन वा बोलीमा स्कटहरूको नकल गर्नु; स्कच चाला लिनु, स्कच ढाँचा गर्नु ।

Scottish (स्कॅ'टिश्) **वि.** अलि उन्नत ढाँचाको वार्तालाप वा लेखाइमा प्रयोग हुने विशेषण ।

scoundrel (स्काउन्'ड्रेल्) **ना.** दुरात्मा, डांग्रे, बदमाश; लबरा, दुर्जन, कुचाली ।

scour (स्काव्र्) **क्रि.** र **ना.** मस्काउनु, माझ्नु, सफा पार्नु, धुनु, पखाल्नु, विरेचन गर्नु, (दाग, खिया) दलेर उडाउनु; डुल्नु, फेरो लाउनु, (लखेट्न वा पत्ता लाउन) हडबडसाथ हिंड्नु; हतपतले खोज्नु; **ना.** कुलो, नाला, मा तेज धारले गर्ने सफाइको काम, वस्तुमा पातलो दिसा;—er, **ना.** मस्को;—ed **वि.** परिष्कृत, माझिएको ।

scourge (स्कर्ज्) **ना.** र **क्रि.** (आ०) मानिसलाई तहलाउने कोर्रा; दैवी वा अन्य कोप वा प्रतिशोधको माध्यम भन्ने ठानिएको व्यक्ति वा वस्तु (ज. कि. बर्बर, विजेता, महामारी, लडाइँ इ०), the white—स्थानीय व्याधिको रूपमा क्षय; **क्रि.** (आ०) माथि कोर्रा चलाउनु; दण्ड गर्नु, हैरान पार्नु, पीडा दिनु, सताउनु ।

scout (स्काउट्) **ना.** र **क्रि.** (सेना० इ०) दुश्मन अथवा परिस्थितिको बारे पत्ता लाउन पठाएको मानिस, चियो, अगुवा; boy—बालचर; चरित्र, प्रत्युत्पन्नमति, र सार्वजनिक भाव, (खा. ग. केटौलीमा) विकास गराउने उद्देश्यले संस्थापन गरिएको संगठनको सदस्य; मोटर गाडी संस्थाको गश्ती लगाउने व्यक्ति; अग्रिम जाँचबूझको लागि बनाइएको जहाज; सानू तेज वायुयान; (अक्सफर्ड) कलेजको नोकर;—master बालचर वा सैनिक चेवाको हाकिम; **क्रि.** चर, चेवा, अगुवा हुनु, चियो गर्नु; (प्रस्ताव, विचार) अस्वीकार गर्नु, गिल्ला वा खिसी गर्नु ।

scow (स्काउ) **ना.** च्याप्टो पिंधवाला डुङ्गा ।

scowl (स्काउल्) **क्रि.** र **ना.** भ्रुकुटी चढाउनु, मुख बिगार्नु, ठुस्सिनु;—down (व्यक्ति, विरोध, इ.) आँखा तरेर दबाउनु; **ना.** क्रोधपूर्ण भाव; रिसाएको मुख ।

scrabble (स्क्र्या'ब्ल्) **क्रि.** घसिट्नु, कोर्नु; (बाइब्ल्) केही कुरा खोज्नालाई छामछाम छुमछुम गर्नु ।

scrag स्क्र्याग्) **ना.** र **क्रि.** दुब्लो, हाडछाला हुने, व्यक्ति, पशु, बिरुवा; खाद्यको रूपमा पशुको हाडै हाड भएको अङ्ग, खा. ग. घिच्रो वा सोभन्दा मुनिको मासु (भेडा बाख्राको); (अप०) व्यक्तिको घिच्रो; **क्रि.** झुण्डाएर मार्नु, घाँटी थिच्नु, मण्टो बटार्नु, (अप०) (फूट०) प्रतिद्वन्द्वीको घाँटी अँठ्याएर घच्याड्नु; (स्कूले अप०) पाखुराले घाँटी थिचेर मर्मान्त पार्नु;—y; (—गी) **वि.** दुब्लो ।

scram (स्क्र्याम्) **वि. बो.** जा ! भाग् ! हट् !

scramble (स्क्र्याम्'ब्ल्) **क्रि.** र **ना.** ठाडो वा खड्याङ्ग मड्याङ्ग ठाउँमा हात खुट्टाले घस्रेर अघि बढ्नु, चढ्नु; झम्टनु, प्रतिस्पर्धामा प्रतिद्वन्द्वीहरूबाट केही कुरा सबभन्दा बढी पाउनालाई शारीरिक वा अन्य मेहनत गर्नु, लुछाचुँडी गर्नु, खा. ग.—for pennies छरेको पैसा सोहोर्न केटाकेटीको झम्टाइ; (वायुयान०) उड्नु; (सोहोर्नालाई) पैसा छर्नु; (अण्डा) पकाउनु (फोरेर ताप्केमा घ्यू इ० हाली बिस्तारै मात्र चलाएर, मुछेर (अण्डा) पकाउनु; (टेलिफोन वार्ता) प्रसारित बोलीको नित्यता फेरिदिनाले लुकेर सुन्नेले नबुझ्ने गराउनु; **ना.** घिस्राइ; खेत इ. बाट जानुपर्ने मोटर साइकल दौड वा जाँच; हारालुछ, लुछाचुँडी, रुमलो, चटारो ।

scran (स्क्र्यान्) **ना.** (अप०) खाद्य, खानेकुरा, आहारा, टुक्राएको खाना ।

scrannel (स्क्र्या'नेल्) **वि.** (आ०) (आवाज) कमजोर, सुसाउने, धीमा ।

scranny (स्क्र्या'नि), **scrawny**(स्क्रॉ'नि) **वि.** (मुख्यप्रादेशिक) दुब्लो, हाडे, हाडै हाड भएको ।

scrap (स्क्र्याप्) **ना.** र **क्रि.** (—pp—) केही कुराको चुँडेको टुक्रा, टुक्रा, बाँकी, (ब. व.) खत्याङ्गमत्याङ्ग, ठाँडो खुद्रा, बेकामका माल; अनुच्छेद, खण्ड, तसवीर, इ० (छापा वा पुस्तकबाट काटी सँगालोमा राखिने);—book सो टाँस्ने पुस्तक, खुद्रा पुस्तक;—of paper बेवास्ता गरे हुने वचन वा प्रतिज्ञा; (सामूहिक) ठाडो, फोहर, काम नलाग्ने माल, फेरि

कामामा लाउन जम्मा गरेको धातु (—iron,—metal पनि); (अक्ष० र अलं०)—heap फाल्तू, थुप्रो, रद्दी मालको थुप्रो; —heap policy काम भयो ठाँडोको नीति; क्रि. रद्दीको थुप्रोमा फ्याँक्नु, (जहाज, माल सामान, मोटर, इ०) बेकामको भनी फ्याँक्नु, त्याग;—py वि. टुक्रे, टपर्टुय्याँ, खाइखुइ ।

scrap (स्क्र्याप्) **ना.** र **क्रि.**, भिडन्त, घम्साघम्सी, मुक्का-मुक्की, लडन्त (ख्वाट्ट हुने, एक्कासिको), ठाँडो; **क्रि.** लड्नु, भिड्नु; रद्दीको थुप्रोमा हाल्नु, फ्याँक्नु, बेकामको गराउनु, फाल्तू गराउनु ।

scrape (स्क्रेप्) **क्रि.** र **ना.** खुर्कनु, ताछ्नु, कोर्नु, कोतर्नु, सुर्कनु, रूहनु,—(one's) chin दाह्री बनाउनु, काट्नु; (खुर्केर) खोक्रो पार्नु; घिसारेको आवाज निकाल्नु; खोस्रिने गरी चल्नु, हिंड्नु; कठिनसँग जम्मा गर्नु, कन्जूसीद्वारा संचय गर्नु;—penny कन्जूस;—acquaintance बल गरेर चिनजान गर्नु;—along जसोतसो गरी निर्वाह गर्नु; **ना.** खुर्कने काम वा आवाज; खुट्टाको घिसार; मुश्किल, संकट, आपत् (खा. ग. उपद्रोको फलस्वरूप);—r, **ना.** खुर्कने, निघर्षणी; tongue—जिब्री ।

scratch (स्क्र्याच्) **क्रि.**, **ना.** र **वि.** कोर्नु, चिथर्नु, कोपर्नु, पाछ्नु, दरफऱ्याउनु, कोट्टयाउनु, लुछ्नु, चिलाउनु, कन्याउनु, नङ्याउनु, खोस्थ्याउनु, फहऱ्याउनु, कोतर्नु; खन्नु, कोर्नु (अक्षर, चित्र);—out वा through कोर्नु, काट्नु; (घोडदौड) दौडबाट घोडाको नाम काट्नु, दौडबाट घोडा झिक्नु; प्रतियोगिताबाट हट्नु, नाम फिर्ता लिनु; **ना.** घर्षण, (कोरेको) काम वा शब्द, दरफर; दौडमा दौडाहाहरू प्रस्थान गर्ने रेखा; come to—ठीक टाइममा प्रवेश गर्नु, पछि नहट्नु;—race सबै समान भावसंग दौडने; **वि.** खुद्रासँग जम्मा भएको, बेमेलको ।

Scratch (स्क्र्याच्) **ना.** old S—शैतान ।

scratchy (स्क्र्या'चि) **वि.** (रेखाचित्र) धर्कोले, कोरेर, बनाएको; भैमाले, असावधान (सँग); (कलम) कोर्ने (लेख्दा); (दल, इ०) बेमेलको, सँगै मिलेर काम गर्न नसक्ने, राम्रो नमिलेको ।

scrawl (स्क्रॉल्) **क्रि.** र **ना.** घसीट लेख्नु, घसिट्नु, नबुझिने गरी लेख्नु, कागतमा लेखे झैं कोर्नु; **ना.** घसीट, हतपतको लेखाइ वा चिठी ।

scream (स्क्रीम्) **क्रि.** र **ना.** चीत्कार गर्नु, चिच्याउनु, (डर, पीडा वा तिनको स्वाँग गरेर); (रेल, इ०) जोरसँग सिटी दिनु; रोक्नै नसके जस्तो गरी खित्का छोडेर हाँस्नु;—ing farce, fun, इ० दर्शकहरूलाई हँसाउने, अति हाँसोउठ्तो; **ना.** चीत्कार, चिच्याहट, आर्तनाद, उत्क्रोश ।

screamer (स्क्री'मर्) **ना.** शाब्दिक अर्थमा, र वा खा. ग. चिच्याउने चरो; (अप०) हाँसोको खित्का उठाउने कथा वा कुरा; कुनै चीजको अत्यन्त उत्तम नमूना ।

scree (स्क्री) **ना.** खुट्टाले कुल्चिनासाथ तल गुड्ने साना पत्थर, रोडाहरू (रहेको पहाडी पाखा वा भिरालो); धे. ज. ब. व. उही अर्थमा ।

screech (स्क्रीच्) **क्रि.** र **ना.** पीडा, रिस, डर इ० ले चिच्याउनु **ना.** चिच्याहट; कठोर वा कटु शब्दले बोल्नु, (सा० हेलाँ वा ठट्टासँग, औ उत्पन्न हुने शब्दको कर्कश प्रवृत्तितिर इशारा गरी);—owl राति टू हू गरेर बोल्ने साह्रो चिच्याउने जातको ।

screed (स्क्रीड्) **ना.** लामू उच्चाट लाग्ने भनाइ (खा० ग० उजूर, मर्का इ० को फिरिस्त), वा चिठी; वज्र वा सिमण्टी लाउँदा सो लाउने तहलाई खण्ड पार्ने वज्र वा काठका फल्याक ।

screen (स्क्रीन्) **ना.** र **क्रि.** कोठा, गिरजा, इ० को कोठाको एक भागलाई अर्कोसँग छुाउने छेट्ट्यका; चोकको वरिपरि लाइने बुट्टे भित्ता; गर्मी, हावा, उज्यालो र अर्काको हेराइबाट जोगाउने सार्न हुने साज, पर्दा, ज. कि. fire, window, falding, etc—; आड, ओट, छेका, जवनिका, शायर; ऐना वा तारले छेकेको सूचना पाटी; चित्रपट; चलचित्र देखाउने सेतो पर्दा; the—चलचित्र (सामूहिक रूपमा); वैद्युतिक वा चुम्बकीय प्रतिष्ठापन स्वीकार नगर्ने वस्तु; त्यस्तो भौतिक क्रिया रोक्ने गुण भएको वस्तु; रोडा, कोइला, इ० नाप नापमा छुट्ट्याउने ठूलो चलनी; (फोटो०) प्रतिलिपि झिक्ने क्रियामा व्यवहार हुने पारदर्शक ऐना; (क्रिकेट) हिर्काउने खेलाडीले बल आएको देख्नालाई सीमानानिर राखिएको सेतो पर्दा; **क्रि.** आश्रय दिनु, आड दिनु, लुकाउनु, छेक्नु, छिपाउनु; ओड गर्नु, (अर्काको) दोष आफूले लिनु; वस्तु, दृश्य, इ० चित्रपटमा देखाउनु, प्रदर्शन गर्नु; रोडा, पत्थर, कोइला, छान्नु; (अलं०) (व्यक्ति, कर्मचारी, नोकर, इ०) छान्नु र तहकीकात गर्नु; वैद्युतिक समाघातलाई रोक्नु ।

screeve (स्क्रीभ्) **क्रि.** screever (स्क्रिभर्) **ना.** (अप०) बाटे चित्रकार (बन्नु) ।

screw (स्क्रू) **ना.**, **क्रि.** र **वि.** पेच, male—बाहिरी धर्सो भएको; female—भित्री ऐ० भएको; पेचकीला; पेचको एक घुमाइ; तेर्सो घुम्रिने चाल वा गति; तमाखु इ० बटारेको कागत (बिक्री गर्दा); कृपणी, कन्जूस वा कसाहा व्यक्ति; (अप०) तलब वा ज्यालाको अङ्क; बदमाश, दोषी वा बूढो भइसकेको, व्यक्ति;—driver, पेचकस; **क्रि.** पेच कस्नु; कस्नु वा बढी दक्ष बनाउनु, दबाउनु, कडाइ गर्नु; कन्जूसी गर्नु; दाम कडाइसँग असूल गर्नु; (मुख) बिगार्नु; (गुडेको गेंद, बल) बाङ्गिनु, घुम्नु;—y **वि.** (अप.) केही हावा खुस्केको; head is—ed on the right way) बुद्धि भएको छ ।

screwed (स्क्रूड्) **वि.** (अप.) पिएको, जँडयाहा ।

scribacious (स्क्राइबे'शस्) **वि.** (विर.) लेखिरहने, लेख्न मन पराउने ।

scribble (स्क्रि'ब्ल्) **क्रि.** र **ना.** कागत कोर्नु, हडबडसाथ वा बेवास्ता सँग लेख्नु, पत्रकार वा ग्रन्थकार हुनु (स्वाँगपूर्ण नम्रताको अभिप्रायसहित); कविता कोर्नु; scribbling paper,—diary टिप्ने कागत; **ना.** घसीट, हडबडको टिपोट ।

scribe (स्क्राइब्) **ना.** र **क्रि.** लेखनदास, लेखक; प्राचीन

ग्रन्थ साफी गर्ने लेखक; **क्रि.** (काठ इ. मा) चिनु लाउनु (आरावालले);—awl, सो (काठ, ईंट, इ.) मा चिनुको धर्को लाउने ज्यावल ।

scrim (स्क्रिम्) **ना.** गृहोपस्कर, साज, सज्जाको लागि अस्तर, ढाकन, को कपडा ।

scrimmage, scru— (स्क्रि'मेज् , स्क्र—) **ना.** र **क्रि.** हातपात, कुश्ताकुश्ती, कचिङ्गल, झगडा, भिडन्त, कटक (साधा० scri—); (रगवी फूटवल, साधा० scru—छो. फ. scrum) वल बीचमा राखेर सवै अगाडि खेल्ने (फरवर्डहरू) को गुजमुट्ट; **क्रि.** वल स्क्रममा हाल्नु, स्क्रममा पस्नु ।

scrimp (स्क्रिम्प्) **क्रि.** टमार्नु, झारातिरुवासँग (काम) गर्नु, टार्नु ।

scrimshank (स्क्रिम्'श्याङ्क) **क्रि.** (सेना० अप०) काम ठग्नु, छल्नु;—er **ना.** कामछलुवा, कामठग, जीउसाँचुवा, जीउसाँचा ।

scrimshaw (स्क्रिम्'शॅ) **क्रि.** र **ना.** कौडी, हातीदाँत इ० लाई, अथवा ले, सिंगार्नु (जहाजी मल्लाहले समुद्रमा मनोरञ्जनलाई); **ना.** कौडी वा हातीदाँतको काम ।

scrinium (स्क्रि'नियम्) **ना.** (रो. प्रा. इ. व. व.—ia) वेरेको ग्रन्थ राख्ने ढुङ्गो ।

scrip (स्क्रिप्) **ना.** (आ०) यात्री वा माग्नेको झोला; ब्यांक वा कम्पनीको अंश किन्दा दान बुझाएको अस्थायी प्रमाणपत्र जो पछि औपचारिक अंशपत्रसँग साटिन्छ, पुर्जा; प्रमाणपत्र, रसीद; (सामू०) त्यस्ता प्रमाणपत्रहरू ।

script (स्क्रिप्ट्) **ना.** (का०) मूल अभिलेख (नकलको विपरीत); हस्तलिपि, टाँका, लेख (छापाको विपरीत); छपाइमा हस्तलिपिको नकल; प्रसारकको प्रवचन वा उद्घोषणको पाठ; परीक्षार्थीको लिखित उत्तरपत्र ।

scriptorium (स्क्रिप्टो'रियम्) **ना.** (व. व.—s,—ia) खा. ग. मठमा लेख्नालाई पर सारेको कोठा ।

scriptural (स्क्रिप्'चूरल) वाइवलको, मा आधारित; शास्त्रीय, शास्त्रसिद्ध, श्रुतिविहित ।

scripture (स्क्रिप्'च्यूर) **ना.** वाइवल, शास्त्र, वेद, श्रुति, निगम, धर्मशास्त्र;—reader गरीव गुरुवाको घर घरमा गएर वाइवल पढेर सुनाउने कर्मचारी; (व. व.) धर्मशास्त्र ।

scrivener (स्क्रि'भनर्) **ना.** (ऐति०) लेखक, लेखनदास, नकल झिक्ने, कागतपत्रको मसौदा लेख्ने वकील, दलाल, साहू (कर्जा दिने); (अचेल)—'s palsy=Writer's cramp, लेखकको हात वाउँडिनु ।

scrobiculate (स्क्रोबि'क्यूलेट)—ated (—लेटेड्) **वि.** (वन० पशु०) दाग परेको, धर्सो परेको ।

scrofula (स्क्रॅफ्यू'ला) **ना.** शरीरको विकृत अवस्था जसमा गाँठोको सूजसहित क्षयको प्रवृत्ति हुन्छ; गण्डमाला, कण्ठमाला; —fulous **वि.** गण्डमाली ।

scroll (स्क्रोल्) **ना.** र **क्रि.** कागत वा चर्मपत्रको मुठ्ठा, प्राचीन मुठा आकारको पुस्तक वा ग्रन्थ; (आ०) सूची, परिशिष्ट वा सूची; मुठ्ठाकारको स्थापत्य कलात्मक बुट्टा; लेखाइमा बुट्टादार डिको; आवर्ती अथवा प्रस्तुत रेखांकन; **क्रि.** कागत झैं घुम्रिनु; (निष्ठा०) वग्ने वा चक्राकार बुट्टाले सिंगारिएको ।

scroop (स्क्रूप्) **ना.** र **क्रि.** किटेको आवाज (निकाल्नु) ।

scrot/um (स्क्रो'टम्) **ना.** (व. व.—ta) अण्डकोष, वृषण, मुष्क, गुला;—al **वि.** अण्डकोषीय;—itis **ना.** अण्डकोष सूज ।

scrounge (स्क्राउन्ज्) **क्रि.** (अप०) चीजवीज हत्याउनु, माग्नु, उडाउनु, मागेर लिनु ।

scrub (स्क्रब्) **ना.** र **क्रि.** बूटा, बूटाबूटी; छोटो वा खिएको जगर भएको बुरुश वा जुँगा; पुड्के वा हीन व्यक्ति, जन्तु वा बिरुवा; मलाइ, मालिस; (बो. चा.) दलको सदस्य नरहेको खेलाडी; दोस्रो र कम दल; बेस वल खेलमा खेलाडी नपुग भएको खेल; **क्रि.** माझ्नु, मस्काउनु, परिमार्जन गर्नु, प्रक्षालन गर्नु; बुरुशले दलेर माझ्नु; मल्नु (पशु), लुँडो लाउनु; (अप०) रद्दी गराउनु, छोड्नु, फाल्तू गराउनु ।

scrubber (स्क्र'बर्) **ना.** शाब्दिक अर्थमा, र कोइला ग्यासलाई अमोनिया र अलकत्रावाट पानीको धाराले पखालेर शुद्ध गर्ने यंत्र, मार्जक ।

scruff (स्क्रफ्) **ना.** घाँटीको पछाडिपट्टि, गर्दन; कसैलाई घोक्र्याउनुपरेगा समाउने ठाउँ, अर्धचन्द्राकार; **क्रि.** ठेक, ठेक्का लाउनु ।

scrum (mage)=scrimmage **ना.** रग्बी फूटबलमा बलको वरिपरि खेलाडीहरूको गुजमुट्ट ।

scrumptious (स्क्रम्प्'शस्) **वि.** (अप०) मजाको, स्वादिलो, उम्दा ।

scrunch (स्क्रन्च्)=crunch **ना.** र **क्रि.** खाँदा कन्याम कन्यामको आवाज; **क्रि.** सो आवाज निकाल्नु ।

scruple (स्क्रू'प्ल्) **ना.** र **क्रि.** २० ग्रेनको तौल (औषधि जोख्ता); रत्ती, दंसो; सन्देह, खडको, संशय, शुद्धमतिको विरोध; **क्रि.** औचित्यको शंकाले प्रभावित हुनु, वा काम गर्नेबाट रोकिनु; make no—to do गर्न गाह्रो नमान्नु; man of no—s नहिचकिचाउने पुरुष ।

scrupulous (स्क्रू'प्यूलस्) **वि.** संकोची, अति संकोची, सरल, ऋजु, सशंक, शंकाशील, अतिसूक्ष्म; साना विवरणमा ध्यान दिने, नाटिकुटी गर्ने;—losity **ना.** आशंकायुक्तता ।

scrutator (स्क्रूटे'टर्) **ना.** सूक्ष्म निरूपण गर्ने व्यक्ति (मु० छापा इ० मा चिठी लेख्नेको सहीको रूपमा) ।

scrutin (स्क्रूट्याँ) **ना.**—d' arrondissement de liste (ड्यारॅण्डिस्माँ' , ड लीस्ट') मतदाताले सानू इलाकाको एक वा वढी, वा विस्तीर्ण इलाकाको धेरै संख्या भएका प्रतिनिधिहरूलाई मत दिने विभिन्न रीति (फ्रे०) ।

scrutineer (स्क्रूटिनिय्र्') **ना.** अनियमितताको लागि मतपत्र जाँच्ने निरीक्षक ।

scrutinize (स्क्रू'टिनाइज्)—ise (नाइज्) **क्रि.** ध्यानपूर्वक हेर्नु, गडेर हेर्नु, निहार्नु, पूरासँग जाँच्नु ।

scrutiny (स्क्रू'टिनि) **ना.** सूक्ष्म परीक्षा, सावधान अनुसन्धान; अनियमितताको शंका वा संख्यामा सन्देह भएमा गिरेका मतपत्रहरूको औपचारिक अवलोकन ।

scry (स्क्राइ) **क्रि.** फट्टिकको डल्लोबाट भविष्य बोल्दा सोमा हेर्नु; फट्टिक हेर्नु ।

scud (स्कड्) **क्रि.** (—did—) र **ना.** सोझो र वेगसाथ जानु, गुड्नु वा उड्नु, खा. ग. शान्त र सुविस्ताको गतिसँग; लतारिएर उड्नु; (नौ.) हावाको अगाडि चल्नु; **ना.** वेगसाथ उडानको वारि वा पाली; वाफिलो तेजसँग चल्ने बादल ।

scudo (स्क्यू'डो वा स्कू'डो) **ना.** (व. व —di उच्चा— डि) प्राचीन इटालियन रौप्य मुद्रा, मूल्य अन्दाजी रु. ४ ।

scuff (स्कफ्) **क्रि.** र **ना.** खुट्टा घिसारेर हिंड्नु, खुट्टा बजाउनु; **ना.** गर्दन (अचेल धे. ज. scruff) ।

scuffle (स्क'फ्ल्) **क्रि.** र **ना.** हातपात (गर्नु), घचेडा घचेड (गर्नु), भिडन्त (गर्नु) ।

scug (स्कग्) **ना.** (स्कूले अप.) जोश, मिलनसार प्रवृत्ति, काइदा, खेलैया गुण, इ. मा कम, नमिल्ने व्यक्ति ।

sculduggery (स्कल्ड'गरि)=skul (l) duggery **ना.** ठगी, चटक, जाल ।

scull (स्कल्) **ना.** र **क्रि.** एकलो खेउवाले हरेक हातले ख्याउने दुई डाँडीमध्ये एक; डुङ्गाको सानू चोइटो झिकेर बनाएको दाँतीमा अडयाएर वारिएको मारले डुङ्गालाई चलाउने डाँडी; **क्रि.** (डुङ्गा) चलाउनु; डाँडीले ख्याउनु ।

sculler (स्क'लर्) **ना.** डाँडी चलाउने; डाँडीले चलाउने डुङ्गा ।

scullery (स्क'लरि) **ना.** भित्री भान्साघर; भाँडा, खाने भाँडा माझ्ने कोठा ।

scullion (स्क'लियन्) **ना.** (आ., कवि., अलं.) भान्सेको ज्यामी, भाँडा माझ्ने ।

sculp (स्कल्प्) **क्रि.** बो. चा. मा sculpture को साटो; मूर्तिकला; मूर्ति बनाउनु ।

sculpin (स्कल्'पिन्) **ना.** अमरिकन माछाको जात ।

sculpsit, sculpserunt (स्कल्प्'सिट्, स्कल्पसेय़र्'ण्ट्) ले बनाएको (कलाकारको दसखतपछि खोदिने, लेखिने) (ल्या.) ।

sculptor (स्कल्प्'टर्) **ना.** तक्षक, तक्षणशिल्पी, मूर्तिकार, रूपकार ।

sculptur/e (स्कल्प्'च्यु र्) **ना.** र **क्रि.** तक्षण, प्रतिमाकरण, मूर्तिकला; **क्रि.** मूर्तिद्वारा प्रदर्शन गर्नु, मूर्तिले सिंगार्नु;—al **वि.** मूर्त;—esque **वि.** मूर्तरूपको ।

scum (स्कम्) **ना.** र **क्रि.** (—mm—) उमाल्दा या फेणनमा तरल पदार्थको माथिल्लो तहमा उत्रने विकार वा मल, उत्रने तर, कस, निश्राव, आचाम; (अलं.) सबभन्दा खराब भाग, फोहर, मैलो, थेग्रो;—my **वि.** थेग्रिलो; **क्रि.** मल झिक्नु, तर झिक्नु, तर लाग्नु; तहरिनु ।

scumble (स्कम्'बल्) **क्रि.** र **ना.** तेलचित्रमा गाढा ठाउँमा अर्को पातलो रंग लगाएर रंग बदलिनु; **ना.** गाढा पाटोमा लाएको रंगको पातलो पत्र ।

scuncheon (स्कन्'च्न) **ना.** आठकुने बुर्जा अडयाउने तेर्सा खम्बाहरू ।

scunner (स्क'नर्) **ना.** र **क्रि.** कडा अरुचि, घीन; घीनलाग्दो चीज; **क्रि.** घीन लाग्नु, वाकवाक लाग्नु, रोगाउनु (स्कट) ।

scupper (स्क'पर्) **ना.** र **क्रि.** डेक (तखता) को पानी बग्ने जहाजको छेउको प्वाल; **क्रि.** (अप०) जहाज, चालकहरू, लाई अचानकमा हमला गर्नु, संहार गर्नु, जहाज डुबाइदिनु; सिध्याइदिनु ।

scurf (स्कर्फ्) **ना.** तल नयाँ छाला बन्दै आएपछि कत्ला बन्दै झर्ने माथिल्लो तह; शुष्क चर्म, चाया; कुनै प्रकारको कत्ला;—y **वि.** चायादार, कत्ला हुने;—iness **ना.** पाप्रो, चाया भएको अवस्था ।

scurri/lous (आ.) **scurril (e)** (स्करिलस्, स्करिल्) **वि.** अतिकटु वा अश्लील, (पुरुष वा बोली); गालीगलौजपूर्ण, नीच ठठ्ठा वा मसकरी;—lity **ना.** पारुष्य, गाली गलौज ।

scurry (स्क'रि) **क्रि.** र **ना.** खा. ग. छिटो छिटो पाइलाले हतपतसाथ दौडनु, भाग्नु; वेगसँग उम्कनु, हतारिनु, हतपताउनु; **ना.** भागेको आवाज; छोटो तर वेगको घोडदौड ।

scurvy (स्क'र्भि) **वि.** र **ना.** चुत्थो, हीन, नीच, गर्ह्य, तुच्छ, कुत्सित, बेइज्जतको, निकृष्ट; **ना.** लूतो, शीताद, लवण रक्त, हीनता रोग ।

scut (स्कट्) **ना.** छोटो पुच्छर खा. ग. खरायो, चौगडा वा मृगको ।

scutage (स्क्यू'टेज्) **ना.** (ऐति०) व्यक्तिगत सेवाको साटो सामन्ती जिमीदारले दिने दाम ।

scutch (स्कच्) **क्रि.** र **ना.** रेशादार वस्तुलाई चुट्नु, पिट्नु; —er **ना.** आलसको झार जस्तो रेशादार वस्तु पिट्दा निस्कने खस्रो मैन ।

scutcheon (स्क'चन्) **ना.**=escutcheon; साँचोको प्वालमा जड्ने बुट्टादार पित्तले पातो; नाम वा खोदाइको लागि पातो ।

scutellum (स्क्यूटेल्'अम्) **ना.** (प्रा० इ०, ब व.—a) सानू ढाल, पाता, कत्ला, (बिरुवा, कोरा फस्यांग्रा, चरा इ. मा खा. ग. चराका खुट्टामा रहने) ठेलादार कत्ला ।

scutter (स्क'टर्) **क्रि.** र **ना.**=scurry; भाग्नु, दौडनु; **ना.** दौडादौड, भागाभाग ।

scuttle (स्क'ट्ल्) **ना.** घरको भित्ता वा छाना, वा जहाजको तखता, छेउ अथवा तलमाथि गर्ने प्वाल इ. को बिर्को वा ढोकासहितको प्वाल; चाँडो चाँडो हिंडाइ, वेगसाथको पलायन वा प्रस्थान; (सा. coal—) कोइला राख्ने भाँडो, खा. ग. हरेक आतसखानको बेग्लाबेग्लै धातुको वा अन्य वस्तुको भाँडो; **क्रि.** जहाजमा प्वाल पार्नु, जहाजी धारा खोलिदिनु, खा. ग. डुबाउनाको लागि; हडबडसाथ हिंड्नु, दौडनु, भाग्नु; खतरा वा कठिनाइबाट पन्छिनु ।

scutum (स्क्यू'टम्) **ना.** (व. व.—ta) (रो. प्रा. इ.) सिपाहीको लामू, अण्डाकार, वा घुमेको सानू ढाल; (श. वि.) घुँडाको चक्का; (पशु.) ढाल जस्तो कत्ला, ग्राह इ. पशुमा रहने हाडे कवच ।

Scylla (स्कि'ला) **ना.**—and charybdis दुई उत्तिकै खतरनाक अवस्था (ग्रीक कथामा एक सानू संवाधका दुवै तीरमा रहेका दैत्यहरूमा आधारित) ।

scyphus (स्काइ'फस्) **ना.** (व. व.—i) (ग्री. प्रा. इ.) खुट्टा नभएको, दुई वींड मुखसम्म मात्र आइपुग्ने पिउने भाँडो; (वन.) कुनै कुनै फूलमा हुने कटौराको आकार ।

scythe (साइद्) **ना.** र **क्रि.** हँसिया, खुर्पा, हँसुवा; प्राचीन (युद्ध) रथमा धुरको दुवै पट्टि जडिएको धारिलो अस्त्र; **क्रि.** काट्नु ।

Scythian (सि'दियन्, सि'थि) **वि.** र **ना.** (प्राचीन सिथिया (को वासिन्दा) ।

sdeath (स्डेथ्') **वि. बो.** (आ.) रिस, आश्चर्य, इ. जनाउने वोली ।

se—उ. (ल्या.)=विना, छुट्टै ।

sea (सी) **ना.** समुद्र, सागर, जलधि; खास जलभाग जो जमीनले पूरा वा आंशिक रूपमा घेरिएको हुन्छ, ज. कि. भूमध्य सागर; समुद्रको स्थानीय गति वा अवस्था, स्फीति, तरङ्ग; विशाल परिमाण वा विस्तीर्ण क्षेत्र; (वाच्य. र यौगिकमा) सामुद्रिक;—air समुद्री वायु खा. ग. मधौरुको लागि हितकर;—bathing समुद्रमा स्नान वा पौडी;—board समुद्रकिनार, किनाराको क्षेत्र, किनाराको रेखा;—captain समुद्री, नौसेनाको, कप्तान; ठूलो मल्लाह वा समुद्री विजेता;—change रूप परिवर्तन;—cloth नाचघरमा समुद्रकिनार देखाउन प्रयोग गरिने कपडा;—coal (समुद्रको वाटो ल्याएको) कोइला;—customs सामुद्रशुल्क;—faring वरावर समुद्रमा आवत-जावत गर्नु;—faring man,—farer समुद्रयायी, मल्लाह, नाविक;—fight जंगी जहाजहरूको नौयुद्ध;—girt (कवि. अलं.) समुद्रले घेरिएको (टापू. इ.);—going समुद्र पार गर्ने coasting (किनारामा मात्र चल्ने होइन);—lawyer छिद्रान्वेषी व्यक्तिलाई नौ. हेलाँको शब्द;—legs हल्लिने जहाजमा सोझो हिंड्ने सामर्थ्य;—letter लडाइँको समयमा निरपेक्ष जहाजले आफ्नू माल सामान, कामदार, इ. को वेहोरा रहेको लिएर हिंड्ने औपचारिक पत्र, समुद्री पत्र;—level समुद्री समतल, सिन्धुपृष्ठ;—line सामुद्रिक क्षितिज;—lion जगर भएको ठूला कान हुने सील जनावर; S—Lord विलायतको सामुद्रिक विभागका ठूला अधिकारी;—man, मल्लाह, नाविक; able bodied—man, ordinary—निम्न दर्जाको नाविक;—mark चिन्ह्, दीपगृह, अग्लो स्तम्भ;—monster कुनै किसिमको प्रकाण्ड, भयावह वा अनौठा जन्तु;—mud मल हाल्न हुने धापको नुनिलो माटो;—ooze हिलो;—pay समुद्री तलव, जहाजमा कामको;—piece सामुद्रिक दृश्यको चित्र;—plane समुद्रवाट उड्ने र त्यहीं उत्रने वायुयान, जलयान;—port वन्दरगाह;—power समुद्री शक्ति, समुद्रमा कब्जा गरेर आफ्नू मतलव साध्य गर्न सक्ने शक्ति;—room जहाजलाई घुम्न र अरू चाल गर्न पुग्ने ठाउँ;—rover समुद्री डाँकू वा सोको जहाज;—salt समुद्री नून;—scope समुद्री दृश्य;—scouts वालचर जस्तो समुद्रचर;—serpent नाग; the—serpent तथाकथित प्रकाण्ड समुद्री जनावर;—stell सिपी;—shore, वेलामूल, समुद्रकिनार, समुद्रतट;—sick जहाजको हल्लाइवाट वाक्क लागेको वा वान्त गर्ने;—sickness समुद्री वाकवाक;—side समुद्रतट;—wall समुद्री वाँध;—weed समुद्री झार, जलस्तंव;—worthy (जहाज) समुद्रमा चल्न योग्य, समुद्रयोग्य; go to—नाविक वन्नु, follow the—नाविक हुनु; put to—जमीन वा नौकाश्रय, वन्दरगाह, छोड्नु; at—जमीनवाट टाढा, जमीन नदेखिने ठाउँमा, (अलं०) अलमलिएको, भर्माएको; high—s खुला समुद्र; mistress of the—वा—s, मुख्य नौसैनिक शक्ति; heavy—s क्षुब्धार्णव, ठूला लहरसहित; ship a—(जहाजमा) पानी भरिनु; long—लामू नियमित लहर भएको; short—धेरै हल्लिने साना साना तरङ्ग भएको ।

seal (सील्) **ना.** र **क्रि.** मांसाहारी जल थलको समुद्री जीव, सील;—skin सीलभुत्ला;—fishery वा—ery सील शिकार;—rookery वच्चा पार्ने ठाउँ; छाप, टक, टाँचा, मोहर, निशान, मुद्रा; (अलं.) महत्वपूर्ण वा भविष्यसूचक चिन्ह; मणि, धातुको टुक्रा, इ. लाहामा वा कागतमा छाप लगाउनाको लागि;—ring छाप औंठी; लालमोहर; the—s (विलायत) उच्चाधिकारीहरूले पदभार सम्हाल्ने अवधिमा आफूसँग राख्ने पदको छाप; great s—लर्ड चान्सेलर वा लर्ड कीपरले राख्ने र लाउने ठूलो छाप; privy s—(विलायतको) विशेष छाप; सदर गराउने क्रिया, दिइएको वस्तु वा भएको घटना, ज. कि.—of love=जायाजन्म, चुम्वन, इ.; प्वाल टाल्न प्रयोग गरिने वस्तु, खा. ग. नलवाट फोहर ग्यास आउन नदिनालाई; **क्रि.** सीलको शिकार गर्नु; छाप लाउनु; सच्चाइ देखाउनु; छोप्नु, वन्द गर्नु, टाल्नु (नचुहुने गरी); फर सार्नु, अलग्याउनु, सार्थ चिन्हु लगाउनु; राम्रोसँग वन्द गर्नु, (अन्तराप इ.) भित्तामा (सिमण्टीले, इ.) वलियोसँग जड्नु;—ing wax लाहा ।

sealer (सी'लर्) **ना.** (शाब्दिक), खा. ग. सीळ शिकारमा लागेको मानिस वा जहाज ।

Sealyham (सी'लियम्) **ना.**—(terrier) कुकुरको जात, सीलियम् ।

seam (सीम्) **ना.** र **क्रि.** दुई छेउ, खा. ग. कपडाको जोर्नी, सिउनी; धर्सो, फाँक, खत, दाग; दुई पत्र छुट्ट्याउने धर्को; (खानि) शिरा, पत्र; (श. वि.) हाडको जोर्नी; **क्रि.** सिउनु, जोर्नु (विर०); चिन्हु लाउनु (धर्सो वा मोडले); (वुनाइ) गारा उठाउनु (मोजा, इ. मा) ।

seamstress, semp— (सेम्स'ट्रेस) **ना.** दमिनी, सिउने स्वास्नीमानिस, दर्जिन ।

seamy (सी'मि) **वि.** सिउनी देखिने;—side लुगाको भित्री पट्टि जसमा कपडा दोब्ब्याऐको र सिउनी देखिन्छ; (अलं०) जीवनका अनाकर्षक वा अदर्शनीय पक्षको बारेमा ।

Seanad Eireann (स्या'नद् एय'रन्) **ना.** एयरा वा आयरल्याण्डको संसदको उच्च मण्डल वा सदन ।

seance (से'ऑन्स वा से'आँस्) **ना.** सभा वा विचारगोष्ठीको बैठक; आध्यात्मिक घटनाको प्रदर्शन वा अनुसन्धानको लागि बसेको बैठक; प्रेतवार्ता (फ्रे०) ।

sear (सियर्) **वि.** र **क्रि.** sere (सियर्) **वि.** (पात, फूल, इ० र अलं० उमेर) चाउरी परेको, सुकेको, संशुष्क, म्लान; the—, the yellow leaf बुढ्याइँ; **क्रि.** सुकाउनु, ध्वंस गर्नु (विर०); खा. ग. तातो फलामले पोल्नु, डाम्नु; कडा वा निर्मोही पार्नु ।

search (सर्च्) **क्रि.** र **ना.** खोज्नु, आँग खोल्नु, तलाश्नु, ढुँड्नु; खानतलाश गर्नु; (तोप, गोला, इ०) (सुरुङको) हरएक ठाउँमा पुग्नु;—me ! **वि. बो.** वक्ताले प्रश्नको अर्थ जान्दैन, अथवा के गर्ने अठोट गर्न सक्दैन भन्ने जनाउको बोली;—ing (जाँच, परीक्षा) कडा, केही नछोड्ने किसिमको; **ना.** तलाशी, खोजखबर, खोज तलाश, खानतलाश, खपति, ढुँडाइ, खोजिनिती, अनुसन्धान, जाँच, खोजी; right of— (अन्तरराष्ट्रिय कानून) लडाइँमा लागेको देशले निरपेक्ष जहाजलाई रोकी त्यसमा निषिद्ध वस्तु भए नभएको जाँच गर्ने अधिकार;—light गाढा किरण भएको विद्युत् प्रकाश जसलाई जतापट्टि फर्काएर पनि हेर्न सकिन्छ, खा. ग. दुश्मनको वायुयान, गति चाल, इ० पत्ता लगाउनालाई;—party हराएको व्यक्ति वा माल पत्ता लगाउन खटिएको दल, तलाशदल;—warrant न्यायाधीशद्वारा जारी गरिएको अपराधको सबूत, दसी, इ० पत्ता लाउन व्यक्तिको घर तलाश्ने आदेश, तलाश आदेश ।

searching (स'र्चिङ्ग) **ना.** (शा०), खा० ग०—s of heart अपराध वा पापद्वारा उठेको शंका, डर वा अनुताप ।

season (सी'ज़न्) **ना.** र **क्रि.** ऋतु, काल, समय, मौसिम, याम, बखत, वेला; अनिश्चित वा विभिन्न लम्बाइको अवधि; ऋतु; word in—समयको सल्लाह; in—and out of— सबै टाइममा; is (are) in— (तरकारी, फ्याशन, इ०) को मौसम; the holiday—बिदाको याम; the (शहर)—, जब समाज व्यस्त हुन्छ, वा आगन्तुक धेरै हुन्छन्; close, open—(शिकार) बन्द या खुला मौसम;—ticket तोकेको अवधिभित्र जति पटक चलन गरे पनि हुने; dry—, rainy— हिउँद, बर्खा;—al **वि.** समयोचित, मौसिमी; **क्रि.** परिपक्व पार्नु, पकाउनु, अभ्यस्त पार्नु, सिद्ध गर्नु (—ed soldiers, timber); स्वादिष्ट वा कुतकुत्याउने बनाउनु (नून पिरो अमिलो हालेर), व्यञ्जन हाल्नु, अमिलो पिरो हाल्नु; रस, चुटकुला, इ० ले (वार्तालाप, लेख, इ०) सरस गराउनु;—ed **वि.** प्रयस्त;—er सितन, पिरो, अमिलो;—ing व्यञ्जन, सितन; मृदु गर्नु, नरम गराउनु, परिपक्व गराई कामको गराउनु ।

seasonab/le (सी'ज़नेब्ल्) **वि.** समयोचित, कालानुरूप, कालोचित, मौसिमी, ठीक समयको, समयानुसार;—liness, **ना.** कालौचित्य;—ly **क्रि. वि.** यथाकाल, कालानुसार ।

seat (सीट्) **ना.** र **क्रि.** आसन, मेच, सिंहासन, त्रिपाइ, बस्ने साधन; आसन ग्रहण;—ing **ना.** ···जना बस्ने;—er **ना.** ···जना बस्ने; आसनपतिको बोझ थाम्ने भाग, पीठ, वेदी; फिला, पुठ्ठा, चाक; सोलाई ढाक्ने (सुरुवालको) जाँघ; अखाडा, स्थान, थलो, स्थायी वा अस्थायी दृश्य, अड्ने ठाउँ; गाउँघर, खा. ग. बगैंचा वा ठूलो घेरा भएको; (संसद इ० सभाको) आसन वा स्थान; बसाइको काइदा (घोडा, साइकल, इ० मा); **क्रि.** बसाल्नु, बस्नु; (गिरजा कोठा, इ० मा) बस्ने इन्तजाम गर्नु; a deep—ed disease गडेको रोग ।

seabaceous (सिबे'शस्) **वि.** बोसोको, बोसे, चिल्लो, तैल ।

sec (सेक्) **वि.** (मद्य) सुखा (फ्रे.) ।

secant (से'क्याण्ट्) **वि.** र **ना.** (गणि.) काट्ने; अर्धव्यास, कोटिज्या ।

secateurs (से'कटर्ज) **ना.** छिमल्ने कैंची, वंचक ।

seceo (सेसे'ओ) **ना.** (इटालियन) टेम्परा चित्रशैली ।

seccotine (से'कोटीन्) **ना.** र **क्रि.** सरेसको साटो चलन हुने तरल टाँस्ने वा संशक्ति ।

secede (सेसीड्') **क्रि.** कुनै संस्थाबाट औपचारिक तौरले हट्नु, खा. ग. कुनै सम्प्रदायको गिरजाबाट, वा संघ अथवा राष्ट्रबाट; अपसरण गर्नु, अपक्रम गर्नु ।

secernent (ससर्न'एण्ट्) **वि.** र **ना.** (श. क्रि. वि.) स्राव गर्न सक्ने वा स्राव उत्पन्न गर्न सक्ने; स्राव गर्ने अवयव; स्राव उत्पन्न गर्ने औषधि ।

secession (ससे'शन्) **ना.** अपसरण, त्याग, राष्ट्रत्याग;—ism त्यागवाद;—ist **ना.** त्यागवादी ।

seclude (सक्लूड्') **क्रि.** (व्यक्ति, स्थान, खा. ग. आफँलाई) समाजबाट अलग राख्नु, एकान्त सेवा गर्नु, पृथक् राख्नु;—d **वि.** निर्जन, विविक्त, विजन, एकलो, एकलास, एकान्त ।

seclusion (सक्लू'ज़न्) **ना.** विविक्तता, एकान्तता, पृथक्त्व, एकान्तवास ।

second (से'कण्ड्) **वि.**, **ना.** र **क्रि.** दोस्रो, दोयम, मझौला, मध्यम; अर्को, अतिरिक्त, थप, पूरक,—floor भँतलाभन्दा दुई तलामाथि, तेस्रो तला;—advent क्राइस्टको दोस्रो अवतार;—nature सहजात बनेको शुरूमा अर्जित प्रवृत्ति;—self दिली दोस्त, दाहिने हात;—thoughts पुनर्विचार;—wind दोस्रो दम;—fiddle निम्न महत्वको व्यक्ति; at—hand देखेर होइन, सुनेर;—intention,—sight (घाउ) दाना बनेर, अन्तर्दृष्टि, दिव्यचक्षु;—hand **वि.** अर्कोले चलन गरेको, पुरानू , जडाउरी, (मालताल, समाचार);—lieutenant सहायक सेनानी;—pair back front घरको दोस्रो तलाको पछाडि, अगाडिपट्टिको कोठा;—person मध्यम पुरुष (व्या०);—rate असल होइन, कमसल दर्जा (को माल); **ना.** दोस्रो व्यक्ति (दौड, इ. मा); a good—पहिलाको ज्यादै नगीचको; दोस्रो (श्रेणी परीक्षा इ. मा); मुख्यभन्दा अर्को व्यक्ति वा वस्तु; (ब. व.) दोस्रो दर्जाको माल, खा. ग. खस्रो पीठो वा कोबाट बनेको पाउरोटी; द्वन्द्वयुद्ध वा तल युद्धमा मुख्यले साथी छानेको व्यक्ति; सेकण्ड, पला, विनाति, अति छोटो समय, क्षण;—in command समादेशकभन्दा मुनिको अफिसर, उपसमादेशक;—of exchange दोस्रो हुण्डी;—hand (घडीको) सेकण्ड सियो, सानू सियो; **क्रि.** पूरण गर्नु, थाम्नु, समर्थन गर्नु, अनुमोदन गर्नु;—er समर्थक, पृष्ठपोषक, अनुमोदक; (उच्चा० सिकॅण्ड') (सेना०) अधिकारीलाई छोटो अवकाशमा राख्नु (पछि स्टाफमा वा अन्य पल्टनमा बहाल गर्ने गरी); (कर्मचारीलाई) अस्थायी तौरसँग अन्य विभागमा स्थानान्तर गर्नु; काज खटाउनु ।

secondary (से'कण्डरि) **वि.** र **ना.** अप्रधान, गौण, माध्यमिक, द्वैतियिक, सहायक;—planet ग्रहको उपग्रह; **ना.** नायब, सहायक, तहरीर; पखेटाको दोस्रो जोर्नीको प्वाँख; कीराको पछाडिको खुट्टा; दोस्रो पत्र ।

seconde (से'कॅण्ड्) **ना.** तरवार खेलमा मुद्रा ।

secondly (से'कण्डलि) **क्रि. वि.** द्वितीयतः, दोस्रो ।

secondo (से'कॅन्'डो) **ना.** युग्मक (गान, वाद्य) मा दोस्रो वाद्यकार वा निम्न भाग (इटा०) ।

secrecy (सी'क्रेसि) **ना.** गोप्यता, गोपनीयता, गुप्ति, अप्रकाशन; लुकाउने प्रवृत्ति, गोप्य राखिनु, अप्रकाशित अवस्था ।

secret (सी'क्रेट्) **वि.** र **ना.**, गोप्य, अप्रकाश्य, गूढ, गुप्त, गुह्य, लुकाउनुपर्ने;—service गुप्त समाचार संग्रह (सरकारी विभाग);—service money खर्चको हिसाब नबुझाउने गरी गोप्य समाचार संग्रहलाई खर्च गर्न दिइने दाम;—service agent गुप्तचर;—talk पाल्सी कुरा; गोपनीय, बन्द, नबोल्ने, नफुस्काउने; **ना.** गुह्य, थोरैले थाहा पाएको कुरा; in the—जान्नेमध्येको; open—जान्न नचाहनेलाई मात्र थाहा नभएको; समाचार वा व्याख्या पाइन नसक्ने कुरा, ज. कि.—s of nature; प्राप्तिको लागि वास्तविक तर राम्ररी नबुझिएको विधि, ज. कि. the—of health or success; गोपनीयता खा. ग. in—वा—ly मा; (ब. व.) शरीरका गोप्य भाग (सा० नदेखाइने, ज. कि. जननेन्द्रिय, मलद्वार, इ०) ।

secretaire (सेक्रिटे'यर्)=escritoire **ना.** घिसार्ने (घर्रा) सहितको टेबुल ।

secretariat (e) (सेक्रिटे'यर्इअट्) **ना.** सचिवको ओहदा; कुनै सरकारको प्रशासकीय पदका सदस्यहरू सामूहिक रूपमा; प्रशासकीय संगठन सामूहिक रूपमा; प्रशासकीय कार्यालय भवन, सचिवालय ।

secretar/y (सेक्'रिटरि) **ना.** सचिव; कसैले लेखापढी, साहित्यिक काम, समाचार संग्रह र अन्य गुप्त कुराहरूमा मददको लागि नियुक्त गरेको व्यक्ति (धे. ज. private—निजी सचिव); संस्था वा कारोबारले लेखापढी, अभिलेख इ० को जिम्बा लिन र शुरूमा कामकाजको देखभाल गर्न नियुक्त गरेको व्यक्ति, सचिव; honorary—छो० क० hon. sec. अवैतनिक सचिव, धे. ज. लाभ गर्ने उद्देश्यले खडा नभएको संस्थाको; (विलायत) सरकारी विभागको भार लिने मंत्री; additional—अतिरिक्त सचिव; assistant—सहायक सचिव; deputy—उपसचिव; joint—सहसचिव; under—निम्नसचिव; S—of State (अमरिका) परराष्ट्र मंत्री; (मुद्र०) टाइपको किसिम;—bird जुरो कानमा कलम राखेको जस्तो बान्की परेको चरोको जात;—ial **वि.** (कार्यालयको) लेखको कामसम्बन्धी ।

secrete (सिक्रीट्') **क्रि.** लुकाउनु, दबाउनु, लुकाएर राख्नु; (श० क्रि० वि०) (ग्रन्थि, अवयव, वा व्यक्ति जसका ती अंश हुन्) स्राव उत्पन्न गर्नु, बगाउनु ।

secretion (सिक्री'श्न्) **ना.** गूहनं, पच्छादन, संवरण, दबाइ, लुकाइ, (श० क्रि० वि०) स्राव, उद्रेचन, उत्सर्ग, ज. कि. पित्त, थूक, पिशाब, दिसा ।

secretive (सी'क्रिटिभ् वा सिक्री'टिभ्) **वि.** गुह्य राख्ने, जानी जानी नबोल्ने, लुकाउने, घुसघुसे, अकारणमा पनि गोप्य राख्ने;—ness **ना.** लुकाउने बानी ।

sect (सेक्ट्) **ना.** सम्प्रदाय, पथ, मत, मतावलम्बी, दार्शनिकको अनुयायी, गोत्र;—arian **वि.** साम्प्रदायिक, शाखागत, पन्थी ।

sectary (सेक्'टरि) **ना.** (आ०) सम्प्रदायको सदस्य, खा. ग. विलायतको गृहयुद्धमा स्वतंत्र मतावलम्बीहरूको ।

sectile (सेक्'टिल्) **वि.** काट्न सकिने (नरम खनिजहरू, ज. कि. खरी) ।

section (सेक्'श्न्) **ना.** र **क्रि.** काटेर छुट्ट्याएको भाग, परिच्छेद, पत्ति, शाखा, दफा, फाँट, महल, धारा, छेद, खण्ड; आँख्लाका बीचको भाग; लाक्राँ; (सेना०) गुल्मको भाग; छुट्टै स्वार्थ र गुण भएको समुदाय; microscopic—केही वस्तुबाट काटेको पातलो चाना सूक्ष्मदर्शक यंत्रले जाँच्ने; **क्रि.** ठोसलाई तलले काट्नु; conic—s सो कटाइबाट उत्पन्न हुने वक्रहरूको अध्ययन;—(प्रा० इ०) वर्ग, खा. ग. उपजाति;—al **वि.** खण्डित; **क्रि.** खण्डमा विभाजित गर्नु;—officer शाखाधिकृत ।

sector (सेक्'टर्) **ना.** वृत्त वा दीर्घ वृत्तको र त्रिज्या र वृत्तखण्डको बीचको तल; (सेना०) विरोधी सेनाहरूले दखल गरेको चेत्रको कुनै भाग; (संक्र०) ज. कि. Private—of industry, उद्योगको निजी खण्ड; गणितको रूल (यंत्र) ।

sectorial (सेक्ट्'रियल्) **वि.** र **ना.** (मांसाहारीको दाँत) पल्लो च्यापुको दातसँग मिलेर कैंचीको काम गर्ने ।

secular (से'क्यूलर्) **वि.** र **ना.** धेरै कालमा एक पटक हुने वा धेरै कालसम्म रहने, दैर्घकालिक; लौकिक, ऐहिक, सांसारिक, धार्मिक होइन; धार्मिक सत्यमा अविश्वासी, धार्मिक अध्यापनको विरोधी;—games प्राचीन रोममा लामू अवधिपछि हुने;—hymn सोको लागि रचिएको; the—bird फिनिक्स चरो;—change अनवरत तर ढीलोसँग चलिरहने;—cooling or refriegeration तरल स्थितिबाट, पृथ्वीको;—acceleration नभ ग्रहको गतिमा धीमा वृद्धि;—fame चिरस्थायी;

the—arm (ऐति०) धार्मिक अदालतले अपराधीलाई दण्डको लागि सुम्पिने जानपदीय प्रशासन;—ism ऐहिकवाद, ऐहिकत्व; —ist ऐहिकवादी;—ize **क्रि.** संसारीकरण;—ity **ना.** ऐहिकत्व, संसारासक्ति, प्रपंचानुराग ।

secund (सेकण्ड्') **वि.** (वन० पशु०) एकपट्टि मात्र सजाइएको ।

secundo (सेकन्'डो) **क्रि. वि.** द्वितीयतः, दोस्रो ठाउँमा ।

secundum (सेकन्'डम्) ल्या० **उ.**=अनुसार ।

secundus (सेकन्'डस्) **वि.** दोस्रो, माहिलो (ल्या०) ।

secure (सिक्योर्') **वि.** र **क्रि.** निर्धक्क, निस्फिक्र, अगच्च, ढुक्क; (आ.) निश्शंक, भरोसा लिने; निर्भय, निर्विघ्न, सुरक्षित, निरापद, अलंघ्य, अजेय; (विधेय.) राम्ररी जडिएको, निरापदसँग राखिएको; **क्रि.** (सहर, वन्दरगाह, इ.) राम्ररी सुरक्षित गराउनु (घे. ज. वाँध, इ. ले); थुन्नु, घेर्नु, वाँध्नु, वन्द गर्नु; —vein शल्यक्रियामा शिरा (वाट रगत नवग्ने गरी) वाँध्नु, थिच्नु;—arms (सेना.) वन्दूकलाई वर्षावाट वचाउन कमानी काखीमन्तिर राख्नु; जमानत, हानिको विरुद्ध निरापद गराउनु; जोर्नु, जुटाउनु, हत्याउनु, प्राप्त गर्नु, पाउनु ।

securiform (सेक्यो'रिफॉर्म्) **वि.** (खा. ग. प्रा. इ.) वञ्चरोको आकारको ।

security (सेक्यो'रिटि) **ना.** अतिविश्वास; रक्षक; जमानी, in—for जमानतमा; दुश्मनकहाँ समाचार चुहिने रोकावटको लागिको संगठन, योगक्षेम, क्षेम संगठन;—minded क्षेमप्रवृत्त; —deposit धरौटी मुद्दत;—officer रक्षक, आठपहरिया, हजुरिया;—police क्षेम प्रहरी;—risk क्षेम जोखिम, वफादारीमा शंका रहेको व्यक्ति; S—council (राष्ट्रसंघको) सुरक्षापरिषद; जमानी, जेथा जमानी, जमानत, बन्धक, धितो, धरौटी, थाती; सुरक्षा, तंत्रण, अमन चैन; तमसुक; (सरकारी) ऋणपत्र, वन्धक ।

sedan (सिडयान्') **ना.** दुई वाहकले लठ्ठीमा समातेर उचालेर लैजाने एक आसन भएको सवारी (विलायत); चार वा वढी सवारी चढ्ने बन्द मोटर गाडी ।

sedate (सिडेट्') **वि.** (व्यक्ति, उसको ढाँचा, हेराइ, वोली वा लेख) शान्त, समभावको, सम्हालिएको, निश्चित, व्यवस्थित, आवेशपूर्ण होइन, फुर्तिलो होइन;—ly **क्रि. वि.** समत्वसँग; —ness **ना.** समत्त्व, शान्तता, व्यवस्थिति ।

sedative (सेडे'टिभ्) **वि.** र **ना.** (औषधि, प्रभाव, इ.) शमन गराउने, शमनकारक, शान्त गराउने ।

se defendendo (सी डिफेण्डेन्'डो) **क्रि. वि.** आत्मरक्षामा (खून मुद्दामा रक्षाको तर्कमा) ।

sedentary (से'डेण्टरि) **वि.** र **ना.** वसेको (—posture, statue); (व्यक्ति) स्वभाव वा पेशाले धेरै वसिरहनुपर्ने; (काम) धेरै वसेर गर्नुपर्ने; गतिहीन, अचपल, निरुद्योग, (पशु. इ.) अभ्रमणशील; (माकुरो) आहारालाई जालोभित्र पर्खने, अचल ।

seder (से'डर्) **ना.** यहूदी उत्सव पासओभरको प्रथम रात्रिको विधि (अरामिक भाषा) ।

sederunt (सिडेय्र्'उण्ट्) **ना.** धार्मिक संस्था वा अन्य संगठनले मद्यपान गर्दै धेरै बेरसम्मको छलफल ।

sedge (सेज्) **ना.** धाप वा पानीको छेउ, मा उम्रने जोर्नी नभएको सागको जात; sedgy **वि.** सो घाँस धेरै उम्रेको ।

sedilia (सिडि'लिया) **ना.** व. व. (ए. व. sedile विर.) गिरजामा ढुङ्गाको आसनको पंक्ति ।

sediment (सि'डिमेण्ट) **ना.** थेग्रो, मल, शेष;—ary **वि.** थेग्रिलो, जलज;—ation **ना.** निपतन, थेग्राइ ।

sedit/ion (सिडि'शन्) **ना.** राजद्रोह, संक्षोभ, आन्दोलन; विद्रोहको लागि उक्साउने आचार वा वचन; अमन चैनमा खलल पार्ने आचरण;—ious **वि.** राजद्रोही, क्षोभकर ।

seduc/e (सिडयूस्') **क्रि.** वहकाउनु, लोभ्याउनु, सत्पथवाट भ्रष्ट गराउनु, भ्रष्ट पार्नु, (स्त्रीलाई) सतीत्त्व नाश गर्नु, जारी गर्नु, विगार्नु, च्युत गराउनु;—er, **ना.** दूषक, जार, व्यभिचारी, प्रलोभक;—tion **ना.** प्रलोभन, दूषण, सतीत्त्व नाश चारित्र्यभ्रंश, वहकाउ ।

sedu/lous (सेडयू'लस्) **वि.** उद्यमी, मेहनती, लगनशील; (काम) दृढतासँग र स्वेच्छाले चलाइएको, कष्टसाथ गरिएको; sedulous flattery लगनशील चाटुकारिता;—lity (सेडयू'लिटि) **ना.** लगन, धुन, लगनशीलता, मेहनत ।

see (सी) **क्रि.** (saw, seen) देख्नु, हेर्नु; (अखबार इ. वाट) देख्नु, जान्नु; बुझ्नु, खोज पत्ता लाउनु, विचारवाट देख्नु; अनुभव गर्नु; भेट्नु, भेट्न आउनु वा जानु; कल्पना गर्नु; मञ्जूर गर्नु, ठीक भनेर मान्नु; साथी लाग्नु, डोऱ्याउनु, विदा गर्नु, समर्थन गर्नु; राय गर्नु; ध्यान दिनु, वन्दोवस्त गर्नु, पक्का गर्नु; विचार गर्नालाई समय लिनु;—red रातो देख्नु, ज्यादा रिसाउनु;—double दोहोरो देख्नु;—stars टाउकोमा आघातले तारा देख्नु;—the sights, town दृश्यावलोकन गर्नु; sightseer दर्शक; seer दर्शक, ऋषि, द्रष्टा; we will —देखा जायगा ।

see (सी) **ना.** पादरीको अधिकार क्षेत्र; Holy S—रोमको अधिकार क्षेत्र, रोमन चर्च ।

seed (सीड्) **ना.** र **क्रि.** वीउ, वीज, दाना, गेडा; मूल, आदि, सन्तान, वंश; वीर्य, शुक्र, (वो. चा.) छाँटिएको प्रतियोगी (खेलकूदमा);—sake नफोरेको बीउ, खा. ग. सूँप, हालेको; —drill वीउ छर्ने कुलेसो;—plot वच्चा बिरुवा उमार्ने ठाउँ, (अलं०) राजद्रोह इ० ज्यादा हुने ठाउँ;—s man वीउ वेपारी;—time वीउ छर्ने काल;—wool वीयाँ झिक्नेअघिको कपासको कोसा;—less विना बीयाँ; **क्रि.** go to—वीयाँ खस्ने हुनु; वीउ छर्नु; फल इ० वाट वीयाँ, कोया, इ० झिक्नु; (खेलकूद०) वलिया; असल प्रतियोगी (कमजोर, नअसल, वाट) छुट्ट्याउनु, छाँट्नु, जसवाट भविष्यमा प्रतियोगिताको स्तर उठ्दछ; —ing machine वीउ छर्ने यंत्र ।

seeder (सी'डर्) **ना.** वीउ छर्ने कुलेसो; दाख, किसमिस इ० वाट वीयाँ झिक्ने यंत्र ।

seedling (सीड्'लिङ्ग्) **ना.** वीउवाट उमारेको विरुवा (कलम होइन), वच्चा विरुवा; वीजाङ्कुर; वेर्ना ।

seedy (सी'डि) **वि.** व्यूले टम्म, व्यू छर्न आँटेको (विरुवा, वोट); (व्यान्डी) अङ्गूरवीच उम्रेका झारको महक भएको; (वो. चा.) झुत्रो, झुत्रो लुगा लाएको; संचो नभएको, विरामी; —toe घोडाको टापको रोग ।

seek (सीक्) **क्रि.** (sought उच्चा० सॉट्) खोज्नु, खोतल्नु, अनुसन्धान गर्नु, पत्ता लाउन खोज्नु, लक्ष गर्नु;—dead शिकारी कुकुरलाई चरो (शिकार) पत्ता लाउने आदेश;—out खोजी पत्ता लाउनु; is much to—, कम छ;—er **ना.** अन्वेषक, खोज्ने ।

seel (सील्) **क्रि.** (आ०) आँखा चिम्लनु; (वाजको) आँखा वन्द गर्नु (सिएर); (अलं०) ठग्नु, छकाउनु ।

seem (सीम्) **क्रि.** देखिनु, लाग्नु, भान हुनु; साँचो जस्तो देखिनु; (कृ०) देखौवा, व्यक्त, प्रत्यक्ष, देख्दा;—ing देखौवा, प्रातिभासिक, आभासले, देख्दाखेरि, ज. कि.—ing virtuous देख्दा धर्मात्मा ।

seemly (सीम्'लि) **वि.** र **क्रि. वि.** उचित, योग्य, मर्यादाशील, शिष्ट, सुहाउने;—liness **ना.** औचित्य; **क्रि. वि.** (विर०) शिष्टतासँग, उचित ढाँचाले ।

seen (सीन्) see को निष्ठा=दृश्य, देखिएको ।

seep (सीप्) **क्रि.** छिचल्नु, रसाउनु, निस्पन्दन गर्नु (अलं० पनि);—age **ना.** निष्पतन निष्पन्दन ।

seer (सियर्) **ना.** सिद्ध, ऋषि, गुरु, द्रष्टा, भविष्यज्ञाता; वजन को परिमाण, सेर ।

seersucker (सियर्'सकर) **ना.** चुनेको धर्के सूती कपडा ।

seesaw (सी'सॉ) **वि.**, **क्रि. वि.**, **ना.** र **क्रि.** (करौंतीको झैं) अघिपछि चल्ने गतिको; **ना.** झुलन, ढेकुल, वीचमा आड रहेको लामो फल्याकको छेउछेउमा २ जना वसी तल माथि गर्ने खेल, खा. ग. वालकहरूको; **क्रि.** त्यसरी तल माथि गर्नु, (अलं०) चित्त डोलाउनु, स्थिर गर्न नसक्नु ।

seethe (सीद्) **क्रि.** (—ed, आ० भू० sod आ० निष्ठा० sodden); उमालेर पकाउनु, (अलं०) उम्लिनु, फींज पर्नु, उद्विग्न हुनु, पाक्नु, गुदगुदाउनु, छड्कनु ।

segar (सेगार्) **ना.** cigar को अशुद्ध रूप=सिगार ।

segment (सेग्'मेण्ट्) **ना.** र **क्रि.** कुनै वस्तुको काटिएको, वा छुट्याउन सक्ने, वा चिनु लाएको, खण्ड ज. कि. सुन्तलाको केस्रा, कीराको एक चक्की, इ०; (ज्या०) रेखा वा तलले कुनै चित्रको काटेको भाग;—of circle चाप र ज्याको वीचको वृत्तको भाग; वृत्तखण्ड; **क्रि.** खण्ड पार्नु, खण्डमा विभाजित गर्नु; (भ्रूण) फ्याँक पर्नु, चिरा परेर विभाजित हुनु; (श० क्रि० वि०) कोपिलाद्वारा प्रजनन गर्नु;—ation **ना.** (खा. ग.) एके कोषवाट धेरै कोषको रचना ।

segreg/ate (सेग्रि'गेट्) **क्रि.** अरूवाट छुट्याउनु, अलग राख्नु, अलग्याउनु, जातिभेद गर्नु;—ation **ना.** जातिभेद, अलग्याइ, पृथक्करण;—ative **वि.** वियोगी, विश्लेषक ।

seiche (सेश्) **ना.** वायुचापको फरकले तालको पानीमा दोलन, कम्पन ।

Seid (से'इड् वा सी'ड्) **ना.** महम्मद पैगम्वरका वंशज; सैय्यद ।

Seidlitz powder (सेड्'लिट्स् पाउडर) **ना.** दुई थरी पानीमा अलग अलग पगालेर पछि मिसाएर खाने मृदु विरेचक ।

seigneur (सेन्यर्') seignior (सेन्'योर्) **ना.** सामन्त प्रभु; grand—(ग्राँहद् सेन्यर्) आफ्नू आचरणवाट वडाद्मीको कल्पना पूरा गर्ने इज्जतदार व्यक्ति ।

seign (i) orage (सेन्'यरिज्) **ना.** (ऐति०) राजा वा सामन्त प्रभुले हक भनी दावा गरिने वस्तु, खा. ग. टक मार्नालाई ल्याएको सुन चाँदीमा मुकुटको प्रतिशत ।

seignory (सेन्'यरि) **ना.** प्रभुत्व, राजसत्ता, सामन्तको इलाका, मध्यकालीन इटालियन गणतंत्रको नगरपालिका परिषद ।

seine (सेन् वा सीन्) **ना.** र **क्रि.** माछा मार्ने जाल, माथि तरण र तल वजनसहित; **क्रि.** सो जालमा माछा समात्नु ।

seise, seisin (सीज़्, सी'जिन्) **ना.** विर्ता=seizin ।

seismic, seismal (विर०) (साइज्'मिक्, साइज्'मल) **वि.** भूकम्पसम्वन्धी ।

seism (o)—(साइज्'मो) ग्री. यौगिक=भूकम्प—,—organ भूकम्पलेख;—oghaph वा—ometer भूकम्पमापक;—oscope भूकम्प-दर्शक;—ology भूकम्पविद्या;—ologist भूकम्पविद् ।

seize (सीज़्) **क्रि.** (का) (seise पनि) कब्जामा लिनु, खा. ग. निष्ठा० मा—d वा seised of कानूनी कब्जामा राखेको, (अलं.) थाहा पाएको वा वताइएको; पकडिनु (कागतपत्र, चोरी माल, इ०) आदेशले वा कानूनी कारवाईले; जफत गर्नु, थुन्नु, रोक्नु, वरामद गर्नु; झम्टनु, गाँज्नु, गमक्याउनु, हत्याउनु, (मनले) बुझ्नु, पक्डनु; समात्नु, हड्पनु; (नौ०) डोरीको धेरै फेराले वाँध्नु; (कल, यंत्र) अड्कनु, जाम हुनु, (ज्यादा गरमले वा घर्षणले) ।

seizin, seisin (सी'ज़िन्) **ना.** (का.) विर्ताको रूपमा जमीनको भोग; त्यसरी जमीन भोग गर्ने क्रिया; त्यसरी भोग गरिएको वस्तु ।

seizure (सी'झर्) **ना.** (शा. मा), खा. ग. अचानकको पक्षवातको आक्रमण, घात, मूर्छा; दखल, कब्जा, ग्रहण, हरण, अधिग्रहण, ग्रास, आकलन ।

sejant (सी'ज्याण्ट्) **वि.** (वंश.) पुठ्ठामा वसेको जनावर (को) ।

sekos (सी'कॅस्) **ना.** (पुरा.) प्राचीन मन्दिरको पवित्र प्राङ्गण, घेरा ।

selachian (सिले'कियन्) **ना.** र **वि.** नक्राजको किसिमको माछा; **वि.** नक्राजको ।

seladang (सेला'डयाङ्ग) **ना.** मलेय देशको वडेमा जङ्गली साँढे ।

selah (सी'ला) अज्ञात अर्थको हिब्रू शब्द, वाइवलमा चलन गरिएको; संगीत निर्देशन भनी मानिएको छ ।

selamlik (सेला'म्लिक्) **ना.** मुसलमानको घरको लोग्ने मानिसको खण्ड ।

seldom (सेल'डम्) **क्रि. वि.** कथंकदाचित्, कहिलेकाहीं मात्र, विरलै, क्वचित् ।

select (सिलेक्ट') **वि.** र **क्रि.** छनौटो, विशिष्ट, उत्तम, उत्कृष्ट;—ness **ना.** उत्तमता;—Committee विशेष तहकीकात गर्न नियुक्त सानू संसदीय समिति; **क्रि.** छान्नु, चुन्नु, सबभन्दा बेस वा उत्तम भनी छान्नु, वरण गर्नु;—ed **वि.** चुनिएको, छानिएको, फर्मायसी;—ive **वि.** वरणीय;—ive service (सेनामा) अनिवार्य सेवा;—or **ना.** छान्ने, चुन्ने (व्यक्ति) ।

selection (सिलेक्'शन्) **ना.** छनोट, चुनाव, छानवीन, फर्मायस; संग्रह, संकलन (खा० ग० साहित्यिक); (प्रा० वि०) विभिन्न रीतबाट छुट्ट्याउने क्रिया; natural—प्राकृतिक; sexual—यौनिक; physical—भौतिक; artifical—कृत्रिम; methodical—विधिवत्; unconscious—निःसंज्ञ—।

selectivity (सि'लेक्टि'भिटि) **ना.** (बेतार, रेडियो सेट) अन्य दीर्घताबाट समाघातविना कुनै खास लहर दीर्घताको प्रत्यर्थी हुने क्षमता; वरणीयता ।

selenite (से'लिनाइट्) **ना.** जिप्सम खनिजको विशेष रूप; सिलिनियम धातुको लवण ।

selenium (सिली'नियम्) **ना.** अधात्विक तत्त्व, जसको वैद्युतिक अचालकता यसमाथि पर्ने प्रकाशको घनताको अनुपातको हुन्छ; सिलीनियम; selenic (सिले'निक्) **वि.** सिलीकीय; selenate (से'लिनेट्) सिलीकरण गर्नु; selenious (सिली'नियस्) **वि.** (र० शा०) सिलीकीय ।

selen (o) (सिली'नो) ग्री० यौगिक=चन्द्र;—acentric चन्द्रकेन्द्रबाट देखिए ऊँ;—ography चन्द्राध्ययन, चन्द्रमाको नक्शा बनाउने काम;—ograph चन्द्र मानचित्र ।

self (सेल्फ्) **ना.** र **वि.** (व्यक्ति वा वस्तुको) व्यक्तित्त्व वा सार, अन्तरावलोकन वा आफूमाथि गरिने क्रियाको विषय या वस्तु; one's—आफै; one's (second)—दिली दोस्त; caesar's, pity's—सीजर, दया, आफैं; स्वार्थ; (व्यापा०, ग्रा०, ठ०)=आफैं; **वि.** (रंग) एकरंगा, (फूल) एकै रंगको ।

self—(सेल्फ्) **उ.** प्रत्यक्ष वा अप्रत्यक्ष रूपले आफैं माथि गरिने क्रियासूचक वाक्य, स्वचालित वा स्वाधीन क्रिया, वा एक समानता; स्व—, आत्म—, आफू—,आफ—, ज. कि.—abuse हस्तमैथुन;—acting स्वचालित;—appointed स्वनियुक्त;—begotten स्वयंभू;—centred स्वार्थी;—command आत्मसंयम;—conceit आत्माहंकार, ममत्त्व, आत्मगर्व;—confidence आत्मविश्वास ;—conscious कृतापराध, स्वदोषज्ञानी;—contained नबोल्ने, पूर्ण;—defence आत्मरक्षा;—denial आत्मसंयम;—dening आत्मसंयमी;—evident स्वयंसिद्ध, प्रत्यक्ष;—forgetfulness आत्मविस्मृति, अस्वार्थता;—government स्वशासन;—help आत्मसहाय्य;—importance तुजुक, आत्म वडप्पन, तहसनहस;—important **वि.** मक्ख गजक्क, गमक्क;—indulgence शौख, विलास;—interest स्वार्थ;—invited स्वनिमंत्रित;—knowledge आत्मज्ञान;—less निःस्वार्थ;—love आत्मप्रेम, स्वार्थ, ममता, अहंकार;—made आफैंले बनाएको;—possessed ठण्डा दिमाग भएको, अव्यग्र, धृतिमत्;—possession, धृति, आत्मस्वामित्व, आत्मवत्ता, आत्मनिष्ठा, ठंडा दिमाग;—praise आत्मश्लाघा;—preservation आत्मरक्षा;—realization आत्मप्राप्ति;—recorder स्वलेखक;—recording स्वलेखन; – reliant स्वावलम्बी; repugnant असङ्गत;—respect आत्मसम्मान;—righteous आत्मश्रेष्ठत्त्व, आत्मस्वत्वविशिष्ट;—sacrifice आत्मोत्सर्ग, आत्मबलिदान;—same उही, आफैं;—satisfaction आत्मतुष्टि, मक्ख परेर बस्नु;—seeker स्वार्थरत;—seeking स्वार्थ खोज्ने;—service (भोजन गृह इ० मा) आफै खाने सामान जोर्ने;—starter स्वचालक;—styled तथाकथित, आफैंले भन्ने;—sufficience आत्मनिर्भरता;—suggestion आत्ममोह;—supporting स्वावलम्बी;—sustained स्वाधारित;—taught आत्मशिक्षित;—willed हठी;—winding (घडी) आफैं दम खाने ।

selfhood (सेल्फ'हूड्) **ना.** (विर०) व्यक्तित्व, पृथक् र चेतनशील अस्तित्व ।

selfish (सेल्'फिश्) **वि.** अर्काको विचार नगर्ने, आफ्नै नाफा वा मोजमा रत, मतलवी, स्वार्थी;—theory of morals मानिसको जुनसुकै कामको अन्तिम कारण एक वा अर्को प्रकारको आनन्दको अनुसरण नै हो भन्ने सिद्धान्त ।

selfless (सेल्फ'लेस्) **वि.** निःस्वार्थ ।

selfness (सेल्फ'नेस्) **ना.**=selfhood, व्यक्तित्व, अस्तित्व ।

Seljuk (सेल्जूक्') **ना.** मध्य र प. एशाको मुसलमानी राजवंशको सदस्य ।

sell (सेल्) **क्रि.** (sold) र **ना.** बेच्नु, बिक्री गर्नु, बेचबिखन गर्नु; (जीउ) बेच्नु, मार्नु, बेच्ने माल राख्नु, पसले बन्नु; पैसा वा अन्य फाइदाको लागि कसैलाई धोखा दिनु, बेच्नु; भ्रष्टाचार गर्नु; (अप.) वचन नराखेर निराश गराउनु, असफल भएर वा छलले निराशा गराउनु; कुनै वस्तु वा व्यक्तिको प्रशंसा वा विज्ञापन गर्नु, कुनै चीज लिउँलिउँ पार्नु; (माल) ग्राहक पाउनु, ज. कि. will not—, is—ing like hot cakes;—off बाँकी, मौजदात, बेच्नु;—up कानूनी काइदाले ऋणीको जेथा बेच्नु; **ना.** (बो. चा.) नैराश्य, ज. कि. what a—! कस्तो वाहियात !;—out **ना.** धोखाबाजी, विश्वासघात;—one's life dearly आइलाग्नेलाई पनि मारेर मर्नु;—ing race,—handicap घोडदौड जसमा जित्ने घोडालाई करैले बेच्नुपर्छ;—(one) a pup अप० ठग्नु;—down the river धोखाबाजी वा विश्वासघात गर्नु;—er **ना** विक्रेता;—ers' market, जसमा माल थोरै र मोल धेरै हुन्छ ।

sellanders (से'ल्याण्डर्स्)=sallenders **ना.** घोडाको टापको रोग ।

seltzer (सेल्ट्'ज़र्) **ना.** (—water पनि) जर्मनीको Selters भन्ने ठाउँबाट पाइने ओखतीको खनिज पनि; सोको कृत्रिम नकल, सोडा पानी ।

seltzogene (सेल्ट्'जोजीन्)=Gazogene **ना.** हावादार पानी, सोडापानी, बनाउने यंत्र ।

selvage,—edge (सेल्'भज्) **ना.** नदोब्रिने गरी बुनेको कपडाको किनार; किनारामा अर्कै बुट्टा वा ढाँचा भएको कपडा; आग्लोको लागि प्वाल भएको ताल्चाको पातो ।

selvagee (सेल्भजी') **ना.** सूतको धागोको गुच्छा (घुर्येंत्रो बनाउन चलन हुने) ।

selves (सेल्भ्ज्) **ना.** र **उ.** self को ब. व. ।

semantic (सेम्यान्'टिक्) **वि.** र **ना.** भाषाको अर्थसम्बन्धी; **ना.** (ब. व.) अर्थसँग सम्पर्क भएको भाषाविज्ञानको शाखा ।

semaphore (से'माफोर्) **ना.** र **क्रि.** हल्लिने हातेलालटिनको प्रबन्ध; इ० भएको डाँकको संकेत यंत्र, जो (खा. ग. रेलमा) दिन वा रातमा चलन हुन्छ, इशारा; (सेना०) मानिसका दुई हातले वा दुई झण्डा समातेर, संकेत गर्ने क्रिया, तोरण संकेत, हस्त संकेत, प्रकाश संकेत; **क्रि.** सेमाफोरले सूचना, संकेत पठाउनु ।

semasiology (सिमासियो'लजी) **ना.** Semantics; अर्थसँग सम्बन्धित भाषा, विज्ञानको शाखा ।

sematic (सिम्या'टिक्) **वि.** (प्रा. इ.) (रंग वा पशुका शरीरमा चिन्ह) सार्थक, ध्यान आकर्षित गर्ने, वा शत्रुलाई तर्साएर भगाउने प्रकारको ।

semblable (सेम्'ब्लेबल्) **वि.** (आ.) केहीको आकार भएको, देखौवा ।

semblance (सेम्'ब्ल्यान्स्) **ना.** जुन ज़स्तो देखिन्छ, केहीको बाह्य आकृति; झल्को ।

semee, seme'(से'मि) **वि.** (वंश.) अनिश्चित संख्याका तारका, फूल, इ. रहेको ।

semen (सी'मेन्) **ना.** वीर्य, शुक्र, धातु ।

semester (सिमेस्'टर्) **ना.** जर्मन, अमरिकन इ. वि. वि. मा अर्धवार्षिक पाठ्यावधि ।

semi (से'मि) **उ.**=अर्ध; आधा, दुवै पट्टि वा पक्षको;..भन्दा केही बढिया; भन्दा कम; असम्पूर्ण वा असम्यक् तौरले; प्रत्येक आधा (—) मा, या (—) मा दुई पटक हुने, प्रकाश हुने ज. कि.—annual अर्धवार्षिक;—centennial पंचाशत्, पचासौं वर्षमा हुने;—circle अर्धवृत्त;—circular अर्धवृत्ताकार;—colon ";" अर्धविराम चिन्ह ;—detached (डिट्याच्ट्) एकापट्टि मात्र जोरिएको;—documentary **वि.** र **ना.** अर्ध वर्णन चित्र (वास्तविक पृष्ठभूमि र काल्पनिक कथा); —final (खेल.) अन्तिम प्रतियोगिताभन्दा अगाडिका दुई खेल;—finalist प्रतियोगितामा अन्तिम चार दल वा खेलाडीमध्ये एक;—official अर्धौपचारिक, खा. ग. अधिकारीले आफ्नू सम्पर्क प्रकाशन हुने गरी दिइने समाचार ।

seminal (से'मिनल्) **वि.** शुक्रीय, बीजीय, धातुमय, प्रारम्भिक अवस्थाको, प्रजनक, वृद्धिकारक;—fluid वीर्य, शुक्र, धातु; in the—state प्राथमिक अवस्थाको, अविकसित; —principles परिणामले भारी ।

seminar (सेमिनार्') **ना.** वि. विं. मा बहस र अनुसन्धानको लागि सानू कक्ष; विशेषज्ञहरूको सम्मेलन; छोटो तर घन पाठ्यक्रम; गोष्ठी, अधिगोष्ठी; अध्ययन गोष्ठी ।

seminary (से'मिनरि) **ना.** शिक्षास्थल, पाठशाला (खा. ग. अलं. प्रयोगमा व्यङ्गसहित) ।

semination (सेमिने'शन्) **ना.** (वन.) बिरुवाको ब्यू बनाउने ढाँचा वा क्रिया ।

seminiferous (सेमिनि'फेरस्) **वि.** ब्यू भएको; वीर्य पुऱ्याउने ।

semiology, semiotics,-meio—(सेमाय'लजि, सेमाय'टिक्स) **ना.** रोगनिदानशास्त्रको लक्षणसँग सम्बन्ध भएको शाखा; लक्षणशास्त्र ।

Semi/te (से'माइट) **ना.** र **वि.** हिब्रू (यहूदी), अरब, इ. जातिहरूको (सदस्य);—tic **वि.** र **ना.**—सेमाइट् जातिको, तिनका भाषाहरू ।

semmit (से'मिट्) **ना.** (स्क.) गञ्जी ।

semolina (सेमोलि'ना), **semola** (से'मोला) **ना.** पीठोको दाना, पुडिङ्ग, हलुवा पकाउँदा काममा ल्याइने ।

sempiternal (सेम्पिटर्'नल्) **वि.** अनन्त, नित्य, शाश्वत, अनाद्यनन्त (को लागि अलं.) ।

semplice (सेम्'प्लिचे) (संगी. निर्देशन) सरलतासँग सम्पादन गरिने ।

sempre (सेम्'प्रे) (संगी. निर्दे.) सर्वत्र (अन्य संगी. निर्दे. साँग रहन्छ) ।

sempstress=seamstress **ना.** दर्जिन, सुजिकार्नी ।

sen (सेन्) **ना.** येनको सय खण्डको एक खण्डको जापानी मुद्रा ।

senarius (सिना'रियस्) **ना.** (ब. व.—ii) ल्याटिन श्लोक, ६ मात्राको छन्दको ।

senary (सी'नरि) **वि.** ६ को आधारमा, ६/६ गरेर ।

senate (से'नेट्) **ना.** प्राचीन रोमको राष्ट्र परिषद; विभिन्न देशका उच्च र कम सदस्यवाला विधान परिषद; शिष्ट सभा; (अलं.) कुनै वैधानिक मण्डल यसको कार्यविधि वा सदस्यहरू; केम्ब्रिज वि. वि. को प्रशासकीय संस्था र यसको भवन; S—House अधिपरिषद, प्रबन्ध मण्डली ।

senator (सेनेटर्) **ना.** सेनेटको सदस्य, विधायक, अमरिकाको सेनेटको सदस्य, सेनेटर ।

senatus (सिने'टस्) **ना.** प्राचीन रोमको सेनेट विधान परिषद;—populusque Romanus, छो. क. S. P. Q. R. रोमको सेनेट र प्रज्ञा ।

send (सेण्ड्) **क्रि.** (sent) पठाउनु, भेज्नु; दिनु, प्रदान

गर्नु, गराउनु; चलाउनु, गतिशील गराउनु; वर्खास्त गर्नु (जोर सहित वा विना);—up कुनै खास काम, जाँच इ० को लागि नाम इ० पठाउनु;—down (शिक्षण संस्था, वि. वि. वाट) वर्खास गर्नु, निकाल्नु;—off, विदाइ गर्नु, **ना.** पनि (पुस्तक इ० को प्रशंसात्मक समीक्षा);—for, डाक्नु; किन्नु; झिकाउनु;--coals to Newcastle निरर्थक काम गर्नु;--to coventry (कसैलाई) वहिष्कार गर्नु ।

send, scend (सेण्ड्) **ना.** र **क्रि.** (नौ०;--ed) लहरको भिरालोले दिने घचेट; **क्रि.** (जहाज) सो प्रेरणवाट तल माथि हल्लिनु ।

sendal (सेण्डल्) **ना.** भडकदार पोशाक, पताका, इ० वनाउन चलन हुने मध्ययुगी रेशमी कपडा ।

senega,—ka (सें'निग्या,—का) **ना.** खोकीमा दिइने ओखती, अमरिकाको विरुवाको जरावाट पाइने ।

sene/scent (सिने'सेण्ट्) **वि.** वूढो हुन लागेको; जरित, वृद्धत्वमापन्न;—scence **ना.** वार्धक्य, जरा, जर्जरता ।

seneschal (से'निश्ल्) **ना.** मध्ययुगी दरवारको मुख्य परिचारक; नाइके, खवासे ।

sengreen (सेन्'ग्रीन) **ना.** घर, छाना, मा उम्रने गुलाफी फूल हुने विरुवा ।

senhor, senhora, senhorita (सेन्योर्', सेन्यो'रा, सेन्योरि'टा) (पोर्टुगीज)=श्री, श्रीमती, कुमारी (आदरार्थी सम्बोधन र वर्णन) ।

seni/le (से'नाइल) **वि.** वृद्धत्वको कारणले कमजोरी, विस्मृति, इ० देखाउने; जराजन्य;—lity **ना.** वृद्धत्व, जरा, वार्धक्य, वुढ्याइँ ।

senior (सी'नियर्) **वि.** र **ना.** जेठो, वरिष्ठ, वडो, वडा, प्रवर, अग्रज, ठूलो; the—service (विलायतको नौसेना, सवभन्दा पुरानू भएकोले);—partner संस्थानको प्रमुख;—wrangler (केम्ब्रिज वि. वि. मा परीक्षामा) उच्च स्थान लिने छात्र;—ity **ना.** ज्येष्ठता, वरिष्ठता, वयोज्येष्ठता; **ना.** जेठो, थकाली, रैथाने, (उमेरमा या दर्जामा) ठूलो व्यक्ति, अग्रज ।

seniores priores (सीनिय'रीज़् प्राय'रीज़्) ज्येष्ठहरू पहिले (ल्या०) केटाकेटीलाई ज्येष्ठताको आदर गर्नुपर्ने शिक्षा दिने वाक्य ।

senna (सें'ना) **ना.** मृदु विरेचकको रूपमा दिइने सुकाइएका पात, क्यासिया विरुवाका ।

sennet (से'निट) **ना.** (ऐति०) विगुलको इशारा, वोली ।

sennight (सेना'इट्) **ना.** (आ०) सप्तरात्र, सप्ताह, सातरातको अवधि ।

senor, senora, senorita (सेन्योर्', सेन्यो'रा, सेन्योरि'टा) (स्पानिश०)=श्री, श्रीमती, कुमारी (आदरार्थी र सम्बोधन) ।

sensation (सेन्से'शन्) चेतना, चैतन्य, संज्ञा, वोध, प्रत्यक्षज्ञान, अनुभव; संवेदन, सरगर्मी, हलचल; भावनाको उथलपुथल;—al (-शनल्) **वि.** उत्तेजनायुक्त, सनसनीपूर्ण, आश्चर्यपूर्ण, रुचिपूर्ण;—alism **ना.** (दर्शन०) इन्द्रियवाट मात्र विचार प्राप्त हुन सक्दछ भन्ने सिद्धान्त; साहित्य वा राजनैतिक आन्दोलनमा उद्वेग वा उत्तेजनाको खोजी वा प्रकाशन ।

sense (सेन्स) **ना.** र **क्रि.** इन्द्रिय, ज्ञानेन्द्रिय, पंचेन्द्रिय; (व. व.) व्यक्तिको होश, सामान्य वुद्धि out of (one's) —s होशको लोप भएको अवस्था, वेहोशी; in (one's) senses होशमा; (विषयको) शीघ्र र यथार्थ ज्ञान, अन्तर दृष्टि, को क्षमता; अक्कल, चेत, हेक्का, सुर, गम, सुद्धी, समझ; सातो, होशहवास, अर्थ, तात्पर्य, माने, भाव, शब्दार्थ, शब्दवोध, अक्षरार्थ; जनमत, आम विचार; in a—कुनै पक्षमा; in a pickwickian—विशेष अर्थमा;—body,—capsule,—cavity,—centre (सवै) जन्तुको इन्द्रिय ज्ञान उत्पन्न गर्ने अवयव; **क्रि.** इन्द्रियवाट थाहा पाउनु, वुझ्नु; (खा. ग.) संक्षेप पाउनु;—less **वि.** (खा. ग.) मूर्ख, स्वाँठ, नासमझ, निर्वोध, इन्तु न चिन्तु, अक्कल गुम, वेसुरो, मूर्छित,—lessness **ना.** वेहोशी, लाटोपन, वेसूरो पन;—s **ना.** सातो, सातोपुत्लो, होश, होशहवास ।

sensibility (सेन्सिवि'लिटि) **ना.** ग्रहणसामर्थ्य, सूक्ष्म चैतन्य, आवेशात्मक, संकोच, भावनाहरूको अतिशय व्यक्ति; भावनाको सुकुमारीपन, ग्राही, ग्रहणक्षम; अतिशय चेतनावत्, कोमल हृदय; (व. व.) विभिन्न तर्फमा ग्रहणक्षम ।

sensible (सेन्'सिब्ल्) **वि.** ज्ञानगम्य, इन्द्रिय ग्राह्य, ऐन्द्रिय, ऐन्द्रियक, इन्द्रियगम्य, इन्द्रियज्ञेय, प्रत्यक्ष; अनुभव हुन सक्ने (ठूलो) नाप वा परिमाणको, देखिने, छामिने; (आ०) ग्राही; जान्ने, (विर्सेको होइन); वुद्धिमान, समझदार, मनासीव, प्रज्ञापूर्ण, परिमित, समर्याद, व्यावहारिक ।

sensi/tive (सेन'सिटिभ्) **वि.** र **ना.** इन्द्रियको, सचेतन, चेतनावत्, सूक्ष्मवेदी, सूक्ष्मग्राही, संवेदनशील, सुग्राही, भावुक, भावुकतापूर्ण, शीघ्रचेतन, संक्षोभ्य, लज्जालु, लजिलो, चलायमान (परिस्थितिले प्रभाव पार्ने); (र. शा.) यथायोग्य रासायनिकद्वारा तुरुन्त प्रभावित हुने वा उत्तरदायी हुने; sensitive paper प्रकाशद्वारा छापा उत्पन्न हुने गरी तयार गरिएको, ग्रहणक्षम (गराइएको) पत्र; sensitive market मोलमा चाँडो प्रभाव पर्ने, चलायमान वजार;—tize **क्रि.** आलोकग्राही वनाउनु, ग्रहणक्षम वनाउनु;—tization **ना.** ग्रहणक्षमीकरण;—tizer ग्रहणक्षमकारक;—tometer **ना.** ग्रहणक्षमतामापक; sensitive plant लज्जालु, संकोचन, नमस्कारी;—tiveness, **ना.** ग्राह्यता, सूक्ष्मचैतन्य, शीघ्रवोध, चिढचिढापन,—tivity **ना.** (र. शा., फोटो०, श० क्रि० वि. र मनो.) ग्रहणक्षमता, सुग्राहकता, सुग्राह्यता, विषयग्रहणक्षमता; (मोह.) सुपुप्तिजनक इ. प्रभावग्राही व्यक्ति ।

sensorium (सेन्सो'रियम्) **ना.** (व. व.—ia,—s) चेतना केन्द्र, मस्तिष्क, गिदी र डँडाल्नु वा तिनमा रहेको "खैरो वस्तु"; (प्रा. वि.) स्नायु पद्धतिसमेत सम्पूर्ण संवेदक उपकरण ।

sensory, sensorial (सें'न्सरि, सेन्'सोरियल्) **वि.**

संवेदक, संवेदयितृ ।

sensual (सेन्'शूअल्) **वि.** विषयी, विषयासक्त; कायिक, शारीरिक (आत्मिक होइन) कामी, विषयलोलुप, विषयसुखरत, विषयारक्त ।

sensuous (सेन्'स्यूअस्) **वि.** ऐन्द्रिय;—ness **ना.** ऐन्द्रियता ।

sent (सेण्ट्) **क्रि. send** को भूतकाल र निष्ठा=पठायो, पठाएको ।

sentence (सेन्'टेन्स्) **ना.** र **क्रि.** (आ.) व्यक्तिगत मत, राय, निर्णय; उक्ति, सूत्र, उखान; दण्डाज्ञा, दण्डादेश, दण्ड सजाय; (व्याक.) वाक्य, पदसमूह; simple—सरल वाक्य; complex—जटिल वाक्य; compound—संयुक्त वाक्य; sentential (सेन्'टेन्शल्) **वि.** (विर.) व्याक. मा खुकुलोसँग प्रयोग ज. कि. subordinate—अधीन वाक्य; **क्रि.** दण्डित अपराधीको दण्ड तोक्नु, वा (संक्रमणबाट) दण्डित घोषणा गर्नु ।

sententious (सेन्'टेन्शस्) **वि.** सूत्रमय, लाघवमय, बुद्धिलाघव; सूत्र वा उखानको प्रयोग मन पराउने; लाघव प्रभावपूर्ण लेखशैली लिन खोज्ने; (लेखशैली) आडम्बरसहित ठाडो (नियमनिष्ठ); (व्यक्तिहरू) दम्भपूर्ण नीतिका वचन बोलिरहने ।

sentient (सेन्'शिएण्ट्) **वि.** चेतनशील, इन्द्रियग्राह्यता भएको; चेतोमत् ।

sentiment (सेन्'टिमेण्ट्) **ना.** अभिप्राय, विचार, राय, मत, भाव, भावपूर्ण मत, भावुकता, रस; (कला) कलाकारको सहानुभौतिक अन्तर्दृष्टिले कलावस्तुमा दर्शाइएको प्रभावकारी मन छुन सक्ने गुण, सरसता; सरागता, बुद्धिभन्दा बढी भावनाले दोलाइने प्रवृत्ति, रस; भावात्मक कमजोरी, अतिकारुणिक मन वा सोको प्रदर्शन, कारुणिकता;—al, **वि.** रसमय, रसात्मक, कारुणिक, भाविक, भावुक, सराग;—ality **ना.** कारुणिकता, सरागता; भावुकता,—alize **क्रि.** कारुणिक बनाउनु वा रूप दिनु ।

sentinel (सेन्'टिनेल्) **ना.** र **क्रि.** (—ll—) चपटे, गारद, पाले; लामा डाँठमा आँखा हुने भारतीय महासागरको गँगटो; **क्रि.** रखवारी गर्नु, पहरा दिनु (कवि.); चपटे खटाउनु, राख्नु (अचेल विर.) ।

sentry (सेन्'ट्रि) **ना.** चपटे, पाले, चौकी, पहरादार, चपोट;—board (जहाजमा) चपटेको मन्च;—box चपटे उभिन-सम्म सक्ने सानू घर;—go चपटेको पालोमा हिंडाइ ।

Senussi (सेनूसि') **ना.** ठ. अफ्रिकाको जातिको नाम ।

senza (सेन्'ट्जा) **उ.**=विना, खा. ग. संगीत निर्देशनमा इटा. ।

sepal (से'पल्) **ना.** कोपिलाको गुच्छाको एक खण्ड, गुच्छापत्र ।

separat/e (से'परेट्) **वि.** र **ना.** अलग, नजोरिएको, विभिन्न, वियुक्त, विच्छिन्न, भिन्न, पृथक्, छुट्टा, बेगलै;—ism—**ना.** पृथक्त्व, पार्थक्य;—ist पार्थक्यवादी; separate estate विवाहिता स्त्रीको आफ्नू सम्पत्ति, स्त्रीधन; separate maintenance लोग्नेले अलग भएकी स्त्रीलाई दिइने मानापाथी; **ना.** सामयिक पत्रिकाबाट झिकेर अलग वितरणको लागि छापिएको लेख, इ.; स्त्रीको लुगाको जोर (चोलो, ब्लाउज, स्कर्ट, स्ल्याक, इ.) जो अलगै वा एक्लै लाउन हुन्छ ।

separ/ate (से'परेट्) **क्रि.** पृथक् गर्नु, अलग्याउनु, छुट्याउनु, निफन्नु, विघट्नु, फटाउनु, अलग हुनु, भिन्न हुनु, फिंजिनु;—ator **ना.** पृथक्कारी, विघटक;—arable,—ative, **वि.** विभाज्य, वियोगक ।

separation (सेपरे'श्न्) **ना.** पृथक्करण, विच्छेद, बिछुट, बिछोड, बिछोट, बिजोग, विभाग, विघटन; deed of—**ना.** बंडापत्र ।

sepia (से'पिआ) **ना.** समुद्री सिपीवाल जन्तु (cuttle fish) ले फ्याँक्ने कालो झोल; सोबाट बन्ने खैरो कालो रंग जुन एकरंगा रेखाचित्रमा र पानीरंगमा व्यवहार हुन्छ, मसीरंग; warm—सोको केही रातोसँग मिसिएको रंग; रातो ध्वाँसे रंग ।

sepoy (सी'पॅय) **ना.** सिपाही (खा. ग. पश्चिमहरूले तालीम गरेको स्थानीय सैनिक जवान);—muting सन् १८५७ को भारतीय विद्रोह, गदर ।

seps (सेप्स्) **ना.** माउसुलीको प्रकार; सर्पे माउसुली ।

sepris (सेप्'सिस्) **ना.** (भैष.) पूतीभवन, सडन, रौंकिएको घाउबाट दूषण, रक्तविकार; घाउ पाक्नु ।

sept (सेप्ट्) **ना.** जाति, वंश (खा. ग. आयरल्याण्डमा); (स्कटल्याण्डमा) जातिभित्रको वंश ।

sept—(sept/um—, sept/i) ल्या. septem सातको यौगिक रूप; सप्त septan सात दिने (जरो)—angle सप्तकोण;—ennial सात वर्षे ।

septa (सेप्टा) septum को ब. व. नाकभित्रका विभाजक (जस्तो) ।

septal (सेप्'टल्) **वि.** सप्तको ।

septate (सेप्'टेट्) **वि.** (वन० पशु०, श० वि०) विभाजक भएको; विभाजित, खण्ड भएको ।

September (सेप्टे'म्बर्) **ना.** वर्षको नवौं महीना (अंग्रेजी पात्रोको) ।

Septembrist (सेप्टेम्'ब्रिस्ट) **ना.** (फ्रे० इ०) सन् १७९२ को कत्तलमा भाग लिने ।

septenarius (सेप्टेनेयर्'इयस्) **ना.** (ब. व.—sii) ल्या० श्लोक, छन्द ।

septinary (सेप्टी'नेरि वा सेप्'टिनरि) **वि.** र **ना.** संख्या ७ को वा संबद्ध हुने, सातको आधारले; **ना.** सातको समूह; सप्तांशिक ।

septenate (से'प्टेनेट्) **वि.** (वन०) सात खण्ड भएको, सातवटा उम्रने ।

septennate (सेप्टेन्'नेट्) **ना.** सात वर्षे अवधि (को प्रबन्ध) ।

septet (te) (सप्टेट्') **ना.** सात गायक वा वादकको टोली (को लागि रचना); (संक्र०) सातको कुनै जोर या श्रेणी; सप्तक ।

septi/c (सेप्'टिक्) **वि.** र **ना.** (भैष०) सडनको, वा सडन हुने; दूषित हुने, सड्ने; पाकेको; septic tank जसमा कीटाणुको क्रियाले मलको वियोजन हुन्छ;--city **ना.** विलयनकारिता;—caemia (–सी'मिया) (से. नि.) रक्तविकार; सूतिका ज्वर, सुत्केरी जरो ।

septillion (सेप्टिल्'इयन्) **ना.** दश लाखको सातौं घात; १ पछि ४२ शून्यको संख्या ।

septimal (सेप्'टिमल्) **वि.** संख्या ७ को ।

septime (सेप्'टीम्) **ना.** तरवार खेलको मुद्रा ।

septimus (सेप्'टिमस्) **वि.** सप्तम, सातौं ।

septuagenarian (सेप्ट्यूआजेनेय्र्'इयन्) **वि.** र **ना.** ६९ देखि ८० वर्षको उमेर भएको (व्यक्ति) ।

septuagenary (सेप्ट्यूआजेने'य्र्इ) **वि.** सत्तरीको ।

Septuagesima (सेप्ट्यूआजेसी'मा) **ना.** (—Sunday पनि) Sexagesima भन्दा अघिल्लो रविवार ।

septuagint (सेप्'ट्यूआजिण्ट्) **ना.** प्राचीन संहिता (क्रिस्तानी ओल्ड टेस्टामेण्ट) को ग्रीक पाठ ।

septum (सेप्'टम्) **ना.** (श. वि., वन., पशु.; व. व.—ta) नासरन्ध्रका बीचको, अथवा केस्रे फलका खण्डहरूको बीचमा, रहने जस्तो, विभाजन; nasal—नाकको हाड ।

septuple (सेप्'ट्यूप्ल्) **वि., ना.** र **क्रि.** सातगुना (परिमाण); **क्रि.** सातगुना गर्नु, सातले गुन्नु ।

sepulchral (सिपल्क्'रल्) **वि.** चिहानको, वा निखनन (गाड्ने क्रिया) को; चिहानको संकेत गर्ने, प्रेतक्रियासम्वन्धी अँध्यारो, नरमाइलो, ज. कि.—mound (ढिस्को),—pillar (स्तम्भ);—cust:ms प्रेतक्रियाविधि;—voice डरलाग्दो बोली ।

sepulchre (सि'पल्कर्) **ना.** र **क्रि.** चिहान, खा. ग. चट्टानमा काटेको, वा पक्की; चिहाने गुफा वा गुम्वज; the Holy —जहाँ क्राइस्टको निखनन भएको थियो; **क्रि.** गाड्नु, दफनाउनु ।

sepulture (से'पल्'ट्यु र) **ना.** निखनन, भूमिमा स्थापन, चिहानमा हाल्ने ।

sequa/cious (सेक्वे'शस्) **वि.** (पां.) अनुगामी, स्वातंत्र्य वा मौलिकता नभएको, नोकरे मिजासको, दास मनोवृत्तिको; (वहस, वक्ता, युक्ति) प्रसङ्गरहित होइन, युक्तिसंगत;—city **ना.** अनुगमनशीलता, अमौलिकता, दास्यभाव ।

sequel (सी'क्वेल्) **ना.** शेष, भाग, उत्तर भाग, परिणाम, बैठान, पर्यवसान, अन्त ।

sequela (सिक्वी'ला) **ना.** (रो. नि.; सा. व. व. मा—ae) कुनै रोगावस्थामा देखा पर्ने विकृत अवस्था वा लक्षण ।

sequen/ce (सी'क्वेन्स्) **ना.** अनुक्रम, पछि आउने; कुनै सिद्धान्त वा सजावटमा एकपछि आउने वस्तुको श्रेणी (ज. कि. ताशका चकी), सिलसिला; परम्परा; (तर्क.) कारणत्वको सूचनाविनाको केवल अनुसरण;—t,—tial **वि.** सिलसिलावर, परम्परागत, (सिनेमा.) चलचित्र कथाको घटना जुन क्रमागत रीतिले खिचिएर राखिएको हुन्छ; (व्या.)—of tenses or moods काल र लिट्को सामञ्जस्य, मिलान; (क्रिस्टीयधर्म) भजनको प्रकार ।

sequentes, sequentia (सिक्वे न्'टीज्, सिक्वेन्'शिआ) (छो. क. seq. वा seqq.) ल्या. वाक्य=र पछि आउने पंक्ति, र पछि आउने (पुस्तक इ. को पृष्ठ, पंक्ति, इ. को संकेतमा) ।

sequester (सिक्वे'स्टर्) **क्रि.** अलग्याउनु, छुट्याउनु, अलग राख्नु, पर सार्नु, पन्छाउनु; (का.) (sequestrate (सिक्वेस्'ट्रेट्) पनि) अस्थायी रूपले (ज. कि. ऋणीको जेथा) कब्जा गर्नु; झगडा परेको जेथा झगडियाको कब्जाबाट हटाउनु; (विधवाले) पतिको जायजातमा हक छाड्नु; जफत गर्नु; हातलाउनु, (sequestrate पनि); रोक्का गर्नु ।

sequestr/um (सिक्वेस्'ट्रम्) **ना.** (व. व.—a) ठाउँमै रहेको तर जीवित हाडबाट छुट्टिएको हाड;—al **वि.** छुट्टिएको;—trotomy **ना.** अस्थिकर्तन ।

sequin (सी'क्विन्) **ना.** प्राचीन भेनिसको सुनको सिक्का; लुगामा सिउने चाँदी, कृष्णप्रस्तर, बेलूर इ. को सिक्का जस्तो बुट्टा ।

sequoia (सिकोइ'आ) **ना.** अमरिका (क्यालिफर्निया) को लालकाठको अति अग्लो रूख ।

serac (सेऱ्याक्) **ना.** हिमनदी ठाडो ठाउँमा विभाजित हुने स्थूलाकार टुक्रा ।

seraglio (सेरा'लियो) **ना.** (व. व.—s) इस्तानबूलको सरकारिया कार्यालयहरूसमेत रहेको भित्ताले घेरेको सुलतानको दरवार; अन्त:पुर ।

serai (सेराइ'वा सेर'हिं) **ना.** सरायखाना, पौवा, पाटी ।

serang (सेऱ्यांग') **ना.** मल्लाह, जहाजी ।

serape (सेरा'पे) **ना.** स्पेनिश अमरिकनहरूले ओढ्ने दोसल्ला वा कम्वल ।

seraph (से'राफ) **ना.** (व. व.—im,—s) दैवी व्यक्ति, देवदूत:—ic **वि.** दिव्य, अमानुष ।

seraphine (से'राफीन्) **ना.** हार्मोनियमको शुरूको रूप ।

seraskier (सेरास्किएर्') **ना.** (टर्कीको) सेनापति, युद्धमंत्री, इ.;—at **ना.** युद्ध मंत्रालय ।

Serb (सर्ब्) Serbian (सर्बियन) **वि.** र **ना.** सर्बिया देशको (वासिन्दा, भाषा) ।

Serbonian bog (सर्बो'नियन बॅग्) **ना.** इजिप्टको नीलनदीको मुहान भूमि र सुएजको बीचमा अघि रहेको खतरनाक धाप; (अलं.) वच्ने उपाय, रक्षा, नभएको कठिन परिस्थिति ।

sere, sear (सियर्) **ना.** र **वि.** वन्दूकको घोडा पूरा वा आधा तयारीमा राख्ने उपकरण, यंत्र; **वि.=sear** सुकेको, दोब्रिएको, धुब्रेको ।

serein (सन्यान') **ना.** अयनवृत्त प्रदेशमा विनाबादल पर्ने

सिमसिम पानी ।

serenade (सेरिने'ड्) **ना.** र **क्रि.** प्रेमीले प्रेयसीको झ्यालमा गाइने वा बजाइने सन्ध्या गीत; **क्रि.** सन्ध्या गीत गाउनु वा बजाउनु;--r **ना.** सन्ध्या गायक वा वादक ।

serenata (सेरिना'टा) **ना.** (संगी.) ग्राम्य विषयको समूह गीत; वाद्य समूहको सरल रूपको संगीत ।

serendipity (सेरेन्डि'पिटि) **ना.** अचानकमा सुखी र आशा नगरिएका आविष्कारहरू गर्ने क्षमता ।

seren/e (सरीन्') **वि., ना.** र **क्रि.** (आकाश, हावा, इ) सफा र शान्त, प्रशान्त; (समुद्र) सम्म, विशद, विना उथलपुथल; शान्त, अनुद्विग्न, अक्षुब्ध; (अप.) all—ठीक ! **ना.** आकाश, समुद्र, को शान्त विस्तार; **क्रि.** (कवि.) (आकाश, भौं, भृकुटी, इ.) शान्त गराउनु;—ity, **ना.** प्रशान्ति, प्रसाद, निर्मलता ।

serf (सर्फ्) **ना.** दास, बाँधा, करिया; शोषित व्यक्ति, हीन नोकर;—dom **ना.** दासवृत्ति, दास्य ।

serge (सर्ज्) **ना.** उनी कपडा, सर्जे; silk—भित्रीमा काम लाग्ने कपडा ।

sergeant,—j— (सा'र्जेण्ट) **ना.** (ऐति०)—at-law उच्चकोटिको वकील; (सेना.—g—छो. क. sgt.) फौजमा ड्रिल (अभ्यास) गराउने, कमाण्ड गर्ने, इ० काम गर्ने अपत्रित दर्जाको अधिकारी, सारजङ्ग; (प्रह०) प्रहरी अधिकारी;—j—at—arms मुख्यत: वैधिक कर्तव्य गर्ने दरबार, संसद वा नगरपालिकाको अधिकारी; common—लण्डनको अदालती कर्मचारी ।

sergette (सर्जेट्') **ना.** पातलो सर्ज ।

serial (से'रिय्अल्) **वि.** र **ना.** श्रेणीको, बनाउने, क्रमिक, यथाक्रम, क्रमानुसारी, संख्याक्रमिक; ज. वा.—ity (सेरिय्रिया'लिटि) क्रमिकता;—rights क्रमिक प्रकाशनको सत्ता, ज. वा. —ist सत्ताधारी; **ना.** क्रमिक पत्रिका; क्रमिक कथा, क्रमिक प्रकाशन; माला;—number क्रमसंख्या ।

seriate,—ated (से'रिय्अट्,—एटिड्) **वि.** seriate (से'रिय्एट्) **क्रि.** श्रेणीबद्ध (गर्नु), क्रमिक तरीकाले (सजाउनु) ।

seriatim (सेरिऽ्या'टिम् वा सेरिय्—) **क्रि. वि.** एकपछि अर्को, क्रमसंग, यथाक्रम ।

Seric (से'रिय्क्) **वि.** (अलं० इ०) चीनिया ।

sericeous (सिरि'शस्) **वि.** (वन०, पशु) रेशमी वा साटनको तह भएको; नरम र टल्किने; टलकदार भुत्ला भएको ।

sericulture,-ciculture (से'रि (सि) कलच्योर्) **ना.** रेशमी कीरा पालन; काँचो रेशमको उत्पादन ।

seriema (सेरिई'मा) **ना.** परिस्फुट मधुर आवाज गर्ने बकुल्लो समान ब्राजिलियन चरो जो सर्प खान्छ ।

series (सेय्र्ईज्) **ना.** (ब. व. उही) श्रेणी, माला, पंक्ति, समूह; in—क्रमिक परम्परामा; (पुस्त०) सामयिक पत्रिकाको क्रमिक प्रकाशन, एकै विषय वा लेखकका लेखश्रेणी; एकै शीर्षक वा आकारका स्वतंत्र पुस्तकहरूको श्रेणी, माला; (भूतत्व०) समान लक्षणको पत्र; (र० शा०) समान गुणका तत्वहरूको श्रेणी; (गणि०) समान सम्बन्धद्वारा परिमाण निर्धारित हुने, वा श्रेणीबद्ध पदहरू रहेको संख्या माला; (विद्युत०) हरेक सकारात्मक विद्युतद्वारलाई अर्को नकारात्मक द्वारमा जोरेर श्रेणीबद्ध तुल्याएको कोष (ब्याटरि) श्रेणी; (पशु०) सम्बन्धित जात, श्रेणी, परिवार, इ० को संख्या ।

serif (अचेल विर०), ceriph (से'रिफ्) **ना.** अक्षर लेख्ने ढाँचा, अक्षर लेख्दा तेर्सो डिको लेख्ने चलन; (सो नभएको sauserif) ।

serigraphy (सेरि'ग्राफि) **ना.** रेशमी पर्दाद्वारा छपाइको रीति ।

serin (से'रिन्) **ना.** मध्य योरपको सानू जातको (फिस्टो जस्तो) चरा ।

serinette (सेरिनेट्') **ना.** पिंजडाका चरालाई गाउन सिकाउने यंत्र, सानू वाद्य पेटी, इ० ।

seringa (सेरि'ङ्गा) **ना.**=syringa; ब्राजिलको खण्ड रूखको किसिम ।

serio-comic (सेरिय्ओ—कॅ'मिक्) **वि.** गम्भीर र ठट्टाको मिश्रण, ठट्यौलीको अभिप्राय भई गाम्भीर्य हालेको वा सोको उल्टो; धीर—हासकर ।

serioso (सेरिओ'सो) (संगी० निर्दे०) गम्भीरतासाथ (इटा०) ।

serious (सेय्र्'इयस्) **वि.** विचारशील, उद्युक्त, धीर, शान्त, उत्तरदायी; चपल होइन, क्षुद्रतामा लाग्ने होइन; महत्वपूर्ण, विचारणीय, बडा, क्षुद्र होइन, खेलवाड होइन; सरल, ठट्ठा वा व्यङ्ग होइन; लापरवाहीसाथ वा टपर्टुय्याँ होइन, साँच्चिको; धर्म वा सदाचारसम्बन्धी, सांसारिक वा ऐहिक होइन; (अचेल मुख्य०) धार्मिक, धर्मभीरु, मोक्षपट्टि लागेको;—poltician एकाग्रसँग राजनीतिमा लाग्ने;—thought साँच्चिको विचार, ध्यान;—illness साह्रो, कडा, असाध्य, बीमारी, सिकिस्ती;

seriph (से'रिफ्)=serif अक्षरमा ढाँचा, हाल्ने काइदा ।

serjeant (सा'र्जेण्ट्)=sergeant **ना.** सारजङ्ग ।

sermon (स'र्मन्) **ना.** र **क्रि.** धार्मिक प्रवचन (मुखाग्र वा लिखित, खा. ग. पादरीले गिरजामा गर्ने), धर्मोपदेश, धर्मव्याख्यान; s—on the Mount क्राइस्टले गर्नुभएको; प्राकृतिक वस्तु वा घटनाले मनमा उब्जाउने नैतिक विचार; चेतावनी, गाली, नसीहत, खा. ग. लम्बे उपदेश ।

sero— (सिय्र्यो—) serum मेदसको यौ० रूप;—purulent मेदसपूयी;—sanguinolent मेदस रक्तीय ।

serotine (से'रोटिनस) **ना.** कटुसररंगे योरपीय चरो ।

serotinous (सेरोटि'न) **वि.** (वन०) मोसिमको पुछारमा देखा पर्ने ।

serous (से'य्र्स्) **वि.** मेदसी, मेदस्वी ।

serpent (सर्'पेण्ट्) **ना.** सर्प, लामकीरो, नाग, अनन्त; the s—शैतान; (अलं०) धोखेबाज व्यक्ति, खा. ग. खराब

उद्देश्यले अर्काको मनपेट पाउने; Pharaoh's—सानू रासायनिक आतसबाजी जुन सल्काएपछि लामू सर्प जस्तो गुडुल्किएको खरानी पार्दछ;—charmer साँपुरो, मदारी;—ine **वि.** वक्र, कुटिल, नागवेली, धूर्त, धोखेबाज, विश्वासघाती;—ine windings (खोला, बाटो, इ०) घुम्ती; the S—ine लण्डनको हाइड पार्कको नागवेली पोखरी;—ine **क्रि.** नागबेली परेर चल्नु, हिंड्नु, बग्नु ।

serpiginous (सर्पि'जिनस्) **वि.** (रो नी.) लूतो, दाद, भएको; (चर्म रोग) एक ठाउँबाट अर्को ठाउँ घस्रिने, सर्ने ।

serpula (सेर्य्'प्यूला) **ना.** (ब. व.—ae) रंग बिरंगका कुटिल, चूनीला नलमा बस्ने जल कीरा ।

serra (से'रा) **ना.** (श. र., वन. पशु०; ब. व.—ae) दाँते अवयव, रचना वा छेउ ।

serradilla (सेराडि'ला) **ना.** भूसाको लागि लाइने घाँसको जात ।

serrate (से'रेट्) **वि.** (सेरेट') **क्रि.** (मुख्य० श० र०, वन० वा पशु०) करौंती जस्तो दाँते; **क्रि.** खा. ग. वि० ॐ निष्ठा० मा करौंतीको दाँत जस्तो छेउ, किनारा, पार्नु, दन्तुरित ।

serri—(सेरि—) **serra** को यौ० रू०=दाँते ।

serried (सेरिड्) **वि.** (सिपाही, रूख, को लहर, जमात) काँधसँग काँध, काँध काँध जोरेर; विना भङ्ग वा छिद्र ।

serrulate (से'रूलेट्)**—ated** (—लेटिड्) **वि.** मिहीन दाँत परेको, सानासाना टुक्रा काटेर झिकेको ।

serum (सी'रम्) **ना.** मही, वसा, वपा, मेदस्, रगत पानी, चर्मसार; प्रतिअन्तर्विप वा रोगघ्नकारकको रूपमा रक्त मेदस्; पानिलोजीव रस;—sickness कहिलेकहीं सीरम इञ्जेक्शन दिंदा छालामा उच्छ्रने वा ज्वर उठ्ने ।

serval (सेर्य्'भल्) अफ्रिकाको वनविडाल ।

servant (सर्य्'भ्याराट्) **ना.** नोकर, चाकर, अहलकार, टहलुवा,ताबेदार, किङ्कर, करिया, पराधीन, केटो, केटी, चेरी, नोकर्नी, कोठामोचे, द्वारे, भृत्य, सेवक, अनुचर; भक्त, अर्काको तावेमा बस्न मञ्जूर गर्ने; प्रेमी (स्त्रीको); public—जागीरदार, सरकारी कर्मचारी; civil—निजामती सेवाको सदस्य; outdoor—घरबाहिरको नोकर, ज. कि. बगैंचे, सैस, इ०; indoor—घरभित्रको नोकर, नोकर्नी, ज. कि. बैठके कोठामोचे; the—question, problem नोकर पाउने, राख्ने वा तिनका उपर काबू राख्ने समस्या;—s hall ठूला घर, दरबार, मा नोकर चाकर जम्बा हुने अनुचर कक्ष ।

serve (सर्य्भ्) **क्रि.** र **ना.** नोकरी गर्नु, चाकरी गर्नु, सेवा गर्नु; तामेल गर्नु, हुनु, पुग्नु; (खाना) रच्नु, पस्कनु, सेवनु, सेवन गर्नु; व्यवहार गर्नु बेहोर्नु, (दण्ड) भोग्नु; (कागत पत्र) दिनु, पेश गर्नु; तामेल गर्नु; (टेनिस) बल (प्रथम बार) हान्नु;—one's ends (आफ्नू) दुनो सोझ्याउनु; serve (him) right (खुशीको बोली) ठीक भो! स्वाद पायो! serving man नोकर;—serving woman, maid सुसारे; **ना.** (टेनिस इ० मा) प्रथम पटक बललाई हान्ने घात, सेवा; सो गर्ने पालो;—ry **ना.** खाना बाँड्नालाई राख्ने कोठा, जहाँबाट सो खानेहरू समक्ष पुऱ्याइन्छ ।

Servian (स'र्भियन्)=**Serbian** (सन् १९१४ सम्म—vian बढता चलतीको); रोमका राजा सर्भियस टुलियसको (जसले बनाएको पर्खालका अवशेष ठाउँ ठाउँमा अझै खडा छन्) ।

service (से'र्य्भिस्) **ना.** र **क्रि.** नोकरी, चाकरी, सेवा, सेवा संरक्षण, टहल, तावेदारी, परिचर्या, परिकार, सुसार, खिदमत; (आम, सरकारी) सेवा; fighting—s सशस्त्र सेना; public—s आम सेवा; civil—निजामती सेवा, secret—गुप्त सेवा; on—काममा; in—सेवाकालीन नोकरीमा; in active—सो नोकरीमा वास्तवमा लागेको सक्रिय सेवामा, (युद्ध) साँच्चै लडाइँको काममा लागेको, pre—प्राक् सेवा; see—नोकरीको अनुभव गर्नु; (वाच्य०) सो सेवामा जारी हुने, ज. कि.—rifle; व्यक्तिको समर्पण, ज. कि. at your—; O. H. M. S. चिठीमा छाप लाउने सूत्र; कर्तव्य, सेवा, काम, उपकार, मेहनत; personal—सलाम बजाउने सामन्ती प्रथा; menial—निम्न सेवा; willing—उत्साही सेवा; yeoman's—चाहिने बेलाको सेवा; has seen—धेरै काम दिएको, खिएको; काम, मदद; (धार्मिक विधि) पूजा वा प्रार्थनाको लागि भक्तजनको समूह, प्रार्थना सभा; (का०) तामेल (कागत पत्र, समन, इ०);—by publication, substitution टाँसेर, प्रकाश गरेर, वा स्थानीय व्यक्ति वा छिमेकीलाई हस्तान्तरित गरेर (हामीमध्ये गोबरले दैलो वा रूखमा टाँसेर); personal—तोकिएको व्यक्तिलाई यसो यसोको कागत भनी बुझाएर; खाना पस्किने भाँडा ज. कि. रिकाबी, कचौरा, थलिया, इ०; सवारीका साधन, रेल, जहाज, वायुयान, बस, इ० को श्रेणी वा सेवा; (टेनिस) बलको प्रथम हिर्काइ, सेवा;—सेवा गर्दा बलले नाघ्न नहुने रेखा; वस्तुको उत्पादक वा विक्रेताले क्रेता वा ग्राहकलाई सो वस्तुको हेरचाह र चलनमा दिने सल्लाह वा मरम्मत इ० को सेवा, ज. कि. मोटर गाडी, बरफ कल, बेतार यंत्र, इ०;—area सेवाक्षेत्र (रेडियो स्टेशनको प्रसारण राम्ररी सुनिने क्षेत्र, सेवा क्षेत्र);—dress रोज रोज लाउने (उर्दी) पोशाक, वर्दी (जङ्गी पोशाकको विप०)—flat खण्ड जसमा नोकरको सेवा र खाना व्यवस्थापनले जुटाउँछ;—hatch जुन सानू प्वालबाट खाना खाने कोठामा ल्याइन्छ;—pipe घरभित्र ग्यास वा पानी ल्याउने नल; **क्रि.** विक्रीपछि (कुनै वस्तुको) हेरचाह र आवश्यक मरम्मत गर्नु;—cing **ना.** मरम्मत, हेरचाह ।

service **ना.** (सा०—tree) सानू आरु जस्तो पाकेपछि खाने फल हुने योरपको रूखको जात ।

serviceable (सेर्य्'भिसेब्ल्) **वि.** योजनीय, काम लाग्ने, काम दिने; टिकाउ, रोज रोजको कामलाई उपयुक्त; सप्ठेरो, अनुकूल, सर्दो ।

serviette (सेर्य्भिएट्') **ना.** टेबलपोश ।

servi/le (सेर्य्'भाइल् वा-भिल्) **वि.** दासेय, दासोचित;

—letter अर्को अक्षरको उच्चारण मात्र देखाउने, अरू केही काम नहुने, अक्षर; दब्बू, ज्रुन्रे, हातजोड्डुवा, कमारे, पूरासँग निर्भर;—lity **ना.** भृत्यता, भृत्यत्त्व, भृत्यभाव, दास्य, अतिलालन, अत्यनुरोध;—imitation भेडिया धसान; ज्रीँगा टँसाइ ।

servitor (सेय्र्'भिटॅर्) **ना.** अनुचर, पिठ्ठू, पछिलग्गू, नोकर, (आ० कवि०) (अक्स. वि. वि.) विद्यालयवाट छात्रवृत्ति पाउने र सामान्य नोकरको काम गर्ने अस्नातक विद्यार्थी ।

servitude (सेय्र्'भिट्यू्ड्) **ना.** दास्य (अक्ष. वा अलं.); मातहत, खा. ग. अनिच्छापूर्ण, कुनै मालिकप्रति; बन्धन; penal —सख्त मेहनतसहितको कारावास, बिलायतमा सन् १९४८ देखि खारिज; (का.) अचल सम्पत्तिले बाटो दिनुपर्ने कर ।

servo—motor (सर्भो'मोटर्) **ना.** सहायक मोटर वा चालक, खा. ग. जलयंत्रको उल्टाउने साज काममा ल्याउने उपकरण ।

sesame (से'सामि) **ना.** तिल; open—(अरब रातको कथा) साधारणतः अगम्य ठाउँमा पुग्न (वा प्राप्त गर्न) उच्चारण गर्ने जादूको वा रहस्यपूर्ण वाक्य ।

sesamoid (से'सामॉयड) **वि.** तिल जस्तो, डल्ले (खा. ग. स्वतंत्र हाडहरू); **ना.** त्यस्तो (घुँडाको) हाड ।

seseli (से'सलि) **ना.** सेतो गुच्छा फूल हुने बाह्रमासे बिरुवाको जात ।

sesqui—(सेस्क्वि—) ल्या० **उ.**=डेढ ज. कि. र. शा.—oxide, इ. जसमा नाम गरिएको तत्वको तीनको साथ अर्काको दुई अंश रहन्छ; गणितमा सोही अनुपात जनाउने;—centennial डेढ सयौं जयन्ती;—pedalion (शब्द) डेढ फूट लामो, भद्दा र पांडित्यपूर्ण ।

sess (सेस्)=cess **ना.** उठती, कर, तिरो ।

sessile (से'सिल्) **वि.** (वन०, पशु०) (फूल, पात, आँखा, इ०) डाँठ वा काण्ड, नली, नभई आफ्नै पिंधमा जोरिएको ।

session (से'श्न्) **ना.** बसाइ, बसेको आसन (।र०); विचारशील वा अदालती काम काजको लागिको उपस्थिति, बैठक, उपवेशन, अधिवेशन, म्याद, अवधि, सत्र; in—बसेको; quarter—s **वि.** अधिवेशनीय, सत्रीय, बैठकको;—al order (बिलायतको) संसदको त्यस अधिवेशनमा मात्र लागू हुने आदेश ।

sesterce (सेस्'टर्स्) sestertius (सेस्टर्'शश्) (ब. ब. —ii उ० सेस्टर्'शिआइ) **ना.** प्राचीन रो. रौप्य मुद्रा; sestertium (सेस्टर्'शम्) (ब. ब.—ia) प्रा. रो. दाम ।

sestet (सेस्टेट्') **ना.**=sextet छ जना गायक वा वादक; सनेट कविताको अन्तिम ६ पंक्ति ।

sestina (सेस्टि'ना) **ना.** कविताको प्रकार, ६ । ६ पंक्तिका ६ श्लोक र अन्तिम पंक्तिमा उही शब्द, तर विभिन्न काइदासँग राखिएको हुन्छ ।

set (सेट्) **क्रि.** (set) राख्नु, खडा गर्नु;—foot पाइला हाल्नु, चाल्नु; लगाउनु; तयार गरेर राख्नु, घुमाउनु, ठीक पारेर राख्नु, तयार गर्नु; जोर्नु, बाँध्नु, अड्याउनु; (कपाल) चिसोमा मिलाउनु (सुकेपछि जस्ताको तस्तो लहरे परी अड्ने गरेर); अह्राउनु, काम गराउनु, काम थाल्नु, सम्मठ कस्नु,कस्सिनु, तम्सिनु;आदर्शको रूपमा,वा काम गर्ने सामान ज्रैँ,प्रदर्शन गर्नु;—(to music) संगीत हाल्नु, लय दिनु; (कुनै वस्तुले) भर्नु; (तरल वा नरम अवस्थाबाट) जम्नु, साह्रो हुनु; आकार लिनु, विकसित हुनु; (क्षितिजमनि) डुब्नु, अदृश्य हुनु, श्रेष्ठताको अन्त हुनु, लोप हुनु; (भेल, लहर, धार इ० वा भावना, चलन, इ०) चलायमान हुनु, वेग वा वल बढनु, सोहरेर अघि बढ्नु; (शिकारी कुकुर) शिकार भेट्टाएपछि अरठ्ठ भएर उभिनु; (नर्तकहरू) साथीको सामने उभिनु; (लुगा) जीउमा मिल्नु; (कोही खेलमा) खेलको नतीजा निर्णय गर्ने अंक तोक्नु;—(thing) against सन्तुलन गर्नु;—alarum, alarm खोजेको टाइममा बज्ने गरी मिलाउनु;—an example उदाहरण देखाउनु;—apart अलग राख्नु, पन्छयाउनु;—aside हटाउनु, अलग राख्नु;—bone, leg, joint (भाँचिएका) टुक्राहरू ठीक ठाउँमा मिलाउनु (तानतुन पारेर, इ०);—by जोगाउनु, पछिको लागि राख्नु;—clock or watch मिलाउनु, सियो ठीक ठाउँमा राख्नु;—close नजीकै, बीचमा सानू अन्तर भएको;—diamond इ० जड्नु;—eggs माउ बस्ने गरी सजाउनु;—fair (मौसिम) राम्रो, अड्ने ढाँचाको, नटुट्ने;—foot टेक्नु;—fracture मिलाउनु; hard—साह्रोसंग जमेको;—hen फुल कुर्न लाउनु;—on **वि.** मसक्क आँटेको, कसिएको;—(one's) cap at—(प्रणयको इच्छाले) आफूतिर तान्न खोज्नु;—paper प्रश्नपत्र बनाउनु; quick—(ज्राडीको विशेषण) ज्राङ, जीउँदो बिरुवाबाट बनेको;—sail (डुङ्गा, जहाज) रवाना हुनु;—scene ठोस वस्तुको बनेको दृश्य; sharp—भोकाएको, आतुर;—shoulder to wheel कडा प्रयत्न गर्नु;—smile अलग, स्थिर;—speech अघिबाटै तयार गरेको;—store मूल्य गर्नु;—table खाना राख्नु;—(one's) teeth कस्नु; —teeth on edge दाँत कुँडिनु, खिन्याउनु;—the Thames on fire ठूलो कुरा (पराक्रम) गर्नु; thick—नजीकै बढेको, मोटो, भद्दा; **ना.** मोटो कपडाको प्रकार; बाक्लो ज्राडी वा ज्राङ;—वा—up type (मुद्र०) शब्दहरू टाइपमा राख्नु;—up book इ० टाइपमा हाल्नु; **क्रि. वि.** वा उ. सँगको प्रयोग;—about तरखर गर्नु, आरम्भ गर्नु;—back रोक्नु वा उल्टाउनु, (उप०) (व्यक्तिलाई) यति खर्च लाग्नु;—down लिखितमा हाल्नु, (आफूलाई) वर्णन गर्नु; —forth घोषणा गर्नु, यात्रा प्रारम्भ गर्नु;—forward प्रगतिमा सगाउनु;—in स्थापित हुनु, चलन हुनु, उठ्नु;—off जडानको काम गर्नु, बढाउनु, प्रष्ट गराउनु: हाँस्न वा आफ्नू फतफत थाल्ने गराउनु (व्यक्तिलाई); बाटो लाग्नु;—on **क्रि. वि.** उत्तेजना दिनु, उक्साउनु, हातहाल्न अघि सर्नु; (उ०) (कुकुर, इ०) लगाउनु, सेइ सेइ गर्नु;—out सिंगार्नु,

राम्रो पार्नु, प्रदर्शन गर्नु, निस्कनु, प्रस्थान गर्नु;—up गठन, रचना, शारीरिक व्यायाम र तालीमले शरीर बनाउनु, खा. ग. निष्ठा० मा a well—up man; (व्यक्तिको) स्थापना (गुजारा हुने गरी) गरिदिनु;—up for (केही पेशाको) दावा गर्नु ।

set (सेट्) **ना.** समान गुण वा लक्षण भएका वस्तु वा व्यक्तिको श्रेणी, दल, गूट, समूह;—of teeth आफ्नै वा नकली, बनाएको दाँत; dinner—खाने भाँडा, रिकावी, प्लेट, इ०; (टेनिस इ०) एकाङ्कीमा गनिने खेल समूह जुनमध्ये आधाभन्दा बढी जितेमा त्यो पक्षलाई एक अंक दिइन्छ, सेट;—point टेनिसमा खेलको त्यो अवस्था जसमा एक प्वायण्ट जितेमा सेट जितिन्छ;—of exchange विनिमयको पहिला, दोस्रा, इ० प्रति सबैलाई समावेश गर्ने विनिमयको समूह; रोप्ने ढुसो वा मुण्टो; सूर्य वा दिनको अस्त, अलप, गुम, अन्त; प्रवाह, हावा मतको दिशा, वेग वा प्रवृत्ति; बनोट, रचना, स्वाभाविक मुद्रा, शिर वा अन्य अंगको ढाँचा, जीउमा लुगा रहेको काइदा; लगातारको दवाव, थिचाइ, इ० ले दिएको मोड, बङ्ग्याइ, वा थिचो; करौंतीका दाँतहरूको माझको फेर, दूरी; भित्ताको रंगको आखिरी (माथिल्लो) तह; कोइलाखानिमा भैं थाम्ने काठको घेरा; गुँडमा अण्डाको संख्या, चरोले कुर्न बस्ने फुलको संख्या; कुकुरले शिकारको सामने जीउ अरठ्ठ पारेर उभिएको, धे. ज. dead—, make a dead—(संक्र०) जाइलाग्नु, खा. ग. युक्ति वा गिल्लाद्वारा; पत्थरको छाप्ने ढुङ्गा; औजार, रेखको किसिम; (नाट्यशाला) तयारी दृश्य, (सिने०) बनाएको दृश्य; रेडियो ग्राहक;—back प्रगतिको रोकावट वा उल्टाइ, फर्काइ; —-down तेजोवध, फटकार;—-out प्रारम्भ, सजावट, खाद्य, भाँडाकुँडा, वा सामानको प्रदर्शन;—-to भिडन्त, खा. ग. मुठ्ठीले;—-up दहरोपन (जीउको), (बो. चा.) संस्थान, संगठन, को रचना वा बनोट;—(stone) (पत्थर) जडाउ, जडान ।

setaceous (सिटे'शस्) **वि.** जगरदार, जगर जस्तो, ठाडो छोटो रौं हुने ।

setiferous, setigerous, setose (सीटि'फेरस्, सीटि'जेरस्, सीटोज्') **वि.** जगर भएको, जगरदार ।

seton (सी'टन्) **ना.** (शल०) स्युरन, बत्ती, दुई टुप्पो बाहिर छोडी छालामन्तिर राखिएको कपासको सूत, इ०; खा. ग. पशुचिकित्सामा;—needle सो स्युर्ने सियो ।

set square (सेट् स्क्वायर) **ना.** विभिन्न कोण भएको काठ वा धातुका गक्रशाकार वा विद्यार्थीका उपकरण, समकोणक ।

sett (सेट्) set को सट्टा कहीं कहीं र खा. ग. प्राविधिक अर्थमा प्रयोग हुने रूप ।

settee (सेटी') **ना.** एकभन्दा बढी व्यक्ति बस्न हुने गरी बनाएको लामू आसन, दोहोरा आरामी कुर्सी; दुई वा तीन मस्तूल भएको भूमध्य सागरीय चुच्चे डुङ्गा ।

setter (से'टर) **ना.** शा० अ०, खा. ग. लामू रौं भएको जातको कुकुर शिकारको गन्ध पाउनासाथ अरठ्ठ भएर खडा हुन तालीम गरिएको, ताक गर्ने;—on उत्तेजक, उक्साउने ।

setting (से'टिङ्ग) **ना.** शा० अ०, खा. ग. गीतको संगीत; पत्थर, मणि, को धातु वा अन्य जडान; (संक्र०) कुनै वस्तु जडिए ञैं व्यक्त गराउने चारैतिरको चीज; (नाटक०) दृश्य, सामान, पोशाक इ० समावेश गरी खेल मञ्चमा प्रदर्शित हुने ढाँचा;—board जसमा कीराको प्रतिरूप जडिन्छन्;—lotion (केश) जमाउने रस ।

settle (से'ट्ल्) **ना.** अग्लो आड र हात, र धे. ज. आसनदेखि भैंसम्म सन्दूस ञैं बनेको बेञ्च ।

settle (से'ट्ल्) **क्रि.** स्थायी वासको लागि बस्नु; थामिनु, अचल हुनु, अड्नु, निश्चिनु; प्रवास वा उपनिवेश स्थापना गर्नु, बसाइँ सर्नु, बसोबास गर्नु, आवाद गर्नु; बस्नु; (जमीन, जग, इ०), तल्लो तहमा आउनु; थेग्रिनु; सामना गर्नु, स्थिर गर्नु, बन्दोबस्त गर्नु, इदमित्थ गर्नु, तिर्नु, छिन्नु, सुल्झिनु, फच्च्याउनु, खुट्याउनु, ठहराउनु, फर्स्याउनु, चुकाउनु, तय गर्नु, (व्यक्तिलाई) ठीक गर्नु; बर्खासन तोक्नु, दिनु; ज्यूनी दिनु;—d वि. ख, इदमित्थ;—d order स्थिति; ship—s जहाज बस्न थालेको छ; settle (person's) hash or business त्यसको अन्त, स्वाहा, गरिदिनु;—ing day चुक्तीको दिन, खा. ग. शेयर बजारको पक्षको सो दिन ।

settlement (से'टल्मेण्ट्) **ना.** सघान, इदमित्थ, किनारा, ढङ्गो, फछर्योट, फारख, भुक्तान, चुक्ती, फट्टा, राफसाफ, निपटारा, शा० अ०, खा. ग. (का०) दान दातव्यको खास बन्दोवस्त, (marriage—दाइजोको प्रबन्ध); बस्ती, नयाँ आवादी; (घर, भित्ता, इ० को) बसाइ; Act of S—सन् १७०१ को बिलायतको मुकुट बारेको प्रबन्ध गर्ने कानून; छिनाफाना, छिनछान, छिनफान, रफासफा, भुक्तानी, निधो, वेमाख ।

settler (सेट्'लर्) **ना.** शा० अ० खा. ग. नयाँ आवादीमा बस्न जाने व्यक्ति, प्रात: उपनिवेशमा बस्न जाने वासिन्दा; (अप०) निर्णायक घटना, युक्ति, वा आघात; (का०) सम्पत्तिको दान दातव्य गर्ने व्यक्ति ।

settling (सेट्लिंग) कृ०—down, बसाइँ, जमावट, थान्कोमान्को ।

seven (से'भन्) **वि.** र **ना.** सात, the—sages सप्तर्षि; the—sleepers २०० वर्ष सुत्ने कथित व्यक्ति, the—virtues, deadly sins, wonders of the world इ० सात प्रसिद्ध कुराहरू;—league boots १० कोसे जुत्ता, बूट; seventy times—ठूलो अनिश्चित संख्या; **ना.** संख्या ७; सप्तक;—th **वि.** र **ना.** सातौं (महीना, दिन); in the—th heaven सर्वोच्च आनन्द, स्वर्ग, मा; दंगदास; **ना.** सातौं भाग;—thly **क्रि. वि.** सातौं;—ty **वि.** र **ना.** सत्तरी; संख्या ७० ।

sever (से'भर्) **क्रि.** छुट्ट्याउनु, विभाजन गर्नु, अलग गर्नु, छिन्नु, टुटाउनु, विच्छेद गर्नु, असंयुक्त गर्नु, वियोजन गर्नु; काट्नु, चुँड्नु, झिक्नु; (का०) (सामूहिक मामलामा व्यक्तिले) अरूको वास्ता नगरी पैरवी गर्नु;—ance **ना.** विच्छेद, विभेद,

छिनाइ ।

several (सेभ्'रल्) वि. र स. ना. भिन्न, पृथक्, विभिन्न, छुट्टै, बहु, क्रमिक, व्यक्तिगत; collective and several responsibility सामूहिक (संस्थाको रूपमा) र व्यक्तिगत (व्यक्तिको रूपमा) दायित्व; joint and—bond प्रत्येकलाई पूरा रकम लाग्ने गरी एकभन्दा वढी व्यक्तिको दसखत भएको;—estate एकलौटी; कोही; २ भन्दा वढी तर धेरै होइन; स. ना. थोरै, अघि भनिएको मध्ये दुईभन्दा वढी तर धेरै होइन;—ly क्रि. वि. पृथक् पृथक् , छुट्टा छुट्टै, वेग्ला वेग्लै ।

severalty (सेभ'न्याल्टि) ना. व्यक्तिगत वा वण्डा नभएको जेथा, सा० in— ।

sever/e (सिभिय़र्') वि. (—er,—est) तीक्ष्ण, कठोर, उग्र, निष्ठुर, दारुण, सख्त, साह्रो, कडा, मापाको, निर्घात, उखरमाउलो, उखुम, दुःसह, घोर, कठिन; सादा, श्रृङ्काररहित, संयमशील, संक्षिप्त, विनाआधिक्य; व्यङ्ग वा व्यङ्गोक्तिपूर्ण;—ely क्रि. वि. निर्घातसँग; leave—ely alone एकदम बेवास्ता गर्नु; (ठ. पनि) कठिन, असाध्य, भनी टाढा राख्नु—ity ना. कठोरता, काठिन्य, कडिकडाउ, चापाचाप, सिकिस्त, उग्रता, दुःसहता ।

severy (से'भरि) ना. (स्थापत्य०) गुम्मजदार सीलिङ्गको खण्ड ।

Seville orange (से'भिल् ऑरिञ्ज) ना. मोसम ।

sevres (से'भ्र्) ना. फ्रान्सको सेभ्रमा बनेको सेतो माटाको माल ।

sew (सो) क्रि. (**sewn, sewed** उच्चा० सोन्, सोड्) सिउनु, सिउरनु, सुर्कनु;—ing (सो'इङ्ग) सिलाइ, सूचीकर्म, स्यूति; टाल्नु (प्वाल, फोटो, घाउ, इ०), घेर्नु, बाँध्नु;—(one) up (अप.) लस्त पार्नु (खा. ग. निष्ठा. मा) नशा लाग्ने गराउनु, जाँड ख्वाउनु; सिउने कल चलाउनु;—ing machine सीवन यंत्र, स्यूति यंत्र ।

sewage (सि'.वेंज्) ना. र क्रि. ढूँड वा नालमा रहने वस्तु, मैला;—fa m जसमा मैला मलको रूपमा व्यवहार हुन्छ, खा. ग. सहरको गन्दा र फोहोरलाई काम लाग्ने मल बनाई किनारा लगाउँछ;—grass त्यसरी मल हालेको जमीनमा उम्रने घाँस, मल घाँस; क्रि. मैलाको मल हाल्नु ।

sewellel (सि़वेले'ल्) ना. अमरिकाको पश्चिमी तटको सानू भैं खन्ने दंशक जनावर ।

sewer (सो'.वर्) ना. सिउने ।

sewer (सि'.वर्) ना. र क्रि. मल निर्गम, ढूँड, नाल, मोरी; सहरको पानी र मल फोहर लैजाने (खा. ग. ढाकेको वा बन्द) नाल;—gas त्यस्तोमा उत्पन्न हुने दूषित ग्यास वा वायु;—rat साधारण खैरो मोटो मुसो; क्रि. (पानी) निथार्नु, (मैला) निकास्नु, ढूँड हाल्नु, बनाउनु ।

sewin,-en (से'विन्) ना. माछाको (भोज्य) प्रकार ।

sewn (सोन्) **sew** को भू. का. र निष्ठा. ।

sex (सेक्स्) ना. लिङ्ग; पुंलिङ्ग, स्त्रीलिङ्ग वा नपुंसकलिङ्गको हुनु;—less वि. अयौन;—lessness ना. अयौनता;—y वि. लिङ्ग अथवा यौन कुरासँग ज्यादा सम्बन्धित, पुरुष वा स्त्रा (सामूहिक तौरले); the—(ठ.), वा the fair, gentle, softer, weaker—स्त्रीजाति; the sterner—पुरुष जाति; (वाच्य.) लिङ्गभेदवाट, वा सोको विचारवाट उत्पन्न हुने, ज. कि.—angle यौनकोण;—antagonism यौन विरोध;—instinct यौन सहज ज्ञान;—urge यौनप्रवृत्ति;—appeal लिङ्गभेदवाट जागृत हुने आकर्षणशीलता, वा मन पर्नु ।

sex (सेक्स) क. कॉ. **sexi** पनि ल्या० **sex** को यौ० रू०= षष्ट;—angle षट्कोण,—centenary षड्शताब्दिक;—digitate छ औंले;—(i) valent (र. शा.) हाइड्रोजनको छ परमाणुसँग मिल्ने, ६ वटा यौगिक तुल्याङ्क भएको ।

sexagenarian (सेक्साजिनेय़िर'यन्) वि. र ना. ५९ देखि ७० वर्षसम्मको (व्यक्ति) षष्टिवर्षीय ।

sexagenary (सेक्साजे'नरि) वि. ६० को, ६०/६० गरेर ।

Sexagesima (सेक्साजे'सिमा) ना. (—Sunday पनि) क्रिस्तानी पात्रोमा खास रविवार ।

sexagesimal (सेक्साजे'सिमल) वि. र ना. साठियाँ, ६० को, ६०/६० गरेर ।

sexillion (सेक्सि'लियन्) ना. दश लाखको छैटौं घात, १ पछि ३६ शून्य; (अमरिकामा) हजारको सातौं घात, १ पछि २१ शून्य ।

sext, sexte (सेक्स्ट्) ना. (क्रि. धर्म.) दोपहरमा गरिने छैटौं पूजा, भजन ।

sextain (सेंक्स्'टेन्) ना.=**sestina** ल्या. कविताको प्रकार ।

sextan (सेक्स्'टन्) वि. (ज्वर) हरेक छैटौं (पाँच दिन विराएर) दिन आउने ।

sextant (सेक्स्'ट्याण्ट) ना. नाविक विद्यामा चलन हुने यंत्र, वस्तुहरूको कोणिक दूरता नाप्ने यंत्र; कोणिक यंत्र ।

sextet (te) (सेक्स्'टेट्) ना. ६ स्वर, गायक, वाद्ययंत्र, वा वादकहरूको सामूहिक संगीत वा रचना; (संक्र. ६ को कुनै समूह ।

sextillion (सेक्स्टि'लियन्) ना. **sexillion**, दश लाखको सातौं घात ।

sexto (सेक्स्'टो) ना. (ब. व.—s) कागत ६ पटक दोब्याएर बनेको पुस्तक ।

sextodecimo (सेक्स्टोडे'सिमो) ना. (छो. क. 16 mo, सा. उच्चा. सिक्स्'स्टीन् मो) १६ पत्र पारी दोब्याएको कागत; त्यसरी दोब्याउने तरीका (in—); त्यसरी दोब्याएर बनेको पुस्तक ।

sexton (सेक्स्'टन्) ना. गिरजाघर र कब्रिस्तानको जिम्बा दिइएको अधिकारी; पौरोहित्य प्रदेशको कारिन्दा र चिहान खन्ने पनि हुन्छ ।

sextuple (सेक्स्'ट्यूप्ल्) वि., ना. र क्रि. ६ गुना

(परिमाण); (ब. व.) एकै पटक जन्मेका ६ बालक; **क्रि.** ६ गुना गर्नु ।

sextus (सेक्स्'टस्) छैटौं (विद्यालयमा उही नामको लडका) ।

sexual (सेक्स्'यूअल वा सेक्'शुअल्) **वि.** लिङ्गको, यौनिक, लैंगिक, मैथुनिक, मैथुन्य, पुरुष र स्त्रीजातिहरूको;—organs जननेन्द्रिय;—intercourse वा commerce सुरत, मैथुन, रतिक्रिया, संभोग;—affinity विपरीत लिङ्गका दुई व्यक्तिको पारस्परिक आकर्षण, लैंगिक आकर्षण;—selection; लैंगिक वरण (प्रा वि. मा छनोटको अनेक रीतिमध्ये एक);—appetite, indulgence कामुकता, रतिक्रियामा असंयम; (वन. वर्गीकरण गर्दा) बिरुवामा लिङ्गभेदमा आधारित, ज. वा. —ist लैंगिकविद्;—ity **ना.** लैंगिकता ।

sexualiz/e (सेक्स्यू'आलाइज् वा सेक्शू'अलाइज्), sexualise (—जाइज्) **क्रि.**····· लाई लिङ्गको आरोप गर्नु, ज. वा. —**ना.** लिङ्गारोपण ।

sforzando (स्फॅर्ट्स्या'ण्डो) **सं. नि.** अचानकको जोरसँग ।

sfumato (स्फूमा'टो) **वि.** (चि०) अस्पष्ट रूपरेखासहित, धमिलो छेउको ।

shabb/y (श्या'बि) **वि.** चुत्थो, नीच हेलाँयोग्य, तुच्छ, बेइज्जतको (played me a—trick); बद्धमुष्ठि, छुच्चो; खिएको, झ्याङ्गप्वाले, सूत्रदरिद्र, भत्केको, जीर्ण, झुत्रो, मरम्मत खोज्ने, खराब अवस्थाको;—-genteel झुत्रे भलाद्मी, असल अवस्थाको चिन्ह भएको, अरूको अगाडि इज्जत राख्न खोज्ने; —iness **ना.** कार्पण्य, मालिन्य, झुत्रोपना ।

shabrack (श्याब्'र्‍याक्) **ना.** रिसल्लाको जीन पोस ।

shack (श्याक्) **ना.** भद्दा कुटीर, कटेरो ।

shackle (श्याक्ल्) **ना.** र **क्रि.** शृंखला, मुन्द्री, कडी (ताल्चाको), जोड्ने कडी; हतकडी वा नेलका मुन्द्रा जोड्ने लामू कडी; (ब. व.) नेल, फन्दा, अवरोध, बन्धन (अलं० पनि, ज. कि. the -s of convention रूढीको बन्धन); तारको खम्बाको पृथक्कारक;--bolt कडीलाई बन्द गर्ने छिस्किनी, वा छेउमा कडी भएको छिस्किनी;--joint (माछामा) कडी जोर्नी; **क्रि.** नेल हाल्नु, रोक्नु, थुन्नु, फँसाउनु, यातना दिनु ।

shad (श्याड्) **ना.** भोज्य माछाको प्रकार ।

shaddock (श्याड'क्) **ना.** मलेय या पलिनेशियामा हुने गहौं मोसम किसिमको फल, भोकटे, भगटे ।

shade (शेड्) **ना.** र **क्रि.** छाया, छहारी, ओझेल, दोछायाँ, सियाँल, आभा, टक, सेप, आड, (अलं०) सापेक्षिक निष्प्रभता; रंगको गहिराइ, गाढापन वा हलुकापन; (ब. व.) रक्सी राख्ने छिडी, साँझमा रात्रिको अन्धकार; तस्वीरको अँध्यारो भाग (light and—उज्यालो र छहारी); रङ्गको गाढापन all—s, lighter--; सानू फरक, सानू परिमाण; अतथ्य वा असार वस्तु; मृत्युपश्चात्‌को आत्मा, प्रेत; उज्यालो वा गर्मी छेक्ने छेक, पर्दा वा ढकना; sun--(छाता), lamp—, light–टक छेक्ने आँखाको बचाउ; झ्यालको झिलमिल; **क्रि.** छेक्नु; छोप्नु, सेप्नु, छाया पार्नु; अँध्यारो पार्नु; (चित्रमा) उज्यालो र छाया पार्नु, ज. वा. shading छायाकरण; रंग, उज्यालो र (अलं०) मत, राय, इ० विस्तारै अर्को रंग वा ढाँचामा बदलिनु, (रंग) लाई अर्कोमा बदल्नु ।

shadoof (शडूफ्') **ना.** एकतिर वजन र अर्कोतिर बाल्टिन भएको पानी तान्ने इजिप्टको नोल ।

shadow (श्या'डो) **ना.** र **क्रि.** छाया, छहारी; सियाँल, कोठा, तसवीर, इ० को अँध्यारो भाग; (अलं०) व्यक्तिको अटूट साथी वा अनुचर; प्रतिबिम्बित आकार; आदर्श, पूर्वाभास, फिका चित्रण; लेश; असार वा अतथ्य वस्तु वा नकल; भूत, प्रेत; विजन, एकान्त, निष्प्रभता, कान्तिक्षय; आश्रय, रक्षा, छत्रछाया;--boxing कल्पित प्रतिद्वन्द्वीको विरुद्ध;--cabinet (विरोधी दलले आफू सत्तामा आएमा विभाग दिने तजबीज गरेका व्यक्तिहरूको) छाया मंत्रिमण्डल;--factory युद्ध परेमा संभाव्य जगेरा उत्पादनको लागि योजना गरेको कल्पित कारखाना;--less **वि** छायाशून्य, अपच्छाया, छायारहित;—y **वि.** छायारूप, असार;--iness **ना.** छायारूपता; **क्रि.** छाया पार्नु, छायाले छोप्नु; अस्पष्टसँग देखाउनु; रूपरेखा, भविष्य बोल्ने, वा आलङ्कारिक रूपले देखाउनु वा भन्नु; पीछा गर्नु, लखेट्नु, चियो गर्नु ।

shady (शे'डि) **वि.** छायालु, सियाँली; (काम, चालचलन, व्यवस्था) उज्यालो नरुचाउने, गर्हित, बेइज्जतको, बेईमानीको; वढी, ज. कि. on the—side of forty ४० को बढीपट्टि ।

shaft (शाफ्ट्) **ना.** भालाको पातलो डण्डा; वाणको (लामू) डाँठ, (अलं०) पनि ज. कि.—s of satire; प्रकाशको किरण; चट्याङ्गको घात, वज्रपात; डाँठ, धड, आधार र शिरको बीचको खम्बा, भैंमा (आधारको लागि) गाड्ने खम्बा, गुच्छा परेको खम्बाको समूह, गजूर, छानामाथिको धूवाँकसको भाग, प्वाँखको हाडिलो, (करंगे) भाग; अरू भागलाई आड दिने वा अड्याउने मसिनू, लामू र सोझो भाग; (यंत्र०) ठूलो धुर, घुम्ने डण्डा; ज्यावलको बींड; (गाडा बग्गीको) वम; खानिको सोझो वा तेर्सो खनाइ (खनन); झोक्का भट्टीको सोली (Ventilating—पनि, =सुरुङ्ग, नाल, इ० बाट संवातन गर्ने, वा दूषित हावा वा धूवाँ जाने ठाडो रंध्र (बाटो) ।

shag (श्याग्) **ना.** खस्रो वा जटा परेको रौंको गुजुल्टो; खस्रो काटेको तमाखु, लुँडी, लुँडो, सुर्ती, सिठ्ठी; जुरेगिद्ध ।

shaggy (श्या'गि) **वि.** झ्याप्पल झुप्पल, झ्यापुल्ले, भुत्ले, झ्यापुलझ्यापुल, लोमश, जगल्टे, खस्रो रौं भएको, रूक्ष; (रौं) खस्रो, बाक्लो, नकोरिने, नकोरिएको; (जमीन, इ०) जङ्गल वा खस्रा बिरुवाले ढाकेको; (रूख) खस्रा हाँगाबिंगा भएको; (वन० पशु०) फल, फूल, जन्तुलाई ढाक्ने गरी उम्रने नरम साना रौं ;—dog (बो. चा.) लामू अर्थ न बर्थको हाँसो उठ्ने कथा ।

shagreen (श्याग्रीन्') **ना.** विभिन्न पशुको नकमाएको

छाला, जुन कृत्रिम दानादार बनाइन्छ र धे. ज. हरियो रँगाइन्छ; टल्काउने काममा चलन हुने शार्क माछाको छाला ।

shah (शा) **ना.** बादशाह, इरानको सम्राट ।

shake (शेक्) **क्रि.** (shook, shaken) र **ना.** हल्लाउनु, हल्लनु, काम्नु, घचवच्याउनु, झट्कार्नु, हुँडल्नु, रयाल्नु, टकटक्याउनु, उद्विग्न गराउनु, बिथोल्नु, आघात पार्नु; कमजोर पार्नु, बिगार्नु, अस्थिर वा अस्थायी बनाउनु, डगाउनु (साहस); (बोली, संगीत स्वर) कमाउनु, कंपमान गराउनु, गद्गद;—n हल्लिएको, हल्लेको, तर्सेको, स्वस्थ, सुस्थ;—hands हात मिलाउनु;—(one) by the hand हात मिलाउनु;—a mat चटाई, कार्पेट पिट्नु, चुट्नु;—a leg नाच्नु, (आज्ञा०) (बो. चा. मु० अम०) हात मिलाउनु !;—down खसाल्नु (रूखबाट फल); **ना.** अनाज इ० सकभर सानू ठाउँमा, कसेर; (बो. चा.) भण्डाफोर;—off पिण्ड छुटाउनु, हटाउनु;—out खन्याउनु, खाली पार्नु;—up मिसाउनु, सम्याउनु (तकिया, इ० हल्लाएर); **ना.** मिसिएको, जटिल भएको, परिस्थिति; हल्लाइ, कम्पन; (ब. व.) कम्पज्वर; दूधको गिलास, वा दूधमा अण्डा फेटेको milk—; स्वरकम्पन; मुहूर्त (in two —s), अति चाँडै; बढ्दो रूखको चिरो; (अप०) no great —s केही ठूलो वा दक्ष वा उत्तम होइन;—out (विनिमय बजार) संकट जब साना व्यापारीहरू बजारबाट हटाइन्छन्;—up हल्लाइ, वा हल्लाइनु ।

shaker (शे'कर्) **ना.** शा० अ० (पनि) गरेको धार्मिक नाचको ढाँचाबाट नाम लिने एक अर्वाचीन क्रिस्तानी सम्प्रदाय ।

Shak(e) spe(a) rian (शेक्सपिय्रि'यन्) **वि.** र **ना.** शेक्सपियरको (शैलीमा); **ना.** शेक्सपियरको शिष्य, छात्र या विद्यार्थी ।

shaking (शे'किङ्) **ना.** (ओखती) आधवन, हल्लाइ ।

shako (शे'को) **ना.** (ब. व.—s) चुच्चो र छोटो ठाडो कल्की भएको बिर्के ढाँचाको सैनिक टोपी ।

shaky (शे'कि) **वि.** अस्थिर, चंचल, काँप्ने, कम्पायमान, कमजोर, ओसार, खोट भएको, अविश्वसनीय, धरमराउने, डगमगाउने, चलायमान ।

shale (शेल्) **ना.** स्लेट जस्तो पातलो पाता सजिलोसँग झिक्न सकिने माटे पत्थरको किसिम ।

shall (शल्, श्ल्) सहायक **क्रि.** भविष्यकालसूचक; संकल्पसूचक; दुई चार विविध वाक्य रचनामा सहायक it should seem जस्तो देखिन्छ; I should like म चाहन्छु, I should worry ! यसको मलाई वास्तै छैन;—do हुन्छ, गर्छु ।

shallon (श्यालून्') **ना.** स्त्रीको लुगा, काटेको भित्री, को कपडा ।

shallop (श्या'लप्) **ना.** हलका खुला डुङ्गा ।

shallot (-l-) (श्यालट्') **ना.** प्याजको बिरुवा ।

shallow (श्या'लो) **वि.** (-er,—est) **ना.** र **क्रि.** गाध, छिछरा, छिपछिपे, नगहिरो, अगम्भीर, थोरै गहिराइको; खोक्रो, (अलं० पनि) बोक्रे, खोक्रो (बुद्धि, टाउको);—ness **ना.** अल्पजल; **ना.** गाधस्थल; (ब. व.) सैकत, पुलिन, छिछलो; **क्रि.** छिछलो पार्नु, गाध पार्नु ।

shalt (श्याल्ट्) shall को ए. व. मध्यम पुरुष ।

sham (श्याम्) **क्रि.**, **ना.** र **वि.** नकल गर्नु, बहाना गर्नु, स्वाँग पार्नु, बूझ पचाउनु, ज. वा.—mer **ना.** नकले; **ना.** छल, ठगाइँ, ब्याज, नकल, बहाना; sheet, pillow—तन्ना, खोल जस्तो पारी दिउँसो बिछौनामा राख्ने सूती कपडा, छल तन्ना, छल तकिया; **वि.** नकली, कपटी, झुट्टो;—fight तालीमको लागि नकली लडाइँ;—plea अदालतमा केवल समयको लागि उठाइएको बुँदा, नकली पैरवी;—ignorance on understanding बूझ पचाउनु ।

Shamanism (श्या'मनिज्म्) **ना.** साइबेरिया प्रान्तका जातिहरूको श्यामन वा पुरोहितहरूले प्रभाव गर्न सक्ने गौण देवहरूमा विश्वास राख्ने धर्म; श्यामनवाद ।

shamble (श्या'म्बल्) **क्रि.** र **ना.** खुट्टा घिसारेर वा भद्दासँग वा कुप्रेको ढाँचासँग हिंड्नु वा दौडनु;—ling gait कुप्रे हिंडाइ; **ना.** कुप्रे हिंडाइ; खुट्टा फट्याएर हिंडाइ, बांगो ।

shambles (श्याम्'ब्लज़्) **ना.** (ब. व. तर ए. व. प्रयोग); बगरेको मारहान्ने ठाउँ, मारकाटको दृश्य; (खु०, खा. ग. पत्रकारको प्रयोगमा, औं रक्तपातको संकेतविना) रण्डाखाल, लठीवज्र; भाचाकोसी, कसाईखाना, वधस्थान, ध्वस्त भएको ठाउँ ।

shame (शे'म्) **ना.** (अपराध वा दोषको ज्ञानले उठ्ने) मानभंग वा लाजको भाग; लाज, लज्जा;—less **वि.** निर्लज्ज, लाज नभएको, लज्जाशून्य; लज्जाहीन, निछली, नकटा, नकटी, छिचरो, भाँड, नकच्चरो, लाजपचाएको;—lessness **ना.** नकच्चन्याइँ, छिहिल्ल्याइँ, अपमान, कलंक वा बेइज्जतको अवस्था; लाज पार्ने व्यक्ति वा वस्तु;—ful **वि.** लज्जापूर्ण, लाजको, लाजलाग्दो; for—! लाजको डरले, लाज राख्नालाई, to put to—लाजपार्नु; आबरू, व्रीडा, लाज, शरम, मस्काइ ।

shame (शे'म्) **क्रि.** लाज मान्नु, लज्जित पार्नु, खिज्याउनु; गिज्याउनु, लजाउनु, नकच्चन्याउनु ।

shamefaced (शेम्'फेस्ट्) **वि.** लजालु, लजिलो, लाजमान्ने; (कवि. गुण, फूल, इ.) नम्र, पछि हट्ने, अप्रत्यक्ष; लुत्रुक्क परेर, संकोची;—ness (शेम्'फेसिड्नेस् वा शेम्'फेस्टनेस्) लज्जायुक्तता, लजिलोपन, अघि नसर्ने चाला ।

shammy, **shamoy** (श्या'मि, श्या'मॅय)=camois=साभर ।

shampoo (श्याम्पू') **क्रि.** र **ना.** (मूल अर्थ, अचेल विर.) तातो स्नानपछि अंग मिच्ने या मालिश; (टाउको, कपाल) साबुन लाएर दल्नु, पखाल्नु; **ना.** कपालको संवाहन, मर्दन; dry —कपाल सफा पार्ने मद्यसार परेको तरल साबुन; सोही प्रकारको धूलो, त्यसरी कपालको तलास वा संवाहन ।

shamrock (श्याम्'रॅक्) **ना.** आयरल्याण्डको राष्ट्रिय चिन्हको रूपमा तीन पाते बिरुवा ।

shamus (श्या'मश्) **ना.** जुफिता, चेवा ।

shandrydan (श्यान्'ड्रिड्यान्) **ना.** हलका दुई पांग्रे गाडा; पुरानू थोत्रो सवारी ।

shandy (gaff) (श्यान्'डि (ग्याफ्) **ना.** बियरमा जिन्जर बियर, लेमनेड्, इ. मिसाएको मिश्रित पेय ।

shanghai (श्याङ् गाइ') **क्रि.** (नौ. अप.) ओखती ख्वाएर लागेको बेलामा मल्लाह बनाई जहाजमा भर्ना गर्नु; हरण गरेर नौसेनामा हाल्नु ।

shank (श्याङ्क्) **ना.** र **क्रि.** खुट्टा; S—s' mare आफ्नै गोडा (घोडा चढ्नाको विप.) घुँडादेखि गोलीगाँठासम्मको खुट्टा, पिंडौला, पिंडौले हाड, चराको पंजामाथिको खुट्टाको भाग, फूलको डाँठ, मोजाको गोडा, खम्वाको डण्डा, ज्यावलको टाउकोदेखि बींडसम्मको भाग; साँचो, चमचा, लङ्गूर; इ. को डाँठ; माछा अङ्कुशको सोझो भाग; बूटको तलुवाको साँगुरो मध्यभाग; ज. वा.—ed (श्याङ्क्'ट्) **वि.** खुट्टा, डाँठ वा डण्डी भएको; **क्रि.**—off (फूल, इ.) डाँठ गलेर खस्नु; (गल्फ खेल) बललाई डण्डीको कुर्कुच्चाले हिर्काउनु ।

shanny (श्या'नि) **ना.** लामू योरोपीय मैलो हरियो रंगको माछाको प्रकार ।

shant (शा'ण्ट्) shall not को छो. क.=हुने छैन, गर्ने छैन, इ० ।

shantung (श्यान्'टङ्ग्) **ना.** धे. ज. नरंगाएको काँचो (अपरिष्कृत) चीनिया रेशम ।

shanty (श्यान्'टि) **ना.** छाप्रो, झुप्रो, चुत्थो घर डेरा; नाविक वा मल्लाहको गान, सामुद्रिक गान, खा. ग. जहाजको काम (पाल खिच्दा, इ०) मा सामूहिक तवरसँग गाइने ।

shape (शे'प्) **क्रि.** (निष्ठा—d, आ०—n) सृष्टि गर्नु, बनाउनु, रचना गर्नु; ढाँचा बनाउनु, आकार बनाउनु, साँचोमा ढाल्नु, खोजेको आकार वा रूप दिनु; अनुकूल पार्नु, अनुरूप पार्नु, योजना गर्नु, तरकीब गर्नु; लक्ष गर्नु, दिशोन्मुख गराउनु; सोच्नु, मनले ठम्याउनु, कल्पना गर्नु, भविष्यको रूपरंगको आभास दिनु (—s well); **ना.** आकार, रूपरंग, छाँटकाँट, मूर्ति, रूप, आकृति, अनुहार; मूर्तरूप, ठोस चित्रण; किसिम, प्रकार, वर्णन; निश्चित वा सौष्ठव आकार, नियमित सजावट, उचित परिस्थिति; अस्पष्टसँग देखिने धमिलो आकार, भूत, प्रेत; कर्मीको लागि साँचो वा नमूना, टोप बनाउने साँचो; साँचोमा जमाउने बर्फी, जेली, इ०; अभिनेताले शरीर चाहिने माफिक बनाउन लगाउने अस्तर वा गद्दा ।

shape/ly (शेप्'लि) **वि.** सुसंगठित, सुरूप, सुसंमित, रुचिकर आकारको; रूपवती;—liness **ना.** सुरूपता ।

shaper (शे'पर्) **ना.** शा. अ., खा. ग. खराज गर्ने, रण्डालाउने, छाप्ने, साँचोमा ढाल्ने, इ. क्रिया गर्ने यंत्र ।

shard, sherd (शर्ड) **ना.** (आ.) खपडा, खपटा; गोब्रेकीरोको पखेटाको ढकना ।

share (शेय्र्) **ना.** भाग, अंश, बोटी, हिस्सा, जिउनी;—and—alike बराबर गरी (भागशान्ति) विभाजन; lion's—सबभन्दा ठूलो भाग, मुँडेभाग; आफूले पाउने वा चढाउने अंश; (सम्पत्तिको) अंश, कम्पनी वा कोठीको अंश, हिस्सा; deferred—s जसमा कम लाभांश तोकिएको मिति वा घटना पछि मात्र दिइन्छ; स्थगित अंश; Preferance वा Preferred—s जसमा तोकिएको लाभांश सामान्य अंशमा दिने अघिबाटै दिइन्छ, प्राथमिक अंश;—holder अंश (हरू) को धनी, दैयादार, अंशधारी, साझेदार, भागी, सझौटा, अंशियार;—list विभिन्न कम्पनि वा संस्थाहरूका अंशको प्रचलित मूल्य सूची;—croper बटैयादार; फार, फाली; अन्य यंत्रको त्यही प्रकारको भाग;—beam हलो;—confiscation अंश सर्वस्व ।

share (शेय्र्) **क्रि.** भाग लाउनु (खाना, अंश, इ०), आफ्नू भाग दिनु, लिनु; भाग वा अंश लिनु, अरूसँग भोग गर्नु; साझेदार हुनु;—out बाँड्नु; **ना.** (दातव्य संस्थाको) वितरण ।

shark (शार्क्) **ना.** र **क्रि.** नक्रराज, नक्रहारक, (अलं०) लुटेरा, ठग; land—जमीनमा ओर्लेका जहाजीहरूलाई ठग्ने व्यक्ति; (विद्यार्थी अप.) अति तेज विद्यार्थी;—oil नक्रको कलेजोबाट पाइने र कड लिभर तेल झैं प्रयोग हुने;—'s-mouth, पाल इ. मा खम्वा, काँटा, छिराउने प्वाल; **क्रि.** ठग वा चलाकीले जीउने बन्नु, अर्कामाथि जीउनु; बेईमानी वा छलसँग कमाउनु; लोभले खानु, बुजो लाउनु ।

sharp (शार्प्) **वि.**, **ना.** र **क्रि. वि.** तीखो टुप्पो वा धार भएको, धारिलो, भुत्ते होइन; चुच्चे, टुप्पे, छेउ परेको स्पष्ट, ठाँडो, कुना परेको (मोड, ओह्रालो, इ.); तीक्ष्ण, पिरो, अमिलो, कट्ठ, तीव्र, कर्कश, कडा, दुःखदायी; चलाक, भावमय, तीव्रमति, कुशल, सावधान, चाँडो बुझ्ने; फाइदा उठाउनमा चतुर, जित्नाको इच्छुक; छट्टू, असांकोची, बेईमान; जोरदार, छिटो, ढीलो होइन, जोशिलो; as—as a needle अति चलाक;—sighted टाढा देख्ने;—practice छट्टू काम, बेईमानीको आभास भएको;—edged तीक्ष्ण, निशित धार;—pointed तीक्ष्णाग्र, सूच्यग्र;—set तीव्र क्षुधाग्रस्त, भोकाएको, तम्सेको;—shooter लक्ष्यवेधी, निशानबाज;—en **क्रि.** तिख्याउनु, तिखार्नु, चुच्चो पार्नु, उज्याउनु, धार लाउनु,—ener **ना.** तिख्याउने, ताछ्ने, चुच्चोपार्ने; **क्रि.** तिखार्नु, तिख्याउनु, धार लाउनु; (ताशमा) झेल गर्नु, ठग्नु, छल्नु; ज. वा.—er **ना.** ठग, छली, झेलाहा ।

shatter (श्या'टर्) **क्रि.** (एक्कासि टुक्रा टुक्रा हुने गरी) फोर्नु, चकनाचूर पार्नु, चर्ल्यामचुर्लुम पार्नु, भाँच्नु, ध्वंस पार्नु, साफसँग बिगार्नु, क्षय गर्नु, क्षीण हुनु ।

shave (शेभ्) **क्रि.** (निष्ठा—d, र मुख्य **वि.** को रूपमा —n) र **ना.** खौरनु, खप्रनु, मुड्नु, बनाउनु, कत्रनु; ताछ्नु, रण्डा लाउनु (काठ इ.), ज. बाट—ing (रण्डा लाएको काठको) त्यान्द्रा, छ्याकन; नछोईकन नजीकबाट जानु, घुम्नु, अलिकतिले नछुनु, झण्डै दरफन्याउनु; **ना.** क्षौर, मुण्डन, मुडाइ, हजामत, खौराइ; सम्पर्क, जोडाइ, बिनाको निकट आगमन; अलिकतिले बाँच्नु, भाग्नु, नजोरिनु, नछुनु; दुवै छेउमा

धार भएको चक्कू; छल, धोखा, ठगाइ;—hook धातुमा रसायन गर्नुअघि कोर्ने ज्यावल; shaving brush दाही बनाउने बुरुश; shaving horse रण्डाले ताछ्ने काठलाई दुइतिर थिच्ने काँटा भएको बेञ्च;—n **वि.** छिन्न, छिन्नकेश ।

shaveling (शेभि'लिङ्ग्) **ना.** (आ.) मुडिएको मानिस, जोगी, पुरेत, महन्त, इ. ।

shaver (शे'भर्) **ना.** शा. अ., (पनि) (बो. चा.) ठिटो, लडका, खा. ग. young— ।

Shavian (शे'भियन्) **वि.** नाटककार जर्ज बर्नंड शाको शैलीको, ऐ. को अनुगामी ।

shaw (शॉ) **ना.** (आ. र कवि.) झाडी, जङ्गल, बूटा; (स्क.) कुनै बिरुवा, ज. कि. आलू, सलगम, इ. को बोट वा पात ।

shawl (शॉल्) **ना.** र **क्रि.** त्रिकोण पारी दोब्र्याएर आङ छोप्ने चारखाने लुगा, ओढ्ने, खाष्टो, दोसल्ला, चौसल्ला, धुस्सा, बर्को, (मजेत्रो), फर्दा; **क्रि.** दोसल्ला ओढाउनु;—dance दोसल्ला नाच (जसमा नर्तकले दोसल्ला हल्लाउँछ);—pattern खा. ग. पूर्वी दोसल्लाको विभिन्न प्रकारको बुट्टा वा बान्की ।

shawm (शॉम्) **ना.** जिहाल जडिएको हाल लुप्त वाद्ययंत्र ।

shay (शे) **ना.** (आ., ठ. वा ग्रा.)=chaise एक्का वा जोडी बग्गीको प्रकार ।

she (शी) **स. ना., ना.** र **वि.** उनी, तिनी (स्त्री वा स्त्री गरी चर्चा गरिने वस्तु); **ना.** स्त्री, आइमाई; two—s and a he (कुकुरका) दुई पोथी एक भाले छाउरा; **वि.** स्त्री, ज. कि.—goat,—bear ।

shea (शी) **ना.** वनस्पति नौनी दिने प. अफ्रिकाको रूखको जात ।

sheading (शे'डिग) **ना.** म्यान टापूको छमध्ये कुनै प्रशासकीय विभाजन वा क्षेत्र ।

sheaf (शीफ्) **ना.** (ब. व.—ves) र **क्रि.** मुठो, मुठ्ठा, कल्ली, अँगालो, गुच्छा; **क्रि.** मुठो पार्नु, मुठा बाँध्नु, बोझा, बाँध्नु;—binder कल्ली पार्ने, बोझा बाँध्ने, यंत्र ।

shear (शिय्र्) **क्रि.** (भ. का.—ed, आ. shore; निष्ठा shorn, विर.—ed) र **ना.** तरवार इ. ले काट्नु; (कवि०) कैंची वा कतर्नीले) काट्नु, कत्रनु; (भेडा बाखा) रौं काट्नु; लुछ्नु, कत्रनु, भुत्ल्याउनु, खुइलिनु, भुस्सिनु, बोक्रिनु;—cloth कपडाको गद्दा, भुत्ला, इ. कत्रनु; (अलं०) नाङ्गो पार्नु, धुत्नु; (सामान, भवन, इ.) कुनै खास जमीनको पत्रका उपरको दबावले गर्दा बाङ्गिनु वा भाँचिनु;—water **ना.** नीचा गरी उड्ने समुद्री चराको प्रकार;—er **ना.** लोमच्छेदी, कर्तक; (ब. व.) कर्तक (दुई काट्ने धार जोडिएर केही वस्तु काट्ने गरी बनेको यंत्र);—steel त्यस्तो काट्ने औजार बनाउने इस्पातको जात; (यंत्र.) वस्तुको रचनामा दबावले उत्पन्न गरेको तोड वा विकृतिको अवस्था; shorn भुस्सिएको, बोक्रिएको, मुडुलो ।

shearling (शिय्र्'लिङ्ग) **ना.** एकपटक रौं कत्रेको भेडा ।

sheatfish (शीट'फिश्) **ना.** अलिनो पानीमा हुनेमा योरोपको सबभन्दा ठूलो माछाको जात ।

sheath (शीथ्) **ना.** (ब. व. उच्चा.—द्ज्) कसिएको खोल, खा. ग. दाब, दाप, म्यान; (वन., पशु. श. वि.) छोप्ने जालो, तन्तु, काँचुली, कोष, दला, कुरकुरे खोल, इ.; नदीलाई किनारामा रोक्नालाई फुट्टा ढुंगा इ. को रचना ।

sheathe (शीद्) **क्रि.** खोल हाल्नु, दाबमा, म्यानमा हाल्नु; (—the sword) तरवार म्यानमा हाल्नु, लडाइँ बन्द गर्नु, अन्त गर्नु ।

sheave (शीभ्) **ना.** र **क्रि.** घिर्नीमा डोरी बस्ने खोंच; **क्रि.** मूठा पार्नु, बाँध्नु ।

shebang (शिब्याङ्') **ना.** (अप.) घर (खा. ग. जुवाको खाल), भण्डार, भट्टी, पिउने ठाउँ; हाल रुचिको विषय; काम (the whole—) ।

shebeen (शिबीन्') **ना.** भट्टी, पेय बेच्ने आज्ञापत्र नपाएको भट्टी ।

shed (शेड्) **क्रि.** (shed) र **ना.** खसाल्नु, झर्नु, झार्नु, त्याग्नु, खस्न वा छोड्न दिनु, (आँसु) खसाल्नु; (रगत) बगाउनु; फिंजिनु, फैलिनु; (उज्यालो र अलं) पार्नु; (विद्युत्) बोझ घटाउनु; **ना.** (एकतले) गोदामघर, टहरो, गोठ, ज्यासल, कारखाना, (छाना भएको एक वा बढी दिशामा भित्ता नभएको घर पनि हुन सक्दछ);—ding **ना.** घर, टहरो ।

sheen (शीन्) **ना.** रौनक, उज्यालो, प्रभा, तेज, टलक, झलक ।

sheeny (शी'नि) **वि.** र **ना.** (कवि.) दीप्तिमत्, तेजस्वी; **ना.** (अप.) (हेलाँसूचक) यहूदी ।

sheep (शीप्) **ना.** (ब. व. उही) भेडा, बाखा, पाठो; लज्जालु व्यक्ति; (सा. ब. व.) ठ. पादरीको क्षेत्रमा वास गर्ने यजमानहरू; भेडाको छाला (माल, जुत्ता, इ. बनाउने);—and goats, असल र खराब (व्यक्ति);—bot भेडाको झींगा र कीरा;—cote, (आ.)—fold,—pen (विर.) भेडाखोर;—dip भेडालाइ डुलाई कीरा मार्ने र ऊनको संरक्षण गर्ने तरल मिश्रण;—dog भेडागोठमा पहरा र रेखदेख गर्ने जातको (collie कली जातको) कुकुर;—farmer वा master, भेडा पाल्ने;—hook भेडागोठालोले लिने अंकुश परेको लाठो;—run भेडाका निम्ति विस्तीर्ण चरन, खा. ग. अस्ट्रेलियामा;—shearing भेडा कत्रने (उत्सव);—skin भुत्लासहित छालाको लुगा वा रग, पुस्तकमा जिल्द हाल्ने वा अन्य कामको लागि भेडाको छाला;—walk भेडाको चरन;—wash—कीरा मार्ने झोल; black—लबरा, दुर्जन; cast—'s eyes पीर्तिको नजर लाउनु, कटाक्ष गर्नु; follow like—भेडिया धसान गरी पछि लाग्नु; as well be hanged for a—as a lamb मर्नै परे खुट्टै तानेर मर्नु;—without shepherd अरक्षित, रक्षकरहित; wolf in—'s clothing छद्मवेषी दुर्जन; **वि.**—ish लजिलो ।

sheer (शिय्र) **वि.** र **क्रि. वि.** निरा, सोझो, सीधा, विना सहाय, नमिसिएको, केवल, न बढ न घट, नमिलाइएको, परम; (चट्टान, भीर, उकालो, इ.) ठाड़ो, भिरालो नभएको; (वसन, तान्तव, लुगा, इ.) पातलो, पारदर्शक, छर्लङ्ग; **क्रि. वि.** ठाडो, लम्वरूप, सर्वथा, सरासर ।

sheer (शिय्र्) **क्रि.** (नौ.) बाटोबाट हट्नु, धस्कनु;—off छुट्टिनु, प्रस्थान गर्नु, (खा. ग. मन नपर्ने व्यक्ति वा प्रसङ्गबाट) ।

sheer (शिय्र्) **ना.** जहाजको अगाडि पछाडितिर अग्लिएर जाने उठान; जहाजको बाटोबाट मोड वा झुकाव; उठाउने दुई खुट्टे वा त्रिखुट्टी यंत्र, टाउको जोरिएको औ खुट्टा फराकिलो गरी गाडेको, खा. ग. नौकागारमा चलन हुन्छ ।

sheet (शीट्) **ना.** र **क्रि.** तन्ना, चादर, पातलो वस्तुको चारकुने च्याप्टो चौडा टुक्रा; संघात, (पानी, हिउँ, बरफ, आगो, ज्वाला, रंग, इ. को) विस्तीर्ण मैदान; ताउ, पर्चा; पालको तल्लो कुनामा जडिएको सोलाई तन्काउने वा खुकुलो पार्ने डोरी वा सिक्री;—anchor संकटमा चलन हुने जहाजको बाहिरपट्टि कम्मरमा जडिएको दोस्रो लङ्गूर, (अलं.) मुख्य शरण वा सुरक्षा, सब थोकले धोखा दिएपछि शरण मिल्ने चीज;—copper, iron, metal, इ. चौडा पाता बनाइएको (थिचेर, पिटेर, इ);—glass ऐनाको चौडा पातो;—lightning फिंजिएको प्रकाशको चस्यांग;—music छुट्टै पत्रको (पुस्तक होइन) संगीत; **क्रि.** तन्ना हाल्नु, तन्ना वा रुमालले छोप्नु, ज. कि.—ed dead, तन्ना जस्तो बन्नु (—ed rain); पाललाई डोरीले बाँध्नु;—roll पत्रक्रम ।

sheik (h) (शिक्, शेक्) **ना.** अरवी या मुसलमानी जाति वा परिवार वा गाउँको ठालू, (संक्र.) जोरदार प्रेमी वा पति; (अप.) फुर्तिलो वा आकर्षक पुरुष ।

shekarry=shikaree **ना.** शिकारी ।

shekel (शे'कल्) **ना.** प्राचीन यहूदी तौल र रौप्य मुद्रा; (ब. व., बो. चा.) दाम, धन, पोका ।

Shekinah,—ch—, (शिकाइ'नाह्) **ना.** सिंहासन (वेदी) माथि प्रत्यक्ष देखिने जेहोभाको दीप्ति (हिब्रू) ।

sheldrake (शेल्'ड्रेक्) **ना.** (स्त्री र ब. व. shelduck) सा. उज्यालो रंगविरंगी पखेटा भएको जंगली हाँस ।

shelf (शेल्फ्) **ना.** (ब. व. shelves) तखता, पाटा, खण्ड, थान्को, मञ्च; on the—थन्किएको, काम नलाग्ने भनी थन्केको (खा. ग. काम गर्न नसक्ने व्यक्ति वा विवाहको उमेर नाघेकी स्त्री, बूढी कन्या); कटक, भीरमा खुडकिला जस्तो बनेको तेर्सो बनोट; पानीमन्त्रिरको बलौटे पुलिन वा चट्टानी भै ।

shell (शेल्) **ना.** र **क्रि.** छिल्का, कवच, शंख, कौडी, जलज, खोल, बोक्रा, हाड; बन्न लागेको वा जलेको घर वा जहाजको खडा भित्ता वा आकार; योजनाको रूपरेखा; भित्री शव बाकस; हलका दौडको डुङ्गा; धातु वा कागतको खोक्रो खोल जसमा आतसबाजी, कारतूस, इ० को लागि विस्फोटक राखिन्छ; तोपबाट हान्ने गोला वा बम; कारतूस; तरवारको म्यान; (कवि०) वीणा; (विद्यालयमा) मध्यकक्षा; बाह्य आडम्बर, निरा झल्को;—jacket पछिल्तिर कम्मरसम्म मात्र पुग्ने सैनिक अफिसरको कोट;—back लडाइँमा ज्यादा तोप इ० चलेको ठाउँमा रहनाले वा अन्य कारणले मानसिक क्षमता वा वचनको शक्तिमा अव्यवस्थिति;—work काठमा कौडी इ० जडान गरेको कलात्मक काम; **क्रि.** छोडाउनु; कौडी इ० ले छाप्नु, ढाक्नु; (सहर, इ०) लाई तोपले हान्नु; फौजमा तोप हान्नु; (धातु) पत्र भएर उप्कनु;—out (अप०) तिर्नु, चाहिएको दाम दिनु ।

shellac (शेल्याक्') **ना.** र **क्रि.** (—ing,—ked) वार्निस बनाउनालाई पातलो च्याप्टो पाताको रूपमा गालेको लाहा; सोले वार्निस लाउनु ।

shelter (शे'ल्टर्) **ना.** र **क्रि.** आश्रय, शरण, आड, प्रश्रय, छत्रछाया, ओत; हावा वा पानीबाट बच्नालाई खडा गरिएको छेका वा टहरो (Cabman's—); Anderson—, Morrison—लडाइँको टाइममा आकाशे बम इ० बाट बच्नालाई खडा गरिएको खा. ग. कर्कट पाताको आश्रय; **क्रि.** शरण लिनु, दिनु; जोगाउनु, पस्नु, पीछा पर्नु;—ed trades बाहिरी प्रतिस्पर्धा नहुने ज. कि. (भवन इ०) बनाउने, आन्तरिक परिवहन, इ० ।

shelve (शेल्भ्) **क्रि.** तखता, खण्ड, मा राख्नु; थान्को लाउनु, नोकरीबाट छुटाउनु (व्यक्ति); दराज इ. मा खण्ड हाल्नु; हलुका भिरालो पर्नु ।

shelves (शेल्भज्) **ना.** shelf को ब. व. ।

Shema (शेमा') **ना.** यहूदीहरूको धर्म घोषणा (हिब्रू) ।

shemozzle (शिमॅ'ज्ल्) **ना.** (अप०) बखेडा, झगडा, भनाभन, बेथिति, अस्तव्यस्तता ।

shenanigan (शिनॅ'निगन्) **ना.** (बो. चा.) फजूल कुरा, छल ।

Sheol (शि'अॅल्) **ना.** यहूदीहरूको नरक, मरेपछि जाने प्रदेश, चिहान (हिब्रू) ।

shepherd (शे'पर्ड) **ना.** र **क्रि.** भेडागोठाला, गडेरिया, मेषपाल; (अलं०) गुरु, रक्षक, खा. ग. यजमानहरूको शिक्षा दीक्षा गर्ने क्रिस्तानी पादरी; the good S—क्राइस्ट;—'s crook अंकुशको आकारको एक छेउ भएको गोठालाले लिने डण्डा; **क्रि.** भेडा पाल्नु, गोठाला भएर भेडाको हेरचाह गर्नु; भीडलाई भेडा झैं जम्मा गर्नु, लैजानु वा हाँक्नु ।

Sheraton (शे'राटन्) **ना.** १८ औं शताब्दीको सादा, श्रृङ्गाररहित साजसामानको किसिम ।

sherbet (शेय्र्'बेट्) **ना.** शरबत, फलफूलको रस मिलाएको पेय, (विलायतमा) सोडा हालेर फींज उठ्ने गराएको ।

sherd (शेय्र्ड्')=shard.

sherif,—eef **ना.** (शेरीफ्') पैगम्बर महम्मदको वंशज; मक्काको मुख्य अधिकारी ।

sheriff (शे'रिफ्) **ना.** शेरिफ, अदालतको मातहतमा रही न्यायको प्रशासन गर्ने अधिकारी; आफ्नू जिल्लामा शान्ति

सुरक्षाको जिम्वा लिने चुनिएको अधिकारी ।

sheriffalty, sheriffdom, sheriffhood, sherrifship (शे'रिफल्टि,—डम्, हूड्,—शिप्) **ना.** शेरिफको पद, कार्यक्षेत्र, ओहदा, इ० ।

sherry (शे'रि) **ना.** स्पेनमा बन्ने सेतो मदिरा; शेरि; brown—गाढा किसिम;—glass चार ठूलो चमचा जति शेरि अटाउने पिउने गिलास;—cobbler नलुवावाट चुसेर (तानेर) खाने वाइन, कागती, चीनीमा वरफ हालेको पेय ।

Shetland (शेट्'ल्याण्ड्) **ना.** स्कटल्याण्डको उत्तर पूर्वमा रहेको द्वीपपुञ्ज;—pony सानू, वलियो जातको, शेटल्याण्ड; —wood असल जातको ।

shew (शो) **क्रि.** (अचेल विर०=show) देखाउनु;—bread सिनागग्मा हरेक शनिवार फेरिने गरी थालमा प्रदर्शन गरिने १२ गोटा पाउरोटी ।

Shiah, Shiite (शि'या, शि'आइट्) **ना.** मुसलमानी सम्प्रदाय (शिया र सुन्नीमध्ये शिया) ।

shibboleth (शि'बोलेथ्) **ना.** यस्तो कुनै शब्द, सिद्धान्त, आचरण वा राय जसको व्यवहार, वा चलन गर्न नसक्ने स्थिति, ले आफ्नू जाति वा धर्मको संकेत गर्दछ (ज. कि जापानी वा अन्य कोही पूर्वी देशवासीले 'र' को उच्चारण गर्न नसके झैं); पुरानू, र सा० लोप भइसकेको तर पहिले अग्रगण्य मानिएको मत ।

shield (शील्ड्') **ना.** र **क्रि.** ढाल, फर, चर्म, फलक, छेक; यंत्रमा रक्षक पाता वा छेक; रक्षक, त्राता; पशुको ढाल जस्तो बनोट जसवाट उसको रक्षा हुन्छ;—hand (अप०) देब्रे; **क्रि.** रक्षा गर्नु, छेक्नु, ढाकछोप गर्नु ।

shieling (शी'लिङ्) **ना.** (स्क०) वस्तुको लागि चरन भूमि; माटाको भैं भएको कुटीर; गोठाला वा शिकारीको लागि खस्रोसँग बनेको टहरो; भेडागोठ ।

shier,—est (शा'यर्, शा'एस्ट्) shy को सापेक्ष, परम, रूप=बढी लजिलो, सबभन्दा लजिलो ।

shift (शिफ्ट्') **क्रि.** र **ना.** सर्नु, घस्कनु, फेर्नु, पन्छाउनु, साट्नु, साटिनु, रूप वा स्वभाव वदलिनु, ज. कि—one's ground (तर्कमा) नयाँ स्थिति लिनु;—one's lodging डेरा सर्नु;—the scene रंगमन्चमा नयाँ दृश्य सजाउनु;—one's shirt, इ० फेर्नु;—about यताउति सर्नु;—off हटाउनु (उत्तरदायित्व, इ०); सव्य पार्नु, सम्भव उपाय गर्नु, केही कुरा गर्नु, इ०;—as one can जसरी भए पनि गुजारा गर्नु; वाक्छल गर्नु, ढाँट्नु, छल गर्ने बानी गर्नु; **ना.** परिवर्तन, साटो, विपर्यय; पालो, पालोसराइ, आलोपालो, पालोको अवधि; उपाय, साधन, तरकीब; छल, तरीका, झूट, कपट; (आ०) स्त्रीको शेमीज; घर इ० बनाउँदा ईंटको छेउ एकै लाइनमा नपर्ने गरी लाउने तरीका;—less **वि.** उपाय, साधनहीन; पुपु'रोमा हात लाएर बस्ने;—y **वि.** (—y eyes छली, कपटी) झुट्टा, छलपूर्ण; make—वा a—धान्नु, गुजारा गर्नु ।

shikar (शिकार्') **ना.** शिकार, मृगया, आखेट;—ee, shekarry **ना.** शिकारी ।

shillelagh (शिले'ल),—alah (—ला) **ना.** वलियो आइरिश लाठो ।

shilling (शि'लिङ्) **ना.** (छो. क. s., ज. कि. 3s.) वेलायती शिलिङ्ग मुद्रा, पाउण्ड मा २० शिलिङ् हुन्छ, र पुरानू पद्धतिमा १ शिलिङ्गमा १२ पेन्स हुन्थ्यो (अचेल ५ पेन्स हुन्छ); take King's, Queen's—फौजमा भर्ना हुनु; cut off with a—सम्पत्ति हकवाला वाहेक अरूलाई दिनु;—'s worth शिलिङ्ग मोलको ।

shilly-shally (शि'लि-श्या'लि) **ना.**, **वि.** र **क्रि.** अनवस्था, द्वैधीभाव, अनिश्चय, हाँ ना, नाकनिक; **वि.** धुकचुक, दोमने; **क्रि.** अकमकाउनु, धरमराउनु, लकपकाउनु, हिच्किचाउनु ।

shim (शिम्) **ना.** र **क्रि.** पुर्जा इ० मिलाउनालाई यंत्र, कल, मा राखिने पातलो पातो; **क्रि.** त्यसरी जडान गर्नु ।

shimmer (शि'मर्) **क्रि.** र **ना.** कम्पमान वा फिका फिंजिएको प्रकाश (ले टल्कनु); **ना.** चपल प्रकाश; सकंप टलक ।

shimmy (शि'मि) **ना.** र **क्रि.** (वो. चा. के. इ.) शेमिज् ; शरीर कँपाएर नाच्ने फक्सट्रट किसिमको नृत्य; गाडीको (अगाडिको) चक्काको कम्पन; **क्रि.** सो नाच नाच्नु, काम्नु, हल्लिनु ।

shin (शिन्) **ना.** र **क्रि.** (—nn—) घुँडामन्तिरको खुट्टाको भाग, पिंडौला, अग्रजंघा;—bone नलीहाड; shin of beef, lamb इ० नलीहाड;—-guard (फूटवलमा लाउने) नलीकवच; **क्रि.** चढ्नु, उक्लनु (रूख, पर्खाल, सिंढी, up संग); नलीहाडमा लात हान्नु (विपक्षीलाई) ।

shindig (शिन्'डिग्) **ना.** होहल्ला, गोलमाल, तमाशा, तूफान ।

shindy (शिन्'डि) **ना.** (धे० ज० kick up a—), झगडा, होहल्ला, कलह, हल्ला ।

shine (शाइन्) **क्रि.** र **ना.** (shone) चम्कनु, टल्कनु, झल्कनु, जगमगाउनु, उज्यालो हुनु, उज्ज्वल हुनु, नक्षत्र हुनु, श्रेष्ठ हुनु, (कुनै क्षेत्र वा सम्वन्धमा) उत्तम हुनु, जित्नु; (वो० चा०) टल्काउनु, टलक दिनु, (जुत्ता, भाँडा इ०); **ना.** प्रकाश, उज्यालो, (मु० वो० चा०); (अप०) गोलमाल, होहल्ला, सरगर्मी, हलचल; rain or—जस्तोसुकै मौसिम भए पनि; put a—on (boots) जुत्ता टल्काउनु; take the—out of टलक वा नयाँपन हटाउनु (चलनले), उछिन्नु र अँध्यारोमा पार्नु; take a—to (अप०)⋯लाई मन पराउनु, रुचाउनु ।

shiner (शाइ'नर्) **ना.** (अप०) पैसा, दाम, खा. ग. गिन्नी (सुनको); (व. व.) दाम; प्रहार वा घुस्साले गर्दा नीलडाम भएको आँखा, वा ज्यादा जाँडको सेवनले रातो भई टल्केको नाक ।

shingle (शि'ङ्ग्ल्) **ना.** छानामा टाइल झैं हाल्ने चारकुने काठका टुक्रा; सानू सूचना पाटी; छोटो पारी टुप्पो अलग्गै देखिने गरी काटेको कपालको रौं, त्यस्तो प्रकारको केशको स्याहार;

समुद्र किनारमा रहने साना बाटुलिएका पत्थरहरू ज० वा० shingly (शिङ्ग्लि) **वि.** पत्थरिलो ।

shingle (शि'ङ्ग्ल्) **क्रि.** छाना काठका टुक्राले छाउनु; केश कत्रेर छोटो पारी पाल्नु ।

shingles शिङ्ग'ल्ज्) **ना.** (ब. व.) स्नायु मार्गमा हुने चर्मको उत्कट सूज र जलन; चर्मरोग ।

shinny (शि'नि) **क्रि.** (बो. चा.) up लगाएर रूख, इ० उक्लनु, चढ्नु ।

Shinto (शि'ण्टो) **ना.** आंशिक रूपमा बौद्धले पन्छाएको जापानको प्राचीन धर्म ।

shinty (शि'ण्टि), **shinny** (शि'नि) **ना.** स्कटल्याण्ड र उ० विलायतमा खेलिने हकी खेलको रूपान्तर ।

shiny (शाइ'नि) **वि.** चमकदार, तेजोमय, चहकिलो, टल्केको, पालिशदार, उज्यालो गरी माझिएको, काती भएको (मैलिएर); —hat, boots, इ०;—coat, seams, घस्टिएर टल्कने भएको ।

ship (शिप्) **ना.** (स्त्री० भन्ने मानिएर स. ना. she, her, प्रयोग हुने) (सा० गहिरो पानीमा हिंड्ने) जहाज, पोत; battle —युद्धपोत, जङ्गी जहाज;—of the line एकपछि /एक गरी आउने जहाजको पंक्ति; merchant—व्यापारी जहाज; sailing—पाल जहाज; war—युद्धपोत; sister—अर्कोको नक्शाबमोजिम बनेको;—of the desert ऊँट; about— **क्रि.** जहाजको मार्ग बदल्नु; pump—(अस०) **क्रि.** पिशाब गर्नु, मुत्नु; **ना.** पिशाब, मूत्रत्याग; take—चढ्नु; on— board जहाजमा; when—comes home, जब (कसैले) धन कमाउँछ; (अप०) डुङ्गा, खा. ग. दौडको डुङ्गा; वायुयान; —'s biscuit टिकाउ, जहाजमा धेरै दिन खानालाई बनाएको;—breaker पुराना जहाज तोड्ने ठेक्का लिने ठेकदार; —broker जहाज किनबेच गर्ने बीमा गर्ने, मध्यस्थ;— builder,—building जहाज बनाउने (कम्पनी), जहाज बन्ने (आंगन, प्रांगण);—canal जमीनभित्र जहाज ल्याउने नहर;—mate जहाजी साथी वा सहयात्री;—owner जहाजको अंशको धनी;—'s articles मल्लाहले जहाजमा काम गर्ने शर्त;—'s company सम्पूर्ण जहाजी टोली;—shape **वि.**, **क्रि. वि.** ठीकठाक, टामट्टम, सब दुरुस्त;—'s husband बन्दरगाहमा जहाजको बन्दोबस्त ठीक रहेको नरहेको हेर्नालाई धनीहरूले नियुक्त गरेको कारक;—'s papers जहाजको स्वामित्व, राष्ट्रियता, लादेको माल इ० को किसिम खोल्ने कागत पत्र;—way जहाज बन्ने र पानीमा छोड्दा बग्दै ओर्लिने तेर्सो रचना;—wreck पोतभङ्ग, जहाजको ध्वंस, (आँधी, टक्कर, भें वा बालुवामा अड्केर, इ०), (अलं०) ध्वंस, नाश, विफलता; **क्रि.** कसैको केही नाश गर्नु वा हुनु;—wrigert जहाज बनाउने;—yard नौप्रांगण, जहाज बनाउने ठाउँ ।

ship (शिप्) **क्रि.** (–pp –) जहाजमा लाद्नु, राख्नु वा पठाउनु (माल सामान, यात्री, मल्लाह); (व्यापा०) (मालसामान) चलानी गर्ने कारकलाई बाटो वा पानी वा हावाबाट अग्रिम चलानीको लागि बुझाइदिनु; मस्तूल, पतवार इ. ठाउँमा मिलाउनु; (जहाज वा डुङ्गाले)—a sea लहरले पानी पानी हुनु, भरिनु, प्लावित हुनु; जहाज चढ्नु, (मल्लाहले) जहाजी हुनु, जहाजमा नोकरी गर्नु ।

—ship अन्त. अन्य शब्दबाट ना. बनाउने अन्त प्रत्यय, ज. कि. hard—, lord— इ० ।

shipment (शिप्'मेण्ट्) **ना.** मालसामान जहाजमा लाद्नु; लादिएको परिमाण, खेप, चलानी ।

shippen (शि'पेन्),—on **ना.** (मु. प्रा.) गोठ ।

shipper (शि'पर) **ना.** जहाजद्वारा माल चलान गर्ने वा पाउने साहू, महाजन वा व्यापारी ।

shipping (शि'पिङ्) **ना.** शा० अर्थमा; जहाजहरू खा. ग. कुनै बन्दरगाह वा देशका;—agent जहाजी कारक (जसले जहाजी कम्पनीको तर्फबाट काम गर्छ);—articles जहाजको कप्तान र मल्लाहहरूका बीच ज्याला, तनखा, इ० को कागत; —bill जहाजमा रहेको सामानको तायदाती;—master जहाजी अधिकारी जसको सामनेमा कबुलियत लेखिन्छ र सहिछाप गरिन्छ, दाम दिइन्छ, इ०;—office कारकको वा मास्टरको कार्यालय ।

shire (शायर्) **ना.** प्रदेश, जिल्ला, खा. ग. विलायत, स्कटल्याण्ड, आयरल्याण्ड, मा; यस्तो प्रयोगमा उच्चा० श'र ज. कि. Hampshire ह्याम्प्शर् डेभोन्शर्, इ; the--s, बिलायतका मध्यवर्ती जिल्लाहरू;--bred horse,—horse ठूलो नापको वहन गर्ने घोडा; knight of the--(ऐति०) संसदमा प्रदेशको प्रतिनिधित्व गर्ने व्यक्ति ।

shirk (शर्क्) **क्रि.** र **ना.** नीचतासँग छल्नु, ठग्नु, उम्किनु, स्वार्थवश कर्त्तव्य, लडाइँ, उत्तरदायित्व, इ. बाट हट्नु; ज. वा.--er कार्यत्यागी, कामसाँचा, जीउसाँचा; **ना.** काम, इ. को त्याग, छल, व्यपक्रम, पलायन ।

shir(r) (शर्) **ना.** र **क्रि.** तन्कने फित्ता, कपडामा सिइएको वा बुनेको तन्कने धागो; मुजो पारिएको किनारा; पोशाकमा मुजो पारिएको ठाउँ; **क्रि.** समानान्तर धागोले (कपडा) सोहोर्नु, मुजो पार्नु;—ring **ना.** मुजो ।

shirt (शर्ट्) **ना.** कमीज, दौरा, लबेदा, मयलपोश, भोटो, अलखा, कुर्ता; चोलो, ब्लाउज, (खा. ग. कठालो र मोहोता भएको); night—पिंडौलासम्म आउने राति लाउने कमीज, रातिको कमीज; in (one's)—sleeves कमीज मात्र लाएर (कोट नलाएर); near is my—but nearer is my skin स्वार्थ नै सबभन्दा नजीक रहन्छ; keep (one's) —on ठण्डा रहनु; get (one's)—off रिस उठाउनु; put (one's)—on दौडमा भएभरको बाजी लगाउनु; give one a wet—पसीना आउन्जेल काममा जोत्नु;— front कमीजको छाती, खा. ग. कलप हालेर अरठ्ठ पारेको अथवा कमीजको छुट्टा छाती;—front wicket **क्रि.** बिलकुल सफा र सम्मको पिच;—ing **ना.** कमीजको कपडा; —y **वि.** झोक्किएको, रिसले भुतभुतिएको ।

shit (शिट्) **क्रि.** र **ना.** (अस०) हग्नु, दिसा गर्नु; **ना.** गुहु, गू, विष्टा, (फोहोर गालीको लवज)।

shiver (शि'भर्) **क्रि** र **ना.** काँप्नु, काम्नु, पर्सनु, (जाडोले) ढुकढुक हुनु; **ना.** कम्पन, पर्सन, थुरुथुरु, काम, डगाइ; (—s कंप, वेपन, देहकम्प, थरथर) ठेस्को, सिन्को, खण्ड, टुक्रा; **क्रि.** त्यसरी टुक्रा-टुक्रा हुने गरी फुट्नु;—my timbers (मल्लाहहरूको झोकको थेको);—ing **ना.** कम्पन, काम।

shoal (शोल) **वि.**, **ना.** र **क्रि.** थोरै पानी भएको; (पानी मात्रको अक्ष०, अन्यमा अलं० पनि); **ना.** गाधस्थल, पुलिन, थोरै पानी भएको ठाउँ, छोपिएको बलौटे जमीन, खा. ग. यस्तोचाहिं जो पानी घटेपछि देखा पर्छ; (अलं०) लुकेको बाधा वा खतरा; झुण्ड, संघात, भीड, थुप्रो, (खा. ग. माछाको झुण्ड); **क्रि.** (पानी) कम हुँदै जानु; (माछा) झुण्डमा तैरनु;—iness **ना.** छितलोपन;—y **वि.** छितलो।

shock (शॉक्) **ना.** र **क्रि.** जोडदार ठक्कर, निर्घात, संघात, घात, झटका, धक्का, झोक्का; संक्षोभ, आवेग; (रो. नि.) भयावेश, आकस्मिक क्षोभ, संघट्ट, चोट; प्रतीत वा स्थायित्वमा पर्न आएको हानि, संगठन वा पद्धतिमा भएको खलल वा गोलमाल; electric—झटका, विद्युत् प्रवाह शरीरमा जाँदा भएको स्नायुको उत्तेजना;—brigade,—workers, (रूसमा) कठिन कामका निमित्त छानिएका वा आफूखुशी खडा हुने कर्मोंहरूको संगठन;—stall अत्यधिक तान, ध्वनिको वेगको नजीक पुग्दा वायुयानमा हावाको प्रतिरोधद्वारा उत्पन्न हुने अत्यधिक तान;—therapy,—treatment कुनै मानसिक रोगमा वैद्युतिक झटका वा अति शक्तिशाली औषधिबाट उपचार गर्ने तरीका, संक्षोभ उपचार; – troops संघातफौज; प्रायश: १२ पारी बाँधेका अनाजका मुठा; लट्टा परेको वा नकोरेको रौं, कपाल, जगल्टा; **क्रि** दु:ख, रिस, घीन, त्रास इ० ले स्तम्भित वा स्तब्ध हुनु, गराउनु; अयोग्य, अत्याचारपूर्ण, वा बेइज्जतीपूर्ण देखिनु वा ठान्नु; भरङ्ग हुनु, स्तब्ध हुनु; अनाज मुठा पारी बाँध्नु;—ing **वि.** दिक्क लाग्ने, अचम्मको, बेकाइदाको;—ing bad इ० (बो. चा.) अतिखराब;—-head जगल्टे, भुत्ले;—headed जगल्टे।

shocker (शॉ'कर्) **ना.** (बो. चा.) कुनै कुराको कमसल नमूना; उत्तेजनापूर्ण सहलिया उपन्यास।

shod (शॉड्) **shoe** **क्रि.** को भू. का. र निष्ठा।

shoddy (शॉडि) **ना.** र **वि.** पुरानू कपडाको सूत झिकेर बनाएको रेशा; त्यस्तो रेशा मिसाएर बनाएको कमसल कपडा; असल भनिएको वा मानिएको भन्दा कमसल जातको माल; **वि.** नकली, खोटो, भडकदार, निरर्थक, ठाँडे।

shoe (शू) **ना.** र **क्रि.** जुत्ता, पादुका, उपानह, पाउपोश; (घोडाको) नाल; जुत्ताको आकार वा कामको वस्तु, ज. कि. लौहरक्षिणी, मुन्द्री, सकेट, खोपिल्टा; another pair of—s अर्कै कुरा; dead men's—s आशामुखीले पाउने जेथा वा पद; in (somebody's)—s उसको स्थितिमा; die in (one's)—s बलात्कारले, खा. ग. झुण्डयाएर; where the—pinches आफ्नू प्रारब्धको दोष वा खोट; put the—on the right foot (दोष) ठीक ठाउँमा लाउनु;—s and stockings चराको खुट्टाको त्रिपर्ण चिह्न;—black जुत्तामा रोगन लाउने व्यक्ति;—buckle बगलस;—horn बगलस, जुत्ता लाउने;—lace,—string, जुत्ताको फित्ता;—leather जुत्ता बनाउने छाला;—lift=-horn;—maker सार्की, चमार, चर्मकार;—string (बो. चा. पनि) सारै थोरै र अपुग दाम, (अलं.) पनि; **क्रि.** (shod; कृ. —ing) जुत्ता लाउनु, मिलाउनु; (घोडा) नाल ठोक्नु; (निष्ठा) neatly shod राम्रो मिल्ने जुत्ता लाएको, Pole shod with iron लौहरक्षिणी जडेको।

shogun (शो'गून्) **ना.** (जापानी अविको) जापानको सेनाधिपति र वास्तविक शासक।

shone (शोन्) **क्रि.** shine को भू. का. = चम्क्यो, टल्क्यो, जगमगायो।

shoo (शू) **वि. बो.** र **क्रि.** चरा धपाउने आवाज शू ! शू ! (गर्नु); **क्रि.** त्यसरी धपाउनु, लगार्नु।

shook (शुक्) **क्रि.** shake को भू. का.=हल्लायो, हल्लियो, काम्यो।

shook (शुक्) **ना.** र **क्रि.** पीपा बनाउने साना पातला फल्याक र टाउको जडिनाको लागि तयार गरिएको; **क्रि.** त्यसरी सजाएर बनाउनु।

shoot (शूट्) **क्रि.** (shot) वेगसँग आउनु, निस्कनु, हानिनु, पल्हाउनु, कुद्नु, बढ्नु; सहसा बाहिर निस्कनु (पहाडको हाँगा); तीव्र वेदना हुनु, घोच्नु; छोड्नु, हुत्याउनु, फ्याँक्नु, बल वेगसँग; (अप०) भन्ने कुरा भन ! (गोली) हान्नु, (बन्दूक, बाण) छोड्नु; (बन्दूकबाट छुटेको गोलीद्वारा) मार्नु वा घाउ लाउनु; शिकार खेल्नु; (चल०) तसवीर खिच्नु; (खेल) हान्नु, गोलमा हान्नु; डुङ्गा पुलमन्तिर, ठाडो उतार, वेगसँग हुत्याउनु वा हुत्तिनु; (सिकर्मी०) रण्डाले ठीकसँग सम्म पार्नु;—ahead प्रतिद्वन्द्वीहरूलाई दौडमा जितेर अघि आउनु; ball (क्रि०)—s, उफ्रने साटो भुँमा वेगसँग गुड्छ; (child) —up अग्लो हुनु;—out (one's) lips खिसीमा ओठ लेब्र्याउनु; shoot (one's) linen, cuffs बाहुला देखिने गराउनु;—the cot (अप०) वान्त गर्नु, ओकल्नु;—bolt छिस्किनी लाउनु;—up जथाभावी गोली हानेर जिल्ला, गाउँ, इ० तर्साउनु;—a line (अप०) गफ लगाउनु, बढता कुरा बोल्नु;—the sun मध्याह्नमा कोणिक यंत्रले सूर्यको उचाइ नाप्नु;—the moon (अप०) बहाल तिर्नाको गाह्रोले आफ्नू मालसामान राति सार्नु;—Niagara दुष्कर कार्य उठाउनु; (निष्ठा) (रंगीन वस्तु) यस किसिमसँग बुनिएको कि विभिन्न ठाउँ हेर्दा विभिन्न रंग देखिने, धूपछायाँ;—ing box शिकारीहरू बास बस्ने, इ. टहरो;—ing iron (अप०) हतियार, बन्दूक, पिस्तोल;—ing ranger, राइफल हान्ने, चाँदमारी गर्ने, निशानासहित, को जमीन;—ing stick आसन बनाउन हुने

लिएर हिंड्ने लठ्ठी;—ing war गोली हान्ने लडाइँ, शीत युद्ध वा स्नायु युद्धको विपरीत; shot edges रण्डा लाएको छेउ; shot silk धूपछायाँ रेशम, रंगविरंगी रेशम ।

shoot (शूट्) **ना.** पल्लव, अंकुर, मन्जरी, मुना, मण्टो, मुजुरो, टुसो, डुकु, फेद, हाँगा; खोलामा वेग; प्रपात, आनत समतल, जसबाट पानी, इ० तल बग्छ, वा वस्तु चिप्लन्छन्; शिकार, शिकारीको दल, वा शिकार खेल्ने ठाउँ ।

shooter (शू'टर्) **ना.** शा० अर्थ खा. ग. (क्रि.) वेगसँग जाने बल; गोली हान्ने साधन, ज. कि. pea—; six—६ गोली हान्ने रिभल्भर ।

shooting (शूटिङ्ग्) **ना.** शा० अर्थ; खा. ग. खास जमीनमा (चराको) शिकार गर्ने हक; त्यसरी शिकार खेल्नालाई भाडामा लिइएको जमीन ।

shop (शॉप्) **ना.** र **क्रि.** पसल, हेट, शाला, कारखाना, कारखानाको खास विभाग; (अप०) संस्था, संस्थापन, प्रतिष्ठान; पेशा, व्यापार, व्यवसाय, काम, सोसँग सम्बन्धित विषय वा कुरा; **क्रि.** किनमेल गर्नु, खरीद गर्नु, किनवेच गर्नु, किन्ने अभिप्रायले माल हेर्नु, पसल चहार्नु; (अप०) कैद गर्नु (पोलाहा) मतियारलाई कैद पुऱ्याउनु; come to the wrong—गलती व्यक्तिकहाँ जानु; the other—प्रतिद्वन्द्वी संस्था; clozed—खास मजदूर संगठनका सदस्यहरू मात्र कामदार हुने सीमित काम; shut up—काम वन्द गर्नु; talk—पेशाको कुरा गर्नु; sink the—त्यस्तो कुरा नगर्नु, बन्द गर्नु; smell of the—ज्यादा प्राविधिक हुनु; all over the—लथालिङ्ग;—bell ग्राहक पसलभित्र पसेको खबर दिने;—keeper पसले, पसल्नी; (nation of—keepers अंग्रेज जाति);—lifter किन्ने निहुँले माल चोर्ने ग्राहक;—man पसले वा उसको नोकर;—soiled,—worn घस्टिएको, पुरानू भइसकेको;—steward साथीहरूले कामको बारे कारखाना, पसल, का मालिकसँग आफ्नो तर्फबाट कुरा गर्न मुकर्रर गरेको व्यक्ति;—walker विशाल बजारमा ग्राहकहरूलाई समाचार दिने व्यक्ति;—window बिक्रीको माल देखाउने (ठूला) ऐना झ्याल;—py **वि.** पसलको;—ping **ना.** किनमेल, बजार, खरीद ।

shore (शोअर्) **ना.** र **क्रि.** (समुद्र वा ठूलो जलाशयको) तट, किनारा, पाखो; (का.) उपल्लो र तल्लो पानीको चिह्नका बीचको जमीन; in—तट नजीकैको पानीमा;—less **वि.** तटहीन;—ward **क्रि. वि.** र **वि.** किनारातिर; तेर्सो गरी घर, भित्ता, जहाज, इ० लाई थाम्न ठड्याएको आड, लठ्ठा, टेवा; **क्रि.** आड दिनु, टेवा लाउनु; ज. वा. shoring टेवा देवाइ; shear को भू. का. shore, निष्ठा. shorn (कत्र्यो, कत्रेको, मुत्लिएको, बोक्रिएको) ।

short (शॉट्) **वि.**, **क्रि. वि.**, **ना.** र **क्रि.** होचो, छोटो;—story छोटो कथा वा उपन्यास, उपाख्यान;—cut छेकारो, छोटो बाटो;—circuit सानू प्रतिरोधबाट चल्ने वैद्युतिक प्रवाह, क्षुद्र कुण्डलित; **क्रि.** त्यस्तो गरी छोटो चक्कर हुने गराउनु, क्षुद्र कुण्डलित गर्नु;—division (ग०) छोटो भाग गर्ने तरीका;—drink खानाअगाडिको ककटेल इ० पेय;—er catechism छोटो प्रश्नोत्तरी (धार्मिक);—rib = false rib=floating rib छातीको छोटो हाड;—shrift दण्डादेश र सजायको बीचको छोटो अवधि;—whist थोरै अंक राखिएको विस्ट ताश खेल; a—sea छोटा टुटेको छाल भएको; make—work of चाँडै खतम पार्नु;—lived छोटो, छोटो जीउनी भएको;—temper छिटो टुट्ने आत्मसंयम, चाँडो उठ्ने रिस;—-tempered रिसाहा;—waist लुगामा कम्मरमाथि लगेको, ज. वा.—waisted **वि.** उचालिएको कम्मर;—wind छोटो दम, धेरै दुगुर्न वा मेहनत गर्न नसक्ने, ज. वा.—winded दम फुलेको;—windedness दमफुलाइ; छोटो, होचो, गाण्टे, सानू, पुड्को (अग्लो होइन) (मानिस, ठाडा वस्तुहरू, बुर्जा, रूख, इ०); टाढासम्म नजाने, नजीकको, कम्ती, कम, घटी, नपुग, कमी, अपुग, थोरै, तल्लो दर्जाको, अचानकमा समाप्त हुने;—cast तेरीज कस्नु, छो. क. रुजु गर्नु, छोट्याउनु;—sight टाढा नदेख्ने, निकट दृष्टि, अल्पदृष्टि, (अलं०) पछिको कुरा नदेख्ने, अदूरदर्शी;—handed अल्प (अपुग) कामदार भएको;—commons दैनिक खुराक;—weight कम तौल; cut—ठीक समयभन्दा अघि अन्त हुनु, घटाउनु; come—कम हुनु;—coming **ना.** दोष, न्यूनता, प्रमाद, चूक; fall—कम हुनु; run—अपुग हुनु, नपुग्नु; संक्षिप्त, छोटकरी, रूखो, फोस्रो, (the long and the—of it बेलिविस्तार, भन्न सकिने सबै, फल, नतीजा); (माटो, मिठाई) धुसुधुसु जाने, नजमेको; something—मद्यपेय, इ०;—bread,—cake पीठोको बन्ने सुखा केक;—fall घाटा, अपुग;—hand संकेत लिपि—head (घोडदौड) घोडाको टाउकोको लमाइभन्दा छोटो दूरी; **क्रि.** सो दूरीले हराउनु;—horn छोटो सींग हुने जातको वस्तुभाउ;—suit (ताश) चार पत्तीभन्दा कमको रंग;—time कम समय (काम गर्ने शर्त);—ton टनभन्दा २४० पाउण्ड कम तौल;—wave (रेडियो) १० देखि १०० मिटरसम्मको; **क्रि. वि.** अचानकसँग, सहसा; **ना.** छोटो शब्दांश वा स्वर; छोटो (स्वर) देखाउने चिह्न; छोटो चलचित्र; (बो. चा.) क्षुद्रकुण्डलित (विद्युत् प्रवाह); (बो. चा.) मद्य; (ब. व.) कट्टू, जाँघिया, चर्नो, काछ; **क्रि.** (बो. चा.) क्षुद्रकुण्डलित हुनु ।

shortage (शॉ'टेंज्) **ना.** घाटा (को परिमाण); खनखाँचो; कमी ।

shorten (शॉ'टेंन्) **क्रि** छोट्याउनु, छोटिनु, घटाउनु, कम गर्नु ।

shortly (शॉ'ट्लि) **क्रि. वि.** झट्टै, अबेर नगरी, केही क्षणमा, चाँडै, छोटकरीमा, संक्षेपमा ।

shot (शट्) **ना.** (ब. व.—s,—पनि, तल हेर्नू) र **क्रि.** (—tt—) गोली (तोपको) गोला, विस्फोट नहुने प्रक्षेप्यास्त्र, ज. कि. round—गोल; solid—ठोस; chain—सिक्री (ले जोरेको दुई) गोला; grape—, (तोपगोलामा हान्ने)

थैलोभित्र रहेको छर्रा; case—(टिनको बट्टामा रहने) तोप गोलाले हान्ने; buck—खस्रो; chilled—कवच, वख्तर, इ० छेड्नालाई साधारण फलामे गोलीलाई इस्पातको कडाइ दिनालाई कार्वनीकरण गरेको; a—in the locker खल्तीमा पैसा; (व. व. सा.) छर्रा; वन्दूक वा तोपको पडकाइ; क्षेप्यास्त्र वा ऋटारोले हान्ने प्रयत्न वा (अलं.) खेलमा कुनै चाल वा आघात गर्नु, अन्दाज गर्नु वा केही गर्नु; like a—खुशीसँग, तत्परताको साथ; a bad—खराव निशानावाला, गलती अन्दाज; snap—राम्ररी नताकी वन्दूक छोड्नु; **ना.** त्यसरी छोडेको गोली; flying—उडेको चरा वा चल्ने वस्तुमा गोली चलाउनु, उड्दो गोली; Parthian, random—, विनाउद्देश्य, फाटफुट, गोली; राइफल, वन्दूक, पिस्तोल, इ० चलाउनामा तोकिएको सीप भएको, ज. कि. good, bad, crack वा first class—, अथवा no—; लागू, ज. कि. मर्फीन, कोकेन, इ० को मात्रा वा इन्जेक्शन, मद्यको सानू घुटको; चलचित्र क्यामेराले खिचेको चित्र;—firer पहाड फोर्दा क्षेपलाई पडकाउने व्यक्ति;—gun छोटो दूरीमा सानू छर्रा हान्ने चिप्लो वोर भएको वन्दूक, छर्रावन्दूक;—tower पग्लेको सीसा चल्नावाट, माथि वुर्जावाट तल भैंमा रहेको पानीमा खसालेर छर्रा वनाउने, ठाउँ, छर्रावुर्जा; ज. वा.—proof **वि.** छर्राले छिचल्न नसक्ने; होटल, भट्टी, इ० मा आफ्नू तिरो, सा० pay one's—; **क्रि.** छर्रा भर्नु, छर्राले गह्रौं पार्नु; shoot को भू.का =हान्यो, मान्यो।

should (शूड्) **क्रि.** shall को भू. का.=उचित छ, होओस्, इ०।

shoulder (शोल्'डर्) **ना.** र **क्रि.** काँध, कुम, स्कन्ध, भुजशिर, (पशुको) ह्याकुलो, (ब. व.) वोझ वोक्नेको रूपमा कल्पना गरिने शरीर;—to—कुमकुम, काँधमा काँध (मिलेर, एकताले); head and—s (अलं०) अतीव, धेरै (ज. कि. अग्लो, बुद्धिमान, इ०); old head or young—s सानू उमेरमा बुद्धि; put, set—to wheel उद्यम गर्नु; मानिसको काँध झैं वाहिर निस्कने पहाड, शीशी, औजार, इ० को वाहिर निस्केको भाग; (सेना०) हतियार काँधमा राखेको सिपाहीको स्थिति;—belt एक हात मनि र अर्को माथिबाट पहिरिने पेटी;—blade खाँगाले हाड, खकालो; **क्रि.** काँधले धकेल्नु, धक्का लाउनु, त्यसरी हिंड्नु; वोझ (अक्ष० वा अलं०) उठाउनु, वोक्नु, धान्नु; (सेना०)—arms दाहिने हातले अड्याएर राइफल ठाडो राख्नु।

shout (शाउट्) **क्रि.** र **ना.** कराउनु, कुर्लिनु, हल्ला गर्नु; all over but the—ing प्रतियोगिता एक किसिमले समाप्त भयो; कराएर भन्नु, चीत्कार गर्नु, ठूलो सोरले वोल्नु; **ना.** खुशी, (बे०) मंजूरी, अवज्ञा, इ० जनाउने डाँको; my इ० —(अप०) भट्टीमा मेरो (इ.) पालो अर्थात् मैले सबैलाई पिलाउने वा पिएको खर्च दिने पालो भन्ने तात्पर्य प्रकाश गर्ने वोली।

shove (शभ्) **क्रि.** र **ना.** जोरसँग घच्याड्नु, चलाउनु, (वाटो इ.) काट्नु along, past, through, इ. सँग; (व्यक्तिलाई) धक्का दिनु;—half penny पेनी, हेपेनी घच्याडेर खेलिने जुवा; (वो. चा.) कहीं घुसार्नु, राख्नु;—it somewhere, in the drawer, इ.;—off किनारावाट (डुङ्गामा) जानु; **ना.** घच्चा, धक्का, घचेड; give (one) a—off (कामको शुरूमा) मदद दिनु।

shovel (श'भेल्) **ना.** र **क्रि.** (—*ll*—) कोइला, माटो, इ. वस्तु उभाउने खनित्रो;—hat चौडा घेरा भएको टोप (पादरीहरूले लाउने); **क्रि.** खनित्रोले उभाउनु, खन्याउनु, उठाउनु;—food into mouth लोभले खानु, धिच्नु, हसुर्नु।

shovelboard (श'भल्वोर्ड) **ना.** अचेल खा. ग. जहाजको तख्तामा पैसा, चक्का, लाई चिनु लाएको ठाउँमा सर्ने गरी हात वा डण्डीले घच्याड्ने खेल।

shoveller (श'भलर्) **ना.** शा. अर्थमा, खनित्रो जस्तो चौडा चुच्चो भएको हाँसको जात पनि।

show **क्रि.** (नि—n, विर.—ed; अचेल विन्यास shew, shown, showed पनि हुन्छ, उच्चा. उही) देखाउनु, खोल्नु, प्रकट गर्नु, जाँचको लागि प्रस्तुत गर्नु, प्रदर्शन गर्नु, उत्पन्न गर्नु, (व्यवहार) गर्नु, दिनु;—oneself (वाहिर) देखापर्नु; nothing to—सफलताको चिनु;—cause (का०) (किन केही कुरा गरिने वा नगरिने) कारण देखाउनु, जनाउनु; —fight त्यसै हार कवूल नगर्नु;—one's colours आफ्नू स्वरूप वा दल देखाउनु;—one's hand (शुरूमा ताश खेलमा) आफ्नू मतलव देखाउनु;—the white feather डरपोकपना देखाउनु, भाग्नु;—a clean pair of heels कुर्कुच्चा ठोक्नु;—a leg विछौना (पलंग) वाट ओर्लिनु;—(thing) the fire तताउनु; प्रष्ट हुनु, प्रकट हुनु, आममा देखा पर्नु, केही रूप हुनु; सिद्ध गर्नु, देखाउनु, प्रतिपादन गर्नु, ठहराउनु, प्रमाणित गर्नु, व्याख्या गर्नु, औंल्याउनु, (कसैलाई) कुरा वुझाउनु;—(person) the door निकाल्नु; on (person's) own showing आफ्नै भनाइवाट; लैजानु;—ed us round देखाउन लगे;—(one) in or out आउँदा वा जाँदा ढोका खोलेर लिन जानु वा बिदा गर्नु; —down (पोकर ताशको जुवा खेल) सुल्टो पारेर राख्नु, (अलं०) अन्तिम परीक्षा, क्रयविक्रय, सम्भावनाको भेद वा प्रकाशन;—off राम्रोसँग प्रदर्शित गर्नु, धाक, रवाफ गर्नु, रोव जमाउनु;—up खडा हुनु, स्पष्टसँग देखिनु; खोल्नु, भण्डाफोर गर्नु (जालझेल, जालसाजी, छल); (वो. चा.) देखा पर्नु;—case **ना.** (विक्रीको र संग्रहशालामा) प्रदर्शन दराज; —room,—window प्रदर्शन कक्ष, झ्याल, इ०;—place पर्यटकहरूले हेर्न जान मन गर्ने ठाउँ।

show (शो) **ना.** प्रदर्शन, dumb—मूक अभिनय; तमाशा, खेलतमाशा, प्रदर्शनी, धाक, रवाफ, आडम्वर (शुल्क तिरी हेर्न पाइने वस्तुहरूको) संग्रह, ज. कि. flower—;horse—; Lord Mayor's—लन्डनमा नगरपालिकाको अध्यक्षको चुनावको दिन हुने शोभायात्रा, जसमा अनेक किसिमका सवारी,

गाडी, समावेश गरिन्छन्; (बो. चा.) सार्वजनिक मनोरञ्जनको कुनै साधन; बाह्यरूप, रुख, झल्को, उत्पन्न हुने भाव; जात्रा, भडक, रौनक, रवाफ, ठस्सा; ज. वा.--y (शो'वि.) **वि.** दर्शनीय, सुगमालोक, दृष्टिहारी, शानदार, भडकिलो, दम्भी, भडकदार, रवाफिलो;—ily (शोविलि) **क्रि. वि.** ठस्सासँग, भडकले;—iness (शो'विनेस्) **ना.** आडम्बर, ठस्सा, रवाफ; (अप०) (व्यापारिक) संस्था, कारोबार, संगठन, व्यवसाय; (run वा boss the—सोको सर्वेसर्वा हुनु); give away the--सोको गुह्य वा कमी खोलिदिनु; good—स्याबास !; (अप०) कारवाई गर्ने, आफ्नू पक्ष पेश गर्ने, मौका; (प्रसू०) सानीसूतक;--boat नदीमा हिंड्ने जहाज जसमा अभिनय प्रदर्शन गरिन्छ;—girl अभिनेत्री, जसको भूमिका नाटकीय भन्दा बढी आलंकारिक छ, रूपवती अभिनेत्री;—man पशुपक्षी संग्रह वा अन्य खेल तमाशाको मालिक, तमाशा मालिक;—manship तमाशा मालिकको कला वा पेशा, (अलं.) आफूलाई वा आफ्ना माल सौदालाई सबभन्दा बढिया वा आकर्षक ढाँचासँग प्रदर्शन गर्ने क्षमता, खेलमालिकपना ।

shower (शा'वर्) **ना.** र **क्रि.** बाछिटा, दर्को, झर, झरी, मुसलधार, आसार, छिटाछिटी, वर्षा, धारासार, शरवृष्टि, (गोलीको) पर्रा, (ढुङ्गाको) वृष्टि;--, -- bath पानीका धेरै धारासहितको धारागृह, धारा (स्नान);—y **वि.** बहुधार, वृष्टिमत्, वर्षुक; **क्रि.** दर्कनु, बर्सनु, धारा लाग्नु; धारा स्नान गर्नु; उपहारहरू प्रदान गर्नु; धारा प्रपात हुनु ।

shram (श्र्याम्) **क्रि.** (प्रादे.) (—mm—, सा. नि. मा) कठांग्रिएको (जाडोले) ।

shrank (श्र्याङ्क्) **क्रि.** shrink को भू. का.=सिकुड्यो, घट्यो ।

shrapnel (श्र्याप्'नेल्) **ना.** गोलाभित्र रहेका गोली र धातुका टुक्रा जो कि निशानाको केही नजीकै फुटी सो गोली वा टुक्राहरूको वृष्टि गर्छ; टुटेर छरिने गरी मिलाइएको टुक्रिने बमको अंश; गोलाखण्ड, बमांश ।

shred (श्रेड्) **ना.** र **क्रि.** धुजा, त्यान्द्रो, वस्त्रखण्ड, चिथडा, चिथरा, टुक्रा, भाँचिएको टुक्रा, सानू अवशेष, दंसो; tear argument into--s बिलकुल धुजा पार्नु, पूरासँग खण्डन गर्नु; **क्रि.** धुजाधुजा पार्नु, छियाछिया पार्नु, धर्सो पारेर च्यात्नु ।

shrew (श्रू) **ना.** कर्कशा स्त्री; ज. बा.—ish **वि.** चोथाले, मुखाले, मापाको;—ishness **ना.** कर्कशापन, चोथालेपन;—mouse छुचुन्द्रो, गंधमुखी ।

shrewd (श्रूड्) **वि.** (पीडा, जाडो) तीखो, दारुण (सा., खा. ग.—blow, knock, thrust, इ०), चतुर, विचक्षण, चलाक, समझदार, विवेकी, खपीस, प्रज्ञापूर्ण ।

shriek (श्रीक्) **क्रि.** र **ना.** तीखो, र सा. निरर्थक डाँको (डर, त्रास. पीडा इ. को) (गर्नु); चीत्कार गर्नु, चिच्याउनु; रोक्न नसक्ने गरी हाँस्नु;—out तीखो पीडापूर्ण बोलीमा कराउनु; **ना.** चीत्कार, चिच्याहट, उत्क्रोश ।

shrievalty (श्री'भल्टि) **ना.** शेरीफको ओहदा, वा काम ।

shrift (श्रिफ्ट) **ना.** (आ.) पादरीसँग प्रकाशन, प्रकाशन र क्षमा (अचेल केवल short—मा, दण्डादेश र सजाय वा प्राणदण्डको छोटो अवधि ।

shrike (श्राइक्) **ना.** कलिंग, पिंग (चरा) ।

shrill (श्रिल्) **वि.** र **क्रि.** खिरिलो, तारस्वर, कर्णवेधी, कर्कश, तीखो, तीव्र, (अलं.) लिचडो, अतियाचक; ज. वा.--y **क्रि. वि.** चिच्याएर; **क्रि.** (कवि. वा अलं) कर्कश वा तीखो बोलीले बोल्नु, कराउनु ; (व्यक्ति)(गीत, उजूर) गर्नु, पठाउनु ।

shrimp (श्रिम्प) **ना.** र **क्रि.** सानू खाद्यजल (खा. ग. समुद्री) जन्तु, जीउँदोमा खैरो हरियो, उमालेपछि गुलाफी चिङ्गडी माछा, इंचाक, चिंगट; **क्रि** चिङ्गडी मार्न जानु, चिङ्गडीको शिकार गर्नु; ज. वा.—er **ना.** चिङ्गडी शिकारी, मार्ने ।

shrine (श्राइन्) **ना.** र **क्रि.** बट्टा खा. ग. पवित्र अवशेषहरू राख्ने; सन्त महात्माको खूब सिंगारिएको चिहान, खास संसर्ग वा सम्प्रदायको वेदी वा पीठ, कुनै संस्मरण वा संज्ञनाद्वारा पवित्र गरिएको स्थल, वनथलो, तीर्थ, स्थान, पीठ; **क्रि.** (कवि) पुण्यभूमि गराउनु, पवित्र गराउनु ।

shrink (श्रिङ्क्) **क्रि.** (shrank श्र्याङ्क, shrunk श्रङ्क र क्रि. भन्दा बढी वि. प्रयोगमा shrunken (श्र'ङ्केन्); घट्नु, खुम्चिनु, मच्कनु, संकुचित हुनु, छोटो हुनु, कठांग्रिनु; पछि हट्नु, हच्किनु, अलगिनु, गह्रुकाउनु;—into (one) self गम्म, मौन, हुनु; हच्कनु; सुक्नु, छोट्याउनु; (लुगा, ऊन, रेशम, इ. पछि नघट्ने गराउनालाई अघिबाटै) घटाउनु, सुकाउनु; **ना.** (विर.) घटाइ, सुकाइ, ज. कि. the--;—age **ना.** घटाइ, सुकाइ;--ing **क्रि. वि.** पछि हट्ने, अनिच्छुक; **ना.** संकोच;—wheel tyre इ. तातो पारेर बढेको अवस्थामा पाङ्ग्रामा जडी सेलाएपछि कसिने गरी हाल्नु ।

shrive (श्राइभ्) **क्रि.** (आ. shrove, shriven) प्रकाशन सुन्नु, प्रायश्चित्त तोक्नु र क्षमा दिनु (क्रिस्तानलाई पादरीले); (अनुतापी) पादरीलाई सो प्रयोजनको लागि आफूलाई सुम्पनु ।

shrivel (श्रि'भेल्) **क्रि.** (–ll–) सुक्नु, घट्नु, (आगो वा घामले) चाउरी पर्ने, दोब्रिने, घुम्रिने, विकृत वा सुकेको अवस्थामा पुग्नु; चाउरिनु, सेप्रिनु, खुम्चिनु, पसांग्रिनु, मसांग्रिनु, मुकुलाउनु;—led **वि.** ख्याउटे, सुकेको, सुके ।

shroff (श्रॅफ्) **ना.** र **क्रि.**, पूर्वको साहू, महाजन; सराफ, सराफी; (दूरपूर्व) खोटो टक पत्ता लाउने जानिफकार; **क्रि.** दाम जाँच्नु ।

shroud (श्राउड्) **ना.** र **क्रि.** कात्रो, सिठ्ठी, आच्छादन, आवरण; लुकाउने माध्यम; (ब. व.) (जहाजमा) मस्तूललाई अडयाउने डोरी र साज; **क्रि.** गाड्नालाई दफनाउनु; कात्रो बेर्नु; ढाकेर लुकाउनु, ढाक्नु, भेष बदल्नु ।

Shrove Tuesday (श्रोभ् ट्यू ज्'डि) क्रिस्तानीहरूको पर्व दिन, अघि पापको प्रकाशन गर्नुपर्ने ।

shrub (श्रब्) **ना.** बूटा, गुल्म, झाडी; बालवृक्ष, जो कि भैंनेर

नै हाँगा हाल्दछ;—by **वि.** गुल्मावृत्त;—bery **ना.** गुल्मवाटिका, झाडी; मद्य र फलरस मिसाएको बाजीकरण पेय, सा० rum—शराब ।

shrug (श्रग्) **क्रि.** (–gg–) र **ना.** काँध अलि अलि र क्षणभर उचाल्नु (बेवास्ता, असहायपना, हेलाँ, झोक, इ. झल्काउने, खा. ग. फ्रान्सको मुद्रा वा चेष्टा); **ना.** कुमको सो उचालाइ, कुमउत्थापन, कुम हल्लाइ ।

shrunk (**en**) (श्रङ्क (न्)) **क्रि.** shrink को भू. का. =घट्यो, खुम्च्यो, ख्याउटे, इ. ।

shuck (शक्) **ना.** र **क्रि.** खोष्टा, बोक्रा, कोसा;—s घीन वा अफसोसको वि. बो.; **क्रि.** बोक्रा छोडाउनु, खोष्टा झिक्नु ।

shudder (श'डर्) **क्रि.** र **ना.** डर, त्रास, अमन वा जाडो इ. को कारणले अचानकको कम्प, जुरुंग (को अनुभव गर्नु); जोरदार अनिच्छा गर्नु;—ing **ना.** र **वि.** कम्पमान, वेपन, स्फुरण; सकंप ।

shuffle (श'फ्ल्) **क्रि.** र **ना.** खुट्टा घिसारेर, चिप्लाएर, कोर्ने गरी वा कठिनसँग चल्नु, हिंड्नु; (ताश) फिट्नु, तलास्नु; मिसाउनु, अलमल्याउनु (कुनै किसिमका वस्तुहरू);—the cards (अलं.) अंग बदलिनु, नयाँ नीति अजमाउनु; (लुगा, बोझ, इ) लाउनु, बोक्नु वा फुकाल्नु, हटाउनु; (अक्ष. वा अलं.) आफ्नू स्थिति बदलिरहनु; चलमलाउनु, अस्पटाउनु, हाँ ना गर्नु, छल गर्नु, झूटो बोल्नु, ज. बाट shuffler **ना.** ;—board=shovel board; **ना.** खुट्टा घिसार्ने चाल; ताशको फिटाइ; सापेक्षिक स्थानको सराइ; छल वा झूट; नृत्यमा खुट्टा घिसार्ने छिटो चाल ।

shun (शन्) **क्रि.** (–nn–) त्याग्नु, परित्याग गर्नु, टाढा रहनु, वर्जन गर्नु, बाह हातको टाँगाले नछुनु; ज. वा.—less **वि.** (कवि.) अपरित्याज्य ।

shun ! (शन्) attention को छो. क.; सैनिक उर्दी बोली ।

shunt (शण्ट्) **क्रि.** र **ना.**, (रेल, विद्युत् प्रवाह, इ.) बाटो बदल्नु; अर्को बाटो लैजानु; (रेल) छेउको मार्गमा लैजानु, खा. ग. सो मार्गलाई जरूरी आवागमनको लागि खाली गराउनालाई, विपरिवर्तन गर्नु; ज. वा—er **ना.** विपर्यक; (विषयको) छलफल स्थगन गर्नु वा अन्त गर्नु; (योजना) थन्क्याउनु; (व्यक्ति) निष्क्रिय गराउनु; **ना.** छेउको मार्गमा फर्काउने वा फर्किने क्रिया, विपर्यक, विपर्यास, विपरिवर्तन; (विद्युत्०) फेरोको दुई बिन्दु जोर्ने परिचालक (तार), जसबाट कम वा बढी प्रवाह विपरिवर्तित गर्न सकिन्छ ।

shut (शट्) **क्रि.** (shut) बन्द गर्नु, चिम्लनु, रोक्नु, दोब्र्याउनु; (लुगा औंला, इ.) ढोकाको कब्जानेर हालेर बन्द हुन नदिनु; विभिन्न भागहरूलाई नजीकै ल्याउनु, ज. कि. दाँत, चक्का; लाउनु, निमीलन गर्नु; थुन्नु, जाक्नु, जकल्याउनु;—in हुल्नु, रोक्नु;—out रोक्नु; पस्न नदिनु; be—of (व्यक्ति) (अप.) ··बाट बच्नु, छुटकारा पाउनु;—down चौखट झ्याल बन्द गर्नु; **ना.** कारखानामा (धनीले) काम बन्द गराउनु;—in (पहाड, घर, समुद्र) घेर्नु, दृश्य रोक्नु, निर्गम वा गौंडा रोक्नु;—off कपाट, धारा, इ. बन्द गरेर ग्यास, पानी, इ. को प्रवाह बन्द गर्नु; समाजबाट बहिष्कार गर्नु;—out अन्तरदृश्य, इ. (पर्दा, झ्याल, इ. ले) बन्द गर्नु, (सम्भावना) रोक्नु;—out bid (ताश, खा. ग. ब्रिजमा) अरू बोल बन्द गर्ने उँचो बोल;—to ढ्याम्म लाउनु;—up सबै झ्याल ढोका छिस्किनी आग्लो बन्द गर्नु, (घरको);—up shop दिनको लागि वा सधैंको लागि कारोबार बन्द गर्नु; बाकस, इ. बन्द गर्नु, (व्यक्ति) कैद गर्नु, थुन्नु, जाक्नु; (चीज) बाकसमा बन्द गर्नु; रोकिनु (कुनै कामबाट), खा. ग.—up ! (आज्ञा.) चूप लाग् ! (भर्त्सना वा खण्डनद्वारा) शान्त गराउनु ।

shutter (श'टर्) **ना.** र **क्रि.** **shut** को शा० अ० मा, खा. ग. काठ वा फलामको तखता, झिलमिल (झ्यालको ऐनाबाहिर जड्ने, उज्यालो वा चोरलाई छेक्नलाई); put up the—s कारोबार दिनको लागि वा स्थायी रूपले बन्द गर्नु; तसवीर खिच्ने क्यामेराको काँच उघार्ने बन्द गर्ने यंत्र, कपाट, आच्छादन;—less **वि.** विनाकपाट; **क्रि.** कपाट जड्नु, कपाट उठाउनु (बन्द गर्नु) ।

shuttle (श'टल्) **ना.** मल्लिक, सूत्रवेष्ठन, तत्रसर, तान (बुन्ने यंत्रको भाग);—armature (विद्युत्०) लामू फलामे गट्टामा एक तार मात्र बेह्रेको प्रयोजक;—cock, battledore and—cock वा badminton खेलमा यताबाट उता हानेर खेल्ने कागको टुक्रामा प्वाँख टाँसेर बनाएको कक;—train शाखालाइनमा छोटो दूरीमा आवागमन गर्ने रेल, तत्रसर रेल; ज. वा.—service तत्रसर सेवा ।

shy (शाइ) **वि.** (—er,—est, विर० shi—) तर्सने (चरा, पशु, माछा, इ०), डरपोक, अवलोकन नरुचाउने, भीरु, कातर; लजिलो, लाज मान्ने, सलज्ज, विनीत; समाज, समागम, नरुचाउने; छली; देखा नपर्ने, पत्ता नलाग्ने, नपाइने, अर्थ नलाग्ने; (अप.) अपुग, गुमाएको अवस्थामा;—shy (संयुक्त शब्दमा प्रथम भाग, ज. कि. gun, work—, इ० सँग) डराउने, वा नरुचाउने; ज. वा.—ly **क्रि. वि.** लाजले;—ness **ना.** लाज, कातर्य, भीरुता, भीति ।

shy (शाइ) **क्रि.** र **ना.** (घोडा वा अलं. ले व्यक्ति) दच्कनु, तर्सनु, भड्किनु, झस्कनु (कोही चीज, हल्ला, वा अलं०, प्रस्तावले);—er **ना.** झस्काहा, झस्केलो; (बो. चा.) फ्याँक्नु, हुत्त्याउनु, (झटारो, खेलमा नरिवल, इ.); **ना.** हुत्त्याइ, निशानामा ताक्नु, खिसीगराइ, पाउने कोशिशगराइ ।

Shy'lock (शाइलॅक्) **ना.** कडा मुद्धवाला महाजन, साहू, कडा ब्याज कसेर उपर गर्ने साहू ।

shyster (शाइ'स्टर्) **ना.** (अप.) व्यक्तिगत ईमान नभएको व्यक्ति, खा. ग. छली वकील, कानून व्यवसायी ।

si (सि) **ना.** (संगी.) सप्तम स्वर नि ।

siamang (सि'आमॅङ्ग वा सी'मॅङ्ग) **ना.** सुमात्रा टापू वा मलया प्रायद्वीपको एक जातको लङ्गूर बाँदर ।

Siamese (सायमीज़्) श्याम, सायम, (अचेल थाइल्याण्ड)

को वासिन्दा वा भाषा;—twins जन्मँदा ढाड जोरिएका दुई बालक (प्रथम त्यस्तो सन् १८७४), वा त्यस्तै अद्भुतसँग जोरिएको जम्ल्याहा; (अलं.) अविभाज्य मैत्री;—cat नीलो, खैरो, इ. थोप्ला भएको घ्यू रंगको छोटो रौं भएको जातको विरालो ।

sib (सिव्) **वि.** (मु. स्क.) र **ना.** (उत्पत्ति॰ मु, व. व.); साइनोको, नाता पर्ने; **ना.** (लिङ्गभेदको विचार नगरी) दाजु वा दिदी, एक पेटका सन्तान; ज. वा.—*ling* **ना.** एक वा दुवै पिता-माता समान हुने दुई वा वढी सन्तानमध्येको एक;—ship **ना.** उही पिता-मातावाट जन्मेका सन्तान (लिङ्गभेदको पर्वाह नगरी) ।

Siberian (साइबे'य्रियन्) **वि.** र **ना.** साइवेरियाको (वासिन्दा);—dog हिमवग्गी तान्ने जातको कुकुर ।

sibilant (सि'विल्याण्ट्) **वि.** र **ना.** सीत्कार गर्ने, सीत्कारसहित उच्चारण हुने, सवाश भएको शब्द उष्म; ज. वा.—ance,—ancy **ना.** उष्मता; **ना.** उष्मवर्ण ।

sibilate (सि'विलेट्) **क्रि.** सीत्कारसँग उच्चारण गर्नु ।

sibyl (सि'विल्) **ना.** सिद्धा, सिद्धा स्त्री, भक्तिनी, भविष्यवक्ता स्त्री; बोक्सी, जैसिनी, ढुना गर्ने स्त्री, जादूगर्नी;—line **वि.** प्राचीन सिद्धावाट प्रादुर्भाव भएको; आश्चर्यपूर्ण भविष्यवाणी, प्रामाणिक; the—line books प्राचीन रोमका दैव संवादहरूको संग्रह; (अलं.) पहिले तिरस्कार गरिएको भन्दा कमसल शर्तमा खुशीसँग स्वीकार गरिने वस्तु ।

sic (सिक्) **क्रि. वि.**=यस्तो, यस्तै; (कुनै वाक्य उद्धरण गरेपछि सो शंकास्पद भएमा अथवा अशुद्ध देखिएमा जस्ताको तस्तो उद्धरण गरिएको हो भनी जनाउनाको लागि) (ल्या.) ।

siccative (सि'केटिभ्) **वि.** र **ना.** सुकाउने गुण भएको (वस्तु), खा. ग. तेलको रोगन चाँडो सुकाउनालाई उसमा मिसाइने ।

sice (साइस्) **ना.** (पाशाको) छक्का; (syce पनि) सैस ।

Sicilian (सिसि'लियन्) **वि.** सिसिली टापू वा उसका वासिन्दाको;—vespers सन् १२८२ को सिसिली टापूमा वास गर्ने फ्रान्सिसीहरूको कत्लेआम, साँझको घण्टीको संकेतले शुरू गरिएको; **ना.** सिसिलीको वासिन्दा ।

sick (सिक्) **वि.** रोगी, विरामी, बीमार, रुग्ण, आतुर, पीडित, अस्वस्थ, रोगार्त; the—रोगीहरू; the S—Man of Europe (ऐति.) तुर्की साम्राज्य; be, feel, make—(अचेल) वान्त गर्नु, गराउनु, मातलाग्नु, विरामी हुनु, रोगाउनु, थलिनु, विसंचो हुनु; turn—वाकवाकी लाग्नु; संतप्त, व्यथित, निर्विण्ण, विरक्त;—of love प्रेमातुर; love—प्रेमातुर; वाक्क, अघाएको; (जहाज) मरम्मत खोज्ने, तोकेको कुरामा, ज. कि. nail—, paint—;—bay (जहाजमा) अस्पतालको काम लगाइएको मुख्य डेकको भाग;—bed रोगशय्या, ओछ्यान, थलो;—benefit रोग भत्ता;—call (सेना.) विरामीहरूलाई डाक्ने विगुल इ. को बोली;—flag जहाजमा वा बन्देज अवधिमा विरामी भएको जनाउने पहेंलो झण्डा;—headache अम्लपित्तले;—leave विरामी विदा;—list विरामीको सूची, खा. ग. पल्टन, जहाज, मा;—room रोगकक्ष ।

sick (सिक्) **क्रि.** लाउनु, (सा॰ आज्ञापक,—him इ॰ कुकुरलाई) ।

sicken (सि'केन्) **क्रि.** रोगाउन थाल्नु, वेमारीको लक्षण देखाउनु; वाक्क वा घीन लाग्नु; वान्ता गर्न खोज्नु; घीन मान्नु; टट्टाउनु, थकित हुनु;—ing वीभत्स;—ingly **क्रि. वि.** वाक्क लाग्ने गरी ।

sickle (सि'क्ल्) हँसिया, हँसुआ; the—सिंह नक्षत्र ।

sickly (सिक्'लि) **वि.** र **क्रि.** रोगी, रोगाएको, जीर्णरोगी, कमजोर स्वास्थ्यको, लस्त, पहेंलो; कमजोर पार्ने, वान्त लाग्ने फीका भावनाको, फीका रसात्मक; **क्रि.** ढाक्नु (over, o'er सँग) फीका रंगले ।

sickness (सिक्'नेस्) **ना.** वेमारी, रोग, वेथा, अस्वास्थ्य, विकार, व्याधि, व्यथा, मात, लेक लाग्नु (ज्यादा अग्लाइमा); falling—छारे रोग, अपस्मार; morning—औछानी (गर्भवती स्त्रीको); sleeping—प्राण हर्ने अफ्रिकी रोग जो ट्सेट्सि कीराको टोकाइले हुन्छ; sleepy—गिदीको सूजबाट हुने आलस्य र लस्तताको लक्षणको रोग; वमनेच्छा, वमी ।

side (साइड्) **ना.** किनारा, छेउ, तह, तल, भुजा (गणित), पट्टि (सपेटो, फिला), कम्मर, ओड; छेउनिरको अंश, निम्न, दोस्रो (दर्जाको); वस्तुको आंशिक रूप; पटिया (ग्रा॰) पक्ष, पट्टि; (बिलियर्ड) छेउमा हानेर वललाई दिने चक्करको चाल; (अप॰) स्वाँग, वडप्पनको ढाँचा, गम्काइ; country—देहात; in—, out—, back—इ॰=पट्टि; blind—रक्षाको बन्दोवस्त नभएको पट्टि; shake (one's)—कम्मर हल्लाएर हाँस्नु, ज. वा.—splitting पेट, मुँडी, फुट्ने (गरी हाँसो); debit, credit—खर्च, आमदानी, (लेख्ने) पट्टि (वहीमा); take—s पक्ष लिनु;—arms तरवार वा किरीच;—bet (कुनै प्रतियोगितामा सामूहिक वाजीभन्दा पृथक्) दुई प्रतिद्वन्द्वीका बीचको वाजी;—board भोजनकक्षको कुनै छेउमा रहने खाद्य, पेय, सामग्री राख्ने टेवुल वा ठूलो सन्दूस; (अप॰, व. व.) जुल्फी (कानमन्तिर तलसम्म आएको रौं);—burns छोटो जुँघाछेउ, जुल्फी;—car मोटर साइकलमा जडिएको वस्ने सानू गाडी;—dish उन्नत किसिमको परिकार;—drum (सेना॰) सैनिक वाद्यटोलीमा ढोलकेको कम्मरमा झुण्ड्याउने ढोल;—issue ध्यान खिच्ने (अप्रासंगिक) कुरो;—light छेउवाट आउने उज्यालो, (अलं॰) प्रासंगिक उदाहरण, इ॰;—lines फूटवल, टेनिस इ॰ खेलमा खेलक्षेत्रभन्दा ठीक बाहिरको जमीन,—line मुख्य पेशाभन्दा फरक अर्को कुनै व्यवसाय,—note टीका, टिप्पणी;—saddle दुवै खुट्टा घोडाको एकैतिर राख्ने गरी वस्ने, खा. ग. स्त्रीको लागि, काठी;—seat सवारीमा, गाडीको छेउतिर पिठ्यूँ फर्केर बस्ने आसन;—show मुख्य तमाशाभन्दा फरक अर्को सानू खेल;—slip **क्रि.** र **ना.** चिप्लनु; (उड्डयन॰) अगाडि जाने

साटो छेउतिर चल्नु, वढ्नु ; **ना.** त्यस्तो चाल ; स्खलन, विरुवाको टुसो, र (अलं.) ठिमाहा सन्तान; (नाटक०) नाचघरको छेउमा पर्दा, दृश्यहरू मिलाउने ठाउँ;—step **ना.** र **क्रि.** छेउपट्टि चालेको पाइला, छेउको पाइला, वग्गीमा उक्लने, ओर्ह्लने, खुडकिलो; **क्रि.** छेउपट्टि पाइला चालेर छल्नु, (अलं०) छल्नु, टार्नु;—stroke छेउको आघात, आकस्मिक क्रिया, पौडीमा चाल;—track **ना.** छेउको लाइन (रेल), वाटो; **क्रि.** अर्को वाटो, छेउको वाटो, मा लैजानु, (अलं.) विचार वा कारवाई स्थगन गर्नु;—view छेउवाटको, छेउको, दृश्य, पार्श्वरूप;—walk, पटरी, पेटीं;—wind पार्श्ववायु, छेउको हावा, (अलं.) अप्रत्यक्ष प्रभाव वा कर्तृत्व; take—s ओड गर्नु, पक्ष लिनु ।

side (साइड्) **क्रि.** पक्ष लिनुं, उही पक्षको हुनु, रुगडियाको पक्षमा हुनु, ओड गर्नु; लहसिनु ।

sidelong (साइड्'लॅङ्ग्) **क्रि. वि.** र **वि.** एकापट्टि ढल्कने. तेर्सो (गरी), तिर्छो (नजर),—glance कटाक्ष, कर्के आँखा ।

sidereal (साइडि'यिरअल्) **वि.** ग्रहनक्षत्रको, नाक्षत्रिक;—day, time, year नाक्षत्रिक दिन, समय, वर्ष ।

siderography (सिडरो'ग्रफि) **ना.** इस्पातमा खोद्ने, कुँद्ने, प्रक्रिया ।

sideward (s) (साइड्'वर्ड्स्) **क्रि. वि.** र **वि.** छेउतिर वा पट्टिवाट, पार्श्विक ।

sideways (साइड्'वेज्) **क्रि. वि.** र **वि.** छेउपट्टि, छेउतिर, पार्श्ववाट, पार्श्विक ।

siding (साइ'डिङ्) **ना.** रेलको पटरीको नजीकै (खा. ग. स्टेशनको वरिपरि) रहेको छोटो रेलमार्ग (लाइन); मुख्य लाइनवाट प्राय: दुवै छेउमा पस्न निस्कन हुने, र वाटो वदल्ने प्रयोजनको लागि काममा ल्याइने गरिन्छ ।

sidle (साइ'ड्ल्) **क्रि.** तेर्सो हिंड्नु, मस्कनु, घस्कनु, खा. ग. डर वा अदवले; silding **ना.** मस्काइ ।

siege (सीज्) **ना.** र **क्रि.** घेरा, परिवेष्टन; घेराको अवधि, (गढ, वलियो स्थान) कब्जा गर्ने वा आत्मसमर्पण गराउने प्रयत्न; घेरा हाल्ने वा घेरिने काम; (प्राय: अलं.; raise the— लिने प्रयत्न छाड्नु; lay—to घेरा हाल्नु; a long—लामू घेरा (को अवधि); अनिच्छुक व्यक्तिलाई केही कुरा गर्नालाई जोर लाउने वा फकाउने हठी प्रयत्न;—gabion डोल;—works सुरुङ्ग , टहरा, इ. (घेरा हाल्नेहरूको); **क्रि.** (आ.) घेरा दिनु, हाल्नु ।

Siegfried line (ज़ीग्'फ्रीड् लाइन्) सन् १९३९–४५ दोस्रो विश्वयुद्धअघि फ्रान्स र जर्मनीको सिमानामा जर्मनीले वनाएको मोर्चाको लाइन, किल्लावन्दी;' जीगफ्रीड लाइन ।

Sien (n) ese (सिएनीज्) **वि.** र **ना.** (व. व. उही) Sienna को निवासी ।

sienna (सिएना') **ना.** रातोमाटो, रातो रंग लाउने माटो ।

sierra (सि'एरा) **ना.** लामू दंतुर पर्वत श्रृङ्खला, स्प्यानिश माछा ।

siesta (सिए'स्टा) **ना.** गर्मी मुलुकमा दिउँसो आराम वा निद्रा, दिवानिद्रा ।

sieve (सिभ्) **ना.** र **क्रि.** चलनी, चाल्नु, वेतले वनेको टोकरीको, मानु, गुह्य राख्न नसक्ने व्यक्ति; **क्रि.** चाल्नु, छान्नु ।

siffleur (सिफ्लेयर्') **ना.** (स्त्री.—**euse** उच्चा.—फ्लेय्र्ज्) सुसेल्ने कलाकार ।

sift (सिफ्ट्) **क्रि.** चाल्नु, केलाउनु, विन्नु, चुन्नु, (प्वाल चम्चावाट) चीनी छर्नु; पत्यार, वास्तविकता वा प्रसङ्गको लागि (प्रमाण, वस्तुस्थिति, घटना, इ०) ध्यानसँग जाँच्नु; (कसैको) स्वभावको विश्लेपण गर्नु; (हिउँ, उज्यालो, इ०) चाल्नुवाट छिरे झैं झर्नु;—ing **ना.** शोधन, निगीलन ।

sigh (साई) **क्रि.** र **ना.** लामू सास फेर्नु, (दु:ख, थकाइ, आराम इ० प्रकाश गर्न); निस्तिनु, धोको गर्नु, रहर गर्नु; उच्छ्वाससँग भन्नु, (हावा) उच्छ्वास झैं शब्द गर्नु; **ना.** उच्छ्वास, लामू सास वा नि:श्वास ।

sight (साइट्) **ना.** दृष्टि, देखा, दर्शन, विलोकन, आलोक, long, short, near—दूर, स्वल्प, निकट, दृष्टि; short—(अलं.) विवेक वा दूरदृष्टिको अभाव; good, bad—असल, खराव, आँखा; know by—चिन्नु मात्र (वाह्यरूपले); loss of—अन्धोपन; second—अन्तर्दृष्टि, दिव्यचक्षु; नजर, हेराइ, ताक, दृष्टिपात, देखोन; take a sight (of) (अप.) नाकमाथि औंला फिंजाएको हात राखी अपमानको संकेत गर्नु;—singing लिपिवद्ध संगीत विना अभ्यास गायन; at—(draft) खडा हुण्डी; at first—प्रथम दर्शनमा, सर्र हेर्दा; पहिलो देखामा; out of—परोक्ष, अगोचर, देखावाहिर, अंतरित; in—समक्ष, प्रत्यक्ष, साक्षात्; within—दृश्य, देखिने; put out of—हटाउनु, लुकाउनु; out of—out of mind टाढाको व्यक्ति विर्सिन्छ; out of my—! (आज्ञा.) मेरा अगाडिवाट जा !; दृग्विपय, लीला, चमत्कार, तमाशा;—seeing स्थान अवलोकन, (सहर) हेर्नु; छटा, ठाँट; a perfect—हेरिनसक्नु, ज. कि. घाउ इ. ले अनुहार; make a—of (oneself), वेढङ्गको लुगा इ० लाएर, इ०; दृश्य, वन्दूक वा चाक्षुप उपकरणमा जडिएको निशाना वा ठीक अवलोकनलाई मदद गर्ने साधन; (वो. चा.) धेरै परिमाण, ज. कि. a—of money; a long—better;—worthy **वि.** दृश्ययोग्य, हेर्नलायक ।

sight (साइट्) **क्रि.** (नजीकै आएर) देख्नु, ज. कि. जहाजवाट जमीन, शिकार इ०; (यंत्रद्वारा) तारा इ० को अवलोकन गर्नु; (वन्दूक, वृत्तपाद, इ० मा) दृश्य–साधन जड्नु; दृश्य ठीक पारेर मिलाउनु;—ing shot अभ्यास गोली (हान्नेलाई तालीमको लागि); (वन्दूक, इ०) दृश्यले दाग्नु, ताक्नु ।

sightless (साइट्'लेस्) **वि.** अन्धो, दृश्यहीन, (कवि०) अदृश्य ।

sightly (साइट्'लि) **वि.** सुदृश्य, राम्रो ।

sigillate (सि'गिलेट्) **वि.** (माटाको भाँडा) छापेको बुट्टा

भएको, (वन.) छापजस्तो चिह्न भएको ।

sigma (सिग्'मा) ग्रीक अत्तर—s, स;—te **वि.** सिगमाकार, सिगमा जस्तो; **क्रि.**—te सिगमा वा स थप्नु;—tic **वि.** सिगमाद्वारा बनेको (कुनै खास काल) ।

sigmoid (सिग्' म्वायड्) **वि.** र **ना.** (मु०, श० वि०) ग्रीक अक्षर सिगमा (वा अचेल s) जस्तो; **ना.** उल्टो वक्र ।

sign (साइन) **ना.** चिनु, चिह्न, निस्सा, इशारा, चालचुल, लक्षण, संकेत, सान, भाउ, हस्तात्तर, निशाना, दस्तखत, दसखत, सही;—manual हस्ताक्षर सही;—and counter—गुप्तशब्द, इ० जसद्वारा मतियारहरूले आफू-आफूलाई चिन्दछन्, संकेत, प्यारोल; (रो. नि.) रोगको लक्षण, घे. ज. (पत्ता लाउने) व्यक्तिको नामसँग भनिने;—,—board सूचनापाटी, संकेतपाटी, नामपाटी, विज्ञापनपाटी; deaf and dumb—s लाटाहरूले कुरा गर्दा औंलाको चाल; राशि;—painter,—writer विज्ञापनपाटी लेख्ने;—post चौमुहानमा रहने गाउँ, शहर, इ. को दिशा र दूरी देखाउने पाटी, मार्गदर्शक ।

sign (साइन्) **क्रि.** चिनु लाउनु; सही गर्नु, दसखत गर्नु, इशारा गर्नु;—infant नवजात शिशुलाई क्रिस्तान धर्ममा संलग्न गराउँदा baptism मा क्रसको चिन्ह उसको शरीरमा बनाउनु;—ed article, masterpiece (कलाकारको) सही परेको लेख, बाजीमाथ, इ०;—away जेथा, इ. दानपत्रमा सही गरेर दिनु;—on कुनै काम वा नोकरी सकार्नु (लिखतमा);—assent मन्जूरीको इशारा गर्नु;—off (ब्रिज ताशखेल) प्रचलित बोलद्वारा अब बढी बोल्दिनँ भनी जनाउ दिनु, (रेडियो) प्रसारण बन्द गर्नु, ज. वा.—off; **ना.** प्रसारणको अन्त;—abe **वि.** सही गर्न हुने ।

signal (सिग्'नल्) वि. अति उत्तम वा खराब, सुस्पष्ट, प्रख्यात, अनुकरणीय, उदाहरणात्मक, सख्त, अपूर्व, स्मरणीय ।

signal (सिग्'नल्) **ना.** र **क्रि.**, संकेत, संज्ञक, इशारा, सान, शकुन, सूचना; **क्रि.** संकेत गर्नु, संकेतबाट इशारा, आदेश, इ. दिनु; इशाराद्वारा घटनाको घोषणा गर्नु;—ler **ना.** संकेतक, संकेतप्रेषक;—ling संकेतप्रेषण; fog—कुहिरो संकेत, कुहिरोमा चालकलाई इशारा दिनालाई रेलको लाइनमा राखिएको पटाका, आवाज गर्ने विस्फोटक; storm—आँधीसंकेत, वायुविधाकेन्द्रमा खडा गरिने खतराको संकेत;—of distress खतरासंकेत, खा.ग. जहाजले तोप पड्काएर गुहार माग्ने; code of—s,—book संकेतपुस्तिका, बही;—box (रेल) संकेतटहरो;—man संकेतक, संकेतप्रेषक;—strengh संकेतबल (रेडियो प्रापकले लिन सक्ने संकेतहरूको बल (मौसिम र दिन, रात, इ. मा फरक हुने) ।

signalize (सिग'नलाइज्)—ise (—ज्) **क्रि.** स्मरणीय, अथवा प्रख्यात बनाउनु, गराउनु; कान्ति वा वैशिष्ट्य प्रदान गर्नु, प्रसिद्ध बनाउनु, कीर्ति गराउनु, जनाउनु ।

signatory (सिग्नेटरि) **वि.** र **ना.** दसखत, सही, गर्ने (पत्र वा राष्ट्र), खा. ग. सन्धिपत्र, सो गर्ने (राष्ट्र) ।

signature (सिग्'नेचर,—च्यु र) **ना.** (आ.) सार्थरूप वा चिह्न; सही गर्दा व्यक्तिको नाम वा नामाक्षर वा चिन्ह (ल्याप्चे, इ.); मुद्रकले पुस्तक छाप्दा पछि पुस्तक सिउने व्यक्तिलाई इशाराको निमित्त प्रथम पत्रको तल हालेको अक्षर वा अंक; लिपि संगीतका विशेष चिह्नहरू;—tune रेडियो प्रसारणमा खास कार्यक्रमको प्रारम्भमा चिनाउने गत ।

signet (सिग्'निट्) **ना.** दसखतसाथ वा एक्लै सहीको तात्पर्यमा चलन हुने निजी छाप, छापऔंठी; the—अघि चलन हुने राजकीय छाप, लालमोहर; writer to the—स्काटिश वकील ।

significance (सिग्नि'फिक्यान्स्) **ना.** अर्थ, महत्व, सार्थता; स्पष्ट वा अव्यक्त महत्व, वा अर्थ; अर्थ झिक्न सकिने वा अर्थ झिक्ने अभिप्रायको; प्रसिद्धि, स्मरणीयता; without—तातोछारो, बेमतलब ।

significant (सिग्नि'फिक्याण्ट्) **वि.** सार्थ, अर्थयुक्त वा पूर्ण, बताउने, सूचक, ससत्व, गुप्तार्थ भएको, ध्यान आकर्षण गर्ने; स्मरणीय, निकै परिमाणको, अतुच्छ, नगण्य होइन ।

signification (सिग्निफिके'शन्) **ना.** जनाउने काम (विर.), यथार्थ अर्थ वा तात्पर्य (केही वस्तुको, खा. ग. शब्द वा वाक्यको) ।

significative (सिग्नि'फिकेटिभ्) **वि.** संकेत, वा आनुमानिक प्रमाण प्रस्तुत गर्ने ।

signify (सिग्'निफाइ) **क्रि.** जनाउनु, बताउनु, कहनु, अर्थ लाग्नु, मतलब हुनु, इशारा हुनु, दिग्दर्शन गर्नु, पूर्वसूचना गर्नु; सूचना गर्नु, महत्वको हुनु, सारको हुनु;—ing जनाउने;—ing nothing निरर्थक ।

Signor, Signora, Signorina (सिन्'योर्, सीन्यो'रा, सीन्योरी'ना) **ना.** इटालियनहरूलाई, वा ले, सम्मानार्थ प्रयोग गर्ने पदवी, श्री, श्रीमती, कुमारी वा सुश्री, ज्यू (इटा.) ।

silage (साइ'लेज्) **ना.** र **क्रि.** =encilage, राखेको हरियो भुसा; **क्रि.** साइलोमा राख्नु ।

silence (साइ'लेन्स्) **ना.** र **क्रि.** मौन, मौनता, नीरवता, चकमन्न, नि:शब्दता, अनालाप, वाक्रोध; **क्रि.** बल, उत्तम युक्ति, इ० ले चूप लगाउनु, निरुत्तर गराउनु, नाजवाफ गराउनु;—r **ना.** मोटरको यंत्र, बन्दूक पड्केको आवाज, इ० को आवाज कम गराउने साधन, घोषावरोधक ।

silent (साइ'लेण्ट्) **वि.** मूक, मौनी, नि:शब्द, अनालापशील, तूष्णीक, मितवाक्, विषयमा केही नभन्ने;—letter (शब्दमा) उच्चारण नहुने;—film नबोल्ने;—partner काममा सक्रिय भाग नलिने; the—system झ्यालखानमा कैदीहरूलाई बोल्न नदिने नियम ।

Silenus (साइली'नस्) **ना.** मौजी जँडयाहा सूज उठेको बूढो मानिस ।

silesia (साइली'श) **ना.** पर्दा र भित्रीमा प्रयोग गरिने पातलो जातको कपडा ।

silhouette (सिलूएट्') **ना.** र **क्रि.** व्यक्तिको पार्श्वचित्र, जसले केवल रूपरेखा मात्र देखाउँछ, औ रूपरेखाभित्रको भाग

पूर्णतया कालो रहन्छ, वा रूपरेखामा काटिएको हुन्छ; प्रकाशको अगाडि रहेको व्यक्ति वा वस्तुको आकार, जसमा केवल रूपरेखा मात्र छुट्ट्याउन सकिन्छ, छायादर्शन; in—छायामा, सिलूएटमा; **क्रि.** पार्श्वचित्रित गर्नु, छायाचित्रित गर्नु, सिलूएट गर्नु ।

silic/a (सि'लिका) **ना.** सिलिकन डायक्साइड नामको रासायनिक द्रव्य; स्फटिक, प्रकृतिमा फट्टिकको रूपमा, र बालुवा चट्टान र अरू चट्टानको मुख्य अवयवको रूपमा पाइन्छ; सिलिका;—osis **ना.** फट्टिकको धूलो (खानिमा) ज्यादा सास फेर्नाले हुने रोग;—ic,—eous **वि.** स्फाटिक ।

silicated (सि'लिकेटेड) **वि.** सिलिका मिसिएको, रहेको, ले छोपिएको, इ० ।

silicify (सिलि'सिफाइ) **क्रि.** सिलिका मिसाउनु, सिलिका बन्नु, पत्थर बन्नु ।

silicon (सि'लिकन्) **ना.** सिलिका नामको यौगिकमा साधारणतः पाइने अधातुतत्त्व सिलिकन् ।

siliqua (सि'लिका) (ब. व.—ae), silique (सिलीक्') **ना.** तोरी, रायो, इ० सोही जातका बिरुवाको कोसा ।

silk (सिल्क्) **ना.** रेशम, कौशेय, कीटज, चीनांशुक; रेशमी कपडा, रेशमबाट बुनेको कपडा; (ब. व.) रेशमी कपडाको किसिम वा लुगा; (बो. चा.) K. C. वा Q. C. दर्जा पाएको वकील; कुनै कुनै नीलमणि वा मानिकसा देखिने अनौठाको टलक; spun—सूत मिसिएको सस्तो रेशमी कपडा, कमसल रेशम; thrown—सूत पारेर बटारेको रेशम; artificial—अचेल सा० rayon, सेलुलोजबाट बनेको सूत; take—वकालतमा तल्लोबाट माथिल्लो दर्जामा जानु, K. C. वा Q. C. बन्नु, ऊनको साटो रेशमको गाउन लाउने हुनु; रेशमको, रेशमबाट बनेको (वाच्य) ज. कि.—stockings (मोजा, स्त्रीको); —fowl रेशमी प्वाँख भुत्ला भएको;—gland रेशम बन्ने वस्तु उत्पादन गर्ने;—reel,—winder रेशम बेर्ने कोवाबाट सूत झैं बेर्ने,—worm रेशमकीरा, कोशकार, पट्टकीट, तंतुकृमि; make—purse out of row's car अनुत्तम चोज़बाट उत्तम काम (लिनु) ।

silken (सिल्'कन्) **वि.** रेशमी, रेशमको बनेको, कौशेय; रेशम लाएको; रेशम झैं नरम र टल्कने; (आचार व्यवहार) लोलोपोतो गर्ने, परानुग्रह लिन सक्ने; सुशील, मनोज्ञ ।

silky (सि'ल्कि) **वि.** टलक, मसिनोपन, नरमीपना र चिप्लोपना इ. मा रेशम झैं;—manner इ. सभ्य, मनोज्ञ, मृदु ।

sill (सिल्) **ना.** संघार, घरको ढोका वा खा. ग. झ्यालको चौकोसमन्तिर रहने ढुङ्गा वा काठको फल्याक; देहली, शिला ।

sillabub (सि'लबब्) **ना.** दूध वा क्रीम मद्यसँग फेटेर दही पारेको परिकार, रक्सीदही ।

siller (सि'लर्) **ना.** (स्क.) चाँदीको मुद्रा, दाम ।

Sillery (सि'लरि) **ना.** फोका उठ्ने र नउठ्ने दुवै प्रकारको श्याम्पेन मदिरा ।

silly (सि'ली) **वि. र ना.** निर्दोष, सोझो, असहाय, (आ.) मूर्ख, कमजोर दिलको, निर्बुद्धि, अविचारी; the—season अखबारहरूमा समाचारहरूको अभावमा सामान्य कुरा मात्र रहने याम, अगस्ट र सेप्टेम्बर महीना;—point, short leg, क्रिकेटमा ब्याट हान्नेको नजीकै विपक्षी खेलाडीहरू उभिने स्थानविशेष; **ना.** (बो. चा.) बेवकूफ, मूर्ख, लाटो, गोल्डयाङ्ग्रो ।

silo (साइ'लो) **ना.** (ब. व.—es) र **क्रि.** हरियो घाँस थिचेर राख्ने खाडल वा हावा बन्द गरिएको कक्ष (त्यहाँ फेणन हुनाको लागि); **क्रि.** त्यसरी भुसा बनाउनु ।

silt (सिल्ट) **ना.** र **क्रि.** पानीको धाराले थुपार्ने माटोको थेग्रो वा मल (कुलो; बन्दरगाह, इ. मा); **क्रि.** मलले भरिनु वा भर्नु ।

silvan, sy—(सिल्'भन्) **वि.** वन्य, वनस्थ, अरण्यज, वनको, वन भएको, ग्रामीण ।

silver (सिल्'भर्) **ना.** चाँदी, रौप्य, रजत; चाँदीको मुद्रा, चाँदीका भाँडाकुँडा; तसबीर खिच्दा प्रयोग हुने कुनै रजत लवणहरू; वाच्य० वा **वि.** चाँदीको बनेको, दोस्रो श्रेणीको; चाँदी जस्तो सेतो, टलकदार, वा बज्ने;—hair सेतो र टलकदार; a—tongue-वाक्पटु; every cloud has a—lining, प्रत्येक कष्टमा केही सन्तोष पनि रहन्छ;—bath सिलभर नाइट्रेटको घुलन रहेको पात्र;—foil चाँदीको तपक;—fox कालो रौंमा खैरो टुप्पो हुने जातको;—gilt चाँदीको मोलम्मा लाएको, चाँदीको पत्रमाथि गिल्टी गरेको;—leaf चाँदीको तपक, पातलो पातो;—paper पातलो, नरम, नटल्काएको सेतो कागत, खु० टिनको तपक;—plate चाँदीको भाँडा, काँटा, चमचा, इ०, चाँदीको जलप;—point खास कागतमा चित्र लेख्ने तरीका; —print चाँदीको लवणको प्रयोगद्वारा बनेको फोटो तसबीर; —sand बगैंचामा हाल्ने मसिनू किसिमको;—screen चलचित्र, चलचित्र देखाउने उन्नत प्रकारको पर्दा;—smith बाँडा; —solder चाँदी रसायन;—standard चाँदीको दामलाई पूरा कानूनी मान्यताको अवस्था;—streak इंग्लिश च्यानेलको कवि० नाम;—wedding पच्चीसौं जयन्ती ।

silver (सिल्'भर्) **क्रि.** चाँदीले ढाक्नु वा गिल्टी गर्नु, मोलम्मा गर्नु; (ऐना) को पछाडितिर टिनको तपक, वा पारो, लगाउनु; (चन्द्रमा, सेतो बत्ती, इ०) उज्यालो रूप दिनु; (hair लाई कर्ता वा कर्म बनाएर), फुल्नु, सेतो वा खैरो हुनु; sable—ed सेतो र कालो मिसिएको ।

silviculture, sy—(सिल्'भिकल्चर,—ल्च्योर्) **ना.** वनविद्यामा वृक्ष पालन र स्याहार ।

simian (सि'मिअन्) **वि र ना.** मनुष्यरूप बाँदर (को); बाँदर जस्तो ।

similar (सि'मिलर्) **वि. र ना.** मिलानको, जस्तो, अनुरूप, काटीकुटी, एकाहार, बखुबी, एकै जस्तो, हूबहू, एकैनास, सम, समान, तुल्य, सधर्मी; **ना.** अर्को जस्तो वस्तु, (ब. व.) एक समान वस्तुहरू;—ity **ना.** समानता, मिलान, मिलती, सादृश्य, साम्य, तुल्यत्त्व;—ly **क्रि. वि.** तथैव, त्यस्तै गरी, तद्वत्, एवम् ।

similie (सि'मिलि) **ना.** खा. ग. कविता वा कवित्वपूर्ण लेखमा, देख्दा व्याख्या गर्न वा उदाहरणस्वरूप, तर वास्तवमा केवल शोभाको लागि, विषयसँग तुलना गरिने अर्को दृश्य, घटना वा कार्य; उपमा, निदर्शन ।

similitude (सिमि'लिट्यूड्) **ना.** सादृश्य, अनुरूपता, समानता, आकार, रूप, औपम्य, बाह्यरूप; उपमा, निदर्शन, प्रतिमूर्ति, जोडा; प्रतिलिपि, हूबहू ।

similize,--ise (सि'मिलाइज्) **क्रि.** उपमा दिनु, उपमाले उदाहरण दिनु ।

simmer (सि'मर्) **क्रि.** र **ना.**, सुसाउनु, सिमसिमाउनु, (उम्लन खोज्नु), विस्तारै उम्लिनु, (अलं.) भुतभुतिनु, सुरसुरिनु, फत्कनु; **ना.** सुसाउने अवस्थामा; अलं. पनि ।

simnel—cake (सिम्'नेल् केक्) **ना.** ईस्टर, क्रिसमस वा लेण्ट उपवासमा खाने गरिष्ट प्रकारको केक ।

Simon Pure (साइमम् प्योर्) **ना.** वास्तविक वा साँचो व्यक्ति वा चीज; धे. ज. the real— — ।

simon/y (सि'मनि) **ना.** धार्मिक पदोत्कर्षको खरीद बिक्री;—iac (सिमोनिअ्याक्) **ना.** धार्मिक पदोत्कर्ष खरीद बिक्री गर्ने व्यक्ति;—iacal (सिमनाइ/एकल्) **वि.** धार्मिक पद खरीद बिक्री गर्ने किसिमको, सोको अपराधी ।

simoon (सिमून्') **ना.** निसास्स्याउने तातो धूलोसहितको अरेबियाको आँधी ।

simp (सिम्प्) **ना.** (बो. चा.) simpleton को छो. क. =बेकूफ, मूर्ख, लठुवा ।

simper (सिम्'पर्) **क्रि.** र **ना.** ढाँचासँग मुस्कुराउनु; मस्कनु, मस्किनु, मसक पर्नु, स्वाँग पार्नु, लाडिनु, फुरुङ्ग पर्नु; त्यसरी सहमति जनाउनु; **ना.** स्वाँगको हाँसो, मस्क्याइ ।

simpl/e (सि'म्पल्) **वि.** र **ना.** सरल, एकै प्रकार वा तत्वको; अजटिल, स्पष्ट, अविकसित; परम, असीमित, केवल, निरा, ठीक; सोझो, सीधा, निमुखा, प्राकृतिक, छलरहित; बेकूफ, अज्ञानी, अनुभवहीन; सजिलो (सँग बुझिने वा गरिने), गाह्रोसाँग्रो नभएको; निम्न दर्जाको, विनीत, तुच्छ, नगण्य; **ना.** औषधिको रूपमा व्यवहार हुने बूटी, सो बूटीबाट बनेको ओखती;—icity **ना.** सरलता, सीधापन, भोलापन, बूझपचाइ, बूझपच्ची;—y **क्रि. वि.** केवल, खाली;—sentence एक कर्ता र एक विधेय भएको वाक्य;—interest सामान्य ब्याज;—equation अज्ञात परिमाणको दोस्रो घात नरहेको,--leaf एक पातको;—fracture केवल हाडको भङ्ग compound—को विपरीत; the—life सौख, नोकरहरूरहित आद्य अवस्थाको जीवन; fee—, बिनाशर्तको (क्रमागत) जेथाजमीनको स्वामित्व; gentle and—धनी गरीब ।

simpleton (सि'म्पल्टन्) **ना.** बेकूफ, ठगिने, लठेप्रो, व्यक्ति, होरल्याङ ।

simpliciter (सिम्प्लि'सिटेयर्) **क्रि. वि.** सर्वथा, सर्वशः, एकांततः, पूर्णरूपले, सापेक्षिक ढाँचाले, वा कुनै खास प्रसङ्गको लागि मात्र होइन, सम्पूर्णको रूपमा (ल्या०) ।

simpli/fy (सि'म्प्लिफाइ) **क्रि.** सरल गर्नु, गराउनु; गर्न वा बुझ्नालाई सजिलो गराउनु;--fication **ना.** व्याख्या, सरलीकरण ।

simplism (सि'म्प्लिज्म्) **ना.** स्वाँगी सरलता, ढोंगी सीधापन ।

simulacrum (सिम्यूल्याक्'रम्) **ना.** (ब. व.—ra) केही वस्तुको छाया वा प्रतिरूप; छायाचित्र; छलपूर्ण साटो, केवल ढोंग ।

simulant (सि'मुल्याण्ट्) **वि.** ···जस्तो रूप भएको (खा० ग० वन० stamens—of petals) ।

simulate (सि'म्यूलेट्) **क्रि.** छल गर्नु, भएको स्वाँग गर्नु, (मनमा) लागेको (भावको) छल गर्नु; (अर्काको) भेष लिनु, नक्कल गर्नु, बदलेको रूप लिनु (अभिनेताले राजाको);—ion **ना.** स्वाँग, नकल, छद्मवेष ।

simultan/eous (सिमल्टे'नियस्) **वि.** समकालिक, एककालिक, एकसाथ, सँगसँगै युगपत्;—equation युगपत् समीकरण, दुई वा बढी परिणम्य रहेको;—eity (सिमल्टेनी'इटि) यौगपद्य, समकालता, युगपद्भाव ।

simurg (सिमर्ग') **ना.** इरानी कथाको प्रकाण्ड चरा, बडेमान चरा ।

sin (सिन्) **ना.** र **क्रि.** (–nn–) पाप, अधर्म, दोष, पातक, कलुष, कुकर्म, दुष्कृति; original—(**क्रि.** धर्म०) ईश्वराज्ञाको अटेरी गर्दा सम्पूर्ण मनुष्यजातिले भोग्नुपर्ने पाप, आद्यपाप; mortal—आत्मघातक; seven deadly—s घमण्ड, लोभ, काम, क्रोध, क्षुधा, ईर्ष्या र आलस्य, besetting—(कोही) ज्यादा झुकेको, लागेको; for my—s (ठ०) कोही अपराध गरेकोले; the unpardonable—अक्षम्य पाप, ईश्वरनिन्दा; man of—(आ० वा ठ०) पापी, यीशूरिपु पनि; like—(अप०) जोरसँग;—eater मरेकाको पाप बोक्ने (उसको लाशमाथि राखेको रोटी जाँड खाएर); काट्टो खाने;—offering पाप-प्रायश्चित्त; **क्रि.** पाप गर्नु, दोष वा अपराध, गर्नु;—(one's) mercies भाग्यका निंति अकृतज्ञ हुनु;—ful **वि.** पापी;—less पापरहित;—ner **ना.** पापी, (धे. ज. ठ., ज. कि. you young—ner ! वा दृढोक्तिमा, ज. कि. as I am a—ner !) ।

Sinanthropus (सिन्यान्थ्रो'पस्) **ना.** पेकिङनेर पाइएको अवशेषले दर्शाउने बाँदर जस्तो मनुष्य, चीनमानुष ।

sinapism (सि'नपिज्म्) **ना.** रायोको पुल्टिस ।

since (सिन्स्) **क्रि. वि., उ.** र **सं.**; अघि, पछि, (न्यून०) हुनाले; ever—तदुपरान्त; किनकि; यतः, यस्मात्, यसउसले कि ।

sincer/e (सिन्सियर्') **वि.** अकृत्रिम, निर्व्याज, निष्कपट; सरल, विशुद्ध, साँचो, ईमानदार, स्पष्ट, स्पष्टवचन वा वक्ता;—ity **ना.** सारल्य, निष्कापट्य, अमाया, शौच;—ely **क्रि. वि.** (खा. ग. चिठीको अन्तमा), शुद्ध हृदयले ।

sinciput (सि'न्सिपट्) **ना.** निधारदेखि चूडासम्म टाउको (occiput को विप.) ।

sine (साइन्) **ना.** (त्रिकोण.) ज्या, द्विज्या, ज्यापिङ; versed—(छो. क. vers) कोटिज्याले कम एक ।

sine (साइ'नी) (ल्या. उप.) विना;—die (साइ'नी डा'ई) विनामिति, अनिश्चित स्थगन;—qua non (साइ'नी क्वा नॅन्) अनिवार्य शर्त वा गुण ।

sinecur/e (सि'निक्योर) **ना.** काम वा कर्तव्यरहित लाभकर पद वा सम्मान, खा. ग. यजमानरहित चर्चको जीविका; ज. वा. —ism **ना.** अकर्माधिकारवाद;—ist **ना.** कर्मशून्याधिकारी ।

sinew (सि'न्यू) **ना.** र **क्रि.** स्नायु, स्नसा, नसा, (ब. व., खु.) पेशी, शारीरिक बल, गठिलोपन; (अलं.) जसले बल दिन्छ, थाम्दछ, अडयाउँछ, उठाएर राख्छ; आवरण, साधन; खा. ग. the—s of war रणसाधन, दाम, हातहतियार, इ.; **क्रि.** (कवि.) स्नायुको काम दिनु, थाम्नु, अडयाउनु; —less बलहीन, सामर्थ्यहीन;—iness **ना.** गठिलोपन, पुष्टता;—y **वि.** स्नायुमय गठिलो ।

sinfonia (सिन्फोनि'अ) **ना.** (आद्य इटालियन गीति काव्य (अपेरा) हरूमा प्रारम्भिक संगीत (इटा.) ।

sing (सिङ्) **क्रि.** गाउनु, गीत गाउनु, अलाप्नु, फलाक्नु, ताना झिक्नु, कण्ठगीत झिक्नु (चरा, इ.), सुसाउनु (डेकची, इ.); कराउनु (कान, इ.); गीत रचना गर्नु; (वीर, सौन्दर्य, ठूलो घटना) वर्णन र प्रशंसा गर्नु; स्वागत वा विदा गर्नु (खा. ग. नव वा पुरानू वर्ष, संगीतले—**in**,—**out**); —out, कराउनु, चिल्लाउनु;—to sleep, good humour इ. गीत गाएर सुताउनु, खुशी पार्नु, इ.;—ing **ना.** गानविद्या, गायनविद्या, संगीतशास्त्र;—**ingman ना.** उस्ताद, गाइने, गायक, गवैया;—master **ना.** गाना सिकाउने उस्ताद, कत्थक, गिदंगी, गायिका, गितारू;—ing voice गाउने स्वर;—er **ना.** गायक, गायिका, गितारू ।

singe (सिन्ज्) **क्रि.** (—ing) र **ना.** डढाउनु, पोल्नु, टुप्पो पोल्नु, (व्यक्तिको केशको रौं, तलासमा)—pig, fowl, goat (मारेपछि) पोल्नु; (अलं.) केही धमिलिएको, ज. कि. dress is—ing, reputation is a little -d; **ना.** बाह्यदहन (विर.) ।

Singhalese—(सिङ्गालीज्') **वि.** र **ना.**=Sinhalese सिंहलको ।

single (सि'ङ्गल्) **वि.** र **ना.** एक, दोहोर वा गुना होइन, संयुक्त, अविभाजित, एकसरो, बिजोडा, विषम, अयुग्म; एकलो, एउटा मात्र, विनामदद; एकमात्र (नकारात्मक रचनामा); छलरहित, सरल, दृढ, स्थिर, जाल नभएको, निर्दोष, स्पष्टहृदय;—ness **ना.** कैवल्य, अद्वितीयता; singly **क्रि. वि.** एक्कल झुकल, आक्कल झुक्कल, एकलै; **ना.** एकसरो खेल; एकसरो (यात्रा गर्ने) टिकट; क्रिकेटमा एक रनको मार; (ह्विस्ट ताश खेल) ५—४ ले जितिएको खेल; (ब. व.) रेशमको बटारिएको सूत; —combat द्वन्द्वयुद्ध, बाहुयुद्ध;—entry एकपल्ट मात्र लेखिने हिसाब;—file छुचुन्द्रे लहर;—eye-glass, monocle एक आँखे चश्मा;—blessdness (ठ.) अविवाहित अवस्था;—ticket एकापट्टिको मात्र सफरको लागि (फर्कंदा अर्को चाहिने); a—eye एकै उद्देश्यमा गाडिएको;—heart or mind स्वभावको निर्मलता;—acting (यंत्र) वाफ एकापट्टि मात्र जान सक्ने;—breasted एक लहर टाँक र टाँकप्वाल भएको कोट;—cut (रेत) एकापट्टि मात्र खोंच खोदिएको;—handed एकलैले;—loader एक पटक मात्र हान्ने भर्ने बन्दूक;—stick अन्दाजी तरवारको लमाइको बेतको बींड भएको तरवार खेल गर्ने तरवार ।

single (सिं'ग्ल्) **क्रि.** कुनै प्रयोजन, वा उदाहरण, को लागि रोज्नु, छान्नु, (out सँग) ।

singlet (सिं'लेट्) **ना.** भित्री गन्जो, भोटो ।

singleton (सिं'ग्ल्टन्) **ना.** फुट्टा, एउटै कुरा, एउटै मात्र छोरा वा सन्तान; ब्रिज इ० ताश खेलमा कुनै रंगको एकमात्र चक्की ।

singsong (सिङ'सॅङ्) **वि., ना.** र **क्रि.** लयमा, एकसुरमा, भनिएको; **ना.** एकसुर, बोल्दा एकै लय; अचानकमा, एकाएक, आयोजना गरिएको कण्ठगीत सम्मेलन, अपेशावाला गायकहरूको भेला; **क्रि.** श्लोक, कविता, गीत, भट्ट्याउनु, फलाक्नु ।

singular (सिं'गुलर्) **वि.** र **ना.** (व्याक०) एकवचन; एकलो, एक, विलक्षण, अद्भुत, अपूर्व, अनुपम, अद्वितीय, अनौठा, असाधारण, विरल हुँदा चित्ताकर्षक; लहडी, अरूढी, अनौठासँग चल्ने, व्यवहार गर्ने; **ना.** व्याक०—number एकवचन; एकवचन देखाउने शब्द ।

singularity (सिंग्यूल्या'रिटी) **ना.** असाधारणता, स्मरणीयता, अनौठाको स्वभाव वा बानी वा लक्षण, वैलक्षण्य; असंगति; लोकोत्तरता ।

singularize (सिं'ग्यूलराइज़्) **क्रि.** बहुवचन भन्ने भूल धारणाले शब्दबाट ब. व. प्रत्यय झिकिदिनु, ज. कि. pease and chinese are—d into pea and chinee.

Sinhalese (सिनलीज़्') **वि.** र **ना.** लङ्काको निवासी वा भाषा ।

sinister (सि'निस्टर्) **वि.** (वंश०) ढालको देब्रेपट्टि (हेर्नेको दाहिना); baton, bend—देब्रेबाट दाहिने गएको धर्को (जसले ठिम्याहापन जनाउँछ); (उ.) देब्रे, बायाँ, अपशकुन जनाउने; (व्यक्तिको अनुहार, हेराइ, रूप, इ०) नराम्रो, द्रोही, अनिष्टकारक, वा दुर्वृत्त रुखको; बदमाश, दुष्ट, ज. कि.—design ।

sinistral (सि'निस्ट्रल्) **वि.** देब्रेको, मा; (शंख) दाहिने शंख ।

sink (सिङ्क्) **क्रि.** (sank र कहिलेकहीं sunk; sunk वा वि. प्रयोगमा sunken); बिस्तारै तलतिर खस्नु, घट्नु, जलमग्न हुनु, डुब्नु, लत्रनु, दिक्क हुनु, थेग्रिनु, क्रमशः शिथिल हुँदै जानु वा नष्ट हुनु वा अन्त हुनु; निपतित हुनु, बलिनु, चुर्लुम्म हुनु, लच्कनु, धस्नु, बुड्नु; छिचल्नु, पस्नु; डुबाउनु, धसाउनु, धसिनु; दबाएर राख्नु, अघि सर्न नदिनु; लुकाएर राख्नु, अदृश्य गराउनु, नाम नलिनु; खन्नु, उत्खनन गर्नु,

खोद्नु;—in (one's) estimation (कसैको) श्रद्धा हराउनु; dye—s in रंग पक्कासँग लाग्नु ।

sink सिङ्क्) **ना.** फोहर पानी जम्बा हुने ठाउँ, अचेल विर०; भान्सा इ० को फोहर पानी, भाँडा माझ्केको पानी, इ० बाहिर जाने ठाउँ, **धे.** ज. माटा इ० को हुन्छ, निपात, डूँड; नदीको पानी वाफ भएर वा छिचलेर बेपत्ता हुने ठाउँ; नाट्यशालामा दृश्य, पर्दा, उचाल्ने झार्ने, छिद्र ।

sinker (सि'ङ्कर्) **ना.** शा. अ. मा, खा. ग. माछा मार्ने बल्सी डुबाउनाको लागि धागोमा जडिएको वजन; hook, line and—(अलं०) पूर्णरूपले, सबका सब ।

sinking (सि'ङ्किङ्) **ना.** शा. अ. मा; भोक वा त्रासले उत्पन्न गर्ने आन्तरिक शारीरिक अनुभव वा चेतना;—fund राष्ट्र वा संस्थाको ऋण क्रमशः घटाउँदै लैजान वा अन्त गर्नालाई पर सारिएको दाम, ऋण परिशोध कोष; the—fund व्ययभन्दा बढी आय, राष्ट्रिय ऋण घटाउनालाई प्रयोग गरिने; raid the—fund सो कोष कुनै अर्कै काममा खर्च गर्नु ।

sinner (सि'नर) **ना.** पापी, पापात्मा, दुरात्मा ।

sinnet (सि'निट्)=sennit **ना.** सात दिन, हप्ता ।

Sinn Fein (शिन् फेन्) **ना.** आयरल्याण्डको राजनैतिक दल=हामी आफैं (आइरिश) ।

Sino— (सिनो—) ग्री० Sinai को संयो० रूप=चीनियाँ; —phobe चीनविरोधी;—phobia, चीनघृणा वा चीन विरोध; अर्को जातीय विशेषणसँग जोरेमा चीनिया र फलानाको अर्थमा, ज. कि. Sino-Nepalese चीनिया र नेपाली ।

Sinolo/gue (सि'नोलोग् , सि'नोलॅग्) चीनविद्यामा प्रवीण; —gy **ना.** चीनविद्या, चीनको भाषा, चलन, इ० को शास्त्र ।

sinter (सि'न्टर्) **ना.** खोला, मूलबाट निक्षेपद्वारा बनेको बलौटे वा चुनिलो पत्थर ।

sinuate (सि'न्यूएट्) **वि.** (खा० ग० वन०) लहरिलो किनारा भएको, किनारामा लगातार भित्री वा बाहिरी मोड भएको ।

sinuosity (सिन्यूअॅ'सिटी) **ना.** कौटिल्य, वक्रिमन्; मोड, खा. ग. सडक वा खोलामा; sinuous **वि.** धेरै मोड भएको, अनेक घुम्ती भएको, कुटिल, वक्र, नागबेली परेको ।

sinus (साइ'नस्) **ना.** (ब. व.—uses,—us—न्यूस्) (श. वि. पशु०) हाड वा तन्तुमा गड्ढा वा प्वाल, थैलाकार गड्ढा; (रो. नि.) भगन्दर; (वन०) पातका लोताहरूको माझको वक्र ।

—sion (श्न्, ज़्न्) **क्रि.** वा अवस्थासूचक नामको प्रत्यय ।

Sioux (सूँ, स्यू) **ना.** (ब. व. उही, उच्चा० सू , स्यू, सूज़् , स्यूज़्) उत्तर अमरिकाको इण्डियन जातिको नाम, सोको सदस्य ।

sip (सिप्) **क्रि.** (-pp-) र **ना.** घुट्को पिउनु, घुटक्याउनु, सर्को पिउनु, अचाउनु, आचमन गर्नु; **ना.** घुट्को, सर्को, आचमन, चुस्की ।

siphon (साइ'फन) **ना.** र **क्रि.**, उत्क्षेपणी, वक्रनली, पानी इ० तरल वस्तु माथिल्लोबाट तल्लो तहमा वातावरणको दबावको उपयोगले सार्ने दुई अङ्ग असमान मोडिएको नली;—bottle, —, ग्यासमय पानीको शीशी जसबाट वक्रनलीद्वारा पानी दबावले बाहिर निकालिन्छ, साइफन शीशी; (पशु० siphuncle पनि) कुनै सिपीदार वा चिप्लेकीरामा रहने नली, कीराको चुस्ने नली, इ.;—cup स्निग्धीकरणको उपकरण जसमा तेल इ० बत्तीद्वारा भाँडोबाहिर लगिन्छ, साइफनपात्र;—al,—ic (साइफॅ'निक्) **वि.**; **क्रि** उत्क्षेपण गर्नु, साइफनबाट झिक्नु, लग्नु ।

sippet (सि'पेट्) **ना.** पाउरोटी, इ० को झोलमा चोबेको (गीलो) टुक्रा; सेकेको भुटेको पाउरोटीको टुक्रा (मासुको परिकारमा घेरा हाल्ने) ।

siquis (साइक्विस्) **ना.** पादरी हुन खोज्ने उम्मेदवारका बारे इलाका चर्चमा टाँसिने सूचना; ल्या०=यदि कसैलाई (बाधा थाहा छ) ।

sir (सर्) **ना.** र **क्रि.** राजा, प्रभु, सभामुख, (नाम थाहा नभएको) पुरुष, गाली गर्नुपर्ने ठिटो, इ० लाई सम्बोधन गर्दा प्रयोग हुने शब्द; महाशय, महोदय, महानुभाव, हजुर, स्वामित; (विलायत) नाइट र ब्यारोनेट दर्जाका व्यक्तिहरूको उपाधि; **क्रि.** "सर्" भनेर सम्बोधन गर्नु, dont—me मलाई सर नभन ।

sire (सायर्) **ना.** र **क्रि.**, (कवि०) पिता वा पुरुष पुरुखा; पशु, खा. ग. बीउको घोडा, को बाबु; **क्रि.** बच्चा उत्पन्न गर्नु, पाउनु, खा. ग. घोडाको ।

siren (साइ'रेन्) **ना.** (ग्री. कथा; ब. व.) मोहनी गर्ने संगीतले असावधान यात्रीहरूलाई आफू बस्ने पहाडी चट्टानमा बज्रेर ध्वस्त गराउने स्त्री, वा आधा स्त्री आधा चरा, हरू; मत्स्यकन्या, अति मोह पार्ने सुन्दरी, मायिनी, मोहिनी; प्रलोभक पेशा; (वाच्य.) मोहिनी झैं रोक्न नसक्ने गरी लोभ्याउने; ध्वनिशास्त्रसम्बन्धी प्रयोगमा चेतावनीको तीव्र शब्द उत्पन्न गर्ने उपकरण, हवाइ हमला भएको सूचना गर्ने यंत्र, साइरेन ।

sirgang (सर्'ग्याङ्) **ना.** नीलकण्ठ चरा ।

siriasis (सराइ'असिस्) **ना.** सूर्यघात, लू , उपचारको रूपमा घाम ताप्नु ।

Sirius (सि'रिअस्) **ना.** लुब्धक नक्षत्र ।

sirloin (सर्'लवायन्) **ना.** (मु. गाइवस्तुको) सपेटो, ह्याकुलो साँप्लो, कम्मरको माथिल्लो भाग ।

sirocco, sci— (सिरॅ'को) **ना.** (ब. व.—s) सहारा मरुभूमिको तातो आँधी इटली पुग्दा त्यहाँ दिइएको नाम; जाडोमा बग्ने तातो प्रखर वृष्टिमत् हावा ।

sirrah (आ.) (सि'रा), sir(r)ee (सिरी') (अम. र प्रादे.) हुकुमी वा हेलाँको प्रयोगमा sir को साटो भनिने सम्बोधन ।

sirup (सि'रप्) **ना.** =syrup, सरबत ।

sirvente (सेय्र्'भाँट्') **ना.** विशेष छन्दको मध्यकालीन सा. ठट्टाको गीत ।

sis (सिस्) **ना.** (बो. चा.) sister को छो. क., वैनी, वन ।

sisal (सि'सल्) **ना.** अम. सहाजातको रूखको पातवाट वन्ने रेशा (डोरी बाट्ने) ।

siskin (सिस्'किन्) **ना.** सुगारंगको गाउने चरा, पिंजडामा पालिने ।

sissy (सि'सि) **ना.** cissy, (अप.) स्त्री जस्तो पुरुष, स्वास्नीमान्छे ।

sister (सिस्'टर्) **ना.** दिदी वहिनी, भगिनी; आत्मीयसँगिनी, साथी; धार्मिक सम्प्रदायकी सदस्या;—of charity,—of mercy, lIttle—s of the poor, इ.; अरूभन्दा माथिल्लो दर्जा भएकी अस्पतालकी परिचारिका; स्त्रीको रूपमा कल्पना गरिने चेतनत्वारोप गरिएको गुण वा वस्तु, ज. कि. गद्य, 'younger—of verse;—ships उही नक्शाबमोजिम वनाइएका;—hook डोरी छिराएपछि वन्द भएर दोहोरो वन्ने अंकुश ।

sisterhood (सि'स्टर्हूड्) **ना.** भगिनीत्त्व, भगिनीसम्वन्ध, भगिनीसमाज, स्त्रीगण ।

sister—in-law (सि'स्टर इन् लॉ) **ना.** भाउज्यु, वुहारी, जेठानी, देवरानी, साली ।

Sistine (सि'स्टिन्, सि'स्टाइन्) **वि.** Sixtus, छैटौं, नाम भएका कुनै पोपको, –chapel माइकेल्याञ्जेलोका भित्तिचित्र-सहित रोमको भ्याटिकनमा रहेको पूजाकक्ष ।

sistrum (सिस्'ट्रम्) **ना.** (व. व.—tra) प्राचीन मिश्रवासीहरूले खा. ग. आइसिस् देवीको पूजामा प्रयोग गरिने लोला वा छिनछिन वाजा ।

sisyphean (सिसिफी'अन्) **वि.** पापको प्रायश्चित्तको रूपमा पहाडमाथि ढुङ्गा घच्याडेर लगेपछि फेरि गुडेर तल पुग्दा निरन्तर सो गाथि लगिरहने सिसिफसको, जस्तो; अनन्तरूपले प्रयास गर्ने ।

sit (सिट्) [**sat** स्याट् (आ० **sate** सेट्)] वस्नु, थच्चिनु, कुर्नु (फुल); स्थिर आसन हुनु, (लुगा, इ०) मिल्नु, ठीक हुनु; (घोडा, इ० मा) आसन राखिछोड्नु; (परीक्षा इ० मा) बस्नु, सम्मिलित हुनु;—s well (घोडा, इ० मा) आसन सजिलो छ;—tight (बो. चा.) आफ्नू स्थानमा अड्नु विचलित नहुनु;—in **ना.** कुनै प्रयोजनको लागि भेला;—in judgement न्याय गर्नु, निन्दोचर्चो गर्नु;—for (one's) picture चित्रकारीलाई सो लेख्नालाई समय दिनु, वस्नु;—for borough संसदमा प्रतिनिधित्त्व गर्नु;—at home काम नगरेर; shoot—ing bird वसेको (नउडेको) चरा (वडो वेकाइदा ठहरिन्छ) हान्नु;—ing hen अण्डा, चल्ला, कुर्ने वसेको;--down (उभिएपछि) वस्नु; –down strike (थलोमै वसी) काम हडताल; – down under (अपमान, इ०) चूपचाप सहनु:—in (बो. चा.),—ter-in= baby-—ter (आमावावु केही प्रयोजनको लागि वाहिर गएका समयमा) हेर्नु, हेर्ने, वालक हेर्ने;—on वा upon केही वारे विचारार्थ वस्नु;—on his head लडेको घोडालाई शान्त राख्नालाई; (अप०) दवाउनु, नसीहत दिनु, वा फट्कार्नु; he wants—ting upon;—out भाग नलिनु, खा. ग. कुनै नाचमा; (अरू आगन्तुकभन्दा) पछिसम्म वस्नु;—over (ताश, इ० खेलमा) सुविधा प्राप्त हुने ठाउँ, देब्रे-पट्टि वस्नु;—under मन्तिर वस्नु (खा. ग. धर्मोपदेशक);—up and take notice (लामू विमारीपछि) चाख लिन थाल्नु;—fast **ना.** घोडाको पिठ्यूँमा (काठी लागेको) खटिरा ।

sit (सिट्) **ना.** (लुगाको) जीउमा वसाइ, फिट ।

site (साइट्) **ना.** र **क्रि.** सहर, घर, खडा भएको, रहेको, वा हुने जग्गा, अखाडा, थलो; **क्रि.** स्थानमा राख्नु, वनाउनु ।

sith (सिथ्) सं. (आ. वाइ.) किनभने, यतः, यस्मात् ।

sitter (सि'टर्) **ना.** शा. अ. मा, खा. ग. चित्र लेखाउने व्यक्ति; good, bad,—राम्ररी, नराम्रोसँग (फुल) कुर्ने कुखुरा; सजिलो शिकार; सजिलोसँग गरिने कुरा; baby—वालक हेर्ने ।

sitting (सि'टिङ्) **ना.** शा. अ. मा, खा. ग. लगातार वसेको अवधि, at one—एकै पटकमा; फुल (अण्डा) को समूह (चरा वस्ने); चर्चमा कसैको खास स्थान; वैठक,--room वस्नालाई पुग्ने ठाउँ; वैठक, वस्ने कोठा (bedroom शयनागारको विप.) ।

situated (सि ट्यू एटिड्), situate, (सि'ट्यू एट्) आ., **वि.** स्थित, तोकेको ठाउँमा; awkwardly—अप्ठ्यारोमा (अक्ष. र अलं.) ।

situation (सिट्यू एश्न्) **ना.** स्थान, थलो; परिस्थिति, वस्तु-स्थिति, अवस्था, गतिविधि, वात (वात विग्र्यो); नाटकमा संक्रमणविन्दु वा संकटकाल, वा जटिलता; नोकरी, तलवी काम वा पद ।

sitz—bath (सि'ट्ज् वाथ्) वसेको आसनमा पानीले जीउ डुवाउने किसिमको ।

six (सिक्स्) **वि.** र **ना** छ,—o'clock छ वजे;—to one (जुवा) १ को छ; two and—दुई शिलिङ्ग छ पेन्स वा हाफ क्राउनको सिक्का;—and—, 6/6,—of one, and half—a—dozen of the other नाममात्रको फरक;—footer छ फूट अग्लो;—pence छ पेन्सको चाँदीको सिक्का;—shooter, छ फायर गर्ने;—fold छ गुना; **ना.** संख्या छ; at—es and sevens गोलमाल, लथालिङ्ग, लठिवजू, अस्तव्यस्त; (ताश, पासा) छक्का; (व. व.) पाउण्डको छवटा जाने मैनवत्ती ।

sixain (सि'क्सेन्) **ना.** छ पंक्तिको श्लोक ।

sixer (सिक्सर) **ना.** (क्रिकेट) छ रन आउने हिर्काइ ।

sixteen (सिक्स्'टीन्) **वि.** र **ना.** १६;—mo वा 16 mo =१६ पत्र हुने गरी मोडेको कागत;—th **वि.** र **ना.** सोह्रौं (वस्तु वा व्यक्ति); **ना.** संख्या १६, षड्दश ।

sixth (सिक्स्थ्) **वि.** र **ना.** छैटौं, वहुधा **ना.** ञैं **ना.** छाडेर ज. the—छ तारीख;—form छैटौं कक्षा (विद्यालयमा); **ना.** —छैटौं भाग; छैटौं कक्षा;—ly **क्रि. वि.** छैटौं (स्थानमा) ।

sixty (सिक्स्'टि) **वि.** र **ना.** साठी;—four mo पत्र ६ पटक मोडेर ६४ पृष्ठ बनाउने पुस्तकको आकार; sixtieth साठीऔं; **ना.** संख्या साठी; the sixties कुनै शताब्दीको ५९ देखि ७० का बीचका वर्षहरू ।

sizable (साइ'ज़ब्ल्) **वि.** ठूलो नापको, बडेमान; (माछा शिकार) तोकेको नापभन्दा ठूलो ।

sizar (साइ'ज़ार्) **ना.** कम शुल्क तिर्ने, अघि केही नोकरी (काम) गर्नुपर्ने, विद्यार्थी ।

size (साइज़्) **ना.** र **क्रि.** (ऐति०) खा. ग. खाना पीना इ० वस्तुको तोकिएको नाप तौलको स्तर; (केम्ब्रिज वि. वि.) खानपीन, रसद; नाप, विस्तार, परिमाण; कोही कोही वस्तु, खा. ग. पहिरनको सामान, ज. कि., जुत्ता, लुगा विभाजित हुने संख्यात्मक वर्ग, ज. कि.—seven सात नम्बरको; out—ज्यादा ठूलो नापको;—stick जुत्ता बनाउने, सार्की, को गोडा नाप्ने दण्ड; **क्रि.** नापबमोजिम राख्नु, मिलाउनु;—up नापको अनुमान गर्नु, (बो. चा.) (व्यक्तिको) बारेमा भावना गर्नु, ठहऱ्याउनु; नापको आडर गर्नु; both of a—एकै नापको; what—? कति ठूलो, कुन नाप ?; thats about the—of it (बो. चा.) साँचो बयान; sizer नापको वस्तु ।

size (साइज़्) **ना.** र **क्रि.** कागत बनाउँदा र कपडामा, र अरू उत्पादनको काममा समेत दह्रोपन र टलक दिनालाई प्रयोग गर्ने जेल्याटिन वा माड फेरेको घुलन, ज. बाट sizy, **वि.** टल्काएर तयार गरिएको; **क्रि.** माड वा जेल्याटिनले दह्रो पार्नु वा टल्काउनु, अस्तर दिनु, सरेस लाउनु, वा प्रलिप्त गर्नु; sizer **ना.** प्रलेपक; sizing **ना.** प्रलेपन, अस्तर ।

sizzle (सि'ज़ल्) **क्रि.** र **ना.** (बो. चा.) तार्दा आउने पड्केको वा भुटिएको आवाज झिक्नु, गुदगुद गर्नु, छड्किनु, सो आवाज;—ing पड्कँदा पड्कँदै ।

sjmbok (श्याम्'बॅक्) **ना.** र **क्रि.** गैंडाको छालाको चाबुक; त्यसले चुट्नु ।

skald (स्काल्ड्) **क्रि.**=scald खा. ग. तातो तरल वस्तुले पोल्नु, डाम्नु ।

skat (स्काट्) **ना.** तीन जनाको ताशखेल, जर्मनीमा लोकप्रिय छ ।

skate (स्केट्) **ना.** र **क्रि.**, लामू पुच्छरे माछाको प्रकार; इस्पातको धार वा गुड्ने उपकरण भएको बूटमन्तिर जडी लाउनेले हिउँ वा कडा जमीनमा चक्कर मारी चिप्लने औजार; विसर्पिका, स्केट; **क्रि.** स्केट लाएर चिप्लनु, चक्कर लाउनु , तोकेको आकार बनाउनु;—over thin ice (अलं०) बुद्धि लगाउनुपर्ने खतरा वा कठिनाइका कुराको सामना गर्नु; skating rink हिउँ जमाएर तयार गरिएको स्केट गर्ने ठाउँ;—r **ना.** विसर्पक ।

skean, skene, skain (स्कीन्, स्केन्) **ना.** गेलहरूको छुरा, आयरल्याण्ड र स्कटल्याण्डमा प्रचलनमा छ;—dhu (—डू) स्कटल्याण्डको पहाडी पोशाकमा मोजाभित्र घुसारेर हिंड्नुपर्ने छुरा ।

skedadle (स्किडया'ड्ल्) **क्रि.** र **ना.** (बो. चा.) भाग्नु; कुलेलम ठोक्नु, छरिएर भाग्नु; **ना.** हतपतको भगाइ, छरिनु ।

skee (स्की वा शी) **क्रि.** र **ना.** =ski हिउँमा चिप्लनु; **ना.** सो गर्ने उपकरण ।

skein (स्केन्) **ना.** काँचो धागो, सूत या रेशमको मुठा; उड्न लागेको वनहाँसको झुण्ड; (अलं०) अलझन, गोलमाल ।

skeleton (स्के'लिटन्) **ना.** पशु या वनस्पति देह बनाउने वा अडयाउने हाड; कुरकुरे हाड, शंख, छिल्का, काठका रेशा, इ०, कङ्काल, अस्थिपंजर, हाडखोर, हाडछाला; जीवन वा उपयोगिताको अन्त भएपछि बाँकी रहने भाग, अवशेष; आवरण, उपस्तंभ; दर्ज्यानी, चाहिएको बखत पूरा संख्या वा बल पुऱ्याउने गरी कुनै विषयको नभई नहुने मात्र अवयव; (सेना०)—drill दुई दुईजनाले गुल्मको प्रतिनिधित्त्व गरी लामू डोरीले छुट्ट्याएको प्रकारको; —key धेरै ताल्चामा मिल्ने;—वा—face-type पातलो टाइपको किसिम; रूपरेखा, रेखाचित्र, सारतत्व; (बढा०) दुब्लो व्यक्ति, कंकाल; —at the feast आनन्द घटाउने कुरा; —in the cupboard, family—परचक्रीसँग लुकाउनुपर्ने अपयश वा अपमानजनक कुरा;--crew, regiment पछि पूर्ण गरिने स्थायी केन्द्र, इ० ।

skeletonize,—ise (स्के'लिटनाइज्) **क्रि.** कंकाल बनाउनु; मासु, वा पातका नसाका बीचको तन्तु, झिक्नु; (कुनै कुराको) विवरण झिकेर कंकाल बनाउनु ।

skelp (स्केल्प्) **क्रि.** र **ना.** , (मु० स्कट०) थप्पड दिनु, लपेटा दिनु; हतारिएर जानु; **ना.** थप्पड वा लपेटा (को आवाज) ।

skep, skip (स्केप, स्कीप) **ना.** काठ वा बेंतको टोकरी; पराल वा को बेंत माउरीको गोला ।

skepsis, skeptic, इ०—scepsis, sceptic हेर्नू ।

skerry (स्के'रि) **ना.** सामुद्रिक चट्टान; चट्टान भएको, वा शिलामय, द्वीप ।

sketch (स्केच्) **ना.** र **क्रि.**, खेस्रा चित्र, रूपरेखा, खेस्रा, मसौदा; नक्शा; नापनक्शा, नक्शाकागत, सामान्य रूपरेखा; पाण्डुचित्र, चित्रारम्भ;—block,–book चित्र लेख्ने कागतका पृष्ठको सजावट भएको पुस्तक, टिपोटबही;—map विवरण रहित रूपरेखा चित्र; **क्रि.** चित्र वा वर्णन बनाउनु, लेख्नु; चित्रारम्भ गर्नु, खा. ग. भूदृश्यको ।

skew (स्क्यू) **वि.** र **ना.** , तेर्सो, बाङ्गो, टाँड परेको, पार्श्वको तिर्यक्, विषम (अचेल मु० भव०, यंत्र० या गणि० मा) कुटिल;—bald (घोडा) सेतो र कालो छोडी अन्य कुनै रंगको टाटाभएको; **ना.** टेवाको तेर्सो शिर; गृहशिखर (धुरी) को टाउको ।

skewer (स्कि'वर्) **ना.** र **क्रि.** सीर, पकाउँदा मासु उन्ने काठ वा फलामको सीर; (ठ०) तरवार, इ०; **क्रि.** सीरमा उन्नु ।

ski (स्की, शी) **ना.** (ब. व. —s , —) र **क्रि.** (—'d, उच्चा० स्कीड्, शीड्;—ing, उच्चा० स्किइङ्, शिइङ्) अन्दाजी ८ फूट लामू ४ इंच चौडा काठको पाता जो खुट्टामन्तिर बाँधेर हिउँमा वेगसाथ चिप्लेर हिंडिन्छ वा बगिन्छ;—joring (यरिङ्) स्क्याण्डिनेभियाको शीत खेल जसमा स्की गर्नेलाई घोडाले तानेर माथि लैजान्छ; **क्रि.** स्की लाएर हिंड्नु ।

skiagraphy, इ०--sciagraphy हेर्नू ।

skid ना. र क्रि. (—dd—), पचकर, (सवारीको पांग्रा) घुम्ने रोक्ने काठ वा ढुङ्गा वा फलामको टुक्रा वा साँचो; चिप्लो जमीनमा पांग्राको रडकाइ वा धस्साइ; क्रि. साँचो वा पचकरले अडयाउनु, चलाउनु, बचाउनु वा रोक्नु, (चक्का वा सवारी) चिप्लो भुँमा अगाडि पछाडि वा छेउपट्टि चिप्लिनु, धस्सिनु ।

skier (स्कि'अर् , शिअर्) ना. स्की लाउने (व्यक्ति) ।

skiff (स्किफ्) ना. तरी, लघुनौका, सानू डुङ्गा ।

skiffie (स्कि'फि्) ना. एक ब्याञ्जो वा गितारवादक र गायक लाई सूर दिने अनेक बाजाको टोलीबाट उत्पादन हुने संगीत ।

skilful (स्किल्'फुल्) वि. कुशल, सिपालु, निपुण, अनुभवी, विज्ञ, अक्कली, छट्टू, चतुर, पोख्त, खपीस, दक्ष ।

skill (स्किल्) ना. सीप, खुपी, चतुर्‍याँइँ. हुनर, कुदरत, सिफारत, परिपाठी, हतौडी, अक्कल, इलम, ढङ्ग, कौशल; —ed (स्किल्ड') —labour, (इ० मा बाहेक विर०) तालीमप्राप्त ।

skillet (स्कि'लिट्) ना. लामू बींड र खुट्टा भएको ताप्के ।

skills (स्किल्स्) क्रि., उत्तम पुरुष अकर्तृक; st--not यसको केही माने छैन, यसले केही गर्दैन ।

skilly (स्कि'लि) ना. पातलो सुरुवा वा खोले (सा० जौको पीठो र मासु अलिकति मिसाएको) ।

skim (स्किम्) क्रि. तर झिक्नु, काढ्नु; लतारिएर वा लत्रेर उड्नु, हावामा बग्नु, सर्र, सरसरती, हेर्नु, पढ्नु; मुख्य कुराहरू लिनु;—the cream off तर मार्नु;--ming dish (अप०) च्याप्टो दौडको डुङ्गा (पाले वा मोटर); —med milk तर झिकेको,--mer ना. तर झिक्ने लामू डाडू वा स्क्याँझर, तेज हलका मोटर डुंगा ।

skimp (स्किम्प्) क्रि. (व्यक्तिलाई खाना, दाम, सामान वा खर्च, इ०) थोरै वा नपुग्ने गरी दिनु, कस्नु, सुर्न्याउनु; खिच्चु हुनु; निच मार्नु, हेलचेक्र्याइँ गर्नु; ज. वा.—y वि. खिच्चु, दरिद्र, कसुत्रा;—ingly क्रि. वि. हेलचेक्र्याइँसँग ।

skin (स्किन्) ना. छाला, चर्म, त्वचा; पशुको छाला, मुत्ला, (खा. ग. साना) पशुहरूको छालाबाट बनेका माल; पानी, रक्सी, इ० राख्ने (पशुको पूरा) छालाको भाँडो; बिरुवा, फल, इ० को बोक्रा; whole—चोटपटक नलागेको; change (one's)—स्वभावको प्रायः असम्भव परिवर्तन गर्नु; get under (one's)—(बो. चा.) (कसैको) टुपी हातमा लिनु, कसैलाई ज्यादा चिढाउनु वा कसैको मन तान्नु; would not be in (one's)—सो व्यक्ति हुन चाहनु; only—and bone हाडछाला मात्र; त्यस्तै—ny वि. बहुत दुब्लो; with the—of one's teeth धौधौ पार्नु; thick, thin —अभेद्य (नछुने), ग्राहक (चेतनशील); near is my shirt, nearer my—स्वार्थं सर्वोपरि हो; (श. वि.) चर्मको दुई तह; true वा inner—अन्तर्त्वच; outer—बाह्यत्वच, बाह्यचर्म; gold-beaters'—सुन पिट्दा पत्र छुट्र्याउने जालो;—bound छाला बेसरी तन्किएको मासु:—deep चर्मगत, छाला मात्र खोस्रिएको;—diver डुबुल्की लाउँदा लाउने खास पोशाक नलाई पानीमन्तिर जाने तैराक;—effect (विद्युत०) उच्चावृत्ति प्रत्यावर्तक प्रवाहको परिचालकको बाहिरी सतहबाट बग्ने प्रवृत्ति;—friction पानीबाट चल्दा जहाजको पार्श्वमा हुने प्रतिरोध;—ful (of wine इ.) खान सक्ने जत्ति मद्य, इ०;—game (अप०) ठगी;—grafting बिग्रेको ठाउँमा सट्टे ठाउँ वा अन्य पुरुषको चर्म सार्ने शल्य क्रिया; उचेरो; खाला; सोप्ला, काँचुली, खोल, मृग-चर्म, बघम्बर, बागम्बर; (वि. प्रयोग) त्वाचिक ।

skin (स्किन्) क्रि. (--nn—) घाउ इ० छाला जस्तोले ढाकिनु, नयाँ छाला बन्नु वा सोले ढाकिनु, छाला झिक्नु, छाला काढ्नु, खुत्ल्याउनु, छाला टाँग्नु; ताछ्नु, छोडाउनु, खुर्किनु, कसिएको लुगा फुकाल्नु वा (अर्काको) फुकालिदिनु; (अप०) ठग्नु, प्रतारण गर्नु;—flint किरण्टोकी, कन्जूस; keep (one's) eyes—ned (अप०) बडो होशियार भएर बस्नु ।

skink (स्किङ्क्) ना. सानू जातको माउसूली ।

skinner (स्कि'नर्) ना. शा. अ. मा, खा. ग. (अचेल मु० लण्डन सहरको प्रतिष्ठानको नाममा) चर्मकार, छाला-बेपारी, चरसबेपारी ।

skip (स्किप्) क्रि. (—pp—) र ना. (केटाकेटी, बोका पाठा बाछा) उफ्रनु, नाच्नु, (डोरी लिएर) उफ्रनु, एक विषय, पेशा, बाट छिटो छिटो अर्कोमा जानु; असंबद्ध या चन्चल हुनु; (अप०) बेपत्ता हुनु, भाग्नु; कोही श्रेणीको सम्बन्धमा, वा पढ्दा, छोडेर गर्नु, पढ्नु;—jack (चराको हाडबाट बनेको) उफ्रने पुतली;—ping rope बीचमा लामू डोरी भएको टुप्पामा काठको बींडवाला उफ्रने डोरी, खा. ग. लडकीहरूको लागि, ना. उफ्रने चाल, कुदाइ, एक खुट्टाबाट अर्कोमा छिटो-सँग आड लिने चाल; hop—and jump पालैसँग यी तीन चालको कसरत; (खा. ग. डबलिनको ट्रिनिटि) कलेजको नोकर; (बोल्स् वा कर्लिङ्ग खेलमा) अगुवा, कप्तान; खानिमा मानिस, सामान, उतार्ने, चढाउने, बाल्टिन वा ठिंगुरो ।

skipper (स्कि'पर्) ना., (पशु०) खा. ग. सानू खैरो रंगको पुतली; जहाजी कप्तान, खा. ग. सानू व्यापारिक जहाजको; वायुयानको कप्तान; (संक्र०) खेलमा पक्षको कप्तान; —'s daughters (माथिको एक अर्थमा श्लेषसहित) अग्लो सेतो जुरो भएका छालहरू ।

skippet (स्कि'पेट्) ना. (ऐति.) कागतमा लगाइएको फितामाथिको छापलाई सुरक्षित राख्ने काठको बेलनाकार बट्टा ।

skirl (स्कर्ल) क्रि. र ना. थैले बाजाको जस्तो शब्द (गर्नु) ।

skirmish (स्कर'मिश्) ना. र क्रि., कटक, भिडन्त, सह-साको लडाइँ, खा. ग. सानू दलको बीचमा; बुद्धि या युक्तिको भिडन्त; क्रि. सानू सानू टोलीमा लड्नु, सहसा भिड्नु; ज. वा.—er भिडन्ते ।

skirt (स्कर्ट्) ना. र क्रि., कम्मर मन्तिर झुण्डिने लुगाको भाग, फेर, लहँगा, घाँगर, स्कर्ट, जामा, कच्छ, पर्यन्त, अन्चल;

maxi—घुँडामन्तिरसम्म पुग्ने; midi—मझौला, घुँडासम्मको, mini—छोटो, कापसम्मको;—ing ना. स्कर्ट हाल्ने कपडा; divided—स्कर्ट जस्तो देखिने खुकुलो कट्टू; (ग्रा० अप०) स्त्री, खा. ग. a bit of—मा; किनारा, छेउ, सीमा, सबभन्दा बाहिरी भाग, धे. ज. व. व., on the—s of (सहर) सो सहरको छेउछाउमा;—of beef सस्तो खानाको रूपमा (गाइवस्तुको) भुँडी, आन्द्रा, इ०;—-dancer,—-dancing पूरा फर्र फुक्ने फिंजिने स्कर्ट लाएर नाच्ने, नृत्य;—-ed वि. फेरसहित;—less फेरविना; क्रि. छेउछेउमा जानु, छेउमा रहनु, अवस्थित हुनु; किनारा, भित्ता, सँगै जानु;—ing वा—ing board कोठाको भित्ताको तलतिर चारैतिर रहने काठको फल्याक ।

skit (स्किट्) **ना.** हलका ठट्टा, प्रहसन, साहित्यिक आक्षेप; (बो. चा.) कुनै संख्या, भीड, (खा. ग. व. व. मा=थुप्राका थुप्रा, असंख्य) ।

skitter (स्कि'टर्) **क्रि.** (जङ्गली चरा) उड्दा वा बस्दा पानीमा छ्याप्ल्याङ्ग छुप्लुङ्ग गर्दै जानु; बल्सी पानीको तरमा विसारेर माछा मार्नु ।

skittish (स्कि'टिश्) **वि.** (घोडा) तर्सेको, ज्रस्कन खोज्ने, उत्तेजित, खेलवाडी, चटपटे, (मु० स्त्री) हाउभाउ लाउने, कामचारी, चपल, लीलाभिनय गर्ने, उत्ताउली, मजा गर्ने, चहार्ने, युवापनको स्वाँग पार्ने, उखरमाउली, नखरमाउली ।

skittle (स्कि'ट्ल्) **ना.** र **क्रि.**, (व. व.) नौ ठाडो मुग्दल गेंदले लडाउने खेल; beer and—s मोजमज्जा; (अप. वि. बो. को रूपमा) फजूल कुरा !; **क्रि.**—out (क्रिकेट) ब्याट हान्नेहरूलाई लगालग आउट गराउनु ।

skive (स्काइभ्) **क्रि.** छाला ताछ्नु वा काट्नु; (मणिको) तह घर्षणबाट उडाउनु;—r **ना.** छाला खुर्कने वा ताछ्ने काट्ने ज्यावल, ताछेर स्क्रिकेको पातलो छाला, छालाको पत्र ।

skivvy (स्कि'भि) **ना.** (बो. चा.) (सा. हेलाँ.) नोकर्नी, चाकर्नी ।

skua (स्क्यू'अ) **ना.** अरू चरालाई लखेटेर तिनले निलेका माछा इ० ओकल्न लाएर आफू खाने लुटाहा सामुद्रिक चरा ।

skulduggery, sc— (स्कल्ड'गरि) **ना.** (ठ०) छल, चटक, भ्रष्ट चाला ।

skulk (स्कल्क्) **क्रि.** डरले वा खराव नीयतले आफूलाई छिपाउनु, लुक्नु; डर वा खतराको समयमा बेपत्ता हुनु; कर्तव्य छल्नु; देखा नपर्नु;—er वा—**ना.** कामसाँचा, जीउसाँचा, लुकाहा, छली ।

skull (स्कल्) **ना.** खप्पर, कपाल, थाप्लो, टाउको, मण्टो, खोपडी, चाँदो, ब्रह्माण्ड, डँडाल्नु;—and cross—bones मृत्युको निशानाको रूपमा खप्परमन्तिर दुईटा तिर्छे हाड एक अर्कोमाथि राखेको चित्र, प्रदर्शन; खप्पर र हाड;—cap नेपाली टोपी, भादगाउँले टोपी, प० मा खास सम्प्रदाय, बूढाखाडा, इ० ले घरभित्र लाउने ।

skunk (स्कङ्क्) **ना.** दुर्गन्धमय मांसभक्षी अ० पशु; गन्धपशु; ऐ० को मुत्ला; गन्हाउने वा नीच व्यक्ति ।

Skupshtina (स्कूप्'श्टिन्) **ना.** युगोस्लाभियाको संसद ।

skurry (स्क'रि) **क्रि.** हतारिनु, हतपताउनु, दौडा दौड गर्नु, भविच्छिन्न पार्नु ।

sky (स्काइ) **ना.** र **क्रि.** स्वर्ग, आकाश, सगर, गगन, नभ, व्योम; मौसम, आवहवा, वातावरण; if the—fall, we shall catch larks खुदा दे तो खटिया ऊपर, आकाश खसे चरा मारौंला, हुन नसक्ने आपत्को निंति प्रबन्ध गरिन्न; under the open—घरबाहिर; (सा. व. व.) अति, ज. कि. land to the skies ज्यादा;—blue अकासे नीलो;—-born (कवि०) दैवी जन्मको;—-clad (ठ.) नाङ्गो;—-high आकाश छुने;—lark भारद्वाज चरा; **क्रि.** पालको डोरीमा चढ्नु, ठट्टा र उपद्रो गर्नु, उटपट्याङ्ग गर्नु;—-light आकाश प्रकाश;—-line आकाशमा देखिने पहाड इ. को सीमारेखा;—-marker निशानाक्षेत्र देखाउने छाता बत्ती वा राँको;—-pilot (अप.) पादरी;—-rocket अग्निवाण (आतशबाजी पनि); **क्रि.** (अलं०) ठाडोसँग चल्नु, उक्लनु, ज. कि. मोल;—-scape आकाशदृश्य;—scraper अति अग्लो भवन, अग्लो चिमनी, धूवाँकस;—-way आकाशमार्ग;—writing वायुयानले विज्ञापन इ० को लागि सुव्यक्त पढ्न सकिने धूवाँको आकाशमा छोडेको चिन्ह;—ey **वि.** आकाशीय;—less **वि.** आकाशरहित;—wards आकाशतिर; **क्रि.** (क्रिकेट) बल मास्तिर हान्नु; (तसवीर) भित्तामा अग्लोमा टाँग्नु, (कलाकारको) चित्र त्यसरी राख्नु ।

Skye terrier (स्काइ टे'रियर्) **ना.** लामू जीउ र रौं भएको सानू जातको टेरियर कुकुर (स्क०) ।

skyer (स्का'यर्) **ना.** क्रिकेटमा माथि जाने बल ।

slab (स्ल्याब्) **ना.**, **वि.** र **क्रि.** (—bb—) शिला, फल्याक, चाक्लो (चेप्टो, पातलो, सा० चौकोस ढुङ्गा वा अन्य साह्रो वस्तुको टुक्रा); **वि.** (आ.) बाक्लो, चिपचिपे; बाक्लो र च्याटच्याटे; **क्रि.** रूख, इ. टिम्बा पार्नु (चिर्नालाई);—bing gang सो गर्ने करौंती ।

slabber (स्ल्या'बर्)=slobber राल काढ्नु, बगाउनु ।

slack (स्ल्याक्) **वि.**, **कि. वि.**, **ना.** र **क्रि.**, शिथिल, लापरवाह, होलो, आरामसाथ, निस्तिएको, खुकुलो, फितलो, मन्द, टपर्टुईंय्याँ, अक्रिय, बेवास्ता गर्ने;—water छाल फर्कने वेलाको शिथिल पानी; a—rope खुकुलो;—rein खुकुलो लगाम, बेवास्ताको भाव;—weather अल्सी लाग्ने;—lime पाको चून; **क्रि. वि.** dry, bake, इ. सँग संयुक्त रूपमा=विस्तारै, अपूर्णरूपले, ज. कि.—dried,—-bake; इ; **ना.** डोरीको खुकुलो भाग; व्यापार इ० मा शिथिल समय, मन्दापन; (बो० चा०) आलस्य र आरामको (छोटो) अवधि; (प्रा.) धृष्टता, प्रगल्भता; (व. व.) पतलुन, पाइजामा खा. ग. स्त्रीहरूले (घरमा) आरामीको लागि लाउने, खुकुलो, अल्छे; **क्रि.** खुकुलो पार्नु, छोडिदिनु; (बो. चा.) आरामी लिनु, अल्सी गर्नु; चूनमा पानी हाल्नु;—off वेग, जोर, घटाउनु;—up थाम्ने अघि (रेल, इ० को)

वेग घटाउनु ।

slacken (स्ल्या'केन्) **क्रि.** फुकाउनु, खुकुलो गर्नु, झोलिनु, लत्रिनु ।

slag (स्ल्याग्) **ना.** र क्रि. (—gg—); शोधन गर्दा द्रवित अवस्थामा रहेको कच्चा धातुबाट छुट्टिएको धातुमैला; काचज द्रवणमल, (ज्यादा पाकेर) डढेको ईंट; ज्वालामुखीमल; basic —इस्पात उत्पादनमा उपफलको रूपमा निस्कने (कृषि) मल; — -wool=mineral wool, द्रवित धातुमलका उपर विशेष क्रियाद्वारा बनेको (भित्ता, इ. मा हाल्ने) ऊन जस्तो वस्तु; खनिज ऊन ।

slain (स्लेन्) **क्रि.**=slay को नि., मारेको ।

slake (स्लेक्) **क्रि.** शमन गर्नु, मेटाउनु, बुझाउनु, तृप्त हुनु, गराउनु; चूनलाई पानी हालेर पकाउनु ।

slalom (स्ला'लोम्) **ना.** कृत्रिम रोकावटहरूले देखाएको ओह्रालो मार्गको स्की दौड; ख्याउने डुङ्गादौड ।

slam (स्ल्याम्) **क्रि.** (—mm—) र **ना.** ढ्याम्म ढोका, इ., लाउनु; केही वस्तु शब्दसाथ भुँमा राख्नु; (अप.) पिट्नु, हराउनु, सजिलोसँग जित्नु; **ना.** ढ्याम्मको आवाज, ताशमा सबै हातको जित, (grand—, little—१३ हात, १२ हात, खाएको ।

slander (स्ल्या'ण्डर) **ना.** र **क्रि.**, (झुट्टा कुरा गरी अर्काको) बदख्वाइ, उतानों, पैशुन्य, निर्वाद; बदनाम, कलंक, दुर्नाम, अपवाद;—er **ना.** गोष्ठश्व, निन्दक, मुखवैरी;—ous **वि.** पिशुन, सापवाद; **क्रि.** दुर्नाम गर्नु, कलंक लगाउनु, झुट्टा बदख्वाइ गर्नु ।

slang (स्ल्याङ्) **ना.** र **क्रि.** बोलचाली, तर ठेट वा स्तरीय भनी नमानिएका शब्द वा वाक्य, अपभाषा, कुनै वर्ग, पेशा वा समाजका व्यक्तिहरूले मात्र विशेष प्रयोग गरिने शब्द वा वाक्य; **क्रि.** गाली गलौजको भाषा प्रयोग गर्नु, गाली बक्नु ।

slangy (स्ल्या'ङ्गि) **वि.** अपभाषाको ढाँचाको, अपभाषा प्रयोग गर्ने ।

slant (स्ल्याण्ट) **क्रि.**, **वि.** र **ना.** तेर्सो पार्नु, टेढिनु, तेर्सिनु, कुनै खास दृष्टिकोणबाट समाचार पेश गर्नु; **वि.** कर्के, बांगो, छड्के, कराँइ (आँखा), तेर्सो; **ना.** वक्रता, तेर्सोपन, (आ.) अप्रत्यक्ष नसीहत, (नौ०) पक्षको, फाइदाको, हावा; वस्तु हेर्ने ढाँचा, दृष्टिकोण;—wise छड्के, छेकारो, तेर्सो, डेउढा, टेढो ।

slap (स्ल्याप्) **क्रि.** (—pp—), **ना.** र **क्रि. वि.** लपेटा, थप्पड, चपेटा, चपेटिका, आघात, थप्पा, लबटा, ठ्याम्म, इ० हान्नु, चड्काउनु; (बो. चा —down पनि) नसीहत, गाल; कृ. (वि. वा क्रि. वि. ऊँ) a—ping great girl, dinner, इ. अतितेज, असल, बढिया, इ.; **ना.** **क्रि.** अर्थमा;—in the face (अलं.) अपमान, तेजोवध, हेलाँ; **क्रि. वि.** आघातको एक्कासिपन, वा प्रभाव, वा अचूक निशानासहित; अचानकमा, ठीकसँग, पूरा;—bang जोरसँग;—dash **वि.** जोशिलो, फाटफुट, जथाभावी, अल्लारे, भंगरभाउले, लटरपटर, लटङपटङ, मनमोजी; **ना.** त्यस्तो काम, मनमोज, मनपरी; **क्रि. वि.** जोडसँग, दुस्साहससँग;—happy (अप.) बेवास्तासँग सुखी;—up **वि.** (अप.) एकदम नयाँ, अचेलको सम्पूर्ण सुविधासँग, नयाँ सेन या ढाँचाको ।

slapjack (स्ल्याप्'ज्याक्) **ना.** झीरमा घोपेर पकाउने प्रकारको रोटी ।

slapstick (स्ल्याप्'स्टिक्) **ना.** नाच, खेलमा मसकराले लिएर हिंड्ने (बज्ने) काठको जोर्नी भएको पाताको डण्डा वा लठ्ठी जस्तो; पाते लठ्ठी; (अलं. र वाच्य.) अति हुल्लडी किसिमको उत्ताउलो नाटक वा प्रहसन; हँसाउने नाटक ।

slash (स्ल्याश्) **क्रि.** र **ना.** तरवार, चक्कू, चाबुक, इ. ले जथाभावी वा कावा खाए जस्तो गरी हान्नु, काट्नु;—ing criticism कडा आलोचना, निन्दा;—ed sleeve इ. बाहुलामा लामा लामा चिरा पारी भित्री वा अस्तर देखाउने गरी; (मोल, इ०) साफसँग घटाएको; चाबुकले हान्नु; चाबुक पड्काउनु; (सेना०) हाँगा बाहिरपट्टि पर्ने गरी रूख लडाउनु (रक्षा खातिर) ; **ना.** लामू चिरो, घाउ (काटेको); रूख काट्दा जम्बा भएको कसिङ्गर, टूटफूट, इ० ।

slat (स्ल्याट्) **ना.** र **क्रि.** (-tt-); खा. ग. झिलमिलमा हाल्ने प्रकारको पातलो चेप्टो काठको फल्याक, पातो, पटरी, पट्टी; **क्रि.** (पाल, डोरी, इ०) मस्तूल, इ० सँग टंकराउनु, तिनमा लाग्नु, आवाजसहित; कुनै तहमा वा तहले जोरको आवाजसँग हान्नु ।

slate (स्लेट्) **ना.** **वि.** र **क्रि.** सजिलोसँग पत्र पत्रमा छुट्टिने चट्टान; छाना हाल्ने काममा लाग्ने सोको चौकोस पत्र; पाटी, सिलेट; clean—(अलं०) सफा पाटी, रफासफा, ज. बाट फेरि नयाँ काम, हिसाब, इ० शुरू गर्न सकिन्छ;—club पारस्परिक सहायता गोष्ठी, क्लब, सानू साप्ताहिक चन्दा दिनुपर्ने;—coloured गाढा (नीलो वा हरियो मिसिएको) खैरो; **वि.** सिलेटको बनेको, सो रंगको; **क्रि.** स्लेटले (खा. ग, छानाऊँ) ढाक्नु; (बो. चा.) (खा. ग. समालोचनामा ग्रन्थकारलाई) कडासँग समालोचना गर्नु, बिताउनु, गाली गर्नु हप्काउनु; मनोनीत गर्नु, कार्यभारको लागि प्रस्ताव गर्नु ।

slattern (स्ल्या'टर्न) **ना.** मैली स्त्री;—ly **वि.** फोहरी ।

slaughter (स्लॉ'टर्) **ना.** र **क्रि.** संहार, कत्ल, हत्या (खा. ग. धेरै जनाको एकै बाजि);—or massacre of the innocents (क्रि. कथा) हेरॅडले बालकहरूको हत्या;-house कत्तलखाना, वध्यस्थल, वध्यस्थान, कसाईखाना; **क्रि.** काट्नु, मार्नु, छप्काउनु, संहार गर्नु, खानलाई मार्नु;—er कसाई, बगरे, मार्ने ।

slav (स्लाभ्) **ना.** र **वि.** पूर्वी योरपका जातिहरू-रूसी, बुल्गेरियन, पोल, इ० को सदस्य; **वि.** स्लाभ् जातिको, (सोको) भाषा, निवासी (को) ।

slave (स्लेभ्) **ना.** र **क्रि.** दास, कमारा, किङ्कर, करिया, गुलाम; (केही कुराको) असहाय शिकार; कुनै जोरदार प्रभावमा पर्ने; बेफुर्सतको व्यक्ति, अविरतायासी, त्राती, नीच व्यक्ति;—bangle, कुहिनामाथि लाउने काँच, सुन, इ० को बाजु;—born

गर्भदास;—driver दासचालक; (संक्र०) कडा हाकिम;—grown दास उत्पादित (वस्तु);—holder दासप्रभु, मालिक, धनी;—hunter दास, (खा. ग. निग्रो) शिकारी (उनलाई पक्डेर लगी बेच्ने);—ship कमारा ओसार्ने;—states (ऐति०) उ० अमरिकाका दक्षिणमा दासप्रथा प्रचलनमा रहेका राज्य;—trade दासव्यापार;—trader दासव्यापारी, दासविक्रयी; **क्रि.** दास झैं काम गर्नु, अविरतायासी हुनु, निकृष्ट कर्मकारी हुनु; white—गोरा लडकीको हरण गरी लगी वेश्यावृत्तिमा बेच्नु, गौराङ्ग दासी;—slave traffic गोरा दासीव्यापार ।

slaver (स्ले'भर) **ना.** र **क्रि.** राल (बगेको), (अलं) विरस प्रशंसा, चाटुकारिता, दासवृत्ति; दासव्यापारमा लागेको व्यक्ति वा जहाज; **क्रि.** मुखबाट राल बगाउनु; राल लुगामा खसाल्नु वा म्वाइँ खाँदा अर्काको गालामा लगाइदिनु; (अलं) —ing भोकाएको, राल झिकेको ।

slavery (स्ले'भरि) **ना.** र **वि.** दासता, दासको प्रभु हुने अवस्था; थकाउने मेहनत, अविरतायासिता; **वि.** रालै रालले भरिएको (मुख) ।

slavey (स्ले'भि) **ना.** (अप०, ब. व.—s) नोकर्नी, खा. ग. भाडाको घर, कोठा, मा काम गर्ने ।

Slavic (स्ला'भिक्) **वि.** र **ना.** स्लाभ जातिको (भाषा), Slavonic स्लाभोनिक ।

slavish (स्ले'भिश्) **वि.** दासवत् , दासोचित, कमारे, नीच, पतित, लते, दासेय, नोकरे,—imitation विकास वा उन्नतिको गन्ध पनि नरहेको नकल;—mentality **ना.** दास मनोवृत्ति ।

Slavonian (स्लाभो' नियन्) **वि.** र **ना.** स्लाभ जातिको (भाषा, सदस्य) ।

Slavonic (स्लाभो'निक) **वि.** र **ना.** स्लाभहरूको (भाषा) ।

slaw (स्लॉ) **ना.** बन्दाकोबीको काटेको टुक्राको सलाद ।

slay (स्ले) **क्रि.** (slew उच्चा० स्लू, slain स्लेन्), मार्नु (मु० कवि०, अलं०, वा ठ०)—er **ना.** घातक, मार्ने, हन्ता, खूनी ।

sleazy (स्ली'जि) **वि.** (वसन) निफ्फर, पातलो; (बो. चा.) फोहरी, मैलो (स्त्री) ।

sled (स्लेड्) **ना.** sledge (स्लेज्); sleigh (स्ले) अचक्र हिमयान, अचक्रयान, तान्ने ठेला, (sled मु. कृषिमा माल घिसार्ने, sleigh हिउँमाथि, र sledge सबै प्रकारको);—bell यान तान्ने घोडा, कुकुर, इ० लाई लाइदिने ।

sledge (स्लेज्) **ना.**—hammer पनि, नकर्मीको घन,—hammer धे. ज. वाच्य र अलं०=खपि नसक्ने, ज. कि. —hammer blow (आघात), arguments (युक्ति), इ० ।

sleek (स्लीक्) **वि.** र **क्रि.** चिप्लो, नरम र टल्कने, सम्म, चिल्लो, मृदु, श्लक्ष्ण, सुखस्पर्श, (उदा० रौं, भुत्ला, अथवा त्यस्तो रौं हुने व्यक्ति, पशु); **क्रि.** सम्याएर वा थिचेर सम्म, चिल्लो, पार्नु ।

sleep (स्लीप्) **ना.** निद्रा, शयन, सुप्ति, सुकला; beauty— आधारात अघिको; प्रथम, प्रथम झोक्का; आराम, शान्ति, असावधानी, बेवास्ता, मृत्यु, इ०;—walker,—walking निद्रागमन, निद्रा पादचार;—of the just गाढ; broken—टुटेको; sound—गाढ निद्रा;—less **वि.** अनिद्र;—lessness **ना.** निद्रानाश, निद्राभाव ।

sleep (स्लीप्) **क्रि.** (slept) सुत्नु, निदाउनु; सुकला हुनु, गर्नु; आँखा लाग्नु, निद्रामा बिताउनु, निद्राले प्रभाव पार्नु;—the hours away,—off one's anger; निष्क्रिय वा शिथिल हुनु; मरेर लड्नु; रात बस्नु—at वा—in;—with सँग मैथुन गर्नु;—around जथाभावी यौनिक सम्बन्ध गर्नु, सुत्ने प्रबन्ध, ठाउँ, बन्दोबस्त गर्नु, compartment—s......man,......मान्छे सुताउने;—ing bag खुलामा सुत्ने थैलो;—ing carriage, sleeper सुत्ने डब्बा, शयनागार;—ing draught नशा;—ing sickness घातक अफ्रिकी रोग;—ing suit सुत्ने पोशाक; पैजामा;—ing partner व्यवस्थापनमा भाग नलिने साथी;—less **वि.** विनिद्र ।

sleeper (स्ली'पर) **ना.** शा. अ. मा, खा. ग. रेलको पटरी अडयाउने काठ, को टिम्बा वा अन्य (फलामे, इ०) सामान, धरन; सुत्ने (रेलको डब्बामा) छुट्टै स्थान ।

sleepy (स्ली'पि) **वि.** निद्रालु; तन्द्रालु, निद्राशील, आँखा लागेको, निद्राप्रद, स्वापकर ।

sleet (स्लीट्) **ना.** र अकर्तृक **क्रि.**; पानीसँगको असिना, खस्दा पग्लने असिना; **क्रि.** It—s असिना पर्छ, पऱ्यो;—y **वि.** असिने,—iness **ना.** तुषार, असार ।

sleeve (स्लीभ्) **ना.** बाहुला, पिप्पल; भित्र डण्डा वा सानू नली रहने नली; lawn—s, पातलो नरम सूती कपडाको (कुनै खास पोशाकमा हुने); leg-of-mutton—s, सपेटो आकारको; काखीमा फुलाएको; laugh in (one's)—उच्च घन, अन्तर हाँसो, लुकेर हाँस्नु; wear one's heart on one's—आत्मसंयममा कम हुनु;—coupling नल इ० को जोरन;—fish समुद्री जन्तु, squid;—ed **वि.** बाहुलादार;—less **वि.** बाँकटे ।

sleigh (स्ले)=sled अचक्रयान ।

sleight (स्लाइट्) **ना.** दक्षता, चतुऱ्याइँ, धूर्तता, छलपूर्ण चटक, कुदरत, चाल वा तरकीब, (आ०),— -of-hand हस्तकौशल, हस्तलाघव, माया, इन्द्रजाल, देखतभूली; चटक, तरवार चलाउँदा छिटोपन ।

slender (स्ले'ण्डर) **वि.** सानू गोल नाप वा चौडाइको, तनु, क्षीण, बाक्लो वा मोटो होइन; अल्प, क्षुद्र, लघु, अपुग, थोरै; सिकुटे, सुइँखुट्टे, झिनु;—waisted सुमध्यमा, कृशोदरी, तनुमध्या,—means क्षीण विभव ।

slept (स्लेप्ट्) **क्रि.** sleep को भू का.=सुत्यो, निदायो ।

sleuth-hound (स्लूथ'हाउण्ड्, स्ल्यूथ्'हाउण्ड्) **ना.** रक्त कुकुर, सुँघ्ने शक्ति अति तीव्र भएको जासूसीको काममा लाइने जातको कुकुर; sleuth पनि खा. ग. अम० जासूस, खुफिया, गुप्तचर ।

slew, slue (स्लू) **क्रि. र ना.** अग्रिम वा साधारण स्थितिबाट वेगसाथ वा प्रयत्नले घुम्नु वा जोरसँग दोल्नु, कावा खानु, घे. ज. round, to the left, इ० सँग; **ना.** यस्तो स्थिति परिवर्तन, दोलन, घुमाइ ।

slew (स्लू, स्ल्यू) **क्रि.** slay को भू. का.=मार्‍यो, हत्या गर्‍यो ।

slice (स्लाइस्) **ना.** र **क्रि.** चाना, केस्रा, चौटा; हिस्सा, तोकिएको अंश; चौडा धार भएको ओजार (काट्ने, चाना पार्ने); fish—-माछा खोलेर काँढा झिक्ने, आतसखानबाट अंगार इ० झिक्ने (—- -'bar) वा ताप्केबाट पकाउन लागेको माल झिक्ने, इ०; **क्रि.** चाना पार्नु, पत्र काट्नु; डुङ्गा ख्याउँदा बेठीक चाल गर्नु, (खेल) बललाई तेर्सो आघात हान्नु, जसले गर्दा त्यो छड्के परेर जान्छ ।

slick (स्लिक) **वि., क्रि. वि. र क्रि.** दक्ष, चलाक, सयानु, मखण्डीपनाले काम नबिगार्ने, राम्ररी सिध्याउने; देख्दा (वा गुड्डी हाँकी) दक्ष र छरितो; जहडी; **क्रि. वि.** सोझोसँग, ठीकसँग, पूरासँग; **क्रि.** माटो बनाउनु;—er मीठो बोली बोल्ने ठग, बर्सादी पनि ।

slide (स्लाइड्) **क्रि.** चिप्लनु, गुड्नु, सुरेली खेल्नु, (हिउँमा स्केट नलाई) चिप्लेर अघि बढनु, मजासँग जानु, (अलं०) नछोईकन जानु; थाहा नहुने गरी वा बेपत्तासँग जानु;—ing door कब्जामा घुम्ने सट्टा खोंचमा चिप्लने;—joint चिप्लने जोर्नी;—-rule,—ing rule अङ्कित, चिप्लिने भागलाई चाहिने गरी मिलाएर हिसाब गर्दा मदद लिने;—seat (ख्याउने डुङ्गामा) चिप्लिने आसन;—-ing **वि.** विसर्पी ।

slide (स्लाइड्) **ना.** हिउँमा चिप्लनेहरूले बनाएको मार्ग चिह्न, टोबोग्यान खेलको लागि तयार गरिएको भिरालो; माल सामान तल्लो तहमा ओह्राल्नालाई बनाइएको तेर्सो समतल,–way पनि, यंत्रको चिप्लिने भाग चल्ने अंश; अंशको चल्ने, चिप्लिने, भाग; सूक्ष्मदर्शन यंत्रमा वा जादूलालटिनमा देखाउने तसवीर देखाउँदा ठाउँमा जाने ऐना, ऐनाचित्र, स्लाइड, विसर्प, अपसर्पण ।

slight (स्लाइट्) **वि.** पातलो, तनु, सिकुटे, सुइँखुट्टे; अपुग, अपर्याप्त, थोरै, मामुली, दब, चानचुन, जाबो,—ish **वि.** अलि-अलि;—-ly **क्रि. वि.** अलिकति ।

slight (स्लाइट्) **क्रि.** होच्याउनु, हेप्नु, बेवास्ता गर्नु, खातिर नगर्नु,—-ingly **क्रि. वि.** हेलाँसँग; **ना.** हेलाँ, उपेक्षा, अवज्ञा, अनादर ।

slily (स्लाइ'लि)=slyly **क्रि. वि.** चलाकीले, धूर्ततासँग ।

slim (स्लिम्) **वि.** र **क्रि.** (-mm-) पातलो, पातली, अनुदर; सानू गोल नाप भएको, छरितो, सानू आकार वा नापको छल वा कपटोपायमा चतुर, कपटी, लुच्चो; कुटिल, असंकोची; खाना कम र कसरतद्वारा दुब्लाउनु, वजन घटाउनु;—-ness **ना.** तनुता, कृशता, छरितोपन ।

slime (स्लाइम्) **ना.** र **क्रि.** हिलो, पंक, बाक्लो र चिप्लो वस्तु, पशु, माछा, को चिप्लो—- pit तरल विटुमेन (धातुज) को; **क्रि.** रालले लिप्नु, (ज. कि. निल्नेअघि सर्पले शिकारलाई), (अप०) भौतिक वा नैतिक चिप्लोपनले प्राप्त गर्नु ।

slim/y (स्लाइ'मि) **वि.** हिले, बाक्लो र चिप्लो, श्यान, चिक्कण, राले, चिप्लिने, अँठ्याउन गाह्रो, (शुरूमा) बेईमान; घीनलाग्दो ढाँचासँग नरम वा चाटुकारी गर्ने;—ily **क्रि. वि.** चिप्ले ढाँचासँग ।

sling (स्लिङ्) **क्रि.** (slung) र **ना.** फ्याँक्नु (विर०); —ink अप० ग्रन्थकार वा पत्रकार हुनु; हुर्‍याउनु, हुत्त्याउनु, झटारो हान्नु; झुण्ड्याउनु, टाँग्नु, माथिबाट थाम्नु; slung shot बदमाशहरूले डोरीले नारीमा बाँधेको गोला, हान्ने हतियारको रूपमा; **ना.** गुलेली, घुँयेत्रो, झटारो भिन्दीपाल; थाम्ने वा अड्याउने यंत्र वा उपकरण (ज. कि. जखमी वा भाँचिएको हातलाई); मु० अम० मद्यको प्रकार, खा. ग. gin— ।

slink (स्लिङ्क्) (slunk, वा विर० slank, slunk) **क्रि.** लुकेर जानु, लाज मानेर वा अपराध गरेर सुटुक्क जानु, सुइँकिनु;—y **वि.** छरितो, पातलो, बग्ने, नागबेली परेको ।

slink (स्लिङ्क्) **क्रि. र ना.** (पशु) अधिग्रो जानु, समयभन्दा अघि बच्चा जन्माउनु; **ना.** त्यसरी समय नपुगी जन्मेको पशुशावक, खा. ग. बाछो; सोको मासु;—butcher सोको बेपारी ।

slip (स्लिप्) **क्रि.** (-pp-) चिप्लनु, रड्कनु, फुत्कनु, उम्कनु, छल्नु, सट्कनु; चिप्लेर विस्तारै सर्नु; पत्ता नदिई जानु, छिटो वा चूपचाप जानु; असावधानीले गलती गर्नु; (अवरोधबाट) छोड्नु, फुस्काउनु, फुका गरिदिनु, (पशुले) बच्चा समयभन्दा अघि पाउनु; लुगा हुल्नु (छिटो छिटो) वा फुकाल्नु,—on, off; लुकाएर घुसाउनु, घुसार्नु, आकस्मिकतासँग दिनु (पैसा, बकसको रूपमा);—up (बो. चा.) असफल हुनु, गलती गर्नु ।

slip (स्लिप्) **ना.** रड्को, भूल, अजानको बेकाइदा; खुकुलो खोल (तकिया, इ० को), खुकुलो लुगा (पेटिकोट, भित्री चोलो, इ०); कुकुरको सिक्री, इ०; जहाजबाट ओर्लिने कृत्रिम भिरालो, जहाज बनाउने वा मरम्मत गर्ने तेर्सो समतल; कागत, पातलो काठ, इ० को लामू साँगुरो धर्सो; कलम सार्ने वा रोप्नालाई बिरुवाबाट काटेको टुक्रा, सन्तान; पातलो, सानू (व्यक्ति, खा. ग. ठिटो, ठिटी); (क्रिकेट) मैदान पक्षले बल समात्न बस्ने विशेष स्थान; (a वा the विना, ब. व. रहित) मार्तिक वा माटाको भाँडामा बुट्टा बनाउनालाई व्यवहार गरिने गीलो माटो; (नाटक०) पात्रहरू रङ्गमञ्चमा पस्नेअघि उभिने ठाउँ, पर्दा रङ्गमञ्चमा पठाउने ठाउ; (ब. व.) नुहाउने कट्टू; सानू च्याप्टो माछाको जात; वायुयानको पंखा घुमेको माध्यमको प्रकारबाट उडेको दूरतामा पर्ने घाटा, दोष ।

slip—(स्लिप्) यौगिक;—carriage,—coach एक्स्प्रेसको छेउको (नअड्ने स्टेशनमा काट्ने), पुछार डब्बा;—-cover अचलनको साजको खोल;—-galley कंपोज भएको टाइपको किस्ती;—hook चाहिएमा फुस्काउन हुने प्रबन्ध भएको, छूट अंकुश;—knot तानेमा फुस्कने गाँठो, सुक्र्यौलो;

—-road स्थानीय छेकारो, भीड छल्ने छेकारो;—-rope (नौ०) दुवै टुप्पो जहाजैमा रहने, ज. वा. एक छेउ पानीमा खसाल्नासाथ जहाज बन्धनबाट छुट्दछ;—shod कुर्कुच्चा खिएको (जुत्ता), फोहरी, (अलं०, लेखक, लेखाइ, वक्ता, कामगराइ, इ०) असावधान, हेलचेक्र्याइँ गर्ने, वेथिति, आकस्मिक, बेढंग, लापरवाही, टपर्टुय्याँ, खाइचौ, खाइवा, वेमिलानको;—-slop=—shod ना. अक्ष० वा अलं० खुइलेको, कमजोर पेय, झोलखाना (खोले, सुरुवा, इ०); रसात्मक, भावुक कुरा वा लेखाइ;—-stream वायुयानका पंखाले पछाडि घचेटेको हावाको झोक्का;—-up ना. (बो. चा.) भूल, गलती, प्रमाद;—way ना. जहाज वनाउने वा उत्रने भिरालो।

slipper (स्लि'पर्) **ना.** र **क्रि.** चट्टी, घरभित्र लाउने खुकुलो जुत्ता, पादुका, चप्पल; रेलको डब्बाको पांग्रामनि अडकोको रूपमा राखिने पचकर, अडको; शिकार वा दौडमा कुकुर फुकाउने व्यक्ति; hunt—the-—को खेल; bed-—चट्टीको आकार परेको सुती सुती दिसा सुची गर्ने भाँडो;—bath ऐ० को आकार परेको स्नानको भाँडो; **क्रि.** (बालकलाई) चट्टीले पिट्नु, ज. वा.—ing चट्टीले पिटाइ।

slippery (स्लि'परि) **वि.** चिप्लो, चिल्लो, चापुल्लो, चिप्लेटो, (अलं०) (विषय) कठिन, रात्ररी छुनुपर्ने, (व्यक्ति) चिप्लोपन, चञ्चलता, इ० ले) समाउन गाह्रो; (अलं०) अविश्वसनीय, ठेगान नभएको, बदलिने, असंकोची।

slippy (स्लि'पि) वि. (बो. चा.) चिप्लो, चिप्लित; look—, be—(अप०) चाँडो! चाँडो गर!

slit (स्लिट्) **क्रि.** (slit) र **ना.** लामू चिर्नु वा काट्नु, लामू धर्सो वा पत्ती काट्नु; छप्काउनु;—the nose डाँडो चिरिदिनु; **ना.** लामू फटन, दीर्घच्छेद, लामू प्वाल;—trench सिपाही वा हतियारका निंति साँगुरो सुरुङ्ग।

slither (स्लिदर्) **क्रि.** (बो. चा.) वाङ्गोसँग घस्रनु, बेडोल सँग चिप्लँदै बढ्नु।

sliver (स्लि'भर्) **ना.** र **क्रि.** (रूखको) छेस्को, (पड्केको बम वा गोलाको) छेस्को, टुक्रो; (माछा मार्दा) बल्सीको लागि सानू माछाबाट झिकेको टुक्रा; **क्रि.** भाँच्नु, माछा काट्नु।

slobber (स्लॅ'बर्) क्रि. र ना. केटाकेटी झैं, वा आमत्त भावुकतामा, राल काढ्नु; म्वाइँ खाँदा (राल्ले) छुगा, गाला, इ० भिजाउनु; (काम) नराम्रोसँग गर्नु, बिगार्नु, भखण्डी हुनु; **ना.** बगेको राल, आमत्त कुरा, भावुकता, वा म्वाइँ; ज. वा.—y **वि.** राले;—iness **ना.** रालेपना।

slob—ice (स्लॅब्' आइस्) **ना.** (न्युफन्ल्याण्ड) हिउँसँग मिसिएको बग्ने बरफ।

sloe (स्लो) **ना.** चुत्रो;—gin जिन (मद्यमा) भिजाएको चुत्रोरस।

slog (स्लॅग्) क्रि. (—gg—) र **ना.** (आँखा चिम्लेर) बेसरी हान्नु (क्रिकेट र मुक्का०); लस्त भएसम्म हिंड्नु वा काम गर्नु; **ना.** कडा जथाभावी आघात;—ger **ना.** काम गरिरहने।

slogan (स्लो'गन्) **ना.** स्कट० पहाडी युद्धघोष; दलघोष; नारा, संकेत शब्द, प्यारोल, विज्ञापनमा आकर्षक छोटो बोली।

sloid, sloyd (स्लॉयड्) **ना.** शुरूमा स्वीडिश हस्ततालीम पद्धति, खा. ग. विद्यालयहरूमा काठ कुँद्ने कलाबाट दिइने।

sloop (स्लूप्) **ना.** सानू एक मस्तूले जहाज; सानू युद्धपोत, खा. ग. रेखदेखको काम गर्ने।

slop (स्लॅप्) **ना.** (ब. व. मात्र) र **क्रि.** (—pp—), (ब. व.) फोहर, मैला, पानी; अधोवसन, मलिन जल, कोपराको फोहर, भान्साको मैला, पोतर्नी; (ब. व.) अमदपेय, झोल खाद्य, खोले, सुरुवा, इ.;—-basin खाएर बाँकी (कप, इ० को) झोल जम्मा पार्ने भाँडो;—-pail शयनागारको मैलो पानी इ० जम्मा गर्ने भाँडो, बाल्टिन; **क्रि.** पोखिनु, किनाराबाट बग्नु; मैलो पार्नु;—over (अलं०) आवेगले रुनु, आमत्त हुनु।

slop (स्लॅप्) **ना.** (ए. व.) (अप०) प्रहरी, पुलीस।

slope (स्लोप्) **ना.** र **क्रि.**, भिरालो स्थिति वा दिशा, एकापट्टि अग्लो वा होचो हुने, कोही चीजका छेउ वा बगलमा तहको विभिन्नता; उठेको वा दबेको जमीन, तेर्सो लिइएको बन्दूक, राइफल, को स्थिति, come to the—त्यसरी लिनु; ज. वा. —wise (स्लोप्वाइज्) **क्रि. वि.** तेर्सो पारेर; **क्रि.** तेर्सो पार्नु, तेर्सो हुनु; तेर्सो पारेर राख्नु;—arms राइफल तेर्सो पारेर काँधमा राख्नु; (अप०)—off सँग, कुलेलम ठोक्नु, डुल्नु, टहल्नु, पनि।

sloppy (स्लॅपि) **वि.** (सडक) पानीले भिजेको, खाल्टा खुल्टी भएको; (भुइँ, टेबुल, इ०) पुछेको पानीले चिसो, पानी, इ. पोखिएको; पनेलो; (काम) बेरीतको, खाइचौ, खाइवा, पूरा होइन; (कुरा वा भाव) फितलो, आमत्त।

slosh (स्लश्) **ना.** र **क्रि.**=**slush** हिले पानी वा पग्लेको हिउँ; **क्रि.** (अप०) पिट्नु, ठोक्नु।

slot (स्लॅट्) **ना.** र **क्रि.** (—tt—) यंत्र इ० मा अर्को केही भाग हाल्न बनाएको खोंच, नाली वा चिरो, वा लामू प्वाल, छिद्र; खा. ग.—machine खोंचयंत्र, छिद्रयंत्र, चलाउनालाई हाल्नुपर्ने सिक्काको लागि प्वाल; रंगमञ्चको तलामा रहेको कूट द्वार; **क्रि.** प्वाल हाल्नु।

slot (स्लॅट्), **ना.** पदचिह्नले देखाउने खा. ग. मृगको मार्ग।

sloth (स्लॅथ्) **ना.** आलस्य, तन्द्रा, जाड्य, ज. वा.—ful अलस, शयालु, तन्द्रिल, जड, सुस्त; द. अम० को जनावर, तन्द्रिल पशु (ज्यादै धीमा हुन्छ);—bear बाक्लो ओठ भएको भुत्ले मह खाने भालु;—monkey लङ्गूरको प्रकार।

slouch (स्लाउच्) **क्रि.** र **ना.** बेवास्तासँग लत्रिनु, झुक्नु; जीउ ढीला पारेर बस्नु, उठ्नु वा हिंड्नु; लोस्सिनु; (टोप) एक छेउ तल फर्काएर दोब्र्याउनु (cock ठाडो पार्नुको विप०), ज. वा.—ed दबाएको;—ingly दबेर, दबाएर; **ना.** अल्छीभाव वा चाल, टोपको तलतिरको मोड; (अप०) मखण्डी वा धीमा वा फोहरी काम गर्ने, वा कारीगर वा काम;—hat तल मोडेको किनारा भएको टोप।

slough (स्लो) **ना.** दलदल, धाप, हिले ठाउँ; the S—of Despond आशातीत ढाँचासँग पापमा मुछिएको अवस्था ।

slough (स्लफ्) **ना.** र **क्रि.**, काँचुली, पशुले काढ्ने वा फ्याँक्ने कुनै भाग (प्वाँख, इ०); जीउँदो जीउबाट खस्ने कुनै मरेको अंश, इ०; ज. कि. पीप, (अलं०) त्याग गरिएको बानी, इ०;—y (स्ल'फि) **वि.** पिपालु, पाकेको; **क्रि.** खस्नु, (पीप) बन्नु ।

Slovak (स्लोभ्याक्) **ना.** र **वि.** स्लोभाक जातिको (सदस्य) ।

sloven (स्ल'भन्) **ना.** फोहोरी, हुस्सू, अल्छी वा अनियमशील व्यक्ति; ज. वा.—ly मलिन, फोहोरी ।

Slovene (स्लभीन् वा स्लोभीन्) **ना.** युगोस्लाभियामा बस्ने दक्षिणी स्लाभ जातिको (सदस्य) ।

slow (स्लो) **वि.**, **क्रि. वि.** र **क्रि.** ढीलो, सूम, सुस्त, जुंसो, लोसे, धीमा, निर्जीव, दीर्घसूत्री, लोमे, अलमस्त, कोमल;—and steady विचार र स्थिरता;—and sure हतपतले बिगार्छ;—march गमीको हिंडाइ;—music गमीको बाजा; (तसवीर खिच्ने काँच) सानू प्वालवाला, जसले गर्दा लामू अवधि चाहिन्छ; ढीलो; (तह, इ०) ढीलो गर्ने, ज. कि. क्रिकेट पिच (भुँ), बिलियर्ड टेबल;—-coach जुंसो, वेबुद्धि, पुरानू विचार वा ढाँचाको;—-match विस्फोटकहरूलाई सल्काउन विस्तारै बल्ने;—motion (वाच्य० चलचित्रको) प्रत्येक सेकण्डको विकृतिको दर अति धेरै बढाएर, (चलचित्रको पात्रको चाल घटाउने गरी);—ness (स्लो'नेस्) **ना.** ढिलाइ, सुस्ती, धीमापन; **क्रि. वि.** (—er,—est,) विस्तारै, सुस्त सुस्त, (अचेल—ly ले हराउन लागेको); **क्रि.** आफ्नू वेग घटाउनु, (रेल, मोटर, इ० को वेग) घटाउनु ।

slow-worm (स्लो'वर्म्) **ना.** ढीलो कीरा, सर्प र माउसूलीका बीचको अहानिकर कीरा, अन्धो कीरा ।

slub (स्लब्) **ना.** र **क्रि.** (—bb—) बुन्नालाई केही बाटिएको ऊन; **क्रि.** त्यसरी बाट्नु ।

slubber (स्ल'बर) **क्रि.** लापरवाहीसाथ, वा मखण्डोपनासँग, गर्नु; राल काढ्नु ।

sludge (स्लज्) **ना.** बाक्लो चिप्लो हिलो, (मोरीको) मल, रछान ।

slug (स्लग्) **ना.** र **क्रि.** चिप्लेकीरो; विभिन्न आकारको गोली, गुलिका; धातुको डल्लो, लिनोटाइप छपाइमा टाइपको पंक्ति; **क्रि.** चिप्लेकीरा (खेतबारीबाट) जम्बा गर्नु, र मार्नु;=slog पनि, **क्रि.** (—gg—) र **ना.** ।

slug-abed (स्लग'बेड्) **ना.** अबेरसम्म सुत्ने व्यक्ति; सुतुवा ।

sluggard (स्ल'गर्ड्) **ना.** अलस, जड, जुंसो, अल्छी ।

sluggish (स्ल'गिश्) **वि.** जड, निष्क्रिय, सुप्त, अल्छी, जुंसो ।

sluice (स्लूस्) **ना.** र **क्रि.** (—gate,—valve, पनि) पानी पस्ने, निस्कने, गतिमा नियंत्रण गर्नालाई बनेको तल माथि सर्ने ढोका वा अन्य साधन, बाढ ढोका; बाढ ढोकाभन्दा माथि वा तलको, वा निस्कने, पनि; कृत्रिम नाली, कुलो; प्रपात, प्रवाह; जलनिर्गम; **क्रि.** बाढ ढोका हाल्नु, नहरबाट पानी लैजानु; पखाल्नु; पानी लैजानु, फ्याँक्नु (माथि); (पानी) वेगसँग (बाढ ढोकाबाट) निस्कनु ।

sluit, **sloot** (स्लूट्) **ना.** (द. अफ्रिका.) साँगुरो नाला ।

slum (स्लम्) **ना.** घना बस्ती भएको भित्री सडक, चोक, गली वा टोल (सहरमा), फोहर बस्ती; **क्रि.** बासिन्दाको स्थिति बुझ्न र मदद गर्न सो ठाउँमा जाने गर्नु;—mer **ना.** गन्दा बस्ती पर्यवेक्षक;—ming **ना.** गन्दा बस्ती गमन ।

slumber (स्लम्बर्) **क्रि.** र **ना.** (सधैं नलाग्ने सुविस्ता वा आरामको इशारासहित) सुत्नु, अलं० वा कवि० आशयले प्रयोग हुने; **ना.** गाढ निद्रा, निद्रा; (ब. व.) निद्रा;—wear (बजा०) रातिको पोशाक ।

slummock (स्ल'मक्) **क्रि.** (बो. चा.) हसुर्नु; लोभले हडबडसाथ निल्नु; भद्दा वा वेकाइदासँग बोल्नु, चल्नु ।

slump (स्लम्प्) **ना.** र **क्रि.** (अचानकको) बजारगिराइ; मालको मागको रुकावट; विषय या काममा रुचिको अभाव; गिरावट; **क्रि.** मोल घट्नु, खारिज हुनु, पूर्णतया विग्रनु वा असफल हुनु; ढल्नु ।

slung (स्लङ्) **क्रि.** sling को भू० का०=झुण्ड्यायो, टाँग्यो ।

slunk (स्लङ्क्) **क्रि.** slink को भू० का०=लुकेर गयो, इ० ।

slur (स्लर्) (—rr—) **क्रि.** र **ना.** अक्षर वा शब्द अर्कोसंग जुट्ने गरी लेख्नु, बोल्नु, अस्पष्ट लेख्नु वा बोल्नु; (दोष) आँखा चिम्लनु; **ना.** (आ०) दोष लगाउनु, आक्षेप, दोष, कलंक, दूषण; लेख्दा अस्पष्ट अक्षर, उच्चा० मा ऐ, गाउँदा पनि ।

slurry (स्ल'रि) **ना.** (पोर्टल्याण्ड) सिमन्टीको उत्पादनमा सामान मिसाएको तरल, झोल; कोइलाखानिको गढ्ढा शिरमा रहने पखाल्ने अखाडामा कोइलाबाट छुट्टिने च्याटच्याटे शेष ।

slush (स्लश्) **ना.** पन्यालो हिलो वा पग्लेको हिउँ (दाँ०) sludge; (अलं०) नचाहिंदो भावना, फजूलको भावुकता ।

slut (स्लट्) **ना.** फोहरी वा मैली स्त्री; (ठ०) ठिटी; ज. वा. —tery **ना.** फोहर्नीपना;—tish **वि.** घीनलाग्दी मैली ।

sly (स्लाइ) **वि.** (-er,—est); चतुरो, खगड, छट्टू, धूर्त, कपटी, पाखण्डी, घुसघुसे, लुकाउने; लुकाएर गरिएको, सुटुक्क, ज० कि० done on the—; जान्ने; जिस्क्याहा, ठट्टाबाज, हात लिन सक्ने, व्यङ्ग्यपूर्ण;—boots, चलाक व्यक्ति, (केटाकेटी वा पशुलाई भन्ने);—dog, आफ्नू मोज वा उपद्रव लुकाउने ।

slype (स्लाइप्) **ना.** गिर्जाघरबाट सभा भवन जाने छाना हालेको बाटो ।

smack (स्म्याक्) **ना.** र **क्रि.** बास्ना, केही कुरा संझाउने स्वाद; परिकारमा मुश्किलसँग पत्ता पाउन सकिने खाद्य वस्तु, व्यक्तिको स्वभावमा देखा पर्ने गुण, आभास, रंग, स्वाद, छाया, गन्ध; **क्रि.** केहीको स्वाद हुनु, स्वाद वा अरू थोकले केहीको

उपस्थिति संझाउनु वा सूचना गर्नु ।

smack (स्म्याक्) **ना., क्रि.** र **क्रि. वि.** हत्केलाले तलमा हानेको, ओठ एक्कासि छुट्ट्याएको, वा कोर्रा पड्काएको, इ० जस्तो आवाज, आस्फोटन; हत्केलाले आघात, झापट, दनक, थप्पड; (क्रिकेट) कडा हिर्काइ; सशब्द चुम्बन, चडका म्वाइँ; love a—at (बो. चा.) कोशिश गर्नु; **क्रि.** लपटाउनु, पटापट दिनु, भकुर्नु, थप्पड हान्नु; छुट्ट्याउनु (ओठ) खानाको मजा वा आशामा; (कोर्रा, चाबुक) पडकाउनु; **क्रि. वि.** आवाज सहित; एक्कासि, बलसँग; एकदम; ठीकसँग ।

smack (स्म्याक्) **ना.** एक मस्तूले सानू जहाज, खा० ग० माछा मार्ने अभियानलाई;—sman सो जहाजको मल्लाह ।

smacker (स्म्या'कर्) **ना.** (अप.) चडका म्वाइँ; आवाज-सहितको आघात; कुनै चीजको ठूलो वा असाधारण नमूना; (अम०) डलर, दाम ।

small (स्मॉल्) **वि., ना.** र **क्रि. वि.** सानू, स्वल्प, चानचुन जाबो, क्षुद्र, सानसाना, ससाना, चिट्ट परेको, स्तोक, लघु, तनु, अगुरु, अबृहत् ; सानू किसिमको, थोरै, गरीब, सानूतिनू, विनीत; नीचो, अनुदार, तुच्छ;—rain सानू थोपा भएको;—fry बेगिन्तीको;—hours मध्यरातपछि;—and early थोरै पाहुना भएको र चाँडो अन्त हुने समारोह; the still—voice अन्तरात्मा;—craft सानू डुङ्गा, इ.;—beer पातलो, खल्लो; (अलं.) सानू कुरा; look, feel—अपमानित वा हेलाँ हुनु;—change सानू खुद्रा (सिक्का), (अलं.) तुच्छ कुरा;—gross दश दर्जन;—arms चलायमान साना अग्न्यास्त्रहरू;—letters साना (क्यापिटल होइन);—hand (text hand को विप.) सानू लेखाइ;—holding सानू जग्गा;—talk सामान्य विषयका कुरा;—pox विफर, माई, माता, शीतला, मसूरिका, चेचक; the—इ. कुनै वस्तुको सबभन्दा पातलो भाग, ज. कि. the—of the back कम्मरको पछाडि; (ब. व.) धोबीलाई दिने साना थान, सानू कपडा;—-minded **वि.** छुच्चो, कमीना;—ish **वि.** सानूसानू;—ness **ना.** क्षुद्रता, तनुता, छोटोपन ।

smallage (स्मॉलिज्) **ना.** वनसेलरि, सलाद बनाउने वन बिरुवा ।

smalt (स्मॉल्ट्) **ना.** कोवल्ट हालेर नीलो रंगाएको ऐना; सो पिंधेर बनेको रंग ।

smarmy (स्मा'र्मि) **वि.** (बो. चा.) चिप्लो चाटुकारी, गर्ने, बढता टाँसिन खोज्ने ।

smart (स्मार्ट्) **क्रि.** र **ना.** पोल्नु, भतभत पोल्नु, टन्कनु, दुख्नु; परिणाम भोग्नु, बदला पाउनु (खा. ग. धम्कीको रूपमा); **ना.** तीव्र वेदना, तीक्ष्ण व्यथा, वह, रनाहा, चहर, पोल्नु;—money हर्जाना वा क्षतिपूर्तिको रूपमा दिइने वा लिइने, हर्जाना ।

smart (स्मार्ट्) **वि.** कडा, तेज, जोरदार, जोडको, फुर्तिलो, चलता; चलाक, अक्कली, तीक्ष्णमति, बाठो, होशियार, किनमेलमा सिपालु, फाइदा लिने; छिटो, छरितो, छरिछाँटको, छाँट परेको, चिट्ट, च्याट्ट, छमकट्ट, गुण्डो, रंगीन, नयाँ रंग लाएको; अग्रगण्य, नाउँ चलेको, ढाँचावाल, अगुवा (खा. ग. लुगा वा व्यवहारमा);—rap over the knuckles प्याट्ट हान्नु;—dealing बेईमानीसम्म भन्न हुने स्वार्थपर चतुऱ्याइँको चाल;—alec (k) खूब बाठो छु भनी आफूलाई ठान्ने व्यक्ति, गुड्डीवाल; the—set समाजमा प्रख्यात व्यक्तिहरू ।

smash (स्म्याश्) **क्रि., ना.** र **क्रि. वि.** तोड्नु, ध्वंस पार्नु, चकनाचूर पार्नु, भाँचभुच, पार्नु; फोर्नु, भित्र घचेडिदिनु; परास्त गर्नु (शत्रु), असंगठित गराइदिनु, तितरबितर गराउनु; (टेनिस) बललाई जाल (नेट) माथिबाट वेगसाथ तलतिर हान्नु, तोड्नु; (कारोबार) टुट्नु, दिवाला निक्लनु, बिग्रनु, (सवारी) भिड्नु वा टक्कराउनु;—ing blow रोक्न नसकिने, असह्य;—and—grab raid तोडेर लुट्नु (पसलको काँच तोडेर लुट्नु);—ing **वि.** (अप०) अति असल, बहुत बेस; **ना.** तोड-फोड, चकनाचूर, चूर्णन; (टेनिस) तोड (आघात); (मुक्काको) जोडदार घुस्सा; दिवाला; व्यापारिक असफलताको श्रेणी; मद्य र पानीको मिश्रणमा बरफ र मसला हालेको पेय, खा. ग. brandy—;—hit (ठूलो चलतीले) सफलता; भिडन्त, टक्कर;—up चूरमार (सवारीको); **क्रि. वि.** ड्याम्म, जोडसँग, ज. कि. went—into a train रेलसँग टक्कर खान पुग्यो ।

smasher (स्म्या'शर्) **ना.** शा. अ. मा, खा. ग. (अप०) (कोही व्यक्ति वा चीज) बेस, घतलाग्ने युक्ति वा कुरा, खतम पार्ने आघात ।

smatch (स्म्याच्) **ना.** (अचेल विर०)=smack, च्वाट्ट, प्याट्ट, इ० ।

smatter/ing (स्म्याट'रिङ्) **ना.** अल्पज्ञान, पल्लवग्राही पाण्डित्य, कुनै भाषा वा विषयको बाहिरी अल्पज्ञान, झझल्को;—er **ना.** अल्पज्ञानी, थोरै जान्ने ।

smaze (स्मेज्) **ना.** smoke र hoze को संयुक्त छो. क, धुवाँलो (=धूवाँ+तुवाँलो) (दुई फ्याँके शब्द) ।

smear (स्मियर्) **क्रि.** र **ना.** लतपताउनु, लतपतिनु, फुस्नु, लपोर्नु, लेस्नु, चिल्लो वा च्याट्च्याट् पोतिदिनु; (चिल्लो, इ० ले) दाग लाग्नु, लगाउनु; मेटिनु, छोपिनु (लेखेको, चित्र, इ०); बदनाम गर्नु, फोहरिनु; **ना.** दाग, लतपत, थोप्लो; बदख्वाइ, बदनाम ।

smectite (स्मेक्'टाइट्) **ना.** सेतो सेतो माटो जसद्वारा कपडा, इ. को दाग हटाइन्छ ।

smeech, smitch (स्मीच्, स्मिच्) **ना.** (प्रादे.) बलेको वा धुवाँएको गन्ध ।

smegma (स्मेग्'मा) **ना.** छालाको दोब्रेको ठाउँ, औ खा. ग. शिश्नाग्रत्वचमा हुने बोसे साबुन जस्तो स्राव, मेदस्;—tic **वि.** मेदसी ।

smell (स्मेल्) **ना.** गन्ध, सुगन्ध, वास, वास्ना, बू, बदबू, महक, हरक, दुर्गन्ध; घ्राण; sense of—घ्राणेन्द्रिय, take a

—at it बास्ना लिनु, सुँघ्नु ।

smell (स्मेल्) **क्रि.** सुँघ्नु, बास लिनु, बसाउनु, गम्कनु, मुसमुसाउनु, महकनु, हरक आउनु;—a rat (अलं.) बेइमानी शंका गर्नु, (कुकुरले) गन्धद्वारा शिकार पैल्हाउनु, फैला पार्नु; —of the lamp, midnight oil कनीकुथी राति राति लेखेको;—of the shop ज्यादा पेशावर हुनु;—ing **ना.** र **वि.** सुँघनी, नस, गन्धग्राही, गन्धयुक्त, सगन्ध, गन्धपूर्ण;—ing salt (s) **ना.** कपाल दुखेकोमा वा कमजोरीमा सुँघ्ने नौसादर र (अत्तर पानीको मिसोट, गन्धग्राही लवण);—less निर्गन्ध, बास्नारहित ।

smeller (स्मेलर्) **ना.** शा. अ. मा, (अप.) नाक (पनि) ।

smelt (स्मेल्ट्) **ना.** र **क्रि.** सामन जातसंग मिल्ने सानू, खाँदा मीठो माछा; **क्रि.** smell को भू. का.=सुँघ्यो; धौवाट धातु (पगालेर) झिक्नु; गल्नु, गलाउनु;—er **ना.** सत्वपातक ।

smew (स्म्यू) **ना.** माछाखाने जातको हाँस ।

smilax (स्माइ'ल्याक्स) **ना.** लहरे बिरुवा, कोहीवाट सार्सापरिला पाइन्छ, कोही कुरिलो किसिमका हुन्छन्, औ बगैंचामा लगाइन्छन्, सिंगार्ने काममा प्रयोग गरिन्छन् ।

smil/e (स्माइल्) **क्रि.** र **ना.** मुस्क्याउनु, हाँस्नु, किच्च हाँस्नु; ठट्टा गर्नु, नहुने जनाउन ओठ लेब्र्याउनु; मुस्काएर जनाउनु (स्वागत, मञ्जूरी, कदर, इ.); कसैको शोक, रिस हटाइदिनु (away संग); (परिस्थिति) आफ्नू पक्षको देखिनु; —ing **वि.** हँसिलो; come up smiling नयाँ कठिनाइको सामना गर्नु (खा. ग. मुक्कावाजले नयाँ चक्कर शुरू गर्दा); **ना.** मुस्कान, किच्च, स्मित, मंदहास; हाँसेको मुख;—ing countenance हास्यमुख, प्रसन्नवदन, प्रसन्नमुद्रा ।

smirch (स्मर्च्) **क्रि.** र **ना.** दाग, धब्बा (लाउनु), अपवित्र (गर्नु), जूठो (गराउनु), लतपताउनु, टाटो (पार्नु); (अक्ष. र अलं. ज. कि.—ed reputation कलंक ।

smirk (स्मर्क्) **क्रि.** र **ना.** स्वाँगी वा नआएको हाँसो गर्नु, मसक्क पर्नु, फुरुङ्ग पर्नु;—ing **ना.** मक्ख ।

smite (स्माइट्) **क्रि.** (smote र आ. smit, smitten र आ. smit), हान्नु, प्रहार गर्नु, ताडन गर्नु; हराउनु, पराजित गर्नु; दण्ड गर्नु; (मु. निष्ठा.) (रोग, वा इच्छा काम वा मोहले) पकडिनु, समात्नु, सर्नु, वा कब्जामा लिनु; एक्कासि वा जोडसँग आउनु;—r **ना.** घातक, सूदन; **ना.** (बो. चा.) आघात, प्रहार, प्रयत्न ।

smith (स्मिथ्) **ना.** कामी, कौ, नकर्मी ।

smithereens (स्मिदरीन्ज्) smithers (स्मिदर्ज) **ना.** (ब. व.) सासाना टुक्रा, धूलोपीठो; धुजाधुजा ।

smithery (स्मि'थरि) **ना.** कौको ज्यासल, लोहाकारशाला, कामीपसल ।

Smithfield (स्मिथ्'फील्ड) **ना.** लण्डनको मासुबजार (कानिंति प्रयोग गरिने) ।

smithy (स्मि'दि) **ना.** कामीपसल, ज्यासल, अग्निकुण्ड ।

smitten (स्मि'टन्) **क्रि.** smite को निष्ठा.=हानिएको पिटिएको, पकडिएको, कब्जा गरिएको ।

smock (स्मॅक्) **ना.** र **क्रि.** (आ.) शेमिज्, केटाकेटीको बरसादी, कलाकार, इ. ले लाउने भोटो वा उपरी लुगा;—frock खेतालाले लाउने भोटो वा कमीज प्रकारको लुगा; **क्रि.** तलतिरको छेउ जम्बा पारेर मुजा पारी सिंगार्नु, लाउनु ।

smocking (स्मॅकिङ्) **ना.** लुगामा महको चाकाको बुट्टा ।

smog (स्मॅग्) **ना.** दुई फ्याँके शब्द, sm (oke)+(f) og=धुइरो; धू (वाँ) +(कु) इरो ।

smoke (स्मोक्) **ना.** धूवाँ; धूम्रपान; (अप०) चुरोट, सिगार; end, go up, in—विफल हुनु, केही पनि नहुनु; no—without fire हल्लाको केही आधार अवश्य हुन्छ; from—into smother एउटा खराबीबाट अर्को वा अरू बढ्ता खराबी; like—(अप०) रोकटोकविना, चाँडो, सजिलोसँग; the big—लण्डन वा कुनै ठूलो सहर;—ball धूवाँगोला (सेना०);—bell बत्ती, इ० माथि झुण्ड्याइने धूवाँ भित्री छतबाट रोक्ने छेकारो;—consumer धूमनाशक;—dried धूवाँले सेकेको;—rocket नाल, मोरीमा धूवाँ पठाएर छिद्र पत्ता लाउने यंत्र, धूम्रवाण;—-screen (सेना० नौ०) गतिविधि लुकाउने धूवाँको पर्दा, धूम्रपटल;—-stack जहाजको धूवाँ, वाफ निस्कने मस्तूल;—billow रुमलो ।

smok/e (स्मोक्) **क्रि.** धुवाँउनु, वाफिनु, वाफ उड्नु; (चिमनी) धूवाँ कोठाभित्र हुल्नु, फ्याँक्नु; रंगाउनु, गाढा पार्नु, अस्पष्ट गराउनु, (पकाउँदा) धूवाँ गन्हाउनु, (राख्ने बनाउनालाई धूवाँमा खाद्यवस्तु) धुवाँउनु; (ठाउँ, धूवाँले, कीरा फट्यांग्राहरू) धपाउनु; धूम्रपान गर्नु, (चुरोट, सिगार, तमाखु, अफीम, इ०) खानु; गन्ध पाउनु, सुइँको पाउनु, थाहा पाउनु, शंका गर्नु; (आ०) जिस्काउनु, ठट्टा गर्नु;—ing blade रक्ताम्य; lamp—er धुवाउँछ;—ed wood धूवाँमा पकाएको;—ed glass (सूर्यतिर हेर्नालाई) ध्वाँसो लगाएको;—e insects धूवाँले मार्नु, धपाउनु;—e out धुवाँएर वा खोजिनितीले पत्ता लाउनु (अक्ष० र अलं०); put (something) in your pipe and—e it सोच, विचार गर, (खा. ग. केही उपदेश, नसीहत);—**वि.** खान, पिउन, हुने (तमाखु इ०); ज्यादा धूम्रपान गरेर (आफू) लाई कुनै अवस्थामा पुर्‍याउनु, ज. कि.—oneself sick, stupid, इ०;—e,—ing room धूम्रपान गर्न हुने कोठा; —ing cap, jacket धूम्रपान गर्दा (पहिले) लाउने भडकिलो प्रकारको;—ing car,—er रेलमा धूम्रपान गर्न हुने डब्बा;—ing concert चुरोट खान पाइने संगीत समारोह; —ing room talk चुरोट खाने कोठामा (लोग्ने मानिसहरूका बीचमा मात्र) हुने, कुरा, सा० अश्लील ।

smoker (स्मो'कर्) **ना.** शा. अ. मा, खा. ग. वा पनि: धेरै धूम्रपान गर्ने व्यक्ति, धूमपा, (—'s heart, throat ज्यादा चुरोटेको); chain—वा smoking एउटा चुरोट सकिनासाथ अर्को सल्काउने, एकपछि अर्को लगातार चुरोट खाने; रेलमा

चुरोटे डब्बा, चुरोट खान हुने डब्बा ।

smoko (स्मो'को) **ना.** कार्य समयमा धून्नपान गर्ने छुट्टी, चुरोटछुट्टी (अस्ट्रेलिया र न्यूजील्याण्डमा मात्र)।

smoky (स्मो'कि) **वि.** धुवाँलो, धूमल, धूमगन्ध, धूमस्वाद; गाजले, ध्वाँसे, धसिंगरे ।

smolt (स्मोल्ट्) **ना.** साँवलो; सामन वा अन्य समुद्री माछाले पहिला पटक मीठो पानी छोडेर समुद्रतिर लाग्दा भ्रमणशील अवस्था ।

smooth (स्मूद्) **वि.** सम्म, चिक्कण, संम र चिप्लो, खाल्डा खुल्डी नभएको, चाउरी नपरेको, रौं नभएको, अवरोध विना पार गर्न सकिने; शब्द वा आस्वादनमा कर्कशतारहित; सम, उद्वेगहीन, नम्र, मिलनसार, प्रशंसक, स्तुतिरूप; in—water आपत पार गरेको अवस्था;—passage राम्रो समुद्री यात्रा;—hair टाउकोमा स्याप्प बसेको;—verse राम्रो र शुद्ध छन्दको;—breathing (ग्री० व्या०) स्वरहरू उच्चा० हुने नहुने चिह्न;—face खा. ग. देखौवा मित्र;—things चाटुकारिता वा असरल प्रोत्साहन;—spoken,—tongued मीठो बोल्ने;—bore नालमा चिरा वा रेशा नभएको वन्दूक; —ly **क्रि. वि.** राम्रोसँग, अनायाससंग, विना खटपट, निर्विघ्नपूर्वक ।

smooth (स्मूद्) **क्रि.** र **ना.** सम्म पार्नु, सम्याउनु, बराबर पार्नु, चिप्लो पार्नु; हटाउनु, घटाउनु (बाधा, कठिनाइ, खल्डबाड मल्डयाड) **ना.** सम्म पार्ने स्पर्श वा सुमसुम्याइ;—ing iron इस्त्री;—ing plane रण्डा ।

smörgåsbord (स्मर्गोर्वूर्ड) smorgasbord **ना.** स्कयाण्डिनेभियामा चलन हुने खानाको अघिपछि वा बीचको स्वादन ।

smote (स्मोट्) **क्रि.** smite को भू. का.=हिर्कायो, हान्यो ।

smother (स्म'दर्) **ना.** र **क्रि.** भुतभुते खरानी; धूलो, धूवाँ, शीकर, को बादल; **क्रि.** घाँटी थिच्नु, निसास्स्याउनु, थिचेर मार्नु; म्वाइँ, सौगात, प्रेम, दया, इ० ले डुबाइदिनु; (खरानी इ० धुपारेर) आगो भुतभुताउनु वा मार्नु; लुकाउनु, दबाउनु, छिपाउनु (सत्य, कुरा, इ०); (विर०) अँठ्याउनु, निसास्सिएर मर्नु, सास फेर्न नसक्नु;—y **वि.** निसास्सिने, निसास्स्याउने ।

smoulder (स्मोल्डर्) **क्रि.** र **ना.** भुतभुताउनु, धुवाँउनु, सल्कनु, मुडिग्रनु, अन्तर्दाह हुनु; (भाव, इ०) स्पष्ट फल नदेखिने गरी विद्यमान रहनु, लुकेर रहनु; **ना.** अन्तर्दाह ।

smudge, smutch (स्मज्, स्मच्) **क्रि.** र **ना.** (लेख, चित्र, इ.) फुल्नु, लतपत्याउनु, पोत्नु, छोप्नु, अस्पष्ट पार्नु; धब्बा वा दाग लाउनु (मुख, कागत, इ. मा); (सा.—tch) बिट्ठल्याउनु, कलंक लगाउनु, मैल्याउनु, बेइज्जत गर्नु (इज्जत, नाम, चरित्र,); (मसी, चित्र, इ.) फुल्ने; **ना.** धब्बा, टाटो, दाग, फुलेको टाटो; (कीरा फट्यांग्रा, इ. भगाउनालाई) घरबाहिर बालेको आगो; धूर ।

smug (स्मग्) **वि.** र **ना.** (बाहिरबाट हेर्दा) फुरुङ्ग, मक्ख, साँचिलो, सामान्य, फुलेको, मै हुँ भन्ने; (ना., मु., वि. वि. अ.) समाजमा नमिल्ने, वा खेलकूदमा रुचि वा भाग नलिने व्यक्ति ।

smuggl/e (स्म'ग्ल्) **क्रि.** खा. ग. भन्सार महसूल नतिरी मालसामानको लुकीचोरी पैठारी वा निकासी चोरी पैठारी गर्नु; वा निकासी गर्नु, तस्करी व्यापार गर्नु; लुकाएर ल्याउनु, लैजानु; लुकाउनु; ज. वा.—er (स्म'ग्लर्) **ना.** तस्कर;—ing **ना.** तस्करी ।

smut (स्मट्) **ना.** र **क्रि.** (—tt—), ध्वाँसोको टाटो; ditto, brother—(के.) तँ नि भन्ने जवाफ; कामुक वा कामोद्दीपक कुरा, शब्द वा कथा, लाजभाँड; ढुप्पो कालो धूलो भएर जाने खडा अनाजको रोग;— -ball ढुसीको प्रकार;—mill अनाजलाई ढुसीबाट अलग गर्ने यंत्र; **क्रि.** टाटो लाग्नु, (अनाजमा) रोग लाग्नु;—ty **वि.** फोहरी, लाजभाँड; talk—लाजभाँड बोल्नु, इतरिनु ।

smutch (स्मच्) माथि smudge हेर्नू; लतपत्याउनु, पोत्नु, इ. ।

snack (स्न्याक्) **ना.** अल्पाहार, चमेना, नाश्ता, छाक; कच्याककुचुक, खानेकुरा, आहार; थोरै, वा आकस्मिक, वा हडबडे, खाना;—bar वा counter जहाँ अल्पाहार, पाइन्छ; go —s हिस्सा लिनु; (—s ! मेरो भाग !) ।

snaffle (स्न्या'फ्ल्) **ना.** र **क्रि.** विना काँढाको एक बागको लगाम; ride on the—हल्कासँग चलाउनु (घोडा वा अलं-); **क्रि.** (अप०) हत्याउनु, चोर्नु, उडाउनु ।

snafu (स्नाफू') **वि.** र **ना.** (सेनाको अप०) अस्त-व्यस्त; **ना.** गोलमाल ।

snag (स्न्याग्) **ना.** र **क्रि.** (—gg—) ठुँटो, दन्तुर, बेडोल ढुप्पो; (अलं०) अघि नदेखिएको बाधा वा मर्का; **क्रि.** जहाज समुद्रमा लुकेको चट्टानको टुक्रा, काठ, इ० मा धसाउनु; (जमीन, जलमार्ग, रूखको फेद, इ० बाट) ढुप्पो, इ० हटाउनु;—ged (स्न्यागड्), —gy (—गि) **वि.** चुच्चे अवरोध भएको ।

snail (स्नेल्) **ना.** र **क्रि.** चिप्लेकीरा, शंवूक, कोषस्थ; **क्रि.** चिप्लेकीरा जम्बा गर्नु र मार्नु (खेत बगैंचाबाट);—ery **ना.** (खा. ग.) फ्रान्समा, खाने जातका चिप्लेकीरा राख्ने, पाल्ने, ठाउँ;—'s gallop, pace, (चिप्लेकीराको) धीमा चाल ।

snake (स्नेक्) **ना.** र **क्रि.** सर्प, नाग, लामकीरो, नागराज, फणी, भुजंग, अहि, दुई जिब्रे, धोखाबाज, ठण्डा दिलको व्यक्ति; **क्रि.** सर्पझैं नागबेली गरीं चल्नु, हिंड्नु;—in the grass लुकेको खतडा वा शत्रु;—in one's bossom कृतघ्न व्यक्ति; scotch the—घाउ लाउनु; see—s भयङ्कर मोह हुनु (खा. ग. जँडयाहरूलाई); raise वा wake—s राडो मच्चाउनु; S—s ! रिसको वि० बो० बोली;—charmer सपेरो, सर्पग्राही, जांगली, गारुडिक;—locked रौंको साटो सर्प भएको सर्पकेशी ।

snaky (स्ने'कि) **वि.** सर्पवत्, आहेय, नागबेली परेको, बाङ्गिने ।

snap (स्न्याप्) **क्रि.** (—pp—) र **ना.** ङ्याक्क गर्नु, एक्कासि टोक्न खोज्नु, at सँग पनि ङ्याक्क गर्नु, (अलं०) टोक्नु,

झोक्किएर कुरा गर्नु; (अलं०) ईर्ष्यापूर्ण वा नराम्रो कुरा गर्नु; टोकेर टुक्रा झिक्नु, off सँग; (अलं०)—off (one's) nose रिसको वा ईर्ष्यापूर्ण कुरा भन्नु; (टुक्रा, सस्तो मोलमा खरीद, इ०) टिप्नु, उठाउनु; (क्रिके०) ब्याटवालालाई डण्डानेर चटसँग समात्नु; प्याट्ट भाँचिनु, चुँड्नु, चुँडाल्नु, छिन्नु, छिनाल्नु, टुट्नु; आवाज झिक्नु, पड्काउनु (औंला, पिस्तोल, कोर्रा, इ०); (ढोका, इ०) बन्द गर्नु, लाग्नु; तुरुन्तको, तत्काल तसवीर खिच्नु (सजाएर होइन); खा. ग. पत्तो नदिएर वा अनिच्छुक व्यक्तिको;—(one's) fingers at हेलाँसूचक चुटकी हान्नु;—into it ! (अप०) चाँडै गर !—out of it (अप०) त्याग, छोड, (बानी, काम, इ०) लाई;—ping turtle आइलाग्ने अम० जातको; **ना.** ठ्याम्म हुने वा बन्द हुने काम या शब्द; चुरा, माला, इ० अडकाउने स्प्रिङ्गदार चुकुल; ससाना खरो केकको प्रकार; ताशको खेल; (सा० cold—) अचानकको तुसारोको लहर; शैलीको खरोपन, ताजा जोड वा काममा फूर्ति, जेहन, उत्साह; ज, वा.—py **वि.** फुर्तिलो, make it—py ! (अप०) छिटो गर !; (अप०) गफ, खा. ग. soft—; (नाटक०) पात्रको रूपमा छोटो कार्यविधि; (संसद० वा अन्य विचार कार्यविधि) विनासूचना, थाह नदी गरिएको, ज. कि.—vote, division, इ०;—dragon भ्यागुते फूल;—hook,—link डोरी छिर्न दिने तर कमानी बन्द हुँदा उम्किन नपाउने;—**shot** **ना.** नताकी हानेको गोली; हाते क्यामेराले (नसजाई) तत्काल लिएको तसवीर ।

snare (स्नेय्र्) **ना.** र **क्रि.** पासो, धराप, पाश, गलपेच, दर्जन, सोला, दामली, डोकेसो; पशु वा चरालाई समाउनालाई खा. ग. तारबाट बनेको पाश; (शल्य०) भित्रको गाण्टा, डल्लालाई समातेर झिक्ने तारको सुक्यौंलो; शत्रुलाई लोभ्याई विनाश वा पक्राउको लागि उपाय, तरकीब; लोभ लाग्ने वा लोभको काम गराउने कुरा, जाल; **क्रि.** जालमा पार्नु (चरा, पशु वा व्यक्तिलाई); ensnare सामान्यत: बढती चलन ।

snark (स्नार्क्) **ना.** गुण दोष वा स्वभाव वर्णनरहित मनकल्पित अद्भुत पशु ।

snarl (स्नार्ल्) **क्रि.** र **ना.** (कुकुर) ङ्यार्र ङुर्र गर्नु; (व्यक्ति) कुटिलतासँग बोल्नु, रिसको उजूर वा आलोचना गर्नु; असन्तोष, इ० कडा बोलीले व्यक्त गर्नु; बटार्नु, बटारिनु, जेलिनु; साँगुरो धातुको फूलदानलाई भित्रपट्टिबाट पिटेर बाहिर उठेको बुट्टा बनाउनु; **ना.** ङ्यार्रको आवाज, ङ्यार्रङुर्र; रिस, हेलाँ, इ. को वचन; ठाकठुक; गाँठो, जाल, (जेलिएको) गाँठो,—ed skein जेलिएको गाँठो, जटिल कुरो;—ing iron भाँडा पिट्ने (भित्रपट्टिबाट) यंत्र ।

snatch (स्न्याच्) **क्रि.** र **ना.** झम्टनु, (खा. ग. पसारेको हातले), खोस्नु, लुछ्नु, लुछाचूँड गर्नु, हारालूछ गर्नु, चुँड्नु, मोस्नु, (हात) पसार्नु;—at (अलं.) आग्रहसाथ लिनु (मौका); **ना.** झमट, लुछाचूँड, हारालूछ; (ब. व.) टुक्रा, छोटो झोक्का, छोटो अवधि ।

sneak (स्नीक्) **क्रि.** र **ना.** सुटुक्क, लुकेर, जानु; (कु.) लुकीचोरीसँग, खुलेआम होइन, कुत्सित, अधम; (स्कूले अप.) कुरा लाउनु; (अप.) हत्याएर लैजानु, चोर्नु; **ना.** नीच, डरछेरुवा, मुसमुन्द्रे व्यक्ति; (स्कूले अप.) चुक्लीखोर, पोलाहा; (क्रिके.) भैंसँगसँगै गुड्ने बल;—in घुस्नु, घुसाउनु;—thief खुला झ्याल ढोकाबाट चोर्ने चोर, लामूहाते चोर ।

sneck (स्नेक्) **ना.** र **क्रि.** (मु० स्क०) आग्लो ।

sneer (स्नियर्) **क्रि** र **ना.** ठट्टाले हाँस्नु, ओठ लेब्र्याउनु, व्यङ्गोक्ति गर्नु, तेजोवध गर्नु, उपहास गर्नु, अवज्ञा गर्नु; **ना.** अवहास, उपहास, त्यस्तो हेराइ वा वचन;—er **ना.** अवहासक; -ingly सोपहास, सावज्ञा ।

sneeze (स्नीज़्) **क्रि.** र **ना.** छिक्नु, छिक्का गर्नु;—into a basket टाउको काटिनु; not to be—d at हेलाँ गर्न नहुने, असल, राम्रो; **ना.** छिक्का, छ्यूँ ।

snib (स्निब्) **ना.** र **क्रि.** (-bb- मु० स्कट०) आग्लो, छिस्किनी, गजबार, (झ्याल, ढोका, इ० को); **क्रि.** छिस्किनी लाउनु, आग्लो हाल्नु ।

snick (स्निक्) **क्रि.** र **ना.** सानू दाँत काट्नु, सानू खत लाउनु; (क्रिके०) ब्याटले बलको दिशा केही फेरिदिनु, बंग्याउनु; **ना.** दाँत, खत; (क्रिके०) बलको विक्षेप ।

snicker (स्नि'कर्) **क्रि.** र **ना.** हिनहिनाउनु, हिल्हिनु; **ना.** हिंनहिनाहट, = snigger पनि ।

snickersnee (स्निकरस्नी') **ना.** (ठ०) चक्कू, खा. ग. हतियार जस्तो गरी चलाउन हुने ।

snide (स्नाइड्) **वि.** र **ना.** (अप०) नकली, खोटो, झुट्टा, लोलोपोतो गर्ने, धूर्ततासँग होच्याउने; **ना.** नकली गहना वा सिक्का;—sman **ना.** खोटो टक चलाउने (व्यक्ति) ।

sniff (स्निफ्) **क्रि.** र **ना.** सुर्कुनु, (नाक पग्लेको रोक्न वा हेलाँ जनाउन) फोराबाट सुनिने गरी सास तान्नु, (कुकुर) सुँघ्नु, खा. ग. गोडामा टोक्ने उद्देश्यले; (फूल, ब्याण्डी, बास्ना, इ०) सुँघ्नु; **ना.** सुँघाइ, नाकबजाइ, सुँघेको वस्तुको परिमाण ।

sniffy (स्नि'फि) **वि.** (बो. चा.) हेलाँपूर्ण, अवज्ञासहित, तिरस्कारपूर्ण; (गन्ध नआउनुपर्ने चीज) महकेको ।

snifting—valve (स्नि'फ्टिङ् भ्यात्भ्) **ना.** वाष्पयंत्रनलीमा हावा निस्कने कपाट ।

snig (स्निग्) **ना.** सानू वाममाछा ।

snigger (स्नि'गर्) **क्रि.** र **ना.** दबाएको सुटुक्कको हाँसो (गर्नु), अंतरहाँसो ।

sniggle (स्नि'ग्ल्) **क्रि.** प्वालमा बल्सी कोचेर वाममाछा मार्नु ।

snip (स्निप्) **क्रि.** (-pp-) र **ना.** सानू सानू छोटो छोटो कटाइले कैंची वा कतर्नीले काट्नु; **ना.** कर्तन, कतरन; काटेको टुक्रा; (अप०) सुजिकार; (घोडदौड अप०) पक्का (जित) dead—पनि;—ping **ना.** कतरन, काटेको टुक्रा ।

snipe (स्नाइप्) **ना.** (ब. व. को साटो सामूहिक ए. व.) र **क्रि.** चाहा; **क्रि.** चाहा मार्नु, शिकार गर्नु; (सेना०) शत्रुको

फौजमा लुकेर व्यक्तिलाई ताकेर हान्नु, त्यसरी सगोलमा हान्नु वा मार्नु;—r ना. लुकेर हान्ने; snipy वि. चाहाको, जस्तो; gutter- —भुरा, थाङ्ने केटाहरू;— -eel,— -fish इ० लामू पातलो थुतुनो भएका किसिम ।

snippet (स्नि'पिट्) ना. काटेको सानू टुक्रा, कतरन; (ब. व.) ज्ञान वा समाचारका खुद्रा, पुस्तकबाट झिकिएका छोटा उद्धरणहरू, खत्र्याङमत्र्याङ, खुद्रा चीज ।

snip—snap—snorum (स्निप् स्न्याप स्नो'रम्) ना. धेरै जनाको ताशको खेल ।

snivel (स्निभ्ल्) क्रि. (-ll-) र ना. नाक बग्नु, रुन्चे हुनु, आँसु झिक्नु, अमित्र भाव देखाउनु; ना. पातलो सिंगान (बग्ने), नाक बगाउँदै हुँ हुँ गर्दैको रुवाइ; पाखण्डी कुरा; कुनै खास जात वा वर्गको बोली, ज. कि. माग्नेको आधा लयको बोली; —ler ना. रुन्चे, नाकपुछुवा;—ling वि. रुञ्चे ।

snob (स्नॅब्) ना. (आ०) नीच जन्म वा लालन पालन वा सामाजिक स्थितिको मान्छे; (वि. वि. र पाठशाला; आ०), सहरिया; समृद्धि र धनसँग दब्ने, आफ्नू तल्लो स्थानको लाज मान्ने, ठूलासँग दब्ने, वाह्यरूपबाट मात्र पारख गर्ने व्यक्ति; दब्बू, पाखण्डी, सभाचारी;—bish वि. सभाजन;—bishness,—bery ना. सभाजन;—ling क्षुद्र सभाजन, सभाजनक;—ocracy ना. सभाजन राज्य ।

snock (स्नूक्) ना. (द. अफ्रि.) ठूलो खाद्य समुद्री माछा ।

snood (स्नूड्) ना. (स्क० र साहि०) स्कटल्याण्डमा केटीहरूले कपाल बाँध्न चलन गर्ने माला, फित्ता; समुद्रमा माछा मार्दा मुख्य बल्सीमा जोडिने ससाना अंकुशसहितको डोरी ।

snook (स्नूक्) ना. माछाको किसिम; (अप०) नाकमा बूढीऔंला अडयाएर बाँकी औंला फिंजारेर अर्कालाई हेलाँसूचक इशारा; लोप्पा; अर्धचन्द्र, घोक्रयाइ; cock, cut वा make a—लोप्पा ख्वाउनु, घोक्राउनु; S—s ! हेलाँको वि. बो. ।

snooker (स्नू'कर्) ना. बिलियर्ड खेल;—ed आफ्नू मुख्य बल अर्काद्वारा छेकिनु, (अलं०) हारेको, पराजित ।

snoop (स्नूप्) क्रि. (आफूलाई वास्ता नभएको कुरामा) चियाउनु, निन्दो चर्चा गर्नु; कानून तोडिएको कुराको खोजीमा लुकेर हिंड्नु; चोर्नु; ज. वा.—er ना. निन्दक, चोर ।

snooty (स्नू'टि) वि. फुलेको, घमण्डी, उद्धत, होच्याउने ।

snooze (स्नूज्) क्रि. र ना. (खा. ग. दिउँसो) अल्पनिद्रा गर्नु, सुत्नु; अल्छीमा समय बिताउनु; ना. अल्पनिद्रा, दिवानिद्रा, छोटो निद्रा ।

snor/e (स्नोर्) क्रि. र ना. (निद्रामा) घुर्नु, घुरेर समय काट्नु; ना. घुराइ, घर्घर, घुर्राहट ।

snort (स्नॅर्ट्) क्रि. र ना. (नाकबाट) फुत्कार्नु, फुत्कार छोड्नु, रिस वा अविश्वास जनाउन नाकबाट जोरको शब्दसाथ सास छोड्नु, (वाफ यंत्र, इ०) त्यस्तै आवाज निकाल्नु; नाके आवाज गरेर अवज्ञा वा हुंकारको भाव जनाउनु; त्यस्तो शब्दका साथको बोली निकाल्नु, फुत्कार्नु; S—t ना. पनडुब्बी परिदर्शक नलीको गहिराइमा डुबेको बेलामा इंजिन र टोलीको लागि हावा लिने उपकरण ।

snorter (स्नॅ'र्टर्) ना. शा. अ. मा, र (अप०) हुल्लडे हावा; जोड वा हिंसाको लागि सुस्पष्ट अभिनय वा काम ।

snot (स्नॅट्) (ग्रा०) सिंगान, मान्छेलाई गाली गर्ने शब्द पनि;— -rag रुमाल ।

snottle (स्नॅट्ल्) ना. सिंगान ।

snotty (स्नॅ'टि) वि. (ग्रा०) सिंगाने, गालीको शब्द पनि; (बो. चा.) जागेको, रिसाएको, क्रोधी; ना. (नौ० अप०) नाविक ।

snout (स्नाउट्) ना. थुतुनो (पशु वा हे० मानिसको), केहीको चुच्चो, टुप्पो; टुटी;—ring नत्थ (खा. ग. सुङ्गुरको, भैंमा नाक गाड्न रोक्नालाई);—ed वि. थुतुनोदार; —y वि. थुतुनो जस्तो, लामू भएको; घमण्डी, होच्याउने ।

snow (स्नो) ना. र क्रि. हिउँ, तुसारो, (ब. व.) हिमपात, (जमेको) हिउँ; सेतोमा हिउँसँग तुलना हुने वस्तु, सेतो छाती, फुलेका रौं; (अप०) कोकेन;—ball कसेर बनाएको हिउँको डल्लो; क्रि. हिउँको डल्लोले हानाहान गर्नु;—blind(ness) हिमान्ध, हिमान्धता;—blink हिउँ-मैदानको आकाशमा प्रतिबिम्ब;—boots हिउँमा जुत्तामाथि लाउने रबर र कपडाको उपल्लो बूट;—bound हिउँले (बाहिर जानबाट) रोकेको;—cap सेतो टाउके चराको जात;—capped हिमाच्छादित; हिमावृत;—drift हिमानी, हिमसंहित, हिउँआँधी;—fall हिमपात;—flake हिमकण, तुषारकण;—goggles हिउँमा हिंड्दा बचाउको लागि लाउने ठूलठूलो कालो चश्मा;—line हिमपंक्ति;—man हिममानुष (केटाकेटीले जाडोमा बनाउने), यति, हिमालय पर्वतमा पदचिह्न देखिने अमानुष पशु;—plough बाटामा जम्बा भएको हिउँ दुईतिर पन्साउने हिउँहलो;—plume हिउँकल्की, शिखरबाट देखिने गरी माथि उठ्ने हावाले उडाएको हिउँ;—shoes हिउँजुत्ता (स्की);—shovel हिउँखन्ती;—slip हिउँपैरो;—storm हिमवर्षा, हिमसंपात; क्रि. हिउँ पर्नु,—under हिउँले ढाक्नु; संख्याले पूर्ण पराजय गर्नु, खा. ग. चुनावमा ।

snow (स्नो) ना. सानू पाल जहाज ।

snub (स्नब्) क्रि. (--bb--) र ना. तेजोवध गर्नु, गाली गर्नु, फटकार्नु, पच्कार्नु, होच्याउनु, अपमान गर्नु, सहृदयताको अभाव देखाउनु; (डोरी लठ्ठामा बेह्रेर) जहाजको गति रोक्नु; ना. तेजोवध, अपमान, इ० ।

snub (स्नब्) वि. र ना. (नाक) थ्याप्चो, ठुटे, माथि फर्केको, चिपिट, अवनाट; ना. चिपिटनासा, ठुटे नाक; (अलं०) छोटो, ठुटे;—nosed (revolver) ठुटे पिस्तोल ।

snuff (स्नफ्) ना. नस, नस्य, नासाचूर्ण; नाकबाट सुँघेर भित्र लिने औषधि; give (one)—कडासँग बर्ताव गर्नु; take (thing) in—झोक्किनु, नराम्रोसँग लिनु; up to—(अप०) अनभिज्ञ, नजान्ने, होइन;—and butter खैरो पहेंलो;—box नसदानी;—colour (ed) गाढा खैरो

पहेंलो रंग (को);—mill नस पिंध्ने;—taker नस हाल्ने (व्यक्ति); बलिसकेको बत्ती (को माथिल्लो भाग), डढेको बत्ती, खा. ग. नअसल लोता वा बत्तीको; **क्रि.** निभाउनु, बत्ती वा लोताको डढेको भाग हात वा कैंचीले काट्नु, छोट्याउनु;—out बाटेर वा थिचेर निभाउनु; (अप०) मर्नु ।

snuffer (s) (स्नफ'र् (स्)) **ना.** बत्ती छोट्याउने (काटेको टुक्रा खस्ने सानू बट्टा भएको) कैंची;—tray कैंचीदानी ।

snuffle (स्न'फ्ल्) **क्रि.** र **ना.** सुँघ्नु, स्वाँक स्वाँक गर्नु, नाके बोली झिक्नु, रुच्चें स्वरमा बोल्नु, रुघा लागेको बेलामा बोलेको सोरमा बोल्नु, (यस्तो बोली खा. ग. कोही क्रिस्तानी धार्मिक सम्प्रदायवालाहरू गर्छन् भन्ने जनश्रुति छ);--out नाके बोली गर्नु; **ना.** सुँघाइ, स्वाँक स्वाँक, त्यस्तो सोर वा बोली ।

snug (स्नग्) **वि.** गुम्म, न्यानू, जाडो वा मौसिमबाट सुरक्षित; ठाउँमा राम्ररी स्थिरसँग राखिएको, सुविस्तासाथ राखिएको; (खाना, आमदानी, इ०) बेसै, सुविस्ताको; as—as a bug in a rug न्यानुसँग, सुविस्तासँग ।

snuggery (स्न'गरि) **ना.** न्यानू ठाउँ, सुविस्ताको ठाउँ, सुखावह, प्रच्छन्न, सुस्थ, सुस्थित स्थान; खा. ग. कसैको निजी कोठा वा "खोर"; भट्टीको पिउने कोठा ।

snuggle (स्न'ग्ल्) **क्रि.** गुटुमुटु पर्नु, लुटुपुटु गर्नु, घुस्रनु, न्यानूको लागि नजीकै आउनु, बालकलाई नजीकै, काखमा, लिनु, टाँसिएर सुत्नु, सुताउनु ।

so (सो) **क्रि. वि., सं., वि. बो.** र **स. ना.** यति, यसरी, त्यसरी; जसो, तसो, यसले, त्यसले; यसर्थ, तसर्थ, तथा, एवं, एवंविध, तथा, तस्मात्, सो, सोही; **वि. बो.** भयो ! चूप लाग !; (संयोगमा)—सुकै (जोसुकै, जुनसुकै, इ०);—and—(ब. व.—and—'s) फलानू, अमूक, ढिस्कानु;—-**वि.** उस्तै, बेसै; or—त्यति जति;—-called तथाकथित, कहलिएको, भनाउँदो, भैखाने;—many यतिकसा, यतिका, यतिको;—much यतिकसा, यतिको ।

soak (सोक्) **क्रि.** र **ना.** सोस्नु, (तरल वस्तु), भिजाउनु, ढड्याउनु, ढडिनु, रंगेल्नु, (पानी इ० मा राखेर सकभर धेरै पानी, इ०, लिने गरी); (वर्षा) भिजाउनु, लथाचूर पार्नु; (रस०) अतिसिक्तताद्वारा पस्नु; (अप०) चुस्नु; पैसा, दाम, तिराउनु महँगो पारेर, कर (तिरो) द्वारा, इ० ज. कि.—the rich धनीलाई चुस्नु; ज्यादा पिउनु, सोस्नु, पियक्कड बन्नु; **ना.** पिउने गोष्ठी, पियक्कड;—ing **ना.** भिजाइ, लथाचूर;—age **ना.** मज्जन ।

soaker (सो'कर्) **ना.** शा. अ. मा, र पियक्कड; भिजाउने वर्षा ।

soap (सोप्) **ना.** र **क्रि.** साबुन; **क्रि.** साबुन लाउनु, साबुनले माज्नु; आफूलाई साबुन लाउनु;—berry,—plant रिठ्ठा;—boiler साबुन बनाउने (व्यक्ति);—box साबुनदान;—bubble साबुन फोका;—earth एक प्रकारको नरम पत्थर, खरी;—opera (अप०) रेडियोमा क्रमशः प्रसारण हुने वाद्य संगीत;—suds साबुनको फींज;—works साबुन कारखाना (उत्पादन-स्थान);—less साबुनविना; soft—पोटाशबाट बनेको, झोल साबुन; अलं० चाटुकारिता, चेप्न्याइँ ।

soapy (सो'पि) **वि.** साबुनै साबुन, चिक्कण, चिप्लो, साबुनिलो, साबुनको; (व्यक्ति वा उसको चाला) चिप्लो, चाटुकारी, फुलाउने;—ily **क्रि. वि.** चिप्लोसँग;—iness **ना.** साबुनिलोपना ।

soar (सोर्) **क्रि.** अकासिनु, पत्ताउनु, उड्नु, माथि जानु, चुलिनु, पखेटा नचलाई आकाशमा अड्नु वा उड्नु;—ing **वि.** र **ना.** उड्ने; **ना.** ऊर्ध्वारोहण, उड्डयन ।

soave, soavemente (सोआ/भ्, सोआभेमे'ण्टे) (सं. निर्दे०) कोमलतासँग (इटा०) ।

sob (सॅब्) **क्रि.** (—bb—) सुँक्क सुँक्क रुनु, मानसिक कष्ट वा शारीरिक लस्ततासँग रुनु, सगद्गद रुनु;—out रुँदै भन्नु; **ना.** रोदन, क्रन्दन;—stuff (बो. चा.) रुवाउने चीज, कारुणिक लेखाइ, कथा, दृश्य, इ०;—bingly **क्रि. वि.** रुँदै रुँदै ।

sober (सो'बर्) **वि.** र **क्रि.** स्थिरमति; सद्दे, (जडयाँहा होइन); पिउनमा परिमित, पानाप्रसक्त, पानसंयमी; वाजबी; संयमी, सन्तुलित, विचारशील, शान्त, आत्मसंयमी, व्यवस्थित, जोशिलो होइन, आवेशी होइन, उत्तेजित वा हठी होइन; (रंग) हलका, शान्त, उत्ताउलो होइन; **क्रि.** शान्त गराउनु वा हुनु, (उत्ताउलो वा दुस्साहसी, वा कल्पनाले शासित होइन); in—fact वास्तवमा, भावनाले होइन; a—estimate वाजबी अनुमान;—minded अविचलित मनको;—sides शान्तमति व्यक्ति;—suited (कवि०) शान्तरंगको लुगा लाएको ।

Sobranje (सोब्रा'निइ) **ना.** बुल्गेरियाको राष्ट्रिय सभा ।

sobriety (सोब्रा'यटि) **ना.** धीरता, गाम्भीर्य, अमत्तता, संयम, निग्रह ।

sobriquet (सो'ब्रिके) **ना.** sou—(सू—), बोलाउने नाम, लिएको नाम, उपनाम ।

soc (c) age (सो'कज्) **ना.** मध्यकालीन सामन्ती जमीनको प्रथा, जसमा धनीलाई कूत वा सेवा प्रदान गर्नुपर्थ्यो ।

soccer (सॅकर्) **ना.** (बो. चा.) फूटबल, लात्तेभकुण्डो, खेल ।

sociab/le (सोशब्ल्) **वि.** र **ना.** मिलनसार, संगमप्रिय, संवासप्रिय, समाजमा रमाउने; (सभा, बैठक) सौहार्द्रपूर्ण, अरठ्ठ वा औपचारिक होइन;—ility सौजन्य, संगमशीलता;—ly (सो'शब्लि) **क्रि. वि.** सौजन्यतासँग, सौजन्यतापूर्वक; सौजन्यपूर्ण, सुशीलपनासँग; **ना.** मुखामुख आसन दुईतिर भएको खुला बग्गी; बगलमा दुईजना चढ्ने तीन पांग्रे साइकल; दुईजना मुखामुख गरेर बस्ने अंग्रेजी अक्षर S आकारको कवच ।

social (सो'शल्) **वि.** र **ना.** सामाजिक, सांसर्गिक, संघचारी, एकान्तवास नरुचाउने वा गर्न नसक्ने, पारस्परिक भरोसा गर्ने, सहयोगी, कामको विभाजन गर्ने, यौगिक जीवको

अंश वा सदस्य भएर मात्र रहने, ज. कि. man is a—animal; the—contract वा compact प्राकृतिक स्वतंत्रताको ठाउँमा कानूनी बन्देज स्वीकार गर्ने मनुष्य समाजको चुक्ति वा सकारनामा;—democrat क्रमिक समाजवादतिर अग्रसर गराएर निम्नस्तरका मानिसको उन्नति गराउने सिद्धान्तवाला राजनीतिज्ञ, सामाजिक प्रजातंत्रवादी;—security सामाजिक सुरक्षा, वेरोजगारी र गरीवीबाट रक्षा;—services सामाजिक सेवा, ज. कि. शिक्षा, स्वास्थ्य, वास, बीमा, पेन्सन; **ना.** सामाजिक मेला वा समारोह, खा. ग. क्लब, गोष्ठी, इ० ले आयोजना गरेको ।

social/ism (सो'शलिज्म्) **ना.** समाजवाद; उत्पादन वितरण र विनिमयका साधनको राष्ट्रिय स्वामित्व, र कब्जाको पक्ष गर्ने सामाजिक संगठनको राजनैतिक र आर्थिक सिद्धान्त; सो सिद्धान्तमा आधारित नीति वा अभ्यास;—ist समाजवादी ।

socialite (सो'शलाइट्) **ना.** प्रतिष्ठित सामाजिक व्यक्ति, खा. ग. महिला ।

socialize (सो'शलाइज़्),—ise (–ज़्) **क्रि.** सामाजिक बनाउनु, समाजवादी तरीकाले मिलाउनु ।

society (सोसा'इटि) **ना.** समाज, सामाजिक जीवन, सहवास, समागम, संसर्ग; सामाजिक संस्था; समाजका उच्च श्रेणीका व्यक्तिहरू, जसको आचरण र ढाँचाकाँचाका उपर सबको विशेष नजर र आकर्षण रहन्छ; आतिथ्य सत्कार, घरमा समारोह; सहवास, समागम; समान सिद्धान्त वा उद्देश्य भएका व्यक्तिको जमघट वा संस्था; leaders of—सामाजिक नेता; pests of—समुदायका उपर जीउने, तिनलाई चुस्ने;—lady प्रतिष्ठित महिला; goes into—, avoids —सामाजिक उत्सव, समारोहमा जाने गर्नु वा जान मन नगर्नु; S—of Friends—क्वेकर समुदाय; S—of Jesus जेजुइट सम्प्रदाय; Royal S—विलायतको प्रमुख वैज्ञानिक संस्था, शाही समाज; Dorcas—निर्धन व्यक्तिलाई लुगा फाटो सिउने महिला समाज ।

sociology (सोसिॲ'लजि) **ना.** मानवसमाजको विकास, स्वभाव, र विधानको शास्त्र, समाजशास्त्र ।

sock (सॅक्) **ना., क्रि. र क्रि. वि.** मोजा, जुराफ; सुकतला; प्राचीन हास्य पात्रको हलुका जुत्ता; आघात (मुक्का वा रूटारोको); (स्कूले अप०) मिठाई, मिष्टान्न, कच्याङकुचुङ, खाना; **क्रि.** (रूटारो) हान्नु; मुक्कीले हान्नु; मिठाई ख्वाउनु, मिष्टान्न खानु, (कसैलाई केही वस्तु) दिनु; **क्रि. वि.** (मुक्की वा रूटारोको आघात) ठीकसँग, ठ्याम्म; pull up your—s (उद्यम गर्ने आह्वान) मसक; आँट ! कसियौ !

sockdoleger, lag- (सॅक्ड'लगर्) **ना.** (अप०) निर्णायक आघात वा युक्ति ।

socket (सॅकेट्) **ना.** गोलो, खोपिल्टा, आधार, पात्र, भाजन; eye—आँखाको खाडल वा गड्ढा; ball and—डल्लो र खोपिल्टा; ball and—joint डल्लो र खोपिल्टा जोर्नी;—pipe (ठूलो छेउमा अर्को पस्ने किसिमको तमाखु खाने) जोर्नी पाइप; **क्रि.** खोपिल्टामा राख्नु, खोपिल्टा जड्नु ।

sockeye (सॅ'काइ) **ना.** सामन माछाको प्रकार ।

socle (सॅ'क्ल्) **ना.** (भवन०) प्रतिमा, कलश, स्तम्भतल, इ० को अडानको रूपमा सादा नीचो चौकोस ढिको ।

Socratic (सोक्र्या'टिक्) **वि. र ना.** सोक्रेटीजको, जस्तो, लाई अनुसरण गर्ने;—method तार्किक विधि, प्रश्नोत्तरी;—irony व्यङ्ग, अज्ञानको स्वाँग गरेर अरूको अनुमानित ज्ञानको (प्रायः खोक्रोपनको) प्रदर्शन गराउने चेष्टा; **ना.** सोक्रेटीजको अनुयायी ।

sod (सॅड्) **ना. र क्रि.** (–dd–) चपरी, शाद्वल, घाँसमाटो; under the—चिहानमा; (ग्रा०) पुरुषमेही, अस्पष्ट गालीको लवज; **क्रि.** चपरी छाप्नु;—ding mallet डल्लेंठो;—ding spade कोदालो; चपरीले हान्नु; seethe को आ० भू० का० =पाक्यो ।

soda (सो'डा) **ना.** सोडियम तत्त्वका यौगिकहरूमध्ये साधारण चलनमा रहने एक, सोडियम कार्वनेट वा वाइकार्वोनेट, सोडा, सोडापानी, ग्यासमय पानी, खालि वा कुनै पेयसँग मिसाएर खाइने, brandy and—ब्र्याण्डी र सोडा;— - fountain चाहिएको वेलामा झिक्ने गरी दवावमा राखिएको ग्यासमय पानी राख्ने भाँडो, सो उपकरण रहने पसल, वजार वा फल्याके (सानू) पसल ।

sodality (सोड्या'लिटि) **ना.** (खा. ग. रोमन क्याथलिक सम्प्रदायका संस्थाहरूको नाममा) धार्मिक मंडल, संघ, जमात ।

sodden (सॅड्न्) **वि. र क्रि.** सडेको, सडे गलेको; ढाडिएको, पूरासँग भिजेको, (पाउरोटी) पिठे, गह्रौं र चिसो; देख्दा वा साँचै ज्यादा पिउनाले बेसुद्धी वा जड; **क्रि.** जड बन्नु वा तुल्याउनु ।

sodium (सो'डियम्) **ना.** सेतो धातु तत्व, सोडियम;—bicarbonate सोडा, पकाउने सोडा;—carbonate (लुगा) धुने सोडा, —chloride नून,—silicate यो घुलन अण्डा धेरै रहने बनाउन काम लाग्छ;—sulphate विरेचक; ज. वा. sodic **वि.** सोडाको, सोडामय ।

Sodom (सॅडम्) **ना.** पापमय सहर (को नमूना) ।

sodomite (सॅ'डमाइट्) **ना.** पुरुषमेही, गुदमैथुनकर्ता ।

sodomy (सॅ'डमि) **ना.** पुंमैथुन, गुदमैथुन, पुरुषमेह, पशुमेह ।

soever (सोए'भर्) सुकै पनि, अन्त० ।

sofa (सोफा) **ना.** पछाडि र छेउमा आड भएको धेरै जना बस्न हुने शय्या, सेज, आसन, सोफा;—bed (stead) दिउँसो आसन र राति पलंगको काम दिने साज ।

soffit (सॅफिट्) **ना.** गुम्बज, बार्दली. इ० को तल्लो तह ।

soft (सॅफ्ट् वा सॉफ्ट्) **वि., ना., क्रि. वि. र वि. बो.** नरम, नम्य, शामक, मुलायम, कमलो, गीलो, फस्को, अकठोर, मृदु, कोमल, कलकलाउँदो, सुकुमार, स्निग्ध; मसिनो, चिप्लो, खस्रो होइन; (मौसम) नरम, नातिशीतोष्ण, भिजेको (वर्षाले), चिसो, (हिउँ) पग्लने; (पानी, खनिज लवणविना,) मीठो, मृदु (जल); (पेय) टर्रो, अमिलो वा तीतो होइन; चढका,

तिरमिन्याउने, वा असिद्ध होइन; आकार स्पष्टसँग देखाउने होइन, अस्पष्ट रूपरेखा भएको; विस्तार, सुस्त;—spoken मिजासी, मधुरभाषी, प्रियभाषी, सहानुभौतिक, दयापूर्ण, कृपालु; (अप०) सजिलो, मेहनत नपर्ने, —job, —option, —thing हलुका, तलब राम्रो पाइने; कमजोर, शिथिल, दुर्बल, खुकुलो, स्त्रीसमान बेकूफ; (ध्वनि०) उष्मवर्ग, उष्म; ना. —y ना. पनि, बेकूफ कमजोर व्यक्ति; क्रि. वि. विस्तारै; वि. बो. (आ०) पर्ख ! पख ! एक मिनट ! चूप ! श ! —corn (गोडाको) औंलाको कापमा चिसोले मोटो गराएको छाला, मुसासँग नछुट्टेको;—currency अस्थिर मुद्रा;—tissues मासु, (कुर्कुरे हाड, वा हाड, होइन) ;—palate तालुको पछिल्लो भाग;—wicket (क्रिके०) चिसो जमीन;—goods वसन, कपडा;—solder नरम रसायन;—soap ऱ्होल साबुन, अलं० चेप्प्याइँ – tack (नौ०) रोटी दाँ० hard-tack बिस्कुट ;—outline अस्पष्ट रूपरेखा; —pedal (पियानो) स्वर मधुर गराउने खुट्टे चुकुल; क्रि. नरम चुकुल थिचेर नरम गरी बजाउनु, (अलं०) घटाउनु, धीमा गराउनु, (कुरा) बढ्न नदिनु; (ध्वनि०) उष्म, उष्मवर्ग, उच्चारित हुने;—answer नरम, मिजासी, खा. ग. गालीको; —nothings प्रेमालाप; —slumber शान्त निद्रा;—muscles शिथिल;—headed, —witted लाटो ।

softa (सॅफ्'टा) ना. धर्मशास्त्र र विधिको मुसलमानी विद्यार्थी ।

soften (सॅ/फ्न् वा सॉ/फन्) नरम वा गीलो पार्नु, नरमाउनु, (रिस, असन्तोष, अमन, इ०) घटाउनु; चेप्प्याइँ, लोलोपोतो, गर्नु;—up बमवर्षा इ० द्वारा (प्रतिरक्षात्मक बन्दोबस्त) निर्वल तुल्याउनु;—ing विकृति, ज. कि. morbid—ing of the brain मस्तिष्कको विकृत गीलोपन ।

soggy (सॅ'गि) वि. ढाडिएको, भिजेको, लथाचूर भएको, चिसो ।

soh (सो) ना. संगीतमा पंचम स्वर; soh पनि ।

soho (सोहो') वि. बो. घोडालाई थामपुर पार्नालाई बोलिने बोली, श ! चूप !

Soho (सोहो') ना. विदेशी भोजनगृह, इ० रहेको लण्डनको टोल ।

soi-disant (स्वाडि'जँ) वि. भनाउँदो, आफैँलाई भन्ने, स्वाँगी (फ्रे०) ।

soigné (स्वा'निए) वि. (स्त्री—e, उच्चा० उही) (मु० स्त्रीको श्रृङ्गार•) सावधानीसाथ गरिएको वा मिलाइएको; विवरणमा उत्कृष्ट ।

soil (सॉयल्) ना. भैं, माटो, दुमट माटो, मृत्तिका, धरती, भू, भूमि; good—असल, उर्वरा; poor—मरु, पर्ती; alluvial —पुलिनमय; light—हलका; rich—उर्वरा; असल; night —दिसा, फोहरमैला (मलको रूपमा); native—जन्मभूमि ।

soil (सॉयल्) क्रि. र ना. फोहर पार्नु, मैल्याउनु; दाग लाग्नु, बिट्ठुलो पार्नु, कलंक लगाउनु; मैलो हुनु, मैलिनु;—ure ना. (आ०) कलंक, कलुष; ना. दाग, धब्बा, लतपत, बिट्ठुलोपन; —pipe चर्पीको निकास;—less (–ल् ले-) बेदाग, निष्कलंक ।

soil (सॉयल्) क्रि. वस्तुभाउलाई भर्खर काटेको हरियो भूसा ख्वाउनु (शुरूमा विरेचनको लागि) ।

soiree (स्वारे') ना. सामाजिक साँझ, साँझको मेला, खा. ग. संगीत, वार्तालाप, वा कुनै सामाजिक गतिविधिको (फ्रे०) ।

soixante—quinze (स्वास्याँ'ट् क्याँज्) ना. फ्रान्सको ७५ मिमि. तोप ।

sojourn (सॅ'जर्न्, सो'जर्न् वा स'जर्न्) क्रि. र ना. वास (बस्नु); ज. वा.—er ना. यात्री, वास बस्ने ।

soke (सोक्) ना. (ऐति०) जिल्ला, स्थानीय मातहतीको हक ।

Sol (सॅल्) ना. (ठ०) सूर्य ।

sol, soh (सॅल्, सो) ना. (संगी०) पंचम स्वर ।

sola (सो'ला) ना. धापमा उम्रने गुदीदार बिरुवा, शोला;—topi घामबाट बच्नालाई चलन हुने (खा. ग. भारतमा) सोलाटोपी वा टोप ।

solace (सॅ'लेस्) ना. र क्रि. सन्चो, हाइसन्चो, आधार, सान्त्वना, (दुःख, बेचैनी, उच्चाहट वा निराशामा); क्रि. सान्त्वना दिनु, सम्झाउनु, फुलाउनु, बोलाउनु ।

solan (goose) (सो'लनगूस्) ना. समुद्री चराको जात ।

solar (सो'लर) वि. सूर्यको, सौर;—flowers सौर फूल, दिनमा केही क्षण मात्र फुल्ने;—month सौरमास;—plexus पेटको तल रहेका नसाहरूको रचना;—system सौर मण्डल ।

solarism (सो'लारिज्म्) ना. पुराण, कथा, को स्रोत सौर उपाख्यान हुन् भन्ने विश्वास ।

solarium (सले'रियम्) ना. (ब. व.—ia) घे० ज० ऐनाले घेरेको स्थान जहाँ घाम तापिन्छ वा सूर्यकिरणबाट भैषज्य उपचार प्राप्त गरिन्छ, घाम ताप्ने ठाउँ, पहारथलो ।

solarize,—ise (सो'लराइज्) क्रि. (फोटो०) लामू प्रदर्शनले बिगार्नु (फिल्म, प्लेट, काँच) ।

solatium (सले'शियम्) ना. सान्त्वना, सन्तोष, चित्त बुझाउना, को खातिर दिइएको चीज; सान्त्वना पुरस्कार ।

sold (सोल्ड्) क्रि. sell को भू. का. = बेच्यो; बिकेको ।

solder (सॅल्डर वा सॅडर्) ना. र क्रि. सन्धि, रसायन; hand, soft—धेरै, थोरै तापमा पग्लने; (अलं०) संयोजक, जोर्ने साधन; क्रि. रसाउनु, रसायन गर्नु;—ing iron रसायन गर्ने ज्यावल ।

soldier (सोल्'जर्) ना. र क्रि. सेनाको सदस्य, सिपाही; (अप० नौ०) काम ठग्ने मान्छे, खा. ग. नाविक; कुरा बटार्ने वा बंग्याउने साधन;—ant (पनि), लडाकु कमिला वा धमिरा, लडाका वर्गको; तोकिएको ल्याकत, दखल, भएको सैनिक समादेशक; फौजमा तल्लो दर्जाको सिपाही, जवान र अफिसरमा अपत्रित; क्रि. सिपाही भएर सेवा, काम, गर्नु; (नौ. अप.) काम ठग्नु;—on नछाडी प्रयत्न गर्नु; tin, toy—खेलौना;—of

Christ सक्रिय वा अरूलाई क्रिस्तान बनाउने; unknown—अज्ञात वीर; old—अन्त., अनुभवी व्यक्ति, खाली शीशी, चुरोट, सिगार, को ठुटो; come the old—over उमेर वा अनुभवको शेखीले प्रभुत्व जमाउन खोज्नु;—of fortune जहाँ भए पनि तलबमा काम गर्न तयार व्यक्ति, भरौटे; red—सुङ्गुर रोग; —'s wind (नौ०) जान र आउनालाई मददगार हावा; —like,—ly **वि.** सिपाहीको, सैनिकवत् ।

soldiery (सोल्'जरि) **ना.** सेना, बल, सैन्य, फौज, कुनै खास ढाँचाको सैनिक टोली ।

soldo (सॅ'ल्डो) **ना.** (ब. व.—di, उच्चा०—डी) इटालियन सिक्का लिराको बीसौं भाग ।

sole (सोल्) **ना., क्रि.** र **वि.** पादतल, पैताला, तलुवा, विभिन्न वस्तुको पिंध, ज. कि. हलो, गाडा, गल्फको डंडी, इ०; —channel जुत्ता, बूटको सिउनी;—leather तलुवा छाला; खानामा खूब चलेको च्याप्टो जातको माछा; lemon—अर्को जातको माछा; **क्रि.** (जुत्ता, इ० मा) तलुवा हाल्नु;—soled **वि.**—को तलुवा भएको; **वि.** एकमात्र, एकलौटी, बहिष्कारक; (का०) अविवाहिता, केवल feme sole मा; (आ०) एक्लै, ठिम्हो, विनासाथी;—ly (सोल्'लि) एक्लैले ।

solecism (सॅ'लिसिज्म्) **ना.** गलती, अशुद्धि, लेख पढमा (खा. ग. व्याकरण वा वाक्‌पद्धतिको) अशुद्ध प्रयोग; संस्कारच्युति, बेकाइदा (आचरणमा), असभ्यता ।

solemn (सॅ'लेम्) **वि.** विधिपूर्वक, संस्कारसहित, आचार वा रीतिपूर्वक, औपचारिक, रहस्यमय, प्रभावकारी; पवित्र, महत्वपूर्ण, भारी, गहुँ; गम्भीर, शान्त, विचारयुक्त, ढीलो; आडम्बरपूर्ण, पाखण्डी, गाम्भीर्य वा महत्वको स्वाँग गर्ने, जड;—ly (सॅलेम्लि) **क्रि. वि.** गम्भीरतासँग ।

solemnity (सलेम्'निटि) **ना.** विधि, रीति, उत्सव, पर्व, संस्कार; गाम्भीर्य, गम्भीर स्वभाव वा भावना वा आचरण ।

solemnize—ise (सॅ'लेम् नाइज्) **क्रि.** मनाउनु, सम्पन्न गर्नु (उत्सव, पर्व, विवाह, इ०); पवित्र वा गम्भीर पार्नु ।

solen (सो'लेन्) **ना.** दुईपाखे सिपीकीरो, सोको सिपी ।

solenoid (सो'लेन्वायड्) **ना.** विद्युत्प्रवाह चल्नासाथ चुम्बक बन्न जाने बेलनाकार तारको गुण (गुँडुल्को) ।

sol'—fa' (सोल्' फा') **ना.** (संगी.) स्वरपद्धति; tonic—गायन पद्धति ।

solferino (सॅल्फेरी'नो) **ना.** लालएनिलीनबाट बन्ने रातो-कलेजी रंग ।

solicit (सलि'सिट्) **क्रि.** अनुरोध, प्रतिवेदन, गर्नु; प्रणम्य गर्नु; आह्वान गर्नु, हाँक्नु, फर्माउनु, माग्नु, पिर्नु, झिम्झाउनु; (वेश्या) आम ठाउँमा फकाउनु; हत्ते हाल्नु;—ation **ना.** अनुरोध, हत्तेहलाइ, याचना, विन्तिभाउ, भनसुन ।

solicitor (सलिसिटर्) **ना.** याचक, प्रार्थी, अनुरोधक (विर.); कानूनवेत्ता, कानूनी सल्लाहकार, जसले गृहस्थलाई कानूनी मामलामा सल्लाह दिन्छ, र वकीललाई मुद्दामा वाकीफ गराउँछ, तर आफैं पैरवी वा पुर्पक्ष गर्दैन ।

solicitious (सलि'सिटस्) **वि.** उत्सुक, उत्कण्ठित, उद्विग्न, सचिन्त ।

solicitude (सलि'सिट्यूड्) **ना.** व्यग्रता, चिन्ता, पीर, उत्कण्ठा, औत्सुक्य; यादविचार, हेरविचार ।

solid (सॅ'लिड्) **वि.** र **ना.** ठोस, घन, ससार, खँदिलो, पुष्ट, गठिलो, स्थूल, भरिलो, समावयक, एकनासको, पूर्णतया; एकमत, अविभाज्य; बलियो, निफ्फर होइन; (ग०) घन; —number तीन भाजकसहितको पूर्णाङ्क;--geometry घन ज्यामिति; सद्दे, आधारभूत, विश्वसनीय; वास्तविक, सकली; **ना.** समग्र, घन, ठोस; (ज्यामिति) तीन परिणाम भएको; regular—सम ठोस;—tire भित्री वायुनली नभएको;—square (सेना०) बराबर लमाइ र चौडाइको व्यूह, रचना; —-drawn ठोस डंडालाई वा बाट थिचेर वा तानेर बनाएको;—printing पंक्तिको बीचमा पातो विना; man of —build माथवर, पुष्ट;--silver खँदिलो चाँदी;—colour एकरंगा, बुट्टारहित; be--for पक्षमा एकमत; the —South (अम०) एक राजनैतिक दललाई सदैव मत दिने द० का राज्य; a—man तेज होइन तर समझदार मान्छे; —consideration (ठेक्का० इ० मा) विचारणीय शर्त ।

solidarity (सॅलिड्या'रिटि) **ना.** पारस्परिक भरोसा, साहचर्य, संगति, भाव, क्रिया र स्वार्थको एकता ।

solidi/fy (सलि'डिफाइ) **क्रि.** घन गराउनु;—fication (सलिडिफिके'श्न्) **ना.** घनीकरण;—fiable **वि.** घन हुने ।

solidity (सलि'डिटि) **ना.** घनता, काठिन्य, दृढता, ठोसपना ।

solidungular (सॅलिडङ्'यूलर),--ate **वि.** ठोस टाप हुने, घोडाको परिवारको, अश्वीय ।

solidus (सॅ'लिडस्) **ना.** (ब. व.—di उच्चा—डाइ) प्राचीन रोमको सुवर्णमुद्रा ।

solifidian (सोलिफि'डियन) **वि.** र **ना.** केवल भक्तिले मुक्ति पाइन्छ भन्ने सिद्धान्त (लिने व्यक्ति) ।

soliloqu/y (सलि'लकि) **ना.** स्वागतभाषण, आत्मसंवाद (श्रोता भए नभएको वास्ताविना), आफैंसँगको कुरा; a—नाटकमा स्वगतभाषण; ज. वा.—ist **ना.** आत्मवक्ता;—ize **क्रि.** आत्मवचन, स्वगत वचन, गर्नु ।

soliped (सॅ'लिपेड) **वि.** र **ना.** ठोस टाप हुने (पशु) ।

solipsism (सॅ'लिप्सिज्म्) **ना.** (अध्या०) आत्मा नै एकमात्र सत् र ज्ञेय वस्तु हो भन्ने सिद्धान्त ।

solitaire (सॅलिटेय्र्') **ना.** एक मणि भएको टाँक, इयरिङ्ग, इ० जवाहिरात; एक टुक्रे कमीज बाहुला टाँक; विशेष पाटीमा एक्लै खेलिने गुच्चा खेल; एक खेलाडीको ताशखेल, अन्वेल धे. ज. patience; (विर०) एकान्तवासी, साधु, जोगी ।

solitary (सॅ'लिटरि) **वि.** र **ना.** एकान्तवासी, भीड मन नपराउने, एकाकी, शून्य, एकलकाँटे, एकलिएको, निर्जन, एक्लो, साथी विना, निराला, एकान्त, कोही नआउने, विजन, सुनसान, एकमात्र, डिङ्गो, एक्लोफुट्टो, कुसप, कुडोर;—ants, bees

चाका, झुण्ड, मा नवस्ने;—confinement एकान्त कारावास; **ना.** एकान्तवासी जोगी, तपस्वी ।

solitude (सॅ'लिट्यूड्) **ना.** विजन, विविक्तता, शून्यता, एकान्तस्थल, एकलास ।

solo (सो'लो) **ना.**, **वि.** र **क्रि. वि.** (ना. ब. व.—os,—i उच्चा०—ई पनि) (संगीत) एक कलाकारले गाउने वा बजाउने रचना; ज. वा.—ist एकगायक, एकवादक; (ताश) एकलोले अन्य खेलाडीहरूको विरुद्ध खेल्ने धेरै प्रकारका खेल; (उड्डयन) विना साथीको उडान; **वि.** र **क्रि. वि.** विना साथी, एकलो, ठिङ्गो ।

Solomon (सॅ'लोमन्) **ना.** बुद्धि र निसाफमा प्रख्यात इजरायलका राजा; no S—सलोमन होइन, उ खालको मान्छे होइन; song of S—एक समयमा सलोमनले लेखेको भन्ने ठानिएको बाइबलको अध्याय;—ic **वि.** सलोमनीय;—'s seal नलिनी जातको बिरुवा ।

Solon (सो'लन्) **ना.** प्रवीण ऋषि, नियामक; प्राचीन एथेन्सको राजनीतिज्ञ र कानून निर्माता ।

solstice (सॅ'ल्स्टिस्) **ना.** अयनकाल, अयनान्त; summer —कर्क संक्रान्ति, दक्षिणायन; winter—मकरसंक्रान्ति, उत्तरायण;—solstitial (स'ल् स्टिश्ल्) **वि.** अयनान्त ।

soluble (सॅ'ल्यूब्ल्) **वि.** घुलनशील, द्राव्य, विलाप्य;—glass (water glass पनि) कृत्रिम पत्थर कडा गराउनालाई, अण्डा, लाई रहने गराउनालाई, प्रयोग गरिने सोडा सिलिकेटको रचना ।

solus (सो'लस्) **वि.** (स्त्री० sola) एकलो, विनासाथी, खा. ग. नाटकको रङ्गमंच निर्देशनमा, ज. क्रि. enter king—राजा मात्रको प्रवेश; ठ० पनि: found myself—आफै ठिङ्गो मात्र ।

solution (सलू'श्न्,—ल्यू'श्न्) **ना.** र **क्रि.** वियोग, विच्छेद, संयोगको लोप, (मु०—of continuity मा=शल्य० भङ्ग, इ. ले तन्तुको छुट्याइ, इ०); घुलन, द्रावण, विलयन; समाधान, हल, उत्तर, फल, व्याख्या, समस्याको समाधान विधि वा तरीका; पूरासंग rubber—विलीन कुचुक, (रबर टाँस्ने) सल्यूशन; chemical—रासायनिक घुलन (जसमा अवयवहरूको गुण परिवर्तन हुन्छ); mechanical—सामान्य घुलन परिवर्तन विना; ideas are in—बनि, जमि, नसकेको; strong, weak—गुरु, लघु, घुलन ।

solutionist (सलू'शनिस्ट्) छापा, अखबार, इ० मा निस्किरहने पहेली, इ०, को पेशावर साधक, समाधान गर्ने व्यक्ति ।

Solutrian (सल्यू'ट्रियन्) **वि.** (पुरा०) फ्रान्सको सल्यूट्रे गुफामा पाइएको आद्य प्रस्तर युगको ।

sol/ve (सॅल्भ्) **क्रि.** फुकाल्नु, फुस्काउनु, खुकुलो पार्नु, पगाल्नु, (आ०, गाँठो, उलझन, संसक्ति, इ.) (समस्या) उत्तर निकाल्नु; (कठिनाइ) सामना गर्ने उपाय झिक्नु;—vable **वि.** साध्य;—vability **ना.** साध्यता ।

solven/t (सॅल्'मेण्ट) **वि.** र **ना.** द्रावक, (अलं०) परम्परा वा रूढीवादी विचार दुर्बल गराउने; समृद्ध, सबै दायित्व बेहोर्न सक्ने गरी पैसा भएको;—cy **ना.** समृद्धता, ऋणशोधनक्षमता; **ना.** घोलक, विलायक द्रावक ।

somatic (सम्या'टिक्) **वि.** दैहिक, शारीरिक, भौतिक (विप० मानसिक, आध्यात्मिक, आत्मिक);—death सम्पूर्ण शरीरको ।

sombre (सॅ'म्बर्) **वि.** अँध्यारो, खिन्न, धूसर, मलिन, श्याम, नरमाइलो;—ness **ना.** मलिनता, गम्भीरता; sombrous (सॅम्'ब्रस्) **वि.** अँध्यारो, मलिन ।

sombrero (सॅम्ब्रे'य्रो) **ना.** (ब. व.—s) अमरिकामा लोकप्रिय चौडा बिट भएको जमोठको टोप ।

some (सॅम् , सम्) **वि.**, **स. ना.** र **क्रि. वि.** कोही, केही, कतिपय, किञ्चित् , अलिकति, केही हदसम्म, (तुच्छयाएर भन्ने अलङ्कार, अम० र अप० मा) पूर्णरूपेण, साँचै; अन्दाजी;—body कोही, कुनै प्रतिष्ठित व्यक्ति (ब. व.—bodies);—how येनकेन, जसोतसो, जेनतेन;—one केही, कोही खास व्यक्ति;—thing केही (वस्तु);—thing (बो. चा.) केही मात्रामा, केही हदसम्म;—thing **ना.** सन्तोषको कुरा;—time **क्रि वि.** आकल झुकल, कहिलेकाहीं, यदाकदा, कहिले, कोही समयमा;—way कुनै ढाँचाले;—what केही;—when (विर० र स्वाँगी) कुनै समयमा;—where कहीं;—whither (आ०) कतै, कुनै ठाउँमा ।

—some,—som (—सम्) **वि.** बनाउने प्रत्यय=quarrel—, झगडिया; glad—हँसमुख; lithe—, lissom कुँचनीय, छरितो; blithesome खुशीयालो; fulsome अघाउने, ज्यादा; इ० ।

somersault,—set (स'मर्सॉल्ट्)—**set'** (स'मर्सेट्) **क्रि.** र **ना.** उल्टनु, पल्टनबाजी खाने गरी कुद्नु, उफ्रनु; **ना.** पल्टनबाजी; double, treble—दोहरो, तेहरो, पल्टनबाजी; turn a—पल्टनबाजी खानु ।

somerset (स'मर्सेट्) **ना.** खा. ग. एकखुट्टे सवारको लागि गद्दादार काठी ।

Somerset House (स'मर्सेट् हाउस्) **ना.** प्रमाणित इच्छापत्रहरू रहने, र सरकारी तिरोका कार्यालय रहेको लण्डनको भवन ।

somite (सो'माइट्) **ना.** जोर्नीदार पशुको प्रत्येक देहविभाजन ।

somnambul/ism (सॅम्न्याम्'ब्यूलिज्म्) **ना.** निद्राचर, निद्राभ्रमण, स्वप्नचर; त्यस्तो गराउने मस्तिष्कको अवस्था; artificial—मोहनिद्रा;—istic **वि.** निद्राचारी;—ate **क्रि.** निद्रामा चल्नु, हिंड्नु;—ist **ना.** निद्राचर, स्वप्नचारी ।

somni—somnus (सम्नि—सम्नस्) निद्रा (ल्या०) को यौगिक रूप;—ferrous निद्रा पार्ने, लागू;—loquence,—loquism,—loquy,—loquist, बर्बराउनु इ०;—pathist मोहनिद्रामा पर्ने;—pathy मोहनिद्रा ।

somno/lent (सॅम्'नलेण्ट्) **वि.** निद्रालु, निद्राशील, निद्रालस; उँघाउने; (रो. नि.) निद्रा र जागृत अवस्थाको बीचमा

रहेको;—lence **ना.** निद्रा, अर्धनिद्रावस्था, तन्द्रा ।

somnolism (सॅम्'नलिज्म्) **ना.** मोहनिद्रा ।

son (सन्) **ना.** छोरा, पुत्र, पूत, सुत, वंशज, सन्तान, बेटो, बच्चा, (सम्बोधनको रूपमा पनि), वासिन्दा, कोही पेशा, काम, मा लागेको व्यक्ति, केटो;—and heir जेठो, उत्तराधिकारी; —in—law ज्वाइँ; his father's—बाबु जस्तो, गुण, सीप, इ० मा; S—of Man जिसस क्राइस्ट;—s of men मानवजाति; the S—(of God)=God the S—= क्राइस्ट;—of the soil किसान, निवासी; —of Mars सिपाही; —of Belial कुकर्मी, पापी;—of a bitch स्यामाटोक्ने (गालीको बोली), sonofabitch पनि; sons (in order of birth) जेठो, माहिलो, साहिंलो, काहिंलो, ठाहिंलो, राहिंलो, अन्तरे, जन्तरे, खन्तरे, मन्तरे upto 10th son ।

sonant (सो'नण्ट्) **वि. र ना.** (शब्द, अक्षर) कम्पनसाथ उच्चारित हुने, (surd सासद्वारा उच्चारित होइन), ज. कि. b, d, g, j, v, z.

sonar (सो'नार्) **ना.**=asdic पनडुब्बीको उपस्थिति पत्तालाउने यंत्र ।

sonata (सोना'टा) **ना.** संगीत रचना, खा. ग. पियानो खेलाको लागि ।

sonatina (सोनाटी'ना) **ना.** सानू सोनाटा रचना ।

song (सॅङ्) **ना.** गाना, कंठगीत, (चराको) गीत; गाइने (छोटो) कविता; अनुप्राससहितको छोटो गीत; कविता; पद्य, काव्य; (संगी०) संगीत रचना; for a—वा an old—केही न केही, पत्नुको भाउमा; nothing to make a—about तुच्छ ।

song/ster (सॅङ्'स्टर्) **ना.** (स्त्री०—stress) गायक, गायिका, गितारु, कत्थक, कत्थकी ।

sonic (सॅ'निक्) **वि.** ध्वनि वा ध्वनितरङ्गसँग सम्बन्धित, शाब्दिक ध्वनिक, नादी;—bang, boom वायुयानले ध्वनि व्याघात जोरसँग पार गर्दा निक्लने ठूलो आवाज;—barrier ध्वनिको वेगनेरको वेगले गतिमान वस्तुहरूलाई हावाले दिने अत्युग्र प्रतिरोध, ध्वनि व्याघात ।

soniferous (सनि'फेरस्) **वि.** ध्वनि लैजाने वा उत्पन्न गर्ने ।

sonnet (सॅ'निट्) **ना.** १४ पंक्तिको कविता विभिन्न प्रकारका अन्त्यानुप्राससहित;—sequence सनेटमाला (सम्बन्धित विषयको); (अचेल विर०) छोटो कविता;—eer (सा० हेलॉ०) सनेट लेखक; **क्रि.** सनेट लेख्नु, रचना गर्नु, सनेटमा वर्णन गर्नु, गुण गाउनु ।

sonny (स'नि) **ना.** केटो, ठिटो, लाई सम्बोधन गर्ने सामान्य शब्द; छोरा ! बेटा !

sonobuoy (सॅनोब्वाय) **ना.** वायुयानबाट छाताद्वारा समुद्रमा खसालेर पनडुब्बी पत्ता लाउने उत्प्लावन ।

sonofabitch (सनॅफेबिच्') **ना.** गालीको बोली, राँडको छोरा ।

sonometer (सनॅ'मिटर्) **ना.** बहिरो मान्छेको श्रवणशक्ति जाँच्ने, ध्वनि नाप्ने, इ. यंत्र; श्रवणमापक, ध्वनिमापक; सुरमापक ।

sonoresc/ent (सॅनरे'सेण्ट्) **वि.** (कडा रवड, इ.) ध्वनिउत्पादक, किरणकार ताप वा प्रकाशका दोलनसरिको ध्वनि निकास्ने;—ence **ना.** ध्वनिउत्पादन ।

sonorific (सॅनरि'फिक्) (वाचीय वाहेक) ध्वनिउत्पादक ।

sonorous (सनो'रस् वा सन'रस्) घन्कने, शब्दकार, शब्दायमान, उच्च, अनुनादी, चर्को; (बोली, शैली, इ.) रोबदार, मुखरित, ओजस्वी;—figures बालुवा, इ. मा ध्वनिकम्पनबाट बन्ने बुट्टा;—rale कोही रोगमा सुनिने परिस्फुट फोक्सो ध्वनि; sonority,—ousness **ना.** घोष, उच्चता, मुखरता ।

sonsy (सॅन्'सि) **वि.** (स्क.) मोटो घाटो, हृष्टपुष्ट, मिजासिलो खा. ग.—lass मा ।

soon (सून्) **क्रि. वि.** रुट्ट, रुवाट्ट, चाँडो, छिटो, अचिर, द्रुत; बरु, सबेरै, तत्क्षण, तुरुन्त, अहिल्यै, साथ (आउना, जाना, साथ, इ.) ।

soot (सूट्) **ना. र क्रि.** ध्वाँसो, मोसो, सिठ्ठी, काती, कज्जल, मसी;—iness **ना.** ध्वाँसेपन;—y **वि.** ध्वाँसे, कालाम्य, धूमश्याम; **क्रि.** ध्वाँसोले छोपिनु, कालाम्य हुनु ।

sooterkin (सू'टर्किन्) **ना.** (आ.) आगोमा (स्टोभमाथि) बस्दा डच स्त्रीको सानो सूतक; (अलं.) असफल योजना ।

sooth (सूथ्) **ना.** (आ.) सत्य, तथ्य, वस्तुतः, वास्तवमा, खा. ग. in good—साँचै ।

sooth (e) (सूद्) **क्रि.** (व्यक्ति, स्नायु, इन्द्रिय) शान्त गर्नु; (पीडा) घटाउनु, शमन गर्नु; (व्यक्तिको घमण्ड, इ.) मिजास गर्नु, लोलोपोतो गर्नु; फुल्याउनु (बच्चा);—er शा. अ., खा. ग. (बालकको) चुस्ने, चुस्ने मण्टो, मण्टो ।

soothfast (सूथ्'फास्ट्) **वि.** (आ०) साँचो, ईमानदार, वफादार, धीर र स्थिर ।

soothsayer (सूथ्'सेयर्) **ना.** जैसी, भविष्यवक्ता, जान्ने, दैवज्ञ, गणक; soothsay, **क्रि.** पतुर्नु ।

sop (सॅप्) **ना. र क्रि.** (—pp—) रसमा चोपेको रोटी, इ०;—in the pan भुटेको रोटी, milk—लोसे मान्छे वा ठिटो; पिंड, अन्न, (कुकुर, डरलाग्दो जनावर, इ० लाई शान्त गर्न फ्याँकिने खाना, मासु इ० को टुक्रा), चौटा, घूस; **क्रि.** चोब्नु, सोस्नु; लथाचूर हुनु, ज. वा.—ppy **वि.** लथाचूर, भिजेको; (बो. चा. पनि) फीका, नचाहिंदो, भावुकतापूर्ण; रुन्चे ।

sophism (सॅ'फिज्म्) **ना.** छल्ने उद्देश्य प्रयोग गरिने मिथ्या तर्क ।

sophist (सॅ'फिस्ट) **ना.** प्राचीन ग्रीसमा दर्शन र अलङ्कारको दरमाहदार शिक्षक; छिद्रान्वेषी वा भ्रान्तिपूर्ण वाक्छली; ज. वा.—ical **वि.** मिथ्यावादी;—ry **ना.** हेत्त्वाभास, पक्षाभास, वाक्छल ।

sophister (सॅ'फिस्टर्) **ना.** (ऐति०) अंग्रेजी वा अम० विश्वविद्यालयमा विशेष वर्ग र ज्येष्ठताका विद्यार्थी ।

sophistic/ate (सफिस्'टिकेट्) **क्रि.** विषयलाई वाक्छल द्वारा जटिल बनाउनु; (व्यक्तिलाई) वाक्छलले छल्नु; (व्यक्ति, वस्तु, को) सरलता हटाउनु; कृत्रिम बनाउनु; (निष्ठा॰, व्यक्ति) खपीस, पोख्त, सभ्य, संसारी; तर्कको लागि पाठ, इ॰ बिगार्नु; मिथ्याभास प्रयोग गर्नु; (रक्सी, इ॰) मिसाउनु;—ation **ना.** दूषण ।

sophomore (सॅफो'मोॲर्) **ना.** द्वितीय वर्षको वि. वि. विद्यार्थी ।

Sophy (सो'फि) **ना.** (ऐति॰) १६, १७ शताब्दीमा फारसको शाह, शासक ।

sopor/ific (सॅपरि'फिक्) **वि.** र **ना.** (ओखती) निद्रा लगाउने, लठ्याउने;—iferous निद्राकारक ।

soprano (सोप्रा'नो) **ना.** (ब. व.—nos,—ni, उच्चा॰ —नी) सबभन्दा उच्च स्त्री वा केटोको स्वरको (संगीत); पञ्चम, सुरिलो; सोसँग गायक,—ist पनि ।

sora (सो'ॲरा) **ना.** खान हुने अम॰ को क्यारोलाइना राज्यतिरको चरो ।

sorbefacient (सोर्बिफे'शन्ट्) **वि.** र **ना.** (भैष॰) शोषण गराउने (ओखती) ।

Sorbonne (सॅर्बोन्') **ना.** प्यारिस वि. वि. का कतिपय निकायहरू, धर्म, विज्ञान, र साहित्य ।

sorcer/y (सो'र्सरि) **ना.** तन्त्रशास्त्र, मन्त्रविद्या, जादू, इन्द्रजाल, माया, अभिचार;—er **ना.** जादूगर, बोक्सो, मायावी ।

sordamente (सोर्डामेन्'टे) **क्रि. वि.** (इटा॰, सं. निर्दे॰) दबेको, छोपेको, चालासँग ।

sordid (सॅ'र्डिड्) **वि.** नीच, छुच्चो, कन्जूस; अकुलीन, चुत्थो, कम जातको; (वन॰ पशु. रंगबारे) अशुद्ध, हिले, ज. कि.—blue हिले नीलो;—ly **क्रि. वि.** नीचतासँग;—ness **ना.** नीचता, हेयता ।

sore (सोॲर्) **वि., ना.** र **क्रि. वि.** (अङ्ग) सवेदना, दुखेको, थिलथिलो, करकरी खाएको; झडंगे, पीडित, चिडचिडा; दु:ख वा रिस जगाउने; (आ॰, कवि.) दु:खमय, कष्टकर; ज. वा.—ly (सो'ॲर्लि) **क्रि. वि.** अतीव, ज्यादै; **ना.** शरीरको त्यो अंग जहाँ छाला वा मासु दुखेको वा दरफरिएको छ; घाउ, बग्ने खटिरा, फुन्सी, फोडा; (अलं.) दु:खदायी संझना; **क्रि. वि.** दारुणतासँग, अतीव;—ness **ना.** डाम, पीडा, घाउ;—subject रिस वा दु:खको विषय;—throat बसेको घाँटी, कंठपाक;—head दुखेको कपाल; bed—ओछ्यान खटिरा; eye—नराम्रो वस्तु, देख्दा मन नपर्ने व्यक्ति वा वस्तु ।

sorghum (सोॲर्'गम्) **ना.** गरम मुलुकमा हुने अन्नको बिरुवा, घाँस ।

sorites (सोराइ'टीज्) **ना.** तर्कसूत्र, खा. ग. सत्यबाट आनर्थक्यसम्म पुर्‍याउने वाक्छल ।

sorn (सोर्न्) **क्रि.** (स्क.) वास गाँसको लागि आफैंलाई कसैको पाहुना गराउनु ।

soroptimist (सरॅप्' टिमिस्ट्) **ना.** महिला गोष्ठीहरूको अन्तरराष्ट्रिय संगठन ।

sorority (सरॅ'रिटि) **ना.** महिला भक्तिनी समाज; महा वा विश्वविद्यालयहरूमा महिला समाज, संगठन ।

sorrosis (सरो'सिस्) **ना.** (वन.) गुदीदार यौगिक फल, ज. कि. अनानास ।

sorra (सॅ'रा) **क्रि. वि,** (आयरल्याण्डी अप.) होइन, नाइँ, कदापि हुन्न ।

sorrel (सॅ'रेल्) **ना.** र **वि.** अमिलो पात भएको बूटी; कैलो पशु, खा. ग. घोडा, अबलख; (sorel पनि) तेस्रो वर्षको भाले मृग; **वि.** कैलो रातो रंगको, अबलख ।

sorrow (सॉ'रो) **ना.** र **क्रि.** दु:ख, शोक, विषाद, अफसोस, दिग्दारी, विरह, बह, विपत, कष्ट, आपत; **क्रि.** शोकाउनु, सुर्ता गर्नु, सुल्लिनु; शोक, शोच, गर्नु; दु:ख मनाउनु; the Man of S— क्राइस्ट;—stricken दु:खी, शोकी, उद्विग्न, दीन, दीनहीन, संतप्त;—ful **वि.** अनुकम्प्य, अनुतप्त ।

sorry (सॅ'रि) **वि.** दु:खित, खिन्न, शोकी, कष्टापन्न, दु:खी, उदास, शोकाकुल, अफसोसी;—! (सानूतिनू विरामको लागि अनौपचारिक क्षमायाचनाको रूपमा) अफसोस !; (साहि॰) रद्दी, तुच्छ, जाबो, कमसल, ज. कि.—fellow,—clothes) इ॰;—for oneself मुर्झाएको ।

sort (सॅर्ट्) **ना.** किसिम, तमास, ढाँचा, वर्ग; of—s मिसिएको, नछुट्ट्याइएको; (मुद्र॰) कुनै अक्षर वा टाइप; in some—(साहि॰) केही हदसम्म; out of—s बिसन्चो, उदास, एकतमास, झोक्किएको, कुरीकुरी लागेको ।

sort (सॅर्ट्) **क्रि.** छुट्ट्याउनु, तहल्याउनु, छान्नु, (आ॰) मिल्नु; जोडा छान्नु;—er **ना.** छुट्ट्याउने, छान्ने, छनोटकार, ज. कि. हुलाकमा ।

sortis (सॅर्टीज्) **ना.** (ब. व.) कुनै प्रसिद्ध पुस्तकबाट झम्का (श्लोकको) छनोटले भविष्यको सूचना बुझ्ने क्रिया; ज. कि.—Virgilianae,—Biblicae, Homerical; (हाम्रो पनि रामायण इ॰ बाट गरिन्छ) ।

sortie (सॅ'र्टी) **ना.** छापा, खा. ग. (घेराभित्रको दलले); एक वायुयानको अकेलो कार्यकारी उडान ।

sortilege (सॅ'र्टिलिज्) **ना.** चिठ्ठाद्वारा शकुन परीक्षण वा भविष्यसूचन ।

sortition (सॅर्टि'शन्) **ना.** चिठ्ठा हाल्ने काम ।

sorus (सोॲ'रस्) **ना.** (वन॰) थुप्रो, झुप्पा, खा. ग. बहुपत्रक बिरुवाको पातको पछाडि रहने जीवाणु ।

SOS (एस्' ओ एस्') **ना.** अति खतरा वा आपतको रेडियोद्वारा संकेत इशारा वा संवाद, मर्ने अवस्थामा पुगेको आत्मज्ञसँग अन्तिम भेट गर्नालाई प्रसारित सन्देश, (संक्र॰) कुनै निराशापूर्ण वा अतिजरूरी बोली वा कार्य; जरूरी सन्देश ।

so—so (सो'सो) **वि.** र **क्रि. वि.** उत्तिको बेस होइन, बेसै ।

sostenuto (सॅस्टेनू'सो) **क्रि. वि.** (संगी॰ निर्दे॰) स्थिर ढाँचासँग, लम्ब्याएर ।

sot (सॅट्) **ना.** र **क्रि.** (—tt—) जँड्याहा, पानमूढ, मत-

वाला, सधैं पिइरहने गरेर बुद्धिलोप भएको मूढ, मदोन्मत्त; **क्रि.** पिउनु, पियक्कड बन्नु; ज. वा.—tish सदा पानरत; मदोन्मत्त ।

Sotheby's (स'दबिज्) **ना.** लण्डनमा पुस्तक, हस्तलिखित पाण्डुलिपि, इ० को विक्रयस्थान ।

sotto voce (सॅ'टो भो'चे) **क्रि. वि.** स्वगत, साउतीमा, सानू सोरमा; उपांशु ।

sou (सू) **ना.** (ब. व.—s उच्चा०—ज़्) (ऐति०) विभिन्न मूल्यका फ्रेञ्च सिक्का; (खु०) पाँच साँटीम ढ्याक वा सिक्का; (बो. चा.) दाम, पैसा ।

soubrette (सूब्रेट्') **ना.** नोकर्नी वा त्यस्तै व्यक्ति, (खा. ग. चापल्य, हावभाव, वा जाल, षड्यंत्र, इ० को संकेतसहित) ।

soucar (साउ'कार), sowkar, **ना.** साहूकार, बेपारी ।

souchong (सू'शॅङ्) **ना.** कालो चियाको प्रकार ।

Soudanese (सू'डानीज्) **वि.**=Sudanese सूडानको ।

souffle (सू'फ्ल्) **ना.** (भैष०) विभिन्न अङ्गको श्रवण गर्दा सुनिने धीमा सुइसुइ ।

soufflé (सूफ्'ले) **वि. र ना.** हलका र फींज उठेको बनाइएको, ज. कि. omelet—; **ना.** फिंजिलो खाना, खा ग. अण्डाको सेतोसँग फेटेर बनाइएको ।

sough (सफ्, सो, (स्क०) सूख्) **ना. र क्रि.** रूखमा हावा बग्दाखेरि कनेको, सुसेरा हालेको, वा वेगसँग बगेको शब्द (गर्नु) ।

sought (सॉट्) **क्रि.** suk को भू. का.=खोज्यो ।

soul (सोल्) **ना.** आत्मा, चिदात्मा, जीवात्मा, देही, शरीरात्मा, अन्तरात्मा, जीव, ज्यान, स्वरूप, चैतन्य, सूक्ष्म शरीर, परमात्मा, ब्रह्म; भावात्मक वा बौद्धिक गुण वा शक्ति; प्रेत, प्रेतनर, मृतात्मा, मृतव्यक्ति; व्यक्ति; all S—s Day मृतात्माहरूको लागि प्रार्थना गर्ने दिन, नोभेम्वर २; my good—(सम्बोधन, आत्मीयता, दया, हेलाँ, बडप्पन, इ० झल्काउने) 'pon my—ठोकुवा बोली;—ed (सोल्ड्) आत्मावान;—less (सो'ल्लेस्) अनात्म;—destroying आत्मविनाशी;—stirring आत्मोद्दीपक;—subduing आत्मा दबाउने ।

soulful (सोल्'फुल्) **वि.** उच्चतर भावात्मक वा बौद्धिक गुण भएको, प्रकट गर्ने, वा सोलाई निवेदन गर्ने; महात्मा, भावपूर्ण, उदार ।

sound (साउण्ड्) **वि. र क्रि. वि.** सुस्थ, स्वस्थ, अरुग्ण, निरामय, निखुनी, बेदाग, साबूत, सद्दे, गतिलो, असल, (निद्रा) मस्त; ठीक, उचित, तार्किक, युक्तिसंगत, मनासीव, विचारशील; (व्यापा०, व्यापारिक संस्था, इ०) समृद्ध, सबै दायित्व बेहोर्न सक्ने, जेथा भएको; पूरा, तीक्ष्ण, तीव्र, असीमित, गाढ; क्रि. वि.—ly बेसगरी;—ness of mind स्वस्थचित्त ।

sound (साउण्ड्) **ना. र क्रि.** शब्द, ध्वनि, नाद, आवाज, घोष, स्वर, सोर; सो चेतना उत्पन्न गर्ने दोलन, कम्पन (वायुको); स्वर, व्यञ्जन, इ० को स्फुट ध्वनि; केवल शब्द, बकबक; (कुनै कथनले उत्पन्न गरेको) मानसिक भाव;—and fury कोलाहल; musical—निक्वाण, क्वणित; confused—कोलाहल, कलकल, तुमुल (रव), निनाद; rattling—रण, रणित;— - board=—ing—board अनुनादपट्ट;— - bow घण्टाको बाक्लो घेरा जहाँ रालो टक्कराउँछ;— - film कुरा, गीत भरिएको चलचित्र;— - track ध्वनिमार्ग;—hole,—pot कुनै वाद्यतार यंत्रहरूमा मुँडीमा रहेको प्वाल, मुँडी र पिठ्यूँको बीचमा रहने आड;—proof शब्दाभेद्य, शब्द नछिर्ने;— - wave (घनीकरण र सूक्ष्मकरणको) नम्य माध्यमका उठ्ने लहर, ध्वनि तरंग; **क्रि.** आवाज निकाल्नु, शब्द गर्नु; सुनिनु; (कृ.) अर्थ वा सत्यभन्दा शब्द मात्र धेरै भएको, ज. कि.—ing rhetoric, titles, इ.; (वाद्य, बिगुल, इ) बजाउनु; उच्चारण गर्नु; घण्टी बज्नु, (घडीको); सूचना, चेतावनी, इ. गर्नु (घाँटीले); जाँच्नु (फोक्सो, रेलको पांग्रा, इ लाई हतौडीले हान्दा निस्केको शब्दको विचारले, वा श्रवणको);—ed **वि.** शाब्दित ।

sound (साउण्ड्) **क्रि. र ना.** गहिराइ जाँच्नु, पत्ता लाउनु (समुद्र, जलमार्ग, पोखरी, इ. को), जहाजको (धरण, सामान राख्ने गर्त्त) मा, पानी कति छ हेर्नु; (उच्चतर वायुमण्डलको) तापमान, दवाव, आर्द्रता, इ. को लेख—ing balloon द्वारा लिनु; (भैष.) शलाका (सलाई) इ. द्वारा (मूत्रथैली; इ.) जाँच्नु; (माछा, खा. ग. ह्वेल माछा) भैंतिर डुबुल्की लाउनु; कसैको भाव वा इच्छा इ. खा. ग. सावधान वा नदेखिने ढाँचासँग पत्ता लगाउन खोज्नु, टटोल्नु;—balloon वेध परिमाणक बलून;—lead लंब, लंबसीसक;—line लंब;—apparatus वा machine वेध परिमाणक यंत्र ।

sound (साउण्ड्) **ना.** संधिसागर, दुई समुद्र वा समुद्र-पोखरी जोर्ने साँगुरो जलमार्ग, संबाध ।

sounder (साउण्डर्) **ना.** (आ.) बनेलको झुण्ड; sound को शा. अ. मा, खा. ग. दूरसंचारको ग्राहक जसबाट शब्दले सन्देश बुझ्न सकिन्छ; echo—प्रतिध्वनि मापक (स्वरको उत्पादन र समुद्र तलबाट उसको प्रतिध्वनिको सामयिक अवधिबाट गहिराइ थाहा दिने यंत्र; flying—उड्डयनमापक (उडदा उड्दै नाप्ने) ।

sounding (साउण्'डङ्) **ना.** शा. अ. मा, पनि (ब. व.) गहिराइ नाप्न सकिने किनाराको नगीचको स्थल, ज. कि be in, come into—s,

soup (सूप्) **ना.** सुरुवा, जूष, रस, झोल, काढा, काँडा, क्वाथ; in the—मुश्किलमा (पर्नु); (कानूनी अप०) कनिष्ट वकीललाई दिइने पक्राउ मामला;—kitchen मुफ्त (गरीबलाई) सुरुवा वा झोले बाँड्ने सार्वजनिक संस्थापन;—ticket सुरुवा टिकट (सित्तै पाउनालाई);—maigre मु. तरकारी मात्रको पातलो सुरुवा, रस;—plate सुरुवा खाने गहिरो रिकाबी; pea—केराउको सुरुवा;—y **वि.** झोले, रस, रसको, रसजस्तो ।

soupcon (सूप्'सों) **ना.** केही कुराको दंसो, गन्ध, लेश, सानू मात्रा (वास्ना, गुण, इ०) ।

sour (सावर्) **वि. र क्रि.** अमिलो, काँचो, अमिलिएको (दूध,

रोटी, इ०); (गन्ध) फेनाएको; (माटो) चिसो, हाल भएको; (व्यक्ति वा मिजास) कडा, अमिल्दो, चिडचिडो;—grapes आफूले नपाएको कुरा होच्याउँदा भन्ने कुरा, रद्दी माल !;—puss (अप०) कडा मिजासको व्यक्ति **क्रि.** अमिलिनु, अमिल्याउनु, (खा. ग. अलं०),—ed by misfortune दुःखले मन त्रिग्रेको ।

source (सोर्स्) **ना.** मूल, मुहान, उत्पत्ति, उद्‌गम, सूत्र, स्रोत;—book खा. ग. ऐतिहासिक सामग्री प्राप्त हुने मूल, सकल, कागतपत्रको संकलन ।

sourdine (सूरडी'न) **ना.** कोमल स्वर झिक्ने हारमोनियमको पर्दा ।

sourdough (सावर्'डो) **ना.** पुरानिया, अलास्कामा एक वा बढी जाडो बिताएको गान्छे ।

soursop (सावर्'सॅप्) **ना.** पश्चिमी इन्डीजको रूख र फल ।

souse (साउस्) **ना.**, **क्रि.** र **क्रि. वि.** नून हालेको अचार; अचारमा बनाएको खाना, खा. ग. सुङ्गुरको टाउको, खुट्टा र कान; पानी वा झोलमा डुबकी, चोपल्याइँ वा भिजाइ; **क्रि.** अचार बनाउनु, अचारमा हाल्नु, झोलमा हाल्नु, डुबाउनु, भिजाउनु, छयाप्नु, (कोही वस्तुलाई वा मा); (निष्ठा० अप०) जाँडले लठ्ठ, मत्त; **क्रि. वि.** एकदम, तुरुन्त हडबडसाथ, झम्टेर ।

soutache (सू'टाश्) **ना.** बुट्टा पारेर वसन वा कपडामा सिउनाको लागि शोभाकर झल्लर, पेटी, वेणी ।

soutane (सूटान्) **ना.** (रो. क्या.) पादरीको बाहिरी पोशाक, चोँगा ।

soutener (सूटनेय्र्) **ना.** वेश्यासँग बसी उसको आर्जन खाने व्यक्ति ।

souter (सू'टर्) **ना.** (स्क० र उत्तरी) सार्की, चमार, जुत्ता सिउने ।

south (साउथ्) **क्रि. वि.**, **ना.**, **वि.** (छो. क. द. s.) र **क्रि.** दक्षिणतिर, due—ठीक दक्षिण;—by east वा west द. पूर्व, द. पश्चिम; दक्षिण भाग (देशको); **वि.** दक्षिणमा, दक्षिणतिर, दक्षिण देख्ने **क्रि.** दक्षिणतिर चल्नु;—ward **वि.** र **ना.** दक्षिणपट्टि, दक्षिणतिर;—down विलायतको Downs प्रान्तमा हुने भेडाको जात; S—Kensington लण्डनको सो टोलमा रहेका संग्रहशालाको वा सो संस्कृतिको वातावरण;—paw (अप. ना. र वि.) देब्रेहाते (व्यक्ति, खा. ग. खेलमा);S—Sea Bubble सन् १७३० मा फुटेको द. अम. सँग व्यापार गर्ने तहलकाको फोको;—west नैऋती, नैऋत्य ।

southeaster, souther (साउथ्ई'स्टर, साउथ'र्) **ना.** द. हावा, द. पू. हावा; s—east आग्नेय ।

southerly (स'दर्लि) **वि.** र **क्रि. वि.** दक्षिण; अवाच, अवाच्य ।

southern (स'दर्न) **वि.** र **ना.** दक्षिण, दक्षिणको, मा;—hemisphere दक्षिणी गोलार्धः—cross नक्षत्र;—confederacy अम० का दक्षिण (बागी) राज्य समूह;—states द० (अम०); **ना.** अम. दक्षिणका राज्यहरूको वासिन्दा;—er पनि;—most **वि.** सबभन्दा द. को ।

southing (साउ'थिङ्) **ना.** शा अ. मा. खा. ग. (नौ.) दक्षिण जाँदा अक्षांशमा फरक ।

southron (स'द्रन्) **वि.** र **ना.** (आ.) (सा. हेर्लॉ) अंग्रेज ।

southwest (साउथ्'वेस्ट) **वि.** र **ना.** नैऋत्य;—er **ना.** द. प. बाट बग्ने हावा ।

souvenir (सू'भनेय्र्) **ना.** चिन्हु, संञ्झौटो, कोसेली; सौगात ।

sovereign (सॅ'भ्रिन्) **वि.** र **ना.** परम, सर्वोच्च; उच्च ज. कि.—contempt; सर्वोच्चशक्ति राख्ने;—remedy अमोघ ओखती, रामबाण;—state राज्य; our—lord प्रभु; **ना.** सर्वोच्च शासक, अधीश्वर, अधिपति, अधिराज, सम्राट; **ब्रि.** स्वर्णमुद्रा, गिन्नी;—ty (स'भ्रिन्टि) **ना.** राजता, राज सायुज्य, प्रभुत्व, राज्य, रजाइँ, स्वाम्य, सार्वभौमसत्ता ।

soviet,S—(सॅभिएट्) रशामा सिपाही र श्रमिकले खडा गरेको जिल्ला परिपद, अथवा तिनले छानेको परिषद, अब अखिल रशा कंग्रेस वा महाधिवेशन, रूसको विप्लवी सरकार, रूसदेश, (वाच्य.) रूसी ।

sow (सो) **ना.** सुङ्गुर्नी; get the wrong—by the ear भूलले अर्को मानिस छान्नु, बेठीक निष्कर्षमा पुग्नु; drunk as a—पूरासँग; पग्लेको फलाम बग्ने मुख्य नाद, जसबाट छेउका ससाना नालमा बगेर त्यहाँ जमेर पिग फलाम बन्दछ; सो नादमा जम्ने फलामको ठूलो ढिको ।

sow (सो) **क्रि.** (—ed, n वा —ed) छर्नु (ब्यू) अक्ष. र अलं.; धरियाउनु;—er छर्ने, —ing **ना.** छर्ने काम, छराइ; —wild oats बरालिनु, (उमेरमा) उपद्रो गर्नु (खा. ग. काम वासनामा लिप्त रहनु) ।

soy (सॉय) **ना.** भटमासबाट (चीन र जापानमा) बन्ने व्यन्जन ।

soya (सो'या) (अचेल विर.) soy, bean (बीन) **ना.** भटमास; तेल र पीठो बनाइन्छ ।

sozzle (सॅज्ल्) **क्रि.** (प्रा.) मुछमाछ पार्नु;—ed (निष्ठा, अप.) अति (जाँडले) लठ्ठेको ।

spa (स्पा, स्पॉ) **ना.** खनिजमूल (रहेको स्थान); स्वास्थ्यकेन्द्र; प्रपा ।

space (स्पेस्) **ना.** ठाउँ, स्थान, बिन्दु वा वस्तुहरूका बीचको दूरता, (मुद्र०) शब्दका बीचको अन्तर, सो गर्ने टाइप; समय, अवधि, अन्तर; अन्तरिक्ष, शून्य, आकाश, फराक ठाउँ, कोठा, कोष्ट;—bar टाइपराइटरको शब्दपछि ठाउँ छाड्ने डण्डा, कोष्ट डण्डा;—craft अन्तरिक्ष यान;—fiction अन्तरिक्ष कथा;—flight, flying अन्तरिक्ष उडान;—man (बाह्य) अन्तरिक्ष यात्री;—ship=craft;—-time (दर्शन०) स्थान र समयको कल्पनाको सायुज्य, जो यस्तो स्रोतको रूपमा हेरिन्छ जसमा सम्पूर्ण जीवी विद्यमान छन्;—traveller, travelling अन्तरिक्ष यात्री, यात्रा;—vehicle=—craft;—writer, writing (अखबार, इ० मा) छाप्दा लागेको ठाउँको दामासाहीले पैसा पाउने;—less (स्पेस्'लेस्) **ना.** स्थान-

रहित ।

space (स्पेस्) **क्रि.** अन्तर पारेर राख्नु, बीच बीचमा खाली ठाउँ छोड्नु, (खा० ग० शब्द, अक्षर, पंक्ति वा बीचमा, छपाइमा): टाइप गर्दा शब्द वा पंक्तिका बीचमा ठाउँ छोड्नु; ज० वा०—r **ना.** अन्तरकारक;—out (मुद्र०) बीचमा बढी वा चौडा (खाली) ठाउँ हाल्नु ।

spacious (स्पे'शस्) **वि.** फैली, ठूलो, फराकिलो ।

spade (स्पेड्) **ना.** र **क्रि.** कोदालो, कोदाली; सो आकारको विभिन्न कामको ज्यावल; call a—a—स्पष्टवक्ता हुनु, यथार्थ कुरा भन्नु, साँच्चीको नामले पुकार्नु;—bayonet चौडा धार भएको, हतियार र कोदालो दुवै काम लाग्ने;—husbandry हलोले माटो कोट्याउने साटो कोदालोले गहिरो खनाइ;—work (अलं०) कठिन प्रारम्भिक काम; **क्रि.** भैं खन्नु, (ह्वेल) माछाको बोसो झिक्नु (खनेर);—ful (स्पेड'फुल्) **ना.** कोदालो भरीको, ज. कि.—ful of earth ।

spade (स्पेड्) **ना.** (ताश) सुरथ, हुकम, (ब. व.) सुरथ रँग ।

spadger (स्प्या'जर्) **ना.** sparrow भँगेरा, मनमानी रूपान्तर ।

spadille (स्पडिल्') **ना.** कोही खेलमा सुरथको एक्काको नाम ।

spadix (स्पे'डिक्स्) **ना.** (वन० व० व०—ices उच्चा०—डाइसीज्) गुदीदार धूरीमा बनेको फूलको काँढा ।

spado (स्पे'डो) **ना.** (का०) नपुंसक व्यक्ति ।

spae (स्पे) **क्रि.** (स्क०) भविष्य बोल्नु, कहनु, भन्नु;—wife बोक्सी, जैसिनी ।

spaghetti (स्पागे'टि) **ना.** म्याकारोनीको किसिम, गहूँको पीठोको लामा लामा सोता (इटा०) ।

spahi,—ee (स्पा'ही) **ना.** (ऐति०) चौधौं शताब्दीको तुर्की रिसल्ला; फ्रेन्च सेवामा भर्ना हुने अल्जिरियाको अश्वदल, रिसल्ला फौज ।

spake (स्पेक्) **क्रि.**=speak को (आ.) भ. का.=बोल्यो भन्यो ।

spall (स्पॉल्) **क्रि.** र **ना.** चिर्नु, टुक्र्याउनु, छ्याकन झिक्नु; (खानि.) धीलाई छुट्ट्याउनु, फोर्नु, टुक्रा पार्नु ।

spalpeen (स्पॅल् पीन्) **ना.** चुत्थो, बदमाश, नीच (आइरिश०) ।

span (स्पान्) **क्रि.** (-nn -) [पुल, गुम्बज, इ. (अलं.) स्मरणशक्ति, इ.] एक छेउदेखि अर्कोसम्म पुग्नु, वारपार गर्नु (नदी, इ. अलं. अवधि, इ.) (निर्माता) त्यसरी नदीमा पुल हाल्नु; (बित्ताले) नाप्नु, ढाक्नु; (नौ.) बाँधलाई डोरीले छेक्नु ।

span (स्पान्) **ना.** छेउदेखि छेउसम्मको नाप; (दुई अडानका बीचको) पुलको भाग वा लमाइ; बित्ता (नापको रूपमा, आधा हात); छोटो दूरता, परिमिति; life's—आयु जीवनावधि; (नौ.) दुवै छेउ बाँधेर बीचको सुक्र्यौंलोले केही वस्तु समात्ने इन्तजाम; घोडा वा खच्चरको जोडी, बैलको हलो;—dogs काठ समात्नालाई नङ्ग्रा भएका फलामे डण्डाको जोडा;—roof दुवैतिर भिरालो परेको छाना ।

spandrel (स्प्यान्'ड्रेल्) **ना.** गुम्बजको काँध र चारैतिरको चौकोस भित्ता बीचको ठाउँ ।

spangle (स्प्या'ङ्गल्) **ना.** र **क्रि.** (लुगामा शोभाको रूपमा) सितारा; कुनै चम्कने वस्तु; **क्रि.** सितारा हाल्नु,—ले ढाक्नु; खा. ग निष्ठामा, सितारापूर्ण,—ले ढाकेको, तारकित ।

Spaniard (स्प्या'नियर्ड) **ना.** स्पेनी, स्पेनको निवासी ।

spaniel (स्प्या'न्येल्) **ना.** झ्यापुलझ्यापुल नरम रौं, खस्ने कान, पालतु र मायालु मिजास भएको कुकुरको जात, स्प्यानियल; King Charles's—सेतो कालो रंगको ऐ० को जात; (अलं.) ज्यादा चापलूस वा लोलोपोतो गर्ने व्यक्ति ।

Spanish (स्या'निश्) **वि.** र **ना.** स्पेन वा स्पेनीको वा उनको भाषा;—(=Invincible) Armada अजेय बृहन्नौसेना;—black, brown, red, white रंगहरू;—chestnut चेसनट रूखको भोज्यफल;—fowl हरियो कालो प्वाँखको कुखुराको जात;—grass एस्पार्टो घाँस;—main (ऐति.) द. अम. को उ. पू. भाग; **ना.** स्प्यानिश भाषा, स्पेनी ।

spank (स्प्याङ्क्) **क्रि.** र **ना.** चपेट्नु, चपट दिनु, हत्केलाले वा चट्टीले चाकमा (पिट्नालाई) हान्नु, ज. वा.—ing **ना.** थप्पड; पिटेर वा कोर्राले हानेर अघि बढाउनु; (घोडा) कदम र पैन्नाको बीचको वेगले दौडनु; **ना.** थप्पड ।

spanker (स्प्या'ङ्कर्) **ना.** शा. अ. मा; र वा खा. ग. तेजघोडा; (बो. चा.) विलक्षण गुण वा परिमाणको व्यक्ति वा वस्तु; मूर्छा पार्ने, बडेमान; (नौ०) पालको प्रकार र ठाउँ ।

spanking (स्प्याङ्किङ्) **वि.** र **क्रि. वि.** शा. अ. मा, पनि: (बो. चा.) मन तान्ने; स्मरणीय, उत्तम, ज. कि. a—time; a—(जोरदार) breeze; a—fine woman अति उत्तम ।

spanless (स्प्यान्'लेस्) **वि.** विनापरिमाण, अत्युत्तम ।

spanner (स्प्या'नर्) **ना.** ढिब्री कस्ने ज्यावल, पेन्चिस, ढिब्रीकल; throw a—into the works अलं. भाँडने तत्व वा प्रभाव घुसाउनु ।

spar (स्पार्) **ना.** र **क्रि.** (—rr—) खा. ग. जहाजको डण्डा, मस्तूल बनाउन हुने बलियो र मोटो लठ्ठा; सजिलोसँग चिरेर छुट्टिने टलक नभएको मणिभ खनिज वस्तुको प्रकार, ज. कि. Calcareous—स्फटिक मृत्तिका; Derbyshire—, Fluor—, Iceland—पारदर्शी स्फटिक मृत्तिका, जो कि चाक्षुष उपकरणमा धेरै चलन हुन्छ; मुक्कावाजी गर्दा हात कम्मरमाथि बचाउको स्थितिमा राखेर आइलाग्नेलाई रोक्ने चेष्टा, मुक्कावाजीको खेल, कुखुरालडाइँ; **क्रि.** लठ्ठा राख्नु, (जहाज) लठ्ठाको मददले थोरै पानी रहेको ठाउँ पार गराउनु; मुक्की कसेर जाइलाग्ने वा रक्षा गर्ने चाल गर्नु, मुक्कावाजीमा झैं हात चलाउनु;—ring partner लडाइँका निम्ति तयारीको लागि मुक्कावाजीमा अभ्यासको लागि जोडा, मुक्के जोडा; भनाभन गर्नु; (कुखुरा) लड्नु ।

sparable (स्प्या'रब्ल्) **ना.** बूट, जुत्ताको तलुवा र कुर्कुच्चाको लागि टाउको नभएको कीला ।

spare (स्पेय्र्) **वि. र ना.** अपुग, मितव्यय; दुब्लो, पातलो; जगेरा, फालतू; **ना.** यंत्रको जगेरा (कलपुर्जा), भाग;—diet पातलो, अगरिष्ट;—rib (थोरै मासु भएको) सुँगुरको करङ्ग;—ness **ना.** कृशता, दुब्लोपन ।

spar/e (स्पेय्र्) **क्रि.** संचिता गर्नु, टमार्नु, मितव्ययी हुनु, फारो गर्नु, बचाउनु; ज. वा —ing फारो गर्ने, बचाउने, मितव्ययी;—ingly **क्रि. वि.** फारोसँग; छोड्नु, छुट्टी दिनु, छूट दिनु; (आ०) गर्नाबाट रोकिनु; बार्नु (दुई कर्मसहित); मार्नबाट रोकिनु; (खु०) नउक्स्याउनु, ज. कि —me these words;—my life,—his blushes, इ० ।

sparge (स्पार्ज) **क्रि.** छर्कनु, खा. ग. जाँड रक्सी बनाउँदा; —r **ना.** छर्कने ।

spark (स्पार्क्) **ना.** फिलिङ्गो, झिल्का, झिल्को, स्फुलिङ्ग, अग्निकण; सानू उज्ज्वल विन्दु वा वस्तु, ज. कि. कोही मणिमा; (अलं०) रस, इ० को उज्यालो स्फुरण, खा. ग. strike—s out of (व्यक्ति) उसलाई रमाइलो वा मौलिक वार्तालापको लागि उत्तेजित गर्नु; सा० नका० वा प्रायः नका० अग्निकणको वा (अलं.) कुनै गुणको, ज. कि. not a—of life लेश; if you had a—of kindness or generosity यदि तिमीमा दया वा उदारताको अणु मात्र भए; (विद्युत.) अग्निकण, झिल्को, मोटर इ० को यंत्रमा विस्फोटक मिश्रणलाई पडकाउने विद्युत् अग्निकण; S—s रेडियो चालकको उपनाम;—arrester कणग्राहक वैद्युतिक यंत्रहरूमा, (झिल्कोबाट हुने नुकसानी वा चोट रोक्ने); वाफ यंत्रमा आगोको फिलिङ्गो रोक्ने जाली ।

spark (स्पार्क्) **क्रि. र ना.** आगो वा विद्युत्को कण, फिलिङ्गो, निकाल्नु; (विद्युत०) प्रवाहको धारा रोकिएको ठाउँमा अग्निकण निस्कनु; बन्नु;—off (केही वस्तुलाई) कार्यशीलतामा चलाइदिनु;—ing plug मोटर यंत्रमा विस्फोटक मिश्रणलाई सल्काउने साधन, स्फुलिङ्गचुकुल; **ना.** मौजी (व्यक्ति), प्रेमी, गुण्डो, झिल्के; **क्रि.** प्रेमी बन्नु, मौजी बन्नु;—ish छिचिङ्गुटे, छितरो ।

sparkl/e (स्पा'र्कल्) **क्रि. र ना.** चम्कनु, झिल्काउनु, (मणिहरू वा अलं० रस, रसिकता); टल्किनु, झल्किनु;—er **ना.** टल्कने मणि, हीरा;—ing wines सानू फोको गरी कार्बनिक ग्यास छोड्ने; **ना.** टलक, फिलिङ्गो, झलक ।

sparrow (स्प्या'रो) **ना.** भङ्गेरा, भङेरा, खा. ग. house —; —grass (ग्रा०) कुरिलो;—hawk भङ्गेरा शिकार गर्ने सानू बाज ।

sparry (स्पा'रि) **वि.** मृत्तिकामय ।

sparse (स्पार्स) **वि.** (जनसंख्या) पातलो गरी छरिएको, घना होइन, अबहुल; (वन० पशु०) टाढा वा विरलै राखिएको, भएको; विरल, अनिविड ।

Spartacist (स्पा'र्टासिस्ट्) **वि. र ना.** सन् १९१८ को जर्मन विप्लवको उग्रवादी दलको सदस्य ।

Spartan (स्पा'र्टन्) **वि. र ना.** स्पार्टा (प्रा० ग्री० राष्ट्र) को (निवासी), खा.ग. तिनका केही प्रख्यात गुण —endurance, simplicity सहनशीलता, सादापन, इ० को संकेतसहित ।

spasm (स्प्या'ज्म्) **ना.** रन्को, फन्को, तोड, ऐंठ, ऐंठन, बाउँठन, ऐंच, फरफर, अतिशय मांसल संकोचन, रनाहा, एक्कासिको कम्पन, ऐंठन, वा तान; functional—पेशाले हुने स्नायुविकारसहितको बिसङ्गो, ज. कि. लेखकको बाउँठन;—ology **ना.** कम्पनशास्त्र ।

spasmodic (स्प्याज्मो'डिक्) **वि.** सोद्वेष्टन, बाउँडिने, आक्षेपक;—jerk झटका;—asthma सोद्वेष्टन दम; अनियमित, बीच बीचमा हुने वा गरिने उदा०—effort ।

spastic (स्प्या'स्टिक्) **वि. र ना.** (भैष.)=माथिबमोजिम; **ना.** मस्तिष्कको वातरोगी ।

spat (स्प्याट्) **ना. र क्रि.** (—tt—) खा. ग. सिपोकीराको फुल (बच्चा); सा. ब. व. गोलीगाँठोसम्म पुग्ने छोटो गेटर (जुत्तामाथि लगाउने, अघि); **क्रि.** फुल पार्नु, बच्चा काढ्नु (माछा, सिपीकीरा, इ., ले); spit (थुक्नु) को भू. का.= थुक्यो ।

spatchcock (स्प्याच्'कॅक्) **ना. र क्रि.** हडबडीमा मारेर पकाएको कुखुरो; **क्रि.** तारमा हतपतसाथ (शब्द) थप्नु, हाल्नु ।

spate (स्पेट्) नदी बाढी, खा. ग. river in—; (अलं.) अतिशय परिमाण, ज. कि.—of words शब्दको बाढी ।

spathe (स्पेद्) **ना.** (वन.) फूलको गुच्छालाई घेर्ने ठूलो वा जोडा पात वा कत्ला ।

spathic (स्प्याथिक्) **वि.** स्फटिक मृत्तिकाको, सो झैं, खा. ग. चिरिएर दुई फ्याँक हुने गुणमा, चिरिने ।

spatial (स्पे'श्ल्) **वि.** स्थानको आकाशीय;—relations, —extent आकाशीय सम्बन्ध, विस्तार ।

spattee (स्प्याटी') **ना.** स्त्री र बच्चाहरूले जुत्ता मोजामाथि लाउने ऊनी मोजा ।

spatter (स्प्या'टर्) **क्रि. र ना.** (थोपा थोपा गरी) छर्किनु, छयाप्नु, पोत्नु (हिलो, झोल, इ.); (व्यक्ति) हिलो, इ. पर्नु; (झोल) थोपा थोपा गरी छरिनु; **ना.** छर्को (हिलो, इ. को); हलका आवाजको छिटोछिटो अनुक्रम, पैताला बजार्नु;—dashes वा (अचेल) spats कपडाको वा अन्य कुराको जुत्ता, मोजा, इ., लाई हिलोबाट जोगाउने गोडाको पहिरन, सानू गेटर ।

spatula (स्प्या'ट्यूला) **ना.** चौडा धार भएको (रंग, इ. मिसाउने) ज्याबल; जिब्रो थिच्ने वा एकापट्टि सार्ने शल्यचिकित्सकको औजार; पनिउँ, पन्युँ, दाबिलो ।

spatule (स्प्या'ट्यूल्) **ना.** (पशु.) छेउमा चौडा गोलाकार भाग भएको, खा. ग. चराको पुच्छरको प्वाँखको टुप्पो ।

spavin (स्प्या'भिन्) **ना.** (घोडाको गोलीगाँठाको रोग) —ed **वि.** खुट्टा रोगाएको ।

spawn (स्पॉन्) **क्रि. र ना.** (माछा; भ्यागुतो, ठोटरी, इ. र (हे.) मान्छे वा अन्य पशु) जन्माउनु (बच्चा, अण्डा) वा जनन गर्नु; (अण्डा वा बच्चा, माछा, इ. को) उत्पन्न हुनु, पर्नु;

ना. (माछा, इ, को) आल, अण्डा, हे. मान्छे वा अन्य सन्तान; च्याउ, ढुसी, उत्पन्न हुने सेतो सौत्री वस्तु ।

spay (स्पे) **क्रि.** (स्त्री, पशु) नपुंसक बनाउनु, डिम्बकोष झिक्नु ।

speak (स्पीक्) **क्रि.** (spoke, आ. spake; spoken) बोल्नु, बोली फुट्नु (बालकको), कुरा गर्नु, भाषण, प्रवचन गर्नु; (शब्द) उच्चारण गर्नु; (तोकिएको भाषा) बोल्न जान्नु; (जहाज) हकार्नु र सम्वाद दिनु लिनु; (आ.) आचार, परिस्थिति, इ. ले (व्यक्तिलाई) यस्तो भनी बताउनु, देखाउनु; (केही कुराको) प्रमाण हुनु; (तथ्य, इ०)—volumes बडो महत्वको हुनु, जहडी हुनु; प्रशस्त प्रमाण पुग्नु, राम्रो देखाउनु, ज. कि.—s volumes for; (कुकुर) अह्राएपछि भुक्नु; (अलं०, वाद्ययंत्रको) बज्नु; लेखाइमा उल्लेख गर्नु;—by the त्रा—like a book कण्ठस्थ, पंडिते ढाँचासँग;—(person) fair राम्ररी, नम्रतासँग, कुरा गर्नु;—for निम्ति बोल्नु;—of उल्लेख गर्नु nothing to—of तुच्छ, केही भन्नु नपर्ने;—out, up पनि, स्पष्टसँग, खोलेर;—up वा out साह्रोसँग; fair, smooth, ill, will, इ० spoken त्यस्तो भाषा, बोली, प्रयोग गर्ने;—easy (अप०) गैरकानूनी भट्टी; strictly, roughly, generally, इ०—ing जोरसँग, सरसरी, साधारण तौरले इ० भन्नुपरेमा वा भन्दा; so to—(यसो) भनुँ कि (कडा, वा खुकुलो, वा अलं० भाषा प्रयोग गर्दा क्षमा याचनाको तौरले)।

speaker (स्पी'कर्) **ना.** बोल्ने, (सभाको) सभामुख, अध्यक्ष;—ship अध्यक्षता; loud—**ना.** चडका बोल्ने, खा, ग. विद्युत् उपकरण जसले सूक्ष्म वार्ता (माइक) मा बोले टाढासम्म सुनिने गरी चडका पार्दछ ।

speaking (स्पी'किङ्) **ना.** शा अ. मा.—acquaintance चिन्हारी; not on—terms बोलचाल नभएको वा (झगडा परी) बोलचाल बन्द भएको;—trumpet बोली टाढा लैजाने बिगुल जस्तो यंत्र;—tube बोल्ने नली (एक कोठाबाट अर्कोमा बोली लैजाने)।

spear (स्पियर्) **ना.** र **क्रि.** भाला, शूल, कुन्त, प्रास, तोमर; माछा मार्ने भाला;—grass लामू ठर्रो;—head (खा. ग. अलं०) कटक, आक्रमण, पोलाइ, मा अघि जाने वा शुरू गर्ने व्यक्ति वा दल; **क्रि.** त्यसरी अग्रसर वा भालाशिर हुनु;—man शूली, भालावाल;--mint पुदीना;—side कुल, परिवार, को पुरुषशाखा dislaff side को विप०; **क्रि.** घोप्नु, छेड्नु, भालाले हान्नु; लामू डाँठ बन्नु, हुनु ।

spec (स्पेक्) **ना.** (बो. चा.) अन्जाम, परीक्षाको प्रयोग, जुवा; on—जुवा खेल्नु ।

special (स्पे'शल्) **वि.** र **ना.** विशेष, अनौठा, खास, खुद, असाधारण; कुनै खास प्रयोजनको लागि; (especial पनि) परिमाण, स्तर, घनत्व, जोर, इ० मा असामान्य;—constable संकटकालमा शान्ति सुरक्षा कायम राख्नालाई नयाँ अस्थायी भर्ना गरिएको विशेष प्रहरी;—licence विवाह गर्नालाई पूरा रीत नपुन्याई गर्न सकिने आज्ञापत्र;—pleading (लो०) देख्दा ठीक तर अन्यायी तर्क, सत्यप्रकाश गर्नेभन्दा बक्ताको पक्ष बलियो पार्ने; (का०) विपक्षीको युक्ति खण्डन गर्ने होइन कि नयाँ वा विशेष बुँदा पेश गर्ने;—train विशेष रेल, विशेष व्यक्ति वा यात्रा वा प्रयोजनको लागि चलतीको भन्दा थप;—verdict जाहेरी फैसला; **ना.** विशेष प्रहरी, रेल, परीक्षा, अखबारको संस्करण, खा. ग. extra—edition थप विशेष संस्करण ।

specialist (स्पे'शलिस्ट्) **ना.** कुनै विज्ञान, विद्या, शास्त्र (र खा. ग. चिकित्सा शास्त्रमा कुनै रोग वा अङ्ग) को विशेष अध्ययन गर्ने व्यक्ति, विशेषज्ञ; पोख्त, जानिफकार ।

speciality (स्पेशिअ्या'लिटि) **ना.** विशेष रूपरंग वा लक्षण; (specialty पनि) विशेष पेशा वा काम, उत्पादन, कार्य, विशेषता, इ०; व्यक्तिले विशेष ध्यान दिने वस्तु, ज. कि.—of road making बाटो बनाउने विशेष काम ।

specialize,—ise (स्पे'शलाइज़्) **क्रि.** खास वा व्यक्तिगत बनाउनु, गराउनु; (विचार, वक्तव्य, इ०) फेर्नु, सुधार गर्नु, सीमित गर्नु; (प्रा० वि०) (अवयव) कुनै खास प्रयोजनको लागि फेर्नु, फरक पार्नु, छुट्ट्याउनु; अलग गराइनु, स्वभावमा व्यक्तिगत बन्नु; खास विषयको अध्ययन वा प्रयोग गर्नु, विशेषज्ञ बन्नु ।

specialty (स्पे'शल्टि) **ना.** (का०) छाप लागेको कागत, सहीछाप भएको ठेक्का ।

speciation (स्पेशिए'शन्) **ना.** (पशु०) विकास क्रियाद्वारा (नयाँ) जातिको रचना वा निर्माण ।

specie (स्पे'शिई वा स्पे'शी) **ना.** (ब. व. छैन) कागते दाम, नोटको विप. मुद्रा, धातुको सिक्का, टक; ज. कि.—payment टकमा तिराइ, in—सिक्कामा; shortness of—टकको खाँचो ।

species (स्पी'शिईज़्, स्पी'शीज्) **ना.** (ब. व. उही) (प्रा. इ.) प्रकार, वर्ग, विशेष; जातिको वर्ग, जसका सदस्यहरू अप्रधान विवरणमा परस्परमा विभिन्नता देखाउँछन्; the—, our—मानव जाति; (तर्क.) समान नामले सम्बोधन गरिने, समान लक्षण र गुण भएका जाति अन्तरका वर्ग; किसिम, ढाँचा; (का.) समान, वस्तु, लाई दिइने आकार, आकृति; animal—प्राणीविशेष; of the same—सजातीय, एकजातीय ।

specific (स्पिसि'फिक्) **वि.** र **ना.** विशिष्ट, निर्दिष्ट, खास, स्पष्टसँग तर्जुमा गरिएको; जातिगत; स्वीय, निजी; (कर, तिरो) परिमाणबाट तोकिने, मूल्यले होइन;—cause (रोगको) खास कारण;—centre समान, मूल, कुल वा वंशबाट हाँगा फाट्ने स्थान वा समय;—gravity विशिष्ट गुरुत्व;—heat विशिष्ट ताप;—medicine खास रोगको लागि स्पष्ट प्रभाव वा फाइदा गराउने औखती, अमोघगुणमौषध, रामबाण, हतौडी; **ना.** अमोघ औषधि वा प्रतिकार ।

specification (स्पेसिफिके'शन्) **ना.** व्यवच्छेद, खुला बयान, परिसंख्या, तोक, किटान, खा. ग. (ब. व.) भवन इ.

रचनामा निर्माता वा स्थपतिले तयार गरेको रचना, बनावट, कारीगरी, सामान, इ. को विस्तृत विवरण, लगत; आविष्कारकले स्वामिताको दरखास्तमा पेश गरेको विवरण; (का.) सामानको त्यस्तो कामलगाइ, जसमा नयाँ बनेको रचनामा सामान धनीको हक मानिन्न ।

specif/y (स्पे'सिफाइ) **क्रि.** किट्नु, तोक्नु, परगेल्नु, लगतमा समावेश गर्नु; छुट्ट्याउनु; खोल्र्याउनु, खुल्याउनु; (to be)—ied खुट्टिनु ।

specimen (स्पे'सिमेन्) **ना.** आदर्श; प्रतिरूप, प्रतिमा, नमूना, बान्की, खा. ग. वैज्ञानिक अनुसन्धानको लागि लिइएको पशु, विरुवा वा खनिज वस्तुको नमूना;—page पुस्तकको पृष्ठको नमूना (विज्ञापन, सूचीपत्र, इ. मा); (बो. चा. हे.) what a—! (व्यक्ति) कस्तो मान्छे !

speciology (स्पेशिअॅ'लजि) **ना.** जातिको (उत्पत्ति, इ. को) विज्ञान, जात्युत्पत्तिशास्त्र ।

speci/ous (स्पे'शस) **वि.** देख्दा वाजवी, देख्दा राम्रो, सत्यसंकास, सुदृश्य; मनासीव, बाहिरबाट ठीक;—osity **ना.** सत्याभासिता;—ousness सत्याभास ।

speck (स्पेक्) **ना.** सानू टाटो, थोप्लो, धब्बा; धूलो (को कण); फलफूलमा बिग्रेको ठाउँ; (अम० र द० अफ्रिका) बोसे मासु, भेडा सुङ्गुर, बंगुर; सील, ह्वेलमाछाको बोसो ।

speck (स्पेक्) **क्रि.** टाटो लाग्नु, दाग लगाउनु, खा. ग. निष्ठा. मा=टाटे, दागी ।

speckle (स्पे'क्ल्) **ना.** र **क्रि.** सानू टाटो वा दाग; **क्रि.** टाटो वा धब्बा लाग्नु, लगाउनु, खा. ग. निष्ठा. मा=टाटेपाटे, चित्रित, विन्दु चित्रित ।

specktioneer—si— (स्पेक्'शनर) **ना.** (ह्वेलमाछा शिकार) मुख्य वेधक ।

specs (स्पेक्स्) **ना.** (बो० चा०) चश्मा spectacles को छो. क. ।

spectacle (स्पे'क्टेक्ल्) **ना.** आम तमाशा, दृश्यकौतुक; रमिता, बहाड; प्रदर्शन; (ब. व.) चश्मा, a pair of—s; see through dark, rose-coloured,—s (अलं.) जे पनि अँध्यारो, गुलाफी, देख्नु, अर्थात् नराम्रो, राम्रो देख्नु; (क्रिके०) pair of—s दुई शून्यको गिन्ती; spectacular **वि.** रवाफिलो, शानदार, हेर्नलायक;—d **वि.** (–क्ल्ड्) चश्मा वाल; चश्मा जस्तो देखिने चिन्ह वा रंग भएको, ज. कि.—d bear द. अ. को भालू ।

spectator (स्पॅक्टे'टर्) **ना.** दर्शक, प्रेक्षक, रमिते, तमाशे; तमाशबीन; अखवार, इ० को नाम ।

spectral (स्पे'क्ट्रल्) **वि.** भूतसमान, भूतको, भूते; वर्णपटीय ज. कि.—colours, analysis, इ० ।

spectre (स्पॅक'टर) **ना.** भूत, हाउ, ख्याक, छाया, वेताल, प्रेत; (अलं.) लागिरहने पूर्वाभास (विनाश, लडाइँ, बहुल्याइँ, इ० को)—of the Brocken पहाडको चुलीमा चढेको प्रेक्षकको कुहिरोमा देखिने बडेमान छाया; पशुहरूको नाममा दुब्लोपनको कारणले थपिने उ०, ज. कि.—bat,— -crab, इ. ।

spectro— (स्पेक्'ट्रो—) यौ०=वर्णपट—, वर्णपटीय—;—graph वर्णपटलेखक;—gram वर्णपटलेख;—meter समपार्श्वबाट छिर्ने प्रकाश किरणको वर्तन नाप्ने यंत्र, वर्णपटमापक ।

spectro/scope (स्पे'क्ट्रस्कोप्) **ना.** वर्णपट बनाउने र विश्लेषण गर्ने यंत्र, वर्णपटदर्शक;—scopic (al) **वि.** वर्णपट दर्शकीय;—scopist वर्णपटदर्शकवेत्ता ।

spectrum (स्पेक्'ट्रम्) **ना.** (ब. व.—tra) (ocular —पनि) आँखा चिम्ले वा फर्काएपछि पनि अघि देखिएको वस्तुको देखिरहने छाया; वर्णपट; diffraction, prismatic,—विवर्तन, छिद्र समपार्श्व, बाट बनेको वर्णपट; solar—सूर्य किरणबाट बनेको वर्णपट, सूर्यपट, सूर्यवर्णपट, सौरपट;—वा spectral analysis वर्णपट दर्शकको द्वारा गरिने रासायनिक विश्लेषण, वर्णपटीय विश्लेषण ।

specular (स्पे'क्यूलर्) **वि.** दर्पणोय, आदर्शीय, दर्पणजस्तो, प्रतिविम्ब गर्ने ।

specula/te (स्पे'क्यूलेट्) **क्रि.** विचार गर्नु, तर्कना गर्नु, अनुसन्धान गर्नु, सिद्धान्त या अनुमान खडा गर्नु; लगानी गर्नु, नोक्सान बेहोर्नुपर्ने हुन सक्ने व्यापारिक मामलामा लाग्नु (खा. ग. दुस्साहसको संकेतसहित), सट्टा बजारमा जुवा खेल्नु; ज. वा.—tive **वि.** विचारशील, काल्पनिक;—tor **ना.** फौवज्ञार, सट्टाखोर ।

speculation (स्पेक्यूले'शन्) **ना.** कल्पना, परिकल्पना, प्रयुक्ति, अनुसन्धान, सिद्धान्त, विषय; लाभ स्पष्ट नदेखिने लगानी वा व्यवसाय, त्यस्तो काममा लाग्ने प्रवृत्ति, जुवा, (on spec, on—विर.); सट्टा, सट्टाजुवा; पत्ती किनिने बेचिने ताशको खेल ।

speculum (स्पे'क्यूलम्) **ना.** (ब. व.—la) (शल्य०) मनुष्य शरीरका खोपिल्टाहरू जाँचको लागि फट्ट्याउने औजार; (खा. ग. टल्कने धातुको) ऐना, ज. कि.—metal (तामा र टिनको मिश्रधातु), विशेष गरी प्रतिविम्बित गर्ने दूरदर्शकमा रहने; (पक्षी०) कोही चराको पखेटामा रहने विशेष रंगको टाटो ।

sped (स्पेड्) **क्रि.**=speed को भू. का., गयो, वित्यो ।

speech (स्पीच्) **ना.** बोली, वचन, वाक्य, वाणी, भाषा, भाषण, वक्तव्य, वाङ्मय; maiden—संसद सदस्यको सभाभवनमा पहिलो भाषण; figure of—भाषालङ्कार, अलङ्कार;—parts of—शब्दभेद, शब्दहरूको वैयाकरणीय वर्ग विभाजन, set—घोकेर गरेको भाषण, तैयार गरेको;—reading बहिरोले बोलेको हेरेर बुझ्ने, भाषण पढाइ;—day (सा.विद्यालयहरूमा) भाषण गरिने जयन्ती, इ०; lose—वाक्के बन्द हुनु, वाक्य रहनु, बोली बन्द हुनु ।

speechi/fy (स्पीचि'फाइ) **क्रि.** (होच्या.) भाषण गर्नु, झाड्नु, लम्बे व्याख्यान गर्नु;—fication **ना.** बकबक ।

speechless (स्पीच्'लेस्) **वि.** मूक, वाग्हीन, नाजवाफ, स्तम्भितवाक्; (अप.) जाँडले लठ्ठ ।

speed (स्पीड्) **ना.** र **क्रि.** (स्पेड् , तल बाहे०) वेग, गति, (फेर्न हुने विभिन्न गतिमा चलाउन सकिने साजको) गति; air —, ground—हवाइ, जमीनमा, गति वा वेग; (आ.) सफलता, समृद्धि, ज. कि. good—!;—boat वेगसँग चल्ने मोटर डुङ्गा;—cap (मु. अम. उप.) मोटरसाइकलबाज प्रहरी (गैरकानूनी वेगमा चलाउने मोटर समात्ने);—way मोटरसाइकल दौड गर्ने अखाडा, वेगिलो मोटर सवारीको सडक वा बाटो; (अप.) लागू; **क्रि.** वेगसँग जानु, चल्नु. हिंड्नु, यो अर्थमा भू. का. sped; (आ.) चाँडोसँग पठाउनु, विदा दिनु; (आ.) सफल वा समृद्धिशाली हुनु, बनाउनु (आशीर्वाद); भू. का. र निष्ठा.—ed; (यंत्र इ. को) वेग नियंत्रण गर्नु; स्थिर वेगमा चल्ने गर्नु;—up बढी वेगमा चल्ने गर्नु, train service wants—ing up; (मोटर चालकहरू) खतरनाक वा गैरकानूनी वेगमा चल्नु ।

speeder (स्पी'डर्) **ना.** यंत्रको वेग नियमित राख्ने वा बढाउने साधन, उपकरण ।

speedometer (स्पीडॅ'मिटर्) **ना.** वेगमापक र दूरीदर्शक; गतिदर्शक ।

speedy (स्पी'डि) **वि.** वेगवान्, सत्वर, वेगिलो, द्रुत, अविलम्बी ।

speiss (स्पाइस्) **ना.** संखिया, लोह, इ. को यौगिक, कोही सीसाको धौ पगाल्दा निस्कने ।

spelaean (स्पेली'यन्) **वि.** गुफावासी, गुफाको ।

spelicans (स्पे'लिक्यान्स्) **ना.** काठको छेस्को (कोही केटाकेटीको खेलमा चलन हुने) ।

spell (स्पेल्) **ना.** मंत्र, टुना, जादू, झारफुक, मोह; आकर्पण, वश (व्यक्ति, गुण, पेशा, इ० ले कसैमाथि गर्ने);—kinder श्रोता, दर्शक, हरूमाथि ठूलो प्रभाव पार्न सक्ने राजनैतिक व्यक्ति;—bound **वि.** अभिमंत्रित, रद्द, मंत्रमुग्ध ।

spell (स्पेल्) **क्रि.** कुनै शब्दका अक्षर निर्दिष्ट गर्नु, लेख्नु;—out वा over कनीकनी, मेहनतसाथ, अक्षर अक्षर गरी लेख्नु, कनिकुथी लेख्नु;—backwards उल्टो अक्षर निर्दिष्ट गर्नु वा लेख्नु; (अलं०) कुअर्थ लाउनु, माने बिगार्नु; (अक्षरले) बनाउनु (शब्द), (अलं०) फल निकाल्नु, समावेश गर्नु;—er **ना.** अक्षरविन्यास सिकाउने पुस्तक, यथाक्षर पुस्तिका ।

spell (स्पेल्) **ना.** र **क्रि.** कुनै काम वा पेशाको गराइ, a—of carpentering, बारी, पाली; छोटो अवधि; **क्रि.** (विर०) पालो दिनु ।

spelling (स्पे'लिङ्) **ना.** शा. अ. मा शब्दविन्यासको ज्ञान, —bee शब्दविन्यास प्रतियोगिता;—book यथाक्षर पुस्तिका; —pronunciation अशुद्ध उच्चारण (यथार्थ उच्चारण छाडेर अक्षरविन्यास बमोजिमको उच्चारण, ज. कि. special स्पेशल्को साटो स्पेशियल) ।

spelt (स्पेल्ट्) **ना.** र **क्रि.** जर्मन गहूँ, बहुत मसिनो मैदा बन्ने जातको गहूँ; **क्रि.**=spell को भू. का.=अक्षर निर्दिष्ट गर्‍यो ।

spelter (स्पेल्'टर्) **ना.** (अचेल व्यापा०) जस्ता, यशद, दस्ता ।

spence,—se (स्पेन्स्) **ना.** (आ०) खाने सामान, इ० राख्ने भँडार ।

spencer (स्पे'न्सर्) **ना.** छोटो ऊनी कोट; (नौ०) पालको किसिम ।

Spencerism (स्पेन्'सरिज्म्) **ना.** (हर्बर्ट) स्पेन्सरको सिद्धान्त, स्पेन्सरवाद, नियमित विश्वको आधार; सांयोगिक दर्शन ।

spend (स्पेण्ड्) **क्रि.** (spent) खर्च गर्नु, व्यय गर्नु, मास्नु, खोव्याउनु, मासिनु, सिध्याउनु, (माछा, इ०) फुल पार्नु;—a penny (बो. चा.) पिशाब गर्नु, दिसा गर्नु;—ing money हातखर्च; spent storm, cannon ball वेग सिद्धिएको; spent herring फुल पारिसकेको;—thrift फजूलखर्ची, अमितव्ययी, फुकाहा, उडन्ते, खर्चालु, हुर्दङ्गे, ऐशी ।

Spenlow and Jorkins (स्पेन्'लो ऍयाण्ड् जॅकिंन्ज्) देखा नपर्ने साथीले भन्दै नभनी कुरा नामन्जूर गर्ने बन्दोबस्त ।

Spenserian (स्पेन्से'रियन्) **वि.** र **ना.** कवि एडमण्ड स्पेन्सरको, खा. ग. स्पेन्सेरियन श्लोक (फेयरी क्वीन महाकाव्यमा प्रयोग गरिएको); **ना.** (ब. व.) सो श्लोक ।

spent (स्पेण्ट्) **क्रि.**=spend को भू. का.=खर्च गर्‍यो, मासियो ।

sperm (स्पर्म्) **ना.** शुक्रकीट; मानवीय वीर्य, धातु; (—whale पनि) ह्वेल माछाको किसिम ।

spermaceti (स्पर्मसी'टि) **ना.** ह्वेलमाछाको टाउकोमा तरल अवस्थामा रहने वसीय भंगुर वस्तु, ज. वा. मैनबत्ती, मलम, इ० बन्दछ; माछाबोसो ।

spermary (स्प'र्मरि) **ना.** पुरुष वीर्यग्रन्थि, अण्डकोष वा समान अवयव ।

spermatic (स्पर्म्या'टिक्) **वि.** शुक्रीय ।

spermatozoon (स्पर्मटोजू'न) **ना.** (ब. व.—oa जोआ) पुरुष निषेचक तत्व, त्यस्तै निम्न बिरुवाको, शुक्राणु ।

spermolog/y (स्पर्म'लजि) **ना.** (वन०) बीजविद्या;—ist बीजशास्त्री ।

spew, spue (स्पू) **क्रि.** उल्टी गर्नु, वान्त गर्नु; (बन्दूक) चाँडो हान्दा नाल तल झर्नु ।

sphacelate (स्फ्या'सिलेट्) **क्रि.** मांसपाक वा अपकर्ष भएको हुनु ।

sphagnum (स्फ्याग्'नम्) **ना.** (वन० ब. व.—na) दलदल, धाप, मा उम्रने झ्याउ वा घाँसको प्रकार; (माल राख्दा, प्याक गर्दा, चलन गर्ने) ।

sphenoid (स्फी'नॉयड्) **ना.** पचकरको आकारको, खा. ग. —bone खप्परको पींधमा रहने यौगिक हाड ।

sphere (स्फियर) **ना.** र **क्रि.** गोल, मण्डल, वर्तुल, डल्लो, गेंद, बल, (कवि.) आकाश, नभ, व्योम, नक्षत्र, पृथ्वी वा आकाश देखाउने डल्लो; नियोग, प्रभाव, अस्तित्व, प्राकृतिक

क्षेत्र, फाँट, सामाजिक स्थान, (राज.) अधिकार, प्रभाव, क्षेत्र; celestial—व्योममण्डल, नभोमंडल; **क्रि.** घेर्नु (गोलभित्र ऊँ), गोल पार्नु, (कवि.) नभोमण्डलतिर उचाल्नु ।

spheric (स्फे'रिक्) **वि.** र **ना.** (कवि) स्वर्गको, स्वर्गीय, दिव्य, उच्च; **ना.** (ब. व.) (गणि.) गोलको ज्यामिति र त्रिज्यामिति ।

spherical (स्फे'रिकल्) **वि.** गोलाकार, वर्तुल, गोल; गोलीय; गोलको; sphericity **ना.** गोलाइ ।

spheroid (स्फे'य्रॉयड्) **ना.** उपगोल, अण्डाकृति ।

spherometer (स्फिरो'मिटर्) **ना.** गोलको त्रिज्या, सानू वस्तुहरूको मोटाइ, झिक्ने यंत्र; त्रिज्यामापक, घनतामापक ।

spherul/e (स्फी'रूल्) **ना.** सानू गोल; ज. बा.—ar अल्पगोलाकार;—ate **वि.** (की. वि.) अल्पगोलाकार ।

sphincter (स्फिङ्क्'टर्) **ना.** औंठीपेशी; प्वाल वा नलीको चारैतिर रहने, र बन्द गर्ने, पेशी;—ial **वि.** औंठीपेशीय;—ic **वि.** ऐ. को ।

sphinx (स्फिंक्स्) **ना.** (ग्री. कथा) थीब्स देशको उड्ने दैत्य, स्त्रीको मुख र सिंहको जीउ हुने, जसले गरेको प्रश्नको जवाफ दिन नसक्नेलाई मार्दथ्यो र अन्तमा ईडिपसले जवाफ दिएपछि आफू बसेको चट्टानबाट हामफालेर मर्‍यो; (मिश्रको प्राचीन इति.) मानिस वा पशुको टाउको र सिंहको जीउभरको मूर्ति; the S—ग्रीसको, वा गिजेहमा रहेको, बडेमान मूर्ति; रहस्यमय व्यक्ति; लंगूर (बाँदर) को प्रकार; पुतली (उड्ने) को प्रकार ।

sphragistics (स्फ्र्याजिस्'टिक्स्) **ना.** (ब. व.—धे. ज. ए. व. ऊँ प्रयोग गरिने) कुँदेको छापको विद्या; मुद्राङ्कन शास्त्र ।

sphygmo/graph (स्फिग्'मोग्राफ्) **ना.** नाडीलेखन यंत्र;—gram नाडीलेखन;—logy नाडीविद्या;—manometer रक्तचाप मापक;—phone,—scope नाडी श्रवण वा नाडीदर्शन यंत्र ।

sphugmus (स्फिग्'मस्) **ना.** (श. क्रि वि.) नाडी, स्फुरण, स्पन्दन ।

spic/a (स्पाइ'का) **ना.** (वन) काँढा, ज. बा.—ate—ated **वि.** काँढादार ।

spice (स्पाइस्) **ना.** र **क्रि.** मसला, गन्धद्रव्य;—ry **ना.** मसला, गरम मसला; (अलं) लेश, गन्ध, वास, वास्ना; **क्रि.** मसला हाल्नु, मीठो पार्नु, सुवासित पार्नु;—d **वि.** वासित, सगन्ध, सुगन्ध, मिष्ट, सुरस ।

spicule (स्पाइ'क्यूल्) **ना.** सानू चुच्चे वस्तु; (पशु.) पानीसोस जस्तो वस्तुमा कडा सानू चीज; (वन.) सानू वा अप्रमुख काँढा ।

spicy (स्पाइ'सि) **वि.** मसालेदार, मसला हालेको, मीठो, स्वादिलो, सुगन्ध, सगन्ध, सुरस; (अलं.) कुतकुत्याउने, तीखो, अनुचित (—story), देखौवा, भडकिलो, छरितो ।

spider (स्पाइ'डर्) **ना.** माकुरो, मर्कटक, अष्टपद; व्यक्त खुट्टा हुनाले माकुरोसँग तुलना हुने चीज, ज. कि. तल, र चन्द्रमामा ओर्लिने माकुरे सानू यान; ठूला ठूला पांग्रा भएको एक्का;—and fly (अलं.) जाल बिछाउने र पर्ने;—y **वि.** माकुरे, माकुरै माकुरा भएको, सारै दुब्लो, मसिनो;—catcher चरोको प्रकार;—crab लामा पातला खुट्टा भएको केंकडा;—line तारको साटो जालोको त्यान्द्रा हालेको (सूक्ष्म कामको) तराजू;—monkey लामा अवयव र लामू बेह्रिने पुच्छर भएको जातको;—wasp माकुरो समातेर बच्चालाई ख्वाउन गुँडमा जम्वा गर्ने जात;—like,—y **वि.** (लेखाइ, खुट्टा, पांग्राको डण्डी, इ.) सारै पातलो, झीनू ।

spiegeleisen (स्पी'गेलाइज़न्) **ना.** एक किसिमको ढलुवा फलाम ।

spiel (स्पील्) **ना.** र **क्रि.** (अप.) वचन, कथा, वृत्तान्त; **क्रि.** फलाक्नु, भाषण गर्नु; बडबडाएर जानु (दुःखको कथा, मर्का, फतफत) ।

spif (f) licate (स्पिफ्'लिकेट्) **क्रि.** (अप.) पिट्नु, पछार्नु, हराउनु, सिध्याउनु ।

spigot (स्पिग'ट्) **ना.** त्रिर्को, बुजो, ठेडी, नातो, काग, खा. ग. पीपाको प्वालको लागि; अर्को नलको खोपिल्टामा पर्ने नलको सादा छेउ ।

spike (स्पाइक्) **ना.** र **क्रि.** चुच्चो, चुच्चे टुप्पो; धातुको चुच्चे टुप्पो, खा. ग. जुत्ताको तलुवामा ठोक्ने काँटा, वा फलामे छेकाको टाउको; लामू, ठूलो कीला; **क्रि.** काँटाले बाँध्नु वा बलियो पार्नु; काँटा हाल्नु, काँटाले, घोप्नु, बन्दूकको प्वाल काँटाले टाल्नु; (अलं०) बेकामको बनाइदिनु, (विचार) अन्त गराइदिनु; spiky **वि.** काँटादार, काँटे ।

spike (स्पाइक्) **ना.** एकै डाँठमा फुलेका धेरै फूलको गुच्छा; ल्याभेण्डर फूलको जात;—oil ल्याभेण्डर तेल ।

spikenard (स्पाइक्'नार्ड) **ना.** वर्षस्थायी वास्नादार बिरुवाबाट (पहिले) बन्ने किम्मती खुशबूदार मलम ।

spile (स्पाइल्) **ना.** र **क्रि.** भैंमा दबाउने काठ, टिम्बा, ठेडो, बुजो, खम्बा; **क्रि.** बुजो हाल्ने प्वाल बनाउनु, काट्नु (पोपामा)।

spiling (स्पाइलिङ्) **ना.** खम्बाको श्रेणी, (नौ.) जहाजको आकारमा टिम्बाहरूको छेउ घुमाइ ।

spill (स्पिल्) **क्रि.** (spilt वा—ed) र **ना.** पोख्नु, पोखिनु, छचल्किनु, छतल्किनु, बगाउनु (रगत, इ.);—the blood of मार्नु;—money (अप.) जुवामा हार्नु; (नौ.) (पालको पेट) हावाशून्य हुनु;—the beans (अप.) कुरा खोल्नु, पर्दाफास गर्नु; (घोडा इ. ले) पछार्नु, लडाउनु, फ्याँक्नु; **ना.** त्यस्तो (घोडा, साइकल, इ. बाट) लोटाइ, फ्याँकाइ;—way नालमा बढी पानी जाने बाटो, पानीबाटो ।

spill (स्पिल्) **ना.** शलाका, बत्ती, चुरोट इ. सल्काउने काठको छेस्का, वा बटारेको कागतको शंकु ।

spiller (स्पि'लर्) **ना.** माछामार्ने जाल घिच्याउन नसकिएमा अर्को ठूलो जालमा माछा खन्याउने (सानू) जाल।

spillikin (स्पि'लिकिन्) **ना.** कुनै केटाकेटीको खेलमा चलन हुने काठ वा हाडको छेस्का, चक्का, इ० ।

spilt (स्पिल्ट्) **क्रि.**=spill को भू. का. र निष्ठा.=पोख्यो, पोखिएको ।

spilth (स्पिल्थ्) **ना.** (आ.) अधःक्षेपण, पोखिएको रस, बढी, जगेरा, उद्वर्त ।

spin (स्पिन्) **क्रि.** (spun or span, spun) कात्नु, सूत कात्नु; (माकुरा, रेशमकीरो, इ.) जालो, सूत, त्यान्द्रो, इ. (जीउबाट मसिनो च्याटच्याटे सूत निकालेर) बनाउनु; खराज वा त्यस्तै यंत्रमा कप, इ. बनाउनु; (अलं.) उत्पादन गर्नु, रच्नु (कथा, साहित्यिक कृति, वृत्तान्त);--out ऐ० धेरै लमाइमा रचना गर्नु; (लट्टू) घुमाउनु, कावा ख्वाउनु; (मानिस) घुमाउनु, खा. ग. आघातको फलस्वरूप; (नदी वा दहमा) माछा मार्नु; (अप.) (जाँचपछि) परीक्षार्थीलाई अस्वीकार गर्नु, फेल गर्नु; (निष्ठा.) (अप.) थाकेको, लस्त;—a yarn गफ हाँक्नु, कथा हाल्नु; spun glass तातेको वेलामा मसिनो तार झिकेको, जो चिसिएपछि पनि नम्य रहन्छ; spun gold, silver, सुन, चाँदीको वत्तू; spun silk सूत मिसिएको कमसल रेशमको सस्तो कपडा; spun yarn (नौ०) बाटेको सूत बनाएको डोरी ।

spin (स्पिन्) **ना.** चक्कर, टक्कर, (उड्डयन०) चक्कर खाँदैको चक्रावतरण; अप्रधान घुमाइ, ज. कि. बन्दूकबाट छुटेको गोलीको; (क्रिके.) बल फ्याँक्दाको घुम्ने गति, कावा, चक्कर; (—bowler चक्कर प्रासक; छिटो वा टाठो हिंडाइ, दौडाइ, मोटरहँकाइ, डुङ्गाख्याइ, साइकलचढाइ, (दिलबहलाउ वा एकै काम गर्दाको उच्चाट हटाउनालाई);—drier चक्कर शोषक, लुगा चाँडो (घुमेर) सुकाउने यंत्र ।

spin/ach,—age (स्पि'निज्) पालुङ्गोको साग, अरू त्यस्तै साग;--aceous वि. पालुङ्गे ।

spinal (स्पाइनल्) **वि.** डँडाल्नुको, पृष्ठवंशीय, पृष्ठास्थीय; --curvature पृष्ठवंशीय वक्रता;—complaint पृष्ठवंशको रोग;--column पृष्ठवंश, पृष्ठास्थि, डँडाल्नु;—cord सुषुम्ना नाडी ।

spindle (स्पिंण्ड्ल्) **ना.** र **क्रि.** कतुवा, तर्कु, तर्कुटी, तकुआ, धूर; live—घुम्ने; dead—नघुम्ने; दुब्लो चीज वा व्यक्ति; सूतको विभिन्न नाप (लमाइको);—shanked दीर्घजंघ, सुइँखुट्टे;—shanks दीर्घजंघ (व्यक्ति);—shaped बीचमा मोटो भई दुवै छेउमा पातलिने; spindly वि. दुब्लो, पातलो; **क्रि.** लामू दुब्लो रूपको हुनु वा बन्नु ।

spindrift (स्पिन्'ड्रिफ्ट्) **ना.** समुद्रको सतहमा उठ्ने र उडाइने चिसो, सीकर;—clouds हलुका प्वाँख जस्तो ।

spin/e (स्पाइन्) **ना.** करङ्ग, डँडाल्नु, पृष्ठवंश, पृष्ठास्थि, मेरुदण्ड, (वन०) कुनै अवयवको अपकर्ष विकार वा परिवृत्तिबाट उत्पन्न हुने दह्रो चुच्चे काष्ठ प्रक्रिया; तखतामा अरू पुस्तकसँग राख्दा देखिने पुस्तकको जिल्द या आवरणको भाग, पृष्ठ; ज. बा.—ed,—ose,—ous वि. करङ्गे, सकंटक, मेरुदण्डीय; —osity **ना.** सकंटकता ।

spinel (स्पि'नेल्) **ना.** विभिन्न रंगका खनिज नियमित आकारको मणिभ;—ruby दामी रातो प्रकार; मूगा ।

spineless (स्पाइन्'लेस्) **वि.** मेरुदण्डरहित, डँडाल्नु नभएको; (अलं.) लचिलो, लूलो, दुर्बल, डँडाल्नु नहुने; (माछा) पखेटामा काँढा नहुने; (अलं,) दह्रो हुन नसक्ने, अड्न नसक्ने ।

spinet (स्पि'निट वा स्पिनेट्) **ना.** अघिको एक तारे सानू पखेटाको आकारको वाद्ययंत्र ।

spinnaker (स्पि'नकर्) **ना.** डुङ्गा दौड गर्ने याट् डुङ्गाको मुख्य मस्तूलमा लाउने पालविशेष ।

spinner (स्पि'नर्) **ना.** शा. अ. मा, खा. ग. सूत कात्ने कल; खराजमा भाँडो, इ. बनाउने व्यक्ति, कुह्माले; (—et ना. पनि) माकुरो, रेशमकीरो. इ. मा सूत झिक्ने अंग ।

spinney (स्पि'नि) **ना.** (ब. व.—s) सानू झाडी, घारी, तरु गहन ।

spinning (स्पि'निङ्) **ना.** शा. अ; मा,—house (ऐति.) वेश्याहरूको लागि कारावास;—jenney एकभन्दा बढी सूत कात्ने उपकरण, यंत्र; –wheel चर्खा ।

Spinozism (स्पिनो'ज़िज्म्) **ना.** दार्शनिक स्पिनोजाको मत: एकमात्र अनन्त वस्तु छ, औ यसका गुण मन र विस्तार हुन्, औ व्यक्तिगत जीवहरू बदलिने रूप हुन् ।

spinster (स्पि'न्स्टर्) **ना.** (खा. ग. सयान, प्रौढ) अविवाहिता स्त्री, कन्या, निष्पतिसुता, बूढीकन्या, टकटका, एकले राँड ।

spinule (स्पाइ'न्यूल्) **ना.** (वन. पशु.) सानू डँडाल्नु ।

spiny (स्पाइ'नि) **वि.** काँढे, सकंटक, खा. ग. पशुको नाममा, --crab काँढे केंकडा, इ.; (अलं.) जिल्ल पार्ने, अलमल्याउने, कष्टकर, काँढे, जटिल ।

spiracle (स्पाइ'रेक्ल्) **ना.** (पशु.) कीरामा श्वासनलीको बाहिरी मुख, ह्वेलमाछाको फुक्ने प्वाल, इ , वायुनली ।

spiraea (स्पाइरी'आ) **ना.** सेतो वा गुलाफी फूल हुने गुलाफ प्रकारको बिरुवा ।

spiral (स्पाइ'रल्) **वि.,** **ना.** र **क्रि.** (-ll-) गुँडुल्केको, घुमाउरो, आवर्ती, चक्राकार, पेचदार; **ना.** घुमाउरो सतह वा अन्य घुमाउरो वक्र; (अलं.) क्रमिक तर प्रगतिशील उत्राउ चढाउ; **क्रि.** घुमाउरो गराउनु; घुमाउरो मार्गमा चल्नु; —ity **ना.** चक्राकारिता, विवर्तिनता;—balance कमानी तराजु;--wheel वर्तुल चक्का, (धूरसँग कोण पर्ने गरी दाँत काटेको) ।

spirant (स्पाइ'र्‍याण्ट) **वि.** र **ना.** (ध्वनि०) श्वास छोडी अङ्ग बिलकुल नजोरिने अवस्थामा उच्चरित हुने व्यञ्जन, ज. कि. फ, भ, थ, द, इ०

spire (स्पाय्र्) **ना.** र **क्रि.** बुर्जामाथि अग्लो सूच्चीको रूपमा बन्ने रचना, गजूर; हाँगा हाल्न शुरू हुने ठाउँमाथिको रूखको भाग; कुनै चुच्चो भएको वस्तु, ज. कि. पराल, अग्लो घाँस; **क्रि.** माथि चढ्नु, चुच्चो हाल्नु;—y वि. चुच्चे, अग्लो ।

spire (स्पाय्र्) **ना.** चक्राकार, आवर्त, व्यावर्तन; घुमाउरोको एक मोड ।

spirillum (स्पाइरि'लम्) **ना.** (ब. व.—la) घुमाउरो बनोट भएको कीटाणुको समूह; सोमद्धे कुनै (एक) ।

spirit (स्पि'रिट्) **ना.** चेतना, आत्मा; व्यक्ति, प्राणी; व्यक्तिको मानसिक, नैतिक स्वभाव वा गुण; हुति, तुजुक, हौसला, जेहन, ह्याउ, तरान, हंस, पानी, फूर्ति, ढर्रा, उत्साह, उल्लास, स्वाँग; भाव, मानसिक वा नैतिक स्थिति; जीवित, जीवन, वास्तविक अर्थ, शाब्दिक प्रकाशनको विप०; अनुप्राणित गर्ने सिद्धान्त वा प्रभाव, मानसिक वा नैतिक प्रवृत्ति; (अधि) प्राणभूत घटनाहरूलाई पालना गर्ने अभौतिक तत्व, (अचेल) animal—s, पशुक्रिया, खा. ग. (पशुको स्वाभाविक) मानसिक कष्टको स्थितिबाट तुरुन्त उठ्न सक्ने पुनर्लाभकर स्वभाव; (सा. व. व.) कडा स्रवित गरिएको पेय, खा. ग. मद्य, रक्सी, मदिरा, सुरा, ब्र्याण्डी, ह्विस्की, जिन्, रम्, इ०; (वाष्पशील तत्वको) मद्यसारमा घुलन, अरख, अरक, अर्क; Holy S—(क्रिस्तानहरूको त्रिमूर्तिमा) तेस्रो देव; astral—s नक्षत्रवासी जीवात्मा; familiar—(बोक्सीको) तावेमा रहने भूत, प्रेत; animal—s स्वाभाविक पुनर्लाभको प्रवृत्ति; poor, low—s नरमाइलो, विषण्ण, उद्विग्न अवस्था; high, great—s मस्त, फुरुङ्ग, प्रसन्नता वा मनको फूर्ति, उल्लास; poor in— नम्र, दब्बू ; ardent—s कडा मद्यसार पेय, सुरा; methylated—s मिथाइल मद्यसार हालेर पिउन नहुने केवल घरधन्धामा बाल्न, इ० काममा लगाउन हुने मद्यसार, स्पिरिट, मेथिलेटेड स्पिरिट; water—पण्डुवा, पाण्डुवा;—blue नीलो रंग (मद्यसारमा पग्लने);—duck बन्दूकको आवाज सुन्नासाथ भाग्ने;—lamp स्पिरिट बाल्ने;—level सम्म जाँच्ने स्पिरिटको थोपा राखेको रुल;—rapper टेबुलमा ठ्याक ठ्याकको आवाजद्वारा मृतात्माहरूसँग कुरा गर्छु भन्ने व्यक्ति, आत्मिक माध्यम ।

spirit (स्पि'रिट्) **क्रि.** सुटुक्क, चोरीसाथ, लैजानु, उडाउनु, लुकाउनु, (सा० away, off सँग); व्यक्तिलाई फुल्याउनु, खुशी पार्नु, up सँग ।

spirited (स्पि'रिटिड्) **वि.** तेज, जेहनदार, अनुप्राणित, जाँगरिलो, फुर्तिलो, चटपटे, साहसी; तोकिएको मनको भाव वा गुण हुने, ज. कि. high, mean, proud, jealous—; poor, low—पनि ।

spiritless (स्पि'रिट्लिस्) **वि.** लोसे, छेरुवा, लूते ।

spiritual (स्पि'रिट्यूअल्) **वि.** र **ना.** आध्यात्मिक, पारत्रिक, पारलौकिक, दैवी, पवित्र, ईश्वरीय; उच्चतर मानसिक गुण भएको; the—man मानिसको अन्तरस्वभाव;—courts आध्यात्मिक, धार्मिक, अदालत; lords—संसदमा रहेका धर्माधिकारीहरू; **ना.** अम० नीग्रो जातिमा लोकप्रिय धार्मिक गीत, भजनहरू, (negro—s पनि) ।

spiritual/ism (स्पि'रिट्यूअलिज्म्) **ना.** आत्मावाद, प्रेतवाद, मृतात्माहरू आफूलाई प्रदर्शन गर्न वा जीवितहरूसँग कुरा गर्न सक्दछन् (खा. ग. टेबुल ठोकेर, हस्तलेख, इ० ले) भन्ने सिद्धान्त; सोही अनुरूप spiritism, spiritist **ना.** (दर्शन०) अतमा जगत्भन्दा पृथक् हो, औ आत्मा नै यथार्थको सत् हो भन्ने सिद्धान्त, ब्रह्मवाद;—ist **ना.** अध्यात्मवादी, ब्रह्मवादी ।

spirituality (स्पिरिट्यूअ'लिटि) **ना.** अमूर्तता, असंसारिकता, परमार्थनिष्ठा ।

spiritualize,—ise (स्पि'रिट्यूअलाइज्) **क्रि.** अध्यात्म बनाउनु, उठाउनु, उच्च बनाउनु, (विर०) प्राण हाल्नु, अनुप्राणित गर्नु; अक्षरशः अर्थको साटो आध्यात्मिक अर्थ लगाउनु ।

spirituel (le) (स्पिरिट्यूएल्') **वि.** (मु० महिला) सुकुमारिता, लावण्य, अथवा मनको मृदुता र सङ्कोच भएकी ।

spirituous (स्पि'रिट्यूअस्) **वि.** धेरै मद्यसार भएको, फेणन होइन स्राव भएको, सौरिक, सुरायुक्त, संधिज, ज. कि.—liquors संधिज मद्य, पेय, चपला; (खु०) बियर, जाँड ।

spirivalve (स्पाय'रिभाल्भ्) **वि.** घुमाउरो शंख भएको; (शंख) घुमेको ।

spirketing (स्पिर्क्'किटिङ्) **ना.** (नौ०) बन्दरगाहमा पालीको माथिल्लो तर र जमीनको ईंट, पत्थरको तरको बीचको तखता ।

spiro—यौ०=श्वास—(ल्या०);—graph श्वासलेख, सास फेर्दा शरीर (छाती) को गति देखाउने;—meter,—scope श्वासमापक, फोक्सोको सामर्थ्य, परिमाण, देखाउने ।

spirt, spurt (स्पर्ट्) **क्रि.** र **ना.** छिर्का भएर निस्कनु, छिर्क्याउनु, (झोललाई) छिर्क्याउनु; **ना.** छिर्का, मसिनू जोरदार स्रवण, सिर्का ।

spit (स्पिट्) **क्रि.** (spat वा आ० spit) र **ना.** (मासुझीरमा) उन्नु; (अलं) तरवार इ० ले घोप्नु, छेड्नु, घोच्नु; थुक्नु, ओकल्नु, थुक्क गर्नु, (अलं.) जोरसँग (किरिया, उजूर, इ०) भन्नु, ओकल्नु, उकेल्नु; (बिरालो, वा अलं. व्यक्ति) रिस वा दुश्मनी जनाउने थुकेको जस्तो आवाज गर्नु; (वर्षा) बिस्तारै पर्नु; (आगो, बत्ती कलम, इ०) फिलिङ्गो फ्याँक्नु, मसी छर्नु;—at वा upon (अलं०) हेलोंसँग वर्तनु, व्यवहार गर्नु;—fire,—devil चोथाले, झोक्की (व्यक्ति), चिसो बारूदको शंकु, सल्काउँदा पटपट गर्ने, थुक्ने—ter **ना.** थुक्ने; झीर; समुद्रमा पसेको सानू भूभाग; पानीमन्तिरको लामू जमीनको पाखो; थूक, खकार, कफ, श्लेष्म, मुखस्राव; (खा. ग. बिरालोको) थुकथुक; कोही कीराको अण्डा; हूबहू रूप, ज. कि. the very—of एकदम, हूबहू, उही; कोदालोको गहिराइ; चाक्लो, ज. कि. dig two—s दुई चाक्लो खन्नु ।

spitchcock (स्पिच्'कॅक्) **ना.** र **क्रि.** चिरेर पकाएको (तारेको) वाममाछा; **क्रि.** वाममाछा त्यसरी (चिरेर) पकाउनु ।

spite (स्पाइट्) **ना.** र **क्रि.** द्रोह, डाह, मात्सर्य, ईर्ष्या; इवी, रिस; in—of तापनि; **क्रि.** रोक्नु, विफल पार्नु, चिढाउनु, कष्ट दिनु; cut off one's nose to—one's face आफ्नू नाक काटी अर्काको अपशकुन;—ful **वि.** द्रोही, इखालु—fulness **ना.** विद्वेष, डाह, दुश्मनी ।

spittle (स्पि'ट्ल्) ना. थूक, मुखस्राव, खकार, श्लेष्म ।

spittoon (स्पिटून्') ना. कफदानी, फीकदानी, फिदानी थूकदानी ।

spits (स्पिट्स्) ना. चुच्चे थुतुनो भएको कुकुरको जात, पोमेन्यानियन; (—dog पनि) ।

spiv (स्पिभ्) ना. (अप०) सोझो काम नरुचाउने, मु० कालोबजार वा अन्य उपायले चलाकीद्वारा जीविका गर्ने व्यक्ति धूर्त, कालाबजारिया ।

splanchnic (स्प्ल्याङ्क् निक्) वि. आन्द्रासम्बन्धी ।

splash (स्प्ल्याश्) क्रि. र ना. छयाप्नु, छर्कनु, (हिलो, पानी,); छितरिनु; खस्नु, टेक्नु, (पानी, इ० मा); छरिएको साज, बुट्टा, इ. ले सजाउनु; ना. ऋवाम्म, ऋवाम्ल्याङ्ग; छयापाइ, बाछिटा, छर्काई, आस्फालन; (बो. चा.) ह्विस्की, इ० कडा पेय पातलो गर्ने पानी, सोडा, इ० को सानू भाग; हिलो, इ. को दाग (छर्किएको); (खा. ग. पशुको जीउमा) रंगको टाटो; make a—(अलं०) ध्यान आकर्षण गर्नु, सनसनी गराउनु; —-board हिलो छेक (पांग्राबाट आउने हिलो इ० रोक्ने); —headline (अखबारमा) ध्यान आकर्षक शीर्षक, ध्यानाकर्षक शीर्षक, बडेशीर्षक ।

splasher (स्प्ल्या'शर्) ना. रेल इंजिनको पांग्रामाथि हिलो इ० रोक्नालाई राखेको बचाउ; प्रक्षालनाधारको पछाडि भित्ताको बचाउको लागि राखिएको बचाउ, छेक; हिलोछेका ।

splatter (स्प्ल्या'टर्) क्रि. छयाप्ल्याङ्ग छुप्लुङ्ग गरिरहनु; नबुझिने गरी (भाषा) बोल्नु;—-dash होहल्ला, कोलाहल ।

splay (स्प्ले) क्रि., ना. र वि. विभिन्न छेउ भएको (छिद्र) बनाउनु ज. कि. (—ed loop-hole, window, doorway) एकापट्टि भित्तामा प्वाल ठूलो पारेर गावदुम बनाउनु, एकापट्टिभन्दा अर्कोपट्टि साँगुरो गराउनु; मर्क्याउनु (खा. ग. घोडाको गर्दन); ना. प्राकारछिद्र, जालक, अर्को सतहसँग तेर्सो कोण गर्ने तह; वि. चौडा र च्याप्टो, बाहिर फर्केको;—-foot ना. र वि. बाहिर फर्केको चौडा खुट्टा (भएको);—mouth च्यातिएको मुख; हाँस्दा च्यातिएको मुख ।

spleen (स्प्लीन्) ना. प्लीहा, गुल्म, फियो, तिल्ली; उद्वेग, विस्मात, खिन्नता, डाहा, ईर्ष्या;—ful,—ish,—y वि. खिन्न, झोक्की;—wort प्लीहघ्न, enlargement of the—प्लीहाभिवृद्धि, प्लीहोदर, फियो बढ्नु ।

splendent (स्प्लेन्'डेण्ट्) वि. (खानि. वि., कीट. वि.) धातुमय टलक भएको ।

splendid (स्प्लेन्'डिड्) वि. भासुर, उज्ज्वल, भास्वत, तैजस, भव्य, भडकिलो, शानदार, धूमधामको, झिलिमिली सहित; (व्यक्ति) रवाफिलो; (बो. चा.) उत्तम, बडो बेस ।

splendiferous (स्प्लेन्डि'फेरस्) वि. (बो. चा.) उत्तम, बेस, शोभामय ।

splendour (स्प्लेन्'डर) ना. तेज, कान्ति, दीप्ति, चहक, प्रभा, द्युति, टलक, छटा, ठाँट रौनक, भडक, रवाफ, शान, प्रताप, विभव; (वंश.) sun in—मानिसको मुख र चारैतिर किरणसहित ।

splenetic (स्प्लिने'टिक) वि. र ना. कर्कश, चिडचिडा, रिसाहा; फियोको; ना. फियोको रोग (रोगी) को ओखती ।

splenial (स्प्ली'निअल) वि. (श. वि.) काम्रो जस्तो; स्प्लीनिअस (पट्ट) पेशीको ।

splenic (स्प्ले'निक्) वि. फियोको, मा;—fever प्लीहज्वर, रोगाएका गाइवस्तुबाट सर्ने द्रोही फोडा ।

splenius (स्प्ली'नियस्) ना. (ब. व.—ii) टाउकोलाई पछाडि तान्ने, घाँटीको दायाँ बायाँ र पछाडि रहने तन्तु (को कुनै खण्ड); पट्ट पेशी ।

splenization,—is— (स्प्लीनाइज़े'शन्) ना. फोक्सो बदलेर फियो जस्तो वस्तु बन्नु ।

splice (स्प्लाइस्) क्रि. र ना. (डोरीहरूको) छेउ बाटेर जोड्नु; (काठका टिम्बा) एक अर्कोमाथि राखेर जोर्नु; (बो. चा.) विवाहबन्धनले जोर्नु, खा. ग. निष्ठा० मा,—ed विवाहित; ना. डोरीका छेउहरूको जोर्नी;—the main brace (नौ० अप०) थप रमको भाग बाँड्नु; eye-—डोरीको छेउ जोर्ने विशेष तरीका; sit on the—(क्रिके० अप०) सावधानीपूर्वक प्रतिरक्षात्मक खेल खेल्नु; बडो सावधानीसाथ मात्र बल हान्नु ।

spline (स्प्लाइन्) ना. र क्रि. पांग्रालाई तेर्सो चाल दिने साधन; पटरी, पट्टी, फल्याक; रेलको नक्शा इ० खिच्दा काममा ल्याइने नम्य काठ वा रबडपातो; क्रि. सो जड्नु ।

splint (स्प्लिण्ट्) ना. र क्रि. काम्रो, काष्ठखण्ड; घोडाको अगाडिको खुट्टाको दुई हाडमध्ये कुनै;—-coal पत्रे कोइला; क्रि. काम्रो बाँध्नु ।

splinter (स्प्लिण्टर्) क्रि. र ना. चिर्नु, चर्किनु, चिरिनु, लामू पातलो टुक्रा पार्नु, चकनाचूर पार्नु; ना. काठ वा ढुङ्गाको पातलो चुच्चे पचकर, कप्टेरो, छेस्का, छयाकन, सिन्को, टुँडो, तिनका;—-bar सवारीको स्प्रिङ्ग (लचकन) अडयाउने डण्डा; —bone नलीहाड;—party (राज०) ठूलो दलबाट टुक्रिने सानू दल;—-proof बम, तोपगोला, इ०, को छेस्काबाट बचाउ गर्ने, खण्ड विरुद्ध ।

splintery (स्प्लिन्'टरि) वि. छेस्काको, छेस्कापूर्ण, छेस्का जस्तो, घोच्ने, चिरिने ।

split (स्प्लिट्) क्रि. (split) फोर्नु, फार्नु, चिर्नु, चिरिनु; पत्र छुट्ट्याउनु, बाँड्नु, विभिन्न, विभक्त, गर्नु; फुट्नु, (बेमेलले) टुक्रिनु; (दाल, इ०) दल्नु, मुँडी फुट्नु, (हाँस्दा); दुख्नु, फुट्नु (कपाल); (अप०) on सँग, पोल्नु, गुह्य खोल्नु;—vote क्रि. र ना. विरुद्ध प्रार्थीहरूमा मत बाँड्नु, ना. बाँडिएको मत;—the difference प्रस्तावित दुई (मोल, अङ्क) मध्ये बीचको लिनु;—hairs पिष्टपेषण गर्नु, सानू कुरामा खिचोला गर्नु, सानू कुरामा मत भिन्नता गर्नु, ज. बा. hair—ting रौंचिराइ, अति सूक्ष्मता; side—ting मुँडी फोर्ने (हाँसो, ठट्टा); side—ter (व्यक्ति वा ठट्टा);—cloth धेरै छेउ भएको पट्टी (शिर, मुखको लागि);—gear, wheel

चिरिएको (झिक्न, राख्न, सजिलोको लागि आधा गरी बनाएको);—infinitive क्रिया र सोअगाडि आउने to को बीचमा धुसाइएको क्रि. वि., ज. कि. to calmly speak;—peas छाँटा;—personality द्वैत व्यक्तित्व, मनोविदलता;—pin प्वालबाट छिराएर दुई छेउ दुईतिर दोब्र्याएर कागत बाँध्ने शंकु, शलाका;—ring इस्पातको (झुत्तो बनाउने) चक्का;—second विदलित मुहूर्त, साह्रै छोटो समयको अवधि;—shot, stroke खेलमा जोरिएका बलहरू दुईतिर जाने आघात, हनाइ;—ter **ना.** विदारक, विदलक ।

split (स्प्लिट्) **ना.** विदारण, विदलन, चिरो; छाँटा, दिउल, (दालको फग्ल्याँटो), फग्ल्याँटो, दाल; फटाइ, भंग, छिद्र; विभाजन, फूट, भेद, मतभेद, बेमेल; (टोकरी कामको लागि) चिरेको वेंत; तानमा रहने इस्पात, वेंतको चिरा; चिरेको छालाको ठिङ्गो पत्र; (जुवा ताश फ्यारो) बराबर दुई ताश पल्टिनु, जसमा थापेको दाम आधा आधा बाँडिन्छ; आधा सोडा पानी बोतल; आधा गिलास रक्सी; (ब. व.) भैंमा बसेर खुट्टा फट्ट्याउने दाउ, do the—s ।

splosh (स्प्लॅश्) (बो. चा) फ्वात्त, (एक थुप्रो पानी एक्कासि फ्याँकेको); (अप.) दाम, पैसा ।

splotch, splodge (स्प्लॅच् , स्प्लॅज्) **ना.** टाटो, धब्बा; splotchy **वि.** टाटे, दागी ।

splurge (स्प्लर्ज्) **क्रि.** र **ना.** आवाजसहित प्रदर्शन वा प्रयत्न (गर्नु) ।

splutter (स्प्ल'टर्) **क्रि.** र **ना.**=sputter, ओठ कमाएर बोल्नु, थुकेको झैं बोल्नु ।

Spode (स्पोड्) **ना.** असल जातको माटाको भाँडो ।

spoffish (स्पॅ'फिश्) **वि.** (अप.) चटपटे, रगरगे, हडबडे ।

spoil (स्पॅयल्) **ना.** (सा. ब. व. वा सामूहिक ए. व.) (लडाइँमा दुश्मनसँग लिइएको) लूट, अपहार; नाफा, फाइदा, जो प्रतियोगितामा सफलताबाट पाइन्छ; (ठ.) आम सेवामा पाइने प्राप्ति; खन्दा, काट्दा झिकेको, फ्याँकेको, माटो;—s system विजेता राजनैतिक दल, शासक दल, ले आफ्ना पक्षका मानिसलाई आमसेवामा भर्ना गर्ने प्रथा, लोत्रपद्धति;—sman सो पद्धतिबाट लाभ उठाउने वा समर्थक ।

spoil (स्पॅयल्) **क्रि.** (—t वा—ed) (अ , सा. मा—t नहुने) लुट्नु, खोस्नु, हडप्नु; बिगार्नु, विघ्न पार्नु; बराल्नु, बहकाउनु उल्क्याउनु उल्किनु, भाँड्नु, पात्तिनु, खेर जानु, बरबाद गर्नु, पुलपुल्याउनु; (अप.) चोट लाउनु (व्यक्ति), मार्नु, सिध्याउनु; सड्नु, बयेल्नु (फलफूल, माछा, मासु र अलं० ठट्टा);—ing **वि.** उक्सिएको, मत्त, बहुलाएको;—sport मजामा बाधक, अडङ्गा लाउने;—t **वि.** बराला, बरालिएको, मात्तिएको, पुलपुलिएको ।

spoilage (स्पॅय'लेज्) **ना.** छाप्दा बिग्रेको कागत; बिगार ।

spoiled (स्पॅय'ल्ड्) **वि.** लालित, पात्तिएको, खेर गएको, अल्लारिएको, पुलपुलिएको, बरालिएको ।

spoiler (स्पॅय'लर्) **ना.** लाठे, बिगारुवा, भँडुवा ।

spoke (स्पोक्) **ना.** र **क्रि.** नाभिदेखि पांग्रासम्म पुग्ने प्रत्येक (मसिनो) डण्डी, तार; आरा; ज. बा.—wise (स्पोक्'वाइज्) **क्रि. वि.** आरा झैं; सिंढीको खुडकिलो, निर्णों चक्काको प्रत्येक त्रिज्याकार बींड; पांग्रा ओह्रालोमा गुड्नबाट रोक्ने डण्डा, ज. कि. (अलं.) put a spoke in (person's) wheel उसको प्रगतिमा रोक लगाइदिनु;—-bone हातको हाड;—' shave दुई बींडे रण्डा, खा. ग. घुमेको कामको लागि; **क्रि.** आरा हाल्नु, पांग्रा आराले बलियो पार्नु; spoking,—machine पांग्राको आरालाई एकै कोण दिने यंत्र ।

spoke, spoken,-spoken (स्पोक् , स्पोक्न्) **क्रि.** speak को भू. का., निष्ठा ।

spokesman (स्पोक्स'म्यान्) **ना.** मुख, प्रवक्ता, प्रतिनिधि, अरूका निमित्त बोल्ने ।

spolia opima (स्पो'लिया अपी'मा) **ना.** (रो. प्रा. इ.) द्वन्द्व युद्धमा पराजित विपक्षी सेनानायकबाट खोसिएको हतियार; (अलं.) अति श्रेष्ठ कार्य, सम्पादन ।

spolia/tion (स्पोलिए'शन्) **ना.** लूट, अपहरण, खा. ग. युद्धरतहरूले तटस्थ जहाजहरूको; (अलं.) बलादादान, चुसाइ; (धर्म.) स्वाँगी अख्तियारले कुनै क्षेत्रको उठती खाने काम; (का०) कागतको विध्वंस, केरकार, फेरफार इ., ज. बा. सो प्रमाणको रूपमा पेश हुन नसक्ने हुन्छ;—tor **ना.** ध्वंसक, —tory **वि.** ध्वंसक ।

spondaic (स्पॅन्डे'इक्) **वि.** स्पण्डी छन्दको; (षष्टपदीय श्लोकमा रहेको) पञ्चम स्पण्डी पद ।

spondee (स्पॅन्'डी) **ना.** छन्द (दुवै स्वर दीर्घ भएको पद हुने— —) ।

spondulicks (स्पॅन्ड्यू'लिक्स्) **ना.** (ब. व.) (अप.) पैसा, दाम ।

spondyl (e) (स्पॅन्'डिल्) **ना.** डँडाल्नुको जोर्नी, करङ्ग ।

sponge (स्पञ्ज्) **ना.** स्पञ्ज, विरल अवयवको एक नीच श्रेणीको जलजीव, जो लेभ्यांण्ट (पूर्वी भूमध्यसागर) तिर पाइन्छ, औ जो पानी सोस हुँदा जसको मृतअवशेष नुहाउँदा, वा कोही वस्तु माज्दा, साफ गर्दा, प्रयोग हुन्छ; स्पन्ज जस्तो शोषक वा संगतताको गुण भएको वस्तु, ज. कि. मुछेको पीठो, शल्यचिकित्सामा प्रयोग हुने शोषक गद्दा वा पट्टी, शोधनी, बन्दूकको नाल सफा गर्ने गुजुल्टो, मिहिन रेशा परेको फलाम वा अन्य धातु; (अलं.) परान्न पुष्ट, परपीडित, परजीवी, अर्काको उपरमा बाँच्ने; throw up the—हार्नु, मुक्काबाजले पालोको अन्तको विराम-अब नसक्ने भए भनी जनाउनालाई उसको सहायकले जीउ दल्ने स्पन्ज माथितिर फ्याँक्नु; pass the—over रिस, इबी, खतम गर्नु;—bath स्पन्जले मालिस;—cake हलका नरम स्पन्ज जस्तो केक;—cloth नरम खुकुलोसँग बुनेको चाउरी परेको तह भएको;—cucumber,—gourd, vegetable—भित्रको वस्तु सुकाएर हमामहरूमा जीउ दल्ने स्पन्ज झैं चलन हुने;—tent घाउ, इ०, खुला राख्नालाई दबाएको स्पन्ज (घाउमा राख्ने) ।

sponge (स्पन्ज्) **क्रि. र ना.** स्पञ्जले पुछ्नु, सफा गर्नु; स्पञ्ज निचोरेर (जीउमा) पानी खन्याउनु, down, over, पखाल्नु; (लेख, अलं० संऽऽना; इ० सा० out सँग) मेटाउनु, हटाउनु; सोस्नु, लिनु (up सँग, स्पन्जले); स्पन्ज जम्बा गर्नु; चाटुकारीबाट प्राप्त गर्नु;—on परजीवी हुनु, पराश्रयी हुनु, (कोही) माथि जीउनु; **ना.** स्पन्जले पुछ्ने, स्पन्ज स्नान; ज. कि. a—down; sponger **ना.** स्पन्ज लाउने, अर्कामाथि जीउने ।

sponging (स्प'न्जिङ्) **ना.** शा. अ. मा;—house (ऐति०, आ० अर्थ निचोर्ने, squeezing मा) ऋणीलाई चुक्ताको निमित्त अस्थायी तौरबाट थुन्ने सिपाहीको घर ।

spongiopiline (स्पन्जिअपाइ'लिन्) **ना.** स्पन्ज, रेशा र रवडबाट बनेको पुल्टीसको बदला ।

spong/y (स्प'न्जि) **वि.** स्पन्जसदृश, विरल, संकोचक्षम, नम्य, शोषक; (धातु) मिहिनसँग विभाजित, खुकुलोसँग संगठन भएको; —iness **ना.** स्पन्जगुण ।

sponsion (स्पॅन्'श्न्) **ना.** अर्काको लागि जमानी हुनु; (अन्ता० का०) विशेषाधिकार प्राप्त नगरेको व्यक्तिले राष्ट्रको तर्फबाट गरेको करार, चुक्ति ।

sponson (स्पॅन्'सन्) **ना.** युद्धपोतमा तोप अगाडि पछाडि ताक्न हुने गराउनालाई जहाजको छेउमा जडिएको तखता ।

sponsor (स्पॅ'न्सर) **ना. र क्रि.** धर्मपिता वा माता; वारिस, प्रतिनिधि, प्रस्तावक; आफ्ना माल सामानको विज्ञापन प्रसार गराउने विज्ञापक, व्यापारी; **क्रि.** प्रस्तावक बन्नु, प्रस्ताव गर्नु, तरफदारी गर्नु;—ial **वि.** प्रस्तावीय, प्रस्तावकीय;—ship **ना.** प्रस्तावकत्व ।

spontane/ous (स्पॅन्टे'नियस्) **वि.** स्वत:, स्वोत्पन्न, अकारण, अचोदस्, अयत्नकृत, आफसेआफ, आफैं, बाह्य कारण विना हुने, गर्ने; ऐच्छिक, आफूखुशीले; अकाम्य; स्याहार, खेतीविना, आफैं उम्रिने; (प्रा. वि.) (बिरुवामा रचनात्मक परिवर्तन, शिशु जनावरमा पेशीय क्रिया, इ०) सहजात, स्वचालित, विनाउद्देश्य भएको; (शारीरिक क्रिया, साहित्यिक शैली, इ०) प्राकृतिक शोभायुक्त र अक्कर वा तनाउविना;—combustion (भित्र रहेको तापले) आफैं (सल्की) दहन, स्वदहन;—generation स्वजनन (वास्तवमा कीटाणुद्वारा, कोही क्वाथमा देखिने प्राणहीन वस्तुबाट जीवित वस्तुको उत्पादन);—suggestion स्वचिन्ता, विचारको संसर्गबाट विनाचेतनशील इच्छा उत्पन्न हुने;—ity (—टेनी'इटि) **ना.** स्वेच्छा, यदृच्छा, काम ।

spontoon (स्पॅन्'टून्) **ना.** (ऐति०) बृटिश सेनामा अफिसरहरूले चलन गर्ने बंचरो र भालाको संयुक्त हतियारको किसिम ।

spoof (स्पूफ्) **क्रि. र ना.** (अप०) ठग्नु, छकाएर ठग्नु, अलमल्याइदिनु, करनी हान्नु, छल्नु, प्रपंच गर्नु; (वाच्य०) नकली, बनाएको; **ना.** छल, प्रपंच, ठट्टा, मसकरी ।

spook (स्पूक्) **ना.** (ठ०) भूत, प्रेत;—ish,—y भूते ।

spool (स्पूल्) **ना. र क्रि.** धागो, सूत, तसवीरको फिल्म, चलचित्र फिल्म, बेर्ने रील वा चक्का; माछा मार्ने बल्सीको धागो बेर्ने चक्का; **क्रि.** चक्कामा बेर्नु ।

spoon (स्पून्) **ना.** चमचा; tea—चिया; dessert—फल-फूल खाने, केही ठूलो; table—खाना खाने, ठूलो; (यी तीनै औषधिको मात्रा जनाउने शब्द पनि हुन्); Apostle—क्राइस्टका १२ जना शिष्यको मुखको आकार बींडमा भएको; egg—अण्डाखाने; salt, mustard—विभिन्न कामको; marrow—हाडबाट मज्जा, सुइ, झिक्ने; डाडु, पन्यौ; born with silver—in the mouth धनी परिवारमा; long—and the devil शैतानसँग बसेर खाने भए लामू चमचा लिनू, अर्थात् सो संसर्ग खतरनाक छ; wooden—केम्ब्रिजमा गणितको उच्च (ट्राइपस) जाँचमा निम्नतम स्थान पाउने परीक्षार्थीलाई दिइने काठको चमचा; egg and—race चमचामा अण्डा राखी नखसालेर दौडनुपर्ने; चमचे (वस्तु) खा. ग. डण्डी, गल्फको एउटा डण्डी;— - drift=spindrift;—fed (अलं., उद्योगहरू) उपदान वा कडा भन्सार महसूलद्वारा कृत्रिम सहायता गरिने, (विद्यार्थी, छात्र) समाचारले भरपूर;—meat झोले मासु, बालकको खाना (अलं० पनि);—net माछा मार्नेको माछा जालीबाट झिक्ने चमचे जाली; **क्रि.** चमचाले खानु; (क्रिके०) बल विस्तारै, कमजोर ढाँचासँग, हान्नु; up सँग समात्ने बल (क्याच्) हान्नु ।

spoon (स्पून्) **ना. र क्रि.** (अप०) लठुवा, लाटो; बेकूफ; लाटो वा ज्यादा माया देखाउने प्रेमी; be—s on ज्यादा आशक हुनु; **क्रि.** कामुक चाला गर्नु, (स्त्रीसँग) सकाम चल्नु ।

spooner (ism) (स्पू'नर्) **ना.** दुई वा बढी शब्दहरूको एक्कासिमा स्थान साटासाट वा विपर्यास; ज. कि. "blushing crow" "crushing blow" हुनुपर्ने; "ठाउँ छाड़" को साटो "छाँड ठाड्" "पानी खा" को साटो "खानी पा"; शब्दाक्षर विपर्यास ।

spoon/y (स्पू'नी) **वि. र ना.** (अप०) कमजोर, बेकूफ, भावुक, कामुक, आशक गर्ने; **ना.** नरम लाटो;—ily **क्रि वि.** प्रेमसँग, लाटो झैं ।

spoor (स्पूर्) **ना. र क्रि.** पशुले (बनाएको) पादचिह्न, वा बाटामा छोडेको गन्ध; **क्रि.** गन्ध वा चिह्नले पशुको पछि लाग्नु, पत्ता लाउनु ।

sporadic (स्पऱ्या'डिक्) **वि.** कहिलेकाहीं मात्र हुने, छरिएको, फाटफुट, एकश:, बेग्लाबेग्लै;—al **वि.** (विर०); —ally **क्रि. वि.** फाटफुट, एकश: ।

sporangium (स्पऱ्यान्'जिअम्) **ना.** (वन०) कोष बन्ने खोल ।

spore (स्पोअ्र्) **ना.** बीज; (वन०) (फूल नफुल्ने बिरुवामा) एकलो कोष जो स्वतंत्र भएर व्यक्तिगत विकास र अभिवृद्धि गर्दछ; (प्रा. वि.) सूक्ष्म जीव जो नयाँ व्यक्ति बन्दछ; (अलं.) केहीको बीज, ब्यू, अंकुर; sporogenesis बीजजनन;—ogenous बीज उत्पादक ।

sporran (स्पॅरन्) **ना.** स्क. का पहाडीहरूले ऊनको लहँगा

जस्तो किल्ट पोशाकमा अविल्तिर झुण्डयाएर लाउने भुत्लाले मोरेको थैलो ।

sport (स्पोर्ट्) ना. र क्रि. मनोविनोद, रमाइलो, मजा, in—ठट्टासँग; make—of हँसीमा उडाउनु, ठट्टा गर्नु; the—of Fortune खेलवाड; खेल, क्रीडा, विनोद; घरवाहिरको क्रीडा, ज. कि. शिकार, माछामार्नु, घोडदौड; good—वेस शिकार, खेल; athletic, school, university—s कसरत, दौड, कूद, इ.;—s coat, jacket खुकुलो;—s field खेल मैदान;—s car दौडको लागि; पशु, विरुवा जो कि एक्कासि वा अद्भुतसँग साधारण ढाँचावाट फाटेर जान्छ;—sman,—swoman शिकारी वा दौडको शौखीन, खेलाडी, खेलैया; (अलं.) जीवनलाई खेल संझी प्रतिद्वन्द्वीउपर न्याय गर्ने मन भएको व्यक्ति, साहसी खेल गर्न इच्छुक खेलाडी, ज. वा.—smanship खेलाडीपन;—smanlike खेलाडी अनुरूप; क्रि. मनोरञ्जन गर्नु, खेलमा भाग लिनु; (क्र.) मा रुचि लिने, ज. कि. a—ing man खेलमा रुचि भएको, खेलाडीअनुरूप;—ing conduct,—ing offer खेलाडीको चाल; खेलाडी सुहाउने प्रस्ताव; लाउनु, देखाउनु, उत्पन्न गर्नु, ज. कि.—a moustache जुघाँ देखिने गरी पाल्नु;—one's oak (वि. वि. अप.) आफ्नू कोठाको वाहिरी ढोका बन्द गरिदिनु, भेट्न आउनेहरूलाई रोक्न ।

sportive (स्पो'र्टिभ्) वि. सपरिहास, सविलास, सखेल, खेल्ने, क्रीडाशील ।

sporule (स्पॅ'न्यूल्) ना. सानू बीज, सानू कीटाणु ।

spot (स्पॅट्) ना. ठाउँ, स्थान, थलो, (अलं०) कसैलाई मन नपर्ने विषय; टाटो, पाटा, पोतो, धब्बा, दाग, कोठी, डण्डीफोर; (अलं०) नैतिक दाग, दुर्गुण; माछा र पाल्ने परेवाको किसिस; (अप०) दौडमा जित्ने घोडा पत्ता लाउनु, त्यस्तो घोडा; (वो. चा.) केही कुराको थोरै मात्र, ज. कि. पेयको, विदाको a—of; (विलियर्ड) टेवुलको प्रत्येक छेउमा रहने सानू गोल दाग; —-stroke रातो वल खल्तीमा पसाल्ने आघात;—barred game दोहऱ्याएर रातो वल खसाल्ने आघात गर्न नपाइने खेल; —(-ball) अरूवाट कालो वाट्लो थोप्लोले छुट्ट्याइएको वल, दाग (वल); on the—तुरुन्त, जहाँको तहीं; (व्यक्ति) होशियार, स्थितिको सामना गर्न सक्ने, खेलमा राम्रो स्थानमा रहेको; put on the—(अप०) (कसैलाई खून गर्ने निर्णय गरिनु; (व्यापा०)—cash नगदा नगदी;—s सो वन्दोवस्तले विक्री भएका सामान;—light (नाच०) खास अभिनेताउपर फ्याँकिने उज्यालो, स्थलप्रकाश; सो उज्यालो फ्याँक्ने यंत्र, स्थलप्रकाश; (अलं०) सार्वजनिक ध्यान वा आकर्षण ।

spot (स्पॅट्) क्रि. (—tt—) टाटो, धब्बा, लाग्नु; दाग लाग्नु, मैलिनु (अक्ष० र अलं०) (सामान) दागले चिन्ने गराउनु, थोप्ल्याउनु; (वो. चा.) अघिवाट चिन्नु, ज. कि. दौडमा पहिलो हुने घोडा; पत्ता लाउनु, चिन्नु (ज. कि. भीडमा परिचित व्यक्ति); (सेना०) दुश्मनको स्थान वा स्थिति, खा. ग. हावावाट पत्ता लाउनु;—ter ना. सो काममा खटिने हवावाज; वायुयान चिन्ने तालीम प्राप्त व्यक्ति पनि; (निष्ठा०) टाटेपाटे, चिरविरे, चितकवरा, छिरविरे;—ted dog (अप०) किसमिस घुसारेको केक;—ted fever मेनिनजाइटिस ।

spouse (स्पाउज्) ना. पति वा स्त्री, वेकत, जोईपोइ, कान्त, कान्ता ।

spout (स्पाउट्) क्रि. र ना. धारा लाग्नु, ओकल्नु, निस्कनु; फलाक्नु, भटभटाउनु; (अप०) वन्धक राख्नु; ना. धारो, टुटो, टुटिया, नली, प्रणाली, करुवा; वन्धक पसलमा रहने तेर्सो द्रोणी ज. वा. (बन्धक राखेको माल) भाँडोमा चिप्लेर खस्छ; (one's) watch is up the—(कसैको) घडी वन्धकमा छ; धारो, खम्वा, (तरल, अनाज, इ० को); water—जलवज्र;—hole वायुनली (ह्वेलको);—er ना. फुक्ने, परेवाको जात, गलफुल्ला ।

sprag (स्प्याग्) ना. मोटर इ० को पांग्रा नगुडोस् भन्नाको लागि राखिने काठ वा पत्थरको पचकर अडको ।

sprain (स्प्रेन्) क्रि. र ना. मर्कनु, मर्काउनु, मर्मन्याउनु; ना. मर्काइ, ऐंठन, स्नायुवितान, अतिवितान ।

spraints (स्प्रेण्ट्स्) ना. (व. व.) पानी विरालोको विष्टा ।

sprang (स्प्याङ्) क्रि. spring को भू. का.=उफ्र्यो ।

sprats (स्प्याट्स्) ना. र क्रि. (—tt—) सानू योरपवासी खान हुने माछा; अरू माछा; हेरिङ माछाको बच्चा; throw a—to catch a whale सानू चीजको खर्चले ठूलो माल भेट्टाउनु; (ठ०) दुब्लो वालक; क्रि. स्प्याट माछा मार्नु ।

sprawl (स्प्रॉल्) क्रि र ना. लड्नु, लेट्नु, हातखुट्टा फिंजारेर लेट्नु; (लेखाइ, विरुवा) नमिलेको वा छितरिएको; (सेना०) फौज वेढंगसँग खुला गर्नु; लेटाइ, शयान, आलम्बित;—ing वि. लमतन्न ।

spray (स्प्रे) ना. र क्रि. फूल, शाखा, विटप, इ० सहित रूखको हाँगा; फूल र पातको थुँगो; सोही आकारको जुहारात; —-drain हाँगाले भरेर वनाएको खेतको नाली; सिर्का, सीकर, तुषार, धारा, पचका; क्रि. धारा पारेर छयाप्नु, सिर्काउनु, खा. ग. फलविरुवा, वोट, कीटनाशक औषधिले;—board (जहाजमा) समुद्रवाट आउने सिर्का रोक्ने तखता;—er ना. पचका;—ey वि. सीकरी, सीकरवाहिन;=ing ना. उदकाघात, धारा छयापाइ ।

spread (स्प्रेड्) क्रि. (spread) पसार्नु, फिंजाउनु, फैलिनु, गाँजिनु, विछयाउनु, फिंज्नु, लम्क्याउनु, पाँज्नु, पोत्नु, पोतर्नु, सम्याउनु, (अलं०) त्यसरी आँखा वा मनलाई प्रदर्शन गर्नु; ढाक्नु; बिस्कुन पार्नु,—oneself (अप०) शेखी गर्नु, वडप्पनसँग कुरा गर्नु;—eagle (टक, बुट्टामा देखिए झैं) पखेटा र खुट्टा फिजारेको चीलको चित्र; बरफमा स्केट गर्दा बुट्टाको दुवैपट्टि एकसाथ, एक खुट्टा अगाडि र अर्को पछाडि राखी चिप्लनु; (वो. चा.) पिठ्यूँ चिरेर सेकुवा गरेको चरो, कुखुरो; (नौ०) सजायको रूपमा व्यक्तिलाई जहाजको डोरी

इ० साज राखेको ठाउँमा हात खुट्टा बाँध्नु; (क्रि.—eagle त्यसरी कस्नु);—eagle वि. बढेचढेको (बोली, चाला), खा. ग. कराउने देशप्रेमी;—over (system) सीमित काम घण्टालाई विशेष आवश्यकतानुसार मिलाउन हुने नम्यता ।

spread (स्प्रेड्) **ना.** प्रसार, पसारो, फाँज, फाँद, विस्तार, फैलावट, फैलावटी; बढेको शारीरिक गोल नाप (खा. ग. उमेरमा), चौडाइ, शिक्षा, इ० को प्रसार; (बो. चा.) भोज, राम्रो खवाइ; (व्यापा०) उत्पादन खर्च र विक्रय मूल्यको फरक;—ing **ना.** मथलारम्भ ।

spree (स्प्री) **ना.** र **क्रि.** फुर्तीवाल रमाइलो, मजा, मोजमजाक, पिउने जमघट; buying—किन्ने सोख, खर्च गर्ने तलतल; **क्रि.** मोज गर्नु, रमाइलो गर्नु ।

sprent (स्प्रेण्ट्) **वि.** छरिएको, ढाकिएको (थोपा, कण, इ० ले) ।

sprig (स्प्रिग्) **ना.** र **क्रि.** (—gg—) सानू हाँगा, विटप, टुसो, पल्लव; सो आकारको गहना; सानू चुच्चे बेशिरको काँटा वा कीला; (सा० हेलाँ०) युवक, यौवन; **क्रि.** शाखाले सिंगार्नु, ज. कि.—ged muslin बुट्टा हालेको मजलिन;—tail चुच्चे पुच्छर भएको हाँस र ग्राउस चरो;—gy **वि.** शाखाजस्तो, ऐ ।

spright/ly (स्प्राइट्'लि) **वि.** उल्लासी, तेज, उत्साही, टाठो, फुर्तिलो;—liness **ना.** चुरीफुरी, फूर्ति, उल्लास, प्रहर्ष ।

spring (स्प्रिङ्) **क्रि.** (sprang, sprung) उफ्रनु, कुद्नु, छलाङ्ग मार्नु; हुत्तिनु, नाच्नु, उछिट्टिनु, टप खानु, फट्कनु, अँकुरिनु, जन्मनु, उत्पत्ति हुनु, (कमानीको दवावले ऐ) ख्वाट्ट सर्नु; उत्पन्न हुनु, देखापर्नु; (काठ) पसांगिनु, फाट्नु, चिरिनु; निष्ठा० (बो. चा,) जाँड लागेको, लठ्ठ; (शिकार) लुकेको ठाउँबाट झिक्नु; (कमानीले) एक्कासि चल्नु, काम गर्नु; (मोटर, इ० मा) कमानी, लचकन, हाल्नु; थलबमलाई पडकाउनु; (नौ०) जहाज—a butt जोरदार समुद्रमा छालले पिटिंदा तखता खुकुलो हुनु;—a leak तखता छुट्टिएर चुहिन थाल्नु —a mine विस्फोटक पडकाउनु, थलबम पडकाउनु ।

spring (स्प्रिङ्) **ना.** छलाङ्ग, लंघन; वसंतकाल, पुष्पकाल; मुहान, मूल, भूँड; परापतन, विवर्तन; नम्यता, लचिलोपन; कमानी, लचकन; bow—धन्वाकार कमानी; air वा pneumatic—हावा कमानी; hair—, main—रौं कमानी, मूलकमानी; (अलं०) मूल, स्रोत, उद्देश्य; तेर्सो टिम्बा, सत्तरी, इ. को उपरी चढाव; फल्याकको पसांगिनु; चुवोट हुनु; (जहाज, डुङ्गा,) बाँध्ने रस्सी; (ब. व.) ज्वार छालको अवधि;—balance कमानी तराजू ;—beam बिनाअडानको चौडा सत्तरी;—bed वा mattress घुमाउरो कमानी जडेर लचकदार बनाएको बिछौना वा तोशक;— -board उफ्रँदा, डुबकी मार्दा, जोड दिने लचकदार तखता;—carriage, cart इ० कमानी जडेको;—clean **क्रि.** घर, कोठा, इ० राम्ररी सफा गर्नु, खा. ग. वसन्तना;— -cleaning **ना.** सफासुग्घर;—gun चोर वा पशुले कुरचनासाथ आफैं पड्कने, कमानी बन्दूक ;— -halt घोडा हिंडाउँदा पछिल्लो खुट्टाको आक्षेपकर, (एक्कासिको) चाल;—tide पूर्णिमा र औंसीमा उठ्ने ज्वार; (कवि.) वसन्त,—time वसन्त;—water मूलको पानी;—less बिनालचकको, वसन्तरहित;—like वसन्तसरी;—let छोटो वसन्त ।

springal (d) (स्प्रिङ्ग'ल् (ड्) **ना.** (आ०) ठिटो, बच्चो ।

springbok (स्प्रिङ् बॅक्) **ना.** द. अफ्रिकाको मृग; S—s द. अफ्रिकावासीको उपनाम, खा. ग. फूटबल, क्रिकेट इ० टीम, दलहरूको लागि ।

springe (स्प्रिञ्) **ना.** सुक्यौंलो, पासो, (सानू शिकारको लागि) ।

springer (स्प्रि'ङर्) **ना.** शा. अ. मा, खा. ग. र पनि: (भवन०) गुम्बजको वक्र शुरू हुने भाग; सोको सबभन्दा तल्लो ढुङ्गा; शिकारलाई जगाउन प्रयोग हुने कुकुरको जात ।

springy (स्प्रि'ङि) **वि.** (चाल, वस्तु) लचकदार, नम्य ।

sprinkle (स्प्रि'ङ्कल्) **क्रि.** र **ना.** छर्नु, छितराउनु, छिट्नु, छम्कनु, तुर्क्याउनु, छयाप्नु; **ना.** हलका वर्षा, सिमसिम;—r **ना.** छर्ने; spinkling **ना.** खा. ग. फाटफुट ।

sprint (स्प्रिण्ट्) **क्रि.** र **ना.** (छोटो दूरता) दौडनु; (तोकेको हदसम्म) वेगसाथ दौडनु; **ना.** छोटो दौड, वा छोटो वेगसाथ दौड;—er धावक, दौडने ।

sprit (स्प्रिट्) **ना.** (जहाज) मस्तूलदेखि पालसम्म पुग्ने सानू फल्याक ।

sprite (स्प्राइट्) **ना.** परी, प्रेत, पिशाच ।

sprocket (स्प्रॅ'केट्) **ना.** सिक्रीको लुङ्ग बस्ने चक्काको प्रत्येक दाँती;—wheel दाँते चक्का ।

sprout (स्प्राउट्) **क्रि.** र **ना.** टुसाउनु, उम्रनु, पल्हाउनु, मौलाउनु; उम्रनु र बढ्नु; अग्लो हुनु; उमारेर उत्पन्न गर्नु, ज. कि.—horns, a moustache सींग, जुँघा, उमार्नु; **ना.** टुसो, आँकुरा, (तरकारीको) मण्टो, गाभो, अंकुर, मंजरी, मुना, चिचिलो; Brussels—s चश्मा बन्दाकोवी ।

spruce (स्प्रूस्) **ना.**, **वि.** र **क्रि.** सल्ला जातको रूख, देवदारू—fir पनि;— -beer लूतोमा औषधिको काम गर्ने ऐ. को पात र सानू हाँगाको क्वाथ; **वि.** छरितो (पोशाक र रूपमा) छाँट परेको, टम्म परेको ठाँटी; **क्रि.** (आफूलाई) सिगार्नु, टम्म पार्नु, छरितो हुनु, ठाँटिनु ।

sprue (स्प्रू) **ना.** पग्लेको धातु साँचोमा हाल्दा बग्ने बाटो वा भाँडा; निर्गम, मार्ग; साँचो भर्ने धातु; गर्मी देशको मुखमा खटिरा हुने पेट बिग्रने रोग ।

spruit (स्प्रेट्) **ना.** (द. अफ्रिका) खहरे, बर्खामा बाहेक एकदम सुक्ने पानीको बाटो ।

sprung (स्प्रङ्) **क्रि.** spring को भू. का. र निष्ठा०= उत्पन्न ।

spry (स्प्राइ) **वि.** (—er,—est) क्रियाशील, सजीव, फुर्तिलो, फुर्केको, टाठो, टठमराएको, ठाँटिएको ।

spud (स्पड्) **ना.** र **क्रि.** (-dd-) कुटो; छोटो सान

चीज;—dy वि. पुडके; छोटो, (अप०) आलु, **क्रि.** कुटो, खुर्पी, ले गोड्नु, सोहनी गर्नु ।

spuddle (स्प'ड्ल्) **क्रि.** (प्रा०) खन्नु, हलका खोदाइ गर्नु (अपेशावाला वर्गैंचेहरूले) ।

spue (स्प्यू) **क्रि.** spew वान्त गर्नु, ओकल्नु ।

spum/e (स्प्यूम्) **ना.** र **क्रि.** फिंज, फेन, मण्ड, उत्सेचन (काढ्नु);—escence फैणन,—iness **ना.** फिंजिलोपन;—y **वि.** फिंजिलो ।

spun (स्पन्) spin को भू. का.=कात्यो ।

spunge (स्पन्ज्) **ना.** sponge को. आ. रूप ।

spunk (स्पङ्क्) **ना.** (बो. चा.) साहस, ह्याउ, जेहन, रिस;—y वि. जेहनदार, बहादुर, साहसी, रिसाहा ।

spur (स्पर्) **ना.** र क्रि. (–rr–) ऐंडी, (अलं०) उत्तेजना, प्रचोदना; ऐंडीको आकारको वस्तु, ज. कि कुखुराको खुट्टोको ठेला परेको डल्लो, पर्वत मालावाट निस्केको प्रक्षेपण, काँध; (भित्ता) चढ्ने फलामे कीला; किल्लाबन्दीमा भित्री भित्ता; फूल भित्रबाट निस्कने मसिनो खोक्रो डाँठ; set—s to ऐंडी हान्नु; need the—सुस्त, धीमा; win (one's)—s (ऐति०) नाइटको दर्जा प्राप्त गर्नु; (अलं०) ख्याति पाउनु, नाम कमाउनु; on the--of the moment सहसा, विना सोची; **क्रि.** ऐंडी हान्नु, उत्तेजना गर्नु (व्यक्तिलाई केही काम गर्न); इख्याउनु; ऐंडी (वा सो जस्तो कामको कुरा) जड्नु, लगाइदिनु;—a willing horse अनावश्यक कचकच गर्नु;—on वेगसँग घोडा दौडाउनु ।

spurge (स्पर्ज्) **ना.** टर्रो दुधिलो रस हुने बिरुवाको प्रकार ।

spurious (स्प्यू'रियस्) **वि.** नकली, कृत्रिम, वाहिडा, खोटो, कपट, कूट, मिथ्या, ज. कि.—coin खोटो टक;—reading मिथ्या पाठ;—affection कपट स्नेह; (पशु०) अङ्गका रूप भएको, तर सोको काम नगर्ने; कोहीं अवयवको काम गर्ने, तर पशु वनस्पति आकार शास्त्रबमोजिम फरक रूपको, ज. कि.—eyes,—legs मिथ्या चक्षु, पाद, इ० ।

spurn (स्पर्न) **क्रि.** र **ना.** ठुक्र्याउनु, लत्याउनु; ठुक्नु, निःसरण गर्नु, प्रत्याख्यान गर्नु, तिरस्कार गर्नु, धिक्कार्नु; **ना.** हेलाँसहितको प्रत्याख्यान, धिक्कार ।

spurrier (स्प'रियर्) **ना.** ऐंडी बनाउने ।

spurry,—rey (स्प'रि) **ना.** अनाजको खेतमा हुने गुलाफी फूलको झार ।

spurt (स्पर्ट्) **क्रि.** र ना. छिर्का भएर निस्कनु (spirt हेर्नू); दौडमा (जित्नालाई, खा. ग. अन्ततिर) एक्कासि, छोटो, जोरदार कोशिश (गर्नु); **ना.** झोक्का, हुत्ता ।

sputnik (स्पुट्'निक्) **ना.** रुसी पृथ्वी उपग्रह; (रुसी भाषा =यात्राको साथी) ।

sputter (स्प'टर्) **क्रि.** र **ना.** थुकेको झैं बोली उच्चारण गर्नु, अस्पष्टसँग बोल्नु (खा. ग. रिस, इ० ले गाली, धम्की); नबुझिने गरी बोल्नु; छिटो वा वेगसँग बोल्नु; **ना.** त्यस्तो बोली ।

sputum (स्प्यू'टम्) **ना.** (व. व —ta) थूक, राल, थुकेको वस्तु, खकार, कफ, इ० जो रोगको लागि निदानात्मक होओस्; मुखस्राव ।

spy (स्पाइ) **ना.** र **क्रि.** चर, चेवा, वार्ताहर, गुप्तचर; **क्रि.** देख्नु, पैल्याउनु, पत्ता लाउनु, गुप्तसँग पत्ता लाउनु; गुप्तचर हुनु, चेवा गर्नु; I—strangers ब्रिटिश लोकसभामा आगन्तुकहरूलाई सभाभवनबाट निकाल्ने सूत्र;—glass दूरबीन;—hole चियाउने प्वाल ।

squab (स्क्वॅब्) **वि.**, **क्रि. वि.** र **ना.** छोटो र पुड्को, गाण्टे;—y **वि.** (स्क्वॅबि) गाण्टे; **क्रि. वि.** धडाम्म (खस्नु); **ना.** गाण्टो व्यक्ति; बच्चा (उड्न नसक्ने) परेवा; कपास कोचेको गद्दा; गद्दादार मेच;—-chick पखेटा नलागेको चरा;—pie चरा खसी, को मासु हालेको पाइ (झोल तरकारी किसिम) ।

squabble (स्क्वॉ'ब्ल्) **क्रि.** र **ना.** कचिङ्गल गर्नु, वाझ्नु, मुख लाग्नु, राडो मच्चाउनु, गलफत्ती गर्नु; (मुद्र०) टाइप (कम्पोजबाट) छर्नु; **ना.** लठारो, कचकच, वाक्कलह, कलह, विवाद;—r **ना.** कचिङ्गल; कलहकारी, वझुवा ।

squad (स्क्वॉड्) **ना.** (सेना०) कवायत इ० को लागि जम्बा भएका थोरै संख्याका मानिस, टोली, दल;—drill प्रारम्भिक; awkward—सिकारु, पूरा सैनिक नभइसकेको, अलं० पनि; सानू टोली; flying—चाँडो पछि लाग्नाका निमित्त मोटर सवारी सहितको प्रहरी टोली, उड्ने टोली ।

squadron (स्क्वॉ'ड्रन्) **ना.** र **क्रि.** दुई फौज रहेको महादल; व्यवस्थित व्यक्तिहरूको समूह; खास काम वा सेवामा खटिएका युद्धपोतहरूको टोली, ज. कि. flying—चाँडो सफर गर्न सक्ने साधनसहित; १० देखि १८ वायुयानको गूट;—-leader वायु सेनाको दर्जा; **क्रि.** जवानलाई टोलीमा राख्नु ।

squail (स्क्वेल्) **ना.** (ब. व.) सानू काठका चक्काको खेल ।

squailer (स्क्वे'लर्) **ना.** टाउकोमा सीसाले गह्रौं पारेको लठ्ठी (लोखर्केलाई हान्नालाई) ।

squalid (स्क्वॉ'लिड्) **वि.** फोहर, नीच, चुत्थो, दरिद्री (बाह्य-रूपमा),—ity,—ness **ना.** मलिनता, निकृष्टता, फोहरोपना, दारिद्र्य ।

squall (स्क्वॉल्) **क्रि.** र **ना.** चिच्चाउनु, कराएर रुनु. डर वा पीडाले कराउनु, चीत्कार वा बिग्रेको बोलीले कराउनु, (बालक) रुन्चे झगडा गर्नु; **ना.** अचानकमा आउने आँधीको झोक्का, खा ग. पानी र हिउँसित; arched—भू-मध्य रेखानिर उठ्ने, कालो बादलसहित; black—कालो बादलसहित; white—राम्रो मौसिममा विना बादल उठ्ने;—y **वि.** आँधी बेहरीसहितको; look out for a—(अलं०) खतरा वा कष्टको लागि सावधान रहनु; चीत्कार, रुवाइ ।

squaloid (स्क्वे'लयड्) **वि.** नक्रराज जस्तो, नक्रराजीय ।

squalor (स्क्व्या'लर्) **ना.** फोहर, मैला, गरीबी ।

squama (स्क्वे'मा) ना. (वन० पशु० ब. व.– al) कत्ला जस्तो, प्वाँख वा हाडको भाग ।

squander (स्क्व्या'ण्डर्) **क्रि.** फजूल खर्च गर्नु (समय, दाम), बेकाममा सिध्याउनु, दौलत फुँक्नु; हुरेल्नु, वैरनु, मास्नु,

अपव्यय गर्नु;—er ना. अपव्ययकारी, विक्षेपी ।

square (स्क्वायर्) ना., वि., क्रि. वि. र क्रि. वर्ग, चारपाटे, चौकोस, चोक; बीचमा चौर, रूख र चारैतिर घर भएको जग्गा, T—अक्षर T को आकार भएको नाप्ने औजार; out of—बाङ्गो; आदर्श, नमूना; द्विघात; चौकोस परेर खडा फौज; hollow—बीचमा खाली भैं परेर त्यसरी खडा फौज, खोक्रो चौकोस; (अप०) पुरानू विचारको मान्छे; magic—चौकोसका खण्डमा अङ्कहरू यसरी राखिएका कि सोझो, तेर्सो, कुना, जसरी जोडे पनि योग उही हुन्छ, जादू चौकोस, खण्ड, खाना, घर, कोट; वि. चौकोस, वर्ग (नापमा),—measure वर्ग परिमाण; चौकोस परेको;—number द्विघात संख्या;—dance, game दुई जोडाको नाच वा खेल; लमाइ र चौडाइमा ज्यादा फरक नभएको, ज. कि—build; गोल होइन, कुना परेको, ज. कि—peg; ठीक काइदासँग, सफा सुग्घर; सफा, विनासन्देह; ईमानदार, निसाफी; (अप०) पुरानू विचारको; be on the—फच्या, फाछें, सुलिएको, ठीकठाक, रफासफा;—-built फराकिलो;—face (अप०) जिन (पेय);—head अम० या क्यानडामा बस्ने स्क्याण्डिनेभियाको मान्छे;—leg (क्रिकेट) मैदानपट्टिको खेलाडी उभिने स्थानविशेष;—shouldered चौडा नझुकेको काँध भएको;—-toed (जुत्ता, बूट) चौडा पञ्जा भएको; (अलं०) औपचारिक, चेपारे;—-toes चौडा पञ्जा भएको व्यक्ति; क्रि. वि. टम्म, मजासँग, सोझोसँग; fair and—ly विना छल, सोझोसँग; क्रि. चौकोस पार्नु; (संख्यालाई) आफैंले गुन्नु, वर्ग गर्नु; मिलाउनु, ठीक पार्नु; तिर्नु (हिसाब, बिल); (अलं०) बदला लिनु;—up (बो. चा.) पैसा, खा. ग. घूस, दिनु; त्यसरी सहमति प्राप्त गर्नु;—the circle (अलं०) असम्भवलाई सम्भव गराउनु; (खेल, खा. ग. गल्फ) संख्या बराबर गराउनु;—the shoulders कम्मर कस्नु; all—ठीक, राफसाफ, फच्च्या ।

squarson (स्क्वार्'सन्) ना. (ठ०) squire र parson को दुई स्याँको संयुक्त शब्द; सामण्डित=सामन्त+पण्डित ।

squash (स्क्वॉश्) क्रि. र ना. कीचकाच पार्नु, गिलगिल्याउनु, हुँडिनु, लितिपिति पार्नु, चेप्प्याउनु, किच्नु; खाँद्नु; भीड गर्नु; (अलं०) भित्ता पुऱ्याउने जवाफले (व्यक्तिलाई) नाजवाफ पार्नु; जसोतसो गरेर, कोचिएर, पुग्नु; ना. लूँडो, डल्ला; भीड, संकुल वा समाकुल स्थान, सभा; नरम चीज खसेको (फ्वात्त) आवाज; लौकाको प्रकार; lemon—कागतीको रस र सोडा पानी मिसाएको पेय, कागती सोडा;—hat नरम जमोठको;—iness ना. नरमपन;—y वि. गिलगित्त, गलक, फतक, फ्यात्त;—ed वि लितिक, किचिफाँडो ।

squat (स्क्वॉट्) क्रि. (—tt—) वि. र ना. ढुकुक, हगासनमा, बस्नु; (पशु) भैंना बस्नु; (बो. चा.) बस्नु (on, upon); वि. बसेको आसनमा; (व्यक्ति) पुड्को र मोटो, गाण्टे; ना. बस्ने आसन; hot—(प्राणदण्ड दिने) बिजुली मेच;—गाण्टे व्यक्ति ।

squatter (स्क्वॉ'टर्) ना. शा. अ. मा पनि (अस्ट्रेलिया सरकारबाट) सस्तोमा चरनको ठेक्का लिने व्यक्ति, गाइवस्तु पाल्ने पनि; विनाहक आम जमीन दखल गर्ने व्यक्ति; खाली घर जबरजस्ती कब्जा गर्ने व्यक्ति ।

squaw (स्क्वॉव्) ना. अम० इण्डियन स्त्री वा स्वास्नी;—man अम० इण्डियन स्त्रीसँग विहे गर्ने गोरा ।

squawk (स्क्वॉक्) क्रि. र ना. (मुख्य चरा) डर वा पीडाको चीत्कार गर्नु; ना. चीत्कार ।

squeak (स्क्वीक्) क्रि. र ना. मुसा, तेल नहालेको कब्जा, इ० ले झैं छोटो कर्कश आवाज गर्नु, चींचीं गर्नु; कर्कश शब्द निकाल्नु, (अप०) पोल्नु, पोलाहा हुनु; ना. चींचीं, कर्कश छोटो आवाज;—ily क्रि. वि. चींचीं, क्यार्र, गर्दै;—y वि. कराउने (जुत्ता, ढोका, इ०) ।

squeaker (स्क्वी'कर्) ना. शा. अ. मा, पनि, चरोको बच्चा, बच्चा परेवा ।

squeal (स्क्वील्) क्रि. र ना. बच्चाको झैं त्रास वा पीडा वा खुशी, रिस, इ० को स्वर निकाल्नु; त्यसरी बोल्नु, (अप०) जोरदार उजूर गर्नु (ज. कि कडा कर, चर्को मोल, को विरुद्ध); (अप.) पोल्नु, पोलाहा बन्नु; make (one)—(अप.) कसैलाई डर, धम्की देखाएर चुस्नु; ना. चीत्कार, डाँको (बच्चा, सुङ्गुर, इ. को) ।

squealer (स्क्वी'लर्) ना. शा. अ. मा पनि, चराको बच्चा, परेवा ।

squeamish (स्क्वी'मिश्) वि. विवमिषु, वाकवाक लाग्ने, वमनोन्मुख, सावज्ञ, अवमानी, सोपियानो, छिचिंगुटे, औचित्य वा ईमानमा ज्यादा सङ्कोची;—ness ना. विविमिषा, संकोच ।

squeegee (स्क्वी'जि वा स्क्वीजी') ना. र क्रि. जहाजको तखता, सडक, इ० बढार्ने रबड जडेको बढार्नी, त्यस्तै सानू रबडको बेलनी (फोटो० को काममा चलन हुने); सो बेलनीले सफा गर्नु, वा तसवीर चिल्लो पार्नु ।

squeez/e (स्क्वीज्) क्रि. र ना. निमोठ्नु, निचोर्नु, अँठ्याउनु, जाक्नु, ठेस्नु, हुल्नु, खाँद्नु, ऐंचनु, ऐंठनु, घुसार्नु, पसाल्नु, ठोस्नु, गाँज्नु, ठेल्नु, किच्नु, किचिनु, (दाम) चुस्नु, धुत्नु, दड्नु, झार्नु; दबाउनु, कर लगाउनु; (मैन, मसी, इ० ले) साँचो, पैसा, इ० को छाप झिक्नु; a—ed orange (अलं.) चुसेर रित्याएको व्यक्ति; ना. ऐंठन, निचोराइ; भीड, घुइँचो; बन्देज; सिक्का, इ० को छाप; (अड्डावालाको) दस्तूर, जबरदस्तीको उठती, कमीसन;—play (ब्रिज ताश खेल) तुरुफ, हुकुम इ० लगालग खेलेर विपक्षीलाई जरूरी पत्ती फ्याँक्न लाउने खेल;—able निचोरिने;—ability संपीडनता, निगीलनता;—er पग्लेको फलामबाट हावा फोका निचोर्ने यंत्र; ब. ब. (ताश) दाहिने कुनामा रंग, वर्ग, देखाइएको ।

squelch (स्क्वेल्च्) क्रि. र ना. (बो. चा.) कुल्चिनु, कुल्चेर धूलिपीठी पार्नु, खतम गर्नु; अप्रस्तुत गर्नु, धरमराइदिनु; चूप लगाइदिनु; क्वाच क्वाच (हिलोबाट खुट्टा झिक्दाको झैं शब्द) गर्नु; ना. क्वाच क्वाच ।

squib (स्क्विब्) ना. र क्रि. (-bb-) पटका (आतशबाजी)

पड्काने वा सुसाउँदै जाने; पलिता; छोटो ठट्टापूर्ण रचना, निन्दालेख, खा. ग. पद्यमा; **क्रि.** निन्दालेखद्वारा हँसी वा आक्रमण गर्नु ।

squid (स्क्विड्) **क्रि.** (–dd–) र **ना.** कृत्रिम वा (माछा) चाराले माछा मार्नु; **ना.** माछा मार्ने चारा बनाउने माछाको प्रकार; कृत्रिम चारा; पानी गोला हान्ने पनडुब्बी विरुद्धको तोप, मर्टर ।

squiffer (स्क्वि'फर्) **ना.** (अप॰) कन्सर्टिना (लिएर हिंड्ने) बाजा ।

squiffy (स्क्वि'फि) **वि.** (अप॰) केही मत्त (जाँडले); ढीलो, चिसो र गीलो ।

squill (स्क्विल्) **ना.** कमलको जातको विरुवा, जसको कोपिला मूत्रवर्धक वा विरेचकको रूपमा प्रयोग हुन्छ;— -fish एक प्रकारको जलजीव ।

squinch (स्क्विन्च्) **ना.** अष्टकोण बुर्जाको अडानको रूपमा भित्री कोणमा बनेको सोझो वा.घुमेको रचना ।

squint (स्क्विण्ट्) **क्रि., ना.** र **वि.** तिर्यक् हेर्नु, डेढे आँखाले हेर्नु, वक्रदृष्टि हुनु, तेर्सो हेर्नु; आँखा (चाँडो) चिम्लनु; (आँखा) आधा चिम्लनु; **ना.** वक्रदृष्टि, बलिर, केकर; तेर्सो हेराइ, तिर्छो नजर, लुकेको हेराइ; (बो. चा.) हेराइ; प्रवृत्ति, इच्छा; चर्च भित्तामा तेर्सो प्वाल; **वि.** डेढो; डेढे; (अलं॰) नृशंस, द्वेषबुद्धि ।

squire (स्क्वायर्) **ना.** र **क्रि.** गाउँको ठालू, सामन्त, जिम्मावाल; स्त्रीको साथी, अगुवा;—of dames स्त्रीहरूको संगति मनपराउने व्यक्ति, स्त्रैण; सांनहनिक, (ऐति॰) योधको अनुचर; **क्रि.** (मान्छे) स्त्रीको अगुवा हुनु, स्त्रीको साथ जानु ।

squir (e) archy (स्क्वायर') किं) **ना.** जिमिदारहरूको राज्य; जिमिदार समूह ।

squireen (स्क्वायरीन्') **ना.** सानु जिमिदार, खा. ग. आयरल्याण्डमा ।

squirm (स्क्वर्म्) **क्रि.** र **ना.** मडारिनु, दप्कनु, आऊसतालस पर्नु, छटपटाउनु; (अलं॰) पराभव वा पराजयमा लाज मान्नु, देखाउनु; मेख मरेकोमा छटपटाउनु; ना. संकोच, छटपट, सकपक; (नौ॰) रस्सीको बटाइ ।

squirrel (स्क्वी'रल्) **ना.** लोखर्के, लुखी, लखर्के ।

squirt (स्क्वर्ट्) **क्रि.** र **ना.** (धूलो, झोल) पचकाले झैं धारा गरी छोड्नु; (झोल) त्यसरी छ्यापिनु; **ना.** पचका, पिचकारी; सिर्का;— -gun (केटाकेटीको) खेल्ने पचका; (बो. चा.) तुच्छ अघिसरुवा (व्यक्ति)।

squish (स्क्विश्) **ना.** (बो. चा.) मार्मलेड, गुलियोमा पकाएको फलफूलको लेदो ।

squit (स्क्विट्) **ना.** (अप॰) पुडको वेगिन्तीको मान्छे ।

St. (सेण्ट्) **ना.** saint को छो. क.=ऋषि, मुनि, धार्मिक व्यक्ति ।

stab (स्ट्याब्) **क्रि.** (–bb–) र **ना.** छुरा हान्नु, घोप्नु, छेड्नु; (अलं॰) कडा चोट पार्नु, पर्ने गरी बोल्नु;—(क्रि. र ना..) in the back परोक्षमा धोखा (दिनु); (भित्ताको गाह्रो) ल्यून, वज्र, लाउनुअघि खन्तीले चौटा झिकेर खस्रो पार्नु; **ना.** क्षत, वेध, घोचाइ, हनाइ; (सोको) घाउ; व्यक्तिको भावलाई दिइएको धक्का वा पीडा; (अप॰) कोशिश, खोजी ।

stab/le (स्टेब्ल्) **वि., ना.** र **क्रि.** स्थिर, निश्चल, अचल, दृढ, स्थावर, स्थायी; le—equilibrium (चलाएपछि फर्केर फेरि आफ्नै ठाउँमा आउने) स्थिर समतोलन;—ility **ना.** स्थैर्य, संस्थिति, स्थायित्व;—ilization **ना.** स्थायित्व, स्थिरीकरण, खा. ग. कुनै देशको मुद्राको क्रयशक्तिलाई सुनको भाउसँग जोरेर स्थिर राख्ने क्रिया पनि;—ilize (मोल, तलब, इ.) स्थिर गराउनु, अचल राख्नु;—ilizer **ना.** जहाजको दुवैपट्टि रहने भित्र खिच्न हुने पखेटा; वायुयानको तेर्सो पुच्छ्र तल; **ना.** तबेला, हातीसार, (कहिलेकहीं) गोठ; कुनै खास तबेलाका (दौडने) घोडा; (ब. व. सेना.) तबेलामा काज; le— -call (सेना॰) तबेलामा काज; clean augean—les अति कठिन अभियान; augean—les साह्रै मैला; le— -boy,–man सईस; le— -companion उही तबेला वा (बो. चा.) गोष्ठीको साथी; **क्रि.** तबेलामा राख्नु ।

stabling (स्टे'ब्लिङ्) **ना.** शा. अ. मा, खा ग. घोडा राख्ने ठाउँ ।

stablish (स्ट्या'ब्लिश्) **क्रि.** (आ॰) दृढसँग जड्नु, स्थापना गर्नु, खडा गर्नु ।

staccato (स्टका'टो) **वि.** र **क्रि. वि.** एक्कासि, भिन्दा भिन्दै प्रकारसँग थामी थामी (बोल्नु, गाउनु, बाजा बजाउनु) ।

stack (स्ट्याक्) **ना.** र **क्रि.** कुन्यू, पुजोल, थाँक्रो, काठको १०८ घन फीटको थुप्रो; ठूलो परिमाण, थुप्रो; ठाडो स्तूपाकार गरी ठड्याइएका बन्दूकहरू; घरका चिम्नि, धूवाँ निकास, को समूह; कारखानाको अग्लो चिम्नि, धूवाँकस; रेलको इञ्जिनको धूवाँकस; अग्लो पहाडी चट्टान (स्कटल्याण्डमा); **क्रि.** कुन्यू लाउनु; ताश (लुकाएर) खेल गर्नालाई मिलाउनु; (उत्रने वायुयान) भिन्न तहमा उडी राख्न आदेश दिनु ।

stactometer (स्ट्याक्टो'मिटर्) **ना.** थोपा थोपा गरी झोल नाप्ने नली; विन्दुमापक ।

stadium (स्टे'डियम्) **ना.** (ब. व.—ia) (ग्री. प्रा. इ.) अन्दाजी २०२ गजको लमाइ; पैदल र रथ दौडको मार्ग; अर्वाचीन अखाडा वा रङ्गशाला, खेलकूदको थलो; (भैष॰) रोगको दशा, अवधि; कीराको पक्ष वा पर्ण पतनहरूको बीचको अवधि ।

stadtholder (स्टाड्'होल्डर्, स्टाट्'होल्डर्, स्ट्या—) **ना.** (ऐति.) हल्याण्डमा सहर वा प्रान्तको राज्यपाल; संयुक्त प्रान्तमा मुख्य म्याजिस्ट्रेट ।

staff (स्टाफ्) **ना.** (ब. व.—-s, संगी. staves [स्टेभ्ज्] बाहेक); लाठो, नोल, लौरो, दण्ड, सहारा; पदको चिह्नरूप दण्ड, आलम्बन, आधार; flag—-पताकाधार; नापीमा चलन हुने काठ; शल्य चिकित्सकको (मूत्र थैलीमा चक्कू पसाउने) औजार; (रेल) एक पटरी पद्धतिमा चालकलाई अघि बढने इजाजतको रूपमा दिइने चिनु, लाठो, चक्का; (सेना॰) उच्च

समादेशकलाई सघाउन र सम्पूर्ण फौज वा पल्टनसँग सम्बन्धित अफिसरहरूको समूह, कर्मचारी, स्टाफ, अधिकारीगण; general—(सेनाको मुख्य कार्यस्थलमा प्रधान सेनापतिको निजी कर्मचारी समूहको रूपमा काम गर्ने) अधिकारीगण; ground—स्थलकर्मचारी;—captain, officer स्टाफमा काम गर्ने;—college पल्टनसम्बन्धी होइन कि स्टाफसम्बन्धी तालीम दिने केन्द्र;—duties कार्य व्यवस्था; व्यवस्थापकको मातहतमा (सम्पादकीय, कूटनैतिक, इ०) काम गर्ने कर्मचारी, कामदार, कामदार कारिन्दा; अधिकारीवर्ग (चेला, विद्यार्थी, इ० को विप०); (संगीत०) संगीत लेख्ने पाँच पंक्ति कोरेको कागत; जम्ने माटो, सिमण्टी, इ० मिसाएर तयार गरेको बनाउने सामान ।

stag (स्याग्) **ना.** हरिण, मृग (को भाले); साम्बर, बाहसिंगा; तौल भइसकेपछि आख्ता गरेको साँढे; (सट्टा०) नयाँ कम्पनीको अंश किनी तुरुन्त नाफा गर्ने उद्देश्यले बिक्री गर्ने व्यक्ति, हरिण; (अप०) ऋणपत्र, अंश, शेयर, इ० को अनियमित बेचबिखन गर्ने व्यापारी;—-evil घोडामा धनुष्टङ्कार;—party लोग्नेमानिस मात्र जम्मा हुने गोष्ठि वा समारोह ।

stage (स्टेज) **ना.** रङ्गभूमि, रङ्गशाला, नाट्यशाला, नेपथ्य, मञ्च; खट, (चित्रकारीको) झुण्डिने खट, (जहाजबाट) उत्रने मञ्च; (अलं०) नाटक, नाटकीय कला, नाटक साहित्य, नटको कला; go on the—नट, अभिनेता, बन्नु; (अलं०) घटना स्थल, डबली; अवस्था, दशा, चरण, विकास स्थिति; वास (यात्रामा) अवस्थान, वसति, विश्राम स्थान;—-coach अध्वगयान, यात्रीयान, पथिकयान;—coachman पथिकयान चालक वा सवार;—craft नाट्यकला, नाटककला (लेखक र नट दुवैको);—direction मन्चमा आदेश, संकेत;—door नट र कर्मचारी प्रवेश गर्ने घरपछाडिको ढोका;—effect अभिनय वा मन्चमा परेको प्रभाव, वास्तविक जीवनमा कृत्रिम वा नाटकीय प्रभाव;—fever मन्चज्वर, नट बन्नाको उत्कट इच्छा;—fright (खा. ग. पहिलो पटक) दर्शकहरूलाई सामना गर्दा त्रास;—manager सूत्रधार;—rights कुनै नाटक खेल्ने बहिष्कारक हक;—-struck मन्चज्वरले पीडित;—whisper स्वतः, सम्बोधित व्यक्तिभन्दा अरूले सुन्ने कुरा; first—उपक्रम; last—चरमावस्था ।

stage (स्टेज्) **क्रि.** नाटक मन्चमा खेल्नु; नाटकीय ढाँचासँग हुने प्रबन्ध गर्नु; (नाटक, खेल) प्रदर्शन गरिने हुनु ।

stager (स्टेजर्) **ना.** old—अनुभवी व्यक्ति, सिपालु व्यक्ति; ज्ञानवृद्ध ।

staggard (स्ट्या'गर्ड)—t **ना.** चार वर्षको भाले मृग ।

stagger (स्ट्या'गर्) **क्रि.** र **ना.** लरखराउनु, लरबराउनु, ढन्मनिनु, धन्मनिनु, ढुन्मुनिनु, ढलमल गर्नु; हिचकिचाउनु, दोमना हुनु; नागबेली पारेर सजाउनु, (पांग्राको आरा) पालोसँग दाहिने देब्रेपट्टि तेर्सो गरी राख्नु; (बिदा, छुट्टी, काम छुट्ने समय) सबैको एकै चोटि नपर्ने गरी मिलाउनु, खण्डित गर्नु, **ना.** ढलमल, लरखर; (यंत्र) रचनामा समान अङ्गहरूको तेर्सो, झुण्डेको, वा नागबेली पारेर सजावट; (ब. व. blind—s पनि) खा. ग. घोडा, गाइवस्तुको, टाउकोमा चक्कर आउने, रन्थनिने, रोग; (ब० व०) रिंगटा ।

staggerer (स्ट्या'गरर्) **ना.** शा० अ० मा, खा० ग० अप्रस्तुत गरिदिने, पराभव गरिदिने, युक्ति, विरोध, घटना इ०; ढनमनाइदिने ।

staging (स्टे'जिङ्) **ना.** खेल मन्चमा हाल्नु; यात्रीयान हाँक्नु या चलाउनु; मन्च, रङ्गमञ्च;—post हावा मार्गमा नियमित थामिने ठाउँ ।

Stagirite (स्ट्या'जिराइट्) **ना.** The—अरिस्टटल, अरिस्तु ।

stag/nate (स्ट्याग्'नेट्) **क्रि.** (तरल) जम्नु, अड्नु, न बग्नु, (जीवन, कार्य, मन, काम, व्यापार, व्यक्ति) जड वा आलस्यपूर्ण वा क्रियाहीन हुनु;—nancy,—nation **ना.** आलस्य, सुपुप्तता, निष्क्रियता;–nant स्थिर, प्रवाहहीन, जमेको ।

stagy (स्टे'जि) **वि.** ढाँचा, शैली वा रूपमा नाटकीय, अवास्तव ।

staid (स्टेड्) **वि.** स्थिर र संयमी स्वभावको, धीर, अचपल ।

stain (स्टेन्) **क्रि.** र **ना.** मैल्याउनु, विरङ्ग पार्नु, (अलं०) कलंक लगाउनु, कलुषित गर्नु, धब्बा लाउनु; (निष्ठा०) दुर्गुण लागेको, बदनाम भएको; guilt, sin,—ed; रंगाउनु, रंजित गर्नु, (ऐना, काठ, बाहिरबाट रंग लगाएर होइन कि भित्रै रंग पसालेर); वस्तुलाई (कुनै रंग, अर्को वस्तु, ले, सूक्ष्मदर्शकमा हेर्नालाई) अतिसिक्त पार्नु; (भित्ते कागत, इ०) बुट्टा छाप्नु;—er **ना.** रन्जक; **ना.** टाटो, धब्बा, चिन्ह, मालिन्य, कलंक, कालिमा, वात, अपवाद, लान्छना, पोतो; रङ्ग;—less **वि.** निष्कलङ्क, निर्मल, बेदाग (मु० नाम, यश, बारे);—less steel क्रोमियम धातु तत्व मिसाएको इस्पात जो सा० खिया पर्ने, खियाले खाने गर्दैन; खिया नलाग्ने इस्पात (को भाँडा सामान);—ed glass चित्र रंगित ऐना, काँच, (खा. ग.) गिरजाघरको ठूलो झ्यालमा शोभाको लागि राखिने) ।

stair (स्टेय्र्) **ना.** सोपान, आरोहण, खुडकिला, (घरभित्रको); (अचेल सा० ब० व०) सिंढी, भन्याङ्ग; pair of—s, flight (एक, दुई, इ०) भन्याङ्ग, तला; below—s तल, छिंडी; up—s माथि, माथिल्लो तला; back—s भित्री, घरको भित्रपट्टिको, मुख्य सिंढी होइन; अदृश्य ठाउँ; corkscrew—-case लठ्ठाको चारैतिर घुम्ने, घुमाउरो, भन्याङ्ग;—rod खुडकिलोको भित्री छेउमा कार्पेट अडयाउने डंडा;—case,—way, भन्याङ्ग, सिंढी ।

stake (स्टेक्) **ना.** र **क्रि.** शूल, शंकु, सूली, कप्टेरा, (व्यक्तिलाई जीउँदै पोल्दा बाँध्ने) शूल, (अलं०) पोलेर मृत्यु; नकर्मीको सानू अचानू; दाउ, बाजी, ठिनी, (जुवामा) पण, खा० ग० कसैले धरौटी राखेको बाजी; (ब० व०) (खा० ग० घोडा दौडमा) जितिने पुरस्कारको रकम; (ब० व०) त्यस्तो दौड; have a—in...मा नजीकको सरोकार हुनु; (अलं०) विवाद वा प्रयत्नको सिद्धान्त, ज० कि the immensity of the—s; at—विवादमा, विचाराधीन, संशय; **क्रि.** कप्टेरा वा शूलले घेर्नु,

बलियो पार्नु;—out a claim दावी गर्नु; बाजी थाप्नु, दाम थाप्नु (जुवा, दौड, इ०मा), थाप्नु ।

stakhanovite (स्टाखा'नोभाइट्) **ना.** ज्यादा उत्पादन गर्ने रुसी कर्मकार, मजदूर ।

stalac/tite (स्ट्या'—वा स्टल्याक्'टाइट्) **ना.** गुफा इ० को छतबाट तलतिर झर्ने चुच्चे हिउँ झैं बन्ने चूनको कार्बोनेटको (लामू) निक्षेप; स्रवण;—tit **वि.** स्रवणीय ।

Stalag (स्ट्या'ल्याग्) **ना.** जर्मन युद्धवन्दी गृह, खा. ग. साना अफिसर र सिपाहीको लागि ।

stalagmi/te (स्ट्या'ल—वा स्टल्याग्'माइट्) **ना.** गुफा, इ० को भुँईबाट माथितिर बढ्दै जाने निक्षेप, कहिलेकाहीं स्रवणसँग जोरिन जाने, क्षरण;—tic वि. क्षरणीय ।

stale (स्टेल्) **वि. र क्रि.** वासी, नीरस, गतरस, यातयाम, असत्व, उच्छिष्ट, विटुलो, (अलं०) सहलिया, नौलो होइन; (खेलाडी) ज्यादा तालीम भएको संक्र० बाट अति घोकुवा विद्यार्थी; (आ०) फँसाउने चरा, ठगिने लाटो, दिल्लगीको पात्र; (प्रादे०) मूत (गाइवस्तुको), गौंत; **क्रि.** वासी वा सहलिया पार्नु; (आ० र प्रादे०) (घोडा, गाइवस्तु, इ०) मुत्नु, मुताउनु;—ness विरसता, बेस्वादपना, जीर्णता ।

stalemate (स्टेल्'मेट्) **ना. र क्रि.** (बुद्धिचाल) माथ, (शह, किस्त, विना); (अलं०) गतिरोध, निष्क्रियता ।

Stalinism (स्टा'लिनिज्म्) **ना.** (रूसी नेता) स्टालिनवाद ।

stalk (स्टॉक्) **क्रि. र ना.** अकडेर हिंड्नु, लामा लामा पाइला गरी जमेर हिंड्नु; शिकारलाई लक्ष गर्दै चाल मारेर हिंड्नु, चाल मारेर बढ्नु; **ना.** साटोप गति, चाल मार्नु, सगर्व चाल; हिंडाइ; (वन०) डाँठ, (खु०) कुनै अवयवको अडान; (पशुमा) अडान दिने अङ्ग; सुराभाण्डको बींड, (भवन) डाँठ जस्तो साज वा शृङ्गार; (कारखाना) अग्लो धूवाँकस;—ing horse शिकारबाट लुक्ने घोडा, निहुँ, व्याज, छल;— -eyed डाँठे आँखा (ज. कि चिप्लिकीराको) भएको ।

stall (स्टॉल्) **ना. र क्रि.** कवल, (तबेला, गोठ, मा); बजार, मार्केट, मा पसल कोठा, हेट, विपणी, पण्यगेह, शाला, स्थान, (बिक्रीको माल फिंजाउने) टेबुल, थलो; चर्च, नाचघर, इ० मा खास आसन; कोइलाखानमा काम गर्ने कोठा; book- —पुस्तक पसल; finger- —(बचाउको लागि लाउने) औंला खोल (रबडको); अंगुलित्राण, शस्त;— -feed पोस्नु, कवलमा राखी पोस्नु (जन्तु, वस्तु); **क्रि.** कवलमा राख्नु, पोस्नु; तबेलामा कवल बनाउनु; (घोडा, गाडा) हिलो, हिउँ, इ० मा फस्नु; (मोटर यंत्र) रुक्नु, बन्द हुनु; (वायुयान वा हावाबाज) वायुवेग घट्नाले स्थायित्व नभएको ।

stall (स्टॉल्) **ना.** (शिकार र दर्शकहरूको) ध्यान आकृष्ट गरी बगलीमारलाई चोरीमा र भाग्नालाई सघाउने साथी; **क्रि.** कुरा टार्नु वा टाल्नु; छेक्नु; बाधा दिनु, ढिल्याउनु;—off छल्ने क्रियाद्वारा भगाउनु, हटाउनु ।

stallage (स्टॉ'लेज्) **ना.** (बजारमा) पसलको लागि स्थल, भाडा, बनाउने हक, इ० ।

stallion (स्ट्यालि'यन्) **ना.** बीजाश्व, आँणु (डु) (घोडा) ।

stalwart (स्टॉल्वर्ट) **वि. र ना.** तगडा, दृढाङ्ग, प्रबल, हट्टाकट्टा, दोहोरो आङको, साहसी, दृढ, मन कसेको **ना.** (राज.) बलियो, दलनेता, दल व्यक्ति ।

stamen (स्टे'मेन्) **ना.** फुल्ने बिरुवाको भाले अवयव, पुंकेशर, केशर ।

stamina (स्ट्या'मिना) **ना.** सार, सत्व, अड्ने शक्ति, दम, सहन शक्ति ।

staminal (स्ट्या'मिनल्) **वि.** केसरीय, सत्वयुक्त ।

staminate (स्ट्या'मिनेट्) **वि.** पुंकेसर भएको, तर गर्भकेसर नहुने ।

stammer (स्ट्या'मर्) **क्रि. र ना.** भकभकाउनु, (बोलीमा) लरखराउनु;—er **ना.** भकभके;—ingly **क्रि. वि.** लन्याङबन्याङ गरेर, भकभकाउँदै ।

stamp (स्ट्याम्प्) **क्रि. र ना.** छाप्नु, छाप लाउनु, टक मार्नु; टिकट (हुलाक) टाँस्नु, लिफा लगाउनु (कागतमा); धूलो पार्नु, पिंध्नु (धाउ, खनिज); (खुट्टा) बजार्नु;—out कुल्चिनु, अन्त गर्नु, खपत पार्नु; वर्णन गर्नु, रूप दिनु,—s (him) a lier झुट्टा बनाउँछ; टाँचा मार्नु; **ना.** टाँचा, मोहर, छाप, (सरकारी तिरो बुझेको) छाप, टिकट, टिकस, हुलाक टिकट; ढाँचा, किसिम; S—Act (ऐति०) अम० मा अंग्रेजले लाएको टिकट ऐन;— - collector हुलाक टिकट संग्रहकर्ता;— - duty लिफा;— - machine टिकट (को टाँचा मार्ने) यंत्र;—er **ना.** टाँचाकार, टाँचा मार्ने (व्यक्ति) ।

stampede (स्ट्याम्पीड्') **ना. र क्रि.** (गाइवस्तुको) एकाएक भडकाइ, छिताराइ; त्रासले मानिएको ऐ; (राज०) समान प्रेरणाबाट धेरै व्यक्तिको समान आचरण, चाल; **क्रि.** एक्कासि भडकेर भाग्नु, छितरिनु; चारैतिर दौडनु ।

stance (स्ट्यान्स्) **ना.** (गल्फ, क्रिके०) हान्ने, हिर्काउने, उभ्याइ; अवस्थान ।

stanch, staunch (स्टान्च, स्टॉन्च्) **क्रि.** (रगतको प्रवाह) थाम्नु, थामिनु; (घाउबाट) प्रवाह थाम्नु ।

stanchion (स्टा'न्श़न्) **ना. र क्रि.** खम्बा, लठ्ठा, स्तम्भ, अडान, किल्ला, (गाई बाँध्ने) कीला; **क्रि** कीला ठोक्नु, गाई, वस्तु, बाँध्नु ।

stand (स्ट्याण्ड्) **ना.** गतिरोध, स्तम्भन, स्तब्धता; निश्चल स्थिति, खा. ग. विरोध वा प्रतिरक्षाको लागि लिएको, जिद, पैठ, खडा; अवस्थान, स्थान; बैठक, बैठका, थाम्ने गम्रेटो, बींड, उपस्तम्भ, टेबुल, तखता, दान, ज. कि. umbrella—छातादान, ink—मसीदानी, मसीभाँडो; cab- —बग्गी, मोटर, अडान; wash-hand - —प्रक्षालन भाँडो; (बजारमा) पसल, ज. कि. fruit - —फलफूल पसल; अडान (सवारीको); मञ्च, ज कि. band—ब्याण्ड मञ्च, वादक मञ्च; grand—मुख्य मञ्च (घोडदौड, प्रदर्शन, इ० मा); साक्षी मञ्च, (witness— पनि); खडा फसल (कुनै बिरुवाको); दावी, मोर्चा; (नाटक०) दोडाहामा प्रत्येक वास; (अस्ट्रे०) जङ्गल, वा लकडी;—of arms एक व्यक्तिको पूरा साज (हतियारको);—of colours निशान;—camera खुट्टामा अडयाउनुपर्ने;—pipe विभिन्न कामको ठाडो नल, पाइप;—point भनाइ, भनाउ, दृष्टिकोण;—rest उभिंदा आराम गर्ने अग्लो पाउदान (चित्रकारहरूको लागि);—still अवरोध, टक्क (अडाइ), प्रतिरुद्ध गति ।

stand (स्ट्याण्ड्) **क्रि.** (stood) उभिनु, उभ्याउनु, ठाडो राख्नु; अग्लो हुनु; स्थित हुनु, रहनु; खडा हुनु; थामिनु; अड्नु, नचल्नु वा चलाइनु, नडग्नु; ठीक हुनु, चालु रहनु, नबदलिनु, अवस्थित हुनु, तोकिएको दर्जा वा स्थानमा रहनु; चल्नु, तोकिएको आसनमा रहनु; नदबीकन अड्नु, सहनु; मुद्दा लाग्नु, सामना गरिनु; (आफ्नू खर्चले अरूलाई) दिनु (खा. ग. केही पेय वा खाद्य);—at attention तन्केर उभिनु;—at ease (सेना०) आरामसँग, आफूखुशी;—easy ! (सेना०) अघिल्लोभन्दा पनि आरामसँग उभिने आदेश; It—s to reason मनासीव कुरा;—by समर्थन गर्नु, मदद गर्नु; **ना.** आड, भरोसा, जरूरी परेमा काम लिने यंत्र वा चीज;—down (पालो सकी) साछी बक्नेबाट फुर्सत लिनु, (सेना०) पालो सकेर जानु;—for प्रतिनिधित्व गर्नु;—in (अड्ड, मोल);—off जानु, (अस्थायी) कर्मचारीलाई बर्खास्त गर्नु;—pat जहाँको तहीं, जस्ताको तस्तै, उभिनु, नदब्कनु, नडग्नु;—over स्थगित हुनु;—to अड्नु (वचन, करार);—-offish **वि.** टाढाको, उदासीन, मिलनसार होइन;—-up (कलर) ऊँचो, ठाडो, अरठ्ठ; (लडाइँ) पूरा, न्यायसंगत, सफा र ईमानको ।

standard (स्ट्या'ण्डर्ड्) **ना.** खास (खा. ग. रिसल्लाको) झण्डा, पताका; मान, परिमान, प्रामाणिक तौल; (अलं०) एकत्रित गर्ने सिद्धान्त; प्रमापक, तुलनाधार; स्तर, आदर्श, प्रतिरूप;—of living जीवनस्तर, रहनसहन; (वाच्य) प्रमित, प्रमाणित, श्रेष्ठ, ज. कि.—author,—work; प्राथमिक पाठशालाको कक्षा; लकडीको नाप (१६५ घन फीट); ठाडो अडान, ज. कि.—lamp; ठाडो (ग्यास, पानीको नल); विना आडको रूख, बिरुवा; एकलो, ठिङ्गो;—-bearer ध्वजी, पताकी; (अलं०) केही विषयको मुख्य पृष्ठपोषक;—bread गहूँको पाउरोटी (मिसिएको पीठोको);—English प्रचलित अंग्रेजी, सर्वमान्य अंग्रेजी ।

standardiz/e,—is/e (स्ट्या'ण्डर्डाइज्) **क्रि** (प्रतिरूपको) अनुसार गराउनु, एकनास गराउनु;—ation **ना.** परिमानकरण, एकरूपताकरण ।

standing (स्ट्या'ण्डिङ्) **ना.** र **वि.** शा. अ. मा, खा. ग. स्थान, मर्यादा, स्थिति, नाम, इज्जत; ठस्सा; अवधि; **वि.**—-room उभिने (मात्र, बस्ने होइन) ठाउँ;—committee स्थायी समिति; स्थापित, स्थायी, सनातन, चालू; पुरानू;—army खडा;—orders स्थायी आदेश, खा० ग. सभा, संसद, को कार्यविधिबारे;—corn खडा फसल;—jump खडा कूद, नदौडीकन;—water जमेको, नबगेको ।

standish (स्ट्या'ण्डिश्) **ना.** (आ०) मसीदानी ।

standpatter (स्ट्याण्ड्'प्याटर्) **ना.** नडग्ने, दलको सिद्धान्तमा अडिग रहने राजनैतिक ।

stanhope (स्ट्या'नप्) **ना.** दुई वा चार पांग्रे हल्का खुला बग्गी; (पनि) हलका छापाखाना; S—lens विभिन्न वक्रता भएका काँचहरू ।

stank (स्ट्याङ्क्) **क्रि.** stink को भू. का. = गन्हायो ।

stannary (स्ट्या'नरि) **ना.** र **वि.** टिनखानि, टिनखानि क्षेत्र;—court (ऐति०) डेभनशर र कर्नवालको टिनखानि व्यवस्थित गर्ने इजलास ।

stann/ic (स्ट्या'निक) **वि.** (रसा०) टिनको, त्रप्य; ic-acid त्रप्य अम्ल;—iferous,—ous **वि.** त्रप्यित ।

stanza (स्ट्यान्'ज़ा) **ना.** श्लोक, श्लोक पुन्ज (खा. ग. ४ पंक्तिको) ।

staphylococcus (स्ट्याफिलोकॅ'क्कस्) **ना.** (जीवाणु, ब. व.—cocci उच्चा०—कॅक्सि) अंगूरको झुप्पा जस्तो सामूहिक आकारको पीप उत्पन्न गर्ने जीवाणु, गुच्छक, झुप्पे; झुप्पेकीट ।

staple (स्टे'प्ल्) **ना., वि.** र **क्रि.** काठ, इ., जोर्नाको लागि ठोक्ने मोडेको दुई छेउ भएको कीला, करुवा, लोहपुट; कागत बाँध्ने मोडेको तारको अंकुश, खीप; अन्तराप; मुख्य उत्पादन, मुख्य व्यापारिक वस्तु; कोरा माल; (अलं०) मुख्य तत्व वा सामान; कपास, ऊन, इ० को रेशा, जसले सोको गुण निर्धारण गर्छ; **वि.** मुख्य, विशिष्ट, प्रधान; **क्रि.** अन्तराप इ० जड्नु, तारले सिउनु, सिउरिनु; ऊन, कपास, इ० रेशाबमोजिम छुट्टयाउनु, वर्गीकरण गर्नु; stapling-machine किताबमा जिल्द हाल्ने, कागत तारले सिउने, यंत्र; सिउरिने यंत्र; खीप यंत्र ।

star (स्टार्) **ना.** तारा, नक्षत्र, सितारा; fixed—स्थिर तारा; double, multiple—दुई, तीनदेखि छसम्म तारापुञ्ज, आँखाले हेर्दा एकै जस्तो देखिने; binary—एक अर्काको वरिपरि घुम्ने; evening, morning—शुक्रतारा; day—(कवि०) शुक्र वा सूर्य; north, polar, pole—ध्रुवतारा; shooting—उल्का, नक्षत्र पतन; तारा जस्तो वस्तु, तारक;—s and stripes अम. को झण्डा; कुनै प्रतिष्ठान (चलचित्र, नाटक) को मुख्य अभिनेता वा—नेत्री;—turn नाटकीय प्रदर्शनको मुख्य दफा;—drift बहुसंख्यक ताराहरूको एकै दिशाको समान गति;—-gazer (ठ.) तारादर्शक, ज्योतिषी;—light (**ना.** र **वि.**—lit पनि) तारा प्रकाश, तारकित; S—of India ब्रिटिश सम्मान;—shell तारा गोला (आकाशमा फुटेर शत्रुको स्थिति देखाउने);—-spangled तारा बुट्टे, (खा. ग. सं. रा. अम. को झण्डाको);—let सानू तारा; सीप देखाउने नयाँ चलचित्र अभिनेत्री;—ry **वि.** तारामय, तारासंकुल, तारकित;—ry-eyed (बो. चा.) अव्यावहारिक, स्वप्नदर्शी, अवास्तव ।

star (स्टार्) **क्रि.** (—rr—) तारा झैं चम्कनु, तारा, सिताराले सिंगार्नु, (खा. ग. निष्ठा. मा); सूचीमा तारक लगाउनु,

चिह्न लाउनु; अभिनेता वा--नेत्रीको रूपमा देखापर्नु, चलचित्रको रूपमा पेश गर्नु ।

starboard (स्टार्'बर्ड्) **ना.** र **क्रि.** अगाडिपट्टि हेर्दा जहाजको दाहिंनेपट्टि (दाँ पोर्ट, लार्वर्ड देब्रे पट्टि); **क्रि.** पतवार दाहिने घुमाउनु ।

starch (स्टार्च) **वि., ना.** र **क्रि.** (अचेल विर.) नाटीकुटी गर्ने, स्वाँगी, चेपारे; **ना.** श्वेतसार, मण्ड, कलप; (अलं) औपचारिकता, आचरणको कठोरता; **क्रि.** कलप हाल्नु, खा. ग. निष्ठा. मा —कलप हालेको लुगा (धोबीले);--edness,—iness **ना.** कठोरता, ठाडोपन; clear--राम्रो कलप लाउनु ।

stare (स्टेयर्) **क्रि.** र **ना.** आँखा तर्नु, आँखा तानेर हेर्नु, एकटक हेर्नु, ट्याउनु, क्वारक्वारती हेर्नु, टुलु टुलु हेर्नु, आँखा गाड्नु, आँखा तन्क्याउनु, टोलाउनु, टक लगाउनु, झाँक्नु, (कृदन्त) नराम्रोसँग व्यक्त हुनु; **ना.** बद्ध लक्ष्य, एकटकी, उत्फुल्ल नयन, लोचन ।

stark (स्टार्क्) **वि.** र **क्रि. वि.** अरठ्ठ, दह्रो, कडा; (**कवि.**) बलियो, हठी, दृढ; समग्र, सरासर, केवल, ज. कि.--madness; **क्रि. वि.** ठहरै, अत्यन्त, पूरासँग, ज. कि.--crazy पूरा बौलाहा;--and stiff, in—death अरठ्ठ;—naked **वि.** बिलकुल नाङ्गो, एकदम नग्न, वस्त्ररहित, निर्वस्त्र ।

starling (स्टार्'लिङ्) **ना.** कालो खैरो भुत्ला भएको यूथचारी चरो, खूब नकल गर्न सक्ने; मैना; पुलको अडान लठ्ठाको चारैतिरको रक्षक थुप्रो ।

start (स्टार्ट्) **क्रि.** झस्कनु, चौंकनु; डर वा अचानकको प्रेरणाले ठाउँ सर्नु; (काठ, टिम्बा) पसांगिनु; प्रस्थान गर्नु, यात्रा प्रारम्भ गर्नु, रवाना हुनु, कूच गर्नु, कूच हुनु, बाटो लाग्नु, बाटो तताउनु; (काम, कारवाही, इ.) प्रारम्भ गर्नु, थाल्नु, शुरू गर्नु;—in (बो. चा.) थाल्नु;--out (बो. चा.) थाल्ने बन्दोबस्त गर्नु;—up एकदम उठ्नु, प्रारम्भ हुनु, मनमा आउनु; शिकार उठाउनु, जगाउनु; स्थापना गर्नु, चलाउनु, चालू गराउनु, (काम, अखबार, कारोबार, घडी, विरोध); दौड प्रारम्भ गर्ने संकेत दिनु; (नौ०) पीपाबाट (मद्य) खनाउनु, झिक्नु; to—with पहिले, शुरूमा ।

start (स्टार्ट) **ना.** झस्काइ (आश्चर्य, पीडा, इ० ले); (ब ब.) बीच बीचको प्रयत्न, खा. ग. by fits and—s लहडमा, बीच बीचमा; यात्रा, दौड, काम, इ० को प्रारम्भ, शुरू, प्रस्थान; दौडमा दिइने सुविधा; दौडको थाल्नी स्थल; a rum —(बो. चा.) अचम्मको घटना ।

starter (स्टा'र्टर्) **ना.** शा. अ. मा, खा. ग. (दौडको) प्रारम्भक, प्रवर्तक, चालक; घोडा, प्रतिद्वन्द्वी, जो दौडमा भाग लिन्छ; self-—स्वचालक (मोटर) ।

starting (स्टा'र्टिङ्) **ना.** शा. अ. मा;—-gate घोडदौडमा उठाउन उतार्न हुने (दौड ठीकसँग होस् भन्ने उद्देश्यले) छेका;—-post दौडको शुरू खम्बा;—prices घोडदौडमा शुरू हुँदा पाइने अन्तिम मोल (बाजीलाई) ।

startle (स्टा'र्टल्) **क्रि.** झस्काउनु, झसङ्ग हुनु, बिच्किनु, झस्कनु. तर्सनु, दप्कनु, झल्याँस्स हुनु;—r **ना.** झस्काउने; (कृदन्त०) अचम्म पार्ने, झस्काउने;—d **वि.** चकित, झल्याँस्स ।

starv/e (स्टार्भ्) **क्रि.** भोकभोकै मर्नु, क्षुधापीडित हुनु, अति दारिद्र्यबाट पीडित हुनु; (बो. चा.) ज्यादा भोक लाग्नु; (अचेल विर०) जाडोले मर्नु, कठ्यांग्रिनु; (अलं०) मानसिक वा आध्यात्मिक खाँचो भोग्नु, (सहानुभूति, रमाइलो, विद्या, इ० को) तीव्र आग्रह गर्नु; भोकै मार्नु; टमार्नु, टमारिनु (अप्र० र अलं०); रक्षक सैन्यलाई (घेराद्वारा) भोको पारेर आत्मसमर्पण गराउनु; जाडाले मार्नु वा सताउनु;—ation **ना.** अनाहार, क्षुधावसाद, अनशन ।

starveling (स्टार्भ'लिङ्) **ना.** र **वि.** भोको वा खान नपाएको मानिस वा पशु, निरन्न, निराहार, क्षुधार्त; दावा लागेको भुँडी हुने ।

stasis (स्ट्या'सिस्) **ना.** (रो. नि.) शरीरका रसहरूमध्ये कुनैको प्रसारणमा अवरोध; अवस्थान ।

state (स्टेट्) **ना.** र **वि.** अवस्था, छाँटा, हालत, ढाँचा, थान्को, चोला, जुनि, दशा, भाव, स्थिति; (विशेष अर्थमा) मैलो, असुग्घर, पिरिएको, उत्तेजित; राष्ट्र, जाति, प्रजातंत्र; (संघको अंशको रूपमा) राज्य, रियासत, मुलुक; निजामती शासन; दर्जा, औकात, सम्मान; ठस्सा, प्रताप, आबरु; (आ०) सिंहासन, मंच, सिंहासनको झल्लर; (पुस्त०) एकै संस्करणका पुस्तकका फरक पर्ने पृष्ठहरू; Free, Slave, S—दासप्रथा हुने, नहुने, राज्य; S—s General कोही देशका वैधानिक सभाहरू;—craft रजाइँ, राजकाज;—hood **ना.** राज्यस्थिति;—prisoner राजबन्दी;—servant राजसेवक; **वि.** राजकीय;—criminal राजनैतिक बन्दी;—trial राजनैतिक मामलामा सरकारी मामला (सरकार वादी हुने); S—socialism राजकीय साम्यवाद;—apartments राजकीय कक्ष;—call (बो. चा.) औपचारिक;—room (जहाजमा) निजी, सुरक्षित, कोठा वा शाला, निजी शयन कक्ष ।

state (स्टेट) **क्रि.** लेख वा भनाइले किट्नु, भन्नु, वर्णन गर्नु, कथन गर्नु; तोक्नु, निर्दिष्ट गर्नु; (बीजगणित) समस्याका शर्तहरू संकेतमा प्रदर्शित गर्नु; बयान गर्नु, बखान गर्नु ।

stately (स्टेट्'लि) **वि.** (ढाँचा, बोली, व्यक्ति, साहित्यिक शैली, लय, भवन, अनुपात, इ०) भव्य, शानदार, रवाफिलो, उन्नत, श्रेष्ठ, उज्ज्वल; लज्जतदार ।

statement (स्टेट्'मेण्ट्) **ना.** बयान, वक्तव्य, विवरण, कथन, वचन, लिखत, बकपत्र, डपोट, मुचुल्का, जमानबन्दी, कायलनामा, फाँटवारी, तोक, उक्ति;—(annual) बासिल बाँकी; make a—बक्नु; written—लिखत, प्रतिउत्तर ।

stater (स्टे'टर्) **ना.** विभिन्न मूल्यका प्राचीन ग्रीक मुद्रा, खा. ग. २० ड्राक्माको सुनको सिक्का ।

statesman (स्टेट्स्'म्यान्) **ना.** राजनीतिज्ञ, राजशास्त्री; प्रज्ञापूर्ण दूरदर्शी व्यावहारिक राजनीतिज्ञ; (उ. बिलायत) सानू जिमीदार; elder-- प्रसिद्ध अवकाशप्राप्त वयस्क राजनीतिज्ञ,

जसको परामर्श सबैलाई उपलब्ध छ; the elder S—men जापानमा मिकाडोको पुनः स्थापनादेखि १९ सौं शताब्दीको अन्तसम्म देशको विकासलाई निर्देशन गर्ने त्यहाँका राजशास्त्रीहरू; पौरवृद्ध ।

static (al) (स्ट्याटि'क् ,—कल्) **वि.** स्थिर वा सन्तुलनमा रहेका वस्तुहरूसँग सम्बन्धित;—s **ना.** (ब. व. अथवा ए. व. ञैं) गणितशास्त्रको सोसँग सम्बन्धित विभाग, स्थिति विज्ञान; (पनि) वायुमण्डलीय समाघात वा संघट्ट; तौलको काम गर्ने, तर अचल, ज० कि—pressure,—electricity (स्थिर); —ataxia नखसी वा नदोली उभिन नसक्ने रोग;—water स्थानीय बिनाजोड वा दबावको पानीको वितरण ।

station (स्टे'शन्) **ना.** र **क्रि.** स्थान, अवस्थिति (अचेल विर०) स्थल, आस्पद, स्थान; police—प्रहरी चौकी; lifeboat—रक्षा डुङ्गा चौकी; naval—नौ स्थल, जहाज अड्ने, नौकागार, इ० भएको; अप्रधान आढत वा कार्यालय जसको प्रभाव क्षेत्र स्थानीय हुन्छ; (रेल) स्टेशन, अडान; औकात, दर्जा, अधिकार, दशा, पद, अवस्था; (नापी०) नाप शुरू गर्ने विन्दु, आदर्श दूरता १०० वा ६६ फीट; भारतको सैनिक अखाडा; (अस्ट्रे०) भेडागोठ, चरन; (धर्म०) बुध वा शुक्रवारको उपवास;—of the Cross क्राइस्टको बलिदानका १४ मध्ये प्रत्येक तसवीर, जसको अगाडि प्रार्थना, पूजा गरिन्छ; खा. ग. रोममा रहने गिरजा जहाँ तीर्थको लागि मान्छे जान्छन्; (वन., पशु.) मौसिम, माटो, इ० को सम्बन्धमा बिरुवा वा पशुको निवासको किसिम;—-calender रेलको आवागमन देखाउने समय-सारिणी —-house प्रहरी चौकी;—-master स्टेशन मास्टर; **क्रि.** स्थान निर्देश गर्नु (व्यक्ति), राख्नु (ठाउँमा) ।

stationary (स्टे'शनरि) **वि.** र **ना.** स्थावर, अजंगम, अचल, स्थिर, निश्चल, अवर्धमान, अपरिवर्तनीय (केही गुण, ज. कि ताप, परिमाण, संख्या, इ० मा एकनास रहने, नफेरिने), ज. कि—temperature, population, intelligence; —air साधारण निःश्वास सकिएपछि फोक्सोमा बाँकी रहने;—diseases वायुमण्डलको प्रभावबाट उठ्ने स्थानीय रोग जो आफै केही दिनपछि जान्छ; **ना.** एकै ठाउँमा बसिरहने व्यक्ति, खा. ग. (ब. व.) स्थायी फौज ।

stationer (स्टे'शनर्) **ना.** लेखन सामग्री विक्रेता; S—'s Hall अघि पुस्तकमा हक कायम गराउनाको लागि लण्डनमा सो दर्ता गराउनुपर्ने S—'s company को कार्यालय; ज. वा. —y **ना.** लेखन सामग्री, लेखसाधन, लिपिसज्जा, मसलन्द ।

statist (स्टे'टिस्ट) **ना.** तथ्याङ्कसँग सम्पर्क गर्ने (व्यक्ति) ।

statistic/s (स्टयाटिस्'टिक्स्) **ना.** (ब. व.) तथ्याङ्क, शुद्धाङ्क, लगत; सांख्यिक तथ्यको नियमित संग्रह, ज. कि—of population, Crime जनसंख्या, अपराध, को तथ्याङ्क; (ए. व. ञैं प्रयोग गरिने) तथ्याङ्क शास्त्र, सोको संग्रह, वर्गीकरण, र प्रयोगको विद्या;—(al) **वि.** परिगणनात्मक;—ian **ना.** तथ्याङ्कशास्त्री; statistology तथ्याङ्कशास्त्र ।

stator (स्टे'टर्) **ना.** (विद्युत०) उत्पादक वा मोटरको अचल भाग;—armature नघुम्ने ।

statoscope (स्टया'टस्को'प्) **ना.** दबावको सानू सानू विभिन्नता देखाउने निर्द्रव वायुचापमापक ।

statuary (स्ट्या'ट्यूअरि) **वि.** र **ना.** मूर्तिको वा बारे, ज. कि—art मूर्तकला;—marble (सेतो मिहिन दानादार); **ना.** मूर्तिकार, तक्षक; मूर्तकला, तक्षणकला ।

statue (स्ट्या'ट्यू) **ना.** प्रतिमा, मूर्ति, प्रतिकृति; कुँदेको, ढालेको, वा बनाएको, खा. ग. वास्तविक परिमाणभन्दा विशेष सानू नभएको, मूर्ति, प्रतिमा; statuette सानू प्रतिमा; equestrian—घोडचढी प्रतिमा ।

statuesque (स्ट्याट्यूएस्क्') **वि.** मूर्तिमत्, मूर्त, प्रतिमाको लावण्य वा गरिमा भएको ।

stature (स्टया'टयोर्) **ना.** (ब. व. सम्मानतः प्रयोग छैन) (खा ग. मानव) शरीरको उँचाइ, अग्लोपन; (अलं०) उन्नतिको अवस्था ।

status (स्टे'टस्) **ना.** (ब. व. सायद प्रयोग छैन) औकात, हैसियत, टंकार, ओहदा, ठस्सा, दर्जा, प्रतिष्ठा, सत्ता, थान्को, गच्छे, मान मर्यादा, स्थिति, पगरी;—symbol व्यक्तिको दर्जा देखाउने जेथा, सम्पत्ति, वा चलनको मोल; (का) ऐनले तोकेको व्यक्तिको अरूसँगको साइनो; वस्तुस्थिति, खा. ग.—(in) quo अपरिवर्तित स्थिति, दाँ० in statu quo पहिलेकै स्थितिमा, वा (—quo ante पनि) अघिको स्थिति ।

statutable (स्ट्या'ट्यूटेब्ल्) **वि.** =statutory कानूनी, आवश्यक ।

statute (स्ट्या'ट्यूट्) **ना.** वैधानिक संस्थाको लिखित कानून, ऐनं; संसदले पारित गरेको ऐन; S—of Westminster (ब्रिटिश ऐन) स्वशासित राष्ट्रहरूलाई बराबर ओहदा प्रदान गर्ने कानून;—law ऐन, कानून, निकायको ऐन, अध्यादेश; स्थापकले स्थायी रूपमा जारी गरेको नियम; (बाइबल) ईश्वरीय कानून; declaratory—प्रचलित कानूनको व्याख्या तोक्ने; private—(general, public को विप०) व्यक्तिसँग सम्पर्क राख्ने;—-book मुलुकी ऐन (को किताब);—-roll मुल्की ऐन;—s at large सम्पूर्ण, पारित भए ञैं ।

statutory (स्ट्या'ट्यूटरि) **वि.** पारित, कानूनी, संवैधानिक, ऐनले तोकेको ।

staunch, stanch (स्टॉन्च्, स्टान्च्) **वि.** विश्वसनीय, वफादार, भरपर्दो; (जहाज, जोर्नी, इ०) वायु अभेद्य, जल अभेद्य; **क्रि.** रगत, प्रवाह, थाम्नु ।

stauroscope (स्टॉ'रस्कोप्) **ना.** मणिभहरूउपर ध्रुवित प्रकाशको प्रभाव जाँच्ने यन्त्र ।

stave (स्टेभ्) **ना.** र **क्रि.** पीपाको भित्ता बनाउने प्रत्येक घुम्रेको काठ; इनार वा खोक्रो नलीको चक्का बनाउने प्रत्येक फल्याक; भन्याङ्गको खुडकिला; श्लोक, पंक्तिपुञ्ज;—-rhyme खा. ग. प्राचीन ट्युटन काव्यमा अनुप्रास; **क्रि.** (stave वा —d) पीपा वा डुङ्गामा प्वाल पार्नु (धे. ज. in सँग क्रि. वि.);

(सा.—in) टोप, वट्टा, किच्नु, थिच्नु (रूप विग्रने गरी); (पीपा, इ०) मा फल्याक जड्नु;—off टार्नु, हटाउनु, स्थगित गर्नु (विनाश, पर्दाफास, वेइज्जत, इ०); खाँदेर (धातु) वलियो पार्नु ।

stavesacre (स्टेभज्'एकर्) **ना.** कीरा फस्याङ्ग्रा मार्ने ब्यू हुने विरुवा ।

stay (स्टे) **क्रि.** र **ना.** (अचेल मु. साहि.) रोक्नु, वन्द गर्नु (रोगको वढती वा आरम्भ);—one's stomach भोक मार्नु, खा. ग. तुरुन्तको लागि; (फैसला, ठेगान) स्थगित गर्नु; थाम्नु, आडदिनु (खा. ग. टेवा, अडान, ले); रहनु, वस्नु, has come to—(वो. चा.) स्थायी संरुनुपर्छ;— -in strike अखाडाभित्र हडताल, ज. कि—खानि मजदूरहरूको;— -down strike=sit-down strike कार्यालयमा उपस्थित भएर काम हडताल, वसी हडताल;—for (lunch, supper) खाना खाउञ्जेलसम्म; अड्नु (चाल, काम, वोली, इ० मा); दम, सहनशीलता, देखाउनु, खा. ग. दौडमा;— -at-home घरवसुवा; **ना.** वास, वसाइ, सोको अवधि; अदालती कारवाईको स्थगन, निलम्वन, खा. ग.—of execution कारवाहीको रोकावट (फैसलावमोजिम हुने); (मु० साहि०) वन्धन, अवरोध, सहनशीलता, अड्ने क्षमता, दम; सहारा, अडचो, भरोसा; (व. व.) महिलाको कार्सेट, चोली, कंचुक;— -bar,— -rod भवन वा यंत्रको अडान ।

stay (स्टे) **ना.** र **क्रि.** (नौ०) मस्तूल वा टिम्वा थाम्ने रस्सी; —sail रस्सीमा फैलाएको पाल; **क्रि.** मस्तूल, इ० लाई रस्सीले अडयाउनु ।

stead (स्टेड्) **ना.** (अचेल मु० साहि०) stand (one) in good—(कसैलाई) काममा लाग्ने हुनु; in (person's) —(कसैको) साटो, सट्टामा ।

steadfast (स्टेड'फास्ट्) **वि.** स्थिर, अचल, अडिग, दृढ;—ness **ना.** स्थिरता धैर्य, सहनशीलता ।

steading (स्टे'डिङ्ग) **ना.** खलिहान, खलो, गाउँघर ।

steady (स्टे'डि) **वि.**, **ना.** र **क्रि.** स्थिर, दृढ, अचल, दह्रो, खुकुलो होइन; सतत, अविश्रान्त, वरावर, अविरत;—! (**वि. वो.**) थामेर ! विस्तारै ! (हडवडसँग काम नगर्ने चेतावनी); (नौ०) जहाज सोझो राख्ने वोली;—on ! थाम ! दृढ मति, चञ्चल होइन; सम; मेहनती र परिमित स्वभावको; **ना.** हात वा ज्यावल अडाउने अडान, आधार; (वो. चा.) स्वीकृत प्रेमिका; **क्रि.** स्थिर हुनु, गराउनु; steadily **क्रि. वि,** धीरतासँग, एकनास, वरावर, नथामीकन; steadiness **ना.** धैर्य, दृढता; धीरता ।

steak (स्टेक्) **ना.** सपेटो (खा. ग. गोमांस, सुङ्गुरको मासु, मृग, माछा, इ० को, कवाव गर्न, पकाउनाको लागि काटेको); ज. कि beef—; rump—(कण्डयौलो सपेटा); porterhouse—विशेप सपेटो ।

steal (स्टील्) **क्रि.** (stole, stolen) चोर्नु, उठाउनु, लामू हात गर्नु, छिनाउनु, सुइँक्याउनु; सुटुक्क वा कुनियतले लिनु पाउनु; सुटुक्क आउनु, जानु, पस्नु;—away जित्नु, पाउनु, खा. ग. one's heart (प्रेम) सा. चिप्ला काम र कुराले, लोभ देखाएर, इ०;—a march on उछिन्नु;—(one's) thunder (कसैलाई) उछिन्नु ।

stealth (स्टेल्थ्) **ना.** अपहार, छल, चोरी, गोपनीयता, गुह्यविधि; by—सुटुक्क, छलले;—y **वि.** गुप्त, गूढ, रहस्यमय; marriage by—चोरीको विवाह ।

steam (स्टीम्) **ना.** वाफ, भाप, वाष्प; वाफ जमेको पानीका कण; कुनै प्रकारको वाष्पीय निर्गमन; (वो. चा.) शक्ति, ज. कि. get up—, work off—; saturated—उम्लँदो पानीसँगको र एकै तापमानमा; superheated—अतितापित वाष्प;—boat अग्निवोट, अग्निनौका, वाष्पीय नौका, वाफे डुङ्गा;—boiler वाफ उमाल्ने; वाष्पस्थाली; wet, dry,—पानीको थोपा भएको, नभएको;—brake, gun, hammer, whistle, इ० वाफले चल्ने, वाफ थामुक, वन्दूक, हतौडी, सिटी, इ०;— -colour वाफले छोटमा छापेको;—engine वाष्प यंत्र;— -guage वायुचाप, वाप्पभार दर्शक;— -heat पानीलाई वाफ वनाउनालाई चाहिने, वाफवाट (तापकद्वारा) आउने ताप;— -jacket नली, इ० को वाहिरी खोल जुन (तापको लागि) वाफले भरिन्छ;— -power वाष्पशक्ति;—radio (अप०) वोल्ने रेडियो;—roller वाटो पेल्ने वाष्प यंत्र, (अलं०) धूलो-पीठो पार्ने शक्ति वा वल, (क्रि. त्यसो गर्नु, पनि);—ship वाफजहाज;— -tight वाष्प अभेद्य;—tug जहाज, इ० लाई तान्ने, घच्याड्ने, सानू वाफजहाज;—turbine वाफको सिर्काले घुमाउने धारवाला चक्का, वाष्पचक्र; —y **वि.** वाफिलो ।

steam (स्टीम्) **क्रि.** उसिन्नु, वफाउनु; गुम्साउनु, गुम्सिनु, खँगार्नु; वाफ लगाउनु, वाफले नरम पार्नु; वाफ उठ्नु; वाफद्वारा चल्नु, प्रेरित हुनु; (वो. चा.) जोरसँग काम गर्नु, खूव प्रगति गर्नु खा. ग —ahead, away ।

steamer (स्टी'मर्) **ना.** शा. अ. मा, खा. ग. र पनि, वाष्पनौका, वाफजहाज; वाफले खाने कुरा पकाउने भाँडो, चापपाचक; वाष्पजनक, उत्पादक ।

stearin (स्टी'अरिन्) **ना.** पशु, खा. ग. गाइवस्तु, सुङ्गुर, इ० को वोसोवाट आउने मुख्य पदार्थ; (लोक०) स्टियरिनवाट वाफद्वारा छुट्ट्याइएको स्टियरिक अम्ल, जो कि मैनवत्ती वनाउन प्रयोग हुन्छ ।

steatite (स्टी'यटाइट्) **ना.** खरीको किसिम, सावुन ढुङ्गा ।

steed (स्टीड्) **ना.** (कवि०, अलं० वा ठ०) घोडा, खा. ग. वारकीर, युद्धाश्व ।

steel (स्टील्) **ना.** र **क्रि.** इस्पात, स्पात, सारलोह, चित्रायस; cold—अग्न्यास्त्र, वन्दूक, को विप० तरवार; of—कडा, वलियो; (कवि., अलं., व. व. नहुने) तरवार;—cap शिरस्त्राण;—clad कवचधारी;—wool इस्पातको मिहिन रेशा, छयाकन, (भाँडा माझ्ने काममा लाइने); **क्रि.** कडा गर्नु (मन हृदय, कुनै काम गर्नालाई, केही कुरा, कसै, को विरुद्ध), वाँध्नु;

—pen कडा निब भएको, Bessemer—एक प्रकारको इस्पात;—engraving इस्पातको पातामा कुँद्नु, सोबाट झिकिएको चित्र;— -yard तुलादण्ड, मापदण्ड, विषमभुज तुला;—ify **क्रि.** इस्पात झैं कडा गर्नु ।

steely (स्टी'लि) **वि.** इस्पातको, इस्पात झैं कडा, साह्रो;—glance, composure अनम्य ढाँचासँग कठोर ।

steenbok (स्टेन्'बॅक्, स्टीन्'बॅक्) **ना.** (डच) अफ्रिकी सानू मृगको किसिम ।

steening (स्टी'निङ्) **ना.** इनारको पत्थरिलो अस्तर ।

stoenkirk (स्टीन्'कर्क) **ना.** (ऐति.) सुर्केनी, गलेबन्द, र अन्य त्यस्तै लुगा ।

steep (स्टीप्) **वि., ना.** र **क्रि.** ठाडो, ज्यादा ठाडो भिरालो; (वो. चा. मोल, माग, इ०) कडा, बेठेगान, बेमुनासीब; (कथा, बयान) बढेचढेको, अनपत्यारको; **ना.** ठाडो भिरालो, भीर; (झोलमा केही वस्तुको) निमज्जन, साधन, पाचन;**क्रि.** ढड्याउनु, भिजाउनु, रुगेल्नु;—in (अलं०) अतिरिक्त पार्नु, भिजिनु ।

steeper (स्टी'पर्) **ना.** (भिजाउने) वाटा, आरी ।

steeple (स्टी'पल्) **ना.** चर्चभवनको गजूर, गिरजाको गजूर सहितको बुर्जा;—chase लामू घोडदौड जसमा खुला मैदान, खाडल, पर्खाल डॉक्नुपर्छ, टाढाको गजूरलाई निशान राखी दौडने प्रतियोगिता, गजूर दौड; लामू पैदल दौड पनि;—chaser सो दौडमा भाग लिने सवार वा घोडा;—-crowned hat चुच्चे टुप्पो भएको लामू गजूरसहित;—jack गिरजा गजूर मरम्मत इ० गर्न त्यहाँसम्म चढ्ने मान्छे;— -top ध्रुवीय ह्वेल माछा, जसको वायुनली शंकु आकारको हुन्छ ।

steer (स्टीयर्) **क्रि.** सवारी, डुङ्गा, वायुयान, इ० लाई तोकिएको दिशामा लैजानु; पतवार, इ० ले सवारी चलाउनु; · ing wheel,—ing मार्ग निर्णा चक्का, निर्णों; मोटर, वायुयान, इ० लाई निर्णोद्वारा चलाउनु; (मु० कवि० वा वो० चा०) बाटो लाग्नु, कुनै दिशामा बाटो लाग्नु;—sman (जहाज, डुङ्गा) चलाउने; कर्णधार, नाविक;—smanship **ना.** डुङ्गा चलाउने सीप;—ing committee निर्देशक समिति, निर्णायक समिति, जसले कार्यविधि ठेगान गर्दछ ।

steer (स्टीयर्) **ना.** बाछो, वत्स, बच्चा साँढे, खा. ग. आख्ता पारेको मासुको लागि राखिएको साँढे ।

steerage (स्टी'यरेज्) **ना.** (अचेल विर०) निर्णो; (नौ०) पोतमा पतवारको प्रभाव; सबभन्दा सस्तो भाडामा यात्रा गर्ने मुसाफिरहरूको ठाउँ (जहाजमा जताततै राखिएको हुन्छ, तर कहीं कहीं खुला तखता वा डेकमा) ।

steeve (स्टीभ्) **ना.** र **क्रि.** कुना; सामान सार्ने लामू फल्याक; **क्रि.** कुना पर्नु, पार्नु; सामान फल्याकले सार्नु ।

stein (स्टाइन्) **ना.** बियर खाने भाँडो, बियर मग ।

steinbock (स्टाइन्'बॅक्) **ना.** बनखसी ।

stele (स्टी'लि) **ना.** (ग्री० प्रा० इ०) लेखसहित शिला; चिहानशिला ।

stellar (स्टे'लर्) **वि.** तारामय, तारकित, ताराको ।

stellate (स्टे'लेट्)—ated **वि.** तारोपम, फैलिएको; (खा० ग० वन०)—leaves केन्द्रको डाँठलाई गुच्छा रूपमा घेर्ने ।

stellenbosch (स्टे'लन्बॅश्) **क्रि.** (ऐति०, सेना० अप०) औपचारिक बेइज्जत नगरी तुच्छ कमानमा नियुक्त गरी अतिक्रमण गर्नु ।

stellular (स्टे'ल्यूलर्) **वि.** साना तारा जस्तो, जडेको ।

stem (स्टेम्) **ना.** र **क्रि.** (-mm-) डाँठ, धड, पुछार, मूल, डण्डी, फेद, काण्ड, स्तम्भ, नाल; डाँठ जस्तो भाग, रक्सी गिलासको खुट्टा र टाउकोको बीचको मसिनो भाग, डाँठ, (घडी) विभिन्न घुम्ने भाग, खा. ग. दम दिँदा, ज. कि— -winder टाउको घुमाएर दम दिने; (व्याक.) प्रत्यय जोडिने नाम, क्रिया, इ० शब्दहरूको मूल भाग; वंश, परिवारको हाँगा; जहाजको अग्रिम भागमा रहेको वक्र काठको फल्याक; ज. वा. from—to stern वारपार, पूरापूर; **क्रि.** हटाउनु, झिक्नु (खा. ग. पाइप, नली, बाट तमाखु); from संग उत्पन्न हुनु, उत्पत्ति हुनु; (खोला) रोक्नु, बाँध बाँध्नु; (छाल, लहर, प्रवाह) को विरुद्ध अघि बढ्नु (अक्ष. र अलं.)

stemma (स्टे'मा) **ना.** (ब. व.—ta); परिवारवृक्ष, वंश, कुल क्रमागत उत्पत्ति; (पशु.) सामान्य आँखा; जटिल आँखाको कण, मुख ।

Sten (gun) (स्टेन् गन्) **ना.** हलुङ्गो मेशीन गन्, (ब्रेन गन् जस्तै, आविष्कारकको नामबाट) ।

stench (स्टेञ्च्) **ना.** डंग डंग गन्ध, पूतिगन्ध, दुर्गन्ध, बदबू, नाक फोर्ने गन्ध;—trap (नाल, ढूँड, इ० मा) गन्ध रोक्ने प्रबन्ध ।

stencil (स्टे'न्सिल्) **ना.** र **क्रि.** (-ll-) पातलो धातु इ० को पातोमा बुट्टा, अक्षरको आकार काटेर (चाहिने ठाउँमा अक्षर इ. नखसोस् भन्नाको लागि पातलो टुक्रा रहन दिएर) सोमा मसीरंगद्वारा अक्षर इ. अन्य कुरामा सार्ने उपकरण, स्टेन्सिल, (—plate, स्टेन्सिल पातो पनि); त्यसरी बनाएको बुट्टा, अक्षर, इ.; **क्रि.** स्टेन्सिल पातोमा बुरुश, इ० ले रंग लाएर अक्षर बुट्टा, अर्को चीजमा सार्नु, स्टेन्सिल गर्नु ।

steno—(स्टेनो—) ग्री० stenos=संकीर्णको यौगिक रूप, प्रत्यय; मु० वैज्ञानिक शब्दमा प्रयोग हुने ।

stenochromy (स्टिनॉ'क्रमि) **ना.** एकै पटक धेरै रंगमा छाप्ने कला, बहुरंग मुद्रण ।

stenograph (स्टे'नोग्राफ्) **ना.** संकेत लिपिमा व्यवहार हुने टाँका, लिपि, लेख; संकेत लेख्ने यंत्र; संकेत लेखक;—er, —ist **ना.** सङ्केत लेखक;—y **ना.** सङ्केत लेखन, संकेत लिपि; —ic **वि.** संकेत लेखीय, सांकेतिक ।

Stentor (स्टे'ण्टोर्) **ना.** चर्को बोली भएको व्यक्ति, अतितार व्यक्ति ।

step (स्टेप्) **क्रि.** (-pp-) पाइला चाल्नु, पाउ कष्ट गर्नु, पाउ चलाउनु, कदम लिनु; टेक्नु, लम्किनु; नृत्य गर्नु, नाचका (खुट्टाको) चाल गर्नु; (नौ०) मस्तूल (मिलाएर) ठड्याउनु;—out, short लामू, छोटो, पाइला चाल्नु;—high

खुट्टा उचालेर हिंड्नु (खा. ग. कदम जाने घोडा), ज, वा. high—per खुट्टा उठाउने (घोडा, खसी ;—in, out (घर) भित्र पस्नु, निस्कनु;—aside छल्नु (अक्ष. र अलं.); —on the gas (मोटर) वेग बढ्ने गरी (पेट्रोल बढ्ता जाने गरी) पाउदान थिच्नु; (अलं०)—on it (अप०) चाँडो गर्नु, हतार गर्नु;—in **ना.** र **वि.** (लुगा, खा. ग. स्त्रीको कट्टू) भित्र पसेर लाइने;—ping-stone हिलो वा खोलामा टेकेर तर्ने ढुङ्गा, (अलं०) साधनको उपाय;--up थप्नु, बढाउनु, (विद्युत०) विकृतिकारकद्वारा प्रवाहको भोल्टेज बढाउनु, परिमाण, वा दर, बढाउनु ।

step (स्टेप्) **ना.** पाइला, कदम, पग, डेग, खुडकिलो, पद, पाद, हिंडाइ, फडका, खेडी, हिंडेको शब्द, (धेरै जना वा पशुले) एकसाथ उही खुट्टा चाल्नु; in—सविक्रमगामी, out of—अविक्रमगामी; keep, break—(खुट्टाको) चाल मिलाउनु, तोड्नु;—by—पाइला पाइला गरी, क्रमशः सावधानीसाथ; छोटो दूरी वा छिटो विकारका निमित्त अतिशयोक्ति, ज. कि—from life to death; turn (one's)—s (पट्टि) लाग्नु; mind, watch (one's)—सावधान हुनु; foot—पदचिन्ह, पाइला; false—विना विचारको, असावधान, काम; भन्याङ, सिँढी, को खुडकिलो, सोपान, आरोहण; (नौ०) मस्तूल थाम्ने प्वाल वा मन्च; (यंत्र) डण्डाको तल्लो प्वाल वा आधार, धूराधार ।

step (स्टेप्) प्रत्यय=सौतेनी, सपत्नी; ज. कि.—child,—parent,—dame कडा वा बेवास्ता गर्ने आमा, इ०;—motherly विमातृक, सौतेनी आमा ऱ्हैं;—son ऱ्हट्केलो, सपत्नी सुत ।

stephanotis (स्टेफनो'टिस्) **ना.** बास्ना भएको, सिक्थमय, फूल फुल्ने चढ्ने लहरा, मानसी ।

stepney (स्टेप्'नि) **ना.** (ऐति० ब. व.—s) अघि मोटर-वाजहरूले लिएर हिंड्ने आरा नभएको जगेरा मोटरको पांग्रा ।

steppe (स्टेप्) **ना.** रूस र साइबेरियामा विना रूखको विस्तीर्ण खुला मैदान ।

stercoraceous (स्टर्कोरे'शस्), **stercoral** (स्टर्'कोरल्) **वि.** विष्ठीय, गूहे ।

stere (स्टिय़र्) **ना.** एक घन मिटर (=अन्दाजी ३५·३ घन फीट) ।

stereo (स्टे'रियो) **ना.** र **वि.** (बो. चा. ब. व.—s) स्टेरियो, स्टेस्यिो टाइप, (मुद्र०) फुट्टा टाइपद्वारा रचेको छाप्ने तखताको कागतको मज्जाको वा अन्य साँचोमा हालेर ढलान गरी बनेको छाप्ने पातो; सैरबीन; **वि.** सैरबीन ऱ्हैं स्थूल दर्शनीय ।

stereo—(स्टे'रियो वा स्टे'ऱियो—) ग्री० stereos=स्थूल, दृढ, को यौगिक रूप;—bate घर बनाउने ठोस मन्च;—chemistry आकाशमा परमाणुहरूको सम्बन्धले प्रभावित हुने वस्तु रचना विषयसँग सम्बन्धित विभाग; स्थूल रसायनशास्त्र; —gram,—graph स्थूल चित्र;—phonic (प्रजनित ध्वनि) धेरैबाट आएको जस्तो भाव गर्ने, बहुस्वरीय;—scope सैरबीन, स्थूलदर्शक;—scopic (al) **वि.** स्थूलदर्शनीय ।

stereotype (स्टे'रियो टाइप् वा स्टे'ऱियो टाइप्) **ना.** र **क्रि.** छाप्ने पातो; सो पातोको निर्माण, चलन; (अलं०) निश्चल मानसिक भाव, कल्पना;—block स्टेरियो चौकोस; **क्रि.** स्टेरियो बनाउनु; स्टेरियोद्वारा छाप्नु; (अलं०) अपरिवर्तनीय गराउनु, एकनास पार्नु, पूर्ण विवरण भर्नु, औपचारिक बनाउनु ।

steril/e (स्टे'रिल्, स्टे'राइल्) **वि.** अफल, वंध्य, बाँझो; फसल, फल वा बच्चा उत्पन्न नगर्ने; जीवित कीटाणु, रोगाणु, सूक्ष्म जीव, इ० बाट रहित, पूर्णतया साफ, (सा०—ized); (शैली) नाङ्गो, क्षीण;—ity **ना.** नपुंसकत्व, बाँझोपन, थारोपन, वन्ध्यता, निष्फलत्व ।

steriliz/e (स्टे'रिलाइज्) **क्रि.** बाँझो पार्नु, सन्तान उत्पन्न गर्न नसक्ने गराउनु, निःसंक्रामक बनाउनु, जीवित सूक्ष्म अणु-रहित गराउनु, ज. कि जीवाणु, रोगाणु, सूक्ष्म जीव, इ० बाट; —ation **ना.** थारोपन, अजीवाणुता, जीवाणुघात, निःसंक्रमण; —er **ना.** निःसंक्रमणकारक, जीवाणुघातक ।

sterling (स्ट'लिङ्ग) **वि.** र **ना.** (मुद्रा, मूल्यवान धातु) सकली, उच्चस्तरीय मूल्य वा शुद्धता भएको; यथार्थ मूल्यको, देखौवा होइन; सारभूत, अकृत्रिम, सारो, शुद्ध **ना.** सकली ब्रिटिश मुद्रा; अन्य देशीय (उही नामको) मुद्रासँग छुट्ट्याउन ब्रिटिश मुद्रा;—area ब्रिटिश दामसँग सम्बन्धित क्षेत्र, स्टर्लिङ्ग क्षेत्र ।

stern (स्टर्न) **वि.** र **ना.** कठोर, कडा, मापाको, विकट, दृढ, अनुशासन वा अधीनतामा जोर लाउने, निष्ठुर, अननुग्राही, ननुहुने;—er sex पुरुष, लोग्नेमान्छे; **ना.** जहाजको पछाडिको भाग;—foremost पछाडि फर्केर हिंड्ने (व्यक्ति वा वस्तु, ज. कि जहाज, मोटर); फिला; कण्डो, चाक, (पशु) पुच्छर ।

stern/um (स्ट'र्नम्) **ना.** (ब. व.—a) उरोस्थि, वक्षास्थि, छातीको हाड;--algia छाती दुख्नु, खा. ग. हृत्पीडा ।

sternuta/tion (स्टन्यू'टे'श्न्) **ना.** छिंक, छिंकाइ;—tive **वि.**;—tory **वि.** र **ना.** छिंक गराउने (वस्तु), नस ।

stertorous (स्ट'र्टरस्) **वि.** (सासफेराइ, वा फेर्ने, खा. ग. पक्षवात, इ० मा) घुरेको जस्तो आवाज गर्ने, घर्घराउने, चर्को आवाजसहित ।

stet (स्टेट्) **ना.** प्रूफ संशोधन निर्देशन; **क्रि.** (छडकेमा) जस्ताको तस्तो रहोस् ! **क्रि.** stet लेख्नु, संशोधन बदर गर्नु (ल्या०) ।

stethoscope (स्टेथस्कोप्) **ना.** र **क्रि.** (खा. ग. मुटुको श्रवणमा प्रयोग हुने यंत्र, श्रवणनलिका, वक्षदर्शक; **क्रि.** सोले सुन्नु, परीक्षा गर्नु, वक्ष परीक्षा गर्नु ।

stetson (स्टेट्'सन्) **ना.** चौडा बाँट भएको एक छेउ दोब्र्याउने टोप, स्टेटसन् ।

stevedore (स्टी'भिडोअ्र्) **ना.** जहाजमा माल लाद्ने, ओह्राल्ने व्यक्ति, जहाजी कुल्ली ।

stew (स्टच , स्ट्‌) **ना.** र **क्रि.** (आ०) वेश्यागृह (सा० the —s); वफाएको परिकार (Irish—मासु, आलु र प्याजको); चिन्ता, मनस्ताप, क्रोध, (अलं०, बो. चा.) in a—द्विविधाले पिरिएको, वा चिन्ताले, वा रिसले; माछापोखरी, माछा पाल्ने तलाउ; कृत्रिम सिपी पोखरी; **क्रि.** वफाउनु, औताउनु, रुखिनु, उत्कण्ठित हुनु, (बन्द कोठामा) गुम्सिनु; (अलं०) ज्यादा रहँदा क्षुब्ध हुनु; (अप.) (पढाइमा) ज्यादा मेहनत गर्नु, रट्नु;—pan,—-pot तापके, घुरे; let (person)—in (his) own juice, grease मदद नगर्नु; मेख मार्नु, आफ्नू करनीको फल भोग्नु; tea is—ed बाक्लो भएको (ज्यादा बेरसम्म पत्ती भिजाएर)।

steward (स्टि'वड्‌) **ना.** गुमास्ता, कारिन्दा, परिचारक, (ठूलो दरबार, घर, जिमिदारी, इ० को) दरमाहदार व्यवस्थापक; (जहाज, महाविद्यालय, गोष्ठी, इ. को रसदको प्रबन्ध गर्ने) साहू; जहाज वा वायुयानको परिचारक, यात्रीसेवक; (दौड, नृत्य समारोह, प्रदर्शन, इ. व्यवस्था गर्ने) कुनै अधिकारी; Lord High S—बिलायतका कोही उच्च राज वा दरबारी अधिकारी ।

sthenic (स्थे'निक्‌) **वि.** (रो. नि.) (रोग) प्राणभूत क्रियाहरू, औ खा. ग. मुटु र धमनीहरूको विकृत वृद्धि गराउने ।

stichomyth,—thia (स्ट'कमिथ्‌,—मिथिआ) **ना.** ग्री. नाटकमा एक एक पंक्तिको एकान्तर वार्तालाप ।

stick (स्टिक्‌) **क्रि.** (stuck) र **ना.** घोप्नु, स्युरिनु, छेड्नु; उन्नु; राख्नु, खडा गर्नु; (out, up सँग) बाहिर निस्कनु, ठाडो हुनु; टाँस्नु, टाँसिनु, लेसिनु, लिप्सिनु, लिचडो हुनु, लम्पट हुनु, जोडिनु; अड्किनु, अड्नु, स्तम्भन हुनु, नचल्नु; (बिरुवालाई चढ्ने) आड दिनु; (मुद्र०) रच्नु;—-collar उठेको;—(one's) chin (or neck) out घचेडिमाग्नु, आपत बोलाउनु; this—s out a mile (अप०) स्पष्ट छ; —up to नदब्नु, आफ्नू तुजुक राख्नु;—bills भित्ति चित्र टाँस्नु;—no bills सो नगर्नाको आदेश;—it out वा—it (अप०) बर्दास्त गर्नु;—it on (अप०) बढी मोल लिनु, कुरा बढाएर भन्नु;—in the mud (अक्ष० र अलं०) अप्रगतिशील हुनु; **वि.** ढीलो, सुस्त; **ना.** रूढीवादी, चलेकोमा सन्तुष्ट व्यक्ति;—in (one's) throat वा gizzard (अक्ष० र अलं०) गलो लाग्नु, म यसलाई निल्न (वा बर्दास्त गर्न) सक्दिन;—fast झिक्न नसक्ने गरी (हिलो, धाप, मा) गाडिनु;—at nothing केहीले पनि नरोकिनु;—up (bank वा mail-van, इ०) बन्दूक देखाएर लुट्नु; **ना.** डकैती;—ing place, point (पेचकीला) अड्कने ठाउँ;—ing plaster घाउ इ० मा टाँस्ने पट्टी;—jaw (अप०) चपाउन गाह्रो टफी, पेडा, इ०; stuck up घमण्डी, शेखीबाल; (अप०) अकमक्क; **ना.** छडी, लठ्ठी, लहुरो, लौरो, लाठी, घोचो, डण्डा, बेंत, लाठो, लाक्राँ (उखुको), खिल्ली (चुरोटको); (नौ० उ०) मस्तूल; (अलं०) फूर्ति, बुद्धि वा सामाजिक गुणरहित व्यक्ति, नालायक अभिनेता; लाम्चो, बेलनाकार परेको आकार भएको वस्तु, ज. कि. दाह्री बनाउने साबुन, लाहा, मिस्री, इ.; वायुयानबाट धमाधम खसालिने (बमहरूको) संख्या, salvo (एकै पटक) को विप०; बीँड, ज. कि. broom—; काठ, ज कि. drum—, fiddle—, single—इ०; churning—मधानी; in a cleft—कीलमा, कठिनाइमा, अघि बढ्न वा पछि सर्न नहुने गरी ।

sticker (स्टिकर्‌) **ना.** शा. अ. मा खा. ग. वा पनि; pig-लामू तोखो धार भएको छुरा; bill—भित्तिचित्र टाँस्ने व्यक्ति; (क्रिके०) अडिरहने र आउट पार्न (हटाउन) गाह्रो ब्याट हान्ने; भेट्न आएपछि जान नजान्ने व्यक्ति, लिचडो; टाँस्ने बोधपत्र (केही विवरण थाहा दिनालाई)।

stickler (स्टिक्‌'लर्‌) **ना.** केही कुराको लागि कुचुद्दे गर्ने व्यक्ति, केहीको लागि जिद्दीसाथ जोर गर्ने वा सिफारिश गर्ने, (for सँग), अडुवा, जिद्दीवाल ।

sticky (स्टि'कि) **वि.** च्याटच्याटे, च्यापच्यापे; बाक्लो, टाँसिने; नदब्ने, छिद्रान्वेषी, अडचन लगाउने; (अप०) साह्रै बेमजाको वा नरमाइलो (—end दुःखमय अन्त, मृत्यु);—-back पछाडि टाँस्ने लाएको सानू तस्वीर ।

stiff (स्टिफ्‌) **वि.** र **ना.** दह्रो, कडा, अरठ्ठ, दर्बिलो, ठाडो, अनम्य, अदम्य, हठी, जिद्दीवाल; अकडिएको, असुगम, अप्ठ्यारो, घमण्डी, शेखीबाज, औपचारिक, टाढा रहने, बिरानू; अड्कने, स्तम्भित, खुलासँग नचल्ने; कठिन, सामना गर्न गाह्रो, बल वा बुद्धि चाहिने; (चिसो माटो, पीठो, इ०) जम्न आँटेको, तरल होइन, बाक्लो र च्याटच्याटे; (बो. चा.) (विशेषण प्रयोग), लस्त, मृतप्राय: (गराउने), ज. कि. bone—, scare—; —leg (दुखेर) नदोब्रिने;—lip नकाम्ने, स्वभावको दृढता; —neck घाँटी अरालिनु;—market चर्को दाम, मोल स्थिर रहेको;—un सिपालु कसरतिया, खेलाडी, (अप०) मुर्दा;—-bit (घोडाको) छेउमा मुद्रा भएको एकै डण्डा (जोर्नी नभएको) मुखमा हाल्ने खलीन, काँढा;—ness **ना.** कडाइ;—ish **वि.** केही कडा, दह्रो;—en **क्रि.** दह्र्याउनु, ठड्याउनु; **ना.** (अप०) क्रय विक्रय साध्य पत्र; मुर्दा; नसकिने, नसुध्रिने, व्यक्ति;—ener **ना.** अस्तर ।

stif/le (स्टाइ'फ्ल्‌) **क्रि.** घाँटी निमोठ्नु, थिच्नु;—ling **वि.** उकुसमुकुस पार्ने, निसास्सिने ।

stifle (स्टाइ'फ्ल्‌) **ना.** (—-joint पनि) घोडाको पछिल्लो खुट्टाको पुठ्ठादेखि घुँडासम्मको हाड, सो हाडको रोग ।

stigma (स्टिग्‌'मा) **ना.** (ब. व.—s, र—to भेद तल छुट्ट्याइएको); (आ०) (कमारो, अपराधी, को) डामल; दाग, धब्बा (सुनाम, कीर्ति, मा), कलङ्क, अपकीर्ति, लाञ्छना, दूषण; (रो. नि.) कुनै रोगको विशेष लक्षण; (श० वि०, पशु०) रोमकूप, टाटो, दाग, कोठी, बीचबीचमा फुटेर रगत बग्ने रातो टाटो (ब. व.—ta); (वन.) गर्भाधानमा पुष्पकेसर लिने गर्भाशय; (धर्म.) धे. ज. ब. व. मात्र;—ta क्राइष्टको क्रूसीकरणमा लागेको भाला र नंग्राको दाग पछि असिसोका सन्त फ्न्यान्सिस र अरू धर्मात्माका देहमा ईश्वरकृपाले छापिएका

चिह्न ।

stigmatiz/e,—is/e (स्टिग्'मटाइज़्) **क्रि.** कलंक्याउनु, निन्दित गराउनु, अपकीर्ति गराउनु; मोहकारी इङ्गितद्वारा (व्यक्तिको) देहमा धब्बा उत्पन्न गराउनु;—ation **ना.** अपकीर्तिकरण; निन्दा ।

stile (स्टाइल्) **ना.** (खा. ग. खेत, जमीनमा वस्तु रोक्नालाई) तगारो वा खुडकिला; help lame dog over—गरीबमाथि दया गर्नु; ढोकाको लठ्ठामा रच्ने ठाडो काठ ।

stiletto (स्टिले'टो) **ना.** (ब. व.—-s) र **क्रि.** सानू छुरा, कृपाण, कटार; (फिता छिराउने) प्वाल बनाउने यंत्र; **क्रि.** छुरा हान्नु;—heel (जुत्ताको) चुच्चे र लामू ।

still (स्टिल्) **वि., ना., क्रि.** र **क्रि. वि.** निश्चल; निःशब्द; (पानी) सम्म, लहर नपरेको, शान्त, चलहल नगरी, चकमन्न; **ना.** स्तब्धता; (स्थिर) चित्र, (चलचित्रको विप.); बक यंत्र, सन्धान पात्र; **क्रि.** शान्त गर्नु, ठण्डा गराउनु, फुल्याउनु, शमन गर्नु, चूप लगाउनु; (विर.) शान्त हुनु; सार, अर्क, झिक्नु; **क्रि. वि.** सदैव, बराबर, कहिलेकाहीं; हाल, पछि; यद्यपि, तापनि, उतापट्टि, जे भए पनि;—small voice आत्मा, ब्रह्म, को;—life निर्जीव वस्तुको चित्र;—birth मृतजात, मूढ गर्भ; —-bugle (नौ.) अर्को पटक नवजेसम्म निश्चल रहने उर्दीको बोली;—ness **ना.** शान्तता, स्तब्धता;—-room साधन कक्ष; ठूलो घरमा सामान कोठा ।

stillage (स्टि'लेज्) **ना.** (तेर्सो पारिएको तहबाट मालसामान नचिप्लने गर्नालाई रहेको) बेन्च, लिस्ती, इ. ।

stilling (स्टि'लिङ्), **stillion** (स्टि'लिअन्) **ना.** पीपा, घ्याम्पा, को बींडा, अडान ।

stilly (स्टि'लि) **वि.** (कवि.) शान्त, चकमन्न ।

stilt (स्टिल्ट्) **ना.** पादयष्टि, पाउदान लठ्ठी; on—s (अक्ष. र अलं.) बढेचढेको ।

stilted (स्टि'ल्टेड्) **वि.** पाउदान लठ्ठीमा चढेर्झैं; (सा. शैली) दम्भपूर्ण, बढेचढेको; गम्केको ।

Stilton (स्टिल्'टन्) **ना.** नसा परेको असल जातको चीज; स्टिल्टन (गाउँ) मा बस्ने ।

stimulant (स्टि'म्यूल्याण्ट्) **वि.** र **ना.** उत्तेजक, प्रोत्साहक, फूर्तिदायक; (भैष.) अस्थायी शीघ्र जीवशक्ति (कुनै अङ्ग वा अवयवमा) उत्पन्न गर्ने; **ना.** उत्तेजक पदार्थ वा कारक, ज. कि न्यानूपन, विद्युत्, हर्ष, अथवा औषधि वा खाना, खा. ग. मद्यपेय;—s खा. ग. मद्य, संधिज पेय ।

stimulat/e (स्टि'म्यूलेट्) **क्रि.** जगाउनु, जगमगाउनु, उत्तेजना दिनु, अनुप्राणित गर्नु, एड़ी लगाउनु, जोरदार काम गर्ने गरी उत्तेजित गर्नु;—ing **वि.** उत्तेजक, उभाड्ने ।

stimul/us (स्टि'म्यूलस्) **ना.** (ब. व.—i) उत्तेजक, ऋक, ऋख, दीपन, प्रचोदन, प्रोत्साहन, प्रेरणा; उत्तेजक प्रभावः (श. क्रि. वि.) तन्तुमा ऐन्द्रिक प्रतिक्रिया उत्पन्न गराउने वस्तु; (वन.) दंश, चिलाइ, टोकाइ;—ose **वि.** उत्तेजनादायक, प्रचोदक ।

stimy (स्टाइ'मि) **ना.** र **क्रि.** असफलता; **क्रि.** निष्फल पार्नु =stymie ।

sting (स्टिङ्) **क्रि.** (stung) र **ना.** चिल्नु, टोक्नु, डस्नु, पोल्नु (सिस्नुले); (जीउमा कहीं) ऋमऋमाउनु, पोल्नु, दुख्नु; (अप०) खर्च गराइदिनु, धुत्नु, खा. ग. निष्ठामा, ठगिनु, खर्चमा पारिनु; **ना.** दंशन, दंशचंचु, ठुङ्ग (सर्पको दाँत र विषथैली, माउरीको पुच्छरमा खील सिस्नुको रौं जस्तो बनोट); टोकेको, चिलेको वा पोलेको घाउ वा पीडा; घाउ लाग्ने गुण वा प्रभाव; शरीर वा मनमा तीव्र वा मार्मिक पीडा; तीव्रता वा जोर; (It) has no—आरामदायक छ, (यसमा) जोर छैन, खल्लो छ;—-nettle सिस्नु; dead-nettle (नलाग्ने किसिम);—-ray हान्ने काँटादार पुच्छर भएको माछाको जात।

stingaree (स्टि'ङ्गारि) **ना.**=sting-ray (हेर्नू), हान्ने तीखो पुच्छर भएको माछा ।

stinger (स्टि'ङ्गर्) **ना.** शा० अ० मा, खा० ग० पोल्ने चर्को हनाइ, आघात ।

stingo (स्टि'ङ्गो) **ना.** (आ०) कडा, जोरदार, पोल्ने, बियर, जाँड ।

sting/y (स्टि'न्जि) **वि** कृपणी, बद्धमुष्टि, किरनटोकी;—iness **ना.** कार्पण्य, लोभ ।

stink (स्टिङ्क्) **क्रि.** (stank वा stunk, stunk) र **ना.** गन्हाउनु, गन्धपूर हुनु, नाक फोर्नु;—in nostrils of देख्न नसक्नु, मन नपर्नु;—(one) out गन्धले, (कोठा, इ० बाट) भगाउनु;—of money (अप०) उत्पात धनी हुनु; (अप.) गन्ध पाउनु, can—it a mile away; **ना.** (ब. व., अप०) रसायनशास्त्र, (अध्ययनको विषयको रूपमा) भौतिक विज्ञान, (कृ. अप.) कुनै रूपमा गर्ह्य, अवान्छनीय, मन नपर्ने; (कृ. पशु वा बिरुवाको नाममा जोडिने, कडा गन्धको कारणले)—ing cedar वा—ing badger;—-alive मरेपछि तुरुन्त गन्हाउने माछा (bib) को जात;—-ball गन्ध उत्पन्न गर्ने विस्फोटक रहेको (नौ० युद्धमा गरिने) गन्ध गोला;—bomb फुट्दा बान्ता गराउने गन्ध निकाल्ने;—-horn गन्हाउने ढुसी;—-pot गन्धपूर्ण माल खसाल्ने भाँडो, दुर्गन्ध भाँडो;—ball गन्धको भाँडो :(गालीको बोली);—-stone खन्दा गन्ध निकाल्ने चूने पत्थर;—trap नाल, मोरीबाट गन्ध रोक्ने उपकरण, गन्ध छेक ।

stinkard (स्टि'ङ्कर्ड्) **ना.** गन्धपूर व्यक्ति वा पशु ।

stinker (स्टि'ङ्कर्) **ना.** गन्धपूर (व्यक्ति वा पशु); गन्ध हाल्ने भाँडो; ठूलो समुद्री चरा; (अप०) विशेष रूपले रिस उठाउने चिढाउने वा उत्तेजित गर्ने केही कुरा (खा. ग. चिठी) ।

stint (स्टिण्ट्) **क्रि.** र **ना.** (आ.) रोकिनु; टमार्नु, कस्नु, मुन्याउनु, थोरै दिनु, अड्कलेर दिनु;—ingly **क्रि. वि.** अड्कलेर; **ना.** खाँचो. परिमिति, परिमाण; तोकिएको वा दरिएको (दैनिक) काम; सानू चराको जात ।

stipate (स्टाइ'पेट्) **वि.** (वन०) गुजमुट्ट परेको, टाँसिएको ।

stipend (स्टाइ'पेण्ड्) **ना.** भत्ता, कामको मेहनताना, वेतन,

खा. ग. पादरीको आमदानी ।

stipendiary (स्टिपे'ण्डियरि) **वि.** र **ना.** भत्तावाल, वैतनिक; वृत्तिग्राही;—(magistrate) ठूला शहरहरूमा दरमाह पाउने ।

stippl/e (स्टि'प्ल्) **क्रि.** र **ना.** कुँद्नु, खोद्नु (पाता, देखाइने वस्तु), थोपद्वारा (धर्कोले होइन) तसवीर लेख्नु वा रंग्नु; यो प्रक्रिया प्रयोग गर्नु; ज. वा.—er **ना.** विन्दुचित्रलेखक;—ing **ना.** विन्दुचित्रलेखन; **ना.** विन्दुकला;—e-engraver खोदकको ज्यावल ।

stipula/te (स्टि'प्यूलेट्) **क्रि.** for सँग, कुनै कुरा कबूलियतको सारभूत अंग हो भनी भन्नु वा जोर दिनु, मान्नु; that सँग, समझौताको अंग हो भनेर कर गर्नु; बन्देज गर्नु, नियम गर्नु, भाखा गर्नु, वाचा बन्धन गर्नु;—tion **ना.** शर्त, भाखापत्र ।

stipule (स्टि'प्यूल्) **ना.** पातमन्तिर पात झैं आकारको सानू गाँस ।

stir (स्टर्) **क्रि.** (–rr–) र **ना.** चल्नु, हल्लिनु; चलहल गर्नु, निस्कनु; चलाउनु (आगो, चिया, दूध); व्यस्त हुनु, तरखर गर्नु, मिसाउनु, रयाल्नु, हुँडल्नु, कोट्टयाउनु, ओडाल्नु, विलोल गर्नु, जगाउनु, जगमगाउनु, उत्तेजना दिनु;—ring व्यस्त, चालु, चलेको;—ring news, events उत्तेजक उत्साहवर्धक; a—ring speech उत्तेजक;—-about **ना.** परिज, खिचडी; **वि.** चटारिएको; **ना**. तहल्का, राडो, तुलकलाम, होहल्ला, उत्तेजना, सनसनी; makes a great—खूब चर्चाको विषय बनेको छ;—less शान्त, चूपचाप; चलाउने काम, चलाइ, (अप०) झ्यालखान, थुना;—rer **ना.** विलोलक, चलाउने, क्षोभक ।

stirk (स्टर्क्) **ना.** (स्क. र प्रादे.) वर्षे साँढे वा गाई ।

stirpiculture (स्ट'पिंकल्चर्) **ना.** खास वंश वा नस्लको संवर्धन, पोषण, गर्नु ।

stirps (स्टर्प्स्) **ना.** (का.) परिवारको मूल, उत्पत्ति हेतु; (पशु.) वंश, वर्गीय श्रेणी वा समूह ।

stirrup (स्टि'रप्) **ना.** रिकाब, (नौ.) प्वाल भएको डोरी; —-bar काठीमा रिकाबको लोतो अड्याउने फलामे चुकुल; —-bone मानिस र स्तनपायीहरूको कानमा रहने रिकाबको आकारको हाड, रिकाबे हाड;—-cup घोडा चढी प्रस्थान गर्न तयार भएको व्यक्तिलाई दिइने रक्सी, इ. को कप;—pump रिकाब पम्प, रिकाब पचका; गोडाको आड भएको (सानू आगो निभाउने, इ. कामको) सिर्का छोड्ने पचका ।

stitch (स्टीच्) **ना.** र **क्रि.** कोखाको पीडा; (सिलाइको) टाँका, फडका; बुनाइमा विभिन्न क्रिया; **क्रि.** सिउनु;—up सिएर मरम्मत गर्नु, टाल्नु; (शल्य०) (घाउ) सिउनु, घाउमा सिएको फडका, टाँका, हाल्नु; a—in time समयको काम; not a dry—बिलकुल भिजेको, निथ्रुक्क; put a—वा—es घाउमा एक वा बढी टाँका हाल्नु; रेशम, तार, गट, ले सिउनु;—-wheel छालामा सिउने टाँका हाल्ने यंत्र (काठीमा);—ing-horse काठी बनाउँदा छाला समात्ने उपकरण;—ing स्यूनी ।

stithy (स्टि'दि) **ना.** (आ० र कवि०) नकर्मीको ज्यासल, अग्निकुण्ड ।

stiver (स्टाइ'भर्) **ना.** सबभन्दा सानू या जाबो मुद्रा पनि; सा० don't care a—।

stoa (स्टो'अ) **ना.** (व. व.—ae) प्राचीन ग्री. वास्तुकलामा पोटी; the—पोटी, ज. वा. stoic (हेर्नु) ।

stoat (स्टोट्) **ना.** र **क्रि.** अर्मिन जातको न्याउरी, खा. ग. उसको बर्खे भुत्लासहित; **क्रि.** लुगामा प्वाल, किनारा, च्यातिएको, इ. नदेखिने टाँकाद्वारा सिउनु, मरम्मत गर्नु ।

stock (स्टॅक्) **ना.** र **क्रि.** ठुटो, कुन्दा, धड, कलम बाँध्ने रूख, आधार; कुल, वंश; कोरा माल, (झिक्न हुने) राशि, मौजदात; सामान, सारजाम;—s and stones जीवशून्य, प्राणहीन, वस्तुहरू; उदासीन वा जड व्यक्तिहरू; पात्र, ज. कि laughing—हँसीको पात्र; lock,—and barrel (अलं.) पूर्णरूपले; वंश, विशिष्ट परिवार, ज. कि good—; वस्तुहरू; सञ्चय, थुप्रो;rolling—रेलका इञ्जिन र डब्बाहरू, गुड्ने सामान; live—पशुसम्पत्ति, गाइवस्तु;—in-trade कुनै व्यापारको सबै चाहिने द्रव्य; विक्रय सामान; take—मौजदात रुजु गर्नु; take—of विचार गर्नु;—argument, joke इ. तयार, पुरानू; बास्ना आउने फूल र सेतो पात भएको विरुवा; (व. व.) (ऐति.) चमोट, ठिङ्गुरो; (ब. व.) जहाज बनाउँदा अड्याउने काठका टिम्वा; अघि घाँटीमा लाउने गर्दन बेर्ने छाला वा अन्य सामानको घेरा (अचेल कलर टाइले हटाएको); (अर्थ.) सरकारले उठाएको ऋण, ऋणपत्र; निकाय वा प्रतिष्ठानका व्यक्तिहरूबाट उठेको मूलधन; preference—अग्राधिकार सम्पन्न ऋणपत्र वा अंश;—certificate ऋणपत्र; water—जेथा नबढाई प्रतिष्ठान वा कोठीको ऋण वा नामको मूलधनमा वृद्धि गर्नु; अब्वल दर्जाको ईंट;—account, book जिन्सी खाता;—-breeder गाइवस्तु संवर्धन गर्ने, पाल्ने, गोठपाल;—broker सट्टाबजार व्यापारी, दलाल;—-car वस्तु डब्बा;—-car racing दौडको होइन, साधारण मोटर गाडीको दौड;—-dove कपोत;—exchange सट्टाबजार; —-farm (er) वस्तु पाल्ने;—jobber,—jobbng (मोलमा तलमाथि भएबाट नाफा गर्ने) सट्टाबजार, बजारिया;—list अंश सूची (दैनिक प्रकाशन);—pile **ना.** र **क्रि.** सामान, कोरा माल, इ. को सँगालो (गर्नु);—rider वस्तुपाले (अस्ट्रे.); —-still अचल, निश्चल;—taking मौजदात रुजु गर्ने काम;—-whip (छोटो बींड लामू कोर्रा भएको) वस्तु कोर्रा; —yard वस्तु राख्ने घेरा, (अम.) काट्न लैजाने घेरा;—less **वि.** कुन्दारहित (बन्दूक); **क्रि.** (बन्दूकमा) कुन्दा जड्नु; (ऐति.) ठिंगुरोमा हाल्नु; पसल, दुकान, इ. मा सामान राख्नु; सामान मौजदात राख्नु; जमीनमा घाँस लाउनु वा बढ्न दिनु ।

stockade (स्टकेड्) **ना.** र **क्रि.** ठाडो कीला, वा काँटाको घेरा (ले बलियो पार्नु); स्तम्भपंक्ति ।

Stockholm tar (स्टॅक्'होम् टार्) **ना.** सल्लाबाट बन्ने अलकत्रा ।

stockinet (स्टॅ'किनेट्) **ना.** (खा. ग. भित्री' लुगा बनाउने) तन्कने बुनेको कपडा ।

stocking (स्टॅ'किङ्) **ना.** लामू मोजा (खुट्टा र गोडाको लागि); elastic—तन्कने मोजा (विभिन्न रोग, गोडा दुखेमा, खेल्दा लाउने); white, इ.—(घोडा, इ. मा) माथिल्लो भागभन्दा तल छुट्टा रंग भएको खुट्टा ।

stockist (स्'टॅकिस्ट्) **ना.** (विक्रीको लागि केही सामान) राख्ने, आढतिया, संभारक, व्यापारी ।

stocky (स्ट'कि) **वि.** डल्ले, गाण्टे, मोटो र पुडको, पुष्ट ।

stodge (स्टॅज्) **ना.** र **क्रि.** (वि. अप.) खाना, खा. ग. गरिष्ट किसिमको; पूरा खाना, भोज; लोभी, खन्चुवा; **क्रि.** हसुर्नु, लोभसँग खानु ।

stodgy (स्टॅ'जि) **वि.** (खाना) गरिष्ट, पेट भरिने, अपचतो; (भाँडो) भरि, अटेसमटेस, उक्सेको, कोचेको; (पुस्तक, शैली, इ.) तथ्य वा विवरण ज्यादा भएको, सरसता र चाखमा कम; (व्यक्ति) सम, भावना कम भएको, लठेप्रो ।

stoep (स्टूप्) **ना.** (द. अफ्रिका) घरअगाडिको चौडा सिंढीदार वरण्डा ।

stogy (स्टो'गि),—gie **ना.** गह्रुङ्गो बूट वा जुत्ता; लामू टम्म नपरेको सिगार ।

stoic (स्टो'इक्) **ना.** एथेन्समा दार्शनिक जेनोले स्थापना गरेको सम्प्रदायको दार्शनिक; पुण्य, धर्मलाई सर्वश्रेष्ठ मानी इन्द्रियदमन र सुख दु:खमा समताको शिक्षा गर्ने सिद्धान्त; संयम, सहनशीलता र तपस्या गर्ने व्यक्ति, तापस;—al **वि.** तापसी, नि:संग, निस्पृह, वीतस्पृह;—ism ना. तापस्य, औदासिन्य, आत्मसंयम, सम, सुख दु:ख समता ।

stoke (स्टोक्) **क्रि.** आगो, अग्निकुण्ड, (मा कोइला थप्नु, फुक्नु, इ. ले) संभार गर्नु; आगो चलाउनु; इन्जिनको आगोको संभार गर्नु; (अलं., बो. चा) खाना खानु, खा. ग. हतारसँग; —hole,—hold जहाजमा आगो रहने कोठा ।

stoker (स्टो'कर्) **ना.** आगोको हेरचाह गर्ने मान्छे, खा. ग. जहाज, रेलको इन्जिन, इ. मा; mechanical—स्वचालित आगो हेर्ने (अग्निकुण्डको लागि) ।

stole (स्टोल्) **ना.** (रो. प्रा. इ., ल्या. stola पनि, ब. व —ae) प्राचीन रोमन महिलाको बाहिरी पोशाक; पादरीले बायाँ काँधमा लाउने बाहिरी लुगा, उपर्ना;=stolon पनि **ना.** तेर्सो वा भैंमा सुतेको हाँगा जसले जरा हालेर नयाँ बिरुवाहरू बन्दछ; भैंमन्तिर उम्रने पातसहितको झ्याउ वा काइ; (पशु.) घस्रँदै वढ्ने जरा जस्तो वृद्धि ।

stole (स्टोल्) **क्रि.** steal को भू. का.=चोर्‍यो; stolen चोरियो;—n goods दसी ।

stolid (स्टॅ'लिड्) **वि.** अक्षुब्ध, भावनारहित, निस्फूर्तिको, सम, नआत्तिने, अचलायमान, हठी, देख्दा जड वा मूर्ख, मन्द; —ity **ना.** अक्षुब्धता, अभावुकता, समता, जडता ।

stomach (स्ट'मक्) **ना.** र **क्रि.** भुँडी, जठर, पक्वाशय, पेट, आमाशय, (ग्रा.) लाद्रो; pit of the—छातीको हाडमनिको खाडल; (खाद्यको लागि) भोक; विवाद, संघर्ष, खतरा, इ. का निमित्त साहस, इच्छा वा लिप्सा; proud वा high—घमण्डीपना;—-ache पेट दर्द, दुख्ने;—-cough आन्द्रामा गडबडीले उठ्ने;—-pump भुँडीमा झोल हाल्ने वा त्यहाँ रहेको वस्तु झिक्ने पचका; पेटपचका;—-tooth केटाकेटीको निस्कन थाल्नासाथ पेट बिग्रने तल्लो कुकुरे दाँत;—-tube पेटनली (सफा गर्ने वा झोल घाँटीमार्फत पठाउने);—al **वि.** पेटको; **क्रि.** स्वाद वा रुचिसँग खानु, मीठो लाग्नु, (अलं.) सहनु, बर्दास्त गर्नु (अपमान, बेकाइदा) ।

stomacher (स्ट'मकर्) **ना.** (ऐति०) स्त्रीको पुरानू ढाँचाको चोलो, चोली ।

stomachic (स्टम्या'किक्) **वि.** र **ना.** पेटको; अग्निदीपक, रुचिकर, पाचक, जाठर; **ना.** उत्तेजक (वस्तु वा ओखती), तीतो, दीपन, पाचन, पाचक अग्निवर्धन ।

stomatitis (स्टॅमटाइ'टिस्) **ना.** मुखको श्लैष्मिक झिल्ली वा जालोको सूज ।

stomato—(स्टॅमटो—) ग्री० stoma,—atos को यौगिक रूप=मुख;—gastric मुख र पेटको;—logy **ना.** (भैष०) मुखको (रोगको) शास्त्र; मुखरोग विद्या ।

stone (स्टोन्) **ना.**, **वि.** र **क्रि.** ढुङ्गा, चट्टान, पत्थर, शिला, पाषाण; मणि, पत्थर; बीयाँ, कोयो; सिकता, पत्थरी, मूत्रकृच्छ; अण्डकोश; असिना; १४ पाउण्डको तौल; **वि.** ढुङ्गे, पत्थरिलो; शिलामय; **क्रि.** ढुङ्गाले हान्नु, ढुङ्गा बर्साउनु, त्यसरी मार्नु; फलको बीयाँ, कोयो, झिक्नु; ढुङ्गा छाप्नु; भित्तामा बाहिर ढुङ्गा हाल्नु; rolling—(अलं०) पेशा फेरिरहने व्यक्ति; sermons in—s विचारशील व्यक्तिलाई ढुङ्गामा पनि उपदेश; give a—for bread मददको स्वाँग गर्नु; meteoric—उल्कोत्पन्न पाषाण, उल्का शिला; leave no—unturned हर सम्भव उपाय गर्नु; cast first—पहिला दोषारोपण, झगडा, गर्नु;—jar,—jug ढुङ्गाको; heart of—कडा; harden into—अक्ष० र अलं० पत्थर (कडा) बन्नु; विशेष कामको लागि चलन हुने खास नाप र आकारका ढुङ्गा; grind—जाँतो, घट्टे ढुङ्गा; grave—चिहाने; hearth—आतसखानको; mill—घट्टे; whet—धार लाउने;—-axe ढुङ्गा चिर्ने;—blind पट्ट, बिलकुल;—boiling तातो ढुङ्गा हालेर पानी पकाउने अघिको चलन;—-butter फटकिरी;—-cold एकदम;—crop भित्ता वा चट्टानमा बढ्ने बिरुवा;—-dead,—deaf बिलकुल;—-fruit बीयाँ भएको;—-horse आणू;—mason लोंहकर्मी, ढुङ्गाकर्मी;—-pit ढुङ्गाखानि;—wall **क्रि.** छेक्नु;—walling (क्रिके०) बडी धोमा सावधान ब्याट हनाइ; touch—कसी, कसौटी; philosopher's—पारसमणि ।

stony (स्टो'नि) **वि.** र **क्रि.वि.** ढुङ्गे ढुंगा भएको, शिलामय, शार्कर; कडा, दह्रो, जडेको (ढुंगा जस्तो); a—stare भाव वा परिचयरहित, आश्मिक हेराइ;—heart हठी, भावनारहित;

साहो केन्द्र; **क्रि. वि.** बिलकुल, एकदम ।

stood (स्टुड्) **क्रि.** stand को भू. का.=उभ्यो ।

stooge (स्टूज्) **ना.** र **क्रि.** (अप०) पिठ्ठू, दाँजो, साटो (खा. ग. वैहासिक अभिनेताको लागि); मातहती, पुतली (अर्काको हातमा), कठपुतली; उड्न सिक्ने व्यक्ति, सिकारु हात्रावाज; **क्रि.** यताउति चल्नु, खा ग. उड्नु ।

stook (स्टुक्) **ना.** र **क्रि.** (मु. स्क. र उत्तर.)=shock ।

stool (स्टूल्) **ना.** र **क्रि.** त्रिपाइ, तिपाइ, मूढा, संवेश; office—अग्लो; folding—दोब्रिने;—of repentance अपराधी, खा. ग. रण्डीवाजहरूले गिरजामा भर्त्सना या वाक्-दण्ड सुन्ने त्रिपाइ; fall between two—s दुई कुरामा मनले ठेगान गर्न नसकी विफल हुनु; घुँडा टेक्ने होचो त्रिपाइ,=foot —,पाउदान; दिसा जाने ठाउँ, चर्पी, दिसा; go to—दिसा जानु; close—विष्टा, night—विष्टा, मैला, नरक; विरुवाको आँकुरा शुरू हुने जरा वा धड वा ठुटो; कैतव चरो बाँध्ने कीलो; ---pigeon कैतव चरा, कैतवको रूपमा प्रयोग हुने परेवा वा व्यक्ति; **क्रि.** जरा हाल्नु, जराबाट उम्रनु; (आ०) दिसा जानु ।

stoop (स्टूप्) **क्रि.** र **ना.** निहुरिनु; (अलं०) दब्नु, कुनै काम गर्नालाई (मर्यादा, गर्वको त्याग गरी) गर्नु;—to conquer पहिले दबेर आफ्नू मतलव साध्य गर्नु; टाउको र कुम निहुराएर हिंड्नु;—ingly **क्रि. वि.** निहुराएर; (बाज, इ०) झम्टनु, ठाडै ओर्लनु; (पीपा) घोप्ट्याउनु; **ना.** निहुराइ, (बाजको) झमट, झम्टाइ; stoup=रक्सी राख्ने भाँडो, सुराही, पुटग्रीव; (अम० क्यान०) घरअगाडि विनाछतको मञ्च वा वरण्डा ।

stop (स्टॅप्) **क्रि.** (-pp-) हाल्नु, रोक्नु, बन्द गर्नु, छेक्नु, थाम्नु, थुन्नु; अड्नु, टक्क हुनु, रोकिनु, थामिनु, अड्काउनु, अँट्याउनु, अड्कनु; रोक्का गर्नु; मुलतवी गर्नु; (सितार, बेहाला, इ० को तार) औंलाले थिचेर चाहेको स्वर झिक्नु; सकिनु, अन्त हुनु; (बो. चा.) बस्नु; अड्नु, वास गर्नु; (लेख, चिठी, इ.) विरामचिन्ह हाल्नु; (नौ०) बाँध्नु, (रस्सी, इ.); (खोदाइ) तेजाबले नखाने ठाउँ बचाउने तहले छोप्नु;—down (फोटो.) छिद्र पटले काँचको भाग छेक्नु; (ढलान)--off (चलन नहुने साँचोको भाग) बालुवाले ढाकिदिनु;--off, —over **ना.** सफर, यात्रा, मा रोकावट; वास;—a tooth (दाँतको प्वाल सुन, सिमण्टी, इ. ले) टाल्नु;—a wound रगत थाम्नु;—one's mouth घूस, डर, त्रास, इ. ले चूप लगाउनु;--thief ! चोर ! (समात !); -payment (ब्यांक) चेक, पुर्जा, को दाम दिन रोक्नु;—dead वा short टक्क अड्नु;—page **ना.** रुकावट (पनि, रो. नि. कुनै अवयवमा अवरोध), रोकथाम, विश्रान्ति, विराम, मुकाम, खण्डखाद्य, निमिट्यान्न, वास, प्रतिबन्ध, प्रतिष्टम्भ;--ping **ना.** स्तम्भन, रोक (खा. ग दाँतको प्वाल टाल्ने) ।

stop (स्टॅप्) **ना.** रुकावट, स्तम्भ, स्तम्भन, विराम, प्रतिबन्ध, बिसान, बिसौनी, अडान, रोक्का, रोक, थाम; विरामचिन्ह; full—पाइं, पूर्णविराम; (संगीत) (तारको) थिचाइबाट हुने स्वरको उचाइ उत्राइको फरक; (हारमिन, पियानो, इ. वाद्य) पर्दा; (अलं.) कुनै प्रभाव वा फल निकाल्ने बोलाइको ढाँचा; चल्ने कुनै चीजको गति रोक्ने केही चुकुल, काँटा, कीला, इ०; (चाक्षुष, फोटो.) छिद्र पट; (स्वरशास्त्र) बन्द गरेर बोल्ने व्यन्जन ध्वनि ।

stop-cock (स्टॅप्'कॅक्) **ना.** बाह्य कपाट, धारो ।

stop-gap (स्टॅप्'ग्याप) **वि.** खण्ड खाद्य, अस्थायी साटो, टारन ।

stop-key (स्टॅप्'की),**--knob** (स्टॅप्'नॅब्) **ना.** बाजाको पर्दा ।

stop-order (स्टॅप्'ऑर्डर्) **ना.** अंशपत्रको मोल तोकिएको अंक पुगेपछि किन्ने, बेच्ने आडर ।

stop-press (स्टॅप्'प्रेस्) **वि.** र **ना.** अखबार छाप्न शुरू भएपछि समावेश गरिएको (समाचार) ।

stop-watch (स्टॅप्'वाच्) **ना.** विराम घडी, स्तम्भन घडी, आफूखुशी चलाउन थाम्न सकिने, खेल, दौड, इ. मा प्रयोग हुने ।

stopper (स्टॅ'प्र्) **ना.** र **क्रि.** शा. अ मा, खा. ग. बिर्को, काग (शीशीको, धे. ज. शीशीकै सामानको बनेको), रोध, अवष्टम्भ; (नौ०) रस्सी, समात्ने; **क्रि.** बिर्को बन्द गर्नु; put a —on रोक्नु, बन्द गर्नु; tobacco—कुल्फीमा तमाखु थिच्ने औजार ।

stopple (स्टॅ'प्ल्) **ना.** र **क्रि.** बिर्को (शीशी वा अन्य भाँडाको); **क्रि.** बिर्को बन्द गर्नु ।

storage (स्टो'रेज्) **ना.** सम्भार, सञ्चय, संग्रह, संग्रहण, सामान संभार; ऐ. को लागि पाइने स्थान, सञ्चय स्थान; सामान राखेको भाडा, सञ्चय मूल्य; cold—शीत सञ्चय स्थान (बरफ कल वा शीत कक्षमा);—cell, battery (विद्युत.) संचायक कोष, कोष श्रेणी ।

storax (स्टो'न्वाक्स्) **ना.** शिलाजीत, शिलाज, शिलाकुसुम ।

store (स्टोर्) **ना.** र **क्रि.** प्राचुर्य, राशि, निधि, मौजदात; भण्डार, पसल, बजार, पण्य वीथि, बृहत् बजार; **ब. व.** खास किसिमका वा खास प्रयोजनको लागि जम्मा गरिएको मालसामान, ज. कि सैनिक, नौसैनिक, इ. सामान; भविष्यको लागि जगेरा राखिएको; **क्रि.** राख्नु, थन्क्याउनु, जम्मा गर्नु, जगेरा राख्नु; जम्मा गर्नु, साँच्नु; (मालसामान स्थायी वा अस्थायी रूपले) गोदाममा राख्नु; घाट गद्दी गर्नु; (भाँडो) अटाउनु, भ्याउनु, सन्चय स्थान हुनु;—clothes, इ. खा. ग. तयारी लुगा; the -s बडे बडे बजार, साना पसलको विप.; chain, department,—धेरै विभाग भएका प्रायः सबै साधारण उपयोगका वस्तु पाइने, समाहार बजार, पण्य वीथि;—cattle, इ. केवल पालिने, मोटाइने होइन; set–by खयाल राख्नु, वास्ता गर्नु, महत्वको ठान्नु, खा. ग. set no–by वेवास्ता गर्नु;—house धनसार, संग्रहालय, भण्डार, भकारी, वेहरी;—keeper भण्डारे भण्डारिक;— -room भण्डार;—ship भण्डार जहाज ।

storey (स्टो'रि) **ना.** (ब व.—eys), story (ब. व.— —ies) तला, भूमि (घरको), (अलं.) मगज, ज. कि

wrong in the upper—सन्केको;--post तला थाम्ने सत्तरी अडयाउने खम्बा;—ed **वि.** तले, भूमिक, सभूमिक ।

storiated (स्टो'रिएटेड्) **वि.** सिंगारिएको (मुखपृष्ठ) पुस्तक, इ० ।

storied (स्टो'रिड्) **वि.** कथित, इतिहासप्रसिद्ध, कथा वा ऐतिहासिक प्रदर्शनले सिंगारिएको ।

stork (स्टॅर्क्) **ना.** सारस, वक, वलाक, क्रौन्च; King S—प्रजापीडक अत्याचारी क्रियाशील शासक ।

storm (स्टार्म्) **ना.** र **क्रि.** आँधी, आँधीव्यारी, तूफान, महावात, चण्डवात; (मौसिम०) हुरी, प्रकम्पन; विप्लव, आन्दोलन, तुमुल, युद्ध, आक्रमण, चढाइ, विवाद;—and stress व्यक्ति वा जातिको जीवनमा उथल पुथलको विचार र अशान्तिको अवधि, तान र आँधीको समय; पत्थर, ऋटारोको पर्रा; फुत्कार, थपडी, ऋोक, इ० को आक्रोश; कटक, सीधा आक्रमण, धावा, किल्ला इ. सुरक्षित स्थानउपर चढाइ र सोको फत्ते; take by—सीधा धावाले लिनु, (अलं० पनि);— -beaten आँधीले पिटिएको (अक्ष० वा अलं०);— -belt आँधी क्षेत्र;—bound आँधीले अड्केको;— -centre आँधी केन्द्र (जता आँधी चल्छ); (अलं.) गोलमाल उठ्ने विषय;— -cloud वाक्लो पानी पार्ने वादल, गोलमाल उठ्ने परिस्थिति;— -cone आँधीको संकेत, आँधी शंकु;— -tossed (अक्ष० र अलं०) आँधीपीडित;— -troops, =shock-troops संघात फौज (कडा तालीम प्राप्त, अति बलवान); जर्मनीमा नाट्सीहरूले खडा गरेको अर्ध सैनिक सङ्गठन पनि;—wind वतासे आँधी;— -window, –door आँधी रोक्ने थप बाहिरी ऋयाल, ढोका;— -zone आँधी क्षेत्र; —proof आँधी रोक्ने; **क्रि.** (पानी, वतास, इ०) जोरसँग पर्नु, वहनु; कराएर, जङ्गिएर, कडकेर, इ० बोल्नु, व्याँक्नु; लिनु, जित्नु; ग्रस्त गर्नु;—ing party धावा वोल्ने दल, प्रारम्भिक आक्रमणलाई खटिएको दल ।

stormy (स्टा'मि) **वि.** जोरदार, वात्याकुल, हुल्लडवाज, प्रचण्ड; (अक्ष० वा अलं०) आँधीद्वारा वेष्टित; आँधीको धमकी गर्ने, पवन क्षुब्ध, आँधिलो ।

stort (h) ing (स्टॉ'टिंङ्) **ना.** नार्वे देशको संसद ।

story (स्टो'रि) **ना.** इतिहास, चरित्र, पूर्ववृत्तान्त, वृत्तान्त, कथन; कथा, गल्प, कथानक, किस्सा, खिस्सा, आख्यायिका, उपाख्यान; कथा वा उपन्यास वा महाकाव्यको सार वा कथासार; लेखयोग्य घटना वा अनुभव, गफ, गफास्टक; (के०) ढाँट, ऋूट; make a long—short लम्बे विवरण छोट्याउने सूत्र; according to (one's) own—अविश्वास जगाउने सूचना, (उसको) कथनानुसार; but that is another—श्रोताको कुतकुती जगाउने सूत्र, त्यो कथा अहिले नभनुँ; the—goes भनाइ छ कि; short—छोटो कथा;— -book कथा संग्रह;— -teller कथक, कथाकार; तला, भूमि (storey पनि) ।

stot (स्टॉट्) **ना.** (उत्त० प्रादे०) वाछो, वच्चा साँढे ।

stoup (स्टूप्) **ना.** (आ०) (मद्य राख्ने) गिलास, सुराही, भाँडो; (मद्य) पिउने भाँडो ।

stout (स्टाउट्) **वि.** र **ना.** वहादुर, पराक्रमी, दृढ, वलिस्ट, हृष्टपुष्ट, हठी, भरपर्दो, दोहरो आङ्गको; a—heart साहस, वहादुर;—hearted वीर, शूरो, विक्रान्त; मोटो वृहत् काय, स्थूल; **ना.** गाढा खैरो कैलो रङ्गको जाँड किसिम ।

stove (स्टोभ्) **ना.** र **क्रि.** पकाउने, कोठा तताउने; स्टोभ, ज्वालाचुली, चूह्लो; (उद्यान०) कृत्रिम तापले विरुवाको सम्भार गर्ने तातो घर;— -pipe धूवाँ, तातो वायु धूवाँकसमा लैजाने नल;— -pipe hat अग्लो प्रकारको; **क्रि.** (तातो घरमा) विरुवा उमार्नु, बढाउनु ।

stow (स्टो) **क्रि.** ठाउँ खेर नफाली, नअलऋाउने गरी, (सामान माल, इ०) राख्नु, मिलाउनु, सजाउनु;—(thing) away नअलमल्याउने गरी, बाटोमा नपर्ने गरी, राख्नु; (भाँडोमा) माल ठीकसँग राख्नु, प्याक गर्नु; (अप.) खा. ग. आदेशको रूपमा, चूप लाग ! छाड !—away **ना.** जहाज, वायुयान, इ. मा लुकेर मुफ्त यात्रा गर्न खोज्ने व्यक्ति, लुकुवा; **क्रि.** लुकुवा हुनु ।

strabism/us (स्ट्र्याबिज्'मस्) **ना.** डेढो आँखा, केकर, वक्र दृष्टि; cross-eyed—भित्र फर्केको डेढो आँखा; wall-eyed —बाहिर फर्केको टेढो आँखा;—ic **वि.** डेढे ।

strabotomy (स्ट्र्याबॅ'टमि) **ना.** डेढो निको पार्नालाई आँखाको तन्तु काट्ने क्रिया; शल्य उपचार ।

straddle (स्ट्र्या'ड्ल्) **क्रि.** र **ना.** खुट्टा फट्याउनु, खुट्टा फटयाएर उभिनु वा (घोडा, इ. मा) बस्नु; (नौ.) गोला निशानाभन्दा वर वा पर खसाल्नु; (अलं.) दुई नीति, कुरा, इ. मा दोधार गर्नु; छेकामाथि बस्नु, मौका हेर्नु; **ना.** खुट्टा फटयाएको आसन, अथवा अलं. (सट्टा.) ठेक्कावालले तोकिएको मोलमा अंशपत्र, इ. दिने वा लिने हक ।

Stradivarius (स्ट्र्याडिभे'रियस्) (वो. चा. strad (स्ट्र्याड्) **ना.** वेहाला वा अन्य तार वाद्य जो क्रेमोनावासी स्ट्र्याडिभेरियसले बनाएका थिए ।

strafe (स्ट्राफ् , स्ट्रेफ्) **क्रि.** र **ना.** (अप.) गोलाले हान्नु; तोप, बम, गोली इ. हानेर सताउनु; नसीहत, गाली वा पिटाइ, दिनु; **ना.** तोप, बम, गोली, इ. को वर्षा वा वृष्टि; the morning—सबेरैको तोपहनाइ; Gott–England सन् १९१४ को जर्मन नारा=परमेश्वरले बिलायतलाई सताउन् !

straggle (स्ट्र्या'ग्ल्) **क्रि.** फुट्टा पर्नु, फुट्टिनु, छितरिनु, छरिनु, भौंतारिनु, फाटफुट देखापर्नु; (विरुवा) लामू र ऋारको माऋमा उम्रिनु;—r **ना.** फुट्टिएको, भ्रष्टपथ, नष्टपथ ।

straight (स्ट्रेट्) **वि.**, **ना.** र **क्रि. वि.** सोऋो, सरल, ऋजु, मुखामुख;—arch चुच्चे, घुमेको होइन;—back,—knee नकुप्रिएको, नवाङ्गिएको;—hair नघुम्रेको, सोऋो; (निशाना, हेराइ, आघात, मार्ग) सीधा, ठेगानसम्मको; सोऋो, सोऋरी, ईमानदार, स्पष्ट; ठीक, न्यायसंगत, उचित स्थानमा; बेईमानी होइन, ज. कि a—race; (आधिकारिक) स्रोतबाट, चोखो, नमिसिएको, फेरफार विना; (अप०) लोकोत्तर, मिलनसार;

—ticket (राज०) विना फेरफार दलको कार्यक्रम;—jet विना पंखको जेट वायुयान;—forward सोझो, स्पष्ट, खरो, सरल, (काम) सजिलो, केही जटिलता नभएको;—away (आ०) ऋट्ट, ठमठमती, ठमठमी, तुरुन्त, तत्कालै;—en **क्रि.** सोझ्याउनु, सोझो पार्नु; **ना.** सारल्य, आर्जव, सीधापन, (दौड मार्गको) सोझो भाग; पोकर खेलमा लगातार मोलको पाँच चक्की ताशको समूह; **क्रि. वि.** सरल रेखामा, तन्केर, नमुडी वा नबाङ्गीकन; hit—सोझो हान्नु; ride—छेका डाँकेर; ठीक दिशातिर वा मा, ठीकसँग; तुरुन्त, तत्काल, विना सङ्कोच वा विचार, खा. ग.—off;—-cut (तमाखु, सुर्ती) लामू त्यान्द्रो पारेर काटेको;—-edge रूल, सोझो छेउ भएको पातो;—eye सोझो बाङ्गो छुट्ट्याउन सक्ने आँखा;—face विना भावको (मनको कुरा थाहा नदिनाको लागि) मुख;—fight (दुई उम्मेदवारहरूका बीचको) सोझो द्वन्द्व ।

strain (स्ट्रेन्) **क्रि.** तन्क्याउनु, तान्नु, तनक्क पार्नु, निचर्नु, (अर्थ) बंग्याउनु, छाती लगाउनु, अँगालो हाल्नु; कन्नु, उद्यम गर्नु, कडा प्रयास गर्नु, जोर गर्नु; छान्नु, कपडछान गर्नु, चाल्नु; मुस्तैद हुनु, जमजमाउनु, कनिकुथी गर्नु; ज्यादा परिश्रम गर्नु, ज्यादा गर्न खोजेर नोकसान गर्नु, बिगार्नु; बल गर्नु, तन्क्याउनु;—ed muscle तन्केको पेशी;—ed relations (दुई थरीले परस्परलाई उच्चाट गराउँदा उत्पन्न) अति चिढचिढापन; (निष्ठा०) कर वा बलले गरिएको वा उत्पन्न भएको; कृत्रिम, करबलको, नियंत्रित;—er **ना.** चाल्नी, छान्ने (टालो), छन्ना;—at a gnat सानू कुरामा अडचन झिक्नु;—ing कनाइ ।

strain (स्ट्रेन्) **ना.** तान, तानातान, खिचातान, तनाउ, धक्का, खराबी, विकृति, तोड; (भौ० शा०, यंत्र) तानमा परेको वस्तुको स्थिति, आणविक स्थानान्तरण; (कवि र अलं०, खा. ग. ब. व. मा) संगीत वा कविताको झोक्का वा झमट; बोल्दा, लेख्दा, वार्तालापमा, लिइने ढाँचा वा शैली; कसैको स्वभाव निर्माण गर्ने नैतिक प्रवृत्ति; पशुको जात, मानिसको कुल वा परिवार;—s **ना.** कहर, तान, तनाउ ।

strait (स्ट्रेट्) **वि.** र **ना.** साँगुरो, संकुचित; (आ०) कडा;—gate साँगुरो ढोका (बाइबल);—jacket,—waist coat पाता कस्ने, फर्काउने, चौखुन्याउने, जकडबन्द गर्ने, लुगा (खा. ग. पागलहरूको लागि);—-laced (अलं० मात्र) कट्टर धर्मात्मा, ढोंगी, नीतिनिष्ठ; **ना.** जलडमरू, सामुद्रधुनी, धे. ज. ब. व. मा पनि; (धे. ज. ब. व.) कष्ट, दुर्गति, नानास्थान, दोहोलो, कायल, चिल्लीचिल्ली, चिहिलबिहिल, बिजोग, बिल्लीबाठ, हाहाकार, सकस, सास्ती ।

strake (स्ट्रेक्) **ना.** जहाजमा अगाडिदेखि पछाडि टुप्पो टुप्पोसम्मको तखता जडान ।

stramineous (स्ट्रमाइ'नियस्) **वि.** (आ०) पराल झैं, पराल झैं हलुङ्गो वा बेकामको ।

stramonium (स्ट्रमो'नियम्) **ना.** दममा धेरै प्रयोग हुने बूटी, धतूरो ।

strand (स्ट्र्याण्ड्) **ना.** र **क्रि.** समुद्र, पोखरी वा नदीको तट (अलं०, कवि०); बटारेर डोरी, रस्सा, बन्ने एक एक सूत वा त्यान्द्रो; (अलं०) कुनै संयुक्त पूराको अवयव वा तत्व; **क्रि.** (जहाज) भैंमा धसिनु; (निष्ठा०) अप्ठ्यारो वा कठिनाइमा परेको, खा. ग. पैसा वा अन्य साधनको अभावले, बेखर्ची, अलपत्र; साथीहरू अघि गइसक्दा पछि छुटेको, अवगणित; (रस्सीमाको) एक सूत वा त्यान्द्रो चुँडाउनु, चुँडिनु;—ed **वि.** कुर्चा खाएको, अलपत्र, अड्केको; to be—ed **क्रि.** कुर्चा खानु, अलपत्र पर्नु, अलपत्रिनु ।

strange (स्ट्रेन्ज) **वि.** विदेशी, बिरानो, बाहिरिया, अर्काको, परकीय, अपरिचित, अनौठा, अचम्मको, लहडी, विलक्षण, गाइजात्रा, असंगत, आश्चर्यमय, सजीव, अजानो, बेढव, उनाउ, एकतमास, नौलो, पागल;—in manner सुद्धी हराएको, असुद्धी; feel—एकतमास लाग्नु, रिंगटा इ० लागेको; it feels—नौलो लाग्छ;—ness **ना.** नौलोपन, वैचित्र्य, अपूर्वता ।

stranger (स्ट्रे'ञ्जर्) **ना.** विदेशी, विरानू, पराई, अन्यत्री, कुसाख, अपरिचित, अनात्मीय, परकीय, परचक्री, आगन्तुक, अभ्यागत, अनभिज्ञ, अज्ञात; spy वा see—s (ब्रि० संसदमा) सदस्यभन्दा बाहेक सबलाई हटाउने माग; quite a—कहिले नआउने; is no, a—to me चिनेको छ, छैन; the little—नवजात शिशु ।

strangl/e (स्ट्र्या'ङ्ग्ल्) **क्रि.** घाँटी थिच्नु, घाँटी निमोठेर मार्नु; (कलर) (घाँटी) थिच्नु; (अलं०) (गति, आन्दोलन, इ०) दबाउनु; e-hold घातक पकड (धे. ज. राज० वा व्यापा० मा);—ing **ना.** गलपीडन, गलहस्त, श्वासावरोध, कण्ठपीडन ।

strangles (स्ट्र्याङ्गल्ज़्) **ना.** ब. व. (ए. व. जस्तो प्रयोग) घोडा, गधा, इ० मा सर्ने रुघा ।

strangul/ate (स्ट्र्या'ङ्ग्युलेट्) **क्रि.** घाँटी थिच्नु (विर०) (रो. नि., शल्य०) थिचेर वा दबावले (नली, आन्द्रा, इ० मा) वहन रोक्नु;—ation **ना.** अवरोध, अवरोधन, अवरुद्धि;—ated अवरुद्ध;—ated hernia अवरुद्ध अंत्रवृद्धि ।

strangury (स्ट्र्या'ङ्ग्यूरि) **ना.** कष्टसाथ थोपा थोपा भएर आउने पिशावको रोग; बिरुवामा पट्टी बाँध्दा हुने रोग; अश्मरी, मूत्रकृच्छ, पत्थरी ।

strap (स्ट्र्याप्) **ना.** र **क्रि.** (—pp—). (छाला वा अन्य वस्तुको) पटार, लोतो, पेटी; चर्मतन्त, बगलस, जिप, वा अन्य बन्धन भएको छाला वा अन्य वस्तुको (माल-बाँध्ने) लोतो; shoulder-—सैनिकको काँधमा रहने (पल्टनको नाम, दर्जा, इ० देखाउने चिह्नसहितको) पेटी; (खा. ग. स्त्रीको) लुगा अड्याउने फिता; धातुको पातलो जोर्नी, इ.; कब्जाको पातो; the—पटारले चुटाइ;—hanger बस, रेल, इ. मा भीडले गर्दा सो प्रयोगको लागि झुण्ड्याइदिइराखेको पातो, छालाको लोतो, इ. मा समाती यात्रा गर्ने व्यक्ति, डण्डी, पातोमा झुण्डिने;—laid धेरै डोरी सँगसँगै राखेर च्याप्टो पेटी बनाएको;—oil पटारको चुटाइ;—-work बाटेको पटारको जस्तो बुट्टा;—less (लुगा) विना (काँधे) फित्ता, खा. ग. स्त्रीको उपरी लुगा;

क्रि. फित्ता हाल्नु;—ped trousers कुर्कुच्चाभित्र अडयाउने फित्ता भएको, घोडा चढ्दा लाउने, वा अचेलको (खा. ग. स्त्रीको) पतलून, पाइजामा, मा पनि सो हालेको खुकुलो; (छुरा) धार लगाउनु, उजाउनु; (शल्य.) (घाउ) बन्द गर्नु, (पेटी वा टाँस्ने प्लास्टरले) बन्द गर्नु;—ping **ना.** चुटाइ; (कू., वि. ऊँ) बडेमा, ठूलो, लाठे, हट्टाकट्टा;—per **ना.** बडेमान, हट्टाकट्टा, व्यक्ति ।

strappado (स्ट्रपे'डो) **ना.** (ब. व.—es) र **क्रि.** व्यक्तिको हात खुट्टा डोरीले बाँधेर तान्दै, पछार्दै, गर्ने सजाय; **क्रि.** डोरीद्वारा उछार्नु पछार्नु ।

strass (स्ट्र्यास्) **ना.** नकली मणि बनाउँदा प्रयोग हुने लेदो ।

strata (स्ट्रे'टा) **ना.** ब. व. stratum को=पत्रहरू ।

stratagem (स्ट्र्या'टजिम्) **ना.** तरकीब, चलाकी, वैरीलाई छल्ने साधन ।

strategic (स्ट्रटे'जिक्) **वि.** युद्धकौशलीय, युद्धकलाको उद्देश्य सफल पार्ने; (बम खसाल्ने) दुश्मनको आन्तरिक अर्थ व्यवस्था अस्तव्यस्त पारी उसको मनको समता ध्वस्त पार्ने उद्देश्यले गरिएको;— al **वि.** रणकौशलीय;—s ना. रणकौशल, युद्ध चातुर्य, युद्ध शास्त्र ।

strategus (स्ट्रटिजस्) **ना.** (ग्री० प्रा० इ०, ब. ब.—ge उच्चा०—गि वा—जि) सैनिक समादेशक वा सेनाधिपति (ग्री.) ।

strategy (स्ट्र्या'टिज़ि) **ना.** सैनापत्य, बलविन्यास कौशल, रणनैपुण्य (अच्च० र अलं.); शत्रुलाई आफूले चाहेको ठाउँ र समयमा लड्न कर लगाउने उद्देश्यले गरिएको फौज, जहाज, वायुयान, इ. को विन्यास; (tactics शत्रुसँग मुठभेड भएपछिको रणकौशल, को विप.) ।

strath (स्ट्र्याथ्) **ना.** (स्क.) चौडा उपत्यका;—spey एक फुर्तिलो नाचको संगीत ।

straticulate (स्ट्रटि'क्यूलेट्) **वि.** (भूतत्व.) पातलो पत्रमा सजिएको ।

strati/fy (स्ट्र्या'टिफाइ) **क्रि.** पत्रमा सजाउनु, तह पार्नु, (खा. ग. निष्ठा. मा) खात लगाउनु, खप्टनु, खाप्नु;—fication **ना.** स्तरकरण, फलककरण, तह पार्नु ।

stratocracy (स्ट्रटो'क्रेसि) **ना.** सैनिक शासन, फौजको प्राधान्य ।

stratosphere (स्ट्र्या'टोस्फिय्र्) **ना.** उचाइसँग तापमान नबढ्ने स्थिर रहने वायुमण्डलको क्षेत्र, मध्यम क्षेत्र, साभ्रक्षेत्र ।

strat/um (स्ट्रें'टम्) ना. (ब. व.—ta) (भूतत्व.) कुनै निक्षिप्त वस्तुको पत्र, वा पत्रहरूको तह; (संक्ष) सामाजिक श्रेणी वा तह; स्तर, फलक, आस्तर;—al,—iform **वि.** स्तरीय ।

stratus (स्ट्रे'टस्) **ना.** (ब. व.—ti) बादलको विस्तीर्ण क्षैतिज मैदान ।

straw (स्ट्रॉ) **ना.** र क्रि. तृण, पराल; in the—सुत्केरी (आ.); man of—(अलं.) भूसको थैलो, तृण मूर्ति; पराल कोचेको मूर्ति, विरोधीको रूपमा खडा गरिएको कल्पित व्यक्ति; पराले, तृणको, टोप; परालको नली; नलुवा (सरबत इ; पिउनाको लागि); draw—s विभिन्न लमाइका परालका त्यान्द्रो तानेर (चिठ्ठाद्वारा) निर्णय गर्नु; make bricks without—बिना सामान काम लगाउनु; catch at a—(डुब्न लागेकोले पराल समाते ऊँ) अपर्याप्त साधनले काम पार लगाउन खोज्नु; the last—ज्यादै गह्रुङ्गो पार्ने आखिरी थप; a—which shows how the wind blows इशारा, सूचना,—-board पराले फल्याक;—-colour (ed) हलका पहेंलो रंग (को);—-stem भाँडो बनाउँदा फुकेर (पछि बनाएर जोरेर होइन) ज्किकेको पेय भाँडोको खुट्टा;—vote (राज.) बलपरीक्षाको लागि लिएको जनमत, पराले मत ।

strawberry (स्ट्रॉबरि) **ना.** सरस दानादार फल फल्ने लहरा, सो फल, स्ट्रॉबरि; the—leaves बेलायती सामन्त पद्धतिमा सर्वोत्कृष्ट ड्यूकको दर्जा;—-mark रातो कोठी ।

stray (स्ट्रे) **क्रि.**, **ना.** र वि. भट्कनु, कुमार्गमा लाग्नु, बहकिनु, ठमलिनु, बिहिकिनु; बाटो हराउनु, गुमाउनु; अलमलिनु, अल्लारिनु, रल्लिनु, लर्खरिनु, भौंतारिनु, अल्झिनु, रङ्मङ्गिनु, एकलिनु; **ना.** एकलो वस्तु, छाडा; (का.) बेवारिसी सरकारमा आउने जेथा; (रेडियो, ब. ब.) समाघात, संघट्ट (atmospherics); **वि.** (श्रेणी हुन्न) छाडा, छितरिएको, फाटफुट, निरन्वय, बीचबीचमा देखिने वा भेटिने;—ed **वि.** पथभ्रष्ट, बरालिएको भट्केको ।

streak (स्ट्रीक्) **ना.** र **क्रि.** पाटो, लहर, सुम्लो, रेखा, लामू साँगुरो धर्को, वा रेखा, वा रंगको धर्सो, (वज्रको) झल्याँस्स; आभास, तत्व; the silver—बिलायत र फ्रान्सको बीच रहेको अंग्रेजी च्यानेल वा जलमार्ग; like a—of lightning छिटो; **क्रि.** (धे. ज. निष्ठा. मा) धर्के पार्नु, अति छिटो चल्नु (वज्र ऊँ), उछिट्टिनु; winning—मारताल (जुवामा); yellow—कायरपना ।

stream (स्ट्रीम्) **ना.** र **क्रि.** नदी, खोला, खोल्सा, खोलानाला, सरित्; प्रवाह, प्रस्राव, वेग, झोका; बहाउ, बग्ने दिशा; up, down,—नदीको माथि, तल;—gulf-—(अम.) मेक्सिकोको खाडीबाट शुरू हुने सामुद्रिक न्यानू प्रवाह;—line **ना.** पानी वा वायुको प्रवाहको सामान्य मार्ग;—line (shape) वायुयान, मोटर, इ. मा हावाको न्यूनतम प्रतिरोध हुने आकार, प्रवाह रेखा; **क्रि.** प्रवाहरेखा दिनु; बग्नु, उम्लिनु, उमार्नु, (हावामा) उड्नु; (रगत, इ) बगाउनु;—let नाला, खोल्सा, खहरे, जंघार ।

streamer (स्ट्री'मर्) **ना.** पताका, तोरण, एकछेउ बाँधिएको फित्ता, टालो; माथितिर उठ्ने प्रकाश-स्तम्भ ।

street (स्ट्रीट्) **ना.** सडक, पथ, मार्ग, बाटो; main, side, broad, इ. मूल, छेउ, चौडा, सडक; live in the—धेरै घरबाहिर रहनु; man in the—साधारण व्यक्ति, जन साधारण; not in the same—with (बो. चा.) जाडो नलाग्ने; in the—बजार बन्द भएपछि गरिने सट्टा बजारको काम; on the—s वेश्यावृत्तिबाट जीउनु; key of the—(राति) घरबाट बाहिर हुनु; grub-—गरीब लेखकको गाली; high—(सहर, गाउँ, को) मुख्य, मूल, सडक, प्रतोली; queer-—(अप.) कठिनाइ; ऋण, दुःख वा बदनामीमा पर्नु;—arab सडकैमा खेलिरहने ठिटा, सडके बच्चा;—cries फेरीवालाको बोली;—orderly मेहतर, च्यामे; (आ.) छापेको बाटो, राजपथ; Wall S—न्यूयॅर्कको आर्थिक केन्द्र;—-car ट्रामगाडी; —-door (घरको) मूलढोका, सडकमा खुल्ने;—-sweeper सडक बढार्ने र धुने यंत्र;--walker साधारण वेश्या, रण्डी ।

strength (स्ट्रेङ्थ्) **ना.** जोड, बूता, बर्कत, ताकत, खूबी, बल, वीर्य, शक्ति, सामर्थ्य; हुति, प्राबल्य, मजबूती; संख्या, पूर्ण संख्याको उपस्थित अनुपात; (सेना.) on the--दर्तामा; measure (one's)--जोड लाग्नु, जोरी खोज्नु;--of solution अवधारण ।

strengthen (स्ट्रेङ्'थेन्) **क्रि.** बलियो हुनु वा पार्नु;—(one's) hands (अलं.) जोरदार काम गर्ने साधन दिएर प्रोत्साहन गर्नु, सुदृढ गर्नु ।

strenuous (स्ट्रे'न्यूअस्) **वि.** सोत्साह, सोद्यम, अविरत, अविश्रान्त, परिश्रमी, मरीमरी गर्नुपर्ने हाइँ फाइँ गराउने;--ly **क्रि. वि.** बडो मेहनतले, सोत्साह, प्रयासपूर्ण ।

Strephon (स्ट्रे'फन्) **ना.** मायापूर्ण आशकी, प्रेमी;--and Chole प्रेमीजोडा, युगल प्रेममूर्ति ।

strepitoso (स्ट्रेपिटो'सो) **सं. निर्दे.** निनादसहित ।

streptococcus (·स्ट्रेप्टोकॅ'क्कस्) **ना.** (ब. व.—ci) सा. श्रृङ्खलाको रूपमा पाइने कीटाणुको समूहमध्ये कुनै; श्रृङ्खलाकीट ।

streptomycin (स्ट्रेप्टोमाइ'सिन्) **ना.** श्रृङ्खलासमूह कीटाणुले उत्पन्न गर्ने प्रतिजीवी वस्तु, जुन पेनिसिलिनले नछुने रोगोत्पादक कीटाणुहरूलाई नष्ट गराउन सक्दछ; श्रृङ्खलामिसी; श्रृङ्खलानाशक ।

Strepyan (स्ट्रे'पियन्) **वि.** बेल्जमको स्ट्रेपि भन्ने ठाउँमा पाइएको आद्यप्रस्तर, संस्कृतिको अवस्थाको, सोसँग समकालीन ।

stress (स्ट्रेस्) **ना.** र **क्रि.** तान, चाप, जोर; प्रयत्न, बल; जोड, जोर; गुरूच्चारण, झोक्का; (यंत्र.) निकट वस्तुहरू वा वस्तुका भागहरूमा प्रयोग गरिएको बल, भार; **क्रि.** जोर दिनु, जोड दिनु, (उच्चा. मा) झोक्का दिनु, पर्नु; यांत्रिक भार पार्नु;—less **वि.** भाररहित, भारशून्य ।

stretch (स्ट्रेच्) **क्रि.** र **ना.** तान्नु, तन्क्याउनु, पसार्नु, लमतन्न पर्नु वा पार्नु; तानतुन पार्नु, तन्कनु, तेर्सिनु, लम्पसार पर्नु, सोझ्याउनु; जोड गर्नु, कन्नु, बल गर्नु, बढाउनु, बिगार गर्नु; तन्किनु, तोकिएको लमाइको हुनु; लम्ब्याउनु. ठूलो पार्नु; (अप.) झुण्ड्याउनु, फाँसी दिनु;—trousers खुम्चिएको इस्त्री, तन्क्याउने यंत्रमा, हालेर, सम्म पार्नु;—oneself आङ, हातखुट्टा, तान्नु (थकाइ मार्नालाई); निष्ठा. लमतन्न, लम्पसार;—out हात बढाउनु, पाइला लामू पार्नु;—one's credit प्रतीतलाई (ज्यादा चलनले) निफर पार्नु; **ना.** तन्काइ, तानतुन, पसार, फाँद, पटक; by a—of authority अख्तियारको पसारद्वारा; सरासर चल्ने विस्तार, मैदान, अवधि, ज. कि a—of road सडकको पसार; at a—एकै पटक; (नौ.) एक यात्रामा पार गरिएको दूरता; (अप.) वर्षदिनको कैद, कैदको कुनै अवधि ।

stretcher (स्ट्रे'चर्) **ना.** शा. अ. मा; खा. ग. भित्ता, गाह्रो, मा लाउने ठाडो ईंट; डुङ्गाको तल रहेको ख्याउनेले खुट्टाले आड लिने तखता; रोगी वा जखमी व्यक्तिलाई बोकी लैजाने धे. ज. टाटको शिविका; लिखित चित्र तन्काएर टाँग्ने आधार, फ्रेम; (अप.) बढाएको कुरा झूट ।

strew (स्ट्रू) **क्रि.** (निष्ठा.--n,--ed) छर्नु, छिट्नु, छितरिनु, बिछाउनु (तहमा) ।

stri/a (स्ट्रा'या) **ना.** (श. वि., पशु , वन., भूतत्व.; ब. व. —ae) तहमा रहेको रेखात्मक चिन्ह, सानू कुलो वा चिन्ह वा कान्हा;—ate **वि.** रेखांकित, धर्के;—ate **क्रि.** धर्के गराउनु; —ation **ना.** रेखांकन;—ature रेखांकन, रेखाकरण ।

stricken (स्ट्रि'क्न्) **क्रि.** strike को निष्ठा०=हानिएको, लडेको; ग्रस्त, चापेको, ग्रास गरेको ।

strickle (स्ट्रि'क्ल्) **ना.** साँध दिने, धार लाउने, पत्थर; डण्डा; निम्ठो नाप ।

strict (स्ट्रिक्ट्) **वि.** ठीक, तीक्ष्ण, यथार्थ, तीव्र, कडा, दह्रो, मापाको, अँठिलो, कट्टर, दृढ, अशिथिल; नियत, खुकुलोपन नरुचाउने;—ly **क्रि. वि.** दुरुस्त, कडासँग, जोरसँग;—ly speaking यथार्थ कुरा भन्ने भए;—ness **ना.** कडाइ, कठोरता ।

stricture (स्ट्रिक्'चर्) **ना.** (सा० ब. व.) नसीहत, आलोचना, निन्दा, भर्त्सना, आक्षेप, छेडपेच; (रो. नि.) शरीरको कुनै नली वा प्रणालीको विकृत संकोचन ।

stride (स्ट्राइड्) **क्रि.** (भू. का. strode, विर० निष्ठा० stridden वा strid), र **ना.** तड्कनु, लम्कनु, लामू लामू पाइला चालेर हिंड्नु, बिहिकिनु; (खाडल, इ०) एक पाइलाले फड्कनु; खुट्टा खसालेर चढ्नु; **ना.** पाइला, हिंडाइ, पादन्यास, फलाँग, विक्रम ।

strident (स्ट्राइ'डेण्ट्) **वि.** (शब्द) चडका, चर्को, सुन्दा चर्को र कर्कश ।

stridul/ate (स्ट्रि'ड्यूलेट्) **क्रि.** (कीट. वि.) झ्याउँकीरीझैं आवाज निकाल्नु;—ant **वि.** कराउने;—ation **ना.** रूत, विराव;—ator **ना.** कराउने, झनझन गर्ने, च्याँ च्याँ गर्ने ।

strife (स्ट्राइफ्) **ना.** कलह, कलि, विवाद, संघर्ष, राडो, झगडा, विरोध ।

strigil (स्ट्रि'गिल्) **ना.** (प्राचीन समयमा नुहाउँदा) छाला कोर्ने यंत्र, कन्याउनी ।

strigose (स्ट्राइ'गोस्), **strigous** (स्ट्राइ'गस्) **वि.** (वन.) छोटो ठाडो रौं वा कत्ला भएको ।

strike (स्ट्राइक्) **क्रि.** (struck, struck र तल ऊँ stricken पनि) र **ना.** हान्नु; ठोक्नु, ठोकेर बनाउनु; ध्यान खिच्नु, मनमा आउनु, घत लाग्नु, भावना हुनु; झार्नु, नीचा गर्नु, (झण्डा, इ०), झण्डा नीचो गरेर हार कबूल गर्नु, आत्मसमर्पण गर्नु; हडताल गर्नु, काम रोक्नु; छेड्न लाउनु; कतै लाग्नु, कुनै दिशामा जानु; (अनाज) निम्ठो पार्नु, तेरीज कस्नु; एक्कासि कोही मुद्रा लिनु; जमाउनु, आतंकित हुनु, (सलाई) कोर्नु; पिट्नु, चुट्नु, चड्कनु, चड्काउनु, हिर्काउनु, मुड्क्याउनु, घुस्स्याउनु; छुट्नु; जम्नु, जमाउनु, जरा हाल्नु; काट्नु, केर्नु; (तेल) फेला पार्नु; (उज्यालोले) प्रकाश पार्नु; —hands कुरा मिलेको जनाउन हात मिलाउनु, (आ०); **ना.** हडताल; on—हडतालमा;—bound हडतालले निष्क्रिय;—-breaker हडताल तोड्ने (अरू कर्मी लाइएको);—pay कर्मी संघले हडतालीहरूलाई दिने निर्वाह भत्ता; general—आम हडताल; sit-down—कार्यस्थलमा चूपचाप वस्ने, वस्ने हडताल; stay-in—कार्यालयभित्र चूप लागेर उपस्थित रहने हडताल, उपस्थिति हडताल; sympathetic—सहानुभौतिक; —measure=strickle निम्ठो; (सुन, पेट्रोल्, इ० को जमीन मन्तिरको खोजीमा) अचानकको सफलता; हमला, हिर्काइ, खा. ग. हावाबाट (बमद्वारा);—-a-light चकमक, पत्थरबाट आगो झिक्ने उपकरण; कृ० विचित्र, चित्ताकर्षक, उत्ताउलो, अद्भुत, भडकिलो, प्रभावशाली;—r **ना.** हान्ने; हडताली; stricken;—heart,—with fever;—field;—in years, इ० ।

string (स्ट्रिङ्) **ना.** र **क्रि.** (strung) धागो, डोरी, रज्जु, गुण, पट्टी, चुल्ठो;—(button) तना, तनो; (बाजाको) तार, तंत्री; गेडा, माला, (एकै प्रकारका वस्तुको) समूह; (बिलियर्ड) तारमा सर्ने गट्टाले अङ्क देखाउने पाटी; एकै तवेलाका दौडका घोडा सामूहिक रूपमा; (ब. व.) (कुनै दान, उपहार, प्रस्ताव, इ० सँगसँगै आउने) शर्त; apron—s (स्त्री, माता, इ० बाट) ज्यादा दबाइने स्थिति; bow—ज्या, ताँदो; two—s to one bow दुई उपाय; heart—s प्रीति, अनुराग; touch the—s बजाउनु; pull the—s साँच्चिकै कर्ता (अर्को देखौवाले गरेको कामको);—alphabet धागोमा गाँठो पारेको (अन्धाहरूको वर्णमाला);--band (ठीकसँग) तार, तंत्री, को बाद्य समूह;--ed instrument तंत्री वाद्य, तन्तुवाद्य,—bean तनेबोडी;—-board भन्याङ्को खुडकिला अडयाउने काठको अडान;—tie साँगुरो नेकटाइ; **क्रि.** डोरी हाल्नु, डोरीले बाँध्नु; (धनु) ताँदो चढाउनु; (अलं०, खा. ग. निष्ठा० मा) तयार रहनु, कसिनु, उत्तेजित, संक्षोभ्य, संवेदनशील (व्यक्ति, स्नायु, संकल्प, इ०); high—strung, highly—strung स्नायु विकृत, वेदनशील, अतिभावुक; धागोमा गाँथ्नु, गुँथ्नु, गाँस्नु, उन्नु, (सिमीबाट) धागो झिक्नु; (बो. चा.) जिल्ल्याउनु, छल्नु; (बो. चा.)—(person) along धोखा दिनु;—along with सँगै जानु;—up झुण्ड्याएर मार्नु; (गूँद, सरेस) धागो जस्तो बन्नु; (बिलियर्ड) खेल कसले थाल्ने ठेगान गर्नालाई शुरूको हनाइ ।

string/ent (स्ट्रिन्'जेण्ट्) **वि.** (नियम, शर्त, करार, इ०) कठोर, कडा, ठीक, यथार्थरूपसँग पालना गरिनुपर्ने, स्वविवेकलाई ठाउँ नभएको, दृढ, अशिथिल; (सट्टा बजार, वित्तीय मामला) कसिएको, चर्को, तङ्गीपूर्ण, गाह्रो, अमिल्दो;—ency **ना.** तङ्गी ।

stringer (स्ट्रि'ङर्) **ना.** भन्याङ्को खुडकिलो अडयाउने काठ पनि, (शा. अ. बाहेक) ।

stringy (स्ट्रि'ङि) **वि.** रेशाजस्तो, धागो जस्तो; (झोल) बाक्लो, न्याल्ल परेको ।

strip (स्ट्रिप्) **ना.** लामु साँगुरो टुक्रा, खण्ड, पत्ती, पत्र, धर्सो; (अखबारमा) हाँसो उठ्ने वा क्रमिक कथा भन्ने साना तसवीरको धर्सो; air—हवाइ मैदानको काम लिन सकिने जमीनको टुक्रा, हावा धर्सो ।

strip (स्ट्रिप्) **क्रि.** (-pp-) उधार्नु, नङ्ग्याउनु, नाङ्गो पार्नु; (सम्पत्ति) खोस्नु; (—one to the skin नाङ्गो पार्नु;—ped अपनीत, नाङ्गो;—house साज झिक्नु;—ship सामान हटाउनु;—tree बोक्रा झिक्नु;--cow एक थोपा नछोडी दुहुनु;—tobacco डाँठ झिक्नु); तान्नु, च्यात्नु, लुगा फुकाल्नु; (—-tease स्त्रीले दर्शकहरूको अगाडि लुगा क्रमशः फुकाल्ने मनोरञ्जक खेल, क्रि० पनि, विवस्त्रखेल वा कुतकुती); (पेचकीला) धागो हराउनु; (क्षेप्यास्त्र) बन्दूकबाट नघुमी छुट्नु;—-leaf डाँठ झिकेको सुर्ती पत्ता ।

stripe (स्ट्राइप्) **ना.** धर्को, धर्सो, रेखा, पाटो; (stars and —s तारा र धर्सा भएको अम० झण्डा; (सेना०) पाटो, धर्सो, बाहुलामा लगाइने (दर्जासूचक चिन्ह); get, lose, a—बढ्नु, घट्नु (दर्जामा); zebra's—s जेब्राको धर्सो;—d **वि.** राघे, राघेपाटे, टाटेपाटे, झालेमाले; (आ.) कोडा, कोडाको मारको चिन्ह, सुम्लो; (ब. व.) कोडा ठोकाइ; (ब. व., बो. चा.) बाघ ।

stripling (स्ट्रिप्'लिङ्) **ना.** ठिटो, लडको, अझ हृष्टपुष्ट भई नसकेको केटो ।

strive (स्ट्राइभ्) **क्रि.** (strove, striven) प्रयत्न गर्नु, उद्योग गर्नु, कोशिश गर्नु, लड्नु, मरिमेट्नु, जोडका तोड गर्नु ।

strobile (स्ट्रो'बिल्) **ना.** सल्लाको कुचो, शंकु, इ. ।

strode (स्ट्रोड्) **क्रि.** stride को भू. का.=लम्क्यो ।

stroke (स्ट्रोक्) **ना.** र **क्रि.** प्रहार, ताडन, चोट, मार, ठक्कर, दनक, घात, हिर्काइ, चाल, गति, आघात, पात, आक्रमण; प्रयत्न, (क्रमिक क्रिया वा गतिको एक पूर्ण) चाल, धक्का, हनाइ, वार; (lightning—वज्रपात; finishing—घातक मार; paralytic—वातघात;—of genius, master—बाजीमाथ, कुदरत, करामात;—of business लाभदायक व्यापार, sun—आतप लंघन, सूर्यघात, लू;) सीसाकलम, कलम वा चित्रकारको गुलिकाले एक पटकमा लेखेको धर्को वा चिन्ह, वर्णनको पूर्णरूप निर्माण गर्ने एक विवरण; up, down,—माथि जाने, तल आउने, अक्षरको भाग; hair-—सिउँदो; finishing—s

अन्तिम प्रयास, सिध्याउने आखिरी काम; घडीको घण्टाको आवाज; on the—ठीक समयमा; सबभन्दा पछिल्लो स्थानमा बसेर ख्याउने डाँडीवाला वा दण्डधर; सुमसुम्याइ, मिचाइ, थपथप; **क्रि.** सुमसुम्याउनु, सम्याउनु, मिच्नु, मुसार्नु; —one वा one's hair the wrong way, रिस उठाउनु वा खजमजाउनु;—-one down रिस शान्त गर्नु, फुल्याउनु; पछिल्लो ख्याउने हुनु (डुङ्गा, नाविकहरू, मा)।

stroll (स्ट्रोल्) **क्रि.** र **ना.** डुल्नु, फिर्नु, टहल्नु, घुम्नु, घुम्नु; (—-ing players फेरो लाउने नाटक मण्डली;—ing company, ऐ.) **ना.** डुलफिर, घुमाइ, डुलाइ;—er **ना.** फिरन्ता अभिनेता, डुल्ने, घुम्ने, वहुरूपिया।

stroma (स्ट्रो'मा) **ना.** (प्रा. वि., ब. व.—ta) अवयव वा कोषको आवेष्टन, धे. ज. संयोजक तन्तुको।

strong (स्ट्रॉङ्) **वि.** (तुलनात्मक र उत्कृष्ट श्रेणी उच्चा. —ङ्ग) बलियो, दह्रो, जब्बर, चाम्रो, स्वस्थ, ठोस;—box,—room बलियो;—nerves डर, रिस, इ. ले सहसा डगाउन नसक्ने; a—market स्थिरतासँग उँचो वा चढ्ने मोल;—meat केवल शिक्षित वा ओजस्वी मनले मात्र स्वीकार गरिने खालको सिद्धान्त वा कार्यविधि;—suit (ताश) बलियो रंग, (अलं.) आफ्नू खूबी; मांसल, सामर्थ्य, सामर्थ्यवान, तगडा, षण्ड, जोराहा, जोधा, बलिष्ट, दर्बिलो; (by—arm बलले;—arm **ना.** बलमिचाइ;—drink, waters मद्यसार पेयहरू;—butter, bacon उग्लेको) जोरदार, फलोत्पादक, ओजस्वी, मसक्क आँटी;—-attraction, have a—hand upon दृपी हातमा हुनु;—language जोरदार, गालीपूर्ण; going—(अप.) जोरसँग चलेको, असल स्वास्थ्य वा हालतमा; come वा go it—(अप.) केही कुरामा हृदयसम्म जानु;—solution समाहृत; in a—position तखत परेको; (व्या.) क्रिया जसमा शब्द भित्रै स्वर बदलेर काल इ. बन्दछ, प्रत्यय, अन्तप्रत्यय जोडेर होइन।

stronghold (स्ट्रॉङ्'होल्ड्) **ना.** गढ, किल्ला, दुर्ग, (अलं) कुनै मत वा भावना प्रधान भएर रहने ठाउँ।

strontia (स्ट्रन्'श) **ना.** strontion (स्ट्रन्'शन्) **ना.** र **वि.** स्ट्रन्शम् धातुको अक्साइड द्रव्य; आतशबाजीमा रातो ज्वाला पार्ने सोको नाइट्रेट द्रव्य; वि. स्ट्रन्श वा स्ट्रन्शम्को।

strontium (स्ट्रॉन्शम्) **ना.** कमलो चाँदी रंगको धातु तत्व; —१० परमाणविक विच्छेदनको उत्पादन, जो खोजीसाथ (मानव, पशु, इ० को) हाडमा धुप्रिन्छ।

strop (स्ट्रॉप्) **ना.** र **क्रि.** (—pp—) उस्तरा, लबस्तरो, अस्तरा; **क्रि.** उध्याउनु, धार लाउनु।

strophanthin (स्ट्रोफ्यान्'थिन्) **ना.** हृद्रोगमा प्रयोग हुने विपालु बूटी।

strophe (स्ट्रो'फि) **ना.** नृत्यमा फर्कदा गाउने गीत, नृत्यमा फर्काइ।

strove (स्ट्रोभ्) **क्रि.** strive को भू. का.=प्रयास गर्‍यो।

strow (स्ट्रो) **क्रि.** strew छर्नु को आ० रूप।

struck (स्ट्रक्) **क्रि.** strike को भू० का०=हान्यो, हिर्कायो।

structur/e (स्ट्रक्'चर्) **ना.** रचना, निर्माण, विधान, संस्थान, बनोट; आधार, आवेष्टन, बनाइ; (ज. वा.—al वि रचनात्मक, बनावटसम्बन्धी); आकार, रूप, भवन, बनेको वस्तु, मिश्रित सम्पूर्ण भवन।

struggle (स्ट्र'ग्ल्) **क्रि.** र **ना.** भिड्नु, लडन्त गर्नु, प्रयास गर्नु, कहर काट्नु, भिडन्त गर्नु, लड्नु, सामना गर्नु; (कृ.) जीविका आर्जन गर्न वा स्वीकृति, कदर, पाउन, गाह्रो हुने अनुभव गरेको; **ना.** प्रयत्न, संघर्ष; भिडन्त, हानथाप, हातपात, कुश्ताकुश्ती, हात हालाहाल, प्रयास; the—for existence अस्तित्वको संघर्ष (प्राकृतिक छनोटको सिलसिलामा)।

struldbrug (स्ट्रल्ड्'ब्रग्) **ना.** अंग्रेज ग्रन्थकार जोनाथन स्विफ्टको "गलिभरका यात्रा" मा अमरत्वले सताइएकाहरूमध्ये एक प्राणी।

strum (स्ट्रम्) **क्रि.** (—mm—) र **ना.** झङ्कार्नु, तार, डोरा, वाला बाजा वा पियानो (खा. ग. अनाडी चालासँग) चलाउनु, बजाउनु; सो (पियानो, गितार, इ०) बाट फाटफुट सुर झिक्नु; **ना.** त्यसरी झिकेको शब्द, झङ्कार।

strum/a (स्ट्रू'मा) **ना.** (ब० व०—ae) गाँड, गलगण्ड, गण्डमाला; (वन०) कुनै अवयवमा तकिया झैं सूज;—ase,—ous **वि.** गंडूल।

strumpet (स्ट्र'म्पेट) **ना.** रण्डी, वेश्या, गणिका।

strung (स्ट्रङ्) **क्रि.** string को भू. का.=उन्यो, गुँथ्यो; गुंफित।

strut (स्ट्रट्) **क्रि.** (—tt—) र **ना.** अकडेर हिंड्नु, गजक्क, गमक्क, पर्नु; टिम्किनु, टिमिक्क पर्नु, गम्किनु; पचकर, कीलो, इ० ले आड दिनु; **ना.** चुरीफुरी, अकडाइ, सगर्व गति, साटोपगामी, उद्धतचाला; चुकुल, कीलो, पचकर।

struthious (स्ट्रू'थियस्) **वि.** शुतूरमुर्ग जस्तो, को; सो चराको जातको।

strychnine (स्ट्रिक्'निन्) **ना.** स्पृशी, धतूरोको जातको बिरुवा, बाट पाइने क्षारोद वस्तु, अति विपालु र तीतो हुन्छ, औ स्नायु उत्तेजकको रूपमा सानू मात्रामा प्रयोग हुन्छ; स्ट्रिकनीन।

Stuart (स्ट्यू'अर्ट) **ना.** स्ट्यूअर्ट वंश, सो वंशका बिलायतका राजा, रानी र परिवारहरू।

stub (स्टब्) **ना.** र **क्रि.** (—bb—) रूखको ठूँट, दाँतको ठुटो, डक्का; कुनै (लामू) चीजको (अवशेषको) ठुटो, (बिल, रसीद, इ० कागतको) दोहोरी, अधफट्टी;—by **वि.** ठुटे; **क्रि.** जरासमेत उखेल्नु; ठुटाहरू (जमीनबाट) झिक्नु; ठेस लाग्नु, —out (चुरोट, इ०) कुल्चेर वा टेकेर निभाउनु।

stub/ble (स्ट'ब्ल्) **ना.** नाल, (काटेको अन्नको खेतमा छुट्ने) ठुटो; ठुटे रौं वा दाह्री; झुस, नकाटेको दाह्री;—bly वि. ठुटे।

stubborn (स्ट'बर्न्) **वि.** अजीर, छितरो, थेत्तरो, जर्कटो, घोसे, जिद्दीवाल, दुर्दान्त, दुर्दम, हठी;—ness **ना.** हठ, जिद्दी,

हत्ते, घिरी, लिंडेढिपी; be—अड्डी लिनु, ढिपी गर्नु ।

stucco (स्ट'को) **ना.** (व. व.—es) र **क्रि.** भित्तामा लाउने लिउन, प्लास्टर, इ०, घरमा अनेक प्रकारका आकार, बुट्टा, इ० बनाउने लिउन, वज्रू, इ०; **क्रि.** वज्रू, लिउन, लाउनु, बुट्टामा वज्रू, इ० लाउनु ।

stuck (स्टक्) **क्रि.**—up (अप०) अप्रस्तुत, विलकुल धरमराएको, अड्केको, गजक्क परेको, गमक्क परेको ।

stud (स्टड्) **ना.** र **क्रि.** (—dd—) ठूलो टाउको भएको काँटा; शोभाको लागि ठोकिने काँटा; मूलबाटोमा (उदा० मानिस पारी जाने ठाउँ देखाउने) धातुका ठूला ठूला खूँटा, काँटा; कमीजको कफमा दुई प्वालमा लाउने दुई टाउके टाँक; collar -—कमीज र कलर गरी चार प्वाललाई भ्याउने कलर टाँक; फल्याक कीला ठोकेर अडयाउने खम्बा; रिविट; सिक्रीको प्रत्येक कडीमा रहने तेर्सो जोरन;—ding **ना.** फल्याक र ल्युने भित्ताको काठको काम, कठवार; **क्रि.** खूँटा, काँटा, गाड्नु, (बुट्टालाई, बलियो पार्नालाई, वा छुटयाउनालाई); (निष्ठा०) घनासँग जडिएको वा छरिएको; तहमा वा चारैतिर छरिएको; खचित ।

stud (स्टड्) **ना.** (संवर्धन, दौड, शिकार, बग्गी तान्ने इ० कुनै खास प्रयोजनको लागि पालिएका) घोडाहरू;— -book घोडाको वंश लेखेको;—farm जहाँ (बच्चा झिक्न) राखिन्छन्;— -horse आँडु ।

student (स्टयू'डेण्ट्) **ना.** विद्यार्थी, छात्र, शिष्य, अधीयान; —interpreter दोभासे विद्यार्थी; अध्ययनशील व्यक्ति; कुनै विषयको अध्ययन गर्ने व्यक्ति; (कुनै महाविद्यालयमा) छात्रवृत्ति पाउने विद्यार्थी, ज० वा०—ship छात्रवृत्ति, विद्यार्थीवृत्ति ।

studio (स्टयू'डिओ) **ना.** (व० व०—s) (चित्रकार, तक्षशिल्पी, फोटोशिल्पी, इ० को) कार्यकक्ष, कार्यशाला (धे. ज. चाहिने उज्यालोको लागि आकाशे झ्याल, वा विशेष झ्याल, सहित); चलचित्रको लागि खेलिने नाटकको कक्षा; (व. व.) चलचित्र प्रतिष्ठानको चलचित्र नाटक खेलिने अनेक कक्षाहरू; प्रसारण केन्द्रमा प्रसारणको काम हुनेमध्ये कुनै कक्ष वा कोठा ।

studious (स्टयू'डिअस्) **वि.** अध्ययनशील, परायणशील, अध्यवसायी, पढालू, पढन्ते, पढैया, घोकन्ते, विद्याभ्यासी, व्यवसायी, उत्सुक; पठित, सुनिश्चित, धीर, इप्सित, उत्साही, चिन्तित, मेहनती, इ०;—ly **क्रि. वि.** ध्यानपूर्वक, सपरिश्रम ।

study (स्ट'डि) **ना.** अध्ययन, शीलन, मनन, पठन, पठनपाठन, पाठ, स्वाध्याय, अभ्यास, शिक्षण; (अचेल धे. ज. brown—) चिन्तन, मनन, टोल्हाइ; (व. व.) पढाइ, अध्ययन; अनुसन्धान (गरिनाको योग्य विषय); (चित्र.) शुरूको, अभ्यासको लागि, रेखाचित्र, वा परीक्षा; पुस्तककोठा, अध्ययनकक्ष, कार्यालय ।

study (स्ट'डि) **क्रि.** अध्ययन गर्नु, विद्योपार्जन गर्नु, पढ्नु; मनन, चिन्तन, गर्नु; (कुनै पेशा, विषय, को) अध्ययनमा लाग्नु; (आ.) ध्यान गर्नु, गुन्नु; सदैव सावधान रहनु, सक्ने हुनाको लागि चेष्टा गर्नु; निष्ठा. तर्जुमा गरिएको, जानीजानी, इच्छाले, स्वाँगी ।

stuff (स्टफ्) **ना.** र **क्रि.** सामान, वस्तु, द्रव्य; ऊनी कपडा; उत्तम गुण; (आ०) साज, सामान; माल ज. कि. food—s खाद्य सामान, खाने माल; तरकारी; doctors—ओखती; inch—१ इन्ची बाक्लो तखता; thick—४ इन्चीभन्दा बढी बाक्लो तखता; the—पाइने माल सामान; फाल्तू, चुत्थो वा बेकम्मा माल, कसिङ्गर, फजूल कुरा; (अप०) आफ्नू काम; hot—(अप०) जेहनदार वा हृष्टपुष्ट मान्छे, चोरीको माल, दसी; know (one's)—आफ्नू काम वा विषय वा पेशामा खपीस हुनु; **क्रि.** थिच्नु, कोच्नु, जाक्नु, घिच्नु, हसुर्नु, कोच्चिनु, लतार्नु;—ed birds, beasts, आन्द्रा भुँडी झिकेर पराल, घाँस इ० कोचेर पहिलेको जस्तो बनाएको (चर्म रचनाकारले); —ed fowl मासु, मसला, कोचेर पकाएको;—ed shirt (बो. चा.) आडम्बरपूर्ण कोही न कोही;—ed child, goose (मोटाउनालाई) कोचेर ख्वाएको; **क्रि.** झूट, छल, ले ठग्नु ।

stuff/y (स्ट'फि) **वि.** (कोठा, उपत्यका, इ० वा ऐ० मा रहेको हावा) निर्वात, बासी हावा भएको, हावाको चलतीको अभाव भएको, सास फेर्न गाहो हुने, टालिएको, बन्द, गुम्सेको; रिसाएको, गम्केकी, ठुस्सिएको; संकीर्ण हृदय भएको, सानु चित्तको;—iness **ना.** नाक बन्द; रिस, ठुस्साइ ।

stulti/fy (स्टल्'टिफाइ) **क्रि.** (क्रिया. वक्तव्य, कारक, वक्ता इ०) (पहिलेको क्रिया इ०) असंगत गराइदिनु; (क्रि. इ० वा आफैँलाई) हाँसोउठ्दो गराउनु; बदर गर्नु, वातिल गर्नु; पछिको (कामले) अघिकोलाई निरर्थक गराउनु;—fication **ना.** अपलाप, बदर गराइ, व्यर्थ गराउनु ।

stum (स्टम्) **ना.** र **क्रि.** (-mm-)फेणन नभएको अंगूरको रस, नयाँ रक्सी; **क्रि.** पीपामा रक्षोघ्न हाली बढी फेन हुनबाट रोक्नु ।

stumbl/e (स्ट'म्ब्ल्) **क्रि.** र **ना.** लरबरिनु, पछारिनु, लोट्नु, ठेस लाग्नु, लड्नु, लरखराउनु; (केही काम गर्दा) भूल गर्नु, बिगार्नु; अचानकमा भेट हुनु, जम्काभेट हुनु;—ing block **ना.** बाधा; कठिनाइ वा द्विविधा वा संकोच पार्ने स्थिति; **ना.** ठेस, लरखर, लरबर ।

stumer (स्ट्यू'मर्) **ना.** (अप.) रद्दी चेक (पुर्जा); टक वा कीर्ते नोट ।

stump (स्ट'म्प्) **ना.** र **क्रि.** ठूँडो, ठुटो, ठूँट, डुँडो, गिंड, ढाड, (रूख, हाँगा, चुरोट, पेन्सिल, बुरुश वा अन्य औजारको); नेताले भाषण गर्ने रूखको ठूँडो; on the—राजनैतिक भाषण वा आन्दोलनमा लागेको;—oratory त्यस्ता भाषणमा देखिने वाक्पटुता; (क्रिकेट) विकेट बनाउने तीन ठाडा डण्डामध्ये कुनै (पर, बीच, वर); **क्रि.** काठको खुट्टाले झैँ दह्रो र आवाजसँग हिंड्नु, ठ्याक ठ्याक गरेर हिंड्नु; (प्रश्न) अन्योल पार्नु, नाजवाफ हुनु; (am—ed अन्योलमा परेँ, ज. वा.—er कठिन, गाह्रो) (क्रिके.) आफ्नू स्थानमा नरहेको हान्नेलाई विकेट खलबल्याएर बर्खास्त गर्नु; ज. वा.—er **ना.** (अप.) विकेटरक्षक; राजनैतिक भाषण गर्दै देश पार गर्नु;—up (अप.)

चाहिने दाम दिनु, दाम अघि सार्नु ।

stumpy (स्ट'म्पि) वि. डल्लो, गाण्टे, ड्याचे, मोटो र पुडको, चौडाइको दाँजोमा उँचा र लमाइ कम भएको; पुडके ।

stun (स्टन्) क्रि. (-nn-) (आवाज) बहिरो पार्ने, अक्क न बक्क पार्ने; (आघात वा अलं.) रन्थनिनु, अररिनु, अतालिनु, अल्तलिनु; (कृ., वि. ऱ्हैं; अप.) अतिबेस, उत्तम, बेहद राम्रो वा असल, आनन्ददायक;—ness ना. गजबको, बेस (चीज) ।

stung (स्टङ्) क्रि. sting चिल्नु; टोक्नु को भू. का. ।

stunk (स्टङ्क्) क्रि. stink गन्हाउनु को भू. का. ।

stunt (स्टण्ट्) ना. र क्रि. (बो. चा.) विशेष प्रयत्न वा चेष्टा, करामात, रौनकदार प्रदर्शन, धन शक्ति वा फूर्तिको प्रदर्शन, कठिन काम, विज्ञापनको साधन; क्रि. कठिन काम, खा. ग. कसरत इ. गरेर देखाउनु; वृद्धि रोक्नु, पुड्को पार्नु, बढ्न नदिनु; (निष्ठा.) पुड्के, नबढेको, गाण्टे, जिलि गाण्टे ।

stupe (स्ट्यूप्) ना. र क्रि. सेक्नालाई फलाटिन इ. (तातो पानीबाट झिकी निचरेर जीउमा राख्ने); (नरम वस्तुको घाउमा राख्ने) बुजो, नातो, लिण्ट; बेकूफ; क्रि. (तातो फलाटिन इ. ले) सेक्नु ।

stupe/fy (स्ट्यू'पिफाइ) क्रि. मूर्ख पार्नु, स्तब्ध पार्नु, लठ्याउनु, अररिनु, रन्थनिनु, अतालिनु, किंकर्तव्यविमूढ हुनु, ज. बा.—facient (—फेशण्ट्) वि. र ना. (भैष.), जड्याउने (ओखती);—faction ना. जाड्य, जडता, इन्द्रियमोह, स्तम्भन ।

stupendous (स्ट्यूपेन्'डस्) वि. आश्चर्यमत्, बड्मान, महाकार, खम्मीर, जखमले, बृहत् , गजबको आकार र परिमाण भएको, अतिविशाल, अद्भुत, विस्मयकारी;—ness ना. अतिविशालता, महाश्चर्यकारिता ।

stupid (स्ट्यू'पिड्) वि. र ना. जड, मूढ; मूर्ख, पङ्गू, स्वाँठ, हरिलट्ठक, लठरा; ना. त्यस्तो व्यक्ति;—ity ना. जड्याइँ, बेकूफी, सुच्चुकपन, होस्त्याङपन, मौर्ख्य ।

stupor (स्ट्यू'पर्) ना. जाड्य, मोह, तन्द्रा, शिथिलपना, ट्वाल्ल पर्ने अवस्था, जिल्लको अवस्था ।

sturdy (स्ट'र्डि) वि. र ना. हृष्टपुष्ट, लक्कड, लक्कड ज्वान, हट्टाकट्टा, दोहोरी आङको, फस्टाएको, मुसुण्डे; ना. (बाखामा) गिदीमा जूका परेर रिंगटा लाग्ने रोग ।

sturgeon (स्टर'जन्) ना. खानालाई रुचाइने जातको माछा ।

Sturm und Drang (श्टूर्म् ऊण्ट् ड्राङ्') आँधी बेहरी र तनाउ (को अवस्था) (जर्मन) ।

stutter (स्ट'टर्) क्रि. र ना. भकभकाउनु;—er ना. भकभकाउने, भकभके; ना. भकभक ।

sty (स्टाइ) ना. (ब. व.—ies) र क्रि. pig—सुङ्गुरखोर, (अलं.) साह्रै फोहर वा जाबो घर वा कोठा, व्यसनको कोठा, क्रि. त्यस्तो खोरमा राख्नु, बस्नु; फोहोर घरमा बस्नु ।

sty, stye (स्टाइ) ना. (ब. व.—ies) (आँखाको) अन्धो ।

Stygian (स्टि'जियन्) वि. स्टिक्स (नरक) को वा ऱ्हैं, तिमिरमय, अँध्यारो ।

styl/e (स्टाइल्) ना. र क्रि. शलाका, कील, (कवि०) लेखनी, कलम, (संक्र०) सो आकारको वस्तु; शैली, लेखन पद्धति (विषयको विप०); गराइ, बोलाइ, लेखाइको ढाँचा, बान्की; प्रशस्ति, वर्णनात्मक सूत्र, सम्मानको उपाधि; O. S., N. S. पुरानू , नयाँ, काइदा (मितिको वर्ष लेख्दा); काइदा, उच्च कुल वा अवस्थाको आचरण; किसिम, बान्की, ढाँचा, बनोट, इ० खा. ग. आकार, र रूपमा; (मोल पर्ने, जाने) नमूना, आकार, बनोट; क्रि. (कर्मवाच्य) कहिने, भनिने, तोकिएको, दर्जा वा संज्ञाले वर्णन गरिने;—ish वि. काइदाको, झिल्के, ढाँचावाल; —ishness ना. ढाँचा; फ्यान्सी, काइदा ।

style (स्टाइल्) ना. (सूर्य घडीको) शंकु, कीलक; stile को अशुद्ध रूप पनि ।

stylet (स्टाइ'लेट्) ना. मसिनू चुच्चे औजार, पातलो, लामू छुरा; (शल्य०) सलाई, वा सियो दहरो पार्न भित्र हाल्ने तारको टुक्रा ।

stylist (स्टाइ'लिस्ट) ना. उच्च वा उन्नत लेखशैली भएको लेखक, सोको प्रयत्न गर्ने लेखक;—ic वि. साहित्यिक शैलीको ।

stylite (स्टाइ'लाइट्) ना. खम्बामाथि वास गर्ने (तपस्याको लागि) मध्ययुगी योगी ।

stylize,—ise (स्टाइ'लाइज़्) क्रि. (सा. ब. व. मा) कलात्मक क्रियालाई स्वीकृत नियमनिष्ठ शैलीको अनुरूप गराउनु ।

stylo (स्टाइ'लो) ना. (बो. चा., ब. व.—s) स्टाइलो, फाउण्टेन पेनमा निब जड्ने अघि मसिनू चुच्चे नलीले लेख्ने कलम; stylograph को छो. क ।

stylobate (स्टाइ'लोबेट्) ना. स्तम्भपंक्ति अड्याउने अटूट आधार ।

stylus, -ilus (स्टाइ'लस्) ना. लेखनी, शंकु ।

stymie (स्टाइ'मि) ना. र क्रि. (गल्फ खेलमा—सन् १९५२ मा खारिज गरियो) खेलको सिलसिलामा प्वाल र विपक्षीका बलको बीचमा कुनै खेलाडीको बल रहेको स्थिति; क्रि. (अक्ष० र अलं०) विपक्षीको बल छेक्नु, कठिन अवस्था पार्नु ।

styptic (स्टिप्'टिक्) वि. र ना. रगत रोक्ने (वस्तु); रक्त स्तम्भन; वि. रक्तस्राव रोधी ।

styrax (स्टाइ'र्याक्स्) ना. अनेक प्रकारका (कोही मूल्यवान) खोटो निस्कने रूख वा बिरुवाहरूको प्रकार ।

Styrian (स्टि'रियन्) वि. र ना. स्टिरिया देशको (वासिन्दा) ।

Styx (स्टिक्स्) ना. (ग्री० कथा) हेडीज़् (नरक) लाई घेर्ने नदी; वैतरणी; cross the—मर्नु; black as—अतिभीषण ।

sua/ble (स्यू'एब्ल्) वि. अभियोक्तव्य, मुद्दा लाग्न, दायर हुन सक्ने;—bility ना. अभियोक्तव्यता ।

suasion (स्वे'श़्न्) ना. अनुनय, प्रबोध, (बलको विप.); moral—नैतिक बोलबिन्ती ।

sua/ve (स्वेभ्) वि. स्निग्ध, मृदु, आराम दिने, ठण्डा गर्ने, शमन गर्ने, फुल्याउने, नम्र;—vity ना. माधुर्य, मनोज्ञता,

स्वादुता, शमनशीलता ।

suaviter in modo, fortiter in re (ल्या.) नम्रतासँग, तर दृढताले; मखमली पन्जामा फलामको हातले ।

sub (सव्) **ना.** र **क्रि** (—bb—; वो. चा.) subaltern, submarine, subscription, substitute, को अर्थमा छो. क.; **क्रि.** कसैको साटो भएर वा सट्टामा काम गर्नु ।

sub (सव्) ल्या० उप०=निम्न, अधः; लघु, न्यून; उप, इ.; —finem (सव् फाइ'नेम्) (छो. क. s. f.) संकेत गरिएको खण्ड, अध्याय, इ. को अन्ततिर;—judice (सव् जु'डिसे) अदालती विचारअन्तर्गत, अझ फैसला नभएको, अझै विवादास्पद;—rosa (सव् रो'ज़ा) (सम्वाद, सल्लाह) गुप्तीसँग, गोप्य;—silentio (सव् साइलेन्'टिओ, शिओ) सुटुक्क, लुकाएर;—voce (छो. क. s. v., सव् भो'से) (कोषमा) सो शब्दमुनि ।

sub=**त्रि.** अधो, मन्तिर=abdominal तल्लो पेटको, पेटतलको;—aqueous पानीमन्तिरको,—arctic निम्न उत्तरीय; —astral पार्थिव;—aural निम्न कार्णिक;—axillary काखीमन्तिरको;—contract उपठेक्का;—committee उपसमिति;—division प्रविभाग, उपखण्ड, उपविभाजन;—editor उपसम्पादक;—joint उपजोर्नी;—let दोहोरो भाडामा दिनु;—cranial निम्न कार्पर;—dorsal निम्न पृष्ठ;—lunar (कवि.),—lunary ऐहिक,—पार्थिव;—-machine —gun ठूलो पिस्तोल;—mammary—स्तनीय;—maxillary वङ्गारोमन्तिरको;—polar प्रायः ध्रुवीय, (ज्यौ.) निम्न ध्रुवीय;—rent **क्रि.** भाडामा ली फेरि भाडामा दिनु, लिनु;—station उपचौकी, शाखाथलो;—stratum जग, आधार (अलं. पनि);—tenant उपवहाली, उपमोही;—terranean आंतभौंम, भूम्यन्तर्गत;—-title निम्नशीर्षक;—tropical निम्नायनवृत्त;—way निम्न मार्ग, निम्नरेल (भैं मन्तिरको) ।

subacid (सव्अ्या'सिड्) **वि.** ईषदम्ल;—ity **ना.** ईषदम्लता ।

subagent (सव्ए'जेण्ट्) **ना.** उपकारक, नायव, नायवकर्त्ता; —agency **ना.** शाखाकार्यालय, निकाय ।

subahdar (सूवदार्) **ना.** सुवेदार ।

subaudition (सवऑडि'शन्) **ना.** छुटेको शब्द मनमनै हाल्नु, अप्रकाशित कुरा बुझ्नु, तात्पर्य बुझ्नु ।

subconscious (सव्कॅन्'शस्) **वि.** अर्धचेतन;—ness **ना.** निम्नचेतनावस्था, घट, उपचेतना ।

subdivide (सव्डिभाइड्') **क्रि.** प्रविभाजन गर्नु, प्रविभाजित गर्नु, भागशान्ति बाँड्नु ।

subduce, subduct (सव्डच़ूस्', सव्डक्ट्') **क्रि.** (विर.) झिक्नु, कटाउनु, घटाउनु ।

subdue (सव्ड्यू') **क्रि.** जित्नु, दवाउनु, परास्त गर्नु, पेल्नु, हराउनु, वशमा ल्याउनु, पालतु वनाउनु, अनुशासनमा राख्नु, अधीनमा ल्याउनु; नरम पार्नु, शमन गर्नु, घटाउनु, जित्नु, निग्रह गर्नु, संयम गर्नु; निष्ठा. दवेको, दब्बू, हलका;—dness **ना.** दब्बूपना, संकोच;—dual **ना.** संयम, निग्रह ।

subereous, suberic, suberose (स्यूवे'य्रियस्, स्यूबे'रिक्, स्यू'वरोज्) **वि.** कागको, काग जस्तो; पिधानीय ।

subhead (सव्'हेड) **ना.** उपशीर्षक;—ing **ना.** उपशीर्षक ।

subhuman (सव्ह्यू'मन्) **वि.** निम्नमानवी ।

sub-inspector (सव्-इन्स्पेक्'टर) उप-निरीक्षक ।

subjacent (सव्जे'सेण्ट्) **वि.** अधोवर्ती, तलको, मन्तिर, उँधो पर्ने ।

subject (सव्'जेक्ट्) **वि.** र **क्रि. वि.** (आ. र कवि.) निम्न, उँधो; मातहत, अधीन, तावेमा, परवश, कावूमा (स्वाधीन होइन); (कुनै वस्तु, गुण, रोग, इ. को) अधीन, प्रभावमा पर्न सक्ने;—to अधीनमा रही, शर्तवमोजिम, अनुमानले, वहिष्कार नगरीकन ।

subject (सव्'जेक्ट्) **ना.** रैती, प्रजा, दुनिया; (तर्क. र दर्श.) मन, चेतना, अहम्; (व्या) कर्ता; विषय, साध्य, प्रकरण, प्रसंग, पद, स्थान, लक्षण, भाव; (चिरफारको लागि) लाश; आस्पद, भाजन, भूमि; तोकिएको दुर्गुण वा रोग भएको व्यक्ति;—-heading (अनुक्रमणिकामा विषयको वारेमा समाचार संग्रह गर्ने) विषयसूची;—-matter (पुस्तक, इ. को) विषय, विषयवस्तु,;—-object कल्पित भएको चेतना वा विचारको वस्तु, विषयवस्तु; (विप.) object—object वास्तविक वस्तु ।

subject (सव्'जेक्ट्) **क्रि.** दवाउनु (राष्ट्र, प्रदेश, कसैको शासनमा), नथ्याउनु, कज्याउनु, (कुनै कुराका निति) वशमा गर्नु, अधीन गर्नु;—ion **ना.** मातहत, चङ्गुल, अधीनता, वश, परवशता, वशी, वश्यता ।

subject/ive (सव्जे'क्टिभ्) **वि.** र **ना.** आत्मगत, आत्मीय, आन्तरिक, विषयी; चेतनात्मक, (वाह्यको विप.); (कला, कलाकार, इति., सा.) व्यक्तिगत लहड वा दृष्टिकोणमा आधारित; —ivity **ना.** आत्मीयता, आन्तरिकता; (व्या.) कर्ताको ।

subjectivism (सव्'जेक्टिभिज्म्) **ना.** ज्ञान विलकुल आन्तरिक हो भन्ने सिद्धान्त, आन्तरिकवाद ।

subjoin (सवजॉयन्') **क्रि.** अन्तमा थप्नु, गाँस्नु, जोड्नु ।

subjug/ate (सव्'जुगेट्) **क्रि.** वशीभूत गराउनु, दवाउनु, घोप्ट्याउनु, थर्काउनु;—able **वि.** दब्ने, वशमा आउने;—ation **ना.** दमन, जय, निग्रह, दवाउ, हार, वश ।

subjunctive (सव्जङ्क्'टिभ्) **वि.** र **ना.** (व्या०) क्रियाको एकरूप; अधीनस्थ, दोस्रो स्थानको, प्रयोग ।

sublimate (सव्'लिमेट्) **क्रि.**, **वि.** र **ना.** तापले ठोसवाट वायुरूपमा परिवर्तित गर्नु, उद्धनन गर्नु र फेरि ठोसरूप लिन दिनु; (अलं०) शोधनु, शुद्ध गर्नु, आदर्शरूप दिनु; **वि.** र **ना.** उद्धनित (वस्तु); corrosive—पारोको (क्षादक) लवण, रसकपूर, रसपुष्प ।

sublime (सव्लाइम्') **वि.** र **क्रि.** उदात्त, अति उच्च प्रकारको; उचाइ, परिमाण, वडप्पन, रवाफ, वा अन्य प्रभावशाली

गुणले यसरी उचालेको कि देख्नेहरूको मन धक वा आश्चर्यले दब्दछ; साधारणभन्दा अलग र उन्नत, विशिष्ट, उन्नत, अत्युच्छ्रित, उत्कृष्ट प्रौढ;—indifference अति ठूलो वा धेरै हुँदा परिणामको बेवास्ता गर्ने; the S—Porte पुरानू तुर्की साम्राज्य; तुर्की राजदरबार; the—उदात्तता, अत्युत्कर्ष;—ity **ना.** उदात्तता; अत्युत्कर्ष, गौरव; **क्रि.** वाष्पायन गर्नु, (वाफ बनाएर) उडाउनु; उद्धनन गर्नु; शोधनु, उन्नत गराउनु; उद्धननबाट शुद्ध हुनु; उदात्त बनाउनु; गम्साउनु ।

subliminal (सब्लि'मिनल्) **वि.** (मनो॰) बोधातीत, अव्यक्त; चेतनाको संघारभन्दा तल; (इन्द्रिय, चेतना) यस्तो क्षीण कि व्यक्तिलाई त्यसको पत्तै हुन्न;—advertising क्षणिक विज्ञापन (दर्शकको अर्धचेतनलाई लक्ष गरिएको);—self व्यक्तिको व्यक्तित्वको पृथक् भागको रूपमा हेरिने अर्धचेतन मन ।

sublineat/e (सब्लि'निएट्) **क्रि.** कच गर्नु, शब्दमन्तिर धर्को लाउनु;—ion **ना.** कच ।

sublingual (सब्लिङ्'उअल्) **वि** जिब्रोमन्तिर रहने, जिह्वातलीय ।

subman (सब्'म्यान्) **ना.** ज्यादै निम्न विकास वा ल्याकत भएको मान्छे; अर्ध मानव ।

submarine (सब्'मरीन् वि. सब्मरीन्' पनि) **वि. र ना.** जलतलीय, जलमग्न, सामुद्र, समुद्रीय; **ना.** पनडुब्बी;—fire वडवानल, वाडव;—er समुद्रीय नाविक ।

submer/ge (सब्मअ्र्ज्) **क्रि.** पानीमनि राख्नु, झ्याँक्नु, डुब्नु, पानी छोड्नु, पानीले ढाक्नु; (पनडुब्बी) पानीमनि जानु, डुबुल्की लाउनु;—ged tenth सदा गरीबी वा दुःखको हालतमा जन्म बिताउने दुनिया, डुबेको दसौंध;—gence,—sion **ना.** निमज्जन, आप्लाव, प्लावन, बाढी ।

submis/sion (सब्मि'श्न्) **ना.** वश, अधीनता, मातहती, वश्यता, कायल, आज्ञानुकूलता; (का॰) वकीलले न्यायाधीशमा पेश गरेको वक्तव्य, पेशी; नम्रता, दीनता, तितिक्षा, सहिष्णुता, त्याग, आज्ञापालन;—sive **वि.** वश्य, निको, सुधो, वशवर्ती, वशंवद, आज्ञाकारी; –siveness **ना.** वश्यता, निकोपना ।

submit (सब्मिट्') **क्रि** (—tt—) लत्रनु, पत्रनु, निहुरिनु, पाउपर्नु, पराजित हुनु, कायल हुनु, घोप्टिनु, वश्यता स्वीकार गर्नु, त्वं शरण गर्नु, आत्मसमर्पण गर्नु, समर्पण गर्नु, दाखिल गर्नु, पेश गर्नु ।

subnormal (सब्नॅ'र्मल्) **वि.** सामान्यभन्दा कम, निम्न सामान्य ।

subordinate (सबॉ'डिनेट्) **वि. र ना.** मातहत, अधीनस्थ, तल्लो, तालुक, तैनाथ, दोस्रो खालको; गौण, अप्रधान, अमुख्य; **ना.** मातहत कर्मचारी, तल्लो कामदार ।

subordina/te (सबॉ'डिनेट्) **क्रि.** मातहत गराउनु, गौण गराउनु, तल्लो स्थान दिनु, महत्व नदिनु, अधीन गराउनु;—tion **ना.** मातहत, अधीनता, अमल, हैकम, कब्जा, तैनाथ, खटन; गौण्य.—tive **वि.** अधीनस्थ, अप्रधान ।

suborn (सबॉर्न्) **क्रि.** घूस रिश्वतद्वारा (कसैलाई) झूटो शपथ लिन लाउनु, गवाही दिनु, वा अन्य अवैध कार्य गराउनु;—ation कूटसाक्ष्यदान ।

subpoena (सब्पी'ना) **ना.** र **क्रि.** (–ed उच्चा॰–नड्) समन, समाह्वान, म्याद समन, इतलायनामा, आह्वान पत्र, (अदालतमा साक्षी बक्न); **क्रि.** (समन) बुझ्नु, बुझाउनु ।

sub post office (सब् पोस्ट ऑफिस) **ना.** छोटी हुलाक ।

subreption (सब्रेप्'श्न्) **ना.** छकाएर वा मिथ्याकथनद्वारा केही हातलाउने क्रिया ।

subrogation (सब्रोगे'श्न्) **ना.** (का॰) धनी भनी एक मानिसका ठाउँमा अर्काको नामको निवेशन, धनीमा अर्को व्यक्तिको नामसारी ।

subscrib/e (सब्स्क्राइब्') **क्रि.** (लिखतमा) सही गर्नु. (आफ्नू) नाम लेख्नु; (राय, सिद्धान्त, प्रस्ताव) समर्थन गर्नु, संलग्नता जनाउनु; चन्दादातामध्ये नाम लेखाउनु, चन्दा दिनु, ग्राहक बन्नु;—er चन्दादाता, ग्राहक; subscription **ना.** चन्दा ।

subscript (सब्'स्क्रप्ट्) **वि.** (ग्री॰ व्या॰) तल लेखिने; केवल iota—कुनै स्वरमन्तिर लेखिने सानू अक्षर आयोटा (i) अक्षर ।

subsection (सब्'सेक्श्न्) **ना.** उपखण्ड, उपदफा, अनुधारा ।

subsequen/t (सब्'सिक्वेण्ट्) **वि.** पछि आउने, उपरान्त, पछिको, उत्तर, उत्तरगामी, पर, पश्चात्;—ce **ना.** अनुगमन, परिणाम;—tly **क्रि. वि.** ततः, पश्चात्, अनन्तर ।

subserve (सब्स्अ्र्भ्') **क्रि.** उपाय हुनु, साधन हुनु, सहायक बन्नु. (उद्देश्य, लक्ष, प्राप्तिमा) ।

subservi/ent (सब्स्अ्र्'भिएण्ट्) **वि.** साधनको रूपमा काम लाग्ने, कृतानुकर, अधीन, आयत्त, तंत्र; लाचार, काबू, दब्बू, अधीन, पिट्ठू;—ence **ना.** तंत्रता, पारतंत्र्य, अधीनत्व, निम्नता;—ency **ना.** दब्बूपना ।

subsid/e (सब्साइड्') (पानी, खा. ग. बाढी) घट्नु, शमन, हुनु, साम्य हुनु, बस्नु, भासिनु, धसिनु, लच्कनु, गाडिनु, फाट्नु, थेग्रिनु, (ठ॰) लम्पसार हुनु, बस्न जानु;—ence **ना.** धसोट, विलोप, अधःपात, अधोगमन ।

subsidiary (सब्सि'डियरि) **वि. र ना.** सहायक, अनुगामी, अधीनस्थ, पूरक; (प्रतिष्ठान) अर्को (मूल) कोठीले वशमा राखेको, खा. ग. अंश मूलधनको सयकडा ५० वा बढी आफू लिने; (फौज) भरौटे, अर्को राष्ट्रले खर्च बेहोरेको; **ना.** (धे. ज. ब. व.) सहायक, गौण, व्यक्ति वा समूह; सहायक प्रतिष्ठान ।

subsidize (सब्'सिडाइज़्) **क्रि.** राज्यदान, अनुदान, आर्थिक सहायता, दिनु; पैसाले पोस्नु ।

subsidy (सब्'सिडि) **ना.** (इति.) राजालाई सरकारी कामका निंति संसदले दिने रकम, खास प्रयोजनको लागि उठाइने कर; एक राष्ट्रले अर्को राष्ट्रलाई केही सहायता बापत दिइने आर्थिक रकम; माल सामानको दर भाउ कम राख्न राष्ट्रले दिइने राज्यदान, अनुदान; दातव्यको लागि राज्यदान; सहायता ।

subsist (सब्‌सिस्ट') **क्रि.** बाँच्नु, बाँचिरहनु, धान्नु, अस्तित्वमा रहनु; प्राणरक्षा गर्नु, जीविका चलाउनु, गुजारा गर्नु, निर्वाह गर्नु; पाल्नु, खर्च पुऱ्याउनु ।

subsistence (सब्‌सिस्'टेन्स्) **ना.** गुजारा, वृत्ति, जीविका, निर्वाह, प्राणरक्षा;—money जीविकाको लागि दिइने पेशगी वा अनुदान;—wage, pay, केवल प्राणरक्षाको लागि पुग्ने, गुजारा तलब ।

subsoil (सब'सॉयल्) **ना.** अधःस्तर, मन्तिरको माटो ।

substance (सब'स्ट्यान्स्) **ना.** (आत्म.) सार, सत्व, तात्पर्य, तत्व; सारांश, मजबून, वास्तविक अर्थ, गुदी; पदार्थ, (आकारभन्दा पृथक्) वस्तु, चीज, द्रव्य; मर्म, महत्व, यथार्थता, वास्तविकता, स्थूलता, ठोसपना, ठोसगुण, स्वामित्व; वस्तुको किसिम; ज. किं heavy, porous इ.—; a man of—धनीमानी; sum and—निष्कर्ष, भाव, निचोर, सार; in—वस्तुतः, यथार्थमा ।

substantial (सब्‌स्ट्यान्'शल्) वि. सारवत्, धन, वास्तविक, महत्वपूर्ण, धनवत, धेरै रकमको वा राख्ने; दृढ, बलियो, भारी; गहकिलो, माथवर, गहुँगो, समृद्ध; स्वनामधन्य;—ity **ना.** भौतिकत्व, घनता, पदार्थता;—ism **ना.** (दर्श.) घटनाको पछिल्तिर सारभूत यथार्थता छन् भन्ने सिद्धान्त;—ize **क्रि.** पदार्थनिष्ट गराउनु, घनता प्राप्त गर्नु, वास्तविक अस्तित्व प्रदान गर्नु ।

substanti/ate (सब्‌स्टयान्'शिएट्) ख गर्नु, प्रमाणित गर्नु, खोटयाउनु, कारण बताउनु, (दावी, कुरा, इ. को);—ation **ना.** उपपादन, ख, साधन, प्रमाणीकरण ।

substantive (सब'स्टयान्टिभ्) **वि. र ना.** अस्तित्व जनाउने, स्वतंत्र अस्तित्व भएको, खास; सत्ववाची; noun—नाम (noun) को पुरानू नाम;—rank (सेना.) फौजमा स्थायी दर्जा; **ना.** नाम, noun—(विशेषण बाहेक) नाम ।

substitu/te (सब'स्टिटयूट्) **ना. र क्रि.** साटो, बदला, प्रतिनिधि, अनुकल्प, स्थानापन्न; **क्रि.** साट्नु बदल्नु, बदलिनु;—tion **ना.** स्थानापत्ति, नामसारी;—tional **वि.** अनुकल्पित ।

substratum (सब्‌स्ट्रे'टम्) **ना.** (ब. व —ta) अधःस्तर, तल्लो तह, स्तर, आधार, जग (धे. ज. अलं.) ।

subsum/e (सब्‌स्यूम्') **क्रि.** (उदा. इ.) वर्ग या किसिममा समावेश गर्नु;—ption **ना.** वर्गसमावेशन ।

subtend (सब्‌टेण्ड्') **क्रि.** (ज्या.) (त्रिभुजको भुजा, वृत्तको ज्या, इ.) सम्मुख हुनु (कोण, चाप, इ. को) ।

subtense (सब्‌टेन्स्) **ना.** चाप वा कोणको सम्मुख हुने रेखा ।

subter-(सब्‌टर्)—ल्या. उप.=निम्न, न्यून, खा. ग. super—जोडिएर बन्ने शब्दको विपरीत अर्थमा ।

subterfuge (सब'टफ्यूज) **ना.** छल, परिपंच, (गालबाट बाँच्नालाई) प्रपंच ।

subti/le (स'ट्‌ल्, सब'टिल्) **वि.** subtle को आ.; subtilize जटिल बनाउनु, रहस्यमय पार्नु;—lization **ना.** सूक्ष्मीकरण;—lty (स'ट्‌ल्टि) **ना.** सूक्ष्मता, लाघवता ।

subt/le (स'ट्‌ल्) **वि.** अतिसूक्ष्म, (आ.) पातलिएको; सूक्ष्मताको कारणले व्यापक, सर्वव्यापी; छल्ने, रहस्यमय; बुझ्न, समात्न, पत्ता लाउन, गाह्रो; नाटिकुटी गर्ने, तीव्र सूक्ष्मज्ञान भएको; चतुर, परिपाठे, छट्टू;—distinction सूक्ष्मभेद;—fingers चतुर, दक्ष, औंला;—ly **क्रि. वि.** सूक्ष्मताले, चतुरतासँग ।

subtlety (स'ट्‌ल्टि) **ना.** सूक्ष्मता, अतिलाघव, मिहीन भेद; पिष्टपेषण; सौक्ष्म ।

subtopi/a (सब्‌टो'पिया) **ना.** (हैं०) अधम स्थान; कुयोजन र कुरूप निर्माणद्वारा विसंगत भएको शहरी वा ग्राम्य क्षेत्रलाई जनाउने शब्द; प्राकृतिक रमणीयतालाई बिगार्ने कुरूप काँठ; अलं० पनि;—an **वि. र ना.** अधमस्थानीय ।

subtract (सब्‌ट्र्याक्ट्) **क्रि.** घटाउनु, व्यवकलन, वियोजन गर्नु;—ion **ना.** वियोग, व्यवकलन, वियोजन;—ive **वि.** घटाउने ।

subtrahend (सब्‌ट्रहेण्ड्) **ना.** वियोजनमा घटाउने अंक, ऋण, शोधक ।

subulate (स्यू'ब्यूलेट्) **वि.** subuliform (स्यू'ब्यूलिफर्म्) (वन० पशु०) आरा, सियो, जस्तो आकारको ।

suburb (स'बर्ब) **ना.** सहरको बाहिरी क्षेत्र, काँठ, पर्यन्तभूमि, नगरोपकंठ, नगरप्रान्त, नगराभ्यास, नगरान्त, शाखानगर, (सहरको) छेउछाउ ।

Suburbia (सब्अर्'बिया) **ना.** (सा० हेंला०) (खा० ग० लन्डन) सहरको काँठको विशेष नाम ।

subvention (सब्‌भेन्'श्न्) **ना.** अनुदान, दामको निकासा ।

subver/t (सब्‌भर्ट्') **क्रि.** उल्टाउनु, लडाउनु, विध्वंस पार्नु, उन्मूलन गर्नु (धर्म, सरकार, संविधान, सिद्धान्त, नैतिकता, इ०);—sion **ना.** ध्वंस, उच्छेद; विनाश;—sive **वि.** ध्वंसकारी, विनाशी, उच्छेदी ।

suc-sub—ल्या० उप० c ले शुरू हुने शब्दमा sub को साटो प्रयोग हुने ।

succade (सकेड्) **ना.** मुरब्बा; चासनीमा हालेको, मिश्री लाएको, फल ।

succedane/um (सक्सिडे'नियम्) **ना.** (ब. व.—a) साटो, एकको खाँचोमा काममा लगाइने अर्को वस्तु वा (विर०) व्यक्ति;—ous प्रतिहस्त ।

succeed (सक्सीड्') **क्रि.** अनुगामी हुनु, (कसैको) पछि आउनु, क्रमागत हुनु, अनुवर्ती हुनु, कुलक्रमले प्राप्त गर्नु; सफल हुनु, सफलता प्राप्त गर्नु, सफलतासँग समाप्त हुनु, बेडा पार हुनु, जम्नु, मतलब साध्ये गर्नु ।

succentor (सक्से'ण्टर) **ना.** गिरजाको अधिकारीको किसिम ।

succès d'estime (सुक्से डेस्टी'न्) **ना.** कदर वा लायकीको साटो खातिर वा सम्मानको कारणले काम वा सम्पादनलाई दिइने जेनतेनको हार्दिक स्वागत ।

succès fou (सुक्से फू') **ना.** अत्यधिक उत्साह दर्शाइने सफलता ।

success (सक्सेस्) **ना.** परिणाम (कामको), सफलता,

सिद्धि, साफल्य, साधन; अर्थ, यश, दर्जा, इ० को लाभ, खाँडो; सफल (व्यक्ति वा काम), (उत्तीर्ण) छात्र;—ful **वि.** सफल, जमेको, सार्थक, जसिलो ।

succession (सक्सें'श्न्) **ना.** अनुक्रम, परम्परा, in—लगातार हुने (घटना); श्रेणी, माला; उत्तराधिकारको हक वा सो हक हुने व्यक्ति; law of—अपुतालीको नियम; the S—States अघिको Austria—Hungary साम्राज्यको विभाजन हुँदा खडा भएका राष्ट्र, उत्तराधिकारी राष्ट्रहरू; (प्रा० वि०) जाति वा वर्णको उत्थानमा हुने परम्परा क्रम ।

successive (सक्से'सिभ्) **वि.** परम्परागत, श्रेणीवद्ध, लगातार हुने;—ly क्रि. वि. उत्तरोत्तरत:, क्रमश: ।

successor (सक्से'सर्) **ना.** अनुगामी, उत्तराधिकारी, पछि आउने, हालवाला ।

succint (सक्सिण्ट्') **वि.** संक्षिप्त, लघु, छोटकरी, लाघवान्वित ।

succour (स'कर्) **क्रि.** र **ना.** हार गुहार दिनु, सघाउ दिनु, मदद गर्नु, सहायता गर्नु; गुहार, हार, (चाहिएको वेलाको) मदद, सघाउ, सहायता; (व. व , आ०) थप फौजी मदद, मददमा आउने थप सेना, थप बल;—less **वि.** असहाय, विनामदद ।

succuba,—bus (स'क्यूबा,—बस्) **ना.** (व. व.—bae, —bi) सुतेका पुरुषसँग रतिक्रिया गर्ने राक्षसी वा स्त्री प्रेत ।

succul/ent (स'क्यूलेण्ट्) **वि.** रसिलो, सरस, आर्द्र, (अक्ष. वा अलं० खाद्यवस्तुको); (वन०) मोटो र गुदी भएको, त्यस्तो डाँठ वा पात भएको;—ence **ना.** आर्द्रता, रसिलोपन ।

succumb (सकम्') **क्रि.** पराजित हुनु, वशमा जानु, गिर्नु, हार्नु, विरोध वा संघर्ष बन्द गर्नु; (को) अधिकार मान्नु, मर्नु; (द्वारा) मारिनु ।

such (सच्) **वि.** यस्तो, यत्रो, सो, इदृश, तादृश;—and—यस्तो यस्तो; फलाना;—like यस प्रकारको;—as **स. ना.** जस्तो कि; as—को रूपमा; all—यस्ता सबै; (ग्रा० वा व्या०) उपरोक्त (सबै व्यक्ति वा कुरा) ।

suck (सक्) **क्रि.** र **ना.** चुस्नु, तान्नु, (अलं०) लाभ गर्नु, प्राप्त गर्नु (विद्या, फाइदा); स्तनपान गर्नु; (मुखभित्र) चुस्नु; **ना.** चूषण; (व० व०, पाठ० अप०) गुलियो, पिपि; निराशा, असिद्धि; अर्काको (धाकपछिको) असफलतामा वि० वो. उक्ति what a—!,—!,—dry (चुसेर) रित्याउनु;—ed orange (अक्ष० र अलं०) केही फाइदा बाँकी नरहेको वस्तु; - (one's) brains माथापच्ची गर्नु;—(one's) teeth दाँतमा अड्केको वस्तु भित्रै चुसेर झिक्नु;—in चुस्नु, भित्र तान्नु (भँवरी इ० ले);—ing चुस्ने, सिकारु, दूध नछुटाएको;—ing-disc चूषक पातो,—in (अप०) **क्रि.** र **ना.** छल्नु; निराशा, असिद्धि; (पाठ० अप०) चाकरी गर्नु, चाटुकारी गर्नु; give—दूध ख्वाउनु ।

sucker (स'कर्) **ना.** र **क्रि.** चूषक, पिउसो; (अप०) सिकारु, अनाडी; चुस्ने माछा; पम्पको गट्टा; चूषक पातो (रबड वा धातुको); (वन) भैमन्तिरको डाँठबाट उम्रिने टुसो वा मुख्य जरोवाट टाढा रहने जरो; (अप०) बेवकूफ, सजिलोसँग ठगिने व्यक्ति; **क्रि.** (वन०) भैमन्तिर टुसो वा जरो उमार्नु ।

suckle (स'क्ल्) **क्रि.** दूध ख्वाउनु, दूध दिनु ।

suckling (सक्'लिङ्) **ना.** दूध नछुटाएको बच्चा (मानिस वा पशुको); babes and—s बिलकुल अनभिज्ञ ।

sucrose (स्यु'क्रोज्) **ना.** उखुको मिश्री वा चीनी वा अन्य सोही प्रकारको चीनी ।

suction (सक्'श्न्) **ना.** चूषण, (हावा झिकेर उत्पन्न गरिएको) रिक्तता, शून्यता;— -chamber,—-pipe चूषण कक्ष, चूषण नली;— -fan चूषण पंखा;— -plate चूषण पातो, कृत्रिम दाँतको;— -pump चूषण उत्तोलक ।

suctorial (सक्'टोञ्रियल्) वि. (पशु०) चोष्य ।

Sudanese (सूडनीज्) **वि.** र **ना.** (व. व. उही) सूडान देशको (वासिन्दा, भाषा) ।

sudarium (स्युडे'यिरम्) **ना.** (व. व.—ia) सन्तनी भेरोनिकाको रुमाल जसमा अद्भुतसँग क्राइस्टको अनुहार छापिएको थियो; क्राइस्टको कुनै अलौकिक चित्र; क्राइस्टले शिरमा लाउने पछ्यौरा ।

sudatory (स्यु'डेटरि) **वि.** र **ना.** स्वेदक, पसीना काढ्ने; **ना.** स्वेदक औषधि ।

sudd (सड्) **ना.** मिस्रदेशको नील नदीमा वगेर आउने विरुवा रूख, इ. ।

sudden (स'ड्न्) **वि.** र **ना**. सहसा, अकस्मात्, झ्वाट्ट, एक्कासि, अपर्झट, टुप्लुक्क, आकस्मिक;—death आकस्मिक मृत्यु; (वो. चा.) तीन पटक गरी धेरै जित्नेको पक्षमा फैसला दिने साटो एकै पटक मुद्रा उछिट्ट्याएर फैसला दिने क्रिया; वरावर भएको टेनिस सेट खेलमा फेरि हुने खेलको फैसलाले जितहारको निर्णय;—ly **क्रि. वि.** अकस्मात, अचानकसँग, झुम्लुङ्ग, सहसा;—ness **ना.** एक्कासिपना, आकस्मिकता; **ना.** of, वा on a,—(विर. on the—पनि) अचानकसँग ।

sudoriferous (स्यूडरि'फेरस) **वि.** स्वेदक, (ग्रन्थिहरू) ।

sudorific (स्यूडरि'फिक्) वि. र **ना.** पसीना काढ्ने वा कढाउने (औषधि) ।

suds (सड्ज्) **ना.** व. **व.** साबुनको फींज, (धे. ज soap—) ।

sue (स्यू) **क्रि.** (कसैमाथि) अदालतमा नालिस गर्नु; अनुरोध गर्नु, विन्तिभाउ लाउनु (व्यक्ति वा अदालतलाई);—for peace (युद्धपछि) शान्तिको लागि विन्ति गर्नु;—out अदालतमा निवेदन पेश गरी (याचिका, माफी, इ०) प्राप्त गर्नु ।

suede (स्वेड्) **ना.** मासुपट्टिको तह खस्रो पारेर दलेको खसी, बोका, को छाला; सावर ।

suet (स्यू'इट्) **ना.** खसी, साँढे, इ० को कम्मर, मिर्गौला, इ० को सारो बोसो, चर्वी, वसा, मेदस् ।

suf— उ. ल्या. उ. sub—को f वाट शुरू हुने शब्दसँग लेखिने रूप ।

suffer (स'फर्) **क्रि.** भोग्नु, भुक्तनु, अनुभव गर्नु, वेहोर्नु, (पीडा, नोकसान, दुःख, हार, परिवर्तन, सजाय, अन्याय, इ.); वेसाउनु, खामस खानु, सहनु, पीडित हुनु, अङ्गभङ्गले पीडित हुनु; प्राणदण्ड भोग्नु; आज्ञा दिनु, निकासा गर्नु;—er,—ing **ना.** (धे. ज व. व.) भोग्ने, दुःखी; रगड, कहर, लित्ति (काढ्नु); —able **वि.** (प्रायशः नकारात्मक रचना) सहन सकिने, सह्य ।

sufferance (स'फन्यान्स्) **ना.** (आ०) वश्यता; मानसाज्ञा, मन्जूरी, अनुज्ञा, अनुमति (खा. ग. विरोधाभावले जनाएको); on—(विरोधाभावबाट देखिने) सहनशीलता, सहिष्णुता, वाट ।

suffic/e (सफाइस्') **क्रि.** पुग्नु, पर्याप्त हुनु, उपयुक्त हुनु, उचित हुनु; सन्तोप गराउनु, जरूरत पूरा गर्नु;—it to say that यति भने पुग्नेछ कि;—ingly पुग्ने गरी ।

sufficiency (सफि'श्नसि) **ना.** (आ०) पर्याप्तता, लायकी, दक्षता; पर्याप्ति, यथेष्टता, प्रचुरता, ग्रासाच्छादन, वासगाँस ।

sufficient (सफि'श्न्ट्) **वि.** र **ना.** पर्याप्त, पुग्ने, यथेष्ट, कुस्त, प्रचुर, विपुल, काफी, मनग्य, प्रशस्त, उचित, समर्थ; (आ०) दक्ष, लायक, ल्याकतवर; **ना.** पुग्ने परिमाण, पुग्ने (ग्रा०) ।

suffix (सफिक्स') **क्रि.** र **ना.** अन्तप्रत्यय जोड्नु; **ना.** अन्तप्रत्यय (अक्षर इ०); उत्तरस्थ; निपात ।

suffoc/ate (सफ'केट्) **क्रि.** घाँटी अँठ्याएर मार्नु, घाँटी थिच्नु, गलो लाग्नु, निसास्सिनु;—ated मुकुरिएको;—ation **ना.** श्वासरोध, श्वासावरोध, उकुसमुकुस,, कण्ठस्तम्भ;—atingly **क्रि. वि.** निसास्सिने गरो ।

suffragan (स'फ्रागन्) **वि.** र **ना.** क्रिस्तानी चर्चको धर्माधिकारीविशेष ।

suffrage (स'फ्रेज्) **ना.** मत, मतदानबाट जनाइने मन्जूरी वा स्वीकृति; मतदानको अधिकार; (धर्म०) पादरीको उक्तिको प्रत्युत्तर (यजमानहरूद्वारा), (आ०) मध्यवर्ती प्रार्थना; adult —बालिग मताधिकार; manhood—पुरुषमताधिकार; woman—स्त्रीमताधिकार; universal—सार्वलौकिक मताधिकार ।

suffragete (सफ्राजेट') **ना.** मताधिकारको लागि आन्दोलन गर्ने स्त्री ।

suffragist (स'फ्रजिस्ट्) **ना.** मताधिकारको पक्षपाती, खा ग. त्यसको विस्तीर्णताको ।

suffus/e (सफ्यूज़्') **क्रि.** (रंग वा आर्द्रता) भित्रबाट उठेर रंग दिनु वा भिजाउनु; रंगमगिनु, रंगमगाउनु;—ion **ना.** आप्लावन, व्यापन ।

sufi (सू'फि) **ना.** मुसलमान साधु ।

sugar (शु'गर्) **ना.** र **क्रि.** चिनी, मिश्री, सक्कर, गुड; मीठा-कुरा, चाटुकारिता, (अलं०) अरुचिकारक वस्तुलाई (तीतो ओखती ढाक्ने चीनी जस्तो) छोप्ने वस्तु; (र० शा०) शर्करा; — - candy सिताखंड, मिश्री;— - cane उखु;— -daddy (अप.) पैसा ठग्ने स्त्रीको बूढो रक्षक र पैसाको स्रोत;— -loaf चीनीको डल्लो पारेको टुक्रा, मिश्री;—plum मिठाई, पकाएको चीनीको डल्लो;— - refinery सक्करलाई शोधेर चीनी बनाउने कारखाना;—tongs चीनी चिमटा; **क्रि.** चीनी हाल्नु, गुलियो पार्नु; (अप०) विशेष गरी कर्म. मा मृदु भाषा वा अभिशापको प्रयोग; (अप.) अल्छीसँग काम गर्नु, पूरा शक्ति वा बुद्धि नलगाउनु (काममा);—y **वि.** मधुमय, सशर्कर, मीठो, गुलियो;—er (अप०, ना.) अल्छी, राम्रोसँग काम नगर्ने व्यक्ति ।

suggest (सजेस्ट्) **क्रि.** (भाव) मनमा ल्याउनु, संझाउनु, झल्किनु, प्रस्ताव गर्नु, सुझाउ गर्नु, सिद्धान्त प्रतिपादन गर्नु ।

suggestible (सजे'स्टिब्ल्) **वि.** सांकेत्य, संकेतीय, सुपुप्तिजनक उपक्षेप लिने प्रकारको ।

suggestio falsi (सजे'स्टिओ फ्याल्'साइ) **ना.** सरासर झूटो नभएर सत्यको दपोटभन्दा अधि वढ्ने वास्तविक अन्यथावाद ।

sugges/tion (सजेस्'चन्) **ना.** सुझाउ, इशारा, सुइँको, आशय, उपक्षेप, प्रस्ताव, मंत्रणा, संकेत, उपदेश, बुद्धि, योजना, सिद्धान्त; कामुक विचारको संकेत; मोहनिद्रामा परेको व्यक्तिको मनमा कुनै प्रेरणा वा विश्वासको प्रवेश, सो विश्वास वा प्रेरणा; —tive **वि.** व्यन्जक, सूचक, प्रबोधक, सांकेतिक ।

sui (स्यू'ई) ल्या० suus को षष्टि=उसको;—generis **वि.** अरूसँग वर्गीकरण नहुने, आफैंमा विशिष्ट;—juris **वि.** उमेर र अनुभव प्राप्त, स्वाधीन ।

suici/de (स्यू'इसाइड्) **ना.** आत्मघातक; (का.) इच्छायुक्त आत्मघात, खा. ग. commit—अपहत्या गर्नु, सेरिनु; अपहत्ते, political—राजनैतिक भविष्यको विगार; race—जातिले आफ्नू संख्या थाम्न नसक्नु;—dal **वि.** आत्मघाती, आत्मनाशी ।

suilline (स्यू'इलाइन) **वि.** सुङ्गुर जातिको ।

suit (स्यूट्) **ना.** र **क्रि.** विन्ति, प्रार्थना, (स्त्रीको) पाणिग्रहणको प्रस्ताव; नालिस, मुद्दा; (ताश) रङ्ग; (follow—उही रंग खेल्नु, (अलं.) अर्काको पछि लाग्नु;) खेलाडीको हातमा रहेका एक रंगका पत्तीहरू, long, short,—धेरै, थोरै; पोशाक (स्त्री वा पुरुषको), खा ग. एकै कपडाको कोट, वेस्टकोट र चुस्ता, वा स्त्रीको लहँगा, चोलो, इ.;—of clothes पोशाक; dress—रातिको लुगा;—of dittos एकै कपडाको पोशाक;—case सूटकेस, लुगा लिएर हिंड्ने (छाला इ. को) व्याग;—ing **ना.** पोशाक हाल्ने कपडा, सूटको कपडा; एकै पटक चलन गर्ने (नौ.) पाल वा हतियारको समूह; **क्रि.** मिल्नु, राम्रो देखिनु, खुल्नु, जुर्नु, सुहाउनु, उचित हुनु, लायक हुनु, सुविधा हुनु ।

suit/able (स्यू'टेब्ल्) **वि.** अनुरूप, मिल्ने, उपयुक्त, सुहाउँदो, सदृश;—ability **ना.** अनुरूपता, योग्यता;—ableness **ना.** सुहाउँदोपन ।

suite (स्वीट्) **ना.** अनुचरगण, परिच्छद, चाकरीबाजहरू; समूह, खा. ग. साजबाज, सबै प्रयोजनको लागि चाहिने कोठा-

हरू, समष्टि, संयोग; (संगी०) वाद्यरचना ।

suitor (स्यू'टर्) **ना.** झगडिया, कार्यिक, वादी, प्रार्थक, प्राथीं, निवेदक, आवेदक, अर्थी; विवाहकामी. विवाहार्थी, पाणिग्रहणार्थी ।

suivez (स्वी'भे) **क्रि.** (संगी० निर्दे०) पछि लाग्नू (वादकलाई निर्देशन) ।

sulcate (सल्'केट्) **वि.** (वन०, श० वि०) खोंच परेको, कुलो परेको ।

sulcus (सल्कस्) **ना.** (अन्नको) सिता ।

sulfa—(सल्फा) **ना.** प्रतिजीवी औषधि समूहको नाम,—drug प्रतिजीवी औषधि ।

sulk (सल्क्) **ना.** र **क्रि.** अन्तःकोप, ठुस्स, विषण्णता, उद्वेग (घे. ज. ब. व., खा ग. in the—s ठुस्केको, ठुस्सिएको); **क्रि.** ठुस्स पर्नु, घुस्सिनु, घोस्सिनु, ठस्कनु, घोसे हुनु, खुन्सिनु ।

sulky (स'ल्कि) **वि.** र **ना.** ठुस्सिएको, कुपित, उद्विग्न, ठस्केको, अजीर, जर्कटो, प्रतीप, उद्विग्न; **ना.** हलुङ्गो एकजना चढ्ने दुईपांग्रे बग्गी ।

sullage (स'लज्) **ना.** फोहर, मैला ।

sullen (स'लन्) **वि** र **ना.** अंतःकुपित, रूक्ष, जर्कटो, अजीर, ठुस्केको, झोक्राएको, ईख लिने, अघोरी; **ना.** (ब. व.) the–s झोक्राएको मन, झोक, खिन्नता ।

sully (स'लि) **क्रि.** विट्ठलो पार्नु, दूषित पार्नु, (मु० कवि०); फोहोर मैला, गराउनु; बेइज्जत गराउनु ।

sulph/(e)—sulphur (गन्धक) को यौगिक रूप;—ate गन्धकाम्लको लवण, ज. कि copper—ate तुत्थ, तूतो;—ate of iron काशीश, (रातो);—ate of iron धातुशेखर (हरियो);—ide गन्धकको तत्व वा मूलकसँगको यौगिक;—ite गन्धिकाम्लको लवण;—onal निद्राकारक र चेतनानाशक ओखती ।

sulphur (सल्'फर्) **ना.**, **वि.** र **क्रि.** गन्धक, गंधिक, कीटघ्न; पहेंलो पुतलीको प्रकार: अघि नरकको आगो र आकाशे बिजुलीको स्रोत मानिएको वस्तु; flowers, milk, of—गन्धकलाई केही प्रक्रियापछि पाइने पहेंलो वा सेतो धूलो; roll, stick,-—गन्धकको सोतो;—ore गन्धक धौ;—-spring गन्धकमूल; —y **वि.** गन्धकमय; **वि.** हलका पहेंलो, अलिकति हरियो मिसिएको; **क्रि.** गन्धक लाउनु: गन्धकको खारले घुमाउनु ।

sulphur/ate (स्यूल्'फ्यूरेट्) **क्रि** गन्धकले अतिसिक्त, वा धूमन गर्नु, गन्धकले उपचार वा इलाज गर्नु,—ati n **ना.** गन्धकातिसिक्तीकरण; गन्धकीकरण ।

sulphurous (सल्'फ्यूरिअस्) **वि.** गन्धक सदृश; (वन.) गन्धक रंगको ।

sulphuretted (सल्फ्यूरे'टेड्) **वि.** गन्धक संपृक्त (मु: —hydrogen गन्धक संपृक्त उदजन, दुर्गन्धमय पारदर्शक रंगहीन वायु ।

sulphuric (सल्फ्यू'रिक्) **वि.** (र. शा.) गन्धकको उच्चतर यौगिक अनुपात रहेको (sulphurous ऐ० को निम्नतर अनुपात रहेको);—acid गन्धकाम्ल;—ether=ether, ईथर ।

sulphurize,—ise (सल्'फ्यूराइज्) **क्रि.**=sulphurate.

sulphurous (सल्'फ्यूअरस्) **वि.** (र. शा.) निम्नतर यौगिक अनुपात रहेको गन्धकको अम्ल; गन्धिकाम्ल ।

sultan (सल्'टन्) **ना.** सुलतान, बादशाह (खा. ग. तुर्कीको); कुखुराको जात; फुलको जात ।

sultana (सल्टा' ना) **ना.** सुलतानकी माता, स्त्री, वा छोरी; राजाको भित्रेनी, इ०; चराको जात; मनका (बीयाँ नभएको दाख) ।

sultaness (सल्'टनिस्) **ना.** सुलतानकी स्त्री, आमा वा छोरी ।

sum (सम्) **ना.** र **क्रि.** (–mm–) कुल, जोड, जम्बा; lump—एकमुष्ट;—and substance तात्पर्य, सार, निचोड; in—छोटकरीमा, सारांशमा; दाम, राशि; (गणि०) हिसाब; **क्रि.** निचोर गर्नु, सारांश झिक्नु; (खा. ग. न्यायाधीशले) प्रमाण र पैरवीका बुँदा दोहोऱ्याउनु, (ज. बा.—ming up संक्षेप), (कसैको) स्वभावको अनुमान वा चित्रण गर्नु ।

summarize,—ise (स'मराइज्) **क्रि.** छोट्याउनु, संक्षेप गर्नु, मजबून झिक्नु, सारांश झिक्नु ।

summar/y (स'मरि) **वि.** र **ना.** संक्षिप्त, सामासिक, छोटो, छिटो, अविलम्ब, क्षिप्र, तुरुन्तको; **ना.** तेरीज, उपसंहार, संक्षेप, मजबून, छोटकरी;—ily **क्रि. वि.** संक्षेपतः, समासतः, तुरुन्तको ।

summation (समे'श्न्) **ना.** योग, जम्बा झिक्ने, कुल झिक्ने ।

summer (स'मर्) **ना.** र **क्रि.** ग्रीष्म, बर्खा, गर्मी; (कवि. धे. ज. ब. व. मा) उमेरको वर्ष; (वाच्य०) ग्रीष्मको वा ऐ० लाई सुहाउने, ज. कि—house बगैंचे घर,—-lightning टाढाको चौडा बिजुलीको चमक;—school खा. ग. वि. वि. इ० मा लामू बिदामा पढाइ, शिक्षा, को व्यवस्था;—-time वा —time गर्मीको मौसिम वा समय; double—time यथार्थ समयभन्दा (खा. ग. विलायतमा) दुई घण्टा अघि बढाइएको समय; **क्रि.** गर्मी बिताउनु (ठाउँमा), गाईवस्तुलाई (ठाउँमा), चरनको प्रवन्ध गर्नु ।

summersault, (स'मरसॅल्ट)--**set = somersault** **क्रि.** पल्टनबाजी खानु ।

summit (स'मिट्) **ना.** र **वि.** चुली, टुप्पो, चुचुरो, शिखर, भञ्ज्याङ्ग, टाकुरा, लेक, चूडा; **वि.** शीर्षस्थ, पराकाष्टा ।

summon (स'मन्) **क्रि.** डाक्नु, बोलाउनु, झिकाउनु, आह्वान गर्नु, (खा. ग. अदालतमा प्रतिवादी वा साछी बस्नालाई); उल्लेख गर्नु; (सहर, इ.) आत्म समर्पण गर्न आह्वान गर्नु ।

summons (स'मन्ज्) **ना.** (ब. व.—es) र **क्रि.** बोलाहट, समन, आह्वान, इतलायनामा; (अदालतमा हाजिर हुनालाई) समाह्वान; **क्रि.** समन तामेल गर्नु ।

summum bonum (स'मम् वो'नम्) **ना.** परमार्थ, निःश्रेयस्, सर्वोपरिकल्याण ।

sump (सम्प्) **ना.** वढी पानी जम्वा हुने खाडल वा इनार, मंगाल; (खानि, यंत्र, इ०) मा वढी तेल, इ० जम्वा हुने ऐजन; नाल, मोरी ।

sumpter (सम्प्'टर्) **ना.** (आ०) लादको घोडा वा त्यसको सवार ।

sumption (सम्प्'श्न्) **ना.** न्याय (शास्त्र) को उदाहरण ।

sumptuary (सम्प्'ट्यूअरि) **वि.** व्यय व्यवस्था गर्ने, व्ययविषयक;—law, edict राष्ट्रको हितको लागि व्यक्तिगत व्ययको सीमावन्धन गर्ने कानून ।

sumptuous (सम्प्'ट्यूअस्) **वि.** भव्य, विशिष्ट, महार्ह, महार्घ, खर्चिलो, रवाफिलो ।

sun (सन्) **ना.** र **क्रि.** (—nn—) सूर्य; उपग्रहसहित कुनै स्थिर तारा; (कवि०) दिन या वर्ष; (अलं०) सुदिन; **क्रि.** घाममा राख्नु, घाम ताप्नु; rising—नयाँ वा उठन लागेको वडाइँ; mock—मिथ्यासूर्य; S—of righteousness क्राइस्ट; take, वा (अप०) shoot, the—सूर्यको उच्चत्व झिक्नु; —bath सूर्यस्नान, पहार;—beam सूर्यकिरण, अंशु;—blind झिलमिल, झ्यालको पर्दा;—burn घामले डढाइ;—burnt वा burned घामले डढेको;—burner, burst ग्यास, विजुली वत्ती, इ० को समूह, आतसवाजी, सूर्य र किरणका वुट्टाको गहना;—down सूर्यास्त;—glasses घाम वा चडका उज्यालोवाट आँखा छेक्ने कालो ऐना भएको चश्मा, घाम चश्मा;—light घाम;—rays घामको सट्टा उपचारमा प्रयोग हुने अतिबैजनी (कृत्रिम) किरण;—rise घाम झुल्किनु, सूर्योदय;—set सूर्यास्त;—shade छाता, पसलको घामछेक;—shine घाम;—stroke आतपलंघन, लू ।

sundae (सन्'डि) **ना.** फलफूल, मसला, इ. मिसाएको आइसक्रीम ।

Sunday (सन्'डे, सन्'डि) **ना.** रविवार, आइतवार; month of S—s लामू समय;—best सबभन्दा असल लुगाको जोर;—school धर्मशिक्षा दिने आइतवारे पाठशालाको वसाइ ।

sunder (स'ण्डर) **क्रि.** (आ., कवि., अलं.) छुट्ट्याउनु, छटक्क काट्नु, छप्क्याउनु, वियोग गराउनु, वेगलै राख्नु;—ance **ना.** (विर.) वियोग, विभाजन ।

sundry (सन्'ड्रि) **वि** र **ना.** विभिन्न, धेरै, वहु; all and—सबका सब, सप्पै; **ना.** (आष्ट्रे.) क्रिकेटमा एक विशेष; (ब. व.) विविध, छुट्टै उल्लेख गर्नु नपर्ने वस्तु ।

sung (सङ्ग) **क्रि.** sing को निष्ठा.=गाएको ।

sunk (en) (सङ्क, सङ्क'न्) sink को निष्ठा=डुबेको; जलमग्न; दाम्रिएको (भुँडी) ।

sunn (सन्) **ना.** (—hemp पनि) पाट ।

sunna(h) (स'न्न) मुसलमानी धर्मसम्मत विधि ।

sunny (स'नि) **वि.** पहारिलो, घामिलो, घमैलो, उज्यालो, न्यानू, सातप, सौर, (अलं.) सानन्द, रमाइलो; (स्वभाव) मिलनसार, सबैलाई आनन्द दिने ।

sup (सप्) **क्रि.** (—pp—) र **ना.** सर्को, चुस्की, गरेर (चमचा इ. ले) खानु, सुर्र सुर्र पिउनु; रातिको खाना (सुत्नेअघि) खानु;—on, off (food) (कुनै खाना) खानु; **ना.** तरल वस्तुको सर्को, घुट्को, खा. ग. neither bite nor—मा ।

super (स्यू'पर्) **ना.** र **वि.** (वो० चा०, वजा०) अतिरिक्त अभिनेता, (अलं०) वढी, वा नचाहिने, वा नगण्य, व्यक्ति; खर्च गरी रवाफसाथ तयार गरिएको चलचित्र, (खा. ग.—film); (व्या०) अतिउत्तम कपडा वा उत्पादन; **वि.** अत्युत्तम, (परिमाण) वाहिरी, वर्ग (घनमा होइन) परिमाणमा; (अप०) अतिवेस ।

super—(स्यू'पर्) प्रत्यय=अति, अतिशय, अधिक, पर, दूर, उपरि, ऊर्ध्व ।

super—(स्यूपर्—)—bazaar वृहत् विपणी, वृहत् वजार;—cargo (कार्गो) **ना.** (व. व.—es) जहाजी लाद सामानको वेचविखनको प्रवन्ध गर्ने व्यक्ति;—celestial (सिलेस्'श्ल्) अतिदैवी;—charger (चार्जर्) मोटरकार, वायुयान, इ. मा वायु कोच्ने पम्प;—ciliary (सि'लियरि) **वि.** निधारको, आँखामाथिको;—cilious **वि.** शेखीवाल, गजक परेको, गमक्क परेको, घमण्डी, वडप्पन गर्ने, टिमुरिएको, उद्धत;—ciliousness **ना.** शेखी, घमण्ड, ठसमस, अहङ्कार, वडप्पन;—civilized (सि'भिलाइज्ड्) अतिसभ्य;—class (-क्लास्) **ना.** एकभन्दा बढी किसिम समावेश गर्ने वर्ग, अतिवर्ग;—Columnar (—कॅलम्'नर्) **वि.** स्तम्भोपरि;—cool (—कूल्) **क्रि.** अति चिसाउनु, (झोल) जम्न नदीकन हिमविन्दुभन्दा तलसम्म चिसाउनु;—dreadnought (—ड्रेड'नॅट्) अति प्रवल युद्धपोत;—elevation (—एलिभे'श्न्) अतिउन्नतांश; मोडमा भित्री पटरीभन्दा वाहिरी पटरीको वर्ता उँचाइ,—eminent **वि.** अति उत्तम;—erogation (—एरोगे'श्न्) **ना.** नियमातिरेक, पिष्टपेषण;—erogatory **वि.** विध्यतिरिक्त, अनावश्यक; work of—erogation वेफ्वाँकको, सित्तैंको;—fatted **वि.** (सावुन) अतिमेदस्वी;—fecundation,—fetation **ना.** गर्भाधान अवधिमा हुने दोस्रो गर्भधारण, अति, गर्भ, धारण;—ficial (—फिश्ल्) **वि.** पृष्ठीय, पृष्ठदेशीय, वाह्य, सर्र, पात पातमा दौडने वा उड्ने, खाइदेउ, अल्लारे, टपर्टुय्याँ, झारातिरुवा;—ficiality (—फिशिय'लिटि) वाह्यता;—ficies (—फि'शिईज़्) **ना.** तल, पृष्ठ;—fine **वि.** (व्या०) खास गुण भएको, अत्युत्तम, अतिसूक्ष्म, सर्वोत्कृष्ट; (साधा०) अति स्वाँगी, ज्यादा ढाँचा पार्ने;—fluity (—फ्लू'इटि) **ना.** आधिक्य, प्रचुरता, बढी, परवेली, वाहुल्य;—fluous (सूपर'फ्लूअस्) **वि.** वढी, अधिक, पौनर्भव;—fluousness **ना.** अतिरेक, वैयर्थ्य, जगेरा;—heat **क्रि.** खा. ग. वाफलाई उम्लेको पानीभन्दा वढी तापमानमा पुग्ने गरी तताउनु, अतितापन;—heated **वि.** अतितप्त;—human अतिमानुष;—impose माथि राख्नु, परिस्थापन गर्नु—impregnation

अति गर्भधारण;—incumbent वि. परिस्थापित;—intend पर्यवेक्षण गर्नु;—intendent पर्यवेक्षक, प्रहरी अधिकृत; अधीश, हाकिम;—lative (सूपर'लेटिभ्) वि. परम, सर्वोत्कृष्ट, अत्युत्तम, आत्यंतिक, अतिशय;—lunar (y) (—लूनरि) चन्द्रोपरी, खा. ग. पारलौकिक;—man अतिमानव;—market बृहत् बजार;—mundane वि. अति पार्थिव, अति सांसारिक; —naculum (—न्या'क्यूलम्) क्रि. वि. र ना. थेग्रो नछोडी पिउनु; ना. सबै पिउन लायकको उत्तम मद्य;—natural (—न्याच्रल्) अतिप्राकृतिक, अलौकिक, प्रकृतिवाह्य; अमानुष;—normal वि. अतिवैधिक;—numerary वि. र ना. बढी (व्यक्ति वा संख्या) अतिरिक्त, अधिक, संख्यातिरिक्त;—parasite परजीवीको परजीवी, अतिपरजीवी;—phospate अतिफस्फेट, फस्फरिक अम्लको सर्वाधिक अनुपात भएको;—pose क्रि. (—पोज़्);—position ना. अधिष्ठापन, माथि राख्नु, सो काम;—saturate अतिसंतृप्त गर्नु;—scribe (–स्क्राइब्) क्रि. शिरबेहोरा लेख्नु, बाहिर लेख्नु,—scription ना· बाह्यनाम, बाह्यभाग;—sede (—सीड्') क्रि. विलंघन गर्नु, अतिक्रम गर्नु, उछिन्नु, नाघ्नु, ठाउँ लिनु, पञ्छाउनु, हटाउनु, बर्खास्त गर्नु;—sensible अति इन्द्रियगम्य, अति समझदार;—sensitive अतिसूक्ष्मग्राही, अतिभावुक;—sensual,—sensuous अतिकायिक, अति ऐन्द्रिय;—session निरसन ।

superable (स्यू'परेब्ल्) वि. अतिक्रम्य, जेय, लंघ्य ।

super/abound (स्यूपर्'अबाउण्ड्) क्रि. अतिबाहुल्य हुनु; —abundance (स्यूपर् अब'ण्डयान्स) ना. अधिकता, प्राचुर्य, विछट्टपना ।

superadd (स्यूपर'अ्याड्') क्रि. अति जोड्नु, थप्नु, वृद्धि गर्नु ।

superanal (स्यूपर्'ए'नल्) वि. पायूपरि ।

super/annuate (स्यूपर्'अ्या'न्यूएट्) क्रि सेवा, चलन वा चालू राख्नाको लागि ज्यादा बूढो वा पुरानू भनी घोषणा गर्नु; बुढ्याइँको कारणले बर्खास्त गर्नु वा त्याग्नु; (विद्यार्थी) ल्याकत नपुग्ने भनी पाठशालाबाट छुटाइदिनु; पेन्सनसाथ सेवाबाट अवकाश दिनु;—annuation वयाधिक्य, वार्धक्येन कार्यायोग्यता; —annuated वि. वयाधिक, कार्याक्षम ।

superaqueous (स्यूपर्'ए'क्वियस्) वि. अति जलमय अत्यनूप ।

superb (सूपर्ब', स्यू—) वि. अतिशोभन रवाफिलो, शानदार, ओजस्वी, वैभवपूर्ण, सप्रताप, अत्युत्तम, कान्तिमत् ।

supercanopy (स्यूपर्'क्या'नपि) ना. ऊर्ध्वाच्छादन, माथिल्लो चँदुवा, झल्लर ।

superheterodyne (स्यूपर्हे'टरोडाइन्) ना. र वि. बेतार ग्राहकको खास उपकरण (रहेको) छो. क. superhet.

superior (सूपे'अ्रियर्, स्यू—) वि. र ना. श्रेष्ठ, उत्कृष्ट, वरिष्ठ, उच्चस्तरीय, माथिल्लो, ऊर्ध्व, विशिष्ठ; असामान्य, बढिया; उन्नत, माथि; ना. आफूभन्दा माथिको व्यक्ति, प्रमुख, तालुकवाला; मठाधीश;—ity ना. गुणवत्ता, श्रेष्ठता, आधिक्य, उत्कर्ष, विशिष्ठता ।

supernal (स्यूपेअ्र'नल्) वि. (कवि०, अलं०) स्वर्गीय, ईश्वरीय, दैवी, आकाशीय, उच्च ।

supersolar (स्यूपर् सो'लर्) वि. सूर्योपरि ।

supersolid (स्यूपर्'सॅलिड्) ना. तीनभन्दा बढी परिमाणको ठोस ।

supersonic (स्यूपर्सॅनिक्) वि. र ना. अतिशाब्दिक, अतिनादी, अतिध्वनिक; (वेग) ध्वनिको भन्दा बढी; (वायुयान, इ०) अतिनादी वेगमा उड्ने; (ब० व०) उच्चनित्यतायुक्त ध्वनि तरङ्गहरू; तिनको अध्ययन, उच्चनित्यता ध्वनितरङ्ग शास्त्र; SST अतिशाब्दिक यातायात ।

supersound (स्यूपर्'साउण्ड्) ना. ध्वनिको जस्तो, तर ज्यादा छिटो हुँदा नसुनिने, स्पन्दन ।

superspiritual (स्यूपर्स्पि'रिट्यूअल्) वि. अतिआध्यात्मिक;—ity ना. अतिआध्यात्मिकता ।

supersti/tion (स्यूपर्स्टि'श्न्) ना. अन्धविश्वास, मूढ विश्वास, अतिप्राकृतिकका बारेको सहज पत्यार; अज्ञात वा रहस्यमय कुरासँगको विवेकहीन त्रास, मिथ्याविश्वास; मिथ्याधर्म, अविधिनिष्ठा;—tious वि. मूढ, अन्धविश्वासी, मिथ्याधर्मी, मूढ विश्वासमूलक ।

superstratum (स्यूपर्स्ट्रे'टम्) ना. ऊर्ध्वस्तर ।

superstructure (स्यूपर्स्ट्रक्चर्) ना. ऊर्ध्वरचना ।

supersubstantial (स्यूपर्सब्स्ट्यान्'श्ल्) वि. अतिघन, अतिघनवत् ।

supersubtle (स्यूपर्स'ट्ल्) वि. अतिसूक्ष्म, अतिरहस्यमय ।

supertax (स्यूपर'ट्याक्स्) ना. अति (आय) कर ।

supertemporal (स्यूपर्टे'म्पोरल्) वि. ऊर्ध्वललाटी; समयातिक्रामक ।

superterrene (स्यूपर्टेरीन्') वि. उपरिपार्थिव, उपरिभौम ।

superterrestrial (स्यूपर्टेरे'स्ट्रियल्) वि. उपरिपार्थिव, उपरिभौम ।

supervacaneous (स्यूपर्भके'नियस्) वि. अतिशून्य, अनावश्यक, अत्यतिरिक्त ।

superven/e (स्यूपर्भीन्') क्रि. आइलाग्नु, अकस्मात आउनु वा हुनु, कुनै क्रिया वा अवस्थामा आइपर्नु;—tion ना. उपागमन ।

supervis/e (स्यूपरभाइज्') क्रि. रेखदेख गर्नु, हेरचाह गर्नु, देखभाल गर्नु, पर्यवेक्षण गर्नु;—ion ना. रेखदेख, हेरचाह, हेरविचार, निगरानी, पर्यवेक्षण, सुपरीक्षण;—or ना. सुपरीक्षक, पर्यवेक्षक, प्रबन्धक;—ory वि. सुपरीक्षकीय ।

supin/ate (स्यू'पिनेट्) क्रि. हात उत्तानो पार्नु;—ation ना. हात उत्तानोगराइ ।

supine (स्यू'पाइन् वा स्यूपाइन्') वि. उत्तानो, उत्तानशय; अलस, निरीह, उदासीन;—ness ना. आलस्य, तन्द्रा, निरुद्यमता, अध्यवसाय ।

supper (स'पर्) ना. रातिको खाना, रात्रि भोजन;—less वि. नखाएर ।

supplant (सप्ल्याण्ट') क्रि. निरसन गर्नु, हटाउनु र (हटेको व्यक्तिको) ठाउँ लिनु, खा० ग० कपटले;—er ना. निरसक ।

supple (स'प्ल्) वि. र क्रि. कोमल, नम्य, अदृढ, लचिलो, नमनशील, मृदु; क्रि. नरम या लचिलो बनाउनु;—ness ना. नम्यता;—horse ना. लगामको सानू इशारामा चल्ने गरी तालीम गर्नु ।

supplement (स'प्लिमेण्ट्) ना. र क्रि. परिशिष्ट, परिपूरण उत्तर खण्ड, (अखबारको) परिशिष्ट; (गणि०) अर्कोसँग जोड्दा जम्वा दुई ऋजुकोण बनाउने कोण;—al, ary वि. पूरक, थप; क्रि. थप्नु, धान्नु ।

suppliant (स'प्लायण्ट्) ना. र वि. अर्थी, प्रार्थी, निवेदक, शरणागत; वि. प्रणत, नम्र, कृतांजलि, आशामुखी ।

supplica/te (स'प्लिकेट्) क्रि. विन्तिभाउ गर्नु, विन्ति लाउनु;—tingly विन्तियुक्त;—tion ना. अनुनय, विन्ति, प्रार्थना, अनुनय विनय;—tory वि. सानुनय, सविनय ।

supply (सप्लाइ') क्रि. र ना. (ब. व.—ies) पुन्याउनु, प्राप्त गर्नु, प्राप्त गराउनु, आपूर्ति गर्नु, परिपूर्ति गर्नु, जुराउनु, उपस्थापना गर्नु, वितरण गर्नु, जुटाउनु, दिनु; साटोको रूपमा (ठाउँ, पद) भर्नु; (खाँचो अपुग) पूरा गर्नु, मेट्नु; ना. संचय, संभार, उपकल्पन, प्राप्ति, आपूर्ति, आदान, उपलब्धि, वितरण, उपलंभ, अर्जन, लाभ, मौजदात, भण्डार;—and demand राज० अर्थ० मा वस्तुको भाउ ठेगान गर्ने मुख्य कारणहरू उपलब्धि र माग; in short—अप्राप्य; water इ०—जल, इ०, उपलब्धि; (ब. व.) सेना, इ० को रसद पानी र खजाना; (ब. व.) शासन व्ययको लागि संसदले निकासा गरेको दामको रकम; व्यक्तिको लागि ठेकिएको खर्च ।

support (सपोअ्ट्') क्रि. र ना. थाम्नु, अड्याउनु, पूठ दिनु; समर्थन गर्नु, ओड गर्नु; सहनु, बर्दास्त गर्नु; संभरण गर्नु, पालन-पोषण गर्नु; मद्दद गर्नु, सहारा दिनु; पुष्टि गर्नु, प्रमाणित गर्नु; राम्रो अभिनय गर्नु, पाठ पर्याप्तसँग, राम्रोसँग, निभाउनु; सही थाप्नु, बोक्नु, तरफदारी गर्नु; ना. अडेस, पींध, खम्बा, टेवा, आडा, अडना, अडान, भर, सहारा, अवलम्ब, आधार, समर्थन, लोली, पक्षपात, प्रश्रय, प्रतिपाल, परवरिस, यापन, तरफदारी, आलम्बन, पुष्टि;—(actor) सहारा दिनु;—ing film, picture दोस्रो खालको, कार्यक्रम भर्ने ।

supporter (सपोअ्'टर्) ना. शा. अ., खा. ग. (वंश०) जीवित प्राणी, खा. ग. ढाल थाम्ने जोडामध्ये कुनै; समर्थक, पोषक, पालक, पालनकारी; अनुमोदक, पृष्ठपोषक ।

suppose (सपोज़्') क्रि. अनुमान गर्नु, तर्कना गर्नु, मान्नु, अडकल गर्नु, (सिद्धान्त, परिणाम, इ०) शर्त राख्नु; I—so हिचकिचाएको मन्जूरी; be—d काम, कर्तव्य, हुनु, ज. कि. he is—d to go उसले जानुपर्ने हो; निष्ठा० अनुमानित, जीउँदो मानिएको, फलानू किसिमको भन्ने मानिएको;—dly क्रि. वि. अनुमानित ढाँचाले; supposable अनुमानयोग्य; supposition (सपोज़ि'श्न्) ना. संभावना, कल्पना, अनुमान, तर्क; suppositious (सपोज़ि'शस्) वि. कल्पित, काल्पनिक, धारणायुक्त ।

supposititious (सपोज़िटि'शस्) वि. सकलको ठाउँमा साटो राखिएको, नकली, झुट्टा ।

suppository (सपो'ज़िटरि) ना. (भैप०) गुदद्वार, योनि वा पाठेघरमा घुसाइएर पग्लिन छोडिदिने चुच्चे वा बेलनाकार औषधीय वस्तु ।

suppress (सप्रेस्') क्रि. दबाउनु, शमन गर्नु, शान्त गर्नु, साम्य गर्नु, दपोट गर्नु, गामगुम राख्नु, रोक्नु, प्रकाश नगर्नु, प्रकाश हुन नदिनु, गुप्त राख्नु, नखोल्नु; निष्ठा (रोग) दबेको, लक्षण देखा नपरेको;—ible वि. दबिलो;—ion ना. शमन, दबाउ, दमन, निग्रह, स्तंभन ।

suppresio veri (सप्रे'सियो भे'य्राइ) ना. सत्यको दपोट, प्रकाश गर्नुपर्ने कुराहरू दबाएर मिथ्याप्रकाशन ।

suppur/ate (स'प्यूरेट्) क्रि. पाक्नु, पीप बन्नु;—ation ना. सपूयत्व, पाक, परिपाक ।

supra (स'प्रा) क्रि. वि. (पुस्तकमा, लेखमा) माथि, अघि, अगाडि, पहिले ।

supra— (स्यूप्रा) उ० ल्या० क्रि. वि. र उ.=माथि, अघि; श. वि. सम्वन्धी शब्द बनाउँदा स्वच्छन्दसँग प्रयोग गरिन्छ, ज. कि—clavicular उच्चस्कंधास्थि—renal वृक्कोपरि;—maxillary बङ्गारो माथिको, अरू शब्दमा पनि सोही अर्थमा, ज. कि—mundane संसारोपरि; इ० ।

supremacy (सू—, स्यूप्रे'मसि) ना. आधिपत्य, प्रभुत्व, स्वाम्य, प्रभुता, मुख्यता, विशिष्टता, खाँडो, सर्वोपरि अख्तियार; प्रभाव, प्राभवत्य ।

supreme (सू—स्यूप्रीम्') वि. र ना. परम, पारमिक, अतिश्रेष्ठ; the S—Being परमात्मा, परब्रह्म;—Pontiff सर्वोच्चधर्माधिकारी, पोप;—end or good परमार्थ; सर्वश्रेष्ठ, चरम, अत्यन्त; ना. the S—परमेश्वर ।

sura (h) (सू'र) ना. कुरानको अध्याय ।

surah (स्यू'र) ना. एकरंगा नरम (धर्सा परेको) रेशमको किसिम ।

sural (स्यू'रल्) वि. पिंडौलाको;—artery पिंडौले धमनी ।

surat (सूरट्) ना. सूती कपडा, सोको थान, (भारतको सूरत सहरमा बन्ने) सूरती ।

surcease (सर्सीज्') ना. र क्रि. (आ०) अन्त, विराम, निवृत्ति; क्रि. थामिनु, अन्त हुनु ।

surcharge (सर्'चार्ज्) ना. र क्रि. अति वा थप बोझ वा भार; थप भाडा वा भरोट; दरकारभन्दा बढी बल, विद्युत, इ० को उपलब्धि; जेथाकारको विवरण पेश गर्दा झुट्टा बयान गरेबापत दण्डको रूपमा लगाइएको थप तिरो; हुलाक टिकटमा मोलमा थपघट गर्ने छापिएको सूचना वा चिन्ह; लेखापरीक्षकले पारित नगर्दा सम्वन्धित व्यक्तिले भर्ना गर्नुपर्ने रकम; खेस्तामा मिन्हा

दिनुपर्ने रकम छुटेको देखाइनु; **क्रि.** (सर्चार्ज') ज्यादा भार लाद्नु, भर्नु वा अतिसिक्त पार्नु; (जाँचकी, लेखापरीक्षक) वढी तिरो उठाउनु, जरिवाना गर्नु; स्रेस्तामा छूट देखाउनु ।

surcingle (सर्'सिङ्ल्) **ना.** र **क्रि.** पटार (घोडाको); कम्वलको लामू कोट (जोगी, महन्त; इ० को) वाँध्ने डोरी; **क्रि.** पटार कस्नु, (घोडामा) कम्वल वाँध्नु ।

surcoat (सर्'कोट्) **ना.** (ऐति०) कवचमाथि लाइने खुकुलो लुगा, स्त्रीको चोलो ।

surculose, —lous (सर्'क्यूलोस्, सर'क्यूलस्) **वि.** (वन०) जरावाट टुसा उमार्ने ।

surd (सर्ड्) **वि.** र **ना.** (गणि०) करणी; (ध्वनि०) गलाले नभएर सासले उच्चारित हुने ।

sure (शूअर्) **वि.** र **क्रि. वि.** पक्का. निश्चित, निस्से, जरूर, निस्तुक, नि:संशय, निश्शंक, खसोखास, खतोखात, पक्कापक्की; कुशल, निरापद, भरपर्दो, विश्वसनीय, पक्का; **क्रि. वि.** नि:संदेह, जरूर; make—निधो गर्नु, पक्का गर्नु, पक्का बन्दोवस्त गर्नु ।

surely (शूअर्'लि) **क्रि. वि.** पक्कासँग, नि:संदेह, अवश्य, खलु; (जवाफमा) जरूर ! पक्का !

surety (शूअर्'टि) **ना.** (आ०) निश्चितता, (खा० ग० of a—अवश्य); धितो (अचेल विर०); धनजमानी; stand—धनजमानी वस्नु ।

surf (सअर्फ्) **ना.** र **क्रि.** कल्लोल, जमीन वा चट्टानमा टक्कराउने समुद्री फींज वा लहर;— -bird समुद्रकिनारमा पाइने चराको जात;— -boat कल्लोलमा चलन गर्ने हलुको डुङ्गा, कल्लोल पोत;— -man कल्लोल पोत चलाउन सिपालु मल्लाह, कल्लोल नाविक;— -riding (खेल) कल्लोल क्रीडा, फल्याकमा उभिएर कल्लोलमा डोरीद्वारा धिच्याइने खेल; **क्रि.** कल्लोल चढ्ने खेल खेल्नु, कल्लोल चढ्नु;—y फेनिल ।

surface (सअर्'फिस्) **ना.** र **क्रि.** वस्तुको बाहिरी तह, ठोसको सीमावन्धन गर्ने तहमध्ये कुनै, तल, पृष्ठ, स्तर, सतह; सर्र हेर्दा वा बाहिरवाट हेर्दा देखिने (अक्ष० वा अलं०) भाग· (ज्या०) तल; plane—समतल; curved—वक्रतल; developable—खोलिने तल, ज० कि वेल्ना वा शंकुको;— -man रेलको पटरीको हेरचाह गर्ने कर्मचारी; **क्रि.** (कागत, इ० मा) खास तह हाल्नु; (पनडुब्वी) पानीको तहमा ल्याउनु; माथि उत्रनु ।

surfeit (सअर्'फिट्) **ना.** र **क्रि.** खानपीनमा ज्यादतीद्वारा उत्पन्न स्थिति, अटेसमटेस, अतितृप्ति, ठेसमठेस, असरल्ल; **क्रि.** ज्यादा खानु, अघाउनु, मुकुरिनु, अतिभोजन गर्नु ।

surge (अअर्ज्) **क्रि.** र **ना.** यता उता तलमाथि चल्नु (लहर, भीड, खडा, फसल, भाव, इ० मा); (नौ०, डोरी या सिक्री) चिप्लेर खुस्कनु; (पांग्रा) पटरी वा बाटोमा अघि नवढी घुम्नु; **ना.** लहर, तरङ्ग, तरङ्गको चाल ।

surgeon (सअर्ज्न्) **ना.** शल्यचिकित्सक, शस्त्रचिकित्सक, (अधि.) ओखतीसमेत दिने सामान्य चिकित्सक, वैद्य; house—अस्पतालमा काम गर्ने;—dentist दाँतमा शल्यचिकित्सासमेत गर्ने प्रमाणपत्र प्राप्त दन्तचिकित्सक ।

surgery (सअर्'जरि) **ना.** शरीरको चोटपटक वा रोगको हस्तोपचार; चिरफार; शल्य, शल्यशास्त्र, शस्त्रविद्या; conservative—अङ्ग छुट्ट्याउन नचाहने; डाक्टरको जाँच्ने कोठा र दवाखाना, क्लिनिक, परीक्षाकक्ष ।

surgical (सअर'जिकल्) **वि.** शल्यचिकित्सा वा चिकित्सकको; (—skill, operation, instrument सीप, चिरफार, औजार, इ०);—fever चिरफारपछि पाक्नाले आउने जरो ।

surly (सअर'लि) **वि.** असभ्य, रूक्ष, वेमिजासी, दु:शील ।

surmise (सर्माइज्') **ना.** र **क्रि.** तर्कना, आशंका, अन्दाज, अटकल, अन्जाम; **क्रि.** सन्देहपूर्वक अन्दाज गर्नु, अस्तित्वको शंका गर्नु; अन्दाज गर्नु, अडकल काट्नु ।

surmount (सर्माउण्ट्') **क्रि.** टुप्पोमा पुग्नु, वढ्नु, चढ्नु, जित्नु, परास्त गर्नु;—able पार लाग्ने ।

surname (सअर'नेम्) **ना.** र **क्रि.** उपनाम, थर, उपपद; **क्रि.** थर दिनु, लिनु; (निष्ठा०) भनिने, नाम भएको, थर भएको ।

surpass (सर्पास्') **क्रि.** उछिन्नु, जित्नु, वढी उत्तम हुनु, परास्त गर्नु ।

surplice (सअर'प्लिस्) **ना.** पादरीको खुकुलो बाहुलावाल लुगा; उपरिच्छद ।

surplus (सअर'प्लस्) **ना.** जगेरा, अधिक, वढी, उव्रेको, अतिरिक्त भाग, लात्तिकुत्ति, रेलोखेलो, फाल्तु;—age **ना.** वढौती, उव्रेको ।

surpris/e (सर्प्राइज़्') **ना.** र **क्रि.** विस्मय, उद्देक, ताजुप आश्चर्य, आसर्जे; विना सूचनाको पक्राउ वा जित (किल्ला, इ०); आश्चर्यमय घटना; आशा नगरिएको समाचार; a—visit विना सूचनाको आगमन (खा० ग० उच्चाधिकारीको) —packet भित्र रहेको माल थाहा नभएको; **क्रि.** (व्यक्ति, ठाउँ) विना सूचना समात्नु; थाहा नदिई जाइलाग्नु; जिल्ल पार्नु, चकित पार्नु; (निष्ठा०) चकित, स्तब्ध;—ing **वि.** अचम्मलाग्दो;—ingly **क्रि. वि.** अचम्मसँग;—edly **क्रि. वि.** थाहा नपाईकन;—al **ना.** विस्मय, चमत्कार, चमत्कृति ।

surra (स'र, सू'र) **ना.** गर्मी मुलुकमा घोडा, गाइवस्तु, मा हुने रक्तहीनताको रोग ।

surrealism (सर्री'अलिज्म्) **ना.** अतियथार्थवाद; स्वप्नवत् अनुक्रम वा संसर्गद्वारा कला वा साहित्यमा निम्नचेतन मनको प्रदर्शन गर्न खोज्ने वीसौं शताब्दीको कला पद्धति ।

surrebut (सर्रिबट्') (—tt—) surrejoin (सर्रिजॉयन्') (का. वादी) उत्तर दिनु; surrebutter (प्रतिखण्डन); surrejoinder (अपरोत्तर) पेश गर्नु प्रतिवादीको rejoinder प्रतिउत्तर; rebutter खण्डनको जवाफमा; झगडामा वादी प्रतिवादीको पारस्परिक वयानको क्रम वा declaration वादी, वयान; प्र. plea—वयान, जवाफ, प्रतिवादी; वा replication उत्तर; प्र. rejoinder प्रतिउत्तर; वा

surrejoinder अपरोत्तर; प्र. rebutter खण्डन; वा surrebutter प्रतिखण्डन।

surrender (सरेन्'डर्) **क्रि.** र **ना.** दिनु, समर्पण गर्नु, अर्काको कब्जामा दिनु, स्वामित्व त्याग गर्नु, (खा. ग. बल वा धम्कीले गर्दा); दावी छाड्नु; घोप्टिनु, निहुरिनु, त्वं शरण गर्नु, आत्मसमर्पण गर्नु, पीछा पर्नु, कायल पार्नु, पस्रनु, सुम्पनु, संघर्षको अन्त गर्नु, शत्रुको शर्त मान्नु;—to (one's) bail (जमानीमा) हाजिर हुनु; **ना.** सौंपाइ, सुम्पाइ, जिम्मा, सुपुर्दगी, तिलाञ्जली, आत्मसमर्पण।

surreptitious (सरेप्टि'शस्) **वि.** कपटी, छली, गुप्त, गोपनीय, सुटुक्क, दवाएर।

surrey (स'रे) **ना.** (व. व.—s) हलुको दुईजना चढ्ने चारपांग्रे वग्गी।

surrogate (स'रोगेट्) **ना.** क्रिस्तानी धर्माधिकारीको नायव, खा. ग. विवाहको काममा।

surround (सराउण्ड्') **क्रि.** र **ना.** घेर्नु, घेरा हाल्नु, कुँडुलिनु, गिर्दा लाग्नु, वेर्नु, आच्छादन गर्नु, रुत्ति खेल्नु;—ing country आसपासको क्षेत्र, पडोस; **ना.** कोठामा भित्तादेखि गलैंचासम्मको ओछ्यान (सुकुल, जटाको गुन्द्री, सतरञ्जा, इ०); —ings (—ज़्) **ना.** सेरोखेरो, सेरोफेरो, हाराहारी; व्यक्ति या वस्तुको वरिपरि रहने सबैको समष्टि वा सामान्य असर।

surtax (सर्'ट्याक्स्) **ना.** र **क्रि.** अधिक कर (लाउनु), अधिक आयकर।

surtout (सर'टूट्) **ना.** (अचेल विर०) बाहिरीकोट, खा. ग. फ्रक कोटको बान्कीको।

surveillance (सर्भे'लन्स्, सर्भे'ल्यन्स्) **ना.** पर्यवेक्षण, आवेक्षण, रेखदेख, निरीक्षण, निगरानी; खा. ग. under—निगरानीमा, दृष्टि विना काम गर्न वा यताउति जान नपाउने गरी।

survey (सर्भे') **क्रि.** र **ना.** नजर दौडाउनु; विलोकन, पर्यावलोकन, गर्नु; (भवन, इ०) जाँच्नु; नापी गर्नु, क्षेत्रमापन, सर्वेक्षण, गर्नु; **ना.** नापी, सर्वेक्षण, निरीक्षण, क्षेत्रमापन, भूमापन, अवलोकन, पर्यावलोकन।

surveyor (सर्भे'यर्) **ना.** सर्वेक्षक, अमीन, आधिकारिक निरीक्षक, जाँचकी।

survival (सर्भाइ'भल्) **ना.** बचावट, बचोट, अतिजीवन, परित्राण;—of the fittest योग्यतमको बचोट (प्राकृतिक छनोटको सिद्धान्त); प्राचीन समयको अवशेषको रूपमा रहने व्यक्ति वा वस्तु।

survi/ve (सर्भाइभ्') **क्रि.** अतिजीवन गर्नु, (कोही मरेपछि) बाँच्नु, जीवित रहनु, (कोही आपत वा ध्वंसपछि) बाँच्नु, अघि लाउनु, उत्तर वा पश्चात् जीवन गर्नु; बाँचिरहनु, अस्तित्व कायम राख्नु;—vor अतिजीवी, शेष, अवशिष्ट;—vorship **ना.** शेषजीविता, (खा. ग. का.) संयुक्त मोहीले अर्कोको मृत्युमा संपूर्ण जेथाउपर कब्जा पाउने प्रथा।

sus—=उ० ल्या० sub को साटो प्रयोग हुने।

susceptib/le (ससेप्'टिब्ल्) **वि.** (वाच्य०) स्वीकार गर्ने, मान्ने, ग्राही; ग्रहणक्षम, प्रवृत्तिमान, संवेदनशील, शीघ्रचेतन; भावुक, चाँडो प्रभावित हुने, चिडचिडा;—ility **ना.** ग्राहकत्व, ग्रहणशीलता, वेदनशीलता, भावुकता; (धे. ज. व. व.=व्यक्तिको स्वभावका भावनायुक्त लक्षणहरू।)

susceptive (ससेप्'टिभ्) **वि.** भावनात्मक छाप, प्रभाव, ग्रहण गर्ने बारे, सो सम्बन्धी।

susi (सू'सि) **ना.** रंगबिरंगको रेशमी धर्सा भएको सूती कपडा।

suspect (सस्पेक्ट्') **क्रि.** शंका गर्नु, सन्देह गर्नु, तर्कना गर्नु, निर्दोषितामा शंका गर्नु. नपत्याउनु, सत्यताको शंका गर्नु।

suspect (सस्'पेक्ट्) **वि.** र **ना.** शंकित (व्यक्ति), शंकास्पद, दोषी, निर्दोष होइन; **ना.** शंकित व्यक्ति।

suspen/d (सस्पेण्ड्') **क्रि.** टाँग्नु, झुण्ड्याउनु, अड्याउनु (निष्ठा० तरल माध्यममा ठोस अणु वा वस्तु); शिखर र पींधको बीचमा अड्याइएको; अनिर्णित वा अनिश्चित अवस्थामा राख्नु, टाँग्नु; निलम्बन, अवलम्बन, स्थगन, गर्नु; केही कालको लागि पद, कर्तव्य, अधिकार वा सदस्यताबाट पन्छ्याउनु; बातिल गर्नु—payment (ब्याङ्क, इ० ले) आर्थिक मागको पूर्ति नगर्नु, दिवालापना मान्नु वा घोषित गर्नु;—ed animation अवलम्बित चेष्टा, मृत्युविना अचेतनताको स्थिति;—sible टाँगिने।

suspender (सस्पेन्'डर्) **ना.** शा. अ., खा. ग. (व. व.) प्याण्ट कुममा अड्याउने पेटी, फिता; मोजा गोडामा उचालेर राख्ने फिता।

suspense (सस्पेन्स्') **ना.** अन्योल, धुकचुक, घिडकिसो, घिडघिडो, द्विविधा, अनिश्चय, डाहा, छटपटी, टँगाइ, भँडखारो; (—account उज्राती हिसाब; keep (one) in—झुलाउनु); (का०) अवलम्बन, हकको अस्थायी स्थगन।

suspension (सस्पेन्'श्न्) **ना.** शा. अ., खा. ग.—sive bridge झोलुङ्गे पुल; टँगाइ;—sive केही समयको लागि मात्र लागू हुने, क्षणिक, अस्थायी, ज. कि.—sive veto एकछिन लागू हुने, निर्णायक होइन।

sus per coll (सस् पेर्र् कॅल्) **ना.** झुण्ड्याउने सजाय वहीमा जनाउने छो. क.=घाँटीमा पासोले झुण्डाउनु (ल्या०) !

suspicion (सस्पि'श्न्) **ना.** र **क्रि.** शंका, सन्देह, डर, झस्को, अन्तो, अनपत्यार, गन्ध, लेश; **क्रि.** (प्रा०) शंका गर्नु, ठान्नु।

suspicious (सस्पि'शस्) **वि.** शंकित, शंकायुक्त, शंकाशील, शंकी, सन्दिग्ध, विच्केको।

suspir/e (सस्पाय्र्') **क्रि.** (कवि०) विश्वास गर्नु, लामू सास फेर्नु;—ation **ना.** निःश्वास, दीर्घोश्वास।

sustain (सस्टेन्') **क्रि.** थाम्नु, अड्याउनु, लड्न नदिनु, गिर्नबाट बचाउनु; बल दिनु, प्रोत्साहन गर्नु, पाल्नु, संवर्धन गर्नु, धारणा गर्नु; सहनु, भोग्नु, अनुभव गर्नु, बेहोर्नु; पुष्टि गर्नु, आड दिनु, प्रमाणित गर्नु; (अभिनयमा) पाठ राम्ररी प्रदर्शित गर्नु, राम्ररी खेल्नु; चलाइ राख्नु, जारी राख्नु, चालू राख्नु (प्रयत्न, शब्द, इ०) निभाउनु, निर्वाह गर्नु;—ed प्रलम्बित,

लम्बिएको, लामू ।

sustenance (सस्'टन्यान्स) **ना.** अन्न, आहार, पुष्टि, वृत्ति; जीविका, पौष्टिक पदार्थ, पुष्क खाना (अक्ष० वा अलं०) ।

sustentation (सस्टेन्टे'इन्) ना. जीवनवृत्ति, जीविका;—fund गरीब पादरीहरूको मददको लागि उठाइएको कोष ।

susurration (स्यूसरे'इन्) **ना.** susurrous (स्यूसंरस्) वि. (विर०) साउती, साउती गर्ने, सर्र सर्र गर्ने, स्वार स्वार सर्ने ।

sutler (सट्'लर्) **ना.** रसद बेच्ने सेनाको ठेकेदार ।

Sutra (सू'त्र) **ना.** सूत्र ।

suttee, sati (सती) **ना.** सती, लोग्नेसँगसँगै जल्ने स्त्री ।

suture (स्यू'च्योर्) **ना.** र **क्रि.** हाडको स्युनी माफिकको जोर्नी (खा. ग. खप्परको); वन०, की० वि०, मा त्यस्तै जोर्नी; (शल्य०) घाउको छेउको टाँकाद्वारा संयोग, टाँका दिंदा प्रयोग हुने धागो वा तार; सिउनी, सिलाइ; **क्रि.** (घाउमा) टाँका दिनु, सिउनु ।

suzerain (स्यूज़रेन्) **ना.** प्रभु, स्वामी, अधीश, सामन्त, राष्ट्राध्यक्ष, सम्राट;—ty **ना.** प्रभुत्व, अधीश्वरता ।

svelt (स्मेल्ट्) वि. पातलो, छरितो, मृदु, कोमल, नमनशील (खा. ग. मानवी, मु० स्त्रीको देहबारे) ।

swab (स्वॅब्) **क्रि.** (—bb—) र **ना.** सिक, कुची, (सफा गर्दा) पुछ्ने, सोस्ने, गद्दा; शल्यचिकित्सामा सोस्ने (कपासको) डल्लो; कीटाणुविषयक जाँचको लागि सिकमा झिकिएको विकृत स्रावको नमूना; (नौ० उप०) अफिसरको पोशाकको डोरीको साज, भद्दा मान्छे, लाठे; **क्रि.** सिरक, गद्दा, इ० ले (घाउ) सफा गर्नु, रगत, पीप, इ० सोस्नु ।

Swabian, Sua—(स्वे'बियन्) **वि.** र **ना.** स्वाबियाको (वासिन्दा) ।

swadd/le (स्वॅ'ड्ल्) **क्रि.** पट्टी, बन्धन, वाक्लो ओढ्ने, कपडा, इ० ले बेर्नु;—ling bands, clothes, थाङ्ना, चिथ्रो, (अलं०) क्रिया या विचारलाई रोक्ने वा अंकुश गर्ने प्रभाव ।

swag (स्व्याग्) **ना.** (उप०) चोरीको माल, दसी, (संक्र०) राजनैतिक वा अन्य भ्रष्टाचारबाट गरिएको लाभ; (अस्ट्रे०) माग्ने, खानि मजदूर, वा फिरन्ता, लफङ्गाको पोको, सुटुरी ।

swage (स्वेज्) **ना.** र **क्रि.** ढलोटे फलामलाई पिटेर वा थिचेर बनाएको साँचो;—block सो कामको लागि बनाएको अनेक प्वाल, खोल्सा, सहितको ढिको; **क्रि.** सो ढिकोले आकार दिनु ।

swagger (स्व्या'गर्) **क्रि., ना.** र **वि** अकडेर हिंड्नु, गम्कनु, मात्तिनु, बढ्नु, चढ्नु, रोब गर्नु, गुड्डी हाँक्नु, डाँट्नु, कड्किनु; (कसैलाई) छकाउनु, छल्नु; ना. रोब, अकडाइ, जोश, उत्ताउलोपन;—cane सैनिकहरूले हिंड्दा हातमा लिने छोटो डण्डा, बेत; **वि.** (बो. चा.) छरितो, छैला, छाँट परेको;—er **ना.** पिण्डीशूर, गर्वित;—ing **वि.** रोबदार, मात्तिएको ।

Swahili (स्वाही'लि) **ना.** किस्वाहिलि पनि, बण्टू जाति; तिनको बोली ।

swain (स्वेन्) **ना.** युवा गाउँले, ग्रामीण प्रेमी, (ठ०) प्रेमी, विवाहकामी ।

swale, sweal (स्वेल्) **क्रि.** (प्रा०) पोल्नु, डढाउनु (बूटा, जङ्गल, इ०); डढ्नु, (मैनबत्ती) गलेर सकिनु ।

swallet (स्वॅलेट्) **ना.** (प्रा०) भैंमन्तिरको खोलो, खोलो पस्ने प्वाल ।

swallow (स्वॅ'लो) **क्रि.** र **ना.** निल्नु, घुटुक्क पार्नु, खानु, हडप्नु चप्काउनु, हामपाति गर्नु; सिध्याउनु, अन्त पार्नु, ग्रास गर्नु; एकदम (अबूझसँग) पत्याउनु; (आफ्नू) कुरा फिर्ता लिनु;—a camel असम्भव, वा गाहारो कुरालाई पनि केही नमान्नु; **ना.** घाँटी, घुटको, गाँस ।

swallow (स्वँ'लो) **ना.** गौंथली; one—does not make a summer हतपतको विरुद्ध चेतावनी;—dive पानीमा नपुगुन्जेल हात पसारेको डुबकी;—-tail गौंथली-पुच्छरे; (ए. व. वा. ब. व) गौंथली पुच्छरे कोट;—tailed गौंथलीको झैं दुईपट्टि चुच्चो बीचमा खाडल परेको (पुतली, चरा),—tailed अचेल राति सेतो टाइसँग लाउने कोट, पहिले गौंथली पुच्छरे बान्कीको थियो ।

swam (स्वाम्) **क्रि.** swim को० भू० का०=पौडियो, पौड्यो, तैर्यो ।

swami (स्वामि) **ना.** हिन्दू मूर्ति, गुरु,—work देवदेवीको मूर्तिको बुट्टा भएको चाँदीको वस्तु ।

swamp (स्वॅम्प्) **ना.** र **क्रि.** धाप, दलदल, कच्छभूमि, अनूप जमीन; **क्रि.** गाडिनु, गाड्नु, धस्सिनु, दबाउनु, बिलाउनु, डुबाउनु, ढाक्नु; बाहुल्यले गर्दा असहाय वा हैरान पार्नु, थिचिनु; निल्नु, अदृश्य पार्नु, नदेखिने पार्नु, प्रभावहीन गराइदिनु;—y वि. कच्छ, धापिलो, अनूप ।

swan (स्वॅन) **ना.** रजहाँस, मराल; (अलं.) कवि खा. ग. S—of Avon शेक्सपियर;—-neck **ना.** निकासनलीको घुमेको टुप्पो;—'s down पफ, मुलायम कपडा, इ० मा हालेको रजहाँसको भुत्ला;—-shot ठूलो नापको छर्रा;—song मर्न लागेको हाँसको गीत (त्यसरी) गाउँछ भन्ने किंवदन्ती थियो);—like **वि**. हाँस जस्तो;—nery **ना.** हाँसगोठ ।

swank (स्व्याङ्क) **ना.** र **क्रि.** (अप०) धाक (लगाउनु), रोब (जमाउनु) अकडिनु, ठस्सा, रवाफ, फुर्ती, फुइँ, शेखी, फाइँफुट्टी (लाउनु), फुलेल हुनु, फुल्नु, चढ्नु, मात्तिनु, औकात नाघ्नु, डट्नु, जम्नु ।

swap (स्वाप्) **क्रि.** साट्नु=swop ।

sward (स्वॅर्ड्) **ना.** चौर, शाद्वल, हरियाली, घाँसिलो चपरी ।

sware (स्वेयर्) **क्रि.** swear को आ. भू. का.=कसम खायो।

swarf (स्वर्फ्) **ना**. जर्ती, छयाकन ।

swarm (स्वॅर्म्) **ना.** र **क्रि.** गोलो, झुण्ड, समूह, ओइरो, बथान (कीरा, चरा, साना जन्तु, निशानबाजहरू, घोडाचढी-हरू)—s धेरै संख्या; माउरीको गोला; **क्रि.** झुण्ड, बथान,

पारेर चल्नु; (माउरी) नयाँ चाका वनाउनलाई ठाउँ सर्नु; झुण्ड लाउनु, झुम्मिनु, ओइरिनु, खनिनु, धुइरिनु, राश लाग्नु, छाइदिनु, झुत्तिखेल्नु, जम्बा हुनु, अति धेरै संख्यामा जम्बा हुनु; (ठाउँ) ढाकिनु, भीड पर्नु;—ing वि. स्याउँ-स्याउँ, सिंग्लिङ मिङ्लिङ, छ्यापछ्यापती ।

swarm (स्वॅर्म्) क्रि. रूख, डोरी, लट्ठामा चढ्नु; हात खुट्टाको बलले डोरी, इ० चढ्नु ।

swart (स्वॅर्ट्) वि. (आ०) श्यामल, कालो, कालो रंगको, कृष्ण;—hy (स्वॅर्दि) वि. कालो रंगको, श्याम, कृष्ण ।

swash (स्वॅश्) क्रि. र ना. (आ०) बेसरी हिर्काउनु; (पानी) वग्नु, उथल पुथलको आवाज निकाल्नु; ना. चलायमान पानीको चाल वा शब्द; –'buckler ना. पिंडीशूर, धक्कूवाज;—ing blow अतिकडा ।

swastika (स्व्या'स्तिका वा स्वॅस्तिका) ना. स्वस्तिक ।

swat (स्वॅट्) क्रि. थप्पड मार्नु, किच्नु (झींगा, इ०);—ter ना. (झींगालाई हानेर मार्ने) हान्ने ।

swath (स्वॉथ्) ना. (व. व. उच्चा० स्वॉद्ज्) पसै, विटा, पाह, लाइन ।

swathe (स्वेद्) क्रि. र ना. पट्टीले बेर्नु, लटपटाउनु, लपेट्नु गुट्टमुट्टु पार्नु; ना. (विर०) पट्टी वा पत्र ।

sway (स्वे) क्रि. र ना. डगमगाउनु, हल्लनु, झुम्नु, मच्चिनु, झुल्नु, ढल्कनु, लस्कनु, लच्कनु; दोल्नु; हिच्किनु, हिचकिचाउनु; हल्लाउनु, दोलाउनु; गति नियन्त्रण गर्नु; शासन गर्नु, कब्जामा राख्नु; (निष्ठा० घोडा, —backed पनि खोक्रो आङ भएको); ना. दोलन, कम्पन, हल्लाइ; शासन, राज्यशासन ।

swear (स्वेय्र्) क्रि. swore वा आ० sware; sworn) र ना. शपथ गर्नु, लिनु; किरिया हाल्नु, कसम खानु, प्रतिज्ञा गर्नु, (वो. चा.) जोडसँग भन्नु;—to वा by लाई शपथको साची राख्दै;—by (वो. चा.) पत्यार देखाउनु;—off किरिया हालेर छोड्नु; रिस जनाउन वा सराप्न कडा बोली बोल्नु; शपथ दिलाउनु;—in शपथद्वारा (पद, इ० मा) प्रवेश गराउनु; (कसैको विरुद्ध) शपथसहित वयान दिनु ; ना. सरापको बोली; सरापको श्लोक;—-word सराप, गाली, को बोली ।

sweat (स्वेट्) ना. र क्रि. पसीना, स्वेद, घर्म; (बो. चा.) पीरको अवस्था, छटपट; (धे. ज. वो. चा.) झमेला, घाँडो, मेहनतको काम; पसीना काढेको अवस्था वा समय; पसीना झिक्ने कसरत; nightly—s राति-राति आउने (कुनै रोगमा); —cold मृत्यु, मूर्छा, त्रास, इ० मा; old—वूढो सैनिक;—-bond टोपको पसीना सोस्ने छाला वा फलाटेनको भित्री पाटो;—- duct स्वेदनली;—- gland स्वेदग्रन्थि;—-shirt छोटो बाहुला भएको स्वेटर;—-shop कम ज्यालामा ज्यादा मेहनत गराइने कामको ठाउँ; क्रि. पसीना झिक्नु, काढ्नु, (अलं०) कष्ट पश्चात्ताप वा त्रासको अवस्थामा हुनु; मेहनत-गर्नु, घिरी काट्नु; थोरै ज्यालामा बढी समय काम लाउनु, प्रतियोगिताबाट फाइदा उठाई सकभर शोषण गर्नु ; त्यस्तो परिस्थितिमा काम गर्नु; (घोडा) पसीना लूँडो इ० ले कोरेर वा दलेर सुकाउनु;—ing bath, room पसीना (कढाउने) स्नान, स्वेदकक्ष;—less वि. पसीनारहित;—y वि. लथपथ खलखल, तर ।

sweater (स्वेटर्) ना. शा अ० मा; खा. ग. कडा मेहनत गराउने योजक, मालिक; कसरत गर्दा वा पछि (ठण्डा जोगाउनालाई) लगाउने बाक्लो ऊनी स्वेटर (गन्जी);—girl (वो. चा.) वक्ष, छाती, राम्ररी बढेको लडकी वा स्त्री ।

swede (स्वीड्) ना. स्वीडेन देशको वासिन्दा, सलगम इ० ।

Swedish (स्वी'डिश्) वि. र ना. स्वीडेनको भाषा, वासिन्दा स्वीडेनको ।

sweeny (स्वी'नि) ना. घोडाको खा. ग. काँधको पेशीको क्षय ।

sweep (स्वीप्) क्रि. (swept) र ना. वेगसँग वर्कनु, वग्नु, उड्नु; जोरको गतिले नअडी अघि बढ्नु, कावा खानु, रवाफसँग बढ्नु; वक्र, वा धर्को, वा भिरालो बढाउनु; (कृ०) विस्तीर्ण क्षेत्रको, विना सीमाबन्धन वा अपवादको; बगाउनु, हटाउनु, खारिज गर्नु; छिटो पार गर्नु, हलकासँग जानु, (हात) फेर्नु; (तोप) दाग्नु; झाडू दिनु, कुचो लाउनु, बढार्नु, झार्नु, सोहर्नु, लतार्नु; ना. च्यामे, मेहतर; (सडकको) फराकिलो मोड,घुमेको बाटोको फासला; बढार; वायुयानको (खा. ग. जंगी) उडान, शत्रुलाई हटाउने उद्देश्यले; इनारबाट पानी झिक्नालाई उत्तोलकको रूपमा जडिएको बाँस, फल्याक, इ०; आतशखान सफा गर्ने व्यक्ति, chimney—- पनि;—stake (s) घोडदौडमा हार्ने घोडाहरूमा लगाइएको बाजीको जम्बा घोडाहरूमा बाँडिने जुवाको किसिम; clean—निमिठ्यान्न गमक्र्याईं; बढारकुँढार;—er ना. कूचीकार, च्यामे, मेहतर;—ing वि. ठहरै;—ings ना. कसिङ्गर, घुरान, बढार, धूलोमूलो, झरन बहारन, गर्दीमर्दी, झरुवा भरुवा, जर्ती, सुखा जर्ती ।

sweet (स्वीट्) वि. र ना. मीठो, गुलियो; सुगन्धित; सुरिलो, श्रुतिमनोहर; ताजा र शुद्ध, बासी, नुनिलो, इ० होइन; मनपर्ने, आकर्षक, तृप्ति दिने, प्रसन्न गराउने, स्नेह उत्पन्न गर्ने, प्रिय, प्यारो, मिल्ने, शान्त, मिलनसार; (बो. चा-) राम्रो, मनोहर, आनन्दप्रद; मायालु; a—one (अप.) दुख्ने मुक्का, हिर्काइ; —going सुविस्ताको बाटो वा सवारी;—will आफूखुशी, मनपरी;—(up) on (वो. चा.) आशक्त;—-bred क्लोम; —heart प्रेमी जोडामध्ये कुनै;—meat मिठाई, मिष्ठान्न;—potato सकरकन्द;—-scented सुवासित;—-tempered मिलनसार;—en क्रि. गुलियो पार्नु;—ening ना. गुलियो पार्नु;—ening ना. गुलियो पार्ने, चीनी, मिश्री;—ish वि. गुलियो गुलियो;—ness ना. मिठास, माधुर्य, गुल्ली, गुलियो; ना. गुलियो भाग; पुष्टकारी, मिठाई, रोटी, पचमेल मिष्ठान्न, हलुवा, तर, जेली, इ.; (सा. ब. व.) सुवास, सुगन्ध; (व. व.) आमोद, तुष्टि, मजा, गुलछर्रा; (सम्बोधन) प्रिय !

sweeting (स्वी'टिङ्) ना. (आ.) प्रिय, प्यारे, प्यारी; एक प्रकारको गुलियो स्याउ ।

swell (स्वेल्) **क्रि.** (निष्ठा. swollen, आ. swoln, विर —ed), **ना. र वि.** फुल्नु, सुनिनु, उक्सिनु, फुर्नु, फुलाउनु, उप्सिनु, लेपारिनु, बराँठिनु, टिल्लिनु, अथुलाउनु, सुम्लिनु; **ना.** सुम्लो, उचाइ, (समुद्र) नफुटेको लहर वा तरङ्गले उक्सेको पानी, उकास; (बो. चा.) इज्जतदार वा काबिल व्यक्ति, उत्तम मान्छे; छरितो वा रवाफिलो व्यक्ति; **वि.** (बो. चा.) बेस, उत्तम, राम्रो, ठाँटे, छरितो;—ing **ना.** सुम्लो, आटोप, स्फार, डढल्को, सूज शोथ, स्फीति, उपचय; swollen शून, स्फीत, प्रवृद्ध, सुनिएको ।

swelter (स्वेल्'टर्) **क्रि. र ना.** गर्मी वा मौसमले कमजोर वा लथपथ वा आलसी हुनु वा दबिएको हुनु; गर्मी वा सो वातावरणले सताइएको व्यक्ति वा वस्तु; **ना.** गर्मीले क्लान्त गर्ने वातावरण वा स्थिति; क्लान्ति, क्लम;—ing **वि.** आलसतालस पार्ने, क्लान्त गर्ने ।

swept (स्वेप्ट्) **क्रि.** sweep को भू. का.=बढान्यो ।

swerve (स्वेर्‌य्‌र्भ्) **क्रि. र ना.** (सोझो बाटोबाट) मोडिनु, घुम्नु, रड्कनु, बाङ्गिनु, नयाँ दिशा लिनु, छल्नु; (फूट) बललाई आकाशमा दिशा बदल्ने गराउनु; **ना.** अतिचार, मोड, परिवृत्ति ।

swift (स्विफ्ट्) **वि., क्रि. वि.** (-er,—est) **र ना.** छिटो, चाँडो, सत्वर, त्वरित, वेगी, तेज, शीघ्र; **क्रि. वि.** शीघ्र, सवेग चाँडोसँग; **ना.** गौंथली जस्तो लामू पखेटाले धेरै उड्न सक्ने चरो; चर्खामा कातेको सूत बेर्ने घुम्ने आकार; परेवाको जात; क्षुद्र गोधा; सानू माउसुलीको जात; पुतलीको किसिम;—footed चाँडो हिंड्ने, शीघ्रग;—handed छिटो हात चलाउने;—winged वेगवान् ।

swig (स्विग्) **क्रि.** (-gg-) **र ना.** (अप.) धोक्नु, पिउनु (लामा लामा घुटकाले); **ना.** घुटको (खा. ग. रक्सीको) ।

swill (स्विल्) **क्रि. र ना.** पखाल्नु, पानी पोख्नु, पानी छोडेर भिजाउनु वा पखाल्नु; धोक्नु, तन्क्याउनु, घटवटी पिउनु; **ना.** संपीति; कमसल रक्सी, सुंगुरको खोले, पोतर्नी ।

swim (स्विम्) **क्रि.** (swam, swum) **र ना.** तरल, पानी, हावा, मा तैरनु, उत्रनु; पौडीखेल्नु, प्लवन गर्नु, तरण गर्नु; (अलं०) चिप्लने गतिले बढ्नु; हल्लिएको, घुमेको वा चक्कर खाएको झैं हुनु; प्लवित हुनु, रसले भरिनु; **ना.** प्लवन, तरण, पौडी; नदीमा माछा जम्मा हुने गहिरो कुण्ड; (अलं०) कामकाजको मुख्य प्रवाह, खा. ग, in the—भइरहेको काम, व्यापार, जान्ने; सचेत, वा सो काममा लागेको;—ming-bath पौडन हुने (ठूलो) नुहाउने टब वा द्रोणी;—suit प्लवन पोशाक, पौडनेलुगा;—ming **ना. र वि.** प्लवन, तरण, पौडाइ; **वि.** छलछल, रसिलो;—mer **ना.** तैराक, पौडने;—mingly **क्रि. वि.** खा. ग. go on—mingly वेगसँग, राम्ररी, विना अवरोध, सजिलोसँग ।

swindle (स्वि'ण्डल्) **क्रि. र ना.** ठग्नु, (खा. ग. पैसा), वंचन गर्नु; **ना.** वंचन, प्रसारण, ठगी, कैतव, झूठ, नभएको कुरा वा व्यक्ति हो भन्ने कुप्रयास;—r **ना.** वंचक, धूर्त, कितव, ठग ।

swine (स्वाइन्) **ना.** (ब. व. उही) सुङ्गुर, शूकर, बनेल, गालीको बोली;—ry **ना.** सुङ्गुर गोठ;—herd सुङ्गुरगोठाला; swinish **वि.** सौकर, सूकरशील, सुङ्गरे ।

swing (स्विङ्) **क्रि.** (swung, विर० swang, निष्ठा० swung) **र ना.** दोल्नु, मच्चिनु, मच्च्याउनु,—for it फाँसीमा लट्किनु, झुण्डिनु; no room to—a cat सानू ठाउँ; हल्लिदै हिंड्नु;—the lead (सेना० अप०) जीउ साँच्नु, काम ठग्नु, झूट्टा रोगको स्वाँगपार्नु; **ना.** दोलन, हिण्डोल, आवर्तन; क्रियाको सामान्य अवधि; पीङ, झोलुङ्गो; सोमा चढाइ, मचाइ; दोलने सीमा;— - boat पीङमा जड्ने डुङ्गाको आकारको आसन;—bridge खोल्ने पुल (जहाज, इ० लाई बाटो दिन), खोलुवा पुल;—music जाज संगीतको प्रकार;—plough पांग्रा नभएको ।

swinge स्विन्ज्) **क्रि.** (—ing) बेसरी हिर्काउनु, पिट्नु (अचेल आ०, केवल a—ing blow मर्मान्त चोट, वाहेक) कृ० अति, ज्यादा, ज. कि.—ing majority, lie, damages.

swingle (स्वि'ङ्गल्) **ना. र क्रि.** सन चुट्ने काठको भाँडो; चुट्ने भाँडोको हल्लिने भाग, मुंग्रो, लाठो; **क्रि.** सन केलाउनु, सफा गर्नु (लाठोले) ।

swink (स्विङ्क्) **क्रि. र ना.** (आ०) मेहनत गर्नु, परिश्रम गर्नु ।

swip/e (स्वाइप्) **क्रि. र ना.** मच्चाएर हान्नु (क्रिकेट बल), बेसरी हान्नु, आँखा चिम्लेर बजाउनु; (अप०) चुँडेर, झम्टेर, चोर्नु; हत्याउनु, थुत्नु;—r **ना.** लुटाहा, थुताहा; **ना.** सुम्लो, दनक, छेड, आलोचना ।

swipes (स्वाइप्स्) **ना.** (ब. व.) कमसल वियर, जाँड ।

swirl (स्वर्ल्) **क्रि. र ना.** भँवरी पर्नु, भँवरीले लैजानु; **ना.** भँवरी, घुर्णन (खा. ग. पानी, मा माछा इ० वेगसँग जाँदा, हावा, इ. मा बनेको चक्कर) ।

swish (स्विश्) **क्रि. र ना.** वेंतले पिट्नु, वेंत इ. ले सुनिने गरी हावामा हान्नु, त्यसरी बेंतले हान्नु; बेंत, सपकिना, कोर्रा, वेगसँग उडेको चरा, इ. ले हावा काट्दा निस्कने आवाज झिक्नु; **ना.** सो आवाज, श् ! वेंत वा लाठो वा कोर्राको हिर्काइ ।

swish (स्विश्) **वि.** (बो. चा) छरितो, गर्वित, ढाँचावाल ।

Swiss स्विस्) **वि. र ना.** (ब व. उही) स्विट्शरल्याण्डको (वासिन्दा);—French,—German सो देशमा बोलिने फ्रेन्च वा जर्मन भाषाको रूप; German—ग्रामीण भाषा;—guards पहिले फ्रान्समा र अचेल पनि भ्याटिकनमा पालो पहरा गर्ने भरौटे स्विस फौज;—roll एक प्रकारको रोटी ।

switch (स्विच्) **ना. र क्रि.** सपकिनो, सपको, छडी; एक छेउमा बाँधेर जगल्टा बनाएको कपाल कोर्दा लाउने नकली रौं; (रेल, विद्युत, इ. मा सन्बन्ध स्थापित वा विच्छेद गर्ने) नियंत्रक, स्विच्;—back भिरालोमा चढ्ने उत्रने नागबेली रेल; मेला, इ. मा (बालकहरूको लागि) मुख्यतः बरालोबाट आएको वेगले

उकालो चढ्ने रेल;—-bar नियंत्रक फल्याक;—board नियंत्रणपाटी;—-lever नियंत्रक तुला;—-man नियंत्रक पाले; **क्रि.** छडीले हान्नु; (चीज) छिटो घुमाउनु, अचानकमा पक्डनु, (पुच्छर) हान्नु, हल्लाउनु; (रेल, विद्युत) नियंत्रकले स्थानान्तर गर्नु, सार्नु, फेर्नु; (अलं) फेर्नु, (कुरा, विचार); (घोडा) अर्को नामबाट दौडाउनु; (ब्रिज खेल) अर्को रंगमा सर्नु (बोल्दा); नियंत्रक बाल्नु, खोल्नु;—on बन्द गर्नु, निभाउनु;—off टेलिफोन जोर्नु वा टुटाउनु;—off सम्पर्क तोड्नु; अर्कोपट्टि जानु ।

swither (स्वि'दर्) **क्रि.** र **ना.** (स्क.) हिच्किनु, द्विविधा गर्नु; **ना.** छटपट, सन्देह, अनिश्चितता ।

Switzer (स्विट्'शर) **ना.** (आ.) स्विस, स्विट्शरल्याण्डको निवासी ।

swivel (स्वि'भेल्) **ना.** र **क्रि.** (-ll-) चूल र कडीको जोर्नी, एक स्थिर रहेर अर्को भाग घुम्ने जोर्नी, कुण्ड गोलक जोर्नी; —-eye (d) डेढे; **क्रि.** कुण्डगोलकला घुम्नु; जोर्नीमा घुम्नु ।

swizzle (स्वि'ज्ज़ल्) **ना.** मिसाएको मादक पेय;—-stick पेय चलाउने गुच्छादार भाँडो ।

swollen, swoln (आ०); (स्वोलन्) **क्रि.** swell को निष्ठा०=सुनिएको, फुलेको, ढाडिएको ।

swoon (स्वून्) **क्रि.** र **ना.** मूर्छा पर्नु, बेहोश हुनु, अचेत हुनु, आलस तालस पर्नु, लड्नु; (संगीत.) विलय हुनु, विलीन हुनु; **ना.** मूर्छा, मोह, बेहोशी ।

swoop (स्वूप्) **क्रि.** र **ना.** झम्टनु, झर्नु, खनिनु, निहुरिनु, (चराले शिकार माथि), टाढाबाट एक्कासि आइलाग्नु; (बो. चा.) गमक्याउनु, झम्टनु, खोस्नु; **ना.** अचानकको झम्टाइ; ओइरो, एकमुष्टको गमक्याइ; at one fell—एक्कासिको ध्वंस, एकै पटकको झम्टाइ ।

swop (स्वॅप्), **swap** (स्वॅप्) **क्रि.** (—pp—) र **ना.** (अप०) साट्नु, बदलिनु; swop horses in mid stream आधा काम हुँदा फेर बदल गर्नु (खराब) ।

sword (सोअर्ड्) **ना.** तरवार, तलवार, करवाल, कृपाण, खड्ग, खुँडा; broad—चौडा धार भएको; cavalry—घुम्नेको धारवाला; court, dress,—दरबारी, औपचारिक, पोशाकसँग जाने; double-edged, two-handed, इ०—, दोधारे, गहुङ्गो, इ०; duelling, small,—धाररहित घोच्ने त्रिकोण परिच्छेद भएको; S—of State राजखड्ग; put to the—मार्नु; fire and—लूट, ध्वंस, आक्रमणकारी फोजले गरेको स्वाहा;—of justice न्यायको शक्ति; the—युद्ध, लडाइँ, संघर्ष;—-arm दाहिने हात;—-bearer खड्गवाहक;—belt सरूबन्धन;—-cane तरवार छडी;—-dance खड्गनाच खुकुरी नाच;—-guard (बिंडमा) हातरक्षक;—-play तरवार युद्ध (खेल), सवाल जवाफ, छेडपेच;—sman खड्गी, खड्गधर; तरवारबाज;—-stick तरवार छडी, कूटास्त्र ।

swore, sworn (स्वोर्, स्वर्न्) **क्रि.** swear को भू. का., निष्ठा. =शपथ हाल्यो, हालेको ।

swot (स्वॅट्) **क्रि.** (—tt—) र **ना.** (पाठ० अप०) कडा मेहनत गर्नु, घोक्नु, रट्नु; (विषय) बेसरी घोक्नु, तयार पार्नु, हडबडसँग पढ्नु; **ना.** कडा अध्ययन, घोकाइ, मेहनत, पसीनाकढाइ; बुध्दू ।

swum, swung (स्वम्, स्वङ्) **क्रि.** swim, swing, को भू. का.=पौड्यो, झुण्ड्यो, झुण्डियो ।

subar/ite (सि'बराइट्) **ना.** र **वि.** (S—ite) इटलीस्थित सौखका निर्ति प्रसिद्ध प्राचीन ग्रीक प्रदेश सिबरिसको वासिन्दा; सौखी वा ऐयाशी वा स्त्रैण व्यक्ति;—itic विलासी;—itism विलासिता ।

sybil (सि'बिल्) **ना.** sipyl को गलत रूप,=योगिनी, जान्ने, बोक्सी ।

sycamine (सि'कमि (माइ) न्) **ना.** (वाइ०) चुत्रोको रूख ।

sycamore (सि'कमोअर्) **ना.** सिरिया र मिश्रमा फल्ने अन्जीरको बोट किसिम ।

syce, sice (साइस्) **ना.** सैस ।

sycee (साइसी') **ना.** (silver पनि) शुद्ध चाँदीको सील (कोठीको छाप वा मोहरसहित) ।

sychncocarpus (सिक्नोकाअर्'पस्) **वि.** (वन०) मर्नेअघि धेरै पटक फल्ने, नित्य ।

syconium (सि (साइ) को'नियम्) **ना.** (वन० ब. व.—ia) अन्जीरमा झैं पछि गजलाग्ने गुदीदार खोक्रो ।

sycophant (सि'कफ्याण्ट्) **ना.** चापलूस, चाटूकार, खुशामदी, फकौरे, परजीवी व्यक्ति;—ancy **ना.** चापलूसी, चेप्प्याइँ, बेसारघसाइ, चिप्ल्याइ;—antic **वि.** चाटूक्तिपूर्ण, अतिलालनयुक्त ।

sycosis (सि (साइ) को'सिस्) **ना.** अनुहारमा रौं (दाही) उम्रने ठाउँको चर्मरोग, धोबी खटिरा ।

syllabary (सि'लेबरि) **ना.** वर्णमाला (चित्रसहित) ।

syllabic (सिल्या'बिक्) **वि.** अक्षरको, शब्दखण्डको; शब्दखण्ड (२, ३, ४ इ०) भएको (चिन्ह) सम्पूर्ण शब्दांश जनाउने; शब्दांश उच्चरित हुने ।

syllabl/e (सि'लेब्ल्) **ना.** र **क्रि.** उच्चारणको एकाङ्क, शब्दांश, शब्दखण्ड, पद; (संक्र०) शब्दमात्र, कमसे कमको बोली; **क्रि.** शब्द खण्ड गरी उच्चारण गर्नु, स्पष्ट उच्चारण गर्नु; (कवि०) (नाम, शब्द) उच्चारण गर्नु;—ed **वि.** अक्षरित, शब्दखण्डित; syllabicate, syllabify, syllabize,—ise **क्रि.** अक्षरित गर्नु, खण्ड खण्ड गरी उच्चारण गर्नु ।

syllabub (सि'लबब्) **ना.** si'llabub =रक्सी दही ।

syllabus (सि'लबस्) **ना.** (ब. व.—bi,—buses) प्रवचन पंजिका, पाठ्यक्रम, सार, सारांश, संक्षेप ।

syllepsis (सि (साइ) लेप्'सिस्) **ना.** (व्या, ब. व.—ses) एकै शब्दलाई बेग्ला बेग्लै अर्थका दुईसँग जोर्नु; व्याकरणले एकसँग मात्र मिल्ने शब्दलाई अर्को (नमिल्ने) सँग पनि जोर्न ।

syllog/ism (सिलजिज्म्) **ना.** न्याय (तर्कशास्त्र); (संक्र.) अनुमान;—istic न्याय; न्यायसंगत ।

syllogize,—ise (सि'लजाइज्) **क्रि.** न्यायको प्रयोग गर्नु; (तथ्य, युक्ति, इ०) न्यायरूप दिनु ।

sylph (सिल्फ्) **ना.** वायुको (जीवित) तत्व, तन्वंगी, विद्याधरी; (पानीको numph, पृथ्वीको gnome, आगोको salmander)—like **वि.** पातली (केटी); लामू पुच्छरे चरा ।

sylvan (सि'ल्भन्) **वि.** वन्य=silvan ।

sym (सिम्) ग्री० यौगिक=syn अग्र—;—physis सँगै उब्रने, बढ्ने, सहवर्धिष्णु ।

symbol (सि'म्बल्) **ना.** र **क्रि.** (–ll–) चिह्न; लक्षण, चिनु, प्रतीक, संकेत, प्रतिरूप, राशिचिह्न, रासायनिक तत्वहरू जनाउने धे. ज. नामको प्रथमाक्षर, वर्णमाला, गणित चिह्न, योग, वियोग, गुणन, विभागको; अनन्तताको संकेत, तारका; **क्रि** (विर०, पनि, र खा. ग—ize) संकेत गर्नु, चिह्नरूप हुनु; चिह्नले जनाउनु; सांकेतिक वर्णन गर्नु; (–ize मात्र) कथा, बयान, लाई वास्तविक होइन, लाक्षणिक मात्र मान्नु; लाक्षणिकत्व हाल्नु;—ic, -cal **वि.** सांकेतिक, लाक्षणिक;—ics **ना.** लाक्षणिक चित्रकार समूह;—ism **ना.** संकेतवाद, लक्षणवाद, —ist लाक्षणिक (कलाकार) संकेतवादी;—ization लाक्षणीकरण;—(o) logy संकेतशास्त्र, लक्षणविद्या;—(o) larty लक्षणपूजा ।

symmetr/y (सि'मिट्रि) **ना.** अवयव संगति (बाट प्राप्त सौन्दर्य), सौष्ठव, अंगसंयोग, चतुरस्रता, यथा प्रमाणता बीचमा दोब्याए या काटेमा एकसमान बराबर दुई भाग भएको रचना; त्यस्तो रचनाको बान्की परेको; (वन०) फूलमा एकै बान्की परेको भाग भएको ; सममिति;—ical **वि.** सममित, समनिताकार, सम, चतुरस्र, सप्रमाण, संगतावयव;—ize **क्रि.** सममितीकरण गर्नु;—ization **ना.** सममितीकरण ।

sympathetic (सिम्पथे'टिक्) **वि.** र **ना.** समदुःखी, साँखुल्ले, समवेदनाशील, सदय, स्निग्ध;—landscape, संसर्गले गर्दा मन छुने;—pain संवेदनशील पीडा, अर्काको दुःखमा या आफ्नै शरीरको एक भागको पीडाले अर्को भागमा दुख्ने;—sound, resonance, string सहानुभौतिक ध्वनि, अनुनाद, रज्जु इ० स्पन्दनशील वस्तुबाट हावामा भएको कम्पनले ध्वनित गराउने;—strike सहानुभौतिक हडताल (अर्कै हडतालीहरूका उपर सहृदयता देखाउन वा समर्थन गर्न गरिएको);—nerve ढँडाल्नुको दुवैतिर रहेको स्नायुपद्धति;—ink गुप्तमसी; सहानुभौतिक, सहानुभूति पाउने, पाठक वा दर्शकको मन छुने; **ना.** सहानुभौतिक स्नायु वा पद्धति; मोह वा सो सदृश प्रभावको लागि ज्यादै सचेतन व्यक्ति ।

sympathize (सिम्'प्यथाइज्),—**ise** **क्रि.** समदुःखी, दुःखी हुनु, सहानुभूति गर्नु, राय मिल्नु ।

sympathy (सिम्'पथि) **ना.** सहानुभूति, सहानुभाव, संवेदना, अनुकम्पा, दया, समदुःख समसुख, समभाव ।

symphon/y (सिम्'फनि) **ना.** (आ०) लय, ध्वनिको आनुरूप्य; (संगीत०) पूर्ण वादक मण्डलीको लागि लेखिएको सोनाटा रचना; गीतको पारिम्भक वा अन्तिम वाद्यवृत्त;—ic **वि.** संगतस्वर, समस्वर ।

symposiarch (सिम्पॅ (म्पो) सिआर्क्) **ना.** गोष्ठ्याध्यक्ष, गोष्ठीपति, पानाध्यक्ष, भोजनाध्यक्ष ।

symposi/um (सिम्पॅ (म्पो) जियम्) **ना.** (ब. व.—ia) प्रा, ग्री. सहपानोत्सव; दार्शनिक वा अन्य सौहार्द्रपूर्ण, छलफल, विवाद; गोष्ठी, परिचर्चा, अधिगोष्ठी; विभिन्न लेखक र दृष्टिकोणका एकै विषयहरूका लेख (पत्रिका, इ० मा प्रकाश हुने); —al **वि.** गोष्ठीय ।

symptom (सिम्प्'टम्) **ना.** (रोगको) लक्षण, लच्छिन, लिंग, संकेत चिन्ह; घत;—atic लाक्षणिक, सांकेतिक;—atology लक्षणविद्या, रोगसंकेत शास्त्र ।

syn—(सिन्—) **उ.** ग्री.=सह, सँगै, अनुरूप ।

synag/ouge (सि'नगॅग्) **ना.** यहूदी पूजास्थल, समाज, सभागृह, मन्दिर, गिर्जा, सिनागग;—ical **वि.** सिनागगीय ।

synchronic (सिङ्क्रॅ'निक्) **वि.** जस्तो छ उही रूपमा अध्ययन गर्ने रीत, diachronic को विप० ।

synchron/ize (सिङ्'क्रनाइज्)—ise **क्रि.** तुल्यकालिक गर्नु, मिलाउनु, युगपत् गराउनु, तात्कालिक गराउनु; (घटनाको) सांगत्य पता लगाउनु वा लिखित गर्नु; (घडी) प्रामाणिक वा एकसमान समय देखाउने गराउनु; चलचित्र वा दूरदर्शन (टेलिभिजन)-मा दृश्य र श्रव्य भागहरूको संयोजन; **ना.**—ization तुल्यकालिकीकरण;—ism तुल्यकालत्व, यौगपद्य;—ous **वि.** एककालीन, तुल्यकालिक;—ously **क्रि. वि.** तुल्यकालिकरूप ।

syncop/ate (सिन्'कपेट्) **क्रि.** भित्रको अक्षर छुटाएर शब्द छोट्याउनु, ज. कि. Gloucester को Gloster; (संगी.) ताल वा जोड फेर्नु;—ation **ना.** सन्धि; तालको फेराइ, समतालिकता, तालिकीकरण ।

syncope (सिन्'कप्) **ना.** (व्या०) संक्षिप्त लेखाइ, सन्धि, संक्षिप्त उच्चारण; (भैष०) मूर्छा, बेहोशी, खा. ग. रक्तचापको गिरावटबाट (संगी०) ।

synchromesh (सिन्'क्रमेश्) **वि.** र **ना.** तुल्यजाल, मोटरमा साज फेर्ने पद्धति ।

syndic (सिन्'डिक्) **ना.** विभिन्न समय र देशमा अधिकारीको विभिन्न किसिम; (केम्ब्रिज) सेनेट (परिषद) को विशेष समितिको सदस्य ।

syndicalism (सिन्'डिकलिज्म्) **ना.** औद्योगिक कर्मीहरूको गतिविधि र सिद्धान्त जसबमोजिम उत्पादनको साधन र वितरण अचेलका मालिकहरूबाट मजदूर संगठनमा हस्तान्तरित होओस्; जनस्वामित्व; श्रमिक स्वामित्व ।

syndicate (सिन्'डिकट्) **ना.** र **क्रि.** (–केट्) (केम्ब्रिज वि. वि.) सदस्यसभा; (वि. वि. प्रबन्ध समिति; समान स्वार्थको लागि गठित व्यापारिक प्रतिष्ठानहरूको संगठन, पत्रिकाहरूमा छाप्ने लेखको संकलन र समकालिक प्रकाशनको प्रबन्ध गर्ने

समूह; कुनै कामको लागि संगठित हुने व्यक्तिहरूको समूह, सभा, संसद, परिपरिषद; राजनैतिक गुटबन्दी; **क्रि.** दल बाँध्नु; समाचारलाई समूहरूपले प्रकाशनको प्रबन्ध गर्नु;—ation **ना.** संस्थापन, गठन, सामूहिक गठन ।

syne (साइन्) स्क० = since देखि, खा. ग. auld lang syne मा = वितेका दिन, विदाइमा गाइने गीतको शीर्षक र थेको ।

synecdoche (सिनेक्'डकि) **ना.** पूर्णको साटो उही अर्थमा भागको उल्लेख गर्ने अलङ्कार, उपलक्षण ।

synod (सि'नड्) **ना.** धर्मसभा; (ज्यौ०) नक्षत्र वा ताराहरूको संयोग; सभा, सम्मेलन, विवाद ।

synonym (सि'ननिम्) **ना.** पर्याय, तुल्यार्थ, तुल्यार्थ शब्द, पर्यायवाची शब्द;—ity **ना.** तुल्यार्थता;—ous **वि.** तुल्यार्थ, समानार्थ, सहार्थ;—ic **वि.** पर्यायको पर्याय प्रयोग गर्ने ।

synonymy (सिनॅ'निमि) **ना.** तुल्यार्थता, समानार्थता; जोडको लागि तुल्यार्थ शब्दको प्रयोग; पर्यायवाची शब्दको संकलन, अमरकोप ।

synopsis (सिनप्'सिस्) **ना.** (व. व.—pses) छोटकरी, मजबून, सारांश, इतिवृत्त ।

synoptic (सिनॅप्'टिक्) **वि.** र **ना.** सामान्य पर्यावलोकन गराउने;—gospels बाइबलको शुभ समाचार बखान गर्ने मत्ती, मार्क र ल्यूकका सर्गहरू;—chart (मौसिम०) मौसिमी मानचित्र; **ना.** synoptist पनि पर्यावलोकन गराउने धर्मपुस्तकको लेखक ।

syno/vitis (सि (साइ) नो भाइ'टिस्) **ना.** जोर्नीमा, स्निग्धकारी रसको स्राव गर्ने जालोको सूज;—via **ना.** जोर्नीलाई चिप्लो राख्ने स्राव बनाउने जालो ।

syntac/tic (सिन्ट्याक्'टिक्) **वि.** (व्या०) कारकअनुसार, कारकअनुसार ।

syntax (सिन्'ट्याक्स्) **ना.** वाक्य रचना, कारक, शब्दविन्यासको नियम ।

synthe/sis (सिन्'थिसिस्) **ना.** (ब. व.—ses) संयोजन, रचना, संश्लेषण, संकलन, (र. शा.) यौगिकहरूको कृत्रिम उत्पादन (प्राकृतिकबाट उत्पन्नसँग छुट्याउनालाई कृत्रिम रबर, नीलो, इ० भनिन्छ); (व्या०) यौगिक वा व्युत्पन्न शब्दको रचना; उपसर्गको प्रयोगभन्दा विभक्ति वा रचनाको चाहना; (शल्य०) विभाजित अङ्गको संयोजन, जोडिनु;—tic (al) **वि.** कृत्रिम, सांयोगिक, संश्लिष्ट;—size **क्रि०** संश्लेषण गर्नु; tize संश्लेषण, संयोजन गर्नु;—tist **ना.**,—sist **ना.** संयोगकारक, संश्लेपक ।

sypher (साइ'फर्) **क्रि.** दाँत पारेको फल्याकलाई दाँत मिलाएर सम्म पारेर जोर्नु;—joint दाँते जोर्नी ।

syphil/is (सि'फिलिस्) **ना.** भिरिङ्गि, गर्मीरोग, उपदंश; primary—is प्राथमिक उपदंश (कुनै खास ठाउँमा असर गर्ने), secondary—is द्वैतियक उपदंश (चर्म र श्लेष्मामा असर गर्ने) र अन्तमा tertiary—is तृतीयक उपदंश (हाड, पेशी र मस्तिष्कमा असर पार्ने);—tic, ous,—oid **वि.** उपदंशी;—ize **क्रि.** भिरिङ्गि लाग्नु;—ology उपदंश विद्या ।

Syriac (सि'रियक्) **ना.** र **वि.** प्राचीन सीरियाको भाषा (मा); पश्चिमी आरामाइक भाषा ।

Syrian (सि'रियन्) **वि.** र **ना.** सीरिया देश (को वासिन्दा) ।

syringe (सि'रिन्ज्) **ना.** र **क्रि.** वस्ति, पचका, सिरिञ्ज, सानू पचका; hypodermic—चर्मतल पचका, छालामन्तिर इन्जेक्शन वा अन्तःक्षेपण गर्ने सियोसहितको पचका; **क्रि.** सिर्कापरेर (रस) छर्कनु, हाल्नु, अन्तक्षेपण गर्नु; सिर्काले पखाल्नु (कान) ।

syrin/x (सि'रिङ्क्स्) **ना.** (व व.—es,—nges) नर्कटे बाजा; (पुरा०) मिश्री चिहानहरूमा रहेको चट्टानी पेटी; (श. वि.) घाँटीदेखि कर्णपट सम्मजाने कर्णकण्ठनली, ज. व,—gitis कर्णकण्ठनलीको सूज; तल्लो स्वरयंत्र, चराको गीत गाउने अवयव; (शल्य०) भगन्दर, ज. वा.—gotomy भगन्दरच्छेदन ।

syrtis (सऽर्'टिस्) **ना.** (व. व.—tes) वटेलौट धाप ।

syrup, si—(सि'रप्) **ना.** चास्नी, मधुर, लेह्य; उखुको रस; गुड; पानकादि; सरवत ।

syssarcosis (सिसर्को'सिस्) **ना.** अन्तरवर्ती पेशीद्वारा हाडहरूको संयोजन, जोर्नी ।

syssitia (सिस्सि'टिया) **ना.** (व. व.) (ग्री० प्रा० इ०) स्पार्टा निवासी र अन्य कोही डोरियन जातिहरूको सार्वजनिक भोजन, जसमा खानेहरूले देशप्रेम, सैनिक दक्षता, अनुशासन, र सारल्यको वृद्धिको प्रयत्नशील हुनुपर्दथ्यो ।

systaltic (सिस्ट्या'ल्टिक्) **वि.** पालैसँग फुल्ने खुम्चिने; कम्पनशील, हृदय विस्तार र संकोचन भएको ।

system (सि'स्टिम्) **ना.** मिश्रित पूर्णता, सम्बन्धित वस्तु वा भागको समूह; परिपाटी, व्यवस्था, पद्धति, प्रणाली, क्रम, पर्याय, क्रम-विधान, परम्परा, विधि, संगठन, वर्गीकरण (को सिद्धान्त), सिद्धान्त, चाँजो, चाँजोपाँजो;—of philosophy दर्शन; mountain—पर्वतमाला; solar—सौर जगत्, सौरमण्डल; nervous, muscular—स्नायु पद्धति, तन्तु पद्धति; digestive—पाक प्रणाली ।

systemat/ic (सिस्टिम्या'टिक्) **वि.** यथाक्रम, क्रमानुगत, नियमित, रीतपूर्वक, वर्गीकृत;—ically **क्रि वि.** रीतसँग, विधिवत्;—ize **क्रि.** व्यवस्थित गर्नु;—ization **ना.** तंत्रता ।

systemic (सिस्टे'मिक्) **वि** (श. क्रि. वि.) कायिक, अंगीय, दैहिक; (कीटनाशक, इ०) जराबाट पसी अंगमा पुग्ने ।

systole (सिस्'टोल्) **ना.** (श. क्रि. वि.) हृत्संकोच, हृदयसंकोचन, संकोचन, इ०, (diastole, हृदयविस्तार, विततिसंग पालो गरी) ।

systyle (सिस्'टाइल्) **वि.** खम्बा नजीक नजीक भएको ।

systylous (सिस्'टिलस्) **वि** (वन.) गर्भहरू जोरिएको (बिरुवा) ।

syzygy (सि'जिगि) **ना.** (ज्यौ०) संयोग वा वैपरीत्य ।

T

T, t (टि) अक्षर, टि आकारको वस्तु, ज. कि. टि पट्टी, टि छेका, इ. to a T ठीकसँग, ठीक; cross the T's (अलं.) सूक्ष्मसँग शुद्ध हुनु, कुरामा जोड दिनु ।

ta (टा) **वि. बो**. (के., ग्रा.) धन्यवाद !

tab (ट्याब्) **ना.** र **क्रि.** (बो. चा. –ff–) सानू मोड, पाटो, जोड, फुर्का (लुगाको), ज. कि. जुत्ताको फित्ताको धातुको टुप्पो; (ear—टोपीको कान ढाक्ने पाटो); (सेना.) स्टाफ अफिसरको चिह्नस्वरूप कठालोको संकेत; (बो. चा.) हिसाब, पसलेले हिसाब कोरेको काठ, रूजु (खा ग. वाक्य keep—on नजर राख्नु); baggage—ढिटीको चिठ्ठा, टिकट; **क्रि.** लेख्नु, लिखतमा राख्नु, सारिणीबद्ध गर्नु ।

tabard (ट्या'बर्ड्) **ना.** (ऐ.) गरीब गुरुवाले लाउने खस्रो बाहिरी लुगा; कवचमाथि लगाउने अश्वारोहीको पोशाक; दूतको राजचिह्न अङ्कित पोशाक ।

tabaret (ट्या'बरिट्) **ना.** साटन र रेशमको एकान्तर पाटा भएको साजमा हाल्ने कपडा ।

tabasheer (टयाबशीय्र्'),—shir **ना.** वंशलोचन ।

tabby (ट्या'बि) **ना.** र **क्रि.** धर्को परेको कपडा, खा. ग. रेशम, पाटे बिरालो, खा. ग. खैरो वा कैलो; गाढा पाटोसहित; बिरालो, खा. ग. बिराली; गफास्टक बुढिया, फतफते स्त्री, पुतलीको किसिम; कंक्रीटको किसिम; **क्रि.** कपडामा धर्सो हाल्नु ।

tabefaction (ट्याबिफ्याक्'शन्) **ना.** रोगको कारणले शरीरको तनुता वा क्षीणता, बिरामीले दुब्लाउनु ।

tabernacle (टया'बर् न्याक्ल्) **ना.** र **क्रि.** (वाइ०) स्थिर वा चल आवास, (अलं.) मानवदेह; Feast of T—s यहूदी पर्व; (यहूदी इतिहास) फिलिस्तीनमा बसोवास गर्नुअघि आश्रय लिइएका पाल; (प्राय: हेलाँ) पूजास्थल, पटमण्डप; (भव.) छत भएको खोपा, सानू कच्च वा बुर्जा; **क्रि.** (अलं.) आश्रय दिनु, अस्थायी रूपले बसोवास गर्नु ।

tabes (टे'बीज्) **ना.** (भैष) क्षीणता, तनुता; दुब्लोपन; dorsal—डँडाल्नुको खिइने रोग; tabetic **वि.** र **ना.** क्षीणताको रोग लागेको; **ना.** सो रोगी ।

tabinet (टया'बिनेट्) **ना.** ऊन र रेशमको धर्सो परेको कपडा ।

tablature (टयाब'लेटयोर्) **ना.** (आ) मानसिक तसवीर, कल्पना; सजीव वर्णन ।

table (टे'ब्ल्) **ना.** र **क्रि.** टेबल, फलक, आधार; काठ वा ढुङ्गाको तखता, फल्याक; अधित्यका, ऊर्ध्व भूमि; मणिको च्याप्टो तल, दुई च्याप्टो तल भएको काटेको मणि; हत्केला, खा. ग. हात हेर्दा; खान बसेका व्यक्तिहरू; खाने वेला पस्केको खाना; तालिका, सारिणी, पहाडा; at—खाने वेलामा; under the—खाइसक्दा रक्सीले टन्न भै भैंमा लडेको; lord's—क्रिस्तानी वेदी; round—बस्नेहरूको मर्यादा क्रमको वास्ता नगरेर आसन राख्न हुने गोल टेवल; dressing—ऐना जडेको; toilet—सिंगारको, धे. ज. ऐनासहित;—of degrees (विवाह निषेध हुने) हाडनाताको सम्बन्ध सूची;—of contents विषय सूची; lay, lie, on the—(संसदमा) मामला स्थगित गर्नु, स्थगित हुनु; turn the –s on स्थिति उल्टाउनु (प्रतिद्वन्द्वीहरूका बीचमा), खा. ग. तल्लोबाट माथिल्लो स्थानमा पुग्नु;—beer सामान्य;- - book राम्रो चित्रसहितको; खा. ग. बैठकमा राखिने; —- cloth टेबिलपोश;—- cut माथिसम्म पारेर काटिएको मणि;—- flap काम नभएको वेलामा तल खसाल्ने, कब्जाले जोडेको ढिका;—- knife स्याँगी;—land अधित्यका;—- leaf वा flap लमाइ बढाउनालाई टेबलको शिरमा थप्न हुने भाग, फल्याक, तखता;— - lifting,—moving,—rapping;—turning टेवल उठाउनु, चलाउनु टथाकटयाक गर्नु, उचाल्नु. घुमाउनु (देख्दा भौतिक) कारणविना, केवल पारत्रिक वा प्रेतात्मक घटनाको रूपमा;—- linen पोश, रुमाल, इ०;—- money सैनिक अफिसरको भोजभत्ता, क्लबका, सदस्यले भोजन कक्ष भाडा लिएमा तिर्ने दाम;—- spoon खाने चमचा;—- talk भोजन वार्ता (विविध; पुस्तकको नाम पनि);—ful टेवलभरि (जमात); **क्रि.** खेलमा राख्नु; टिम्बाहरूमा खोंस र दाँत काटेर नसर्ने गरी मिलाउनु; पाल (जहाजी) मा चौडा औंटा हाल्नु; tabling **ना.** टेवलमा राख्नु, क्रममा राख्नु ।

tableau (टयाब्'लो) **ना.** (व. व.—eaux उच्चा.—ओज्) चित्रवत् प्रदर्शन, खा. ग. चूपचाप र निश्चल व्यक्तिहरूको कुनै दृश्य प्रदर्शित गर्ने समूह;—vivant (व. व.—र vivants) पनि; एक्कासि उत्पन्न भएको नाटकीय वा प्रभावशाली स्थिति; (घटना वा परिस्थितिको वर्णनपछि वि. बो, प्रयोग) विचार गर्नोस् !—curtains (नाचघर) दुईतिरबाट आएर रङ्गमञ्चको बीचमा जोरिने पर्दा (माथिबाट खसाल्नेको विप०) ।

table d'hote (टाब्ल् डोट्') **ना.** होटलमा खाने साझा टेबल;—dinner इ० तोकिएको समय र मोलमा प्राप्त हुने होटलको खाना; साझा खाना (दाँ० a la carte फर्मायसी) ।

tablet (टयाब्'लेट्) **ना.** पट्टिका, पट्ट, फलक, पत्र, पाता (हस्तिहाड, काठ, इ० को), खा. ग. सँगै जोडिएको वा सिइएको समूह, अघि लेख्ने साधन; (सा. व. व.) त्यस्तो समूह; लेखसहित, वा लेखको लागि, सानू शिला; (ओखतीको) चक्की ।

tablier (टयाबलियें') **ना.** स्त्रीको सानू कटिप्रच्छद वा लुगाको सो प्रकारको भाग (फ्रे.) ।

tabloid (टयाब्'लॉयड्) **ना.** चक्की; आधा ताउमा छापिएको, सनसनी वा आक्षेपपूर्ण औ पुष्टि नभएको समाचार रहेको शैली र ढाँचामा मानिसको रुचि तान्ने, अखबार;—journalism त्यस्तो पत्रकारिता ।

taboo (टबू') **ना.**, **वि.** र **क्रि.** विधि, काम, जसले पूर्व प्रशान्त महासागरका पलिनिसियन टापूहरूमा व्यक्ति वा वस्तुलाई पवित्र वा पापी बनाउँदछ; रोक, वारना, निषेध; **वि.** रोकिएको, रोक्का, निषिद्ध; **क्रि.** (वस्तु, चलन, इ० मा) रोक लगाउनु, निषेध गर्नु; अधिकार वा सामाजिक जोडले बहिष्कार वा निषेध गर्नु; (टोङ्गाको बोली टाबुबाट) ।

tabor (टे'वर्) **ना.** (ऐति.) ड्याम्को, डम्फू, खा. ग. बाँसुरीसँग बजाउने ।

tabouret (ट्या'बरिट्) **ना.** पिठ्यूँ वा हात नभएको आसन, स्टूल, त्रिपाई; बुन्ने आकार ।

tabu (टबु') **ना.** taboo को रूपान्तर=वारना ।

tabula (ट्या'ब्यूला) **ना.** (ब. व.—ae) (श. वि.) हाडको कडा च्याप्टो तल;—rasa मेटिएको पत्र, (अलं.) जन्म समयमा कुनै आन्तरिक भाव नभएको मानव मन, चेतना ।

tabular (ट्या'ब्युलर्) **वि.** सारिणीबद्ध, पत्राकार; चौरस, सम्म; चौडा र च्याप्टो (टेबल झैं) पाताले बनेको ।

tabul/ate (ट्या'ब्यूलेट्) **क्रि.** र **वि.** सारिणीबद्ध, पाटिबद्ध गर्नु; (—ation **ना.** तालिकाकरण;—ator **ना.** तालिकाकार); च्याप्टो तल पार्नु, सम्म पार्नु; **वि.** च्याप्टो, पत्र पत्र भएको ।

tacamahac (ट्या'कमह्याक्) **ना.** द. अमरिकाका कोही रूखबाट निस्कने चोप; पिपलपाते मलम ।

tace (टे'सी) **क्रि.** लोट, चूप लाग्नु ! (ल्या.) ।

tacet (टे'सेट्) **ना.** स. निर्दे० गीत वा वाद्य यन्त्र थाम्ने आदेश ।

tach (e) (ट्याक्) **ना.** (बाइ०) कडी, साङ्लो, बगलस ।

tachometer (टको'मिटर्) **ना.** वेगमापक ।

tachycardia (ट्याकिका'र्डिया) **ना.** (रो. नि.) मुटुको वेग, रोगको रूपमा ।

tachygraphy (टकि'ग्रफी) **ना.** खा. ग. प्राचीन ग्रीक र रोमन जातिको संकेत लिपि ।

tacit (ट्या'सिट्) **वि.** बुझिएको, सूचित, भएको, मानिएको, (खाससँग नभनिए तापनि); वचन वा कर्मबाट पृथक् रहने, मूक र निष्क्रिय ।

taciturn (ट्या'सिटअर्न्) **वि.** अनालापशील, नबोल्ने, मौनी, वाचंयम, घोसे, अल्पभाषी;—ity **ना.** मौनता, मितवाक्, मूकभाव ।

tack (ट्याक्) **ना.** र **क्रि.** च्याप्टो टाउको भएको सानू तीखो काँटा, कीला; tin-—टिन लाएको फलामे काँटा; brass—s पित्तले काँटा; (अप०) वास्तविक विवरण, कामको कुरा; सिलाइमा लामू अस्थायी फडका; (नौ.) पाल बाँध्ने डोरी; (नौ.) दिशा परिवर्तन (हावाबाट फाइदा उठाउन); (अलं०) नीति वा कामको सिलसिला; वार्निश, इ० को च्याटच्याटे स्थिति; खाना, खुराक, खा. ग. hard—, soft—रोटी, बेस खाना;—-driver काँटा ठोक्ने क़ल;—-hammer उखेल्ने नङ्ग्रासमेत भएको हलका हतौडी; **क्रि.** (कार्पेट, इ.) काँटाले थिच्नु, ठोक्नु; (कपडा) ठूलो टाँका हालेर हलकासँग सिउनु; सर्नु, घस्कनु; (अलं०) जोर्नु, नत्थी गर्नु; (नौ.) जहाज, डुङ्गाको दिशा फेर्नु; (कसैको) आचरण, नीति, फेर्नु ।

tacking (ट्या'किङ्) **ना.** शा. अ. मा, खा. ग. (कानून) तेस्रो अथवा पछिको बन्धकको प्राथमिकता (सूचना नदिएको दोस्रो बन्धकमाथि); (संसद०) वित्तीय विधेयकमा बाहिरी कुनै कुरा समावेश गर्नु, जसद्वारा उच्च सदनले वित्तीय विधेयकमा अदलबदल गर्न नपाउने हुँदा सो सदनबाट पारित हुन्छ; जोर्नु, संलग्न गर्नु ।

tackle (ट्या'क्ल्) **ना.** र **क्रि.** डोरी, घिर्नी, अंकुश, इ. को साज, जसद्वारा बोझा उचाल्ने, पाल, इ. सजाउने, काम हुन्छ (block and—) पनि; काममा वा खेलको सामान, ज. कि. fishing—; खा. ग. फूटबलमा विपक्षीलाई समात्नु, छेक्नु, वा रोक्नु; भिडन्त;—-block डोरीसहितको घिर्नी;—-fall साजका खण्डहरू जोर्ने डोरी; **क्रि.** (विपक्षी, असजिलो वा समस्या) सामना गर्नु, भिडिनु, मिलाउने वा परास्त गर्ने उद्देश्यले समात्नु, कुश्तीं खेल्नु; (फूटबल) खेलाडीलाई रोक्नु वा समात्नु; दाउपेचले प्राप्त गर्नु;—to (बो. चा.) फुर्तीले, जोशसँग, काम थाल्नु ।

tact (ट्याक्ट्) **ना.** ठीक बेठीक काम, कुरा, को सरल ज्ञान, व्यक्ति वा परिस्थितिको सामना गर्नामा दक्षता, सीप; तजवीज, चतुर्‍याइँ, बुद्धि, होश, समझ, विचार;—ful समझदार, निपुण; —less नासमझ, होस्ल्याङ ;—lessness अनिपुणता, अवैदग्ध्य ।

tactical (ट्या'क्टिक्ल्) **वि.** युद्धकौशलीय, रणनिपुण; सैनिक वा नौसैनिक युद्धकार्यको तात्कालिक सहायताको लागि गरिएको, सहायक ।

tactic/s (ट्याक्'टिक्स्) **ना.** (ए. व. वा ब. व.) व्यूढी, व्यूहन, युद्धमार्ग; शत्रुसँगको मुठभेटमा सैनिक, नौसैनिक वा वायु बल ठीकसँग प्रयोग गर्ने विद्या वा कला; युद्धोद्योग, युद्धोद्यम; बलविन्यास कौशल, व्यूहरचनाकला; (ब. व.) लक्ष प्राप्त हुने कारवाई, चाल, युक्तिपूर्ण कारवाई; यस्तै अर्थमा कहिलेकाहीं ए. व. tactic;—ian **ना.** युक्तिकुशल, युद्धशास्त्रविद् ।

tact/ile (ट्याक्'टाइल्) **वि.** स्पृश्य, स्पर्शनीय, स्पर्शवेध;—impression स्पृश्य अनुभव;—ial **वि.** स्पृश्य; सुस्पष्ट, वेध्य; (चित्र०) घनत्वको परिणाम उत्पन्न गर्ने, सोसँग सम्बन्धित, ज. कि.—values घनत्वको गुण ।

tadpole (ट्याड्'पोल्) **ना.** भेकशिशु, शावक; भ्यागुतोको बच्चा ।

taedium vitae (टी'डियम् भाइ'टी) **ना.** जीवनसँग क्लान्ति, आत्महत्यातिर प्रवृत्तिसहित (ल्या०) ।

tael (टेल्) **ना.** चीनिया वजन, खा. ग. अघिको मुद्राको एकांकीको रूपमा ।

taenia (टे'निआ) **ना.** (ब. व.—ae) (भवन.) खम्बामाथिको फित्ता जस्तो बुट्टा; (श. वि.) फित्ता जस्तो भाग, खा. ग. मस्तिष्कको; बेरेको पट्टी; फित्ते जूका; (ग्री. र रो. प्रा. इ.)

कपाल बाँध्ने फित्ता, रिवन ।

taffeta (ट्या'फिटा) **ना.** पातलो टल्कने रेशमी या सूती कपडा ।

taffrail, **tafferel** (ट्या'फ्रिल्) **ना.** जहाजको पछाडिपट्टिको डंडी ।

taffy (ट्या'फि) **ना.** (वो. चा.) वेल्श मान्छे; टफि (toffee) ।

tafia (ट्या'फिअ) **ना.** गुडबाट वनाएको कडा रक्सी ।

tag (ट्याग्) **ना.** र **क्रि.** (—gg—) फित्ताको छेउको धातुको भाग, टुप्पो; बूट जुत्ताको पछाडिपट्टि सिएको (लाउँदा तान्ने) फुर्को; ठेगाना, नाम, इ० लेख्ने (कुनै कुरामा बाँध्ने) चिठ्ठा; केही कुराको खुकुलो टुप्पो; भेडाको आङ्को जुत्रे ऊन; गाँस, थप, जोरन; (नाच.) दर्शहरूलाई सम्बोधित गरिएको आखिरी शब्दहरू; सहलिया उद्धरण, थेको, गानाको थेको; पशुको पुच्छर (को टुप्पो); केटाकेटीको लखेट्ने खेल, तेलकासा जस्तो;—-day झण्डा दिवस;—-rag=rag—हूल, निम्नश्रेणीका व्यक्तिहरू;—-sore भेडाको खटिरा;—tail पुच्छर; पछुवा, पछिलग्गू, चाकरीबाज; **क्रि.** (लेस, साहित्यिक रचना, इ०) जोरन, गाँस, हाल्नु; एउटामा अर्को जोड्नु, खा. ग. एउटामा अर्को लेख; श्लोकहरूमा अन्त्यानुप्रास मिलाउनु, श्लोक गुँथ्नु; भेडाको फुट्टा रौं काट्नु; (वो. चा.) नगीचमा वा लगातार पछि लाग्नु; (खेलमा) छुनु;—ger **ना.** खेलमा डूम; (व. व.) फलामको पातलो पाती ।

taiga (टाइ'गा) **ना.** वनमय प्रदेश (रूसी) ।

tail (टेल्) **ना.** र **क्रि.** पुच्छर; पुच्छर जस्तो कुरा, पछिल्लो भाग, पुछार; पछि लाग्ने व्यक्ति, जासूस; (आँखाको) कोष; कमजोर समूह (खेलाडी दलका); (व. व.) लामू फेर भएको कोट; (ए. व. वा व. व.) सिक्काको उल्टोपट्टि; **क्रि.** पुच्छर हाल्नु, पुच्छर काट्नु, छोट्याउनु (घोडा, कुकुर, इ. को); (फलको) डाँठ झिक्नु; (वो. चा.) पछि लाग्नु, पीछा गर्नु (जासूसीमा); (एक चीजमा अर्को) जोर्नु;—wags dog पुच्छरले कुकुर हल्लाउँछ, सानूले ठूलोलाई तावेमा राख्छ;—s up ! हिम्मत नहार !; turn—भाग्नु, हार मान्नु, twist the lion's—जिस्क्याउनु; drop salt on—समात्नु; pasha of three—s ठूलो दर्जाको;—margin (पुस्तकको) पृष्ठको तलको फड्के; cow's—झुत्रिएको डोरीको टुप्पो; head or tail शिर पुच्छर;—-board गाडी, ट्रक, जीप, इ० मा पछाडि राख्ने आड;—-coat पुरुषको लामू फेर भएको विहान वा साँझको कोट;—-light पुछार बत्ती (मोटर, साइकल, इ० को.);—piece (पुस्तकमा) अध्याय, इ० को समाप्तिमा हाल्ने बुट्टा;—pipe **ना.** पम्पको शोषक नली; **क्रि.** पुच्छरमा (कुकुरको, अलं. मानिस) केही बाँध्नु;—-spin **ना.** (उड्डयन) पुच्छरे चक्कर;—after पछि लाग्नु;—away वा off (व्यक्ति, कुकुर, इ०) पछि पर्नु वा छुट्टिनु;—in एक छेउ भित्तामा अड्याएर राख्नु ।

tail (टेल्) **ना.** र **वि.** (का.) सीमित स्वामित्व; in—सीमित स्वामित्वमा; एक व्यक्ति र उसका वंशजमा सीमित रहेको जेथा; **वि.** त्यसरी सीमित भएको, estate—, fee—सीमित जेथाको भोग ।

tailing ((टे'लिङ्ग्) **ना.** शाब्दि. अ. मा, खा. ग. वा पनि; भित्तामा रहेको बाहिर ननिस्केको ईंट, ढुङ्गा वा काठ; (व. व.) अन्न, धौ (कच्चा धातु) को कसिङ्गर वा फोहर; छिप्दा टाटो लागेको वा अन्य दोष ।

tailor (टे'लर्) **ना.** र **क्रि.** दर्जी, सुजिकार, नगर्ची, (खा. ग. पुरुषको लुगा सिउने); **क्रि.** सिउनु, सुजिकारको काम गर्नु, लुगा छेक्नु र बनाउनु, खा. ग. निष्ठामा, well-—ed राम्रो सिइएको, राम्रो बान्कीको, ride like a—बेठीकसँग;—-bird पात सिएर गुँड बनाउने दमाई चरो;—-made (खा. ग. स्त्रीको) नापमा तयार गरिएको, खूप मिलेको—'s chair पलेंटी मारेर वस्न हुने खुट्टा नभएको;—'s cramp औंलामा ऐंठन, बाँउडिनु;—'s twist बलियो रेशमी सूतको किसिम ।

tain (टेन्) **ना.** पातलो टिने पातो; ऐनामा टाँस्ने टिनको तपक ।

taint (टेण्ट्) **ना.** र **क्रि.** क्षय, इषण वा रोगको (अक्ष वा अलं०) टाटो, पोतो, धब्बा, दूषित अवस्था, शोथ; **क्रि.** इषण वा रोग घुसाउनु; रोग वा क्षय वा दोषले दूषित हुनु;—ed goods (मजदूर संगठन) संगठनका सदस्यले चलाउन नहुने (संगठन-बाहिरका मजदूरबाट काम लिइएको हुँदा), दूषित माल सामान ।

taj (टाज्) **ना.** मुसलमान जोगीको अग्लो टोपी ।

take (टे'क्) **क्रि.** (took,—n) लिनु, समात्नु, पक्डनु, मोह पार्नु, पाउनु, लाभ गर्नु; प्राप्त गर्नु, उपलब्ध गर्नु; साथ लिनु, लैजानु, हटाउनु, खोस्नु; (रोग) लाग्नु; अनुभव गर्नु; पत्ता लाउनु, झिक्नु, ठान्नु बुझ्नु; भाव लिनु; स्वीकार गर्नु, सहनु; (पत्र पत्रिका) लिनु; (काम) गर्नु, (तसवीर) खिच्नु; —the bull by the horns कठिनताको क्रियात्मक सामना गर्नु; duece—it यसको नाश होस् !—bit between teeth (घोडाले) काँडा टोक्नु, (अलं०) तावेबाट छुट्नु;—by storm धावाले लिनु;—the cake or biscuit (अप.) उत्तम हुनु;—silk वकालत गर्नु, ब्यारिस्टर बन्नु;—a back seat अघि नसर्नु, पछि वस्नु; not taking any (अप०) प्रस्ताव अस्वीकार गर्ने बोली;—aim दाग्नु;—care सावधान हुनु;—effect (काम) लाग्नु;—exception विरोध गर्नु;—after (व्यक्ति, खा. ग. पितामाता, सँग) मिल्नु;—back फिर्ता लिनु (वचन पनि);—in प्रवेश गराउनु, लिनु;—-in **ना.** ठगी, छल, फजूल कुरा;—off फुकाल्नु; —-off **ना.** ठट्टा, व्यङ्ग चित्र, उफ्रने, उड्ने, ठाउँ वा क्रिया; —it out of बदला लिनु;—over (काम) सह्माल्नु, बुझ्नु, बुझबुझारथ गर्नु;—-over bid व्यवसाय आफ्नु हातमा लिने मनसायले बोलेको मोल, व्यवसाय कब्जामा आउने गरी अंश किन्ने प्रस्ताव;—up ओगट्नु;—to पछ्याउनु;—up with सहवास गर्नु;—up the cudgels अर्काको लागि लाठो लिनु, पैरवी गर्नु ।

take (टेक्) **ना.** (समातेको वा मारेको) शिकार, माछा, इ०; (मुद्र०) एक पटकमा छाप्नालाई तयार गरिएको पाण्डुलिपि (को भाग); आमदानी, खा. ग. नाचघरमा आसन विक्रीबाट; (चलचित्र०) खिचिसकिएको वा खिचिने दृश्य ।

taker (टे'कर्) **ना.** शाब्दि. अ., खा. ग. (जुवा) बाजी ठोक्ने (ख. ग. घोडदौडमा) ।

takin (टा'किन) **ना.** सींग भएको उग्राउने भोटे जन्तु ।

taking (टे'किङ्) **ना.** र **वि.** शाब्दि. अ. मा, खा. ग. (ब. व.) आमदानी (कारोबारबाट); (आ.) छटपटको अवस्था; **वि.** मनोहारी, मोहक, सरुवा, संक्रामक ।

talc (ट्यालक्) **ना.** र **क्रि.** खरी, (चिप्लो पार्न प्रयोग हुने); **क्रि.** खरी घस्नु, लाउनु; tal (c) ky **वि.** खरिलो;—ite **ना.** खरीको गहुङ्गो जात ।

talcum (ट्या'ल्कम्) **ना.** talc—powder शृङ्गार वा अङ्गरागमा व्यवहार हुने धे. ज. सुवासित खरीको धूलो ।

tale (टेल्) **ना.** सत्य, वा धे. ज. किस्सा, कल्पित कथा; साँचो झूटो जे भए पनि चुगली, बात, पोल, छुल्याइँ, चुक्ली, छुस्केरा; tell—s चुक्ली हाल्नु, लाउनु;—-bearer चुक्लिखोर, छुल्याहा, मुसुमुन्द्रे, घुसघुसे, कुरौटे;—bearing **वि.** र **ना.** कुरा लैजाने, चुक्ली लाउने; चुक्ली;—teller कथावाचक, चुक्लिखोर, पिशुन (आ., अलं. कवि.) गन्ती, कुल, जम्बा, गोटा ।

talent (टया'लेण्ट्) **ना.** सीप, विभव, कौशल, दक्षता, चातुर्य, धीशक्ति, मेधा; दक्षहरू; ल्याकतदारहरू; (आ.) प्रा. ग्री.हरूको वजन र मुद्रा;—-money बेपेशावाल खेलाडी (खा. ग. क्रिकेट खेल्ने) लाई असल खेलको लागि दिइने वित्तीय पुरस्कार;—- scout दक्ष (खा. ग. चलचित्र अभिनेता, नेतृ, वा) उज्याला युवकहरूको खोजी गर्ने सीपचार ।

tales (टे'लीज्) **ना.** (का.) जूरी समाह्वान; जूरीमा डाक्न सकिने व्यक्तिहरूको सूची; pray a—जूरी पूरा गराउने अर्जी;—man समाह्वान गरिएको व्यक्ति ।

talion (टया'लिअन्) **ना.** (**talionis** पनि) वैर साधनको कानून, जसमा हानिको किसिम र मात्राबमोजिमको दण्डको विधान हुन्छ ।

taliped (टया'लिपेड्) **वि.** र **ना.** विकृत गोडा भएको; (पशु.) बटारिएको खुट्टा भएको (विशेष जातको सानू भालूको जस्तै, इ.); **ना.** विकृत गोडा भएको पशु वा व्यक्ति, बाङ्गे गोडे ।

talipes (ट्या'लिपीज्) **ना.** स्थूल चरण; विकृत गोडाको बनोट ।

talipot,—ut (ट्या'लिपॅट् ,—पट्) **ना.** तालपत्र ।

talisman (ट्या'लिज्म्यान्) **ना.** कवच, जन्तर, आश्चर्य फल दिने वस्तु, छुक ल्याउने वस्तु, रक्षा करण्डक, रक्षा कवच;—ic **वि.** आश्चर्यभूत, जादूको ।

talk (टॉक्) **क्रि.** र **ना.** कुरा गर्नु, विचार आदान प्रदान गर्नु, कुराकानी गर्नु; (बालकले) बोल्नु, बोल्न जान्नु; बेतारद्वारा कुरा गर्नु; कुराले स्थितिमा पुग्नु, पुऱ्याउनु;—big ठूलो भएर कुरा गर्नु;—tall गफ लगाउनु; people will—निन्दोचर्चो गर्छन्; now you're—ing (अप.) त्यो कुरा मलाई मन पऱ्यो; you can't—(बो. चा.) आफू नि आफू !;—shop पेशावर कुरा; (cold) turkey (बो. चा.) यथार्थ, कामको, कुरा; talk (oneself) hoarse ज्यादा बोलेर सोर बसाउनु;—round फकाएर मनाउनु;—at कुरा सुनाउनु;—away बकबक गर्नु;—back ओठे जवाफ लाउनु;—down कराएर वा करले बोलेर दबाउनु; वायुयानलाई रेडियोद्वारा जमीनबाट आदेश दिएर ओह्राल्नु;—out (संसद) लामू भाषण गरेर विधेयक, प्रस्ताव, पारित हुन नदिनु;—through (one's) hat कुरा बढाउनु, कुरा गर्नु, फजूल कुरा गर्नु;—to बोल्नु, हप्काउनु; give a—ing to डाँट, हप्काइ; **ना.** वार्ता, कुराकानी, बोलचाल, वार्तालाप, बातचीत, प्रवचन, चर्चा; small—सामान्य सामाजिक कुराकानी; table—खाँदाको कुरा; end in—केवल कुरामा सकिनु (काम नहुनु); secret—(s) पाल्सीकुरा, गुप्त कुराकानी ।

talkative (टॉ'कटिभ्) **वि.** चतुरो, वचस् , वाचाल, फतुरो, बोलाकी, बोलक्कड, बतौरा; गफी, गफास्टक;—ness **ना.** बकवादी ।

talkee-talkee (टॉ'कि टॉ'कि) **ना.** बकवाद असभ्य वा अर्धसभ्य जातिहरूको टुटेफुटेको अंग्रेजी ।

talker (टॉ'कर्) **ना.** वार्ताकार, बोलाकी, वाचाल, वाक्पटु वक्ता; great—बकमफूस ।

talkie (टॉ'कि) **ना.** (अप.) वाक्चित्र ।

talking (टॉ'किङ्) **वि.** शाब्दि. अ मा, खा. ग. बोल्ने, बोल्न सक्ने;—parrot,—eyes इ० ।

tall (टॉल्) **वि.** र **क्रि. वि.** अग्लो. उँचो, लम्बे;—and thin टँगरो, टौवा;—boy उँचा दराज, कहिलेकाहीं दुई वा बढी भागमा, औ खण्ड भएको; (अप.) अति, बढेचढेको, वा गुड्डीपूर्ण; **क्रि. वि.** (अप.) बढी ढाँचासँग, ज. कि. talk—गुड्डी हाँक्नु, गफल लगाउनु;--story गफास्टक ।

tallith (ट्या'लिथ्) **ना.** यहूदीहरूले प्रार्थनामा लाउनुपर्ने पछ्यौरा ।

tallow (ट्या'लो) **ना.** र **क्रि.** बोसो (पशुको साह्रो बोसो पगालेर बनाएको), ज. बा. मैनबत्ती, साबुन, इ. बनाइन्छ, औ यन्त्रमा चिल्लोको रूपमा हालिन्छ;—vegetable--वनस्पति वसा;—-chandler वसाविक्रयी;—- drop एकापट्टि वा दुवैतिर गुम्बजको आकारमा मणि काट्ने बान्की;—- face पहेंलो व्यक्ति;—- tree बोसो जस्तो पदार्थ दिने रूखको प्रकार; **क्रि.** बोसो दल्नु, बोसो (यन्त्रमा) हाल्नु; (भेंडा) मोटाउनु ।

tally (ट्या'लि) **ना.** र **क्रि.** लेनदेन, कारोबारको चिनुको रूपमा धर्सा कोरेको दुई फ्याँकमा चिरेको काठको एक फ्याँक (पुरानु पसले इ० ले हिसाब राख्ने तरीका); हिसाब, तिरो; दिएको वा बुझेको मालको संख्या जनाउने चिन्ह, (सो संख्या-

लाई एकांकी गरेर); नाम इ. सहित कागत, काठ वा धातुको पर्चा; गन्ती, गोटा, अदत, थान, जोडा, दोहोरो, नकल;—man गन्तीवाल (पसले), नमूना पसले;—-sheet गन्ती राख्ने कागत; **क्रि.** संकेतबाट गन्नु, हिसाब राख्नु, (नौ) (तन्ना, पाल) तन्क्याउनु, मिल्नु, ठ्याक खानु, रुजु हुनु ।

tally—ho (ट्या'लि--हो') **वि. बो., ना.** र **क्रि.** स्याल देखापरेपछि कुकुरलाई उस्काउने शिकारीको बोली; **क्रि.** सो बोलीले कुकुरलाई उस्काउनु, लहै लहै !!

talma (ट्या'ल्मा) **ना.** स्त्री वा पुरुषको लामू केप वा विना बाहुलाको लामू क़ोट ।

talmi-gold (ट्या'लिम–गोल्ड) **ना.** सुनको मोलम्मा भएको पित्तल ।

Talmud (ट्या'ल्मड्) यहूदी धर्मपुस्तक ।

talon (ट्या'लन्) **ना.** नङ्ग्रा (खा. ग. शिकारी चराको), नख; बाँडिसकेपछि बाँकी रहेको ताश, ढेडी; छिस्किनीको डण्डी लाग्ने क़ाँध ।

talus (टे'लस्) **ना.** (ब. व,—li) (श. वि.) गोलीगाँठे हाड; स्थूल चरण; चुच्चो भएर जाने भैंमा आड लाग्ने भित्ताको ढलो; (भूतत्व.) पहाडको फेदीमा जम्बा हुने तेर्सो परेको पत्थर र ढुक्राढुक्रीको ढेर ।

tamarind (ट्या'मरिण्ड्) **ना.** तितरी, अमिलो, इमली, अम्लिका, अमिली ।

tamarisk (ट्या'मरिस्क) **ना.** पिचुल, भानुक, समुद्रनजीक लाउने जातको बिरुवा ।

tambour (ट्या'म्बूर्) **ना.** र **क्रि.** तबला, मादल, मृदङ्ग, तबल, पखवाज, ठेका, ढोलक, ढोल; रेशम इ. बुन्ने फ्रेम, ढाँचा; आवाज गर्ने माछाको प्रकार; **क्रि.** सिंगार्नु, सजाउनु (रेशम, कपडा, इ. मा बुट्टा हालेर) ।

tambourin (ट्या'म्ब'रिन्) **ना.** पखवाज; पखवाजको नाच (को सङ्गीत) ।

tambourine (ट्या'म्ब'रीन्) **ना.** खैंजडी; अफ्रिकाली परेवाको जात ।

tame (टेम्) **क्रि.** र **वि.** रत्याउनु, सधाउनु, तहलाउनु, सम्हाल्नु, पाल्तु गराउनु, वशमा ल्याउनु, दमन गर्नु, रोक्नु, नीचा गराउनु (पशु, चरा, व्यक्ति, जोश, साहस, उत्साह, इ.); **वि.** पाल्तु, वशग, दान्त, विनीत, अधीन, शान्त; नीरस, निःसत्व;—cat अलं. निमुखा, मददगार, चाकरीबाज; (बो. चा., जमीन, बिरुवा) आबाद गरेको, लगाएको; वशवर्ती, निर्जीव, निष्क्रिय, निर्बल, बेस्वादको; tam (e) ability वश्यता; tameness वशता, गृह्यता ।

Tammany (ट्या'मनि) **ना.** न्यूयर्कको ट्यामनि हलमा रहेको डेमक्र्याटिक पार्टीको संगठन (धे. ज. राजनैतिक भ्रष्टाचारको संकेत गर्ने); T—ism **ना.** राजनैतिक पतन वा दूषण ।

tam-o-shanter, tammy (ट्याम्–ओ–श्याण्ट'र, ट्या'मि) **ना.** निधारमा कसिने, तर माथि खुकुलो भएको बाटुलो ऊनी टोपी ।

tamp (ट्याम्प्) **क्रि.** (बारुद कोचेको प्वाल) माटोले थुन्नु, टाल्नु (विस्फोटनको पूरा जोड पाउनाको लागि);—ing **ना.** ठोकाइ (सडकको रोडा इ०);—er **ना.** ठोक्ने; (डकर्मीको) ज्याबल ।

tampan (टयाम्'प्यान्) **ना.** विषालु द. अफ्रिकी जूका ।

tamper (टयाम्'पर) **क्रि.**—with हात हाल्नु, चलाउनु, अनधिकार फेरबदल गर्नु (कागत, लेख, इच्छापत्र, इ० मा); कसैमाथि गुप्त र भ्रष्ट प्रभाव पार्न खोज्नु, बहकाउनु, वशमा राख्न खोज्नु ।

tampion (टयाम्'पियन्) **ना.** बन्दूकको नलीको लागि काठको बिर्को; बिर्को, काग ।

tampon (टयाम्'पन्) **ना.** र **क्रि.** रगत थाम्ने गद्दा, कपाल कोर्दा हाल्ने गद्दा; **क्रि.** रगत थाम्न गद्दा बाँध्नु ।

tamponade (टयाम्पनेड्'), **tamponage, tampoment** (टयाम्'–) **ना.** घाउमा गद्दाको प्रयोग ।

tan (टयान्) **वि.** र **ना.** (छो. क)=tangent स्पर्श रेखा ।

tan (टयान्) **क्रि.** (-nn-) **ना.** र **वि.** चरसालाई तयारी छाला बनाउनु, (अनेक प्रक्रियाद्वारा); (—nable चर्मशोधनीय;—nage चर्मशोधन;—ner **ना.** चर्मकार, चर्मशोधक;—nery **ना.** चर्मशोधशाला); घामले डढ्नु डढाउनु; (कृत्रिम संगमरमर, माछा मार्ने जाली, इ०) दह्रो पार्ने क्रिया गर्नु; (अप.) पिट्नु, कोर्रा ठोक्नु ; **ना.** चर्मशोध गर्ने बूटी; सोको रंग (पहेंलो कैलो); घामले डढेको ढलौटे रंग; the—(अप.) सरकस, घोडा चढ्न सिक्ने ठाउँको भुँ; (spent—पनि) चर्मशोधन अम्ल झिकिसकेको माँड;—-balls काम लागिसकेको चर्मशोधकको डल्ला, बाल्न काम लाग्ने—-liquor,—-ooze,—-pickle चर्मशोधक झोल;—-yard चर्मशोधशाला **वि.** कैलो रंगको; black and—(अघि) आयरल्याण्डका वासिन्दालाई दबाउन राखेको विशेष रक्षादल ।

tanagra (टयानग्र वा टयन्याग्र) **ना.** प्रा० ग्रीसको विओशिया प्रदेशको सहर; सो ठाउँमा वा सोनेरका चिहानमा पाइने माटाका मूर्ति (पूरामा--statuette, figurine) ।

tandem (टयान्'डेम्) **क्रि. वि., ना.** र **वि.** (जोतेको घोडा) एकपछि अर्को; drive—त्यसरी जोतेको घोडाले तान्ने बग्गी इ० हाँक्नु; **ना.** (त्यसरी जोतेको घोडाको) बग्गी; मोटर साइकल, (तीन पाङ्ग्रे), चालकपछाडि अर्को असन भएको सवारी; **वि.** तीन जना चढ्ने (बाइस्कल, इ०) ।

tang (टयाङ्) **ना.** र **क्रि.** औजार (रामो, इ०) को बींडमा जाने चुच्चे भाग, डाँस; समुद्री झारको किसिम; धातु टक्कराउँदा हुने आवाज, टन्न; कडा स्वाद वा बास्ना, विशेष गुण; **क्रि.** बज्नु, टन्न हुनु, जोरसँग आवाज गर्नु; भाँडा बजारेर माउरीलाई जालोमा बसाल्नु; स्वाद वा बास्ना हाल्नु, सोले प्रभावित हुनु ।

tangen/t (टयान्'जेण्ट्) **ना.** स्पर्श, स्पर्शरेखा, सम्पत्तिरेखा; fly off at a—तेर्सो जानु, (अलं.) विषय, आचरण, चटक्क

छोडेर अर्कोतिर लाग्नु; (त्रिज्यामिति छो. क.) tan of an angle सो कोणको भुजाबाट आधारमा खिचेको लम्ब र आधारको अनुपात; **वि.** स्पर्शीय, कुनै तल वा रेखालाई एक बिन्दुमा छुने, तर बढाएमा पनि त्यसलाई नकाट्ने;—balance अङ्कित चापमा दर्शक बसेको ठाउँले तौल देखाउने तराजू;—cy स्पृश्यता; tial (टयान्जेन'शल्) **वि.** स्पर्शीय;—tially **क्रि. वि.** वाङ्गो गरेर ।

Tangerine (ठ्यानूज'रीन्') **वि.** र **ना.** टयाञ्जियर (अफ्रीकी सहर) को (वासिन्दा);—(orange) सुन्तला ।

tangib/le (टयान्'जिब्ल्) **वि.** स्पर्शनीय, स्पृश्य, स्पर्शवेध; सफा, सुस्पष्ट, प्रकट; (का०) दैहिक, शारीरिक; खँदिलो, ठोस; —ility स्पृश्यता;—ly **क्रि. वि.** सफासँग, स्पष्टसँग ।

tangle (टया'ङ्ग्ल्) **क्रि.** र **ना.** बाटिनु, बटारिनु, अल्झिनु, जोल्टिनु (धागो, रौं, इ०); जोगल्टिनु; छल्नु, फँसाउनु, जटिल पार्नु;—foot (अप०) ह्विस्की वा मादक द्रव्य; **ना.** जगल्टा, जोल्टिएको धागोको गाँठो, गुच्छा, पोको; अस्तव्यस्त अवस्था; सुकुमारी जलीय जीवहरूको लागि पानी सोहर्दा प्रयोग गरिने उपकरण, जाल, गुच्छा; टन्न (आवाज) ।

tango (टयाङ्गो) **ना.** (व. व.—s) र **क्रि.** द. अमरिकाको नाच; **क्रि.** टयाङ्गो नाच्नु ।

tank (टयाङ्क) **ना.** तरल, झोल वा वायु, ग्यासको लागि बडेमा धातु वा काठको भाँडो, टङ्की, जलाशय, इन्जिनको पानी उमाल्नको लागि पानी राख्ने टङ्की भएको डब्बा; पोखरी, जलाशय; (सेना.) तोप जडेको झुसिल्कीरे मार्गमा चल्ने बख्तरबन्द मोटरयान, टयाङ्क;—buster (अप.) टयाङ्क विरुद्ध वा प्रतिटयाङ्क तोप रहेको सैनिक वायुयान;—drama (नाटक. अप.) सनसनीपूर्ण उत्तेजनात्मक नाटक, ज. कि. डुब्न लागेकोलाई बचाएको केही पानीको प्रयोगले देखाइन्छ;—engine वेग्लै डब्बामा पानी नहाली इन्जिनैमा पानी राख्ने प्रबन्ध भएको इन्जिन ।

tankage (टयाङ्'केज्) **ना.** टयाङ्क, जलाशय, इ. मा राखेको भाँडा; जलाशय, भाँडो, को घन परिमाण; काम नलाग्ने वोसो, इ. बाट बनाएको खाद ।

tankard (टयान्'कर्ड) **ना.** चाँदी वा काँसको धे. ज. बिर्को भएको ठूलो पिउने भाँडो; कौशिका; मग; सोमा रहेको पेय; cool—ठण्डा गराउने मद्य पेय ।

tanker (टया'ङ्कर्) **ना.** थुप्रो खनिज तेल जस्ता तरल ओसार्ने ठूलो खाडल (तडाग) भएको जहाज; धेरै धेरै दूध ओसार्ने बडेमाको मोटरयान; अन्य वायुयानमा तेल राख्ने वायुयान ।

tanner (टया'नर्) **ना.** चर्मशोधक, चर्मकार; (अप.) छ पेन्सको बिलायती सिक्का ।

tannic (टया'निक्) **वि.** चर्मशोधक द्रव्यको;—acid टयानिक अम्ल (छाला, मसी, बनाउने) ।

tannin (टया'निन्) **ना.** रूखबाट पाइने स्तम्भक पदार्थ जुन छालाबाट जर्म बनाउँदा काममा आउँछ ।

tansy (टयान्'जि) **ना.** पहेंलो फूल र तीतो दाँते चुच्चो पात भएको बिरुवा, ओखती र भान्सामा काम लाग्ने, तेजपातको बिरुवा ।

tantaliz/e,—is/e (टयान् टलाइज्) **क्रि.** सताउनु, लोभ्याउनु (आशापूर्ण हुन लाग्यो, वस्तु भेट्टियो, भन्ने भावना दिएर, वा अपूरो समाचार, इ. ले);—ation **ना.** सकसक;—ingly **क्रि. वि.** लोभ्याउने, ललचाउने, गरी ।

tantalum (टयान्'टलम्) **ना.** विरल सेतो धातु तत्व, जो ताप र अम्लको क्रियाको सहिष्णु हुन्छ, टयाण्टलम् ।

tantalus (टयान्'टलस्) **ना.** (ग्री. प्रा. इ.) ज्यूस देवताको छोरा जसलाई पानी पिउन नसक्ने गराइएर दण्ड गरिएको थियो; t—चराको किसिम; शीशी देखिने, तर झिक्न नहुने गरी ताल्चा मारेर राख्न हुने बैठकी,—-cup वासुदेव प्याला ।

tantamount (टयान्'ट माउण्ट्) **वि.** बराबर, सम, तुल्य, समार्थक, तुल्यार्थक ।

tantara (टयाण्टा'रा) **ना.** टर्र टर्वाँ, बिगुल इ० को बोली ।

tantivy (टयान्'टिभि) **वि.**, **क्रि. वि.** र **क्रि.** (आ०) शिकारको बोली; छिटो चाल, (घोडाको) पैयाँ; दौड, कुदाइ; **वि.** छिटो; **क्रि. वि.** चाँडो, छिटोसँग; **क्रि.** हतपत गर्नु, हतारिनु ।

tantrum (टयान्'ट्रम्) **ना.** झोक, ठुस्सिनु, प्रतीपता, रिस; झर्कोफर्को ।

Taoiseach (टी'शाख्) **ना.** (आइरिश०) नेता, प्रमुख; आयरल्याण्डको प्रधान मन्त्रीको पदवी ।

Taoism (टा'ओइज्म्, टॉ'इज्म) **ना.** चीनिया दार्शनिक लाओचेको धार्मिक मत, टाओवाद ।

tap (टयाप्) **ना.** र **क्रि.** धारो, काग, बुजो (पीपाको प्वाल वन्द गर्ने; खाससँग बनाएको वा खास भट्टीको रक्सी, जाँड; भित्री पेंच काट्ने यन्त्र; हलका आघात, प्याट्ट, सोको आवाज; (ब. व.) ब्यारेक, सैनिक निवास, मा खान आउनाको बोलाहट; बिकुल वा ढोलबाट राति बत्ती निभाउने आदेश;—-dancing लयसाथ रङ्गमञ्चमा खुट्टा उठाएर नाच्ने नृत्य; **क्रि.** पीपामा धारो हाल्नु, प्वाल पार्नु (पेय झिक्नालाई); (शल्य०) भित्रको रस निस्कनालाई कुनै अङ्ग खोल्नु, प्वाल पार्नु (ज. कि जलोदरमा); रूखको रस झिक्नालाई प्वाल पार्नु (ज. कि ताडी बनाउन); (संचार, व्यापार, बढाउनालाई) कुनै प्रदेश छिचल्नु, पुग्नु, सम्पर्क स्थापना गर्नु; (व्यक्तिलाई) अनुरोध गर्नु, स्रोत बनाउनु; प्रवाहको केही अंश (तार, टेलिफोन इ. को तारबाट) अलग्याउनु (खबर, कुरा, इ. गुप्तसँग लिनालाई); भित्री पेच काट्नु ।

tapa (टा'प) **ना.** प्रशान्त महासागरीय इलाकामा लुगा, चटाई, इ. बनाउने रूखको बोक्रा (स्थानीय बोली) ।

tape (टेप्) **ना.** र **क्रि.** फिता, पुड, बन्धनी, डोरी; मार्गको वारपार रहेको जित्ने खम्बालाई जोर्ने फिता, (breast the— दौड जित्नु); सलिता; तार ग्राहक यन्त्र वा दूर मुद्रकमा रहने अनन्त कागतको ताउ; (magnetic—पनि) वैद्युत चुम्बकीय पुनरुत्पादन गर्ने धातुको फिता वा पातो;—·measure नाप्ने फिता (कपडा वा धातुको);—recorder फिता लेखक, फिता

लेखिका, फिताबाजा, टेप;—-recording यस्तो पुनरुत्पादन; —worm फिते जूका, धेरै जोर्नी भएको जूका; **क्रि.** फिता हाल्नु, फिताले बाँध्नु; (पुस्तक) विभिन्न भाग फिताले बाँध्नु। (जिल्द हाल्नेअघि); have (person)—d (अप०) कसैलाई तौलनु।

taper (टे'पर्) **ना.**, **वि.** र **क्रि.** मसिनू मैनवत्ती, दीपिका, मैन दलेको बत्तीको लोता; **वि.** (अचेल मु. कवि. वा अलं०) चुच्चिएर जाने वृत्तानुपूर्व गोपुच्छाकार, ज. कि—fingers टुप्पोतिर मसिनू; **क्रि.** (धे. ज.—off) छेउ, टुप्पो, तिर सानू हुनु वा बनाउनु; घट्तै जानु;—ingly घट्तै गएर।

tapestry (ट्या'पिस्ट्रि) **ना.** चित्र भवनिका; भित्तामा टाँग्ने तसवीर बुनिएको पर्दा।

tapioca (ट्यापिओ'का) **ना.** साबुदाना प्रकारको खाद्य वस्तु, ट्यापिओका।

tapir (टे'प्अर्) **ना.** गैंडा जातको छोटो सूँड भएको खुरे सुङ्गुर जस्तो जानवर।

tapis (ट्या'पिस्, ट्या'पी) **ना.** (विषय) be, come, on the—(छलफल वा विचारको विषय हुनु वा बन्नु)।

tapotement (टपोट्'मेण्ट्) **ना.** (भैष.) मालिस गर्दा ट्यापस्याप हान्ने क्रिया; थपथप।

tappet (ट्या'पिट्) **ना.** यन्त्रमा सविराम गति दिनालाई जडिएको सानू डण्डा, बाहु वा कलर।

tap rate (ट्याप् रेट्) **ना.** (वित्त.) सरकारी ऋणपत्रको चालू भाउ।

tapster (ट्याप्'स्टर्) **ना.** भट्टीमा काम गर्ने, रक्सी बनाउने, भर्ने, र ग्राहकलाई दिने, व्यक्ति।

tapu (टपू')=taboo, रोक, वारना, निषेध।

tar (टाअर्) **ना.** र **क्रि.** अलकत्रा; a touch of the—-brush कालो (निग्रो) रगतको मिश्रण;—macadam सडक बनाउने सामान (रोडा र अलकत्रा मिसाएको);—-water अलकत्राको क्वाथ (ओखतीको रूपमा); **क्रि.** अलकत्रा लाउनु; —and feather दण्डको रूपमा अलकत्रा लाएर प्वाँख टाँस्नु, कुखुराको भुत्ला टाँस्नु;—red with the same brush एकै बुरुशले रङ्गिएको, उही दोष हुने।

tar (टाअर्) **ना.** (Jack—पनि) नाविक, मल्लाह, नौ सैनिक।

taradiddle (ट्या'रडिड्ल्), tarra—**ना.** (बो. चा.) झूट।

tarantella (ट्यारण्टे'ला) **ना.** छिटो फन्न घुम्ने इटलीको नाच।

tarantism (ट्या'रण्टिज्म्) **ना.** नृत्योन्माद (अघि ठूलो माकुरोले टोकेर हुने भन्ने सम्झिएको)।

tarantula (ट्यान्'ट्यूला) **ना.** द. योरपको ठूलो माकुरो जसले टोकेमा नृत्योन्माद हुने विश्वास गरिन्थ्यो), अरू त्यस्तै माकुरा।

taratantara (ट्यारट्य'न्टर) **ना.** नरसिंघा, तुरही वा बिकुलको बोली, टर्र ट्वाँ।

taraxacum (टऱ्या'क्सकम्) **ना.** पहेंलो फूल हुने बिरुवा, सोबाट झिकिएको जडी।

tarboosh (टअर्बूश्') **ना.** पगरीभित्र लाउने मुसलमानी टोपी, फेज।

tardamente (टाअर्डामे'ण्टि) **क्रि. वि.** संगी. निर्दे. विस्तारै।

tardy (टअर्'डि) **वि.** झुम्सो, धीमा, लोसे, लुसो, अलमस्त, ढीलो, अबेर; (व्यक्ति) अनिच्छुक, पछि हट्ने, दीर्घसूत्री, मन्द, अलगर्जी।

tare (टेय्र्) **ना.** र **क्रि.** मालसामान राख्ने भाँडो, बाकस, बट्टा, इ. को लागि छोडिने तौल real, customary, average,—साँचैको, चलेको, औसत, तौल; तेलविना मोटरगाडी इ. को तौल; रेलको माल डब्बाको (विनामालको) तौल;—and tret तौल हिसाब गर्ने गणितको नियम; (र. शा.) वस्तु तौलने भाँडोको तौल; **क्रि.** (बट्टा, बाकस, डब्बा, इ. को) तौल झिक्नु।

targe (टाज्ˆ) **ना.** target को छो. क.।

target (टार्गेट्) **ना.** निशाना, लच्य, तारो, ताक; (अलं०) लक्ष, उद्देश्य; (अलं०) अर्काको निशाना बन्ने व्यक्ति; घुमाउरो रेलको सङ्केत; (मासु) ह्याकुलो; (targe पनि, आ.) ढाल, कवच।

tariff (ट्या'रिफ्) **ना.** र **क्रि.** आयात निर्यात कर सूची, भन्सार महसूल दर, लगत; भन्सार महसूल; सो शुल्क लगाउने ऐन; खास वस्तुहरूमा लगाउने भन्सार; preferential—प्राथमिक भन्सार अनुकूल देशको आयातमा कम भन्सार; retaliatory—प्रत्युत्तरीय भन्सार; आफ्ना निर्यातमा लगाइएको भन्सारलाई सन्तुलित गर्न लगाइएको;—reform भन्सार शुल्क सुधार;—wall भन्सार तगारो, भन्सारले खडा गरिएको व्यापारमा राष्ट्रिय रोक; तिरोको सूची, ज. कि. railway, telegraph—इ.; **क्रि.** भन्सारको लगत वा सूची तयार गर्नु; मोल लगाउनु, मूल्याङ्कन गर्नु।

tarlatan (टा'र्लटन्) **ना.** टालेटिन, मज्लिनको प्रकारको कपडा।

tarmac (टा'र्म्याक्) **ना.** टार्म्याक, टारम्याक बिछयाइएको विमानघाटको भाग।

tarn (टान्ˆ) **ना.** सानू पहाडी ताल।

tarnal, **tarnation** (टार्'नल्, टार्नेश्न्) **वि.** र **क्रि. वि.** (अप.) eternal को अपभ्रंश=गाली, किरिया, को बोली; ज्यादै ध्वंस पार्ने गरी, नाश।

tarnish (टा'र्निश्) **क्रि.** र **ना.** टलक धमिल्याउनु, टलक हटाउनु, धब्बा लाउनु (अक्ष. र अलं.); **ना.** धब्बा, टाटो, टलकको ह्रास, (खनि.) हावामा रहेको खनिजको माथिल्लो तहमा बन्ने रङ्गको तर।

taro (टा'रो) **ना.** खा. ग. प्रशान्त महासागरीय इलाकामा जरो खाद्य सामग्री गराइने बिरुवाको जात।

taroc, -ot (टया'रो) **ना.** ७८ पत्तीको ताशको ठेली; सोले खेल्ने खेल ।

tarpan (टाअ्र्'प्यान्) **ना.** टार्टरी प्रदेशको जङ्गली घोडा ।

tarpaulin (टाअ्र्पाँ'लिन्) **ना.** मैनकपडा, ख. ग. अलकत्रा लाएको जलजित कपडा, बर्सादी कपडा; बर्सादी, तार्पलिन, छोप्नेको रूपमा; मल्लाहको जलजित बनाइएको (तेल वा अलकत्राले) टोप; (आ.) मल्लाह ।

Tarpeian (टाअ्र्पी'अन्) **वि.**—rock टार्पांअन् चट्टान (जहाँको भीरबाट प्राचीन रोमन अपराधीहरूलाई खसालेर मारिन्थ्यो); भाचाकुसी; प्राणदण्ड दिइने स्थान ।

tarpon (टाअ्र्'पन्) **ना.** ठूलो (शिकार गरिने) माछाको जात ।

tarradiddle (टया'रडिड्ल्) **ना.**=taradiddle, झूट ।

tarragon (ट्या'रगन्) **ना.** स्यालड र सिरका बनाउन प्रयोग हुने बिरुवाको प्रकार ।

tarragona (ट्यारगो'न) **ना.** स्पेनको रक्सी ।

tarras (ट्या'रस्) **ना.**=trass, अघि सिमेण्ट बनाउन काम लाग्ने ज्वालामुखी पर्वतको माटो ।

tarry (ट्या'रि) **क्रि.** (अचेल साहित्यिक) पर्खनु, रहनु, बस्नु, बास गर्नु; (देखापर्न) विलम्ब गर्नु, ढीला गर्नु, ढीलो हुनु, इन्तजार गर्नु; (टा'अ्रि) **वि.** अलकत्रा जस्तो, लागेको ।

tars/us (टाअ्र्'सस्) **ना.** (ब. व.—i) गुल्फ, घुट, घुटिका; चराको पिडौला; (कीट.) अङ्गको अन्त्य टुप्पो; पटल, नेत्रच्छद, को संयोजक तन्तु;—al **वि.** घुटीम, घौट ।

tart (टाअ्र्ट्) **वि., ना.** र **क्रि.** चर्को स्वादको, अमिलो, अम्ल, शुक्त; बिझ्ने, पोल्ने, चित्त दुख्ने; **ना.** फल हालेको गुलियो रोटी, ज. कि—apple, cherry—स्याउ, चेरीको बालुसाही; jam–माथि ज्याम, मुरब्बा, हालेको बालूसाही, ज्याम बालूसाही; (अप.) ठिटी, खा. ग. खराब चालचलनकी;—let त्यस्ती (सानी) ठिटी; **क्रि.**—up भडकसँग लुगा लाउनु, वेश्याझैं लिवास गर्नु; सिंगारिनु ।

tartan (टाअ्र्टन्) **ना.** र **वि.** विभिन्न रङ्गका चार खाने बुट्टा भएको (ऊनी कपडा), खा. ग. स्कटल्याण्डका पहाडियाहरूले लाउने; त्यस्तै बुट्टाका अरू (रेशम इ.) (कपडा); स्कटल्याण्डमा प्रत्येक देशको आफ्नू छुट्टै रङ्ग र ढाँचाको (ऊनी कपडा); टार्टन्; भूमध्य सागरमा चलन हुने एक मस्तुले जहाज ।

tartar (टा'अ्र्टर्) **ना.** भाँडा, पीपा, मा जम्ने रक्सीको काइ; दन्तशर्करा, दन्तमल, दन्तरज; cream of—ओखतीमा प्रयोग हुने टार्टरिक अम्लको पोटासियम लवण;—emetic जुलाब गराउने अम्ल लवण, विरेचक;—ic **वि.** अम्लविशेषको नाम ।

Tartar, Tatar (टाअ्र्टर्) **वि.** र **ना.** टार्टरी देशको (वासिन्दा); दुर्दम जर्कटो, असभ्य जङ्गली व्यक्ति; (catch a— राक्षसको फेला पर्नु, मेख मर्नु) ।

tartar (e) sauce (टअ'र्टरसॅस्) **ना.** अण्डा, काँक्रो, इ. को टुक्रा, चाना, हालेको स्वादिष्ट रस (खाना) ।

Tartarus (टा'अ्र्टरस्) **ना.** (ग्री. प्रा. इ.) नरकको मन्तिरको गर्त जहाँ राक्षसहरू थुनिएका थिए; नरकमा दण्ड दिने थलो ।

tartrate (टा'अ्र्ट्रेट्) **ना.** टार्टरिक अम्लको लवण ।

Tartuf (f) e (टाअ्र्टुफ्') **ना.** धर्मध्वजी, पाखण्डी ।

Tarzan (टा'अ्र्ज़न्) **ना.** अति फुर्तिलो बलिष्ट बनोट भएको पुरुष; टार्जन, भीमसेन ।

task (टास्क्) **ना.** र **क्रि.** कार्य, कार्यभार, काम, कर्तव्य, पाठ; आफूखुशी काम; **क्रि.** दिनु, मेहनत करेटेर लिनु, (अर्कामाथि) तनाउ पार्नु; (बल, मेहनत, इ.) तान्नु, खर्च गराउनु; take (person) to task दोष लगाउनु, कैफियत तलब गर्नु, नसीहत दिनु; task force कुनै विशेष कामको लागि खटिएको टोली, कार्य टोली, दल;—master, mistress काम लगाउने ।

Tasmanian (टयाज़् में'नियन्) **वि.** र **ना.** टयाजमेनियाको (वासिन्दा);—devil सो ठाउँमा पाइने जङ्गली बिरालोको जात;—wolf मांसाहारी रात्रिचर ब्वाँसो किसिमको जानवर ।

Tass (टयास्) **ना.** सॅभियट संघको (तार) सम्वाद समिति ।

tassel (टया'सेल्) **ना.** र **क्रि.** (–ll-) (बुट्टाको रूपमा) फुर्का, लर्कन, झुम्को, झल्लर; कुनै कुनै बिरुवाको फुर्का जस्तो टुप्पो, खा. ग. मकैको जुँघा; पुस्तकमा चिह्न हाल्न भनी सिइएको फित्ता; बटारेको बुट्टा; **क्रि.** फुर्का, लर्कन, हाल्नु; बिरुवालाई फाइदाको लागि मकैको जुँघा झिकिदिनु ।

taste (टेस्ट्) **क्रि.** स्वाद लिनु, चाख्नु; अलिकति मात्र खानु (खा. ग. नकारात्मक प्रयोगमा); स्वाद पाउनु; (आ.) रुचाउनु, मन पराउनु, अनुभव गर्नु; स्वाद आउनु, रस आउनु, गन्ध आउनु; tastable **वि.** स्वादिलो ।

taste (टेस्ट्) **ना.** स्वाद, आस्वादन, रुचि, चाख, रस, रसानुभव, बास्ना, चखाइ; सानू मात्रा (खानाको); रसज्ञता, कलाकृतिको निर्माण वा सजावट, भाषाको छनोट, आचरण, इ० जो सौन्दर्यको रसास्वादनको क्षमताबाट उत्पन्न हुन्छ, वा जो उसमा देखिन्छ; man of—रसिक; bad—बेकाइदा, पाखेपना; to taste (आफूलाई) चाहिए जति, रुचि, रुचि भए जति; devoid of—अरसिक ।

tasteful (टेस्ट्'फुल्) **वि.** स्वादिलो, रुचिर; (व्यक्ति) रसिलो; रुचिकर, रोचक, ज्ञाता, राम्रो, रस भएको, देखाउने ।

tasteless (टेस्ट्'लिस्) **वि.** बेस्वाद, अस्वादु, नीरस, रसहीन; स्वाद थाहा नपाउने, लाटो जिब्रे; कलात्मक रस नभएको असभ्य; (भाषा, आचरण) काइदाको नभएको, केही पाखे वा असभ्य ।

taster (टे'स्टर्) **ना.** शा. अ ; खा. ग. चिया, रक्सी, इ० को रसास्वादन गर्न नियुक्त व्यक्ति, चाख्ने, रसास्वादक; (अलं.) प्रकाशकको पाठक, पाण्डुलिपि परीक्षक; (ऐति.) मालिकले खानेअघि खाना चाख्ने चाकर; रक्सी चाख्नेले चलन गर्ने सानू कप; चीज (पनीर) बाट चाख्नालाई सानू गोल चक्का काटने यन्त्र ।

tasty (टे'स्टि) वि. (बो. चा.) स्वादिलो, मीठो बास्नाको; (अचेल ग्रा., लुगा, सजावट, इ.) काइदाको नभएको ।

tat (टयाट्) क्रि. (-tt-) बुट्टाको लागि गाँठो पार्ने काम गर्नु; गाँठो पारेर (बुट्टा) बनाउनु ।

tat, tattoo (टयाट्, टया'टू) ना. टट्टू, घोडा ।

ta-ta (टा टा') वि. बो. विदा !

Tatar (टा'टर्) ना. तातर, टाटर ।

Tate Gallery (टेट् ग्या'लरि) ना. टेट प्रदर्शनी, चित्र र मूर्तिकलाको लन्डनको प्रदर्शनी, टेट ।

tatter (टया'टर्) ना. रुत्रो, थाङ्नो, टालो, रुत्रो, धरो; कागत वा कपडाको च्यातिएको टुक्रा (मु. ब. व. मा); demalion (—डम्या'लियन्) रुत्रे व्यक्ति, थाङ्ने;—ed वि. फाटेको, रुत्रो, रूत्रो, फ्याङ्लो;—s रुत्रो, चिथडो ।

Tattersall's (ट्याटरसल्ज्) ना. घोडाको व्यापार र घोड दौडमा बाजी लगाउने केन्द्र; सो काम गर्ने प्रधान कार्यालय (लन्डनमा) ।

tatting (टया'टिङ्) ना. बुट्टाको लागि गाँठोको काम ।

tattle (टया'टल्) क्रि. र ना. बकवाद गर्नु, प्रलाप गर्नु, बक्नु, गफ गर्नु, निन्दोचर्चो गर्नु, फजूल कुरा गर्नु; ना. बकवाद, प्रलाप, बकबक ।

tattler (टया'टलर्) ना. बोलक्कड, गफ्फी, लबस्तरो; (आ.) एडिसन र स्टीलले चलाएको सामाजिक पत्रिका ।

tattoo (टटू') ना. र क्रि. १० बजे राति बिगुल वा ढोल बजाएर सिपाहीहरूलाई ब्यारेकमा बोलाउनु; सोको सङ्गीत, कवायत, खेल, इ. ले मनोरञ्जक दृश्य, टटू; beat the devil's—औंलाहरूले कुनै सारो सतहमा चाँडो हान्नु; छालामा खोप, डीब, (प्वाल पारेर रंग हालेर बनाएको नउड्ने तसवीर इ.) खोप चिह्न, खोप चित्र; क्रि. छिटो र लगातार टयापटयाप गर्नु; औंलाले तबला ठोक्नु; (मानिसको) छालामा प्वाल पारेर नउड्ने गरी रङ्ग हाल्नु, खोप्नु, खोप हाल्नु, डोब लाउनु ।

tatty (टया'टि) ना. र वि. टट्टी, खसखसको टट्टी; वि. (शुरूमा प्रा.) रुत्रे, मैलो र फोहरी; नखरमाउलो, देखौवासँग भडकिलो ।

tau (टॉ, टो) ना. ग्रीक अक्षर T, T=t; यस्तो चिह्न भएको माछाको जात; T आकारको ।

taught (टॉट्) क्रि. teach को भू. का. र निष्ठा= सिकायो, पढायो; सिकाएको ।

taunt (टॉण्ट्) क्रि., ना. र वि. दोष लाउनु, हप्काउनु, हेलाँसाथ गिज्याउनु; ना. हेलाँपूर्वकको दोष, खोट लगाइ;—ingly क्रि. वि. हेलाँसाथ जिस्काउने गरी; वि. (नौ.) (मस्तूल) अग्लो ।

taurine (टाँ'राइन्) वि. वृषण, गव्य; वृष राशिको, वृष्य ।

tauromachy (टॉरॅ' म्याकि) ना. साँढेजुधाइ, साँढेलडाइ (मानिसले साँढेसँग लड्ने) ।

Taurus (टॉ'रस्) ना. वृष, वृषराशि ।

taut (टॉट्) वि. (नौ.) (डोरी) तन्न, आतत, (खुकुलो होइन) कसिएको; (पोत. इ.) असल अवस्थामा;—en क्रि. कस्नु, तन्क्याउनु;—ly क्रि. वि. कसेर;—ness ना. आतन ।

tautolog/y (टॉटॅ'लजि) ना. पुनरुक्ति, उही कुरा लगत्तै दोहोरो गरी भनाइ;—ic वि. पुनरुक्त ।

tavern (टया'भर्न) ना. खानापीना दिने सार्वजनिक संस्थान, भोजनालय, भट्टी, शुंडापान, मदभट्टी ।

taw (टॉ) क्रि. र ना. टयानिनको प्रयोगको साटो छाला फटकिरी र नूनको पानीमा भिजाएर छालालाई चर्म बनाउनु; ना. गुच्चाको खेल; गुच्चामा खेल्ने सीमा रेखा; गुच्चा ।

tawdr/y (टा'ड्रि) वि. र ना. देखावटी, बाह्यशोभा, भडकिलो, भद्दासँग भडकिलो; ज्यादासँग तर कुठाउँको सिंगार गर्ने; ना. सस्तो, वा ज्यादा वा कुठाउँको सिंगार;—iness झुट्टा भडक, मिथ्याशोभा ।

tawny (टॉ'नि) वि. कैलो पहेंलो, गाढा गहूँ रङ्गको, पिङ्गल गहुँगोरो ।

tax (टयाक्स्) क्रि. र ना. कर, तिरो, लगाउनु; कर उठाउनाको लागि (व्यक्तिलाई) दर्ता गर्नु; माग गर्नु, प्रयत्न, खर्च, गर्न लगाउनु (व्यक्तिको शक्ति, साधन, चलाकी, इ.);—(one's) memory सम्झन खोज्नु, माथापच्चीसी गर्नु; (कानून) खर्च (वकालतको) जाँचेर मिन्हा गर्नु वा नगर्नु; (व्यक्तिलाई) दोष वा अभियोग लगाउनु; ना. कर, तिरो, रकम, तिरोभरो, सेर्मा, साउने, हाल्नु, (land—) पोत, मालपोत,उठती, दस्तूर (rates) शुल्क, ज० कि direct प्रत्यक्ष; indirect अप्रत्यक्ष; capitation जनही, income आय (कर); Poll—टाउको गिन्तीले गर्ने, जनही; purchase बिक्री; तनाउ, खिंचातानी, (व्यक्ति उपर) कडा बोझ वा माग;— -collector करअसुल्ने, कर उठाउने;— -farmer कर ठेकदार;— -free शुल्कहीन, विनाकर;— -gatherer कर उठाउने, शौल्किक, करग्राहक;— -payer करदाता;—able वि. करदेय;—ability करदेयता; —ation ना. करग्रहण, कर उठती ।

taxi (ट्या'क्सि) ना. र क्रि. ट्याक्सी, भाडा मोटर (— -cab पनि);— -man ट्याक्सी चालक; क्रि. ट्याक्सीमा जानु वा लैजानु; (उड्डयन; वायुयान वा चालक) उड्नेअघि आफ्नै शक्तिले जमीन वा पानीमा चल्नु, जमीन छोड्नालाई भुँमा दगुर्नु वा दगुर्‍याउनु ।

taxiderm/y (ट्या'क्सिडर्‌मि) ना. चर्मरचना, चर्मस्वरूप दान; ज. वा. al—चर्मरचनात्मक;—ist ना. चर्मरचनाकार ।

taximeter (ट्याक्सि'मिटर्) ना. ट्याक्सीमिटर, ट्याक्सीमापक; भाडा आफै देखाउने यन्त्र ।

taxin (टया'क्सिन्) ना. यू रूखको पातबाट निस्कने गूँद ।

taxis (ट्या'क्सिस्) ना. (शल्य०) हातले थिचेर अङ्गलाई जस्ताको तस्तो पार्ने क्रिया; (ग्री० प्रा० इ०) फौजको विविध अंग; (पशु०) वर्गीकरण; (व्या०, अलं०) सजावट, विन्यास ।

tax/onomy (टयाक्सॅ'नमि) ना. (प्रा. इ.) वर्गीकरण (को सिद्धान्त);—ology वर्गीकरण विद्या;—onomist

वर्गीकरण शास्त्री ।

tazza (टाट्'स) ना. खा० ग० पाउदान भएको रिकावीको आकारको कप ।

tchick (चिक्) ना. र क्रि. चु ! चु ! खा. ग. घोडालाई बढ् भन्ने जनाउने इशारा, वा अफसोस वा आश्चर्यसूचक बोली ।

te (टी) ना. सि. (संगीतमा सातौं स्वर) ।

tea (टी) ना. र क्रि. चियाको बिरुवा, चियापत्ती, चिया; black, green,—विभिन्न प्रकारसँग बनाइने; bohea, congon, souchong, pekoe,—विभिन्न प्रकारका; hyson, gunpowder इ.—कालो प्रकारका; tile—चीनिया, भोटे (ईंटको आकारको); चियापानी, पेयको रूपमा चियापत्तीको क्वाथ; अन्य वस्तुको क्वाथ, ज. कि beef, camomile—; अपराह्नको चियासहितको चमेना, खाजा, चिया; afternoon —पनि; high— पूरा साँझको खाना र चिया;— -caddy चियादान, चियाबट्टा;— -cake चिया केक, चिया रोटी;— -chest चियाबाकस (चिया निर्यात गर्ने भित्र सीसाले घेरेको); —cloth चिया टालो (चिया टेबल वा किश्तीको लागि, कप, इ. पुछ्ने);—cup प्याला;—estate चियाकमान;— -fight (बो. चा.)=— -party चिया भोज; — -garden चियाबगान, चियाकमान;— -gown खुकुलो (स्त्रीको) पोशाक;— house चीन, जापानमा चिया बेच्ने घर;— -kettle केटली, चियादान;— -leaf चियापत्ती, खा. ग. (ब. व.) कोठा बढार्दा चलन हुने बनाइसकेको पत्ती;— -pot चियादान;— -service, — -set चिया सामान, चियादान, प्याला, रिकाबी, इ.;— -spoon (सानू) चिया चमचा;— -table चिया टेबल;— -things चिया सामान;— -set चिया सेट;— -tray चिया किश्ती;— -urn चियादान (पानी पकाउने); क्रि. चिया खानु, चिया खान दिनु ।

teach (टीच्) क्रि. (taught, टॉट) सिकाउनु, पढाउनु, शिक्षा दिनु, तालीम दिनु, शिक्षक हुनु, बताउनु, देखाउनु, शिक्षाको रूपमा भन्नु;—a lesson दोहोलो पार्नु, कायल पार्नु, मेख मार्नु, नाना स्थान पार्नु;—er ना. गुरु, शिक्षक, मास्टर, अध्यापक;—ership ना. गुरुत्व, शिक्षकत्व ।

teachable (टी'चेब्ल्) वि. सिक्न सक्ने, वश्य, मान्ने, (विषय) सिकाउन सकिने, शिक्षणीय ।

teaching (टी'चिङ्) ना. उपदेश, शिक्षा, शिक्षण, अध्यापन, पाठन ।

teak (टीक्) ना. सागवानको रूख, सागवान काठ, सगुन ।

teal (टील्) ना. (ब. व. उही) सानू जातको पानीहाँस ।

team (टीम्) ना. र क्रि. (एकसाथ जोतिएको) जोडा, टोली; (खेलाडी) दल, टोली, डफ्फा; सँगै काम गर्ने टोली, डोर;—wise टोली मिलेर;—work टोली काम; क्रि. जोत्नु, जोडा लाउनु, लाग्नु; mobile—डोर ।

teamster (टीम्'स्टर्) ना जोडी हाँक्ने ।

teapoy (टी'पॉय्) ना. सानू त्रिपाई, तीन वा चार खुट्टे टेबल ।

tear (टेय़र्) क्रि. (tore, torn) र ना. च्यात्नु, चिर्नु, चिरिनु, लछार्नु, फार्नु, फाट्नु, उधार्नु, उध्रनु, कुर्येत्रो लाग्नु, धुजा पार्नु, फटाउनु, भ्वाँग पार्नु, लुछ्नु, चिथर्नु, दरफन्याउनु, कोर्नु, धस्काउनु, प्वाल पार्नु;—it (अप.) मौका गुमाउनु, लक्ष विफल गराउनु; that's torn it सिद्धयाइदियो;—myself away (केही गर्न) सम्मट कस्नु;—(one's) hair थुत्नु, चुँड्नु; वेगसँग हिंड्नु वा दौडनु;—away वि. जोरदार, जोशिलो, वेगवत्; ना. गुण्डा, बाटे हुल्याहा; ना. छिद्र, चिरो, फटाइ, कुजेत्रो (लुगा, इ० मा) ।

tear (टियर्) ना. (—drop पनि) आँसु; आँसु जस्तो थोपा वा डल्लो; (रूखबाट निस्कने) गूँदको डल्लो; crocodile—s बुँडाबाट निस्कने आँसु, कपटी आँसु— -gas अश्रुग्यास, लडाइँ, विप्लव, इ० मा प्रयोग हुने विषाक्त ग्यास वा वायु;— -jerker (बो. चा.) (गाना, कथा, चलचित्र, नाटक, इ०) रुवाउने, मायालाग्दो;— -shell आँसुगोला; in—s सबाष्प, साश्रु, रोएको ।

tearful (टियर्'फुल्) वि. रुन्चे, पिलपिल, साश्रु ।

tearing (टे'य़रिङ्) वि. शा० अ०, खा० ग० प्रबल, दुर्धर, प्रचण्ड, कडा (—pace, rage, इ०) ।

tease (टीज्) क्रि. र ना. गिज्याउनु, जिस्क्याउनु, ठस्क्याउनु, खिसी गर्नु; पिर्नु, पछि लाग्नु; केलाउनु (गुजुल्टो), अलग पार्नु, कांग्यो लाउनु, कोर्नु; ना. खिसी गरिरहने व्यक्ति, जिस्क्याउने, संक्षोभक, जिस्काहा ।

teaser (टी'ज़र्) ना. शा० अ०, खा० ग० जिस्काइरहने व्यक्ति, जिस्क्याहा; (बो० चा०) कठिन काम वा प्रश्न वा समस्या; सामना गर्न मुश्किल पर्ने कुरा वा विषय ।

teat (टीट्) ना. दूधको मण्टो, दूधदानीको मण्टो, चुचूक, थुन ।

tec (टेक्) ना. (अप०) detective जासूस, को छो. क. ।

technetium (टेक्नी'श्म्) ना. (र० शा०) कृत्रिम तवरले उत्पादित रेडियो धर्म धातवीय तत्व ।

technic (टेक्'निक्) वि. र ना. (विर०)=technical; ना.=technique; (सा० ब० व०) सामान्यत: कला वा हस्तक्रियाको सिद्धान्त; (ब० व०) पारिभाषिक शब्दहरू, प्रक्रिया, विधिहरू;—ian (टेक्नि'श्न्) प्राविधिज्ञ, जानिफकार, कालिगढ;—ist ऐ० ।

technical (टेक्'निकल्) वि. शिल्पिक, प्राविधिक, कुनै खास कला, विज्ञान, हस्तकला, को वा मा, ज० कि—terms पारिभाषिक शब्द,—skill, difficulty प्राविधिक सीप, कठिनाइ; यान्त्रिक कलाहरू को मा, लागि, ज० कि—education, school प्राविधिक शिक्षा, शिक्षण केन्द्र, इ०; कानूनले, कानूनको दृष्टिमा; ज० कि—assault कानूनन मारपीट, हातहालाहाल ।

technicalit/y (टेक्निक्या'लिटि) ना. प्राविधिज्ञता, पारिभाषिक व्यन्जना; भेद, फरक; ज० कि legal—ies कानूनो परिभाषा ।

Technicolor (टेक्'निकलर्) ना. (चलचित्र.) रंगहरू-

लाई छुट्टै, तर एकसाथ खिचेर त्यसपछि एउटै सुल्टो वा सकारात्मक छापामा सार्ने प्रक्रिया; (अलं०) चर्को रंग, कृत्रिम चमक; —ed रंगीन ।

technique (टेक्नीक्') ना. संगीत, चित्रकला, साहित्य, इ० को कलात्मक निष्पत्ति वा संपादन; कलामा शिल्पिक सीप; प्रविधि ।

techno/cracy (टेकनॅ'क्रेसि) ना. शिल्पिराज्य, सम्पूर्ण समुदायको भलाइको लागि देशको औद्योगिक साधनको प्राविधिक विशेषज्ञहरूद्वारा संगठन र सञ्चालन;—crat ना. प्राविधिज्ञ संगठनवादी ।

technolog/y (टेक्नॅ'लजि) ना. शिल्पशास्त्र, औद्योगिक शिल्पशास्त्र; कला विकासको जातीय अध्ययन; शिल्प विज्ञान; शिल्पशाला;—ical वि. शिल्पशास्त्रीय;—ist ना. शिल्पशास्त्री ।

techy (टे'चि) वि. रिसाहा, झोक्की, चिडचिडा ।

tectology (टेक्टॅ'लजि) ना. रचनात्मक पशुवनस्पति आकार शास्त्र, अर्थात् जीवधारीलाई ऐन्द्रिक व्यक्तिहरूका संगठनद्वारा बनेको भनी हेर्ने विद्या ।

tectonic (टेक्टॅ'निक्) वि. र ना. भवन वा रचनाको; (भूतत्व.) कुरूपताद्वारा रचनात्मक स्थितिमा परिवर्तनको कारणले; ना. (ब. व.) रम्य भवन, साज सामान, पोत, इ० बनाउने सम्पूर्ण कला ।

tectorial (टेक्ट्'ऋियल्) वि. आच्छादित खा० ग०—membrane आच्छादित झिल्ली (कानको) ।

tectrices (टेक्ट्राइ'सीज्) ना. (ब. व.) (पक्षि०) पखेटा र पुच्छरका आच्छादित प्वाँखहरू ।

ted (टेड्) क्रि. (—dd—) (घाँस सुकाउनालाई) वल्टाइपल्टाइ गर्नु; —der ना. वल्टाइपल्टाइ गर्ने ।

Teddy (टे'डि) ना. एडवर्ड Edward को प्यारो छो. रू. (बो. चा. —वा—boy) सप्तम एडवर्डका पालाको लुगा मनपराउने र लाउने ठिटो;—girl सोही विचारधाराकी ठिटी (लुगामा होइन) ।

Teddy bear (टे'डि बेय्र्) ना. बालकको खेल्ने भालु ।

Te Deum (टीडी'अम्) ना. भजनविशेष; त्यसको सङ्गीत; sing—(अलं०) उल्लसित हुनु, विजय घोष गर्नु ।

tedious (टी'डीयस्) वि. थकाउने, उच्चाट लाग्ने, क्लान्तिकर, खेदकर, मन्द, मन्थर, मन नलाग्ने ।

tedium (टी'डियम्) ना. श्रमावहता, दीर्घता, थकाइ, क्लान्ति, अरुचि, उराठ ।

tee (टी) ना. र क्रि. अक्षर t, T आकारको, खा० ग० नली, बीचबाट हाँगा गएको; कुनै खेलमा मकुण्डो इ० ले ताक्ने निशाना; (गल्फ खेल) प्रत्येक प्वालको खेल शुरू हुँदा बललाई हान्ने खुला ठाउँ; बालुवाको सानू थुप्रो (ढिस्को), काठ वा रबडको सानू गट्टा जसमा बल राखेर हानिन्छ; बर्मी घर वा पगोडाको छाताको आकारको गजूर; क्रि. (गल्फ—off (खेल) शुरू गर्नु; बल अग्लो ठाउँ वा गट्टामा राख्नु; (अलं०) थाल्नु, शुरू गर्नु ।

teem (टीम्) क्रि. (आ०) (बच्चा) पाउनु, ज्यादा धेरै वा धेरै पटक सन्तान जन्माउनु; बहुप्रज, प्रसवशील हुनु; परिपूर्ण हुनु, वाख्ल्याङ पाख्ल्याङ हुनु; झुत्तिनु, झुम्मिनु, प्रचुर, भूरि, हुनु; बट्टुलिनु, (प्रादे., प्रावि०) रित्याउनु, पोख्नु, खन्याउनु (भाँडो, गाडा, कोइला, पग्लेको धातु, इ०);—er ना. पोख्ने, खन्याउने;—ing वि. पूर्णगर्भ, परिपूर्ण, प्रचुर, बहुल, गाभिन, गर्भवती, ससत्वा, सिंग्लिङमिंग्लिङ, छ्यापछ्यापती, छापिएको ।

teen अन्त प्रत्यय, ३ देखि ९ सम्मको संख्यामा जोड्दा १० थपेर १३ देखि १९ बन्दछ, ज. बाट—ager तेह्रदेखि उन्नाईससम्मको उमेरको व्यक्ति, दशवयस्थ ।

teens (टीन्ज्) ना. (ब. व.—teenage, years) पनि उमेरको १३ देखि १९ वर्ष, खा० ग० in one's—; teenage वि. कैशोर, सो उमेरको; teen-ager सो उमेरको व्यक्ति; किशोर ।

teeny (टी'नि)=tiny सानू छानू ।

teeter (टी'टर्) क्रि. र ना. (अम० र प्रादे०) (ढेकुलमा) तल माथि गर्नु, लरखराउनु; ना. ढेकुल ।

teeth (टीथ्) ना. tooth दाँतको ब. व.; by the skin of (one's)-धौ धौ परेर, मुश्किलले ।

teeth/e (टीद्) क्रि. दाँत उम्रनु, दाँत काट्नु (निस्कनु) —ing दाँत निस्कँदाको ।

teetotal (टीटो'टल्) वि. मादक द्रव्यको पूर्ण बहिष्कार गर्ने, सो सिद्धान्त भएको;—ism ना. मद्यपूर्ण निषेधवाद; (बो० चा०) पूर्ण, समूचा, समस्त ।

teetotaller (टीटो'टलर्) ना. पूर्ण मद्य त्यागी, निवृत्त मद्य ।

teetotum (टीटो'टम्) ना. बालकहरूको घुमाउने लट्टू ।

teg (टेग्) ना. दोस्रो वर्षको भेडो ।

tegular (टे'ग्यूलर्) वि. चारपाटे (तेले ईंटको) आकारको ।

tegument (टे'ग्यू मेण्ट्) ना. प्राणीको देहको (भागको) प्राकृतिक आच्छादन, छाला, आवरण, कवच, आवेष्टन ।

tehee (टीही') ना. र क्रि. दबेको वा हेलाँपूर्ण हाँसो, ही ही; क्रि. त्यसरी हाँस्नु, ही ही गर्नु ।

tekonym/y (टेकॅ'निमि) ना. (मानव०) छोराछोरीको नामबाट बाबुआमाको नाम राख्ने चलन;—ous छोराछोरीबाट नामकरण भएको ।

telaesthesia (टेलीस्थी'सिया) ना. (मनो०) दूरबोध; परिचित इन्द्रियहरूबाट हुन नसक्ने, टाढाका वस्तु वा घटनाहरूको सीधा ज्ञान;—tic वि. दूरबोध्य, दूरबोद्धव्य ।

telamon (टे'लमन्) ना. (भवन०) (ब. व.—es, उच्चा० —मोनीज्) पुरुषको रूपमा खम्बा; caryatid दाँ० ।

telautograph (टेलाँ'ट ग्राफ्) ना. लेख जस्ताको तस्तो सार्ने दूर सन्देश, दूरलेख; दूर स्वाक्षर ।

tele—(टेलि—) दूरको अर्थमा जोडिने प्रत्यय; television

को छो. क. को रूपमा telly दूर दर्शन;—cast दूर प्रसारण; —caster दूर प्रसारक;—film दूर दर्शनले प्रसारण गरेको चलचित्र, दूर चित्र;—genic दूर प्रसारण गर्न मिल्ने;—prompter (दर्शकहरूले नदेख्ने गरी) दूरवक्ताको पाठ ठूलो अक्षरमा वक्ताको सामने विस्तारै फुकाउँदै जाने विद्युतकणीय उपकरण;—record क्रि. दूर लेखन गर्नु (दूर प्रसारण गर्ने कार्यक्रम लिखित गर्नु);—recording ना. दूर लेखन ।

telecommunication (टेलिकम्यूनिके'शन्) **ना.** दूर सञ्चार (सामुद्रिक तार, तार, टेलिफोन, रेडियो, इ० द्वारा); (पनि, धे. ज. ब. व.) दूर सञ्चार व्यवस्था ।

teledu (टे'लडू) **ना.** जाभा र सुमात्रा द्वीपमा पाइने गन्धपूर्ण सानू भालू जस्तो जनावर ।

telegony (टिले'गनि) **ना.** (प्रा० वि०) दूर प्रजनन, उही आमाबाट दोस्रो बाबुद्वारा भएको सन्तानमा पहिलो बाबुको प्रभाव देखिन्छ भन्ने समझ वा अनुमान ।

telegram (टे'लिग्राम्) **ना.** तार दूर सन्देश, दूर लेख ।

telegraph (टे'लिग्राफ्) **ना.** र **क्रि.** बिजुलीको सहाराले टाढा सन्देश वा सङ्केत पठाउने उपकरण; संकेत यन्त्र, सेमाफोर; अखबारको नाममा;— -line,— -pole,— -post, — -wire व्यवस्था, खम्बा, तार, इ० तार सम्बन्ध जोर्ने उपकरण; **क्रि.** तार पठाउनु, सङ्केत, इशारा, गर्नु;—ist **ना.** तार कर्मचारी ।

telegrapher (टिले'—, टेलि'ग्राफर्) **ना.** तारकर्मचारी, तार प्रेषक ।

telegraphese (टेलिग्राफीज्) **ना.** र **वि.** तारको छोटकरी बोली (मा) ।

telegraphic (टेलिग्र्या'फिक्) **वि.** तारको तारद्वारा; छोटो, सस्तोसँग (कम शब्दको प्रयोग गरी) लेखिएको, नचाहिने शब्द नराखेको;—address तार ठेगाना, खा० ग० छोटकरी दर्ता गरिएको तारमा प्रयोग गर्ने ठेगाना ।

telegraphy (टिले'ग्राफि) **ना.** तार यन्त्र रचना, तार प्रेषण, तार सञ्चार; wireless—बेतार सञ्चार ।

telekinesis (टेलिकाइनी'सिस्) **ना.** (मनो०) टाढाको गतिदाता कारण वा कर्ताबाट विनाभौतिक सम्पर्कको गति, चाल; दूर गति ।

telemark (टे'लिमार्क्) **ना.** स्की खेलमा कुशल घुमाइद्वारा दिशा फेर्ने वा थामिने क्रिया ।

telemechanics (टेलिमिक्या'निक्स्) **ना.** (ब० व०) रेडियोबाट शक्ति प्रेषण गर्ने कला, तरीका जसबाट यन्त्रहरूलाई ' टाढाबाट नियन्त्रण गर्न सकिन्छ; दूर गतिविद्या ।

telemeter (टे'लिमीटर्) **क्रि.** साधारणतः रेडियो उपकरणहरूद्वारा यंत्रका अङ्कहरू टाढाबाट लेखन गर्नु; धे. ज.—back सो अंकहरू अर्को टाढा रहेको अखडा, ठाउँ, मा प्रेषण गर्नु; **ना.** दूरमापन; telemetry (टिले'मेट्रि) **ना.** दूरमापन ।

teleology (टेलियॉ'लजि) **ना.** हेतु विद्या, मीमांसा ।

Teleosaurus (टेलिअसॉ'रस्) **ना.** शिलाभव मकरको जात ।

telepath/y (टिले'प्याथि) **ना.** दूर ज्ञान, अन्तरयाम शास्त्र, दूरभाव, इन्द्रियको सम्वादविना केवल भावनात्मक प्रभावद्वारा टाढाबाट एक चेतनाले अर्कोउपर गरेको क्रिया;—ic दूर भावुक; —ist **ना.** अन्तर्यामी दूर प्रभावक;—ize **क्रि.** दूर भावोत्पन्न गर्नु ।

telephon/e (टे'लिफोन्) **ना.** र **क्रि.** टेलीफोन, फोन, दूरवार्ता, दूरवार्ता यंत्र; the—दूरवार्ताको साधन; on the—वा phone टेलिफोन भएको, टेलिफोन सम्बन्ध भएको; **क्रि.** फोन गर्नु, फोनमा बोल्नु, दूरवार्ता गर्नु;—ic दूरवार्तिक;—ist दूरवार्ताकार;—y **ना.** दूरवार्ता ।

telephoto (टे'लिफोटो) **वि.** दूर चित्रक;—lens दूरचित्रक काँच ।

telephotograph/y (टेलिफोटॅ'ग्रफि) **ना.** दूर फोटोग्राफि, दूर चित्रण;—ic **वि.** दूर चित्रीय ।

teleprinter (टे'लिप्रिण्टर्) **ना.** दूर मुद्रक ।

telergy (टे'लर्जि) **ना.** (मनो०) दूरभावमा मस्तिष्कमा क्रिया गर्ने भनी कल्पना गरिएको शक्ति, दूरशक्ति ।

telescop/e (टे'लिस्कोप्) **ना.** र **क्रि.** दूरदर्शन यंत्र, दर दर्शक, टेलिस्कोप; **क्रि.** (टेलिस्कोपमा झैं) अंग भएर रहेका साना साना खण्ड, रेल दुर्घटनामा डब्बाहरू एक अर्कोभित्र पस्नु; भित्र पसालेर छोटयाउनु, बन्द गर्नु;—ic **वि.** दूर दर्शनीय, अन्तर्ग्राह्य;—ist **ना.** दूरदर्शक;—y दूरदर्शन विद्या ।

tele/vision (टे'लिभिज़न्) **ना.** दूरदर्शन, दूरदर्शनबाट प्राप्त चित्र;—viewer (टे'लिभ्यूअर्) दूरदर्शक;—vise (–भाइज़्) **क्रि.** (चित्रहरू) दूर प्रेषण गर्नु, दूर प्रेषणको लागि उपयुक्त हुनु ।

telex (टे'लेक्स्) T—, **ना.** दूर विनिमय तार पद्धति, ज० वा० मुद्रित सन्देश वा संकेत दूर मुद्रकद्वारा आदानप्रदान हुन्छ, टेलेक्स ।

tell (टेल्) **क्रि.** (told) भन्नु, लेख्नु, वर्णन गर्नु, बताउनु, जनाउनु, कहनु, कुरा खोल्नु; उच्चारण गर्नु, समाचार वा बयान दिनु; ठेगान गर्नु; (के०) कुरा लाउनु; छुट्याउनु, फरक देख्नु; आश्वासन गर्नु; प्रभावशाली फल निकाल्नु ; गन्नु (मत, इ०); अह्राउनु; जप्नु, कहनु, नराम्रो प्रभाव पार्नु;—ing **ना.** कथन, भनाइ; कुरा (लाउनु); **वि.** प्रभावशाली, फलोत्पादक;—fortunes दशा हेर्नु, भन्नु;—tales कुरा लाउनु, च्वोस्नु, छुस्क्याउनु;—that to the (horse) marines फजूल कुरा, पत्याइ नसक्नु कुरा;—a story गफ हाँक्नु;—the tale (अप०) दया जगाउन मायालाग्दो कुरा गर्नु;—off गन्नु, खटाउनु; (अप०) उपद्रो भन्नु, मनमा लागेका (अप्रिय) कुरा भन्नु; you are—ing me ! मलाई थाहा छ !

teller (टे'लर्) **ना** (पनि) विलायतको लोकसभामा चार मत गणकहरूमध्ये कुनै; गणक, ब्यांकमा दाम गन्ने व्यक्ति; खजान्ची, तहबीलदार;—ship **ना.** तहबीलदारी ।

tell tale (टेल्'टेल्) ना. छुस्के, मुसमुन्द्रे, कुरौटे; (अलं०) व्यक्तिको विचार, आचरण, इ० जनाउने कुरा, परिस्थिति, इ०; खा. ग. वाच्य, ज० कि—blushes, face, इ०; व्यक्ति (काम, इ० मा) आए गएको समय लिखित गर्ने यांत्रिक उपकरण, अथवा टयांकि भरियो भनी बताउने ऐ. ।

tellurian (टेल्यो'रिअन्) वि. र ना. पृथ्वीको (वासिन्दा), पार्थिव ।

tellurion (टेल्योरियन्) ना. दिन र रात, र मौसिमको परिवर्तन देखाउने यंत्र ।

tellurium (टेल्यो'रियम्) ना. (र० शा०) विरल भंगुर चाँदी रंगको धातुक तत्व; टेल्योरियम् ।

telly (टे'लि) ना. (अप०) television को छो० क०, टेलि ।

telotype (टे'लटाइप्) ना. छाप्ने वैद्युत् तार; त्यसरी छापिएको तार ।

telpher (टेल्'फर्) वि. विद्युत् शक्तिले खा० ग० मालसामान ढुवानी गर्ने, ओसार्ने ।

telson (टेल्'सन्) ना. जलजीवको भुँडीको अन्तिम जोर्नी ।

temenos (टे'मिनॅस्) ना. (ग्री० प्रा० इ०, व० व०—ne) प्रांगण, मन्दिरको हाता ।

temerarious (टेमरे'य्रिअस्) वि. (साहि०) दुस्साहसी, उत्ताउलो, प्रमत्त, धृष्ट ।

temerity (टिमे'रिटि) ना. दुस्साहस, धृष्टता, बढता ।

temp (टेम्प्) छो. क. (अचेल खेलवाडे पंडित्याइँ)–को समयमा, को; ज. कि—Henry I.

temper (टे'म्पर्) क्रि. (माटो, इ.) भिजाएर मुछेर तयार गर्नु; (धातु खा. ग. इस्पात) चाहिने कडाइ र नम्यताको अवस्थामा (वारंवार पोल्दै चिसाउँदै) पुऱ्याउनु, पानी चढाउनु; बद्लनु, समन गर्नु (इन्साफ, इ०) घटाउनु, रोक्नु, शिथिल गराउनु; (संगी०) स्वर मिलाउनु ।

temper (टेम्पर्) ना. भागहरू ठीकसँग मिलाएको मिसावट, ज० कि० वज्र; त्यस्तो मिसावटबाट आउने अवस्था वा दृढता; जमाइ; (कडाइ र नम्यताको विचारले धातुको) पानी अवस्था; बानी, वेओस्था, मिजास, स्वभाव, प्रकृति; good—अक्षोभ, मिजास; bad—क्षोभ, रिस; fit of—क्षोक; show—रिस देखाउनु; lose (one's)—रिसाउनु; keep, control; (one's)—ठण्डा रहनु; out of—रिसाएको ।

tempera (टेम्'परा) ना. वज्रमा अण्डपीतमा रंग मिसाई (टेम्परा) चित्र लेख्ने काइदा ।

temperament (टे'म्परामण्ट्) ना. अवयव, व्यक्तिको संगठनको व्यक्तिगत स्वभाव, आनी बानी, जसले उसको आचरण, भाव विचारमा प्रभाव पार्दछ; मिजास, नियत, भाउ, संस्कार, स्वभाव; nervous—दब्बू, डरछेरुवा, मिजास; —al (—मेण्टल्) वि. (सा. अ. मा. र खा० ग० सानु कुरामा पनि भडकिने मिजास भएको) व्यक्तिको, भड्किने ।

temperance (टेम्'पऱ्यान्स्) ना. (आचार व्यवहार, कुराकानी, इ० मा) संयम, समता; निग्रह, मिताहार, पेयको रूपमा मद्यसार वस्तुहरूको सेवनमा कमी वा बिलकुल वारना —hotel, movement, society मद्यपानको बर्खिलाफ ।

temperate (टेम्'परेट्) वि. परिमित, संयमी, आत्मसंयमित, फारो गर्ने; मन्दताप, शीतोष्ण, मन्दोष्ण, मृदु तापमान भएको ।

temperature (टेम्'परेचर्) ना. कुनै वस्तु वा वायुमण्डलको इन्द्रियगम्य तापको परिमाण वा उग्रता, खा० ग० तापमापक (डिग्री०) ले देखाएको; (भैष०) शरीरको तापमान (सामान्य ९८·४ फरेनहाइट, =से० प्राय: ३६·९); take (one's)—ज्वर हेर्नु (डिग्रीले); (बो० चा०) सामान्यभन्दा बढी शरीरिक तापमान; absolute zero of—ऋण २७३ सेण्टिग्रेड, परमशून्य (जहाँ अनेक अचम्मको कुरा भेटिनुपर्छ, तर आजसम्म यो तापमानसम्म पुग्न सकिएको छैन); —curve तापमान वक्र ।

tempest (टेम्'पेस्ट) ना. आँधी, तूफान, महावात, चण्डवात हुरी, (धे. ज. पानी, हिउँसहित) ।

tempestuous (टेम्पेस्'ट्यूअस्) वि. (मौसिम, समय, इ. र, अलं० व्यक्ति, वा उसको भाव) कडा, वात्याकुल, अतिक्षुब्ध, प्रचण्ड, तीव्र ।

templar (टेम्'प्लर्) ना. (T—) धार्मिक सैनिक संगठनको सदस्य (knights T—s); कानूनवेत्ता, कानूनविद्यार्थी जो (लन्डनमा) टेम्पल (टोलामा) बस्दछन्; Good T—s मितपान संस्था ।

template (टेम्'प्लेट्) templet (टेम्'प्लिट्) ना. धातु, ढुङ्गा, काठ, इ. मा प्वाल पार्दा चिनु राख्ने पातलो धातुको पातो (बान्की, नाप, इ० को लागि); प्रमाण, परिमाण, साँचो; सत्तरीको बोझ सबैतिर बाँड्ने सो मन्तिर राखिने फल्याक वा पातो ।

temple (टे'म्प्ल्) ना. मन्दिर, देवल, देवालय; टेम्प्ल (लन्डनको टोला) मा स्थित दुई वकिलहरू बस्ने इन्; T—Bar लन्डन शहरको सिमाना जनाउने छेका, अचेल हटाइयो; चर्खामा कपडा तनकाई राख्ने साधन; कन्पारो, ब्रह्माण्ड, कन्सिरी, कन्चट, कपोल ।

tempo (टेम्'पो) ना. (संगी० ब. व.—pi उच्चा—पी) गतिको समय वा वेग; (अलं०) गति वा क्रियाको क्रम; वेग, तीव्रता; गतिको नैज ढाँचा ।

temporal (टेम्'परल्) वि. र ना. ऐहिक, लौकिक (आध्यात्मिकको विप०)—power धर्माधिकारी, खा. ग. पोप, को लौकिक मामलामा; समयको वा सो जनाउने (—and spatial समय र स्थानको, सामयिक र स्थानिक); कन्चटको, ज. कि—artery, bone कपोल धमनी, हाड; ना. कपोल हाड, कन्चटको हाड ।

temporality (टेम्'पऱ्यालिटि) ना. लौकिक सम्पत्ति खा. ग. धार्मिक गुठीको (सा० ब. व.); (का.) अस्थायित्व, अचिर

स्थायित्व ।

temporalty (टेम्'पऱ्याल्टि) **ना.** यजमानगण, जनवर्ग, सामान्य गृहस्थहरू ।

temporary (टेम्'पररि) **वि.** र **ना.** क्षणिक, अल्पकालिक, अस्थायी, म्यादी; **ना.** म्यादी कर्मचारी, अस्थायी नोकर ।

temporiz/e (टेम्'पराइज्),—ise **क्रि.** अवसरवादी बन्नु; (आफूलाई) संलग्न बनाउनबाट पन्छिनु, टार्नु, टाल्नु, समय पाउनाको लागि फैसला नसुनाउनु, समयको मागअनुसार तुरुन्तको आवश्यकता पूरा गर्नु, सभ्य पर्ने हेर्नु, सुविधाको मात्र खयालले काम गर्नु;—ation **ना.** अवसरवादिता, समयानुकूलता;—er अवसरवादी ।

tempt (टेम्प्ट्) **क्रि.** (आ. वा इ.) जाँच्नु, साहसको परीक्षा गर्नु; फकाउनु, ललाउनु, पल्काउनु, फुस्ल्याउनु, लोभ्याउनु, लोभिनु, उक्साउनु;—ing **वि.** लोभलाग्दो, आकर्षक;—ingly **क्रि. वि.** लोभ लाग्ने गरी; (आ. वा इ.) रिस उठाउनु, ललकार्नु ।

temptation (टेम्प्टे'शन्) **ना.** लालच, प्रलोभन, लोभ, लोभानी पापानी; पाप कर्ममा प्रवृत्ति; आकर्षक वस्तु, आकर्षक मार्ग ।

tempter (टेम्प्'टर्) **ना.** प्रलोभक, लोभ्याउने, मोहक; the T—शैतान, देवशत्रु ।

ten (टेन्) **वि.** र **ना.** दश; गोल बोलीमा धेरै संख्याको अर्थमा; hart of—दश हाँगे सींग भएको मिर्ग; upper—(thousand) बडादमीहरू;—fold दशगुना;—th दशौंध;—thly दशौं ।

tenab/le (टेन्'एब्ल्) वि. प्रतिपादनीय, समर्थनीय; (पद, दर्जा) धारणीय (व्यक्तिले तोकेको समय, म्याद, सम्म धारण गर्न हुने);—ility **ना.** प्रतिपादनीयता ।

tenace (टे'निस्) **ना.** (ताश) विपक्षीको सो रंगको उच्चतम चक्कीभन्दा एक तल्लो र एक माथिल्लो, गरी दुई ताश हातमा रहनु; पेच, कैंची; major, minor—यस्तो परिबन्दको धेरै प्रकारको विभिन्नता ।

tenacious (टिने'शस्) **वि.** बेसरी समात्ने, ग्राहा, नछोड्ने, तन्य; (स्मरणशक्ति) धारणक्षम ।

tenacity (टिने'सिटि) **ना.** ग्राहकत्व, धारणक्षमता, तन्यता ।

tenaculum (टिन्या'क्यूलम्) **ना.** (ब. व.—la) शल्य चिकित्सकको धमनी, इ. उचाल्ने तीखो धार भएको हूक (अंकुश) आकारको औजार ।

tenant (टे'नण्ट्) **ना.** र **क्रि.** बहाली, मोही;—farmer मोही, बटैयादार;—right मोहियानी हक; **क्रि.** मोही बनेर दखल गर्नु; tenancy मोहियानी, बहाली;—able बहाल लाग्ने ।

tenantry (टे'नन्ट्रि) **ना.** बहालीहरू, मोहीहरू, किपट ।

tench (टेन्च्) **ना.** कार्प जातको योरपीय अलिनो पानीको माछा ।

tend (टेण्ड्) **क्रि.** प्रवृत्त हुनु, फर्कनु, अभिमुख हुनु, मार्ग लिनु, (काम) लाग्नु, (काम, गुण, इ. तिर) लैजानु; हेरचाह गर्नु, रेखदेख गर्नु, सेवा गर्नु ।

tendency (टेन्'डन्सि) **ना.** प्रवृत्ति, झुकाउ, स्वभाव, मिजास, शीलता, इच्छा, प्रवणता ।

tendentious (टेन्डेन्'शस्) **वि.** (हें०) (लेख, इ०) भित्री मतलब वा लक्ष भएको, कुनै पक्षको प्रतिपादन वा समर्थन गर्ने; मतलबी, स्वार्थी; असत्य; अवास्तविक ।

tender (टेन्'डर्) **ना.** tend को शा० अ० मा; पनि ठूलो यात्री जहाजमा रसद, पानी, यात्री, इ० पुऱ्याउने वा उर्दी पुर्जी लैजाने सानू जहाज, पानी, इन्धन, रहने इञ्जिनसँगै रहने डब्बा; शोधनी, पुछ्ने गुच्छा, इ० मा जोडिएको पानीको भाँडो ।

tender (टेन्'डर्) **क्रि.** र **ना.** चढाउनु, टक्र्याउनु, दिनु (सेवा राजीनामा, इ०); (चुक्तीमा दाम) दिनु; बोलपत्र दिनु, बोल्नु; **ना.** ठेकपत्र, बोलपत्र, डाकपत्र; plea of—(का०) प्रतिवादीले वादीको दावी मञ्जूर गर्न तयार रहेको बेहोरा र सो दाम इजलासमा हाजिर गराएको छ भन्ने बयान; legal—ऋणको चुक्तीमा पेश भएको ऐनले नामञ्जूर गर्न नहुने मुद्रा, कानूनी पेशी; लगत, इस्टमेट ।

tender (टेन्'डर्) **वि.** (—est) नरम, गलेको (साह्रो वा चाम्रो होइन); कलिलो, सुकुमार, कोमल, दयार्द्र, मृदु, स्निग्ध, दयालु, मायालु; विचारशील, सचिन्त, डराउने (बेकाइदासँग); अप्ठ्यारो, सावधानीसँग गर्नुपर्ने;—age कलिलो;—-eyed मृदुलोचन;—foot सिकारु, नयाँ;—loin साँप्रो; T—loin न्यूयर्क र अन्य (अमरिकी) सहरको मनोरञ्जन टोला; tender vegetable e. g. cucumber चिचिलो, pumpkin कैंडा ।

tendon (टेन्'डन्) **ना.** स्नायु, स्नाव, रज्जु, स्नसा, सन्धिबन्धन ।

tendril (टेन्'ड्रिल्) **ना.** (वन०) प्रतान; पात नभएको मसिनू अर्कासँग सहारा लिने आँकुरा, टुसा ।

tenebrific (टेनिब्रि'फिक्) **वि.** अँध्यारो पार्ने ।

tenebrous (टे'निब्रस्) **वि.** (आ०) अँध्यारो, मलिन, म्लान ।

tenement (टे'निमेण्ट्) **ना.** जग्गा, आयतन, (कान०) अचल सम्पत्ति; घर, एकै जहान बस्ने घरको लड;—-house छुट्टा छुट्टै लड भएको घर ।

tenesmus (टिनेज्'मस्) **ना.** (रो० नि०) बराबर दिसा सूची लागेको जस्तो भै पीडायुक्त कन्ने, कनाइ ।

tenet (टि (टे)' निट्) **ना.** सिद्धान्त, मत (व्यक्तिविशेष) वा सम्प्रदायको) ।

tenner (टे'नर्) **ना.** (बो. चा.) दश (रुपियाँ, पाउण्ड, डलर, इ०) को नोट ।

tennis (टे'निस्) **ना.** टेनिस (खेल); lawn—चौरमा खेलिने टेनिस;—arm, elbow, टेनिस धेरै खेल्दा पाखुरो, कुइनो, मा दर्द;—-ball,—-court टेनिस बल, टेनिस

प्रांगण ।

tenon (टे'नन्) **ना.** र **क्रि०** खुँटो, चूल, (अर्को काठमा रहेको) प्वाल, घर, मा जाने काठको सानू छेउ, चुकुल; **क्रि.** चुकुल, खुँटा, काट्नु; खुँटाले जोर्नु ।

tenor (टे'नर्) **ना.** क्रम, अन्वय, आशय, बेहोरा, तात्पर्य, (का०) यथार्थ मतलब, (पनि) दुरुस्तको नकल; (सङ्गी०) सबभन्दा उँचा सयानू पुरुष स्वर ।

tenotomy (टेनॅ'टमि) **ना.** (शल्य०) कुर्कुच्चे नसाको छेदन, विकृत खुट्टाको उपचारको लागि ।

tense (टेन्स्) **ना.** (व्या०) (क्रियाको) काल; विभिन्न पुरुष र कालका क्रियाशब्दका रूप ।

tens/e (टेन्स्) वि र क्रि. तन्केको, कसिएको; आतत (अच० डोरी, तन्तु, झिल्ली, इ० अलं० मन, भावना) **क्रि.** तन्क्याउनु, कस्नु, आतन गर्नु;—ly **क्रि. वि.** तन्केर, तानातानले;—ity=**ना.** आतति, तन्क्याइ ।

tensile (टेन्'(साइ) सिल्) **वि.** वितत; वैतानिक ।

tension (टेन्'शन्) **ना.** र **क्रि०** आतति, वितति, तनाइ, तानातानी, खिचातानी, मानसिक उत्तेजना, तनाउपूर्ण (राजनैतिक, सामाजिक, इ०) परिस्थिति; (यंत्र०) खिचाइ, कर्षण; (र० शा०) वायु वा वाष्पको विस्तारक शक्ति; विद्युत् उत्पादक शक्ति; **क्रि.** तनाउ, खिचाउ, पर्नु, हुनु ।

tenson,—zon (टेन्ज़न्) **ना.** गवैयाहरूमा प्रतियोगिता (अवि); सोको लागि रचना गरिएको काव्य ।

tensor (टेन'सर्) **ना.** (श० वि०) आतानक, अङ्ग, तन्तु, इ० लाई तान्ने वा कस्ने पेशी ।

tent (टेण्ट्) **ना.** र **क्रि.** पाल, पटगृह;—peg कीला, खुँटा; bell—गोल पाल;—-bed झल्लर भएको,—-fly घाम पानी छेक्ने तेर्सो पर्दा; **क्रि.** पाल झैं ढाक्नु, छोप्नु; पालमा डेरा हाल्नु ।

tent (टेण्ट्) **ना.** र **क्रि.** घाउ वा प्वालमा टालो, उपनाह, इ० राखेर खुला राख्ने साधन; त्यसरी घाउ खुला राख्नु ।

tentacle (टेन्'टक्ल्) **ना.** तन्तु प्रतान, पशुमा लामू मसिनू नम्य क्रिया वा गाँस, जुन अन्वेषण, धरण वा चालको काममा ल्याइन्छ; **वि.** छाम्ने ।

tentative (टेन्'टटिभ्) **वि.** र **ना.** अजमाइसको लागि, शुरूको, अस्थायी, परीक्षार्थ, तत्कालको लागि; **ना.** प्रयोगात्मक प्रस्ताव वा सिद्धान्त ।

tenter (टेण्टर्) **ना.** (केही कुराको) जिम्मावाल, (खा० ग० कारखानाको सामान, यंत्र; इ०); कपडा सुकाउँदा तान्ने यन्त्र;—hook सो कपडा सुकाउँदा समात्ने प्रत्येक अंकुश; be on—hook वा (आ०) on the—s अन्योल वा मानसिक पीडाको अवस्थामा, धुकचुक गरेर, कुतकुती, फत्र्याक फत्र्याक; सुटसुटिनु, डाहा, छटपटी ।

tenuity (टिन्यू'इटि) **ना.** तनुता; (वायु तरल वस्तु) पातलोपन, क्षीणता; (शैली) सरलता, भडकको अभाव ।

tenuous (टेॅन्यूअस्) **वि.** (विर०) पातलो दुब्लो, तनु, तनुक, झिनु, सानू ; (भेद, इ०) सूक्ष्म, ज्यादा, तानिएको, टाढाको ।

tenure (टेन्'यर्) **ना.** स्वामित्व, हक, अधिकार; जेथा, खा० ग० जमीनउपरको हक, ज० कि allodial निजी, feudal सामन्ती हक; military—सैनिक सेवा गर्नुपर्ने; भोग, स्वामित्व, कमोत, इ० (को अवधि) ।

tenuto (टेनू'टो) **वि.** (सङ्गी०) लम्बिएको, पूरा समयसम्म ।

teocolli (टिअक्या'लि) **ना.** मेक्सिकन र अधिका उ. अमरिकनहरूका मन्दिर, खा. ग. काटिएको स्तूपको आकारको देवल, मन्दिर (मेक्सिकन भाषा) ।

tepee, teepee (टे'पी, टी'पी) **ना.** अधि छालाको, अचेल कपडा वा टाटको, अमरिकन इंडियन पाल ।

tepef/y (टे'पिफाइ) **क्रि.** मनतातो पार्नु, हुनु;—action कोष्णीकरण, मन्दोष्णीकरण ।

tephigram (टी'फिग्राम्) **ना.** (मौसिम०) वायुमण्डलको विभिन्न तहमा तापमान र सोको लभ्यता देखाउने चित्र, तापमान लभ्यता चित्र ।

tephrite (टेफ्'राइट्) **ना.** अर्वाचीन ज्वालामुखीय पत्थरका किसिम ।

tepid (टे'पिड्) **वि.** मनतातो, न्यानू, (अक्ष० र अलं०); कोष्ण, मन्दोष्ण, ईषदुष्ण;—ity **ना.** कोष्णता, मन्दोष्णता ।

tepidarium (टेपिडे'रियम्) **ना.** (रो. प्रा. इ०, ब. व. —aria) रोमन स्नानागारमा अल्प तापमानको मध्यवर्ती कक्ष; तातो पानी तताउने फोसी ।

ter (टेय्र्) **क्रि. वि.** (सङ्गी० र भैष०) तीन पटक ।

terai (टेराइ') **ना.** गर्मी मुलुकमा गोराहरूले लाउने धे. ज. डवल शिर भएको टोप ।

tercel, tiercel (टिअ्र्'सेल्) **ना.** भाले बाज ।

tercentenary (टेअरसेन्'टिनरि),—tennial **वि.** र **ना.** तीन सय वर्षको; त्रिशतवार्षिकी; **ना.** त्रिशत वार्षिकी (समारोह) ।

tercet (टेअ्र्'सिट्) **ना.** (सङ्गी०)=त्रिपद ।

terebene (टे'रिबीन्) **ना.** तारपिनको तेलमा गन्धक अम्लको प्रक्रियाबाट उत्पन्न हुने जल कार्बनिकको किसिम; कीटनाशकको रूपमा प्रयोग हुने ।

terebinth (टे'रिबिन्थ्) **ना.** तारपिनको रूख, oil of—तारपिन तेल;—ine **वि.** तारपिनको ।

terebra (टे'रिब्रा) **ना.** (ब. व.—ae) कुनै कीराहरूको अंडमोक्षक नली ।

teredo (टरी'डो) **ना.** (ब. व.—s) पोतकीट, जहाज प्वाल पार्ने शंबूक ।

tergal (टेय्र्'गल्) **वि.** पिठ्यूँको, पृष्ठ्य ।

tergeminate (टेय्र्जे'मिनेट्) **वि.** (वन०) (पात) जोर्नीमा जोडा पात भएको, औ हरेक हाँगामा पनि एक जोडा पात भएको ।

tergivers/ate (टेय्र्'जिभर्सेट्) **क्रि.** आफै माथि पिठ्यूँ फर्काउनु, आफ्नू कुरा उल्टाउनु, स्वधर्म भ्रष्ट हुनु, धर्म त्याग

गर्नु, अफ्नू दल त्याग गर्नु, काटिने कुरा गर्नु;—ation **ना.** वाक्छल, अपलपन, अपलाप, स्वधर्मत्याग ।

term (टअ्र्म्) **ना.** (आ०) सीमा, सीमाना; अवधि; (वि. वि., पाठ०) पाठ्यावधि, अदालत वस्ने अवधि; तोकिएको दिन, खा. ग. त्रैमासिक दिनहरू; (का०) तोकिएको अवधिसम्म जमीनको भोग वा मातहती; (गणि०) अनुपातको प्रथम वा द्वितीय पद; संयोजन वा वियोजन चिह्नले जोरिएका पद, अवयव; (न्याय०) समय, संकेत, प्रतिज्ञा; पारिभाषिक वा विशेष अर्थको शब्द (ब. व.) प्रयोग गरिएको बोली, भनाइको ढाँचा; (ब. व.) शर्तहरू; सम्बन्ध, साइनो;—-time बैठक अवधि; in—s of रूपमा, सम्बन्धमा, भनाइको ढाँचाका; contradiction in—s आफैँमा कुरा बाझ्नु; inclusive—s सबै कुरा समावेश गर्ने, होटेल, इ०, को शर्त; come to—s दब्नु, मिल्नु; make—s शर्त गर्नु; bring to—s मनाउनु;—s of reference कुनै व्यक्ति वा संस्थालाई अनुसन्धान र प्रतिवेदनको लागि प्रेषित गरिएका बुँदाहरू, साधन बुँदाहरू; अर्पण विषयहरू ।

term (टअ्र्म्) **क्रि.** संज्ञा दिनु, कहनु ।

termag/ant (टअ्र्'मग्याण्ट्) **ना.** र **वि.** (ऐति० T—) उपद्रवी स्वभावको कल्पित मुसलमानी देवता, दुर्मुखा स्त्री, मापाकी, कोपना, कर्करे, मुखाले, चोथाले, बझुवी, उग्रचण्डी, भामिनी, कर्कशा; **वि.** उत्ताउलो, दुर्दान्त, कचकचे, कर्कश;—ancy **ना.** कलहप्रियता, कर्कश स्वभाव ।

terminable (टअ्र्'मिनेब्ल) **वि.** अन्त्य ।

terminal (टअ्र्'मिनल्) **वि.** र **ना.** अन्तिम, अन्तको, छेउको, टुङ्ग्याउने; आवधिक; **ना.** अन्त गर्ने चीज, टुप्पो; खा. ग. विद्युत प्रवाहमा संयोग विन्दु; रेल वा वायुसेवाको अन्तस्थान ।

termina/te (टअ्र्मिनेट्) **क्रि.** र **वि.** अन्त गर्नु, तुर्नु, तय गर्नु, सीमाङ्कन गर्नु, समाप्त गर्नु, सिद्धिनु; **वि.** सीमित, अन्तक, अन्तिक;—tion **ना.** समाप्ति, अन्त, किनारा, पर्यवसान, प्रत्यय, अन्त प्रत्यय ।

terminator (टअ्र्'मिनेटर्) **ना.** अन्त गर्ने (वस्तु वा व्यक्ति); नक्षत्रको उज्यालो र अँध्यारो भाग छुट्ट्याउने विभाजक रेखा ।

termin/ology (टअ्र्मिनॅ'लजि) **ना.** पदको उचित प्रयोगको विद्या; कुनै कलामा खास प्रयोग हुने शब्द—ological शाब्दिक, शाब्दः—ological inexactitude (ठं०) झूट ।

terminus (टअ्र्'मिनस्) **ना.** (ब. व.—uses,—i) (अचेत विर०) अन्तिम विन्दु, लक्ष: रेल वा बस सेवाको अन्तिम स्टेशन, स्थल; (रो. प्रा. इ.) सीमा देवता, T—; माथि पुरुषको वक्षमूर्तिको आकार तल खम्बा भएको स्तम्भ ।

termite (टअ्र्'माइट्) **ना.** धमिरा (सामाजिक कीरो); खा. ग. काठ; घर, पुस्तक इ० खाने, धमिरा लाग्ने; termitarium, termitary धमिराको गुँड, घर ।

termly (टअ्र्'म्लि) **वि.** र **क्रि. वि.** (विर०) आवधिक, म्यादे ।

termor (टअ्र्'मर्) **ना.** (का०) तोकेको म्यादसम्म, वा आजीवन, जमीन भोग गर्ने व्यक्ति ।

terms (टअ्र्म्स्) **ना.** (ब० व०) सम्बन्ध, अवधि, शर्त, नियम ।

tern, tarn (टेअ्र्न्) **ना.** दुई चुच्चे पुच्छर भएको सानू समुद्री चरो ।

ternary (टेअ्र्'नरि) **वि.** त्रितय, (गणि०) तीन अज्ञात भएको ।

ternate (टेअ्र्'नेट्) **वि.** त्रितय, (वन०) तीन पाते ।

terne (टेअ्र्न्) **ना.** (धे. ज. —-plate) कमसल टिन पाता, जसमा धेरै सीसा हुन्छ; काँस ।

Terpsichore (टेअ्र्प्सि'करी) **ना.** नृत्यदेवी ; T—an **वि.** नृत्यसम्बन्धी ।

terra (टेर्'रा) **ना.** पृथ्वी; —firma सुक्खा जमीन, —incognita अपरिचित भूमि ।

terrace (टे'रेस्) **ना.** र **क्रि.** प्राकृतिक वा कृत्रिम उच्च स्थान, अग्लो ठाउँ; वेदी, पाखो, पखेरो, भित्तो, पीठ; (भूतत्व०) उठेको तट ; भिरालोको शिर वा मुखमा रहेको भवनपंक्ति जोरिएका घरहरूको लहर, (खा० ग० सडकको नाममा) ; —-house जोरिएको भित्ता भएका घरहरूमध्ये कुनै; **क्रि.** अग्लो ठाउँ बनाउनु, जमीन अग्लो गराउनु (शोभाको लागि); —d roof पूर्वी घरहरूको च्याप्टो छत ।

terracotta (टेराकॅ'टा) **ना.** पाको माटोको भवन निर्माणमा अलंकारको लागि, औ मूर्ति, धे. ज. वाच्यको रूपमा; माटाको मूर्ति, बचकना प्रतिमा; (**वि.** र **ना.**) ऐ. को कैलोरातो रंग ।

terrain (टेरेन्) **ना.** भौतिक भौगोलिक, वा युद्धशास्त्रविद्ले आफ्नू तात्पर्यको लागि विचार गर्ने, हेर्ने, जमीनको टुक्रा; प्रदेश, भूमि; भूमि संनिवेश ।

terraneous (टेरे'नियस्) **वि.** (वन०) पार्थिव, जमीनमा उम्रने ।

terrapin (टे'रेपिन्) **ना.** अलिनो पानीको खाद्य संज्ञिएको कछुवाको जात ।

terraqueous (टेरे'क्वियस्) **वि.** (पृथ्वी) जलस्थलात्मक जलथल दुवै भएको ।

terrene (टेरीन्') **वि.** पार्थिव, भौमिक, भौम, ऐहिक, लौकिक, भूचर, स्थलज ।

terrestrial (टेरेस्'ट्रिअल्) **वि.** र **ना.** पार्थिव; (आकाशीयको विप०;—magnetism पार्थिव चुम्बकत्व) सांसारिक, ऐहिक; स्थलीय (जलीयको विप०); (पशु०) स्थलचर, **ना.** पृथ्वीको वासिन्दा, भूचर; —globe भूगोल ।

terret–it (टे'रेट् ,–रिट्) **ना.** काठी, साजमा, लगाम छिराउने मुन्द्रा, वा अंकुश ।

terrible (टे'रिब्ल) **वि.** भीषण, भीषणाकृति, डरलाग्दो, घोर, दारुण, कराल, उग्र; (बो० चा०) ज्यादै अति; (बो०

चा०') बेकामको, अदक्ष, रद्दी; enfant—जो सुन्यो दोहोऱ्याउने, जे पायो उही सोचेर असजिलो पार्ने, बालक, ज० बा० विचारहीन, के पर्ला भनी विचार नगर्ने व्यक्ति; terribly **क्रि. वि.** भयंकरसँग, (बो० चा०) ज्यादै ।

terrier (टे'रियर्) **ना.** खन्ने प्रवृत्ति भएको फुर्तिलो र बलियो कुकुरको जात, टेरियर ; (बो० चा०) टेरिटरियल आर्मी (मिलिशिया) को सदस्य ।

terrific (टेरि'फिक्) **वि.** डामर, डरलाग्दो, घोर, भयंकर ।

terrify (टे'रिफाइ) **क्रि.** तर्साउनु, अत्याउनु, थर्थर पार्नु, त्रस्त पार्नु ।

terrigenous (टेरि'जिनस्) **वि.** भूमज ;—deposits भूमज निक्षेपहरू;—metals भूमज धातुहरू, माटोहरूका धातव भास्मिक, ज. कि एलुमिनियम् ।

terrine (टेरीन्') **ना.** केही खानेकुरा राखेको सोसमेत बेच्ने माटाको भाँडो ।

territorial (टेरिट'ऽरियल् **वि.** र **ना.** क्षेत्रीय, स्थानीय ; T—संयुक्त राष्ट्र अमरिकाको कुनै क्षेत्र; T—Army संकटकालमा काममा ल्याउन हुने आफूखुशी फौज, मिलिशिया ;—waters क्षेत्रीय जल, पर्यन्त जल ; **ना.** क्षेत्रीय फौजको सदस्य ;-ize,-ise **क्रि.** थपेर विशेष क्षेत्र बनाउनु, क्षेत्रको हैसियत दिनु ।

territory (टे'रिटरि) **ना.** राजाको मातहतको प्रदेश, राष्ट्र, नगर, इ० (व्या०) कुनै व्यापारिक कारकको जिम्मामा रहेको क्षेत्र; विस्तीर्ण प्रदेश; T—प्रशासन क्षेत्र जसले अझै पूर्ण राज्यको हैसियत प्राप्त गर्न सकेको छैन, क्षेत्र; सरहद ।

terror (टे'रर्) **ना.** त्रास, संत्रास, अति भय, आतंक; (कुकर्मीहरूलाई त्रस्त पार्ने) व्यक्ति; holy—दिक्क पार्ने केटाकेटी; king of—s मृत्यु; the T—, Reign of T फ्रान्सको विप्लव समयको अन्नाधुन्न;—struck आतंकित, हायलकायल, दुरद्दाइ ।

terror/ist (टे'ररिस्ट्) **ना.** आतंककारी, ध्वंसकारी;—ism **ना.** आतंकवाद, ध्वंसवाद;—ization **ना.** आतंकीकरण, istic **वि.** आतंककारी, ध्वंसकारी;—ize **क्रि.** त्रस्त पार्नु, थर्काउनु, आतंक गराउनु ।

terse (टेऽर्स्) **वि.** (बोली, शैली, लेखक) ठर्रो, प्रवाहित र संक्षिप्त; बाहुल्य र भद्दापनरहित; - ness लाघव, संक्षेप ।

tertian (टेऽर्'शन्) **वि.** र **ना** एक दिन बिराएर आउने, उग्ररूप लिने (ज्वर, रोग); तृतीयक ।

tertia/ry (टेऽर्'शरि) **वि.** र **ना.** तेस्रो दर्जा, रचना, तृतीयक, तृतीयिन; **ना.** (पक्षि०) तेस्रो पंक्तिको उड्ने पखेटाको प्वाँख;—l (टर्'र्शल्) **वि.** र **ना.** तृतीय, तृतीय पंख; मठको तेस्रो श्रेणीको सदस्य; the T—तेस्रो भूतात्विक युग ।

tertio (टेऽर्'शिओ) **क्रि. वि.** तेस्रो स्थानमा ।

tertium quid (टेऽर्'शियम क्विड्) **ना.** तेस्रो चीज, खा. ग. मन र वस्तुको बीच, अथवा विपरीत चीजहरूको बीचको; (ठ०) सनातन त्रिकोण (दुई स्त्री एक मान्छे, वा उल्टो) ।

tertius (टेऽर्'शस्) **वि.** (पाठ०) (उही नामको) तेस्रो (विद्यार्थी);—gaudens (गाँ'डेन्स्) (ल्या० = आनन्दी तेस्रो) दुईको झगडाबाट फाइदा उठाउने आशामा रमाएको तेस्रो ।

terza rima (टेऽर्ट्'सरी'म) **ना.** (ब. व.—ze—me उच्चा०—ए) कविताको खास छन्द र रचना, मु० डाण्टेको कमीडिआको जस्तो एघार पदको श्लोक ।

terzetto (टेऽर्ट्से'टो) **ना.** (संगी०) त्रय गायक ।

tessellated (टे'सलेटिड्) **वि.** चारपाटेद्वारा बनेको, खा. ग.—pavement चौकोसे चारपाटे पटरी; (वन०, पशु०) नियत क्रमले चारखाने परेको ।

tessara (टे'सरा) **ना.** (ब० व०—ae) सानू चारपाटे, खा० ग० प्रस्तर चित्र कर्ममा काममा लगाइने ।

test (टेस्ट्) **ना.** जाँच, परीक्षा, प्रतीति, प्रमाण, अजमाइस, निकष; प्रवेश वा अस्वीकृतिको कारण, (र० शा०) निकष; (बो. चा.) टेस्ट (खेल), खा. ग. अन्तरराष्ट्रिय खेल प्रतियोगिता, क्रिकेट, इ० मा, जसमा प्रत्येक टेस्ट खेलको नतीजा पूर्ण हारजितमा गनिन्छ;—tube पारखनली;— -tube baby (बो. चा.) कृत्रिम गर्भाधानद्वारा धारण गरिएको; कुनै कुनै पशुको ढाक्ने हाड, छिलका, कौडी, इ०; sample—चासनी ।

test (टेस्ट्) **क्रि.** जाँच्नु, अजमाउनु, पारख गर्नु, परीक्षा गर्नु, छामेर जाँच्नु; कडा परीक्षा गर्नु, (सहनशीलता; इ०) जाँच्नु, जोत्नु; (धातु) शोधन गर्नु; (र. शा.) प्रतिकारक वा मसलाद्वारा परीक्षा गर्नु ।

testaceo/us (टेस्टे'शस्) **वि.** छिलका, कन्चुक, इ० को; कन्चुकीय, कंबुविशिष्ट, शंखवासी; हाडे; (वन०, पशु०) रातो ईंट रंगको;—logy **ना.** कन्चुकशास्त्र ।

testacy (टेस्'टसि) **ना.** इच्छापत्र गरिसकेको अवस्था, मृत्युपत्र तयार गरी चालू छोडेको स्थिति ।

testament (टेस्'टमेण्ट) **ना.** इच्छापत्र, मृत्युपत्र, मृत्युलेख; (बा०) नियम, पण, आशा, छूट, व्यवस्था भंगानुज्ञा; military—सैनिकको मौखिक भनाइ (नै लिखित इच्छापत्रको स्थान लिने) ।

testamur (टेस्टे'मर्) **ना.** (वि० वि०) परीक्षामा उत्तीर्ण भएको प्रमाणपत्र ।

testat/e (टेस्'टेट् वा—टट्) **वि.** र **ना.** इच्छापत्र बनाएर चालू अवस्थामा छाडी मर्ने (व्यक्ति);—or,—rix **ना.** इच्छापत्र गर्ने व्यक्ति, मृत्युलेख कर्ता,—कर्तृ ।

tester (टेस्'टर्) **ना.** जाँचकी, जाँच्ने चँदुवा, खा० ग० थाम भएको पलङ्गको ; (ऐति०) विलायतका राजा हेनरि आठौंको शिलिङ्ग ; (ठ०) ६ पेनी ।

testic/le (टेस्'टिक्ल्) **ना.** अण्डकोष, मुष्क, वृषण, अण्ड, आँडो, फल, सन्धि, गुला, पोकापन्तरा, पोको, डल्लो;-ular **वि.** अण्डाकार, अण्डाकृति, अण्डकोषीय; —ulate **वि.** अण्डाकार, मुष्काकार ।

testify (टेस्'टिफाइ) **क्रि.** बक्नु, साक्षी बक्नु, साक्षी दिनु;

बयान गर्नु, प्रतिज्ञा गर्नु; प्रमाण हुनु, देखाउनु, प्रदर्शन गर्नु ।

testimonial (टेस्‌टिमो'नियल्) **ना.** योग्यता, आचरण, स्वभाव, इ० को प्रशंसापत्र, प्रमाणपत्र; सेवा वा गुणको लागि कसैलाई आमतौरले दिइएको उपहार, दाम; पुरस्कार;—ize **क्रि.** कसैलाई प्रशंसापत्र प्रदान हुनु ।

testimony (टेस्'टिमनि) **ना.** प्रमाण, प्रदर्शन, (का०) शपथसमेत लिखित वा मौखिक वक्तव्य; बकपत्र; बयान; (आ०) गम्भीर विरोध; (वा०) दशाज्ञा; (ए. व. वा. ब. व.) धर्मशास्त्र (बाइबल) ।

testudin/arious (टेस्‌टयूडिने'रियस्) **वि.** कछुवाको हाड ऱ्हैं रातो पहेंलो र कालो टाटा भएको;—ate **वि.** कछुवाको हाड ऱ्हैं गुम्बज परेको (आकारको);—eous कछुवाको हाड ऱ्हैं ।

testudo (टेस्‌टयू'डो) **ना.** (ब. व —os,—ines) (रो. प्रा. इ.) ढाल ढाल जोरेका गुजमुट्ट रहेका रोमन फौजले बनाएको छेका; भित्ता खस्न आँटेमा त्यसै गरी खनकहरूले चलन गर्ने छेका ।

test/y (टेस्'टि) **वि.** चिडचिडो, चंड, जंड, च्याँट्ठिएको, शीघ्रकोपी, रिसाहा;—ily **क्रि. वि.** जङ्गिएर, झोकसँग;—iness **ना.** झोक, जाग, रिस, to be—च्याँट्ठिनु ।

tetan/us (टे'टनस्) **ना.** अनन्तवात, धनुर्वात, धनुष्टङ्कार; artificial—खास ओखती, ज. कि strychnine द्वारा हुने;—ic **वि.** धनुर्वातीय; स्नायुद्वारा पेशीमा प्रभाव गर्ने औषधि, ज. कि. strychnine; -ization **ना.** धनुर्वातकरण ।

te(l)tch/y (टे'चि) **वि.** चिड़चिडो, रिसाहा, जङ्गिने;—ily **क्रि. वि.** जङ्गिएर, रिसाएर, झोकले ।

tete-a-tete (टे ट् आटे ट्') **क्रि. वि., वि.** र **ना.** आंसद, टाउको टाउको जोरेर; आमने सामने; मुखेन्जी, एकान्तमा सँगसँगै; **वि.** गुप्त, गोपनीय; **ना.** साक्षात्कार, गुप्त वार्ता, खासखुस, गुप्त कुराकानी (खा. ग. दुई जनामध्ये); दुईजना बस्ने कवच वा आसन ।

tether (टे'दर्) **ना.** र **क्रि.** वस्तु बाँध्ने पगाहा, डोरी, दाम्लो, सिक्री, साँग्लो; (अलं०) कसैको ज्ञान, अधिकार इ० को परिधि, परिमाण; **क्रि.** बाँध्नु (पशु. खा. ग. चर्ने पशु) ।

tetra—ग्री० को सं. रूप=चार, - चत्वार - ; - cyclic चार गुच्छे;- dactyl चार औंले;—hedron चतुष्फलक, चार पक्षीय घन औ खा. ग. त्रिकोणीय स्तूप;—logy चार ग्रन्थको समूह ।

tetrad (टे'ट्र्याड्) **ना.** संख्या चार; चारको समूह, चतुष्टय, चतुष्क, (र. शा.) उदजनको चार परमाणुसँग योगशक्ति भएको तत्व ।

tetrandous (टिट्र्यान्'डस्) **वि.** (वन०) चार पुंकेशर भएको ।

tetrarch (टी (टे)' ट्रार्क) **ना.** (रो. प्रा. इ.) देश वा जिल्लाको चतुर्थांशको शासक;—ical **वि.** चतुर्थांशीय; (प्रा. गी. इ.) ग्रीक फौजको विभाजनको समादेशक ।

tetter (टे'टर्) **ना.** चर्मरोगको किसिम ।

Teucrian (टयु'क्रियन्) **वि.** र **ना.** प्राचीन ट्रोजन (जातिको सदस्य) ।

Teuto—यौगिक;—maniac,—phile,—phobe,-phobia जर्मन उन्माद,—प्रेमी,—द्वेषी,—द्वेष ।

Teuton (टयुटन्) **ना.** Teutonic टयुटन जातिको, मध्य योरपका जर्मन जातिको; (हे० द्वेष०) जर्मन; टयुटन भाषा ।

text (टेक्स्ट्) **ना.** ग्रन्थकारको मूल पाठ (टीका, व्याख्या, विप०); शास्त्रको वचन; विषय, प्रकरण; ग्रन्थ, पुस्तक, को मुख्य भाग (टीका, चित्र, इ० बाहेक); (ब. व.) अध्ययनको लागि निर्देश गरिएका पाठ्यपुस्तक;—book पाठ्यपुस्तक;— - hand ठूलो टाँका भएको; church—कालो बुट्टादार अक्षर (स्मारकहरूमा लेखाइमा); German—कालो अक्षर ।

textile (टेक्स्'टि (टाइ) ल्) **वि.** र **ना.** तन्तुनिर्मित, तान्तव, बुनाइको; the—art बुनाइ; वसन; बुनेको, बुन्न हुने; —fabrics, materials बुनाइको वस्त्र, सामान; (ब. व.) कपडा ।

textual (टेक्स्'ट्युअल्) **वि.** मौलिक, मौल, पाठिक;—ist **ना.** कट्टर पाठवादी; शास्त्रको वचन फलाक्ने ।

texture (टेक्स्'चर्) **ना.** (कपडाको) सूत; रचना, अङ्ग (त्वचा, चट्टान, साहित्यिक ग्रन्थ, इ० को) (प्रा० वि०) तन्तु, त्यसको रचना; विन्यास, ऊति, वाप ।

textureless (टेक्स्'चर्लेस् , टेक्स्'ट्युअर्लेस्) **वि.** विना देखिने रचनाको, आकारहीन ।

thalamus (थ्या'लमस्) **ना.** (ब० व०—mi) (ग्री० प्रा० इ०) अन्तःपुर, स्वास्नीमानिसको लङ, (श० वि०) स्नायु, खा० ग० चाक्षुष स्नायु, मस्तिष्कबाट निस्कने ठाउँ; (वन०) फूलको खोल ।

thaler (टा'लर्) **ना.** (ऐति०) जर्मन रौप्य मुद्रा ।

Thalia (थली'आ) **ना.** हास्य नाटक र ग्राम्य काव्यकी देवी; ग्रीक कथाका तीन लावण्य देवीमध्येकी एक ।

thallium (थ्या'लियम्) **ना.** विरल नरम सेतो धातुक तत्व, थ्यालियम् ।

thallus (थ्या'लस्) **ना.** जरा, डाँठ र पातमा नबाँडिएको वनस्पति जीउ ।

Thames (टेम्स्') **ना.** विलायतको नदी; act the T— on fire के के न गर्छु वा गरें भन्ने दिमाग, लछार्नु ।

than (दन्, द्यान्) **सं.** र **उ.** भन्दा, न तु, अपेक्षाले ।

thanage (थे'नज्) **ना.** थेन (भूस्वामी) दर्जा वा जमीन ।

thanat/o—ग्री० यौगिक=मृत्यु;—ophidia—**ना.** (ब० व०) विषालु सर्पहरू ।

thanatoid (थ्या'नटॅयड्) **वि.** मृत्युसम, देख्दा मरेको, मारात्मक ।

thane (थेन्) **ना.** (वि० इ०) सामन्ती र दुनियाको बीचको दर्जा ।

thank (थ्याङ्क्) **क्रि.** र **ना.** कृतज्ञता प्रकाश गर्नु, धन्यवाद

गर्नु;—you (दान, सेवा, इ० स्वीकार वा अस्वीकार गर्ने सूत्र);—you for nothing हेलाँ साथको अस्वीकार; only (himself) to—(आफ्नै) दोष; ना. (अचेल केवल व० व० मा) कृतज्ञता प्रकाशन, आभार धन्यवाद;—worthy धन्यवाद योग्य, धन्यवादको पात्र, मुवारकवाद, हर्षमनाइ ।

thankful (थ्याङ्क'फुल्) वि. कृतज्ञ; (वचन वा क्रिया) धन्यवाद ज्ञापक; आभारी ।

thankless (थ्याङ्क्'लेस्) वि. अकृतज्ञ;—task कठिन, विना फाइदाको ।

thanksgiving (थ्याङ्कस्'गिभिङ्) ना. परमेश्वरमा धन्यवाद अर्पण; T—day अनाज भित्र्याइसकेपछि मंसीर (नोभेम्वर) मा परमेश्वरलाई धन्यवाद गर्ने उत्सव; (वा०) प्रसाद (चढाउने) ।

thar (टाञ्र्) ना. नेपालको थार ।

that वि., स. ना., र क्रि. वि. (वि० र स० ना० उच्चा० द्याट् व० व० दोज्) यो, उ, जस्तो, त्यस्तै (कुरा); त्यो; क्रि. वि. (उच्चा० द्याट्) त्यति, यति, यस्तो, उस्तो; स. ना. (व० व० उही; उच्चा० दट्) जुन, जो; books and all—पुस्तक इत्यादि;—'s right ठीक ! बिलकुल ठीक; (अप०) हो;—'s a dear तिमी बडा वशंवद छौ;—'s—(प्रसङ्ग सिध्याउने सूत्र) त्यो भयो, त्यो जे होस् ; at—त्यस्तो कुरा गरेमा; this,—and the other विभिन्न कुरा, चीज, यस्तो र उस्तो ।

that (दट् , क. का. द्याट्) सं. कि, यसकारणले कि; in—किनभने, यसर्थ कि ।

thatch (थ्याच्) ना. र क्रि. पराल, खर, को छाना, छप्पड, छप्पर, फूस; (बो० चा०) टाउकोको रौं, कपाल; क्रि. पराल, फूस, को छाना लाउनु, छाउनु;—er छाउने, तृणकार, पटलकार ।

thaumatrope (थाउ'मट्रोप्) ना. घुमाउँदा अनेक गति देखिने चित्रमय चक्का, कौतुकचक्र ।

thaumaturg/e (थाउ'मटञ्र्ग्) ना. टूना गर्ने; मायावी, कौतुककार;—ic (al) वि. कौतुकपूर्ण;—ist जादूगर, जान्ने ।

thaw (थॉ) क्रि. र ना. (वरफ, हिउँ, जमेको वस्तु) पग्लनु; (मौसिम) हिउँ, इ० पगाल्ने हुनु; (अलं०) अरठ्ठ परेकोबाट) पग्लनु, द्रवीभूत हुनु, मिजास गर्नु; पग्लने गराउनु (अक्ष० र अलं०); ना. स्रुति, (पगाल्ने) मौसिमको न्यानूपन, ज. कि a—has set in स्रुति लाग्यो ।

the (स्वर अगाडि दि व्यञ्जन अगाडि द- जोड दिंदा दी) वि. र क्रि. वि. त्यो; क्रि. वि. जति, उति ।

theandric (थीञ्यान्'ड्रिक्) वि. क्राइस्टमा ईश्वरीय र मानव प्रकृतिको, उनै दुइको कारणत्ववाट, संयोजनसम्वन्धी ।

theanthropic (al) (थी ञ्यान् थ्रो'पिक्,—कल्) ईश्वरीय र मानव दुवै; देवतालाई मनुष्यरूपमा धारण गर्ने ।

thearchy (थी'आर्कि) ना. देवराज्य, देवश्रेणी ।

theatre (थी'अटर्) ना. नाचघर, नाट्यशाला, खेलघर पंक्तिगत आसन रहेको प्रवचन, इ० को कोठा, कक्ष, मंडप, operating, operation,—शल्य (चिकित्सा) कक्षा, चिरफारको कोठा; नाटकीय साहित्य वा कला; क्रियास्थल, क्रियाभूमि;—of war युद्धभूमि; good—(वाच्य) रंगमन्चमा प्रभावशाली वा राम्रो वा चित्ताकर्षक;—goer,—ing नाच हेर्न (वरावर) जाने, नाटकप्रेमी; नाचघर जानु ।

theatrical (थिञ्या'ट्रिकल्) वि. र ना. (ढाँचा, बोलाइ, भावभंगी, व्यक्ति) नाटकीय; देखौवा, फलको लागि गरिएको, स्वाँगी, नाचघरको, सुहाउँदो; अभिनेताको, वा खेलाइको; ना. (व० व०) खेलहरू, अभिनय, खा० ग० private—s अपेशावाला नाटकाभिनय;—ism नाट्यवाद,—ity नाटकीयता; —ize नाटकीय गर्नु, गराउनु ।

Thebaid (थीवा'इड् वा थी'वाइड्) ना. प्राचीन थीवीज (मिश्रदेश) को चारैतिरको क्षेत्र ।

Theban (थी'वन्) वि. र ना. थीवीजको (वासिन्दा) ।

the dansant (टे डाँसाँ') ना. नृत्यसहित अपराह्णको चिया ।

thee (दी) स. ना.=thou, तँ, तिमी ।

theft (थेफ्ट्) ना. चोरी, नकबजनी, स्तैन्य ।

thegn (थेन्) ना. (ऐति०) thane को प्राचीन रूप= सामन्त ।

theine (थी'इन्) ना.=caffeine कफी, चिया, इ० वनस्पति विरुवामा पाइने क्षारोद, क्याफीन । .

their (देय़र्) स. ना. (षष्ठी विभक्ति) तिनीहरूको,—s तिनीहरूको ।

the/ism (थी'इज्म्) ना. ईश्वरवाद, आस्तिक्य, आस्तिकता; —ist ईश्वरवादी, आस्तिक ।

them (देम्) स. ना. (चतुर्थी) तिनीहरूलाई ।

thematic (थिम्या'टिक्) वि. (संगी०) आलापसहित लयपूर्ण विषय; (व्या०) प्रकरणीय, वैषयिक ।

theme (थीम्) ना. (बोल्ने, लेख्ने वा विचार गर्ने) विषय; पाठशाले निवन्ध, रचना; (व्या०) विभक्ति वा प्रत्यय जोडिने नाम, क्रिया, को जड; (संगी०) लय, आलापसहितको राग;—song गीति काव्यको दोहरिरहने लय ।

Themis (थी (थे)'मिस्) (ग्री. कथा) ना. न्याय र कानून देवी; तिनको मूर्तस्वरूप ।

themselves (देमसेल्भ्ज्') स. ना. तिनीहरू आफैलाई, (जोरदार बोली) ।

then (देन्) क्रि. वि., सं., वि. र ना. तब, त्यतिखेर, त्यत्तिखेर, उत्तिखेर, त्यस वेला, तिनताक, पछि, त्यसपछि; सं. तब, तसर्थ, यसर्थ, तस्मात्; वि. (the—पनि) त्यस वेलाको, तात्कालिक; ना. त्यस वेला, तत्काल, समय ।

thenar (थी'नर्) ना. (श० वि०) हत्केला, पैताला, वाच्य पनि,—prominence, eminence बूढी औंलाको डल्लो, उँचाइ, गद्दा ।

thence (दे‍न्स) **क्रि. वि.** तस्मात् , त्यहाँबाट, त्यहाँदेखि;—forth,—forward तत्पश्चात्, त्यहाँपछि ।

theo—ग्री० theos=देवको यौगिकरूप;—cracy धर्मराज्य, देवराज्य, ईश्वरप्रभुत्व;—gony देववंश काव्य;—maniac आफै ईश्वर हुँ भन्ने उन्माद, देवोन्माद;—phany अवतार ।

theodolite (थिऑड'लाइट्) **ना.** सर्भेक्षण यंत्र, दूरदर्शनबाट सोझो र तेर्सो कोण नाप्ने यंत्र ।

theolog/y (थिऑ'लजि) **ना.** ब्रह्मज्ञान (खा० ग० क्रिश्तानी धर्मको), परमार्थ विद्या, अध्यात्मविद्या;—ian **ना.** ब्रह्मज्ञानी, वेदान्ती, अध्यात्मवादी;—ical **वि.** पारमार्थिक, आध्यात्मिक ।

theorbo (थिअर्'वो) **ना.** (व० व०—s) दुई घाँटी भएको वीणा प्रकारको वाजा ।

theorem (थी'अरेम्) **ना.** (गणि०) उपपाद्य, प्रमेयोपपाद्य; उपपाद्य सूत्र, जो. कि संकेतद्वारा व्यञ्जन हुन्छ ।

theoretic (थी'अरेटिक्) **वि.** र **ना.** सैद्धान्तिक, तार्किक; **ना.** (व० व०) कुनै विद्या, विज्ञान, इ० को सैद्धान्तिक भाग ।

theoretical (थीअरे'टिकल्) **वि.** सैद्धान्तिक; केवल मतसँग सम्बन्धित, व्यावहारिक होइन, काल्पनिक, व्यवहारयोग्य, अव्यावहारिक, तार्किक ।

theor/y (थी'अरि) **ना.** मत, सिद्धान्त, वाद, तर्क; परिकल्पनात्मक राय, (धे. ज. केही भावनात्मक ढाँचाको रंगसहित); परिकल्पनात्मक विचारको चेत्र; विज्ञानको सिद्धान्तको प्रतिपादन, व्याख्यान; (गणि०) विषयको सिद्धान्त दिग्दर्शन गर्ने परिणामको संकलन; कल्पना, उपपत्ति, राय;—ist **ना.** तर्कक;—ization **ना.** मनोपकल्पन;—ize **क्रि.** परिकल्पना गर्नु, सिद्धान्त पेश गर्नु;—and practice उपपत्ति र प्रयोग; मंत्रतंत्र ।

theosophy (थिऑ'सफि) **ना.** ईश्वरवाद, ईश्वरज्ञान ।

therapeutic (थेराप्यु'टिक्) **वि.** र **ना.** उपचार्य, भैषज; **ना.** (व० व०) उपचार्य, भैषज्य ।

—therapy अन्तप्रत्यय, ग्री०=सेवा, उपचार; भैषज्य, उपचार, radium—रेडियम उपचार; occupational—पेशावर ।

there (देयर् , दर्) **क्रि. वि.**, **ना.** र **वि. बो.** त्यहाँ, त्यो ठाउँमा,—about अन्दाजी; **ना.** त्यो ठाउँ; **वि. बो.** पुष्टि, उल्लास, उद्वेग, इ० प्रकट गर्ने बोली; फुल्याउने बोली, ज. कि —!—!;—about (s) नजीकै, प्रायः;—after त्यसपछि, —at त्यसपछि, त्यसले;—by त्यसउसले, फलस्वरूप;—for त्यसकारणले;—fore त्यसकारणले, तसर्थ, सुतरां, तस्मात्, त्यसर्थ, यसर्थ;—in त्यहाँ, त्यसमा;—of त्यसको;—upon त्यसपछि ।

theriac (थेय्रि'अ्याक्) **ना.** धेरै भैषज (ओखती) परेको विषालु जन्तुहरूले टोकेको मारण ।

therianthro/pic (थेय्रिअ्यान्थ्रो'पिक्) **वि.** नर पाशविक, नर र पशुको, नर र पशुको रूपलाई पूजा गर्ने ।

therm (थअर्म्) **ना.** ग्यासको उपलब्धिमा तोकिएको कानूनी तापक परिमाणको एकाङ्क ।

thermae (थअर्'मी) **ना.** (व. व.) (ग्री० र रो. प्रा. इ०) तातो पानीको मूल वा (खा. ग.) स्नानागार ।

thermal (थअर्'मल्) **वि.** र **ना.** तापीय, तापन, ज. कि—unit तापन एकाङ्क;–equator ताप भूमध्य रेखा, जहाँ पृथ्वीको सतहमा सबभन्दा बढी ताप हुन्छ;—springs तातो पानीको मूल, तातो पानी; **ना** तातेको माथि उठ्न लागेकोहावाको लहर वा सतह (थर्कन, त्रिप्लने) (वायुयान) ले फाइदा उठाउने ।

thermic (थअर'मिक्) **वि.** तापीय, तापन, तातोको ।

thermion (थअर्'मायन्) **ना** तापायन, तापदीप्त वस्तुले फ्याँक्ने (निष्कन्दन गर्ने) आयन, ज. बा.—ic **वि.** ताप आयनिक (कपाट, बेतार यंत्रमा प्रयोग हुने) ।

thermite (थअर्'माइट्) **ना.** बल्दा अति बढता ताप उत्पन्न गर्ने पातलोसँग धूलो पारेको एलुमिनियम र फलामको अक्साइडको मिश्रण (रसायन, ढलान, गर्दा, र घरमा आगो सल्काउने बममा प्रयोग गरिन्छ ।

thermo—ग्री० thermos=तातो; therme तापको यौगिक रूप;—chemistry ताप रसायन;—-(electric) couple ताप (वैद्युत्) युगल=—pile (तल);—dynamics, ताप र यांत्रिक कर्मको सम्बन्धको शास्त्र, तापगति विज्ञान;—-electricity तापमानको फरकबाट उत्पन्न हुने विद्युत्, ताप विद्युत्; —-genesis (खा. ग. मनुष्यको शरीरमा) तापजनन;—nuclear ताप आणविक (उद्जन) बम;—pile खा. ग. सानू परिमाणको किरणाकार ताप नाप्ने ताप वैद्युतिक कोष;—stat तापमान नियन्त्रण गर्ने स्वचालित यन्त्र, तापनियन्त्रक ।

thermomet/er (थॅर्म'मिटर्) **ना.** तापमापक, धे. ज. ऐनाको सूक्ष्म नलीमा मद्यसार वा पारो हालेको, औ विभिन्न प्रकारले अंकित गरिएको (फारेनहाइट्, रोमर, सेण्टिग्रेड); clinical—(ज्वर हेर्ने) डिग्री; maximum, minimum,—उपल्लो, तल्लो तापमापक;—ry **ना.** तापमापन ।

thermos (थअर्'मॅस्) **ना.**—flask वा—तातो राख्ने शीशी, तापपात्र ।

theroid (थेअर्'ॲयड्) **वि.** (खा. ग. ग्वाँग्रो) पशुवत् ।

therology (थिअर्'लजि) **ना.** स्तनपायी विद्या ।

thesaurus (थीसॉ'रस्) **ना.** (व. व.—ri) शब्दकोष, शब्दसंग्रह, निघण्टु, विश्वकोष ।

these (दीज्) **स. ना.** this को ब. व.=यिनीहरू, उनीहरू, तिनीहरू ।

thesis (थी'सिस्) **ना.** (ब. व.—ses उच्चा० थीसीज) सिद्ध गर्नुपर्ने प्रस्ताव, (खा. ग. स्नातक वा सोभन्दा माथिको प्रमाणपत्रको प्रार्थीले पेश गर्नुपर्ने), पाठशाला वा महाविद्यालयको अभ्यास, रचना; पनि (थे'सिस्) अंग्रेजी पद्यमा झोक्का नपरेको पद ।

Thespian (थेस्'पियन्) **वि.** र **ना.** अर्धपौराणिक ग्रीक नाटक कवि; the—art नाटक; **ना.** अभिनेता, खेलाडी ।

theta (थी'टा) **ना.** ग्रीक अक्षर थीटा=थ ।

theurg/y (थी'आर्जि) **ना.** (खा. ग. मनुष्य व्यापारमा)

अतिप्राकृतिक कारणत्व, सो गराउने कला; जादूविद्या; प्राकृतिक जादूको विपरीत अति प्राकृतिक माध्यमद्वारा फलोत्पादन;—ic(al) अलौकिक, मायामय, अतिप्राकृतिक ।

thews (थ्युज़्) **ना.** (ब. व.) नसा, पेशी, हरू; (अलं०) मानसिक वा नैतिक बल; बाहुबल ।

they (दे) **स. ना.** [चतुर्थी them (उच्चा० देम् ,) षष्टी their (उच्चा० देयर्)] he, she, it को ब. व.= तिनीहरू, यिनीहरू; मानिस, जन; कोही; (ठ० ग्रा०) them's (they are) my sentiments मेरो राय त्यही हो ।

thick (थिक्) **वि., ना.** र **क्रि. वि.** मोटो, बाक्लो, घना, गाढा, चौडा; भरिएको, जमेको, हिले, धमिलो; स्थूल, मूर्ख, लाटो; (बोली) अस्पष्ट; (बो. चा.) आत्मीय, घनिष्ट; **ना.** केहीको घना भाग, ज. कि—of the fight लडाइँको माझमा (बो. चा.) बेकूफ मान्छे; **क्रि. वि.** बाक्लो, घना, सँग; lay it on—(अप०) बाक्लो चाटूकारी गर्नु; a bit—, rather —(अप०) बेमुनासीब, अति;—ear (मुक्काले) सुनिएको कान;—head बेकूफ; headed स्वाँठे;—set दोहरो आङ्को, घनासँग राखिएको;—skinned (अलं०) अवगाल, अपमान, इ० लाई केही नमान्ने, बाक्लो छाले, बेशरम, बेहया;—skulled बेकूफ; through—and thin सुख दुःखमा, साहससँग;—ness **ना.** मोटाइ, मोटोपन; मोटाइ थाहा भएको मालको टुक्रा ।

thicken (थि'कन्) **क्रि.** बाक्लो पार्नु, गाढा हुनु, गाढा पार्नु;—ing **ना.** बाक्लो पार्ने चीज; plot—s जटिल हुँदै जान लाग्यो ।

thicket (थि'केट्) **ना.** झाडी, झाङ्ग, घारी ।

thief (थीफ्) **ना.** (ब. व.—ves) चोर, दस्यु, लामहाते, टापटिपे, चट्टु, चोट्टा ।

thiev/e (थीभ्) **क्रि.** चोर्नु, टापटिप गर्नु, लामूहात गर्नु; —ery **ना.** चोरी, स्तेन;—ish **वि.** चौर्यशील, चोर झैं; —ishly **क्रि. वि.** लुकेर, सुइक, गुप्तसँग;—ishness चौर्यासक्त ।

thigh (थाइ) **ना.** जाँघ, जंघा, उरु, जघन, तिघ्रा ।

thimble (थिं'म्ब्ल्) **ना.** सुजिकारले सिउँदा लाउने औंलाको खोल अंगुलित्राण, लक्खु; (यन्त्र) छोटो धातव नली, ज. कि—joint नली जोर्नी,—जोरन;—ful थोरै, सर्को;—rig **ना.** र **क्रि.** तीन साना कचौरा र केराउको चटक (गर्नु), केराउ कुनमा छ सोको दर्शकहरूले बाजी लगाउने;—rigger सो चटके, ठग ।

thin (थिन्) **वि.** दुब्लो, पातलो, मसिनो, टंगरो, झिनू, पन्यालो, पिलिन्धरे, ख्याउटे, सिकटे, कृश, मरन्च्याँसे, टट्टि; (अलं०) अगम्भीर, पारदर्शी, निफ्फर; (अप०) असजिलो मन नलाग्ने; through thiek and—सुख दुःखमा, साहससँग;—skinned (अलं०) भावुक;—ness **ना.** दुब्ल्याइँ, सिट्याइँ; कृशता, सिध्याइँ ।

thin (थिन्) **क्रि.** पातल्याउनु, पातलिनु; झिनाउनु, घटाउनु, कम गर्नु, छिमल्नु, (अरू फल सपार्न) केही फल टिप्नु ।

thine (दाइन्) **स. ना.** they को षष्टी = तिम्रो, तेरो ।

thing (थिङ्) **ना.** वस्तु, कुरा, चीज, थोक, माल, पदार्थ, लुगा; any old—जेसुकै पनि; soft—राम्रो तलब, काम थोरै; put up—छलपूर्ण, छलको इच्छाले तयार गरिएको; (ब. व., विशेषणसहित, ज. कि—s Japanese, political इ०) त्यस्ता सबै कुरा; know a—or two जान्ने, अनुभवी; make a good—of नाफा गर्नु, फाइदा उठाउनु; do the handsome—by राम्रो गर्नु (व्यक्तिलाई) ।

thingamy, **thingumajig**, **thingumbob**, **thingummy** (थिङ्ग'मि, थिङ्ग'मजिग्, थिङ्ग'म्बॅब्, थिङ्ग'मि) **ना.** (बो. चा.) (नाम नआउँदा भनिने थेको) फलानू, डिकानू, के रे नाम इ० ।

think (थिङ्क) **क्रि.** (thought थॉट्) सोच्नु, ठान्नु, राय गर्नु; इच्छा गर्नु, चाहनु; कल्पना गर्नु; विचार गर्नु, थाहा पाउनु,—away (harm) सोचेर हटाउनु;—aloud (आफ्नू क्रममा) विचार सारो प्रकाश गर्नु;—better of राम्ररी सोच्दा छोड्ने (पूर्व इरादा) निश्चय गर्नु;—out राम्ररी सोच्नु;—up (बो. चा.) उपाय सोच्नु,—able विचारणीय, सोचिने;—er **ना.** विचारक, विचारी;—ing **वि.** र **ना.** विचारशील; **ना.** विचार, सोचाइ ।

thi (**o**)—यौगिक रूप; ग्रीक theion गन्धक, को,—acid गन्धकाम्ल, अक्सिजनको ठाउँ गन्धकले लिइएको अम्ल ।

third (थअर्ड्) **वि.** र **ना.** तेस्रो, तृतीय; सियम, सीम;—degree कारणी, अभियुक्त, को पुलीसद्वारा कडा र विलम्बित (पत्ता लगाउन वा सकारनामाको लागि), कडा कारवाई,—estate (सा०) विप्लवअघि फ्रान्सका जनता;—of exchange हुण्डाको तेस्रो प्रति (हराउनाको बचावटको लागि); —-class,—rate (खु०) चुत्थो, कमसल; (क्रिकेट०)—man खेलाडीको स्थानविशेष;—party वा person दुई मुख्य कारणीभन्दा फरक आमजनता, दर्शकहरू;—-party risks (बीमा) बीमा गराउनेभन्दा बाहेक तेस्रो पक्षलाई हुन सक्ने नुकसान (ज. कि दर्शक, बाटो हिंड्ने,) जुन बीमा कम्पनीले पूरा गर्ने अभिभारा लिन्छ;—republic फ्रान्सको, सन् १८७१-१९४० सम्मको; **ना.** तेस्रो भाग, समय वा कोणीय त्रिभाग सेकेण्डको साठियौं भाग; पतिको सम्पत्तिको तेस्रो भाग, जुन कुनै कुनै अवस्थामा विधवा स्त्रीले पाउँछे ।

thirst (थर्स्ट्) **ना.** र **क्रि.** तिर्खा, पियास, प्यास, तिर्सना, तृष्णा, पिपासा, तृषा, पानेच्छा; (अलं०) तीव्र इच्छा, धोको, रहर, तलतल; **क्रि.** तिर्खाउनु, प्यासिलो हुनु, पिपासित हुनु;—y **वि.** तृषित, पिपासित, प्यासो, तृषार्त; पिउन रुचाउने; (बो. चा.) प्यास जगाउने ।

thirteen (थअर्टीन्') **वि.** र **ना.** तेह्र; the—superstition तेह्र भन्ने संख्या (१३ मानिससँगै खान बस्ने, १३ संख्याको वर, इ०) विच्छुकी भन्ने रूढी;—th तेह्रौं ।

thir/ty (थअर्'टि) **वि.** र **ना.** तीस;—nine articles

विलायतको चर्चको विधान;—tieth तीसौं ।

this (दिस्) वि. र **स. ना.** (**ब. व.** these उच्चा० दीज्) यो, यसरी, यस;—and that यो र उ.—evening भरे, —much यति;—, that and the other यसो र उसो, फलानू र ढिकानू;—ness **ना.** एतदता, इदतता ।

thistle (थि'स्ल्) ना. गोखुर, गोक्षुर, गोकण्टक; स्कटल्याण्ड-को राष्ट्रिय चिन्ह; order of the T—स्कटिश मानपदवी ।

thither (दि'दर्) **क्रि. वि.** (आ.) उता, होदा, तत्र ।

tho' (दो) सं०=though यद्यपि ।

thole (थोल्) **क्रि.** (स्क० बाहेक आ०) (पीडा, दुःख, क्लेश इ०) सहनु, भोग्नु, वर्दास्त गर्नु; दिनु, मञ्जूर गर्नु, बेहोर्नु ।

thole (थोल्) **ना.** (–p'n पनि) डुङ्गाको प्राकारमा डाँडीको आलम्बको रूपमा रहने कडा; डाँडी खेल्ने त्यस्ता दुई कडामध्ये प्रत्येक ।

thong (थॅङ्) **ना.** र **क्रि.** छालाको डोरी (दाम्लो, लगाम, कोर्रा, इ० बनाइने); **क्रि.** सिप्किनु हान्नु, कोर्रा ठोक्नु ।

Thor (थॉअ्र्) **ना.** स्क्याण्डिनेभिया प्रदेशको रण, विद्युत र कृषिको देव ।

thora/x (थोअ्र्'अ्याक्स्) **ना.** (श० वि०, पशु०) घाँटी-देखि भुँडी वा पुच्छरसम्मको प्रदेश, वक्ष, पिंजर, उर, ढाड, करङ्ग;—cic **वि.** औरस ।

thorite (थोअ्र्'आइट) **ना.** नर्वेमा पाइने कालो कडा ठोस खनिज ।

thorium (थो'अ्रियम्) **ना.** रेडियो धर्मी धातव तत्व, जसको अक्साइड् ग्यास बाल्ने आवरण बनाउँदा प्रयोग गरिन्छ; थोरियम् ।

thorn (थॉर्न्) **ना.** काँढा, काँडा, काँटा, सोइला, सोली, कंटक, a—in the flesh निरन्तरको पीडाको स्रोत; लुप्त अंग्रेजी अक्षर *þ* (थ) को नाम ।

thorough (थ'र') **वि.**, **ना.**, **उ.** र **क्रि. वि.** पूर्ण, कट्टर, असीमित, सम्यक्, पर्याप्त, गहिरो, पक्का; **ना.** (ऐति०) बिलायतका प्रथम चार्ल्सको पालाको कट्टर नीति; **उ.** र **क्रि. वि.** (आ०) भएर, बाट;—bred **वि.** र **ना.** (पशु, खा० ग० घोडा) अभिजात, कुलीन, आजानेय, जातको, तेज, फूर्तिवाल (अलं० व्यक्ति पनि)—fare (खुला) बाटो, राजमार्ग, खा० ग० धेरै चलतीको, चलती बाटो; no—fare अबाटो;—going कट्टर, पूरा;—paced (घोडा) तालीमे; (अलं०) पूरा, एक दम, ज. कि—paced rascal पूरा बदमाश;—ly पूरासँग, एकदम;—ness **ना.** पूर्णता ।

thorp (e) (थार्प्) **ना.** गाउँ, गाउँघर ।

those (दोज्) **स. ना.** that, this, को ब० व० यिनीहरू, उनीहरू ।

thou (दाउ) **स. ना.** (ब. व. you, ye) तिमी, तँ; **क्रि.** तँ भन्नु ।

though (द), **सं.** यद्यपि, अपि, तापनि, पनि ।

thought (थॉट्) **ना.** चिन्तन, विचार, गम, जोखना, तर्क तर्कना, सोचाइ, धत, खयाल, ख्याल, कैल्पना; a—अलिकति; second—s पुनर्विचार, दोहोरो विचार;—reader,—reading दूर भावले अर्काको मन (को कुरा) बुझ्नु; a penny for your—s के विचार गरिरहेको ? ill—s कुभावना, दुर्विचार ।

thought (थॉट्) **क्रि.** think को भू. का. विचार गर्‍यो ।

thoughtful (थॉट्'फुल्) वि. विचारशील; चिन्ता, ध्यान, शील; ध्यानपर, सावधान; (पुस्तक, लेखक, उक्ति) मौलिक विचार भएको; (व्यक्ति, आचरण) विचारशील, बेवास्ताको होइन ।

thoughtless (थॉट्'लेस्) **वि.** अर्काको वास्ता नगर्ने, विचार नभएर गरिने वा हुने ।

thousand (थाउ'ज़्याण्ड्) **वि.** र **ना.** हजार, सहस्र; one in a—रोजा;—and one अनगिन्ती; upper ten—(समाजका) उच्च वर्ग;—fold हजारगुना;—th हजारौं ।

thrall (थ्रॉल्) ना., वि. र क्रि. दास, कमारो, बाँधा (कसैको) (अक्ष० र अल०); बन्धन, दासत्व, खा. ग. in—; **वि.** (आ.) कमारो भएको, दासत्वमा; क्रि. दास बनाउनु ।

thrash, thresh (थ्र्याश्, थ्रेश्) **क्रि.** (धे. ज.—esh) (अनाज) चुट्नु, पिट्नु, रुहनु, सुर्कनु, दाउनी गर्नु, दाइँ गर्नु, (खलिहानमा, खलोमा, वा चुट्ने यंत्रले); (अलं०)—out वारंवारको कोशिशले झिक्नु (सत्य, हल, अनुप्रास) ।

thrasher, thresher (थ्र्या'शर्, थ्रे'शर्) **ना.** नक्रराज; (धे. ज. thre—) चुट्ने, पिट्ने (व्यक्ति, यंत्र); (धे. ज. thra—) पिट्ने, पिटाहा (सजाय गर्ने) ।

thrasonical (थ्र्यासॅ'निकल्) **वि.** गुड्डी हाँक्ने ।

thread (थ्रेड्) **ना.** सूत, धागो, तन्तु, ताँदो, त्यान्द्रो, पुढ, बन्धनी, डोरी, डोरो, फिता, सुतरी; (पेच) चुडी; (खानि) धौको पातलो लामू पत्र, शिरा; (अलं.) क्रम; hang by a—त्यान्द्रोले झुण्डिनु, डरको अवस्थामा हुनु; (कुराकानी; लेखाइ) सिलसिला;—bare झ्याङ्गप्वाले, सूत्र दरिद्र, झुत्रो, थोत्रो, ट्वाल्ल देखिने, काती भएको, (अलं.) खिइएको, सहलिया;——mark नोटमा भित्र हालेको धागो;—worm जूका, चूर्ना, चूर्ण ।

thread (थ्रेड्) **क्रि.** धागो हाल्नु; सिक्री, पोते, माला, इ० बनाउनु; (भूलभूलैया, भीड) बाटो पहिल्याउनु; (कपाल) डोरीले बाट्नु ।

threat (थ्रेट्) **ना.** घुर्की, धम्की, फुइँ, त्रास, डरत्रास; (का०) डरत्रास (पछि हुने, आउने कुराको) आशङ्का; घच्का;—threat बन्दरघुर्की ।

threaten (थ्रे'ट्न्) **क्रि.** धम्की दिनु, चेताउनु, तर्साउनु, सिट्नु, हकार्नु, भर्त्सना गर्नु;—ing **वि.** तर्साउने, धाकधौंस, अनिष्टावेदी, (नराम्रो कुराको) आशङ्का गराउने;—ingly **क्रि. वि.** धम्कीसहित, त्रासले ।

three (थ्री) **वि.** र **ना.** तीन, त्रि; (रग्बी) खेल्ने ठाउँ, वा सो

ठाउँ लिने खेलाडी; the—R's पठन, लेखन र हिसाब; rule of–(गणि०) त्रैराशिक;— - bottle (पिउने) तीन बोतले, पियक्कड;— - card trick घोप्टाएको तीन ताशमा मीम चिन्ने (जुवा) खेल;— - colour process त्रिवर्ण (मुद्रण) विधि; — - cornered त्रिकोणीय (संघर्ष), तीन प्रतिद्वन्द्वीमध्ये; — - decker तीन तखते (युद्धपोत), तीन खण्डे उपन्यास; —handed तीन हाते;—halfpence डेढ पेनी (सिक्का वा गन्ती; T—in one (ईश्वरीय) त्रिमूर्ति;— - lane (आवागमनको) तीन पंक्ति;— - pair (कोठा) तीन तलामाथिको; —pence (थ्रपेन्स) सिक्का;—penny सिक्का वा गन्ती;— - per-cents सैकडा तीन ब्याज आउने सरकारी ऋणपत्र;— phase त्रिफला (यंत्र, प्रवाह);— - ply तीन सूते, तीन पत्रे (काठ, टाँसेको); — - point landing (उड्ड० वि०) दुई अगाडि र एक पुच्छरमा (पछाडि) को गरी तीन पांग्रे उतार; — - quarters तीन चौथाई, (फूटवल) ब्याकको पछाडि रहने ३ वा ४ खेलाड़ीमध्ये कुनै;—score तीन बीस ।

threesome (थ्री'सम्) **ना.** र **वि.** तीन व्यक्तिको समूह; तीन जनाको खेल; तीन हाते खेल; **वि.** तीन (जना) को ।

thremmatology (थ्रेमटॅ'लजि) **ना.** पशु र बिरुवा पाल्ने र बढ़ाउने विद्या; शिशुपालन विद्या ।

threnode,—ody (थ्री'नोड्,—नोडि) **ना.** शोक गीत (मरणमा) ।

thresh (थ्रे श्) **क्रि.**=thrash, चुट्नु, पिट्नु ।

threshold (थ्रे'शोल्ड्) **ना.** संघार; (खु०, खा. ग. अलं०) प्रवेश; (मनो०) चेतनाको सीमा, प्रेरणा, प्रचोदन, वेद्य हुन छोड्ने भन्दा निम्न सीमा ।

threw (थ्रू) **क्रि.** throw को भू० का०=फ्याँक्यो ।

thrice (थ्राइस्) **क्रि. वि.** (आ० वा साहि०) तीन पटक, त्रिवार ।

thrift (थ्रिफ्ट्) **ना.** मितव्ययिता, किफायत, अल्पव्यय, फारो, कम खर्च; (खा. ग. समुद्री) झार ।

thrifty (थ्रिफ्'टि) **वि.** कम खर्ची, फारो गर्ने, मितव्ययी, किफायती; समृद्ध, सम्पन्न ।

thrill (थ्रिल्) **क्रि.** र **ना.** रोमाञ्च हुनु, पुलकित हुनु, सन्न हुनु; उल्किनु; **ना.** रोमाञ्च, सनसनी, पुलक. कम्पन, तरङ्ग; (भैप०) श्रवणमा अनुभव हुने कम्पन, स्फुरण, वा अनुनाद; (अप०) सनसनीयुक्त घटना वा वृत्तान्त;—er **ना.** सनसनीयुक्त नाटक वा सन्न गराउने कथा, जासूसी उपन्यास ।

thrips (थ्रिप्स्) **ना.** कीराको किसिम, खा. ग. लहराहरूलाई बिगार गर्ने ।

thrive (थ्राइभ्) **क्रि.** (throve, विर०–ed, thriven, विर०—ed) मौलाउनु, फस्टाउनु, सप्रनु, सुध्रनु, सम्पन्न हुनु, (पशु या बिरुवा) फस्टाउनु ।

thro', thro (थ्रू) through द्वारा, बाट, भएर ।

throat (थ्रो ट्) **ना.** र **क्रि.** घाँटी, गर्दन, कण्ठ, गलो, गला, चिन्नो, घोक्रो; **क्रि.** नाल, खोल्सा, काट्नु; sore—सोर बस्नु; lie in (one's) throat अति झूटो बोल्नु; thrust (thing) down (one's)—कोच्नु, जबरजस्ती (केही) गर्न लगाउनु;—ed **वि.** कंठ्य, घाँटीसम्म, घाँटीको, कंठी ।

throaty (थ्रो'टि) **वि.** कण्ठ्य, कण्ठतः; कण्ठगत; ठलो घाँटी भएको, व्यक्त घाँटी भएको ।

throb (थ्रॅब्) **क्रि.** (—bb—) र **ना.** (मुटु, छाती, कंचट, इ०) बल्कनु, फुर्नु, स्फुरण गर्नु, टन्कनु, धड्कनु, उर्लनु, चर्कनु, डहनु, ढुकढुक गर्नु, धुकधुक गर्नु; (अलं०) काम्नु, दोल्नु (भावुकताले); **ना.** बलक, धडकन, डंका, कम्पन, दोलन, स्फुरण, रोमाञ्च ।

throe (थ्रो) **ना.** र **क्रि.** (धे. ज. ब. व.) जोरदार पीडा, यातना, वेदना, व्यथा, खा. ग. प्रसव वेदना (अक्ष०) र पीडा (अलं०) (लोक०) in the—s of (अलं०) भिडन्त गर्दै, उल्झिएर ।

Throgmorton Street (थ्रॅग्'मॉ'टॅन् स्ट्रीट्) बिलायतको सट्टा बजारको ठाउँ, सोको साटो प्रयोग गरिने ।

thromb/osis (थ्रॅम्बो'सिस्) **ना.** अङ्ग, अवयव, वा धमनीमा नसामा रगत जम्नु; रक्तवाहिनीमा अवरोध, रक्तसंहति; —otic **वि.** रक्तसंहित ।

throne (थ्रोन्) **ना.** र **क्रि.** सिंहासन, तखत, राजगद्दी, नृपासन; भद्रासन; राजपद; सार्वभौम शक्ति; **क्रि.** गद्दीमा बसाल्नु, राजा बनाउनु;—ed (थ्रो'नेड) **वि.** गद्दीनसीन, सिंहासनारूढ ।

throng (थ्रॉङ्) **ना.** र **क्रि.** भीड, मान्छेको थुप्रो, लोक निवह जन संकुल; घुइँचो; **क्रि.** भीड गर्नु, जम्बा हुनु, थिचोमिचो गर्नु ।

throstle (थ्रॉ'स्ल्) **ना.** सारिका, गाउने चरो;— - frame ऊन बुन्ने कल ।

throttle (थ्रॉ'टल्) **ना.** र **क्रि.** चिन्नो, श्वासनली, गला, घाँटी; **क्रि** घाँटी निमोठ्नु, थिच्नु, घाँटी अँठ्याउनु; (वाफ, तेल इ० को इंजिन) घाँटी कपाटद्वारा नियंत्रण गर्नु;—down (इंजिन, गाडी. इ०) कपाटको प्रयोगद्वारा वेग घटाउनु; गला दबाउनु ।

through, **thro'**, **thro**, **thru** (थ्रू) **उ.**, **क्रि. वि.** र **वि.** बाट, भएर, वारपार, बीचबाट; कारणले, सम्म (दुवै लिएर) ज. कि. Friday–Tuesday शुक्रवारदेखि मंगलसम्म (मंगल समेत लिएर); **क्रि. वि.** carry—सम्पन्न गर्नु; fall—बीचैमा (असफल भएर) अन्त्य हुनु; pull—जसोतसो गरेर सिद्ध्याउनु; get—निखार्नु, निख्रिनु; go—बेहोर्नु; **वि.** वारपार जाने, (खा ग रेल. जहाज, इ० नबदलीकन, वा एकै टिकटले);—ly **क्रि. वि.** (आ०) पूर्णरूपले ।

throughout (थ्रूआउट्') **क्रि. वि.** र **उ.** वारपार, सम्पूर्ण अङ्गमा, पूर्णरूपले; **उ.** वारपार, छेउछेउसम्म ।

throve (थ्रोभ्) **क्रि.** thrive को भू. का.=फस्टायो, मौलायो ।

throw (थ्रो) **क्रि.** (threw, उच्चा० थ्रू;—n उच्चा० थ्रो'न्) फ्याँक्नु, अफाल्नु, फाल्नु, मिल्काउनु, हुत्त्याउनु, हुच्चनु, पछार्नु, छयाप्नु, घच्च्याउनु; (सर्प) काँचुली फेर्नु;

(पशु, चरा, इ०) वच्चा पाउनु; पासा हान्नु; (कुमाले) बाट्टुलो भाँडा बनाउनु; घुमाउनु, चलाउनु (आँखा, जीउ, इ०); (दौड, प्रतियोगिता, इ०) जानी जानी हार्नु; (मूर्छा) पर्नु; (उत्सव, भोज) आयोजना गर्नु;—cold water on निरुत्साह गर्नु;—sop to टोक्ने कुकुर, डरलाग्दो पशु वा व्यक्ति, लाई फकाउन केही (घूस) दिनु;—down the glove हुङ्कार दिनु;—dust in the eyes छारो हाल्नु;—onself (one's daughter) at the head of खुलासँग वरण गर्नु;—away (price) पत्रूको मोल;—back पैत्रिक स्वभाव लिनु, **ना.** पैत्रिक स्वभाव लिएको व्यक्ति;—in फोसा दिनु;—in (one's) hand हारको सङ्केतलाई ताश फ्याँक्नु, हार मान्नु;—in (one's) lot with साथ दिनु;—open खुला गराउनु;—out निकाल्नु; अस्वीकार गर्नु;—over त्याग्नु;—overboard (जहाजबाट) पानीमा खसाल्नु;—up उचाल्नु (ऋथाल); त्याग्नु, छोड्नु (पद); वान्त गर्नु; उकेल्नु;—(one's) eyes up डर, विरोध वा असहाय अवस्था जनाउन आँखा मास्तिर लाउनु;—(one's) weight about फुरफुर गर्नु, मात्तिनु ।

throw (थ्रो) **ना.** प्रक्षेप, निक्षेप, हनाइ, (ऋटारो फ्याँक्न सकिने) दूरी, छोटो दूरी; (कुश्ती) पछार; (क्रिकेट) हान्नेले बेकाइदासँग बल हुत्याएको; (भूतत्व०, खानि०) खनिजको पत्रमा दोष, वा प्लुति; छिटो घुम्ती गति दिने यंत्र वा उपकरण; —off शिकार वा दौडको शुरू;— - stick मच्चाएर फ्याँक्ने लठ्ठी (खेलमा वा हतियारको रूपमा) ।

thrum (थ्रम्) **ना. र क्रि.** (–mm–) बुनेको कपडा काटेर ऋिकेपछि चर्खामा रहन जाने सूतको किनारा; त्यसको छुट्टा सूत; कुनै एकलो वा छुट्टा सूत; thread and—सबै, सबकुछ, असल कमसल सबै; बाजा, खा. ग. तंत्रीवाद्य, निरन्तर नजानीकन बजाउने क्रिया, ट्वाइँ ट्वाइँ; **क्रि.** सूतको बनाउनु, सूतै सूत पार्नु; नजानीकन (तंत्रीवाद्य) ट्वाइँ ट्वाइँ गरिरहनु ।

thrush (थ्रश्) **ना.** सारिका चरो; घर्रा; (खा. ग. केटाकेटीको) मुख र घाँटीमा मोती रंगको च्याउ जस्तो उम्रने रोग ।

thrust (थ्रस्ट) **क्रि.** (thrust) र **ना.** घचेट्नु, धकेल्नु, घोच्नु; छेड्नु, (आफूलाई) अघि सार्नु, अघिसर्नु, उतर्सिनु, (खा. ग. शिकारमा अरूको खतराको विचार नगरी); **ना.** धक्का, जोर, घोचाइ; दाब, घचेट, आघात, प्रहार, ताडन, (शत्रुको जमीनभित्र) घुसाइ; छेदन; छेड (वाचिक); तान (दुई वस्तुका बीचको, खा. ग. रचनाका अङ्गहरूमा, ज. कि गुम्बज, सत्तरी, इ०); (खानिको खम्बा छतको बोझले) थिचाइ; (इन्जिन, बायुयान, इ०) इञ्जिनको (अघि लैजाने, उठाउने,) जोड, तान, घात ।

thud (थड्) **क्रि.** (–dd–) र **ना.** धड्याम्म (सँग खस्नु), थचार्नु, थेचार्नु, ढ्याम्म (लड्नु), फ्वात्त (खस्नु) ।

thug (थग्) **ना.** ठग, डाँकू, हत्यारा; –gee **ना.** (ऐति०) ठगी, असावधान पथिकहरूलाई मार्ने र लुट्ने अपराध ।

Thule (थ्यू'ली) **ना.** उदीचीन भूमि; ultima—सुदूर अज्ञात प्रदेश ।

thumb (थम्) **ना. र क्रि.** बूढी औंला, अंगुष्ठ; पशुहरूमा सोही प्रकारको अवयव; **क्रि.** औंलाले (पत्र, पुस्तक,) पल्टाउनु, चलाउनु, मैलाउनु; वाद्ययंत्र, बाजा, भद्दासँग बजाउनु;—a lift औंला ठड्याएर बाटाका सवारीसँग ठाउँ माग्नु;—(one's) nose नाकमाथि बूढीऔंला ठड्याएर अपमान गर्नु (लोप्पा ख्वाउनु); fingers are all—s भद्दा (काम गर्ने); under the—वश्य, आयत्त;—s up ! (अप० खुशी, फूर्ति, को बोली), जित भो !;— - index पुस्तक इ० को पत्रको छेउमा अक्षर देखिने गरी खण्ड काटेर सजिलो आलोकन गराउने; — - latch औंले चुकुल (बूढीऔंलाले थिचेर खोल्ने, ढोका, अन्य कुनै चीज, मा);— - mark औंलाको छाप (पुस्तकमा), औंठा;— - nail sketch सानू, हडबडसाथ मुख्य आकार मात्र देखाउने, चित्र;— print औंठा;—screw औंला किचेर यातना दिने यंत्र;— - stall औंलात्राण, गद्दा;— - tack तसवीर लेख्दा कागत थिच्ने काँटा, औंले काँटा ।

thummim (थ'मिम्) **ना.** urim and—यहूदी पुरोहित, पूजारी, को छातीमा लाउने अज्ञात सामान ।

thump (थम्प्) **क्रि. र ना.** जोरसँग, खा, ग. मुक्कीले, हिर्काउनु, मुड्क्याउनु; पछार्नु, थचार्नु, ठटाउनु; बजार्नु;—the वा a cushion जोरदार वक्ता, धार्मिक प्रवाचक, ले आवेशमा आएर वेदीको गद्दामा मुक्कीले हान्नु; **ना.** मुक्का, आघात, ड्याम्म; —er **ना.** (बो. चा.) बडेमाको, आँखा तान्ने, वा रवाफिलो व्यक्ति वा चीज, **खा.** ग.—ing lie,—er बडेमाको ऋूट ।

thunder (थ'ण्डर्) **ना. र क्रि.** वज्र, वज्रपात, चट्याङ, गड्याङ्गुड्ङ, विजुलीको कडक, चड्को, गर्जन; (अलं०) चर्को आवाज; blood and—(उपन्यास) सनसनीपूर्ण, उपनाटकीय; (ब. व.) आधिकारिक भर्त्सना वा धर्म्की; **क्रि.** (धमकी, इ०) सारो वा रवाफिलो स्वरमा बोल्नु, फलाक्नु; चडकिनु; it—s जोरसँग गड्याङ्गुड्ङ गर्छ; steal (person's)—(गर्नुपर्ने व्यक्तिले गरिहाल्ने) अघि काम गर्नु;—bolt वज्रपात;—clap चट्याङ्ग, (अलं०) अचानक र डरलाग्दो घटना वा खबर;—cloud वज्र पार्ने बादल;—storm अशनिवर्ष;—struck अशनिताडित, ढ्याङ्ग्रो ठोकेको, स्तम्भित, सातो पुत्लो उडेको ।

thunderer (थन्'डरर्) **ना.** the T—जुपिटर, इन्द्र; (ठ०) विलायतको टाइम्स अखबार ।

thundering (थन्'डरिङ्) **वि. र क्रि. वि.** शा. अ , खा. ग. (बो. चा.) असाधारण (तौरले), स्मरणीय, अनौठा (सँग), पक्का (सँग), ज. कि—nuisance डरलाग्दो फोहर ।

thur/i—ल्या० thus, thuris को यौ. रू.=धूप;—ifer **ना.** धुपौरो बोक्ने बटुक;–iferous धूपित;—ification धूपन;—ible **ना.** धूपपात्र, धुपौरो ।

Thursday (थर्ज़्डि) **ना.** बृहस्पतिवार, बिहिवार, बिवार ।

thus (दस्) **क्रि. वि.** यसरी, उसरी, तदनुसार, त्यसरी, इति, यस रीतले ।

thwack (थ्व्याक्) **क्रि.** र **ना.** whack लट्ठीले बेसरी हान्नु ।

thwaite (थ्वेट) **ना.** आवाद गरेको पर्ती जग्गा ।

thwart (थ्वअ्र्ट्) **क्रि. वि., उ.** र **वि.** (आ०); **क्रि** र **ना.** वारपार, तेर्सो, जहाजको वारपार (तेर्सैको); **वि.** वारपार रहेको, तेर्सो; **क्रि.** विफल पार्नु, डल्ल्याउनु, विरोध गर्नु; **ना.** डुङ्गाको वारपार राखिएको दण्डधर, ख्याउने, वस्ने बेञ्च ।

thy, thine (दाइ, दाइन्) **सं. ना.** thou (तँ, तिमी) को षष्ठी विभक्ति=तिम्रो, तेरो; (स्वरको अगाडि धे. ज. thine) ।

thylacine (थाइ'लसिन्) **ना.** अस्ट्रेलियाको मांसाहारी कोष्ठवाहक जन्तु ।

thy/me (टाइम्) **ना.** पुदीना, धनिया;—**my वि.** पुदीना, धनियाको, मय ।

thymol (टाइ'मल्) **ना.** पुदीनाको तेल; एक जोरदार कीटनाशक ।

thymus (थाइ'मस्) **ना.** (श. वि. व. व.—**mi**) (सा. --gland) कण्ठाधारनेर रहेको (पुरुषमा प्रौढ दशा प्राप्त भएपछि हराएर जाने नलीविनाको ग्रन्थि) ।

thyroid (था'य्न्वायड्) **वि.** र **ना.** (श. वि., **पशु.**) चर्माकार, फलकाकार, ढालरूप;—cartilage रुद्रघण्टीको ठूलो कुर्कुरे;—artery (घाँटीको) चर्माकार धमनी;—gland चर्माकार ग्रन्थि, कण्ठनली र श्वास भएनेर रहेको नलीविनाको ग्रन्थि, जसले शरीरभित्रको क्षयात्मक परिवर्तन व्यवस्थित गर्ने हर्मन (उत्तेजक) को स्राव गर्दछ;—वा—gland पशुहरूको चर्माकार ग्रन्थिबाट तयार गरिएको सार, जो गाँड वा पहाडे ग्वाङ्ग्रे रोगको उपचारमा प्रयोग गरिन्छ; चर्माकार, ग्रन्थिसार; चर्माकार चिह्न हुने ज. कि,—-woodpecker चर्माकार कुठाकु ।

thyroxine (थायरॅ'क्सिन्) **ना.** चर्माकार ग्रन्थिको सेतो क्रियाशील तत्व; थाइरकसीन ।

thyrsus (थअ्र्'सस्) **ना.** (**ग्री.** प्रा **इ.**, व. व. -si) चुच्चे गट्टा भएको लट्ठी, डण्डा ।

thyself (दाइसेल्फ्') **स. ना.** तँ, तिमी, आफैं ।

ti (टी) **ना.** पलिनिसियाको जरा खान हुने विरुवा; संगीतको स्वर ।

tiara (टिअ्र्'अ) **ना.** प्राचीन इरानी फेटा, जुन राजाले ठाडो र अरुले खुम्च्याएर लाउँथे; माथि चुच्चो भई चारैतिर तीन मुकुट भएको पोपको मुकुट, (अलं०) पोपको पद; सिंगारिएको, बुट्टादार, मुकुट, (स्त्रीको) केशको अगाडिपट्टि लाउने किरीट, मुकुट, टायरा, शिरपेच ।

tibia (टि'बिया) **ना.** (श. वि., व. व.—ae उच्चा०—यी) नलीहाड; कीराहरूमा खुट्टाको चौथो जोर्नी; पकाएको चराको खुट्टाको तल्लो जोर्नी ।

tic (टिक्) **ना.** खा. ग. अनुहारका पेशीहरूको लगातार सोद्वेष्टनसहितको संकोचन; (पूरा-douloureux उच्चा० टिक् डॅलरु') दुख्ने सङ्कोचन; बीचबीचमा पेशी खुम्चिने मौखिक वातशूलको कडा रूप ।

tical (टिकाल्',टि'क्ल्) **ना.** श्याम (थाइल्याण्ड) को अधिको रौप्य मुद्रा, त्यस्तै वर्मा वा चीनको मुद्रा ।

ticca (टि'का) **वि.** ठेक्का; खा. ग.—-gharry ठिकागाडी ।

tice (टाइस्) **ना.** क्रिकेटमा बलरले हानेको एक प्रकारको बल= yorker ।

tick (टिक्) **ना.** र **क्रि.** (खा. ग. घडीको) टिक, टक, चलेको शब्द; (बो. चा. मुहूर्त, क्षण;—-(के०) घडी; सानू चिनु (काम सकिएको जनाउने; सूची, इ० मा); कीरा, जम्रा, उपियाँ (खा. ग. पालतु पशुमा, कुकुर, भेडा, गाई-वस्तु); डसना, बिछौनाको खोल; (बो. चा.) उधारो, खा ग. on–उधारोमा (पसलमा माल किन्नु); **क्रि.** (घडी, बम, इ० ले) टिकटिक गर्नु, आवाज गर्नु; फिरिस्त, इ० मा काम सकिएको जनाउन सानू चिनु हाल्नु, लाउनु; (माल) उधारोमा किन्नु, (व्यक्तिलाई) उधारो दिनु;—-tack ध्वनियुक्त स्पन्दन, ज. कि मुट्ठको;—off चिनु लगाउनु, हप्काउनु; **ना.**(अप०); नसीहत, गाली;—er (बो. चा.) घडी, तार फिता; (ठ०) मुट्ठ; टकटक आवाज गर्ने यंत्र, ज कि—ertape तार फिता, टेलिप्रिण्टर, दूरमुद्रक;—out त्यसरी समाचार छापेर प्रकाश गर्नु;—over (अन्तरदहन यंत्र) बिस्तारै चल्नु, चालू मात्र रहनु, अलं० पनि;—ing डसनाको खोलको कपड़ा; धुकधुकी, शा. अ. मा पनि ।

ticket (टि'किट्) **ना.** प्रवेशपत्र, ढड्डी, पर्चा, (त्यस्तै सिनेमा, नाचघर; रेल, वायुयान, जहान, इ० को) टिकट; season, through, return—मौसिमी (रोजै लिइरहनु, नपर्ने), जाने (अन्य देश वा टाढा) सम्मको ठेकानको, फिर्ती, टिकट; मोल पर्चा (चीजमा बाँधिएको वा टाँसिएको, बजारमा); भाडापर्चा (घर भाडामा दिने सूचनाको); the—(बो. चा.) ठीक वा उपयुक्त कुरा वा आचरण; (राज०) दलले खडा गरेका उम्मेदवारको फिरिस्त, (अलं०) दलको सिद्धान्त;—of leave केही समय बिताइसकेको कैदीलाई बन्देजसमेत केही हदसम्म स्वतंत्रता दिने, छुट्टीपर्चा; मुक्तिपर्चा;—-of-leave man मुक्तिपर्चावाहक;—-night नाचघरमा टिकट विक्रेताहरूले उठेको मोलमध्ये आफूले बेचेको टिकट संख्यानुसार भाग पाउने अभिनय रात्रि, टिकट रात्रि;—-porter संख्या देखाउने बिल्ला लाएको कुल्ली, बिल्ला कुल्ली, बिल्ला भरिया;—-punch टिकट छेदिका; **क्रि.** (चीज) मोलपर्चा हाल्नु (बिक्रीको मालमा), टिकट लगाउनु ।

tickle (टि'क्ल्) **क्रि.** र **ना.** कुतकुती लाउनु; कुतकुती लाग्नु, चिलाउनु; नरम उत्तेजना प्रदान गर्नु, दिल बहलाउनु, रमाइलो गराउनु; (माछा) हातले समाउनु; **ना** कुतकुती, काउकुती, चिलाइ;—r **ना.** कठिन वा समस्यायुक्त वा जिल्ल पार्ने कुरा, विषय; कुतकुती लाउने प्वाँख, इ०;–ing **ना.** सुसुल्को, गुदगुदी ।

ticklish (टिक्'लिश्) **वि** चाँडो कुतकुती लाग्ने; (प्रश्न, समस्या) कठिन, चरम, नाजुक, अप्ठ्यारो, सावधानीसाथ चलाउनुपर्ने ।

ticpolonga (टिक्पलॅ'ङ्ग) **ना.** भारत र श्रीलङ्काको विषालु

सर्प; टिप्पोलोङ्गा, टाटे सर्प ।

tidal (टाइ'डल्) **वि.** ज्वारभाटाको, वेलाको, वेलीय, तरङ्गीय; —air सास, श्वास;—basin, dock, harbour ज्वारभाटाबमोजिम उचालिने, बस्ने;—friction (पृथ्वीको घर्षण, दैनिक परिवृत्तिको वेग घटाउने);—river, wave वेलीय तरङ्ग, नदी, इ० समुद्रमा आकस्मिक लहर, ज. कि भैंचालोद्वारा; (अलं.) विस्तीर्ण भावना, इ. ।

tiddler (टिड्'लर्) **ना.** (के०) सानु माछा ।

tidbit (टिड्'विट्) **ना.** सुस्वादु. मीठो कुरा, मिष्टान्न= titbit.

tiddly-winks (टिड्'लिविङ्क्स्) **ना.** साना साना चक्कालाई उफारेर भाँडोमा गिराउने केटाकेटीको खेल, टिडलीविङ्क्स् ।

tide (टाइड्) **ना.** वेला, समय, मौसिम (अचेल मु० whitsun—,christmas—,yule- मात्र, नत्र आ०), अवधि, ज. कि work double—s दोहोरो; (समुद्रको) वेला, ज्वार भाटा; स्रोत, ओघ, लहर; flood—ज्वार, ebb—भाटा; spring—अधिकतम ज्वार; neep—न्यूनतम भाटा; (अलं०) जनमत, वा भाग्य, वा घटना, इ० को प्रवृत्ति, ढाँचा;—gate लहर ढोका;— -gauge वेला-दर्शक;— -lock वेला निरोध;— -waiter जहाजी भन्सार अधिकारी;—way लहर, कुलेसो, नली ।

tide (टाइड्) **क्रि.** लहरमा बग्नु. लहरको मद्दतले बन्दरगाहभित्र पस्नु वा सोबाट निस्कनु; बेहोर्नु; गुजारा गर्नु (कठिनता, काम, इ०) ।

tidings (टाइ'डिङ्ग्ज्) **ना.** (ब. व.) (अचेल मु. साहित्यिक, ए. व., ब. व. दुवै प्रयोग) समाचार ।

tidy (टाइ'डि) **वि., ना.** र **क्रि.** (लुगा, कोठा, व्यक्ति, वेओस्था, वानी) सफा, स्वच्छ, सुग्घर, छाँट परेको; (बो० चा०) निकै, ठूलो ज्यादा; (प्रादे०) सन्चो, आराम; **ना.** मेचको पिठ्यूँको (झिक्न हुने, धे. ज. बुट्टावाल), खोल; खत्र्याङ मत्र्याङ हाल्ने भाँडो; street—बाटोमा फोहर, कसिङ्गर, नचाहिने माल हाल्नालाई राखेको भाँडो; **क्रि.** सरसफाइगर्नु, सफा सुग्घर पार्नु, मिलाउनु, सजाउनु, सह्यार्नु; tidiness **क्रि.** सफाइ, स्वच्छता ।

tie (टाइ) **क्रि.** (tying) बाँध्नु; कस्नु; (धागो) गाँठो पार्नु; टन्काउनु, मस्काउनु, टुर्न्याउनु, नार्नु;—to,—down to, सीमित गर्नु, रोक्नु, बाँच्नु (व्यक्ति);—up शर्तले बाँध्नु (रिक्थ, इ०); (खेल, दौड, इ०) बराबर संख्या प्राप्त गर्नु, बराबर हुनु (पुरस्कार वा स्थानको लागिको); जकडबन्द (हुनु) ।

tie (टाइ) **ना.** (बाँध्ने) डोरी, सिक्री; neck - —नेकटाइ; old school—आफू पढेको स्कूलको नेकटाइ; (अलं०) व्यक्तिहरूलाई समाजमा बाँध्ने कुरा, बन्धन, दायित्व; (खेलकूद) बराबरी; play off a—बराबरीको फैसला गराउनालाई (फेरि) खेल्नु; विभिन्न प्रतियोगीहरूका बीचको प्रतियोगितात्मक खेल; कसरत;— - up अवरोध, अडको, खा. ग. रेलका कर्मीहरूको हडताल;— - wig टाउकोपछाडि फित्ताले बाँध्ने विग, नकली रौं ।

tier (टियर्) **ना.** र **क्रि.** एकमाथि अर्को गरी राखिएको आसनको पंक्ति, लहर, (नाचघर, इ०, मा);—s of cable वेर्दा आकार पर्ने गुँडुल्को; **क्रि.** पंक्ति पारेर सजाउनु, राख्नु ।

tierce (टियर्स्) **ना.** तरल नापको परिमाण; (संगी०) तेस्रो; तीन पंक्तिको समूह (एकै रंग, क्रमशः बढ्दै जाने चक्कीको); (तरवार खेल) खास आसन वा मुद्रा, पेंच, दाउ ।

tiers etat (टियर्जेटा') **ना.** तेस्रो समाज, जनता (फ्रें०) ।

tiff (टिफ्) **ना.** र **क्रि.** मद्यको सुर्को; **क्रि.** चाख्नु, सुर्को पिउनु ।

tiff (टिफ्) **ना.** र **क्रि.** ठुस्सिनु, सानू झगडा, तकरार, कटाच्छे, रुक्षभाव, रुष्टावस्था; **क्रि.** ठुस्सिनु ।

tiffany (टि'फनि) **ना.** पातलो मजलिनको किसिम ।

tiffin (टि'फिन्) **ना.** र **क्रि.** खाजा, उपाहार, (खानु); चमेना, खानेकुरा;—basket खानदान, तोशदान ।

tige (टीज़्) **ना.** (भवन०) खम्भाको ढाड (पींधदेखि सिरा सम्म); (वन०) डाँठ, धड ।

tiger (टाइ'गर्) **ना.** बाघ, कीरो; (बो. चा.) खेलमा जण्ड प्रतियोगी; विप० rabbit खरायो; लोच्छार हुल्याहा वा गफास्टक; एक्का, हलका, बग्गीमा मालिकसँग रहने सैस; (अप०) चिच्याएर (प्रशंसा) स्याबासी दिंदाको आखिरी कोहोलो; अन्तिम चरण, तोड;—('s)—eye टलकदार मणिको प्रकार; tigress (स्त्री०) बघिनी;—ish वि क्रूर, निर्दय (बाघ झैं क्रूर) ।

tight (टाइट्) **वि., ना.** र **क्रि. वि.** खँदिर बलियोसँग निर्माण भएको, संसक्त; अभेद्य, खा. ग air, gas, water, wind, इ०—tight मा, ज. कि वायु—, ग्यास—, जल—, बतास—अभेद्य; कसिएको, तानिएको, बाँधिएको, मिल्ने; सफा, छरितो, टम्म परेको, गम्म; तन्केको, ज. कि—rope तन्केको डोरी, जसमा कसरत वा नाच देखाइन्छ; (बो. चा.) जँडयाहा, मत्त, लठ्ठिएको; अप्राप्य (money is—); थिचोमिचो;—fisted बद्धमुष्टि;—wad (अप०) कन्जूस, बद्धमुष्टि; **ना.** (ब. व.) कसरतवाला, नट्टुवा, इ० ले लाउने कसिएको लुगा;—ly **क्रि. वि.** कसेर;—en **क्रि.** कस्नु, तान्नु, मस्काउनु, टन्काउनु तन्क्याउनु, मुर्न्याउनु, टुन्क्याउनु, टुइँक्याउनु, तानतुन पार्नु (अलं०) कज्याउनु, नत्थ्याउनु;—ening **ना.** कसाइ, मुर्दाकसाइ; —en belt पेट कस्नु, पट्ुका कस्नु ।

tigon (टाइ'गन्) **ना.** दुई फ्याँके शब्द tig (er)+(li) on, बाह ।

tike (टाइक्) **ना.** भुस्याहा कुकुर, नीच व्यक्ति (tyke) ।

tiki (टी'की) **ना.** (न्यूज़ील्याण्ड) देवता वा पितृको काठको वा हरियो पत्थरको मूर्ति (माओरी बोली) ।

tikkie,—ky ; tickey (टि'कि) **ना.** द. अफ्रिकाको सिक्का ।

til (टील्) **ना.** अनुस्वारको चिह्न; पोर्टुगीज भाषामा ।

tilbury (टिल्'बरि) **ना.** (ऐति०) (एक्का) बग्गीको किसिम ।

tilde (टि'ल्डे) **ना.** स्प्यानिश भाषामा यफला जनाउने (न्य उच्चारण गर्नुपर्ने) देखाउने n अक्षरमाथि राखिने चिह्न, ज. कि señor=सेन्योर ।

tile (टाइल्) **ना.** र **क्रि.** छाना, पटरी, नाल, इ० छाप्ने पातलो पाकेको ईंट, तेले ईंट, (छानाको) झिंगटी, खपडा, टायल; **क्रि.** छाना झिंगटी, टायल, इ० ले) छाउनु; (विशेष व्यक्तिलाई गोपनीयताको लागि) वचनवद्ध गराउनु;—in ईंट, टायल, ले घेर्नु; have a—loose (अप०) हावा खुस्कनु; on the—s (अप०) बदमाशीमा लागेको (छानामा बिरालो लडे झैं);—tea चीनिया (ईंट) चिया; pantile--घुमेको टायल; plain—सामान्य टायल;—stone बीचमा चिरेर दुई फ्याँक गराउन सकिने छाप्ने ढुङ्गा; tiling **ना.** टायलको सामान, टायल ।

tiler (टाइ'लर्) **ना.** झिंगटी, टायल अवाले;—y टायल अवाल, टायल भट्टी; (विशेष०) ढोके ।

till (टिल्) **क्रि.** खेती गर्नु, आवाद गर्नु, जोत्नु, (जमीन, उब्जाको लागि);—able **वि.** कृषियोग्य;—age **ना.** कृषि-कर्म, कृषि;—er **ना.** कृषक, जोताहा ।

till (टिल्) **उ.** र **सं.** सम्म, पर्यन्त, यावत्, तावत्, आ (सँग), ज. कि आमरण ।

till (टिल्) **ना.** पसलमा दाम राख्ने (दराज, बाकस, को) खण्ड, घिसार्ने; रोडा, बालुवा, इ० मिसाएर मुछेको साह्रो माटो, लिउन, ल्युन ।

tiller (टिलर्) **ना.** र **क्रि.** डुङ्गा चलाउनालाई पतवारको टाउकोमा जडेको तुला;—chain,—rope, पतवार तुलालाई चक्कासँग जोड्ने; मुख्य डाँठबाट निस्कने बिरुवाको अर्को डाँठ; बालवृक्ष; सेमन्तिरको टुसो; **क्रि.** टुसा हाल्नु, नयाँ डाँठ उमार्नु ।

tilt (टिल्ट) **क्रि.** र **ना.** उलार हुनु, ढल्किनु, तेर्सो पार्नु वा पर्नु; (भूतत्त्व०) (भैं, चट्टान, को पत्र) तेर्सो पर्नु; प्रासक्रीडा गर्नु, प्रासयुद्ध गर्नु, भालाले ताक्नु (विरोधीउपर, वा अलं०);—at the ring झुण्ड्याएको मुन्द्री भालाले लैजानालाई; (गाडा, बग्गी) पाल, ओढ्ने, छापन, ले छोप्नु; **ना.** वितान, उल्लोच, उलार, ढल्केको, तेर्सो, स्थिति; भालाको निशान; (भालाले बल्सी निलेको देखाउने) काठ, डल्लो full—पूरा जोड, वेग, सँग, ज. कि run full—against तिर पूरा वेग-सँग दौड्नु;—(--hammer) पिटने (एकापट्टि चूल हालेको) हतौडी ।

tilth (टिल्थ्) **ना.** कृषि, जोताइ, खेती, आवादी; सो काममा आउने जमीनको गहिराइ ।

timbal,—ul, ty—(टि'म्बल्) **ना.** नगरा ।

timbale (ट्याँबाल्) **ना.** नगराको आकारको रोटी, परिकार ।

timber (टिम्'बर) **ना.** काठ, काठपात; (घर बनाउन काम लाग्ने) काठ, घरसंबा; जङ्गल, वन; फल्याक, टिम्बा, सत्तरी; (नौ.) जहाजको करङ बनाउने घुमेको काठको टुक्रा; shiver my—s सराप, किरिया, मेरो सत्यानाश होओस्;—-cart टिम्बा उठाउन हुने साजसंहित अग्लो पांग्रा भएको गाडा;—toe (s) काठको खुट्टा हुने व्यक्ति;—-wolf बडेमाको अमरिकन ब्वाँसोको जात;—-yard काठको आढत; र (क्रिके० अप०)हान्नेको जमीन।

timbre (ट्या'म्बर वा ट्याँ'ब्र) **ना.** प्रत्येक गला वा वाद्यले निकाल्ने ध्वनिको खास गुण, रूप, ध्वनि, स्वर ।

timbrel (टिम्'ब्रे'ल) **ना.** ट्याम्को, मादल, खैंजडी, मृदङ्ग ।

time (टाइम्) **ना.** अवधि, अस्तित्व; काल, समय, मौका; वखत, वेला, ताक, ताका, टाइम, घडी, छिन; पटक, मर्तबा, चोटि, झमट, जम्को, पल्ट, घान, वहान, बेर, याम, भाखा, भाका, म्याद, मौसिम, ताक; मौका; (ब. व.) जीवनको स्थिति, परिस्थिति, सामयिक; do—(झ्यालखानमा); in (her) time गाभिन अवस्था; (my)—is near मृत्यु, अन्त; (व्या.) काल, ज कि वर्तमान, भूत, भविष्यत्‌काल; astronomical (mean solar)—ज्यौतिष मुहूर्त; apparent (solar)—सौर समय; sidereal—नक्षत्रीय समय; at this—of the day अलं० र अक्ष०=यति अबेर; against-हडबडसँग; at—s कहिलेकाहीं; beat—ताल दिनु; out of—बेताल; at the same—समकालीन; close—(कुनै कुरा, शिकार इ०) रोकिएको अवधि; hard—s आपत्काल;—-ball समय जनाउने तोप;—-bargain पछि बेच्ने करार, जुवा;—barred समय बितिसकेकोले खारिज; कालातीत;—-bomb तोकेको समय विस्फोटन हुने प्रबन्ध भएको, कालबम;—-honoured प्राचीनताले आदरणीय;—keeper खा. ग, कर्मीहरू आए गएको समय राख्ने कर्मचारी, हाजिरवाला; (घडी) टाइम ठीक राख्ने, नराख्ने (good, bad,—keeper);—-limit समयावधि (जसभित्र कुनै काम गरिसकिनुपर्दछ); once upon a—एक ताका, एकादेश;—-piece घडी समयमापक;—scale समयमान, आवधिक परिमाण; -server अवसरवादी, मतलब सिद्धिको लागि जी हाँ गर्ने व्यक्ति;—table समय तालिका, रेल सारिणी;—-work कामले ज्याला दिइने, गन्तीले होइन;—s पटक, चोटि, फेरा, बार, दफे, पल्ट, बहुधा;—r **ना.** पटके; old—r पुरानू (अपराधी);—s **ना.** जमाना. युग, समय ।

time (टाइम्) **वि.** र **क्रि.** आवधिक, सामयिक, म्यादी; **क्रि.** समय तोक्नु, समय निर्धारित गर्नु; आइपुग्ने समय मिलाउनु; (काम गर्दा) कति समय लाग्छ हेर्नु, समय हेर्नु; (चल्ने चीज, रेल, मोटर इ० को) गति, वेग, हेर्नु वा मिलाउनु; timer **ना.** समय लिने, चाँडो, ढीलो (good, bad; timer); timing **ना.** समयभित्र रहनु, समन्वय गराउनु; hard—कहर, (pass hard—कहर काट्नु);—s जमाना, युग, समय; पटक, चोटि, घान ।

timeless (टाइम'लिस्) **वि.** (विर०) अनन्त, असामयिक बेटाइमको ।

timely (टाइम्'लि) **वि.** सामायिक, समसामयिक, उपयुक्त, ठीक ।

timeous,—mous (टाइ'मस्) वि. (मु० स्क०) सामयिक ।

timid (टि'मिड्) वि. डरपोक, डरछेरुवा, लाछी, कातर, भीरु; समय, त्रस्त, दब्बू, नामर्द, पानीभान्द्रे;–ity ना. कातर्य, भीरुता, डर ।

timocracy (टाइम'क्रेसी) ना. सरकारमा जागीर खानालाई जेथा हुनुपर्ने बन्दोवस्त भएको राष्ट्र, द्रव्य स्वाम्य ।

timorous (टि'मरस्) वि. डरछेरुवा, सहजमा आत्तिने, लाछी;—ness ना. कातरता, डर ।

timothy (टि'मथि) ना. (—grass पनि) वस्तुलाई ख्वाउने घाँसको किसिम; टिमथी ।

timous (टाइ'मस्) वि. सामयिक; timeous पनि ।

timepano (टिम्'पनो) ना. (व. व.—i उच्चा०—नी) नगरा;—ist ना. नगरा वादक, तबल्ची, बजार्ने, हान्ने, वाद्य बजाउने वाद्यकार पनि; समाघात वादक ।

tin (टिन्) ना. र क्रि. (–nn–) त्रपु, बंग, राँगो, पिच्चट, टिन; टिनको भाँडो, ख. ग. खाद्य सामान, मासु, फलफूल, राख्ने; (अप०) दाम; cry of—दोब्ब्याउँदा हुने आवाज; salt of—, — -liquor टिनको घुलन;–fish (नौ० अप०) पानी गोला, टर्पिडो;—foil टिन तपक;—god टिन देव, भूलले पूजा (श्रद्धा) गरिएको व्यक्ति;—hat (सेना० अप०) सैनिकको फलामे पातोको टोपी; टिन टोप;—opener टिन खोल्ने औजार;— - pan alley (अलं०) लोकप्रिय संगीतको रचनाकार, प्रकाशक, इ० को संसार — - plate राँगो वा टिनको मोलम्मा गर्नु; ना. टिनको मोलम्मा गरेको फलामे पातो, भाँडा; —man, —smith त्रपुकार, बंगकार;–pot वि. (हेलाँ) सस्तो, कमसल, ज, कि—pot dictator;—stone राँगोको धौ;—ware टिनको भाँडा; tinny वि. टिनको, राँगोको; क्रि. कलाइ गर्नु, टिनको मोलम्मा लाउनु; (खाने कुरो) टिनमा बन्द गर्नु, बट्टा बन्द गर्नु ।

tincal (टिन्'कल्) (–kal पनि) ना. नशोधेको सोहाग ।

tinctorial (टिङ्टो'ऋियल्) वि. वर्णद, रंगित; रंग, वर्ण, राग, बारे; रंग निकाल्ने ।

tincture (टिङ्क्'चर्) ना. र क्रि. ओखतीमा प्रयोग हुने रस, सार (खा. ग मद्यसारमा); आभा, छाया, लेश, झलक, (अक्ष. र अलं.); रंगको आभास; क्रि. हलका रंग गर्नु, रंगाउनु, वास्न दिनु; (अलं.) (कुनै गुणले) हुनु, झल्को दिनु ।

tindal (टिन्'डल्) ना. (भारत) लस्कर (माझी) हरूको निम्न अफिसर ।

tinder (टिन्'डर्) ना. शीघ्र दाह्य वस्तु, ज. कि डढेको झुत्रो टालो, कपास, इ., जो अघि पत्थर, स्पातसँग बट्टामा (— - box शीघ्र दाह्य बट्टा) राखिन्थ्यो, आगो सल्काउनालाई ।

tine (टाइन्) ना. (काँटा, सींग, डल्लेठो, इ० को) चुच्चो, टुप्पो ।

ting (टिङ्) ना. र क्रि. टिङ्ग आवाज (गर्नु) ।

tinge (टिञ्ज) क्रि. र ना. हलकासँग रंगाउनु, रंजित गर्नु; (अलं०) मिसाएर बदलिनु; ना. रंग, आभास, झलक, छाया, वास्ना, स्वाद ।

tingle (टि'ङ्गल्) क्रि. र ना. झमझमाउनु, पोल्नु, चर्चर्‍याउनु, चहर्‍याउनु, झनझन गर्नु, पर्पराउनु, फर्फराउनु, रिमझिम गर्नु, रमरमाउनु, भवाउनु; कान तात्नु; ना. रमझम, झनझन, पर्पर ।

tinker (टिङ्'कर्) ना. र क्रि. टमोटे, कांस्यकार; भद्दा काम गर्ने, जसोतसो गरी काम सिध्याउने, कर्मी; टालटुल, मरम्मत; माछाको जात, चरा, सीलमाछा; क्रि. (भाँडा) मरम्मत गर्नु; टालटुल गर्नु; सिकारु या अनाडि काइदासँग काम गर्नु (टालटुल गर्दा); a—'s damn वा cuss रत्ती पनि; an hour's—at it एक घण्टा कुश्ती खेलेको (टालटुलमा) ।

tinkle (टि'ङ्कल) क्रि. र ना. टनटन आवाज गर्नु, बज्नु (ज. कि चुरा); घण्टीको आवाज गर्नु; ना. टनटन, टिंगटिंग;—r ना. सानु घण्टी, क्षुद्रिका ।

tinnitus (टिनाइ'टस्) ना. कान बज्नु, (कानको) झनझन ।

tinsel (टिन्'सेल्) ना., वि. र क्रि. (–ll–) जरी, नकली जरी, पातलो पत्र पारेर बनाएको धातुको पातो जो चिरो, धागो, इ० को रूपमा टल्कने गरी (सिंगार्ने उद्देश्यले) प्रयोग गरिन्छ; त्यसरी सिंगारेको लुगाको कपडा; तारकित, टल्कने (ना.); (अलं०) वाह्य आडम्बर, बाह्य शोभन, वाह्य शोभा; वि. देखौवा, रवाफिलो, भडकिलो, सस्तो वा कमसलसँग भडकदार; क्रि. तारकितले सिंगार्नु, (अक्ष० र अलं०) ।

tint (टिण्ट्) ना. र क्रि. रंग, राग, छाया; क्रि. रंगाउनु, रञ्जित गर्नु; autumn—s सुकेका पातको;—er ना. रञ्जक, रंग हाल्ने सामान; सादा रङ्गीन काँचको जादू लालटिनको ऐना चित्र ।

tintinnabulation (टिण्टिन्याब्यूले'शन्) ना. घण्टध्वनि, टनटन ।

tintinnabulum (टिण्टिन्याब्यू'लम्) ना. (व. व.—a), घण्टी, खा. ग. सानू, क्षुद्रघण्टिका, सासाना घण्टा वा पाताका (केटौले) बाजा ।

tintometer (टिण्टॅ'मिटर्) ना. रंगमापक, रंग हेर्ने यंत्र ।

tinty (टि'ण्टि) वि. (असङ्गत ढाँचासँग) रंगिएको ।

tiny (टाइ'नि), **teeny** (टी'नि) वि. (तो०) अति सानू, छानू ।

tip (टिप्) ना र क्रि. (–pp–) टुप्पो, छेउ; (खा. ग. सानू, वा चुच्चे चीजको); सुनको मोलम्मा लगाउने बुरुशको किसिम; कुनै चीजमा जडिएको सानू टुक्रा वा भाग, ज. कि लट्ठीको मुन्द्री वा खुट्टा; डण्डीबियो;— -tilted (नाक) टुप्पो माथि फर्केको;—toe क्रि. वि. (on—toe पनि) खुट्टाको औंलामा टेकेर, (अलं०) बडो उत्सुकतासँग;—top अत्युत्तम, (ना.) प्राशस्त्य, उत्तमता; क्रि. टुप्पो हाल्नु ।

tip (टिप्) क्रि. (–pp–) र ना. तेर्सो पार्नु, ढल्किनु, उलार हुनु, उल्टिनु; हलकासँग थपथपाउनु वा छुनु;—and run (क्रिके०) ब्याटले बल छुनासाथ दौडने खेल;— -and-run raid हान्ने साथ भाग्ने आक्रमण; उल्टाउनु, अड्न नसक्नु, खन्याउनु (भाँडा उल्टाएर); (अप०) विस्तारै फ्याँक्नु, अनौपचारिक ढाँचासँग दिनु, बताउनु;—the wink चेतावनी, दिनु (आँखा झिम्क्याएर); –off इशारा दिनु; **ना.** इशारा, संकेत; (घोडदौड) घोडा बारे समाचार (दिनु); बकस दिनु (कुनै काम लगाएर); **ना.** सानू बकस; घोडाको बारेमा गोप्य समाचार, कुन घोडाले दौड जित्दछ भन्ने गोप्य समाचार; (काम गर्ने बारे) सल्लाह वा विधि; हलुका धक्का; हलुका आघात; (फोहर मैला) फ्याँक्ने ठाउँ;—car,—cart (माल उतार्ने गरी उचाल्ने प्रबन्ध भएको) फ्याँक्ने गाडा, गाडी;—cat डण्डीबियो (खेल);—up seat उठ्नासाथ दोब्रिने आसन, भाँच्न हुने आसन (नाचघर, इ० मा)।

Tipperary (टिपरा'रि) **ना.** प्रथम विश्वयुद्धमा लोकप्रिय गीतको थेको।

tippet (टि'पिट्) **ना.** भुत्लाको केप वा गलेबन्द (स्त्रीजाति न्यायाधीश, इ० ले लाउने)।

tipple (टिप्ल्) **क्रि. र ना.** कडा जाँड खाने बानी गर्नु; मद विस्तारै र बराबर पिइरहनु; **ना.** मद, जाँड, रक्सी पेय;—r **ना.** पियक्कड, जँडयाहा।

tippy (टि'पि) **वि.** (चिया) धेरै टुप्पो (चिया पातको) भएको।

tipster (टिप्'स्टर्) **ना.** (घोडदौड बारे, जित्ने घोडा बारे) खबर गर्ने; संकेत गर्ने, सुराकी।

tipsy (टिप्'सि) **वि.** केही मस्त (पिएर); प्रमत्त, मदवश, मादबाट उत्पन्न हुने, मात लागेको; लट्ठ परेको देखाउने वा ज्ञात हुने, ज० कि a—smile जँडयाहा हाँसो;—-cake मदमा भिजाएर खाने पूलिका।

tirade (टिरेड् वा टाइरेड्') **ना.** लामू जोरदार वक्तव्य, खा. ग. भर्त्सनाको, व्याख्यान; घोकाइ वा फलाक्ने लामू पाठ।

tirailleur (टिरईलर्') **ना.** निशानाबाज, भिडन्ते।

tire (टायर्) **क्रि** बाज आउनु; टट्टिनु, पट्टाउनु, गल्नु, लस्त हुनु, आजित हुनु, टट्टाउनु, थाक्नु, थकाउनु; am—ed थाकें, लस्त भएँ, आजित भएँ, वाक्क भएँ, अवाइसकें;—dness **ना.** थकाइ, क्लान्ति, ग्लानि;—less **वि.** अथक, सतत।

tire, tyre (टायर्) **ना. र क्रि.** चक्का, पांग्रा, बलियो पार्न जडिएको रबर, फलाम, काठ, इ० को पाता; चक्का; pneumatic—हावादार चक्का (पांग्रे सवारीहरूको चक्काको भित्री हावाले ढुन्न पार्ने चक्का); **क्रि.** पांग्रामा चक्का हाल्नु।

tire (टायर्) **ना. र क्रि.** (आ०) शिरपोश, पोशाक; **क्रि.** सजाउनु, सिंगार्नु, पोशाक पहिराउनु;—woman पोशाके (स्त्री)।

tiresome (टायर्'सम्) **वि.** थकाउने, आजित पार्ने, लस्त पार्ने; उच्चाट लाग्ने; झोकउठ्दो।

tiro, tyro (टायरो) **ना.** (ब० व०—s) सिकारु, अनाडी, मखण्डी।

tirocinium (टायरोसि'नियम्) **ना.** (पां०) सेवाकाल, शिष्यत्वकाल, कुनै शिल्प वा कलाको आद्य, प्राथमिक ज्ञान।

tis (टिज्) आ० वा कवि० छो० क० it is को; यो हो, यो छ।

tisane (टिज्यान्') **ना.**=ptisan तागत दिने क्वाथ, वार्ली पानी।

tissue (टि'स्यू , टि'श्यू वा टि'शू) **ना.** कुनै पातलो बुनेको कपडा; जाल, क्रम, रचना; (प्रा वि. अङ्ग वा अवयवको वस्तु, कोष वा कोष उत्पादनबाट बनेको तन्तु; बन्धन; (अलं०) परस्परमा जेलिएको श्रेणी, समूह संगालो (झूट, वाहियात कुरा, इ० को); (—-paper पनि) नरम र पातलो (माड नहालेको) सुकुमारी, टुट्ने, वस्तुहरूको संरक्षणको लागि बेर्ने कागत;—d (टि'श्यूड, टि'स्यूड् पातलो कागतले बेहिएको, संरक्षण गरिएको; तन्तु सततं।

tit (टिट्) **ना.** सानू चराको किसिम; फिस्टो, मुनिया, इ०; (आ०) घोडा, टट्टू; बालक, बालिका; (बो० चा०)= teat, मंटो, चुचुक, थून;—for tat जस्तालाई तस्तो, बदला, जस्तालाई तस्तो, ढिडोलाई निस्तो।

Titan (टाइ'टन्) **ना.** (ग्रां. कथा०) टाइटन जाति, दानव, अतिमानुष, जसबाट देवदेवीको उत्पत्ति भएको थियो; अतिमानवीय, परिमाण, पराक्रम, बुद्धि, इ० भएको व्यक्ति—esque **वि.** अतिमानवीय, दानवीय;—ic **वि.** बृहत् , बडेमान।

titanium (टाइटे'नियम्) **ना.** (र. शा.) गाढा खैरो धातव तत्व; टाइटेनियम्।

titbit (टिट्'बिट्) **ना.** स्वादिलो टुक्रा वा अंश, छनौटे गाँस मीठो भाग, सुस्वादु भाग।

tithe (टाइद्) **ना. र क्रि.** दसौंध (कर), खा. ग. जिन्सीमा तिर्न पाइने; (धे. ज. ब. व.) जमीनको उपजको दसौंध (predial—s); व्यक्तिगत उद्योगको दसौंध (personal—s); (अलं०) दशौं भाग, दसौंध; **क्रि.** दसौंध लाग्ने गराउनु।

tithing (टाइ'दिङ्) **ना.** दसौंधको असूली; (ऐति०) छिमेकी दश घरलाई परस्परको शान्तिपूर्ण आचरणको जिम्बावाल गराउनु।

Titian (टि'श्न्) **ना.** भेनिसका प्रख्यात चित्रकलाकार (मृ० सन् १५७६); उनको कृतिमध्ये कुनै; (वाच्य, खा ग. केशको रंगबारे) चडका सुनौला पिंगल (कैलो र रातो मिसिएको) रंग—esque **वि.** टिशन्को ढाँचामा।

titill/ate (टि'टिलेट्) **क्रि.** कुतकुत्याउनु, रमाइलो लाग्ने गरी उत्तेजित गर्नु; झन्कनु , झनझनाउनु, रमरम लाग्नु;—ation **ना.** रिमिझिमी, रमझम, कुतकुती, रमरम, सकसकी, सिकसिकी।

titivate (टि'टिभेट्), **titti—क्रि.** (बो. चा.) सिंगारिनु, ठाँट पार्नु, आफैलाई इ०)।

title (टाइ'टल्) **ना.** शीर्षक, (पुस्तक) सूची, पुस्तक वा प्रकाशन; प्रशस्ति, (ऐनको) नाम, शिरबेहोरा, विरुदावली;

पद, दर्जा, खिताव, उपाधि, मान, ल्याकत, लायकी; (का०) हक; स्वामित्व, अधिकार; सेवा, योग्यता, इ० जसले हक प्रदान गर्छ; सुनको शुद्धता जो क्यारटमा जनाइन्छ; deed हकपत्र, स्वामित्वको पुष्टि गर्ने कानूनी कागत, कागतपत्र;-page विवरण दिने पुस्तकको शुरूमा रहने पृष्ठ, पोस्ती, मुखपत्र;—-role शीर्षक पाठ (नाटकलाई नाम दिने पाठ, ज. कि शकुन्तला);—less, without title, बेहक ।

titled (टाइ'ट्लड्) वि. सामन्तको दर्जा पाएको, ठूलाबडा ।

titling (टिट् लिङ्) ना. सानूचरो = tit; पुस्तकको जिल्दमा तपक, इ०, मा नाम छाप्नु ।

titmouse (टिट्'माउस्) ना. (ब० व०--mice) सानू चरा = tit ।

Titoism (टि'टोइज्म्) ना. टिटोवाद (युगोस्लाभियाका राष्ट्रपति टिटोको किसिमको साम्यवाद) ।

titr/ate (टि'टाइ'ट्रेट) क्रि. संयोगमा दिइएको वस्तु कति रहेको छ पत्ता लगाउनालाई प्रामाणिक घुलनको कति भागले सो वस्तुलाई अर्कै रूपमा परिणत गर्न सक्दछ सो नाप्नु; विलेयमापन गर्नु;—ation ना. विलेयमापन ।

titter (टि'टर्) क्रि. र ना. हाँस्नु, (रोकिएर वा धकाएर) हाँस्नु, खिल्ल हाँस्नु; ना. असजिलो हाँसो; रुद्धहास्य ।

tittle (टिटल्) ना. कण, धूलो, लेश, खा. ग. not one jot or—मा = सितो पनि नाइँ ।

tittlebat (टि'ट्ल ब्याट) ना. सानू माछा, ढाडमा काँढा हुने ।

tittle-tattle (टि'टल् ट्याटल्) ना. र क्रि. गफ (गर्नु) बात (मार्नु); निन्दोचर्चो (गर्नु); छुस्के, कुरौटे, लोकभाँडा ।

tittup (टि'टप्) क्रि. र ना. फूर्तिवाज भएर हिंड्नु, चाल गर्नु; (नौ० इ० अप०) पेयका निति चिठ्ठा हाल्नु, वा पैसा हुत्याएर हेर्नु; ना. उफ्राइ, कुदाइ, नाच, चाल, स्वाँग ।

titubation (टिट्यूबे'शन्) ना. (भैप०) (खा० ग० स्नायु विकारद्वारा) सगसग, रगरग, स्थिर आसन नहुनु ।

titular (टि'ट्यूलर्) वि. र ना. दावीले, को, ज. कि—possessions दानीको स्वामित्व, जेथा; नामधारक, नाममात्रको (वास्तवमा होइन) ज. कि –sovereign'y;—saint रक्षक सन्त; ना. विना काम वा दायित्व केवल पद, इ. मा रहने व्यक्ति ।

tmesis (ट्मि'सिस्) ना. (व्या०) संयोजित शब्दका अङ्गको पृथक्करण, ज. कि हामी जतासुकै तिर ("हामीतिर" मा विच्छेद) ।

to (व्यन्जन अगाडि ट', स्वर अगाडि ड, जोरदार, वाक्यको अन्तमा, टू) उ. र क्रि. वि. तिर, सम्म, छेउ, मा, लाई, थ्यैं, समक्ष, कन; क्रि. वि. ज. कि fall—, come—, इ०, the door is just—ठीक ठाउँमा, टक्क अडाइ, ढोका लागे लागे जस्तो छ, इ०;—and fro यताउति, इतस्ततः; as—बारेमा ।

toad (टोड्) ना. भ्यागुतो जस्तो स्थलजलचर, तर भद्दा र डल्लै डल्ला भएको जीउ भएको, औ प्रजननको समय बाहेक पानीमा नबस्ने जनावर, मंडूक; (अलं०) फोहोरी वा घीनलाग्दो व्यक्ति;—in a hole थिग्रिनी वा डढ्यौलोमा पकाएको (गो) मांस वा ससेज;—eater खुशामदी, चापलूस;—spit कुनै कुनै कीराले निकाल्ने ऱ्याल, कीटफेन;—stone भ्यागुते ढुङ्गा, जहर मोहरा, अघि जन्तरमा लाउने;—stool छाताकार च्याउ ।

toady (टो'डि) ना. र क्रि. = toad-eater भतुवा, खुशामदी, चापलूस, चिप्लो घस्ने; क्रि. चाकरी गर्नु, ज्यादा चापलूस बन्नु, हीन ढाँचासँग फुरुङ्ग पार्न खोज्नु ।

toast (टोस्ट्) ना. र क्रि. सेकाएको पाउरोटीको चाना, खरो चाना, टोस्ट;—Melba पातलो खरो चाना; have (one) on toast (कसैलाई) आफ्नू कब्जामा राख्नु; व्यक्ति, खा० ग० स्त्री, जसको सुस्वास्थ्यको कामनामा मद्य पिइन्छ; त्यस्तै मद्यपानमा नाम लिइने व्यक्ति वा भाव; मधुपर्क;—-list,—-master (आम भोजमा सो मधुपर्कको सम्मान पाउने व्यक्तिहरूको) नाम पढने व्यक्ति;—-rack टोस्टदान;—-water (टोस्ट भिजाएको टोस्ट पानी (ठण्डा सरबतको रूपमा); क्रि. सेक्नु, सेकाउनु; आगोमा खुट्टा, इ० सेकाउनु;—er ना. सेक्ने, मधुपर्क गर्ने;—ing ना. सेक्ने,—ing fork सेक्ने (लामू) काँटा (–iron सेक्ने ऱ्रीर, ठ० मा तरवार पनि) ।

tobacco (टोब्या'को) ना. (ब० व०—s) (—-plant पनि) सुर्ती, सुर्तीको पात (छो० क० baccy); तमाखु;—-cutter तमाखुको पात डाँठबाट छुट्ट्याउने यंत्र;—heart ज्यादा चुरोट तमाखु खाएर विकृत मुड;—pipe सुर्ती (सल्काएर) खाने पाइप;—-pouch तमाखु थैली;—-stopper पाइपमा सुर्ती कोच्ने गट्टा;—ash सिठ्ठी ।

tobacconist (टोब्या'कोनिस्ट्) ना. तमाखु, सुर्ती, पसले; चुरोटे ।

toboggan (टबॅ'ग्यान्) ना. र क्रि. खा. ग. हिउँ वा बरफमाथि पहाड वर्लने लामू साँगुरो अचक्रयान;—-shoot,—-slide अचक्रयान पथ; क्रि. अचक्रयानमा यात्रा गर्नु; चिप्लनु ।

toby (टो'बि) ना. धे० ज० तीन चुच्चे टोप लाएको बूढोको आकार भएको जग, मग, पानपात्र ।

toccata (टोका'टा) ना. (संगी०) वाद्य यंत्र (पियानो, अर्गन, इ०) को लागि छिटो भव्य रचना ।

Toc H (टॅक् एइच्) ना. क्रिस्तानी संगत र सेवाको प्रचार गर्ने धेरै शाखा भएको संस्था, समाज ।

tocher (टॅ'खर्) ना. दाइजो (स्क०) ।

toco,—ko (टो'को) ना. (अप०) पिटाइ, सजाय, दण्ड ।

tocsin (टॅक्'सिन्) ना. खतराघण्टी, भयघण्टा, भयध्वनि (अचेल धे. ज. अलं०) ।

tod (टॅड्) ना. (आ०) झाडी, बूटी, ऊनको वजन; (प्रादे) स्याल ।

today, to-day (टुडे') क्रि. वि. र ना. आज, आजको दिन ।

toddle (टॅ'डल्) क्रि. र ना. (बालकले हिंड्न सिक्ता झैं) लरखराउनु; छोटो छोटो भद्दा पाइलाले हिंड्नु; टहल्नु; ना. लरखर, लरखराउँदो हिंडाइ; लरखराउँदो बालक ।

toddy (टॅ'डि) **ना.** ताडी; मद, गुलियो र तातो पानीको पेय ।

to-do (टु-डु') **ना.** हतार, चटारो, धुनधान ।

tody (टो'डि) **ना.** वेस्ट इण्डियन चराको जात ।

toe (टो) **ना.** र **क्रि.** (कृ.—ing) (गोडाको) औंला; (मोजा, जुत्ता, बूट, इ० को) औंलामाथि रहने भाग; खुरका अघिल्लो भाग, खुर; (भवन.) अडानको अग्रभाग; (यन्त्र०) सोझो डण्डाको तल्लो छेउ; ball of—औंलाको जराको संज्ञाशून्य डल्लो; great, middle, little,—बुढी, माहिली, कान्छी, इ० औंला; tread on (person's)—(उसको) भाव वा दुराग्रह वा विचारमा धक्का पुऱ्याउनु; on (one's) —जमजमाएको, आग्रही; turn up (one's)—(अप.) सिद्धिनु, मर्नु; top to—तालुदेखि पैतालासम्म; heel and—walking कुर्कुच्चा र औंला दुवैले भुँ छोएर;— -cap बूट, जुत्ता, इ. मा अंगुलित्राण;— -nail नङ्ग, फल्याकमा तेर्सो ठोके को कीला; **क्रि.** (जुत्ता, मोजा) औंला हाल्नु, मरम्मत गर्नु; (दौड) शुरू धर्को छुनु; (—the line अलं० आफ्नू दलले बनाएको नियम करसहित पालन गर्नु) ।

to-fall (टू'फॉल्) **ना.** (आ., कवि.) अन्त, ढल्काइ (दिन, इ०) ।

toff (टॅफ्) **ना.** (अप.) भलाद्मी, सेठ, धनिक ।

toff/ee (टॅ'फि)—fy **ना.** चीनी, नौनी, इ. हालेर बनाएको मिठाई, पुष्टकारी ।

tog (टॅग्) **ना.** र **क्रि.** (अप०—gg—) सा० ब. व. लुगा; (नौ०) long—s जहाजबाट उत्रेर जमीन जाँदा लाउने लुगा; **क्रि.** लुगा लाउनु, लाइदिनु ।

toga (टो'गा) **ना.** प्राचीन रोमन पुरुषको खुकुलो बाहिरी लुगा (जसले खा० सँग रोमन नागरिकता, निजामती जीवन, र सयानुपनको सूचना गर्थ्यो);—virilis (—भिराइलिस्) पौरुष आच्छादन ।

together (टुगे'दर्) **क्रि. वि.** साथ, सँगसँगै; साथसाथै; जोरेर; लगातार; सँग, पनि, मिलेर ।

togger (टॅ'गर्) **ना.** (अक्सफर्ड अप०) डुङ्गा दौड, डुङ्गा ख्याउनु ।

toggle (टॅ'ग्ल्) **ना.** (नौ०) डोरी, रस्सी, को आँखामा हाल्ने काठ; घुँडा जोर्नीद्वारा जोडिएको डंडी वा पातो;— -iron चल्ने धार भएको समुद्री भाला;— -rope एक छेउमा गाँठो र आर्कोमा काठको बींड भएको डोरी ।

toil (टॉयल्) **क्रि.** र **ना.** खट्नु, मेहनत गर्नु, परिश्रम गर्नु; बडो मेहनतसाथ वा कठिनताले अघि बढ्नु; **ना.** श्रम, आयास, मेहनत; (ब. व. मात्र) जाल, पासो (अक्ष० र अलं);—some **वि.** कठिन, परिश्रमी ।

toile (ट्वाल्) **ना.**—cirée (—सिरे) असल जातको मैन कपडा;—colbert (कॅल्'वेयर्) बुट्टा भर्ने टाट;—d' Alsace (—डाल्सास्'), de Vichy (—ड भीशी') स्त्रीको गर्मी लुगाका सूती कपडा ।

toilet (टाय्'लिट्) **ना.** अंगराग, मुखारी, सिंगारपटार, सिगार, ठाट, तलास, भूषा, सजावट, छाँट, शृंगार; केशकर्म; पोशाक, लुगाको ढाँचा; (— -table पनि) ऐनासहितको शृङ्गार टेबुल; चर्पी वा जलकुटी (दिसा गर्ने भाँडो);— -paper जलकुटीको लागि;—pow'er (अंगरागमा) जीउमा लाउने पाउडर, अंगराग पाउडर;— -roll (जलकुटीको) कागतको मुठा, बण्डल;— -set सिंगारको सामान, साज;—soap नुहाउने साबन; (भैष०) शल्य उपचारपछि कुनै स्थानको सफाइ, सफाइ ।

toiletry (टॉय्'लेट्रि) **ना.** अंगरागको सामान; परचून ।

Tokay (टोके') **ना.** हंगरि देशमा बन्ने मद्यको प्रकार ।

toke (टोक्) **ना.** (अप०) खाने कुरा, खा. ग. सुखा (पाउ) रोटी ।

token (टो'कन्) **ना.** चिन्हु (खा ग. मायाको), चिन्ह, संकेत, नमूना; धे० ज० in—of को चिन्हस्वरूप; दोस्तीको स्मारक; सम्झौटो; सत्यताको प्रमाण गर्ने सिक्का, औंठी, इ०; (वा०) तय गरिएको संकेत; (ऐति०) गैर सरकारी व्यक्ति, संस्था, ब्याङ्क, इ० ले पैसाको साटो जारी गरेको धातुको टुक्रा, दाम झैं व्यवहार हुने चिह्न; book—पुस्तक किन्न सकिने तोकिएको अंकको दामको चिट्ठा, किताब चिट्ठा; (ठ. वा आ.) कुराको समर्थन गर्ने सूत्र; by this same—;—money (अर्थ०) यथार्थ मूल्यभन्दा बढी मूल्यको सिक्का जो साट्दा माथिल्लो पूरा भाउ पाइन्छ;—payment (राज०) (खा. ग. एक देशले आर्कोसँगको) ऋणको एक भाग मात्र सघाएको चुक्ती, आंशिक चुक्ती, नाम मात्रको चुक्ती ।

told (टोल्ड्) **क्रि.** tell को भू० का० =भन्यो ।

Toledo (टोली'डो) **ना.** (ब. व.—s) स्पेनको टोलिडो शहरमा बनेको असल तरवार ।

tolerable (टॅ'लरेब्ल्) **वि.** सह्य, बेसै, खराब होइन, कामचल्ने ।

toler/ate (टॅ'लरेट्) **क्रि.** सहनु, आज्ञा दिनु; कडासँग नहेर्नु वा तौल्नु; सहवास, समागम, मञ्जूर गर्नु; (दुःख, पीडा, इ०) थाम्नु, सहन गर्नु, भुक्तनु, खा० ग० (भैष०) विना नुकसान औषधिको सेवन वेहोर्नु, सह्य गर्नु;—ance **ना.** सहन, तितिक्षा, (पनि) परिमाण, तौल, इ० मा स्वीकृत फरक, विभिन्नता;—ant **वि.** सहनशील, सहने, सहन सक्ने, सहिष्णु, क्षमी ।

toleration (टॅलरे'शन्) **ना.** सहन, तितिक्षा; धर्मको कुरामा व्यक्तिगत राय गर्ने हकको मान्यता; सहिष्णुता; धर्म स्वीकार गर्ने वा धार्मिक आचरण गर्ने स्वतन्त्रता; धर्म भेदको विचारविना सम्पूर्ण राजनैतिक वा सामाजिक उपभोग गर्ने हकको मान्यता ।

toll (टोल्) **ना.** र **क्रि.** (बाटो, हाट, बजार, इ० को चलनमा लाग्ने) कर, तिरो; शुल्क; road—(अलं०) बाटै दुर्घटना, अङ्गभङ्ग र मृत्यु; (अन्न पिनेको, अन्नैमा दिने) भाडा, अलं० take—केही अंश लिनु;— -bar,—gate बाटो, इ०, को तेर्सो छेक; तिरो नतिरी जान नपाइने, तिरोछेक, तिरो ढोका;

tol (l) booth (टोल्'बूथ्) **ना.** (स्क०) ऱ्यालखान; (अघि तिरो नतिर्नेहरूका लागि खोर);—-gatherer शौल्किक;—house तिरोघर (शौल्किक बस्ने); **क्रि.** तिरो उठाउनु, तिर्नु, चुक्ती गर्नु ।

toll (टोल्) **क्रि.** र **ना.** एकनास ढीलो र गम्भीर शब्दले घण्टा बजाउनु; घण्टा हान्नु; तालसँग ध्वनि गर्नु; (मृत्यु, इ० मा) घण्टी बजाउनु; **ना.** (घण्टीको) ध्वनि, टनटन; घण्टानाद ।

tollable (टो'लेब्ल्) **वि.** (व्यक्ति वा माल सामान) तिरो लाग्ने ।

tol-lol (ट'ल् लॅ'ल्) **वि.** (अप०) वेसै, सन्चै, राम्रै (अवस्थामा) ।

tolly (टॅ'लि) (पा. अप.) मैनबत्ती ।

Toltec (टॅल्'टेक्) **ना.** एजटेक जातिभन्दा पूर्व मेक्सिकोमा राज्य गर्ने अनुमान गरिएको जाति ।

tolu (टोल्यू') **ना.** अत्तार र ओखती बनाउँदा काममा लगाइने द. अमरिकाको रूखबाट निस्कने खोटो, राल;—ene,—ol **ना.** बेनजीन जातको विनारंग दहनशील जल कार्बन तरल द्रव्य, रंग वा विस्फोटक बनाउँदा प्रयोग हुन्छ ।

tom (टॅम्) **ना.** Thomas को छो. क. Tom; T–, Dick and Harry सामान्य जन, जो पनि; भाले जनावर, ज. कि —-cat ढाडे; Long T—(नौ०) लामू तोप; Old T—जिन (मद्य) को प्रकार; peeping T—चियाउने, आर्काको काममा नचाहिंदो वास्ता गर्ने, व्यक्ति;—-boy उत्ताउली, मात्तिएर हिंड्ने, केटी;—fool मूर्ख, अनाडी; (क्रि. वेकूफ बन्नु, हीन बन्नु);—foolery हीनता, चटपट; T—Thumb बूढी औंले, बामपुड्के; T—Tiddler's ground केटाकेटीको खेल, टिपेर पैसा पाइने थलो;—tit फिस्टो ।

tomahawk (टॅ'महॉक्) **ना.** र **क्रि.** उ. अमरिकन इण्डियनको परशु, रण बञ्चरो; bury the—वा hatchet वैर अन्त गर्नु; **क्रि.** बन्चरोले हान्नु, मार्नु; पत्रिकामा अति कडा समालोचना गर्नु ।

toman (टमान्') **ना.** इरानी सुवर्ण मुद्रा ।

tomato (टमा'टो) **ना.** (ब. व.—es) गोलभेंडा, टमाटर ।

tomb (टूम्) **ना.** र **क्रि.** चिहान, (भांटे) ब्यांग, समाधि; भैंमन्तिरको अन्य मृत देह राख्ने गुफा; चिहाने स्मारक, समाधि स्थान; (अलं.) the—मृत्यु;—stone चैत्य, चिहाने पत्थर; **क्रि.** गाड्नु, समाधिस्थ गर्नु ।

tombac (टॅम्'ब्याक्),—K **ना.** तामा र जस्ताको मिसोट, सस्तो गहना बनाउनालाई व्यवहार हुन्छ ।

tombola (टॅम्'बोल) **ना.** चिठ्ठाको प्रकार ।

tome (टोम्) **ना.** ग्रन्थ, पुस्तक, खा. ग. ठूलो र गन्हुँगो, ठेली ।

tomentum (टमे'ण्टम्) **ना.** (वन.) जेलिएको ऊनी रौं जस्तो वर्धनद्वारा तरुणताको जनाउ; (श. वि.) मस्तिष्कको बाह्य झिल्लीको भित्री भुवादार तह ।

tommy (टॅ'मि) **ना.** (T—) Tom को चल्ती रूप; T—Atkins ब्रिटिश सिपाही, ज. बा. (अप.) फौजको सिपाही; (यंत्र.) रेन्चू वा पेचकस; पाउरोटी, रसद, बन, जिन्सी ज्याला; —-shop रोटीको पसल; कर्मीहरूको खाजा;—gun सबम्याशीन बन्दूक;—rot फजूल, वाहियात, कुरा; soft—(नौ.) नरम वा ताजा पाउरोटी ।

tomorrow, to—morrow (टमॉ'रो) **क्रि. वि.** र **ना.** भोलि; (वाच्य)—morning, afternoon, इ. भोलि बिहान, साँझ;—-week आठ दिनपछि ।

tompion (टॅ'म्पियन्) **ना.** tampion को रूपान्तर ।

tomtom (टॅम्'टॅम्) **ना.** र **क्रि.** (--mm-) ट्याम्को, ढोल, घण्टा, ढोल, ठोक्नु ।

—tomy (-टोमि) अन्तप्रत्यय; ग्री.—tomia=छेद, विच्छेद; मु० शल्य क्रियाको नाममा; ज. कि appendictomy, phlebotomy, tracheotomy इ० ।

ton (टन्) **ना.** वजन, टन, २२४0 पाउण्ड; short—२००० पाउण्डको टन; metric–१००० किलोग्राम; विस्तारको अनेक परिमाण काठपातको, पत्थरको, नूनको, चूनको, कोइला, गहूँ, रक्सी, इ०; (बो. चा.) धेरै संख्या वा परिमाण; (अप.) १०० मा प्र. घ. को वेग;—-up boys सो वेगमा मोटर साइकल चलाउनेहरू ।

ton (टॅाँ) **ना.** चलन, प्रचलित काइदा, रिवाज, in the—काइदासाथ; bon—शिष्टाचार, काइदा (फ्रे.) ।

tonal (टो'नल्) **वि.** स्वरीय, स्वरित; स्वर संयोगको ।

tonality (टन्या'लिटि) **ना.** (संगी० स्वरको गुण, स्वर संयोग; चित्रको वर्णयोजना, रंग परिकल्पना ।

toname (टू'नेम्) **ना.** (मु० स्क०) पहिलो नाम र थरमा थपनाम (छुट्याउनाको लागि)

tondo (टॅन्'डो) **ना.** (ब० व०—di; उच्चा०–डी) वाट्ुलो आकारको चित्र वा उठेको चित्र ।

tone (टोन्) **ना.** ध्वनि, तान, खा० ग० उँचाइ, गुण र बलको संपर्कले; heart—s श्रवणमा सुनिने मुटुको आवाज स्वरको चढाइ उत्राइ; (ध्वनि०) शब्दको एक पदमा पर्ने झोक्का; (संगी०) गीति ध्वनि, खा० ग० उचाइ, बल र चढाउ उत्राउमा; (भैष०) शारीरिक अवयवहरूको ठीक अवस्था, प्राणीकार्य सबै ठीकसँग चलिरहेको स्वास्थ्यको अवस्था, स्वस्थता, सुस्थिति; नैतिक विचार वा भावहरूको चलेको ढाँचा; चित्रमा उज्यालो र छायाको सामान्य प्रभाव; रंगको गहिराइ; (फोटो०) तयार सुल्टो चित्रको रंग;—-arm ग्रामोफोनमा ध्वनिबाकसलाई विषाणसँग जोर्ने नलीको आकारको बाहु;—-poem कवित्वपूर्ण भावको संगीतमा व्यंजन गर्ने रचना; वर्णहरू कवित्वपूर्ण ढाँचासँग मिलाइएको चित्र ।

tone (टोन्) **क्रि.** (ध्वनि वा रंगको) गुण वा ध्वनि दिनु; (संगी०) सुर मिलाउनु; (फोटो०) तस्वीरको रंग (रसायनिक घुलनद्वारा) आर्को, फेरिएको, रंग दिनु; चाहिएको रंग दिनु; मिल्नु;—down (रंग) मृदु गर्नु, नरम बन्नु, चडका नरहनु;—up बढी रंग वा ध्वनि दिनु, बढी ओजस् दिनु;—d paper खा. ग. हलका अम्बर (पहेंलो) रंगको।

tong (टॅङ्ग्) **ना.** चीनिया संस्थान, सभा वा गुप्त समिति ।

tonga (टॅङ्गा) **ना.** टाँगा, हलुका दुइ पांग्रे बग्गी ।

tongs (टॅङ्ग्ज्) **ना.** (ब. व.) (पनि pair of—) चिम्टा; fire—कोइला समात्ने; sugar—चीनी, मिस्री समात्ने चिम्टा; lazy—टाढाको वस्तु टिप्ने लामू नागबेली लम्बन भएको चिम्टा; hammer &—धडाधड, बलबूताले; would not touch with a pair of—(घीनले गर्दा) चिम्टाले पनि छुन्न (बाह्र हातको टाँगाले छुन्न) ।

tongue (टङ्ग्) **ना.** जिब्रो, जीव, जिह्वा, रसना; put out (one's) tongue जिस्क्याउनालाई, वा चिकित्सकलाई देखाउनालाई; on the—s of men यशस्वी, प्रसिद्ध; furred वा dirty—वाक्लो; जनावरको जिब्रो (खाद्यको रूपमा); बोली; ready, fluent, long हाजिर, चल्ने लामू, जिब्रो (=फतुरो व्यक्ति);—in (one's) cheek चपाएर कुरा गर्नु; भाषा, बोली, mother—मातृभाषा; जिब्रोको आकारको वस्तु; टुप्पिएर जाने, ज० कि अन्तरिक्ष, जुत्ताको कान, घण्टाको रालो, बकलसको कीला, इ०; on the tip of (one's) tongue पेटमा आउनु, मुखमा नआउनु; wag (one's)—जिब्रो चलाउनु;—tie बोलीको विकार;—tied सो भएको; (अलं०) बोल्न नसक्ने अवस्थामा (परिस्थितिले);—d **वि.** जिब्रे;—less बेजिब्रे;—let छोटो वा सानू जिब्रो;—scraper जिब्री ।

tongue (टङ्ग्) **क्रि.** (बाँसुरी) जिब्रोद्वारा थामी थामी बजाउनु, जिब्रो त्यसरी चलाउनु;—& groove फल्याकहरूमा एकमा जिब्रो र अर्कोमा खोल्सा गरी काटेर तिनलाई ठिक्क जोरिने पार्नु ।

tonic (टॅनिक्) **वि.** र **ना.** (ओखती, उपचार, र अलं० सफलता, दशा, दण्ड; इ०) बलवर्धक, रोचक, दीपन, वाजीकरण; (संगी०) वादी;—accent पदउपरको झोक्का;—spasm लगातार रहने तन्तुको संकोचन; **ना.** (ओखती) बलवर्धक, वाजीकरण गर्ने, शक्तिप्रद; (संगीत) वादीसूर, मुख्य सूर ।

tonicity (टनि'सिटि) **ना.** सूर, स्वर; स्वर हुने गुण; तन्तुको स्वस्थ नम्यता ।

tonight, to-night (टुनाइट्') **क्रि. वि** र **ना.** आज राति, आजको राति ।

tonish, tonn—(टॅ'निश्) **वि.** (अचेल विर०) सभ्य समाज, ढाँचा, मा; छरितो, काइदाको ।

tonite (टो'नाइट्) **ना.** जोडदार अम्लकपास विस्फोटक ।

tonk (टॅङ्क्) **क्रि.** (अप०) (व्यक्ति, क्रिके० बल,) कडासँग हिर्काउनु, संघर्ष, मारपीट, मा सजिलोसँग हराउनु ।

tonnage (ट'नेज्) **ना.** जहाजको भित्री घन परिमाण, माल लाद्ने क्षमता; कुनै देशको व्यापारिक नौसेनाको जम्मा लादको परिमाण; जहाजको दर्ता भएको नामबमोजिम लाग्ने तिरो (अघि लादबमोजिम लाग्थ्यो); माल सामान वा लादमा तौल (टन) को हिसाबले लाग्ने तिरो;—& poundage (ऐति.) अघि जहाजमा लादिने मालको केही हिस्सामा लाग्ने तिरो सरकारलाई दिइने राज्यदान, जो प्रथम चार्ल्सले अवैधानिक काइदासँग उठाए भनी विलायतमा गृहयुद्ध भयो;—-deck (दुई भएमा माथिल्लो तखता, तीन भएमा बीचको तखता (डेक) ।

tonneau (टॅ'नो) **ना.** (कुनै मोटरकारहरूमा) पछाडिको आसन रहने भाग ।

tonometer (टनॅ'मिटर्) **ना.** स्वरको उचाइ नापने स्वर काँटा वा अन्य उपकरण, स्वरमापक ।

tonsil (टॅन्'सिल) **ना.** किलकिले, किलकिली;—lar **वि.** किलकिलेको;—itis **ना.** किलकिलेको सूज ।

tonsorial (टॅन्सो'ञिरअल्) **वि.** (ठ०) नाउको वा हजामत बारे, चौड ।

tonsure (टॅन्'शर्) **ना.** र **क्रि.** मुण्डन, शिरको मुडुलो (खौरेको) भाग; क्षौर, चूडा संस्कार ; (अलं०) पादरी दर्जामा प्रवेश (रोमन क्याथलिक संप्रदायमा); **क्रि.** मुण्डन गर्नु, कपाल खौरनु ।

tontine (टॅन्'टीन्) ऋणका ग्राहकहरूले आपसमा बाँडिलिने बर्खासन, वार्षिक आमदनी, जसमा ग्राहकहरूको मृत्युले गर्दा पाइने भाग बढ्दै जाने भई अंतमा बाँकी एकले संपूर्ण पाउँछ; टण्टीन जीउनी ।

too (टू) **क्रि. वि.** र **वि.** अति, ज्यादा, अन्धेर, अचाक्ली; (स्वाँगी वा मस्किने बोली) is quite—, is— —(delightful, इ०, जो प्रयोग नगरे पनि हुन्छ); पनि, साथै; **वि.**——मस्किने;—-many ज्यादै, बहुसंख्यक;—much अन्धेर, अति, जथाभावी, बढता, अनर्थ, मनमोज, मनपर्दो, औधी, ज्यादा, धेरै; अन्नाधुन्न, उत्पात, अचाकली, ज्यादती; is—many for ज्यादै बलियो वा चतुर, नसक्ने ।

took (टुक्) **क्रि.** take को भ० का० =लियो, पायो ।

tool (टूल्) **ना.** उपकरण, साधन, यंत्र, औजार, ज्यावल, हतियार, हतौंडी; (ब० व०) लडाइँको खर खजाना; कलपुर्जा बनाउने यंत्र, ज० कि खराज; (अलं०) कुनै पेशा वा व्यवसायमा प्रयोग हुने वस्तु; आर्काले आफ्नू मन बमोजिम चलाउने व्यक्ति; mere—यंत्र मात्र, पिट्ठू ; broad--=tooler छिपा, (ढुङ्गा काट्ने) रामो; edge-—,edged-—लाग्ने ज्यावल, धारवाला ज्यावल;—-holder बींड; —-post,—-rest खराजमा रामो हाल्ने, समाउने, धारक ।

tool (टूल्) **क्रि.** रामोले ढुंगा काट्नु, छिप्नु; (पुस्तकको जिल्द) छेउ र पछाडिमा बुट्टा हाल्नु; औजार राख्नु, सजाउनु (बाकस, खोल, इ० मा); औजारले काम गर्नु; (अप.) बग्गी (इ०) हाँक्नु; बग्गी हाँक्नु विस्तारै वा मनमोजी ढाँचाले) ।

tooler (टू'लर्) **ना.** शा. अ. (पनि) ढुंगा कर्मीको चौडा रामो, छिपा ।

tooling (टू'लिङ्) **ना.** समानान्तर रेखा पारेर ढुंगामा बुट्टा काट्नु; तातो औजारद्वारा पुस्तकको छेउ र जिल्दमा बुट्टा छाप्नु; blind—सुनको तपक नहालीकन ।

toon (टून्) **ना**. भारतीय तुनको रूख ।

toot (टूट) **क्रि. र ना.** (मोटर, सिटी; बिकुल, इ.) छोटो आवाज, भ्वाँ, ट्वाँ, फुर्र, इ० गर्नु; (बाजा) भ्वाँ भ्वाँ इ० गर्नु; **ना.** भ्वाँ, ट्वाँ, फुर्र, इ० ध्वनि; (अप.) नैशोत्सव, सपिति, पिउने जमघट वा क्रिया ।

tooth (टूथ्) **ना.** (ब. व teeth) दाँत, दाह्रो, बंगारो, दाँती;—ed **वि.** दन्तुर, दाह्रे, छ्वाके, थोते, दाह्रावाल; canine—कुकुरे; eye—कुकुरे; incisor—टोक्ने; milk—दूधे; molar—बंगारो; wisdom—बुद्धिबंगारो; false, artificial—नकली; (कलपुर्जा) दाँती; sweet--गुलियोमा रुचि; in the teeth of विरोध, साक्षात्; by the skin of (one's) teeth मुश्किलसँग;—& nail सकभरको जोड; lie in (one's) teeth अति झूटो कुरा बोल्नु; put teeth into (ऐन, नियम) पूर्ण रूपले लागू गराउनु, प्रभावशाली गराउनु;set teeth on edge दाँत कुँडिनु; show (one's) teeth ड्यार्रडुर्र गर्नु (अलं०); take the bit between (one's) teeth (अत्त.) घोडाले टिप्नु, (अलं.) अटेरी वा अनियन्त्रित हुनु;—ache दाँत दुख्ने, दन्त पीडा;—-brush दन्तधावन, दन्त पवन, दाँते बुरूश;—-comb मसिनू जोरिएको दाँत भएको paste वा—powder दन्तमन्जन;—pick सिन्का, शोधनी; **क्रि.** दाँत हाल्नु, (यन्त्र) दाँत कसिनु, बाँधिनु ।

toothful (टूथ्'फुल्) **ना.** मद्यको सानू घुटको ।

toothing (टू'दिङ्) **ना.** शा० अ०, खा० ग० (भित्तामा पछि बनाउने वा जोर्ने गरी) दाँत पारेको, दाँती;—-plane कर तीदाँते रण्डा ।

toothsome (टूथ्'सम्) **वि.** स्वादु, स्वादिलो, मीठो ।

tootle (टू'टल्) **क्रि.** बिस्तारै वा वारंवार भ्वाँ भ्वाँ भोंपो बजाउनु ।

tootsy (**-wootsy**) (टूट्'सि-वुट'सि) **ना.** (तो०) गोडी, खुट्टा ।

top (टॅप्) **ना. र वि.** शिखर, शिर, टुप्पो, अग्लो ठाउँ, चुली, भञ्ज्याङ्ग, (अलं०) सर्वोच्च स्थान (दर्जा, इ० मा); जराको निम्ति लाइएको बिरुवाको पात; माथिल्लो तह, ज० कि टेबिलको, भँेको; जुत्ताको माथिल्लो भाग, तलुवाको विप.; बगीको छत; ताप्केको बिर्को; पुस्तकको शिर, मास्तिरको खण्ड; उच्च स्थानमा बस्ने व्यक्ति; the—(खाने) टेबिल शिर (इज्जतको ठाउँ); चरम सीमा, उच्चता; तालु; (ब० व०) ब्रिज (ताश) मा कुनै रंगको दुई माथिल्लो चक्की; (मोटर) सबभन्दा बढी गियर वा साज; मोलम्मा लाएको धातुको टाँक; रौंको झुप्पा, रेसा, इ०, (खा० ग० तौल डेढ पाउण्डको) वि. सबभन्दा माथिल्लो सर्वोपरि;—dog (अप०) विजेता, श्रेष्ठ, मालिक;—-boot अग्लो बूट;—coat ओभरकोट, बाहिरी कोट;—-dress मल (जोत्ने साटो) माथि हाल्नु;—-dressing त्यसरी हालेको मल, माथि हालेको मल, (अलं०) मास्तिरको वस्तु;—hat अग्लो रेशम टोप;—-heavy भारी टाउके, ऊर्ध्व गुरु, लड्ने डर हुने (धे० ज० अलं०, योजना; तरकीब, इ०);—-hole (अप०) उत्तम, अब्वल;—knot चूडा, शिखा, फुर्का, कल्की, फिता;—-sawyer माथिल्लो आरावाल, अलं० उच्च तहको व्यक्ति ।

top (टॅप्) **क्रि.** (-pp-) टोपी वा शिर हाल्नु लाउनु; (बिरुवा) छिमल्नु; चुलिनु; उत्तम बन्नु, जित्नु, ख्याँच्नु, (ज० वा०--ping **वि.** उत्तम, बेस)—(one's) part सारै राम्रोसँग आफ्नू पाठ (काम) गर्नु; (गल्फ) बललाई ठीकसँग नहानी शिरमा हान्नु;—off वा up सिध्याउनु, अंत्य गर्नु;—up (पनि) भर्नु, (खा० ग० अलिकति नभरी भाँडोलाई); तोकिएको उँचाइको हुनु ।

top (टप्) **ना.** लट्टू, च्याम्पट्टी; sleep like a—मस्तसँग ।

topaz (टोप्याज़्) **ना.** पुष्पराग; पहेंलो, सेतो, हरियो, नीलो वा बेरंगको खनिज, पारदर्शक मणि ।

tope (टोप्) **क्रि.** पियक्कड हुनु, ज्यादा पिउनु, सधैं पिइरहनु;—r **ना.** पियक्कड, जँडयाहा; आँपको घारी, बगैंचा; स्तूप; नक्रराज (सानू जातको) वा अन्य माछा ।

toph, toph/us (टोफ्, टो'फस्) **ना.** (ब० व०—phi) दाँतको चारैतिर, वा जोर्नीमा, जम्बा हुने बतुवा चुनिलो पदार्थ —aceous वि. शार्करीय ।

Tophet (टो'फेट्) **ना.** नरक ।

topia (टो'पिआ) **ना.** प्रा० रो० किसिमको भित्तामा अनेक दृश्य देखाउने भित्तीय सिंगार ।

topiar/y (टो'पिअरि) **वि.** The—art बिरुवालाई अनेक बुट्टा पारेर काट्ने कला;—ian,--ist **ना.** उद्यान कलाविद् ।

topic (टॅ'पिक्) **ना.** विषय (छलफल, लेख, इ० को); वार्तालाप वा कुराकानीको विषय, प्रसंग; (न्याय० वा अलं०) प्रकरण, विषय, वस्तु ।

topical (ट'पिकल्) **वि.** प्रासङ्गिक, वैषयिक; प्रचलित वा स्थानीय विषयसँग सम्बन्धित; स्थानीय, खा० ग० (भैष०) शरीरको एक भागमा मात्र देखापर्ने, हुने ।

topograph/y (टपॅ'ग्राफि) **ना.** स्थान वर्णन; कुनै क्षेत्र, शहर, स्थानको सविस्तृत विवरण, नक्शा, इ० सहित; त्यस्ता सबै भाग वा विस्तारहरू; (श० वि०) तल रहेका अवयवको विचारले शरीरको तहको नक्शा गर्नु;--er **ना.** स्थान वर्णक, स्थान वर्णी;—ic (al) **वि.** वर्णनपर;—ically **क्रि. वि.** वर्णनसहित ।

toponymy (टपॅ'निमि) **ना.** क्षेत्र, स्थान, का नामहरूको अध्ययन ।

topper (टॉपर्) **ना.** पनि : (बो० चा०) अग्लो टोप; (बो० चा०) दिलीदोस्त, बेस मान्छे; (व्यापा०) पसलमा माथि सजाएर राख्ने असल फल ।

topple (टॅ'प्ल्) **क्रि.** भत्काउनु, लडाउनु, गिराउनु; (भार० राज०) दल त्याग गरेर वा अन्य उपायले शासकदललाई लडाउनु, सरकारबाट गिराउनु, अपदस्थ गराउनु ।

topsy-turv/y (टॅप्सि टअर्'भि) **क्रि. वि., वि., ना. र क्रि.**

उभिण्डो, उल्टो, विब्ल्याटो, पर्लक्क, लथालिंग, उलटपुलट. लठिबज्र, उल्टोपाल्टो, उथल-पुथल, अस्तव्यस्त पार्नु;—dom (ठ०) अव्यवस्थाको राज;—ification उल्टो पाराइ ।

toque (टोक्) **ना.** सानू पुरुष वा स्त्रीको टोपी; स्त्रीको बींड दोब्र्याएको सानू टोपी; टोपी जस्तो रौं परेको वानरको जात ।

tor (टॅर्) डाँडो, चट्टाने चुली ।

torah (टो'अ्रा) **ना.** ईश्वरको ज्ञापित इच्छा, खा० ग० मोजेज्को नीति ।

torc (टॅर्क्)=torque बटारिएको धातुको माला, बटारको वल ।

torch (टॅर्च्) **ना.** दीपिका, मसाल, राँको; बत्ती; (विजुलीको) टर्च;—-race मसाल दौड (प्रा० ग्रीसमा);—-light procession मसाल जुलूस;—-singer सट्टामा प्रेम नदिइएको, वियोगको, गाना (—-song) गाउने स्त्री, गायिका; —of Hymen प्रेमको आवेश; hand on the— ज्ञान, इ० जगाएर राख्नु, पछिको पिंढीलाई सिकाउनु ।

torchon (टॅअ्र्'शों) **ना.** (वाच्य)—paper खस्रो कागत, खा० ग० पानी रंगले चित्र लेख्न हुने खस्रो तह भएको कागत;—board खस्रो कागत टाँसेको गाता;—mat बेटलक खस्रो कागत ।

tore (टोअ्र्) **क्रि.** tear को भू० का०=च्यात्यो ।

toreader (टॅरिआडोअ्र्') **ना.** (ऐति०) सा० घोडचढी स्प्यानिश साँढे लडाकु ।

toreutic (टरू'टिक्) **वि. र ना.** धातु काट्ने, खोद्ने, उँचा बुट्टा हाल्ने, सन्बन्धको; **ना.** (ब० व०) धातु काट्ने, खोद्ने वा बुट्टा उचाल्ने कला ।

torgoch (टोअ्र्गॅख्) **ना.** रातो भुँडे माछा ।

torii (टॅरिई, टोअ्रि'ई) (जापानी) शिण्टो मन्दिरको ढोका ।

torment (टॅअ्र्'मेण्ट्) **ना.** (शारीरिक वा मानसिक) सास्ती, यातना वा पीडन; यसको स्रोत; (बो० चा०) ज्यादै दुःख दिने व्यक्ति, ज० कि बालक ।

torment (टॅअ्र्मेण्ट्') **क्रि.** सताउनु, पिर्नु, पीडा दिनु, दुख्नु; कायल पार्नु ।

tormentil (टअ्र्'मेण्टिल्) **ना.** ओखतीमा काम लाग्ने टर्रो जरा पहेंलो फूल भएको होचो बिरुवा ।

torment/or (टॅअ्र्मे'ण्टर्) **ना.** (स्त्री—ress) सास्ती दिने, पीडक; (जहाजमा) मारेको जनावरहरूको गींड झुण्ड्याएको कीलाबाट झिक्ने) लामू काँटा; पांग्रे हेंगाको किसिम ।

tormina (टॅअ्र्'मिना) **ना.** शूल, पेट दुख्नु, पेट काट्नु ।

torn (टोन्') **क्रि.** tear को निष्ठा=च्यातिएको ।

tornado (टॅअ्र्नें'डो) **ना.** (ब० व०—es) भँवरी, विण्डुवा भुमरी; घूर्ण वायु; (अलं०) करतल, निन्दा, झटारो इ० को पर्रा ।

torous, torose (टोअ्र्'अस्, टोअ्रोस्') **वि.** (वन०) बीच बीचमा डल्लो निस्केको बेलनाकार; (पशु०) डल्लो भएको, सपिंड, सगंड ।

torpedo (टॅअ्र्पी'डो) **ना.** (ब० व०—es) विद्युत् रश्मी, शिकारलाई मार्न वा सुप्त (अधकल्चो) गराउने वैद्युतिक साधन भएको माछा; विस्फोटक खोइरो, थलबम; पानी गोला, जलगोला (जहाजलाई डुबाउन हानिने); aerial— हवाइगोला, वायुगोला;— -boat जलगोला पोत,--gunboat जलगोला पोत समाउने ठूलो जलतोप पोत;—-net जलगोला रोक्ने जलगोला छेक;—-tube जलगोला नली, (जहाँबाट जलगोला हानिन्छन्); **क्रि.** जलगोलाले हान्नु, वा ध्वस्त पार्नु; (अलं०) स्तम्भ पार्नु, निश्चल पार्नु; (नीति, संस्था, काम इ०) विफल, व्यर्थ, गराउनु ।

torp/id (टॅअ्र्'पिड्) **वि. र ना.** (सुषुप्त पशु) सुषुप्त, निद्रित, स्तब्ध, शिथिल, मूढ, विरक्त; **ना.** (ब० व०) अक्सफोर्ड वि० वि० मा महाविद्यालयहरूमध्येको डुङ्गाको दौड;--idity **ना.** शिथिलता;—or **ना.** जाड्य, सुप्ति, निद्रा, आलस्य;—ify **क्रि.** जड बनाउनु, मन्द गराउनु;—orific **वि.** तंद्रित, तन्द्रालु ।

Torps (टॅअ्र्प्स्) **ना.** (नौ० अप०) जहाजको जलगोला अधिकारी ।

torquate,--ated (टॅअ्र्'केट्,—केटिड्) **वि.** (पशु०) घाँटीमा मुन्द्री, वा खास रंग वा विन्यासको रौं भएको (ज० कि सिंह, मुजूर); चक्र परेको, चक्रित ।

torque (टॅअ्र्क्), torc **ना.** बटारिएको धातुको हार, माला; (खा० ग० गल जातिको) (यन्त्र०,—que मात्र) बटार, बटारको, घूर्णन बल; घूर्णक ।

torrefy (टॅ'रिफाइ) **क्रि.** गर्मी, तातो, ले सुकाउनु, सेक्नु, (खनिज धाउ, ओखती, इ०) ।

torrent (टॅ'रेण्ट्) **ना.** धारा, भल, बाढी, (ब० व०) धारा सम्पात, मुसलधार वर्षा, बलिन्द्रधारा, मुसलाधार वृष्टि; (अलं०) बाढी, वर्षा (गाली, दुःख, प्रश्न, इ०);—ial **वि.** मुसलाधार, बलिन्द्रधारा, चुहुँदो झरी; rain in--s दर्किनु ।

Torricellian (टॅरिसे'लियन्) **वि.**--experimen टरिसेलीय प्रयोग (पारो काँचमा हालेर, वायुचापमापक यंत्रको सिद्धान्त पत्ता लगाएको);--tube टरिसेलीय नली ।

torrid (टॅ'रिड्) **वि.** (जमीन, इ०) घामले डढेको, ज्यादा गर्मी;—zone अयन वृत्तका दुई रेखाका बीचको भूभाग; उष्ण क्षेत्र, मण्डल ।

torsel (टअ्र्'सेल्) **ना.** बटार, ऐंठन (वन०) बटारिएर घुमेको अवस्था; (भेष०) शल्य क्रियामा काटिएको धमनीबाट रगत बन्द गर्नालाई बटारिएको क्रिया; व्यावर्तन, आकुंचन,--balance व्यावर्तन तुला (स्वल्प बलहरू बटारिएको मसिनू तारबाट नाप्ने साधन);--al **वि.** व्यावर्तक; **torsive** **वि.** व्यावर्तक; —less व्यावर्तनरहित;—ally (टॅर्शनलि) बटारिएर ।

torso (टॅअ्र'सो) **ना.** (ब० व०—) टाउको र अंगबाहेक मूर्तिको धड, गींड; मान्छेको ढाड, धड; (अलं०) असमाप्त वा भत्केको कृति ।

tort (टॅअ्र्ट्) **ना.** (का०) व्यक्तिगत वा निजामती अपराध ।

torticollis (टॅअ्र्टिकॅ'लिस्) **ना.** (रो० नि०) गर्दनको

तन्तुको वातीय विकार, दह्रो घाँटी ।

tortil/e (टॅअ्र्'टाइल्) **वि.** बटारिएको, बाटिएको; (वन०) गुजुल्टो परेको;—ity **ना.** बटार, व्यावर्तन ।

tortilla (टॅअ्र्टी'लिया) **ना.** मकैको रोटी (मेक्सिकोमा चलन हुने) ।

tortious (टॅअ्र्'शस्) **वि.** अपराद्ध, अपराधी, अन्याय्य, गैर कानूनी ।

tortoise (टॅअ्र'टस्) **ना.** कछुवा, कच्छप, कूर्म; hare &—लगनले तेजलाई परास्त गर्ने (कथा);—-shell कछुवाको हाड ।

tortu/ous (टॅअ्र्'ट्यूअस्) **वि.** ज्यादा बटारिएको, जिह्म, सर्पी, मोड परेको; (अलं०) कुटिल, वक्रिमन, घुमाउरो, बाङ्गो, असल, (नीति, वक्तव्य, इ०);—ose **वि.** (वन०) बटारिएको;—osity **ना.** वक्रता, ऐंठन ।

tortur/e (टॅअ्र्'चर्) **ना.** र **क्रि.** (फुसलाहट, फकाइ, सजाय, इ० को रूपमा) शारीरिक पीडा, यातना, सास्ती, यन्त्रणा, सासना; कडा शारीरिक या मानसिक पीडा; **क्रि.** यातना दिनु, (अलं०) सताउनु, बंग्याउनु, (अर्थ, वाक्य); साधारण अवस्थाबाट बलले हटाउनु; instruments of—यातना सामान;—able **वि.** सन्तापक;—er **ना.** पीडक, सन्तापक;—ous **वि.** आयासकारी, सन्तापक ।

torul/a (टॅ'र्यूल) **ना.** (ब० व०—ae) फेन वा सुरामण्ड जस्तो च्याउको किसिम; चक्रवत् जीवाणुको साङ्लो; (वन०) फूलको सानु खोल;—iform च्याउको आकारको ।

torus (टअ्र'स्) **ना.** (ब० व०—ri—राइ) खम्बाको आधारको सबभन्दा तल्लो भागको अर्धवृत्तीय ढलान; (वन०) फूलको खोल, फूलको आधार, डाँठको परिवर्तित छेंउ, (श० वि०) तन्तुको जस्तो सम्म सुम्लो ।

Tory (टो'ऋि) **ना.** र **वि.** (अचेल मु० बो० चा० वा दुश्मनी चलन) बिलायतको टोरी पार्टि, अचेल कन्सरभेटिभ् दल, वा नव विद्वेषी, रूढीवादी, इ०;—ism रूढीवाद, अनुहारवाद ।

tosh (टॅश्) **ना.** (अप०) फजूल, रद्दी, बकबक; (क्रिके०, टेनिस) सजिलो बल या सेवा ।

tosher (टॅ'शर्) **ना.** (अप०) स्वतन्त्र (म० वि० सँग असंलग्न) छात्र ।

toss (टॅस्) **क्रि.** (—ed वा कवि० tost) र **ना.** मास्तिर फ्याँक्नु (हातले हत्केला मास्तिर पारेर, साँढे, इ०, ले सींगले); फुत्त फ्याँक्नु; (कुराको ठेगान गर्नालाई) पैसा हुत्याउनु; (व्यक्ति) कम्बल, इ० बाट चारै कुना एकैसाथ तानेर हुत्याउनु;—(one's) head (अधैर्य वा हेलाँ जनाउनालाई) मण्टो बंग्याउनु;—a pancake (रोटी०, इ०) उल्टाउनु, फर्काउनु; असपट्टाउनु, बल्टोपल्टो गर्नु (आफूलाई); (जहाज, समुद्र) हल्लिनु, तलमाथि गर्नु, (टिनको धाउ) भाँडामा हल्लाएर ठूलो सानू अलग पार्नु;—oars डुङ्गाको डाँडीको धारमाथि लगेर ठाडो उभ्याएर सलामी दिनु;—off एक घुटकोमा पिंउनु, एकदममा काम सिध्याउनु;—up सिका हुत्याउनु, उछिट्याउनु, उत्क्षेपण गर्नु, (प्रश्न, कुरा, डुङ्गो लाउनालाई);—pot (आ०) पियक्कड; **ना.** (सिक्काको) हुत्याइ, (कपाल, शिर) बंग्याइ, उत्क्षेपण; full—पूरा फाँदको (क्रिके० बल);—-up सिक्का हुत्याइ, उत्क्षेपण, शंकास्पद प्रश्न; बल्डयाङ्ग, पतन (घोडाबाट); pitch-&—खोपी (खेल) ।

tot (टॅट्) **ना.** र **क्रि.** (–tt–) सानू बालक, खा० ग० a tiny—मा; (बो० चा०) एक घुटको मद्य, जोड्नुपर्ने अंकहरूको समूह, हिसाब; **क्रि.** जोड्नु; जम्बा हुनु ।

total (टो'टल्) **वि.**, **ना.** र **क्रि.** (–ll–) सकल; समस्त, समग्र, जम्बा, बक्क, ग्वाक्क, ग्वाम्म, डक्क, एकमुष्ट, तमाम, खलीकपुर, आलाम, निःशेष, अशेष, निस्पट्ट, पूरा, सबै, परम, शुद्ध;—abstinence (मद्यको) पूर्ण बहिष्कार;—eclipse खग्रास;—war सम्पूर्ण साधन र हतियार लगाएर गरिएको युद्ध, मर्मान्तक, मरणीय लडाइँ; **ना.** कुल, जम्बाबन्दी, सम्पूर्ण, जम्बा, गन्ती, जोड; **क्रि.** जम्बा गर्नु, (संख्या) पुग्नु, हुनु;—ity **ना.** साकल्य, ऐक्य, समष्टि; खग्रासको अवधि;—ly **क्रि. वि.** निस्पट्ट ।

totalitarian (टोव्यालिटे'रियन्) **वि.** प्रतिपक्षी आस्था वा दल नरुचाउने नीतिविषयक;—state एकदलीय शासक दल भएको राष्ट्र; सर्वात्मक राष्ट्र; निरंकुश शासन ।

totalizator (टो'टलाइज़ेटर्) **ना.** घोडदौडमा दाउको संख्या र कुल तुरुन्त देखाउने साधन, जसबाट जितुवा बाजीवालाहरूको कुल बाँडिने अंक तुरुन्त निस्कन जान्छ; समष्टिकारक ।

totalize,—ise (टो'टलाइज्) **क्रि.** कुल गरी जोड्नु, जम्बा गर्नु; घोडदौडमा समष्टिकारकको प्रयोग गर्नु ।

tote (टोट्) **ना.** (अप०) समष्टिकारक, समष्टि ।

tote (टोट्) **क्रि.** जोर्नु, पुऱ्याउनु, (बन्दूक, सामान, काठपात, इ०) ।

totem (टो'टेम्) **ना.** उ० अमरिकन इण्डियनले स्वकीय या परिवारको चिन्हु भनी रोजेको प्राकृतिक वस्तु औ खा० ग० जनावर; त्यसको मूर्ति; टोटेम;—-pole;—-post टोटेम खम्बा, जसमा सो मूर्तिहरू टाँगिन्छन् वा कुँदिन्छन्;—stage (मानसिक विकासको) टोटेम अवस्था, जसमा टोटेमहरू पारिवारिक नाम, वा पूजाका पात्र सम्झिन्छन्;—ic,—istic टोटेमीय ।

t'other, tother (ट'दर्) **वि.** र **स. ना.** आर्को; अरू; tell—from which (ठ० रूपान्तर tell one from the other एक अर्कोबाट छुट्ट्याउनु, चिन्नु) ।

totidem verbis (टॅ'टिडेम् भेर्ब्(बिस्) **क्रि. वि.** यति शब्दमा, जस्ताको तस्तै; (ल्या०) ।

toties quoties (टॅ'शिईस् क्व'शिईस्) जति पटक, उति पटक; (ल्या०) ।

toto caelo (टो'टोसी'लो) **क्रि. वि.** differ—आकाश रुँ फरक, सकभर ज्यादा विभिन्नता ।

totter (टॅ'टर्) **क्रि.** डगमगाउनु, धरमराउनु, लरबराउनु, लरखराउनु, ढुनमुनिनु, धन्मनिनु; (कृ०, पाइला) अस्थिर, दह्रोको उल्टो, लरखराउने; (बुर्जा, इ०; अलं० राष्ट्र , पद्धति, बन्दोबस्त) खस्न तयार, स्खलित;—er **ना.** लरखर गर्ने;—ing **वि.** स्खलित;—y **वि.** खस्ला खस्ला ।

toucan (टूकान्', टूकन्') **ना.** अति ठूलो चुच्चो भएको अमरिकन गिद्धको किसिम ।

touch (टच्) **क्रि.** छुनु, छाम्नु, स्पर्श गर्नु; (ज्यामि०) स्पर्श रेखा (वृत्तको) हुनु; (बाजा) थिच्नु, हान्नु, बजाउनु; चिनु लाउनु, छुनु (कलम, कुची, इ० ले); ठम्याउनु, पुग्नु, भेट्टाउनु; सम्बन्ध राख्नु, सम्पर्क हुनु; केही चोट लाग्नु; वदलिनु, सानू हेरफेर गर्नु; (निष्ठा) केही हावा खुस्केको, पागल; (अप०) सापट माग्नु, लिनु;—at (नौ०) लाग्नु, लगाउनु (जहाज इ० ठाउँमा अड्नु);—down (रगबी फूटबल) बलले भुँ छुनु; (वायुयान०) उत्रनु;—off हडबडले, को, चित्र लेख्नु;—on वा upon विषयलाई छुनु;—up सच्याउनु, सिध्याउनु, (घोडा) चाबुकले छुनु;—wood आज्जु, आवाज्जु (खेल), तेल;—wood अपशकुन टार्न काठ छुनु; sense of—त्वाच शक्ति ।

touch (टच्) **ना.** स्पर्श, छाम, छातछूत, छामछुम, लसपस, लटपट; पेंसिल, बुरुश, कुची, ले हलका चोट वा वार; लेश, सानू परिमाण; (वाद्य यन्त्रमा वादकको ढाँचा) हात; (कलाकारको) हात, गराइ, कामगराइको काइदा; सम्पर्क; (चुम्बक) स्पर्शद्वारा चुम्बीकरण;—stone कसी, जाँच, परीक्षा; near—(रुण्डै रुण्डैले) बाँच्नु; (भैष०) स्पर्शद्वारा जाँच्नु, स्पर्श;—wood ढुसीले मक्काएको काठ ।

toucher (टचर्) **ना.** शा० अ० पनि : (अप०) near—रुण्डै रुण्डैले बचावट, उद्धार; as near as a—रुण्डै ।

touching (ट'चिङ्) **वि.** र **उ.** मन छुने, करुण, मायालाग्दो, दीठलाग्दो; उ० (आ० वा साहि०) सम्पर्कमा, बारे ।

touchy (ट'चि) **वि.** कोपन, सुलभ कोप, अति भावुक, चाँडै चित्त दुखाउने ।

tough (टफ्) **वि.** र **ना.** चाम्रो, चिप्ल्याइलो, तन्य, सारवान, कराँतिलो; कडा, दृढ, दुर्भेद्य, बलियो; दुःख सहन सक्ने, दृढकाय, हठिलो, कठिन, गाह्रो; (बो० चा० भाग्य, दशा, इ०) कडा, सख्त, निर्घात; हुल्याहा, अपराधी, दुर्दान्त; **ना.** गुण्डा, हुल्याहा;—en **क्रि.** चाम्रिनु, चाम्रो पार्नु;—ish **वि.** केही चाम्रो;—ness **ना.** कडाइ, दृढता ।

toupee (टूपी') **ना.** अकेश वा खल्वाट टाटो छोप्नालाई लाइने उपकेश वा बनावटी रौंको झुप्पा ।

toupet (टू'पे) **ना.** नकली रौंको मुखडा (रचना) ।

tour (टुअर्) **ना** र **क्रि.** सफर, यात्रा, भ्रमण, देशाटन, पर्यटन; डोर, दौडाहा; the grand—(ऐति०) औपचारिक अध्यापन सकिएपछि योरपका विभिन्न देश (फ्रान्स, इटलि, इ०) को भ्रमण; (बिना कुनै खास उद्देश्यको) यात्रा वा सफर; (सेना०) खटन, खटनको अवधि, कुनै ठाउँ, चौकी, मा विताउनु पर्ने म्याद;—de force पराक्रम वा चातुर्यको काम, बाजीमाथ; **क्रि.** यात्रा, सफर, गर्नु; भ्रमण गर्नु (देशमा);—er **ना.** सफर गाडी (मोटर); inspection—दौडाहा, डोर;—ism **ना.** पर्यटन, भ्रमण ।

touraco (टुअर'को) **ना.** रातो र हरियो प्वाँख र व्यक्त जुरो भएको ठूलो किसिमको अफ्रिकी चरा ।

tourbillion (टुअर्बि'ल्यन्) **ना.** हावामा घुम्दा आगोको खम्बा जस्तो देखिने आतशबाजी ।

tourist (टु'अरिस्ट्) **ना.** यात्री, पर्यटक, मुसाफिर, आगन्तुक; (दिलबहलाउको खास प्रयोजनको लागि संसारका विभिन्न ऐतिहासिक वा प्रसिद्ध स्थानको यात्रा गर्ने) पर्यटक;—ticket त्यस्ता व्यक्तिको लागि अनेक सुविधासहित जारी गरिने यात्राको (रेल, जहाज, वायुयान, होटल, इ०) को टिकट, खा० ग० लामू म्यादको फिर्ती टिकट ।

tourmaline (टुअर्'मलिन्) **ना.** विभिन्न रंगको, जोरदार वैद्युत् गुणसहितको, खनिज, मणि ।

tournament (टुअर्'—, टअर्'नमेण्ट्) **ना.** (ऐति०) दुई थरि घोडचढी सशस्त्र (भुत्ते हतियार लिएका) दलको नकली लडाइँको तमाशा; असीमित प्रतिद्वन्द्वीहरूको (कुनै खेल वा प्रतियोगितामा) द्वन्द्व, ज० कि बुद्धिचाल, टेनिस, ब्रिज (ताश), इ० ।

teurnay (टुअर्'ने) **ना.** साजबाज मोर्ने, छिप्ने ऊनी कपडा ।

tournedos (टुअर्नडो') **ना.** बोसोभित्र रहेको (खा० ग० गोमांस) मासुको पातो ।

tourney (टअर्'ने, टुअर्'ने) **ना.** (ब० व०—s) र **क्रि.** द्वन्द्व, प्रतियोगिता, इ० (मा भाग लिनु) ।

tourniquet (टुअर्'निकेट्) **ना.** पेच कसेर धमनीबाट रगतको प्रवाह बन्द गर्ने हतियार; मस्काउने हतियार; बन्धन ।

tournure (टुअर्न्योर्') **ना.** आकुंचन, अंचन, आकार, रूपरेखा; स्त्रीहरूले बाटुलो रूप दिनालाई कटिमा लाउने गद्दा; लुगाको पछाडिपट्टिको सजावट ।

tousle (टाउ'ज़ल्) **क्रि** तान्नु, गिजोल्नु, भद्दासँग चलाउनु; (खा० ग० रौं) खजमज्याउनु ।

tous-less-mois (टूलेम्वा') **ना.** विशेष प्रकारको गानुबाट पाइने श्वेत सार खाद्य; (फ्रें०) ।

tousy (टाउ'जि) **वि.** भद्दा, झ्यापुल्ले, जगल्टे, खजमजिएको, फुङ्ग ।

tout (टाउट्) **क्रि.** र **ना.** (बेपारको लागि) झिझ्याउनु, ग्राहकलाई पिर्नु, हत्ते हाल्नु; (घोडदौड) घोडाहरूको थिति, दौड, इ० चियाएर पत्ता लाउनु; **ना.** (बेपार) दूत, चेवा ।

tout court (टू कुअर्) **क्रि. वि.** (नाम, इ०) थप, व्याख्या, पदवी, इ० विना; केवल नाम ।

tout ensemble (टूटआँ साँ'ब्ल्) संपूर्णको रूपमा हेरिएको वस्तु, सामान्य परिमाण ।

tow (टो) **क्रि.** पानीमा डुंगा, इ० लाई रस्सा, सिक्री, इ० ले

तान्नु; (मानिस) आफ्नू पछाडि लगाउनु, लिएर हिंड्नु; पानीमा जाल फिंजाउनु र खिच्नु; **ना.** तनाइ, तानिनु, खा० ग० in वा on—तान्ने गरी बाँधेको, (अलं०) कब्जामा लिनु, निर्देशन गर्नु;—ing-line वा–rope तान्ने डोरी, रस्सी, सिक्री;—ing–net भित्र पारेर खिच्ने (नमूना, जलजीव) जाल;—ing-path नदी वा नहरको छेउमा ।

tow (टो) **ना.** सन वा पटुवाको खस्रो वा चुँडिएको भाग ।

toward (टो'अर्ड्) वि. (आ०) मान्ने, तत्पर ।

towards, toward (टोर्डज् , टो'अर्ड्ज् , टुअर्ड्ज् , टवर्ड्ज्') **उ.** (—s अचेल गद्य र बो० चा० मा धेरै प्रयोग) पट्टि, बारेमा, लाई, तिर, तर्फ, तरफ ।

towel (टॉइल्) **ना.** र **क्रि.** (–ll–) (आङ पुछ्ने) रुमाल, तौलिया, मार्जन वस्त्र; साफी; **क्रि.** आङ पुछ्नु, पुछ्नु; (अप०) चुट्नु; रुमालले पुछ्नु; throw in the—(मुक्का खेल र अलं०) हार मान्नु, कबूल गर्नु; roller—छेउ सिएको घुम्ने डण्डामा झुण्ड्याएको अनन्त रुमाल;—-horse रुमालदान; lead—(पुराने अप०) गोली; oaken—लाठो ।

tower (टा'व़र्) **ना.** र **क्रि.** (खा० ग० गिरजा वा अन्य ठूलो भवनको) अग्लो चौकोस वा वाटुलो बुर्जा; (अलं०) गढ, रक्षक (—of strength आड दिने, ओड गर्ने, बल र उत्साह प्रदान गर्ने); water- —पानीको (अग्लो) मुहान; **क्रि.** अग्लिनु, उचालिनु (धे० ज० अलं० प्रसिद्ध व्यक्तिहरू), माथि चढ्नु, (घाइते चरो) सोझो हानिनु; (कृ०) उच्च; (अलं०)—ing (rage) भीषण ।

town (टाउन्) **ना.** (ऐति०) पर्खाल वा झाडीले घेरेको घर समूह; धेरै घरहरूको समूह (गाउँभन्दा ठूलो र नगर नबनाइएको), सहर; सहरका वासिन्दा; वक्ताको नजीकको मुख्य वा ठूलो सहर; (बिलायत) लण्डन सहर; man about—ठाँटी अल्लारे; paint the—red (जाँड खाएर) होहल्ला मच्चाउनु; county—बिलायतको जिल्ला (काउण्टि) को सदर मुकाम; —-& gown अक्सफर्ड र केम्ब्रिज वि० वि० हरूमा वि० वि० का असदस्य र सदस्य;—clerk नगरपालिकाका बहीहरू जिम्बा लिने कर्मचारी;—council (lor) नगरपालिका (को सदस्य) ;—crier इजलास, इ० मा उद्घोषण गर्ने कर्मचारी, उद्घोषक; —hall सहर सभागृह;—s–folk सहरियाहरू;—s-man नागरिक;—s people नगरजन;—talk सहरमा चलेको प्रसंग, कुरा, चर्चा ।

townee (टाउनी') **ना.** (वि० वि० अप०) विं० वि० रहेको सहरको वासिन्दा (वि० वि० को सदस्य बाहेक) ।

township (टाउन्'शिप्) **ना.** (ऐति०) सानू बस्तीका वासिन्दा, जो ठूलो इलाकाको भाग छ; सानू सहर ।

toxaemia (टॅक्सी'मिआ) **ना.** रक्तविष, विषरक्तता, रोगरक्तता ।

toxic (टॅ'क्सिक्) **वि.** विषको, विषालु, विषाक्त, विष लाग्ने; —symptoms विषको लक्षण;—ity **ना.** आन्तरविषत्व ।

toxicolog/y (टॅक्सिकॅ'लजि) **ना.** विषविद्या;—ist **ना.** विषशास्त्री, विष वैद्य ।

toxin (टॅ'क्सिन्) **ना.** अन्तर्विष, खा० ग० कीटाणुले स्रवण गरेको विष, जसबाट खास रोग उत्पन्न हुन्छ ।

toxophilite (टॅक्सॅ'फिलाइट्) **ना.** र **वि.** धनुर्विद्या (को प्रेमी वा अभ्यासी) ।

toy (टॅय्) **ना.** र **क्रि.** खेलौना, खेलबाडको चीज, पुतली, क्रीडा वस्तु; लापरवाहीसाथ, वा अव्यावहारिक तरीकाबाट, गरिने काम वा पेशा;— -box पुतली बाकस;—dog सानू , पाल्तु जातको;--shop खेलौना पसल;—soldier सीसाको, पुतली, वा लडाइँ कहिले गर्नु नपर्ने फौजको; **क्रि.** खेल्नु, दिल बहलाउनु; —with लापरवाहीसँग, वा प्रेमले, हत्याउनु ।

trabeation (ट्रॅबिए'शन्) **ना.** बनोटमा सत्तरीको प्रयोग (गुम्बज वा अडान होइन) ।

trabecula (ट्रबे'क्युल) **ना.** (ब. व.—ae) अडयाउने वा आधार दिने संयोजक तन्तुको पाटो वा सुम्लो ।

tracasseries (ट्राकास्री') **ना.** ब. व. सानातिना पीर, अलझन वा झगडा (फ्रें०)

trace (ट्रॅस्) **क्रि.** र **ना.** दर्साउनु, चिनु लाउनु, कनिकुथी लेख्नु; (—over पनि) पातलो पारदर्शक कागतमाथि राखेर तलको नक्शा, लेखोट, इ० को हूबहू नकल सार्नु, चित्रित गर्नु; पाइलाको पछि लागेर पत्ता लाउनु (व्यक्ति, शिकार, पाइला, इ०); अवशेषबाट पूर्व स्थितिको पत्ता लगाउनु; शेष वा चिह्न खोज्नु वा पत्ता लाउनु;—back अगाडि भैसकेको कुरा पत्ता लाउनु; (बाटो, इ०) आफ्नू मार्ग पहिल्याउनु; **ना.** व्यक्ति वा पशुले हिंडेको बाटोमा छोडेको पादचिन्ह वा अन्य संकेत (धे. ज. ब. ब.); सुराक; आकार, लेश, अंश; (खु.) अत्तोपत्तो; सुइँको, तूस, गन्ध, सानू मात्रा; अभिज्ञान;—able **वि.** पत्ता लाग्ने, लाग्न सक्ने;—ability **ना.** अंकनीयता ;—less **वि.** संकेतरहित; tracing प्रतिलिपि, सार्ने कागतमा झिकिएको नकल ।

trace (ट्रॅस्) **ना.** (बग्गीको दुईपट्टि रहने) जोत (जसले घोडाले बग्गी तान्दछ); in the—s (अक्ष. र अलं.) जोतमा; kick over the—s (अलं. व्यक्ति) अवश, अटेरी, बन्नु; — -horse जोत तान्ने घोडा (बग्गीको, वा उकालोमा थप जोतिएको) ।

tracer (ट्रॅ'सर्) **ना.** (सेना.) (आगो, बत्ती, इ. ले बाटो देखाउने) क्षेप्यास्त्र, गोला, ज. कि—bullet, shell; अनुरेखक; खाद्य वा सूईद्वारा शरीरमा हालिने कृत्रिम रेडियोधर्मी समस्थानीय वस्तु, जसको गति त्यसले उत्पन्न गर्ने विकिरणद्वारा अध्ययन गर्न सकिन्छ ।

tracery (ट्रॅ'सरि) **ना.** खा. ग. गथिक झ्यालमा बुट्टाको लागि राखिने ढुङ्गाको बुट्टाको काम; (उदा. कीरा इ. को प्वाँखमा) राम्रो बुट्टा वा स्वाभाविक रूपरेखा, (जसले ढुङ्गे बुट्टा सम्झाउँछ) ।

trache/a (ट्रॅकी'या वा ट्रॅ'किया) **ना.** (ब. व.—ae) श्वासनली, प्राणमार्ग; (वन.) प्रणाली, नली;—tomy श्वास-

नली छेदन।

trachoma (ट्रको'मा) **ना.** फुलो, आँखामा दाना पर्ने रोग; —tous वि. फुलो परेको।

trachyphonia (ट्र्याकिफो'निया) **ना.** सोर वस्नु, स्वरभंग।

trachyte (ट्र्या'काइट्) **ना.** छाम्दा खस्रो हलका रंगको ज्वालामुखी चट्टान।

track (ट्र्याक्) **ना.** र **क्रि.** (कुनै व्यक्ति, पशु वस्तुले) चल्दा वनाएको चिन्ह वा मार्ग; (व. व.) त्यस्तो चिन्ह, खा. ग. पादचिन्ह, पाइला; गएको बाटो, मार्ग, सुराक; मार्ग, गोरेटो, एकवारको बाटो; (अलं.) जीवनक्रम; दौडनालाई तयार गरेको मार्ग, खा. ग. cinder- —खरानीले चिनु हालेको दौडमार्ग; रेलको पटरी ब्याङ्कको पहिया पेटी; सवारीका पांग्राहरूका बीचको तेर्सो दूरी; on one's—s पछि लागेको; keep—of बाटो वा प्रगति जानिराख्नु; in (one's)—s (अप) खडा भएकै ठाउँमा, जहाँको तहीँ; make—s (अप.) सुँइकुच्चा ठोक्नु, भाग्नु; make—s for (अप.) पछि लाग्नु, लखेट्नु; off the—s (शिकारको) गन्ध हराएको, (अलं.) विषयबाट टाढा;—clearer बाटो सफा गर्ने (रेल, इंजिन, दूबो काट्ने कल, इ. मा जडिने);—ed पेटीवाल (ब्याङ्क);—less अनकण्टार; निर्जन, पादास्पृष्ट; **क्रि.** सुराक लाउनु;—down पत्ता लाउनु, पकडिनु; (पांग्रा) यसरी गुड्नु कि पछिल्लोचाहिं अघिल्लोको ठीक मास्तिर चल्दछ; (डुङ्गालाई) डोरीले किनाराबाट तान्नु; तानेर लैजाने पानी सवारीमा सफर गर्नु।

trackage (ट्र्या'केज्) **ना.** (डुङ्गा, इ.) तनाइ; रेलका पटरीको समूह, तिनको परिमाण।

tracker (ट्र्याॅकर्) **ना.** शा. अ. मा; अर्गन बाजाको संयोजक डण्डा।

tract (ट्र्याक्ट्) **ना.** अनिश्चित, धे. ज. विस्तीर्ण, परिमाणको क्षेत्र, थलो, गमन, मार्ग, पथ; (शा. वि.) अवयव वा पद्धतिको क्षेत्र; (आ.) अवधि (समय, इ. को); छोटो ग्रन्थ, वा निवन्ध, खा. ग. धार्मिक विषयमा; (रो. क्या.) एक प्रकारको स्तोत्र।

tract/able (ट्र्या'क्टेब्ल्) वि. मान्ने, नम्य, आज्ञाकारी, पालतु, वश्य, शासनीय;—ability वश्यता, शासनीयता।

Tractarianism (ट्र्याक्टे'यिरअनिज्म्) **ना.** क्रिस्तानी सम्प्रदाय; Tractarian सोको प्रतिपादक वा अनुयायी।

tractate (ट्र्या'क्टेट्) **ना.** अल्प ग्रन्थ, लेख, निबन्ध।

traction (ट्र्या'क्शन्) **ना.** वहन, कर्षण, तान्ने काम, तनाइ; संकोचन; electric—विद्युत्कर्षण; steam—वाष्प कर्षण; line of—कर्षण रेखा (जहाँ कर्षण बल लाग्छ);—aneurysm संकोचन सूत्र;—engine तान्ने इञ्जिन;—wheel कर्षण चक्का (रेल इञ्जिनको)।

tractor (ट्र्या'क्टर्) **ना.** कर्षण इञ्जिन; तान्ने स्थिर वा चलायमान इञ्जिन; कृषि कार्यमा चलन हुने स्वचालित यन्त्र, ट्र्याक्टर, कलहलो, भूदारक; अगाडि इञ्जिन भएको वायुयान; कर्षक; tractive वि. कर्षक।

trade (ट्रेड्) **ना.** र **क्रि.** वाणिज्य, व्यापार, वन्दव्यापार, क्रय विक्रय, वेच विखन, व्यवसाय; व्यापारीवर्ग; be in—पसल राख्नु; jack of all—s जे काम पनि हात लाउन सक्ने व्यक्ति; trick of the—गाहक तान्ने काइदा, अरू वेपारीलाई उछिन्ने करामत; the—(वो. चा.) भट्टीको पसल, (नौ. अप.) नौ सेनाको जलतलीय शाखा; carrying—पारवहन; free—स्वतन्त्र व्यापार (विना भन्सार इ. को रोक); fair—स्वतन्त्र व्यापारको आधार पारस्परिकता हुनुपर्छ भन्ने सिद्धान्त;—hall व्यापारीहरूको भेला हुने;—mark व्याणरीको खास चिह्न, वा दर्ता भएको शब्द वा चिह्न, अंक, इ. विशिष्ट चिन्ह, व्यापारिक चिन्ह;—name व्यापारिक नाम (व्यापारमा चलेको वा निर्माताले उत्पादनलाई दिएको नाम);—price व्यापारिक मोल (निर्माताले फेरि वेच्ने पसलेसँग लिने दाम);—show नयाँ चलचित्रको प्रदर्शक, वितरक; समालोचक, इ. हरूलाई देखाउने बन्द प्रदर्शन;—sman व्यापारी;—s people व्यापारी र उनका परिवार;—union व्यापारी संघ, मजदूर संघ;—unionism मजदूर संघवाद;—unionist मजदूर संघवादी वा मजदूर संघ सदस्य;—wind एटल्याण्टिक र प्रशान्त समुद्रहरूमा अनवरत रूपले ताप भूमध्य रेखातिर वग्ने हावा, धे. ज. व. व. मा—s; **क्रि.** वेच विखन गर्नु, व्यापार गर्नु, क्रय विक्रय गर्नु; व्यापारिक विनिमय गर्नु; राजनीतिमा आफ्नू शक्तिवाट फाइदा उठाउनु, राजनीतिमा भ्रष्टाचार गर्नु (धे. ज. कृदन्तमा);—on कसैको शुद्धता, अज्ञान, इ. बाट (खा. ग. नाजायज) फाइदा उठाउनु, आफूले थाहा पाएको गुप्त कुराबाट फाइदा उठाउनु।

trader (ट्रे'डर्) **ना.** व्यापारी, पसले, क्रयिक, व्यापारिक जहाज।

tradition (ट्रडिश्न्) **ना.** परम्परा, परिपाठी, रूढी, किंवदन्ति ऐतिह्य; लेखवद्ध नभएको तर दैवी वा आधिकारिक प्रमाण मानिने मत, सिद्धान्त, इ.; अनुभव वा चलनबाट प्राप्त कलात्मक वा साहित्यिक सिद्धान्तहरू; (का.) औपचारिक हस्तान्तरण वा अर्पण;—al,—ary **वि.** परंपरागत; परंपरीण; —ally **क्रि. वि.** पारंपर्येण;—alism **ना.** परंपरावाद, खा० ग० धार्मिक विषयमा; सम्पूर्ण धार्मिक ज्ञानलाई दैवी प्रकाशबाट उपलब्ध गराइएको भनी मान्ने दार्शनिक पद्धति;—ist,—alist रूढीवादी, परंपरावादी।

traditor (ट्र्या'डिटर्) **ना.** आफ्नू ज्यान बचाउनाको लागि धर्म ग्रन्थ वा गिरजाको सम्पत्ति आततायीहरूलाई बुझाइदिने आद्य क्रिस्तान।

traduce (ट्र्याड्यूस्') **क्रि.** बदख्वाइ गर्नु, वदनाम गर्नु, कलंकित गर्नु;—r **ना.** अपवादक, निन्दक, आक्षारक;—ment **ना.** वदनाम, कलंक दोपारोप; traducible **वि.** वदनामी हुने।

traffic (ट्र्या'फिक्) **क्रि.** (—ck—) र **ना.** वेचविखन गर्नु, व्यापार चलाउनु, विनिमय गर्नु (अक्ष० र अलं०); (-ker **ना.**) व्यापारी, पसले); **ना.** व्यापार, व्यवसाय

(अक्ष० र अलं०);—यातायात, आवागमन, चलती, ओहर दोहर, पारवहन;—circle घुम्ती;—ligbts यातायात बत्ती, चौमुहानीमा आवागमन व्यवस्थित र संचालित गर्ने;—ator (–केटर्) मोटर गाडीमा दिशा देखाउने उपकरण (अचेल गाडीमा रहेको बत्तीले देखाउँछ) ।

tragacanth (ट्र्या'गकान्थ्) **ना.** औषधि र छिप्दा प्रयोग हुने सेतो वा रातो रातो खोटो ।

tragedi/an (ट्र्याजी'डिअन्) **ना.** वियोगान्त नाटकको लेखक; वियोगान्त नाटकमा अभिनेता (स्त्री,—enne) ।

tragedy (ट्र्या'जिडि) **ना.** वियोगान्त नाटक; दु:खपूर्ण घटना, आपत्, दुर्घटना, विपत्ति, ठूलो अपराध;—queen वियोगान्त नाटककी श्रेष्ठ अभिनेत्री; T—वियोगान्त नाटकको मूर्त रूप ।

tragic (al) (ट्र्या'जिक् ,—कल्) **वि.** (–ic) वियोगान्त नाटकको ढाँचा, शैली, मा. ज. कि.—drama, the—stage,—voice,—actor. इ०;—irony नाटकीय व्यंग्य; (खा० ग० प्राचीन ग्रीक नाटकमा, जब वक्ताले थाहा नपाएको तर श्रोताहरूको लागि लुकेको अर्थ रहेका वाक्यहरूको प्रयोग हुन्थ्यो); उदास, दु:खमय, आपत्तिपूर्ण, वेदनात्मक, दुरन्त; शोकपर्यवसायी, करुणरस प्रधान ।

tragicomedy (ट्र्याजिकॅ'मिडि) **ना.** वियोगसंयोग नाटक, वियोग र संयोग मिश्रण भएको, तर संयोगान्त भएको नाटक, रुन्चे हाँसो, करुण सुखान्तक नाटक ।

tragopan (ट्र्या'जोप्यान्) **ना.** जुरे कालिज, मोनाल ।

trail (ट्रेअ्ल्) **ना.** र **क्रि.** लतार, पछिल्तिर लत्रिने वा तातिने भाग; लामू (साँच्चिको वा काल्पनिक) जोरन, थप; पहियादार तोपको तल्लो छेउ; गतिमान वा घिसारिएको वस्तुले छोड्ने चिन्ह, ज० कि चिप्लेकीराको डाम, शिकारमा चिह्न, गन्ध; (खा० ग० जंगली प्रदेशको) गोरेटो; **क्रि.** लतानु, घिसानु, लत्राउनु, लर्कनु, घिस्स्याउनु; सुराक लाउनु, पीछा गर्नु; (सेना०)—arms जमीनसँग समानान्तर गरी एक हातले (right, left,—) राइफल समात्नु; (बाटो बनाउनालाई) घाँस इ० कुल्चिनु; घस्रिनु, थकित भएर हिंड्नु; पछि पर्नु; (बिरुवा) पर्खाल, जमीन, मा केही टाढासम्म फैलिनु;—ing edge वायुयानको पखेटाको पछाडिको छेउ;—ing wheel बग्गीको पछिल्लो कुनै पांग्रा; at the— (सेना० बन्दूक एक हातमा समातेर;— - net तान्ने जाल ।

trailer (ट्रे'लर्) **ना.** शा० अ०, खा० ग० वा पनि : लत्रिने बिरुवा; चलचित्रबाट झिकिएका साना साना भाग (त्यसको परिचय वा विज्ञापनलाई प्रदर्शित गरिने), ढक्का; आर्को गाडी, सवारी, इ० तान्ने पहियादार गाडी (सामान, इ० राख्ने), ट्रेलर, अनुगामुक ।

train (ट्रेन्) **क्रि.** र **ना.** तालीम गर्नु, सुमर्नु, पढाउनु, शिक्षा दिनु, अभ्यास गराउनु, सधाउनु, तर लाउनु, सिकाउनु; (बिरुवा) चाहिएको आकारमा बढ्ने गराउनु; ताक्नु, दाग्नु, निशाना गर्नु, (बन्दूक, इ०); (आ०) ललचाउनु, लोभ्याउनु, उठाउनु (लोभ गराएर); (अचेल विर०) गह्रुँ माल घिसार्नु; (बो० चा०) रेल सफर गर्नु;—off (गोली, गोला) तेर्सो जानु; **ना.** (लुगा, खा० ग० स्त्रीको, अथवा पोशाकको) लतार फेर; चराको लामू पुच्छर; अनुचरहरू, चाकरीबाजहरू, इ० को समूह, रेखी, ताँती, तरङ्ग, लावालश्कर; मानिस वा दर्शक वा वस्तुहरूको ताँती; (एकै इञ्जिनले तानेको) रेल; special—विशेष, ख़ास; express—द्रुतगामी, डाँक; up, down—जाती, आती; through—विभिन्न लाइन भएर अन्तिम ठेगानसम्म नबदली पुन्याउने रेल वा डब्बा, corridor—शुरूदेखि अन्तमम्म साँगुरो भित्री बाटो भएको, वरण्डा रेल; parliamentary—अघि सस्तो दरमा यात्री बसार्ने रेल;—de luxe सौखिन रेल, सुविस्ताको रेल; (विस्फोटकमा आगो पुन्याउने) सलिता; (आ०) बन्दोबस्त, स्थिति; जोरिएका चक्का, कल पुर्जाका भाग;—band (ऐति०) अघि (विलायतको) नागरिक सिपाही दल;-- - bearer वसनांतधारक;— - ferry रेल (पानी तार्ने) जंघार वा डुंगा; -- - mile रेल माइल (रेलको हिसाबमा कामको एकांकी रूपमा);--able तालीम लिन सक्ने;– ed **वि.** तालीम प्राप्त (बैल) साधल, जोतल, फेरल;—ee **ना.** तालीम, प्रशिक्षार्थी; —less **वि.** विना रेल, परिचर, इ० ।

trainer (ट्रे'नर्) **ना.** शा. अ., खा. ग. घोडा, खेलाडी कसरतिया, इ० लाई तालीम गर्ने, दौडमा तालीम गर्ने ।

training (ट्रे'निङ्) **ना.** शा० अ० तालीम, प्रशिक्षण, विनय, शिक्षण, अभ्यास; be in—तालीममा; go into—तालीम प्राप्त गर्नु;— - bit (बदमाश घोडाको) काँढा;— - college,—school शिक्षक तालीमको लागि;—ship तालीम जहाज (लडकाहरूलाई सामुद्रिक प्रशिक्षण दिने); military—सैनिक शिक्षा, प्रशिक्षण, तालीम ।

train-oil (ट्रेन्'ऑयल्) ह्वेल माछाको बोसोबाट प्राप्त हुने तेल तिमिमेदस तैल ।

traipse (ट्रेप्स्) **क्रि.** trapes को रूपान्तर=(स्त्रीले) यताउति हिंड्नु, खुट्टा घिसारेर हिंड्नु, खुट्टा ख्याउनु ।

trait (ट्रे, ट्रेट्) **ना.** स्वभाव, अनुहार, बानी वा चित्रणको विशिष्ट लक्षण वा गुण; स्पर्श, बाजीमाथ, (कुनै गुणको, उदा० हास्यरस, इ०) ।

traitor (ट्रे'टर्) **ना.** राजद्रोही, देशद्रोही, देशघातक, विश्वासघातक, साइँदुवा;—ous **वि.** कपटी, विश्वासघाती; (स्त्री०) traitres, ।

trajectory (ट्रजेक्ट'रि वा ट्र्या'जक्टरि) **ना.** क्षेप्यास्त्रले बनाएको मार्ग, प्रक्षेप पथ; (ज्या०) वक्र वा तलको पद्धतिलाई स्थिर कोणमा काट्ने वक्र वा तल ।

tram (ट्र्याम्) **ना.** र **क्रि.** (—mm—) (— car पनि) आम बाटोमा बिछाएको पटरीमा चल्ने यात्रीगाडी, ट्राम; सो पटरी; (— way,— - line पनि) त्यस्ता पटरीको पद्धति; **क्रि** ट्राममा हिंड्नु, लैजानु ।

tram (ट्र्याम्) **ना.** कुनै कुनै मखमल र रेशमी कपडा बनाउँदा

लाग्ने दोहोरो रेशमी सूत।

trammel (ट्र्या'मेल्) **ना.** र **क्रि.** (—ll—) माछा मार्ने जालको किसिम; तेहोरो थिसार्ने जाली; कडी, खा. ग. घोडालाई चाल सिकाउने; आतमखानमा केटली, भाँडा, इ० झुण्डयाउने अंकुश; दीर्घवृत्त खिच्ने यंत्र; (सा. ब. व.) बाधा, अडकाउ, तगारो; **क्रि.** बाधाले थुन्नु, रोक्नु; (निष्ठा० घोडा) अगाडि पछाडि दुवै खुट्टाहरूमा एकै पट्टि अथवा तेर्सोपट्टि (cross - —led) टाटो भएको।

tramontana (ट्रामन्टा'ना) **ना.** (भूमध्य क्षेत्रमा) उत्तर हावा, द्वीपपुंजको चिसो क्षयकारक हावा।

tramontane (ट्रमॅन्'टेन्) **वि.** र **ना.** आल्प्स पर्वतको पल्लो पार (स्थित, वास गर्ने ; (अलं०, इटलिको पक्षबाट) विदेशी, बर्बर, जङ्गली।

tramp (ट्र्याम्प्) **क्रि.** र **ना.** खुट्टा बजारेर हिंड्नु; पैदल हिंड्नु; (थकाइ वा अनिच्छाको संकेतसहित) हिंड्नु, बाटो काट्नु; फिरन्ता हुनु; **ना.** मानिस, घोडा, इ० को खुट्टाको आवाज; पैदल सफर; बूटको तलुवा जोगाउने फलामे पातो; काम धन्धाको खोजीमा, वा माग्ने, फिरन्ताको रूपमा, बाटोमा घुमिरहने व्यक्ति; यस प्रकारको जीवन, (खा. ग. on the—); नियमित वा खास निर्दिष्ट मार्गमा नचल्ने ढुवानी जहाज;— - pick कडा माटो उल्टाउने तुला वा उत्तोलक यन्त्र।

trample (ट्र्या'म्प्ल्) **क्रि.** र **ना.** कुल्चिनु, टेक्नु, मिच्नु, पादाघात गर्नु; (अलं.) कडासँग वा हेलाँसाथ व्यवहार गर्नु, विचार नराख्नु (व्यक्ति, भाव, इ. को); **ना.** मर्दन, पादाघात, कुल्चेको आवाज।

trampolin(e) (ट्र्याम्'पॅलिन्) **ना.** कलायन (डोरी, तार, इ० मा खेल कसरत गर्ने देखाउने) ले चलन गर्ने स्प्रिङ्गदार डसना जस्तो तन्य उपकरण (खसेमा जोगिने); लचकदार गद्दा वा लम्पट।

trance (ट्रान्स्) **ना.** र **क्रि.** समाधि, लयावस्था, तन्मयावस्था, तन्द्रा, मोह, लठ्याइँ, झुम्म; **क्रि.** (कवि०)=मोह पार्नु, तन्मय हुनु;—d **वि.** लवलीन, तल्लीन, लट्ठ, तन्मय, झुम्म।

tranquil (ट्र्यान्'क्विल्) **वि.** शान्त, स्तिमित, अक्षुब्ध, अनुद्वेगी, निश्चल;—lity **ना.** शम, निवृत्ति, स्थैर्य;—lize **क्रि.** समन गर्नु, शमन;—lizer शमकारक, शमकर।

trans—उ (ल्या०)=वारपार, पर, परा, पारि, उतापट्टि, आर्को स्थिति वा स्थान;—uterine पारेगर्भाशय;— - African,—atlantic अफ्रिकापार, एटल्याण्टिकपार;—human परामानुषी;— - material वस्तु परे।

transact (ट्र्यान्ज्याक्ट्') **क्रि.** संपादन गर्नु, निवाहनु, पूरा गर्नु (काम), साध्नु; (सँग) व्यापार गर्नु;—or **ना.** कारोबारी, क्रेता।

transaction (ट्र्यान्'ज्याक्'शन्) **ना.** कारोबार, व्यापार; (ब. व.) छलफलको प्रतिवेदन, लिखित विवरण, विद्वद् गोष्ठीहरूमा पढिएका लेखहरू; (का०) पारस्परिक छूट, इ० द्वारा झगडाको टुङ्गो, कानूनी हकमा प्रभाव पार्ने कुनै काम; अनुष्ठान, करण, व्यवहार, बेचबिखन, सुक्रीबिक्री, लेनदेन, कारोबार, क्रयविक्रय।

transalpine (ट्र्यान्ज्याल्'पिन्) **वि.** र **ना.** आल्प्स पर्वतपारि (बस्ने व्यक्ति), सा० इटलिको पक्षबाट।

transatlantic (ट्र्यान्ज्याट्ल्यान्'टिक्) **वि.** एटलाण्टिकपार, अमरिकी; एटल्याण्टिक पार गर्ने ज० कि--flight, line, steamer एटल्याण्टिक पार जाने उडान, प्रतिष्ठान वा जहाज।

transceiver (ट्र्यान्सी'भर्) **ना.** संयुक्त रेडियो प्रेषक र ग्राहक; प्रेष ग्राहक।

transcend (ट्र्यान्सेण्ड्') **क्रि** अतिक्रम गर्नु; जित्नु, श्रेष्ठ हुनु, पराजित गर्नु।

transcendent (ट्र्यान्सेन्'डेण्ट्) **वि.** र **ना.** श्रेष्ठ, जित्ने, उछिन्ने; (शैक्षिक दर्शन०) दश श्रेणीभन्दा फरक, वा उन्नत; (काण्ट दर्शन) अनुभवद्वारा उपलब्ध हुन नसक्ने; (ब्रह्म) भौतिक संसारभन्दा पृथक् ; **ना** (दर्शन०) परम; श्रेष्ठत्व, श्रेष्ठ वस्तु;—al **वि.** इन्द्रियपर; स्थूल र बाह्य वस्तु अन्तर चित्तको उत्पत्ति भनी बताउने; (लो०) कठिन, अस्पष्ट, अनिश्चित, धमिलो, अवास्तव, काल्पनिक; (गणि०) बीजातीत; **ना.** अभौतिक पर्याय, कल्पना;—al object अज्ञात र अज्ञेय वस्तु; —al unity भास वा ज्ञानबाट आएको ऐक्य;—al curve बीजातीत क्रियाले रेखांकन गरिने;—alism सर्वातिरिक्त दर्शन, वाद।

transcontinental (ट्र्यान्ज्कॅण्टिने'ण्टल्) **वि.** पारे महाद्वीप, अन्तरमहाद्वीप, ज० कि—railway अन्तरमहाद्वीप रेल।

transcri/be (ट्र्यान्स्'क्राइब्) **क्रि.** लिखितमा सार्नु, लेख्नु; (रेडियो०) पछि प्रसारणको लागि रेकर्ड, अंकित गर्नु, अंकित कार्यक्रम प्रसार गर्नु;—ber लेखक, लिपिकार;—ption **ना.** प्रतिलेख, प्रतिलिपि;—ptional,—ptive **वि.** प्रतिलिखित।

transcript (ट्र्या'न्स्क्रिप्ट्) **ना.** लिखित वा अंकित नकल।

transcurrent (ट्र्यान्सक'रेण्ट्) **वि.** (प्रा० इ०) तेर्सो सजेको वा तेर्सो प्रवाह भएको।

transection (ट्र्यान्सेक्'शन्) **ना.** अनुप्रस्थ परिच्छेद, तेर्सो चाना।

transept (ट्र्यान्'सेप्ट्) **ना.** तिर्यक्, क्रूशाकार गिरजाघरको तेर्सो भाग;—north, south—उत्तर, दक्षिण, तिर्यक्;-al **वि.** तिरश्चिन।

transfer (ट्र्यान्सफ्अर्') **क्रि.** (—rr—) सार्नु, अन्त लैजानु, अन्यत्र राख्नु, हटाउनु, हस्तान्तरित गर्नु; दाखिल खारिज गर्नु, नामसारी गर्नु (जेथा), (चित्र) सार्नु, एक तलबाट आर्को तलमा सार्नु, खा. ग. सार्ने कागजद्वारा लिथो पत्थरमा; चित्र एक तल (खा० ग० भित्ता वा काठ) बाट आर्को तल (सा० टाट, चित्रपट) मा सार्नु; (कर्मचारी) सरुवा गर्नु; —ability स्थानान्तरीयता;—ee **ना.** सरुवा हुने (व्यक्ति०); —ence **ना.** स्थानान्तरण, स्थान परिवृत्ति, संक्रमण;—or,—rer **ना.** सरुवा गर्ने;—able **वि.** स्थानान्तरीय;—able vote स्थानान्तरीय मत (कुनै उम्मेदवारको स्पष्ट बहुमत नभएमा हार्ने उम्मेदवारलाई दिएको मत कुन आर्को उम्मेदवारमा स्थानान्तरित हुन सक्दछ मतदाताले पहिले नै जनाइराख्ने मत); —ential (ट्र्यान्स्फरें'न्श्ल्) स्थानान्तरित ।

transfer (ट्र्या'न्स्फर्) **ना.** सरुवा, स्थानान्तरण, नामसारी, दाखिल खारिज; बदली, हस्तान्तरण, रकमान्तर; (एक तलबाट आर्कोमा सारिने) बुट्टा; पानी तसवीर, सार्ने तसवीर (बेचिएको कागतमा रहेको रंगीन तसवीर सा० केटाकेटीहरूले आर्को कागतमा सार्न हुने); एक गणबाट आर्कोमा सारिएको सिपाही, पदाति;— -book सरुवा बही (जेथा, अंश, इ० स्रेस्ता राख्ने);— -ink लिथोपत्थर वा सार्ने कागतमा बुट्टा लेख्ने; — -paper सार्ने मसी सोसेर पत्थरमा सार्ने काममा लगाइने ।

transfiguration (ट्र्यान्स्फिग्योरे'श्न्) **ना.** रूप वा आकारको परिवर्तन, खा० ग० the T-क्राइस्टको; सोको व्रत ।

transfigure (ट्र्यान्स्फि'गर्) **क्रि.** उन्नत वा आदर्श गराउनालाई रूप वा भावमा परिवर्तन गर्नु ।

transfix (ट्र्यान्स्फिक्स्') **क्रि.** (भालाले) घोप्नु, छिचल्नु; (त्रास) निश्चल गराइदिनु (व्यक्तिलाई), सुधबुध लोप गराइदिनु; स्तम्भित गराउनु;—ed **वि.** हव्वे न कव्वे—ion(ट्र्यान्स्फि'क्श्न्) **ना.** छेदन, वारपार घोपाइ, (शल्य०) तेर्सो छेदन र वाहिरपट्टि कटाइद्वारा अंगको विच्छेदन ।

transform (ट्र्यान्स्फॉअ्र्म्') **क्रि.** रूप, आकार, स्वभाव, मिजास, इ० मा आमूल परिवर्तन गर्नु, रूप बदल्नु;—able रूपान्तरीय;—ative **वि.** परिवर्तनीय ।

transformation (ट्र्यान्स्फर्मे'श्न्) **ना.** रूपान्तर, परिवर्तन, विकृति, रूप परिवर्तन; स्थिति परिवर्तन, ज० कि वायुबाट तरल, तरलबाट ठोस, वा त्यसको विपरीत; (गणि०) परिणाममा फरक नपारी अंक वा व्यंजक आर्को समान अंक वा व्यन्जकमा बदल्नु; रक्त संचार पद्धतिमा रगत अति सूक्ष्म धमनी र शिराबाट पार हुँदा भएको परिवर्तन; अन्य भागमा हुने उचित रूपमा तन्तुको विकार; (पसल) स्त्रीको नकली कपाल;— -scene (खा० ग० केटाकेटीको अभिनयमा) रूपान्तर, दृश्य ।

transformer (ट्र्यान्स्फ्अ्र्'मर्) **ना.** शा० अ०, खा० ग० वैद्युत् परिमाणमापक; रूपान्तरकारक, विकृतिकारक ।

transform/ism (ट्र्यान्स्फ्अ्र्'मिज्म्) **ना.** रूपान्तरवाद, रूपान्तर तथ्य (जसमा एक जातिबाट आर्को प्राणीको विकास, र स्वतन्त्र जीव समूह संयुक्त हुन गएर जटिल जीवधारी बन्ने सिद्धान्त प्रतिपादित हुन्छ);—ist **ना.** रूपान्तरवादी ।

transfus/e (ट्र्यान्स्फ्यूज़्') **क्रि.** एक भाँडो (इ०) बाट (तरल, विद्रुत, वा अलं० गुण) आर्कोमा जाने गराउनु; (भैष०) आर्को व्यक्ति वा पशुको रगत (रोगी) मानिसको नसामा पठाउनु; नुकसान भएको द्रवको साटो व्यक्तिमा तरल अंतक्षेपण गर्नु;—ion (–ज़्न्) **ना.** संक्रमण, अन्तक्षेपण;—sive **वि.** निविष्ट, निवेशीय ।

transgress (ट्र्यान्स्ग्रेस्',—ज़्) **क्रि.** (ऐन, आदेश, आज्ञा) तोड्नु, भंग गर्नु, उल्लंघन गर्नु, नाघ्नु, मिच्नु, आँच लगाउनु, अतिक्रमण गर्नु, व्यतिक्रम गर्नु;—ion समतिक्रम, उल्लंघन, भङ्ग; —or **ना.** अतिक्रामी, मिचाहा, अपराधी ।

tranship (ट्र्यान्'शिप्) **क्रि.**=trans-ship जहाज फेर्नु ।

transhumance (ट्र्यान्स्ह्यु'मन्स्) **ना.** गाईवस्तुको मौसिमी स्थानान्तरण, घुम्ती बसाइ ।

transi/ent (ट्र्यान्'ज़िएण्ट्) **वि.** क्षणभंगुर, अस्थायी, चपल, क्षणिक, अनित्य, छोटो, हतपते, हडबडे;—ence **ना.** अनित्यता, क्षणिकत्व, अस्थायित्व ।

transilent (ट्र्यान्सि'लेण्ट्) **वि.** एक आधार बिन्दुदेखि आर्कोसम्म फैलिएको ।

transillumination (ट्र्यान्जिल्यूमिने'श्न्) **ना.** (भैष०) निदानको लागि अवयवमा जोडदार उज्यालो पार्नु, पारोज्ज्वलन ।

transire (ट्र्यान्ज़ा'य्रि) **ना.** माल असबाब लैजानालाई भन्सारको परमांगी, भन्सार छूट ।

transistor (ट्र्यान्ज़िस्'टर्) **ना.** ताप आयनिक कपाटले अघि गर्ने काम दिने अशून्य वैद्युत् उपकरण, ट्र्यान्जिस्टर, स्थानान्तर विरोधक ।

transit (ट्र्यान्'ज़िट्) **ना.** र **क्रि.** पारवहन, संक्रमण, संक्रान्ति बाटो, मार्ग, बाटे; सूर्यको गोलपार नक्षत्रको देखौवा मार्ग;— -duty कुनै देश भएर जाने मालमा लाग्ने दस्तूर, पारवहन शुल्क; **क्रि.** सूर्यको गोल पार गर्नु ।

transition (ट्र्यान्ज़िश्न्) **ना.** एक स्थितिबाट आर्कोमा गमन, परिवर्तन; संक्रान्ति, विकार, (कला०) एक शैलीबाट आर्कोमा परिवर्तन, खा० ग० स्थापत्यमा नर्मनबाट पूर्व अंग्रेजी ढाँचामा परिवर्तन;—stage, period (वाच्य) स्थित्यन्तर, परिवर्तित, माध्यमिक स्थिति, अवधि, संक्रमण काल वा अवधि;—tumour झिकिसकेपछि फर्कैमा उग्र वा विषम हुने प्रवृत्तिको; —al,—ary **वि.** संक्रमणकालिक, परिवर्तनीय ।

transitive (ट्र्यान्'सिटिभ्) **वि.** र **ना.** (व्याक०) सकर्मक (धातु) ।

transitor/y (ट्र्यान्'सिटरि) **वि.** अस्थायी, क्षणिक, नाशवान, असार;—action (का०) कारोबार कहाँ भएको हो सोको परवाह नगरी जहाँ पनि लाग्न सक्ने मुद्दा;—ily **क्रि. वि.** अस्थायी रूपले;—iness **ना.** अनित्यता ।

translat/e (ट्र्यान्स् (न्ज़्) लेट्') **क्रि.** अनुवाद गर्नु, उल्था गर्नु; (अलं०) सरल भाषामा भन्नु; (अप्रत्यक्ष कर्मवाच्य०) सजिलोसँग, राम्ररी, अनुवाद हुन सक्ने; एकबाट आर्को कलामा (विचार, रीति) सार्नु, घुसाउनु; गूढार्थ, सार्थता, बताउनु (संकेत, आन्दोलन, आचार, सूचना, इ० को), वा अर्थाउनु; धर्माधिकारी (क्रिस्तानी) लाई आर्को क्षेत्रमा सार्नु; (बाइ०) मृत्यु विना स्वर्ग लैजानु; (आ०) आमूल परिवर्तन गर्नु; (तार) सन्देश चलान गर्नु; (यंत्र०) वस्तुलाई नघुमाई, संपूर्ण एकै दिशामा चल्ने गरी, गति दिनु;—able **वि.** अनुवाद हुन सक्ने ;—ional **वि.** (यंत्र) गतिशील;—ion **ना.** अनुवाद, उल्था, भाषान्तर;—or **ना.** अनुवादक, उल्थाकार, भाषान्तरकार ।

transliter/ate (ट्र्यान्स (ञ्ज्) लि'टरेट्) **क्रि.** लिपि रूपान्तर गर्नु, (शब्द) आर्को भाषाको प्रायः उही सदृश अक्षरले जनाउनु;—ation **ना.** लिपिरूपान्तर;—ator **ना.** लिपिरूपान्तरकार ।

translu/cent (ट्र्यान्ज़्लू'सेण्ट्) **वि.** पारभासक (उज्यालो छिर्ने तर पार नदेखिने); (ख़ु०) पारदर्शक;—cence **ना.** पारभासकता;—cency **ना.** पारभासकता ।

transmarine (ट्र्यान्ज़्मरीन्') **वि.** समुद्रपार ।

transmigr/ate (ट्र्यान्स्'मि (माइ) ग्रेट्) **क्रि.** (आत्मा) अन्य शरीरमा पस्नु, प्रवेश गर्नु; पुनर्जन्म हुनु; बसाइँ सर्नु;—ant **वि.** र **ना.** खा. ग. एक देशबाट आर्कोमा जान लागेको विदेशी;—ator **ना.** देहान्तरगामी;—atory **वि.** पुनर्भव ।

transmigration (ट्र्यान्स्माइग्रे'श्न्) **ना** पुनर्जन्म, देहान्तर प्राप्ति, पुनर्भाव; निर्गमन ।

trans/mit (ट्र्यान्ज़्मिट्') **क्रि.** (-tt-) चलाउनु; पठाउनु, दिनु; हस्तान्तर, स्थानान्तर, गर्नु; उत्तारण गर्नु; आफूभित्र वा मध्येबाट जान दिनु (ताप, प्रकाश, ध्वनि, विद्युत्, भावना, समाचार, इ०); माध्यम बन्नु;—missibility **ना.** प्रेष्यता, संचारकत्व;—mission **ना.** संचारण, प्रेषण, उत्तारण, परिचालन, प्रसारण, चलान, चलानी;—mittal **ना.** चलानी, प्रेषण;—mitter **ना.** प्रेषक, संचारक;—missible, —missive **वि.** प्रेष्य ।

transmogri/fy (ट्र्यान्ज़्मॅ'ग्रिफाइ) **क्रि.** (ठ०) रूपान्तर गर्नु, खा. ग. चटक या जादूले;—fication **ना.** रूपान्तर, आमूल परिवर्तन ।

transmutation (ट्र्यान्ज़्म्यूटे'श्न्) **ना.** रूपान्तरकरण, अन्य आकार, प्रकृति वा वस्तुमा परिवर्तन, तत्वान्तरकरण; (किमिया०) निम्न धातुहरूलाई सुनमा परिवर्तन; (ज्या०) उही क्षेत्र वा विस्तारमा एक वस्तु वा चित्रलाई आर्कोमा रूपान्तर; (प्रा० वि०) एक जातलाई आर्कोमा रूपान्तर;—ist **ना.** रूपान्तरकार, रूपान्तरविद्;—glaze माटोमा रंगबिरंगको टलक ।

transmut/e (ट्र्यान्ज़्म्यूट्') **क्रि.** रूप, प्रकृति वा द्रव्य बदल्नु;—ability **ना.** परिवर्तनशीलता;—er **ना.** रूपान्तरकारक;—able **वि.** परिवर्तनशील;—ative **वि.** रूपान्तरणीय ।

transnormal (ट्र्यान्ज़्नअ्'मल्) **वि.** सामान्य परे, सामान्यभन्दा अधिक ।

transoceanic (ट्र्यान्ज़ोशिय'निक्) **वि.** महासागरपार, सागरपार गर्ने, सागरपारिसँग संलग्न ।

transom (ट्र्यान्'सम्) **ना.** कोपु, ढोका वा झ्यालमाथि रहने तेर्सो ढुङ्गा वा काठ;—window ढोकाको कोपुमाथि राखिने झ्याल; तेर्सो अडानबार ।

transparency (ट्र्यान्स्पे'य्रेन्सि वा–प्या'रेन्सि) **ना.** स्वच्छता, पारदर्शकता, transparence पनि; टाट, मजलिन, इ० मा लेखेको तसवीर जसको पछाडि उज्यालो राख्ता राम्ररी देखिन्छ; त्यस्तो तसवीर अड्याउने काठको आड; (फोटो०) ऐनामा उतारिएको सुल्टो तसवीर जुन शोभाको लागि (झ्यालमा) झुण्ड्याइन्छ, वा ऐना चित्र गरी देखाइन्छ; चीनिया माटोको उचाइ, जसको भाग बाक्लोपन र पारदर्शनमा फरक हुन्छ ।

transparent (ट्र्यान्स्पे'यरेण्ट् वा—प्या'रेण्ट्) **वि.** पारदर्शक, निर्मल, सङ्लो, छर्लङ्ग, प्रकाशभेद्य (अलं०, छद्मवेष, निहुँ, स्वाँग, इ०) सजिलोसँग देखिने, पत्ता लाग्ने; उज्यालो, सफा (अलं०) स्वाँग वा कपटबाट पृथक्;—colours (चित्रकला) माथि हलकासँग लगाइएमा तलको रंगलाई नछोप्ने; (चित्र रंगित ऐना) उज्यालो छिरेपछि मात्र व्यक्त हुने, देखिने ।

transpierce (ट्र्यान्स्पियर्स्') **क्रि.** घोपेर छिचल्नु, वारपार घोप्नु ।

transpir/e (ट्र्यान्स्पायर्') **क्रि.** त्वचा, फोक्सो, जस्ता उत्सृजक अवयवद्वारा निष्कासन गर्नु, फ्याँक्नु, बाफ छोड्नु; त्यसरी निष्कासित हुनु, उदा० पसीना झैं निस्कनु; (ग्यास वा द्रव) केशोपम नलीमा चापद्वारा चल्नु, निर्गमन हुनु; (वनस्पात वा बिरुवा) बाफ निकाल्नु; (अलं०, गुह्य, इ०) चुहिनु, निस्कनु, प्रकाश हुनु; (ग्रा०) हुनु, घट्नु;—able **वि.** निष्कासनीय;—atory **वि.** प्रचलित, प्रचालित;—ation **ना.** निष्कासन, प्रचालन ।

transplant (ट्र्यान्स्प्लाण्ट्') **क्रि.** आर्को ठाउँमा रोप्नु, सार्नु; उखेलेर फेरि रोप्नु, खा० ग० आर्को ठाउँमा वास गराउनु; (शल्य०) (जीवित तन्तु) झिक्नु र शरीरको अन्य ठाउँमा, वा अन्य व्यक्तिको जीउमा सार्नु;—able **वि.** सर्ने;—ation **ना.** रोपाइँ, रोपनी, रोहण;—er **ना.** रोपाहा, खा० ग० बिरुवा उखेलेर फेरि रोप्ने यन्त्र, जराको माटोसहित रूख उखेल्ने यन्त्र ।

transpontine (ट्र्यान्स्पॅन्'टाइन्) **वि.** लण्डनको दक्षिण (सरेपट्टिको) भाग; सहलिया नाटकीय अभिनय, (पहिले त्यहाँ रहेका नाचघरमा देखाइने खालका) ।

transport (ट्र्यान्स्पोअ्र्ट्') **क्रि.** ढुवानी गर्नु, लैजानु, (एक ठाउँबाट आर्को ठाउँ मानिस, माल) ओसार्नु; (ऐति०) अपराधीलाई दण्डभोग गर्ने ठाउँमा लैजानु; (धे० ज० कर्मवाच्यमा) जोरदार भावको वशीभूत हुनु;—er **ना.** वाहक ।

transport (ट्र्यान्स्'पोअ्र्ट्) **ना.** वाहन, ढुवानी, नयन, आवागमनका साधन, आवागमन, यातायात, प्रवाहण, परिवहन; सवारी, ज़हाज, वायुयान; (ऐति०) काला पानी पठाइएको कैदी; आवेश, जोरदार भाव, उन्माद ।

transport/able (ट्र्यान्स्पोअ्'टेब्ल्) **वि.** लैजान सकिने, ढुवानी हुने; (अपराधी वा अपराध) कालापानी पठाइने;—ability **ना.** प्रवाहणीयता ।

transportation (ट्र्यान्स्पोर्टे'श्न) **ना.** ढुवानी; प्रवाहण; कालापानीको दण्ड; (अम०) सवारी ।

transpos/e (ट्र्यान्स्पोज़्') **क्रि.** (दुइ वा बढी वस्तुको) ठाउँ सार्नु, साट्नु; (बीजगणि०) परिवर्तित चिह्न दिएर

व्यञ्जकलाई समीकरणको पल्लो पक्षमा लैजानु;—al **ना.** विनिमय, विपर्यास;—ee **ना.** सार्ने, साट्ने ।

transposi/tion (ट्र्यान्स्पोज़ि'शन्) **ना.** प्रक्षान्तरानयन, विपर्यय, विनिमय, विपयोस, व्यत्यय;—tional,—tive **वि.** व्यत्यस्त ।

trans-ship (ट्र्यान्शिप्') **क्रि.** (-pp-) एक जहाजबाट आर्कोमा सार्नु;—ment **ना.** जहाजसराइ ।

transubstantiate (ट्र्यान्सब्स्ट्यान्'शिएट्) **क्रि.** एक वस्तुबाट आर्कोमा बदल्नु ।

transubstantiation (ट्र्यान्सब्स्ट्यान्शिए'शन्) **ना.** वस्तुको एकबाट आर्कोमा परिवर्तन, खा० ग० चढाएको रोटी र रक्सी क्राइस्टको देह र रगतमा परिवर्तन ।

transude (ट्र्यान्स्यूड्') **क्रि.** (द्रव) झिल्लीको छिद्र वा रन्ध्रबाट पस्नु वा निस्कनु, रसाउनु ।

transuranic (ट्र्यान्स्योन्या'निक्) **वि.** (र० शा०) (तत्व) युरेनियमको भन्दा वढी परमाणु संख्या भएको, पारेयुरेनियम ।

transversal (ट्र्यान्ज़्भेअर्'सल्) **वि.** र **ना.** (रेखा) रेखा पद्धतिलाई काट्ने; **ना.** तिर्यक् ;—ity **ना.** व्यत्यास;—ly **क्रि. वि.** व्यत्यस्त, व्यत्यासेन ।

transverse (ट्र्यान्ज़्भेयर्स्' वा ट्र्या'न्ज़्भेयर्स्) **वि.** र **ना.** तेर्सो, तिर्यक् , अनुप्रस्थ; **ना.** तिर्यक्पेशी ।

transvest (ट्र्यान्स्भेस्ट्') **क्रि.** (मनो०) अरू लुगा, (खा० ग० उल्टो लिङ्गको) लगाइदिनु ।

tranter (ट्र्या'ण्टर्) **ना.** (प्रादे०) फेरीवाला, डुलुवा व्यापारी ।

trap (ट्र्याप्) **ना.** र **क्रि.** (-pp-) धराप, पासो, चंगुल, डोकेसो, सोला; fly—झीङापासो; rat—मुसाखोर; (अलं.) छल, जाल (आर्कालाई असावधान बोली वा काममा फँसाउने) दाग्नालाई चरो, गेंद, इ. आकाशमा हुत्याउने उपकरण, कूट यन्त्र; U आकारको अथवा अरू प्रकारको नली (ग्यासको फिर्ती प्रवाह रोक्ने); पहियादार बग्गीको किसिम, ज० कि एक्का, टाँगा; —door कूट द्वार;—- cellar नाट्यशालामा रंगमञ्चमन्तिर खाली ठाउँ; **क्रि.** पासोमा पार्नु (पशु, अलं. व्यक्ति); फँसाउनु, जालमा पार्नु; खेलको लागि मेचमा पासो हाल्नु; ग्यासलाई थुन्नु; नालमा रोक हाल्नु; (बाफ) नलीमा रोकिनु; (घोडा, बग्गी) साज हाल्नु, कस्नु ।

trap (ट्र्याप्) **ना.** (खानी०) खम्बाको रचना भएको गाढा रंगको; (स्क०) बुइगल घरमा जाने सिंढी ।

trapan (ट्र्याप्यान्) **क्रि.** =trepan फँसाउनु, जालमा पार्नु (अक्ष० र अलं०) ।

trapse, traipse (ट्रेप्स्) **ना.** र **क्रि.** (बो. चा. र प्रादे०) फोहोरी स्त्री, खा. ग. मैलो लुगा लाएकी; उच्चाट लाग्ने हिंडाइ; **क्रि.** (खा. ग. स्त्रीले) काम धन्धामा यताउति जानु, थकाइ लाग्ने गरी हिंड्नु, लम्बे दौड गर्नु, घर घर डुल्नु ।

trapeze (ट्रपीज़्') **ना.** डोरीले तेर्सो गरी झुण्ड्याएको खेल कसरत देखाउने झूला, पीङ ।

trapezium (ट्रपी'ज़ियम्) **ना.** अतुल्य लम्बक, समलम्ब; दुई समानान्तर रेखा भएको चतुर्भुज ।

trapezoid (ट्र्यापिज़ॉयड्) **ना.** र **वि.** चतुर्भुज; **वि.** चतुर्भुजाकार, चतुर्भुजको ।

trappean (ट्र्या'पियन्) **वि.** चट्टानको ढाँचाको ।

trapper (ट्र्या'पर्) **ना.** शिकारी, पासोवाल, खा० ग० छाला, भुत्ला, को लागि पशुलाई समात्ने; खानिमा हावाद्वारको हेरचाह गर्ने व्यक्ति ।

trappings (ट्र्यापिङ्ग्ज़्) **ना.** (ब० व०) घोडाको काठी र साज खा० ग० बुट्टादार; (अलं०) (पद, इ० को) बुट्टादार साज, पोशाक, इ० ।

Trappist (ट्र्या'पिस्ट्) **ना.** मौन र अन्य तपस्याको लागि प्रख्यात सम्प्रदाय (मठ) को सदस्य; T—ine **ना.** सो आश्रमसँग संलग्न सम्प्रदायकी सदस्या, तपस्विनी; t—फ्रान्समा मौनीहरूको आश्रममा बनाइने मद्य ।

trapp/y (ट्र्या'पि) **वि.** (बो० चा०) छली, धोखाबाज (मु० वस्तु, चीज, हरूको);—iness **ना.** छल, धोखा ।

traps (ट्र्याप्स्) **ना.** (ब० व०) (बो० चा०) निजी सामान, गुण्टा भारी ।

trash (ट्र्याश्) **ना.** र **क्रि.** थोत्रो वा रद्दी माल, फोहर मैला, गन्दगी, कसिंगर, जूठो; छिमलेको रूखको टुप्पो; उखुको रस झिकेको डाँठ र पात (जर्नाको रूपमा चलन गरिने); कमसल सामान वा कारिगरीको वस्तु, ज० कि साहित्यिक कृति; बकबक, निरर्थक कुरा; cane- --उखुको डाँठ;-- -house (उखु खेतमा) डाँठ, खुदोको थेग्रो, इ० राख्ने घर;- -ice पानीमा मिसाएको बरफको टुक्रा; white--अमरिकाको दक्षिणी राज्यहरूका गरीब गोरा दुनिया, रद्दी गोरा; **क्रि.** (उखुको) पात झिक्नु;—ery **ना** कसिंगर, फोहर;—iness **ना.** रद्दीपन, असारता, निःसारता;—ily **क्रि. वि.** व्यर्थ, रद्दीसँग;—y **वि.** चुत्थो, निःसार, रद्दी, कमसल ।

trass (ट्र्यास्), **tarras** (टया'रस्) **ना.** अघि सिमेण्ट बनाउँदा चलन हुने ज्वालामुखी माटो ।

trattoria (ट्र्याटोरि'आ) **ना.** इटलिको भोजनालय (इटालियन ।

trauma (ट्राउ'मा) **ना.** (ब० व०—ta,—s) घाउ वा बाह्य हिंसा, कूटपीट, द्वारा उत्पन्न भएको शरीरको विकृत अवस्था; (मनो०) भावात्मक धक्का ।

traumatic (ट्राउम्या'टिक्) **वि.** र **ना.** घाउको, लागि (ओखती) ।

travail (ट्र्या'भेल्) **ना.** र **क्रि.** प्रसव व्यथा (सहनु); मेहनती वा कष्टको प्रयत्न (गर्नु) ।

travel (ट्र्या'भेल्) **क्रि.** (-ll-) र **ना.** यात्रा, सफर, गर्नु, आवागमन गर्नु, खा० ग० धेरै दिनको वा टाढासम्म; व्यापारिक भ्रमण गर्नु, व्यापारिक पर्यटक बन्नु; (यन्त्रको पुर्जा) घरमा चल्नु; इच्छायुक्त वा नियमित ढाँचाले एकबाट आर्को बिन्दुमा

जानु (ज० कि दृश्य हेर्दा या अलं० आँखा); (मृग) चर्दा अघि बढ्नु; चल्नु, बढनु, तोकेको ढाँचासँग र तोकेको वेगले जानु; वारपार सफर गर्नु; (निष्ठा) सफर गर्नामा अनुभवी, ज० कि much—led man यात्रा गर्नामा खपिस;—out of the record प्रसंग, विषय, बाट टाढा जानु;—ling cap, -dress सफरको; ना. यात्रा, आवत जावत, सफर, विचरण, भ्रमण, परिभ्रमण, पर्यटन, (खा० ग० विदेशमा); यात्रा वर्णन; कल पुर्जाको विस्तार, गति, रीति इ०; (व्यक्ति, लुगा, इ० बारे); —-soiled, —-stained,—worn यात्राबाट मैलिएको, खुम्चिएको ।

traveller (ट्र्या'भेलर्) **ना** शा० अ०, बटुवा, बटोही, जात्रु पान्थ; खा० ग० : चल्ने यन्त्रको किसिम, खा० ग० रेलमा चल्ने मास्तिरको उत्तोलक क्रेन; commercial—व्यापारिक पर्यटक (माल सामान नमूना, इ० लं अडर खोज्दै डुल्ने); fellow-—सहयात्री; tip (person) the--ठग्नु, झूटो बोल्नु;--'s tale घे० ज० बढाएको वा झूटो कुरा, वृत्तान्त;--'s joy हरियो सेतो फूल भएको लहरा ।

travelling (ट्र्या'भ्लिङ्) **ना. र वि.** पर्यटन, परिभ्रमण, यात्रा, विचरण, प्रवास, अध्वगमन, सफर; **वि.** घुमुवा, पनापक; —office डोर ।

travelogue (ट्र्याभलॅग्) **ना.** भ्रमण वृत्तान्त, भ्रमण अभियान, इ० को विचित्र प्रवचन वा वर्णन वा चलचित्र ।

traverse (ट्र्या'भर्स्) **वि., ना. र क्रि.** (आ० सा० चलन) =transverse, तेर्सो, तिर्यक्: (वंश०) ढालको वारपार जाने;—sailing नागवेली पारेर; **ना.** आर्कोलाई पार गर्ने वस्तु खा० ग० कुनै रचनामा; (गढ०) माटाको पर्खाल; गिरजाघरको भित्तादेखि भित्तासम्मको वरण्डा; (ज्या०) तिर्यक्; सर्भेक्षणको रेखा; (नौ०) बतास, धार, विपरीत हुँदा जहाजको नागवेली चाल; यन्त्रको तेर्सो गति; (भीर) उकालो वरालोमा तेर्सो गति, सो आवश्यक हुने ठाउँ; (का०) इन्कारी, खा० ग० इलजाम, बात, को; (आ०) प्रतिकूल परिस्थिति; तोप बन्दूकको आवश्यक दिशामा घुमाइ;—-table रेलको इञ्जिन एकबाट आर्को पटरीमा पठाउने मंच वा चक्का; **क्रि.** वारपार जानु, तेर्सो पार्नु; उकालो चढ्दा तेर्सो चढ्नु; (अलं०) (विषयको) सम्पूर्ण विस्तारको विचार वा छलफल गर्नु; (तोप) घुमाउनु; (काठ, टिम्बा) तेर्सो रण्डा लाउनु; (का०) इन्कारी गर्नु; विफल गराउनु, हतोत्साह गराउनु, विरोध गर्नु (योजना, राय, इ०); (कम्पासको सियो) केन्द्रको चारैतिर घुम्नु; (घोडा) तेर्सो हिंड्नु; traversing pulley थाम्ने डोरीमा चल्ने विर्नी ।

traverser (ट्र्या'भर्सर्) **ना.** शा० अ०, खा० ग० रेलको इन्जिन घुमाउने मंच ।

travertin/(e) (ट्र्या'भर्टिन्) **ना.** झरना, मूलबाट जमेको हलका पहेंलो रंगको सरन्ध्र पत्थर, जो पछि कडा भएर जान्छ ।

travesty (ट्र्या'भिस्टि) **क्रि. र ना.** (विषय, कुरा) हास्यास्पद गराइदिनु (इच्छाले, वा विना, विषयको प्रयोग द्वारा); (व्यक्ति, वस्तु, उदा० साहित्यिक कृति) आर्कोको हाँसो उठ्ने नकल हुनु, नकलद्वारा ठट्टा गर्नु; **ना.** हाँसो उठ्ने प्रयोग वा नकल; ठट्टा; नकलद्वारा ठट्टा; हास्यानुकरण ।

trawl (ट्रॉल्) **क्रि. र ना.** जाली घिसार्नु, घिसार जाली तान्नु; घिसार जालीमा माछा मार्नु;—ing घिसार जालीमा माछा शिकार; **ना.** (—-net पनि) काठ वा अन्य उपायले चौडा मुख खुला राखेर पानीको तल घिसार्ने जाली; बल्सी लगाएको तेर्सो डोरीहरू झुण्डाउने उत्रने गरी अड्याएको माछा मार्ने लामू डोरो (—-line पनि);—-anchor माछा मार्ने लामू डोरी अड्याउने किलो;—-boat घिसार जाली तान्ने वा माछा मार्ने डोरी अड्याउने डुङ्गा, जहाज ।

trawler (ट्रॉलर्) **ना.** माछा जालीमा घिसारेर वा अड्याएको डोरीबाट मार्ने व्यक्ति; सो जाली घिसार्ने वा डोरी थाम्ने डुंगा ।

tray (ट्रे) **ना.** किस्ती, रिकाबी, भाजन, आधार, थाली, नांग्लो; tea-—चिया सामानको किस्ती; pen-—कलमदान; developing-—तसवीर धुने; कार्यालयमा कागत राख्ने धातु, जाली वा काठको भाँडो, आधार; सन्दूस, कन्तुर इ० मा विना ढिर्कोको खण्ड;—**वि.** एक किस्ती ।

treaeherous (ट्रे'चरस्) **वि.** कपटी, छली, विश्वासघाती, गुप्तिमारा, धोखाबाज, कोखे दाँत भएको झूट्टो; भरोसा गर्न नहुने, ठग्ने, उदा०—memory कमजोर सम्झना;—ice टुट्ने डर भएको (हिंड्दा, खेल्दा) ।

treachery (ट्रे'चरि) ना धोखा, गद्दारी, छल, विश्वासघात, दगा ।

treacle (ट्रि'क्ल्) **ना.** चासनी, पाक, पाग; रूखबाट निस्कने गुलियो रस; treacly च्याटच्याटे, गुलियो ।

tread (ट्रेड्) **क्रि.** (trod, trodden), र **ना.** कुल्चिनु पाइला चाल्नु, हिंड्नु; (अलं०) कठिन विषयमा सावधानीसाथ चल्नु, फुकेर पाइला चाल्नु;—in (person's) (foot) steps पछि लाग्नु;—on (person's) corns वा toes (अलं०) रिस उठाउनु;—on the hee's of (अक्ष० र अलं०) (घटना, इ०) नजीकै वा लगत्तै आउनु;—वा seem to—on air आकाशमा उड्नु;—on वा as on eggs बडो सावधानी वा बुद्धिले;—on neck of दबाउनु, नटेर्नु; —awry गल्ती गर्नु; किच्नु; पाइला चाल्नु (हिंड्दा, नाच्दा); (कुखुरो) जोडा खानु;—down कुल्चिनु, किच्नु, खुट्टाले पिट्नु (माटो, इ०);—in कुल्चिनु;—out कुल्चेर निभाउनु (आगो) वा अलं० (उपद्रो, गोलमाल);—the boards अभिनेता बन्नु;—water सोझो पौडिनु, पानीमा उभिनु; **ना.** हिंडाइको ढाँचा, शब्द; (भाले चरो) जोडा खाने काम;—-board सिढी, भऱ्याङ्को माथिल्लो खुडकिलो; कुर्कुच्चामा खियाइ रोक्न वा आवाज बन्द गर्ने जडेको धातु वा रबडको पातो; पांग्राको भुँमा जोरिने भाग, विक्रम; पटरी छुने रेलको पांग्रा, वा पांग्राले छुने रेलको पटरीको भाग; पादयष्टीको गोडा अड्याउने भाग, गोडा अडान, जुत्ताको भुँमा छुने भाग; साइ-

कलको पाउदानहरूको वीचको दूरी;—mill चल्ने खुडकिलोमा मानिस वा घोडाले टेक्दा गति उत्पन्न हुने (अघि सजायको रूपमा चलन हुने) टेकघट्ट, (अलं०) उच्चाट लाग्ने एकनासे काम;—-wheel टेकपांग्रा, टेकघट्ट वा समान उपकरण ।

treadle (ट्रे'ड्ल्) ना. र क्रि. खुट्टाले चलाएर यंत्रलाई गति दिने उत्तोलक, पाउदान;—-machine,—press पाउदानले चल्ने मुद्रण यंत्र; क्रि. पाउदान चलाउनु ।

treason (ट्री'ज़न्) ना. (high—पनि) राजद्रोह; (अलं०) विश्वासघात, दगा, धोखा (पक्ष, साथी, इ० प्रति); constructive—(का०) राजद्रोह भनी नठानिए वा थाहा नभए तापनि सोको बराबर मानिने; misprison of—राजद्रोहको दपोट;—-felony राजद्रोह खत, राजालाई पदच्युत गर्ने, लडाइँ मच्चाउने इ० प्रयत्न (संसद्लाई दबाउनालाई व्यवस्था फेर्नालाई, वा बाह्य आक्रमण गराउनालाई) ।

treasonable (ट्री'ज़नेब्ल्) वि. राजद्रोही, दगापूर्ण, राजापथ्यकारी ।

treasure (ट्रे'ज़र्) ना. र क्रि. दौलथ, धन, कोष, धनराशि; अलभ्यता, कारिगरी, सहवास, इ० को कारणले कदर गरिने वस्तु, ज० कि art—s कलानिधि; (बो० चा०) प्रिय व्यक्ति, खा० ग० बालक; अति कार्य दक्ष वा उत्तम व्यक्ति, उदा० चाकर, नोकर; क्रि. मूल्यवान् ठानी जतन गर्नु, साँच्नु, राख्नु; स्मरणमा राख्नु (व्यक्तिको रूप, बोली, ढाँचा, इ०);—-city (बाइ०) ठूला बजार इ० रहेको;—-house जहाँ दौलथ (खा० ग० अलं०) राखेको हुन्छ;—trove कल्याण धन ।

treasurer (ट्रे'ज़रर्) ना. खजान्ची, तहबीलदार, कोषाध्यक्ष, कोशाधीश; अर्थाधिकारी, धनाध्यक्ष ।

treasury (ट्रे'ज़रि) ना. ढुकुटी, तहबील, कोषागार, माल, तोषाखाना, कौशी, कोशगृह, भाण्डागार; (अलं०) पुस्तक, व्यक्ति, जो समाचारले भरिपूर्ण मानिन्छ;—bill सरकारी ऋणपत्र;—note=currency note (अघि) सरकारी कोषले निकाल्ने कागते नोट ।

treat (ट्रीट्) क्रि. र ना. व्यवहार गर्नु, बेहोर्नु; सरोकार राख्नु, क्रिया उपयोग गर्नु, सेवन गर्नु, रासायनिक द्रव्य व्यवहार गर्नु; साहित्य वा कलामा पेश गर्नु, हात लाउनु, व्यञ्जन गर्नु; (मतदान) मतदाताहरूलाई (प्रभाव पार्न) भोज वा पेय खवाउनु, ज० वा०—ing खानपीन; शर्तको लागि छलफल गर्नु; (व्यक्ति) आफ्नू खर्चमा खानपीन गराउनु; उपचार गर्नु (रोगमा); ना. आनन्ददायी वस्तु; मनोरञ्जन; आहारविहार, (खा० ग० स्कूले विद्यार्थीहरूको लागि); stand—आहार, पान, इ० को खर्च बेहोर्नु;—able व्यवहारयोग्य;—er ना. भोज दिने, पान गराउने ।

treatise (ट्रीटिज़्, स्) ना. खास विषयका उपर लेखिएको साहित्यिक रचना; निबन्ध, ग्रन्थ लेख ।

treatment (ट्रीट्'मेण्ट्) ना. आचरण, ब्यवहार, कारवाइ: उपचार, औषधीमूलो, इलाज, उपक्रमण ।

treaty (ट्री'टि) ना. (राष्ट्रहरूका बीचको) सन्धि, समझौता, अहद, जाफता; (व्यक्तिहरूका बीच) समझौता, मञ्जूरनामा; be in—वार्ता, छलफलमा हुनु;—port विदेशी व्यापारको लागि सन्धिले खुला राख्नुपर्ने स्वतंत्र बन्दरगाह; private—निजी कुराकानी, बन्दोबस्त ।

treble (ट्रे'ब्ल्) वि. र ना. तीनगुना, तेहोरो, त्रिगुण, त्रिविध, तेब्बर, ज० वा० trebly क्रि. वि. तेब्ब्याएर; (केटाको) तीखो स्वर, तारस्वर;—chance फूटबलको खेलको नतीजामा) जुवा खेल्ने विधि; ना. तार स्वर, तीखो स्वर; क्रि. तीनगुना गर्नु, तेब्ब्याउनु ।

trecento (ट्रेचेन्'टो) ना. इटलिको साहित्य र कलामा चौधौं ईस्वी शताब्दी (इटालियन) ।

tree (ट्री) ना. र क्रि. रूख, वृक्ष, तरु, गाछी; विभिन्न प्रयोजनको लागि काठको टुक्रा वा रचना, ज० कि axle—धूर डण्डा; boot—जुत्ताको आकार बिग्रन नदिने त्यसभित्र कसेर हाल्ने काठ; roof—धुरी; saddle—काठीको साँचो; (आ०) फाँसीको तख्ता, (खा० ग० क्राइस्टलाई) झुण्ड्याउने क्रूश; Christmas—बडा दिनमा सिंगारेर सौगात झुण्ड्याउने बनावटी रूख; (गणि०) शाखादार, रेखाहरू भएको चित्र; family वा genealogical—वंशवृक्ष; up a—(अलं०) च्यापामा परेको, बिलखबन्द; at the top of the—टुप्पोमा, आफ्नू पेशा वा काममा सर्वोपरि;—-milk लङ्कामा दूधको साटो चलन हुने बिरुवाको रस;—of knowledge (बाइ०) ज्ञानवृक्ष; क्रि. (पशु, अलं० व्यक्ति) रूख चढ्न लाउनु (लखेटेर), (बूट, जुत्ता, मा) काठ कोच्नु ।

trefoil (ट्रे (ट्रि) फॉयल्) ना. र वि. तीन पाते, त्रिपर्ण, त्रिदल; तीन लोतामा सजाएको बुट्टा, इ० ।

trek (ट्रेक्) क्रि. (-kk-) र ना. (बैल) गाडा तान्नु, बोझ खिच्नु; गाडा चढेर सफर गर्नु; बसाइ सर्नु; बिस्तारै बढ्नु; पैदल सफर गर्नु (खा० ग० टाढा जाँदा); ना. तेस्रो सफर, प्रत्येक वास, नियमित निर्गमन, पैदल यात्रा (द० अफ्रिका) ।

trellis (ट्रे'लिस्) ना. र क्रि. (—work पनि) आँखेझ्याल, जाल मार्ग, वधूटशयन, काटको छेका, टाँड पारेर आँखेझ्याल बनाएको छेका, धातु वा तारको सोही प्रकारको रचना, जाली; जालीदार कठवारको बगैंचे (ग्रीष्म) घर, छेका, इ०; क्रि. (लहरा इ० लाई) कप्टेराको रचनाले आड दिनु ।

tremble (ट्रे'म्ब्ल्) क्रि. र ना. काम्नु; (अलं०) थरथराउनु; नाजुक अवस्थामा पुग्नु; ना. कम्प, कम्पन, प्रकम्पन; (बो० चा०) all of a—थर्थर; (व० व०) वस्तुको रोग; trembling ना. कम्प, प्रकम्पन ।

trembler (ट्रे'म्ब्लर्) ना. शा० अ०, खा० ग० वा पनि: वैद्युत् प्रवाह जोर्ने वा तोड्ने स्वचालित आन्दोलक; बिजुलीको घण्टी ।

tremellose (ट्रे'मलोस्) वि. (वन०) थलथले, जेली जस्तो थलथल गर्ने ।

tremendous (ट्रिमेन्'डस्) वि. घोर, दारुण, डरलाग्दो, भयङ्कर, (बो० चा०) निकै, ज्यादा;—ly क्रि. वि. अति,

ज्यादा;—ness ना. बृहत्ता ।

tremolant,—ulant (ट्रे'म (म्यू) ल्याण्ट्) **ना.** अर्गन बाजामा कम्पन स्वर निकाल्ने साधन ।

tremolo (ट्रे'मलो) **ना.** (संगी०) गाउँदा वा धनुद्वारा बजाइने वाद्यमा विलुलित स्वर ।

tremor (ट्रे'मर्) **ना.** (पात, अवयव, स्वर, व्यक्ति) प्रकम्प, स्फुरण, कम्पन, कम्प; (डर, खुशी, इ०) रोमाञ्च, थरथर; earth—हल्का भैँचालो; intention—अङ्गमा, केही गर्न लाग्दा, इच्छा कम्पन; metallic—धातुकम्पन, धातुको काम गर्नेहरूमा हुने कम्प ।

tremulous (ट्रे'म्यूलस्) **वि.** कम्पायमान, काम्ने; विलुलित, उल्लल, तरंगित, चिकुर; डरपोक, दोधारे, हिच्किचे;—line हातले कोरेको रेखा;—ly **क्रि. वि.** कम्पसहित;—ness कातरता, कम्पशीलता, चपलता ।

trench (ट्रेन्च्) **क्रि. र ना.** भैँमा सुरुङ्ग खन्नु; (खेतमा) लामू जोत वा खन गरेर माटो पल्टाउनु; (काठ) खोल्सा काट्नु; सुरुङ्ग काटेर अघि बढ्नु, सर्नु; (व्यक्तिको हक, पर्दा) ओगट्नु, हाप्नु; (विधर्म, अश्लीलता, पाखण्ड, इ०) नजीक पुग्नु;—er **ना.** खनक; **ना.** सुरुङ्ग, (सेना०) दुई अढाई गज गहिरो सुरुङ्ग दुवैपट्टि माटाको भित्तासहित; open the—es सुरुङ्ग खन्नु; mount the—es सुरुङ्गमा पालो राख्नु;—cart सुरुङ्ग गाडी (नीचा पहियासहितको);—coat तगुवा;—fever जुम्राबाट सर्ने सुरुङ्गे जरो;—foot पानीमा ज्यादा उभिंदा खुट्टा र गोडाको रोग, छाला उक्किने;—mortar सुरुङ्ग तोप ।

trenchant (ट्रे'न्'च्याण्ट्) **वि.** लाग्ने, कडा, तेज, ज० कि—sword, blade लाग्ने तरवार, (अचेल अक्ष० अर्थमा विर०), (अलं०, शैली, भाषा, नीति, इ०) छेड्ने, चिर्ने, घोच्ने, तीखो; निर्णायक, जोरदार;—cy **ना.** तीक्ष्णता, तीखोपन, कडुता ।

trencher (ट्रे'न्'चर् **ना.** खनक; काठको थाल वा रिकाबी (टेबुलमा पाउरोटी काट्ने); (आ०) खानाको मजा, सु० वाच्य वा संयोगमा, उदा०—companions सहभोजी;—valiant आहार वीर; good, poor, इ०—man वेस, थोरै, खाने (खञ्चुवा, टमारिने);—cap महाविद्यालयमा खाँदा लाउने चारकुने टोपी;—fed अलग अलग पालेका शिकारी कुकुर, (शिकार संस्थाका एकै कुत्ताखानमा पालेको होइन) ।

trend (ट्रे'ण्ड) **क्रि. र ना.** तोकिएको दिशामा रहनु, तोकिएको दिशातिर मोडिनु वा घुम्नु, उदा० coast—s towards south किनारा दक्षिणपट्टि ढल्कन्छ; (अलं०) मुख्यसँग फर्कनु, सामान्यतः दिशामा रहनु; **ना.** सामान्य दिशा, प्रवृत्ति (खा० ग० अलं० घटना, राय, इ०) मेहेरा, ढाँचा, झुकाउ ।

trental (ट्रे'न्'टल्) **ना.** मृतात्माको लागि क्रमशः तीस दैनिक पाठ ।

trente-et-quarante (ट्राँट् ए क्यारॉँट्) **ना.** =rouge-et-noir (ताशले) जुवाको खेल; (फ्रे०)

trepan (ट्रिप्यान्') **ना. र क्रि.** (-nn-) गोल करौंती, गिदी माथिको दबाव हटाउनालाई खप्परको टुक्रा काट्ने शल्य चिकित्सकको गोलाकार करौंती; भैँमा गाउने खम्बाको प्वाल पार्ने छेदक यन्त्र; क्रि. गोल करौंतीले खप्परमा प्वाल पार्नु;—ation **ना.** कपालच्छेदन;—ning **ना.** कपालच्छेदन; फँसाउनु, छल्नु, बहकाउनु, झुक्क्याउनु, भोर्नु, करनी हान्नु ।

trepang (ट्रिप्याङ्ग) **ना.** चीनमा सुरुवा बनाउन काममा ल्याइने भक्ष्य समुद्री चिप्ले कीरा ।

trephin/e (ट्रिफीन्',—फाइन्') **ना. र क्रि.** केन्द्रमा कीलो भएको संशोधित गोल करौंती; **क्रि.** सोले रोगीको खप्पर, आँखाको डल्लो, जीउ, मा चिर्नु;—ation **ना.** छेदन ।

trepidation (ट्रेपिडे'शन्) **ना.** आशंका, डर, भय, उद्वेग, संक्षोभ, डरभर, संभ्रम, चटारो; अंगको कम्पन (वातमा); थरथर ।

trespass ट्रे'स्'पस्) **क्रि. र ना.** अनधिकार प्रवेश गर्नु, अतिक्रम गर्नु, ओगट्नु, हाँप्नु; आर्काले आफ्नू गराएको कुरामा हात हाल्नु; (भलमनसियत बोलीमा) अनुचित दावी गर्नु, उदा०—on your kindness मेहरबानीबाट फाइदा उठाउनु; (अचेल सा०) नियम विरुद्ध, अपराध गर्नु;—er **ना.** अतिक्रामक, घुमाहा; **ना.** अपराध, कानूनको उल्लंघन; (का०) अपराध, खतबात, आर्काको घर जग्गामा नुकसानसहित अतिक्रमण, मिचाइ ।

tress (ट्रे'स्) **ना. र क्रि.** कपालको भाग, कबरी, खंकर, जुल्फी, अलख, चुल्ठो, केश कलाप, गुजुल्टो (खा. ग. स्त्री वा लडकीको); (ब. व.) खा. ग. स्त्रीको रौं (कपाल); **क्रि.** कपाल कोर्नु, चुल्ठो बाट्नु, केश सँभाल्नु ।

trestle (ट्रे'स्ल्) **ना.** पाउ, अडान (टेबल, सिकर्मीको काठ अडयाउने) धे० ज० दुई छेउमा तेर्सो दुई छेउमा तेर्सो दुई गोडा भएको बार ।

tret (ट्रेट्) **ना.** (ऐति०) अघि ढोवानीमा जर्तीको लागि गाहकलाई दिइने थप तौल, बाद, फोसा ।

trews (ट्रूज्) **ना.** (ब. व.) टार्टन कपडाको चुस्ता, खा. ग. कोही स्कटिश गणले लाउने ।

trey (ट्रे) **ना.** तिर्की, तिक्का, तिनकाना (ताश वा पाशा) ।

tri—उ. =ल्या० र ग्री० tri, त्रि;—basic त्रिमूलक;—brachial त्रिभुज (औजार, कृषिको);—centenary=tercentenary त्रिशताब्द, त्रिशतवार्षिकी;—chord त्रिसूत्री (वाद्य);—chromatic तिरंगा;—corn तीनसिंगे;—crotic त्रिताल (नाडी);—cuspid तीन चुच्चे, त्र्यग्र, उदा०—cuspid valve तीन चुच्चे कपाट (मुटुको);—dactyl तीन औंले;—dentate तीन दाँते;—dimensional त्रिपरिमाणीय;—facial त्रिमुखी;—floral त्रिकौसुम;—foliate त्रिपत्रीय;—form (ed) त्रिभागीय, त्रिदेही;—gram,—graph एक ध्वनि जनाउने ३ अक्षरको समूह, त्र्याक्षर;—lateral त्र्याश्र;—lith ३ पत्थरको स्मारक, दुई खडा एक शिरमा तेर्सो;—mensual,—mestrial त्रिमासीय;

—morphism,—morphous (प्रा. वि., वन र मणिभ.) त्रिरूपकता, त्रिरूप;—nomial त्रिपदीय (बीजगणितमा); tripthong एक ध्वनि व्यन्जन गर्ने तीन स्वर अक्षर;—radial त्रिकिरणीय;—tone त्रिताल;—valent (र० शा०) तीनको संयोग शक्ति भएको, त्रिवन्धक ।

triable (ट्रा'येब्ल्) वि. परीक्षणीय ।

triacontahedral (ट्रायाकॉण्टाही (हे 'ड्रल्) वि. त्रिंश पक्षीय, त्रिशतलीय ।

triad (ट्रा'यड्) ना. त्रिक, तीनको समूह, त्रिमूर्ति; (र. शा.) त्रिवन्धक, त्रितय, तीनको संयोग शक्ति भएको तत्व वा मूलिक; (संगी०) साथै ध्वनित हुने तीन स्वरको समूह; वेल्सको तीन तीनको समूहमा सजाइने साहित्यिक रचना ।

triage (ट्रा'यज्) ना. कफी व्यूको छोक्रा; (फ्रे०) ।

trial (ट्रा'यल्) ना. परीक्षा, जाँच, प्रयोगात्मक वर्ताव, वस्तुको गुणको परख; (वाच्य०) परीक्षात्मक, प्रयोगात्मक;—heat परीक्षात्मक प्राथमिक खेल, दौड, कसरत, जुन जितेमा मात्र अन्तिममा सरीक गराइन्छ; कठिनाइ, असुविधा, कष्ट; मामला, पुर्पक्ष, पुर्पच्छे; झमट, परीक्षा, प्रयत्न; new—मुद्दा दोहन्याउनु;—balance परीक्षा कुल (दोहोरो लेख राख्ने प्रणालीमा);—match ठूलो खेलमा खेलाडी छान्ने परीक्षण खेल;—trip (नयाँ जहाजको) परीक्षण सफर; (अलं०) प्रयोग, परीक्षा ।

triangle (ट्रा'याङ्ग्ल्) ना. त्रिकोण; त्रिभुज; equilateral —समद्विभुज; isoceles—समद्विवाहु; scalene—विसमभुज; right—angled ऋजुकोणीय; समकोणीय; spherical—वर्तुल त्रिकोण; एकै रेखामा नरहेका कुनै तीन बिन्दु र तिनलाई जोर्ने रेखाहरू; सो आकारको औजार वा ज्यावल; (संगी०) त्रिकोणाकारमा दोब्र्याएको पालिसदार इस्पातको फलामे डण्डाले हान्ने वाद्य यन्त्र, त्रिकोण; (ऐति०) सिपाहीलाई कोर्रा ठोक्ने ठिङ्गुरो (भाला जोरेर वनाएको); eternal—दुई स्त्री एक पुरुष वा उल्टो;—s of the neck शल्य चिकित्साको प्रयोजनको लागि गर्दनको विभाजन गरिएका प्रदेश; T—उत्तरीय नक्षत्र; solution of a—(ज्या०) त्रिकोणका कोही कोण वा भुजा दिइएमा अरू पत्ता लगाउनु, त्रिकोणको हल;—of forces बल त्रिकोण, जसको भुजाले साम्यमा रहेका तीन बलहरूका परिमाण र दिशाको प्रतिनिधित्व गर्दछन्, त्यस्ता बलहरू त्रिकोणका भुजाद्वारा प्रदर्शित गर्न सकिन्छ भन्ने सिद्धान्त ।

triangular (ट्राइअ्या'ङ्ग्यूलर्) वि. त्रिकोण, त्रिभुजाकार, त्रिकोण कृति, तीन कुने, तिकौनी, त्रिपार्श्व;—treaty, duel, इ० त्रिपक्षीय सन्धि, द्वन्द्व, इ०;—numbers १, २, ३,··· श्रेणीको कुल जति सुकैपदसम्म ली बनेका संख्या, ज० कि १, ६, २८, ५५, इ०;—pyramid त्रिकोण स्तूप, त्रिकोण आधारमा खडा गरिएको स्तूप;—ity ना. त्रिकोणता;—ly क्रि वि. त्रिकोणतः ।

triangula/te (ट्राइअ्या'ङ्ग्यूलेट्) क्रि. र वि. त्रिकोण पार्नु; सर्भेक्षणको लागि क्षेत्रलाई त्रिकोणहरूमा विभाजित गर्नु; (उँचाइ, दूरी, इ०) यस तरीकाले पत्ता लाउनु;—tion ना. त्रिकोणीकरण; वि. (पशु०) त्रिकोण अंकित ।

Trias (ट्राइ'अ्यास्) ना. (भूतत्व०) चट्टानको श्रेणी वा किसिम ।

tribadism (ट्राइ'बडिज्म्) ना. स्त्रीहरूका बीचमा अप्राकृतिक व्यभिचार, घर्षण ।

tribal/ism (ट्राइ'वलिज्म्) ना. जातीय, वर्गीय, संगठन; —ize क्रि. जातीय गराउनु ।

tribe (ट्राइब्) ना. जाति, आफआफ्ना मुखियाले शासित आद्य जातिहरूको समूह; (रो० इ०) रोमनहरूको राजनैतिक विभाजन, शुरूमा ३ र अन्तमा ३५ थिए; त्यस्तै प्राकृतिक वा राजनैतिक विभाजन, ज० कि इज्रायलका १२ जाति; (पशु०, वन०) बिरुवा र पशुको समूह; (सा० हे०) एकै पेशाका व्यक्तिहरूको समूह;—sman जातिको सदस्य; tribal जातीय, वर्गीय ।

triblet, tribolet (ट्रिब्'लिट् , ट्रि'वलिट्) ना. नली, मुन्द्री, इ० वनाउँदा ख़राजमा जडिने धूर ।

tribometer (ट्रि (ट्राइ) बॅ'मिटर्) ना. अचक्रयानको आकारको घर्षणमापक ।

tribrach (ट्राइ'ब्र्याक्) ना. तीन ह्रस्व पदको छन्द;—ic ह्रस्व ।

tribulation (ट्राइब्यूले'शन्) ना. यातना, क्लेश, कडा परीक्षण, कठोर परीक्षा, कष्टर, लित्ति, हण्डर, सकस, फजिती, भुटो ।

tribunal (ट्राइब्यू'नल्) ना. धर्मासन, न्यायासन; अदालत, इजलास (अलं० पनि, ज० कि—of public opinion आम मतको इजलास); विशेष अदालत; विशेष समिति; त्रैविद्य ।

tribune (ट्रि'ब्यून) ना. (रो० इ०) शुरूमा २ र पछि १० दुनियाले आफ्नू स्वार्थ र हित रक्षाको खातिर छानेका अधिकारीहरूमध्ये प्रत्येक; जनपक्ष; सैनिक, वित्तीय वा अन्य प्रकारका अधिकारी; (संक्र०) जनताको नेता वा गुरु; अखबारको नाम; रोमन गिरजामा उठेको भैं; गिरजामा धर्माधिकारीको उठेको आसन; मञ्च, वेदी, खा० ग० फ्रान्सको लोकसभाका सभामुख बस्ने ठाउँ ।

tributary (ट्रि'ब्यूटरि) वि. र ना. करद, सामन्त; प्रवर्धक, पोषक; (नदी) पोषक; ना. करद राष्ट्र, व्यक्ति, पोषक नदी, शाखा, सहायक नदी ।

tribute (ट्रि'ब्यूट्) ना. राजा रजौटा वा राष्ट्रले सम्राट वा रक्षक राष्ट्रलाई (वश्यता, रक्षा, शान्ति, वा सन्धिपत्रबमोजिम) दिइने कर, शुल्क (नगदी वा जिन्सी); (अलं०) उपहार, चन्दा, प्रदेय, दाय, प्रदाय; वश्यावस्था; (अलं०) सौगात, नजराना, श्रद्धाञ्जली; सम्मानसूचक कार्य वा वचन; (खानि०) धोको प्रतिशत, वा त्यसको बराबर मूल्य, मेहनतानाको रूपमा खनकलाई दिइने;— - work जिन्सीमा ज्याला दिइने काम ।

tricar (ट्राइ'कार्) ना. तीन पांग्रे (सवारी) ।

trice (ट्राइस्) क्रि. (नौ०) तान्नु, तान्नु र बाँध्नु; ना. क्षण,

मूहूर्त्त, n a—एक क्षणमा ।

triceps (ट्राइ'सेप्स) वि. र ना. त्रिशिर (पेशी); ना. त्रिशिर पेशी, खा० ग० पाखुराको पछिल्तिर ठूलो पेशी ।

trichi (ट्रि'चि) ना. trichinopoli को छो० क०=हिन्दुस्थानी चुरोट वा सिगार ।

trichiasis (ट्रिकाइअसिस्) ना. रौं जस्तो धर्सो पिशाबमा देखा पर्ने रोग; दूध ख्वाउने आमाको स्तनको रोग; परेला उल्टिनु; रौं जटा पर्ने लक्षण भएको रोग ।

trichina (ट्रि'किन) ना. (ब० व०—ae) मान्छे, सुङ्गुर, मूसा, इ० मा पाइने रौं जस्तो जूका, जसले ज्यान नुकसान पार्छ ।

trichinopoli (ट्रिचिनॅ'पलि) ना. हिन्दुस्तानी चुरोट वा सिगार ।

trich/(o)—(ट्रिक् (को) ग्री० थ्रिक्स thrix को यौगिक =रौं, केश;--ogen ना. —ogenous वि. केशवर्धक (ओखती);—ology केश विद्या;—opathic,—opathy केश रोग (को उपचार) ।

trichome (ट्रि' (ट्राइ) कोम्) ना. बिरुवाको बोक्राबाट उत्पन्न हुने केश, बोक्रा वा अन्य पदार्थ ।

trichosis (ट्रिको'सिस्) ना. केश रोग ।

trichotom/y (ट्रिकॅ'टमि) ना. तीनमा विभाजन, खा० ग० मानवी स्वभावलाई शरीर, आत्मा, र प्राणमा;—ous वि. त्रितय ।

trick (ट्रिक्) ना. र क्रि. चटक, छल, कपट, माया, खेल, धोखा, गाभ, गाँठी, छक्कापंजा, कडी, दाउ, पेच, थेगो; दक्षता; सीप, तरीका; विशेष ढाँचा, बानी; ठट्टा, मजाक, बेकाइदाको खेलवाड; (तास) हात; the odd—दुई पक्षले बराबर जितेर बाँकी रहेको हात, आखिरी हात; (नौ०) पतवार समात्ने पालो, सा० दुई घण्टा;—cyclist (अप०) मानस भिषग्;—-line पुतली नचाउँदा काममा ल्याइने डोरी;—scene पर्दा नखसालीकन बदलिने दृश्य;—wig चाहेमा रौं ठाडो पार्न हुने नकली केश; क्रि. छल्नु, ठग्नु; (वस्तु) निराश पार्नु, अचम्म पार्नु;—er,—ster कितव, वंचक, छली;—ery ना. प्रतारणा, कपट, छल, ठगी, जालझेल, झेल, छलछाम ।

trickle (ट्रि'कल्) क्रि. र ना. (झोल) थोपा थोपा वा सानू धारामा खस्नु, बग्नु; (अलं०) अलि अलि गरेर आउनु, ज० कि समाचार, निकासा; झोल थोपा थोपा वा सिर्कामा गिराउनु; ना. धारो, थोपा;—charger बिस्तारै विद्युत शक्ति भर्ने संचायक ।

tricksy (ट्रिक्'सि) वि. खेलवाडी, रमाइलो, सहजिएको, अचम्मको अपरिचित ।

tricky (ट्रि'कि) वि. धूर्त, लुच्चो, झेली, छलपट्टि ढल्कने, टार्नमा खपीस, प्रत्युत्पन्न, उपाय सोच्ने; (काम) चतुऱ्याइँ चाहिने, खण्डग्राह्य भएको, अप्ठ्यारो, नाजुक ।

triclinium (ट्राइ (ट्रि) क्लि'नियम्) ना. (रो० प्रा० इ०, ब० व०—ia) तीनतिर काउचसहितको खाने टेबल ।

tricoline (ट्रि'कलिन्) ना. रेशम सदृश महीन सूती पपलिन कपडा ।

tricolour,—or (ट्रि'कलर्) वि. र ना. (—ed वि० तिरंगा; तीन रंग भएको झण्डा खा० ग० विप्लवमा रोजिएको फ्रान्सको राष्ट्रिय झण्डा ।

tricot (ट्री'को) ना. बुनेको ऊनी कपडा वा सोको नकल; धर्सो परेको कपडा ।

tricycle (ट्राइ'सिक्ल्) ना. र क्रि. तीन पांग्रे साइकल (चढनु) ।

trident (ट्राइ'डेण्ट्) ना. त्रिशूल ।

Tridentine (ट्रिडेन्'टाइन्) वि. र ना. ट्रेण्टको परिषद् (सन् १५४५–६३) को, खा० ग० सोमा स्वीकृत सिद्धान्त र विधि (रोमन क्याथलिक धर्मको आधारको रूपमा); ना. रोमन क्याथलिक ।

triduo, triduum (ट्री'डूओ, ट्रि'डूअम्) ना. (रो. क्या.) त्रिदिन, त्रिदिवस (३ दिने व्रत); triduan वि. त्र्याहिक ।

triennial (ट्राइए'निअल्) वि. र ना. तीन वर्षे, ३ वर्षसम्म रहने वा ३ वर्षमा हुने, त्रैवार्षिक; ना. तीन वर्षे बिरुवा; तीन वर्षसम्म गरिने पाठ (मृत व्यक्तिको लागि) तृतीय वार्षिकोत्सव ।

tried (ट्रा'यड्) वि. try को भू० का०=कोशिश गऱ्यो; वि. खलि खाएको, अनुभवी ।

trier (ट्रा'यर्) ना. try को अर्थमा,=उद्यमी; (trior पनि) अदालतमा जूरीमा छानिएको व्यक्तिको विरुद्ध उजूर मनासीब हो होइन पुर्पच्छे गर्न नियुक्त व्यक्ति ।

trierarch (ट्रा'यरार्क्) ना. (ग्री० प्रा० इ०) तीन लहर डाँडीवाल डुङ्गाको समादेशक; आफ्नै खर्चमा तीन लहरे डुङ्गा खडा र ठीक राख्नालाई आदेश गरिने धनी व्यक्ति ।

trifid (ट्राइ'फिड्) वि. (वन० पशु०) पूर्ण वा आंशिक रूपले तीनगा विभाजित वा तीन चिरा परेको ।

trifle (ट्राइ'फल्) ना. र क्रि. तुच्छ, जाबो, फासफुस, अल्प; थोरै दाम; अलिकति, केही; अण्डा, मिठाई, बदाम, रक्सी, इ० फेटेको खाना; काँस; क्रि. खेलाँची गर्नु, फजूल कुरा वा काम गर्नु; —with हेलाँ वा ठट्टासँग व्यवहार गर्नु; समय खेर फाल्नु; (कृ०) गौण, अप्रधान, सानू, तुच्छ;—r ना. ठट्टाबाज, खेलाँची गर्ने ।

trifling (ट्राइ'फ्लिङ्) वि. स्वल्प, नगण्य, जाबो, सानूतिनू, खाइखुइ, फासफुस, चानचुन, तुच्छ, बेगिन्तीको ।

triforium (ट्राइफो'रिअम्) ना. (ब० व०—ia) गिरजामा गुम्बजमाथि छानादार बरण्डा ।

trig (ट्रिग्) वि., क्रि. र ना. छरितो, ठाँटी, टम्म परेको, चिट्ट परेको; क्रि. सिंगार्नु, ठाँट पार्नु; पांग्रालाई ढुङ्गो, पचकर, इ० ले गुड्नबाट रोक्नु, थाम्नु; ना. (पांग्रा रोक्ने) पचकर, ढुङ्गो; trigonometry को स्कूले छो० क० trig ।

trigam/ous (ट्राइ'ग्यामस्) वि. तीन बिहे भएको, तीन पोइ वा स्वास्नी भएको;—ist ना. तीन (लोग्ने वा स्वास्नी) वाला;—y ना. त्रिविवाह; (वन०) पुरुष, स्त्री र, नपुंसक केशर

एकै शिरमा भएको ।

trigger (ट्रि'गर्) **ना.** र **क्रि.** तान्ने, कर्षक, चुकुल वा कमानी फुस्काउने उपकरण, खा० ग० बन्दूकको जिब्रो जसले घोडाको हान्ने फुस्काउँछ; शृङ्खलाबद्ध प्रतिक्रिया प्रारम्भ गर्ने कारक; hair—मुख्य तान्नेलाई छोड्ने दोस्रो (गौण) तान्ने, केशकर्षक;—-happy कर्षक मौजी, सानू कुरामा पनि बन्दूक चलाउन खोज्ने; **क्रि.** (-off पनि) चालु गर्नु, उठान गर्नु, अध:क्षेपण गर्नु;—ed (ट्रि'गर्ड्) छुट्न, छोड्न, तयार, भएको ।

trigon (ट्राइ'गॅन्) **ना.** (ज्यो०) राशिको (जल, पृथ्वी, वायु र अग्नि) को समूहमध्ये प्रत्येक; नापमा चलन हुने त्रिकोण औजार; (गणि०) त्रिकोण;—ic **वि.** त्रिकोणीय ।

trigonal (ट्रि'गनल्) **वि.** (गणि०) त्रिकोणीय; (वन०, पशु०) अनुप्रस्थ परिच्छेदमा त्रिकोणाकार ।

trigonomet/ry (ट्रिगनॅ'मिट्रि) **ना.** त्रिकोणमिति;—er **ना.** समकोण त्रिभुजको परीक्षाद्वारा हल गर्ने यन्त्र; त्रिकोणमितिविद् ;—rical **वि.** त्रिकोणमितीय ।

trike (ट्राइक्) **ना.** र **क्रि.** (बो० चा०) तीन पांग्रे साइकल (चढ्नु) ।

trilby (ट्रिल्'बि) **ना.**—hat जमठको नरम टोप ।

trill (ट्रिल्) **क्रि.** र **ना.** (व्यक्ति वा वस्तु) काँपेको स्वर निकाल्नु, स्वर कमाउँदै गाउनु;—ing laughter कम्पशील हाँसो; **ना.** स्वर कम्प; सोर कमाएर उच्चारण हुने व्यञ्जन, उदा० 'र' ।

trilling (ट्रि'लिङ्) **ना.** तीन पत्रे संयुक्त मणिभ; एकै जन्ममा भएका तीन बच्चामध्ये प्रत्येक ।

trillion (ट्रि'लियन्) **ना.** र **वि.** १ पछि १८ शून्य; (फ्रे०) १ पछि १२ शून्य ।

trilobite (ट्रि (ट्राइ)'लबाइट्) **ना.** लुप्त सन्धि विशिष्ट तीन लोतो वा खण्ड भएको पशु ।

trilogy (ट्रि'लजि) **ना.** (ग्रो० प्रा० इ०) लगातार प्रदर्शन गरिने तीन वियोगान्त नाटक समूह; तीन साहित्यिक रचना, भाषण, इ० (आफैमा पूर्ण, तर सम्बन्धित विषय भएको) को समूह ।

trim (ट्रिम्) **वि.**, **क्रि.** (—mm—) र **ना.** टामट्ुम, छरितो छाँट परेको, कसिएको, चिट्ट, सुव्यवस्थित, सफा;—ly **क्रि. वि.** ठीकसँग, छरितो गरी;—ness छाँट, सुथरापन; **क्रि.** काटछाँट गर्नु, मिलाउनु, साफसुथरा पार्नु; बढ्ता वा अमिल्दो, वा नराम्रो, भाग हटाउनु (बत्ती, झाडी, दाह्री, इ०) छिमल्नु, छाँट्नु, बेढाउनु, कर्तन गर्नु; (व्यक्ति, आफू, इ०) सजिनु, ठाँटिनु; (माछाको हूल) किनारा नगीचै आउनु; (नौ०) जहाज, डुङ्गा, इ० को सन्तुलन मिलाउनु (लाद, यात्री, इ० को बोझ बाँडेर); (पाल, खम्बा) बताससँग मिलान गर्नु; राजनीतिमा मध्यमार्गी स्थान लिनु, लड्ने दलहरूसँग टाँसिन नजानु, ताक हेरुवा हुनु; अवसरवादी बन्नु; (बो० चा०) तीखो झाँट्नु, पिट्नु, पैसा ठग्नु, कारोबारमा हराउनु;—(person's) jacket (बो० चा०) पिट्नु, कोर्रा ठोक्नु; **ना.** व्यवस्था, बन्दोबस्त, सज्जा, अवस्था; (स्वास्थ्य, पोशाक, इ० को) अवस्था; (जहाज, वा अलं०) युद्धलाई तयार ।

trimeter (ट्रि'मिटर्) **ना.** र **वि.** त्रिपद (श्लोक), खा० ग० iambic—ह्रस्व दीर्घ छन्दको त्रिपद श्लोक ।

trimmer (ट्रि'मर्) **ना.** शा० अ०, खा० ग० : लुगा फाटो काटछाँट गर्ने; अवसरवादी व्यक्ति, ताकहेरुवा; छिमल्ने औजार, कैंची; छेउमा आर्को काठको चुकुल लिने गरी प्वाल काटेको काठ ।

trimming (ट्रि'मिङ्) **ना.** शा० अ०, खा० ग० : लुगामा लेस इ० को बुट्टा; (ब० व०, बो० चा०) (साँप्रोको) छेउ छाउ, लाम्टालुम्टी ।

trine (ट्राइन्) **वि.** र **ना.** त्रिक, त्रितय, तीन गुना;—al **वि.**—ary **वि.** त्रिधा; (ज्यौ०) त्रिक; **ना.** दुई नक्षत्रको संग्रह ।

tringle (ट्रि'ङ्गल्) **ना.** पर्दा डण्डा; पलङ्गको चँदुवा थाम्ने डण्डा; (भव०) सानू चौकोस बुट्टा; (तोप) परापतन रोक्ने (मंचको) छेका ।

trinitrotoluene,—uol (ट्राइनाइटोटॅ'ल्यूईन्,—ओ (अ) ल्) **ना.** (छो० क०) T. N. T. तीव्र विस्फोटक ।

trinity (ट्रि'निटि) **ना.** त्रैत्य, त्रय, त्रिक; the T—तीन पुरुषको संयोजन, पिता, पुत्र र आत्मा (क्रिस्तानी); T—Brethren, T—House का सदस्य, जसबाट नदीका चालक, पथ प्रदर्शक, दीपगृह, इ० को बन्दोबस्त हुन्छ ।

trinket (ट्रिन्'किट्) **ना.** कंकण, गहना गुरिया; सानू रुचिकर वस्तु;—ry **ना.** (सस्तो) गहना, सिंगार (को माल) ।

trio (ट्री'ओ, ट्रा'यो) **ना.** (ब० व०—s) (संगी०) तीन मौखिक वा वाद्य अंशहरूको लागिको रचना; तीनको समूह, त्रय, त्रिक, त्रैविध्य, त्रैगुण्य ।

triode (ट्रा'योड्) **वि.** (रेडियो कपाट) तीन विद्युत्द्वार भएको ।

triole (ट्री'ओल्) **ना.** (संगी०) तीन पंक्तिको श्लोक ।

triolet (ट्रा'यलेट् वा ट्री'—) **ना.** आठ पंक्तिको खास ढाँचाको अन्त्यानुप्रास भएको कविता ।

Triones (ट्रायो'नीज्) **ना.** ब० व०=Charles's wain ।

trior (ट्रा'यर्) trier को दोस्रोरूप,=अदालतमा जुरीबारे छानविन गर्ने व्यक्ति ।

trip (ट्रिप्) **क्रि.** (—pp—) र **ना.** हलुका पाइलासँग हिंड्नु वा नाच्नु (अलं० तालबारे), हलुकासँग दौडनु;—pingly लघु चालले; (आ०) यात्रा गर्नु, सफर गर्नु;—per **ना.** (अचेलको अर्थ) सफर गर्ने व्यक्ति, पर्यटक, यात्री, खा० ग० छोटो, वा दिनभरिको सफर गर्ने; लरखराउनु, भर्माराउनु, रडकिनु, गलती गर्नु, अपराध गर्नु, अनैतिक काम गर्नु, अप्रसंगको काम वा कुरा गर्नु; अल्झाउनु, झिर्के दाउ हाल्नु; भूल पत्ता लाउनु; (नौ०) सिक्रीले लंगूर खसाल्नु; चुकुल

खोलेर (यन्त्रको भाग) खोल्नु; **ना.** विहार, सफर, समुद्री सफर, गमन, यात्रा, छोटो सफर, रमिताको यात्रा; round —आतीजाती: छिटो वा फुर्तिलो पाइला; ठेस, ठक्कर, झिर्के दाउ; समुद्री यात्रामा मारेको माछा;—hammer एक छेउ स्थिर राखिने हतौडी।

tripartite (ट्रिपाअ्र्'टाइट् वा ट्रि'पाअ्र्टाइट्) **वि.** त्रिपक्षीय, त्रिभाग, त्रिखंड; (वन० पात) तीन भागमा बाँडिएको;—indenture त्रिभागीय वा तीन प्रति भएको प्रतिज्ञापत्र, समझौता;—treaty त्रिपक्षीय सन्धिपत्र;—ly **क्रि. वि.** तीन पक्षले; tripartition त्रिविभाग।

tripe (ट्राइप्) **ना.** (पशु, साँढे, बोका, खसी) खाद्यको रूपमा भुँडी; (अचेल ग्रा०, व० व०) आन्द्राभुँडी; (अप०) रद्दी कुरा, वाहियात, तातोछारो, सजिलो बल (क्रिके०);—-de-roch (ट्रीप्'ड रोश्') शिकारमा अरू नपाउँदा ढुंगाबाट पाइने तीतो पोस लाग्ने वनस्पति खाद्य;—man **ना.** भुँडी पखालेर बेच्ने मानिस।

triplane (ट्राइ'प्लेन्) **ना.** तीन पखेटा भएको वायुयान।

triple (ट्रिप्ल्) **वि. र क्रि.** तीन गुना, तेब्बर, तीन भागको, त्रिगुण, त्रिविध, त्रिभाग; T—Alliance ऐतिहासिक त्रिपक्षीय सन्धि (विभिन्न राष्ट्रहरूका बीचमा);—crown पोपको तीन तहको मुकुट, त्रिविधमुकुट; T—Entente (ट्रीप्ल् आँटाँट्) तीनपक्षीय मैत्री; **क्रि.** तीन गुना बढ्नु, तेब्बरिनु; तेब्बर हुनु; (यंत्र) तेब्र्याउनु, तेब्बर विस्तारको गराउनु।

triplet (ट्रि'प्लेट्) **ना.** तीन वस्तुको समूह; अन्त्यानुप्रास भएको तीन श्लोक; (संगी०) दुईको समयमा बजाइने (गाइने) तीन लय; (नौ०) सिक्रीको तीन मुन्द्री।

triplex (ट्रि'प्लेक्स्) **वि. र ना.** तेब्बर, तीन गुना;—glass चूरमार नहुने विशेष ऐना, ऐनाको दुई पत्रका बीच प्लास्टिकको ताउ हालेर बनाएको हुन्छ; (संगीत) तीन ताल; त्रिभागीय रचना।

triplicate (ट्रिप्'लिकेट्) **वि., ना. र क्रि.** तीन, तीन गुना, खा० ग० तीन प्रति भएको, उदा०—certificate तीन प्रतिको प्रमाणपत्र;—ratio दुई संख्याका वर्गको अनुपात; **ना.** तीन प्रति नकल वा समान भागमध्ये प्रत्येक; **क्रि.** तेब्बर गराउनु, तीन गुना गर्नु; तीन प्रति (नकल) झिक्नु।

triplice (ट्रि'प्लिचे) **ना.** =त्रिपक्षीय मैत्री (इटालियन)।

triplicity (ट्रिप्लि'सिटि) **ना.** त्रैत्य, तीन हुनाको स्थिति।

tripod (ट्रि'पॅड्) **ना.** तिपाइ, त्रिपाद, त्रिखुटी, मचकटी, ओदान; तीन खुट्टे आधार; (ग्री० प्रा० इ०) डेल्फाइको ढलौटे वेदी जसमा बसेर द्रष्टा योगिनीले भविष्यवाणि वा प्रश्नको उत्तर बोल्दथिन्।

tripoli (ट्रि'पलि) **ना.** गलेको स्फाटिक चुनिलो पत्थर जसको धूलो पलिश गर्ने काममा लगाइन्छ।

tripos (ट्राइ'पॅस्) **ना.** (केम्ब्रिज वि० वि०) प्रतिष्ठा परीक्षा (मा उत्तीर्ण परीक्षार्थीहरूका नामावली)।

tripper (ट्रि'पर्) **ना.** यात्री, पर्यटक, फिरन्ता।

triptych (ट्रिप्'टिक्) **ना.** त्रिपट, जोरिएर सँगसँगै राखिएका तीन चित्र वा उत्कीर्णन (खोदिएको मूर्ति वा बुट्टा) का पट्टहरू; सम्बन्धित तीन चित्रहरूसँगै राखिएका; तीनोटा पाटीसँगै जोरिएका वा कब्जाले जोरिएका; मोटरमा जडिने त्रिकोणीय पाटी जो कि अन्ताराष्ट्रिय भन्सार छूटको चिह्न मानिएको छ।

tripudiate (ट्राइप्यू'डिएट्) **क्रि.** (पां०) खुशीले नाच्नु, (आर्का उपर) हेलाँ वा विजय जनाउन नाच्नु।

triquet/ra (ट्राइकेट्'र) **ना.** (ब० व०—ae) तीन जोरिएका गुम्वजहरूको सममित अलंकार;—rous तीन चुच्चे, त्रिकोण, खा० ग० (वन०, डाँठ) तीन न्यूनकोण भएको।

trireme (ट्रा'य्रीम्) **ना.** तीन तह डाँडीका लहर भएको प्राचीन ग्रीक युद्धपोत; त्रिक्षेपिणी।

trisect (ट्राइसेक्ट्') **ना.** त्रिधा विभाजन गर्नु, त्रिभाग गर्नु, तीन भागमा बाँड्नु; तीन भाग लाउनु;—ion **ना.** त्रिधा विभाविभाजन, त्रिभाजन।

trismus (ट्रिज्'मस्) **ना.** (रो० नि०) धनुष्टंकार, धनुर्वात।

tristful (ट्रिस्ट्'फुल्) **वि.** (आ०) अफसोसी, विषण्ण, म्लान, शोकी।

trisyllab/le (ट्रिसि'लेब्ल्) **ना.** त्र्यक्षर, त्रिपद शब्द;—ic त्र्यक्षरी।

tritagonist (ट्रि (ट्राइ) ट्या'गनिस्ट्) **ना.** प्रा० ग्री० नाटकमा तेस्रो अभिनेता।

trite (ट्राइट्) **वि.** (व्यंजन, राय, विचार, उक्ति, उद्धरण, इ०) सामान्य, सहलिया, सदाव्यवहारित, उच्चाट लाग्ने, उच्छिष्ट, खिइसकेको, जीर्ण;—ly **क्रि. वि.** उच्चाट लाग्ने गरी; —ness **ना.** जीर्णता।

tritheism (ट्राइ'थीइज्म्) **ना.** त्रिदेववाद (क्रिस्तानहरूमा ईश्वर पिता, पुत्र र आत्माको रूपमा)।

tritium (ट्रि'टिअम्) **ना.** (र० शा०) हाइड्रोजेनको गुरुसमस्थानीय जसको गुरुत्व सामान्य हाइड्रोजेनको भन्दा तेब्बर हुन्छ।

Triton (ट्राइ'टन्) **ना.** (ग्री० कथा) जलदेव, माछाको पुच्छ र (कहिलेकाहीँ) घोडाको अघिल्लो खुट्टा भएको, र शंख हातमा लिने गौण देवतामध्ये एक;—among the minnows सानाहरूमा सानै पनि ठूलो देखिने; सानू माछाको बीचमा जलदेव।

triturate (ट्रि'ट्युरेट्) **क्रि.** मिहीन पारेर पिँध्नु, दाँतले धूलो पार्नु, बेसरी चपाउनु;—able **वि.** पेषणीय;—ation **ना.** पेषण, चूर्णीकरण, घर्षण;—ator पेषक, घर्षक, पेषण यंत्र।

triumph (ट्रा'यम्फ्) **ना. र क्रि.** (रो० प्रा० इ०) विजय र विजेता सैनिक समादेशकको सम्मानमा समारोह र जुलूस, विजयोत्सव, जययात्रा; जय, विजय, सफलता; दनाइ, जितबाजी, करामात, चमत्कार, बाजीमाथ; विजयोल्लास, जय हर्ष; **क्रि.** जययात्रा गर्नु; विजय प्राप्त गर्नु, पराजय गर्नु, विरोधको अन्त गराउनु; (गिरेको शत्रुमाथि) प्रभुत्व, बडप्पन, देखाउनु;—ingly **क्रि. वि.** बडप्पनले, प्रभुत्वसँग।

triumphal (ट्राय'म्फल्) जय—, ज० कि—car जय रथ; —progress जययात्रा,—arch, column, hymn —स्तम्भ,—गीत;—crown जयमाला;—arch जय तोरण।

triumphant (ट्राय'म्फ्याण्ट्) **वि.** जिष्णु, जयी, विजयी, जसिलो, सफल, विजयोल्लसित;—ly **क्रि. वि.** सजय, जितेर।

triumvir (ट्राय'म्भिर्) **ना.** (व० व०—s, उच्चा०-राइ —i) (रो० प्रा० इ०) पदासीन तीन व्यक्तिमध्ये प्रत्येक, त्रिनर; (रो० इ०) प्रथम वा द्वितीय त्रिनरत्व (काल) को प्रत्येक सदस्य;—ate **ना.** त्रिनरत्व, त्रिनरको पद; त्रिनरको समूह; (रो० इ०) first—ate प्रथम त्रिनरत्व (पम्पे, सीजर र क्याससको, पूर्वख्रिष्टीय सन् ६० को); second—ate दोस्रो मार्क एण्टोनी, अक्टेभियन र लेपिडसको, पूर्वख्रि० सन् ४३ को); त्रिनर प्रभुत्व, तीनको दल, समूह।

triune (ट्राइ'युन्) **वि.** एकमा तीन, ज० कि—Godhead त्रिएक ईश्वरता।

trivet (ट्रि'भिट्) **ना.** फलामे ओदान, त्रिखुट्टी, त्रिकुटी, फलामे तखता; right as a—(बो० चा०) ठीक, दुरुस्त, संचो, बेस; —table तीन खुट्टे।

trivia (ट्रि'भिआ) **ना.** ब० व०; खऱ्याङ मऱ्याङ, चानचुन, थोत्रोमोत्रो, थोत्रोथाम्रो, चीजहरू, वा विचारहरू।

trivial (ट्रि'भिअल्) **वि.** तुच्छ, बेमोलको, क्षुद्र, जाबो, फासफुस, बेगिन्तीको, सानूतिनू; (व्यक्ति) नगण्य, बोक्रे, खोक्रो, नालायक, अदक्ष; सामान्य, मन्द; (वन, पशु० नाममा) प्रचलित, वैज्ञानिक होइन, खास (वर्गीय विप०),—ity **ना.** स्वल्पता, तुच्छता, क्षुद्रता, बोक्रोपना;—ize **क्रि.** तुच्छ गराउनु, होच्याउनु।

trivium (ट्रि'भियम्) **ना.** (ऐति०) (मध्यकालीन शिक्षा) प्रथम तीन ललित कला: व्याकरण, अलंकार, न्याय।

troat (ट्रोट) **क्रि.** र **ना.** मस्त भाले मृगको बोली (झिक्नु)।

trocar (ट्रो'काअर्) **ना.** (भैष०) जलोदरमा जीउबाट पानी झिक्ने औजार।

trochaic (ट्रके'इक्) **वि.** र **ना.** दीर्घ ह्रस्व (गुरु लघु) को द्विपदी छन्दको; **ना.** (ब० व०) त्यस्ता पद्य।

trochal (ट्रो' (ट्रॅ) कल्) **वि.** (पशु०) बाटुलो, पांग्राकार।

trochanter (ट्रॅक्यान्'टर्) **ना.** (श० वि०, पशु०) तिघ्राको हाडको माथिल्लो भागका गाँठा गुँठीहरू; कीराको गोडाको दोस्रो जोर्नी।

troche (ट्रोक्,—श्,—च्, ट्रो'की) **ना.** सानू बाटुलो ओखती रोटी वा चूसक।

trochee (ट्रो'कि) **ना.** दीर्घ ह्रस्व (गुरु लघु) पदको छन्द।

trochil (us) (ट्रॅकिल्,—लस्) **ना.** सानू चराको जात; प्राचीन लेखकहरूले ग्राहको दाँत कोट्टयाउने भनी वर्णन गरेको चरा।

trochlea (ट्रॅक्'लिअ) **ना.** (श० वि०, ब० व०—ae) घिर्नी जस्तो भांग, अवयव, वा रचना।

trochoid (ट्रो'कॉयड्) **वि.** र **ना.** (श० वि०) आफ्नै धूरमा घुम्ने; (वक्र) आर्को समतलमाथि गुड्ने कुनै वक्रको तलमा रहेको विन्दुले उत्पन्न गरेको; (शंख०) शिखराकार, लट्टू जस्तो; **ना.** चक्राकार जोर्नी; चक्राकार वक्र, जठर पाद शंबूकको विभिन्न किसिम।

trochometer (ट्रकॅ'मिटर्) **ना.**=hodometer (सवारीले तय गरेको) दूरीमापक।

trodden (ट्रॅ'ड्न्) **क्रि.** tread को निष्ठा०=कुल्चेको।

troglodyte (ट्रॅ (ट्रो) ग्'लडाइट्) **ना.** गुफावासी, खा० ग० परा ऐतिहासिक समयमा प० योरपको (धे० ज० वाच्य); (अलं०) जोगी, तपस्वी, सन्यासी।

troika (ट्रॅय'का) **ना.** तीन घोडा सँगसँगै जोतिएको (सवारी); तीन (व्यक्ति) को समूह।

Trojan (ट्रो'जन्) वि. र ना. ट्रॉयको (वासिन्दा);—War ग्रीक र ट्रोजनहरूको दश वर्षव्यापी युद्ध; (अलं०) बहादुरीसाथ काम गर्न, लड्न वा सहन सक्ने व्यक्ति, विशेष like a–.

troll (ट्रोल्) **क्रि.** र **ना.** मजासँग, निस्फिक्रीसँग, अलाप्नु; माछा मार्नु; (आ०) खाना टेबलमा (खाना सकिएपछि) रक्सीको बोतल घुमाउनु; **ना.** माछा मार्ने बल्सीको (धागो बेर्ने) रील; अति प्राकृतिक व्यक्ति, दैत्य, (पछि) भलो, तर उपद्र्याहा बाउन्ने, प्रेत (स्क्याण्डिनेभियाको कथामा)।

trolley, trolly (ट्रॅ'लि) **ना.** (ब० व०—s) उल्टाउन हुने खुला (माल ओसार्ने रेलको वा लरीको डब्बा); हातले घच्याड्ने वा गधा, इ० ले तान्ने ठेला; पटरीमा चल्ने कामदारहरूलाई बसार्ने खुला र नीचो यान, सवारी, ट्रली; (—-table पनि) खाने कुरा ओसार्ने पांग्रादार सानू टेबल; वैद्युत् रेलमा विद्युत् प्रवाह लिने पांग्रा, लठ्ठा, वा अन्य उपकरण भएको साधन; —-bus मूल बाटोमा चल्ने विद्युत् बस;—-car विद्युत् गाडी।

trollop (ट्रॅ'लप्) **ना.** फोहोरी स्त्री, बेस्से, रण्डी;—ish, —y **वि.** बेस्से।

tromba (ट्रॅ'म्ब) **ना.** (संगी०) तूर्य, बिगुल।

trombon/e (ट्रॅम्'बोन्) **ना.** अघिपछि सार्न हुने नली भएको बिगुल, तूर्य, जातको बाजा; नरसिंहा;—ist **ना.** नरसिंहावादक।

trommel (ट्रॅ'मेल्) **ना.** (खानि०) धौ सफा गर्ने घुम्ने बेलनाकार चलनी।

tromometer (ट्रमॅ'मिटर्) **ना.** साना भैंचालो नाप्ने यंत्र, लघु भूचालमापक।

trompe (ट्रॅम्प्) **ना.** अग्निकुण्डमा हावा उत्पन्न गर्ने उपकरण।

troop (ट्रूप्) **ना.** र **क्रि.** फौज, टोली, दल, उपस्थित व्यक्ति वा पशुहरू; (ब० व०) फौज, सेना, सैन्य; household—s शाही रक्षक समूह; अश्वारोही दल, रिसल्ला; तोप र बख्तरबन्द दल; अगि बढ्नालाई ढोलको बोली; कलाकार समूह, खा० ग० गायक मंडली वा अभिनेता समूह;—carrier फौज ओसार्ने

जहाज वा ठूलो वायुयान;—-horse रिसल्लाको घोडा;—-ship फौजी जहाज; क्रि. जम्वा हुनु, भेला हुनु; सँगै हिंड्नु, चल्नु; (व० व० कर्तासँग) हतारिएर जानु, हिंड्नु; पल्टनलाई दलमा बाँड्नु;—ing the colour आममा चौकी तैनाथ गर्दा हुने समारोह।

trooper (ट्रू'पर्) ना. रिसल्ला, अश्वारोही सैनिक; रिसल्ला र वख्तरवन्द टोलीमा रहने सिपाही; swear like a—ज्यादा गाली वा फोहर बोल्ने; फौजी जहाज।

trope (ट्रोप्) ना. रूपक, शब्दको लाक्षणिक (उदा० रूपकीय) प्रयोग; (धर्म०) पाठमा शोभाको लागि हालिएको वाक्य वा श्लोक।

trophic (ट्रॉ'फिक्) वि. पथ्य वा पोषणसँग सम्वन्धित, उदा.—nerve पथ्य स्नायु।

tropho—(ट्रॅफो) (ग्री०) खाद्य—को यौगिक रूप, ज० कि —neurosis स्नायुविकारले गर्दा दोषयुक्त पोषण।

trophy (ट्रो'फि) ना. (ग्री० प्रा० इ०) जित मनाउनालाई रणक्षेत्र वा अन्य स्थानमा खडा गरिएको पराजित शत्रुको हात हतियार; (रो० प्रा० इ०) रोमनहरूले खडा गर्ने सोही प्रकारको विजयको स्मारक, तर स्थायी जयस्तम्भ, जय चिह्न; लडाइँका स्मारकको रूपमा राखिएको कुनै वस्तु, ज० कि झण्डा (अक्ष० र अलं०); पुरस्कार, चिन्हु, सम्झनो; भित्तामा सजाएर राखिने लाक्षणिक वा प्रतिरूपक वस्तुहरूको शोभाकर समूह, ज० कि शिकार, वा खेलकूद, मा प्राप्त (मारिएका जनावरको) शिर वा जीउ, पुरस्कार, पदक, इत्या०।

tropic (ट्रॅपिक्) ना. र वि. अयनवृत्त, क्रान्तिमण्डल; २३° २७′ उत्तरमा (—of Cancer) र दक्षिणमा (—of Capricorn) को अक्ष; the—s ती दुई अक्षका बीचको प्रदेश;—-bird सो प्रदेशमा पाइने चराको प्रकार; वि. अयनवृत्त प्रदेशको, ज० कि—plants, diseases, heat, abscess (कलेजोको फोडा, सो प्रदेशमा वास गर्नेलाई हुन सक्ने)।

tropical (ट्रॅपिकल्) वि. अयनवृत्त प्रदेशको खास; गर्मीको; (अलं०) व्यग्र, उत्तप्त, तीव्र; कामुक, उत्कट।

tropicopolitan (ट्रॅपिकपॅलिटन्) वि. र ना. (पशु, विरुवा) अयनवृत्त प्रदेशमा सीमित, र त्यहाँ धेरै पाइने।

tropology (ट्रपॅलजि) ना. शब्दको लाक्षणिक वा आलंकारिक प्रयोग; खा० ग० धर्मशास्त्रको लाक्षणिक व्याख्या।

tropopause (ट्र'पपॉज्) ना. निम्न क्षेत्र र मध्यम क्षेत्रीको बीचको साँगुरो पत्र (वायुमण्डलको)।

troposphere (ट्रॅपस्फियर्) ना. उँचाइसँग तापमान घट्ने पृथ्वीको सतहभन्दा अन्दाजी सात मील माथिसम्म फिंजिने वायुमण्डलीय हावाका पत्र, निम्न क्षेत्र (दाँ० stratosphere मध्यम क्षेत्र)।

troppo (ट्रॅप्पो) क्रि. वि. (संगी०) धेरै; ma non—तर अति धेरै होइन।

trot (टॅट्) क्रि. (-tt-) र ना. (घोडा) डुल्की चालले हिंड्नु, घोडालाई सो चाल लिन लगाउनु; (व्यक्ति) छोटो पाइलाले मध्यम वेगसँग दौडनु;—out डुल्की चाल गरेर देखाउनु, (अलं०) (व्यक्ति, चीज, वढी समाचार, विषय, इ०) अरूको आश्चर्य र तारीफको लागि देखाउनु, पेश गर्नु; ना. डुल्की (चाल कसरत, इ०); (अलं०) छिटो स्थिर गति वा पेशा, ज० कि keep one on the—कसैलाई व्यस्त राख्नु; वामे सर्ने बालक।

troth (ट्रोथ्) ना. (आ०) सत्य, खा. ग. in—मा,= साँच्ची, ईमानले; plight (one's)—ईमान राख्नु, खा. ग. वाग्दान, (विहेको) वचन दिनु।

trotter (ट्रॅटर्) ना. शा. अ., खा. ग. वा पनि : डुल्की जाने घोडा; (व० व०) (खाद्यको रूपमा पशुको) खुट्टा; (ठ०) मान्छेको खुट्टा)

trottoir (टट्वार्') ना. (सडकको) छेउको पटरी।

trotyl (ट्'टिल्) ना. (र. शा.)=trinitrotoluene, शक्तिशाली विस्फोटक।

troubadour (ट्रू'वडुर्) ना. गाइने, गवैया कवि।

trouble (ट्'वल्) क्रि. र ना. दुःख दिनु, कष्ट गर्नु, पीर पार्नु, पिर्नु, असुविधा गराउनु, झिझो गर्नु; ना. दुःख, कष्ट, आपत; रोग, व्याधि, विसंचो; असुविधा, खिचोला, टण्टा, अल्झो, झ्याउलो, जन्जाल, हैरानी, झिझो, झमेला, वखेडा, अल्झो; फसाद, भूटो, फजिती, सकस, मुश्किल, लण्ठा, पीर; कहर, वुहार्तन, गोता, धौ, कचिंगल, अलमल, मेहनत, प्रयत्न; no—at all (शिष्ट वोली), केही कष्ट होइन; (खानि०) पत्र, नसा, को सातत्यमा सानुतिनूको टूट;—-maker वखेडिया, विंगठ्याहा, कचकचे, वाउँठो, फसादी, अन्यथाकारी;—-shooter (वो. चा.) खा. ग. यांत्रिक दोष वा टूटफूट पत्ता लगाउने र ठीक पार्ने काममा नियुक्त व्यक्ति, हानिपूरक, दोषद्रष्टा, विगार पत्ता लाउने।

troublesome (ट्'व्लसम्) वि. कष्टकर, क्लेशकर, दुःखदायी, विंगठ्याहा, वाउँठो, टेढो, हैरान पार्ने।

troublous (ट्'व्लस्) वि. (आ०) दुःखपूर्ण; विह्वल; विह्वल, आकुल, क्षुब्ध।

trough (ट्रॅफ्, ट्रॉफ्, ट्रफ्) ना. द्रोणी, जलाधार, कोष्टक, ब्याम्पो, खँडकुलो, नाद, डूँड; पीठो मुछ्ने, धौ पखाल्ने, इ० काम गर्ने कठौती; पानी लैजाने काठ वा अन्य वस्तुको कुलो;—of the sea दुई छालका बीचको खोक्रो;—of barometric depression चल्ने वायुमण्डलीय चापको क्षेत्रमा सबभन्दा वढी अवनमनको रेखा।

trounc/e (ट्राउन्स्) क्रि. वेसरी पिट्नु, चुट्नु, भकुर्नु, ठटाउनु, ताडना गर्नु, फटकार्नु (अक्ष र अलं०);—ing ना. पिटाइ, लपटा।

troup/e (ट्रूप्) ना. अभिनेता, कसरती, खेलाडी, इ० को दल संध, टोली;—er ना. नाटकीय दलको सदस्य।

trouser (ट्राउज़र्) ना. (व० व० pair of—s पनि) चुस्ता, प्याण्ट, पतलून, पाइजामा, सुरुवाल;—-button चुस्ताको टाँक;—pocket (खा. ग. दाम राख्ने, वा: काम

नभएमा हात हालेर हिंड्ने प्रयोजनको लागि;—-stretcher चुस्ताको खुम्चाइ तान्ने साधन, चुस्ता तान्ने;—ed वि. चुस्तावाल, चुस्ता लाएको;—ing प्याण्ट हाल्ने कपडा ।

trousseau (ट्रू्सो', ट्रू्'सो) **ना.** (ब० व०—s वा—x, उच्चा०—ज्) दुलहीको लुगा, गहना, श्रृंगार सामान, इ० को सज्जा; वधूपोटलिका ।

trout (ट्राउट्) **ना.** (ब० व० उही) खाद्य र शिकारमा प्रसिद्ध अलिनो पानीको माछा;—coloured (सेतो घोडा) अवलख ।

trouvaille (ट्रू'भाइ) **ना.** खुदो, गुलछर्रा, कल्याणधन, भाग्यले पाएको ।

trouvère (ट्रू्भेयर्') ना. उत्तर फ्रांसमा शुरू भएको जातिको कवि, महाकवि ।

trove (ट्रोभ्) ना. धन खा. ग. treasure—कल्याणधन ।

trover (ट्रो'भर्) ना. (का०) व्यक्तिगत संपत्तिको उपलब्धि; आर्काले गैर कानूनी ढंगसँग रोक्का वा भोग गरेको निजी संपत्तिको मूल्य भराइमाग्नालाई चलाएको मुद्दा ।

trow (ट्रो, ट्राउ)**क्रि.** (आ०) विचार गर्नु, ठान्नु; (प्रश्नमा थपिने) के होला ? ज० कि what ails him, (I) trow त्यसलाई के भएको होला ?

trowel (ट्रॉवे़ल्) **ना.** र **क्रि.** (—ll—) (वज्रकर्मीको) कर्णी, कर्नी; lay it on with a—(अलं०) वेसरी थोपर्नु **खा. ग.** चाटूकारी; विरुवा उखेल्ने वगैंचेको डाडु जस्तो ज्यावल; **क्रि.** वज्र लाउनु, भित्तामा वज्र, ल्यून, लाउनु ।

troy (ट्रॉय्) **ना.** (—weight पनि) सुन चाँदी तौल्ने वजन (५७६० ग्रेनको) ।

tru/ant (ट्रु'याण्ट्) **ना.**, **वि.** र **क्रि.** काममा अनुपस्थित हुने व्यक्ति, खा. ग. विना विदा पाठशाला नआउने केटो; play—पाठशाला नजानु;—-school (ऐति०) भगुवा पाठशाला, भगुवा विद्यार्थीको लागि प्राविधिक शिक्षालय; **वि.** (व्यक्ति, आचरण, स्वभाव, विचार इ०) छल्ने, ठग्ने, अल्सी, डुलुवा, अल्लारे; **क्रि.** भगुवा हुनु, भाग्नु;—ancy **ना.** आलस्य, कार्यपराङ्मुखता, परोक्षता ।

truce (ट्रूस) **ना.** अवहार, युद्धविराम (को प्रवन्ध) (flag of—अवहार ध्वजा); पीडावाट मुक्ति, कामबाट फुर्सत, इ०; a—to (अघिको) (फलाना) वन्द गर, रोक, भन्ने अनुरोध वा आज्ञा;—of God (ऐति०) पर्वकालमा युद्धविराम;—less विना विश्राम, विना विश्रान्ति; trucial (ट्रु'शल्) **वि.** अवहारको, वा अवहारले वाँधिएको (केवल विलायत र ओमन प्रायद्वीपका शेखहरूको बीचको वन्दोवस्त वारे) ।

truck (ट्रक्) **क्रि.** र **ना.** बेच बिखन गर्नु, वेच्नु, मोल तोल गर्नु; विनिमय, साटफेर, गर्नु; सामान वेच्न हिंड्नु, फेरिवाला वन्नु; **ना.** विनिमय, साटफेर, वेचबिखन, क्रय विक्रय, सम्बन्ध, वास्ता, (have no—with सरोकार नराख्नु); ससाना सामान (बिक्रीको); तरकारी, वगैंचाको उपज; (वो० चा०) फोहोर, मैला; (अलं०) वकवाद, फजूल कुरा; (ऐति०, —system, tommy पनि) जिन्सीमा वन, वा मालिकवाट रसद पानी किन्ने करारमा दामै वन दिने प्रथा;—shop त्यस्तो रसद पानी वेच्ने (मालिकले खोलेको) पसल ।

truck (ट्रूक्) **ना.** र **क्रि.** भारी सामान लाद्ने र ओसार्ने चार वा ६ पहियाको यान, शकट, ट्रूक, लहरी; खुला रेल डब्बा; फौज, सामान, ओसार्ने मोटर गाडी; रेल स्टेशनमा माल लाने लैजाने कुलीको ठेला; रेलको डब्वा पूरा वा त्यसको अंश अडयाउने पांग्रासहितको रचना; **क्रि.** ट्रूकमा ओसार्नु;—age ट्रूकको भाडा, ढोवानी, माल सामानको साटफेर ।

truckle (ट्रक्ल्) **क्रि.** र **ना.** दब्नु, नीच हुनु, धकाउनु, हेपिनु, लुत्रिनु, दब्बू हुनु, लत्रनु;—r **ना.** दब्बू, हातजोरुवा; **ना.** (सा०—-bed) ठूलो पलङ्गमन्तिर पठाउन सकिने पांग्रा भएको हांचो पलङ्ग (खा० ग० अघि नोकर चाकरले चलन गर्ने) ।

truculen/t (ट्र'क्युलेण्ट्, ट्रू'—) वि मापाको, मुचण्ड, चपरचण्ड, निर्मम;—ce,—cy **ना.** मुचण्ड्याइँ, नृशंसता, निष्करुण;—tly **क्रि.** वि. निर्ममताले, मापाकोसँग ।

trudge (ट्रज्) **क्रि.** र **ना.** कठिनसँग हिंड्नु. खुट्टा घिसार्नु घिस्सिनु, (लामो बाटो हिंडदा थाकेर) घित्रिनु; **ना.** मन्द चाल, मन्द गति, घिस्स्याइ ।

trudgen (ट्र'जेन्) **ना.**—stroke पालि पालि दाहिने र देब्रे हात पानीमाथि उठाएर पौडी खेल्ने आघात, चाल ।

true (ट्रू) **वि.**, **क्रि. वि.** र **क्रि.** वास्तविक, यथार्थ, सत्य, साँचो, झूट होइन, हो (साँचो हो); ठीक सिद्धान्त वा तर्कको अनुरूप, सकली, अकृत्रिम, मिसोट होइन, वाहिडा वा खोटो वा नकली होइन; (आदर्श, प्रतिरूप, सँग) मिल्ने; (स्वर) तालमा; ईमानदार, वफादार, धीरतासँग साथ दिने, (थे० ज०—as steel इस्पात झैं साँचो); पांग्रा, खम्वा, सत्तरी, इ०) ठीकसँग, सोझो, रहेको; (आ०) झूटो नबोल्ने, सत्यवादी;—bill प्रमाणले अनुमोदन गरेको अभियोग पत्र, प्रमाणित बात कसूर;—-blue वि. र ना. निश्चल सिद्धान्त वा वफादारी भएको (व्यक्ति);—-born जन्मसिद्ध;—-bred जातको;—horizon क्षितिज;—-love प्रेमी; चारपाते विरुवाको जात;—-lover's knot दुईतिर फुर्का पारेर बाँधेको (रिवन, फिता, इ० को) गाँठो;—-penny (आ०) ईमानदार व्यक्ति; **क्रि. वि.** साँच्चिकै, साँचोसँग; **क्रि.** (औजार, पांग्रा, आकार, रचना) ठीक स्थिति वा रूपमा ल्याउनु ।

truffle (ट्र'फल् वा ट्रू'फल्) ना. स्वादको लागि प्रयोग गरिने भैंमन्तिर उम्रने च्याउ, ढुसी ।

trug (ट्रग्) **ना.** गबुआ, चिरा परेको काठको खोक्रो ढकी ।

truism (ट्रू'इज्म्) **ना.** प्रत्यक्ष सत्य, अकाट्य सत्य; कुनै पदमा संकेत गरिसकिएको भन्दा अरू केही बढ्ता कुरा प्रतिपादन नगर्ने प्रतिज्ञा ।

trull (ट्रल्) **ना.** (आ०) वेश्या; रण्डी ।

truly (ट्रू'लि) **क्रि. वि.** साँच्चै, साँच्चिकै, सत्यसँग, सरलतासँग; (चिठी अन्त गर्दा लेखिने उदासीन सूत्र yours (very)

—तपाईंको साँचो; (ज० वा० ठ०) yours—म; मलाई; वास्तवमा; ईमानसँग, वफादारीसाथ; ठीकसँग, साँच्चिकै वस्तुत: ।

trumeau (ट्रू्मो') **ना.** (भव०,ब० व०—x) दुईवटा खाली ठाउँको माझ (ज० कि ठूलो झ्याल) छुट्ट्याउने भित्ता, खम्बा, इ० ।

trump (ट्रम्प्) **ना.** र **क्रि.** (आ०, कवि०) तुरही, तुरहीको शब्द; नाद; (ताश) तुरुफ, तुरुप, रंग;—card तुरुफ बनाउन पल्टाएको ताश, (अलं०) महत्वपूर्ण वा मूल्यवान साधन; (बो० चा०) बेस मानिस, साहस, जुक्ति, उदारता इ० भएको व्यक्ति, चल्ता पुर्जा; put (some one) to his – (अलं०) आखिरी साधन चलन गर्ने अवस्थामा पुग्नु, पुऱ्याउनु; turn up—s (बो० चा०) आशा गरेको भन्दा बढी निस्कनु, भाग्य पर्नु, उल्टनु; **क्रि.** (ताश) तुरुफ लाउनु, तुरुफ खेल्नु;—up बनाउनु, कीर्ते गर्नु (कथा, निहुँ, सफाइ), अत्तो लाउनु, बिंगा लाउनु, फत्तुर लाउनु, फरेब लाउनु ।

trumpery (ट्र'म्परि) **ना.** र **वि.** बेकामको भडक वा सस्तो गहना; रद्दी माल; फजूल कुरा, बकवाद; **वि.** भडकदार तर रद्दी; छल्ने; खोक्रो, बोक्रे ।

trumpet (ट्र'म्पिट्) **ना.** र **क्रि.** बिगुल, नरसिंघा, तुरही; तूर्यवादक, बिगुले, (खा० ग० ऐति०) जो दूतको रूपमा पठाइने गर्थ्यो; ear—काने बिगुल (बहिरोले प्रयोग गर्ने); speaking —(बोली ठूलो पार्ने) बोल्ने बिगुल; flourish of—s तूर्य घोष; blow one's own—आत्मश्लाघा गर्नु;—-call बिगुलको बोली, (अलं०) कुनै कामको लागि जरूरी बोलाहट; **क्रि.** बिगुलद्वारा उद्घोषण गर्नु, (हात्ती) कराउनु ।

trumpeter (ट्र'म्पिटर्) **ना.** बिगुले, तूर्यवादक; विशिष्ट बोली भएको परेवाको जात ।

truncal (ट्र'ङ्कल्) **वि.** रूखको धड वा फेदसम्बन्धी ।

trunca/te (ट्र'ङ्केट्) **क्रि.** र **वि.** (रूख, जीउ, शंकु, स्तूप, अलं० उद्धृत वाक्यांश, इ०) टुप्पो वा छेउ काट्नु, गिंडनु; **वि.** काट्टिएको, छोट्याएको; (वन०, पशु०, पात, प्वाँख, इ० टुप्पो काटिएको झैं बीचमा एकासि खतम हुने;—tion **ना.** अवच्छेदन; —ture **ना.** अवच्छेदन ।

truncheon (ट्र'न्शन्) **ना.** छोटो, हाते, डण्डा, उदा० प्रहरीले लिने; डंडिका, अधिकारको चिन्ह, खा० ग० विलायतमा वंशावली विभागका प्रमुखले लिएर हिंड्ने ।

trundle (ट्र'न्डल्) **ना.** र **क्रि.** सानू चौडा पांग्रा; उदा० चूलमा घुम्ने साजका पांग्रा; बाटुलो दाँत भएको सानू चक्का, पांग्रा, होचो पांग्रे ट्रक; (— -bed पनि)होचो पलङ्ग=truckle-bed; **क्रि.** चक्का, पांग्रा, गुड्याउनु; (अप०) क्रिकेटमा बल हान्नु; —r **ना.** गुड्याउने, (क्रिके०) बल हान्ने ।

trunk (ट्रङ्क्) **ना.** र **क्रि.** (हाँगा र जराबाहेक रूखको) धड, स्कन्ध, काण्ड; मान्छे वा पशुको टाउको, हात गोडा, पुच्छर, इ० बाहेकको जीउ, गींड, ढाड, कबंध; कुनै रचना वा बनोटको मुख्य भाग; (— - line पनि) रेल, नहर, टेलिफोन पद्धति (खा० ग० ठूला ठूला सहर जोड्ने) को मुख्य श्रेणी; सन्दूक, पेटी, बाकस; धे० ज० काठको चौकोस खोक्रो र लामू बाकस, हावादार गराउनालाई, वा धौ छुट्ट्याउनालाई काम लगाइने; कोहो कोही जलयंत्रमा ठोस पिस्टनको डण्डाको साटो रहने खुला नली; सूँढ, सूँड, (हात्तीको); ब० व० कम्मरदेखि घुँडासम्मको ब्रिचिस (अघिको जमानाको), (अचेल) भित्री कट्टू;—drawers घुँडासम्म पुग्ने कट्टू;— - call मुख्य लाइनमा टेलिफोनबाट बोलाउनु, जसमा दूरताबमोजिम महसूल लाग्दछ;— - nail शव बाकस वा सन्दूकको लागि ठूलो टाउको भएको बुट्टादार कीला;— - road मुख्य सडक, राजपथ; **क्रि.** काँचो धौ, खनिज, लामा काठे बाकसद्वारा छुट्ट्याउनु ।

trunnion (ट्र'नियन्) **ना.** तोपको दुवैपट्टिको गोल आधारभूत प्रक्षेपण; वाफ यंत्रमा वाफको निकास गर्ने बेलूनलाई अड्याउने धूर ।

truss (ट्रस्) **क्रि.** र **ना.** थाम्नु (छाना, पुल, इ०); (चराको पखेटा) बाँध्नु (पकाउने अघि); पाता कस्नु, पाता फर्काउनु; (आ०) लुगा कस्नु, बाँध्नु; (अपराधी) झुण्ड्याउनु; (चरो) समाउनु, पक्रनु;—ed up जकडबन्द **ना.** छाना अड्याउने सत्तरी र कैंचीको रचना; परालको कल्ली; कसिएको फूलको झुप्पा; (शल्य०) अंत्र वृद्धिमा लाउने गद्दादार पेटी, कमानी, कम्मरपेटी ।

trust (ट्रस्ट्) **ना.** र **क्रि.** पत्यार,भ रोसा, विश्वास, प्रतीति; जिम्मावारी, जवाफदेही, उत्तरदायित्व; (का०) नासो, न्यास; निष्ठा, साख; जिम्बा; (व्या०) संगठन, धेरै व्यापारीहरू वा कम्पनीहरू मिलेर नाफा वा प्रतियोगिताको खतरा घटाउन खडा गरिने संयुक्त संगठन; गुठी; brains—सरकारलाई सल्लाह परामर्श दिने दक्षहरूको समूह; विशेषज्ञ, दक्ष, खा० ग० बुद्धिजीवीहरूको समूह;— -deed भोग बन्धकी; **क्रि.** विश्वास गर्नु, राख्नु, पत्यार गर्नु; जिम्वा लाउनु, नासो राख्नु; उधारो दिनु; आशा गर्नु, राख्नु; भर, पत्यार गर्नु;—receipt (व्याङ्क०) भर रसीद;—ing **वि.** विश्वासी, नि:शंक ।

trustee (ट्रस्टी') **ना.** गुठियार, आर्काको संपत्ति जिम्वा लिने वा जिम्वामा राख्ने व्यक्ति; सार्वजनिक संस्था, खा० ग० विद्यालय इ० शैक्षिक, वा अन्य संस्था, को संचालक ।

trustful (ट्रस्ट्'फुल्) **वि.** पत्यार गर्ने, पत्याउने, विश्वासी ।

trustworthy (ट्रस्ट्'वर्दि) **वि.** भरपर्दो, विश्वसनीय, विश्वस्त, विश्वास्य ।

trusty (ट्र'स्टि) **वि.** र **ना.** (मु० आ०) विश्वसनीय, भरपर्दो; विश्वासी; **ना.** असल आचरणको कारणले विशेष सुविधा पाउने कैदी ।

truth (ट्रूथ्) **ना.** (ब० व० उच्चा० ट्रूद्ज़्) सत्य, सत्यता, याथार्थ्य, धर्म, वफादारी, ईमानदारी, सरलता; God's—परम सत्य; gospel—ध्रुव सत्य, धर्मशास्त्र झैं सत्य; home—s (आफूबारे) अरुचिकर कुरा, दोषको व्याख्या; in—(सा०), of a—(आ०) साँच्चै, यथार्थमा, नभन्दै ।

truthful (ट्रूथ्'फुल्) **वि.** सत्यवादी, साँचो; (कथा, वृत्तान्त)

सत्य, यथार्थ, भएको ।

truthless (ट्रूथ्ले'स्) **वि.** (वक्तव्य) झूटो, विना सत्यको; (व्यक्ति) बेईमान, आफ्नू वचन नराख्ने ।

try (ट्राइ) **क्रि. र ना.** जाँच्नु, परीक्षा गर्नु, पारख गर्नु, आजमाइस गर्नु, अजमाउनु, प्रयोग गर्नु; (गरेर) हेर्नु; (मामला) पुर्पच्छे गर्नु, मुद्दा चलाउनु; किनारा लाउनु (विवाद, इ० परीक्षाले); कोशिश गर्नु, प्रयत्न गर्नु;—up मिहीन रण्डा लाउनु;—out (घ्यू) खार्नु, (धातु, बोसो, तेल) पगालेर वा उमालेर सफा पार्नु;—back=hark back (अक्ष० र अलं०) गन्ध फेला पार्न फर्कनु (शिकारी कुकुर), (कुरा) फर्कनु;—for (नियुक्ति) कोशिश गर्नु, दरखास्त गर्नु;—on (लुगा) मिलेको नमिलेको हेर्नालाई लाई हेर्नु;—'on **ना.** छल, ठग्ने कोशिश;—'out राम्ररी जाँच्नु, अजमाइस गर्नु; **ना.** प्रयत्न, कोशिश; (रग्बी फूटबल(विपक्षीको गोल रेखाभन्दा पछाडि बलले भैं छुनु ।

trypanosome (ट्रि'पनसोम्) **ना.** अति निद्रा र अन्य रोग ल्याउने रक्त कीटाणुको किसिम ।

trypsin (टिप्'सिन्) **ना.** क्लोम स्रावको मुख्य पाचक फेन ।

tryst (ट्रिस्ट्) **ना. र क्रि.** (आ०) भेट्ने ठाउँ, संकेत स्थान, समागम थलो, अभिसार; भेट्ने समय, स्थान, मुकर्रर गर्नु, भेटको प्रबन्ध गर्नु ।

tsamba (ट्स्या'म्बा) **ना.** जौको च्युरा (भोटे) ।

tsar (ट्सार्) Czar जारको आर्को रूप, सम्राट, राजा, खा० ग० रूसको; (अलं०) अति शक्तिशाली र मनपरि गर्ने व्यक्ति ।

tsetse (ट्सेट्'सि) **ना.** टोकाइले मर्ने बिख लाग्ने (घोडा, गाईवस्तु, कुकुर इ० लाई) अफ्रिकी झीङ्गाको प्रकार, ट्सेट्सि झीङ्गा; (स्थानीय) ।

tsunami (ट्सुना'मि) **ना.** भैं चलेर अथवा भैंचालाले उठाउने सामुद्रिक लहर; (जापानी) ।

tuan (टुआन्') **ना.** मालिक, प्रभु, हजुर (मलेयामा गोराहरूलाई प्रयोग हुने आदरार्थी शब्द) (मलेया) ।

tuatara (टुअटा'र) **ना.** न्यूजील्याण्डमा पाइने पिठ्यूँमा पहेंलो काँढा भएको ठूलो छेपारो जस्तो सरीसृप जीव ।

tub (टब्) **ना. र क्रि.** (-bb-) कठौती, झाँगा, आरी, द्रोणी, प्रक्षालनाधार, स्नानाधार, (नुहाउँदा लम्पसार भएर लड्न सकिने) टब; स्नान; स्पन्ज स्नान, नुहाइ; (खानि०) धौ ओसार्ने बाकस वा बाल्टी; भद्दा र ढीलो जहाज (हेलाँ), अभ्यासको लागि चलन गरिने डुङ्गा;—-thumper (उभिएको बाकस ठटाउने) ज्यादा कराउने वा चर्को सोरले भाषण गर्ने, हात खुट्टा ठटाउने, वक्ता; **क्रि.** टबमा नुहाउनु; गमलामा रोप्नु, डुङ्गामा ख्याउनु; (खानि०) सुरुङ्गमा काठ वा धातुको पाता बिछाउनु ।

tuba (ट्यू'बा) **ना.** धोक्रो सोरको पित्तले बाजा ।

tubby (ट'बि) **वि.** भुकुल्ले, मोटो र डल्लो; (वाद्य) अनुनाद, प्रतिध्वनि, नभएको, धोक्रो ।

tube (ट्यूब्) **ना. र क्रि.** लामू खोक्रो नली, सोते, (मिसी, साबुन, रंग, इ० अलि अलि झिकेर खर्च हुने वस्तु राख्ने) नम्य नलिका; वायु वाद्यको मुख्य अंग; (श० वि०) नली, खोक्रो नली जस्तो अवयव, ज० कि वायुनली, ज० बा० tubal, tubar **वि.** नालाकृति, नाडीरूप; ताप अयनिक कपाट; ठूला ठूला सहरमा सडक मन्तिर चल्ने नालाकार रेल, नाला रेल; test- -परीक्षा नली;— -well भैंमन्तिरबाट पानी झिक्ने प्वाल परेको तीखो चुच्चोसहित फलामे नली, नलकूप; **क्रि.** नलीमा हाल्नु, नली लगाउनु वा जड्नु; tubing **ना.** नली, सोते, खा० ग० rubber tubing **ना.** रबर नल ।

tub/er (ट्यू'बर्) **ना.** कन्द; भैंमन्तिर उम्रने च्याउ; (श० वि०) सूज उठेको भाग, डल्लो; —erous **वि.** ग्रन्थिल, कन्दी; —iferous,—iform **वि.** कन्दी, नालाकृति ।

tuber/cle (ट्यूब'र्क्ल्) **ना.** सानू डल्लो, खा० ग० हाडको; अवयवको वस्तुमा बनेको सानू ग्रन्थि डल्लो वा गाँठो जसले विकार र फोक्सोमा क्षय पैदा गर्दछ; सूक्ष्म व्रण; (वन०) मूसो जस्तो गाँठो, डल्लो;—cular ग्रन्थिपूर्ण, व्रणपूर्ण ।

tuberculin (ट्यूबर्'क्यूलिन्) **ना.** ग्रन्थि कीटाणुको संवर्धनबाट तयार गरिएको रस जसबाट क्षयरोगको परीक्षा गरिन्छ; ट्युबरक्युलिन ।

tuberculous (ट्यूबर्'क्यूलस्) **वि.** चयरोगसम्बन्धी, क्षयरोग भएको ।

tuberculation (ट्यूबर्क्यूले'शन्) **ना.** ग्रन्थि वा व्रण निर्माण ।

tubercul (ar) ize,—ise (ट्यूबर्'क्यूल (राइ) ज्) **क्रि.** क्षयरोग सर्नु, सार्नु ।

tuberculosis (ट्यूबर्क्यूलो'सिस्) **ना.** सुके रोग, सुके नास, राजरोग, तपनीज्वर; pulmonary—क्षय, राजयक्ष्मा ।

tuberose (लो० प्रि० उच्चा० ट्यू'ब्रोज्) **वि. र ना.** (उच्चा० ट्यू'बरोज्) गाँठा भएको, डल्ले; कन्दको स्वभावको; कन्द उत्पन्न गर्ने; **ना.** घ्यू रंगको सेतो बास्नादार फूल भएको गाँठो ।

tubular (ट्यू'ब्यूलर्) **वि.** नालाकृति, नलिकाकार, नलिलो, नलाकार, नाडी रूप; नलमा रहने, राखिने;—boiler जसमा ताप वा तातो पानी नल प्रणालीबाट जान्छ;—bridge नलाकार पुल, जसमा रेल चौकोस नलबाट चल्दछ; (श्वास) नलीबाट चलेको आवाजको ।

tubule (ट्यू'ब्यूल्) **ना.** सानू नली, सूक्ष्म नली ।

tuck (टक्) **क्रि. र ना.** औंटार्नु (कपडा, सिंउदा); मुजा पार्नु; कपडा चुन्नु, दोब्र्याउनु, मोड्नु; खुम्च्याउनु (खुट्टा, सुत्दा; टाउको पखेटामन्तिर (चराले), इ०); गुडुमुडु पर्नु, पार्नु; (ओढ्ने) घुसार्नु (छेउछेउ); (बढी, कपडा, इ०) बाँडिदिनु; (अप०) (अपराधी) झुण्ड्याउनु; (अप०) खाना पेटभरि खानु, घिच्नु, हसुर्नु; **ना.** मुजा, (अप०) खाने कुरा, खा० ग० गुलियो, मिठाई;—shop मिठाई, केक, लेमनचूस, इ० पसल;—pointing रंगीन वज्रले टिपकार गर्नु, (आ०) बिगुल, तूर्य, को बोली, आवाज, झोक्का ।

tucker (ट'कर्) **ना. र क्रि.** शा. अ. खा. ग. वा पनि : लेस, मिहीन कपडा, को टुक्रा (अघिका स्त्रीको घाँटी, काँध,

ढाक्ने); मुजा पार्ने सिउने कलको उपकरण; (अप०) खाने कुरा; **क्रि.** (बो० चा०) थकाउनु, उच्चाट पार्नु ।

tucket (ट'केट्) **ना.** (आ०) तूर्य, विगुल, को नाद, बोली ।

tucum (टु'कम्) **ना.** ब्रेजिलको तार, (रेसाबाट डोरी बन्ने) ।

—tude (ट्यूड्) भाववाचक नाम बनाउने अ० प्र० ।

Tudor (ट्यू'डर्) **वि.** ट्युडरवंशका राजा रानीका पालाको सातौं हेनरीदेखि प्रथम एलिजाबेथसम्मको;—rose पाँच लोते फूल;—flower तीन पाते बुट्टा, ट्युडर ढाँचासँग बनाइएको ।

Tuesday (ट्यू'ज़्डि) **ना.** मंगलवार, हप्ताको तेस्रो दिन ।

tufa (ट्यू'फ) **ना.** खस्रो वा जालीदार बनोटको ज्वालामुखी वा अन्य पत्थर ।

tuff (टफ्) **ना.** ज्वालामुखी उत्पत्तिको टुक्रिएको चट्टान;—-cone ज्वालामुखीको मुखको चारैतिर स्तूपाकार खरानीको थुप्रो ।

tuft (टफ्ट्) **ना.** र **क्रि.** गुच्छा, सँगालो (धागा, घाँस, प्वाँख, इ०), गुजुल्टो; (रौंको) सिउर; (श० वि०) रक्तवाहिनीहरूको गुजुल्टो; (चिउँडोको, ओठमन्तिरको (रौंको गुच्छा; (वि. वि.) इज्जतदार, बडेबरको, उनस्नातक;—-hunter,—hunting बडाद्मीको सहवास खोज्ने र गर्ने (व्यक्ति); **क्रि.** गुच्छा पार्नु, (डसना, इ० मा) बीच बीचमा खाडल पार्नु; गाँजिनु, झ्याँगिनु, गुच्छिनु ।

tug (टग्) **क्रि.** (—gg—) र **ना.** जोडसँग, पूरा बल लगाएर, तान्नु; घिस्स्याउनु; (ठूलो) जहाजलाई सानू वाष्प जहाजले तान्नु; (ठूला जहाजलाई) तान्नु; (अलं०) विषय जबरजस्ती तान्नु, घुसाउनु; **ना.** जोडदार कर्षण, तनाइ; जोडदार प्रयत्न, खा० ग० अलं०; (इटन कलेज अप.) विद्यार्थी; (—boat पनि) अरूलाई तान्न घिच्याउन सक्ने शक्तिशाली सानू जहाज, टग जहाज; वमलाई थाम्ने साजबाट आउने छालाको फनको;—of war रस्सी तान्ने खेल, दुई थरी टोलीले रस्सा समातेर आफ्नू आफ्नू पट्टि तान्ने खेल; (अलं०) परम द्वन्द्व ।

tuism (ट्यू'इज्म्) **ना.** त्वमत्व, त्वमवाद, सम्पूर्ण विचारधारा कोही दोस्रो व्यक्ति, खा० ग० सोको रूपमा आफ्नै भविष्य अस्तित्व, लाई लक्ष गरिएको हुन्छ भन्ने सिद्धान्त ।

tuition (ट्यू'इशन्) **ना.** शिक्षा, अध्यापन, खा. ग. भृतकाध्यापन, दाम तिर्नुपर्ने गरी; सो शुल्क;—al,—ary **वि.** शैक्षणीय, अध्यापनीय, भृतकाध्यापनीय ।

tulchan,—in (टल्'खन्) **ना.** गाईलाई दूध दिने गराउनालाई उसको नगीचै राख्ने मरेको बाछाको छालामा पराल कोचेको मूर्ति; पराल कोचेको मरेको बाछो (स्क०) ।

tulip (ट्यू'लिप्) **ना.** घण्टाको आकारको अनेक चर्को रंग बिरंगको फूलको जात, ट्युलिप; तोपको मुखको बाहिरी सूज;—omania हल्याण्डमा सन् १६३४ तिर ट्युलिप फूलको लागि उठेको बौलट्टी ।

tulle (टुल्) **ना.** मुखको पर्दा वा लुगा बनाउने मिहीन रेशमी जाली कपडा ।

tulwar (टल्'वाअ्र्) **ना.** तरवार ।

tum,tumtum (टम्, टम्'टम्) **ना.** ब्याञ्जो वाद्यको बोली ।

tumble (ट'म्ब्ल्) **क्रि.** र **ना.** एक्कासि लड्नु, खुरमुरिनु, घोप्टिनु; पुर्लुक्क लडाउनु, (छाल, बिरामी) उठ्नु, पछारिनु, लडीबुडी खेल्नु; हतारिएर वा भद्दासँग चल्नु, हिंड्नु, दौड्नु (कसरत) पल्टनबाजी खानु, कसरत गर्नु; (लुगा, रौं) खजमज्याउनु; उल्टाउनु, फ्याँक्नु, बच्याड्नु; चरा, इ० गोलीले खसाल्नु;—in (काठ) आर्कोमा जोड्नु, (अप०) लड्नु, पल्टिनु, सुत्नु; **ना.** पतन, अवपात, पल्टनबाजी; अव्यवस्था, बेबन्दोवस्त;—down भत्केको, जीर्ण; **क्रि.** खुरमुरिनु ।

tumbler (ट'म्ब्लर्) **ना.** शा. अ. खा. ग. वा पनि : कसरतिया, पल्टनबाजी खाने, (मुक्खी) परेवा; छोएमा हल्लिने बसेको मूर्ति (खेलौना); डाँठ नभएको (पहिले बाटुलो र अचेल च्याप्टो) पिंध भएको पिउने गिलास; काँचपात्र; ताल्चाको (वा बन्दूकको) कमानीको भाग ।

tumbling (टम्'ब्लिङ्) **ना.** शा अ.: —-barrel,—box,—wheel भित्र खस्रो धूलो हालेको ढालेका वस्तु घर्षणबाट टल्काउने उपकरण;—-bob केही उँचाइमा पुगेपछि आफै चल्ने तुलायन्त्र ।

tumbrel,—il (टम्'ब्रेल,—ब्रिल्) (ऐति०) ज्यावल, खजाना, इ० लैजाने दुई पांग्रे छानादार गाडा; फोहर ओसार्ने गाडा; फ्रेञ्च विप्लवमा काटिने व्यक्तिलाई दण्डस्थलमा लैजाने खुला गाडी; ठिङ्गुरो किसिमको दण्ड दिने साधन ।

tume/fy (ट्यू'मिफाइ) **क्रि.** सुनिने, फुल्ने, हुन लगाउनु; फुलेको वा सुनिएको हुनु (अक्ष० र अलं०)—facient (—फेशण्ट्) **वि.** र—faction (—फ्या'क्शन्) **ना.** (रो० नि०) फुलेको, फुलाउ, सूज; स्फात, स्फीति ।

tumid (ट्यू'मिड्) **वि.** (अंग प्रत्यङ्ग) सुनिएको, सूज भएको, स्फीत, आध्मात; (अलं०, लेख शैली, इ०) बढेचढेको, पांडित्यपूर्ण, गाह्रो शब्दले भरपूर; tumescence **ना.** सूज; tumescent **वि.** सुनिएको; tumidity,—ness **ना.** स्फीति, आध्मान, उत्सेक ।

tummy (ट'मि) **ना.** (के०) भुँडी, पेट ।

tumour (ट्यू'मर्) **ना.** फोडा, फुकुण्डो, गाण्टो, गानू; स्थानीय सूज, खा. ग. विकृत उपचयबाट; स्फोट, विस्फोट, ग्रन्थि; malignant—झिकेपछि फेरि हुने र ज्यान लिने खालको, विषम फोडा ।

tumtum (टम्'टम्) **ना.** (पश्चिम भारतको) केरा उमालेर खलमा किचेको खाद्य; टमटम (बग्गी) ।

tumult (ट्यू'मल्ट्) **ना.** खैलाबैला, होहल्ला, राडो, हल्लाखल्ला, हूल, दङ्गा, फसाद, बखेडा, जुलूम; मनको खलबल र अशान्ति;—uary **वि.** अनियन्त्रित, दङ्गिलो;—uous **वि.** जण्ड, तहलका मच्चाउने, अर्घेलो, उत्ताउलो;—ously **क्रि. वि.** उत्ताउलोसँग;—ousness **ना.** उत्ताउलोपना, जण्डता ।

tumulus (ट्यू'म्यूलस्) **ना.** (व. व.—li) बीचमा वज्रको काम रहेको चिहाने ढिस्को ।

tun (टन्) **ना. र क्रि.** (—nn—) जाँड, रक्सी राख्ने ठूलो पीपा, अघि नापको परिमाण पनि; भट्टीवालको फेणन गराउने भाँडो, कुण्ड; **क्रि.** मद्य पीपामा राख्नु, हाल्नु;—of a man भकारी;—-bellied भुँडे, ढड्डू ।

tuna (ट्यू'न) **ना.** अमरिकाको पश्चिमी तटमा पाइने खाद्य माछाको किसिम ।

tundra (टुन्'ड्रा) **ना.** भैं हिउँले जम्ने उत्तरी परती जमीन; (ल्याप भाषा)

tune (ट्यून्) **ना. र क्रि.** सुर, गत, स्वरमेल, तान, पारा, बोल, लेग्रो, गला, धून, ताना; मिलान, मिलाप, ठ्याक; मेलमिलाप; राग, तान, ज० कि change one's—राग, ढाँचा फेर्नु; to the—of (ठूलो रकम); **क्रि.** सुर मिलाउनु (वाद्यको); (अलं) अनुरूप गराउनु, मिल्ने गराउनु; एक ताल हुनु; (कवि०) संगीत उत्पन्न गर्नु (उदा० चरोले); गीतमा व्यञ्जन गर्नु, मनाउनु;—in बेतार यन्त्रलाई ठीक (तरंग लमाइमा) मिलाउनु;—up (वाद्य समूह) एक सुरो गराउनु, बजाउन थाल्नु; (ठ०, बालक) रुन थाल्नु; tunable **वि.** सुरिलो ।

tuneful (ट्यून्' फुल्) **वि.** सुस्वर; मधुर, सुरिलो ।

tuneless (ट्यून्'लेस्) **वि.** बेसुरो, बेताल; (वाद्य) नबजाइएको, स्तब्ध ।

tungsten (टङ्'स्टेन्) **ना.** इस्पात रंगको धातवीय तत्व जसको द्रवण बिन्दु अति उच्च हुनाले विद्युत् बत्तीको रेशा, वा इस्पातमा मिसाउन, काम लाग्दछ, टङस्टेन ।

tunic (ट्यू'निक्) **ना.** प्रा० ग्री० वा रो० लुगा, कुर्ता, (हाम्रो लबेदा जस्तो); कम्मरमा पेटी भएको स्त्रीको खुकुलो चोला वा ब्लाउज; प्रहरी, सैनिक, इ० को कसिएको छोटो कोट; (पशु०) विशेष जातिका जीवको चर्म खोल; (श० वि०) अवयवलाई बेर्ने झिल्ली; (वन०) गाँठोको कुनै पत्र, भागको छाला ।

tunicle (ट्यू'निक्ल्) **ना.** मिहीन वा सुकुमारी लुगा ।

tuning (ट्यू'निङ्) **ना.** शा० अ० :—-fork हानेमा कुनै खास स्वर निकाल्ने दुई जिब्रे फलामे काँटा, स्वरकाँटा, तालकाँटा;—-hammer पियानोको तार मिलाउने हतौडीको आकारको रेख्रू ।

tunnel (ट'नेल्) **ना.** सुरुङ्ग, दुलो, भौम मार्ग, (खानि०) एकातिर खुला सुरुङ्ग; चिमनीको मुख्य धूवाँकस;—-borer सुरुङ्ग खन्ने यंत्र;—-net एकापट्टि साँगुरिएर गएको माछा मार्ने जाली; **क्रि.** (पहाड, इ० मा) सुरुङ्ग खन्नु; सुरुङ्गको योजना गर्नु; सुरुङ्गभित्र जानु; खन्दै अघि बढ्नु ।

tunny (ट'नि) **ना.** ठूलो समुद्री खाद्य माछाको जात ।

tuny (ट्यू'नि) **वि.** (संगीत) मीठो लयको, सुमधुर स्वर ।

tup (टप्) **ना. र क्रि.** (—pp—) भाले भेडो, वाफ हतौडीको हान्ने सतह; **क्रि.** (भेडीसँग) मिसिनु ।

tuque (ट्यूक्) **ना.** (क्यानडा) टोपीको किसिम ।

tu quoque (ट्यूको'कि) **ना.** जवाफ, (तिमी पनि ता सोही होऊ); (ल्या०) ।

Turanian (ट्यूरे'नियन्) **वि.** टुरान प्रान्तको (मध्य एशाको) भाषा ।

turban (टअर'वन्) **ना.** फेटा, (योरपमा अघि) स्त्रीको फेटा; (पछि) स्त्री वा बालकको डील नभएको वा सानू डील भएको टोप; एक कपाटीय कीराको शंख ।

turbary (टअर्'वरि) **ना.** आर्काको जग्गामा चपरी काटेर लैजाने हक; त्यसरी चपरी वा माटेकोइला खन्ने जग्गा ।

turbid (टअर्'बिड्) **वि.** (झोल वा रंग) मैलो, धमिलो, कलुष, कलुषित, आविल, हिले, बाक्लो, अस्पष्ट; (अलं०) अव्यवस्थित, जत्रतत्र;—ity कलुपता, कालुष्य ।

turbinate (टअर्'विनेट्) **वि.** उल्टो शुची (स्तूप), वा लट्टूको आकारको; लट्टू जस्तो घुम्ने ।

turbine (टअर्वाइन्) **ना.** जलचक्का, जलचक्की, पानीघट्ट (बग्ने पानीले चलाउने); air—वायुचक्का, (हावा, वा नलीबाट निस्केको हावाले चलाउने); gas—ग्यासचक्का; steam —वाफको सिर्काले चलाउने वाफचक्का ।

turbit (टअर्'विट्) **ना.** च्याप्टो टाउको र छोटो चुच्चो भएको पालतु परेवा ।

turbo—(टअर्'वो) turbine चक्काको यौगिक रूप=चक्र, चक्का;—jet engine चक्र धारा यंत्र (दहनशालामा संघट्टित वायु पुर्‍याउने चक्काले चलाउने संघट्टन यंत्र रहेको);—prop engine चक्रप्रेरक यंत्र ।

turbot (टअर्'वॅट्) **ना.** ठूलो च्याप्टो माछा, असल र चाह गरिने खाद्य ।

turbul/ent (टअर्'ब्यूलेण्ट्) **वि.** दुर्दान्त, कलहकारी, तुमुलकारी, उपद्रयाहा, बढता, उत्ताउलो, अर्धेलो, जण्ड, मुचुण्ड, साँढा; उज्जण्ड; अवशवर्ती, दङ्गालु;—ence **ना.** तुलकलाम, होहल्ला, मुचुण्ड्याइँ ।

Turco (टअर्को) **ना.** (ऐति०, ब० व०—s) फ्रान्सको सेवामा रहने अल्जेरियाली सैनिक ।

Turco—, Turko—(टर्को-) (यौगिक) तुर्कहरूको;—phil तुर्कप्रेमी;—philism तुर्क प्रेमवाद;—phobe तुर्कद्वेषी ।

turd (टअर्ड्) **ना.** (फोहर०) गुहूको लिंड, डल्लो; लिण्डो, थुस्सा, थासो ।

tureen (ट्यूरीन्') **ना.** सूप, रस, हाल्ने गहिरो विर्कोसहितको रिकाबी, थाल ।

turf (टअर्फ्) **ना. र क्रि.** घाँससहित माटो, चौर, चहुर, चपरी, शाद्वल, घाँस माटो; the—घोडादौड, खा० ग० on the—घोडदौडमा लागेको;—-bound चपरीले बेरेको;—drain घाँसले ढाकेको नल;—-man घोडदौडमा रुचि लिने व्यक्ति;—ite **ना.** घोड दौडवाला; **क्रि.** चौर लाउनु; (अप०) व्यक्ति वा वस्तुलाई धपाउनु, फ्याँक्नु ।

turgid (टअर्'जिड्) **वि.** विकृत ढाँचासँग सुनिएको, फुलेको, मोटो भएको, वा बढेको; स्फीत, उच्छून; (—escible स्फा-

टित;) (अलं०, भाषा) बढेचढेको, दर्पाध्मात, पंडिते;—escence,—idity **ना.** स्फाति, उच्छूनता;—escent **वि.** स्फार ।

turion (ट्यो'ऱ्रियन्) **ना.** (वन०) कुरिलो, इ० विरुवामा भुँबाट निस्कने पाप्रा वा कतला भएको टुसो ।

Turk (टअर्क्) **ना.** तुर्क; (संक्र०) जंगली, हिंस्रक, अवश्य व्यक्ति (अचेल मु० ठ० केटाकेटीबारे); (आ०) मुसलमान; तुर्की घोडा) ।

turkey (टअर्'कि) **ना.** (व० व०—s) कालिजको जातको तर सोभन्दा ठूलो शुरूमा अमरिकाको बासिन्दा चरो, टर्की; T—तुर्को देश; T—carpet केवल ऊनको बनेको र मखमल जस्तो देखिने गलैंचा;— -cock भाले टर्की; (red as a—-cock (अलं०) रिसाएर मुख लाल लाएको व्यक्ति; (अलं०) आफूलाई बडाझी सम्झने वा घमण्डी व्यक्ति ।

Turkish (टअर्'किश्) तुर्कीको (भाषा);—bath तातो हावा र त्यसपछि ठंडा पानीले स्नान, उष्ण स्नान;—delight मिठाईको किसिम; पुष्टकारी;—music समाघातका वाद्य यंत्रबाट उत्पन्न हुने;—pound तुर्की मुद्रा;—towel लामू भुत्ला भएको ।

Turkoman, Turkman, Turco—(टर्क्'म्यान्)**ना.** (व० व०—s) विभिन्न क्षेत्रका तुर्की जातिका मानिस ।

turmalin (e) (टअर्'मलिन) Tourmaline,=विभिन्न रंगको खनिज मणि ।

turmeric (टअर्'मरिक्) **ना.** बेसार, हलेदो;— -paper क्षारको उपस्थिति जाँच्ने हलेदोमा डुबाएको कागत, हलेदोपत्र ।

turmoil (टअर्'मॉयल्) **ना.** र **क्रि.** उत्पात, रडाको, होहल्ला, संक्षोभ, तुमुल, बखेडा; **क्रि.** आन्दोलन गर्नु, दुःख दिनु ।

turn (टर्न) **क्रि.** घुम्नु, फिर्नु, घुमाउनु; घुमेर पल्टनबाजी खानु; कावा खानु; फर्कनु, उल्टाउनु, पल्टाउनु, उल्टो पार्नु, (अलं०) गुन्नु; मोड लिनु, आकोंपट्टि जानु, बांगिनु, परिक्रमा गर्नु; नाघ्नु (उमेरमा, वर्ष); छल्नु; पठाउनु, जान लाउनु; परिवर्तन हुनु वा गर्नु (रूप, स्वभाव, परिस्थिति, इ०) अनुवाद गर्नु; खराज गर्नु; राम्रो रूप दिनु (प्रशंसा, इ०); खराज गर्नु;—turtle (नौ० अप०) घोप्टिनु;—the tables on स्थिति उल्टाउनु, खा० ग० तल्लोबाट माथिल्लो हात गराउनु;—back फर्किनु, फर्काउनु;—not a hair किञ्चित् नखानु;—over a new leaf सप्रनु;—one's back on पिठ्यूँ फर्काउनु;—one's coat दल फेर्नु, त्याग्नु, अवसरवादी बन्नु;—a deaf ear to (प्रार्थना, इ०) नसुन्नु;—about वा सेना० आदेश about—घुम्नु;—against विरुद्ध हुनु;-down दोब्र्याउनु, पल्टाउनु (ताश), घटाउनु (बत्ती), अस्वीकार गर्नु (प्रस्ताव);—in भित्रपट्टि मोडिनु, (बो० चा०) सुत्न जानु;—off बन्द गर्नु (धारो), संपादन गर्नु (कलाकृति, पद्य), खारिज गर्नु (नोकर), (अप०) झुण्ड्याउनु (अपराधी), विवाह गराउनु (जोडा);—on खोल्नु (धारो);—up (बो० चा०) वान्त गर्नु;—coat दल छोडाहा, कोटफेरा;— -down (कलर) दोब्र्याएको;—key झ्यालखानको जिम्बावार;— -out उपस्थिति, वेशभूषा, सजधज, हडताल, दर्शक समूह;—over दामको चलतीफिर्ती (कारोबारमा);—pike मूल बाटोमा शुल्क नबुझाएसम्म सवारी रोक्ने ढोका;— -round (जहाज) बन्दरगाहमा प्रवेश, लादेको मालको उतार, नयाँ मालको लाद, र बन्दरगाहबाट निर्गमको प्रक्रिया, परिवृत्ति;— -screw पेचकस;—stile घुमति ढोका;— -table रेलको इंजिन घुमाउने बाट्टुलो घुमति मञ्च, चौतरा, घुमति मंच;— -up माथि फर्केको कुरा खा० ग० पतलूनको मोहता (बो० चा०) होहल्ला ।

turn (टर्न्) **ना.** मोड, घुम्ती, वल्टाइ पल्टाइ, फेरो; क्रम, पालो, वारी, आलोपालो, हात; मिजास, प्रवृत्ति, स्वभाव, रचना; फेरो, चक्कर, हावाखोरी; (नाचघर, इ० मा) छोटो अभिनय, पाठ; (व० व०) (स्त्रीको) रज; (मुद्र०) हराएको अक्षरको ठाउँमा एक छिनको लागि राख्ने उल्टो अक्षर; स्नायविक झोक्का, ज० कि gave me quite a—; to a—ठीकसँग, दुरुस्त; by—पालोसँग, by—s आलोपालो गरी ।

turner (ट'र्नर्) **ना.** शा० अ० पनि र खा० ग० : खराज गर्ने;—y **ना.** खराजखाना ।

turning (ट'र्निङ्) **ना.** शा० अ० खा० ग० : खराजन, खराजको काम, (सडकको) मोड, डेउढी, घुम्ती, घुम्टी;— -point मोड विन्दु, (स्थान, समय, विकासको) आमूल परिवर्तन बिन्दु; निर्णय विन्दु ।

turnip (टअर्'निप्) **ना.** सलगम, शिखामूल ।

turpentine (टअर्'पेण्टाइन्) **ना.** र **क्रि.** तारपिन तेल, तारपिन; **क्रि.** तारपिन लाउनु, घस्नु ।

turpitude (टअर्'पिट्यूड्) **ना.** नीचता, दुष्टता, पतन, दौर्जन्य ।

turps (टर्प्स्) **ना.** turpentine को छो० क० तारपिन तेल, तारपिनको अरक ।

turquoise (टअर्'क्वाइज़्) **ना.** वैदूर्यमणि ।

turret (ट'रिट्) **ना.** बुर्जा, शृङ्ग, शिरोगृह, प्रासाद शिखर ।

turriculate,—ated (टरि'क्यूलेट्,—लेटेड्) **वि.** (शंख) लामू अग्लो ढाड भएको ।

turt/le (ट'अर्ट्ल्) **ना.** (अचेल धे० ज०— -dove) ढुक्कुरको किसिम; कूर्म, कछुवा, जलकछुवा; (green—पनि) यसको रस, सुरुवा, बडो स्वादको गनिन्छ; mock—(कछुवाको साटो सुरुवालाई चलन गरिने) बाछाको टाउको; turn—(नौ० अप०) उल्टिनु, पल्टिनु;—shell कछुवाको हाड, खा० ग० गाढा रंगको; **क्रि.** कछुवा शिकार गर्नु, ज० बा०—ler कछुवा शिकारी;—ling कछुवा शिकार ।

Tuscan (टस्'कन्) **वि.** र **ना.** इटलीको टस्कनी प्रदेशको (भाषा, निवासी) ।

tush (टश्) **वि. बो.**, **ना.** र **क्रि.** (आ०) बा० ! धत् ! हत्तेरी ! धत्तेरी ! ; धिक्कार्नु;—ery **ना.** (सा०) नकली प्राचीन प्रयोग ।

tush (टश्) **ना.** लामू चुच्चे दाँत, खा० ग० घोडाको कुकुर दाँत ।

tusk (टस्क्) **ना.** र **क्रि.** लामू चुच्चे दाँत, हात्तीदाँत, वालरस (जलजीव) को दाँत; त्यस्तै चुच्चे दाँत वा भाग (ताल्चा हेंगा, इ० मा); **क्रि.** दाँतले घोप्नु, चिथर्नु, प्वाल पार्नु;—er दाँत वढेको हात्ती ।

tusser,—ur,—ore (ट'सर्, ट'सोअ्र्) सिन्दूर काठ खाने रेशमी कीरा, खस्रो तर बलियो रेशमी सूत वनाउने रेशमी कीरा; (—-silk पनि) टसर, रेशम ।

tussive (ट'सिभ्) **वि.** (भैष०) खोकीसम्वन्धी, कासी ।

tussle (ट'स्ल्) **ना.** र **क्रि.** द्वन्द्व, हात हालाहाल, वाहुयुद्ध, घम्साघम्सी, मुठभेड ।

tussock (ट'सक्) **ना.** घाँस, इ, को ढिस्को, थुम्को, कुन्ज ।

tut, tut-tut (टट्, टट्टट्') **वि. बो., ना.** र **क्रि.** (—tt—) अधैर्य, हेलाँ वा गालीको वि० बो०; धत्, धत्तेरी; **ना.** सो वोली; **क्रि.** धत् गर्नु, धत्कार्नु; (खानि) काम;—work ज्याला, वनी ।

tutelage (ट्यू'टिलिज्) **ना.** संरक्षकत्व, अभिभावकत्व, पालकपद; बाल्यावस्था, कावू, वश, अधीनता, संरक्षकको अधीन रहने, रहेको, अवधि ।

tutelary (ट्यू'टिलरि) **वि.** रक्षक, रक्षा गर्ने, अभिभावक हुने;—deity कुलदेवता, इष्टदेवता;—authority संरक्षक अधिकार ।

tutenag (ट्यू'टिन्याग्) दस्ता, जर्मन सिलवर; सो जस्तो सेतो मिसोट धातु ।

tutor (ट्यू'टर्) **ना.** र **क्रि.** गुरु, अध्यापक, आचार्य, शिक्षक, खा० ग० कसैको सम्पूर्ण शिक्षा दीक्षाको जिम्वा लिने व्यक्ति; (वि० वि०) उनस्नातकहरूको अध्ययनको जिम्वा लिने अधिकारी, विश्वविद्यालयको सदस्य; (का०) नावालिगको अभिभावक, ददा, वारिस; **क्रि.** गुरु हुनु, पढाउनु, वशमा राख्नु, पाठ पढाउनु (अक्ष० र अलं०);—age गुरुत्व;—ess गुरुमा;—ship गुरुकार्य, गुरुता, आचार्यत्व;—ial **वि.** आचार्यक; **ना.** गुरुले अध्यापन गरेको अवधि; गुरुसँग वसेर अध्ययन गर्ने कक्ष वा अवधि ।

tutti (टु'टी) संगी० निर्दे० र **ना.** सबै (गला, वाद्य) सँगसँगै; **ना.** सोको रचना ।

tutti—frutti (टु'टी फ्रुटी) **ना.** सब प्रकारका फलफूलका टुक्रा हालेको मिठाई, आइसक्रीम ।

tutty (ट'टि) **ना.** मिसोट दस्ताको धूलो (पालिश गर्ने धूलो), सफेता ।

tutu (टु'टु) **ना.** ब्याले नर्तकको छोटो ठाडो स्कर्ट, लहँगा ।

tuum (ट्यू'अम्) **ना.** त्वमत्व ।

tu-whit (टु'ह्विट्) **ना.** tu-whoo (टु-ह्वू') **ना.** र **क्रि.** लाटोकोसेरोको वोली (गर्नु); हुकहुक ।

tuxedo (टक्सी'डो) **ना.** (ब० व०—s,—es) खाने पोशाकको छोटो कालो कोट ।

tuyére (ट्वीयेय्र्', टुयेय्र्', ट्वीय्र्') **ना.** खलौंती, अग्निकुण्ड, मा हावा पठाउने नली ।

twaddle (ट्व्याड्ल्) **क्रि.** र **ना.** वकवक, फजूल कुरा (गर्नु);—r **ना.** वकवके, वकमफूस ।

twain (ट्वेन्) **वि.** र **ना.** (आ०) द्वय, दुई व्यक्ति वा वस्तु, cut in—दुई फ्याँक, छयाक, पार्नु ।

twang (ट्व्याङ्) **क्रि.** र **ना.** धातुक ध्वनि (निकाल्नु), ज० कि वाद्यको तार तानेर, झनक, घन्काउनु; (—le (ट्व्या'ङ्ग्ल) **क्रि.** नाके वोलीले वोल्नु, झिक्नु); **ना.** (तारको) टङ्कार, झङ्कार ।

twankay (ट्व्यान्'के) **ना.** हरियो चीनियाँ चिया ।

'twas (ट्वाज्) it was को आ० वा कवि० छो० क० ।

twayblade (ट्वे'ब्लेड्) हरियो वा कलेजी फूल र एक जोडा मात्र पात हुने जातको अर्किड, जोरपाते ।

tweak (ट्वीक्) **क्रि.** र **ना.** जुरुक्क पार्नु, चिमोटेर वटार्नु, थुत्त तान्नु; **ना.** निमोठाइ, चिमटाइ, तान ।

tweed (ट्वीड्) **ना.** सूतमा दुई रंग मिसाएको खस्रो लोग्नेमानिसको लुगा हाल्ने धे० ज० द० स्कटल्याण्डमा वनेको ऊनी कपडा; ट्वीड; (व० व०) ट्वीडको लुगा ।

tweedle (ट्वी'ड्ल्) **ना.** सारंगी वाजाको वोली;—dum &—dee धे० ज० नाममा मात्र फरक भएका वस्तु वा व्यक्ति ।

'tween (ट्वीन्) **क्रि. वि.** र **उ.** between को छो० क०, माझमा, वीचमा; खा० ग०—-दुई डेकका वीचमा ।

tweeny (ट्वी'नि) **ना.** (वो० चा०) अरू दुई जना (भान्से र कोठामोचे) लाई सगाउने चाकर ।

tweet (ट्वीट्) **ना.** र **क्रि.** चराको वोली (गर्नु), च्याँ च्याँ (गर्नु) ।

tweezer (ट्वी'जर्) **ना.** र **क्रि.** (व० व० pair of—s पनि) सानू चीज टिप्ने, रौं टिप्ने, इ० सानू चिमटा; संदंश, कंकमुख; **क्रि.** सानू चिमटाले रौं, काँढा, इ० झिक्नु ।

twelfth (ट्वेल्फ्थ्) **वि.** र **ना.** वाह्रौं; the—ग्राउस चराको शिकार खुल्ने १२ अगस्टको दिन; T—day वडादिनपछि, व्रत; T—-night सो रात, अनेक उत्सव गरिने; **ना.** प्रत्येक वाह्रौं भाग ।

twelve (ट्वेल्भ्) **वि.** र **ना.** वाह्र, the T—वाह्र (क्राइस्टका) दूतहरू; in—s (पुस्तक) द्वादशांश;—fold **वि.** वाह्र गुना;—month वाह्र महीना, वर्ष;—pence,—penny विलायतको मुद्रा, शिलिङ्ग ।

twenty (ट्वेन्'टि) **वि.** र **ना** वीस; अति धेरै (पटक);—-five (रगवी, हकी खेल) गोलभन्दा २५ गज टाढा खिचेको धर्को; twentieth **वि.** र **ना.** वीसौं (भाग), विसौंद;—fold **वि.** वीस गुना ।

'twere (ट्वेय्र्) आ० वा कवि० छो० क० it were को ।

twerp (ट्वअ्र्प) **ना.** (अप०) वेहूदा, असभ्य वा नीच ।

twice (ट्वाइस्) **क्रि. वि.** दुई पटक, दोहोरो, दुगुना; दोब्वर; (वो० चा०) in—दुईचोटि, दुई पटक ।

twicer (टवाइ'सर्) **ना.** (मुद्र०) अक्षर योजक जो आर्को

काम पनि गर्छ; आइतवार विहान साँझ दुई पटक गिरजा जाने यजमान ।

twiddle (ट्वि'ड्ल्) **क्रि.** र **ना.** (अल्छीसँग) घुमाउनु, (औंला, कुनै वस्तु, इ०); कुनै वस्तु, डल्लो (ज० कि रेडियोको डल्लो) यताउति घुमाउनु; आलस्यसँग खेल्नु (केही चीजसँग); **ना.** घुमावट, परिवृत्ति ।

twig (ट्विग्) **ना.** टुसो, डाँठ, डाँखलो, झिँझा, स्याउला, प्रशाखा, विटप; (श० वि०) धमनी, इ० को सानू शाखा; (विद्युत्०) सानू वितरक चालक; (पानी) पत्ता लाउने डाँठ; hop the—(बो० चा०) मर्नु, वित्नु ।

twig (ट्विग्) **क्रि.** (-gg-) बो० चा० (व्यक्ति, मतलब कुरा) बुझ्नु, तात्पर्य बुझ्नु; देख्नु, अवलोकन गर्नु ।

twilight (ट्वाइ'लाइट्) **ना.** र **क्रि.** (—ed) साँझ, संध्याद्युति; मिरमिरे उज्यालो; निशादि; (अलं०) अपूर्ण ज्ञान वा समझको अवस्था;—of the gods (नर्स कथा) देवता र दानवको द्वन्द्व, जसमा ती दुवैले परस्परलाई ध्वंस गरे;—sleep संध्या निद्रा, प्रसव वेदना नहुने गरी बच्चा जन्माउने विधि; **क्रि.** (विर०) धमिलोसँग उज्यालो पार्नु ।

twill (ट्विल्) **ना.** र **क्रि.** तेर्सो धर्सा पर्ने गरी बुनेको कपडा, ट्विल; तेर्सो धर्सा हालेर बुन्नु ।

'twill (ट्विल्) it will को आ० वा कवि० छो० क० ।

twin (ट्विन्) **वि.**, **ना.** र **क्रि.** (-nn-) जमल्याहा, यम, यमज, यमल; ज्यादै नजीकको साइनो वा सम्बन्ध भएको; (वन.) जोडा भएर उम्रने; दुई सम्बन्धित र समान भाग भएको, **ना.** यम, यमल, जम्ल्याहा; कुनै व्यक्ति वा वस्तुको मिल्ने प्रतिरूप; एक भाग आर्काको उल्टो रहेको यौगिक मणिभ; **क्रि.** घनिष्ठ सम्बन्ध गरी जोड्नु, जोगल्टिनु, जोडा हुनु;—beds जोडा पलङ्ग; the T—Brothers च्यास्टर र पलक्स, अश्विनीकुमार;—boat, steamer एकै डेकलाई अड्याउने दुई भाग भएको जहाज;—-screw दुईवटा प्रेरक पंखा भएको;—set स्त्रीको बाहिरी (माथिल्लो) ऊनी लुगाको जोर; the T—s मिथुन राशि; siamese—s ढाड जोरिएर जोरिएर जन्मेका दुई बालक;—ning machine,—saw युगल यंत्र (कांग्योको दाँत काट्ने यन्त्र);—ning **ना.** युगल मणिभको उत्पादन;—ling लघु यमल;—ship जम्ल्याहापन, यमता ।

twine (ट्वाइन्) **ना.** र **क्रि.** सुतरी, डोरी, बाटेको डोरी; सूत्र तन्तु; गुँडुल्को, बटार; **क्रि.** (डोरी) बाट्नु; (माला) गाँस्नु; लपेट्नु, उल्झनु, बुनिनु, (सर्प, लहरा) गुँडुल्किनु, बेह्रिनु;—round लुट्टपुट्ट गर्नु, लुटपुटिनु ।

twinge (ट्विन्ज्) **क्रि.** (विर०) र **ना.** च्वास्स दुख्नु, घोच्नु हूप पस्नु, चस्कनु, सोला हान्नु; **ना.** चस्को, झस्को, शूल, वेदना, पीडा, तीव्र वेदना, सोला, शूला ।

twinkle (ट्विङ्क'ल्) **क्रि.** र **ना.** चम्कनु, टल्कनु, झल्कनु; (आँखा, नाच्दा गोडा) चाँडै चल्नु; (आँखा) झिमझिम गर्नु; (आँखा) ठट्टा, कुरामा टल्कनु; (प्रकाश) उज्यालो दिनु; **ना.** झिमझिम, निमिष, टलक, झल्को, तेज (आँखाको); छिटो छोटो गति (नाचमा गोडाको) ।

twinkling (ट्वि'ङ्क्लिङ्) **ना.** निमेष, मुहूर्त, (आँख झिम्म गर्ने) अति छोटो समय, अति शीघ्रतासँग ।

twirl (ट्वअर्ल्) **क्रि.** र **ना.** छिटो घुमाउनु, चक्कर खवाउनु; (बूढी औंला विनामतलब) घुमाइरहनु; मुसार्नु; **ना.** छिटो वा अल्छी घुमाइ वा चक्कर; कलमले बनाएको डिको, धर्को ।

twirp (ट्वअर्प्) **ना.** twerp को रूपान्तर=बेहूदा, असभ्य, नीच ।

twist (ट्विस्ट्) **ना.** र **क्रि.** दुई वा बढी सूत बाटेको डोरी, रस्सी; रेशम या कपासको बलियो सूत; बटारेको रूपमा पाउरोटी, सुर्ती; दुवै छेउ मुजा पारेर दोब्र्याएको कागतको पोको; बटार, बटारिएको अवस्था; जीउ बटारेर गरिने अचेलको नाच; बटारको ढाँचा वा परिमाण; मन, स्वभाव, को बटार, विशिष्ट प्रवृत्ति (धे० ज० हें०); बटारको जोर, डण्डा इ० को घुमाइ, धूरको भ्रान्ति सँगसँगै अग्रगामी गति; मिसिएको मदिरा पेय; (बो० चा०) भोक, क्षुधा; **क्रि.** बटार्नु, बटारिनु, कुँडुलिनु, गुँडुलिनु, बाट्नु, बेह्रिनु, जोगल्टिनु, निमोठ्नु, मडारिनु, मडार्नु, हुँडलिनु, छटपटाउनु; परक पार्नु; मर्काउनु; घुमाउनु, चक्कर खवाउनु; घुमाउरो हुनु; जीउ बटारेर नाच्नु; (माला) गुँथ्नु; अघि बढ्नु, हुस्सिनु (भीड मध्येबाट); बङ्ग्याउनु; Damascus—दमास्कस इस्पातलाई बलियो पार्ने विधि; of the wrist (अलं०) दक्षता, सीप;—(one's) arm हात बटार्नु (सजायको रूपमा);—off निमोठेर वा बटारेर भाँच्नु, चुँड्नु;—up (कागत) चुच्चो पारेर सोली बनाउनु ।

twister (ट्वि'स्टर्) **ना.** शा० अ०, खा० ग० वा पनि : अनपत्यारको व्यक्ति, ठग; क्रिकेट वा विलियर्डमा चक्कर खाने बल; सत्तरी; राग (घोडामा) ।

twit (ट्विट्) **क्रि.** (-tt-) हप्काउनु, गिज्याउनु, हकार्नु (दोषको लागि); जिस्क्याउनु;—tingly होच्याएर, जिस्क्याउँदै, गिज्याएर ।

twitch (ट्विच्) **क्रि.** र **ना.** थुत्त तान्नु, (इशाराको रूपमा, व्यक्तिको मोहता, बाहुला, इ०) खिच्नु; (अनुहार, पेशीहरू, अंग) फर्फराउनु, खुम्चिनु; **ना** स्पन्दन, स्फुरण, फर्फराहट; तनाइ, थुत्त; घोडालाई (केही गर्दा) शान्त [राख्ने शालिहोत्री उपकरण ।

twitter (ट्वि'टर्) **क्रि.** र **ना.** (चरो) च्वाँ च्वाँ, चुँ चुँ गर्नु; (भँगेरो झैँ) छोटो छिटो आवाज निकाल्नु; **ना.** च्वाँ च्वाँ, चराको छिटो छिटो बोली; प्रलाप, प्रजल्प; (बो० चा० —ation पनि) उत्तेजित अवस्था, ज० कि all of a—त्रस्त, हडबडाएको ।

twixt (ट्विक्स्ट्) **उ.**=betwixt बीचमा, माझमा ।

two (टू) **वि.** र **ना.** दुई, २;—-cleft (वन०) दुई चिरे;—-edged दुईधारे (तरवार), (अलं०) दुवैपट्टि लाग्ने सन्दिग्ध, द्वयर्थक;—-faced (अलं०) दुई मुखे, असरल;—fold दोहोरो, डबल;—-handed दुई हाते (तरवार); दुईले खेल्ने खेल, गर्ने काम;—pence (ट'पन्स्) दुई पेन्स;

—pence coloured सस्तो, चुत्थो, वेकामको (penny plain भडकदार, को विप०);—penny—half penny (ट'पनि हे'प्नि) तुच्छ, क्षुद्र, रद्दी;—ply दुई सूते, दुई पत्रे, दोहोरो;—-sided दुई पक्षे;—speed दुई वेगमा मिलाउन हुने, ज० कि—speed gear दुई वेग साज;—-step नाचको किसिम;—-timing विश्वासघाती, धोखावाज;—-tongued दुई जिब्रे, छली;—-way दुईतिर प्रवाह पठाउने विद्युत् स्विच, (काग) दुई नलमध्ये जुनमा पनि पानी पठाउने, (गणि०) दुई किसिमको विकार हुने;—ness द्वैत ।

twosome (टू'सम्) वि. र ना. द्विहस्त, दुई जनाको (खेल, नाच, इ०) ।

'twould (टुड्) it would को छो० रू० ।

Tyburn (टाइ'बर्न्) ना. हालको मार्बल आर्चको थलोमा अघि रहेको फाँसी दिने तखता (लण्डनमा);—tippet झुण्डयाउने रस्सी;—tree फाँसी दिने तखता ।

Tychonic (टाईकॅ'निक्) वि. डेनिश ज्योतिषी टाइको ब्राहेको वा उनको पद्धतिको ।

tycoon (टाइकून्) ना. विदेशीहरूले जापानका शोगुनलाई दिएको पदवी, (जापानी); महाजन, ठूलो वेपारी; ठूला-ठूला कारोबारमा संलग्न व्यापारी ।

tying (टाइ'ङ्) ite को कृदन्त, बाँध्ने, बन्धन ।

tyke, ti—(टाइक्); ना. कुत्ता, भुस्याहा कुकुर; नीच व्यक्ति, स्वाँठ ।

tyler (टाइ'लर) ना.=tiler झिंगटी, टाइल, अवाले ।

tylopod (टाइ'लपॅड्) वि. र ना. खुट्टामा खुरको साटो गद्दा भएको पशु; उपधानपाद ।

tylosis (टाइलो'सिस्) ना. (रो० नि० पटलशोथ, (वन०) प्रणालीको खाडलमा हुने वृद्धि ।

tymp (टिम्प्) ना. इस्पात भट्टीमा अग्निकुण्ड अगाडिको शिर; खानिमा छोटो तेर्सो दलिन काठ ।

tympan (टिम्'पन्) ना. तनक्क तन्केको झिल्ली वा पातलो पातोको ताउ; मुद्रण यन्त्रमा चारैतिर दवाव बराबर गराउने घेरा ।

tympanic (टिम्प्या'निक्) वि. तवला, ढोल, को शिर जस्तो, काम गर्ने; (श० वि०) कर्ण पटलको;—membrane कर्णपटल;—(bone) कर्णास्थि ।

tympanist (टिम्प्या'निस्ट) ना. तवल्ची, नगरावादक; timpanist को रूपान्तर ।

tympanites (टिम्पनाइ'टीज्) ना. आन्द्रामा वायुले गर्दा पेटको सूज, जठरशोथ ।

tympanum (टिम्'पनम्) ना. (ब० व०—na) कर्णोदर, कर्ण पटल; (स्थाप०) ढोकामाथिको त्रिकोणाकार ठाउँ; ढोकाको खापा; पानी उचाल्ने ढेंकी ।

Tynwald (टिन्'—, टाइन्वॅल्ड्) ना म्यान द्वीप (बिलायत)-को विधान सभा ।

type (टाइप्) ना. आदर्श, प्रतिरूप; नमूना, भविष्यसूचक सादृश्य; वर्ग, खाल, वान्की, किसिम; (प्रा० वि० इ०) रचनाको प्रारूप; जीव वा वनस्पतिको मुख्य वर्ग, विभाजन, जसमा त्यो विशेषता रहन्छ; आफ्नू वर्गका विशिष्ट लक्षण वा गुण भएको जीव; (र० शा०) अरूहरू धेरै द्रव्यको रचना दर्शाउने यौगिक (को रचना), ज० कि हाइड्रोक्लोरिक अम्ल; जल, एमोनिया, इ०; कलावस्तु, कल्पना, उद्देश्य, जो पछिका कलाकारको लागि नमूना बन्दछ; सिक्का, तक्मा, इ० को दुवैपट्टि खोदिएको वा कुँदिएको बुट्टा वा अङ्कन; (मुद्र०) टाइप, मुद्राक्षर, (सामूहिक ए० व०) टाइपको समूह, र (ब० व०) सोको किसिम; typal वि. आदर्शभूत, प्रतिरूपक;—bar ठोस डण्डामा टाइपको पंक्ति;—genus माथिल्लो वर्गको विशिष्टता रहने, र नामकरण गर्ने जाति, उदा० परिवार;—-high (काठको खोदाइ, इ०) टाइपको उचाइको (छाप्नालाई उपयुक्त);—-metal टाइप बनाउन उपयुक्त मिसोट धातु;—script टाइप गरेको कुरा;—-setter (अक्षर) टाइप, योजक यन्त्र पनि;—write टंकण गर्नु, टाइपराइटरले छाप्नु, टाइप गर्नु;—writer टंकण यन्त्र, टाइपराइटर ।

type (टाइप्) क्रि. आदर्श, प्रतिरूप, हुनु; टंकण गर्नु, टाइप गर्नु ।

typhlitis (टि'फ्लाइटिस्) ना. बन्द आन्द्रा वा आन्त्र पुच्छको सूज ।

typhoid (टाइ'फ्वायड्) वि. र ना. ज्वरातिसार जस्तो;—fever ज्वरातिसार, म्यादे जरो, अन्त्र ज्वर;—bacillus ज्वरातिसार कीटाणु;—condition रुग्णताको अवस्था, म्लान प्राणशक्तिको अवस्था;—al ज्वरातिसारीय ।

typhomania (टाइफमे'निआ) ना. ज्वरातिसारको विशिष्ट वर्वराउने लक्षण ।

typh/oon (टाइफून') ना. चीनी समुद्रमा वर्षामा उठ्ने उच्चण्ड हुरी, महावात;—onic वि. महावायव ।

typh/us (टाइ'फस्) ना. ज्वरातिसार, रातो टाटो, उग्र कमजोरी, र धे० ज० बरबराउने लक्षणसहितको म्यादे जरो; malignant, simple,—कुपित, सादा, अतिसार;—ous वि. ज्वरातिसारीय ।

typic (टि'पिक) वि. आदर्शरूप, लाक्षणिक, प्रतिनिधि गर्ने ।

typical (टि'पिकल्) वि. आदर्श रूप, लाक्षणिक, नमूनाको, विशिष्ट उदाहरण गर्ने, प्रतिरूपक; खास, छुट्टयाउने;—ly क्रि. वि. आदर्शरूपले, नमूना झैं;—ness प्रतिरूपकता, आदर्शभूतता ।

typi/fy (टि'पिफाइ) क्रि. नमूनाले प्रदर्शन गर्नु, आदर्श बन्नु, भविष्य सूचन गर्नु; नमूना बन्नु, विशिष्ट गुणलाई मूर्तिमान गराउनु;—fication ना. आदर्शीकरण ।

typist (टाइ'पिस्ट्) ना. टंककार, टाइपिस्ट, टाइपराइटर चालक ।

typo (टाइ'पो) ना. (अप०, ब० व०—s)=typographer मुद्रक ।

typo- (टाइ'पो-) ग्री० tupos=टाइप, को यौगिक रूप;—

graph अक्षर बनाउने र सजाउने यंत्र, अक्षर यन्त्र;—lite शिलाभव, पशु, इ० को आकार खोदिएको ढुङ्गा ।

typograph/y (टाइपॅग्रफि) **ना.** मुद्रणकला, मुद्रांकन, छपाइ; छपाइको ढाँचा, रूप;—ic (al) **वि.** छपाइको, छपाइ सम्बन्धी;—ically छपाइद्वारा मुद्रित स्थितिमा ।

tyrannic (al) (टिन्यानिक् (ल्)) **वि.** (- ic विर०) प्रजा पीडकको ढाँचाले, निष्ठुर शासक झैं; स्वेच्छाचारी, हुकुमी, जथाभावी;—ally, tyrannously **क्रि. वि.** स्वेच्छाचारितासँग; —alness प्रजापीडकता; tyrannous **वि.** प्रजोपप्लवी, प्रजोपद्रवी ।

tyranni/cide (टिन्या'निसाइड्) **ना** प्रजापीडक हत्या, निष्ठुर शासक घात;—cidal **वि.** प्रजापीडक घाती ।

tyrannize,—ise (टि'रनाइज़्) प्रजापीडक बन्नु, स्वेच्छाचारी हुनु, मनपर्दो राज्य गर्नु, निष्ठुर शासन गर्नु; (अचेल विर०) व्यक्तिमाथि अत्याचार गर्नु; ध्याँक्नु, ङ्याक्नु ।

tyranny (टि'रनि) **ना.** अत्याचार, प्रजापीडन, जनमर्दन, निष्ठुर शासन, अन्धेर, अन्नाधुन्न, अचाक्ली, स्वेच्छाचारिता, मनपरी, जथाभावी ।

tyrant (टा'यरण्ट्) **ना.** क्रूर शासक, प्रजापीडक, उपद्रवी, स्वेच्छाचारी शासक; (ग्री० इ०) अनियंत्रित शासक; गुरुघण्टाल ।

tyre (टायर्) **ना.** बाक्लो तर भएको दही; tire को रूपांतर =रबडको चक्का ।

tyro (टा'यरो) **ना.** tiro को रूपांतर, =सिकारू, अनाडी, मखण्डी ।

Tyrolese (टिरलीज़्') **वि.** र **ना.** (ब० ब० उही) टिरोल प्रदेशको (बासिन्दा) ।

Tyrolienne (टिरोलिएन्') **ना.** टिरोलका किसानको नाच र गाना ।

tyrotoxicon (टायरोटॅ'क्सिकॅन्) **ना.** दूध वा दुग्धसार (चीज) मा हुने खाद्य विष ।

Tyrrhene, Tyrrhenian (टि'हींन्, टिहीं'नियन्) **वि.** र **ना.** प्राचीन एट्रुरिया देशको, एट्रस्कन ।

tszetsze (ट्से'ट्सि) **ना.** =tsetse ट्सेट्सि झीङ्गा ।

Tszigane (ट्सिगान्') **वि.** र **ना.** हङ्गरिका डुलुवा जिप्सी वा तिनको संगीत बारे; ना, हङ्गरिको जिप्सी (डुलुवा) जातिको सदस्य ।

U

U (यू) अक्षर **u** (ब० ब० Us, U's) U-boat जर्मनीको पनडुब्बी; U—bolt, U—tube, इ० सो U आकारको छिसकिनी, नली, इ० U. P. (अप० up को उच्चा०, क्रि. वि. खा० ग० its all U. P. सर्वनाश भयो) ।

ubiety (यूबाइ'इटि) **ना.** क्वत्व, कुत्रत्व, कुनै स्थानमा अस्तित्व, स्थानीय सम्बन्ध ।

ubi infra (यू'बि इन्'फ्रा) **क्रि. वि.** (पुस्तक, इ० मा) तल भनिएको ठाउँमा; (ल्या०)

ubiquitarian (यूबिकिटे'ऋियन्) **वि.** र **ना.** (धर्म०) क्राइस्टको शरीरको सर्व व्यापकताको; **ना.** त्यसमा विश्वास राख्ने व्यक्ति ।

ubiquit/y (यूबि'किटि) **ना.** सर्वव्यापकता; उही समयमा जताततै हुनु, वा धेरै ठाउँमा हुनु; —of the king (का०) आफ्ना न्यायाधीशहरूको रूपमा राजाको अदालतहरूमा औपचारिक उपस्थितिको सिद्धान्त;—ous **वि.** सर्वगत, सर्वत्रग, सर्वव्यापी;—ously **क्रि. वि.** सर्वगत ढाँचाले;—ousness **ना.** सर्वगतता, सर्वव्यापकता ।

ubi supra (यू'बि स्यू' प्रा) **क्रि. वि.** (पुस्तक, इ० मा) माथि भनिएको ठाउँमा; (ल्या०) ।

udal (यू'डल्) **ना.** उ० योरपमा सामन्ती प्रथाको प्रारम्भअघि अविच्छिन्न स्वामित्वको आधारमा मानिएको हक, जो अझै पनि बिलायतमा अर्कनि र शेटल्याण्ड द्वीपहरूमा प्रचलित छ; धे० ज० वाच्य० प्रयोगमा, ज० कि—tenure स्वामित्वको अधिकार;—man त्यसरी जमीन भोग गर्ने, स्वामित्वभोक्ता ।

udder (अ'डर्) **ना.** धेरै मण्टो हुने गाईवस्तु इ० पशुको थून, ऊधस;—ed थूने ।

udometer (यूडॅ'मिटर्) **ना.** वर्षामापक ।

ugh (उह्) **वि. बो.** त्रास, डर वा घृणा जनाउने बोली; अहो !, छि !

ugly (अग्'लि) **वि.** र **ना.** विरूप, कुरूप, नराम्रो, कुत्तुर, अनुहार नपरेको, बेडौल, बदसूरत, कुत्सित, अच्छन्द; घिनलाग्दो, निन्द्य, अनैतिक, डर देखाउने, भद्दा;—duckling हंसमध्ये बक, बेकूफ ठानिएको व्यक्ति सबैलाई उछिन्ने भएर निस्केको; uglify **क्रि.** कुरूप पार्नु, भद्दा गराउनु; ugliness वैरूप्य, कुरूपता ।

uhlan (ऊ'लन्, यूलन्) **ना.** (ऐति०) कोही योरपीय देशमा भाला लिने रिसल्ला ।

Uitlander (एट्'लॅण्डर्) **ना.** (द० अफ्रिका) विदेशी, बेसरहदिया ।

ukase (यूकेस्') **ना.** (जारका पालाको रूसमा) आदेश, हुकूम; कुनै स्वेच्छाचारी आदेश, सरकारी आदेश (धे० ज० कडा वा बेरीतको) ।

ukulele (यूकुलेले) **ना.** चार तारे (हवाइको) गीतार वाद्य ।

ulcer (अल्'सर्) **ना.** खुला घाउ (शरीरको भित्री वा बाहिरी तहमा), पूयव्रण, खटिरा, पीपे खटिरा, (अलं०) नैतिक पतन वा दोष, बराल्ने प्रभाव;—ed **वि.** घाउ भएको;—ous **वि.** सव्रण, सक्षत; पूयव्रणी ।

ulcer/ate (अल'सरेट्) **क्रि.** खटिरा, घाउ, हुनु; घाउ बन्नु,

घाउमा परिणत हुनु, घाउ लाग्नु (अक्ष० र अलं०);—ation ना. घाउ लाग्नु ।

ulema (उ'लिमा) ना. मुसलमान पण्डित वा धर्माधिकारी ।

uligin/ose (यूलि'जिनोस्) वि. (वन०) हिले ठाउँ;—ous वि. हिले ।

ullage (अ'लेज्) ना. (व्या०) पीपा, इ०, मा नभरिएको ठाउँ, चुहेर वा उडेर गएको; सुखा, जर्ती; (अप०) थेग्रो ।

ulm/in (अल्'मिन्) ना. (र० शा०) रूख, ढुसी, इ० मा पाइने कालो खोटो जस्तो पदार्थ;—ic,—ous, वि. कालो खोटो, गूँद, जस्तो ।

ulna (अल्'ना) ना. (व० व०—ae) हातको दुई मध्ये भित्री हाड ।

ulotrich/an (यूलॅट्'रिकन)—वि. र ना.;—**ous** (—कस्) वि. ऊनी रौं हुने; ऊनी रौं हुने मनुष्य जातिको (सदस्य) ।

ulster (अल्'स्टर्) ना. लामू खुकुलो ओभरकोट, खुकुलो लामू कोट, धे० ज० कम्मरमा पेटी भएको; U—custom आयरल्याण्डमा एक किसिमको मोहियानी हक ।

ulterior (अल्टे'रिअर्) वि. उत्तर, अपर, परको, टाढाको, भविष्यको, छिपेर रहेको, पृष्ठभूमिमा रहेको; देखिएको वा मानिएको भन्दा अलग, ज० कि—motive ।

ultima (अल्'टिमा) वि. आखिरी, सबभन्दा दूर; वाक्यहरू;—ratio (रे'शिओ) अन्तिम युक्ति, अर्थात् बल प्रयोग;—ratio regum (री'जम्) राजाहरूको अन्तिम युक्ति, बूँदा, अर्थात् युद्ध घोषणा;—thule (थ्यु'लि) दूरतम प्रदेश, सबभन्दा टाढाको प्रदेश ।

ultimate (अल्'टिमेट्) वि. चरम, आखिरी, अगत्या, अन्तिम, जोभन्दा पछि केही छैन, वा सम्भव छैन;—result अन्तिम फल;—analysis अन्तिम विश्लेषण; आधारभूत, प्राथमिक ज० कि—basis आधारभूत जग;—cause सोभन्दा पछि आर्को कारण नहुने; the—facts of nature (विश्लेषणको पहुँचभन्दा पर);—ly क्रि. वि. अन्तमा, अन्ते, शेषे, पछि;—ness चरमता, अन्तिमता; निदान, परिणाम; ना. पराकाष्ठा ।

ultimatum (अल्टिमे'टम्) ना. (व० व०—tums,—ta) अन्त्य प्रतिज्ञा, चरमाभिसन्धि, अन्तिम चेतावनी, अन्त प्रस्ताव, आखिरी शर्त (जसको बहिष्कारले वार्ता भंग, युद्ध घोषणा, इ० ल्याउन सक्दछ); अन्तिम निष्कर्ष; आधारभूत सिद्धान्त ।

ultimo (अल्'टिमो) वि. (सा० छो० क० ult.) अघिको महीना; (दाँ० prox (imo), ins (ant) पछि आउने महीना, चालू महीना) ।

ultimogeniture (अल्टिमोजे'निट्यूर्) ना. कान्छो छोरोले (जेठोले primogeniture) रिक्थ भोग गर्ने पद्धति; बिलायतमा bɔrough—English (बर इंग्लिश) ।

ultra (अल्ट्रा) वि. र ना. उग्रपन्थी, उग्रमत वा कारवाईको समर्थक वा अनुयायी ।

ultra —उ. = पर, अति, (ल्या० उपसर्ग), उतापट्टि, पारी;—terrestrial परापार्थिव;—microscope साधारण सूक्ष्मदर्शकले नभ्याउने साना वस्तु हेर्ने, अति सूक्ष्मदर्शक;—short wave अति लघु तरङ्ग, १० मिटरभन्दा कम तरङ्ग लमाइको;—sonic अति सूक्ष्म ध्वनिक ।

ultraist (अल्'ट्राइस्ट्) ना. राजनीति, धर्म, इ० विषयमा अति उग्र राय लिने, उग्रवादी ।

ultramarine (अल्ट्रामेरीन्') वि. र ना. समुद्रपार; ना. नील रंग, वैदूर्यमणिबाट पाइने नीलो रंग; artificial—(माटो, सोडा, गन्धक, र खोटो मिसाएर बनाइने) कृत्रिम अति नील रंग;—ashes नील रंग झिकेपछि रहेको नील अवशेष, जसबाट पुराना चित्रकार ओस्तादहरूले बेरंगको देहरंगको ढाँचा निकाल्थे ।

ultramontane (अल्ट्रामॅन्'टेन्) वि. र ना. आल्प्स पर्वतको दक्षिणतिर स्थित; पोपको निरंकुश धर्माधिकारको पक्षपाती; ना. आल्प्सभन्दा दक्षिण बसोवास गर्ने व्यक्ति, पोपलाई मान्ने व्यक्ति ।

ultramundane (अल्ट्रामन्'डेन्) वि. विश्वभन्दा पर, सौर मण्डलभन्दा पर; आर्को जन्मको ।

ultra-violet (अल्ट्रा-भा'यलेट्) वि. (सूर्यपटको अदृश्य किरणबारे) वैजनी किरण परको ।

ultra vires (अल्ट'ट्रा भा'यरीज़्) क्रि. वि. वा वाच्य० वि. आफ्नू, कसैको, अख्तियार वा शक्तिको बाहिरको ।

ulul/ate (अ'ल्यूलेट्) क्रि. घुत्कार्नु, उल्लूको बोली झिक्नु, टूहूटूहू गर्नु;—ant वि. चिच्याउने, कराउने;—ation ना. डाँको, चिल्लाहट, चीत्कार, घुत्कार, भुकाइ ।

umbel (अम्'बेल्) ना. (वन०) साझा केन्द्रबाट प्राय: उही लमाइको डाँठ निस्केर छेउमा उठेको, खोपिल्टा परेको, वा च्याप्टो बनेको फूलको गुच्छा;—al,—ar,—late, वि. गुच्छीय;—liferous,—liform वि. गुच्छाकार ।

umber (अम्'बर्) ना. र क्रि. अम्बर, सिन्दूर जस्तै प्राकृतिक खनिज रंग, तर गाढा र कैलो; (raw—गाढा पहेंलो रंगको काँचो अवस्था; burnt रातो र गाढा); माछाको जात;—bird सारस, बकुल्लो, किसिमको अफ्रिकी चरो; वि. अम्बर रंग, गाढा, साँउलो; क्रि. अम्बर रंग लाउनु ।

umbilical (अम्बि'लिकल्) वि. नाइटोनिरको, नाभ्य;—cord नाल, साल; स्वास्नीमान्छेपट्टिबाटको साइनो परेको ।

umbilicate (अम्बि'लिकेट्) वि. नाइटोको आकारको; नाभिरूप; नाइटो भएको;—ation ना. नाभिरूपण ।

umbili/cus (अम्बिलि'कस्) ना. नाभि, नाइटो; (वन, पशु०, शंख०) नाइटोको आकारको रचना; (ज्या०) तलको बिन्दु जसबाट सबै वक्रताको रेखा जान्छन्; (रो० प्रा० इ०) ताडपत्र इ० ग्रन्थ बेर्ने डण्डीको प्रत्येक छेउमा रहने गट्टा;—ferous,—form नाभियुक्त, नाभिरूप ।

umbles (अ'म्ब्ल्ज़्) ना. (ब० व० लुप्त) खाद्य मृगको विष्टा ।

umbo (अ'म्बो) ना. (ब० व०—s,—nes, उच्चा०—बोनीज्) ढालको गट्टा, खा० ग० बीचमा; (वन०, पशु०, इ०)

गट्टा, डल्लो, गाँठो ।

umbra (अम्'ब्रा) **ना.** (ब० व०—ae) (ज्यौ०) पूर्णच्छाया, खग्रास (दाँ० penumbra खण्डग्रास); सूर्य टाटोको कालो केन्द्रीय भाग; (रो० प्रा० इ०) पाहुनाले ल्याएको अनिमन्त्रित अतिथि ।

umbrage (अम्'ब्रेज्) **ना.** अपमान वा हेलाँको भाव; अपराध, कोप; (मु० कवि०) छाया, छाया दिने वस्तु; bear— दगा धर्नु;—ous (–जस्) **वि.** छायापूर्ण, छायायुक्त ।

umbrella (अम्ब्रे'ला) **ना.** छाता, छतरी, छक्का, छत्र, जलत्र, घर्मवारण, घामछेक; (अलं०) लडाकू वायुयानको छेक, अथवा (पूर्ण रूप—barrage) गोलाको पर्दा, शत्रु वायुयानलाई रोक्न वा तिनबाट रक्षाको लागि, खडा गरिएको; थलथले माछाको जेलाटीनको जस्तो चक्का जसलाई संकोचन र विस्तार गराएर उ पौडन्छ, बग्छ;—bird द० अमरिकाको छाताकार जुरो भएको चरा;—stand छातादान (बन्द छाता राख्ने भाँडो, तल पानी जम्बा हुने रिकाबीसहित;—-tree थलकमलको किसिम, (बो० चा०) छाता जस्तो आकार पारेर राखेको रूख ।

Umbrian (अम्'ब्रिअन्) **वि.** र **ना.** (प्राचीन वा अर्वाचीन) अम्ब्रिआ (इटलीको प्रदेश) को;—school प्रख्यात कलाकार र्‍याफेयल र पेरुजिनो सम्मिलित रहेका चित्रकार समुदाय; **ना.** प्राचीन अम्ब्रिआको भाषा, वासिन्दा ।

umbriferous (अम्ब्रि'फरस्) **वि.** छहारी दिने, छायात्मक, छहारिलो ।

umiak (उ'मियाक्) **ना.** स्त्रीहरूले चलाउने एस्किमो डुङ्गा (एस्किमो भाषा) ।

umlaut (उम्'लाउट्) **ना.** र **क्रि.** (जर्मन भाषाहरूमा) अक्षरमा रहेको स्वरमा परिवर्तन; **क्रि.** रूप, ध्वनि; बदलिनु, स्वर परिवर्तनले गर्दा ।

umpir/e (अम्'पायर्) ना. र **क्रि.** (का०) मध्यस्थहरूमा राय बाझेमा निर्णयको लागि बोलाइने तेस्रो व्यक्ति, निर्णेता; स्थेय; प्रश्न समाधान गर्न नियुक्त भएको व्यक्ति, मध्यस्थ; क्रिकेट इ० खेलमा नियम लागू गर्न र विवाद उठेमा समाधान गर्न छानिएको व्यक्ति, निर्णेता, नियामक;—age,—eship **ना.** मध्यस्थता, निर्णायन, नियामकता; **क्रि.** निर्णेता, नियामक बन्नु (खेल इ० मा) ।

umpteen (अम्प्'टीन्) **वि.** (अप०) धेरै, अनेक, थुप्रो (—teen मा ठ० ले ump जोडेको) ।

'un (अन्) **स. ना.** (बो० चा०) कोही, कोही एक ।

UN (यू एन्') **ना.** UNO संयुक्त राष्ट्र (संघ) ।

un—(अन्—) नकारात्मक उपसर्ग : **वि.** unabashed निर्लज्ज, लाज नमान्ने; unable असक, अशक्त, नसक्ने; unabridged असंक्षिप्त; unaccented बिना झोक्काको; unacceptable अमान्य, अनादृत, अस्वीकारयोग्य; unaccomodating नमिल्ने, अमिल्दो; unaccompanied विनासाथीको, विना वाद्यको (मौखिक गाना, इ०); unaccomplished असम्पादित, अगुणी; unaccountable बुझ्न नसकिने, अनौठा, अनुत्तरदायी; unaccredited अपत्रित, अनधिकृत; unaccustomed बानी नपरेको, अनभ्यस्त, अननुभूत, असाधारण; unachievable असम्पादनीय; unacknowledged अस्वीकृत; unacquainted चिनापर्चीं नभएको, परचक्री; unacted नखेलिएको, अप्रदर्शित unadaptable असंयोजनीय; unaddressed असंबोधित, विनाठेगानाको; unadopted खा० ग० अङ्ग्र स्थानीय प्रशासनले जिम्बा नलिएको नयाँ बनेको सडक, इ०; unadorned अनलंकृत, बुच्चो, बुचुरो, रिक्त, ठुटो; unadulterated शुद्ध, निर्मल, अमिश्रित, अदूषित; unadventurous असाहसिक, साधु; unadvised अविचारी, दुस्साहसी, विनासल्लाहको, बेसल्लाहको, बेसल्लाह; unaffected अव्याज, सीधासादा, सरल, अकृत्रिम, बना स्वाँगको, अस्वाँगी; unalloyed निर्मल, पवित्र, स्वच्छ; unalterable अपरिवर्तनीय, वज्रलेप; unambiguous प्रष्ट; सफा; unambitious निस्पृह; unamenable उच्छृङ्खल; unAmerican अअमरिकी, अमरिकी विचार वा चलनको विपरीत; unannounced अघोषित, हाजिर नपुर्‍याईकन; unanswerable बेजवाफ; निरूत्तर, भित्ता पुगेको; unappeasable, unappeased शान्त नहुने, नफुलिने, अक्षम्य; unappetizing बेपसन्दको (खाना), मन नपर्ने; unarm शस्त्र, फुकाल्नु, राख्नु; unarmed निरस्त्र, निहत्था, असज्ज, विनाहतियार; unashamed निर्लज्ज; unasked अनिमन्त्रित, नभनीकन; unassailable दुरासद, अघृस्य, अकाट्य; unassuming विनीत, अढोंगी; unattached असंयुक्त, (का०) जायजाद नभएको, रोक्का नभएको; (सेना०) दल या गण नतोकिएको; (वि० वि० विद्यार्थी) महाविद्यालयमा दर्ता नभएको, निजी; unattainable अप्राप्य, अलभ्य; unattempted कोशिश नगरिएको, प्रयत्न नभएको; unattended अलपत्र; unattested अप्रमाणित; unattractive अनाकर्षक; unauthorized अनधिकृत; unavailing निष्फल, व्यर्थ, निरर्थक, काम नलाग्ने, निष्प्रभाव; become—केही नलाग्नु; unavoidable अत्याज्य, नछलिने; unaware अचेत, थाहा नपाएको; unawares **क्रि. वि.** र **ना.** अतर्कित, अकस्मात्, अचम्मसँग, अनिच्छाले; **ना.** at—अनपेक्षित ।

unbacked समर्थन नगरिएको, समर्थक नभएको; unbalanced (अलं० मनको) विकृत, असमतोलित, असन्तुलित, जोरदारसँग आवेगशील; unbearable असह्य; unbeatable अजेय; unbeaten नहारेको, नउछिनिएको; unbecoming असुहाउँदो, अशोभनीय, नसुहाउने; unbeknownst (बो० चा०) अज्ञात, खा० ग०—to प्रायः **वि.** नजानी, थाहा नपाई; unbelievable अविश्वसनीय; unbelieving नपत्याउने, खा० ग० धर्ममा नास्तिक; unbending अनम्य, अशिथिल, ननिहुरिने, दृढ, कडा;

unbiased पक्षपातरहित; **unbind** फुकाउनु, खोलिदिनु; **unblemished** निष्कलङ्क, अक्षत; **unblock** (ताश) साथीको लामू रंग खोल्नालाई ठूलो पत्ती खेल्नु; **unblooded** (घोडा, इ.) बेजातको; **unblotable** अमिट; **unbolt** आग्लो, छिसकिनी खोल्नु; **unbosom** (कुरा) खोल्नु, हृदय खोल्नु; **unbounded** असीमित, अनन्त, अमितः **unbridled** बेलगाम, छाडा; खा० ग० अलं० उच्छृंखल, अनर्गल, अनियन्त्रित; **unbroken** अटूट, अछिन्न, नउछिनिएको, नसाधिएको (घोडा); **unburden** (मनको पीर) पोख्नु; **unburdened** हलुका; **unbusinesslike** असिपालु;

uncalled,—for नचाहिंदो; **uncanny** दैवी, अप्राकृतिक, रहस्यमय; **unceasing** अनर्गल, अच्छिन्न, एकोत्तर, तारन्तार, एकनास, नछामिने; **unceremonious** अनौपचारिक, आप्त, बेरीतको, एक्कासि, अशिष्ट; **uncertain** संदिग्ध, संशयी, सन्देहयुक्त, अन्योलको; **unchain** खोल्नु, छोड्नु, फुकाउनु; **unchallenged** निर्विरोध; **unchangeable** नित्य, अपरिवर्तनीय; **uncharitable** अनुदार, छिद्रान्वेषी, कडा (विचारको); **unchartered** नपहिल्याएको (बाटो); **unchaste** असती, पातर्नी; **become—**बिग्रनु, सत्य डगाउनु, पोइल जानु; **unchastened** नचेतेको; **uncircumstantial** मोटामोटी, विवरण नरहेको; **uncivil** असभ्य; बेसोमती, अशिष्ट, अभद्र, असोमतिलो, पाङदुरे, गँवार, भुच्चुक, पाखे; **unclad** नग्न; **unclaimed** बेवारिस, अस्वामिक; **unclean** बिट्ठुलो, जूठो, लसपसिएको, मैलो, फोहर; **unclothed** विवस्त्र, नग्न, निर्वाङ्ग, बुङ्ग, निर्वस्त्र; **unclouded** निर्बादल; **uncoloured** अरञ्जित, (अलं०) नबढाएको (कुरा), सत्य; **uncome-at-able** (बो० चा०) पहुँच नहुने, पुग्न नसकिने; **uncomfortable** असरल्ल, असजिलो; **uncommercial** अव्यापारी; **uncommitted** असंलग्न; **uncommon** असामान्य, अपूर्व, असाधारण, अलौकिक;**—ly** अति; **uncommunicative** गम्म, मौन, अल्पभाषी; **uncompromising** दृढ़, निश्चल, अमिल्दो, अनन्य; **unconcerned** निःसंकोची, बेवास्ता गर्ने, बेसरोकार; **unconditional** बेशर्त, विना शर्त, परम; **uncoditional surrender, refusal,** विना शर्त आत्म समर्पण, स्पष्ट नाको जवाफ; **unconfirmed** पुष्टि नभएको, अप्रमाणित; **uncongenial** अमिल्दो, ज्झर्को लाग्ने, अननुकूल; **unconscionable** बिलकुल बेमनासीब, विवेकशून्य, ज्यादा, अति; (का०) **unconscionable bargain** अघोरसँग बेरीत वा अन्यायको हुँदा कायम गर्न नसकिनेः **unconscious** बिसुर, बेहोश, बिचेत, निस्लोट, इन्तु न चिन्तु, **—cerebration** चेतनाविनाको निष्कर्ष; **unconsidered** बेगिन्तीको; **unconstitutional** असंवैधानिक; **unconstructive** अरचनात्मक; **uncontaminated** अदूषित; **uncontested** द्वन्द्वरहित; **uncontradicted** नकाटिएको; अप्रत्याख्यायित, अखण्डितः **uncontrollable** अकाबू; **uncontrolled** निरर्गल, अकाबू,अनियन्त्रित; **uncontroversial** विवादरहित; **uncontroverted** अनिराकृत; **unconventional** अरूढी, लापरवाह, स्वभाव, कर्म वा विधिमा स्वतन्त्र, स्वाधीन; **uncooked** काँचो; **uncorroborated** पुष्टि नभएको; **uncourteous** अभद्र; **uncritical** समालोचना गर्ने सीप वा अधिकार नभएको, समालोचनाका सिद्धान्तबाहिर; **uncrowned** विनामुकुटको; **uncut** नकाटेको (पुस्तक०) पत्र नछुट्याएको, पत्रका किनारा नकाटेको, (खु०) नखोलेको (चिठी, इ०)

undated बेमिति; **undaunted** निर्भीक, अभीत; **undebauched** नबरालिएको; **undeceive** साँचो कुरा खोल्नु, छल हटाउनु; **undecided** अनिर्णित, सन्दिग्ध, **undefended** (मुद्दा) प्रतिवादीबाट पैरवी नभएको; **undefiled** नबिटुलिएको; **undemonstrative** नदेखाउने (मनको भाव); **undeniable** अकाट्य; **undenominational** असाम्प्रदायिक; **undependable** अनपत्यारको, उल्लू, भर गर्न नहुने; **undeserved** सित्तैं, विनादोष; **undeserving** अयोग्य, अपात्र; **undesigned** अजानमा, अज्ञानमा; **undesigning** सोझो, सरल; **undesirable** अवाञ्छनीय; **undetected** पत्ता नलागेको; **undetermined** अनिश्चित, ठेगान नभएको; **undeterred** चेत नखाएको; **undeveloped** अविकसित; **undeviating** अडिग, अविराम; **undigested** (खा० ग०, अलं० लेख, विवरण) अपक्व; **undignified** असुहाउँदो; **undiminished** अक्षत, अन्यून, अक्षीण; **undiplomatic** असाम, असामन, सामाकुशले; **undiscerning** अविवेकी, परिणामादर्शी, अविचारी; **undisclosed** नखुलेको, गुप्त; **undiscovered** अज्ञात, अप्रकाशित, अनाविष्कृत; **undiscriminating** चिन्न नसक्ने, अपारखी; **undisguised** खुला, नछोपिएको; **undismayed** हरेस नखाएको; **undisputed** विवादहीन; **undissembling** साँचिलो; **undissolved** नपग्लेको; **undistracted** नबिथोलिएको; **undisturbed** नबिथोलिएको; **undividable** अभाज्य; **undivided** अभिन्न, अविभक्त, अबण्डा; **undivorced** पारपाचुके नभएको, विवाह विच्छेद नभएको, नछुट्टिएको; **undivulged** (रहस्य) नखोलिएको, नबताइएको; **undo** बातिल गर्नु, खारिज गर्नु; फुकाउनु, खोल्नु; फुस्काउनु, फूत्नु; (कसैको सुनाम भविष्योन्नति, सदाचार, इ०) नाश पार्नु, बिगार्नु; स्त्रीको सतीत्व हर्नु; **undoer** बिगार्ने; **undoing** **ना.** नाश, अवनति; **undone** **वि.** बिग्रेको, नाश भएको, फुस्केको, नगरिएको; **undoubted** निःसन्देह; **undreamed of** सपनामा पनि नदेखेको; **undrape** अनावरण गर्नु; **undress** लुगा फुकाल्नु, उतार्नु, **—ed** लुगा नफालेको, भित्री लुगा लाएको; **undrinkable** अपेय; **undue** (**—duly**) अति, ज्यादा, अयोग्य, बेठीक; म्याद नपुगेको (हुण्डी, इ०); **undulation** तरंग, आन्दोलन, **undutiable** भन्सार नलाग्ने; **undutiful** कर्तव्यहीन; **undying** अमर;

unearned अनार्जित;**–increment** अनार्जित लाभ (भूमिको, बाह्य कारणले बढेको मोल); **unearth** खोतल्नु, खन्नु,

झिक्नु, पत्ता लाउनु; unearthly अपार्थिव, अप्राकृतिक, भूते, रहस्यमय; (बो० चा०) अति सबेरै; uneasiness ना. खटको, शंका, चिसो, दहसत, शुभाशंका, पीर, कचमच, दिङमिङ, झस्को; uneasy असजिलो, आतुर, शंकित, सन्दिग्ध, चिन्ताकुल, पीर गराउने; uneconomic (खा० ग० भाडा, बहाल, इ०) पर्ति नपर्ने, पर्ति नखाने; unedifying अशोभनीय; unedited असम्पादित; uneducated अशिक्षित, अनपढ; uneffaced नमेटिएको; unembarrassed असंकोची, अव्यग्र; unemotional अभावुक; unemphatic विना जोड; unemployable अनियोजनीय (नोकरीको लागि अयोग्य व्यक्ति); unemployed, the—बेकार, ढाक्रे, काम नपाउने; unemployment बेकारो; unenclosed नघेरिएको; unencumbered टण्टा, झण्झट, नभएको, अनाभारित (खा० ग० जेथा), होलो; unending अनन्त, नसिद्धिने, अविराम, अविरल; unenlightened अज्ञानी, अनुद्भासित, अव्युत्पन्न; unenterprising असाहसी, अनुद्योगी; unenviable अस्पृहणीय; unequal असमान, विषम, मिसिएको खालको; unequalled बेजोडा, अजोडा; unequivocal असन्दिग्ध, सफा, स्पष्ट; unerring अभ्रान्त, अचूक; unescapable उम्किन नसक्ने; unessential असारभूत, अनुपयोगी, असार, सानातिना; unethical अनैतिक; uneven विषम, उन्नतानत, अब्बडखब्बड; असन्तुलित; unexampled बेजोडा, अजोडा; unexcelled अनतिक्रान्त, नउछिनिने; unexceptionable दोषरहित, बात लाउन नसकिने; unexpected अप्रत्याशित, नचिताइएको; unexpired नबितेको; unexplained नखुलेको, कारण नखोलिएको; unexplored खोज पत्ता नभएको (प्रदेश); unexposed अनाच्छादन नगरिएको, नखोलिएको (तस्वीर खिच्ने ऐना, फिल्म); unexpurgated अशोधित (पुस्तक); unextended अविस्तृत, स्थान नलिने, परिमाणरहित;

unfading नउड्ने; unfailing अचूक, प्रशस्त, निश्चित, निराश नगराउने; unfair झेली, अयोग्य, पक्षपाती; unfaithful बेईमान, (लोग्ने स्वास्नीमा) असत्ति; unfaltering नहिचकिचाउने; unfashionable मखण्डी, पाखे; unfasten खोल्नु, फून्नु; unfathomable अगम, भेउ पाइनसक्नु, अगाध, गम पाइनसक्नु; unfavourable प्रतिकूल, अप्ठ्यारो, पराङ्मुख, असर्दो, साह्रोगाह्रो; unfed भोको; unfeeling निर्मोही, निर्दयी, कठोर, अकोमल, अग्राही; unfeigned अकृत्रिम, यथार्थ, साँचो, निर्ब्याज; unfelt अनुभव नगरिएको; unfeminine अस्त्रैण; unfertilized नजमेको; unfettered स्वच्छन्द; unfilialपुत्र ननुरूप; unfiltered नछानिएको; unfinished असमाप्त, नसिद्धिएको; unfit अयोग्य, नाकाबिल; unfitted अयोग्य, नजडेको; unfitting नसुहाउने, बेठीक; unfix उखेल्नु, झिक्नु; unflagging अमन्द, प्रयत्नशील unflappable अक्षोभ्य, शान्त, स्थिर, उत्तेजित, वा उद्विग्न नहुने; unfledged पक्षहीन, (अलं०) अविकसित (व्यक्ति); unfleshed मासु नलागेको; unflinching नहच्कने ; unforeseen पहिले नदेखिएको, अपरझट, उल्फत, भै परिआउने; unforgettable अविस्मरणीय, विर्सी नसक्नु; unforgivable अक्षम्य; unforgiving अक्षमाशील; unformed अरचित, नबनेको, विनाआकारको; unformulated असूत्रित; unfortunate अभागी, बरो, हतभागी, बिचरा; unfounded अमूलक, निर्मूल, निराधार, आधारहीन; unfrequented बेचल्तीको; unfriended विनामित्रको, मित्रहीन; unfriendly अमैत्रीपूर्ण, विमुख; unfriendliness अमैत्रीपूर्णता; unfrozen फुकुवा, रोक्का फुकेको; unfruitful फलहीन, व्यर्थ, निष्फल; unfulfilled पूरा नभएको, अपूर्ण; unfunded (ऋण) चालु, अव्यवस्थित; unfurl फहराउनु, उघार्नु (छाता); unfurnished साज सामानविना ;

ungallant अशूरो, (स्वास्नीमानिसको) कदर नगर्ने; ungarbled नबङ्ग्याएको; ungarnered नसँगालेको; ungarnished नसिंगारेको, अविभूषित; ungenerous अनुदार; ungenial अमिजासिलो; ungenteel अकुलीन; ungentle कठोर, असभ्य, अशिष्ट; ungentlemanly अभद्र, असभ्य, अशिष्ट; unget-at-able पहुँच नभएको; unglazed रूखडा; ungodly अधर्मी, धर्मभ्रष्ट, पापी; ungovernable अवश, उच्छृङ्खल, उद्दाम, अटेरी, बदमाश, जङ्गी, हातपात गर्ने; ungracious अननुग्राही, अननुकम्पी, अकृपालु; ungrammatical अव्याकरणीय, व्याकरण विरुद्ध; ungrateful कृतघ्न, अकृतज्ञ; ungrounded (वक्तव्य, इ०) आधारहीन, निराधार; ungrudging खुशीसाथ, विनाअनिच्छाले; unguarded अरक्षित, असावधान, विचारहीन; unguilty बेगुनाह, निर्दोष ;

unhackneyed सहलिया नभएको; unhallowed बिढुलो, नचोखिएको; unhanged नझुण्डिएको, नझुण्ड्याइएको; unhappy असुखी, अभागी, दुःखी; unharmed अक्षत, निरापद; unhatch नकोरलेको; unhealthful अस्वास्थ्यकर; unhealthy अस्वस्थ, अपथ्य, रोगावह, अफाप; (सै० अप०) खतरनाक, गोली चल्ने; unheard नसुनिएको,—of अघि नभएको, साबिक नभएको; unheeded बेवास्ता गरिएको; unheeding नसुन्ने, वास्ता नगर्ने; unhelpful असहायक, मदद नहुने; unhesitating ठमठमती, पछि नउठ्ने; unhinge कब्जा फुकाल्नु, (अलं०) (मन) बिगार्नु, विक्षिप्त हुनु वा पार्नु; unhistoric अनैतिहासिक, कथात्मक; unholy अपवित्र, दुष्ट, (बो० चा०) अति, डरलाग्दो; unhonoured असम्मानित; unhuman अमानुष; unhurt अक्षत, निरापद ;

unidea'd विचारहीन; unideal अनादर्श, सामान्य, नीरस, कमसल; unidentified सनाखत नभएको, नचिनिएको; unillustrated अचित्रित; unimaginable कल्पनातीत; unimaginative अकल्पक; unflammable अदाह्य; unimpaired अनवच्छिन्न, जस्ताको तस्तो, बिगार नभएको; unimpeachable निर्दोष, अकाट्य; unimpeded निर्विरोध, निर्विघ्न; unimportant खाइखुइ, सानातिना, विना महत्वको; unimpressive अप्रभावशाली; unimpugned अप्रत्याख्यात, अखंडित; uninflammable अदाह्य; uninformed थाहा नपाएको, नजान्ने; uninhabitable वास गर्न नसकिने; uninspired (खा० ग० लेख, वाक्पटुता, इ०) सामान्य; uninstructive अनुपदेशक; unintelligent बेबुझ, अबुझ, अचतुर; unintelligible अबोध्य, अबोद्धव्य; unintentional अजानको, नजानेर, नचिताएको; uninteresting अरुचिकर, उच्चाट लाग्ने, पट्टाइ लाग्ने; uninvited अनिमंत्रित, नडाकिएको; uninviting अनाकर्षक, घिनलाग्दो ;

unjust अन्यायी, न्यायहीन, गैरकानूनी; unjustifiable असमर्थनीय, पुष्टि गर्न नसकिने;

unkind निर्दय, कठोर, क्रूर; unkneaded नमुछेको; unknowable अज्ञेय; unknown अज्ञात, अजानो, अत्तो न पत्तो; —warrior देशको प्रतिरक्षा संगठनको प्रतिरूपमा युद्धमा मर्ने (सम्मानित) अज्ञात योद्धा;

unlaboured (शैली, इ०) सरल, अनायास; unladylike महिला असुहाउँदो; unlawful बेहक, गैरकानूनी; unlearned (उच्चा० अन्‌लर्निड्) अपण्डित, (उच्चा०—लर्न्ड्); unlearnt नसिकेको; unleavened नफेनाइएको; unlettered अपढ़; unlicensed इजाजत नपाएको; unlike असदृश, विभिन्न, असम; unlikely नहुने, अघटनीय, नहोला जस्तो; unlimited असीमित, अतिसंख्यक; unline भित्री झिक्नु; unlined भित्री नहालेको, (अनुहार) चाउरी नपरेको; unlit नबालेको; unload उतार्नु; unloading उतार, गिरानी, उत्राइ; unlooked for आशा नगरिएको; unlovable माया नगरिने; unloved कुसाख; unlovely नराम्रो; unlucky अभागी, असामयिक, अशकुनको;

unmade भत्केको; unmaidenly कुमारीलाई असुहाउँदो; unmailable हुलाकबाट नजाने; unmaimed अंगभंग नभएको; unmalleable अनम्य, घन अवर्धनीय unman कमजोर पार्नु; unmanly क्लीव, कायर, पौरुषहीन; unmanageable असम्भार, थेत्तरो, छित्तरो, अटेरी, असाध्य; unmannerly बेकाइदाको, अशिष्ट, भद्दा; unmarketable बेच्न नसकिने; unmarriageable अविवाह्य; unmarried अविवाहित; unmartial अयोध; unmatchable बेजोडा, अजोडा, अनुपम; unmatched जोडा नलाग्ने; unmated जोडा नलागेको,—नदिइएको; unmaterial अवस्तु; unmeaning निरर्थक, अनर्थक; unmeant अजानमा; unmeasured अपरिमित, (कवि०) अपरिमेय, असीम; unmeet (आ०) बेठीक, अयोग्य; unmentionable भन्न नहुने, (ठ०) (ब० व०) पतलून, चुस्ता; unmerciful अदयालु; unmerited मफतको, अन्यायले; unmethodical अविधिपूर्ण; unmetrical अच्छन्द; unmilitary असैन्य; unmindful अचेत, असुद्धी; unmistakable अभ्रामी, गल्ती हुन नसक्ने; unmitigated परम, पूरा, शुद्ध (खराब अर्थमा); unmixed अमिश्रित, झर्रो, चोखो; unmoral अनैतिक; unmotherly अमाता समान, नआमा झैं; unmounted नचढेको, पैदल; unmoved अविचलित, स्थिर, अचल; unmurmuring बेउजूरको; unmusical बेसुरो, संगीत नजान्ने, संगीत नरुचाउने; unmutilated अखण्डित, काटकूट नगरिएको;

unnamable (कुकर्म, पाप, इ०) अनुच्चारणीय, नाउ गर्न नसकिने (जघन्य); unnamed नाम नलिइएको, नामकरण नगरिएको; unnational अराष्ट्रिय; unnatural अप्राकृतिक, प्रकृतिविरुद्ध, अस्वाभाविक, विकट, कराल; घोर,—crime, offence अप्राकृतिक अपराध,—parent, child इ० कृत्रिम, करबलको, स्वाँगी; unnavigable अनाव्य, अनौतार्य; unnecessary अनावश्यक, निष्प्रयोजन, बेप्रयोजन, बेफ्वाँक, वृथा, अकार्थ, अनाहक, उल्फात, उनाउ, खाइखुइ, नचाहिंदो; ना. (सा० ब० व०) नचाहिने, उल्फात, चीजहरू; unnegotiable बेचबिखन नहुने; unneighbourly अप्रतिवासीय, अनिकट; unnumbered असंख्य, नगनिएको;

unobjectionable अविरोध्य; unobliging अकृपालु, अनुपकारशील; unobliterated नमेटिएको; unobscured नढाकिएको; unobservant अनावलोकी, अदर्शी; unobstructed अरुद्ध, नछेकिएको; unobtainable अप्राप्य, अलभ्य, नपाइने; unobstructive अप्रगल्भ, अघि नसर्ने, पछि रहने, आफूलाई अघि नसार्ने; unoccupied विनाकाम, कार्यशून्य, अलस; unoffending निर्दोष, निमुखा; unofficial अनधिकारिक, गैर सरकारी, बेसरकारी, अनौपचारिक, (समाचार) पुष्टि नभएको; unopened नखुलेको, नखोलिएको; unopposed निर्विरोध; unordained अनिर्दिष्ट; unorganized असंगठित; unoriginal अमौलिक, उत्पन्न, उद्भव; unornamental अशोभाकर, विरूप, नराम्रो; unorthodox अनास्तिक, अनैष्ठिक, अनाचारी; unostentatious आडम्बरी, अशेखी, रवाफ वा भडक नखोज्ने; unowned विनास्वामी वा मालिकको, स्वामित्व नगरिएको;

unpaid नतिरिएको, बाँकी; unpalatable बेस्वाद; unparalled अद्वितीय, निरूपम, अतुल, अजोडा; unpardonable अक्षम्य; unparliamentary असंसदीय; unpatriotic देशभक्तिहीन, स्वदेश विरोधी; unpaved नछापेको; unpedigreed अखानदानी; unpeeled नछोडाएको; unpensioned पेन्सन नपाएको; unperceived अदेख, नदेखेको; unperforated लहरै प्वाल नपारेको, सच्छिद्र नगरेको; unperformed असंपादित; unperjured झुट्टा नबकिएको; unpersuaded नमनाइएको; unperturbed अव्यग्र; unperused अपठित; unperverted नबंग्या-

इएको; unphilosphical अदार्शनिक; unpicked नछानिएको; (फूल) नटिपिएको; unpitied विना दयाको; unplaced (दौड, खा० ग० घोडा दौडमा) प्रथम तीन स्थानमा नआएको; unplaned रण्डा नलाएको; सम्म नपारेको; unplanned अनियोजित; unplayable (खेलमा, वल, इ०) हान्न नसकिने; unpleasant नरमाइलो, मन नपर्ने, बेमज्जा, बेमोज, अखातु; unpleasantness कुचुर्‍; the late—अमरिकी गृहयुद्ध, सन् १८६१–६५; unpliant अनम्य, दहरो; unploughed अजोत; unplucked नटिपिएको; unpoetical अरस, अरसिलो; unpointed चुच्चोरहित, विराम चिन्हरहित; unpolished नटल्काइएको; unpolitical अराजनैतिक; unpolled नदिइएको, नगिरेको (मत, मतदाता); unpolluted नविट्ठलिएको; unpopular लोकाप्रिय; unpopularity लोकाप्रियता; unportioned भाग नलागेको; unpossessed स्वामित्व नभएको; unposted समाचार नभएको, (चिठी) नछोडेको; unpractical अव्यावहारिक; unpractised अनभ्यस्त, अनाडी, सिकारू; unpraised अप्रशंसित; unprecedented अपूर्व, पहिले नभएको वेसाविक; unpremeditated अघि देखि नचिताएको, पूर्वासंकल्पित; unprepared अप्रस्तुत, अनुद्यत, नतैयार; unprepossessing हृदयाग्राही, चित्ताकर्षक, अरुचिकर; unprescribed अनिर्दिष्ट; unpresentable पेश नगरिने, सामने पेश गर्न वा उपस्थित हुन वा गर्न नहुने; unpresuming अघि नसर्ने, अग्रसर नहुने, विनयी; unpresumptous विनीत, नम्र; unpretending अस्वाँगी, निर्मल, विनयशील, रवाफ नखोज्ने; unpretentious अनाडम्बरी, धाक रवाफ नगर्ने; unpriced मोल नतोकिएको, नलेखिएको; unprincipled सिद्धान्तरहित, दुर्वृत्त, चरित्रहीन, हरफनमौला; unprintable छाप्न नहुने (अश्लीलता, अधर्म, पापपूर्ण हुनाले); unprinted अमुद्रित; unprivileged विनाधिकार; unprized कदर नगरिएको; unprobed नजाँचिएको; unproclaimed अघोषित; unprocurable अप्राप्य, नपाइने; unproductive अनुत्पादक; unprofessional अपेशावर, अव्यवसायिक; पेशाको रीति, चलनको प्रतिकूल; unprofitable लाभहीन,—servants तोकेको कामभन्दा वढी नगर्ने; unprogressive अप्रगतिशील; unprolific अवहुप्रज; unpromising अनाशाजनक, नसप्रने; unprompted स्वतः; unpronounceable अनुच्चरणीय; unpropitious अशुभ, अशकुन; unproportional अननुपातिक; unproposed अप्रस्तावित, (विहेलाई) नमागिएको; unprosperous असम्पन्न, अकिंचन; unprotected अरक्षित; unprovable प्रमाण नपुग्ने; unproved वेसाविती, अप्रमाणित; unprovided अव्यवस्थित, वन्दोवस्त नभएको, (कामलाई) पैसा नदिइएको, अनुद्यत; unprovoked नजिस्क्याइएर, अर्वेलो विना, केही नगरी, जंग नउठाइएर; unpruned नछिमलिएको; unpublished अप्रकाशित; unpunctual असामयिक, ढीलो; unpunctuality असामयिकता, ढिल्याइ, बेटाइम; unpunctuated विराम चिन्ह नभएको; unpunishable अदण्डनीय; unpunished सजाय नपाएको, अदण्डित; unpurchaseable किनी नसक्नु; unpurified विट्ठलो, नचोखाएको, अशोधित; unpurged अपरिष्कृत;

unquailing नकात्रिने; unqualified अयोग्य; योग्यता वा ल्याकत नपुग्ने, विना शर्तको; unquelled नदवेको; unquenchable नमेटिने, ननिभ्ने; unquestionable निश्चयात्मक, असन्दिग्ध; unquestioned विवादरहित, प्रश्न नगरिएको, जिरह नभएको; unquestioning विना प्रश्नको, हार्दिक, तत्पर, तात्कालिक; unquiet अशान्त, उद्विग्न; unquilted नतगेको; unquotable भन्न नहुने; unquoted उद्धृत नभएको;

unransomed धनद्वारा मुक्त नगरिएको; unravel सुल्झाउनु, खोल्नु, सङ्लनु, (माने) खोल्नु; unrazored नखौरिएको; unreachable अपुग; unread अपठित, नपढिएको; unreadable अपाठ्य; unready अतैयार, नतैयार, (काममा) ढीलो; unreal अवास्तव, फोस्रो, भ्रान्तिमय, काल्पनिक, मोहनीय; unrealizable असाध्य, साकार गर्न नसकिने; unreaped नकाटेको; unreasonable बेमनासीव, युक्तिहीन, अविवेकपूर्ण, नासमझ, वेसमझ; unreasoned अयुक्तिमत; unreasoning अविवेकशील, अविवेकपूर्ण; unrebuked अभर्त्सित, नडाँटिएको, डाँट नपरेको; unrecalled नसम्झिएको, विर्सेको; unreceipted वेरसीद; unreceived अप्राप्त; unreciprocated आदान प्रदान नगरिएको; unreclaimed आवाद नगरिएको; unrecognizable नचिन्हिने; unrecompensed अपुरस्कृत; unreconciled अतुष्टित; unrecorded अलिखित; unrectified नसच्याइएको; unredeemed ननिखनिएको, उद्धार नभएको, चुक्ता नभएको (हुण्डा); unredressed प्रतिकार नभएको, अप्रतिकारित; unrefined नचोखाइएको, नशोधिएको, सफा नगरिएको; unreflecting विचार नगर्ने, नघोरिने; unrefuted अखण्डित; unregal अराजकीय; unregarded वेवास्ता गरिएको, विनाविचार; unregenerate अननुप्राणित, अजन्म; unregistered दर्ता नभएको, रजिस्टरी नगरेको; unregretted नचुकचुकाएको, अफसोस नगरेको; unregulated अनियन्त्रित, अ यवस्थित; unrehearsed अनभ्यस्त, पूर्वाभ्यास नगरिएको वा भएको (खा० ग० गर्ने आफैलाई छक्क पार्ने खालको); unrelated असम्वन्धित; unrelaxed तनाउमा बेआरामसँग, अशिथिल; unrelenting निर्मम, वेरहमी, अदय; unreliable भर नपर्दो, अविश्वसनीय, अनपत्यारको, लवारपाँडे, फटाहा, उल्लू; unrelieved अत्रात, निस्पट्ट, विनाफेरफार, लगातार (खा० ग० भिन्नता वा विपरीतताले दिने त्राणविनाको); unreligious धर्मसँग सरोकार नभएको, विधर्मी; unremembered अस्मृत, बिर्सिएको, नसम्झिएको; unremitting अश्रान्त, अविरल, मरिमेटेर, सतत:; unremunerative अप्रतिफलद; unrenewed नवीकरण नगरिएको; unrenounced अपरित्यक्त; unrepealed चालू, खारिज़ नभएको; unrepentant अननुतप्त; unrepining अशोकी, अखिन्न; unreplenished पूर्ति नगरिएको; unreported समाचार नगरिएको; unrepresentative अप्रतिनिधि, प्रतिनिधित्व नगर्ने; unreproved अतिरस्कृत; unrequited अप्रतिफलित, फिर्ता नगरिएको, साटोमा नदिइएको (स्नेह, प्रेम); unrescinded नघुलाइएको; unresented, unresenting रिस नलिइएको, रिस नलिने; unreserved (ly) विना संकोच, खसोखास (सँग), खुला, सरल (स्वभाव, मिजास); असुरक्षित (आसन, रेल, सिनेमा इ० मा); unresisting विरोध नगर्ने, विनाविरोधको; unresolved मन नबाँधेको; हल नभएको, फछ्र्योट नभएको; unrespected असम्मानित; unresponsive अनुत्तरदायी, असंवादी; unresting आराम नगर्ने; unrestored मरम्मत नगरिएको, पुनर्निर्माण नभएको; unrestrained छाडा, स्वच्छन्द, आफूखुशी, असंयमी; unrestricted खुला, असीमित, विनारोकटोकको; unretarded विकसित, अनिरुद्ध; unretentive अग्राही, असंधारक, अधारक, अधारयिष्णु; unrevenged वैर नसाधिएको, अप्रतिशोधित; unreversed अविपर्यस्त, अविलोम, नउल्टाएको; unrevised नदोहऱ्याएको, असंशोधित; unrevoked अखण्डित, अप्रत्यादिष्ट; unrewarded अपुरस्कृत; unrhetorical अनालंकारिक, अनालंकारमय; unrhymed अन्त्यानुप्रास नमिलाइएको, अननुप्रासित; unrhythmical तालाबद्ध; unrighteous बेहक, बेठीक, अन्यायी, बदमाश; unripe काँचो, अपक्व; unrisen नउदाएको, नउठेको; unrivalled बेजोडा, अनुपम, अजोडा; unromantic अकाल्पनिक, अनाश्चर्यमय, अनद्भुत; unroofed विना छानाको; unroyal राजालाई नसुहाउने, अराजकीय; unruffled नखजमजिएको, अनुद्विग्न; unruled अशासित, (कापीमा) धर्को नखिचेको; unruly अटेरी, हुल्याहा, अराजक, जण्ड, उटपट्याङ्ग, अनंकुश;

unsafe खतरनाक; unsaid अकथित; unsal (e)able अपण्य, नबिक्ने; unsalaried अवैतनिक; unsalted अलिनो; unsanctified नचोखाएको, अपवित्र, बिटुलो; unsanctioned निकासा नभएको; unsanitary फोहर, अस्वास्थ्यकर; unsated नअघाएको, अतृप्त; unsatisfactory असन्तोषजनक, चित्त नबुझ्ने; unsatisfied असंतुष्ट; unsatisfying चित्त नबुझ्ने; unsavoury गन्हाउने (अक्ष० र अलं०), अरुचिकर, घिनलाग्दो; unscalable उक्लन नसकिने; unscared निर्भीक, नतर्सेको; unscarred खत नलागेको; unscathed बेदाग, विनाचोट पटक; unscented निर्गन्ध, गन्धहीन; unscheduled नतोकिएको, अनिर्दिष्ट; unscholarly पंडितलाई नसुहाउने, अज्ञानी; unschooled अपठित, तालीम नभएको; unscientific अवैज्ञानिक; unscrupulous कुटिल, असंकोची, नाजायज, निर्लज्ज, सिद्धान्तहीन; unsealed खुला, छाप नलाएको; unseasonable बेमौसमी, कालानुचित, कुयाम, अऋतुमत्; unseasoned अमिलो पिरो नहालेको; unseconded अननुमोदित; unsecured अलब्ध, अप्राप्त; unseduced नबहकिएको, सतीत्व हरण नभएकी; unseductive अलोभक, अनाकर्षक, अमोही; unseeing नदेख्ने, अन्धो, अनावलोकी; unseemly अयोग्य, अशिष्ट, अनरीतको, नचाहिँदो, बेठीक, वेकाइदा, अन्नाधुन्न, वाहियात; unseen वि. अदृश्य, नदेखिएको, नजाँचीकन, the—अदृष्ट, प्रेतलोक; ना. अदृश्य वृत्त (परीक्षामा सारांश लेख्न, अनुवाद गर्न, इ० दिइने); unselect नछानिएको, जथाभावी, मिश्रित; unselfish अस्वार्थी, परोपकारी; unsentimental अभावुक; unseparated सगोल, नछुट्टिएको; unserviceable काम नलाग्ने; unsettled अस्थिर, परिवर्तनशील, अड्डो, अचुक्ता, बाँकी, स्थिर घरबार नभएको, (जग्गा) स्थायी वासिन्दाले बसोबास नगरेको; unsevered नछुट्टिएको, चटक्क नकाटिएको ; unsew उधिन्नु, उधार्नु ; unshackled नेल काटेको ; unshaded विनाछायाको ; unshadowed छाया नभएको, (भेदिया) पछि नलागेको ; unshaken अटल, नधरमराएको; unshapely नराम्रो, कुरूप; unshared भाग शान्ति नबाँडिएको; unshaven झुसे दाह्री भएको; unsheathed विकोश; unshod खालि खुट्टाले; unshorn नकत्रेको वा दाह्री नबनाएको ; unshown नदेखाइएको ; unshrinkable नघट्ने (कपडा); unshrinking नहच्कने, निर्भीक, दृढ; unsifted नकेलाइएको, छानबीन नभएको; unsighted नदेखिएको, निशाना नभएको (बन्दूक), छेकिएको (हेर्नबाट); unsightly भद्दा, नराम्रो; unsinged नडढीकन; unsized माड नहालेको; unskilful भद्दा; unskilled बेतालीम (खा० ग० कर्मी); unslumbering सावधान, जागरूक, चंख; unsociable, unsocial कर्चिगले, बिंगठ्याहा, अमिल्दो; unsoiled नमैलेको, नबिटुलिएको; unsolaced नफुलाइएको; unsold नबिकेको; unsoldierly सिपाहीलाई नसुहाउने; unsolicited अप्रार्थित, खा० ग० सिफारिश; unsolicitous अनुत्सुक, अनुत्कण्ठित; unsolid अठोस; unsolvable असाध्य; unsolved पत्ता नलागेको, हल नभएको, अज्ञात; uusoothed सान्त्वना नदिइएको, नफुल्याइएको; unsophisticated सोझो, निमुखा, कोरकाली, छोप्राकी, सुधो, सोझासाझा, निर्व्याज, निर्दोष, सरल, चोखो, नमिसाइएको, अकृत्रिम; unsorted नकेलाइएको, नछुट्ट्याइएको; unsought नखोजीकन; unsound असद्, रोगाएको, विकृत, सडेको, भूलमा आधारित, भ्रान्तिपूर्ण, मिथ्यायुक्त, भर गर्न नहुने,—mind विकृत मन, होश नभएको, मगज बिग्रेको; unsounded गहिराइ ननापिएको; unsoundness असद्पन, असुस्थता, अनिरामय; unsoured

नअमिलिएको, नविग्रेको, अविकृत; **unsown** नरोपेको; **unsparing** प्रचुर, अमित, अकिफायती, दयाहीन, निष्ठुर; **unspeakable** अवर्णनीय, वर्णनातीत, अवाच्य, नीच, असाध्य; **unspecified** नतोकिएको; **unspent** अखर्च; **unsplit** नपोखिएको; **unspiritual** अनाध्यात्मिक, अनात्मिक; **unspliced** नचिरिएको ; **unspoiled** नबरालिएको; **unspoken** नबोलिएको, अकथित; **unspontaneous** कृत्रिम, बलजफ्तीले; **unsportsmanlike** (बो० चा० **unsporting** पनि) खेलाडीलाई नसुहाउने; **unspotted** अटाटो, (अलं०) अदूषित; **unsprung** (बग्गी, सवारी,) स्प्रिङ्ग, कमानी, नहालेको; **unstable** नाजुक, अस्थायी; **unstaid** असंयमी; **unstained** अकलंकित, अरंजित; **unstamped** विनाछापको; **unstarched** विनामाड; **unstartled** नझस्केको; **unstated** अकथित, बयान नगरिएको; **unstatesmanlike** असाम, असामन, सामाकुशल, राजनीतिलाई नसुहाउने; **unsteady** अस्थिर, अदृढ, हल्लने, रिंगटा लाग्ने, परिवर्तनशील, तलमाथि गर्ने, घटबढ हुने, बेथितिको बानी भएको, पियक्कड; **unstinted** नअडकलेर, प्रशस्त; **unstirred** अनुत्तेजित, नजगमगाएको; **unstopped** नथामिएको, नरोकिएको; **unstressed** विनाजोरको; **unstudied** सजिलो, स्वाभाविक स्वतः; **unstuck** उक्केको; **unsubdued** अपरास्त, अवश्य, स्वतन्त्र; **unsubstantial** अवास्तव, असार, अठोस; **unsubstantiated** पुष्टि नभएको, अप्रमाणित, अस्थापित; **unsuccessful** असफल, विफल, वाङ खाएको, दोठ्याङ खाएको; **unsuitable** अनुपयुक्त, अनुचित, अमिल्दो; **unsuited** अमेलको, अनमेल, नमिल्ने; **unsullied** अदूषित, अकलंकित; **unsung** नगाइएको, अकीर्तित; **unsunned** सूर्य (घाम) नलागेको; **unsupple** अकोमल, अनम्य; **unsupplied** नजुटाएको; **unsupportable** असमर्थनीय; **unsupported** असमर्थित, पुष्टि नभएको; **unsuppressed** नदबाइएको; **unsure** अनिश्चित, उडन्ते; **unsurpassed** अद्वितीय, नउछिनिएको; **unsuspected** शंका नगरिएको, अशंकित; **unsustainable** नअड्ने, थाम्न नसकिने; **unsustained** विनापुष्टिको; **unswayed** अवश, कब्जाबाहिर; **unsweetened** गुलियो नगराइएको, खुशी नगराइएको (खा० ग० घूस, इ०, ले); **unswept** नबढारिएको; **unswerving** नबांगिने, नछोड्ने, अचल, दृढ, स्थिर; **unsworn** विना शपथको; **unsymmetrical** असममित, असम; **unsympathetic** असहानुभौतिक; **unsympathizing** विनाकृपा वा दयाको; **unsystematic** अनियमित, अरांत, बेरीत, बेढङ्ग;

untainted बेदाग; **untalented** नालायक, बेल्याकत, बेसीप; **untamable** अदम्य; **untamed** जंगली; **untanned** नबनाइएको (छाला), नडढेको (रंग); **untarnished** निष्कलंक, खिया नलागेको; **untasted** नचाखिएको, स्वाद नलिएको; **untaught** अशिक्षित; **untaxed** कर नलागेको, खर्च, बल, इ० नलागेको; **unteachable** सिकाउन नसकिने; **untearable** नच्यातिने; **untechnical** अप्राविधिक; **untenable** अप्रतिपादनीय, अखानु, अड्न नसक्ने, असमर्थनीय; **untenantable** बहाली नलाग्ने; **untenanted** विनाबहाली; **untended** विनाहेरचाह; **untendered** प्रदान नगरिएको; **untested** अपरीक्षित; **untethered** फुकाइएको, खोलिएको; **unthanked** धन्यवाद नगरिएको; **unthankful** विनाधन्यवादको; **unthinkable** अविचारणीय, सोच्न नसकिने, (बो० चा०) हुन नसक्ने, अघटनीय; **unthinking** विचारहीन; **unthought of** नसोचिएको, विचार नगरिएको, पहिले नदेखिएको; **unthrashed** पिटाइ नखाएको; **unthreadable** धागो हाल्न नसकिने (सियो); **unthreshed** दाउनी नभएको; **unthrifty** अमित, अफारो; **unthwarted** नडल्लिएको; **untidy** असुग्घर, फोहरी, लथालिङ्ग, अस्तव्यस्त; **untied** खुला, नबाँधेको; **untiled** नछापेको; **untillable** जोत्न नसकिने; **untimbered** (घरमा गाम्होमा) काठ नहालेको; (जमीन) रूख नभएको; **untimely** कुयामको, कुवेलाको, असामयिक, बेमौकाको; **untimeliness** बेमौका, अवेला, बेटाइम; **untinctured** अरञ्जित; **untinged** अरञ्जित; **untired** अथक; **untiring** अथक, सतत:; **untouchable** अछूत, छुन नहुने, अस्पृश्य; **untouched** नछोइएको; **untoward** (आ०) विपरीत, भद्दा, अदम्य, तलमाथि, तल बेतल, कमबेसी; **untraceable** अत्तोपत्तो नभएको, पत्ता नलाग्ने; **untraced** लापता, बेपत्ता; **untracked** सुराक नलाएको; **untragic** अकरुण; **untrained** बेतालीम; **untrammelled** अपाशबद्ध, असंगत, बन्धनरहित; **untransferable** अस्थानान्तरीय; **untranslatable** अनुवाद हुन नसक्ने, अननुवादीय; **untransmutable** अरूपान्तरकरणीय, अपरिवर्तनशील; **untransportable** अप्रवाहणीयता; **untravelled** नघुमेको, घरबसुवा; **untried** अपरीक्षित, नजाँचिएको, अनुभवहीन; **untrimmed** नसजेको; **untrodden** नकुल्चेको; **untroubled** शान्त, नपिरिएको; **untrue** असत्य, बेईमान, बेठीक; **untrussed** (पाता) फोएको; **untrustworthy** अनपत्यारको, भर नभएको, अविश्वसनीय; **untruthful** झुट्टा, असत्य; **untuned** सुर नमिलाएको (बाजा); **untuneful** बेसुरो; **unturned** नफर्काएको; **untutored** नपढाइएको;

ununderstanding बेबूझ, अबुझ; **unusable** बेसाबूत, बेकायमी; **unused** चलन नगरेको; **unusual** असामान्य नैमित्तिक, चाखलाग्दो; **unutilized** काम नलिइएको, नचलाइएको; **unutterable** अनुच्चरणीय, अवर्णनीय; **unvaccinated** नखोपाएको; **unvalued** कदर नगरिएको, अनादरित; **unvanquished** अपराजित; **unvaried** अपरिवर्तित, एकनास, नबदलिने; **unvarnished** वार्निस नलाएको, बुट्टा नभरेको, जस्ताको तस्तो; **unvarying** नफेरिने, नबदलिने, जस्तोको तस्तो; **unvenerated** आदर नगरिएको; **unvenomous** अविषालु; **unventilated** हावा नखेल्ने;

unveracious असत्यवादी; unverifiable रुजु गर्न नसकिने; unverified वेरुजु; unversed नजान्ने, सीप नभएको, असिपालु; unvexed नचिढिएको; unvictualled रसद पानी नभएको; unvindicated सफाइ नपाएको; unviolated नबिगारिएको, नमिचिएको; unvisited नगइएको; unvitiated अदूषित; unvoiced अनुच्चारित, नबोलिएको; (ध्वनि०) अध्वनित; unvouched (साछी वा जमानीको) पुष्टि नभएको;

unwak (en) ed नउठेको, नब्युँझाइएको; unwanted नचाहिने; unwarlike असैनिक; unwarmed नतातेको; unwarned नचेताइएको; unwarped नपसांग्रिएको, नपसांग्रेको; unwarrantable अप्रमाणित, अनाधार, अप्रतिपादनीय, वेठीक; unwarranted अनधिकृत, अप्रत्ययित; unwashed नपखालेको, नधोएको; the great—सामान्य लोक, हूल, भीड; unwatched नहेरिएको, चियो नगरिएको; unwatchful असावधान; unwatered पानी नलागेको, पानी नहालेको (दूध, रक्सी, इ०); unwavering अविचलित; unweaned दूध नछुटाएको, स्तन त्याग नगरेको; unwearable लाउन नहुने; unwearied अथक; unweary अथक, विनाथकाइको; unwearying नथाक्ने, दृढाग्रही; unwedded अविवाहित; unweeded नगोडेको; unweighed नतौलेको, नतौलीकन; unwelcome अस्वागत; unwell बिसंचो, अस्वस्थ, बिरामी, नछुने भएको, रजस्वला; unwept for नरोइएको; unwetted नभिजेको; unwhipped कोर्रा नखाएको; unwhitened सेतो नपारिएको; unwhite washed सफेदा नलाइएको, सेतो नपोतिएको; unwholesome अहितकर, अस्वास्थ्यकर; unwifely पत्नीलाई नसुहाउने; unwilling अनिच्छुक; unwinged पंखहीन; unwinking नझिम्क्याउने, सतर्क; unwise अबुद्धिपूर्ण, मूर्ख, अविवेकी; unwished अचिंतित, अनिच्छित; unwithered नचाउरिएको; unwitnessed नदेखिएको, साछी नभएको; uuwitting नजान्ने, अजान; unwittingly अज्ञानमा, अजानमा, अज्ञात्वा; unwomanly अस्त्रीय; unwonted नहुने, हुने बानी वा प्रकृति नभएको; unwooded रूख नभएको; unwooed नफकाइको, प्रेम नगरिएको; unworkable काम नहुने, चलन गर्न नसकिने (यन्त्र, योजना); unworkmanlike कर्मी जस्तो नाइँ; unworldly पारलौकिक, असंसारी; unworldliness संन्यास, त्याग, परमार्थ; unworn नखिइएको, नपुरानिएको; unworshipped अपूजित; unworthy अयोग्य, बदनामीयुक्त, अशोभनीय; unwound फुकाउनु; unwounded बेजखम, विना घाउ; unwoven नबुनिएको; unwreaked बदला नलिइएको; unwrinkled चाउरी नपरेको; unwritable अलेखनीय; unwritten अलिखित,—law चलन, वा न्यायिक फैसलामा निर्धारित (ऐन कानूनमा होइन), औ व्यक्तिगत इज्जतको बचाउमा ज्यान मार्नुसम्म पनि बेगुनाह हुन्छ भन्ने सिद्धान्त; unwrought काम नगरिएको; unwrung ननिमठिएको; withers—दोषारोप लाग्न सक्दैन; unyielding दृढ, हठी, अनम्य; unyoked नजोतिएको; unyouthful अयुवा, प्रौढ; unzealous अव्यग्र, अनुत्साही ।

Un—(अन्—) नकारात्मक उपसर्ग; क्रि. unattire पोशाक फुकाल्नु, अनावरण गर्नु; unbalance असन्तुलित गर्नु; unbank (खरानी हटाएर आगो) उकास्नु; unbar आग्लो खोल्नु, खोल्नु, छेका झिक्नु; unbend सोझो हुनु, आराम लिनु वा गर्नु; unbind फुकाउनु; unbonnet टोपी फुकाल्नु; unbosom गुह्य खोल्नु, पीर कहनु; unbridle लगाम झिक्नु; unbuckle बगलस खोल्नु; unburden भार बिसाउनु, पीर पोख्नु; unbutton टाँक फुकाल्नु; unclasp मुट्ठी, हात, फुकाउनु; unclench मुट्ठी फुकाउनु; unclog (अडको) हटाउनु, खोल्नु; unclose खोल्नु; unclothe निर्वस्त्र गर्नु, लुगा फुकाल्नु; uncock बन्दूकको घोडा (बिस्तारै) तल सार्नु; uncoil (गुँडुल्को) फुकाउनु; uncork बिर्को झिक्नु, (अलं०) लुकेको भाव प्रकाश गर्नु; uncouple छुट्याउनु, (रेल, कुकुर, इ०) जोडाबाट अलग गर्नु; uncover बिर्को झिक्नु, खोल्नु, पत्ता लाउनु, पर्दाफास हुनु, गुह्य खोल्नु टोपी फुकाल्नु; uncurl फुक्नु, फुकाउनु; undeceive छल हटाउनु, (कुरा) खोल्नु; undo रद्दी गर्नु, फुकाउनु, फुकाल्नु, बन्धन फुकाउनु, बिगार्नु, बराल्नु; undoer बिगार्ने, बराल्ने; undoing बिगार; undress अनावरण गर्नु, लुगा फुकाल्नु; unentangle सुल्झाउनु, फुकाउनु; unfasten खोल्नु; unfetter खोल्नु, हतकडी झिक्नु; unfit अयोग्य बनाउनु; unfix (जडान) खुकुलो पार्नु; unfold (पत्र, मुट्ठा) खोल्नु, उघार्नु, (अलं०) कुरा, योजना, खोल्नु; unfurl फिंजाउनु, फहराउनु; ungird (भिरेको म्यान, तरवार) फुकाल्नु; unglaze टलक झिक्नु; unhand हात झिक्नु, समातेको छोड्नु; unhinge कब्जा फुकाल्नु, (अलं०) मन बिगार्नु, विक्षिप्त हुनु; unhook (लुगाको) हुक फुकाल्नु; unhouse निकाल्नु, शरण, आश्रय, नदिनु; unlace फित्ता फुकाउनु; unlatch (आग्लो, छिस्किनी) खोल्नु; unlearn (सिकेको) बिर्सनु, (खा० ग० मिथ्या वा अलमल्याउने कुरा) स्मृतिबाट हटाउनु; unline भित्री झिक्नु; unload भारी उतार्नु, झिक्नु, (शेयर) बेच्नु;—ing ना. उतार, गिरानी उत्राइ; unlock ताल्चा खोल्नु, उघार्नु, (अलं०) गुह्य खोल्नु; unloose फुकाउनु; unmake बिगार्नु, नाश पार्नु; unmask मकुण्डो झिकिदिनु, पर्दाफास गर्नु; unmoor (जहाज, डुङ्गा) फुकाउनु; unmould आकार बदल्नु; unmuffle (अनुहार, घण्टी, इ० बाट) छोप्ने (गलेबन्द, उपकरण) झिक्नु, हटाउनु; unmuzzle (कुकुर, अन्य पशु) मुखको जाली झिक्नु, (अलं०) बोल्न दिनु; unnaturalize अप्राकृतिक बनाउनु; unnerve बल वा साहस हरण गर्नु, कात्रिनु; unpack बाकस, पेटी, इ० बाट झिक्नु; unpick धुन्नु,

उधिन्नु; unpin पिन झिक्नु; unravel सूत छुट्ट्याउनु, (अलं०) (सत्य र मिथ्या) छुट्ट्याउनु; unreel खोल्नु, (धागो) रीलबाट झिक्नु; unriddle (प्रश्न, कथा,) हल गर्नु; unrip च्यातेर चिरा पार्नु; unroll (मुठा) खोल्नु; unroot उखेल्नु; unsaddle काठी झिक्नु; unsay (भनेको कुरा) फिर्ता लिनु; unscrew पेच फुकाल्नु; unseal लाहा छाप खोल्नु; unseam सिउनी उधार्नु; unseat आसन च्युत गर्नु, घोडाबाट खस्नु, घोडाले लडाउनु, (संसद) चुनाउ, आसन हार्नु; unset नजडेको (पत्थर); unsetlle अव्यवस्था गराउनु, व्यवस्था तोड्नु; बिगार्नु, बुद्धि भ्रष्ट हुनु; unshackle नेल काट्नु; unsheathe विकोश गर्नु, म्यानबाट झिक्नु (तरवार); unship जहाजबाट माल उतार्नु; unspeak बोली फिर्ता लिनु, प्रत्याख्यान गर्नु; unstick छुट्ट्याउनु; come unstick (अप०) फुक्लिनु, असफल हुनु, काम बिग्रनु; unstitch उधिन्नु; unstock (बन्दूकको) कुन्दा झिक्नु; unstring धागो झिक्नु, (माला गाँसेको) उधार्नु; मन कमजोर वा विक्षिप्त पार्नु, ज० वा० unstrung=घबडाएको; unswaddle थाङ्ना झिक्नु, फेर्नु; unswathe काटेर पसारेको धान बोझा पार्नु, बेह्रेको (अङ्ग) फुकाउनु; unswear शपथ फिर्ता लिनु; untack छुट्ट्याउनु, जोर्नी फुस्काउनु; untangle फून्नु; unteach (गलती) सिकाएको रद्दी गर्नु, वापस लिनु; untether (वस्तु) फून्नु; unthink विचार फिर्ता लिनु, नविचार्नु; unthread सियोबाट (अन्य कुराबाट) धागो झिक्नु; untie (गाँठो, इ०) फुकाउनु, बन्धन फुकाउनु; untune बेसुरो पार्नु; untwine (बटार) खोल्नु; untwist सँगल्नु; unveil घुम्टो झिक्नु, अनावरण गर्नु; unwarp बटार हटाउनु; unweave (ऊनी) कपडा उधिन्नु; unwill इच्छापत्र बदर गर्नु, अघि दिएको कुरा बदर गर्नु; unwind फुकाउनु, (दम) सिद्धिनु; unwork उधिन्नु, बिगार्नु (बुट्टाको काम, इ० ; unwrap बेह्रेको फुकाउनु; unwrinkle चाउरी मार्नु; unyoke जोतबाट फुकाउनु, (अलं०) काम बन्द गर्नु ।

un—(अन्—) नकारात्मक **उ. क्रि.** unarm हतियार वा कवच हरण गर्नु, निःशस्त्र गराउनु; ज० वा० unarmed निःशस्त्र; unbag ब्याग हर्नु; unbed बिछौना खोस्नु; unbon हाड (मासुबाट) झिक्नु; unbox बाकसरहित unbowel भुँडी झिक्नु; uncoop खोर, पिंजडा, बाट झिक्नु; गराउनु; uncrown मुकुट (अक्ष० वा अलं०) हरण गर्नु; undock (जहाज) बन्दरगाहबाट जानु; unedge धार मार्नु, भुत्ते पार्नु; unearth खन्नु, खोतल्नु, (लुकेको ठाउँबाट शिकार) बाहिर निकाल्नु; unfeather (चरा) भुत्ल्याउनु; unfence घेरा झिक्नु; unflesh मासु झिक्नु; unfrock भोटो, कुर्ता, फ्रक, खोस्नु; (पादरी) दर्जा खोस्नु; ungirdle कटी फुकाल्नु; unglove पंजा फुकाल्नु; unhusk (अनाज) खोस्टा झिक्नु, दल्नु; unhorse घोडाबाट लडाइदिनु, बराल्नु; unleash फून्नु (कुकुर, हिंस्रक पशु, र अलं०); unlimber अनम्य, अमृदु पार्नु; unman (जहाजका) माझी हटाउनु, (मनुष्यत्व, बल, इ०) हरण हुनु, हराउनु; unnail कीला झिक्नु; unpen लेखेको काट्नु, फिर्ता लिनु; unprop आड झिकिदिनु; unrobe लुगा, पोशाक, उतार्नु, फुकाल्नु; unroof छाना उधार्नु, झिक्नु; unrumple सम्म पार्नु, खजमजाएको सम्म पार्नु; unscale कत्ला झिक्नु; unself ममत्व हटाउनु, अहम् भाव त्याग्नु; unleash फून्नु (कुकुर, हिंस्रक पशु, र अलं०); unsex (खा० ग० स्त्रीको) आफ्नू जात (योनि, लिङ्ग) को गुण हटाउनु; unshell बोक्रा, शंख, सिपी, इ० छोडाउनु; unshoe (घोडाको नाल, इ०) फुकाल्नु; unshot छर्रा झिक्नु; unsolder रसायन झिक्नु; unstarch माड झिक्नु, (अलं०) दह्रोपन, तनाउ, हटाउनु; खुकुलो बनाउनु; unstopper बिर्को झिक्नु; unthrone सिंहासन च्युत गराउनु, सिंहासन खोस्नु; untomb चिहानबाट झिक्नु ।

un—(अन्) नकारात्मक **उ. : ना.** unbelief नास्तिकता; ज० वा० unbeliever नास्तिक; unchastity असतीत्व; unconcern बेवास्ता, औदासीन्य; unconstraint असंकोच; undress साधारण पोशाक, चलतीको लुगा (जङ्गी पोशाक, निजामती औपचारिक पोशाक, इ० को विपरीत); भित्री लुगा; खुकुलो आरामको लुगा; unease (आ०) कष्ट, बेआराम, असुविधा; unemployment बेकारी, —benefit बेकारी सहुलियत (बेकारहरूलाई ऐनबमोजिम दिइने अनुदान); unfaith (विर०) भर, पत्यारको न्यूनता; unfriend (आ०) शत्रु, दुश्मन; unprejudice विद्वेष; unreason अविवेक; unrepair भग्नावस्था, मरम्मतको कमी; unreserve सरलता, असंकोच; unrest अशान्ति, चिन्ता, पीर, क्षोभ; unrestraint असंकोच; unright (आ०) अन्याय, बेठीक; unsuccess असफलता, असिद्धि; unsymmetry असन्तुलन; unthrift अमितता, फजूलखर्ची; untruth असत्य, मिथ्यापन, झूट; unwisdom अबुद्धि, मूर्खता ।

unani/mous (यून्या'निमस्) **वि.** एकमत, एकमति;—mity अवैमत्य, मतैक्य;—mously एक मतले ।

unau (यू'नॉ) **ना.** ब्रेजिलको दुई औंले (भालू जस्तो) पशु ।

uncate (अन्'केट्)=uncinate कुप्रिएको ।

uncia (अन्'शिअ) **ना.** (रो० प्रा० इ० ब० व०—ae) बाह्रौं भाग, खा० ग० मुद्रा वा परिमाण; आउन्स, इञ्च ।

uncial (अन्'शल्) **वि.** र **ना.** लेखाइको ढाँचा; **ना.** सो ढाँचाको (खा० ग० ठूलो) अक्षर ।

uncinate (अन्'सिनेट्) **वि.** अंकुश परेको, कुप्रे ।

uncle (अङ्'क्ल्) **ना.** काका, मामा; फुपा (वा) ज्यु; आत्मीय बोलाउने नाउँ काका; U-Sam (बो० चा०) अमरिकाको संघीय सरकार वा अमरिकी नागरिक; (अप०) बन्धक लिने साहू; (बो० चा०, थरसहित) अधबैंसे मान्छे; talk like a Dutch—कडाइसँग (विरोधमा) ।

unco (अन्'को) **वि., ना.** (ब० व०—s), र **क्रि. वि.** (स्क०) अनौठा, असाधारण; स्मरणीयः **ना.** परचक्री, (ब० व०) समाचार; **क्रि. वि.** स्मरणीय ढाँचासँग, अति, असाध्य; the-guid (सा०

हें०) अति दृढ़, कठोर, सँग धार्मिक व्यक्ति, पाखण्डी ।

unconditioned (अन्'कण्डिशण्ड्) वि. (व्यायाम, पथ्य, इ० द्वारा) शारीरिक अवस्था तयार नगरिएको ।

uncouth (अन्कूथ्') वि. (लुप्त र आ०) अज्ञात, अपरिचित, असामान्य; (स्थान, अचेल सा०) शून्य, विजन, जंगली; (जीवन) असभ्य, सुविधाहीन; (व्यक्ति, अनुहार, आचरण, इ०) अनौठा, भद्दा; असभ्य, हिसिमरू, अशिष्ट, असंस्कृत; (भाषा; शैली) कर्कश, कठोर, रूखो, पांडित्यपूर्ण, अशोभन;—ness ना. भद्दापन, रूखोपन ।

unction (अं'क्शन्) ना. अंजन, आलेपन; अभिषेक; extreme—मर्न लागेको व्यक्तिलाई पादरीले तेलको अंजन; लेप, अभ्यञ्जन (जलयोग); (अलं०) फुल्याउने वा चापलूस कुरा, विचार, वा परिस्थिति : गहिरो भाव, भक्ति वा अन्य भावनाले शब्द वा बोलीमा पारेको व्यग्रता वा सहानुभौतिक गुण, कंपन; त्यसको नकल, स्वाँग, मिथ्योत्साह; अतिशय मृदुता; वर्णन, बयान, मा अतिशय वा स्थायी रुचि, आनन्द ।

unctuous (अंक्'ट्यू अस्) वि. मिथ्योत्साहपूर्ण; चिल्लो, मेदुर, प्रमेदित, स्निग्ध, खा० ग० छाम्दा चिप्लो लाग्ने वस्तुको चिप्लो; unctuously चिप्लोसँग; unctuousness चिप्लोपन ।

unde (अन्'डे), undee (अन्'डे) वि. (वंश०) तरंगित ।

under (अन्'डर्) उ., क्रि. वि. र वि. मनि, तल; भित्र, भित्रपट्टि; न्यून, कम; निम्न, अन्तर्गत, अधीन, शर्तमा, समयमा, रूपमा, अवस्थामा; क्रि. वि. तलतिर, मन्तिर; वि. निम्न, तलको;—a cloud बदनामी भएको, शंका भएको,—repair मरम्मत हुन लागेको; —examination जाँच हुन लागेको; —fire गोलीको निशाना भएर; —sail पालले चलाएको (डुङ्गा, जहाज); —way बाटो लागेको; —arm हात नउठाएर (बल हान्नु);—arms सशस्त्र;—sentence (of death) (प्राणदण्ड, इ०) को सजाय पाएको;—favour आज्ञाले;—jaw तल्लो बंगारा;—servants साना चाकर;—dog (अप०) हरुवा कुकुर, व्यक्ति;. शोषित व्यक्ति ।

under (अनूडर्—) उप. =अघिको उ., क्रि. वि. वा वि.: —arm वि. (क्रिके०) underhand हात नउचालीकन;—cover सुटुक्क;—cover agent गुप्तीकारक (अपराद्धसँग मिलेर कुरा पत्ता लाउने);—foot खुट्टामन्तिर;—ground भैंमन्तिर, लुकुवा:—hand नउठाएको हात, अनाचार, बेरीत, बेठीक,को, ऱ्हेल, जालऱ्हेल;—proof (मद्यसार) निम्न बल ।

under—(अनूडर्—) उप० : क्रि. underbid तल्लो डाँक बोल्नु (लिलाम, ठेक्का, ताश);—cut (खोदाइ) तलको वस्तु काटेर बुट्टा, इ० खडा देखिने गराउनु, तल काट्नु; (गल्फ खेल) बललाई उकासिने र भैंमा खसेर धेरै नगुड्ने गरी तल्लो काट हान्नु; (व्यापा०) अरूलाई उछिन्नालाई तल्लो दाम लगाउनु; —drain भैंमन्तिर कुलो बनाएर पानीको निकास गराउनु;—lay वस्तुमन्तिर केही चीज, उदा० प्रेसमा टाइपमन्तिर कागत, राख्नु; —let भाउभन्दा होचो अंकमा भाडा दिनु, उपबहालमा दिनु, भाडाको भाडामा दिनु;—line मोर्नु, कच्च गर्नु;—mentioned निम्नांकित, निम्नलिखित;—play (ताश) ठूलो पत्ती छँदाछँदै सोही रंगको सानू पत्ती खेल्नु; (अलं०) ज्ञानी जानी दबेर बस्नु, कारवाई गर्नु;—prop तल अडान हाल्नु;—quote (अरूभन्दा) कम डाक बोल्नु (दाम);—score=-line कच्च गर्नु, रेखाङ्कन गर्नु;—sell सस्तो बेच्नु;—signed निम्न हस्ताक्षरवाला ।

under—(अनूडर्—) उप. : क्रि. र वि.—act अपर्याप्त ढाँचासँग अभिनय गर्नु;—bred असभ्य, अशिष्ट;—charge कम मोल लिनु;—develop (फो०) अपुग गरी धुनु;—developed अविकसित;—do (पकाउँदा) काँचै राख्नु —done वि. अधकल्चो, नपाकेको;—dose (ओखती) कम मात्रा (दिनु);—employment काम, रोजगार, को कमी;—estimate नीचो, होचो ठान्नु, कम अन्दाज गर्नु; —expose (फो०) थोरै देखाउनु;—exposure अल्पाच्छादन;—fired (माटाको भाँडा) नपाकेको;—pay ज्याला; तलब, अपुग गरेर दिनु;—priviliged निम्न श्रेणीका, शोषित, न्यूनाधिकार भएका;—-production अल्पोत्पादन, कम उत्पादन;—proof न्यून प्रमाण;—rate कम ठान्नु, नीचो ठान्नु;—sized बचकना;—statement स्वल्पोक्ति, घटबोली;—value कम मोल लाउनु, कदर नगर्नु;—valuation निम्न मूल्यांकन, बेकदर ।

under—(अनूडर्—) उप. : ना.—agent निम्नदूत, निम्नकारक, उपकारक;—brush बूटा;—carriage वायुयानको उत्रने उपकरण, निम्नसाज;—clay कोइलामन्तिर माटोको पत्र, निम्न मृत्तिका;—-clerk नायब कारिन्दा;—cliff पैह्रोले बनाएको कौसी वा तल्लो भीर;—clothes,—clothing भित्री लुगा;—growth खोरिया, ढड्डी, बूटाबूटी;—-king उपराजा; रजौटा;—-lease उपपट्टा;—linen पातलो सूती वा (खु०) अन्य भित्री लुगा;—pass बाटोमन्तिरको बाटो, उपबाटो;—plot (कथामा) उपकथासार;—secretary उपसचिव;—secretaryship उपसचिव पद;—shirt भित्री (छोटो) कमीज;—skirt भित्री स्कर्ट, लहँगा;—sleeve (धे० ज० झिक्न हुने) भित्री बाहुला;—soil तलको माटो;—strapper नोकर, अधीन व्यक्ति सानू दर्जाको कारक;—-stratum भित्री तह, भित्रीपत्र; tenant उपमोही, मोहीको मोही, उपबहाली;—tenancy उपबहाल;—tint फिका रंग;—tone सानू सोर, धीमा बोली, दबेको वा फिका रंग; तल, भित्रपट्टि, रहने गुण वा तत्व; निम्न प्रवाह;—tow तटमा टक्कराउने तरंगको फिर्ती प्रवाह; फिर्ती प्रवाह; —wear भित्री लुगा;—wood=—growth बूटा, बूटी, गुल्म;—world अधोलोक, अधो भुवन, पाताल, अधम सामाजिक तह, पापसंसार, अपराध जगत् ।

underage (अन्'डर्एज्) वि. नाबालिग, उमेर नपुगेको ।

undercroft (अन्'डर् क्रॉफ्ट्) ना. गिरजाघरमा भैंमन्तिरको कोठा, अधोकक्ष ।

undercurrent (अन्'डर्करेण्ट्) **ना.** तलको प्रवाह, निम्न प्रवाह; (अलं०) अदृश्य प्रभाव, भिन्न वा विपरीत प्रवृत्तिको भाव; (खानी०) सुन झिक्दा चलन हुने ठूलो च्याप्टो बाकस ।

undercut (अन्'डर्कट्) **ना.** सपेटोको तल्लो अंश; (मुक्काबाजी) मास्तिर आउने चोट ।

undergo (अन्डर्गो') **क्रि.** भोग्नु, सहनु, धैर्यसाथ सामना गर्नु, बेहोर्नु, गोता खानु ।

undergradu/ate (अन्डर्ग्रया'ड्यूएट्) **ना.** उनस्नातक; —ette **ना.** (ठ०) महिला उनस्नातक ।

underground (अन्डर्ग्राउण्ड्') **क्रि. वि., वि.** र **ना.** आन्तर भौम, भुँमन्तिर; **वि.** भुँमन्तिर रहेको; (अलं०) लुकेको, गुप्त, ज० कि—movement गुप्त विरोधी आन्दोलन; **ना.** आन्तर भौम रेल, आन्तर भौम आन्दोलन, इ० ।

underhand (अन्डर्ह्याण्ड्') **क्रि. वि.** र **वि.** (वाच्य० प्रयोगको उच्चा० अन्'—) सुटुक्क, आँखा छलेर गुप्तीसँग, खुलासँग होइन, कपटी, मुसमुन्द्रे, पेचाहा, पेटाहा; छलसँग; (क्रिके०) हात नउचालीकन फ्याँकेको (बल) ।

underhung (अन्डर् हङ्',) वा वाच्य प्रयोगमा अन्'—) (तल्लो बंगारा) बाहिर निस्केको, प्रलम्ब, वहिर्वर्ती ।

underlie (अन्डर्लाइ') **क्रि.** तल रहनु, निम्नावस्थित हुनु; (अलं०) (सिद्धान्त, इ० को) आधार हुनु ।

underling (अन्'डर्लिङ्) **ना.** अधीनस्थ व्यक्ति, अनुचर (सा० हे० मा) ।

undermine (अन्डर्माइन्') **क्रि.** सुरुङ्ग खन्नु, खोइरो खन्नु; (व्यक्ति यश, प्रभाव, इ०) गुप्त रीतले हानि गराउनु; (स्वास्थ्य, इ०) अलि अलि गरेर वा थाहा नपाई वा कपटले, हानि गर्नु, खियाउनु ।

underneath (अन्डर्नीथ्') **क्रि. वि., वि.** र **ना.** मन्तिर, नीच, निम्न, अध, तलतिर, नीचा; **वि.** र **ना.** तलको (ठाउँ वा तल) ।

understand (अन्डर्स्टयाण्ड्') **क्रि.** बुझ्नु, समझिनु, जान्नु, अर्थ लाग्नु, माने बुझ्नु; बोध गर्नु; मान्नु, अनुमान गर्नु; मर्म बुझ्नु; मनले (शब्द, आशय, इ०) हाल्नु, थप्नु ।

understanding (अन्डर्स्ट्यान्'डिङ्) **वि.** र **ना.** मर्मज्ञ, विवेकी, बुझ्ने, समझदार; **ना.** सलतनत, मिलापत्र, समझौता, साँठगाँठ, गुइयाँ, मंजूरनामा, कारारनामा; सूझ, सूझबूझ, समझ, समझदारी, ज्ञप्ति; बुद्धि; (ब० व० अप०) गोडा, खुट्टा, पाउ, जुत्ता, इ० ।

understudy (अन्'डर्स्टडी) **ना.** र **क्रि.** नाटकमा मुख्य अभिनेताको अनुपस्थितिमा तुरुन्त सो गर्नालाई अध्ययन र अभ्यास गर्ने व्यक्ति, उपाभ्यासक, निम्नाध्ययी; **क्रि.** उपाभ्यास गर्नु, निम्नाध्ययन गर्नु ।

undertake (अन्डर्टेक्') **क्रि.** कबूल गर्नु, मान्नु, काम थाल्नु वा गर्नु, उत्तरदायित्व उठाउनु, जिम्बा लिनु; (आ०) द्वन्द्व युद्ध गर्नु, बहस वा विवाद गर्नु; (आ०) जमानी हुनु; (बो० चा०) (मृत लाशको) दफनाउने प्रवन्ध गर्नु ।

undertaker (अन्'डर्टेकर्) **ना.** शा० अ०, खा० ग० : दफन प्रवन्धक; आरम्भक, करारवाला ।

undertaking (अन्डर्टे'किङ्) **ना.** शा० अ०, खा० ग० काम, कार्य, अभिभारा, जिम्बा, अभियान ।

undertone (अन्'डर्टोन्) **ना.** माथि under—**ना.** मन्तिर; भित्री गुण वा तत्व, धीमा बोली, निम्न प्रवाह ।

underwrite (अन्डर्राइट्') **क्रि.** (खा० ग० जलीय वा नाविक सम्पत्तिको बीमा पट्टा) तयार गर्नु र जारी गर्नु, जलीय बीमाको काम गर्नु, आम जनताले नकिनेको (कम्पनी, प्रतिष्ठान, इ० को) अंश, कागत, किन्नालाई वचनबद्ध हुनु; तलतिर लेख्नु; नौ बीमा (को काम) गर्नु, अंश किन्ने करार गर्नु; ज० वा०—r **ना.** नौ बीमा गर्ने, अंश ग्राहक ।

undies (अन्'डिज़्) **ना.** ब० व० (बो० चा०) (खा० ग० स्त्रीको) भित्री लुगा ।

undine (अन्डीन्') **ना.** स्त्री प्रेत जसले मर्त्यसँग बिहे गरेर बच्चा जन्माएमा आत्मा प्राप्त गर्न सक्ने हुन्थी ।

undu/late (अन्'ड्यूलेट्) **क्रि.** र **वि.** तरंगिनु, लहरिनु, लहरिएको जस्तो देखिनु; **वि.** तरंगित, तल माथि जाने;—lant **वि.** तरंगित, खा० ग०—lant fever घटबढ ज्वरो ।

undulation (अन्ड्यूले'श्न्) **ना.** तरङ्ग, आन्दोलन, लोलन; धीमा चढाउ उतराउ; तरंगित रेखाहरूको समूह; (रो० नि०) मुटुमा तरंगित गतिको भाव, हृदयकम्पन ।

undulatory (अन्'ड्यूलेटरि) **वि.** तरंगित, लहरिएको; लोलनको, वा लोलनद्वारा भएको;—theory of light प्रकाशको तरंगित सिद्धान्त ।

ungainly (अन्गेन्लि) **वि.** र **क्रि. वि.** (व्यक्ति, पशु, तिनको चाल वा गति) नराम्रो, भद्दा, स्थूल, बान्की नपरेको, अनाडी; **क्रि. वि.** भद्दा ढाँचासँग ।

ungual (अ'ङ्ग्वल्) **वि.** नङ वा खुर, वा नङ्ग्रा को, भएको।

unguent (अङ्'ग्वेण्ट्) **ना.** अभ्यञ्जन, लेप ।

ungul/a (अ'ङ्ग्युला) **ना.** (ब० व०—ae) खुर, नंग्रा; ज० वा०—ate नखी; मरेको गर्भ झिक्ने अंकुशे औजार; आधारसँग तेर्सो परेको तलले काटेको सूची वा नली ।

uni—(यूनि-) ल्या० unus, एकको यौगिक रूप:—articulate एक जोर्नीवाला;—axial एक धूर भएको, एकाक्ष;—cemeral एककक्षीय (संसद्);—cellular; एककोषीय;—coloured एकरंगा;—cupid एक चुच्चे (दाँत);—cycle एक पांग्रे साइकल;—florus एक फूले;—foliate एक पाते;—lateral एकतर्फी, एक पार्श्वीय;—lateral contract एक पक्षीय ठेक्का, एक पक्षलाई मात्र लाग्ने;—literal एक अक्षरीय;—parous एउटा मात्र बच्चा पाउने एक बेते, एकजनि;—partite सगोल, अविभाजित;—ped एकपाद;—personal (ईश्वर) एकव्यक्तीय; (क्रिया०) एक पुरुषमा मात्र प्रयोग हुने;—planar एक तलीय;—polar (प्रा० वि०) (कोष) एककोषीय; (विद्युत्) एक ध्रुवत्व मात्र देखाउने;—radiate एक हाते, एक अवयव मात्र भएको;—serial एक

पंक्तिमा रहेको;—sexual एक लिङ्गी;—valent (र० शा०) एकको यौगिक शक्ति भएको, एक योगी;—valve एक मात्र कपाट भएको चिप्लीकीरा;—vocal एकार्थी (शब्द) ।

unicorn (यु'निकअ्र्न्) **ना.** एक सिंगे कल्पित घोडा; सिंगे घोडा, सोही पशुमा बाख्राको दाह्री र सिंहको पुच्छर भएको वंश० को चिन्ह; एक सिंगे गोब्रे कीरो; पिठ्यूँमा सींग जस्तो काँढा भएको ऋुसिलकीरो; तेस्रो घोडा अघिल्तिर भएको (बग्गीको) जोडी; सो जोत;—fish,—whale, sea—ह्वेल माछाको किसिम ।

uniform (यू'निफ़अ्र्म्) **वि., ना.** र **क्रि.** एक समानसरूप, सरोवर, सम, समरूप, एकछत्त, एकनास, एकाम्मे, एक रूप, छ्यासमिस; (कर, ऐन, इ०) समय वा स्थानले नवदलिने एक समान, एकरूप; एकै स्तर वा नियम लाग्ने, निर्विशेप; **ना.** समपरिधान, जंगी पोशाक, औपचारिक पोशाक; **क्रि.** एक रूप गराउनु, (उर्दी) पोशाक लाउने गर्नु ।

uniformity (यूनिफअ्र्म्'इटि) **ना.** एकरूपता, सारूप्य, समता, समरूपता, चाँजो ।

unify (यू'निफ़ाइ) **क्रि.** (वस्तु, इ०, वा एकांततः) एक रूप वा एकत्वमा परिणत गर्नु, मिलाउनु, एक गराउन; समरूप गराउनु ।

union (यू'निअन्) **ना.** संयोग, संगति, मेल, जोर्नी, संगम, समागम; the U—विलायत र स्कटल्याण्डको (सन् १७०६ को), र विलायत र आयरल्याण्डको (सन् १८०१ को); विवाह, विवाह सम्बन्ध; सन्धि, समन्वय, मेलमिलाप; भाग वा हिस्साहरूको संगठनबाट बनेको पूर्णता, खा० ग० अमरिका, विलायत, द० अफ्रिका; (कुनै ऐनको कार्यान्वयनको लागि) दुई वा बढी जिल्लाको संगठन; सहयोगको लागि स्वतन्त्र साम्प्रदायिक गिरजाहरूको संयोग; कोही वि० वि० मा सामान्य समागम वा विवाद गोष्टि, सोको भवन; संयोग जनाउने चिन्ह रहेको डण्डासँग जोरिएको भागमा रहने ऋण्डाको भाग; U—Jack विलायतको ऋण्डा; नली इ० को जोर्नी; जाँड थेग्रयाउने गाध भाँडो; मिसिएको सामानको कपडा, उदा० सूतसँग मिहीन धागो, रेशम वा सन; postal—डाँक संघ; trade—मजदूर संघ ।

unionist (यू'नियनिस्ट्) **ना.** (मजदूर) संघको सदस्य, मजदूर संघहरूको समर्थक; विलायत र उ. आयरल्याण्डको संयोग छुटाउनाको बखिलाफ व्यक्ति, आयरल्याण्डमा स्वशासनको विरोधी; (ऐति०) अमरिकी गृहयुद्धमा राष्ट्र त्यागको विरोधी ।

unique (यू'नीक्) **वि.** र **ना.** अनुपम, बेजोडा, निराला, अपराजित, अपूर्व, फुट्टा, अद्वितीय; (ग्रा०) चित्ताकर्षक; **ना.** अनुपम वस्तु, रोजा ।

unison (यू'निसन्) **वि.** र **ना.** (संगी०) एकतान, स्वरैक्य ।

unit (यू'निट्) **ना.** गिन्तीको लागि एक र पूर्ण ठानिएको वस्तु, व्यक्ति वा समूह; जटिलपूर्ण विभक्त हुन सक्ने अंशहरूमध्ये प्रत्येक; एक, एकांक; टुकडी, टुक्रा, टोली; फाँट; अन्य परिणामप्रत्येक; एक, एकांक; टुकडी, टुक्रा, टोली; फाँट; अन्य परिणामको व्यन्जना गर्ने तोकिएको परिणाम; abstract—संख्या १; C. G. S. system of—s सेण्टिमीटर, ग्याम, सेकेण्ड, क्रमशः दूरता, घनत्व र समयको एकांकी मान्ने पद्धति; electrical, magnetic, thermal—वैद्युत, चुम्बकीय, तापीय, एकांकी ।

unitarian (युनिटे'रियन्) **ना.** र **वि.** अद्वैतवादी (क्रिस्तानी) मत; एकता वा केन्द्रीयकरणको समर्थक, ज० कि राजनीतिमा; **वि.** अद्वैतवादी ।

unitary (यू'निटरि) **वि.** एकांकी, ऐक;—method ऐक विधि (गणितमा) ।

unite (यू'नाइट्) **क्रि.** जोड्नु, एक हुनु, संयोजन हुनु, संगठन हुनु, मिल्नु; मन्जूर गर्नु, जोडिनु, गठ हुनु, सहयोग गर्नु;—d **वि.** संयुक्त, संघित, जूट;—d Irishmen संसदीय सुधार इ० को लागि सन् १७९१ मा स्थापित आइरिश समाज; U—d Kingdom संयुक्त अधिराज्य; U—d Nations (पहिले) सन् १९३९—१९४५ को विश्वयुद्धमा अक्ष शक्तिहरूसँग लड्ने राष्ट्रहरू, (पछि) संपूर्ण शान्तिप्रिय राष्ट्रहरूको संयुक्त राष्ट्र संघ; U—d Provinces हल्याण्ड, नेदरल्याण्ड; भारतको स्वाधीनता अघिको संयुक्त प्रान्त;—dly **क्रि. वि.** संयुक्त रूपले; unitive **वि.** संहत, संभूय, संयोगी ।

unity (यू'निटि) **ना.** एकता, एकत्व, पृथगत्व, ऐक्य, अद्वैत; सम्पूर्ण बनाउने भागहरूको संयोगले बनेको हुनु; अंशहरूको यथायोग्य अन्तर सम्बन्ध र सायुज्य; (गणि०) संख्या एक; the dramatic unities नाटकीय ऐक्यहरू, समय, स्थान र क्रियाको एकता; व्यक्तिहरूका बीचको सलतनत, मेलमिलाप; (का०) विभिन्न मोही वा बहालीको समान (साझा) मोहियानी, एकै व्यक्तिले उपभोग गर्ने धेरै अधिकार ।

universal (यूनिभअ्र्'सल्) **वि.** र **ना.** विश्व, सार्वलौकिक, सार्वत्रिक, सर्व, सर्वगत, संमत; सबैले; सबैलाई लाग्ने, व्यापक; —agent लगाइने संपूर्ण कुरा गर्ने शक्ति भएको, समग्रकारक; —compass व्यापक पराकाँटा (खुट्टा बढाएर ठूला वृत्त समावेश गर्न सकिने);—coupling वा joint व्यापक जोर्नी (जसद्वारा एक डण्डाको सहाराले जुन कुनामा पनि शक्ति पठाउन सकिन्छ);—legatee व्यापक रिक्थी;—proposition संमत प्रतिज्ञा (जसमा कुल विषयको विधेय स्वीकृत वा अस्वीकृत हुन्छ);—provider किराना पसले (सबै थोक बिक्री गर्ने); —spirit ब्रह्म, जगदात्मा;—ity **ना.** विश्वव्यापकता, सर्वगतत्व;—ization विश्वव्यापीकरण, विश्वव्यापन;—ly **क्रि. वि.** सर्वतः ; **ना.** (न्या०) व्यापक प्रमेय; (दर्शन०) सामान्य तर्क वा कल्पना ।

universalist (यूनिभअ्र्'सलिस्ट्), U—**ना.** संपूर्ण मानव जाति मोक्ष प्राप्ति गर्छन् भन्ने सिद्धान्त भएको क्रिस्तानी संप्रदायको सदस्य ।

universe (यू'निभअ्र्स्) **ना.** विश्व, चराचर जगत्, ब्रह्माण्ड, त्रिभुवन; मानव जाति; (न्याय०) विचाराधीन सम्पूर्ण विषय ।

university (यूनिभअ्र्'सिटि) **ना.** विश्वविद्यालय; विश्वविद्यालयका अधिकारीगण; वि० वि० को प्रतिनिधित्व गर्ने टोली, दल; U—Extension वि० वि० वा महाविद्यालयबाट आफ्नू

भवनवाहिर गरिने अध्यापनको कार्य, विश्वविद्यालय विस्तार ।

universology (यूनिभ'र्से'लजि) **ना.** विश्वविज्ञान, चराचर विद्या; मानव विज्ञान ।

unkempt (अन्केम्प्ट्') **वि.** कपाल नकोरेको, फुङ्ग, वेछाँट; फोहरी; असुग्घरी; (भाषा०) असावधान, भद्दा, असंस्कृत, अपरिष्कृत ।

unless (अन्लेस्') **सं.** यदि नभए, नभएमा, नभएसम्म ।

until (अन्टिल्') **उ.** र **सं.** सम्म, न···सम्म, जव, तव; unless and—न···सम्म ।

unto (अन्'टु) **उ.** (आ०)=to, लाई ।

unweildy (अन्वील्'डि) **वि.** अच्छन्द, वडेमान, ढव्बू, ढ्याम्रे, ढ्वाँसे, वेछाँट, गत न पतको, भद्दा, धीमा, अप्ठ्यारो ।

up (अप्) **क्रि. वि., उ., वि., ना.** र **क्रि.** माथि, मास्तिर, उँभो, उपल्लो, वढी; सम्म; ठाडो, सोझो; (सुतेर) उठेको; जिन्दावाद (up with so and so !, down with…… को विप०); पूरासँग, जोरसँग, ज० कि speak up (सारोसँग), drink up खतम पारेर; **उ.** माथि, मास्तिर, अगाडि; **वि.** मास्तिर लागेको, चढ्ने, उँचो, वाहिर जाने (up train); —-&-coming चलतापुर्जा, सतर्क; **ना.** on the—&—(वो० चा०) सप्रन लागेको (मदौरू), साँचो, ईमानदार;—s & downs तलमाथि, अब्वड खब्वड, सुदिन दुर्दिनको परम्परा; **क्रि.** (वो० चा० र प्रादे०;—pp—) शुरू गर्नु, थाल्नु, एक्कासि थाल्नु (खा० ग० केही भन्न वा गर्न);—with उठाउनु, टिप्नु ।

up—(अप्—) **उप.**=माथि ः—bear **क्रि.** वोक्नु, उठाउनु, खा० ग० निष्ठा upborne मा;—bringing **ना.** शिक्षा-दीक्षा, लालनपालन;—cast **ना.** मास्तिरको हुत्याइ, माथिको फ्याँकाइ, (खानि०) खानिवाट हावा वाहिर निस्कने नली;—grade **क्रि.** उपल्ल्याउनु, उचाल्नु, माथिल्लो दर्जा दिनु;—growth **ना.** वृद्धि, उपचय, विकास;—help **क्रि.** थुपार्नु;—heaval **ना.** (भूतत्व०) भुँमास्तिर उठ्नु, (अलं०) विस्तीर्ण सामाजिक वा अन्य परिवर्तन, जगड्वाल, हूलदंगा;—keep **ना.** जीविका, खर्च;—lift **क्रि.** र **ना.** उचाल्नु, **ना.** उन्नत गराउने प्रभाव, ज्ञानवर्धक परिणाम, नैतिक प्रेरणा;—rising **ना.** (विछौनावाट) उठ्नु, उठाइ; विप्लव, वलवा, हूलदंगा;—root **क्रि.** उखेल्नु;—standing **वि.** ठाडो, राम्ररी जडिएको, खडा, (ज्याला०) स्थायी, फरक नपर्ने;—take **ना.** उन्नमन, उत्थापन; वुद्धि, समझ, चातुर्य;—thrust **ना.** (भूतत्व०) उत्क्षेप, उन्नमन, उचाल;—turn **क्रि.** (भुँ) पल्टाउनु (जोत्दा) ।

up—(अप्—) **उ.,** उप० को रूपमा :—-country **ना.** भित्र, भित्रीदेश;—hill **क्रि. वि.** र **वि.** उकालो; (अलं०) कठिन, मेहनत पर्ने, मुश्किलको, परिश्राट;—stage **वि.** (वो० चा०) अमिल्दो, छुट्टै वस्ने;—stairs **क्रि. वि.** र **वि.** माथि, माथिल्लो तला;—-stream **क्रि. वि.** र **वि.** (नदीको) प्रवाह, वहाउ, को उल्टोपट्टि, उँभो;—-town **क्रि. वि.** सहरको माथिल्लो वा निवासीय भागपट्टि ।

up—(अप्—) **वि.** प्रयोग :—land **वि.** र **ना.** (ए० व० वा० व० व०) देशको भित्री वा माथिल्लो भाग;—stroke लेख्दा मास्तिर जाने धर्को ।

Upanishad (उपा'निश्याड्) **ना.** उपनिषद् ।

upas (यू'पस्) **ना.** (—tree, antiar, पनि); दूधजस्तो सेतो रस निस्कने जाभानी वृक्ष, जुन वाण विषको रूपमा प्रयोग हुन्छ, औ जुन रूखमन्तिर जाने जो पनि मर्ने विश्वास गरिन्थ्यो; (अलं०) नाशकारक प्रभाव, विनाशकारी चलन; सो रूखको विष, (मलेय बोली) ।

upbraid (अप्ब्रे'ड्') **क्रि** छाँस्नु, डाँट्नु, झाँट्नु, भर्त्सना गर्नु (कुनै दोषको लागि), कैफियत तलव गर्नु ।

up-end (अप्-एण्ड्') **क्रि.** (प्रादे०) छेउमा उभ्याउनु, ठड्याउनु; उठ्नु, वस्नु, खडा हुनु. उभिनु ।

uphold (अप्होल्ड्') **क्रि.** थाम्नु, अड्याउनु, ठड्याउनु; समर्थन गर्नु (व्यक्ति, मत, इ०); थाम्नु, सदर गर्नु, पुष्टि गर्नु (फैसला, निर्णय);—er **ना.** समर्थक; अनुमोदक ।

upholster (अप्हो'ल्स्टर्) **क्रि.** (कोठा, इ०) पर्दा, कार्पेट, गलैंचा, साजसामान, इ० ले सजाउनु; (मेच) गद्दा, स्प्रिङ्ग, कपडा, इ० हाल्नु; मेच कपडाले मोर्नु;—er कोठा सजाउने, मेच इ० वनाउने मोर्ने, काम गर्ने; गृहोपस्कर विक्रेता;—y **ना.** गृहोपस्कर, साजसामान, सजाउने सामान ।

upon (अपॉन्') उ०=on, मा, माथि ।

upper (अ'पर्) **वि** र **ना.** माथिल्लो, उपल्लो, ऊर्ध्व, उँचो; दर्जामा वढी, ठूलो; **ना** जुत्ता वा वूटको मास्तिरको भाग; (व० व०) गेटर, पिडौंला छोप्ने छालाको पट्टी;—case (मुद्र०) ठूलो अक्षर;—crust उपल्लो तह (समाजको);—cut (मुक्कावाजी) हात दोब्र्याएर मास्तिरको हनाइ; त्यसरी हान्नु;—hand उपल्लो हात, माथिल्लो हात; U—house (संसदको) उपल्लो सदन;—lip माथिल्लो ओठ;—partials तारे वाद्यवाट निस्कने अरूभन्दा धीमा सुनिने उच्च स्वर;—storey माथिल्लो तला, (अलं०) मगज;—works जहाजको पानी मास्तिरको भाग (चल्न थालेपछि) ।

uppermost (अ'पर्मोस्ट्) **वि.** र **क्रि. वि.** उत्तारतम, सबभन्दा उँभो वा माथिल्लो; **क्रि. वि.** माथिको, माथि ।

uppish (अ'पिश्) **वि.** फुर्तिलो, मात्तिएको, पुँइकिएको, चढेको, वढेको ।

upright (अप्'राइट् वा अप्राइट्') **वि., क्रि. वि.** र **ना.** ठाडो, खडा; सदाचारी, उन्नत, इज्जतदार; **ना.** ठाडो खम्बा वा डण्डा (कुनै रचना, पलङ्ग, इ० को);—ly **क्रि. वि.** ईमानसँग;—ness **ना.** धर्म, निष्ठा, सरलता ।

uproar (अप्'रोअ्र्) **ना.** रडाको, होहल्ला, चलहल, हलचल, कचिङ्गल, राडो, हौडा, गलवा, तहलका, जुलूम, हल्लाखल्ला, खैलाबैला, कल्याङमल्याङ, कोलाहल;—ous **वि.** उत्पाती, व्युत्पाते (हाँसो, फुर्ती, इ०); जण्ड ।

uprush (अप्'रश्) **ना.** मास्तिरको झोक्का; (खा० ग०; मनो०) अर्धचेतनावाट चेतनामा एक्कासिको प्रवेश ।

upset (अप्सेट्') **क्रि. र ना.** उल्टिनु, घोप्टिनु; गडबडथाउनु (मिजास, मन, वा पेट); (धातु, खा० ग० चक्का, टायर,) पिटेर छोट्याउनु; **ना.** पर्यास, उलटबाजी, बिगार ।

upset (अप्'सेट्) **वि.**—price (लिलाममा) बेच्ने सबभन्दा तल्लो मोल, तोकिएको तल्लो मोल ।

upshot (अप्'शॉट्) **ना.** पर्यवसान, परिणाम, अन्त, ठेगान ।

upside-down (अप्'साःइड्–डाउन्') **क्रि. वि. र वि.** उभिण्डो, उल्टोपाल्टो, अस्तव्यस्त, गोलमाल ।

upsides (अप्साइड्ज़्) **क्रि. वि.** (बो० चा०) get-with बदला लिनु, माथिल्लो हात गराउनु, रिस फेर्नु ।

upsilon (यूप्साइ'लन् , **ना.** ग्रीक अक्षर u ।

upstart (अप्'स्टाअ्र्ट्) **ना.** लाउके. छोटो बढेको, भतुवा, मात्तिएको व्यक्ति, बेऔकाती, मैं हुँ भन्ने व्यक्ति; हुकूम चलाउने व्यक्ति ।

upto (अप्'टु) **उ.** सम्म, पर्यन्त ।

upward (अप्'वर्ड्) **वि.** upward(s) (—वर्ड्ज्) **क्रि. वि.** मास्तिर, माथि जाने, लाग्ने; **क्रि. वि.** मास्तिरपट्टि, मास्तिरको दिशामा; बढी ।

uraemia (योरि'मिआ) **ना.** (रो० नि०) मिर्गौलाले फ्याँक्नुपर्ने वस्तुहरू शरीरमै रहन गएकोमा रगतको विकृत अवस्था; मूत्रसँग, रक्तमूत्र ।

uraeus (योरि'अस्) **ना.** मिश्रीय देव देवता र राजाहरूको श्रीपेचको रूपमा सर्प ।

Ural-Altaic (यूअ्रल्–ॲल्टेइक्) **वि.** यूरल र ॲल्टेइक पर्वतमालाको, ऐ० का० वासिन्दा; (शब्द०) फिनी, मंगोलियन इ० उत्तर योरप र एशाका संयोजनीय भाषाहरूको परिवारमध्ये एक।

Urania (यूअ्रे'निआ) **ना.** ज्यौतिषशास्त्रको देवी ।

uranian (यूअ्रे'निअन्) **वि.**—venus आध्यात्मिक यौन प्रेम ।

uranium (योरे'नियम्) **ना.** रेडियोधर्मिक सेतो धातव तत्व, प्रकृतिमा पाइनेमाको सबभन्दा गह्रौ तत्व, परमाणविक शक्तिको स्रोतको रूपमा प्रयोग गरिने, परमाणविक बम बनाइने स्रोत, युरेनियम ।

urano-(योरेनो—) ग्रीक् ouranos=स्वर्गको यौगिक रूप :—graphy वर्णनात्मक ज्यौतिष;—logy ज्यौतिषशास्त्र; —metry अन्तर तारामय दूरीको मापन, ताराहरूको स्थिति र परिमाण देखाउने मानचित्र, नक्शा ।

Uranus (यो'रेनस्) **ना.** (ग्री० कथा) पृथ्वी र शनैश्चरको छोरा, टाइटानहरूको बाबु; सौर्य पद्धतिको सबभन्दा बाहिर रहने नक्षत्र युरेनस (सन् १७८१ मा पत्ता लागेको) ।

urban (अअ्र्'बन्) **वि.** सदरिया, सहरी, पौर, नगरीय, नागरिक;—ize **क्रि.** सहरिया गराउनु, क्षेत्रको ग्राम्य ढाँचा हटाउनु;—ization **ना.** नगर विस्तार ।

urbane (अअ्र्बेअ्न्') **वि.** शिष्ट, स्निग्ध, भलाद्मी, मिजासमा ललित वा सोहमती ।

urbanity (अअ्र्ब्या'निटि) **ना.** शिष्टता, सभ्य आचरण; (आ०) शिष्ट रसिकता वा हास्यरस ।

urceolate (अअ्र्'सिअलेट्) **वि.** (वन०) गाग्रोको आकारको, ठूलो भुँडी सानू मुख भएको ।

urchin (अअ्र्'चिन्) **ना.** उपद्र्या ठिटो; ठिटो, लडका, केटो, भुरा, भारेभुरे; (धे० ज० sea - —) डल्लो परेर गुँडुल्किने काँढ़ादार जलीय जीव; (आ०) शल्य, भूत ।

Urdu (उ'र्दू) **ना.** हिन्दुस्तानी, उर्दू भाषा ।

urea (यो'रिया) **ना.** (र० शा०) स्तनपायी जीवको पिसापमा पाइने रंगहीन घुलनशील मणिभ यौगिक; युरिआ ।

ureter (योरी'टर्) **ना.** मिर्गौलाबाट मूत्राशयमा पिसाप जाने ग्रन्थि, मूलनली ।

urethra (योरी'थ्रा) **ना.** मूत्रमार्ग, मूत्रद्वार ।

uretic (यू'अ्रेटिक्) **वि. र ना.**=diuretic, मूत्रवर्धक, मूत्रल, पिसाप गराउने ।

urge (अर्ज्) **क्रि. र ना.** हाँक्नु, बढाउनु, हतारिनु, यत्नसाथ अगि बढाउनु; विन्ति गर्नु, अनुनय गर्नु, जोर गर्नु, दबाउ डाल्नु; पैरवी गर्नु, युक्ति वा अनुरोधले व्यक्तिलाई कचकचाउनु; जोरसाथ वा हठपूर्वक कुरा दोहऱ्याइरहनु, जिद्दी गर्नु; चाप्नु; **ना.** आघात, घच्याड, जोर, च्यापाइ; कुतकुती, ताकिती ।

urgent (अअ्र्'जेण्ट्) **वि.** जरूरी, तुरुन्त गर्नुपर्ने, अविलम्ब्य, अपरिहार्य; पिर्ने, आग्रही, हठी (केही कुरामा); urgency जरूरत, आवश्यकता, आग्रह, अत्यावश्यकता ।

uric (यो'रिक्) **वि.** पिसापको, मौत्रीय, मौत्र;—acid मूत्र अम्ल ।

urim (यो'रिम्) **ना.** --& thummim यहूदी मुख्य पूजारीको वक्षस्थलमा लाउने अपरिचित वस्तुहरू ।

urinal (यो'रिनल) **ना.** कोपरा, मूत्रपात्र, पिसापखाना; मलको रूपमा पिसापको भण्डार; पिसाप जाँच्ने काँचको भाँडो ।

urinary (यो'रिनरि) **वि. र ना.** मूत्रीय, मौत्र, पिसापको, उदा०—organs मूत्रेन्द्रिय,—diseases मूत्ररोग; **ना.** (सेना०) पिसापखाना ।

urin/ate (यो'रिनेट्) **क्रि.** पिसाप गर्नु, फेर्नु; मुत्नु;—ation **ना.** मूत्रक्रिया, पिसाप ।

urine (यो'रिन्) **ना.** पिसाप, मूत, सुची, तुरी ।

urino—(योरिनो—) यौ० रूप **urine** पिसापको यौ० रू०; —logy मूत्रविद्या,—meter मूत्रमापक;—scopy मूत्रपरीक्षा ।

urn (अअ्र्न्) **ना. र क्रि.** कुंभ, कलश (खा० ग० पहिले मर्नेहरूको खरानी राख्ने भाँडो); (अलं०) मृत शरीर वा त्यसको अवशेष राख्ने वस्तु, ज० कि चिहान; टुटी भएको कलशाकार चिया, कफी, इ० तातो राख्ने भाँडो; **क्रि.** भाँडो, कलश, कुंभ, मा राख्नु ।

Ursa (अ'र्स) **ना.**—Major, Minor तारा समह, प्रथम

सप्तर्षि;—Major प्रख्यात बिलायती कोशकार र पण्डित डा० स्याम्यूएल जन्सन पनि ।

ursine (अ॒र्'सिन्) **वि.** भालूको, जस्तो ।

Ursuline (अ'र्सलिन्) **वि. र ना.** रोगीको स्याहार गर्ने र बालिकाहरू पढाउने क्रिस्तानी स्त्री सम्प्रदायकी (महन्तिनी, सदस्या, जोगिनी) ।

urticaria (अ॒र्टिके'यिरआ) **ना.** (रो० नि०) रक्त वायु, डाबर ।

urticate (अ॒र्'टिकेट्) **क्रि.** सिस्नुले ऱ्हैं पोल्नु; वात भएको (नचल्ने) अंग, इ० मा सिस्नु लाएर स्पर्श शक्ति फर्काउने प्रयत्न गर्नु ।

urubu (ऊ'रूबू) **ना.** अमरिकी कालो गिद्ध ।

urus (यो'रस्) **ना.** सीजरले वर्णन गरेको जस्तो जङ्गली साँढे ।

us (अस्) **स. ना.** (ब० व०) हामीहरू (लाई, कन) ।

usage (यू'सेज्) **ना.** प्रयोग, चलन, व्यवहार, रीतिथिति, थिति, परम्परा, चलनचलती; (का०) परम्परागत (तर पुराकाल देखिको भन्ने निश्चय नभएको) चलन ।

usance (यू'जन्स्) **ना.** (व्यापा०) हुण्डा, इ० को चुक्तीको म्याद, चलन ।

use (यूस्) **ना.** प्रयुक्ति, प्रचलन, प्रयोग, उपयोग, चलन, व्यवहार, काम, चलती, उपभोग, रीति, इस्तेमाल, सुमराइ; चलन गर्ने हक; क्रिस्तानी सम्प्रदायहरूको विशेष विधि; (का०) आर्काको स्वामित्वको जग्गा जमीनको आयस्ता (जो कि पूर्णतया त्यस्तो हकदारको लागि सुरक्षित रहन्छ); not in—बेचलती, चलन नगर्ने ।

use (यूज्) **क्रि.** चलन गर्नु, काममा लाउनु, जोत्नु, प्रयोग गर्नु, सुमर्नु, भोग गर्नु, चर्चनु, व्यवहार गर्नु, अजमाउनु; (भूतमा मात्र) बानी, चलन भएको; (निष्ठामा मात्र) बानी परेको, सधैं गर्ने;—up सिद्ध्याउनु, खतम गर्नु; बाँकी रहेको सामान खर्च गर्नु; ज्यादा चलन, कामले, लस्त हुनु, खिइनु; usable काम लाग्ने, चालु, कामको; used वि. प्रयुक्त, पुरानू, जडाउरी; user उपभोक्ता, चलन गर्ने ।

useful (यूस्'फुल्) **वि.** कर्मण्य, काम लाग्ने, कामको, कामको भाँडो, गतिलो, तर लाग्ने; (अप०) अति उत्तम, साह्रै बेस; be—परिआएको काम गर्नु;—ly **क्रि. वि.** काम लाग्ने गरी;—ness **ना.** उपयोगिता, लाभ, फाइदा ।

useless (यूस्'लेस) **वि.** बेकामको, निकम्मा, फालतू, फजूल, अकार्थ, बेकार, सित्तैं, काम न काज, नचाहिंदो, काम नलाग्ने, विनसित्तिको, निरर्थक, वाहियात, व्यर्थ, निष्फल, रद्दी; (अप०) बिसंचो, रोगाएको, काममा मन नलाउने, काममा लाग्न नसक्ने;—ly **क्रि. वि.** वृथा, व्यर्थ;—ness **ना.** वैयर्थ्य, अनुपयोग ।

user (यू'जर्) **ना.** उपभोक्ता, चलन गर्ने; (का०) प्रचलन, (कुनै हकको) लामू उपभोग; right of—उपयोगको हक; प्रचलनबाट उठेको अनुमानित हक ।

usher (अ'शर्) **ना. र क्रि.** अदालत, इ० कार्यालयको द्वारपाल, ढोके, को काम गर्ने, मानिसहरूलाई ठाउँ, आसन, देखाउने, कर्मचारी; प्रतिहार, चोबदार, द्वारे; (अचेल केही हे० सूचक) उपशिक्षक, सहायक शिक्षक; **क्रि.** आगन्तुकको सम्मान गर्नु, स्थान देखाउनु;—ship **ना.** द्वारेको पद ।

usherette (अ'शरेट्) **ना.** खा० ग० सिनेमा, इ० मा ग्राहकहरूलाई आसन देखाउने महिला, धे० ज० ठिटी, कर्मचारी ।

usquebaugh (अस्'किवॉ) **ना.** ह्विस्की; ब्र्याण्डी, इ० हालेर बनाएको आइरिश पेय ।

ustulation (अस्ट्यूले'शन्) **ना.** चिसो वस्तुलाई पिंध्न हुने पार्न सुकाउनु, सुकाइ; रक्सी बाल्नु ।

usual (यू'ज़ुअल्) **वि.** साधारण, सामान्य, साविकको, सधैं जस्तो, यथास्थित, नियमित, प्रायिक; as per—(ग्रा० ठ०) सधैं ऱ्हैं; (ना. ऱ्हैं) साविकको (पेय, इ०);—ly **क्रि. वि.** धेरैजसो, सधैंजसो;—ness सामान्यता, नियमितता ।

usucaption (यूज्यूक्याप'शन्),—**capion** (—के'पिअन्) **ना.** (का०) जेथामाथि अभङ्ग र विवादरहित तोकिएको अवधिसम्म भोग गरेबाट उठ्ने हक वा अधिकार ।

usufruct (यू'ज्यूफ्रक्ट्) **ना.** र **क्रि.** आर्काको सम्पत्तिको हिनामिना वा नुकसान नपारी भोग गर्ने अधिकार, ज० कि भोग बन्धकी; **क्रि.** बन्धक लिनु ।

usufructuary (यूज्यूफ्रक्'ट्यूअरि) **वि.** र **ना.** भोगबन्धकीको, सम्बन्धी; भोगबन्धक लिने ।

usurer (यू'ज़रर्) **ना.** महाजन, साहू, कर्जा दिने व्यक्ति, सूदखोर ।

usurp (यूज़र्प्') **क्रि.** अन्याय या बेहकसँग (सिंहासन, पद, शक्ति, जेथा) खोस्नु, हतियाउनु, हड्पनु; (विर०) हाँप्नु, दाब्नु;—ation राज्यापहरण, बलापहार, अपहरण;—er बलापहारक, बलाद्ग्राही, राज्यापहारी ।

usur/y (यू'ज़रि) **ना.** कुसीद, सूदखोरी, ऐनले दिनेभन्दा बढी ब्याजमा कर्जा दिने पेशा, महाजनी, साहूकारी;—ious कौसीद, सूदखोर;—iousness बढी ब्याज ।

ut (अट्) **क्रि. वि. र ना.** ut supra, infra माथि, तल, ऱ्हैं; **ना.** सरगम, सुर ।

utensil (यूटेन्'सिल्) **ना.** भाँडा, औजार, ज्यावल, खा० ग० kitchen—भान्साको, पकाउने खाने, भाँडा, कसनतमन, भाँडा बर्तन, भाँडाकुँडा, पात्र ।

uterine (यू'टरिन्) **वि.** सहोदर, सोदर, सकुक्षी, साखै ।

uterus (यू'टरस्) **ना.** (ब० व०—i) पाठेघर, गर्भाशय, गर्भकोष ।

utilitarian (यू'टिलिटे'यिरअन्) **वि. र ना.** उपयोगी; **ना.** उपयोगितावादको समर्थक ।

utilitarianism (यू'टिलिटे'यिरअनिज्म्) उपयोगितावाद; लोकहितवाद ।

utility (यूटि'लिटि) **ना.** उपयोगिता, हितकारित्व, प्रयोजन, हितकर वस्तु; public—सार्वजनिक हित;—- man (नाच०) सानू सानू भूमिका खेल्ने अभिनेता; (वाच्य०) उपयोगिताको लागि वा बनेको; अतिशय व्यावहारिक, ज० कि—clothes, furniture केवल प्रयोजन पूरा गर्ने किसिमका ।

utiliz/e (यू'टिलाइज्),—ise **क्रि.** उपयोग गर्नु, काममा लगाउनु, जोत्नु, चलन गर्नु; तर लाउनु, सम्हाल्नु;—able काम लाग्ने, चलन योग्य;—ation **ना.** व्यवहार, उपभोग ।

uti possidetis (यू'टि पॅसिडाॅ'टिस्) **ना.** युद्धरतहरूले आफू आफूले कब्जा गरेको आफूले भोग गर्ने सिद्धान्त (ल्या०= तिमीसँग जे छ) ।

utmost (अट्'मोस्ट्) **वि.** र **ना.** परम, पर, अत्यधिक, सर्वोपरि, अति; the—limits पराकाष्टा, पराकोटि; सकेसम्म; **ना.** भरमग्दूर, भरभित्तो ।

Utopia (यूटो'पिआ) **ना.** (सन् १५१६ मा सर टमस मोरले लेखेको पुस्तक जसमा वर्णन गरिएको) आदर्श सामाजिक र राजनैतिक पद्धति भएको कल्पित द्वीप; आदर्श उत्कृष्ट स्थान वा परिस्थिति; नस्थान, अस्थान, नास्ति देश;—n **वि.** र **ना.** नास्तिदेशको (वासिन्दा); उत्साही तर अव्यावहारिक सुधारकको (लक्षण) ।

utricle (यू'ट्रिकल्) **ना.** पशु वा विरुवाको कोष; शरीरमा रहेको सानू थैलो वा झोला, खा० ग० भित्री कानको; utricular (-क्यू- कोषीय ।

utter (अ'टर्) **वि.** सम्पूर्ण, पूरा, भएभरको, असीमित;—ly साफसँग;—most सबभन्दा ।

utter (अटर्) **क्रि.** उच्चारण गर्नु, उच्चरित गर्नु, बोल्नु, उड्किनु, मुख फोर्नु; (खोटो टक) चलाउनु ।

utterance (अ'टर्‌न्यान्स्) **ना** उच्चारण, बोली, उद्गार, वाचन; (सा०) अन्तसम्म; ज० कि fight to the—आखिर सम्मको लडाइँ ।

uvula (यू'भ्युला) **ना.** (ब० व०—ae) लिगलिगे, प्रति जिह्वा; मूत्राशय र लघु मस्तिष्कमा रहने सोही प्रकारको बनोट ।

uxorious (अक्स'अ्रिअस्) **वि.** भार्यातिआसक्त, स्त्रीवश्य, स्त्रैण, दारनिरत;—ly **क्रि. वि** स्त्रैण भएर;—ness **ना.** स्त्रीवश्यता, दारनिरतता, स्त्रीवश्यता, भार्याधीनता ।

Uzbeg, Uzbek (अज़्वेग् ,—क्) **ना.** मध्य एशा तुर्की जातिको सदस्य ।

V

V, v (भि) अक्षर V, दुई हाँगे चुच्चो परेको चीज, जोर्नी; रोमन अङ्क ५, ज० कि IV (४), VI (६) इ०; V sign अरू औंला मुट्ठी पारेर चोरी र माहिली औंला लामू पारेर victory (विजय) को चिन्ह (बिलायतका प्राइम मिनिस्टर चर्चिलले द्वितीय विश्वयुद्धमा चलाएको प्रसिद्ध मुद्रा) ।

vacancy (भे'कन्सि) **ना.** शून्यता, रिक्तता; मनको शून्यता, आलस्य, निरूत्सुक; खाली (पद), खालीखाल्सा ।

vacant (भे'कण्ट्) **वि.** खाली, अपूर्ण, बेचलनको, रित्तो; जडवत् , अनुत्सुक, निरूत्साही, वाल्ल परेको ग्वांग्रे, विचारहीन, मन्द, जड ।

vacate (भे'केट् वा भकेट्') **क्रि.** खाली गर्नु, छोडेर जानु, स्वामित्व वा भोग छोड्नु (सैनिक स्थिति, कब्जा, स्थान, घर, सिंहासन, पद, इ०); (ऐन, ठेक्का, इ०) वातिल गर्नु, तोड्नु ।

vacation (भ (भे) के'शन्) **ना.** त्याग, खालीगराइ, पदत्याग; विदा, खा० ग० अदालत, शिक्षण संस्था, इ० मा अनध्ययन, विदा, छुट्टी, ज० कि long वा summer—लामू वा गर्मीको बिदा, छुट्टी ।

vaccin/ate (भ्या'क्सिनेट्) **क्रि.** (विफरको लागि) खोपाउनु;—ation खोपन, खोपाइ;—ator **ना.** खोपक ।

vaccine (भ्या'क्सिन्) **वि.** र **ना.** गव्य, गाई, बिफर वा खोपनसम्बन्धी; **ना.** खोपनमा प्रयोग हुने बिफरको विष जो अन्तः क्षेपणमा प्रयोग गरिन्छ; व्यू ; vaccinal, vaccinic **वि.** व्यूको ।

vaccinia (भ्याक्सि'निआ) **ना.** (भैष०) बिफर, खा० ग० खोपेकोबाट निस्केको ।

vacilla/te (भ्या'सिलेट्) **क्रि.** हल्लनु, दोल्नु, झुल्नु; धरमराउनु लकपकाउनु, छुनुमुनु गर्नु, हिचकिचाउनु, दोधारे हुनु;—tingly **क्रि. वि.** हिचकिचाएर;—tion **ना.** हिचकिचाहट, अस्थिरता, चाञ्चल्य, अनिश्चय ।

vacuole (भ्या'क्यूओल्) (प्रा० वि०) अवयवमा सानू प्वाल; जसमा बतास, रस, इ० रहन्छ ।

vacu/ous (भ्या'क्युअस्) **वि.** शून्य, खाली; अबुद्धिपूर्ण, भाव (व्यञ्जन) रहित, वाल्ल;—ity **ना.** शून्य, रिक्तता ।

vacuum (भ्या'क्युअम्) **ना.** (ब० व०—ums,—ua) द्रव्यशून्य स्थान; बतास प्रायः झिकिएको (हावा पचकाले) स्थान, भाँडो; (खु०) सामान्य वायुमण्डलीय चापभन्दा केही कम गरिएको चाप; (बो० चा०—cleaner (कसिङ्गर, इ० चुस्ने) रिक्त सफाइ यन्त्र;—brake रेलमा वायुचापको परिवर्तनद्वारा काम गर्ने अवरोधक, वायुथामुक;—flask तातो (चिसो) राख्ने शीशी;—gauge रिक्तता उत्पन्न गर्दा वायुचाप जाँच्ने यन्त्र, चापमापक,—-tube शून्य नली ।

vade—mecum (भें'डि मी'कम्) **ना.** सधैं साथमा रहने पुस्तिका वा अन्य वस्तु (ल्या० =मसँग रहू) ।

vae victis (भी भिक्'टिस्) **वि. बो.** हार्नेको नाश ! (विजेताले जितबाट पूरा लाभ उठाउने मुरादको व्यंजना) ।

vagabond (भ्या'गवॅण्ड्) **वि., ना.** र **क्रि.** डुलुवा, फिरन्ता, विना आवासको; यताउति लगारिएको, परिभ्रमी, स्वेच्छाचारी; (माकुरो) एक ठाउँमा नबस्ने डुलुवा; **ना.** लवरा, फटाहा, अल्छी र बेकम्मा व्यक्ति; (बो० चा०) उपद्रयाहा, बदमाश; **क्रि.**

(अचेल बो० चा०) डुल्नु, फिरन्ता बन्नु;—age ना. फट्याइँ, लबन्याइँ;—ism ना. लबन्याइँपना;—ize क्रि. बेकाममा समय बिताउनु, लबरा भएर हिँड्नु ।

vagary (भगे'यिर) ना. लहड, तरङ्ग, मनमोज, उटपट्याङ्ग, चपलता, विलक्षणता, उपद्रो ।

vagin/a (भजाइ'ना) ना. खोल, खोलजस्तो, जालो, (खा० ग०) योनि मार्ग, भग, उत्पत्तिस्थान, स्त्रीमा पाठेघरदेखि बाह्य छिद्रसम्मको यौनिक बाटो;—itis ना. भगशोथ;—otomy भगच्छेदन; (वन०) पातको जरोले डाँठ घेर्ने खोल; ज० बा० —al वि. पुटीय, पुटित, आच्छादनीय;—ate,—nated वि. कोशीय, पुटीय, पुटित ।

vagran/t (भे'ग्रण्ट्) वि. र ना. फिरन्ता, फक्कड, डुलुवा, घुमन्ता, बडुवा; ना. फिरन्ता, अल्छी डुलुवा, उपद्रवी; (का०) जीविका नभएको हुल्याहा;—cy ना. फक्कडपना, बेइलमीपना ।

vague (भेग्) वि. अस्पष्ट, फितलो, अनिश्चित, नचिन्हिने, संक्षेप;—ly क्रि. वि. अस्पष्टसँग, घुइरोघुइरो;—ness ना. अनिश्चय, सन्देह, अनिर्णय ।

vail (भेल्) क्रि. (आ०, कवि०) उतार्नु, फुकाल्नु, वा निहुराउनु (कल्की, मुकुट, टोपी, घमण्ड, इ०), खा० ग० अधीनस्थ स्थितिको चिन्हस्वरूप; हार मान्नु, दब्नु, घोप्टिनु, स्थान दिनु, आदर देखाउनालाई टोपी फुकाल्नु ।

vail (भेल्) ना. (आ०, सा० ब० व०) बक्स, उपहार, भ्रष्टाचारको लागि दिइएको सौगात, घूस ।

vain (भेन्) वि. असार, खोक्रो, खाली, तुच्छ; बेकाम, केही नलाग्ने, व्यर्थ, अकार्थ, फ्वाँक, निरर्थक, निष्फल, विफल, बेकार, सित्तैं, सितिमिति, फोस्रो, मफत, विनासित्ति, नाहक; टिमुरिएको, बढेको, घमण्डी, शेखीबाज, आफ्नू गुण वा अनुमानित गुणको घमण्ड गर्ने; in—व्यर्थ, व्यर्थमा, नाहकमा, फजूलमा; take (person's) name in vain खेलाँचीमा, वा विनाश्रद्धासँग, खा० ग० परमेश्वरको, नाम वा किरिया;—glory गुड्डीहँकाइ, शेखी; -glorious वि. शेखीबाज, घमण्डी, गम्केको, टिमुरिएको;—ly क्रि. वि. काम न काज, फजूल, विनासित्ति ।

valance, valence (भ्या'लन्स्) ना. साज मोर्ने छिटको कपडाको किसिम; पलङ्गको चँदुवाको चारैतिर टाँग्ने छोटो झल्लर ।

vale (भेल्) ना. र वि. बो. उपत्यका, ब्याँसी, खाल्डो (अचेल मु० कवि० वा स्थानको नाममा मात्र); बिदा; वि. बो. विदा ! जाउ है ! (ल्या० = बेस रहू, बलियो होऊ) ।

valedict/ion (भ्यालिडिक्'शन्) ना. विदा (मा प्रयोग हुने वाक्य) स्वस्तिवाद;—ory वि. बिदाइको, स्वस्ति वाचनिक ।

valence (भ्या'लेन्स्) ना. valance को आर्को रूप; (र० शा०) (भे'लेन्स्) परमाणुको यौगिक वा विस्थापन गर्ने शक्ति (जो हाइड्रोजनको अणुको सो शक्तिसँग दाँजेर तोकिन्छ), बन्धकता ।

Valencia (भलेन्'शा) ना. स्पेन देशको प्रान्त; (सा० ब० व०) सूत र ऊन सूत मिसिएको धे० ज० धर्के कपडा; (ब० व०) भ्यालेन्शाका दाख वा मुनक्का ।

Valenciennes (भ्यालेन्सीएन्ज्' वा—सीएन्') ना. बहुमूल्य लेस (फिता) को किसिम ।

valency (भे'लेन्सि) ना. (र० शा०) यौगिक शक्तिको एकांकी, बन्धकता; mono—, di—, tri—इ० valent एक, द्वि, त्रि, इ० बन्धक ।

valentine (भ्या'लेन्टाइन्) ना. St. Valentine's Day सन्त भ्यालेन्टाइन काटिएर मारिएको दिन, औ चराहरूले जोडा लिने विश्वास गरिएको दिन, फेब्रुअरि १४; सो दिनको लागि छानिएको प्रेमी; सो दिन प्रेमीहरूले परस्परमा पठाउने प्रेम वा ठट्टाको पत्र वा चित्र ।

valerian (भले'यिरअन्) ना. सागको प्रकार, ओखतिमा मृदु उत्तेजकको रूपमा प्रयोग हुने ।

valet (भ्या'लिट् वा भ्या'ले) ना. र क्रि. बैठके (valet de chamber भ्याले ड शाँत्र्) पनि;—de place (प्लास्) वाहक, पत्रवाहक, हलकारा, दूत, खा० ग० फ्रान्समा; क्रि. बैठकेको काम गर्नु ।

valetudinarian (भ्यालिट्यु डिने'अिरअन्) वि. र ना. अस्वस्थ, कमजोर स्वास्थ्यको; मदौरू, स्वास्थ्य लाभ गर्न खोज्ने आफ्नु जीउ वा स्वास्थ्यको बारे धेरै फिक्री लिने; शंक्याहा; ना. त्यस्तो व्यक्ति;—ism सदा रोगीत्व, व्याधिपीडितता; valetudinary वि. रोगी, दुर्बल, रोग शंकित ।

valgus (भ्याल्'गस्) ना. अङ्गको टाढा भागको जोर्नीको विकृति; खुट्टा फट्टिएको व्यक्ति ।

Valhalla (भ्याल्'ह्याल) ना. (उ० योरप (नर्स) कथा) गिरेका वीरहरूले भोज खाने स्थान; प्रसिद्ध वा वीर व्यक्तिहरूको अवशेष राख्ने वा तिनका प्रतिमा राखिने भवन ।

valiant (भ्या'लियन्ट्) वि. (व्यक्ति वा आचरण) वीर,; साहसी ।

valid (भ्या'लिड्) वि. (युक्ति, आपत्ति, कारण, इ०) मनासीब, ठीक, समर्थनयोग्य, सुआधारित; (का०) पर्याप्त र मनासीब, रीत पुगेको; सदर, कायम, लागू , जायज, न्यायसंगत, प्रचलित;—ity प्राबल्य, सिद्धि, पुष्टि ।

valid/ate (भ्या'लिडेट्) क्रि. सदर गर्नु, थाम्नु, थमाउनु, प्रमाणित गर्नु, कायम गर्नु;—ation ना. थमाइ, प्रमाणीकरण, सदर ।

valise (भ्यालीस्) ना. सानू किसिमको ब्याग, मुखारीको सामान र राती लाउने लुगा इ० हाल्ने सानू ब्याग वा झोला ।

valkyr (भ्याल्'किय्र्), **valkyria** (भ्याल्कि'रिआ), **—kyrie** (भ्याल्कि'रि) ना. (उत्तरीय कथा; ब० व०—kyrs,—kyries युद्धमा मारिने नसीब भएकाहरू छान्ने स्वर्गका राजा ओडिन्का चेरीहरू ।

vallecula (भ्याले'क्युला) ना. (श० वि०, वन०, ब० व०

—ae) खोंस, खोल्सा, डयाङ्ग, कुलो ।

valley (भ्या'लि) **ना.** (ब० व०—s) खाडल, खाल्डो, वेसी, फेदी, घाटी, उपत्यका; पहाडहरूले प्राय: घेरेको र नदी बग्ने क्षेत्र; त्यस्तो जुनसुकै खाल्डो;—of the shadow of death (वाइ०) दारुण दु:ख (को अवधि); (भवन०) छानाका तेर्सा तलले बनाएको कुना ।

val (l) onia (भ्यालो'निआ) **ना.** भ्यालोनिआ जातको ओक वृक्षको कटौरा आकारको गेडा, जुन छाला बनाउँदा, छिप्दा र मसी बनाउँदा काम लाइन्छ ।

vallum (भ्या'लम्) **ना.** (रो० प्रा० इ०) गढ, इ० को वाहिरी पर्खाल, प्राकार ।

valoriz/e.—ise (भ्या'लराइज्) **क्रि.** सरकारी कारवाईवाट माल सामानको मोल उठाउनु, वा स्थिर राख्नु;—ation **ना.** मूल्य स्थिरीकरण ।

valour (भ्या'लर्) **ना.** (अचेल मु० कवि०, अलं० वा० ठ०) व्यक्तिगत साहस, खा० ग० लडाइँमा देखाइने; पराक्रम; पौरख, पुरुषार्थ, तुजुक, बुता, वीरता, मजाल, वर्कत; valorous **वि.** शूर, वीर, विक्रान्त ।

valse (भाल्स्) **ना.** वाल्ट्स् नाच;—a deux-temps (भाल्स् अ ड टाँ) दुई तालको वाल्ट्स् नाच ।

valuable (भ्या'ल्युएब्ल्) **वि.** र **ना.** मूल्यवान, किम्मती, वहुमूल्य, गुणवत्; मूल्यांकन गर्न सकिने, ज० कि service not—in money पैसाले पाउन नसकिने; **ना.** (खा० ग० ब० ब० किम्मती, चीजबीज, गहनागुरिया ।

valuation (भ्याल्युएशन्) **ना.** मूल्यांकन, मूल्य निरूपण, मूल्यनिर्णय ।

value (भ्या'ल्यू) **ना.** र **क्रि.** योग्यता, काम्यता, स्पृहणीयता, उपयोगिता; यी गुणहरू रहने गुण; मूल्य; कदर मान, कीमत, दाम, मोल, भेंउ, क्रयशक्ति; (लोक०) मोल; (अर्थशास्त्र) बजारमा वस्तुको विनिमय हुने अन्य वस्तुको परिमाण; अर्थ (शब्दको); (संगीत) समय, ताल; (चित्र) चित्रको एक भागको आर्कोसँगको प्रकाश र छायाको सम्बन्ध; (बीजगणित) ब्यञ्जक वा पदले जनाएको परिमाण, वा मान; (प्रा० वि०) वर्गीकरणमा स्थान वा दर्जा; **क्रि.** मोल गर्नु, मूल्यांकन गर्नु; पारख गर्नु, कदर गर्नु; मान्नु, आदर गर्नु; आफूलाई श्रेष्ठ ठान्नु (केही कुरामा); face—मुख मूल्य; monetary—बिगो; par—सममूल्य, पूर्ण मूल्य; surrender—समर्पण मूल्य; surplus—बढी मूल्य (मजदूरको खान लाउन पुगेपछि जगेरा बच्ने मेहनतको मोल) ।

valueless (भ्या'ल्युलेस्) **वि.** बेकामको, तुच्छ, अकार्थ, फ्वाँक. निरर्थक, निष्फल, वेकार, विनासित्तिको, नाहक, मफत, खोक्रो, असार, फाउनेको ताउलो;—ness **ना.** तुच्छता, अकार्थकता ।

valuer (भ्या'ल्युअर्) **ना.** (पेशावर, भन्सारमा) मूल्य निरूपण गर्ने, मोल तोक्ने, मोल लाउने, निरूपक ।

valve (भ्याल्भ्) **ना.** कपाट, पिधान, कपाटिका; रस वा ग्यास, वायु, इ० लाई एकापट्टि मात्र बग्ने गराउने स्वचालित वा अन्य प्रकारको उपकरण, ज० कि clack ढिके, rotary घुमुवा; screw पेचवाल, sliding सर्ने, throttle घाँटी, इ० कपाट; key—(अर्गन, बाँसुरी इ० वाद्यको) स्वर कपाट; safety—सुरक्षा कपाट (अक्ष० र अलं०); thermionic—ताप आयनिक कपाट; (श० वि०, पशु०) रगत, इ० एक दिशामा जान दिने र आर्को दिशामा नदिने अवयवको झिल्लीदार भाग, ज० कि हृद्‌कपाट, शिराकपाट, pulmonary—s फोक्से कपाटहरू, इ०; **ना.** (शंख०) (सिपीको) फ्याँक; (वन०) कोप फुट्ने प्रत्येक भाग; (अचेल विर०) ढोकाको प्रत्येक खापा; valvar (वन०), valvar, valvate (पशु०, वन०) कपाटीय;—less **वि.** विना कपाट, कपाटहीन; valviferous, valviform, valvular **वि.** कपाटदार, कपाटाकार,;—let, valvule **ना.** सानू कपाट; valvotomy (भैष०) कपाटच्छेदन; valvalitis कपाटशोथ ।

vambrace (भ्याम्'ब्रेस्) **ना.** (ऐति०) पाखुराको कवच, वाहुत्र, वाहुत्राण ।

vamose (भ्यामोस्'),**—oose** (—मूस्') **क्रि.** (अप०) भाग ! जाऊ ! भाग्नु ।

vamp (भ्याम्प्) **ना.** र **क्रि.** जुत्ता वा बूटको उपरी भाग; टालेको टाटो; (टार्ने वा प्रस्तुत) साथ, सँग (खा० ग० संगीतमा साथ दिने वाद्य; **क्रि.** जुत्तामा नयाँ छाला हाल्नु; मरम्मत गर्नु, टाल्नु; (साहित्यिक लेख, इ०) यताउतिबाट जोरजार गर्नु; संगीतमा साथ दिने गला वा बाजा जोर्नु;—er **ना.** मरम्मत गर्ने, जोरदार गर्ने ।

vamp (भ्याम्प्) **ना.** र **क्रि.** (वो० चा०) पुरुषवाट लाभ उठाउने स्त्री; साहसी व्यवसायी स्त्री, नखरमाउली स्त्री; **क्रि.** लोभ्याउनु, आकर्षण गर्नु, शोषण गर्नु (स्त्रीले); पातर्नी, नकटा, भएर हिंड्नु ।

vampire (भ्याम्'पाय्र्) **ना.** वेताल, प्रेत, पिशाच; (अपराधी, नास्तिक, जादूगर, इ० को) भूत वा प्राण पसेको लाश, जो राती राती घुमेर मानिसको रगत चुस्तछ; बोक्सो, बोक्सी आर्कामाथि जीउने व्यक्ति, परजीवी व्यक्ति;—bat घोडा, गाईवस्तु, मानिस, इ० को रगत चुस्ने चमेरो; (नाच०) दुई खापा भएको एक्कासि खुल्ने बन्द हुने मानिस बेपत्ता हुने कमानीदार कूटद्वार; vampiric पिशाचीय ।

vampirism (भ्याम्'पायिरिज्म्) **ना.** बोक्सीवाद, बोक्सीमा विश्वास; रगत चुसाइ (अक्ष० र अलं०) ।

vamplate (भ्या'म्प्लेट्) **ना.** (ऐति०) भाला नुहाएको वेलामा हातको रक्षा गर्ने फलामे पाता, हस्तत्राण ।

van (भ्यान्) **ना** र **क्रि.** रणशिर, सेनामुख, नौसेनामुख; रणाग्र, रणभूमिमा सेनाको अग्रभाग; (अलं०) कुनै आन्दोलन, चाल इ० का नेताहरू; साज सामान वा ठूलठूला अदत सार्ने ठूलो, धे० ज० छोपेको, यान, सवारी, लहरी, ट्रक; भारी लाद्ने रेलको डिब्बा (luggage—), वा रेल रक्षकको लागि (guard's—); (आ०) वत्याउने, ओसाउने, यन्त्र (आ०,

कवि०) पखेटा; **क्रि.** यानमा लाद्नु, लैजानु, सार्नु; (कोदालीमा वा कलले) धौ, काँचो खनिज, पानीले पखालेर किसिम जाँच्नु ।

vanadium (भ्याने'डिअम्) **ना.** (र० शा०) इस्पात कडा गर्न प्रयोग गरिने कडा खैरो धातव तत्व, भ्यानेडिअम् ।

Vandal (भ्यान्'डल्) **वि.** र **ना.** मध्ययुगमा मध्ययोरप उ० अफ्रिका, रोम, इ० ध्वस्त पार्ने जर्मन जातिको (मानिस); (अलं०, v—पनि) कलाशत्रु, कलाविनाशक; v—ism **ना.** कलाविमुखता, कलानाश ।

Vandyke (भ्यान'डाइक्) **ना., वि.** र **क्रि.** (Vandyke, ठीकसँग VanDyck हल्याण्डको प्रख्यात चित्रकार; उनले लेखेको चित्र; फित्ता, लेस, कपडा, इ० मा किनारा हालेका ठूला बुट्टाहरू; **वि.** भ्यानडाइकका चित्रमा पाइने चुच्चे कुना परेको लुगाको ढाँचा; चुच्चे दाह्री; V–brown गाढ़ा ग़हिरो कैलो (रंग); **क्रि.** लुगा चुच्चो कुना पारेर, भ्यानडाइक गरेर, काट्नु ।

vane (भेञ्न्) **ना.** वायुगतिदर्शी यन्त्र, आकाश कुखुरा; पानीमापक, नलीमा पानी बगेको नाप्ने उपकरण; हावा घट्टको पंखा; सर्वेक्षण यंत्रको निशान; वृत्तपादको निशान; vaned **वि.** वायु यंत्रित, निशान भएको ।

vanguard (भ्यान्' गाअ्र्ड्) **ना.** रणशिर, रणग्र, सेनामुख; (अलं) बौद्धिक गतिशीलता, इ० का नेतागण ।

vanilla (भनि'ला) **ना.** सुवासित फूल हुने अग्लो अर्किडको जात; यसबाट प्राप्त हुने भ्यानिला अरक; vanillism **ना.** यो बिरुवाको काम गर्ने कर्मीहरूमा उछ्रने चिलाउने चर्म रोग ।

vanish (भ्या'निश्) **क्रि.** र **ना.** अलिप्नु, बेपत्ता हुनु, अन्तर्ध्यान हुनु, क्रमशः विलाउनु; अल्पनु, अलप हुनु, अवसान हुनु; (गणि०) शून्य हुनु; (परिपेक्ष)—ing-point एकै तलका समानान्तर सबै रेखा जोरिन जाने प्रवृत्ति देखाउने बिन्दु;—ing line दिइएको तलले सम्पूर्ण समानान्तर तलहरूलाई काट्ने अनन्तको रेखाको प्रतिनिधित्व गर्ने रेखा;—ing cream मुखमा दल्दा सबै सोसिने बाँकी नरहने विलेपन; **ना.** (ध्वनि०) मुख्य ध्वनिको अन्तमा आउने गौण वा अल्प ध्वनि, ज० कि O (ओ), a (ए) को पछिबाट आउने oo (उ) वा i (इ) ।

vanity (भ्या'निटि) **ना.** निरर्थकता, व्यर्थता, असारता, अवास्तवता, रित्तोपन, खोक्रोपन; अहङ्कार, रित्तो शेखी, आडम्बर, तुजुग, फुँइ, अहमत्याइँ, दिमाग, गमक, माद, ताइँ, फुर्ती, मैमत्ता, तमक, घमण्ड, मपाइँपन, गमकाइ;—bag, case स्त्रीको श्रृङ्गारका वस्तु, पाउडर, फा, पफ, सानू ऐना, इ० रहेको ब्यागमा लिएर हिंडने सानू बट्टा, सिंगार बट्टा; V–Fair संसार (Pilgrim's Progress जात्रुको प्रगति नामक पुस्तकमा रूपकको रूपमा दर्शाइएको); (बाइ० पुरातन समाचार) अक्रिस्तानीका देवदेवी ।

vanquish (भ्याङ्'क्विश्) **क्रि.** जित्नु, हराउनु, पराजित गर्नु (अक्षु० र अलं० अचेल मु० अलं०)—er विजेता ।

vantage (भान्'टेज्) **ना.**=advantage लाभ, फाइदा (अचेल मु० टेनिसमा खेलको अंक गन्दा—in र—out, छो० क० van in, van out; र—-ground अग्रभूमि, श्रेष्ठपद, सुविधा स्थल, उत्कर्ष; coign of—अग्लो ठाउँ, (सबै कुरा) देखिने ठाउँ;—-point सोही, फाइदाको ठाउँ) ।

vapid (भ्या'पिड्) **वि.** अलिनो, विरस, नीरस, रसहीन, फीका, अरुचिकर, उराठलाग्दो, निस्तेज;—ity **ना.** नीरसता ।

vapor/ize,--ise (भें'पराइज़्) **क्रि.** वाफ बन्नु, वाफिनु, उड्नु, वाष्प बनाउनु;—izability वाफिन सक्ने गुण;—ization वाष्पीकरण;—izable वाफिने;—izer वाफ बनाउने ।

vapour (भें'पर्) **ना.** र **क्रि.** वाष्प, धूम, वाफ, (खु०) तुवाँलो, कुहिरो, हलका बादल जस्तो वस्तु, धूवाँ, तरल वा ठोस पदार्थको वाफ; (भैष०) सुँघ्ने ओखती, ज० कि कपूर, आइडिन, इ० को वाफ; असार वस्तु, व्यर्थको कल्पना; (आ०) फोस्रो धाक; (ब० व०, आ०) विषण्णता, विस्मात, खिन्नता, रोग शङ्का;—bath (vaporarium पनि) उष्ण स्वेद;—burner वाष्पदाहक, उज्यालोको लागि हाइड्रो कार्बन वस्तु बाल्ने; vaporific, vaporiform, vaporiferous **वि.** वाष्पमय; vaporimeter वाष्पमापक (चाप नाप्ने); vaporous **वि.** वाष्पमय; **क्रि.** वाष्पायन गर्नु, हुनु, वाफिनु; फोस्रो धाक गर्नु, गफ लडाउनु ।

vapulation (भ्याप्युले'शन्) **ना.** (विर०) कोर्रा ठोकाइ ।

vaquero (भके'य्रो) **ना.** (ब० व०--s) मेक्सिकोको वा अमरिकी गोठालो ।

varec (भ्या'रेक्) **ना.** समुद्री क्षार, जलस्तंब ।

variable (भें'य्रिएब्ल्) **वि** र **ना.** अस्थिर, परिवर्तनशील, परिणम्य, चल, घट बढ हुन सक्ने, अनवस्थित; (गणि०, परिणाम) अस्थिर, अनिर्णित, सविकल्प; (वन०, पशु० वर्ग वा ज़ाति) आदर्शबाट फरक हुने व्यक्ति वा समूह भएको; (प्रा० वि०, जीव तत्वको) रचना र चेष्टामा फरक हुने प्रवृत्ति भएको;--bility **ना.** परिवृत्तिशीलता, परिवर्तनशीलता; **ना.** परिवर्तनशील वस्तु, खा० ग० परिमाण, नापतौल; (नौ०) बदलिने हावा; (ब० व०) उ० पू० र द० पू० व्यापारवायुको बीचको क्षेत्र ।

varia lectio (भ्या'रिआ लेक्'शिओ) **ना.** अपर पाठ, अन्य पाठ ।

variance (भें'य्रिअन्स्) **ना.** असंगति, विप्रतिपत्ति; भेद, विरोध. द्वन्द्व, कलह, वैर, असम्मति; परिणमन; (का०) पैरवी र प्रमाणमा भेद, अथवा आदेश र बयानमा भेद ।

variant (भें'य्रिअण्ट्) **वि.** र **ना.** विमत, विप्रतिपन्न, परस्पर विरोधी, अपर; परिवर्तनशील, बदलिने; **ना.** अपर रूप, शब्द विन्यास, अक्षर (टाइप), पाठ, इ०; अन्य रूप; पाठान्तर ।

variation (भेय्रिए'शन्) **ना.** परिवृत्ति, विपर्यास, विकृति, भेद, फरक, अन्तर; पूर्व वा सामान्य स्थिति, क्रिया, परिमाण,

आदर्श, वा प्रतिरूपवाट भेद वा विकार; त्यसको विस्तार; परिणमन; (ज्यौ०) नक्षत्र, तारा, को सामान्य अक्ष वा गतिवाट विकार; (चुम्बकीय सियो) दिक्पात; (प्रा० वि०) आदर्श वा प्रतिरूपवाट रचनात्मक वा चेष्टात्मक विकार; (वीज गणि०) परस्परमा वदलिने परिमाणको सम्बन्ध (को सिद्धान्त); (संगी०) परिवर्तित वा विस्तृत ढाँचासँग दोहऱ्याइएको लय वा रचना;—al **वि.** परिवृत्तीय ।

varicella (भ्यारिसे'ला) **ना.** ठेउला ।

varicocele (भ्या'रिकसील्) **ना.** शुक्रीय सूत्रका वितत शिराहरूवाट वनेको विस्फोट वा व्रण ।

varicoloured (भे'य्रिकलर्ड्) **वि.** रंग विरंगको; विभिन्न वा छुट्टा छुट्टै रंगको ।

varicos/e (भ्या'रिकोज्) **वि.** शिराशोथको, भएको, उपचारको लागि, ज० कि—e ulcer, vein, bandage शिरा शोथ व्रण, शिराशोथ; शिराशोथ पट्टी ।

varieg/ate (भे'य्रिइगेट्) **क्रि.** नानाविध पार्नु, वहुरंगी पार्नु, अनेक रंगका टाटो परेको वनाउनु, (खा० ग० निष्ठामा, खा० ग० वन० क्लोरोफिल नपुग्नाले पात केही फिका वा पहेंलो भएको वा त्यस्ता पात भएको विरुवा);—ated शवल, रंगविरंगको, किरमिर परेको, टाटो परेको;—ation **ना.** रंगविरंगको हुनु, विचित्रता, विविधत्व ।

variety (भरा'इटि) **ना.** विविधत्व विचित्रता, भेद, फरक, वहुपक्षीयता, असमता; विभिन्न वस्तुहरूको संकलन, विविधता; किसिम, थरी, प्रकार, जात; (प्रा० वि०) प्रकार, जाति, वर्ग, भेद (ज० कि climatic—मौसिमी भेद; geographical—स्थानीय भेद);—entertainment वा show वा केवल—विविध प्रदर्शन (नाच, गान, कसरत, दिल्लगी, इ० समावेश हुने);—theatre विविध नाट्यशाला (सोको प्रदर्शनको लागि); varietal **वि.** भेदीय; varietally **क्रि. वि.** भेदीय ढाँचासँग ।

variform (भे'य्रिफअ्रम्) **वि.** वहुरूपी, विविधरूपी, भिन्नरूपी ।

variola (भराइ'ओला) **ना.** विफर, मसूरिका;—tion **ना.** खोपाइ, खोपाउनु ।

variole (भे'य्रिओल्) **ना.** (पशु, वन०) (विफरको जस्तो) छ्याक ।

variolite (भे'य्रिअलाइट्) **ना.** (विफरको खटिरा जस्तो) सानू सानू चुच्चो परेको चट्टान, पत्थर ।

varioloid (भे'य्रिअलॉयड्) **वि.** र **ना.** विफर जस्तो, शीतलीय; **ना.** खोपाइपछि भएको हलुका विफर ।

variometer (भेय्रिअॅ'मीटर्) **ना.** (वैद्युत०) वैद्युतिक प्रवाहको प्रतिष्ठापन क्षमता फेर्ने यन्त्र ।

variorum (भेय्रिओ'अ्रम्) **वि.** र **ना.** विभिन्न टीकाकारहरूका व्याख्यासहित; **ना.** व्याख्यासहितको संस्करण ।

various (भे'य्रिअस्) **वि.** विभिन्न, नानाथरी, नानावलिको, अन्य, नानाविध; पृथक्, फरक, अनेक, छुट्टा, छुट्टाछुट्टै, एकभन्दा वढी;—ly **क्रि. वि.** अनेक प्रकारसँग, अनेकधा ।

varix (भे'य्रिक्स्) **ना.** (व० व० varices) (रो० नि०) शिरा, नाडी वा अन्य अवयव, नाडी इ० को स्थायी र विकृत शोथ (सूज); त्यसरी सूज भएको शिरा वा नाडी; (शंख) एक कपाटीय सिपीका मेखलाहरूमा रहने प्रत्येक तेर्सो सेतु ।

varlet (भाअ्र्'लेट्) **ना.** (ऐति०) मध्ययुगी कुमार, जो सामन्त हुने प्रतीक्षामा रहन्थ्यो; (आ०, खा० ग० ठ०) नीच, नोकर, वदमाश ।

varmint (भाअ्र्'मिण्ट्) **ना.** (ग्रा० ठ०) उपद्रवी वा वेइज्जतको व्यक्ति वा पशु; (शिकार) स्याल (लखेटिएको) ।

varnish (भाअ्र्'निश्) **ना.** र **क्रि.** वार्निस, जलप, पानी, रसायन, माटाको भाँडाको टलक; आचरण, काइदा, मा वाहिरी शिष्टताको टलक; वेकाइदा वा अपराधलाई गरिने ढाक; ढाकछोप, सफाइ; वार्निस वनाउने खोटो;—tree वार्निसको खोटो हुने रूख; **क्रि.** वार्निस लाउनु, गर्नु; सफाइ दिनु, अलंकृत गर्नु, वढाउनु (व्यक्ति, वयान, वृत्तान्त);—ing day चित्र प्रदर्शनीको अघिल्लो दिन, जव कि कलाकार वा प्रदर्शकलाई चित्र टाँगिसकिएको भए तापनि चित्रमा अन्तिम रंग भर्न वा वार्निस लाउन इजाजत मिल्दछ ।

varsal (भाअ्र्'सल्) **वि.** (वो० चा० अचेल विर०)= universal, सार्वलौकिक, सर्वगत, व्यापक ।

varsity (भाअ्र्'सिटि) **ना.** (वो० चा०)=university, वि० वि० ।

varsovienne (भाअ्र्सभिएन्') मार्स्कर्को नाचको संगीत, (अक्ष०=वॉर्साको) ।

varus (भे'य्रस्) **ना.** अंगको छेउको भागको भित्रपट्टिको वंग्याइको कुरूपता, आनमितता, आनति; विरल जानुक (व्यक्ति) डण्डिफोर ।

vary (भे'य्रि) **क्रि.** वदलिनु, फरक पार्नु, भिन्न गराउनु, विकार हुनु वा गर्नु; परिवर्तन गर्नु, रूपान्तर गर्नु; (संगी०) (विषय, रचना) आलाप गर्नु; वदलिनु; गुण वा मानमा फरक हुनु, विभिन्न ढाँचाको हुनु;—(directly) as अनुपातमा वढ्नु घटनु;—(inversely) as अनुपातमा उल्टोसँग घट्नु वढ्नु; varied फरक पारिएको, भिन्न ।

vas (भ्यास्) **ना.** (शि० वि०, व० व० vasa) ग्रन्थि, नली, नाली;—deferens अण्डकोषको निर्गम ग्रन्थि; vasal (भे'सल) **वि.** ग्रन्थीय;—ectomy नलीच्छेदन, नसच्छेदन ।

vascular (भ्यास्'क्युलर) **वि.** ग्रन्थिल, नाडीविशिष्ट प्रणालीय ।

vasculose (भ्यास्'क्युलोज्) **ना** र **वि.** विरुवाको देहमा रहने मुख्य तत्व; वि० ऐ० ।

vasculum (भ्यास्'क्युलम्) **ना.** (व० व०—la) वनस्पति वैज्ञानिकको (सा० टिनको) जम्मा गर्ने भाँडो; (श० वि०) सानू प्रणाली, नाडी, शिश्न ।

vase (भाज़् ; (आ०) भॅज़्; (आ० र अमरिका) भेस्,—ज़्) **ना.** पकाएको माटो वा अन्य सामानको अनेक काममा लगाइने,

तर मुख्य फूलदानको रूपमा, अथवा शोभाको लागि, चलन हुने वस्तु, फूलदान, कलश, कुम्भ, पात्र, अमखोरा ।

vaseline (भ्या'सलीन्) भ्यासलीन, भेसलीन; पेट्रोलियमबाट पाइने, लेप, मलम, इ० बनाउनामा प्रयोग हुने स्निग्ध वस्तु ।

vassal (भ्या'सल्) **ना.** (ऐति०) सामन्त प्रथामा जग्गा कमाउने मोही; great—राजाबाट सोझै जग्गा पाउने, जागीरदार; rear—अन्य बडाझीबाट जग्गा पाउने (अलं०) दास, अनुचर, पछिलग्गू;—age **ना.** (ऐति०) अनुचरको स्थिति, कर्तव्य; दासत्व, दास्यता, आश्रय, अवलम्बन ।

vast (भास्ट्) **वि. र ना.** बृहत्, विशाल, विस्तीर्ण, विपुल, अपरिमित; (बो० चा०) अति, ज्यादै;—ly **क्रि. वि.** (बो० चा०) ज्यादा, अति धेरै;—ness **ना.** विस्तीर्णता; **ना.** (कवि०, अलं०) विस्तीर्ण स्थान, खुला मैदान;—y **वि.** अति विस्तीर्ण, सुमहत् ।

vat (भ्याट्) **ना. र क्रि.** (—tt—) कुण्ड, पीपा, द्रोण, टंकी; रस, झोल, वा उत्पादनको क्रिया चलेको समयमा तरल राख्ने बड़े बड़े भाँडा; कुण्ड; **क्रि.** कुण्डमा हाल्नु, राख्नु ।

Vatican (भ्या'टिकन्) **ना.** रोममा भ्याटिकन पर्वतमा रहेको धर्माधिकारी पोपको निवास र दरवार; (अलं०) पोपीय प्रशासन; भ्याटिकन राष्ट्र ।

vaticin/ate (भ्याटि'सिनेट्) **क्रि.** भविष्यवाणी गर्नु, भावी बोल्नु;—ation **ना.** भावी कथन;—ator **ना.** भविष्यद्वक्ता ।

vaudeville (भोड्'भिल्) **ना.** हलुका नाटकीय संगीत शाला रूपक, जसमा नाच र गाना मिसिएको हुन्छ; विविध प्रदर्शन; फ्रान्समा लोकप्रिय मौकाको थेकोसहितको गाना; (ऐति०) पिउँदा गाउने गीत, (खा० ग० सन् १४१८ मा मृत्यु हुने फ्रान्सको भोड भिर भन्ने ठाउँका कवि वासेलाँले रचना गरेको ।

vaudois (भोड्वा') **वि. र ना.** (ब० व० उही) स्विट्शरल्याण्डको भोडका (वासिन्दा, बोली); भाल्डेनसीज् (Waldenses) को (सदस्य) ।

vaudoo (भाँ'डू)=**voodoo** झाँक्रीविद्या, झाँक्रीमा विश्वास ।

vault (भॉल्ट्) **ना. र क्रि.** गुम्बजदार छत वा छाना, अछिन्न छत, केन्द्र बिन्दु वा रेखाबाट चारैतिर फैलिने गुम्बज श्रेणी; सो जस्तो आवरण, ज० कि—of heaven नभोमण्डल; गुम्बज भएको कोठा, कक्ष, छिंडी; भण्डारको रूपमा गुम्बजदार वा अन्य भैंसुनिको कोठा, ज० कि wine -—मद्य भण्डार; त्यस्तै गिरजाघरमन्तिर वा चिहानमा पारिवारिक चिहान (family—); (श० वि०) खोक्रोमाथिको गुम्बजदार ढकना; **क्रि.** गुम्बज हाल्नु, (निष्ठा) गुम्बजदार;—ing **ना.** गुम्बज ।

vault (भॉल्ट्) **क्रि. र ना.** उफ्रिनु, टप खानु, टप्नु, फट्कनु, उछिट्टिनु, (खा० ग० हात टेकेर उफ्रनु), या डण्डाको भरले छलाङ मार्नु; बुद्रुक उफ्रनु; डण्डाको सहाराले ढोका, इ० माथि उफ्रनु;—ing horse त्यस्तो कुद्ने अभ्यासको लागि काठको घोडा वा बेका; **ना.** त्यस्तो छलाङ्ग, कुदाइ; pole -—डण्डाटप ।

vaunt (भॉण्ट्) **क्रि. र ना.** गुड्डी हाँक्नु, धाक लाउनु, धक्कु लाउनु, शेखी गर्नु; **ना.** धक्कु, शेखी;—er **ना.** शेखीबाज, धक्कुबाज;—ingly **क्रि. वि.** धक्कु लाएर ।

vaunt-courier (भाँ'कूरिए) **ना.** पेशगी, अग्रदूत ।

vavasory (भ्या'भसरि) **ना.** (ऐति०) जग्गावालको जमीन, भोग ।

vavasour (भ्या'भसुर) **ना.** (ऐति०) बडाझीसँग मोहियानीमा जमीन लिने, आफ्नामन्तिर पनि मोही राख्ने; जिम्मावाल ।

've (भ्) (बो० चा० छो० क०)=have; I, we, you, they, who सँग जोडिने; I've, w've, इ० ।

veal (भील्) **ना.** बाछोको मासु (खाद्यको रूपमा);—y **वि.** वत्समांस झैं, (बो० चा०) अपरिपक्व, अप्राप्तकाल ।

vector (भेक्'टर्) **ना. र क्रि.** (गणित) निश्चित स्थिति नभएको, तर लम्बाइ र दिशा भएको रेखा (चतुष्कमा); आकाशमा रहने एक बिन्दुसँग आर्कोको सापेक्षिक सम्बन्ध निश्चित गर्ने परिमाण; रोग वा संक्रमण, शोथ, इ० लैजाने रोगवाहक; **क्रि.** (वायुयान) चाहिएको स्थानतिर लैजानालाई निर्देशन दिनु ।

Veda (भे'ड) **ना.** (ब० व० पनि०) वेद ।

Vedanta (भेडया'ण्ट) **ना.** वेदान्त, हिन्दू दर्शन ।

Vedda (भे'डा) **ना.** श्रीलङ्काका जंगलमा बस्ने आदिम जाति, भेडा ।

vedetta, vi—(भिडेट्') **ना.** छाउनी जाने बाटोमा रहने घोडचढी पाले चपट ।

veer (भियर्) **क्रि. र ना.** (नौ०) डोरी खुकुलो पार्नु, छोड्नु;—& haul पालो पालो गरी कस्नु र छोड्नु; हावाको दिशा (दक्षिणावर्त) फेरिनु; सर्नु, दिशा फेर्नु, घस्कनु, भौंतारिनु, (अलं०) विचार बदल्नु; राय, वा आचरण, वा बोली, फेर्नु; **ना.** दिशा परिवर्तन, फेराइ ।

vega (भे'ग) **ना.** स्पेन वा क्युबाको नीचो धापिलो जग्गा; क्युबाको तमाखु खेत ।

Vega (भी'ग) **ना.** उत्तरी नक्षत्र लिरा (तुला) को सबभन्दा उज्यालो तारा ।

vegetable (भे'जिटेब्ल्) **वि. र ना.** उद्भिद्, वनस्पति, ज० कि—colic (काँचो फल खाएर हुने शूल);—ivory द० अमरिकी रूखको साह्रो ब्यू,—Kingdom वनस्पति काय,—marrow फर्सी; **ना.** तरकारी, (कहिलेकाहीं वाच्य प्रयोग, ज० कि—diet, soup तरकारी (मात्र) को खाना, रस) ।

vegetal (भे'जिटल्) **वि. र ना.** शाकीय, तरकारीको, वनस्पतीय;—functions वृद्धि, संचार, प्रजनन, इ० क्रियाहरू; **ना.** बिरुवा, तरकारी, शाक ।

vegetarian (भेजिटे'रिअन्) **ना.** शाकाहारी, माछा मासु नखाने, निरामिषी;—diet फलाहार, निरामिष भोजन; principles निरामिष सिद्धान्त ।

vegetat/e (भे'जिटेट्) **क्रि.** बिरुवा झैं गरी बढ्नु, बिरुवा-

को क्रिया सम्पादन गर्नु; (अलं०) आलस्यमय वा एकै प्रकारको जीवन यापन गर्नु, उच्चाट लाग्ने जिन्दगी बिताउनु;—ive वि. उद्भिद्, उद्भिज ।

vegetation (भेजिटे'श्न्) ना. उद्भेद, उद्भेदन, (अक्ष० र अलं०); वनस्पति संसार, वनस्पति काय, वनस्पति जीवन, सागसब्जी; (रो० नि०) देहको तलमा विस्फोट, शोफ ।

vehemen/t (भी'इमेण्ट्) वि. तीव्र भावबाट उत्पन्न वा देखाउने, आग्रही, जोशिलो, प्रचण्ड, उत्कट; बलवत्, उच्चण्ड, बलात्कारी; बढता, अर्वेलो, उत्ताउलो, जोरदार;—ce ना. चंडता, तीक्ष्णता, आग्रह, वेग;—tly क्रि. वि. चुरिंदै, चुरिएर ।

vehi/cle (भी'इक्ल) ना. बग्गी, सवारी, पांग्रे सवारी, यान, वाहक, यानक, चक्रयान, साधन, गाडा; अनुपाम, अनुपान, रंग, मलम, ओखती, इत्यादिको माध्यम; कुनै भाव, विचार वा क्रियाको माध्यम गराइको व्यक्ति वा वस्तु;—cular वि. यानकीय ।

vehmgericht (फेम्'गरिख्ट्) ना. जर्मनीमा १४, १५ शताब्दिमा प्रचलित अनियमित गुप्त अदालतको पद्धति; तेस्रो अदालत; vehmic (फे'मिक्) अदालती ।

veil (भेल्) ना. र क्रि. शिराच्छादन, मुखको पर्दा, घुम्टो; (अलं०) भेष, कपटभेष, निहुँ; ऱ्हूल; (पशु०, वन०) पातलो झिल्ली; (रुघा वा अन्य कारणले) हलुका सोर बसाइ; क्रि. घुम्टो हाल्नु, मुख छोप्नु; (अलं०) आंशिक रूपले छोप्नु, अवगुण्ठन गर्नु, भेष बदल्नु, लुकाउनु; take the—तपस्विनी, भक्तिनी, बन्नु; beyond the--मृत्युपछिको अनिश्चित स्थिति; draw a—over छोप्नु, कुरा नझिक्नु, ध्यान नखिच्नु ।

vein (भेन्) ना. र क्रि. शिरा, मुटुतिर रगत लैजाने प्रत्येक झिल्लीदार नली, नाडी; (artery धमनी); pulmonary—s फोक्से नाडी (अक्सिजन प्रेरित रगत फोक्सोबाट मुटुको देब्रेपट्टि लैजाने); systemic—s शरीरका सबै भागबाट शिराल रगत मुटुको दाहिनेपट्टि लैजाने, दैहिक शिरा, नाडी; (लोक०) कुनै प्रकारको रक्त नली वा पात्र; (की० वि०, वन०) पात वा कीराको पखेटाको डाँठ वा करङ्ग; (भूतत्व०, खानि०) चट्टानमा निक्षेपित किट्ट रहेको खोँस; रेखा, लेखा; धर्सो, पाटो, काठ वा पत्थरमा आर्को रंगको धर्सो, इ०; विशिष्ट स्वभाव वा प्रवृत्ति, मिजास, भाव; क्रि. नसा, नाडी धर्सो हाल्नु, वा तिनले भरिनु, खा० ग० निष्ठामा ।

velamen (भिले'मन्) (ब० व०--mina) वा velamentum (भेलमे'ण्टम्) (ब० व०—ta) ना. ढाक्ने जाली वा झिल्ली, खा० ग० मगजको ।

velar (भी'लर्) वि. तनुत्वगावृत, झिल्लीको, जालीको;—gutturals च्यापुबाट निस्कने ध्वनि, ज० कि ग्व, क्व ।

veld (फेल्ट्) ना. (द० अफ्रिका) न अटल परती न जङ्गल भएको खुला मैदान ।

velitation (भिलिटे'श्न्) ना. (आ०) हलका भिडन्त, वादविवाद, बहस ।

velite (भी'लाइट्) ना. (रो० प्रा० इ०) हलुका हतियार लिने सिपाही ।

velleity (भेल्ली'इटि) ना. इच्छाको निम्न परिमाण, जुन कार्य रूपमा परिणत हुँदैन ।

vellic/ate (भे'लिकेट्) क्रि. (विर०) फर्फराउनु, खुंच्निनु (अंग);—ation ना. स्पन्दन, स्फुरण ।

vellum (भे'लम्) ना. शुरूमा बाछाको छालाबाट बनेको मिहिन चर्मपत्र; चर्मपत्रमा लेखिएको पाण्डुलिपि;—paper चर्मपत्रको नकलमा बन्ने लेख्य ।

veloce (भिलो'चे) क्रि. वि. (संगी० निर्दे०) बडो वेगसँग ।

velocipede (भिलॅ'सिपीड्) ना. चालकले अघि बढाउने हलुका यानका किसिमहरू, साइकलको अग्रिम रूप ।

velocity (भिलो'सिटि) ना. गति, वेग, जवन, गतिको वेग वा दर, (खा० ग० निर्जीव वस्तुहरूको), ज० कि uniform—एकसमान वेग, (यंत्र०) कुनै दिशामा वेग; initial—प्रारम्भिक वेग; muzzle—तोप, बन्दूकबाट निस्कँदा गोली; गोला, को ।

velours (भेलूर') ना. टोप; इ० को लागि प्रयोग हुने जमठको किसिम ।

veloutine (भेलूटीन्') ना. डोरो परेको कपडाको किसिम, अंगराग पाउडरको किसिम ।

velum (भी'लम्) ना. (श० वि०; पशु०, वन०; ब० व०—la) जालो, झिल्ली, वा जालीदार आवरणको किसिम, खा० ग० च्यापुको छाला ।

velure (भे'ल्योर्) ना. र क्रि. मखमल वा सो सरह; रेशमी टोप सम्याउने मखमलको गद्दा; क्रि. मखमली गद्दाले सम्म पार्नु ।

velutinous (भिल्यु'टिनस्) वि. (वन०, की० वि०) मखमली ।

velvet (भेल्'भिट्) ना. र वि. मखमल, रेशमी वा सूती मखमल; उम्रन लागेको सींगको नजीकको भुत्ला; (संक्र०) नाफा, लाभ; on—सप्रेको वा लाभान्वित (अवस्थामा); वि. मखमली, मखमल जस्तो नरम;—glove भित्री अनम्यता लुकाउने बाह्य नम्रता खा० ग० iron hand in a—glove; —paw बिरालोको, (अलं०) क्रूरता, हिंस्रकता, जो नरम ढाँचाले छोपिएको हुन्छ;—tread दबेको पाइला;—y वि. मखमली ।

velveteen (भेल्भिटीन्') ना. मखमल ऱ्हैं गद्दा भएको सूती कपडा; रेशम र सूत मिसाएको मिश्रित मखमलको किसिम ।

velveting (भेल्'भिटिङ्) ना. मखमलका सामान (सामूहिक); मखमलको, गद्दा, भुत्ला ।

vena cava (भी'ना का'भा) ना. महाशिरा ।

venal (भी'नल्) वि. पण्य, धनभेद्य, किनिने, बेचिने पैसाको लागि सिद्धान्त त्याग गर्ने;—ity ना. पण्यता, धनभेद्यता ।

venation (भिने'श्न्) ना. पातमा डाँठ, रेशा, को व्यवस्था कीराको पखेटामा रहने नाडी ।

vend (भेण्ड्) क्रि. बिक्री गर्नु, बेच्नु (अचेल मु० कानूनी,

ज० बा०—ee क्रेता, ग्राहक, खरीदार;—or विक्रेता, विक्रयी; सानातिना किराना माल बेच्नु, फेरी लगाउनु, ज० बा०—er ना. फेरीवाला, बेच्ने;—ing machine स्वचालित क्रय यन्त्र, जसबाट धेरै चलतीका माल प्वालमा तोकिएको मुद्रा छिराएमा आफैं झर्छन्,=slot machine—ibility ना. पण्यता;—ible वि. पण्य, क्रय्य ।

vendace (भेन्'डेस्) ना. सरोवर (योरपीय) मा पाइने साना खाद्य जातका माछा)

Vendean (भेण्डी'अन्) वि. र ना. भाँडी, प० फ्रान्सको जिल्लाको (वासिन्दा); सन् १७९३–५ (विप्लवको समयमा) राजापट्टिको दलको सदस्य ।

vendetta (भेन्डे'ट्टा) ना. अखज; अन्याय गरीमाग्ने वा सदस्य खूनद्वारा हरिने परिवारका सदस्यले सो गर्नेको परिवारसँग बदला लिने ईख; कर्सिका द्वीपमा प्रचलित यो अभ्यास ।

veneer (भिनियर) क्रि. र ना. (काठ, साज इ०) पातलो काठको पाताले ढाक्नु; (माटाको भाँडा) मिहीन कोही अन्य वस्तुको पातलो पत्रले ढाक्नु; तपक हाल्नु; (अलं०) बाह्य टलकले (स्वभाव, भित्री, मिजास) छोप्नु, लुकाउनु; ना. पातलो बाहिरी पत्र, पत्र, तपक, (अक्ष० वा अलं०) ।

venepuncture (भि'निपङ्क्चर्) ना. (भैष०) शिराच्छेदन, शिरावेध, नाडी छेद, (खा० ग० सुईले, रगत झिक्न, वा नाडीभित्र अन्तक्षेपण गर्न वा सुई दिन) ।

venerable (भें'नरेब्ल्) वि. श्रद्धेय, आदरणीय; स्वभाव, उमेर संसर्ग, इ० को कारणले पूज्य, मान्य; बिलायतको चर्चमा आर्चडीकन वर्गका पादरीहरूको आदरार्थी, छो० क० मा Ven; रो० क्या० संप्रदायमा पनि खास दर्जाका पूज्य व्यक्तिहरूलाई प्रदान गरिन्छ ।

venerat/e (भें'नरेट्) क्रि. सम्मान गर्नु, आदर गर्नु, पुज्नु; —or पूजक ।

veneration (भेनरे'शन्) ना. आदर, सम्मान, मान, अर्चना, पूजा ।

venere/al (भिने'य्रिअल्) वि. मैथुन, मैथुन्य;—al desire मैथुनेच्छा;—al disease उपदंश, मैथुनरोग;—al remedy मैथुन्योपचार;—ologist मैथुन रोग शास्त्री;—ology मैथुन्य रोग विद्या ।

venery (भें'नरि) ना. (आ०) शिकार, मृगया; (आ०) रति क्रिया, मैथुन ।

venesect (भें'निसेक्ट्) क्रि. शिरावेध गर्नु, रक्तस्राव गराउनु;—ion ना. रक्तस्राव, शिरावेध ।

Venetian (भिने'शन्) वि. र ना. (इटलिको शहर) भेनिसको;—blind झिलमिल (झ्यालको);—carpet खस्रो ऊनको, धे० ज० धर्के;—(=French) chalk खरी;—glass भेनिसको काँचका भाँडा;—lace खास प्रकारको लेस वा फित्ता;—mast सडकमा उभ्याउने रंग बिरंगको लिङ्गो;—pearl (क्रित्रिम. ठोस);—window तीन थरी छुट्टा प्वाल भएको; ना. भेनिसको व्यक्ति; झिलमिल; ज० बा०—ed झिलमिलदार (झ्याल, इ०) ।

vengeance (भेन्'जन्स्) ना. बदला, प्रतिहिंसा, अखज, आफ्नू वा आफूले पक्ष लिएको व्यक्तिको हानि नुकसानी कुभलो गर्नेसँग लिएको साटो वा बदला; with a—अत्त्र चर्कोसँग ।

vengeful (भेञ्'फुल्) वि. बदला लिन कसिएको, ईखालु; —ness ना. प्रतिहिंसात्मक भाव ।

venial (भी'निअल्) वि. (पाप, दोष, इ०) क्षाम्य, क्षंतव्य, क्षामणीय, उपेक्ष्य, मर्षणीय, अल्प; (धर्म०) घातक होइन ।

Venice (भें'निस्) ना. (वाच्य०)=venetian, ज० कि —glass,—treacle, इ० ।

venire (**facias**) (भिनि'य्रि (फे'सिअ्यास्) ना. (का०) जुरी बोलाउने आदेश ।

venison (भेन्'ज़न्) ना. मिर्गको मासु (खाद्यको रूपमा) ।

Venite (भिनाइ'टि) सो नामको प्रख्यात क्रिस्तानी भजन (को संगीत) ।

venom (भें'नम्) ना. टोक्ने जीव (सर्प, बिच्छी, इ०) ले उत्पन्न गर्ने विषालु स्राव जो टोकिने शिकारको जीउमा घुस्तछ; विष; (अलं०) भाव, भाषा वा आचरणको कटुता, तीक्ष्णता, तिग्मता;—ed वि. विषाक्त;—ous वि. विषालु, विषाक्त;—ousness ना. विषाक्तता ।

venosity (भिनॅ'सिटि) ना. इन्द्रिय, अवयव, रक्ताशयमा शिराल रगतको प्राचुर्य; फोक्सोमा शिराल रगतको अपर्याप्त मात्रामा वायु प्रवाहित हुँदा धमनीहरूमा शिराल रगतको प्रवाह ।

venous,—ose (भिनस्,—नोस्) वि. (श० वि०, पशु० वन०) शिराल (धमन्यको विप०)—blood, congestion इन्द्रिय वा अवयव जस्ता रक्ताशयमा शिराल रगतको सञ्चय, रक्त संचय ।

vent (भेन्ट्) ना. र क्रि. छिद्र, प्वाल, खा० ग० बन्द ठाउँ, ज० कि बन्दूकको नाल; पचकाको प्वाल, वाद्य यन्त्रमा औंलाले बन्द गर्ने प्वाल, इ० हावा छिर्ने वा बन्द गर्ने); चिमनीको धूवाँकस, (ventage पनि);—-faucet पीपा, इ० मा प्वाल पार्ने खोक्रो बर्मा; स्तनपायीभन्दा निम्न पशुको गुदद्वार; (अलं०) निकास, निर्गम मार्ग, विनारोकको मार्ग, मनपरी, स्वतन्त्र चाल;—-hole प्वाल, निकास;—-peg बुजो; —-plug बन्दूकको प्वालको कीला; क्रि. प्वाल पार्नु (बन्दूक, पीपा, इ० मा) बाटो दिनु (भाव, रिस, माया, इ० लाई); (जल जन्तु) सास फेर्न पानीमास्तिर आउनु ।

vent (भेण्ट्) ना. लुगामा चिरा, खा० ग० कोटको पछाडि पट्टि ।

venter (भेण्टर्) ना. (श० वि०) भुँडी, बाहिर निस्कने, वा मध्य निम्न भाग (पेशी वा हाडको); (का०) गर्भ, पाठेघर, माता, ज० कि son by another—।

ventiduct (भेन्'टिडक्ट्) ना. (स्थाप०) वायुमार्ग, खा० ग० भैंमन्तिरको ।

ventil (भेन्'टिल्) ना. वाद्य यन्त्रको कपाटः अर्गन बाजामा

हावा नियन्त्रण गर्ने कपाट ।

ventillate (भेन्'टिलेट्) **क्रि.** (कोठा, इ० मा) हावा खेल्न दिनु; हावादार गराउनु; हावाले चोख्याउनु, अक्सिजन हाल्नु (रगत); (प्रश्न, विषय, पीर, मर्का इ० (आम विचार र छलफलको लागि राख्नु;--ed प्रवात, वायुव्याप्त;—ation संवातन;--ator **ना.** संवातक, वीजन;—ative वातीय, संवातीय ।

ventral (भेन्'ट्रल्) **वि.** र **ना.** (पशु०) उदर्य; अगाडिपट्टि, (भुँडीमाथि) (dorsal पछाडिपट्टिको विप०); **ना.** —(fine) दुईमध्ये जुनसुकैपट्टिको (माछा, इ० को) पखेटा ।

ventre a terre (भाँ'ट्रा टेय्र्) **क्रि. वि.** पूर्ण वेगले (भुँडी, भैंमा राखेर) (फ्रे०) ।

vetri/cle (भेन्'ट्रिकल्) ना. (शं० वि०) शरीरको कुनै प्वाल वा खाडल, खोक्रो भाग वा अवयव; क्षेपक कोष्ट, कोष, द्वार, गुहा; ज० कि—of the brain, right, left—(of the heart) : मस्तिष्क कोष; मस्तिप्क गुहा, हृद्कोष (दक्षिण र वाम);—cular,—culous (भेन्ट्रि'क्युलर् ,—क्युलस्) कोषीय ।

ventriloqu/ism (भेन्ट्रि'लकिज्म्) ना. गारुडवाद; यसरी बोल्ने क्रिया वा कला जसमा बोली वक्तावाट आएको जस्तो नभै केही अन्य स्रोतवाट आए र्झैं हुन्छ;—ist गारुडवादी; —y ना. गारुडवाद;—ial वि. गारुडवादी;—ize **क्रि.** गारुडवाद गर्नु ।

venture (भेन्'चर्) **ना.** र **क्रि.** साहस क्रिया, साहस, मुश्किल (को काम), खतराको काम; व्यापारिक क्रिया; (आ०) दाउ, दाउ लगाएको सम्पत्ति; **क्रि.** साहस गर्नु, तम्सिनु, सुरिनु, आँट्नु, दाउ लगाउनु, थाप्नु, खतरा मोल्नु;—r **ना.** साहसी, अधिसर्ने;--some, venturous वि साहसिक, साहसी, आँट गर्न सक्ने, साहस बुद्धि ।

venue (भे'न्यु) **ना.** (का०) जूरी (पंच) जम्वा गर्नुपर्ने र मुद्दा चल्नुपर्ने देश, (शुरूमा अपराध भएको ठाउँ, अपराध स्थल); change the—(हूल दङ्गा हुन नदिनालाई, पक्षपाती जूरी हुन नदिनालाई, इ०); सो जनाउनालाई अभियोग पत्रमा संशब्द; (लोक०) थलो, अखाडा, समागम स्थल ।

venule (भेन्यूल्') **ना.** सानू शिरा ।

Venus (भी'नस्) **ना.** (रो० कथा) प्रेमदेवी; शुक्र नक्षत्र; यौन प्रेम; काम; सुन्दरी स्त्री, रति; uranian—आध्यात्मिक प्रेम; pandemian—काम, यौन प्रेम; mount of—(ज्यो०) बूढी औंलाको फेद ।

vera/cious (भरे'शस्) **वि.** सत्यवादी, सत्यशील, खसोखास; (वक्तव्य, बयान, वर्णन) साँचो, छकाउने वा झूट होइन;—city **ना.** सत्यवादित्व, सत्यशीलता, साँचोपन ।

veranda (h) (भन्यान्'डा) **ना.** वरण्डा; वार्दली, डवली ।

veratrine (भे'रट्रीन्) **ना.** वातमा स्थानीय उद्दीपक (दाहक) को रूपमा प्रयोग हुने हेलिवोर जडीवाट पाइने विष ।

verb (भअ्र्व्) **ना.** (व्या०) क्रिया, क्रियापद ।

verbal (भअ्र्'बल्) **वि.** र **ना.** शाब्दिक, शाव्द, शब्दरूप; (खु०) मौखिक, वाचिक, वाचनिक; शब्दगत; (व्या०) क्रियावाचक, क्रियावाचिक; (अनुवाद) अक्षरशः;—evidence शब्द प्रमाण, मौखिक साक्षी;—inspiration (प्रत्येक अक्षर वा वाक्य) लेखाइएको;—note (साम) जरूरी कुरामा विना दस्खतको स्मरणपत्र, ज्ञापन;—noun कृदन्त, क्रियानाम;—ly **क्रि. वि.** वाचा, शब्दतः, यथाशब्द ।

verbalism (भअ्र्'बलिज्म्) **ना.** शव्दमाथि नै ज्यादा ध्यान; शाब्दिक समालोचना ।

verbalist (भअ्र्'बलिस्ट्) **ना.** केवल शब्दमा ध्यान दिने, शब्द समालोचक ।

verbaliz/e—ise (भअ्र्'बलाइज़्), **क्रि.** (नाम, इ० लाई) क्रिया वनाउनु; वाग्वहुल हुनु; त्यस्तै verbify;—ation क्रियाकरण ।

verbatim (भर्बे'टिम्) **क्रि. वि.** र **वि.** पदानुपदम्, शब्दशः, जस्ताको तस्तै ।

verbena (भर्बी'ना) **ना.** गलैंचा फूल ।

verbiage (भअ्र्'बिएज्) **ना.** वाग्विस्तार, वाक् प्रपंच, वागुपचय, वकवक ।

verbicide (भअ्र्'बिसाइड्) **ना.** (ठ०) शब्दघात ।

verbose (भर्बोज्') **वि.** वाग्वहुल, अति विस्तीर्ण, चाहिने भन्दा वढी शब्द प्रयोग भएको ।

verbum (sat) sapienti वाक्य० (छो० क०) verbsap.) (भअ्र्'बम् (स्याट्) स्यापिए'ण्टि) विज्ञेपु किमधिकम्, बुद्धिमानलाई एक शब्द पर्याप्त छ ।

verdant (भअ्र्डण्ट्) **वि.** (घाँस, इ०) हरियो, ताजा रंगको; हरित, शाद्वल; (खेत, मैदान) हरियाली; (व्यक्ति) कोरा; अपरिपक्व, कोरकाली, निर्व्याज, सरल;—cy **ना.** हरितत्व, पलाशत्व ।

verd-antique (भेअ्र्ड्–अ्यानटीक्') **ना.** बुट्टे, र घे० ज० हरियो, वनाउने ढुङ्गा; पुरानू काँसमा उम्रने कस ।

verderer (भेअ्र्'डरर्) (-or पनि) **ना.** (ऐति०) शाही जंगलहरूको न्यायिक अधिकृत ।

verdict (भअ्र्'डिक्ट्) **ना.** जूरी फैसला, निर्णय; पंच फैसला; फैसला, ठहर, दण्डाज्ञा, निसाफ; open—खुला फैसला (अपराध गरिएको मानेर, तर अपराधी को हो भनी जिकिर नगरेर, श्रौ आत्महत्या वा खून सो नखुल्याएर); partial—आंशिक फैसला (अपराधीले अपराध आंशिक रूपमा गरेको भन्ने ठहर); privy वा sealed—लाहावन्दी फैसला (जूरीको वैठक चलेको वेलामा अदालत स्थगित भएमा अदालतको कर्मचारीलाई बुझाइने); special—(प्रमाणित बेहोराको उल्लेख गर्दै निर्णय अदालतउपर छोडेको) विशेष फैसला ।

verdigris (भअ्र्'डिग्रिस् वा—ग्रीस्) **ना.** ताम्रकिट्ट, ताम्रमल; तामाको हरियो कस ।

verditer (भअ्र्'डिटर्) **ना.** blue, green—नीलो तूतो-

वाट पाइने हरियो, नीलो रंग ।

verdur/e (भअ्र्'डयोर्) **ना.** हरियाली, हरितत्व, हरित्य, शाद, शाद्वलता, (अलं०) ताजापन, नवता, नूतनता, साग सब्जीको हरियाली;—ed **वि.** हरित;—ous **वि.** हरित ।

verein (भेराइन्') **ना.** संगठन, व्यक्ति वा संस्थाको (केही प्रयोजनको लागि) संगठन, संगठित निकाय (जर्मन) ।

Verey (भेरि)=Very **ना.** (वाच्य) Very, Verey, light भेरि प्रकाश ।

verge (भअ्र्ज्) **ना.** साँध, छेउ, किनारा, प्रान्त, पर्यन्त (धे० ज० अलं०); फूलको ब्याडमा घाँसको छेउ; चर्चका धर्माधिकारीहरूको अगाडि चोवदारले लिएर हिंड्ने डण्डा; विभिन्न यन्त्रहरूमा रहने डण्डा वा अक्ष; (भवन०) खम्बाको ढाड; (ऐति०) लण्डनको मार्शलसी इलाका ।

verge (भअ्र्जू) **क्रि.** तोकिएको दिशातिर नुहनु;—on जोरिनु, (पट्टि) नजीकै आउनु, जानु; आसन्न ।

verger (भअ्र्'जर्) **ना.** गिरजामा आगन्तुकहरूलाई उनको आसन देखाउने कर्मचारी, प्रतिहार, द्वारे; धर्माधिकारीहरूको अगाडि डण्डा लिएर हिंडने व्यक्ति; दण्डधर, चोवदार ।

veridical (भिरि'डिकल्) **वि.** सत्यवादी (धे० ज० व्यंग्यपूर्ण); (मनो०, अध्या०, मोह, इ०) वास्तविक, वास्तविकतासँग मेल खाने ।

veri/fy (भे'रिफाइ) **क्रि.** रूजु गर्नु, भिडाउनु, मिलाउनु, सत्यता जाँच गर्नु, प्रमाणित गर्नु, समर्थन गर्नु; (घटना, क्रिया) साँचो ठहरिनु, पूर्ण हुनु, पूरा हुनु, गर्नु (भविष्यवाणी, प्रतिज्ञा); (का०) बयान, वादीपत्र, इ० मा शपथपत्र संलग्न गर्नु, बयानलाई प्रमाणले समर्थन गर्नु;—fiability सत्यकता;—fication सत्यापन, सत्यक;—fiable **वि.** सत्यक;—fier **ना.** सत्यापक, सत्याकर ।

verily (भे'रिलि) **क्रि. वि.** (आ०) वस्तुतः, यथार्थतः, साँचै, यथार्थमा, खलु. नून, नभन्दै ।

verisimi/litude (भेरिसिमि'लिट्यूड्) **ना.** सत्याभास, संभाव्य (ता); साँचो जस्तो देखिने वस्तु;—lar **वि.** संभाव्य, हुन सक्ने ।

veritable (भे'रिटेब्ल्) **वि.** यथार्थ, ठीकसँग नाम गरिएको, जस्तो नाम त्यस्तै; a—boon साँच्चिकै वरदान ।

veritas (भे'रिट्यास्) **ना.** (bureau—पनि) फ्रान्सको जहाजको दर्ता, विलायतको Lloyd's जस्तो ।

verity (भे'रिटि) **ना.** सत्य, यथार्थता (वक्तव्य, इ० को); साँचो बयान; वास्तवको वस्तु; of a—(आ०) साँच्ची नै ।

verjuice (भअ्र्'जूस्) **ना.** अमिलो स्याउ, दाख, इ० बाट पाइने, पकाउँदा चलन गरिने, अमिलो रस; कागतीको रस ।

vermeil (भअ्र'मिल्) **ना.** चाँदीको मोलम्मा; मोलम्मामा टलक दिने वार्निस; गेरू पत्थर, याकुत; (कवि०) सिन्दूर ।

vermi—(भअ्र्मि—) ल्या० vermis कीटको यौ० रू० : —cide कीटनाशक;—cidal कीटनाश्य;—form कीटाकृति, कीटाकार;—fuge कृमिघ्न;—vorous कृमिभक्षी ।

vermian (भअ्र्'मिअन्) **वि.** कृमिल, कृमिमय, कीटमय ।

vermicelli (भअ्र्मिसे'लि) **ना.** पीठोको लामू मसिनू त्यान्द्रा ।

vermicular (भर्मि'क्युलर्) **वि.** कृमिसदृश ।

vermiculation (भर्मिक्युले'शन्) **ना.** कीराले खाइनु, वा कृमिमय हुनु, वा कीरा बन्नु; कीराले खाएको अवस्था ।

vermiculite (भर्मि'क्युलाइट्) **ना.** (खानि०) अवरखबाट बन्ने अनेक सिलिकेट द्रव्यहरू ।

vermilion (भर्मि'लिअन्) **ना., वि.** र **क्रि.** सिन्दूर, रक्तहिंगुल, सिंग्रिप; **वि.** सो रंगको, शोण, रक्त, रातो; **क्रि.** रातो रङ्नु ।

vermin (भअ्र्'मिन्) **ना.** (सा० ब० व० जस्तो प्रयोग) शिकार, अनाज, इ० लाई बिगार गर्ने चरा वा पशु, ज० कि श्याल, बाँदर, मुसा, छुचुन्द्रो, काग, लाटोकोसेरो, सारूंग, सुगा, इ०; नाशक; हानिकारक कीरा, ज० कि उपियाँ, उडुस, जम्रा; जूका; (अलं०) नीच र दुर्वृत्त जन, दुराचारीहरू ।

verminate (भअ्र्'मिनेट्) **क्रि.** कीरा पर्नु, कृमिण, कृमिल, हुनु ।

verm (o) uth (भअ्र्'मूथ् वा भेय्र्'मूट्) एक प्रकारको (तीतो अरक पर्ने) रक्सी; French, Italian—सुखा, गुलियो, प्रकारको भमूँथ ।

vernacular (भन्याँ'क्युलर्) **वि.** र **ना.** (भाषा, वाक् पद्धति, शब्द) आफ्नू देशको, स्वदेशी, देशी, विदेशी होइन, पाण्डित्यपूर्ण होइन, सरल, बोलचाली; **ना.** देशको बोली वा भाषा, दुनियाको बोली;—ism लोक भाषावाद;—ity स्वभाषीयता;—ization लोकभाषान्तरण;—ize लोक भाषामा परिणत गर्नु आफ्नू बोलीमा हाल्नु, आफ्नू बोलीको चलन गर्नु ।

vernal (भअ्र्'नल्) **वि.** वासंत;—equinox महाविषुव, हरिपद;—fever औलो ।

vernier (भअ्र्'निअर्) **ना.** सानू चलायमान, चल्ने, मान (नाप्ने यन्त्र) ।

veronal (भ'रोनल्) **ना.** शमनकारक ओखती ।

Veronese (भेरोनीज़्') **वि.** र **ना.** (ब० व० उही) भेरोना (इटालीको सहर) को (वासिन्दा) ।

veronica (भरॅ'निका) **ना.** नीलो, कलेजी, गुलाफी वा सेतो फूल हुने झार वा बूटी; क्राइस्टको मुखको चित्र भएको कपडा, खा० ग० सन्त भेरोनिकाले क्राइस्टको मुखबाट पसीना पुछेको रुमालमा अलौकिक ढाँचासँग सरेको तसवीर ।

verruca (भेरू'का) **ना** (रो० नि०, पशु०, वन०; ब० व० —ae, उच्चा०—सी) मूसो, कोठी, किण, अधिमांस ।

versant (भअ्र्'स्याण्ट्) **ना.** एकातिरको जमीनको डोलोपन वा भिरालोपन; जमीनको सामान्य भिरालोपन ।

versatil/e (भअ्र्'सटाइल्) **वि.** एकबाट आर्को पेशा, काम, इ० मा सजिलोसँग जान सक्ने; धेरै विषयसँग एकै चोटि संलग्न रहन सक्ने; हस्तलाघव, बुद्धिलाघव; कब्जामा ऊँ घुम्न सक्ने, ज० कि—spindle घुम्ने तर्कुटी; (वन०, पशु०) आडको

तल माथि वा चारैतिर चल्न सक्ने, ज० कि—anther, head, इ० घुम्ने डाँठ, शिर, इ०; परिवर्तनशील, चपल, चंचल;—ity **ना.** हस्त लाघवता ।

vers de societe (भेयर् ड सोसिएटे') **ना.** सामाजिक श्लोक, हलुका कविता, चुटकिला, मौकाको हास्यरसको कविता वा श्लोक ।

verse (भर्‌स्) **ना.** र **क्रि.** छन्द, श्लोक, पद्य, कविता, काव्य, मंत्र, ऋचा; बाइबलको अध्यायको प्रत्येक छोटो भाग; भजन, गीत, को एकस्वरीय भाग; blank—अन्त्यानुप्रासरहित श्लोक; society—हलुका, हास्यरसप्रधान, पद्य; चुटकिला; chapter &—वृत्तको ठीक ठीक संकेत, अध्याय र श्लोक संख्या;— -monger (ing) कुकवि, श्लोककार (श्लोक कोराइ) ।

versed (भर्‌स्ट्) **वि.** अभिज्ञ, निपुण, प्रवीण, अनुभवी, सिपालु, दक्ष, (विषय, पेशा, इ० मा); उल्टिएको, विपरीत, (अचेल केवल—sine विपरीत ज्या०) ।

verset (भर्'सिट्) **ना.** (संगी०) अर्गन बाजाको लागि छोटो पूर्व रंग, प्रारम्भ ।

versicle (भर्'सिकल्) **ना.** छोटो श्लोक; पाली पाली नेता र भजन मंडलीले गाइने श्लोकहरू ।

versicoloured (भर्'सिकलड्) **वि.** रंग बिरंगको; विभिन्न उज्यालोमा विभिन्न रंग देखिने ।

versicular (भर्सि'क्युलर) **वि.**—division छन्द, श्लोक, मा विभाजित ।

versi/fy (भर्'सिफाइ) **क्रि.** (गद्य) श्लोकबद्ध गर्नु, छन्दोबद्ध पार्नु; काव्यमा लेख्नु, कविता बनाउनु; पद्य रचना गर्नु;—fication श्लोक रचना, छन्दोबन्ध;—fier **ना.** पद्य लेखक, कवि ।

version (भर्'शन्) **ना.** अन्य भाषामा अनुदित ग्रन्थ; (पाठशालामा अभ्यासको लागि, खा० ग० विदेशी भाषामा) अनुवाद; (कसैको आफ्नू) बयान, वृत्तान्त; पाठान्तर, पाठभेद; (प्रसव) असजिलोसँग रहेको बच्चालाई कि टाउको वा खुट्टा पहिले निस्कने गरी घुमाउने क्रिया; आवर्तन, भ्रूणावर्तन ।

vers libre (भेयर ली'ब्र्) **ना.** मिश्रित छन्दमा, अथवा छन्दरहित, अथवा लयबद्ध गरेर लेखिएको पद्य; स्वतन्त्र पद्य; vers-librist (भेयर्लि'ब्रिस्ट्) स्वतन्त्र पद्य लेखक, स्वतन्त्र कवि ।

verso (भर्'सो) **ना.** (ब० व०—s) (पुस्तकको) देब्रेपट्टिको पृष्ठ; (recto दाहिने पृष्ठ, को विप०); सिक्काको पृष्ठभाग ।

verst (भर्स्ट्) **ना.** ३५०० फीट बराबरको रूसी लमाइको नाप, प्राय: १ कीलोमीटर ।

versus (भर्'सस्) **उ.** (छो० क० v.) विरुद्ध, ज० कि : (का०) फलाना दल वि० (विरुद्ध) फलाना; (खेल, इ०) फलाना दल वि० (विरुद्ध) फलाना ।

vert (भर्ट्) **ना.** र **क्रि.** (का०, इति०) जंगलमा हरियो पात हुने सबै चीज; सो काटेर लैजाने हक; (वंश०) हरियो रंग; (वो० चा०) स्वधर्मत्यागी, च्युत, पतित, कलुषित; **क्रि.** (क्रिस्तानी) एक संप्रदाय छोडेर आर्कोमा जानु, पक्षत्याग गर्नु ।

vertebra (भर्टिब्रा) **वि.** र **ना.** पृष्ठवंशास्थि, डँडाल्नु हुने (जन्तावर वा जीव, जसमा स्तनपायी, चरा, सरीसृप, स्थल जलचर, माछा, इ० समावेश हुन्छन्);—ted (—ब्रेटेड्) डँडाल्नु भएको ।

vertex (भर्'टेक्स्) **ना.** (ब० व० सा०—ices) शीर्ष, अग्र, शिखर, टुप्पो, चुली; (श० वि०) तालु, चूडा, शिखा, (ज्या०) त्रिकोण, वहुभुज, इ० को प्रत्येक कोणीय बिन्दु, वहुभुज, इ० को प्रत्येक कोणीय विन्दु;—of an angle कोण शीर्ष ।

vertical (भर्'टिकल्) **वि.** र **ना.** चूलीमा, शीर्षस्थ, शिरो विन्दुमा क्षितिजको तलसँग लम्ब, ठाडो; (श० वि०) तालुको;—angle काट्ने रेखाले बनाएका दुईतिरका कोण; ऊर्ध्व, ऊर्ध्वतन, उपरितन, लंबरूप;—ity **ना.** ऊर्ध्वत्व;—ly **क्रि. वि.** ठाडोसँग, ऊर्ध्वाधर; **ना.** ठाडो रेखा, तल वा वृत्त; ऊर्ध्व रेखा, इ० ।

verticil (भर्'टिसिल्) **ना.** (वन०, पशु०) शंख, चक्र, अक्षबाट चारैतिर फिंजिएको ।

vertig/o (भर्'टिगो, भर्टिं'गो) **ना.** (ब० व०—s) रिंगटा, कहाली, भुमरी, चक्कर, भ्रमर; subjective—आफैं घुमेको भाव; objective—चारैतिरका वस्तुहरू घुमेको भाव; essential—विना कुनै खास कारणको चक्कर;—inous भ्रमी, भ्रमणशील, भ्रमकारी;—inousness **ना.** घूर्णन, भ्रमणशीलता ।

vertu (भर्टु')=**virtu** ललित कला प्रेम ।

vervain (भर्'भेन्) **ना.** नीलो; सेतो वा कलेजी फूल हुने झार; पहिले फूलमा अनेक गुण रहन्छ भनी बाजु वा रक्षा लाउँथे ।

verve (भेयर्भ्) **ना.** उत्साह, फुर्ती, जाँगर, मुख्यतया साहित्यिक वा कलात्मक क्रिया वा कृतिमा ।

vervet (भर्'भिट्) **ना.** अर्गनवालाले साथमा लिएर हिंड्ने सानू, खा० ग० द० अफ्रिकी बाँदर ।

very (भें'रि) **वि.** र **क्रि. वि.** सद्दे, साँचो, सकली, वास्तवमा, यथार्थत:; उही, त्यही, केही; **क्रि. वि.** अति, धेरै, अपार, बिछट्ट, असाध्य, बेसरी, बेस गरी, अग्घोर, ख्यालको उत्पात, अत्यन्त, अचाक्ली, औधी, धेरै, ज्यादा, चौपट्ट, नितान्त, साफसँग, ज्यास्ता, पवित्तो, घनेरा, मुक्कुर; घोर, कुस्त, बंफसेल, उग्र; a—little अलिकति;—well (अथवा, बढी, आदरार्थी;—good) मञ्जूरीको बोली, हुन्छ, जी; देखा जाएगा, लौत !;—wet चुहुँदो झरी ।

Very (भे'रि) **ना.** (वाच्य०)—light भेरि पिस्तोलबाट हान्ने प्रकाश, बत्ती, जसले लडाइँको मैदानलाई क्षणिक उज्यालो दिन्छ; वा इशाराको लागि ।

vesic/a (भिसाइ'का) **ना.** (श० वि०, वन०) थैलो, जाली, र खा० ग० मूत्राशय; (—ocele, मूत्राशय शोथ;—otomy मूत्राशय भेदन);—al **वि.** कोषीय, मूत्राशयको ।

vesicle (भें'सिकल्) **ना.** (श० वि०), वन० पशु०) सानू

ग्रन्थि, कोष, थैलो, नली, फोका, वा खोक्रो खण्ड ।

vesper (भेस्'पर्) **ना.** (V—) साँझको ताराको रूपमा शुक्र; (कवि०) साँझ; (ब० व०) स्तोत्रावलीको सात धार्मिक मुहूर्तमध्ये छैटौं अवधि, साँझको जप, पाठ, भजन, सन्ध्या, सान्ध्योपासन; Sicilian V—s सिसिली द्वीपमा सन् १२८२ मा फ्रेञ्च निवासीहरूको कतल वा आमहत्या, (इशारा साँझको पूजा घण्टी थियो) ।

vespertine (भेस्'पर्टाइन्) **वि.** साँझमा गरिने, सायंतन, वैकालिक, प्रादोषिक, सायंकालीन, सान्ध्यिक ।

vespiary (भेस्'पिअरि) **ना.** बारुलाको गोला ।

vespine (भेस्'पिन्,—पाइन्) बारुलाको, वरटीय, वरटाशील ।

vessel (भे'सल्) **ना.** खा० ग० तरल राख्ने खोक्रो भाँडो, ज० कि पीपा, सिंगमांग, पात्र, कप, चिण्डो, कचौरा, भाँडो, शीशी, रिकाबी; जहाज, डुङ्गा, नाउ, खा० ग० ठूलोचाहिं; (श० वि०) नाली, ग्रन्थि, नली (रगत वा अन्य रस ओसार्ने) खा० ग० blood—रक्तवाहिनी, नाडी, नसा, धमनी, शिरा; (वन०) छेका खसेका वा टुटेका कोषहरूको शृंखला, नल, प्रणाली; (वाइ०, इंगीय, खा० ग० ठ०) ग्राहक, प्रवर्त्तक, (खा० ग० कुनै धार्मिक मत, संप्रदाय, इ० को); chosen—नियुक्त प्रवर्तक; weaker—स्त्री, स्वास्नीमानिस ।

vest (भेस्ट्) **ना.** (वजा०) वेस्टकोट, इस्टकोट; (under—पनि) गन्जी, भित्री लुगा; स्त्रीको लहँगाको माथिल्लो v परेको भाग; (आ०) लुगा, पोशाक;—-pocket (वाच्य०, सानू चीज बीज, खा० ग० हाते क्यामेराहरू) इस्टकोटको खल्तीमा खल्तीमा अटाउने; सानू ।

vest (भेस्ट्) **क्रि.** प्रतिष्ठापन गर्नु; (आदर, सम्मान, अख्तियार, जेथा, इ०) प्रदान गर्नु; (जेथा, इ०)—in स्वामित्वमा आउनु, विहित रहनु; (कवि०) लुगा लाइदिनु;—ed **वि.** अन्तर्निहित, अन्तर्भूत, वहन गर्ने ज० कि—ed rights, interests, estate, इ० ।

vesta (भे'स्टा) **ना.** V—(रो० कथा) अग्निदेवी; दियासलाई, खा० ग० छोटो काठीमा मैन लगाएको, र खास तलमा कोर्नुपर्ने; wax—पनि ।

vestal (भे'स्टल्) **वि.** र **ना.** भेस्टादेवी वा भेस्टल कुमारीहरूको;—(virgin) भेस्टादेवीकी सेविका, उपचारिका, जो ब्रह्मचर्यमा रही आजीवन भेस्टादेवीको अग्निको हेरचाह र सेवा गर्ने अभिभारा बोक्थे; अक्षत ब्रह्मचर्यको व्रत लिने सती स्त्री, खा० ग० धर्म कार्यमा लाग्ने स्त्री, भक्तिनी; संतनी ।

vestiary (भे'स्टिअरि) **ना.** (विर. वा लुप्त.) र **वि.** गिरजाको वस्त्रागार, बाहिरी लुगा छाड्ने ठाउँ; **वि.** लुगा, पोशाक, को; वस्त्रीय; परिधानीय ।

vestibul/e (भेस्'टिब्युल्) **ना.** मटान, दैलो, देहली डयौढी, प्रकोष्ट;—e train=corridor train वरण्डा रेल; (श. वि.) एक कोष्ट, ग्रन्थि, कोषबाट आर्कोसँग जोर्ने नल वा कक्ष, खा. ग.—e of the ear कर्णनली;—ar **वि.** देहलीय, दैलो भएको ।

vestig/e (भेस्'टिज्) **ना.** पादचिन्ह (अचेल केवल अलं,); गोरेटो, इशारा, लेश, साछी प्रमाण, चिन्ह; (खु०, नकारात्मक) अणु, कण; (प्रा. वि,) अंग, अवयव, जो अचेल विकृत भइसकेको छ, र काम लाग्दैन, तर पुर्खौलीबाट राम्ररी विकसित छ, लक्षण, लेश;—ial **वि.** (खा. ग. प्रा. वि.) लक्षण्य ।

vestiture (भेस्'टिच्योर्) **ना.** (पशु.) समतल ढाक्ने भुत्ला, कत्ला, रौं, इ.; वल्कल, आवरण, आच्छादन ।

vestment (भेस्ट्'मेण्ट्) **ना.** लुगा, पोशाक, खा. ग. औपचारिक वा राजकीय पोशाक; पादरीहरूको पोशाक; वेदीपट ।

vestry (भेस्'ट्रि) **ना.** गिरजामा वस्त्रकक्ष; पूजा कच्त; टोलका करदाताहरू; तिनको सभाकच्त ।

vestrydom (भेस्'ट्रिडम्) **ना.** टोले करदाताहरूको (भ्रष्ट र अनिपुण) शासन ।

vesture (भेस्'चर्) **ना.** र **क्रि.** (कवि., अलं.) लुगा, वस्त्र, पोशाक, आवरण; **क्रि.** पहिराउनु ।

vesuvian (भिस्यु'भिअन्) **वि.** र **ना.** (V–) भिस्युभिअस ज्वालामुखी पर्वतको; ज्वालामुखी; **ना.** (--ite पनि) (पहिला पटक सो पर्वतमा पाइएको) कैलो वा हरियो खनिज ।

vet (भेट्) **ना.** र **क्रि.** (बो. चा.—tt–) वस्तुको, गाईघोडाको; पशुवैद्य, सोलत्री, शालिहोत्री; **क्रि.** जाँचेर ठीक, बेठीक, ठहराउनु (पशुलाई); (अलं. रूजु गर्नु, जाँच्नु, ठीक बनाउनु, सच्याउनु ।

vetch (भेच्) **ना.** मटर जातको बिरुवा ।

veteran (भे'टरन्) **ना.** र **वि.** लामू (खा, ग. सैनिक) सेवा गरी बूढो भएको वा अनुभव प्राप्त गरेको व्यक्ति, जातानुभव, ज्ञानवृद्ध, अभ्यासी, भूतपूर्व सैनिक; **वि.** खली खाएको, अनुभवी, अभ्यासी ।

veterinary (भे'टरिनरि) **वि.** र **ना.** वस्तु भाउ, गाई घोडा, इ० पशुको रोग, चोट पटक (को उपचार) सम्बन्धी; पशु भैषज्य सम्बन्धी; ज० कि—surgeon वा vet सोलत्री, पशुवैद्य, शालिहोत्री;—science पशु भैषज्य (विद्या);—college पशु चिकित्सालय, महाविद्यालय; **ना.** (छो० क० vet) पशुवैद्य; veterinarian पनि,=पशुवैद्य, सालोत्री ।

veto (भी'टो) **ना.** (ब० व०—es) निषेधाधिकार, वारना; निषेध, मनाही; राज्यपाल, राष्ट्रपति, राजा, संसद्को माथिल्लो सदन, इ० ले कुनै वैधानिक कानूनलाई स्वीकृति नदिने, वा अमान्य गर्ने हक; तेस्रो बेमञ्जूरीको सूचना गर्ने औपचारिक सन्देश; **क्रि.** (कानून, विधेयक, इ० को) तेस्रो अस्वीकृति गर्नु, निषेधाधिकारको प्रयोग गर्नु, अमान्य गर्नु; आधिकारिक निषेध जनाउनु ।

vex (भेक्स्) **क्रि.** चिढाउनु, रिस उठाउनु, जिस्काउनु, ठस्काउनु, पिरल्नु, पिर्नु, दिक्क पार्नु, हैरान पार्नु, इख्याउनु, उद्विग्न गराउनु, दु:ख दिनु, पीडा दिनु, क्लेश गराउनु; (कवि०, अलं०) (समुद्र, इ०) उथलिनु;—ed **वि.** उद्विग्न, हैरान भएको;

—ed question ज्यादा छलफल भएको;—ing वि. उरण्ड्याउलो, पिरल्ने ।

vexa/tion (भेक्से'श्न्) **ना.** असजिलो, टण्टा, झञ्झट, फसाद, घाँडो, हैरानी, पीडा, कष्ट, बाधा, सन्ताप, प्रकोपन, झ्याउलो, कचकच, पिरलो, लण्ठा, रिंगावाटा, जुलूम, झर्को, विडम्बना;—tions कष्टद, क्लेशकर, पीडाकर ।

vexillum (भेक्सि'लम्) **ना.** (व० व०—illa) रो० प्रा० इ०) सैनिक झण्डा ।

via (भा'य) **ना. र उ.** ल्या० = मार्ग, बाटो; V—lactea, Milky Way, आकाशगङ्गा;—media मध्यमार्ग, दुई चरमका बीचको मध्यमान, मध्यस्थता; उ० (भा'या) भएर, हुँदै, ज० कि to Kathmandu via Raxaul रक्सौल भएर काठमाण्डू (ठ० मा अलं० पनि, सम्बन्धित विषयलाई लिएर) ।

viab/le (भा'ऐब्ल्) **वि.** (भ्रूण वा नवजात शिशु) जीउन सक्ने, जीवन थाम्न सक्ने, बाँच्ने; (बिरुवा, जनावर, इ०) कुनै खास प्रदेश वा आवहवामा जीउन सक्ने; (ब्यू) जम्ने, लाग्ने; (अलं०, राज०) आफैं, आफ्नै स्रोतले प्रशासन धान्न सक्ने;—ility **ना.** यापनीयता ।

viaduct (भा'यडक्ट्) **ना.** ओह्रालो, खाडल, खाल्डो, इ० मा बाटो वा रेलको लाइन लैजानालाई बनाएको लामू पुल जस्तो रचना, खा० ग० गुम्बजहरूको श्रेणीले थामेको (पुल जस्तो) बाटो; त्यस्तो बाटो वा रेल; मार्ग प्रणाली ।

vial (भा'यल्) **ना.** सानू, धे० ज० काँचको, शीशी औषधीय तरलहरू राख्ने; pour out—s of my wrath रिस पोख्नु, रिस फेर्नु ।

viameter (भाव्या'मिटर्) **ना.** =hodometer=(सवारीले हिंडेको) दूरीमापक ।

viand (भा'यण्ड्) **ना.** (सा० व० व० मा) खाद्य वस्तु, परिकार, खाना ।

viaticum (भाया'टिकम्) **ना.** (रो० प्रा० इ०) सरकारी काममा जाँदा दिइने बाटो खर्च, रसद, इ०; बाटो खर्च; मरणासन्न व्यक्तिलाई गरिने धार्मिक विधि (हाम्रो दश दान सरह); सार्न हुने वेदी ।

vibgyor (भिब्'जियोर्) **ना.** सौरपटमा रहने सात मुख्य रंगको अंग्रेजी नामहरूको प्रथमाक्षर लिएर बनाएको छो० क० violet, indigo, blue, green, yellow, orange, red, बैनीआहपसुरा ।

vibraculum (भाइब्र्या'क्युलम्) **ना.** (व० व०—a) अपृष्ठवंशास्थि जीवहरूको मिहीन सूत्र, जसले तानेर खाने कुरा खिच्दछ; स्पन्दनकेश, सूत्र ।

vibrant (भाइ'ब्र्याण्ट्) **वि.** स्पन्दनशील, कम्पनशील, थर्थराउने, काम्ने; (ध्वनि) प्रतिध्वनित, गुँज्ने, घन्किने, झन्कने ।

vibra/te (भाइब्रे'ट्) **क्रि.** दोल्नु, (ध्वनि) गुँज्नु, झन्कनु, घन्कनु (कानमा, स्मृतिमा); (भौ० शा०) नथामिने गरी झुल्नु, खा० ग० छिटोसँग; (रिस, प्रेम, इ० भावले) काम्नु, थर्कनु, रोमाञ्चित हुनु; झुलाउनु, दोलाउनु; (लङ्गूर) दोलेर (सेकण्ड, इ०) नाप्नु;—tive,—tory वि. थर्थराउनु, स्पन्दनशील ।

vibratile (भाइ'ब्रटाइल्) **वि.** स्पन्दनीय, थर्थराउन सक्ने ।

vibration (भाइब्रे'श्न्) **ना.** स्पन्द, स्पन्दन, दोलन, कम्पन, थर्थराहट, झनझनाहट; (भौ० शा०) तरलमा केही भागको, वा समतोलनमा बाधा परेको ठोस वस्तुको छिटो स्पन्दन; amplitude of—विश्रान्तिको अवस्थाबाट स्पन्दनशील वस्तुको सर्वोच्च गति, स्पन्दनको परिणाम; forced, free—जसको गति बाह्य शक्तिद्वारा परिवर्तित छ, वा छैन ।

vibrator (भाइ'ब्रेटर्) **ना.** आन्दोलक ।

vibrissae (भाइब्रि'सी) **ना.** (व० व०) पशुहरूको मुखको चारैतिर, र मानिसको नाकभित्र हुने ठाडो खस्रो रौं; कोही कोही चराको चुच्चोको चारैतिर हुने रौं जस्तो प्वाँख ।

vibroscope (भाइ'ब्रस्कोप्) **ना.** स्पन्दनदर्शक, स्पन्दन हेर्ने यन्त्र ।

vicar (भि'कार्) **ना.** कुनै (धार्मिक) क्षेत्र, टोला, को पादरी; —of Bray सैद्धान्तिक अवसरवादी; विभिन्न क्रिस्तानी संप्रदायहरूका विभिन्न पदहरूमा जोडिने यौगिक; V—of Christ पोप ।

vicarage (भि'कारज) **ना.** भिकारको क्षेत्र, निवास ।

vicarial (भि'केय्रिअल्) **वि.** भिकारको,—वत् ।

vicarious (भिके'य्रिअस्, भाइके'—) **वि.** नियोजित, खटाइएको; आर्कोका निमित्त गर्ने वा गरिएको;—sacrifice पापीको सट्टा क्राइस्टको बलिदान ।

vice (भाइस्) **ना.** पाप, दुर्व्यसन, अनाचार, दोष, दुर्गुण, व्यसन, बदी, पापाचरण, व्यभिचार; खोट (स्वभाव, साहित्यिक शैली, इ० मा); (घोडा, इ० पशु) बदमाशी; V—पुरानू रूपक (morality) मा विदूषक, भाँड ।

vice, vise (भाइस्) **ना. र क्रि.** चिमटा, सँडासी, खा० ग० कस्न, खोल्न हुने पेच भएको; bench—खराजी वा मिस्त्रीको टेबुलमा जडेको; **क्रि.** चिमटाले समात्नु, चिमटाभित्र हाल्नु ।

vice (भाइस्) **ना.** नायब, उप, ज० कि—-chairman उपसभापति,—-president उपराष्ट्रपति,—-admiral नायब एडमिरल;—-chancellor उपकुलपति ।

vice (भाइस्) **उ.** सट्टा, ठाउँमा, ज० कि—Captain Jones कप्तान जोन्सको साटोमा ।

vice—consul (भाइस् क'न्सल्) **ना.** उपवाणिज्य दूत ।

vicegerent (भाइस्जे'रण्ट्) **वि. र ना.** नियोजित अधिकार उपयोग गर्ने (व्यक्ति), प्रतिनिधि, उपपदाधिकारी ।

vicennial (भाइसे'निअल्) **वि.** बीसवर्षीय ।

vice-principal (भाइस् प्रिन्'सिपल्) **ना.** उपप्राचार्य ।

viceregent (भाइस्रि'जेण्ट्) **ना.** राज प्रतिनिधि ।

vicerory (भाइस्'राय) **ना.** उपराज, राजप्रतिनिधि; प्रान्त, उपनिवेश, इ० मा राजाको अधिकार उपभोग गर्ने शासक, ज० कि V—of India; (स्त्री०) vicereina; viceregal

वि. उपराजकीय; viceroyal उपराजन्य; viceroyalty उपराजता ।

vice versa (भाइ'सि भअर्'सा) **क्रि. वि.** वा वाक्य० वा त्यसको उल्टो, शब्दको क्रम बदलेर, इ०, ज० कि cat stole the dog's dinner, &—बिरालोले कुकुरको खाना चोन्यो र कुकुरले बिरालोको ।

Vichy (water) (भि'शि वाटर्) फ्रान्सको भिशि शहरनेरको खनिज (पिउने) पानी ।

vicinage (भि'सिनेज्) **ना.** सन्निधि, सन्निधान, संनिकर्ष, आसपास ।

vicinity (भिसि'निटि) **ना.** आसपास, सान्निध्य; नजीकको साइनो ।

vicious (भि'शस्) **वि.** पापी, दुरात्मा, दुर्वृत्त, दुष्ट, दुश्चरित; (घोडा, पशु०) बदमाश; (भाषा, बोली, युक्ति) अशुद्ध, दोषपूर्ण, विकृत, भ्रान्तिपूर्ण, भ्रष्ट; रिसाहा, ईखालु, टोक्ने; —circle विषमवृत्त, दुष्चक्र;—union (शल्य भाँचिएको हाडको बेमेलको जोर्नी, सोबाट हुने विरूपता;—ly **क्रि. वि.** दुष्टतया, दुष्टभावले, बदमाशीसँग;—ness बदमाशी, दुष्टयाइँ ।

vicissitu/de (भि–,भाइसि'सिट्यु ड्) **ना.** परिवृत्ति, विपर्यय, अनुक्रम, उलटफेर, भाग्य परिवर्तन; (आ०, कवि०) नियमित परिवर्तन, फेरफार;—dinous **वि.** परिवर्तनीय, परिवर्तनशील ।

victim (भिक्'टिम्) **ना.** वलि, वध्य, उपहार, यज्ञपशु; शिकार, भाजन (केही खराब कुराको), पात्र; कुनै घटना, वा परिस्थिति वा कसैको राग वा मनोविकार साध्दा, हानि हुने, चोट लाग्ने, वा विनष्ट हुने, व्यक्ति वा वस्तु ।

victimiz/e,—ise (भि'क्टिमाइज्) **क्रि.** शिकार बनाउनु, नुकसान पार्नु, छल्नु; (हडताली, इ०) लाई बर्खासी वा अन्य असामान्य व्यवहारबाट चोट वा नुकसान पुऱ्याउनु;—ation **ना.** उपहारीकरण, ठगी ।

victor (भिक्'टर्) **ना.** (अलं०) विजेता, जयी ।

victoria (भिक्टो'भ्रिआ) **ना.** भिक्टोरिया बग्गी; चार पांग्रे, दोब्यूाउन हुने छत भएको हलुका बग्गी; ठूलो कमलको जात; पालतू परेवाको जात; V—Cross भिक्टोरिया क्रस, भिक्टोरिया पदक, बेलायतकी महारानी भिक्टोरियाले सन् १८५६ मा स्थापना गरेको ।

Victorian (भिक्टोभ्रिअन्) **वि.** र **ना.** बेलायतकी महारानी भिक्टोरियाको पालाको (व्यक्ति, खा० ग० लेखक, ग्रन्थकार);—Order भिक्टोरियाले स्थापना गरेको सम्मान ।

victorious (भिक्टो'भ्रिअस्) **वि.** विजयी, जिष्णु, जितुवा, जेता ।

victory (भिक्' टरि) **ना.** शत्रुको युद्धमा पराजय, प्रतिद्वन्दीको हार, जय, जितबाजी, फत्ते, सर; Cadmean वा Pyrrhic—ज्यादा खर्च वा नुकसान सहेर मात्र भएको जित; moral—नैतिक विजय, V—विजयको मूर्ति (पखेटा भएकी स्त्रीको रूपमा) ।

victual (भि'ट्ल्) **ना.** र **क्रि.** (—ll—) (सा० व० व०) खाद्य, खाना, रसद पानी; **क्रि.** रसद पानी पुऱ्याउनु, रसद प्राप्त गर्नु, खाना खानु ।

victualler (भिट्'लर् ; **ना.** रसद पुऱ्याउने वा बेच्ने व्यक्ति, खा० ग० licensed—रक्सी, इ० मादक पेय बिक्री गर्ने इजाजत प्राप्त भट्टीवाला; अरू जहाजहरूलाई रसद पुऱ्याउने रसद जहाज ।

victualling (भिट्'लिङ्) **ना.** शा० अ० ;— - bill गोदाममा सुरक्षित राखिएको माल झिक्ने भन्सारले जारी गरेको आदेश, छूट आदेश;— - office नौ सेनालाई रसद पुऱ्याउने कार्यालय;— - yard बन्दरगाहमा नौसेनाको रसद गोदाम ।

vicugna,—una (भिकु'निया) **ना.** लामा जातको द० अमरिकी जनावर छाला र मासुको लागि शिकार गरिने;—wool भिकुना, भेकुना ।

vide (भाइ'डि वा—डी) **क्रि.** ल्या० videre, हेर्नु, को लोट; छो० क० v. (पुस्तक इ० को पृष्ठ संकेत गर्दा—supra, infra तल, अवि, माथि, पछि, हेर्नू ।

videlicet (भिडी'लिसेट्) **क्रि. वि.** (छो० क० viz, सा० namely नेम्'लि भनिने) अर्थात्, अर्को शब्दमा ।

video (भि'डिओ) **वि.** र **ना.** दूरदर्शन (टेलिभिजन) को, वा सोको प्रसारण वा ग्रहणमा प्रयोग गरिने; दृश्य; **ना.** दूरदर्शन ।

vidette (भिडेट्') **ना.** =vedette घोडचढी चपटे ।

vidimus (भाइ'डिमस्) **ना.** (व० व०—es) स्रेस्ता जाँच, हिसाव जाँच; कागतको मजबून ।

vie (भाइ) **क्रि.** (vying) प्रतिस्पर्धा गर्नु, जोडका तोड गर्नु, जित्न खोज्नु, उछिन्न खोज्नु ।

Viennese (भिएनीज्') **वि.** र **ना.** (व० व० उही) भिएना (सहर) को (वासिन्दा) ।

vi et armis (भि एट् आर'मिस्) **वि. वि.** (का०) कर बलले, बलपूर्वक हात हालेर ।

Vietnamization (भिएट्नामाइजे'शन्) **ना.** जमीनको लडाइँ देशका (भिएटनामी) लाई सुम्पिने नीति ।

view (भ्यू) **ना.** र **क्रि.** आलोकन, समीक्षण; (का०) मामलासँग सम्बन्धित जेथा, माल, जमीन, इ० को जुरीले आलोकन; दृष्टि, हेराइ; मानसिक पर्यवेक्षण; राय, मन्तव्य, मत; उद्देश्य, मतलब; in—of कारणले, विचारले; on—देखिने गरी, निरीक्षणको लागि **क्रि.** आँखाले हेर्नु, मनले हेर्नु, विचार्नु, राय गर्नु;—er **ना.** खा० ग० दूरदर्शन हेर्ने (व्यक्ति); bird's-eye—विहंगम दृष्टि, सिंहावलोकन; dissolving—s सिनेमा, जादू लालटिन, इ० को, एक दृश्य हटेर अर्को आउने; point of—दृष्टिकोण; private—(चित्र, इ० प्रदर्शनी, शुरूमा केवल सदस्य, इ. को लागि खुला);— - finder दृश्यान्वेषक;—halloo (स्याल शिकार) स्याल लुकेको ठाउँबाट निस्केको देख्दा शिकारीको बोली;—point दृष्टिकोण, भनाउ ।

viewless (भ्यू'लिस्) वि. (कवि. अलं.) अदृश्य ।

viewy (भ्यू'इ) वि. (बो. चा.) सनकी, लहडी, नाटीखुटी गर्ने ।

vigil (भि'जिल्) ना. जाग्राम, जागरण, चनाखोपन, जागरूकता; (सा. ब. व.) जाग्राम, रातीको पूजा; पूजा, उत्सव, इ. को अघिल्लो दिन, एकभक्त ।

vigil/ance (भि'जिल्यान्स्) ना. सतर्कता, सावधानी, होशियारी, प्रजागरण; (भैष.) अनिद्रा;—ance Committee गोलमालमा, अथवा अव्यवस्थित समुदायमा, शान्ति सुरक्षा कायम राख्ने स्वसंगठित संस्था, सतर्क समिति;—ant वि. चनाखो, सतर्क, सावधान, जागरूक ।

vigilante (भिजिल्यान्'टि) ना. सतर्क समितिको सदस्य ।

vignette (भीनियेट्') ना. र क्रि. (स्थाप.) पात र डाँठको बुट्टा; झाँकी; पांडुलिपिमा कोहीं अक्षरको चारैतिर सिंगार्ने बुट्टा; पुस्तकको मुख पृष्ठमा रहनेखोदेको चित्र; पृष्ठभूमि क्रमशः उडाइएको केवल शिर र कुम भएको चित्र वा फोटो; (अलं.) स्वभाव, मिजास चित्रण; क्रि. शिर र कुम देखिने चित्र बनाउनु, पृष्ठभूमि क्रमशः उडाउनु ।

vigoroso (भिगरो'सो) क्रि. वि. (संगी.) जोडसँग ।

vigo/ur (भि'गर्) ना. वीर्य, बल, शक्ति, ओजस, झक, नीच, जाँगर, तदारुखता, उत्साह, जोड, जोश, सजीवता, तीखोपन;—rous वि. प्रबल, ओजस्वी, मुस्तेद, जबरजस्त, जोशिलो, सोत्साह, वीर्यवत्;—rously सवीर्य, सोद्यम, जोडतोडसँग ।

viking (भाइ'किङ्) ना. क्रिस्टीय ८—१० शताब्दीको उत्तरी सामुद्रिक डाँकू ।

Vilayet (भिला'येट्) ना. तुर्की देशको प्रान्त (तुर्की भाषा) ।

vile (भाइल्) वि. रद्दी, गिरेको, अधम, निहीन, जघन्य, नीच; (बो० चा०) अति खराब ।

vili/fy (भि'लिफाइ) क्रि. उतार्नी गर्नु, बदनाम गर्नु, निन्दा गर्नु, होच्याउनु, (विर०) मान घटाउनु, नीच बनाउनु, खोटो बनाउनु;—fication ना. बदनामी, बदख्वाइ, निन्दो चर्चो, उतार्नी, खिंसी, अपवाद, गालीगलौज, अत्तोफरेब;—fier ना. उतार्नी गर्ने, चुगलीखोर ।

vilipend (भि'लिपेण्ड्) क्रि. (साहित्यिक) हेलाको बर्ताव गर्नु, होच्याउनु, अवज्ञा गर्नु, हेप्नु ।

villa (भि'ला) ना. सहरबाहिरको घर, काँठे घर, छुट्टै नगरान्तको घर;—dom ना. काँठे समाज ।

village (भि'लेज्) ना. काँठ, देहात, गाउँ, खर्क, गामल, बस्ती, ग्राम;—r ना. गाउँले, ग्रामवासी, देहाती; वि. ग्राम्य, देहाती ।

villain (भि'लन्) ना. र वि. दुष्ट, दुरात्मा, बदमाश, खल; (बो० चा०, खेलवाड़) बदमाश, उपद्र्याहा; (आ०) काँठे, जंगली; (ऐति०) बाँधा, मोही ।

villainous (भि'लनस्) वि. अधम, नीच, दुष्ट ।

villainy (भि'लनि) ना. बदमाशी, दुष्टता, उपद्रो, जुल्म ।

villanelle (भिलनेल्) ना. दुई अनुप्रासवाला (खा० ग० फ्रेन्च) १९ पंक्तिको कविता ।

villeggiatura (भिलेजटू'र) ना. देहातको बसाइ; ग्राम्य जीवन ।

villein (भाइ'–, भिलिन्) villain को रूपान्तर,= (आ०) मोही, बाँधा, दास, प्रजा ।

vill/us (भि'लस्) ना. (ब० व०--i) (श० वि०) लोम; रोम, कोही जालीमा हुने रौं जस्तो आँकुरा खा० ग० आन्द्राभित्रको श्लेष्मा जातिमा हुने; (वन., ब. व.) फल, फूल, इ. लाई छोप्ने नरम लामू रौं;--iform लोमाकार;--oid,–ose,–ous रोमश, लोमश;--osity लोमश्य ।

vim (भाइम्) ना. (बो. चा.) वीर्य, बल, शक्ति, सत्व ।

vimin/al (भि'मिनल्) वि. (वन.) हाँगा, डाँठ, झिंझा, को वा हाल्ने;—ous वि. विटपीय ।

vina (भी'न) ना. वीणा ।

vinaceous (भि–, भाइने'शस्) वि. अंगूरको, सुरामय; रक्सीको रातो, मद्यरक्तता ।

vinaigrette (भिनिग्रेट्) ना. गन्धग्राही शीशी, गन्धयुक्त सिरका, इ. हाल्ने शीशी ।

vincible (भिन्'सिब्ल्) वि. (विर.) जेय, अजेय होइन, जितिने ।

vinculum (भिन्'क्युलम्) ना. (ब. व.—la) (गणि.) पदको मास्तिर निकट सम्बन्ध देखाउने खिचिएको रेखा, ऊर्ध्व रेखा; (मुद्र.) छाप्दा जोर्ने चिन्ह, कोष्टक; (श. वि.) अवयवको गति रोक्ने सानू अस्थिबन्धन ।

vindic/ate { भिन्'डिकेट्) क्रि. सफलतापूर्वक पैरवी वा समर्थन गर्नु, बचाउनु, स्थापन गर्नु; (कसैको सत्यता, साहस, आचरण, स्वभाव, उक्ति) सिद्ध गर्नु, ठीक रहेछ भनी प्रमाणित गर्नु;—ation रक्षण, प्रतिपादन, स्थापन, पुष्टि; सफाइ;—ator ना. रक्षक, समर्थक;—able,—ative वि. रक्षणीय, समर्थनीय ।

vindicatory (भिन्'डिकेटरि) वि. समर्थन गर्ने खालको; (ऐन, कानून) दण्ड गर्ने किसिमको ।

vindictive (भिन्डिक्'टिभ्) वि. प्रतिकारपरायण, वैर साधनशील, ईखालु, बदला लिने, क्रोधिल, अक्षमी, प्रतिहिंसाशील।

vine (भाइन्) ना. दाख, दाखको लहरा, द्राक्षालता; जुनसुकै लहरा;—borer लहरानाशक (कीरा); under (one's) vine & fig tree सकुशल घरमा; viny वि. लताळु ।

vinegar (भि'निगर्) ना. र क्रि. सिरका, शुक्त, शौक्तिक; अमिलो, ज. कि a—Countenance नाखुश अनुहार; aromatic—कपूर मिसाएको; toilet—श्रृङ्गार सिरका, स्नानजलमा मिसाउने; mother of—फेणनको समयमा उत्पन्न हुने माँड जस्तो वस्तु;—ish,—y वि. अमिलो, नाखुश, चेप्रे ।

vinery (भाइ'नरि) ना. लतागृह ।

vineyard (भिन्'यार्ड् ना. दाखको खेत; दाख लहराको खेत ।

vingt-et-un (भ्याँ टे आँ) **ना.** (फ्रे. एक्काईस) हाम्रो सत्र पारी जस्तो ताशको (जुवा) खेल ।

vini - (भिनि—) ल्या० vinum भाइनन्=मद्यको यौ. रूप:—culture लहरा खेती; viniferous मद्य उत्पन्न गर्ने (क्षेत्र)

vinometer (भाइनॅ'मिटर्) **ना** मद्यमा रहेको मद्य सार नाप्ने यन्त्र, मद्यमापक ।

vin ordinaire (भ्याँ ऑडिनेय्र्') **ना.** सस्तो, सा. रातो मद्य, फ्रान्समा ज्यादा चलतीको, पानी मिसाएर खाने ।

vinous (भाइ'नस्) वि. मद्य; रक्सीको जस्तो ।

vint (भिण्ट्) **क्रि.** रक्सी बनाउनु ।

vintage (भि'ण्टेज्) **ना.** दाख, अङ्गूर, टिप्ने याम; द्राक्षा; कुनै यामको अङ्गूर (बाट बनेको मद्य); अंगूरवाली;—wines प्रख्यात अंगूरवालीको; (कवि., अलं.) मद्य, रक्सी; (वाच्य.) अघिको, पुरानू जमानाको, ज. कि—motor-car उहिलेको मोटर गाडी ।

vintager (भिन्'टेजर्) **ना.** अंगूर टिप्ने (व्यक्ति) ।

vintner (भिण्ट्'नर्) **ना.** रक्सी, मद्य, विक्रेता ।

viol (भा'यल्) **ना.** मध्ययुगी ६ तारे वाद्य यंत्र, बेलाको पुरूखा, भायल ।

viola (भिओ'ला) **ना.** ठूलो बेलाको किसिम ।

viola (भा'यला) **ना.** विरुवाको जात, बैजनी एकरंगा फूल हुने; (बगैंचे विरुवा) ।

violaceous (भायले'शस्) **वि.** बैजनी रंगको, नील लोहित, कलेजी; पाटल (फूल) को ।

viol/ate (भा'यलेट्) **क्रि.** तोड्नु, उल्लंघन गर्नु, मिच्नु, बिगार्नु, भङ्ग गर्नु; बलात्कार गर्नु, करणी गर्नु, सतीत्व नष्ट गर्नु; अनादर गर्नु, अपवित्र वा बिट्टलो गराउनु (पवित्र स्थान, मन्दिर, इ.);—able उल्लंघ्य, उल्लंघनीय;—ation **ना.** अतिक्रम, भङ्ग, उल्लंघन, अतिक्रमण,—ation of rights सन्धि सर्पन;—ator **ना.** मिचाहा, बलात्कारी ।

violence (भा'यलेन्स्) **ना.** हिंसा, बल प्रयोग, बल, बलात्कार, साहस, प्रसभ; अत्याचार, आघात, जखम, हानि, चोटपटक; (का.) गैर कानूनी बल प्रयोग, सोको धाक ।

violent (भा'यलेण्ट्) **वि.** हिंसात्मक, चपरचण्डे, जोडदार, हातपात गर्ने, धक्कासाथ; तीव्र, जोडदार, अत्युत्कट, तीक्ष्ण, बलवत्, सोत्साह, जोशीलो;—death अपमृत्यु,—presumption (का.) प्राय: निर्णायक निष्कर्षमा आधारित ।

viol/et (भा'यलेट्) **ना.** र **वि.** पाटल; बैजनी, सेतो, इ. फूल हुने विरुवा; **वि.** नील लोहित, बैजनी, कलेजी; नीलो र रातो मिसिएको रंग; सो रंगको पुतली; et-powder अत्तर, बास्ना; हालेको खरी पाउडर;—escent **वि.** हलका बैजनी रंगको ।

violin (भायलिन्') **ना.** बेला, सारंगी, पिनाकी; ४ तारे सुरिलो तार भएको धनुले बजाउने वाद्य; बेलावादक, ज. कि first, second—समूह रचनामा विभिन्न भाग बजाउने;—ist **ना.** बेलावादक; पाटल. फूलमा रहने विरेचक वस्तु (--e पनि) ।

violist (भा'यलिस्ट्) **ना.** ६ तारे भायल वाद्यवादक ।

violoncello (भिअलन्चे'लो) **ना.** (छो० क० 'cello, ब० व०—os खरज भायलिन, भैंमा अड्याई घुँडाले थिचेर बजाउने ४ तारे वाद्य ।

VIP (भि'आइपि) **ना.** very important person को छो० क०, अति प्रतिष्ठित व्यक्ति, अ० प्र० व्य०, अति विशिष्ट व्यक्ति, अ० वि० व्य० ।

viper (भाइ'पर्) **ना.** विषालु सर्पको जात; common—बिलायतमा हुने एकमात्र विषालु सर्प; (अलं०) ईखालु वा धोखाबाज व्यक्ति;—ine **वि.** आहेय;—ous **वि.** (अलं०) सर्पसरी ।

virago (भिरे'गो) **ना.** (ब० व०—s) कर्कशा स्त्री, स्त्रीयोधी. जण्ड स्वास्नीमान्छे; (आ०) पुरुषको जस्तो बल वा साहस हुने स्त्री ।

virelay (भि'रिले) **ना.** विभिन्न प्रकारसँग सजाइने एक पुञ्जमा दुई अन्त्यानुप्रास भएको पुरानू फ्रेञ्च कविता ।

virement (भिय्र्माँ) **ना.** रकमान्तर गर्ने काम, कलम एक स्रेस्ताबाट अर्कोमा सार्ने काम ।

vireo (भि'रिओ) **ना.** हरियो रंगको सानू अमरीकी गाउने चराको जात ।

virescence (भिरे'सेन्स्) **ना.** हरियाली, हरियोपना, हरितत्व ।

virgate (भिअ्र्गेट्) **वि.** र **ना.** (प्रा० इ०) पातलो, सोझो र ठाडो; **ना.** (ऐति०) जमीनको परिवर्तनशील नाप ।

Virgilian (भअ्र्जि'लिअन्) **वि.** रोमन महाकवि भर्जिलको, ऐ. को शैलीमा ।

virgin (भअ्र्'जिन्) **ना.** र **वि.** यौनिक संभोगको अनुभव नभएका व्यक्ति; अक्षत योनि, खा० ग० स्त्री; अविवाहिता रहने प्रण गर्ने महिला संप्रदायकी सदस्या; विना गर्भधारण फूल पार्ने कीरा; **वि.** कुमार वा धे० ज० कुमारी; अक्षत; विशुद्ध, अकलंकित; नअजमाइएको वा चलन नगरिएको; the (Blessed) V—(Mary) (छो० क० B. V. M.) पुण्यवती कुमारी मेरी, क्राइस्टकी माता; (ज्यौ०) V—=Virgo, कन्या राशि; --'s bower सेतो, इ० फूल हुने बिरुवा;—clay नपकाएको;—comb केवल एक पटक मह पार्न र बच्चा झिक्न चलन गरिएको; नयाँ गोला;—honey नयाँ गोलाबाट झिकेको वा विना ताप वा चापले झिकेको;—modesty कौमार लज्जा;—queen गर्भधारण नगरेको रानू;—soil परती, आबाद नगरिएको; the V—Queen बिलायतकी एलिजाबेथ प्रथम ।

virginal (भअ्र्'जिनल्) **वि.** र **ना.** कौमार, कौमारी; **ना.** (ऐति०) अडान विनाको चौकोस, एकतारे वाद्य यंत्र ।

Virginia (भअ्र्जि'निआ) **ना.** संयुक्त राज्य मध्येको एक राज्य;—n **वि.** मुख्य सो राज्यबाट आउने सुर्ती;—creeper शोभाको लागि लाइने लहराको जात ।

virginibus puerisque (भअर्जि'निबस् प्युएरिस्'क्वि) ल्या० वाक्य० केटाकेटीको लागि, केटाकेटीलाई सम्बोधित (खा० ग० उनको निर्दोषिताको लक्ष गरेर) ।

Virgo (भअर्गो) **ना.** कन्याराशि; एक नक्षत्र; v—intacta (का०) अक्षतयोनि कुमारी ।

viridescent (भिरिडे'सेण्ट्) **वि.** हरियोको झलक भएको, हरियो हरियो, हरियो हुन लागेको ।

viridity (भिरि'डिटि) **ना.** हरितत्व, खा० ग० सिपी कीराले कोही वनस्पति जीव खाएपछि ।

viril/e (भि'—, भाइ'राइल्) **वि.** पौरुष, पौरुषेय; प्रजनन शक्ति भएको, वीर्यवत्; (मन, स्वभाव, शैली, इ०) पौरुष, पुरुषको वीर्य वा बल भएको;—ity **ना** पुंस्त्व, पुरुषत्व पौरुष ।

virilescent (भिरिले'सेण्ट) **वि.** (पोथी जनावर) बूढो उमेरमा भालेको लक्षण देखाउने; पौरुषेय ।

virology (भाय्रो'लॅजि) **ना.** विषाणु विद्या ।

virose (भा'य्रोज्) **वि.** विषालु, विषयुक्त; विषाणुयुक्त; (वन०) गन्धपूर्ण, गन्हाउने ।

virtu (भअर्टू') **ना.** ललित कला प्रेम, सौख; articles of —कारिगरी, प्राचीनता, विरलापन, इ० ले गर्दा आकर्षक वस्तु ।

virtual (भअर्'ट्यु अल्) **वि.** अवास्तविक, काल्पनिक, झण्डै झण्डै, भने पनि हुने;—focus (चाक्षुष शास्त्र) किरण गुच्छ बढाएमा मिल्ने, भेट्ने, (अवास्तविक) बिन्दु;—ity **ना.** वास्तविकता, यथार्थता;—ly **क्रि. वि.** एक किसिमले, प्रायः, वस्तुतः, झण्डै झण्डै ।

virtue (भअर्'ट्यु, भ'र्चु) **ना.** धर्म, पुण्य, सदाचार, सत्यता, साधुता; नैतिक गुण; सप्त गुणः न्याय होशियारी, संयम, सहनशीलता; धार्मिक गुण (theological) विश्वास, आशा; सतीत्व, खा० ग० नारीको; अन्तर्निहित शक्ति, क्षमता; (ब० व०) देवदूतको श्रेणी (सप्तम); cardinal—s, natural—s प्रधान, प्राकृतिक; by—of, in—of, को कारणले ।

virtuo/so (भअर्ट्यु ओ'सो) **ना.** (ब० व०—si, उच्चा०—सी) कलात्मक विषयहरूका विशेष ज्ञान वा अनुभव हुने दक्ष, कलाप्रवीण; ललित कलाको यांत्रिक हिस्सामा वाकिफ व्यक्ति;—sity **ना.** कलाप्रवीणता, कलादक्षता ।

virtuous (भअर्'ट्यु अस्, भ'र्चुअस्) **वि.** धार्मिक, पुण्यशील, सदाचारी, पुण्यात्मा, संयमशील, ब्रह्मचारी, नैतिक गुण भएको ।

virulent (भि'रूलेण्ट् वा भि'न्यु-) **वि.** विषालु, विषाक्त, हलाहल, विषाणु भएको, वा विषाणुद्वारा; विकृत, मारात्मक, कडा, ज. कि—abuse;—ulcer विषाक्त स्फोट, फोडा;—iferous (भैष.) मारात्मक, विषालु ।

virus (भा'य्रस्) **ना.** विकृत विष, सरुवा रोगको विष, विषाणु; जीवधारी वा वनस्पतिको कोषभित्र मात्र रहन सक्ने जीव अणु, जो सूक्ष्मदर्शकभन्दा पनि पर हुन्छ, औ अनेक रोग उत्पन्न गर्छ ।

vis (भिस्) ल्या. =शक्ति; (यन्त्र.)—inertiae निश्चलता शक्ति;—mortua मृत शक्ति, कुनै क्रिया नगर्ने शक्ति;—viva जीवित शक्ति, गतिशील वस्तुको शक्ति, (=परिमाण) र वेगको वर्गको गुणनफल) ।

visa (भि'जा;—sa'd) **ना.** र **क्रि.** राहदानी, इ. मा ठीक छ भन्ने दरपीठ वा सूचना; आलोकित; दर्शिका, हेरियो; प्रवेशाज्ञा, प्रवेशानुमति; **क्रि.** दर्शिका छाप लगाउनु; entry—प्रवेश दर्शिका, immigration—अध्यागमन दर्शिका; residential—आवासीय दर्शिका; transit—मार्ग, बाटे, दर्शिका; (लुप्त vise (भिजे) ।

visag/e (भि'ज़िज्) **ना.** (अचेल सा. साहित्यिक) अनुहार, रूप, मुख;—ed (भि'ज़िज्ड्) अनुहार परेको ।

visard (भिजर्ड्) **ना.** नकाब, मुकुण्डो, शिरस्त्राणको अग्रभाग ।

vis-a-vis (भीज़ाभी') **क्रि. वि.** र **ना.** मुखामुख गरेर, आमने सामने, अघिल्तिर; **ना.** खा० ग० कोही नृत्यमा अगाडिको व्यक्ति; मुखामुख गरेर बस्ने कवच वा बग्गी ।

viscacha, viz—(भिज्क्या'चा) द० अमरिकी दुलो पार्ने र बस्ने दंशक जनावर ।

viscer/a (भि'सरा) **ना.** ब० व० अन्तस्थ, शरीरका ठूला ठूला गर्तमा रहने अवयवहरू, (ज० कि गिदी, मुटु, कलेजो), खा० ग० उदरमा, (ज० कि आन्द्रा) अन्त्राणि;—al **वि.** अन्तस्थ ।

viscerate (भि'सरेट्) **क्रि.** आन्द्रा झिक्नु, भुँडी झिक्नु ।

viscid (भि'सिड्) **वि.** चिप्लो, बाक्लो, लेदो, मस्याइलो, लेसाइलो, लस्सादार;—ity **ना.** सांद्रता ।

viscin (भि'सिन्) **ना.** खोटो ।

viscose (भिस्'कोज़्) **ना.** (रेयनको उत्पादनमा) सूत झिक्नालाई लस्सदार वस्तुमा परिणत गरिएको सेलुलोज ।

viscosity (भिस्कॅ'सिटि) **ना.** च्याटच्याटेपन, सांद्रता; (भौ० शा०) तरल पदार्थ, अर्ध तरल, ग्यास (वायु), आन्तरिक घर्षण, अणुको रचनामा परिवर्तनको विरुद्धको शक्ति; अपरिणाम ।

viscount (भाइ'काउण्ट्) **ना.** (विलायतको) सामन्त व्यवस्थामा एक दर्जाको नाम; भाइकाउण्ट;—cy **ना.** भाइकाउण्टको दर्जा वा क्षेत्र ।

viscous (भिस्'कस्) **वि.** च्याटच्याटे, सांद्र, श्यान, चिप्लो, बाक्लो; (भौ० शा०) अपरिणामित ।

vise (भि'जे) **ना.** =visa (माथि) ।

visib/le (भि'ज़िब्ल्) **वि.** दृश्य, देखिने, प्रत्यक्ष, व्यक्त, स्पष्ट, दृग्गोचर;—horizon क्षितिज, हेराइ रोक्ने रेखा;—speech संपूर्ण उच्चरित ध्वनि प्रदर्शन गर्ने वर्णमाला र अक्षरको पद्धति;—ility **ना.** चक्षुर्ग्राह्यता, (मौसिम०, नौ० इ०) वायुमण्डल र प्रकाशको त्यो अवस्था जसमा वस्तुहरू आँखाले चिन्न र छुट्याउन सकिन्छ, दृश्यता, चक्षुविषय;—ly **क्रि. वि.** साक्षात्, प्रत्यक्ष देखिने गरी ।

vision (भि'ज़न्) **ना.** र **क्रि.** दृष्टि, देखा; चक्षुरिन्द्रिय; दृश्य; स्वप्न, आभास; अति प्राकृतिक वा भविष्यसूचक छाया,

प्रेत, माया; कल्पना, मनःसृष्टि; the विना कल्पनात्मक अन्तर्दृष्टि, राजनैतिक पूर्व दृष्टि; राजनैतिक चातुर्य; reflected —प्रतिविम्बित छाया; refracted—वक्रित छाया; **क्रि.** छाया देख्नु, छायामा देख्नु, देखाउनु, पेश गर्नु; field of—दृग्विषय, कतैपट्टि आँखा फर्काएमा देखिने सबै दृश्य; दृष्टि क्षेत्र ।

visionary (भि'ऋनरि) वि. र **ना.** अवास्तव, कल्पित, स्वप्नदर्शी; भावनात्मक सिद्धान्तहरूको प्रतिपादन गर्ने;मनः सृष्ट, मनः कल्पित; मनगढन्त; **ना.** छाया, प्रेत, इ० देख्ने व्यक्ति, अव्यावहारिक कुरा गर्ने वा त्यस्तोमा आस्था राख्ने व्यक्ति, कल्पनाशासित व्यक्ति ।

visit (भि'ज़िट्) **क्रि.** र **ना.** आउनु जानु, भेट गर्न आउनु जानु, हेर्न आउनु जानु; काममा, अवलोकन वा निरीक्षण गर्न, देखरेख, वा सच्याउनको लागि, आउनु जानु; (रोग, आपत, इ०) आइलाग्नु, पर्नु, लाग्नु; (वाइ०) (व्यक्ति, पाप) दण्डित गर्नु, बदला लिनु, (व्यक्ति, पुण्य) आशीर्वाद गर्नु, सान्त्वना दिनु; चहार्नु, मढिया मार्नु, ढौंढरी मार्नु, धाउनु; **ना.** भेट, भेटघाट; गमन, आगमन; अभ्यागम; (कसैसँगको केही समयको लागिको) वास; निरीक्षणको लागि औपचारिक आगमन; domiciliary—(सरकारी) खानातलासीको आगमन; right of—अर्को राष्ट्रको जहाजको उद्देश्य वा ढाँचा बुझ्न, (तर खानतलासीविना) जहाजमा प्रवेश गर्ने हक, प्रवेशाधिकार;—able **वि.** गमनीय ।

visitant (भि'ज़िट्याण्ट्) **वि.** र **ना.** (कवि.) अभ्यागत, आउने; **ना.** बसाइँ सर्ने चरो; (कवि., अलं.) अभ्यागत, पाहुना; (V–) साना बालिकाको शिक्षाको काम गर्ने महन्तिनीको सम्प्रदाय ।

visitation (भिज़िटे'शन्) **ना.** औपचारिक निरीक्षण वा त्यस्तो प्रयोजनको लागिको आगमन, खा. ग. विशपले आफ्नू क्षेत्रका गिरजाहरूको निरीक्षण; अभ्यागमन; (बो. चा.) ज्यादा लामो भेट, वा सामाजिक आगमन; अर्काको जहाजको काम र वास्ता पत्ता लाउन प्रवेश; दैवी व्यवस्था, (पुरस्कार वा दण्डको); स्मरणीय अनुभव; (क्रि० धर्म.) पुण्यदेवी मेरीको एक उत्सव पर्व; (पशु.) जानवरहरूको असाधारण वा अति बृहत् ठाउँ सराइ; कोही अप्रिय वा खराब कुराको (ज. कि रोग, महामारी, क्रूर आक्रमणकारी, इ.) आगमन, दुर्विपाक ।

visiting (भि'ज़िटिङ्) **ना.** भेटघाट, संगति, आवत जावत, गर्नु;—acquaintance आवत जावत गर्न हुने चिनापर्ची;—-book (भेट गर्न जानुपर्ने मानिसको नाम लेख्ने);— -card भेट चिट्ठा, कार्ड (भेट गर्न जाँदा, वा सो साटो, छोड्ने वा पठाउने आफ्नू नाम र ठेगाना भएको चिट्ठा) ।

visit/or (भि'ज़िटर्) **ना.** आगन्तुक, अभ्यागत, (भेट्न आउने) मान्छे, भेट्टुवा; (वि. वि., म. वि. इ.) बीच बीचमा निरीक्षण गर्ने कर्तव्य भएको अधिकृत, आगन्तुक;—al वि दर्शक, दर्शनीय;—'s book आगन्तुक पुस्तिका ।

visor,—zor (भाइ'ज़र्) visard,—zard **ना.** (ऐति०) शिरस्त्राणको अग्रभाग; टोपीको निधार; (ऐति०) मकुण्डो, नकाब (खा० ग० योरपमा अघि स्त्रीहरूले नचिन्हिन लाउने) ।

vista (भिस्'टा) **ना**. तरु पंक्तिको बीचको जस्तो लामू साँगुरो दृश्य, वीथि; संझिएको वा इप्सित घटनाहरूको अनुक्रम, मानसिक दृश्य वा भूतावलोकन;—'d **वि**. दीर्घ संकीर्ण दृश्यसहित ।

visual (भिं'ऋ्युअल्) **वि** दृश्य, चाक्षुष, दृष्टिगत, ज० कि —nerve, organ चाक्षुष स्नायु, इन्द्रिय;—angle चाक्षुष कोण (हेरिने वस्तुका दुई छेउले आँखासँग पार्ने कोण);—field वा field of vision दृष्टि क्षेत्र, दृग्विषय;—rays वस्तुबाट आँखासम्म आउने अनुमानित प्रकाश किरण, चाक्षुष किरण;—point क्षितिजको त्यो विन्दु जहाँ चाक्षुष किरण जोरिन्छन् ।

visualiz/e (भिं'ऋ्यु अलाइज़्),—ise (–ज़्) **क्रि.** आँखाले देखिने गराउनु, दृष्टिगत गराउनु; बाह्य र दृश्य रूप दिनु (काल्पनिक विषय, विचार, लाई); (पहिले देखिएको, वा कल्पित चीज) स्पष्ट मानसिक आकारको रूप मनमा खिच्नु;—ation चाक्षुषीकरण ।

vita glass (भिंटा ग्लास) **ना**. सामान्य ऐनाले ऊँ अनुप्राणित गर्ने परा वैजनी सूर्य किरणहरू नरोक्ने गरी बनाएको विशेष प्रकारको भिटा काँच ।

vital (भाइ'टल्) **वि.** र **ना**. इन्द्रियमय जीवनको, लाई आवश्यक, को सम्बन्धको; प्राणसार, प्राणभूत; सारभूत; सत्ववत्; मर्मभेदी, मार्मिक, प्राणघाती; सफलता, इ० को लागि अत्यावश्यक;—center (भैष०) मार्मिक विन्दु, मर्म स्थल (जहाँ कुनै घाउ तत्काल घातक हुन्छ);—force वा principle प्राण शक्ति वा तत्व (जसमा जीवन अडिएको छ भन्ने अनुमान गरिन्छ) जीवात्मा;—parts मर्म;—statistics (जन्म, विवाह, मृत्यु, इ० को, अथवा, बो० चा० स्त्रीको वक्ष, कम्मर र कटिको नापको) आवश्यक, प्राणी, जीवी, तथ्याङ्क;—ly **क्रि. वि.** सारभूत ढाँचासँग; **ना.** ब० ब० आँत, मर्मस्थल, ज० कि फोक्सो, मुटु, गिंदी ।

vitalism (भाइ'टलिज्म्) **ना.** (प्रा० वि०) जीवन कोही खास प्राण शक्तिबाट उत्पन्न हुन्छ, जो रासायनिक वा अन्य भौतिक शक्तिभन्दा पृथक् हुन्छ भन्ने सिद्धान्त; प्राणवाद ।

vitality (भाइट्या'लिटि) **ना.** प्राणशक्ति; प्राणधारण शक्ति; (अलं०, संस्था, भाषा, इ० को) स्थायित्व, कार्यक्षमता ।

vitalize,—ise (भाइ'टलाइज़्) **क्रि.** अनुप्राणित गर्नु, प्राण हाल्नु, जीवित तुल्याउनु ।

vitamin (भि'—, भाइ'टामिन्) **ना.** प्राणामीन, भिटामिन; जटिल रासायनिक रचनाका अनेक खाद्य वस्तु, जो धेरै खाद्य सामग्री र तिनमा पनि विशेष गरेर काँचो अवस्थामा पाइन्छन्, जो कि मानव र अन्य पाशविक स्वास्थ्यको लागि अत्यावश्यक छन् औ जो खानामा नभएमा शरीरको विभिन्न अङ्गमा विपोषण, अथवा न्यूनता रोग हुन जान्छ ।

vitellin (भि—, भाइटे'लिन्) **ना.** (र० शा०) अण्ड पीतको मुख्य प्रोटीन तत्व ।

vitellus (भि—, भाइटे'लस्) **ना.** (ब० ब०—i) अण्ड पीत, डिम्बको प्ररसिक भाग ।

vitia/te (भिंशिएट्) **क्रि.** दूषित गर्नु, विगार्नु, वराल्नु, वहकाउनु, विट्टुलो पार्नु; नाकाविल पार्नु, व्यर्थ पार्नु, वेकामको गराउनु;—tion दूषण, भ्रशन, विगार ।

vitreo/us (भि'ट्रिअस्) **वि.** काचज, काचाभ, काचमय, काँचीय, काँत्र जस्तो (साह्रो, पारदर्शक, भङ्गुरता, रचना, इ०);—body or humour आँखाको डल्लो भरिरहने पारदर्शक जेलीरूप वस्तु;—us electricity काँचीय विद्युत्;—sity काचत्व; vitriscence काचत्व; vitriscent काचीय ।

vitrif/y (भि'ट्रिफाइ) **क्रि.** काँच, ऐना, वा काँच जस्तो वस्तु बन्नु, बनाउनु; काचसात् गराउनु; -action,—ication काचसात्करण;—iability काचसात्करणीयता ।

vitriol (भि'ट्रिअल्) **ना.** गन्धकाम्ल वा उसको कुनै लवण; (अलं०) कटु बोली या समालोचना, इ०; blue वा copper —तुत्थाजन, शिखीग्रीव, तूतो; white—सफेता; oil of— गहन गन्धकाम्ल,— -throwing (रिसले) तेजाव फ्याँक्नु (कसैको मुख, जीउ, माथि);—ic वि. कटु, तीव्र; गन्धकाम्ल जस्तो ।

vitriolize (भि'ट्रिअलाइज्) **क्रि.** गन्धक लवण, सल्फेट, वनाउनु; तेजावले पोल्नु; विष दिनु वा ख्वाउनु ।

vitta (भि'टा) **ना.** (ब० व०—ae) (रो० प्रा० इ०) पुरोहित, पूजारी, वली, इ० को माला; (वन०) कुनै बिरुवाको रूलमा रहने चिल्लो नली; (पशु०) रंगको पाटो ।

vituper/ate (भाइव्यु'परेट्) **क्रि.** भर्त्सना गर्नु, निन्दा गर्नु, नराम्रो गाली गर्नु;—ation निन्दा, गाली गलौज, गाली, भर्त्सना;—ator **ना.** निन्दक, आक्षेपक ।

viva (भी'भ) **वि. बो.** र **ना.** जय ! जयध्वनि ।

viva (भाइ'भ) viva voce=मौखिक ।

vivace (भीभा'चे) (संगी० ने०) फुर्तीसँग ।

vivaci/ous (भी—, भाइभेशस्) **वि.** फुर्तिलो, टाठो, प्रफुल्ल, उल्लासी, जोशिलो, (वन०) चाम्रो, बाँच्ने, जाडो छिचल्ने, बाह्रमासे;—ty **ना.** फुर्ती; उल्लास, उत्साह, जोश, तुजुक ।

vivandiere (भिमान्डिएयर्) **ना.** (ऐति०) योरपीय र खा० ग० फ्रेञ्च पल्टनमा रक्सी बेच्ने कामलाई नियुक्त स्त्री ।

vivarium (भाइभे'यिरअम्) **ना.** (ब० व० - ia) पशुलाई प्राकृतिक अवस्थामा राख्ने उद्देश्यले तयार गरिएको (कृत्रिम) स्थान, चिडियाखाना, सो जस्तो ठाउँ ।

vivat (भाइ'भ्याट्) **वि. बो.**, र **ना.** जय ! जिन्दावाद ! सो ध्वनिहरू ।

viva voce (भाइ'भ भो'सि) **क्रि. वि.**, **वि.** र **ना.** मौखिक (रूपले); **ना.** (छो० क० viva) मौखिक परीक्षा, वाक् परीक्षा, सवाल जवाफ ।

vive (भीभ्) **वि. बो.** जय ! जिन्दावाद !—le roi राजा जिन्दावाद ! qui—, on the qui—सावधान, इन्तजारमा, केही हुन्छ भनेर पर्खेर बस्ने ।

vivers (भाइ'भर्ज़्) **ना.** ब० व० (स्क०) खाना, खानेकुरा ।

vives (भाइभ्ज़्) **ना.** घोडाको बंगारामा हुने गाँठो ।

vivid (भि'भिड्) **वि.** (प्रकाश, रंग) उज्यालो, गाढा, चडका; (व्यक्ति) सजीव (मानसिक शक्ति) स्पष्ट, ओजस्वी, सत्ववत्;—ly **क्रि. वि.** प्रष्टसँग;—ness **ना.** स्पष्टता, सजीवता ।

vivify (भि'भिफाइ) **क्रि.** प्राण हाल्नु, अनुप्राणित गर्नु, सजीव तुल्याउनु (मु० अलं०) ।

viviparous (भिभि'प्यारस्) **वि.** (पशु०) जरायुज, जीवज (अण्डज होइन); (वन०) विरुवामा छँदै जम्ने व्यू वा गाँठो भएको ।

vivisect (भिभि'सेक्ट्) **क्रि.** (पशु० इ०) जीउँदै चिर्नु, काट्नु; जीवक छेदन गर्नु ।

vivisection (भिभिसेक्'शन्) **ना.** जीवक छेदन; विज्ञान वा भैषज्य ज्ञानको लागि जीवित प्राणी, खा० ग० छानिएका पशुहरूको शरीरमा निरफार वा अङ्गच्छेद;—al **वि.** जीवकछेदीय;—ist **ना.** जीवकच्छेदक ।

vivo (भी'भो) (संगी० निर्दे०) vivace फुर्तीसँग ।

vixen (भि'क्सेन्) **ना.** पोथी स्याल; कर्कशा स्त्री, चण्डी, मापाकी;—ish **वि.** मापाकी, कर्कशा ।

viz (नेम्लि) **क्रि. वि.** = videlicet को छो० क०) ।

vizard (भिज़र्ड्) **ना.** मकुण्डो, नकाब ।

vizier (भि'जेय्र्) **ना.** वजीर, उच्चपदाधिकारी, मन्त्री; grand—प्रधान मन्त्री ।

Vlach (भ्लाक्) **वि.** र **ना.** वलाक, रोमानी, द० पू० योरपीय क्षेत्रको निवासी जातिको (सदस्य) ।

vlei (फ्ले) **ना.** (द० अफ्रिका) बर्खामा पानी जम्ने नीचो जमीन, खाडल ।

vocable (भो'केब्ल्) **ना.** शब्द खा० ग० अर्थ भन्दा रूप, आकार, को संसर्गमा ।

vocabulary (भक्या'ब्युलरि) **ना.** शब्दकोष, खा० ग० कुनै खास पेशा, विद्या, पुस्तक, विज्ञान, वा कुनै लेखकको ।

vocal (भो'कल्) **वि.** र **ना.** ध्वन्यात्मक, वाचिक, स्वरवत्, वाक्, कंठज, वाङ्मय;—communication वाचिक, मौखिक, सन्देश;—auscultation वाचिक श्रवण (बोली छातीको भित्ताबाट चिकित्सकले);—cords वाचिक सूत्र (कण्ठनलीको);—music गायन, कंठ संगीत; -thrill बोल्दा छातीको भित्तामा स्पन्दन; (कवि०) (पानी, रूख, इ०) वाणीयुक्त; (ध्वनि०) उच्चरित, स्वरित, स्वर प्रकृतिको; **ना.** स्वर;—ity **ना.** उच्चार, उच्चरितता;—ic **वि.** स्वरीय ।

vocalism (भो'कलिज्म्) **ना.** बोल्दा वा गाउँदा स्वरको प्रयोग; स्वर ध्वनि ।

vocalist (भो'कलिस्ट्) **ना.** गायक (instrumentalist वाद्य वादकको विप०) ।

vocaliz/e,—ise (भोकलाइज्) **क्रि.** स्वरले (ध्वनि)

बनाउनु, (शब्द) उच्चारण गर्नु, खा० ग० कम्पनसाथ उच्चरित गर्नु; हिब्रू भाषा स्वर हालेर लेख्नु; (ठ०) गाउनु, गुनगुनाउनु, बोल्नु, चिच्याउनु, इ०; (संगी०) अलापनु;—ation ना. स्वरीकरण ।

vocation (भके'श्न्) **ना.** कुनै व्यवसाय वा पेशाको लागि दैवी प्रेरणा; पेशा, व्यवसाय, व्यापार;—al **वि.** पेशावर, व्यावसायिक ।

vocative (भॅ'केटिभ्) **वि.** र **ना.** (व्याक०) संबोधन, सम्बोधन विभक्ति ।

vocifer/ate (भोसि'फरेट्) **क्रि.** कराएर बोल्नु, चडका उच्चारण गर्नु, चिच्याउनु;—ation **ना.** आक्रोष, उद्घोष;—ator आक्रोशक, उद्घोषक ।

vociferous (भोसि'फेरस्) **वि.** (व्यक्ति, बोली, वचन, इ०) महाशब्द, संकोलाहल, कोलाहली ।

vodka (भॅड्'का) **ना.** राइ अनाजबाट रूसमा बन्ने कडा ब्याण्डीको किसिम, भडका ।

vogue (भोग्) **ना.** र **क्रि.** (अचेल मु० साहित्यिक) प्रचलित रीति; चलन वा लोकको स्वागत; **क्रि.**—la galére (भोग् ला ग्यालेय्र्) चल्यो, शुरू भयो; in vogue कायम, चलेको ।

voice (भॉयस्) **ना.** र **क्रि.** आवाज, सोर, बोली, स्वर, वाणी, नाद, कण्ठध्वनि; बोली, खा० ग० वचन वा (अलं०) लिखित शब्दको; राय, राय प्रकाश गर्ने हक; समर्थन, मत; (ध्वनि०) वाचिक सूत्रको गुन्जनसहितको उच्चारण, न केवल सासको; (व्याक०) वाच्य; **क्रि.** उच्चारण गर्नु, व्यन्जन गर्नु; (संगी०) (वाद्य यन्त्र, खा० ग० अर्गनको नल) लय मिलाउनु; (ध्वनि०) गुञ्जनसहित उच्चारण गर्नु (खा० ग० निष्ठामा); has lost his/her—सोर बसेको छ (गाउन नसक्ने); in voice (गाउनालाई ठीक अवस्थामा); chest—निम्नतम स्वरको; head—माथिल्लो स्वरको; veiled—विकृति वा वैरूप्यको कारणले बिग्रेको; (अलं०) हल्ला, ज० कि sea, storm lifts up its—;—d (—स्ट्) **वि.** उच्चरित; active—कर्तृवाच्य; passive—कर्मवाच्य; middle—मध्यम स्वर ।

voiceful (भॉयस्'फुल्) **वि.** (कवि०) गुञ्जित, घन्कने, शब्दायमान, अनुनादी ।

voiceless (भॉयस्लेस्) **वि.** शब्दरहित, मूक, लाटो; (ध्वनि०) अनुच्चरित ।

void (भॉयड्) **वि., ना.** र **क्रि.** शून्य, खाली, रिक्त; (पद, ओहदा) रिक्त; (का०, खा० ग० तमसुक, करारनामा, कागत, ठेक, इ०) बदर, बातिल, भूस; (कवि०, अलं०) व्यर्थ, बेकाम, निष्फल; **ना.** रिक्त स्थान, शून्य स्थान (अक्ष० र अलं); **क्रि.** बदर गर्नु, नाकायम गर्नु, बातिल गर्नु; निस्कनु (दिसा इ०); (आ०) त्याग गर्नु, खाली गर्नु; null &—खारिज, बदर;—of रहित; कमी, खाँचो, भएको;—able **वि.** त्याज्य, वर्जनीय, परित्यक्तव्य, परित्याज्य, निकाल्न सकिने;—ing निर्हार, निर्हाद;—ly **क्रि. वि.** कमी भएर, खाँचो भएर;—ness **ना.** शून्यता, रिक्तता ।

voidance (भॉय'डयान्स्) **ना.** निष्कासन, (खा० ग० पादरीको पदबाट) ।

voided (भॉ'यडेड्) **वि.** शा० अ०, पनि, (वंश) मैदान देखाउनालाई बीचको क्षेत्र काटिएको ।

voile (भ्वाल, भॉयल्) **ना.** पातलो अर्ध पारदर्शक सूती, ऊनी वा रेशमी कपडा ।

volant (भो'लण्ट्) **वि.** (पशु०) उड्ने, उड्न सक्ने; (वंश०) उडन लागेको, डयन; (कवि०) छिटो, चपल ।

volapük (भोलापूक्', भॅ'लापुक्) सन् १८७९ मा आविष्कार भएको कृत्रिम अन्तरराष्ट्रिय भाषा;—ist **ना.** भोलापूकविद, वादी ।

volar (भो'लर्) **वि.** (श० वि०) हत्केला, वा पैताला, को ।

volati/le (भॅऌ'टाइल्) **वि.** चाँडो उड्ने, वाष्पीय, वाष्पशील;—oil=essential oil, वाष्पशील तैल; (अलं०) फुर्तिलो, चपल, मौजी, परिवर्तनशील;—lity **ना.** चापल्य, चांचल्य, वाष्पशीलता ।

volatiliz/e,—ize (भल्या'टिलाइज्) **क्रि.** उडाउनु, उडने गराउनु, उड्न लगाउनु, वाफ गराउनु;—able **वि.** वाष्पपरिणामीय;—ation वाष्पीकरण ।

vol—an—vent (भोल्'ओभाँ) **ना.** गरिष्ट उठेको (पाइ) रोटीको प्रकार ।

volcanic (भॅल्क्या'निक्) **वि.** ज्वालामुखीय, ज्वालामुखीले बनाएको, जस्तो;—bomb धे० ज० बाट्लो र खोक्रो आग्नेयोद्गार;—glass ज्वालामुखीय काँच;—ity **ना.** ज्वालामुखीयता ।

volcan/o (भॅल्के'नो) **ना.** (ब० व०—es) ज्वालामुखी पर्वत, ज्वालामुख; active, dormant, extinct,—o क्रियाशील वा चालु, निष्क्रिय वा शिथिल, क्षीण वा मासिएको ज्वालामुखी;—ism **ना.** ज्वालामुखविद्;—ology **ना.** ज्वालामुख शास्त्र ।

vole (भोल्) **ना.** छुचुन्द्रोको किसिम; water—पानी छुचुन्द्रो, (ठूलो जातको) ।

volet (भॅ'ले) **ना.** त्रिपटको छुट्टो फल्याक वा पाटी ।

volitant (भॅ'लिट्याण्ट्) **वि.** (पशु०)=Volant, उडन, उड्ने, उडिरहेको ।

volition (भलिंश्न्) **ना.** इच्छाको प्रयोग, संकल्प, इच्छा, चाहना; इच्छाशक्ति;—al **वि.** इच्छु, संकल्पित, ऐच्छिक;—volitive इच्छीय, संकल्पात्मक ।

volkslied (फोक्स्'लीट्) **ना.** (जर्मन) लोकगीत ।

volksraad (फेक्स्'राट्) **ना.** (ऐति०) द० अफ्रिकाका ट्रान्सभाल र अरेन्ज फ्री स्टेटका अघिका वैधानिक सभा; (जर्मन) ।

volkswagen (फोक्स्'भागेन्) **ना.** (जर्मन) लोक गाडी (मोटर सवारीको नाम) ।

volley (भॅ'लि) **ना.** (ब० व०—s) र **क्रि.** बढाइँ, वर्षा,

पर्रा; एकै पटक हानिएका घुर्येंत्रों, क्षेप्यास्त्र; (अलं०) चाँड-चाँडै (किरिया, गाली, इ०) निष्कासन; (टेनिस) वल भैंमा नखस्दै फेरि हानेको; (क्रिके०) हान्नेको नजीकै पुन्याएर वल हानेको, पठाएको; half—-(टेनिस) भैंमा खस्नासाथ वललाई फर्काएको; (क्रिके०) भैंवाट वल उफ्रनासाथ हानेको, त्यसरी गरेको आघात; **क्रि.** टेनिस, क्रिकेट, मा वल त्यसरी हान्नु;—gun गोली वर्षाउने मशीन गन; **क्रि.** हान्नु, हिर्काउनु, हुत्याउनु (क्षेप्यास्त्र, गाली, इ०); (क्षेप्यास्त्र) वर्षनु; (तोप) वढाइँ हान्नु, गर्नु ।

volplane (भॅल्'प्लेन्) **ना.** र **क्रि.** (वायुयान वा चालक) विना इन्जीनको उत्राउ इन्जीन नचलाएर उत्रनु, सुल्किनु, चिप्लनु ।

volt (भॅल्ट्) **क्रि.** र **ना.** घोचाइ छल्न (असियुद्धमा) छिटो चाल ।

volt (भोल्ट्) **ना.** विद्युत् उत्पादक शक्तिको एकांकी, भोल्ट, एक एम्पियर प्रवाहलाई एक ओह्म् प्रतिरोधको विरुद्ध चलाउने सक्ने शक्ति ।

volta (भॅल्टा) **ना.** (संगी० व० व०—te, उच्चा० टे) पटक (इटालियन); una—, due—, एक, दुई पटक, ई०; prima —पहिलो पटक, चोटि ।

voltage (भोल्'टेज्) **ना.** भोल्टमा जनाइएको विद्युत् उत्पादक शक्ति ।

voltaic (भोल्टे'इक्) **वि.** (मु० ऐति०) रासायनिक प्रक्रियावाट उत्पन्न भएको विद्युत, ग्यालभानिक विद्युत;—battery, cell भोल्टेइक कोष ।

Voltair (ian) ism (भोल्टेय्र् (इयन्) इज़्म्) **ना.** फ्रान्सिसी दार्शनिक भोल्टेयरको सिद्धान्त; नास्तिकवाद ।

voltameter (भॅल्त्या'मिटर्) **ना.** विद्युत प्रवाहमापक (विद्युत् विच्छेद्य क्रियाद्वारा) ।

volte (भॅल्ट्) **ना.** (असियुद्ध) घोचाइ उम्कनालाई छिटो चाल वा गति; घोडाको गोल चाल ।

volt-face (भोल्ट्फास्') **ना.** घुमाइ, परावृत्ति, परिवृत्ति खा० ग० (अलं०) विवाद, राजनीति, बयान, इ० मा रूहको पूरा अदलबदल; मुखफेराइ ।

volub/le (भॅ'ल्युब्ल्) **वि.** (वक्ता वा भनाइ) वाक्पटु, सहज, बोलक्कड, वाचाल, चपलजिह्व; (आ०) घुम्ने, परिवर्ती; (वन०) आडमा बेह्रिने, वटारिने;—ility **ना.** वाक्चपलता, वाक्चापल्य ।

volum/e (भॅल'युम्) **ना.** (छो० रू० vol.) खण्ड, भाग (पुस्तकको); पुस्तक, ग्रन्थ; प्राचीन भूर्जपत्र इ० मुठ्ठा, वासा; प्राचीन पुस्तकको रूप (codex हेर्नु); (सा० व० व०) माला, गुँडुल्को, वाङ्गुलो थुप्रो (धूवाँ, इ० को); ढेरी, थुप्रो, राशि, संहति, ठोस परिमाण, आयतन, घनफल; (संगी०) स्वरको पुष्ट्याइँ;—inal राशिगत, राशिकृत ।

volumenometer (भलुमि'नोमिटर्) **ना.** ठोस वस्तु तरलमा डुबाउँदा विस्थापित भएको तरलको परिमाणबाट घन-वस्तुको परिमाण नाप्ने उपकरण; घनमापक ।

volume/ter (भलु'मिटर्) **ना.** वायु, ग्यास वा तरलको राशि, परिमाण, नाप्ने औजारहरूको किसिम, परिमापक, राशिमापक;—tric **वि.** परिमाणक ।

volumino/us (भल्यु'मिनस्) **वि.** गुँडुल्को परेको (सर्प, मस्तिष्क, इ०, तर अचेल विर०); बहुपुस्तक; (लेखक) अनेक पुस्तकको स्रष्टा; विस्तीर्ण; मोटो, ठूलो; (वस्त्र व्यवहार, पट,) खुकुलो, प्रशस्त, गल्थो;—sity **ना.** विस्तीर्णता, अनेकता ।

voluntary (भॅ'लन्टरि) **वि.** र ना. ऐच्छिक, स्वेच्छापूर्वक, आफूखुशी, राजीखुशी, इच्छाधीन, अनिवार्यको विप०; (अङ्ग, पेशी, चाल) इच्छाले गरिने, चलाइने;—conveyance (का०) दामकाम विना;—grantee (विना दाम कामको प्राप्ति कर्त्ता);—partion (आफूखुशी अंशबण्डा; अदालतको आदेशले होइन); **ना.** केवल अर्गन वाद्य (क्रिस्तानी पूजामा); सरकारमा भर नपरी स्वेच्छावाट उठेको चन्दामा भर गर्ने (शैक्षिक) संस्था; सेना वाहिनीको गठनमा स्वेच्छावाट भर्तीहरू लिने, करले होइन; (प्रतियोगिता, इ०, मा) खेलाडीको इच्छामा छाडिदिएको विशेष खेल वा क्रिया ।

volunteer (भॅलनूटिय्र्') **ना.** र **क्रि.** स्वयंसेवक, स्वेच्छा सैनिक, आफूखुशी, स्वच्छन्द, निरङ्कुश; (वाच्य, उद्भिद्, तरकारी,) आफै उम्रिने; **क्रि.** स्वेच्छाले सेवा अर्पण, काम, गर्नु; अयाचित काम गर्नु; स्वयं सेवक बन्नु; उतर्सिनु ।

voluptuary (भलप्'टयुअरि) **वि.** र **ना.** विषयासक्त, सौखी, सौखीन, भोगनिरत, इन्द्रिय सुखासक्त, विषयी, भोगी ।

voluptuous (भलप्'टयुअस्) **वि.** इन्द्रिय वा यौनिक तृप्ति वा सुखसम्बन्धी; आनन्ददायी, कामवर्धक, इन्द्रियोपभोगीय, विषयी ।

volute (भल्यू'ट्) **ना.** र वि. स्तम्भशिरको घुमाउरो बुट्टा; कंचुकसहितको जठरपाद (चिप्लिकीरा) ।

volution (भल्यु'शन्) **ना.** घुमाउरो मोड; शंखका चक्रहरू; (श० वि०) गुँडुल्को, पत्र, वटार ।

vomer (भो'मर्) **ना.** (श० वि०) नाकको दुई प्वाल छुट्ट्याउने कुर्कुरे हाड, नाकको डाँडो पार्ने हाड ।

vomit (भॅ'मिट्) **क्रि.** र **ना.** वान्त गर्नु, छाद्नु, उकल्नु, ओकल्नु, उगल्नु, उल्टी गर्नु, वाक्क गर्नु; (अलं०) ज्वालामुखी, चिमनी धूवाँकस) जोडसँग फ्याँक्नु, उगेल्नु; **ना.** वान्त, उल्टी, वमन, छाद; black—पीत ज्वरमा आउने कालो छाद;—-nut =nux vomica, कुचला ।

vomitory (भॅ'मिटरि) वि· र **ना.** वान्ता लाउने, वमन कारक (ओखती); ना. (रो० प्रा० इ०) प्रवेश र निर्गमको-वाटो, प्राचीन रंगशालाहरूमा ।

vomiturition (भॅमिट्योरि'शन्) **ना.** वान्ता गर्ने व्यर्थ प्रयत्न, वाकवाकी, वान्ता; बराबरको उल्टी ।

voodoo (भू'डू) **ना.** र क्रि. झाँक्री विद्या, झाँक्रीमा विश्वास, ज्यादू, (हवशी जातिहरूमा पाइन्छ); (—doctor,—priest पनि) सो विद्या जान्ने व्यक्ति, झाँक्री; **क्रि.** जादू, मन्त्र, लाउनु ।

voracious (भरे'शस्) **वि.** खानामा लोभी, अति लोलुप, पेटू, पेटपाला, खन्चुवा, औदरिक, क्षुधार्त;—ly **क्रि. वि.** पकापक, कपाकप voracity अत्याहार, औदरिकता, अतृप्ति ।

vortex (भॅऽर्'टेक्स्) **ना.** (व० व०—ices,—exes) भुँवरी, भ्रमि, भुमरी, भँवर, भुमरी परेको तरलको राशि; (भौ० शा०) कणहरूको घूर्णक गति भएको तरलको भाग; घूर्णक गति वा राशि, खा० ग० (अलं०) पद्धति, काम, जो त्यसमा मुछिने लाई तानेर निल्दछ भन्ने अनुमान गरिन्छ ।

vorticel (भॅऽर्'टिसेल्) **ना.** जमेको पानी, इ०, मा पाइने घण्टाकार सूक्ष्मजीव ।

vorticist (भॅऽर्'टिसिस्ट्) **ना.** (तत्व०) ब्रह्माण्डलाई गति वृत्ताकार भएर फैलिने पदार्थनिष्ठ शून्यको रूपमा हेर्ने व्यक्ति; (कला.) जस्तो cubist घन चित्रकारले घनको प्रयोग गर्छ, त्यस्तै—ले भुमरीहरूको प्रयोगद्वारा चित्र लेख्तछ, घूर्णनवादी, घूर्णन चित्रकार ।

vortiginous (भर्टि'जिनस्) **वि.** घुम्ने, घूर्णक ।

votary (भो'टरि) **ना.** उपासक, भक्त; पूजक, आश्रित; अनुयायी, वफादार अनुचर, समर्थक (पद्धति, काम, पेशा, इ. को) ।

vote (भोट्) **ना.** र **क्रि.** गुप्त मत, हातको इशारा, मुखको बोली, इ० उपायले जनाएर ऐन पारित गर्ने, प्रस्ताव पारित गर्ने, इ० मा आफ्नू मत वा रायको प्रकाशन; मत, राय; प्रकाशित राय, निकासा दिइएको दाम, (बहुमत द्वारा); सामूहिक मत, भोट (राजनैतिक दलले पाउने); मताधिकार; मतपत्र, चिट्ठा, इ०; **क्रि.** मत दिनु, राय जनाउनु, (for, against पक्षमा, विरुद्ध) ऐन तर्जुमा गर्नु, पास गर्नु, संकल्प गर्नु; रकम, दाम, को निकासा दिनु; (बो० चा०) साधारण स्वीकृतिले भन्नु, जनाउनु; (बो० चा०) प्रस्ताव गर्नु;—in मतद्वारा चुन्नु, निर्वाचन गर्नु; cast—मत खसाल्नु (सा० मतपेटीमा) casting—निर्णायक मत (सभा, समितिमा पक्ष विपक्षमा बराबर मत भएमा अध्यक्ष, सभापति, इ० ले एकापट्टि मत दिने व्यवस्था); dissentient—विमत; floating—असंलग्न वा स्वतन्त्र मतदाताको मत; split—विरोधी उम्मेदवारहरूमा आफ्नू मत बाँड्नु, विभाजित मत;—of confidence (शासक दलको सरकारले संसद्, इ० मा पाउने वा नपाउने विश्वासको बहुमत;—on account पेशगी; votable **वि.** मत दिन हुने;—r **ना.** मतदाता ।

voting (भो'टिङ्) **ना.** शा० अ० :—-paper मतपत्र ।

votive (भो'टिभ्) **वि.** चढाइएको, दत्त, संकल्पित, भाकेको, भाकल, ज० कि—offering ।

vouch (भाउच्) **क्रि.** समर्थन गर्नु, सदर गर्नु, (बयान, इ० प्रमाण वा वक्तव्यद्वारा); जमानी बस्नु, जवाफदेही बोक्नु ।

voucher (भाउ'चर्) **ना.** शा० अ० खा० ग० : बीजक, पुष्टिपत्र, पुर्जा, प्रमाणक पुर्जा, भाउचर, भौचर; माल सामान वा कुनै सेवाका निमित्त दाम तिरेको निस्सापत्र, जसबाट पछि क्रेताले आफ्नू प्रयोजन पूरा गर्न सक्दछ, प्रमाणक पुर्जा ।

vouchsafe (भाउच्सेफ्) **क्रि.** कृपासाथ दिनु, कृपा गर्नु, बक्सनु ।

voussoir (भूस्वार्) **ना.** गुम्बजमा रहने प्रत्येक (एकापट्टि ताछेंको) कीलाको आकारको पत्थर, ईंट, इ० ।

vow (भाउ) **ना.** र **क्रि.** शपथ, प्रतिज्ञा, किरिया, भाकल; त्यस्तो शपथबाट गरिने क्रिया; आचरण; **क्रि.** प्रतिज्ञा गर्नु, शपथ लिनु, संकल्प गर्नु, भाक्नु, भाकल गर्नु; निश्चयात्मक वक्तव्य गर्नु ।

vowel (भा'वेल्) **ना.** स्वर, अच्, अज वर्ण ।

vowelize,—ise (भा'विलाइज़्) **क्रि.** स्वर हाल्नु (हिब्रू भाषामा, संकेत लिपिमा, इ०) ।

vox (भक्स्) **ना.**—' barbara (श० **वि.**, वन०, इ०) मिश्रित वा अशुद्धसँग तर्जुमा गरिएको शब्द;—-et praeterea nihil आवाज र अरू केही होइन, अर्थात् केवल बकबक मात्र, कुरा मात्र;—humana मान्छेको जस्तो सोर हुने ठानिएको अर्गनको बोली;—populi जनमत, लोकबोली ।

voyage (भॉ'यज्) **ना.** र **क्रि.** यात्रा, सफर खा० ग० पानी माथि, सामुद्रिक, र लामू; समुद्रयात्रा, जलयात्रा; broken—असफल ह्वेल माछा शिकार; **क्रि.** सामुद्रिक यात्रा गर्नु, जल यात्रा वा सफर गर्नु;—r **ना.** समुद्रग; समुद्रगामी, जलयात्री, यात्री; bon voyage (बों भ्वैयाज़्) वि० बो० राम्रो यात्रा होस् !

voyageur (भ्वायाज़्येर्') डुङ्गा माझी (क्यानडामा); पानीबाट माल ओसार्ने नाविक (ऐ०)

vraic (भ्रेक्) **ना.** बिलायतको स्रोत (च्यानेल) का द्वीपतिर पाइने इन्धन र मलको रूपमा व्यवहार हुने समुद्री झार ।

vraisemblance (भ्रेसाँल्वाँस्') **ना.** सत्यको रूप, सत्यको ढाँचा, मनासीब ढाँचा, सत्याभास ।

Vulcan (भल्'कन्) **ना.** (रो० क०) अग्निदेव र कामीदेव;—powder विस्फोटक ।

vulcanite (भल्'कनाइट्) **ना.** कडा गराइएको रबड, भल्कानाइट ।

vulcaniz/e,—ise (भ'ल्कनाइज़्) **क्रि.** रबडलाई बढी नम्य र बलियो पार्न, र कडा वा नम्य जस्तो खोज्यो त्यस्तो पार्नालाई रबडलाई गन्धकसँग मिसाएर उच्च तापको सेवन गर्नु;—able गन्धकीकरणीय;—ation **ना.** गन्धकीकरण;—er **ना.** गन्धकीकारक ।

vulgar (भल्गर्) **वि.** ग्राम्य, ग्रामीण, भैंमाले, पाखे, गाउँले; असभ्य, अशिष्ट, प्राकृत, छोटो, भद्दा, नीच; the—साधारण जनता; the—herd नीच पुरुष, भैंमाले मान्छे; सामान्य प्रचलनमा रहने, ज० कि—errors, superstition सामान्य भूल, अन्धविश्वास, इ०; the—tougue (अघि) राष्ट्रिय भाषा, ल्याटिनको विपरीत;—fraction (गणि०) अंश, बीचमा रेखासाथ सोको तलमाथिका अंकले जनाउने; the—era क्रिस्तानी युग, सन्;—ity **ना.** असभ्यता, पाखेपन, ग्राम्यचाला ।

vulgarian (भल्गे'रिअन्) **ना.** पाखे, तर खा० ग० धनी

व्यक्ति, पाखे धनी ।

vulgarize,—ise (भल्'गराइज्) **क्रि.** (व्यक्ति, आचरण) पाखे, नीच, तुल्याउनु; ग्राम्य बनाउनु, असभ्य बनाउनु, नीचो काममा लगाउनु; पाखे गराउनु, असभ्य चाला सिकाउनु; (दृश्य, विचार, भाव: इ०) ज्यादा सहलिया, वा साधारण, वा अति परिचित गराउनु ।

Vulgate (भल्'गेट्) **ना.** बाइबलको ल्याटिन अनुवाद; v— कुनै ग्रन्थकारको परम्परागत पाठ ।

vulgus (भल्'गस्) **ना.** (पाठ० अप०) कोही पाठशालाहरूमा दिइने, गराइने, ग्रीक र ल्याटिन भाषाहरूको अभ्यास ।

vulnerable (भल्'नरेब्ल्) **वि.** भेद्य, वेध्य, (अच्च० र अलं०), खुला, फितलो, घाउ लाग्न सक्ने, हतियारसँग अड्न नसक्ने; समालोचना हुन सक्ने; (ब्रिज ताश खेल) रबरपट्टि एक खेल जितेको हुनाले बडी जरिवाना पर्न सक्ने, मर्मावस्था;—point रन्ध्र, छिद्र, मर्म, कुठाउँ;—bility भेद्यता, वेध्यता ।

vulnerary (भल्'नररि) **वि.** र **ना.** (ओखती, मलम, लेप) घाउ निको पार्ने ।

vulpine (भल्'पाइन्) **वि.** स्याल झैं, स्यालको, शृगालवत्, धूर्त; **ना.** धूर्त, चलाक ।

vulture (भल्'चर्) **ना.** गिद्ध, गृध्र; (अलं०) लुटाहा, क्रूर र लोभी व्यक्ति ।

vulva (भल्'भा) **ना.** (श० वि०) छिद्र, रन्ध्र, खा० ग० भग, योनि ।

vying (भाइङ्) **कृ०** vie को कृदन्त, सेखी गर्ने, जोडका तोड गर्ने ।

W

W (डब्'ल्यू) अक्षर (ब० व० Ws, W's).

Waac (़व्याक्) **ना.** (बो० चा०) Women's Army Auxiliary Corps को छो० क०, सो सन् १९१७ मा स्थापित भएको स्त्रीहरूको सहायक सेनाको सदस्य ।

Waaf (़व्याफ्) **ना.** (बो० चा०) Women's Auxiliary Air Force स्त्रीहरूको सहायक वायुसेनाको छो० क०, सो संस्थाको सदस्य ।

wabble (़व्या'ब्ल्) = wobble लरखराउनु ।

wad (वाड्) **ना.** र **क्रि.** (–dd–) बुजो, नातो; (नोटको) बिटो, दाम; **क्रि.** कपास, इ० ले (बन्दूकमा) बुजो कोच्नु; तग्नु; (प्वाल, बन्दूकको नाल) टाल्नु, (बारूद) बन्दूकमा ठाउँमा राख्नु ।

wadding (व़ॉडिङ्) **ना.** गद्दा, अस्तर; कपास वा ऊनको नरम गद्दा (लुगामा तग्ने, अस्तर हाल्ने, वा माल प्याक गर्ने); बन्दूकको गद्दा बनाउने सामान ।

waddle (वॉ'डल्) **क्रि.** र **ना.** छोटो खुट्टा भएको मानिसले झैं, अथवा हाँस हिंडे झैं, हल्लेर हिंड्नु; त्यस्तो हिंडाइ ।

waddy (व़ॉ'डि) **ना.** अस्ट्रेलियाको गदा, लडाइँ खेल्ने लाठो (स्थानीय शब्द) ।

wade (व़ेड्) **क्रि.** र **ना.** हेलिनु (पानीमा), अलं० पनि, ज० कि—through slaughter वा blood रगत, हत्या, मा हेलिनु;—through book मन नलागे पनि पढी सिध्याउनु;—into (बो० चा०) जोडसँग लाग्नु, खानु (केही वस्तु); नदी हेलेर तर्नु; wading bird हेल्ने चरा, लामू खुट्टे (छोटो जालपाद पौडने चरोको विप०); **ना.** हेलाइ, हेल्ने अवधि; wadable हेलिने;—r **ना.** शा० अ०, खा० ग० हेल्ने चरो; (ब० व०) माछा मार्न जाँदा माथिसम्म आउने पानी नछिर्ने (रबडको) बूट ।

wadi,—y (व़ा'डि) खहरे (खा० ग० पूर्वी देशको) (अरबी शब्द) ।

Wafd (व़ाफ़्ड्) **ना.** इजिप्टको (अघिको) चरम राष्ट्रवादी दल ।

wafer (वे'फर्) **ना.** र **क्रि.** पातलो माउरीको चाकाको आकार परेको बिस्कुट, जुन अचेल मुख्य आइसक्रीम इ० चिसो वस्तुसँग खाइन्छ, पातले, क्रिस्तानी विधिमा प्रयोग हुने पातलो रोटी, अघिकागत, चिठी, टाँस्नालाई सुकाएर चक्की पारेको टाँस्ने, संसक्ति; कानूनी कागत पत्र, इ० छापको सट्टा टाँस्ने मोहर लगाएको रातो कागतको चक्का; **क्रि.** संसक्तिले (कागत) टाँस्नु; मोहरवाला रातो चक्की लगाउनु ।

waffle (वॉ'फ्ल्) **ना.** खण्ड खण्ड पार्ने साँचोमा पकाएको सानू केक वा रोटी ।

waft (वाफ़्ट्) **क्रि.** र **ना.** बग्नु, बगाएर लैजानु, उडाउनु, प्लवन गर्नु; **ना.** चराको पखेटाको एक चलाइ; गन्धको सुइँको; आनन्द, शान्ति, इ० को क्षणिक झल्को; (नौ०) कष्टको इशारा, कष्ट सूचना, ज० कि वेह्रेको झण्डा, गाँठो परेको झण्डा, डोरीमा लुगा टाँगेर, इ० ।

wag (व्याग्) **क्रि.** (–gg–) र **ना.** (एक छेउ स्थिर गरी जोरिएको, ज० कि पुच्छर) हल्लाउनु, यताउति हल्लाउनु, दोलाउनु, ज० कि dog—s tail खुशीको लक्षण; tail—s dog समाजको सबभन्दा सानू अङ्ग, वा दलको सानू गूट, ले हुकूम चलाउनु, श्रेष्ठ हुनु; wag (one's) finger at औंला ठडयाउनु;—(one's) head ठट्टा वा रमाइलो लागेर; (आ०, संसार, समय) चल्नु, जानु;—tail लामू पुच्छर चलाइरहने सानू चरा, खञ्जन; **ना.** एकलो हल्लाइ, हल्लिने चाल ।

wag (व्याग्) **ना.** मसकरा, ठट्टा गर्नुपर्ने व्यक्ति, मसकरी गर्ने; (अप०) काम, पढाइ, बाट भाग्ने, ठग्ने; play—वा play the—ठट्टा, मसकरी, गर्नु;—gery **ना.** ठट्टा, मसकरी;—

gish **वि.** ठट्यौले; परिहासी;—gishness ठट्यौलोपन ।

wage (वेज्) **ना.** तलब, तलबाना, ज्याला, मजूरी, बन, परिक्रय, राखी, तनखा, (धे० ज० ब० ब० मा, एक दुई प्रयोगमा बाहेक); बदला (ब० ब० मा, the—s of sin is death पापको बदला मृत्यु हो) good—s राम्रो तलब; living—प्राण धान्ने, भोकै मर्नु नपर्ने;—freeze तलब स्थिर राख्नु;—(s) - fund (अर्थ शास्त्र) तलब तनखा दिनालाई समुदायलाई चाहिने कोषको भाग ।

wage (वेज्) **क्रि.** (लडाइँ, द्वन्द्व,) चलाउनु, हात हतियारले लडाइँ गर्नु, भिड्नु ।

wager (वे'जर्) **ना.** र **क्रि.** दाउ (**ना.** र **क्रि.** =थाप्नु); —of battle (ऐति०) मुद्दा परेका व्यक्ति औ खास गरी दोषारोप गर्ने र गराइमाग्नेको बीचमा व्यक्तिगत युद्धद्वारा किनारा लाउने प्रथा;—of law शपथद्वारा निरूपण ।

waggle (व्या'ग्ल्) **क्रि.** र **ना.** हल्लाउनु, wag, (तर बढता चल्ती); खा० ग० गल्फ खेलमा डण्डी हान्ने अघि तलमाथि गरी ताक्नु र लाउनुपर्ने जोडको अन्दाज गर्नु ।

wag (g) on (व्यागन्) **ना.** गहुँ भारी लाद्ने (दुई घोडाले तान्ने), धे० ज० छुप्पन वा तारपालिनको ढाकन भएको, वा मोटरको; चार वा बढी पांग्रे बग्गी, यान, शकट, लहरी, ट्रक; (hitch (one's)—to a star आफ्नू भन्दा उच्च शक्तिको सहयोग लिनु); खुला रेलको भारी, सामान राख्ने डिब्बा, डब्बा ।

wa (g) goner (व्या'गनर्) **ना.** गाडीवान, चालक; the W—नक्षत्र ।

wa (g) gonette (व्यागनेट्) खुला एक घोडे चार पांग्रे आमने सामने फर्केको आसन भएको गाडी, बग्गी ।

wagon-lit (भ्यागॉँली') योरपमा रेलको शयनको सुत्ने डब्बा ।

Wahabi,—ee (वहा'वी) कुरानलाई अक्षरशः मान्ने मुसलमान कट्टरपन्थी सम्प्रदाय ।

waif (वेफ्) बेवारिसी वस्तु वा पशु, ववुरो; समुद्रमा बग्ने वा समुद्रले फ्याँकेको वस्तु; थाहा नभएको कारक वा निकायले ल्याएको वस्तु; बेघर वा निःसहाय व्यक्ति, खा० ग० बेवारिसी त्यक्त बालक;—s strays बेवारिसी बालकहरू, खुद्रा, छूटपुट, खच्याङ मच्याङ ।

wail (वेल्) **क्रि.** र **ना.** रुनु कराउनु, विलाप गर्नु, कल्पनु; (अलं०) विलाप (गर्नु) शब्दमा; **ना.** डाँको, विलाप; (बतास, हुरी) सुसाउनु, विलाप जस्तो आवाज गर्नु;—ing wall येरूसालेममा (प्राचीन) मन्दिरको विध्वंसको लागि यहूदीहरूले विलाप गर्ने सोही मन्दिरको अवशेष; विलाप भित्ता; डाँको भित्ता ।

wain (वेन्) **ना.** (मुख्य कवि० वा ग्रामीण) गाडा ।

wainscot (वेन्'स्कॅट्) **ना.** र **क्रि.** भुँईदेखि केही उँचाइसम्म, वा पूरा, कोठाको भित्तामा काठ छापेको; भित्तिपटल; **क्रि.** (कोठाको) भित्तामा काठ छाप्नु ।

waist (वेस्ट्) **ना.** कम्मर, मध्य, कटि, कटिदेश, कोखा, ढाड, फाँडा; (मानिस वा सारङ्गी, डिबडिबे, इ० को पनि); लुगाको कम्मर, कटि;—- band पट्टुका;—- belt कम्मर पेटी;—-cloth=loin-cloth कछाड, लगौटी;—coat (वेस्ट'कोट, वे'स्कोट्) इस्टकोट, कटिवस्त्र;—-deep वा - high कम्मरसम्म ।

wait (वेट्) **क्रि.** पर्खनु, पर्नु, खेप्नु, थाम्नु, धर्ना कस्नु, कुर्नु, ढुक्नु, ढुकना थाप्नु, प्रतीक्षा गर्नु, झुल्नु; नोकरको काम गर्नु; नोकरी; चाकरी, बजाउनु; (भोजनालयमा) ल्याउने, बॅयको काम गर्नु, सेवा गर्नु; खाने ठाउँमा काम गर्नु (खाना, खाने भाँडो, इ० ल्याउनु, लैजानु); (कसैको इन्तजारमा) खाना पर्खिनु;—(up) on (आ०) हेर्नु, सुविस्ता, सुविधा हेर्नु; उपचारक बन्नु, खा० ग० खाने ठाउँमा आफूभन्दा ठूलोकहाँ जानु, चाकरी गर्नु; (आ०) (दौड) प्रतिद्वन्द्वीको नजीकै रहनु; नतीजा निस्कनु;—ing room विश्राम कक्ष (रेलको स्टेशन, डाक्टर, दन्त चिकित्सकको घर, चिकित्सालय, मा) ।

wait (वेट्) **ना.** (ऐति०) नगर, सहर, ले राखेको तालिमे (गायक, वादक, संगीतज्ञ, हरू); क्रिसमसमा गाउने टोली; विश्राम, विश्राम अवधि; अकाज; (दुश्मनको) छापा, ढुकाइ, कुराइ; lie in—ढुक्नु, कुर्नु छापा मार्नु ।

waiter (वे'टर्) **ना.** शा० अ०, पनि र खा० ग० : परिवेषक) (भोजनालयमा, इ०), सेवक; (waitress स्त्री परिवेषक); किस्ती, थलिया, रिकाबी; dumb—घुम्ने तखता भएको अग्लो टेबुल, जसमा खाने कुरा राखी नोकर नभए पनि काम चलाइन्छ, मूक परिवेषक; tide-—जहाजी भन्सार अधिकारी ।

waiting (वे'टिङ्) **ना.** इन्तजार, बाटोहेराइ, पर्खाइ, चाकडी, चाकरी, धर्ना; keep—डल्ल्याउनु ।

waive (वेभ्) **क्रि.** जोर नगर्नु, छूट दिनु, माफी दिनु;—r **ना.** (का०) छूट, हकको त्याग ।

wake (वेक्) **क्रि.** (भू० woke, वोक्; निष्ठा—d, woken, woke) उठ्नु, ब्युँझनु, निद्राबाट उठ्नु; बौरनु, जाग्नु, जागा हुनु; अल्छी, निष्क्रियता, जडता त्याग्नु वा छोड्नु; मृतावस्थाबाट उठ्नु वा जाग्नु; तोड्नु, भङ्ग गर्नु (शान्ति, हल्ला गुल्लाले), प्रतिध्वनित गर्नु ।

wake (वेक्) **ना.** जाग्राम, जागा, जागरण र सो साथ हुने उत्सव; (सा० ब० ब०) उत्तरी विलायतमा हुने वार्षिक विदा; (आयरल्याण्ड) शवलाई गाड्नेअघि सो साथको जाग्राम र सो सम्बन्धमा उत्सव ।

wake (वेक्) **ना.** चल्ने जहाजको पछाडि रहने पानीको शान्त (नचलमलाएको) पाटो; in the—of पछाडि, पछि लागेर, उदाहरणको पछि लागेर ।

wakeful (वेक्'फुल्) **वि.** निद्रा नभएको, ननिदाएको; होशियार; सचेत, चंख, सावधान, बिउँझो, जागा, जागृत;—state विपना ।

waken (वे'कन्) **क्रि.** ब्युँझाउनु, उठाउनु;—ing **ना.**

विपना ।

Walach, Wall—(वॅ'लक्) **ना.** = Vlach वलाक, रोमानी, मध्य योरपको जाति ।

Waldenses (वॅल्डेन्'सीज़्) **ना.** (ब० व०) फ्रान्सको कट्टर सुधारवादी क्रिस्तानी सम्प्रदाय, अघि अनेक पीडन भोगेका थिए ।

wale, weal (वेल्) **ना.** डण्डा वा कोर्राले ठोक्दा उठ्ने सुम्लो;— - knot वा wall-knot कोर्राको त्यान्द्रा, डोरी, इ० मा छेउमा पारेको गाँठो, कोर्रा गाँठो; **क्रि.** सुम्ला उठाउनु; waling **ना.** भित्ता, इ० मा बाहिरी वज्र लगाएर बुट्टा पारेको ।

waler (वेलर्) **ना.** (ऐति०) अस्ट्रेलियाको न्यु साउथ वेल्सको पल्टनको लागि झिकाइने अग्लो जातको घोडा, वेलर ।

Wales (वेल्ज़्, वेल्स्) **ना.** बिलायतको प्रान्त, वेल्श जाति वस्ने प्रदेश; Prince of W—बिलायतको युवराज, सिंहासनको उत्तराधिकारी ।

walk (वाक्) **क्रि.** हिंडनु, पाउ चलाउनु, पाइला सार्नु; जानु, पैदल हिंडनु, पैदल सफर गर्नु; (आ०) आचरण गर्नु, बस्नु, जीवन निर्वाह गर्नु, ज० कि—in love,—with God; घुम्नु, डुल्नु, टेक्नु; (पशु०) बिस्तारै हिंड्नु;—fast लम्कनु;—the streets सडक चहार्नु, रण्डी हुनु (स्त्रीले);—the hospitals भैषज विद्यार्थी हुनु;—the boards अभिनेता हुनु;—the plank (समुद्री डाँकूहरूले) कैदीलाई आँखामा पट्टल बाँधेर फल्याकमा हिंडाउनु (समुद्रमा खसालेर मार्न);—the chalk भैंमा खरीले सोझो दुई धर्कोको बीचमा (नशा लागेको छैन भन्ने प्रमाणको लागि प्रहरी इ० ले) हिंडाउनु, हिंडने दौड गर्नु; घोडा हिंडाउनु (नचढेको वेला, वा सुस्ताउनालाई), वा बिस्तारै चलाउनु; (किसान) बच्चा कुकुरको जिम्बा लिनु; heel-&-toe—ing कुर्कुच्चा, औंला, दुवै पालो पालोसँग टेकेर हिंडाइ;—backwards, sideways पछाडि, छेउतिर, हिंड्नु;—over course (तोकेको) मार्गमा हिंड्नु; please—in भित्र आउनोस्;—up हेर्न आउनोस्;—out with (स्त्रीलाई) प्रेमिका बनाउनु;—about डुल्नु, टहल्नु, घुम्नु, फिर्नु; ghost—s भूत लाग्छ, देखा पर्छ,—into (अप०) पिट्नु, गाली गर्नु, घिच्नु;—off फुत्त बाहिर निस्कनु, सट्कनु;—off वा away with उठाउनु, लैजानु, चोर्नु;—out on छोड्नु त्याग्नु (व्यक्तिलाई);—ing chair = go cart बालकलाई हिंड्न सिकाउने पहियादार आसन;—ing gentleman, lady नाटकीय अभिनयमा शोभाको लागि, तर सीप नचाहिने, अनुहार र जीउ राम्रो भएका अभिनेता;—ing leaf पातको नकल गर्ने कीरा;—ing—papers वा—ticket खारिजी, बरखासी;—ing stick लट्ठी;—ing—पैदल भ्रमण, मोज लागि पैदल सफर ।

walk (वॉक्) **ना.** हिंडाइ, चाल; पैदल सफर, घुमफिर, विहार, परिक्रमण, हावाखोरी;— -over प्रतिद्वन्द्वी उपस्थित नहुनाले खेल, दौड, इ० मा (नखेली, दौड़ीकन) जित, प्रतिद्वन्द्वी ज्यादै कमजोर हुनाले मजामा खेलेर, दौडेर, पनि हुने जित, निर्विरोध विजय, सजिलो जितबाजी; बाटो, मन परेको हिंड्ने मार्ग, फेरिवालाको क्षेत्र, स्तम्भपंक्ति, सैर गर्ने ठाउँ, बिहार स्थान, पटरी, पेटी; rope—डोरीमा हिंडाइ (खेल); sheep—भेडाको चरन;—of life व्यवसाय, पेशा, काम;— -out कर्मी, मजदूर, हरूको हडताल, काम छोडाइ;—way बाटो, घरका विभिन्न खण्डमा जाने आउने बाटो, बगैंचाको हिंडने बाटो ।

walker (वॉकर्) **ना.** शा० अ०, खा० ग० : shop - —ग्राहकहरूलाई मदत गर्ने ठूलो पसलको कर्मचारी; street - —वेश्या, रण्डी; न उड्ने न पौडिने, केवल भैंमा हिंड्ने चराको सामान्य नाम; दुवै खुट्टाले पालो पालो गरी हिंड्ने चरा ।

walkie—talkie (वॉ'कि—टॉ'कि) **ना.** सानू प्रसारक र ग्राहक, भिरेर हिंड्न हुने रेडियो सेट ।

wall (वाल्) **ना.** र **क्रि.** भित्ता, गान्हो, पर्खाल, भित्ति, प्राकार, प्राचीर; भित्ता जस्तो आकार वा परिणाम भएको कुरा, ज० कि mountain—पर्वतमाला; cell - —कोषभित्ति—s of the chest छातीको (हाड मासु छाला:को) खोल, त्यस्तै वन०, पशु० रचना; सडकका पेटीको (डूँडको उल्टो) घरको भित्तापट्टिको छेउ, ज० कि give the—भित्तापट्टि बाटो छोडिदिनु (आदर देखाउनालाई); take the—सो शिष्टता नदेखाउनु; बाटोको छेउ (बीच्चको विप०) ज० कि weakest goes to the—घच्याडिन्छ, हार्छ; party वा partition—सीमा जनाउने भित्ता blank—झ्याल, ढोका, बुट्टा, विना; run (one's) head against a—असंभव कुरा गर्न खोज्नु, टाउको फोर्नु; see through brick—उदेकलाग्दो अन्तर्दृष्टि भएको;—s have ears भित्ताका कान हुन्छन्, गुप्त सुन्नेहरू जताततै हुन्छन्; with backs to the—भित्ताको आडले (लड्नु); retaining—अडान, अडयाउने भित्ता वा पर्खाल;—flower पर्खाले· फूल, (बो० चा०) साथी नभेट्टाएकोले नाचमा भाग लिन नसकेकी स्त्री;— - fruit पर्खालमा अडयाएको फल;—painting भित्ति चित्र, खा० ग० पुरानू;—paper कोठाको गान्होमा टाँस्ने; **क्रि.** भित्ता बनाउनु वा भित्ताले घेर्नु, रक्षा गर्नु, खा० ग० निष्ठामा, ज० कि—ed town पर्खालले घेरिएको सहर; प्वाल, झ्याल, ढोकाको खाली ठाउँ, भित्ताले टाल्नु ।

walla (h) (वॅ'ल) **ना.** वाला; box - —फेरिवाला; competition- —प्रतियोगिताबाट छानिएर आएको निजामती अधिकारी (पहिलेको भारतमा); punkah - —पंखावाला, पंखा तान्ने नोकर ।

wallaby (वॅलबि) **ना.** सानू जातको काङ्गारू; on the—(track) बेरोजगार, भौंतारिएको (व्यक्ति); (ब० व०, बो० चा०) अस्ट्रेलियनहरू ।

wallaroo (वॅलरू') **ना.** ठूलो जातको काङ्गारू ।

wallet (वॅ'लेट्) **ना.** (आ०) खाना इ० लिएर हिंड्ने पान्थको झोला; साइकल, इ० को मरम्मतको कामलाग्ने, वा माछो मार्ने साज, इ० औजार राख्ने सानू छालाको ब्याग; नोट हाल्ने च्याप्टो ब्याग, मनी ब्याग, थैलो; आवश्यक कागत पत्र, नोट, इ० लिएर हिंड्ने ब्याग ।

wall-eye (वॉल्'आइ) **ना.** (आँखाको) फुलो;—d **वि.** फुलो परेको ।

Walloon (वलून्') **ना.** र **वि.** बेलजम र **उ.** फ्रान्समा बस्ने जातिको (भाषा, सदस्य) ।

wallop (वॉ'लप्) **क्रि.** र **ना.** (अप०) ठोक्नु, पिट्नु, लुकाउनु; (कृ०) ठूलो, बडेमा, लाठे; **ना.** जोडको आघात, लपटा, मुक्की; (अप०) बियर, जाँड ।

wallow (वॉ'लो) **क्रि.** र **ना.** (हिलो, बालुवा, पानी, इ० मा) लडिबुडी खेल्नु, खेल्नु, आहाल बस्नु; कामुकता व्यभिचार-निर्लज्ज वा सुङ्गुरे सुख र आनन्द लिनु;—in wealth अति धनाढ्य हुनु, लखेश्वर लाग्नु; **ना.** (भैंसी, इ० ले) हिलोमा खेल्ने स्थान; हिलो, पंक, कादो, आहाल ।

Wallsend (वॉ'ल्ज़ेण्ड्) **ना.** विलायतको टाइन सहरनजीक पाइने असल इन्धन कोइला ।

walnut (वॉ'ल्नट्) **ना.** ओखर; ओखरकाठ (साज सामान बनाउने काममा लाग्ने); over the—s & the wine खाना खाइसकेपछि ओखरसँग मदिरा खाने वेला ।

Walpurgis-night (भाल्पु'र्गिस्—नाइट्) **ना.** वता० मेको अघिल्लो साँझ ज० कि बोक्सीहरू जम्मा भएर शैतानसँग-सँगै रमाइलो गर्छन् भन्ने अघि विश्वास गरिन्थ्यो; (अलं०) उपद्रवको, वा जथाभावी गर्ने, राति ।

walrus (वॉ'ल्रस्) **ना.** सील माछा, समुद्री घोडा, इ० जस्तो लामू दाँत हुने ठूलो जलथलचर स्तनपायी लामा लामा जुँघा हुने जनावर;—moustache वालरसको झैं तल झर्ने लामू मोटो जुँघा ।

waltz (वॉल्ट्स्, वॉल्स्) **ना.** र **क्रि.** अति मधुर र प्रवाहित तान भएको तिताला नृत्य संगीत, वा सोको (शुरूमा जर्मनीबाट आएको) नाच; **क्रि.** वाल्ट्स नाच नाच्नु, आनन्दसँग नाच्नु;—er सो नाच नाच्ने व्यक्ति ।

wampee (वॉम्पी') **ना.** चीन र पूर्वी टापूहरूमा हुने अङ्गूर जस्तो फलको रूख र फल ।

wampum (वॉ'म्पम्) **ना.** कौडीको माला (उ० अमरिकी वाम्पुम्पीग्) ।

wan (वॉन्) **वि.** पहेंलो, पांडु, मलिन, म्लान, रक्तहीन, थकित, लस्त (सु० व्यक्ति, तिनको वर्ण, अनुहार, आकाश, उज्यालो, इ० बारे); (आ० राति, पानी, इ०) अँध्यारो, कालो ।

wand (वॉण्ड्) **ना.** दण्ड, यष्टि, डण्डा, सोंटा, डंडीका, छडी, (अचेल सु० जादूगर, वा संगीत निर्देशक, इ० ले लिएर हिंड्ने, वा कोही अधिकारीको अधिकारको प्रतिरूपको चिन्ह-स्वरूप) ।

wander (वॉ'ण्डर्) **क्रि.** डुल्नु, टहल्नु, देशदेशावर जानु, फिर्नु; रुमल्लिनु, अल्लारिनु, बाटो हराउनु, रल्लिनु, भौंतारिनु, चहार्नु, लर्बरिनु, विनालक्ष वा उद्देश्य वा ठिकाना यताउति डुल्नु, फिरन्ता बन्नु; अप्रासंगिक वा असंलग्न कुरा गर्नु, प्रलाप बक्नु, कुराको विषय छाडेर बोल्नु, अन्यमनस्क हुनु;—ing डुलुवा, फिरन्ता, रुमलिएको;—ing Jew घरबार जोरेर नबस्ने व्यक्ति, फिरन्ता, क्राइस्टले सरापेको व्यक्ति;—ing cell, abscess, kidney, इ० डुलुवा, शरीरमा जडिएको स्थानबाट रोग, विकृति, ले ठाउँ सर्ने;—er **ना.** बटुवा, फिरन्ता, प्रवासी, डुलुवा, घुमन्ता ।

wanderlust (भा'ण्डर्लुस्ट्) **ना.** भ्रमण लालसा, डुल्ने रहर ।

wanderoo (वॉण्डेरू') **ना.** बाँदर (लङ्काको बोली) ।

wane (वेन्) **क्रि.** र **ना.** घट्नु, क्षय हुनु, कम हुनु (चन्द्रमाको); शक्ति हराउनु, बल घट्नु, महत्व हराउनु, बडप्पन वा यश घट्नु; **ना.** ह्रास, क्षय; on the—क्षयी, निष्कल, कलाशेष, घट्ने पक्षमा;—d **वि.** परिक्षीण, क्षीण, कला शेष; waning **वि.** क्षयी ।

wangle (व्या'ङ्ग्ल्) **क्रि.** र **ना.** (अप०) फडकाउनु (कृपा, इप्सित फल), प्राप्त गर्नु, पटाउनु, (खा० ग० सत्य संकाशता, चलाकी वा अन्य शंकास्पद उपायले) मतलब हासिल गर्नु; खोजेको जस्तो पार्नु, नकली माल बनाउनु, मनगढन्त कुरा वा वस्तु पेश गर्नु (रिपोट, बयान, इ०); **ना.** हासिल, प्राप्ति ।

want (वॉण्ट्, वाण्ट्) **ना.** खाँचो, कमी, अनुपस्थिति, गरज, खट्टा, तङ्गी, हर्जा, गरीबी; अभाव, न्यूनता, राहित्य; इच्छा, रहर ।

want (वॉण्ट्, वॉण्ट्) **क्रि.** अपुग हुनु, नपुग्नु, खोज्नु, चाहनु, अभाव हुनु; खोज्नु, खा० ग० निष्ठामा,—ed by the police अपराधको लागि प्रहरीले खोजेको ।

wanting (वॉन्'टिङ, वान्'टिङ्) अर्ध **उ.**, वा **वि.** विना, घटी, कम, अभाव ।

wanton (वॉन्'टन्) **वि.**, **ना.** र **क्रि.** विलासी, खेलवाडी, ठट्यौलो, मनमोजी, अनुत्तरदायी, लहडी; लहलह, निरंकुश, असीमित, स्वेच्छाचारी, जङ्गली, असभ्य; निरूद्देश्य, व्यर्थ, निरर्थक, झटारो हान्ने, मनपरी, मनमानी; कामी, लंपट, व्यभिचारी; **ना.** विलासिनी, असती स्त्री, पातर्नी, (विर०) त्यस्तो मान्छे; (विर०) खेल्ने बालक; **क्रि.** खेल्नु, उफ्रनु, लहडमा चल्नु, (विर०) लंपट भएर हिंड्नु;—ly **क्रि. वि.** बेमतलबसँग, विना विचार;—ness **ना.** स्वैरता ।

wapiti (वॉपिटि) **ना.** **उ.** अमरिकी बाहसिंगा, रातो मृग जस्तो, तर सोभन्दा ठूलो ।

Wappens(c)ha *N* (वा'पन्शॉ) **ना.** (स्क०) (ऐति०) कुनै जिल्लाको हतियारले लैस भएका व्यक्तिको जमघट र निरीक्षण; (अचेल) राइफल जमघट ।

war (वॉअ्र्) **ना.** युद्ध, कटक, लडाइँ, संग्राम, रण, (राष्ट्रहरूमा); (अलं०) वैर, दुश्मनी, द्वन्द्व (व्यक्तिहरूमा); civil—गृहयुद्ध, cold—राष्ट्रहरूका बीचको बेमेलको सम्बन्ध, जसमा विद्वेषी प्रचार र आर्थिक विध्वंसको प्रयास इ० शत्रुवत् कार्य गरिन्छन्; शीत युद्ध;—of nerves स्नायु युद्ध, जसमा प्रतिद्वन्द्वीको मानसिक समता र काम गर्ने मन गाल्ने कोशिश गरिन्छ; shooting—(विद्वेषी प्रचारको युद्ध जस्तो स्थितिको

विप०) गोली चल्ने युद्ध; गोलीयुद्ध; private—व्यक्ति वा परिवारको बीचको व्यक्तिगत युद्ध वा निजी लडाइँ, एक देशका नागरिकले अर्को राष्ट्रका नागरिकसँग (दुई राष्ट्रका बीच युद्ध घोषणा नभई लडाइँ; holy—धार्मिक युद्ध, जेहाद; hot—उष्णयुद्ध, तातो (गोली चल्ने) लडाइँ; total—व्यापक युद्ध (जसमा शत्रुको विरुद्ध जस्तो कारवाइ पनि गरे हुन्छ); make वा wage—हात हतियारले लडाइँ गर्नु; declare—युद्ध घोषणा गर्नु; declaration of—युद्धघोषणा; drift into —युद्धमा घचेटिनु; be at—युद्धको स्थितिमा हुनु; roll back tide of—शत्रुलाई पछि हटाउनु; go to the—s सैनिक वन्नु; carry the—into enemy country शत्रुलाई पेल्नु, (अलं०) प्रतिरक्षामा मात्र नअडेर जाइलाग्नु, वैरीमाथि दोषको प्रत्यारोप गर्नु; has been in the—s (धे० ज० अलं०) लडाइँको दाग (साँचै वा अलं०) देखाउने;—footing युद्धको स्थिति;—to the knife (धे० ज० व्यक्तिहरूका बीच) अन्तसम्मको लडाइँ; Secretary of State for W—युद्धमन्त्री, रक्षामन्त्री, प्रतिरक्षामन्त्री (विलायतको); art of—रणकौशल; trade of—सैनिकको पेशा; sinews of—रणस्रोत, युद्धोपकरण, लडाइँको खर्च (अक्ष० र अलं०; tug, contraband, council, honours of—रस्सी तान्ने खेल, योधरत राष्ट्रहरूलाई असंलग्न राष्ट्रहरूले निर्यात गर्न रोक्ता भनी मानिएको माल सामान, युद्ध मन्त्रणा, युद्ध सम्मान (आत्मसमर्पण) गर्ने फौजलाई झण्डा ली शानसँग निस्कने अनुमति, इ०); man of - —जङ्गी जहाज; laws of—युद्धरत राष्ट्रहरूले पालन गर्नुपर्ने भनी स्वीकृत नियमहरू; rights of—युद्धाधिकार, युद्धरत राष्ट्रहरूको सर्वमान्य अधिकार; the dogs of—(कवि०) लडाइँबाट हुने विध्वंस;—of the elements प्रकृतिमा हुने हुरी र उपद्रवहरू;—baby युद्धशिशु (खा० ग० जारजात);— -cloud (s) युद्धमेघ, लडाइँको डर गराउने अन्ताराष्ट्रिय स्थिति;—-cry सिंहनाद, क्ष्वेडा;— - game = kriegspiel युद्ध क्रीडा;—-god रणदेव;—-head जल गोला, इ० हतियारमा राखिने विस्फोटक शिर;—-horse वारकीर, लडाइँको घोडा.—-lord (हे०) सैनिक समादेशक, खा० ग० जर्मनीको अन्तिम सम्राट (प्रथम विश्व युद्धको प्रख्यात समादेशक) र चीनीको गृहयुद्धकालका अनेक त्यस्ता समादेशकहरू;—monger युद्धकारी, युद्धोन्मत्त; W—office बिलायतको रक्षा मन्त्रालय;—-paint जङ्गली जातिहरूले लडाइँ अगाडि लाउने रणरंग, (अलं०) औपचारिक पोशाक, पूरा साज;—-path रणमार्ग be, go, on the—path (अलं०) लडाइँ गर्न तयार हुनु, हिंड्नु;—ship रणपोत;—-song रणगीत;—-whoop क्ष्वेडा, रण चीत्कार;—-worn रणानुभवी, लडाइँमा खिइएको, रणथकित ।

war (वॉअर्) **क्रि.** लड्नु. जुध्नु, लडाइँ गर्नु; लडाइँले दबाउनु; (कृदन्त) लड्ने, जोडतोड गर्ने, असंगत, बेमेलको ।

warble (वा'अर्ब्ल्) **क्रि. र ना.** गुनगुनाउनु कुँक्नु, (खा० ग० चराले, व्यक्ति, ध्वनि, पनि); चराको वोली झैं गरी बोल्नु, उच्चारण गर्नु; पद्यमा बयान गर्नु; **ना.** गुनगुनाहट, कुँजन, गायन; घोडाको पिठ्यूँमा काठी घसिएर उठ्ने डल्लो; झीङ्गाले टोकेर उत्पन्न हुने गाँठो ।

warbler (वॉ'ब्लॅर्) शा० अ०, खा० ग० गाउने साना चराको अनेक थरी जात ।

ward (वा़ॲर्ड्) **ना.** राखी, रखवारी, पहरा, (अचेल केवल watch &—पालो पहरामा); (तरवार खेल) रक्षाको वा छल्ने चाल (आ०); रोक, थुनुवा जिम्वा, अभिभावकको कब्जा; अभिभावकको जिम्वामा रहने नाबालक, आश्रित, रक्षित व्यक्ति; सहर वा क्षेत्रको भाग, बडा, ओडा; (घर, अस्पताल) विभाग, लड, खण्ड; झ्यालखानमा अलग कोठा वा खण्ड; कर्मशालाको विभाग; (व० व०) ताल्चा र साँचोमा रहने चुच्चा र खाडल, जसले गर्दा ताल्चा जुन पायो उही साँचोवाट खुल्दैन;—room जहाजमा उच्च अधिकृतहरूको कोठा ।

ward (वा़ॲर्ड्) **क्रि.** जिम्वामा रहनु, राख्नु, छल्नु, टार्नु, (आघात, इ०); (खतरा, गरीबीवाट) रक्षा गर्नु ।

—ward(s) (—वाॲर्ड्—ॲर्ड्ज़्) अन्त्यानुपसर्ग = तिर ।

warden (वाॲर्'डेन्) **ना.** पाले, चपटे, पहरेदार (आ०); युद्धकालमा हवाइ आक्रमणको समय जनतालाई मदद गर्ने निजामती संस्थाको सदस्य, जिम्मावाल; अभिभावक, रक्षक अध्यक्ष, राज्यपाल, इ०, ज० कि महाविद्यालय, बन्दरगाह इ० का—वा रक्षक; पकाएर खाने जातको नासपाती ।

warder (वॉ़र्डर्) **ना.** (आ०) पहरादार, पाले; झ्यालखानकी रक्षक, काराध्यक्ष, वंदिपाल, वन्दिपाले; (ऐति०) दण्डा, दण्डा यष्टि, राजदण्ड, सैनिक समादेशकले लिने दण्ड; wardress (स्त्री०) वन्दिपालेनी ।

Wardour Street (वा'ॲर्डर् स्ट्रीट्) **ना.** पुराना साज सामान बेच्ने पसलहरू रहेको लण्डनको सडक, (—English ढाँचासँग पुरानो चाला, शब्द, मा लेखिएको); तर अचेल खा० ग० चलचित्रसँग सम्वन्धित छ; चलचित्र उद्योग (को लागि प्रयोग हुने) ।

wardrobe (वाॲर्ड्'रोव्) **ना.** वस्त्राधान, वस्त्राधार, खा० ग० लुगा राख्ने खण्डसहितका ठूला दराज, सार्न हुने दराज; इ०: वासांसि, लुगा, लाउने लुगाको समूह, लुगाफाटो, वस्त्र समूह;—dealer जडाउरी वा पुराना लुगाको व्यापारी;—mistress नाचघरको, वा प्रमुख अभिनेता, नेतृको, पेशावर लुगाको जिम्वा लिने स्त्री कर्मचारी;—trunk खण्ड, कोट झुण्ड्याउने, इ० छेउमा उभ्याएर दराज झैं चलन गर्न सकिने सन्दूक ।

wardship (वाअर्'ड्शिप्) ना. संरक्षकत्व, अभिभावकको हेरविचार, जिम्बा ।

ware (वेय्र्) **ना.** विक्रीको लागि उत्पादन गरिएका वस्तु, ज० कि माटाको भाँडो; (व० व०) बिक्रीका चीजहरू, पण्य, सौदा; किसिममा उत्पादन स्थान जनाउने संज्ञासहित, खा० ग० माटाको भाँडाको नाम, ज० कि Delft, black,—;

Tunbridge—काठ कोपेर अरू थोकको बुट्टा हालेको काम; hard—फलामे भाँडा, माल; tin—टिनको माल;—house **ना.** गोदाम, पण्यशाला, खा० ग० साज सामान वा भन्सार छूट भएका माल केही समयको लागि राख्ने गोदाम;—houseman गोदाम मालिक, गोदामवाला ।

warfare (वाअ्र्'फेयर्) **ना.** युद्धस्थिति, युद्धक्रम, युद्ध काल, युद्धोद्यम, रणकर्म, रणसंकुल, लडाइँ ।

warlike (वाअ्र्'लाइक्) **वि.** यौध, जंगी, रणकुशल, सैनिक, लडाइँको, लडाइँको लागि; युयुत्सु, रणोत्सुक, लडाइँको धम्की दिने ।

warlock (वाअ्र्'लॅक्) **ना.** (आ०) जादूगर, मायावी, बोक्सो ।

warm (वार्म) **वि. र ना.** न्यानू, तातो (hot,—, tepid, cool, cold गरम, तातो, न्यानु, मनतातो, चिसो, ठण्डा); —blood स्तनपायी र चराहरूको तातो रगत, जुन ६५ देखि ४५ डिग्री सेण्टिग्रेडसम्म रहन्छ, तातो रगत, कामुक वा भावात्मक मिजासको, ज० बा०—-blooded तातो रगत हुने; (व्यक्ति) कसरत, उत्तेजना वा बाहिरको तातोले चाँडो तात्ने; (मेल, सद्भावपूर्ण काम, आफ्नू पक्षका व्यक्ति, इ०) उत्साही, सहृदय, व्यग्र, उत्कण्ठित; (लुगा) न्यानू; फुर्ती भएको, तातेको, उत्तेजनापूर्ण वा उत्तेजित गराउने; आशा गर्ने रिसाएको, झोक्किएको, चित्त दुखाएको, भावको; (स्थिति) अड्न, अड्याउन, कठिन वा खतरापूर्ण; (भाव) सहानुभौतिक, भावुक, स्नेही, ग्रहणशील, शीघ्रप्रभावित हुने; (रंग) गाढा, न्यानू (धेरै गाढा रातो वा पहेंलो हुने); (शिकारमा गन्ध) ताजा र जोरदार, शिकार छुट्टै त्यहाँ भएको जनाउने; (तेलकासा, इ० खेल) पत्ता लाग्न, समाउन, अँटिको; (बो० चा०) सम्पन्न, खाइहाल्दो (व्यक्ति); (पदाधिकारी, कर्मचारी) जमिसकेको (नौलो होइन); **ना.** कुनै न्यानू, तातो, कुरा, खा० ग० British—छोटो सैनिक ओभरकोट, बाहिरी कोट); —ly **क्रि. वि.** न्यानूसँग, तातेर;—th (वॉर्म्थ्) **ना.** न्यानूपन, ताप उत्ताप, पाहार;—reception जोरदार विरोध, वा उत्साही स्वागत;—work तीव्र वा खतरनाक द्वन्द्व; a—corner लडाइँको घमासान भाग; make (things)—for (one) परिस्थिति कठिन बनाइदिनु, विरोध पैदा गरिदिनु ।

warm (वार्म्) **क्रि. र ना.** तताउनु, तातो पार्नु, न्यानू पार्नु वा बनाउनु, उत्तेजित गराउनु, (आगो) ताप्नु; तात्नु फुर्तिलो हुनु, सहानुभौतिक हुनु; चट्नु—(one's) jacket चुट्नु; **ना.** ताप, तताइ;—ing-pan कोइला हालेर बिछ्यौना तताउने लामू बीँड भएको तामा, पितल, को च्याप्टो बिर्को भएको भाँडो, (अलं०) अर्काको लागि केही कालसम्म पद सम्हाली राख्ने व्यक्ति;—er **ना.** तताउने ।

warn (वॉर्न्) **क्रि.** सूचना दिनु, सावधान गराउनु, चेताउन औंला ठड्याउनु, औंल्याउनु, पूर्व सूचना गर्नु, प्रबोधन गर्नु, उपदेश गर्नु;—ingly चेत्ने गरी, सावधान गराउने गरी ।

warning (वॉर्निङ्) **ना.** शा० अ० : चेताउनी, संक्षेप, संकेत, जनाउ, सूचना, सूचन, नसीहत, इशारा, प्रबोधन; take—शिक्षा लिनु, सावधान हुनु; give (master, servant)—मालिकले नोकरले मालिकलाई, नोकरलाई) नोकरीको अन्त (अब नबस्ने, नराख्ने) को सूचना दिनु, (धे० ज० हप्ता वा एक महीनाको अग्रिम सूचना दिनुपर्छ वा तलब दिनु लिनुपर्छ) ।

warp (वार्प्) **क्रि.** बांगिनु, तेर्सिनु, बङ्ग्याउनु, बटारिनु, पसाङ्गिनु; बिगार्नु, बराल्नु, बरालिनु, (मिजास) बांगिनु; प्रकृतावस्थाबाट बदलिनु; (नौ०) जहाजलाई कतैतिर डोरीद्वारा तानेर लैजानु; पुलिन माटोद्वारा उब्जाउ गराउनु ।

warp (वॉर्प्) **ना.** तान; जहाज तान्ने डोरो; (काठको) पसाङ्ग्रो; पुलिन माटो (मैलो पानी नचलाएर छाडिदिएमा भैंमा थेग्रिने माटो) ।

warrant (वॉ'रण्ट्) **ना.** अख्तियार, निकासा, प्रमाण, अधिकार, अधिकार पत्र, पक्राउ पुर्जी, पुर्जा; dividend—लाभांश पुर्जा; treasury—दाम निकासा;—of attorney वारिसनामा; (विलायतमा जंगी अड्डाबाट प्राप्त हुने) प्रमाणपत्र (खास दर्जाका सैनिक अधिकारीलाई) ।

warrant (वॉ'रण्ट्) **क्रि.** ठीक भन्ने प्रमाणित गर्नु, अधिकार प्रदान गर्नु, समर्थन गर्नु, सफाइ दिनु; प्रतिभू बस्नु; चोखोपन वा शुद्धताको जमानी बस्नु, जिम्वा लिनु, खा० ग० निष्ठामा=प्रमाणित;—er,—or **ना.** प्रतिभू;—ee निश्चित गराइमाग्ने ।

warranty (वॉ'रण्टि) **ना.** अधिकार समर्थन; (का०) विक्रेताको तरफबाट प्रत्यक्ष (लिखित, स्पष्ट) वा परोक्ष करार कि बिक्री भएको वस्तु उसको सम्पत्ति हो औ भनिएबमोजिम ठीक दुरुस्त छ, प्रतिभू ।

warren (वॉ'रेन्) **ना.** खरायो हुने वा पाल्ने ठाउँ, शशकनिलय, खरायो मैदान, चौंगडा थलो; like rabbits in a—घना बस्ती भएको ।

warrior (वॉ'रिअर्) **ना.** प्रसिद्ध वा अनुभवी सैनिक (अलं०, कवि.); सशस्त्र वाहिनीको सदस्य; (वान्त्य.) सैनिक; (जंगली जाति) लडाकू योद्धा;—ant अरू जातलाई कमारो पार्ने जातको कमिला; the Unknow W—वा Soldier युद्धमा देश र राष्ट्रको बलिदानको चिह्नस्वरूप त्यसमा मर्ने एक अज्ञात सिपाहीको लाश (लाई ठूलो सम्मानका साथ गाडेर समाधिमा राख्ने चलन, खा० ग० प्रथम विश्वयुद्धपछि) ।

wart (वअ्र्ट्) **ना.** मुसा, कोठी, किण, अधिमांस; paint (one) with his—s जस्ताको त्यस्तो, दोष नलुकाईकन —y—hog थुतुनोमा डल्लो भएको अफ्रिकी जातको सुङ्गुर;—y **वि.** मुसे, डल्लो परेको ।

wary (वे'य्रि) **वि.** चंख, सतर्क, सावधान, चनाखो, सोच विचार गर्ने, पूर्वापर विचार गर्ने; समीक्षक, सावधानीपूर्वक गरिने ।

was (वाज्) **क्रि.** be को भू० का० =थियो ।

wash (वाश्) **क्रि.** पखाल्नु, धुनु, धोइपखाली गर्नु, सफा पार्नु, माझ्नु; खकाल्नु, पछार्नु, नुहाउनु, (अलं०) शुद्ध वा पवित्र पार्नु, चोख्याउनु; (रंग वा रंगीन वस्तु) नखुइलिनु; भिजाउनु, बगाउनु, बगाएर लैजानु; बग्नु, छ्यापछ्यापति हुनु; छेउमा बग्नु, (नदी, समुद्र देशको) धौ पखाल्नु, र अरू कुराबाट छुट्याउनु; पातलो गरी पानी रंग लाउनु (भित्ता, तसवीर, सेपिया चित्र; इ० मा); अन्य धातुमा सुनको मोलम्मा लाउनु; wash (thing) out पखाल्नु;—(one's dirty linen in public आफ्नू आङ कन्याएर छारो उडाउनु, आफ्नू अशोभनीय गुह्य खोल्नु; won't—(युक्ति) अड्न सक्दैन;—ed out (अलं०) पखालिएको, क्षीण, दुर्वल, होशहवास गुम भएको;—able **वि.** धन हुने, रंग उड्ने ।

wash (वाश्) **ना.** धुलाइ, धुने काम; धुने लुगा; प्रक्षालन, पखाली, पखालपुखुल; विलोडित पानीको देखिने वा सुनिने गति, खा० ग० डुङ्गा, जहाज, इ० को गमनले उठाएको लहरी, तरंग; पुलिन माटो; वस्तु भाउ, सुङ्गूर, इ० लाई खान दिने भान्साको कुँडो; ज्यादा पातलो वा फितलो वा कमसल झोले खाद्य वस्तु, खोले, ज० कि tea is mere—; (अलं०) बकवक पातलो वा अलिनो झोल; सफा गर्न, निको पार्न, वा रंग चढाउन, भनी कुनै तह, तल (ज० कि हात, मुख, इ०) लाउने वा फिंजाउने तरल वस्तु, ज० कि अंगराग, धावन, पानी रंग, भित्ताको रंग, धातुको पाता, इ०;—basin कोपरा, प्रक्षालनाधार;—board लुगा धुने काठ, पटरी, पाटी, कोठाको भित्ताको तल्लो छेउको नागोल;—boiler धुँदा लुगा पकाउने फोसी;—bottle ग्यास इ० शीशीमा रहेको झोलबाट पखालेर पठाउने काँचको दुई मुखे शीशी, प्रक्षालन काँच;—-बाटा; —-cloth भाँडा माझ्ने, पुछ्ने, लूँडो;—-day लुगा धुने दिन;—-hand-basin हस्त प्रक्षालनाधार, हात मुख धुने कोपरा, मुखारी कोपरा;—-hand-stand मुखारीदान; —-house धोबीघर;—-leather साबर वा अन्य त्यस्तै छाला;—-out रेलको पटरी, बाटो, भेल वा पानीले भत्काएको, बगाएको, भङ्ग; (अलं०) सखाप, ध्वस्त, असिद्धि, क्यै न क्यै, (अप०) बेकामको वा रद्दी व्यक्ति;—-rag लूँडो; —-room शौचालय; —-tub कठौती, बाटा, झाँगा ।

washer (वॉ'शर्) **ना.** शा० अ०, पनि : च्याप्टो चक्का (छाला, धातु, रबड, इ० को) जो ढिब्री कस्दा काममा लगाइन्छ, वाशर, कस्ने; bottle -—(बो० चा०) खुद्रा नोकर, परिआएको गर्ने, पिट्ठू;—man धोबी, रजक;—woman धोबिनी, रजकी, रजबधू ।

washing (वॉ'शिङ्) **ना.** शा० अ०, खा० ग० : धोवन; चौलानी; पखालपुखुल, धुन दिने वा दिएको लुगा, मैलो लुगा; brain -—मस्तिष्क प्रक्षालन;—machine प्रक्षालन यन्त्र; —soda सोडा, सोरा;—-stand मुखारीदान ।

Washington (वॉ'शिङ्टन्) **ना.** अमरिकी सरकारको साटो प्रयोग हुने शब्द; अमरिकाको राजधानी ।

washy (वॉ'शि) **वि.** (तरल खाद्य, इ०) ज्यादा पातलो, बेस्वादिलो, अलिनो; (रंग) खुइलिएको, फिका; (शैली, भावना, विचार इ०) फिंजिएको, कमजोर, जोड वा खँदिलोपन नभएको; washily **क्रि. वि.** कमजोरीसँग ।

wasn't (वॉ'ज़ण्ट्) **क्रि.** was not को छो० रू० = थिएन ।

wasp (वॉस्प्) **ना.** बारुलो, अरिङ्गल, बच्छ्युँ;—waisted बारुले कम्मर भएको ।

waspish (वॉ'स्पिश्) **वि.** रिसाहा, कुण्ठित, चिडचिडो, बरुवा, मुखलाग्ने ।

wassail (वॉ'स्ल्, व्या'स्ल्) **ना.** र **क्रि.** (आ०) उत्सव, पिउने मौका; सो मौकाको पेय;—-bowl,—cup,—horn पानपात्र; क्रि. रमाइलो गर्नु, उत्सव मनाउनु ।

wast (वास्ट्) **क्रि.** be हुनु, को आ० द्वितीय पुरुष ए० व० भू० का० =थियौ ।

wastage (वे'स्टेज्) **ना.** जर्ती, खेर, क्षति, क्षय ।

waste (वेस्ट्) **वि.** (इलाका, इ०) निर्जन, मरुभूमि, उजाड, बसोवास नभएको, शून्य, पर्ती, आवाद नभएको; प्राकृतिक उत्पात वा ध्वंसको कारणले बेचल्तीको; (अलं०) उच्चाट लाग्ने, सौन्दर्य शून्य, ज० कि० the—periods of history; फाल्तू, बढी, नचाहिने, फोहर, मैला, बेकामको; lay— ध्वंस पार्नु; lie—पर्ती रहनु;—land बेचल्तीको, पर्ती;—products उत्पादनका बेकामका सह उत्पादनहरू;—paper रद्दी कागत; पुस्तक वा कागत पत्र जो चल्ती हुँदैनन् वा बेकामका ठहरिन्छन्;—paper basket रद्दीको टोकरी ।

waste (वेस्ट्) **क्रि.** ध्वंस पार्नु, (कानून) जेथालाई नहेरेर वा नुकसान गराएर क्षीण पार्नु, बिगार्नु, सिध्याउनु; फजूल खर्च गर्नु, फुक्नु, हुरेल्नु, हुर्न्याउनु; खिइनु, मासिनु, सुक्नु, बित्नु; (दिन) बित्नु, सकिनु; खेर जानु, खेर फाल्नु;—breath वा words व्यर्थमा बोल्नु ।

waste (वेस्ट्) **ना.** मरुभूमि, निर्जन स्थल, उराठलाग्दो दृश्य; खेर, खियावट, क्षय; उम्रेको खाने कुरा, फाल्तु, फोहर मैला, खत्र्याङ मत्र्याङ, जूठो, पुरा, टाक्न टुक्कन; पखालपुखुल; अवसाद, अपव्यय, नाश, ह्रास; (का०) (जेथा, जग्गालाई राम्ररी हेरचाह नगरेर भएको) हानि, क्षति; a—of waters विस्तीर्ण जलमय प्रदेश; run to—खेर जानु (तरल वस्तु धाराको पानी); अफालतफाल, फालाफाल;—of time काल नाश;—of breath वाग्व्यय ।

waste (वेस्ट्) waste को यौ० रू० : —-basket रद्दीको टोकरी;—-book (स्रेस्ता) टिप्पन बही;—-pipe निकास नली, उच्छिष्ट नली, परिवाह;—-matter विकार वस्तु ।

wasteful (वेस्ट्'फुल्) **वि.** फुकाहा, अतिव्ययी, खेरफाल्ने, व्ययशील, फजूल खर्चो;—ness **ना.** व्ययशीलता ।

waster (वे'स्टर्) **ना.** शा० अ० पनि : उत्पादनमा बिग्रेको

या दोषयुक्त (माल); (अप०) बेकम्माको व्यक्ति ।

wastrel (वे'स्ट्रेल्) **ना.** बनाउँदा झल्के बिग्रेको माल; बेवारिसी, भटकेको बालक; सडकको भुरो; त्यक्त बालक, फजूल खर्ची व्यक्ति, फुकाहा, भविच्छिन्न पार्ने, हुरेल्ने ।

watch (वॉच्) **ना.** (अचेल विर०) राती निद्रावाट जागा, (in the—es of the night जागावस्थामा) जागरण, जागरुकता, सावधानी, सतर्कता, अटूट ध्यान, भविष्यको विचार; (ऐति०) पालो, पहरा; (ऐति०) प्रहर (रातीको); जहाजमा ४।४ घण्टाको काममा खटन; सानू (दम दिने) घडी;—-case घडीको पुर्जा रहेको धातुको भाँडो;—-fire धुनी (शिविर, क्याम्प, हरूमा);—-glass घडीका काँच;—-guard घडीको सिक्री;—-key घडीको साँचो;—-maker घडी बनाउने, मरम्मत गर्ने;—man (अघि र अचेल कवि०) पहरेदार, पाले, रक्षक, रक्षी, कुरुवा, रखवार, रात्रिपाले;—-tower बुर्जा, सा० किल्लाबन्दी गरिएको;—word (अघि) सैनिक प्यारोल, प्रत्यय वचन, संकेत शब्द, संकेत बोली, (अचेल) (राज०) दलको सिद्धान्त दर्शाउने छोटो वाक्य; stop-— विराम घडी, स्तम्भन घडी; on tne—पर्खेर बस्नु;—ful **वि.** सतर्क, तदारुख, चनाखो, चंख, सावधान;—fulness तदारुखता ।

watch (वॉच्) **क्रि.** कुनै प्रयोजनको लागि जागा रहनु (अचेल विर०); सतर्क रहनु, पर्खेर बस्नु, मौका हेर्नु, रेखदेख गर्नु, नजर राख्नु; नजर दिएर पछि लाग्नु, (ज० कि जासूस, भेदिया, ले); उपाय गर्नु, विचार राख्नु; खोज्नु, पर्खनु (मौका, समय, इ०);—ed pot never boils तनाउसाथ आग्रह गरेमा समय लामू जस्तो लाग्छ, हेरिरहेमा भाँडो कहिल्यै उम्लन्न;—(one's) time ठीक मौका पर्खनु ।

water (वॉ'टर्) **ना.** पानी; salt, fresh वा sweet smooth वा stili, rough वा troubled, aerated, saline, chalybeate, thermal,—नुनिलो, आलो वा मीठो, सम्म वा शान्त, छचल्केको वा उथलपुथल भएको, वायु प्रवाहन भएको, नुनिलो, फलामे, तातो वा तापीय, इ० पानी; hard—नून धेरै हुनाले धुने नुहाउने कामलाई असजिलो, फींज नउठ्ने; soft—नून नभएकोले पकाउन, नुहाउनालाई बेस; strong—s कडा स्रवित मद्य; table—s खानालाई शीशीमा भरिएको शैलोदक, मूलको पानी; smooth—सजिलो जवाइ, कठिनाइ पार गरिसकेको; by—जलमार्गले; in deep—वा—s छ्याप्ल्याङ छ्याप्ल्याङ गरेर, अप्ठ्यारोमा, कष्टमय परिस्थितिमा; still—s शान्त पानी, शान्त रूख; hot—गाल, नसीहत, अप्ठ्यारो; cold—निरूत्साह वा हेला; written in—(नाम, काम, इ०) क्षणिक, नटिक्ने; keep head above—(अलं०) आर्थिक संकटबाट जोगिनु; the—s समुद्र; cast bread upon—s प्रत्युपकारको आशा नराखी गरिएको उपकार; drink the—s स्वास्थ्यको लागि (स्वास्थ्य भूमि वा आरोग्य प्रदेश, प्रपा, मा शैलोदक) पिउनु; through fire &—सम्पूर्ण डर, खतरा, मध्येबाट; hold—(कुरा) अडनु; make, pass,—पिशाव गर्नु;—on the brain पानीको विकृत जम्नु;—bewitched बोक्सी लागेको (खल्लो) चिया, इ०, वा पानी मिसाएको मद्य;—of life आध्यात्मिक ज्ञान, प्रबोधन; —s of forgetfulness विस्मृति वेलाको स्थिति : high—ज्वार; low—भाटा; in low—(अलं०) म्लान अवस्थामा, खा० ग० दामको अभाव; high, low,—mark समुद्री वेला पुगेको सबभन्दा माथिल्लो, वा तल्लो, स्थान, (अलं०) घटबढ हुने प्रक्रियाको सर्वोत्तम र निकृष्टतम परिणाम; केही कुराको रस वा घुलन, जल, ज० कि lavender—, rose—गुलाफ जल, इ०; मणिको पारदर्शकता वा टलक (खा० ग० हीरा); (वित्त०) पातलाएर थपिएको मूल धन वा पूँजीको परिमाण;—-bed (रोगीको लागि) पानी भरेर बिछ्यौना बनाएको रबडको ठूलो थैलो;—-blister पानीफोको;—-borne (माल सामान) पानीबाट लगेको; (रोग, इ०) पानीबाट सर्ने;—-bottle पानीदान, सुराही, (सफरको सामान);—-buffalo भैंसी; —bus पानी बस;—-cart पानी गाडा (सडकमा पानी हाल्ने);—-closet (पानीले पखाल्ने बन्दोवस्त भएको) चर्पी, पानी चर्पी, पानी दराज, जलकुटी, शौचकूप;—-colour पानी रंग, पानी रंगको चित्र;—-course जल मार्ग, परीवाह, नदी, खोला;—cress साग विशेष;—cure जलोपचार;—-diviner जल शकुन परीक्षक;—fall झरना, निर्झर, जल प्रपात, छहरा, छाँगो;—gate बाढी ढोका, नदीद्वार;—-gauges जलाशय, पोखरी, नदी इ० मा पानीको तह देखाउने ऐनाको नली, इ०; जलमापक;—-glass सोडा सिलिकेट (द्रव्य) को पानीमा घुलन;—-gruel माँड, फाँडो;—-guard जलपाले, (भन्सार);—-hole अरू ठाउँ सुखा भए पनि नदीको मध्यमा पानी अड्ने खाडल वा प्वाल;—jacket यन्त्र चिसो राख्ने पानी भर्न हुने उपकरण, जलावरण;—-joint जलाभेद्य जोर्नी;—-level जलस्तर; भैंमा पानीको स्तर; सम्म जाँच्ने यन्त्र;—-lily कमल;—-line (जहाजमा) जल रेखा (बाह्य पानी आउनेसम्मको ठाउँ);—logged (काठ) पानीले लथाचूर, जलाम्य; (जहाज, डुङ्गा) पानी यस्तरी भरिएको कि उत्रिनै नसक्ला जस्तो, जलमग्न; छताछुल्ल;—-main जलमूल, मूल पानी नल;—man मल्लाह;—mark (कागतमा रहने, फिका, उत्पादकको नाम, नाप, इ० देखाउने) जल चिन्ह; **क्रि.** जल चिन्ह हाल्नु;—-meadow जलस्थली (पानी बराबर छोडेर हरियो राखेको चौर);—-melon तर बूजो;—-mill घट्ट;—polo तैराकहरूले खेल्ने हाते बल (गेंद) को खेल;—-power जलशक्ति;—proof **वि.** जलजित, जलाभेद्य; **ना.** बरसादी; **क्रि.** रबड, इ० ले जलाभेद्य गराउनु;—proofer **ना.** जलाभेद्यक;—-rate जलकर;—-seal ग्यास इ० चुहिने रोक्नालाई बांगो, मोडेको, पाइपमा रहेको पानी, पानी रोक;—shed जलडमरू, जलपृथक्कारी, (लोक०) नदीघाटी;—-shoot छानाको पानी खस्ने ढल;—side समुद्र, नदी वा तालको किनारा;—-skiing स्की लाएर पानीमाथि मोटर डुङ्गाले तान्ने खेल, जल स्की;—-skin (भिस्तीले लिएर हिंड्ने)

छालाको ठूलो थैलो;— -splash पानीले ढाकेको बाटाको भाग; —spout जलवज्र, जलस्तम्भ, सिर्का,— ·sprite जलभूत, पण्डुवा;—store **ना.** फोसी;— - supply जल संभार र उपलब्धि;—tight **वि.** जलरोधक, जलाभेद्य;—tight compartments पनडुब्वीका अलग कक्षहरू; (अलं०) विषयहरूलाई बिलकूल पृथक् राखिने काम;—trap जलकूट, पानीरोक;— - tower पानीबुर्जा (जलाशयलाई राख्ने उच्चा, अग्लो ठाउँ);— -wave पानीले बनाएको केशको लहरी, जल लहरी;—way नहर, कुलो, (डुङ्गा चल्ने) जलमार्ग;— - wheel घटी यंत्र, जलचक्र;— - wings सिकारू तैराकको काँधमा बाँध्ने आतु (उत्रने वस्तु वा हावा भरेको माल);—works जल पद्धति, जल प्रवन्ध, पानी काज; turn on the —works (अरू केही नलागेर स्त्रीले रोएर कार्य साधन गर्ने) धारा खोल्नु, आँसु खसाल्नु ।

water (वॉ'टर्) **क्रि.** पानी हाल्नु, छिट्नु (बाटो, विरुवा, इ०; दूधमा, बियरमा, इ०) (गाईवस्तु, घोडा, इ० लाई) पानी ख्वाउनु; (पशुहरू) पानी खान पोखरी, नदी, इ० जानु; (जहाज, रेलको इञ्जिन, इ० वा तिनका चालक) पानी लिनु, खानु; (पिरो, इ० ले आँखा, र खानेकुरा देख्दा राल) पानी उम्रनु, राल चुहुनु; (मु० निष्ठामा) भिजाएर इस्त्री लाएर धर्सो वा लहरी पार्नु; (वित्त०) व्यापारिक प्रतिष्ठान, कम्पनी, को ऋण वा नाम धारक पूँजी, संपत्तिमा विना केही वास्तविक वृद्धि, केवल नयाँ अंश जारी गरेर भएको वृद्धि, स्फीति;—down (कथाको विवरण, इ०) कम भयावह वा चडका पार्नु, हलका पार्नु, फितलो पार्नु;—ing cart पानी गाडा; ing place जनावरहरूलाई पानी ख्वाउने ठाउँ, प्रपा, समुद्र किनारमा स्वास्थ्योपचार, वा रमाइलोको लागि बिदामा परिवार जाने ठाउँ;—ing-pot जलदान, (प्वाल परेको धारा लाउने टुटीसहित) ।

Waterloo (वाटर्‌लू') **ना.** नेपोलियनको अन्तिम हार भएको बेल्जमको रणभूमि; रन्थन्याउने आघात; निर्णायक द्वन्द्व, मु० meet (one's)—वाक्यमा ।

watery (वाँ'टरि) **वि.** जलमय, पनिलो, अम्मय, उदक, बहूदक, अनूप, लथाचूर, छताछुल्ल, (आँखा, ओठ) पानी भरिएको; (तरल) पनिलो, पातलो, पातलिएको (देख्दा वा साँच्चिकै), पानी जस्तो; (अलं०, व्यन्जन बोली, शैली) विरस, नीरस, वेस्वादको, अरुचिकर, कमजोर, फितलो; (रंग) पहेंलो, पखालेको; वर्षा जनाउने, ज० कि a—moon, sky ।

watt (वॅट्) **ना.** वाट, विद्युत् शक्तिको एकांकी, जब वैद्युत् चालक शक्ति एक भोल्ट र विद्युत् प्रवाह एक एम्पियर हुन्छ, तब शक्ति एक वाट हुन्छ;—age **ना.** वाटमा जनाएको वैद्युत्शक्तिको परिमाण ।

Watteau (वॉ'टो) फ्रान्सिसी चित्रकारको नामबाट बनेका स्त्रीको लुगाको बनोट वा आकार ।

wattle (वॉ'ट्ल्) **ना. र क्रि.** सरपत, हाँगा बिंगा र छेस्का इ० टाँड पारेर राखेको बार, भित्ता वा छाना (—& daub माटोले पोतेको त्यस्तो छेक), काष्टावरण; (ए० व० वा ब० व०) त्यस्तो बार बनाउने हाँगा, डण्डी, प्रशाखा इ०; त्यस्तो हाँगा पाइने अस्ट्रेलियन जातको बबूलको रूख; **क्रि.** काठ, हाँगा, सरपत, इ० को बार बनाउनु; हाँगा टाँड पार्नु; हाँगाको बारले घेर्नु ।

wattle (वॉ'ट्ल्) **ना.** टर्को, इ० चराको टाउकोको सिउर वा घाँटीमा रहने मासुको डल्लो; कुनै माछाको मुखमा रहने त्यान्द्रा ।

waul (वॉल्) **क्रि.** बिरालो झैं कराउनु, म्याउँ म्याउँ गर्नु ।

wave (वेभ्) **क्रि.** चल्नु, चलाउनु, हल्लिनु, फहराउनु, फरफराउनु, तरंगित हुनु, बजार्नु, तरंगिनु, (हात) हल्लाउनु, (कपाल वा केश, चित्रमा रेखा, इ०) तरंगित, कल्लोलमय पार्नु; लहरी पार्नु; कल्लोलमय हुनु;—sword तरवार उठाउनु, हल्लाउनु;—to, away, (कसैलाई) हातले इशारा गर्नु, अभिवादन गर्नु, पठाउनु, इ०;—aside पन्छाउनु, बेवास्ता गर्नु, तुच्छ वा अप्रासंगिक ठानेर पन्छाउनु ।

wave (वेभ्) **ना.** दुई खाडलका बीचमा रहेको पानीको डाँडो, तरंग, लहरी, पानीको लामू संघात जसको माथिल्लो शिर गुम्वजाकारको भएर किनारामा खस्दछ; छाल, लहर; तरल माध्यमका कणहरूमा भएको खलबल या विप्लव, जसबाट गतिको उत्पादन ता हुन्छ, र ताप, प्रकाश, ध्वनि, विद्युत्, इ० कुनै दिशातिर लगिन्छन्, तर ती कणहरू आफैं ठाउँ सर्दैनन्; त्यस्तो गतिमध्येको कुनै एक तरंग; कुनै भाव, स्थिति वा प्रभावमा क्षणिक वृद्धि वा उच्चता, लहर; तरंग परेको वा तरंगित रेखा वा धर्को; हात हल्लाउने चेष्टा; the—s (कवि०, अलं०) समुद्र; attack in—s (सेना०) समुद्रमा लहर चले झैं एकपछि अर्को पंक्तिमा अघि बढेर जाइलाग्नु; heat, cold, —ताप, शीत, लहरी;—length दोलनको एक शिरदेखि अर्कोसम्मको दूर, तरंग दूरी;—less **वि.** तरंगहीन, विना छाल; —let **ना.** तरंगिका ।

waver (वे'भर्) **क्रि.** अस्थिर ढाँचासँग दोल्नु, धप धप गर्नु, काम्नु (विर० ज्वाला); (फौज) लरखरिनु, अस्थिर हुनु, पछि हट्न थाल्नु; हिचकिचाउनु, मन स्थिर गर्न नसक्नु, राय ठेगान गर्न नसक्नु; धर्म, विश्वास, संकल्प, इ० मा अड्न नसक्नु; दोमना हुनु ।

wavy (वे'भि) **वि.** लहरिलो, दोलायमान, (रेखा वा समतल) तरंगित, एकान्तर विपरीत वक्र भएको वा देखाउने, घुम्रिएको (केश); W —Navy (बो० चा०, ऐति०) बिलायतको नौ सेनाबाट अवकाश प्राप्त जवानहरूको पुनः सेवामा प्रवेशपछिको संगठन R.N.V.R. शाही नौ सेना स्वेच्छा जगेडा; wavily **क्रि. वि.** तरंगित ढाँचाले; waviness **ना.** तरंगिता, लहरिपन ।

wavy (वे'भि),—**ey ना.** हिउँ हाँस (अमरिकी-इण्डियन) ।

wax (व्याक्स्) **ना. र क्रि.** मैन, मैन जस्तो वस्तु, सिक्थक ज० कि० ear—कानेगुजी; mineral—खनिज मैन जस्तो शिलाभव खोटो; paraffin—पेट्रोलबाट पाइने; vegetable —उद्भिद्‌बाट निस्कने खोटो; sealing—(छाप लाउने) लाहा;

cobblers' - —(धे० ज० पशुको सींगको) धागोमा लाउने खोटो जस्तो चीज; **क्रि.** मैन दल्नु, लाउनु, मैनको पाप्रो लाउनु, मैनले (टल्काउनालाई) दल्नु;—candle मैनबत्ती,— - chandler मैनबत्ती बनाउने र बेच्ने;—cloth भुँ तन्ना, कार्पेटको बदला, लिनोलियम;—doll मैनको मुख भएको पुतली, राम्री तर भावहीन मुख भएकी स्त्री;— - light मैनबत्ती (ठूलो वा सानू);— - paper मैन लाएर जलभेद्य गराएको; — - pocket माउरीको मैन निकाल्ने कुनै प्वाल;—work रूप दिएको काम वा वस्तु, मैनबाट बनाएको माल, खा० ग० व्यक्तिको रंगीन मैनले बनेको मुख हात भएको नकल, जसलाई प्रचलित लुगा लाइदिएर देखाउन राख्दछन् ।

wax (व्याक्स्) **क्रि.** (चन्द्रमा, औंसीदेखि पूर्णिमासम्म) बढ्नु, वृद्धि हुनु; (दाँ० wane क्षय हुनु;—& wane वृद्धि क्षय, अलं० पनि, बढ्नु घट्नु); (आ० र कवि०) बढनु वा ठूलो हुनु; (वाच्य०) तोकिएको अवस्था वा स्थितिमा पुग्नु, अथवा भाव वा सोरमा, ज० कि—fat, merry, eloquent, इ० ।

wax (व्याक्स्) **ना.** (अप०) झोक, रिसको झोक ।

waxen (व्या'क्सेन्) वि. मैनको (अचेल wax को वाच्य प्रयोगले पन्छाउन लागेको); मैन जस्तो (नरम) तह भएको (खा० ग० अनुहारको रंग, waxy को जस्तो नहोच्चिने बोली) ; मैन जस्तो नम्य, अंकनीय वा अंक्य; सिक्थमय, सिक्थाक्त ।

waxy (व्या'क्सि) **वि.** मैन जस्तो, खा० ग० सजिलोसँग माडिने, अथवा चिप्लो पहेंलो वा सेतो प्रायः पारदर्शी तह भएको; (तन्तु) मैन जस्तो दृढता हुने गरी विकृत भएको, ज. कि—liver; (अप०) झोक्की, जङ्गेको; waxily **क्रि. वि.** मैन झैं; waxiness **ना.** मैनपन; सिक्थता ।

way (वे) **ना.** बाटो, गोरेटो, पथ, राह; तरकीब, कडी, उपाय, परिपाठी, शैली, ढाँचा, ढंग, युक्ति, विधि; सत्पथ, अघि बढ्ने मौका, बाधारहित स्थान, सुगम मार्ग; चलफिरमा लागेको अवस्था, बाटाको समय, म्याद; दिशा; बानी, चालचलन, लहड; क्षेत्र, काम, पेशा, कामको विस्तार; प्रगति, वेग; कुरा, बेहोरा; सामान्य तवर; शर्त, अनुमान, प्रतिज्ञा, क्रम, कोटी; high—राजपथ, राजमार्ग, permanent—व्यवस्थित रेल मार्ग, स्थायी रेलको पटरी; go the—of all flesh मर्नु, बित्नु; find (one's) —ठेगानामा पुग्नु; in every—सर्वथा, सब किसिमले; lose (one's) way बाटो हराउनु; parting of the—s सा० अलं० महत्वपूर्ण निर्णयको बेला; lead the—बाटो देखाउनु; out of the—असामान्य, असाधारण, निर्जन, एकलो; —s & means विधि, काइदा, ज० कि Committee of W—s & Means वित्तीय प्रबन्ध गर्ने (संसदीय); give—, make—बाटो छोड्नु, बनाउनु; get, put (वस्तु, व्यक्ति) out of the—हटाउनु, थुन्नु, मार्नु; right of—चलन (बाटो) को अधिकार; have it both—s दुवै पक्ष (विवाद, इ० मा) आफ्नै गराउनु; both—s आतीजाती; each—both—s घोडदौडमा घोडा जित्ने, वा स्थान लिने, गरी बाजी लगाउनु; live in a small—सानू किसिमसँग; in the family—(स्त्री) गर्भिणी हुनु, पेट बोकेको हुनु; by—of दृष्टान्त रूपले, सट्टामा, उद्देश्यले;— - bill सवारीमा चढ्ने यात्री वा माल सामानको फिरिस्त, चलानी, बाटे फिरिस्त;—farer बटुवा, पथिक, पान्थ;—lay **क्रि.** ढुक्नु (मार्ने वा लुट्नालाई);—out धर, उपाय;—side बाटाको छेउ;— - worn लस्त, थाकेको (सफर, यात्रा, ले) ।

wayward (वे'वर्ड्) **वि.** प्रतीप, स्वैरी, दुर्ललित, जिद्दीवाल, हठी, लिंडे, कुटिलमति, अनौठा ।

wayzgoose (वेज़्'गूज़्) **ना.** छापाखानाको वार्षिक उत्सव वा समारोह ।

we (वी) स० ना० (ब० व०) हामी, हामीहरू; शाही व्यक्ति, पत्र पत्रिकाको लेखक, आफ्ना पक्षका व्यक्तिहरूको तर्फबाट बोल्ने व्यक्ति, इ० ले आफूलाई जनाउने शब्द ।

weak (वीक्) **वि.** कमजोर, दुर्बल, नाजुक, लुरे, तनु, निर्धो, निफर, पातलो, फितलो, स्याखु, थोरै, अल्प, अशक्त, क्षीणबल, शक्तिहीन, निःसत्व; अदहिलो, लोभ थाम्न नसक्ने, दब्बू; अविश्वसनीय, असंगत; (झोल) पातलो, खल्लो, पानिलो; (शैली) रसात्मक, भावुक, अखँदिलो, (व्याक०) अंग्रेजीमा क्रियामा प्रत्यय (खा० ग० ed) जोडेर भू० का० बन्ने;—vessel (अलं०) बेपत्यारको व्यक्ति;—hand (ताश) साना पत्ती भएको हात; the—er sex स्त्रीजाति;—knees (खा० ग० अलं०) ठाडो उभिनाको अक्षमता, संकल्पको कमी; — -kneed अदृढ, अदहिलो, दब्बू;—ending यमकहीन पद्यमा झोक्का नपर्ने अन्तिम पद;—constitution रोगी मिजास, प्रकृति दुर्बल;—stomach चाँडै बिग्रने;—voice दबेको, धीमा;—en **क्रि.** कमजोर पार्नु, दुब्लाउनु ।

weakling (वीक्'लिङ्) **ना.** लुरे, पिलिन्धरे, पानीआन्द्रे ।

weakly (वीक्'लि) **वि.** कमजोर, रोगी, हृष्टपुष्ट होइन, रुग्ण, रोगाएको ।

weakness (वीक्'नेस्) **ना.** दौर्बल्य, शक्तिक्षय, कमजोरी, दुर्बलता, नातागती, नाजोरी, शिथिलता, श्रान्ति, ग्लानि; छिद्र, मर्म स्थान; दोष, (लोभ रोक्न नसक्ने) कमजोरी; अयोग्य वासना ।

weal (वील्) **ना.** समृद्धि, हित, कल्याण, भाग्य, (अचेल मु०—& woe,—or woe सुख दुःख; in the public or general—सर्वजन हिताय; common—सार्वजनिक हित; सुम्लो (लठ्ठी, कोर्रा, इ० ले हान्दा उठ्ने) ।

weald (वील्ड्) **ना.** बिलायतको Kent, Surrey, Hants र Sussex समावेश गर्ने प्रदेश, जसको आफ्नै भूतात्विक लक्षणहरू छन्; वन प्रदेश;—clay माटो, चट्टान, चून, इ० को सो प्रदेशमा पाइने भैंको माथिल्लो पत्र;—en **वि.** वन प्रदेशको, बिलायतको सो प्रदेशको ।

wealth (वेल्थ्) **ना.** कल्याण, समृद्धि, सुखैश्वर्य (आ० in health &—long to live धनधान्यसहित दीर्घजीवी हुनु); धन, वित्त, सम्पदा, निधि, दौलथ, ऐश्वर्य, वैभव; प्राचुर्य, प्रचु-

रता, बाहुल्य;—y **वि.** धनी, धनिक, सधन, विभवशाली, धनीमानी, खाइहाल्दो ।

wean (वीन्) **क्रि.** (बच्चालाई) दूध छुटाउनु, स्तन त्याग गराउनु; (बानी, संगत, इ०) छुटाउनु ।

wean (वीन्) **ना.** (स्क०) बालक, सानू बच्चा ।

weanling (वीन्'लिङ्) **ना.** भर्खर दूध छुटाएको बच्चा ।

weapon (वेपन्) **ना.** हतियार, शस्त्र, आयुध; कुनै द्वन्द्वमा जित्ने हुनालाई गरिने क्रिया, या विधि, या उपाय. ज० कि tears, the woman's— ।

wear (वेय़र्) **क्रि.** (wore, worn) लाउनु, पहिरनु, धारण गर्नु, भिर्नु, (रौं) पाल्नु, राख्नु; खिइनु, फाट्नु, घस्टिनु, घसिनु, मासिनु, थोत्रिनु; थकाउनु, टट्टाउनु;—well खप्नु;—badly घिस्सिनु; (समय) विस्तारै वा उच्चाट लाग्ने गरी बित्नु; (पानी, इ० ले) खियाउनु; (जहाज) पतवारको मददले अघि बढाउनु, ल्याउनु;—able लाउन हुने, टिकाउ; worn clothes लाएको, जडाउरी;—the crown, sword, gown, willow (सरपत, बेत), breechcs वा trousers राजा वा शहीद, सैनिक, वकील, विरही प्रेमी लोग्ने कज्याउने स्वास्नी, हुनु;—(one's) heart on (one's) sleeve मनको कुरा स्पष्टसँग बुझिने आचरण गर्नु;—(person, principle) in (one's) heart अभ्यन्तरमा राख्नु;—(one's) years well तन्नेरी देखिनु;—out (one's) welcome जहिले पनि आइरहने गरेर वा आएपछि जान नजानेर स्वागत योग्य नहुनु;--through the day जसोतसो गरेर काट्नु;—ing–apparel लुगा;—ing-iron वा—plate घर्षणमा पर्ने ठाउँ जोगाउनालाई सो छोपेर जडेको पातो, खिइने पातो;—down गाल्नु (पसलमा मोल),—off पच्नु, खिइनु;—out जीर्ण गराउनु, जर्जर हुनु ।

wear (वेय़र्) **ना.** पहिरन, परिधान; लुगा, अवसरमाफिकको लुगा, चलेको लुगा; खियाइ, जर्ती, सुखा, टूटफूट, घस्टाइ; टूटफूट, खियाइ, इ० अड्ने शक्ति, ज० कि a great deal of –, no—in (anyıhing), धेरै जर्ती जाने, जर्ती नजाने;= weir बाँध; in general—चलतीमा; (clothes) in wear लाउने गरेको; head- —टोपी, शिरपोश; foot- —जुत्ता, पाउपोश;—& tear सुखा जर्ती, टूटफूट. मसोट, खियाइ, घस्टाइ ।

wear/y (वि'अरि) **वि.** र **क्रि.** थकित, क्लान्त, परिश्रान्त, खिन्न, म्लान; अघाएको, सहन नसक्ने; थकाउने, उच्चाट लाग्ने, मन नलाग्ने, अरुचिपूर्ण; **क्रि.** थकाउनु, पिर्नु, हैरान पार्नु; थाक्नु, वाक्क हुनु, (मु० स्क०) रहर गर्नु;—ily **क्रि. वि.** थकित भएर;—iness **ना.** थकाइ, श्रम, क्लान्ति;—isome **वि.** आयासकर, श्रमजनक, थकाउने;—ied **वि.** खिन्न, क्लान्त ।

weasand (वे (वि)'ज़ण्ड्) **ना.** घोक्रो, घाँटी, कण्ठ; (व० व०) गाईको कण्ठनलीबाट बनाएको ससेज (बोसे आन्द्रो) को खोल ।

weasel (वी'ज़्ल्) **ना.** र **क्रि.** नकुल, न्याउरीमूसो; **क्रि.** वाकछल गर्नु, वक्र वचन गर्नु, वक्रोक्ति गर्नु, बोलीले छल्नु; catch a—asleep चंख मानिसलाई छकाउनु;— - faced चुच्चे (अनुहार भएको) ।

weasel (वी'ज़्ल्) **ना.** पांग्राको साटो पहिया पेटी भएको जलथलगामी यान, हिमयान; (water, snow, land को प्रथमाक्षरहरू लिएर बनाएको शब्द WSL मा स्वर हालेको) ।

weather (वे'दर्) **ना.** र **वि.** मौसिम, हावापानी, काल; **वि.** हावापट्टिको, वाताभिमुख; April—घामपानी, हाँसो र आँसु; fair—सुदिन, असल मौसिम; foul—दुर्दिन; dirty—बतासिलो, खराब; soft—झरी परेको; King's वा Queen's वा royal—समारोहमा राम्रो मौसिम; seasonable—सामयिक, ज० कि बर्खामा झरी, हिउँदमा हिउँ वा तुसारो, इ० clerk of the—मौसिम शास्त्रलाई व्यक्तिरूप दान गरिएको कल्पना; make good वा bad—(नौ०) असल, खराब, मौसिम भेट्टाउनु; heavy—खराब मौसिम, कठिन परिस्थिति, बखेडा; under the—(बो० चा०) बिसञ्चो, खराब मिजास; — -beaten वाताहत, घामपानीमा परेको;— -board ढोकामा पानी भित्र आउन नदिनालाई तलतिर ठोकेको तेर्सो फल्याक; — -box मान्छे, स्त्रीको आकार भएको स्वच्छ र खराब मौसिम देखाउने बाकस;— -bureau मौसिम शास्त्रालय, वायुविद्या विभाग;— -chart मौसिम लेख, मौसिम नक्शा;—cock वायुकुक्कुट, वायुध्वज, वायुज्ञापक, (अलं०) चंचल वा अधीर व्यक्ति, अवसरवादी;— - forecast मौसिम अनुमान;— -glass वायुमापक यन्त्र, वायुचापमापक ;—proof मौसिम अभेद्य;— -prophet मौसिमविद्, मौसिम वक्ता;-- -stain (भित्ता, इ०, मा) मौसिम दाग;-- -station मौसिम कार्यालय, चौकी;— -vane=—cock वायुकुक्कुट;— -wise वायुविद्, मौसिम ज्ञाता;— -worn वायुजीर्ण;—most सबभन्दा हावापट्टिको ।

weather (वे'दर्) **क्रि.** खुलामा रहनुं, हावापानीमा राख्नु, हावापानी खानु; (धे० ज० निष्ठामा) खुलामा रहेर रंग खुइलिनु र आंशिक रूपमा झुट्नु; (जहाज वा जहाजीहरू) (अन्तरीप, इ० मा) हावापट्टि जानु, (हुरी वा अलं०) आपत पार गरेर सकुशल निस्कनु; (फल्याक, टाइल) तलतिर खप्ट्याउनु ।

weatherly (वे'दर्लि) **वि.** (नौ०) (जहाज) विस्तारै मात्र अघि बढ्न सक्ने, हावामा अड्न सक्ने ।

weave (वीभ्) **क्रि.** (wove, woven, र, कुनै खास व्यापारिक मालको नाममा wove ; र ना. बुन्नु, बाट्नु, तान्नु, तान लाउनु, गाँस्नु, जेल्नु; कुथ्नु (तथ्य, विवरण, बेहोरा, इ०) हाल्नु, भर्नु (बयान, कथा, इ० मा); अविपङ्क्ति, वा छेउपट्टि चल्नु; (वायुसेना अप०) छल्नु, छल्ने चाल गर्नु; wove (n) paper विशेष तरीकाले तारको जालीमा बनाएको चिप्लो तह भएको कागत; **ना.** बुनाइ, बुन्ने तरीका, बुनाइको ढाँचा वा किसिम, बुनौट ।

weaver (वी'भर्) **ना.** शा० अ०, खा० ग०: जुलाहा, तन्तुकार, कुविन्द, जुल्याहा;—'s knot विभिन्न प्रकारका डोरी

जोर्ने गाँठो; (—- bird पनि) टालो, थांग्नोले गुँड बनाउने चरोको जात ।

weazen (वी'ज़न्) **वि.** = wizened सुकेको, सुके ।

web (वेव्) **ना.** बुनेको कपडा; एक पटक वा एक टुक्राको बुनोट; जालो, जाल, तन्तु; (चरो, पशु,) खुट्टाको औंला, नङ्ग्रा, जोर्ने जालो; जोर्ने तन्तु; प्वाँखको झिल्ली; कागतको ठूलो मुठो, खा० ग० अखबार छाप्ने; कलको गहकिलो भाग जोर्ने पातलो च्याप्टो भाग; cob-जालो (माकुरा वा अन्य कीरा, इ० ले बुन्ने); —- eye आँखामा जालो पर्ने वा डल्लो निस्कने रोग; —- fingers,—toes जोरिएका औंला (स्वाभाविक, वा विकृत); —- foot नालपाद; —-wheel पांग्रामा डण्डीको साटो पातो भएको चक्का, पातेचक्का; अथवा घेरा, डण्डी, केन्द्र, सबै एकै साथ भएको चक्का, ज० कि घडीका चक्काहरूमा ।

webbing (वें'बिङ्) **ना.** सांग्रो बलियो फिता; निफर कपडामा हाल्ने बलियो किनारा ।

wed (वेड्) **क्रि.** (—ded,—ded वा, विर० र वि० प्रयोगमा नचल्ने, wed पनि) (वरवधू, पुरोहित, बाबु आमा) बिहे गर्नु, बिहे गरिदिनु; जोर्नु, संयुक्त गर्नु (धे० ज० फरक गुणहरू); वाच्य प्रयोग :—ded pair परिणित, विवाहित जोडा,—ded life, bliss विवाहित जीवन, सुख (दाम्पत्य सुख); newly -—s नवविवाहित दम्पति, वरवधू; निष्ठा०) संसक्त, भक्त (राय, पेशा, कामसँग छोड्न नसक्ने गरी), आसक्त, अवलम्बी ।

wedding (वें'डिङ्) **ना.** विवाहोत्सव, बिहावरी, विवाह, पाणिग्रहण; silver, ruby, golden, diamond,—विवाहको पच्चीसौं (रौप्य), चालीसौं (मानिक), पचासौं (सुवर्ण) र पचहत्तरौं (हीरक) जयन्ती; penny—आमन्त्रित पाहुनाबाट दाम उठाएर सम्पादन गरिने; —breakfast विवाहोपरान्त वरवधू आनन्दमासको लागि प्रस्थान गर्नेअगाडिको भोज;—- cake विवाहरोटी, आमंन्त्रित व्यक्तिहरूमा बाँडिने र अनुपस्थित स्वजनलाई पठाइने;—-cards वरवधूको नामांकित पत्र, विवाहसूचन;—-day विवाह दिवस, वा सोको जयन्ती;—- favour विवाहको सम्मानमा लाउने सेतो गुलाफ जस्तो फित्ताको बुट्टा, तारका;—-ring विवाहमा वरले वधूको साहिंली औंलामा लाइदिने र सो पछि उनले विवाहिता पत्नीको मर्यादा जनाउनालाई सधैं लाउने विवाह औंठी, परिणयाङ्गुलीय ।

wedge (वेज्) **ना.** र **क्रि.** कील, कीलो, टंक, पचकर, चुच्चो परेको कीलो; सुन्तलाको केस्रा; **क्रि.** कीलोले फट्याउनु, वा फोर्नु (विर०); कीलोले बाँध्नु; अड्काउनु, अडयाउनु, जोर्नु; कसेर हाल्नु, कसिनु; हटाउनु, घचेट्नु;—-shaped कीलोको आकारको;—- tailed बीचको प्वाँख लामू भएको (पुच्छरको) चरो; —wise **क्रि. वि.** कीलो झैं ।

wedlock (वेड्'लक्) **ना.** विवाह गाँठो, विवाह; born in औरस सन्तान, जायाजन्म ।

Wednesday (वेन्ज़्'डि) **ना.** बुधवार ।

wee (वी) **वि.** (—er,—est) सानू, स्यानू, अति सानू, क्षुद्र ।

weed (वीड्) **ना.** र **क्रि.** झार, झारपात, घाँस, तृण, (पानीमा उम्रने) जलस्तव, जलकक्ष, जलवेश; the Indian वा soothing—तमाखु, सुर्ती, दुब्लो र लामू घोडा वा व्यक्ति; ill—s grow apace अग्लो वा हुलुक्क बढेको केटाकेटीउपर खिसी;— -grown,—y झरिलो, झारैझार भएको, कक्ष बहुल; **क्रि.** गोड्नु; (अलं०) उखेल्नु; काटिदिनु, हटाउनु;—out हटाउनु, खराब जति छानी छानी हटाउनु; सोह्नु, सोह्नी गर्नु;—less **वि.** विना झारको;—iness **ना.** झारिलोपन;—er **ना.** खुर्पी, खुर्पा;—ing सोह्नी, गोडाइ ।

weeds (वीड्ज़्) **ना.** (व० व०) विधवाको बरखी लुगा, (धे० ज० widow's) क्लिष्ट निवसन, चीर ।

week (वीक्) **ना** सप्ताह, सप्त दिन, हफ्ता, साता; Holy W—ईस्टरको पर्वअगाडिको साता,—Passion W—; सात दिनको अवधि, साता; आइतवार आइतवारका बीचको छ दिन; —-day आइतवार बाहेकको कुनै दिन;—-end हफ्ताको आखिरी; विलायतमा शनिदेखि सोम वा मंगलवारसम्म, हाम्रो शुक्रदेखि रविवारसम्म, हफ्ते विदा; —- end **क्रि.** हफ्ताको अन्तको बिदाको अवधि (कसैसँग) विताउनु, हफ्ते विदा विताउनु ।

weekly (वीक्'लि) **वि., क्रि. वि.** र **ना.** साप्ताहिक, हफ्तैपिच्छे, हफ्ताको एक पटक, हफ्तासम्मको; **ना.** साप्ताहिक पत्र पत्रिका ।

ween (वीन्) **क्रि.** (कवि०) ठान्नु, सम्झनु, आशा गर्नु ।

weep (वीप्) **क्रि.** (wept) रुनु, आँसु खसाल्नु, पानी उमार्नु वा थोपाले ढाकिनु, पानी निकाल्नु, पसीना काढ्नु, थोपा चुहिनु;—eczema पानी निष्कने दाद; (—ing pipe बीच बीचमा पानी थोपा चुहिने गरी बनाएको; W—ing Cross (ऐति०) श्रद्धालुहरूले पूजा र प्रार्थना गर्नालाई बाटामा खडा गरेको क्रुश, (आफ्ना पापको प्रायश्चित्तको लागि, इ०); (रूख) लत्रने हाँगा भएको (मु० रूखको नाममा, ज० कि—ing willow, birch. इ०);—out रुञ्चे स्वरमा बोल्नु;—(oneslf) out अघाउञ्जेल रुनु;—away बेसरी रुनु ।

weeper (वी'पर) **ना.** शा० अ०, पनि र खा० ग०: अंत्येष्टि क्रियामा ज्यालादार मलामी: टोपमा शोक देखाउनालाई लाउने कालो फिता; विधवाको मुख छोप्ने कालो जाली; (ब० व०) विधवाले लाउने सेतो मोहता ।

weeping (वी'पिङ्) **ना.** रुवाइ, विलौना, रोदन, क्रन्दन, रुवावासी ।

weever (वी'भर्) **ना.** ढाडमा काँढा हुने माछा जसले पारेको घाउ साधारणत: पाक्ने हुन्छ ।

weevil (वी'भिल्) **ना.** घून ।

weft (वेफ्ट्) **ना.** तानमा हालेर कपडा बनाउने बाना; (खु०) कपडा, बुनोट ।

Wehrmacht (भैय्र्'माख्ट्) **ना.** जर्मनीको सशस्त्रवाहिनी, सशस्त्र सेना ।

weigh (वे) **क्रि.** र **ना.** तौलनु, जोख्नु, (हातले) तौलको

अंजाम गर्नु; मूल्यांकन गर्नु, (मनमा) तौल्नु, आलोचना गर्नु, विमर्ष गर्नु, गुन्नु; वजनले ओराल्नु, (अक्ष० वा अलं०), (तुल्य भार) माथि घचेट्नु; पानीवाट उतार्नु, झिक्नु (—anchor लङ्गर उत्तोलन गर्नु, यात्रारम्भ गर्नु,—ship (विर०) डुबेको जहाज फेरि उचाल्नु, उत्रने गराउनु);— - er **ना.** हटवे;— - beam तराजुको डण्डा;— - bridge गन्हुँगो सामान, मोटर, इ० जोख्ने, फलामेपाता सहितको तुलायंत्र, भारसेतु;— - house आधिकारिक तौरले सामान जोख्ने ठाउँ, तोल कक्ष;—ing machine तोल यंत्र; **ना.** तौल; तौलको विधि वा हेतु;—ing **ना.** जोख तौल, जोखाइ, तौल ।

weight (वेट्) **ना.** वस्तुलाई आकर्षण केन्द्रतिर तान्ने बल, गुरुत्व; मान, भार, तौल, परिमाण, भारीपन; गन्हुँ वस्तु, ढक, बोझ, थिचुवा, भार, वजन, तोल; अडयाउनुपर्ने भार, भार परिमाण; महत्व, गरिमा, गौरव, प्रभाव, श्रेष्ठत्व;—age **ना.** हटवइ, भार;—less भारहीन, नवजन, असार; paper—पत्रभार ।

weight (वेट्) **क्रि.** भार झुण्डयाउनु; बोझ वा भारले नुहाउनु, रोक्नु; भार (अक्ष० वा अलं०) ले बाधा दिनु वा बोझ पार्नु; (कपडा) मा खनिज, इ० हालेर बाक्लो पार्नु; (तथ्यांक) औसतका अंशलाई हानिपूरक भाज्यले गुणा गर्नु;—ed **वि.** भारमान;—ing **ना.** विशेष अवस्था दिइने थप तलब वा भत्ता ।

weight/y (वे'टि) **वि.** गन्हुँ, गन्हुँगो, भारी, बोझिलो वजनदार; महत्वपूर्ण, खँदिलो, सारगर्भित, गहकिलो, विचारणीय, प्रभावकारी, आधिकारिक;—ily **क्रि. वि.** गम्भीरतासँग;—iness **ना.** महत्व, प्रभाव ।

weir, wear (वेय्र्) **ना.** नदी घाटी, नदीको बाँध, बंध, योग; माछालाई थुन्ने कोठाको कप्टेरा वा सूली गाडेर नदीमा बनाएको घेरा ।

weird (वियर्ड्) **ना.** भाग्य, विधाता, पुर्पुरो, (मुख्य स्क०); dree (one's)—भाग्य, पुर्पुरो, भोग्नु ।

weird (वियर्ड्) **वि.** भाग्यसँग सम्बन्धित, अति प्राकृतिक, अपार्थिव, रहस्यमय; (बो० चा०) अनौठा, विचित्रको, पुरानू खालको, अज्ञेय, अगम्य;—ly **क्रि. वि.** अचम्मसँग, डरलाग्ने गरी;—ness विचित्रता, रहस्य ।

Weismannism (भाइस्'म्यानिज़्म्) **ना.** भाइज्म्यानवाद; कुल गुणको सिद्धान्त, जसमा आर्जित लक्षणहरूको संचारण अस्वीकार गरिन्छ ।

Welch (वेल्श्) **वि.** Welsh (वेल्सको) को रूपान्तर, जो अचेल कुनै सैनिक गणहरूमा मात्र प्रयोग हुन्छ, ज० कि—Regiment, Royal—Fusiliers; परन्तु Welsh Guards.

welch (वेल्श्) **क्रि.** दाम नतिरी भाग्नु, वेपत्ता हुनु (खा० ग० घोडदौडमा जितेको दाम वा बाजी);—er **ना.** बाजी नतिर्ने, दाम खाने ।

welcome (वेल्'कम्) **वि. बो., ना., क्रि.** र **वि.** स्वागत ! स्वागत छ !; **ना.** स्वागत, आदर सत्कार, आवभाव, मान भाउ स्वागतादर; **क्रि.** सत्कार गर्नु, स्वागत गर्नु, लिन जानु, खुशीसँग भेट्नु वा लिनु वा सुन्नु; **वि.** प्रसन्नताको साथ लिइएको इजाजत दिइएको; शुभ, इष्ट, प्रिय, सुखद; bid (one)—स्वागत गर्नु; wear out वा outstay (one's)—धेरै जाइरहनु वा गएपछि धेरै वेर कसैकहाँ बसिरहनु, मढइ मार्नु; warm—हार्दिक स्वागत; प्रबल विरोध;—as snow in harvest अस्वागत; you are—वा, (न्यूनपद)—धन्यवाद गर्नुपर्दैन (खा० ग० धन्यवाद प्रकाशनको जवाफमा) ।

weld (वेल्ड्) **क्रि.** र **ना.** जोड्नु (धातु, र खा० ग० फलाम तातेको वेलामा पिटेर), धातु संयोजन गर्नु, गालेर जोड्नु; ढलान गर्नु; (अलं०) (नयाँ भर्ती, भागहरू, युक्तिहरू) संयोजन गर्नु, मिलाउनु; **ना.** ढलान, ढलाइ, रसायन, जोर्नी;—able **वि.** जोडिने, ढ़लान हुन सक्ने ।

welfare (वेल्'फेय्र्) **ना.** र **वि.** कल्याण, हित, क्षेमकुशल, बेहत्तरी, भलो, फाप, आराम विराम; **वि.** हितकारी, लोकहितकारी, जन कल्याणकारी;—State राष्ट्रिय स्वास्थ्य सेवा, बीमा, र अन्य सामाजिक सेवा भएको राष्ट्र;—work कामदार वा श्रमिकहरूका लागि जीवनमा बढ्ता सुविधा प्रदान गर्ने उद्देश्यले उठाइएको; कल्याणकारी काम ।

welk (वेल्क्) **क्रि.** (आ०) उडनु, सुक्नु, वैलाउनु ।

welkin (वेल्'किन्) **ना.** (कवि०) आकाश ।

well (वेल्) **ना.** मूल, मुहान, भूँड झरना, (अलं०) स्रोत; पनेरो, इनार, कुण्ड, वापी, कूप, बुङ्गल, ज्यू, कुवाँ; (सिंढी, लिफ्ट, इ० रहने) घरभित्रको इनार जस्तो गहिरो घेरिएको जग्गा, वापी; अदालतमा अधिवक्ता वा वकीलहरूले वहस गर्ने घेरा; मसीदानी; artesian—नलकुवा;—staircase सिंढीको कूप;— - dish बीचमा खाडल परेको रिकाबी, कूपपात्र;— - head मूल, स्रोत;—room कूपकक्ष, स्वास्थ्य केन्द्रमा जहाँ खनिज जल (पिउन) पाइन्छ, पानीकोठा;— - sinker इनार बनाउने कर्मी;— - spring=— - head मूल ।

well (वेल्) **क्रि.** उम्रनु, निस्कनु (मूल, प्रपात, इ० वाट झै), धे० ज० up, out, forth सँग ।

well (वेल्) **क्रि. वि.** र **वि.** (better, best) र **ना.** राम्ररी, बेसरी, सु, पूरासँग, यत्नसाथ, होशले; सहृदयतासँग, दयाले, मन पराएर, मेलसँग; सजिलोसँग, मुनासिव माफिक, बुद्धिमत्तासँग; **वि.** बेस, निको, निहाल, सन्चो, निरोगी सुस्वास्थ्यमा; बहाल, जाती, भलो, खासा, वढिया, ज्ञानी, सन्तोषजनक, असल, गनिमत;—enough बेसै; all's—सब ठीक छ; as—असल, बेस;—& good बेस; it is all very—व्यंग्यपूर्ण मञ्जूरी वा अस्वीकृतिको बोली; **ना.** असल कुराहरू, बेस, भलो, भलाइ; wish—भलाइ, भलो चिताउनु; let—alone फ्वाँकमा चलाउन नजानू;—off सम्पन्न, समृद्धिशाली ।

well (वेल्) **वि. बो.** (आश्चर्य जनाउने बोली), अहो ! वाह !; (सन्तोष) लौ !; (छूट, रियायत) हुन्छ, होला !; (कुरा अडेर शुरू गर्दा) हो, अनि; (आकांक्षा) अनि !

(तितिक्षा) भैगयो, भंगो !

well—(वेल्) कुनै शब्दमा well अविभेद्य प्रत्ययको रूपमा प्रयोग गरिन्छ :—being कल्याण, संचो, हित, क्षेम कुशल; — - born कुलीन;— - bred सुविनीत;— - doer,— - doing धर्मात्मा, धर्म, सदाचार;— - nigh प्राय:, रुण्डै;— - wisher शुभचिन्तक, हितैषी;— - advised सावधान, बुद्धिमान, सोच्ने;— - appointed सज्जासहित, (अभियान, नौसेना, इ०) पूरा साज सामानसहित सुसज्जित;—authenticated सुप्रमाणित;— - balanced सुमना, विचारशील;— - behaved काइदाको, काइदा जान्ने, विनीत, शिष्ट;— - conditioned राम्रो स्थितिमा, निहुँ नखोज्ने;—defined स्पष्ट, साँध राम्ररी छुट्टिएको;— - disposed असल चाहने, सुव्यवस्थित;—done (तरकारी, मासु) पाकेको;—dressed ठाँटिएको;— - favoured राम्रो अनुहार भएको, सुन्दर;— - found =— - appointed सुसज्जित;—founded आधारभूत;—furnished राम्ररी सजिएको;— - graced आकर्षक गुणले युक्त, मोहन;—grounded (अलं०) राम्रो जग बसालेको;—informed जान्ने, जान्नेसुन्ने, होशियार, ज्ञाता, बहुज्ञ, बहुश्रुत, जानकार, जानिफकार;— - intentioned असल नियतको, असल मुरादको (तर प्रायश: असफल);— - judged ठीक ठाउँमा पर्ने;— - knit खँदिलो, गठिलो (खुकुलो वा वाल्ल परेको होइन);—made राम्रो बनोटको;—marked स्पष्ट, सफा (सँग देखिने);— - meaning सदाशय, हितबुद्धि; असल गर्न खोज्ने, असल नियतको (व्यक्ति वा काम) सदभिप्रायको;—oiled (अलं०, भनाइको) स्तुतिमय, श्लाघायुक्त;—ordered व्यवस्थित;— - proportioned सुसंभित (अङ्ग);— - read सुपठित, पारंगत, बहुदृश्वन्;—regulated सुव्यवस्थित, सुशासित, सुनियन्त्रित;— - reputed यशस्वी, प्रख्यात— - rounded पूर्ण, सममित;— - seeming राम्रो देखिने, दृश्य;—set गठिलो, खँदिलो;—set up (शरीर) सुडौल;—sifted (राम्ररी) छानबीन भएको (कुरा, तथ्य, घटना);—spent (खा० ग० समय वा मेहनत) खेर नजाने;—spoken बोली वचनमा शिष्ट, काइदा जान्ने;—timed उचितावसर, मौकाको;— -tried अनुभव गरिएको, सुपरीक्षित; — -trod (den) बराबर चलन गरिएको (ठाउँ, बाटो);— - turned (तारीफ, वाक्य, कविता) राम्रोसँग भाव प्रकाश गरिएको, मृदु, मधुर;—wisher खैरख्वाह, शुभचिन्तक, भलो चाहने;— - worn बासी, पुरानू, धुजाधुजा, सहलिया;—off सम्पन्न, भाग्यशाली;— - to-do सम्पन्न, खाइहाल्दो, धनी ।

welladay,—away (वेलडे', वेलवे') (आ० वा० ठ० दु:खको वि० बो०) ओह ! हरे !

Wellingtonia (वेलिङ्टो'निया (ना.) फूलको नाम ।

Wellingtons (वेलिङ्टन्ज्) ना. (ब० व०) घुँडे बूट ।

Welsh (वेल्श्) वि. र ना. (Welch पनि) वेल्स (विलायतको प्रदेश) को (भाषा वा बासिन्दा);—mutton वेल्सको सानू जातको भेडाको मासु;—rabbit, वा लोक० चलनले, rarebit सेकेको चीज ।

welsh, welch (वेल्श्) **क्रि.** दाम न तिरी भाग्नु, बेपत्ता हुनु, (खा० ग० घोडदौडमा जितेको बाजी नतिरी दाउ कबूल गर्ने व्यक्तिले भागेर जानु);—er **ना.** भगुवा, बाजी पचौवा ।

welt (वेल्ट्) **ना.** र **क्रि.** जुत्ता वा बूटको तलुवाको चारैतिर अथवा सोमाथिको चमडामा सिएको र तलुवाको गाँस जस्तो गरी बस्ने छालाको किनारा, पाटो; डोरी वा कोर्राको गाँठो; लुगा, इ० मा किनारा वा गाँस, मौजी; **क्रि.** मौजी हाल्नु, किनारा हाल्नु, गाँस्नु; सुम्लो उठाउनु, ठोक्नु, पिट्नु, कोर्रा हान्नु;—ed किनारा, मौजी, हालेको, (जुत्ता) तलुवाको चारैतिर बाहिर निस्कने किनारा भएको ।

Welt (भेल्ट) **ना.** (जर्मन शब्द) संसार;—'anschau'ung (भेल्ट्'अ्यान्शोअङ्) सम्पूर्णको रूपमा विश्वको दार्शनिक सर्भेक्षण, विश्व दर्शन;—politik (भेल्ट्'पोलिटीक्') बृहत् रूपमा गरिएको वैदेशिक नीति;—schmerz (भेल्ट्'श्मेअर्ट्स्) वर्तमान स्थितिमा अस्पष्ट आकांक्षा र असन्तोष ।

welter (वेल्'टर्) **क्रि.** र **ना.** (रगत, इ० मा) लडीबुडी खेल्नु, मुछिनु, भिज्नु; **ना.** अस्तव्यस्तता, कसमकस, संमिश्रण, छ्यासमिस, विना उद्देश्यको द्वन्द्व (मत, नीति, अपराध, इ०) ।

welter (वेल्'टर्) **ना.** भारी जीउको घोडचढी; (वाच्य०) —race, cup, stakes, handicap, इ० गह्रुँ जीउ भएका घोडचढीको घोडदौड;— - weight गह्रुँ घोडचढी, उसले दौडमा सँगमा लिएर जाने वजन; (बो० चा०) घोर आघात, बडेमान व्यक्ति वा वस्तु; (मुक्का०) महत् भार ।

wen (वेन्) **ना.** हानि केही नगर्ने अहानिकर प्राय: स्थायी गाँठो वा डल्लो, खा० ग० टाउको वा खप्परमा, अथवा देहको अन्य कुनै भागमा; मांसाबुर्; फुँडुल्को, कोठी, मुसा; प्राचीन अंग्रेजी अक्षर P, वेन ।

wench (वेन्च्) **ना.** र **क्रि.** ठिटी, केटी, तरुनी (खा० ग० नोकर्नी वा गाउँले स्त्री, अथवा बो० चा० वा ठ०); a strapping, buxom,—दोहोरो आङ्गकी ठिटी; (आ०) फुँडी, रण्डी, वेश्या; **क्रि.** (प्रादे०) फकाउनु, रण्डीबाजी गर्नु;—er **ना.** रण्डीबाज ।

wend (वेण्ड्) **क्रि.** (आ०) जानु; गमन गर्नु, चल्नु, (कतै) तिर जानु, बाटो लाग्नु ।

went (वेण्ट्) **क्रि.** go जानुको भू० का० = गयो ।

wept (वेप्ट्) **क्रि.** weep रुनुको भ० का० र निष्ठा = रोयो, रोएको ।

were, weren't (वेय्र्, वेय्रण्ट्) **क्रि.** be हुनुको ब० व० भू० का० थिए, थिएनन् (were not को छो० क०)

werewolf (वेय्र्'वुल्फ्), werwolf **ना.** (ब० व०—ves) (कथा०) ब्वाँसोमा बदलेको मानव ।

wert (वेय्र्ट्) **क्रि.** be हुनुको भू० का० आ० मध्यम पुरुष ए० व० = थियौ ।

Wertherism (भेय्र्टरिज्म्) **ना.** विकृत भावुकता, (मनज

ग्रन्थकार गोयटेले भेयर्टरको दु:खमा वर्णन गरेको)।

Wesleyan (वेज़्'लिअन्, वेस्'लिअन्) **वि.** र **ना.** (ऐति०) जन वेजलिले प्रतिपादन गरेको सम्प्रदायको (सदस्य)।

west (वेस्ट्) **क्रि. वि., ना.** र **वि.** (छो० क० W.) पश्चिम, पश्चिमतिर; due—ठीक पश्चिम; go, gone,—(अप०) मर्नु, मृत;—erly **वि.** पश्चिमा (हावा);—ward पश्चिमपट्टि; **ना.** पश्चिम, पश्चिमी प्रदेश, पछिम, पच्छिम; पच्छिमा हावा; **वि.** पश्चिम स्थित, पच्छिममा बस्ने, पच्छिमा; W—Indies, W—Indian वेस्ट इण्डिज द्वीप, सो टापूको वासिन्दा; W—End लण्डनको धनी पश्चिमी क्षेत्र।

westering (वेस्टरिङ्) **वि.** र **क्रि.** पश्चिमपट्टि लागेको (धे० ज० सूर्य)।

westerly (वे'स्टर्लि) **वि.** र **क्रि. वि.** (दिशा) पश्चिमपट्टि; (हावा) पश्चिमतिरबाट आउने, पछिमा, पछिया।

western (वेस्'टर्न्) **वि.** र **ना.** पाश्चात्य, पच्छिमा, पछिया (री), प्रतीच्य,—er **ना.** पश्चिम निवासी;—ize पश्चिमा गराउनु; (पूर्वी देश वा जनता) चाल-चलन, संगठन, इ० मा पश्चिम (योरप, अमरिका) को जस्तो बनाउनु,—most चरम पश्चिमा; सबभन्दा पच्छिमको; **ना.** अमरिकी वस्तु गोठाला, वस्तु चोर, शेरिफ, इ० सँग सम्बन्धित कथा वा चलचित्र; W—Empire (ऐति०) सन् ३९५ मा विभाजित रोमन साम्राज्यको रोम राजधानी भएको पश्चिमी साम्राज्य (अर्को पूर्वी साम्राज्य, जसको राजधानी कन्स्ट्याण्टिनोप्ल थियो)

westing (वेस्'टिङ्) **ना.** पच्छिमा प्रगति वा झुकाउ, खा० ग० जहाजको चालमा।

Westminster (वेस्ट्'मिन्स्टर्) **ना.** लण्डन सहरको अन्तर्गत एक नगर; विलायतको संसद् (भवन), राजनैतिक क्षेत्र,—विद्यालयको छात्र;—Abbey लण्डनको प्रसिद्ध गिरजाघर, (अलं०) गौरवमय मृत्यु, जसले गर्दा कसैले त्यहाँ गाडिएका प्रसिद्ध पुरुषहरूको माझमा स्थान पाउँछ; Statute of—सन् १९३१ को ब्रिटिश संसद्को ऐन, जसले ब्रिटिश साम्राज्यका सबै स्वशासित प्रदेशहरूलाई समानताको स्थान दियो।

westward (वेस्ट्'वर्ड्) **क्रि. वि., वि.** र **ना.** पश्चिमपट्टि; **वि.** पच्छिमा; **ना.** पश्चिमी प्रदेश;—s **क्रि. वि.** पश्चिमतिर।

wet (वेट्) **वि., क्रि.** (-tt-) र **ना.** भिजेको, चिसो, अबोद, निथ्रुक्क, चूर, लथपथ, छयापछयापती, लथाचूर, छताछुल्ल; जलीय, मद्यको व्यवहारको विरोध वा निषेध नगर्ने; (अप०) पागल, विनासित्तिको, व्यर्थ; **क्रि.** भिजाउनु, रुझ्नु, भिज्नु, चुटिनु, निथ्रुक्क हुनु, छयाप्नु, सिज्नु; **ना.** झरी, चुहुँदो झरी, ओद, नमी, हाल, चिसो, (अप०) मद्य, पेय; मद्य निषेधको विरोधी;—to the skin निथ्रुक्क;—blanket कुरा बन्द गराइदिने, वा उपस्थितहरूको रमाइलो निभाइदिने, अरसिक व्यक्ति;—bargain रक्सीले टुङ्गिने कारोबार;—bob डुङ्गा ख्याउने ईटन छात्र (dry bob क्रिकेट खेल्ने ईटन छात्र); —-bulb चिसो डल्लो (भएको तापमापक);—dock जहाज़ पानीमा उत्रन सक्ने नावाशय (बन्दरगाहमा);—land ढल जग्गा;—one's whistle पिउनु (रक्सी);—pack चिसो सेक (चिसो टालोले बेह्रेको शरीर, भैष० उपचारमा);—plate (फोटो०) चिसो काँच;—day, weather झरिलो; —-nurse धाई; **क्रि.** धाई हुनु, बन्नु, दूध ख्वाउनु;—ness **ना.** आर्द्रता, तेम, क्लेद, चिसो;—tish **वि.** चिसो, भिजेको;—ting भिजाइ, bed—-ing ओछ्यानमा मुत्नु।

wether (वे़दर्) **ना.** खसी पारेको भेडा; आख्ता भेडा।

whack (व्याक्) **क्रि.** र **ना.** लट्ठी, इ० ले डयाम्म पारेर ठोक्नु, (अप०) बाँड्नु, भागबण्डा गर्नु, **ना.** दमक, लट्ठीको आघात; (अप०) भाग, अंश, भोग।

whacker (व्या'कर्) **ना.** (अप०) अजङ्गको, बडेमान (आफ्नू किसिममा)।

wacking (व्या'किङ्) **ना.** (अप०) आफ्नू किसिममा बडेमान, ठूलो, जखमले।

whale (वेल्) **ना.** र **क्रि.** ह्वेल माछा; bull, cow,—भाले, पोथी ह्वेल; a—of (बो० चा०) अनन्त, ठूलो;—-boat ह्वेलको शिकारमा प्रयोग हुने, ह्वेल डुङ्गा;—bone नम्य कुर्कुरे हाड जस्तो ह्वेल माछाको माथिल्लो बंगारामा पाइने वस्तु, जो अनेक प्रकारसँग काममा लगाइन्छ; —-calf बच्चा ह्वेल; **क्रि.** ह्वेलको शिकार गर्नु।

whaler (वे'लर्) **ना.** ह्वेल शिकार गर्ने व्यक्ति वा जहाज।

whang (व्याङ्) **क्रि.** र **ना.** (बो० चा०) जोरसाथ आवाज आउने गरी हान्नु, डयाम्म चुट्नु; (ढोल) हान्दा जस्तो आवाज निकाल्नु; **ना.** ढयाम्म; डयाम्म (आवाज)।

whangee (व्याङ्गी') **ना.** चीनिया बाँसबाट बनेको बेत, छडी।

wharf (वॅअर्फ्) **ना.** (ब० व०—fs,—ves) र **क्रि.** डुङ्गा वा काठको मंच जसको छेउमा माल सामान वा जात्रुहरू बराल्न जहाज बाँधिन्छ, घाट, तटमञ्च;—age **ना.** तरपण्य, तरमूल्य, तटशुल्क; **क्रि.** जहाज घाटमा बाँध्नु, मालसामान घाटमा थुपार्नु।

wharfinger (वॅअर्'फिञ्जर्) **ना.** घाटधनी।

what (वॅट्) **वि., स. ना.,** के ?, कुन ?, जे, जो, जति; w—? केरे ?—ho ! के छ ? (अभिवादन);—is he ती के गर्छन् ?—-for **ना.** (अप०) कडा सजाय, नसीहत, इ०; —though तापनि;—next फेरि के ?;—of it के भो त ? —-not खन्याङमत्याङ राख्ने खण्डसहितको साज;—-d'ye-call'em केरे नाम ?;—have you (अप०) त्यस्तै अरू कुरा; I know—मलाई थाहा छ, म भन्छु; know—'s—असल खराब छुट्ट्याउनु; come—may जे भए पनि;—with, (केही कुराले) गर्दा।

whatever (वॅटए'भर्) **whate'er** (वॅटेय्र्) **वि.** र **स. ना.** जे पनि, जेसुकै।

Whatman (वॅट्'म्यान्) **ना.** (वाच्य०) (—paper पनि) चित्रलेखन, पानीरंग, खोदाइ, र फोटोमा काम लाग्ने कागतको किसिम।

whatso (आ०, वॅट्सो), **whatsoever** (वॅट्सोए'भर्)

जेसुकै (भए पनि), जौनै, कौनै ।

wheal (वील्) **ना.** (बिलायतको कर्नवाल प्रदेश) खानि (खा० ग० टिनको) ।

wheat (वीट्) **ना.** गहूँ;—en **वि.** गहूँ, गोधूममय ।

wheatear (वीट्'इय्र्) **ना.** गहूँको वाला, सेतो भुँडी र ढाड भएको सानू चराको जात ।

Wheatstone bridge (वीट्'स्टोन् ब्रिज्) वैद्युत् प्रतिरोध नाप्ने यन्त्र; वीट स्टोनको सेतु ।

wheedl/e (वी'ड्ल्) **क्रि.** फकाउनु, फुस्ल्याउनु, फुल्याउनु; फुस्ल्याएर (चीज) लिनु, धुत्नु; फुस्ल्याएर ठग्नु; फस्ल्याङ्ग फुस्लुङ्ग पार्नु;—er **ना.** धुताहा, फकौरो, धूर्त, लुच्चो, लवरचट्टू, चेपारे;—ing **वि.** चेपारे, धूर्त; **ना.** खुशामद, निहोरा ।

wheel (वील्) **ना.** चक्र, चक्का, चाका, पांग्रा, पहिया; परिभ्रमण, परिवृत्ति, घुमाइ; balance - —दोलनचक्र; catherine - —वाट्ुलो ऋ्याल, अग्निचक्र; cog - —दाँते पांग्रा; fly - —भारी पांग्रा; mill - —घट्टे पांग्रा; potter's - —घटचक्र; ratchet - —किरकिरी चक्का; eccentric—केन्द्रमा नपर्ने अक्षको चारैतिर घुम्ने; fifth—(अगाडिका पहिया तेर्सो पार्न सकिने चार पांग्रे यानको) पाँचौं चक्का; —s within—s जटिल यन्त्र, (अलं०) अप्रत्यक्ष वा गूढ निकायहरू;—s of life प्राणभूत क्रिया विधिहरू;—of life (लुप्त) घुमाउँदा सजीव देखिने गरी तसवीर मिलाएको खेलौना; Fortune's—भाग्यचक्र, break on the—(दण्डित व्यक्तिलाई बाँधेर त्यहीं अङ्गभङ्ग गरी मार्ने) दण्ड चक्रमा मार्नु; break butterfly on the—सानू कुरामा प्रबल दण्ड दिनु, सामर्थ्य खेर फाल्नु; put spoke in (one's)—(कसैको) उद्देश्य विफल गराउनु, फेलो ख्वाउनु; put shoulder to the—उद्यम, प्रयत्न, गर्नु;—& axle चक्का र धूर, यान्त्रिक शक्ति; go on—s अनायाससँग; सजिलोसँग;—barrow एक पांग्रे ठेलागाडी;—base यान, सवारी, को अघिल्लो र पछिल्लो धूरका बीचको दूरी;—chair पांग्रे मेच (बिरामीको लागि); — - horse (अघिपछि जोतिएका घोडाहरूमा) पछाडिको घोडा;— - house (जहाज, डुङ्गामा) पतवार घर;— - tread भुँमा छुने चक्काको भाग, चक्रविक्रम;—window पांग्रे झ्याल;—wright रथकार, चक्रकार;—ed **वि.** पांग्रे, चक्री, चक्रयुक्त ।

wheel (वील्) **क्रि.** (मानिस, सिपाही, को ताँती) रेखालाई धूर पारेर घुम्नु, (right, left—दाहिने, देब्रे, घुम्ने सैनिक आदेश); (खु०) दिशा बदल्नु; पांग्रे वस्तु तान्नु वा घचेट्नु (खा० ग० मदौरू मेच, पांग्रे साज, इ०); चक्कर काट्नु, कावा खानु, कावा ख्वाउनु; साइकल चढ्नु;—ing घुम्ने, कावा खाने, परिभ्रमणशील, प्रतिगत ।

wheeler (वी'लर्) **ना.** शा० अ०, पनि : चार घोडे बग्गी, वा अघिपछि घोडा जोतिने सवारी, मा पछिल्लो घोडा; (leader अगाडि दाँ०); four - —चार पांग्रे यान वा बग्गी; चक्रकार ।

wheeze (वीज्) **क्रि.** र **ना.** नाक बजाएर सास फेर्नु, स्वाँ स्वाँ गर्नु;—out दमसाथ बोल्नु; **ना.** स्वाँ स्वाँ, (नाच० अप०) ठट्टा, कथा, किस्सा, इ० जुन अभिनेताले खेल्दा खेल्दै घुसाउँछ; (अप०) दाउ, सूरु; उपाय; wheezily **क्रि. वि.** स्वाँ स्वाँ गर्दै; wheeziness **ना.** कृच्छ्र श्वास; wheezy **वि.** स्वाँ स्वाँ गर्ने, नाक बजाउने ।

whelk (वेल्क्) **ना.** घुमाउरो शंख भएको चिप्लेकीरा (कोही खाइन्छन्) को जात; डण्डीफोर;—ed (—क्ट्) डण्डीफोर भएको ।

whelm (वेल्म्) **क्रि.** (कवि०, अलं०) डुबाउनु, (पानीले) तान्नु, दबाउनु, जित्नु, परास्त गर्नु ।

whelp (वेल्प्) **ना** र **क्रि.** छाउरो, कुकुरको बच्चा; सिंह, बाघ, भालू, हुँडार, इ० को बच्चा, डमरू, छाउरो, इ०; नजाती वा दुःशील केटो; **क्रि.** ब्याउनु (मु० पशु, हें० स्त्री· पनि); (दुरूपाय, पापकर्म, इ० को) थालनी गर्नु, सोच्नु ।

when (वेन) **क्रि. वि.**, **स. ना.** कहिले ? कुन समयमा ? कति चाँडै ? कति भयो ? नकारात्मक अर्थमा प्रश्नको रूपमा कहिले, ज० कि—did I say that ?—shall we see his like again ? जब, जतिखेर, तब, यद्यपि, तापनि; **स. ना.** कहिले ? **ना.** समय, तारीख, गते, मौका, ज० कि the—and how of it; say—(न्यून०) कति ? (खा० ग० गिलासमा रक्सी, इ० हाल्दा सोध्ने) ।

whence (वेन्स्) **क्रि. वि.**, **ना.**, कहाँबाट ? कसरी ? जहाँबाट; **स. ना.** कताबाट ? कहाँबाट ? **ना.** स्रोत, उत्पत्तिस्थान;—soever जहाँबाट ।

whenever, (वेन्एव'भर्), **whene'er** (वेनेय्र्') (कवि०); whensoever (वेन्सोएव'भर्) (जोरदार); जहिले पनि, कहिले पनि, जहिलेसुकै भए पनि ।

where (वेय्र्) **क्रि. वि.**, **स. ना.** र **ना.** कहाँ ? कता ? खोइ ? जहाँ, यत्र, जता, कतै, (सकारात्मक अर्थमा) के ? **स. ना.** कुन ? कुनचाहिं ? (ठाउँ); कुनै कुराको थलो, स्थान, ठाउँ; that's—it is (बो० चा०) त्यही ता कुरा हो ।

where (वेय्र्) यौगिक प्रत्यय:—about कतातिर ?—abouts कतातिर ? (व्यक्ति वा वस्तु) रहेको स्थान;—as यसउसले कि, यतः, यसकारणले किं;—at जसपछि तदुपरान्त;—by येन, जसबाट जसबाट;—fore किन ? कति कारणले ? यदर्थ, (**ना.**, ब० व०=कारणहरू, ज० कि० the whys &—fores);—from जहाँबाट, जसबाट; —in (—insoever पनि) जहाँ, जसमा;—of जसको, त्यसको;—on जसपछि;—upon अनि, अनिपछि, त्यहाँपछि; —with (वा—withal) लामू रूप **ना.**=(कुनै कामलाई चाहिने) दाम, खर्च ।

wherry (वे'रि) हलका च्याप्टो ख्याउने डुङ्गा, सा० मान्छे ओसार्ने ।

whet (वेट्) क्रि. (–tt–) र ना. धार लाउनु, उद्याउनु, उज्यान्नु, सान लाउनु, तिखार्नु; (भोक, पेट, लिप्सा, इ०) उत्तेजित गर्नु, जगाउनु; ना. उज्याइ, सान, (भोक जगाउने) पाचक, स्वाद;—stone सान लाउने पत्थर, शान ।

whether (वें'दर्) वि. र स. ना. दुईमध्ये कुन ? यो कि ऊ ? के यो कि ऊ ?

whether (वें'दर्) सं. कि, कि···कि, या···कि;—or no (हुन्छ) कि हुन्न ।

whew (ह्यू) वि. बो. (धे० ज० ठ० पूर्ण) त्रास जनाउने बोल, उह ! ओफ् ! बाबा ! मान्यो बाबा !

whey (वे) ना. दूध फटाउँदा आउने पानी, दूधको पानी, दधिवारि, दधिमंड, मही, मठ्ठा;— -faced (डरले) पहेंलो भएको (अनुहार) ।

which (विच्) वि. स., ना. कुन ?, कउन ? र, औ, अब, यद्यपि, यदर्थ, ई, ऊ; स. ना. कुन (व्यक्ति, वस्तु) ? कुनचाहिं ? जुन, जब ।

whichever (विचें'भर्), **whichsoever** (विच्सोए' भर्) (जोरदार); वि. र स. ना. जुनसुकै, जोसुकै; जोसुकै भए पनि; जथाभावी, जुन पायो उही ।

whiff (विफ्) ना. र क्रि. हरक, महक, सर्को, सुइँको, फुत्कार, हावाको एक झोका; (व्यापा०) सानू किसिमको सिगार; सानू डुङ्गा; च्याप्टो किसिमको माछा; क्रि. फुक्नु; बल्सीमाथि तैरिने गरी माछा मार्नु ।

whiffle (वि'फ्ल्) क्रि. र ना. (हावा) हलकासँग बग्नु, घुम्नु, (जहाज) यताउति लैजानु; (ज्वाला, पात पतिंगर, र (अलं०) विचार, कल्पना, इ०) ध्यापध्याप गर्नु, धिपाउनु, उड्नु, डुल्नु; सास फेर्दा सानू सुसाएको आवाज गर्नु; ना. हावाको हलका चाल, गति ।

whig (विग्) ना. र वि. बिलायतको राजनैतिक दल, जसले सन् १६८८ को क्रान्तिपछि मुकुटको शक्तिलाई संसदको मातहतमा राख्ने उद्देश्य गर्‍यो, सन् १८३२ मा सुधार ऐन पारित गर्‍यो, र १९ सौं शताब्दिमा उदारवादी दल (लिबरल) मा परिणत भयो; विग दल; (विप० मा टोरी Tory दल छ, जसको औपचारिक नाम conservative, अनुदार, रक्षक, दल हो; dish the—s विरोधी दलको कार्यक्रम स्वीकार गरी तिनलाई हराउने राजनैतिक चालबाजी;—gism ना. विगवाद ।

while (वाइल्) ना. र क्रि. क्षण, मुहूर्त बेला, बखत, छिन; क्रि. (समय, घण्टा, इ०) फुर्सतमा, आरामसाथ, बिताउनु; दिन कटनी गर्नु, कालक्षेपण गर्नु; in a little—चाँडै; mean—यसबीचमा, अत्रान्तरे; once in a—बीच बीचमा; worth—उपयुक्त, काम लाग्ने, योग्य; not worth—निष्फल, निरर्थक, अनुपयुक्त, केही फाइदा नभएको; the—वा whilst सो बीचमा, सो समयमा ।

while (वाइल्) सं. जब कि, यदा, यावद् ; यद्यपि, सँगसँगै, यस उसले कि, तापनि, जबसम्म ।

whiles (वाइल्स्) सं. र ना.=whilst, जबकि, समय, बेला ।

whilom (वि'लम्) क्रि. वि. र वि. (आ०) एकचोटि, पहिले, एकादेशमा; वि. भूतपूर्व, साबिक ।

whilst (वाइल्स्ट्), **whiles** (वाइल्स्) सं. र ना.= while, जब, जबसम्म ।

whim (विम्) ना. लहड, मनलागी, झोक, बहुलट्टी, उटपट्याङ, मनपरी, मनलहरी, चित्त तरंग;— -wham ना. खेलौना, पुतली ।

whimper (विम्'पर्) क्रि. र ना. सुँकसुँक रुनु, बालख झैं रुनु वा डराएको आवाज गर्नु, बिस्तारै रुनु; ना. सुँकसुँक, क्रन्दन, रोदन ।

whimsical (विम्'ज़िकल्) वि. लहडी, मनमौजी, झक्कड, झक्की, झोकी, मौजी, कामचारी, स्वैर;—ity (–क्या'लिटि) ना. स्वैरता, मनोलौल्यता, झक्कडपना ।

whimsy (विम्'ज़ि) ना. लहड, लहडबाजी, मनमौज, उटपट्याङ ।

whine (वाइन्) क्रि. र ना. (कुकुर) रुनु, लामू पीडाको आवाज निकाल्नु; रुञ्चे बोली गर्नु; (माग्नेले झैं) लेव्रो झिकेर बोल्नु ।

whinger (वि'ङर्) ना. छोटो तरवार, छुरा ।

whinny (वि'नि) क्रि. र ना. (घोडा) सुस्तसँग वा खुशीले हिनहिनाउनु; ना. सुस्त हिनहिनाहट ।

whip (विप्) क्रि. (झ्वाट्ट) चल्नु, कुद्नु, झिक्नु; (धागो, लट्ठी) सुतरीले कस्नु, सिउनीमाथि हातले सिलाइ गर्नु; (घोडा, व्यक्ति) कोडा, छडी, ले पिट्नु, हान्नु; (अण्डा, लेदो) फाउनु; (अप०) जित्नु, हराउनु; (कोइला, दाउरा) घिर्नीद्वारा डोरीले माथि उचाल्नु;—ping boy बडाझीको विद्यार्थी छोराको सट्टा पढ्दा पिटाइ खान नियुक्त भएको अर्को (गरीब) लडका, (अलं०) साटो दोषी, अचानु;—ping post पिटाइ खानेलाई बाँध्ने लट्ठा, खम्बा ।

whip (विप्) ना. कोर्रा, कशा, चाबुक; (संक्र०) चेतक, सचेतक (संसद्‌मा); good, poor, इ०—असल, कमसल, इ० सवार, खा० ग० चार घोडे बग्गीको;—per-in (स्याल शिकारमा) कुकुरको जिम्बा लिने व्यक्ति; three-line—संसद्‌मा सचेतकले कुनै मौकामा उपस्थित हुनालाई सदस्यहरूलाई दिने सूचना;— -&—derry घिर्नी र डोरीको सामान उकाल्ने उपकरण;— -cord कोर्राको डोरी, बेसरी बटारेर कडा पारेको कोर्रा इ० को डोरी; — -crane सामान उचाल्ने हलका यन्त्र;—hand कोर्रा समाउने हात, (अलं०) माथिल्लो दाउ, दनाइ, अंकुश;— -round चन्दाको निमित्त आफ्ना (मित्र, सदस्य, इ०) हरूमा घुमाउने अनुरोध;— -saw दुवै छेउमा बिंड भएको साँगुरो करौंती;— -snake मसिनू जातको;—py वि. नम्य, लचकदार ।

whipper (वि'पर्) ना. शा० अ०, खा० ग० : — -in=(अचेल) whip सचेतक;— -snapper बच्चो, अघिसरुवा ठिटो, रिस उठ्दो, चलतापुर्जा ।

whippet (वि'पेट्) **ना.** दौडको लागि तयार गरिएको लामू पातलो शिकारी बान्कीको कुकुरको जात, विपेट कुकुर ।

whipping (वि'पिङ्) **ना.** कोर्राको मार, कोडा, कशाघात, कोडा प्रहार ।

whippoorwill (विप्'पुअ्र्विल्) **ना.** अमरिकी चरो ।

Whipsnade (विप्'स्नेड्) **ना.** –Park लण्डनको नजीकै रहेको विप्रस्नेड पार्कको संकेतमा प्रयोग गरिने शब्द; त्यहाँ रहेको प्राकृतिक वातावरणमा राखिएका जङ्गली जनावरहरूको चिडियाखान ।

whipster (विप्'स्टर्) **ना.** सानू बच्चो; ज्यादा जान्ने चपल व्यक्ति जो अझै कश्य (कोडा खाने) छ ।

whir (r) (वअ्र्) **क्रि.** (कृ० whirring) र **ना.** ध्यार घ्यार वा फ्याट फ्याट (गर्नु) (घडीको चाल, परेवाको पखेटा, इ० को आवाज); घ्यार्रघुर्र, घ्यारघुर, खरखराहट, घरघराहट ।

whirl (वअ्र्ल्) **क्रि.** र ना. फन्का ख्वाउनु, घुलाउनु, हुत्याउनु, क्षेपण गर्नु, पांग्रे सवारीमा वेगसँग जानु, रिंपट्टा खानु, कावा ख्वाउनु, (टाउको, मगज) घुम्नु, रिंग्नु, रिंगटा लाग्नु; (विचार) एकपछि एक छिटो छिटो आउनु; **ना.** घुर्णन, टक्कर, फन्को, कावा;—pool भँवरी, जलरंड, जलावर्त, चक्कर;—wind चक्रवात, भमरी; sow wind & reap—wind हुरी रोपेर भमरी काट्नु, सानू गलतीको ठूलो फजिती भोग्नु ।

whirligig (वअ्र्'लिगिग्) **ना.** लट्टू जस्तो घुम्ने खेलौना, (अलं०) घुर्णन, घुमाइ;—of time कालचक्र, भाग्यचक्र; रमाइलो चक्कर; पानीमा वेगसँग घुमिरहने जल गोब्रे कीराको किसिम ।

whisk (विस्क्) ना. र **क्रि.** (धूलो, इ० झार्ने) घाँस, रौं, इ० को गुच्छा, चमर, झारन; (अण्डा, इ०) फाउने हतियार; (जनावरको पुच्छरको झैं) छिटो चाल, हल्लाइ; **क्रि.** झार्नु, (झींगा, इ०) धपाउनु; (अण्डा, क्रीम, मैदा, इ०) फाउनु; थुत्नु; नदेखिने गरी थुत्त पार्नु, उडाउनु, जानु, पस्नु ।

whisker (विस्'कर्) **ना.** (धे० ज० ब० व०) मान्छेको गालाको रौं, (दाँ० दाढी, जुँघा); छडके, गुम्फ; बिराला इ० को जुँघा ।

whisky, key (विस्'कि) पचाएको जौ, अन्य अनाज, चीनी, इ० बाट स्रवित गरेको मद्यसार, विस्कि; रक्सी; whiskified (ठ०) विस्कि लागेको;—liver विस्कि वा अन्य मादक पेयले ल्याएको कलेजोको रोग; हलका बग्गी ।

whisper (विस्'पर्) **क्रि.** र **ना.** साउती गर्नु, कानेखुसी गर्नु, कर्णेजप गर्नु, मुख जोर्नु, बिस्तारै बोल्नु, षड्यन्त्र गर्नु, घुसघुस गर्नु; **ना.** साउती, खुसखुस, खासखुस, कानाखुसी, घुसघुस; घुइरो; स्वार स्वार (को शब्द);—ing gallery (खा० ग० लण्डनको सेण्ट पल्समा) उपांशुवादी गुम्बज; stage—नाट्य उपांशुवाद, दर्शकले सुन्ने, तर मञ्चकाले नसुन्ने मानिएको साउती;—er **ना.** मुसमुन्द्रे ।

whist (विस्ट्), **whisht** (ह्विस्ट्) **वि. बो०** र **वि.** 'चूप लाग' भन्ने अर्थमा, श् ! (**वि.**) (आ०) मौन, चुप ।

whist (विस्ट्) **ना.** अघिको खूब प्रचलित ताश खेल ।

whistle (वि'स्ल्) **क्रि.** र **ना.** सुसेल्नु, सुस्केरा हाल्नु, सुसाउनु, सुसेलो हाल्नु, सुस्किलो हाल्नु; (लुप्त) पोल्नु, कुरा लाउनु; सुस्केरा हालेर (कुकुर, इ०) लाई डाक्नु; सुर दिनु (सुसेलेर); **ना.** घाँटी, गला, सुस्केरा, सिठ्ठी, सिटी, सुसेली;—for a wind हावा नचलेर अडेको पाल जहाजका माझीले;—for व्यर्थमा चाहना गर्नु, नपाउनु; let (one) go—उसको चाहको बेवास्ता गर्नु; whistling सुसेल्ने (चरा, पशु, इ० को नाममा);—down the wind (अलं० वाज खेलबाट) छोडिदिनु, त्याग गर्नु; penny—सस्तो टिनको बाँसुरी जस्तो बाजा; steam—वाफ (ले बजाउने) सिटी; pay for (one's)—कुनै खेलवाडको लागि ठूलो आपत भोग्नु; wet (one's)—पिउनु;—stop रेलको सानू स्टेशन;—-stop speech दौडाहा गर्दा रेलको स्टेशनमा गरिने चुनाव भाषण ।

whistler (विस्'लर्) **ना.** शा० अ०, खा० ग० : जनावर वा चराको किसिम ।

whit (विट्) **ना.** लेश, सिन्को, अणु, कण, धूलो, (सा० no—, not a—, never a—एक सिन्को पनि, इ० नकारात्मक अर्थमा) ।

Whitsun, Whit (विट्'सन्) ईष्टर पर्वपछिको सातौं रविवार ।

whit/e (वाइट्) **वि.** र **क्रि.** सेतो, पहेंलो (फिका); शुक्ल, शुभ्र, चरक, सफेद, उजरका, (पानी, हावा, उज्यालो) पारदर्शक, रंगहीन; (अलं०) निर्दोष, निष्कलङ्क, निरपराध खालको; गोरा जातिको, फिरङ्गी; (राज०) राजपक्षीय, प्रतिविप्लवी, वा प्रतिक्रियावादी प्रकृति वा प्रवृत्तिको, (दा० लाल–साम्यवादी प्रवृत्तिको);—as a sheet (डर, त्रास, ले पहेलो); bleed—(अलं०) रगत चुस्नु, धन सम्पत्ति छिन्नु, ठग्नु, हत्याउनु;—alloy चाँदीको नकल गर्ने सस्तो सेतो रंगका धातुको मिसावट;—ant धमिरा;—bait **ना.** सानू माछा, शफरी;—bear हिमभालू;—-caps फिंज उठाउने बीच समुद्रको तरंग;—coal श्वेत खनिजांगार, जलशक्ति; –(हिम) christmas;—coffee दूध हालेको;—-collar worker हस्त कार्य नगर्ने दर्जाको कर्मी, कारिन्दा, कर्मचारी;—corpuscle= leucocyte श्वेतरक्त कीट;—elephant (थाइल्याण्डको प्रसिद्ध सेतो हात्ती) श्वेत हस्ति; (अलं०) थाम्न ज्यादै खर्चिलो र कष्टमय कुरा;—e sign ब्रिटिश नौ सेनाको झण्डा, (दां० red ensign ब्रिटिश व्यापारिक जहाजको झण्डा);—feather सेतो प्वाँख; (संवर्द्धन गरेको चराको पुच्छरमा सेतो प्वाँख निस्केको दोष भन्ने मानिएकोबाट) show the—feather कायर हुनु, डर देखाउनु;—flag (लडाइँमा) आत्मसमर्पण वा हारको जनाउ;—frost तुसारो, हुसारो;—gloves दौडाहा न्यायाधीशको इजलासमा फौजदारी मुद्दा नपरेको भए चढाइने सेतो पंजाको जोडा;—heat धवल ताप, शुभ्र ताप (अति प्रचंड ताप, जब वस्तु उज्यालो देखिन्छ), (अक्ष० र अलं० उत्तप्त भावना, रिस);—horses फिंजले सेतो शिर भएको

बीच समुद्रको तरंग; W—House अमरिकी राष्ट्रपति भवन, श्वेत भवन;—lead सफेता;—lie सफेद झूट, उद्देश्यले समर्थन हुन सक्ने, वा क्षम्य;—light रंगहीन प्रकाश, दिनको उज्यालो; –lily चम्पा फूल;—lipped (डर इ० ले) सुकेको ओठ भएको;—livered डरपोक;—magic दैवी जाल, हिमप्रपात;—man गोरा, फिरिङ्गी; the—man's burden तथाकथित गोरा जातिले संसारलाई अघि बढाउने काम, बोझ;—meat चरा, (रगत निथारिएको) बाछो, खरायो, सुङ्गुरको मासु;– metal (चाँदीको नकल गर्ने) सेतो मिसौट धातु; - night निद्रारहित;—out हिमक्षेत्रमा हिम बादल उठेर पार्थिव वस्तु सबै आच्छादन गरेको; श्वेताच्छादन (दां० black out छोपछाप);—paper सरकारी वक्तव्य रहेको (छापिएको) कागत, सरकारी बयान; W—Russian पश्चिमतिरको;– scourge महामारीको रूपमा क्षय रोग;—slave (गोरी लडकीलाई हरेर देश निकासी गरी वेश्या वृत्तिमा फसाएको) श्वेत दासी, गोरी वेश्या;—- slave traffic,—slavery गोरी दासी व्यापार, गोरी दास्य वृत्ति;—smith टिन कर्मी, वा फलाममा सेतो (टिनको) मोलम्मा लाउने टिन कर्मी;—squall (समुद्रमा) श्वेत वात;—(प्रति विप्लवी) terror श्वेत त्रास, (दाँ० red terror लाल त्रास, फ्रान्समा विप्लवमा);—war रक्तपात विनाको लडाइँ, अर्थ युद्ध;—wash **ना.** सेतो पोत, चूनपोत; **क्रि.** सेतो पोत्नु, सेतो पार्नु, सफा (देखिने) गर्नु; (अलं०) ढाकछोप, सफाइ, व्यक्ति वा उसको स्मृतिलाई दोषमुक्त गराउनु;—washed house सुधा भवन; (कर्म वाच्य), दिवालियालाई अदालती कारवाइ भएपछि फेरि नयासँग कारोबार गर्ने हुनु;—wine पहेंलो वा सुनौला रंगको रक्सी;—- witch सेतो ख्याक, बोक्सी, नअसल नगर्ने; **क्रि.** (आ०) सेतो पार्नु; —en **क्रि.** सेतो बनाउनु, सफा पार्नु;—eness **ना.** शुक्लता, धावल्य, शुभ्रता, सेतोपन;—ish **वि.** सेतो सेतो ।

white (वाइट्) **ना.** सेतो वा प्रायः सेतो रंग; सेतो रंगको किसिम, ज० कि चीनिया, इ०; सेतो लुगा वा कपडा;—of egg अंडश्वेत;—of eye आँखाको सेतो;—गोरा, (जाति); पुतलीको किसिम; (ब० व०) (भैष०) श्वेत प्रदर ।

Whitechapel (वाइट्'च्यापेल्) **ना.** र **क्रि.**—cart पसलबाट माल पुऱ्याउने दुई पांग्रे बग्गी; **क्रि.** (ताश) एक पत्ती भएको रंग (तुरूप लाउने उद्देश्यले हात खाली पार्ने) खेल्नु ।

Whitehall (वाइट्'हॉल्) **ना.** बिलायतको प्रशासकीय सेवा सरकारी कार्यालय, संकेत गर्ने लण्डनको सडकको नाम ।

whitening (वाइट्'निङ्) **ना.** = whiting सफेता, खरी ।

whither (वि'दर्) **क्रि. वि.** र **ना.** कुत्र, कता ?, कहाँ ? कता;—ward कतातिर;—soever जतातिर भए पनि;—& thither यताउति; **ना.** ठेगाना, जाने ठाउँ; our whence & our—हाम्रो आउने र जाने ठाउँ; no—(आ०) कहीं पनि होइन ।

whiting (वाइ'टिङ्) **ना.** सुकाएर धूलो पारेको घर, इ० पोत्ने खरी, सफेता; भाँडा माझ्ने, टल्काउने, खरीको धूलो; खानामा धेरै चलन हुने समुद्री माछाको प्रकार ।

whitleather (विट्'लेदर्) **ना.** फिटकिरीले बनाएको सेतो छाला ।

Whitley Council (विट्'लि काउन्'सिल्) मालिक र श्रमिक वर्गका प्रतिनिधिहरूको सम्मिलित परिषद् जसले औद्योगिक सम्बन्ध र शर्त, नियमहरू छलफल गरेर निर्णय गर्छ; विटलि परिषद् ।

whitlow (विट्'लो) **ना.** नङसुली, नङसुली पाकेको फोडा, घाउ; नखपच, नखव्रण ।

Whitsun (विट्'सन्) **ना.** = whitsun, whit खास रविवारको नाम ।

whittle (वि'ट्ल्) **क्रि.** ताछ्नु, काट्नु, चाना वा पाप्रा झिक्नु, पाटो झिक्नु, छेद्नु; चक्कूले काठ बराबर ताछिरहनु; बराबर घटाएर, खर्च गरेर, परिमाण, अंक वा प्रभाव घटाउनु ।

whity (वाइ'टि) **वि.** सेतो हुन खोज्ने, सेतो सेता, खा० ग० अरू रंगसँग मिसिएर, ज० कि—brown सेतो सेतो कैलो ।

whiz, whizz (विज्) **क्रि.** (**—zz—**) र **ना.** हावामा वेगसाथ सुसाउँदै जानु, सुसाउनु, सुँइय्य गरेर जानु; सुइँकिनु;—- bang (सेना० अप०) सानू नाल भएको वेगिलो तोपको गोला ।

who (हू) **स. ना.** (प्रश्न) को ?, कुन ?, कुनचाहिं, कस्तो (व्यक्ति) ? त्यो, जो, जसले, कसले;—would have thought it कोही पनि सोच्न सक्ने थिएन;—'s—को को हो; **ना.** प्रतिष्ठित व्यक्तिहरूको संक्षिप्त जीवनीसमेतको पुस्तकाकार फिरिस्त;—does-what dispute वा strike कसले के गर्ने झगडा वा हडताल, कर्मीहरूको काम लिएर ।

WHO (डबल्यु एइच्ओ) **ना.** World Health Organization विश्व स्वास्थ्य संघको छो० रू० ।

whoa (वो आ') **वि. बो.** सचेत हुने, रोकिने, संकेतको बोली, बिस्तारै ! आस्ते != wo (मुख्य घोडालाई प्रयोग हुने) ।

whodu(n)nit (हू'डनिट्) **ना.** (अप०) जासूसी वा रहस्यमय कथा; कसले यो (खून इ०) गऱ्यो ?

whoever (हूए'भर्) **whoso** (हू'सो), **whosoever** (हूसोए'भर्) (जोरदार), **whoe'er** (हूए'यर्) र **whosoe'er** (हूसोए'यर्) (कवि०;) जोसुकै, जोसुकै भए पनि; जो पनि ।

whole (होल्) **वि.** र **ना.** (आ०) असल स्वास्थ्यमा, संचो; सद्दे, समूचा, सिंगो, निखुनी, सग्लो, बेखोट; अविकल, समग्र, एक वा बढी एकांकी भएको, (गणित०) अंशविना; नघटाइएको सिंगो, विनाविच्छेदन, ज० कि whole meal सिंगो अनाज; पूरा, पूर्ण, सम्पूर्ण, भरपूर, एकभूत, सबै;—heart पूरा दिल, निःसंकोच; go the—hog पूरासँग, नछोडीकन, गर्नु;—- coloured एकरंगा;—- hoofed नफाटेको खुर भएको;—-

hogger पूरासँग, नछोडीकन गर्ने;—-length (चित्र) सम्पूर्ण शरीर देखिने;—sale (**ना.**, मु० वाच्य) थोक (बिक्री, व्यापार), डक्क;—sale dealer, prices थोक व्यापारी, हचुवा दर, थोक दर; (संक्र०) ठूलो परिमाणमा;—saler थोक व्यापारी; **ना.** पूर्ण वस्तु, सिंगो चीज, भए जति सबै, अन्तर्जात ऐक्य, सम्पूर्ण पद्धति, अंगहरूको सम्पूर्णता; on the—सबै कुराको विचार गर्दा ।

wholesome (होल्'सम्) **वि.** स्वास्थ्यकर, फाइदा गर्ने, हितकर, लाभदायक, आरोग्यकर, क्षेम्य ।

wholly (होल्'लि) **क्रि. वि.** पूरासँग, पूर्ण रूपले, निमन्याठ्ठै, नघटाईकन, सम्मिश्रणविना, चोखो, विना वर्जन ।

whom (हूम्) who को कर्म=जसलाई, कसलाई ?

whoop (हूप्) **क्रि.** कराउनु, जयध्वनि गर्नु; hoop को रूपान्तर;—ing cough लहरे खोकी;—er वा--ing swan जंगली वा सुसेल्ने राजहंस ।

whop (वॅप्) **क्रि.** (-pp-) अप० पिट्नु, चुट्नु; (अलं०) जित्नु, पराजय गर्नु, हराउनु, पछार्नु;--ping **ना.** आफ्नो किसिम ठूलो, ज० कि—ping lie जबरजस्त झूट;—per बडेमान, जखमले ।

whore (होर्) **ना.** र **क्रि.** वेश्या, रण्डी, फूँडी, पातर्नी; **क्रि.** सम्भोग गर्नु, रति क्रीडा गर्नु, रण्डीबाजी गर्नु;—-master,—-monger रण्डीबाज, फूँडो; the scarlet—पोपीय रोम, अक्रिस्तानी रोम, सांसारिक प्रवृत्ति ।

whorl (वर्‍ल्) **ना** विरुवाको हाँगा, डाँठ, इ० मा रहेको पात वा अन्य अवयवको गुजुल्टो, गुजो; घुमाउरोको एक फन्को; कतुवाको गति नियंत्रण गर्ने चक्का ।

whose (हूज्) **स. ना.** who को षष्टी विभक्ति; कसको, जसको ।

whoso (हू'सो) **whosoever** (हूसोए'भर्). जोसुकै, जोसुकै भए पनि ।

why (वाइ) **क्रि. वि.** र **ना.** (ब० व०--s) : किन ? के कारणले ? कुन अभिप्रायले ? यसर्थ, तसर्थ; **ना.** कारण, स्पष्टीकरण, व्याख्या; why so सो किन ? किन त्यसो; the--s & wherefores कारण, अभिप्राय, इ० ।

why (वाइ) **वि. बो.** (पहिचान वा आश्चर्य जनाउने) अहो ! अरे ! कस्तो !

wick (विक) **ना.** बत्ती, सुतली, लोता, धागो, वर्तिका, (जसले चिल्लोलाई ज्वालासम्म पुर्‍याइदिन्छ); (शल्य० घाउको पानी इ० को निकासलाई भित्र राख्ने (गज) को धर्सो; झ्याङ्ग्वाल वस्त्र; सहर, गाउँ, जिल्ला ।

wicked (वि'केड्) **वि.** पापी, अधर्मी, बदमाश, अनैतिक, दुष्ट, जानी जानी दुराचार गर्ने, रिसाहा, ईखालु, इत्री फेर्ने, पीडा दिने, खेलवाडमा उपद्रवी, जिस्क्याहा; मत्सर, कुमार्गी, अधर्म्य, पामर, खल, गलकट्टो, सक्नुको, कुमाते;—ly **क्रि. वि.** दुष्टताले;—ness बदमाशी, दुराचार, अनाचार, दौर्जन्य ।

wicker (वि'कर्) **ना.** र **वि.** बटारेको वेत, हाँगा बिंगा, इ०, जसबाट टोकरी, मेच; आसन, ढकना, इ० बन्दछ; (सा० वाच्य०, ज० कि—chair बेतको मेच, बेदल मेच;—-work बेदल; **वि.** वैणव, वैदल ।

wicket (वि'केट्) **ना.** जसकेलो, सानू ढोका, खा० ग० ठूलो ढोकाको हाराहारीमा, औ सो ठूलो ढोका बन्द भएको वेलामा चलन हुने, (—-door,—-gate पनि); घुम्ती प्रवेश; घिसार्ने खापाले खोल्ने लाउने भित्ता वा ठूलो ढोकाको प्वाल; तल्लो आधा मात्र लाग्ने ढोका; **क्रि.** तीन डण्डी र दुई तेर्सो काठको एक जोर; keep—विकेटको नजीक रहेर विपक्षीलाई वरखास गर्ने प्रयत्न गर्नु;—keeper सो गर्ने खेलाडी; keep (one's)—up आफ्नू विकेटको रक्षा गर्नु, लड्न नदिनु, वरखास नहुनु; ब्याट खेलाडीले रक्षा गर्ने विकेट (५ विकेट गिरे, पाँच जना ब्याट खेलाडी वरखास भए); match won by *2*—s दुई विकेटले खेल जितियो, जित्ने पक्षका तीन खेलाडी वरखास नभईकन; खेल भूमिको अवस्था, ज० कि good bad—असल, नअसल, खेलभूमि; be on a good, sticky,—(अलं०) फाइदाको, नराम्रो, स्थितिमा हुनु ।

widdershins (विदर्शिन्ज्) **क्रि. वि.** विच्छुकी, घडीको चालको उल्टो=withershins ।

wide (वाइड्) **वि.**, **क्रि. वि.** र **ना.** चौडा, गजिलो, फराकिलो, चापट, चाक्लो; विस्तीर्ण, व्यापक, समावेशक; खुकुलो, धोक्रे, विनारोकावट, उदार, दुराग्रही; खुला; (कुनै ठाउँबाट) टाढा; (अप०) धूर्त; **ना.** (क्रिके०) फराकिलो बल; the—world विस्तीर्ण संसार; far &—विस्तीर्ण, जतातते; give a—berth to नजीक नजानु; छल्नु; broke to the—(अप०) टाट उल्टेको;—awake (**वि.**) चंख, विनिद्र, चनाखो; **ना.** चौडा बीँड भएको टोप;—ball (क्रिके०) विकेट भन्दा टाढा भएर जाने बल;—distribution धेरै ठाउँमा पाइने;—domain ठूलो क्षेत्र;—fame फैलिएको; a—generalization अनेक विवरण समावेश गर्ने;—margin चाहिनेभन्दा बढी दिइएको;—open उदाङ्ग, हाङ्हाङ्ती, हाङ्ग;—spread (विश्वास, मत) फिजिएको ।

widen (वाइ'ड्न्) **क्रि.** फट्टाउनु, चौडा पार्नु ।

widgeon (वि'ज्न्) **ना.** जंगली हाँसको किसिम ।

widow (वि'डो) **ना.** र **क्रि.** विधवा, राँड, गतभर्तृका, रंडा; **क्रि.** लोग्ने वा जोडा मारिदिनु, लोग्ने वा स्वास्नीबाट वंचित गर्नु, विधवा वा राँडो बनाउनु, (धे० ज० निष्ठामा, the—ed father, इ०); (कवि०) साथी, इ० को हरण गर्नु; child—बाल विधवा; grass—पति परदेश गएकी, वा साथमा नभएकी, स्त्री;—'s cruse द्रौपदीको ताउलो;—'s mite अनाथाले दिन सक्ने थोरै;—'s peak निधारको बीचमा तल चुच्चो परेको आकारको रौंको झुप्पा; black—साधारण अमरिकी कालो माकुरी (जसले भालेलाई खाइदिन्छे); the—(अप०) श्याम्पेन मद्य;—hood **ना.** वैधव्य, वैधव्य दशा ।

widower (वि'डोअर्) **ना.** राँडो, स्वास्नी मरेको लोग्ने,

गतभार्य, मृत पत्नीक, विधुर ।

width (विड्थ्) **ना.** गज, चौडाइ, फासला, दूरी; मनको विस्तीर्णता वा उदारता; कुनै चौडाइको कपडाको टुक्रा; फाँद, फैलावट, फासला ।

wield (वील्ड्) **क्रि.** कब्जा गर्नु, शासन गर्नु, मच्चाउनु, उज्याउनु, हातले वा अन्यथा चलाउनु, समातेर काममा लाउनु (शक्ति, राजदण्ड, राज्य, इ० (कवि०) तरवार, हतियार, इ०) ।

wife (वाइफ्) **ना.** (ब० व०—ves) स्त्री, खा० ग० बूढी, नपढेकी वा पाखे (अचेल विर०, केवल old wives' tale, मूर्ख वा अन्धविश्वासयुक्त कथा वा परम्परा, र यौगिक, ज० कि fish— माछा बेच्ने; house— गृहस्वामिनी; mid —सूँडेनी, इ० बाहेक); विवाहिता स्त्री, गृहिणी, दुलही, भार्या, जाया, नारी, गेहिनी, जोई, कान्ता, जहान, घरके, जनाना, घरकी, कलत्र, दारा, वधू, बहू, सहधर्मिणी, स्वास्नी, पत्नी; the—(ठा० वा ग्रा०) मेरी स्वास्नी, स्त्री; wedded, lawful—पाणिगृहिता स्त्री; (रखौटी, ल्याइते, इ० सँग छुट्याउनालाई); all the world & his—लोग्ने, स्वास्नी, मानिसहरूको जमात, मेला, इ० मा जम्मा हुने; have, take, to—(विवाह गरेर) पत्नी बनाउनु; co—, rival—सपत्नी;—hood **ना.** पत्नीत्व; wifie **ना.** (प्यारो बोली : स्त्री);—less **वि.** विनापत्नी, अविवाहित;—like,—ly **वि.** पत्नीयोग्य, स्त्रीलाई सुहाउने ।

wig (विग्) **ना.** उपकेश, कृत्रिम केश, नकली कपाल (खल्वाट ढाक्ने, अनुमानित सौन्दर्यको लागि, वा विदेशहरूमा कोही खास व्यक्तिहरूले लाउने चलन भएको); there will be —s on the green (गाउँको मैदानमा) मारपीट हुन्छ; —ged **वि.** उपकेश लाएको;—less **वि.** विना उपकेश ।

wig (विग्) **क्रि.** (-gg-) (मु० कृदन्तमा) भर्त्सना, बेसरी गाली गर्नु, पच्कार्नु;—ging **ना.** भर्त्सना, सिटाइ, डाँट, हप्काइ ।

wigan (वि'गन्). **ना.** टाट जस्तो दह्रो वस्तु, अस्तरको लागि प्रयोग हुन्छ, टाट, अस्तर ।

wiggle (वि'ग्ल्) **क्रि.** (बो० चा० वा प्रादे०) हल्लाउनु, (शरीरको कुनै भाग, ज० कि कान); एक डाँडीले डुङ्गा यताउति जाने गरी ख्याउनु ।

wight (वाइट्) **ना.** (आ० वा० ठ०) व्यक्ति, जीव, मान्छे, प्राणी, जन्तु, (खा० ग० luckless, wretched,—अभागी, दुःखी, व्यक्ति) ।

wigwam (विग्'व्याम् वा—वॅम्) **ना.** उत्तर अमरिकी इण्डियनको छाला वा हाँगा बिंगा र पातले बनेको घर; the W—ट्याम्नी हल नामको राजनैतिक भवन (स्थानीय) ।

wild (वाइल्ड्) **वि., क्रि. वि.** र **ना.** जंगली, वन्य, (मु० पशु, बिरुवा, र तिनमा पनि खा० ग० पालतु, आवादी हुने, जातसँग मिल्ने किसिमका);—beast, plant वन्य पशु, बिरुवा;—man बर्बर, जंगली;—-boar बनेल;—-duck जंगली हाँस, चातक, काकाकुल;—fowl वनचरो; —cat वनबिरालो; (अलं०) **वि.** वा वाच्य, (वित्तीय मामला, प्रस्ताव, इ०) दुस्साहसी, असद्दे, बेअन्दाज, अव्यावहारिक;—-goose chase हास्यप्रद र व्यर्थको प्रयास; —life वन्य जीव, वन जन्तु; to be drawn by--horses जङ्गली घोडाद्वारा शरीर लुछेर पीडासहित मार्नु (दण्डको रूपमा), (अलं०) कठिन से कठिन यातना; woodnotes --स्वोत्पन्न र कलाविहीन (अकृत्रिम) पद्य; ऱुस्काहा, ऱुस्कने विच्किने, (घोडा, चरा, इ०); निरंकुश, हठी, उत्ताउलो, अनियमित, काबूबाहिरको, स्वाधीन, अरूढी, लापरवाह;--work गैरकानूनी काम;--locks जिंग्रिङ्ग परेको जगल्टा; run--छाडा, जथाभावी उम्रेको (खेत, बगैंचा); वात्याकुल प्रचण्ड, तीव्र (हुरी, बतास, रात्रि); अत्यन्त आग्रहपूर्ण, उत्तेजित, व्याकुल, कामाकुल, आत्तिएको, विक्षिप्त, पागल, बेसुरो; the--men (दलका उग्रवादी, खटन सहन नसक्ने, इ०); --about (कसैमाथि अत्यन्त श्रद्धान्वित, अति भक्ति भावले पूर्ण);--looks,—appearance अति उत्तेजित या व्याकुल अनुहार; drive--पागल तुल्याउनु; जसो तसो, अविचारी, नसोचिएको, दुर्लक्ष, उत्तेजनाले विकृत;—fire=Greek fire=शत्रुका जहाजहरूमा आगो सल्काइदिने प्राचीन ग्रीकहरूले चलन गरेको विस्फोटक; **ना.** मरुभूमि, बलौटे जग्गा, अनकण्टार;--ish **वि.** अलि अलि वन्य;--ly **क्रि. वि.** विक्षिप्त ऱ्हैं; ness **ना.** उत्तेजना ।

wildebeest (भिल्'डबिइस्ट्) **ना.** नू नामको जनावर, साँढे जस्तो मृग; (द० अफ्रिका)

wilder (विल्'डर्) **क्रि.** (कवि०) जिल्ल पार्नु ।

wilderness (विल्'डर्नेस्) **ना.** मरुभूमि, पर्ती जग्गा, वियावान, अरण्य, अनकण्टार, विजन स्थान, एकलास; voice in the—जंगलको आवाज, कसैले नसुन्ने सुधारको लागि बोलेको कुरा, अरण्यरोदन; (wandering इ०) in the—शासन, प्रभुसत्ता, गुमाएको राजनैतिक दल; त्यसै छाडिदिएको बगैंचाको एक भाग; असीमित संख्या वा परिमाण; cry in the—अरण्यरोदन ।

wilding (वाइल्'डिङ्) **ना.** आफैं उम्रेको बिरुवा, खा० ग० जंगली स्याउ ।

wile (वाइल्) **ना.** र **क्रि.** छल, धूर्तता, चलाकी; चाल प्रपञ्च, कपट, (स्त्रीको) छाडन, नखरा, (धे० ज० ब० व० मा) **क्रि.** लोभ्याउनु, बहकाउनु ।

wilful (विल्'फुल्) **वि.** स्वेच्छाचारी, हठी, स्वैरी, मनमानी, मनपर्दो, अटेरी, जबरजस्ती; जानी जानी, इच्छाले, सोच विचारसहित;—ness **ना.** भाँडभैलो ।

Wilhemstrasse (भि'ल्हेल्मश्ट्रास) **ना.** बर्लिनको सडकको नाम, (संक्र०) पहिलेको जर्मनीको परराष्ट्र मन्त्रालय ।

will (विल्) **क्रि.** र सहायक **क्रि.** वर्तमान—वा 'll; thou wilt वा 'lt; भू० का० would वुड, thou wouldst वुड्स्ट्; नकारात्मक—not वा won't; ला, होला ।

will (विल्) **ना.** संकल्प, इच्छा; इच्छाको दृढता; अभिलाषा; भाव; इच्छापत्र; free will स्वतन्त्र इच्छा, मनोमान, खुशीराजी, आफ्नू जीवन क्रम आफ्नै मनले निर्णय गर्ने, त्यसमा पूर्व जन्मको फल, इ० ले प्रभाव पार्न नसक्ने, मत;—-power इच्छाशक्ति, आत्मसंयम; have (one's)—ईप्सित कुरा पाउनु; at—इच्छानुसार, स्वेच्छया, मन लागेमा; tenant at—विनासूचना हटाइन सकिने बहाली; good—सद्भाव; ill—वैरभाव; last—& testament अन्तिम इच्छापत्र; nuncupative—मौखिक रूपले प्रकाशित इच्छापत्र; God's —ईश्वरेच्छा ।

will (विल्) **क्रि.** आफ्नू संकल्पको भनिठान्नु निश्चित गर्नु, विना शर्त चाहनु; आत्मसंयम प्रयोग गर्नु; इच्छाशक्तिले उक्साउनु, प्रेरणा दिनु, वा कर लाउनु; इच्छयाउनु, दिनु, ऐभारा सुम्पनु ।

willet (वि'लेट्) **ना. उ.** अमरिकी चाहा ।

willing (वि'लिङ्) **वि.** इच्छुक, मन गर्ने, तैयार, सकाम, उद्यत;—hands, help सगाउने;—ly **क्रि. वि.** मनोमान, खुशीराजी, स्वेच्छाले, स्वेच्छया ।

willow (वि'लो) **ना.** पानीको छेउमा उम्रिने बेत, नरकट, र अन्य रूख जुनमध्ये कोहीको काठबाट क्रिकेट ब्याट बनाइन्छ; wear the—आफ्नू प्रियको अनुपस्थिति वा मृत्युको लागि दुःख गर्नु, मनाउनु, (अघि विलो रूखको पातको माला लगाएर);—-pattern चीनिया बान्कीको माटाको भाँडामा हाल्ने बुट्टा; क्रिकेट ब्याट, ज० कि handle the—ब्याट लिनु, चलाउनु ।

willow (वि'लो) **क्रि.** र **ना.**, **willy** (वि'लि) **ना.** रेशादार वस्तु (कपास, सन, इ०) कलले पिट्नु, टिप्नु; **ना.** चुट्ने, टिप्ने, कल (—,—ing machine पनि) ।

willowy (वि'लोइ) **वि.** विलो धेरै भएको; पातलो र फुर्तिलो (शरीरको बनोट, बान्की) कृशोदरी, तनुमध्य ।

willy-nilly (विलि–नि'लि) **क्रि. वि.** वलपूर्वक, जोरले, इच्छा वा अनिच्छाले, जे भए पनि, जसो गरेर पनि ।

wilt (विल्ट्) will को मध्यम पुरुष लोट ए० व० ।

wilt (विल्ट्) **क्रि.** वैलाउनु, मुर्झाउनु, सुक्नु (विरुवा, पात, फूल), निहुराउनु, दर्प तोड्नु, शेखी छुट्नु, फूर्ति घट्नु; लत्रिनु, लुत्रुक्क पर्नु, ओल्स्याउनु ।

Wilton (विल्'टन्) **ना.** (W—carpet पनि) विलायती कार्पेटको किसिम ।

wily (वाइ'लि) **वि.** छली, कपटी, सकपट, धूर्त, चतुरो ।

Wimbledon (विम्'बल्डन्) **ना.** विलायतको विम्बल्डन शहरमा हुने टेनिस प्रतियोगिता र मण्डल खेलहरूको निमित्त प्रयोग हुने शब्द; बिम्बल्डन ।

wimple (विम्'प्ल्) **ना.** र **क्रि.** अघि मठवासिनी वा अन्य स्त्रीहरूले लाउने शिर, गाला, चिउँडो र घाँटी छोप्ने सूती आवरण, घुम्टो; (**क्रि.** घुम्टो हाल्नु, शिराच्छादन लाउनु, पत्याउनु); बटार, मोड, तरंग; **क्रि.** पत्र परेर खस्नु, (खोला) मोडिनु, नागवेली परेर बग्नु, तरंगित हुनु ।

win (विन्) **क्रि.** (won, उच्चा० वन्) र **ना.** जित्नु, फत्य गर्नु, विजय गर्नु, (लडाइँ वा प्रतियोगिता), जुवा, बाजी, सत्र पर्नु, मार्नु, बल्झाउनु, जित्नु; विजयी हुनु; उद्यम गरेर आफ्नू ठेगानमा पुग्नु (समुद्रमा किनारा, पहाडमा भञ्ज्याङ्ग, इ०); पुग्नु, भेट्टाउनु; फकाउनु, मनाउनु, आफ्नू तरफमा ल्याउनु, किन्नु; क्रमिक आकर्षण गर्नु वा बढाउनु; (कृ० वि० ऊँ) मनहर, मोहक; ज० कि a—ning smile, manners, personality; जिताउने, ज० कि—-ning goal **ना.** जित, जितबाजी (खेल, जुवा बाजीमा);—ning जित्ने, जित, आकर्षक;—ning streak मारताल;—rings जित, जिताउरी; —(one's) way, bread उद्यम गरेर सफल हुनु, रोटी (माम) पकाउनु, कमाउनु;—the toss (खेलमा सिक्का फ्याँकेर पालो ठेगान गर्दा भैँमा सिक्का कतापट्टि फर्केको छ ठीकसँग बताएर पहिलो पालो आफू वा विपक्षीले खेल्ने निर्णय गर्नु) चक्का उत्क्षेपण जित्नु;—by a head, in a canter, (घोडदौड) टाउकोको लमाइले जित्नु, सजिलो दौडले नै जित्नु;—hands down सजिलोसँग;—ring post दौडको समाप्ति जनाउने लट्ठा, जित्ने लट्ठा, खम्बा;—ning hazard (विलियर्ड) मुख्य बललाई प्वालमा छिराउनु;—ner **ना.** विजेता, जितुवा ।

wince (विन्स्) **क्रि.** र **ना.** (झस्केर, वा समता गुमाएर, वा मुख बिगारेर) निन्याउरो हुनु, पीडाको अनुभव गर्नु, हच्कनु, छटपटाउनु, कात्रिनु; **ना.** विकम्पन, स्फुरण, (भय, पीडा, इ० ले) छटपट ।

winecy (विन्'सि) **ना.** (व० व०—s) कमीज, इ० हाल्ने ऊन र सूतको मिसकट वा खालि ऊनको बलियो कपडा ।

winch (विन्च्) **ना.** पांग्रा वा धूरको क्र्याङ्क मोड, उत्तोलक यन्त्र, पांग्रा र धूरीको सिद्धान्तले सामान उचाल्ने यन्त्र, वायुलम्ब ।

Winchester (विन्'चेस्टर्) **ना.** (rifle) आवर्तक विन्चेस्टर बन्दूक; आधा ग्यालन अटाउने भाँडो, विन्चेस्टर क्वार्ट ।

wind (विण्ड्, कवि०, वाइण्ड पनि) **ना.** बगेको हावा, वायु, वात, पवन, बयार, बतास, north, south, east, west—उत्तरी, दच्छिना, पूर्वैया, पछियारी वा पश्चिमा; fair, contrary,—जहाजको यात्रा सगाउने, विपरीत; constant—एकनास, कुनै ठाउँमा सधैँ एकैतिर बग्ने; capful of—हावाको झोक्का; slant of—हितकारी बतास; (व० व०) चार दिशा, ज० कि० the four—s,—s of heaven चारैतिरबाट; बकवास, बकबक; कृत्रिम तौरले बनाएको बतास, कामको लागि थुपारेको हावा, (सामू०) वाद्य वृन्दको फुकेर बजाउने वाद्य समूह; (हावाबाट आउने) बास्ना; (कुनै चीजको सान्निध्यको) संकेत; प्रारम्भिक प्रचार वा चर्चा, get—of; (पेटको) वायु, (break—अपानवायु छोड्नु, पाद्नु); सास (मेहनत गर्दा), दम (दौडदा, कसरत गर्दा); छातीको बीच नेरको ठाउँ जहाँ आघात भए सास बन्द हुन्छ, ज० कि hit (one) in the—छातीमा हान्नु;—bag कुराको पोको,

गन्थने, बोलक्कड;—-bound वायुबद्ध (विपरीत हावाले रुकेको जहाज);—-break हावा छेक (बार, झाडी, इ०); —-cheater हावाबाट जोगाउने लुगा;—-colic वायु शूल, शूल;—-egg बच्चा नहुने, अनिषेचित अण्डा;—fall झरेको फल, वायुपात, गुलछर्रा, पुष्ट, खुदो, (अलं०) आशातीत भाग्य, अलभ्य लाभ, खा० ग० उत्तरदान, (इच्छापत्रले दिइने दाम);—-gauge वायु यंत्र, वायुमापक;—hover बाज, एकै ठाउँमा उडिरहने चरो;—-instrument वायुसाज, वायु वाद्य यन्त्र;—-jammer पालदार व्यापारिक जहाज;—mill पवन चक्की, वायुघट्ट; fight—mills कल्पित शत्रु वा मर्कामाथि जाइलाग्नु;—pipe श्वासनलिका, घिच्रो, घोक्रो;—-screen,—-shield वायुरोक, हावा छेक (मोटर गाडीमा); —-spout वायु स्तम्भ, वायुवज्र;—-swept वातमृजित, वातुल, वातमय;—-tight वायु अभेद्य, हावा नछिर्ने;—-tunnel सुरुङ्ग जस्तो उपकरण वा रचना जसभित्र राखिएको वायुयानको प्रतिरूपमाथि ज्ञात वेगको वायु प्रवाह उत्पादन गरेर वायुयानमाथि पर्ने त्यसको प्रभावको अध्ययन गरिन्छ, वायु सुरुङ्ग;—ward **वि.** र **ना.** वायुपट्टि रहेको, वायु बग्ने दिशापट्टि रहेको (प्रदेश); get to—ward of गन्ध छल्नु, (अलं०) (कसैमाथि) फाइदा झिक्नु, उछिन्नु;—less **वि.** वायु शून्य ।

wind (विण्ड्) **क्रि.** फुकेर बजाउनु (शंख, बिगुल, डाँको, बुलाहट, इ०), (उच्चा० वाइ—); गन्धले पत्ता पाउनु; सास फेर्नु, लामू र गहिरो सास फेर्नु, हावा रित्याउनु, आरामबाट दम आउनु, धे० ज० निष्ठामा=दम फुलेको, दम टुटेको, दम लिएको ।

wind (वाइण्ड्) **क्रि.** (wound वाउण्ड्) वक्र, बाङ्लो वा घुमाउरो बाटोमा जानु, नागबेली पार्नु, घुमाउरो बाटो लाग्नु, बिस्तारै पस्नु; गुँडुल्किनु, बेर्नु; घुम्नु, बटार्नु, मोड्नु, बटारिनु, लपेट्नु, लपेटिनु, जेल्नु; उचाल्नु (जहाज, धाउ, खनिज); **ना.** मोड, घुमावट, घुमती (घडीको) दम, (धागो) फन्को;—ing staircase घुमाउरो भऱ्याङ्ग; in—ing टेढो, बांगो;—(person) round (one's) fingers जे भन्यो सो गर्ने तुल्याउनु, पूर्ण आधिपत्य जमाउनु;—ing sheet मुर्दा बेर्ने टालो, कफन;—up बेर्नु; (घडी) दम दिनु; (व्यापार, कारोबार, इ०) विघटन गर्नु, बन्द गर्नु; **ना.** समाप्ति, बन्द;—ing-up समाप्ति (कम्पनी, व्यापार, काम) ।

windage (विन्'डेज्) **ना.** गोली, गोला, र नालको व्यासमा अन्तर, जसले गर्दा भित्रको ग्यास, इ०, निस्कन सक्छ; बतासले गर्दा झटारो, क्षेप्यास्त्र, को निशानामा पर्न सक्ने फरकको गन्ती वा छूट; वातक ।

windlass (विण्ड्'ल्यास्) **ना.** र **क्रि.** उत्तोलनी, वायुलम्ब; **क्रि.** उत्तोलनीले उचाल्नु वा तान्नु ।

windlestraw (विं'ण्ड्ल्स्ट्रॉ) **ना.** साबे, बाबिया, इ० घाँसको डाँठ ।

window (विन्'डो) **ना.** झ्याल, खिडकी, गवाक्ष, वातायन; खाममा भित्रको नाम ठेगाना देखिने, सानू प्वाल, झ्याल, look out of—वा the—, have all (one's) wares, goods, in the—अल्लारे, वाह्य, हुनु;—-box झ्यालमा राख्ने फूलको गमला;—-dressing पसलका बडेमान झ्यालमा बिक्रीका सामान आकर्षक रूपले सजाउने काम, सोको कला, गवाक्ष सजावट, झ्याल सजावट; (अलं०) तथ्याङ्क, इ० को चलाकी साथ पेशी;—envelope भित्रको ठेगाना देखिने प्वाल वा पारदर्शक अंश भएको, गवाक्ष खाम; shop—पसलमा सामान सजाएर राखेको झ्याल;—-shopping झ्यालको सामान सजावट हेर्ने सौख, र त्यसबाटै सन्तोष लिने भाव ।

Windsor (विण्ड्'जर्, विन्'जर्) **ना.** बिलायतको बार्कशर जिल्लाको सहर; House of Windsor बिलायतको राज परिवारले सन् १९१७ (प्रथम विश्वयुद्धकाल) मा लिएको नाम, विन्जर वंश;—chair काठको पिठ्यूँ र हातको आड भएको मेच; brown—soap खुश्बूदार कैलो साबुन;—uniform राजपरिवार र अन्य इजाजत पाएका व्यक्तिले विन्जर प्रासादमा बस्दा लाउने विण्ड्जर सम परिधान ।

windy (विन्'डि) **वि.** वातमृजित, वातमय, वातुल, हावा लाग्ने; आनिल, हावादार; बहुशब्द, शब्दबहुल, वाग्बहुल, खाली; वायुजन्य; (आ०) वायुपट्टिको; पहुँचबाहिर ज० कि on the—side of the law ऐनले छुन नसक्ने स्थितिमा; (अप०) तर्सेको ।

wine (वाइन्) **ना.** र **क्रि.** मद्य, द्राक्षासव, द्राक्षारस, मधु, मद, अरख, रक्सी, दारू; dry—सुखा, (फलको) वासना वा गुलियो नभएको); still—फोका नउमार्ने; sparkling—खन्याउँदा फोका निस्कने; white—पहेंला वा सुनौला रंगको; red—रातो रंगको; green—बनाएको पहिलो वर्षको; port—पोर्ट नाम गरेको; comet—पुच्छ्रे तारो देखा परेको सालको, (असल हुन्छ भनी ठानिएको); Adam's—पानी; (**वि. वि.**) खानापछि रक्सी खाने जमात; फलबाट फेणनद्वारा बनाइएको अरक, ज० कि orange—सुन्तलाको अरक, इ०; रक्सीमा औषधिको घुलन, ज० कि—of opium, quinine—; गाढा रातो रंग; **क्रि.** रक्सी खानु, पिउनु; रक्सी ख्वाउनु, सो ख्वाएर स्वागत गर्नु, धे० ज० dine &—खानपीन; new—in old bottles नयाँ विचार, जो कि दबाएर राख्न सकिन्न; old—in new bottles उही पुरानू कुरालाई नयाँ वेश दिएको; spirit of—मद्यसार, आसव;—whey मद्यमंड, रक्सीमही; in—पिएको, जँडयाहा;—bag रक्सी हाल्ने छालाको थैलो, जँडयाहा;—bibber पियक्कड, मद्यप, जँडयाहा;—bottle रक्सीको शीशी;—bowl रक्सी बट्टुको, पिउने बानी; —-carriage भोजन कक्षमा रक्सीको भाँडो घुमाउने ठेला;—cooler रक्सी चिसो राख्ने बरफसहितको भाँडो;—cup रक्सी खाने बट्टुको, गिलास (लामू डाँठ भएको हुन्छ);—glass रक्सी खाने काँचका विभिन्न प्रकारका गिलास, भाँडा, मु० लामू डाँठ र पींध भएको,—glassful ओखतीको नाप,=चार ठूलो चम्चा;—press अंगूर किच्ने, निचर्ने, पेषण यन्त्र;—skin खसी बाखाको समूचा छाला सिएर बनाएको रक्सी राख्ने थैली;

—-stone रक्सीको भाँडोमा उछ्रने पत्थर, मद्य शर्करा;—vault मद्य कद्दा, रक्सी छिंडी ।

wing (विङ्) **ना.** र **क्रि.** पखेटा, पक्ष, पत्र; (ठ०) बाहु, पाखुरा; उठेको वा बाहिर निस्केको भाग, खा० ग० (भवनको) लङ्ग र (सेनाको) पक्ष, दल, पार्श्वदल; नाचघरको पार्श्व, पार्श्व दृश्य; (फुटबल, हकि, इ० खेल) मैदानको बीचको स्थानको दुवै पार्श्वको, पार्श्व,—three quarter पल्लो पार्श्व (फूटबल, हकि, इ० मा बीचभन्दा छेउमा खेल्ने अग्रिम खेलाडी, इ०) ब्रिटिश वायुसेनाको दुई वा बढी गूटको रचना, पक्ष; (व० व०) वायु सेनाको चालकको चिन्ह, ब्याज; पखेटाको अडान, पखेटा, on the—उडेको, गएको, गतिमा; take—उड्नु; **क्रि.** पखेटा हाल्नु, उड्ने गराउनु, उडाउनु, वेग दिनु, पखेटाले उड्नु, गतिमान हुनु; (चरालाई) पखेटामा, (व्यक्तिलाई) पाखुरामा, चोट लाउनु; clip one's—s वेग, महत्वाकांक्षा, खर्च, घटाइदिनु; come on the—s of the wind वेगसँग; lend, add,—s वेग दिनु, वेग बढाउनु; take under (one's)—संरक्षण गर्नु, हेरचाहा गर्नु;—s are sprouting ज्यादा धर्मात्मा बन्न लागेको (व्यक्ति); take—s (पैसा, इ०) वेपत्ता हुनु, खर्च हुनु; high—, low—, mid-—**वि** (एक तह वायुयान) उच्च, निम्न वा मध्यपक्षीय;—-beat पक्षचाल (एक चाल);—commander पक्ष समादेशक;—footed (कवि०) वेगिलो;—-spread पक्ष विस्तार, (वायुयानको) पक्ष क्षेत्र, पक्ष तल;—-stroke=—-beat पक्षचाल;—ed पक्षी, पतत्री;—ed words पक्षी शब्द, अचूक, महत्वपूर्ण;—ed horse उड्ने घोडा, पेगासस, काव्य;—ed god मर्करी;—ed Victory विजयदेवी (को मूर्ति) ।

wink (विङ्क्) **क्रि.** र **ना.** आँखा झिम्क्याउनु, झिमझिम गर्नु, आँखा सन्क्याउनु; (उज्यालो, तारा) टल्कनु, टिमटिम गर्नु, टिलपिल गर्नु;—at उपेक्षा गर्नु, आँखा चिम्लनु, सन्क्याउनु; **ना.** निमेष, झिमिक्क, झिपिक्क, कनखी, निमीलन, झिमक्याइ (इशाराको रूपमा); like—ing (अप०) फ्रट्ट, जोडसित; tip (one) the—(अप०) इशारा दिनु, संकेत दिनु ।

winkle (विं'ङ्कल्) **ना.** र **क्रि** खाद्य समुद्री चिप्लेकीरा; **क्रि.**—out झिक्नु, निकाल्नु, शंखबाट सियो, सिन्का, ले चिप्लेकीरालाई झैं ।

winnow (विं'नो) **क्रि.** बत्याउनु, ओसाउनी गर्नु; अलग गर्नु, फट्किनु, निफन्नु, फड्कनु, उइँटनु, हम्कनु, छुट्ट्याउनु, बढार्नु, केलाउनु (कमसल माल, झूट, कसिंगर, इ०);—out वा away जाँच्नु, छुट्याउनु, गोड्नु; (कवि०) (पखेटाले) हावा गर्नु, (पखेटा) फटफट गर्नु, (कपाल) बत्याउनु, उडाउनु ।

winsome (विन्'सम्) **वि.** मनोहारी, आकर्षक, मन तान्ने, उज्यालो, हृदयग्राही ।

winter (विन्'टर्) **ना.** र **क्रि.** जाडो, हिउँद, शीतकाल; hard, mild,—धेरै तुषारो, कम तुषारो, हुने; (वाच्य०) हिउँदे, ज० कि—apple, cough, solstice हिउँदे स्याउ, खोकी, दक्षिणायन वा मकर संक्रान्ति;—sleep सुषुप्तावस्था (खा० ग० जाडोमा कोही पशु, इ० को);—quarters सेनाले हिउँदमा वस्न जाने शिविर, हिउँदे शिविर, शिखर लाग्ने;—garden बगैंचाको काँचघर; (अलं०, कवि०) उमेर, वृद्धत्व;—-cress हिउँदे साग;—-green जाडोभरि हरियै रहने बिरुवा, जीउ दुखेमा लाउने जडीबूटी;—-lodge (वन०) बिरुवाको भ्रूण जाडोमा बचाइराख्ने गाँठो;—-tide (कवि०) हिउँद, शीतकाल; **क्रि.** शिखर लाग्नु, जाडो विताउनु; जाडोमा (पशु, विरुवा, इ०) पाल्नु ।

wintry (विन'ट्रि) **वि.** हैम, शीत, शिशिर, जाडोको, ठण्डा, बतासे, वातुल, निरानन्द (—day, weather, sun, scene, इ०); (मुसकान, अभिवादन) अहार्दिक, ठण्डा, निर्जीव, बेरुचिको ।

wipe (वाइप्) **क्रि.** र **ना.** पुछ्नु, दल्नु (हात, लुगा, कागत, इ० ले दलेर), मेट्नु, सोस्नु;—(one's) eyes रुन छोड्नु;—(one's) eye (अप०) कसैलाई उछिन्नु, उसले गर्न अँटिको कुरा गर्नु;—out (stain) दाग मेटाउनु (खा० ग० बदलाद्वारा);—out ध्वंस पार्नु, खतम पार्नु;—the floor with (अप०) वेइज्जत हुने गरी परास्त गर्नु वा गाल पार्नु; (अप०) जोरको आघात गर्नु वा ताक्नु; **ना.** मार्जन, प्रक्षालन, प्रहार, आघात (पूरा हात वा छडी, इ० को); (अप०) रुमाल, पाकेट रुमाल;—r **ना.** पुछ्ने, पुछुवा ।

wire (वायर्) **ना.** र **क्रि.** तन्त्र, तार (तामा, चाँदी, सुन, प्ल्याटिनम, इ०); barbcd—काँढा (काँढ़े) तार, live—बिजुलीको प्रवाह चलेको तार, (अलं०) चलता पुर्जा, उत्साही र उद्यमी व्यक्ति; telegraph—s इ० तार, टेलीफोन, बिजुली, इ० तार; **क्रि.** तार हाल्नु, जड्नु, तारले बाँध्नु; तारमा गेडा उन्नु; (चरो) तारको पाशोमा पार्नु; (विद्युत्) बिजुली (को तार) जड्नु, (प्रकाश, पाक, विद्युत् सामग्री वा उपकरणको चलन, इ० को लागि); तार (सन्देश) पठाउनु, तार दिनु;—in (अप०) जोडसँग कामकाज गर्नु, जोरदार प्रयासमा पूरा बल लगाउनु;—-cloth,—-gauze, netting, तार कपडा, जाली, तारजाली;—cutter तार काट्ने;—-dancer तन्काएको तारमा नाच्ने नर्तक;—-draw तारको सूत तान्नु, झिक्नु, (अलं०) (खा० ग० निष्ठामा) फजूल वा सूक्ष्म कुरामा जोड दिनु, (विवाद, बुँदा, इ० मा);—-edge ज्यादा तीखो धार लाग्न गएमा फर्किने धार;—entanglement काँढ़े तार वा अन्य रोधक छेका;—-haired ठाडो तार जस्तो रौं भएको (कुकुर, इ०);—puller सूत तान्ने (लुकेर बन्दोबस्त गर्ने) राजनीतिज्ञ;—rope तारका सूत बटारेर बनाएको तारे डोरी;—-tapping टेलिफोन वार्ता सुन्नालाई तार छेदन गरेको;—-worm ध्वंसक कीट;—-wove (कागत) तारको जालीमा राखेर बनेको; संगीत वाद्य: struck, bowed, plucked,—आहत, गजवादित, संक्रुष्ट, तार; wiring तार जडान ।

wireless (वायर्'लेस्) **वि., ना.** र **क्रि.** बेतार, खा० ग०—telegraphy बेतार दूर संचार; **ना.** बेतार दूर संचार, बेतार संदेश, आकाशवाणी; बेतार ग्राहक वा प्रेषक, संचारक; रेडिओ; **क्रि.** बेतार सन्देश पठाउनु, आकाशवाणी पठाउनु, बेतार सन्देशबाट खबर दिनु;—receiver, transmitter बेतार ग्राहक, प्रेरक ।

wiry (वा'यरि) **वि.** तंत्रमय, तारको (बनेको), तार झैं चाम्रो र नम्य; (व्यक्ति) चाम्रो, नथाक्ने, गठिलो, स्नायुमय ।

wis (विज्) **क्रि.** प्रथम पुरुष ए० व०=म राम्ररी जान्दछु ।

wisdom (विज्'डम्) **ना.** ज्ञान, प्रज्ञा, मेधा, वैदुंष्य, मति, बुद्धि, अक्कल, समझ, समझदारी; बुद्धिको वचन,—tooth बुद्धि बङ्गारो; cut (one's)—teeth गदहा पच्चिसी नाघ्नु, समझ प्राप्त गर्नु ।

wise (वाइज्) **वि.** र **क्रि.** धीर, पण्डित, बुद्धिमान, ज्ञानी, प्राज्ञ, विज्ञ, मनीषी; बुद्धिमन्त, बुज्रुक, समझदार, पाको, बुझक्कड, प्रगल्भ; जान्ने;—after the event भइसकेपछि मात्र देख्ने, अदूरदर्शी;—man बोक्सो, झाँक्री;—woman जान्ने, सुँडेनी, बोक्सी;—saw सुभाषित, बुज्रुग्याइँ; be वा get—to (अप०) थाहा पाउनु, जान्नु; put (one)—to (अप०) बताउनु, छुल्के लाउनु;—crack **ना.** (अप०) चतुर छोटो वाक्य, छेंडपेच; **क्रि.** बुज्रुगे बोली गर्नु, छेंडपेच गर्नु;—up (अप०) छुल्के लाउनु, बताउनु वा जान्ने हुनु, थाहा पाउनु ।

wise (वाइज़्) **ना.** ढाँचा, रीति, काइदा, प्रकार, ढंग, रूप ।

—wise (—वाइज़्) अन्तप्रत्यय=ढाँचा, रीति, इ०, क्रि. वि बनाउने; clock—घडीको सियो घुम्ने दिशापट्टि, दक्षिणावर्त; anticlock—वामावर्त घडीको सियो घुम्ने उल्टोपट्टि; cross—तेर्सो परेर, टाँड पारेर, पलेटी कसेर; length—लामू पारेर, लमाइपट्टि; no—कुनै ढाँचाले पनि होइन, हुँदै होइन ।

wiseacre (वाइजे'कर्) **ना.** बुज्रुग, लाल बुझक्कड, पण्डितंमन्य, डेढ अक्कली, बुद्धिमन्त, मखण्डी, जान्ने, जान्नेमाथिको तान्ने ।

wish (विश्) **क्रि.** र **ना.** चाहनु, इच्छा गर्नु, इच्छाउनु, इच्छाइदिनु, चिताउनु;—on (व्यक्ति उपर) लाद्नु; **ना.** चाहना, इच्छा, आकांक्षा, मनोरथ, काम, ध्याउन्ना, अठोट, ईप्सा, स्पृहा, अभिलाषा, आदेश;—ing-bone (चराको छातीको हाड, दुई जनाले समातेर तान्दा भाँचियो भने लामू टुक्रा लिनेको मनोवान्छा पूरा हुने विश्वास थियो);—ing-cap मनोवान्छा पूरा हुने जादू टोपी;—er इच्छुक;—ed for वरेण्य, ईप्सित, रहरलाग्दो, चाहना गरिएको;—ful इच्छुक, उत्सुक, आकांक्षी;—ful thinking चाहनाको विचार, तथ्यभन्दा चाहनाले उठाएको विचार, ईप्सित विचार; good—es शुभ कामना;—es ईप्सित वस्तु, इच्छा;—ing **ना.** जपना, ध्याउन्ना ।

wish-wash (विश्'-वॅश्) **ना.** खल्लो पेय वा कुरा ।

wishy-washy (वि'शि-वॅशि) **वि.** पातलो, टँगरो, पनिलो (सुरुवा, चिया, कुरा, इ०) खाइचौ, खाइबा ।

wisp (विस्प्) **ना.** त्यान्द्रो, रेसा, (रौं, त्यान्द्रो, पराल, इ०); चहाको बथान ।

wist (विस्ट्) **क्रि.** **wit** (आ० क्रिया)=जान्नु, को भू० का० ।

Wistaria,-ter-(विस्टेय्रिअ,-स्टीअ्रि-) **ना.** फिका वैजनी रंगको फूल भएको लता ।

wistful (विस्ट्'फुल्) **वि.** आकांक्षी, व्यग्र, रहरिलो, उत्सुक, ध्याउन्ना गर्ने, धोको भएको;—ly **क्रि. वि.** उत्सुकतासँग;—ness **ना.** लालसा, औत्सुक्य, व्यग्रता, वान्छा, काम ।

wit (विट्) आ० **क्रि.** जान्नु; to—अर्थात्, देहायबमोजिम;—ting अजानमा वा अनिच्छाले होइन, जानाजान;—tingly **क्रि. वि.** जानी जानी ।

wit (विट्) **ना.** (ए० व० वा ब० व०) बुद्धि, धी, मेधा, मति, समझ; रस, नर्म, सारस्य, वैदग्ध्य, असंलग्न विचार वा वाक्यको आशातीत संमिश्रणले अचानकको आनन्द दिने शक्ति; out of (one's)—पागल, सन्केको; has (his) wits about (him) चलाक, देख्ने जान्ने; live by (one's)—s अक्कलले जीविका चलाउने; the five—s इन्द्रिय र मन, चेतना;—ty सरस, रसिक;—ty saying वा,—रसिकता, नर्म वाक्य, चुटकिलो;—tily रसिकताले, सरस ढाँचासँग, सरसताले ।

wit (विट्) **ना.** रसिक, प्राज्ञ (आ०), रसिक व्यक्ति; सारस्यसँग कुरा गर्ने, लेख्ने. व्यक्ति ।

witch (विच्) **ना.** र **क्रि.** बोक्सी, डाकिनी, ढंकिनी, मायाविनी, धमेनी, प्रेत्नी; राकसनी, निशाचरी, झाँक्रिनी, टुन्याही, किचकिन्नी; (अलं०) मनमोहक वा मोहनी लाउने (अति सुन्दरी) स्त्री; कुरूपा बूढी; बोक्सी; (स्थानीय) माछाको जात; **क्रि.** टुना लाउनु, टुना गर्नु; मोहनी लाउनु, आकर्षण गर्नु; white—सेतो ख्याक, बिगार नगर्ने—es' Sabbath बोक्सीहरूको भेला, जमघट;—craft जादू, माया, टुनामुना, बोक्सी विद्या, टुना;—doctor धमौलो, धामी, झारफुके, झाँक्री;—hunt (अलं०) शंकास्पद साम्यवादी, जासूस, खुफिया, विरोधीहरू इ० को खोजी वा तलास;—ery **ना.** टुना, जादू;—ing बोक्सी लाग्ने, (ing time बोक्सी लाग्ने समय, तर्साउने वेला, आधारात);—ingly **क्रि. वि.** मोहनी लाउने गरी;—ridden बोक्सी लागेको ।

with (विथ्, विद्) **उ.** विरुद्ध, साथमा; सित, सहित, सँग; ले, कारणले; यद्यपि, तापनि; पनि, लगायत, सुद्धा, पनि;—it (अप०) खपीस, जान्ने, भरपर्दो ।

withal (विदौंल्') **क्रि. वि.** र **उ.** (आ०) साथ, पनि, अरू पनि, अझ, सँगसँगै; इ० (सधैं उसको कर्मको पछि आउने)

withdraw (विद्ड्रॉ) **क्रि.** खिच्नु, पन्छाउनु; झिक्नु, हटाउनु (विद्यार्थी पाठशालाबाट, पैसा चलतीबाट, घोडा दौडबाट, सेना ठाउँबाट) पछि हट्नु, (व्यक्तिबाट कृपा वा निगाह); फिर्ता लिनु (वचन); जानु, हट्नु (ठाउँ वा समागमबाट); हच्कनु, दच्कनु, दब्नु, खिच्नु, हात झिक्नु (cries of) "withdraw !" (सभा, संसद्, इ० मा अप्रिय कुरा बोल्ने वक्तालाई सो

फिर्ता लिने जोरदार आह्वान);—ing room (आ०)= drawing room (अचेल) बैठक;—al ना. वापसी, कर्मत्याग, पछिहटाइ, अपक्रम ।

withe (वि'दि, विद्), **withy** (वि'दि) **ना.** (व० व०—thes, उच्चा०—दिज् वा—थ्स्) दाउरा, पन्तरा, इ० बाँध्ने पातलो मसिनो सिपकिनो वा रूखको बोक्राको धर्सो, बेत ।

wither (वि'दर्) **क्रि.** सुक्नु, वैलाउनु चाउरिनु, मसांग्रिनु, मुकुलाउनु, ग्लानि हुनु, क्षीण हुनु; हेंलाले खिसिक्क पार्नु,—with a book;—ed सुकेको, सुके, म्लान, शुष्क, जीर्ण,सिक्रो;—ing **वि.** डढाउने, सुकाउने ।

withers (वि'दर्ज्) **ना.** (व० व०) घोडाको काँधको वीचको डाँडो; my—s are unwrung दोषले मलाई हुँदैन ।

withershins, widdershins (वि'दर्शिञ्ज्) (स्क०) सूर्यको गतिको उल्टो (अशुभ), वामावर्त ।

withhold (विद्होल्ड्) **क्रि.** (-held) रोक्नु, निग्रह गर्नु, नामंजूर गर्नु, थाम्नु ।

within (विदिन्') **क्रि. वि., ना.** र **उ.** भित्र; **ना.** भित्री, भित्र; **उ.** भित्रपट्टि, भित्र; wheels—wheels माखेसांग्लो, जटिल यन्त्र, गूढ निकायहरू ।

without (विदाउट्') **क्रि. वि., ना. उ.** र **सं.** बाहिर, वाह्य, घरबाहिर; **ना.** बाहिरी, वाह्य स्रोत, **उ.** बाहिरपट्टि, नगरी, नभई, विना, बेगर; सं० (नकारात्मक) भने, यदि न, नभए; cannot make an omelette—breaking eggs केही कामलाई कुनै न कुनै खर्च नगरी हुन्न; do, go,—नभए पनि गुजारा गर्नु, काम चलाउनु; cold—चीनी नहालेको पानी मिसाएको आसव;—cause,—doubt सितिमिती, निःसन्देह, विनासित्तै, अवश्य, निश्चय, असंशय;—fail अवश्य, विना रोकटोक;—prejudice पूर्व फैसलाविना, पक्षपात विना;—reserve विना बाहेकी;—end अनन्त; goes—saying भन्दै नपर्ने, स्पष्ट, व्यक्त, स्वतः सिद्ध ।

withstand (विद्स्ट्याण्ड्') **क्रि.** (—stood) विरोध गर्नु, सामना गर्नु, रोक्नु (व्यक्ति, बल, जोरजुलुम, कष्ट, खियावट, इ०) ।

witness (विट्'नेस्) **ना.** र **क्रि.** साछी, प्रमाण, सबूत, गवाही, बयान; समर्थन, बकपत्र; व्यक्ति वा वस्तु, जसको अस्तित्व, स्थान वा स्थिति नै कुनै कुराको प्रमाण हुन्छ; **क्रि.** साछी दिनु, साछी बक्नु, पक्ष, विपक्षमा बोल्नु, बयान दिनु; प्रमाण पुऱ्याउनु वा पुग्नु; गवाह बन्नु; जनाउनु, साक्षी हुनु; देख्नु, दर्शक बन्नु; साछी बन्नु, बस्नु; bear—to साछी बस्नु; call to—समर्थन गर्न आह्वान गर्नु; living—जीवित प्रमाण; eye-—देखि जान्ने, प्रत्यक्ष साछी;—-box,—stand अदालतमा साक्षीले साछी बक्ने ठाउँ;—Heaven ! परमेश्वरको साछी ! परमेश्वर साछी छन् !

witticism (वि'टिसिज्म्) **ना.** ठट्टा, चुटकुला, नर्म वाक्य, हँसी, रसिकोक्ति, मजाक ।

wittol (वि'टल्) **ना.** (आ०) स्वास्नीको व्यभिचार चूप लागेर सहने व्यक्ति, चूप लग्गू साधु ।

wive (वाइभ्) **क्रि.** (अचेल विर०) स्वास्नी लिनु, ल्याउनु ।

wivern, wyv--(वाइ'भर्न्) **ना.** (वंश०) काँढादार पुच्छर भएको दुईखुट्टे उड्ने अजिङ्गर ।

wives (वाइभ्ज्) **ना.** व० व० wife को व० व० स्वास्नीहरू ।

wizard (वि'ज़र्ड) **ना.** र **वि.** जादूगर, बोक्सो, झाँक्री, ढुने; अचम्म लाग्ने वा असंभव जस्तो कुरा गर्ने व्यक्ति; चटकी; **वि.** (अप०) अचम्मको, आश्चर्यजनक ।

wizened (वाइ'जण्ड्), wizen, weazen **वि.** सुकेको टाक्सिएको, चाउरिएको (व्यक्ति, वा अनुहार, इ०) ।

wizier (विज़ियर्') **ना.**=vizir, मन्त्री, सल्लाहकार ।

wo (वो), **whoa** (वो'अ) **वि. बो.** (घोडालाई) थाम् ! चूप !—-back पछि सर !

woad (वोड्) **ना.** र **क्रि.** नीलो रंग निस्कने बिरुवा; नीलोले रंगाउनु ।

wobble (वब्ल्), **wabble** (वब्ल्) **क्रि.** र **ना.** (शिर वा घुम्ने वस्तु) वदलिंदो आनतिसँग चक्कर खानु, झुल्नु,(व्यक्ति, झटारो) अस्थिरतासँग चल्नु, हल्लिनु, लरखराउनु, मोडिनु, बाङ्गिनु; (अलं०) दोधार हुनु, दोमना हुनु, धरमराउनु, अमिल्दो गरी काम गर्नु, चल चित्त बन्नु; (बोली, स्वर, आवाज) काम्नु, ध्वनित हुनु; **ना.** दोलायमान गति, नीति वा दिशाको परिवर्तन, मोड, दोमनापन;—r **ना.** टेढिने, बाङ्गिने (व्यक्ति वा वस्तु) ।

wodge (वज्) **ना.** (बो० चा०) टुक्रा, चोइटा ।

woe (वो) **ना.** (मुख्य कवि० वा ठ०) विपद, दुःख, कष्ट; (व० व०) आपत, विपत्ति; weal &—सुख दुःख;—is me अहो !;—be to सराप;—worth the day सराप परोस् !—begone (वो बिगॉन्) अँध्यारमुखे, गए गुज्रेको, दिक्दार, निन्याउरो, मरन्च्याँसे;—ful शोकान्वित, दुःखी ।

wog (वॅग्) **ना.** (अप०) मध्यपूर्व देश, खा० ग० इजिप्ट, को वासिन्दा ।

woke (वोक्) **क्रि.** wake को भू० का०=उठ्यो, ब्युँझ्यो ।

wold (वोल्ड्) **ना.** पर्ती खुला मैदान, चउर, मैदान, अरण्य ।

wolf (वुल्फ्) **ना.** (व० व०—ves) र **क्रि.** हुँडार, ब्वाँसो; (अल०) लोभी वा लुटाहा व्यक्ति; cry—झुट्टा आतंक मच्चाउनु; keep—from door अनाहारबाट जोगिनु;—in sheep's clothing पाखण्डी, धोखावाज;—-whistle स्त्रीको ध्यान आकर्षित गर्नालाई पुरुषले बजाउने (मुखको) सिटी; **क्रि.** (धे० ज० down सँग) लोभले निल्नु वा हसुर्नु ।

wolfram (वु'ल्फ्र्याम्) **ना.** (—ite पनि) टङ्गस्टेन पाइने धाउ वा खनिज वस्तु; टङ्गस्टेन ।

wolverene (वु'ल्भरीन्),—**ine** (—रीन्) **ना.** अमरिकाको मांसभक्षी स्तनपायी जीव जसको अन्य नाम Glutton र carcajou पनि छन् ।

wolves (वु'ल्भ्ज्) **ना.** व० व० wolf को व० व० ।

woman (व'मन्) **ना.** (व० व० women वि'मिन्) र

क्रि. आइमाई, स्त्री, ललना, वधू, नारी, महिला, अवला, जनाना; (article विना) सामान्य स्त्री, स्त्रीजाति; रानी वा महिलाको चाकर वा सुसारे; स्त्रीको लक्षण भएको पुरुष; स्त्रीका गुण वा भाव; (वाच्य) स्त्री; अन्त प्रत्ययको रूपमा, (मुख्य—man मा अन्त हुने शब्दमा woman वा स्त्री, जसलाई वर्णन गरिन्छ, ज० कि० country—, shop—, needle—, इ०; क्रि. स्त्री जस्तो बनाउनु, आचरण गर्नु, रुवाउनु;—भनेर सम्बोधन गर्नु; आइमाई भन्नु, (महिला होइन); women's rights स्त्रीहरूको लागि माग गरिएको पुरुषसँग कानूनी समानता; there's a—in it पुरुषको बुझ्न नसकिने आचरणको कारण पत्ता लगाउने प्रयास;—with a past पूर्व जीवनमा केही कलङ्क लागेको;—of the world समाजको अनुभव भएकी, कोरा होइन; play the—रुनु वा भयभीत हुनु; make an honest—of बिगारेर बिहा गर्नु; single—कुँवारी; the scarlet—वेश्या, रोमन क्याथलिक सम्प्रदाय र खा० ग० रोमको सो मतको गिरजाघरको गालीको नाम; wise—बोक्सी, झाँक्री;—'s wit सहजात अन्तर्दृष्टि वा छिटो बुद्धि;—'s reason कुनै तथ्यको कारणको लागि गरिएको पुनरुक्ति;—-hater स्त्री विरोधी;—kind स्त्रीजाति; womanfolk स्त्री जाति; women's lib स्त्री मुक्ति आन्दोलन (पुरुष विरुद्ध)।

womanish (वु'मनिश्) वि. (पुरुष, उसको भाव, आचरण, अनुहार, इ०) स्त्री झैं वा उनको आचरण जस्तो (धे० ज० होच्या०), नारीवत्, ऐयाशी, स्त्रैण, स्त्रीवत् ।

womanize (वु'मनाइज़्,—**ise**) क्रि. स्त्री झैं बनाउनु, व्यभिचार गर्नु, (पुरुष) कामी हुनु, वेश्या कहाँ जानु;—r ना. फुँडो, रण्डीबाज, कामी, परदाराभिलाषी ।

womanly (वु'मन्लि) वि. (स्त्री, स्त्रीको भाव, आचरण, इ०) स्त्रीलाई सुहाउने गुण भएको वा देखाउने, स्त्रीवत्, नारीवत्, पौरुष वा बालेय होइन ।

womb (वुम्) ना. गर्भ, गर्भाशय, गर्भस्थान, पाठेघर, कोख; (अलं० पनि, ज० कि in the—of time अदृश्य भविष्यमा)।

wombat (वम्'ब्याट्) ना. आस्ट्रेलियाको कोष्टवाहक स्तनपायी पशु ।

women (वि'मिन्) ना. (ब० व०) woman को ब० व० स्त्रीहरू ।

won (वन्) क्रि. win को भू० का० जित्यो ।

wonder (वन्'डर्) ना. अचम्म, ताजुब, गजब, आश्चर्य, चमत्कार, महाश्चर्य; अनौठा वा स्मरणीय कुरा वा नमूना वा कार्य वा घटना; उदेक, चख, छक, छक्क, हद्द, गश, कमाल; विलक्षण बुद्धि वा काम; nine day's—चाखको घटना; आशा गरेभन्दा बढी कुराले उत्पन्न गर्ने भाव, आश्चर्य;—land विस्मयपूर्ण प्रदेश, अत्यन्त उर्वराशक्ति भएको प्रदेश, इ०;—struck,—-stricken आश्चर्यचकित ।

wonder (वन्'डर्) क्रि. आश्चर्यित हुनु, गश खानु, विस्मित हुनु, उदेक मान्नु; उत्सुक हुनु, जान्न इच्छा वा चाहना गर्नु; I—at you (बालकलाई) तिम्रो कस्तो चाला !—ing अचम्म मान्ने;—ingly क्रि. वि. आश्चर्य मान्दै;—ment ना. आश्चर्य, कौतुक, कौतुहुल ।

wonderful (वन्'डरफुल्) वि. आश्चर्यजनक, अचम्मको, विलक्षण, गजबको, अद्भुत, प्रशंसनीय, स्मरणीय, उदेकको; वि. बो. बाफ रे बाफ ।

wondrous (वन्'ड्रस्) वि. र क्रि. वि. (कवि०, अलं०) आश्चर्यजनक, अनुपम, अद्भुत, विलक्षण, ताजुबको, उदेकको; क्रि. वि. (केवल वि. लाई परिच्छेद गर्ने) आश्चर्यसँग ।

wonky (वन्'कि) वि. (अप०) अस्थिर, लर्खराएको, अनविश्वासी ।

wont (वोण्ट्,वण्ट्) वाच्य वि. अभ्यस्त हुनु, (गर्ने) बानी परेको ।

wont (वोण्ट्, वाण्ट्) सहायक क्रि. अभ्यस्त हुनु, (गर्ने) बानी परेको हुनु ।

wont (वोण्ट्, वण्ट्) ना. कसैलाई जुन कुरा साधारणतः अभ्यस्त छ, वा बानी परेको छ; use &—कायमी चलन, रीति, आचार ।

won't (वोण्ट्) क्रि. will not को छो० क० गर्दैन ।

wonted (वोण्टेड्, वण्टेड्) वाच्य वि. कसैको स्वभावसिद्ध, नित्य; (विर०) साधारण, सधैंको, परिचित ।

woo (वू) क्रि. (अलं) विवाहलाई याचना गर्नु, माग्नु, फकाउनु, प्रेम गर्नु, आशक गर्नु; पीछा लाग्नु, लखेट्नु, आफ्नू पार्ने मन गर्नु (यश, भाग्य, इ०); (अनन्य संबद्ध) (स्त्रीलाई) प्रेमको लागि पछि लाग्नु, प्रेमी भएर हिंड्नु; फकाउनु, फुल्याउनु;—er ना. विवाह काम, विवाहार्थी, प्रेमी ।

wood (वुड्) ना. जङ्गल, वन, अरण्य; काठ; पीपा; (संगी०) (—-wind पनि) वाद्य समूहको वायुसाज; (गल्फ) काठे डण्डा;—craft वन विद्या;—cut काठमा खोपेर बनाएको साँचोबाट छापेको तसबीर;—cutter दाउरे, काठमा खोप्ने काम गर्ने कलाकार;—engraver काठ खोप्ने, काठ प्वाल पार्ने कीरा पनि;—-fibre (खा० ग० कागत बनाउँदा) काठको रेशा;—-fire धुनी, घुर;—land वृक्षभूमि;—man वनजीवी;—-notes स्वतः निस्केको कविता;—-nymph वन देवी;—paper काठको मज्जा वा ढिंडोबाट बनेको कागत;—-pecker कुठाकु, काष्टकूट;—-pigeon हरित चरो;—-pulp ढिंडो पारेको काठको रेशा (कागत बनाउँदा), काठे ढिडो;—-work काठको काम, कठवार ।

woodchuck (वुड्'चक्) ना. अमरिकन दंशक जनावर ।

wooden (वु'डेन्) वि. काठको, काठे, काष्ठमय;—head मूर्ख्याइँ, जाड्य;—-headed लठुवा, मूर्ख;—headedness मूर्ख्याइँ;—horse वैरीलाई छल्ने साधन (ग्रीकहरूले काठको घोडा बनाएर ट्रयलाई छलेर जितेकोबाट);—spoon चुत्थोको चिन्ह (केम्ब्रिज विश्वविद्यालयमा चुत्थो विद्यार्थीलाई दिइने काठे चमचाबाट);—walls जङ्गी जहाज (पहिलेका काठका जहाजबाट); (अलं०) दहरो, भद्दा, विना फुर्ती, अद्योतक ।

woody (वु'डि) वि. (प्रदेश) घना वृक्ष भएको, घना;

काठको; काठको जातको, (विर०) जङ्गलमा पाइने ।

woof (वुफ्)=weft वाना ।

wool (वुल्) **ना.** ऊन, लोमन्, पशम; ऊनी धागो, सूत; ऊनी लुगा वा कपडा; नरम भुत्ला; पशमीना, नम्बु, तोश, हवशीको रौं (ठ०) जोसुकैको कपाल; ऊन जस्तो वस्तु, ज० कि० cotton—काँचो ऊन, सूती ऊन; lead—रेशा ऊन, पानीको नलको जोर्नी वलियो पार्न प्रयोग हुने; mineral—गलेको धाउवाट वन्छ, औ भित्ता इ० मा हालिन्छ; dyed in the—कात्ने वुन्ने अघि रंगाएको, (अलं०) पूरा, वारपार; much cry & little—निराशाजनक फल; go for—& come shorn उल्टो खानु; lose (one's)—रिस देखाउनु;—-ball गोरोचन (भेडा इ० को भुँडीवाट पनि निस्कन्छ);—-carding,—combing लामू, छोटो, ऊन वुन्नालाई मिलाउने क्रिया;—-fell भुत्ला, छाला (रौंसहित);—-gathering अन्यमनस्क (ता), ध्यानरहित भाव;—-pack तोकिएको वजनको ऊनको भारी;—-sack विलायतमा Lord Chancellor वस्ने संसद्मा ऊनले भरिएको आसन;—-sorters' disease द्रोही;—-work ऊनको काम, वुनोट ।

woollen (वु'लेन्) **वि.** र **ना.** ऊनी; **ना.** ऊनी कपडा, ऊनी लुगा;—-draper ऊन वेपारी ।

woolly (वु'लि) **वि.** र **ना.** ऊन भएको, नरम रौंले ढाकिएको, लोमश; रोमवत्; ऊन जस्तो, ऊन सम्झाउने, ज० कि —hair, clouds;—voice धोक्रो; (चित्र०) स्फुटतामा कम, तीक्ष्णता वा दीप्तिमा केही कम; (अलं०, मन) भर्माएको, धमिलो; (वन०) मसिनू रौं भएको, प्रौढ; **ना.** ऊनी लुगा, खा० ग० स्वेटर ।

Woolwich (वु'लिज्) **ना.** सैनिक गठ्ठा र सामान भण्डारको अर्थमा प्रयोग गरिने (विलायतको लण्डननेर टेम्स नदी पार रहेको स्थान); सैनिक शिक्षालय पनि (पहिले) ।

Wop (वॅप्) **ना.** (अप०) अमरिकामा वसाइँ सर्ने मध्य वा दक्षिण योरपीय, खा० ग० इटालियन ।

word (वर्ड्) **ना.** शब्द, लवज, गेडा, वोल, वाचा, भनाइ, कुरा, वातचीत; समाचार, खवर, सन्देश; वचन, प्रतिज्ञा, आश्वासन, जवाफदेहीयुक्त वक्तव्य, आज्ञा, आदेश, उर्दी; गुप्त वाक्य, वाक्य;—of mouth मौखिक (वोली) big—s धक्कू, धाक, वडेवडे कुरा;—s ठाकठुक, भनाभन, गलवद्दी; household—परिचित भनाइ वा चीज वा नाम;—-blind शब्दान्ध—deaf शब्द वधिर (मस्तिष्क रोगको कारणले देख्दा सुन्दा शब्दको माने पक्डन नसक्ने);—book शब्द कोष;—-perfect आफ्नू भूमिका, कुनै रचना कण्ठ जान्ने; शब्द समर्थ;—-picture शब्दचित्र;—-play शब्दयुद्ध, शब्द क्रीडा;—-splitter,—-splitting शब्द छेदक, शब्द विदारण;—-square शब्द वर्ग; take at (one's)—वोली पाशो लाउनु; in—s अक्षरेऽपि ।

word (वर्ड्) **क्रि.** शब्दमा व्यञ्जन गर्नु, वाक्य जनाउनु, अर्थ प्रकाश गर्नालाई शब्द छान्नु ।

wordy (व'र्डि) **वि.** वाग्वहुल, धेरै शब्दले वर्णन गरिएको धेरै शब्द रहेको; शाब्दिक, वहुवाक्य ।

wore (वोर्) **क्रि.** wear को भू० का० लायो ।

work (वर्क्) **ना.** कर्म, काम, कार्य; कुनै मतलवको लागि शक्तिको व्यय, उद्यम, प्रयत्न; (भौ० शा०) प्रतिरोधको सामना, वा आणविक परिवर्तन, गराउँदा हुने वल प्रयोग; गरिने काम, त्यसमा प्रयोग गरिने माल सामान; कृति, काम, निष्पत्ति, वनाइएको, ग्रन्थ, साहित्यिक वा कलात्मक वा संगीतीय रचना; तोकिएको किसिमको कामकाज वा अनुभव; रोजी, रोजगार, खा० ग० मेहनतद्वारा पैसा कमाउने मौका, पेशा; (धे० ज० व० व०, औ वि. सँग) किलावन्दीको काम, रक्षाको रचना; व० व० निर्माणको काम; यन्त्रको क्रियाशील माग, कलपुर्जा; व० व० (ए० व० प्रयोगमा) कारखाना; internal—वस्तुका अणुहरूमाथि गरिएको; all in the day's—साधारण, नियमित; mighty—s चमत्कार; make short—of छिटो सिध्याउनु, खतम पार्नु; public—s सरकारवाट वा, सरकारको लागि गरिएका निर्माणका काम; pressure of—धपेडी, धामा;—aday सामान्य, व्यावहारिक, कामका दिनलाई सुहाउने;—bag,—basket,—box झोला, खा० ग० सिउने सामान राख्ने झोला वा वट्टा;—day विदा वाहेकको दिन;—house अनाथालय, दरिद्रालय; कर्मशाला;—less अकाज;—man कर्मकार, कर्मी, कालीगड;—-manlike दक्ष, कर्मठ, कारीगरीयुक्त, असल कालीगडको जस्तो;—manship कालीगडी, कर्मकौशल;—-room कामको कोठा;—shop कारखाना, आरन, ज्यासल, कर्मशाला, उद्योगशाला;—shy **वि.** जीउसाँचा, कामसँग डराउने; **ना.** अल्छी;—study कार्याध्ययन, कामको परिमाण (वा नाप झिक्ने पद्धति;—table सिउने माल, इ० राख्ने घर्रा, इ० भएको;—woman स्त्री कर्मी;—less विनाकामको, रोजीहीन, काम नभएको;—off फर्छ्याउनु, (रिस इ०) खर्च गरेर सिध्याउनु; brain—दिमागी काम ।

work (वर्क्) **क्रि.** (-ed; wrought रॉट् पनि) काम गर्नु, काम चलाउनु, प्रयत्न गर्नु, कुनै चीजमा कालीगड हुनु वा काम गर्नु, शारीरिक व मानसिक उद्योग या काममा लाग्नु; (यन्त्र, तरकीव) चल्नु, आफ्नू काम गर्दै जानु; (व्यक्ति) व्यक्ति, घोडा, कल, इ० चलाउनु चलाइराख्नु, (पांग्रा, (इ०) नियमित गतिले चल्नु, घुम्नु; चलाउनु, चालू राख्नु; प्रभाव पार्नु वा फल उत्पादन गर्नु; सम्पादन गर्नु, हुने गराउनु; अलि अलि गरेर सर्नु, सार्नु, क्रमशः कुनै काम गर्नु; चाहिएको आकारमा वदलिनु, ठोकेर, मुछेर, चलाएर ज० कि माटो; पीठो; क्रमशः र कृत्रिम तौरले उत्तेजित गर्नु (भीड, सभा, दर्शकहरू, इ० लाई); हिसाव गणितानुसार हल गर्नु; दामको साटो कामले यात्रा, इ० को मोल तिर्नु;—double tides दिन रात;—to rule याम कुयामको विचार नगरी भएभरका सवै नियमको पालना गरेर हडतालको साटो काममा क्षमता रहन नदी कामकाज अस्त व्यस्त पार्ने चलन,

नियमले काम गनु ;—to death कडासँग काम लिनु;—the oracle कुनै प्रकारले पण्डित वा जानिफकारलाई हात लिएर आफूलाई सव्य पर्ने कुरा वोल्न लगाउनु;—in (विषय, तस्वीर, इ०) हाल्ने ठाउँ पत्ता लाउनु, (रचना, इ० मा) पछि हाल्न खोजेको कुरा मिल्नु;—off हटाउनु, सिध्याउनु; (नचाहिएको वस्तु) गाहक पत्ता लाउनु;—out हिसाब गर्नु, गणना गनु , कामद्वारा थकाइदिनु, कठिनताले सम्पादन वा प्राप्त गनु ।

workable (वर्केब्ल्) **वि.** कामचलाउ, काम लाग्ने, कामको, व्यावहारिक, मनासीव, सम्भव ।

worker (व'कर्र्) **ना.** शा. अर्थमा, खा० ग० (-bee, ant, इ०) कोही सामाजिक कीराहरूमध्ये अविकसित पोथी; कार्यकर्ता, कर्ता, श्रमिक, मजदूर, ज्यामी ।

working (व'किङ्ग्) **ना.** र **वि.** शा० अ०, खा० ग० वा पनि : वस्तु चल्ने काइदा, वा सोको परिणाम, प्रक्रिया; काम भइरहेको खानि, पाषाण स्थान वा सोको भाग;—day= work-day कामको दिन; वा २४ घण्टामध्येको काम गरिने भाग;—capital, expenses, कारोबारको लागि वास्तवमा चाहिने रकम;—condition चालुस्थिति;—drawing, plan (भवन) निर्माणको लागि पथ प्रदर्शक नक्शा;—lunch खाना जसमा कामकाज, नीति, इ० छलफल गरिन्छ;—-out विवरणको विस्तार, परिणामको गणना;—party (खा० ग०) उद्योग धन्धामा बढी कार्य क्षमता ल्याउनालाई, वा कुनै प्रश्नका उपर अनुसन्धान र अध्ययन गरी प्रतिवेदन गर्नालाई गठन गरिएको खास समिति इ० कार्य दल; **वि.** शा० अ०, खा० ग० हातको काम; हस्तकला वा हस्त शिल्प, मा लागेको, ज० कि—man कर्मी, ज्यामी; the—class श्रमजीवी ।

world (वर्ल्ड्) **ना.** संसार, विश्व, जगत्, भुवन, लोक; अस्तित्वको समय, अवस्था, वा दृश्य; ऐहिक अभिरुचि र कामकाज; त्रिभुवन, चराचर जगत्, सम्पूर्ण सृष्टि; आफूबाहिर रहेको सम्पूर्ण; पृथ्वी, भव, लोक, जन; मानव मामलाहरू, तिनको गति र स्थिति, क्रियाशील जीवन; सामान्य, इज्जतदार, वा वेशभूषामा बढी ध्यान दिने समाजका बाँका व्यक्ति, तिनको विचार, र चाल चलन; खास वर्ग वा क्षेत्रसँग सम्बन्धित, वा त्यसमा रहने, सपूर्ण व्यक्तिहरू; बृहत् वा अनन्त संख्या, विस्तार वा परिमाण; the—, the flesh, & the devil विभिन्न मोहहरू; renounce the—संन्यास लिनु, संसार त्याग गर्नु; carry the—before one छिटो र पूर्ण सफलता पाउनु; to the—'s end पुग्न सकेसम्म टाढा; citizen of the—सर्वत्रवासी, विश्व नागरिक;—politics, movement, tendency विश्व राजनीति, गति, प्रवृत्ति; the Old W—प्राचीन समयमा ज्ञात भाग, योरप, एशा, अफ्रिका; the New W—पछि आविष्कार भएको, उत्तर र दक्षिण र अमरिका; begin the—आफ्नू जीवन लीला थाल्नु; take the—as it is मिलनसार हुनु, छनकमनक नगर्नु; let the—slide आफ्नू प्रभाव लाद्न नखोज्नु, जो छ उसैमा सन्तोष गनु ; all's right with the—आशाप्रदको वोली; the great—उन्नत र बाँका समाज; all the—& his wife सामाजिक प्रतिष्ठा भएका नरनारी; a—of waters विस्तीर्ण समुद्र; in this—इह; of this—ऐहिक; in the next—पारलौकिक; aversion to the—, live out of the—वैराग्य, संन्यास;—ly wise लौकिकज्ञ; to the—(अप०) परमसँग (थाकेको पिएको, इ०);—language विश्व भाषा;—-old सृष्टि उँ प्राचीन;—-power अति शक्तिशाली राष्ट्र, विश्वशक्ति;—-weary थकित, जिन्दगीसँग थाकेको;—-wide जहाँतहाँ पाइने, संसारभरि फिंजिएको ।

worldling (व'र्ल्ड् लिङ्) **ना.** संसारी, विषयी, भोगासक्त ।

worldly (वर्ल्ड् लि) **वि.** लौकिक, ऐहिक, सांसारिक, संसारी; विषय सुखमा नै रमाउने, विषयासक्त; धन र विषय सुखलाई नै मुख्य ठान्ने; other-—परलोक;—minded विषयासक्त; संसारनिष्ठ, ऐहिक बुद्धि;—-mindedness विषयासक्ति, प्रपंचासक्ति, संसारनिष्ठा;—-wise संसार ज्ञानी, होशियार ।

worm (वअ्र्म्) **ना.** कीरा, कीट; कृमि, जुका; नीच वा हीन व्यक्ति; पेचको घुमुवा भाग; कुकुरको जिब्रोमन्तिरको अस्थि बन्धन; food for—s मरेपछिको व्यक्तिको देह; the—of conscience पश्चात्तापको जलन; am a—today निन्याउरो;—-cast गँड्यौलोले भैं प्वाल पारेर वाहिर फ्याँक्ने नलिलो माटो;—-eaten कीराले खाएको;—-hole काठ, फलफूल, इ० मा कीराले पारेको प्वाल;—'s eye-view (ठट्टा०) तलबाट देखिने (bird's eye-view, माथिवाट देखिने, को विप०) ।

worm (वअ्र्म्) **क्रि.** आफूलाई क्रमशः विस्तारै घुसाउनु, पसाउनु, घुस्नु; घिस्रिने गतिले अघि सर्नु, प्रगति गर्नु; (गुह्य, इ०) छट्टू जिद्दीले पत्ता लगाउनु; कुकुरको जिब्रोमनिको बन्धन काट्नु; बगैंचाको ब्याडबाट कीरा नामेट पार्नु ।

wormwood (वअ्र्म्'वुड्) **ना.** भैषज्यमा चलन हुने तीतो र बलवर्द्धक गुण भएको बाह्रमासे झार वा जडी ।

worn (वअ्र्न्) **क्रि.** wear को निष्ठा=लाएको, थाकेको, खिएको, काति भएको, झुत्रो, थोत्रो, जीर्ण, खा० ग०—out ।

worrit (व'रिट्) **क्रि.** (ग्रा०)=worry ।

worry (वरि) **क्रि.** र **ना.** (कुकुर) बराबर टोक्नु, हल्लाउनु वा दाँतले समातेर घिच्याउनु; जिस्क्याउनु, हैरान पार्नु, पिर्नु, कछेट्नु, पछेटा लाग्नु, लगातारसँग वा बीचबीचमा पिरोलो पार्ने बन्नु, पिरोल्नु, माथापच्चीस गर्नु, आराम वा मनको शान्ति नदिनु; भुटभुटिनु, सुर्ताउनु, पिलिनु;—problem इ० out हल नहुञ्जेल लागिरहनु;—the sword तरवार खेलमा विपक्षीलाई छिटो छिटो तर साना चालले हडबडाइदिनु:—oneself अनावश्यक दु:ख उठाउनु; is much worried खलबलिएको मन; a worried look पिरिएको वा क्षुब्ध; I should—(बो० चा०) मलाई वास्ता छैन;—along बाधा भए तापनि अघि बढ्नु; **ना.** कुकुरद्वारा शिकारको हैरानी; (धे० ज० ब० व० मा) चिन्ता, पीर, बेचैनी पीर पार्ने चीज; अति पीर, चिन्ता,

पिरलिएको अवस्था, सन्ताप, दर्द, ताप, धन्दा, मर्का, फिक्री, चासो, वास्ता, झंझट, टण्टा, पिरौलो, पिरोलो ।

worse (वर्स्) **वि.** र **क्रि. वि.** पूरक र **ना.** बढी खराब वा नअसल; स्वास्थ्यको कम असल अवस्थामा, बढेको; **ना.** अझ खराब कुराहरू; the—प्रतियोगितामा हार; put to the—हार, हारेको; **झन्** खराब अवस्था वा स्थिति; ज० वा० worsen क्रि. अझ खराब हुनु, (रोग) बढ्नु ।

worship (वर्'शिप्) **ना.** र **क्रि.** (–pp–) (आ०) गुण, योग्यता, ल्याकत, सम्मान; men of—प्रतिष्ठित व्यक्तिहरू; win, have,—इज्जत कमाउनु; अचेल पनि कोही न्यायाधीशहरूलाई सम्मान देखाउन प्रयोग गरिने your W—; —ful **वि.** पूज्य, आदरणीय; ईश्वर वा देवदेवीको पूजा; उपासना, पूजा समारोह; place of—मन्दिर, ब्याङ्ग (भोटे), गिरजा, मसजिद, सिनागग; **क्रि.** ईश्वरको ध्यान गर्नु, पूजा गर्नु; आराधना गर्नु, जपपाठ गर्नु, भज्नु, अर्चना गर्नु, नमस्कार गर्नु; evening—आरति;—per **ना.** पूजक, उपासक, भक्त, आराधक, सेवक, देवलक, पूजारी, पूजाकोठे, पण्डा ।

worst (वर्स्ट्) **वि.**, **क्रि. वि.** परिपूरक, **ना.** र **क्रि.** सबभन्दा खराब, कम वा नअसल; **ना.** सबभन्दा खराब वा कमसल भाग, रूप, अवस्था, सम्भव अनुमान, घटना संभव परिणाम वा क्रिया; have the—, put to the—पराजित हुनु, if the—happens खराब भएमा; let (one) do (one's)—अवज्ञा वा हुङ्कारको बोली; **क्रि.** पराजित गर्नु, हराउनु, लडाउनु, खसाल्नु, जित्नु ।

worsted (वु'स्टेड्) **ना.** ऊनी सूत, प्राय; वाच्य, ज० कि—stock वुस्टेड मोजा ।

wort (वर्ट्) **ना.** विरुवा, जडी; वियर वन्ने अघि अन्नलाई गरिएको निषेक ।

worth (वर्ट्) वाच्य **वि.** (**ना.** लाई नियमित गर्ने) मोल; योग्य, सार्थक, लायक, भर्ना ल्याउने; भोग गर्ने, राख्ने, त्यति सम्पत्ति भोग गर्ने; game not—the candle मेहनत या खर्च नबेहोर्ने काम; for what it is—जवाफदेही म लिन सक्तिनँ;—-while उम्दा, काम लाग्ने, (काममा) खर्च भएको समय खेर नजाने; **ना.** व्यक्तिको लायकी वा वस्तुको मोल, मूल्य, योग्यता, गरिमा, वरिष्टता, श्रेष्ठता; भेउ, दामको मूल्यको बराबरको वस्तु, ज० कि penny—, two-penny —इ०;—less वि. बेकामको, बेकार, घटिया, बेकम्मा, फजूल, वाहियात, गद्‌दू, रद्दी, नालायक, निकम्मा, बोक्रे, चुत्थो, फुस्रो, फाउनेको ताउलो, लुते ।

worth (वर्थ्) **क्रि.** उत्तम पुरुप ए० व०=होओस् ! केवल woe—the day ! मा=त्यो दिनमाथि सराप परोस् !

worthy (व'र्दि) **वि.** र **ना.** आदरणीय, सम्माननीय, नैतिक गुण भएको, गुण या योग्यता केही राम्रो हदसम्म भएको, इज्जतदार; धे० ज० केही अवहेलनाको भावसँग, दाँ० honest, ज० कि the—rustic, the-fellow; लायकीसँग मेल खाने, पर्याप्त, अनुरूप, समुचित, गहकिलो, प्रशस्त योग्यता वा गुण भएको; praise—स्तुत्य; blame—निन्दनीय; worthily **क्रि. वि.** योग्यतया, मर्यादापूर्वक, ठीकसँग; worthiness **ना.** योग्यता, लायकी, गुण, अर्हता, पात्रता; **ना.** योग्य व्यक्ति; देश, कालमा नाम चलेको व्यक्ति, खा० ग० ब० व० मा ।

wot (वॅट्) **क्रि.** wit को भू० का० जान्यो ।

would (वुड्) **क्रि.** will को भू० का०, गन्यो, चाह्यो ।

would-be (वुड्'वि) **वि.** र **क्रि. वि.**; **ना.** वा **वि.** सँग जाने, जसले इच्छित वा ईप्सित गुण जनाउँछ, भावी, हुने ।

wound (वुण्ड्) **ना.** र **क्रि.** जीव वा वनस्पति तन्तुलाई काटेर, घोचेर, आघातले, वा च्यातेर गरिएको चोट, जो कि धे० ज० छाला, बोका वा अन्य खोललाई काटेर वा छेडेर भित्रसम्म जान्छ, घाउ, चोट, घाखत, जखम, खटिरा; (अलं०) सुनाममा चोट, भावनामा पीडा; (कवि०) प्रेमवेदना;—wort घाउ निको पार्ने जडी; **क्रि.** घाउ लाउनु, धे० ज० अलं० खा० ग०—ed vanity, feelings चोट लागेको घमण्ड, भावना, इ०;—less विना खतको, घाउ नभएको, सद्‌दे;—ed **वि.** घाइते, घायल, आहत, क्षतग्रस्त;—ing **वि.** घोच्ने, विझ्ने, विझाउने ।

wound (वूण्ड्) **क्रि.** wind (घुम्नु, वटारिनु,) को भू० का० ।

wove (वोभ्) **woven** (वोभ्न्) **क्रि.** weave को भू० का० वा निष्ठा=बुनेको ।

wow (वाउ) **वि. बो.** आश्चर्य र आदर देखाउने वा व्यक्त गर्ने वाक्य; (**ना.** अप०) सनसनीपूर्ण सफलता ।

wowser (वाउ'जर्) **ना.** (अस्ट्रे०) कट्टरपन्थी धर्मोन्माद ।

wr—यसरी शुरू हुने सबै शब्दमा पहिलेको w को उच्चारण हुँदैन ।

wrack (र्याक्) **ना.** भग्नावशेष; समुद्रले फ्याँकेको झारपात, जलकेश, जो मलको रूपमा काम लगाइन्छ ।

wraith (रेथ्) ना. व्यक्तिको मृत्युको तत्काल अघि वा पछि देखापर्ने सोही आकारको प्रेत, भूत ।

wrangle (र्याङ्ल्) **क्रि.** र **ना.** गलवद्दी, भनाभन, वाक् कलह; चर्को, ग्रामीण वा सम्भ्रान्त वाद विवाद, झगडा वा कलह कचिंगल, राडो, रडाको, मुख लाग्नु ।

wrangler (र्या'ङ्ग्लर्) **ना.** शा० अ० मा; पनि (केम्ब्रिज वि० वि०) गणित विषयमा प्रथम श्रेणीमा राखिने व्यक्ति;—ship श्रेष्ठता ।

wrap (र्याप्) **क्रि.** (—pp—) र **ना.** बेर्नु, लपेट्नु, आच्छादन गर्नु, गुत्नु, गुड्डसुटिनु, मढ्याउनु, जेल्नु, वेष्टन गर्नु, छोप्नु; पातलो, नरम सामानले लपेट्नु, छोप्नु, लुकाउनु; वाहिर निस्कनु; **ना.** (सामान्य० व० व०) शाल, रग, बाहिरी कोट, गलेवन्द, इ० ।

wrappage (र्या'पेज्) **ना.** ढक्कन, वासा, वस्ता, ओढ्ने, ढकना ।

wrapper (र्या'पर्) **ना.** शा० अ०, खा० ग० बर्को, दोसल्ला, ओढ्ने, शाल, खास्टो; अखबार, वा पत्रिका, इ० लाई

दोब्ग्याएर बेर्ने कागत, बेरुवा, कन्था, पुस्तकको (झिक्न हुने) बाहिरी जिल्ला, असल सिगारको बाहिरी (सुर्तीको) ढकना ।

wrapt (न्याप्ट्) **वि.** =rapt, लीन, एकाग्र, मग्न ।

wrath (रॉथ्) **ना.** रिस, क्रोध, प्रकोप, कोप, क्षोभ, (कवि० अलं०, वा ठ०); vessels, children, of—ईश्वरीय दण्डका भागी हुने पूर्व निर्दिष्ट व्यक्तिहरू; slow to—शान्त, अक्रोधी;—ful क्रोधी, जंगिएको, झोक्की ।

wreak (रीक्) **क्रि.** बदला लिनु (अपकारको, अन्यायमा परेकाको); मौका वा सन्तोष दिनु; चालू गराउनु (बदला, कोप इ० शत्रुमाथि) ।

wreath (रीथ्) **ना.** (ब० व० उच्चा० रीद्ज्) माला, हार, गजरा; सोको खुँदेको नकल; बटारेको रेशम, इ० नरम वस्तुको त्यस्तै माला; धूवाँको त्यान्द्रो, घुमेको बादल; (कवि०) नर्तक वा दर्शकको गोल ।

wreathe (रीद्) **क्रि.** मालाले झैं घेर्नु, रिंग्नु; फूल, रेशम, इ० ले माला गाँस्नु; आफ्नू बाहुले व्यक्तिलाई बेर्नु, (सर्प) आफैंले वस्तुलाई बेर्नु; बनाउनु (माला); धूवाँ, इ०) घुमेर हावामा उड्नु ।

wreck (रेक्) **ना.** र **क्रि.** नाश, ध्वंस, अंगभंग, खा० ग० जहाजको; ध्वंस वा नुकसान भएको जहाज, ज्यादा नुकसान भएको वा रोगाएको भवन व्यक्ति, भताभुङ्ग परेको अवशेष वा तुच्छ निथारपथार; समुद्रले फ्याँकेको माल सामान; **क्रि.** (जहाज, रेल, आशा, काम कारोबार, व्यक्ति वा उसको सुख समृद्धि) ध्वंस पारिदिनु, नाश गर्नु, बिगार्नु; (निष्ठा०) जहाजको ध्वंसमा पर्ने;— -master ध्वंस भएको जहाजबाट झिकिएको माल सामानको जिम्मा दिइने अधिकारी;—ing amendment (राज०) मूल विधेयकको उद्देश्य नै खतम गर्ने ध्वंसात्मक संशोधन ।

wreckage (रे'केज्) **ना.** ध्वंसावशेष, भग्नपोत; अवशेष, बाँकी, टुक्रा, टुक्राटुक्री, टुक्राटाक्री ।

wrecker (रे'कर्) **ना.** शा० अ० पनि : तटमा बसेर जहाज ध्वंस गराई त्यसबाट आफ्नू फाइदा गराउन खोज्ने व्यक्ति, ध्वंसक; ध्वंस जहाज वा सोको माल सामान जोगाउने काममा खटिएको व्यक्ति, भवनहरू भत्काउने मानिस, विनाशक ।

wren (रेन्) **ना.** कुखुराको झैं पुच्छर र छोटो पखेटा भएको योरपीय सानू जातको गाउने चरा, धे० ज० Jenny W—; W—Women's Royal Naval Service को सदस्य ।

wrench (रेन्च्) **ना.** र **क्रि.** जोरदार बटार वा तेर्सो तानाइ अथवा घिस्याइ; (अलं०) बिछोडको पीडा; नट, बोल्ट, इ० समात्ने वा घुमाउने औजार; **क्रि.** जोरसँग छेउपट्टि वा घुमाउरो गरी बटार्नु वा तान्नु; बटारेर तानी चुँडाल्नु वा तान्नु; भाँड्नु, वराल्नु, खोस्नु ।

wrest (रेस्ट्) **क्रि.** र **ना.** बटार्नु, मोड्नु, वंग्याउनु, भाँड्नु, वराल्नु; निमोठ्नु; एँचेर लिनु, हर्नु, व्यक्तिको हातबाट बलले खोस्नु वा निमोठेर लिनु; **ना.** वीणाको तार मिलाउने साँचो ।

wrestl/e (रे'स्ल्) **क्रि.** र **ना.** कुस्ती खेल्नु; मल्ल युद्ध गर्नु; लड्नु, बाहुयुद्ध गर्नु; पाप, अधर्म, लोभ, कर्तव्य, काम, समस्या, इ० सँग जुध्नु;—e with God in prayer व्यग्रतासँग उपासना वा प्रार्थना गर्नु;—er **ना.** कुश्तीबाज, पहलवान;—ing **ना.** कुश्ती, कुश्ती खेल; **ना.** कुश्ती प्रतियोगिता, कडा संघर्ष ।

wretch (रेच्) **ना.** दुरात्मा, पापिष्ठ, नराधम, हतभागी, कमीना, मन्द भाग्य; हीन व्यक्ति, बेहया, कहिलेकाहीं खेलबाडको गालीको रूपमा (प्यारो व्यक्तिउपर) प्रयोग हुन्छ ।

wretched (रे'चिड्) **वि.** हतभागी, असुखी, दुःखी, सन्तप्त; कमसल, विनागुणको, नालायक, निकृष्ट, घिनलाग्दो, असन्तोष वा असुविधा वा फोहर वा पीर पार्ने, ध्वस्त, पर्याकुल; (दोष लगाउने ना. सहित) ज्यादा, अति धेरै, बढी ।

wrick, rick (रिक्) **क्रि.** र **ना.** अरलिनु (घाँटी, पिठ्यूँ, जोर्नी); **ना.** मर्काइ, ऐंठन ।

wriggle (रि'ग्ल्) **क्रि.** र **ना.** (कीरा, इ०) घस्रेर चल्नु, छटपटाउनु, दप्कनु, लटपटाउनु, सकपकाउनु; (पशु वा व्यक्ति) कीरा झैं मडारिएर हिंड्नु, मडारिनु, (अलं०) चिप्लो हुनु, छल गर्नु; **ना.** घिस्राइ, मडार, दप्काइ, सकपक, लटपट ।

wright (राइट्) कर्मी, रचनाकार, (अचेल संयोग, ज० कि ship—, play—, wheel—इ० मा बाहेक विर०)

wring (रिङ्) **क्रि.** (wrung) र **ना.** निमोठ्नु, ऐंठनु, कस्नु, निचोर्नु र निमोठनु, बलले निमोठ्नु, निमोठेर भाँच्नु, मार्ने बङ्ग्याउनु, यातना दिनु;—(one's) hand भावले समात्नु;—(one's) hands आपतमा हात माड्नु,—out वा—clothes लुगा निचोर्नु, खेस्नु;—ing wet वा केवल—ing (बो० चा०) निचोर्नुपर्ने चिसो, अखेको, दरसुको,—neck of कुखुरा, इ० को घाँटी निमोठेर मार्नु; wring the words from true meaning बटार्नु; निचोरेर पाउनु; दबाउ वा पछेटाले प्राप्त गर्नु; **ना.** निचोर, निचोड ।

wrinkle (रिङ्'क्ल्) **ना.** र **क्रि.** चाउरी; (बो० चा०) सामान्य रूपले थाहा नभएको काम लाग्ने समाचार वा कुरा, संकेत, तरीका, इ०; **क्रि.** चाउरी पार्नु, चाउरी परेको हुनु, मुजा पर्नु, मच्कनु, खुम्चिनु; wrinkly **वि.** चाउरी, मुजा परेको ।

wrist (रिस्ट्) **ना.** नारी, पौंठा; (तरवार, भकुण्डो खेल, चटक, इ० मा) केवल नारीको क्रियाबाट निस्कने प्रभाव, his wonderful—, that was all—; —, वा— · pin (यन्त्र०) डण्डाबाट बाहिर निस्कने गट्टा;—band मोहोता; — - drop सीसाको विषले हुने हातको बात ।

wristlet (रिस्ट्'लेट्) **ना.** नारीमा गहना, वा रक्षाको लागि लाउने पट्टी वा चक्का, चुरा ।

writ (रिट्) **ना.** Holy, sacred,—धर्मशास्त्र, बाइबल, राजा, राष्ट्र वा अदालत, को नामबाट जारी हुने लिखित आदेश, जसमा सम्बोधन गरिएको अधिकारीलाई तोकिएको काम गर्न वा नगर्न आज्ञा गरिएको हुन्छ; serve—on आदेश बुझाउनु;—runs चालु र मान्य हुन्छ (जिल्ला, क्षेत्र, मा) ।

writ (रिट्) **क्रि.** write को अघिको भू० का०=लेख्यो ।

write (राइट्) **क्रि.** (wrote रोट्, आ० writ; written रिट्न्, आ० writ) लेख्नु; लेखले भर्नु; रचना गर्नु वा प्रकाशनको लागि लेख्नु, साहित्यिक रूप दिनु; चिट्ठी लेख्नु र पठाउनु; लिखित वा छपाइमा भन्नु; लिखितमा वर्णन गर्नु;—down होच्याएर लेख्नु, शेयरको नाम मूल्य घटाउनु;—off रद्दी गर्नु, खारिजी जनाउनु (ऋण, अवक्षयणले खाइने दाम, इ०; —out (कर्म कर्तृ०) लेख्दा लेख्दा थाक्नु, थकाउनु,—up लिखितमा प्रशंसा गर्नु, घटनाको विस्तृत विवरण लेख्नु; लेख (वृत्तान्त, दैनिकी, इ०) वर्तमानसम्म लेख्नु ।

writer (राइ'टर्) **ना.** शा० अ०, खा० ग० कारिन्दा, लेखनदास, लेखन्ते; लेखक, ग्रन्थकार; कुनै खास भाषा लेख्न सिकाउने पुस्तक;—to the signet खास अदालतमा मुद्दा बहस गर्ने स्कट वकील;—'s cramp लेख्न नहुने गराउने हातको बौंठन ।

writhe (राइद्) **क्रि.** र **ना.** तीव्र पीडामा ऐँ बटारिनु, लडिबुडी खेल्नु, छटपटाउनु, मडारिनु; आफ्नू शरीर बटार्नु, मडारिनु; (अपमान, लाज, इ० ले खुम्चिनु (मानसिक तौरले); **ना.** संकोच, मडार, बटार ।

writing (राइ'टिङ्) **ना.** शा० अ०, पनि; लिखित कागत, साहित्यिक कृति, पुस्तक, लेख; put (thing) in—लिखित गर्नु;—case लेख सामग्री राख्ने;—-desk लेख्ने खटिया; —-ink लेख्ने मसी (छाप्ने मसीको विप०); the—on the wall अमंगलसूचक घटना;—-paper लेख्नालाई नाप बमोजिम काटिएको कागत ।

written (रि'ट्न्) **क्रि.** write को निष्ठा=लेखिएको ।

wrong (रॅङ्) **वि.** (more, most), **ना.**, **क्रि. वि.** (तुलना छैन), र **क्रि.** बिग्रेको, भत्केको, बेचल्ती; गैरकानूनी, अनैतिक, बेठीक, बदमाश; ठीक वा बढी चाहना गर्नेभन्दा उल्टो; असजिलोसँग, वा कुठाउँमा रहेको वा राखिएको; गल्ती, भूलले भएको; **ना.** बेठीक, नकाम, गलती; **क्रि. वि.** बेठीकसँग, गलती दिशामा, अशुद्ध परिणामले; **क्रि.** अन्याय गर्नु, बिराउनु, भूलले दोषारोपण गर्नु;—side out उल्टो;—end of the stick उल्टो स्थिति वा सिद्धान्त;—side of 40 नाघेको;—side of the blanket ठिम्याहा, वर्णसङ्कर;—fount (छो० क० w. f.) छापाखानामा अक्षर ठीक भएन भन्ने जनाउ;—-headed उल्टो र हठी; get in—with उसको रिस कमाउनु; get (one) in—उसलाई कुसाख गराइदिनु ।

wrongous (रॅङ्'गस्) **वि.** (स्क० कानून) गैर कानूनी, अन्याय ।

wrote (रोट्) **क्रि.** write को भू० का० लेख्यो ।

wroth (रोथ्,रॅथ्) वाच्य **वि.** (अलं०, कवि० वा ठ०) जंगिएको, रिसाएको, कुपित ।

wrought (रॅट्) **क्रि.** work को भू० का०=काम गरिएको ।

wrung (रङ्) **क्रि.** wring को भू० का० र निष्ठा=निचोर्‍यो निचोरिएको ।

wry (राइ) **वि.** (—ier,—iest, वा—yer,—yest) बांगेको, वक्र, टेढिएको, एकापट्टि ढल्केको, तेर्सो;—face, mouth घिन जनाउने गरी बंग्याएको मुख;—bill चराको जात;—mouth माछाको जात;—-mouthed व्यंग्यपूर्ण चापलुसी गर्ने, इ०;—neck मण्टो घुमाउन सक्ने चराको जात; —ness **ना.** वक्रता, टेढोपन ।

wyandotte (वाइंअन्डॅट्) **ना.** अमरिकन जातको कुखुरा, चरो ।

wych—, wich—, witch—, (विच्) रूखको नाममा आउने उपसर्ग, ज० कि—-hazel, इ० ।

wye (वाइ) **ना.** अक्षर Y, त्यस्तो आकार भएको वस्तु ।

Wykehamist (विकंमिस्ट्) **ना.** बिलायतको Winchester college को भूतपूर्व वा वर्तमान सदस्य ।

wynd (वाइण्ड्) **ना.** (स्क०) स्कट शहरको गल्ली ।

wyvern (वाइ'भर्न्) **ना.** wivern अजिङ्गर ।

X

X (एक्स्) अक्षर x; ब० व० Xs, X's; रोमन अङ्क १०; बीज ग० प्रथम अज्ञात परिमाण, (संक्र०) गणनारहित गूढ ।

Xanthippe (ज़्याण्टि'पि) **ना.** कर्कशा स्त्री, कैकेयी, वक्रशीला ।

xantho—(ज़्यान्थो—) ग्री० xanthos पहेंलोको सं० रूप ।

xebec (ज़ें'बेक्) **ना.** तीन मस्तूल भएको सानू भूमध्यसागररीय पोत ।

xeno—(ज़ेनो—) ग्री० **xenos** परचक्रीको सं० रूप; xenial घरपटी र पाहुनाको बीचको सम्बन्ध, वा आतिथ्य विषयको; xenophobia परचक्रीको विकृत अरुचि ।

xenon (ज़ें'नन्) **ना.** (र० शा०) गुरु, जड वायवीय तत्व ।

xero—(ज़ेरो) ग्री० **xeros** सुखाको सं० रूप ।

xi (क्साइ) ग्री० अक्षर=क्स ।

xphi,—o—(ज़िफि, —ज़िफो—) ग्री० **xiphos** तरवारको सं० रूप ।

Xmas (क्रिस्'मस्) **ना.** Christmas (उच्चा० उही) को छो० क०, बडा दिन ।

xoanon (ज़ो'अनॅन्) **ना.** (ग्री० प्रा० इ०) आद्य, धे० ज० काठे देवताको मूर्ति जसलाई स्वर्गबाट खसेको मानिन्थ्यो ।

X-rays (एक्स्' रेज्) **ना.** (ब० व०) एक्सरे, क्ष-किरण, एक्सकिरण ।

xylem (ज़ाइ'लेम्) **ना.** (वन०) काठे तन्तु ।

xylo—(ज़ाइलो—) ग्री० **xulon** काठको सं० रूप;—nite सेलुलयड;—phone ज़ाइलोफोन बाजा ।

xyster (ज़िस्'टर्) **ना.** (शल्य०) हाड कोर्ने औजार ।

xystus (ज़िस्'टस्) (ब० व० —**ti**) अति प्राचीन समयमा कसरतीहरूले चलन गर्ने छत भएको पोटी; बगैँचाको बाटो वा पखेरो ।

Y

Y (वाइ) अक्षर; (ब० व० Ys, Y's;) (बीज ग०) दोस्रो अज्ञात परिमाण; Y आकारको रेखा, नल, सडक, इ० को सजावट, द्विशिख समात्ने वा आड; Y—cross y आकारको क्रुस; —gun दुई नलबाट पानीमा गहिरो विस्फोटक हान्ने तोप; Y—level Y मा जडेको नापीको सतह हेर्ने औजार; Y—track दुई शाखा आएर Y पारेर जोर्ने रेलको पटरी ।

y—मध्य अंग्रेजीमा धेरै पाइने उपसर्ग ।

—y अन्त प्रत्यय, विशेषण, छोटकरी, इ० बनाउने ।

yacht (यॅट्) **ना.** र **क्रि.** हलका पालपोत, जो खास गरी दौडको लागि बनाइएको र सजाइएको हुन्छ, केलीपोत, क्रीडा नौ; निजी सैर, डुङ्गा यात्रा, सफर, इ० को लागि चलन हुने डाँडाबाहेक पाल, वाफ, विजुली शक्ति, वा अन्य प्रेरक शक्तिबाट चल्ने डुंगा ।

yaffle, **yaffil** (या'फ्ल्) **ना.** हरियो कुठाकु चरो ।

yager (ये'गर्) **ना.** कोही जर्मन सैनिक संगठन, खा० ग० राइफलवाहकहरू, को सदस्य ।

yah (या) **वि. बो.** हँस्सी, ठट्टा, खिसी, को बोली ।

yahoo (याहू') **ना.** मनुष्यरूपमा पशु, पशुवत् काम र स्वभावको भद्दा व्यक्ति ।

Yahveh (याहभे) **ना.**, Yahweh (याहवे) **ना.** Yahist (याहभिस्ट) **ना.**=Jehovah, ईश्वर ।

yak (याक्) **ना.** चौंरी गाई ।

Yale lock (येल् लॅक्) **ना.** ढोका, इ० को लागि दुङ्गे ताल्चा, येल ताल्चा ।

yam (याम्) **ना.** गर्मी प्रदेशको लहराको कन्द वा गाण्टो; आलु ।

Yama (या'म) **ना.** यम (राज) ।

yamen,—un (या'मेन्) चीनिया बडाझीको औपचारिक निवास ।

yammer (या'मर्) **क्रि.** र **ना.** (बो० चा० र प्रादे०) विलाप, बिलौना, गथेसो, फतफत ।

yank (याङ्क्) **क्रि.** र **ना.** (बो० चा०) (तुला यन्त्र, इ०) झोक्कासाथ तान्नु ।

Yank (याङ्क्) **ना.** (बो० चा०) Yankee, अमरिकन ।

Yankee (या'ङ्कि) **ना.** अमरिकाको New England प्रान्तको वासिन्दा; अमरिकन गृहयुद्धमा संघीय सिपाही वा उत्तरका राज्यहरूको वासिन्दा; अमरिकाको वासिन्दा, अमरिकन; Y——notions अमरिकन चाला, विचार, तरकीब; Y—Doodle अमरिकन सूर, राष्ट्रिय संगीतको रूपमा; y—fied लिइएको अमरिकन चाल ।

yaourt (या' ऊर्ट्) **ना.** दूध अमिल्याएको पेय, दही ।

yap (याप्) **क्रि** (—pp—) र **ना.** तीखो सोरले वा सकसकाएर भुक्नु; (बो० चा०) फतफताउनु, गफ गर्नु ।

yapock (यॉ'पॅक्) **ना.** द० अमरिकाको पानी जन्तुको जात, पछाडि खुट्टामा जालो हुने ।

yapp (याप्) **ना.** नरम बाहिर निस्केको छालाको जिल्द हाल्ने किसिम ।

yarborough (यार'बर) **ना.** (विस्ट या ब्रिज) ताशको खेल जसमा बाँड वा नहरभन्दा माथिको चक्की आएको नहोस् ।

yard (यार्ड्) **ना.** गज; जहाजमा पाल अडयाउने डण्डा;—-arm पालको कुनै छेउ;—measure नाप्ने डण्डा, फिता;—stick मानदण्ड, मापदण्ड ।

yard (यार्ड्) **ना.** र **क्रि.** चोक, खा० ग० घरसँगैको घेरिएको जमीन, वा कोही खास काममा लगाइएको जमीन, आढत, प्रांगण, ज० कि church—चिहान, कब्रिस्तान; court—आँगन, चोक; dock—बन्दरगाहको सामान लाद्ने ओहाल्ने ठाउँ; farm—आँगन, खलिहान; timber—काठगोदाम; vineyard (भिन्यार्ड) अङ्गूरको खेती; brick—अवाल; railway—रेल मिलाउने, डब्बा राख्ने, इ० काम गर्ने स्टेशन नजीकैको जग्गा; stock—गाई बाछालाई (मार्न) थुन्ने जग्गा; tan-—छाला कमाउने जग्गा; the Y—Scotland Yard लण्डनको प्रख्यात फौजदारी तहकीकात विभाग रहेको प्रहरी भवन; **क्रि.** (गाई वस्तु) थुनामा घेर्नु;—age थुनाको महसूल ।

yarn (यार्न्) **ना.** र **क्रि.** कातेको सूत, खास गरी बुन्नालाई वा डोरी बनाउनालाई प्रयोग हुने खालको, जन्तु; (बो० चा०) किस्सा, गफ, यात्रीको (बढे चढेको) कथा, गल्प; spin a—, —s, गफ लगाउनु; **क्रि.** (बो० चा०) गफ गर्नु, कथा भन्नु ।

yarrow (या'रो) **ना.** पिरो बास्ना र टर्रो स्वाद भएको सामान्य वर्खे झार ।

yashmak (याश्'म्याक्) **ना.** मुसलमान स्त्रीले घरबाहिर मुख ढाक्न लाउने घुम्टो , बुर्का ।

yataghan (या'टगान्) **ना.** मुसलमानी तरवार ।

yaw (यॉ) **क्रि.** र **ना.** (नौ०, उड्डयन०) जहाज वा वायुयान) सोझो बाटो नलिनु, खस्नु, अस्थिरतासँग चल्नु; **ना.** बाटाबाट (जहाजको) मोड, बंग्याइ ।

yawl (यॉल्) **क्रि.** र **ना.** (विर०) चिच्याउनु, डाँको फिक्नु; **ना.** डाँको, चिच्याहट; सानू डुङ्गा (धेरै किसिमका हुन्छन्); तरी, नाउ ।

yawn (यॉन्) **क्रि.** र **ना.** (गुफा, ओडार, इ०) मुख बाउनु, खुला हुनु; (मानिस वा पशु) थकाइ, निद्रा, उच्चाट, इ० को

कारणले मुख बाएर हाइ गर्नु; हाइ गर्नु; **ना.** जम्हाइ, हाइ, जृम्भा ।

yaws (यॉज़्) **ना.** (ब० व०) रातो सूज हुने सरुवा निग्रो रोग, ऐंसेलु रोग ।

yclept (यिक्लेप्ट्') **वि.** (आ०, ठ०) भनिने, फलाना नामको ।

ye (यी वा यि) **स. ना.** मध्यम पुरुष, (ब० व०) तिमीहरू; कहीं कहीं you को साटो पनि प्रयोग हुन्छ, ज० कि० How d'ye do ?

yea (ये) अव्यय र **ना.** (आ० ब० व०—s) हो,—s & nays हाँ र ना; साँच्चै, यथार्थमा ।

yean (यीन्) **क्रि.** (पाठो) जन्माउनु, जन्म दिनु;—ling **ना.** पाठो, बोको ।

year (यिअ्र्) **ना.** वर्ष, वर्ष दिन, साल, पनि : legal, civil, calender—;lunar—१२ चन्द्रमासको; new, old,—नवाँ, पुरानो, वर्ष; Gregorian, Julian,—विभिन्न पञ्चाङ्गबमोजिमको वर्ष; sabbatical यहूदीहरूको विभिन्न रस्म मनाउनुपर्ने सातौं वर्ष;—of grace, of our Lord, क्रिस्तानी वर्ष; year before पोहोर, two years ago परार; next year आघुँ, two years hence पराघुँ; from—to—वर्षौं वर्ष;—by—प्रतिवर्ष, सालसाल;—in—out वर्षैंभरि, लगातार; the fiscal—कर उठाउनाको लागि कुनै खास तिथिदेखि गनिने; the school—विद्यालयको पाठ्यावधिहरू, धे० ज० हिउँदे अवधिदेखि गनिने; a—& a day कानूनी बोली (कुनै प्रसंगमा); (ब० व०) उमेर, जीवनको अवस्था; leap—चार चार वर्षमा आउने फ्रेब्रुअरि २९ दिनको हुने वर्ष; —s end सालतमाम;— -book सालिन्दा प्रकाश हुने कुनै विषयमा समाचार अद्यावधि गराइएको वार्षिक पुस्तक;— -long वर्षें, वर्ष दिनको; half—षण्मास, वर्षार्ध; half—ly षाण्मासिकी ।

yearling (यिअ्र्'लिङ्) **ना.** र **वि.** एक र दुई वर्षका बीच उमेरको जनावर; (घोडदौड़) जन्मेको वर्षको १ जनवरिदेखि गन्दा वर्ष दिनको घोडा; वि. वर्ष दिन उमेरको; केही पद वा स्थिति हासिल गरेको वर्ष दिन भएको ।

yearly (यिअ्र्'लि) **वि.** र **क्रि. वि** प्रतिवर्ष हुने, वार्षिक, सांवत्सरिक, आब्दिक, बर्ख्यौलि; सालिन्दा, हरसाल ।

yearn (यअ्र्न्) **क्रि.** धोको गर्नु, रहर गर्नु, निस्तिनु; आकांक्षा, दया, माया वा स्नेहले भरिनु;—ing **ना.** लालसा, स्पृहा, उत्कण्ठा, वात्सल्य, लिप्सा, चाहना, ध्याउन्ना, तिर्सना, तृष्णा, धीत, धुकधुकी;—ing **वि.** लालायित, चाहना गर्ने—ingly **क्रि. वि.** तिर्सनाले, धोको गरेर; it—s me मलाई कष्ट, पीर, छ ।

yeast (यीस्ट्) **ना.** खमिर, फेन, कारोत्तर, सुराभांड; बियर, वाइन, बनाउँदा, पाउरोटी उकास्दा, मद्य सारवत फेणन गराउने पहेंलो, फिंज जस्तो, बाक्लो ढुसीको कोपले बनेको वस्तु;— -powder पाउरोटी बनाउँदा यीस्टको साटो प्रयोग हुने धूलो; मर्चा ।

yeasty (यी'स्टि) **वि.** फिंज उठेको, यीस्ट जस्तो; फेणन हुन लागेको, यीस्ट झैं काम गर्ने; yeastiness ।

yegg (येग्) **ना.** (अप०) (-man पनि) फिरन्ता चोर वा सेफ फोर्ने मान्छे ।

yelk (येल्क्) **ना.**=yolk फुलको पहेंलो भाग ।

yell (येल्) **क्रि.** र **ना.** तीखो, चर्को, चिच्याहट गर्नु (डर, त्रास, पीडा, रिसले); तीखो सोरको डाँको; उत्क्रोश, चीत्कार; थाम्न नसकिने हाँसोको उद्गार; (अमरिकाका वि० वि०) उदा० खेलकूदमा आफ्ना साथीहरूलाई उत्साहित गर्ने बेग्ला बेग्लै योजनाबद्ध चीत्कार ।

yellow (ये'लो) **वि.** (—er,—est) **ना.** र **क्रि.** पहेंलो, वर्णपटमा हरियो र सुन्तलाको बीचको रंग, ध्यू रंग, बदामी;—boy (प्राचीन अप०) सुनको सिक्का;—cartilage धमनीको बाहिरी भाग जस्तो नम्य ढाँचाको;—fever ग्रीष्म प्रदेशको कमलपित्त र कालो वान्तासहितको ज्वरो; the sere &—leaf वार्धक्य;—men, races, पहेंलो जाति, ज० कि चीनिया, जापानी, मंगोलहरू;--metal ६० भाग तामा र ४० भाग जस्ता भएको धातु; the—peril पहेंला जातिले सेता (गोरा) हरूलाई जितेर संसारै कब्जा गर्लान् भन्ने डर;—press सनसनी फैलाउने उद्देश्य मुख्य भएको र खा० ग० भिडन्ते मिजासको अखबार वा पत्रिका;—spot दृष्टिपटमा सबभन्दा तीव्र दृष्टिको विन्दु;--streak कायरपना; (अलं०) (अनुहार, भावना, मन, इ०) ईखालु, ईर्ष्यालु, शंकालु; (बो० चा०) डरपोक, डरछेरुवा;--back १९ सौं सदीमा खूब लोकप्रिय पहेंलो कागतको जिल्ला भएको सस्तो उपन्यास;—ish,—y **वि.** पहेंलो पहेंलो, आपित;—ness **ना.** पहेंलोपन, पीतवर्ण; **ना.** पहेंलो रंग, पहेंलो विभिन्न रंग; (बो० चा०) भीरुता, डरपोकपना; the—s कमलपित्त (आ०), प्रेम शंका; **क्रि.** पहेंलिनु, पहेंलो बन्नु ।

yelp (येल्प्) **क्रि.** र **ना.** पीडा वा उत्सुकतामा कुकुरको भुकाइ (गर्नु) ।

yen (येन्) **ना.** (ब० व० yen) जापानी मुद्राको एकांक, येन ।

yen (येन्) **ना.** र **क्रि.** (अप०) धोको, लालसा, तिर्सना, ध्याउन्ना; **क्रि.** चाहनु, रहर गर्नु ।

yeoman (यो'म्यान्) **ना.** (ब० व०—men) (ऐति०) विशेष अधिकार प्राप्त व्यक्ति; सानू जग्गाधनी, किसान, खेतीमा लाग्ने मध्यमवर्गी पुरुष; स्वयम्सेवक रिसल्ला फौजको सदस्य; (नौ०) चाक्षुस संकेत प्रेषण गर्ने नौ सेनाको अधिकारी;—('s) service मौकाको काम वा सेवा;--of the guard लण्डनको Town को रक्षक सिपाही, beefeater ।

yeomanry (यो'म्यान्रि) **ना.** किसानसमूह; किसान इ० बाट उठाइएको स्वयंसेवक रिसल्ला फौज ।

—yer "गर्ने" अर्थमा खा० ग० w अन्त भएको शब्दमा लाग्ने अन्त प्रत्यय, ज० कि lawyer, sawyer इ० ।

yercum (यअर्'क्रम्) **ना.** मदर, जडी ।

yes (यस्) अव्यय० हो, हुन्छ; ल, लौ, लौ लौ; **ना.** हुन्छ, हो; भन्ने जवाफ;—man स्वभावहीन, आज्ञापालक, कमजोर, जे पनि मान्ने, व्यक्ति, हाँ मा हाँ गर्ने; ठूलो मानिसको कुरा समर्थन गर्ने काममा राखिएको व्यक्ति ।

yester—संयोगमा :—day हिजो;—year पोहर, इ०; day before—day अस्ति; two days ago ऊन् अस्ति ।

yet (येट्) **क्रि. वि.** र **सं.** अझ, अझसम्म; अहिले; फेरि, वढीमा; अन्तमा; तैपनि, तथापि, तर, तर पनि, तै, तै तै; as—अझसम्म, अहिलेसम्म ।

yeti (ये'ति) **ना.** (शेर्पा बोली) हिमालय पर्वतको अग्लो तहमा बस्ने अनुमान गरिएको निम्न मानवी पशु ।

yew (यू) **ना.** वर्षे सानू गाढा हरियो पात हुने रूख, अघि धनु बनाउन काम लाग्ने, चिहानमा लाइने ।

Yg (g) drasil (इग्'ड्रसिल्) **ना.** (स्क्याण्डिनेभियाको कथा) स्वर्ग, पृथ्वी र नरकलाई बाँधेर जोर्ने वढेमाको रूख ।

Yid (यिड्) **ना.** यिडिश भाषा बोल्ने यहूदी ।

Yiddish (यि'डिश्) **वि.** र **ना.** विभिन्न वर्तमान भाषाहरूबाट लिइएका शब्दहरू रहेको प्राचीन जर्मन भाषा (को रूपमा), जो अचेल मध्य र पूर्व योरपका यहूदीहरूले बोल्दछन् ! यिडिश् ।

yield (यील्ड्) **क्रि.** र **ना.** उत्पन्न गर्नु, उत्पादन गर्नु, समर्पण गर्नु, फल वा परिणामको रूपमा दिनु; (जमीन) खेती लायक हुनु, मेहनतको साटो दिनु; बुझाउनु, दिनु, समर्पण गर्नु, त्याग वा राजिनामा गर्नु; दब्नु, घोप्टिनु, कायल हुनु; प्रदान गर्नु, स्थिति त्याग गर्नु, मन्जूर गर्नु, मानेर गतिको दिशा बदल्नु; **ना.** उत्पादित परिमाण, आमद, उत्पत्ति, उत्पादन;—the palm उछिनिनु, जितिनु;—up the ghost मर्नु;—the point विवादमा युक्ति मान्नु ।

ylang-ylang (इ'ल्याङ्-इ'ल्याङ्) **ना.** फूलबाट बास्ना निस्कने, अत्तर बन्ने, मलेयाको रूख; सो अत्तर ।

yodel (यो'डेल्) **क्रि.** (—ll—) र **ना.** गाउनु, संगीतपूर्ण गुनगुनाहट गर्नु, (जसमा छिटो छिटो तीखो र सामान्य स्वर साटफेर हुन्छ, स्विस र टिरोलका पहाडियाहरूको ढाँचामा); **ना.** गुनगुनाहट, त्यस्तो गीतको खेल वा प्रतियोगिता ।

yoga (यो'ग) **ना.** योग ।

yogh (यॅख्) **ना.** मध्ययुगी अंग्रेजी अक्षर 3 ।

yoghurt (यो'गूर्ट्) **ना.** yaourt=दही ।

yogi (यो'गि) **ना.** योगी; योग अभ्यास गर्ने व्यक्ति ।

yo-heave-ho, yoho (यो'-हीभ्-हो', योहो') **वि. बो०** नाविक, मल्लाह, हरूले सँगसँगै काम गर्दा बोल्ने, कराउने बोली ।

yoicks (यॉइक्स्) **वि. बो.** र **ना., yoick, क्रि.** शिकारीको बोली; **क्रि.** यइक्स भनेर कराउनु, शिकारी कुकुरलाई उत्तेजित गर्नु ।

yoke (योक्) **ना.** र **क्रि.** जुआ, जुवा, युग, धूर; (रो० प्रा० इ०) उचालेको जुवा वा सोको प्रतिरूप तीन भाला जसको मुनिबाट हारेको फौजलाई हिँडाइन्थ्यो; (अलं०) प्रभुत्व, शासन, दासत्व, (अलं०) संयोगको बन्धन, ज० कि विवाह बन्धन; बैलको जोडा [जमीनको जुवा (आ०) बैल जोडाले एक दिनमा जोत्न सक्ने जग्गा]; नोल; घण्टा झुण्ड्याउने डण्डी; पतवारको डण्डी; दुई नलको पानी एउटामा गिराउने तेर्सो जोर्नी;—bone टाउको र अनुहारको हाड जोर्ने गालाको हाड;—fellow,—mate, विवाह, काम, मा साथी; **क्रि.** जुवा हाल्नु (बैल, इ० लाई); विवाह इ० सम्बन्धमा दुईलाई जोर्नु; सँगसँगै काम गर्नु; जोत्नु, जुवामा जोत्नु ।

yokel (यो'कल्) **ना.** गँवार, पाखे, लठुवा, गाउँले ।

yolk (योक्) (अचेल विर० yelk) **ना.** फुल (अण्डा) को पहेंलो भाग, अंड मध्य, पेशी गर्भ; भेडाको छालाबाट निस्कने बोसो जस्तो उत्सेचन, ऊन तेल;—-bag,—-sac पहेंलो रहने थैलो ।

yon (यॅन्) **वि., क्रि. वि.** र **स. ना.** अधिको, पल्लो, सो, त्यो; **स. ना.** त्यो व्यक्ति, सो व्यक्ति ।

yonder (यॅन्'डर्) **वि.** र **क्रि. वि.** अगाडि (स्थित), उतापट्टि, अगाडि, तर केही टाढा; पल्लो ।

yore (योअर्) **ना.** प्राचीन समय, अचेल केवल of—अघि, पुरा, पूर्व ।

York (यॅर्क्) **ना.** विलायतको सहर; र—shire प्रदेश, को नाम; Y—& Lancaster विपक्षी परिवार; House of Y—राजवंश ।

york (यॅर्क्) **क्रि.** yorker गेंद हान्नु ।

yorker (यॅर्कर्) **ना.** क्रिकेटमा ब्याट हान्ने खेलाडीको ठीक अघिल्तिर खस्ने गरी हानेको गेंद ।

Yorkshire (यॅर्क्'शर्) **ना.** विलायतको प्रदेश;—flannel नरंगेको;—grit संगमरमर टल्काउने ढुङ्गा;—pudding मासु, खा० ग० गोमांसमनि पीठो हालेर पकाएको पुडिङ्ग वा हलुवा किसिम;—terrier खेलौना किसिमको भुत्ले सानू जातको टेरियर कुकुर ।

you (यु वा यू, जोर लगाएबमोजिम) मध्यम पुरुष ए० व० स० **ना.** (**क्रि.** ब० व० लाग्छ); तिमी, तिमीहरू; तपाईं, तपाईंहरू; (आ०) तिमी आफैं, ज० कि get—gone !; (सामान्य वक्तव्यमा) सुन्ने सबै, सम्बन्धित सबै, सब जना ।

young (यङ्ग्) **वि.** (—er;—est, उच्चा०—ङ्ग्) र **ना.** बच्चा, शिशु, नवजात, अपरिपक्व, केटाकेटी, अनुभवहीन, युवा, उमेरदार, बाल, तरुण; **ना.** बच्चा, खा० ग० पशुहरूको, छाउरो, शावक; a—person नोकर्नीले नचिन्हेकी तर तल्लो दर्जाको युवतीलाई वर्णन गर्ने बोली, तरुनी ठिटी;—people युवा युवती खा० ग० विवाहयोग्य; my—man, woman प्रेमी; night, year, is—भर्खर शुरू भएको; old head on—shoulders उमेर कच्चा भए पनि बुद्धिमा जोर बताउने;—& old बालवृद्ध सबै; you—rascal प्रेमको गालीको बोली (केटाकेटीलाई); a—man in a hurry हतपते उत्साही सुधारक;—for his years उमेर नदेखिने;

—blood युवा गुण्डा, उत्साही—नवयुवक;—er son वडाभ्रीको जेठा बाहेकको छोरा;—things अनुग्रहशील बोली;—in crime बानी नपरिसकेको, नयाँ;—'un बच्चो, ठिटो;—love, ambition युवाको; the—er (एउटै नाम भएमा) elder, —er भनेर बाबु छोरा छुट्ट्याउने चलन; Y—Turks तुर्कीको राजनैतिक दल जसले सन् १९०८ मा सुल्तानलाई वैधानिक शासन चलाउन बाध्य गराए;—ish कम उमेरको;—ling (कवि०) केटो; with—(पशु) गाभिन ।

youngster (यङ्स्टर्) **ना.** बालक, खा० ग० फुर्तीबाज वा क्रियाशील ठिटो ।

younker (यङ्'कर्) **ना.** (आ० वा बो० चा०) ठिटो= Junker ।

your (योअ्र्) वाच्य **वि.** तिम्रो, तपाईंको, तिमीले भनेको वा गरेको, तिमीलाई गरिएको; (बो० चा० र मुख्य आ०, अचेल घे० ज० होच्याउने उद्देश्यले) कुरा चलेको, परिचित, ज० कि —garrulous talker is the greatest bore.

yours (योअ्र्ज्) **स. ना.** र वाच्य **वि.** तिम्रो, तिम्रोचाहिं; **वि.** तिम्रो, तिम्रो सेवामा; what's—? (बो० चा०) के पिउँछौ ?; भावत, भवतः, भवदीय, तिम्रो ।

yourself (योअ्र्सेल्फ्') **स. ना.** (व० व०—ves) तिमी आफैं; by—एकलैले, एकलै; be—(बो० चा०) आफू सुहाउँदो होऊ; होश सम्हाल ।

youth (यूथ्) **ना.** (व० व० उच्चा० यूद्ज्) युवा, यौवन, तरुण, तारुण्य, किशोर, किशोरी, प्रमदा, बैंस, कोरली, तन्नेरी, पट्ठा, पट्ठी, नौजवान, बलबैंसे, लाठे, कुमार, कौमार;—ful अनुभवहीन, केटो, केटाकेटी;—fulness तारुण्य, गधापच्चिसी, बैंस, कौमार;—centre, club युवा केन्द्र, युवा गोष्ठि;—hostel पैदल तथा अन्य यात्रीहरूले राती डेरा बस्न सक्ने ठाउँ ।

yowl (याउल्) **क्रि.**=yawl चिच्याउनु ।

ytterbium (यिटर्'बियम्) **ना.** (र० शा०) विरल मृण्मय धातव तत्व ।

yttrium (यि'ट्रियम्) **ना.** (र० शा०) विरल मृण्मय धातव तत्व ।

yucca (य'क्का) **ना.** सेतो फूल हुने अमरिकाको विरुवा ।

Yugoslav (यु'गोस्लाभ्) **ना.** र **वि.**=Jugoslav, युगोस्लाभियाको निवासी, भाषा ।

yule (यूल्) **ना.** क्रिस्मसको उत्सव,—tide पनि;—log क्रिस्मसको अघिल्लो रात बाल्ने ।

Z

Z (जेड्) अक्षर, (व० व० Zs, Z's, zeds); (बीज ग०) तेस्रो अज्ञात परिणाम ।

Zadkiel (ज़्याड्'कील्) **ना.** लोकप्रिय पंचाङ्गका निमित्त प्रयोग हुने ।

zaffre (ज़्याफ़र्) वा zaffer **ना.** नीलो रंग बनाउँदा काम लाग्ने अशुद्ध सोमिताको अक्साइड् ।

Zambo (ज़्याम्'बो)=**sambo**; वर्णसंकर, निग्रो र हिन्दुस्थानी वा योरपीयको मिस्कट ।

zany (जे'नि) **ना.** (ऐति०) तमाशामा मुख्य मसखराको पछि लागेर उसको नकल गरी दर्शकहरूलाई हँसाउने सहायक मसखरा; (अचेल) ठट्टाबाज, भाँडभैलो गर्न मन पराउने व्यक्ति. मूर्ख ठट्टाबाज; लाटो, ग्वाङ्ग्रो ।

zaptieh (ज़्याप्'टे) **ना.** तुर्कीको प्रहरी, पहरेदार ।

Zarathustr—(ज़ाराथूस्ट्र) Zoroastrian ।

zariba (जरी'वा), reba **ना.** सुडानको गाउँ वा शिविर, छाउनी, मा सुरक्षाको लागि बार लगाएको घेरा ।

zax (ज़्याक्स्) sax को रूपान्तर; छानामा हाल्ने स्लेटको काम गर्ने ज्याबल ।

zeal (ज़ील्) उत्साह, औत्सुक्य, व्यग्रता, सोत्साहता; सेवा वा काममा उत्साह, दृढाग्रही प्रयास;—ous **वि.** सोत्साह, अत्यासक्त, व्यग्र, उत्सुक;—ously **क्रि. वि.** उत्साहले, व्यग्रतासँग ।

zealot (ज़े'लट्) **ना.** कट्टर, कट्टरपन्थी, धर्मान्ध;—ry **ना.** धर्मान्धता, कट्टरपना ।

zebra (ज़े'ब्रा) गधा, घोडा, को जातिको पाटे चौपाया, जेब्रा; जेब्रा जस्तो पाटे पशु;—crossing पैदल यात्रीहरूलाई बाटो काट्न पाटे चिन्हु लगाएको सडकको भाग; zebrine **वि.** जेब्राको, जस्तो, पाटे ।

zebu (ज़े'ब्यू) जुरे साँढे, कुब्जो साँढे ।

zed (ज़ेड्) **ना.** अक्षर ज़ेड् Z.

zedoary (ज़े'डोअरि) **ना.** हलेदो ।

zeitgeist (ट्साइट्'गाइस्ट्) **ना.** समय चेतना, कुनै युगको विचार र भावनाको प्रवृत्ति (जर्म०) ।

zeloso (ज़िलोसो') (सं० निर्दे०) जोरसँग, उत्साहसँग ।

zemindar (ज़िमिन्'दार्) **ना.** जिमिदार ।

zemstvo (ज़ेम्स्ट्भो) **ना.** (ब० व०—s) (ऐति०) रूसमा स्थानीय निर्वाचित समिति, जसले जिल्लाको बन्दोबस्त गर्थ्यो ।

zenana (ज़िना'ना) **ना.** घरको अन्तःपुर, स्त्रीहरूको खण्ड ।

Zend (ज़ेण्ड्) **ना.** इरानको प्राचीन भाषा जसमा उनको धर्म पुस्तक जेन्द आवेस्ता लेखिएको छ ।

zenith (ज़े'निथ्) **ना.** खमध्य, शिरोबिन्दु, खस्वस्तिक, दर्शकको ठीक माथितिरको आकाशको बिन्दु; (संक्र०) सबभन्दा उच्च बिन्दु, सर्वोच्च शक्ति, समृद्धि, वा सुखको समय वा स्थान; पराकाष्ठा;—distance नत;—al **वि.** खमध्यीय ।

zeolite (ज़िओलाइट्) ना. विविध खनिज द्रव्यमध्ये कुनै, जो आग्नेय चट्टानका कन्दरामा पाइन्छन् ।

zephyr (ज़े'फिअ्र्) ना. पश्चिमी हावालाई व्यक्तित्व आरोप गरिएको, Z—; मृदु वायु, हलका हावा; दौडदा, ख्याउँदा, मुक्की खेलमा, इ० लगाउने कसरतियाको हलुका पातलो गन्जी; लुगा हाल्ने कपडाको किसिम।

Zeppelin (ज़ेप'लिन्) ना. (वो० चा० Zepp जेप्) शुरू-मा सन् १९०० तिर पहिले जर्मनीमा सैनिक प्रयोजनको लागि बनेको इच्छा गरेको दिशामा लैजान सकिने हावाभन्दा हलुङ्गो आकाश जहाज ।

zero (ज़ि'अ्रो) ना. (व० व०—s) शून्यको अंक, ०, खं, नास्ति, परिमाण वा अंकको अभाव; नापको फलकमा प्रस्थान विन्दु, जहाँवाट धन र ऋण परिमाणको गणना शुरू हुन्छ; ताप मापकमा पानी जम्ने वा अन्य विन्दु, जसवाट गणना प्रारम्भ हुन्छ; absolute—परम शून्य, त्यो विन्दु जहाँ उनको गतिले ताप उत्पन्न गराउने अणुहरूको गति वन्द हुन्छ, औ जसलाई ऋण २७३ डिग्री सेण्टिग्रेड मानिएको छ; (सेना०) समयानुसार प्रवन्ध गरिएको कार्यक्रमको प्रत्येक गतिको प्रारम्भ हुने समय विन्दु; फलक वा नाप परिमाणको निम्नतम विन्दु, परिमाणको तल, शून्यता, अधो विन्दु; fly at—१००० फीटभन्दा तल वायुयान उडाउनु ।

zest (ज़ेस्ट्) ना. स्वादुता, कटुता, आस्वाद, अभिरुचि, उत्तेजक आस्वाद र वास्ना, उत्साह, उमङ्ग; रूक, रूख, फुर्फुर, दङ्गदास; —less खल्लो ।

zeta (ज़ी'टा) ना. ग्रीक अक्षर Z=z.

zetetic (ज़ीटे'टिक्) वि. (विर०) अनुसन्धानद्वारा अघि वढ्ने, जाँचवूझ गरेर मात्र चल्ने ।

zeugma (ज़्युग्'मा) ना. (व्या०) एकै क्रिया वा विशेषण दुई विभिन्न कर्तासँग सम्बन्धित गराउने अलंकार, जसमा सो क्रिया वा विशेषण ठीकसँग यौटै मात्रसँग मेल खान्छ, ज० कि with weeping eyes & hearts.

Zeus (ज़्यूस्) ना. (ग्री० पा० इ०) अलिम्पसका देवगणको राजा, इन्द्र ।

zibet (ज़ि'वेट्) ना. वन विरालो, civet.

zigzag ज़िग्'ज़्याग्) वि., ना., क्रि. वि. र क्रि. (-gg-) पालि पालि तीखो दाहिने देब्रे मोड परेको, नागबेली परेको, वक्र, कुटिल; ना. कुटिल गति, नागवेली; क्रि. वि. वांगेको, नागबेली परेको; क्रि. नागबेली पर्नु, नागबेली परेर बग्नु ।

zillah (ज़िला) ना. जिल्ला ।

zinc (ज़िङ्क्) ना. र क्रि. दस्ता, जस्ता, यशद; flowers of—वा—oxide सेतो रंगको रूपमा चलन हुने धूलो;—ic,—iferous,—oid वि. जस्तादार, दस्तामय; क्रि. जस्ताको मोलमा गर्नु ।

zinco (ज़िङ्को) ना. (व० व०—s) र क्रि.=zincograph.

zincograph (जिङ्कोग्राफ्) ना. र क्रि. बुट्टा, इ० खोदेको जस्ता पाता, जसवाट चित्र, इ० छापिन्छ; सोवाट झिकेको चित्र; क्रि. जस्तामा खोद्नु, त्यसरी बुट्टा, इ० निकाल्नु ।

zincotype (ज़ि'ङ्कोटाइप्) ना.=zincograph.

Zingaro (ज़ि'ङ्गरो) ना. (व० व०—ri) जिप्सी, फिरन्ता जाति ।

zinnia (ज़ि'निआ) ना. गाढा रातो वा अन्य रंगको किरणाकार शोभायुक्त फूल हुने विरुवा ।

Zion (ज़ा'यन्) प्राचीन येरूसेलम (को पवित्र पर्वत) हिब्रू धर्मराज्य; क्रिस्तानी चर्च; स्वर्गीय येरूसालेम वा स्वर्गको राज्य; अननुविधायी पूजा स्थललाई कहने शब्द;—wards स्वर्गतिर ।

Zionism (ज़ा'यनिज़्म्) ना. फिलिस्तीनमा फेरि यहूदीहरूको राष्ट्र स्थापना गर्ने चेष्टा ।

zip (ज़िप्) ना. हलक तीखो शब्द, ज० कि हावामा गोली जाँदा सुनिन्छ; लुगा च्यातेको आवाज;—-fastener वा zipper वीचमा तलमाथि सर्ने क्लिपले दुईवटा घर भएका नम्य सिक्री जस्तो रचनालाई जोडेर टम्म पार्ने तरकीब, अचेल टाँक, फित्ता, इ० को सट्टा बढ्दो चल्तीमा आएको छ ।

zircon (ज़'र्कन्) ना. जर्कोनियम धातुको सिलिकेट लवण, जसका कुनै जात मणिको रूपमा काटेर लगाइन्छन् ।

zirconium (ज़र्को'नियम्) मुख्य जर्कनमा पाइने सेतो धातव तत्व, जो कि फलाममा मिसाइन्छ ।

zither (**n**) (जिथर् (न्)) ना. सितार जस्तो तारको वाद्य यन्त्र जो देब्रे हातका औंला र दाहिने हातको शारिकाले घुँडामा वा टेबिलमाथि राखेर बजाइन्छ;—ist ना. जिथरवादक ।

zloty (ज़्लो'टि) (पोलिंश) ना. पोल्याण्डको मुद्रा ।

Zoar (ज़ो'अर्) ना. शरणस्थल, आश्रय (बाइवल) ।

zodiac (ज़ो'डिअ्याक्) ना. ज्योतिष्चक्र, राशिचक्र, भूचक्र, मण्डल; signs of the—बाह्र राशि; (संक्र० अचेल विर०) सम्पूर्ण मार्ग, फेरो, वा परिधि;—al वि. राशिचक्र सम्बन्धी;—al light ग्रीष्म प्रदेशमा पूर्वमा सूर्योदयअघि र पश्चिममा सूर्यास्तपछि आकाशमा देखिने अग्लो त्रिकोण जस्तो उज्यालो आकाशे प्रकाश ।

zoetrope (ज़ो'इट्रोप्) ना. जीवन चक्र, निश्चल चित्र समूहलाई घुमाउँदा गतिको आभास दिने खेलौना ।

zohar (ज़ो'हार्) ना. गूढ ग्रन्थ ।

zoic (जो'इक्) वि. पाशव; (भूतत्व, चट्टान इ०) पशु वा वनस्पति जीवनको लेश रहेको शिलाभव रहेको ।

Zolaism (ज़ो'लाइज्म्) ना. (फ्रेञ्च औपन्यासिक एमिल) जोलावाद, जोलाको ढाँचा ।

zollverein (ट्सॅल्'फराइन्) ना. बाहिरियाहरूसँग समान भन्सार महसूल र आपसमा स्वतन्त्र व्यापार गर्ने राष्ट्रहरूको संघ वा संयोग (जर्मन) ।

zombi (**e**) (ज़ॅम्'वि) ना. ज्यादूले ब्युँताएको मुर्दा ।

zone (ज़ोन्) ना. र क्रि. कट्टी, मेखला, कटिबन्धनी, पेटी; चारैतिर बेरेको वस्तुको अन्य भागवाट रंग, बनोट, वा ढाँचाले छुट्टिने पाटो वा धर्सो; (भूगोल) भूमध्य रेखासँग समानान्तर

पाँच वृत्तहरूले छुट्ट्याइएका पृथ्वीका पाँच विभाजन वा मण्डलहरू frigid—s, दक्षिणी ध्रुवको दक्षिण, उदीचीनको उत्तर, torrid—अयन वृत्ताहरूको बीचमा, उत्तर, नाऽतिशीतोष्ण—हैम र उष्णको बीचमा; अंचल, क्षेत्र, प्रदेश;—time कुनै रेखांशको स्थानीय समय (ग्रीनिच समयको विप०); zonal, zonary, zonular वि. आंचलिक, क्षेत्रीय; zonate वि. (वन०, पशु०); क्रि. मण्डलले झैं घेर्नु; क्षेत्र, अंचल, को हिसाबले बाँड्नु वा प्रबन्ध गर्नु ।

Zoo (ज़ू) **ना.** (बो० चा०) चिडियाखाना ।

zoo—ग्री० **zoos**, जीवित, को संयोग रूप : zoolatry पशुको पूजा; zoolite शिलाभव पशु; zoomancy पशुको आचरण वा अनुहारबाट भविष्यद्वाणी; zootomy मनुष्य बाहेकको शरीर रचना वा चिरफार ।

zooid (ज़ो'अयड्) **वि.** र **ना.** अपूर्ण पाशव प्रकृतिको; **ना.** पाशव वा वनस्पतिसँग मिल्ने, तर ती दुवै नभएको ऐन्द्रिक जीव वा कोष; जटिल जीवको सदस्य ।

zoolo/gy (ज़ोऑ'लजि) **ना.** पशुशास्त्र; पशुहरूको रचना, शरीर क्रिया, वर्णक्रम, प्रकृति र स्वभाव, र विस्तारको विद्या;—gical **वि.** पाशव;—gical gardens चिडियाखाना ।

zoom (ज़ूम्) **क्रि.** र **ना.** वायुयानलाई ठूलो वेग र ठाडो कोणमा उकाल्नु; **ना.** वायुयानको ठाडो उक्लाइ;—lens (चल०) काँचको नाभीय लम्बाइ मिलाएर झटपट टाढाबाट नजीकको तसवीर खिच्न सकिने बनाउन सकिने प्रकारको काँच ।

zoril (ज़ॅ'रिल्) **ना.** नकुल र गन्ध पशुको जातको मांसाहारी चौपाया पशु, पश्चिम एशा र अफ्रिकावासी ।

Zoroastrian, Zarathustr— (ज़ोरोअ्यास्ट्रिअन्, ज्याराथूस्ट्र—) **ना.** र **वि.** जोरोआस्टर, जाराथूस्ट्र वा जरडुस्क्ट्को अनुयायी; निजले जेन्दआवेस्तामा प्रतिपादन गरेको धर्म सिद्धान्तको अनुगामी; पारसी ।

zouave (ज़ू' आभ्, ज्वाभ्) **ना.** फ्रान्सको रिसल्ला फौजको सदस्य, धे० ज० अल्जिरियाका वासिन्दाहरूले गठन गरिएको र सम परिधान पोशाक पनि पूर्वी नै रहेको; सो सम परिधान जस्तो स्त्रीको छोटो जाकेट ।

zounds (ज़ाउण्ड्ज्) वि० बो० (अ:०) क्रोधको बोली ।

zucchetta,—etto (ट्सुके'टा) **ना.** रोमन क्याथलिक पादरीहरूले लाउने टोपी ।

Zulu (ज़ू'लू) **ना.** द० अफ्रिकाको एक काफिर जातिको बोली, सदस्य ।

zwieback (ट्स्वी'बाक्) **ना.** चाना पारेर सेकेको बिस्कुट र रस्क (जर्मन) ।

Zwinglian (ट्स्विङ्'लिअन्) **वि.** र **ना.** स्विस धार्मिक सुधारवादी ट्स्विङ्ग्लिको अनुयायी ।

zygal (ज़ाइ'गल्) **वि.** H को आकार भएको (खा० ग० मस्तिष्कका खोल्सा वा दरारको) ।

zygoma (ज़िगो'म) **ना.** (ब० ब०—ta) गालाको हाडे गुम्बज, जुवा हाड ।

zygosis (ज़िगो'सिस्) **ना.** (प्रा० वि०) कोष संयोग ।

zygote (ज़ि'गोट्) **ना.** दुई यौनिक जीवन रसको संयोगको फल ।

zymosis (ज़िमो'सिस्) **ना.** फेणन; zymotic **वि.** फेणन सम्बन्धी ।

सहायक ग्रन्थ

1. Concise Oxford Dictionary of Current English : *5th Edn. 1964.*
2. The Students' English-Sanskrit Dictionary : *V. S. Apte, 3rd. Edn. 1920.*
3. The Practical Sanskrit English Dictionary : *V. S. Apte. 2nd Edn. 1912.*
4. HMG-US AID-A Dictionary of Selected Financial Terms. : *Nepal 1965.*
5. Rogit's Thesaurus of English Words and Phrases : *Longmans, 1939.*
6. M Meerendonk—Basic Gurkhali Dictionary : *Author 1960.*

७. **नेपाली पर्यायवाची कोश**—ले० चक्रपाणि शर्मा, प्रका० ने० मा० प्र० समिति १६६६ ।

८. **गणित शब्दावली, भौतिक शास्त्र शब्दावली, रसायन शास्त्र शब्दावली** : नागरी प्रचारिणी सभा, काशी । विभिन्न मिति ।

९. **श्री ५ को सरकारका विभिन्न मंत्रालय र विभागहरूले जारी गरेका शब्द संग्रह,** जस्तो कि सैनिक सहयोगी विभाग, अर्थ विभाग, औलो उन्मूलन संघ, स्वास्थ्य मंत्रालयअन्तर्गत विभागहरू, इत्यादि । विभिन्न मिति ।

१०. **ध्वनिको धन्धा**—ले० महानन्द सापकोटा । जगदम्बा प्रकाशन । २०२० ।

११. **सरि शब्द**—ले० महानन्द सापकोटा । विराटनगर । २०२३ ।

१२. **अनेक नयाँ तर्जुमा भएका शब्दहरू**—ले० प्रा० चूडानाथ भट्टराय । २०२६ र त्यहांपछि ।

१३. **फलफूल र तरकारीको शब्द सूची**—ले० प्रकाशमणि आचार्य दीक्षित । मिति छैन ।

१४. **अनेक ठेट नेपाली शब्दहरूको सूची**—ले० भरतमणि आचार्य दीक्षित । २०२६ (अप्रकाशित) ।

१५. **श्री ५ को सरकार—सैनिक शब्दावली**—श्री ५ को सरकारको छापाखाना । २०२१ ।

१६. **दैनिक गोरखापत्रका अनेक संस्करण ।**

१७. **रेडियो नेपालका अनेक प्रसारण ।**

१८. **त्रिभुवन विश्वविद्यालयका अनेक बुलेटिन** : विभिन्न मिति ।

१९. **बैतड़ीका केही स्थानीय शब्द (भाग १)** ले० भीमदेव भट्ट र अर्जुनदेव भट्ट । घनकुटा । २०१८ ।

२०. **शब्द संग्रह**—ले० गोकुलप्रसाद शर्मा । प्रका० रत्न पुस्तक भण्डार, काठमाण्डू । २०२२ ।

२१. **रूपान्तर गरिएका शब्दहरू**—श्री ५ को सरकार मंत्रि परिषद् सचिवालय । २०२६ ।

२२. **अंग्रेजी अमरिकन अपशब्द सूची**—ले० श्रीमती आशादेवी शर्मा, अमरिकाबाट । २०२७ । २०२८ ।

२३. **नेपाली निर्वचनको रूपरेखा**—ले० महानन्द सापकोटा : प्रका० हिमाली प्रकाशन, विराटनगर । २०२७ ।

२४. **कर्णाली लोक संस्कृति-भाषा**—ले० चूडामणि बन्धु । प्रका० ने० रा० प्र० प्रतिष्ठान । २०२८ ।

२५. **कर्णाली अञ्चलको लोक संस्कृति सर्वेक्षण**—प्रका० ने० रा० प्र० प्रतिष्ठान । २०२७ ।

२६. **स्कूल ज्यामिति (पहिलो भाग)** ले० नरेन्द्रमणि आचार्य दीक्षित । प्रका० म्याकमिलन, कलकत्ता सन् १६३५ ।

२७. **नासो**—ले० गुरुप्रसाद मैनाली । २०२० ।

२८. **हाइ-फाइ**—ले० बराल र दीक्षित । नयाँ नेपाल प्रकाशन । २०२३ ।

२९. **च्याँखे धर्ना**—ले० मोहनराज शर्मा । सगरमाथा प्रकाशन । २०२४ ।

३०. **विविध ग्रन्थ** । ले० विद्यादेवी आचार्य दीक्षित । विविध मिति ।

३१. **निरापद मोटर हँकाइ**—ले० डा० कल्याणमणि आचार्य दीक्षित । सगरमाथा प्रकाशन । २०२४ ।

३२. **सरल बीज विज्ञान परिचय**—ले० हरिप्रसाद श्रेष्ठ । प्रका० नेपाली साहित्य भण्डार, विराटनगर । २०२५ ।

३३. **नीतिको पेटारो अथवा भलो कुराको नमूना**—ले० राममणि आचार्य दीक्षित । प्रका० केशरमणि आचार्य दीक्षित । काठमाण्डू । २०१० ।

३४. **शब्दभेदी लडाइँ**—ले० 'दीर्घबाहु'—इन्स्पेक्टर खरेल । सगरमाथा प्रकाशन । काठमाण्डू । २०२४ ।

३५. **बुद्धिविनोद**—ले० लेखनाथ पौड्यालय ।

३६. **लालित्य**—सं० राममणि आचार्य दीक्षित । सन् १९१२ ।

३७. **जीवन-रहस्य**—ले० भरतमणि आचार्य दीक्षित । (अप्रकाशित , २०२३ ।

३८. **ऋतु विचार**—ले० लेखनाथ पौड्यालय ।

३९. **पुराना र नयाँको कथा**—ले० विद्यादेवी आ० दीक्षित । जगदम्बा प्रका० । २०२३ ।

४०. **चारधामको यात्रा**—ले० केदारमणि आ० दीक्षित । २०२४ ।

४१. **नेपाली दन्त्य-कथा संग्रह**—ले० करुणाकर वैद्य । प्रका० रत्न पुस्तक भण्डार । मिति छैन ।

४२. **महासम्मेलनको बयान**—ले० राममणि आचार्य दीक्षित । २०१० ।

४३. **एक समीक्षा**—ले० राममणि आचार्य दीक्षित । २०१५ ।

४४. **मातृ बोलीको स्वाङ्ग**—ले० राममणि आचार्य दीक्षित । २०१७ ।

४५. **यताउताका कुरा**—ले० केदारमणि आ० दीक्षित । २०२५ ।

४६. **विश्वका उत्कृष्ट कथा**—ले० टेकबहादुर खत्री । साझा प्रकाशन, काठमाण्डू । २०२५ ।

४७. **साधारण चलतीको औषधी**—ले० राममणि आचार्य दीक्षित । प्रका० गो० भा० प्र० स० । १९८५ ।

४८. **परिचर्या अथवा सह्यार सुसार संभार**—ले० राममणि आ० दीक्षित । प्रका० ग्रन्थकार । १९८५ ।

४९. **मंगली-कुसुम**—ले० धर्मराज थापा । पोखरा । २०२५ ।

५०. **छ औंले मान्छे**—ले० 'दीर्घबाहु' । प्रका० यति जेबी पुस्तक । २०२६ ।

५१. **हाम्रा क्रियान्वयी व्यञ्जन**—ले० महानन्द सापकोटा । प्रका० पूर्वाञ्चल पुस्तक भण्डार, विराटनगर । २०२६ ।

५२. **एक्काईस कथा**—ले० पूर्णप्रसाद । प्रका० ने० भा० प्र, स० । २००३ ।

५३. **सफल दाम्पत्य जीवन र परिवार नियोजन**—ले० मणीन्द्ररञ्जन बराल । प्रका० य० जे० पु० । २०२६ ।

५४. **म पियन अखबारको**—ले० शङ्कर कोइराला । साझा प्रकाशन । २०२६ ।

५५. **ब्याङ्किङ्ग र प्रतीत पत्र**—ले० भरतलाल राजभण्डारी । साझा प्रकाशन । २०२६ ।

५६. **युरोपीय साहित्यको नमूना**—ले० नरेन्द्रमणि आचार्य दीक्षित । प्रका० ने भा० प्र० स० । १९९५ ।

५७. **नेपालको ऐतिहासिक रूपरेखा**—ले० बालचन्द्र शर्मा । प्रका० भा० प्र० शर्मा, वाराणसी । २००८ ।

५८. **नेपालको संविधान**—तृतीयावृत्ति । २०२३ ।

५९. **मुलुकी ऐन** । काठमाण्डू । २०२६ ।

६०. **कौशीको फर्सी**—ले० शङ्कर कोइराला । प्रका० बिन्दु प्रकाशन, आसाम । सन् १९६६ ।

६१. **ग्रीष्म महल**—ले० विश्वलाल । प्रका० य० जे० पु० ।

६२. **मणिखलकको कथा**—ले० राममणि आचार्य दीक्षित । (अप्रकाशित) ।

६३. **नेपाली-अंग्रेजी अनुवाद (ii)**—ले० दुर्गाबहादुर श्रेष्ठ र तुलसीप्रसाद ढुंगेल । २०१४ ।

६४. **बोलचालको भाषा (नगेन्द्र) 'नेपाली'** संख्या ४४ । २०२७ ।

६५. **जुम्लाको सामाजिक रूपरेखा**—ले० रत्नाकर देवकोटा, जुम्ला । २०२७ ।

६६. **भएका कुरा** –ले० काशीनाथ आचार्य दीक्षित । काठमाण्डू । २०३१ ।

६७. **महाराज**—ले० भीमनिधि तिवारी । प्रका० ति० साहित्य, काठमाण्डू । २०३१ ।

६८. **राष्ट्रवादी प्रजातान्त्रिक सतसंगत** –ले० सुवर्णशमशेर ज० ब० रा० । (अप्रकाशित : टाइपमा मात्र) २०२१ ।

६९. **श्री ३ चन्द्रको संस्मरण**—ले० भरतमणि आचार्य दीक्षित । (अप्रकाशित) ।

७०. **सेतो बाघ** –ले० डायमनशमशेर । साझा प्रकाशन । २०३० ।

७१. **वासन्ती** (**हिन्दी**)—ले० डायमनशमशेर । २०३१ ।

६८०६

KATHMANDU NEPAL

वाल्मीकि पुस्तकालय

साझा प्रकाशन